# नेपाल
# मानवअधिकार वर्षपुस्तक २००९

यस वर्षको उल्लेख्य

संविधान निर्माण प्रक्रियाका चुनौती

# मानवअधिकार वर्षपुस्तक २००९

## (नेपाली संस्करण)

(०६४ पुस १७ देखि ०६५ पुस १६ गतेसम्म अर्थात् सन् २००८ भरिका घटनाहरूको सङ्कलन)


**प्रधान सम्पादक**

कुन्दन अर्याल

**सम्पादक**

योगीश खरेल

**सम्पादन मण्डल**

मदन पौडेल

प्रतिवेदन वैद्य

प्रशन्नता वस्ती

दीपकराज तिवारी

गणेश भण्डारी

नीर लामा

**संयोजक**

प्रेक्षा ओझा

(प्रमुख, मानवअधिकार प्रलेख तथा प्रसार विभाग)



मानवअधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

कलङ्की, स्युचाटार

पोस्ट बक्स २७२६, काठमाडौं, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.inseconline.org

# मानवअधिकार वर्षपुस्तक २००९

**प्रकाशन मिति**
०६५ फागुन ७ गते

**सङ्ख्या**
३ हजार प्रति

**प्रकाशक**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

**आवरण तथा ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी
गीता माली

**भाषा सम्पादन**
ईश्वरी ज्ञवाली

**तथ्याङ्क विश्लेषण**
प्रमीन घिमिरे
सुवास अधिकारी

**आईएसबीएन** : ९७८-९९३७-८००२-५-९

**मूल्य**
रु. २५०।-

**मुद्रक**
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन नं. ४७७०५३३, ४७७१४४८

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ४० ओटा आबद्ध संस्थाहरूमार्फत यसका कार्यक्रमहरू देशभर सञ्चालित छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ। पाँचओटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरू छन्।

**०६२ मङ्सिर २९ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति**

**अध्यक्ष** – सुबोधराज प्याकुरेल

**महासचिव** - कुन्दन अर्याल

**कोषाध्यक्ष** - सुजिता शाक्य

**सदस्यहरू**

- नजिर मियाँ
- योगेन्द्र गुरुङ
- पुष्पा कर्ण
- गङ्गादेवी कसजू
- लालबाबु यादव
- टीकाराम भट्टराई

**निर्देशकहरू तथा निम्न केन्द्रहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।**

**मानवअधिकार प्रलेख तथा प्रसार विभाग**

मानवअधिकार उल्लङ्घन ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरणमा संलग्न यस विभागले स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गर्दछ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक*लगायतका प्रकाशन यही विभागअन्तर्गत हुने गर्दछ। विभागले *इन्सेक अनलाइन* पनि सञ्चालन गर्दै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेण्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम विभागले गर्दै आएको छ। विभागअन्तर्गत स्रोत केन्द्रमा मानवअधिकार र सामाजिक न्यायसम्बन्धी पुस्तकलगायत श्रव्यदृश्य सामग्री उपलब्ध छन्।

**मानवअधिकार शिक्षा विभाग**

यस विभागको माध्यमबाट इन्सेकले स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रसार गर्दै आएको छ। साक्षरता संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस विभागमार्फत मानवअधिकारसम्बन्धी तालिम र रेडियोमा मानवअधिकार शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको छ। इन्सेकको रेडियो श्रोता क्लबसँग समन्वय पनि यही विभागले गर्दै आएको छ।

**मानवअधिकार अभियान तथा पैरवी विभाग**

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावको सिर्जना गर्नु यो विभागको प्रमुख दायित्व हो। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही विभागद्वारा हुँदै आएको छ।

**शान्ति तथा लोकतन्त्र विभाग**

शान्ति र लोकतान्त्रिक संस्कृतिको विकासका निम्ति समुदायका सदस्यको क्षमता अभिवृद्धि यस विभागको मुख्य ध्येय हो। सङ्क्रमणकालीन न्याय व्यवस्थाप्रति राज्य र सरोकारवाला सबैको ध्यानाकर्षण गराउने र आन्तरिक विस्थापितलाई पुनःस्थापित गराउन पहल गर्ने काममा यो विभाग सक्रिय छ। सञ्जालको निर्माण गरी यस विभागका माध्यमबाट इन्सेकले लोकतन्त्रको सुदृढीकरणका निम्ति समुदायको परिचालन गर्दै आएको छ। संसदीय गतिविधिको अनुगमन, राजनीतिक शक्तिहरूबीच लोकतन्त्र र बहुलवादको मजबुतीका निम्ति समन्वय यसका थप कार्यहरू हुन्।

**व्यवस्थापन विभाग**

यस विभागअन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन र अर्थ व्यवस्थापन पर्दछ। यही विभागले मानव संशाधन व्यवस्थापनअन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा काम गर्दै आएको छ। इन्सेक आबद्ध संस्थाको विकासमा टेवा पुऱ्याउनुका साथै योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभागले गर्दै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्यअन्तर्गत विभागले नियमित प्रतिवेदन प्रकाशन गर्दछ। जनसम्पर्क र *प्राची, ईन्फर्मल, इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही विभागले गर्दै आएको छ।

**क्षेत्रीय कार्यालयहरू :**

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२४०२५, ५२८१२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** कलङ्की, स्यूचाटार, काठमाडौँ। फोन नं. ०१- ४०३६५६१, ४०३६५००
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** अन्नपूर्णटोल, पोखरा। फोन नं. ०६१- ५२६५१२/५३३७९२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** उत्तरबेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

# सत्य निरूपण : दीर्घ शान्तिको अनिवार्य सर्त

२०६२ मङ्सिर ७ गते सात दल र माओवादीबीच सम्पन्न समझदारीपछि राजाको निरङ्कुश शासन र राजतन्त्र दुवैको अवसानको आधार तयार भयो। संविधानसभाको निर्वाचन (०६४ चैत २८ गते)भन्दा अघि आधा दर्जन सहमति र सम्झौतापत्रहरूमा दलहरू र माओवादीले हस्ताक्षर गरे। ०६३ मा जारी अन्तरिम संविधानमा ती सहमतिहरूलाई समावेश गरेर संविधानको अनिवार्य अङ्गका रूपमा स्वीकार गरियो। अन्तरिम संविधानको भाग ४ को धारा ३३ को उपधारा १९ मा सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भनी उल्लेख गरियो। ०६३ कात्तिक २२ गते सात दल र माओवादीबीच सम्पन्न बैठकका निर्णयहरूमध्ये भाग ४ को बुँदा ४ लाई यसरी अन्तरिम संविधानको निर्देशक सिद्धान्तमा समावेश गरिए पनि सोही निर्णयको भाग ५ को बुँदा १ मा उल्लिखित, सबै सहमति र सम्झौताको कार्यान्वयन भए/नभएको अनुगमन गर्न उच्चस्तरीय संयुक्त अनुगमन समिति भने गठन गरिएन।

०६३ वैशाख १५ गतेदेखि संविधानसभाको चुनावपछि माओवादीको नेतृत्वमा सरकार गठन भएसम्मको अवधिमा अन्तरिम सरकारको नेतृत्व नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले गर्नुभयो। उहाँको कार्यकालमा सरकारले गठन गर्नुपर्ने बेपत्ता छानबिन, राज्य पुन:संरचना, सत्य निरूपण र सेना समायोजनसम्बन्धी कुनै पनि प्रक्रियाका लागि संरचना निर्माण गरिएन। यसपछिको अवधिमा विस्थापितहरूलाई ससम्मान घर फर्काउने, उनीहरूको सम्पत्ति फिर्ता गर्ने, बेपत्ताहरूको स्थिति सार्वजनिक गर्ने प्रतिबद्धता माओवादीले नेतृत्व गरेको सरकारले पनि पूरा गरेन।

०६३ माघ २ गते सुरु भएको मधेसको आन्दोलनबाट नयाँ मागको शृङ्खला सुरु भयो। तर जनजाति, थारू, मधेसीलगायत अन्य विभिन्न समुदायसँग राज्यले गरेको सम्झौताको परिपालना अझैसम्म हुन सकेको छैन।

अन्तरिम संविधानको प्रस्तावनामा उल्लेखित नेपाली जनताले २००७ साल पहिलेदेखि पटक-पटक गर्दै आएका ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनमार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्ने हो भने त्यसको आधारशीलाका रूपमा सत्यको निरूपणमार्फत मेलमिलापको वातावरणको निर्माण गर्ने काम नै राज्यको सम्पूर्ण पुन:संरचनाको प्राथमिक चरण हो ।

दसवर्षे जनयुद्धका बेलामा झण्डै १४ हजार नेपालीले ज्यान गुमाए। हजारौँ विस्थापित भए, बेपत्ता भए। पुस्तौँसम्मका लागि घृणा, आवेग र बदलाको भावनाको बीउ रोपियो। सरकारसँग जनताले लडेको- 'जनयुद्ध'को निसानामा निर्दोष पनि परे। अनि परे बाटो, पुल, अस्पताल, विद्युत्, खानेपानी, स्वास्थ्यचौकीजस्ता जनताका आधारभूत संरचना। प्रकारान्तरले ती सारा भग्नावशेषको पुन:निर्माणको गुरुत्तर दायित्व माओवादीले नै लिनु परेको छ, सरकारको नेतृत्वदायी पार्टीका रूपमा।

दस वर्षसम्म यो देशका निर्दोष जनताले भोग्नु परेको कहालीलाग्दो कालक्रम र लोकतन्त्र बहालीपछि पनि भोग्नु परिरहेको हिंसा, दमन र अत्याचारका कारण र कारकहरूलाई चिन्न र सच्याउनका लागि नेपाली राजनीतिले सम्पन्न गर्नैपर्ने शान्तिपूर्ण क्रान्तिको सार हो, सत्य निरूपण। यो क्रान्ति आत्मबोध र साहस भएकाहरूले मात्र सम्पन्न गर्नसक्ने छन्। बेपत्ता भएकाहरूका बारेमा छानबिन गर्ने आयोगले बेपत्तासम्बन्धी यथार्थ स्थापित गरेपछि, विस्थापन र यातना आदि सम्बन्धमा पीडा र पीडकको पहिचान भएपछि, मानवअधिकार र मानवीय कानुनको योजनाबद्ध, लक्षित र व्यापक उल्लङ्घन कार्य र कर्ताहरूको नालीबेली ठम्याएपछि, सत्य निरूपणको उद्देश्य पूरा हुन्छ। तर, सत्यको अर्को पाटो पनि छ, यति धेरै अत्याचारको वातावरण र व्यवहार यो देशले किन भोग्नु पऱ्यो भन्ने कठिन प्रश्नको उत्तर आफ्नो भावी पुस्तालाई दिनुपर्छ । सत्य स्वीकार गर्ने साहस भएकाहरूले मात्र भविष्यलाई चिन्न सक्छन्। यस्तो आत्मबोध भएकाहरूले मात्र मेलमिलापको वातावरण निर्माण गर्न सक्छन्।

मेलमिलापको पूर्वाधारका लागि चार किल्ला निर्माण गर्नुपर्छ, ती हुन्- सत्य, न्याय, दया र शान्ति। स्वीकारोक्ति नहुञ्जेल सत्य स्थापित हुन्न। जवाफदेहिताबिना न्यायको पहिचान हुन्न। हामी सबै एक हौँ भन्ने आपसी समानुभूतिबेगर दया आउँदैन र सहअस्तित्वको चेतना नभई शान्तिको पहिचान हुन्न। सशस्त्र द्वन्द्वका खेलाडीहरूले आफ्नो अतीतलाई यिनै चार आधारभूत मान्यताको कसीमा जाँच्नुपर्छ। हिजोको पीडालाई फेरि दोहरिन नदिने भरपर्दो वाचा गर्नुपर्छ। युद्धका नायकहरूले संरक्षणको वाचा र व्यवहार गर्नुपर्छ। राज्यकोषबाट हर्जानाको नाममा पैसा मात्र बाँडेर मन र व्यवहार जित्न सकिन्न भन्ने कुरा आत्मसात् गर्नुपर्छ। मुख्य कुरा पीडितले व्यक्तिगत र सामूहिक न्यायको अनुभूति गर्न पाउनु पर्छ। पीडा र पीडकको पहिचान गर्ने अनि सामूहिक अस्तित्व र इज्जतको बहाली गर्ने काम सत्य निरूपण तथा मेलमिलापको केन्द्रीय कार्यभार हो। पीडितलाई न्याय भएको अनुभूति दिलाउनका लागि सत्य निरूपण तथा मेलमिलाप आयोगको भूमिका र अधिकार क्षेत्रको किटानी हुनुपर्छ।

सत्यको अभिलेख र प्रसारद्वारा न्याय र सहअस्तित्वको वातावरण निर्माण गर्न सकियोस् भनेर हामीले विगत १७ वर्षदेखि मानवअधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख गर्ने गरेका छौँ। मानवअधिकार वर्षपुस्तकको १७औँ शृङ्खला मानवअधिकारप्रति प्रतिबद्ध सबैका सामु प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ। अर्को वर्ष उल्लङ्घनका प्रवृत्ति र घटनाका सङ्ख्यामा कमी आओस् भन्ने कामना गर्दछौँ।

**सुबोधराज प्याकुरेल**
अध्यक्ष

०६५ फागुन ७

**आभार**

मानवअधिकार वर्षपुस्तक २००९ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दूतावास, इको तथा ईईडीप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण सङ्कलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरू विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नुहुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २००८ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत सङ्घ-संस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

# उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २००८ भरिका अर्थात् ०६४ पुस १७ देखि ०६५ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् २००८ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएकामध्ये प्रतिनिधिमूलक घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउँदछौं।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लिखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर, विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्षपुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विस्फोटक पदार्थसम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- बेवारिसे बमका कारण भएका घटना र कतिपय विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई (विगतको अनुगमन) शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षकअन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- विभिन्न समूहबाट भएका ज्यादतीको तथ्याङ्क अन्य शीर्षकअन्तर्गत समावेश गरिएको छ। जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) को नाम यस वर्षभित्र परिवर्तन भएर अखिल तराई मुक्ति मोर्चा भएको छ। यी दुवै नामबाट भएका घटनाको तथ्याङ्क जतमुमो (गोइत) कोमा समावेश गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका पीडितहरूको मात्र तथ्याङ्क हो। संविधानसभा निर्वाचनको प्रचारप्रसारकै क्रममा भएका बाधा विरोध र कुटपिटका घटना यसै शीर्षकमा समाविष्ट छन्।

**तथ्याङ्कका अन्य स्रोत**

क. केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय प्रतिवेदन २००१

ख. युनाइटेड नेसन्स डेभ्लप्मेन्ट प्रोग्राम; *नेपाल ह्युम्यान डेभ्लप्मेन्ट रिपोर्ट २००४ : इम्पावरमेन्ट एण्ड पोभर्टी रिडक्सन*; काठमाडौं, २००४

ग. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. १९९२ देखि २००८ सम्मका इन्सेक मानवअधिकार वर्षपुस्तकहरू

च. इन्टेन्सिभ रिसर्च एण्ड स्टडी सेन्टर; *डिस्ट्रिक्ट प्रोफाइल अफ नेपाल २००८*

छ. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

# जिल्लागत विषय सूची


**१. पूर्वाञ्चल**

१.१ झापा १०३
१.२ इलाम १०८
१.३ पाँचथर ११५
१.४ ताप्लेजुङ १२२
१.५ मोरङ १२७
१.६ सुनसरी १४३
१.७ धनकुटा १५२
१.८ तेह्रथुम १५८
१.९ भोजपुर १६४
१.१० सङ्खुवासभा १७७
१.११ सप्तरी १८२
१.१२ सिराहा २०१
१.१३ उदयपुर २२५
१.१४ खोटाङ २३३
१.१५ ओखलढुङ्गा २४४
१.१६ सोलुखुम्बु २४७

**२. मध्यमाञ्चल**

२.१ धनुषा २५५
२.२ महोत्तरी २७०
२.३ सर्लाही २७६
२.४ सिन्धुली २८३
२.५ रामेछाप २८८
२.६ दोलखा ३०२
२.७ रौतहट ३०४
२.८ बारा ३१५
२.९ पर्सा ३२४
२.१० चितवन ३३०
२.११ मकवानपुर ३४२
२.१२ ललितपुर ३४६
२.१३ काभ्रे ३५१
२.१४ भक्तपुर ३६४
२.१५ काठमाडौं ३६७
२.१६ धादिङ ३७८
२.१७ सिन्धुपाल्चोक ३९३
२.१८ नुवाकोट ३९९
२.१९ रसुवा ४०२

**३. पश्चिमाञ्चल**

३.१ तनहुँ ४१३
३.२ गोरखा ४१७
३.३ लमजुङ ४२२
३.४ स्याङ्जा ४२६
३.५ कास्की ४२९
३.६ मनाङ ४३७
३.७ नवलपरासी ४३८
३.८ रूपन्देही ४४६
३.९ पाल्पा ४५३
३.१० कपिलवस्तु ४५६
३.११ अर्घाखाँची ४६५
३.१२ गुल्मी ४६८
३.१३ बाग्लुङ ४७१
३.१४ पर्वत ४७५
३.१५ म्याग्दी ४७७
३.१६ मुस्ताङ ४७९

**४. मध्यपश्चिमाञ्चल**

४.१ दाङ ४८३
४.२ प्यूठान ४९१
४.३ रोल्पा ४९४
४.४ सल्यान ४९८
४.५ रूकुम ५०२
४.६ बाँके ५०९
४.७ बर्दिया ५२३
४.८ सुर्खेत ५३१
४.९ जाजरकोट ५४५
४.१० दैलेख ५५१
४.११ डोल्पा ५५६
४.१२ जुम्ला ५५८
४.१३ कालीकोट ५६१
४.१४ मुगु ५६६
४.१५ हुम्ला ५६९

**५. सुदूरपश्चिमाञ्चल**

५.१ कैलाली ५७५
५.२ अछाम ५८१
५.३ डोटी ५८५
५.४ बाजुरा ५८८
५.५ बझाङ ५९१
५.६ कञ्चनपुर ५९५
५.७ डडेलधुरा ५९८
५.८ बैतडी ६०२
५.९ दार्चुला ६०७

# विषय सूची


पृष्ठ सङ्ख्या

**भूमिका**

**परिच्छेदहरू**

परिच्छेद १ सन् २००८ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन १

परिच्छेद २ संविधान निर्माण प्रक्रियाका चुनौती १३

परिच्छेद ३ राज्य र मानवअधिकार

३.१ न्यायपालिका ४३

३.२ कार्यपालिका ६९

३.३ व्यवस्थापिका ८७

**अनुसूचीहरू**

अनुसूची १ सन् २००८ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू

१. पूर्वाञ्चल १०१

२. मध्यमाञ्चल २५३

३. पश्चिमाञ्चल ४११

४. मध्यपश्चिमाञ्चल ४८१

५. सुदूरपश्चिमाञ्चल ५७३

अनुसूची २ मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००८ ६११

अनुसूची ३ सन् २००८ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीको धारणा ६२३

अनुसूची ४ सन् २००८ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा ६३७

अनुसूची ५ विभिन्न दस्तावेजहरू ३५१

अनुसूची ६ क्रिया/प्रतिक्रिया ६६३

अनुसूची ७ वर्षपुस्तक २००९ तयारीका क्रममा संलग्न व्यक्तिहरू ६८५

परिच्छेद

१

# सन् २००८ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

सन् २००८ संविधानसभा निर्वाचन नहुने हो कि भन्ने अन्योलका बीच सुरु भएको थियो। त्यसबखत शान्ति सुरक्षाको अवस्था सत्ता साझेदार माओवादी कार्यकर्ताका अराजक गतिविधिका कारण निकै बिग्रिएको थियो। आमजनता निर्वाचनको सफलताले शान्ति प्रक्रियालाई सही दिशातर्फ डोऱ्याउनेछ भन्ने आशामा थिए। तर, निर्वाचनको सफलतासँगै देश राजनीतिक विवादको अर्को भुमरीमा पऱ्यो। विवाद र असहमतिबीच नै सरकार बन्यो। निर्वाचित सरकारको स्थापनापछि पनि देशमा न शान्ति सुरक्षाको अवस्थामा सुधार भएको देखियो, न त कानुनको शासन व्यवहारमा अनुभूत हुन सक्यो।

वर्षको सुरुवातदेखि संविधानसभा निर्वाचनसम्मको अवधि आममानिसको प्रतीक्षाको समय थियो। त्यसबखत धेरैजसो निर्णय राजनीतिक सहमतिका आधारमा भए। त्यसबेला सामान्यत: काङ्ग्रेस, एमाले र माओवादीबीच सहमति कायम थियो। चुनावको पूर्वसन्ध्यामा मधेसवादी दलहरूको सामना पनि मूलत: तीनओटा शक्तिले संयुक्त रूपमा गरेका थिए।

संविधानसभा निर्वाचनमा नेपाली काङ्ग्रेसले बहुमत ल्याउन सकेन। तर, त्यतिबेला सरकारको नेतृत्व गरिरहेको त्यो पार्टी अस्थिर राजनीतिक वातावरणका कारण सरकारबाट पनि बाहिरिएन। त्यसबीच सरकारको हैसियत भने कामचलाउ मात्र रह्यो। त्यसैले संविधानसभाको निर्वाचनदेखि माओवादीको नेतृत्वमा नयाँ सरकार बनेसम्मको अवधि ज्यादै तनावपूर्ण थियो। संविधानसभा निर्वाचनको परिणाम अनुसार नयाँ सरकार बनेपछि त्यस्तो अस्थिरताको अन्त्य हुने अपेक्षा गरिएको थियो। तर, नयाँ सरकार बनेदेखि सन् २००८ को अन्त्यसम्मको अवधिमा पनि शान्ति सुरक्षाको अवस्थामा अन्तर आउन सकेन।

**तालिका : १ तराई-मधेसका २० जिल्लामा सन् २००८ मा राज्य तथा गैरराज्यबाट मारिएकाहरूको सङ्ख्या**




निर्वाचनपछि बनेको सरकारले सन् २००८ को अन्त्यसम्म चार महिना बिताइसकेको थियो। केही ठोस कदम चालेर आफ्नो कार्यशैलीको परिचय स्थापित गर्न यति समय अपर्याप्त थिएन। सरकारले हिंसा र अराजकताको तत्काल अन्त्य गरी आममानिसमा सुरक्षाको अनुभूत गराउन, तत्कालका लागि राहत उपलब्ध गराउन र दुई वर्षभित्र नयाँ संविधान बनाउने लक्ष्य पूरा गर्न प्रभावकारी सहजकर्ताको भूमिका निर्वाह गर्दै सुहाउँदो वातावरण तयार गर्न सक्नु पर्थ्यो। सरकारले आर्थिक वर्ष ०६५/६६ को बजेटमा प्राप्त राजनीतिक उपलब्धिहरूलाई संस्थागत गर्दै नयाँ स्वाधीन, समुन्नत र जनमुखी नेपालको निर्माण गर्न आर्थिक क्रान्तिलाई सफल पार्नुपर्ने कार्यभारलाई प्रमुख चुनौती र सम्भावनाका रूपमा लिएको पनि बतायो।

तर, राजनीतिलाई सहमतिको दिशातर्फ अघि बढाइएन। नयाँ संविधान निर्माणका लागि उपयुक्त वातावरण तयार गर्न अपरिहार्य सङ्क्रमणकालीन न्यायको ढोका खोल्ने सवालमा पनि सरकार, सरकारका घटक र प्रतिपक्षले समेत तदारुकता देखाएनन्। संविधान बनाउने दायित्वका अतिरिक्त महँगी, अभाव र शान्ति सुरक्षाको बिग्रँदो अवस्थाबाट आक्रान्त जनतालाई राहत प्रदान गर्ने र विगतमा द्वन्द्वबाट पीडितहरूलाई न्याय दिलाउनेजस्ता तत्कालीन दायित्व सरकारको प्राथमिकतामा परेन।

सन् २००६ को उत्तरार्द्धमा तत्कालीन सात दलको सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता भएपछि नेपाल द्वन्द्वपश्चात्को अवस्थामा पुग्यो। तर, द्वन्द्व र स्थायी शान्तिबीचको कालखण्डमा चालिनैपर्ने केही अत्यावश्यक कदम यसबीच चालिएन। त्यस दृष्टिले हेर्दा बितेका दुई वर्षमा अपेक्षा गरिए अनुसार शान्ति र अग्रगमनको दिशामा उपलब्धि हासिल भएन। संविधानसभा निर्वाचनले निश्चय पनि शान्ति प्रक्रियालाई नयाँ उचाइमा पुऱ्यायो। तर, त्यसपछि सन् २००८ को अन्त्यसम्मको नौ महिनाको अवधिमा माओवादी लडाकूको समायोजन र राज्यको पुन:संरचनाको प्रस्तावजस्ता दीर्घकालीन महत्त्वका विषयमा प्रगति हुन सकेन।

मानवअधिकार र सामाजिक न्यायसँग प्रत्यक्षत: जोडिएका यी महत्त्वपूर्ण विषयहरूका अतिरिक्त कैयन् सवालहरूमा संविधानसभा निर्वाचनअघि र पछिका सरकारले प्रतिबद्धताहरूप्रतिको इमानदारी र राजनीतिक इच्छाशक्ति प्रस्तुत गर्न सकेनन्। संविधानसभा निर्वाचनपछि त्यसकै परिणामका आधारमा बनेको सरकारले पनि शान्ति सम्झौतादेखि सुरु भएको स्थायी शान्तितर्फको यो सङ्क्रमणकालीन समयको संवेदनशीलताको बेवास्ता गऱ्यो।

### हिंसा र अराजकताको निरन्तरता

निर्वाचनपछि नयाँ सरकार नबनुञ्जेलसम्मको अवधिमा सरकारको अवस्था अत्यन्त कमजोर थियो। त्यही कारण हिंसा र अराजकता मच्याउनेहरूले छुट पाएको विश्लेषण गर्न सकिन्छ। तर, निर्वाचनपछि बहुमत पुऱ्याएर बनेको सरकारले पनि परिस्थितिमा परिवर्तन ल्याउन सकेन।

वर्षको सुरुवातदेखि संविधानसभा निर्वाचनको दिनसम्मका १ सय १ दिनमा राज्य, माओवादी र अन्यबाट कुल १ सय ५६ जनाको ज्यान गयो। त्यसबीच ३ सय ५२ जना अपहरणमा परे। निर्वाचनदेखि नयाँ सरकार नबनेसम्मको १ सय २५ दिनको अवधिमा राज्य, माओवादी र अन्यबाट कुल १ सय ९१ जना मारिए। त्यस अवधिमा १ सय ९८ जना अपहरणमा परे। नयाँ सरकार बनेदेखि सन् २००८ को अन्त्यसम्मको १ सय ३९ दिनको अवधिमा राज्य, माओवादी र अन्यबाट कुल १ सय ९४ जना मारिए। त्यस अवधिमा १ सय ७९ जना अपहरणमा परे। यसरी सन् २००८ मा नेपालमा राज्य र गैरराज्य पक्षबाट गरी कूल ५ सय ४१ जनाको ज्यान गयो *(हेर्नुहोस् : तालिका २)*।

शान्ति सुरक्षाको अवस्था र सङ्क्रमणकालीन न्यायको पूर्वाधारको अभावका दृष्टिले हेर्दा सन् २००८ मा मानवअधिकारको अवस्था सकारात्मक रहेको मूल्याङ्कन गर्न सकिँदैन। यस वर्ष तराई-मधेसका २० ओटा जिल्ला (झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) मा भएका ३ सय ३४ ओटा घटनामा कुल ३ सय ८३ व्यक्तिको मृत्यु भयो। राज्य र गैरराज्य पक्षका कारण ती सबैको बाँच्न पाउने अधिकार हनन हुन गयो। वर्ष सन् २००७ मा उल्लिखित २० वटै जिल्लामा राज्य र गैरराज्यका कारण कुल ३ सय ६३ जनाको ज्यान गएको थियो।

इन्सेकको अभिलेख अनुसार सन् १९९६ देखि २००६ सम्मको अवधिमा माओवादी र राज्यका कारण देशभरमा १३ हजार ३ सय ४७ जनाको ज्यान गएको थियो। विस्तृत शान्ति सम्झौताअघि सशस्त्र द्वन्द्वको एक दशकको अवधिमा तराई-मधेसका २० जिल्लामा राज्य र माओवादीका कारण कुल ४ हजार १ सय २९ जना मारिएका थिए। तर, शान्ति सम्झौतापछि तराई-मधेसमा हत्याको शृङ्खला बढ्यो। सन् २००७ र २००८ मा तराई-मधेसका २० बाहेक अन्य जिल्लाहरूमा कुल १ सय ८८ र १ सय ५८ जनाको हत्या राज्य र गैरराज्य पक्षबाट भएको थियो भने तराई-मधेसका २० जिल्लामा त्यसै अवधिमा ७ सय ४६ जना मारिएका थिए। यसरी, तथ्याङ्कका आधारमा विस्तृत शान्ति सम्झौतापछिका दिनमा तराई-मधेसमा हिंसा क्रमश: घनिभूत हुँदै गएको प्रस्टै देखिन्छ *(हेर्नुहोस् : तालिका १)*।

देशका अन्य भू-भागका तुलनामा तराई-मधेसपछि सन् २००८ मा पूर्वी पहाडमा हिंसात्मक घटना भए। पूर्वी पहाडका १० मध्ये इलाम, पाँचथर, ताप्लेजुङ, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, खोटाङ र सोलुखुम्बुमा सन् २००७ मा ४१ जना मारिएका थिए भने यो वर्ष ओखलढुङ्गा समेत गरी १० जिल्लामा ३० जना मारिए।

निर्वाचनमा शक्ति प्रयोग गरेर सफलता हासिल

गरेको माओवादीको युवा पङ्क्ति सरकार बनेपछि झनै उदण्ड बन्यो। त्यसकै प्रभावमा अन्य दलहरूले पनि युवाहरूलाई उदण्डता प्रदर्शनका निम्ति सङ्गठित गर्न थाले। शान्ति सुरक्षामा सुधार नआउनुमा सरकारमा रहेका पार्टीकै कार्यकर्ताहरूको अराजकता जिम्मेवार भएको प्रस्टै देखियो। संविधानसभा निर्वाचनपछि पनि जारी रहेको अस्थिरताले गर्दा मानवअधिकार र सामाजिक न्यायका सवाल ओझेलमा परे।

देशव्यापी रूपमा सङ्कलित सूचनाका आधारमा हिंसा र अराजकताका घटनामा नियन्त्रण हुन नसक्नुमा राज्यको केन्द्रमा रहेको नेकपा (माओवादी)का कार्यकर्ताको गतिविधि प्रमुख कारकका रूपमा देखिएको निष्कर्ष निकाल्न सकिन्छ। निर्वाचनअघि मात्र होइन, निर्वाचनपछिका दिनमा पनि माओवादी कार्यकर्ता कतिपय आक्रमण, अपहरण र हत्याका घटनामा संलग्न रहे। गाउँघरका भै-झगडादेखि राजधानीका विवादहरूसम्ममा उनीहरूको उदण्डता प्रदर्शन भएको थियो। परिच्छेद २ अन्तर्गत 'यस वर्षको उल्लेख्य : संविधान निर्माण प्रक्रियाका चुनौती'मा यस विषयमा विस्तारपूर्वक चर्चा गरिएको छ।

### निर्वाचन : शान्ति प्रक्रियाको कोशेढुङ्गा

परिच्छेद ३.२ कार्यपालिकामा संविधानसभा निर्वाचनलाई वर्ष २००८ को उल्लेखनीय उपलब्धिका रूपमा चर्चा गरिएको छ। संविधानसभा निर्वाचनको सफलतासँगै शान्ति प्रक्रियाले एउटा खुड्किलो पार गऱ्यो। संविधानसभाको औचित्य स्थापित गर्ने क्रममा यसलाई माओवादीको शान्तिपूर्ण सङ्क्रमणको प्रारम्भिक सर्तका रूपमा ग्रहण गरिनुपर्छ भन्ने तर्क अघि सारिएको थियो। तर, अमूक राजनीतिक धारलाई मूलधारमा तान्न तय गरिएको रणनीति मात्र नठानेर संविधानसभाको निर्वाचनलाई नेपाली जनताको सार्वभौमसत्ता स्थापना गर्ने लामो समयदेखिको आकाङ्क्षा वा आवश्यकताको उपजका रूपमा ग्रहण गरियो[1]। नेपालको राजनीतिमा संविधानसभाको सवाललाई माओवादीले राष्ट्रिय राजनीतिको मूल मुद्दाका रूपमा स्थापित गर्न उत्प्रेरकको भूमिका अवश्य निर्वाह गरेको थियो। तर, नेपालमा संविधानसभाको निर्वाचनलाई जनताको स्वामित्वसहितको संविधान निर्माण गर्ने एउटा प्रक्रिया र राजनीतिक नारा दुवैका रूपमा अघि सारिएको थियो[2]। निर्वाचनलाई देशमा साँचो अर्थमा जनताको स्वामित्वसहितको संविधान बनाउने प्रभावकारी माध्यमका रूपमा अङ्गीकार गरियो।

यद्यपि, संविधानसभा निर्वाचनमा कुनै एउटा पार्टीले बहुमत ल्याउन सकेन। तैपनि, तीनओटा पार्टी मिली बहुमत पुऱ्याएर सरकारको निर्माण गरिसकिएपछि

**तालिका : २ पीडकको आधारमा सन् २००८ मा मारिएकाहरूको सङ्ख्या**

| पीडक | जम्मा |
|---|---|
| राज्य | ५० |
| संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा | ४ |
| माओवादी | ४ |
| वाईसीएल | ८ |
| एमाले | १ |
| युथफोर्स | १ |
| मधेस मुक्ति टाइगर्स | १० |
| मधेसी राष्ट्र जनतान्त्रिक पार्टी | २ |
| भाइरस किलर्स पार्टी | ३ |
| नेपाल डिफेन्स आर्मी | ३ |
| नेपाल डिफेन्स आर्मी(त्रिशुल) | १ |
| जतमुमो(राजनमुक्ति) | ८ |
| जतमुमो(ज्वाला सिंह) | २७ |
| जतमुमो(गोइत) | ८ |
| जतमुमो(रणवीर) | १ |
| लिब्रेशन टाइगर आफ तराई इलम | १ |
| तराइ मधेश मुक्ति मोर्चा | १ |
| तराई राष्ट्रिय मुक्ति सेना | १ |
| तराई आर्मी | ५ |
| तराई मुक्ति मोर्चा | १ |
| तराई जनशक्ति क्रान्तिकारी पार्टी | १ |
| तराई कमाण्डो फोर्स | १ |
| तराई कोब्रा | १ |
| अन्य(व्यक्तिगत अपराध) | ३३९ |
| अज्ञात(पीडक पहिचान नभएको) | १६९ |
| जम्मा | ५४१ |

१. इन्सेक । संविधानसभा राज्य पुन:संरचनाको प्रवेशद्वार। अर्याल, कुन्दन। अनौपचारिक क्षेत्र सेवा केन्द्र। काठमाण्डौ: इन्सेक। ०६४ जेठ। पृ. घ।

२. पूर्ववत्

**तालिका : ३ तराई-मधेसका २० जिल्लामा सन् २००८ मा अपहरितको सङ्ख्या**




प्रतिबद्धताहरूको पालना गर्दै संविधान निर्माण प्रक्रियालाई सहज बनाइनेछ भन्ने अपेक्षा गरिनु अस्वाभाविक थिएन। तर, त्यसविपरीत सरकार नै प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको देखियो। सन् २००८ को सुरुवातका महिनाहरूको काङ्ग्रेसको नेतृत्वमा रहेको सरकार, निर्वाचनपछिको कामचलाउ र त्यसपछि माओवादीको नेतृत्वमा बनेको सरकारका विषयमा समेत परिच्छेद ३.२ अन्तर्गत कार्यपालिकामा विस्तारपूर्वक चर्चा गरिएको छ।

निर्वाचनले व्यवस्थापिकाको भूमिकासमेत निर्वाह गर्ने संविधानसभालाई समावेशी त बनायो। तर, सङ्क्रमणकालको संवेदनशीलता अनुसार सरकारलाई सही दिशातर्फ डोऱ्याउने सवालमा यसले प्रभावकारी भूमिका निर्वाह गर्न सकेन। विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधानले निर्देश गरेमुताबिक अघिल्लो वर्ष नै सरकारले उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयक अघि सारेको थियो। तर, वर्तमान संविधानमा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू शीर्षक अन्तर्गत व्यवस्था गरिएको उक्त आयोग गठनका प्रसङ्गमा संविधान जारी गर्ने दलहरू नै इमानदार देखिएनन्। शान्ति सम्झौतापछिको दुई वर्षसम्म राजनीतिक पार्टीहरूले आयोगको गठन गर्ने सवालमा तदारुकता देखाएनन्।

निर्वाचनपछि काङ्ग्रेसले सरकारसमक्ष प्रस्तुत गरेको नौ सूत्रीय मागमा पनि बेपत्ता पारिएकाहरूको खोजविनसम्बन्धी आयोग र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको प्रसङ्ग परेन। यस्ता कतिपय

विषयमा निर्वाचनपछिको सदनसमेत सरकारलाई मार्गनिर्देश गर्ने सवालमा सशक्त देखिएन। परिच्छेद ३.३ अन्तर्गत व्यवस्थापिकामा यही सेरोफेरोमा रहेर देशको मानवअधिकार अवस्थाका सम्बन्धमा विस्तारपूर्वक चर्चा गरिएको छ।

संविधानसभा निर्वाचन सम्पन्न हुनुलाई नै ठूलो उपलब्धि ठानिएको भए पनि मतदानअघि, मतदानका क्रममा र मतदानपश्चात् समेत भएका अवाञ्छित क्रियाकलापलाई नजरअन्दाज गर्न मिल्दैन। मतदान व्यवस्थित र बृहत् रूपमा शान्तिपूर्ण थियो । यद्यपि, प्रचारप्रसारका क्रममा व्यापक रूपमा भएका हिंसा र सन्त्रासलगायत निर्वाचन प्रक्रियामा थुप्रै गल्ती-कमजोरी भए[३]। हिंसा, झडप, आक्रमण, कुटपिट, अपहरण, धम्की, गोली र खुकुरी प्रहारजस्ता घटनाले निर्वाचनपश्चात् समेत निरन्तरता पाइरहे[४]। कतिपय ठाउँमा निर्वाचनमा आफूले रोजेको दललाई मत दिएका कारण मतदाताले आधारभूत आवश्यकताहरूबाट समेत वञ्चित हुनुपऱ्यो[५]। मतदाताको नाम दर्ता, मतदाता शिक्षा, नागरिक शिक्षा, निर्वाचन अभियान, आचारसंहिता, सुरक्षा व्यवस्था, हिंसा, असहिष्णुता र उदण्डता र कारबाही, निर्वाचन ऐन र कानुनको प्रभावकारिता र निर्वाचन पर्यवेक्षणको शैली आदिका सन्दर्भमा दुर्बल पक्षहरू देखिए[६]। केही ठाउँमा मतदान केन्द्र कब्जा गरिए। उदाहरणका लागि दोलखा क्षेत्र नं. १ मा ४, रामेछाप क्षेत्र नं. १ मा १५ र रामेछापकै क्षेत्र नं. २ मा १५ ओटा मतदान केन्द्र नेकपा (माओवादी)ले कब्जा गरे[७]।

कैयन् मतदान केन्द्रहरूमा सङ्गठित र कतै-कतै हतियारबन्द युवाहरूको उपस्थिति र परिचालनले मतदान केन्द्र वरिपरि र आसपासको वातावरण तनावग्रस्त रह्यो। फलतः आममतदाता असुरक्षित भावमा देखिए[८]। इलामको चिसापानी गाविसको जनता माविं मतदान केन्द्रमा चैत २८ गते बिहान वाईसीएलले स्वयम्सेवकको बिल्ला लगाएर भित्र प्रवेश गरेको पाइयो[९]। मतदान प्रक्रिया अवलोकन गर्दा बाहिरी रूपमा शान्तिपूर्ण निर्वाचन देखिएको भए पनि अधिकांश जिल्लाहरूमा माओवादी वा क्षेत्रीय दलको प्रभावमा निर्वाचन सम्पन्न भएको थियो[१०]। पर्यवेक्षक सञ्जालहरूका अनुसार लोभ, लालच, डर, त्रास, धम्कीले निर्वाचन परिणाम के कति प्रभावित भयो भन्ने विषयमा विश्लेषण आवश्यक छ[११]।

धेरै स्थानमा सर्वसाधारण भयग्रस्त थिए भने कतिपय स्थानमा मतदानका दिन पनि त्रासको असर परेको देखियो[१२]। माओवादी र उसको भ्रातृ सङ्गठन वाईसीएलबाट निकै त्रस्त बनेका कारण निर्वाचन प्रचारप्रसारका क्रममा अन्य राजनीतिक दलका कार्यकर्ता सबैजसो मतदातासमक्ष पुगेनन्[१३]। मतदानपछि पनि देशका विभिन्न भागमा हिंसात्मक घटना भए। उदाहरणका लागि सङ्खुवासभामा माओवादीलाई भोट नदिएको भन्दै मतदानको तीन सातापछि वैशाख २४ गते सिद्धकालीका एमाले कार्यकर्ता भवीन्द्र राई र शङ्कर अधिकारीलाई माओवादीले घरबाट अपहरण गरी जङ्गलमा लगी कुटपिट गरे[१४]। इन्सेकले देशव्यापी रूपमा गरेको अनुगमनबाट पनि संविधानसभा निर्वाचन

---

३. लोकतन्त्र र निर्वाचन सञ्जाल नेपाल (डिन)। संविधान सभा निर्वाचन पर्यवेक्षण वि.सं. २०६४ चैत २८ अन्तिम प्रतिवेदन, काठमाण्डौ, सारांश, ग।
४. नेमा। संविधानसभा निर्वाचन २०६४ पर्यवेक्षण प्रतिवेदन, काठमाण्डौ, पृ. ६।
५. पूर्ववत्
६. नियोक। प्रतिवेदनको मूल सारांश, पृष्ठ ९। संविधानसभा निर्वाचन २०६४,निर्वाचन पर्यवेक्षण प्रतिवेदन, काठमाण्डौ, पृ. ८६-९१
७. लोकतन्त्र र निर्वाचन सञ्जाल नेपाल (डिन)। संविधान सभा निर्वाचन पर्यवेक्षण वि.सं. २०६४ चैत २८ अन्तिम प्रतिवेदन, काठमाण्डौ
८. नेमा। संविधानसभा निर्वाचन २०६४ पर्यवेक्षण प्रतिवेदन, काठमाण्डौ, पृ. १४४।
९. नियोक। संविधानसभा निर्वाचन २०६४,निर्वाचन पर्यवेक्षण प्रतिवेदन, काठमाण्डौ, पृ. १०३।
१०. आम निर्वाचन पर्यवेक्षण समिति, नेपाल, जियोक। संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण २०६४ प्रतिवेदन, काठमाण्डौ, पृ. १३५।
११. पूर्ववत्, पृ. १३५।
१२. लोकतन्त्र र निर्वाचन सञ्जाल नेपाल (डिन)। संविधान सभा निर्वाचन पर्यवेक्षण वि.सं. २०६४ चैत २८ अन्तिम प्रतिवेदन, काठमाण्डौ, पृ. ५७।
१३. पूर्ववत्, पृ. ५७।
१४. नियोक। संविधानसभा निर्वाचन २०६४, निर्वाचन पर्यवेक्षण प्रतिवेदन, काठमाण्डौ, पृ. १२४।

**तालिका : ४** **पीडकको आधारमा सन् २००८ मा अपहरित सङ्ख्या**

| पीडक | पीडित सङ्ख्या |
|---|---|
| राष्ट्रिय जनमोर्चा | ३३ |
| संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा | १० |
| माओवादी | १३८ |
| वाईसीएल | १६१ |
| अनेरास्ववियु (क्रान्तिकारी) | ४ |
| एमाले | १० |
| युथफोर्स | १२ |
| मधेस मुक्ति टाइगर्स | ३० |
| मधेस तराई मुक्ति मोर्चा | ४ |
| मधेसी राष्ट्र जनतान्त्रिक पार्टी | १ |
| मधेसी टाइगर | ८ |
| भाइरस किलर्स पार्टी | २ |
| नेपाल डिफेन्स आर्मी | १ |
| काङ्ग्रेस | २ |
| जतमुमो(किसन) | १ |
| जतमुमो(राजनमुक्ति) | ५ |
| जतमुमो(ज्वाला सिंह) | ६८ |
| जतमुमो(गोइत) | ११ |
| जतमुमो(रणवीर) | १ |
| भिसी फोर्स | ३ |
| पिपुल्स आर्मी | ४ |
| लिब्रेशन टाइगर आफ तराई इलम | १ |
| किरात वकर्स पार्टी | ७ |
| तराई कोर्वा | १ |
| अन्य | ३५ |
| अज्ञात | १९५ |
| जम्मा | ७२९ |

भयग्रस्त वातावरणमा शान्तिपूर्ण तवरले भएको देखियो।

युद्धको पृष्ठभूमिबाट रूपान्तरित हुने क्रममा रहेको र स्थायी रूपमा हतियार नबिसाइसकेको एउटा पार्टी र शान्तिपूर्ण राजनीतिमा संलग्न अन्य पार्टीबीच भएको निर्वाचनमा यस्ता घटना हुनु अस्वाभाविक थिएन। शान्ति प्रक्रियामा नकारात्मक असर पर्ला भन्ने चिन्ताका साथ अन्य पार्टी र मतदाताले समेत सहिष्णुता दर्शाएको हुनुपर्छ। त्यसै हुनाले परिणाम सबैले स्वीकार गर्ने परिस्थिति बन्यो।

### सङ्क्रमणकालीन न्यायको बेवास्ता

मानवअधिकार र सामाजिक न्यायका निम्ति राजनीतिक अग्रगमनको प्रत्याभूतिसहितको दिगो शान्तिको कामना गर्दै नेपाली जनता २०६२/६३ को शान्तिपूर्ण जनआन्दोलनमा होमिएका थिए। सशस्त्र द्वन्द्वमा संलग्न शक्तिसमेत जनताको अभीष्ट पूरा गराउन अन्य पार्टीहरूसँगै अग्रसर भएको थियो। त्यसै क्रममा बाह्रबुँदे सहमतिले गरेको परिकल्पना अनुसार संविधानसभा निर्वाचनमार्फत नयाँ संविधान बनाउने दिशामा मुलुक अग्रसर हुनु सन्तोषको विषय हो। तर, निर्वाचनलगत्तैदेखि माओवादीले नयाँ सहमतिको कुरा उठाएर शान्ति प्रक्रियामा व्यवधान उत्पन्न गर्न खोज्यो।

राजनीतिक असहमतिकै कारण सन् २००८ मा शान्ति प्रक्रियाले अपेक्षाकृत गति लिन सकेन। सङ्क्रमणकालको संवेदनशीलतालाई बुझेर शान्ति सम्झौता र त्यसपछि तय गरिएका केही अत्यावश्यक कार्यसूचीहरूमा पनि राजनीतिक इच्छाशक्ति दर्शाएर कदम चालिएन। यसमा धेरै थोरै सबै राजनीतिक दलहरूको कमजोरी देखियो। माओवादी कार्यकर्ताको युद्धकालीन मानसिकताले आममानिसमा असुरक्षा भाव बढाइरहयो र कानुन तोड्न दुरुत्साहित गरिरहयो। राजनीतिक असहमति र प्रतिबद्धताको बेवास्ताको परिणामस्वरूप उत्पन्न राजनीतिक अस्थीरताका कारण संविधान निर्माण प्रक्रिया पनि अवरुद्ध हुन पुग्यो। वर्षको अन्त्यमा सर्वसम्मतिबाट पारित संविधानसभाको कार्यतालिका, २०६५ ले जनतामा आशा जगाउन र संविधान निर्माणको दायित्वप्रति प्रतिबद्धता जनाउन खोज्यो। जस अनुसार, ०६७ जेठ १४ गतेसम्म संविधान निर्माण कार्य सम्पन्न हुने जनाइएको छ। तर, राजनीतिक अस्थिरताका कारण संविधान निर्माण प्रक्रिया सन् २००८ को अन्त्यसम्मै चुनौतीपूर्ण देखियो। परिच्छेद २, 'यस वर्षको उल्लेख्य : संविधान निर्माण प्रक्रियाका चुनौती'मा यस विषयमा थप चर्चा गरिएको छ।

सङ्क्रमणकालीन न्यायको व्यवस्थापनले संविधान निर्माण प्रक्रियालाई सघाउन र राजनीतिक स्थिरताका निम्ति बल पुऱ्याउन सक्ने थियो। तर, सन् २००८ को अन्त्यसम्म बेपत्ताहरूको खोजी, मानवअधिकार र मानवीय कानुनको उल्लङ्घन गर्नेहरूलाई कानुनको कठघरा र पीडितहरूलाई राहतका सम्बन्धमा कदम चालिएन। शान्ति र अग्रगमनका निम्ति बढी लोकतान्त्रिक अधिकारको प्रत्याभूति गर्दै युद्धका कारण पीडित भएकाहरूलाई तत्काल राहत दिने सवालमा कमबेसी सबै राजनीतिक दल उदासीन देखिए।

सशस्त्र द्वन्द्वबाट स्थिर लोकतान्त्रिक शान्तिसम्मको सङ्क्रमणका क्रममा नेपालले मानवअधिकार र मानवीय कानुनका उल्लङ्घनहरूको छानबिन गर्ने दायित्व पूरा गर्नुपर्छ कि पर्दैन ? यस विषयमा सन् २००७ र २००८ मा सैद्धान्तिक बहस पनि भए। शान्ति सम्झौता र अन्तरिम संविधानमा परिकल्पना गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकको मस्यौदा, २०६४ साउनमा सरकारले छलफलका निम्ति सार्वजनिक पनि गऱ्यो। क्षमादानको विषयलगायत प्रस्तावित आयोगको क्षेत्राधिकार, संरचना, कार्यप्रणाली र स्वतन्त्रताका सम्बन्धमा पनि छलफल भए। पीडित र पीडकबीचको सम्बन्ध र पीडितको पुन:स्थापना तथा क्षतिपूर्तिको सवालमा अन्तर्राष्ट्रिय समुदायसम्मुख एउटा उत्तरदायी संयन्त्र प्रस्तुत गरिनुपर्ने आवाज निकै उठ्यो। तर, संविधानसभा निर्वाचनको वातावरणसँगै सेलाएको त्यो प्रसङ्ग सन् २००८ को अन्त्यसम्मै ब्यूँतिन सकेन।

नेपालमा सङ्क्रमणकालीन न्याय भनेको पीडितलाई क्षतिपूर्ति र मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गर्नेहरूलाई क्षमादान नै हो भन्ने सबै राजनीतिक दलको बुझाइ रहेको देखिन्छ। विस्तृत शान्ति सम्झौतामै जघन्य अपराधमा संलग्न बाहेकका लाई क्षमादान दिने बाटो खोलिसकिएको ठान्ने राजनीतिक दलहरू यो विषय त्यसै सामसुम भएर जाओस् भन्ने चाहन्छन्। दलहरू सत्य निरूपण तथा मेलमिलाप आयोगले धेरै पाना पल्टाउन थाल्यो भने बिर्सिएका कुरा खुल्छन्, गाउँगाउँबाट अपराधीउपर कारबाही होस भन्ने माग आउँछ, कारबाही हुँदैन अनि अराजकता मच्चिन्छ भन्ने साझा निष्कर्षमा पुगेको देखिन्छ। उनीहरू शान्तिलाई प्राथमिकता दिने नाममा न्यायको बेवास्ता गर्न एकमत देखिन्छन्। सरकारले संविधानसभा निर्वाचनअघिको समयदेखि थाँती लागेर बसेका द्वन्द्वकालीन हिंसाबाट पीडितलाई राहत र मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनकर्ताहरूलाई न्यायको कठघरामा उभ्याउने कार्यसूची कार्यान्वयन गर्ने आँट गरेन। प्रतिपक्षी वा अन्य दलहरू मौन रहे। विस्तृत शान्ति सम्झौता भएको दुई वर्षका गतिविधिको विश्लेषण गर्दा नेपालमा पीडितको सान्त्वना, न्याय र आत्मसम्मानको विषयलाई पाखा पारिएको निष्कर्ष निकाल्न सकिन्छ। त्यसैले मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गर्नेहरूको स्वीकारोक्ति र तदनुसारको अभिलेखसमेत तयार नहुने सम्भावना बढेको छ।

### नयाँ नेपालको स्वप्न

मानवअधिकार र सामाजिक न्यायका यावत् सवालहरूबीच सन् २००८ मा नयाँ नेपालको स्वप्नलाई यथार्थमा परिणत गराउन परिलक्षित ऐतिहासिक घटना अघिल्लो वर्षको गणतन्त्र घोषणाको कार्यान्वयन र संविधानसभाको निर्वाचन नै थिए। सरकारका सामु एकातिर आमजनतालाई शान्ति सुरक्षा र कानुनको शासनको अनुभूति दिलाउने दायित्व छ भने विगतको

**तालिका : ५ प्रमुख राजनीतिक दलबाट सन् २००८ मा भएका ज्यादती**




*(राजनीतिक दलका सम्बन्धित भातृ सङ्गठनबाट भएका तथ्याङ्क समेत समावेश गरिएका छन् ।)*

हिंसाबाट पीडितलाई न्याय र अपराधीहरूलाई कानुनको कठघरा पनि उत्तिकै आवश्यक छ। तर, यी दायित्व पूरा गर्दै तोकिएको समयमा सर्वस्वीकार्य र समावेशी संविधान बन्न सक्ने वातावरण बनाउने जिम्मा पनि सरकारकै हो।

सन् २००८ मा महिलामाथिको हिंसा उल्लेखनीय रूपमा प्रकाशमा आए। यस वर्ष कुल १ हजार ४ सय ३३ जना महिलाहरूको मानवअधिकार हनन भयो। तीमध्येका घरेलु हिंसाका घटनामा २ सय ४ जना महिला पीडित भए। सन् २००७ मा घरेलुहिंसाबाट १ सय २१ जना पीडित भएका थिए। सानातिना घटनामा पनि हत्या गर्ने प्रवृत्ति बढ्नुको कारण दस वर्षसम्म गाउँगाउँमा विस्तारित हिंसाको संस्कृति हुन सक्छ। त्यसैगरी बढ्दो दण्डहीनता र अपराधीहरूउपरको राजनीतिक संरक्षणका कारण बलात्कारका घटनामा वृद्धि भएको निष्कर्ष निकाल्न सकिन्छ। दण्डहीनताकै कारण खासगरी तराई-मधेसमा अज्ञात समूहको बिगबिगी बढेको बुझ्न गाह्रो छैन्। सन् २००८ मा १ सय ७० ओटा हत्यामा पीडिक अज्ञात रहे *(हेर्नुहोस् : तालिका २)*।

वर्ष २००७ मा देशभरमा बलात्कारका घटनामा २ सय २६ जना पीडित भएका थिए भने यस वर्ष समाजविरुद्धको यस्तो अपराधको सङ्ख्या २ सय २३ पुग्यो, जसमा २ सय ३१ जना पीडित भए। बलात्कारबाट पीडित हुनेहरूमध्ये १ सय ६८ जना १८ वर्षमुनिका थिए। यस्ता घटना व्यापक रूपमा फैलिएको रोगजस्तै देशका विभिन्न भूभाग र समुदायमा देखिएका छन्। *(हेर्नुहोस् : मानवअधिकार उल्लङ्घनको जिल्लागत विवरण, अनुसूची-१ र तालिका ६)*

वर्ष २००८ मा एकातिर न्यायपालिकाको स्वतन्त्रताउपर सरकार र व्यवस्थापिकाको हस्तक्षेप बढ्न सक्ने चिन्ता व्यक्त गरियो भने अर्कोतिर न्यायमूर्तिका विवेक, दक्षता र इमानदारीको विषयमा पनि प्रशस्तै प्रश्न उठे। न्यायालयको स्वच्छताका सम्बन्धमा सबभन्दा बढी कानुन व्यवसायीहरूले नै चासो व्यक्त गरे। न्यायमूर्तिको आचरणले न्यायालयको प्रतिष्ठा प्रभावित हुने विषयमा यस वर्ष अन्ततः कानुन व्यवसायी र न्यायालयबीच मतैक्य कायम भयो। कतिपय फैसलामा न्यायालयले सक्रियता दर्शायो भने कतिपय फैसलामा नेपालको न्यायालय मानवअधिकारका अन्तर्राष्ट्रिय मान्यताप्रति सचेत भएको देखायो। परिच्छेद ३.१ अन्तर्गत न्यायालयमा यही विषयमा विस्तृत रूपमा छलफल अघि बढाइएको छ।

सरकारले हरेक दिन ध्यान दिनुपर्ने सामाजिक न्याय र मानवअधिकारसँग सम्बन्धित यी सवालहरू ज्यादै महत्त्वपूर्ण छन्। यी यथार्थलाई पन्छाएर नयाँ नेपालको स्वप्न देख्न सकिदैन। तर, यी जल्दाबल्दा विषयका साथै सन् २००८ मा सबभन्दा बढी चिन्ता भने निर्माणाधीन संविधानकै विषयमा व्यक्त गरियो। यस वर्ष पनि एकातिर संविधानको अन्तरवस्तुका सम्बन्धमा बहस भए। अबको संविधानमा जीवनको अधिकार, कानुनका सामु समानताको अधिकार, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको प्रत्याभूतिजस्ता नागरिक तथा राजनीतिक अधिकार मात्र होइन, जनजाति तथा अल्पसङ्ख्यकको अधिकार पनि समेटिनु पर्छ भन्ने आवाज निरन्तर उठिरह्यो। त्यसैगरी, महिला समानता र अधिकार, छुवाछूत र सबै किसिमका भेदभावको अन्त्य, विकेन्द्रीकरण र स्थानीय स्वशासन, गरिबमुखी अर्थनीति, प्राकृतिक सम्पदाको समुचित बाँडफाँटजस्ता विषयमा पनि संवैधानिक प्रत्याभूति हुनुपर्छ भन्ने चासो व्यक्त भइरह्यो। नयाँ संविधानमा सार्वभौमसत्ता र राष्ट्रिय एकताको प्रत्याभूति, स्वस्थ जीवन र स्वच्छ वातावरण, धर्मनिरपेक्षता र धार्मिक स्वतन्त्रताजस्ता आर्थिक तथा सामाजिक अधिकारको समेत समुचित व्यवस्था हुनुपर्छ भन्ने विषयमा पनि जनताको सजगता प्रदर्शन भइरह्यो। विकासको अधिकारजस्तो मानवअधिकारको अद्यावधिक

**तालिका : ६ सन् २००७ र २००८ मा भएका बलात्कारबाट पीडित सङ्ख्या**



**तालिका : ७** **सन् २००८ मा मानवअधिकार उल्लङ्घन/ज्यादतीको कूल सङ्ख्या**




अवधारणाले शान्ति तथा विकासलाई जनताको अधिकारका रूपमा परिभाषित गर्छ। नयाँ संविधानले यस्ता विषयहरूलाई समेट्ने आशा पनि गरिएको छ । तर विडम्वना, सन् २००८ को अन्त्यसम्मै संविधान निर्माणका हर्ताकर्ता राजनीतिक पार्टी र यसको सहजीकरण गर्नुपर्ने सरकारले आमजनतामा विश्वास जगाउन सकेन।

राजनीतिक दलहरूले संविधानसभा निर्वाचनका क्रममा जनताबीच लिखित प्रतिबद्धता प्रस्तुत गरेका थिए र त्यही आधारमा मत पाएका थिए। माओवादी, काङ्ग्रेस र एमालेले आ-आफ्नो घोषणापत्रलाई बिर्सिएनन् भने पनि राजनीतिक सहमतिको वातावरण बन्न सक्छ। सबैजसो दलले निर्वाचन घोषणापत्रमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्वप्नलाई मूर्तता दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

शान्ति सम्झौतापछि तत्कालीन सात दल र माओवादीबीचको सहमतिमा बनेको नेपालको अन्तरिम संविधान, २०६३ ले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई पनि सूत्रबद्ध गर्ने प्रयास गऱ्यो। नयाँ संविधानले यस विषयमा व्यवस्थित अवधारणा अघि सार्ने आशा गरिएको छ। शान्ति प्रक्रियालाई टुङ्ग्याएर नागरिक तथा राजनीतिक अनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रत्याभूति नयाँ नेपालमा हुनेछ भन्ने प्रत्याशा अद्यापि आमनेपालीमा रहेको छ। तर आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूप्रति राज्यको ठोस प्रतिबद्धता र त्यस दिशामा प्रभावकारी रूपमा काम गर्ने संयन्त्रको विकास महत्त्वपूर्ण सवाल हो। क्रमशः प्राप्त गरिँदै जाने प्रकृतिका कतिपय आर्थिक वा सामाजिक अधिकारका विषयमा राज्यको कामप्रति आमजनताको विश्वासको वातावरण बन्नु आवश्यक हुन्छ। यसका निम्ति संविधानसभा निर्वाचनपूर्व तत्कालीन सात दलबीच कायम सहमति शान्ति प्रक्रिया टुङ्गोमा नपुगुञ्जेल कायम रहनु पर्छ । राष्ट्रिय सहमतिको अभावमा नयाँ नेपालको परिकल्पना अधुरो रहनेछ। असहमतिकै कारण सन् २००८ को अन्त्यसम्मै सरकारले देशलाई मानवअधिकार र सामाजिक न्यायको दिशामा अघि बढाउन सक्छ भन्ने विश्वास जागृत हुन सकेन।

हामीले चाहेको नयाँ नेपालमा आमनेपाली पराधीनताबाट मुक्त हुनुपर्छ । उनीहरूको स्वतन्त्रता विकास भएर देखापर्नु पर्छ। जहाँ राजनीतिक सहभागिताको स्वतन्त्रता वा आधारभूत शिक्षा र स्वास्थ्य हेरचाहको अधिकारजस्ता आधारभूत अधिकार विकासलाई परिभाषित गर्ने आधारहरू हुने छन्। जहाँ मानव स्वतन्त्रता विकाससम्बन्धी साँघुरो सोचमा अटाउने छैन। कुल राष्ट्रिय उत्पादनको वृद्धि, व्यक्तिगत आम्दानीको बढोत्तरी, औद्योगिकीकरण, प्राविधिक विस्तार र सामाजिक आधुनिकीकरणले मात्र मानव स्वतन्त्रताको प्रत्याभूति गर्न सक्दैन। कुल राष्ट्रिय उत्पादन वा व्यक्तिगत आयको वृद्धि निश्चय पनि व्यक्तिको स्वतन्त्रताको आनन्दलाई विस्तार गर्ने महत्त्वपूर्ण साधन हुन्। तर, स्वतन्त्रता सामाजिक र आर्थिक व्यवस्थापनजस्ता अरू कारक तत्त्वहरूमा पनि निर्भर गर्छ। शिक्षा र स्वास्थ्यसम्बन्धी सुविधा यस अन्तर्गत पर्छन्। विकासका निम्ति गरिबी र निरङ्कुशता, अति न्यून आर्थिक अवसर र जरो गाडेर रहेको सामाजिक अभाव, सार्वजनिक सुविधाको बेवास्ता र दमनकारी राज्यको अति-सक्रियता वा

**तालिका : ८** **सन् १९९६ देखि सन् २००८ सम्म राज्य र गैरराज्यबाट मारिएकाहरूको सङ्ख्या**




*(माओवादी जनयुद्धको प्रारम्भिक पाँच वर्षमा गैरराज्यपक्षबाट ८ सय ७९ जना मारिएका थिए भने सन् २००६ देखि २००८ सम्म १ हजार ६ सय १८ जना मारिए )*

असहिष्णुताजस्ता पराधीनताका प्रमुख स्रोतहरूको अन्त्य हुनुपर्छ[१५]। नयाँ संविधानका सन्दर्भमा दलहरूले यी विषयमा घोल्लिएको देख्न चाहने आमनेपाली सन् २००८ को अन्त्यसम्म उत्साहित हुन सकेनन्।

देशलाई सन् २००८ मा दिगो शान्तिको मार्ग प्रशस्त गरी प्राप्त अधिकारलाई शान्तिपूर्ण रूपमा संस्थागत गर्दै सर्वमान्य, समावेशी अनि सर्वस्वीकार्य नयाँ संविधान निर्माण गर्ने दिशामा प्रभावकारी रूपमा डोऱ्याइएन। त्यसका लागि आवश्यक राजनीतिक इच्छाशक्ति संविधानसभा निर्वाचनबाट बनेको सरकारले पनि अपेक्षाकृत राजनीतिक इच्छाशक्ति देखाउन सकेन। त्यसैले संविधान निर्माण प्रक्रियालाई सुचारू बनाउन प्रमुख भूमिका निर्वाह गर्नुपर्ने सरकार समस्यै समस्याको जालोमा फस्दै गयो। नयाँ-नयाँ विवादका कारण संविधान निर्माण प्रक्रिया नै दलहरूको प्राथमिकतामा नपरेको हो कि भन्ने प्रश्न उठ्न थाल्यो। सन् २००८ सरकारमा रहेका र सरकारबाहिरका राजनीतिक शक्तिहरूबीचको असहमति बढ्दै गएका कारण संविधान नबन्ने हो कि भन्ने चिन्ताकै बीच बिदा भयो।

**कुन्दन अर्याल**
प्रधान सम्पादक

१५. सेन, अर्मत्य। डेभलपमेन्ट याज फ्रिडम। नयाँ दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९९९, पृ. ३ ।

फोटो : सूचना विभाग

यस वर्षको उल्लेख्य

परिच्छेद

# संविधान निर्माण प्रक्रियाका चुनौती

१

## घटनाक्रम

**(०६४ पुस १७ देखि ०६५ पुस १६)**

**०६४ पुस १७ गते**

निर्वाचन आयोगका पदाधिकारीद्वारा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष तत्काल संविधानसभा चुनावको मिति घोषणा गरी राज्यका सबै संयन्त्र चुनावमुखी बनाउन आग्रह।

**पुस २० गते**

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहद्वारा पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू नगरिएको भन्दै संविधानसभा निर्वाचन बहिष्कार गर्ने घोषणा।

**पुस २४ गते**

नेकपा (माओवादी) का लडाकूलाई नेपाली सेनामा समायोजन गर्दा राजनीतीकरण हुने भन्दै समायोजन गर्न नहुने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भनाइ।

**पुस २८ गते**

सात राजनीतिक दलको निर्णय अनुसार सरकारले संविधानसभा चुनाव ०६४ चैत २८ गते एकै दिन गर्ने घोषणा।

राष्ट्रसङ्घका महासचिव वान की मुनले नेपालमा चैतमा तय भएको निर्वाचनका लागि केही जिल्लाको सुरक्षा स्थिति पहिलेभन्दा पनि अप्ठ्यारो रहेको नेपाल प्रतिवेदन सुरक्षा परिषद्मा पेस।

चैत २८ गते हुने निर्वाचनलाई कुनै शक्तिले रोक्न नसक्ने नेकपा (एमाले) का तत्कालीन महासचिव माधवकुमार नेपालको धारणा।

निर्वाचन आयोगद्वारा संविधानसभा चुनावका लागि ०६४ माघ २ गतेदेखि चरणबद्ध रूपमा निर्वाचन आचारसंहिता लागू गर्ने निर्णय।

मधेस र मधेसीको माग पूरा नभएसम्म संविधानसभा चुनावमा भाग नलिने तराई-मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुरको भनाइ।

**पुस ३० गते**

काठमाडौँको खुलामञ्चमा सात दलको बृहत् आमसभा। चैत २८ मा चुनाव गराएरै छाड्ने प्रतिबद्धता।

**माघ ५ गते**

सात दलको विराटनगरमा संयुक्त सभा। चुनाव कुनै हालतमा नसर्ने दाबी।

तराई-मधेस लोकतान्त्रिक पार्टीलाई वार्तामा आउन सरकारद्वारा आह्वान।

**माघ १५ गते**

सात दलको संयुक्त समितिद्वारा तराईमा आन्दोलनरत सबै मधेसी दलहरूलाई वार्तामा आउन आह्वान।

**माघ १६ गते**

वीरगञ्जमा सात दलको संयुक्त आमसभा। आमसभामा विस्फोटन। विस्फोटनमा प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद सिवाकोटीसहित ५४ जना घाइते।

**माघ १८ गते**

नेपाली काङ्ग्रेसद्वारा सुनसरीको इनरुवामा आयोजित चुनावी सभामा बम विस्फोट। आठ वर्षीया बालिका घाइते।

**माघ २० गते**

काङ्ग्रेसद्वारा राजविराजको राजमैदानमा आयोजना गरेको सभास्थलनजिकै शृङ्खलाबद्ध बम विस्फोटन। तीन जना घाइते।

**माघ २१ गते**

तराईका समस्या समाधान नभए संविधानसभा चुनावलाई नकारात्मक असर पर्न सक्ने निर्वाचन आयोगको भनाइ।

**माघ २२ गते**

माओवादी कार्यकर्ताद्वारा काङ्ग्रेसको गाउँ अभियान कार्यक्रम बिथोल्ने प्रयास गरिएपछि दुई पक्षबीच झडप। नेता दिलेन्द्रप्रसाद बढुमाथि आक्रमण। प्रहरीले चलाएको गोली लागी माओवादी कार्यकर्ता पदमसिंह धामी र हरिश विक घाइते।

**माघ २३ गते**

डा. बाबुराम भट्टराईद्वारा माओवादीको क्रान्तिकारी जनपरिषद् पुन: क्रियाशील गराउने प्रेस विज्ञप्तिमार्फत जानकारी।

**माघ २८ गते**

तराईमा आन्दोलनरत सबैलाई वार्तामा आउन सरकारी वार्ता टोलीको आह्वान।

निर्वाचन आयोगद्वारा निर्वाचनलाई असर पुग्ने गरी बन्द-हडताल नगर्न विज्ञप्ति जारी गरी सबैमा अनुरोध।

**फागुन १ गते**

आफ्नो पार्टी छिट्टै वैधानिक सत्ता कब्जा गर्ने अवस्थामा पुगेको माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को खुलामञ्चमा आयोजित चुनावी सभामा दाबी।

छ सूत्रीय माग राख्दै संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाद्वारा मधेसमा आन्दोलन सुरु।

**फागुन २ गते**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र सङ्घीय गणतान्त्रिक मोर्चाले गरेको अनिश्चितकालीन तराई बन्दका कारण तराईको जनजीवन प्रभावित।

तराईमा आन्दोलनरत संयुक्त मधेसी मोर्चालाई वार्तामा आउन सात दल सम्मिलित सरकारी वार्ता टोलीद्वारा आह्वान।

**फागुन ३ गते**

आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेतासँग प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा आन्दोलनको विषयमा छलफल। राष्ट्रिय अखण्डता र सार्वभौमिकतामा असर पर्नेबाहेकका सबै माग पूरा गर्ने प्रधानमन्त्रीको भनाइ।

**फागुन ४ गते**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र प्रहरीबीच तनाव बढेपछि सप्तरी कल्याणपुरमा कर्फ्यु आदेश जारी।

**फागुन ५ गते**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाद्वारा सरकारसँग वार्ता गर्न तीन सदस्यीय समिति गठन। समितिमा सद्भावना पार्टीका अनिल झा, मधेसी जनअधिकार फोरमका रत्नेश्वर कायस्थ र तराई मधेस लोकतान्त्रिक पार्टीका महेन्द्र यादव।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीचको झडपमा प्रहरीको गोलीबाट नेपालगञ्ज बेलासपुरका ३५ वर्षीय गुलजार खाँको भेरी अञ्चल अस्पतालमा उपचारका क्रममा मृत्यु।

**फागुन ६ गते**

तराईका विभिन्न स्थानमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र प्रहरीबीच झडप। तनाव बढेपछि नेपालगञ्ज, जलेश्वर, जनकपुर, वीरगञ्ज, राजविराज र कलैयामा स्थानीय प्रशासनद्वारा कर्फ्यु आदेश जारी।

सरकारद्वारा तराईमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेतालाई वार्तामा आउन पुनः आह्वान तथा तराईमा भइरहेका हिंसात्मक घटनामा गम्भीर चिन्ता र दुःख प्रकट गर्दै सम्बन्धित पक्षसँग शान्ति तथा सद्भाव कायम गर्न अपिल।

**फागुन ७ गते**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र सरकारबीच बालुवाटारमा वार्ता। वार्ता निष्कर्षविहीन।

जस्तोसुकै परिस्थितिमा चुनाव गर्नुपर्ने एमाले महासचिव माधवकुमार नेपालको भनाइ।

**फागुन ८ गते**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र सरकारबीच भएको वार्तामा मोर्चाले स्वायत्त मधेस प्रदेशको अडान लिएपछि वार्ता निष्कर्षविहीन।

**फागुन १० गते**

सरकार र तराईमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच वार्ता। 'एक मधेस एक प्रदेश'को मागमा वार्ता निष्कर्षविहीन।

**फागुन ११ गते**

मधेसी मोर्चाको आत्मनिर्णयको अधिकारसहित 'एक मधेस एक प्रदेश' माग पूरा गर्न नसक्ने सात दलको निर्णय।

**फागुन १२ गते**

सरकार र तराईमा आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच वार्ता। सङ्घीय प्रणाली अन्तर्गत स्वायत्त प्रदेश निर्माण गर्ने कुरामा मोर्चा र सरकार सहमति नजिक।

'एक मधेस एक प्रदेश'को मागका विरुद्ध थारु समुदायद्वारा राजधानीमा विरोध प्रदर्शन।

संयुक्त थारु राष्ट्रिय मुक्ति मोर्चाले गरेको पश्चिम नेपाल बन्दले जनजीवन प्रभावित। सरकारद्वारा तराईका २० जिल्लालाई मधेस घोषणा गरिएको बताउँदै विरोधमा बन्दको आह्वान।

**फागुन १३ गते**

सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चा र सरकारबीचको दुईदिने वार्ता विफल। मोर्चाद्वारा फागुन १ गतेदेखि सफल, सार्थक र परिणाममुखी संविधानसभा निर्वाचन गराउन अनिश्चितकालीन आमहडताल जारी राखिएको जानकारी।

**फागुन १४ गते**

संविधानसभा निर्वाचन सार्न मधेसी नेताहरूद्वारा प्रस्ताव गरिएपछि स्थगित हुन गएको वार्ता पुनः बालुवाटारमा सुरु।

**फागुन १५ गते**

नेपाली सेनामा मधेसीको समूहगत प्रवेश तत्काल गराउनुपर्ने माग संयुक्त मधेसी लोकतान्त्रिक मोर्चाद्वारा राखिएपछि सरकार र मोर्चाबीच पुनः वार्ता।

मधेसी जनअधिकार फोरम मधेस, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, सङ्घीय लिम्बू राज्य परिषद्, तामाङसालिङ स्वायत्त राज्य परिषद्, दलित जनजाति पार्टी, थारुवान राष्ट्रिय मोर्चा सम्मिलित सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चा र सरकारबीच वार्ता।

मधेस आन्दोलनका क्रममा सुनसरी जिल्लाको दुहबीमा सुरक्षाकर्मीको गोली लागी पसलमा चिया खाइरहेका ३५ वर्षीय बिस्कुट भनिने इद्रिस मोहम्मद मियाँको मृत्यु।

**फागुन १६ गते**

सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच आठबुँदे सम्झौता। मोर्चाद्वारा १६ दिनदेखिको मधेस आन्दोलन फिर्ता। सम्झौतामा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र मोर्चाका तर्फबाट तराई-मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर, सद्भावना पार्टी अध्यक्ष राजेन्द्र महतो र मधेसी जनअधिकार फोरमका केन्द्रीय संयोजक उपेन्द्र यादवद्वारा हस्ताक्षर।

गणतन्त्र स्थापना तथा भाषा र क्षेत्रका आधारमा स्वयत्तताको मागमा सरकारी टोली सहमत भए पनि संवैधानिक ग्यारेन्टी गर्न असहमति जनाइएपछि सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चा र सरकारबीच वार्ता।

**फागुन १७ गते**

सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चा र सरकारबीच पाँचबुँदे सहमति। मोर्चाद्वारा आन्दोलनको कार्यक्रम फिर्ता।

**फागुन २२ गते**

ऐनअनुसार कुल उम्मेदवारको ५० प्रतिशत महिला, ३० प्रतिशत मधेसी, १३ प्रतिशत दलित, ३७ प्रतिशत आदिवासी-जनजाति, चार प्रतिशत पिछडिएको क्षेत्र र ३० प्रतिशत अन्य समूहको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने व्यवस्था अनुसार समानुपातिक निर्वाचनका लागि फागुन ८ मा बन्दसूची पेस गर्ने दलहरूद्वारा निर्वाचन आयोगमा संशोधित सूची पेस।

**फागुन २४ गते**

माओवादीद्वारा संविधानसभा चुनावको घोषणापत्र सार्वजनिक। कार्यकारी राष्ट्रपतीय शासन प्रणाली र सङ्घीय राज्यको परिकल्पना।

**फागुन २५ गते**

कपिलवस्तु निर्वाचन क्षेत्र नं. ३ का जनमोर्चाका उम्मेदवार ब्रिज विहारीको संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा अपहरण।

**फागुन २६ गते**

एमालेद्वारा संविधानसभा चुनावको घोषणापत्र सार्वजनिक। जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र संसद्बाट निर्वाचित मानार्थ राष्ट्रपतिको प्रस्ताव।

**फागुन २७ गते**

नेकपा (एकीकृत)द्वारा संविधानसभा चुनावको घोषणापत्र सार्वजनिक। कार्यकारी प्रमुख प्रधानमन्त्री हुने अवधारणा।

**फागुन २८ गते**

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालद्वारा संविधानसभा निर्वाचन घोषणापत्र सार्वजनिक। राजासहितको प्रजातन्त्रको अवधारणा।

निर्वाचन आयोगले तराईका जिल्लाको असुरक्षाका कारण कर्मचारी जिल्लामा जान नसकेको भन्दै स्थितिमा सुधार गर्न सरकारलाई निर्देशन।

**फागुन २९ गते**

तराई-मधेस लोकतान्त्रिक पार्टीद्वारा संविधानसभा निर्वाचन घोषणापत्र सार्वजनिक। प्रधानमन्त्रीय पद्धतिसहितको सङ्घीय शासनको अवधारणा।

चुनावी अभियानमा रामेछापको प्रिती पुगेका एमाले उम्मेदवार देवशङ्कर पौडेलसहितका कार्यकर्तामाथि माओवादी कार्यकर्ताको आक्रमण।

**फागुन ३० गते**

काङ्ग्रेसद्वारा संविधानसभा निर्वाचनको घोषणापत्र सार्वजनिक। राष्ट्रपति समानार्थ राष्ट्रप्रमुख र संसद्को बहुमतबाट निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख हुने अवधारणा।

**चैत १ गते**

जनमोर्चा नेपालद्वारा संविधानसभा निर्वाचन घोषणापत्र सार्वजनिक। राष्ट्रप्रमुख र कार्यकारी प्रमुख राष्ट्रपति हुने अवधारणा।

**चैत ३ गते**

मधेसी जनअधिकार फोरम र नेपाल मजदुर किसान पार्टीद्वारा संविधानसभा निर्वाचन घोषणापत्र सार्वजनिक। कार्यकारी अधिकार राष्ट्रपतिमा हुनुपर्ने दुवै पार्टीको प्रस्ताव।

अज्ञात हतियारधारी समूहद्वारा संविधानसभा निर्वाचनका लागि सप्तरी क्षेत्र नं. ३ का राप्रपाका उम्मेदवार गोविन्दप्रसाद सिंहको अपहरण।

निर्वाचन आयोगद्वारा दलहरूबाट चुनाव प्रचारप्रसारका क्रममा असंयम व्यवहार भइरहेकामा चिन्ता प्रकट गर्दै उनीहरूबीचको तिक्तता हटाउन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमक्ष आग्रह ।

जनतान्त्रिक तराई मुक्ति मोर्चा, मधेसी मुक्ति टाइगर्स, संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा र तराई कोब्राद्वारा संयुक्त विज्ञप्ति जारी गरी वार्ता गर्न तयार रहेको जानकारी।

**चैत ५ गते**

नेपाल सद्भावना पार्टीको घोषणापत्र सार्वजनिक। राष्ट्रपति र प्रधानमन्त्री अप्रत्यक्ष निर्वाचन प्रणालीद्वारा चुनिनु पर्ने अवधारणा।

**चैत ६ गते**

राष्ट्रिय जनमोर्चाका बाँके क्षेत्र नं. २ का उम्मेदवार कमलप्रसाद अधिकारीमाथि जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताद्वारा गोली प्रहार। भेरी अञ्चल अस्पतालमा उपचारका क्रममा उनको मृत्यु।

अज्ञात समूहद्वारा रोल्पाको गाम-५ ठूलो गाउँका माओवादी जिल्ला सदस्य ३९ वर्षीय टेकबहादुर बुढाको गोली हानी हत्या ।

सरकार र सङ्घीय लिम्बूवान राज्य परिषद्बीच पाँचबुँदे सहमति।

**चैत ११ गते**

दलहरूद्वारा चुनावमा धाँधली र षड्यन्त्र गरिए महाविद्रोह गर्ने माओवादी अध्यक्ष प्रचण्डको ललितपुरको चुनावी सभामा चेतावनी।

**चैत १३ गते**

काङ्ग्रेस र माओवादीबीच सोलुखुम्बुको गोरास्थित सिसाखोलामा भिडन्त। सुरक्षाकर्मीले चलाएको गोली लागी माओवादीका जिल्ला सदस्य गङ्गाबहादुर भुजेल (गजेन्द्र)को मृत्यु। घटनामा काङ्ग्रेसका उम्मेदवार बलबहादुर केसीसहित १२ जना भन्दा बढी र माओवादीका आठ जना कार्यकर्ता गम्भीर घाइते।

मधेस मुक्ति टाइगर्स, तराई कोब्रा, राजन मुक्ति अध्यक्ष रहेको जनतान्त्रिक तराई मुक्ति मोर्चा र पवन संयोजक रहेको संयुक्त जनतान्त्रिक मुक्ति मोर्चाद्वारा वार्ताका लागि सरकारलाई पत्राचार।

**चैत १४ गते**

निर्वाचन आयोगद्वारा काङ्ग्रेस, एमाले र माओवादीका प्रतिनिधिलाई कार्यालयमा बोलाई चुनाव प्रचार-प्रसारका क्रममा भइरहेका हिंसात्मक घटनाप्रति आपत्ति, क्रियाकलाप सुधार्न निर्देशन।

मधेस मुक्ति टाइगर्स संयोजक राजन, तराई कोब्राका अध्यक्ष नागराज, जनतान्त्रिक तराई मुक्ति मोर्चाका अध्यक्ष राजन मुक्ति र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका संयोजक पवनद्वारा प्रेस विज्ञप्ति जारी गरी सञ्जयकुमार गुप्ताको संयोजकत्वमा वार्ता टोली गठन गरिएको जानकारी।

**चैत १६ गते**

सरकारद्वारा समस्या समाधानमा चासो नदेखाइएको जनाउँदै जनतान्त्रिक तराई मुक्ति मोर्चा, संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा, मधेस मुक्ति टाइगर्स र तराई कोब्राद्वारा वार्ता टोली विघटन ।

**चैत १८ गते**

काङ्ग्रेस, एमाले र माओवादीबीच संविधानसभा निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सञ्चालन गर्न १० बुँदे सहमति।

युरोपियन युनियन मिसनद्वारा सबै राजनीतिक दललाई चुनाव अवधिभर उच्च संयम र व्यवहार प्रदर्शन गर्न आग्रह।

**चैत २० गते**

माओवादी अध्यक्ष प्रचण्डद्वारा एक सातासम्म वाईसीएललाई 'गान्धीवादी' बन्न आग्रह।

**चैत २१ गते**

नेपाल सरकार मन्त्रिपरिषद्को बैठकद्वारा दिगो शान्ति हासिल गर्न तथा संविधानसभाको निर्वाचन सहज बनाउन दमननाथ ढुङ्गाना र पद्मरत्न तुलाधर संयोजक रहेको शान्ति तथा समन्वय व्यवस्थापन समिति गठन।

**चैत २६ गते**

सुर्खेत क्षेत्र नं. १ का एमाले उम्मेदवार ऋषिप्रसाद शर्माको गोली लागी मृत्यु।

**चैत २७ गते**

काङ्ग्रेसका उम्मेदवार खुमबहादुर खड्काको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले लमहीमा गोली चलाउँदा सात माओवादी कार्यकर्ताको मृत्यु।

**चैत २८ गते**

संविधानसभाको मतदान सम्पन्न। विभिन्न मतदान केन्द्रमा झडप, चारको मृत्यु। सप्तरीमा दुई, महोत्तरीमा सात, चितवनमा छ र दोलखामा नौ केन्द्रमा मतदान स्थगन भएको निर्वाचन आयोगको जानकारी।

सर्लाही क्षेत्र नं. ६ का स्वतन्त्र उम्मेदवार शम्भुप्रसाद सिंहको अज्ञात समूहबाट चलाइएको गोली लागी मत्यु।

**चैत ३० गते**

निर्वाचन आयोगद्वारा थप १५ केन्द्रको मतदान रद्द।

**०६५ वैशाख १ गते**

संविधानसभा निर्वाचनमा पार्टीले भोगेको परिणाम स्वीकार गर्दै एमाले नेता माधवकुमार नेपालद्वारा महासचिवबाट राजीनामा।

**वैशाख २ गते**

विजय जुलुस र सभा सकेर राजधानी फर्कंदै गरेका अर्थमन्त्री रामशरण महतमाथि माओवादी कार्यकर्ताद्वारा नुवाकोटमा आक्रमण।

**वैशाख ५ गते**

एमालेका निवर्तमान महासचिव माधवकुमार नेपाल र माओवादी अध्यक्ष प्रचण्डबीच भेटवार्ता।

नेपालद्वारा सहमतिको संस्कार निर्माणका लागि माओवादीको सहायक सङ्गठन वाईसीएल विघटनको माग।

**वैशाख १६ गते**

एमाले उम्मेदवार ऋषिप्रसाद शर्मालाई आफैंले गोली हानेको उनका अङ्गरक्षकद्वारा स्वीकारिएको जिल्ला न्यायाधीशको भनाइ।

**वैशाख २५ गते**

संविधानसभा निर्वाचनका क्रममा विभिन्न जिल्लामा भएका घटना छानबिन गर्न सरकारद्वारा तीनओटा जाँचबुझ आयोग गठन। सुर्खेतको जहरे, दाङको लमही, कपिलवस्तु, सोलुखुम्बु र सुनसरीका घटना छानबिन गरिने जानकारी।

**वैशाख २७ गते**

सातदलीय गठबन्धनद्वारा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई सबै दलसित परामर्श गरी संविधानसभा बैठक जेठ १२ देखि १५ गतेभित्र बोलाउन माग।

**वैशाख २८ गते**

संविधानसभाको कार्यविधि बनाउन सात दलको बैठकले गठन गरेको कार्यदलद्वारा परामर्श सुरु।

**वैशाख ३० गते**

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा संविधानसभा बैठक जेठ १५ गते बिहान ११ बजे आह्वान।

**जेठ ३ गते**

माओवादी कार्यकर्ताद्वारा कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको चरम यातनापछि चितवनमा हत्या।

**जेठ ४ गते**

राष्ट्रसङ्घका महासचिव वान की मुनद्वारा नेपालमा संविधानसभा निर्वाचन सम्पन्न भए पनि अझै धेरै चुनौती बाँकी रहेको जनाउँदै नेपालसम्बन्धी प्रतिवेदन राष्ट्रसङ्घमा प्रस्तुत।

**जेठ ८ गते**

काङ्ग्रेस, एमाले र मधेसी जनअधिकार फोरम संवैधानिक राष्ट्रपति र उपराष्ट्रपति राख्ने व्यवस्था गर्न सहमत।

**जेठ ९ गते**

कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठ हत्याको छानविन र दोषीमाथि कारवाही सिफारिस गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा आयोग गठन।

**जेठ ११ गते**

प्रधानमन्त्री कोइरालाद्वारा माओवादीलाई अन्तरिम संविधानको प्रावधान अनुसार नयाँ सरकार निर्माणका लागि सहमति जुटाउन औपचारिक आह्वान।

**जेठ १४ गते**

अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित विशेष समारोहमा ज्येष्ठ सभासद् कुलबहादुर गुरुङबाट समानुपातिक र भौगोलिक क्षेत्रबाट चुनिएका ५ सय ७५ मध्ये ५ सय ६७ सभासद्द्वारा शपथग्रहण।

**जेठ १५ गते**

संविधानसभाको पहिलो बैठक। नेपालमा विधिवत् रूपमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भएको घोषणा। गणतन्त्र कार्यान्वयनको पक्षमा ५ सय ६० मत र विपक्षमा राप्रपा नेपालको ४ मत। राजदरबार खाली गर्न पूर्वराजा ज्ञानेन्द्रलाई निर्देशन।

**जेठ १६ गते**

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा भएकामा संयुक्त राष्ट्र सङ्घ र अमेरिकालगायतका अन्तर्राष्ट्रिय समुदायको स्वागत।

**जेठ १७ गते**

संविधानसभाको पहिलो बैठकले गणतन्त्र कार्यान्वयन गरिसकेको जानकारी गराउँदै पूर्वराजा ज्ञानेन्द्रलाई १५ दिनभित्र नारायणहिटी दरबार छाड्न सरकारको पत्र।

**जेठ १८ गते**

रौतहट निर्वाचन क्षेत्र नं. १ बाट संविधानसभा सदस्यमा निर्वाचित बबन सिंह जिल्ला अदालत रौतहटको साधारण तारेखमा रिहा।

संवैधानिक राष्ट्रपतिको चुनाव प्रणाली, सरकार निर्माण प्रक्रिया र संविधान संशोधनका सवालमा १३ राजनीतिक दलबीचको बैठक। बैठक निष्कर्षविहीन।

**जेठ २२ गते**

संवैधानिक राष्ट्रपतिको निर्वाचन र सरकार गठन/विघटनबारे प्रमुख तीन दलबीच दुई चरणमा शीर्ष तहमा भएका छलफल निष्कर्षविहीन।

पूर्वराजा ज्ञानेन्द्रलाई तत्कालका लागि नागार्जुन दरबारमा बस्न दिने सरकारको निर्णय।

**जेठ २५ गते**

राष्ट्रपतिको निर्वाचन र सरकार गठन संविधानसभाको सामान्य बहुमतबाट गर्ने गरी संविधान संशोधन गर्न माओवादी सहमत।

**जेठ २८ गते**

कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्या अभियोगमा माओवादी तेस्रो डिभिजन शक्तिखोरका गोविन्दबहादुर बटालालाई पुर्पक्षमा राख्न जिल्ला अदातल चितवनको आदेश।

पूर्वराजा ज्ञानेन्द्रको नारायणहिटी दरबारबाट नागार्जुन दरबारमा बसाइँसराइ। दरबार छाड्नुअघि नारायणहिटीमै पत्रकार सम्मेलन।

**असार १ गते**

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा नारायणहिटी सङ्ग्रहालयको उद्घाटन।

**असार ४ गते**

संविधान निर्माण एजेन्डामा प्रवेश गर्न नसकेपछि संविधानसभा बैठक अनिश्चितकालका लागि स्थगन।

**असार ११ गते**

शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने र अन्तरिम संविधानमा राष्ट्रपति निर्वाचनको प्रक्रिया राख्नेलगायत व्यवस्थाका लागि अन्तरिम संविधान संशोधन गर्न सात दलबीच २२ बुँदे सहमति।

**असार १२ गते**

प्रधानमन्त्री कोइरालाद्वारा संविधानसभा बैठकमा राजीनामा प्रस्तुत।

मन्त्रिपरिषद्द्वारा संविधानसभामा मनोनीत हुने २६ सदस्यका लागि नाम सिफारिस।

**असार १३, १४ गते**

सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच ०६४ फागुन १६ गते भएको सम्झौतालाई सम्बोधन गर्ने गरी संविधान संशोधन गर्न माग गर्दै आएका मधेसवादी दलहरूद्वारा सदन बहिष्कार।

**असार १५ गते**

माओवादी, काङ्ग्रेस र एमाले मधेसवादी दलका मागबारे संयुक्त रूपमा राजनीतिक प्रतिबद्धता व्यक्त गरेर सम्बोधन गर्न सहमत।

**असार १७ गते**

तीन ठूला दल माओवादी, काङ्ग्रेस र एमाले मधेसी दलले उठाएका मागलाई अन्तरिम संविधान संशोधनमार्फत सम्बोधन गर्न सहमत।

**असार २० गते**

सात दलको बैठकमा बहुमतद्वारा संविधानसभामा तीन मधेसी दलको मागलाई पूरक संविधान संशोधनमार्फत सम्बोधन गर्ने निर्णय।

**असार २१ गते**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र नेपाल सरकारबीच ०६४ फागुन १६ गते भएको आठबुँदे सम्झौताको भावना अनुसार संविधान संशोधन नभए आन्दोलन गर्ने मोर्चाको चेतावनी।

**असार २२ गते**

मधेसी दलहरूको मागका कारण उत्पन्न विवादले गर्दा संविधासभाको बैठक २३ गतेसम्मका लागि स्थगित।

मधेसी दलहरूद्वारा सरकारले ल्याएको पूरक संविधान संशोधन प्रस्तावमा असहमति व्यक्त। ०६४ फागुन १६ गतेको आठबुँदे सहमतिविपरीत संशोधन प्रस्ताव ल्याइएको मधेसी दलको ठहर।

**असार २३ गते**

'एक मधेस एक प्रदेश'को विरोधमा थारु कल्याणकारिणी सभालगायत २२ आदिवासी सङ्घसंस्थाले संविधान जलाए।

**असार २४ गते**

अनमिनको समयावधि थप छ महिना थप्न सरकारद्वारा राष्ट्रसङ्घलाई औपचारिक पत्र।

सरकारद्वारा तीन मधेसी दलको माग सम्बोधन गरी अन्तरिम संविधानमा पूरक संशोधन गर्न संविधानसभा सचिवालयमा विधेयक दर्ता।

**असार २९ गते**

संविधानसभाले राष्ट्रपति चयन र बहुमतका आधारमा नयाँ सरकार गठन गर्ने प्रावधानसहित अन्तरिम संविधानमा पाँचौँपटक संशोधन।

**साउन ४ गते**

गणतन्त्र नेपालको प्रथम उपराष्ट्रपतिमा मधेसी जनअधिकार फोरमका परमानन्द झा विजयी।

**साउन ६ गते**

गणतन्त्र नेपालको प्रथम राष्ट्रपतिमा काङ्ग्रेसका डा. रामवरण यादव विजयी।

**साउन ८ गते**

राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकद्वारा नेपाली सेना र माओवादी लडाकूको निरीक्षण र व्यवस्थापनका लागि अनमिनको समयावधि छ महिना थप गर्ने निर्णय।

गणतन्त्र नेपालको प्रथम राष्ट्रपति डा. रामवरण यादवद्वारा पद र गोपनियताको शपथग्रहण।

**साउन १२ गते**

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवद्वारा देशवासीका नाममा पहिलो सम्बोधन, मेलमिलापमा जोड।

राष्ट्रपतिद्वारा माओवादीलाई संविधानसभामा सबैभन्दा ठूलो दलको हैसियतले सरकार गठन गर्न आह्वान।

**साउन १८ गते**

माओवादीद्वारा २४ दलसमक्ष राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि न्यूनतम साझा कार्यक्रम प्रस्ताव।

**साउन २१ गते**

शान्ति तथा पुन:निर्माण मन्त्रालयद्वारा द्वन्द्वका समयमा मृत्यु भएकाका परिवारलाई प्रतिपरिवार १ लाख रुपियाँ उपलब्ध गराइने जानकारी।

माओवादीको आग्रहमा राष्ट्रपति यादवद्वारा राष्ट्रिय सहमतिको सरकार गठनका लागि तीन दिनको समयावधि थप।

**साउन २२ गते**

द्वन्द्वको सन्दर्भमा नियन्त्रण गरिएका निजी तथा सरकारी घरजग्गा फिर्ता गर्न र वाईसीएलको अर्धफौजी कार्यशैली रोक्न प्रचण्डद्वारा पार्टीपङ्क्तिलाई निर्देशन।

**साउन २३ गते**

संविधानसभा चुनावको प्रचारका क्रममा दाङको लमहीमा भएको हिंसाका सम्बन्धमा अनुसन्धान गर्न गठित जाँचबुझ आयोगद्वारा प्रधानमन्त्री कोइरालासमक्ष प्रतिवेदन पेस।

**साउन २७ गते**

राष्ट्रिय सरकार गठनमा दलहरूबीच सहमति नभएपछि प्रधानमन्त्री चयनका लागि संविधानसभाद्वारा निर्वाचन कार्यक्रम तालिका प्रकाशन।

**भदौ ३० गते**

भूमिसुधार तथा व्यवस्थामन्त्री मातृकाप्रसाद यादवको नेतृत्वमा माओवादी कार्यकर्ता तथा सुकुम्बासीद्वारा सिराहाको रामनगर मिर्चैया-३ मा व्यक्तिको नाममा रहेको जग्गा कब्जा।

**असोज १७ गते**

तराईमा सङ्घर्षरत समूहसँग वार्ताका लागि शान्तिमन्त्री जनार्दन शर्माको संयोजकत्वमा स्थानीय विकासमन्त्री रामचन्द्र झा र शिक्षामन्त्री रेणु यादव सम्मिलित तीन सदस्यीय वार्ता समिति गठन।

**असोज ३० गते**

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका अध्यक्ष ज्वाला सिंहद्वारा वार्ताका लागि सरकारसँग चारबुँदे माग पेस।

**कात्तिक १२ गते**

माओवादी लडाकूको रेखदेख, समायोजन र पुन:स्थापनाका लागि उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमको नेतृत्वमा पाँच सदस्यीय विशेष समिति गठन।

**कात्तिक १५ गते**

राष्ट्रसङ्घीय महासचिव वान की मुन शान्तिप्रक्रियाबारे बुझ्न नेपाल भ्रमणमा।

**कात्तिक १८ गते**

लडाकू व्यवस्थापनका लागि गठित विशेष समितिद्वारा काङ्ग्रेस र एमालेले माओवादीका सम्बन्धमा पुरानो सम्झौताको उल्लङ्घन गरी संवैधानिक प्रावधानको समेत बेवास्ता गरेको आरोप।

**कात्तिक २१ गते**

सत्तारुढ माओवादी र एमालेबीच लडाकू समायोजन र पुन:स्थापना विशेष समितिको कार्यक्षेत्र सातदलीय सहमतिबमोजिम तय गर्ने सहमति।

**कात्तिक २५ गते**

काङ्ग्रेसको नौबुँदे मागप्रति संविधानसभा व्यवस्थापिका ससंद्मा प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा प्रतिबद्धता जाहेर। मङ्सिरभित्र विगतका सहमति कार्यान्वयन गर्ने वचनबद्धता ।

संविधानसभा गठन भएको साढे पाँच महिनापछि संविधान निर्माण कार्यतालिका तयार। तयार मस्यौदा अनुसार २०६७ जेठ ८ देखि १४ गतेसम्ममा राष्ट्रपतिबाट गणतान्त्रिक नेपालको संविधान घोषणा हुने।

**कात्तिक २८ गते**

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाद्वारा वार्ताका लागि तीन सदस्यीय टोली गठन। टोलीमा कौटिल्य शर्मा, राजगुरु र सागर।

**मङ्सिर २ गते**

सरकार र तराईका तीन सशस्त्र समूह मधेसी भाइरस किलर, तराई जनतान्त्रिक पार्टी, मधेसी राष्ट्रिय जनतान्त्रिक पार्टीसँग सप्तरीमा अनौपचारिक वार्ता।

**मङ्सिर ३ गते**

०६५ कात्तिक ४ गते अपहरणमा परेका स्यूचाटारका निर्मल पन्त र पुष्कर डङ्गोलको हत्या वाईसीएलले गरेको खुलासा।

**मङ्सिर १३ गते**

संविधानसभाको उपाध्यक्षमा माओवादीकी पूर्णाकुमारी सुवेदी निर्वाचित।

**मङ्सिर १४ गते**

सरकार र भूमिअधिकारकर्मीबीच दुई साताभित्र भूमि सुधार आयोग गठन गर्ने सहमति।

**मङ्सिर १५ गते**

निर्मल पन्त र पुष्कर डङ्गोलको हत्याका सम्बन्धमा छानबिन गर्न आयोग गठन।

**मङ्सिर १८ गते**

धनगढीका पत्रकार जगतप्रसाद जोशीको हत्याका सम्बन्धमा छानबिन गर्न मन्त्रिपरिषद्बाट अधिवक्ता उमेशप्रसाद गौतमको अध्यक्षतामा अधिवक्ता शालिकराम सापकोटा र पत्रकार महेन्द्र विष्ट सदस्य

रहेको छानबिन समिति गठन।

**मङ्सिर २४ गते**

सत्तारुढ माओवादी र एमालेबीच तत्काल भूमिसुधार, राज्य पुन:संरचना, सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता छानबिनसम्बन्धी गरी चारओटा आयोग बनाउने सहमति।

**मङ्सिर २५ गते**

माओवादी केन्द्रीय सदस्य हरिबोल गजुरेलको अध्यक्षतामा भूमिसुधार आयोग गठन।

**मङ्सिर २६ गते**

संविधानसभा व्यवस्थापिका संसद्बाट नेपालको अन्तरिम संविधान, २०६३ छैटौँपटक संशोधन।

सरकार र भाइरस किलर्सबीच शान्ति तथा पुन:निर्माण मन्त्रालयमा वार्ता। चारबुँदे सहमति।

**मङ्सिर २८ गते**

संविधानसभाका १४ ओटा समितिका लागि २५ ओटै दलहरूद्वारा सदस्यहरूको नामावली पेस।

**मङ्सिर ३० गते**

संविधानसभा निर्माणसम्बन्धी १४ र व्यवस्थापिका संसद्सँग सम्बन्धित १० समिति गठन।

जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन समूहद्वारा सरकारसँग वार्ताका लागि चारबुँदे माग प्रस्तुत।

**पुस १ गते**

संविधान निर्माण प्रक्रिया सुरु। संविधानसभाको संवैधानिक समिति, १० विषयगत समिति र तीन प्रक्रियागत समितिको पहिलो बैठक। समितिको सभापति चयन र विशेषज्ञ सेवा क्षेत्र पहिचान र विस्तृत विवरण तयार हुन बाँकी।

**पुस २ गते**

सशस्त्र समूहलाई १५ दिनभित्र अवैध हतियार स्थानीय प्रशासन तथा प्रहरीसमक्ष बुझाउन सरकारको अपिल।

**पुस ६ गते**

सरकारी वार्ता टोली संयोजक जनार्दन शर्माको वार्तामा आउन चाहने सशस्त्र समूहलाई सरकारले राजनीतिक व्यवहार गरी सुरक्षा प्रदान गर्ने जानकारी।

**पुस ७ गते**

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको वार्ता टोली जिल्ला प्रशासन कार्यालय जनकपुरमा सार्वजनिक। वार्ता टोलीमा कौटिल्य शर्मा भनिने सञ्जय गुप्ता, रविदत्त मिश्र, गुलाम सरवर शेष।

**पुस ११ गते**

सरकार र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा पवन सिंह समूहबीच जनकपुरमा वार्ता। पाँचबुँदे सहमति ।

माओवादी लडाकू रेखदेख, समायोजन र पुन:स्थापना समितिमा माओवादी, काङ्ग्रेस र एमालेका तर्फबाट दुई-दुई जना राख्ने सहमति। समितिको अध्यक्षमा चयनसम्बन्धी विवाद कायमै।

सद्भावना पार्टीको युवा दस्ता मधेस रक्षा बाहिनी सैन्य पोसाकमा नेपालगञ्जमा सार्वजनिक।

**पुस १२ गते**

माओवादी र एमालेबीच ललितपुरको गोदावरीमा वार्ता। वार्तामा माओवादीले युद्धकालमा कब्जा गरेको सम्पत्ति, वाईसीएलको अर्धसैन्य संरचना तत्काल भङ्ग गरी सरकारी तथा निजी भवन खाली गर्ने प्रतिबद्धता।

**पुस १३ गते**

काङ्ग्रेससँगको माओवादीद्वारा कब्जा सम्पत्ति फिर्ता लगायतका नौबुँदे सहमति कार्यान्वयनका लागि मन्त्रिपरिषद्बाट अनुमोदन।

## १. पृष्ठभूमि

सन् २००८ संविधानसभाको निर्वाचन, राजतन्त्रको विधिवत् अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाजस्ता ऐतिहासिक महत्त्वका राजनीतिक घटनाक्रमका कारण स्मरणयोग्य रही रहनेछ। देशभित्र मात्र नभएर अन्तर्राष्ट्रिय रूपमै संविधानसभाको निर्वाचनलाई नेपालको राजनीतिक स्थिरताको दिशामा उल्लेख्य उपलब्धिका रूपमा स्वीकारियो। केही अन्तर्राष्ट्रिय संस्थाहरूले संविधानसभाको चुनावलाई 'स्थायी शान्तिको मार्गमा कोसेढुङ्गाका रूपमा स्थापित हुने बताए'[१]। संविधानसभा नेपालको इतिहासमै यसअघिको जुनसुकै निर्वाचित निकायभन्दा समावेशी र प्रतिनिधिमूलक बन्न पुग्यो। त्यसैले पनि अब बन्ने संविधानमा महिला तथा पछाडि पारिएका विभिन्न समूह एवम् समुदायहरूको अधिकार र सामाजिक न्यायको सवाल स्पष्ट रूपमा सुनिश्चित हुने विश्वास लिइएको छ।

संविधानसभा निर्वाचन सम्पन्न भइसकेको अवस्थामा पनि राजनीतिक अस्थिरताको अन्त्य हुन सकेन भने शान्तिसुरक्षाको अवस्थामा वर्षको अन्त्यसम्मै सुधार हुन सकेन। राजनीतिक शक्तिको संरक्षणका कारण दण्डहीनताको संस्कृति झन्झन् झाङ्गिदै गयो। सशस्त्र द्वन्द्वको अन्त्य र लोकतन्त्रको स्थापनाका लागि विभिन्न राजनीतिक दलहरूले कायम गरेको सहमतिको संस्कृति सन् २००८ मा गम्भीर सङ्कटमा पऱ्यो। राष्ट्रपतिको निर्वाचनमा सहमति कायम हुन नसकेपछि सरकारको गठन पनि बहुमतका आधारमा भयो।

संविधानसभा निर्वाचनमार्फत माओवादीको शान्तिपूर्ण राजनीतितर्फ सङ्क्रमण भए पनि संयुक्त राष्ट्र सङ्घको रेखदेखमा शिविरमा रहेका माओवादी लडाकूको पुनःस्थापना र समायोजनको विषयमा वर्षको अन्त्यसम्मै राजनीतिक सहमति बन्न सकेन। शान्ति प्रक्रियाको एक महत्त्वपूर्ण मुद्दाका रूपमा रहेको माओवादी लडाकू समायोजनको विषय यस वर्ष पनि राजनीतिक विवादकै रूपमा रही रह्यो। विभिन्न राजनीतिक व्यक्तित्वहरूले माओवादी लडाकूलाई कुनै पनि अवस्थामा राष्ट्रिय सेनामा गाभ्न नहुने धारणा पनि व्यक्त गरे। माओवादी लडाकूलाई राष्ट्रिय सेनामा समायोजन गर्दा राजनीतीकरण हुने केही नेताहरूको धारणा थियो[२]। माओवादी लडाकूको समायोजन र पुनःस्थापनासम्बन्धी विशेष समिति समयमा गठन नभएका कारण पनि विवाद सिर्जना भएको थियो।

सत्तारुढ र प्रतिपक्षी दलबीच सहमति हुन नसक्दा विशेष समितिको गठनमा ढिलाइ भएको थियो। काङ्ग्रेसले समितिको गठन र कार्यविधिका बारेमा स्पष्टता माग गरेको थियो भने अन्य दलहरू र केही मन्त्रीहरूले समितिको आकार र प्रतिनिधित्वका बारेमा असन्तुष्टि व्यक्त गरेका थिए। २०६५ असार ११ गते भएको राजनीतिक सहमति र अन्तरिम संविधानविपरीत समिति गठन गरिएको प्रतिपक्षी काङ्ग्रेसको आरोप थियो[३]। सरकारले माओवादी लडाकूको रेखदेख, समायोजन र पुनःस्थापनाका लागि उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमको नेतृत्वमा विशेष समिति गठन गऱ्यो। समितिमा संविधानसभाका चार दलको प्रतिनिधित्व गराइयो। तर, माओवादीका दुई अनि अन्य दलका एक-एक जना मात्रको प्रतिनिधित्व गराइएपछि विवाद चर्किंयो र काङ्ग्रेसलगायतका दलहरूले समितिको विघटनको माग गरे[४]। नेपाल सद्भावना पार्टीकी अध्यक्ष सरिता गिरीले समितिमा महिलाको प्रतिनिधित्व नभएकामा विरोध जनाउँदै बृहत् शान्ति सम्झौताको मर्म अनुसार कम्तीमा पनि दुई महिला समावेश गर्नुपर्ने माग गरिन्[५]। अन्य सङ्घसंस्थाहरूले पनि लडाकू रेखदेख, समायोजन र पुनःस्थापना समितिमा महिलाको स्थान सुनिश्चित गर्न सरकारलाई

---

१ http://cartercenter.org/resources/pdfs/news/peace_publications/election_reports/FinalReportNepal2008.pdf.accessed on 23 Dec. 2008

२ लडाकूलाई सेनामा समायोजन गर्नु हुँदैन। http://ekantipur.com/kolnepalinews.php?nid=133726. accessed on 25 Dec. 2008

३ उच्चस्तरीय समिति विघटनको माग। http://ekantipur.com/kolnepalinews.php?nid=165167 accessed on 25 Dec 2008

४ पूर्ववत् ।

५ सेना समायोजन समिति बन्यो। http://www.ekantipur.com/kolnepalinews.php?nid=165067. accessed on 25 Dec. 2008

आग्रह गरेका थिए[६]।

सरकारले यस वर्ष हलिया मुक्तिको घोषणा गऱ्यो। *(विस्तृत जानकारीका लागि हेर्नुस् परिच्छेद ३, कार्यपालिका)*। तर, विगतमा कमैया मुक्तिको घोषणा गरिएझैं कानुन नै नबनाई गरिएको घोषणा व्यवहारमा प्रभावकारी हुन नसक्ने देखिन्छ। ०५७ सालमा मुक्तिको घोषणापछि जमिनदारबाट अलग भएका कैयौं तत्कालीन कमैया अझै पुन:स्थापित हुन सकेका छैनन्। उनीहरूको दीर्घकालीन व्यवस्थाका लागि राज्यले आफ्नो दायित्व बहन नगरेका कारण पूर्वकमैया अझै पनि आन्दोलनरत[७] छन्। गत वर्ष सरकार र कमैया मुक्ति सङ्घर्ष समितिबीच ११ सूत्रीय मागमा सहमति भएको थियो। तर, उक्त सहमतिको कार्यान्वयनमा सरकारले यस वर्षको अन्त्यसम्मै पनि तदारुकता देखाएन।

ठूला राजनीतिक परिवर्तनका अतिरिक्त सन् २००८ मा आमजनताले दैनिक जीवनमा भने सुधार भएको अनुभव गर्न पाएनन्। खासगरी प्रतिबद्धताहरूलाई व्यवहारमा उतार्ने तत्परता संविधानसभा निर्वाचनपश्चात् बनेको सरकारले पनि वर्षको अन्त्यसम्मै देखाएन। नागरिक तथा राजनीतिक अधिकारजत्तिकै महत्त्वपूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रत्याभूतितर्फ सरकार गम्भीर देखिएन। जनताले यस वर्ष पनि असुरक्षा, अशान्ति, महँगीका साथै अभावको सामना गर्नु पऱ्यो।

देशमा अपराध, अराजक गतिविधि र हिंसा बढ्दो अवस्थामा रहयो। तराईमा हिंसात्मक गतिविधिबाट आमजनतालाई सुरक्षा दिन सरकार असफल हुँदै गएपछि दण्डहीनता वर्षको अन्त्यसम्मै बढ्दो अवस्थामा रहयो। सरकारले तराईका केही सशस्त्र समूहहरूसँग वार्ता गरेर सहमति त कायम गऱ्यो। तर सहमतिको कार्यान्वयनमा सरकार सजग हुन सकेको देखिएन। शान्ति सम्झौतामा सहमति भए अनुसार पीडितहरूको उचित व्यवस्थापन सरकारले यस वर्ष पनि गर्न सकेन। विगतमा भएका मानवअधिकार र मानवताविरोधी अपराधका दोषीलाई न्यायको कठघरामा उभ्याउने कुनै प्रयास गरिएन। द्वन्द्वपीडितका मागहरू ओझेलमै परे। तर, उनीहरूले सरकारलाई आन्दोलनमार्फत निरन्तर झक्झक्याई रहे।

### २.संविधानसभाको स्थापना

संविधानसभाको ऐतिहासिक र बहुप्रतीक्षित पहिलो बैठकबाट नेपालमा विधिवत् गणतन्त्रात्मक शासन व्यवस्थाको सुरुवात भयो। तर, त्यसपछिको समयमा संविधान निर्माणको मूल कार्यमा संविधानसभाले राजनीतिक सहमतिको अभावमा गति लिन सकेन। संविधानसभा चुनावमा सबभन्दा ठूलो दलका रूपमा स्थापित भएको माओवादीको अपरिपक्व र अस्थिर राजनीति असहमतिको प्रमुख कारकका रूपमा देखियो।

दुईपटकसम्म स्थगन भएको पृष्ठभूमिमा संविधानसभा चुनाव अन्योल, आशङ्का र कठिन परिस्थितिबीच सम्पन्न भएको थियो। चुनावी प्रक्रिया सुरु भइसकेपछि पनि तराई-मधेसमा व्याप्त हिंसा र मधेसवादी दलको आन्दोलनका कारण अन्योल कायमै थियो। तर, अन्तिम समयमा मधेसवादी दल र सरकारबीच सम्पन्न सम्झौताले संविधानसभा निर्वाचनको बाटो खोल्यो।

पहिलो हुनेले जित्ने प्रणालीबाट जितेर आएका २ सय ४० जना, समानुपातिक प्रणालीबाट ३ सय ३५ जना र मनोनीत २६ जना गरी कुल ६ सय १ जनामध्ये ५ सय ९५ जना सम्मिलित संविधानसभाको स्थापना त भयो। तर, निर्वाचनको सफलतापछि विश्वास गरिए अनुरूप राजनीतिक सहमति भने कायम हुन सकेन। दहहरूबीचको असहमति र विवाद राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव अनि सरकारको गठनका क्रममा खुला रूपमा प्रकट भयो। संविधानसभा गठनको अढाई महिनापश्चात् माओवादीको नेतृत्वमा सरकार बन्ने निधो भयो र त्यस पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भए।

### २.१. निर्वाचन र आचारसंहिता

संविधानसभा निर्वाचनलाई निष्पक्ष तथा शान्तिपूर्ण रूपमा सम्पन्न गराउनका लागि निर्वाचन आयोगले दलहरूकै संलग्नता र सहमतिमा निर्वाचन

---

६ लडाकू रेखदेख, समायोजन र पुन:स्थापना समितिमा महिलाको स्थान सुनिश्चित गर्न इन्सेकको आग्रह। प्रेस विज्ञप्ति http://www.inseconline.org/Nepali/archive_show2.php?newsid=16944. accessed on 26 Dec.2008

७ मुक्त कमैयाद्वारा चक्काजाम, http://www.ekantipur.com/kolnepalinews.php?nid=173052 accessed on 31 Dec 2008

आचारसंहिता २०६४ जारी गरेको थियो। निर्वाचन आयोग ऐन २०६४ को दफा २८ बमोजिम तय गरिएको आचारसंहिता राजनीतिक दल, उम्मेदवार र तिनका प्रतिनिधि, सरकारी कर्मचारी र आमसञ्चारमाध्यमलगायत सरकारी तथा गैरसरकारी संस्थाहरूका लागि थियो।

राजनीतिक दलहरूले पूर्णरूपमा आचारसंहिता परिपालना गर्ने प्रतिबद्धता पटक-पटक व्यक्त गरे। तर, व्यवहारमा त्यसको अनुकरण गरिएको धेरै कम पाइयो[८]। चुनावभन्दा अघि, मतदानको समयमा तथा पछि पनि हिंसात्मक घटना भए। राजनीतिक दलहरूबीचको अस्वस्थ प्रतिस्पर्धा, राजनीतिक सहिष्णुताको अभाव, हठीपन, प्रतिशोधको भावना, आपसी समन्वयको कमीजस्ता कारण सबै दलले समान रूपमा राजनीतिक गतिविधि सञ्चालनमा अवरोध पुऱ्याएको देखियो।[९]

आचारसंहितामा प्रचारका क्रममा शिष्ट, सभ्य भाषाको प्रयोग गर्न जोड दिइएको थियो। पोस्टर, पम्प्लेट र भित्तेलेखन तथा ब्यानरको प्रयोगमा बन्देज लगाइएको थियो। त्यसैगरी व्यक्तिगत निजी घर, भित्ता, पसल आदिमा घरधनीको पूर्वस्वीकृतिबिना पोस्टर टाँस्न बन्देज गर्नुका साथै विस्फोटक पदार्थ, खुकुरी, छुरी, धारिलो हतियार बोकी हिँड्न प्रतिबन्ध लगाइएको थियो। 'तर, कसैलाई पनि डर, धाक, धम्की दिन र आतङ्कित पार्न मतदातालाई कुनै प्रकारको दबाब दिन नहुने भनी आचारसंहिता जारी गरिए पनि राजनीतिक दल तथा त्यसका कार्यकर्ताबाट यसको पूर्ण पालना भएको पाइएन'[१०]।

निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने वचनबद्धता प्रकट गर्दै काङ्ग्रेस, एमाले र माओवादीका नेताहरूले स्वतन्त्र र निष्पक्ष निर्वाचन वातावरणका निम्ति समन्वय स्थापना गर्न १० सूत्रीय सम्झौतामा हस्ताक्षर गरेका थिए।[११] तर, कुनै पनि दलले इमानदारीसाथ आचारसंहिताको पालना गरेको पाइएन[१२]। निर्वाचन पर्यवेक्षण संस्थाहरूले कतिपय स्थानमा बालबालिकालाई चुनाव प्रचारप्रसारमा प्रयोग गरिएको जनाए। केही स्थानहरूमा राजनीतिक दलको आग्रह र निर्देशनबिना नै बालबालिकालाई मतदान प्रयोजनका लागि प्रयोग गरिएको, उमेर नपुगेका बालबालिकाको नाम मतदातासूचीमा राखिएको, आफ्ना नातेदारका नाममा बालबालिकालाई मतदान गर्न लगाइएको पनि पर्यवेक्षण संस्थाहरूले जनाएका छन्[१३]।

### २.२. **निर्वाचन र हिंसा**

संविधानसभा चुनाव शान्तिपूर्ण रूपले सम्पन्न भएको[१४] भनेर केही अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरूले उनीहरूको प्रारम्भिक प्रतिवेदनमा जनाएका भए पनि मतदानका दिन केही हिंसात्मक घटना भएका थिए। हत्या, बम विस्फोट, कुटपिटलगायतका हिंसात्मक गतिविधि चुनावअघि, मतदानका दिन र त्यसपछि पनि केही ठाउँमा भए। तर, अनिश्चितता र शान्ति सुव्यवस्थाको अभाववीच भएको यो निर्वाचनमा प्रचारप्रसारका क्रममा भन्दा मतदानको दिन तुलनात्मक रूपमा कम हिंसा भएको पर्यवेक्षण संस्थाहरूको ठहर छ[१५]। इन्सेकको अभिलेख अनुसार मतदानका दिन तीन जनाको हत्या भयो भने सात जनाभन्दा बढी घाइते भए।

---

८ राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा), संविधानसभा निर्वाचन २०६४ पर्यवेक्षण प्रतिवेदन। ०६५ भदौ। पृ: ४६

९ राष्ट्रिय मानवअधिकार आयोग, संविधानसभा निर्वाचन अनुगमन प्रतिवेदन २०६५, काठमाडौँ: असार २०६५, पृ. २६

१० राष्ट्रिय मानवअधिकार आयोग नेपाल, मानवअधिकारको दृष्टिमा संविधानसभा निर्वाचन अनुगमन प्रतिवेदन २०६५, काठमाडौँ: २०६५ असार, पृ. ४४

११ लोकतन्त्र र निर्वाचन सञ्जाल नेपाल (डीन), संविधानसभा निर्वाचन हिंसा प्रतिवेदन, सन् २००७ नोभेम्बर २६ देखि सन् २००८ अप्रिल ३०, काठमाडौँ: पृ. १०

१२ निर्वाचनसम्बन्धी अनमिनको प्रतिवेदन ३। काठमाडौँ २०६४ चैत २४। http://nepal.ohchr.org/en/resources/Documents/Nepali/reports/HCR/2008_04_06_UNMIN_Election_Report3_N.pdf. accessed on 29 Dec 2008

१३ राष्ट्रिय मानवअधिकार आयोग नेपाल, मानवअधिकारको दृष्टिमा संविधानसभा निर्वाचन अनुगमन प्रतिवेदन २०६५, काठमाडौँ: २०६५ असार, पृ.५३

१४ 'Nepal Constituent Assembly Election: Preliminary Statement by The Carter Center, 12 April 2008'http://cartercenter. org/news/pr/nepal_prelim_041208. html accessed on 11 Dec 2008

१५ राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा)। संविधानसभा निर्वाचन २०६४ पर्यवेक्षण प्रतिवेदन। २०६५ भदौ। पृ : २

मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्रका साथै संयुक्त राष्ट्र सङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रले देशको शासनमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई हुने व्यवस्था गरेको छ[१६]। शान्तिपूर्ण रूपमा राजनीतिक क्रियाकलाप गर्न पाउने अधिकार राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरूले प्रदान गरेका छन्। तर, मानवअधिकारको विश्वव्यापी मान्यतालाई लत्याउँदै चुनावका क्रममा एक दलले अर्को दलको चुनावी गतिविधि बिथोल्न हिंसाको प्रयोग गरेको देखियो।

चुनावी हिंसासँग सम्बन्धित दण्डहीनताको संस्कृतिको अन्त्य हुनुपर्नेमा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरूले जोड दिएका थिए[१७]। चुनावी हिंसालाई अन्त्य गर्न आफ्ना प्रतिबद्धताविपरीत सक्रिय राजनीतिक दलहरू प्रमुख रूपमा जिम्मेवार भए पनि कानुनको शासन कायम गर्न नसक्ने सुरक्षा निकाय पनि उत्तरदायी थियो भन्ने ठहरसमेत गरिएको थियो[१८]।

संविधानसभा निर्वाचनको पूर्वअवस्थामा भएका चुनावसँग सम्बन्धित अधिकांश मानवअधिकार उल्लङ्घनका घटनाहरूमा सबैभन्दा बढी दोषी माओवादी रहेको निष्कर्ष विभिन्न सङ्घसंस्थाहरूले निकाले[१९]। कतिपय ठाउँमा आममतदाता, निर्वाचनमा खटिएका कर्मचारी र पर्यवेक्षकहरूसमेत भयमुक्त हुन सकेनन्। निर्वाचनपूर्वकै अवधिमा ३ सय ३१ ओटा हिंसात्मक घटना भएका थिए।[२०] यस्तो वातावरणमा भएको निर्वाचनमा मतदाता भयग्रस्त हुनु अस्वाभाविक थिएन्।

निर्वाचनअघि र पछिको अवस्थाभन्दै निर्वाचनका क्रममा पनि हिंसात्मक घटना तराई-मधेसमा बढी भए। त्यस्ता घटनामा पीडकका रूपमा सशस्त्र र निःशस्त्र समूहहरू र पीडितका रूपमा राजनीतिक दलका कार्यकर्ता, दलसँग आबद्ध समूह, नेता तथा उम्मेदवार थिए[२१]। तराई-मधेसमा चुनाव बिथोल्ने अभिप्रायले सशस्त्र समूहहरूले विभिन्न ठाउँमा बम विस्फोट गराएका थिए। चुनावको पूर्वसन्ध्यामा विराटनगरको एउटा मस्जिदमा बम विस्फोटन हुँदा दुई जनाको घटनास्थलमै र एक जनाको उपचारका क्रममा मृत्यु भएको थियो।

रामेछापका एमाले उम्मेदवार देवशङ्कर पौडेल, रसुवा काङ्ग्रेसका उम्मेदवार बालचन्द्र पौडेल, काभ्रे जनमोर्चाका उम्मेदवार कमानसिंह लामा र सोलु काङ्ग्रेसका उम्मेदवार बलबहादुर केसीमाथि निर्वाचन प्रचारप्रसारलाई नै निषेध गर्ने उद्देश्यले माओवादी कार्यकर्ताले साङ्घातिक आक्रमण गरेका थिए। यसैगरी, सुर्खेतका एमाले उम्मेदवार ऋषि शर्मा, बाँकेका राष्ट्रिय जनमोर्चाका कमल अधिकारी तथा सर्लाहीका स्वतन्त्र उम्मेदवार शम्भु सिंहको हत्या भएको थियो। दाङका काङ्ग्रेस उम्मेदवार खुमबहादुर खड्कालाई प्रचारप्रसारमा निषेध गर्ने क्रममा प्रहरीसँग भएको भिडन्तमा सात जना माओवादी कार्यकर्ताको ज्यान गएको थियो। प्रचारप्रसारकै क्रममा रोल्पामा दुई र सोलुमा पनि एक-एक जना माओवादी कार्यकर्ता मारिएका थिए। निर्वाचनकै क्रममा सुनसरीमा मधेसी जनअधिकार फोरमका एक कार्यकर्ताको हत्या भएको थियो[२२]।

मतदान सकेर घर फर्कने क्रममा कास्कीका एक एमाले कार्यकर्ताको अज्ञात समूहको कुटपिटबाट

---

१६ मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र सन् १९४९ को धारा २१ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा २५

१७ Culture of impunity for election-related violence must end, Press Release, ANFREL, 1 Apr 2008. http://www.anfrel.org/country_mission/Nepal/2008/ANFREL%20Culture%20of%20Impunity%20press%20statement%20-%201%20April.pdf. accessed 25 Nov 2008

१८ पूर्ववत्।

१९ राष्ट्रिय मानवअधिकार आयोग नेपाल, मानवअधिकारको दृष्टिमा संविधानसभा निर्वाचन अनुगमन प्रतिवेदन २०६५, काठमाडौँः २०६५ असार, पृ. ४४

२० लोकतन्त्र र निर्वाचन सञ्जाल नेपाल (डीन), संविधानसभा निर्वाचन हिंसा प्रतिवेदन, सन् २००७ नोभेम्बर २६ देखि सन् २००८ अप्रिल ३०, काठमाडौँः पृ. १

२१ पूर्ववत्।

२२ www. inseconline. org. विभिन्न मितिमा हेरिएको ।

हत्या भयो[३३]। चुनावको अघिल्लो दिन सुर्खेतमा सुरक्षाकर्मीको गोलीबाट एक माओवादी कार्यकर्ताको मृत्यु भएको थियो[३४]।

संविधानसभा चुनावमा भएका हिंसात्मक घटनाले नागरिकको शान्तिपूर्वक भेला हुने स्वतन्त्रताका साथै विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको हनन भएको देखियो। त्यसक्रममा स्वतन्त्रतापूर्वक आवतजावत र बसोबास गर्ने अधिकार, सबै राजनीतिक दलहरूले आफ्ना गतिविधिहरू सञ्चालन गर्न पाउने अधिकार, स्वतन्त्र तथा भयरहित वातावरणमा निर्वाचनमा सहभागी हुन पाउने अधिकार, सूचनाको अधिकार तथा बालअधिकार मुख्य रूपले हनन भएको ठहर राष्ट्रिय मानवअधिकार अयोगले पनि गऱ्यो[३५]।

संविधानसभा निर्वाचनको महत्त्वका बारेमा जनतालाई सचेत बनाउने उद्देश्यका साथ केही सरकारी तथा गैरसरकारी संस्थाहरूले प्रचारप्रसार गरेका थिए। चुनावमा जनताको उल्लेखनीय सहभागिताको एउटा कारण त्यस्तो प्रचारप्रसार पनि थियो। मतदाता शिक्षा वा सचेतनका निम्ति आमसञ्चार माध्यमले पनि उल्लेख्य भूमिका निर्वाह गरे। नयाँ संविधान निर्माण र शान्ति प्रक्रियाको महत्त्वपूर्ण खुड्किलोका रूपमा जनसहभागिताका निम्ति विभिन्न गैरसरकारी संस्था एवम् सञ्जालले प्रचारप्रसार गरेका थिए।

### २.३. निर्वाचन पर्यवेक्षण

संविधानसभा चुनाव स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न होस् भन्ने अभिप्रायका साथ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले देशव्यापी पर्यवेक्षण गरेका थिए। चुनावअघि, मतदानको दिन र चुनावपछिको अवस्थाको समेत पर्यवेक्षण गरी विभिन्न संस्था तथा सञ्जालले प्रतिवेदन सार्वजनिक गरे। राष्ट्रिय निर्वाचन आयोगबाट स्वीकृति लिएर ४३ राष्ट्रिय[३६], ९५ ओटा जिल्लास्तरीय[३७] र कार्टर सेन्टर, युरोपियन युनियन, आन्फ्रेल, फोरम एसियालगायतका अन्तर्राष्ट्रिय संस्थाहरूले निर्वाचन पर्यवेक्षण गरेका थिए। पर्यवेक्षण सञ्जालहरूले राजनीतिक दल र तिनका भ्रातृ निकायबाट भएका हिंसात्मक वा आचारसंहिताविपरीतका घटनाको विरोध निर्वाचन प्रक्रियाका सबै चरणमा गरेका थिए। पर्यवेक्षण संस्थाहरूद्वारा गरिएका संचेतनामूलक गतिविधिले निर्वाचन आयोगलाई सहयोग भएको थियो। चुनावका दिन हिंसाका केही घटना भए पनि सामान्यतया चुनाव राम्रोसँग सम्पन्न भएको पर्यवेक्षण संस्थाहरूले निष्कर्ष निकालेका थिए[३८]।

### २.४ अलमलिएको संविधानसभा

नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम भएको चुनावमार्फत समावेशी प्रकृतिको संविधानसभाको गठन भयो। संविधानसभामा जनजाति, दलित, मधेसी र महिलाको उल्लेख्य प्रतिनिधित्व रहेको छ। नेपालको इतिहासमा पहिलोपटक अधिक महिला प्रतिनिधि रहेको यो उच्च निर्वाचित निकायमा १ सय ९७ जना महिला

---

३३ 'निर्मम तरिकाले एमाले कार्यकर्ता सुवेदीको हत्या', www. inseconline. org, http://www.inseconline.org/Nepali/archive_show2.php?newsid=12672 accessed on 20 Nov 2008

३४ 'सुरक्षाकर्मीको गोलीबाट एक माओवादीको मृत्यु', www. inseconline. org, http://www.inseconline.org/Nepali/archive_show2.php?newsid=12540 accessed on 22 Nov 2008

३५ राष्ट्रिय मानवअधिकार आयोग, संविधानसभा निर्वाचन अनुगमन प्रतिवेदन २०६५, काठमाडौं: असार २०६५, पृ. २२-३०

३६ http://www.election.gov.np/EN/pdf/observation/Observation_List_of_Observer_Groups.pdf. accessed on 27 Dec. 2008

३७ http://www.election.gov.np/EN/pdf/observation/ListDistNGO.pdf. accessed on 27 Dec. 2008

३८ EUROPEAN UNION ELECTION OBSERVATION MISSION"Largely successful election day despite tense campaign" PRELIMINARY STATEMENT, Kathmandu, 12 Apr 2008. http://ec.europa.eu/external_relations/human_rights/eu_election_ass_observ/nepal/press_en.pdf. accessed on 25 Nov 2008

रहेका छन्।[२९] जनाको प्रतिनिधित्व रहेको छ। समावेशी प्रकृतिको संविधानसभाले निर्माण गर्ने नयाँ संविधानमा सबै नेपालीलाई समेट्ने आशा गर्न सकिन्छ। ०४७ सालको संविधानले नेपालको जातीय, धार्मिक, भाषिक, सांस्कृतिक, भौगोलिक विविधता र विकेन्द्रीकरणको अवधारणालाई समेट्न सकेको थिएन। ०४६ सालको जनआन्दोलनपछि बनेको संविधान निर्माण प्रक्रियामा आमसहभागिता हुन नसकेका कारण आमनेपालीको हकअधिकारको प्रत्याभूति हुन सकेको थिएन। विभिन्न राजनीतिक दलका शीर्षस्थ नेता तथा केही विद्वत्वर्ग सम्मिलित रहेको संविधान मस्यौदा आयोगले निर्माण गरेको त्यसबेलाको संविधानले पनि मानवअधिकारको विश्वव्यापी मान्यतालाई मौलिक अधिकारभित्र समेटेको थियो। तर, यसपटक सबभन्दा ठूलो जोड संविधान निर्माण प्रक्रिया र नयाँ संविधान लोकतान्त्रिक मात्र होइन, समावेशी पनि हुनैपर्छ भन्ने रहेको छ।

उल्लिखित विषयमा सबैजसो राजनीतिक दलहरूले संविधानसभा निर्वाचनमा जारी गरेको घोषणापत्रमा प्रतिबद्धता व्यक्त गरिसकेका छन्। मोटामोटी रूपमा सबै दलहरूबीच नयाँ संविधानको खाकाका सम्बन्धमा मतैक्य कायम हुनै नसक्ने देखिँदैन। तर, राजनीतिक दलहरूबीच असहमति बढ्दै गएकाले तोकिएको समयमा सर्वस्वीकार्य संविधान बन्ने कुरामा शङ्का उत्पन्न भइरहेको देखिन्छ। खासगरी, संविधानसभाको निर्वाचनपश्चात् देखिएको राजनीतिक गतिरोधका कारण यस्तो आशङ्का बलियो हुन पुगेको हो।

संविधानसभाले आमजनतालाई समष्टिगत रूपमा संविधान निर्माण प्रक्रिया गम्भीर र प्रभावकारी रूपमा अघि बढिरहेको विश्वास दिलाउन सकेको छैन। मतभिन्नता अभिव्यक्त गर्ने उग्र शैलीले समस्याको समाधान कसरी होला भन्ने जिज्ञासासमेत उत्पन्न भएको छ। संविधानसभामा कैयन् मुद्दामा बैठक अवरुद्ध भए। ती संविधान निर्माणसँग असम्बन्धित राजनीतिक मुद्दाहरू मात्रै थिए। संविधान निर्माण गर्ने आफ्नो गहन जिम्मेवारी बोध गर्दै दलहरूले संविधान निर्माण प्रक्रिया सुचारु पार्न जरुरी छ। त्यसका निम्ति राजनीतिक सहमतिको वातावरण सबभन्दा पहिलो सर्त हो।

नयाँ संविधान निर्माण भएर त्यस अनुसार सरकार गठन नहुञ्जेल संविधानसभाले विधायिकाको भूमिका निर्वाह गर्दा पनि आफ्नो मूल कार्यभारको बेवास्ता गर्नु हुँदैन। संविधान निर्माणजस्तो देशको अहिलेको मूल कार्यभार पूरा गर्न सहजीकरणको भूमिका निर्वाह गर्ने सरकार यस सन्दर्भमा सबभन्दा बढी जिम्मेवार हुन सक्नु पर्छ।

राजनीतिक किचलोमै बढी गाँजिएको संविधानसभाले सन् २००८ को अन्त्यसम्मै न विधायिकाको काम कुशलतापूर्वक सम्हाल्न सक्यो, न त संविधान बनाउने जिम्मेवारी नै बहन गर्न सक्यो। व्यवस्थापिकाको भूमिका निर्वाह गर्दा पनि संविधानसभामा मानवअधिकारसँग सम्बन्धित विचाराधीन विधेयकहरू पारित गराउने तत्परता देखिएन। घरेलु हिंसा तथा बेपत्ता व्यक्तिहरूसँग सम्बन्धितलगायतका कानुनहरू पारित हुन सकेनन्। यसबाहेक दुई वर्षअगाडि व्यवस्थापिका संसद्ले सरकारलाई रोम विधान अनुमोदन गर्न दिएको निर्देशनको पनि बेवास्ता गरियो। यससम्बन्धमा विधायकहरूले सरकारलाई झक्झक्याएनन्। *(हेर्नुहोस् परिच्छेद ३, व्यवस्थापिका)*

### २.५ गतिहीन संविधान निर्माण प्रक्रिया

सन् २००८ को अन्त्यतिर संविधानसभाको नियमावली पारित हुन सक्यो। तर, त्यसपछि सुरु भएको संविधान निर्माण कार्य पनि अत्यन्त प्रारम्भिक तहको थियो। संविधानसभा गठन भएको सात महिनापछि मात्र विभिन्न समितिहरू बने। एउटा संवैधानिक समिति, १० ओटा विषयगत समिति, तीनओटा प्रक्रियागत समिति र १० ओटा व्यवस्थापकीय संसद्का समिति गरेर जम्मा २४ ओटा समितिका सभापति राजनीतिक सहमतिको अभावमा वर्षको अन्त्यसम्मै छानिएका थिएनन्[३०]।

संविधानसभा निर्वाचन सम्पन्न भएको केही समयपछिदेखि बिग्रिएको माओवादी र काङ्ग्रेसको सम्बन्ध वर्षको अन्त्यसम्मै त्यस्तै रह्यो। सरकारको साझेदार एमालेसँग पनि माओवादीको सम्बन्ध समस्याग्रस्त नै देखियो। लोकतन्त्र स्थापनाका लागि विभिन्न राजनीतिक दलहरूबीच भएजस्तो सहमति र सहकार्य संविधान निर्माणका क्रममा विकसित नहुने हो

---

२९ संविधानसभा, महिला सभासद्हरूको विवरण २०६५। http://www.can.gov.np/opensection.php?secid=457 accessed on 29 Dec 2008

३० संविधानसभा नियमावली, २०६५। http://www.can.gov.np/doc_folder/31CA%20RULES%20OF%20PROCEDURE.pdf. accessed on 26 Dec. 2008

कि भन्ने चिन्ता वर्षको अन्त्यसम्मै छायो।

संविधान निर्माण प्रक्रियामा भइरहेको बिलम्बको अन्त्य सहमति र सहकार्यको संस्कृतिबाट मात्र सम्भव छ। यस सन्दर्भमा सरकारको नेतृत्व गरिरहेको माओवादीले नै सहकार्य र सहमति जुटाउने प्रयास गर्नुपर्ने धारणा व्यक्त गरिएको पाइन्छ[३१]।

यसबीच सभासद्माथि राजनीतिक दलको ह्वीप लाग्ने व्यवस्थाले संविधान निर्माणका क्रममा हुने छलफलको दायरालाई सङ्कुचन गर्छ भन्ने तर्क व्यापक भयो। यस विषयमा वौद्धिक समुदायमा निकै छलफल भयो। तर, मूलत: माओवादी, काङ्ग्रेस र एमालेबाहेकका दलले सम्मति जनाएको उक्त तर्क संविधानसभा नियमावली पारित भएपछि भने पाखा लाग्यो।

### ३. राजनीतिक अस्थिरताको निरन्तरता

चुनावअघि केही मधेसवादी दलहरूको सङ्घर्षले राजनीतिलाई अस्थिर बनाएको थियो। संविधानसभा चुनाव ती दलहरूसँगको सहमतिपछि अन्तिम समयमा मात्र सुनिश्चित भएको थियो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा र सङ्घीय गणतान्त्रिक मोर्चाले अनिश्चितकालीन तराई-मधेस बन्दको आह्वान गरेकै बखत संविधानसभा निर्वाचनको मिति घोषणा गरिएको थियो। आन्दोलनकै क्रममा मोर्चा र प्रहरीबीच नेपालगञ्जको बेलासपुरमा झडप हुँदा प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको थियो। सुनसरीमा पनि प्रहरीको गोलीबाट एक जनाको मृत्यु भएको थियो।

तराई-मधेसको आन्दोलन चर्किंदै गएपछि फेरि चुनाव नहुने हो कि भन्ने चिन्ता व्याप्त भएको थियो। आन्दोलनरत दलका मागमा छलफल गर्न सरकारले पटक-पटक वार्ताको आह्वान गरिरहेको थियो। तर, आफ्ना सबै माग पूरा नगर्ने हो भने वार्तामा नबस्ने अडान मधेसवादी दलले लिएका थिए।

आन्दोलनरत मधेसवादी दलहरूले राखेको सङ्घीय प्रणाली अन्तर्गत स्वायत्त प्रदेश निर्माण गर्ने मागका सम्बन्धमा सहमति कायम नभएका कारण वार्ता लम्बिँदै गयो। अन्तत: सरकार र आन्दोलनरत दलहरूबीच आठबुँदे सहमति कायम भएपछि तराई-मधेसमा १६ दिनदेखि चर्किएको आन्दोलन फिर्ता भयो।

संविधानसभा निर्वाचनअघिको राजनीतिक अस्थिरताको निर्वाचनपछि पनि अन्त्य भएन। संविधानसभाको गठनपश्चात् देखिएको राजनीतिक विवाद र त्यही कारण उत्पन्न अस्थिरता संविधान निर्माणमा देखिएको ढिलासुस्तीको प्रमुख कारण बन्न पुग्यो।

संविधानसभाको अध्यक्ष र उपाध्यक्षलगायत राष्ट्रपति तथा उपराष्ट्रपतिको चयनका विषयमा पनि पार्टीहरूबीचको विवाद सतहमा देखियो। सरकार निर्माणका क्रममा त संविधानसभा निर्वाचनअघिको प्रतिपक्षीविहीन सदनको परिकल्पना भताभुङ्ग हुन पुग्यो। राष्ट्रपति तथा उपराष्ट्रपति चयनमा एमाले, फोरम र काङ्ग्रेसको सहमति कायम भयो भने माओवादीलाई अलग्याइयो। सरकार निर्माणका क्रममा देखिएको मतभेदले राजनीतिक अस्थिरता झन् बढायो। काङ्ग्रेस सरकारमा सामेल नभई प्रतिपक्षीका रूपमा रह्यो। सरकारमा काङ्ग्रेसको सहभागिता नहुँदा संविधान निर्माण प्रक्रिया सुचारु रूपमा अघि नबढ्ने चर्चा व्याप्त भयो। माओवादीले काङ्ग्रेसलाई सरकारमा सामेल हुन पटक-पटक आग्रह गयो। तर, काङ्ग्रेसले माओवादीको आग्रह स्वीकार गरेन।

मधेसवादी दलका सभासद्हरूले निर्वाचनअघि सरकारसँग भएका सहमति कार्यान्वयन नभएको जनाउँदै संविधानसभामा अवरोध सिर्जना गर्न सुरु गरे। सरकार र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच संविधानसभा निर्वाचनअघि भएको आठ बुँदे सहमतिलाई सम्बोधन गर्ने गरी संविधान संशोधन गर्नुपर्ने माग राख्दै मधेसवादी दलहरूले सदन अवरुद्ध पारे। तीन ठूला दलहरू माओवादी, काङ्ग्रेस र एमालेबीच संविधान संशोधन गर्ने सहमति भएपश्चात् सरकारले अन्तरिम संविधानको पाँचौं संशोधन विधेयक प्रस्तुत गऱ्यो। दलहरूबीचको सहमतिमा संविधानको धारा १३८ को उपधारा १ मा संशोधन गरी 'मधेसी जनतालगायत आदिवासी जनजाति र पिछडिएका तथा अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ। प्रदेशहरू स्वायत्त र अधिकारसम्पन्न हुनेछन्। नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको सीमा, सङ्ख्या, नाम र संरचनाका अतिरिक्त केन्द्र र प्रदेशका सूचीहरूको

---

३१ 'माओवादीले नयाँ संविधान चाहेका छैनन्', http://www. kantipuronline. com/nepali/koltalk. php? &nid=171224/ accessed on 26 Dec. 2008

पूर्ण विवरण, साधन-स्रोत र अधिकारको बाँडफाँट संविधानसभाबाट निर्धारण गरिनेछ'[३२]भन्ने उल्लेख गरियो। त्यसैगरी धारा १४४ को उपधारा ४ संशोधन गरी 'नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेसी, आदिवासी जनजाति, दलित, महिला, पिछडिएका क्षेत्रलगायतका जनताको प्रवेश समानता र समावेशी सिद्धान्तका आधारमा कानुनमा व्यवस्था गरी सुनिश्चित गरिनेछ'[३३] भन्ने उल्लेख गरियो। केही मधेसवादी दलहरूले भने आन्तरिम संविधानको पाँचौं संशोधन आफ्नो मागविपरीत रहेको जनाउँदै संशोधनप्रति असहमति जनाएका थिए।[३४]

प्रमुख प्रतिपक्षी काङ्ग्रेसले आफ्नो नौबुँदे मागको कार्यान्वयन नभएको जनाउँदै वर्षको अन्त्यसम्मै सदन बहिष्कार गऱ्यो। करिब डेढ महिनाअघि प्रधानमन्त्री दाहालले काङ्ग्रेस संसदीय दलले बुझाएको ज्ञापनपत्रमा समेटिएका नौ सूत्रीय माग पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। त्यसक्रममा प्रधानमन्त्री दाहालले द्वन्द्वकाल र त्यसपछि कब्जा गरिएका घरजग्गा सम्पत्ति तत्काल फिर्ता गर्ने, मङ्सिरभित्र फिर्ता नभए समय अवधिको आय मूल्याङ्कन गरेर क्षतिपूर्ति दिने, जग्गा फिर्ता तथा क्षतिपूर्तिको अनुगमन गर्न समिति बनाउने, वाईसीएलको अर्धसैनिक क्रियाकलाप अन्त्य गर्नेलगायतका वचनबद्धता व्यक्त गरेका थिए। प्रतिबद्धता कार्यान्वयन नभएपछि काङ्ग्रेसले सदन बहिष्कार गरी विरोध जनाउन थालेको थियो।

शान्ति सम्झौतादेखिका विभिन्न सम्झौताहरूमा पटक-पटक दोहोऱ्याइएका प्रतिबद्धता व्यवहारमा रूपान्तरण नभएकामा प्रतिपक्षको हैसियतले विरोध जनाउनु जायज थियो। तर, संविधान निर्माणका निम्ति सहजीकरणको भूमिका निर्वाह गर्नुपर्ने सरकाले विषयको गम्भीरतालाई ग्रहण नगरेपछि संविधानसभाको मूल दायित्व ओझेलमा पर्न गयो। संविधानसभाको मूल दायित्व संविधानको निर्माण गर्नु नै हो भन्ने बुझेका राजनीतिक दलहरूबीचको द्वन्द्वले वर्षको अन्त्यसम्मै अन्योल बढायो। सरकारले गैरजिम्मेवार प्रदर्शन गर्दै सरकारमा सहभागी पार्टीका सभासद्हरूले समेत रोस्ट्रम घेराउ गर्ने वातावरण सिर्जना गऱ्यो। वाईसीएलको अराजक गतिविधि अनि जनगणतन्त्र स्थापना गर्ने वा १२ बुँदे सम्झौताको औचित्य समाप्त भएको जस्ता माओवादी नेताहरूको अभिव्यक्तिका कारण वर्षको अन्त्यसम्मै संविधान निर्माण प्रक्रियाप्रति आशङ्का कायम रह्यो।

संविधानसभा निर्वाचनअघिको सात राजनीतिक दलको प्रभावमा निर्वाचन परिणामले परिवर्तन गऱ्यो। काङ्ग्रेसले ओगट्दै आएको पहिलो स्थानमा माओवादी पुग्यो भने मधेसी जनअधिकार फोरम र तराई मधेस लोकतान्त्रिक पार्टीजस्ता नयाँ दलहरू निर्णायक अवस्थामा देखापरे। निर्वाचनले राजतन्त्रको पक्षपाती शक्तिलाई करिब करिब नामेट नै पारिदियो। निर्वाचनअघि राजावादीको पुनरुत्थान हुने भयमा काङ्ग्रेस, एमाले र माओवादी बाध्यात्मक रूपमा भए पनि एक थिए। तर, निर्वाचनले शक्ति समीकरणमा ल्याएको फेरबदलसँगै नयाँ किसिमको द्वन्द्व भित्रियो। निर्वाचनअघिको सात पार्टी गठबन्धन वर्षको अन्त्यसम्ममा निरर्थक र प्रयोजनहीन बन्न पुग्यो। मधेसवादी नेताहरू 'पुरानै सात पार्टी सहमतिको आधारमा नयाँ राजनीतिक सन्तुलनलाई डोऱ्याउन खोज्नु मूर्खता हो'[३५] भन्न थाले।

### ४. सङ्क्रमणकालका चुनौती

सङ्क्रमणकालीन अवस्थामा विभिन्न चुनौती तथा समस्याहरू आउनु अस्वाभाविक होइन्। तर, यस्तो कालखण्डको सही व्यवस्थापन हुन सकेको खण्डमा मात्र देशले नयाँ गति लिन सक्छ। नेपाली जनताले दिगो शान्ति तथा मानवअधिकार, मौलिक स्वतन्त्रता र सामाजिक सुरक्षाको परिकल्पना गर्दै संविधानसभा निर्वाचनमा भाग लिएका थिए। सरकार त्यस दिशामा गम्भीर भएको आभास वर्षको अन्त्यसम्मै पाइएन। आमजनता शान्ति सुरक्षाको अभाव र विभिन्न सशस्त्र समूहहरूबाट दिनहुँ भइरहेका आपराधिक क्रियाकलापबाट सन् २००८ भरि नै आक्रान्त रहे।

---

३२ नेपालको अन्तरिम संविधान, २०६३ को पाँचौं संशोधन।
http://www.can.gov.np/doc_folder/12Nepalko%20Antirim%20Sambidhan%205th%20Samsodhan%20Bill,%202065%20_A4_.pdf. accessed on 24 Dec.2008

३३ पूर्ववत्।

३४ किचलो कायमै, सदन अझै चलेन। *अन्नपूर्ण पोस्ट*। ०६५ असार २५ गते : पृ. १

३५ देव, जितेन्द्र। 'मधेसवादी दलको हँगामा' । *कान्तिपुर*। ०६५ असार १८,
http://ekantipur.com/kolnepalinews.php?nid=152207 accessed on 23 Dec. 2008

### ४.१ दिगो शान्तिमा अवरोध

संविधानसभा निर्वाचनअघि त्यसको सफलता काङ्ग्रेस, माओवादी र एमालेको साझा लक्ष्यका रूपमा देखिएको थियो। तर, निर्वाचनपछि पहिलेदेखि थाँती राखिँदै आएका समस्याहरूले द्वन्द्व बढाउन थाले। निर्वाचनपछि आफ्ना लडाकूहरूको रेखदेख, व्यवस्थापन र समायोजनलाई माओवादीले दुई सेनाको एकीकरणका रूपमा व्याख्या गर्न थाल्यो। एमाले र काङ्ग्रेसले यही विषयलाई लडाकूहरूको व्यवस्थापनका रूपमा व्याख्या गरे। वर्षको अन्त्यसम्मै यस विषयमा साझा निष्कर्ष निस्किएन। त्यसैले दिगो शान्तिको मार्गमा बाधा उत्पन्न हुन सक्ने आशङ्का छाइरह्यो। २३ बुँदे सहमति अनुरूप माओवादी सेनाका प्रमाणित लडाकूहरूका बारेमा सहमति गर्दै विस्तृत शान्ति सम्झौताको कार्यान्वयन गर्ने विषयमा दहहरूबीच मतभेद थिएन। तर, लडाकूको समायोजनका सम्बन्धमा उत्पन्न विवाद भने वर्षको अन्त्यसम्मै निष्कर्षमा पुग्न सकेन।

सन् २००८ मा पनि विभिन्न सशस्त्र र निःशस्त्र समूहको क्रियाकलाप जारी रह्यो। विभिन्न राजनीतिक दलका युवा सङ्गठनका अराजक र हिंसात्मक गतिविधिले दण्डहीनतालाई मलजल गऱ्यो। विगतमा सशस्त्र विद्रोह गर्ने दलको नेतृत्वमा सरकार बनेको भए पनि सशस्त्र द्वन्द्वकालका पीडितहरूलाई न्याय प्रदान गर्न आवश्यक कदमहरू वर्षको अन्त्यसम्मै चालिएन। पीडितहरूको सुनुवाइ गर्ने र जघन्य अपराधमा संलग्न हुनेहरूलाई न्यायको कठघरामा ल्याउने माग पूरा भएन। प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप अयोगसम्बन्धी कानून यस वर्ष पनि पारित हुन सकेन। विधेयकको मस्यौदा मेलमिलापमा मात्र बढी केन्द्रित रहेको र पीडकहरूलाई आममाफी दिने तयारी भइरहेको आशङ्का भने व्यापक रह्यो।

### ४.२ शान्ति सम्झौताको बेवास्ता

मूलतः माओवादीबाटै विस्तृत शान्ति सम्झौताको परिपालना नभएपछि शान्ति प्रक्रियाले अपेक्षाकृत गति लिन सकेन। हस्ताक्षर गरिएको दुई वर्षभन्दा बढी समय बितिसक्दा पनि शान्ति सम्झौता कार्यान्वयन हुन सकेन। शान्ति प्रयासको मूल गतिरोध यही नै रह्यो। ६० दिनभित्र बेपत्ता नागरिकहरू सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गर्ने राजनीतिक दलहरूले त्यस विषयमा अहिलेसम्म जवाफदेहिता प्रदर्शन गरेका छैनन्। बेपत्ता नागरिकका परिवारले झक्झक्याउँदा पनि सरकारले खोजबिनका निम्ति आयोग बनाउन सकेको छैन। विस्थापितहरूको कब्जा गरिएका घरजग्गा अझै फिर्ता गरिएका छैनन्[३६]। द्वन्द्वको अवस्थामा विस्थापित भएका कतिपय पीडितहरूले घर फर्के पनि सम्पत्ति फिर्ता नगरिएको र उचित सुरक्षा प्रबन्ध नमिलाइएको कारण ढुक्क भएर आफ्नो थातथलोमा बस्न पाएका छैनन्।

सन् २००८ मा पनि मानवअधिकार उल्लङ्घन तथा कुनै पनि प्रकारको हिंसामा संलग्न नहुने वचनबद्धता माओवादी नेतृत्वले पटक-पटक व्यक्त गऱ्यो। तर, हत्या हिंसा, अपहरण, कुटपिटलगायतका घटनामा संलग्न आफ्ना कार्यकर्ताको माओवादीले संरक्षण नै गऱ्यो।

शान्ति सम्झौता अनुसार गठन गरिने भनिएका सत्य निरूपण तथा मेलमिलाप आयोग, राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, राज्यको पुनःसंरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोग[३७]लगायतका संयन्त्रहरू यस वर्ष पनि गठन हुन सकेनन्। शान्ति तथा पुनःनिर्माण मन्त्रालयले गएको वर्ष नै सत्य निरूपण तथा मेलमिलाप अयोगसम्बन्धी विधेयकको मस्यौदा तयार गरेको बताइएको थियो। बेपत्ताहरूको स्थिति सार्वजनिक गर्ने प्रतिबद्धता यस वर्ष पनि पूरा भएन। 'सर्वोच्च अदालतले विभिन्न समयमा ८३ जना बन्दी र बेपत्ता व्यक्तिहरूका तर्फबाट दायर हुन आएका बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरूलाई एकै ठाउँमा राखी बेपत्ता नागरिक छानबिनका लागि अधिकारसम्पन्न आयोग गठन गर्न, बेपत्ता पार्ने कार्यलाई अपराध मानी कानुन बनाई लागू गर्न तथा बेपत्ता पारिएका परिवारलाई क्षतिपूर्ति दिन सरकारका नाममा ०६४ जेठ १९ गते निर्देशनात्मक आदेश जारी गरेको थियो'[३८]। तर, सरकारले बेपत्ता पार्ने कार्यलाई अपराधका रूपमा

---

३६ ४ सय परिवारको जग्गा माओवादी कब्जामै। कान्तिपुर । ०६५ मङ्सिर १०
http://ekantipur.com/kolnepalinews.php?nid=167956 accessed on 28 Dec.2008

३७ शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौता बुँदा नं. ७.१.५। काठमाडौं: २०६३ मङ्सिर ८: पृ. २६

३८ इन्सेक। चापागाईं विद्या, प्रेक्षा ओझा र सम्झा श्रेष्ठ। 'कमजोर जवाफदेहिता', इन्सेक, काठमाडौं: २०६५ भदौ : पृ. २१

स्वीकार गरी वर्ष २००८ मा पनि कानुन बनाउन सकेन। मुलुकी ऐनमा संशोधन गरी बेपत्ता र अपहरणसम्बन्धी व्यवस्था थप गर्न सरकारले संसद्मा विधेयक प्रस्तुत गरेको थियो। तर, उक्त विधेयक 'बेपत्तासम्बन्धी कार्यलाई अपराधीकरण गर्न र सो कार्यका लागि जिम्मेवारहरूलाई अभियोजन गर्न असफल रहेको भन्दै फिर्ता गरी संसदीय व्यवस्था समितिले छुट्टै विधेयक प्रस्तुत गर्न सरकारलाई आदेश दिएको थियो'[३९]। बेपत्ता छानबिनसम्बन्धी आयोग बनाउने प्रावधानसमेत राखेर बेपत्तासम्बन्धी विधेयक मन्त्रिपरिषद्ले अनुमोदन गऱ्यो[४०] । तर पनि संसदीय व्यवस्था समितिले दिएको सुझावलाई संलग्न गरेर सरकारले वर्षको अन्त्यसम्मै बेपत्तासम्बन्धी नयाँ विधेयक संसद्मा प्रस्तुत गर्न सकेन।

नेपाल सरकार र माओवादीबीच ०६४ पुस ८ गते सम्पन्न २३ बुँदे सम्झौताको ९ नम्बर बुँदामा पनि द्वन्द्वका क्रममा हालसम्म माओवादीद्वारा कब्जा गरिएका निजी तथा सार्वजनिक घरजग्गा, जमिन एक महिनाभित्र सम्बन्धित व्यक्ति तथा निकायहरूकलाई फिर्ता गर्ने सहमति भएको थियो। तर, उक्त सहमति कार्यान्वयन हुन सकेन। सहमति कार्यान्वयनका लागि माओवादीका तर्फबाट केन्द्रीय रूपमा आफ्ना कार्यकर्ताहरूलाई कब्जा गरिएको सम्पत्ति फिर्ता गर्न निर्देशन दिइए पनि स्थानीय स्तरमा माओवादी कार्यकर्ताहरूले त्यसको पालना गरेको पाइएन। 'केन्द्रीयस्तरबाट केही प्रयास भए पनि स्थानीय कार्यकर्ताहरूबाट बाधा व्यवधान सिर्जना भई नै रह्यो'[४१]। शान्ति सम्झौतापछि पनि माओवादीका कारण विस्थापन जारी रह्यो[४२]। विस्तृत शान्ति सम्झौताको बुँदा नं ५.२.८ मा दुवै पक्षले 'सशस्त्र द्वन्द्वका क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रहबिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्वबसोबासको स्थानमा फर्कन दिने प्रतिबद्धता व्यक्त गरेका'[४३] थिए।

### ४.३ विभिन्न सहमतिको बेवास्ता

आत्मनिर्णय तथा पहिचानको माग गर्दै आन्दोलन गर्ने विभिन्न समुदायसँग गएको वर्ष भएका सम्झौताहरूको कार्यान्वयन वर्ष २००८ मा पनि भएन। विभिन्न जनजाति समूहले विभिन्न मितिमा आन्दोलनमार्फत अघि सारेका मागहरूलाई सम्बोधन गर्दै गरिएका सहमति समयान्तरमा लत्याउने गरिएको देखियो[४४]। गएको वर्ष सरकारले नेपाल आदिवासी जनजाति महासङ्घ तथा आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिसँग २० बुँदे सहमति गरेको थियो। त्यसैगरी, नेपाल सरकार र मधेसी जनअधिकार फोरमबीच २२ बुँदे सहमति भएको थियो। निजामती कर्मचारी र नेपाल सरकारबीच चारबुँदे सहमति भएको थियो। सरकारले चुरेभावर प्रदेश एकता समाजसँग पनि नौबुँदे सहमति गरेको थियो। विभिन्न समूहहरूसँग भएका सहमतिको पालना भने वर्षको अन्त्यसम्मै गरिएन। नेपाल आदिवासी जनजाति महासङ्घ तथा जनजाति आदिवासी सङ्घर्ष समितिसँग नेपाल सरकारले गरेको संविधानसभामा समानुपातिक प्रतिनिधित्व गराउने सहमति भने कार्यान्वयन भएको पाइयो। तर, आदिवासी जनजाति आयोग गठन गर्नेलगायतका सहमति कार्यान्वयन भएनन्। सरकार र आदिवासी जनजाति संयुक्त सङ्घर्ष समितिलगायतका पक्षबीच भएका सहमति पूर्ण रूपमा नभए पनि केही हदसम्म कार्यान्वयन भयो[४५]।

महिलामाथिको हिंसाका अपराधीहरूमाथि कारवाही नहुने गरेका कारण बढ्दै गएको दण्डहीनताका विरुद्ध ०६५ साउन २१ गतेसम्म राजधानीलगायतका ठाउँहरूमा महिलाअधिकार रक्षकहरूले २४ दिनसम्म धर्ना दिए। त्यसपछि बल्ल सरकारले आन्दोलनकारीका मागप्रति सहमति जनाउँदै महिलामाथि हुने हिंसाको छानबिन गर्न एक उच्चस्तरीय

---

३९ पूर्ववत्।

४० Govt forms admin restructure panel.
http://www.ekantipur.com/kolnews.php?&nid=167337 accessed on 1 Dec. 2008

४१ राष्ट्रिय मानवअधिकार आयोग। वार्षिक प्रतिवेदन २०६४/६५, काठमाडौं: पृ. १६

४२ पूर्ववत्।

४३ शान्ति समिति, शान्ति सचिवालय। नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बीच भएको विस्तृत शान्ति सम्झौता २०६३, बुँदा नं.५.२.८, काठमाडौं: पृ. १६

४४ इन्सेक। *नेपाल मानवअधिकार वर्षपुस्तक २००८*। काठमाडौं: अनौपचारिक क्षेत्र सेवा केन्द्र, २०६४ फागुन ७: पृ. ३३

४५ विभिन्न सहमति सम्झौताहरू र कार्यान्वयनको स्थिति।
http://www.peace.gov.np/admin/doc/Karyanyan%20sthiti.pdf. accessed on 11 Dec. 2008

आयोग गठनका सम्बन्धमा सुझाव पेस गर्न एउटा कार्यदल बनायो। कार्यदलले वर्षको अन्त्यसम्म प्रतिवेदन प्रस्तुत गरेन।

गएको वर्ष सात दलबीच भएको २३ बुँदे सहमतिमध्ये नेपाललाई गणतन्त्रात्मक राज्य घोषणा गर्नेबाहेक अन्य बुँदाहरू यस वर्ष पनि पूर्णरूपमा कार्यान्वयन भएको पाइएन।

वर्ष २००८ मा सरकारले हलियासँगको सहमतिका अतिरिक्त संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन सिंह)सँग पाँचबुँदे सहमतिलगायत तराईका अन्य सशस्त्र समूहसँग विभिन्न सहमति कायम गऱ्यो। *(हेर्नुहोस्, अनुसूची-६)* । त्यसैगरी, शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने र अन्तरिम संविधानमा राष्ट्रपति निर्वाचनको प्रक्रियालगायतको व्यवस्थाका लागि अन्तरिम संविधान संशोधन गर्न सात दलबीच पुनः २२ बुँदे सहमति भएको थियो। सहमतिमा माओवादी वाईसीएलको अर्धसैनिक संरचना र कार्यशैली पूर्णरूपमा समाप्त गरी त्यसको नियन्त्रणमा रहेका सार्वजनिक, सरकारी तथा निजी भवन र जग्गा १५ दिनभित्र खाली गरी सम्बन्धित पक्षलाई फिर्ता गर्ने पनि भनिएको थियो। तर, प्रतिबद्धतालाई व्यवहारमा उतार्न माओवादी नेतृत्वले तत्परता देखाएन।

### ४.४ शान्ति सुरक्षा र कानुनको फितलो अवस्था

देशले लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिमा प्रवेश पनि शान्ति सुरक्षाको अवस्थामा भने अपेक्षाकृत सुधार भएन। विभिन्न आपराधिक घटनामा संलग्न दोषीहरूलाई कारवाही गर्ने कार्यमा सरकार कमजोर देखियो। खासगरी माओवादी कार्यकर्ताबाट कानुनको पालना नभएका कारणले यस्ता घटनाउपर सरकारको नियन्त्रण नभएको देखियो। 'राजमार्गलगायतका क्षेत्रमा व्यापक रूपमा देखापरेका चोरी, डँकैती तथा लुटपाटका घटनाको प्रभावकारी अनुसन्धान र अभियोजन गरी दोषीलाई कारवाही गर्ने सन्दर्भमा अपेक्षित सक्रियता देखिएन'[४६]।

जवाफदेही संस्कृतिको अभावका कारण बढ्दो दण्डहीनताले गर्दा कानुनको शासनको स्थापना हुन नसकेको हो। जुन सरकार र व्यवस्था आए पनि नेपाली जनताले पूर्णरूपमा मानवअधिकार तथा मौलिक हकअधिकारको पूर्ण उपभोग गर्ने अवस्था नआउने हो कि भन्ने आशङ्का सरकारी चरित्रले उत्पन्न गऱ्यो। माओवादीले जनताको समावेशीकरणका सवालका साथै जनताका हकअधिकारका कुराहरू उठाएर सशस्त्र द्वन्द्वलाई चरम विन्दुमा पुऱ्याएको थियो। त्यही पार्टीको सरकारले पनि जानताका मानवअधिकार र मौलिक हकअधिकारलाई भन्दा प्राथमिकतामा नपारेको देखियो। ०४६ सालको जनआन्दोलनपछि स्थापित प्रजातन्त्रका साथै ०६२/६३ को जनआन्दोलनपश्चात्को लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा खासै अन्तर देखिएन। त्यसताका पनि सत्ता-राजनीतिका मुद्दाहरूले नै बढी प्राथमिकता पाए। अहिलेको व्यवस्थामा जनताका अधिकारका मुद्दाहरू बढी उठे पनि व्यवहारमा भने उचित रूपमा सम्बोधन भएको पाइएन। 'राजनीतिक अस्थिरता र दण्डहीनताको अवस्था विद्यमान रहेकाले शान्तिसुरक्षाको अवस्था कमजोर हुन गयो'[४७]।

### ४.५ नयाँ स्वरूपका हिंसा

संशस्त्र द्वन्द्वको विधिवत् अन्त्य भई युद्धरत पक्षहरू राज्य सञ्चालन प्रक्रियामा आइसकेपछि पनि हत्याहिंसाको शृङ्खला रोकिएन। हिंसाका झन् नयाँ स्वरूपहरू देखापरेका छन्। देशको शासनपद्धति र नीतिप्रति विरोध जनाउँदै ०५२ सालमा सशस्त्र सङ्घर्षमा माओवादीहरू उत्रिएका थिए भने अहिले विभिन्न वर्ग र समुदायहरू आफ्ना मागहरूसहित छुट्टाछुट्टै रूपमा सङ्घर्ष गर्दै छन्। आफ्ना हकअधिकारको प्राप्तिका लागि राज्यसँग सङ्घर्ष गरेको नाममा आतङ्क फैलाउने क्रियाकलापसमेत प्रदर्शन गरिएको देखिन्छ। विभिन्न समूहद्वारा सन् २००८ मा पनि अपहरण गर्ने, चन्दा तथा फिरौती माग गर्ने, मार्ने धम्की दिने र आफूले माग गरेबमोजिम रकम दिएन भने हत्या गर्ने क्रम जारी रह्यो। मधेसीहरूको अधिकारका लागि गरेको आन्दोलन हो भन्ने कुरालाई उनीहरूको यस हिंसात्मक कार्यले पुष्टि गर्न सकेन। दिनदिनै सशस्त्र समूहहरू गठन हुने र छुट्टिने क्रम बढ्यो।

यस्ता सशस्त्र समूहहरूले विशेष गरेर आफ्ना राजनीतिक मागहरूलाई भन्दा आपराधिक क्रियाकलापलाई अघि बढाए। तराईमा देखिएका र दिन-प्रतिदिन सिर्जना हुँदै गएका विभिन्न सशस्त्र समूहहरूले आपराधिक घटनामा नै आफूलाई सक्रिय पारे। यसबाहेक पूर्वी पहाडमा देखापरेका पहाडी समूहहरूले पनि स्थितिलाई तनावपूर्ण बनाए। आफ्नो अधिकारका

४६ राष्ट्रिय मानवअधिकार आयोग। वार्षिक प्रतिवेदन २०६४/६५, काठमाडौँ : पृ.१४

४७ पूर्ववत्।

लागि छुट्टै वा स्वायत्त सरकारको माग राखी आन्दोलनरत पहाडी जनजाति दलहरू पनि बन्द-हडताललगायतका कार्यमा सक्रिय भई नै रहे।

### ४.६ तराई सशस्त्र समूहहरू

विशेष गरेर पूर्वी र मध्यतराईमा सक्रिय दुई दर्जनभन्दा बढी सशस्त्र समूहहरू हिंसामा प्रत्यक्ष रूपले संलग्न रहे। 'गत वर्षभैँ यस वर्ष पनि तराई हिंसाग्रस्त बन्यो'[४८]। हत्या, अपहरण, फिरौती, चन्दा असुलीलगायतका घटनामा त्यस्ता समूहहरू बढी सक्रिय रहे। तराईका समूह र सरकारबीच वार्ता हुने भनिएको अवधिमा पनि तराईमा आपराधिक घटनाहरू पटक-पटक दोहोरिरहे। ती समूहहरूले आफ्ना गतिविधिलाई राजनीतिक आन्दोलनको नाम दिए तापनि गतिविधि आपराधिक कार्यतर्फ बढी लक्षित भए। मधेसी समूहमाथि भएको अत्याचारका विरुद्ध आफ्ना गतिविधि लक्षित गरिएको उनीहरूले बताए पनि उनीहरूको हिंसा मधेसी समुदायमाथि पनि लक्षित देखियो। इन्सेकको अभिलेख अनुसार हत्या तथा अपहरणको तथ्याङ्कलाई हेर्ने हो भने मधेसी समुदाय नै बढी परिमाणमा हिंसाको सिकार भए। 'सशस्त्र आन्दोलनरत समूहद्वारा चन्दा माग्ने, चन्दा नदिएमा मार्ने धम्की, परिवारका सदस्यको अपहरण एवम् हत्या गर्नेसम्मको धम्की दिने प्रवृत्ति बढेको पाइन्छ। तराई क्षेत्रमा बढेको असुरक्षाबाट पहाडी मूलका मानिस विस्थापित हुने क्रम बढेको पाइन्छ। यो समस्या तराईका बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, धनुषा, सिराहा र सप्तरीमा बढी मात्रामा देखिएको छ'[४९]। तराईका सशस्त्र समूहहरूले सर्वसाधारण नागरिकसहित पेसाकर्मी, स्वास्थ्यकर्मी, व्यापारी, सरकारी कर्मचारी, गाविस सचिव, शिक्षकलगायतलाई आफ्नो निसाना बनाए।

सन् २००८ मा विभिन्न आपराधिक घटनाहरूमा संलग्न हुने समूहसम्बन्धी जानकारी सार्वजनिक भए। तर, धेरैजसो घटनामा जिम्मेवार पक्ष अज्ञात नै रहे। देशमा बढिरहेका आपराधिक घटनाका धेरैजसो जिम्मेवार समूह वा व्यक्ति थाहा हुन नसक्नु डरलाग्दो समस्याका रूपमा देखिएको छ। इन्सेकमा अभिलेख गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको स्थितिलाई हेर्ने हो भने अज्ञात समूहबाट बढी हत्याका घटना भएको देखिन्छ। हत्याहिंसा लगायतका अपराधका घटनाहरूमा संलग्न विभिन्न सशस्त्र समूहउपर कारबाही नगरिनाले पनि अज्ञात समूहहरू बढी हिंसामा संलग्न भएको देखिन्छ। सुरक्षा निकायको सक्रियताको अभावमा यस्ता समूहबाट भएका घटनाहरूको यथार्थ खुल्न सकेको छैन। दिनदहाडै बालबालिकालाई अपहरण गर्ने र मार्ने प्रवृत्ति यस वर्ष पनि कायमै रह्यो।

### ४.७ पहाडका सशस्त्र र निःशस्त्र समूह

पूर्वी पहाडी भेगमा देखिएका केही समूहहरूका सक्रिय क्रियाकलापले त्यस क्षेत्रमा वर्षभरि नै तनाव उत्पन्न गराइरह्यो। स्वायत्त राज्यको माग गर्दै पूर्वका केही पहाडी भेगमा जातीय सङ्गठनहरूले आन्दोलन तीव्र पारे। तामासालिङ, लिम्बूवान, किराँत जनवादी वर्कस पार्टी, मगराँतलगायतका जातिगत समूह आफ्नो जाति अनुसारको राज्यको माग गर्दै आन्दोलनमा संलग्न भए। एकपछि अर्को गर्दै थपिएका यस्ता सङ्गठनहरूले आ-आफ्नै शैलीमा बन्द, हडतालजस्ता आन्दोलनका कार्यक्रम ल्याउँदा जनजीवन प्रभावित भयो।

पूर्वी पहाडका विविध जातीय सङ्गठनहरूमा विवाद पनि देखियो। सबैले छुट्टाछुट्टै मागहरू अघि सारे। सबैले आफ्नो जाति अनुसारको छुट्टै राज्य निर्माणको माग गरे। आफ्ना माग पूरा गराउन दबाब दिने क्रममा विभिन्न समूह स्थितिलाई तनावपूर्ण र अशान्त बनाउन तल्लीन देखिए। त्यसक्रममा कतिपय सशस्त्र समूह विस्फोट, कुटपिट र अपहरण, चन्दा तथा कर सङ्कलनलगायतका घटनाहरूमा संलग्न रहे। 'इलाममा किराँत धर्मको सुरक्षाका लागि भनी खोलिएको भीसी फोर्सका कारण स्थानीय धेरै व्यक्ति विस्थापित भए'[५०]।

### ४.८ दण्डहीनताको संस्कृति

स्थायी शान्तिको प्रमुख आधार मानवअधिकारको प्रत्याभूति र कानुनको शासनको स्थापना हो। तर, नेपालमा मौलाइरहेको दण्डहीनताको संस्कृति शान्ति प्रक्रियाको प्रमुख बाधकका रूपमा रह्यो। दण्डहीनताको संस्कृति रहेसम्म

---

४८ इन्सेक, प्रेस विज्ञप्ति। २०६५ मङ्सिर ५।
http://www.inseconline.org/Nepali/npress_detail1.php?newsid=450. accessed on 28 Nov. 2009

४९ राष्ट्रिय मानवअधिकार आयोग। वार्षिक प्रतिवेदन २०६४/६५, काठमाडौँ: पृ. १२

५० पूर्ववत्, पृ. १६

मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा कठिनाइ उत्पन्न हुन्छ। दण्डहीन संस्कृतिका कारण नेपालमा अपराध र मानवअधिकार उल्लङ्घनको प्रवृत्ति कायमै रहेको विषय सन् २००८ मा पनि निकै उठ्यो। दण्डहीनताको संस्कृतिले गर्दा अपराधीहरूले छुट पाइरहेका छन्। सुरक्षा निकायको फितलो नीति, राजनीतिक हस्तक्षेप र भएकै नीति र कानुन अनुसार कारबाही प्रक्रिया सशक्त ढङ्गले अगाडि नबढाइएका कारणले पनि अपराधले मौलाउने मौका पाइरहेको छ।

नयाँ नेपाल बनाउने गहन जिम्मेवारी बोकेको सरकारले दण्डहीनताको संस्कृतिको अन्त्यका लागि भन्दा पनि यसलाई फस्टाउनका लागि कसरत गरिरहेको जस्तो देखियो। आफ्नो राजनीतिक अभीष्ट पूरा गर्नका लागि राजनीतिक दलहरू नै दण्डहीनताको संस्कृतिलाई संस्थागत गर्न तल्लीन रहेको देखिन्छ। 'दण्डहीनताको संस्कृतिलाई ऊर्जा दिने काम जिम्मेवार राजनीतिक दलहरूबाटै भइरहेको छ'[५१]। मन्त्रिपरिषद्को ०६५ असोज १७ र कात्तिक ११ गते विभिन्न अपराधमा पक्राउ परेकाहरूलाई माफी दिई रिहा गर्ने निर्णयलाई उदाहरणका रूपमा लिन सकिन्छ। गम्भीर अपराधको सजाय पाएका अभियुक्तहरूलाई कानुन अनुसारको सजाय भोग्न लगाउनुको सट्टा उनीहरूमाथि लागेको मुद्दा राजनीतिक हो भनी माफी दिइयो। राजनीतिक आस्थाका नाममा सरकारले गम्भीर अपराध र मानवताविरुद्धका घटनाका मुद्दासमेत फिर्ता लियो। त्यस्ता ३ सय ४९ थान विचाराधीन मुद्दा फिर्ता लियो। सरकारले लागू औषध, कर्तव्य ज्यान तथा बलात्कारसमेतका मुद्दा फिर्ता लियो। कर्तव्य ज्यानका ९९ मुद्दामध्ये १२ थान मुद्दा शान्ति सम्झौता भइसकेपछिका थिए। संविधानसभा निर्वाचनमा राष्ट्रिय जनमोर्चाका उम्मेदवार कमलप्रसाद अधिकारीको हत्याका अभियुक्तहरूको मुद्दासमेत फिर्ता भयो।

असोज १७ गते बसेको मन्त्रिपरिषद्को बैठकले चन्द्रबहादुर सेम्बु लिम्बूसमेत ३ सय ७२ जनालाई कैद माफी दिने निर्णय गरेको थियो। राष्ट्रसङ्घीय उच्चायुक्तका नेपालस्थित प्रतिनिधि रिचार्ड बेनेटले सरकारले फिर्ता लिएका कतिपय मुद्दाहरू सङ्गीन प्रकृतिका भएको बताउँदै छानबिन गर्नुपर्ने आवश्यकता औंल्याए।[५२]

'समाजमा शान्तिसुरक्षाको स्थिति सुदृढ तुल्याई विभिन्न अपराध र अराजकताको नियन्त्रण गरिने र दण्डहीनतालाई समाप्त गरिने'[५३] कार्यलाई सरकारले आफ्नो नीति तथा कार्यक्रमभित्र समावेश गरेको छ। तर, आफ्नै कार्ययोजनाको मर्म र भावनाविपरीत दण्डहीनतालाई समाप्त गर्ने भन्दा पनि बढाउनमा सक्रिय रहेको देखिन्छ। सरकारले जनताका अगाडि एउटा कुरा गर्ने र पछाडि अर्कै कार्य गर्ने द्वैध चरित्र प्रस्तुत गरिरहेको छ। जसले गर्दा समाजमा सुशासन र सामाजिक मूल्य-मान्यता स्थापनामा अवरोध सिर्जना भइरहेको छ।

तत्कालीन सात दलसम्मिलित सरकार र विद्रोही माओवादीबीच ०६३ मङ्सिर ५ गते भएको बृहत् शान्ति सम्झौतापछाडि जुनसुकै पक्ष विशेषले गरेको हत्या, अपहरणजस्ता क्रियाकलापलाई आपराधिक घटनामा दर्ज गरिने स्पष्ट उल्लेख गरिएको छ। माओवादीको सशस्त्र द्वन्द्वपूर्वको अवस्था र शान्ति सम्झौतामा हस्ताक्षर गरिसकेपछि कुनै पनि घटनालाई राजनीतिक घटनामा नलिइने र पीडकहरूलाई सम्बन्धित देशको कानुनी व्यवस्था अनुसार फौजदारी अभियोगमा मुद्दा दायर गर्न सकिने स्पष्ट कानुनी आधार छ। तर, शान्ति सम्झौतापछाडिका कैयन् घटनाहरूमा संलग्न भएकाहरूको मुद्दा मन्त्रिपरिषद्को निर्णयमार्फत फिर्ता लिइनुले दण्डहीनतालाई बढावा दिएको स्पष्ट हुन्छ।

'कानुन उल्लङ्घन गर्ने व्यक्ति वा पक्षलाई कारबाही नगरिनु तथा पीडित व्यक्तिहरूलाई न्याय दिलाउने उपयुक्त व्यवस्था नहुनु वा प्रयास नगरिनु दण्डहीनता हो। सामान्यत: यो अवस्था मानवअधिकार उल्लङ्घनका कारण देखापर्छ। मानवअधिकार उल्लङ्घनका घटनाको राज्यद्वारा जाँचबुझ वा

---

५१. इन्सेक। प्रेस विज्ञप्ति। ०६५ मङ्सिर ५।
http://www.inseconline.org/Nepali/npress_detail1.php?newsid=450. accessed on 28 Nov. 2009

५२. http://nepal.ohchr.org/en/resources/Documents/English/statements/HCR/Year2008/Dec2008/2008_12_10_Speech_NHRC_Event_E.pdf. accessed on 22 Dec 2008

५३ दस्तावेज : सरकारको साझा कार्यक्रम। *कान्तिपुर*। २०६५ भदौ २६
http://ekantipur.com/kolnepalinews.php?nid=157857 accessed on 22 Dec 2008

छानबिन नगरिँदा वा गर्ने इच्छाशक्ति नै नहुँदा दण्डहीनता मौलाउँछ'[५४]। यही स्थिति नेपालको राजनीतिक वृत्तमा देखिएको छ। दण्डहीनतालाई अन्त्य गर्न सरकारको इच्छाशक्ति नै नरहेको अनुभूति जनताले गरिरहेका छन्।

यस वर्ष पनि कानुन हातमा लिएर अराजकता फैलाउनेलाई कुनै कारवाही गरिएको पाइएन। विभिन्न राजनीतिक दलद्वारा गठन गरिएका आफ्ना युवा सङ्गठनहरूलाई संविधानसभामा आफ्ना आवाजहरू बुलन्द पार्नेमा भन्दा अराजक गतिविधिमा संलग्न हुन निर्देशन गरिएको देखियो। हिंसाको बदला हिंसाको नीतिमा एमालेले युथफोर्सको गठन गरी अघिल्ला वर्षहरूदेखि हत्या-हिंसाका घटना मच्चाइरहेको वाईसीएलको गैरकानूनी रूपमा प्रतिरोध गर्ने प्रयास गरिरहेको पाइयो। 'योङ् कम्युनिस्ट लिग, अखिल नेपाल ट्रेड युनियन महासङ्घ, अनेरास्ववियु (क्रान्तिकारी) लगायतका भगिनी संस्थाका कार्यकर्ताहरूद्वारा शान्तिसुरक्षा कायम गर्ने, उजुरीउपर सुनुवाइ गर्ने, अपराध नियन्त्रण गर्नेलगायतका बहानामा वर्ष २००८ पनि व्यक्तिलाई कब्जामा लिएर कुटपिट तथा अमानवीय व्यवहार गरेको पाइयो। एमालेको भ्रातृसङ्गठन युथफोर्सले पनि भ्रष्टाचारीलाई पक्रने नाममा कानुन आफ्नो हातमा लिई कर्मचारीलाई कुटपिट गर्ने गरेको पाइयो'[५५]।

राजनीतिक संस्कारका रूपमा रहेको दण्डहीनताको चर्चा गर्दा द्वन्द्वपश्चात्को वातावरणमा यसलाई निरुत्साहित गर्न कानुनी राज्यको निरन्तरता र सवलीकरणको पक्षले महत्त्वपूर्ण भूमिका खेल्छ[५६] तर राजनीतिक नेतृत्वको आफ्ना कार्यकर्ताद्वारा गरिएको अराजक गतिविधिलाई ढाकछोप गर्ने प्रवृत्तिले यस्ता गतिविधिमा लाग्न उनीहरूलाई उक्सायो। 'कानुनी संरचनामा देखिने सैद्धान्तिक अन्तरविरोध र कानुन कार्यान्वयनको अभावले दण्डहीनतालाई बढावा दिन्छ, जसले गर्दा मानवअधिकारको प्रभावकारी संरक्षणमा समस्या आइपर्छ। राजनीतिक तथा प्रशासनिक हस्तक्षेपहरूले पनि कानुनको शासनलाई प्रभाव पर्छ'[५७]। अपराधमा संलग्न हुनेहरूमाथि सुरक्षा निकायबाट कुनै कारवाही प्रक्रिया चलाइएको अवस्थामा राजनीतिक दलका नेताहरूद्वारा गरिने हस्तक्षेपका कारण त्यस्ता अपराधीहरूले उन्मुक्ति पाइरहेका छन्। यस्तो अवस्था विशेष गरेर स्थानीय स्तरमा बढी देखिएको छ।

धेरैजसो सुरक्षाकर्मीमाथि आपराधिक घटनामा संलग्न भएको आरोपसमेत लाग्ने गरेको छ। तराईमा भइरहेका अधिकांश घटनाका सम्बन्धमा सुरक्षाकर्मीहरू जानकार रहे तापनि त्यस्ता घटना र त्यसमा संलग्न दोषीउपर अनुसन्धान तथा कारवाही हुन नसकेको जनगुनासो व्याप्त छ। प्रत्यक्ष वा परोक्ष रूपमा आफ्नै संलग्नता रहने गरेका कारण उनीहरू यस्ता घटनालाई नजरअन्दाज गरिरहेका छन् भन्ने कुरा अनौपचारिक रूपमा उठ्ने गरे तापनि कुनै पनि पक्षबाट यसको औपचारिक रूपमा अनुसन्धान भने हुन सकेको छैन।

जवाफदेहीताको संस्कृति विद्यमान नभएका कारण पनि दण्डहीनताले मौलाउने मौका पाइरहेको छ। विगतमा आफूहरूद्वारा गरिएका मानवअधिकार उल्लङ्घनका घटनाहरूप्रति अझै पनि विगतका द्वन्द्वरत पक्षहरू जवाफदेही हुन सकिरहेका छैनन्। न्यायको बेवास्ता गरिएका कारण आफूहरूले युद्धको सुरुवात गर्नुपरेको पटक-पटक बताउने माओवादी अहिले सरकारमै सामेल छ। तर, माओवादीको सरकार बाहिर रहँदाको यो भनाइलाई नाराका लागि मात्र प्रयोग गरिएको थियो भन्ने भान हुन्छ। आफैँ सरकारमा हुँदा विगतमा आफ्नो पार्टी तथा तत्कालीन सरकारबाट भएका गैरन्यायिक हत्या, गैरकानुनी गिरफ्तारी, यातना, बलपूर्वक बेपत्तालगायतका जघन्य अपराधका घटनाहरूमा संलग्न हुनेहरूलाई कडा कारवाही गर्नका लागि कुनै प्रक्रिया चालिएन। माओवादी कार्यकर्ताहरूले अझै मानवअधिकारविरोधी गतिविधि छोड्न सकेको पाइएन। आफैँ सरकारमा हुँदासमेत आफ्नै कार्यकर्ताहरूद्वारा हत्या-हिंसा र अपहरणका घटना हुँदा त्यस्ता घटनामा संलग्न आफ्ना कार्यकर्ता माथि कानुनी कारवाही चलाइएको पाइएन । अझ त्यस्ता घटनालाई लुकाउन खोजेर अपराधीहरूलाई बचाउने प्रयास गरिएको पाइयो। चितवनको शक्तिखोरमा चरम यातना दिएर आफ्नै कार्यकर्ताद्वारा हत्या गरिएका रामहरि श्रेष्ठका सबै हत्यारालाई कानुनको कठघरामा उभ्याइएन्।

संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालयले रामहरिको हत्यामा जवाफदेहिता

---

५४ मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च। दण्डहीनता अवधारणा, समस्या र निदान, २०६४, काठमाडौँ: पृ. ८

५५ राष्ट्रिय मानवअधिकार आयोग। वार्षिक प्रतिवेदन २०६४/६५, काठमाडौँ: पृ. ११

५६ मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च। दण्डहीनता अवधारणा, समस्या र निदान, २०६४, काठमाडौँ: पृ. १३

५७ पूर्ववत्।

सुनिश्चित गर्न गृहमन्त्री वामदेव गौतमलाई आग्रह गरेको थियो। रामहरिको हत्यामा पाँच जनालाई अभियोग लगाइएकामा छ महिनापछि एक जनालाई मात्र पक्राउ गरिएको घटनाप्रति उच्च आयुक्तले चिन्ता व्यक्त गरेका थिए[५८]। सरकारकाले रामहरि श्रेष्ठको हत्याको घटनाका सम्बन्धमा छानबिन समिति गठन गरी उक्त समितिले प्रतिवेदन सरकारलाई बुझाए पनि सार्वजनिक भने गरिएन[५९]। माओवादी कार्यकर्ता त्यसपछि पनि हत्याका घटनामा संलग्न भई नै रहेको पाइयो। वर्षको झन्डै अन्त्यतिर माओवादी कार्यकर्ताहरूले सामान्य विवादको बदला लिन कलङ्की -स्यूचाटारका दुई निर्दोष युवाहरूलाई अपहरण गरेर निर्मम यातना दिई हत्या गरे।[६०]

सरकारमा संलग्न दलका भ्रातृसङ्गठन वाईसीएल र युर्थफोर्सका गतिविधिले शान्ति सुरक्षामा खलल पुगेको देखियो। सरकारले भने हिंसात्मक घटनामा मुकदर्शक बनी छानबिनका लागि आयोग गठन[६१] गरी फुत्कने कोसिस मात्र गरिरह्यो।

कानुनको शासनका लागि सक्रिय रहनुपर्ने प्रहरी प्रशासनलाई ओझेलमा पारी नागरिकको न्यायको जिम्मा व्यक्ति र समूहहरूले लिएको देखियो। सम्बन्धित राजनीतिक समूहका मातृ पार्टीहरूले त्यस्ता प्रवृत्तिलाई संरक्षण दिएकाले संविधान र प्रचलित नियम-कानुनको ठाडो उल्लङ्घन हुन पुग्यो। यही कारण आमनागरिकको शान्तिपूर्वक बाँच्न पाउने अधिकारको ठाडो उल्लङ्घन हुन गयो।

### ५. मानवअधिकारप्रतिको उदासिनता

लोकतन्त्रको संस्थागत विकासको सबभन्दा बलियो आधार मानवअधिकारको बहाली नै हो। मानवअधिकारबिना लोकतन्त्र र शान्तिले फस्टाउने मौका पाउँदैन। स्थायी शान्तिको बलियो आधार देशका सम्पूर्ण जनताको मानवअधिकारको संरक्षण हो। जनताको नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभूतिको प्रमुख जिम्मेवारी वहन गर्ने दायित्व राज्यको हो। तर, जनताको मानवअधिकार संरक्षणको दायित्वप्रति जनआन्दोलपछिका सरकारहरू पनि सजग देखिएनन्।

नेपालको पश्चिमी भेगका जनताले यस वर्ष भोकमरीको सिकार हुनुपऱ्यो। खाद्यान्नको अभावका कारण मध्यपश्चिम र सुदूरपश्चिमाञ्चलका केही जिल्लाका जनताले दु:ख र कष्ट भोग्नु पऱ्यो[६२]। 'जिल्लाहरूमा देखा परेको खाद्य सङ्कट र भोकमरीको समस्या मूलरूपमा सुशासनको अभाव, परनिर्भरता र केन्द्रमुखी गलत विकासको नीतिको परिणाम भएको खाद्य अधिकार सञ्जाल नेपालले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको थियो'[६३]। पश्चिमाञ्चलका पहाडि र हिमाली जिल्लामा देखिएको खाद्य सङ्कटको समाधानका लागि जनतालाई राज्यले सर्वसुलभ रूपमा खाद्यान्न उपलब्ध गराउन सकेको पाइएन। राजनीतिक विवादहरूमै तल्लीन लोकतान्त्रिक सरकारका लागि जनताका आधारभूत अधिकारको सवाललेे महत्त्व पाएन। सर्वोच्च अदालतले सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरी मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सरकारले सशक्त भूमिका खेल्न नसकेको ठहर गऱ्यो। आपराधिक घटना बढ्दो क्रममा रहेका कारण मानिसले भयरहित वातावरणमा स्वतन्त्रतापूर्वक बाँच्न पाउने अवस्था वर्षको अन्त्यसम्मै रहेन।

---

५८ उच्च आयुक्तको कार्यालय-नेपालद्वारा रामहरि श्रेष्ठको हत्यामा जवाफदेहिता सुनिश्चित गर्न गृहमन्त्रीलाई आग्रह, प्रेस वक्तव्य, संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय।
http://nepal.ohchr.org/en/resources/Documents/Nepali/pressreleases/Year%202008/DEC 2008/2008_12_29_PR_Ramhari_Shrestha_N.pdf. accessed on 29 Dec.2008

५९ पूर्ववत्।

६० वाईसीएलद्वारा अपहरित दुई युवकको हत्या। *कान्तिपुर* । ०६५ मङ्सिर ४।
http://ekantipur.com/kolnepalinews.php?nid=167237. accessed on 20 Dec. 2008

६१ दुई छुट्टाछुट्टै हत्या घटना छानबिन गर्न आयोग गठन। www.inseconline.org.
http://www.inseconline.org/Nepali/archive_show2.php?newsid=17555

६२ बाजुरामा अनिकाल, बालबालिका बढी प्रभावित। *कान्तिपुर*। ०६५ असार २३
http://ekantipur.com/kolnepalinews.php?nid=152758. accessed on 28 Nov. 2008

६३ Report on Hunger and Food Crisis Released. http://www. rrn. org.
np/news_events/press_release/hunger_pressrelease_nep. htm accessed on 25 Nov. 2008

०६३ साउन ९ गते व्यवस्थापिका संसद्ले सरकारलाई रोम विधान अनुमोदन गर्न निर्देशन जारी गरेको थियो। तर, त्यो निर्देशनलाई सन् २००८ मा पनि पालना गरिएन।

देशमा विद्यमान संरचनागत हिंसाको अन्त्यका लागि सरकारले सशक्त कदम चाल्न सकेन। विभिन्न संस्थाहरूले महिलाहरू अत्यधिक रूपमा हिंसाको सिकार भएको प्रतिवेदन सार्वजनिक गरे। तर, घरेलु हिंसाको अन्त्यका लागि सरकारद्वारा सन् २००८ मा पनि कानुन बनाइएन।

अघिल्ला वर्षहरूमा झैं यस वर्ष पनि मानवअधिकारका विभिन्न विषयसँग सम्बन्धित संयुक्त राष्ट्र सङ्घीय समाधिक्षकले नेपाल आउने इच्छा गरे। तर, धेरैजसोलाई सरकारले औपचारिक निम्तो दिएन। सन् २००३ देखि भ्रमणका लागि उनीहरूले नेपाल सरकारसँग इच्छा जाहेर गरिरहेका छन्।[६४]

यस वर्ष सरकारको औपचारिक आमन्त्रण पाएपछि नेपाल आएका द्वन्द्वमा बालबालिकासम्बन्धी समाधिक्षक राधिका कुमारास्वामी र आदिवासी जानजातिसम्बन्धी समाधिक्षक प्रा. एस. जेम्सले वस्तुस्थितिको अध्ययन गरी सुधारका निम्ति सरकारसँग परामर्श गरे।

द्वन्द्वमा बालबालिकाको अवस्थासम्बन्धी संयुक्त राष्ट्र सङ्घीय समाधिक्षक राधिका कुमारास्वामीले वर्षको अन्त्यमा नेपालको भ्रमण गरी आफ्ना सुझावहरू सरकारसमक्ष प्रस्तुत गरिन्। उनले प्रधानमन्त्री दाहालले माओवादी शिविरमा रहेका प्रमाणीकरणबाट नाबालिक ठहरिएका २ हजार ९ सय ७३ बालबालिकालाई शिविरबाट बिदा गर्ने प्रतिबद्धता जनाएको एक छलफल कार्यक्रममा बताइन्।[६५]

यसैगरी, नौदिने भ्रमणका लागि नेपाल आएका आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समाधिक्षक प्रा. एस. जेम्सले नेपाल सरकारलाई राज्यको पुन: संरचना अन्तर्गत जनजातिका सवाललाई आत्मसात् गर्न माग गरेका थिए। उनले देशका सबै जाति तथा आदिवासी समुदायको मानवअधिकारको पूर्ण प्राप्ति हुने कुरालाई प्रबर्द्धन गर्ने सङ्घीय नमुनाको विकासमा नयाँपन र लचकताको आवश्यकतामाथि जोड दिन नेपाललाई आग्रह गरे। उनले नयाँ संविधानमा मूर्तरूप दिइने भनी अपेक्षा गरिएको सङ्घीय संरचनाबारे जारी छलफलहरूमा आत्मनिर्णय तथा स्वायत्तताका लागि आदिवासी जनजातिका जायज मागलाई पर्याप्त मात्रामा समावेश गरिनु आवश्यक छ भन्ने कुरामा पनि जोड दिए[६६]। संयुक्त राष्ट्र सङ्घीय समाधिक्षकहरूले दिएका सुझावका साथै आफ्नो तर्फबाट व्यक्त गरिएका प्रतिबद्धताहरूलाई सरकारले इमानदारीका साथ पालना गर्न आवश्यक छ।

### ६. न्यायविमुख द्वन्द्वपीडित

दसवर्षे सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूले यस वर्ष पनि न्याय पाउन सकेनन्। युद्धका क्रममा जघन्य अपराध गर्नेहरूलाई यस वर्ष पनि न्यायको कठघरामा उभ्याइएन। युद्धका क्रममा भएका जघन्य अपराधहरूलाई उजागर गर्दै त्यसमा संलग्न हुने पीडकहरूलाई कारबाही र पीडितहरूलाई राहत दिनका लागि सरकार गम्भीर देखिएन। स्थायी शान्तिको कुरा गर्ने हो भने न्यायको कुरा पहिला आउँछ। जहाँ न्यायिक वातावरण रहन्छ, त्यहाँ मानवअधिकारले मौलाउने र फस्टाउने मौका पाउँछ। जनताका अधिकारहरू संरक्षित हुन्छन्। मानवअधिकार तथा न्यायको प्रत्याभूति भएको अवस्थामा मात्रै स्थायी शान्तिको परिकल्पना गर्न सकिन्छ। 'न्यायको आवश्यकतालाई प्रभावकारी रूपमा सन्तुष्ट नगरेसम्म न्यायपूर्ण र चिरकालपर्यन्त मेलमिलाप हुन सक्तैन। त्यसैले, मानवअधिकार उल्लङ्घनका घटनाहरूमा संलग्न दोषीहरूले पाइरहेको

---

६४ Country visits by Special Procedures Mandate Holders since 1998 www2.ohchr.org/english/bodies/chr/special/countryvisitsn-z.htm#nepal. accessed on 15 Dec 2008

६५ संयुक्त राष्ट्र सङ्घका महासचिवका विशेष प्रतिनिधि र मानवअधिकार क्षेत्रमा कार्यरत प्रतिनिधिहरूका बीच अन्तरक्रियात्मक छलफल । http://www.inseconline.org/Nepali/archive_show2.php?newsid=17672. accessed on 15 Dec. 2008

६६ http://nepal. ohchr. org/en/resources/Documents/Nepali/pressreleases/DEC2008/2008_12_02_Press_Conference_SR_N. pdf. accessed on 15 Dec 2008

दण्डमुक्तिको क्रमलाई नरोक्ने हो भने शान्ति, मानवता र प्रजातन्त्रका आदर्श लक्ष्यहरू प्राप्त गर्न सकिँदैन'[६६]। तर, यो यथार्थलाई सरकारका साथै राजनीतिक दलहरूले आत्मसात् गरेका छैनन्। द्वन्द्वपीडितहरूले न्यायका लागि विभिन्न राजनीतिक दलहरूका साथै राज्यका विभिन्न निकायहरूलाई झकझक्याउने क्रम रोकेका छैनन्। माओवादी पीडितहरू आफूले माओवादीको विचारभन्दा फरक विचारधारा राखेका कारण पीडित तथा विस्थापित हुनुपरेको तर वैचारिक निकटता रहेका दलले समेत वास्ता नगरेको बताउँछन्[६८]।

### ७. राज्यको पुनः संरचना र आत्मनिर्णयको अधिकार

विगतमा नेपालमा सधैँ एकात्मक राज्य व्यवस्था कायम रह्यो। बहुजाति, बहुभाषी, बहुसांस्कृतिक नेपालमा सबैको कदर भएन भन्ने आवाज जनआन्दोलन ०६२/६३ पछि व्यापक रूपमा उठ्यो। यस विषयमा सबैजसो राजनीतिक दलहरूमा सैद्धान्तिक रूपमा मतैक्य रहेको देखिन्छ। तर, वर्षौंदेखिको थिथोमिचो, आत्मसम्मानमाथिको चोट र शोषणको अन्त्य गर्न ठोस कदम चाल्न ढिलो भएको अनुभूति भने सन् २००८ को अन्त्यसम्मै गरियो। विभिन्न जातजातिका समुदायलाई राज्यको नीति निर्माण तहमा प्रतिनिधित्व दिलाउने वा सङ्घीयतामार्फत उनीहरूको अधिकार स्थापित गराउने विषय वर्षभरि नै चर्चामा रह्यो।

जनआन्दोलन ०६२/६३ पछि राज्य पुनःसंरचनाको विषयले बढी महत्त्व पायो। राज्यको पुनःसंरचना गरी पछाडि पारिएका सम्पूर्ण वर्ग र समुदायको प्रतिनिधित्व राज्य सञ्चालनमा हुने व्यवस्था गरिनु पर्छ भन्ने अवधारणाले त्यसपछि सैद्धान्तिक मान्यता पायो। 'पद्धतिको लोकतान्त्रीकरणसँगसँगै राज्यको पनि लोकतान्त्रीकरण गर्नुपर्ने सन्दर्भमा मुलुकलाई प्रादेशिक संरचनाभित्र व्यवस्थित पारिनु अत्यन्त जरुरी भएको छ'[६९]। यस कुरालाई सबै राजनीतिक दलले महसुस गरेको देखिन्छ। संविधानसभा चुनावका क्रममा विभिन्न राजनीतिक दलले आ-आफ्ना घोषणापत्रमा राज्य संरचनाका बारेमा अभिमत जाहेर गरेका छन्। संविधानसभा गठनपश्चात् सबैले सङ्घीय राज्य व्यवस्थाको पक्षमा सहमति जनाइसकेका छन्। सङ्घीयताको स्वरूप भविष्यमा जस्तोसुकै भए पनि वर्षको अन्त्यसम्ममा सबै दल सङ्घीयतालाई अपनाउने कुरामा भने एकमत देखिए। संविधानसभाको पहिलो बैठकले नै नेपाललाई लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणालीमा जाने घोषणा गरिसकेको अवस्थामा त्यस्तो मतैक्य कायम हुनु स्वाभाविकै थियो।

दलहरूबीच अब कस्तो सङ्घीय संरचना स्थापना गर्ने भन्ने विषयमा व्यापक छलफल हुन जरुरी छ। यस विषयमा गम्भीरतापूर्वक छलफल गरी संविधानसभाले निचोड प्रस्तुत गर्न सक्नु पर्छ। सङ्घीय शासन व्यवस्थाका सम्बन्धमा केही दृष्टिकोण तथा अवधारणा सार्वजनिक भएका छन्। कसैले क्षेत्र तथा भौगोलिक आधारमा सङ्घीय शासन प्रणालीको अवधारणा अघि सारेका छन् भने कसैले जातीयताका आधारमा सङ्घीय संरचनाका अवधारणा अघि सारेका छन्। जनजाति समूहहरूले जातिगत रूपमा सङ्घीय शासन प्रणालीलाई रूपान्तरित गरिनुपर्छ भनेका छन्।

नेपालको भौगोलिक बनोट र बसोबासको प्रवृत्तिलाई समेत मध्यनजर गरी त्यही आधारमा सङ्घीय शासन प्रणाली आत्मसात् गरिनु पर्छ भन्ने विषयमा वर्षको अन्त्यसम्मै चर्चा भइरह्यो। 'नेपालजस्तो मिश्रित समाजमा जातीय आधारको राज्य संरचना किमार्थ न्यायोचित हुँदैन'[७०] भन्ने धारणा बुद्धिजीवीहरूले व्यक्त गरे।

### ८. सरकारको नीति तथा कार्यक्रम र दलहरूको न्यूनतम साझा कार्यक्रमको बेवास्ता

सरकारमा सम्मिलित दलहरूले जनआन्दोलनको मर्मलाई आत्मसात् गर्दै सरकारको साझा कार्यक्रममा सहमति गरेका थिए। माओवादी, एमाले र मधेसी जनअधिकार फोरम नेपालबीच विस्तृत शान्ति सम्झौतालगायतका सम्झौता, सहमति र निर्णयको कार्यान्वयन गरी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने सहमति भएपश्चात् नै सरकार निर्माणको बाटो खुलेको थियो। मुलुकमा उत्पन्न सबै

---

६६ मानवअधिकार तथा प्रजातान्त्रिक मञ्च। दण्डहीनता अवधारणा, समस्या र निदान, २०६४, काठमाडौं: पृ.४९

६८ 'माओवादीपीडितद्वारा काङ्ग्रेस कार्यालय घेराउ' । *कान्तिपुर* । ०६५ मङ्सिर १७ http://ekantipur.com/kolnepalinews.php?nid=168783 accessed on 29 Dec 2008

६९ आचार्य नरहरि। नयाँ नेपालको प्रस्तावना। २०५६ पुस १७, काठमाडौं : पृ.१३

७० डा. केसी, सुरेन्द्र। नेपालको राज्य पुनःसंरचना र संविधानसभा, २०६३, काठमाडौं: पृ. ४२

द्वन्द्व र समस्यालाई वार्ता र संवादका आधारमा शान्तिपूर्ण ढङ्गले व्यवस्थापन एवम् समाधान गरिने वचनबद्धता सरकारको साझा कार्यक्रममा व्यक्त गरिएको छ। सरकारको न्यूनतम साझा कार्यक्रममा शान्ति सम्झौतामै उल्लेख गरिएका राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनःसंरचना आयोग, बेपत्ताहरूको खोजी गर्ने आयोगलगायतका आयोगहरू गठन गर्ने प्रतिबद्धता दोहोऱ्याइयो[६१]। तर, प्रतिबद्धतालाई पूरा गर्न सरकारले ठोस कदम चालेको वर्षको अन्त्यसम्मै देखिएन।

सरकारमा सम्मिलित दलहरूले सार्वजनिक गरेको सरकारको न्यूनतम साझा कार्यक्रम अनुसार नेपाल सरकारको नीति तथा कार्यक्रम संविधानसभाको व्यवस्थापिका संसद्मा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका पहिलो राष्ट्रपति डा. रामवरण यादवद्वारा प्रस्तुत गरियो। सामन्ती राज्य संरचनाका कारण विगतमा सिर्जना भएका विभिन्न आर्थिक-सामाजिक समस्याहरूको हल गर्न सामन्तवादका सबै रूप एवम् अवशेषहरूको अन्त्य गर्दै नयाँ लोकतान्त्रिक मूल्य-मान्यताका आधारमा स्वाधीन, स्वतन्त्र र आत्मनिर्भर नयाँ नेपालको निर्माणको आधार तयार गर्न राजनीतिक सहमतिका आधारमा साझा कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने नीति सरकारले सार्वजनिक गऱ्यो[६२]। देशमा आर्थिक र सामाजिक असमानताले अनेक समस्या जन्माएको विश्लेषण गर्दै अग्रगामी मान्यता, सामाजिक न्याय र समानताको सिद्धान्तका आधारमा राज्यका सबै अङ्ग र तहमा महिला, आदिवासी-जनजाति, अत्यन्त अल्पसङ्ख्यक जाति, मधेसी, दलित, मुसलमान समुदाय, पिछडिएका क्षेत्रका जनताको समानुपातिक समावेशीकरणको प्रक्रियालाई आवश्यक कानुनी व्यवस्था मिलाई अगाडि बढाउने नीति पनि सरकारले सार्वजनिक गयो[६३]।

नेपाल सरकारले आफ्नो कार्यक्रममा छिट्टै नै एक उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता भएकाहरूको खोजी गरी सार्वजनिक गर्ने सम्बन्धमा छुट्टै आयोग गठन गरिने उल्लेख गरे पनि वर्षको अन्त्यसम्मै ती आयोगहरू गठन भएनन्। नीति तथा कार्यक्रममा दण्डहीनताको अन्त्य गरिने प्रतिबद्धता व्यक्त गरियो। तर, सरकार आफ्नो प्रतिबद्धतामा इमान्दार देखिएन। राजनीतिक आस्थाका नाममा अपराधमा संलग्न भई सजाय भोगिरहेका बन्दीलाई समेत माफी दिएर सरकारले दण्डहीनताको पक्षपोषण गऱ्यो। नीति तथा कार्यक्रममा एकात्मक केन्द्रीकृत राज्य प्रणालीको अन्त्य गरी मुलुकमा सङ्घीय राज्य प्रणाली स्थापना गर्नका लागि सम्बन्धित क्षेत्रका विशेषज्ञहरू सम्मिलित एक राज्य पुनःसंरचना आयोग गठन गरिने उल्लेख गरियो। वर्षको अन्त्यसम्मै त्यस्तो आयोगको गठन भने भएन।

### ९. निष्कर्ष तथा सुझावहरू

अन्तरिम संविधान अनुसार गणतन्त्रात्मक व्यवस्थाको स्थापना भए पनि सङ्घीय गणतन्त्र राज्य व्यवस्था नयाँ संविधान निर्माणपश्चात् मात्र संस्थागत हुनेछ। संविधानसभा निर्वाचनअघिको राजनीतिक समीकरणमा आएको परिवर्तन, माओवादीले निर्वाचनपछि पुराना सहमतिप्रति दर्शाएको उदासीनता अनि लोकतान्त्रिक मूल्य र मान्यताप्रति गरेको प्रहारका कारण भने संविधान निर्माण प्रक्रियासामु चुनौती खडा भएको छ।

जनआन्दोलन र लोकतन्त्रको भावना अनुसार नयाँ संविधान बनाई देशमा दिगो शान्ति स्थापना गर्ने दलहरूको संविधानसभाअघिको सहमति ओझेलमा पर्नु हुँदैन। कुनै दलले बहुलवाद, कानुनको शासन, मानवअधिकारजस्ता लोकतन्त्रका आधारभूत मान्यताभन्दा बाहिर जान खोज्नु जनआन्दोलनको मर्मविपरीत हुन जान्छ। नयाँ नेपालमा जनताको राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सुनिश्चितताको प्रत्याभूति समावेशी संविधानबाट मात्र सम्भव हुनेछ।

तर, राजनीतिक दलहरूबीच देखिएका अन्तरविरोध र असहमतिका कारण यथासमयमा नयाँ लोकतान्त्रिक संविधान निर्माण हुने जनताको आशामा तुषारापात हुनसक्ने शङ्का उब्जिएको छ। संविधानसभाको गठनपश्चात् तदारुकताका साथ संविधान निर्माण प्रक्रिया अघि बढ्न नसक्नु वर्षको

६१ दस्तावेज : सरकारको साझा कार्यक्रम। *कान्तिपुर*। ०६५ भदौ ६
http://ekantipur.com/kolnepalinews.php?nid=157857 accessed on 22 Dec 2008

६२ आर्थिक वर्ष २०६५/६६ को नेपाल सरकारको नीति तथा कार्यक्रम।
http://www.can.gov.np/doc_folder/16Budget-Sept7.doc. accessed on 5 Dec. 2008

६३ पूर्ववत्।

## लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनसम्बन्धी प्रस्ताव

नेपाली जनताले ००७ सालपहिलेदेखि पटकपटक गर्दै आएका ऐतिहासिक सङ्घर्ष, क्रान्ति र जनआन्दोलनमार्फत अभिव्यक्त जनादेशको सम्मान गर्दै, प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न, राजनीतिक दलहरूका बीच भएको सहमति तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५९ (२) अनुरूप इतिहासले सुम्पेको अभिभारालाई आत्मसात् गर्दै नेपाल सरकार, मन्त्रिपरिषद् गणतन्त्रको कार्यान्वयनका लागि संविधानसभाको पहिलो बैठकमा निम्नबमोजिमको प्रस्ताव प्रस्तुत गर्दछ :

(१) सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी नेपाल आजैका मितिदेखि एक सङ्घीय, लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्दछ।

(२) मुलुकमा विधिवत् लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भएकाले यससँग बाझिने सबै संवैधानिक प्रावधान, कानून र प्रशासनिक व्यवस्था आजैका मितिदेखि बाझिएको हदसम्म खारेज भएको मानिनेछ। यो घोषणा पारित हुनुभन्दा तत्कालअघि प्रचलित कानुन, परम्परा, रीति, सामाजिक तथा सांस्कृतिक व्यवहार एवम् अभ्यासमा रहेका तत्कालीन राजा र निजका परिवारका सदस्यलाई आमनेपाली नागरिकलाई भन्दा भिन्न रूपमा प्राप्त सम्पूर्ण अधिकार, सुविधा, हैसियत तथा उपाधि स्वत: अन्त्य हुनेछ।

(३) नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् घोषित भएको अवस्थामा राष्ट्रपतिको व्यवस्थालगायतका अत्यावश्यक प्रावधानलाई संवैधानिक रूपमा संस्थागत गर्न नेपालको अन्तरिम संविधान, ०६३ मा आवश्यक संशोधन विधेयक पेस गरिएको छ। राष्ट्रपतिको निर्वाचन प्रणालीलगायत अन्य आवश्यक विषयमा संविधान संशोधनसम्बन्धी अर्को विधेयक पेस गरिनेछ।

(४) नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् प्रवेश गरी नयाँ युग आरम्भ भएको ऐतिहासिक अवसरमा यो बैठक सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछ। यस अवसरमा सम्पूर्ण नेपाली जनतालाई हार्दिक बधाई ज्ञापन गर्दै आज र अबउप्रान्त प्रत्येक सालको जेठ १५ गते गणतन्त्र दिवसलाई हर्षोल्लासपूर्ण वातावरणमा व्यापक रूपमा विविध कार्यक्रमहरूका साथ मनाउन देशभित्र र बाहिर रहनु भएका सम्पूर्ण नेपालीहरूमा यो बैठक हार्दिक आह्वान गर्दछ।

(५) नेपालमा लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन भइसकेको सन्दर्भमा नारायणहिटी दरबार परिसर तथा यसभित्र रहेको सम्पूर्ण सम्पदालाई ऐतिहासिक सङ्ग्रहालयलगायत राष्ट्रिय हितमा उपयोग गर्न नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

*(नेपाल सरकार, मन्त्रिपरिषद्बाट संविधानसभाको पहिलो बैठकमा प्रस्तुत गरिएको गणतन्त्रको कार्यान्वयन गर्नेसम्बन्धी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका तर्फबाट गृहमन्त्री कृष्णप्रसाद सिटौलाद्वारा प्रस्तुत एवम् पारित प्रस्ताव)*

अन्त्यसम्मै चिन्ताको विषय थियो।

वर्ष २००८ मा पनि आमजनताले बिजुली बत्ती, पेट्रोल, ग्यासलगायतका दैनिक आधारभूत आवश्यकताका वस्तुहरूको अभावको सामना गर्नु पऱ्यो। तर, विगतको गलत वा अपूरो राजनीतिक तथा विकास नीतिका कारण यस्ता समस्या उत्पन्न भएको निष्कर्षका साथ आममानिस नयाँ नेपालको आशामा रहिरहे।

राजनीतिक प्रणालीलाई नै लोकतन्त्रको बाटोभन्दा बाहिर लगिने हो कि भन्ने आशङ्काले भने सबैलाई पिरोल्यो। मूलत: माओवादी नेताहरूको अभिव्यक्ति र माओवादी कार्यकर्ताहरूको अराजक गतिविधिका कारण यस्तो आशङ्का उत्पन्न गऱ्यो। मानवअधिकार तथा अभिव्यक्ति स्वतन्त्रताप्रति आक्रामक देखिएको माओवादीकै नेतृत्वमा बन्न लागेको नयाँ संविधान कति लोकतान्त्रिक हुनसक्ला भन्ने विषयमा चिन्ता छाउनु अस्वाभाविक पनि थिएन।

यद्यपि, लोकतन्त्रलाई आत्मसात् गर्ने काङ्ग्रेस र एमालेको भूमिका संविधान निर्माणका क्रममा निर्णायक हुने देखिन्छ। तैपनि, 'नेपालमा माओवादीहरूले आफ्नो रणनीति तथा कार्यनीतिलाई परिवर्तन गरे तापनि आफ्नो गन्तव्य परिवर्तन गरेका छैनन्'[६४] जस्तो

६४ क्राइसिस ग्रुप, नेपालको नयाँ राजनीतिक परिदृश्य, एसिया रिपोर्ट नं. १५६। ३ जुलाई २००८ पृ.५

निष्कर्षले आगामी दिनको चुनौतीको सङ्केत गर्छ।

**राजनीतिक दल र सरकारका निम्ति केही बुँदागत सुझाव**

- संविधानसभाको गठनपछि देखिएको राजनीतिक अन्तरविरोधको अन्त्य गरी सहमति र सहकार्यको नीति अँगाल्नु पर्छ।
- राजनीतिक दलहरूले दलीय स्वार्थ त्यागेर संविधान निर्माण कार्यलाई आफ्नो प्रमुख कार्यसूची बनाउनुपर्छ।
- सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई न्याय प्रदान गर्न बृहत् शान्ति सम्झौतामा तय गरिएबमोजिम आवश्यक कदम तत्काल चालिनुपर्छ।
- शान्ति सम्झौतालगायतका विभिन्न सम्झौता र सरकारको न्यूनतम साझा कार्यक्रमलगायत सरकारको नीति तथा कार्यक्रममा पटक-पटक उल्लेख गरिएका विभिन्न आयोग तत्काल गठन गरिनुपर्छ।
- तराईमा बढ्दो हिंसा र आपराधिक घटनालाई नियन्त्रण गरी जनतालाई सुरक्षा प्रदान गरिनुपर्छ।
- दण्डहीनताको अन्त्यका लगि तत्काल आवश्यक कदम चालिनुपर्छ। अपराधीलाई राजनीतिक संरक्षण प्रदान गरिनु हुँदैन।
- आन्दोलनरत विभिन्न समूहसँग गरिएका सम्झौताहरूको कार्यान्वयनका लागि तत्काल आवश्यक कदम चालिनुपर्छ।
- द्वन्द्वमा परेका बालबालिकासम्बन्धी समाधिक्षक राधिका कुमारास्वामीसँग प्रधानमन्त्री दाहालद्वारा व्यक्त गरिएको शिविरमा रहेका २ हजार ९ सय ७३ बालबालिकालाई मुक्त गर्ने प्रतिबद्धताको अविलम्ब कार्यान्वयन गरिनुपर्छ।
- राजनीतिक दलका भ्रातृ सङ्गठनका कार्यकर्ताद्वारा भइरहेका गैरकानुनी क्रियाकलापमा रोक लगाई दोषीहरूउपर कानुनी कारबाही गरिनुपर्छ।
- आफ्ना भ्रातृ सङ्गठनका कार्यकर्ताहरूद्वारा गरिने हिंसात्मक गतिविधिहरू बन्द गर्न दलहरूले कडा निर्देशन गर्नुपर्छ।

परिच्छेद

३

३.१ राज्य र मानवअधिकार

# न्यायपालिका

## घटनाक्रम
### (०६४ पुस १७ देखि ०६५ पुस १६)

**०६४ पुस १८**

सर्वोच्च अदालतद्वारा न्यायप्रति सर्वसाधारणको आस्था विचलित हुन नदिन फैसलाको स्तर सुधार्न विशेष अदालतलाई निर्देशन।

**पुस २२**

न्यायपालिकाको अवस्था कमजोर रहेको र यसले स्वतन्त्र र सक्षम तरिकाले काम गर्न नसकेको सर्वोच्च अदालतका पूर्वन्यायाधीश टोपबहादुर सिंहको भनाइ।

**पुस २३**

संसदीय सुनुवाइ विशेष समितिद्वारा सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित ताहिर अली अन्सारी र राजेन्द्रप्रसाद कोइरालाको सुनुवाइ।

**पुस २६**

ताहिर अलि अन्सारी र राजेन्द्रप्रसाद कोइराला स्थायी न्यायाधीश पदमा नियुक्त।

**पुस २७**

अदालतमा न्यायाधीशलाई श्रीमान्को सट्टा माननीय न्यायाधीशज्यू सम्बोधन गर्न सर्वोच्च अदालतका प्रधानन्यायाधीश, न्यायाधीश र नेपाल बार एसोसिएसनबीच सहमति।

**पुस २९**

न्यायिक मर्यादालाई न्यायाधीश स्वयम्ले कायम राख्न नसके जनविश्वास घट्ने सर्वोच्च अदालतका न्यायाधीश र पुनरावेदनका मुख्य न्यायाधीशको सम्मेलनमा प्रधानन्यायाधीश केदारप्रसाद गिरीको भनाइ।

**माघ ३**

सर्वोच्च अदालतमा चमती जग्गा एकीकरण मुद्दाको सुनुवाइ भइरहेका बेला आयोजनाका समर्थकद्वारा न्यायाधीशविरुद्ध गालीगलौज।

**माघ १०**

राज गुठीको जग्गा रैकरसरह परिणत गरी बिक्री वितरण गर्ने काम संविधानविपरीत ठहर। संविधानसँग बाझिएको गुठीसम्बन्धी कानुन बदर गर्दै सर्वोच्च अदालतद्वारा विभिन्न नाममा गुठी जग्गा सार्ने र सट्टापट्टा गर्न नमिल्ने फैसला।

**माघ १३**

संविधानसभा निर्वाचन अदालतका लागि न्याय परिषद्द्वारा अध्यक्षमा अनुपराज शर्मा र सदस्यहरूमा तपबहादुर मगर र रामकुमारप्रसाद साहको सिफारिस।

**माघ २३**

निर्वाचन क्षेत्र विकास कोष अन्तर्गत प्रत्येक सांसदलाई दिने १०-१० लाख रुपियाँ तत्काल रोक्न सरकारका नाममा सर्वोच्च अदालतका न्यायाधीशद्वय अनुपराज शर्मा र कल्याण श्रेष्ठको इजलासद्वारा अन्तरिम आदेश जारी।

**माघ २४**

औषधिको आपूर्ति, गुणस्तर र मूल्यमा नियमितता कायम गरी स्वास्थ्य क्षेत्रमा सुधार गर्न सर्वोच्च अदालतद्वारा सरकारलाई आदेश।

**माघ २७**

नेपाल सरकारद्वारा संविधानसभा अदालत ऐन २०६४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी संविधानसभा निर्वाचनसम्बन्धी विवाद सुनुवाइका लागि संविधानसभा अदालत गठन। अध्यक्षमा सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्मा र सदस्यहरूमा तपबहादुर मगर र रामकुमारप्रसाद साह तथा रजिस्ट्रारमा न्यायपरिषद्का सहरजिस्ट्रार नहकुल सुवेदी नियुक्त।

**फागुन १८**

प्रशासकीय अदालतद्वारा एकै अवस्थाका कर्मचारीलाई कारबाहीमा भेदभाव हुने गरी जलस्रोत मन्त्रालयले गरेको निर्णय आदेश बदर। वाग्मती सिँचाइ आयोजनामा अनियमितताको आरोपमा तत्कालीन आयोजना प्रमुख उमाकान्त झासहित आठ जनाको बढुवा रोक्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएको निर्देशनका आधारमा मन्त्रालयले झाबाहेक अन्यलाई कारबाही गरेको थियो।

**फागुन २६**

संस्थापन पक्षको दावी गर्दै नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)को मण्डल समूहले दायर गरेको रिटमा सर्वोच्च अदालतद्वारा निर्वाचन आयोग र सरकारसँग लिखित जवाफ माग।

**फागुन २७**

सर्वोच्च अदालतद्वारा माओवादी केन्द्रीय सदस्य अग्नि सापकोटासहित छ माओवादी कार्यकर्तालाई हत्याको अभियोगमा कारबाही चलाउन जिल्ला प्रशासन कार्यालय काभ्रेलाई आदेश।

**फागुन २८**

नेपाल राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईविरुद्धको आर्थिक अनियमितताको मुद्दा करिब सात महिनापछि फैसला।

**चैत ३**

सर्वोच्च अदालतद्वारा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा वार्षिक प्रतिवेदन पेस।

**चैत ४**

काठमाडौँ जिल्ला अदालतद्वारा प्रधानन्यायाधीश केदारप्रसाद गिरीमाथि आक्रमण गरेको अभियोगमा प्रभातकुमार गुप्तालाई पाँच वर्ष सजायको फैसला।

**०६५ वैशाख ४**

सर्वोच्च अदालतद्वारा आउँदो शैक्षिक सत्रदेखि सुस्तश्रवणलाई साङ्केतिक भाषा र दोभाषेको माध्यमबाट अध्ययनको व्यवस्था गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी। अन्तरिम संविधानमा व्यवस्था भएबमोजिम नागरिकलाई शिक्षा, स्वास्थ्य र रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी हक प्रत्याभूत गर्न आवश्यक कानुन निर्माण गर्न आदेश।

**वैशाख ३०**

सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग गर्ने कार्यलाई अपराधका रूपमा व्याख्या गरी कानुन बनाउन सर्वोच्च अदालतको आदेश।

**जेठ २३**

कारागारमा महिलाहरूको गर्भावस्थाको हेरचाह, बच्चा जन्मिने अवस्थाको स्वास्थ्यको सुरक्षा, बच्चाको पोषणजस्तो स्वास्थ्यसम्बन्धी उपयुक्त सुविधाको व्यवस्था गरी नीति तथा कार्यक्रम बनाई लागू गर्न सरकारका नाममा निर्देशनात्मक आदेश।

**जेठ २४**

जेठ २ गते सर्वोच्च अदालतमा आदेशको नक्कल सार्न आउँदा हूलहुज्जत गरेको हुँदा अदालतको अपहेलनामा कारबाही गरी पाउँ भनी सद्भावना (आनन्दीदेवी)की सरिता गिरीले दायर गरेको निवेदनका आधारमा अदालतको अपहेलनासम्बन्धी मुद्दामा आपूर्तिमन्त्री श्यामसुन्दर गुप्तासँग लिखित जवाफ माग।

**असार १**

न्यायाधीशको अभावमा न्याय सम्पादनमा प्रतिकूल असर परी ढिलासुस्ती भएको प्रधानन्यायाधीश केदारप्रसाद गिरीको भनाइ।

**असार २**

बार अध्यक्षले सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिको विरोधमा उपत्यकाका जिल्ला र पुनरावेदन अदालतका न्यायाधीशद्वारा दुई घन्टा इजलास बहिष्कार।

प्रधानन्यायाधीश केदारप्रसाद गिरीको अध्यक्षतामा बसेको सर्वोच्चका न्यायाधीशहरूको पूर्ण बैठकद्वारा सर्वसम्मतिले बारका अध्यक्षलाई छ महिनासम्म नेपालका सम्पूर्ण अदालतमा वरिष्ठ अधिवक्ताको हैसियतमा बहस पैरवी गर्न नपाउने गरी प्रतिबन्ध।

**असार २३**

सर्वोच्च अदालतका प्रधानन्यायाधीश केदारप्रसाद गिरी र न्यायाधीश रामकुमारप्रसाद साहको इजलासद्वारा रौतहटको गौरस्थित लक्ष्मीनारायण मन्दिरको विषयमा ०३२ सालमा परेको मुद्दामा मन्दिरको सञ्चालक र संरक्षक ९१ वर्षीया सत्यमाया मानन्धर रहेको फैसला।

**असार २६**

पत्नीलाई जबरजस्ती करणी गर्ने पतिमाथि हुने सजाय बढाउन माग गर्दै परेको रिटमा सजायको व्यवस्था मिलाउन आवश्यक कार्य गर्न सरकारका नाममा निर्देशनात्मक आदेश।

**असार २७**

राष्ट्रपति डा. रामवरण यादवद्वारा प्रधानन्यायाधीशबाट पद तथा गोपनीयताको शपथग्रहण।

बहुविवाह गर्ने बझाङका तत्कालीन प्रमुख जिल्ला अधिकारी दुर्गादत्त पौडेललाई बझाङ जिल्ला अदालतद्वारा एक वर्षको जेल सजाय।

**असार ३०**

सर्वोच्च अदालतद्वारा सार्वजनिक अपराधका मुद्दालाई तीन महिनाभित्र टुङ्गो लगाउन सबै जिल्ला कार्यालयका नाममा परमादेश जारी ।

पुर्पक्षका लागि थुनामा राख्नेसम्बन्धी सार्वजनिक सरोकारको मुद्दा सर्वोच्च अदालतमा दर्ता भएको एक साताभित्र फैसला गरिने।

करिब दुई वर्षअघि नेपाल भूतपूर्व स्वतन्त्र सैनिक सङ्घका अम्बरबहादुर थापाले दर्ता गराएको रिट निवदेनमा नेपाली सेना जङ्गी अड्डालाई मिसिल पठाउन सर्वोच्च अदालतद्वारा दोस्रोपटक आदेश।

सार्वजनिक अपराधमा पुर्पक्षका निम्ति थुनामा रहेकालाई हिरासतमा नराखी कारागार पठाउन सर्वोच्च अदालतद्वारा सरकारका नाममा आदेश।

**साउन १०**

उपराष्ट्रपति परमानन्द झाले संविधानविपरीत हिन्दी भाषामा शपथ लिएकाले फेरि शपथग्रहणको माग गर्दै अधिवक्ता बालकृष्ण न्यौपानेद्वारा सर्वोच्च अदालतमा रिट दायर।

**साउन १८**

सर्वोच्च अदालतलाई उपराष्ट्रतिले कार्यभार सम्हाल्ने र शपथ लिने विषय राजनीतिक प्रकृतिको भएकाले न्यायिक छानबिन गर्न नमिल्ने सरकारको जवाफ।

**साउन २०**

न्यायाधीश छनोट प्रक्रियाप्रति असन्तुष्टि जनाउँदै पुनरावेदन अदालत पाटनका न्यायाधीश कृष्णप्रसाद बस्यालद्वारा राजीनामा।

**साउन २१**

सर्वोच्च अदालतका न्यायाधीशद्वय बलराम केसी र कल्याण श्रेष्ठको संयुक्त इजलासले लैङ्गिक आधारमा पारिश्रमिकमा भेदभाव गर्नु गैरकानुनी हुने ठहर।

बाह्र सातासम्मको गर्भपतन महिला एक्लैले गराउन पाउने कानुनी व्यवस्था समानताको हकविपरीत नभएको सर्वोच्च अदालतको ठहर।

**साउन २४**

कुमारीले बालबालिकाले उपभोग गर्ने सबै अधिकार उपभोग गर्न पाउनु पर्ने निर्णय।

**साउन ३२**

पुनरावेदन अदालत हेटौँडाद्वारा कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्या अभियोगमा माओवादी तेस्रो डिभिजन शक्तिखोरका गोविन्दबहादुर बटालालाई थुनामा राखी पुर्पक्ष गर्ने जिल्ला अदालत चितवनको आदेश सदर।

**भदौ १**

सशस्त्र द्वन्द्वबाट पीडित भएकालाई राहत प्रदान गर्न सरकारलाई निर्देशनात्मक आदेश, प्रत्येक विकास क्षेत्रबाट एक-एक जना राजनीतिक प्रतिनिधि, पीडितको प्रतिनिधिसमेत रहने गरी बनाइनु पर्ने समितिको समयसीमा छ महिना हुनुपर्ने।

**भदौ २**

कुमारी प्रथा सुधारका लागि समिति गठन गर्न सर्वोच्च अदालतद्वारा सरकारलाई निर्देशनात्मक आदेश। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रायका सह-सचिवको संयोजकत्वमा समिति गठन गरी एक वर्षभित्र कार्यान्वयन गर्न र त्यसका आधारमा कुमारी प्रथामा रहेका विकृति सुधार गर्न आदेश।

**भदौ ११**

चिकित्साशास्त्र अध्ययनका लागि महिला तथा अल्पसङ्ख्यकका निम्ति छात्रवृत्ति प्रक्रिया सुरु गर्न शिक्षा तथा खेलकुद मन्त्रालयलाई आदेश।

सर्वोच्च अदालतद्वारा दीपक मनाङ्गेलाई रिहा गर्न आदेश। छ वर्षअघि सार्वजनिक अपराधको मुद्दामा पक्राउ परेका मनाङ्गेलाई नाम नमिलेको भन्दै रिहा गर्न आदेश।

**भदौ १२**

सर्वोच्च अदालतको आदेशले रिहा भएका दीपक मनाङ्गेलाई पुनः पक्राउ गर्न काठमाडौँ जिल्ला प्रशासन कार्यालयद्वारा प्रहरीलाई आदेश।

**भदौ १३**

अदालतका फैसला र आदेशलाई अध्ययन गर्न नेपाल बार एसोसिएसनद्वारा न्यायपालिकालाई भ्रष्टाचार मुक्त बनाउने अभियान अन्तर्गत वरिष्ठ अधिवक्त श्रीहरि अर्यालको संयोजकत्वमा समिति गठन।

**भदौ १६**

सङ्क्रमणकालीन अवस्थामा न्यायालयमा भ्रष्टाचार बढेको भन्दै नेपाल बार एसोसिएसनद्वारा प्रधानमन्त्री पुष्पकमल दाहालको ध्यानाकर्षण।

**भदौ २०**

सर्वोच्च अदालतको मुद्दाको बोझ घटाउन प्रशासनिक अदालतको क्षेत्राधिकार विस्तार गर्नुपर्ने प्रधानन्यायाधीश केदारप्रसाद गिरीको भनाइ।

**भदौ २३**

न्यायाधीशसम्बन्धी संवैधानिक व्यवस्थाबारे सर्वोच्च अदालतको पूर्ण इजलासले टुङ्गो लगाउने सर्वोच्च अदालतका न्यायाधीश मीनबहादुर रायमाझीको इजलासबाट आदेश।

**भदौ २६**

मुलुकी ऐनको बिहावारी महलको व्यवस्थामा सुधार गर्न सर्वोच्च अदालतको निर्देशनात्मक आदेश।

**असोज १**

बारका अध्यक्ष विश्वकान्त मैनालीको अभिव्यक्तिका कारण बार र बेञ्चबीच विवाद सुरु। सर्वोच्च अदालतबाहेक उपत्यकाका सबै अदालतका न्यायाधीशद्वारा आधा दिन इजलास बहिष्कार।

**असोज २**

पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशहरूद्वारा १२ बजेसम्म इजलास बहिष्कार।

सर्वोच्च अदालतको पूर्ण बैठकले नेपाल बार एसोसिएसनका अध्यक्ष विश्वकान्त मैनालीलाई छ महिनासम्म देशभरका कुनै पनि अदालतमा बहस गर्न निषेध।

**असोज ५, ६, ७**

सर्वोच्चको निर्णयको जवाफमा सर्वोच्च अदालतले आफ्नो अधिकार क्षेत्र नाघेको, प्राकृतिक न्यायको सिद्धान्तविपरीत कुनै सोधपुछबेगर नै एकतर्फी हतास र आवेशपूर्ण निर्णय गरेको भन्दै आफ्ना अध्यक्षउपरको कारबाही बिनासर्त फिर्ता गर्न माग गर्दै देशभरका सबै अदालतहरूमा वकिलहरूद्वारा बहस पैरवी बहिष्कार।

**असोज ७**

बार र सर्वोच्चबीच सहमति गरी सर्वोच्चद्वारा

बार अध्यक्षविरुद्ध गरेको निर्णय फिर्ता।

**असोज ८**

मध्य तथा सुदूरपश्चिमका १२ जिल्लामा देखिएको खाद्यान्न सङ्कट समाधान गर्न आवश्यक खाद्यान्न ती जिल्लाहरूमा पुऱ्याउन सरकारलाई आदेश।

**असोज १३**

सहकर्मीसँग समलिङ्गी सम्बन्ध राखेको आरोपमा सैनिकलाई बर्खास्त गर्ने फैसला गरेकामा सर्वोच्चद्वारा सैनिक विशेष अदालतलगायतसँग कारण माग।

**कात्तिक ५**

न्यायाधीशहरूलाई इजलास बहिष्कार नगर्न न्यायपरिषद्को निर्देशन।

**कात्तिक ११**

मन्त्रिपरिषद्को बैठकद्वारा विभिन्न अदालतमा विचाराधीन अवस्थामा रहेका गम्भीर प्रकृतिका ३ सय ४९ मुद्दा फिर्ता गर्ने निर्णय गरी स्वतन्त्र न्यायपालिकामाथि प्रहार।

**कात्तिक १७**

सरकारले बजेटमार्फत सार्वजनिक गरेको निजी विद्यालयको शुल्कमा शिक्षा सेवाकरबापत पाँच प्रतिशत कर लागू गर्ने निर्णयका सम्बन्धमा दायर रिट निवेदनमा सरकारसँग सेवाकर सम्बन्धमा स्पष्टीकरण माग गरी कारण देखाउ आदेश।

**मङ्सिर ३**

नयाँ संविधानमा महिला अथवा पुरुष भनी सम्बोधन नगरी दुवैलाई सम्बोधन गर्न व्यक्ति भन्ने शब्दको प्रयोग गर्न सरकार र संसद्लाई आदेश।

**मङ्सिर १३**

डान्स बार र क्याबिन रेस्टुरेन्ट व्यवस्थापन गर्न छुट्टै कानुन निर्माण गर्न सरकारको नाममा आदेश। सर्वोच्च अदालतको संयुक्त इजलासद्वारा कानुन निर्माण नहुञ्जेलसम्मका लागि १६ बुँदे निर्देशिका जारी।

**मङ्सिर २६**

सर्वोच्च अदालतद्वारा विभिन्न तहका न्यायाधीशहरू नियुक्तिको माग गर्दै अधिवक्ता माधवकुमार बस्नेतद्वारा पेस गरेको रिट दर्ता गर्न अस्वीकार।

**पुस २**

सर्वोच्च अदालतका न्यायाधीशद्वय मीनबहादुर रायमाझी र बलराम केसीको संयुक्त इजलासले वैदेशिक रोजगारीमा रहेका महिला कामदारहरूको अवस्था समय-समयमा अनुगमन गर्न सरकारलाई आदेश।

**पुस ४**

सबै तहका अदालतको फैसला छिटोछरितो बनाउन सर्वोच्च अदालतको योजना कार्यान्वयन उच्च समितिद्वारा सर्वोच्च अदालतका न्यायाधीश मीनबहादुर रायमाझीको संयोजकत्वमा छ सदस्यीय मुद्दा व्यवस्थापन अध्ययन समिति गठन।

**पुस ७**

अदालतमा न्यायाधीशहरूको रिक्ततालेकार्यसम्पादनमा असर पारेको प्रधानन्यायाधीश केदारप्रसाद गिरीको भनाइ।

**पुस १५**

मानवअधिकार हनन गर्दै सरकारले मुद्दा फिर्ता लिएकाले बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा अधिवक्ता माधवकुमार बस्नेतसहित तीन जनाको रिट दायर।

## १. पृष्ठभूमि

सन् २००८ मा न्यायालयले मानवअधिकारको संरक्षण गर्न अग्रसरता देखाउँदै सार्वजनिक सरोकारका मुद्दाहरूको तदारूकताका साथ फैसला गऱ्यो। तर, ढिलासुस्ती, व्यवस्थापनको अभाव र महँगो न्यायप्रणालीका कारण यस वर्ष पनि न्यायपालिका आलोचनाको घेराभन्दा माथि उठ्न सकेन।

मानवअधिकारको रक्षा, सरकारको स्वेच्छाचारिताको नियन्त्रण एवम् कानुनको शासनको संरक्षणका लागि स्वतन्त्र न्यायपालिकाको महत्त्वका सम्बन्धमा यस वर्ष पनि व्यापक चर्चा भइरह्यो। तर, आफ्नो स्वतन्त्रताको संरक्षण गर्न आवश्यक जनआस्था जगाउन भने न्यायपालिका सफल देखिएन। निष्पक्ष र निर्भय भएर कार्यसम्पादन गर्न सकेमा नै जनआस्था जगाउन न्यायालय सफल हुन्छ। तर, यस वर्ष पनि न्यायिक स्वतन्त्रतामा असर पुऱ्याउने किसिमका गतिविधि वा काम-कारबाही भएको देखियो।

## २. न्यायिक स्वतन्त्रताको अवधारणा

न्यायिक स्वतन्त्रता भन्नाले त्यस्तो अवस्थाको प्रत्याभूति बुझिन्छ, जहाँ न्यायाधीशहरू कुनै दबाव वा धम्कीबाट मुक्त भई निर्भयतासाथ कानुन, तर्क र न्यायिक विवेकका आधारमा निर्णय गर्न वा संविधान र कानुनको व्याख्या र लागू गर्ने आफ्ना न्यायिक अधिकारको प्रयोग गर्न सक्छन्। न्यायिक स्वतन्त्रताको सिद्धान्त नै न्यायिक अधिकारको मूल आधार हो, जसले न्यायिक निष्पक्षताको प्रत्याभूति गर्छ र यसैले लोकतान्त्रिक समाजको पनि परिचयसमेत स्थापित गर्छ। मिलान घोषणापत्र[१]ले न्यायपालिकाको स्वतन्त्रतालाई निम्नानुसार प्रस्तुत गरेको छ:

- न्यायपालिकाको स्वतन्त्रतालाई राज्यले प्रत्याभूत गर्नेछ र मुलुकको संविधान वा कानुनमा राख्नेछ। न्यायपालिकाको स्वतन्त्रताको सम्मान गर्नु हरेक सरकारी र गैरसरकारी संस्थाहरूको कर्तव्य हो।
- न्यायपालिकाकाले आफूसमक्ष आएका विवादहरूमा निष्पक्षतापूर्वक तथ्य तथा कानुनको आधारमा कुनै बन्देज वा अनुचित प्रभाव, लोभ, लालच, धाक, धम्की वा प्रत्यक्ष वा अप्रत्यक्ष हस्तक्षेप बेगर निर्णय गर्नेछ।
- न्यायपालिकालाई न्यायिक प्रवृत्तिका हरेक विवादको समाधान खोज्ने क्षेत्राधिकार प्राप्त हुनेछ र यसलाई निर्णयका लागि कानुनद्वारा सुम्पिएका हरेक विवादको निरूपण गर्ने अधिकार हुनेछ।
- न्यायिक प्रक्रियामा कुनै अनुपयुक्त वा अनुचित हस्तक्षेप गरिने छैन, न त अदालतद्वारा गरिएका निर्णय नै पुनरावलोकन गरिनेछ। तर, कानुनद्वारा गरिएका निर्णयको पुनरावलोकन गर्न सकिनेछ। कानुन निर्दिष्ट सक्षम निकायद्वारा न्यायिक पुनरावलोकन वा सजाय घटाउन वा बदल्न सकिनेछ।
- हरेक व्यक्तिलाई विधिसम्मत प्रक्रिया प्रयोग गरी स्थापित अदालत वा न्यायाधीकरणद्वारा विवादको सुनुवाइ गर्ने अधिकार हुनेछ। सामान्य अदालतहरूद्वारा स्थापित प्रक्रियालाई प्रतिस्थापित गर्ने गरी न्यायाधीकरणको स्थापना गरिने छैन।
- न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी सिद्धान्तले न्यायिक कारबाहीहरू स्वतन्त्रतापूर्वक सञ्चालन गरिने छन् र पक्षहरूका अधिकारहरूको आदर गरिनेछ भन्ने अवधारणाको सुनिश्चित गर्ने निर्देश न्यायपालिकालाई दिन्छन्।
- न्यायपालिकालाई ठीक ढङ्गले कार्य सञ्चालन गर्न आवश्यक स्रोत उपलब्ध गराउनु हरेक राष्ट्रको कर्तव्य हो।

सन् २००८ मा नेपालको न्यायालयका कामहरूको समीक्षा उल्लिखित सिद्धान्तमा आधारित भएर गरिएको छ। नेपालमा पनि विधायिकी कार्यको न्यायिक पुनरावलोकन हुनसक्ने प्रावधानले व्यवस्थापिकाको जथाभावी ऐन निर्माण कार्यलाई नियन्त्रण गर्ने व्यवस्था गरेको छ। त्यसैगरी, कार्यपालिकाको निर्णयको न्यायिक पुनरावलोकनको व्यवस्थाबाट कार्यपालिकाको स्वेच्छाचारितालाई नियन्त्रण गरी सुशासन कायम गर्न मद्दत पुगेको छ। कार्यपालिका र विधायिका दुवैले स्वतन्त्र न्यायपालिकाको अवधारणालाई दृढतासाथ अगाडि बढाउन सकेको खण्डमा मात्र न्यायिक स्वतन्त्रताको

१. संयुक्त राष्ट्र महासङ्घ। न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी आधारभूत सिद्धान्तहरू। U.N. Doc. A/CONF.121/22/Rev.1 at 59 (1985).

प्रत्याभूति हुन सक्छ। आफ्नो कार्यविधि तय गर्न सक्ने स्वायत्तता एवम् स्वतन्त्रता प्रदान गरिएको अवस्थामा मात्र स्वतन्त्र न्यायपालिका सुनिश्चित हुन सक्छ। न्यायिक निर्णयको पुनरावेदन न्यायिक निकायबाट मात्र हुनुपर्छ। साथै, न्यायिक निर्णयको प्रभावकारी कार्यान्वयन गर्न अदालतको कार्य सञ्चालनका निमित्त पर्याप्त आर्थिक एवम् भौतिक साधनको व्यवस्था गरिनुपर्छ। स्वतन्त्रताको जबसम्म संस्थागत व्यवस्था हुँदैन, न्यायपालिकाको स्वतन्त्रता खतरामा पर्ने प्राय: निश्चित हुन्छ।

विगतदेखि देखापरेका समस्याहरूलाई ध्यानमा राखी, न्यायपालिकामा व्यवस्थापिकाको हस्तक्षेप हुनसक्ने सम्भावनालाई मनन गर्दै संविधानसभामार्फत बन्ने संविधानमा न्यायपालिकाको स्वतन्त्र र सक्षम अवस्थाका लागि अन्तरिम संविधानमा रहेको संसदीय सुनुवाइको प्रावधान हटाउनु आवश्यक देखिन्छ। न्यायिक स्वतन्त्रता कायम राख्न आवश्यक नियमहरू बनाउने अधिकार पूर्ण रूपमा न्यायालयलाई प्रदान गरिनुपर्छ। तर, अदालतप्रतिको जनआस्था वृद्धि गर्न, न्यायाधीशहरूलाई न्यायिक आचरणभित्र राख्न र न्यायिक पारदर्शिता कायम गराउन न्यायपरिषद्लाई अधिकार तथा स्रोत-साधनसम्पन्न बनाइनु आवश्यक देखिन्छ। साथै, न्यायपरिषद्को काम-कारवाहीलाई जवाफदेही बनाउने प्रावधानहरू पनि जरूरी हुन्छ।

### २.१ कार्यपालिकाको हस्तक्षेप

न्यायपालिकामाथि यस वर्ष कार्यपालिकाको हस्तक्षेप भएका उदाहरण छन्। सदा स्वतन्त्र रहनुपर्ने न्यायपालिकामाथि स्वतन्त्र राख्ने जिम्मेवारी बहन गर्नुपर्ने सरकार स्वयम्ले हस्तक्षेप गर्नु जायज होइन।

सरकार, दल, विभिन्न समूहहरूबाट स्वतन्त्र न्यायपालिकामा हस्तक्षेप भएका घटना वर्ष २००८ मा पनि प्रकाशमा आए। माओवादीको नेतृत्वमा सरकार बनेलगत्तै कानुन तथा संविधानसभामन्त्री देव गुरुङले सर्वोच्च अदालतका न्यायाधीशको पुन:नियुक्ति गर्ने[१] अभिव्यक्ति पटक-पटक दिए। न्याय सम्पादनमा गम्भीर असर पार्ने हुनाले स्वतन्त्र न्यायपालिकाका सन्दर्भमा पुन:नियुक्ति उपयुक्त नहुने टिप्पणी सर्वोच्चका न्यायाधीशले गरे। वर्तमान संविधानमा न्यायाधीशको पुन:नियुक्तिको कुनै व्यवस्था नभएकाले सरकारको नेतृत्व गर्ने दलले न्यायालयमाथि प्रभाव जमाउन मात्र यस्तो धारणा सार्वजनिक गरेको प्रस्ट हुन्छ।

कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री देव गुरुङको दुई वर्षभित्र पुराना मुद्दाको छिनोफानो गर्ने घोषणाले अदालतमा भएका विवादको टुङ्गो सरकारको दबाबमा परी हुन्छ कि भन्ने आशङ्का उत्पन्न हुनु स्वाभाविकै थियो। यस्तो अभिव्यक्तिले स्वतन्त्र न्यायपालिकाको गरिमामा आँच आउन सक्छ। माओवादी नेता देव गुरुङले सबै न्यायाधीशको पुन: नियुक्ति हुनुपर्ने धारणालाई न्यायपालिकामाथि कार्यकारी प्रभुत्व जमाउने तरखरका रूपमा बुझियो।

अर्थमन्त्री डा. बाबुराम भट्टराईद्वारा बजेट भाषण[२]मा नै सर्वोच्च अदालतको इजलास विराटनगर र नेपालगञ्जमा पनि राख्नका लागि रकम विनियोजन गरिसकेको भनेर विवादास्पद निर्णय भएको थियो। सरकारले सर्वोच्च अदालतको इजलास काठमाडौँबाहिर दुई ठाउँमा थप गर्ने घोषणा गर्नु स्वतन्त्र न्यायपालिकामाथिको हस्तक्षेप हो। मुलुक संविधान निर्माण गर्ने क्रममा राजनीतिक सङ्क्रमणकालमा रहेको अवस्थामा कार्यपालिकाले सर्वोच्च अदालतको इजलास अर्को ठाउँमा राख्ने घोषणा गर्नु उपयुक्त थिएन। सरकारको घोषणा स्वतन्त्र न्यायपालिकाको अवधारणाविरुद्ध थियो। छिटोछरितो न्याय दिने उद्देश्यले सरकारले न्यायपालिकामा सुधार गरिने नीति अनुरूप सर्वोच्च अदालतको इजलास थप दुई ठाउँमा गठन गर्न लागिएको बताइएको थियो[४]। संविधान वा कानुनमा नै व्यवस्था गरेर मात्र इजलास गठन गर्न सकिन्छ। यस्तो विषयमा न्यायपालिका नै अनभिज्ञ भएको अवस्थामा न्यायिक स्वतन्त्रतामाथि हस्तक्षेप हुन गएको मानिन्छ। बजेटको २५० औँ बुँदामा नै स्वतन्त्र न्यायपालिका, कानुनको शासन र मानवअधिकारप्रतिको सम्मानलाई जोड दिँदै न्यायमा सबैको पहुँच पुऱ्याउन र न्याय छिटोछरितो र सर्वसुलभ बनाउन न्यायपालिकाको सुदृढीकरणमा जोड दिइने प्रतिबद्धता व्यक्त गरिनु

---

१. 'सुधारको सहमति'। *समय*। असोज १६, २०६५, पृष्ठ २५

२. बजेट भाषणको बुँदा नं. २५० मा । विद्यमान कानुनमा सुधार र आवश्यक पूर्वाधार तयार गरी सर्वोच्च अदालतको इजलास विराटनगर र नेपालगन्जमा पनि स्थापना गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४. न्यायपालिकामा हस्तक्षेप नगर्न आग्रह। *नेपाल समाचारपत्र*। ०६५ असोज २६, पृष्ठ १

सकारात्मक ठहर्ला। तर, इजलासको व्यवस्थाजस्तो अदालतको क्षेत्राधिकारको सवालमा पनि कार्यपालिका नै अग्रसर हुन खोज्नु गलत हो।

मन्त्रिपरिषद्को बैठकले विभिन्न अदालतमा विचाराधीन अवस्थामा रहेका गम्भीर प्रकृतिका ३ सय ४९ मुद्दा फिर्ता गर्ने निर्णय गरी स्वतन्त्र न्यायपालिकामाथि अर्को प्रहार गऱ्यो। राजनीतिक आस्थाका नाममा सरकारले हत्या, बलात्कारलगायत गम्भीर अपराध तथा मानवताविरुद्धमा मुद्दा फिर्ता लिएर अपराधीहरूलाई क्षमादान दिँदै न्यायालयको निष्पक्षतालाई जोखिममा पार्न खोज्यो। सरकारले दण्डहीनताको पक्षपोषण गर्नुका साथै आफ्नो अधिकारको दुरूपयोग गऱ्यो। कानुनी राज्य र न्यायालयको उपहास गरी सरकारले कार्यपालिका मातहत न्यायपालिकालाई राख्ने मनसाय प्रकट गऱ्यो।

अन्तरिम संविधानको धारा ११७ मा सर्वोच्च अदालतले वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस गर्ने र प्रधानमन्त्रीले त्यसलाई व्यवस्थापिका संसद्मा राख्ने व्यवस्था छ। तर, यो व्यवस्थाले न्यायिक स्वतन्त्रतामाथि गम्भीर प्रश्न उठाएको बताउँदै सर्वोच्च अदालतले आफ्नो वार्षिक प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाउन अस्वीकार गऱ्यो। न्यायपालिकालाई स्वतन्त्र र सक्षम बनाउनु पर्ने रायसहित सर्वोच्च अदालतले प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुझायो। त्यस क्रममा अन्य निकायसरह सर्वोच्च अदालतले पनि आफ्नो वार्षिक प्रतिवेदन सीधै प्रधानमन्त्रीलाई बुझाउनु स्वतन्त्र न्यायालयको मूल्य र मान्यताविपरीत हुने दाबी गरिएको थियो।

वर्तमान संविधानको यस्तो प्रावधानलाई शक्ति पृथकीकरणको सिद्धान्त र विश्वव्यापी मान्यता अनुरूप न्यायपालिकालाई स्वतन्त्र, सक्षम र प्रभावकारी बनाउनु पर्छ भन्ने अवधारणाविपरीत ठहऱ्याइएको छ। राजनीतिक अस्थिरता, अन्योल र सङ्क्रमणकालीन परिस्थितिबाट न्यायपालिका मुक्त रहन सकेको छैन।

न्यायालय राज्यको कुनै एक अङ्गको निकाय होइन, यो त स्वतन्त्र राज्यको न्यायप्रति संवेदनशील भएको स्वतन्त्र अङ्ग हो। शक्ति पृथकीकरणको सिद्धान्त र त्यसपछि प्रतिपादित विभिन्न सिद्धान्तहरू तथा संयुक्त राष्ट्र सङ्घको वडापत्रदेखि मिलान घोषणापत्रसम्मले तय गरेका स्वतन्त्र न्यायालयको सिद्धान्तप्रति राज्यको प्रतिबद्धता हुन जरूरी छ।

संविधानसभा निर्वाचनका क्रममा विभिन्न राजनीतिक दलले आफ्नो घोषणापत्रमा अदालतको स्वतन्त्रताप्रति आफ्नो विश्वास र प्रतिबद्धता व्यक्त गरेका छन्। त्यसैले अब बन्ने नयाँ संविधानमा न्यायपालिकाको स्वतन्त्रता कुण्ठित गरिने छैन भन्न सकिन्छ।

### २.२ व्यवस्थापिका र न्यायपालिका

अन्तरिम संविधानको धारा १५५ मा व्यवस्था गरिए अनुरूप दुई वर्षको समयावधिमा संसदीय सुनुवाइको माध्यमद्वारा सर्वोच्च अदालतमा एक जना प्रधानन्यायाधीश र छ जना[५] न्यायाधीश नियुक्त भएका छन्। प्रधानन्यायाधीश केदारप्रसाद गिरीको नियुक्ति आलोच्य रहेको थियो[६]। न्यायाधीश नियुक्ति, सरूवा र बढुवासमेतका काम-कारबाहीको संवैधानिक रूपमा व्यवस्था भए पनि न्यायपरिषद्ले पारदर्शी रूपमा काम गर्न नसकेकाले नै वर्तमान अन्तरिम संविधानमा संसदीय सुनुवाइको प्रावधान समावेश गरिएको बताइएको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १५५ मा 'यस संविधानबमोजिम नियुक्त हुने संवैधानिक पदहरूमा नियुक्तिपूर्व निजहरूको कानुनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाइ हुनेछ' भनी उल्लेख गरिएको छ।

संसदीय सुनुवाइको व्यवस्था संविधानमा राखिएपश्चात् सर्वोच्च अदालतले राजनीतिक विषयवस्तु समावेश भएका मुद्दामा गरेको न्यायिक सुनुवाइबाट संसदीय सुनुवाइको राजनीतिक प्रभावको अनुमान गर्न सकिन्छ। नेत्रलाल श्रेष्ठविरुद्ध संसद् सचिवालयसमेत[७],

५. दामोदरप्रसाद शर्मा, राजकुमारप्रसाद शाह, कल्याण श्रेष्ठ, गौरी ढकाल, ताहिर अलि अन्सारी र राजेन्द्रप्रसाद कोइराला

६. इन्सेक। राज्य र मानवअधिकार : न्यायपालिका। *मानवअधिकार वर्षपुस्तक २००७*। काठमाडौँ: अनौपचारिक क्षेत्र सेवा केन्द्र। २००८। पृ. ५६

७. २०६३ वैशाख ११ गतेको राजाको घोषणाबाट विघटित प्रतिनिधिसभा पुन:स्थापना हुँदा पुन:स्थापित भएका नेत्रलाल श्रेष्ठको अन्तरिम व्यवस्थापिका संसद्मा र अन्तरिम संविधानमा समेत नाम रहेकामा दलले सुनुवाइको कुनै मौका प्रदान नगरी निजलाई निष्कासन गरेको विरुद्धमा परेको उत्प्रेषणको निवेदन सर्वोच्चका रजिस्टारद्वारा दरपीठ भएको थियो। निवेदनमा प्रधानमन्त्री र सभामुखलाई विपक्षी बनाइएको छ।

## ठूला राजनीतिक दलहरुद्वारा संविधानसभा चुनाव घोषणापत्रमार्फत भावी संविधानमा न्यायपालिका सम्बन्धमा व्यक्त गरिएका प्रतिबद्धता

### नेकपा (माओवादी)

- तीन तहको अदालती संरचना कायम गरिनेछ। केन्द्रमा सर्वोच्च अदालत, राज्यमा उच्च अदालत र जिल्लामा जिल्ला अदालत रहने छन्। जिल्लाको मातहतमा लोक अदालत वा मेलमिलाप केन्द्रहरू रहने छन्।
- सर्वोच्च अदालतलाई गम्भीर कानुनी प्रश्न, संवैधानिक विषयहरू, अन्तर राज्यसम्बन्धी विषयहरू, राष्ट्रिय स्रोत साधनको बाँडफाँट, उपयोगसम्बन्धी विवादहरू र केही गम्भीर प्रकृतिका अन्य विषयहरू मात्र हेर्ने अदालतका रूपमा विकास गरिने छ।
- उच्च अदालतलाई असाधारण अधिकारसहित प्रभावकारी बनाइनेछ।
- ठूलालाई चैन र सानालाई ऐन रहेको वर्तमान न्यायप्रणालीमा आमूल परिवर्तन गरिनेछ।

### नेपाली काङ्ग्रेस

लोकतान्त्रिक मूल्य र मान्यताको जगेर्ना गर्दै संवैधानिक सर्वोच्चता र विधिको शासन कायम गराउने महत्त्वपूर्ण जिम्मेवारी न्यायपालिकाको हुनेछ। केन्द्रमा सर्वोच्च अदालत हुनेछ। केन्द्र र प्रदेशमा आवश्यकता अनुसार पुनरावेदन र अन्य अदालतहरूको व्यवस्था सङ्घीय संरचना अनुरूप हुनेछ।

- न्यायालय स्वतन्त्र र उत्तरदायी मात्रै होइन, सक्षम र निष्पक्ष पनि हुनेछ। विद्यमान कानुनको उदार व्याख्याद्वारा न्यायका पक्षमा उभिने काम न्यायालयले गर्नेछ।
- न्यायाधीशहरूको नियुक्ति प्रक्रिया संसद्मार्फत सार्वजनिक सुनुवाइको विधिद्वारा सम्पन्न हुनेछ। न्यूनतम योग्यता पुगेका, न्याय क्षेत्रमा आफ्नो क्षमता र योगदान दिएका आधारमा न्यायाधीशहरू नियुक्तिका लागि प्रस्तावित गरिने छन्।
- व्यवस्थापिका संसद्द्वारा निर्मित कानुनबमोजिम न्यायाधीशलाई संसद्ले महाभियोग लगाउने र निर्णय गर्ने प्रावधान संविधानमा नै हुनेछ।
- निष्पक्ष, छिटो र छरितो ढङ्गले आमजनताका निम्ति न्याय दिलाउने कुराको सुनिश्चितता गर्न न्यायालयका कुनै पनि तहमा परेका मुद्दाहरूको एउटा निश्चित समयतालिकाभित्र निर्णय गर्ने परिपाटी कायम गरिनेछ।

### नेकपा (एमाले)

संवैधानिक अङ्गका रूपमा स्वतन्त्र न्यायपालिकाको विकास गरिनेछ। संवैधानिकताको सम्परीक्षणको अधिकार सर्वोच्च अदालतमा रहनेछ। राज्यको पुन:संरचनासँगै केन्द्र, प्रदेश र स्थानीय तीनै तहमा न्यायालयको नयाँ ढाँचा विकास गरिनेछ। न्यायपालिकालाई जनउत्तरदायी र जनमुखी बनाइनेछ। संविधानमा तोकिएबमोजिमको स्वतन्त्र निकायबाट न्यायाधीशहरूको नियुक्ति गरिनेछ। न्यायाधीशको नियुक्तिमा संसदीय सुनुवाइको व्यवस्था गरिनेछ।

### मधेसी जनअधिकार फोरम, नेपाल

न्यायिक शक्ति सर्वोच्च अदालतमा अन्तरनिहित रहनेछ। मुलुकमा संवैधानिक सर्वोच्चता र विधिमा आधारित शासन प्रणाली हुनेछ। सार्वभौमसत्ता सम्पन्न जनताको सार्वभौम अधिकारद्वारा निर्माण गरिएको संविधानको सर्वोच्चता अनुलङ्घीय हुनेछ। सर्वोच्च अदालत, प्रादेशिक अदालत र जिल्ला अदालत गरी न्यायपालिकाका तीन तहहरू रहने छन्।

### तराई-मधेस लोकतान्त्रिक पार्टी

स्वतन्त्र न्यायपालिका एक स्वतन्त्र संवैधानिक निकायका रूपमा रहनेछ। सर्वोच्च अदालत नै संविधानको अन्तिम व्याख्याताका रूपमा रहनेछ। राज्यको पुन:संरचनासँगै न्यायपालिका पनि तीन तहमा रहनेछ। प्रत्येक प्रदेशको आफ्नै प्रादेशिक न्यायपालिका र जिल्ला न्यायालय रहनेछन्।

यसका साथै सामुदायिक न्याय र सर्वसुलभ त्वरित् न्यायालयको अवधारणालाई विकसित गर्नुका साथै नागरिक अदालत, फौजदारी अदालत, कर अदालत र उपभोक्ता अदालतको आधुनिक प्रणाली अवलम्बन गर्नुपर्छ।

चन्द्रकान्त ज्ञवालीविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत[८], सुबोधमान नापितविरुद्ध प्रधानमन्त्रीसमेत[९], विजेन्द्रलाल जोशीविरुद्ध नेपाल सरकार[१०] सम्बन्धमा परेका केही मुद्दाहरूमा अदालतको निर्णयमा संसदीय प्रभुत्व जमेको स्पष्ट देखिन्छ। उल्लिखित मुद्दाहरूमा अदालतको भूमिकाले संविधानको व्याख्या गर्ने अन्तिम अधिकार पाएको सर्वोच्च अदालतको संवैधानिक अधिकारलाई नै निष्क्रिय बनाई दियो, जसले गर्दा संविधानको व्याख्यामा सर्वोच्च अदालतको उपादेयतामाथि प्रश्नचिह्न खडा गऱ्यो। अदालतको जवाफले तत्कालीन सात दल र सरकारविरुद्ध पर्ने सबै मुद्दामा अदालतले तटस्थताको अडानसहित फैसला गर्न नसक्ने स्पष्ट देखियो।

संविधानसभामा मनोनयन हुने २६ जनाको मनोनयन नगरी संविधानसभाको बैठक बस्न सक्ने/नसक्ने वा नयाँ सरकारको गठन गर्न संविधान संशोधन हुनुपर्ने वा नपर्ने भन्ने विषयमा राजनीतिक क्षेत्रमा तीव्र विवाद भइरहेको थियो। त्यही बेला प्रधानन्यायाधीशसमेत अन्य न्यायाधीशको अभिव्यक्ति सार्वजनिक रूपमै आउनु र त्यस्तो अभिव्यक्तिले सबभन्दा ठूलो राजनीतिक दलले त्यसबेला लिएको अडानलाई समर्थन हुन पुग्नुलाई पनि सर्वसाधारणले न्यायपालिकाको गरिमा र मर्यादाविपरीत मात्र ठहऱ्याएनन्, न्यायालय शक्तिको पुजारी हुँदै गएको त होइन भन्ने प्रश्नसमेत उठाए[११]। अदालतमा आउने संवैधानिक विवादलाई राजनीतिक आवरणसहितको अभिव्यक्तिले पक्कै नै प्रभाव पार्छ। यस्तो अवस्थामा न्यायिक प्रक्रियाको स्वतन्त्रता र निष्पक्षतामा असर गर्छ।

अन्तरिम संविधानमा हचुवाका भरमा न्यायाधीश नियुक्ति प्रकरणमा संसदीय सुनुवाइ प्रक्रिया आरम्भ गरियो, जसले गर्दा न्यायाधीश नियुक्तिमा कार्यपालिका र व्यवस्थापिकाको राजनीतिक हस्तक्षेप बढ्ने अवस्थाको सिर्जना हुन गयो। संसदीय सुनुवाइको संवैधानिक व्यवस्थाका कारण राजनीतिक विषय समावेश भएको विवाद छिन्न न्यायालय अनिच्छुक रहने र आँट नदेखाउने सम्भावना रहन सक्छ। अन्ततः यसले न्यायालयलाई नै कमजोर तुल्याउँछ।

यस्ता मुद्दामा न्यायिक सक्रियता हुनु आवश्यक थियो। तर, भविष्यमा अदालतको प्रधानन्यायाधीश, स्थायी वा अस्थायी न्यायाधीश हुन बाँधा-अड्चन आउन सक्ने सम्भावनाले गर्दा न्यायमूर्तिहरूले न्यायिक सक्रियता गुमाउने सम्भावना बढेको छ। न्यायालयले राजनीतिक शक्ति मातहत रहेर संविधानको व्याख्या गर्नु हुँदैन।

न्यायिक सुनुवाइ सम्बन्धमा अन्तरिम संविधानको व्यवस्था परीक्षणकालमै असफल भएको देखिन्छ[१२]। यस्तै कार्यपालिका, न्यायपालिका र विधायिकाको संलग्नतामा नियुक्ति हुने यस्तो संवैधानिक व्यवस्थालाई संविधानसभामार्फत बन्ने नयाँ संविधानमा पनि निरन्तरता दिने हो भने न्यायपालिका कार्यकारिणीको निगाहमा चल्ने कार्यपालिकाको कुनै अङ्गजस्तो हुन जान्छ।

---

८. संविधानको धारा १३८ मा राज्य पुनःसंरचना सम्बन्धमा एक उच्चस्तरीय आयोग गठन गरिने व्यवस्था भएकामा आयोग गठन नभएकाले उक्त आयोग गठन गर्न परमादेशको आदेश जारी गराउन सर्वोच्च अदालतमा दायर भएको मुद्दालाई कारण देखाउ आदेशसमेत जारी नगरी खारेज गरिएको थियो। प्रधानमन्त्रीसमेतलाई विपक्षी बनाइएको थियो।

९. संविधानको धारा १५५ लाई संशोधन गर्न बनेको दोस्रो संशोधन विधेयकले न्यायाधीशको नियुक्ति गर्दा संसदीय सुनुवाइ गर्नुपर्ने प्रावधान संविधानको धारा १०० मा भएको स्वतन्त्र न्यायपालिकासम्बन्धी व्यवस्था र प्रस्तावनासँग बाझिएको भनी उक्त विधेयकलाई असंवैधानिक घोषणा गर्न माग गरी दायर भएको रिटमा लामो अन्तरालपछि कारण देखाउ आदेश जारी गरेको छ। सात दल र सरकारविरुद्ध निवेदन दर्ता गरिएको छ।

१०. सुस्ता र महेशपुरमा नेपाली भूमि भारतद्वारा अतिक्रमण भएकाले सो रोक्न सरकारले ठोस कदम नचालेकाले सरकारलाई आफ्नो भूमिको संरक्षण गर्न निर्देशनात्मक आदेश जारी गर्न माग गर्दै दायर निवेदन कारण देखाउ आदेश नै जारी नगरी खारेज गरियो। सातदलीय गठबन्धन सरकार र प्रधानमन्त्रीसमेतलाई विपक्षी बनाई दायर गरिएको थियो।

११. भट्टराई, टीकाराम। 'कमजोर हुँदै गएको हाम्रो न्यायपालिका'। *न्यायदूत*, अङ्क १, पूर्णाङ्क ६९। चैत-वैशाख ०६४/६५, पृष्ठ १२४

१२. पूर्ववत्। पृष्ठ १२५

विधायिकाको प्रमुख संवैधानिक परिषद्मा बसेर प्रधानन्यायाधीशको नियुक्ति गर्ने र उही प्रमुखसमेत रहेको एउटा समितिले त्यो नियुक्तिको परीक्षण गर्ने वर्तमान संवैधानिक व्यवस्था आफैँमा त्रुटिपूर्ण र औचित्यहीन छ।

व्यवस्थापिका संसद्को सदस्य भएका कानुन व्यवसायीहरूले अदालतमा बहस पैरवी गर्दा अदालत प्रभावित रहने गरेको गुनासाहरू छन्। विशेष गरी अन्तरिम आदेशको माग गरिएको मुद्दामा व्यवस्थापिका-संसद्को सदस्य रहेको कानुन व्यवसायीले बहस पैरवी गर्दा अदालत प्रभावमा परेको बताइएको छ। न्यायाधीशहरूको संसदीय सुनुवाइ गर्ने तथा महाभियोगको कारवाही गर्न अधिकार प्राप्त संसद्को सदस्य भएको व्यक्तिले अदालतमा बहस पैरवी गर्दा मुद्दामा अनुचित प्रभाव पर्न सक्छ[१३]। जुन न्यायपूर्ण नहुन पनि सक्छ। त्यसैगरी राजनीतिक विषयवस्तु समावेश भएका मुद्दाहरूमा अनावश्यक ढिलासुस्ती र कतिमा कारण देखाउ आदेश नै जारी नगर्नेजस्ता प्रवृत्तिले अदालतकै मनसायमा प्रश्न उठ्न सक्छ।

भावी संविधानमा न्यायपालिकालाई कार्यकारिणी र विधायिकाको प्रभाववाट मुक्त राख्न संसदीय सुनुवाइको व्यवस्था राख्नु हुँदैन। यस्तो व्यवस्थाले शक्ति पृथकीकरणको सिद्धान्तको समेत बेवास्ता गरेको छ।

### ३. बार र बेञ्च सम्बन्ध

नेपाल बार एसोसिएसनका अध्यक्षले दिएको अभिव्यक्तिका कारण सर्वोच्च अदालत र नेपाल बार एसोसिएसनका बीचको विवाद चरम विन्दुमा पुग्यो। 'भ्रष्टाचारको अभियोग लागेका न्यायाधीशउपर कानुनबमोजिम कारबाहीको प्रक्रिया अवलम्बन नगरी फौजदारी दायित्वबाट उन्मुक्ति प्रदान गर्ने हो भने न्यायाधीशको जागिर भ्रष्टाचार गर्ने लाइसेन्सजस्तो हुने' भन्ने बारका अध्यक्ष विश्वकान्त मैनालीको अभिव्यक्तिका कारण बार र बेञ्चबीच विवाद सुरु भएको थियो। न्यायालयमा हुने भ्रष्टाचारबारे यसअघि पनि कानुन व्यवसायीहरूले आवाज उठाउन थालेपछि बार र बेञ्चबीच आरोप-प्रत्यारोप चल्दै आएको थियो। ०६५ असारमा सर्वोच्च अदालतका न्यायाधीशहरूले न्यायपालिकाका सम्बन्धमा भएका टीका-टिप्पणीका बारेमा नेपाल बार ऐसोसिएसनका पदाधिकारीहरूसँग छलफल गर्ने कुरा सर्वोच्च अदालतले सार्वजनिक गरेको थियो।

बार अध्यक्षले सार्वजनिक कार्यक्रममा दिएको अभिव्यक्तिको विरोधमा उपत्यकाका जिल्ला र पुनरावेदन अदालतका न्यायाधीशले दुई घन्टा मुद्दा नहेरी इजलास बहिष्कार गरे। न्यायाधीशले इजलासबाहिर रहने निर्णय गरेको यो पहिलो घटना हो। सर्वोच्च अदालतले पत्रकार सम्मेलनको आयोजना गरी न्यायपालिकाको मेरुदण्डका रूपमा रहने कानुन व्यवसायीको संस्था बारका प्रमुखबाट आएको अभिव्यक्तिप्रति खेद व्यक्त गऱ्यो। न्यायाधीशका तर्फबाट जारी गरिएको विज्ञप्तिमा घोषणा गरियो: 'साङ्केतिक रूपमा बिहीबार १० बजेदेखि १२ बजेसम्म इजलासबाहिर बस्ने निर्णय गरेका छौँ'[१४]। उपत्यकाका न्यायाधीशहरूको बैठकले बारमार्फत क्रमबद्ध रूपमा भएको अदालतप्रतिको टिप्पणी न्यायपालिकालाई कमजोर र विचलित बनाउने नियोजित उद्देश्यले भएको भन्ने प्रस्ताव पनि पारित गरेको थियो[१५]।

यसै सम्बन्धमा न्यायपरिषद्ले न्यायाधीशहरूलाई इजलास बहिष्कार नगर्न निर्देशन दियो। इजलास बहिष्कार गरी न्याय सम्पादन अवरुद्ध गर्नु आचारसंहिताविपरीत भएको भन्दै बार अध्यक्षको अभिव्यक्तिलाई लिएर मुलुकको उच्च निकायका पदाधिकारीहरूले न्यायिक काम ठप्प गर्नु ओहदाको मर्यादाविपरीत भएको न्यायपरिषद्को राय थियो। कानुन व्यवसायीयको अभिव्यक्ति आपत्तिजनक र विवादास्पद भए त्यसको निकास कानुनी मार्गद्वारा खोज्नुपर्ने आमधारणा थियो।

प्रधानन्यायाधीश केदारप्रसाद गिरीको अध्यक्षतामा बसेको सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठकले सर्वसम्मतिका साथ बारका अध्यक्षलाई छ महिनासम्म नेपालका सम्पूर्ण अदालतमा वरिष्ठ अधिवक्ताको हैसियतमा बहस पैरवी

---

१३. सर्वोच्च अदालतबाट बार एसोसिएसन न्यायपालिकाप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिको प्रतिवेदन २०६४। काठमाडौँ : सर्वोच्च अदालत बार एसोसिएसन २०६४। पृष्ठ २०४

१४. न्यायाधीशले आज दुई घन्टा मुद्दा नहेर्ने। *अन्नपूर्ण पोस्ट*। ०६५ असोज २, पृष्ठ ३

१५. न्यायाधीशले इजलास बहिष्कार गर्ने। *नेपाल समाचारपत्र*। ०६५ असोज २, पृष्ठ १

गर्न नपाउने गरी प्रतिबन्ध लगायो। पूर्ण बैठकको निर्णयमा 'स्वतन्त्र न्यायपालिकाको एउटा महत्त्वपूर्ण आधारका रूपमा रहेको कानुन व्यवसायजस्तो चेतनशील र जिम्मेवार क्षेत्रको शीर्ष नेतृत्व तहमा बस्नुभएको व्यक्तिबाट देशमा संवैधानिक प्रणालीको कार्यान्वयनमा आफ्नो व्यावसायिक इमानदारी, निष्ठा र क्षमताबाट सहयोग गर्नुपर्ने अपेक्षा रहेकामा जनसाधारणमा न्यायपालिका र न्यायकर्मीहरूप्रति नै वितृष्णा, घृणा र अपमान जगाउने खालको अभिव्यक्ति दिनु कुनै अर्थमा स्वीकार्य हुँदैन' भनिएको थियो[१६]। पूर्ण बैठकले न्यायालयका विवादास्पद फैसला अध्ययन गर्ने बारको निर्णय[१७]प्रति आपत्ति जनाउँदै न्यायिक प्रक्रिया वा परिणामप्रति हस्तक्षेप गर्ने कोसिस नगर्न भन्यो। 'संविधान र कानुनबमोजिम स्थापित प्रक्रियाबाट भएका निर्णयउपर गैरसंवैधानिक शक्तिकेन्द्रका रूपमा फैसला अध्ययन गर्ने नाममा उजुरीको तह थप्ने गरी न्यायिक प्रक्रिया वा परिणाममा हस्तक्षेप गर्ने कोसिस पनि हुन मिल्दैन[१८]' निर्णयमा उल्लेख छ। बैठकले फैसला अध्ययन संयन्त्र खडा गरेको भए त्यसको स्वरूप, कारण र आधार खुलाई लेखी पठाउनसमेत बारलाई भन्यो।

वरिष्ठ अधिवक्ता, अधिवक्तालगायतका कानुन व्यवसायीलाई निलम्बन गर्ने अधिकार केवल बार काउन्सिललाई मात्र छ[१९]। सर्वोच्च अदालतको फुलकोर्टले प्रशासनिक कार्यमा मात्र निर्णय गर्न सक्छ, ऐनद्वारा प्राप्त भएको वरिष्ठ अधिवक्ताको पदलाई निलम्बन गर्न सक्दैन। सर्वोच्च अदालतको यस्तो निर्णयको जवाफमा बारले सर्वोच्च अदालतले आफ्नो अधिकार क्षेत्र नाघेको, प्राकृतिक न्यायको सिद्धान्तविपरीत कुनै सोधपुछबेगर नै एकतर्फी हतास र आवेशपूर्ण निर्णय गरेको भन्दै आफ्ना अध्यक्षउपरको कारबाही बिनासर्त फिर्ता गर्न माग गऱ्यो। बारको आह्वानमा असोज ५ गतेदेखि तीन दिनसम्म देशभरका सबै अदालतहरूमा वकिलहरूले बहस पैरवी गरेनन्। न्यायाधीशमाथिको बाट नै सर्वोच्च अदालतको पूर्ण बैठकले गरेको निर्णय हतारमा भएकाले अदालतद्वारा नै समाधानको पहल गर्नुपर्ने अभिव्यक्ति आउन थालेपछि बार अध्यक्षविरुद्धको निर्णय फिर्ता लिइयो। जनताको हक संरक्षकका रूपमा अदालत पवित्र, शुद्ध, सक्षम र जवाफदेहीसमेत रहनुपर्नेमा बार र बेञ्च दुवैको सहमति भएको सहमतिपत्र बारका महासचिव र सर्वोच्च अदालतका रजिस्टारले आदान-प्रदान गरे। सहमतिमा अदालतको उच्चस्तरीय न्यायिक समस्या समाधान समिति र बारको अनुगमन समितिबीच प्रत्येक दुई महिनामा बैठक बस्ने प्रक्रियालाई निरन्तर रूपमा अघि बढाइने जनाइयो। प्रत्येक अदालतमा बार र बेञ्चको सम्बन्ध र समन्वय जीवन्त बनाउन सहमति पनि बार र सर्वोच्च अदालतबीच भयो। सहमतिमा भ्रष्टाचारका कारण पदमुक्त हुने न्यायाधीशलाई कारबाहीको दायरामा ल्याउन न्याय परिषद् ऐन २०४७ मा सुधारको आवश्यकता पनि औँल्याइएको छ। सहमतिपत्रमा बारद्वारा गठित फैसला अध्ययन संयन्त्रले न्यायाधीशउपर उजुरी सुन्ने र फैसला जाँच्ने नभई फैसलाको प्राज्ञिक एवम् सैद्धान्तिक अध्ययन-अनुसन्धान गर्ने उद्देश्यबमोजिम काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। सर्वोच्च अदालतको अपेक्षाविपरीत बारले 'फैसला अध्ययन एवम् अनुसन्धान संयन्त्रलाई विघटन नगर्ने' अडान राख्यो।

बार र बेञ्चबीच न्याय क्षेत्रको शुद्धीकरणलगायतका विविध क्षेत्रमा सुधार गर्न दुवै पक्षले छुट्टाछुट्टै संयन्त्र गठन गर्ने र दुई-दुई महिनामा त्यसको संयुक्त बैठक बस्ने सहमति पनि भयो। यसका लागि सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय न्यायिक समस्या समाधान समिति र बारका तर्फबाट अनुगमन समिति गठन गरिने बतायो। बार र बेञ्चबीच भएको सहमतिमा जनताको हक संरक्षणका रूपमा अदालत पवित्र, शुद्ध, सक्षम र जवाफदेही हुनुपर्ने

---

१६. 'बार अध्यक्ष मैनालीलाई सर्वोच्चको प्रतिबन्ध' । *नेपाल समाचारपत्र* । २०६५ असोज ३, पृष्ठ १

१७. बारको गत साउनमा धनकुटामा सम्पन्न केन्द्रीय कार्यकारिणी भेलाले सबै तहका अदालतका विवादास्पद फैसला अध्ययन गर्ने निर्णय गरेको थियो। वरिष्ठ अधिवक्ता श्रीहरि अर्यालको संयोजकत्वमा फैसला अध्ययन समिति गठन गरेको छ।

१८. 'बार-बेञ्च द्वन्द्व : बार अध्यक्षलाई छ महिना बहस निषेध'। *कान्तिपुर*। ०६५ असार ३, पृष्ठ १

१९. कुनै कानुन व्यवसायीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा आचारसंहिताविरुद्ध कुनै काम गरेको छ भनी परिषद्मा उजुरी परेमा वा जानकारी हुन आएमा सोउपर छानबिन गरी आवश्यक कारबाही गर्नका लागि परिषद्ले अनुशासन समिति गठन गर्न सक्नेछ, जसलाई समाह्वान जारी गर्ने र साक्षी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार हुनेछ।

उल्लेख छ। बार र बेञ्च कानुन व्यवसायी परिषद् ऐनमा समेत सुधार गरेर कानुन व्यवसायीलाई जिम्मेवार बनाउँदै आचारसंहिता कडाइका साथ पालना गराउने सहमति पनि भयो।

न्यायालयप्रतिको जनआस्था बार र बेञ्चको मात्र सरोकारको विषय नभई गम्भीर राष्ट्रिय महत्त्वको विषय हो। न्यायिक संस्कृतिको निर्माण गर्न बार र बेञ्चबीच समन्वयात्मक सम्बन्ध हुनैपर्छ। न्यायालयप्रतिको जनआस्थालाई उकास्न बार र बेञ्चले साहसी र दूरगामी ढङ्गको रणनीति तर्जुमा गरी अगाडि बढ्नु जरुरी छ। बार अदालतको अभिन्न अङ्ग भएकाले जनतालाई न्याय दिलाउनका लागि विशेषत: राज्य सङ्क्रमणकालीन स्थितिमा रहेकाले सकारात्मक विवादले नै न्यायालयलाई वैचारिक र व्यावहारिक रूपले बलियो बनाउँछ।

### ४. अदालतप्रतिको जनआस्था

न्यायिक अपूर्णता र न्यायिक क्षेत्रका विकृतिका कारण न्यायपालिकाले आफ्नो सम्मान गुमाउन पुग्छ। मुलुकले ठूलो राजनीतिक फड्को मार्दा पनि न्यायालय यथावस्थामा रहेको गुनासो पनि सन् २००८ मा व्याप्त रह्यो। अदालतको काम गर्ने शैली, चरित्र, ढङ्ग पुरानै संस्कारबाट मुक्त हुन नसकेकाले जनआस्था बढ्न सकेन। छिटोछरितो र प्रभावकारी न्यायका पक्षमा जिम्मेवार न्यायिक पदाधिकारीले जति दृढता व्यक्त गरे पनि मुद्दाका पक्षले भोग्नुपरेका समस्यामा कमी आउन सकेको छैन। ढिलासुस्ती रोक्न विभिन्न पटक भएका प्रयास, अध्ययन र प्राप्त निष्कर्षलाई अदालत स्वयम्का काम-कारबाहीमा बेवास्ता गर्ने गरेको देखिन्छ। रौतहटकी सत्यमाया मानन्धरले ३३ वर्षपछि ९१ वर्षको उमेरमा मात्र न्याय पाइन्। गौरको लक्ष्मीनारायण मन्दिरको विषयमा ०३२ सालमा परेको मुद्दामा मन्दिरको सञ्चालक र संरक्षक सत्यमाया नै रहेको फैसला प्रधानन्यायाधीश केदारप्रसाद गिरी र न्यायाधीश रामकुमारप्रसाद साहको इजलासले ०६५ असार २३ गते मात्र गऱ्यो।

न्यायाधीशको अभावमा न्याय सम्पादनमा प्रतिकूल असर परी ढिलासुस्ती भएको प्रधानन्यायाधीश केदारप्रसाद गिरीको भनाइ छ[३०]। मुद्दाको सङ्ख्या बर्सेनि बढ्दै गए पनि न्यायाधीशको सङ्ख्या भने घट्दै गएकाले पनि ढिलासुस्ती भएको हो। सन् २००८ को अन्त्यसम्म सर्वोच्च अदालततर्फ झन्डै एक दर्जन पद रिक्त भयो। अदालतमा मुद्दाको चापको समस्या समाधान गर्ने प्रमुख जिम्मेवारी न्यायाधीशको नै हुन्छ। मुद्दालाई अनावश्यक नलब्याउने, समयमा इजलास बस्ने, बहस व्यवस्थापन गर्ने, बिनाप्रसङ्गका आदेश जारी गरी नपन्छाउने र कार्यालयमा अनुशासन पालना गर्ने र गराउने गरेको खण्डमा धेरै परिवर्तन हुनसक्छ।

सर्वोच्च अदालत आफैंले नै आफ्नो आदेश उल्लङ्घन गरेपछि जनमानसमा यसप्रतिको आस्था बाँकी रहँदैन। मुद्दामा चाँडो निर्णय गर्नुपर्ने भनी आफैंले गरेको ठहर यसले उल्लङ्घन गर्दै आएको छ। ०६५ असोज ६ गते मुद्दाको प्रारम्भिक सुनुवाइपछि न्यायाधीश कल्याण श्रेष्ठको इजलासले 'विषयवस्तुको प्रकृतिबाट प्रस्तुत रिटको चाँडो निर्णय हुन आवश्यक देखिएकाले सर्वोच्च अदालत नियमावलीबमोजिम अग्राधिकार प्रदान गरिएको छ' भन्ने फैसला[३१] गरेका थिए। यसरी अग्राधिकार पाएका मुद्दालाई काबुबाहिरको स्थितिमा बाहेक पेसी सार्न नहुने व्यवस्था सोही नियमावलीले गरेको छ। मिसिलमा भने मुद्दाका विपक्षीले नियमबाहिर गई ११ पटक पेसी सारेको देखिन्छ[३२]।

सर्वोच्च अदालतले एक त मुद्दामा निर्णय सुनाउन ढिलासुस्ती गर्ने र अर्कोतर्फ अदालतले गरेको फैसलाको आदेशमा लामो समयपश्चात् मुद्दाका पक्षकहाँ आउने गरेको छ। छत्रेबाझ गाविसका अर्जुन लामाविरुद्ध जाहेरी दर्ता गरी कानुनी कारबाही गर्न सर्वोच्चले ०६४ फागुन २७ गते दिएको आदेशको प्रतिलिपि ०६५ साउन २ गते जिल्ला प्रहरी कार्यालय

---

३०. 'न्यायाधीशको अभावमा न्याय सम्पदानमा ढिला भएको प्रधान न्यायाधीशको स्पष्टोक्ति ।' *गोरखापत्र*। ०६५ असोज १, पृष्ठ १

३१. निलम्बनमा परेका कृषि विकास बैंकका तत्कालीन महाप्रबन्धक रामचन्द्र महर्जनको मुद्दामा सर्वोच्चले इजलासको आदेश बाहिर गर्न पेसी सार्ने गरेको हो। न्यायाधीशद्वय अनुपराज शर्मा र गौरी ढकालको इजलासले चैत ४ र दामोदरप्रसाद शर्मा र राजेन्द्रप्रसाद कोइरालाको इजलासले असार दोस्रो साता तोकेको पेसीमा पनि सुनुवाइ हुन सकेको थिएन।

३२. सर्वोच्चमा ढिलासुस्ती, आफ्नो आदेश आफैं उल्लङ्घन। *कान्तिपुर*। ०६५ असार २, पृ.३

काभ्रे पुगेको थियो। मुद्दालाई अग्राधिकार दिई फैसला गर्न पटक-पटक माग गर्दा पनि आठ महिना लागेको थियो[३३]।

नेपाल राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईविरुद्धको आर्थिक अनियमितताको मुद्दाको टुङ्गो लाग्न सात महिना लाग्यो। पटक-पटक पेसी सारी गरिएको फैसलामा भट्टराईले पैसा भुक्तानी कार्ययोजना अनुसार नगरिएको ठहर गरिएको छ। रकम दिँदा विश्व बैंकका नेपाल निर्देशकबाट पनि पूर्वस्वीकृति नलिइएको उल्लेख छ। सर्वोच्च अदालतले यस गम्भीर मुद्दामा गरेको निर्णयबाट अदालतका न्यायमूर्तिहरूको इमानदारी, स्वच्छता र निष्पक्षतामा शङ्का उठाउनु अस्वाभाविक थिएन। वर्षभरि नै धेरैको ध्यान केन्द्रित गरेको गभर्नरको मुद्दामा आएको रायले पीडित पक्षमा क्षति मात्र भएको छैन, न्यायालयको छविमा समेत धक्का लागेको छ।

अदालतको गरिमा उचो पार्न न्यायाधीशहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। अदालतका कर्मचारीहरूले सम्पादन गर्नुपर्ने काम जटिलता र संवेदनशीलताका दृष्टिले अन्य सेवामा भन्दा थप अनुशासित र संवेदनशील भएर गर्नुपर्ने हुन्छ। न्यायालयबाट हुने फैसला कार्यान्वयनले पनि यसमा असर पर्छ। रिट निवेदनमा मूलत: सरकार र सरकारी निकायका विरुद्ध आदेश जारी गरिने भए तापनि अदालतबाट जारी भएका आदेशहरू कार्यान्वयन गर्नेतर्फ सरकारी वा स्थानीय निकायहरू उदासीन रहेको पाइन्छ। कतिपय सार्वजनिक महत्त्वका मुद्दाहरूमा अदालतले दिएका आदेशहरूलाई सर्वसाधारणले विशेष चासोका रूपमा हेरिरहेका हुन्छन्। तर, आदेशहरू सरकार र यसका अधिकारीबाट पालना नगरिँदा अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर पर्ने गर्छ।

सार्वजनिक सरोकारको मुद्दामा सर्वोच्च अदालतले दर्ता भएको एक साताभित्र फैसला सुनाएको उदाहरण पनि छ। यस वर्ष न्यायमा ढिलासुस्तीबारे आलोचना भइरहेका बेला पुर्पक्षका लागि थुनामा राख्नेसम्बन्धी ०६५ असार २२ गते दायर रिट निवेदनको टुङ्गो असार ३० गते लगाएको छ। यसरी नै चुस्ततापूर्वक अदालत न्याय सम्पादनमा सक्रिय भए पीडितले धेरै हदसम्म न्यायमा पहुँच महसुस गर्न सक्छन्।

सङ्क्रमणकालीन अवस्थामा न्यायपालिकाको विशेष जिम्मेवारी रहने हुनाले न्यायपालिकाको परीक्षणको घडीसमेत हो। जनताको हकहित संरक्षण, कानुनी राज्यको मार्गप्रशस्त र आफूप्रतिको जनविश्वासको अभिवृद्धि गर्न यो समय न्यायपालिकाका लागि चुनौती र अवसर दुवै हो। जनआस्था वृद्धि गर्न न्यायपालिकाभित्र व्यापक सुधार गर्नुपर्ने सर्वोच्च बार एसोसिएसनको एक प्रतिवेदनले देखाउँछ। न्यायपालिका सुधारका लागि कानुन व्यवसायी, न्यायाधीश, कर्मचारीसहितलाई १ सय १ सुझाव दिइएको छ। न्यायालयभित्र विकृति झागिँदै गएको उल्लेख गर्दै प्रधानन्यायाधीशले अठोट गरे आधा समस्या समाधान हुने निष्कर्ष उक्त प्रतिवेदनले निकालेको छ। अदालतभित्र गुटबन्दी, संरक्षणवाद रहेको छ र यसले भ्रष्टाचार, कामचोर, नातागोता, चाकरी, प्रलोभनजस्ता विकृति भित्र्याएको[३४] ठहर गरिएको छ।

जनताले छिटोछरितो र प्रभावकारी न्याय सेवा पाउन सकेका छैनन्। मूलत: ऐन, कानुन र संवैधानिक सवालसम्बन्धी मुद्दाहरूको निर्क्योल गर्नुपर्ने सर्वोच्च अदालतमा सामान्य प्रकृतिको मुद्दाको चाप अत्यधिक छ। सर्वोच्च अदालतको पछिल्लो वार्षिक प्रतिवेदनमा सवैभन्दा बढी मुद्दा जग्गा विवादका देखिएका छन्[३५]। तसर्थ, न्याय सेवालाई प्रभावकारी र जवाफदेही बनाउन प्रभावकारी न्याय संयन्त्र निर्माण गर्नु आवश्यक छ। सर्वोच्च अदालत बारको न्यायालयप्रति जनआस्था अभिवृद्धि अध्ययन समितिले समेत न्यायालयमा भ्रष्टाचार हुने गरेको र त्यसका लागि कानुन व्यवसायी पनि जिम्मेवार रहेको निष्कर्षसहित प्रतिवेदन सार्वजनिक गरेको थियो। समितिको प्रतिवेदनमा कानुन व्यवसायीहरूले न्यायपालिकामा भ्रष्टाचार गर्न भूमिका निर्वाह गर्ने उल्लेख गर्दै त्यस्ता कानुन व्यवसायीहरूमाथि कारबाही चलाउने संयन्त्र बनाउन सिफारिस गरेको छ। अधिकांश कानुन व्यवसायीले आचारसंहिता पालना नगरेकाले त्यसको कडाइका साथ पालना गराउनसमेत प्रतिवेदनमा सिफारिस गरिएको छ। सर्वोच्च अदालत बारका विभिन्न अध्ययन समितिले

---

३३. 'चार महिनापछि सर्वोच्चको आदेशपत्र' । *कान्तिपुर*। ०६५ साउन ३, पृष्ठ ८

३४.पूर्ववत्, टिप्पणी नं. १३, पृष्ठ १९८-२२५

३५.सर्वोच्च अदालत 'सर्वोच्च अदालत वार्षिक प्रतिवेदन- २०६४' । काठमाडौँ: सर्वोच्च अदालत। ०६४ माघ

तयार पारेका प्रतिवेदनको कार्यान्वयन भएको विगतमा पाइएको छैन।

न्यायालयलाई जनउत्तरदायी बनाउन बार र बेञ्च दुवैमा व्यापक सुधार हुनुपर्ने निष्कर्षसहित सर्वोच्च अदालतले चुस्त, प्रभावकारी र जनमुखी न्याय सम्पादनका लागि पञ्चवर्षीय रणनीतिक योजना तयार पारेर समेत कार्यान्वयन गरेको छ। न्यायालयको स्वतन्त्रता, निष्पक्षता र जनआस्था अभिवृद्धि गर्ने उद्देश्यले न्यायाधीशहरूका लागि आचारसंहिता तयार गरिएको छ। ०५५ सालमा तयार गरिएको पुरानो आचारसंहिता अन्तर्राष्ट्रिय मान्यता अनुकूल नभएको महसुस गरी यो आचारसंहिता मस्यौदा गरिएको बताइएको छ। न्यायालयको आचरणसम्बन्धी ब्याङ्गोलर मस्यौदाका आधारमा तयार गरिएको यस आचारसंहितामा कार्यपालिका र व्यवस्थापिकाका सदस्यहरूसँग न्यायाधीहरूले अनावश्यक सम्बन्ध राख्न नहुने, निर्णय सुनाउने समयमा मात्र नभई न्याय सम्पादनको सम्पूर्ण प्रक्रियामा न्यायाधीश निष्पक्ष र प्रतिबद्ध हुनुपर्ने[३६] पनि उल्लेख छ । यो आचारसंहिता लागू भएपश्चात् यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुनु आवश्यक छ।

**५. सर्वोच्च अदालतद्वारा अन्तर्राष्ट्रिय सन्धिको प्रयोग**

ठूला छ महासन्धिहरूमा समेटिएका आधारभूत मानवअधिकारहरूको राष्ट्रिय स्तरमा सम्मान र पालना गर्न नेपालको अदालत खासगरी सर्वोच्च अदालतले निर्वाह गरेको भूमिकाको सराहना गर्न सकिन्छ। सर्वोच्च अदालतमा प्रवेश गरेको मानवअधिकारको विषयलाई सार्वजनिक सरोकारको विषयका रूपमा आत्मसात् गर्न खोजिएको देखिन्छ। कतिपय महिलाविरुद्ध हुने हिंसा वा घटनाले सिङ्गो मुलुक र समाजलाई नै असर गर्ने राय अदालतले त्यस्ता मुद्दा फर्स्योट गर्ने क्रममा व्यक्त गरेको छ। आत्मसम्मान, आत्मनिर्णय र स्वतन्त्र अस्तित्व मानव मात्रका विशिष्ट अधिकार हुन् भन्ने मान्यतालाई स्थापित गरिएको छ। साथै, मानवअधिकारसम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरूलाई आधुनिक युगका शास्त्रको रूपमा अङ्गीकार गरिएको छ।

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका अधिकारलाई पालना गराउन अदालत सचेत रहेको देखिन्छ। न्यायिक सक्रियतावादको माध्यमबाट राज्य र सरकारलाई मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा प्रतिबद्ध रहन अदालतले देखाएको उत्सुकताको सराहना गर्न सकिन्छ। बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरूमा वैयक्तिक स्वतन्त्रता र सुरक्षामा अदालतले विशेष चासो लिएको देखिन्छ। त्यसैगरी महिला र बालबालिकाको सरोकारका विषयहरूमा पनि अदालत बढी सक्रिय भएको देखिन्छ। यस क्रममा ठूला छ महासन्धिहरूमध्ये नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी प्रतिज्ञापत्र, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, जातीय भेदभावविरुद्धको महासन्धि र बालअधिकारसम्बन्धी महासन्धिको अदालतले सबैभन्दा बढी प्रयोग गरेको देखिन्छ।

अन्तरिम संविधानको धारा १५६ सँग सम्बन्धित नेपाल सन्धि ऐन २०४७ को धारा ९(१)[३७]ले सन्धिको राष्ट्रिय कानुनभन्दा उच्च हैसियत हुन्छ। संविधानले सन्धि र राष्ट्रिय कानुन बाझेमा त्यसको न्यायिक पुनरावलोकनका निम्ति सर्वोच्च अदालत पुग्नुपर्ने बताएको छैन। संविधानसँग कुनै कानुन बाझिएमा वा अनुचित बन्देज लगाएको अवस्थामा मात्र त्यो न्यायिक पुनरावलोकनको विषय हुने व्यवस्था गरेको छ।

०४६ सालपछि मानवअधिकारसँग सम्बन्धित थुप्रै महासन्धिहरूको नेपाल पक्षराष्ट्र भएको छ। सन्धिको अनुमोदनपश्चात् सिर्जना हुने दायित्वमा सन्धिको प्रभावकारी कार्यान्वयन प्रमुख हो। प्रभावकारी कार्यान्वयनका निम्ति मुलुकको न्यायालयको पनि प्रमुख भूमिका हुन्छ। सन्धिद्वारा प्रत्याभूत गरिएका नागरिकहरूको अधिकार सरकारद्वारा पूरा नगरिएको भनी कार्यान्वयनको माग गर्दै सर्वोच्च अदालतमा परेका रिट निवेदनहरूमा सर्वोच्च अदालतले सन्धिको प्रावधानको व्याख्या गरी निर्णय दिने गरेको छ।

---

३६.'जुडिसियल कोड अफ कन्डक्ट अफ इन्टरनेसनल रेडी' । काठमाण्डू पोस्ट ०६४। चैत १, पृ. १

३७. सन्धि व्यवस्था कानुनसरह लागू हुने: (१) संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ।

हालै मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा गरिएको एक अध्ययन[१८]अनुसार ०४७ सालयता संयुक्त राष्ट्रसङ्घद्वारा पारित छ प्रमुख महासन्धिलाई आधार बनाएर करिब ७० ओटा फैसलाहरू सर्वोच्च अदालतले सुनाएको छ। जसमा महिलाअधिकार, बालअधिकार, यातनाविरुद्ध, नागरिकअधिकार, प्रेस स्वतन्त्रता, जातीय छुवाछूतविरुद्ध, खाद्य अधिकार, सूचनाको हक, गोपनीयता र सम्पत्ति अधिकारलगायतका विषयहरूमा उल्लेखनीय निर्णयहरू भएका छन्। यी निर्णयहरूमा सरकारका नाममा नेपाल पक्ष भएको मानवअधिकार सन्धि अनुरूप कानुन निर्माण तथा संशोधन गर्न आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने निर्देशनात्मक आदेश जारी गरिएको छ।

अन्तर्राष्ट्रिय सन्धिको कार्यान्वयनको विषयमा अदालतबाट भएका फैसलाहरूमा प्रायःजसो अन्तर्राष्ट्रिय महासन्धिहरूले नागरिकको हकअधिकारको सिर्जना गर्न नभई राष्ट्रको दायित्व सिर्जना गर्ने र राष्ट्रले अन्तर्राष्ट्रिय कानुनद्वारा सिर्जित दायित्वलाई पूरा गर्न अग्रसर हुनुपर्ने भन्ने निष्कर्ष निकाली सन्धिद्वारा सिर्जित दायित्व पूरा गर्न सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी भएको देखिन्छ। अनुमोदन नभएका मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिलाई मार्गदर्शक सिद्धान्तका रूपमा अपनाउन सकिन्छ, त्यस्ता सन्धिलाई राष्ट्रले अनुमोदन गर्न उपयुक्त हुने भन्ने राय पनि अदालतले दिने गरेको छ।

सन् २००८ मा मानवअधिकार विषयमा अदालतको समग्र प्रवृत्ति सकारात्मक देखियो। तर, कतिपय मुद्दा वा सरोकारमा अदालतले देखाएको उदासिनता र अत्यन्त औपचारिक र बढी यान्त्रिक बन्ने प्रवृत्तिले मानवअधिकारका महत्त्वपूर्ण विषय खतरामा पर्नसक्ने देखिन्छ। कतिपय मुद्दामा कुनै अमूक सङ्घसंस्थालाई विपक्षी नबनाएका कारण अदालतले त्यस्तो मुद्दाको औचित्यमै प्रवेश नगरी रिट खारेज गरिदिएको पाइन्छ। केही मुद्दामा तथ्य प्रमाणको अभाव भनी उम्कन खोजिएको देखिन्छ। परिणामतः धेरै रिटहरू यान्त्रिक रूपमा खारेज गरिएको मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको अध्ययनले देखाउँछ। साथै, अदालती निर्णयहरूमा स्थिरता नहुनु अर्को कमजोरी रहन गएको देखिन्छ। अदालतका कतिपय फैसलाहरू एकआपसमा बाझिएका पनि देखिन्छन्।

### ६. सर्वोच्च अदालतबाट भएका केही उल्लेखनीय फैसलाहरू

यस वर्ष सर्वोच्च अदालतमा पर्न आएका मुद्दाका सन्दर्भमा भएका मानवअधिकारका दृष्टिमा केही उल्लेखनीय फैसलाहरू :

### ६.१ सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग गर्ने कार्यलाई अपराधीकरण गरी कानुन बनाउन आदेश

सर्वोच्च अदालत संयुक्त इजलासले क्षतिपूर्तिसम्बन्धी आवश्यक कानुन बनाउन नेपाल सरकारका नाममा ०६५ वैशाख ३० गते निर्देशनात्मक आदेश जारी गऱ्यो। सर्वोच्च अदालतमा कालीकोटको कोटबाडामा आठ वर्षअघि नेपाली सेनाको सर्च अभियानमा मारिएका १७ जना मृतकका आफन्तहरूले क्षतिपूर्तिको माग गर्दै मुद्दा दायर गरेका थिए[१९] ।

सर्वोच्च अदालतले सुरक्षाकर्मीद्वारा अत्यधिक बल प्रयोग गरिने कार्यलाई अपराधको कोटीमा राखी कानुन निर्माण गर्न र अत्यधिक बल प्रयोगबाट पीडित भएकाहरूलाई क्षतिपूर्ति दिन सरकारका नाममा आदेश दियो। घटनाको छानबिन गरी संलग्न सुरक्षाकर्मीमाथि कारबाही गर्नसमेत आदेशमा भनिएको छ। पीडित परिवारका तर्फबाट दायर निवेदनमा सैनिक ऐन २०१६

---

१८. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति। 'सर्वोच्च आदलतद्वारा नेपाल पक्ष राष्ट्र भएका महासन्धिहरूको कार्यान्वयन स्थिति' । अप्रकाशित अध्ययन प्रतिवेदन २०६५ । काठमाडौं: मानवअधिकार सन्धि अनुगमन समन्वय समिति। पृ. ३ - ८

१९. धादिङको जोगीमाराबाट विमानस्थल निर्माणका लागि मजदुरका रूपमा काम गर्न गएका प्रजा समुदायलगायतका व्यक्तिलाई नेपाली सेनाले माओवादीको आरोपमा हत्या गरेको आरोप लगाउँदै मारिएका सबै व्यक्ति निर्दोष भएको दाबीसहित मृतकका आफन्तले क्षतिपूर्तिको माग गर्दै आएका छन्। वि.सं. २०५८ मा विमानस्थल निर्माण कार्यमा रहेका बेला नेपाली सेनाको टोलीले माओवादी खोज्दै सर्च अभियानमा हेलिकप्टरबाट अन्धाधुन्ध गोली प्रहारबाट उक्त घटना भएको थियो।

को दफा ६१[30] कार्यान्वयन गर्न र क्षतिपूर्ति ऐन २०५३ अनुसार पीडित परिवारलाई क्षतिपूर्तिको मागसमेत गरिएको छ। राज्य-माओवादी द्वन्द्वकालमा नेपाली सेनाको टोलीले गरेको गोली प्रहारबाट कोटवाडामा ३५ जनाको मृत्यु भएको थियो।

### ६.२ क्षतिपूर्तिसम्बन्धी कानुन निर्माण गर्न आदेश

सर्वोच्च अदालतले उमेश थापाको हत्या सम्बन्धमा मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, गृहमन्त्रालय, दाङ जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाली सेनाको श्रीनाथ गण र जिल्ला प्रहरी कार्यालय दाङलाई थापाको हत्यामा संलग्न सुरक्षाकर्मीलाई कारबाही गर्न निर्देशन दियो। अत्यधिक बल प्रयोगका कारण हुने मानवअधिकार उल्लङ्घनविरुद्ध कारबाही गर्न कानुनको अभाव रहेको जनाउँदै दण्डहीनता अन्त्यका लागि यस्तो कानुन आवश्यक भएको आदेशमा उल्लेख गरिएको छ। कानुन निर्माण गर्दा विज्ञपक्षको राय-सुझाव लिई पीडितलाई पर्याप्त क्षतिपूर्ति दिलाउने खालको कानुनको निर्माण गर्न भनी सरकारलाई आदेश दिइएको छ।

### ६.३ साक्षी सरंक्षणसम्बन्धी कानुन माग

साक्षी संरक्षणसम्बन्धी कानुन बनाउन माग गर्दै महिला कानुन तथा विकास मञ्चका तर्फबाट दिइएको रिटमा सर्वोच्च अदालतको एकल इजलासले ०६५ साउन २६ गते गृहमन्त्रालयलगायत नेपाल सरकारका नाममा कारण देखाउ आदेश जारी गऱ्यो। सुरक्षा अभावका कारण साक्षीले यथार्थ बयान नगर्दा फौजदारी मुद्दामा अपराधीले सजाय नपाउने र पीडित अझ पीडित हुने देखिँदै आएको छ। त्यसैले पीडित साक्षीको संरक्षणसम्बन्धी छुट्टै कानुनको माग राखी रिट दायर गरिएको थियो। अदालतले १५ दिनभित्र जवाफ पेस गर्न गृहमन्त्रालय र प्रहरी प्रधान कार्यालयका नाममा समेत आदेश जारी गऱ्यो।

### ६.४ सैनिक ऐनको प्रावधान सम्बन्धमा कारण देखाउ आदेश

सैनिक ऐनको दफा ७२[31] अन्तरिम संविधानको धारा २४ (३)[32] सँग बाझिएकाले सो प्रावधान खारेजीको आदेश माग गर्दै अधिवक्ता माधवकुमार

---

30. अनियमित गिरफ्तार वा थुनछेकको कसूर : देहायको कुनै कार्य गरेमा अनियमित गिरफ्तार वा थुनछेकको कसूर गरेको मानिनेछ :
    (क) कुनै व्यक्तिलाई गिरफ्तार गरी वा थुनामा राखी तहकिकातका निमित्त सम्बद्ध अधिकारीसमक्ष मुद्दा पेस नगरेमा वा बिनाकारण मुद्दाको पुर्पक्ष नगरी ढिलो गरेमा,
    (ख) कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न लगाउने व्यक्तिले सैनिक हिरासतमा राख्न पाउने अधिकार भएको अधिकारी तथा प्राड विभागलाई मनासिव माफिकको कारणले बाहेक उसै बखत वा सकेसम्म चाँडो र जुनसुकै अवस्थामा पनि २४ घन्टाभित्र हिरासतमा राख्नु पर्नाको उचित कारण खोली विवरण पेस नगरेमा।

31. मुद्दा चलाउन सकिने : (१) यस ऐनको क्षेत्राधिकारभित्र रहेका बखत कुनै व्यक्तिले गरेको कसूरबापत निज यस ऐनको क्षेत्राधिकारबाट मुक्त भएपछि पनि निजलाई सैनिक हिरासतमा राख्न र निजउपर मुद्दा चलाउन सकिनेछ।
    (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३९, ४२ वा दफा ५५ बमोजिमको कसूर गरेकामा बाहेक अन्य कसूर गरेकामा यस ऐनको क्षेत्राधिकारबाट मुक्त भएको ६ महिनाभित्र मुद्दा नचलाइएमा कसूर गर्ने व्यक्तिउपर मुद्दा चलाइने छैन।
    (३) यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिलाई सैनिक अदालतले कैदको सजाय दिएपछि सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा कुनै तरिकाबाट यस ऐनको क्षेत्राधिकारबाट मुक्त भए तापनि ठहर भएको कैद सजायको अवधिसम्म निज यस ऐनको क्षेत्राधिकारभित्र रहेको मानी सजाय कार्यान्वयन गर्न-गराउन सकिनेछ।

32. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्यादबाहेक २४ घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन। तर, उपधारा (२) र (३) मा लेखिएका कुराहरू निवारक नजरबन्द र शत्रु राज्यको नागरिकको हकमा लागू हुने छैन।

बस्नेत, लोकध्वज थापा र विनोद फुयालद्वारा दायर रिट निवेदनमा सर्वोच्च अदालतको एकल इजलासले संविधानविपरीत सैनिक ऐनमा त्यस्तो व्यवस्था राखिनुको कारण देखाउन ०६४ फागुन २० गते सरकारलाई आदेश दियो।

### ६.५ बेरितसँग थुन्दाको महलको प्रावधान खारेज सम्बन्धमा

मुलुकी ऐन बेरितसँग थुन्दाको महलको ६ नम्बरले यातनालाई दण्डनीय बनाएको र यातना दिनेबाट असुल भएको जरिवानाबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध गराइने व्यवस्था गरेको छ। सो प्रावधान अन्तरिम संविधानको धारा २६ द्वारा प्रदत्त हकका साथै नेपाल पक्ष रहेका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि प्रतिकुल नभएको निर्णय ०६४ चैत १४ मा सर्वोच्च अदालतको विशेष इजलासले गऱ्यो।

अधिवक्ता अच्युतप्रसाद खरेलद्वारा मुलुकी ऐन बेरितसँग मुद्दाको महलको ६ नम्बरमा रहेको कानुनी व्यवस्थामा पीडकलाई पीडितका तर्फबाट क्षतिपूर्ति भराउनुपर्ने भन्ने भएको व्यवस्था संविधान प्रदत्त यातनाविरुद्धको हकका साथै नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धिमा रहेका प्रावधानसमेत प्रतिकूल भएको हुँदा अमान्य घोषित गर्न माग गरिएको थियो।

### ६.६ कारागारमा राखी मुद्दा चलाउन आदेश

सर्वोच्च अदालतको संयुक्त इजलासले सार्वजनिक अपराधका मुद्दालाई तीन महिनाभित्र टुङ्गो लगाउन सबै जिल्ला कार्यालयका नाममा ०६५ असार ३० गते परमादेश जारी गऱ्यो। परमादेशमा अपराधमा पुर्पक्षका लागि थुनामा रहने अभियुक्तलाई प्रहरी हिरासतमा नभई कारागारमा राख्न पनि निर्देश दिइएको छ। सार्वजनिक अपराध अन्तर्गतका मुद्दाको टुङ्गो लाग्न ढिलो हुने र कतिपय अवस्थामा कैद बस्नु पर्ने अवधिभन्दा बढी पुर्पक्षका लागि थुनामा बस्नुपर्ने अवस्था रहेको दावी गर्दै पीडितहरू कृष्ण लामा, सिर्जन लामासहित १८ जनाले रिट दायर गरेका थिए। पुर्पक्षका लागि कारागार शाखामा राख्नुपर्नेमा हिरासतमा राखिएको र मुद्दा सुनुवाइ ढिलो भएको जिकिर पीडितहरूले गरेका थिए।

### ६.७ द्वन्द्वपीडितलाई राहत दिन आदेश

सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वबाट पीडित भएकालाई राहत प्रदान गर्न सरकारलाई ०६५ भदौ १ गते निर्देशनात्मक आदेश दियो। माओवादी पीडितले पुन:स्थापना, क्षतिपूर्ति, राहत, कब्जा सम्पत्ति फिर्ताको माग राखी दिएको रिटमा सर्वोच्च अदालतको संयुक्त इजलासले वास्तविक विस्थापितहरूको स्थिति पत्ता लगाई राहत प्रदान गर्न सुझाव दिनका लागि उच्चस्तरीय समिति बनाउन पनि निर्देशन दियो।

राजनीतिक दलका प्रमुख र विभिन्न मन्त्रालयलाई विपक्षी बनाई दिइएको रिटउपरको सुनुवाइमा पीडितको प्रतिनिधिसमेत रहने गरी प्रत्येक विकास क्षेत्रबाट एक जना राजनीतिक प्रतिनिधि र छ महिनाको समयसीमा तोकी समिति बनाउन सरकारलाई निर्देशन दिइएको थियो।

द्वन्द्वका कारण विस्थापनमा परेकाहरू संविधानप्रदत्त हक उपभोग गर्नबाट वञ्चित हुन पुगेको र द्वन्द्वपीडितको पुन:स्थापनाका लागि कानुन बनाउनु पर्ने आवश्यकता नभई कार्यकारिणीको प्रशासनिक निर्णय नै पर्याप्त हुने कुरा पनि फैसलामा उल्लेख छ। विस्थापितलाई घर फर्काउने काममा सरकारले बेवास्ता गरेको समेत फैसलामा जनाइएको छ।

### ६.८ सुस्तश्रवणका लागि साङ्केतिक भाषा र दोभाषेको माध्यमबाट अध्ययनको व्यवस्था गर्न आदेश

सर्वोच्च अदालतको संयुक्त इजलासले आउँदो शैक्षिक सत्रदेखि सुस्तश्रवणका लागि साङ्केतिक भाषा र दोभाषेको माध्यमबाट अध्ययनको व्यवस्था गर्न सरकारका नाममा ०६५ वैशाख ४ गते निर्देशनात्मक आदेश जारी गऱ्यो। मुलुकभर सुस्तश्रवण हुनेको सङ्ख्या करिब ५ लाख भए पनि उनीहरूका लागि राज्यद्वारा प्राथमिक तहमा पर्याप्त शिक्षा आर्जनको वातावरण सिर्जना गर्न माग गर्दै जनहित संरक्षण मञ्चले दुई वर्षअघि रिट दायर गरेको थियो।

रिटमा संविधानमा व्यवस्था भएबमोजिमका मौलिक हकको प्रत्याभूति गर्न मूलत: कानुन निर्माण हुन नसकेको अवस्था नै बाधक भएको दावी गरिएको थियो। उक्त रिट निवेदनमा सर्वोच्च अदालतले नेपाली नागरिकलाई शिक्षा, स्वास्थ्य र रोजगार तथा सामाजिक

सुरक्षासम्बन्धी हक प्रत्याभूति गर्न आवश्यक कानुन निर्माण गर्न आदेश दिएको थियो। साथै, सरकारबाट यस सम्बन्धमा भएका कामको प्रतिवेदन प्रत्येक छ/छ महिनामा अदालतमा बुझाउन पनि आदेश जारी गरियो।

### ६.९ बहुविवाहसम्बन्धी कानुन सुधार गर्न आदेश

सर्वोच्च अदालतले बहुविवाह गर्न छुट दिने कानुनमा समयसापेक्ष सुधार गर्न सरकारलाई ०६५ भदौ २६ गते आदेश दियो। सर्वोच्च अदालतको संयुक्त इजलासले सरकारलाई मुलुकी ऐनको बिहेवारी महलको व्यवस्थामा सुधार गर्न निर्देशनात्मक आदेश जारी गरेको हो। महिला कानुन तथा विकास मञ्चले दोस्रो विवाह गर्न छुट दिने मुलुकी ऐन बिहेवारीको महलको ९[33] नम्बरको १, २, ३, ४, ५, ६ को प्रावधान लैङ्गिक रूपमा भेदभावपूर्ण भएको भन्दै रिट दायर गरेको थियो।

### ६.१० वैवाहिक बलात्कारसम्बन्धी कानुन सुधार गर्न आदेश

पत्नीलाई जबरजस्ती करणी गर्ने पतिमाथि हुने सजाय बढाउन माग गर्दै दायर गरिएको रिटमा सर्वोच्च अदालतको विशेष इजलासले सजायको व्यवस्था मिलाउन आवश्यक कार्य गर्न सरकारलाई ०६५ असार २६ गते निर्देशनात्मक आदेश जारी गऱ्यो।

महिला कानुन तथा विकास मञ्चको सहयोगमा जितकुमारी पङ्गेनीद्वारा दायर गरिएको उक्त रिटमा मुलुकी ऐन २०२० को जबरजस्ती करणीको महलमा भएको सजायको अन्य व्यवस्थाबमोजिम मिलान गर्न आदेश जारी गरेको हो। पङ्गेनीले नाताका आधारमा फरक सजायको व्यवस्था गरिएकाले यस्तो प्रावधान समानताको हकविपरीत भएको दावी गर्दै रिट निवेदनमा मुलुकी ऐनको जबरजस्ती करणी महलको दफा ३(६)[34] खारेज गर्न माग गरेका थिए। निवेदकले गम्भीर प्रकृतिको एकै आधारमा पति भएकै कारणले थोरै कैद लेखिनु असमान रहेको प्रश्न उठाउँदै बलात्कारीसरह सजाय हुनुपर्ने माग गरेका थिए।

### ६.११ वैदेशिक रोजगारमा महिलामाथि भेदभावसम्बन्धी निवेदन खारेज

सर्वोच्च अदालतको विशेष इजलासले वैदेशिक रोजगारमा समान अधिकार हुने गरी कानुन बनिसकेको भन्दै अधिवक्ता मीरा ढुङ्गानाद्वारा वैदेशिक रोजगारमा महिलामाथि लैङ्गिक आधारमा हुने भेदभाव रोक्न उपयुक्त आदेश जारी गराउन माग गर्दै दायर गरिएको रिट ०६५ असार २६ मा खारेज गऱ्यो।

### ६.१२ दाइजो प्रथासम्बन्धी रिट खारेज

सर्वोच्च अदालतको विशेष इजलासले ०६५ असार २६ गते अधिवक्ता रमा पन्तले दाइजो प्रथाविरुद्ध दायर गरेको रिट खारेज गऱ्यो। सामाजिक व्यवहार सुधार ऐन २०३३ को दफा (२) मै १० हजार रुपियाँ दाइजो दिन पाउने व्यवस्था भएको कारण देखाई अदालतले उक्त रिट खारेज गरेको हो।

### ६.१३ शिक्षा र स्वास्थ्यसम्बन्धी कानुन बनाउन आदेश

सर्वोच्च अदालतले अन्तरिम संविधानमा व्यवस्था भएबमोजिम नागरिकलाई आधारभूत शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्न कानुन बनाउन सरकारका नाममा ०६५ वैशाख ४ गते निर्देशनात्मक आदेश जारी गऱ्यो। सर्वोच्च अदालतको संयुक्त इजलासले संवैधानिक दायित्व परिपालना गर्न आवश्यक कानुन बनाउन आदेश जारी गरेको हो। अन्तरिम संविधान २०६३ को धारा १६ र १७ मा प्रत्येक समुदायलाई मातृभाषामा आधारभूत शिक्षा र स्वास्थ्यसेवा निःशुल्क पाउने व्यवस्था गरेको छ। त्यसै अनुरूप अखिल नेपाल महिला

---

३३. देहायका अवस्थामा बाहेक कुनै लोग्नेमानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानुनबमोजिम लोग्ने-स्वास्नीको सम्बन्धविच्छेद नहुँदै अर्की स्वास्नीमानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन। स्वास्नीलाई यौनसम्बन्धी कुनै सरुवा रोग भई निको नहुने भएमा, स्वास्नी निको नहुने गरी बहुलाएमा, स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा, स्वास्नी हिँडडुल गर्न नसक्ने गरी कुजी भएमा, स्वास्नी दुवै आँखा नदेख्ने अन्धी भएमा वा अशंबन्डाको महलको १० नम्बरबमोजिम स्वास्नी अंश लिई भिन्न बसेमा ।

३४. यस नम्बरमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा तीन महिनादेखि छ महिनासम्म कैद सजाय हुनेछ।

सङ्घ (क्रान्तिकारी)की महासचिव अमृता थापा र कोषाध्यक्ष मनु हुमागाईंले ०६४ भदौ १६ गते राज्यलाई आफ्नो प्रतिबद्धता अनुरूप अन्तरिम संविधान २०६३ को धारा १६[३५], १७[३६] र १८[३७] बमोजिम कानुन बनाउन निर्देशनात्मक आदेश जारी गर्न माग गर्दै रिट दायर गरेका थिए।

### ६.१४ शिक्षाका सम्बन्धमा कारण देखाउ आदेश

सरकारले बजेट भाषणमार्फत गरेको निजी विद्यालयको शुल्कमा शिक्षा सेवाकरबापत पाँच प्रतिशत कर लागू गर्ने निर्णयका सम्बन्धमा दायर गरिएको रिट निवेदनमा ०६५ कात्तिक १७ गते कारण देखाउ आदेश जारी गरियो। प्याब्सन, एनप्याब्सन, नेपाल कानुन समाज र अभिभावक सङ्घद्वारा दायर गरिएको रिटमा सर्वोच्च अदालतको एकल इजलासले सरकारसँग सेवाकरका सम्बन्धमा स्पष्टीकरण माग गरेको हो। निवेदकद्वारा सेवाकर संविधानमा व्यवस्था भए अनुरूप प्रत्येक नागरिकले राज्यबाट माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हकको उल्लङ्घन भएको जिकिर गरिएको थियो।

### ६.१५ चिकित्साशास्त्र अध्ययनका लागि महिला तथा अल्पसङ्ख्यकलाई कोटा

सर्वोच्च अदालतले चिकित्साशास्त्र अध्ययनका लागि महिला तथा अल्पसङ्ख्यकका निम्ति छात्रवृत्तिको प्रक्रिया सुरु गर्न शिक्षा तथा खेलकुद मन्त्रालयलाई ०६५ भदौ ११ गते आदेश दियो। ओमप्रकाश पटेल नामक गैरदलित विद्यार्थी छात्रवृत्तिको कोटामा परेको विवादका कारण मनोनयन प्रक्रिया रोक्न ०६५ साउन २६ गते सर्वोच्चले आदेश दिएको थियो। राष्ट्रिय दलित आयोगले पटेल गैरदलित भएको जानकारी शिक्षा तथा खेलकुद मन्त्रालयलाई दिएपछि पटेलको नाम दलित विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति कोटाबाट हटाइएको थियो। आफ्नो शिक्षाको अधिकारमा आघात परेको भन्दै पटेलले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

### ६.१६ औषधि व्यवसायमा सुधार गर्न आदेश

सर्वोच्च अदालतले औषधिको आपूर्ति, गुणस्तर र मूल्यमा एकरूपता कायम गरी स्वास्थ्य क्षेत्रमा सुधार गर्न सरकारलाई ०६४ माघ २४ गते आदेश दियो। अधिवक्ता ज्योति बानियाँद्वारा दायर गरिएको रिटमा औषधिको मूल्य नेपाल गजेटमा प्रकाशित गर्न माग गरिएको थियो।

औषधिको आपूर्ति, गुणस्तर र मूल्यमा नियमितता नभएको भन्दै सर्वोच्च अदालतको संयुक्त इजलासले औषधिको मूल्य निर्धारणसम्बन्धी नीति निर्माण तय गर्न समिति गठन गर्न आदेश दिएको थियो। नेपाल मेडिकल परिषद्को वरिष्ठ अधिकृतको संयोजन तथा स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्थापन विभागका प्रतिनिधिहरू रहेको समिति गठन गरी ६ महिनाभित्र अध्ययन पूरा गरी अदालतमा प्रस्तुत गर्न आदेशसमेत उक्त फैसलामा दिइएको थियो।

रिट निवेदन औषधिजस्तो जनस्वास्थ्यका लागि अत्यावश्यक एवम् मानव जीवनसँग प्रत्यक्ष सम्बन्धित

---

३५. अन्तरिम संविधान १८ वातावरण तथा स्वास्थ्यसम्बन्धी हक : (१) प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ।
(२) प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ।

३६. शिक्षा तथा संस्कृतिसम्बन्धी हक : (१) प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ।
(२) प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ।
(३) नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने हक हुनेछ।

३७. रोजगार तथा सामाजिक सुरक्षासम्बन्धी हक: (१) प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम रोजगारको हक हुनेछ।
(२) महिला, श्रमिक, बृद्ध, अपाङ्ग तथा अशक्त र असहाय नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।
(३) प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य सम्प्रभुत्ताको हक हुनेछ।

वस्तुको उत्पादन, आपूर्ति एवम् बिक्री-वितरणसम्बन्धी व्यवस्थालाई आवश्यक सेवामा समावेश गर्न माग गर्दै दायर गरिएको थियो।

**६.१७ खाद्य अधिकारसम्बन्धी आदेश**

मध्य तथा सुदूरपश्चिमका १२ जिल्लाको खाद्यान्न सङ्कटलाई सम्बोधन गर्न ती जिल्लाहरूमा आवश्यक खाद्यान्न पुऱ्याउन सर्वोच्च अदालतले ०६५ असोज ९ गते सरकारलाई आदेश दियो। सर्वोच्च अदालतको संयुक्त इजलासले भोकमरीका कारण प्रभावित भएका ती जिल्लाका करिब ३ लाख नागरिकलाई खाद्यान्न उपलब्ध गराउन आवश्यक कदम चाल्न आदेश दिएको हो। आदेशमा सरकारलाई खाद्यान्नजस्तो मानवीय सङ्कटका सम्बन्धमा गम्भीर हुन पनि भनिएको थियो।

**६.१८ तिब्बती प्रदर्शनकारीलाई मुक्त गर्न आदेश**

सर्वोच्च अदालतले तीन जना तिब्बती प्रदर्शनकारीलाई बन्दी बनाइएकामा छोड्न नेपाल सरकारलाई ०६५ असार २४ गते आदेश दियो। चीनविरोधी प्रदर्शनको नेतृत्व गरेको भनी टासी डोल्मा, नवाङ्ग सानमो र काल्सान चुङ्गलाई सरकारले पक्राउ गरी बन्दी बनाइएको थियो। सर्वोच्च अदालतको संयुक्त इजलासले उनीहरूलाई बन्दी बनाइराख्नु पर्ने कुनै आधार नभएको भन्दै मुक्त गर्न आदेश दिएको हो।

**६.१९ तेस्रो लिङ्गीको अधिकार सम्बन्धमा आदेश**

सर्वोच्च अदालतले नयाँ संविधानमा महिला अथवा पुरुष भनी सम्बोधन नगरी दुवैलाई सम्बोधन गर्न व्यक्ति भन्ने शब्दको प्रयोग गर्न मङ्सिर ३ गते सरकार र संसद्लाई आदेश दियो। सर्वोच्च अदालतको आदेशमा महिला र पुरुष भन्ने शब्द भेदभावपूर्ण भएको भन्दै लिङ्गमा आधारित भेदभाव हटाउन व्यक्ति शब्दको प्रयोग गर्न मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, कानुन मन्त्रालयलाई पनि भनिएको छ।

व्यक्ति भन्ने शब्द संविधानमा प्रयोग गरिएको अवस्थामा त्यस शब्दले तेस्रो लिङ्गी व्यक्तिहरूलाई पनि सम्बोधन गर्न सक्ने र लिङ्ग उद्भवका आधारमा हुने भेदभावको पनि अन्त्य गर्ने आदेशमा उल्लेख छ। नीलहीरा समाजका तर्फबाट दायर गरिएको रिटमा समलिङ्गी विवाहलाई मान्यता प्रदान गर्ने विषयमा निर्णय गर्ने जिम्मा सरकारलाई दिइएको छ।

**६.२० कुमारीको बालअधिकार सुनिश्चित गर्न आदेश**

सर्वोच्च अदालतको संयुक्त इजलासले ०६५ साउन २४ गते कुमारीले सबै बालअधिकार उपभोग गर्न पाउनु पर्ने निर्णय गऱ्यो। अधिवक्ता पुनदेवी महर्जनद्वारा दायर गरिएको रिट निवेदनमा शिक्षाको अधिकार, स्वतन्त्रतापूर्वक हिँडडुलको अधिकार, स्वास्थ्य अधिकारलगायतका अधिकारहरूबाट कुमारीलाई वञ्चित गर्ने गरिएकाले ती अधिकार सुनिश्चित गर्न माग गरिएको थियो। अदालतको फैसलामा कुनै पनि ऐतिहासिक र धार्मिक दस्तावेजमा बालबालिकासम्बन्धी महासन्धिद्वारा प्रत्याभूत गरिएको अधिकारलाई नकारिएको छैन भन्दै कुमारी शिक्षा, स्वास्थ्यसम्बन्धी अधिकारबाट वञ्चित गरिनु हुन्न भनिएको छ।

**६.२१ कारागारमा रहेका बालबालिकाको सुरक्षाको व्यवस्था गर्न आदेश**

कारागारमा महिलाहरूको गर्भावस्थाको हेरचाह, सुत्केरी अवस्थाको स्वास्थ्यको सुरक्षा, शिशुको पोषण जस्तो स्वास्थ्यसम्बन्धी व्यवस्था अपर्याप्त रहेको विषयमा पनि वर्ष २००८ मा सर्वोच्च अदालतले सरकारलाई उपयुक्त आदेश दियो। उल्लिखित विषयहरूमा पर्याप्त व्यवस्था गर्नु राज्यको दायित्व भएको पनि अदालतले जनायो। सर्वोच्च अदालतले ०६५ जेठ २३ गते गर्भवती महिला बन्दीहरू र स्तनपान गर्ने बच्चाहरूको स्वास्थ्य, पोषण र संरक्षणलगायत उपयुक्त सुविधाको व्यवस्था गर्न नीति तथा कार्यक्रम बनाई लागू गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो। अभिभावकसँग रहेका बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्नुका साथै निजामती कर्मचारीको तलब र कैदीको खाना खर्चमा पनि वृद्धि गर्न आदेशमा भनिएको छ। कुनै पनि कैदीको आधारभूत अधिकारको हनन नपुऱ्याउन र कारागार ऐनका पूर्ण कार्यान्वयन गर्नसमेत आदेशमा भनिएको छ।

कारागारका बन्दी र कारागार सुधार आयोगका प्रतिवेदनको कार्यान्वयनका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले दिएको सुझाव तथा सिफारिसको कार्यान्वयन गर्न पनि सर्वोच्च अदालतको आदेशमा भनिएको छ। प्रो-पब्लिकका तर्फबाट दायर गरिएको रिट निवेदनमा निर्णय सुनाउँदै सर्वोच्च अदालतले गृह, अर्थ तथा राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि सम्मिलित तीन सदस्यीय समिति गठन गरी सुझाव तथा प्रतिवेदनको कार्यान्वयन अध्ययन गर्न भनेको छ। सुझाव तथा प्रतिवेदनको

कार्यान्वयन तत्काल यही आर्थिक वर्षदेखि नै सुरु गर्नसमेत आदेशमा भनियो।

### ६.२२ समान भत्ता सम्बन्धमा आदेश

समान अवस्था र हैसियतका मन्त्री एवम् राज्यमन्त्रीसमेतका पदाधिकारीहरूको साथमा रहने निजी सुरक्षा अधिकारीले पाउने खाना खर्च र उस्तै समान हैसियत रहेका सर्वोच्च अदालत एवम् पुनरावेदन अदालतका मुख्य न्यायाधीशका निजी सुरक्षा अधिकारीहरूलाई समेत सो सुविधा प्राप्त हुनुपर्ने माग राख्दै सेमनकुमार बस्नेतद्वारा दायर गरिएको मुद्दामा सर्वोच्च अदालतले २०६५ जेठ १३ गते आदेश जारी गऱ्यो। आदेशमा समान हैसियत रहेका सर्वोच्च अदालतका न्यायाधीश एवम् पुनरावेदन अदालतका मुख्य न्यायाधीशको सुरक्षा अधिकारीका रूपमा खटिएका सुरक्षाकर्मीसमेतलाई न्यायाधीशको निजी सुरक्षा अधिकारीको रूपमा खटिएको मितिबाट दैनिक खाना भत्ताबापत रकम दिलाउन आवश्यक निर्णय गर्न भनिएको छ।

### ६.२३ छापाखाना र प्रकाशनसम्बन्धी ऐनको प्रावधान खारेजको माग निवेदन खारेज

छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा १४(क)[३८] को व्यवस्था अन्तरिम संविधान २०६३ को प्रावधानसँग असङ्गत भई धारा १६४(२) बमोजिम स्वत: अमान्य हुने अवस्थाको रहेको र सोबाहेक दफा १७(१), (२) को व्यवस्था संविधान अनुकूल रहेको हुँदा रिट निवेदनमा माग भए अनुसारको आदेश जारी गर्न नपर्ने निर्णय ०६५ असार १२ गते सर्वोच्च अदालतको विशेष इजलासले गऱ्यो। छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा १४[३९] र १७[४०]को प्रावधान अमान्य घोषित गर्न माग गर्दै अधिवक्ता ऋषिराम घिमिरेद्वारा निवेदन दायर गरिएको थियो।

### ६.२४ डान्स बार व्यवस्थापन गर्न निर्देशिका

डान्स बार र क्याबिन रेस्टुरेन्ट व्यवस्थापन गर्न छुट्टै कानुन निर्माण गर्न सरकारका नाममा ०६५ मङ्सिर १३ गते आदेश दियो। डान्स बार, क्याबिन रेस्टुरेन्ट र मसाज पार्लरहरू जिल्ला प्रशासन कार्यालयमा दर्ता गरेपछि मात्र सञ्चालन गर्न पाइनेलगायतका १७ बुँदे निर्देशिका आदेशमा संलग्न छ।

रेस्टुरेन्टमा काम गर्ने विशेषत: महिला श्रमिकको संरक्षणका लागि निर्देशिका आवश्यक परेको निर्णयमा उल्लेख छ। निर्देशिकाले श्रमिकहरूको यौन शोषणलाई पूर्णतया निषेध गरेको छ। साथै, सर्वोच्च अदालतले कसैको काम गर्ने अधिकारको उल्लङ्घन गर्न नहुने हुनाले कार्यस्थलको व्यवस्थापन गर्नु सरकारको दायित्व भएको उल्लेख गरेको छ।

अदालतले करिब १ हजार २ सय डान्स र क्याबिन रेस्टुरेन्टमा काम गर्ने अन्दाजी ५० हजार श्रमिकको संरक्षणका लागि कानुनको आवश्यकता औँल्याएको छ। जनहित संरक्षण मञ्चका तर्फबाट प्रकाशमणि शर्माले रिट निवेदन दायर गरेका थिए।

### ६.२५ गुठी जग्गा बिक्रीवितरण रोकी धर्म-संस्कृति जोगाउन आदेश

सर्वोच्च अदालतले राज गुठीको जग्गा रैकरसरह परिणत गरी बिक्री वितरण गर्ने काम संविधानविपरीत भन्दै माघ १० गतेदेखि रोक लगायो। संविधानसँग बाझिएको गुठीसम्बन्धी कानुन बदर गर्दै सर्वोच्च अदालतले विभिन्न नाममा गुठी जग्गा सार्न र सट्टापट्टा गर्न नमिल्ने फैसला ०६४ माघ १० गते गऱ्यो। विभिन्न खाले गुठीका जग्गा व्यापक दुरूपयोग भएको जनाउँदै गुठीको सम्पत्ति मासेर धर्म लोप गरेकाले गुठी जग्गा बिक्री-वितरण रोकी धर्म संस्कृति जोगाउन माग गर्दै जनहित संरक्षण मञ्चका तर्फबाट २०५८ मा रिट दायर गरिएको थियो। त्यस मुद्दाको फैसलाका क्रममा

---

३८. श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादार गराउने वा अपहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने ।

३९. प्रकाशन प्रतिबन्ध सम्बन्धमा

४०. प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी, बिक्री वितरण गर्न नहुने:
(१) कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन निकासी गर्न हुँदैन।
(२) कसैले पनि प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन जानी जानी छाप्न, बिक्री-वितरण गर्न वा प्रदर्शन गर्न हुँदैन।

राज गुठीको जग्गा रैकरमा परिणत गर्न पाउने कानुनी व्यवस्थाले संविधानको मौलिक हक अन्तर्गत पर्ने धर्म र संस्कृतिसम्बन्धी हक उल्लङ्घन भएको ठहर सर्वोच्चको विशेष इजलासले गऱ्यो। अदालतले गुठी संस्थान ऐन २०३३ को विवादास्पद दफा अमान्य घोषित गरेको छ। मालपोत विभागबाट ०४५ असोज ३० मा जारी गरिएको निजी गुठीको जग्गा सट्टापट्टा गरी बेच्न पाउने कानुनी व्यवस्था पनि संविधानविपरीत भन्दै बदर गरिएको छ।

## ७. विभिन्न अदालतहरू

### ७.१ विशेष अदालत

अपहेलनामा कारबाही चलाउने, अदालतले मागेको मिसिल वा मुद्दासम्बन्धी लिखत वा जवाफ नपठाउने जिम्मेवार पदाधिकारीलाई पटकैपिच्छे जरिवाना गर्न सक्नेसमेतका व्यवस्था अनुरूप विशेष अदालतबाट मुद्दा दायर भएको मितिले सामान्यतया छ महिनाभित्र मुद्दाको किनारा गरिसक्नु पर्छ। विशेष अदालतको निर्णयमाथि परेको पुनरावेदनमा सर्वोच्च अदालतले सामान्यतया मुद्दाको प्राथमिकतासाथ मिसिल प्राप्त भएको मितिले तीन महिनाभित्र किनारा गरिसक्नु पर्छ। नेपालमा विशेष अदालतबाट भ्रष्टाचार मुद्दाको सुरु कारबाही र किनारा गर्ने न्यायिक परम्परा रहेको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर गर्नासाथ नेपाल राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईले करिब सात महिनाको प्रतीक्षापछि फैसला सुन्न पाए। मुद्दाको फैसला सुनाउने विशेष अदालतले पटक-पटक सामान्य कारण देखाउँदै फैसला सुनाउने म्याद सार्दै आएको थियो। समयमै उपचार दिनुपर्नेमा अनावश्यक रूपमा भइरहेको ढिलाइको कुनै जवाफ अदालतसँग थिएन। जसले गर्दा अदालतको गठन औचित्यपूर्ण हुन सकेको छैन भन्ने तर्कलाई बल पुगेको छ। गम्भीर प्रकृतिका मुद्दालाई विशेष प्राथमिकतासाथ हेरिनुपर्नेमा न्यायसम्पादन कार्यलाई बेवास्ता गरिएको छ।

यसै सन्दर्भमा सर्वोच्च अदालतले न्याय सम्पादनप्रति सर्वसाधारणको आस्था विचलित हुन नदिन फैसलामा सुधार गर्न विशेष अदालतलाई महत्त्वपूर्ण निर्देशन दियो। विशेष अदालतका भ्रष्टाचारसम्बन्धी मुद्दामा सम्पत्ति मूल्याङ्कनको मापदण्ड फरक-फरक देखिएको, कार्यविधिमा एकरूपता नभएको भनी सर्वोच्च अदालतले औंल्यायो। गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी मुद्दाका कार्यविधिमा एकरूपता नदेखिएको तथ्य निर्देशनमा औंल्याइएको छ। स्रोत निर्धारण गर्दा अवलम्बन गरिएको मापदण्डमा एकरूपता नहुँदा न्यायिक काम-कारबाहीप्रति जनमानसमा रहेको आस्था र विश्वासमा विचलन आउने निष्कर्ष[४१] सर्वोच्च अदालतको छ।

विशेष अदालतबाट भएका फैसलामा कसुर स्थापित नहुने प्रवृत्ति आर्थिक वर्ष ०६४/६५ मा निकै बढे। विशेष अदालतमा दर्ता भएका करिब १ सय ५० थान मुद्दा सुनुवाइ हुन नसकी थन्किएर रहेका छन्[४२]। अदालतमा कार्यरत न्यायाधीशलाई पुनरावेदन अदालतमा फर्काइएको र नयाँ तोकिएका न्यायाधीशहरूले काम नथालेका कारण मुद्दामा सुनुवाइ नभएको हो। न्यायपरिषद्ले ०६५ भदौ २४ गते विशेष अदालतका न्यायाधीश हेरफेर गर्ने भनी निर्णय गरेको भए पनि सन् २००८ को अन्त्यसम्मै त्यसको कार्यान्वयन भएन[४३]।

### ७.२ संविधानसभा अदालत

नेपाल सरकारले संविधानसभा अदालत ऐन २०६४ को दफा (३)[४४]ले दिएको अधिकार प्रयोग गरी संविधानसभा सदस्यको निर्वाचनसम्बन्धी उजुरीको कारबाही र किनारा गर्न ०६४ माघ २७ गते संविधानसभा अदालत गठन गऱ्यो। सर्वोच्च अदालतको मातहत रहने गरी गठन गरिएको सो अदालतको अध्यक्ष सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्मा र सदस्यहरूमा न्यायाधीश तपबहादुर मगर, रामुकमारप्रसाद साह छन्। नेपालको अन्तरिम संविधानको धारा ६३ मा संविधानसभा अदालत गठनको व्यवस्था गरिएको छ।

---

४१. 'विशेष अदालतमा विशेष ध्यान'। *कान्तिपुर*। ०६४ पुस १९, पृष्ठ ३

४२. 'विशेष' अदालतमा सुनुवाइ ठप्प'। *नेपाल समाचारपत्र*। ०६५ असोज २७, पृष्ठ ५

४३. पूर्वतव् ।

४४. नेपाल राजपत्र, नेपाल सरकारद्वारा प्रकाशित खण्ड ५७, काठमाडौं माघ २७ गते, २०६५ साल (अतिरिक्ताङ्क ५५ (ई)

संविधानसभा सदस्यको निर्वाचनसम्बन्धी उजुरीको कारबाही र किनारा गर्ने क्रममा यस अदालतले संविधानसभा सदस्यको अयोग्यता, निर्वाचन बदर, सभा सदस्य निर्वाचनसम्बन्धी कसुरसँग सम्बन्धित विषयमा समेत कारबाही र किनारा गर्न सक्छ। उल्लिखित विषयमा यस अदालतको फैसला अन्तिम हुने व्यवस्था छ। तर, सरकारको यथोचित सहयोगको अभावमा अदालतले अपेक्षाकृत रूपमा कार्यसम्पन्न गर्न नसकेको र फैसलामा ढिलाइ भइरहेको बताइन्छ।

यस अदालतमा परेका कुल १७ थान उजुरीमध्ये १२ थान फैसला भई किनारा लागिसकेका छन्। एउटा उजुरी रजिस्टारद्वारा दरपीठ गरी अस्वीकृत गरिएको थियो भने अर्का उजुरीकर्ताले नै फिर्ता लिएका थिए। तीनओटा मुद्दाको फैसला वर्षको अन्त्यसम्म पनि हुन सकेन।[४५] संविधानसभा अदालत ऐनको दफा ५ अनुसार यस अदालतको क्षेत्राधिकारभित्र पर्ने विषयमा अन्य कुनै अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था गरी अदालतलाई अधिकारसम्पन्न बनाइएको छ। तर, अदालत सञ्चालनका क्रममा सरकार र न्यायाधीशहरूबीच भत्ता सुविधाका विषयमा मतान्तर रह्यो। गठन गर्दा सरकारले संविधानसभा अदालतका न्यायाधीशहरूलाई भत्ता दिने व्यवस्था गरेको थियो। तर, ०६५ भदौ २२ गते सरकारले अर्को निर्णय गरी भत्ताको व्यवस्था खारेज गऱ्यो। न्यायाधीशहरूले अतिरिक्त काम गर्नुपर्ने भएकाले भत्ताको व्यवस्थासम्बन्धी सरकारी निर्णयको पुनरावलोकन गर्न अदालतले आदेश दिएपछि तलबको २५ प्रतिशत भत्ता दिने निर्णय गरियो। तर, वर्षको अन्त्यसम्मै संविधानसभा अदालतका न्यायाधीशहरूले भत्ता बुझेनन्।

### ७.३ बालअदालत

१६ वर्षमुनिका बालबालिका संलग्न भएका सरकारवादी हुने बाल अपराधका सम्बन्धमा परेका मुद्दामा सुनुवाइ र फैसला गर्न उपयोगी हुने बाल इजलासको गठन २६ जिल्लामा भएको छ। अभियुक्त बालबालिकालाई कुनै प्रकारको डरत्रास नदेखाई पारिवारिक वातावरणमा मुद्दा फैसला गर्ने उद्देश्यका साथ यस्ता इजलास गठन गरिएका हुन्। बालबालिकालाई अपराध गर्न उत्प्रेरित गर्ने मनोवैज्ञानिक पक्षहरू अनुसन्धान गरी सुधारतर्फ उन्मुख गराउने उद्देश्य यस्ता इजलासको रहेको हुन्छ।

दुई वर्षअघि गठन गरिएको यस इजलासमा परेको केवल एउटा मुद्दाको पनि फैसला सन् २००८ को अन्त्यसम्मै हुन सकेन[४६] । बाल इजलास हेर्ने बेग्लै न्यायाधीश नहुनाले पनि बालबालिकाका मुद्दा फैसला हुन लामो समय लाग्ने गरेको छ। यस्ता फैसला चार महिनाभित्र हुनुपर्ने प्रावधान भए पनि कतिपय मुद्दा टुङ्गिन दुई वर्षसम्म लागेका उदाहरण पनि छन्।

नेपालले बालबालिकाको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरेपश्चात् बालबालिका ऐन २०४८ लागू गर्दा बालअदालत गठन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो। ऐन लागू भएको डेढ दशकपछि पाइलट प्रोजेक्टका रूपमा बालअदालतले उपत्यकाका तीन जिल्ला हेर्ने गरी सर्वोच्च अदालत अन्तर्गतको बाल न्याय समितिले बालअदालतको काम थालनी गऱ्यो[४७]। बाल न्याय समितिले अदालतको गठन गर्ने प्रस्ताव पारित गरे तापनि यसका लागि लाग्ने रकम र जनशक्तिबारे सरकार अझै स्पष्ट हुनसकेको छैन। गठन हुने बालअदालत सर्वोच्च अदालतको एउटा एकाइ मात्रै नभई मैत्रीपूर्ण न्याय प्रणालीका रूपमा स्थापित हुनु आवश्यक छ।

## ८. निष्कर्ष

मानवअधिकार तथा स्वतन्त्रताको संरक्षणका लागि न्यायपालिकाको भूमिका महत्त्वपूर्ण हुन्छ। त्यसैले स्वतन्त्र न्यायपालिका लोकतन्त्रको अनिवार्य सर्त मानिन्छ। न्यायपालिकाको स्वतन्त्रताका लागि शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित राज्य व्यवस्था अपरिहार्य हुन्छ। तर, सन् २००८ मा न्यायपालिकामाथि व्यवस्थापिकाको हस्तक्षेप भएका कतिपय घटनाका कारण भोलिको न्यायपालिकाका सम्बन्धमा चिन्ता बढेको छ। न्यायपालिका भ्रष्टाचारमुक्त हुनु अनिवार्य

---

४५. संविधानसभा अदालत, ०६५ पुस ९ गते

४६. 'बाल इजलास दुई वर्षदेखि प्रयोगहीन : अदालतमा बनाइएका सुविधासम्पन्न कक्षामा ताला' । *कान्तिपुर* । ०६५ कात्तिक २५, पृष्ठ ३

४७. राई, ओमआस्था। 'बल्ल लिँदैछ आकार' । *समय*। वर्ष अङ्क। ०६५ साउन ९, पृष्ठ १९

हुन्छ। यस विषयमा आवश्यक संरचनागत सुधार र संस्थागत विकास गरी कानुनको शासन, मानवअधिकार, मौलिक अधिकार, कानुनी अधिकार र पूर्ण न्यायको संरक्षणमा सदैव न्यायालय तल्लीन रहनुपर्छ। न्यायपालिकाको आधारभूत चरित्रको रूपमा रहेको न्यायको संरक्षणबाट नै न्यायालय भड्किन पुग्यो भने निश्चय नै जनआस्था घट्न पुग्छ।

परम्परागत सोच, विचार र कार्यान्वयन प्रक्रियालाई पन्छाई प्रक्रियागत ढङ्गबाट न्यायपालिकामा सुधार गर्नुपर्छ। मुलुक यतिखेर संविधान निर्माणको क्रममा भएकाले न्यायपालिकाको लोकतान्त्रिक रूपान्तरण वा बढी जनमुखी स्वरूप र आधुनिकीकरणका निम्ति अवसर आएको छ। न्यायपालिकामा भएको विकृति र विसङ्गति हटाउन बार र न्यायाधीशहरूको पहलका साथसाथै सुस्पष्ट संरचनागत व्यवस्था हुनुपर्छ। न्यायाधीशको पुनःनियुक्तिको व्यवस्था यही अभिप्रायले भएको तर्क यस प्रक्रियाले पक्षपोषण गर्नेहरूले दिएका छन्। पुनःनियुक्तिको प्रक्रियामा विधायिकाको भूमिकाका सम्बन्धमा बहस भइरहेका बेलामा न्यायाधीशले स्वच्छ र विवेकपूर्ण ढङ्गबाट न्याय सम्पादन गरेर देखाउन झन् जरूरी छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १६२ (३) मा 'स्वतन्त्र, स्वच्छ, निष्पक्ष र सवल न्यायपालिकाका लागि लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा न्याय क्षेत्रलाई सुधार गर्दै लैजान आवश्यक कानुनी व्यवस्था गरिनेछ' भन्ने उल्लेख गरिएको छ। यस दिशामा अब ठोस कदम चालिनु जरूरी छ।

राजनीतिक अस्थिरता, अन्योल र सङ्क्रमणकालीन परिस्थितिबाट न्यायपालिका मुक्त रहन सकेको छैन। संविधानसभा निर्वाचनका सम्बन्धमा विभिन्न राजनीतिक दलले आफ्ना घोषणापत्रमा अदालतको स्वतन्त्रताप्रति आफ्नो विश्वास र प्रतिबद्धता व्यक्त गरेकाले अब बन्ने नयाँ संविधानमा भने न्यायपालिकाको स्वतन्त्रता कुण्ठित गर्ने सम्भावना हुने छैन भन्ने विश्वास गर्न सकिन्छ। सरकार र व्यवस्थापिका संसद्ले पनि न्यायालयको मर्यादाको पूर्ण सम्मान गर्दै स्वतन्त्रता कायम राख्ने वातावरणको सिर्जना गर्नु आवश्यक छ।

नेपाली समाज अहिले सङ्क्रमण र परिवर्तनको महत्त्वपूर्ण सँघारमा उभिएको छ। यतिबेला न्यायालयमा अग्रगामी सुधार, न्यायकर्मीहरूको निष्पक्ष व्यावसायिक दक्षता र पर्याप्त संयोजन अत्यावश्यक छ। न्याय क्षेत्रको भ्रष्टाचार र अव्यवस्थापन बेञ्च र बार दुवैको साझा समस्या हो। न्यायिक क्षेत्रको स्वतन्त्रता, तटस्थता, गरिमा र मर्यादालाई बचाउन स्वयम् न्यायकर्मीहरू अघि नसरी सम्भव छैन। अदालती कारबाही र न्यायाधीशहरूको आचरणका सवालमा उठेका समस्याहरूको यथोचित समाधान खोजिनु पर्छ।

फोटो : सूचना विभाग

परिच्छेद

३

३.२ राज्य र मानवअधिकार

# कार्यपालिका

## घटनाक्रम

**(०६४ पुस १७ देखि ०६५ पुस १६)**

**०६४ पुस १७ गते**

नेपाल सरकारद्वारा नेपाली सञ्चारमाध्यमले सूचना र समाचारको प्रसारण गर्दा पालना गर्नुपर्ने आचारसंहिताको विषयमा सुझाव पेस गर्न कार्यदल गठन गरी एक महिनाभित्र सुझाव प्रतिवेदन पेस गर्न कार्यादेश।

**फागुन २१ गते**

तराई आन्दोलनका क्रममा मृत्यु भएकालाई सहिद घोषणा गरी राहतस्वरूप प्रतिपरिवार १० लाख रुपियाँ दिने मन्त्रिपरिषद्को निर्णय ।

संयुक्त लोकतान्त्रिक मधेसी मुक्ति मोर्चासँग भएको आठबुँदे सम्झौता र सङ्घीय गणतान्त्रिक मोर्चासँग भएको पाँचबुँदे सम्झौता कार्यान्वयन गरिने।

**फागुन २७ गते**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँग भएको सम्झौता कार्यान्वयन गर्न सरकारद्वारा मधेस आन्दोलनका क्रममा ०६३ माघमा मृत्यु भएका २४ जना र ०६४ फागुनमा मृत्यु भएका छ जनालाई सहिद घोषणा ।

०६३ वैशाख १३ गते मोरङ जिल्लाको बेलबारीमा भएको गोलीकाण्डका घाइतेलाई सरकारद्वारा निःशुल्क औषधि उपचारको व्यवस्था गर्ने निर्णय।

**०६५ वैशाख ६ गते**

माओवादी, एमाले र मधेसी जनअधिकार फोरम, नेपालका शीर्षस्थ नेताहरूद्वारा हस्ताक्षर भएको राष्ट्रिय संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम, २०६५ स्वीकृत।

**भदौ १५ गते**

संविधानसभा निर्वाचनका समयमा विभिन्न जिल्लाहरूमा भएका घटना र सो घटनामा परी मृत्यु भएकाहरूका सम्बन्धमा न्यायिक जाँचबुझ गर्न गठित जाँचबुझ आयोगको म्याद समाप्त भएको मितिले ११ दिन म्याद थप गरिने।

**भदौ १८ गते**

सुनसरी जिल्लाको सप्तकोसी पीडित क्षेत्र, सुनसरी जिल्लाको पश्चिम कुशाहा, श्रीपुरजब्दी, हरिपुर, लौकही, वसन्तपुर, भोक्राहा, धुस्की, मधुवन, नरसिङ्ग, रामनगर, भूताहा तथा सोसँग सीमा जोडिएका गाउँ विकास समिति र नगरपालिका क्षेत्रलाई सङ्कटग्रस्त क्षेत्र घोषणा।

**भदौ २१ गते**

अस्थायी शिविरमा रहेका माओवादी सेनाका लडाकूहरूलाई प्रतिलडाकूलाई प्रतिदिन ७० रुपियाँ भरणपोषण खर्च उपलब्ध गराउने निर्णय। शान्ति तथा पुनःनिर्माण मन्त्रीको संयोजकत्वमा लडाकू रेखदेख तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय। नेपाल सरकार र राष्ट्रिय हलिया मुक्ति समाज महासङ्घका प्रतिनिधिबीच भएको पाँचबुँदे सहमति अनुमोदन ।

**असोज ४ गते**

राष्ट्रिय बारुदी सुरुङ प्राविधिक समितिको कार्यावधि २०६५ साउन १३ गतेदेखि एक वर्ष थप गर्ने निर्णय।

माओवादी सेनाका लडाकूहरूको भरणपोषणबापतको रकम वृद्धि।

द्वन्द्वप्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदल गठन गर्ने निर्णय।

**असोज १० गते**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' संयुक्त राष्ट्रसङ्घीय महासभाको ६३ औँ नियमित अधिवेशनमा सहभागी।

**असोज १७ गते**

विगतको द्वन्द्व, जनआन्दोलन, मधेस-तराई आन्दोलनलगायतका घटनाक्रममा राजनीतिक आस्थाका आधारमा लगाइएका अभियोग तथा मुद्दा फिर्ता लिने निर्णय।

सुरक्षा अङ्गलाई आधुनिकीकरण गर्न उच्चस्तरीय कार्यदल गठन गर्ने निर्णय।

अनमिनबाट दोस्रो चरणको प्रमाणीकरणमा योग्य ठहर भई शिविरबाहिर रहेका १ सय ५३ जना, दोस्रो चरणको प्रमाणीकरणमा अयोग्य ठहर भई शिविरबाहिर रहेका चार जना, दोस्रो चरणको प्रमाणीकरणमा मात्र थप दर्ता भई योग्य ठहर भएका ६ सय ६९ जना, दोस्रो चरणको प्रमाणीकरणमा थप दर्ता भई अयोग्य ठहर भएका २ सय ५३ जनालाई भरणपोषणबापतको रकम अन्य योग्य ठहरिएका लडाकूहरूलाई दिएसरह प्रदान गर्ने।

तराईका द्वन्द्वरत समूहलाई वार्ताद्वारा राष्ट्रिय जीवनको मूलधारमा ल्याई विद्यमान शान्तिप्रक्रियालाई

तार्किक निष्कर्षमा पुऱ्याउन नेपाल सरकारका तर्फबाट वार्ताका लागि आह्वान। शान्ति तथा पुन:निर्माणमन्त्री जनार्दन शर्माको संयोजकत्वमा स्थानीय विकासमन्त्री रामचन्द्र झा र शिक्षामन्त्री रेणुकुमारी यादवसम्मिलित समिति।

**असोज १९ गते**

खाद्यान्न अभाव देखिएका पहाडी जिल्लामा आवश्यक परिमाणमा आद्यान्न आपूर्तिको व्यवस्था मिलाउने निर्णय।

अन्तर्राष्ट्रिय श्रम सम्मेलनबाट पारित अभिसन्धिहरू तथा सुझावहरू संविधानसभामा जानकारीका लागि पठाइने।

**असोज ३० गते**

नेपालका ७५ ओटै जिल्लामा शान्ति समिति गठन गर्ने निर्णय।

**कात्तिक ८ गते**

राष्ट्रिय मानवअधिकार आयोगको सिफारिसबमोजिम सशस्त्र द्वन्द्वका क्रममा यातना पाएका यज्ञप्रसाद पन्तलाई ५० हजार, जीतमान बस्नेतलाई ३० हजार, तोयाप्रसाद खतिवडा, वासुदेव पौडेल, राजनप्रसाद खतिवडा, गैयाप्रसाद चौधरी, अच्युत रेग्मी, सरोजकुमार यादवलाई २०/२० हजार रुपियाँका दरले क्षतिपूर्ति उपलब्ध गराउने निर्णय।

**कात्तिक ९ गते**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४६ बमोजिम गठन हुने विशेष समितिलाई नेपाल सरकार, मन्त्रिपरिषद्बाट गठन हुने विशेष समितिको कार्यक्षेत्रगत सर्तहरू स्वीकृत गर्ने।

नेपाल सरकार र नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय नियोगबीच सम्पन्न गरिनु पर्ने स्टाटस अफ मिसन अग्रिमेन्ट (सोमा)मा हस्ताक्षर गर्न स्वीकृत दिने निर्णय।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली, २०६५ स्वीकृत गर्ने निर्णय।

**कात्तिक ११ गते**

प्रकाश दाहालसमेत ३ सय ४९ जनाको मुद्दा फिर्ता लिने निर्णय।

ज्येष्ठ नागरिकसम्बन्धी नियमावली, २०६५ स्वीकृत।

एफएम, टेलिभिजन र केवल टेलिभिजन प्रसारण संस्थाहरूको नवीकरण दस्तुर र रोयल्टी मिनाहा गर्ने निर्णय।

नारायणहिटी दरबारमा स्थापित नारायणहिटी सङ्ग्रहालय आगामी चार महिनाभित्र सर्वसाधारण सबैका लागि खुला गर्ने गरी सञ्चालन गर्ने निर्णय।

**कात्तिक २० गते**

महेन्द्रनगर नगरपालिकाको सट्टा भीमदत्त नगरपालिका, पृथ्वीनारायण नागरपालिकाको सट्टा गोरखा नगरपालिका र त्रिभुवन नगरपालिकाको सट्टा घोराही नगरपालिका नाम राख्ने निर्णय।

भोजपुरका राममणि पोखरेल, काठमाडौँका कयोदेवी यमी, अछामका प्रेम कुँवर, प्रा.डा. योगेन्द्रप्रसाद यादव, गोरखाका सुनीलबाबु श्रेष्ठ, पर्साका रामदेवी सिंहलाई राष्ट्रिय योजना आयोगको सदस्यमा नियुक्त गर्ने निर्णय।

शान्ति तथा पुन:निर्माण मन्त्रालयको ०६५ कात्तिक १८ गतेको पत्रानुसार बेपत्ता पारिएका व्यक्तिहरूका पीडित परिवारलाई ०६५ वैशाख १३ को मन्त्रिपरिषद्, राजनीतिक समितिबाट स्वीकृत द्वन्द्वपीडितहरूका लागि आर्थिक सहायता एवम् राहतसम्बन्धी मापदण्ड, २०६५ को दफा १.१.१ बमोजिम प्रतिपरिवार १ लाख रुपियाँ राहतस्वरूप उपलब्ध गराउने निर्णय।

**मङ्सिर ४ गते**

नेपाल सरकार र युनाइटेड नेसनस पपुलेसन फन्ड (यूएनएफपीए)बीच सो संस्थाको सहक्षेत्रीय कार्यालय नेपालमा स्थापना गर्ने सम्झौता।

व्यक्ति बेपत्ता पार्नेसम्बन्धी विधेयक, २०६५ संविधानसभाको व्यवस्थापिका संसद्समक्ष पेस।

शान्ति कोष (सञ्चालन) नियमावली, २०६५ स्वीकृत।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ स्वीकृत।

**मङ्सिर १८ गते**

काठमाडौँमा मारिएका आशीष मानन्धर र रितेश रौनियार हत्याका बारेमा न्यायिक जाँचबुझ आयोग गठन।

बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति तथा अश्लील चित्रणविरुद्ध संयुक्त राष्ट्रसङ्घीय बालअधिकार सन्धिको इच्छाधीन आलेखको प्रारम्भिक प्रतिवेदन पठाउन स्वीकृति दिने निर्णय। अन्तरदेशीय धर्मपुत्र-धर्मपुत्रीका सम्बन्धमा बालबालिकाको अन्तर्राष्ट्रिय सहयोग र संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा नेपाल पक्ष राष्ट्र हुन हस्ताक्षर गर्ने निर्णय।

अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि एवम् यसका इच्छाधीन आलेख, २००६ अनुमोदन गर्ने निर्णय।

माओवादी सेनाका लडाकूहरूको अस्थायी शिविर र नेताहरूद्वारा प्रयोग भएका सवारी साधनको अस्थायी दर्ताको म्याद थप गर्ने निर्णय।

कैलाली जिल्लाका पत्रकार जगतप्रसाद जोशीको हत्या सम्बन्धमा छानबिन गर्न तीन सदस्यीय छानविन समिति गठन।

**मङ्सिर २५ गते**

अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्र वितरण निर्देशिका, २०६५ जारी।

सरकारी वार्ता टोली र मधेसी जनअधिकार फोरम, नेपाल आदिवासी जनजाति महासङ्घ, आदिवासी जनजाति तथा संयुक्त सङ्घर्ष समिति, चुरेभावर प्रदेश एकता समाज नेपाल, वादी अधिकार राष्ट्रिय सङ्घर्ष समिति, संयुक्त लोकतान्त्रिक मधेसी मुक्ति मोर्चा, सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चा र सङ्घीय लिम्बूवान राज्य परिषद्बीच विभिन्न चरणमा भएका सहमति कार्यान्वयन गर्न शान्ति तथा पुनः निर्माण मन्त्रीको संयोजकत्वमा उद्योग र शिक्षामन्त्री रहने एक समिति गठन गर्नेमन्त्रिपरिषद्को निर्णय।

**पुस २ गते**

वर्तमान शिक्षा नीति तथा शिक्षा क्षेत्रसम्बद्ध समस्या समाधानका लागि उच्चस्तरीय शिक्षा आयोग गठन गर्न शिक्षा मन्त्रालयलाई निर्देशन।

**पुस १३ गते**

द्वन्द्वकाल र द्वन्द्वपश्चात् माओवादी र त्यसका भ्रातृसङ्गठनबाट नियन्त्रण तथा कब्जा लिइएका कुनै पनि सरकारी, गैरसरकारी र व्यक्तिगत सम्पत्ति फिर्ता प्रक्रिया तत्काल बढाउन सम्बन्धित मन्त्रालयमार्फत स्थानीय प्रशासनलाई निर्देशन।

जनसाधारणलाई सेवासुविधा एकै थलोबाट उपलब्ध गराउन गोरखा जिल्लाको सिर्दीवास र महोत्तरी जिल्लाको बर्दीबासमा एकीकृत सेवाकेन्द्र स्थापना।

कैलालीका पत्रकार जगतप्रसाद जोशीको हत्याको छानबिन गर्न गठित आयोगको सदस्यमा प्रहरी प्रधान कार्यालयका एक जना प्रहरी वरिष्ठ उपरीक्षक थप गर्ने निर्णय।

हरिबोल गजुरेलको अध्यक्षतामा भूमिसुधारसम्बन्धी उच्चस्तरीय आयोग गठन।

लोकतान्त्रिक सङ्घीय गणतन्त्रात्मक राज्य घोषणा भएपछि नेपाल सरकारले सहिद घोषणा गरेका सहिद परिवारलाई परिचयपत्र वितरण गर्ने निर्णय।

## १.पृष्ठभूमि

सन् २००८ को अवधिभर नेपालमा दुईओटा सरकारले राज्य सञ्चालन गरे। जनआन्दोलन २०६२/६३ को सफलतापश्चात् तत्कालीन राजनीतिक सहमतिको धरातलमा खडा भएको सरकारको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गरेका थिए। त्यसपछि जनआन्दोलनकै उपलब्धिका रूपमा सम्पन्न संविधानसभा निर्वाचनपश्चात् माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा संयुक्त सरकार बन्यो। अघिल्लो सरकारमा माओवादी सहभागी भएको थियो भने पछिल्लो सरकारमा सात दलको एक घटक नेपाली काङ्ग्रेस सामेल भएन। अपितु अन्तरिम संविधानमा सातदलीय सहमतिको प्रसङ्ग बारम्बार दोहोऱ्याइएको छ।

आधा दशकभन्दा बढी समयदेखि चर्चामा रहेको र १० वर्षसम्म सशस्त्र विद्रोह गर्दै आएको माओवादीको प्रमुख राजनीतिक मुद्दा बन्दै आएको संविधानसभा निर्वाचन यस वर्ष सम्पन्न भयो। संविधानसभा निर्वाचनलाई ऐतिहासिक मात्र होइन, सन् २००८ को एक मात्र उल्लेखनीय उपलब्धिका रूपमा अङ्कित गर्न सकिन्छ। संविधानसभा निर्वाचनले जननिर्वाचित सरकार गठनको मार्ग प्रशस्त गरे पनि निर्वाचन सम्पन्न भएको तीन महिनासम्म सरकार गठन हुन सकेन। सरकार गठनको विषय यति दुरूह भयो कि यसले सात दलको तीन वर्षीय बन्धनलाई खुकुलो मात्र पारेन, प्रमुख दल काङ्ग्रेस प्रतिपक्षीको भूमिका रोज्न पुग्यो।

कोइराला र दाहाल दुवैको नेतृत्वमा बनेका सरकारले आफ्ना प्रतिबद्धता र सहमतिको पालना नगरेका कारण वर्षभरि आलोचना सहनु पऱ्यो भने वर्षको अन्त्यसम्म पनि सुधारका केही लक्षण देखा परेनन्। दण्डहीनताको संस्कृतिको अन्त्य गर्न साहसिक कदम चाल्नुको साटो पछिल्लो सरकारले त्यस्तो निर्णय पनि गऱ्यो, जसले दण्डहीनतालाई प्रश्रय दिने सम्भावना बढेर जान सक्छ। अघिल्लो सरकारझैं दोस्रो सरकारले पनि मुलुकको शान्ति सुरक्षामा प्रभावकारी सुधार गर्न सकेन। सरकारमा सामेल राजनीतक दलका भ्रातृ सङ्गठनहरू कानुनी शासनको मर्यादाविपरीत गैरकानुनी क्रियाकलापमा प्रतिस्पर्धारत रहे। सरकारले तिनलाई नियन्त्रण गर्ने प्रयास गर्नुको साटो कैयौं सन्दर्भमा त तिनको ढाकछोप गर्न पनि पछि परेन। सत्तारुढ दल नेकपा (माओवादी), नेकपा (एमाले), मधेसी जनअधिकार फोरम र सद्भावना पार्टीका युवक सङ्गठनहरू कानुनविपरीतका गतिविधिमा संलग्न रहेर अराजकताको स्रोत बन्न पुगे।

विगतको सशस्त्र द्वन्द्वसँग गाँसिएका बेपत्ता, विस्थापन, गैरन्यायिक हत्या, सम्पत्ति कब्जाजस्ता विषय यस वर्ष पनि गत वर्षझैं माग र आन्दोलनको विषयवस्तु बनिरहे, जसले गर्दा सरकारको ती विषयप्रतिको गम्भीरतामा शङ्का गर्ने प्रशस्त आधार निर्माण गऱ्यो। दिनप्रति दिन धराशायी हुँदै गएको तराई-मधेसको मानवअधिकारको अवस्थामा सुधार ल्याउन दुवै सरकारले यथोचित तदारूकता प्रदर्शनसमेत गर्न सकेनन्। यद्यपि, वर्षको अन्त्यतिर भने तराई-मधेसका केही सशस्त्र समूहसँग सरकारले वार्ताको थालनी गरेर आफ्नो सरोकारप्रति आकर्षण गरायो । भलै, ती समूहको राजनीतिक गुरुत्व कमै किन नहोस्।

सरकारले संविधानसभा निर्वाचनको प्रचारप्रसार, मतदान र मतदानपश्चात्को समयमा पनि आममतदाता, उम्मेदवार र पर्यवेक्षकहरूको समेत सुरक्षा गर्न सकेन। खासगरी माओवादी कार्यकर्ताको उदण्डताका कारण उम्मेदवारहरू गाउँगाउँ जान सकेनन्। लडाकूहरूको पुनःस्थापना भइनसकेको अवस्थामा लडाकूहरूसहितको पार्टीसँग अन्य निशस्त्र पार्टीहरूले निर्वाचन प्रतिस्पर्धा गर्नु पऱ्यो। साथै, हत्यालगायतका थुप्रै हिंसात्मक घटनाहरूका कारण र त्रासको वातावरणले गर्दा पनि चुनाव प्रसारमा असर परेको थियो।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संविधानसभा निर्वाचनमा पहिलो हुनेले जित्ने (पहुजि) तर्फ उम्मेदवारी नै दिएनन्। एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाल, उपप्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री कृष्णप्रसाद सिटौलाले चुनावमा पराजयको सामना गर्नुपऱ्यो।

ठूला राजनीतिक दलहरूबीच माओवादी छापामारको व्यवस्थापनका सम्बन्धमा मतैक्य कायम हुन नसकेकाले यस वर्षको अन्त्यसम्म यो विषय कुनै टुङ्गोमा पुगेन।

यिनै पृष्ठभूमिमा यस आलेखमा सन् २००८ मा सरकारको भूमिकाका बारेमा विवेचना गर्ने प्रयास भएको छ।

## २. संविधानसभा निर्वाचन र नयाँ परिस्थिति

वि.सं. ०६२/६३ मा भएको ऐतिहासिक जनआन्दोलनको उपलब्धिस्वरूप विकसित राजनीतिक परिस्थितिमा आफ्ना लागि आफैं संविधान बनाउन पाउने नेपाली जनताको अधिकारलाई प्रत्याभूत गर्न सात राजनीतिक दलको गठबन्धन र माओवादीका शीर्ष

नेताहरूको ०६३ कात्तिक २२ गते भएको निर्णय तथा नेपाल सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौताका आधारमा ०६४ जेठ मसान्तभित्र संविधानसभाको निर्वाचन गर्ने नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख गरिएको थियो। त्यसै अनुसार यस वर्ष संविधानसभा निर्वाचन सम्पन्न भयो। दुई-दुईपटकको स्थगन, सशस्त्र समूहहरूद्वारा चुनाव बिथोल्ने धम्कीका बाबजुद चैत २८ गते निर्वाचन सम्पन्न भयो। सायद त्यही जटिल परिस्थितिबीच चुनाव सम्पन्न भएका कारण होला, १२ जिल्लाका २१ निर्वाचन क्षेत्रका १ सय २१ मतदान केन्द्रमा भएको निर्वाचन स्थगनलाई त्यति ठूलो कुरा मानिएन।[१]

नेपालको इतिहासमा पहिलोपटक सम्पन्न भएको संविधानसभा सदस्य निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अङ्गीकार गरिएको थियो। ०६३ माघ १ गते जारी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) मा ४२५ सदस्यीय संविधानसभा गठन हुने, तीमध्ये २ सय ५ जना पहुजि निर्वाचनबाट निर्वाचित हुने र २ सय ४ जना सदस्य समानुपातिक निर्वाचनबाट निर्वाचित हुने प्रावधान थियो। प्रत्यक्ष निर्वाचनतर्फको प्रतिनिधित्व बढाउने उद्देश्यले तत्काल कायम रहेका २ सय ५ ओटा निर्वाचन क्षेत्रको पुनरावलोकन गर्न निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन भयो। सो आयोगले पहिलो हुनेले जित्ने प्रणाली अन्तर्गत देशलाई २ सय ४० निर्वाचन क्षेत्रमा विभाजित गरेकाले समानुपातिक निर्वाचन प्रणालीतर्फ पनि निर्वाचन हुनेको सङ्ख्या २ सय ५ बाट २ सय ४० पुऱ्याइयो। मनोनयन गरिने सदस्य सङ्ख्या १७ पुऱ्याई ४ सय ९७ सदस्यीय संविधानसभा गठन गर्ने व्यवस्था भयो। ०६४ जेठ महिनामा हुने भनिएको निर्वाचन ०६४ मङ्सिर ६ गते गर्ने मिति तोकिए पनि सो निर्वाचन स्थगन भएपछि पुनः राजनीतिक सहमति जुटाई व्यवस्थापिका संसद्बाट अन्तरिम संविधानमा तेस्रो संशोधन भयो। अन्ततः पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ २ सय ४० र समानुपातिक निर्वाचन प्रणालीतर्फ ३ सय ३५ गरी जम्मा ५ सय ७५ र मनोनीत २६ गरी जम्मा ६ सय १ सदस्य रहेको संविधानसभा गठन गर्ने व्यवस्था गरियो।

मानवअधिकारका अन्तर्राष्ट्रिय मूल्य र मान्यताका पृष्ठभूमिमा निर्वाचन आयोगद्वारा ०६४ माघ २ गतेदेखि लागू गरिएको निर्वाचन आचारसंहिताका आधारमा रहेर इन्सेकले ०६५ वैशाख १५ गतेसम्म राजनीतिक दलका क्रियाकलापको अनुगमन गरेको थियो। निर्वाचन आयोगमा परेका उजुरीउपर समयमा सुनुवाइ नभएको आचारसंहिता उल्लङ्घनका कतिपय घटनामा प्रचलित अन्य कानुनबमोजिम कारबाही बढाइनुपर्नेमा प्रक्रिया नै थालनी नगरिएको इन्सेकको निष्कर्ष छ। निर्वाचन अवधिभर निर्वाचन आयोगले जम्मा एक जनालाई मात्र कारबाही गऱ्यो, त्यो पनि आफ्नै एक कर्मचारीलाई।

मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्रको धारा २१ को उपधारा १ मा देशको शासनमा प्रत्यक्ष वा स्वतन्त्ररूपले चुनिएका प्रतिनिधिहरूद्वारा भाग लिने अधिकार प्रत्येक व्यक्तिलाई हुने जनाइएको छ। यसरी नै, नेपाल पक्ष राष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २५ को (१) बमोजिम प्रत्यक्षतः वा स्वतन्त्रतापूर्वक आफूले छानेका प्रतिनिधिमार्फत सार्वजनिक जीवनमा सहभागी हुने र (२) बमोजिम सर्वव्यापी तथा समान मतदान एवम् गोप्यताबाट मतदाताको इच्छाको स्वतन्त्र अभिव्यक्ति गरिएको शुद्ध आवधिक निर्वाचनमा मतदान गर्ने वा निर्वाचित हुने अधिकार सुनिश्चित गरिएको छ।

तर, प्रत्यक्षरूपमा निर्वाचनमा सामेल हुन मतदाता र उम्मेदवारलाई नै सरकारले भयरहित वातावरणको प्रत्याभूति गराएको पाइएन। सरकारमा सामेल राजनीतिक दलहरू पनि आफूप्रति जनतामा विश्वास जगाउनुभन्दा आश्वासन, डर, धाक, धम्कीका माध्यमबाट निर्वाचित हुने कसरतमा लागे। साथै, विभिन्न माध्यमबाट आचारसंहिताको यथेष्ठ जानकारी तथा उजुरी प्राप्त भए पनि कारबाही गर्न निर्वाचन आयोग र सरकारको कुनै तदारूकता देखिएन। कतिपय घटनामा निर्वाचन आयोगले कारबाही गर्न/सच्याउन दिएको सुझावसमेत सरकारले पालना गरेको देखिएन। यसले गर्दा सुरुमा आचारसंहिता उल्लङ्घन नगर्ने दलहरूले पनि पछिल्लो समयमा उल्लङ्घन गर्न थालेको पाइयो।

माओवादी सेनालाई शिविरमा राख्दा उनीहरूले स्वतन्त्र निर्वाचनमा असर पर्ने गरी कुनै प्रकारको डर, धाक, धम्की दिनसक्ने स्थिति पैदा नहोस् भन्ने ध्येय पनि रहेको देखिन्छ। शान्ति सम्झौता र हतियार व्यवस्थापनसम्बन्धी सम्झौता अनुसार अनमिनले शिविरमा रहेका माओवादी सेनाको अनुगमन गर्ने जिम्मेवारी पाएको छ। तर, सन् २००८ मा पनि अनमिन माओवादीका लडाकूलाई सम्झौताको मर्म

१. election.gov.np/EN/detail-news.php?id=128. accessed on 18 Aug. 2008

अनुसार शिविरमा सीमित गर्न असफल रह्यो। शिविरको अनुगमन प्रभावकारी नभएको भन्दै निर्वाचन आयोगले पनि अनमिनलाई अनुरोध गर्नुपऱ्यो। यसरी माओवादी सेना हतियारसहित शिविरबाहिर निस्केको घटनालाई अनमिन प्रमुख इयान मार्टिनले आफ्नो नियोगले गम्भीर रूपमा लिएको बताए। निर्वाचन आयोगले यस सम्बन्धमा अनमिनसमक्ष अनुगमन संस्था संयुक्त अनुगमन समन्वय समितिलाई अझै सक्रिय पार्न अनुरोध पनि गऱ्यो[३]।

### २.१ उम्मेदवारसमेत असुरक्षित

संविधानसभा निर्वाचनका लागि चुनावी प्रचारप्रसारसँगै विभिन्न किसिमका आचारसंहिताको उल्लङ्घन मात्रै बढ्दै गएको होइन, उम्मेदवारको सुरक्षा पनि चुनौतीको विषय बन्यो। निर्वाचनका क्रममा तीनजना उम्मेदवारको हत्या भयो। उम्मेदवारहरू अपहरण, कुटपिट, अवरोध तथा आक्रमणको निशाना बन्नु परेका कैयन् घटना इन्सेकमा अभिलिखित भए। ०६४ फागुन २० गते निर्वाचन आयोगले जारी गरेको प्रेस विज्ञप्तिमा उम्मेदवारलाई आक्रमण गरिएको विषयमा चिन्ता व्यक्त गरिएको छ। तर, आयोगले कारबाहीको पक्षमा ध्यान दिइएको पाइएन।

चुनावी प्रचारप्रसारमा हिँडेका विभिन्न दलका कार्यकर्ता भनै असुरक्षित भएको अनुगमनबाट देखियो। कुनै दलका चुनावी कार्यक्रममा नलाग्न अर्को दलले कार्यकर्तालाई धम्क्याउने, कुटपिट गर्ने र अपहरणसम्म गर्ने गरेको अभिलेख इन्सेकमा छ। ०६४ चैत २४-२७ गतेको अवधिमा ओएचसीएचआरमा दर्ता भएका २८ ओटा उजुरीमध्ये २२ वटामा माओवादीको संलग्नता रहेको थियो[३]। ती अपहरणका घटनामा माओवादी कार्यकर्ताविरुद्ध प्रहरीले कारबाही नगरेका कारण ओएचसीएचआरले चासो पनि देखाएको थियो[४]।

तराई-मधेसमा सशस्त्र समूहले मतदातालाई भयभीत तुल्याए। बिराटनगरस्थित एउटा सशस्त्र डफ्फाले एउटा मस्जिदमा बम विस्फोटन गराउँदा तीन जनाको मृत्यु भयो भने अन्य दुई जना घाइते भए। विभिन्न सशस्त्र समूहहरूले चुनाव असफल गराउने भन्दै कार्यक्रम नै सार्वजनिक गरेका थिए। यसै क्रममा उनीहरूले १० दिने बन्दको आह्वान पनि गरे। एमाले, काङ्ग्रेस, माओवादीलगायतका दलहरूको संयुक्त निर्वाचन सभाहरूमा सशस्त्र समूहहरूले कैयन् विस्फोटन गराए। यस अवधिमा रोल्पा जिल्लामा दुई जना, दाङमा सात जना, सोलुखुम्बुमा एक जना र कपिलवस्तुमा एक गरी १० जना माओवादी कार्यकर्ता मारिए।

विभिन्न दलका कार्यकर्ताबीचको प्रतिस्पर्धा पनि स्वस्थ रहेन। एक दलले अर्को दलको ब्यानर/झन्डा च्यात्ने, जुलुस-कार्यक्रममा अवरोध पुऱ्याउनेलगायत विभिन्न निहुँमा आक्रमण गर्ने क्रम निर्वाचन अवधिभर कायम रह्यो। डडेल्धुरामा काङ्ग्रेसका कार्यकर्ताले झन्डा जलाएको आरोपमा माओवादी, एमाले र काङ्ग्रेसबीच झडप हुँदा दुई दिनसम्म कर्फ्यु लगाएर स्थिति साम्य पार्नु पऱ्यो।

राजनीतिक दलहरू भने मतदातालाई भ्रमित तुल्याई मत आकर्षित गर्ने प्रतिस्पर्धा गर्न चुकेनन्। चुनावी नतिजा आफ्नो पक्षमा नआए फेरि युद्ध सुरु गर्ने धम्की दिन माओवादीका जिम्मेवार नेतासमेत हिचकिचाएनन्। आफ्नो गृहजिल्लामा माओवादी नेता डा. बाबुराम भट्टराईले चेतवानी दिँदै भने, "हामीले हाऱ्यौं भने फेरि एक किसिमको क्रान्ति हुनेछ[५]।"

दिगो शान्तिको चाहना गर्ने आममतदाताले शान्तिको वातावरण बिग्रिएला भन्ने चिन्ताका साथ मतदान गरे। एमाले र काङ्ग्रेसलगायतका पार्टीले सशस्त्र द्वन्द्व सञ्चालन गरेर आएको माओवादीलाई केही उग्र कुरा गर्न छुट दिएर भए पनि निर्वाचनमा सहभागी गराउन सके शान्तिप्रक्रिया नयाँ उचाइमा पुग्ने आशामा थिए। निर्वाचनपूर्वदेखिकै भयग्रस्त बन्दै गएको वातावरणमा निर्वाचन सम्पन्न भयो। बाहिर वातावरण ठीकठाकैजस्तो देखिएकाले आममतदातामा भयले कति असर पायो भन्ने लेखाजोखा पर्यवेक्षण सञ्जालहरूले पनि गरेनन्।

संविधानसभा निर्वाचनको परिणामले दसवर्षे सशस्त्र युद्धको पृष्ठभूमिबाट आएको माओवादीलाई सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा स्थापित

---

३ 'EC called Ian Martin'http/EN/detail_newsphp?id=112 accessed on 3 Dec. 2008

३. Constituinal Assembly Elections of 10 Apr. 2008 : summary of Human Rights Monitoring. OHCHR_Nepal. Page 3. accessed on 5 Dec. 2008

४. पूर्ववत्

५. 'A new revolution if Maoists lose the election'. htpp//www.nepalnews.com. 2008 : mar 05|news 02.php. accessed on 4 Dec. 2008

गरायो। माओवादी, एमाले, काङ्ग्रेस, राप्रपालगायतका दलमा राजनीतिक अभ्यास गरेका व्यक्तित्वहरूको साझा थलो भएको मधेसी जनअधिकार फोरम चौथो ठूलो दलका रूपमा उभिन पुग्यो।

### २.२ नयाँ सरकार गठन

संविधानसभा निर्वाचनको परिणामले राजनीतिक धरातलमा जुन फेरबदल ल्यायो, त्यसले नयाँ सरकारको गठनमा बाधा पनि पुऱ्यायो। अन्तरिम संविधानको प्रावधान अनुसार निर्वाचनको अन्तिम परिणाम घोषणा भएको २१ दिनभित्र संविधानसभाको बैठक प्रधानमन्त्रीले डाक्नुपर्ने थियो। अन्तिम नतिजा कुनलाई मान्नेबारे पनि अन्योल सिर्जना भयो। अन्ततः समानुपातिक निर्वाचनका लागि राजनीतिक दलहरूले छानेका उम्मेदवारहरूको नाम सूचीकृत भएको दिनलाई अन्तिम दिन मान्ने अनौपचारिक सहमति भयो। त्यो काम ०६५ वैशाख २६ गते सम्पन्न भएकाले ०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठक बस्ने सहमति भयो।

संविधानसभाको पहिलो बैठकले नेपाललाई विधिवत् रूपमा गणतान्त्रिक मुलुकमा रूपान्तरित गऱ्यो, झन्डै मध्यरातमा। राती ९ बजे मतदान आरम्भ भयो र ११ बजे परिणाम आयो। २६ जना सभासद्को मनोनयन हुन पनि बाँकी नै थियो। गणतन्त्रको प्रस्तावको समर्थनमा ४ सय ६ मत र विपक्षमा चार मत खस्यो। प्रस्तावमा नारायणहिटी राजदरबारलाई राष्ट्रिय सङ्ग्रहालय बनाउने र अब नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा चिनिने घोषणा गरिएको थियो। संविधानसभाले अन्तरिम कार्यविधि र आलङ्कारिक राष्ट्रपतिका लागि बाटो खोल्ने प्रस्तावलाई अनुमोदन गऱ्यो। थप अरू केही निर्णय गरेन।

पूर्वराजा भइसकेका ज्ञानेन्द्रले ०६५ जेठ २९ गते दरबार छाडेर हिँड्नुअघि पत्रकार सम्मेलनमा आफ्ना कामको प्रतिरक्षा गर्दागर्दै पनि जनताको निर्णय शिरोपर गरेर सकारात्मक भूमिका निर्वाह गरे। उनले मुलुकमै बस्ने जानकारी पनि गराए *(हेर्नुहोस् अनुसूची ६)*।

तर, त्यसपछिको समयमा नयाँ सरकार गठन र पुरानोको विस्थापनका विषयमा अन्योल र विवाद भने सिर्जना हुन थाल्यो। राजीनामा पेस नगरेसम्म वा अर्को सरकार नबनेसम्म रहने अन्तरिम सरकारसम्बन्धी प्रावधानले माओवादीको छटपटी बढायो। सरकारलाई कसरी हटाउने र नयाँ सरकार कसरी गठन गर्ने विषयमा विवाद त्यति चाँडो सुल्झिन सकेन। सातदलीय सहमतिको जग धरमराउन थाल्यो। माओवादीले प्रचण्डलाई निर्वाचनअघि नै भावी राष्ट्रपतिका रूपमा प्रचारित गरिसकेको थियो भने माओवादीइतर दल माओवादी जनमुक्ति सेनाका प्रमुख प्रचण्डलाई राष्ट्रपति र प्रधानमन्त्रीका लागि अनुपयुक्त रहेको तर्क अघि सारिरहेका थिए। संविधानसभामा सबैभन्दा ठूलो माओवादी आफ्नो नेतृत्वमा सरकार बनाउन हतार गर्दै थियो। गिरिजाप्रसाद कोइराला भने आफू राजीनामा दिन तयार भएको तर राजीनामा बुझाउने ठाउँ नपाएको दाबी गर्दै प्रधानमन्त्री पद ओगटिरहेका थिए। राष्ट्रपतिको निर्वाचन भएपछि उनले राजीनामा गर्ने बताए। यसरी संविधानसभा निर्वाचन भएको झन्डै तीन महिनासम्म नयाँ सरकारको गठनको विषय अन्योलमै रह्यो।

अन्ततः राष्ट्रपति डा. रामवरण यादवले माओवादीलाई सरकार बनाउन आह्वान गरेपछि त्यो अन्योल समाप्त भयो। अन्तरिम संविधानको धारा ३८ (१) बमोजिम राजनीतिक सहमति कायम गरी मन्त्रिपरिषद् गठन गर्न उनले माओवादीलाई आह्वान गरे। तर, राजनीतिक सहमति कायम गर्न माओवादीले कम कसरत गर्नु परेन। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा भएको काङ्ग्रेस, एमाले र फोरम गठबन्धनको विग्रहपश्चात् सुरु भएको माओवादी, एमाले र फोरमबीचको ध्रुवीकरणले माओवादीलाई सरकारको नेतृत्व गर्ने अवसर प्रदान गऱ्यो। राष्ट्रपतिद्वारा आह्वान गरिएको 'राजनीतिक दलहरूको सहमति'भित्र काङ्ग्रेसले प्रतिपक्षीको भूमिका रोज्यो। माओवादी अध्यक्ष प्रचण्डले गणतान्त्रिक नेपालको प्रथम निर्वाचित प्रधानमन्त्रीका रूपमा शपथ लिए। दसवर्षे माओवादी जनयुद्धको सपनाको अर्को अध्याय थपियो।

### ३. सम्झौताको चाङ, अल्झिरहेको गाँठो

सात दल र माओवादीबीच ०६२ मङ्सिर ७ गतेको १२ बुँदे सहमतिपश्चात् जनताले राजाको तानाशाही र माओवादी विद्रोहबाट एकैपटकमा त्राण पाउने आशा गरेका थिए। तर, अवस्था त्यति सहज रहेन। विभिन्न समूहका माग, आन्दोलन, चेतावनी, धम्की, हिंसा मुलुकको दिनचर्याका रूपमा रहँदै आएका बेला राज्यले विभिन्न समयमा सहमति र सम्झौता गऱ्यो। पुराना सहमति थन्क्याउने र नयाँ सहमति कायम गर्ने परम्परा नै बस्यो। संविधानसभा निर्वाचनअघि भएका सहमति त बाँकी नै थिए, त्यसपछि पनि सहमति गर्ने क्रम टुटेन। कब्जा गरिएको सम्पत्ति फिर्ता गर्ने विषयमा मात्र माओवादीले विभिन्न समय गरी सन् २००८ को अन्त्यसम्म आठपटक सहमति

गऱ्यो। समस्याको समाधान भने हुन सकेन। अन्तिमपटक माओवादीले सरकारको नेतृत्व गरिरहेको अवस्थामा काङ्ग्रेससँग नौबुँदे सहमतिमा पनि कब्जा गरिएको सम्पत्ति फिर्ता गर्ने विषयलाई प्रमुखतासाथ उठायो। यथार्थमा जेजति सहमति भए, ती सबै पालना गर्नुपर्छ भन्ने उद्देश्यभन्दा तत्काल समस्या टार्ने उपायका रूपमा ग्रहण गरिएका कारण सरकारको विश्वसनीयतामाथि शङ्का गर्ने प्रशस्त आधार तयार भयो।

०६४ साउन २२ गतेदेखि ०६५ भदौ २० गतेसम्म सरकारले आठ पक्षसँग सम्झौता गरेको थियो। ती समझौताका बुँदा जोड्ने हो भने त्यसको सङ्ख्या ७८ पुग्छ। शान्ति तथा पुनःनिर्माण मन्त्रालयको अभिलेख अनुसार विश्लेषण गर्ने हो भने तीमध्ये ३६ बुँदा मात्र कार्यान्वयन भए, ४२ बुँदा बेवारिसे अवस्थामा छन्। सन् २००८ मा मात्र सरकारले संयुक्त मधेसी मोर्चासँग आठबुँदे, सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चासँग पाँचबुँदे, सङ्घीय लिम्बूवान परिषद्सँग पाँचबुँदे र राष्ट्रिय हलिया मुक्ति समाजसँग पाँचबुँदे सहमति गरेको थियो।

सम्झौता लागू नभएको आरोप लगाउँदै सरकारकै घटक मधेसी जनअधिकार फोरम र सद्भावना पार्टीले समय-समयमा सरकारबाट अलग्गिने धम्की वर्षभरि नै दिए। अर्को मधेसवादी दल तमलोपाले त सरकारलाई दिएको समर्थन फिर्ता लिएर आन्दोलनको घोषणा पनि गऱ्यो। आफू सरकारमा रहँदा विभिन्न सम्झौता गर्ने काङ्गेसले पनि अफ्नो नौबुँदे माग पूरा नभएको भन्दै आन्दोलन गर्ने चेतावनी दिने अवसर गुमाएन।

ती सबै सम्झौता र सहमति कार्यान्यन गर्ने/गराउने अभिभारा शान्ति तथा पुनःनिर्माण मन्त्रालयलाई दिइएको छ। यथार्थमा ती माग कुनै मन्त्रालय विशेषको निर्णय अनुसार मात्र समाधान हुन सक्ने प्रकृतिका मात्र छैनन्। राष्ट्रव्यापी छलफल र व्यापक राजनीतिक सहमतिबिना गाँठो खुल्ने सम्भावना देखिँदैन। तर, प्रतिबद्धताप्रतिको गैरइमानदारी र आशङ्काका कारण निर्वाचनपछि पनि राजनीतिक स्थिरताको सुरुवात हुन सकेन।

### ४.अन्तर्राष्ट्रिय प्रतिबद्धता र सरकार

नेपाल हालसम्म संयुक्त राष्ट्रसङ्घका छओटा प्रमुख महासन्धिसमेत मानवअधिकारसम्बन्धी २२ ओटा अभिसन्धिहरूको अनुमोदन गरी नेपाल दक्षिण एसियामा सबैभन्दा बढी महासन्धिको पक्षराष्ट्र हुने मुलुकका रूपमा स्थापित भइसकेको छ। तर, कार्यान्वयनको अवस्था अत्यन्त कमजोर छ। आफूले गरेका प्रतिबद्धतालाई व्यवहारमा उतार्ने क्रममा केही कानुनी संयन्त्रहरूको निर्माण गरे पनि तिनले महासन्धिको मूल भावनालाई प्रतिष्ठित गर्न सकेको छैन।

यस वर्षको पहिलो महिनामा नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको इच्छाधीन आलेखमा हस्ताक्षर गरी त्यस्ता व्यक्तिहरूको अधिकारको संरक्षण गरी यस समुदायलाई सशक्त बनाउन आफ्नो ऐक्यबद्धताको सन्देश दियो। तर, यातना तथा अन्य क्रूर अपमानजनक व्यवहारविरुद्धको महासन्धिको ऐच्छिक आलेख २०००, जबरजस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि २००६, अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि र यसको ऐच्छिक आलेख २००६, सबै आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९९० लगायतका महासन्धिहरूको अनुमोदन गर्न अन्तर्राष्ट्रिय समुदायसँग पटकपटक प्रतिबद्धता जनाए तापनि यस वर्ष पनि अनुमोदन गरिएन। दुई वर्षअघि पुनःस्थापित व्यवस्थापिकाले अनुमोदन गर्न निर्देशन दिइसकेको रोम विधानको सरकारको नीतिमा समेत चर्चा नभएकाले त्यसप्रति सरकारको कुनै रुचि नरहेको प्रतीत भयो।

राष्ट्रसङ्घीय कार्यविधिका विज्ञहरूले नेपाल भ्रमण गरी मानवअधिकार संरक्षण र सम्बर्द्धनमा गर्नुपर्ने आवश्यक सुधारका लागि नेपाल सरकारलाई दिएका निश्चित सुझावहरूकोसरकारले वर्षको अन्त्यसम्मै उचित कार्यान्वयन गर्न सकेन। आधा दर्जनभन्दा बढी यस्ता विशेष कार्यविज्ञहरूद्वारा नेपाल भ्रमणका लागि आमन्त्रण गर्न गरिएको अनुरोधलाई सरकारले यस वर्ष पनि स्वीकार नगर्नाले संयुक्त राष्ट्रसङ्घीय प्रणालीमा सामञ्जस्यता राख्न इच्छा नदेखाएको प्रस्ट भयो। यस वर्ष सरकारले द्वन्द्वमा बालबालिकासम्बन्धी समाधिक्षक राधिका कुमारास्वामी र आदिवासी जनजातिसम्बन्धी समाधिक्षक प्रा. एस. जेम्सलाई नेपाल भ्रमणका लागि औपचारिक आमन्त्रण गरेको थियो। कुमारास्वामीले वर्षको अन्त्यमा नेपालको भ्रमण गरी आफ्ना सुझावहरू सरकारसमक्ष प्रस्तुत गरिन्। उनले प्रधानमन्त्री पुष्पकमल दाहालले माओवादी शिविरमा रहेका प्रमाणीकरणबाट नाबालिक ठहरिएका बालबालिकालाई शिविरबाट बिदा गर्ने प्रतिबद्धता जनाए। *(हेर्नुहोस्, यस वर्षको उल्लेख्य: संविधान निर्माण प्रक्रियाका चुनौती)*

व्यवस्थापिका संसद्को हिउँदे अधिवेशनले अन्तर्राष्ट्रिय श्रमसङ्गठन महासन्धि १६९ लाई अनुमोदन गऱ्यो। ४४ धारा भएको यस महासन्धिको अनुमोदन गर्नेमध्ये नेपाल १९औँ मुलुक हो। एसियामा यो महासन्धि अनुमोदन गर्ने फिजीपछि नेपाल दोस्रो मुलुकका रूपमा प्रतिष्ठित भयो। आदिवासी जनजातिका भूमि, नियुक्ति तथा रोजगारका अवसर, व्यावसायिक तालिम आदि अधिकार सुरक्षित गर्ने यो महासन्धिको कार्यान्वयनका लागि सरकारले आवश्यक गृहकार्य भने गर्न सकेन।

**५. वार्ता : सुरबिनाको राग**

निर्वाचनअघि र पछिको सरकारले पनि तराईका सशस्त्र समूहहरूसँग वार्ता गर्ने घोषणा पटक-पटक गरिरह्यो। सशस्त्र द्वन्द्वरत समूहसँग वार्ता गर्न सरकारले तीन सदस्यीय वार्ता समिति गठन गऱ्यो। समितिका संयोजक शर्माले द्वन्द्वरत पक्षलाई वार्तामा आउन आह्वान गरे। कात्तिक १ गते बसेको समितिको पहिलो औपचारिक बैठकले सशस्त्र समूहलाई उत्तेजक कारबाही नगर्न आग्रह गर्दै वार्तामा आउनेहरूको सुरक्षाको प्रत्याभूति गर्ने, अन्य समूहलाई पनि सम्पर्क-सूत्रमार्फत पत्राचार गर्ने, वार्तास्थल र मिति तोक्ने निर्णय गऱ्यो।

सन् २००८ को अन्त्यसम्म समितिले किराँत जनवादी वर्कस पार्टी, तराई कोब्रा, तराई जनतान्त्रिक मुक्ति मोर्चा (रणवीर), लिट्टे, तराई जनतान्त्रिक मुक्ति मोर्चा (पृथवी), मधेसी भाइरस किलर्स, अखिल तराई मुक्ति मोर्चा, संयुक्त तराई जनक्रान्ति पार्टी, मधेसी राष्ट्रिय जनतान्त्रिक पार्टी (क्रान्तिकारी), तराई संयुक्त जनतान्त्रिक मुक्ति मोर्चा पार्टी (पवन गिरी), संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन सिंह), मधेसी मुक्ति टाइगर र राई संयुक्त जनतान्त्रिक पार्टी (टार्जन)लाई वार्ताका लागि पत्राचार गऱ्यो। यीमध्ये किराँत जनवादी वर्कस मात्र पहाडी क्षेत्रमा सक्रिय छ भने बाँकी तराईका केही जिल्लामा सीमित छन्। सरकारको आह्वानको प्रक्रियास्वरूप केही समूहसँग अनौपचारिक र औपचारिक रूपमा वार्ताको थालनी भयो, जसले ती विषयमा सरकारको चासो अभिव्यक्त भएको प्रमाणित गऱ्यो।

हिंसात्मक गतिविधिबाट आक्रान्त तराईमा सशस्त्र सङ्घर्ष गरिरहेका समूहसँग ५ र ६ गते मङ्सिरमा शान्तिमन्त्री जनार्दन शर्माले सप्तरी-धनुषालगायतका जिल्लामा अनौपचारिक वार्ता गरे। उनले विभिन्न १४ समूह मिलेर बनेको मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको नेतृत्वसँग प्रत्यक्ष कुराकानी गरेका थिए। तर, यीमध्ये भाइरस किलर्स मात्र वार्ता गर्न २६ गते काठमाडौँ नै पुग्यो। भाइरस किलर्सका नेता जयप्रकाश यादव यस वर्षको दोस्रो महिना सुनसरीमा आत्मसमर्पण गर्न गएका थिए। तर, सप्तरीमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलिरहेका कारणले सुनसरी प्रशासनले उनलाई गिरफ्तार गर्ने बताएपछि उनी फर्किएका थिए[६]। आफ्ना एक हजार छापामार रहेको जनाउँदै तिनलाई सेनामा समायोजन गराउनुपर्ने धारणा व्यक्त गर्ने भाइरस किलर्सले वार्ताको थालनी भएपछि सप्तरीका केही गाविसमा भर्ती अभियान सुरु गरेको इन्सेक केन्द्रीय कार्यालयमा जानकारी प्राप्त भएको छ।

सरकारले जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)सँग पुस ११ गते जनकपुरमा अनौपचारिक वार्ता गऱ्यो। वार्ता टोलीका संयोजक कौटिल्य शर्मा भनिने सञ्जय गुप्ताले वार्तामा बस्नुअघि राजन मुक्तिका बाबु तथा दाजुलाई रिहा गर्नुपर्ने माग राखेका थिए। मागबमोजिम पुस ९ गते राजन मुक्तिका बाबु विद्यानन्दलाई प्रहरीले रिहा गऱ्यो। 'तराईमा केही वर्षयता मौलाउँदै गएको समूहहरूको माउ भनेको जयकृष्ण गोइतले गठन गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चा हो। लामो समयसम्म वाम राजनीतिमा संलग्न 'गोइतले छुट्टै राज्यको माग गरिरहेकाले उनीसँग वार्ता हुन नसक्ने' सरकारी वार्ता समितिका सदस्य रामचन्द्र झाले मङ्सिरको पहिलो साता राजधानीमा आयोजित एक साक्षात्कारमा बताएका थिए[७]। फोरमका नेता तथा परराष्ट्रमन्त्री उपेन्द्र यादव भने सशस्त्र समूहका जायज मागलाई सम्बोधन गरियो भने मात्र आपराधिक गतिविधिलाई नियन्त्रण गर्न सकिने धारणा व्यक्त गर्छन्।

यस्तो वार्ता प्रयास यसअघि पनि नभएका होइनन्। तर, पर्याप्त गृहकार्यको अभावमा त्यस्ता वार्ता निरर्थक प्रमाणित भए। संविधानसभा र सरकारमा भएका मधेसवादी दलहरूको ती समूहप्रतिको दृष्टिकोण के हो भन्नेबारेमा समेत पर्याप्त गृहकार्य नभएको वार्ता समितका सदस्यहरूको मनोनयनबाट नै पुष्टि हुन्छ। एक मधेस एक प्रदेशको मागलाई जायज ठहर नगर्ने आफ्नो पार्टीको धारणाप्रति अडिग स्थानीय

६. 'नेता राजधानीमा मस्त : मधेस अस्तव्यस्त' । हिमाल १-१५ पुस ०६५ । पृष्ठ ४०
७. पूर्ववत् । पृ. ३९

विकासमन्त्री रामचन्द्र झा र 'जय देश जय नरेश'को राजनीतिक पृष्ठभूमिबाट आएकी शिक्षामन्त्री रेणु यादवलाई वार्ता समितिमा राखिनु उचित हुने थियो वा थिएन भन्ने विषयमा सोच पुऱ्याएको देखिएन।

जसरी सरकारले वार्ता प्रक्रियालाई गति दियो, त्यसबाट वार्तालाई उपलब्धिपूर्ण अवस्थामा पुऱ्याउने चाहना देखिएन। अहिले वार्तारत दलहरूले पनि आफ्नो विश्वसनीयता स्थापना गर्न प्रयास गरेनन्, त्यसैले सरकारले यस वर्ष गरेको वार्ता सुरबिनाको रागजस्तै हुन पुग्यो।

**६. दण्डहीनताको निरन्तरता**

नेपालमा शान्ति प्रक्रियाको विवेकसङ्गत समापन र लोकतन्त्रको सुदृढीकरणको प्रसङ्गमा दण्डहीनता एउटा गम्भीर चुनौतीका रूपमा देखा परेको छ। खासगरी कानुनी राज्य स्थापना गर्ने, पीडकलाई जिम्मेवार बनाउने, पीडितलाई परिपूरण दिलाउने र दिगो शान्ति कायम गर्ने विषय अत्यन्त चुनौतीपूर्ण छन्। अन्य क्षेत्रमा भन्दा राज्यतहको जिम्मेवारी वहन गर्नेहरू नै दण्डहीनताको पोषकका रूपमा देखिएका छन् भने अर्कोतिर कार्यकारिणीबाट अपराधीको मुद्दा फिर्ता लिनेजस्ता निर्णय त झनै भयावह एवम् घातक खालका छन्।

सङ्क्रमणकालका नाममा लामो समयसम्म कानुनी राज्यको प्रत्याभूति नभएकाले एकापट्टि लोकतन्त्रले स्थायित्व र पूर्ण सफलता पाउन नसकेको अवस्था विद्यमान छ। अर्कोतिर, दण्डहीनतालाई अन्त्य गर्ने सार्थक प्रयास यस वर्ष पनि हुन सकेन। मानवअधिकारका गम्भीर र शृङ्खलाबद्ध उल्लङ्घनकर्ता दण्डित नहुनु मात्र होइन, यसप्रति राज्यले आँखा चिम्लिएकाले मानवअधिकार र कानुनी राज्यका पक्षपातीहरू चिन्तित हुनुपर्ने अवस्था सिर्जना भयो।

अन्तर्राष्ट्रिय कानुनमा दण्डहीनता भन्नाले मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गर्ने व्यक्तिउपर कारवाही नगरिएको वा गर्ने इच्छा नराखिएको वा गर्न असफल भएको र पीडितहरूलाई परिपूरण दिलाउन नसकिएको वा नचाहेको अवस्थालाई जनाउने गरी व्याख्या गरिएको छ। कानुनको अभावमा वा कानुनी व्यवस्थाले नै दण्डहीनता सिर्जना गरेको अवस्था एउटा र सिद्धान्ततः कानुन भएको तर व्यवहार वा शासकीय, प्रशासकीय चरित्रले गर्दा प्रयोगविहीन भई दण्डहीनता रहेको अर्को अवस्था गरी दुई प्रकारको अवस्थालाई परिवर्तन गर्नेतर्फ सरकारले यो वर्ष कुनै पहल गरेन। तर, राजनीतिक नेतृत्व गर्नेहरू के भ्रममा छन् भने दण्डहीनताले राजनीतिक सहमतिको जग बलियो बनाउँछ र लोकतन्त्र सुदृढ गर्न यसले मद्दत पुऱ्याउँछ। तसर्थ, राजनीतिका नाममा भएका आपराधिक कृयाकलापप्रति आँखा चिम्लिने खतरनाक प्रवृत्ति दिनप्रति दिन हावी भइरहेको छ। यही दर्शनका आधारमा ०६३ चैत २५ गतेको मन्त्रिपरिषद्को बैठकले फौजदारी अभियोगमा बन्दी बनाइएका ११ जनालाई रिहा गर्ने निर्णय गरेको थियो। ती ११ जनामध्ये सात जनाले ज्यान मारेको ठहर भई अदालतले सजाय तोकेको थियो। त्यो निर्णय भएको पर्सिपल्टै कास्की जेलमा रहेका १ सय ५६ जना बन्दीले आममाफीको माग गर्दै जेल तोडफोड र आगजनी गरे। त्यसपछि देशभरका जेलका बन्दी आन्दोलनमा उत्रिए।

उपरोक्त घटनाबाट सरकारले पाठ पढ्नुको साटो राजनीतिक आस्थाका नाममा गम्भीर अपराध र मानवताविरुद्धका घटनाका ३ सय ४९ थान विचाराधीन मुद्दा यस वर्ष फिर्ता लियो। लागू औषध र बलात्कारका मुद्दासमेत फिर्ता लिन सरकार पछि परेन। फिर्ता लिइएका कर्तव्य ज्यानका ९९ थान मुद्दामध्ये १२ थान मुद्दा शान्ति सम्झौता भइसकेपछिका हुन्। संविधानसभा निर्वाचनमा राष्ट्रिय जनमोर्चाका उम्मेदवार कमलप्रसाद अधिकारीको हत्याका अभियुक्तहरूको मुद्दासमेत फिर्ता लिइयो।

शान्ति सम्झौताको दुई वर्ष पूरा हुनुभन्दा एक दिनअघि मात्र धादिङको मलेखुबाट कात्तिक ४ गते वाईसीएलले अपहरण गरी हत्या गरिएका काठमाडौं स्यूचाटारका निर्मल पन्त र पुष्कर डङ्गोलको शव मङ्सिर ३ गते राती धादिङको पीडा गाविसमा गाडिएको अवस्थामा फेला पऱ्यो। राजधानीसँगै जोडिएको उक्त स्थानमा प्रशासनलाई खोजतलास गर्न के कति कारणले बाधा पुगेको थियो, अझै स्पष्ट भइसकेको छैन। यसअघि कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठलाई अपहरण गरी चितवनमा हत्या गर्ने माओवादी कार्यकर्तालाई पनि सरकारले कारबाही गर्न नसकेको घटना र केन्द्रीय कारागार विभागलाई समेत जानकारी नगराई केही महिनाअघि मन्त्रिपरिषद्को निर्णय अनुसार सरकारले विभिन्न अपराधका दोषीहरूलाई आममाफी दिने भन्दै रिहा गरेको विषयबाट मुलुकमा दण्डहीनताको अवस्थामा रत्तिभर पनि सुधार नभएको प्रस्ट भयो।

सरकारमा सामेल दलका भ्रातृ सङ्गठनहरूबीच सैद्धान्तिक, वैचारिक वा जनसेवाका लागि कुनै प्रतिस्पर्धा भएन। कानुन कसले बढी भङ्ग गर्न सक्छ, कसले समाजमा त्रास फैलाउन सक्छ, त्यसैमा होडबाजी सीमित रह्यो। दण्डहीनताको

संस्कृतिलाई उर्जा दिने काम जिम्मेवार राजनीतिक दलहरूबाटै भयो। अझ विडम्बना त के रह्यो भने त्यसलाई विवेकपूर्ण प्रमाणित गर्ने जुन अभ्यास भयो, त्यसले भयावह परिणति निम्त्याउन सक्छ भन्ने विषयमा कुनै सोच विकसित हुन सकेन। माओवादीको वाईसीएल, एमालेको युथफोर्स, मधेसी जनअधिकार फोरमको मधेसी युथफोर्स, सद्भावना पार्टी (महतो)को रक्षावाहिनी, सद्भावना पार्टीको मधेसी कमान्डोजस्ता भ्रातृसङ्गठनहरू कानुन हातमा लिने र तोड्ने कार्यमा मात्र सीमित रहेनन्, ठेक्कापट्टाका विषयमा एकअर्कासँग भिडन्त गर्न पछि परेनन्।

दण्डहीनताका सन्दर्भमा विगतको सशस्त्र द्वन्द्वकालीन अवस्थामा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई बिर्सन सकिँदैन। लोकतान्त्रिक शासन पद्धतिको विकास हुन नसक्नुलाई मुख्य रूपमा दण्डहीनताको परिणति मानिन्छ। तसर्थ, विगत द्वन्द्वको क्रममा भएका मानवताविरुद्धको अपराध र मानवअधिकारको गम्भीर उल्लङ्घनका दोषीलाई कदाचित उन्मुक्ति दिनुहुन्न भन्ने मान्यताका आधारमा शान्तिप्रक्रिया अन्तर्गत दण्डहीनतालाई सम्बोधन गर्ने सवालमा राजनीतिक तहमा थुप्रै सहमति भए। सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने बारेमा विस्तृत शान्ति सम्झौता, बृहत् शान्ति सम्झौताको धारा ५.२.५ तथा अन्तरिम संविधान, २०६३ को धारा ३३ (ध) मा व्यवस्था गरिएको छ।

न्यायिक छानबिन गरी सर्वोच्च अदालतले २०६४ जेठ १८ गते बलपूर्वक बेपत्ता पारिएकाका व्यक्तिहरूका विषयमा विद्यमान दण्डहीनताको अन्त्य गर्नका लागि विशेष कानुन तर्जुमा गर्न, बेपत्ता पार्ने कार्यलाई अपराध ठहर गर्ने, अन्तर्राष्ट्रिय कानुनले तोकेको मापदण्ड अनुरूप छानबिन आयोग गठन गरी द्वन्द्वकालमा पारिएका बेपत्ताका घटनाहरूलाई सम्बोधन गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो। त्यसरी नै गैरन्यायिक हत्यामा छानबिन र अनुसन्धान गर्न अस्वीकार गरिएका घटनाहरूको विषयमा परेका रिट निवेदनमा त्यस्ता अभियोगको फौजदारी अनुसन्धान गर्न तथा पीडितलाई उचित परिपूरण दिलाउने प्रयोजनार्थ विस्तृत कानुन बनाउन नेपाल सरकारका निकायहरूलाई आदेश गरेको थियो। तर, अदालतका ती आदेशलाई यस वर्षका दुवै सरकारले गम्भीरतापूर्वक ग्रहण गरेनन्।

राजनीतिक सहमति अनुरूप सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०६४ को विधेयक मस्यौदा गरी गत वर्ष सार्वजनिक गरेको थियो। प्रस्तावित विधेयकले कुनै व्यक्तिले आफ्नो कर्तव्य पालनको सिलसिलामा वा कुनै राजनीतिक उद्देश्य प्राप्तिका लागि मानवअधिकारको गम्भीर उल्लङ्घन तथा मानवताविरुद्धको अपराध गरेको देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई क्षमादान गर्नसक्ने व्यवस्था गरेको छ। यो व्यवस्थाले गर्दा यो कानुन सत्य स्थापना गरी दण्डहीनतालाई सम्बोधन गर्नेभन्दा पनि क्षमादानको माध्यमबाट विगतका अपराधहरूको सम्बोधन गर्ने उद्देश्यबाट अभिप्रेरित भएकाले मानवअधिकार समुदायलगायत कानुनविद्ले चर्को आलोचना गरेका थिए। *(हेर्नुहोस् यस वर्षको उल्लेख्य : संविधान निर्माण प्रक्रियाका चुनौती)*

२०५८ मङ्सिरमा मुलुकभर सङ्कटकाल घोषणा भई सेना परिचालन भएपछि मानिसलाई पक्राउ गरी बेपत्ता बनाउनु सुरक्षा निकायको आमनीति नै बन्न पुगेको थियो। परिणामस्वरूप द्वन्द्वका पछिल्ला वर्षहरूमा नेपालको अन्तर्राष्ट्रिय पहिचान सबैभन्दा बढी मानिस बेपत्ता पार्ने मुलुकका रूपमा हुनपुगेको थियो।

व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाका सम्बन्धमा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले केही निश्चित मापदण्डहरूको निर्धारण गरी स्वेच्छाचारी पक्राउविरुद्धको स्वतन्त्रता प्रदान गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६४ ले हरेक व्यक्तिलाई स्वेच्छाचारी पक्राउ र थुनाबाट सुरक्षा प्रदान गरेको छ। त्यसरी नै संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा जारी जबरजस्त बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धिमा 'कसैलाई पनि जबरजस्ती बेपत्ताको भागीदार बनाइने छैन' भन्ने उल्लेख गरिएको छ। संयुक्त राष्ट्रसङ्घीय महासभाले ०६३ पुस ५ गते 'बलात् बेपत्ताबाट सबै व्यक्तिलाई बचाउ' गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि जारी गरेको छ। उक्त महासन्धिले निर्धारण गरेको मापदण्डलाई अन्तर्राष्ट्रिय कानुनको मापदण्डका रूपमा स्वीकार गरी राज्यले तदनुरूप आफ्नो व्यवहार गर्नु वाञ्छनीय हुन्छ भनी सर्वोच्च अदालतले नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो। तर, सरकारले वर्ष २००८ मा बेपत्ता छानबिनसम्बन्धी आयोग गठन गरेन।

प्राय: सबै कानुन र कानुनी प्रणालीहरूमा हत्या

फौजदारी कानुनद्वारा निषेधित कार्यभित्र पर्छ भने गैरन्यायिक हत्या मानवअधिकारविरुद्धको अपराधका रूपमा परिचित छ। यस अर्थमा गैरन्यायिक हत्या व्यक्तिगत हैसियतमा गरिएको आपराधिक कार्यभन्दा फरक राज्य वा त्यसका अङ्ग वा अधिकारीको संलग्नता, समर्थन, प्रोत्साहन वा सहमतिमा गरिएको राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन विपरीत व्यक्तिको जीवनको हक समाप्त पार्ने गम्भीर प्रकृतिको अपराध हो।

सशस्त्र द्वन्द्वका क्रममा हुने कानुनविपरीतका सबै हत्याहरू गैरन्यायिक हत्याको कोटीमा पर्छन्। तर, अन्तर्राष्ट्रिय मानवीय कानुनले न्यायोचित ठहऱ्याएको अवस्थामा भएको द्वन्द्वरत पक्षहरूबीचको भिडन्तमा लडाकूहरूको मृत्यु भने गैरन्यायिक हत्याको कोटीमा नपर्न सक्छ। त्यस्तो अवस्थामा पनि युद्धमा प्रत्यक्ष संलग्न नभएका गैरसैनिक नागरिकहरूको भने संरक्षण गर्नुपर्ने हुन्छ। त्यसो गर्न नसक्दा भएका त्यस्ता हत्याहरूसमेत गैरन्यायिक हत्याको कोटीमा पर्छन्।

तर, ०५२ सालमा माओवादीले सुरु गरेको सशस्त्र द्वन्द्वपश्चात् राज्य र विद्रोही दुवै पक्षबाट गैरन्यायिक हत्याको व्यापक, व्यवस्थित र योजनाबद्ध ढङ्गले अभ्यास भएको थियो। सरकारका तर्फबाट विद्रोही दबाउने फौजी कारबाहीहरूमा गैरन्यायिक हत्या राज्यको नीतिकै रूपमा देखियो भने विद्रोही पक्षले 'जनयुद्ध'को विरोध गरेको वा सुराकी गरेको वा फरक विचार राखेको नाउँमा व्यक्तिहत्याको शृङ्खला चलाई युद्ध रणनीतिको रूपमा गैरन्यायिक हत्यालाई प्रयोग गरेका प्रशस्त घटना प्रकाशमा आयो।

इन्सेकको अभिलेख अनुसार विगत सशस्त्र द्वन्द्वको अवधिमा १३ हजार २ सय ५५ जनामध्ये राज्यपक्षबाट ८ हजार ३ सय ३६ जना र ४ हजार ९ सय १९ जना माओवादी विद्रोहीबाट मारिएका थिए। त्यस्ता हत्यामध्ये कति जनाको हत्या अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय कानुनका आधारमा गैरन्यायिक नठहरिने विषय हुन्, त्यसको आकलन भइसकेको छैन। सत्यतथ्य निरूपण आयोगबाट त्यस्ता गैरन्यायिक हत्याको छानबिन हुने आशा पीडित पक्षको रहेको थियो। तर, यस वर्षको अन्त्यसम्म पनि सरकारले उपरोक्त आयोग गठन नगरेर विभिन्न सहमति र संविधानको मानमर्दन गऱ्यो। सशस्त्र द्वन्द्वमा मारिएका व्यक्तिका परिवारलाई १ लाख रुपियाँ राहतस्वरूप प्रदान गर्ने निर्णय गरेर सरकारले सर्वोच्च अदालतको आदेशलाई टालेन मात्र, द्वन्द्वपीडित जनताको विश्वास पनि गुमायो।

### ७. जगेडामा रहेको विस्थापन समस्या

सशस्त्र द्वन्द्वका क्रममा उत्पन्न भएका थुप्रै समस्यामध्ये आन्तरिक विस्थापन त्यस्तो समस्या हो, जसबाट समाजमा बहुआयामिक असर पऱ्यो। अझै पनि आन्तरिक विस्थापनमा परेका व्यक्तिको समस्या भने समाधान हुन सकेको छैन। विस्थापितहरूले शान्ति स्थापनामा जुन योगदान पुऱ्याउन सक्छन्, त्यसबाट राज्य वञ्चित हुनुबाहेक देशको दीर्घकालीन शान्ति प्रक्रियालाई प्रतिकूल असर पुगेको छ। यसबाट शान्ति प्रक्रियाको सफलतामा प्रश्नचिह्न खडा हुँदै गएको छ। माओवादीको मूलधारको राजनीतिमा प्रवेशसँगै आन्तरिक विस्थापितहरूले सहज रूपमा घर फर्कन पाउने जुन आशा राखेका थिए, त्यो सम्भव भएन। अन्य विभिन्न सम्झौताहरूझैँ तत्कालीन विद्रोही पक्ष र सरकारले आन्तरिक विस्थापितहरूको समस्या समाधान गर्ने जुन प्रतिबद्धता जनाएका थिए, त्यसले यस वर्ष पनि सार्थक आकार ग्रहण गर्न सकेन।

विस्थापनको प्रमुख कारण द्वन्द्वकालमा माओवादीले विभिन्न आरोपमा सम्पत्ति कब्जा गर्नु पनि एक थियो। माओवादी सशस्त्र द्वन्द्व औपचारिक रूपमा समाप्त भएको घोषणा गर्न जारी गरिएको बृहत् शान्ति सम्झौतामा विगतमा दुवै पक्षबाट कब्जामा लिइएका सम्पूर्ण चलअचल सम्पत्ति फिर्ता गर्ने प्रतिबद्धता जनाइए पनि माओवादी कार्यकर्ताले सशस्त्र द्वन्द्वका क्रममा कब्जामा लिएका सम्पत्तिहरू हालसम्म फिर्ता गरिसकेका छैनन्। सहमतिको बुँदा नं. ५ मा उल्लेख भएबमोजिम अहिलेसम्म सबै सम्पत्ति कब्जामुक्त भइसक्नु पर्ने थियो। तर, यथार्थ विपरीत छ। शान्ति सम्झौता गरिसकेपछि समेत माओवादीले सम्पत्ति कब्जा गर्न थालेका घटना प्रकाशमा आए ।

बर्दिया जिल्ला बेलवा गाविस-१ का ३३ वर्षीय कूलबहादुर विश्वकर्माको चार कट्ठा जग्गा माओवादी कार्यकर्ताले दत्ते थारूको नेतृत्वमा ०६५ असारमा कब्जा गरे। इति मात्र होइन, माओवादीले सशस्त्र द्वन्द्वका समयमा कब्जामा लिएको घरजग्गा शान्ति सम्झौतापछि बिक्री वितरणसमेत गर्न थालेका घटना प्रकाशमा आयो। जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार, यसै वर्ष माओवादीले पैक गाविस-४ बिजुलीडाँडा बस्ने सर्वदल रोकायको घरजग्गा ५० हजारमा र रग्दा गाविसमा रहेको प्रहरी चौकीको घरजग्गा २० हजार रुपियाँमा बिक्री गरे।

आन्तरिकरूपमा विस्थापित व्यक्तिसम्बन्धी कार्यविधि निर्देशिका २०६४ को दफा १८ अनुसार विस्थापित व्यक्तिहरूको अधिकारको अनुगमन राष्ट्रिय मानवअधिकार आयोगले गर्ने जनाइएको छ। तर, आयोगले जनशक्ति अभाव भएको कारण देखाउँदै यस्तो

अनुगमनका लागि क्षेत्रीयस्तरमा छुट्टै संयन्त्र बनाउन सकेको छैन र केन्द्रमा एक जनालाई सम्पर्क व्यक्ति नियुक्त गरेको छ। क्षेत्र र जिल्लागत तहमा भने अनुगमनको कुनै संयन्त्र निर्माण गरिएको छैन। विस्थापनको अत्यधिक समस्या देखिएको मध्यमश्चिमाञ्चल क्षेत्रका २ सय ७५ परिवार, बाँकेका ५६ परिवार, दाङका १८ घरपरिवारका जग्गा माओवादीको कब्जामा रहेको अभिलेख इन्सेकमा रहेको छ।

यस वर्षको बजेटमा विनियोजित रकमबाट खर्च गर्ने गरी मुलुकका पूर्व तथा मध्य र सुदूर पश्चिमतर्फका दुवै क्षेत्रमा विस्थापित भएका व्यक्तिहरूको उद्धार तथा राहतका लागि खाद्यान्न, लत्ताकपडा, औषधि उपचार तथा अस्थायी बसोबासको व्यवस्था मिलाई घर फर्किन चाहने नागरिकहरूका लागि प्रतिपरिवार ५० हजार रुपियाँसम्म अनुदान दिने व्यवस्था सरकारले गऱ्यो। यसैगरी घर फर्कन सम्भव नभएका विस्थापितहरूको बसोबासका लागि छुट्टै कार्ययोजना बनाउन कार्यदल गठन गरियो। तर, कार्यदलको कार्ययोजना वर्षको अन्त्यसम्म पनि सार्वजनिक भएन। विस्थापनलगायतका समस्यासमेत समाधान गर्न स्थानीयस्तरमा शान्ति समिति गठन गर्ने योजना बनाउने सरकारले यस प्रसङ्गमा भने यस वर्ष पनि लाचारी मात्र प्रदर्शित गऱ्यो।

### ८. बिग्रँदो शान्तिसुरक्षा, दण्डहीनताको परिणति

विस्तृत शान्ति सम्झौता सम्पन्न भएको दुई वर्ष पुगिसके पनि मानवअधिकारको अवस्थामा भने अपेक्षाकृत सुधार हुन सकेन। यस अवस्थाका लागि प्रमुखरूपमा सरकार, राजनीतिक दल, तिनका भ्रातृ सङ्गठन र विभिन्न सङ्गठित समूहहरू नै जिम्मेवार देखिए। सरकारमा सामेल दलका भ्रातृ सङ्गठनहरूबीच सैद्धान्तिक, वैचारिक वा जनसेवाका लागि प्रतिस्पर्धा हुनुको साटो कानुन कसले बढी भङ्ग गर्न सक्छ, कसले समाजमा त्रास फैलाउन सक्छ भन्नेमा होडबाजी चल्यो। दण्डहीनताको संस्कृतिलाई ऊर्जा दिने काम जिम्मेवार राजनीतिक दलहरूबाट भइरह्यो। अझ विडम्बना त के छ भने त्यसलाई विवेकपूर्ण प्रमाणित गर्न जुन अभ्यास भइरहेको छ, त्यसले भयावह परिणति निम्त्याउन सक्छ भन्ने विषयमा कुनै सोच विकसित हुन सकेन। सङ्क्रमणकालका नाममा जवाफदेहिताबाट पन्छिदै कानुनसम्मत कारबाही गर्न पन्छिने प्रवृत्ति स्थानीय प्रशासनको रह्यो। *(हेर्नुहोस्, अनुसूची १ : सन् २००८ र मानवअधिकार उल्लङ्घनका तथ्यहरू)*

सदनमा प्रवेश पाएका समसामयिक विषयवस्तुमध्ये सर्वाधिक महत्त्वको विषय शान्तिसुरक्षा र कानुनी शासनसँग सम्बन्धित रहेको थियो। प्रधानमन्त्री स्वयम्ले रोस्ट्रममा उभिएर दण्डहीनताको स्थिति देशमा रहेको स्वीकारे। नीतिगत कुरालाई पन्छ्याउँदै उनले राज्ययन्त्रमा खराबी रहेको बताएर आफू पानीमाथि ओभानो हुने प्रयास गरे[८]।

मानवअधिकार हननका दोषीलाई कारबाही गर्न तथा पीडितपक्षलाई क्षतिपूर्ति प्रदान गर्न सरकारलाई गरिएका विभिन्न सिफारिस कार्यान्वयनको सोधपुछ गर्न राष्ट्रिय मानवअधिकार आयोगले बोलाएपछि मङ्सिर ४ गते आयोग पुगेका उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले मानवअधिकार हननका घटना नरोकिनाका कारण १० वर्षे जनयुद्धको धड्धडी रहेको जवाफ दिए[९]।

प्रधानमन्त्री र उपप्रधानमन्त्री दुवैको जिम्मेवारीबोधमुक्त उद्गारले सरकारको कार्यशैलीको परिचय दियो। सरकारले शान्ति सुव्यवस्थालाई अत्यन्त हलुका तवरले लिएको कुरा यस अभिव्यक्तिबाट पनि पुष्टि हुन्छ। शान्तिसुरक्षाको समग्र स्थितिमा वाञ्छित सुधार हुन नसकेको स्वीकार गर्दै सरकारले तराई-मधेसका केही भूभागमा देखिएका केही सशस्त्र समूह तथा केही आपराधिक समूहको गतिविधिलाई पूर्णरूपमा नियन्त्रण गर्न नसकिएको भए तापनि काठमाडौँ उपत्यका र मुलुकको अन्य भूभागमा भने शान्तिसुरक्षाको स्थितिमा उल्लेख्य सुधार आएको दाबी गरेको छ। सरकारका अनुसार, यस अवधिमा काठमाडौँ उपत्यकाको रात्रिजीवनमा आधारित व्यवसायका कारणबाट सिर्जित वातावरणले शान्ति सुरक्षा कायम गर्न निकै अप्ठ्यारो परेको महसुस गरी रात्रिजीवनमा आधारित व्यवसायमा केही नियन्त्रण गर्ने प्रयास भएको छ। यसले शान्तिसुरक्षाको स्थितिमा सकारात्मक सुधार पनि आएको छ[१०]।

उपरोक्त सरकारी धारणामा शान्तिसुरक्षाको समस्यालाई राजधानीको रात्रिजीवनमा आधारित व्यवसाय सिर्जित अपराधका रूपमा मात्र हेरिएको

८. फुयाँल, राजेन्द्र । लाचार प्रधानमन्त्रीका निरीह गृहमन्त्री । कान्तिपुर ०६५ कात्तिक २८ । पृ.७

९. दण्डहीनताको अन्त्य गर्ने प्रतिबद्धता। गोरखापत्र ०६५ मङ्सिर ८

१०. www.peace.gov.np./admin/doc/karyanwayan%-20sthiti.pdf. accessed on 5 Dec. 2008

देखिन्छ। तर, रात्रिजीवनसँग कुनै सरोकार नभएका आपराधिक घटनामा भने आयोग गठन गरेर आफू चोखिने परम्परा सरकारले कायम गऱ्यो। प्रत्येक आपराधिक घटनामा पनि आयोग गठन गर्ने सरकारले के सोचेन भने सुरक्षा सयन्त्रप्रति जनविश्वास घट्दै गएका कारण यस्तो परिस्थिति विकसित हुँदै गएको हो। तत्काल सुन्दा समस्या समाधान गर्न यस्ता आयोग गठन गर्नुको औचित्य प्रमाणित गर्न सकिएला। तर, त्यस्ता आयोगहरू सरकारको लाचारीको नमुना हो भन्ने सोच सरकारमा विकसित भएन। गृहमन्त्री सगौरव पत्रकार सम्मेलन गरेर आयोग गठन गरेको सूचना उपलब्ध गराउने नियमित अभ्यासमा लागे, चाहे त्यो ललितपुरका प्रदीप खड्काको मृत्युको विषयमा होस् वा कोटेश्वरका रामहरि श्रेष्ठको हत्या-प्रकरणमा।

### ९. खाद्य आपूर्तिमा हेलचेक्र्याइँ

गत वर्ष भोग्नु परेको खाद्य सङ्कटको पीडा सुदूर तथा मध्यपश्चिमाञ्चल क्षेत्रका दुर्गम जिल्लाका जनताले यस वर्ष पनि भोग्नु पऱ्यो। ती क्षेत्रका १२ जिल्लाले खाद्य सङ्कट झेल्नु पऱ्यो। संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य सङ्गठनले ग्रामीण क्षेत्रका १२ जिल्लाका झन्डै २५ लाख नेपालीलाई तत्काल खाद्य सहयोगको आवश्यकता औंल्याएको थियो[११]।

खाद्य सुरक्षाका सम्बन्धमा सरकारले अघि सारेको कार्यक्रम तथा नीति प्रभावकारी हुन सकेन। अन्तरिम संविधानको धारा १८ मा व्यवस्था भएको खाद्य सम्प्रभुताको अधिकारलाई स्वीकार गर्दै सर्वोच्च अदालतले असोज ९ गते खाद्यान्न अभाव भएका जिल्लामा तत्काल सहज आपूर्तिका लागि सरकारका नाममा आदेश जारी गऱ्यो। यसो त नेपालले सन् १९९१ मा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसङ्घको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको धारा ११ मा नागरिकलाई भोजन, लत्ताकपडा, आवास तथा जीवनस्तरमा सहज विकास तथा जीवनस्तरको प्रत्याभूति गर्नुपर्ने दायित्व राज्यको हुँदै हो तर त्यसप्रति चासो नदिएकाले मात्र अदालतले त्यस्तो आदेश दिएको थियो। अदालतले आदेश दिएको एक महिनापछि सरकारले कात्तिक १७ गते विश्व बैंकसँग आयोजनाको सम्झौता गरी २२ ओटा जिल्लामा कामका लागि खाद्यान्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गऱ्यो। तर पनि दुर्गम जिल्लामा खाद्यान्नको अभाव वर्षभरि रह्यो। चामल प्रतिकिलो ४ सय रुपियाँसम्म बिक्री भएको रुकुम, कालीकोट, हुम्ला, जुम्लाका इन्सेक जिल्ला प्रतिनिधिले बताए। सरकारले भने खाद्यान्न आपूर्ति हवाई मार्गबाट गराएको दावी गऱ्यो[१२]।

### १०. सामाजिक न्यायका प्रयास

माओवादी नेता हरिबोल गजुरेलको अध्यक्षतामा सरकारले भूमिसुधार आयोग गठन गऱ्यो। तर, आयोग गठन आफैंमा आलोचनाको विषय बन्यो। यस वर्षको अन्त्यसम्म आयोगले पूर्णता पाएन। यसैगरी मुक्त कमैया तथा हलियाहरूको बसोबाससम्बन्धी कार्यलाई व्यवस्थित गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने कार्य अन्तिम चरणमा पुगेको सरकारले जनाए पनि त्यस्तो आयोग गठन भएन। तर, यस वर्ष सरकारले हलिया मुक्तिको घोषणा गऱ्यो। तर, त्यसका लागि हलियाहरूले राजधानीमा आन्दोलन नै गर्नुपरेको थियो *(हेर्नुहोस् यस वर्षको उल्लेख्य, संविधान निर्माण प्रक्रियाका चुनौती)*।

०६५ भदौ २० गते हलिया मुक्ति समाजसँग गरेको पाँचबुँदे सहमति भएकै भोलिपल्ट सरकारले हलिया मुक्तिको घोषणा गऱ्यो। यसबाट २० हजार हलिया मुक्त भए। उक्त सम्झौताका आधारमा हलियाको तथ्याङ्क सङ्कलन गर्न सरकारले यस वर्ष समिति गठन गऱ्यो। उनीहरूको बसोबास तथा आय आर्जनलगायतका पुनःस्थापनाका कार्यक्रमहरू तर्जुमा भइरहेको बताए पनि यस वर्षको अन्त्यसम्म कुनै कार्यक्रम लागू भएन।

सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, अपाङ्ग, एकल महिला, लोपोन्मुख जातिलगायतका जनतालाई दिइने अनुदानको रकममा वृद्धि तथा नयाँ व्यवस्था गरी परिचय वितरण गर्नेलगायतका कार्यहरू गर्न निर्देशिका जारी भयो। तर, स्थानीयस्तरमा ती सुविधा उपलब्ध भए/नभएको अनुगमन गर्ने प्रभावकारी संयन्त्रको विकास गर्ने सोच देखिएन। अधिकांश जिल्लामा लक्षित समुदायले ती सुविधा प्राप्त गर्न सकेनन्। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरण)*

अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालनमा रहेको समुदायमा आधारित पुनःस्थापना

---

११ प्याकुरेल, सुबोधराज । इन्सेक । प्रेस विज्ञप्ति www.inseconline.org/nepali/npress.detail/php?newsid=438. accessed on 12 Dec. 2008

१२. www.peace.gov.np/admin/doc/karyanwayan%-20sthiti.pdf. accessed on 28 Dec. 2008

कार्यक्रमलाई यसै अवधिमा ५० जिल्लामा विस्तार गरियो। यस वर्षको मध्यदेखि तयारी भइरहेको बताइए पनि राष्ट्रिय समावेशीकरण आयोग यस वर्षको अन्त्यसम्म गठन हुन सकेन।

### ११. विस्फोटक पदार्थको त्रास

सरकार र माओवादीबीच भएको विस्तृत शान्ति सम्झौतापछिको अवस्थामा सर्वसाधारणको गतिविधिबाट अञ्जानवश विस्फोटक पदार्थ सक्रिय हुन गई भएका विस्फोटनको सङ्ख्या घट्दो छ। त्यसैले युद्धका विस्फोटक अवशेष (ईआरडब्लू)को डर कम हुँदै गएको देखिन्छ। तर, तराईका सशस्त्र समूहको बढ्दो विस्फोटक पदार्थहरूको प्रयोग भने एउटा यस्तो समस्याका रूपमा देखा परिरहेको छ, जसलाई यथाशक्य चाँडो हल गर्न सकिएन भने क्षतिमा निरन्तर वृद्धि हुँदै जानेछ।

सशस्त्र द्वन्द्वका क्रममा मुलुकभरि छरिएर रहेका माइन तथा विस्फोटक पदार्थहरू हटाउने क्रममा हालसम्म मुलुकभरिका ५३ ओटा माइनमध्ये पाँचओटा माइन हटाइसकिएको छ। यस प्रयोजनका लागि गठित माइन प्राविधिक समितिको कार्यावधि एक वर्षका लागि थप गरियो।

शान्ति सम्झौतामा कुनै पनि पक्षले विस्फोटक पदार्थ प्रयोग र ओसारपसार नगर्ने प्रतिबद्धता जनाए पनि अझै यस्ता विस्फोटक पदार्थहरूको खतरा टरिनसकेको तथ्याङ्कले देखाएको छ। पहाडी क्षेत्रमा विस्फोटनका घटनामा कमी आए पनि तराईका जिल्लामा भने यस्ता घटनामा वृद्धि हुँदै गएको छ। शान्ति सम्झौतापछि पहाडी जिल्लामा माओवादीले छाडेका विस्फोटक पदार्थको विस्फोटनका कारण क्षति हुँदै आएको छ। तराईका जिल्लामा भने सशस्त्र समूहहरूले जथाभावी विस्फोट गराएका निर्दोषको ज्यान लिइरहेका छन्। सर्वसाधारणको गतिविधिबाट अञ्जानवश हुन जाने विस्फोटनसम्बन्धी इन्सेकको तथ्याङ्क सङ्कलन प्रणाली अनुसार सन् २००८ मा २४ जिल्लामा भएका ३७ ओटा घटनामा ७२ जना परेका थिए *(विस्तृत जानकारीका लागि हेर्नुहोस् अनुसूची ५)*।

### १२. माओवादी छापामार व्यवस्थापनको मुद्दा

माओवादी लडाकूहरू रहने शिविरको व्यवस्थापन, सुरक्षा व्यवस्थाको सुदृढीकरण, विस्थापितहरूको पुनःस्थापना, संविधानसभा एवम् अन्य निकायको निर्वाचन र शान्तिप्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यले शान्ति कोषको स्थापना गर्न लागू गरिएको शान्तिकोष (कार्यविधि) नियमावली, २०६३ मा परिमार्जन गरी शान्ति तथा पुनःनिर्माण मन्त्रालयमार्फत कार्य हुने गरी सरकारले व्यवस्था मिलायो।

अन्तरिम संविधानको प्रावधान अनुसार सरकार गठन भएको १५ दिनभित्र सेना समायोजनलगायतका माआवादी लडाकूको व्यवस्थापन गर्न विशेष समिति गठन गरिनु पर्ने थियो। माओवादी र प्रतिपक्षी दलबीच यस विषयमा सहमति हुन नसक्दा यसको गठनमा ढिलाइ भएको थियो। काङ्ग्रेसले समितिको गठन र कार्यविधिका बारेमा स्पष्टता माग गरेको थियो भने समितिको आकार र प्रतिनिधित्वका बारेमा पनि उत्तिकै असन्तुष्टि देखियो। ०६५ असार ११ मा भएको राजनीतिक सहमति र अन्तरिम संविधानविपरीत सरकारले समिति गठन गरेको आरोप लगाउँदै काङ्ग्रेसले आफ्नो प्रतिनिधित्व गराएन। सरकारले माओवादी लडाकूको रेखदेख, समायोजन र पुनःस्थापनाका लागि उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमको संयोजकत्वमा पाँच सदस्यीय विशेष समिति गठन गऱ्यो, जसमा प्रतिनिधिसभामा सहभागी चार दलको मात्र प्रतिनिधित्व रहेको थियो। यो वर्ष समितिको कुनै सक्रियता देखिएन, माओवादी सेना समायोजनको विषय वादविवादको विषयमा मात्र सीमित रह्यो।

विभिन्न शान्ति संयन्त्र स्थापना गर्दै मुलुकमा शान्ति अभियान सञ्चालन गर्न सबै जिल्लामा स्थानीय शान्ति समितिहरू गठन गर्न 'स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत सर्तहरू, २०६५' सम्बन्धी निर्देशिका तयार गरी केही जिल्लामा कार्य आरम्भ पनि भएको थियो। तर, समिति समावेशी नभएका कारण स्थानीय तहका शान्ति समिति सुचारु हुन सकेका थिएनन्। ३३ जिल्लामा गठन भएका स्थानीय शान्ति समितिहरू यस वर्षको अन्त्यमा विघटित भए। यी समितिको अभावमा विस्थापित, द्वन्द्वपीडित प्रमाणीकरणलगायतका कार्यमा व्यवधान उत्पन्न हुने निश्चित हुँदाहुँदै पनि यस वर्षको अन्त्यसम्म ती समितिको पुनःगठन गरिएन।

### १४. निष्कर्ष

निर्वाचनअघिको सरकारको मूल दायित्व शान्तिसुरक्षा बहाली र अराजकताको अन्त्य गर्दै दिगो शान्तिको मार्ग प्रशस्त गर्न संविधानसभाको निर्वाचन सम्पन्न गर्नु थियो। पहिलो दायित्व त्यो सरकारले पूरा गर्न सकेन। तर, संविधानसभाको निर्वाचन सम्पन्न भएपछि सबैले सन्तोषको सास फेरे।

संविधानसभा निर्वाचनको परिणामका आधारमा बनेकाले शान्तिसुरक्षा मात्र होइन- महँगी, अभावजस्ता दैनन्दिनका आधारभूत आवश्यकताका सवालहरूमा राहत प्रदान गर्ने दायित्व पनि नयाँ सरकारको काँधमा थपियो। ती सबैभन्दा माथि दुई वर्षभित्र नयाँ संविधान बनाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी शान्ति प्रक्रियाको टुङ्गो लगाउने गहन दायित्व त छँदै थियो। तर, राष्ट्रपति र प्रधानमन्त्रीको विषयमा माओवादीले नेपाली काङ्ग्रेसलाई आफ्नो विरोधी बनाएर प्रतिपक्षको कित्तामा पुऱ्यायो। सरकारमै सहभागी एमाले र फोरमसँग पनि वर्ष २००८ को अन्त्यसम्मै माओवादीको राम्रो सम्बन्ध कायम हुन सकेन। शान्तिसुरक्षाको अवस्था विकराल बनाउने र अराजकता फैलाउने सवालमा सबभन्दा दोषी आफ्नै कार्यकर्ता भएको बुझेर पनि नियन्त्रणका निम्ति माओवादीले कदम चालेन। जनतालाई राहत दिने सवालमा घोषणा त भए तर कार्यान्वयन पक्ष अत्यन्त फितलो रह्यो।

"अहिले सरकारलाई आफैँले नम्बर दिनुपर्दा ६०/७० को बीचमा दिन्छु[१३]।" प्रधानमन्त्री पुष्पकमल दाहालको यसै मूल्याङ्कनबाट सहजै अनुमान गर्न सकिन्छ कि यस वर्ष सरकारले नेपाली जनतासँग कत्तिको न्याय गर्न सक्यो।

सन् २००७ मा देखिएका अधिकांश जटिलता १२ बुँदे सहमतिलगायत विगतमा भएका सहमति र सम्झौता पालना नभएका कारण उत्पन्न भएका हुन्। राजनीतिक दलहरू खासगरी छ दलबीचको अन्तरविरोध साम्य पार्दै सहमति कायम नगरिने हो भने राजनीतिक गतिरोध उत्पन्न हुनेछ, जसबाट अन्ततः संविधान निर्माण प्रक्रिया प्रभावित हुनेछ। सातदलीय सहमतिलाई अन्तरिम संविधानले त्यस्तो वैधानिकता प्रदान गरेको छ, जसकाविरुद्ध अदालतमा उजुरीसमेत लाग्न सक्दैन। अर्थात् सातदलीय सहमतिको सर्वोच्चतालाई अन्तरिम संविधानले राज्य सञ्चालनका क्रममा सबभन्दा निर्णायक ठहऱ्याएको छ। कमसे कम नयाँ संविधान निर्माण नहुञ्जेल सातदलीय सहमतिलाई कायम राख्नु दलहरूको नैतिक दायित्व पनि हो र जनआन्दोलन ०६२/६३ प्रतिको सम्मान पनि।

न्यायबिना दिगो शान्तिको मार्ग प्रशस्त हुन सक्दैन। त्यसैले मुलुकमा देखिएका दण्डहीनता र असुरक्षाको अन्त्य गर्न विशेष ध्यान दिइनु पर्छ। अन्तरिम संविधानबमोजिम गठन गरिनुपर्ने आयोगहरू यथाशीघ्र गठन गरेर शान्ति प्रक्रियालाई गतिशील बनाउनु पर्छ, जसले गर्दा संविधान निर्माणका लागि सहज वातावरणको विकास हुन सकोस्। संविधानसभामा सहभागी दलहरूलाई समेत समावेश गरी तराई-मधेसका सशस्त्र समूह, जातीय समूह, माओवादी लडाकू व्यवस्थापनका विषयजस्ता राष्ट्रिय सवालहरूमा साझा दृष्टिकोण निर्माण गर्न सरकार र त्यसमा पनि सबभन्दा ठूलो दलका नाताले माओवादीले पहल गर्नु पर्छ। संविधान निर्माणका निम्ति सहजीकरणको भूमिका निर्वाह गर्ने दायित्व मुख्यतः माओवादीकै काँधमा।

१३. www.nayapatrika.com/purano-newsdetail. accessed on 5 Jan 2008.

फोटो : सूचना विभाग

परिच्छेद

३

३.३ राज्य र मानवअधिकार

# न्यवस्थापिका

## घटनाक्रम

(०६४ पुस १७ देखि ०६५ पुस १६)

**०६४ पुस २६ गते**

व्यवस्थापिका संसद्को नियमावली संशोधन मस्यौदा समिति गठन गर्ने प्रस्ताव र समितिका सदस्यहरूको नामावली सर्वसम्मतिबाट स्वीकृत।

**माघ २ गते**

'सुशासन (व्यवस्थापन तथा सञ्चालन) विधेयक, २०६४' सर्वसम्मतिबाट पारित।

तेस्रो अधिवेशन अन्त्य।

**०६५ जेठ १५ गते**

संविधानसभा व्यवस्थापिका-संसद् नियमावली, २०६३ बमोजिम बैठक सञ्चालन गर्न र उक्त नियमावलीबमोजिम कार्यसम्पादन गर्दा कुनै बाधा-अडकाउ फुकाउने प्रस्ताव सर्वसम्मतिले पारित।

**असार ६ गते**

'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०६४' सर्वसम्मतिबाट स्वीकृत।

**असार ११ गते**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम बाधा अड्काउ फुकाउन मन्त्रिपरिषद्ले जारी गरेको आदेश बहुमतबाट स्वीकृत।

**असार १२, १४, १५, १६, १८, १९ र २० गते**

मधेसी जनअधिकार फोरम, तराई मधेस लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, सद्भावना पार्टी आनन्दीदेवी, दलित जनजाति पार्टीका सदस्यहरूको नाराबाजीपछि बैठक स्थगित।

**असार २५ गते**

सभासद् पुष्पकमल दाहाल 'प्रचण्ड'द्वारा विगतमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँगको सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता।

'नेपालको अन्तरिम संविधान (पाँचौँ संशोधन) विधेयक, २०६५' बहुमतबाट पारित भएको घोषणा।

**असार ३० गते**

'सेवा र कार्यहरूका लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने विधेयक, २०६५' सर्वसम्मतिबाट पारित।

**साउन ९ गते**

एमालेका सुवासचन्द्र नेम्वाङ संविधानसभाको अध्यक्षमा निर्विरोध निर्वाचित ।

**साउन १३ गते**

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा राष्ट्रपतिसमक्ष राजीनामा पेस गरेको जानकारी।

**साउन १९ गते**

'व्यवस्थापिका-संसद् (तेस्रो संशोधन) नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०६५' सर्वसम्मतिबाट पारित।

**साउन २१ गते**

अर्थमन्त्री रामशरण महतद्वारा १५औँ सार्क शिखर सम्मेलनमा नेपालको सहभागिताका बारेमा वक्तव्य।

**साउन २२ गते**

राप्रपा, नेपाल, राष्ट्रिय जनशक्ति पार्टीलगायत दलका सदस्यहरूद्वारा पेट्रोलियम पदार्थको अभावका सम्बन्धमा विभिन्न किसिमका नाराहरू लगाउँदा बैठक आधा घन्टाका लागि स्थगित।

**साउन २७ गते**

प्रधानमन्त्रीको निर्वाचनका लागि २०६५ साउन ३१ गते शुक्रबार दिनको १ बजे समय तोकिएको सभामुखद्वारा बैठकमा जानकारी।

**साउन ३१ गते**

पुष्पकमल दाहाल प्रधानमन्त्री पदमा बहुमतले निर्वाचित।

**भदौ २० गते**

व्यवस्थापिका संसद्को चौथो अधिवेशन सुरु।

**भदौ २५ गते**

राष्ट्रपति डा. रामवरण यादवद्वारा व्यवस्थापिका संसद्को हैसियतमा बसेको संविधानसभा बैठकमा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत।

**भदौ २९ गते**

प्रधानमन्त्री दाहालद्वारा राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित आव ०६५/६६ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ।

**असोज ३ गते**

अर्थमन्त्री डा. बाबुराम भट्टराईद्वारा बजेट वक्तव्य सदनसमक्ष प्रस्तुत।

**असोज १३ गते**

तराई-मधेस लोकतान्त्रिक पार्टी र नेपाली जनता दलका सदस्यद्वारा नाराबाजी, बैठक आधा घन्टाका लागि स्थगित।

**कात्तिक ३, ४, ५, ६ र ७ गते**

तराई मधेस लोकतान्त्रिक पार्टीका सभासद्द्वारा कपिलवस्तुमा मारिएका आफ्ना तीन जना कार्यकर्ताका हत्यारालाई पक्राउ गर्नेबारे कुनै चासो नदिइएको भन्दै संसद् बहिष्कार।

उपप्रधानमन्त्री एवम् गृहमन्त्री वामदेव गौतमद्वारा कपिलवस्तु जिल्लामा तमलोपाका कार्यकर्ताको हत्या भएको घटनाका सम्बन्धमा सदनलाई जानकारी।

**कात्तिक २४ गते**

रक्षामन्त्री रामबहादुर थापाद्वारा रामहरि श्रेष्ठको हत्याकाण्डमा संलग्न रहेको भनिएका शक्तिखोर शिविरका कालीबहादुर खाम 'विविध'लाई पार्टीले निलम्बन गरिसकेको र आफूले उनलाई नभेटेको जानकारी।

**कात्तिक २६ गते**

प्रधानमन्त्री दाहालद्वारा व्यवस्थापिका संसद्मा उठेका विभिन्न विषयमा मन्तव्य। नेपाली काङ्ग्रेसद्वारा प्रस्तुत नौबुँदे ज्ञापनपत्रको विषयका मुद्दाहरूलाई समेट्ने प्रतिबद्धता जाहेर।

**मङ्सिर २ गते**

प्रधानमन्त्री दाहालद्वारा व्यवस्थापिका संसद्लाई आफ्नो भारत भ्रमणबारे जानकारी।

**मङ्सिर १३ गते**

भारतको मुम्बईमा भएको आतङ्ककारी हमलाको व्यवस्थापिका संसद्द्वारा विरोध।

**मङ्सिर १७ गते**

सुस्तश्रवण सभासद् राघववीर जोशीद्वारा दोभाषेको सहयोगमा पहिलोपटक आफ्ना भनाइ प्रस्तुत।

**मङ्सिर २६ गते**

'नेपालको अन्तरिम संविधान (छैटौँ संशोधन) विधेयक, २०६५' को सर्वसम्मतिबाट स्वीकृत।

**पुस ३, ४, ६ गते**

नौबुँदे माग कार्यान्वयनका निम्ति दबाब दिँदै काङ्ग्रेसद्वारा संविधानसभा व्यवस्थापिका सदनको कारबाही बहिष्कार।

**पुस ५ गते**

सभासद् विश्वेन्द्र पासवान, स्वतन्त्र सभासद् सदरूल मियाहक र बबन सिंहसमेतले सदनको कारबाही बहिष्कार।

काङ्ग्रेसले राखेका मागहरू पूरा नभएको भन्दै काङ्ग्रेस सभासद्द्वारा बैठक बहिष्कार।

**पुस ११ गते**

मधेसी जनअधिकार फोरम, नेपाल र सद्भावना पार्टीका सदस्यहरूद्वारा छात्रवृत्तिसम्बन्धी तेस्रो संशोधन विधेयक पारित गरियोस् भनेर नाराबाजी।

उही कारणले काङ्ग्रेस सभासद्द्वारा बैठक बहिष्कार।

**पुस १३ र १४ गते**

काङ्ग्रेस सभासद्द्वारा उही कारणले बैठक बहिष्कार।

## १.पृष्ठभूमि

राज्य सञ्चालनका क्रममा आवश्यक पर्ने विभिन्न विधिहरू मात्र होइन, देशको मूल कानुनको समेत निर्माण गर्ने दोहोरो भूमिका निर्वाह गर्ने जिम्मेवारी पाएको संविधानसभाले राजतन्त्रको विधिवत् अन्त्य गर्दै राष्ट्रप्रमुखका रूपमा जनताको छोरालाई राष्ट्रपति चयन गऱ्यो। तर, संविधानसभाको निर्वाचनपछि दलहरूका बीच उत्पन्न असहमतिका कारण संविधानसभा र व्यवस्थापिका संसद्ले प्रभावकारी भूमिका निर्वाह गर्न सकेन। सन् २००८ का सुरुका साढे तीन महिना राजनीतिक सहमतिका आधारमा स्थापना गरिएको व्यवस्थापिका संसद्ले विधायिकाको भूमिका निर्वाह गरेको थियो। त्यसपछि यही वर्ष व्यवस्थापिकाले संविधानसभालाई आफ्नो कार्यभार हस्तान्तरण गरेको थियो।

ऐतिहासिक महत्त्वका राजनीतिक घटनाक्रमसँगै संविधानसभाले अन्तरिम संविधान, २०६३ मा गरिएको व्यवस्थाबमोजिम राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीको निर्वाचन सम्पन्न गरी देशलाई ऐतिहासिक परिवर्तनको दिशातर्फ उन्मुख गरायो। ०५६ सालपछि देशमा आमनिर्वाचन हुन नसकेको अवस्थामा संविधानसभाको निर्वाचन हुनुलाई नै वर्ष २००८ को अत्यन्त महत्त्वपूर्ण राजनीतिक उपलब्धिका रूपमा ग्रहण गरियो। संविधानसभाका लागि एक युगमा एकचोटि भएको निर्वाचनको सफलताले राजनीतिक सहमतिका आधारमा यसअघि खडा गरिएको विधायिकालाई बिदा गऱ्यो। निर्वाचनले विस्तृत शान्ति सम्झौता सम्पन्न भएपश्चात् हिंसात्मक बाटो छोडेर शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेको नेकपा माओवादीलाई ठूलो दलका रूपमा स्थापित गरेर शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने जिम्मेवारीसमेत सुम्पियो।

जनआन्दोलन ०६२/६३ को सफलतापश्चात् गठन भएको सरकारले माओवादीलाई संसदीय राजनीतिको मूलधारमा ल्याउने दायित्व पूरा गरेको थियो। विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर तथा संसदीय राजनीतिमा भएको माओवादीको पुन: आगमनले देशलाई युद्धको भुमरीबाट मुक्त गरेको थियो। विभिन्न बाधा र अवरोधबीच सम्पन्न संविधानसभा निर्वाचनले लामो समयदेखि देशमा कायम अन्योल र अनिश्चयको अन्त्य गरी संविधानसभामार्फत नयाँ संविधान निर्माण गर्ने दिशामा गतिलो पहलकदमीको सुरुवात गऱ्यो। तर, निर्वाचनपछि दलहरूका बीचमा व्याप्त असहमतिका कारण संविधानसभाले प्रभावकारी भूमिका निर्वाह गर्न सकेन। कतिपय अवस्थामा व्यवस्थापिका संसद्को हैसियतमा संविधानसभाले विगतकै संसद्का गलत परम्पराको अनुसरण गऱ्यो।

## २. असहमतिको शृङ्खला

राजतन्त्रको अन्त्यसँगै राष्ट्रप्रमुख राष्ट्रपतिको निर्वाचन हुन करिब दुई महिना लाग्यो। त्यस अवधिमा संविधानसभामा ठूलो दलका रूपमा स्थापित माओवादीले विभिन्न राजनीतिक दलका व्यक्तिको नाम राष्ट्रप्रमुखका रूपमा चर्चामा ल्यायो। माओवादीले केही व्यक्तिलाई कुनै पनि हालतमा राष्ट्रपतिका रूपमा नस्वीकार्ने बताउँदै अन्य दलको आन्तरिक मामिलामा हस्तक्षेपसमेत गऱ्यो। काङ्ग्रेसका सभापति तथा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाउनै नसकिने भन्दै माओवादीले एमालेका वरिष्ठ नेता माधवकुमार नेपालको नाम चर्चामा ल्यायो। नेपाललाई राष्ट्रपतिमा चयन गर्न माओवादी र एमालेबीच भएको सैद्धान्तिक सहमति सार्वजनिक पनि भयो। तर, राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारी मनोनयन गर्ने दिन माओवादीले रामराजाप्रसाद सिंहलाई उम्मेदवार बनायो। आफ्ना सभापतिलाई राष्ट्रपति नस्वीकार्ने माओवादी दम्भको प्रत्युत्तर दिन तम्तयार भएर बसेको काङ्ग्रेस र अन्तिम अवस्थामा धोका पाएको एमालेबीच तत्काल नयाँ मोर्चा बन्यो। काङ्ग्रेस, एमाले र मधेसी जनअधिकार फोरमबीच राष्ट्रपति र उपराष्ट्रपतिका लागि तालमेल भयो। फलत: काङ्ग्रेसको भागमा राष्ट्रपति र फोरमको भागमा उपराष्ट्रपति पद पऱ्यो। काङ्ग्रेसका महामन्त्री डा. रामवरण यादव नेपालको पहिलो राष्ट्रपतिका रूपमा निर्वाचित भए। संविधानसभामा भएको निर्वाचनमा माओवादीका तर्फबाट उम्मेदवार भएका रामराजाप्रसाद सिंह पराजित भए। ५ सय ९० सभासद्ले मतदान गरेको सो निर्वाचनमा डा. यादवले ३ सय ८ तथा सिंहले २ सय ८२ मत प्राप्त गरेका थिए। यसैगरी, मधेसी जनअधिकार फोरमका परमानन्द झा माओवादी सभासद् शान्ता श्रेष्ठलाई पराजित गर्दै उपराष्ट्रपतिमा निर्वाचित भए।

दलहरूबीच उत्पन्न असमझदारीका कारण संविधानसभाका अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन ढिलो हुन गयो। त्यसैले संविधानसभा निर्वाचन सम्पन्न

भएको करिब ४५ दिनसम्म व्यवस्थापिकाको वैठक ज्येष्ठ सदस्य काङ्ग्रेसका महामन्त्री केवी गुरुङको अध्यक्षतामा बस्यो। राष्ट्रपति निर्वाचनका क्रममा बिग्रिएको एमाले-माओवादी सम्बन्धमा सुधार आउने सम्भावना बढेपछि एमाले सभासद् सुवासचन्द्र नेम्वाङ संविधानसभा अध्यक्षमा निर्विरोध निर्वाचित भए। माओवादी सभासद् पूर्णा सुवेदी राप्रपाकी प्रतिभा राणालाई पराजित गर्दै संविधानसभा उपाध्यक्षमा निर्वाचित भइन्।

राष्ट्रपति पद आफ्नो भागमा नपरेपछि माओवादीले सरकार नबनाउने घोषणा गऱ्यो। त्यसपछि माओवादीले काङ्ग्रेस, एमाले र मधेसी जनअधिकार फोरमबीचको गठबन्धन भङ्ग भयो र सरकार कम्तीमा दुई वर्षसम्म नढालिने प्रतिबद्धता व्यक्त गरियो भने मात्र सरकारमा जाने सर्त अघि सारयो।

प्रधानमन्त्रीको निर्वाचन व्यवस्थापिका संसद्ले गर्ने संवैधानिक प्रावधान अनुरूप राष्ट्रपतिले संसद्मा सबैभन्दा ठूलो दल माओवादीलाई सरकार बनाउन आग्रह गरे। तर, राजनीतिक खिचातानीका कारण नयाँ प्रधानमन्त्रीको चयन संविधानसभा निर्वाचनको १ सय २७ दिनपछि मात्र हुन सक्यो। राजनीतिक सहमतिका आधारमा प्रधानमन्त्री भएका गिरिजाप्रसाद कोइरालाले राजीनामा दिएको २० दिनपछि मात्रै नयाँ प्रधानमन्त्रीको चयन भएको थियो। राष्ट्रपति निर्वाचनमा काङ्ग्रेससँग गठबन्धन गर्ने एमाले र मधेसी जनअधिकार फोरमले प्रधानमन्त्री पद भने माओवादीलाई दिने सहमति गरे। संविधानसभाको दोस्रो ठूलो दल काङ्ग्रेसले गठबन्धन सरकारमा पद विभाजनलगायतका विषयमा असहमति प्रकट गर्दै संविधानसभामा प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्ने निर्णय गऱ्यो।

माओवादी अध्यक्ष तथा संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रधानमन्त्रीमा निर्वाचित गरियोस् भनी व्यवस्थापिका संसद्को साउन ३१ गतेको बैठकमा नेकपा एमालेका महासचिव झलनाथ खनालले प्रस्ताव गरे। प्रस्तावलाई मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवलगायतले समर्थन गरेका थिए। माओवादी अध्यक्ष प्रचण्ड काङ्ग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवालाई पराजित गर्दै गणतान्त्रिक नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री भए। दाहालले कुल खसेको ५ सय ७७ मतमध्ये ४ सय ६४ मत प्राप्त गरेका थिए। व्यवस्थापिका संसद् औपचारिक रूपमा सुरु भएपछिको ७५ दिनको समय राष्ट्रपति, उपराष्ट्रपति, सभाध्यक्षको निर्वाचनको प्रक्रियामा बित्यो।

व्यवस्थापिका संसद् सुरु भएको करिब ८ महिनासम्म पनि राजनीतिक सहमतिको अभावमा संसदीय समितिका सभापतिहरूको निर्वाचन हुन सकेन। यथासमयमै संसदीय समितिहरू गठन हुन नसक्दा मानवअधिकार, बालअधिकारलगायत जनतासँग प्रत्यक्ष सरोकार राख्ने सवालहरूका अतिरिक्त संविधानसभाको प्रमुख कार्य संविधान निर्माण प्रक्रियासमेत ओझेलमा पऱ्यो। व्यवस्थापिका संसद्मा विधि निर्माणसँग सम्बन्धित नौ समितिहरू छन्।

### ३. समावेशी संविधानसभा

समावेशी संविधान निर्माणका लागि आदिवासी, जनजाति, महिला, मधेसी, दलित तथा अन्य उपेक्षित वर्ग र समुदायका प्रतिनिधि संविधानसभामा निर्वाचित भए। प्रतिशतका आधारमा संविधानसभामा दलित समुदायबाट नौ, महिला ३३, मधेसी २० र मुस्लिम तीन प्रतिशत निर्वाचित भएका छन्। नेपालको संसदीय इतिहासमा निर्वाचित निकायमा यस किमिको समावेशी सहभागिता भएको थिएन[१]।

संविधानसभा तथा संसद् नियमावलीमा शारीरिक अपाङ्गता भएका व्यक्तिले दोभाषे राख्न पाउने व्यवस्था गरिएको छ। व्यवस्थापिका संसद्का सुस्तश्रवण सदस्य राघवबीर जोशीले नेपालको इतिहासमै पहिलोपटक कुनै निर्वाचित निकायमा दोभाषेको साहाराले आफ्नो भनाइ राखे। सुस्तश्रवण सभासद्को उपस्थिति यसअघिको संसद्मा थिएन। नेपालको संसद्लाई अपाङ्गता भएका व्यक्तिहरूका लागि सुलभ छैन भनिँदै आएको थियो। व्यवस्थापिका संसद्को बैठकमा पहिलोपटक करिब पाँच मिनेट बोलेका जोशीले नयाँ संविधानमा अपाङ्गता भएका व्यक्तिलाई पनि सवलाङ्गसरह अधिकार सुनिश्चित गर्न सहकर्मीहरूसँग आग्रह गरेका थिए[२]।

राज्य सञ्चालन र नीति निर्माणको तहमा महिलाको उपस्थिति न्यून रहेको तथ्यलाई संविधानसभा निर्वाचनअघि गम्भीरतापूर्वक अङ्गीकार गरिएकाले अवस्थामा परिवर्तन भयो। यसअघिका संसद्मा महिलासँग सम्बन्धित कानुनमा समेत महिलाले पर्याप्त

१. डा. ओम गुरुङ । 'संविधानसभामा उत्साही जनजाति' । *हिमाल* खबर पत्रिका, २०६५ असार १-१५ । पृ. १६
२. '*हाजिर गर्दै हिँड्छन् सभासद्*'। *कान्तिपुर* । ०६५ मङ्सिर १९

छलफल गर्ने अवसर पाउँदैन थिए।

जनआन्दोलनको सफलतापछि पुनःस्थापित संसद्ले महिलाविरुद्ध हुने सबै प्रकारका विभेद अन्त्यको घोषणा गरेको थियो। हरेक क्षेत्र र तहमा महिलाको उपस्थिति ३३ प्रतिशत पुऱ्याउने प्रतिबद्धता पनि घोषणामा व्यक्त गरिएको थियो। कानुनले नै व्यवस्था गरे अनुसार संविधानसभा निर्वाचनबाट ३३ प्रतिशत महिला निर्वाचित भए। राजनीतिक दलहरूले महिलालाई सक्षम बनाउँदै नीति निर्माण तहमा समानुपातिक रूपमा सहभागी गराउने उद्देश्यले भन्दा पनि कानुनी बाध्यताका कारण निर्वाचनमा महिलालाई उम्मेदवार बनाएका थिए। तर, कारण जेसुकै भए पनि संविधानसभामा महिलाको प्रतिनिधित्व उल्लेखनीय रहेको छ।

कानुनले नै बाध्यात्मक व्यवस्था नगरेको राज्यको कुनै पनि तह वा क्षेत्रमा भने महिला सहभागिता ३३ प्रतिशत छैन। २४ सदस्यीय मन्त्रिमण्डलमा दुई जना मात्र महिला मन्त्री छन्। ०६५ कात्तिक १२ गते गठन गरिएको पाँच सदस्यीय माओवादी लडाकु रेखदेख, समायोजन तथा पुनःस्थापना विशेष समितिमा महिलाको प्रतिनिधित्व नै गराइएन। यस्तो अवस्थामा व्यवस्थापिका संसद्मा ठूलो सङ्ख्यामा निर्वाचित महिलाले राज्यको अन्य निकायमा पनि महिला प्रतिनिधित्व बढाउने वातावरण सिर्जना गर्ने आशा गर्न सकिन्छ।

### ४. दोहोरो भूमिका

व्यवस्थापिका संसद्को दायित्वसमेत निर्वाह गर्नुपर्ने संविधानसभाले सन् २००८ भरि संविधान निर्माण प्रक्रियालाई नै प्रभावकारी रूपमा अघि बढाउन सकेन। संविधानसभाको पहिलो बैठकले गणतन्त्रको घोषणाको कार्यान्वयन गरेको थियो। गणतन्त्र घोषणा कार्यान्वयनलगत्तै व्यवस्थापिका संसद्को बैठक बसेको थियो। दोहोरो भूमिकाका बारेमा स्पष्टता नभएका कारण सुरुका दिनमा स्वयम् सभासद्हरू नै अलमलमा परेको देखियो। निर्वाचनको तीन महिनापछि मात्र विषयगत र विधायिकाका हैसियतले काम गर्नुपर्ने समितिहरूको गठन हुन सक्यो।

संविधानसभाको संविधान निर्माण गर्नुपर्ने मुख्य जिम्मेवारी नियमावली समयमै तयार हुन नसकेका कारण ओझेलमा पऱ्यो। संविधानसभा निर्वाचन सम्पन्न भएदेखि सन् २००८ को अन्त्यसम्मको करिब नौ महिनाको अवधिमा संविधानसभाको बैठक सातपटक मात्र बस्न सक्यो। व्यवस्थापिका संसद्को भूमिका निर्वाह गर्दै संविधानसभाले संविधान संशोधनसम्बन्धी विधेयक पारित नगरेकाले संविधान निर्माण गर्ने भूमिकाका निमित्त बस्ने संविधानसभाको बैठक प्रभावित भइरह्यो। तीन ठूला दलबीच शक्ति बाँडफाँट, छापामार व्यवस्थापन, संवैधानिक परिषद्, सुरक्षा परिषद् र कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने विषयमा सहमति हुन नसक्दा व्यवस्थापिका संसद्को बैठक पटकपटक अवरुद्ध मात्रै भएनन्, संविधान लेखनको दायित्वसमेत ओझेलमा पऱ्यो।

मधेसवादी दलहरूको पटक-पटकको अवरोधका कारण व्यवस्थापिकाले संविधानसभा र व्यवस्थापिका संसद्को नियमावली लामो समयसम्म पारित गर्न सकेन। व्यवस्थापिका संसद् र संविधानसभाको सञ्चालन कार्यविधि तथा कार्यसूची फरक हुने हुनाले संविधानसभाका लागि अलग्गै नियमावली बनाइयो। तर, राजनीतिक सहमतिको अभावमा यो वर्षको अन्त्यसम्मै समितिका सभापतिहरूको चयन हुन सकेन।

लामो समयसम्मको अवरुद्ध अवस्था, सभासद्हरूको न्यून उपस्थिति, उपस्थित भएकाहरूबीचको असमझदारी तथा निष्क्रिय सहभागिताका कारण दोहोरो भूमिकाको संविधानसभाका निम्ति वर्ष २००८ उपलब्धिपूर्ण रहेन। तर, वर्षको अन्त्यतिर दुई वर्षभित्रमा संविधान बनाउने गरी कार्यसूची तयार पार्दै संविधानसभाले संविधान तयार गर्न समयसीमासमेत तोक्यो।

### ५. विगतको झझल्को

न्यून उपस्थिति, अनियमितता, गैरजिम्मेवारीपना, समयको दुरुपयोग र सस्तो लोकप्रियताका लागि गरिएका गतिविधिका कारण वर्ष २००८ को अन्त्यसम्मै व्यवस्थापिका संसद्ले विगतकै संसदीय गतिविधिको झझल्को प्रस्तुत गरेको अनुभव गरियो।

व्यवस्थापिका संसद्का धेरैजसो बैठकहरूमा सभासद्को न्यून उपस्थिति प्रमुख समस्याका रूपमा देखा पऱ्यो। ०६५ मङ्सिर १९ गतेको बैठकमा संविधान संशोधनको प्रस्ताव पारित गर्ने कार्यसूची थियो। तर, सभासद्को उपस्थिति कम भएका कारण प्रस्ताव निर्णयार्थ प्रस्तुत हुन सकेन। संविधान संशोधन गर्न

दुईतिहाइ अर्थात् ३ सय ९६ सभासद्को समर्थन आवश्यक पर्छ। हाजिरीकपीमा त्यस दिन ४ सय १० सभासद्को हस्ताक्षर थियो। तर, ३३ जना सभासद् हाजिर गरेर बाहिरिएका कारण कोरम पुगेन[३]। ०६५ मङ्सिर १९ गते संविधानसभाका रिक्त छ सदस्य पूर्तिका लागि उपनिर्वाचनको बाटो खुल्ने संविधान संशोधन विधेयकमा २५ दलकै समर्थन भए पनि न्यून उपस्थितिका कारण विधेयक पारित हुन सकेन। त्यो विधेयक एक सातापछि मात्र पारित भयो।

सभासद्को न्यून उपस्थितिका कारण पेस गरिएका कतिपय विधेयकहरू पारित हुन कैयौं दिन ढिलो भएको थियो। त्यसैगरी प्रतिबद्धताप्रतिको सरकारको गैरइमानदारीका कारण वर्षभरि नै व्यवस्थापिका संसद्को बैठक पटक-पटक अवरुद्ध भयो। कहिले प्रमुख प्रतिपक्षी दल काङ्ग्रेस, कहिले मधेसी जनअधिकार फोरम, कहिले तराई मधेस लोकतान्त्रिक पार्टी त कहिले स्वतन्त्र सभासद्हरूले आफ्ना मागहरूको सुनुवाइ गराउन व्यवस्थापिका संसद्को बैठक अवरुद्ध गरे।

उपस्थिति जनाएपछि हरेक दिन प्रत्येक सभासद्ले २ सय रुपियाँ भत्ता र १ सय ५० रुपियाँ यातायात खर्च पाउने व्यवस्था छ। हाजिर गरेपछि भत्ता पाउने व्यवस्था भएका कारण संविधानसभा र व्यवस्थापिकाले कुनै काम नगरे पनि राज्यको ढुकुटी दैनिक २ लाख रुपियाँभन्दा बढीका दरले रित्तिन्छ। सभासद्हरूले पाउने भत्ता उनीहरूले पाउने मासिक पारिश्रमिकबाहेकको रकम हो। ६ सय १ सदस्यीय संविधानसभामा अहिले ५ सय ९४ सभासद् छन्। उनीहरूका निम्ति दैनिक बैठकभत्ता र यातायात खर्चबापत एक दिनमा २ लाख ७ हजार ९ सय रुपियाँ खर्च हुन्छ[४]।

बैठक बहिष्कार गरी आवश्यक व्यवस्थापकीय काम नगरेको दिनको भत्ता ग्रहण नगर्ने नैतिक आँट सन् २००८ मा पनि सभासद्हरूले देखाएनन्। केही सभासद्हरू त हाजिर गर्न मात्रै संसद् गएको पनि देखियो[५]।

सन् २००८ को अन्त्यसम्मै संसद्का पदाधिकारी र सदस्यहरूको सेवा-सुविधासम्बन्धी पुरानै ऐन कार्यान्वयनमा रह्यो। सरकारले अर्को व्यवस्था नभएसम्म त्यही ऐनलाई आधार मानेर सभासद्हरूलाई सेवा-सुविधा दिने निर्णय गरेको थियो।

संसद् बहिष्कार वा अवरुद्ध गरे पनि बैठकभत्ता र यातायात खर्च बुझ्ने विगतको परम्पराको नयाँ नेपाल निर्माण गर्ने अभियानमा जुटेको भनेर कहिल्यै

## दुई जनाद्वारा सदन अवरुद्ध

संविधानसभाका सबै समितिमा मुस्लिम सभासद्को प्रतिनिधित्व हुनुपर्ने माग राख्दै दलित जनजाति पार्टीका विश्वेन्द्र पासवान र स्वतन्त्र सभासद् सदरुल मियाँहकले मङ्सिर १८ गतेको संसद्को नियमित कारबाहीमा अवरोध पुऱ्याए। सदनको नियमित कारबाहीका क्रममा पासवानलाई सभामुख सुवास नेम्वाङले बोल्ने समय दिएपछि उनले हालै गठित संविधानसभा समितिमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनुपर्नेमा त्यसो नभएको बताए।

शिक्षामन्त्री रेणुकुमारी यादवले पेस गरेको छात्रवृत्ति विधेयकमा दलितको कोटा काटिएकामा पनि उनले विरोध गरे। उनले मागको सम्बोधन नभएको भन्दै रोस्ट्रम घेराउ गरे। उनीसँगै अन्य केही स्वतन्त्र सभासद्ले पनि नाराबाजी गरेका थिए। पासवानले यसअघि संवैधानिक समितिको बैठक पनि मुस्लिम सभासद् नभएको भन्दै बहिष्कार गरेका थिए।

संविधानसभाको संवैधानिक, व्यवस्थापिकीय अङ्गको स्वरूप निर्धारण, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँट, राष्ट्रिय हित संरक्षण, जनमत सङ्कलन तथा समन्वय र क्षमता अभिवृद्धि र स्रोत व्यवस्थापन गरी सात समितिमा मुस्लिम प्रतिनिधित्व छैन। संविधानसभामा मधेसी जनअधिकार फोरमका पाँच एमालेका चार, माओवादीका तीन, काङ्ग्रेसका दुई, तराई मधेस लोकतान्त्रिक पार्टीका एक, राप्रपाका एक र स्वतन्त्र एक गरी १४ मुस्लिम सभासद् छन्।

संसद् बहिष्कार गर्दै भत्ता खाँदै'। *नयाँ पत्रिका* दैनिक । १४ पुस ०६५, पृष्ठ १

५. पूर्ववत्

नथाक्ने सभासद्हरूले समेत अनुसरण गरे। संविधानसभा निर्वाचनअघि अन्तरिम व्यवस्थापिका संसद्मा माओवादीले रोस्ट्रम घेराउ गर्दै केही दिन बैठक अवरुद्ध गरेका थिए। त्यस्तै, ०५७ सालमा एमालेले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा माग गर्दै ५६ दिन संसद् अवरुद्ध गरेको थियो। त्यतिखेर पनि सांसदहरूले भत्ता भने बुझेका थिए।

व्यवस्थापिका संसद् सुरु हुनेबित्तिकैको समयलाई शून्य समय भनिन्छ। शून्य समयमा देशको वर्तमान अवस्थाका बारेमा सभासद्ले एक मिनेटको अवधिमा सीमित रहेर सरकारको ध्यानाकर्षण गराउने मौका पाउँछन्। संसद् सचिवालयले तयार पारेको वर्णानुक्रम अनुसार हरेक दिन सभासद्लाई बोल्ने समय दिइन्छ। जम्मा एक मिनेट बोल्न पाइने यो समयमा दलका ठूला नेताहरू कहिल्यै उपस्थित भएनन्। त्यसैले सभामुखले ठूला नेताको नाम नै बोलाएनन्। शून्य समयमा देशको स्थिति तथा समस्याहरूका बारेमा सरकारको ध्यानाकर्षण गराउन प्रयोग गरिने प्रचलन भए पनि यसपटकको व्यवस्थापिका संसद्मा यसको खासै प्रयोग भएन। संसदीय व्यवस्था भएका मुलुकहरूमा शून्य समयलाई निकै महत्त्वपूर्ण अवधिका रूपमा लिइन्छ[६]। विगतमा शून्य समयको व्यापक प्रयोग गर्दै महत्त्वपूर्ण विषयहरूमा ध्यानाकर्षण गर्ने गरिन्थ्यो।

संसदीय व्यवस्थामा एउटा प्रतिपक्षी हुन्छ अर्को सत्तापक्ष। सत्तापक्षका सभासद्ले कहिल्यै पनि रोस्ट्रम घेर्दैनन्। प्रतिपक्षले रोस्ट्रम घेराउ वा बहिष्कार गर्ने अन्तर्राष्ट्रिय प्रचलन हो। तर, व्यवस्थापिका संसद्को बैठकमा सत्तारुढ मधेसी जनअधिकार फोरमका सभासद्ले आफ्नो पार्टीबाट नियुक्त भएकी शिक्षामन्त्री रेणु यादवले संसद्मा प्रस्तुत गरेको छात्रवृत्ति विधेयक पारित गरियोस् भन्दै रोस्ट्रम घेरे। आफ्नो माग पूरा गराउन सडक अवरुद्ध गर्ने परम्पराजस्तै गरी जनप्रतिनिधिहरूको जमघट हुने थलो व्यवस्थापिका संसद्मा पनि आफ्ना माग पूरा गराउन सदन अवरुद्ध गर्नु उचित थिएन।

संसदीय व्यवस्थाको लामो अनुभव नभएको नेपालमा प्रजातान्त्रिक शासन व्यवस्थाले धेरै उतारचढाव बेहोऱ्यो। ०४६ सालमा प्रजातन्त्र पुन:स्थापनापछि बनेको पहिलो संसद्मा चौथो ठूलो राजनीतिक दलको रूपमा संसद्मा प्रवेश गरेको तत्कालीन संयुक्त जनमोर्चाले संसदीय व्यवस्थालाई 'खसीको टाउको राखेर कुकुरको मासु बेच्ने' ठाउँका रूपमा व्याख्या गर्दै ०५२ फागुन १ गते सशस्त्र माओवादी विद्रोहको सुरुवात गरेको थियो। माओवादीको सशस्त्र विद्रोहका कारण भर्खर संस्थागत हुन थालेको संसदीय प्रणाली करिब करिब तहसनहस नै भएको थियो।

### ६. जनअपेक्षामा तुषारापात

बेपत्ता पारिएका नागरिकको अवस्था, रोम विधानको कार्यान्वयनका निम्ति व्यवस्थापिका संसद्ले दिएको निर्देशन, सत्य निरूपण तथा मेलमिलाप आयोगको आवश्यकता, महिलाअधिकार विधेयकलगायतका मानवअधिकारसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषयहरूलाई पाखा लगाएर व्यवस्थापिका संसद्ले जनअपेक्षा अनुरूप काम गर्न सकेन।

सशस्त्र द्वन्द्वको समयमा बेपत्ता पारिएका मानिसहरूको सवाल पटक-पटक सार्वजनिक चर्चाको विषय भयो। तर, माओवादीसहितको व्यवस्थापिका संसद्मा यो विषयमा छलफल नै भएन। बेपत्ता छानबिन आयोगसम्बन्धी विधेयक तयार भएको भनिए पनि यसले व्यवस्थापिका संसद्मा यस वर्ष प्रवेश नै पाएन। सरकार र माओवादीले सम्झौता भएको ६० दिनभित्र बेपत्ता पारिएका मानिसहरूको अवस्था सार्वजनिक गरी परिवारलाई जानकारी गराउनेछन् भनी विस्तृत शान्ति सम्झौता ०६३ मा उल्लेख छ। तर, यस विषयमा सरकारलाई झकझक्याउन व्यवस्थापिका संसद् अग्रसर भएको देखिएन। इन्सेकको अभिलेख अनुसार सशस्त्र द्वन्द्वको अवधिमा राज्यपक्षबाट ७ सय ८३ र माओवादी पक्षबाट १ सय ५ जना बेपत्ता पारिएका छन्।

राज्यद्वारा बेपत्ता पारिएका प्राय:जसोलाई माओवादी भएको आरोप थियो। त्यसैले माओवादी सरकारमा सामेल भएपछि आफ्ना प्रियजनको अवस्था सार्वजनिक हुने अपेक्षा बेपत्ता परिवारजनले गरेका थिए। तर, त्यस सम्बन्धमा पनि व्यवस्थापिका संसद्ले प्रभावकारी रूपमा सरकारको ध्यानाकर्षण गराउन सकेन। अन्य विषयमा संसदीय कारवाही अवरुद्ध भए। तर, यस विषयमा सभासद्ले पर्याप्त आवाज उठाएनन्।

व्यवस्थापिका संसद्को करिब नौ महिनाको अवधिमा सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार

६. निरश शून्य समय । *अन्नपूर्ण पोस्ट* । आइतबारे परिशिष्टाङ्क, पुस ६

उल्लङ्घनका घटनाका विषयमा छानबिन गरी कारबाही प्रक्रिया चलाउन सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने अभिप्रायका साथ सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक प्रस्तुत गर्ने तयारी गऱ्यो। त्यसमा रहेका कमी-कमजोरीका बारेमा नागरिक समाजका तर्फबाट व्यापक आलोचना भएपछि विधेयक अन्तरिम व्यवस्थापिका संसद्मा प्रस्तुत नै गरिएन। 'पुरानो कुरा बिर्स' भन्ने मानसिकताबाट राज्य प्रस्तुत भइरहेको यो अवस्थामा सभासद्हरूले सो विधेयकका पक्षमा आवाज उठाउनेछन् भन्ने जनअपेक्षा थियो। तर, त्यसो भएन।

सरकारले व्यवस्थापिका संसद्ले विगतमा दिएका केही निर्देशनहरू यसवर्ष पनि कार्यान्वयन गरेन। सरकारले कार्यान्वयन नगरेका संसदीय निर्देशनहरूका बारेमा प्रश्न सोध्ने अधिकार व्यवस्थापिका संसद्लाई हुन्छ। तर, यस सम्बन्धमा व्यवस्थापिका संसद्ले कुनै चासो देखाएन। अघिल्लो वर्ष व्यवस्थापिका संसद्ले सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदन गर्न निर्देशन दिएको थियो। सरकारले सन् २००८ मा पनि रोमविधान अनुमोदन गरेन।

सशस्त्र द्वन्द्वका कारण विस्थापित भएका हजारौँ मानिस सन् २००८ मा पनि घर फर्कन सकेनन्। फर्किएकामध्ये कैयन्को घरजग्गा माओवादीले आफ्नो कब्जामा राखी नै रहे। द्वन्द्वकालमा र त्यसपछि पनि कब्जा गरिएका घरजग्गा सम्पत्तिको अवधिको आय मूल्याङ्कन गरेर क्षतिपूर्ति दिने, जग्गा फिर्ता तथा क्षतिपूर्तिको अनुगमन गर्न संसदीय समिति बनाउने प्रतिबद्धता प्रधानमन्त्री पुष्पकमल दाहालले व्यवस्थापिका संसद्मा गरेका थिए[७]। तर, यो विषयमा कुनै कारबाही नभएपछि काङ्ग्रेसले पटकपटक संसद् अवरुद्ध गरेको थियो। सरकारले व्यवस्थापिका संसद्मा व्यक्त गरेको कतिपय प्रतिबद्धताका सम्बन्धमा सरकारमा सहभागी दलका नेताहरूले नै नकारात्मक टिप्पणी गर्ने गरेको वर्ष २००८ भरि नै देखियो। आफ्नै पार्टीका नेताद्वारा व्यक्त प्रतिबद्धता लागू गर्न सकिँदैन भन्ने टिप्पणी हुने गरेकाले राजनीतिक असहमति बढेको थियो।

नेपालका महिलाले महिला भएकै कारण विभिन्न खाले शारीरिक, मानसिक, सामाजिक, आर्थिक, राजनीतिक र यौनिक भेदभाव र दुर्व्यवहार भोगिरहेका छन्। सामाजिक लिङ्गभेदका आधारमा गरिने सम्पूर्ण कार्यहरूबाट महिलालाई शारीरिक, मानसिक, सामाजिक रूपमा आघात पुगेको छ। देश लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख भएको अवस्थामा बनाइएको नेपालको अन्तरिम संविधानले समेत महिलाहरूको अधिकारमाथि न्याय गर्न सकेको छैन। अन्तरिम व्यवस्थापिका संसद्ले गरेको महिलामाथि विभेद गर्ने सम्पूर्ण विभेदकारी ऐन खारेज गर्ने घोषणाको कार्यान्वयनका लागि सन् २००८ मा पनि नीति बन्न सकेन। इन्सेकले यसै वर्ष सन् २००८ जनवरी देखि सेप्टेम्बरसम्म गरेको अध्ययनमा महिलाहरूमाथि हुने हिंसाका घटनाका पीडकहरूले उन्मुक्ति पाउने गरेको तथ्यको थप पुष्टि भएको निष्कर्ष निकालेको थियो[८]।

सरकारले व्यवस्थापिका संसद्मा प्रस्तुत गरेको महिलाविरुद्धको हिंसासम्बन्धी विधेयक सन् २००८ मा पारित भएन। कानुन बनेपछि महिला हिंसाका पीडकले उन्मुक्ति पाउने छैनन् भन्ने आशामा रहेका महिलाअधिकारकर्मी यस वर्ष पनि निराश भए।

### ७. योजनाविहीन प्रतिपक्ष

प्रमुख प्रतिपक्षी दल काङ्ग्रेसले सरकारसँग राखेका नौबुँदे माग सम्बोधन गरेको दाबी गर्दै सरकारले आफ्ना कार्यकर्ताको अराजकताको ढाकछोप गरी उनीहरूलाई राज्यको कोषले पोस्ने चलाखी गऱ्यो। प्रधानमन्त्री दाहालले व्यवस्थापिका संसद्को कात्तिक २५ गतेको बैठकलाई सम्बोधन गर्दै काङ्ग्रेसले राखेको नौबुँदे मागमध्ये माओवादीले कब्जा गरेको सम्पत्ति ०६५ मङ्सिर मसान्तसम्म फिर्ता गरिने घोषणा गरे। उनले कब्जा गरिएका सम्पत्ति फिर्ता नगरिए ०६५ असारयताको हर्जानासमेत जोडेर सरकारले तिरिदिने घोषणासमेत गरे।

सहमतिका नाममा हुने सरकारी कोषको दुरुपयोग भएको विषयलाई व्यवस्थापिका संसद्ले अपेक्षा गरिएजस्तो चर्चाको विषय बनाएन। प्रधानमन्त्रीको त्यही सम्बोधनमा ६ सय १ जना सभासद्लाई आ-आफ्नो निर्वाचन क्षेत्रमा विकास निर्माणसम्बन्धी गतिविधि सम्पन्न गर्न १०/१० लाख रुपियाँ उपलब्ध गराइने

---

७. 'काङ्ग्रेसद्वारा संसद् बहिष्कार' । *कान्तिपुर* । पुस ६, पृष्ठ १

८. इन्सेक । प्रेस विज्ञप्ति, २०६५ मङ्सिर १२ गते

## संविधानसभा निर्वाचन परिणाम

| | | | | |
|---|---|---|---|---|
| माओवादी<br>पहुँच : १२०<br>समानुपातिक : १०० | काङ्ग्रेस<br>पहुँच : ३७<br>समानुपातिक : ७३ | एमाले<br>पहुँच : ३३<br>समानुपातिक : ७० | फोरम<br>पहुँच : ३०<br>समानुपातिक : २२ | तमलोपा<br>पहुँच : ९<br>समानुपातिक : ११ |
| सद्भावना<br>पहुँच : ४<br>समानुपातिक : ५ | राप्रपा<br>पहुँच : ०<br>समानुपातिक : ८ | माले<br>पहुँच : ०<br>समानुपातिक : ८ | जनमोर्चा<br>पहुँच : २<br>समानुपातिक : ५ | नेकपा (संयुक्त)<br>पहुँच : ०<br>समानुपातिक : ५ |
| राप्रपा नेपाल<br>पहुँच : ०<br>समानुपातिक : ४ | राष्ट्रिय जनमोर्चा<br>पहुँच : १<br>समानुपातिक : ३ | नेमकिपा<br>पहुँच : २<br>समानुपातिक : २ | राजपा<br>पहुँचः ०<br>समानुपातिक : ३ | संलोरा मञ्च<br>पहुँच : ०<br>समानुपातिक : २ |
| सद्भावना (आनन्दीदेवी)<br>पहुँच : ०<br>समानुपातिक : २ | राष्ट्रिय जनमुक्ति पार्टी<br>पहुँच : ०<br>समानुपातिक : २ | नेपाली जनता दल<br>पहुँच : ०<br>समानुपातिक : २ | नेकपा (एकीकृत)<br>पहुँच : ०<br>समानुपातिक : २ | दलित जनजाति पार्टी<br>पहुँच : ०<br>समानुपातिक : १ |
| नेपाः राष्ट्रिय पार्टी<br>पहुँच : ०<br>समानुपातिक : १ | समाजवादी प्र. जनता पार्टी<br>पहुँच : ०<br>समानुपातिक : १ | चुरेभावर<br>पहुँच : ०<br>समानुपातिक : १ | नेपाल परिवार दल<br>पहुँच : ०<br>समानुपातिक : १ | नेलोस दल<br>पहुँच : ०<br>समानुपातिक : १ |

*पहुँच : पहिलो हुनेले जित्ने*

कुरा पनि थियो। संविधान निर्माणजस्तो विषय ओझेलमा पार्नेगरी राज्यको ढुकुटी बाँडफाँट गर्ने त्यो घोषणाको संविधानसभाबाहिर भने आलोचना भएको थियो। राजनीतिक सहमति भयो भन्दैमा लुटको धनजस्तो गरी बाँड्नु गलत हो भन्ने अभिमत व्यापक भएको थियो[९]। सरकारले गरेका गलत क्रियाकलापलहरूको खबरदारी गर्ने जिम्मेवारी प्रतिपक्षको हो । तर, प्रतिपक्ष त्यस्तो अराजक, अनैतिक र गैरकानुनी सहमतिमा किनाराको साक्षी बस्न पुग्यो। १०/१० लाख रुपियाँ बाँड्ने राजनीतिक सहमतिपछि मात्रै सरकारलाई बजेट पारित गर्नका लागि बाटो खुलेको थियो।

### ८. निष्कर्ष

संविधानसभाको पहिलो, तेस्रो र चौथो ठूलो दलको संयुक्त सरकारलाई ठीक दिशामा हिँडाउन व्यवस्थापिका संसद् सफल देखिएन। राष्ट्रपति पदका लागि गिरिजाप्रसाद कोइरालालाई समर्थन नगर्ने माओवादी निर्णयसँगै काङ्ग्रेसले सरकारमा सहभागी नभई प्रतिपक्षमा बस्ने धारण अघि सारेको थियो।

९. इन्सेक । प्रेस विज्ञप्ति, २०६५ कात्तिक २९ गते

संसद्मा प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गर्ने निर्णय गरेको काङ्ग्रेसले वर्षको अन्त्यसम्म आफ्नो संसदीय दलको नेता भने चुन्न सकेन। सो दलभित्र यस विषयले पटकपटक चर्चा पायो। पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले आफैं संसदीय दलको नेता भएको बताए। तर, काङ्ग्रेस संसदीय दलले व्यवस्थापिका संसद् सचिवालयलाई त्यस्तो जानकारी गराएन्।

व्यवस्थापिका संसद्को बैठकले साउन र भदौ महिनामा देशका विभिन्न भागमा आएको बाढी-पहिरोका कारण भएको जनधनको क्षतिबाट पीडित भएकाहरूलाई राहत प्रदान गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो। तर, अन्य कतिपय प्रसङ्गमा सदनले यस्तो सक्रिय भूमिका निर्वाह गर्न नसकेको गुनासो वर्षको अन्त्यसम्मै व्याप्त रह्यो। संविधानको निर्माण र सरकारका तत्कालीन आवश्यकतालाई सम्बोधन गर्न कानुन तयार गर्ने कामका अतिरिक्त संविधानसभाले जनअपेक्षा अनुरूप सरकारलाई ठीक बाटो देखाउन सक्नु पर्थ्यो। तर, यसका कतिपय व्यवहार र काम-कारबाही कर्मकाण्ड पूरा गर्ने खालका भए। जसका कारण जनताको आशामा तुषारापात हुने आशङ्का बढेर गयो। समयसीमा तोकेर संविधान निर्माण गर्ने कार्यसूची तयार गरी देशलाई शान्ति प्रक्रियामा अगाडि बढाउन भने व्यवस्थापिका संसद्ले सकारात्मक भूमिका निर्वाह गऱ्यो।

अनुसूची

१

# सन् २००८ र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

# उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २००८ भरिका अर्थात् ०६४ पुस १७ देखि ०६५ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् २००८ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएकामध्ये प्रतिनिधिमूलक घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउँदछौं।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लिखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर, विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्षपुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विस्फोटक पदार्थसम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- बेवारिसे बमका कारण भएका घटना र कतिपय विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई (विगतको अनुगमन) शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षकअन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- विभिन्न समूहबाट भएका ज्यादतीको तथ्याङ्क अन्य शीर्षकअन्तर्गत समावेश गरिएको छ। जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) को नाम यस वर्षभित्र परिवर्तन भएर अखिल तराई मुक्ति मोर्चा भएको छ। यी दुवै नामबाट भएका घटनाको तथ्याङ्क जतमुमो (गोइत) कोमा समावेश गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका पीडितहरूको मात्र तथ्याङ्क हो। संविधानसभा निर्वाचनको प्रचारप्रसारकै क्रममा भएका बाधा विरोध र कुटपिटका घटना यसै शीर्षकमा समाविष्ट छन्।

**तथ्याङ्कका अन्य स्रोत**

क. केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय प्रतिवेदन २००१

ख. युनाइटेड नेसन्स डेभ्लप्मेन्ट प्रोग्राम; *नेपाल ह्युम्यान डेभ्लप्मेन्ट रिपोर्ट २००४ : इम्पावरमेन्ट एण्ड पोभर्टी रिडक्सन*; काठमाडौं, २००४

ग. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. १९९२ देखि २००८ सम्मका इन्सेक मानवअधिकार वर्षपुस्तकहरू

च. इन्टेन्सिभ रिसर्च एण्ड स्टडी सेन्टर; *डिस्ट्रिक्ट प्रोफाइल अफ नेपाल २००८*

छ. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

# पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

# १.१ झापा

जनसङ्ख्या : ७,७३,९२९
साक्षरता प्रतिशत : ७६
महिला साक्षरता प्रतिशत : ६५
क्षेत्रफल (वर्ग कि. मि.): १,६०६
गाविस/नपा सङ्ख्या : ४७/३
सरकारी/निजी विद्यालय : ५७६/१७५
क्याम्पस/उच्च मा.वि. : १४/३९
अस्पताल/स्वास्थ्य चौकी : ७/५६
मानव विकास सूचकाङ्क : ०.४९४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्ने अधिकार

#### हत्या

#### राज्यबाट

जलथल गाविस-९ निवासी महेन्द्र पुलिस क्लब काठमाडौँमा प्रहरी हवल्दार पदमा कार्यरत ३२ वर्षीय विश्वपति नेम्वाङको ०६५ असार २५ गते घर बिदामा आएको समयमा धुलाबारीतर्फ आउँदै गर्दा इलाका प्रहरी कार्यालय काँकडभिट्टाका इन्स्पेक्टर दीपक गिरीको कमान्डमा रहेको प्रहरी टोलीद्वारा मेचीनगर नपा-४ मागुरमाडी जङ्गलको गुम्बा चोकमा भइरहेको चेक जाँचका क्रममा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। प्रहरीमाथि नै गैरकानुनी पेस्तोल निकालेर हान्न खोजेको आरोपमा गोली हानी हत्या गरेको एसपी राजेन्द्र श्रेष्ठले बताए। घटनापछि पीडित परिवार तथा आफन्तजनले विरोधस्वरूप ०६५ असार २६ र २७ गते जिल्ला बन्द गरेपछि २७ गते साँझ जिल्ला प्रशासनले नागरिक समाज र पीडित परिवार संलग्न रहेको एक सत्यतथ्य छानबिन समिति गठन गऱ्यो। सो समितिले यस घटनाका लागि छुट्टै आयोग बनाउनुपर्ने सुझाव दिँदै ०६५ भदौ १४ गते प्रतिवेदन बुझाए पनि हालसम्म कुनै आयोग बनेको छैन।

#### अज्ञात समूहबाट

खुदुनावारी गाविस-८ की ६२ वर्षीया हेमकुमारी पराजुलीलाई ०६५ मङ्सिर २१ गते दिउँसो अज्ञात व्यक्तिहरूले स्थानीय जुकेखाडी सामुदायिक वनमा बाख्रा चराउन गएका बेला घाँटी थिचेर हत्या गरी नाक-कानमा लगाएका गहनाहरू लगे। पीडकहरूको खोजी कार्य भइरहे पनि हालसम्म पत्ता नलागेको वितामोडका इन्स्पेक्टर उमेश लम्सालले बताए।

### जेल र बन्दीहरू

जिल्ला कारागार झापामा कूल महिला तथा पुरुष गरी यस वर्षको अन्त्यमा ३ सय १५ जना बन्दी तथा थुनुवाहरू रहेका छन्। जसमा कैदी १ सय ५६ जना पुरुष र ११ महिला तथा थुनुवा १ सय ३५ पुरुष र ११ जना महिला रहेका छन्। यस कारागारमा २ जना नाबालकहरूसमेत अभिभावकहरूसँग थुनामा रहेका छन्। २ सय जना रहने कारागारको कुल क्षमता भए पनि सोभन्दा बढी बन्दीहरू राख्दा कारागारभित्रको दिनचर्या कष्टकर रहेको छ। जेलको भौतिक अवस्था गत वर्षको तुलनामा पुन:निर्माण भएकाले सुत्न, बस्नका लागि केही सहज भएको चौकीदार विश्वेश्वर राजवंशीले बताए।

बिरामी परेका बन्दीहरूका लागि स्वास्थ्य उपचारको व्यवस्था, टेलिफोन तथा पत्रिका पढ्ने राम्रो सुविधा भएको चौकीदार राजवंशीले बताए।

यस कारागारमा ६१ जना विदेशी बन्दीहरू रहेका छन्। जसमा अधिकांश भुटानी शरणार्थीहरू छन्।

### धम्की/कुटपिट

#### राज्यबाट

शनिश्चरे गाविस-३ का २५ वर्षीय पङ्कज चाहारलाई रिक्सा चढेर वितामोडबाट आफ्नो घरतर्फ जाने क्रममा रिक्साले गस्तीमा रहेको सशस्त्र प्रहरीको गाडीलाई साइड नदिएको भन्दै ०६५ साउन २५ गते सशस्त्र प्रहरीहरूले शनिश्चरे सशस्त्र प्रहरीको बेसक्याम्पनजिक कुटपिट गरी गम्भीर घाइते बनाए। सशस्त्र क्याम्प शनिश्चरेका इन्स्पेक्टर विनोद कार्कीले भोलिपल्ट माओवादी यातायात मजदुर कार्यालय वितामोडमा आई घाइतेको उपचार गरिदिने र

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १४ | ८ | ६ | १४ | १ | १ | | १ |
| घाइते | ४ | ५ | १ | ६ | | | | |
| गिफ्तारी/यातना | | | | | ३ | ९ | ३ | १३ |
| कुटपिट | ३ | ५ | | ५ | ३ | ३ | ३ | ४ |
| महिलाअधिकार | १० | | १० | १० | | | | |
| बालअधिकार | १३ | १ | ११ | १३ | | | | |
| अपहरण | ३ | ३ | | ३ | | | | |
| जम्मा | ४५ | ३३ | ३८ | ५० | ६ | १३ | ५ | १६ |

अबउप्रान्त यस्तो गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जनाएपछि दुई पक्षीय सहमति भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत झापामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३६ थानमध्ये यस वर्ष नौ थान फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २ सय ९२ थानमध्ये यस वर्ष ९९ थान फर्स्यौट भई १ सय ९३ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ३ सय २८ थानमध्ये यस वर्ष १ सय ८ थान फर्स्यौट भई २ सय २० थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५७ थान मुद्दामध्ये यस वर्ष नौ थान फर्स्यौट भई ४८ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १ सय ९१ थानमध्ये यस वर्ष ३४ थान फर्स्यौट भई १ सय ५७ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २ सय ४८ थानमध्ये यस वर्ष ४३ थान फर्स्यौट भई २ सय ५ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३९ थान मुद्दामध्ये यस वर्ष २१ थान फर्स्यौट भई १ सय १८ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा २ सय ५५ थानमध्ये यस वर्ष ५८ थान फर्स्यौट भई १ सय ९७ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ३ सय ९४ थानमध्ये यस वर्ष ७९ थान मुद्दा फर्स्यौट भई ३ सय १५ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ९ सय ७० थानमध्ये यस वर्ष २ सय ३० थान मुद्दा फर्स्यौट भई ७ सय ४० थान मुद्दा बाँकी रहे।

बाल अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएको एक थान र यस वर्ष दर्ता भएका दुई थान गरी जम्मा तीन थान भएकामा कुनै पनि फर्स्यौट भएन।

### बालअधिकार

खुदुनावारी गाविस-५ की १४ वर्षीया एक बालिकालाई ०६४ पुस १९ गते सोही ठाउँका फोटो स्टुडियो सञ्चालक ३५ वर्षीय अनिलकुमार तोस्निवालले पत्नी मीना तोस्निवालको सहयोगमा बलात्कार गरे। घटनापछि पीडक गिरफ्तारीमा पर्ने डरले फरार रहेका छन् भने सहयोग गर्ने उनकी पत्नी मीनालाई प्रहरीले ०६४ पुस २२ गते गिरफ्तार गरी जबरजस्ती करणीमा सहयोग गरेको भन्दै मुद्दा चलाएकामा अदालतले ०६४ माघ १४ गते गरेको आदेश अनुसार जिल्ला कारागारमा थुनामा रहेकी छन्।

शनिश्चरे गाविस-६ की १४ वर्षीया एक बालिकालाई ०६५ वैशाख १८ गते दिउँसो सोही ठाउँका ३० वर्षीय पृतम चौधरीले पीडितकै घरमा बलात्कार गरे। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकामा ०६५ जेठ १३ गते अदालतको आदेशमा कारागारमा थुनामा रहेका छन्।

जलथल गाविस-६ की ७ वर्षीया एक बालिकालाई ०६५ जेठ १७ गते सोही ठाउँका २२ वर्षीय नागेन्द्र ठाकुरले पीडितकै घरमा बलात्कार गरे। पीडित परिवारले ०६५ जेठ १८ गते दिएको उजुरीका आधारमा पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। पीडक कारागार शाखा झापामा ०६५ असार १० गतेदेखि थुनामा रहेका छन्।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | सङ्घीय लिम्बूवान परिषद् | | | किराँत वर्कस पार्टीबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | | | २ | १ | १ | २ |
| घाइते | १ | २ | २ | | | | २ | २ | | २ |
| कुटपिट | ३ | ५ | ५ | | | | | | | |
| महिलाअधिकार | | | | | | | १ | | १ | १ |
| अपहरण | | | | १ | १ | १ | | | | |
| जम्मा | ३ | ७ | ७ | १ | १ | १ | ५ | ३ | ३ | ५ |

घेराबारी गाविस-६ की १४ वर्षीया एक बालिकालाई राजगढ गाविस-९ का २० वर्षीय प्रकाश लिम्बूले विद्यालय जाँदै गर्दा ०६५ कात्तिक १८ गते राजगढ गाविस-१ र २ को बीचमा पर्ने चिया बगानमा बलात्कार गरे। बलात्कारपछि पीडकले पीडित बालिकालाई जबरजस्ती भारतको डिगलबैक पुऱ्याई त्यहाँबाट अन्यत्र लैजान लाग्दा स्थानीय भारतीय नागरिकहरूले समातेर प्रहरीमा बुझाए। भारतीय प्रहरीले सोही दिन पीडक र पीडित दुवै जनालाई नेपाल प्रहरीलाई बुझायो। पीडितले ०६५ कात्तिक २० गते प्रहरीमा उजुरी दिएपछि अदालतको आदेशमा ०६५ मङ्सिर २१ गतेदेखि पीडक झापा कारागारमा थुनामा रहेका छन्।

गोल्धाप गाविस-६ की ९ वर्षीया एक बालिकालाई ०६४ माघ २ गते सोही ठाउँका ४९ वर्षीय गणेश मगरले घरनजिकैको घारीमा लगी बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कारबाही अघि बढाएकामा ०६४ फागुन १८ गते अदालतको आदेशमा सादा तारेखमा रिहा भए।

गौरीगञ्ज गाविस-८ की १४ वर्षीया एक बालिकालाई ०६५ वैशाख २३ र २४ गते सोही ठाउँका सुकवीर राईले आफ्नै घरमा सुतिरहेका बेला बलात्कार प्रयास गरे। घटनाका बारेमा पीडित बालिकाले आफ्नी आमालाई बताएपछि वैशाख २५ गते पीडितकी आमाले प्रहरीमा उजुरी दिएकी थिइन्। पीडकलाई ०६५ वैशाख २६ गते गिरफ्तार गरेर प्रहरीले कारबाही अघि बढाएकामा हाल अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिई थुनामा रहेका छन्।

खुदुनाबारी गाविस-२ की १५ वर्षीया एक बालिकालाई ०६५ जेठ ३१ गते घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका यामबहादुर कटुवालले बलात्कारको प्रयास गरे। पीडितकी आमाले पीडकविरुद्ध कारबाहीका लागि ०६५ असार १ गते प्रहरीमा उजुरी दिइन्। प्रहरीले पीडकविरुद्ध अदालतमा मुद्दा चलाएकामा ०६५ असार २६ गते अदालतले पीडकलाई सादा तारेखमा रिहा गऱ्यो।

बुधबारे गाविस-६ की १३ वर्षीया एक बालिकालाई ०६५ साउन २९ गते राती सोही ठाउँका ४० वर्षीय देवबहादुर सार्कीले घरमा कोही नभएको समयमा बलात्कार प्रयास गरे। पीडितले नजिकै रहेका अन्य आफन्तहरूलाई घटनाका बारेमा बताएपछि आफन्तहरूको सहयोगमा ०६५ साउन ३० गते प्रहरीमा उजुरी दिए। प्रहरीले पीडकलाई सोही दिन गिरफ्तार गरी कारबाही अघि बढाएकामा हाल झापा कारागारमा थुनामा रहेका छन्।

घैलाडुब्बा गाविस-९ की ६ वर्षीया एक बालिकालाई सोही स्थानका ४३ वर्षीय रिक्सा चालक पुष्प माझीले विद्यालयबाट घर लगिदिने भन्दै ०६५ मङ्सिर २३ गते विरिङ्ग खोलाको किनारमा ल्याई यौन दुर्व्यवहार गरे। घटनाको विषयमा स्थानीय बासिन्दाले प्रहरीमा खबर गरेपछि पीडकलाई सोही दिन गिरफ्तार गरी प्रहरीले कारबाही अघि बढाएकामा अदालतको आदेशमा ०६५ पुस २१ गतेदेखि झापा कारागारमा थुनामा रहेका छन्।

अनारमनि गाविस-६ का ११ वर्षीय बालक लक्ष्मण तामाङका बुबाले वैदेशिक रोजगारमा लगिदिने बहानामा आफन्तलाई ठगी गरेको आरोपमा उनलाई ०६५ कात्तिक २ गते इलाम जिल्ला महमाई गाविस-९ का २८ वर्षीय जीतेन राई, २५ वर्षीय सुकलाला सम्वाहाम्फे र २१ वर्षीय राजभक्त श्रेष्ठले पीडितका घरैबाट अपहरण गरी बेपत्ता पारे। इन्सेक प्रतिनिधि, प्रहरी र लिम्बूवान कार्यकर्ताको पहलमा पीडित बालकको महमाई गाविस-९ का राजकुमार राईको

*प्रहरीको गोलीबाट मारिएका*
*विश्वपति नेम्वाङ*

घरबाट ०६५ कात्तिक ५ गते राती सकुशल उद्धार भयो। पीडकहरू तिनै जनालाई उद्धार गरिएकै स्थानबाट प्रहरीले गिरफ्तार गरेकामा ०६५ मङ्सिर १ गते अदालतले गरेको आदेश अनुसार हाल झापा कारागारमा थुनामा रहेका छन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास

खुदुनाबारी गाविसमा रहेको भुटानी शरणार्थी शिविरकी २६ वर्षीया एक महिलालाई ०६४ पुस २७ गते बिहान दमक नगरपालिकाको बेलडाँगी शरणार्थी शिविरका ३४ वर्षीय टीकाराम गिरीले पीडितको छिमेकीको घरमा बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले पुस २८ गते गिरफ्तार गरी करणी प्रयासको मुद्दा चलाएकामा जिल्ला अदालत झापाले ०६५ माघ २३ गते सादा तारेखमा रिहा गऱ्यो।

धाइजन गाविस-५ की २४ वर्षीया एक महिलालाई ०६५ वैशाख १ गते वितामोडबाट फिल्म हेरेर घर फर्किने क्रममा दुबागढी गाविसको चारआलीबाट १ किमि पश्चिम महेन्द्र राजमार्ग उत्तरतर्फको जङ्गलमा लगी पाँच जना अज्ञात युवकहरूले सामूहिक बलात्कार गरे। पीडकहरूको खोजी कार्य भइरहे पनि हालसम्म पत्ता लाग्न नसकेको प्रहरीले बताएको छ। घाइते भएकी पीडितको इन्सेक र माइती नेपालको सहयोगमा ०६५ वैशाख ३ गते धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

जुरोपानी गाविस-९ की २५ वर्षीया एक महिलालाई ०६५ वैशाख ९ गते राती सोही ठाउँका ५० वर्षीय रामकिशन मण्डलले पीडितकै घरमा बलात्कार गरे। पीडकलाई प्रहरीले ०६५ वैशाख १० गते गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकामा ०६५ जेठ १३ गते जिल्ला अदालतको आदेशमा थुनामा रहेका छन्।

गरामनी गाविस-२ स्थित भुटानी शरणार्थी शिविर गोलधापकी बोल्न र सुन्न नसक्ने २५ वर्षीया एक महिलालाई ०६५ जेठ ४ गते सोही गाविस वडा नं. २ कै २५ वर्षीय विनोद रुचालले पीडितकै घरमा बलात्कार गरे। पीडकलाई प्रहरीले ०६५ जेठ ५ गते गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकामा हाल अदालतको आदेशमा थुनामा रहेका छन्।

बुधबारे गाविस-९ की ३५ वर्षीया एक महिलालाई ०६५ जेठ १० गते सोही ठाउँका २० वर्षीय समिर श्रेष्ठले पीडितकै घरमा बलात्कार प्रयास गरे। घटनापछि पीडकलाई प्रहरीले जेठ ११ गते गिरफ्तार गरेर कानुनी कारबाही अघि बढायो । ०६५ जेठ २५ गतेको अदालतको आदेश अनुसार पीडक हाल थुनामा रहेका छन्।

हल्दीबारी गाविस-७ की २५ वर्षीया एक महिलालाई ०६५ भदौ २ गते भारत स्थायी घर भई भद्रपुर नपा-१० स्थित जामे मस्जिदका मुस्लिम धर्मगुरु ५० वर्षीय दिलकर हुसेनले बिरामी झारफुक गर्ने बहानामा मस्जिदनजिकै बलात्कारको प्रयास गरे। पीडितले चिच्याएपछि सोही समयमा स्थानीय बासिन्दाले पीडकलाई समातेर प्रहरीमा लगेपछि १ हजार ५ सय रुपियाँ पीडितलाई दिने र पीडकले तत्काल नेपाल छाड्ने आपसी सहमति भई भारततर्फ गए।

खुदुनाबारी गाविसस्थित भुटानी शरणार्थी शिविरकी ३० वर्षीया एक महिलालाई ०६५ कात्तिक २६ गते राती सोही शिविरका १७ वर्षीय टेकबहादुर विश्व, दावा दोर्जे शेर्पा, १८ वर्षीय रिगेन गुरुङ, २२ वर्षीय भूपेन थापा र १९ वर्षीय विदन थापाले सामूहिक बलात्कार गरे। पीडित महिलाले ०६५ मङ्सिर १ गते प्रहरीमा जाहेरी दिएपछि विदन थापाबाहेक सबैलाई मङ्सिर ३ गते प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। पीडकहरू ०६५ मङ्सिर २७ गतेदेखि अदालतको आदेश अनुसार थुनामा रहेका छन्। विदन थापा भने हालसम्म पनि फरार रहेका छन्।

गरामनि गाविस-२ स्थित भुटानी शरणार्थी शिविरकी ३२ वर्षीया फूलमाया गुरुङलाई सोही शिविरका शरणार्थी २० वर्षीय खगेन्द्र दुलालले ०६५ पुस ५ गते दिउँसो नजिकैको जङ्गलमा दाउरा खोज्न गएको बेला बलात्कार गरे। घटनाको विषयमा पीडितले ०६५ पुस ६ गते उजुरी गरेपछि सोही दिन प्रहरीले

पक्राउ गरी इलाका प्रहरी कार्यालय विर्तामोडमा राखेर कानुनी कारबाही अघि बढाए।

### पारिवारिक हिंसा

मेचीनगर नपा-१३ इटाभट्टाकी ३५ वर्षीया फूलमाया सतारलाई परपुरुषसँग यौन सम्पर्क गरेको आरोपमा ०६४ चैत १८ गते उनकै पति ४० वर्षीय भगतलाल सतारले बिहान आफ्नै घरमा कोदालोले टाउकोमा प्रहार गरी हत्या गरे। पीडितको लास मेची अञ्चल अस्पतालमा सोही दिन पोस्टमार्टमपछि आफन्तले सद्गत गरे। कर्तव्य ज्यान मुद्दा अन्तर्गत प्रहरीले पीडकलाई मुद्दा चलाएकामा ०६५ वैशाख १४ गतेदेखि पीडक झापा कारागारमा थुनामा रहेका छन्।

सतासीधाम गाविस-९ की २५ वर्षीया सुशीला योङ्गयालाई ०६५ असार २४ गते बिहान पति ३० वर्षीय राजेश योङ्गयाले धारिलो हतियार प्रयोग गरी हत्या गरे। घटनापछि पीडक आफूले पनि सोही हतियारले आफ्नो घाँटीमा रेटेर हत्या प्रयास गरे पनि बाँच्न सफल भए। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढाएकामा हाल थुनामा रहेका छन्।

दमक नपा-१० की २३ वर्षीया सीता दहाललाई घरायसी विवादका कारण ०६५ साउन ८ गते उनकै पति होम दाहालले आफ्नै घरमा बसिरहेका बेला खुकुरीले काटेर हत्या गर्ने प्रयास गरे। घटनापछि पीडक फरार रहेका छन्। पीडितको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। फरार रहेका पीडकको खोजी कार्य भइरहेको र हालसम्म फेला नपरेको दमक प्रहरीका इन्स्पेक्टर गोविन्द काफ्लेले बताए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सङ्घीय लिम्बूवान राज्य परिषदबाट

मेचीनगर नपा-१० काँकरभिट्टाका उदय कार्कीको मे१ज ५३८ नम्बरको मारुती कार बन्दको

*सङ्घीय लिम्बूवान राज्य परिषद् (कुमार लिङ्देन समूह) का कार्यकर्ताद्वारा क्षति पुऱ्याइएको निर्माण व्यवसायी सङ्घको कार्यालय*

समयमा चलाएको आरोपमा ०६४ फागुन १२ गते दिउँसो सङ्घीय लिम्बूवान राज्य परिषद् (कुमार लिङ्देन समूह)का कार्यकर्ताहरूको एक समूहले चन्द्रगढीबाट चारआलीतर्फ जाँदै गर्दा चन्द्रगढी गाविस-३ पुँहातुवारीमा जलाएर ध्वस्त पाऱ्यो। प्रहरीले घटनामा संलग्न कसैलाई पनि गिरफ्तार गर्न सकेन। पीडितले फागुन १३ गते प्रहरीमा निवेदन दिए पनि कुनै क्षतिपूर्ति पाएनन् ।

अनारमनि गाविस-६ स्थित निर्माण व्यवसायी सङ्घको जिल्ला कार्यालयमा आफ्नो सङ्गठनलाई ठेकेदारहरूले ठेक्कापट्टामा आठ प्रतिशत रकम नदिएको आरोपमा ०६५ साउन २४ गते दिउँसो सङ्घीय लिम्बूवान राज्य परिषद् (कुमार लिङ्गदेन समूह)का २५ जनाको सङ्ख्यामा रहेका घरेलु हतियारसहित आएका कार्यकर्ताहरूले कार्यालयमा प्रवेश गरी सङ्घका कोषाध्यक्ष राम बाराकोटी, कार्यालय सचिव ज्योति पौडेल र कर्मचारीहरूलाई कुटपिट गर्नुका साथै कार्यालयमा तोडफोड गरी ५० हजार रुपियाँबराबरको धनमालमा क्षति पुऱ्याए। घटनाका बारेमा उजुरी नदिएका कारण कुनै कारबाही नभएको जिल्लाका एसपी राजेन्द्र श्रेष्ठले बताए।

# १.२ इलाम

जनसङ्ख्या : ३,३३,९६०
साक्षरता प्रतिशत : ६७
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.): १,७०३
गाविस/नपा सङ्ख्या : ४८/१
सरकारी/निजी विद्यालय : ४७२/३८
क्याम्पस/उच्च मा.वि. : २/११
अस्पताल/स्वास्थ्य चौकी : १/४८
मानव विकास सूचकाङ्क : ०.५२१
प्रतिपरिवार सरदर सङ्ख्या : ५

## जेल र बन्दीहरू

नेकपा (माओवादी)ले ०६२ फागुन २१ गते राती इलाम सदरमुकाम आक्रमण गर्दा बम विस्फोट र आगजनी गरी ध्वस्त बनाएको 'घ' श्रेणीको ५५ जनाको क्षमता भएको इलाम कारागार शाखा हालसम्म पुन:निर्माण हुनसकेको छैन। कारागार ध्वस्त भएपछि जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिँदै आएका कैदी तथा बन्दीहरूलाई हटाउन कारागार व्यवस्थापन विभागले निर्देशन दिएपछि एक महिलासहित २१ कैदीलाई ०६५ भदौ १६ गते पाँचथर कारागार स्थानान्तरण गरियो। हाल उनीहरूलाई पाँचथर र झापा चन्द्रगढीस्थित जिल्ला कारागारमा राखिएको छ। हाल जिल्ला प्रहरी कार्यालय इलाममा कर्तव्य ज्यानसम्बन्धी मुद्दामा एक जना र सवारी ज्यानसम्बन्धी मुद्दामा एक जना गरी जम्मा दुई जना थुनुवा रहेका छन्।

## बेपत्ता/अपहरण

### किराँत जनवादी वर्कस पार्टीबाट

पञ्चकन्या गाविस-८ निवासी करफोक उच्च माध्यमिक विद्यालयका शिक्षक बाँझो गाविस-२ स्थित सिम्बलटार मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत ५६ वर्षीय विष्णु भारद्वाज, फिक्कल गाविस-६ निवासी राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय फिक्कलमा कार्यरत ४२ वर्षीय मनोज पोखरेल, मोरङ जिल्ला दुलारी गाविस-१ निवासी अतिरिक्त हुलाक कार्यालय पञ्चकन्या गाविस-२ आइतबारेमा कार्यरत ४३ वर्षीय यामबहादुर चापागाईं र दानावारी गाविस-९ का २२ वर्षीय प्रेम रायलाई संविधानसभा निर्वाचनका क्रममा खटिएको अवस्थामा ०६४ चैत २७ गते बेलुकी किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले सोही मतदान केन्द्रबाट अपहरण गरे। अपहरणपछि उनीहरूलाई इलामको पश्चिमी क्षेत्रको जङ्गलको बाटो हुँदै अज्ञात स्थलतर्फ लगेको र 'अब तिमीहरूको दिन सकियो' भन्दै मानसिक त्रास दिएको पीडित भारद्वाजले बताए। पीडितहरू ०६४ चैत २८ गते बेलुकी मोरङ जिल्लाको मधुमल्लाबाट स्थानीय सञ्चारकर्मी मित्र बास्तोलाको रोहबरमा मुक्त भएका थिए। अपहरणमुक्त भएपछि उनीहरू झापाको दमक आएर ०६४ चैत २९ गते बिहान परिवारको सम्पर्कमा आएका थिए।

इभाङ गाविस-८ का २२ वर्षीय नरेश राईले स्थानीय एक महिलालाई बलात्कार गरेको आरोपमा ०६५ भदौ १४ गते उनलाई घरबाटै किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले अपहरणपछि कुटपिट गरे। अपहरणपछि वर्कस पार्टीका कार्यकर्ताले महमाई गाविसमा पुऱ्याएर पीडितसँग १० लाख रुपियाँ फिरौती माग गरेका थिए। प्रहरीले खोजी कार्य तीव्र बनाएपछि उनलाई नरेशकी बहिनी सीता राई र महमाई गाविस-१ का धनबहादुर एक्तेनको रोहबरमा २० हजार रुपियाँ फिरौती लिएर ०६५ भदौ २३ गते इभाङ गाविस-८ बाट मुक्त गरे। वर्कस पार्टीका कार्यकर्ताले उनलाई पीडित भनिएकी महिलालाई आधा जमिन दिनुपर्नेलगायतका सर्तसहित कागजमा सही गर्न लगाएको पीडितले बताए। पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालय इलाममा ०६५ भदौ १८ गते दिएको मौखिक जानकारीका आधारमा प्रहरीले अपहरणकारीको खोजी कार्य तीव्र बनाएका थिए। पीडित भनिएकी महिलाले आफूलाई बलात्कार गरेको भन्ने आरोप सत्य नभएको मानवअधिकारकर्मीहरूलाई बताइन्।

### भीसी फोर्सबाट

बाँझो गाविस-८ का ३० वर्षीय आइतबहादुर राई, २३ वर्षीय भीमराज मादेन र २४ वर्षीय देउकुमार राईलाई भीसी फोर्सको विरुद्धमा लागेको आरोपमा ०६४

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | २ | | २ | | २ | | | | | | |
| घाइते | १ | २ | | | २ | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | ४ | १९ | १९ |
| कुटपिट | ९ | १२ | | | १२ | | | | १ | २ | २ |
| धम्की | २ | ९ | | ११० | ११९ | १ | १ | १ | | | |
| जातीय विभेद | १ | | २ | | २ | | | | | | |
| अपहरण | ४ | ९ | | | ९ | | | | | | |
| जम्मा | १९ | ३२ | ४ | ११० | १४६ | १ | १ | १ | ५ | ३१ | ३१ |

चैत २९ गते बाँझो गाविसस्थित धार्मिक स्थल माङ्सेबुङको सुरक्षा गर्ने भनी गठन गरिएको भीसी फोर्सका १५ जना कार्यकर्ताहरूले अपहरण गरे। उनीहरूलाई बाँझो गाविस-७, ८ तथा इभाङ गाविस ६, ७ वडाका २२ घरमा ०६४ चैत २५ र २६ गते लुटपाट र तोडफोड गरिएको विषयमा छलफल गर्न आयोजित भेलामा आएको समयमा कब्जामा लिइएको थियो। अपहरणपछि उनीहरूलाई 'तिमीहरूका बाँच्ने दिन सकिए' भन्दै धम्की तथा मानसिक यातना दिएको पीडितहरूले बताए। अपहरितमध्ये आइतबहादुर राईलाई सोही दिन अपहरणमुक्त गरिएको थियो भने अन्य दुई जनालाई ०६५ वैशाख १ गते बाँझो गाविस-८ लारुम्बाबाट मुक्त गरियो।

### धम्की/कुटपिट

#### राज्यबाट

नामसालिङ गाविस-८ घर भई नेकपा (संयुक्त मार्क्सवादी)को भ्रातृ सङ्गठन नेपाल प्रगतिशील युवा फेडेरेसन जिल्ला कमिटीका उपाध्यक्ष २४ वर्षीय सोमराज राई र इलाम नगरपालिका-६ का जिल्ला कमिटी कोषाध्यक्ष २३ वर्षीय सन्तोष तामाङलाई इलाम नगरपालिका-२, नारायणस्थानस्थित कार्यालयबाट बैठक सकेर निस्किँदै गर्दा ०६४ फागुन ५ गते साँझ लिम्बूवानले आह्वान गरेको बन्दको सुरक्षार्थ खटिएको सशस्त्र प्रहरीले बन्दकर्ता भएको आशङ्कामा कुटपिट गरे। सशस्त्र प्रहरीका प्रहरी सहायक निरीक्षक रुद्र क्षेत्रीको नेतृत्वमा रहेको सो टोलीले उनीहरूलाई एक्कासि कुटपिट गरेपछि त्यसको विरोधमा फेडेरेसनका कार्यकर्ताहरूले पीडितहरू निर्दोष भएको भन्दै इलामको चोकबजारमा विभिन्न नारा लगाउँदै प्रदर्शनसमेत गरेका थिए। घटनापछि प्रहरीले सोही दिन राती सार्वजनिक रूपमा माफी मागेका थिए।

#### माओवादीबाट

गोदक गाविस-४ निवासी स्थानीय पूर्ण स्मारक माविका प्रधानाध्यापक तेजबहादुर थापालाई ०६५ साउन ३ गते माओवादीले भनेको व्यक्तिलाई शिक्षक बनाउन दबाब दिँदै माओवादीनिकट अखिल नेपाल शिक्षक सङ्गठन (क्रान्तिकारी) सम्बद्ध राजेन्द्र चौहान र सोही विद्यालयका व्यवस्थापन समिति अध्यक्ष डिल्लीप्रसाद अधिकारीसमेत तीन जनाले घरमै गएर भौतिक कारबाही गर्ने धम्की दिए। माओवादी पार्टीले सिफारिस गरेको व्यक्तिलाई नियुक्ति दिनुपर्ने दबाब दिँदै उनीहरूले भनेजस्तो नभए भौतिक करबाही गर्ने बताएका थिए। माध्यमिक तहको नेपाली र अङ्ग्रेजी विषयको दुई छुट्टाछुट्टै रिक्त पदपूर्ति गर्न खुला आवेदन माग गरिएको भए पनि प्रक्रिया पूरा भइसकेको अवस्थामा उनीहरूले रातको समयमा घरमै पुगी सो परीक्षा स्थगित गर्ने निर्णय लेख्न लगाएका थिए। सो निर्णयका कारण ०६५ साउन ५ गते हुने भनिएको छनोट परीक्षा स्थगित भएको थियो। धम्कीपछि प्रधानाध्यापक थापाले ०६५ साउन ५ गते जिल्ला प्रशासन कार्यालय र मानवअधिकार मञ्च नेपाल इलाममा जीवनरक्षाको माग गर्दै निवेदन दिए। सोही दिन जिल्ला शिक्षा कार्यालयमा पनि थापाले मौखिक जानकारी गराएको बताए। विद्यालयले ०६५ भदौ ९

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | भिसी फोर्सबाट | | | | किराँत वर्कस पार्टीबाट | | | वाईसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | | | | | | | | | | | १ | ३ | ३ |
| कुटपिट | ३ | ३ | | ३ | | | | ३ | ३ | ३ | ३ | ४ | ४ |
| धम्की | ३ | ९ | ११० | ११९ | | | | | | | | | |
| अपहरण | १ | ३ | | ३ | ३ | ५ | ५ | | | | | | |
| जम्मा | ६ | १५ | ११० | १२५ | ३ | ५ | ५ | ३ | ३ | ३ | ३ | ६ | ६ |

गते अङ्ग्रेजी र नेपाली दुवै विषयको शिक्षक नियुक्ति गरी समर्थनका लागि जिल्ला शिक्षा कार्यालयमा पठाए पनि स्वीकृत नभएको विद्यालय स्रोतले जानकारी दियो।

### वाईसीएलबाट

एकतप्पा गाविस-१ निवासी नेपाल विद्यार्थी सङ्घ इलाम क्षेत्र नं. २ का सचिव २० वर्षीय लक्ष्मण राई र एकतप्पा गाविस-१ निवासी नेवि सङ्घका सिंहबाहिनी उच्च मावि एकाइ अध्यक्ष २४ वर्षीय दीपेन्द्र राईलाई एकतप्पा गाविस-१ का व्यापारी २५ वर्षीय सूर्यबहादुर थापालाई ०६४ पुस ३० गते कुटेको विषयमा छलफल गर्ने क्रममा भनाभन भएपछि वाईसीएलका कार्यकर्ता सन्त गुरुङको नेतृत्वमा रहेको एक समूहले ०६४ माघ ३ गते कुटपिट गऱ्यो। घटनापछि पीडितहरूले आफ्नो जीवनरक्षाको माग गर्दै ०६४ माघ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। दोषीलाई कारबाही गर्नुपर्ने माग गर्दै नेवि सङ्घ जिल्ला कार्यसमिति इलामका अध्यक्ष विष्णु कार्कीले ०६४ माघ ४ गते प्रेस विज्ञप्ति जारी गरी पीडितलाई सुरक्षा र दोषीलाई कारबाहीको माग गरे। उनीहरूले दिएको उजुरीका आधारमा प्रहरी र स्थानीय सात राजनीतिक दलका प्रतिनिधिले दुवै पक्षलाई राखी समझदारी गराएपछि दुवै जना ०६४ माघ ११ गते घर फर्के।

जीतपुर गाविस-९ निवासी नेकपा (एमाले)का कार्यकर्ता २७ वर्षीय चन्द्र नेपाललाई ०६५ साउन १२ गते वाईसीएल कार्यकर्ता जीतपुर गाविस-५ का गोविन्द न्यौपाने र दीपक भण्डारीलगायतले कुरा गर्ने बहानामा मादिबुङ गाउँमा बोलाई कुटपिट गरे। कुटपिटपछि घाइते भएका नेपाल जिल्ला अस्पताल इलाममा उपचार गराई घर फर्किए। आफ्ना कार्यकर्तालाई वाईसीएल कार्यकर्ताले कुटपिट गरेको भन्दै एमाले इलामले ०६५ साउन १३ गते विज्ञप्ति जारी गर्दै दोषीलाई कडा कारबाही गर्न माग गऱ्यो। पीडितको उपचार खर्च पीडक पक्षले बेहोर्ने भनी दुवै पक्ष र पार्टीबीच ०६५ साउन २२ गते सहमति भएको थियो।

### नेपाली काङ्ग्रेसबाट

साङरुम्बा गाविस-५ निवासी राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला समिति सदस्य २९ वर्षीय कुलप्रसाद उप्रेतीलाई ०६४ चैत २३ गते स्थानीय बासिन्दाको भेलामा संविधानसभा निर्वाचनबारे छलफल गरिरहेको अवस्थामा इलाम नगरपालिका-३ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू पर्शु सापकोटा र कमल सुवेदीले काङ्ग्रेसमा लाग्न दबाब दिँदै नेपाली काङ्ग्रेसमा नलागे जे पनि गर्न सक्ने धम्की दिए। घटनापछि उप्रेतीले घटनाको निष्पक्ष छानबिन र जीवनरक्षाको माग गर्दै मानवअधिकार मञ्च नेपाल, इलाममा ०६४ चैत २५ गते निवेदन दिएका थिए।

### भीसी फोर्सबाट

बाँझो गाविस-९ का २७ वर्षीय सुवास साम्बालाई ०६४ माघ ५ गते बाँझो गाविस-९ माङ्सेबुङमा किराँत धर्मको सुरक्षार्थ गठन गरिएको भीसी (भिलेज सेन्ट्री) फोर्सका २५ जनाको समूहले स्थानीय महिन्द्र साम्बासँग गफ गर्दै बसिरहेको अवस्थामा कुटपिट गरी बेहोस बनायो। कुटपिटपछि बेहोस भएका पीडितलाई ०६४ माघ ६ गते झापाको आम्दा आस्पताल, धरानस्थित घोपा क्याम्प हुँदै विराटनगरस्थित न्युरो अस्पतालमा उपचारका लागि लगिएको थियो। उपचारपछि झापाको दमकमा विस्थापित भई बसेका पीडित ०६५ वैशाखमा घर फर्किए।

बाँझो गाविस-९ लारुम्बाका २५ वर्षीय कृष्ण

राईलाई ०६४ माघ ९ गते २५ जनाको सङ्ख्यामा आएका भीसी फोर्सका कार्यकर्ताहरूले राती घर नजिकैको जङ्गलमा लगेर लठ्ठीले ढाड र टाउकोमा कुटपिट गरे। उनीहरूले बन्दुक र खुकुरी देखाउँदै दाजु इन्द्रलाई उपस्थित नगराए पीडितकी आमा लालमाया राईलाई मार्ने धम्की दिए। कुटपिटपछि घाइते भएका पीडितलाई ०६५ माघ १० गते उपचारका लागि झापाको दमकस्थित आम्दा अस्पताल लगियो। उपचारपछि तीन महिनासम्म झापाको दमकमा विस्थापित अवस्थामा रहेका उनी ०६५ वैशाख १३ गते घर फर्किए।

### पल्लो किराँत लिम्बूवान राष्ट्रिय मञ्चबाट

भारतको दार्जीलिङ घर भई हाल झापाको विर्तामोडमा अस्थायी बसोबास गर्दै आएका मे१ख ६९५ नम्बरको बसका चालक ४५ वर्षीय प्रेम राईलाई बन्दको अवज्ञा गरेको आरोपमा ०६५ मङ्सिर १३ गते पल्लो किराँत लिम्बूवान राष्ट्रिय मञ्चका कार्यकर्ताले मेची राजमार्ग अन्तर्गत माइपोखरी गाविस-२ स्थित पुवाखोलाबजारमा कुटपिट गरी घाइते बनाए। पीडितको उपचार र दोषीमाथि कारबाहीको माग गर्दै यातायात व्यवसायीले ०६५ मङ्सिर २५ र २६ गते मेची राजमार्ग बन्दको आह्वान गरे। स्थानीय प्रशासनद्वारा पीडितको उपचार गर्ने सहमति भएपछि ०६५ मङ्सिर २६ गते राती विवाद टुङ्गिएको थियो। वार्तामा झापाका सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मण हमाल, इलाका प्रहरी कार्यालय विर्तामोडका उमेश लम्साल, यातायात मजदुर सङ्घका क्षेत्रीय उपाध्यक्ष यादवकुमार ओलीलगायतको उपस्थिति थियो। पीडित भारतको सिलिगुडीमा उपचार गराई ०६५ मङ्सिर २८ गते घर फर्किए।



*किराँत वकर्स पार्टीद्वारा अपहरण गरिएका मनोज पोखेल र सहायक मतदान अधिकृत विष्णु भारद्वाज*

### अज्ञातबाट

चुलाचुली गाविस-३ बाह्रगोठेका १९ वर्षीय छवि खनाललाई ०६४ चैत १६ गते राती अज्ञात हतियारधारी समूहले घरमै आई कुटपिट गरी घाइते बनायो। कुटपिटबाट खनालको ढाड र घाँटीमा गम्भीर चोट लागेको थियो। पीडितका बुबा एमाले जिल्ला कमिटी सदस्य ४८ वर्षीय ओमनारायण खनाललाई खोज्दै आएको सो समूहले उनलाई नभेटेपछि छोरा छविलाई कुटपिट गरेको थियो। सोही समूहले खनालको को१प ९३९१ नम्बरको मोटरसाइकल र एउटा सीडीएमए फोनसमेत राती नै जलाइदियो। सोही राती झापाको दमकस्थित आम्दा अस्पतालमा उपचारपछि खनाल घर फर्किएका थिए। घटनापछि ०६४ चैत १७ गते मानवअधिकार मञ्च नेपाल, इलामका अध्यक्ष डीएन पराजुलीको नेतृत्वमा जिल्लाका मानवअधिकारकर्मी र सञ्चारकर्मीको एक टोलीले घटनास्थलको स्थलगत अध्ययन गरेको थियो।

चुलाचुली गाविस-८ निवासी एमाले कार्यकर्ताहरू ४० वर्षीय चन्द्र थापा र ४५ वर्षीय श्याम थापालाई ०६४ चैत २५ गते राती घरेलु हतियारसहित २५ जनाको अज्ञात समूहले कुटपिट गरी मार्ने धम्की दियो। कुटपिटपछि उक्त समूहले पीडितहरूको घरमा तोडफोड गरी आंशिक क्षति पुऱ्याएको थियो। पीडितहरूको ०६४ चैत २६ गते स्थानीय स्वास्थ्य चौकीमा उपचार गरियो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३९ थान मुद्दामध्ये यस वर्ष ३५ थान फर्स्यौट भई चार थान बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ४१ थानमध्ये यस वर्ष आठ थान फर्स्यौट भई ३३ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ८० थानमध्ये यस वर्ष ४३ थान फर्स्यौट भई ३७ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २७ थान मुद्दामध्ये यस वर्ष १९ थान फर्स्यौट भई आठ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा २९ थानमध्ये यस वर्ष दुई फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ५६ थानमध्ये यस वर्ष २१ थान मुद्दा फर्स्यौट भई ३५ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर

आएका ८२ थान मुद्दामध्ये यस वर्ष ५९ थान फर्स्यौट भई २३ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा ७१ थानमध्ये यस वर्ष १२ थान फर्स्यौट भई ५९ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा १ सय ५३ थानमध्ये यस वर्ष ७१ थान मुद्दा फर्स्यौट भई ८२ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या २ सय ८९ मध्ये यस वर्ष १ सय ३५ थान मुद्दा फर्स्यौट भई १ सय ५४ थान मुद्दा बाँकी रहे। यीमध्ये पाँच वर्ष नाघेका कुनै मुद्दा बाँकी छैनन्।

बाल अदालत इलाममा अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएको एक थान कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता भएको थियो। यस वर्ष फर्स्यौट भयो। यस वर्ष बाल अदालतमा कुनै मुद्दा दर्ता भएन।

**पुनरावेदन अदालत**

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३५ थान मुद्दामध्ये यस वर्ष २४ थान फर्स्यौट भई ११ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३० थानमध्ये यस वर्ष आठ थान फर्स्यौट भई २२ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ६५ थानमध्ये यस वर्ष ३२ थान मुद्दा फर्स्यौट भई ३३ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ५२ थान मुद्दामध्ये यस वर्ष १ सय १७ थान फर्स्यौट भई ३५ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १ सय ७२ थानमध्ये यस वर्ष ४८ फर्स्यौट भई १ सय २४ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ३ सय २४ थानमध्ये यस वर्ष १ सय ६५ थान मुद्दा फर्स्यौट भई १ सय ५९ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १५ थान मुद्दामध्ये यस वर्ष ७६ फर्स्यौट भई ३९ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय ८ थानमध्ये यस वर्ष ३० फर्स्यौट भई ७८ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा २ सय २३ थानमध्ये यस वर्ष १ सय ६ थान मुद्दा फर्स्यौट भई १ सय १७ थान बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ६ सय १२ थानमध्ये यस वर्ष ३ सय ३ थान मुद्दा फस्यौट भई ३ सय ९ थान बाँकी रहे। यीमध्ये पाँच वर्ष नाघेका कुनै मुद्दा छैनन्।

बाल अदालत छैन। आतङ्ककारी तथा विध्वंसात्मक ऐनअन्तर्गत परेका मुद्दा छैनन्।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

शान्तिडाँडा गाविस-८ वाफरुडकी २३ वर्षीया सञ्जु राई (सार्की)लाई उनका पति २१ वर्षीय धनबहादुर सार्कीले घरायसी झगडा हुँदा ०६४ माघ १० गते कुटपिट गरी हत्या गरे। हत्यापछि मृतकको लासलाई उनकै घरको दलिनमा झुन्ड्याए। मृतकका बुबा खड्गसिंह राईले लिखित जाहेरी दिएका आधारमा पीडक सार्कीलाई ०६४ माघ १७ गते प्रहरीले पक्राउ गऱ्यो। पीडक सार्कीले ०६४ कात्तिकमा कान्छी श्रीमती विवाह गरेपछि सञ्जु चार वर्षीया छोरी लिएर धनबहादुरसँग छुट्टिएर बस्दै आएकी थिइन्। पीडक सार्कीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने मुद्दा जिल्ला अदालत इलाममा विचाराधीन रहेको जिल्ला प्रहरी कार्यालय इलामले जानकारी दियो।

शान्तिपुर गाविस-८ गुरुङपाखाकी २४ वर्षीया कुमारी गुरुङलाई उनका पति ३१ वर्षीय रणोद्वीप गुरुङले घरायसी विवादका कारण खुकुरी प्रहार गरी ०६५ भदौ २२ गते हत्या गरे। खुकुरी प्रहारबाट कुमारीको काखीमुनि दुई ठाउँमा गम्भीर चोट लागेको थियो। घटनापछि पीडक गुरुङलाई सोही दिन राती स्थानीयबासीको सहयोगमा प्रहरीले पक्राउ गऱ्यो। मृतकको लासको ०६५ भदौ २३ गते पोस्टमार्टमपछि दाहसंस्कार गरियो भने रणोद्वीपलाई पुर्पक्षका लागि जिल्ला कारागार पाँचथरमा चलान गरियो। सो घटनाको मुद्दा जिल्ला अदालत इलाममा विचाराधीन अवस्थामा रहेको छ।

*अज्ञात समूहद्वारा कुटपिट गरिएका छवि खनाल*

## सबै प्रकारका जातीय विभेद

साखेजुङ गाविस-७ का २७ वर्षीया खेममाया शिवालाई सोही गाविस-६ का घनेन्द्रबहादुर सुवेदीको घरमा लगाएको पुराणमा निम्तो मान्न जाँदा ०६५ मङ्सिर

१८ गते मण्डपमा प्रवेश गर्न रोक लगाए। सप्ताह पुराणको अन्तिम दिन पुराण मण्डपमा फलफूल र धुप लिएर पुगेकी शिवालाई घनेन्द्रबहादुरकै छोरी ३८ वर्षीया शारदा बुढाथोकी र साखेजुङ-४ का ८० वर्षीय बालकृष्ण दाहालले गेटमै रोकेको पीडितले बताइन्। मण्डपको गेटमा पञ्चकव्य खाएर मण्डपभित्र पस्न खोज्दा 'भित्र पस्नु हुन्न, सुन्छौ भने यहीं बसेर सुन' भनेपछि फलफूल र धुप त्यहीं छोडी उनी र उनीसँगै गएकी साखेजुङ-७ की १७ वर्षीया अञ्जु मगर पनि फर्किएकी थिइन्। पीडित शिवाले आफूलाई जातीय रूपमा अपमान गरेको भन्दै ०६५ मङ्सिर २५ गते जिल्ला प्रहरी कार्यालय इलाममा उजुरी दिइन्। उनको उजुरी प्रहरी कार्यालयमा दर्ता भएन तर सोही उजुरीका आधारमा जिल्ला प्रहरी कार्यालय इलाममा दुवै पक्षबीच ०६५ पुस ३ गते भएको वार्तामा पीडक पक्षले माफी मागेपछि कागज गराई यस्तो घटना नदोहोऱ्याउने प्रतिबद्धतासहितको सहमति भएको प्रहरी निरीक्षक खड्ग पौडेलले जानकारी दिए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अवैध कर असुली

सङ्घीय लिम्बूवान राज्य परिषद् (पालुङ्वा समूह), सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्, पल्लो किराँत लिम्बूवान राष्ट्रिय मञ्च र जिल्ला विकास समितिलाई दुई ठाउँमा कोल्बुङ गाविसस्थित मेची राजमार्गका विभिन्न स्थानमा व्यापारी तथा किसानहरूले पशु, कृषिजन्य सामग्री तथा वन पैदावार निकासी गर्दा प्रतिगाडी १ हजार ५ सय रुपियाँदेखि ३ हजार रुपियाँसम्म अवैध कर तिर्नुपरेको ०६५ जेठ ३ गते जानकारी दिए। अवैध कर सङ्कलनलाई रोक्न प्रहरीले कोलबुङमा अवैध कर सङ्कलन गर्ने सङ्घीय लिम्बूवान राज्य परिषद्का १२ जना कार्यकर्तालाई ०६५ जेठ २६ मा पक्राउ गऱ्यो । तर, लगत्तै परिषद्ले मेची राजमार्गमा यातायात बन्द गराएपछि जिल्ला प्रशासन कार्यालयमा जेठ २७ गते निकासी कर सङ्कलन बन्द गर्ने प्रतिबद्धता जनाएपछि पक्राउ परेका कार्यकर्ताहरू रिहा भएका थिए। यसअघि प्रहरीले ०६४ माघ १७ गते मञ्च सम्बद्ध परिषद्का गणेश आडदेम्बे र शरण फागोलाई निकासी कर सङ्कलन गरेको आरोपमा पक्राउ गऱ्यो। पक्राउ कार्यकर्ताको रिहाइको माग गर्दै एक सातासम्म यातायात बन्द गरेपछि कर सङ्कलन नगर्ने प्रतिबद्धता गर्न लगाएर प्रहरीले उनीहरूलाई मुक्त गरेको थियो। व्यापारी तथा किसानहरूले जिल्ला विकास समितिलाई एक ठाउँमा कर तिरिसकेपछि अर्को जिल्लामा तिर्नु नपर्ने प्रावधान रहे पनि कोलबुङस्थित किटेनीमा जिल्ला विकास समितिको ढाटमा कर तिरिसकेपछि पुनः झापाको वर्नेमा अर्को समूहले जिविसकै रसिदमा ठेगाना मेटेर कर असुलिरहेको उनीहरूले गुनासो गरे। जिल्ला विकास समितिले आर्थिक वर्ष ०६५/६६ का लागि निकासी कर सङ्कलन गर्न १ करोड रुपियाँमा लक्ष्मी खरेललाई ठेक्का दिएपछि उनले करमाथि १३ प्रतिशत मूल्य अभिवृद्धि करसमेत जोडेर निकासी कर असुलिरहेको उनीहरूले बताए। यसैबीच, सङ्घीय लिम्बूवान राज्य परिषद्ले ०६५ मङ्सिर २४ गते र मञ्च सम्बद्ध परिषद्ले ०६५ पुस ९ गतेदेखि कर सङ्कलन बन्द गरेको जानकारी दिए । तर, पल्लो किराँत लिम्बूवान राष्ट्रिय मञ्चले भने लिम्बूवान गणराज्य स्थापनाका लागि आन्दोलनमा सहयोग गर्न भन्दै यस वर्षको अन्त्यसम्म पनि कर सङ्कलन गरे।

*भीसी फोर्सको ज्यादतीका कारण विस्थापित भएका रामकुमार राई*

## विस्थापितहरूको अवस्था

बाँझो र इभाङ गाविसका विभिन्न गाउँमा भीसी फोर्सका कार्यकर्ताहरूले ०६४ चैत २५ र २६ गते गरेको ज्यादतीका कारण स्थानीय २२ परिवार विस्थापित भए। बाँझो ७ र ८ तथा इभाङ ६ र ७ वडाका २२ घरमा भीसी फोर्सका कार्यकर्ताहरूले मदिराजन्य उत्पादन नष्ट गर्नुका साथै, कुखुरा र सुँगुरको मासु प्रयोग नगर्न धम्की दिँदै घरमा तोडफोड गरेपछि उनीहरू विस्थापित भएका हुन्। विस्थापित हुनेहरूमा बाँझो गाविस-८ का रामकुमार राई, खड्गबहादुर राई, रामप्रसाद राई, कुम्भकर्ण राई, प्रसादसिंह राई, मङ्गलसिंह राई, सिर्जना राई, विपराज राई, आइत राई, कमला राई, आइतबहादुर राई, चन्द्रसिंह राई, माइतबहादुर राई, जयकुमार राई, पदम राई, सन्तबहादुर राई, धनपूर्ण राई, राजन राई, पञ्चबहादुर राई, देउकुमार राई र कुमार राईको परिवार विस्थापित भएका थिए। उनीहरू इलाम सदरमुकाम र झापाका विभिन्न ठाउँमा विस्थापित भएका थिए। विस्थापित भएपछि क्षतिपूर्ति र सुरक्षाको माग गर्दै पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा ०६५ वैशाख ८ गते

किटानी जाहेरी दिएका थिए। उक्त जाहेरीका आधारमा ०६५ वैशाख १३ गते पीडित, पीडक, प्रहरी, प्रशासन, राजनीतिक पार्टीका प्रतिनिधि, किराँत राई यायोक्खा, मानवअधिकारकर्मी र सञ्चारकर्मी सम्मिलित सर्वपक्षीय भेलामा उनीहरूलाई क्षतिपूर्ति दिने र पुन:स्थापित गर्ने सहमति भयो। माङ्गेना सेवा समितिका अध्यक्ष केहेरसिंह योङ्गहाङ्ग र भीसी फोर्सका कार्यकर्ताको उपस्थितिमा ०६५ असार २१ गते बाँझो गाविस-८ खलङ्गेमा उनीहरूलाई क्षतिपूर्ति प्रदान गरिएको थियो। घरमा भएको तोडफोड र आगजनीका आधारमा रामकुमार राईले ५० हजार रुपियाँ र अन्यले क्रमश: १२, १० र ७ हजारका दरले जम्मा २ लाख १६ हजारबराबरको क्षतिपूर्ति पाएका थिए। उनीहरू सोही दिनदेखि पूर्ण रूपमा घर फर्किए।

### संरचना, सम्पत्ति क्षति
### किराँत जनवादी वर्कस पार्टीबाट

चुलाचुली गाविस कार्यालयमा ०६५ जेठ ६ गते बिहान किराँत जनवादी वर्कस पार्टीले बम विस्फोट गरायो। आधा दर्जनको सङ्ख्यामा आएका उनीहरूले सो कार्यालयमा सुतली बम विस्फोट गराएका थिए। विस्फोटपछि घटनास्थलमा भेटिएको पर्चा अनुसार गाविसका कामहरू पारदर्शी नभएको, आर्थिक अनियमितता भएकाले बम विस्फोट गराइएको उल्लेख थियो। पर्चामा किराँत जनवादी वर्कस पार्टीको नाम उल्लेख भए पनि घटनाको जिम्मेवारी कसैले नलिएको प्रहरी निरीक्षक खड्ग पौडेलले जानकारी दिए। विस्फोटपछि घटनास्थलमा कुनै मानवीय क्षति नभए पनि कार्यालयको दराज, आधा दर्जन कुर्सी, टिनको बाकस र ०५८ चैत १७ गतेदेखि यताको पञ्जीकरणलगायतका कागजातहरू जलाइदिएको गाविस सचिव नारायणप्रसाद चँदराले जानकारी दिए। नागरिक समाजका प्रतिनिधि सम्मिलित एक टोलीले ०६५ जेठ ८ गते घटनाका बारेमा जिल्ला प्रशासन, प्रहरी र जिल्ला विकास समितिमा जानकारी गराएको

*अज्ञात समूहद्वारा आगजनी गरिएको छवि खनालको मोटरसाइकल र सीडीएमए फोन*

थियो। यसैबीच राजनीतिक दल तथा नागरिक समाजका प्रतिनिधिहरूले संयुक्त विज्ञप्ति जारी गर्दै घटनाका दोषी पत्ता लगाई कारबाही गर्न माग गरे।

बाँझो गाविसको कार्यालयमा किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६५ असोज १८ गते अपराह्न बम विस्फोट गरे। ६ जनाको समूहमा आएका उनीहरूले कार्यालय परिसरमा दुईओटा सकेट बम विस्फोट गराए। विस्फोटपछि उनीहरूले कार्यालयभित्र रहेका सम्पूर्ण कागजातसमेत जलाएको प्रत्यक्षदर्शीले बताए। पार्टी अध्यक्ष नवीन किराँतीको नाम उल्लेख गरिएको घटनास्थलमा छोडिएको पर्चामा कार्यालयमा नियमित रूपमा सचिवको उपस्थिति नभएको लगायतका बुँदा उल्लेख गरिएको थियो।

इभाङ गाविसको कार्यालयमा किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६५ असोज १९ गते बिहान बम विस्फोट गरे। आधा दर्जनको सङ्ख्यामा आएका उनीहरूले गाविसमा अनियमितता गरेको भन्दै आगजनी गरेका थिए। विस्फोटका कारण कार्यालय भवनमा आंशिक क्षति भयो भने कागजपत्र जलेर नष्ट भए।

# १.३ पाँचथर

| | |
|---|---|
| जनसङ्ख्या : | २,२६,३६२ |
| साक्षरता प्रतिशत : | ५६ |
| महिला साक्षरता प्रतिशत : | ४४.५ |
| क्षेत्रफल (वर्ग कि. मि.): | १,२४१ |
| गाविस/नपा सङ्ख्या : | ४१/० |
| सरकारी/निजी विद्यालय : | ३७१/१३ |
| क्याम्पस/उच्च मा.वि. : | १/१० |
| अस्पताल/स्वास्थ्य चौकी : | १/४१ |
| मानव विकास सूचकाङ्क : | ०.४८४ |
| प्रतिपरिवार सरदर सङ्ख्या : | ६ |

### गोली/विस्फोटक पदार्थद्वारा घाइते बेवारिसे विस्फोटक पदार्थबाट

फाक्तेप गाविस-७ का २८ वर्षीय सन्तवीर चेम्जोङ ०६५ वैशाख २९ गते राती घरमा बम विस्फोट हुँदा घाइते भए। पीडितकी फुपू भीमकला चेम्जोङले घरमा सफा गर्दा खोपामा राखिदिएको सकेट बम फेला परेपछि पीडितले आगोमा तताउँदा विस्फोट भएको थियो। विस्फोटबाट पीडितको दाहिने हातको बूढीऔँला र चोरऔँला चुँडियो। द्वन्द्वको समयमा माओवादी र तत्कालीन शाही सेनाका जवानहरू आउँदै बस्ने गरेकाले घरमा बम राखिदिएको हुनसक्ने भीमकलाले बताइन्। पीडितको उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। पीडित उपचारपछि ०६५ जेठ ३ गते घर फर्किए। हाल उनको स्वास्थ्य ठीक रहेको छ।

रानीगाउँ गाविस-९ का १४ वर्षीय मानबहादुर तामाङ ०६५ साउन २५ गते आफ्नो घरको बरन्डामा सुतली बम खेलाउँदा विस्फोट भई घाइते भए। पीडितले साइकलको बाटो खन्न गएको बेला चिलाउनेको बोटमा फेला परेको सुतली बम घरमा ल्याई खेलाउँदा विस्फोट भएको थियो। विस्फोटबाट देब्रे आँखामा चोट लागेर पूरै नदेखिने भएको पीडितले बताए। बमको छर्राले पीडितको अनुहारमा चोट लागेको प्रत्यक्षदर्शी धर्म ढकालले बताए। पीडित रेडक्रसको सहयोगमा झापा चारपानेस्थित आँखा अस्पतालमा ०६५ साउन २६ गते निःशुल्क उपचार गरी ०६५ साउन ३२ गते घर फर्के। उपचारपछि अलिअलि आँखा देख्न थालेको पीडितले बताए।

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका पुरुष ४४ र महिला ३ गरी ४७ जना बन्दी रहेका छन्। कैद नतोकिएका पुरुष २६ र महिला १ गरी जम्मा २७ जना बन्दी रहेका छन्। कैद तोकिएका र कैद नतोकिएका गरी कुल बन्दीहरूको सङ्ख्या ७४ रहेको छ। कारागारमा रहेकी आफ्नी आमाको साथमा रहेका एक बालक र दुई बालिका गरी जम्मा तीन जना बालबालिका रहेका छन्।

२५ जनाको क्षमता भएको कारागारमा शौचालय, टीभी र खेलकुदका सामग्रीको कमी रहेको जेल प्रमुख रेणुप्रसाद ओझाले बताए। २५ जनाको क्षमता भएको कारागारमा बन्दीहरूले सामूहिक रूपमा किनेको एक थान टीभी छ। बन्दीहरूले निःशुल्क पत्रपत्रिकाको व्यवस्था मिलाइदिन इन्सेक प्रतिनिधिलाई आग्रह गरे। जेलको भित्ता भत्किएकाले मर्मत सुधारका लागि विभागमा पत्राचार गरिएको जेलर ओझाले बताए। बन्दीले पाउँदै आएको अन्य सुविधा नियमित पाएको उनले बताए। इन्सेक अभियान, स्थितिसूचक, वर्षपुस्तक, प्राचीजस्ता मानवअधिकार पत्रिका पढ्न पाएकामा बन्दीहरूले खुसी व्यक्त गरे। कैदी बन्दीले जेलभित्र सीपमूलक ढाका बुनाइ, हाते होजियारी, बाँसका सामग्री निर्माण गरी आर्थिक आय आर्जन गर्छन्।

### बेपत्ता/अपहरण वाईसीएलबाट

नागी गाविस-२ निवासी ४५ वर्षीय आइतराज लक्सामलाई बलात्कारको विषयमा सोधपुछ गर्न भन्दै ०६५ असोज ११ गते वाईसीएलका कार्यकर्ताहरू अमरपूर गाविस-३ का २५ वर्षीय मनकुमार नेपाली, पञ्चमी गाविस-९ का ५५ वर्षीय धनसुन्दर सेरे र नेपाली काङ्ग्रेस समर्थक नागी गाविस-२ का ४९ वर्षीय टङ्क लक्सम र सोही वडाका ५५ वर्षीय शेरप्रसाद सेलिङ्गले नागी गाविस-२ कालापानीबाट अपहरण

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | २ | २ | | | २ | | | | | | |
| घाइते | ३ | ३ | | | ३ | | | | १ | ५ | ५ |
| कुटपिट | ११ | २४ | | | २४ | १ | २ | २ | २ | २ | २ |
| धम्की | ३ | २ | | ४ | ६ | | | | | | |
| महिलाअधिकार | २ | | २ | | २ | | | | | | |
| बालअधिकार | ३ | | ३ | | ३ | | | | | | |
| अपहरण | २ | ३ | | | ३ | | | | | | |
| जम्मा | २६ | ३४ | ५ | ४ | ४३ | १ | २ | २ | ३ | ७ | ७ |

गरे। सोही दिन साँझ पीडितलाई गाउँले र गोपेटार प्रहरी चौकीको रोहबरमा मुक्त गरे। सबै अपहरणकारीहरूलाई ०६५ असोज १३ गते गोपेटार प्रहरी चौकीले पक्राउ गऱ्यो। प्रहरीले घटनाको छानबिन गरी उनीहरूविरुद्ध ०६५ असोज १४ गते अपहरणसम्बन्धी मुद्दा दर्ता गऱ्यो। अदालतले ०६५ कात्तिक ८ गते पुर्पक्षका लागि कारागारमा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म उनीहरू कारागारमा नै छन्। बलात्कार गरेको विषयमा सोधपुछ गर्न लगिएको माओवादी जिल्ला सचिव सुरेन्द्र जवेगुले बताए। माओवादीलाई चन्दा नदिएका कारण आफूलाई अपहरण गरेको पीडित आइतराजको भनाइ छ।

भारपा गाविस-४ का ४६ वर्षीय चिन्तामणि न्यौपाने र ४९ वर्षीय धनपति न्यौपानेलाई साक्षी बस्न नदिने उद्देश्यले ०६५ कात्तिक १५ गते याङ्गनाम गाविस-२ का ४० वर्षीय वाईसीएल कार्यकर्ता गोकुल रिजाललगायत अन्य अज्ञात सात जनाको समूहले अपहरण गऱ्यो। अपहरण गरेर याङ्गनाम गाविस-२ पच्चीसे भन्ने ठाउँमा लगेको पीडितले बताए। साक्षी नबस्ने बरु मुद्दा गाउँमा नै मिलाउने सर्तमा पीडितलाई ०६५ कात्तिक १६ गते सोही ठाउँबाट मुक्त गरे। पीडित न्यौपाने सोही गाविसका ५५ वर्षीय हरिनारायण घिमिरे र उनका भाइ सोही गाविस-४ का ६० वर्षीय विष्णु घिमिरेको जग्गाको विषयको बकसपत्रमा साक्षी बसेका थिए। जग्गाको विवाद गाउँमै मिलाउने उद्देश्यले लगेको माओवादी कार्यकर्ता रविन तिमल्सेनाले बताए।

**धम्की/कुटपिट**
**माओवादीबाट**

मोरङ कटहरी-३ निवासी नेपाल दूरसञ्चार संस्थान, पाँचथर जिल्लामा कार्यरत कार्यालय प्रमुख ४३ वर्षीय गोकर्ण माझी र पञ्चमी गाविस-८ पाँचथर निवासी सोही कार्यालयका सहायक कर्मचारी ४५ वर्षीय योगेन्द्र सिगूले मोबाइलको सिमकार्ड नदिएको भन्दै उनीहरूलाई ०६५ असार ३० गते साँझ प्राङ्बुङ गाविस-५ निवासी माओवादी कार्यकर्ता आकाश भनिने अइन्द्र केरुङले छातीमा मुक्काले हानी कुटपिट गरे। कुटपिटबाट योगेन्द्र सिगुको छातीमा नीलडाम परेको थियो। सिमकार्ड लिन जाँदा कार्ड नपाएपछि 'तँ बाठो हुन्छस्' भनेर छातीमा प्रहार गरेको पीडितले बताए। पीडितले उजुरी गरेनन्। पीडकलाई कुनै कारबाही भएन। माओवादी जिल्ला सदस्य लक्ष्मीप्रकाश न्यौपानेले घटना समाधान भएको बताए।

**वाईसीएलबाट**

फिदिम गाविस-२ निवासी इन्सेक पाँचथर जिल्ला प्रतिनिधि तथा पत्रकार महासङ्घ केन्द्रीय प्रतिनिधि ३७ वर्षीय कृष्ण ओझा र इलाम नपा-२ का यातायात मजदुर १७ वर्षीय सुरज गौतमलाई यातायात बन्द भएको समयमा गाडी चलाएको आरोपमा ०६४ पुस २६ गते साँझ पौवासारताप गाविस-३ का २१ वर्षीय एलिया भनिने राजकुमार नेम्वाङ र फाक्तेप गाविस-८ का ३४ वर्षीय हर्क चेम्जोङले राँके बजारमा कुटपिट गरी घाइते बनाए। पीडितसहितको

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | सङ्घीय लिम्बुवान परिषद्बाट | | | वाईसीएलबाट | | | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | | | | | | | | | ३ | ३ | ३ |
| कुटपिट | | | | ८ | १५ | | | १५ | ३ | ६ | ६ |
| धम्की | ३ | ३ | ३ | १ | | | ४ | ४ | | | |
| महिलाअधिकार | | | | १ | | १ | | १ | | | |
| अपहरण | | | | ३ | ३ | | | ३ | | | |
| जम्मा | ३ | ३ | ३ | १३ | १८ | १ | ४ | २३ | ५ | १० | १० |

मानवअधिकारकर्मीहरूको टोलीका छवि बाँस्कोटा, सूर्य निरौला, बालकृष्ण ओझालाई विराटनगरबाट पाँचथर जाँदै गर्दा गाडीबाट ओराली कुटपिट गरिएको थियो। टोली चढेको मे१ज ५७१ नं. को गाडीसमेत तोडफोड गरिएको थियो। घटनाका सम्बन्धमा जिल्ला प्रहरीलाई खबर गरेपछि इन्स्पेक्टर अनिलकुमार पौडेलको आदेशमा राँके प्रहरी चौकीले पीडक राजकुमार नेम्वाङलाई ०६४ पुस २६ गते साँझ गिरफ्तार गऱ्यो। तर, अर्का पीडक मोती भनिने हर्क चेम्जोङलाई प्रहरीले गिरफ्तार गरेन।

उदयपुर जिल्ला ठोकसिला गाविस-५ निवासी अमरपुर गाविस-७ स्थित कावेली प्रहरी चौकीमा कार्यरत प्रहरी जवान २८ वर्षीय हस्तबहादुर थामीलाई ०६४ माघ १५ गते ताप्लेजुङबाट आएको गाडी चेक गर्ने क्रममा माओवादी जिल्ला इञ्चार्ज कौशल भनिने कमल मैनालीको नेतृत्वमा वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरे। वाईसीएल कार्यकर्ताहरू माघ १६ गतेदेखि इलाममा माओवादीको प्रशिक्षणका लागि गाडीमा आएका थिए। चेकपोस्टमा गाडी नरोकेपछि प्रहरीले गाडी रोक्न खोज्दा विवाद भएको थियो। वाईसीएलले केहीबेर चौकी नियन्त्रणमा लिएका थिए। दुवै पक्षको गल्ती भयो भनी हात मिलाएर हातहतियार जिम्मा लगाई मिलापत्र गरेको डीएसपी तारणीप्रसाद लम्सालले बताए। पीडितको उपचार अमरपुर स्वास्थ्य चौकीमा गरियो। पीडकलाई कुनै कारबाही भएन।

प्राङ्बुङ गाविस-३ का ६५ वर्षीय विष्णुराज थाम्सुहाङ र प्राङ्बुङ-४ का ४० वर्षीय तेन्जे तामाङले नेपाली काङ्ग्रेसका लागि भोट मागेको आरोपमा ०६४ चैत २४ गते राती उनीहरूलाई सोही गाविस-४ का वाईसीएलका २५ वर्षीय सन्त तामाङको नेतृत्वमा मुखमा पट्टी बाँधेर गएको नौ जनाको समूहले सोही गाविस-७ तालखर्कस्थित सुभानसिंहको घरमा सुतिरहेको अवस्थामा लाठीले कुटपिट गरी घाइते बनायो। पीडितहरूमध्ये विष्णुराज थाम्सुहाङको खुट्टामा गहिरो चोट लागेको थियो। उनको उपचार प्राङ्बुङ स्वास्थ्य चौकीमा भयो।

नागीन गाविस-६ का ५६ वर्षीय थुमनाथ चापागाईं, सोही गाविस-३ का ५५ वर्षीय खेम न्यौपानेलाई ०६४ चैत २६ गते दिउँसो सोही गाविस-३ सेजेपामा वाईसीएल गाउँ अध्यक्ष ३५ वर्षीय मानबहादुर जवेगुले लात्तीले कुटपिट गरे। नेकपा (एमाले) जिल्ला कमिटी सदस्य तथा पूर्वगाविस अध्यक्ष थुमनाथ चापागाईं भोट माग्न सेजेपा घरदैलो कार्यक्रममा आएका थिए। पीडितको दाहिने हातको साहिँली औँलामा चोट लागेको थियो। माओवादी जिल्ला सदस्य लक्ष्मीप्रकाश न्यौपानेका अनुसार, वाईसीएल कार्यकर्तालाई चापागाईंले जाँड खुवाई पैसा बाँड्ने काम गरी माओवादी पार्टीलाई बदनाम गर्न लाग्दा वाईसीएलसँग जम्काभेट भई वादविवाद गर्दा लाठीले कुटेछन् भनी इन्सेकलाई जवाफ दिए। एमाले जिल्ला कमिटीले ०६४ चैत २७ गते प्रेस विज्ञप्ति जारी गरी घटनाको भर्त्सना गऱ्यो। पीडितको जिल्ला अस्पतालमा उपचार गरियो।

च्याङ्गथापु गाविस-७ निवासी स्थानीय माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय राजकुमार राईले आफ्नो घरमा घेराउ गरेको आरोपमा ०६५ जेठ २ गते उनलाई सोही गाविस-७ का वाईसीएलका कार्यकर्ता २२ वर्षीय रमेश बेघाले कुटपिट

गरे। संविधानसभाको निर्वाचनको समयमा चुनाव प्रचार-प्रसार गर्ने क्रममा पीडितलाई ०६४ चैत २६ गते रमेश बेघाको घर घेरा हालेको आरोप लगाइएको थियो। कुटपिट गरेपछि पीडित ०६५ जेठ २ गतेसम्म डरले घरमा नबसेको स्थानीय नरबहादुर गुरुङले बताए। पीडकलाई कुनै कारबाही भएन।

एकतीन गाविस-३ का २२ वर्षीय प्रदीप आङ्थोपुलाई टेलिफोन गर्ने विषयमा विवाद गरेको आरोपमा ०६५ भदौ २ गते साँझ सोही ठाउँ निवासी वाईसीएल गाउँ अध्यक्ष २६ वर्षीय सुरज खत्रीलगायत १२ जनाको समूहले एकतीन गाविस-२ स्थित पञ्चमुखीमा कुटपिट गऱ्यो। पीडितको उपचार स्थानीय एकतीन गाविस स्वास्थ्य चौकीमा भयो। कुटपिटको विवादलाई मिलाउन भदौ ३ गते स्थानीय गाउँलेहरूबीच छलफल चलिरहेको अवस्थामा एकतीन गाविस-३ का माओवादी इलाका इञ्चार्ज ४५ वर्षीय तिलबहादुर खत्रीलाई उनको घरैमा सोही ठाउँका ४९ वर्षीय भवानी आङ्थोपुलगायत पाँच जनाको समूहले कुटपिट गऱ्यो। कुटपिट र झगडापछि स्थानीय गाउँलेहरूबीच पुन: छलफलपछि ०६५ भदौ ३ गते दुवैतर्फबाट माफ मागी मिलापत्र भएको थियो।

सुभाङ गाविस-२ का १९ वर्षीय राजन बुढाथोकीलाई बलात्कारको आरोप लागेका व्यक्तिविरुद्ध ०६५ कात्तिक ९ गते धर्नामा बसेका महिलाहरूलाई सहयोग गरेको आरोपमा ०६५ कात्तिक १० गते भारपा गाविस-६ का वाईसीएल कार्यकर्ता ३६ वर्षीय लाखबहादुर यवा, सोही गाविस-४ का २७ वर्षीय नरेश श्रेष्ठले भारपा गाविस-६ कुपिलीमा टाउकोमा गहिरो चोट लाग्ने गरी कुटपिट गरे। पीडितको उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। वाईसीएलका कार्यकर्ताहरूले पीडितको उपचार गर्ने सर्तमा ०६५ कात्तिक ११ गते मिलापत्र भएको माओवादी जिल्ला सदस्य विष्णु तुम्बापोले बताए। कात्तिक २ गते पीडितको घरमा भारपा गाविस २ का २६ वर्षीया एक महिलालाई बलात्कार गरेको अभियोग लागेका भारपा गाविस-३ का २४ वर्षीय दुर्गा घिमिरेलाई कारबाहीको माग गर्दै महिलाहरूले जोरपोखरी प्रहरी चौकीमा धर्ना बसेको समयमा राजन बुढाथोकीले साथ दिएको आरोप वाईसीएलका कार्यकर्ताले लगाएका थिए।

*वाईसीएलद्वारा कुटपिट गरिएका राजन बुढाथोकी*

### एमालेबाट

च्याङ्गथापु गाविस-९ स्थित सुरक्षा

*बेवारिसे विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भएका सन्तबहादुर तामाङ र मानबहादुर तामाङ*

बेसक्याम्पनजिक ०६४ चैत २८ गते २० जनाको समूहमा रहेका वाईसीएल कार्यकर्ताहरू र एमाले भ्रातृ सङ्गठन प्रायुसङ्घका १५ जना कार्यकर्ताहरूबीच झडप हुँदा वाईसीएलका कार्यकर्ताहरू फलैचा गाविस-७ का २२ वर्षीय बुद्धि बेघा र फलैचा गाविस-६ का २३ वर्षीय बुद्धि बेघालाई प्रायुसङ्घका कार्यकर्ता सोही गाविस-७ का २५ वर्षीय भक्तिस्वर राई र २६ वर्षीय उत्तम राईले सख्त घाइते हुने गरी कुटपिट गरे। पीडितहरू दुवै जनाको आँखा र टाउकोमा चोट लागेको थियो। पीडितहरू धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरी ०६५ जेठ ५ गते घर फर्किए।

### सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

नागीन गाविस-४ निवासी ३० वर्षीय नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा अध्यक्ष तथा *गोरखापत्र* संवाददाता लेखनाथ खतिवडालाई सङ्घीय लिम्बूवान राज्य परिषद् पाँचथरका कार्यकर्ताहरूले ढाट राखेको विषयमा कलम चलाएको आरोपमा ०६५ असार ४ गते साँझ लिम्बूवानका अज्ञात कार्यकर्ताले 'टाउको झोलामा, ज्यान खोलामा' भन्दै मार्ने धम्की दिए। फिदिम गाविस-९ स्कुलडाँडामा लिम्बूवान राज्य परिषद्ले सडकमा ढाट राख्ने गरेको थियो। उक्त ढाट प्रशासनले उठाएको विषयमा समाचार नलेख्नू भन्दै ०६५ असार ३ गते दिउँसो परिषद्का सचिव फिदिम गाविस-२ का २८ वर्षीय कमलराज नेम्वाङ, फिदिम गाविस-३ का समिर नेम्वाङ र फिदिम गाविस-१ का २६ वर्षीय सजीव नेम्वाङ र पत्रकारबीच जिल्ला प्रहरी कार्यालयमा वादविवाद भएको थियो। ०६५ असार ४ गते पीडितलाई अज्ञात व्यक्तिद्वारा फोनमा धम्की आएको पीडितले बताए। सोही विषयलाई लिएर असार ११ गते लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरू, अधिकारकर्मी

र पत्रकारहरूबीच छलफल गरी अज्ञात व्यक्तिलाई खोजी गरी कारबाही गर्ने र मानवअधिकार र प्रेस स्वतन्त्रताको सम्मान गर्ने समझदारी भयो। पत्रकार महासङ्घ जिल्ला शाखाले घटनाका विरुद्धमा ०६५ असार ५ गते प्रेस विज्ञप्ति जारी गरेको थियो।

### अज्ञात समूहबाट

भारपा गाविस-८ मादेबुङ निवासी एमालेको भ्रातृ सङ्गठन दलित मुक्ति समाजका जिल्ला अध्यक्ष ३२ वर्षीय वीरबहादुर धमला र उनका बाबु ७० वर्षीय टीकाराम धमलालाई १० जनाको समूहमा रहेको अज्ञात समूहले ०६४ फागुन ७ गते राती कुटपिट गरी मार्ने धम्की दियो। पीडितले जीवनरक्षाका लागि मानवअधिकारकर्मीसँग पहल गर्न आग्रह गर्दै सुरक्षाका लागि जिल्ला प्रहरीमा ०६४ फागुन ११ गते निवेदन दिए। पीडित धमला हाल सदरमुकाममा बस्दै आएका छन्। प्रहरीले घटनाका सम्बन्धमा कुनै अनुसन्धान अगाडि बढाएन।

*एमालेबाट कुटपिट गरिएका वाईसीएल कार्यकर्ता बुद्धि बेघा*

ओयाम गाविस-८ निवासी एमाले कार्यकर्ता ४४ वर्षीय बाबुराम पोखरेल, सोही गाविस-५ का ३२ वर्षीय सुभास योङ्या, सोही गाविस-२ का १९ वर्षीय मनोज राई, सोही गाविस-८ का २२ वर्षीय गजाधर पोखरेल र २१ वर्षीय रामसागर योङ्यालाई ०६४ चैत २६ गते दिउँसो गुप्तेश्वर माविमा अज्ञात समूहले काठको लाठीले आक्रमण गरी घाइते बनायो। ०६४ चैत २८ गते संविधानसभा निर्वाचनका लागि सर्वपक्षीय बैठक सकेर फर्कदै गर्दा उक्त समूहले आक्रमण गरेको थियो। बाबुराम पोखरेल गम्भीर घाइते भएका थिए। उनको टाउको र आँखामा चोट लागेको थियो भने अन्य पीडितहरूलाई सामान्य चोटपटक लागेको थियो। घाइतेहरू स्वास्थ्य चौकी थर्पू र जिल्ला अस्पतालमा उपचार गरी ०६५ वैशाख ९ गते घर फर्किए।

*अज्ञात समूहद्वारा कुटपिट गरिएका एमाले कार्यकर्ताहरू बाबुराम पोखरेल र टीकाराम खरेल*

फलैचा गाविस-३ निवासी एमाले गाउँ कमिटी सचिव ४५ वर्षीय टीकाराम खरेललाई ०६५ वैशाख ११ गते राती १२ बजे नकाब लगाएर आएको १५ जनाको अज्ञात समूहले घरभित्र रहेको अवस्थामा छातीमा भरुवा बन्दुकले गोली हानी गम्भीर घाइते बनायो। पीडितको उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। घटनापछि पीडित डरका कारण घर फर्कन नसकेको र झापामा विस्थापित भएर बसेको एमाले जिल्ला कमिटी सदस्य राजकुमार भण्डारीले बताए। हाल खरेलको घरमा ताला लागेको छ। पीडित वर्षको अन्त्यसम्म घर फर्केका छैनन्।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

रानीगाउँ गाविस-६ निवासी एमालेका क्षेत्र नं. २ का उम्मेदवार ४० वर्षीय डम्बरसिंह सम्बाहाम्फेलाई ०६४ फागुन १९ गते दिउँसो लुम्फाबुङ गाविस-२ काफलबोटेमा संविधानसभाको प्रचार-प्रसार अभियानका क्रममा सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ता लुम्फाबुङ गाविस-२ का २२ वर्षीय गजेन्द्र लावती, गङ्गा पापोहा लावती, २२ वर्षीय सन्दीप लावतीले गाउँमा कार्यक्रम गर्न रोक लगाए। लिम्बूवान कार्यकर्ताले लाठी र खुकुरी बोकी कार्यक्रम नगर्न धम्की दिएर कार्यक्रम गर्न रोक लगाएका थिए। सम्बाहाम्फेले आमसभाको कार्यक्रम नभएर बैठक मात्र भएको बताएका थिए। लिम्बूवानले घटना भएमा घटनाको जिम्मेवारी आफैँ लिनुपर्ने भन्दै धम्की दिए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत पाँचथरमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४३ थानमध्ये यस वर्ष १६ थान फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २९ थानमध्ये यस वर्ष ३ थान फर्स्यौट भई २६ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका

दुनियाँवादी फौजदारी मुद्दा जम्मा ७२ थानमध्ये यस वर्ष १९ थान फर्स्यौट भई ५३ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १५ थान मुद्दामध्ये यस वर्ष चार फर्स्यौट भई ११ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १३ थानमध्ये यस वर्ष दुई थान फर्स्यौट भई ११ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २८ थानमध्ये यस वर्ष छ थान फर्स्यौट भई २२ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २० थान मुद्दामध्ये यस वर्ष ११ थान फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा २८ थानमध्ये १ थान फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ४८ थानमध्ये १२ थान मुद्दा फर्स्यौट भई ३१ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ सय ४८ थानमध्ये यस वर्ष ३७ थान मुद्दा फर्स्यौट भई १ सय ११ थान मुद्दा बाँकी रहे।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

रानीगाउँ-९ का २८ वर्षीय अम्बिका नेपालीलाई बहुविवाह गरेको भन्दै यासोक गाविस प्रहरी चौकीका सई ३९ वर्षीय लोकेन्द्र दियालीले ०६५ भदौ १३ गते कुटपिट गरी यातना दिए। रानीगाउँ गाविस-९ का कमल परियार मलेसिया गएका बेला अम्बिका नेपालीले कमल परियारकी पत्नी पवित्रासँग ०६५ भदौ ११ गते दोस्रो विवाह गरे। दोस्रो विवाह गरेकाले प्रहरीले भदौ १२ गते पक्राउ गरी यातना दिए। जेठी पत्नीको पाठेघरको समस्या भएकाले सहमतिमा विवाह गरेको बताए। प्रहरीले घुँडा, कुहिना टेकाई पाइपले कुटेका थिए। पीडितको घुँडा र कुहिनामा चोटपटक लागेको छ। उनले जिल्ला अस्पतालमा उपचार गराएका थिए। कुटपिट र यातनासम्बन्धमा प्रहरी नायव उपरीक्षक तारिणीप्रसाद लम्सालले दोषी प्रहरीलाई कारबाही गरिने बताए। यस वर्षको अन्त्यसम्म पीडितलाई कारबाही भएन।

### बालअधिकार

सुभा गाविस-९ का वीरेन्द्र सुहाका ७ वर्षीय छोरा मिन्सो सुहाङलाई पारिवारिक झगडाका कारण ०६५ मङ्सिर २७ गते पीडितकै काका १९ वर्षीय भूपाल सुहाङले धारिलो हतियारले घाँटीमा प्रहार गरी हत्या गरे। पीडितले ०६५ मङ्सिर २८ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। प्रहरीले ०६५ पुस ९ गते भूपाल सुहाङलाई नवमीडाँडा गाविस-४ स्थित पीडकको ससुराली घरबाट गिरफ्तार गऱ्यो। मुद्दा अदालतमा पुगेको र पीडक हिरासतमा रहेका छन्।

थर्पू गाविस-२ खमारेकी १४ वर्षीया एक बालिकालाई छिमेकीको घरबाट फर्कने क्रममा ०६४ चैत ११ गते राती सोही वडाका २८ वर्षीय सूर्यबहादुर कटुवालले बलात्कार गरे। पीडितले ०६४ चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनापश्चात् फरार पीडकलाई जिल्ला प्रहरी कार्यालयले ०६४ चैत १५ गते फिदिम गाविस-८ लालीखर्कबाट पक्राउ गरी कानुनी कारबाही अघि बढायो। अदालतले पीडकलाई ०६५ वैशाख ९ गते जेल चलान गर्ने आदेश दिई कारागार चलान गऱ्यो। पीडित बालिका र उनका बुबाले बलात्कार गरेको होइन भनी अदालतमा दिएको बयानका आधारमा पीडक असार २४ गते रिहा भए।

तेह्रथुम जिल्ला छातेढुङ्गा गाविस-८ घर भई फिदिम गाविस-१ सुन्तले भन्ने ठाउँमा डेरा गरी बस्दै आएकी १३ वर्षीया एक बालिकालाई ०६५ वैशाख ९ गते फिदिम-१ शनिबारेका ६२ वर्षीय गौधन राईले नजिकैको भैंसीगोठमा १ सय रुपियाँ दिएर बलात्कार गरेको पीडितले बताइन्। घटना सार्वजनिक गरेमा मार्ने धम्कीसमेत दिएको सानीआमालाई बालिकाले सुनाएकी थिइन्। बलात्कार गर्दैगर्दा बालिकाकी सानिआमाले देखेर हारगुहार गरिन्। बालिका गौधन राईको घरमा काम गर्ने गरेकी थिइन्। पीडित बालिकाका बाबुले ०६५ वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकामा प्रहरीले गौधन राईलाई सोही दिन पक्राउ गऱ्यो। जिल्ला अदालतले पीडकलाई वैशाख २९ गते पुर्पक्षका लागि कारागार पठायो। पछिल्लो बयान र प्रमाणका आधारमा ०६५ असार ३१ गते जिल्ला अदालतले हद म्याद नाघेको भनी मुद्दा खारेज गरिदियो। पीडितको विपक्षमा फैसला गरेको भन्दै महिला-दलित सङ्गठनले विरोध च्याली निकाली नारा जुलुससहित ०६५ साउन २ गते जिल्ला अदालत घेराउ गरे। फैसलाको विरोधमा आठओटा विभिन्न दलित सङ्गठनहरूले ०६५ साउन ८ गते प्रेस विज्ञप्ति जारी गरे।

ताप्लेजुङ थेचम्बु गाविस-३ निवासी दलित परिवारकी थेचम्बु माविमा ४ कक्षामा अध्ययनरत १४ वर्षीया एक बालिकालाई ०६५ असार २५ गते अमरपुर गाविस-१ का २० वर्षीय रमेश राईले चिलाउने डाँडा भन्ने ठाउँमा बलात्कार गरे। पाँचथर अमरपुर गाविस-१ स्थित मावली घरबाट घर फर्किरहेको अवस्थामा रमेश राईले पीडितसँगै रहेको साथीलाई कुटेर लखेटेपछि बलात्कार गरेको प्रत्यक्षदर्शी कौशिला लिम्बूले बताइन्। पीडित बालिकाले सोही दिन प्रहरी चौकी अमरपुरमा मौखिक उजुरी गरेपछि प्रहरीले पीडकलाई सोही दिन घरबाट पक्राउ गऱ्यो। पीडक राईले आफूले बलात्कार गरेको स्वीकार गरे। बालिकाले ०६५ असार २६ गते पाँचथर अस्पतालमा स्वास्थ्य परीक्षण गराइन्। छानबिनपछि जिल्ला अदालतले पीडकलाई ०६५ साउन १५ गते पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राख्ने आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास

भारपा गाविस-२ की २६ वर्षीया एक महिलालाई ०६५ कात्तिक २ गते सोही गाविस-३ निवासी वाईसीएल कार्यकर्ता २४ वर्षीय दुर्गा घिमिरेले पीडितकै घरमा लछारपछार गरी बलात्कार गरे। पीडित महिलाले जोरपोखरी प्रहरी चौकीमा पीडकउपर कारबाहीका लागि सोही दिन उजुरी गरिन्। पीडकलाई कात्तिक ९ गतेसम्म कुनै कारबाही नभए पछि जोरपोखरी आमा समूहले प्रहरी चौकी घेराउ गरे। त्यसपछि प्रहरीले पीडकलाई त्यही दिन पक्राउ गरी छानबिन सुरु गऱ्यो। कात्तिक १० गते नागरिक समाज, पीडित र पीडकबीच छलफल हुँदा पीडकले पीडितलाई ३० हजार रुपियाँ क्षतिपूर्ति दिने सर्तमा दुवै पक्षलाई मिलाएको माओवादी जिल्ला सदस्य लक्ष्मी न्यौपानेले बताए।

### पारिवारिक हिंसा

भारपा गाविस-८ की ३० वर्षीया राधिका पौडेल विश्वकर्मालाई उनकी सासू ५४ वर्षीया मनमाया विश्वकर्माले अर्को जातकी बुहारी भनी ०६५ कात्तिक २२ गते कुटपिट गरिन्। देउकुमार विश्वकर्माले पाँचौं पत्नीका रूपमा राधिका पौडेलसँग ०६२ मङ्सिर २२ मा विवाह गरेका थिए। सासूले कुटपिट गरेपछि पीडितले ०६५ कात्तिक १५ गते घर छोडेर हिँडेकी थिइन। पीडित महिलाले नातेदार वीरबहादुर धमलाको सहयोगमा सासू मनमायाविरुद्ध ०६५ कात्तिक २१ गते उजुरी दिएपछि मनमायालाई ०६५ कात्तिक २२ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राख्यो। प्रहरीले हिरासतमा एक रात राखी १० दिनभित्र घर छोडेर हिँडेकी बुहारी ल्याउने सर्तमा मनमायालाई कात्तिक २३ गते रिहा गऱ्यो। पीडित राधिका हालसम्म पनि घर फर्केकी छैनन्। देउकुमारले पत्नी बनाउँदै हेला गरी कुट्दै-लखेट्दै पाँच जनासँग विवाह गरेको र अन्य पत्नीहरूले उजुरी गर्न नसकेको नातेदार वीरबहादुर धमलाले बताए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विस्थापित

#### वाईसीएलबाट

च्याङ्गथापु गाविस-८ निवासी एमाले गाउँ कमिटी सचिव ३७ वर्षीय नरबहादुर गुरुङ, उनकी पत्नी मिलनकुमारी तथा दुई छोरा र एक छोरी ०६५ वैशाख १६ गते वाईसीएल कार्यकर्ताहरू सोही गाविस-८ का १९ वर्षीय दौलत बेघा र २६ वर्षीय कमल बान्तवाले मार्ने धम्की दिएका कारण विस्थापित भए। पीडित परिवार हाल पाँचथर जिल्लाको सदरमुकाम फिदिम बजारमा डेरा गरी बसेका छन्। माओवादी कार्यकर्ताहरूले पीडित एमाले कार्यकर्ता र वाईसीएलका कार्यकर्ताबीच ०६४ चैत २८ गते संविधानसभा मतदान सकिनासाथ सुरक्षा बेसक्याम्पनजिक झडप गराएको आरोप लगाएका छन्। पीडित हालसम्म सदरमुकाममा बस्दै आएका छन्। पीडितले जिल्ला प्रशासन कार्यालयमा सुरक्षाको माग राखी ०६५ जेठ ८ गते निवेदन दिए। पीडकलाई कारबाही भएन।

# १.४ ताप्लेजुङ

जनसङ्ख्या : १,४७,६०१
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.): ३,६४६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : २८३/५
क्याम्पस/उच्च मा.वि. : १/१८
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्क : ०.४६७
प्रतिपरिवार सरदर सङ्ख्या : ५

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या
### एमालेबाट

ढुङ्गेसाँघु गाविस-२ निवासी नेकपा (माओवादी) जिल्ला कमिटी सदस्य तथा इलाका ११ का इञ्चार्ज ५१ वर्षीय लक्ष्मी वनेमलाई ०६५ भदौ २९ गते दिउँसो नेकपा (एमाले)का कार्यकर्ता साँघु-३ निवासी राजन थत्लङले ढुङ्गेसाँघु गाविस-२ तेल्लाबुङमा खुकुरी प्रहार गरी हत्या गरे। राजन थत्लङलगायत एमाले कार्यकर्ताहरूको जिल्ला सदरमुकामबाट घर फर्कदै गर्दा ढुङ्गेसाँघु गाविस-२ को तेल्लाबुङ भन्ने ठाउँमा रहेको खतिवडा पसलमा लक्ष्मी वनेमसँग भेट भएको थियो। लक्ष्मी र राजनको विगतको घटनालाई लिएर विवाद भएपछि राजनको समूहले लक्ष्मीको टाउकोमा खुकुरी प्रहार गरेपछि लक्ष्मीको घटनास्थलमै मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालयबाट गएको टोलीले भदौ १ गते पीडक राजन थत्लङलगायत २० जनालाई हत्याको आरोपमा पक्राउ गऱ्यो। पीडितका आफन्तले ०६५ भदौ ३१ गते ढुङ्गेसाँघु गाविस-३ का राजन थत्लङ, ढुङ्गेसाँघु गाविस-६ का सामप्रसाद सुवेदीलगायत १० जना शिक्षकसहित २० जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरे। ०६५ असोज २४ गते जिल्ला अदालत ताप्लेजुङले राजनलाई हत्या अभियोगमा जेल चलान गऱ्यो भने रामप्रसाद सुवेदी, डिल्ली घिमिरे र डम्बर चोबाङलाई जनही १० हजार रुपियाँ धरौटीमा र बाँकी १६ जनालाई सामान्य तारिखमा रिहा गऱ्यो। घटनाको विरोधमा माओवादी जिल्ला कमिटीले हत्यारालाई कारबाहीको माग गर्दै ०६५ भदौ ३१ गते ताप्लेजुङ सदरमुकामलगायत सम्पूर्ण शैक्षिक संस्था, कलकारखाना र यातायात बन्द गरेको थियो।

### जेल र बन्दीहरू

'ग' श्रेणीको यस जिल्ला कारागारमा २५ जना कैदी राख्न सक्ने क्षमता भएकामा १८ जना कैद तोकिएका र ४० जना कैद नतोकिएका गरी जम्मा ५८ जना बन्दी रहेका छन्। कर्तव्य ज्यान, डाँका मुद्दा, ज्यान मार्ने उद्योग, जबरजस्ती करणी, सरकारी कीर्ते कागज, चोरी घटनाका बन्दीहरू छन्। बन्दीहरूलाई सुत्ने खाट नपुगेकाले उनीहरू चिसो भुइँमा सुत्न बाध्य छन्। दुईओटा मात्र सामान्य शौचालय भएकाले बन्दीहरूलाई अप्ठ्यारो परेको छ। यो कारागार नेपालकै पुरानो कारागार भएकाले जीर्ण छ। खेल सामग्रीमा क्यारम्बोर्ड एक थान छ। बन्दीहरूका लागि कारागारमा पत्रपत्रिका दिन सकिने भए पनि पढ्ने सामग्री पाउन नसकेको गुनासो बन्दीहरूको रहेको छ। बन्दीहरूलाई स्थानीय जिल्ला अस्पतालमा हुने उपचार सेवा मात्र दिइन्छ। यस कारागामा महिलाका लागि छुट्टै कोठा नभएकाले लामो समयसम्म हिरासतमा नै राखेर पाँचथर वा विराटनगर पठाउने गरिएको छ। यसले गर्दा आफन्तले महिला बन्दीलाई सहज रूपमा भेट्न पाउने अधिकारबाट बञ्चित भएका छन्। बन्दीको माग अनुसार कारागारभित्रै टेलिफोन सेवा उपलब्ध गराइएको छ। सातामा दुईपटक मात्र बन्दीसँग आफन्तलाई भेट गर्न दिइन्छ।

जिल्ला प्रहरी कार्यालयमा महिलालाई थुन्ने छुट्टै भवन तथा कोठाको अभावले ०६५ भदौ १२ गतेदेखि बाबु मारेको अभियोगमा थुनामा राखिएकी साँघु गाविस-९ की ३४ वर्षीय नन्दमाया लिम्बूलाई प्रहरी कार्यालयको भवनभित्र नियमित हिँड्नु पर्ने प्यासेजमा राखिएको थियो। खुला ठाउँमा राखेर बन्दीलाई २४ घन्टा ड्युटी गर्नु परेको भन्दै प्रहरी निरीक्षक नविन

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ४ | ३ | २ | | ५ | | | |
| घाइते | २ | २ | | | २ | | | |
| कुटपिट | २ | ४ | | | ४ | १ | १ | १ |
| धम्की | ५ | ६ | | | ६ | | | |
| जातीय विभेद | १ | १ | १ | | २ | | | |
| महिलाअधिकार | ३ | | ३ | | ३ | | | |
| बालअधिकार | ४ | १ | ५ | १५० | १५६ | ५ | ५ | ५ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | १ | | | १ | २ | २ | २ |
| अपहरण | | | | | | १ | ३ | ३ |
| जम्मा | २२ | १८ | ११ | १५० | १८९ | ९ | ११ | ११ |

राईले यहाँबाट महिला बन्दीलाई अन्य जिल्लामा लाने गरेको भन्दै नन्दमायाको स्वास्थ्य अवस्था कमजोर रहेकाले पठाउन नसकेको र हिरासत खाली भएपछि लिम्बूलाई त्यहाँ राखिएको थियो। लिम्बूको उपचारमा जिल्ला प्रहरी कार्यालयले ५० हजार खर्च गरेको राईले बताए।

### बेपत्ता/अपहरण

### माओवादीबाट

हाङ्देवा गाविस-४ निवासी एमाले कार्यकर्ता ४३ वर्षीय होमनाथ भट्टराई, ३५ वर्षीय विष्णु खतिवडा र नेपाली काङ्ग्रेसका कार्यकर्ता कासाङ शेर्पालाई मतदान केन्द्रमा मतदान गर्न आइरहेको अवस्थामा ०६४ चैत २८ गते बिहान माओवादीका परिचय खुल्न नसकेका पाँच जना कार्यकर्ताले बाटोबाटै अपहरण गरे। आफ्ना कार्यकर्तालाई मतदान गर्ने अधिकारबाट वञ्चित गर्न खोजेको भनी एमाले र काङ्ग्रेसले माओवादी, पत्रकार, नागरिक समाजसँग आपत्ति जनाएपछि अधिकारवादी र पत्रकारको रोहबरमा माओवादीले पीडितलाई हाङ्देवा गाविस-४ चौताराबाट सोही दिन २ बजे मुक्त गरे।

### धम्की/कुटपिट

### माओवादीबाट

फुङ्लिङ गाविस-२ का एमालेका कार्यकर्ता ४५ वर्षीय राम बराललाई घरायसी विवादका कारण ०६४ चैत २ गते माओवादी कार्यकर्ताहरू फुङ्लिङ गाविस-४ का रुद्र थेबे र दोखु गाविस-९ का सुरेन्द्र पालुङ्वाले पीडितकै घरमा गई कुटपिट गरे। स्थानीय गाउँलेहरूले पीडितलाई जिल्ला अस्पतालमा उपचार गराए। माओवादी र एमाले जिल्लास्तरीय नेताहरूबीच भएको वार्तापछि माओवादीले आफ्नो पक्षबाट गल्ती भएको स्वीकारी पीडितलाई पीडकले उपचार खर्च दिने सर्तमा चैत १२ गते मिलापत्र गरे।

### वाईसीएलबाट

ढुङ्गेसाँघु गाविस-६ निवासी जनमोर्चा नेपालका जिल्ला संयोजक ३२ वर्षीय विजय किराँतीलाई ०६५ वैशाख २६ गते सोही गाविस-५ का वाईसीएल कार्यकर्ता ३० वर्षीय दलबहादुर लिम्बूले धारिलो हतियार प्रयोग गरी गम्भीर घाइते बनाए। राजनीतिक विषयमा सामान्य विवाद भएपछि हतियार बोकेर आएका लिम्बूले किराँतीको टाउकोमा खुकुरी हानेपछि किराँती डिलमुनि हाम फालेका थिए। पीडितलाई स्थानीय गाउँलेहरूले बोकेर सदरमुकामस्थित जिल्ला अस्पतालमा उपचार गराए। माओवादी र जनमोर्चाका जिल्लास्तरीय नेताहरूबीच छलफल भई किराँतीको उपचारमा लाग्ने खर्च पीडकले उपलब्ध गराउने सर्तमा ०६५ जेठ ४ गते मिलापत्र गरे।

साँघु गाविस-६ निवासी एमाले जिल्ला कमिटी

**तालिका : २**

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | एमालेबाट | | | सङ्घीय लिम्बुवान परिषद्बाट | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | १ | १ | १ | | | | | |
| घाइते | १ | १ | १ | | | | | |
| कुटपिट | | | | १ | ३ | | | ३ |
| धम्की | | | | ३ | ३ | | | ३ |
| बालअधिकार | १ | १ | १ | ३ | | १ | १०० | १०१ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | १ | १ | | | १ |
| जम्मा | ३ | ३ | ३ | ६ | ५ | १ | १०० | १०६ |

| घटनाको प्रकार | वाईसीएलबाट | | अज्ञातबाट | | | | |
|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | १ | | १ | १ |
| घाइते | १ | १ | १ | | | | |
| कुटपिट | १ | २ | २ | | | | |
| धम्की | १ | २ | २ | २ | २ | | २ |
| जम्मा | ३ | ५ | ५ | ३ | २ | १ | ३ |

सदस्य ५१ वर्षीय रामप्रसाद सुवेदी र साँघु गाविस-४ निवासी एमाले कार्यकर्ता ३५ वर्षीय राजन थल्लङलाई जिल्ला कमिटीको बैठक सकी घर फर्कदै गर्दा ०६५ भदौ १२ गते बेलुका बाटो ढुकेर बसेका वाईसीएल कार्यकर्ता ढुङ्गेसाँघु गाविस-५ का ३७ वर्षीय दलहाङ लिम्बू र ३३ वर्षीय श्रीप्रसाद लिम्बूसहित २० जनाको सङ्ख्यामा रहेको समूहले ढुङ्गेसाँघु गाविस-४ को तेल्लाबुङमा खुकुरीलगायतका घरेलु हतियार प्रहार गरी घाइते बनायो। पीडितहरूलाई स्थानीय गाउँलेहरूले घटना भएको भोलिपल्ट बोकेर सदरमुकाम ल्याई जिल्ला अस्पतालमा उपचार गराएका थिए। पीडकहरूविरुद्ध पीडितका आफन्तले भदौ १५ गते मुद्दा दायर गरे। प्रहरीले भदौ १८ गते दलहाङ लिम्बू र श्रीप्रसाद लिम्बूलाई पक्राउ गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार असोज ८ गते उनीहरूलाई ज्यान मार्ने उद्योग अन्तर्गत जेल चलान गरियो।

ढुङ्गेसाँघु गाविस-८ निवासी मैवाखोला माविका शिक्षक ४२ वर्षीय झनलाल तेम्बे र अर्जुन भट्टराईलाई माओवादीका विरुद्धमा लागेको आरोपमा ०६५ भदौ १५ गते बेलुका हतियारसहित आएका वाईसीएल कार्यकर्ताले घरमै गई मार्ने धम्की दिएका थिए। वाईसीएलले धम्की दिएपछि पीडितहरू रातारात भागेर सदरमुकाम गएका थिए। घटनाले विद्यालय सञ्चालनमा समेत बाधा पुगेपछि माओवादी र शिक्षकबीच सहमति गरी ०६५ भदौ २२ गते पीडितहरू पुनः स्थापित भएका थिए।

### एमालेबाट

थेचम्बु गाविस-५ निवासी वाईसीएल कार्यकर्ता २३ वर्षीय सञ्जीव मेन्याङ्वोलाई ०६४ चैत १२ गते साँझ घर फर्किरहेको अवस्थामा एमाले कार्यकर्ताहरू थेचम्बु गाविस-५ का २७ वर्षीय मुकेश मेन्याङ्वो, २२ वर्षीय रमेश लिम्बू र सोही गाविस-३ का २१ वर्षीय शिव मेन्याङ्वोले थेचम्बु गाविस-४ को पूर्णेडाँडामा धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाए। प्रहरीले उक्त घटनामा संलग्न रहेको आशङ्कामा मुकेश मेन्याङ्वो, रमेश मेन्याङ्वो र शिव

मेन्याङ्वोलाई ०६४ चैत १५ गते पक्राउ गऱ्यो। पक्राउ परेका तीन जना र अर्का एमाले कार्यकर्ता चन्द्र मेन्याङ्वोसहित चार जनालाई मार्ने उद्योग गरेको आरोपमा चैत १६ गते प्रहरीले मुद्दा चलायो। पक्राउ पीडकहरूमध्ये मुकेश मेन्याङ्वो १० हजार धरौटीमा र बाँकी दुई जना सामान्य तारिखमा ०६५ वैशाख १५ गते रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

### अज्ञात समूहबाट

चाँगे गाविस-५ निवासी एमालेका तर्फबाट ताप्लेजुङ क्षेत्र नं. २ का प्रस्तावित उम्मेदवार ५२ वर्षीय डम्बर चुँडाललाई ०६४ फागुन २१ गते राती अज्ञात हतियारधारी समूहले मार्ने धम्की दिएको थियो। पीडित चुँडाल उक्त समूह हतियारसहित आफूलाई हत्या गर्न आउँदै गरेको जानकारी पाउनेबित्तिकै रातारात भागेर सदरमुकाम आएका थिए। पीडित ०६४ वैशाख ३ गते आफ्नो घर फर्किए।

हाङ्देवा गाविस-१ निवासी ४० वर्षीय शिक्षक रमेश तामाङलाई ०६५ भदौ ८ गते बेलुका हतियार बोकेर आएका पाँच जनाको अज्ञात समूहले तीन दिनभित्रमा ५० हजार नबुझाए हत्या गर्ने धम्की दिएपछि पीडित तामाङ जिल्ला सदरमुकाममा विस्थापित भए। पेस्तोल बोकेर आएका पाँच जनाको समूहले रमेशलाई घरभित्रै पसेर ५० हजार मागेको थियो। पीडितले सो रकम अहिले छैन भन्दा 'बाँच्ने मन छ भने तीन दिनभित्रमा पैसा ठीक गर्नू' भनेर हिँडेपछि रमेश सदरमुकाम गएका थिए। पीडित ०६५ असोज ९ गते घर फर्किए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

सदरमुकाम फुङ्लिङ बजारमा लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले प्रशासनले आफ्ना कार्यकर्ता मुक्त नगरेसम्म बजार बन्दको आह्वान गरे। 'बन्द उल्लङ्घन गर्नेलाई कारबाही गर्छौं' भन्दै ०६४ फागुन १ गतेदेखि १५ दिन बजार बन्द गरेका थिए। बन्दले जनसाधारण बाटबाटै अलपत्र परेर बसेका थिए भने बजारमा खाद्यान्नको सङ्कट परेको थियो। सर्वत्र विरोध हुन थालेपछि लिम्बूवानले फागुन १५ गते बन्द फिर्ता लियो।

खेजेनिम गाविस-३ को मतदान केन्द्रमा ०६४ चैत २८ गते मतदान भइरहेका बेला खेजेनिम गाविस-३ निवासी २२ वर्षीय वाईसीएल कार्यकर्ता हजकुमार

*एमाले कार्यकर्ताद्वारा हत्या गरिएका माओवादी जिल्ला सदस्य तथा इलाका ११ का इन्चार्ज लक्ष्मी वनेम*

लिम्बूले कटुवा पेस्तोल लिएर मतदान केन्द्रमा प्रवेश गरी मतदाताहरूलाई आतङ्कित पारेका थिए। लिम्बूलाई सशस्त्र प्रहरीले तत्काल पक्राउ गरी स्थिति नियन्त्रणमा लिएको थियो। लिम्बूलाई सोही दिन छाड्न माओवादीले दबाब दिए पनि प्रहरीले हतियारसहित जिल्ला प्रहरी कार्यालय ताप्लेजुङमा ल्याई चैत ३० गते रिहा गऱ्यो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत ताप्लेजुङमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २८ थानमध्ये यस वर्ष चार थान फर्स्यौट भई २४ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ४८ थानमध्ये १४ थान फर्स्यौट भई ३४ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ७६ थानमध्ये यस वर्ष १८ थान फर्स्यौट भई ५८ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका दुई थान मुद्दामध्ये यस वर्ष कुनै पनि मुद्दा फर्स्यौट हुन सकेन। यसैगरी यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ३४ थानमध्ये पाँच थान फर्स्यौट भई २९ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ३६ थानमध्ये पाँच थान फर्स्यौट भई ३१ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १० थान मुद्दामध्ये यस वर्ष एक थान फर्स्यौट भई ९ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय ५ थानमध्ये १४ थान फर्स्यौट भई ९१ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा

*एमाले कार्यकर्ताद्वारा धारिलो हतियार प्रहार गरी घाइते बनाइएका वाईसीएल कार्यकर्ता सञ्जीव मेन्याङ्बो*

जम्मा १ सय १५ थानमध्ये यस वर्ष १५ थान फर्स्यौट भई १ सय थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या २ सय २७ थानमध्ये यस वर्ष ३८ थान मुद्दा फर्स्यौट भई १ सय ८९ थान मुद्दा बाँकी रहे।

## बालअधिकार

एमालेद्वारा सदरमुकाम फुङ्लिङ बजारमा ०६५ भदौ २७ गते आयोजना गरिएको जिल्ला अधिवेशनमा १८ वर्षमुनिका बालबालिकाहरूमा हाङ्देवा गाविस-६ का १५ वर्षीय शान्तिराम दाहाल र सोही ठाउँका १५ वर्षीय टामन खतिवडालगायत अन्य १० जना रहेका थिए। माओवादीले निर्वाचन प्रचार-प्रसारका क्रममा गरेको जुलुसमा ५० भन्दा बढी बालबालिका प्रयोग गऱ्यो भने लिम्बूवानले आफ्नो बजार बन्दका क्रममा ३० जनाभन्दा बढी बालबालिका प्रयोग गरेको थियो।

*वाईसीएलद्वारा खुकुरी प्रहार गरी घाइते बनाइएका जनमोर्चा नेपालका जिल्ला संयोजक विजय किराँती*

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सिनाम गाविस-४ निवासी सिनाम उच्च माविमा अध्ययन गर्ने चार जना छात्रालाई सिनाम गाविस-५ का २२ वर्षीय जयप्रकाश लिवाङ, २५ वर्षीय बुद्धिराज दर्जी, २३ वर्षीय विजय थेबे र सागर लिम्बूले ०६४ पुस २२ गते बाटो छेकी जबरजस्ती बलात्कार गर्ने प्रयास गरे। विद्यालयबाट डेरा आउँदै गर्दा पीडितहरूलाई सागरलगायतका युवाहरूले जबरजस्ती बाटो छेकी समातेर बलात्कार गर्ने प्रयास गरेका थिए। बाटोमा अन्य बटुवाहरू आएपछि छात्राहरू भाग्न सफल भएका थिए। प्रहरीले पीडकहरूमध्ये विजय थेबे, बुद्धिराज दर्जी र जयप्रकाश लवाङलाई माघ ४ गते पक्राउ गरी जबरजस्ती करणी गर्ने प्रयास गरेको अभियोगमा पुर्पक्षका लागि थुनामा राखेको छ भने मुख्य अभियुक्त सागर लिम्बू फरार छन्।

लिङ्खिम गाविस-९ निवासी पाथीभरा क्याम्पसमा अध्ययनरत २० वर्षीय एक महिलालाई फुडलिङ् गाविस-२ का ३० वर्षीय राम मुखिया, सोही ठाउँका २५ वर्षीय चन्द्र मुखिया र दोखु गाविस-९ का २७ वर्षीय प्रदीप गुरुङले ०६५ वैशाख २१ गते पीडितकै डेरामा गएर बलात्कार गर्ने प्रयास गरे। मादक पदार्थ सेवन गरी फुङ्लिङ गाविस-७ स्थित पीडितको कोठामा पीडकहरूले बलात्कार गर्ने प्रयास गरेका थिए। पीडित कराएपछि तत्काल उनीहरूलाई प्रहरीले पक्राउ गरेको थियो। पीडकहरूविरुद्ध प्रहरीले ०६५ वैशाख २५ गते सार्वजनिक अपराध मुद्दा दर्ता गऱ्यो। पीडकहरू ०६५ जेठ ७ गते धरौटीमा रिहा भए।

## पारिवारिक हिंसा

साँघु गाविस-४ की ५२ वर्षीया इन्द्रा गौतमलाई ०६५ वैशाख २४ गते राती पति कृष्णप्रसाद गौतमले घरमै सुतिरहेको अवस्थामा लाठीले पिटेर हत्या गरे। हत्यापछि पीडितको लास बोरामा हालेर राती नै अलैंचीबारीमा पुरेर पीडक फरार भए। पीडितको लास ०६५ वैशाख २६ गते प्रहरीले गाउँलेको सहयोगमा भेटाएको थियो। लासको जिल्ला अस्पतालमा ०६५ वैशाख २८ गते पोस्टमार्टम गरी आफन्तले दाहसंस्कार गरेका थिए। पीडकका विरुद्ध पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आन्तरिक विस्थापितहरूका निम्ति नेपाल सरकारले राहत सहयोगस्वरूप वितरण गर्न गरिएको निर्णय अपारदर्शी भएको भन्दै ताप्लेजुङका आन्तरिक

विस्थापितहरूले ०६४ माघ ७ गते उक्त निर्णयमा पुन:विचार गर्न माग गरे। यस जिल्लाका लागि निकासा भएको ४१ लाख ७६ हजार रुपियाँ जिल्ला प्रशासनमा बसेको दल र प्रजिअको संयुक्त बैठकले ४१ जनालाई राहत उपलब्ध गराउने निर्णय गरेको थियो। राहत वितरणको निर्णय गर्दा सर्वसाधारणलाई छाडेर पहुँचवाला र पार्टीका नेताहरूलाई सहयोग गर्ने निर्णय भएको आरोप विस्थापितहरूले लगाएका थिए। पीडित पेमा शेर्पाका अनुसार, 'म घरबाट विस्थापित भई बजारमा पाँच वर्षसम्म गिटी कुटेर जीवन चलाएँ। तर मजस्ताको कुरा सुन्ने कोही भएन।' दोस्रो चरणको बैठकले पुन: नाम थप गरी ५ सय २७ जनालाई राहत दिने निर्णय गरे पनि अहिलेसम्म सबैले राहत पाएका छैनन्। विस्थापितहरू राहत लिनका लागि प्रशासन धाइरहेका छन्।

खेजेनिम गाविस-५ का छ वर्षअगाडि विस्थापित भएका ५१ वर्षीय अशोक सवेहाङ लिम्बू, तापेथोक गाविस-१ का सुवास तकमादेन, ४१ वर्षीय सञ्चरानी ताक्मादेन र ईखाबू गाविस-५ का सुकबहादुर लिम्बूलगायत १ सय २७ परिवारका ७ सय २७ जनाले अहिलेसम्म घर फर्कन नसकेको भन्दै फर्कने वातावरण बनाइदिन जिल्ला प्रशासन, स्थानीय मानवअधिकारकर्मी र पत्रकारहरूलाई ०६५ पुस ११ गते निवेदन दिए। पीडितका अनुसार, द्वन्द्वका बेला माओवादी र सुरक्षाकर्मीको दोहोरो मार खप्न नसकी घर छाडेर भाग्नु परेको थियो। पीडितहरूले आफ्नो घर भत्केको र घर फर्कंदा तत्काललाई खाने केही नभएको भन्दै आन्तरिक विस्थापितले पाउनुपर्ने राहत दिन अनुरोध गरेका छन्। पीडितहरू अहिले इलामको लारुम्वामा बस्दै आएका छन्। यसैगरी, जिल्ला सदरमुकाममा विगत सात वर्षदेखि विस्थापित भएर बसेका तिरिङ्गे गाविस-४ का ८० वर्षीय लालाहाङ लिम्बू, फाकुम्बा गाविस-४ का ५१ वर्षीय लक्ष्मी लिम्बू, सान्थाक्रा गाविस-५ का ४७ वर्षीय लाक्पा शेर्पा, लिङ्तेप गाविस-४ का ४० वर्षीय विमल पुरी आफ्नो परिवारसहित अझै घर फर्कन सकेका छैनन्।

### अवैध कर असुली
### लिम्बूवानबाट

पाँचथरको कावेलीदेखि ताप्लेजुङ सदरमुकाम फुङ्लिङ बजार आउने-जाने बाटोमा यातायातका साधनहरू (ट्रक, बस र ट्रयाक्टर) रोकी लक्ष्मी काफ्ले, खगेन्द्र श्रेष्ठलगायतका व्यवसायीहरूसँग लिम्बूवान पार्टीका कार्यकर्ताहरूले जबरजस्ती रकम असुलेका थिए। लिम्बूवान कार्यकर्ताहरूले ०६४ पुस २७ गतेदेखि २ महिनासम्म नियमित चन्दा उठाएका थिए। 'मैले आफ्नो इच्छाले आर्थिक सहयोग गरेको हुँ' भन्ने रसिद दिएर उनीहरूले प्रत्येक गाडीबाट पटकैपिच्छे रकम असुल्ने, गाडीमा अनिवार्य लिम्बूवान राज्य लेख्नुपर्ने, नमाने पहिलोपटक ५ सय रुपियाँ जरिवाना तिर्नुपर्ने र त्यसपछि अरू कडा कारबाही गरिने उल्लेख गरेका थिए। स्थानीय व्यवसायीले घटनाको चर्को विरोध गरेपछि जिल्ला प्रशासन कार्यालयमा दल, व्यापारी, नागरिक समाज र लिम्बूवानबीच भएको वार्तापछि चन्दा उठाउन छाडे।

## १.५ मोरङ

जनसङ्ख्या : १,०५,९३०
साक्षरता प्रतिशत : ५७
महिला साक्षरता प्रतिशत : ४७
क्षेत्रफल (वर्ग कि. मि.) : १,८५५
गाविस/नपा सङ्ख्या : ६५/१
सरकारी/निजी विद्यालय : ७२३/९३
क्याम्पस/उच्च मा.वि. : ७५/४०
अस्पताल/स्वास्थ्य चौकी : ३/७३
मानव विकास सूचकाङ्क : ०.५३१
प्रतिपरिवार सरदर सङ्ख्या : ५.४८

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रूपले बाँच्ने अधिकार
### हत्या
### नेपाल डिफेन्स आर्मीबाट

विराटनगर उमनपा-७ का ३१ वर्षीय फिरोज खान र सोही वडाका ३७ वर्षीय परवेज आलम इराकीको ०६४ चैत १६ गते नेपाल डिफेन्स आर्मीले

वडा नम्बर-७ सरौचियास्थित जामे मस्जिदमा बम विस्फोट गराउँदा मृत्यु भयो। सोही विस्फोटमा परी वडा नम्बर-७ का ३५ वर्षीय खुर्सिद आलम अन्सारी र वडा नम्बर-१३ का ३२ वर्षीय मोहमद असिव गम्भीर घाइते भए। घाइतेमध्ये खुर्सिदको उपचारकै क्रममा ०६५ असार १६ गते धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भयो। मोहम्मदको विराटनगर उमनपास्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। घटना हुँदा पीडितहरू मस्जिदमा नमाज पढ्ने तयारीमा थिए। सरकारले मृतकका परिवारलाई १०/१० लाख रूपियाँका दरले राहत उपलब्ध गराउने र घाइतेहरूको सम्पूर्ण उपचार खर्च बेहोर्ने निर्णय गरेको भए पनि यस वर्षको अन्त्यसम्म सरकारले घोषणा गरेको रकम पीडित पक्षलाई उपलब्ध गराइएन।

### वाईसीएलबाट

इटहरा गाविस-१ का २२ वर्षीय तोर्णबहादुर आलेमगरलाई मयुरको प्वाख खोसेको भन्दै ०६५ वैशाख २ गते सोही गाविस-२ निवासी वाईसीएलका इटहरा गाविस इञ्चार्ज २२ वार्षीय सन्तोष भनिने शिवनारायण धिमालसहित सोही गाविस-३ का ४० वर्षीय गिरीश सतार, ५२ वर्षीय मुर्जुङ सतार, १७ वर्षीय गोपाल सतार र १६ वर्षीय धनीराम सतारले कुटपिट गरी गम्भीर घाइते बनाए। तोर्णबहादुर आलेमगरसहित मगर समुदायका व्यक्तिहरूले उक्त दिन सतार समुदायका व्यक्तिहरूबाट अमरदह गाविसमा लाग्ने काँटा मेला हेरेर घर फर्किरहेको अवस्थामा इटहरा गाविस-३ स्थित जयनगरमा टाउकामा लगाएको मयुरको प्वाँख खोसेपछि विवाद उत्पन्न भएको थियो। उपचारका लागि भारतको सिलगुडी पुऱ्याइएका घाइते मगरको वैशाख ४ गते मृत्यु भयो। मृतकको लास उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा वैशाख ४ गते पोस्टमार्टम गरी आफन्तलाई बुझाइयो। घटनामा संलग्न वाईसीएलका इटहरा इन्चार्ज सन्तोष भनिने शिवनारायण धिमाल, गिरीश र मुर्जुङलाई जिल्ला अदालतको आदेशमा वैशाख २७ गते कारागार शाखा मोरङमा पुर्पक्षका लागि नजरबन्दमा राखियो। त्यस्तै, अदालतले सोही मितिमा गोपाललाई सादा तारेखमा रिहा गर्न र धनीरामलाई ५ हजार रुपियाँ धरौटीमा बालसुधार केन्द्र काठमाडौँमा राख्ने आदेश दियो। कर्तव्य ज्यानसम्बन्धी सो मुद्दा ०६५ कात्तिक ११ गते मन्त्रिपरिषद्ले फिर्ता लिने निर्णय गरेको थियो। सो मुद्दाका बन्दीहरू यस वर्षको अन्त्यसम्म रिहा भएनन्। इलाका प्रहरी कार्यालय सिजुवाका इन्चार्ज इन्स्पेक्टर यमबहादुर पौडेलका अनुसार, घटना वैशाख २ गते राती इटहरा गाविस-३ स्थित जयनगरमा भएको थियो।

### अज्ञात समूहबाट

भोजपुर जिल्ला निवासी पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानीका प्रहरी जवान किशोर राईलाई ०६४ फागुन ७ गते कार्यालयबाट साइकल चढी विराटनगर बजार आउँदै गर्दा विराटनगर-जोगबनी सडक खण्डको जतुवा मोडमा अज्ञात समूहले धारिलो हतियार प्रहार गरी गम्भीर घाइते तुल्यायो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार हुन नसकेपछि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा फागुन १२ गते मृत्यु भयो। उनको टाउको र छातीमा धारिलो हतियारको चोट लागेको थियो। पीडितलाई प्रहरीको गस्ती टोलीले घाइते अवस्थामा फेला पारेर अस्पताल लगेको थियो। यस वर्षको अन्त्यसम्म पीडकहरूको पहिचान भएन।

दुलारी गाविस-१ निवासी साजीलाल उच्च माविका विद्यार्थी २० वर्षीय मनोज राईलाई ०६५ वैशाख १५ गते इन्द्रपुर गाविस-३ स्थित सुकुना माविमा अङ्ग्रेजी विषयको मौखिक परीक्षा दिन गएको समयमा परीक्षार्थीको सूची च्यातेको आरोपमा अज्ञात व्यक्तिहरू संलग्न पाँच जनाको समूहले धारिलो हतियार र ढुङ्गाले टाउकोमा प्रहार गरी हत्या गऱ्यो। यस वर्षको अन्त्यसम्म पीडकहरू पक्राउ भएनन्।

भारतको केरला निवासी मझारे गाविस-७ सिरसियास्थित डनबस्को स्कुलका प्रिन्सिपल ५९ वर्षीय जोनप्रकाश मौलाइनको ०६५ असार १७ गते अज्ञात समूहले ओछ्यानमा सुतेकै अवस्थामा गोली हानी हत्या गऱ्यो। पीडित स्कुलकै क्वार्टरमा सुतेको अवस्थामा सुरक्षा गार्डलाई नियन्त्रणमा लिएर ढोका खोली गोली प्रहार गरिएको थियो। गोली प्रहारपछि सो समूहले कोठामै बम विस्फोट गराएको थियो। पीडितको छातीमा गोली र शरीरमा बमको छर्रा लागेको थियो। घटनाको कुनै पनि समूहले जिम्मा नलिए पनि घटनास्थलमा नेपाल डिफेन्स आर्मी नाम लेखिएको पर्चा फेला परेको थियो। प्रहरीले अनुसन्धानका लागि स्कुलका चौकीदार मझारे गाविस-७ सिरसिया का ३२ वर्षीय बुधराय वास्की, ३५ वर्षीय देवीलाल वास्की र मझारे गाविस-६ का जहजुल भनिने ४५ वर्षीय वरियार मुर्मुलाई त्यसै दिन गिरफ्तार गरी ०६५ असार २० गते रिहा गऱ्यो।

### दोहोरो झडपमा मृत्यु

विराटनगर उमनपा-१८ का २४ वर्षीय

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ३० | २५ | ६ | ३२ | | | | | | | | |
| घाइते | २० | ३१ | ४ | ३५ | | | | | १ | | १ | १ |
| कुटपिट | ८ | १६ | १ | १८ | ३ | १४ | १ | १५ | ६ | ३१ | २ | ३३ |
| धम्की | ५ | १४ | १ | १५ | १ | १ | | १ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | | २ | ११ | १ | १२ |
| जातीय विभेद | १ | | १ | १ | | | | | | | | |
| महिलाअधिकार | १५ | | १५ | १५ | | | | | | | | |
| बालअधिकार | ६ | | ६ | ६ | | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | ६ | ८ | | ८ | २ | ३ | | ३ | | | | |
| अपहरण | १२ | २४ | १ | २५ | १ | १ | | १ | | | | |
| जम्मा | १०४ | ११९ | ३६ | १५६ | ६ | १९ | १ | २० | १० | ४२ | ४ | ४६ |

भगवनलाल यादवको विराटनगर उमनपा-११ देवकोटा चोकस्थित जिविस भवनबाहिर झडपमा परी ०६५ कात्तिक १७ गते मृत्यु भयो। उनको जिविसले आह्वान गरेको हात्तीमुढा गाविसको सडक निर्माणसम्बन्धी बोलपत्र फारम भर्ने विषयमा विवाद भई झडपका क्रममा धारिलो हतियार प्रहारबाट मृत्यु भएको थियो। झडपमा विराटनगर उमनपा-२० का ३५ वर्षीय जयराम संयोजक र सुनसरी जिल्ला, भम्री गाविस-९ का २८ वर्षीय युगान मुखिया घाइते भए। घाइतेद्वयको सुनसरी जिल्ला, धरान नपास्थित बीपी प्रतिष्ठानमा उपचार भयो। संयोजकको एउटा हात भाँचिएको र मुखियाको शरीरमा चोट लागेको थियो। सो घटनामा संलग्न भएको आरोपमा जिल्ला प्रहरी कार्यालयमा २१ जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दा परेको थियो। मुद्दा परेकामध्ये विराटनगर उमनपा-२ का ४० वर्षीय नरेश शर्मा, वडा-११ का ३६ वर्षीय अनिलकुमार गिरी र वडा १९ का ३३ वर्षीय दीपक मगर जिल्ला अदालतको आदेशमा ०६५ मङ्सिर १८ गतेदेखि पुर्पक्षका लागि मोरङ कारागारमा थुनामा परे। विराटनगर उमनपा-११ का अभिषेक गिरीसहितका १७ जना फरार भए।

### दोहोरो भिडन्त

जाँते गाविस-८ र ९ को सीमा मदनचोकमा कोपिला सामुदायिक वनबाट को१ख १५५८ नम्बरको ट्रकमा काठ लिई आएका वाईसीएलका कार्यकर्ता र स्थानीयबासीबीच काठ लान पाइने र नपाइने विषयमा विवाद भई ०६५ मङ्सिर १८ गते झडप हुँदा जाँते गाविस-९ का ५० वर्षीय नेपाली काङ्ग्रेसका क्रियाशील सदस्य कृष्ण सापकोटा, नेकपा (एमाले) समर्थक ३९ वर्षीय ज्ञान मगर, धनुकटा जिल्ला, बुधबारे गाविस-६ घर भई विराटनगर उमनपा-३ निवासी वाईसीएल जिल्लास्तरीय कार्यकर्ताद्वय २४ वर्षीय गणेश दर्नाल र बयरवन गाविस-७ निवासी २८ वर्षीय दिनेश राजवंशी घाइते भए। घाइते सापकोटाको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा, मगरको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा, दर्नाल र राजवंशीको विराटनगरस्थित विराट नर्सिङ होममा उपचार भयो। गाविसबाट काठ बाहिर निकासी गर्दा जिल्ला वनको स्वीकृति कागज चाहिने स्थानीयबासीको अडानमा वाईसीएल कार्यकर्ताले 'कोपिलाको कागज भए हुने, जिल्ला वनको नचाहिने' अड्डी कसेका कारण झडपको सुरुवात भएको थियो। सो क्रममा स्थानीयबासीले वाईसीएलका जिल्ला कार्यकर्ता समिर दाहाल, सरोजकुमार राजवंशी, सञ्जय सरदार, राजेशकुमार खत्रीलाई ट्रकसहित इलाका प्रहरी कार्यालय लेटाडमा मङ्सिर १९ गते बुझाए। उनीहरूलाई मङ्सिर २१ गते रिहा गरियो भने ट्रक विराटनगरस्थित जिल्ला वन कार्यालयमा बुझाइयो। वाईसीएल कार्यकर्तालाई कुटपिट गरेको तथा ट्रक नियन्त्रणमा लिएको विरोधमा नेकपा (माओवादी)को ९ नम्बर इलाका इन्चार्ज राजेन्द्र पौडेलको अगुवाइमा वाईसीएल कार्यकर्ताले इलाका प्रहरी कार्यालय लेटाडमा मङ्सिर १९ गते घेराबन्दी गरी नाराबाजी गरे। उनीहरूले एमाले लेटाड गाउँ

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबाट | | | | मधेसी जनअधिकार फोरमबाट | | | नेपाल डिफेन्स आर्मीबाट | | | | नतमुमो (ज्वाला सिंह) बाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | | | | १ | ३ | | ३ | | | |
| घाइते | | | | | | | | ३ | ६ | १ | ६ | | | |
| कुटपिट | १ | ५ | १ | ६ | ३ | ३ | ३ | | | | | | | |
| धम्की | १ | १ | | १ | | | | | | | | १ | ३ | ३ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | | | | | | | | | | |
| अपहरण | | | | | | | | १ | १ | | १ | | | |
| जम्मा | ३ | ६ | १ | ७ | ३ | ३ | ३ | ५ | १० | १ | ११ | १ | ३ | ३ |

| घटनाको प्रकार | जतमुमो (गोइत)बाट | | | सङ्घीय लिम्बूवान परिषद्बाट | | | युथफोर्सबाट | | | बाईसीएलबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | | | | | | १ | १ | १ | ११ | १० | १ | ११ |
| घाइते | | | | १ | ३ | ३ | १ | १ | १ | १ | ४ | ४ | १३ | १६ | ३ | ३० |
| कुटपिट | | | | | | | १ | ३ | ३ | ३ | ४ | ४ | | | | |
| धम्की | १ | १ | १ | | | | | | | १ | १० | १० | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | १ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | | | |
| अपहरण | | | | | | | | | | ४ | १८ | १८ | ५ | ५ | | ५ |
| जम्मा | १ | १ | १ | ३ | ४ | ४ | ५ | ६ | ६ | ११ | ४० | ४० | ३१ | ३१ | ४ | ३६ |

कमिटीको गाउँ कार्यालयमा ढुङ्गामुढा गरी बोर्ड कुच्याउनुका साथै झन्डा च्यातेर फालिदिएका थिए।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### नेपाल डिफेन्स आर्मीबाट

सुनसरी जिल्ला, दुहवी गाविस-४ का ४८ वर्षीय दुर्गा लामालाई ०६५ जेठ २० गते नेपाल डिफेन्स आर्मीका कार्यकर्ताले बैजनाथपुर गाविसस्थित घिनाघाटमा गोली हानी गम्भीर घाइते बनाए। आफूलाई आर्मीको जिल्ला इन्चार्ज बताउने त्रिभुवन यादवले स्थानीय सञ्चारमाध्यमका कार्यालयमा टेलिफोन गरी घटनाको जिम्मेवारी लिएका थिए। आर्मीको नाममा चन्दा उठाएकाले कारबाही भएको उनले दावी गरेका थिए। पीडितको प्रारम्भिक उपचार कोसी अञ्चल अस्पतालमा भयो भने त्यसपछि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुऱ्याइयो।

*वाईसीएलको आक्रमणबाट मारिएका तोर्णबहादुर आलेमगर*

### अज्ञात समूहबाट

अमरदह गाविस-२ का ३० वर्षीय नीलम सिंहलाई ०६४ पुस १४ गते पसलमा अज्ञात समूहले गोली हानी घाइते तुल्यायो। चार जनाको हतियारधारी समूहले पसलमा सामान किन्ने निहुँमा गुम्ती खोल्न लाग्दा टाउकोमा गोली प्रहार गरेको थियो। घाइतेको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडितमाथि के कारणले गोली हानिएको भन्नेबारेमा खुल्न सकेन।

विराटनगर उमनपा-१९ का १८ वर्षीय रवि तामाङ घरभित्रै अज्ञात व्यक्तिले ०६४ चैत १७ गते प्रहार गरेको सकेट बम विस्फोटबाट घाइते भए। पीडितको

विराटनगर उमनपा-१० स्थित कोसी अञ्चल अस्पतालमा उपचार गरियो। उनको छातीमा बमको छर्राले सामान्य चोट लागेको थियो। बम घरको छानो प्वाल पारेर घरभित्र पसेको थियो।

तेह्रथुम जिल्ला, छातेदुङ्गा गाविस-४ निवासी सुनसरी जिल्ला इटहरी नगरपालिकामा अस्थायी बसोवास गर्ने ३० वर्षीय सुरेश शर्मालाई ०६५ असार ८ गते अज्ञात समूहले मोतीपुर गाविस-९ स्थित नहरको डिलमा गोली प्रहार गरी गम्भीर घाइते बनायो। उनको पेटमा गोली लागेको थियो। उनको को३प ९४१८ नम्बरको मोटरसाइकल पनि सो समूहले लुटेर लगेको थियो। पीडितको उपचार बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। पीडितले आफूलाई गोली हान्ने व्यक्ति नेपाल डिफेन्स आर्मी मोरङका आरपी मैनाली रहेको प्रहरीसमक्ष बताएका थिए। यस वर्षको अन्त्यसम्म पीडकको पत्ता लागेन।

### बम विस्फोटनबाट

विराटनगर उमनपा-१८ स्थित त्रिवेणी चोकका १० वर्षीय रूपचन्द्र महतो र १० वर्षीया ममता महतो बेवारिसे सुतली बम खेलाउँदा ०६४ चैत २२ गते घाइते भए। उनीहरू स्थानीय कोसी अञ्चल अस्पतालमा उपचारपछि सोही दिन घर फर्किएका थिए। इलाका प्रहरी कार्यालय रानीका अनुसार उनीहरू घरनजिकको बारीमा घाँस काट्न गएका थिए। सोही क्रममा प्लास्टिकको कालो पोको फेला पारेर खेलाउने क्रममा सो बम विस्फोट भएको थियो। दुवैको शरीरमा बमको छर्रा लाग्दा सामान्य चोट लागेको थियो।

विराटनगर उमनपा-११ मधुमारा निवासी विराटनगर उमनपा-१३ जहदारोडस्थित न्युरो अस्पतालका एम्बुलेन्स चालक १८ वर्षीय विकास श्रेष्ठ ०६४ चैत १४ गते अज्ञात व्यक्तिले प्रहार गरेको सुतली बम विस्फोट हुँदा घाइते भए। पीडितको सोही अस्पतालमा उपचार भयो। उनको ढाडमा बमको छर्रा लागेको थियो। विस्फोटको समयमा पीडित अस्पतालको मूलद्वारमा उभिएका थिए। सो बम अस्पतालको पूर्वतिरबाट मोटरसाइकलमा आएका दुई जनामध्ये एक जनाले प्रहार गरेको प्रहरीको भनाइ छ। यस वर्षको अन्त्यसम्म पीडकहरूको पहिचान भएन।

### जेल र बन्दीहरू

अढाई सय बन्दी क्षमताको 'ख' श्रेणीको कारागार शाखा मोरङमा यस वर्षको अन्त्यसम्ममा कुल बन्दी सङ्ख्या ६ सय २४ रहेको थियो, जसमध्ये ४६



***नेपाल डिफेन्स आर्मीद्वारा जामे मस्दिजमा गराइएको बम विस्फोटमा परी मारिएका परवेज आलम र फिरोज खान***

जना महिला बन्दी र बाँकी पुरुष बन्दी थिए। आश्रित आठ जनामा चार जना बालक र तीन जना बालिका थिए। कुल २ सय १५ कैदी सङ्ख्यामा १६ जना महिला र बाँकी पुरुष थिए। त्यस्तै, ४ सय ४० थुनुवा बन्दी सङ्ख्यामा २८ जना महिला र बाँकी पुरुष थिए। कारागारमा महिला र पुरुष राख्ने छुट्टाछुट्टै बन्दीगृह रहेका छन्। तीमध्ये पुरुष बन्दी गृह अति साँघुरो र जीर्ण छ। बन्दीको सङ्ख्या अनुसार पानी र शौचालय अपुग छ। सरकारले छुट्याएको रकमबाट सबै बन्दीहरूको स्वास्थ्य उपचार सम्भव नहुने र बन्दीलाई अदालतसमक्ष उपस्थित गराउन पर्याप्त सवारीसाधनको अभावले पनि मुद्दा प्रक्रिया ढिलो हुन गएको जेलर चेतराज बरालले बताए।

### बन्दीको मृत्यु

खोटाङ जिल्ला, बाक्सिला गाविस-९ निवासी ३८ वर्षीय शुक्रराज राईको विराटनगर उपमहानगरपालिका-११ हाटखोलास्थित कारागार शाखा मोरङमा बन्दी अवस्थामा उपचारको अभावमा ०६५ जेठ २७ गते बिहान मृत्यु भयो। उनी मुटुसम्बन्धी रोगले ग्रस्त थिए। घटनाका सम्बन्धमा कारागार शाखाका जेलर चेतराज बरालले आर्थिक अभावका कारण बाहिर लानसक्ने स्थिति नरहेकाले बिरामी बन्दीहरूलाई स्थानीय अस्पतालमा नै भर्ना गर्ने गरिएको बताए। पीडित राई चार वर्षदेखि कर्तव्य ज्यान मुद्दा अन्तर्गत थुनामा थिए। प्रतिकूल बन्दीगृह र उपचार अभावका कारण शुक्रराजसहित यस वर्ष सो कारागारमा चार जना बन्दीहरूको मृत्यु भयो। यसैगरी, सुनसरी जिल्ला, इटहरी नपा-२ निवासी कारागार शाखा मोरङका बन्दी २७ वर्षीय राजकुमार दङ्गालको उपचार अभावमा ०६४ पुस २० गते बिहान विराटनगर उमनपा-१२ निवासी २२ वर्षीय मनोज

कार्कीको ०६५ साउन १८ गते र झापा जिल्ला दमक नपा-२ बेलडाँगी निवासी बन्दी २१ वर्षीय सन्तमान राईको उपचारको अभावमा ०६५ असोज ७ गते कोसी अञ्चल अस्पतालमा मृत्यु भएको थियो।

### बेपत्ता/अपहरण

### माओवादीबाट

डाँगीहाट गाविस-९ काकुमका ध्रुव गिरीलाई वैदेशिक रोजगारका नाममा ठगी गरेको आरोपमा ०६४ माघ २८ गते विराटनगरबाट विवाहमा जन्ती गएको समयमा होक्लाबारी गाविस-२ बाट डाँगीहाटमा माओवादी कार्यकर्ताले अपहरण गरे। ध्रुव महतको नेतृत्वमा रहेका छ जना माओवादी कार्यकर्ताको एक समूहले उनीबाट ८० हजार रुपियाँ लिनुका साथै ५० हजार रुपियाँ पछि बुझाउने सर्तमा कागज गराएर माघ २९ गते मुक्त गऱ्यो।

### वाईसीएलबाट

शनिश्चरे गाविस-४ निवासी पथरी गाविस-१ स्थित *मोफसल* साप्ताहिक सहयोगी सम्पादक तथा सोही ठाउँको पथरी क्याम्पस प्राध्यापक सङ्घका अध्यक्ष ३५ वर्षीय चेतन पौडेल, पथरी गाविस-१ निवासी पथरी वाणिज्य सङ्घका कोषाध्यक्ष ४० वर्षीय दीपक बस्नेत, सोही गाविस-१ स्थित अन्नपूर्ण बोर्डिङ् स्कुलका सञ्चालक ४२ वर्षीय ईश्वर आँसु मगर र सोही गाविस-१ का ४० वर्षीय व्यवसायी सन्त राईलाई एमाले भएको कारणले ०६५ मङ्सिर १९ गते वाईसीएल कार्यकर्ताले पथरी गाविसका विभिन्न ठाउँबाट अपहरण गरे। अपहरणका क्रममा पत्रकार तथा प्राध्यापक पौडेलको को५प ६८२ नम्बरको मोटरसाइकलमा आगजनी गरिएको थियो। अपहरितमध्ये पौडेललाई पथरी गाविस-१ स्थित शिखरचोकमा राखी कुटपिट गरेर राती ९

*अज्ञात समूहद्वारा गराइएको बम विस्फोट परी घाइते भएका रवि तामाङ*

*नेपाल डिफेन्स आर्मीद्वारा जामे मस्दिजमा गराइएको बम विस्फोटमा परी घाइते भएका मोहमद असिव*

बजे सोही कार्यालयबाट मुक्त गरिएको थियो। ईश्वर र दीपकलाई उर्लाबारी गाविस-६ स्थित मङ्गलबारेबाट मुक्त र सन्तलाई पथरीनजिकको चारकोसे झाडीमा कुटपिट गरेर छाडियो। चेतनको विराटनगरस्थित कर्ण मेडिकेयर अस्पताल र सन्तको झापा जिल्ला, दमक नपास्थित आम्दा अस्पतालमा उपचार भयो। उनीहरूको शरीरका विभिन्न ठाउँमा लाठी, फलामे रड, मुक्का, बुटले कुटपिट गरिएको पीडितहरूले बताए। घटनाका सम्बन्धमा सहायक प्रमुख जिल्ला अधिकारी केशव पुडासैनीको संयोजकत्वमा राष्ट्रिय अनुसन्धानका एसपी भरत सिलवाल, माओवादीका जिल्ला इन्चार्ज शिवकुमार मण्डल र एमालेका कोसी अञ्चल कमिटीका सदस्य जीवन घिमिरे संलग्न छानबिन समिति ०६५ मङ्सिर १९ गते गठन गरिएको थियो। समितिले दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिने निर्णय गरेको थियो। तर, सो घटनामा कसैलाई पनि कारबाही भएन।

पथरी गाविस-१ का ४० वर्षीय कालुमान लिम्बू, ३९ वर्षीय सन्तोष राई र ३७ वर्षीय मालु राईलाई पथरीस्थित माओवादी कार्यालयमा ढुङ्गामुढा गरेको र माओवादीका कार्यकर्तालाई कुटपिट गरेको

*वाईसीएलद्वारा कुटपिट गरिएका बायाँबाट क्रमशः कालुमान ओनेम, सन्त राई, सन्तोष राई र चेतन पौडेल*

आरोपमा ०६५ मङ्सिर २० गते वाईसीएलका कार्यकर्ता संलग्न समूहले पथरी बजार र घरबाट अपहरण गरेर कुटपिट गरी सोही दिन मुक्त गऱ्यो । सन्तोषको भारतको सिलगुडीमा, कालुको झापा जिल्ला, दमक नपास्थित आम्दा अस्पताल र मालुको पथरीस्थित मोरङ अस्पतालमा उपचार भयो। कुटपिटबाट सन्तोषको टाउको र दाहिने खुट्टामा गम्भीर चोट लागेको थियो भने कालु र मालुको शरीरका विभिन्न भागमा फलामे रड र मुक्काले प्रहार गरेको नीलडाम र चोट लागेको थियो। पीडितले मङ्सिर २६ गते स्थानीय प्रहरी चौकी पथरीमा उजुरी दिए पनि दोषीमाथि कारबाही भएन।

रमितेखोला गाविस-६ का २८ वर्षीय दिनेश राई, २० वर्षीय जितेन्द्र राई, २६ वर्षीय मोहनसिंह राई, १६ वर्षीय गणेश राई, २३ वर्षीय अतीत राई र टाँडी गाविस-७ का २१ वर्षीय डिकबहादुर सुब्बाले विस्फोटक पदार्थ राखेको आरोपमा ०६५ साउन १७ गते उनीहरूलाई सोही गाविसका वाईसीएलको नौ नम्बर क्षेत्रका इन्चार्ज ३२ वर्षीय तारिकलाल धिमालको नेतृत्वमा रहेको एक समूहले रमितेखोला गाविसबाट नियन्त्रणमा लिएर कारबाही गर्न दबाब दिँदै साउन १८ गते इलाका प्रहरी कार्यालय उर्लाबारीमा बुझायो। उनीहरूलाई खोजेको समयमा सम्पर्कमा आउने सर्तमा आवश्यक प्रमाण नजुटेको भन्दै साउन २० गते रिहा गरिएको थियो।

### नेपाल डिफेन्स आर्मीबाट

विराटनगर उमनपा-१५ निवासी नेपाल राष्ट्रिय विकास पार्टीका तर्फबाट संविधानसभा निर्वाचनमा क्षेत्र नम्बर-३ का उम्मेदवार हरिकुमार बस्नेतलाई ०६४ चैत १ गते विराटनगर उमनपा-४ स्थित कोसी राजमार्गको पिपलचोकबाट नेपाल डिफेन्स आर्मीका कार्यकर्ताले अपहरण गरे। पीडितलाई चैत ३ गते विराटनगर उमनपा-५ कञ्चनबारी पश्चिमको नहरबाट पीडितका भाइ दीपेन्द्र बस्नेतको जिम्मामा मुक्त गरिएको थियो। नेपाल डिफेन्स आर्मीको सैन्य कमान्डर बताउने आरपी मैनालीले घटनाको जिम्मेवारी लिँदै सञ्चारमाध्यममा जानकारी गराएका थिए।

*माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका बायाँबाट क्रमशः भवानी कुइँकेल, ईश्वर कुइँकेल र तेजनारायण राजवंशी*

### अज्ञात समूहबाट

विराटनगर उमनपा-६ भृकुटी चोक निवासी नोबेल मेडिकल कलेजमा कार्यरत ३५ वर्षीय रमेश पाण्डेलाई ०६४ माघ २४ गते विराटनगर उमनपा-२ स्थित भूपालग्राम कलेजको कार्यालयबाट निस्कँदै गर्दा अज्ञात समूहले अपहरण गऱ्यो। पीडितलाई माघ २६ गते घरनजिक भृकुटी चोकमा ल्याएर मुक्त गरियो। उनलाई के कारणले अपहरण गरिएको थियो र के सर्तमा कसले मुक्त गरेको थियो, खुल्न सकेन। पीडित र पीडितका परिवारले समेत सो कुरा खुलाउन चाहेनन्।

लेटाङ गाविस-२ का ५० वर्षीय गणेश बस्नेतलाई लेटाङ-कानेपोखरी सडकखण्ड अन्तर्गत चारकोसे जङ्गलबाट अज्ञात समूहले ०६४ फागुन १६ गते अपहरण गऱ्यो। पीडित फागुन १७ गते सोही जङ्गलमा घाइते अवस्थामा फेला परे। पीडितको लेटाङस्थित स्वास्थ्य चौकीमा उपचार भयो। अपहरणको कारण नखुलेको इलाका प्रहरी कार्यालय लेटाङले जनायो।

### धम्की/कुटपिट

### राज्यबाट

विराटनगर उमनपा-७ का ६५ वर्षीय जकी अहमद, ३० वर्षीया नूर जहाँ, १६ वर्षीय रहमन अली, ५८ वर्षीय सफर अली, ५० वर्षीय बद्री मित्री, ५० वर्षीय गङ्गासागर मास्टर र ४६ वर्षीया नूर जहाँ खातुनलाई ०६४ फागुन ७ गते बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म प्रहरीले घर-टहरामा पसेर लाठीले कुटपिट गऱ्यो। पीडितहरूको कोसी अञ्चल अस्पतालमा उपचार भयो। कुटपिटबाट जकीको दाहिने हात भाँचिएको, नूरको पेट र मुखमा चोट लागेको, नूर खातुनको देब्रे हात भाँचिएको, सफर अलीको टाउको र दुवै हातमा चोट लागेको थियो। त्यस्तै, अन्य घाइतेको शरीरका विभिन्न भागमा चोट लागेको थियो। घटनाको दिन मधेसी जनअधिकार फोरम र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सरकारसँग विभिन्न माग राखी प्रदर्शन गरेका थिए। फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि दोषीलाई कारबाही भएन।

मधेसी जनअधिकार फोरम र संयुक्त

लोकतान्त्रिक मधेसी मोर्चाले गरेको सरकारविरोधी प्रदर्शनमा ०६४ फागुन ७ गते विराटनगर उमनपा-१५ का ४२ वर्षीय श्रीचन भगत, वडा-१४ का २५ वर्षीय सञ्जय साह, वडा-११ का २० वर्षीय मोहमद रहिम, वडा-१४ का २८ वर्षीय राजेश सिंह, वडा-१९ का दोर्जे तामाङ, वडा-१३ का ३१ वर्षीय तीर्थ यादव, वडा-७ का ३० वर्षीय मोहमद सविर, ३५ वर्षीय उमेश साह, ४२ वर्षीय नकरकुमार जाकिर, अमद मास्टर, बुधनगर गाविस-६ का सञ्जयकुमार यादव र भीमसेन यादव प्रहरीको ढुङ्गा प्रहारबाट घाइते भए। घाइतेहरूको कोसी अञ्चल अस्पतालमा उपचार गरियो। ढुङ्गाले पीडितहरूको शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडितले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। तर दोषीलाई कारबाही भएन।

*मधेसी जनअधिकार फोरमका कार्यकर्ताद्वारा कुटपिट गरिएका विजयकुमार पाठक*

अमरदह गाविस-६ निवासी अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला अध्यक्ष २७ वर्षीय एकराज बस्नेत र जिल्ला सदस्य भोजपुर जिल्ला, मूलपानी गाविस निवासी २४ वर्षीय तिलक बस्नेत ०६५ असार १ गते विराटनगर उमनपा-३ स्थित विराट नर्सिङहोम परिसरमा प्रहरीको लाठीचार्जबाट घाइते भए। लाठीचार्जबाट एकराजको एउटा हात भाँचियो र तिलकको हातको एउटा औंला भाँचियो। घटनाको सुरुवात अस्पतालमा उपचारका क्रममा एक जना महिलाको मृत्यु भएपछि उनका आफन्तले लापरबाही भएको भन्दै क्षतिपूर्ति माग गरी धर्ना दिएका थिए। धर्नाकारीहरूमाथि एक समूहले अन्धाधुन्ध आक्रमण गरेपछि तनाव उत्पन्न भएको थियो। सोही क्रममा त्यहाँ पुगेका सरोकारवाला तथा अन्य व्यक्तिमाथि प्रहरीले लाठीचार्ज गरेको थियो। तर, जिल्ला प्रहरी कार्यालयका डीएसपी विद्यानन्द माझीले नर्सिङहोममा तोडफोड हुन थालेकाले क्षति हुनबाट जोगाउन सामान्य बल प्रयोग गरिएको बताए। सो घटनापछि अस्पतालले मृतकका परिवारलाई ५ लाख रुपियाँ र लाठीचार्जबाट घाइतेहरूको उपचार गर्ने सहमति भएको थियो।

विराटनगर उमनपा-४ निवासी *राजधानी* दैनिकका संवाददाता विक्रम निरौला, वडा-५ निवासी *ब्लास्ट* दैनिकका संवाददाताद्वय विनोद ढुङ्गेल, गोकुल पराजुली, वडा-१५ निवासी *एभिन्यूज* टीभीका संवाददाता प्रल्हाद गुरागाईंलाई ०६५ असार १ गते विराटनगर उमनपा-३ स्थित विराट नर्सिङहोमले पत्रकार सम्मेलनमा बोलाएको समयमा प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। घाइतेहरूको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। लाठीचार्जबाट पत्रकार गुरागाईंको भिडियो क्यामेरा फुटेको थियो। पत्रकारहरूले लाठीचार्ज अस्पताल प्रशासनको अनुमतिमा गरिएको भन्दै उपचार र क्षतिपूर्तिको माग गरेका थिए। स्थानीय प्रशासनले छानबिन गरी क्षतिपूर्ति भराउने प्रतिबद्धता गरे पनि सो कुरा कार्यान्वयन गरेन। अस्पतालमा एक जना बिरामीको मृत्युको विषयमा जानकारी गराउने उद्देश्यले पत्रकार सम्मेलनको आयोजना गरेको समयमा घटना भएको थियो। प्रहरीले नर्सिङहोममा तोडफोड गरिएकाले लाठीचार्ज गरेको बतायो।

### माओवादीबाट

विराटनगर उमनपा-१२ निवासी तरुण दलका जिल्ला अध्यक्ष ३० वर्षीय नागेश कोइरालालाई ०६५ जेठ २० गते विराटनगर उमनपा-१८ निवासी माओवादी जिल्ला कमिटी सदस्य ४२ वर्षीय रामप्रसाद साहले विराटनगर उमनपा-१५ र १६ को सीमा पञ्चमुखी चोकमा जग्गा लिजमा नदिएको आरोपमा गालीगलौज गरे। सो दुर्व्यवहारको विरोधमा पीडित विराटनगर उमनपा-१४ कलेज रोडस्थित माओवादीको जिल्ला जनसम्पर्क कार्यालयमा पुग्दा पुन: दुर्व्यवहार गरेका थिए। सो घटनाका विषयमा माओवादी र काङ्ग्रेसका जिल्ला नेताहरूको उपस्थितिमा साहले गल्ती स्वीकार गरेपछि कुनै कारबाही अघि बढाइएन। दोषीलाई कारबाही गर्न माग गर्दै तरुण दलले विराटनगरमा दुई दिनसम्म यातायात बन्द गरेको थियो।

बरडङ्गा गाविस-६ का ३५ वर्षीय एमाले इलाका कमिटी सदस्य वर्तलाल राजवंशी, एमाले कार्यकर्ताहरू गोविन्दपुर गाविस-६ का ६७ वर्षीय भवानी कुइँकेल, १८ वर्षीय भीम कुइँकेल, गोविन्दपुर गाविस-६ की २६ वर्षीया सावित्रा राजवंशी, २२ वर्षीय वीरेन्द्र राजवंशी, सद्भावना पार्टीका कार्यकर्ता ६० वर्षीय दशानन्द राजवंशी, एमाले कार्यकर्ता तेजनारायण राजवंशी, ६० वर्षीय जालिमसिंह राजवंशी, गोविन्दपुर गाविस-६ का ३० वर्षीय ईश्वर कुइँकेल र बरडङ्गा गाविस-६ का सद्भावना पार्टीका कार्यकर्ता ३५ वर्षीय

प्रकाश राजवंशीलाई ०६५ असार ९ गते बरडङ्गा गाविस-६ निवासी माओवादी इन्चार्ज सन्तलाल ऋषिदेवको नेतृत्वमा सो पार्टीका एरिया सदस्य राजेन्द्र ऋषिदेव, पन्नालाल सहनी, गणेसिया ऋषिदेव, विदास ऋषिदेव र गोपिया ऋषिदेवले बसोबास गरेको ठाउँको जग्गा मोहीको भएको र छोड्न नमानेको भन्दै कुटपिट गरी घाइते तुल्याए। घाइतेमध्ये वर्तलाल, भवानी, भीम, तेजनारायणको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितहरू एक दिन अस्पतालमा बसेर घर फर्किए। अन्यको रङ्गेली अस्पतालमा उपचार भयो। घाइतेहरू अधिकांशको टाउको, हात र शरीरमा लाठी, ढुङ्गाको चोट लागेको थियो। पीडित पक्षले इलाका प्रहरी कार्यालयमा असार १० गते उजुरी दिए पनि पीडकहरूलाई कारबाही भएन।

मझारे गाविस-४ घर भई सोही ठाउँको दुर्गा माविका प्रधानाध्यापक ४५ वर्षीय लखिचन्द साह, सहायक प्रधानाध्यापक ४३ वर्षीय शिवनारायण मण्डल र ३५ वर्षीय चैतुलाल मण्डललाई ०६५ कात्तिक २८ गते विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा फर्जी मतदाता खडा गरेको आरोपमा माओवादीका स्थानीय कार्यकर्ता राजकुमार यादवको नेतृत्वमा रहेको समूहले विद्यालय परिसरभित्र लाठी र मुक्काले कुटपिट गरी घाइते तुल्यायो। पीडितहरूको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितमध्ये प्रअ साहलाई राजीनामा र सरुवासम्बन्धी दुईओटा अलगअलग कागजमा हस्ताक्षर पनि गराए। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा कात्तिक २९ गते उजुरी दिए। दोषीलाई कुनै कारबाही भएन। माओवादी कार्यकर्ता यादव सो दिन हुने विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा अध्यक्ष पदका लागि उम्मेदवार भएका थिए।

डायनिया गाविस-१ का २४ वर्षीय कर्ण सिंह (मुखिया) र सोही ठाउँका २५ वर्षीय दीपेन्द्र सिंहलाई गाउँमा मुखिया पद ग्रहण गरेर जनतालाई शोषण-दमन गरेको आरोपमा ०६५ पुस ८ गते झुर्किया गाविसमा मेला हेर्न गएको समयमा माओवादीका झुर्किया गाविसका पूर्वइन्चार्ज सोही गाविस-५ चौकीघाट निवासी ३० वर्षीय मनोज शर्मा र ३२ वर्षीय जीवन ताजपुरियाले कुटपिट गरी घाइते तुल्याए। पीडितहरूको डायनिया गाविसस्थित इलाका स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले प्रहरी चौकी झुर्कियामा पुस १० गते मौखिक उजुरी दिए। दोषीहरूलाई कारबाही भएन।

*वाईसीएलद्वारा तोडफोड गरिएको एमालेको पथरी गाउँ कमिटी कार्यालय*

## वाईसीएलबाट

जाँते गाविस-९ निवासी एमाले इलाका कमिटीका सचिव तथा गाविसका पूर्वअध्यक्ष ४६ वर्षीय उपेन्द्र घिमिरे, सोही वडा निवासी एमाले इलाका कमिटी सदस्य ४२ वर्षीय डिल्लीराम तिम्सिना, सोही वडाका एमालेका पूर्व वडाध्यक्ष ४२ वर्षीय सोमनाथ निरौला, सोही वडाका एमाले सङ्गठित सदस्य ३३ वर्षीय इन्द्र ढकाल, सोही वडा निवासी युथफोर्स गाउँ अध्यक्ष ३३ वर्षीय वासु घिमिरे, युथफोर्स गाउँ सदस्यद्वय २२ वर्षीय पूर्ण सापकोटा र २४ वर्षीय ओमप्रकाश विक, प्रायुसङ्घ गाउँ सदस्य २३ वर्षीय टेकनाथ निरौला, एमाले समर्थक २२ वर्षीय पूर्ण बस्नेत र सोही वडा निवासी काङ्ग्रेसका क्रियाशील सदस्य ५२ वर्षीय कृष्णप्रसाद सापकोटालगायतका राजनीतिक कार्यकर्ताहरूलाई ०६५ मङ्सिर १९, २० र २१ गते माओवादी गाउँ कमिटीका सचिव हस्तबहादुर राईको निर्देशनमा वाईसीएल कार्यकर्ताले घरघरमा गई मार्ने धम्की दिए। पीडितहरू सोही मितिदेखि विस्थापित भएर जिल्ला सदरमुकाम विराटनगरमा बस्न थाले। उनीहरू इलाका प्रहरी कार्यालय लेटाङको पहलमा लेटाङ गाविस र त्यसपछि मङ्सिर २९ गते घर फर्किए। पीडितहरूले इलाका प्रहरी कार्यालय लेटाङमा मङ्सिर २० र २१ गते तथा जिल्ला प्रहरी र प्रशासनमा मङ्सिर २५ गते उजुरी दिए। दोषीलाई कारबाही भएन।

## युथफोर्सबाट

पथरी गाविस-१ पथरी बजारस्थित शिखरचोक निवासी वाईसीएलका क्षेत्रीय सदस्य २४ वर्षीय विद्रोही सरकारलाई ०६५ मङ्सिर २० गते युथफोर्सका कार्यकर्ताहरूले पथरी गाविस-१ सुनाखरीचोकमा आक्रमण गरी गम्भीर घाइते बनाए। पीडितको

*वाईसीएलद्वारा आगजनी गरिएको मोफसल साप्ताहिकका सहयोगी सम्पादक चेतन पौडेलको मोटरसाइकल*

विराटनगरस्थित विराट नर्सिङ होममा उपचार हुन नसकेपछि थप उपचारका लागि काठमाडौँ लगियो। उनको टाउकोमा धारिलो हतियार प्रहारबाट चोट लागेको वाईसीएलका जिल्ला अध्यक्ष डिल्ली घिमिरेले बताए। घटनाका दोषीलाई कारबाही भएन। पीडित पक्षले कारबाहीको माग गरे पनि उजुरी दिएनन्।

शनिश्चरे गाविस-४ निवासी अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला अध्यक्ष ३० वर्षीय सुरेश गुरागाईं र सोही विद्यार्थी सङ्गठनका कार्यकर्ता विराटनगर उमनपा-७ का २० वर्षीय गोविन्द भगतलाई यातायात तथा बजार बन्द गरेको आरोपमा ०६५ मङ्सिर १९ गते विराटनगर उमनपा-१४ स्थित जनआन्दोलनचोकमा प्रायुसङ्घका जिल्ला समिति प्रचार विभाग प्रमुख शैलेश नेउपानेको निर्देशनमा युथफोर्सका कार्यकर्ताले कुटपिट गरी घाइते तुल्याए। पीडितद्वयको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। उनीहरू सोही दिन डिस्चार्ज भए। पीडित पक्षले उजुरी दिएन् र कसैलाई कारबाही भएन।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

हात्तीमुडा गाविस-९ का हीरालाल झा र जितेन्द्र सरदारलाई ०६४ फागुन १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ता बताउने अज्ञात व्यक्तिले टेलिफोनमार्फत पार्टीको नाममा चन्दा असुलेको, विवाह गर्ने बहानामा गाउँकी एक युवतीलाई यौन शोषण गरी बर्बाद गरेकोलगायतका आरोपमा भौतिक कारबाही गर्ने धम्की दिए। पीडित पक्षले विराटनगर उमनपा-४ बरगाछीस्थित राष्ट्रिय मानवअधिकार आयोगमा ०६४ फागुन २५ गते जीवनरक्षा गर्न अनुरोध गर्दै उजुरी दिएका थिए। उजुरीपछि आयोगले उनीहरूको सुरक्षाको व्यवस्था गर्न स्थानीय प्रशासनलाई निर्देशन दिएको थियो।

### मधेसी जनअधिकार फोरमबाट

विराटनगर उमनपा-४ निवासी नेपाल पत्रकार महासङ्घ मोरङ शाखाका तत्कालीन कार्यसमिति सदस्य तथा *विराट दर्पण* साप्ताहिकका सम्पादक ३५ वर्षीय विजयकुमार पाठकलाई समाचार सङ्कलनका क्रममा ०६४ फागुन ४ गते विराटनगर उमनपा-१४ स्थित महावीर रोडमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोप तथा फोरमको पक्षमा समाचार नलेखेको आरोपमा बाँसका भाटाले कुटपिट गर्दै को३प ४४८५ नम्बरको मोटरसाइकल तोडफोड गरे। पीडितले नेपाल पत्रकार महासङ्घमार्फत दोषीलाई कारबाही गर्न माग गर्दै जिल्ला प्रशासन र प्रहरीमा फागुन ६ गते उजुरी दिए। तर, कसैलाई कारबाही गरिएन।

### संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबाट

विराटनगर उमनपा-२ का ३५ वर्षीय विमल श्रेष्ठलाई ०६४ फागुन ७ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले बन्द अवज्ञा गरेको अरोपमा विराटनगर उमनपा-१४ स्थित महावीर चोकमा गालीगलौज गर्दै दुर्व्यवहार गरे। उनीहरूले पीडितले चलाएको को२च २७१७ नम्बरको एम्बुलेन्ससमेत तोडफोड गरे। सो दिन मोर्चाले सरकारसँग विभिन्न माग राखी बन्द आह्वान गरेको थियो।

मधेसी जनअधिकार फोरम र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताको समूहले विराटनगर उमनपा-१५ का ५५ वर्षीय महेश्वर बस्नेत, ५२ वर्षीया निर्मला दाहाल, ५५ वर्षीय बल्लभ अधिकारी, राम दाहाल, माधवप्रसाद गौतम, कृष्ण बस्नेतलगायतलाई ०६४ फागुन ७ गते साँझ घरघरमा पसेर कुटपिट गरी घरमा ढुङ्गामुढा गऱ्यो। सो क्रममा महेश्वर टाउको, गर्धन र शरीरका अन्य भागमा धारिलो हतियार र लाठी प्रहारबाट घाइते भए। उनको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। सो क्रममा निर्मलाको घरका सिसाहरू फुटाइएको थियो। उनीहरूले फोरम र मोर्चाले गरेको सरकारविरोधी प्रदर्शनमा प्रतिकार गरी बाधा पुऱ्याएको आरोपमा घरघरमा ढुङ्गामुढा गरेर सिसाहरू फुटाएका थिए।

### सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

झापा जिल्ला, भद्रपुर नपा-४ का डम्बर वन

र विराटनगर उमनपा-५ का हरि कोइरालालाई ०६४ माघ २२ गते सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताहरूले महेन्द्र राजमार्ग अन्तर्गत पथरी गाविसस्थित जयचोकमा ना३ख र को१ख २२७३ नम्बरको यात्रुवाहक बसमा ढुङ्गा प्रहार गरी घाइते तुल्याए। घाइतेहरूको उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गरी सोही दिन डिस्चार्ज भयो। परिषद्का कार्यकर्ताहरूले बन्द अवज्ञा गरेको आरोपमा ढुङ्गा प्रहार गरेका थिए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत समूह) बाट

विराटनगर उमनपा-७ सरौचियास्थित लेखनाथ मार्गका किराना पसले २९ वर्षीय दुर्गाबहादुर दाहाललाई ०६४ फागुन ७ गते अज्ञात व्यक्तिले फोनमार्फत धम्की दिएलगत्तै २० जनाको समूहले सो ठाउँ नछोडे पसल तोडफोड गर्ने धम्की दिएपछि विस्थापित भए। पीडित चैत १७ गते प्रशासनको सहयोगमा पुन:स्थापित गरिए। उनी विस्थापित भई विराटनगर उमनपा-१४ मा आफन्तको घरमा बसेका थिए। उनले फागुन ८ गते जिल्ला प्रशासन कार्यालयमा घटनाको जानकारी गराएका थिए। सो जानकारीमा उनले आफूलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत समूह)को कार्यकर्ता बताउने व्यक्तिले फोनमार्फत ११ लाख रुपियाँ माग गरेको उल्लेख गरेका थिए।

### मधेसी जनअधिकार फोरमबाट

विराटनगर उमनपा-१३ रोडशेष चोकस्थित ओसीएचआर पूर्वाञ्चल क्षेत्रीय कार्यालयका अधिकृत लुहिरिरी बेमुङ्गु, धर्मानन्द जोशी र सन्तोष कर्णलाई ०६४ फागुन ७ गते बिहान ९ बजे विराटनगर उमनपा-१४ स्थित जनआन्दोलन चोक र वडा-३ स्थित मुनाल पथमा प्रदर्शनविरोधी समूहले दुर्व्यवहार गऱ्यो। मधेसी जनअधिकार फोरमले विभिन्न माग राखी गरेको सरकारविरोधी प्रदर्शनको अनुगमन गरिरहेका अधिकारकर्मीहरूलाई गालीगलौज गर्दै उनीहरूको सवारीमा आगजनी गर्ने प्रयास गरिएको थियो। अधिकारकर्मीहरूलाई प्रहरीले उद्धार गरेको थियो।

विराटनगर उमनपा-११ निवासी *कान्तिपुर* टेलिभिजनका फोटो पत्रकार शम्भु पोखरेललाई ०६४ फागुन ७ गते बिहान ९ बजे विराटनगर उमनपा-१४ स्थित महावीर रोडमा मधेसी जनअधिकार फोरमद्वारा आह्वान गरिएको आन्दोलनमा प्रदर्शनविरोधी समूहले आफूहरूको तस्बिर खिचेको आरोपमा प्रहरीकै अगाडि कुटपिट गरी क्यामेराको रिलसमेत खोसेर फालिदियो। पीडित प्रदर्शनकारीको तस्बिर खिच्न गएका थिए। पीडितले असुरक्षाका कारण प्रहरी प्रशासनमा उजुरी नदिएको बताए।

### अन्यबाट

पथरी गाविस-१ बाट प्रकाशित *अनमोलमणि* साप्ताहिक पत्रिकाका सम्पादक तथा प्रकाशक उर्लाबारी गाविस-४ निवासी मिलन के राउत, कार्यकारी सम्पादक बयरवन गाविस-८ निवासी मोहन भट्टराई र समाचार सम्पादक शनिश्चरे गाविस-१ निवासी दीपेन्द्र तिम्सिनालाई ०६५ भदौ ७ गते पथरी गाविस-१ निवासी सोही गाविस-१ स्थित अन्नपूर्ण बोर्डिङ् स्कुलका सञ्चालक ईश्वर आँसु मगर, सोही गाविस-१ का सुनील ठकुरी, हेम बर्देवा, खगेन्द्र मगर, महेन्द्र नायक, मनोज थापामगर, अनिल ठकुरी र विष्णु निरौलाले गाइजात्रे अङ्कमा झूटा तथा अपमानित हुने सूचना छापेको भन्दै पत्रिकाको कार्यकक्षमा पसेर लाठी र मुक्काले कुटपिट गरी घाइते तुल्याए। कुटपिटबाट घाइते मिलन र दीपेन्द्रको उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा र मोहनको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार गरिएको थियो। सो अस्पतालमा मोहनको नाकको सल्यचिकित्सा गरिएको थियो। कुटपिटमा संलग्न भएको आरोपमा ईश्वरबाहेक सबै भदौ ८ र ९ गते गिरफ्तारीमा परे। इलाका प्रहरी कार्यालयले गिरफ्तार गरी सार्वजनिक मुद्दा अन्तर्गत उनीहरूलाई थुनामा राख्यो। उनीहरूलाई भदौ २७ गते जिल्ला प्रशासन कार्यालयले प्रतिव्यक्ति २० हजार रुपियाँ धरौटी लिएर रिहा गऱ्यो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

बुधनगर गाविस-६ निवासी मधेसी जनअधिकार फोरम, रक्षावाहिनी ग्राम उपप्रमुख, २२ वर्षीय सञ्जय यादव, ५ नम्बर क्षेत्रीय प्रमुख ३५ वर्षीय भीमसेन यादव, विराटनगर उमनपा-१३ का २४ वर्षीय इस्वनन्द दत्त र वडा-१८ का ४० वर्षीय महानन्द यादवलाई ०६४ फागुन ६ गते जिल्ला प्रहरी कार्यालयअगाडि आन्दोलनमा गिरफ्तार भई रिहा हुन लागेका कार्यकर्ताहरूलाई लिन जाँदा प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। उनीहरूको कोसी अञ्चल अस्पतालमा उपचार भयो। सोही दिन उनीहरू डिस्चार्ज भई घर फर्किए। सो घटनाबारे डीएसपी विद्यानन्द माझीले ठूलो समूह नै जिल्ला प्रहरी कार्यालयमा

जबरजस्ती पस्न खोजेकाले सुरक्षाका लागि सामान्य बल प्रयोग भएको बताए।

पाठयपुस्तक उपलब्ध गराउन माग गर्दै विराटनगर उमनपा-१५ बसपार्कस्थित जिल्ला शिक्षा कार्यालयमा धर्नामा बसेका विद्यार्थीहरूलाई ०६५ जेठ ८ गते तोडफोड गरेको आरोपमा प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। लाठी चार्जबाट विराटनगर उमनपा-७ निवासी गोदावारी मावि कक्षा ९ मा अध्ययनरत अजिता काफ्ले, राहुल शर्मा, विक्रम चौधरी, विकास चौधरी, शारदा माविका सन्दीप राजवंशी, सत्यनारायण उच्च माविका प्रवीण मण्डल, दुर्गेष साह र छोटु शर्मा घाइते भए। घाइतेहरूको कोसी अञ्चल अस्पतालमा उपचार भयो। अधिकांश घाइतेहरूको ढाड, टाउको र मुखमा चोट लागेको थियो। तोडफोडबाट हुने सम्भावित धनजनको क्षति रोक्न लाठीचार्ज गरेको वडा प्रहरी कार्यालय विराटनगरका इन्चार्ज इन्स्पेक्टर तुलसी भट्टराईले बताए।

विराटनगर उमनपा-५ निवासी नेपाल पत्रकार महासङ्घ मोरङ शाखाका कोषाध्यक्ष ३० वर्षीय गोकुल पराजुलीलाई ०६५ असार २३ गते समाचार सङ्कलनका क्रममा विराटनगर उमनपा-९ शनिहाटस्थित सहरी विकास तथा भवन निर्माण कार्यालयको मूलद्वारमा सशस्त्र प्रहरीले कार्यालय प्रवेशमा रोक लगाए। भवनमा प्रवेश गर्न परिचयपत्र मागेको तर दिन नमानेपछि प्रवेशमा रोक लगाएको इन्स्पेक्टर सुमन बोगटीले बताए। सहरी विकास तथा भवन निर्माण कार्यालयले आह्वान गरेको टेन्डरसम्बन्धी समाचार लिन त्यहाँ पुगेको अवस्थामा सशस्त्र प्रहरीले भित्र पस्न खोज्दा गालीगलौज र हातपात गरेको पीडितले बताए। पीडितले असार २५ गते नेपाल पत्रकार महासङ्घमार्फत न्याय पाउँ भनी जिल्ला प्रशासन कार्यालयमा र २८ गते राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्रीय कार्यालयमा उजुरी दिएका थिए। सो उजुरीमा कारवाही भएन। त्यसपछि पत्रकारहरूले आन्दोलनको संज्ञा दिँदै सडकमा जुलुस प्रदर्शन, कोणसभा, अन्तरक्रिया गरेका थिए। छानबिन गर्ने भनी प्रशासनले पीडित पक्ष र अधिकारकर्मीसँग प्रतिबद्धता व्यक्त गरेको थियो। सो प्रतिबद्धता यस वर्षको अन्त्यसम्म पनि पूरा भएन।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

जिल्ला अदालत मोरङमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय १६ थानमध्ये यस वर्ष ८२ थान फर्स्यौट भई २ सय ३४ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १ सय ६१ थानमध्ये यस वर्ष २९ थान फर्स्यौट भई १ सय ३२ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ४ सय ७७ थानमध्ये यस वर्ष १ सय ११ थान फस्यौट भई ३ सय ६६ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ५३ थान मुद्दामध्ये यस वर्ष ४४ फर्स्यौट भई २ सय ९ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १ सय ५ थानमध्ये सात थान फर्स्यौट भई ९८ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ३ सय ५८ थानमध्ये यस वर्ष ५१ थान फर्स्यौट भई ३ सय ७ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५ सय २३ थान मुद्दामध्ये यस वर्ष १ सय ४८ थान फर्स्यौट भई ३ सय ७५ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा २ सय ६४ थानमध्ये १४ थान फर्स्यौट भई २ सय ५० थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ७ सय ८७ थानमध्ये १ सय ६२ थान मुद्दा फर्स्यौट भई ६ सय २५ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ हजार ६ सय २२ थानमध्ये यस वर्ष ३ सय २४ थान मुद्दा फर्स्यौट भई १ हजार २ सय ९८ थान मुद्दा बाँकी रहे।

बाल अदालतमा दर्ता भएका ११ थान मुद्दामध्ये यस वर्ष दुई थान फर्स्यौट भई नौ थान बाँकी रहे।

### पुनरावेदन अदालत

पुनरावेदन अदालत विराटनगरमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८४ थान मुद्दामध्ये यस वर्ष २० थान फर्स्यौट भई ६४ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १६ थानमध्ये आठ थान फर्स्यौट भई आठ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा १ सय थानमध्ये यस

वर्ष २८ थान मुद्दा फर्स्यौट भई ७२ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३७ थान मुद्दामध्ये यस वर्ष ३० थान फर्स्यौट भई १ सय ७ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १ सय १ थानमध्ये १६ थान फर्स्यौट भई ८५ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २ सय ३८ थानमध्ये ४६ थान मुद्दा फर्स्यौट भई १ सय ९२ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५ सय १९ थान मुद्दामध्ये यस वर्ष १ सय थान फर्स्यौट भई ४ सय १९ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय ७२ थानमध्ये ४६ फर्स्यौट भई १ सय २६ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ६ सय ९१ थानमध्ये यस वर्ष १ सय ४६ थान मुद्दा फर्स्यौट भई ५ सय ४५ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ हजार २९ थानमध्ये यस वर्ष २ सय २० थान मुद्दा फर्स्यौट भई ८ सय ९ थान मुद्दा बाँकी रहे।

## बालअधिकार

पथरी गाविस निवासी १४ वर्षीया एक बालिकालाई सुनसरी जिल्ला, इटहरी नपास्थित सेनाको पूर्वी पृतनाका प्युठ ३५ वर्षीय चेतन श्रेष्ठले ०६४ पुस २२ गते घरैमा बलात्कार गरेको आरोपमा पीडित पक्षले पुस २८ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको कोसी अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण भयो। पीडकको पत्नी माइत गएको समयमा मादक पदार्थ सेवन गरेर ती बालिकालाई उनले बलात्कार गरेका थिए। यस वर्षको अन्त्यसम्म पीडक फरार रहे।

सुन्दरपुर गाविस-६ लाटीझोडा डिपुकी १३ वर्षीया एक बालिकालाई ०६५ माघ १६ गते सोही ठाउँका २५ वर्षीय बीबी तामाङ, २६ वर्षीय राम तामाङ, २६ वर्षीय गम्बे तामाङले छेउको जङ्गलमा दाउरा लिन गएको अवस्थामा सामूहिक बलात्कार गरेको आरोपमा माघ २३ गते पीडित पक्षले इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिए। पीडितको विराटनगर उमनपा-९ स्थित कोसी अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण भयो। पीडितले माघ २३ गते इलाका प्रहरी कार्यालय बेलबारीमा पीडकविरुद्ध किटानी जाहेरी दिइन्। पीडकहरू यस वर्षको अन्त्यसम्म फरार छन्।

सिसवनी जहदा गाविस-८ का १० वर्षीय शिवनारायण मुखिया र सोही ठाउँका १२ वर्षीय शत्रुघन मुखिया ०६४ फागुन ३० गते विहान १० बजे बाटोमा फेला परेको बेवारिसे सुतली बम खेलाउँदा विस्फोटमा परी घाइते भए। घाइतेमध्ये शिवको स्थानीय स्वास्थ्य चौकी र शत्रुघनको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। घाइतेद्वय उपचारपछि सोही दिन घर फर्किए।

उर्लाबारी गाविस-३ की नौ वर्षीया एक जना बालिकालाई ०६५ वैशाख १० गते यौन दुर्व्यवहार गरेको आरोप लागेका सोही ठाउँका ३० वर्षीय होटल मजदुर चिन्ते महतोलाई जिल्ला अदालतको आदेशमा ०६५ जेठ २६ गते विराटनगर उपमहानगरपालिका-११ हाटखोलास्थित कारागार शाखा मोरङमा पुर्पक्षका लागि नजरबन्दमा राखिएको छ। उनले ०६५ वैशाख १० गते पीडितलाई उर्लाबारी गाविस-३ स्थित डेरामा एक्लै रहेको अवस्थामा ललाइफकाई दुर्व्यवहार गरेका थिए।

लेटाङ गाविस-४ निवासी ग्रीन भ्याली बोर्डिङ् स्कुलमा कक्षा ४ मा अध्ययनरत नौ वर्षीया ईशा राईलाई ०६५ जेठ २८ गते अपराह्न सुनसरी जिल्ला, हाँसपोसा गाविसका २० वर्षीय धर्म मगरले स्कुलबाटै छुट्टी हुनासाथ अपहरण गरे। ०६५ जेठ ३० गते काठमाडौँको कालीमाटीबाट प्रहरीले पीडितलाई मुक्त गरायो। सोही क्रममा प्रहरीले पीडक धर्मलाई गिरफ्तार गऱ्यो। अपहरण कार्यमा सहयोग गरेको आरोपमा लेटाङ गाविस-२ का १९ वर्षीय सागर राई र २० वर्षीय विजु श्रेष्ठलाई पनि प्रहरीले घटना भएकै दिन जेठ २८ गते नै गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६५ असार ३१ गतेको आदेशमा ०६५ साउन १ गते पीडकहरूमध्ये धर्म र सागरलाई पुर्पक्षका लागि कारागार शाखा मोरङ र विजुलाई ४ हजार रुपियाँ धरौटी लिएर रिहा गरिएको थियो। अपहरणमा संलग्न व्यक्ति र पीडितकी आमा डल्लु राईबीच पैसा लेनदेनको विषयमा पुरानो विवाद रहेको इलाका प्रहरी कार्यालय लेटाङका इन्चार्ज इन्स्पेक्टर यामनाथ अधिकारीले बताए।

विराटनगर उमनपा-५ निवासी उमनपा-१७ कै डीएभी बोर्डिङ् स्कुलमा कक्षा-९ मा अध्ययनरत १५ वर्षीय विवेक श्रेष्ठलाई अज्ञात सशस्त्र समूहले ०६५ जेठ २९ गते सोही उमनपा-५ बरगाछीस्थित गोग्राह

उच्च माविछेउबाट अपहरण गऱ्यो। पीडित १२ घन्टापछि जेठ ३० गते विराटनगर उमनपा-१४ स्थित जनआन्दोलन चोकबाट मुक्त गरिए। पीडित मुक्त हुनुअघि पीडकले उनका अभिभावकबाट रकम लिएको प्रहरी स्रोतको भनाइ थियो। तर, कसले र कति रकम लिएको हो, सोबारे स्रोतले खुलाउन चाहेन। पीडितका बाबु एभरेस्ट बैंक विराटनगरका प्रबन्धक पूर्णबहादुर श्रेष्ठले पनि रकमबारे उल्लेख गर्न चाहेनन्। पीडितले समेत घटनाबारे केही पनि बताउन चाहेनन्। पीडित बोर्डिङ् स्कुलबाट छुट्टी भई रिक्सामा चढेर घर फर्किरहेको समयमा मुखमा पट्टी बाँधेका दुई जना व्यक्तिले मोटरसाइकलबाट ओर्लिएर पेस्तोल देखाउँदै उनलाई मोटरसाइकलमा बीचमा राखेर लगेका थिए।

सुनसरी जिल्ला, रामगन्ज बेलगछिया गाविस-८ की १५ वर्षीया रम्भाकुमारी कामतलाई घाँस चोरी गरेको आरोपमा ०६५ असार १५ गते विराटनगर उमनपा-६ स्थित सनत मेहताको खेतमा सोही ठाउँका ४० वर्षीय अशोक यादव, ३५ वर्षीय सनत मेहता, ३० वर्षीय रमेश मेहता र ५० वर्षीय छट्टु यादवको समूहले बाँसको भाटाले कुटपिट गरी हत्या गऱ्यो। हत्यापछि पीडितको लास उनीहरूले खेतनजिकै रहेको केसलिया खोलामा फालिदिएको संगै घाँस काट्न आएकी सुनसरी जिल्ला, रामगन्ज बेलगछिया-३ की १४ वर्षीया भगवती मण्डलले बताइन्। घटनामा संलग्न भएको आरोपमा प्रहरीले अशोकलाई भदौ २७ गते गिरफ्तार गरेर असोज ५ गते सादा तारेखमा रिहा गऱ्यो। अन्य व्यक्ति हालसम्म फरार छन्। पीडितका आफन्तले पीडकहरू विरुद्धमा ०६५ असार १७ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर गरे।

सुनसरी जिल्ला, इटहरी गाविस-५ निवासी १५ वर्षीय सरोज पोखरेललाई उनको मामली घर डाँगीहाट गाविस-५ मा धामी-झाँक्री लगाई झारफुक गर्ने क्रममा ०६५ भदौ २३ गते सोही ठाउँकी २५ वर्षीया देवीमाया बास्कोटा, झापा जिल्ला, तोपगाछी गाविस-२ का २२ वर्षीय मोहन तिम्सिना, डाँगीहाट गाविस-५ का ७५ वर्षीय तुलसीप्रसाद बास्कोटा, सोही ठाउँकी ६५ वर्षीया प्रार्थना बास्कोटा, २३ वर्षीय पूण्यप्रसाद बास्कोटा र २४ वर्षीया पूजा बास्कोटाले भूत भगाउने भन्दै लाठीले कुटपिट गर्दा घटनास्थलमै मृत्यु भयो। लासको उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा घटना भएकै दिन पोस्टमार्टम भयो। घटना पीडितका मामा तुलसीप्रसादका घरमा भएको थियो। उनीहरू सोही दिन गिरफ्तारीमा परे। उनीहरूमध्ये देवीमाया र मोहनलाई जिल्ला अदालतले ०६५ असोज ९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। उनीहरू हाल विराटनगर-११ हाटखोलास्थित कारागार शाखा मोरङमा राखिएका छन्। त्यस्तै, सो अदालतले तुलसी, प्रार्थना, पूर्ण र पूजालाई सोही दिन सादा तारेखमा रिहा गर्ने आदेश दियो। उनीहरू सोही दिन रिहा भए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कारको प्रयास

शनिश्चरे गाविस-१ की ४५ वर्षीया गौमाया राईको ०६४ फागुन २० गते सोही ठाउँका ४९ वर्षीय ललित सुब्बाले धारिलो हतियार प्रहार गरी हत्या गरे। घटनास्थल पुगेका छिमेकी ४२ वर्षीया धनबहादुर तामाङलाई पनि उनले धारिलो हतियार प्रहार गरी गम्भीर घाइते तुल्याएका थिए। पीडित तामाङको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडक यस वर्षको अन्त्यसम्म फरार भए। पीडित गौमाया घरमा एक्लै बस्दै आएकी थिइन्। उनका पति खोटाङ जिल्लामा र छोरा वैदेशिक रोजगारमा गएका थिए। पीडितलाई बलात्कार गर्ने प्रयास गरेको र सोही क्रममा हत्या भएको इलाका प्रहरी कार्यालय उर्लाबारीले जनायो।

### पारिवारिक हिंसा

पथरी गाविस-५ की ५५ वर्षीया सौतेनी दिदी पदमकुमारी चौहानलाई ०६४ पुस २६ गते भाइ ४० वर्षीय रेवत चौहानले टाउकोमा धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडक माघ २६ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्। घरायसी झगडामा पीडकले सौतनी दिदीलाई राती घरैमा बसेको समयमा धारिलो हतियार प्रहार गरी घाइते तुल्याएका थिए। घाइतेको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा सोही रात मृत्यु भयो। उनको सोही प्रतिष्ठानमा पोस्टमार्टम भयो।

शनिश्चरे गाविस-८ मिलनचोककी २७ वर्षीया बालिका पोखरेलको ०६४ फागुन २८ गते घरैमा ससुरा ६० वर्षीय श्रीविलास, ५५ वर्षीया सासू नन्दमाया र स्वास्थ्यकर्मी ४२ वर्षीय जगदीश दासले गर्भपतन गराउँदा मृत्यु भयो। गर्भपतनका क्रममा मृत्यु भएपछि उनको लास घरैभित्र झुन्ड्याएको अवस्थामा फेला पऱ्यो। पीडक तिनै जनालाई जिल्ला अदालतले चैत २४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। उनीहरूलाई चैत २४ देखि नै विराटनगर उमनपा-११ हाटखोलास्थित कारागार शाखा मोरङमा राखियो।

पीडितका पति विदेश गएको अवस्थामा २२ वर्षीय देवर शिवराजको गर्भ बोकेका कारण आठ महिनाको अवैध गर्भपतन गराइएको इलाका प्रहरी कार्यालय उर्लाबारीले जनायो। पीडितका तीन वर्षका एक छोरा छन्।

दादरबैरिया गाविस-५ की २४ वर्षीया रेखाकुमारी खवासलाई ०६५ वैशाख २१ गते पति २६ वर्षीय मोविनी खवासले आफूले विवाह नै नगरेको भनी घर निकाला गरे। पीडितले जेठ २१ गते कर्सिया प्रहरी चौकीमा उजुरी दिइन्। पीडितले यस वर्षको अन्त्यसम्म न्याय पाउन सकिनन्।

दादरबैरिया गाविस-९ की १८ वर्षीया सन्तोषीकुमारी रायलाई ०६५ वैशाख २७ गते पति १९ वर्षीय अरुण रायले आफूलाई मन नपरेको भनी घर निकाला गरे। पीडितलाई नागरिक समाजको दबाबपछि ०६४ जेठ १ गते पुन:स्थापना गरिएको थियो। पीडकलाई पीडित पक्षको उजुरीका आधारमा वैशाख २९ गते गिरफ्तार गरी सोही दिन रिहा गरिएको विरोधमा सोराभाग गाविसस्थित कर्सिया चौकीका सई महावीर यादवलाई स्थानीय गाउँलेले सरस्वती माविमा थुनेर कुटपिट गरेका थिए।

विराटनगर उमनपा-७ की २८ वर्षीया पुनमकुमारी गुप्ताले छोरी मात्र जन्माएको आरोपमा ०६५ जेठ २७ गते राती पति राजकुमार, देवरहरू ओम र कमलले कुटपिट गरे। पीडितको विराटनगर उमनपा-३ स्थित विराट नर्सिङ् होममा उपचार भयो। लाठी, लात्ती र मुक्का प्रहारबाट पीडितको टाउकोमा चोट लागेको थियो। पीडितका दाजु राजकुमार मियाँले जेठ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरीपछि पुन: कुटपिट नगर्ने सर्तमा पीडकलाई जेठ ३१ गते सोधपुछ गरी सोही दिन रिहा गरियो।

### बहुविवाह

कदमहा गाविस-५ की २२ वर्षीया अनिता मुखियाले सन्तान नजन्माएको आरोपमा ०६५ वैशाख ३१ गते पति २५ वर्षीय रञ्जितले विराटनगर उमनपा-१६ की १६ वर्षीया दयादेवी सहनीसँग दोस्रो विवाह गरे। पीडितले अंश भराई पाउँ भन्दै ०६५ जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। सोही उजुरीका आधारमा पीडकलाई ०६५ जेठ २९ गते गिरफ्तार गरियो। जिल्ला अदालतको आदेशमा ०६५ असार १८ गते १४ हजार रुपियाँ धरौटी बुझाई पीडक रिहा भए।

### सबै प्रकारका जातीय विभेद

लेटाङ गाविस-८ की ४२ वर्षीया विष्णुमाया दमाईलाई धाराको पानी छोएको आरोपमा ०६५ असार १४ गते छिमेकी ३२ वर्षीय नारायण क्षेत्रीले कुटपिट गरी घाइते तुल्याए। पीडितको स्थानीय क्लिनिकमा उपचार भयो। पीडितले इलाका प्रहरी कार्यालय लेटाडमा ०६५ असार १५ गते उजुरी दिइन्। उजुरीपछि पीडितलाई उपचार खर्च दिने सर्तमा पीडकलाई घटना भएकै दिन सोधपुछ गरी सोही दिन रिहा गरियो। कुटपिटबाट पीडितको टाउको र छातीमा सामान्य चोट लागेको इलाका प्रहरी कार्यालय लेटाडका इन्चार्ज इन्स्पेक्टर यामनाथ अधिकारीले बताए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### संरचना/सम्पति क्षति

### वाईसीएलबाट

एमालेको पथरी गाविस-१ पथरी बजारस्थित गाउँ पार्टी कार्यालय र लेटाङ गाउँ पार्टी कार्यालयमा जाँते गाविसमा वाईसीएल कार्यकर्तालाई कुटपिट गरेको तथा माओवादीको पार्टी कार्यालयमा तोडफोड गरेको भन्दै ०६५ मङ्सिर १८ र १९ गते वाईसीएल कार्यकर्ताहरूले ढुङ्गामुढा गरी तोडफोड गरी क्षति पुऱ्याए। सो क्रममा लेटाङ कार्यालयको साइनबोर्ड, झ्याल-ढोका र पथरी कार्यालयका कुर्सी र कागजात बाहिर निकालेर आगजनी गरिएको थियो। कार्यलयभित्र पनि कुर्सी तोडफोड गरिएका थिए। पीडित पक्षले पथरी प्रहरी चौकी र इलाका प्रहरी कार्यालय लेटाडमा क्रमश: मङ्सिर २३ र २९ गते उजुरी दिएको थियो। दोषीलाई कारबाही भएन।

सुनसरी जिल्ला इटहरी नपा-५ का शिव घिमिरेको कुखुराको चारो लिई भारतको जोगबनीबाट आउँदै गरेको डब्लुबी२३ए ३०५८ नम्बरको ट्रक विराटनगर उमनपा-१४ स्थित रोडशेष चोकमा वाईसीएल कार्यकर्ताले ०६४ माघ १९ गते आगजनी गरी क्षति पुऱ्याए। आगजनी गरेको आरोपमा प्रहरीले शनिश्चरे गाविस-४ का ३५ वर्षीय मुक्ति मगर, राजघाट गाविस-४ का २१ वर्षीय रमेश मुर्मु, उर्लाबारी गाविस-३ का २३ वर्षीय चन्द्र धिमाल र विराटनगर उमनपा-७ का सरौचियाका २२ वर्षीय पप्पु खानलाई प्रहरीले घटनास्थबाटै गिरफ्तार गऱ्यो। उनीहरूलाई सार्वजनिक अपराध ऐनअन्तर्गत थुनामा राखी सात दिनपछि प्रतिव्यक्ति ५/५ हजार रुपियाँ धरौटी लिई रिहा गऱ्यो।

### युथफोर्सबाट

माओवादी जाँते गाउँ कमिटीको कार्यालयमा

स्थानीयवासीलाई कुटपिट गरेको आरोपमा ०६५ मङ्सिर १९ गते जाँते गाविस-९ निवासी युथफोर्सका गाउँ अध्यक्ष वासु घिमिरेको नेतृत्वको समूहले ढुङ्गामुढा प्रहार गरी क्षति पुऱ्यायो। ढुङ्गामुढाबाट पार्टी कार्यालयका दुईओटा झ्याल भत्किनुका साथै एउटा साइनबोर्ड कुच्चिएको थियो। पीडित पक्षले इलाका प्रहरी कार्यालय लेटाङमा मङ्सिर २० गते मौखिक उजुरी गऱ्यो। घटनामा संलग्न दोषीलाई कारवाही भएन।

### सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

शनिश्चरे गाविस-२ का तेजबहादुर बुढोथोकीको को२प ५६०७ नम्बरको मोटरसाइकल महेन्द्र राजमार्गअन्तर्गत उर्लाबारी गाविस-६ सुनझोडा सडकखण्डमा सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा ०६४ माघ २० गते बिहान आगजनी गरे। पीडकहरू यस वर्षको अन्त्यसम्म फरार छन्। परिषद्ले सरकारसँग विभिन्न माग राखी अनिश्चितकालीन बन्द आह्वान गरेको थियो।

झापा जिल्ला, गौरादह गाविस-२ निवासी टाँडी गाविस-५ हात्तीमारास्थित माओवादी जनसेनाको सहायक शिविरका जनसेना विक्रम कार्की चढेको अनटेस्ट र भाग्य खनाल चढेको बा५प ५७४७ नम्बरको मोटरसाइकल ०६४ फागुन १५ गते महेन्द्र राजमार्गअन्तर्गत शनिश्चरे गाविस-९ स्थित जिरीखिम्तीमा सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले बन्द अवज्ञा गरेको आरोपमा आगजनी गरी ध्वस्त पारे। आगजनीबाट ध्वस्त सवारीको क्षतिपूर्ति दिन परिषद् सहमत भयो।

### अज्ञात समूहबाट

पथरी गाविस-१ पथरी बजारस्थित गाविस कार्यालयमा ०६४ चैत १३ गते राती ८.१० बजे अज्ञात समूहले कुकरबम विस्फोट गरायो। विस्फोटबाट गाविस सचिवको कार्यकक्षमा राखिएका स्टिलका दराज र काठका टेबल जलेर ध्वस्त भए। सो भवनको अर्को कोठामा कार्यालयका परिचर सूर्यप्रसाद मिश्र बसेका थिए। घटनास्थलमा संयुक्त राष्ट्रिय मोर्चाको पर्चा फेला परेको थियो।

### सम्पति कब्जा
### माओवादीबाट

विराटनगर उमनपा-१ निवासी पुनरावेदन अदालत कास्कीका मुख्य न्यायाधीश ऋषिराज जोशीको तीन बिघा जग्गा थलाहा गाविस-७ निवासी गाविसका पूर्वअध्यक्ष तथा एमाले कार्यकर्ता ४५ वर्षीय नारायण खतिवडाले कमाएको अवस्थामा ०६५ साउन १ गते माओवादीका स्थानीय कार्यकर्ताले कब्जा गरे। माओवादीलाई संविधानसभा चुनावमा पीडितले मत नदिएको, मोहीको जग्गा जालसाजी गरी लगतकट्टा गरेको लगायतका आरोप लगाएर सो जग्गा कब्जा गरिएको थियो। पीडितले आफू अन्यायमा परेको भन्दै जिल्ला सदरमुकामस्थित प्रहरी प्रशासन र माओवादीमा ०६५ साउन ३ र ५ गते उजुरी दिए पनि सुनुवाइ नभएको बताए।

### वाईसीएलबाट

शनिश्चरे गाविस-१ निवासी सोही गाविसका एमाले गाउँ कमिटी सचिव ३८ वर्षीय जीवन खतिवडा र सोही गाविस-४ निवासी इलाका कमिटी सचिव ३५ वर्षीय प्रेम वेनेमको क्रमश: को३प ६९४५ र को२प ६०६२ नम्बरका मोटरसाइकल पथरी गाविस-१ स्थित शिव मोटरसाइकल मर्मत केन्द्रबाट ०६५ मङ्सिर २० गते वाईसीएल कार्यकर्ताले जबरजस्ती सटर खोलेर कब्जा गरे। उनीहरूले ती मोटरसाइकल ०६५ पुस ४ गते पीडित पक्षलाई नम्बर प्लेट फेरेर फिर्ता दिए। पीडित पक्षले क्षतिपूर्ति र कारवाहीको माग गरी स्थानीय प्रहरीमा मङ्सिर २४ गते उजुरी दिए। दोषीलाई कारवाही भएन।

विराटनगर उमनपा-१५ का प्रकाश कोइरालाको सात बिघा जग्गा ०६५ जेठ ५ गते वाईसीएलका नगर इन्चार्ज विजय कामतको नेतृत्वमा कब्जा गरियो। सो जग्गामा हँसियाहथौडाअङ्कित रातो झन्डा गाडेर कब्जा भएको घोषणा गरिएको थियो। कब्जा गरिएको जग्गा भूमिहीन र मोहीलाई वितरण गरिएको नगर इन्चार्ज कामतले बताए। जग्गा कब्जापछि पीडितले स्थानीय प्रशासनलाई जानकारी गराए।

### युथफोर्सद्वारा

विराटनगर उमनपा-१५ निवासी सुरेश साहको सोही वडास्थित गोदामबाट एक ट्रक युरिया मल भन्सार छलेको भन्दै ०६५ भदौ १८ गते युथफोर्सका जिल्ला अध्यक्ष पर्शुराम बस्नेतको नेतृत्वको एक समूहले कब्जामा लियो। पीडितले घटनाका दोषीलाई कारवाही गर्न र आफ्नो सामान फिर्ता गराउन अनुरोध गर्दै सोही दिन वडा प्रहरी कार्यालयमा उजुरी दिए। कब्जा गरिएको मल प्रहरीलाई बुझाइएको थियो।

### लिम्बूवान राज्य परिषद्बाट

गोविन्दपुर गाविस-८ निवासी ४५ वर्षीय अनिलकुमार दास र अमरदह गाविस-१ का व्यापारी ४३ वर्षीय उदास मियाले क्रमशः १० टिन खाने तेल र १७ बोरा युरिया मल भन्सार छलेको भन्दै ०६५ भदौ २० गते लिम्बूवान राज्य परिषद्को भ्रातृ सङ्गठन लिम्बूवान भोलिन्टियर्सका जिल्ला संयोजक मिलन लिम्बूको नेतृत्वमा रहेको समूहले पथरी गाविस-१ स्थित पथरी बजारबाट कब्जा गऱ्यो। कब्जा गरिएको सो सामान इलाका प्रहरी कार्यालयमा बुझाए। प्रहरीले सो सामान भदौ २२ गते पीडितलाई फिर्ता गरेको थियो।

## १.६ सुनसरी

जनसङ्ख्या : १०,६८,१६६
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३१
क्षेत्रफल (वर्ग कि. मि.): १,२५७
गाविस/नपा सङ्ख्या : ४९/३
सरकारी/निजी विद्यालय : ४४५/५३
क्याम्पस/उच्च मा.वि. : ११/२४
अस्पताल/स्वास्थ्य चौकी : ३/५७
मानव विकास सूचकाङ्क : ०.५००
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रूपले बाँच्ने अधिकार
### हत्या
### राज्यबाट

दुहवी गाविस-९ निवासी माओवादी गाउँ कमिटी कार्यकर्ता बिस्कुट भनिने ३२ वर्षीय मोहमद इद्रिस मियाँको कर्फ्युको समयमा दुहबी बजारदेखि कर्फ्यु पास नभएको अवस्थामा खाद्यान्न किन्न जाँदा ०६४ फागुन १५ गते प्रहरीले चलाएको गोली लागी दुहवी गाविस-९ बुढीखोला पुलछेउमा मृत्यु भयो। मृतकको पोस्टमार्टम धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सोही दिन भयो। शवलाई फागुन १७ गते परिवारजनले बुझी पारिवारिक संस्कार अनुसार सद्गत गरे।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) बाट

मोरङ जिल्ला कटहरी गाविस-२ निवासी सशस्त्र सीमा सुरक्षा बल इनरुवामा कार्यरत सशस्त्र प्रहरीका वरिष्ठ हवलदार २७ वर्षीय शुक्रलाल माझीलाई ०६४ फागुन १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ताले संविधानसभा निर्वाचन मनोनयन दर्ता खारेजको माग गर्दै प्रदर्शन गर्ने क्रममा इनरुवा नपा-१ स्थित बजारमा कुटपिट गरी हत्या गरे। मृतकको पोस्टमार्टम सोही दिन जिल्ला अस्पताल इनरुवामा भयो भने ०६४ फागुन १४ गते शवलाई परिवारले बुझी मोरङस्थित सिङ्गिया खोलामा सद्गत गरे। सरकारले ०६५ वैशाख २४ गते पीडित परिवारलाई ७ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गरायो।

### मधेसी मुक्ति टाइगर्सबाट

प्रकाशपुर गाविस-६ निवासी व्यापारी ३९ वर्षीय केशव कार्कीलाई मधेस सरकारलाई चन्दा नदिएको, सुराकी गरेको तथा रक्त चन्दनको तस्करी गरेको आरोपमा मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले दुहबीबाट इनरुवातर्फ आउँदै गर्दा चाँदबेला गाविस-७ स्थित गडनपुलनजिक ०६५ वैशाख १६ गते गोली हानी घाइते बनाए। उनलाई सोही दिन धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुऱ्याइएकामा उपचारका क्रममा ०६५ वैशाख २२ गते मृत्यु भयो। मृतक कार्कीको सोही दिन पोस्टमार्टम गरी शव परिवारको जिम्मा लगाइयो। जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार, कार्की सवार रहेको को४प ३१०२ नम्बरको डिस्कोभर मोटरसाइकलसमेत टाइगर्सका कार्यकर्ताले लुटी लगेका थिए। प्रहरीले बरामद गरेपछि उक्त मोटरसाइकल जिल्ला प्रहरी कार्यालय सुनसरीबाट आफन्तले ०६५ असार १६ गते बुझी लगे।

### अज्ञात समूहबाट

चाँदबेला गाविस-६ निवासी सद्भावना पार्टीका कार्यकर्ता ३५ वर्षीय गुलाब सेन खबासलाई घरमा

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १४ | १३ | ३ | १६ | | | | १ | १ | १ |
| घाइते | १० | १४ | २ | १६ | | | | १ | १ | १ |
| कुटपिट | ५ | १४ | | १४ | | | | १ | ११ | ११ |
| धम्की | १ | १ | | १ | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | २ | | २ | | | | २ | ४२ | ४२ |
| महिलाअधिकार | ५ | | ६ | ६ | | | | | | |
| बालअधिकार | ६ | | १० | १० | | | | | | |
| अपहरण | ८ | ८ | | ८ | १ | १ | १ | | | |
| जम्मा | ५१ | ५२ | ३१ | ६३ | १ | १ | १ | ५ | ५५ | ५५ |

बसिरहेको अवस्थामा ०६४ चैत १६ गते अज्ञात समूहले बोलाई घरदेखि पूर्व खेतमा लगी खुकुरीले शरीरका विभिन्न भागमा प्रहार गरी घाइते बनायो। पीडितको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गराउने क्रममा सोही दिन मृत्यु भयो। उनको पोस्टमार्टम पनि प्रतिष्ठानमा सोही दिन भयो। शवलाई परिवारले ०६४ चैत १७ गते बुझे। उक्त घटनामा संलग्न भएको आशङ्कामा इलाका प्रहरी कार्यालय दुहबीले आशेश्वर चौधरीलाई ०६४ चैत १७ गते गिरफ्तार गऱ्यो भने जिल्ला अदालत सुनसरीको आदेशमा ०६५ वैशाख १३ गते विराटनगर कारागार चलान गऱ्यो।

कप्तानगन्ज गाविस-६ निवासी व्यापारी ४२ वर्षीय देवु मेहतालाई स्थानीय बजारबाट घरतर्फ आउँदै गर्दा ०६५ कात्तिक ९ गते अज्ञात समूहले सोही ठाउँमा गोली हानी हत्या गऱ्यो। मृतकको शवको पोस्टमार्टम जिल्ला अस्पताल इनरुवामा गराई परिवारको जिम्मा लगाइयो।

इटहरी नपा-१ का २१ वर्षीय रविन चौधरीलाई सोही नपा-५ स्थित जनता बस्तीमा घुम्न गएको अवस्थामा ०६५ पुस १ गते अज्ञात समूहले खुकुरीले टाउको तथा अनुहारमा प्रहार गरी घाइते बनायो। उपचारका लागि भारतको सिलगुडी लाँदै गर्दा ०६५ पुस २ गते उनको मृत्यु भयो। मृतकको शव धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोस्टमार्टम गरी परिवारको जिम्मा लगाइयो।

### दोहोरो झडपमा मृत्यु

रामनगरभुटाहा गाविस-२ निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता २८ वर्षीय पौवा भन्ने गङ्गा दासलाई सोही गाविसस्थित बालकृष्ण माविमा रहेको मतदान केन्द्रमा काङ्ग्रेस र फोरम कार्यकर्ताबीचको झडपमा चिरपट तथा छुराले ०६४ चैत २८ गते प्रहार गरी घाइते बनाए। उनको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा सोही दिन मृत्यु भयो। मृतकको शव सोही प्रतिष्ठानमा सोही दिन पोस्टमार्टम गरी परिवारको जिम्मा लगाइयो भने ०६४ चैत २९ गते पारिवारिक रीतिरिवाज अनुसार दाहसंस्कार गरे। काङ्ग्रेसका निवर्तमान गाविस अध्यक्ष गफार अन्सारीसहित १२ जनाको समूहले सो मतदान केन्द्रमा अवरुद्ध गर्दा स्थानीय मतदाता, काङ्ग्रेस र फोरम कार्यकर्ताहरू केन्द्रबाट बाहिर चौरमा गई झडप भएको थियो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### राज्यबाट

हरिपुर गाविस-७ निवासी मधेसी जनअधिकार फोरमका गाउँ एकाइ संयोजक २७ वर्षीय लालुप्रसाद कामत प्रहरीले ०६४ फागुन ९ गते सोही गाविस-९ भान्टाबारीस्थित पश्चिमबाट पूर्वतर्फ स्कटिङ् गरी सवारी साधन ल्याउँदै गर्दा प्रदर्शनकारीहरूले ढुङ्गामुढा गर्ने क्रममा चलाएको गोली कम्मरमुनि लागेर घाइते भए। उनको जिल्ला अस्पताल इनरुवामा उपचार भयो।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | मधेस मुक्ति टाईगर्सबाट | | | | मधेसी जनअधिकार फोरमबाट | | | जतमुमो(ज्वालासिंह)बाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १ | १ | | १ | | | | १ | १ | १ | ६ | ६ | | ६ |
| घाइते | ३ | ३ | १ | ४ | | | | १ | ३ | ३ | ६ | ८ | १ | ९ |
| कुटपिट | | | | | ३ | ११ | ११ | | | | १ | २ | | २ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | १ | २ | २ | | | | | | | |
| अपहरण | | | | | | | | १ | १ | १ | ६ | ६ | | ६ |
| जम्मा | ४ | ४ | १ | ५ | ४ | १३ | १३ | ३ | ५ | ५ | ३० | ३३ | १ | ३४ |

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

डुम्राहा गाविस-७ का २६ वर्षीय शम्भु मेहताको घरमा ०६४ फागुन १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह)का कार्यकर्ताले सुतली बम प्रहार गर्दा विस्फोट भई शम्भु मेहतासहित त्यहाँ रहेका सोही ठाउँका १८ वर्षीय विष्णु मेहता र बबिया गाविस-२ का ३० वर्षीय राजु साह हातखुट्टामा छर्रा लागी घाइते भए। घाइतेहरूको उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। सबै व्यक्तिहरूको शरीरमा छर्रा लागेको र मेहताद्वय ०६४ फागुन १९ गते र साह फागुन २२ गते उपचारपछि घर फर्के।

### मधेसी मुक्ति टाइगर्सबाट

इनरुवा नपा-१ की ८ वर्षीया तानियाकुमारी साहले मधेस मुक्ति टाइगर्स कार्यकर्तालाई लक्षित गरी आँगनमा फ्याँकेको सुतली बम हेर्न जाँदा ०६४ माघ १९ गते विस्फोट भई हात, खुट्टा तथा गुप्ताङ्गमा छर्रा लागी घाइते भइन्। उनको उपचार जिल्ला अस्पताल इनरुवामा भयो भने अस्पतालबाट ०६४ माघ २६ गते डिस्चार्ज भई घर फर्किइन्।

इनरुवा नपा-२ निवासी स्थानीय व्यापारी ५७ वर्षीय वृद्धिचन जैन र ३८ वर्षीय सुरेन्द्र गुप्ताले मधेस सरकारलाई कर नबुझाएको र सुराकी गरेको आरोपमा बजारमा गएको अवस्थामा ०६४ चैत २५ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले सुतली बम विस्फोट गराउँदा दुवैजना शरीरमा छर्रा लागी घाइते भए। घाइतेद्वयको जिल्ला अस्पताल इनरुवामा उपचार भयो। पीडितहरू ०६४ चैत २६ गते उपचारपछि घर फर्के।

सप्तरी जिल्ला भगवतपुर गाविस-८ निवासी व्यापारी ३६ वर्षीय अनिल चौधरी ०६५ असोज १२ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताद्वारा इनरुवा नपा-५ स्थित महेन्द्र चोकमा फ्याँकिएको सुतली बम हेर्न जाँदा विस्फोट भई दाहिने पाखुरामा छर्रा लागी घाइते भए। पीडितको उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो।

### अज्ञात समूहबाट

इनरुवा नपा-७ की ३६ वर्षीया तारा जैनले अज्ञात समूहले फालेको सुतली बम आफ्नै घरको छतमा फेला पारी चलाउने क्रममा ०६४ माघ ५ गते विस्फोट भई निधारमा छर्रा लागी घाइते भइन्। उनको उपचार स्थानीय क्लिनिकमा भयो।

खनार गाविस-५ का १२ वर्षीय दिनेश सरदारले विद्यालयबाट घर फर्कने क्रममा ०६४ फागुन २४ गते बाटोमा सुतली बम भेटाई खेलाउँदै गर्दा विस्फोट भई दाहिने खुट्टाको औंलामा लागी घाइते भए। उनको उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। पीडित उपचार गरी ०६४ चैत १० गते घर फर्किए।

नरसिंह गाविस-१ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता ३५ वर्षीय अब्दुला मन्सुरीलाई सुनसरी क्षेत्र नं. ५ को प्रचारप्रसार कार्यालयबाट घरतर्फ जाँदै गर्दा ०६४ चैत १६ गते पाँच जनाको समूहमा आएका अज्ञात व्यक्तिहरूले महेन्द्र राजमार्गको नरसिंह गाविस-३ को सडक खण्डमा गोली प्रहार गरी घाइते बनाए। काङ्ग्रेस पार्टीको प्रचारप्रसार कार्यालयबाट को१प २७२१ नम्बरको मोटरसाइकलमा चढी जाँदै गर्दा ती समूहले एक्कासि गोली हानी घाइते बनाएको पीडितले

बताए। घाइते मन्सुरीको जिल्ला अस्पताल इनरुवामा उपचार भयो। पीडित उपचारपछि सोही दिन घर फर्के भने उपचारमा संलग्न चिकित्सकले उनलाई गोली नलागी ढुङ्गा वा कुनै धारिलो हतियार प्रहार गरी घाइते बनाइएको बताए।

इटहरी नपा-८ निवासी व्यापारी २८ वर्षीय दीपक थापामगरलाई सोही नपास्थित साङ्गीतिक चौकमा साथीसँग कुरा गरिरहेको अवस्थामा ०६५ भदौ १५ गते दुई जनाको अज्ञात समूहले गोली हानी घाइते बनायो। पीडितको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

भरौल गाविस-५ का ३५ वर्षीय नइम अन्सारीलाई घरतर्फ आउँदै गर्दा ०६५ असोज १४ गते अज्ञात हतियारधारी समूहले गोली हानी घाइते बनायो। घाइतेको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

### आफैंले बोकेको बमबाट मृत्यु

दुहबी गाविस-३ स्थित डिफेन्स आर्मीका २६ वर्षीय अज्ञात व्यक्तिको आफैंले बोकेको सकेट बम विस्फोट भई हात, खुट्टा तथा आँखामा बमको छर्रा लागी ०६५ साउन १८ गते सोही ठाउँमा मृत्यु भयो। मृतकको शवलाई जिल्ला अस्पताल इनरुवामा पोस्टमार्टम गरी इनरुवा नगरपालिकाले फालेको प्रहरीले जनाए। इलाका प्रहरी कार्यालय दुहबीले घटनास्थलबाट पाँच थान सकेट बम, दुई थान कटुवा पेस्तोल, एक थान चाइनिज पेस्तोल तथा डिफेन्स आर्मीका केही कागजात फेला परेको बतायो।

### बेपत्ता/अपहरण

### माओवादीबाट

डुम्राहा गाविस-७ निवासी बार एकाइ सुनसरी सचिव तथा निर्वाचन पर्यवेक्षण सञ्जाल (नेमा) सुनसरी क्षेत्र नं. ६ का क्षेत्रीय संयोजक ४५ वर्षीय प्रेमप्रसाद पोखरेललाई बुथ पर्यवेक्षकहरूलाई तालिम दिन गएको अवस्थामा पार्टीको मान्छे राखेको भन्दै ०६४ चैत २६ गते माओवादी कार्यकर्ताहरूले बराहक्षेत्र गाविस-४ स्थित बीपी प्राविबाट अपहरण गरे। उनलाई पाँच घण्टापछि अधिकारकर्मी तथा सञ्चारकर्मीको उपस्थितिमा मुक्त गरियो। संविधानसभा निर्वाचनको पर्यवेक्षण गर्न स्थानीय बुथ पर्यवेक्षकहरूलाई तालिम दिन सो प्राविमा गएको अवस्थामा नारायण नेपालको नेतृत्वमा आएका ती कार्यकर्ताहरूले सोही विद्यालयमा नियन्त्रणमा लिई राखेको पीडितले बताए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

काठमाडौं गोलढुङ्गा गाविस-३ का ३६ वर्षीय अरूण अर्याललाई युवती बेचबिखनको आरोपमा ०६५ वैशाख १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले राजगञ्ज सिनुवारी गाविसबाट अपहरण गरे। पीडितलाई ०६५ वैशाख २४ गते इनरुवा नपा-६ बाट मानवअधिकारकर्मीको रोहवरमा मुक्त गरियो। अपहरणको समयमा कुनै किसिमको शारीरिक यातना नदिए पनि मानसिक यातना दिइएको पीडितले बताए।

### अज्ञात समूहद्वारा

प्रकाशपुर गाविस-६ बक्कुलाचाप निवासी काङ्ग्रेस कार्यकर्ता ४६ वर्षीय तीर्थराज भण्डारीलाई घरमा बसिरहेको अवस्थामा ०६४ माघ २२ गते अज्ञात समूहले केही कुरा बुझ्नु छ भनी अपहरण गऱ्यो। उनलाई ०६४ फागुन २१ गते भारतको वीरपुर क्षेत्रबाट फिरौती रकम लिई परिवारको जिम्मा लगाइयो। घटनापछि आफ्नै घरमा बस्दै आएका पीडितले कुनै किसिमको धम्की कतैबाट पनि नआएको बताए।

धरान नपा-१५ का ५८ वर्षीय देवीबहादुर राईलाई घरमा सुतिरहेको अवस्थामा केही बुझ्नु छ भनी ०६४ चैत १६ गते पाँच जनाको अज्ञात समूहले अपहरण गऱ्यो। पीडितलाई ०६५ वैशाख १६ गते झापा विर्तामोडस्थित आँखा अस्पतालबाट प्रहरी र वाईसीएलका कार्यकर्ताले मुक्त गराए। फिरौतीबापत दुई लाख रुपियाँ अपहरणकारीलाई सो ठाउँमा बुझाउन गएको अवस्थामा पीडितलाई मुक्त गराएको परिवारले बताए।

लौकही गाविस-५ निवासी व्यापारी २७ वर्षीय सतेन्द्र मेहतालाई घरतर्फ आउँदै गर्दा मधुवन गाविस-६ मा ०६५ वैशाख २९ गते मोटरसाइकल रोकी १२ जनाको समूहमा आएका अज्ञात व्यक्तिहरूले अपहरण गरे। पीडित भारतीय प्रहरीको सहयोगमा भारतको वीरपुरबाट ०६५ जेठ २ गते मुक्त भए। मधुवनस्थित तानिया मिलका सञ्चालक मेहतालाई ती अज्ञात समूहले उनी चढेको को१प २५८ नम्बरको क्यालिवर मोटरसाइकलसहित अपहरण गरेको इलाका प्रहरी कार्यालय लौकहीले जनायो। भारतीय प्रहरीले मुक्त गर्ने क्रममा सप्तरीको कोदरकट्ठी गाविस-३ का २५ वर्षीय

दीपक पासवानलाई कटुवा पेस्तोलसहित गिरफ्तार गरी नेपाल प्रहरीसमक्ष बुझाएको जनाए। पीडितले आफ्नो मोटरसाइकल इलाका प्रहरी कार्यालय लौकहीबाट ०६५ जेठ ५ गते फिर्ता लिए। अपहरणकारीलाई कानुन अनुसार कारबाही भयो।

राजगञ्ज सिनुवारी गाविस-४ निवासी ग्रामीण स्वास्थ्य कार्यकर्ता २९ वर्षीय गोपाल यादवलाई आँखामा पट्टी बाँधेर सोही गाविस-९ बाट ०६५ साउन ६ गते पाँच जनाको समूहमा आएका अज्ञात व्यक्तिहरूले अपहरण गरे। उनी सप्तरी जिल्लाको फत्तेपुर गाविस-९ गड्गाजलीबाट साउन १० गते अपहरणकारीहरूको कब्जाबाट भागी मुक्त भए। पीडितका अनुसार अपहरणकारीहरूले शारीरिक तथा मानसिक पीडा दिनुका साथै फिरौतीबापत ५ लाख रुपियाँ माग्दै आएका थिए।

बबिया गाविस-४ का १८ वर्षीय राजु भन्ने राजकुमार यादवलाई इनरुवा नपा-७ स्थित निर्माणधीन घर कुर्न बसेको अवस्थामा ०६५ साउन २६ गते चार जनाको अज्ञात समूहले अपहरण गऱ्यो। पीडित वसन्तपुर गाविस-३ सुखसेनाबाट ०६५ साउन २७ गते अपहरणकारीको कब्जाबाट भागी मुक्त भए। सो समूहले पीडितसँग १० लाख रुपियाँ फिरौती रकम माग्दै आएका थियो।

## धम्की/कुटपिट

### राज्यबाट

खनार गाविस-४ स्थित रिलायन्स स्पेनिङ् मिल्सका मजदुरहरूले बढेको ज्याला पाउनु पर्ने, आठ घन्टा काम पाउनुपर्नेलगायतका माग राखी शान्तिपूर्ण आन्दोलन गरिरहेको अवस्थामा बराहक्षेत्र गाविस-४ का ४० वर्षीय गोपीकृष्ण भट्टराई, धनकुटाका ३० वर्षीय पूर्णबहादुर श्रेष्ठ, सोही ठाउँका निकेश श्रेष्ठ, मिल्समा कार्यरत मजदुर ३४ वर्षीय टेकबहादुर श्रेष्ठ, ४० वर्षीय नइमुद्दिन अन्सारी, ३६ वर्षीय ऋषिकेश दाहाल, ३८ वर्षीय तरनारायण चौधरी, २५ वर्षीय सिलिप सरदार, २६ वर्षीय अजित मियाँ, ३० वर्षीय प्रकाश चौधरी र रुद्र चौधरी ०६५ कात्तिक ७ गते प्रहरीले आन्दोलनमा हस्तक्षेप गरी अन्धाधुन्ध लाठी चार्ज गर्दा ढाड, हात, खुट्टा र टाउकामा लागी घाइते भए। उनीहरूमध्ये गोपीकृष्णको उपचार विराटनगरस्थित कोसी अञ्चल अस्पताल, पूर्णबहादुरको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान र अरूको स्थानीय स्वास्थ्य केन्द्रमा भयो।

*प्रहरीको गोली लागी मारिएका विस्कुट भनिने इद्रिस मियाँ*

### वाईसीएलबाट

बराहक्षेत्र गाविस-१ निवासी स्थानीय व्यापारी ३४ वर्षीय सजनकुमार रायलाई घर भाडा मागेको विषयलाई लिएर उनको घरमा डेरा गरी बस्ने वाईसीएल नेता ३२ वर्षीय शम्भु कार्कीले ०६५ वैशाख २३ गते मार्ने धम्की दिए। घरमा डेरा गरी बस्दै आएका ती नेताले तीन महिनादेखि भाडा नतिरेको तथा भाडा माग्दा उल्टै आफूसँग चन्दा माग गरी मार्ने धम्की दिएको पीडितले बताए। पीडितलाई अहिले कुनै किसिमको धम्की आएको छैन।

### मधेसी जनअधिकार फोरमबाट

नरसिंह गाविस-१ निवासी काङ्ग्रेस कार्यकर्ताहरू ३५ वर्षीय रुस्तम मन्सुरी, सोही ठाउँका ३६ वर्षीय अबदुल्ला, २८ वर्षीय जमिल अक्तर, २५ वर्षीय मुर्सिद आलम, १९ वर्षीय समिर आलम, ५० वर्षीय नसिर मियाँ, ३५ वर्षीय अब्दुल रजाक, ५१ वर्षीय मोहम्मद मसुरुद्दिन, ५१ वर्षीय अजिज मियाँ, १९ वर्षीय सदादत मियाँ र ५१ वर्षीय मुस्तफाक मन्सुरीलाई पार्टीको बैठक सकेर घर फर्कदै गर्दा ०६४ चैत ४ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले सोही गाविस-४ स्थित बाटोमा छेकी लाठी, लात्ती र मुक्काले कुटपिट गरी घाइते बनाए। घाइतेमध्ये जमिल अक्तर र सम्सीर आलमलाई विराटनगरस्थित विराट नर्सिङ् होममा उपचार गरियो भने अरू सबैको सदरमुकामस्थित जिल्ला अस्पतालमा उपचार भयो।

हरिपुर गाविस-८ निवासी काङ्ग्रेसका कार्यकर्ता ३२ वर्षीय जगदिश कामतलाई प्रचारप्रसार गरी घर फर्कने क्रममा ०६४ चैत १४ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले सोही गाविस-९ मा

*अज्ञात समूहको खुकुरी प्रहारबाट मारिएका गुलाब सेन खवास*

कुटपिट गरी घाइते बनाए। उनको जिल्ला अस्पताल इनरुवामा उपचार भयो। काङ्ग्रेस जिल्ला सदस्य सीताराम भट्टराईले पार्टीको प्रचारप्रसार गर्न गएको अवस्थामा फोरमका कार्यकर्ताले कुटपिट गरी घाइते बनाएको जनाए। पीडित ०६४ चैत १६ गते घर फर्किए।

तनमुना गाविस-३ निवासी सद्भावना पार्टीका कार्यकर्ता ३२ वर्षीय कृष्णकुमार माझी, सिमरिया गाविस-७ का ३८ वर्षीय विमल थानदार र सोही गाविस-३ का ३८ वर्षीय हरिनारायण साहलाई ०६४ चैत १४ गते मधेसी जनअधिकार फोरमको झन्डा झुन्ड्याउने विषयमा विवाद हुँदा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले सोही स्थानमा कुटपिट गरी घाइते बनाए। उनीहरूको ०६४ चैत १४ गते स्थानीय स्वास्थ्य केन्द्र दुहवीमा उपचार भयो।

### खुम्बूवान राष्ट्रिय मोर्चाबाट

मोरङ जिल्ला बेलबारी गाविस-८ निवासी *एभीन्यूज* टेलिभिजन कार्यालय इटहरी क्षेत्रीय ब्युरोका क्यामेरा म्यान ३३ वर्षीय दीपक कार्कीलाई खुम्बूवान राष्ट्रिय मोर्चाका जिल्ला कानुनी सल्लाहकार बताउने ४६ वर्षीय विष्णुप्रसाद शर्माले मोहियानी जग्गाको समाचार सङ्कलन गरेको भन्दै ०६५ मङ्सिर ३ गते इटहरी नपा-१ स्थित कार्यालयमा गई हातपात तथा दुर्व्यवहार गरे। पीडकलाई इलाका प्रहरी कार्यालय इटहरीले सोही दिन गिरफ्तार गऱ्यो। सार्वजनिक रूपमा माफी मागेपछि उनी रिहा भए। तर मोर्चाले उनलाई साधारण सदस्यसमेत नरहने गरी निष्कासन गऱ्यो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

हरिपुर गाविस-९ भान्टाबारी निवासी काङ्ग्रेस कार्यकर्ता १८ वर्षीय सोकत मियाँ र १८ वर्षीय सदाम मियाँलाई मधेसी जनअधिकार फोरमका कार्यकर्ताले घरदैलो कार्यक्रमको समयमा सोही स्थानमा लट्ठी, ढङ्गामुढा प्रहार गरी अवरोध गर्ने क्रममा ०६४ चैत २१ गते घाइते बनाए।

इनरुवा नपा-७ निवासी नेपाल सद्भावना पार्टीका अध्यक्ष सुरैत यादव, संयुक्त लोकतान्त्रिक मेधसी मोर्चाका नेता-कार्यकर्ताहरू हरिपुर गाविस-७ का ३५ वर्षीय लालकुमार कामत, २५ वर्षीय जगदिश यादव, २८ वर्षीय गोपाल मण्डल, इनरुवा नपा-६ का २७ वर्षीय सुरेश मेहता, श्रीपुर गाविस-४ का १९ वर्षीय धर्मेन्द्र मेहता, इनरुवा नपा-८ का २७ वर्षीय शम्भु मेहता, बबिया गाविस-८ का २५ वर्षीय टेढु खत्वे, भोक्राहा गाविस-५ का २२ वर्षीय राजेश यादव, गौतमपुर गाविस-२ का २७ वर्षीय धर्मवीर आर्य, इनरुवा नपा-७ का २६ वर्षीय मोहम्मद राजु, सोही नपा-६ का ५५ वर्षीय रामदत्त मेहता, सोही नपा-५ का २३ वर्षीय शत्रुघन मण्डल, नरसिंह गाविस-५ का २२ वर्षीय महेश्वरप्रसाद यादव, इनरुवा नपा-९ का ५६ वर्षीय पोषराज कोइराला, सोही नपा-७ का मोहमद राजीव, सोही नपा-३ का २५ वर्षीय सुरेन्द्र उराँव, पश्चिम कुसाहा गाविस-१ का ३२ वर्षीय सत्यनारायण यादव, गौतमपुर गाविस-५ का २३ वर्षीय श्यामदेव मेहता, बबिया गाविस-४ का ३२ वर्षीय उमेश यादव, पश्चिम कुसाहा गाविस-२ का २७ वर्षीय सूर्यनारायण सरदार, सत्तेरझोरा गाविस-३ का २४ वर्षीय बुधनारायण उराँव, लौकही गाविस-२ का २५ वर्षीय विनोद यादव, ३२ वर्षीय बैजनाथ यादव, इनरुवा नपा-८ का ५२ वर्षीय माघो मेहता, भोक्राहा गाविस-५ का २४ वर्षीय प्रभुनारायण यादव, इनरुवा नपा-२ का २४ वर्षीय रामचन्द्र मेहता, हरिपुर गाविस-६ का १७ वर्षीय रूपेशकुमार झा, बबिया गाविस-३ का २८ वर्षीय भोला साह, डुम्राहा गाविस-२ का २८ वर्षीय इन्द्रदेव मुखिया, नरसिंह गाविस-५ का २७ वर्षीय मुनचन यादव, कप्तानगन्ज गाविस-२ का ६० वर्षीय फनिलाल मेहता, इनरुवा नपा-७ का ३० वर्षीय सुरेन्द्र मेहता, सोही नपा-३ का २४ वर्षीय लक्ष्मण मेहता, कप्तानगन्ज गाविस-५ का ३० वर्षीय राजकुमार मण्डल, नरसिंह गाविस-२ का ३६ वर्षीय श्यामप्रसाद साह, बबिया गाविस-८ का ४४ वर्षीय रामेश्वर मेहता, रामकृष्ण

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट मारिएका शुक्रलाल माझी*

मेहता, शिवनारायण मेहता, राजगन्जसिनुवारी गाविस-४ का ३५ वर्षीय रामनारायण यादव, मधुवन गाविस-२ का ३८ वर्षीय धर्मदेव मेहता, हरिनगरा गाविस-५ की ४५ वर्षीया शान्ति राम र इनरुवा नपा-७ का २८ वर्षीय सीताराम पौदार इनरुवामा संविधानसभा निर्वाचन मनोनयन दर्ता खारेज गर्न प्रदर्शन गरिरहेको अवस्थामा ०६४ फागुन १३ गते प्रहरीले गरेको लाठी चार्जमा परी हात, खुट्टा, टाउकामा चोट लागेर घाइते भए। उनीहरूको इनरुवास्थित जिल्ला अस्पतालमा उपचार भयो। प्रदर्शनकारीलाई तितरबितर गर्न प्रहरीले दुई दर्जन राउन्ड अश्रुग्याससमेत प्रयोग गरेका थिए। घाइतेहरूको उपचार जिल्ला अस्पताल इनरुवामा भयो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सुनसरीमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८ सय ५४ थानमध्ये यस वर्ष १ सय १६ थान फर्स्यौट भई ७ सय ३८ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २ सय ४७ थानमध्ये ७२ थान फर्स्यौट भई १ सय ७५ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा १ हजार १ सय १ थानमध्ये १ सय ८८ थान फर्स्यौट भई ९ सय १३ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ८३ थान मुद्दामध्ये यस वर्ष १९ फर्स्यौट भई १ सय ६४ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ८९ थानमध्ये २० थान फर्स्यौट भई ६९ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २ सय ७२ थानमध्ये यस वर्ष ३९ थान फर्स्यौट भई २ सय ३३ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ६३ थान मुद्दामध्ये यस वर्ष ६८ थान फर्स्यौट भई २ सय ९५ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय ४८ थानमध्ये ४१ थान फर्स्यौट भई १ सय ७ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ५ सय ११ थानमध्ये यस वर्ष १ सय ९ थान मुद्दा फर्स्यौट भई ४ सय २ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ हजार ८ सय ८४ थानमध्ये यस वर्ष ३ सय ३६ थान मुद्दा फर्स्यौट भई १ हजार ५ सय ४८ थान मुद्दा बाँकी रहे।

## बालअधिकार

मोरङ जिल्लाको दुलारी गाविस-१ का ११ वर्षीय सतिश काफ्लाई उखु खान खेतमा गएको अवस्थामा ०६४ फागुन ५ गते अज्ञात समूहले अमाहिबेला गाविस-५ मामालीबाट अपहरण गऱ्यो। पीडितलाई फागुन ८ गते अपहरणकारीले सोनापुर गाविसस्थित नहरमा ल्याएर मुक्त गरे। पीडित बालकलाई के कति कारणले अपहरण गरे भन्ने कारण खुल्न सकेन।

औरावनी गाविस-५ की १२ वर्षीया एक बालिकालाई खेतमा घाँस काट्न गएको अवस्थामा ०६४ फागुन १२ गते सोही ठाउँका २५ वर्षीय अनिल चौधरीले बलात्कार गरे। पीडित पक्षले फागुन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इनरुवामा सोही दिन भयो। पीडक फरार रहेकाले कुनै कारवाही भएन।

अमडुवा गाविस-३ का तीन वर्षीय बालक अनवर मियाँलाई घरमा एक्लै खेलिरहेको अवस्थामा सोही गाविस-५ की १९ वर्षीया आस्मा खातुनले ०६४ चैत २५ गते खाली खेतमा पुऱ्याई घाँटी थिचेर हत्या गरिन्। पीडकलाई जिल्ला अदालत सुनसरीको आदेशमा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएबमोजिम ०६४ चैत ११ गते मोरङ कारागार चलान गरियो।

अमाहिबेला गाविस-८ की १५ वर्षीया एक बालिकालाई ललाइफकाई विराटनगरको एक लजमा लगी औषधि खुवाई ०६५ असार २९ गते सोही ठाउँका २५ वर्षीय खिलकुमार गुरुङले बलात्कार गरे। पीडित पक्षले ०६५ साउन ५ गते इलाका प्रहरी कार्यालय चिमडीमा दिएको उजुरी दर्ता गराए पनि पीडकलाई कुनै कारवाही भएन।

धरान नपा-११ की १४ वर्षीया एक बालिकालाई भैलो खेली घर फर्कने क्रममा बाटैबाट नियन्त्रणमा लिई ०६५ कात्तिक १३ गते सोही ठाउँका ५० वर्षीय राजकुमार कालीकोट र २६ वर्षीय मानबहादुर कार्कीले कालीकोटको घरमा लगी बलात्कार गरे। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो भने पीडकहरूलाई इलाका प्रहरी कार्यालय धरानको हिरासतमा राखी अनुसन्धान प्रक्रिया अगाडि बढाएको प्रहरीले जनाए। पीडकलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६५ मङ्सिर ८ गते पुर्पक्षका लागि मोरङको विराटनगर कारागार चलान गरियो।

*अज्ञात समूहको गोलीबाट घाइते अब्दुल मन्सुरी*

धरान नपा-३ की ८ वर्षीया रूपा दर्जी सोही ठाउँकी १२ वर्षीया मेनुका दर्जी र १२ वर्षीया मन्दिरा धिमाललाई काम लगाई दिने प्रलोभनमा ०६५ कात्तिक १८ गते इटहरी नपा-१ बस्ने लालुपाते होटल सञ्चालिका ३५ वर्षीया ज्ञानु राईले इटहरी चोकबाट होटलमा लगी कुटपिट गरी आफ्ना ग्राहकहरूसँग यौनजन्य काममा संलग्न गराइन्। पीडित बालिकाहरू कात्तिक ६ गते फुपूका घर हिँडेको अवस्थामा विभिन्न प्रलोभन देखाई होटलमा लगिएको थियो। पीडकविरुद्ध कात्तिक २१ गते इलाका प्रहरी कार्यालयमा मुद्दा दर्ता गरी कानुनी प्रक्रिया तथा अनुसन्धान अगाडि बढाइएको इन्स्पेक्टर गणेश बाँस्तोलाले बताए। पीडकलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६५ मङ्सिर १७ गते पुर्पक्षका लागि मोरङस्थित विराटनगर कारागार चलान गरियो।

देवानगञ्ज गाविस-३ का पाँच वर्षीय बालक रामचन्द्र मेहतालाई आफ्नै घरमा आमासँग सुतिरहेको अवस्थामा ०६५ मङ्सिर ९ गते अज्ञात हतियारधारी समूहले अपहरण गऱ्यो। अपहृत बालकलाई भारतको अज्ञात स्थानबाट उनका छिमेकी राजु मेहतालगायतले फिरौतीबापत २ लाख रुपियाँ तिरेर ०६५ मङ्सिर १४ गते मुक्त गरे।

*बम विस्फोटनबाट घाइते सुरेन्द्र गुप्ता*

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

### बेचबिखन/ओसारपसार

मधेसा गाविस-९ की १९ वर्षीया मञ्जु सदालाई झापाको शनिश्चरे गाविस-५ बाट नक्कली नागरिकता र पासपोर्ट बनाई ०६५ जेठ १६ गते डुम्राहा गाविस-७ का २८ वर्षीय मस्तकिन मियाँ, झापा जिल्ला दमक नपा-१० निवासी ३६ वर्षीय इन्द्रबहादुर सम्वाहाम्फे र मधेसा गाविस-६ की ३६ वर्षीया वासुकी रामले साउदी अरबमा बेचबिखन गरे। पीडित छ महिनापछि गर्भवती भएर घर फर्की प्रहरी कार्यालयमा लिखित उजुरी दिएपछि ०६५ मङ्सिर ११ गते प्रहरीले पीडकहरूलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत सुनसरीको आदेश अनुसार पीडकहरू सादा तारेखमा ०६५ पुस ८ गते छुटे।

उदयपुर जिल्ला कटारी गाविस-३ निवासी १८ वर्षीया, सोही ठाउँकी १५ वर्षीया, त्रियुगा नपा-५ निवासी १७ वर्षीया तीन जनालाई धरान नपा-१६ की ३० वर्षीया लालमाया भन्ने पार्वती राईले विभिन्न प्रलोभन देखाई बेचबिखन गर्न भारततर्फ लैजाने तयारी गरिरहेको अवस्थामा सङ्घीय लिम्बूवान परिषद्का कार्यकर्ताले ०६५ भदौ १९ गते नियन्त्रणमा लिएर प्रहरीलाई बुझाए। पीडक जिल्ला अदालत सुनसरीको आदेश अनुसार ०६५ असोज ९ गते ५० हजार रुपियाँ धरौटी राखी छुटिन।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मध्यहर्षही गाविस-२ की २७ वर्षीया एक महिलालाई बजारबाट किनमेल सकी घरतर्फ जाँदै गर्दा ०६५ जेठ १५ गते मुखमा पट्टी बाँधी हरिनगरा गाविस-८ का ३३ वर्षीय अनन्तलाल दास र सोही गाविस-७ का ३६ वर्षीय दयानन्द मेहताले हरिनगरा गाविस-८ मा बलात्कार गरे। पीडितले जेठ १६ गते इलाका प्रहरी

कार्यालय हरिनगरामा दिएको उजुरीका आधारमा सोही दिन पीडकद्वयलाई प्रहरीले गिरफ्तार गऱ्यो।पीडकमध्ये अनन्तलाल दास ०६५ असार ८ गते धरौटीमा रिहा भए भने मयानन्द सादा तारेखमा रिहा भए।

### पारिवारिक हिंसा

हरिनगरा गाविस-२ की ३० वर्षीय दुखनी ऋषिदेवलाई परपुरुषसँग लागेको र घरायसी विवाद बढाएको आरोपमा ०६५ असार ६ गते आफ्नै पति ३६ वर्षीय जोगिन्द्र ऋषिदेवले घरमै पेटमा छुरा प्रहार गरी हत्या गरे। घटनाका बारेमा स्थानीय गाउँलेहरूले थाहा पाई सोही दिन पीडकलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा बुझाए। जिल्ला अदालत सुनसरीको आदेशमा ०६५ साउन २ गते उनलाई मोरङको विराटनगर कारागार चलान गरियो।

इटहरी नपा-२ की २१ वर्षीया सम्झना दाहाललाई इटहरी बजारबाट तरकारी किनी घर फर्कने क्रममा ०६५ असोज २६ गते उनकै पति मोरङ जिल्ला इटहरा गाविस-९ झुनाबारीका ३० वर्षीय भोजराज भन्ने बोदराज रेग्मीले टाउको र अनुहारमा तेजाब हाली मार्ने प्रयास गरे। घाइते दाहालको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडकलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६५ मङ्सिर ५ गते पुर्पक्षका लागि मोरङको विराटनगर कारागार चलान गरियो।

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा अपहरण गरिएका अरुण अर्याल*

### दुर्व्यवहार

डुम्राहा गाविस-८ खोरियाका ५० वर्षीय नथुलाल उराँव र उनकी पत्नी ३५ वर्षीया वतीदेवी उराँलाई सोही ठाउँका किसनलाल उराँवका छोरा २४ वर्षीय वीरेन उराँवको खुट्टा नचल्ने बनाएको र बोक्सी लगाई दु:ख दिने गरेको आरोप लगाउँदै सोही ठाउँका ४० वर्षीय किसनलाल उराँव, ४५ वर्षीय फतिलाल उराँव, २८ वर्षीय राजकुमार उराँव र ५१ वर्षीय सकमु उराँवले ०६४ चैत ३ गते बिहान पञ्चायत बोलाई कुटपिट गरी गाउँ छोड्ने उर्दी जारी गरे। समुदायमा कुटपिट भएकाले पीडितहरूले चैत ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले चैत ५ गते पीडकमध्ये राजकुमार उराँवलाई

*माओवादीद्वारा अपहरण गरिएका प्रेम पोखरेल*

*प्रहरीको गोलीबाट घाइते भएका लालुप्रसाद कामत*

गिरफ्तार गरी ल्याएपछि स्थानीयबासी जिल्ला प्रहरी कार्यालय इनरुवामा आई अबउपरान्त कसैलाई पनि बोक्सीको आरोप नलगाउने सम्झौता अनुरूप प्रहरी इन्स्पेक्टर चक्र बस्नेतको रोहबरमा कागज गरी घर फर्के।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष बजेट निकासा नभएका कारण जिल्लामा वृद्धा, विधवा, ज्येष्ठ र अशक्तका लागि वर्षको अन्त्यसम्म भत्ता वितरण भएन।

### संरचना, सम्पत्ति क्षति

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) बाट

इनरुवा नपा-६ स्थित क्वालिटी नेपाल भेनियर्स प्रालिमा मधेस सरकारलाई कर नबुझाएको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) का कार्यकर्ताले ०६४ फागुन ५ गते आगजनी गरे। आगजनीबाट २ लाख रुपियाँबराबरको क्षति भएको प्रोपराइटर युगलकिशोर राठीले बताए। पीडकहरूलाई कुनै कारबाही भएन भने जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि क्षतिपूर्तिसमेत कतैबाट उपलब्ध नभएको राठीले बताए।

इनरुवा नपा-७ स्थित जिल्ला प्रशासन कार्यालयमा ०६४ फागुन ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले कार्यालयको पछाडिबाट प्रवेश गरी कुकरबम विस्फोट गराई भौतिक क्षति पुऱ्याए। विस्फोटबाट मुद्दा दर्ता शाखा, प्रशासकीय शाखा, लेखा शाखालगायतको

*ज्वाला सिंहका कार्यकर्ताले बम विस्फोट गराई क्षति पुऱ्याइएको काङ्ग्रेस पार्टी कार्यालय*

कोठाको टेबल, कुर्सी, च्याकसमेत क्षति ग्रस्त भए। विस्फोटको एक सातापछि कार्यालय पुनः सञ्चालनमा आएको थियो।

*आफ्नै पतिले खन्याएको तेजाबबाट भन्डै मारिएकी सम्झना दाहाल*

इनरुवा नपा-७ स्थित काङ्ग्रेसको पार्टी कार्यालयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह)का कार्यकर्ताले ०६४ चैत १८ गते कुकरबम विस्फोट गराउँदा एक कोठा, फर्निचर तथा कार्यालय प्रयोजनका कागजात नष्ट भए। काङ्ग्रेस पार्टी सचिव राजीव कोइरालाका अनुसार, कार्यालय प्रयोजनका लागि राखिएका कागजात, फर्निचर जलेर पूर्ण रूपले नष्ट भए। उनका अनुसार, कुनै किसिमको क्षतिपूर्ति दिइएको छैन। साथै, त्यसका लागि प्रशासनिक पहल पनि भएको छैन।

### मधेसी मुक्ति टाइगर्सबाट

इनरुवा नपा-३ स्थित जिल्ला मालपोत

*अज्ञात समूहद्वारा अपहरण गरिएका गोपाल यादव र राजकुमार यादव*

*कुकर बम विस्फोट गराई क्षति पुऱ्याइएको जिल्ला प्रशासन कार्यालय*

कार्यालय सुनसरीमा ०६५ असार २० गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले कुकरबम विस्फोट गराए भने विस्फोटबाट उत्तरपट्टि रहेको शौचालयमा क्षति पुग्यो। कार्यालयका उपसचिव मदनकृष्ण उप्रेतीका अनुसार, दिउँसो सबै कर्मचारीहरू काममा व्यस्त रहेको अवस्थामा शौचालयमा बम विस्फोट गराइएको थियो।

## १.७ धनकुटा

| | |
|---|---|
| जनसङ्ख्या : | १,८४,४५६ |
| साक्षरता प्रतिशत : | ६४ |
| महिला साक्षरता प्रतिशत : | ४५ |
| क्षेत्रफल (वर्ग कि. मि.) : | ८९१ |
| गाविस/नपा सङ्ख्या : | ३५/१ |
| सरकारी/निजी विद्यालय : | ३१५/१२ |
| क्याम्पस/उच्च मा.वि. : | १/१२ |
| अस्पताल/स्वास्थ्य चौकी : | १/३७ |
| मानव विकास सूचकाङ्क : | ०.५०७ |
| प्रतिपरिवार सरदर सङ्ख्या : | ६ |

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**माओवादीबाट**

भीरगाउँ गाविस-४ निवासी राष्ट्रिय जनशक्ति पार्टीका कार्यकर्ता २८ वर्षीय दीपक दाहालको ०६४ चैत २४ गते राती आफूलाई माओवादीका कार्यकर्ता बताउने समूहले घरबाटै अपहरण गरी धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। उनको लास सोही गाविस-६ स्थित बैरेमा स्थानीय बासिन्दाले चैत २४ गते दिउँसो फेला पारेर जिल्ला प्रहरी कार्यालयमा जानकारी गराएका थिए। पीडितलाई अघिल्लो दिन माओवादी कार्यकर्ताहरूले धम्की दिएका थिए। प्रहरीले माओवादी कार्यकर्ता भीरगाउँ गाविस-४ का ४६ वर्षीय डेगमान राई र ३८ वर्षीय अम्बरबहादुर राईलाई २४ गते गिरफ्तार गरी कारबाही अगाडि बढायो। मृतकका बाबु पृथुसिं दाहालले चैत २५ गते माओवादीका १० जना नेता तथा कार्यकर्तालाई विपक्षी बनाई जाहेरी दिए। माओवादीले घटनाको जिम्मेवारी लिएन। तर, मुद्दाका आरोपीहरू कात्तिक ११ गतेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार मुद्दा फिर्ता भई मङ्सिर १६ गते रिहा भए।

**गोली/विस्फोटक पदार्थद्वारा घाइते**
**राज्यबाट**

धनकुटा नपा-७ का ७० वर्षीय हर्कबहादुर गुरुङ, सोही नपा-३ पाल्लेखोलाका ४८ वर्षीय लोकबहादुर न्यौपाने, भोजपुर जिल्ला घर भई लोकसेवाको परीक्षा दिन धनकुटा आएका ३२ वर्षीय काजीराम राई, सल्लेरी ब्यारेकका जवानहरू सुदीप शाह र हरि आचार्य ०६५ भदौ १३ गते धनकुटा जिल्ला प्रहरी कार्यालयबाट सई धर्म न्यौपाने र असई चन्द्र कार्कीको नेतृत्वमा गस्तीमा खटिई गएका नौ सदस्यीय सुरक्षाकर्मीको समूहले युथफोर्स र वाईसीएलबीच भएको झडप नियन्त्रण गर्न चलाएको गोली र छर्रा लागी गम्भीर घाइते भए। घाइतेहरूको प्राथमिक उपचार धनकुटा जिल्ला अस्पतालमा भई धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। सेनाका दुई जवानको छाउनीस्थित सैनिक अस्पतालमा उपचार भइरहेको छ भने अन्य तीन जनाको उपचार खर्चको अभावमा शरीरबाट यस वर्षको अन्त्यसम्म छर्रा निकालिएको छैन।

**युथफोर्सबाट**

अर्खौंले जितपुर गाविस-७ का माओवादीका कार्यकर्ताहरू ३८ वर्षीय भाइकाजी विक र १७ वर्षीय नवीन थपलियालाई ०६४ चैत २९ गते राती सोही गाविसका युथफोर्सका कार्यकर्ता २८ वर्षीय गुप्तराज तुम्वा, १८ वर्षीय उपेन तुम्वासहितको समूहले जीतपुर बजारमा भरुवा बन्दुकको प्रयोग गरी घाइते बनाए। निर्वाचनका दिन माओवादीले धाँधली गरेको निहुँमा चैत २८ गते विवाद भएपछि गाउँमा वाईसीएलको एक समूह बजारतर्फ आइरहेको अवस्थामा विस्फोटक पदार्थ पड्की घाइते भएका विकको पेटमा चोट लागेको थियो भने थपलिया उपचारपछि घर फर्किए। एमालेका युवाहरूले भरुवा बन्दुक चलाउँदा घाइते भएको भन्ने उजुरीका आधारमा उपचारको सम्पूर्ण खर्च एमालेले बेहोऱ्यो । पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा ०६५ वैशाख २ गते उनीहरूविरुद्ध निवेदन दिए। घटनाका आरोपी उपेन तुम्बा र गुप्तराज तुम्बालाई प्रहरीले वैशाख ४ गते नियन्त्रणमा लिई कारबाही अगाडि बढायो। गुप्तराज जिल्ला प्रहरी कार्यालयबाट २० हजार धरौटीमा जेठ २४ गते रिहा भए। उपेन तुम्वाले मङ्सिर १७ गते सफाइ पाए।

**जेल र बन्दीहरू**

धनकुटा जेल भत्किएर पुरानो जिल्ला अदालतमा सारेपछिको जेलको बन्दी क्षमता १५ जनाको रहे पनि यस वर्षको अन्त्यसम्म थुनुवा १६ र कैदी २६ गरी ४२ जना बन्दी रहेका छन्। पुरानो र अत्यन्त जीर्ण अवस्थामा रहेको यो जेल धेरै समयदेखि बन्दीहरूको क्षमताभन्दा बढी बन्दीहरू रहेका कारण समस्यामा देखिँदै आएको छ। १६ जना थुनुवामध्ये १६ जना पुरुष रहेका छन्। २६ कैदीमा २५ जना पुरुष र एक महिला छन्। जेलका कोठाहरू साँघुरा र ओसिला छन्। महिला बन्दीलाई छुट्टै भवन नभएकाले माथिल्लो तलाको एक कोठामा राखिने गरेको छ।

गत साल जेलमा आमासँगै आश्रित छ वर्षीया बालिकाको यस वर्षको शैक्षिक सत्रबाट पठनपाठनका लागि मदन-आश्रित प्रतिष्ठान, धनकुटाले जिम्मा लिएको छ। बालिका जेलमा आमालाई भेट्न साप्ताहिक रूपमा आउने गरेकी छन्। धेरै बन्दीहरू एकै ठाउँमा रहेका भए पनि उनीहरूबीच राम्रो सम्बन्ध रहेको छ। बन्दीहरूलाई नियमानुसार लुगाफाटो दिने गरेको छ। जेलभित्र र बाहिर गरी जम्मा छओटा शौचालय रहेका छन्। पानीको सुविधा सामान्य रहेको छ। उडुस, उपियाँ मार्ने विषादीहरू बन्दीहरूले नै खरिद गर्नुपर्ने बाध्यता रहेको बन्दीहरू बताउँछन्। आवश्यकता अनुसार बन्दीहरूलाई औषधि उपचार, पढ्न-लेख्न

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | | १ | | १ | १ | १ | | १ | | | |
| घाइते | १ | ३ | | | ३ | | | | | १ | ५ | ५ |
| कुटपिट | ९ | १४ | ४ | ३१ | ४९ | १ | ४ | ३ | ८ | १ | १ | १ |
| धम्की | ३ | ३ | | | ३ | | | | | | | |
| भेला/संगठित हुने अधिकार | ३ | ४ | | | ४ | | | | | | | |
| महिलाअधिकार | ४ | | ४ | | ४ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | ३ | | | ३ | | | | | | | |
| अपहरण | ३ | ९ | | ३ | १३ | ३ | ३ | | ३ | | | |
| जम्मा | ३४ | ३५ | ९ | ३४ | ८८ | ४ | ८ | ३ | १० | ३ | ६ | ६ |

चाहनेहरूलाई पढ्ने र परीक्षा दिने आदि प्रबन्ध रहे अनुसार यस वर्ष दुई जना क्याम्पसस्तरीय परीक्षामा सामेल भए। भूपाली किराँती र बुद्धिमान तामाङलाई उपचार गर्न बाहिर लानुपर्ने भए तापनि अदालतले आदेश नदिएका कारण उपचार हुन सकेको छैन। उनीहरूको उपचार स्थानीय अस्पतालमा नहुने चिकित्सकले जनाएको कुरा कारागारले बताएको छ।

### बेपत्ता/अपहरण

#### वाईसीएलबाट

धनकुटा नपा-६ निवासी राष्ट्रिय जनशक्ति पार्टीका जिल्ला सभापति ५६ वर्षीय कुमारबहादुर थापा, ६४ वर्षीय लक्ष्मी थापा, ३५ वर्षीय दीपक धमला, ५३ वर्षीय महेन्द्र थापासहित सात जनालाई वाईसीएलका कार्यकर्ताले ०६४ फागुन २८ गते कब्जामा लिई उनीहरूसँग रहेको १ लाख २२ हजार २ सय २३ रुपियाँ नगद तथा तीन थान मोबाइल जफत गरे। उनीहरूलाई विराटनगरबाट धनकुटातर्फ आउँदै गर्ने क्रममा कब्जामा लिई धनकुटाको मूलघाटमा रहेको माओवादीको सम्पर्क शिविरमा चार घन्टा राखेका थिए। जफत गरिएको सम्पूर्ण सामग्री ०६४ फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा इन्सेक जिल्ला प्रतिनिधिसमेतको रोहबरमा वाईसीएलका जिल्ला अध्यक्ष निर्मलसहितको टोलीले फिर्ता गऱ्यो। यस्तो कार्य गरेकामा माफी माग्दै माओवादीले आइन्दा यस्तो कार्य नदोहोऱ्याउने प्रतिबद्धता पनि जाहेर गरेको थियो।

### धम्की/कुटपिट

#### राज्यबाट

मोरङ जिल्ला केराबारी गाविस-५ निवासी माओवादीका धनकुटाका जिल्ला सदस्य विशाल भनिने २९ वर्षीय रुद्र ओझा ०६५ भदौ १५ गते जिल्ला प्रहरी कार्यालय धनकुटाबाट असई खगेन्द्र नेपालीको नेतृत्वमा खटिएर गएको समूहले बिहान लाठीचार्ज गर्दा दाहिने हातमा लागी गम्भीर घाइते भए। युथफोर्सबाट माओवादीका जिल्ला सेक्रेटरीमाथि भएको आक्रमण रोक्न जाँदा प्रहरीको लाठी लागी उनलाई चोट लागेको थियो।

#### माओवादीबाट

आँखीसल्ला गाविस-२ निवासी राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष ४० वर्षीय तुलमान राई, केन्द्रीय सदस्य ३० वर्षीय तारा लामघाले, जिल्ला सदस्य सीताराम राई, उपाध्यक्ष ५२ वर्षीय ऐराखमान लिम्बूलगायत सोही पार्टीका अन्य सदस्य २२ वर्षीया एन्जिला याखा, ३५ वर्षीया वीना दर्नाल र २१ वर्षीया सीता तोलाङ्गलाई ०६५ साउन २४ गते सोही गाविस निवासी माओवादी कार्यकर्ता कमल मगरको नेतृत्वमा आएको ३५ जनाको समूहले खुकुरी, चिरपट दाउराले कुटपिट गरी घाइते बनायो। तारा लामघालेलाई घरको धुरीबाट खसाली सख्त घाइते बनाए भने ऐराखमान लिम्बूलाई कुटपिट गरी २४ घण्टासम्म पाता फर्काइ राखे। लेनदेनको विषयमा पार्टीमा आएको उजुरी अनुसार छानबिन गर्न गएको सो पार्टीका कार्यकर्ताहरूलाई कमल मगरको समूहले नियन्त्रणमा लिएको थियो। घाइतेमध्ये तारा लामघालेको

**तालिका** : २

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | युथफोर्सबाट | | | वाईसीएलबाट | | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | १ | ३ | ३ | | | | | | | |
| कुटपिट | ३ | ४ | ४ | ५ | ९ | | ९ | | | |
| धम्की | | | | १ | १ | | १ | १ | ३ | ३ |
| भेला/सङ्गठित हुने अधिकार | | | | ३ | ४ | | ४ | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | १ | ३ | | ३ | | | |
| अपहरण | | | | ३ | ५ | ३ | ८ | | | |
| जम्मा | ३ | ६ | ६ | १३ | ३३ | ३ | ३५ | १ | ३ | ३ |

धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

## वाईसीएलबाट

चानुवा गाविस गाउँ कमिटी अध्यक्ष ५३ वर्षीय पदमबहादुर पौडेल, उनका २४ वर्षीय छोरा सन्तोष पौडेल, ५३ वर्षीया पत्नी र भाइलाई मुखमा पट्टी बाँधेको वाईसीएलको समूहले घरमा सुतिरहेको अवस्थामा ०६४ चैत २६ गते राती २ बजे झ्यालबाट घरभित्र पसी साइकलको चेन र भाटाले कुटपिट गरी सख्त घाइते बनायो। वाईसीएल कार्यकर्ताले पौडेललाई ओछ्यानमा नै साइकलको चेनले हानी घरबाहिर निकाली कोदालोको पासो, भाटाले शरीरका विभिन्न भागमा हानी घाइते बनाउँदै उनीहरूको घरको खानतलासी गरे। उनीहरूले घरबाट बाकसमा राखिएको ४० हजार ८ सय रुपियाँ र एक थान सीडीएमए फोन सेट लगे। घाइतेहरूलाई चानुवा स्वास्थ्य चौकीमा ०६४ चैत २७ गते प्राथमिक उपचार गरी जिल्ला अस्पतालमा उपचारार्थ ल्याइएको थियो। घटनाका बारेमा कुनै पनि कारबाही भएन। पीडितले रकम फिर्ता पाएनन्।

छिन्ताङ गाविस-४ निवासी *नेपाल समाचारपत्र* तथा *सप्तकोसी* एफएम धनकुटाका समाचारदाता २९ वर्षीय सिद्धराज राईलाई युथफोर्सका कार्यकर्ताले कुटपिट गर्न जाँदा जोगाएको आरोपमा ०६५ साउन १३ गते धनकुटा नगरपालिका-७ स्थित सुरभी होटलअगाडि वाईसीएलका अग्नि दाहाल र हेमचन्द्र राई 'हेमु'को नेतृत्वमा आएको समूहले ढुङ्गा र फलामको रडले टाउको, पाखुरा र ढाडमा आक्रमण गरी घाइते बनायो।

धनकुटा नपा-२ निवासी युथफोर्सका २५ वर्षीय मिलन शाहीलाई ०६५ साउन १३ गते धनकुटा नगरपालिकातर्फ माइक्रोबस चढेर आइरहेको अवस्थामा लछारपछार पारी बाहिर निकाली धनकुटा नपा-७ स्थित चुवाकोवोटअगाडि वाईसीएलका अग्नि दाहाल र हेमचन्द्र राईको नेतृत्वमा आएको समूहले कुटपिट गऱ्यो। शाहीलाई युथफोर्स भएको आरोपमा कुटपिट गरेको माओवादीका सदस्य विशालले बताए ।

धनकुटा नपा-५ बालमन्दिर निवासी युथफोर्स धनकुटाका जिल्ला संयोजक ३२ वर्षीय सुजनभाइ जोशी, सोही नपा-७ का ३० वर्षीय युथफोर्स नगर संयोजक प्रवीण पोखरेल, सदस्य खगेन्द्र श्रीपालीलाई धनकुटा नपा-७ स्थित सब्जीमण्डीअगाडि ०६५ साउन १३ गते वाईसीएलको एक जत्थाले ढुङ्गा र बोतलले आक्रमण गरी मोटरसाइकलसमेत जलायो। आक्रमणमा जोशी र पोखरेलको पिँडौला र कम्मरमा चोट लाग्यो भने श्रीपालीको दाहिने हातको एउटा औँला छिनियो। उनीहरूको उपचार जिल्ला अस्पताल धनकुटामा भयो ।

## युथफोर्सबाट

भोजपुर जिल्ला कुलुङ-३ घर भई धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत वर्ष २३ का डम्बर गिरी, सोही स्थानका २३ वर्षीय अम्बर नर्खौक र छिन्ताङ गाविस धनकुटाका २३ वर्षीय गोकुल दाहाललाई युथफोर्सका सुजनभाइ जोशीसहितको एक

समूहले धनकुटा नपा-७ स्थित सब्जीमण्डीअगाडि ०६५ साउन १३ गते दिउँसो चिरपट दाउरा र भाटा प्रहार गरी घाइते बनायो। तीनै जना युथफोर्सले माओवादीका कार्यालय सचिवलाई हातपात गर्ने प्रयास गरेको घटनाको विरोधमा युथफोर्ससँग भिड्न जाँदा घाइते भएको स्वीकार गरे। उनीहरूको टाउकोमा गम्भीर चोट लागेको थियो। उनीहरूको उपचार जिल्ला अस्पताल धनकुटामा भयो।

छिन्ताङ गाविस-८ का माओवादी जिल्ला सेक्रेटरी ३० वर्षीय डिल्लीराम राईलाई युथफोर्स धनकुटाको एक समूहले धरान नपा-७ स्थित प्रकाश होटलबाट ०६५ भदौ १५ गते नियन्त्रणमा लिई बियरको बोतल, इँटा र ढुङ्गाले आक्रमण गरी घाइते बनायो। भदौ १३ गतेदेखि दुई पक्षबीच भएको विवादका कारण युथफोर्सले माओवादीका नेतालाई नियन्त्रणमा लिई घाइते बनाएका थिए। घाइते राईको विराटनगरस्थित न्युरो अस्पतालमा उपचार भयो।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

धनकुटा नपा-७ निवासी राप्रपा जिल्ला अध्यक्ष ५९ वर्षीय टीकाप्रसाद घिमिरेलाई चुनाव प्रचारप्रसार गर्न गएको अवस्थामा चानुवा गाविस-५ मा वाईसीएल कार्यकर्ताहरूले ०६४ चैत ७ गते नियन्त्रणमा लिई उनका साथमा भएको नगद पाँच हजार रुपियाँ लिनुका साथै पार्टीको प्रचार सामग्री जफत गरी जलाए। उनीहरूले लगेको नगद सोही दिन फिर्ता गरे । तर, चुनाव प्रचारप्रसार गर्न गाउँ पसे भौतिक कारबाही गर्ने धम्की दिए।

धनकुटा मूर्तिठुङ्गा गाविस-५ का ४८ वर्षीय केशव काफ्ले, धनकुटा मुगा-३ निवासी जनशक्ति पार्टीका चुनाव प्रचार प्रमुख ५३ वर्षीय वीरबहादुर थापालगायत जनशक्ति पार्टीका अन्य पाँच जनालाई राष्ट्रिय जनशक्ति पार्टीको कार्यक्रममा संलग्न भएको र कार्यकर्तालाई घरमा राखेको र खुवाएको भन्दै घरमा सुतिरहेको अवस्थामा कम्प्याक्ट ड्रेस र घँगरुको लौरो बोकेका वाईसीएल कार्यकर्ता अशोक परियारसहितको समूहले ०६४ चैत १८ गते बेलुकी घरमा बस्न नपाउने धम्की दिँदै विस्थापित गरायो। विस्थापित भएका उनीहरूलाई स्थानीय सिँधुवा बजारबाट सशस्त्र प्रहरीको टोलीले रातको १ बजे घर फर्कायो।

राष्ट्रिय प्रजातन्त्र पार्टीले चुनाव प्रचारप्रसारका लागि प्रयोग गरेको जीपलाई वाईसीएल कार्यकर्ताले धनकुटा बसपार्कमा ०६४ चैत २१ गते नियन्त्रणमा

*वाईसीएलद्वारा घाइते बनाइएका पदमबहादुर पौडेल*

लिई जीपमा राखिएका सम्पूर्ण सामग्री जलाए। चुनावी प्रचारका लागि गाडीमा राखिएका राप्रपाको झन्डा र निर्वाचन क्षेत्र नं. २ का उम्मेदवारका पर्चाहरू जलाइए। गाडीलाई जलाउने प्रयास भने विफल भएको थियो। राप्रपा अध्यक्ष टीकाप्रसाद घिमिरेले आफ्नो पार्टीलाई प्रचारका क्रममा पटक-पटक अवरोध भइरहेको बारे स्थानीय प्रशासन र मानवअधिकारकर्मीहरूलाई जानकारी गराए। माओवादी पार्टीको नेतृत्वले राप्रपाका जिल्ला अध्यक्षसमक्ष माफी माग्यो।

राष्ट्रिय जनशक्ति पार्टीका जिल्ला नेता ५२ वर्षीय जगतबहादुर थापालाई चुनावका लागि नगद बाँड्न ल्याएको हुनसक्ने भन्दै माओवादीको भ्रातृ सङ्गठन वाईसीएलका कार्यकर्ताले ०६४ चैत २२ गते रातीदेखि २३ गते दिउँसो १२ बजेसम्म नियन्त्रणमा लिए। जिल्ला निर्वाचन क्षेत्र नं. २ का चुनाव प्रचारप्रसार संयोजक थापा अर्खौले जीतपुर गाविसका लक्ष्मी फुँयालको घरमा बास बसेका थिए। माओवादी कार्यकर्ताले राती थापासहित पार्टी कार्यकर्ताहरू बसेको घरलाई नियन्त्रणमा लिई दिउँसोसम्म कसैलाई बाहिर जान दिएनन्। स्थानीय प्रशासनको पहलमा दिउँसो १२ बजे उनीहरू मुक्त भए। माओवादी कार्यकर्ताले भने चुनावका लागि नगद बाँड्न ल्याएको हुनसक्ने आशङ्कामा छानबिन गर्न नियन्त्रणमा लिएको बताए।

मुगा गाविस-४ का राष्ट्रिय जनशक्ति पार्टीका केन्द्रीय अध्यक्ष ८४ वर्षीय सूर्यबहादुर थापालाई ताङ्खुवा गाविसको चुलाचुलीमा ०६४ चैत २२ गते चुनावी सभामा जाँदै गर्दा वाईसीएल कार्यकर्ताले ढुङ्गा तथा रुख ढालेर अवरोध सिर्जना गरे। प्रहरीको स्कर्टिङ्मा गएको टोलीले अवरोध खुला गरेपछि थापाले दुई घन्टापछि सभामा बोलेका थिए। सभा सञ्चालन गरिरहेको अवस्थामा कालो झन्डा देखाई अवरोधकर्ताहरूले उनको विरोध गरेका थिए। यस सम्बन्धमा माओवादीका जिल्ला कार्यालय सचिव

चेतनले अवरोध गर्ने कार्यक्रम नभएको तर उक्त क्षेत्रमा एरिया इन्चार्ज नपुगेको हुँदा सो घटना भएको बताए। माओवादीको आफ्नै प्रयासमा अवरोध हटेको समेत उनले जनाए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

### पुनरावेदन अदालत

धनकुटामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १२ थान र यस वर्ष दर्ता भएका २१ थान गरी जम्मा ३३ थान मुद्दामध्ये यस वर्ष आठ थान मुद्दा फर्स्यौट भई २५ थान बाँकी रहे। सरकारीवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४६ थान र यस वर्ष दर्ता भएका ५२ थान गरी जम्मा ९८ मुद्दामध्ये यस वर्ष ३२ थान फर्स्यौट भई ६६ थान मुद्दा बाँकी रहे। यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५५ थान तथा यस वर्ष दर्ता भएका २५ थान गरी ८० थान मुद्दामध्ये यस वर्ष २९ थान मुद्दा फर्स्यौट भई ५१ थान फर्स्यौट हुन बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या २ सय ११ थानमध्ये यस वर्ष ६९ थान मुद्दा फर्स्यौट भई १ सय ४२ थान बाँकी रहे।

*प्रहरीको लाठी चार्जबाट घाइते भएका माओवादी धनकुटा जिल्ला सदस्य रुद्र ओझा*

*युथफोर्सद्वारा कुटपिट गरिएका माओवादी धनकुटा जिल्ला सेक्रेटरी डिल्लीराम राई*

### जिल्ला अदालत

धनकुटामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३६ थान मुद्दामध्ये यस वर्ष २७ फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३० थानमध्ये १६ फर्स्यौट भई १४ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ६६ थानमध्ये यस वर्ष ४३ थान मुद्दा फर्स्यौट भई २३ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १९ थान मुद्दामध्ये यस वर्ष १० फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा २८ थानमध्ये १४ फर्स्यौट भई १४ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ४७ थानमध्ये यस वर्ष २४ थान मुद्दा फर्स्यौट भई २३ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५७ थान मुद्दामध्ये यस वर्ष ३६ फर्स्यौट भई २१ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका देवानी मुद्दा ४० थानमध्ये यस वर्ष १४ फर्स्यौट भई २६ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ९७ थानमध्ये ५० थान मुद्दा फर्स्यौट भई ४७ थान बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या २ सय १० थानमध्ये १ सय १७ थान मुद्दा फर्स्यौट भई ९३ थान बाँकी रहे।

*वाईसीएलद्वारा कुटपिट गरिएका खगेन्द्र श्रीपाली र पत्रकार शिद्धराज राई*

## बालअधिकार

धनकुटा युथफोर्स र वाईसीएलबीच भएको भिडन्तका कारण जिल्ला सदरमुकाम र आसपासका विद्यालयहरू ०६५ भदौ १३ देखि १८ गतेसम्म बन्द भएपछि बालबालिका पढ्न पाउने अधिकारबाट वञ्चित भए। धनपा-७ स्थित त्रिवेणी माविको परिसरमा युथफोर्स र वाईसीएलबीच भिडन्त भएको थियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

ओखलढुङ्गा जिल्ला ओखलढुङ्गा गाविस-४ माइती भई धनकुटा जिल्ला डाँडागाउँ गाविस-७ मा

घरजम गरी बसेकी २३ वर्षीया उर्मिला तामाङ (थापा)लाई ०६५ वैशाख २ गते नेपाली सेनामा कार्यरत उनका पति २४ वर्षीय इन्द्रबहादुर थापाले कुटपिट गरी ढुङ्गामा टाउको बजारी निर्मम तरिकाले हत्या गरे। हत्यापछि धनपा-६ सल्लेरी जङ्गलमा पर्ने राजमार्गको कलभर्टमुनि फालिएको अवस्थामा ०६५ वैशाख ३ गते दिउँसो ११ बजे शव फेला परेको थियो। हत्यापछि फरार रहेका इन्द्रबहादुरलाई जिल्ला प्रहरी कार्यालय धनकुटाले ताप्लेजुडबाट ०६५ वैशाख १० गते गिरफ्तार गरी कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलायो। पीडकलाई पुर्पक्षका लागि जिल्ला कारागार धनकुटामा राखिएको छ।

**बहुविवाह**

खुवाफोक गाविस-७ की २३ वर्षीया जीविका माझीलाई ०६५ वैशाख २० गते उनका पति इन्द्रकुमार याखाले स्थानीय मनिन्द्रा याखासँग बहुविवाह गरेपछि माझी जातकी भनी दुर्व्यवहार गर्दै घर निकाला गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६५ साउन १२ गते जाहेरी दिइन्। पीडकहरू फरार रहेका छन्। जिल्ला अदालतमा एकसरो मानाचामल दिलाई पाउँ भनी दायर भएको मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**
**आगजनी,**
**माओवादीबाट**

धनकुटा नगरपालिकास्थित लोकसेवा आयोग पूर्वाञ्चल क्षेत्रीय कार्यालयका क्षेत्रीय निर्देशक ५३ वर्षीय शिवनाथ सापकोटालाई ०६५ भदौ ३१ गते माओवादीका कार्यालय सचिव वासु बराल 'चेतन'को नेतृत्वमा गएको एक समूहले परीक्षाको तयारी गरिरहेको समयमा नियन्त्रणमा लिएर त्यसै दिन हुन लागेको स्वास्थ्यतर्फको परीक्षाको प्रश्नपत्र च्यातिदियो।

**वाईसीएलबाट**

मारेककटहरे गाविस-५ निवासी ४८ वर्षीय गजेन्द्र पौडेल र छिन्ताङ गाविस-३ का ३७ वर्षीय निरन राईको ०६५ भदौ १५ गते बेलहारास्थित रुद्रबारीमा राखिएको ६ लाख ५७ हजार ४ सय ८ रुपियाँ पर्ने खयर सङ्कलन गरी निकासीका लागि राखिएको अवस्थामा वाईसीएलका कार्यकर्ताले आगो लगाई नष्ट पारे। पीडितले क्षतिपूर्तिका लागि जिल्ला प्रशासन कार्यालयमा ०६५ भदौ २१ गते निवेदन दिए।

# १.८ तेह्रथुम

जनसङ्ख्या : १,२१,९९९
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.): ६७९
गाविस/नपा सङ्ख्या : ३२/०
सरकारी/निजी विद्यालय : ३७६/८
क्याम्पस/उच्च मा.वि. : २/१२
अस्पताल/स्वास्थ्य चौकी : १/३१
मानव विकास सूचकाङ्क : ०.५२३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**नेपाली काङ्ग्रेसबाट**

म्याङ्लुङ गाविस-५ निवासी पञ्चकन्या प्राथमिक विद्यालयका शिक्षक एवम् माओवादी एरिया कमिटी सदस्य ४३ वर्षीय टङ्कबहादुर भण्डारीलाई ०६५ साउन १७ गते बेलुकी सोही स्थान निवासी नेपाली काङ्ग्रेसका स्थानीय कार्यकर्ता वीरबहादुर तामाङले म्याङ्लुङ गाविस-५ ओखेको जङ्गलमा कुटपिट गरी हत्या गरेर लाश बेपत्ता पारे। हत्याको चार दिनपछि स्थानीयवासीले जङ्गलमा घाँस-दाउरा गर्न गएको अवस्थामा लास फेला परेपछि प्रहरीलाई खबर गरे। लासको भदौ २१ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भयो। घटनामा संलग्न भएका पीडक वीरबहादुर तामाङलाई सोही दिन प्रहरीले गिरफ्तार गरे। माओवादी जिल्ला पार्टी र विभिन्न जनवर्गीय सङ्गठनहरूले घटना रहस्यमय भएको भनी भदौ १ गते विज्ञप्ति सार्वजनिक गर्दै विरोधसभामार्फत घटनालाई सार्वजनिक गरे।

प्रशासनले पीडक तामाङलाई भदौ ९ गते अदालतको आदेश अनुसार जेल चलान गऱ्यो।

### जेल र बन्दीहरू

'घ' श्रेणीको तेह्रथुम जेलको क्षमता ३५ जनाको रहेको छ। हाल ३२ जना पुरुष र दुई जना महिला गरी कुल ३४ जना बन्दीहरू छन्। यस जेलमा महिला र पुरुषका लागि एकै भवनभित्र छुट्टाछुट्टै कोठा छन्। जेलमा खानेपानी र जीर्ण अवस्थाका चर्पीहरू छन्। जेलमा बाथरुमको कुनै व्यवस्था छैन। जेलको भवन ज्यादै पुरानो भई बन्दीहरू बस्ने भवनमा पानी चुहिन थालेको छ। बन्दी सुत्ने काठका फलेकहरू मक्काएर अब चिसो भुइँमा सुत्नुपर्ने अवस्था छ। भवन पुरानो भएर भित्ता र भुइँको प्लास्टर भत्किएर जीर्ण बनेको छ। जेलको अग्लो पर्खाल भत्किने अवस्थामा पुगेको छ। महिला र पुरुष बन्दीका लागि भलिबल, चेस, क्यारामबोर्ड र लुडोजस्ता खेल सामग्रीको व्यवस्था गरिएको छ। पुरुष बन्दीहरूको मनोरञ्जनका लागि टेलिभिजनको व्यवस्था गरिएको छ भने महिला बन्दीहरूका लागि त्यो व्यवस्था छैन।

जेलका बन्दीहरू ढाकाका टोपी, रुमाल र अन्य कपडा बुन्छन्। बुनेको कपडाको उचित मूल्य पाउन नसकेको गुनासो बन्दीहरूको छ। बन्दीहरूलाई गुणस्तरयुक्त खाद्यान्न नदिइएको पनि गुनासो छ। लोकतन्त्र स्थापना भएपछि बन्दीका आफन्तले चाहेको बेलामा आफ्ना मानिसलाई भेट गर्न सक्छन्। मासिक २ सय ५० रुपियाँ दिएर जिल्ला स्वास्थ्य कार्यालयबाट एक जना स्वास्थ्यकर्मी जेलका बन्दी र कैदीका लागि व्यवस्था गरिएको छ। ती बन्दी र कैदीहरू बिरामी भएको अवस्थामा मात्र खबर गरेपछि आएर उपचार गरिदिने गरेका छन्।

जेलको निरीक्षण र अनुगमन गर्ने मानवअधिकारवादीलाई प्रमुख जिल्ला अधिकारीको सिफारिसमा मात्र अनुगमन र निरीक्षण गर्न दिइन्छ। तर, अन्तर्राष्ट्रिय मानवअधिकारवादीलाई भने यो नियम लागू हुने छैन।

### बेपत्ता/अपहरण

### वाईसीएलबाट

जलजले गाविस-४ की ४० वर्षीया दिलकुमारी सम्वाहाम्फे र इसिवु गाविस-३ का ४७ वर्षीय रनबहादुर लिम्बूलाई ०६५ मङ्सिर २२ गते वाईसीएलका कार्यकर्ता युवराज लिम्बूसहितको समूहले साब्ला गाविस-९ हलिमेला बजारबाट अपहरण गरी मङ्सिर २३ गते प्रहरीचौकी जिरीखिम्तीमा बुझायो। उनीहरू मङ्सिर २४ गते जिल्ला प्रहरी कार्यालय तेह्रथुमबाट मुक्त भए। जलजले-४ बाट अदुवा बेच्नका लागि आएकी दिलकुमारी र जिल्ला सदरमुकाममा छोराको नागरिकता बनाएर फर्किएका लिम्बूबीच हलिमेला बजारमा भेट भएर लिम्बू परम्परा अनुसार धान नाच भइरहेको अवस्थामा लिम्बूको ८ सय ५० रुपियाँ दिलकुमारीले चोरेको विषयमा झगडा भएको थियो।

### धम्की/कुटपिट

### वाईसीएलबाट

वाईसीएलका जिल्लास्तरीय कार्यकर्ताले ०६४ फागुन १७ गते सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) जिल्ला सभाको बन्द सत्र हलमा प्रवेश गरी आक्रमण गरे। आक्रमणबाट फेकोफनकी केन्द्रीय सदस्य एवम् कार्यक्रमका अतिथि ३१ वर्षीया लक्ष्मीकुमारी पाण्डे र अन्य सहभागीहरू फुलेक गाविस-३ का ३५ वर्षीय निर्मल कटुवाल, जलजले-२ का ३२ वर्षीय नगेन्द्रबहादुर थापा, सोही गाविस-६ का ३६ वर्षीय रामप्रसाद गङ्तौला घाइते भए । वाईसीएलका जिल्लास्तरीय कार्यकर्ताहरू सलबहादुर तिवारी, राजेन्द्र बराल, पशुपति चम्लागाईंसहितको समूहले आक्रमण गरेको थियो। घाइतेहरूको उपचार जिल्ला अस्पताल तेह्रथुममा भयो। पीडित पक्षले लिखित रूपमा कतै पनि उजुरी गरेनन्।

धनकुटा जिल्ला कुरुले गाविस निवासी जनमोर्चा नेपालका कोसी अञ्चल सदस्य ३६ वर्षीय पुष्प ढुङ्गाना र तेह्रथुम जिल्ला इसिबु गाविस-५ निवासी जनमोर्चा नेपालका जिल्ला सदस्य एवम् समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवार २९ वर्षीय ताराप्रसाद भट्टराईलाई निर्वाचनको पर्चा च्यातेको आरोपमा भनाभन हुँदा वाईसीएलका कार्यकर्ता ३० वर्षीय क्याप्टेन भनिने राजेन्द्र लिम्बू र ३२ वर्षीय बेलबहादुर लिम्बूसहितको समूहले ०६४ चैत २३ गते कुटपिट गऱ्यो। घटनाका बारेमा जनमोर्चा र माओवादी दुवै दलका जिल्लास्तरीय कार्यकर्ताको बैठक बसेर अबउप्रान्त कसैले पनि कसैको पर्चा नच्यात्ने, निर्वाचनमा बिनारोकटोक काम गर्न दिने सर्तमा सोही दिन मुद्दा मिलाई पीडक पक्षले माफी मागे।

सिम्ले गाविस-७ का ३९ वर्षीय भीमबहादुर राई, सोही ठाउँका २८ वर्षीय जतेन राई र २४ वर्षीय कुमार राईलाई दसैंमा पिङ लगाउने बाँस काटेको आरोपमा ०६५ असोज २२ गते बेलुकी वाईसीएलका

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ५ | ४ | १ | | ५ | | | | | | | |
| घाइते | १ | १ | | | १ | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | ५ | १३ | ३ | १६ |
| कुटपिट | १३ | १८ | ३ | | ३० | १ | १ | १ | | | | |
| धम्की | | | | | | १ | १ | १ | | | | |
| भेला/संगठित हुने अधिकार | ३ | ६ | | ६४६ | ६५३ | | | | | | | |
| महिलाअधिकार | ८ | | ९ | | ९ | | | | १ | | १ | १ |
| बालअधिकार | ४ | | ४ | | ४ | | | | | | | |
| अपहरण | ३ | ३ | १ | | ३ | | | | | | | |
| जम्मा | ३५ | ३० | १८ | ६४६ | ६९५ | ३ | ३ | ३ | ६ | १३ | ४ | १८ |

सिम्ले गाउँस्तरीय कार्यकर्ता बलबहादुर लिम्बूसहितको समूहले घर घेरा हालेर कुटपिट गऱ्यो। भीमबहादुर राईलाई खुकुरी प्रहार गरी घाइते बनायो। वाईसीएलका कार्यकर्ताद्वारा खुकुरी प्रहार गरेपछि स्थानीयबासी र उनीहरूबीच पुन: झडप भएको थियो। झडपमा घाइते भएका दुवै पक्षको उपचार आ-आफैँ गराउने सर्तमा भोलिपल्ट प्रहरी चौकी पोक्लबाडमा मिलापत्र भयो। खुकुरी प्रहारबाट घाइते भीम राई इलाका स्वास्थ्य कार्यालय औसीबजारमा उपचारपछि घर फर्के।

सम्दु गाविस-६ का ५१ वर्षीय खेमबहादुर राई र सोही ठाउँका ४३ वर्षीया धनमाया राईलाई खराब चरित्र भएको आरोपमा वाईसीएलका गाउँस्तरीय कार्यकर्ता ३० वर्षीय इमराज राई र २८ वर्षीय इन्द्रबहादुर राईसहितको टोलीले ०६५ भदौ १८ गते कुटपिट गरी प्रहरीचौकी सम्दुमा जिम्मा दियो। स्थानीय प्रहरी चौकीमा छलफल हुन नसक्ने भनी प्रहरीले भदौ १९ गते जिल्ला प्रहरी कार्यालयमा पठाए। पीडक पक्षका वाईसीएल कार्यकर्ता जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा उपस्थित भएनन्। पीडित पक्षले आफूलाई बिनाकारण कुटपिट गरेको भनी जिल्ला अदालत तेह्रथुममा मुद्दा दर्ता गरे।

ओखे गाविस-३ निवासी भगवती उच्च माविका शिक्षक ३९ वर्षीय श्रीमान बस्नेतलाई ०६५ मङ्सिर १६ गते माओवादीनिकट कार्यकर्ताको एक समूहले विद्यालय हाताभित्र प्रवेश गरे मार्ने धम्की दियो। विद्यालय व्यवस्थापन समितिले बिनाकारण उच्च माविको अङ्ग्रेजी विषयका शिक्षकलाई माओवादी कार्यकर्ताको दबाबमा मङ्सिर १५ गते अवकाश दियो। शिक्षक उच्चमावि परिषद्को काममा पूर्वाञ्चल कार्यालय विराटनगर गएको विषयलाई लिएर विद्यालयमा अनुपस्थित भएको भनी मङ्सिर १५ गते बिहान कक्षाकोठामा रहेका शिक्षकलाई माओवादीका कार्यकर्ताले कक्षाबाट बाहिर निकालेका थिए। माओवादी कार्यकर्ताले विद्यार्थीलाई यसबारे कुनै कुरा बाहिर गरेमा सबैको टाउको फुटाउने धम्की दिए। ०६५ भदौ मा माओवादीले विद्यालय व्यवस्थापन समिति जबरजस्ती आफ्नो अनुकूलमा बनाएको थियो। नागरिक समाज र विद्यार्थी सङ्गठनको दबाबमा पुस ५ गते शिक्षकलाई पुन: नियुक्ति दिइएको थियो।

### गैरकानुनी गिरफ्तारी

म्याङ्लुङ ५ का ५० वर्षीय नगेन्द्र भण्डारी, उनकी ४५ वर्षीया पत्नी लक्ष्मीदेवी भण्डारी, छोरा २१ वर्षीय सागर भण्डारी, सोही ठाउँका ४३ वर्षीय झरना चौहान, उनका २२ वर्षीय छोरा सुवास चौहान र २६ वर्षीय धनबहादुर तामाङलाई ०६५ साउन २३ गते म्याङ्लुङ गाविस-१ का ४३ वर्षीय पञ्चकन्या प्राथमिक विद्यालयका शिक्षक एवम् माओवादी कार्यकर्ता टङ्कबहादुर भण्डारीको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले बिनापुर्जी गिरफ्तार गऱ्यो । तर, हत्यामा संलग्न भएको आवश्यक प्रमाण नजुटेपछि २८ दिनपछि भदौ १९ गते सबै जना तारिखमा छुटे। हत्यामा संलग्न एक जना म्याङ्लुङ-५ का २८ वर्षीय वीरबहादुर तामाङलाई जेल चलान गरियो।

थोक्लुङ गाविस-९ का दिलबहादुर तामाङ, गङ्गाबहादुर तामाङ, लक्ष्मीदेवी तामाङ, आशमायाँ

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | नेपाली काँग्रेसबाट | | | सङ्घीय लिम्बुवान परिषद्बाट | | | | वाईसीएलबाट | | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| घाइते | | | | | | | | | | | | १ | १ | | १ |
| कुटपिट | १ | १ | १ | १ | २ | | २ | ५ | १० | १ | ११ | | | | |
| भेला/संगठित हुने अधिकार | १ | ३ | ३ | १ | ३ | ६४६ | ६४० | | | | | | | | |
| बालअधिकार | | | | | | | | | | | | १ | | १ | १ |
| अपहरण | | | | | | | | २ | २ | १ | ३ | | | | |
| जम्मा | ३ | ४ | ४ | ३ | ५ | ६४६ | ६४३ | ६ | १३ | ३ | १४ | ३ | १ | १ | ३ |

तामाङ र लक्ष्मीबहादुर तामाङलाई बालकको हत्यामा संलग्न रहेको आरोपमा ०६५ पुस ३ गते प्रहरी चौकी आठराईका प्रहरीले बिनापुर्जी गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाए। छातेढुङ्गा गाविस-९ का ११ वर्षीय बालक खगेन्द्रबहादुर तामाङलाई जङ्गलमा आगो लगाएको आरोपमा थोक्लुङ गाविस-९ का चार जना कृषकको समूहले बन्धक बनाई पुस १ गते बिहान ३ बजे हत्या गरेको थियो। हत्यामा संलग्न चार जनासहित अन्य निर्दोषलाई पनि आठराई प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाए। जिल्ला प्रहरीले अनुसन्धान गर्ने भनी म्याद थप गराउँदै प्रहरी हिरासतमा राख्यो। पछि उनीहरूको हत्यामा संलग्नता नरहेको ठहर गरेपछि सबै जना पुस १३ गते रिहा भए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले ०६४ फागुन १३ गते निर्वाचन मनोनयन पत्र दर्ता गराउन राजनीतिक दलका कार्यकर्तालाई अवरोध गरे। मुख्य निर्वाचन आयुक्तको कार्यालयमा मनोनयन दर्ता गराउन गएका गएका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू नेकपा (एमाले)का जिल्ला सचिव भवानीप्रसाद खापुङ, उपसचिव किशोरचन्द्र दुलाल, सदस्य सुनीलकुमार तुम्बाहाम्फे, सदस्य बाबुराम थापा, सदस्यहरू शारदा कोइराला, काङ्ग्रेसका उम्मेदवार तुलसी सुब्बा, पार्टी सभापति रामनारायण ढुङ्गाना, उपसभापति गोविन्द ढुङ्गाना, सचिव अर्जुन तुम्बाहाम्फे, सदस्यहरू जयनारायण ढुङ्गाना, राधा प्रधान र नेकपा (माओवादी)का जिल्ला सेक्रेटरी दुर्गा चापागाईं, उम्मेदवार नरबहादुर फम्बोलगायत ७ सय ५० जनाको जुलुसलाई लिम्बूवानलगायतको समूहले राखेका माग पूरा नगरी राजनीतिक दलले मात्र मनोनयनपत्र दर्ता गराउन पाउँदैनन् भन्दै लिम्बूवानका कार्यकर्ताले जिल्ला प्रशासन कार्यालयको मूलढोकामा बसेर मनोनयन दर्ता प्रक्रियामा अवरोध गरे। लिम्बूवानको अवरोधले मुख्य राजनीतिक दलहरूले बेलुकी ४ बजे मात्र अर्को सहायक ढोकाबाट गएर मनोनयन-पत्र दर्ता गराए।

तम्फुला गाविस-७ निवासी एमाले जिल्ला कमिटी सदस्य ४२ वर्षीय ज्योति अधिकारी, म्याङ्लुङ गाविस-२ निवासी एमाले जिल्ला कमिटी सदस्य ४८ वर्षीय सञ्जय तुम्बाहाम्फे, तम्फुला गाविस-९ निवासी इलाका कमिटी सदस्य ३९ वर्षीय तुलसीप्रसाद अधिकारीलगायतको समूहलाई ०६४ चैत १६ काङ्ग्रेसनिकट तरुण दलका कार्यकर्ताले तम्फुला गाविस-३ मा चुनावी प्रचारप्रसारको विषयमा पैसा बाँडेको आरोपमा आक्रमण गरे। आक्रमणबाट कुनै पनि मानवीय क्षति भएन। उक्त दलको बाँकी चुनावी प्रचारप्रसारको कार्यक्रम असुरक्षाका कारण अगाडि बढ्न सकेन। आक्रमणको खबर पाएर गस्तीमा सुरक्षाकर्मी पुगेपछि पीडक पक्षका सबै जना फरार भए। प्रहरीले पीडितहरूलाई जिल्ला सदरमुकाम ल्याएको थियो। आक्रमणबाट घाइते भएका पीडितहरू जिल्ला अस्पताल तेह्रथुमका सामान्य उपचारपछि घर फर्के। पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेनन्। पीडकहरूलाई कानुनी कारवाही पनि भएन।

ह्वाकु गाविस-९ का ३५ वर्षीय गुणराज डाँगीलाई सविधानसभा निर्वाचनमा दुईओटा बुथबाट दुईपटक मतदान गरेको आरोपमा ०६४ चैत २८ गते माओवादीको एक समूहले बिजैरे प्राबि मतदान केन्द्रमा कुटपिट गऱ्यो। पीडित ह्वाकु गाविस-५ बाट वडा नं.

९ मा बसाइँसराइ गएको चार वर्ष भएको हुनाले उनको दुवै बुथका मतदाता नामावलीमा नाम रहेको थियो। तर, पीडितले वडा नं. ९ मा पर्ने बिजैरे प्रावि मतदान केन्द्रबाट मात्र मतदान गरेको बताए। घाइते भएका डाँगीको स्थानीय स्वास्थ्य केन्द्रमा सामान्य उपचार भयो।

तम्फुला गाविस-७ निवासी एमाले कार्यकर्ता २५ वर्षीय तेजप्रसाद अधिकारीलाई एमाले पार्टीका पहुजितर्फका उम्मेदवार भवानी खापुङको निर्वाचन प्रतिनिधि बसेको भन्दै तम्फुला गाविस-७ बस्ने काङ्ग्रेसका गाउँस्तरीय कार्यकर्ता २८ वर्षीय लोकेन्द्रबहादुर लिम्बू र सोही स्थान बस्ने अर्का २६ वर्षीय टेकेन्द्र तुम्बाहाम्फेले ०६४ चैत २८ गते घरबाट एक किलोमिटर उत्तरमा पर्ने जङ्गलमा लगेर कुटपिट गरी घाइते बनाए। पीडकहरूले आफ्ना काङ्ग्रेस उम्मेदवार निर्वाचनमा पराजित भएमा पीडितको हत्या गर्नेसमेत धम्की दिएका थिए। पीडितको जिल्ला अस्पतालमा चैत २९ गतेदेखि दुई दिनसम्म उपचार भयो। पीडित पक्षले जिल्ला प्रशासनमा ०६५ वैशाख ३ गते कानुनी कारबाहीका लागि उजुरी गरे पनि पीडक पक्षलाई प्रशासनले निर्वाचनको अवधि भएको भनी कुनै पनि कानुनी कारबाही गरेन।

ह्वाकु गाविस-४ निवासी ३१ वर्षीय नेपाली काङ्ग्रेसका गाउँस्तरीय कार्यकर्ता नरेन्द्रकुमार गुरुङलाई ०६४ चैत २९ गते राती ह्वाकु-४ मा काङ्ग्रेस पार्टीका उम्मेरवार तुलसी सुब्बालाई भोट माग्न गएका बेला वाईसीएलका ह्वाकु गाविसका अध्यक्ष सागर थिङ्लाबुसहितको समूहले लाठी प्रहार गरी घाइते बनायो। काङ्ग्रेस कार्यकर्ता गुरुङको स्थानीय ह्वाकु स्वास्थ्य केन्द्रमा उपचार हुनसकेन। पीडित पक्षले घाइतेलाई उपचारका लागि ०६५ वैशाख ६ गते काठमाडौँ लगे। कुटपिट गरी घाइते बनाएको विषयमा पीडित पक्षद्वारा प्रशासनसमक्ष कुनै किसिमको उजुरी नगरिएको हुनाले पीडकहरूलाई कानुनी कारबाही भएन।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३० थान मुद्दामध्ये २० थान यस वर्ष फर्स्यौट भई १० थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २४ थानमध्ये यस वर्ष सात फर्स्यौट भई १७ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ५४ थानमध्ये यस वर्ष २७ थान मुद्दा फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १० थान मुद्दामध्ये यस वर्ष छ थान फर्स्यौट भई चार थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १८ थानमध्ये आठ थान फर्स्यौट भई १० थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २८ थानमध्ये १४ थान मुद्दा फर्स्यौट भई १४ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३६ थान मुद्दामध्ये यस वर्ष २८ थान फर्स्यौट भई ८ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा ३४ थानमध्ये १६ थान फर्स्यौट भई १८ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ७० थानमध्ये ४४ थान मुद्दा फर्स्यौट भई २६ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ सय ५२ थानमध्ये यस वर्ष ८५ थान मुद्दा फर्स्यौट भई ६७ थान मुद्दा बाँकी रहे। यीमध्ये पाँच वर्ष नाघेका मुद्दाको सङ्ख्या दुनियाँवादी फौजदारीतर्फ एक थान बाँकी रहयो।

## बालअधिकार

साब्ला गाविस-५ की १५ वर्षीया एक बालिकालाई ०६५ वैशाख २० गते बेलुकी सोही गाविस-५ का सेते भनिने ३६ वर्षीय लक्ष्मीबहादुर फुदुङ लिम्बूले बलात्कार गरे। बालिकाले अविभावकलाई आफू बलात्कृत भएको जानकारी दिएपछि पीडितका बाबुले जिल्ला प्रहरी कार्यालयमा ०६५ वैशाख २५ गते पीडकलाई कानुनी कारबाही गरी पीडितलाई क्षतिपूर्ति दिनुपर्ने भनी उजुरी गरे। जिल्ला प्रहरीमा उजुरी दिएको थाहा पाएर फरार भएका पीडकलाई प्रहरीले हालसम्म गिरफ्तार गर्न सकेको छैन।

दाँगपा गाविस-२ स्थायी घर भई हाल म्याङ्लुङ गाविस-१ मा अस्थायी बसोबास भएकी १६ वर्षीया एक बालिकालाई म्याङ्लुङ गाविस-५ का तोयानाथ भण्डारीले ०६५ वैशाख २५ गते बलात्कार गरी फरार भए। पीडितले आफ्नो साथीमार्फत दलित सचेतना समाजमा जानकारी दिएपछि उक्त संस्थाले

पीडकलाई कानुनी कारबाही र पीडित बालिकालाई क्षतिपूर्तिको माग गर्दै जिल्ला प्रशासन कार्यालय तेह्रथुममा जेठ ३ गते उजुरी दियो। हालसम्म पीडक फरार हुनाले प्रहरीले सन् २००८ को अन्त्यसम्मै गिरफ्तार गरे।

तम्फुला गाविस-९ का १४ वर्षीय खगेन्द्रप्रसाद अधिकारीले खानेपानीसम्बन्धी छलफलमा विवाद गरेको भन्दै सोही ठाउँ निवासी ४५ वर्षीय राष्ट्रिय जनमुक्ति पार्टीका जिल्ला सदस्य काजी मगरले ०६५ असार २ गते लाठीले कुटपिट गरी घाइते बनाए। घाइते बालकको जिल्ला अस्पताल तेह्रथुममा उपचार भएको थियो। पीडित पक्षले जिल्ला प्रशासन कार्यालयमा ०६५ असार ३ गते दिएको उजुरीका आधारमा मगरलाई प्रहरीले त्यस दिन दिउँसो २ बजे गिरफ्तार गरे। असार ५ गते जिल्ला प्रशासन कार्यालयमा पीडित पक्ष र पीडक पक्षबीच खानेपानी दिने सर्तमा मिलापत्र भएको थियो।

म्याङ्लुङ गाविस-४ का १२ वर्षीय सुशन तुम्बाहाम्फेले करााँते खेलमा विवाद गरेको अरोपमा उनलाई सुङ्गनाम गाविस-४ का ३४ वर्षीय जनमोर्चा नेपाल तेह्रथुमका जिल्ला अध्यक्ष राजेन्द्र बरालले ०६४ असार २० गते म्याङ्लुङ बजारमा कुटपिट गरी घाइते बनाए। नेपाल करााँते महासङ्घका प्रशिक्षकसमेत भएको हुनाले प्रशिक्षार्थीहरूबीचमा भएको विवादको विषयलाई लिएर बााँसका भाटाले बालकलाई बजारमा कुटपिट गरी घाइते बनाएका थिए। घाइते बालकको शरीरका सबै भागमा घाउचोट लागेर रक्तश्राप भएपछि उपचारका लागि जिल्ला अस्पताल तेह्रथुम लगियो। उचारपछि बालक असार २१ गतेका दिन घर फर्के। पीडक प्रहरी हिरासतबाट २८ हजार रुपियााँ धरौटी जम्मा गरी असार २६ गते तारिखमा रिहा भए।

ह्वाकु गाविस-८ का १६ वर्षीया एक बालिकालाई ०६५ मङ्सिर २२ गते सोही गाविस-८ का ४० वर्षीय चन्द्रप्रसाद भट्टराईले फकाएर भारत बेच्न लगिरहेको अवस्थामा इलामस्थित पशुपतिनगरमा माइती नेपालले फेला पारेर फर्काइ दियो। बालिकालाई पीडक चन्द्रप्रसादले भारतको दार्जीलिङमा गार्मेन्टमा काम लगाइदिने भनी प्रलोभन देखाएर लैजान खोजेका थिए। पीडक त्यहााँबाट प्रहरीले गिरफ्तार गर्न नपाउँदै फरार भए। पीडितका परिवारले जिल्ला प्रहरी कार्यालयमा पीडकलाई कानुनी कारबाही गरी पीडित बालिकालाई क्षतिपूर्ति दिलाइदिन पुस ११ गते निवेदन दर्ता गराए।

छातेढुङ्गा गाविस-९ निवासी ११ वर्षीय खगेन्द्रबहादुर तामाङले जङ्गलमा आगो लगाएको भन्दै थोक्लुङ गाविस-९ का कृषकहरूको चार जनाको समूहले ०६५ पुस १ गते बिहान बन्धक बनाई ०६५ पुस २ गते ढुङ्गा प्रहार गरेर हत्या गऱ्यो। मृतक तामाङ पााँचथर जिल्ला रानीगाउँमा दिदीको घरमा गाई पुऱ्याएर आफ्ना बाबु चतुरमान तामाङ र दाजु नरेन्द्र तामाङका साथमा घर गइरहेको अवस्थामा स्थानीय कृषकहरूले आफ्नो जङ्गलमा आगो लगाएको आरोप लगाएका थिए। घटनामा संलग्न थोक्लुङ गाविस-९ का कृषकहरू शम्भु तामाङ, लोकबहादुर तामाङ, श्याम दोर्जे तामाङ र गोपाल तामाङलाई आठराई इलाका प्रहरी कार्यालयका प्रहरीहरूले पुस १ गते पक्राउ गरी हिरासतमा राखे। लासको पोस्टमार्टम आठराई स्वास्थ्य केन्द्रमा पुस २ गते गरी परिवारले बुझेर अन्तिम दाससंस्कार गरे। अहिले गिरफ्तारीमा परेका शम्भु तामाङ, लोकबहादुर तामाङ, गोपाल तामाङ र श्याम दोर्जे तामाङलाई पुर्पक्षका लागि पुस १४ गते जेल चलान गरे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पञ्चकन्या गाविस-३ की २६ वर्षीया एक महिलालाई ०६५ साउन ११ गते ओखे गाविस-८ का युवराज पराजुली, सोही ठाउँका १९ वर्षीय खगेन्द्र कार्की र हर्मजुङ गाविस-७ का १९ वर्षीय किशोर सुब्बाले ओखे गाविस-९ मा पर्ने जङ्गलमा सामूहिक बलात्कार गरेको भन्दै पीडितले प्रहरी चौकी शुक्रबारेमा दिएको निवेदनका आधारमा दुई जना आरोपीलाई साउन २३ गते प्रहरीले गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयमा बुझाए। मुख्य आरोपित खगेन्द्र कार्की हालसम्म फरार छन्। दुवै जनालाई प्रहरीले कानुनी कारबाहीका लागि भदौ ९ गते जेल चलान गरे।

सुङ्नाम गाविस-३ की ३५ वर्षीया एक महिलालाई ०६५ साउन ३० गते सोही ठाउँका ४५ वर्षीय दलबहादुर सङ्ग्रौलाले मिलमा चामल कुटाउन गएको अवस्थामा बलात्कार गरे भनी महिलाले जिल्ला प्रशासनमा पीडकलाई कारबाही गरी पाउँ भनी भदौ ३ गते दिएको निवेदन अनुसार प्रहरीले पीडकलाई भदौ ९ गते गिरफ्तार गरेर आवश्यक अनुसन्धानपछि असोज ५ गते जेल चलान गरियो। हाल पीडक जेलमा रहेका छन्।

पिप्ले गाविस-७ घर भई हाल जिरीखिम्ती बजारमा डेरा गरी बस्ने २१ वर्षीया एक महिलालाई जिरीखिम्ती प्रहरी चौकीका असई मोहन खत्रीले ०६५ भदौ २७ गते पीडितकै कोठामा पुगेर बलात्कारको प्रयास गर्दा पीडित महिलाले छिमेकीसँग सहयोग मागिन्। स्थानीयबासीहरूको समूहले घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा भदौ २८ गते उजुरी दिएपछि असईलाई जिप्रका बोलाएर कारबाही गरिने भने तापनि बिनाकारबाही एक महिनापछि मोहोराहाङ प्रहरी चौकीमा काजमा सरुवा गरियो। घटनाका बारेमा पीडित पक्षले थप कारबाहीका लागि माग गरेनन्।

### पारिवारिक हिंसा

ओयाक्जुङ गाविस-१ की ४२ वर्षीया कृष्णमाया भण्डारीलाई ०६४ फागुन १३ गते अंशबण्डाको विषयमा भनाभन हुँदा सोही ठाउँ बस्ने देवरहरू ३८ वर्षीय धरेन्द्र भण्डारी, ४२ वर्षीय बलराम भण्डारी र १८ वर्षीय कविराज भण्डारीले कुटपिट गरी घाइते बनाए। पीडितलाई अचेत अवस्थामा स्थानीय गाउँलेहरूको सहयोगमा बोकाएर जिल्ला अस्पताल तेह्रथुम लगिएको थियो। पीडितको उपचार गर्न जिल्ला अस्पताल तेह्रथुमका डाक्टर भोजराज गौतमले मानेनन्। पीडितलाई जिल्ला अस्पताल तेह्रथुमबाट बाहिर बजारमा ल्याएर निजी औषधि पसलमा उपचार गरियो। कुटपिटमा संलग्न पीडकलाई प्रहरी चौकी ओयाक्जुङले फागुन १४ गते गिरफ्तार गरेको थियो। गिरफ्तार भएका सबैलाई सोही दिन बेलुकी प्रहरीले बिनाकारबाही रिहासमेत गरे। एक साताको उपचारपछि पीडित महिला घर फर्किइन्।

ओयाक्जुङ गाविस-४ की ४५ वर्षीया देवीमाया दाहाललाई घरायसी विवादका कारण उनका देवर ४३ वर्षीय खोमनाथ दाहालले ०६५ असोज १७ गते दिउँसो धारिलो हतियार प्रहार गरेर हत्या गरे। पीडककी पत्नी चन्द्रकला दाहाल र मृतक देवीमाया दाहालबीचको घर लिपपोतको विषयमा विवाद हुँदा घर लिप्ने माटो देवर खोमनाथले कोदालोले टाउको र अनुहारमा प्रहार गरी घटनास्थलमा हत्या गरेर आफू फरार भएका थिए। पीडक दाहाललाई सिम्ले प्रहरी चौकीद्वारा सिम्ले गाविस-१ बाट गिरफ्तार गरी असोज १८ गतेदेखि प्रहरी हिरासतमा राखिएको छ। मृतकको लास भोलिपल्ट जिल्ला अस्पतालमा पोस्टमार्टम गरी परिवारलाई बुझाइयो। असोज १८ गतेदेखि पीडक दम्पतीलाई एक नाबालक छोरासहित जेल चलान गरिएकोमा ०६५ कात्तिक १६ गते नाबालक छोरा र पीडक पत्नीलाई प्रशासनले जेलमुक्त गऱ्यो।

### बहुविवाह

आङ्दिम गाविस-७ की ३९ वर्षीया फुर्बी शेर्पाका पति ४५ वर्षीय गिरी शेर्पाले ०६५ साउन १६ गते धनकुटा जिल्ला चुङ्बाङ गाविस-३ की ३० वर्षीया हरिमाया योञ्जनसँग दोस्रो विवाह गरे। जेठी पत्नी फुर्बी शेर्पाले जिल्ला प्रशासन कार्यालय तेह्रथुममा अंशबण्डा गराई पाउँ भनी साउन २६ गते निवेदन दिएपछि पीडक शेर्पालाई शुक्रबारे प्रहरी चौकीले भदौ ६ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा १५ दिन राखे। पीडक शेर्पा भदौ २१ गते जेल चलान भए। कान्छी पत्नीलाई प्रहरीले कुनै कारबाही गरेन।

## १.९ भोजपुर

जनसङ्ख्या : २,०६,४५६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४४
क्षेत्रफल (वर्ग कि. मि.): १,५०७
गाविस/नपा सङ्ख्या : ६३/०
सरकारी/निजी विद्यालय : ३६७/६
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : १/६३
मानव विकास सूचकाङ्क : ०.४७२
प्रतिपरिवार सरदर सङ्ख्या : ५

## सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

### अज्ञातबाट

गोगने गाविस-२ का २६ वर्षीय नरेन्द्र केसीलाई ०६५ कात्तिक २४ गते अज्ञात हतियारधारी समूहले दलगाउँ गाविस-५ दिपेनीमा गोली हानेर हत्या गऱ्यो। गोगनेबाट घुम्दै दलगाउँ पुगेको समयमा केसीको दाहिने छातीमा एक गोली प्रहार गरेर हत्या गरिएको थियो। छातीको दाहिने पाटोमा गोली लागेका केसीको उपचारका लागि सदरमुकामस्थित जिल्ला अस्पताल ल्याउँदै गर्दा कोट गाविसस्थित गुम्बा गाउँमा मृत्यु भएको थियो। जिल्ला प्रहरी कार्यालयले हत्यामा किराँत जनवादी वर्कस पार्टीको संलग्नता रहेको जनाए पनि सो पार्टीका कसैलाई पक्राउ गरेन। हत्या अभियोगमा ०६५ कात्तिक २५ गते प्रहरीले पक्राउ गरेका मृतकका छिमेकी गोगने गाविस-२ का ६० वर्षीय लालबहादुर राईलाई केसीको हत्यामा संलग्न भएको नदेखिएको जनाउँदै जिल्ला अदालतले ०६५ मङ्सिर १९ गते साधारण तारेखमा रिहा गर्ने आदेश दियो।

## जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारमा ०६५ पुस १६ गतेसम्ममा कैद तोकिएका ३० जना पुरुष र तीन जना महिला रहेका छन् भने कैद नतोकिएका १२ जना पुरुष र दुई जना महिला बन्दी रहेका छन्। त्यसैगरी, एक जना १६ महिनाका नाबालक सुरेन्द्र राईले आमासँगै कैदी जीवन बिताइरहेका छन्। यसरी भोजपुर कारागारमा जम्मा ४८ जना बन्दीहरू रहेका छन्। भोजपुर कारागारको क्षमता २५ जनाको रहे पनि ४८ जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। क्षमताभन्दा बढी कैदी राखिँदा चर्पी बस्न एक घन्टा लाइन बस्नुपर्ने बाध्यता छ। पुरुष कैदीहरूको सङ्ख्या अत्यधिक भएकाले सुत्नका लागि भुइँ, भान्सा कोठा र त्रिपाल टाँग्नुपर्ने अवस्था रहेको कैदीहरूले बताए।

कारागारका महिला बन्दीहरूलाई बस्नका लागि कोठा साँघुरो भएको छ भने उनीहरूलाई घाम ताप्नसमेत समस्या छ। अँध्यारो कोठामा गुम्सेर बस्नुपर्दा महिला कैदीहरूका हातखुट्टा सुन्निने, ज्वरो आउने र चिसोबाट लाग्ने रोगहरूले सताउने गरेको छ।

## बेपत्ता/अपहरण

### माओवादीबाट

कुलुङ गाविस-५, घलेगाउँ निवासी नेकपा (एमाले)का कार्यकर्ता केदार कार्कीले १ लाख रुपियाँ चन्दा नदिएको आरोपमा ०६५ वैशाख १६ गते उनलाई माओवादी कार्यकर्ताले घरैबाट अपहरण गरे। माओवादीका एक नम्बर एरिया सेक्रेटरी पुष्प चौलागाईंको नेतृत्वका माओवादी कार्यकर्ताले राती खाना खाएर सुत्न लागेका कार्कीलाई घर घेरेर अभद्र व्यवहार गर्दै अपहरण गरेका थिए। अपहरणपछि माओवादीले पार्टी कार्यालयमा थुनेर कुटपिट गरे। कार्कीलाई गाउँ छाड्न धम्की दिई ०६५ वैशाख १८ गते उनकी आमालाई जिम्मा लगाएर अपहरणमुक्त गरिएको थियो। अपहरणमुक्त भएपछि ०६५ वैशाख २५ गते कार्कीलाई उपचारका लागि काठमाडौँ लगिएकामा उपचारपछि उनी गाउँमै सामान्य अवस्थामा रहेका छन्। कार्कीलाई माओवादीले ०६४ वैशाख ४ गते पार्टीलाई १ लाख रुपियाँ चन्दा नदिएमा घर कब्जा गर्ने धम्की दिएपछि कार्की परिवारले घरसमेत खाली गरेको थियो। घर खाली गर्न उर्दी गरेर गएका माओवादी कार्यकर्ता नफर्केपछि कार्कीको परिवार वैशाख ५ गतेदेखि घरैमा बस्दै आएको छ।

### किराँत जनवादी वर्कस पार्टीबाट

दलगाउँ गाविस-१ का ६८ वर्षीय जुद्धबहादुर सुवेदीलाई ०६५ कात्तिक ३ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले १ लाख रुपियाँ चन्दा नदिएको भन्दै घरैबाट अपहरण गरे। पाँच घन्टा कब्जामा राखेर सोही दिन मुक्त गरे। अपहरणमुक्त गर्दा वर्कस कार्यकर्ताले सुवेदीबाट १० हजार रुपियाँ र एक थान सीडीएमए फोनसमेत लुटे। वर्कस कार्यकर्ताले सुवेदीलाई थप ९० हजार रुपियाँ दिने सर्तमा मुक्त गरेका थिए। जिल्ला प्रहरी कार्यालयले सुवेदीलाई वर्कसले दिएको धम्कीबारेमा मौखिक रूपमा जानकारी आए पनि लिखित रूपमा कुनै जानकारी नआएको जनायो। सुवेदी हाल जिल्ला सदरमुकाम भोजपुर बजारमा बस्दै आएका छन्।

## धम्की/कुटपिट

### राज्यबाट

भोजपुर गाविस-५ निवासी जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी हवल्दार ३५ वर्षीय रमेश कार्कीलाई ०६४ माघ २६ गते भैँसीपड्खा गाविसको

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | | | १ | | | | | | | | |
| कुटपिट | ४ | १२ | १ | | १३ | ५ | ८ | १ | | ८ | १ | १ | १ |
| धम्की | ८ | १४ | १ | | १५ | ५ | ५ | | | ५ | | | |
| भेला/संगठित हुने अधिकार | | | | | | १ | | | ३५ | ३५ | | | |
| जातीय विभेद | ३ | ३ | १ | | ३ | | | | | | | | |
| महिलाअधिकार | ६ | | ६ | | ६ | | | | | | | | |
| बालअधिकार | ३ | | १ | ३१ | ३३ | १ | | | ५० | ५० | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | ३ | ४ | | | ४ | ३ | ३ | | | ३ | | | |
| अपहरण | ३ | १ | १ | | ३ | ३ | ४ | | | ४ | | | |
| जम्मा | २८ | ३४ | ११ | ३१ | ६६ | १६ | १८ | १ | ८५ | ९४ | १ | १ | १ |

जुकेखोलामा जिल्ला प्रहरी कार्यालय भोजपुरमा कार्यरत १० जनाभन्दा बढी प्रहरी अधिकृतहरूले कुटपिट गरे। प्रहरी अधिकृतहरूद्वारा वनभोज खान सहयोगीका रूपमा लगिएका हवल्दार कार्की इन्स्पेक्टर टङ्कप्रसाद भट्टराईसहितका १० जनाभन्दा बढी प्रहरी अधिकृतहरूको कुटपिटबाट गम्भीर घाइते भएका थिए। कुटपिटबाट कार्कीको देब्रे आँखा, ढाड, तिघ्रा, हात, नाकमा चोट लागेको थियो। वनभोज खाइसकेपछि दिउँसो दुई घन्टासम्म आफूलाई प्रहरीले कुटपिट गरेको पीडित हवल्दार कार्कीले बताए। शरीरका लुगा फुकालिदिएर नाङ्गै अवस्थामा खेतको हिलोमा गाड्दै लाठी, मुक्का र लात्तीले आफूलाई कुटपिट गर्नेहरूमा इन्स्पेक्टर टङ्कप्रसाद भट्टराई, असई दानबहादुर कार्की, असई उत्तरकुमार श्रेष्ठ, हवल्दार रुद्र खड्का र सिपाही सुरेश चौधरीलगायत रहेको पीडित कार्कीले बताए। कुटपिटमा संलग्न भनिएका इन्स्पेक्टर टङ्कप्रसाद भट्टराईले भने केही प्रहरी अधिकृतलाई हवल्दार कार्कीले कुटपिट गरेपछि अरूले कुटे पनि आफूले केही नगरेको बताए। उनले प्रहरी विभागभित्रको कुरा भएकाले पत्रकार र मानवअधिकारकर्मीले चासो नराख्न भने। जिल्ला प्रहरी कार्यालयले कुटपिटबाट घाइते कार्कीको उपचारका लागि १० हजार रुपियाँ प्रदान गऱ्यो। कार्कीको काठमाडौँमा उपचार गरिएको थियो। पीडित जिल्ला प्रहरी कार्यालय, भोजपुरमा नै कार्यरत छन्।

### माओवादीबाट

कुदाककाउले गाविस-१ का ६८ वर्षीय नारद राईलाई आफूले भनेको मानिसलाई अंश नदिएको आरोपमा ०६४ माघ १ गते माओवादी कार्यकर्ताले उनकै घरमा कुटपिट गरे। सशस्त्र द्वन्द्वका क्रममा माओवादीले मागेजति चन्दा नदिएको आरोप लगाइएका नारदलाई माओवादी कार्यकर्ताले नचिनेको मान्छेलाई छोरो स्वीकार्न लगाएर अंश दिन गरेको दबाब अस्वीकार गरेपछि कुटपिट गरेका थिए। माओवादी कार्यकर्ताले कुटपिट गर्दै गाउँबाट निकालेपछि नारद विस्थापित भएर भोजपुर सदरमुकाम आए। आफूलाई कुटपिट गर्ने माओवादी कार्यकर्ता सुरेश विष्टले घर खाली गर्न उर्दी दिएको पीडित राईले बताए। माओवादी कार्यकर्ताले कुटपिट गरिरहँदा घटनास्थलमै रहेका प्रहरी चौकी कुदाककाउलेको टोली मुकदर्शक बनेर बसेको पीडितले बताए। माओवादी कार्यकर्ताले कुटपिट गरिरहँदा मुकदर्शक बनेका प्रहरीलाई सदरमुकाम झिकाएर कारबाही थालेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनायो।

नेपालेडाँडा गाविस-७ का ७० वर्षीय मेघराज भण्डारीसँग माओवादीका २ नं. एरिया सेक्रेटरी राजकुमार दङ्गालले ०६४ माघ ५ गते जबरजस्ती चन्दा माग गरे। राज्य-माओवादी सशस्त्र द्वन्द्वका क्रममा माओवादीद्वारा ०६१ साउन २५ गते विस्थापित बनाइएका भण्डारीसँग उनी गाउँ फर्केपछि माओवादीले ५० हजार रुपियाँ दिनैपर्ने दबाब दिएका थिए। माओवादीले चन्दा माग गरेपछि भण्डारी सहयोग माग गर्दै ०६४ माघ १९ गते भोजपुर सदरमुकाम आए। पार्टीलाई अनिवार्य चन्दा दिए मात्र घरमा बस्न दिने माओवादीको उर्दीपछि गाउँमा बस्ने अवस्था नभएपछि भण्डारीले गाउँ छोडेको बताए। पीडित ०६४

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | | किराँत वर्कस पार्टीबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | | | | १ | १ | १ |
| कुटपिट | ३ | ९ | | ९ | १ | ३ | ३ | | | |
| धम्की | | | | | ५ | ६ | ६ | | | |
| बालअधिकार | १ | | ३० | ३० | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | ३ | ४ | ४ | | | |
| अपहरण | | | | | १ | १ | १ | | | |
| जम्मा | ३ | ९ | ३० | ३९ | ९ | १५ | १५ | १ | १ | १ |

माघ २६ गते गाउँ फर्किए।

कुलुङ गाविस-३ निवासी काङ्ग्रेस कार्यकर्ता गणेश बुढाथोकीलाई ०६४ चैत १३ गते माओवादी कार्यकर्ताले कुटपिट गरे। संविधानसभा निर्वाचनको प्रचारमा रहेका काङ्ग्रेस कार्यकर्ता बुढाथोकीलाई माओवादीका एक नम्बर एरिया सेक्रेटरी पुष्प चौलागाईंसहितका पाँच जना माओवादी कार्यकर्ताले कुटपिट गरेका थिए। काङ्ग्रेसको भोजपुर गाविस-काठमाडौं प्रचारप्रसार विभागका सचिव रहेका बुढाथोकीलाई सोलुखुम्बुमा काङ्ग्रेस कार्यकर्ताबाट ०६४ चैत १३ गते माओवादी कार्यकर्ताको हत्या भएको समाचार रेडियोमा सुनेपछि माओवादी कार्यकर्ताले 'हाम्रा कार्यकर्ता मार्ने' भन्दै बुढाथोकीलाई कुटपिट गरेको नेपाली काङ्ग्रेस भोजपुरका सभापति कुमार राईले बताए। माओवादी कार्यकर्ताको कुटपिटबाट ओँठ तथा आँखामा चोट लागेका बुढाथोकीको स्थानीय कुलुङ उपस्वास्थ्य चौकीमा उपचार गरियो। पीडकमाथि प्रहरीले कारबाहीको प्रक्रिया अघि बढाएन।

दलगाउँ गाविस-३ निवासी, रिलेक जिल्ला समितिका सदस्य पदमबहादुर कार्कीलाई पार्टीको कार्यकर्ता भएर चुनाव प्रचार गरेको आरोपमा ०६४ चैत २७ गते माओवादी कार्यकर्ताले मार्ने धम्की दिए। २० जनाको समूहमा आएका माओवादी र वाईसीएलका कार्यकर्ताले कार्कीको घर घेरेर ढुङ्गा हान्नुका साथै चैत २८ गते कार्कीलाई मार्ने धम्कीसमेत दिए। संविधानसभाको चुनावमा चैत २८ गते दलगाउँ गाविसस्थित नवदुर्गा मावि मतदान केन्द्रको पर्यवेक्षण गरिरहेका कार्कीलाई माओवादी कार्यकर्ताले अपहरण गर्ने प्रयाससमेत गरे। दुई जनाको समूहमा आएका माओवादी कार्यकर्ताले अपहरण प्रयास गरेपछि कार्की भागेर सोही दिन भोजपुर सदरमुकाम आए। माओवादी धम्कीपछि सदरमुकाममा रहेका कार्कीलाई वाईसीएलका जिल्ला सचिव शिशिर शर्माले जहाँ भेटे पनि मार्ने धम्की दिएको पीडितले बताए। माओवादी र वाईसीएलको धम्कीपछि आफू गाउँ जान नसकेको कार्कीले बताए। वाईसीएल सचिव गोपाल तिमल्सिनाले भने आफूले कार्कीलाई कुनै धम्की नदिएको बताए। उनी मानवअधिकारकर्मी र राजनीतिक दलको पहलमा ०६५ वैशाख ११ गते गाउँ फर्के।

भुल्के गाविस-४ निवासी काङ्ग्रेस कार्यकर्ता पुष्पराज निरौलालाई आफ्नो क्षेत्रमा काङ्ग्रेसको प्रचार गरेको आरोपमा माओवादी कार्यकर्ताले ०६४ चैत २७ गते उनको घरैबाट रातभर नियन्त्रणमा लिए । माओवादी कार्यकर्ताले उनको घर तोडफोड गर्नुका साथै चैत २८ गते हुने संविधानसभा चुनावमा काङ्ग्रेसबाट मतदान केन्द्र प्रतिनिधि नबस्नसमेत धम्की दिए। संविधानसभा निर्वाचनका निम्ति काङ्ग्रेसबाट भुल्के गाविस पुगेका काङ्ग्रेसका जिल्ला उपसभापति धर्मराज राई र काङ्ग्रेस कार्यकर्ता सरोज बस्नेतलाई पनि माओवादीले मार्ने धम्की दिए। पुष्पराज निरौलाको घरमा बसिरहेको अवस्थामा निरौलासहित उनीहरूलाई पनि चुनाव भाँड्न आएको आरोप लगाउँदै अमानवीय व्यवहार गरे। उनीहरू तीनै जनालाई रातभर नियन्त्रणमा लिएपछि माओवादीले ०६४ चैत २८ गते

मुक्त गरे। माओवादीले मार्ने धम्की दिएपछि धर्मराज र सरोज ०६४ चैत २८ गते भोजपुर सदरमुकाम आए। पुष्पलाई माओवादीले काङ्ग्रेसका तर्फबाट मतदान केन्द्रमा प्रतिनिधि बस्नसमेत दिएनन्। चैत २८ गते बिहान सुरु भएको चुनावमा ११ बजेसम्म आफ्नो पार्टीलाई मात्र मतदान गराइरहेका माओवादीले सशस्त्र प्रहरी पुगेपछि काङ्ग्रेसका तर्फबाट निरौलालाई मतदानकेन्द्र प्रतिनिधि बस्न दिए।

दलगाउँ गाविस-६ निवासी काङ्ग्रेस कार्यकर्ता सुरेन्द्र कार्कीलाई माओवादी कार्यकर्ताले ०६४ चैत २८ गते मार्ने धम्की दिए। माओवादीका स्थानीय कार्यकर्ताहरूले कार्कीलाई 'खाल्डो खनी राख, मर्ने दिन धेरै छैन' भन्ने धम्की दिँदै अपहरण गर्न खोजेपछि ०६४ चैत २९ गते भागेर उनी भोजपुर सदरमुकाम आए। माओवादीले भने आफ्ना कार्यकर्ताले कुनै धम्की नदिएको जनायो। काङ्ग्रेस जिल्ला सभापति कुमार राईले माओवादी ज्यादतीका कारण आफ्ना कार्यकर्ताहरू असुरक्षित भएकाले सुरक्षा माग गर्दै ०६४ वैशाख ५ गते जिल्ला प्रशासन, प्रहरी र मानवअधिकाकर्मीलाई लिखित अपिल गरे। उनी मानवअधिकारकर्मी र राजनीतिक दलको पहलमा ०६५ वैशाख ११ गते गाउँ फर्के।

नागी गाविस-४ निवासी एमाले भोजपुरका जिल्ला सदस्य तथा सङ्गठन विभाग प्रमुख रामसिंह राईलाई माओवादी कार्यकर्ताले ०६५ वैशाख १७ गते कुलुङ गाविसस्थित वीरेन्द्र उच्च माविको प्राङ्गणमा गम्भीर घाइते हुने गरी कुटपिट गरे। संविधानसभा चुनावको समीक्षा कार्यक्रमसहित कुलुङ पुगेका राईलाई माओवादीका एक नम्बर एरिया सेक्रेटरी पुष्प चौलागाईंको नेतृत्वमा रहेका माओवादी र वाईसीएलका कार्यकर्ताले कुटपिट गरेका थिए। माओवादी कार्यकर्ताले कुलुङ गाविस-५ निवासी एमाले कार्यकर्ता केदार कार्कीलाई ०६५ वैशाख १६ गते राती अपहरण गरेपछि माओवादी कब्जाबाट कार्कीलाई मुक्त गर्न गएका राईलाई माओवादी कार्यकर्ताले खुकुरी, लाठी, दाउरा र भालाले शरीरभरि कुटपिट गरेका थिए। माओवादी कार्यकर्ताको कुटपिटबाट राईका तीनओटा करङ, दाहिने खुट्टो र हातका औँला भाँचिनुका साथै टाउको र फोक्सोमा गम्भीर चोट लागेको थियो। माओवादी कार्यकर्ताको कुटपिटबाट कुलुङ गाविस-५ निवासी एमाले जिल्ला कमिटी सदस्य खगेन्द्र राई, एमाले कुलुङ गाउँ कमिटी सदस्य कुलबहादुर घले र एमाले कार्यकर्ता तथा वीरेन्द्र उच्च मावि कुलुङका शिक्षक डेडराज बस्नेत पनि घाइते भए। सोही घटनामा माओवादी कुटपिटबाट गम्भीर घाइते रामसिं राई र खगेन्द्र राईलाई नेपाली सेनाको हेलिकप्टरमार्फत ०६५ वैशाख १७ गते नै उपचारका लागि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा लगियो। रामसिंको धरानमा उपचार हुन नसकेपछि थप उपचार काठमाडौँस्थित शिक्षण अस्पताल महाराजगन्जमा गरियो भने खगेन्द्रको धरानमै उपचार गरियो। उनीहरूलाई कुटपिटपछि माओवादीले गाउँबाट लखेटेका थिए। शिक्षक डेडराज बस्नेत सोही दिन गाउँबाट काठमाडौँमा विस्थापित भएर ०६५ असार ६ गते गाउँ फर्केका थिए। कुटपिटमा संलग्नमध्ये पुष्प चौलागाईं र जगतबहादुर राईलाई प्रहरीले ०६५ जेठ २८ गते जिल्ला सदरमुकामबाट पक्राउ गरी ज्यान मार्ने उद्योगमा मुद्दा चलाएकामा जिल्ला अदालत भोजपुरले ०६५ असार २२ गते जनही ४५ हजार धरौटीमा रिहा गऱ्यो। जिल्ला अदालतमा चलिरहेको सो मुद्दालाई मन्त्रिपरिषद्को ०६५ कात्तिक ११ गतेको बैठकले फिर्ता लिने निर्णय गऱ्यो।

*जिप्रका भोजपुरका प्रहरी अधिकृतहरूबाट कुटपिट गरिएका सोही कार्यालयका प्रहरी हवल्दार रमेश कार्की*

कुलुङ गाविस-८ निवासी वीरेन्द्र उच्च माविका प्रधानाध्यापक एकराज गिरीलाई माओवादी कार्यकर्ताले ०६५ साउन ९ गते विद्यालयको कार्यकक्षमै कुटपिट गरे। माओवादी कुलुङ गाउँ कमिटी सचिव कमल विश्वकर्मा, दौलत राई र शिवशङ्कर घलेले अमानवीय व्यवहार गर्दै गिरीलाई कुटपिट गरेका थिए। कुटपिबाट गिरीको घाँटी र अनुहारमा चोट लाग्यो। कुटपिटपछि प्रवेशिका पुरक परीक्षाका लागि ५८ जना विद्यार्थीबाट सङ्कलित फर्म शुल्क २४ हजार रुपियाँ, व्यक्तिगत ८ हजार रुपियाँ र एक तोला सुनको औँठी माओवादी कार्यकर्ताले लुटेर लगेको पीडितले बताए।

*माओवादीद्वारा कुटपिट गरिएका नारद राई र एमाले कार्यकर्ता केदार कार्की*

कुटपिटबारेमा प्रहरी चौकी कुलुङमा उजुरी गर्दा प्रहरीले केही गर्न नसकिने जवाफ दिएको गिरीले बताए। कुटपिटमा संलग्न माओवादी कार्यकर्ताहरूले प्रधानाध्यापक गिरीलाई यसअघि पनि मार्ने धम्की दिँदै आएका थिए। गिरीलाई कुटपिट गर्ने माओवादी कार्यकर्ताहरूले ०६५ साउन २९ गते गल्ती स्वीकार्दै पीडित र विद्यालय प्रशासनसमक्ष सार्वजनिक रूपमा माफी मागे। पीडकहरूमाथि कुनै कानुनी कारबाही भएन। यसअघि प्रधानाध्यापक गिरीलाई माओवादी कार्यकर्ता कमल विश्वकर्माले ०६५ असार ६ गते उनको घरैमा गएर मार्ने धम्की दिएका थिए। ०६५ वैशाख १७ गते एमाले कार्यकर्तामाथि कुटपिटको अभियोगमा प्रहरीले वारेन्ट जारी गरेका माओवादी कार्यकर्ता कमलले एकराज गिरीका छिमेकी इन्द्रबहादुर खड्कासँग भएको जग्गा-सीमाको विवादमा प्रहरी चौकी कुलुङमा दिएको उजुरी फिर्ता लिन दबाब दिँदै उजुरी फिर्ता नलिए मार्ने धम्की दिएका थिए। धम्कीपछि सुरक्षाको माग गर्दै मार्ने धम्की दिने माओवादी कार्यकर्तालाई कारबाही गर्न गिरीले ०६५ असार ९ गते जिल्ला प्रशासन कार्यालय, भोजपुरमा निवदेन दिएका थिए।

### एमालेबाट

भोजपुर गाविस-५ स्थित नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा कार्यालयको बैठकमा सहभागी महासङ्घका पदाधिकारीहरूलाई एमाले समर्थित अनेरास्वावियुका केन्द्रीय सदस्य तथा स्वतन्त्र विद्यार्थी युनियन भोजपुरका सभापति ध्रुवराज राईले ०६५ जेठ २२ गते दुर्व्यवहार गर्दै कुटपिट गरे। ध्रुवराज राईले महासङ्घका जिल्ला अध्यक्ष शाहीमान राई र उपाध्यक्ष ज्ञानेन्द्र खड्कालाई कुटपिट गर्नुका साथै महासङ्घका जिल्ला सचिव निरोज कोइराला, सहसचिव एक्सन राई र केन्द्रीय सभासद् श्यामकृष्ण दाहालमाथि दुर्व्यवहार गर्दै गालीगलौज गरे। अध्यक्ष राई र उपाध्यक्ष खड्का कुटपिटबाट सामान्य घाइते भए। कुटपिटबाट अध्यक्ष राई र उपाध्यक्ष खड्का सामान्य घाइते भए। महासङ्घले जेठ २२ गते नै प्रेस विज्ञप्ति निकालेर घटनाको भर्त्सना गर्दै दोषीमाथि कारबाहीको माग गऱ्यो। स्वयिु सभापति राईले माफी मागेपछि जेठ २३ गते दुवै पक्षबीचमा सहमति गरियो।

*वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका एमाले जिल्ला सदस्य रामसिंह राई*

भोजपुर गाविस-५ निवासी जिल्ला फुटबल सङ्घका कोषाध्यक्ष विनम श्रेष्ठलाई एमाले कार्यकर्ताहरू मकरबहादुर खड्का र प्रेम जर्घामगरले ०६५ भदौ २६ गते एमाले जिल्ला पार्टी कार्यालयमा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। अनेरास्वयिुको प्रचार सामग्रीमाथि फुटबलसम्बन्धी पोस्टर टाँसेको र व्यानर हराएको बारेमा छलफलका लागि एमाले कार्यालयमा बोलाइएका फुटबल सङ्घसम्बद्ध पदाधिकारीहरू विनम श्रेष्ठ, प्रवीण सुवाल, अशु मगैया र विद्याभूषण श्रेष्ठसहितका व्यक्तिहरूमाथि अनेरास्वयिु जिल्ला अध्यक्ष मकरबहादुर खड्का र एमाले जिल्ला सदस्य प्रेम जर्घामगरले कुटपिट तथा खुकुरी प्रहार गरेका थिए । एमाले जिल्ला सदस्य प्रेम जर्घामगरले प्रहार गरेको खुकुरीले लागेर टाउकोमा गम्भीर चोट लागेका विनमको स्थानीयस्तरमा प्राथमिक उपचार गरी थप उपचार काठमाडौँमा गरियो। अन्य घाइतेहरूको स्थानीयस्तरमै उपचार गरियो। घटना भएकै दिन पक्राउ दुवै एमाले कार्यकर्तालाई सर्वपक्षीय सहमतिपछि प्रहरीले ०६५ भदौ ३० गते दैनिक तारेखमा उपस्थित हुने गरी रिहा गऱ्यो। कुटपिट र खुकुरी प्रहारको विरोधमा उत्रेका जिल्ला सदरमुकाम भोजपुरका स्थानीयबासीले भोजपुर गाविस-५ स्थित पासाङ शेर्पाको घरमा रहेको एमाले पार्टी कार्यालय तोडफोड गरी क्षतिग्रस्त पारे। प्रहरीकै अगाडि भएको तोडफोडबाट डेढ लाख रुपियाँभन्दा बढीको क्षति भएको एमालेले जनायो। एमालेले फुटबल सङ्घ पदाधिकारीले आफ्ना कार्यकर्तामाथि पनि कुटपिट गरेको जनायो। मानवअधिकारकर्मी र प्रशासनको पहलमा घाइतेको उपचार र क्षतिग्रस्त पार्टी कार्यालय मर्मत गर्न ०६५ भदौ ३० गते विद्याभूषण श्रेष्ठको संयोजकत्वमा १५ सदस्यीय समिति गठन गरियो। घटनामा गल्ती भएको स्वीकार्दै पीडकहरू र एमाले जिल्ला सचिव शेरधन राई तथा सङ्गठन विभाग प्रमुख रामसिं राईले माफी मागेपछि दुवै पक्षले सहमति गरे।

### किराँत जनवादी वर्कस पार्टीबाट

बालंखा, यूँ, वासिङ्गथर्पु, थिदिंखा, पाँचा र दुम्माना गाउँ विकास समितिलगायतका सचिवहरूसँग किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६४ पुस २५ गते जबरजस्ती चन्दा माग गरे। वर्कस कार्यकर्ताले पत्र लेखेर

प्रति गाविस दुई लाख रुपियाँका दरले चन्दा माग गरेपछि ती गाविसमा कार्यरत सचिवहरू कार्यथलो छोडेर सदरमुकाम विस्थापित भए। वर्कस कार्यकर्ताले जबरजस्ती चन्दा माग गरेको विरोधमा गाविस सचिवहरूले ०६४ पुस २५ गते प्रेस विज्ञप्ति जारी गरेर गाउँको विकासका लागि आएको बजेट पार्टीलाई दिन नसकिने जनाउँदै आफूहरू जोखिममा परेर गाउँमा कार्य गर्न नसक्ने जनाए। गाविस सचिवहरूले वर्कस पार्टीको जबरजस्ती चन्दा दिनुपर्ने दबाबपछि गाविसको विकासका लागि सरकारले दिएको १० लाख रुपियाँ बजेटसमेत नलाने जनाए। गाविस सचिवहरू ०६४ माघ १० गतेदेखि गाउँ फर्केका थिए।

*माओवादीद्वारा कुटपिट गरिएका वीरेन्द्र उच्च मावि का प्रधानाध्यापक एकराज गिरी*

दलगाउँ गाविस-८ निवासी सोही गाविसका सचिव तिलक श्रेष्ठलाई ०६५ जेठ ३० गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले गाविस सचिवको पदबाट १५ दिनभित्र राजीनामा दिन धम्की दिए। गाविसको काममा भ्रष्टाचारको आरोपमा वर्कसका कार्यकर्ताले राजीनामा नदिए ८ लाख रुपियाँ रकम बुझाउन दबाब दिँदै भौतिक कारबाही गर्नेसमेत धम्की दिएका थिए। गाविस सचिव श्रेष्ठको घरमा रहेको एक थान सीडीएमए फोन र अन्य सामग्री वर्कस कार्यकर्ताले लुटेर लगेका थिए। गाउँ फर्केमा भौतिक कारबाही गर्ने वर्कसले धम्की दिएपछि सचिव श्रेष्ठले गाविसको काम भोजपुर सदरमुकामबाटै गर्दै आएका छन्। सचिव श्रेष्ठको घरमा रहेका दलगाउँ, भुल्के, ओखे र धोदलेखानी गाविसको कार्यालयका कागजपत्र र फर्निचरमा आगजनी गरेपछि वर्कस कार्यकर्ताले किराँत स्वायत्त प्रदेश घोषणा र सङ्घीयता लागू नहुन्जेल नेपाल सरकारका स्थानीय निकायलाई गाउँमा पस्न नदिने भन्दै गाविसका कागजपत्र जलाएको बताएको रिलेक जिल्ला सदस्य पदमबहादुर कार्कीले बताए। त्यसैगरी, सचिव श्रेष्ठलाई वर्कस कायकर्ताहरूले ०६५ मङ्सिर ४ गते मार्ने धम्की दिए। सशस्त्र हतियारसहितका वर्कस कार्यकर्ताले मागेजति रकम नदिएमा मार्ने धम्की दिएका थिए। गाविसको बजेटबाट आफ्नो पार्टीलाई दुई लाख रुपियाँ दिन सचिव श्रेष्ठलाई वर्कस कार्यकर्ताले दबाब दिँदै आएका थिए। वर्कस कार्यकर्ताहरूले गाविसको काम आफ्नो मातहतमा सञ्चालन गरिनुपर्ने भन्दै मागेजति रकम नदिएमा मारेर फाल्ने धम्की दिएका थिए। गाविस कार्यालयमा आएका वर्कस कार्यकर्ताहरूले गाविसको विकासका लागि आएको १९ लाख ५० हजार रुपियाँमध्येबाट दुई लाख रुपियाँ दिन दबाब दिएपछि स्थानीय राजनीतिक दलले सो कुराको प्रतिवाद गरेका थिए। वर्कस कार्यकर्ताले रकम नदिएमा गाविस सचिव र गाउँमा सक्रिय अन्य राजनीतिक दलका कार्यकर्तामाथि समेत आक्रमणको चेतावनी दिएपछि अन्य राजनीतिक दलका कार्यकर्ता पनि आतङ्कित भएका थिए। सचिव श्रेष्ठको अवस्था हाल सामान्य छ।

यूँ, वासिङ्गथर्पु र थिदिंखा गाविसका सचिव रेवती ढुङ्गानालाई ०६५ असार २५ गते किराँत जनवादी वर्कसका कार्यकर्ताले साउन ९ गतेभित्रमा राजीनामा दिन धम्की दिए। वर्कस कार्यकर्ताले लिखित पत्र पठाई राजीनामा दिएर गाविसका सबै कागजपत्र पार्टीलाई नबुझाएमा मार्ने धम्की दिएका थिए। वर्कस कार्यकर्ताले पत्रमार्फत किराँत क्षेत्रका गाविसको जिम्मेवारी आफैँले लिने जनाउँदै गाविस सचिवलाई गाउँ फर्केर नआउन भने। किराँत क्षेत्रमा नेपाल सरकारका निकायले प्रवेश नपाउने जनाउँदै कार्यक्षेत्रमा नआउन धम्की दिएका थिए। वर्कसको धम्कीपछि गाविस सचिव ढुङ्गानाले सदरमुकामबाटै गाविसको दैनिक कार्य सञ्चालन गरे। उनले हाल सदरमुकामबाटै गाविसको काम सञ्चालन गरिरहेका छन्।

भोजपुर गाविस-४ का २४ वर्षीय खड्गबहादुर श्रेष्ठ, सिद्धेश्वर गाविस-८ का श्रीबहादुर राई र धनकुटाको लेगुवा बजारका महेश राईलाई ०६५ भदौ २५ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले जरायोटार गाविस-३ को पाल्पालेमा कुटपिट गरे। मागेजति रकम नदिई खच्चडबाट भोजपुर सदरमुकाममा खाद्यसामग्री ढुवानी गरेको आरोपमा वर्कस कार्यकर्ताहरूले लाठी र मुक्काले कुटपिट गर्दा तीनै जना घाइते भए। घाइतेमध्ये महेश राईको अनुहारमा गहिरो चोट लाग्यो। उनको लेगुवा बजारस्थित क्लिनिकमा उपचार गरियो। वर्कस कार्यकर्ताले कुटपिटपछि खच्चडबाट ल्याएको खाद्यसामान लुटेर जलाउनुका साथै लुटपाट पनि गरे। प्रतिखच्चड १० हजार नदिएसम्म खच्चड हिँडाउन नदिने वर्कसको धम्कीको बेवास्ता गरेको आरोपमा अन्य खच्चड व्यवसायीलाई पनि वर्कस कार्यकर्ताले मार्ने धम्की दिए। भदौ २५ गतेदेखिको अवरोधले १ सय ५० ओटा खच्चडबाट ल्याएको सामान जरायोटार र याकु गाविसमा रोकिएपछि खच्चडबाट सामान ढुवानी

व्यवसायीले प्रतिखच्चड ८ सयका दरले रकम बुझाएर पुनः खाद्यान्न ढुवानी सुचारु गरे। खाद्यान्न ढुवानी प्रहरीको सुरक्षामा सुचारु गरिएको थियो।

### सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

भोजपुरका गाउँ विकास समितिका सचिवहरू र सहायकस्तरका गाविसका कर्मचारीलाई सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ताले ०६४ चैत २ गते राजीनामा दिन दबाब दिए। कोट गाउँ विकास समितिको कार्यालय र जिल्लाका अन्य स्थानमा पार्टीको विज्ञप्ति टाँसेर गाविस सचिवहरूलाई राजीनामा दिन दबाब दिए। त्यसपछि भोजपुरका गाविसहरूको काम प्रभावित भयो। जातीय जनसरकारको मागसहित सो सङ्गठनले गाविस सचिव र जिल्लाका सरकारी कार्यालयका सहायकस्तरका कर्मचारीहरूलाई राजीनामा गर्न सात दिनको अल्टिमेटम दिएकाले गाविस सचिवहरूलाई कार्यक्षेत्रमा गएर काम गर्न समस्या भयो। परिषद्को दबाबपछि कोट गाविसमा चैत ३ गते सर्वदलीय बैठक बसी केही दिन गाविसको काम रोक्ने निर्णय गरियो। गाविसको काम अवरुद्ध भएपछि करिब ५६ हजार जनसाधारण प्रभावित भए।

### अन्यबाट

कोट गाविस-२ का केदार नेपाल, पूण्यप्रसाद न्यौपाने, भवनाथ न्यौपाने, ढुण्डीराज नेपाल, गुणराज नेपाल र योगराज घिमिरेलाई ०६५ जेठ ८ गते माओवादी, काङ्ग्रेस र एमाले कार्यकर्तासहितको भेलाले श्रमकैदको सजाय तोकेको घोषणा गरे। स्थानीयबासी तुलसा न्यौपानेलाई बेपत्ता पारेको आरोपमा उनीहरूलाई सिद्धेश्वर प्राथमिक विद्यालयमा प्रतिव्यक्ति दुई पिल ढुङ्गा फोड्ने सजाय तोकियो। ०६५ जेठ ८ गते कोट गाविसमा भएको भेलाले जेठ ३० गतेसम्म सिद्धेश्वर प्राविका लागि प्रतिव्यक्ति दुई पिल ढुङ्गा फोर्ने गैरकानुनी श्रमकैद तोकेको थियो। श्रमकैद तोकिएका केदार नेपालले गैरकानुनी श्रमकैद नभोग्ने बताएपछि उनी ०६५ जेठ १३ गते गाउँबाट विस्थापित भए। नेपालले जेठ २७ गते विज्ञप्ति प्रकाशित गरी गैरकानुनी रूपमा तोकिएको श्रमकैद फिर्ता गर्न माग गरे। केदार नेपालले श्रमकैद नभोग्ने जनाएपछि अन्य पाँच जनाबाट श्रमकैदस्वरूप दुई पिल ढुङ्गाको १ हजार रुपियाँका दरले रकम असुलियो। बेपत्ता पारिएको भनिएकी तुलसालाई उनका अभिभावकले जिल्ला प्रहरी कार्यालयबाट जेठ ८ गते नै बुझेर

*एमाले कार्यकर्ताद्वारा कुटपिट गरिएका विनय श्रेष्ठ*

लगेका थिए। गाउँबाट विस्थापित भएका केदार नेपाल ०६५ जेठ ३० गते गाउँ फर्किए। लिखित उजुरी नपरेकाले घटनाका दोषीमाथि कारबाही गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी जनक खत्रीले बताए। पीडितहरू हाल गाउँमा नै सामान्य अवस्थामा रहेका छन्।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

साङ्पाङ गाविसमा संविधानसभा चुनावी अभियान लिएर गएको एमाले भोजपुर क्षेत्र नं. १ को टोलीको कार्यक्रममा ०६४ फागुन २९ गते माओवादीले अवरोध पुऱ्याए। साङ्पाङ गाविसस्थित इलाका प्रहरी कार्यालयछेउमा चुनावी कार्यक्रम गरिरहेका एमाले कार्यकर्तालाई धम्क्याउँदै माओवादी कार्यकर्ताले तुरुन्त कार्यक्रम सकेर गाउँ छोड्न दबाब दिएका थिए। माओवादीका स्थानीय कार्यकर्ता राजेन्द्रविक्रम राईको नेतृत्वमा आएका १२ जनाभन्दा बढी माओवादी कार्यकर्ताले अन्य पार्टीलाई गाउँमा कार्यक्रम गर्न नदिने जनाए। साङ्पाङमा एमाले भोजपुर क्षेत्र नं. १ की उम्मेदवार जयन्ती राईको नेतृत्वमा २५ जनाको टोली पुगेको थियो। जिल्ला प्रहरी कार्यालय भोजपुरका इन्स्पेक्टर टङ्कप्रसाद भट्टराईले प्रहरीको सक्रियतामा कार्यक्रम रोकिन नदिएको बताए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत भोजपुरमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १३ थानमध्ये यस वर्ष चार थान फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। यसै गरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १९ थानमध्ये यस वर्ष छ थान फर्स्यौट भई १३ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका

दुनियाँवादी फौजदारी मुद्दा जम्मा ३२ थानमध्ये यस वर्ष १० थान फर्स्यौट भई २२ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान मुद्दामध्ये यस वर्ष पाँच फर्स्यौट भई आठ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा नौ थानमध्ये यस वर्ष एक थान फर्स्यौट भई आठ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २२ थानमध्ये यस वर्ष छ थान फर्स्यौट भई १६ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २८ थान मुद्दामध्ये यस वर्ष सात थान फर्स्यौट भई २१ थान मुद्दा बाँकी रहे। यसै गरी यस वर्ष दर्ता भएका देवानी मुद्दा १२ थानमध्ये यस वर्ष दुई थान फर्स्यौट भई १० थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ४० थानमध्ये यस वर्ष ९ थान मुद्दा फर्स्यौट भई ३१ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ९४ थानमध्ये यस वर्ष २५ थान मुद्दा फर्स्यौट भई ६९ थान बाँकी रहे।

## बालअधिकार

भोजपुरका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई शैक्षिक सत्र ०६५/६६ मा सरकारले पाठ्यपुस्तक उपलब्ध नगराउँदा ८ हजारभन्दा बढी बालबालिका शिक्षाको अधिकारबाट वञ्चित भए। जिल्लामा अहिलेसम्म कक्षा ९ र १० को पर्याप्त पाठ्यपुस्तक नआउँदा विद्यार्थीहरू पठनपाठन गर्नबाट वञ्चित भए। पुस्तक नै नपढी जिल्लाका १ सयभन्दा बढी विद्यालयहरूले अर्धवार्षिक परीक्षासमेत सञ्चालन गरे। शैक्षिक सत्रको सुरुमै विद्यार्थीहरूका लागि पर्याप्त पाठपुस्तक नछापिएकाले जिल्लामा पुस्तक अभाव भएको बिक्रेताहरूले बताए। भोजपुर बजारका पसलहरूमा पुस्तक किन्न दुई दिनको बाटो हिँडेर ग्रामीण भेगबाट आएका विद्यार्थी र अभिभावकहरू रित्तो हात फर्केका थिए। थोरै पाठ्यपुस्तक आएकाले सबै विद्यार्थीहरूलाई नपुगेपछि कतिपयले साथीसँग पुस्तक साटासाट गरेर काम चलाइरहेको अरूण मावि दिङ्लाका प्रधानाध्यापक गुरुप्रसाद राईले बताए। समयमै पुस्तक नआएकाले जिल्लाभरिका ४५ ओटा माध्यमिक विद्यालयका ९ र १० कक्षाका करिब ८ हजार विद्यार्थी प्रत्यक्ष रूपमा प्रभावित भएको जिल्ला शिक्षा अधिकारी षडानन्द पराजुलीले बताए।

*माओवादीद्वारा विस्थापित मेघराज भण्डारी*

पाल्लेपानी गाविस-४, की ९ वर्षीया एक बालिकालाई सोही स्थानका ४४ वर्षीय साने दर्जीले ०६४ माघ १ गते निर्मलाको घरनजिकैको बाँसघारीमा लगेर बलात्कार गरे। चक्लेट किनिदिने प्रलोभनमा ती बालिकालाई सानेले बलात्कार गरेका थिए। बलात्कृत बालिकाको घटनालगत्तै प्राथमिक स्वास्थ्य केन्द्र घोडेटारमा उपचार भयो। बालिकालाई बलात्कार गरेको अभियोगमा साने दर्जीलाई प्रहरीले ०६४ माघ २ गते घरैबाट पक्राउ गऱ्यो। आफूले बालिकालाई बलात्कार गरेको सानेले स्वीकारेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनायो। बलात्कृत बालिका उपचारपछि गाउँमा नै रहेकी छन् भने सानेलाई ०६४ माघ २० गते जिल्ला अदालतले सात वर्ष लामो जेल सजाय तोकेपछि जिल्ला कारागारमा चलान गरियो।

भोजपुर गाविसमा एमाले जिल्ला कमिटीले ०६४ चैत १२ गते आयोजना गरेको जिल्लास्तरीय संविधानसभा चुनावी कार्यक्रममा २० जनाभन्दा बढी बालबालिकाको प्रयोग गरे। विद्यालयको पोसाक र किताबसहित सहभागी गराइएका अधिकांश बालबालिकाको हातमा एमालेले पार्टीको झन्डा र चुनाव चिह्नको झन्डा बोकाएको थियो। चुनावी कार्यक्रममा गाउँबाट आएका बालबालिका र सदरमुकामका विभिन्न विद्यालयका बालबालिकाहरू सहभागी थिए। सदरमुकामका विद्योदय मावि, सिद्धकाली बोर्डिङ् स्कुल र अन्य विद्यालयका पनि बालबालिकालाई जुलुसमा सहभागी गराइयो। जुलुसपछि भोजपुर बजारको टुँडिखेलमा भएको कार्यक्रममा नेताहरूको भाषण सुन्नका लागि पनि राखियो।

भोजपुर गाविसमा माओवादी जिल्ला सङ्गठन समितिले ०६५ वैशाख २ गते आयोजना गरेको संविधानसभा चुनावको विजय जुलुसमा ५० जनाभन्दा बढी बालबालिकाको प्रयोग गऱ्यो। पार्टीको झन्डा, प्लेकार्ड बोकाएर विद्यालयको पोसाक, किताबसहित सहभागी गराइएका अधिकांश बालबालिकालाई गाउँ-गाउँबाट

ल्याइएको थियो। गाउँ-गाउँबाट आएका बालबालिका विद्यालयको पोसाकमा थिए। बालबालिकालाई भोजपुर बजारस्थित टुँडिखेलमा भएको चुनावी कार्यक्रममा नेताहरूको भाषण सुन्न दिनभरि राखेपछि बेलुका मात्र घर फर्काइयो।

भैँसीपड्खा गाविस-७ की ३५ वर्षीया मीना राईले आफूले जन्माएको शिशुलाई ०६५ साउन २५ गते घाँटी थिचेर हत्या गरिन्। मीनाले जन्माएकै दिन हत्या गरेर बारीमा फालेको अवस्थामा स्थानीयवासीले शिशुको लास फेला पारेका थिए। शिशुको लाससहित स्थानीय बासिन्दाले मीनाविरुद्ध ०६५ साउन २६ गते प्रहरीमा उजुरी दिएपछि सोही दिन उनलाई जिल्ला प्रहरी कार्यालयको टोलीले पक्राउ गऱ्यो। मीनाविरुद्ध प्रहरीले जिल्ला अदालतमा शिशु हत्याको अभियोगमा ०६५ भदौ ६ गते दायर गरेको मुद्दामा जिल्ला अदालतले मीनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि उनी कारागार शाखा भोजपुरमा थुनुवा रहेकी छन्।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

ओखे गाविस-६, हुर्बुकी २० वर्षीया कोपिला परियारलाई ०६४ पुसमा पति रत्नबहादुर दर्जीले बेचबिखन गरी साउदी अरब पुऱ्याएको जनाउँदै कोपिलाका दाजु राजन परियारले ०६५ असार ९ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दिए। रत्नबहादुरले ०६३ मङ्सिरमा उनीहरूले आफूखुसी विवाह गरेको जनाएपछि भोजपुर गाविस-२, पालुवा निवासी कोपिलाका दाजु राजनले ०६४ असारमा उनीहरूको विधिवत विवाह गरिदिएका थिए। बहुविवाह गरेका रत्नबहादुरले ०६४ पुसमा रोजगारका लागि दलालमार्फत अवैध रूपमा भारतको मुम्बईबाट कोपिलालाई साउदी अरबको एक मुसलमान परिवारमा बिक्री गरेको जनाउँदै माइती पक्षले प्रहरीसमक्ष उनको उद्धारको माग गऱ्यो। कोपिलाले ०६४ चैत १५ गते फोन गरेर आफूलाई साउदी अरबको एक व्यक्तिको घरमा राखेर अमानवीय व्यवहार गरिनुका साथै खानासमेत नदिएको बताएको दाजु राजनले बताए। कोपिलाले साउदी अरबबाट फोन गरेर आफूलाई उद्धार गर्न माइतीलाई आग्रह गरेकी थिइन्। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर टङ्कप्रसाद भट्टराईले कोपिलाका माइती पक्षले दिएको उजुरीका आधारमा रत्नबहादुरलाई पक्राउ गर्न मोरङ र सुनसरी जिल्ला प्रहरी कार्यालयमा परिपत्र गरिएको बताए।

### पारिवारिक हिंसा

छिनामखु गाविस-७ की ३१ वर्षीया हीरादेवी बस्नेतले पतिले शारीरिक र मानसिक यातना दिएको जनाउँदै ०६५ असार ३१ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दिइन्। ६० वर्षीय पति भक्तबहादुरले खान नदिएको, अवहेलना गरेको र गर्भवती अवस्थामा उपचार गर्न स्वास्थ्य संस्थामा नलगेको भन्दै उनले उजुरी दिएकी थिइन्। पतिले कुटपिट गर्नुका साथै खान-लाउन नदिएपछि माइतीमा बसेको जनाउँदै उनले विवाह दर्ता गरिदिन, नागरिकता बनाइदिन र अंश उपलब्ध गराइदिन माग गरिन्। पत्नीको निवेदन अनुसार भक्तबहादुरलाई पक्राउ गरेकामा पत्नीको उपचार गर्ने र अरू माग पूरा गर्ने सर्तमा ०६५ साउन २ गते प्रहरीले उनलाई रिहा गऱ्यो।

### बहुविवाह

कोट गाविस-६ की ३५ वर्षीया शान्ता राईलाई पति तथा जनोदय माध्यमिक विद्यालयका शिक्षक राजकुमार राईले कोट गाविसकै इच्छा राईसँग बहुविवाह गरेपछि ०६४ माघ २४ गते घर निकाला गरे। पतिले घर निकाला गरेपछि माइतीको शरणमा पुगेकी शान्ताले साथमा रहेका तीन जना छोराछोरी हुर्काउन आफूलाई पतिबाट आधा अंश उपलब्ध गराइदिन तथा पतिलाई कारवाहीको माग गर्दै ०६४ माघ २९ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा उजुरी दिइन्। ०६४ मङ्सिर १६ गते कोट गाविसकै इच्छासँग बहुविवाह गरेपछि पति राजकुमार र सासू-सुराले शारीरिक तथा मानसिक यातना दिँदै आएका थिए। शान्ताको निवेदनपछि राजकुमार र कान्छी पत्नी इच्छालाई ०६४ फागुन ४ गते पक्राउ गरी प्रहरीले बहुविवाह महलमा मुद्दा चलायो। राजकुमार र इच्छा ०६४ पुस ६ गते रिहा भए।

### सबै प्रकारका जातीय विभेद

दलगाउँ गाविस-५ का सन्तोष चर्मकार र अञ्जना मगरलाई अन्तरजातीय विवाह गरेको आरोपमा अञ्जनाका माइतीसहितका स्थानीयबासीले ०६४ पुस २० गते गाउँ निकाला गरे। आफूभन्दा तल्लो जातिको केटासँग बिहे गरेको आरोपमा अञ्जनाका माइती र छिमेकीहरूले सन्तोष र उनका परिवारलाई गाउँमा बस्न निषेध गर्दै खेदेपछि उनीहरू सबै जना ०६४ पुस २३ गते भोजपुर सदरमुकाममा आए। गाउँबाट लखेटिएपछि भोजपुर सदरमुकाम आएका सन्तोष र अञ्जनाका परिवारलाई दलित मुक्ति मोर्चाको पहलमा

०६४ पुस २५ गते गाउँमा नै पुन:स्थापित गरियो। गाउँबाट विस्थापित भएपछि अञ्जना र सन्तोष परिवारको सम्पर्कबाहिर रहेको दलित मुक्ति मोर्चाका जिल्ला अध्यक्ष त्रिलोचन लुहारले बताए। पीडित तथा पीडितका परिवारले दोषीमाथि कारबाही तथा गाउँमा पुन:स्थापनाका लागि प्रहरीमा उजुरी दिएनन्। सन्तोष र अञ्जना हाल सुनसरीमा रहेका छन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अवैध कर असुली, संरचना /सम्पति क्षति, सम्पति कब्जा

### माओवादीबाट

नेपालेडाँडा गाविस-७ का योगेन्द्रबहादुर बस्नेतको ३० मुरी धान माओवादीले ०६४ फागुन २९ गते लुटेर लगे । माओवादीका २ नं. एरिया सेक्रेटरी राजकुमार दङ्गालको निर्देशनमा माओवादी कार्यकर्ताले घरमा राखेको धान लुटेर लगेको योगेन्द्रका सहयोगी किरणबहादुर खत्रीले बताए । शान्ति सम्झौताको उल्लङ्घन गर्दै माओवादी कार्यकर्ताले घरमा लगाएको ताला खोलेर धान लुटेर लगेका थिए। माओवादीका कारण ०५८ सालमा विस्थापित भएर विराटनगरमा बस्दै आएको योगेन्द्रको परिवार माओवादीले घरमा रहेको सामान लुटेर लाने कार्य नरोकेपछि गाउँ फर्किन सकेको छैन।

### किराँत जनवादी वर्कस पार्टीबाट

श्यामसिला गाविस-४ मा किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले ०६५ असार २८ गते धनकुटाको लेगुवाबाट भोजपुर बजारमा ल्याउँदै गरेको खाद्यान्न आपूर्तिमा अवरोध गरे। वर्कस कार्यकर्ताले उपभोग्य सामग्री ढुवानीमा प्रयोग गरिएका खच्चड हिँडाउन प्रतिबन्ध लगाउँदै खाद्यान्न आपूर्तिमा अवरोध गरेका थिए। वर्कस कार्यकर्ता हाङ्छा किराँतीले मागेजति रकम नदिएसम्मका लागि ०६५ असार २८ देखि साउन २ गतेसम्म खाद्यान्न ढुवानीमा रोक लगाएको घोषणा गरेका थिए। खच्चड व्यवसायीले १० ओटा खच्चडबराबर १ लाख रुपियाँ चन्दा दिएपछि खाद्यान्न ढुवानी गर्न दिने वर्कसले जनाएको थियो। वर्कस कार्यकर्ताले खाद्यान्न ढुवानीमा लगाएको प्रतिबन्ध ०६५ साउन २ गते फिर्ता लिए।

पाँचा र वासिङ्थर्पु गाविसस्थित अतिरिक्त हुलाक कार्यालयमा किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६५ असार २३ गते आगजनी गरे। त्यसैगरी वर्कस कार्यकर्ताहरूले थिदिंखा र यूँ गाविसस्थित अतिरिक्त हुलाक कार्यालयमा ०६५ असार २४ गते आगजनी गरे। सशस्त्र हतियारसहितका वर्कसका कार्यकर्ताको आगजनीबाट हुलाकका कागजपत्र र फर्निचर जलेर नष्ट भए। वर्कस कार्यकर्ताले हुलाकमा आगजनी गरेकाले ती कार्यालयबाट गरिने चिट्ठीपत्र ओसारपसारमा बाधा पुग्यो। जिल्ला हुलाक कार्यालयका कर्मचारीले ०६५ असार २९ गते विज्ञप्ति निकालेर घटनाको विरोध गरेका थिए।

यूँ गाविस-३ स्थित गाविस कार्यालयको भवन किराँत जनवादी वर्कसका कार्यकर्ताले ०६५ असार २४ गते आगो लगाएर क्षतिग्रस्त पारे। वर्कस कार्यकर्ताले आगजनी गर्दा तीनतले सो गाविस भवन पूर्ण रूपमा क्षतिग्रस्त भयो। संविधानसभाको चुनावी सुरक्षार्थ सो भवनमा सशस्त्र प्रहरी राखिएको भन्दै वर्कस कार्यकर्ताले गरेको आगजनीबाट करिब २ लाख ५० हजारबराबरको भौतिक संरचना नष्ट भयो। गाविसको काम सदरमुकामबाटै भइरेकाले कागजपत्र र फर्निचरमा भने क्षति पुगेन।

गुप्तेश्वर गाविस-५ निवासी खच्चड व्यवसायी कमल खड्कालाई ०६५ असार २९ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले साउन ५ गतेसम्ममा ३ लाख रुपियाँ बुझाउन उर्दी जारी गरे। धनकुटाको लेगुवाबाट जिल्ला सदरमुकाम भोजपुर बजारमा खाद्यान्न ढुवानीमा संलग्न खड्कालाई वर्कस कार्यकर्ताले मागेजति रकम नदिए भौतिक कारबाही गर्ने धम्की दिए। जनयुद्धलाई तेस्रो मुक्ति आन्दोलनले पूरा गर्ने भन्दै वर्कस केन्द्रीय समितिको अर्थ विभाग प्रमुख हाङ्छा किराँतीले मागपत्र दिएर विनासर्त ३ लाख रुपियाँ बुझाउन दबाब दिए। वर्कसलाई २४ हजार रुपियाँ बुझाएर खड्काले ०६५ साउन ६ गतेदेखि पुन: आफ्नो व्यवसाय सञ्चालन गरे।

दलगाउँ गाविस-१ का तीन जना स्थानीयबासीको घरजग्गा किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६५ असोज ६ गते कब्जा गरेको घोषणा गरे। वर्कस कार्यकर्ताले शोषक र भू-सामन्ती भएको आरोपमा स्थानीयबासी घमचन्द्र सुवेदी, पुरुषोत्तम सुवेदी र दिव्यराज सुवेदीको घरजग्गा कब्जा गरेका थिए। वर्कसका जिल्ला सदस्य काइँला खम्बुको नेतृत्वको टोलीले ती व्यक्तिहरूको घर र जग्गामा पार्टीको झन्डा गाडेर कब्जाको घोषणा गरेका थिए। यसअघि माओवादीले तीनै परिवारको घरजग्गा ०५८ सालमा कब्जा गरेको थियो। जसमध्ये पुरुषोत्तम सुवेदीको घरजग्गा माओवादीले फिर्ता गरे पनि घमचन्द्र र दिव्यराजको घरजग्गा फिर्ता गरेको छैन। सुवेदी

परिवार माओवादीले घरजग्गा कब्जा गरेपछि ०५८ सालदेखि नै विराटनगरमा विस्थापित भएका थिए। दलगाउँ गाविस-१ निवासी घमचन्द्र सुवेदीको कोट गाविस-७ स्थित जग्गा वर्कस पार्टीका कार्यकर्ताहरूले ०६५ कात्तिक २१ गते कब्जा गरेको घोषणा गरे। सशस्त्र हतियारसहितका तीन जना वर्कस कार्यकर्ताले सुवेदीको जग्गामा पार्टीको झन्डा गाडेर सम्पत्ति कब्जाको घोषणा गरेका थिए। सुवेदीको जग्गा माओवादीले ०५८ सालमा कब्जा गरेपछि हालसम्म फिर्ता गरेका छैनन्। जिल्ला प्रहरी कार्यालयले पनि सुवेदीको माओवादीले कब्जा गरेको सम्पत्ति वर्कसले पनि कब्जा गरेको जनायो। माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता नगरेको अवस्थामा वर्कसले पनि सम्पत्ति कब्जा गरेपछि विस्थापित अवस्थामा विराटनगरमा रहेको सुवेदी परिवारलाई गाउँ फर्कन समस्या भएको छ।

जिल्लास्थित व्यापारी, सर्वसाधारण, शिक्षक, कर्मचारी, खच्चड व्यवसायी, ट्याक्टर व्यवसायी, सदरमुकाम र ग्रामीण क्षेत्रका व्यापारीहरूबाट किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६५ असोज २५ गतेदेखि जबरजस्ती रकम असुले। वर्कस कार्यकर्ताले रकम तोकेरै ५ हजारदेखि १ लाख रुपियाँसम्म चन्दा मागेपछि व्यापारी, सर्वसाधरण, शिक्षक र कर्मचारी आतङ्कित भए। वर्कस कार्यकर्ताले सुरुमा प्रतिखच्चड १० हजार रुपियाँ माग गरेर उपभोग्य सामग्री ढुवानी व्यवसायीबाट प्रतिखच्चड ८ सयका दरले रकम असुले। व्यवसायीहरूका अनुसार वर्कस कार्यकर्ताहरूले सङ्घीय किराँत राज्य स्थापनाका लागि रकम असुल्ने कार्यलाई तीव्रता दिएका थिए। वर्कस कार्यकर्ताले रकम असुली गर्दै सो रकम सैन्य तालिममा खर्च गरे। जिल्लाको दक्षिणी र पूर्वी क्षेत्रका ग्रामीण भेगमा वर्कस कार्यकर्ताले सशस्त्र हतियार प्रयोगसम्बन्धी तालिम दिने क्रमलाई तीव्रता दिएका थिए।

भोजपुर गाविस-५ निवासी व्यापारीहरू डम्बर श्रेष्ठ, बद्रीकुमार श्रेष्ठ र नारायण श्रेष्ठसँग किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले ०६५ कात्तिक ७ गते प्रतिव्यक्ति ५ लाख रुपियाँ एक साताभित्र बुझाउन उर्दी जारी गरे। वर्कसका खोटाङ-भोजपुर सेक्रेटरी काइँला खम्बुले कात्तिक ७ गते तीनै जना व्यापारीहरूलाई पत्र पठाएर मागेजति रकम नदिएमा एक साताभित्रमा मार्ने धम्की दिए। वर्कसका भोजपुर-खोटाङ सेक्रेटरी काइँला खम्बुले पत्र पठाएपछि फोन गरेर पनि मागेजति रकम तुरुन्त पार्टीलाई उपलब्ध गराउन भन्दै रकम नदिएमा भोजपुर बजारमै आएर भौतिक कारबाही गर्ने धम्की दिएको पीडित व्यापारीले बताए। वर्कसले उर्दी जारी गरी रकम नदिएमा मार्नेसम्मको धम्की दिएपछि उद्योग वाणिज्य सङ्घ जिल्ला समितिले ०६५ कात्तिक १० गते विज्ञप्ति निकालेर जबरजस्तीपूर्ण कार्य बन्द गर्न वर्कसलाई आग्रह गरे। वाणिज्य सङ्घका अध्यक्ष विनोद श्रेष्ठले जारी गरेको विज्ञप्तिमा सरकार र स्थानीय प्रशासनसमक्ष सुरक्षा माग गरेका थिए। हाल पीडितहरूको अवस्था सामन्य रहेको छ।

ओखे, दलगाउँ, भुल्के, लेखर्क, धोद्लेखानी र बालङ्खा गाविसका सामुदायिक विद्यालयका शिक्षकहरूबाट किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६५ मङ्सिर ५ गतेदेखि जबरजस्ती रकम असुले। किराँत स्वायत्त सरकार सञ्चालनका लागि भन्दै वर्कस कार्यकर्ताहरूले १५ ओटाभन्दा बढी सामुदायिक विद्यालयका शिक्षकहरूबाट मासिक रूपमा रकम असुलेका थिए। गाविस अनुदान र निजी स्रोतमा कार्यरत शिक्षकहरूबाहेक अन्य अस्थायी र स्थायी शिक्षकहरूसँग मासिक रूपमा तीनदेखि सात दिनसम्मको तलवस्वरूप प्राप्त हुने रकम अनिवार्य रूपमा वर्कस कार्यकर्ताले उठाएका थिए। वर्कस कार्यकर्ताहरूले शिक्षकहरूलाई लिखित रूपमा पत्र पठाएर र विद्यालयमै सशस्त्र हतियारसहित आएर मागेजति रकम नियमित रूपमा पार्टीलाई बुझाउनैपर्ने दबाब दिएको दलगाउँ गाविसस्थित एक विद्यालयका शिक्षकले बताए। वर्कसका खोटाङ-भोजपुर सेक्रेटरी काइँला खम्बुसहितका कार्यकर्ताहरूले शिक्षकहरूलाई मासिक रूपमा रकम बुझाउन भनेको र केही शिक्षकबाट विद्यालयमै आएर आफैंले रकम सङ्कलन गर्ने भनेको शिक्षकहरूले बताए। वर्कसले भोजपुर, खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा किराँत स्वायत्त राज्यको अभ्यास थालिएको जनाउँदै राज्य सञ्चालनका लागि राज्य क्षेत्रका कर्मचारी र अन्य निकायका मासिक तलब बुझ्ने व्यक्तिले नियमित रूपमा रकम बुझाउनैपर्ने नियम बनाए।

## विस्थापित

ओखे गाविस-८, खेना निवासी एमाले सम्बद्ध १७ जना स्थानीय युवाहरूलाई ०६४ चैत २७ र २८ गते माओवादीले मार्ने धम्की दिएपछि गाउँबाट विस्थापित भए। संविधानसभाको चुनावमा अन्य राजनीतिक दललाई मतदान गरेको र चुनाव प्रचार गरेको आरोपमा माओवादी कार्यकर्ताले कुटपिट गरी ती युवालाई विस्थापित बनाएका थिए। ओखे गाविसको

खेनामा एमालेको पक्षमा चुनाव प्रचारमा लागेको, बुथ प्रतिनिधि बसेको र आफ्नो पार्टीको मत काटेको आरोपमा उनीहरूलाई माओवादी कार्यकर्ताले चैत २७ र २८ गते गाउँबाट लखेटेका थिए। माओवादी जिल्ला सदस्य थामप्रसाद राईको नेतृत्वमा गाउँबाट लखेटेपछि दीर्घराज राई, राजकुमार राई, राजके राई, विनोद राई, प्रताप राई, बलराम राई, मनकुमार राई, सहदेव राई, सम्पूर्ण राई, विन्द्रमान राई, वालन्द राई, बद्री राई, चन्द्रकुमार राई, उत्तम राई, मिलन राई, शम्भु राई र नदीराज राई उदयपुर, सुनसरी र मोरङका विभिन्न स्थानमा विस्थापित भए। एमाले भोजपुरले असार ११ गते प्रेस विज्ञप्ति प्रकाशित गरी विस्थापित आफ्ना कार्यकर्तालाई सहज रूपमा गाउँ फर्किने वातावरण बनाउन सरकारसमक्ष माग गऱ्यो। ओखे गाविसबाट विस्थापित युवाहरू यो वर्षको अन्त्यसम्म गतेसम्म गाउँ फर्कन सकेका थिएनन्।

### विगतको अनुगमन

कुदाककाउले गाविस-१, दाङ्माया निवासी उद्धिमबहादुर राई र वीरवल राईको माओवादीले कब्जा गरेको घरजग्गा शान्ति समिति, पत्रकार, राजनीतिक दल र प्रहरीको उपस्थितिमा ०६५ वैशाख ९ गते फिर्ता गरे।

दोभाने गाविस-१, वासेप्लाका बीरबहादुर राईको सशस्त्र द्वन्द्वका समयमा कब्जा गरेको जग्गा माओवादीले फिर्ता गरेका छैनन्। राईको घरनजिकै रहेको तीन रोपनी जग्गा फिर्ता नगरी माओवादीले स्थानीय एक कार्यकर्तालाई बसोबासका लागि घर बनाइदिए। ०६१ कात्तिक १८ गते माओवादीले मार्ने धम्की दिएर घरजग्गा कब्जा गरेपछि विस्थापित भएका वीरबहादुरको परिवार ०६३ असोजमा गाउँ फर्केको थियो। कब्जा गरिएका अन्य जग्गा फिर्ता गरिए पनि घरछेउकै जग्गामा माओवादीले स्थानीय कार्यकर्ता कृष्णकुमार राईलाई बसोबासका लागि घर बनाइदिएका थिए। सशस्त्र द्वन्द्वका समयमा कब्जा गरिएका निजी तथा सार्वजनिक सबै सम्पत्ति फिर्ता गर्ने राज्य-माओवादीबीचको सहमतिको समेत उल्लङ्घन गर्दै माओवादीले जग्गा फिर्ता गरेनन्। जग्गा फिर्ताका लागि वीरबहादुरले ०६५ जेठ ६ गते जिल्ला प्रशासन कार्यालय, मानवअधिकारकर्मी र राजनीतिक दललाई समेत पहल गरिदिन आग्रह गरे।

कुदाककाउले गाविस-२ का धनबहादुर बस्नेतको नेपालेडाँडा गाविस-७, सोमबारे बजारस्थित माओवादीले कब्जा गरेको घरजग्गा ०६५ वैशाख १० गते फिर्ता गरियो। गाउँमा सामन्ती भएको आरोपमा सशस्त्र द्वन्द्वको समयमा माओवादीले ०६० सालमा मार्न खोजेपछि विस्थापित बस्नेतको परिवार विराटनगरमा बस्दै आएको थियो। उनीहरूले गाउँ छोडेपछि उनको घरजग्गा माओवादीले कब्जा गरेका थिए। शान्ति सम्झौतापछि माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता नगरी उनको घरमा रहेका सबै सामान लुटेका थिए। बस्नेतको एउटा घरमा माओवादीले लगाएको ताला शान्ति समिति, पत्रकार, राजनीतिक दलको उपस्थितिमा प्रहरीले ०६५ वैशाख १० गते खोल्यो। ताला खोलेपछि स्थानीयबासीको उपस्थितिमा सो घर बस्नेतलाई जिम्मा लगाइयो। घर फिर्ता भएपछि उनले सो घर बिक्री गरे। माओवादीले पुन: ताला लगाउने धम्की दिए पनि सो घरको ताला खोलियो। बस्नेत परिवार ०६४ मङ्सिरमा गाउँ फर्केको थियो।

# १.१० सङ्खुवासभा

| | |
|---|---|
| जनसङ्ख्या : | १,७४,४५३ |
| साक्षरता प्रतिशत : | ६२ |
| महिला साक्षरता प्रतिशत : | ३५ |
| क्षेत्रफल (वर्ग कि. मि.): | ३,८४६.१६ |
| गाविस/नपा सङ्ख्या : | ३३/१ |
| सरकारी/निजी विद्यालय : | ३६०/१० |
| क्याम्पस/उच्च मा.वि. : | ३/९ |
| अस्पताल/स्वास्थ्य चौकी : | २/२५ |
| मानव विकास सूचकाङ्क : | ०.४८१ |
| प्रतिपरिवार सरदर सङ्ख्या : | ५ |

### जेल र बन्दीहरू

सङ्खुवासभा जिल्ला कारागार सदरमुकाम खाँदबारीमा रहेको छ। 'ग' श्रेणीको यस कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा पाँच जना महिलासहित जम्मा ४६ जना बन्दी रहेका छन्। जसमा कैद तोकिएका पाँच जना महिला र आठ जना पुरुष बन्दी रहेका छन् भने कैद नतोकिएका ३३ जना पुरुष बन्दी रहेका छन्। कारागारमा खानेपानीको समस्या रहेको छ। क्षमताभन्दा बढी बन्दीको सङ्ख्या रहेका कारण सुत्न-बस्नको समस्या रहेको छ। बन्दीहरूलाई टोपी, झोला बुन्ने तानको व्यवस्था गरिएको छ। कारागारभित्र चर्पीको समेत राम्रो व्यवस्था छैन।

### बेपत्ता/अपहरण
### माओवादीबाट

बाह्रबीसे गाविस-५ निवासी एमाले जिल्ला कमिटी सदस्य ५० वर्षीय बद्री सापकोटाले धान लुट्ने कार्यको नेतृत्व गरेको आरोपमा ०६५ मङ्सिर २७ गते उनलाई माओवादीका जिल्ला कमिटी सचिव राजेन्द्र कार्की र पार्टी इञ्चार्ज राजेन्द्र किराँतीले खाँदबारी बजारबाट अपहरण गरे। अपहरण गरी पार्टी कार्यालयमा पुऱ्याएपछि हातपातसमेत गरी मोबाइल सेट लुटेका थिए। सापकोटालाई प्रहरीले सोही दिन साँझ मुक्त गरायो। बायोकोटा स्थानीयबासीले मङ्सिर २५ गते राती माओवादी कब्जामा रहेको सानो कान्छा राईको धान दाइँ गरेका थिए।

### धम्की/कुटपिट
### माओवादीबाट

काठमाडौँ मनपाका निवासी राष्ट्रिय अनुसन्धान कार्यालय सङ्खुवासभाका अधिकृत अमृत थापाले माओवादीका विरुद्धमा बोलेको आरोपमा ०६४ पुस २१ गते उनलाई खाँदबारी नपा-१ आफ्नै कोठाबाट बाहिर निकाली लछार्दै भानु चौकमा पुऱ्याई वाना गाविस-२ निवासी माओवादीका जिल्ला कमिटी सदस्य लोकेन्द्र गदालको नेतृत्वमा छ जनाको सङ्ख्यामा आएका माओवादी कार्यकताहरूले कुटपिट गरे। घटनाको विषयमा जिल्ला प्रशासन कार्यालयमा पुस २२ गते बसेको सर्वदलीय बैठकले माओवादी कार्यकर्तालाई आइन्दा त्यस्तो गल्ती नगर्ने गरी माफ मगाई मिलापत्र गरायो।

खाँदबारी नपा-११ निवासी गाडी चालक ३१ वर्षीय तीर्थ विश्वकर्माले माओवादीलाई गाडीमा नचढाएको आरोपमा ०६४ माघ ३ गते उनलाई माओवादीका नेत्र रेग्मीलगायतका कार्यकर्ताले खाँदबारी नपा-५ अरुणथानमा कुटपिट गरी सामान्य घाइते बनाए। पीडितले घटनाका बारेमा उजुरी गरेनन्।

माँतेवा गाविस-१ का ५६ वर्षीय चेतबहादुर कार्कीलाई माओवादी पार्टीमा सक्रिय हुन नमानेको आरोपमा ०६४ फागुन १३ गते पाँच जनाको सङ्ख्यामा आएका माओवादी कार्यकताहरूले याफू गाविसमा कुटपिट गरे। पीडितले फागुन १४ गते जिल्ला प्रहरी कार्यालय खाँदबारीमा उजुरी दिए पनि पीडकलाई यस वर्षको अन्त्यसम्ममा पनि कारबाही भएन।

ताम्कू गाविस-१ निवासी सगरमाथा माध्यमिक विद्यालय ताम्कूका शिक्षक ईश्वरचन्द्र राईलाई माओवादीको विरोध गरेको आरोपमा ०६४ फागुन १६ गते मार्ने धम्की दिए। विद्यालय शान्ति क्षेत्र भएको भन्दै नारा मेट्न पीडित राईले माओवादी कार्यकताहरूलाई अनुरोध गरेका थिए। नारा मेट्न अनुरोध गर्दा माओवादीविरोधी भन्दै मार्ने धम्की दिएका थिए। पीडितले उजुरी दिएनन्।

आँखीभुइँ गाविस-८ निवासी एमाले कार्यकर्ता ५० वर्षीय रत्नबहादुर खड्काले माओवादीलाई भोट नदिएको आरोपमा ०६४ वैशाख २६ गते उनलाई संविधानसभा सभासद् उमा विष्टको नेतृत्वमा आएका माओवादी कार्यकताहरूले मार्ने धम्की दिए। माओवादीले भने आफ्नो पार्टी सो घटनामा संलग्न नरहेको बतायो। पीडितले घटनाका बारेमा उजुरी दिएनन्।

जलजला गाविस-१ का सूर्य कार्की र पृथ्वी कार्कीलाई आफूलाई भोट नदिएको आरोपमा माओवादीले ०६५ वैशाख ३० गते मार्ने धम्की दिए। घटनाका पीडितले उजुरी दिएनन्।

सिद्धकाली गाविस-६ का २७ वर्षीय भविन्द्र राईले एमालेलाई भोट हालेको आरोपमा ०६५ वैशाख २५ गते माओवादी कार्यकर्ता पूर्ण भुजेल र प्रेम शेर्पाको समूहले कुटपिट गऱ्यो। पीडित स्वास्थ्यचौकी चैनपुरमा उपचार गरी घर फिर्ता भए। दोषीमाथि कुनै कारबाही भएन।

मादीमूलखर्क गाविस-९ का २९ वर्षीय सुमन कार्कीले गोरु फुकाएर मकैबारीमा लगाइदिएको आरोपमा ०६५ जेठ ९ गते जलजला गाविस-५ निवासी माओवादी कार्यकर्ता दावा शेर्पाको नेतृत्वमा आएको एक समूहले कुटपिट गऱ्यो। पीडितले दोषीमाथि कारबाही गर्न माग गर्दै जेठ ११ गते इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दिए पनि स्थानीय बासिन्दाले आफैँ मिलाउने भनी गाउँमा नै मिलापत्र गराएको प्रहरीले जनायो।

मादीराम्बेनी गाविस-६ निवासी नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयका शिक्षक ५० वर्षीय डम्मरु दाहाललाई स्थानीय एक १२ वर्षीया बालिकालाई बलात्कार गर्न खोजेको आरोपमा ०६५ जेठ ३२ गते माओवादीले घर घेराउ गरी मार्ने धम्की दिँदै लखेटे। जलजला गाविस-५ निवासी माओवादीका जिल्ला कमिटी सदस्य दावा शेर्पासहितको ५० जनाको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले धम्की दिएका कारण पीडित जेठ ३२ गते घर छाडेर हिँडेका थिए। बालिकाको परिवारले भने दाहालले बलात्कार प्रयास नगरेको बताए। पीडित दाहाल असोज २० गते सार्वजनिक भए।

मादीराम्बेनी गाविस-६ निवासी मादी बहुमुखी क्याम्पसका विद्यार्थी २७ वर्षीय नवीन दाहाल र रोशन दाहालले ०६५ असार १ गते स्थानीय शिक्षक डम्बरू दाहाललाई माओवादीले मार्ने धम्की दिएको विरोध गरेको आरोपमा जलजला गाविस-५ निवासी माओवादीका जिल्ला कमिटी सदस्य दावा शेर्पासहितको एक समूहले उनीहरूलाई कुटपिट गऱ्यो। मादीराम्बेनी गाविस-४ निवासी मादी बहुमुखी क्याम्पसका विद्यार्थी २३ वर्षीय महेश दाहाल र मादीराम्बेनी गाविस-२ निवासी मादी बहुमुखी क्याम्पसका विद्यार्थी सुमन दाहाललाई पनि शिक्षक दाहाललाई सहयोग गरेको आरोपमा ०६५ असार १ गते कुटपिट गरियो। पीडितहरूले कारबाही गर्न माग गर्दै असार २ गत इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दिए पनि प्रहरीले ठाडो उजुरी भन्दै कानुनी कारबाही गरेन।

सुनसरी जिल्ला घर भई जिल्ला प्रशासन कार्यालयका सुरक्षा गार्ड प्रहरी जवान मिङ्मा शेर्पालाई ०६५ भदौ १ गते दुई युवकबीचको झगडा मिलाउन गएको अवस्थामा उनलाई राजेन्द्र याम्फूको नेतृत्वमा आएका माओवादी कार्यकर्ताहरूले 'प्रहरी चाहिँदैन' भन्दै कुटपिट गरे। जिल्ला प्रशासनमा भदौ ६ गते बसेको बैठकले पीडकलाई माफ मगाई आइन्दा त्यस्तो गल्ती नगर्ने सर्तमा मिलापत्र गरायो।

चैनपुर गाविस-९ का ४९ वर्षीय चन्द्रबहादुर अधिकारीले धान नदिएको आरोपमा ०६५ मङ्सिर १९ गते खराङ गाविस निवासी माओवादी कार्यकर्ता लाखमान तामाङको नेतृत्वमा आएको एक समूहले कुटपिट गऱ्यो। माओवादी कार्यकर्तालाई पीडितले धान दिन नसक्ने बताएपछि माओवादीले अधिकारी, चन्द्रकुवेर श्रेष्ठसमेतलाई कुटपिट गरेका थिए। कुटपिट गरी करिब १० मुरी धान लुटेर लगेको पीडितले बताए। पीडितले माओवादीका कारण कारबाहीका लागि उजुरी नदिएको बताए।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

दिदिङ गाविस-२ का २० वर्षीया जीवन गुरुङलाई ०६४ चैत २८ गते ईश्वर राईलगायतका माओवादी कार्यकर्ताले संविधानसभाको चुनावमा भोट हाल्नबाट वञ्चित गरे। पीडित संविधानसभाको निर्वाचनमा दिदिङ गाविस-३ को देउराली मतदान केन्द्रमा भोट हाल्न गइरहेको अवस्थामा दिदिङ गाविस-२ निवासी ईश्वर राईलगायतका माओवादी कार्यकर्ताले मतदान केन्द्रमा नै पुग्न नदिई फिर्ता पठाइदिए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सङ्खुवासभामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका

आठ थानमध्ये यस वर्ष छ थान फर्स्यौट भई दुई थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १० थानमध्ये चार थान फर्स्यौट भई छ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा १८ थानमध्ये १० थान फर्स्यौट भई ८ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १४ थान मुद्दामध्ये यस वर्ष तीन थान फर्स्यौट भई ११ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा २८ थानमध्ये पाँच थान फर्स्यौट भई २३ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ४२ थानमध्ये आठ थान फर्स्यौट भई ३४ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३७ थान मुद्दामध्ये यस वर्ष चार थान फर्स्यौट भई ३३ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा ४९ थानमध्ये सात थान फर्स्यौट भई ४२ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ८६ थानमध्ये यस वर्ष ११ थान मुद्दा फर्स्यौट भई ७५ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ सय ४६ थानमध्ये यस वर्ष २९ थान मुद्दा फर्स्यौट भई १ सय १७ मुद्दा बाँकी रहे।

## बालअधिकार

तामाफोक गाविस-८ की सात वर्षीया बालिकालाई ०६५ भदौ १४ गते आँखीभुइँ गाविस-४ का रमेश सार्कीले मुडे शनिश्चरेबाट अपहरण गरी गाउँबाट करिब दुई घन्टा टाढा लगेर बलात्कारपछि हत्या गरे। प्रहरीले गाउँलेको सहयोगमा भदौ १६ गते साँझ लास फेला पारेका थिए। दोषी रमेश सार्कीलाई भदौ १६ गते नै प्रहरीले पक्राउ गरी मुद्दा दायर गऱ्यो।

सित्तलपाटी गाविस-७ का १४ वर्षीय विद्यार्थी बुद्धिबहादुर राईले बढी बोलेको आरोपमा ०६५ कात्तिक १८ गते वाईसीएल वडा सदस्य मनकुमार दर्जीले कुटपिट गरे। कुटपिटपछि स्थानीयबासिन्दाले ०६५ कात्तिक २१ गते सार्वजनिक भेला गरी दर्जीलाई माफ मगाई मिलापत्र गराइदिए।

जलजला गाविस-५ निवासी सिंहेश्वरी माध्यमिक विद्यालय जलजलाको कक्षा-१० मा अध्ययनरत विद्यार्थी १५ वर्षीय जनसन लिम्बूलाई कक्षामा ढिलो आएको आरोपमा ०६५ मङ्सिर ११ गते प्रअ थीरबहादुर राईले कुटपिट गरी दाहिने हात भाँचिदिए। पीडित खाँदबारी अस्पतालमा उचार गराई घर फर्किए। घटनापछि अभिभावकहरू भेला भई प्रअ राईलाई सार्वजनिक रूपमा माफ मगाई उपचार खर्च तिराई मिलापत्र गराए।

सभापोखरी गाविस-६ की १६ वर्षीया एक युवतीलाई ०६५ मङ्सिर १७ गते स्याबुन गाविस-१ का छत्रबहादुर लिम्बूले भारततर्फ बेच्न लगेको भन्दै पीडितका पिता दिलबहादुर लिम्बूले छोरीको खोजीका लागि मङ्सिर १९ गते प्रहरी कार्यालय बाह्रबीसेमा उजुरी दिए।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

स्यावुन गाविस-३ की ३१ वर्षीय सुकमाया शेर्पालाई ०६४ माघ १ गते देवर नीमा शेर्पाले कुटपिट गरी घरबाट निकाला गरे। पति विदेश गएको अवस्थामा सासू, ससुरा, देवर मिलेर कुटपिट गरी घरसमेत आगो लगाएका थिए। पीडितले माघ ७ गते प्रहरी चैकी जलजलामा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले सोही दिन दुवै पक्षलाई भेला गरी क्षतिपूर्ति दिलाई सासू, ससुरा र देवरलाई माफ मगाई मिलापत्र गरायो।

खाँदबारी नपा-३ की ३२ वर्षीया लक्ष्मी राईलाई बिनाकारण ०६४ माघ ५ गते पति सतबहादुर राईले कुटपिट गरे। पीडितले माघ ६ गते कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय खाँदबारीमा उजुरी दिइन्। प्रहरीले दुवै पक्षलाई बोलाई कुटपिट गर्ने पतिलाई माफ मगाई आइन्दा त्यस्तो गल्ती नगर्ने कागज गराई मिलापत्र गरायो।

वाना गाविस-२ की २५ वर्षीया तारा भुजेलले काम नगरेको आरोपमा ०६४ फागुन ११ गते पिता तीर्थबहादुर भुजेलले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितले फागुन २० गते प्रहरी चौकी जलजलामा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले फागुन २० गते आइन्दा गल्ती नगर्ने र सबै मिलेर बस्ने भनी मिलापत्र गरायो।

बाह्रबीसे गाविस-३ की ३३ वर्षीया विष्णुमाया राईलाई घरमा काम नगरेको र बढी मुख लागेको आरोपमा ०६४ फागुन १८ गते जेठाजु ज्ञानबहादुर

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | | १ | १ | | | | | | | |
| घाइते | १ | | १ | १ | | | | | | | |
| कुटपिट | ६ | ५ | १ | ६ | १० | ११ | | ११ | १ | १ | १ |
| धम्की | | | | | ४ | ६ | १ | ६ | | | |
| भेला/संगठित हुने अधिकार | | | | | १ | १ | | १ | | | |
| जातीय विभेद | ३ | | ३ | ३ | | | | | | | |
| महिलाअधिकार | २८ | | २८ | २८ | | | | | | | |
| बालअधिकार | २ | | २ | २ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | ४ | ४ | | ४ | | | |
| अपहरण | | | | | १ | १ | | १ | | | |
| जम्मा | ४१ | ५ | ३६ | ४२ | १० | २३ | १ | २४ | १ | १ | १ |

राईले कुटपिट गरे। पीडितले फागुन १९ गते प्रहरी चौकी बाह्रबीसेमा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले फागुन २१ गते दुवै पक्षलाई भेला गरी कुटपिट गर्ने ज्ञानबहादुरलाई माफी मगाई मिलापत्र गरायो।

मकालु गाविस-७ की २९ वर्षीया मनमाया विश्वकर्मालाई ०६४ फागुन २८ गते पति कुलबहादुर विश्वकर्माले मादक पदार्थ सेवन गरी कुटपिट गरे। पीडितले कारबाहीका लागि ०६४ चैत १ गते प्रहरी चौकी मकालुमा उजुरी दिइन्। प्रहरीले चैत ३ गते मादक पदार्थ सेवन नगर्ने र पत्नीलाई कहिल्यै नकुट्ने सर्तमा मिलापत्र गरायो।

वाना गाविस-४ की ७० वर्षीया फूलमाया तामाङलाई 'काम गर्न नसक्ने कराउन मात्र सक्ने' भन्दै ०६४ चैत ३ गते छोरा हर्कमान तामाङ र बुहारीले कुटपिट गरे। पीडितले चैत ७ गते प्रहरी चौकी जलजलामा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले चैत ८ गते आमालाई पालनपोषण गर्ने र कुटपिट गरेकामा आमासमक्ष माफ मगाई मिलापत्र गरायो।

खाँदबारी नपा-३ की ३५ वर्षीया सुमित्रा खत्रीलाई ०६४ चैत ७ गते पति टङ्कबहादुर खत्रीले मादकपदार्थ सेवन गरी कुटपिट गरे। कारबाहीका लागि पीडितले चैत ८ गते जिल्ला प्रहरी कार्यालय खाँदबारीमा उजुरी दिइन्। प्रहरीले चैत ९ गते बोलाई आइन्दा कुटपिट नगर्ने कागज गराई मिलापत्र गराए।

याफू गाविस-१ की ३१ वर्षीया पदममाया राईलाई पति खड्गबहादुर राईले मादक पदार्थ सेवन गरी ०६४ चैत १५ गते कुटपिट गरे। पीडितले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले सोही दिन कुटपिट गर्ने पतिलाई माफ मगाई मिलापत्र गरायो।

खाँदबारी नपा-३ की एक महिलाको विवाहमा मोटरसाइकल, कम्प्युटर र सुन नदिएको आरोपमा ०६५ वैशाख १७ गते खाँदबारी नपा-१० का वसन्तकुमार चापागाईंले बेहुली फिर्ता पठाए। खाँदबारी नपा-१० का गणेश चापागाईंका छोरा वसन्तकुमार चापागाईंसँग वैशाख १५ गते खाँदबारी नपा-३ की एक महिलाले विवाह गरेकी थिइन्। विवाहमा राम्रा कपडा, सुन, कम्प्युटर, मोटरसाइकल तथा उच्च गुणस्तरका फर्निचरसमेत नदिएको भन्दै बेहुलीका आमा, बाबु गणेश र दिदी शारदाले अपशब्द बोलेको उनकै घर पुगेका मानवअधिकारकर्मी तथा सञ्चारकर्मीलाई बेहुलीले बताइन्। बेहुलाले बेहुलीतर्फबाट दिएका कपडा, सुटकेश नराम्रा भएको भन्दै आमाबाबुलाई कड्गाल, खाते भनेर गाली गरेका थिए। बेहुला पक्षकाले बेहुलीलाई लगेर माइतीमा फिर्ता पठाएपछि छिमेकीहरूले वैशाख २० गते हेमराज खड्काको घरमा भेला भएर १ लाख ५० हजार रुपियाँ तिराई बेहुलीको

खुट्टामा बेहुलाको सबै परिवारलाई ढोग्न लगाई एकअर्कामा पतिपत्नीको सम्बन्ध नरहेको घोषणा गरेका थिए। बेहुलीले उजुरी नदिएका कारण पीडकलाई कानुनी कारबाही भएन। हाल केटाकेटीबीच कुनै सम्बन्ध रहेको छैन। पीडित महिला हाल खाँदबारी नपा-३ स्थित आफ्नै घरमा बस्दै आएकी छन्।

खाँदबारी नपा-२ की २९ वर्षीय देवकुमारी ओझालाई दाइजो नल्याएको आरोपमा ०६५ वैशाख ३० गते उनलाई ससुरा र सासूले कुटपिट गरे। पीडितले जिल्ला प्रहरी कार्यालय खाँदबारीमा वैशाख ३१ गते उजुरी दिइन्। प्रहरीले ०६५ जेठ १ गते दुवै पक्षलाई बोलाई आइन्दा कुटपिट नगर्ने र गरेमा पटके कारबाही गर्ने सर्तमा मिलापत्र गराए।

वाना गाविस-२ की २९ वर्षीया तारा थापालाई घरमा काम नगरेको आरोपमा ०६५ जेठ १५ गते ससुरा धनबहादुर थापाले कुटपिट गरी घरबाट निकाले। पीडितले जेठ २६ गते प्रहरी चौकी जलजलामा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले पीडितलाई जेठ २८ गते परिवारबाट अंश दिलाई मिलापत्र गरायो।

जलजला गाविस-४ की २३ वर्षीया शिवकुमारी तामाङलाई घरमा काम नगरेको आरोपमा ०६५ असार २१ गते सासू धनमाया तामाङले कुटपिट गरिन्। पीडितले असार २१ गते कारबाहीका लागि प्रहरी चौकी जलजलामा उजुरी दिइन्। प्रहरीले सोही दिन दुवै पक्षलाई भेला गरी सासूलाई माफ मगाई मिलापत्र गरायो।

जलजला गाविस-७ की २८ वर्षीया कोपिला ल्वागुनलाई बिनाकारण ०६५ असार ३१ गते जेठाजु दिलबहादुर ल्वागुनले घरमा बसिरहेको अवस्थामा कुटपिट गरे। पीडितले असार ३१ गते प्रहरी चौकी जलजलामा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले दुवै पक्षलाई भेला गरी सोही दिन कुटपिट गर्ने जेठाजूलाई माफ मगाई मिलापत्र गरायो।

वाना गाविस-२ की ६७ वर्षीया वृद्ध खड्गकुमारी थापालाई अंशको विषयमा विवाद गरेको आरोपमा ०६५ साउन १४ गते छोरा नगेन्द्र थापाले कुटपिट गरे। पीडितले साउन १५ गते प्रहरी चौकी बाह्रबीसेमा कारबाहीका लागि उजुरी दिइन्। उजुरीपछि प्रहरीले ०६५ भदौ ११ गते छोरालाई माफ मगाई मिलापत्र गरायो।

जलजला गाविस-७ की २७ वर्षीया कमला विश्वकर्मालाई ०६५ भदौ २ गते उनलाई जेठाजु दुर्गाबहादुर विश्वकर्माले कुटपिट गरे। पीडितले भदौ २ गते कारबाहीका लागि प्रहरी चौकी जलजलामा उजुरी दिइन्। सोही दिन प्रहरीले दुवै पक्षलाई बोलाई उपचार गराउने र दुर्गबहादुरलाई माफ मगाई मिलापत्र गरायो।

मकालु गाविसकी ३२ वर्षीया डोमा शेर्पालाई ०६५ भदौ १ गते पति साङ्गे शेर्पाले मादक पदार्थ सेवन गरी कुटपिट गरे। पीडितले कारबाहीका लागि भदौ ३ गते प्रहरी चौकी मकालुमा उजुरी दिइन्। प्रहरीले भदौ ४ गते दुवै पक्षलाई बोलाई पत्नीको उपचार गराउने र पतिलाई माफ मगाई मिलापत्र गरायो।

खाँदबारी नपा-१२ का ३० वर्षीया गोपीमाया बस्नेतलाई ०६५ भदौ ८ गते पति रत्नबहादुर बस्नेतले कुटपिट गरे। पतिले कान्छी पत्नी विवाह गरी उनलाई कुटपिट गरी घर निकाला गरे। पीडितले भदौ ७ गते जिल्ला प्रशासन कार्यालयमा कारबाहीका लागि उजुरी दिइन्। जिल्ला प्रशासन कार्यालयले भदौ १३ गते दुवै जनालाई बोलाई गोपी मायालाई अंश दिने सर्तमा मिलापत्र गरायो।

मकालु गाविस-६ की ३५ वर्षीया पूर्णिमाया पराजुलीलाई ०६५ असोज ४ गते पति रामबहादुर पराजुलीले मादक पदार्थ सेवन गरी कुटपिट गरे। पीडितले ०६५ असोज ५ गते मकालु प्रहरी चौकीमा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले ०६५ असोज ५ गते दुवै पक्षलाई बोलाई पति रामबहादुरलाई माफ मगाई आइन्दा मादक पदार्थ सेवन नगर्ने कागज गराई मिलापत्र गरायो।

मकालु गाविसकी २९ वर्षीया नीमा शेर्पालाई गाउँ घुमेर आई काम नगरेको आरोपमा ०६५ असोज १३ गते पति लाक्पा नुर्वु शेर्पाले कुटपिट गरे। पीडितले असोज १४ गते प्रहरी चौकी मकालुमा कारबाहीका लागि उजुरी दिइन्। प्रहरीले असोज १५ गते दुवै पक्षलाई भेला गरी लाक्पालाई माफ मगाई मिलापत्र गरायो।

*माओवादीद्वारा कुटपिट गरिएका चेतबहादुर कार्की*

दिदिङ गाविस-३ की ३३ वर्षीया नन्दकुमारी राईलाई ०६५ असोज ३० गते पति पूर्णबहादुर राईले कुटपिट गरे। पीडितले कारबाहीका लागि ०६५

कात्तिक २ गते प्रहरी चौकी सित्तलपाटीमा उजुरी दिइन्। प्रहरीले दुवै पक्षलाई कात्तिक ५ गते बोलाई पूर्णबहादुरलाई माफ माग्न लगाई मिलापत्र गरायो।

### सबै प्रकारका जातीय विभेद

खाँदबारी नगरपालिका-७ की २७ वर्षीया कल्पना शिवालाई पानी छोएको आरोपमा ०६४ माघ २६ गते छिमेकी टङ्कमाया घिमिरेले कुटपिट गरे। पीडितले कारबाहीका लागि ०६४ माघ २७ गते जिल्ला प्रहरी कार्यालय खाँदबारीमा उजुरी दिइन्। प्रहरीले ०६४ माघ २८ गते उपचार खर्च उपलब्ध गराई माफ मगाई मिलापत्र गरायो।

सित्तलपाटी गाविस-४ की २७ वर्षीया हर्कमाया विश्वकर्मालाई पानी छोएको आरोपमा ०६५ असार ९ गते छिमेकी सावित्रा श्रेष्ठले कुटपिट गरिन्। पीडितले कारबाहीका लागि ०६५ असार १० गते प्रहरी चौकी सित्तलपाटीमा उजुरी दिइन्। प्रहरीले सोही दिन दुवै पक्षलाई भेला गरी कुटपिट गर्ने श्रेष्ठलाई माफ मगायो।

खाँदबारी नगरपालिका-१३ की २१ वर्षीया वन्दना विश्वकर्मालाई पानी छोएको आरोपमा ०६५ कात्तिक ७ गते कुमारी राईले कुटपिट गरिन्। पीडितले कारबाहीका लागि कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालय खाँदबारीमा उजुरी दिइन्। प्रहरीले ०६५ कात्तिक ७ गते दुवै पक्षलाई भेला गरी राईलाई सार्वजनिक रूपमा माफ मगायो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार माओवादीबाट

सिद्धकाली-६ का ४० वर्षीय कृषक टीकाराम सिम्खडाले एमालेलाई भोट दिएको आरोपमा ०६५ साउन ३१ गते माओवादीका एरिया सचिव सविनाको नेतृत्वमा आएको माओवादीको समूहले मकै लुटेर लग्यो। पीडितले ०६५ भदौ ४ गते मकै लुट्ने माओवादी कार्यकर्तालाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दिए। उजुरी दिए पनि हालसम्म कुनै कारबाही भएको छैन।

सिद्धकाली-६ का ३५ वर्षीय कृषक कृष्ण सिम्खडाले एमालेलाई भोट दिएको आरोपमा ०६५ साउन ३२ गते माओवादीका एरिया सचिव सविनाको नेतत्वमा आएको माओवादी कार्यकर्ताहरूले मकै लुटेर लगे। पीडितले ०६५ भदौ ४ गते मकै लुट्ने माओवादी कार्यकर्तालाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दिए। उजुरी दिए पनि हालसम्म कुनै कारबाही भएको छैन।

सिद्धकाली-१ का ३७ वर्षीय कृषक राजेन्द्र सिम्खडाले एमालेलाई भोट दिएको आरोपमा ०६५ भदौ १ गते माओवादीका एरिया सचिव सविनाको नेतृत्वमा १० जनाको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले मकै लुटेर लगे। पीडितले ०६५ भदौ ४ गते मकै लुट्ने माओवादी कार्यकर्तालाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय चैनपुरमा उजुरी दिए। हालसम्म कुनै कारबाही भएको छैन।

सिद्धकाली गाविस-६ का ४२ वर्षीय जीवन सिम्खडाले एमालेलाई भोट दिएको आरोपमा ०६५ भदौ २ गते माओवादी एरिया सचिव सविनाको नेतृत्वमा आएका माओवादी कार्यकर्ताले मकै लुटेर लगे। पीडितले कारबाहीका लागि इलाका प्रहरी कार्यालय चैनपुरमा ०६५ भदौ ४ गते उजुरी दिएको भए पनि कुनै कारबाही भएन।

## १.११ सप्तरी



जनसङ्ख्या : ६,८४,०६१
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : २२
क्षेत्रफल (वर्ग कि. मि.): १,३६३
गाविस/नपा सङ्ख्या : ११४/१
सरकारी/निजी विद्यालय : ३१४/१०
क्याम्पस/उच्च मा.वि. : २/९
अस्पताल/स्वास्थ्य चौकी : १/१२१
मानव विकास सूचकाङ्क : ०.४५३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**राज्यबाट**

बेल्ही चपेना गाविस-९ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका ४ नं. एरिया इन्चार्ज ३५ वर्षीय रञ्जित भनिने राजकुमार मण्डल र पत्थरगाडा गाविस-९ निवासी मोर्चाका कार्यकर्ता शेर सिंह भनिने चन्देश्वर सदालाई ०६४ माघ २४ गते राजविराजबाट गएको सशस्त्र र जनपद प्रहरीको संयुक्त टोलीले बेल्ही चपेना-९ स्थित नसिवलाल मण्डलको घरबाट गिरफ्तार गरी बाटोमा ल्याई गोली हानी हत्या गरे। उनीहरूको लासको भोलिपल्ट सगरमाथा अञ्चल अस्पताल, राजविराजमा पोस्टमार्टम गराई प्रहरीले परिवारलाई बुझायो।

दिघवा गाविस-२ निवासी राजविराज नपा-१० स्थित निर्मल संचेतीको व्यापारी फर्ममा कार्यरत ३२ वर्षीय गुल्टेन दासको ०६४ फागुन १३ गते संयुक्त मधेसी मोर्चाले राजविराजमा गरेको प्रदर्शनमा प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। संविधानसभाको निर्वाचनको मनोनयनपत्र दाखिला कार्यक्रम बिथोल्न खोज्ने मोर्चाका कार्यकर्ता र प्रहरीबीच झडप हुँदा प्रहरीले गोली प्रहार गरेको थियो। प्रहरीको गोली लागी मृत्यु भएका दासको भोलिपल्ट सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरेपछि प्रदर्शनकारीले लासलाई जिल्लाका विभिन्न भागको परिक्रमा गराई दासको गाउँ दिघवा पुऱ्याई दाहसंस्कार गरेका थिए।

गोइठी गाविस-९ का ३५ वर्षीय लखन साफी ०६४ फागुन १३ गते संयुक्त मधेसी मोर्चाका कार्यकर्ताले संविधानसभा निर्वाचन मनोनयनपत्र दाखिला गर्ने कार्यक्रमलाई बिथोल्न खोज्दा प्रहरीसँग भएको दोहोरो झडपमा गम्भीर घाइते भए। उपचारका क्रममा धरानस्थित बीपी स्वास्थ्य विज्ञापन प्रतिष्ठानमा उनको फागुन १६ गते मृत्यु भयो। सोही घटनामा राजविराज नपा-८ निवासी राष्ट्रिय वाणिज्य बैंक राजविराजमा कार्यरत कर्मचारी श्याम खतिवडा, सोही ठाउँ निवासी स्थानीय पसले नन्दकिशोर मेहता, राजविराज निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता अनिस मण्डल, वसन्तकुमार मण्डल र सीमा सुरक्षा कार्यालय सशस्त्र प्रहरी बलका सई अशोक चौधरी घाइते भए। उनीहरूको टाउकामा चोट लागेको थियो। सबैको उपचार सगरमाथा अञ्चल अस्पताल राजविराजमा गरिएको थियो।

गमहरिया प्रवाहा गाविस-८ विषहरिया टोल निवासी संयुक्त जनक्रान्ति पार्टीका ४ नम्बर एरिया सदस्य २९ वर्षीय ध्रुवनारायण सरदारलाई ०६५ कात्तिक २२ गते गस्तीमा गएको प्रहरीले गोली प्रहार गरी हत्या गरे। सगरमाथा अञ्चल प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय सप्तरीबाट गएको प्रहरी टोलीले चलाएको गोली लागी सरदारको मृत्यु भएको थियो। सरदारको टाउको र पेटमा दुई गोली लागेका थिए। सरदारको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजमा भोलिपल्ट पोस्टमार्टम गराई परिवारलाई बुझायो। गस्तीमा गएको प्रहरी टोलीमाथि पाँच-सात जनाको सङ्ख्यामा आएका मोर्चा कार्यकर्ताले गोली प्रहार गरेपछि आत्मरक्षाका लागि गोली चलाउँदा सरदारको मृत्यु भएको प्रहरीले जनायो। सरदारको साथबाट एक थान लोडेड कटुवा पेस्तोल, एक थान गोली तथा एक थान काठको बन्दुक बरामद भएको सप्तरीका प्रहरी प्रमुख एसपी भूपालकुमार भण्डारीले बताए।

भारदह गाविस-७ निवासी मधेसी मुक्ति टाइगर्सका कार्यकर्ता डीएसपी भनिने बेचन यादवलाई ०६५ मङ्सिर १६ गते गस्तीमा गएको प्रहरीले भगवतपुर गाविस-४ दुर्गापुरमा गोली हानी हत्या गरे। यादवको लास भोलिपल्ट प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गराई परिवारलाई बुझायो।

सकरपुरा गाविस-७ का २२ वर्षीय कामेश्वर मुखियालाई गस्तीमा गएको प्रहरीमाथि गोली प्रहार गर्न खोजेको आरोपमा ०६५ मङ्सिर १८ गते प्रहरीले गोली हानी घाइते बनाए। छातीमा गोली लागेका उनको उपचारका क्रममा मङ्सिर २३ गते धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भयो। उनको लास प्रहरीले सोही दिन पोस्टमार्टम गरी परिवारलाई बुझायो।

सकरपुरा गाविस-७ का २८ वर्षीय लक्ष्मण मुखिया र बरहीवीरपुर गाविस-६ का ३० वर्षीय ओमप्रकाश मालीलाई गस्तीमा गएको प्रहरीलाई बम प्रहार गर्न खोजेको भन्दै ०६५ पुस १५ गते कोचाबखारीमा गाविस-७ मा प्रहरीले गोली हानी हत्या गऱ्यो। दुवैको लास सगरमाथा अञ्चल अस्पतालमा पोस्टमार्टम गराई प्रहरीले परिवारलाई बुझायो

**वाईसीएलबाट**

धनुषा जिल्ला जनकपुर नपा-१ निवासी जिल्ला शिक्षा कार्यालय सप्तरीमा कार्यरत जिल्ला शिक्षा

अधिकारी मोहम्मद हसरत अली कार्यालयको बा.१भ. ४७६१ नम्बरको गाडीमा चढेर जनकपुर जाँदै गर्दा ०६५ असार २८ गते दिउँसो उनलाई शीतल भनिने लक्ष्मण यादवको नेतृत्वमा रहेका वाईसीएल कार्यकर्ताहरूले शम्भुनाथ गाविसस्थित पेट्रोल पम्पमा रोकी मानसिक यातना दिएपछि हृदयाघात भई उपचारका निम्ति सगरमाथा अञ्चल अस्पताल राजविराज लाँदै गर्दा बाटैमा मृत्यु भयो। वाईसीएल कार्यकर्ताले अन्सारीलाई शनिबारको दिन सरकारी गाडी दुरुपयोग गर्न नपाइने भन्दै गाडीबाट ओरालेर साथमा रहेको झोला खोसेर खानतलासी गरेका थिए। खानतलासी गर्दा उनको हाते झोलामा रहेको १ लाख ५० हजार रुपियाँ वाईसीएलका कार्यकर्ताले जबरजस्ती कब्जामा लिएपछि जिशिअ हसरत अली बेहोस भएका थिए। वाईसीएलका कार्यकर्ताहरूले कब्जा गरेको उक्त रकम भ्रष्टाचार गरेको आरोपमा क्रान्तिकारी पत्रकार सङ्घको जिम्मा लगाएका थिए। सङ्घले उक्त रकम जिल्ला प्रहरी कार्यालयमा बुझायो। मानसिक यातना दिने वाईसीएल कार्यकर्ता शीतल भनिने लक्ष्मण यादवविरुद्ध प्रहरीले कर्तव्य ज्यान अन्तर्गत मुद्दा दर्ता गरेको छ। यादव फरार छन्।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह)बाट

महदेवा गाविस-४ का ३६ वर्षीय धर्मदिश मण्डललाई सुराकी गरेको आरोपमा ०६४ माघ ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले अपहरण गरी सप्तरीकै फर्सेठ गाविस-६ स्थित कोसी पश्चिमी नहरमा लगी गोली हानी हत्या गरे। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का पूर्वकार्यकर्ता मण्डललाई आँखामा पट्टी र हात बाँधेर पिठ्यूँमा तीन गोली प्रहार गरिएको थियो। मण्डलको लासलाई प्रहरीले माघ ४ गते पोस्टमार्टम गरी परिवारलाई बुझाएको थियो।

### तराई राष्ट्रिय मुक्ति सेनाबाट

मल्हनिया गाविस-९ का ३५ वर्षीय मागेन यादवलाई ०६५ कात्तिक ३ गते अखिल तराई मुक्ति मोर्चा निकट तराई मुक्ति सेना नामको सशस्त्र हतियारधारी समूहले अपहरणपछि गोली हानी हत्या गऱ्यो। अघिल्लो दिन साँझ तरही गाविसस्थित स्थानीय हाटबजारबाट घर फर्कंदै गर्दा बाटोबाटै अपहरित पीडितलाई उक्त हतियारधारी समूहले मल्हनिया गाविसदेखि एक किलोमिटर पश्चिम बलान खोलामा गोली हानी हत्या गरेको थियो। यादवको लास भोलिपल्ट साँझ हातखुट्टा र आँखामा पट्टी बाँधेको अवस्थामा खोला किनारमा फेला परेको इलाका प्रहरी कार्यालय बोदे बरसाइनका प्रहरी नायव निरीक्षक ललनप्रसाद कुर्मीले बताए। यादवको कञ्चटमा दुई गोली लागेको थियो। घटनाको जिम्मवारी लिँदै तराई मुक्ति सेनाका सप्तरी क्षेत्र नं. ५ का इन्चार्ज अविरलले मोर्चाविरुद्ध सुराकी गरेकाले यादवको हत्या गरेको जनाए। यादवको लासको सोही दिन पोस्टमार्टम गरी प्रहरीले परिवारलाई बुझायो।

### मधेस मुक्ति टाइगर्सबाट

भगवतपुर गाविस-१ दुर्गापुर निवासी माओवादी कार्यकर्ता ४० वर्षीय रामचन्द्र मण्डल खत्वेलाई ०६५ पुस ६ गते राती मधेस मुक्ति टाईगर्सका कार्यकर्ताले गोली हानी हत्या गरे। उनको लास डाढा गाविस-२ स्थित धानखेतमा फालेको अवस्थामा प्रहरीले फेला पारेको थियो। प्रहरीले लासलाई सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरी परिवारलाई बुझायो। मङ्सिर १८ गते प्रहरी कारवाहीमा मारिएका टाइगर्स कार्यकर्ता बेचन यादवको हत्यामा सुराकी गरेको भन्दै टाईगर्सले घटनाको जिम्मेवारी लियो।

### भाइरस किलर्स पार्टीबाट

त्रिकौल गाविस-५ निवासी अखिल तराई मुक्ति मोर्चाका सप्तरी सैन्य कमान्डर ४० वर्षीय विकास भनिने बिहारी मियाँलाई आपराधिक क्रियाकलापमा संलग्न भएको आरोपमा ०६५ वैशाख ६ गते मधेसी भाइरस किलर्स पार्टीका कार्यकर्ताले गोइठी गाविस-१ स्थित खेतमा धारिलो हतियार प्रहार गरी हत्या गरे। भाइरसका केन्द्रीय सदस्य गौरवले इन्सेक प्रतिनिधिलाई टेलिफोन सम्पर्क गरी जिम्मेवारी लिँदै अनैतिक र आपराधिक क्रियाकलापमा संलग्न रहेकाले हत्या गरेको बताए। मियाँको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजमा ०६५ वैशाख ७ गते पोस्टमार्टम गरी सोही दिन परिवारलाई बुझाए।

रामनगर कोदरकट्टी गाविस-८ निवासी अखिल तराई मुक्ति मोर्चा सप्तरीका संयोजक ३८ वर्षीय श्याम भनिने सत्यदेव यादवलाई ०६५ वैशाख २५ गते मधेसी भाइरस किलर्स पार्टीका कार्यकर्ताले घरबाटै अपहरण गरी सोही दिन भारतको कटैया भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे। यादवको लासलाई भारतीय प्रहरीले वैशाख २७ गते भारतको वीरपुरमा पोस्टमार्टम गरी परिवारलाई बुझाए। घटनाको किलर्सका केन्द्रीय सदस्य गौरवले इन्सेक सप्तरी प्रतिनिधिलाई टेलिफोन

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा |
| हत्या | ३८ | ३५ | ३ | ३८ | | | | | ६ | ९ | | | ९ |
| घाइते | १६ | ३१ | ६ | ३६ | | | | | १ | १ | | | १ |
| गिरफ्तारी/यातना | | | | | | | | | ३ | १० | | ३८ | ३८ |
| कुटपिट | १६ | ३३ | ४ | ३६ | १ | १ | | १ | ३ | ५ | | | ५ |
| धम्की | ९ | ८ | ३ | १० | | | | | | | | | |
| भेला/संगठित हुने अधिकार | | | | | | | | | ५ | ९ | १६ | | ३६ |
| महिलाअधिकार | १३ | | १३ | १३ | | | | | | | | | |
| बालअधिकार | ५ | | ८ | ८ | | | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | १ | | १ | १ | | १ | १ | | | | | |
| अपहरण | १०० | १०८ | ३ | ११० | | | | | | | | | |
| जम्मा | १८८ | १८६ | ३६ | ३३३ | ३ | १ | १ | ३ | १९ | ३४ | १६ | ३८ | ६९ |

गरी जिम्मेवारी लिए।

डाढा गाविस-८ का २६ वर्षीय मङ्गला भनिने इमामउद्दिन सेखलाई ०६५ असोज ३ गते मधेसी भाइरस किलर्स पार्टीका कार्यकर्ताले अपहरणपछि गोली हानी हत्या गरे। सेखसँगै अपहरण गरिएका डाढा गाविस-९ का महेश्वर यादवलाई कुटपिट गरी सोही दिन मुक्त गरे। सेखको लास प्रहरीले भोलिपल्ट आँखामा पट्टी र हात पछाडि बाँधेको अवस्थामा सप्तरीको त्रिकौल गाविस-६ स्थित खेतमा फेला पारेको थियो। सेखको छाती र पिठ्युँमा दुई गोली लागेको थियो। उनको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजमा भोलिपल्ट पोस्टमार्टम गरी परिवारलाई बुझाए। भाइरसका जिल्ला सैन्य कमान्डर अमरले सोही दिन सञ्चारकर्मीलाई टेलिफोन गरी घटनाको जिम्मेवारी लिँदै अपहरण, लुटपाटमा संलग्न रहेकाले सेखको हत्या गरिएको जानकारी गराए।

### मधेस राष्ट्रिय जनतान्त्रिक (क्रान्तिकारी) पार्टीबाट

नाम र ठेगाना खुल्न नसकेका अन्दाजी ३५ वर्षीय एक युवकको मधेस राष्ट्रिय जनतान्त्रिक (क्रान्तिकारी) पार्टीका कार्यकर्ताले बन्दको अवज्ञा गर्दै सवारी साधन चलाएको आरोपमा काठमाडौँबाट कोसी ब्यारेज आउँदै गरेको ना.२ख. ६४५५ नम्बरको सल्लेरी ट्राभल्समा सप्तरीको तेरहौता गाविस-५ मा ०६५ मङ्सिर १७ गते आगजनी गर्दा बसमा जलेर मृत्यु भयो। मृत्यु हुने झापा जिल्ला भद्रपुर नगरपालिका-११ का नरेश भूर्तेल हुनसक्ने आशङ्कामा प्रहरीले जलेको लास डीएनए परीक्षणका लागि काठमाडौँ पठायो।

### अखिल तराई मुक्ति मोर्चाबाट

कल्याणपुर गाविस-२ का १२ वर्षीय हनी भनिने राजकुमार अग्रवालको ०६५ जेठ ११ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले गराएको बम विस्फोटबाट मृत्यु भयो। गिरधारी खाद्य उद्योगका सञ्चालक लालबाबु अग्रवालका छोरा हनीलाई उद्योग परिसरमा खेलिरहेका बेला साँझ मोर्चा कार्यकर्ताले प्रहार गरेको सकेट बम लागेको थियो। बम लागेर घाइते भएका बालकको उपचारका लागि सिराहाको लहानतर्फ लैजाँदै गर्दा सोही दिन बाटैमा मृत्यु भयो। घटनाको मोर्चाका जिल्ला संयोजक अविनाशले सोही दिन सप्तरीका सञ्चारकर्मीलाई टेलिफोन गरी जिम्मेवारी लिए।

### अज्ञात समूहबाट

देउरी गाविस-४ निवासी मधेसी जनअधिकार फोरमका देउरी गाउँ कमिटी सदस्य ४५ वर्षीय छुतहरु मुखियालाई ०६४ फागुन १२ गते अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। मुखियाको लास ०६४ फागुन १४ गते स्थानीय झुटकी गाविसको कजरा धारमा भेटिएको थियो। उनको लास सोही दिन प्रहरीले पोस्टमार्टमपछि परिवारलाई बुझायो। मधेसी जनअधिकार फोरम सप्तरी कार्यालय सचिव विश्वनाथ

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | मधेस मुक्ति टाईगर्सबाट | | | | मधेसी राष्ट्र जनतान्त्रिक पार्टीबाट | | | मधेसी भाइरस किलर्स पार्टीबाट | | | | जतमुमो(ज्वालासिंह)बाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | | १ | १ | १ | १ | ३ | ३ | | ३ | १ | १ | १ |
| घाइते | ३ | ३ | | ३ | | | | १ | ४ | २ | ६ | | | |
| कुटपिट | २ | ४ | | ४ | | | | | | | | ३ | ४ | ४ |
| धम्की | १ | | १ | १ | | | | १ | १ | | १ | | | |
| महिलाअधिकार | | | | | | | | | | | | | | |
| बालअधिकार | | | | | | | | | | | | | | |
| अपहरण | ८ | ८ | | ८ | | | | २ | २ | | २ | ३३ | ३१ | ३१ |
| जम्मा | १५ | १६ | १ | १६ | १ | १ | १ | ६ | १० | २ | १२ | ३६ | ३६ | ३६ |

साहले छुतहरूको हत्या सशस्त्र प्रहरीले गरेको आरोप लगाउँदै ०६४ फागुन १५ गते विज्ञप्ति प्रकाशित गरे।

महुवा बेल्ही गाविस-९ का १३ वर्षीय सन्तोष यादवलाई ०६४ चैत ९ गते अज्ञात समूहले अपहरण गरी नजिकैको खोलामा लगी हत्या गऱ्यो। हत्याको कारण खुलेन। यादवको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजमा भोलिपल्ट पोस्टमार्टम गरी सोही दिन परिवारलाई बुझायो।

राजविराज नगरपालिका-८ का २५ वर्षीय रामएकवाल सिंहलाई ०६५ वैशाख ३ गते राती ९ बजे अज्ञात हतियारधारी समूहले धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। आक्रमणको समयमा दाजुलाई बचाउन गएकी २० वर्षीया बहिनी लक्ष्मी सिंह पनि हतियारधारीको आक्रमणबाट गम्भीर घाइते भइन्। सिंहको टाउकोमा चोट लागेको थियो। घाइते सिंह धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारपछि घर फर्किन्। सिंहको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजमा भोलिपल्ट पोस्टमार्टम गरी परिवारलाई बुझायो।

रामनगर कोदरकट्टी गाविस-८ का ६० वर्षीय बौवालाल यादवलाई ०६५ वैशाख २८ गते अज्ञात समूहले गाउँदेखि दक्षिण-पश्चिममा रहेको पुरानो प्रहरी चौकीनजिकै घाँटी थिचेर हत्या गऱ्यो। अघिल्लो वर्ष माओवादी कार्यकर्ता जुक्ति यादवको हत्या भएपछि भारतमा बस्दै आएका यादव चार दिनअघि भाइरस किलर्स पार्टी कार्यकर्ताद्वारा मारिएका छोराको हत्याको खबर सुनेर घर फर्किएका थिए। यादवको लासलाई भोलिपल्ट पोस्टमार्टमपछि प्रहरीले सोही दिन परिवारलाई बुझायो।

मधवापुर गाविस-९ का ४२ वर्षीय मोहमद उस्मान मियाँलाई ०६५ असार २२ गते राती ८-१० जनाको समूहमा आएका नकाब लगाएका हतियारधारीले सप्तरीको मधवापुरस्थित आफ्नै घरमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे। मियाँको घाँटी, कोखा र पेटमा तीन गोली लागेका थिए। हत्याको कारण खुल्न सकेन। मियाँको लासको भोलिपल्ट सगरमाथा अञ्चल अस्पतालमा पोस्टमार्टम गरी प्रहरीले परिवारलाई बुझायो।

मधवापुर गाविस-७ निवासी मधेसी भाइरस किलर्स पार्टीका कार्यकर्ता ३० वर्षीय सुरेश रामलाई ०६५ साउन १० गते अज्ञात हतियारधारीको समूहले सप्तरीको त्रिकोल र गोइठी गाविसको सीमामा पर्ने त्रिकौल गाविस-६ स्थित बुधेवा खोलामा गोली हानी हत्या गऱ्यो। उनको टाउको र छातीमा गोली लागेको प्रहरीले जनायो। घटनाका सम्बन्धमा रामका भाइ शत्रुघन रामले प्रहरीलाई खबर गरेपछि उनको लास तीन दिनपछि फेला परेको थियो। प्रहरीले रामको लास साउन ११ गते सगरमाथा अञ्चल अस्पतालमा पोस्टमार्टम गरी सोही दिन परिवारलाई बुझायो।

कुशाहा गाविस-३ मा बसोवास गर्दै आएका भारतको मधुबनी जिल्ला मझौरा ग्राम पञ्चायत निवासी ३५ वर्षीय राजकुमार भगतलाई ०६५ असोज ९ गते अज्ञात समूहले कुशाहामा गोली र धारिलोहतियार प्रहार गरी हत्या गऱ्यो। टाउको र शरीरमा धारिलो हतियार प्रहार गरी अनुहार क्षत-विक्षत पारिएको अवस्थामा उनको लास नजिकैको खेतमा भोलिपल्ट भेटिएको प्रहरीले जनायो। भगत यसअघि माओवादीको कार्यकर्ता भई काम गरेको र हालै अखिल तराई मुक्ति मोर्चाको कार्यकर्ता भएकाले सशस्त्र समूहले भगतको हत्या गरेको हुनसक्ने प्रहरीले

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | जतमुमो(गोइत)बाट | | | जतमुमो(रणबीर)बाट | | | वाईसीएलबाट | | | तराई राष्ट्रिय मुक्ति सेनाबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १ | १ | १ | | | | १ | १ | १ | १ | १ | १ | १३ | १२ | १ | १३ |
| घाइते | | | | | | | | | | | | | ११ | १४ | ४ | १८ |
| कुटपिट | ३ | ३ | ३ | | | | १ | १ | १ | | | | ४ | ४ | | ४ |
| धम्की | ३ | ३ | ३ | १ | १ | १ | १ | १ | १ | | | | १ | | १ | १ |
| महिलाअधिकार | | | | | | | | | | | | | १ | | १ | १ |
| बालअधिकार | | | | | | | | | | | | | ३ | | ४ | ४ |
| अपहरण | ६ | ६ | ६ | १ | १ | १ | | | | | | | ४९ | ४९ | ३ | ६१ |
| जम्मा | ११ | १३ | १३ | ३ | ३ | ३ | ३ | ३ | ३ | १ | १ | १ | ९१ | ९० | १३ | १०३ |

बतायो। भगतको लास सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरी प्रहरीले सोही दिन परिवारलाई बुझायो।

कोइलाडी गाविस-९ का ४५ वर्षीय मोहमद आलमलाई ०६५ कात्तिक १९ गते २० जनाको सङ्ख्यामा आएका अज्ञात हतियारधारी समूहले राती घरमा सुतिरहेको अवस्थामा गोली प्रहार गऱ्यो। उनको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचारका क्रममा सोही दिन मृत्यु भयो। घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनायो। प्रहरीले आलमको लासको सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोस्टमार्टम गरी परिवारलाई बुझायो।

लोहजरा गाविस-२ का ६० वर्षीय धधीलाल यादवलाई ०६५ मङ्सिर २ गते १० जनाको सङ्ख्यामा आएका अज्ञात हतियारधारीहरूले घरमा बसिरहेको अवस्थामा राती सप्तरीको लोहजराबाट अपहरण गरी गोली हानी हत्या गरे। यादवको लास भोलिपल्ट गोइठी गाविस-६ स्थित खेतमा फेला परेको प्रहरीले जनायो। उनको कोखामा दुई गोली लागेका थिए। यादवको लास सगरमाथा अञ्चल अस्पतालमा मङ्सिर ३ गते पोस्टमार्टमपछि प्रहरीले सोही दिन परिवारलाई बुझाएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका निरीक्षक राजेन्द्र पराजुलीले बताए।

रायपुर गाविस-४ का ३५ वर्षीय हीरालाल चौधरीलाई ०६५ मङ्सिर २६ गते अज्ञात समूहले घाँटी थिची हत्या गऱ्यो। उनको लास घरनजिकैको पोखरीछेउमा फेला परेको थियो। मङ्सिर २३ गते घरबाट बजार जान हिँडेका चौधरी बाटैबाट बेपत्ता भएका थिए। चौधरीको मृत्यु शङ्कास्पद रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। चौधरीको लास मङ्सिर २३ गते प्रहरीले पोस्टमार्टम गरी परिवारलाई बुझायो।

### स्थानीय बासिन्दाबाट

सिराहा जिल्ला बथनाहा गाविस-५ निवासी संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता ३२ वर्षीय श्रीलाल यादवले गाउँलेलाई अपहरण गर्न खोजेको आरोपमा ०६५ वैशाख २० गते उनलाई सप्तरी टिकुलिया गाविस-४ का गाउँलेहरूले कुटेर हत्या गरे। गाउँलेहरूको कुटाईबाट मोर्चाका अर्का कार्यकर्ता सिराहा जिल्ला इटहर्वा गाविस-३ का आनन्द यादव घाइते भए। घाइते यादवलाई सोही दिन गाउँलेले प्रहरीको जिम्मा लगाए।

सिस्वा बेल्ही गाविस-९ का ५० वर्षीय बुद्धु मण्डललाई अपहरणमा संलग्न रहेको आरोपमा ०६५ असार १५ गते सिस्वा बेल्ही गाविस-२ का गाउँलेहरूले खोजपुर गाविसको खरचुहिया चोकमा कुटेर हत्या गरे। सोही घटनामा गाउँलेहरूको कुटाइबाट सिस्वा बेल्ही-२ का देवकान्त चौधरी पनि घाइते भए। पाँच दिनअघि अपहरित सिस्वा बेल्ही गाविस-४ का छेदीप्रसाद साहको अपहरणमा संलग्न रहेको आरोपमा उनीहरूलाई गाउँलेले कुटपिट गरेको प्रहरीले जनायो। मण्डलको लास प्रहरीले भोलिपल्ट पोस्टमार्टम गरी परिवारलाई बुझायो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते
### मधेस मुक्ति टाइगर्सबाट

राजविराज नपा-६ निवासी वरिष्ठ वामपन्थी नेता कृष्णराज वर्मालाई ०६५ वैशाख १८ गते मधेसी

मुक्ति टाइगर्सका कार्यकर्ताले घर भाडा माग्ने बहानामा घर बाहिर बोलाई गोली हानी घाइते बनाए। घाँटी र पाखुरामा गोलीको छर्रा लागेका बर्मालाई उपचारका लागि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरियो। घटनाको टाइगर्सका जिल्ला संयोजक अर्जुनले सप्तरीका सञ्चारकर्मीलाई टेलिफोन गरी जिम्मेवारी लिए। पीडित उपचारपछि वैशाख २९ गते घर फर्किए।

पिप्रापूर्व गाविस-४ निवासी सर्वोदय उच्च मावि कञ्चनपुरमा कक्षा १० मा अध्ययनरत २० वर्षीय दौलत पाण्डेलाई ०६५ असोज ९ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले गोली हानी घाइते बनाए। १० जनाको सङ्ख्यामा राती आएको हतियारधारी समूहले गाउँमा लुटपाट मच्चाउन थालेपछि प्रतिकारमा उत्रेका गाउँलेमाथि हतियारधारीले गोली चलाउँदा उनी घाइते भएका थिए। उनको बायाँ गालामा एक गोली लागेको थियो। उनको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार हुन नसकेपछि काठमाडौँस्थित वीर अस्पतालमा उपचार गरिएको थियो।

सिम्राहासिहियौन गाविस-१ का ३६ वर्षीय जगदीश यादव ०६५ असोज ११ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले राजविराज-६ स्थित वर्ल्ड भिजन बोर्डिङ् स्कुलअगाडि गराएको बम विस्फोटमा परी घाइते भए। राजविराजबाट साइकल चढेर घरतर्फ जाँदै गरेका यादवलाई टाइगर्स कार्यकर्ताले फ्याँकेको सुतली बम लागेपछि विस्फोट भएको थियो। यादवको दुवै खुट्टामा गम्भीर चोट लागेको थियो। यादवको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो। विस्फोटको टाइगर्सका सप्तरी सैन्य कमान्डर आजादले सोही दिन सञ्चारकर्मीलाई टेलिफोन सम्पर्क गरी जिम्मेवारी लिए।

### मधेसी भाइरस किलर्स पार्टीबाट

मधेसी भाइरस किलर्स पार्टीले आह्वान गरेको बन्दको अवज्ञा गरी सवारी साधन चलाएको भन्दै भाइरस कार्यकर्ताले धरानबाट काठमाडौँतर्फ जाँदै गरेको ना.२ख. ६५८४ नम्बरको गुडिरहेको बसमा ०६५ असार १ गते सकेट बम प्रहार गर्दा बसका यात्रु धनकुटा जीतपुर निवासी हरेन्द्रकुमार राणा, काठमाडौँ कालीमाटीकी धनमाया सुनुवार, धरानकी दिलसरी राई, ओखलढुङ्गा जिल्लाका शिवजी चण्डेश्वरीका महेश कोरमोचा, पाँचथर जिल्लाका यामबहादुर चौहान र धनकुटाका मानबहादुर राई घाइते भए। विस्फोटमा बसका सिसा फुट्नुका साथै सामान्य क्षति भयो। विस्फोटबाट गम्भीर घाइते कोरमोचा, राणा, सुनुवार

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताद्वारा हत्या गरिएका धर्मदिश मण्डल*

र राईलाई उपचारका लागि धरानस्थिा बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो। विस्फोटको भाइरसका केन्द्रीय अध्यक्ष जेपी यादवले सोही दिन इन्सेक प्रतिनिधिलाई टेलिफोन सम्पर्क गरी जिम्मेवारी लिए।

### बेवारिसे विस्फोटक पदार्थबाट

राजविराज नपा-९ निवासी महेश भुजेलका १३ वर्षीय छोरा सतीश भुजेल ०६५ माघ १० गते घरनजिकै राखिएको बेवारिसे विस्फोटक पदार्थ खेलाउँदा पड्केर घाइते भए। भुजेलको दाहिने खुट्टामा छर्रा लागेको थियो। घाइते भुजेललाई सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

### अज्ञात समूहबाट

सिम्रहा सिंगियौन गाविस-५ का ४४ वर्षीय किसुनदेव यादव, फूलकाही गाविस-३ का प्रमोद महतो, राजविराज नपा-१० का तेतर यादव, राजविराज नपा-३ का ११ वर्षीय प्रकाश परियार र जिल्ला प्रहरी कार्यालयमा कार्यरत महिला प्रहरी जवान आशा चौधरी ०६४ माघ २० गते राजविराजको विभिन्न ठाउँमा सशस्त्र समूहले गरेको बम विस्फोटमा परी घाइते भए। उनीहरूको टाउकोमा चोट लागेको थियो। महेन्द्र क्लबअगाडि भएको बम विस्फोटमा महिला प्रहरी जवान आशा चौधरीको हातमा सामान्य चोट लागेको थियो। नेपाली काङ्ग्रेसको आमसभालाई लक्षित गरी अदालत अगाडि, नगरपालिका रोड, सीडीओ कार्यालयअगाडि शृङ्खलाबद्ध बम विस्फोट भएको थियो। बम विस्फोटको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह), गोइत समूह र मधेसी मुक्ति टाइगर्सले सोही दिन छुट्टाछुट्टै विज्ञप्तिमार्फत जिम्मेवारी लिएका थिए। घाइतेहरू सगरमाथा अञ्चल अस्पतालमा उपचार गराई भोलिपल्ट घर फर्किए।

वैरवा गाविस-१ का २५ वर्षीय अमर पञ्जियारलाई ०६५ जेठ ६ गते घरनजिकैको आँपको बगैंचा रुङ्न बसेको अवस्थामा अज्ञात हतियारधारी समूहले गोली हानी घाइते बनायो। पीडितको दाहिने पाखुरामा गोली लागेको थियो। पञ्जियारको बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो।

महदेवा गाविस-९ निवासी भारदह-१ स्थित लौगी क्लिनिकका सञ्चालक चन्द्रनारायण लौगीका छोरा ९ वर्षीय श्रीमातनारायण लौगी ०६५ जेठ २७ गते दुई जना अपरिचित व्यक्तिले क्लिनिकमा प्रहार गरेको बमको छर्रा हात, मुख र टाउकोमा लागी घाइते भए। उनको उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। बम कसले किन विस्फोट गरेको खुल्न सकेन।

धरमपुर गाविस-३ का २२ वर्षीय अनिल सदा ०६५ असार ४ गते घोघनपुर गाविस-२ स्थित पौडाहा खोलामा फ्यालिएको बेवारिसे बम विस्फोट हुँदा घाइते भए। उनको हात, खुट्टा र टाउकोमा सामान्य चोट लागेको थियो। सदाको प्राथमिक स्वास्थ्य केन्द्र, कञ्चनपुरमा उपचार भयो।

मलेकपुर गाविस-८ खुरहुरियाका ३२ वर्षीय राजेन्द्र मण्डललाई ०६५ साउन २६ गते राती अज्ञात हतियारधारी समूहले राजविराजबाट घर जाँदै गरेको अवस्थामा जमुनीमधेपुरा गाविस-५ स्थित अन्डीपट्टि पुलमा गोली प्रहार गरी घाइते बनायो। मण्डलको तिघ्रामा एक गोली लागेको थियो। उनको उपचार राजविराज स्थित सगरमाथा अञ्चल अस्पतालमा भयो। घटनामा संलग्नहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक कृष्णकुमार देवले बताए।

कटैया गाविस-९ का ३४ वर्षीय मोहमद अलाउद्दिनलाई ०६५ असोज १९ गते राजविराजबाट राती ९ बजे घरतर्फ जाँदै गर्दा घरनजिकै बाटोमा १० जनाको सङ्ख्यामा रहेको अज्ञात समूहले धारिलो हतियारले टाउकोमा प्रहार गरी गम्भीर घाइते बनायो। उनको उपचार सगरमाथा अञ्चल अस्पताल राजविराजमा भयो।

सिम्राहासिहियोग्न गाविस-३ का ८५ वर्षीय फागुलाल यादव, सोही ठाउँका ४५ वर्षीय देवलाल र ६५ वर्षीय सरस्वती यादव १५ जनाको सङ्ख्यामा गएका हतियारधारीहरूले फागुलालका १५ वर्षीय छोरा सङ्गम यादवलाई अपहरण गर्न खोजेपछि प्रतिकारमा उत्रेको अवस्थामा ०६५ कात्तिक १८ गते राती हतियारधारीहरूले अन्धाधुन्ध गोली चलाउँदा गोली लागी घाइते भए। फागुलालको दाहिने खुट्टामा, वेदलालको पिँडुलामा र सरस्वतीको दाहिने पाखुरामा गोली लागेको थियो। उनीहरू सगरमाथा अञ्चल अस्पतालमा उपचार गराएर पाँच दिनपछि घर फर्के।

*अज्ञात समूहद्वारा अपहरण गरिएका अभिनाश प्याकुरेल*

गम्हरिया प्रवाहा गाविस-६ का ६० वर्षीय जामुन साह, उनकी पत्नी ५५ वर्षीया मीनादेवी र बुहारी ३० वर्षीया मञ्जुदेवी ०६५ मङ्सिर १३ गते अज्ञात समूहले चलाएको गोली लागी घाइते भए। आफ्नै घरमा सुतिरहेको अवस्थामा अज्ञात हतियारधारी समूहले छोरालाई अपहरण गर्न खोजेपछि प्रतिकार गर्दा उनीहरू घाइते भएका थिए। छाती र हातमा गोली लागेका पीडितहरूको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गरियो।

ओद्रहा गाविस-३ का सुन्दरलाल मुखियालाई चन्दा नदिएको आरोपमा ०६५ पुस १२ गते राती अज्ञात हतियारधारी समूहले बर्लाद चोकमा गोली प्रहार गरी घाइते बनायो। चिउँडोमा गोली लागेका उनको फत्तेपुरस्थित मातामनोकामना आरोग्य केन्द्रमा उपचार भयो।

## जेल र बन्दीहरू

'ग' श्रेणीको सप्तरी कारागारको क्षमता १ सय २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा यस कारागारमा १ सय ९७ पुरुष र दुई महिला गरी १ सय ९९ जना बन्दीहरू रहेका छन्। अनौपचारिक शिक्षा, पुस्तकालय, पत्रपत्रिका, सीपमूलक सामग्रीको बजार व्यवस्था आदि माग बन्दीहरूको रहेको छ। जेल भवन पुरानो र जीर्णोद्धार गर्नुपर्ने अवस्थामा छ। आधुनिक सूचनाप्रविधिहरूबाट बन्दीको अभिलेख राख्ने व्यवस्था मिलाउन नसक्दा समस्या भएको जेलका लेखापाल पुष्प बस्नेतले जानकारी दिए। आममाफीलगायतका माग गर्दै यस कारागार शाखाका बन्दीहरूले यस वर्ष पटक-पटक रिले तथा आमरण अनशन बसे। बन्दीहरूको मागका सम्बन्धमा विभागलाई लेखी पठाउने, कारागारको भौतिक सुधार गर्ने, अतिक्रमण गरिएको कारागारको दुई बिघा जमिन तत्कालै खाली गराई व्यवस्थापन गर्ने, भौतिक सुधारका लागि जिविस सप्तरीबाट एक लाख रुपियाँ उपलब्ध गराउनेलगायतका ११ सूत्रीय माग पूरा गर्ने स्थानीय प्रशासनले सहमति गरेपछि

बन्दीहरूले सङ्घर्षका कार्यक्रम फिर्ता लिएका थिए।

कानुनी उपचारका लागि आवश्यक कागजातको प्रतिलिपि उपलब्ध नगराएको भन्दै १६ दिनदेखि राजविराज कारागारमा आमरण अनशन बसेका बन्दी रामअवतार यादवको मागप्रति ऐक्यबद्धता जनाउँदै राजविराज कारागारका एक महिलासहित ४४ बन्दीहरू ०६५ साउन १६ गतेदेखि आमरण अनशनमा बसे। प्रहरीले प्रमाणित प्रतिलिपि उपलब्ध नगराएको भन्दै यादवले १६ दिनदेखि सुरु गरेको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै राजविराज कारागारका बन्दीहरू छोटनी मरिक, भिखन मरिक, चन्देश्वर सरदार, मनोज यादव, लोचन शर्मासहित ४४ जना बन्दी आमरण अनशनमा बसेका थिए। दाजु-भाउजूको हत्या गरेको आरोपमा अदालतको आदेशले पुर्पक्षका लागि चार वर्षदेखि थुनामा रहेका यादव प्रहरीले लास बुझेको कागजको प्रमाणित प्रतिलिपि उपलब्ध नगराएको भन्दै गत साउन २ गतेदेखि आमरण अनशन सुरु गरेका थिए। प्रहरीले प्रतिलिपि उपलब्ध नगराएका कारण आफ्नो मुद्दा समयमै किनारा लाग्न नसकेका कारण आफू थुनामा रहनु परेको र आफूमाथि अन्याय भएको यादवले बताउँदै आएका छन्। यादवका दाजु कमल यादव र भाउजू सतीदेवीलाई ०६० फागुनमा अज्ञात समूहले अपहरण गरी हत्या गरेका थियो। उनको लास भारतको भवटियाही भन्ने ठाउँमा फेला परेको थियो। सप्तरी प्रहरीले भारतीय प्रहरीसँग लास बुझेर परिवारलाई बुझाएको थियो। दाजु-भाउजूकै अपहरण गरेर हत्या गरेको आरोपमा प्रहरीले यादवलाई पक्राउ गरी अदालतमा पेस गरेपछि अदालतको आदेशले यादवलाई पुर्पक्षका लागि थुनामा राखिएको थियो। प्रहरीले कागजात उपलब्ध गराउने बताएपछि साउन २० गते अनशन तोडिएको थियो।

**बेपत्ता/अपहरण**

**जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट**

नर्घो गाविस-९ का ३५ वर्षीय अर्जुन यादवलाई ०६४ पुस २२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले बिनाकारण राजविराजबाट घर जाँदै गर्दा पत्थरगाडाबाट अपहरण गरे। मोर्चा कार्यकर्ताले उनलाई भोलिपल्ट बेल्ही चपेनाबाट मुक्त गरे।

इनर्वा गाविस-२ का ४२ वर्षीय नसिवलाल मण्डललाई ०६४ माघ २ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले राती घरबाटै अपहरण गरे। मण्डललाई प्रहरीले भोलिपल्ट बभनगामा कट्टी गाविसबाट मुक्त गरायो।

*अज्ञात समूहद्वारा अपहरण गरिएका व्यापारी रमानन्द साह*

कटैया गाविस-३ निवासी पत्थरागाड गाविसका सचिव ४० वर्षीय योगेन्द्रप्रसाद साहलाई ०६४ माघ ४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरे। साह माघ ६ गते अपहरणकारीको आँखा छलेर सप्तरीको बेल्हीबाट भागेर मुक्त भए।

बनैनियाँ गाविस-६ का २५ वर्षीय दुखी यादवलाई ०६४ माघ ८ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरे। यादवलाई अपहरणकारीले माघ १४ गते भारतीय सीमावर्ती गाउँबाट मुक्त गरे।

मलेकपुर गाविस-४ का ६० वर्षीय गङ्गाई दासलाई ०६४ माघ १४ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरी माघ १९ गते सप्तरीको बेल्हीबाट मुक्त गरे।

बेल्ही चपेना गाविस-८ निवासी स्थानीय उपस्वास्थ्य चौकीमा कार्यरत अहेव सत्यनारायण ठाकुरलाई ०६४ फागुन १२ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले खेतबाट अपहरण गरी फागुन १६ गते सप्तरीको पत्थरागाडाबाट मुक्त गरे।

बेल्ही चपेना गाविस-७ निवासी स्थानीय महुकी मावि पत्थरगाडामा कक्षा-८ मा अध्ययनरत १४ वर्षीय राजेशकुमार साहलाई ०६४ फागुन १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरे। साह भारतीय प्रहरीको सहयोगमा १७ गते भारतको मधुबनीस्थित त्रियुगा पलारबाट मुक्त भए।

मलेकपुर गाविस-२ का ४२ जयनारायण दासलाई ०६४ चैत ३ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरी ५० हजार रुपियाँ फिरौती लिएर चैत १० गते बोरियाबाट मुक्त गरे।

राजविराज नपा-४ निवासी संविधानसभाका लागि सप्तरी क्षेत्र नं. ३ का उम्मेदवार गोविन्द सिंहले संविधानसभाको प्रचारप्रसार गरेको आरोपमा ०६४ चैत ३ गते उनलाई

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले बनैनियाँबाट अपहरण गरे। सिंहलाई साथमा रहेको नगद ४ हजार ५ सय रुपियाँ र उनी चढेर गएको ज.१प. ११६६ नम्बरको मोटरसाइकल खोसेर प्रचारप्रसार नगर्ने सर्तमा चार घन्टापछि सोही ठाउँबाट मुक्त गरे।

मलेकपुर गाविस-२ का ४२ वर्षीय प्रभु ठाकुरलाई ०६४ चैत ९ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरे। ठाकुरलाई चैत १३ गते मोर्चा कार्यकर्ताले सप्तरीको पत्थरगाडाबाट अपहरण मुक्त गरे।

जमुनी मधेपुरा गाविस-१ निवासी लहान क्याम्पसका प्राध्यापक अधिवक्ता ४५ वर्षीय नारायण दासलाई ०६४ चैत १२ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरे। दास चैत १८ गते सप्तरीको बोरिया गाविसस्थित मझौरा टोलबाट भागेर मुक्त भए। अपहरणको कारण खुलेन।

महदेवा गाविस-५ निवासी संविधानसभा निर्वाचनमा सप्तरी क्षेत्र नं. २ बाट दलित जनजाति पार्टीका तर्फबाट उम्मेदवार ३६ वर्षीय राजकिशोर खड्गलाई ०६४ चैत १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले सप्तरीको पकरी गाविस-५ बाट अपहरण गरे। खड्गलाई चुनाव प्रचारप्रसार नगर्ने सर्तमा मोर्चा कार्यकर्ताले भोलिपल्ट सोही ठाउँबाट मुक्त गरेको पीडितले बताए।

नेड्गडा गाविस-४ का ४५ वर्षीय शिवनारायण साहलाई ०६५ वैशाख १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरी जेठ २ गते घरछेउमा ल्याई मुक्त गरेको साहका छोरा पवनले बताए।

छिन्नमस्ता गाविस-२ निवासी व्यापारी ४५ वर्षीय सुरेन्द्रप्रसाद साहलाई ०६५ वैशाख १८ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरे। २ लाख रुपियाँ फिरौती लिएर वैशाख २७ गते अज्ञातस्थलबाट परिवारजनको रोहबरमा मुक्त गरे।

गम्हरिया प्रवाह गाविस-६ का २८ वर्षीय राजकुमार साहलाई ०६५ वैशाख १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरी २४ गते घरछेउ ल्याई मुक्त गरेको पीडितले बताए।

*बोक्सीको आरोपमा कुटपिट गरी यातना दिइएकी सरस्वती चौधरी*

काभ्रे जिल्ला बनेपा नपा-१ निवासी ठेकेदार कृष्णचरण श्रेष्ठ, नरेन्द्र बाग र सुनसरी जिल्ला झुम्काका अमर राईलाई ०६५ वैशाख २१ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले राजविराजबाट कुनौली जाँदै गर्दा राजविराज कुनौली सडक खण्डको नहरबाट चढेर गएको को.१च. २३७२ नम्बरको मारुती भ्यानसहित अपहरण गरे। अपहरित तीनै जनालाई मोर्चा कार्यकर्ताले २३ गते १ लाख रुपियाँ फिरौती लिएर वैशाख २३ गते मुक्त गरे।

बोरिया गाविस-६ का २६ वर्षीय वीरेन्द्र यादवलाई ०६५ वैशाख ३१ गते लगानी उठाउन सप्तरीको बनौली गएको समयमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले बनौलीबाटै अपहरण गरे। यादवसँगै गएका राधेश्याम यादव भने भाग्न सफल भएका थिए। वीरेन्द्र यादव भने भोलिपल्ट अपहरणकारीको आँखा छलेर मुक्त भए।

ब्रह्मपुर गाविस-७ निवासी २८ वर्षीय गोपाल मण्डललाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले ०६५ जेठ २ गते राती २ लाख रुपियाँ फिरौती माग गरी घरबाटै अपहरण गरे। पीडिलाई जेठ ८ गते फिरौती बुझाएर अपहरण मुक्त गरेको परिवारका सदस्यले बताए।

युनिक एजुकेसलन एकेडेमी राजविराजमा हेल्थ असिस्टेन्ट तेस्रो वर्षमा अध्ययनरत चितवन जिल्ला निवासी उद्धव न्यौपाने, सङ्खुवासभाका सुजन कटुवाल तथा उदयपुरका रणबहादुर पाण्डेलाई ०६५ जेठ १४ गते मेडिकलको प्रयोगात्मक अभ्यासका लागि राजविराज-१० स्थित डुमरी शिवथान स्वास्थ्य चौकीमा गएको अवस्थामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले स्वास्थ्य चौकीबाटै अपहरण गरे। अपहरित तीनै जना विद्यार्थीलाई जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको टोलीले सोही राती सप्तरीको दिघवाबाट अपहरण मुक्त गरे।

ब्रह्मपुर गाविस-७ का २५ वर्षीय रामअधीन साहलाई ०६५ जेठ १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाट राजविराज जाँदै गर्दा सप्तरीको पत्थरगाढाबाट अपहरण गरे। अपहरित साहलाई फिरौती लिएर जेठ २० गते घरछेउ ल्याई मुक्त गरे।

कोसी पश्चिमी नहर सफा गर्ने कामदारहरू दाङका मणिराम चौधरी, सर्लाहीका मिलन चालिसे, नेपालगन्जका

*व्यापारी रमानन्द साहलाई अपहरण गरी लुकाउन बनाइएको बङ्कर*

भगवती चौधरी र तेजबहादुर चौधरी, रौतहटका विजय लामालाई ०६५ असार २ गते तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले देउरी भरुवा गाविस-९ स्थित नहर सफा गर्ने क्याम्पबाट अपहरण गरे। ठेकेदार कम्पनीबाट कामका लागि ल्याइएका मजदुरहरूलाई ठेकदार कम्पनीले ५ लाख ३० हजार रुपियाँ फिरौती बुझाएर असार ७ गते सकरपुरबाट मुक्त गराए।

बसबिट्टी गाविस-६ का ५० वर्षीय छोटेलाल रजकलाई ०६५ असार १६ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाटै अपहरण गरे। अपहरणको खबर पाएलगत्तै खोजतलासका लागि गएको प्रहरीले रजकलाई भोलिपल्ट दिउँसो सप्तरीको सिम्राहा सिङ्गयौनबाट मुक्त गराए। रजकलाई अपहरणमुक्त गर्ने क्रममा प्रहरी र मोर्चा कार्यकर्ताबीच गोली हानाहान भएको थियो। प्रहरीले घटनास्थलबाट मोर्चा कार्यकर्ताले छोडेको एक थान एसएमजी बन्दुक र त्यसको गोली बरामद गरेको थियो।

### अखिल तराई मुक्ति मोर्चाबाट

मैनाकडेरी गाविस-१ निवासी स्थानीय चुमनहरि माध्यमिक विद्यालयका प्रधानाध्यापक ४० वर्षीय शैलेन्द्र मिश्रलाई ०६४ माघ २३ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरे। मिश्रलाई अपहरणकारीले फागुन २ गते फिरौती रकम लिएर अपहरण मुक्त गरेको बताइए पनि पीडितले भने यस सम्बन्धमा केही बताएनन्।

त्रिकौल गाविस-६ का ४८ वर्षीय नन्दशङ्कर लगरवार यादवलाई ०६४ फागुन १३ गते राती अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरी दुई प्रति सादा कागजमा सही गराई भोलिपल्ट बिहान घरछेउमै ल्याई मुक्त गरे।

गोइठी गाविस-३ का ४८ वर्षीय कुलानन्द देवलाई ०६४ फागुन १४ गते राती अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरी फागुन १९ गते घरनजिकै ल्याई मुक्त गरेको पारिवारिक स्रोतले बतायो।

झापा जिल्ला निवासी सप्तरीको प्रसवनी-२ स्थित सूर्य बोर्डिङ् स्कुलमा कार्यरत शिक्षक २४ वर्षीय बोदे माझीलाई ०६५ वैशाख १७ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले स्कुलनजिकैको डेरावाट अपहरण गरी वैशाख २० गते प्रसनीको बनौलीबाट मुक्त गरे।

सिम्रहा सिंग्यौन गाविस-६ बेल्हा टोलका २६ वर्षीय श्यामप्रसाद देवलाई ०६५ जेठ १६ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरी जेठ २६ गते फिरौती लिएर बेल्हीबाट मुक्त गरेको पीडितका दाजु बेचनप्रसाद देवले बताए।

लोहजरा गाविस-५ निवासी भोजपुर जिल्लामा कार्यरत शिक्षक श्यामकुमार यादवलाई ०६५ साउन ३२ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले बकधुवा गाविस-४ धिमारबाट अपहरण गरे। दाजु अशोक यादवसँग मोटरसाइकल चढेर घर जाँदै गरेका श्यामलाई अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरेका थिए। दाजु अशोक भने भाग्न सफल भएका थिए। भाग्न सफल भएका अशोकले प्रहरीलाई खबर गरेपछि अपहरित श्यामलाई प्रहरीले स्थानीय किसन यादवको घरबाट भोलिपल्ट अपहरण मुक्त गरे। महुलीबाट घरतर्फ जाँदै गरेका मोर्चा कार्यकर्ताले अपहरण गरेको खबर पाएर घटनास्थल पुगेको इलाका प्रहरी कार्यालय कञ्चनपुरबाट गएको प्रहरी टोलीलाई देखेर अपहरणकारी भागेका थिए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा किसन यादव, वीरेन्द्र यादव र रुपनगरका वसन्त यादवलाई पक्राउ गरी भोलिपल्ट रिहा गरेको थियो।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

टिकुलिया गाविस-४ का ४२ वर्षीय बेचु यादवलाई ०६५ वैशाख २० गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरे। अपहरणका क्रममा मोर्चा कार्यकर्ता र गाउँलेबीच झडपसमेत भएको थियो। मण्डललाई मोर्चाका कार्यकर्ताले वैशाख २५ गते सिराहाबाट मुक्त गरे।

### मधेसी मुक्ति टाइगर्सबाट

मधुवापुर गाविस-६ का ३५ वर्षीय राजेश्वर विराजीलाई ०६४ फागुन ८ गते साँझ मधेसी मुक्ति

टाइगर्सका कार्यकर्ताले साइकल चलाएर घरतर्फ जाँदै गर्दा घरनजिकैबाट अपहरण गरे। विराजीलाई फागुन १० गते परिवारका कमलेश्वर विराजीको रोहवरमा घरको छेउमा ल्याई मुक्त गरे।

झापा तोपगाछी निवासी ना.३ख. ५३५३ नम्बरको सुपर हिमाली यातायात बसका चालक भोजराज दुलाललाई ०६४ फागुन २८ गते जन्ती लिएर सप्तरीको मैनाकडेरी जाँदै गर्दा मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले सप्तरीको मधुवापुर गाविस-६ बाट अपहरण गरे। दुलाल टाइगर्स कार्यकर्ताको आँखा छलेर भोलिपल्ट भागेर मुक्त भए।

खोटाङ जिल्ला चिसापानी गाविस-३ निवासी महेन्द्र मोरङ बहुमुखी क्याम्पस विराटनगरमा बीए दोस्रो वर्षमा अध्ययनरत विद्यार्थी २१ वर्षीय तेजबहादुर तामाङलाई ०६५ वैशाख १३ गते विराटनगरबाट घर जान कटारीतर्फ जाँदै गर्दा मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले सप्तरीको बरमझियाबाट अपहरण गरे। तामाङलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरको टोलीले वैशाख १७ गते सप्तरीको जन्डौल गाविस-७ बाट मुक्त गराए।

राजविराज नपा-६ का २१ वर्षीय मनोज साहलाई टाइगर्स कार्यकर्ताले ०६५ वैशाख १७ गते राती घरबाटै अपहरण गरी वैशाख २६ गते फिरौती लिएर भारदहबाट मुक्त गरे।

इटहरी विष्णुपुर गाविस-८ का २५ वर्षीय राजेशकुमार रायलाई ०६५ वैशाख १९ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले घरबाटै अपहरण गरे। उनलाई वैशाख २७ गते फिरौती लिएर कोचाबखारीबाट मुक्त गरेको पीडितले बताए।

राजविराज नपा-२ निवासी काठ व्यापारी ३६ वर्षीय हेमशङ्कर यादवलाई ०६५ वैशाख ३१ गते राती मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले घरबाटै अपहरण गरी वैशाख १० गते फिरौती लिएर जमुनी मधेपुरा-७ बाट मुक्त गरे।

जगतपुर गाविस-५ निवासी सर्वोदय उच्च मावि कञ्चनपुरमा कार्यरत शिक्षक भुवनेश्वर चौधरीलाई ०६५ कात्तिक ३ गते राती मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले अहपरण गरे। चौधरीलाई अपहरण गरेर लगेको खबर पाउनेवित्तिकै ठूलो सङ्ख्यामा भेला भएका गाउँलेले अपहरणकारीलाई लखेटेर घरदेखि दुई किलोमिटर पूर्व खेतबाट पीडितलाई मुक्त गराएका थिए। कटुवा पेस्तोल देखाई हात बाँधेर लैजाँदै गर्दा गाउँलेले लखेटेपछि अपहरणकारीले चौधरीलाई छाडेर भागेको पीडितले बताए। कृषि विकास बैंक कञ्चनपुर शाखामा कार्यरत चौधरीका दाजु ऋण अधिकृत सत्यनारायण चौधरीलाई खोज्दै आएको उक्त समूहले उनलाई नभेटेपछि चौधरीलाई अपहरण गरेको थियो। चौधरीको अपहरणमा संलग्न रहेको आरोपमा जगतपुर-७ का घुरन विश्वासलाई प्रहरीले पक्राउ गरी दुई दिनपछि रिहा गऱ्यो।

फुल्काही गाविस-४ निवासी स्थानीय निमावि बनेनियाका प्रधानाध्यापक ४२ वर्षीय शिवचरण सिहलाई ०६५ पुस ३ गते राती मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले विद्यालय व्यवस्थापन समिति गठन गर्न ढिलाइ गरेको आरोपमा नर्धोस्थित डेराबाट अपहरण गरे। सिंह ०६५ पुस ९ गते भारतीय सीमावर्ती गाउँ न्यौरबाट मुक्त भए।

### मधेसी भाइरस किलर्स पार्टीबाट

काठमाडौँ निवासी नेपाल टेलिकम केन्द्रीय कार्यालयमा कार्यरत इन्जिनियर गौतामराज मोक्तानलाई ०६५ असार १३ गते मधेसी भाइरस किलर्सका कार्यकर्ताले मोबाइलको नेटवर्क सर्वे गर्न गएको समयमा सप्तरीको मधवापुर गाविस-६ बाट अपहरण गरे। आफ्ना चार सहयोगीसहित सर्वेका लागि गएका मोक्तानलाई अपहरण गरी बाँकीलाई छोडिदिएका थिए। मोक्तान असार १६ गते अपहरणकारीलाई तीन लाख रुपियाँ फिरौती बुझाएर मुक्त भए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (रणवीर)बाट

बोरिया गाविस-४ निवासी माओवादी निकट अखिल नेपाल स्वस्थ्यकर्मी सङ्घका केन्द्रीय सदस्य ३० वर्षीय तेजनारायण यादवलाई ०६५ असोज २६ गते जनतान्त्रिक रणवीर समूहका कार्यकर्ताले घरबाटै अपहरण गरी असोज २७ गते भारतीय सीमावर्ती क्षेत्रबाट मुक्त भए।

*मधेस राष्ट्रिय जनतान्त्रिक (क्रान्तिकारी) पार्टीका कार्यकर्ताद्वारा आगजनी गरिएको गाडी*

**अज्ञात समूहबाट**

बथनाहा गाविस-३ की २२ वर्षीया सुशीला सरदारलाई ०६४ माघ २१ गते बिहान अज्ञात समूहले राजविराज नपा-२ पडरियाबाट अपहरण गरी माघ २६ गते सप्तरीको कटैयाबाट मुक्त गरेको परिवारले जनाए।

बथनाहा गाविस-६ का ३५ वर्षीय चन्द्रनारायण मण्डललाई ०६४ माघ २२ गते अज्ञात हतियारधारी समूहले घरबाटै अपहरण गरी सप्तरीको रम्पुरा मल्हनियाँ छेउमा पर्ने भारतीय सीमावर्ती गाउँबाट माघ २८ गते मुक्त गऱ्यो।

विषहरिया-८ का ३५ वर्षीय धीरेन्द्र देवलाई ०६४ माघ २५ गते राती अज्ञात हतियारधारी समूहले घरबाटै अपहरण गरी माघ २९ गते सप्तरीको रम्पुरा मल्हनियाँ नजिकैको भारतीय सीमावर्ती गाउँबाट मुक्त गऱ्यो।

पटेर्वा गाविस-८ का ३३ वर्षीय दिनेशकुमार चौधरीलाई ०६४ फागुन २२ गते अज्ञात हतियारधारी समूहले घरबाटै अपहरण गरी फागुन २५ गते घरछेउमै ल्याइ मुक्त गऱ्यो।

संविधानसभा निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट सप्तरी क्षेत्र नं. ६ का उम्मेदवार उम्देश्वरप्रसाद साहलाई ०६४ चैत २ गते संविधानसभा निर्वाचनको प्रचारप्रसार गरेको आरोपमा आफूलाई पवन गिरी समूहको सशस्त्र सङ्गठन बताउने समूहले सप्तरीको पटेर्वाबाट अपहरण गऱ्यो। साहलाई अपहरण गरेको थाहा पाएर स्थानीय बोदेबसाइन क्याम्पबाट सोही दिन गएको सशस्त्र प्रहरीको टोलीलाई देखेर उक्त समूह साहलाई छोडेर भागेको थियो।

विषहरिया गाविस-४ निवासी स्थानीय निम्नमाध्यमिक विद्यालयमा कार्यरत शिक्षक ४६ वर्षीय शैलेन्द्र चौधरीलाई ०६४ चैत १२ गते राती अज्ञात हतियारधारी समूहले घरबाटै अपहरण गरी चैत १७ गते सप्तरीको रम्पुरा मल्हनियाँ नजिकैको भारतीय सीमावर्ती गाउँबाट मुक्त गऱ्यो।

सिम्रहा सिङ्गयौन गाविस-४ का २९ वर्षीय रामनाथ यादवलाई ०६५ जेठ ३ गते अज्ञात हतियारधारी समूहले मलेठी गाविस-३ सडकबाट अपहरण गऱ्यो। मलेठ-३ स्थित दिदीको घरमा गएका यादवलाई खाना खाएर बाहिर सडकमा आएको समयमा अपहरण गरेका थिए। यादवलाई प्रहरीले भोलिपल्ट नेङ्गडा गाविस-३ स्थित पवन साहको घरबाट मुक्त गरे।

कल्याणपुर गाविस-३ निवासी चट्टीव्यापारी जुगतलाल साहलाई ०६५ जेठ १० गते दिउँसो ३ बजे मोटरसाइल चढेर आएका अज्ञात समूहले कल्याणपुर-३ स्थित विष्णुपुर चोकबाट अपहरण गरी ६ घन्टापछि सिराहाको लहानबाट मुक्त गऱ्यो।

रम्पुरा मल्हनियाँ गाविस-६ का ५५ वर्षीय वासुदेव खड्ग खत्वेलाई ०६५ जेठ ११ गते राती अज्ञात हतियारधारी समूहले घरबाटै अपहरण गरी जेठ १३ गते भारतीय सीमावर्ती पलारबाट मुक्त गरिएको थियो।

गम्हरिया प्रवाहा गाविस-८ का ३२ वर्षीय चन्देश्वर साहलाई ०६५ जेठ १५ गते अज्ञात हतियाधारी समूहले घरबाटै अपहरण गऱ्यो। अपहरणको खबर पाएर खोजतलासका लागि गएको इलाका प्रहरी कार्यालय पातोको प्रहरी टोलीले सोही दिन सप्तरीको ब्रह्मपुरबाट पीडितलाई मुक्त गरायो।

फकिरा गाविस-८ का सजन भनिने १९ वर्षीय कैला यादव ०६५ जेठ २७ गते घरबाट राजविराज आउने क्रममा बेपत्ता भए। घरबाट उपचारका लागि राजविराज आउँदै गर्दा यादव बाटैबाट बेपत्ता भएको र उनलाई हतियारधारीले अपहरण गरेको हुनसक्ने परिवारका सदस्यले बताए। उनको अवस्था अझै अज्ञात छ।

कोइलाडी मधेपुरा गाविस-५ बसाइन टोलका ६० वर्षीय मोहन मण्डललाई खाना खाएर बगैंचामा सुत्न गएको अवस्थामा ०६५ जेठ २९ गते १० जनाको सङ्ख्यामा आएका अज्ञात हतियारधारी समूहले घरनजिकैको बगैंचाबाट अपहरण गरी असार ४ गते भारतीय सीमावर्ती क्षेत्रबाट मुक्त गरेको परिवारका सदस्यले बताए।

पोर्ताहा गाविस-२ का व्यापारी अशोक नायकलाई मर्निङ्वाकमा निस्केको अवस्थामा ०६५ असार २३ गते बिहान दुई जनाको अज्ञात हतियारधारी समूहले भारदहस्थित टेरलिङ् फ्याट्री अगाडिबाट अपहरण गऱ्यो। नायक प्रहरीको सहयोगमा असार २५ गते मधवापुरबाट मुक्त भए।

बथनाहा-९ निवासी ४२ वर्षीय कलदेव यादवलाई ०६५ असार २५ गते सात जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले सप्तरीको बथनाहाबाट अपहरण गऱ्यो। समूहले स्थानीय बजार समितिका अध्यक्षसमेत रहेका यादवलाई असार ३० गते फिरौती लिएर रम्पुरा मल्हनियाँबाट मुक्त गऱ्यो।

जमुनिमधेपुरा गाविस-५ का ४० वर्षीय नरेश रजकलाई ०६५ असार २५ गते राती सात जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले सुतिरहेको अवस्थामा घरैबाट अपहरण गऱ्यो। रजक अपहरणमा परेको खबर पाएर सर्चमा गएको प्रहरीले

उनलाई असार २६ गते साँझ बिसनपुर हाटीबाट मुक्त गराएको थियो। प्रहरीलाई देखेर अपहरणकारी रजकलाई छोडेर भागेको प्रहरीले जनायो।

देउरीभरुवा गाविस-६ का ४० वर्षीय शत्रुघन पण्डितलाई ०६५ असार २७ गते छ जनाको समूहमा आएको अज्ञात हतियारधारी समूहले देउरी भरुवाबाट बिहान घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पण्डितलाई अपहरणकारीको समूहले १ लाख ५० हजार रुपियाँ फिरौती लिई साउन २ गते मधेपुराबाट मुक्त गऱ्यो।

कोइलाडी बरसाइन गाविस-४ का लक्ष्मी मुखियालाई ०६५ साउन १ गते सात जनाको समूहमा आएको अज्ञात हतियारधारी समूहले घरमा बसिरहेको अवस्थामा अपहरण गऱ्यो। मुखिया प्रहरी कार्यालय हनुमानगरको प्रहरी टोलीको सहयोगमा सोही दिन राती कोसी नदी किनारबाट मुक्त भए।

पोर्ताहा गाविस-४ का ४५ वर्षीय सीताराम विराजी यादवलाई ०६५ साउन ४ गते साँझ दुई जना अज्ञात हतियारधारीले घरमै बसिरहेको अवस्थामा अपहरण गऱ्यो । अपहरणकारीलाई फिरौती बुझाएर साउन ८ गते उनी भारदहबाट मुक्त भएको उनका छोरा विन्दु यादवले बताए।

रम्पुरा मल्हिनिया गाविस-६ का ५२ वर्षीय फुदन मियालाई ०६५ साउन १६ गते राती १६ जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडित साउन २६ गते भारतको मधुबनीबाट भागेर मुक्त भए।

बरहिवीरपुर गाविस-४ का २४ वर्षीय उमेश रायलाई ०६५ साउन १९ गते राती १० जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। रायको अवस्था यस वर्षको अन्त्यसम्मै अज्ञात रहयो।

नेपाल सद्भावना पार्टीका तर्फबाट राजविराज नपा-१० का पूर्ववडाध्यक्ष ६५ वर्षीय गुरुदयाल साहलाई ०६५ साउन २४ गते राती पाँच जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। अपहरणकारी समूहले १ लाख ५० हजार रुपियाँ फिरौती लिएर साउन ३० गते भारतीय सीमाबाट पीडितलाई मुक्त गऱ्यो।

बथनाहा गाविस-४ का ४५ वर्षीय लालदेव यादवलाई ०६५ भदौ १४ गते राती पाँच जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा सप्तरीको बथनाहाबाट अपहरण गरी फिरौती लिएर भदौ १९ गते सप्तरीको रम्पुराबाट मुक्त गऱ्यो।

दिघवा गाविस-१ निवासी व्यापारी ५५ वर्षीय शिवनारायण दासलाई ०६५ भदौ १७ गते राती चार जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले पसलमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। अपहरित दास १ लाख रुपियाँ फिरौती बुझाएर सप्तरीको पकरीबाट असोज २ गते मुक्त भए।

बोरिया गाविस-९ कट्टी निवासी कृषक ६० वर्षीय नारायण मेहतालाई ०६५ भदौ २२ गते राती १० जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा सप्तरीको बोरियाबाट अपहरण गऱ्यो। मेहता भदौ २६ गते भारतीय सीमावर्ती क्षेत्रबाट फिरौती रकम बुझाएर मुक्त भएको मेहताका छोरा प्रमोदले बताए।

राजविराज नपा-८ निवासी ३७ वर्षीय अभिनाश प्याकुरेलेलाई ०६५ भदौ २९ गते साँझ पाँच जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरबाटै अपहरण गऱ्यो। मोटरसाइकल चढेर आएको हतियाधारी समूहले पाँच राउन्ड हवाई फायर गरी खाना खाइरहेका प्याकुरलेलाई अपहरण गरेको थियो। प्याकुरेल ५ लाख रुपियाँ फिरौती बुझाएर बरहीवीरपुर चोकबाट असोज ७ गते मुक्त भए।

डिमन गाविस-४ का ६० वर्षीय कन्तलाल यादवलाई ०६५ भदौ ३१ गते पाँच जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। यादव प्रहरीको सहयोगमा असोज २ गते बथनाहाबाट मुक्त भए।

गोइठी गाविस-३ का ३७ वर्षीय देवलाल साहलाई ०६५ भदौ ३१ गते अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। अपहरित साह असोज १ गते अपहरणकारीको आँखा छलेर भाग्न सफल भएको प्रहरीले जनायो।

बेल्हीचपेना गाविस-६ छातापुर निवासी १८ वर्षीय ब्रह्मदेव साहलाई ६५ असोज ९ गते १५ जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडित साह फिरौती रकम बुझाएर असोज १२ गते भारतीय सीमावर्ती गाउँबाट अपहरण मुक्त भए।

इटहरी विष्णुपुर गाविस-७ का ४० वर्षीय हरिनारायण यादवलाई ०६५ असोज १२ गते राती १० जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। यादव असोज १६ गते फिरौती बुझाएर सप्तरीको इटहरी विष्णुपुर नहरबाट मुक्त भए।

बोरिया गाविस-८ निवासी स्थानीय व्यापारी ३५ वर्षीय डम्बर महतोलाई ०६५ असोज २३ गते राती

१० जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधार समूहले घरनजिकको किराना पसलमा सुतिरहेको समयमा पसलबाटै अपहरण गऱ्यो। महतो १ लाख रुपियाँ फिरौती बुझाएर असोज २५ गते मुक्त भएको उनका दाजु पीताम्बर महतोले बताए।

बरहीवीरपुर गाविस-४ का ४० वर्षीय श्यामनारायण रायलाई ०६५ कात्तिक ४ गते १५ जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा घरबाटै अपहरण गऱ्यो। पीडित फिरौती बुझाएर कात्तिक ७ गते मुक्त भएको प्रहरीले जनायो।

बभनगामाकट्टी गाविस-९ का ५५ वर्षीय मोती साहलाई ०६५ कात्तिक ५ गते अज्ञात हतियारधारी समूहले घरबाट बजार जान लागेको अवस्थामा बभनगामाकट्टी-९ मंसापुरबाट अपहरण गऱ्यो। साह कात्तिक १५ गते भारतको मधुबनी जिल्ला नरेन्द्रपुरबाट अपहरणकारीलाई डेढ लाख रुपियाँ फिरौती बुझाएर मुक्त भएको पीडितले बताए।

कोचाबखारी गाविस-४ का ४२ वर्षीय तेतर साहलाई ०६५ कात्तिक १२ गते १० जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडित साह ०६५ कात्तिक १५ गते फिरौती बुझाएर तिलाठीबाट मुक्त भएको पीडितले बताए।

कविलासा गाविस-३ निवासी स्थानीय ब्रह्मपुर इलाका हेल्थपोस्टमा कार्यरत स्वास्थ्य कार्यकर्ता ४० वर्षीय छोटेलाल साहलाई ०६५ कात्तिक १८ गते अज्ञात हतियारधारी समूहले राजविराजबाट घरतर्फ जाँदै गरेको अवस्थामा ब्रम्हपुरबाट अपहरण गऱ्यो। पीडित फिरौती बुझाएर कात्तिक २५ गते ब्रह्मपुर इलाकाबाट मुक्त भए।

भारदह गाविस-५ निवासी व्यापारी २५ वर्षीय सञ्जय साहलाई ०६५ कात्तिक १९ गते अज्ञात हतियारधारी समूहले स१प ८७६३ नम्बरको मोटरसाइकल चढेर कञ्चनपुरबाट फत्तेपुरतर्फ जाँदै गरेको अवस्थामा कञ्चनपुर-फत्तेपुर सडकखण्ड अन्तर्गत फत्तेपुर गाविस-८ बलारदह चोकबाट अपहरण गरी ओद्राहा गाविस हुँदै कोसीटप्पु क्षेत्रतर्फ लिएर गएका थिए। अपहरणपछि पीडित चढेको मोटरसाइकल कोसी किनारमा छोडेका थिए। पीडित ०६५ कात्तिक २५ गते अपहरणकारीलाई १० लाख रुपियाँ फिरौती बुझाएर कोसीटप्पु क्षेत्रबाट मुक्त भए। नदी किनारमा छोडिएको मोटरसाइकल प्रहरीले पीडित परिवारलाई बुझायो।

बोरिया गाविस-५ का २५ वर्षीय सुमित झालाई ०६५ कात्तिक २१ गते राती सात जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गरी घरदेखि दक्षिणतर्फ भारतको सीमावर्ती क्षेत्रमा लग्यो। पीडित अपहरणकारीलाई फिरौती बुझाएर ०६५ कात्तिक २७ गते भारतीय सीमावर्ती क्षेत्रबाट मुक्त भएको पीडितका बुबा अशोक झाले बताए।

सकरपुरा गाविस-७ निवासी स्थानीय प्राथमिक विद्यालयमा कार्यरत शिक्षक ५५ वर्षीय शिवनारायण यादवलाई ०६५ कात्तिक २७ गते राती सात जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गरी भारतको सीमावर्ती क्षेत्रतर्फ लग्यो। पीडित अपहरणकारीलाई फिरौती बुझाएर ०६५ मङ्सिर २ गते भारतीय सीमावर्ती क्षेत्र कुनौलीबाट मुक्त भएको पीडितका छोरा मोहन यादवले बताए।

लोहजरा गाविस-२ निवासी माओवादीका पूर्व कार्यकर्ता ५५ वर्षीय देवनारायण यादवलाई ०६५ मङ्सिर २ गते राती सात जनाको सङ्ख्यामा आएको अज्ञात समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडित मङ्सिर ३ गते अपहरणकारीको आँखा छलेर सप्तरीको गोइठीबाट मुक्त भएको जिल्ला प्रहरी कार्यालयले जानकारी दियो।

इटहरी विष्णुपुर गाविस-४ का ३५ वर्षीय जसवन्त साहलाई ०६५ मङ्सिर २ गते राती १० जनाको सङ्ख्यामा आएको अज्ञात समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गरी भारतीय सीमावर्ती क्षेत्रमा पुऱ्यायो। पीडित ०६५ मङ्सिर ६ गते फिरौती बुझाएर भारतको कुनौलीबाट मुक्त भए।

कोचाबखारी-९ का ४३ वर्षीय जसलाल मण्डललाई ०६५ मङ्सिर २ गते ७ जनाको सङ्ख्यामा आएको अज्ञात समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडित ०६५ मङ्सिर ७ गते फिरौती बुझाएर सप्तरीको कोइलाडी मधेपुराबाट मुक्त भए।

सीतापुर गाविस-९ निवासी थरुहट स्वायत राज्य परिषद् सप्तरीका क्षेत्रीय संयोजक जगदीश थारुलाई ०६५ मङ्सिर ८ गते साँझ अज्ञात हतियारधारी समूहले धरमपुर गाविसस्थित बलुवाचोकबाट परिषद्को मिटिङ सकेर घर जान हिँडेको अवस्थामा ठेलियाबाट अपहरण गऱ्यो। पीडित ०६५ मङ्सिर ११ गते सप्तरीको घोघनपुरबाट मुक्त भएको थरुहट स्वायत राज्य परिषद्का नेता विजय चौधरीले बताए।

प्रसवनी गाविस-५ का ६० वर्षीय शिवनारायण दास उनका छोराहरू ४० वर्षीय लुकाई दास र ३५ वर्षीय कुलानन्द दासलाई ०६५ मङ्सिर १० गते बिहान घरमा सुतिरहेको समयमा १२ जनाको सङ्ख्यामा आएको अज्ञात हतियाधारी समूहले घर घेरा हाली अपहरण गरी दक्षिणतर्फ लिएर गएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनायो। पीडितहरू ०६५ मङ्सिर २५ गते फिरौती बुझाएर भारतको कुनौली क्षेत्रबाट मुक्त भए।

कोचाबखारी गाविस-३ का २८ वर्षीय वीरेन्द्र दासलाई ०६५ मङ्सिर ११ गते १२ जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले पसलमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडितलाई अपहरणपछि घरदेखि दक्षिण भारतीय सीमावर्ती क्षेत्रतर्फ लगेको पीडितका परिवारले बताए । पीडित मङ्सिर १३ गते अपहरणकारीको आँखा छलेर भारतको कमलपुरबाट भागेर मुक्त भए।

बोदेबरसाइन-६ निवासी सर्वोदय उच्च माविं कञ्चनपुरमा कार्यरत शिक्षक ३० वर्षीय शाविर हुसेनलाई ०६५ मङ्सिर १३ गते सात जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले राजविराजबाट काकाका छोरा मोहमद हुसेनको स१प ५८७१ नम्बरको मोटरसाइकल चढेर घरतर्फ जाँदै गरेको अवस्थामा सप्तरीको बोदेबरसाइनबाट अपहरण गऱ्यो। मोहम्मद हुसेन भाग्न सफल भए। पीडितको अपहरणकारीसँग झडप हुँदा कान र टाउकोमा सामान्य चोट लग्यो। पीडित शाविर हुसेन अपहरणकारीको आँखा छलेर दिसा बस्ने बहानामा ०६५ मङ्सिर १४ गते भारतीय क्षेत्रबाट भागेर मुक्त भए।

गम्हरिया प्रवाहा गाविस-६ का ३४ वर्षीय धीरेन्द्रकुमार साहलाई ०६५ मङ्सिर १३ गते राती अज्ञात हतियारधारी समूहले घरबाटै अपहरण गऱ्यो। साह मङ्सिर १६ गते साँझ प्रहरीको सक्रियातामा भारतीय सीमावर्ती गाउँ कमलपुरबाट मुक्त भए ।

सिम्रासिंग्यौन गाविस-३ का १५ वर्षीय सङ्गम यादवलाई ०६५ कात्तिक १८ गते १५ जनाको सङ्ख्यामा रहेको अज्ञात हतियारधारी समूहले अपहरण गऱ्यो । पीडित ०६५ कात्तिक २१ गते राती रायपुर गाविस-८ स्थित जङ्गलबाट भाग्न सफल भएका थिए। अपहरणको कारण खुल्न सकेन।

राजविराज-७ निवासी व्यापारी ३० वर्षीय रमानन्द साहलाई ०६५ मङ्सिर १८ गते बिहान अज्ञात हतियारधारीको एक समूहले घरबाटै अपहरण गऱ्यो। साहलाई अपहरणकारीले इटहरी विष्णुपुर गाविस-८ स्थित दिनेश यादवको करेसावारीमा जमिनमुनि बनाइएको बङ्करमा लुकाइरहेको अवस्थामा प्रहरीले मङ्सिर ९ गते मुक्त गरायो।

सुनसरी जिल्ला महेन्द्रनगर गाविस-५ निवासी चौपाया व्यापारी दलबहादुर माझीलाई ०६५ मङ्सिर १८ गते अज्ञात हतियारधारीको एक समूहले सप्तरीको बैरवा गाविस-७ मलकौरबाट अपहरण गरे। उनीसँगै रहेका वीरेन्द्र माझी भने भाग्न सफल भएका थिए। अपहरणकारीले उनीहरूको साथबाट २० हजार रुपियाँ लुटेर लगेको माझीले बताए। पीडित साँझ अपहरणकारीको पञ्जाबाट भाग्न सफल भएको प्रहरीले जनायो।

छिन्नमस्ता गाविस-२ का १७ वर्षीय किशोर मञ्जित शर्मालाई ०६५ पुस १० गते बिहान १० जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारीको एक समूहले घरबाटै अपहरण गऱ्यो। शर्मा अपहरण भएको १७ घन्टापछि भारतीय सीमावर्ती गाउँ न्योरबाट मुक्त भए।

## धम्की/कुटपिट

### राज्यबाट

राजविराज-५ निवासी *राजविराज* दैनिकका सह-सम्पादक नवीन गुप्ता र रायपुर गाविस-८ निवासी *नेपाल टेलिभिजन*का राजविराज समाचारदाता २२ वर्षीय नवीन नरसिंह नेपालीलाई काङ्ग्रेसका कार्यवाहक सभापति सुशील कोइरालालाई ०६४ माघ ११ गते कालो झन्डा देखाउने क्रममा घाइते भएका प्रदर्शनकारीको सूचना सङ्कलन गर्न गएको समयमा प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजको परिसरमा कुटपिट गर्दै दुव्यर्वहार गरे।

### वाईसीएलबाट

फत्तेपुर गाविस-३ निवासी एमाले फत्तेपुर गाउँ कमिटीका सचिव दुर्गा फुयाँलले गाउँ परिषद्को बैठकमा एमालेको विचार राखेको आरोपमा ०६५ वैशाख ३१ गते वाईसीएलका कार्यकर्ताहरूले कठालोमा समातेर कुटपिट गरी दुर्व्यवहार गरे।

राजविराज नपा-९ निवासी राष्ट्रिय समाचार समितिका राजविराज समाचारदाता एवम् प्रेस युनियनका केन्द्रीय सदस्य राजेश झाले सप्तरीका जिल्ला शिक्षा अधिकारी हसरत अलिलाई वाईसीएलले कुटपिट गरी हत्या गरेको समाचार लेखेको भन्दै उनलाई वाईसीएलका सप्तरी १ नं. इन्चार्ज अरुणकुमार गोइतले ०६५ साउन १८ गते घरबाट बजारतर्फ गइरहेको अवस्थामा मार्ने धम्की दिए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

गम्हरिया प्रवाह गाविस-३ निवासी व्यापारी कमरमल यादवलाई ०६४ माघ १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले कठौनाबाट पातोतर्फ जाँदै गर्दा कठौना-पातो सडकखण्डको अमरलती चोकमा कुटपिट गरी साथमा रहेको २ लाख १६ हजार रुपियाँ नगद लुटेर लगे। कुटपिटबाट घाइते यादव सिराहाको लहानस्थित नर्सिङ् होममा उपचार गराई भोलिपल्ट घर फर्किए।

कल्याणपुर गाविस-३ का ३२ वर्षीय अशोककुमार मण्डल र सोही ठाउँका २८ वर्षीय महीनारायण मण्डललाई संविधानसभा चुनावमा प्रचारप्रसार गरेको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले ०६४ चैत २४ गते सारस्वर गाविस-५ मा कुटपिट गरे। मोर्चा कार्यकर्ताले उनीहरू चढेको साइकल जलाइदिनुका साथै १ हजार १ सय रुपियाँ नगदसमेत लुटेर लगेका थिए। कुटपिटबाट घाइते मण्डल सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरी भोलिपल्ट घर फर्किए।

मोरङ जिल्ला गोविन्दपुर गाविस-६ निवासी ग्रामीण विकास बैंक राजविराजमा कार्यरत दुर्गानन्द पौद्धारलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले ०६५ वैशाख १८ गते बसबाट ओराली सप्तरीको कुनौली राजविराज सडक खण्डको नहर चोकमा कुटपिट गरी साथमा रहेको २६ हजार रुपियाँ नगद, घडी र मोबाइल लुटेर लगे। स्थानीय इन्टरनेसनल बोर्डिङ् स्कुल राजविराजको च.१ख. ३९९२ नम्बरको स्कुल बस चढेर आउँदै गर्दा बस रोकेर बसबाट ओराली आफूलाई कुटपिट गरेको पीडितले बताए।

### अखिल तराई मुक्ति मोर्चाबाट

बभनगामा कट्टी गाविस-६ निवासी पत्रकार वैद्यनाथ यादवलाई ०६४ माघ १५ गते *एभीन्युज* टेलिभिजनमा समाचार प्रकाशित गरेको आरोपमा अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ता बताउने हरेराम यादवले मार्ने धम्की दिए। पीडितलाई 'मेरो मोबाइल'बाट फोन गरी धम्की दिएको पीडितले बताए। धम्कीको सञ्चारसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाले विज्ञप्तिमार्फत माघ १६ गते विरोध जनाए।

डिमन गाविस-२ निवासी नेकपा संयुक्त मार्क्सवादीका तर्फबाट सप्तरी क्षेत्र नं. २ का उम्मेदवार ४५ वर्षीय अशोक लगरवार र सोही पार्टीका कार्यकर्ता ४६ वर्षीय कैलाश यादवलाई ०६४ चैत ६ गते संविधानसभा चुनावको प्रचारप्रसार गरेको आरोपमा अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले त्रिकौल गाविस-५ मा कुटपिट गरी घाइते बनाए। मोर्चा कार्यकर्ताले उनीहरू चढेको को.२प. ४५१० नम्बरको मोटरसाइकल पनि जलाइदिए। घाइते दुवै जनाको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो।

कञ्चनपुर गाविस-९ का डिल्लीराम भट्टराईलाई ०६५ साउन ३१ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले १ लाख ५० हजार रुपियाँको चन्दा रसिद बुझाएर उक्त रकम नदिए मार्ने धम्की दिए। मोर्चा कार्यकर्ताले भट्टराईलाई मोर्चाको प्रथम महाधिवेशनका लागि सहयोग भन्दै उक्त रकम लेखिएको रसिद बुझाएका थिए। मोर्चा कार्यकर्ताले बारम्बार फोन गरी चन्दा नदिए मार्ने धम्की दिने गरेको पीडित भट्टराईले बताए।

### मधेसी जनअधिकार फोरमबाट

राजविराज-५ निवासी सप्तरीका जिल्ला शिक्षा अधिकारी ४५ वर्षीय रामनारायण चौधरीलाई जमुनिमधेपुरा गाविसस्थित राप्रावि जमुनीमधेपुराको व्यवस्थापन समितिको गठन प्रक्रियालाई प्रमाणित नगरेको आरोपमा ०६५ असोज १० गते जमुनीमधेपुराका छोटेलाल यादवको नेतृत्वमा रहेको मधेसी जनअधिकार फोरम सम्बद्ध कार्यकर्ताहरूले प्रहरीकै सामुन्ने कार्यालयमा तोडफोड गर्दै कार्यकक्षमै कुटपिट गरी थुनेर दुर्व्यवहार गरे। घटनाका सम्बन्धमा तत्कालै प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराए पनि कुनै कारबाही नभएको कर्मचारीहरूले बताए। घटनाको विरोधमा कर्मचारीहरूले ०६५ असोज १३ गते शिक्षा कार्यालय बन्द गराएका थिए। पीडकलाई कुनै कारवाही भएन।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (रणवीर सिंह)बाट

जिल्ला अदालत सप्तरीका डिट्ठा सञ्जीवकुमार सिंहलाई ०६५ पुस १४ गते आफूलाई जनतान्त्रिक ( रणवीर सिंह) बताउने समूहका कार्यकर्ताले टेलिफोन गरी भनेबमोजिम चन्दा नदिए मार्ने धम्की दिएको पीडितले बताए। यसअघि खेती उठाउन गएको समयमा ०६५ पुस ४ गते उनीहरूले सिंहलाई हरिहरपुर गाविस-७ बाट अपहरण गरी खेतीबाट उठेको २० मन धान दिने सर्तमा चार घन्टापछि मुक्त गरेका थिए। उनीहरूले एक थान मोबाइलसमेत लुटेर लगेको पीडतले बताए।

### अज्ञात समूहबाट

मलेठ गाविस-२ का ३५ वर्षीय विजय महतोलाई राजविराजबाट मोटरसाइकल चढेर घरतर्फ जाँदै गर्दा ०६५ साउन २७ गते राती चार जनाको सङ्ख्यामा रहेको हतियारधारी समूहले राजविराज सडक खण्डको मलेठस्थित गहिल पेट्रोलपम्प अगाडि रोकेर कुटपिट गर्दै हतियार देखाएर अपहरण गर्ने प्रयास गऱ्यो। पीडितले गुहार मागेपछि हतियारधारीले उनी चढेको बाञ्प २८९५ मोटरसाइकल, साथमा रहेको १० हजार रुपियाँ र एक थान मोबाइल लुटेर लगेको महतोले बताए। घाइतेको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

लालापट्टी गाविस-२ की ३५ वर्षीया जानकीदेवी मुखिया, ४२ वर्षीया फुलियादेवी मुखिया, ४० वर्षीय पवनीदेवी मुखिया र ४४ वर्षीय कबिरा खातुन बाढीपीडितलाई राहत नदिएको भन्दै बाढीपीडितहरूले जिल्ला विकास सप्तरीमा दिएको धर्नामा सहभागी भएको अवस्थामा ०६४ पुस १९ गते प्रहरीले लाठीचार्ज गर्दा सामान्य घाइते भए। घाइते चारै जनाको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भयो।

मधेसी जनअधिकार फोरम समर्थित मधेसी युवा फोरमका केन्द्रीय सदस्य दिनेश यादव फोरमकै कार्यकर्ता तारकेश्वर यादव, सद्भावना पार्टी निकट युवा मञ्चका सप्तरी अध्यक्ष हुलसित यादव तथा कार्यकर्ताहरू मुकेश साह, तीर्थानन्द यादव, जयप्रकाश यादव, काङ्ग्रेसका कार्यवाहक सभापति सुशील कोइरालालाई कालो झन्डा देखाई प्रदर्शन गर्ने क्रममा ०६४ माघ ११ गते प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। घाइतेको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो।

वरही वीरपुर गाविस-२ का अशोककुमार साह, राजविराज नपा-५ का २५ वर्षीय सञ्जय दास, जमुनी मधेपुरा गाविस-४ का विनोद यादवलगायतका सर्वसाधारण, काङ्ग्रेसका नेता शेरबहादुर देउवालाई मधेसवादी दलका कार्यकर्ताले कालो झन्डा देखाउन गरेको प्रदर्शनका क्रममा ०६४ माघ २० गते प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरीको लाठीचार्जबाट सामान्य घाइते भए। झडपमा प्रहरीले दर्जनौं राउन्ड हवाई फायर गरेको थियो। घाइते सबैको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो ।

राजविराज-५ स्थित सेतु सामुदायिक विकास तथा मानवअधिकार मञ्चकी अध्यक्ष ३८ वर्षीया आभासेतु सिंह, सोही ठाउँ निवासी केन्द्रीय बाल कल्याण समिति सदस्य ४० वर्षीया रामसिला सिंह तथा सप्तरी जोगिनियाँ गाविस-८ की ३० वर्षीया सञ्जु यादव, जोगिनियाँ-२ की इनादेवी यादव, जोगिनियाँ-५ की ३२ वर्षीया रेखादेवी यादव, राजविराज नपा-२ की ३६ वर्षीया सुशीलादेवी यादव, जोगिनियाँ-५ की पार्वती साह, सोही ठाउँ बस्ने कञ्चन साह, योगिनियाँ-४ की प्रभा साह, योगिनियाँ-९ की झलिया विश्वास, सोही ठाउँ बस्ने ललिता विश्वास र डोमनी विश्वासलाई कञ्चनपुर जिल्लाकी महिला मानवअधिकारकर्मी लक्ष्मी बोहराको हत्यारालाई कारबाही गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय सप्तरी घेराउ गर्न गएको अवस्थामा ०६५ साउन १६ गते प्रहरीले जिल्ला प्रशासन कार्यालयको गेटअगाडिबाट गिरफ्तार गऱ्यो। उनीहरू सबै साँझ रिहा गरिए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

**पुनरावेदन अदालत**

राजविराजमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ७६ थान मुद्दामध्ये यस वर्ष आठ थान फर्स्यौट भई १ सय ६८ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३७ थानमध्ये चार फर्स्यौट भई ३३ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा २ सय १३ थानमध्ये १२ थान मुद्दा फर्स्यौट भई २ सय १ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ४३ थान मुद्दामध्ये यस वर्ष आठ थान फर्स्यौट भई १ सय ३५ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ४२ थानमध्ये पाँच थान फर्स्यौट भई ३७ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा १ सय ८५ थानमध्ये १३ थान मुद्दा फर्स्यौट भई १ सय ७२ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ७ सय २३ थान मुद्दामध्ये यस वर्ष ३० थान फर्स्यौट भई ६ सय ९३ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय ५९ थानमध्ये

१८ थान फर्स्यौट भई १ सय ४१ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ८ सय ८२ थानमध्ये ४८ थान मुद्दा फर्स्यौट भई ८ सय ३४ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ हजार २ सय ८० थानमध्ये ७३ थान मुद्दा फर्स्यौट भई १ हजार २ सय ७ थान मुद्दा बाँकी रहे।

**जिल्ला अदालत**

सप्तरीमा गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा १ हजार १६ थानमध्ये यस वर्ष २ सय ४८ थान मुद्दा फर्स्यौट भई ७ सय ६८ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २ सय ३ थानमध्ये ४६ थान मुद्दा फर्स्यौट भई १ सय ५७ थान मुद्दा बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी जम्मा ३ हजार ७४ थान मुद्दामध्ये यस वर्ष ९ सय ८० फर्स्यौट भई २ हजार ९४ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ४ हजार २ सय ९३ थानमध्ये १ हजार २ सय ७४ थान मुद्दा फर्स्यौट भई ३ हजार १९ थान मुद्दा बाँकी रहे।

## यातना तथा अन्य क्रूर/अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

हनुमाननगर गाविस-५ निवासी व्यापारी ३२ वर्षीय मनोजकुमार दासलाई ०६४ पुस ३० गते छिमेकीसँग विवाद गरेको भन्दै हनुमाननगर इलाका प्रहरीका जवान राजकुमार यादवले प्रहरी कार्यालयमा लगी कुटपिट गरे। दासलाई कुटपिट गरेको विरोधमा स्थानीय व्यापारीले माघ १ गते बजार बन्द गरे। सोही दिन भएको छलफलमा कुटपिट गरी यातना दिने प्रहरीलाई कारबाही गर्ने सर्तमा बजार खुलेको थियो। प्रहरीलाई केही कारबाही भएन।

## बालअधिकार

सारस्वर गाविस नपा-५ का १५ वर्षीय तेजनारायण साहलाई ०६४ फागुन १७ गते अज्ञात हतियाधारी समूहले घरबाटै अपहरण गरी चैत २ गते १ लाख रुपियाँ फिरौती लिएर बेल्हीबाट मुक्त गऱ्यो।

राजविराज-७ का १० वर्षीय अरविन्द मण्डललाई ०६४ चैत ९ गते अज्ञात समूहले फर्सेठ गाविस-६ स्थित कोसी पम्प केनाल नहरको छेउमा घाँटी थिचेर हत्या गरी सोही ठाउँमा खाल्डो खनेर गाडिदिए। होलीको दिन खेल्न निस्केका मण्डललाई अपहरणपछि हत्या गरेको प्रहरीले बतायो। मण्डलको लासलाई प्रहरीले सगरमाथा अञ्चल अस्पताल राजविराजमा भोलिपल्ट पोस्टर्माटम गरी सोही दिन परिवारलाई बुझाए।

नकटी रायपुर गाविस-१ पौवाँका १६ वर्षीय सन्तोष यादवलाई ०६४ चैत १० गते घरबाट चोकतर्फ जाँदै गर्दा अज्ञात हतियारधारी समूहले रायपुरकै पौवाँबाट अपहरण गऱ्यो । यादव चैत १२ गते भारतीय सीमावर्ती क्षेत्रबाट भागेर मुक्त भए।

लालापट्टी गाविस-२ का १६ वर्षीय नवल यादवलाई ०६४ चैत १० गते अज्ञात हतियारधारी समूहले घरनजिकैबाट अपहरण गरेकामा अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले सोही दिन छिन्नमस्ताबाट मुक्त गराए।

नकटीरायपुर गाविस-८ का १२ वर्षीय हेमकुमार भगतलाई ०६५ वैशाख २२ गते साँझ दुई जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले रायपुर-८ रुपनी बजारबाट अपहरण गऱ्यो। भगतलाई वाईसीएल कार्यकर्ताले वैशाख २८ गते सप्तरीको पत्थरगाडाबाट मुक्त गराए।

कटैया गाविस-नरहैयाकी १२ वर्षीया बालिका भुट्टी भनिने शान्तिकुमारी मण्डललाई ०६५ असोज १९ गते राती दुई जनाको सङ्ख्यामा आएको अज्ञात समूहले राजविराजस्थित सगरमाथा अञ्चल अस्पताल परिसरबाट अपहरण गऱ्यो। पीडित बिरामी हजुरबुबालाई अस्पतालमा कुरेर बसेकी थिइन्। आफूहरू गरिबहरूको पार्टी भएको बताउँदै अज्ञात समूहले बालिकालाई अस्पतालबाहिर लगेको पीडितका हजुरबुबा बैरसु मण्डलले बताए। जिल्ला प्रहरी कार्यालय सप्तरीले अपहरित बालिकाको खोजी कार्य जारी रहेको बतायो। वर्षको अन्त्यसम्मै बालिकाको अवस्था अज्ञात रह्यो।

बसबिट्टी-६ का १२ वर्षीय बालक इदुल मियालाई ०६५ कात्तिक १० गते बिहान १५ जनाको सङ्ख्यामा आएका अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गरे। पीडित कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालयको सहयोगमा भारतीय सीमावर्ती क्षेत्रबाट मुक्त भए।

रम्पुरामल्हनिया गाविस-९ का १२ वर्षीय ओमप्रकाश खड्ग र उनका हजुरबुबा ७० वर्षीय प्रेम खड्गलाई ०६५ मङ्सिर ७ गते राती १५ जनाको सङ्ख्यामा आएका अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गरी भारतको सीमावर्ती क्षेत्रतर्फ लग्यो। पीडितहरूमध्ये प्रेम खड्ग भोलिपल्ट बिहान परिवारको सम्पर्कमा आएको प्रहरीले जनाए। बालक ओमप्रकाश मङ्सिर २५ गते भारतको कुनौलीबाट मुक्त भए।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

इनर्वा फुलबडिया गाविस-३ की २५ वर्षीया गुलजरियादेवी रामलाई ०६४ चैत १० गते पति परमेश्वर रामले रक्सी खाएको झोँकमा घरमै घाँटी रेटेर हत्या गरे। हत्यापछि पीडक फरार रहेको र उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो। सगरमाथा अञ्चल अस्पताल राजविराजमा लासको पोस्टमार्टम गरी प्रहरीले परिवारलाई बुझाए।

धरमपुर गाविस-६ की सरस्वतीदेवी साहले यौन सम्पर्क गर्न नदिएको आरोपमा ०६४ चैत १४ गते उनलाई जेठाजु लक्ष्मण साहले शरीरमा मट्टीतेल खन्याई आगो लगाइदिए। जलेर घाइते सरस्वतीको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा चैत २२ गते मृत्यु भयो। प्रहरीले पीडकलाई चैत २५ गते पक्राउ गऱ्यो। उनलाई अदालतको आदेशमा कर्तव्य ज्यान अन्तर्गत पुर्पक्षका लागि थुनामा राखिएको छ।

रम्पुरा मल्हनियाँ गाविस-५ की ४० वर्षीया ज्ञानवती यादवलाई ०६५ वैशाख १६ गते ससुरालाई मुख फर्काएको आरोपमा ससुरा रामदेव यादवले कुटपिट गरी घाइते बनाए। यादवको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरियो। पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरी अब आइन्दा त्यस्तो नगर्ने सर्तमा कागज गराई सोही दिन रिहा गऱ्यो।

### दुर्व्यवहार

रुपनगर गाविस-५ की ३० वर्षीया सीतादेवी मण्डललाई चरित्रहीन भएको आरोपमा रुपनगर-५ का जातका मेठ भनिने गङ्गाराम मण्डल, नसिवलाल मण्डल, राजेन्द्र मण्डललगायतका व्यक्तिहरूले ०६४ पुस २१ गते पञ्चायत छ भनी बोलाई दुईओटै खुट्टामा इँटा राख्न लगाई हरियो बाँसको लठ्ठीले कुटपिट गरी देश निकाला गरे। पीडित तीन दिन भारतको वीरपुरमा बसेपछि उनलाई आमाको सहयोगमा पुस २८ गते महिला अधिकारकर्मी संस्था ओरेकको संरक्षणमा विराटनगरमा राखियो। प्रहरीले पीडकहरूलाई गिरफ्तार गरी दुवै पक्षलाई छलफलमा बोलाई मिलापत्र गरायो।

गम्हरिया प्रवाहा गाविस-९ की ३५ वर्षीया द्रौपदी सरदारलाई चरित्रहीन भएको आरोप लगाउँदै ०६५ जेठ २२ गते छिमेकी अधिकलाल सरदार र उनकी पत्नीले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट उनको टाउको फुटेपछि सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरिएको थियो। पीडितले जेठ २३ गते प्रहरीमा उजुरी गरे पनि पीडकलाई कारबाही नभएको पीडितले बताइन्।

## १.१२ सिराहा

जनसङ्ख्या : ५,७२,३९९
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : २७
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८८
गाविस/नपा सङ्ख्या : १०६/२
सरकारी/निजी विद्यालय : ३८२/३१
क्याम्पस/उच्च मा.वि. : ३/९
अस्पताल/स्वास्थ्य चौकी : २/११२
मानव विकास सूचकाङ्क : ०.४२७
प्रतिपरिवार सरदर सङ्ख्या : ६२५

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा |
| हत्या | ३८ | ३४ | ८ | १ | ३३ | | | | ४ | ४ | | ४ |
| घाइते | १३ | १८ | २ | | ३० | | | | ६ | १३ | ९ | ३३ |
| गिरफ्तारी/यातना | | | | | | | | | ३३ | ४४ | | ४४ |
| बेपत्ता | | | | | | | | | १ | १ | | १ |
| कुटपिट | १३ | १५ | २ | | १८ | १ | २ | २ | ४ | ५ | | ५ |
| धम्की | ५ | ५ | १ | | ६ | | | | | | | |
| भेला/संगठित हुने अधिकार | | | | | | | | | ११ | ३४ | ६८ | १०१ |
| जातीय विभेद | २ | २ | १ | | ३ | | | | | | | |
| महिलाअधिकार | ६ | | ८ | | ८ | | | | | | | |
| बालअधिकार | २ | | २ | | २ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | ५ | ३ | १ | ६० | ६४ | ३ | ३ | ३ | | | | |
| अपहरण | ४८ | ५१ | | | ५१ | २ | २ | २ | | | | |
| जम्मा | ११९ | ११८ | ३३ | ६१ | २०२ | ६ | ८ | ८ | ४८ | १०१ | ८६ | १८८ |

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
### हत्या
### राज्यबाट

विष्णुपुर (प्र.रा.) गाविसस्थित चोकमा ०६४ फागुन ७ गते दिउँसो प्रहरी र संयुक्त मधेसी मोर्चाका कार्यकर्ताहरूबीचको दोहोरो झडपका क्रममा प्रहरीले चलाएको गोली लागी घाइते भएका विष्णुपुर (प्र.रा.) गाविस-४ का २५ वर्षीय राजेश ठाकुरको उपचारका लागि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान लैजाँदै गर्दा बाटोमै मृत्यु भयो। लासको सुनसरी जिल्लाको इनरुवामा पोस्टमार्टम गरी ०६४ फागुन ९ गते सिराहामा परिवारजनले अन्तिम दाहसंस्कार गरे। सरकारले मृतक ठाकुरलाई सहिद घोषणा गर्ने र परिवारलाई १० लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउने निर्णय गरे पनि क्षतिपूर्ति प्राप्त नभएको पारिवारिक स्रोतले जनायो।

विष्णुपुरकट्टी गाविस-७ निवासी मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का सिराहा जिल्ला इन्चार्ज करण सिंह भनिने ३० वर्षीय रामनारायण यादवको ०६५ मङ्सिर ७ गते बिहान संयुक्त सुरक्षा टोलीका सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो। पक्राउ गरिएका यादव बाटोमा भाग्न थालेका र रोकिन नमानेपछि चलाइएको गोली लागी घाइते भएपछि उपचारका लागि लहान अस्पताल लैजाँदै गर्दा बाटोमा उनको मृत्यु भएको प्रहरीले जनायो। लासको मङ्सिर ७ गते लहान अस्पतालमा पोस्टमार्टम गरियो। पीडितका आफन्तले सोही दिन लास बुझेर अन्तिम संस्कार गरे।

गोविन्दपुर गाविस-९ का २५ वर्षीय इन्दरकुमार महतोको चन्द्रअयोध्यापुर गाविस-८ स्थित पानवारीनजिक ०६५ पुस ४ गते राती प्रहरीको गोली लागी मृत्यु भयो। प्रहरीले मृतक महतो सशस्त्र समूहमा आबद्ध रहेको र दोहोरो भिडन्तको अवस्थामा प्रहरीको गोली लागी घाइते भएकाले उपचारका लागि सिराहा अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको जनायो। सोही घटनामा प्रहरीको गोली लागी घाइते भएका स्थानीय पञ्चलाल यादवको चितवन जिल्लाको भरतपुर अस्पतालमा उपचार भइरहेको स्थानीय बासिन्दाले जनाए। सोही ठाउँका बेचन महतो र राजेश्वर यादवलाई चाइनिज पेस्तोलसहित गिरफ्तार गरिएकाले अनुसन्धानका सिलसिलामा थुनामा राखिएको जिल्ला प्रहरी कार्यालयले जनायो। प्रहरी कारवाहीको विरोधमा स्थानीय बासिन्दा र माओवादी पार्टीका कार्यकर्ताले ०६५ पुस ५ गते बिहानैदेखि साँझसम्म राजमार्गमा यातायात ठप्प पारेका थिए।

### अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

असनपुर गाविसको गोलबजार चोकमा ०६४

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | मधेस मुक्ति टाईगर्सबाट | | | मधेस तराई मुक्ति मोर्चाबाट | | | मधेसी राष्ट्र जनतान्त्रिक पार्टीबाट | | | मधेसी जनअधिकार फोरमबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | | | १ | १ | १ | | | |
| कुटपिट | | | | | | | | | | १ | १ | १ |
| अपहरण | ३ | ३ | ३ | ४ | ४ | ४ | १ | १ | १ | | | |
| जम्मा | ३ | ३ | ३ | ४ | ४ | ४ | ३ | ३ | ३ | १ | १ | १ |

फागुन १४ गते राती गुडिरहेको ना२ख १२८ नम्बरको एक यात्रुबाहक बसमा अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले प्रहार गरेको पेट्रोल बमबाट बसमा यात्रा गरिरहेकी भोजपुर जिल्ला पाङ्चा गाविस-२ की १८ वर्षीया सम्झना राईको मृत्यु भयो। पेट्रोल बमका कारण कपडामा आगो लागी घाइते भएकी पीडित राईको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा फागुन १५ गते साँझ मृत्यु भएको थियो। सोही घटनामा घाइते भएका उनका दाइ पर्ने ३२ वर्षीय बिजुलमान राईको धरानस्थित सोही अस्पतालमा उपचारका लागि भर्ना गरियो। उनका दुवै हत्केला पोलेर काम नलाग्ने अवस्थामा रहेका थिए। मोर्चाका कार्यकर्ताहरूले मधेसवादी दलहरूद्वारा गरिएको बन्दलाई आफ्नो सङ्गठनले पनि ऐक्यबद्धता जनाएको र बन्दको अवज्ञा गरिएकाले पेट्रोल बम प्रहार गरिएको ०६४ फागुन १५ गते टेलिफोन गरी सञ्चारकर्मीहरूलाई बताए।

अर्नमा (प्र.पी.) गाविस-७ निवासी अखिल जनतान्त्रिक तराई मुक्ति मोर्चाका पूर्वकार्यकर्ता ४५ वर्षीय टमाटर मलाह अपहरण र लुटपाटमा संलग्न हुने गरेको आरोपमा ०६५ असार ८ गते साँझ सोही मोर्चासम्बद्ध कार्यकर्ताहरूको समूहले सोही वडाको हरकट्टा टोलनजिकै उनको गोली हानी हत्या गऱ्यो। पीडितको टाउको र छातीमा गोली लागी घटनास्थलमै मृत्यु भएको थियो। लासको जिल्ला अस्पताल सिराहामा ०६५ असार ९ गते पोस्टमार्टम गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। स्थानीय बासिन्दाका अनुसार दुईओटा मोटरसाइकलमा आएका छ जनाको समूह मलाहलाई गोली प्रहार गरी दक्षिणतर्फ भागेको थियो। उक्त घटनामा सोही वडाका २२ वर्षीय रामपृत कुशवाह पनि गोली लागी घाइते भए।

### लिब्रेसन अफ तमिल तराई इलम (एलटीटीई) बाट

डुम्री गाविस-४ का ३५ वर्षीय राजेन्द्र साहलाई ०६५ असार २४ गते दिउँसो लिब्रेसन तमिल तराई अफ इलम (एलटीटीई)का कार्यकर्ताहरूले मिर्चैया-कल्याणपुर सडकखण्डबाट अपहरण गरी केही समयपछि गोली हानी हत्या गरे। एलटीटीईका सिराहा-धनुषा सैन्य कमाण्डर भनिने सूर्यमान सिंहले घटनाको जिम्मेवारी लिँदै साहमाथि चोरी, डकैती र लुटपाट गरेको आरोपमा उक्त कारबाही गरिएको टेलिफोनमार्फत बताए। पीडितको राघोपुर गाविस-९ स्थित बलुवा भन्ने ठाउँमा लास भेटिएको प्रहरीले जनायो। लासको ०६५ असार २५ गते दिउँसो जिल्ला अस्पताल सिराहामा पोस्टमार्टम गरियो।

### तराई मधेस मुक्ति मोर्चाबाट

हनुमानगर (प्र.ध.) गाविसको कुर्वा टोलस्थित ३० वर्षीय युवक घुरन कामैतलाई चोरी र डकैतीमा संलग्न हुने गरेको आरोपमा ०६४ माघ २५ गते राती तराई मधेस मुक्ति मोर्चाका कार्यकर्ताहरूले घरबाटै अपहरण गरी फूल्काहाकट्टी गाविस-६ स्थित चौरमा सोही दिन राती गोली हानी हत्या गरे। मृतकको लास स्थानीय बासिन्दाले माघ २६ गते बिहान फेला पारे। लासको माघ २६ गते लहान अस्पतालमा पोस्टमार्टम गरिएको प्रहरीले जनायो। तराई मधेस मुक्ति मोर्चाका जिल्ला सैन्य कमाण्डर विकासले सोही दिन टेलिफोनमार्फत घटनाको जिम्मेवारी लिए।

### मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) बाट

पिप्रा (प्र.पी.) गाविस-८ निवासी महेशपुर पतारी गाविसस्थित अस्थायी प्रहरी चौकीमा कार्यरत प्रहरी जवान २७ वर्षीय बिर्जु यादवलाई ०६५ मङ्सिर ३ गते राती मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का कार्यकर्ताहरूले तुलसीपुर गाविस-७

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | जतमुमो(ज्वालासिंह)बाट | | | जतमुमो(गोइत)बाट | | | | लिबरेशन टाइगर अफ तराई इलमबाट | | | बाईसीएलबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | २ | १ | १ | २ | १ | १ | १ | | | | |
| घाइते | | | | | | | | | | | | | | |
| कुटपिट | | | | | | | | | | | १ | २ | | २ |
| धम्की | २ | २ | २ | १ | १ | | १ | | | | २ | २ | १ | ३ |
| महिलाअधिकार | | | | | | | | | | | १ | | १ | १ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | १ | १ | १ | १ | | १ | | | | | | | |
| अपहरण | ३ | ३ | ३ | १ | १ | | १ | | | | २ | २ | | २ |
| जम्मा | ६ | ६ | ६ | ५ | ४ | १ | ५ | १ | १ | १ | ६ | ६ | २ | ८ |

स्थित बाटोमा नियन्त्रणमा लिई धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडित बिदामा एक्लै घर गइरहेका बेला बाटोबाट समातेर उनको हत्या गरिएको सिराहाका एसपी रमेश खरेलले बताए। लासको ०६५ मङ्सिर ४ गते लहान अस्पतालमा पोस्टमार्टम गरियो। मृतकको लास सोही दिन मृतकका परिवारले बुझी अन्तिम संस्कार गरे।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति) बाट

लक्ष्मीनियाँ गाविस-३ का ३५ वर्षीय राजकुमार यादवको जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति)का कार्यकर्ताहरूसँग ०६५ मङ्सिर २४ गते राती स्थानीय गाउँलेले प्रतिकार गर्न खोजेपछि सो समूहले प्रहार गरेको विस्फोटक पदार्थमा परी मृत्यु भयो। स्थानीय बासिन्दाका अनुसार, विस्फोटमा परी घाइते भएका यादवको उपचारका लागि अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको थियो। लासको ०६५ मङ्सिर २५ गते जिल्ला अस्पताल सिराहामा पोस्टमार्टम गरियो। गाउँमा प्रवेश गरेका सशस्त्र समूहसँग गाउँलेले प्रतिकार गर्ने क्रममा सो समूहमा रहेका व्यक्तिहरूले फालेको विस्फोटक पदार्थमा परी उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो। मोर्चाका जिल्ला सहायक इन्चार्ज शिखर मुक्तिले ०६५ मङ्सिर २६ गते सञ्चारकर्मीहरूलाई टेलिफोन सम्पर्क गरी उक्त घटनाको जिम्मेवारी लिँदै पीडितमाथि आफूहरूविरुद्ध प्रहरीलाई सूचना दिएको आरोप लगाए। उक्त घटनामा स्थानीय नारायण ठाकुर र श्रीदेव ठाकुरसमेत सामान्य घाइते भएको प्रहरीले जनायो।

### अज्ञात समूहबाट

विष्णुपुर (प्र.रा.) गाविस-४ का २० देखि २२ वर्ष उमेरका देखिने सत्यनारायण यादव, रामएकवाल यादव र नेमकुमार ठाकुरलाई ०६४ माघ ६ गते राती अज्ञात समूहले सोही गाउँबाट अपहरण गरेकामा तीनै जनालाई माघ ८ गते साँझ चिक्नाभेडिया गाविसमा मृत अवस्थामा गाउँलेले फेला पारे। चिक्नाभेडिया गाविस-३ को कमला नदीनजिक चौरमा अलग-अलग स्थानमा गाडिएको अवस्थामा गाउँलेले भेटेका थिए। स्थानीय बासिन्दाका अनुसार मृतकहरूमध्ये सत्यनारायण यादवको टाउको छिनालिएको अवस्थामा र अन्य दुई जनाको शरीर क्षतविक्षत अवस्थामा पाइएको थियो। लासको पोस्टमार्टम ०६५ माघ ९ गते जिल्ला अस्पताल सिराहामा गरियो। प्रहरीले हत्या कसले र किन गरेको भन्ने खुल्न नसकेको जनायो। स्थानीय बासिन्दाका अनुसार १० जनाको एक समूहले माघ ६ गते राती उनीहरूलाई गाउँबाटै अपहरण गरेको थियो। मृतकहरूमध्ये सत्यनारायण यादव जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह)का पूर्वकार्यकर्ता रहेका र हिटलर उपनामले चिनिने गरेका थिए।

राजपुर गाविस-७ का २६ वर्षीय फूलकुमार दासको ०६४ पुस २८ गते राती आफ्नै घरमा बसिरहेका बेला अज्ञात व्यक्तिहरूको समूहले गोली हानी हत्या गऱ्यो। पीडितका पिता सानु दासका अनुसार राती १० जनाको सङ्ख्यामा रहेका व्यक्तिहरूले पीडितलाई घरबाट बाहिर बोलाई गोली प्रहार गरेका थिए। पीडितको घटनास्थलमै मृत्यु भएको थियो। लासको जिल्ला अस्पताल सिराहामा पुस ३० गते पोस्टमार्टम

**तालिका : ४**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | जतमुमो (राजनमुक्ति)बाट | | | तराइ मधेश मुक्ति मोर्चाबाट | | | अज्ञातबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा |
| हत्या | १ | १ | १ | १ | १ | १ | १७ | १५ | ५ | १ | २१ |
| घाइते | | | | | | | ११ | १८ | १ | | १९ |
| कुटपिट | | | | | | | ६ | ६ | १ | | ७ |
| अपहरण | १ | १ | १ | | | | ३३ | ३७ | | | ३७ |
| जम्मा | २ | २ | २ | १ | १ | १ | ६७ | ७६ | ७ | १ | ८४ |

गरिएको थियो। प्रहरीले अनुसन्धानको सिलसिलामा सोही ठाउँका गोपाल यादवलाई नियन्त्रणमा लिएको जनायो । अभियुक्त हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

सीतापुर गाविस-५ का ३५ वर्षीय मेदीराम महराको ०६५ जेठ १ गते राती ११ बजेतिर तीन जना अज्ञात व्यक्तिहरूले छुरा प्रहार गरी हत्या गरे। हत्या कसले र किन गरेको भन्ने खुल्न सकेको छैन। घटनाको अनुसन्धान भइरहेको वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर अरुणकुमार झाले बताए। लासको जेठ २ गते लहान अस्पतालमा पोस्टमार्टम भयो। पीडितका आफन्तले सोही दिन लास बुझी अन्तिम संस्कार गरे।

बडहरामाल गाविस-२ स्थित बन्दीपुरकी ७० वर्षीया सीता गडेरीलाई ०६५ जेठ १४ गते साँझ ७:३० बजेतिर आफ्नै गोठमा काम गरिरहेका बेला तीन-चार जनाको सङ्ख्यामा रहेका अज्ञात व्यक्तिहरूको समूहले गोली हानी हत्या गऱ्यो। पीडितका आफन्तका अनुसार, तिघ्रामा गोली लागी घाइते भएकी सीतालाई उपचार गर्न सिराहा अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो। मृतकको पोस्टमार्टम ०६५ जेठ १५ गते जिल्ला अस्पताल सिराहामा भयो। हत्या कसले र किन गरेको भन्ने खुल्न सकेन।

डुम्री गाविस-३ का ३० वर्षीय अनिल यादवलाई ०६५ साउन ९ गते राती अज्ञात व्यक्तिहरूको समूहले घरबाटै अपहरण गरेकामा साउन २० गते दिउँसो सिक्रोन गाविसको बताहा खोलानजिक मृत अवस्थामा आफन्तले फेला पारे। अपहरण किन र कसले गरेको भन्ने खुल्न सकेन। लास गाडिएका कारण पूर्ण रूपमा सडेको हुनाले लासको पोस्टमार्टम हुन सकेन। मृतकका आफन्तले सोही दिन लास बुझी अन्तिम संस्कार गरे।

सुखीपुर गाविस-२ का २२ वर्षीय नवीनकुमार यादवलाई ०६५ साउन २४ गते राती घनगढी गाविसस्थित बजारबाट मोटरसाइकलद्वारा घर फर्किरहेका बेला फूल्काहाकट्टी गाविस-५ स्थित बाटोबाट अज्ञात व्यक्तिहरूको समूहले अपहरणपछि गोली हानी हत्या गऱ्यो। लासको जिल्ला अस्पताल लहानमा ०६५ साउन २५ गते पोस्टमार्टम भयो। हत्याको आरोपमा प्रहरीले मोहनपुर कमलपुर गाविसस्थित बैशख्खाका श्यामकुमार यादव र अयोध्यानगर गाविसका जयप्रकाश चौधरीलाई पक्राउ गरी अनुसन्धान गरिरहेको जनायो। हाल उनीहरू जिल्ला कारागार शाखा सिराहामा पुर्पक्षका लागि थुनामा रहेका छन्।

राजपुर गाविस-४ की ६० वर्षीया कैलीदेवी मुखियालाई ०६५ साउन २८ गते बिहान घरमा सुतिरहेका बेला अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। हत्या कसले किन गरेको भन्ने खुल्न सकेन। मृतकको पोस्टमार्टम सोही दिन जिल्ला अस्पताल सिराहामा भयो। पीडकहरू फेला नपरेको प्रहरीले जनायो।

पिप्रा (प्र.पी.) गाविस-३ का ३० वर्षीय पवन

*प्रहरीद्वारा चलाइएको गोली लागी मृत्यु भएका राजेश ठाकुर*

*अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताद्वारा हत्या गरिएका टमाटर मलाह*

यादवलाई ०६५ असोज २ गते राती अज्ञात व्यक्तिहरूको समूहले गोली हानी हत्या गऱ्यो। गर्मीका कारण घरको आँगनमा बसिरहेका बेला पाँच जनाको समूहले उनीमाथि गोली प्रहार गरेको थियो। हत्याको कारण खुल्न सकेन।

अर्नमा (प्र.पी.) गाविस-१ निवासी एमालेका कार्यकर्ता ४० उत्तिमलाल महतोलाई ०६५ असोज २७ गते राती अज्ञात व्यक्तिहरूको समूहले घरमा सुतिरहेका बेला गोली प्रहार गरी हत्या गऱ्यो। लासको सिराहा अस्पतालमा असोज २८ गते पोस्टमार्टम गरिएको जिल्ला अस्पताल सिराहाले जनायो। पीडित परिवारका अनुसार रुमालले मुख छोपेका पीडक समूहले उत्तिमलाललाई खोजेर गोली प्रहार गरिसकेपछि उनका परिवारले लगाएका गरगहना र नगदसमेत खोसेर लगेका थियो।

विष्णुपुरकट्टी गाविस-९ बाट अज्ञात समूहद्वारा अपहरित सोही ठाउँका २२ वर्षीय राजु राईलाई उनका आफन्तले ०६५ कात्तिक ९ गते साँझ गोविन्दपुर गाविस-९ स्थित डुङ्गडुङ्गे डाँडामा मृत अवस्थामा फेला पारे। लास गाडिएको अवस्थामा फेला पारेकाले उनलाई अपहरणपछि हत्या गरिएको सशस्त्र प्रहरी बल बेस क्याम्प लहानले जनायो। लास पूर्ण रूपमा सडिसकेको हुनाले पोस्टमार्टम हुनसकेन। पीडित परिवारका अनुसार, राई ०६५ असोज २ गते गाउँबाटै अपहरित भएका थिए। अनुसन्धानका सिलसिलामा प्रहरीद्वारा गिरफ्तार गरिएका सोही गाविसका चौधरी महतोलाई पुर्पक्षका लागि थुनामा राखिएको वडा प्रहरी कार्यालय लहानले जनायो।

लहान नपा-८ का २५ वर्षीय दीपेन्द्र महतोलाई ०६५ कात्तिक २२ गते दिउँसो अज्ञात समूहले भदैया गाविसबाट अपहरण गरी सोही गाविसको मुतुनी जङ्गलमा लगेर हत्या गऱ्यो। पीडित परिवारका अनुसार पीडित धान काट्न गएकी उनकी आमालाई खाना पुऱ्याएर फर्किने बेलामा अपहरणमा परेका थिए। अपहरित महतोलाई आफन्त र प्रहरीले खोजी गर्दै जाँदा कात्तिक २३ गते बिहान मृत अवस्थामा भेटिएको सशस्त्र प्रहरी बल बेस क्याम्प लहानका डीएसपी फणिन्द्र पौडेलले बताए। लासको सोही दिन लहान अस्पतालमा पोस्टमार्टम भयो।

राघोपुर गाविस-६ स्थित शिसवनी टोलका ३५ वर्षीय रामबाबु यादवलाई अज्ञात व्यक्तिहरूको समूहले ०६५ मङ्सिर ८ गते राती गोली हानी हत्या गऱ्यो। स्थानीय बासिन्दाका अनुसार सो समूहका व्यक्तिहरूले स्थानीय विजय यादवलाई कुटपिट गर्न खोज्दा गाउँलेहरू प्रतिकारमा जुटेपछि चलाइएको गोली लागी घाइते भएका रामबाबुको उपचारका लागि जनकपुर अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो। लासको जिल्ला अस्पताल सिराहामा ०६५ मङ्सिर ९ गते पोस्टमार्टम गरिएको प्रहरीले जनायो।

सिलोर्वापछ्वारी गाविस-८ २८ वर्षीय इन्द्रदेव यादवलाई अज्ञात व्यक्तिहरूको समूहले ०६५ मङ्सिर १५ गते राती सोही गाविसस्थित बाटोमा गोली हानी हत्या गऱ्यो। पीडित बयलगाडा लिएर गाउँतर्फ गइरहेका बेला सो समूहका व्यक्तिहरूले अपहरणको प्रयास गरेपछि हारगुहार गरेका कारण उनीमाथि गोली प्रहार भएको पीडितका आफन्तले बताए। गोलीबाट घाइते भएका यादवको उपचारका लागि लहान अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो। लासको लहान अस्पतालमा मङ्सिर १६ गते पोस्टमार्टम भयो। सोही क्रममा पीडकहरूसँग गरिएको प्रतिकारमा गाउँलेहरूको कुटपिटबाट सिलोर्वापछ्वारी गाविसस्थित लर्कन्हा टोल निवासी सशस्त्र समूहका कार्यकर्ता मोहित यादवको समेत घटनास्थलमै मृत्यु भयो। जिल्ला प्रहरी कार्यालय सिराहाले मृतक यादव यसअघि कारागारबाट भाग्ने बन्दीहरूमध्येका एक भएको जनायो।

### दोहोरो झडप

रामनगर मिर्चैया गाविस-३ स्थित चोकमा ०६५ भदौ २९ गते साँझ माओवादी कार्यकर्ता र प्रहरीबीच दोहोरो झडप हुँदा सुकुम्बासी बस्तीका माओवादी कार्यकर्ताहरू जुगु दास, महेन्द्र सदा, रामबाबु महरासहित १२ जना घाइते भए। माओवादी कार्यकर्ताहरूले प्रहार गरेको ढुङ्गा लागी सिराहाका डिएसपी सहकुल थापा घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनायो। सोही क्रममा प्रहरीले माओवादीका सिराहा जिल्ला इन्चार्ज दिलीप साहलाई गिरफ्तार

गरेकामा भूमिसुधार तथा व्यवस्थामन्त्री मातृका यादवले सोही दिन राती इलाका प्रहरी कार्यालय मिर्चैयाबाट आफ्नो रोहबरमा रिहा गराए।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते राज्यबाट

सिराहा नपामा ०६४ फागुन ९ गते दिउँसो स्थानीय प्रशासनले कर्फ्यु लगाएको समयमा संयुक्त मधेसी मोर्चाका कार्यकर्ताहरूद्वारा कर्फ्युको अवज्ञा गरी शवयात्रा निकालेका कारण जिल्ला निर्वाचन कार्यालयनजिक प्रहरीले चलाएको गोली लागी सिराहा नपा निवासी मोहम्मद जमीरुल राइन घाइते भए। हातमा छर्राको चोट लागेका पीडित जिल्ला अस्पताल सिराहाबाट उपचारपछि घर फर्किए। उक्त घटनामा प्रहरीले सात राउन्ड हवाई फायर गरेको स्थानीय बासिन्दाले बताए।

### विस्फोटक पदार्थबाट

पूर्वबाट काठमाडौँका लागि हिँडेको ना३ख ४३८३ नम्बरको इनामेली ट्राभल्सको रात्रिबसमा ०६४ चैत १९ गते राती असनपुर गाविसको गोलबजारस्थित राजमार्गमा अज्ञात पक्षले प्रहार गरेको सुतली बमबाट बसभित्र रहेका तीन जना यात्रु घाइते भए। घाइते हुनेहरूमा ताप्लेजुङ जिल्लाका हरिप्रसाद गौतम, मोरङ जिल्लाका गवबहादुर कार्की र दोलखा जिल्लाका गणेश सापकोटा रहेको प्रहरीले जनायो। पीडितहरूलाई स्थानीय स्वास्थ्य केन्द्रमा उपचारपछि राती नै गन्तव्यस्थलतर्फ पठाइएको प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले बताए। विस्फोटको जिम्मेवारी कुनै पक्षले लिएको सार्वजनिक जानकारीमा आएन।

लगडिगदियानी गाविस-६ स्थित सिकाज्योति टोलका ३५ वर्षीया महिला शिवसती दास तत्मा र उनका पति ४१ वर्षीय मुसहरदास तत्मा ०६५ मङ्सिर २८ गते दिउँसो सोही ठाउँको धान खेतमा बेवारिसे रूपमा छोडिएको सुतली बम विस्फोटमा परी घाइते भए। घाइतेहरूमध्ये महिलाको देब्रे हातको बुढीऔँला हत्केलाबाट छुट्टिएको र दाहिने भागको आँखा देख्न नसक्ने भएको उपचारमा संलग्न जिल्ला अस्पताल सिराहाका डाक्टर राजकुमार चौधरीले बताए। त्यसैगरी मुसहरदास तत्माको हत्केला, खुट्टा र शरीरका विभिन्न भागमा बमको छर्राले लागी सामान्य चोटपटक लागेको थियो। पीडितहरूका अनुसार विश्वनाथ पूर्वेको धान खेतमा दैनिक ज्याला मजदुरीमा धान काट्न गएका बेला सुतलीले बेरिएको वस्तु देखेपछि के रहेछ भनेर

*जिल्ला प्रहरी कार्यालयमा थुनामा रहेका बेला मृत्यु भएका चन्द्रकुमार यादव*

हातमा रहेको हँसियाले पल्टाउँदा एक्कासि ठूलो आवाजमा पड्किन गई उनीहरू घाइते भएका हुन्।

फूलकाहाकट्टी गाविस-५ स्थित ग्र्याबेल सडकमा ०६४ चैत १२ गते राती सशस्त्र प्रहरीको गाडीलाई लक्षित गरी अज्ञात समूहले विस्फोट गराएको विद्युतीय धरापबाट सशस्त्र प्रहरी बल बेस क्याम्प सुखीपुरका असई २२ वर्षीय नमराज केसी र प्रहरी जवान २० वर्षीय श्यामकुमार चौधरी घाइते भए। पीडितहरूलाई राती नै उपचारार्थ लहान अस्पतालमा भर्ना गरिएकामा चैत १३ गते दिउँसो उपचारपछि फर्किए। पीडित असई नमराज केसीका अनुसार, मिर्चैयाबाट सुखीपुर बेसक्याम्पतर्फ फर्किने क्रममा गाडी पुग्नुभन्दा पाँच-सात मिटर अगाडि अचानक विस्फोट भएको र त्यसबाट उछिट्टिएको ढुङ्गा र फलामको टुक्राले गाडीको सिसा फुट्नुका साथै केही प्रहरीलाई चोट लागेको थियो।

### अज्ञात समूहबाट

तेनुवापट्टी गाविसको कटनिया नदीनजिक ०६४ पुस १७ गते साँझ अज्ञात समूहले प्रहार गरेको गोलीबाट भारतीय मूलका व्यापारीहरू भारतको महुलिया निवासी वीरेन्द्र साह र गोक्रौराका गङ्गालाल चौधरी घाइते भए। प्रहरीका अनुसार, पीडितहरू दुवै जना सो दिन लहानबाट टायरगाडा लिएर बरियापट्टी गाविसस्थित धान सङ्कलन केन्द्रतर्फ गइरहेका बेला उनीहरूमाथि गोली प्रहार भएको थियो। घाइतेहरूमध्ये साहलाई धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा र चौधरीलाई भारतको दरभङ्गामा सोही दिन राती उपचारका लागि पठाइएको प्रहरीले जनायो।

अयोध्यानगर गाविस-७ का ३५ वर्षीय छठू यादव ०६४ माघ ५ गते राती ८ बजेतिर अज्ञात समूहले प्रहार गरेको गोली लागी घाइते भए। पीडित

*बेवारिसे बम विस्फोटन भई घाइते भएकी शिवसती दास तत्मा*

राती ८ बजेतिर सोही गाविसको राजमार्गमा पर्ने कसहा चौकमा बसिरहेका बेला उनीमाथि गोली प्रहार भएको थियो। तिघ्रामा गोली लागी घाइते भएका यादव लहान अस्पतालमा उपचारपछि माघ ६ गते घर फर्किए। पीडकको पहिचान हुन सकेन।

गम्हरिया गाविस-५ स्थित गाविस भवनको मतदान केन्द्रमा ०६४ चैत २८ गते साँझ अज्ञात पक्षद्वारा चलाइएको गोली लागी एमालेका कार्यकर्ताहरू सोही गाविस-५ निवासी दीपेन्द्र यादव र वडा नं. ८ का सञ्जय ठाकुर घाइते भए। घाइतेहरूमध्ये दीपेन्द्रको ढाडमा र सञ्जयको छातीमा गोली लागेको प्रत्यक्षदर्शीहरूले बताए। पीडितहरू धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट उपचारपछि घर फर्किए। एमाले र माओवादीका कार्यकर्ताहरूले सो घटना नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू सुभाष यादव र नरेश यादवद्वारा भएको आरोप लगाउँदै कारबाहीको माग गरे। काङ्ग्रेसका दुवै कार्यकर्ताले सोही दिन दिउँसो सिराहा नपास्थित बालमन्दिर निमाविमा हतियार देखाई स्थानीय बासिन्दालाई त्रस्त बनाउन खोजेपछि सो ठाउँका बासिन्दाले समातेर प्रहरीको जिम्मा लगाएकामा तिनै व्यक्तिहरू साँझ मल्हनिया गम्हरिया गाविसको सो मतदान केन्द्रमा पुगेपश्चात् सो घटना भएको नेकपा ( एमाले) र नेकपा (माओवादी)द्वारा ०६५ चैत २९ गते जारी विज्ञप्तिमा जनाइएको थियो। जिल्ला प्रहरी कार्यालय सिराहाका एसपी मिङ्मा लामाले गोली अज्ञात पक्षबाट चलेको जनाउँदै घटनाको अनुसन्धान भइरहेको बताए। उता एमाले र माओवादीका कार्यकर्ताहरूले घटनामा आरोपित काङ्ग्रेसका दुवै कार्यकर्ताहरूमाथि कारबाहीको माग राख्दै चैत २९ गतेदेखि ३२ गतेसम्म सिराहा बजार बन्द गराएका थिए।

कबिलासी गाविस-६ का विसनकुमार यादव, सोही गाविस-७ का रामकृष्ण यादव र सिलोर्वा पछवारी गाविस-५ स्थित लर्कन्हाका ललित कामती ०६५ वैशाख १ गते दिउँसो सोही ठाउँमा गाउँको विवादका बारेमा छलफल भइरहेका बेला अज्ञात पक्षबाट चलाइएको गोली लागी घाइते भए। घाइतेहरूमध्ये बिसनकुमार यादव र ललित कामतीलाई धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा र रामकृष्ण यादवलाई जिल्ला अस्पताल सिराहामा उपचार गरियो। पीडकहरू फेला पर्न नसकेको जिल्ला प्रहरी कार्यालयले जनायो।

मझौलिया गाविस-१ का स्थानीय माओवादी कार्यकर्ता बिर्जु पासवान ०६५ वैशाख १८ गते राती डुम्री गाविसस्थित बाटोमा अज्ञात व्यक्तिहरूको समूहले प्रहार गरेको गोली लागी घाइते भए। पीडित पासवान सो समयमा मिर्चैया बजारबाट अनटेस्ट मोटरसाइकल चढी आफ्नो घरतर्फ गइरहेका बेला उनीमाथि गोली प्रहार भएको थियो। सोही क्रममा उनको अनटेस्ट मोटरसाइकलसमेत खोसेर लगेको पीडितले बताए। हातमा गोली लागी घाइते भएका पीडित पासवान कल्याणपुर गाविसस्थित स्वास्थ्य चौकीबाट उपचारपछि घर फर्किए।

गौरीपुर गाविस-६ का निवासी माओवादी कार्यकर्ता २५ वर्षीय मुखलाल महरा ०६५ असार ८ गते राती अज्ञात व्यक्तिहरूको समूहले प्रहार गरेको गोली लागी घाइते भए। स१प ३०३९ नम्बरको मोटरसाइकलद्वारा आफ्नो घरतर्फ जाने क्रममा उनको घरैनजिक आफूमाथि गोली प्रहार भएको पीडितले बताए। तिघ्रामा गोली लागी घाइते भएका पीडित जिल्ला अस्पताल सिराहामा उपचारपछि घर फर्किए।

*प्रहरीको गोलीबाट घाइते भएका सन्तोष यादव*

गोविन्दपुर गाविस-३ का ४५ वर्षीय श्रीचन्द महरा ०६५ भदौ ७ गते साँझ गौरीपुर गाविस-६ स्थित आफन्तकोमा भोज खाएर फर्किरहेका बेला बाटोमा अज्ञात व्यक्तिहरूको समूहले प्रहार गरेको गोली लागी घाइते भए। गोली कसले र किन चलाएको भन्ने थाहा नभएको पीडितले बताए। पीडित लहान अस्पतालमा उपचापछि घर फर्किए।

विष्णुपुरकट्टी गाविस-७ का ३५ वर्षीय आशाराम मण्डल ०६५ असोज २० गते साँझ अज्ञात व्यक्तिहरूको समूहले

धनगढी बजारबाट घर फर्किरहेका बेला प्रहार गरेको गोली लागी घाइते भए। पाखुरामा गोली लागी घाइते भएका पीडित ०६५ असोज २२ गते लहान अस्पतालमा उपचारपछि घर फर्किए। उनलाई कुन पक्षबाट र किन गोली प्रहार भएको भन्न खुल्न सकेन। साँझ अँध्यारो भएका कारण पीडक पक्षलाई चिन्न नसकेको पीडितले बताए।

## जेल र बन्दीहरू

कुल १ सय ५० जनाको बन्दी क्षमता रहेको 'घ' श्रेणीको जिल्ला कारागार शाखा सिराहामा यस वर्ष १ सय १८ जना पुरुष र ४ जना महिलाहरू गरी जम्मा १ सय २२ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद तोकिएका ३८ जना बन्दीहरूमा सबै पुरुषहरू नै रहेका छन् भने कैद नतोकिएकामा ८० पुरुष र ४ महिला गरी जम्मा ८४ जना बन्दीहरू रहेको जिल्ला कारागार शाखाका निमित्त प्रमुख विन्देश्वर यादवले बताए। यस वर्ष सो कारागारमा नाबालकको सङ्ख्या नरहेको कारागारले जनायो। हातहतियार तथा खरखजाना ऐनअन्तर्गत यस वर्ष जम्मा ५७ जना बन्दीहरू रहेकामा २२ जना छुटेका र ३५ जना हाल कारागारमै रहेका छन्। उक्त मुद्दामा रहेका बन्दीहरूमध्ये कतिपय तराईका सशस्त्र समूहमा संलग्न रहेको उनीहरू बताउँछन्।

भौतिक संरचना अन्तर्गत कारागारको भवन पुरानो भएको र ०६३ सालको मधेस आन्दोलनताका बन्दीहरूले आममाफीको माग राखी जेलभित्र गरेको आगजनी तथा तोडफोडका कारण भवनको अवस्था जीर्ण बन्दै गएको छ। वर्षा मौसममा भवनमा पानी चुहिने गरेको बन्दीहरूको गुनासो छ। महिला थुनुवा कोठा अत्यन्त साँघुरो हुनुका साथै चारैतिर पर्खाल भएको र झ्यालको अभावका कारण हावासमेत नआउने गरेको पाइएको छ। महिला थुनुवा कोठा र शौचालय एकै ठाउँमा भएको र राम्रो ढोकाको व्यवस्था हुन नसकेका कारण दुर्गन्धित र असजिलो हुने गरेको पीडित महिला बन्दीहरूले गुनासो गरे। कारागारमा रहेको ट्युबवेलमा आर्सेनिकयुक्त पानी आउने गरेको र सोही पानी पिउन बाध्य हुने गरेको बन्दीहरूले बताए।

उक्त कारागारमा पुरुष थुनुवाहरू रहेको ठाउँमा टेलिभिजनको व्यवस्था गरिएको छ भने महिलातर्फ रेडियोको व्यवस्था गरिएको सो शाखाले जनायो। विगतमा बन्दीहरूका लागि कारागारभित्र छुट्टै नम्बर भएको टेलिफोनको व्यवस्था गरिएकामा प्रहरीलाई नियन्त्रणमा लिई मूल गेटबाट बन्दी फरार

*विस्फोटक पदार्थमा परी घाइते भएका सशस्त्र प्रहरी बेसक्याम्प सुखीपुरका असई नवराज केसी र प्रहरी जवान श्यामकुमार चौधरी*

भएको घटनापछि सो सेवा हटाइएको छ। खेलकुद सामग्री पर्याप्त नभएको र दिन बिताउन कठिनाइ हुने गरेकाले आफूहरूलाई विभिन्न सीपमूलक तथा आयमूलक तालिमको आवश्यकता भएको बन्दीहरूको भनाइ छ।

### बन्दीद्वारा आन्दोलन

जिल्ला कारागार शाखा सिराहामा बिरामी भएका बन्दीहरूलाई राम्रो उपचारको व्यवस्था नगरिएको आरोपमा थुनुवा तथा बन्दीहरूले विभिन्न मागहरू राखी ०६५ वैशाख १४ गतेदेखि जेलभित्र हडताल र नाराबाजी गरे। बन्दीहरूद्वारा कारागारका कर्मचारीहरूको सरुवा, बन्दीहरूको राम्रो उपचारको व्यवस्था र कारागारभित्रको आन्तरिक सुधार गरिनुपर्ने जस्ता मागहरू राखी हडताल गरिएको थियो। उता जेलका स्वास्थ्य सहायक विन्देश्वर यादवले बन्दीहरूको सो आरोप अस्वीकार गर्दै सामान्य उपचार जेलभित्रै भइरहेको र अवस्था हेरी बाहिर पनि लैजाने गरिएको बताए। घटनाको वैशाख १६ गते प्रशासनिक निकायका कर्मचारी, जेलका कर्मचारी र बन्दीहरूबीचको छलफलपछि सहमतिमा हडताल स्थगित भएको थियो।

### बन्दीहरू फरार

जिल्ला कारागार शाखा सिराहाबाट ०६५ साउन २९ गते साँझ सो कार्यालयमा ड्युटीमा रहेका प्रहरी पन्नालाल यादवलाई नियन्त्रणमा लिई ५४ जना थुनुवा र बन्दीहरू जेलको मूल गेटबाटै फरार भए। सो कारागारमा साँझ ७:४५ बजेतिर थुनुवा र बन्दीहरूको गन्तीका लागि प्रहरी जवान पन्नालाल

यादवले मूल गेट खोलेर भित्र पस्न खोज्दा उनलाई नियन्त्रणमा लिई बन्दीहरू मूल गेटबाटै फरार भएका थिए। सोही क्रममा बन्दीहरूले प्रहरी जवान पन्नालाललाई क्रिकेटको ब्याडले टाउको प्रहार गरेका कारण उनी गम्भीर घाइते भए। बन्दीहरू सामूहिक रूपबाट भाग्न थालेपछि प्रहरीले दर्जनौं राउन्ड हवाई फायर गरेको थियो। सोही क्रममा प्रहरीले चलाएको गोली लागी सिराहामा जेल सरुवा भई आएका पर्सा जिल्लाको बिस्रामपुर गाविस-१ निवासी बन्दी सोनेलाल यादवको घटनास्थलमै मृत्यु भएको थियो। लासको ०६५ साउन ३० गते जिल्ला अस्पताल सिराहामा पोस्टमार्टमपछि उनकी पत्नीले लास बुझी अन्तिम संस्कार गरे। फरार भएका बन्दीहरूमध्ये प्रहरीले सो दिन राती खोजतलास गर्ने क्रममा प्रमोद प्रधान, विन्देश्वर सदाय, कामेश्वर यादव, अमिरी साफी र कुमरुदिन मियाँसहित पाँच जनालाई गिरफ्तार गरिएको जनायो। जसमध्ये प्रधानलाई सिराहाको सारस्वर गाविसबाट र अरू चार जनालाई कमला नदी छेउबाट गिरफ्तार गरिएको थियो। फरार हुने अन्य कैदीहरूमा अधिकांश तराईमा सशस्त्र समूहमा संलग्न व्यक्तिहरू रहेको प्रहरीले जनायो। जसमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह)का सिराहा जिल्ला इन्चार्ज तुफान सिंह, सोही सङ्गठनका मोरङ जिल्ला इन्चार्ज चन्दन मिश्रा, जनतान्त्रिक (विस्फोट सिंह समूह) का अध्यक्ष विस्फोट सिंह भनिने रामशङ्कर साह, संयुक्त जनतान्त्रिकका केन्द्रीय सदस्य जसो यादवलगायतका रहेका थिए। सिराहा कारागारमा भएको सो घटनासम्बन्धी छानबिनका लागि सरकारले कारागार व्यवस्थापन विभागका महानिर्देशक अनिलकुमार पाण्डेको संयोजकत्वमा प्रहरी नायव महानिरीक्षक कृष्णप्रसाद श्रेष्ठ र राष्ट्रिय अनुसन्धान विभागका सहनिर्देशक राजकुमार राजभण्डारीसहितको तीन सदस्यीय समिति गठन गरेको थियो।

**हिरासतमा मृत्यु**

जिल्ला प्रहरी कार्यालय सिराहामा थुनामा राखिएका अर्नमा (प्र.पी.) गाविस-२ का ३० वर्षीय चन्द्रकुमार यादवको ०६५ असोज २९ गते राती प्रहरी नियन्त्रणमै मृत्यु भयो। पीडितलाई जिल्ला प्रहरी कार्यालय सिराहाको टोलीले असोज २८ गते बिहान हत्याको आरोपमा घरैबाट गिरफ्तार गरी थुनामा राखेको थियो। जिल्ला प्रहरी कार्यालय सिराहाका डीएसपी सहकुल थापाले यादवलाई राती बयानका लागि थुनुवा कोठाबाट सोधपुछ गर्ने ठाउँमा लगेर बसाएका बेला बसेको ठाउँमै अचेत भएर लडेका र उपचारका लागि तत्कालै सिराहा अस्पताल लगिएकामा सो ठाउँबाट रिफर गरिएपछि जनकपुर लैजाँदै गर्दा बाटोमा उनको मृत्यु भएको बताए। लासको ०६५ असोज ३० गते जिल्ला अस्पताल सिराहामा पोस्टमार्टम गरे पनि पीडित परिवारले यातनाका कारण मृत्यु भएको आरोप लगाउँदै घटनाको न्यायिक छानबिन गरिनुपर्ने माग राखी लास बुझ्न मानेनन्। सोही विषयलाई लिएर सिराहास्थित मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले आन्दोलनको घोषणा गर्दै तीन दिनसम्म सिराहामा यातायात ठप्प गराए। सोही त्रलममा कात्तिक २ गते पीडितपक्ष, राजनीतिक दलका प्रतिनिधिहरू, प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारी, अधिकारकर्मी र सञ्चारकर्मीहरूको सर्वपक्षीय भेलामा विभिन्न नौबुँदे सहमतिपछि आफन्तले लास जिम्मा लिई सोही दिन दाहसंस्कार गरे। सहमतिमा लासको यथार्थ अवस्थाको प्रकृति मुचुल्का तयार पार्ने, घटनाको निष्पक्ष छानबिनका लागि न्यायिक छानबिन आयोग गठन गरी ३० दिनभित्र प्रतिवेदन सार्वजनिक गरी दोषीउपर कारवाही गरिने, पीडितका परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था, बालबच्चालाई नि:शुल्क उच्चशिक्षाको व्यवस्था, परिवारलाई योग्यता अनुसारको रोजगारको व्यवस्था गरिनेलगायतका थिए। घटनाको ओएचसीएचआर, राष्ट्रिय मानव अधिकार आयोग, मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, प्रहरीको आन्तरिक छानबिन टोलीलगायतले अनुसन्धान र छानबिन गरेको थियो।

*प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका शिवकुमार महतो, सुनील साह र गणेशकुमार साह*

**बेपत्ता/अपहरण**

**राज्यबाट**

धनगढी गाविस-७ का लाली भनिने श्यामसुन्दर रामलाई असनपुर गाविसको गोलबजारमा ०६४ फागुन

३ गते दिउँसो प्रहरीको लाठीचार्जबाट घाइते भई प्रहरीकै निगरानीमा लहान अस्पतालमा उपचारका लागि भर्ना गरिएकामा ०६४ फागुन ४ गते साँझदेखि अस्पताल हाताबाटै बेपत्ता बनाइयो। टाउको र हातमा गम्भीर चोट लागेका कारण भर्ना गरिएका रामलाई फागुन ४ गते साँझ ७ बजेतिर प्रहरीले सो अस्पतालबाट लिएर गएको अस्पतालका अन्य बिरामीहरूले बताए। अस्पतालमा बिरामी जचाउन आएका मुक्सार गाविसको बयलडाँडा निवासी डोमी यादवका अनुसार, 'अस्पतालको माथिको एक नम्बर क्याबिनमा चार जना बर्दीका र एक जना सादा पोसाकका प्रहरीहरूले रुडेर बसेका थिए। पछि धेरै प्रहरी एकैपटक अचानक अस्पतालभित्र आए र केही छिनपछि उनीहरू गए। प्रहरी गएपछि सो क्याबिनमा हेर्दा बिरामी पनि थिएनन्।' सो अस्पतालका डाक्टर पशुपति चौधरीले बिरामी बेडमा नभेटिएपछि भागेको भनेर रजिस्टर मेन्टिनेन्स हुने गरेको जनाउँदै सो केसमा पनि उनी भागेको भनेरै उल्लेख गरिएको अधिकारकर्मीहरूलाई बताए। जिल्लाका अधिकारकर्मीहरूले फागुन ५ गते एक विज्ञप्ति जारी गर्दै अस्पतालमा उपचारार्थ भर्ना भएका रामको अवस्था अज्ञात भएकामा तत्काल सार्वजनिक गर्न माग गरे। प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले रामलाई प्रहरीले नलगेको बरु उनी आफैं अस्पतालबाट भागेको जानकारी दिए। पीडितका आफन्तले प्रहरीद्वारा पीडित रामलाई लुकाएको आरोपमा पुनरावेदन अदालत राजविराजमा पुनरावेदन गरे। पीडितलाई इलाका प्रहरी कार्यालय मिर्चैयाबाट कारबाही गरिएको वडा प्रहरी कार्यालय लहानले जनायो।

*अज्ञात समूहद्वारा अपहरण गरिएका मजदुर किसान पार्टीका सिराहा जिल्ला अध्यक्ष विजय महतो*

*अज्ञात समूहद्वारा कुटपिट गरिएका नेकपा (संयुक्त मार्क्सवादी) का तर्फबाट क्षेत्र नं. ६ का संविधानसभा सदस्य उम्मेदवार दुखी महतो*

### माओवादीबाट

विष्णुपुरकट्टी गाविस-३ स्थित मडाइनका ४५ वर्षीय ध्रुव कार्कीलाई ०६५ साउन १८ गते दिउँसो माओवादी कार्यकर्ताहरूले घरैबाट अपहरण गरे। पीडित कार्कीलाई अपहरण गरेर लैजाँदै गर्दा सोही गाविसको गडवे भन्ने ठाउँनजिकका स्थानीय बासिन्दाले प्रतिकार गरी पीडितलाई मुक्त गराए। मल्हनियाखोरी गाविस-८ का मधेसी जनअधिकार फोरमका जिल्ला सदस्य बलिराम ठाकुरलाई ०६५ पुस ४ गते साँझ स्थानीय श्रवण यादवको नेतृत्वमा रहेका माओवादी कार्यकर्ताहरूको एक समूहले गाउँबाटै अपहरण गऱ्यो। पीडितलाई सोही दिन साँझ मुक्त गराएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनायो।

### वाईसीएलबाट

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका पूर्वी सैन्य कमाण्डर तथा सप्तरीका जिल्ला सहइन्चार्ज विक्रान्त भनिने जसो यादवलाई ०६४ माघ १६ गते दिउँसो वाईसीएलका कार्यकर्ताहरूले भारतीय सीमावर्ती क्षेत्र अन्तर्गत ठाडी बजारबाट अपहरण गरी कारबाहीका लागि ठाडी प्रहरी चौकीमा बुझाए। सोही क्रममा आफूमाथि वाईसीएलका कार्यकर्ताहरूद्वारा कुटपिटसमेत भएको पीडितले बताए। पुर्पक्षका लागि जिल्ला कारागार शाखा सिराहामा थुनामा रहेका पीडित ०६५ साउन २९ गते साँझ सो कारागारबाट फरार भए।

राघोपुर गाविस-५ का २२ वर्षीय सञ्जय यादवलाई ०६५ जेठ ८ गते राती आठदेखि नौ जनाको समूहले घरबाटै अपहरण गऱ्यो। पीडितकी आमा इन्द्रावतीदेवीले वाईसीएलका कार्यकर्ताहरू राघोपुर गाविस-३ का रामविलास यादव, हृदय यादव, हरि पासवान, सिक्रोन गाविसका बुदरु मियाँ, प्रगास मियाँ, रामपुरबिर्ता गाविसका श्रवण यादवलगायतका व्यक्तिहरूबाट अपहरण भएको बताइन्। पीडितको अवस्था यो वर्षको अन्त्यसम्म अज्ञात रहेको छ।

### अखिल तराई मुक्ति मोर्चाबाट

शिसवनी गाविस-२ स्थित गम्हरियाका ४२

वर्षीय रमेश कार्कीलाई ०६५ वैशाख १४ गते राती अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडित परिवारका अनुसार मोर्चाका कार्यकर्ताहरूले पीडितका दाइ पर्ने लहान नपाका पूर्वउपमेयर प्रकाश केसीलाई अपहरणको प्रयास गरेका तर नभेटिएपछि उनलाई अपहरण गरेका थिए। पीडित वैशाख १९ गते सिराहाको अज्ञात स्थलबाट ससर्त रूपमा मुक्त भए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

विष्णुपुर (प्र.म.) गाविस-६ का रामअशिश महतोलाई जग्गासम्बन्धी विवादका कारण ०६४ माघ ६ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह)का कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। अपहरणको मोर्चाका पाँच नम्बर क्षेत्रीय इन्चार्ज सागरले सञ्चारकर्मीहरूलाई टेलिफोनमार्फत जानकारी गराए। पीडित केही दिनपछि ससर्त रूपमा मुक्त भए पनि कुन सर्तमा मुक्त भएको भन्नेबारे सार्वजनिक हुन सकेन।

अर्नमा (प्र.पी.) गाविस-१, ब्रह्मपुरी टोल निवासी विष्णुपुर (प्र.म.) गाविस अन्तर्गत स्वास्थ्य चौकीमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता रघुनाथप्रसाद साहलाई ०६४ फागुन २ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह)का कार्यकर्ताहरूले बाटोबाट अपहरण गरे। स्वास्थ्यकर्मी साह गौरीपुर गाविसबाट खोपसम्बन्धी कार्यक्रम सम्पन्न गरेर आफ्नो घरतर्फ फर्किरहेका बेला अपहरणमा परेको उनका आफन्तले बताए। पीडित साह फागुन ४ गते राती ससर्त मुक्त भए पनि कुन सर्तमा मुक्त भए भन्नेबारे सार्वजनिक हुन सकेन।

बरियापट्टी गाविस-३ का व्यापारी ३० वर्षीय घोरिल मुखियालाई ०६५ जेठ १४ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले बरियापट्टी चौकबाट अपहरण गरे। बरियारपट्टी गाविस चौकमा किराना पसल गर्दै आएका व्यापारी मुखियालाई अपहरण गरिनुको कारण भने खुल्न सकेन। पीडित केही दिनपछि मुक्त भए पनि कुन सर्तमा मुक्त भए भन्ने सार्वजनिक हुन सकेन।

*माओवादीद्वारा कुटपिट गरिएका काङ्ग्रेस महासमिति सदस्य रामविलास यादव*

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति) बाट

सप्तरी जिल्लाको राजविराज नपा-७ निवासी सिराहा नपा-२ स्थित सामुदायिक महिला विकास केन्द्र सिराहा शाखामा कार्यरत फिल्ड सहायक २८ वर्षीय अनिलकुमार चौधरीलाई ०६५ असोज ६ गते दिउँसो सिराहा नपा-७ मा समूह गठन गर्न गएका बेला जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति समूह)का कार्यकर्ताहरूले अपहरण गरे। अपहरणको कारण खुल्न सकेन। उनी असोज १५ गते सिराहाको अज्ञात स्थलबाट ससर्त रूपमा मुक्त भए।

### मधेस तराई मुक्ति मोर्चाबाट

धनगढी गाविस-२ निवासी सोही ठाउँस्थित एभरग्रीन बोर्डिङ् स्कुलका प्रिन्सिपल ४२ वर्षीय विदुर राउतले चन्दा दिन नमानेको आरोपमा ०६४ फागुन १६ गते राती उनलाई मधेस तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। मोर्चाका कार्यकर्ता विनायकले ०६४ फागुन १७ बिहान टेलिफोन गरी अपहरणको जिम्मेवारी लिए। पीडित फागुन १७ गते बिहान सिराहाकै अज्ञात स्थलबाट सकुशल मुक्त भए। पीडितले आफूलाई मानसिक यातना भएको बताए।

गोविन्दपुर गाविस-८ का २७ वर्षीय मनोज कार्कीलाई ०६४ चैत २५ गते राती तराई मधेस मुक्ति मोर्चाका कार्यकर्ताहरूले बिनाकारण घरैबाट अपहरण गरे। पीडित ०६५ वैशाख १ गते सिराहाको अज्ञात स्थलबाट मुक्त भए। पीडितले उनलाई शारीरिक यातना नदिइएको बताए।

सिलोर्वापछवारी गाविस-२ स्थित लर्कन्हा टोल निवासी सर्लाही जिल्लाको मलङ्गवास्थित नापी शाखा कार्यालयमा कार्यरत खरिदार ५० वर्षीय श्रीराम कार्कीलाई ०६५ वैशाख १५ गते बिहान तराई मधेस मुक्ति मोर्चाका कार्यकर्ताहरूले उनको घरैबाट अपहरण गरे। कार्की आफ्ना बुबाआमालगायत आफन्तसँग भेटघाट गर्न भनी आएका बेला अपहरणमा परेको उनका पत्नी परमिला कार्कीले बताइन्। पीडित पत्नीका अनुसार, बिहान घरमै आएका दुई जना अपरिचित व्यक्तिहरूले जग्गासम्बन्धी कुरा गर्नु छ भनी घरबाट बाहिर बोलाई केही पर पुगेपछि मोटरसाइकलमा बसाई हतियार देखाएर लगेका थिए। पीडित वैशाख २० गते सिराहाकै अज्ञातस्थलबाट ससर्त मुक्त भए पनि कुन सर्तमा मुक्त भए भन्नेबारे सार्वजनिक हुन सकेन।

गोविन्दपुर गाविस-९ स्थित पक्कीटोल निवासी बस्तीपुर गाविसका सचिव ३५ वर्षीय मनोज कार्कीलाई ०६५ साउन ११ गते राती मधेस तराई मुक्ति

मोर्चाका कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडित परिवारका अनुसार राती ८ देखि १० जनाको समूहले उनलाई काम छ भनी घरबाट बाहिर बोलाई अपहरण गरेको थियो। पीडित साउन २१ गते साँझ सिराहाको अज्ञातस्थलबाट ससर्त मुक्त भए। गाविस सचिव कार्कीलाई मुक्त गराउनुपर्ने माग राख्दै सिराहाका स्थानीय निकाय मातहतका कार्यालयहरूमा साउन १५ देखि २२ गतेसम्म कर्मचारीहरूले कामकाज ठप्प गरे।

### मधेस मुक्ति टाइगर्सबाट

कविलासी गाविस-५ का ६० वर्षीय गङ्गाराम चौधरीलाई ०६४ फागुन १७ गते राती मधेस मुक्ति टाइगर्सका कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। अपहरित चौधरी फागुन २१ गते सिराहाको अज्ञातस्थलबाट आफन्तको जिम्मामा ससर्त मुक्त भए पनि कुन सर्तमा मुक्त भए भन्नेबारे सार्वजनिक हुन सकेन।

हकपारा गाविस-१ स्थित सागरपुर निवासी सोही गाविसको प्राथमिक विद्यालय सागरपुरका प्रधानाध्यापक ६८ वर्षीय वासुदेवप्रसाद सिंहले माग गरिए अनुसारको रकम नदिएको आरोपमा ०६४ चैत १३ गते राती उनलाई मधेस मुक्ति टाइगर्सका १०/१२ जनाको समूहमा रहेका कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडित केही दिनपछि अपहरण मुक्त भएको आफन्तले बताए।

### मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)बाट

हनुमाननगर गाविस-८ स्थित कुर्वा टोल निवासी भवानी एकीकृत विकास केन्द्र फिल्ड कार्यालय, लहानमा कार्यरत सामाजिक कार्यकर्ता २६ वर्षीय राजु श्रेष्ठलाई ०६५ कात्तिक २५ गते राती मधेस राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का कार्यकर्ताहरूले घरैबाट अपहरण गरे। पीडित कात्तिक ३० गते साँझ सिराहाको अज्ञात स्थलबाट ससर्त मुक्त भए।

### अज्ञात समूहबाट

सीतापुर गाविस-२ का ४५ वर्षीय जगदीश साहलाई ०६४ पुस १९ गते राती हतियारसहितका अज्ञात समूहले काम छ भनी घरबाट बाहिर बोलाई अपहरण गऱ्यो। पीडित परिवारका अनुसार अपहरण कसले र किन गरेको भन्ने थाहा हुन सकेन। पीडित केही दिनपछि आफन्तको जिम्मामा ससर्त मुक्त भएको पीडित परिवारले जनायो।

चन्द्रलालपुर गाविसको चोहर्वा टोल निवासी जिल्ला जनस्वास्थ्य कार्यालय सिराहाका नायबसुब्बा कासिन्दर यादवलाई ०६४ पुस २२ गते राती ८ बजेतिर अज्ञात व्यक्तिहरूको समूहले हनुमाननगर गाविसको भलुवाहीस्थित सडकबाट अपहरण गऱ्यो। पीडित यादव सो समयमा स१प ७८९२ नम्बरको मोटरसाइकल चढी कार्यालयबाट आफ्नो घर फर्किरहेका बेला अपहरणमा परेका थिए। उनी पुस २३ गते भागेर मुक्त भएको परिवारजनले बताए।

हनुमाननगर गाविस-८ स्थित नरैया टोलका २५ वर्षीय राजेश्वर कामतीलाई ०६४ माघ ९ गते राती चारदेखि पाँच जना अज्ञात व्यक्तिहरूको समूहले घरबाटै अपहरण गऱ्यो। पीडितलाई कुन पक्षले र किन अपहरण गरेको भन्ने खुल्न सकेन। पीडित केही दिनपछि आफन्तको जिम्मामा मुक्त भए।

राघोपुर गाविस-३ का धनीकलाल यादवलाई ०६४ माघ १५ गते राती अज्ञात व्यक्तिहरूको समूहले घरबाटै अपहरण गऱ्यो। अपहरण कोबाट र किन गरिएको भन्ने खुल्न सकेन। पीडित केही दिनपछि स्थानीय राजनीतिक कार्यकर्ताहरूको उपस्थितिमा मुक्त भएको सो ठाउँका बासिन्दाले बताए।

अर्नमा (प्र.पी.) गाविस-२ का २८ वर्षीय देवेन्द्र यादवलाई ०६४ माघ १६ गते राती अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। स्थानीय बासिन्दाका अनुसार ८ देखि १० जनाको समूहले उनलाई अपहरण गरेको थियो। पीडित माघ २५ गते राती बरियारपट्टी गाविसबाट २ लाख रुपियाँ फिरौतीमा मुक्त भएको उनका आफन्तले बताए। पीडकको पहिचान हुन सकेन।

असनपुर गाविस-२ स्थित मगर टोलका ५५ वर्षीय लक्ष्मी साहलाई ०६४ फागुन ५ गते राती १० जना अज्ञात व्यक्तिहरूको समूहले घरैबाट अपहरण गऱ्यो। पीडित फागुन ७ गते बिहान भागेर परिवारको सम्पर्कमा पुगेको आफन्तले बताए। उनलाई कुन समूहले र किन अपहरण गरेको भन्ने खुल्न सकेन।

असनपुर गाविस-२ गोलबजारका राजेन्द्र साह र सोही ठाउँका रवीन्द्र साहलाई ०६४ फागुन ७ गते दिउँसो अज्ञात समूहले विष्णुपुर गाविसस्थित चौकबाट अपहरण गऱ्यो। पीडितहरूलाई लक्ष्मीपुर गाविसमा लुकाई राखिएको स्थानीय बासिन्दाले थाहा पाई फागुन ९ गते दिउँसो सो ठाउँबाट मुक्त गराए। पीडक समूहको पहिचान खुल्न सकेन।

मालपोल कार्यालय लहान शाखामा पियन पदमा कार्यरत लहान नपा-४ का ३० वर्षीय बद्रीनारायण ठाकुरलाई ०६४ फागुन १४ गते राती ४/५ जना अज्ञात व्यक्तिहरूको समूहले घरबाटै

अपहरण गऱ्यो। पीडित फागुन २२ गते सिराहाको अज्ञातस्थलबाट मुक्त भए। उनलाई कुन पक्षद्वारा किन अपहरण गरिएको भन्ने सार्वजनिक हुन सकेन।

लहान नपा-३ निवासी नेपाल मजदुर किसान पार्टीका सिराहा जिल्ला अध्यक्ष तथा सिराहा १ नम्बर क्षेत्रबाट संविधानसभाका उम्मेदवार ३५ वर्षीय विजय महतोलाई ०६४ चैत १८ गते बिहान अज्ञात व्यक्तिहरूको समूहले सोही वडास्थित राजमार्ग सडकबाट अपहरण गऱ्यो। उम्मेदवार महतो सो समयमा मर्निङ्वाकका लागि हिँडेको बेला अपहरणमा परेको उनकी पत्नी रन्जुकुमारी सिंहले बताइन्। पीडित चैत २२ गते भागेर परिवारको सम्पर्कमा आएको उनले बताए। आफूलाई अपरिचित व्यक्तिहरूले मोटरसाइकलमा राखेर सप्तरी हुँदै भारतीय क्षेत्रमा पुऱ्याएर राखेको तर कोबाट र किन अपहरण गरियो भन्ने थाहा हुन नसकेको पीडितले बताए।

असनपुर गाविसको निपनिया निवासी २२ वर्षीय टेम्पो चालक विजयकुमार साहलाई ०६५ वैशाख १५ गते दिउँसो ४ बजेतिर अज्ञात व्यक्तिहरूको समूहले पडरिया गाविसको भोटियाटोलबाट अपहरण गऱ्यो। प्रत्यक्षदर्शी रामचन्द्र मरिकका अनुसार स१ह १०० नम्बरको टेम्पो लिएर लहानबाट पश्चिमतर्फ गइरहेका बेला चालक साह अपहरणमा परेका थिए। पीडित सोही राती मुक्त भए।

असनपुर गाविस-६ स्थित गोलबजार निवासी कृषि विकास बैंक शाखा कार्यालय लहानका कर्मचारी राजकुमार साहलाई ०६५ वैशाख २७ गते बिहान राजमार्गमा पर्ने कसहा चौकनजिक सडकबाट अज्ञात व्यक्तिहरूको समूहले अपहरण गऱ्यो। पीडित सो समयमा गोलबजारबाट आफ्नो निजी मोटरसाइकलद्वारा लहानस्थित कार्यालयतर्फ गइरहेका बेला बाटोमा दुई जना अपरिचित व्यक्तिहरूले हतियार देखाई अपहरण गरेका थिए। पीडित वैशाख २९ गते राती सिराहाकै अज्ञातस्थलबाट मुक्त भए। उनलाई कसले र किन अपहरण गरेको भन्ने खुल्न सकेन।

भगवानपुर गाविस-७ का ३० वर्षीय लाल साहलाई ०६५ वैशाख ३१ गते राती अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। धानको व्यापार गर्ने साहलाई राती सो समयमा पिसाब गर्न घरबाट बाहिर निस्किएको बेला हतियारसहितका पाँच/सात जनाको समूहले अपहरण गरेको पीडितका परिवारले बताए। उनलाई कुन समूहले र किन अपहरण गरेको भन्ने खुल्न सकेको छैन। अपहरित साह केही दिनपछि अज्ञात स्थलबाट मुक्त भए।

जिझौल गाविस-८ का ४० वर्षीय सीताराम यादवलाई ०६५ जेठ ७ गते बिहान अज्ञात व्यक्तिहरूको एक समूहले सोही गाविसको कजरा भन्ने ठाउँबाट अपहरण गऱ्यो। पीडितका ज्वाईं देवशरण यादवका अनुसार, बिहान पीडित कजरा चौकको एक चिया पसलमा बसिरहेका बेला पाँच/छ जनाको समूहले मोटरसाइकलको प्रयोग गरी उनलाई अपहरण गरेका थियो। उनलाई कुन पक्षले र किन अपहरण गरेको भन्ने खुल्न सकेन। पीडित जेठ ९ गते आफन्तको जिम्मामा मुक्त भए।

मल्हनियाखोरी गाविस-४ का ३० वर्षीय धर्मनाथ भनिने सुवास साहलाई ०६५ जेठ १६ गते राती पाँच-सात जनाको समूहमा रहेका अज्ञात व्यक्तिहरूको समूहले घरबाटै अपहरण गऱ्यो। कपडा व्यापारी साहलाई राती घरमा पुगेको सो समूहले काम छ भनी बाहिर बोलाई अपहरण गरेको उनका आफन्तले बताए। अपहरण कोबाट र किन गरिएको भन्ने खुल्न सकेन। पीडितको अवस्था अज्ञात छ।

हनुमाननगर (प्र.म.) गाविस-७ का २५ वर्षीय व्यापारी रामु ठाकुरलाई ०६५ जेठ ३२ गते राती अज्ञात व्यक्तिहरूको समूहले घरनजिकको आफ्नै पसलबाट अपहरण गऱ्यो। दुईओटा मोटरसाइकलमा आएको सो समूहले केही नभनी बिनाकारण अपहरण गरेको पीडित परिवारले बताए। उनलाई कुन पक्षले किन अपहरण गरेको भन्ने सार्वजनिक हुन सकेन। अपहरणपछि पीडितलाई मुक्त गराउन माग गर्दै पीडित पक्षले ०६५ असार १ गते बिहान सिराहा-चोहर्वा सडक खण्डमा चक्काजाम गराए। उनी असोज २ गते सिराहाको अज्ञात स्थलबाट मुक्त भए।

कचनारी गाविसको बरहरी टोल निवासी जानकीनगर र बरियारपट्टी गाविसमा कार्यरत सचिव जगदीश यादवलाई ०६५ असार ९ गते साँझ अज्ञात व्यक्तिहरूको समूहले सोही गाविसको खोक्सी चौकबाट अपहरण गऱ्यो। पीडित यादव साँझ बरियारपट्टी गाविसको काम सकेर घरतर्फ फर्किने क्रममा अपहरणमा परेको गाविस सचिव हकहित संरक्षण समितिका अध्यक्ष जगदेव यादवले बताए। अपहरण कसले र किन गरेको भन्ने खुल्न सकेन। पीडित स्थानीय बासिन्दाको पहलमा ०६५ असार १० गते मुक्त भए।

लहान नपा-७ निवासी सोही नपाको पूरानो बजारमा कपडा पसल गरी बस्ने नन्दन खेतानलाई ०६५ साउन १३ गते राती अज्ञात व्यक्तिहरूले लहान नपा-१० स्थित क्याम्पसनजिकबाट अपहरण गरे।

अपहरित खेतान साउन १४ गते साँझ सिराहाको अज्ञात स्थलबाट मुक्त भए। उनलाई किन र कसले अपहरण गरेको भन्ने खुल्न सकेन।

धनगढी गाविस-५ का ६५ वर्षीय परमेश्वर श्रेष्ठलाई ०६५ साउन २१ गते राती अज्ञात व्यक्तिहरूको समूहले घरैबाट अपहरण गऱ्यो। पीडितका छोरा श्याम श्रेष्ठका अनुसार राती हतियारसहित १२ जनाको समूहमा रहेका व्यक्तिहरूले घरको ढोका फुटाएर भित्र प्रवेश गरी अपहरण गरेका थिए। अपहरण कसले र किन गरेको भन्ने खुल्न सकेन। पीडित साउन २४ गते भागेर मुक्त भएको उनका परिवारजनले बताए।

लहान नपा-४ का ५० वर्षीय इन्द्रप्रसाद साहलाई ०६५ साउन २४ गते राती अज्ञात व्यक्तिहरूको समूहले तेनुवापट्टी गाविस-५ स्थित पुख्यौंली घरनजिकको पोखरीबाट अपहरण गऱ्यो। पीडित साउन २६ गते राती सिराहाको अज्ञात स्थलबाट मुक्त भए। पीडित कुन सर्तमा मुक्त भए भन्ने खुल्न सकेन।

बेल्हा गाविस-७ निवासी भेडिया गाविसका सचिव रामेश्वरप्रसाद सिंहलाई ०६५ भदौ ७ गते दिउँसो साइकल चढेर घरतर्फ फर्कदै गर्दा सिक्रोन गाविसको भरही टोलनजिक बाटोबाट अज्ञात व्यक्तिहरूको समूहले अपहरण गऱ्यो। अपहरण कसले र किन गरेको भन्ने खुल्न सकेन। पीडित भदौ २० गते सिराहाकै अज्ञात स्थलबाट ससर्त रूपमा मुक्त भए। अपहरित सचिवलाई मुक्त गराउन माग गर्दै स्थानीय निकाय मातहतका जिविस र गाविस कार्यालयहरूमा कर्मचारीहरूले भदौ ९ गतेदेखि भदौ २१ गतेसम्म कामकाज ठप्प पारे।

माडर गाविस-४ निवासी सिराहा नपामा औषधि पसल गर्दै आएका ४६ वर्षीय रामबाबु राउतलाई ०६५ भदौ २५ गते दिउँसो अज्ञात व्यक्तिहरूको समूहले धनुषा-सिराहाको सिमावर्ती क्षेत्रमा पर्ने लकर गाउँबाट बिनाकारण अपहरण गऱ्यो। पीडित राउत सो दिन जनकपुरबाट फर्कने क्रममा अपहरणमा परेको उनका आफन्तले बताए। उनी भदौ ३० गते सिराहाको अज्ञात स्थलबाट ससर्त मुक्त भए।

फूल्काहाकट्टी गाविस-४ का २२ वर्षीय धनिराम महतोलाई ०६५ असोज ५ गते साँझ अज्ञात व्यक्तिहरूको समूहले सिराहा नपाबाट अपहरण गऱ्यो। पीडितका पिता रामनारायण महतोका अनुसार, उनी जिल्ला प्रशासन कार्यालयबाट नागरिकता बनाएर साँझ घर फर्किने क्रममा बाटोबाट अपहरणमा परे। पीडित असोज १२ गते ससर्त रूपमा मुक्त भए। पीडकको पहिचान हुन सकेन।

सिलोर्वा पछवारी गाविस-४ स्थित लर्कन्हा टोलका ३२ वर्षीय अजिम अख्तरलाई ०६५ असोज ९ गते राती अज्ञात हतियारधारीहरूको समूहले घरमा सुतिरहेको अवस्थामा घर बाहिर बोलाई अपहरण गऱ्यो। पीडित असोज १२ गते सिराहाको अज्ञात स्थलबाट मुक्त भएको स्थानीय गाउँलेहरूले बताए। पीडितलाई के कारण अपहण गरेको खुल्न सकेन।

सुखचैना गाविस-८ का २० वर्षीय उमेश साहलाई ०६५ असोज १६ गते राती १० जना अज्ञात हतियारधारीहरूको समूहले घरैबाट अपहरण गऱ्यो। पीडित केही दिनपछि सिराहाको अज्ञातस्थलबाट मुक्त भए। पीडितलाई के कारण अपहण गरेको खुल्न सकेन।

भगवतीपुर तमासुइया गाविस-५ निवासी नमराजपुर गाविस र मझौरा गाविसको कार्यालयमा सचिव पदमा कार्यरत ५० वर्षीय लक्ष्मीनारायण यादवलाई चन्दा नदिएको आरोपमा ०६५ असोज १७ गते साँझ अज्ञात हतियारधारीहरूको समूहले सिराहाको लाहनबाट साइकल चढेर घर फर्किरहेको अवस्थामा बाटाबाटै अपहरण गऱ्यो। पीडित स्थानीय गाउँलेहरूको सहयोगमा असोज १९ गते अपहरण मुक्त भए। पीडित गाविसमा कार्यरत रहँदा पटक-पटक चन्दाका लागि धम्की आएकाले गाविसबाट विस्थापित भई लहानमा बस्दै आएकामा सो ठाउँमा समेत धम्की आएका कारण हाल सिराहाको सदरमुकाममै बस्दै आएका छन्।

गोविन्दपुर गाविस-८ स्थित डाँडाटोल निवासी जनमोर्चा नेपालका कार्यकर्ता ६० वर्षीय पुण्यप्रसाद तिवारीलाई चन्दा नदिएको भन्दै ०६५ असोज २५ गते राती १० जनाको समूहमा रहेको अज्ञात समूहले घरैबाट अपहरण गऱ्यो। पीडित परिवारका अनुसार, आफ्नो सङ्गठनको नाम नबताउने समूहले मोबाइल फोनमार्फत १० लाख रुपियाँ फिरौती माग गरेको थियो। पीडित स्थानीय बासिन्दाको सहयोगमा असोज २८ गते साँझ सोही गाविसको एकान्त स्थलबाट अपहरण मुक्त भए।

शिसवनी गाविस-२ का ४२ वर्षीय घनिकलाल यादवलाई ०६५ असोज २६ गते राती अज्ञात व्यक्तिहरूको समूहले घरैबाट अपहरण गरेर फुलबरिया चौकनजिक पुऱ्याएपछि धारिलो हतियारले प्रहार गरेका कारण घाइते भए। पीडितका अनुसार, पीडक समूहले बाटोमा १ लाख रुपियाँ फिरौती माग गरेकामा रकम

दिन अस्वीकार गरेपछि उनीमाथि छुरा प्रहार गरी घाइते तुल्यायो। घाइतेको प्रारम्भिक उपचार लहान अस्पतालमा भई थप उपचारका लागि असोज २७ बिहान काठमाडौँ पठाइएको सशस्त्र प्रहरी बल बेस क्याम्प लहानले जनायो।

मल्हनिया गाविस-२ का हरेराम श्रेष्ठ र चन्द्रलालपुर गाविसस्थित चोहर्वाका डम्बर श्रेष्ठलाई ०६५ असोज ३० गते साँझ अज्ञात हतियारधारी एक समूहले लहान नपास्थित बजारबाट अपहरण गऱ्यो। पीडितहरू विदेश जाने व्यक्तिहरूको राहदानी लिने सिलसिलामा लहान पुगेका र सो ठाउँबाट अपहरित भएको उनका आफन्तले बताए। पीडित परिवारका अनुसार, उक्त अज्ञात समूहले २० लाख रुपियाँ फिरौती माग गरेको थियो तर पीडितहरू ०६५ कात्तिक ३ गते सप्तरी जिल्लाको पन्सेरा गाविसबाट भागेर अपहरण मुक्त भए।

कल्याणपुर कालाबन्जर गाविस-१ का ३५ वर्षीय रामेश्वर कामैतलाई फिरौती रकम उठाउने उद्देश्यले ०६५ पुस ७ गते राती अज्ञात व्यक्तिहरूको समूहले घरैबाट अपहरण गऱ्यो। अपहरणको कारण खुल्न सकेन। पीडितको अवस्था हालसम्म पनि अज्ञात छ। पीडित पक्षका स्थानीय गाउँलेहरूले ०६५ पुस ८ गते टेलिफोनमार्फत अपहरण मुक्त गरिदिन पहलका लागि मानवअधिकारकर्मी तथा पत्रकारहरूसँग आग्रह गरेका थिए।

### धम्की/कुटपिट

#### राज्यबाट

लहान नपा-८ निवासी सोही ठाउँस्थित मनोकामना बोर्डिङ् स्कुल कक्षा १० मा अध्ययनरत १६ वर्षीय छात्र रमेशकुमार यादवलाई जनतान्त्रिकको कार्यकर्ता भएको आरोपमा ०६४ पुस २७ गते साँझ कुर्वा र भवानीपुर गाविसस्थित बाटोमा बसेका प्रहरीले लट्ठीले कुटपिट गरे। पीडित उक्त दिन आफ्नो दाजुको ससुराली घर गइरहेका बेला 'तँ जनतान्त्रित होस्' भन्दै लट्ठीले कुटपिट गरेको पीडितले बताए।

असनपुर गाविसको गोलबजार निवासी जानकी एफएमका संवाददाता गणेश साहलाई ०६४ फागुन १ गते राती सोही गाविसको चोकमा समाचार सङ्कलनका लागि पुगेको बेला सशस्त्र प्रहरीले कुटपिट गरे। प्रहरीको कुटाइबाट गम्भीर घाइते भएका सञ्चारकर्मी साहलाई सोही दिन राती उपचारार्थ लहान अस्पतालमा भर्ना गरिएकामा उनी फागुन २ गते दिउँसो उपचारपछि घर फर्किए।

सिराहा नपा-२ निवासी *अन्नपूर्ण पोस्ट* र *द हिमालयन* दैनिकका सिराहा संवाददाता राजेश बर्मा र *जानकी एफएम*का प्रतिनिधि असनपुर गाविसको गोलबजार निवासी गणेश साहलाई ०६४ फागुन १३ गते दिउँसो सिराहा नपाको जिविस कार्यालयनजिक गेटमा बसेर समाचार सङ्कलन गर्दै र प्रहरीले कुटपिट गरेको तस्बिर खिच्दै गरेको बेला प्रहरीले उनीहरूलाई कुटपिट गर्नुका साथै खिचिएका तस्बिरहरूसमेत मेटाइदिए। पत्रकारमाथि भएको प्रहरी दुर्व्यवहारको नेपाल पत्रकार महासङ्घ, प्रेस चौतारी, प्रेस युनियन, मेची-महाकाली मिडिया सोसाइटीलगायतका विभिन्न संस्थाहरूले विरोध जनाउँदै दोषी प्रहरीमाथि कारबाहीको माग गरे।

#### माओवादीबाट

रामनगर मिर्चैया गाविस-३ निवासी हिमालयन बोर्डिङ् स्कुलका संस्थापक तथा काङ्ग्रेस महासमितिका सदस्य रामविलास यादवलाई व्यापारी वीरेन्द्र साहको दलाल भएको आरोपमा ०६५ भदौ ३० गते बिहान सडकमा हिँडिरहेको अवस्थामा तत्कालीन भूमिसुधार तथा व्यवस्थामन्त्री मातृका यादवको निर्देशनमा माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। सोही क्रममा स्थानीय माछा व्यापारी विष्णु महतोको निर्माणाधीन पक्की भवनमा समेत तोडफोड गरी क्षति पुऱ्याएका थिए। पीडितले क्षतिपूर्तिका लागि त्यसै दिन इलाका प्रहरी कार्यालय मिर्चैयामा निवेदन दिए पनि कुनै कारबाही भएन।

#### काङ्ग्रेसबाट

लक्ष्मीपुर (प्र.म.) गाविसका सचिव रामउद्गार यादवलाई ०६५ असार १७ गते दिउँसो सिराहास्थित बजारमा माइन्युटिङ् बुकको फोटोकपी गर्न गएको बेलामा काङ्ग्रेसका शेरबहादुर माझीसहितका कार्यकर्ताहरूले कुटपिट गरे। सचिव यादवमाथि हातपात गरिने कारण भने खुल्न सकेन। घटनाको विरोधमा गाविस सचिव हकहित संरक्षण मञ्चले असार १८ गतेदेखि जिल्ला विकास समितिको कार्यालयमा दुई दिन तालाबन्दी गरी सचिव यादवमाथि हातपात गर्नेउपर कारबाहीको माग गरे।

#### युथफोर्सबाट

जनकपुर नपा निवासी लहान नपा-१ स्थित मालपोल शाखा कार्यालय लहानका अधिकृत मदनलाल झालाई जग्गा रजिस्ट्री गराउने क्रममा घूस मागेको

आरोपमा ०६५ मङ्सिर २५ गते दिउँसो युथफोर्सका कार्यकर्ताहरूले कार्यालय हातामै मोसो दलेर दुर्व्यवहार गरे। कार्यालय प्रमुख झाले ८ जनाको समूहमा आएका व्यक्तिहरूद्वारा गोपाल सेवा समितिको नाममा राजस्व नतिरी जग्गा रजिस्ट्री गराउन दबाब दिएका तर आफूले सो कुरा नमानेपछि गालीगलौज गर्दै दुर्व्यवहार गरिएको बताए। घटनापछि कार्यालय प्रमुख झाले सुरक्षाको माग गर्नुका साथै पीडकहरूमाथि कारवाही गर्न वडा प्रहरी कार्यालय लहानमा माग गरे। प्रहरीले पीडकहरू फेला पर्न नसकेको जनायो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

धनगढी गाविस-३ निवासी सोही गाविसस्थित एभरग्रीन बोर्डिङ् स्कुलका सञ्चालक विदुर राउतलाई ०६५ साउन १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा ( ज्वालासिंह)का कार्यकर्ताहरूले एक पत्रमार्फत १ लाख ५० हजार रुपियाँ चन्दा माग गर्दै नदिएमा भौतिक कारबाही गरिने धम्की दिए।

विष्णुपुरकट्टी गाविसस्थित ठटिया टोल निवासी सोही गाविसका निवर्तमान अध्यक्ष गिरीन्द्रप्रसाद दाहाललाई ०६५ साउन १६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह)को नामबाट एक पत्रमार्फत ३ लाख ५० हजार रुपियाँ चन्दा माग गर्दै नदिएमा भौतिक कारबाही गर्ने चेतावनी दिए। मोर्चाका एरिया संयोजक करण सिंहको नामबाट दिइएको सो पत्रमा रकम नदिएमा भौतिक कारबाहीको धम्की दिएर आफूलाई मानसिक तनाव भएको पीडितले बताए।

### अज्ञात समूहबाट

नेकपा (संयुक्त मार्क्सवादी) पार्टीबाट संविधानसभाको निर्वाचनमा सिराहाको क्षेत्र नं. ६ का लागि उम्मेदवार विष्णुपुर (प्र.म.) गाविस-७ का ७२ वर्षीय दु:खी महतोलाई ०६४ चैत २१ गते राती अज्ञात व्यक्तिहरूले घरमै गएर कुटपिटपछि गोली प्रहार गरी हत्याको प्रयास गरे। सो समूहले 'चुनावमा उठिस्, तसँग धेरै रुपियाँ होला' भन्दै रुपियाँ मागेको र दिन नसकेपछि मार्ने प्रयास भएको पीडितले बताए। उनले विष्णुपुर गाविसस्थित विद्युत् प्राधिकरणको कार्यालयमा प्रहरीहरू बसेको भए पनि घटना हुँदा प्रहरीको सहयोग नभएको बताए।

फूलबरिया गाविस निवासी नेपाल पत्रकार महासङ्घका केन्द्रीय पार्षद् तथा मानवअधिकार र सामाजिक विकास मञ्च फूलबरियाका अध्यक्ष जीवछ साहलाई ०६५ असार २२ गते राती मोटरसाइकलद्वारा घरतर्फ गइरहेका बेला अज्ञात व्यक्तिहरूको समूहले राजमार्गमा पर्ने ढोढना गाविसको बताहा खोलानजिक आक्रमण गऱ्यो। राती अँध्यारो अवस्थामा भएको आक्रमणपछि रक्ताम्मे अवस्थामै भागेर बाँच्न सफल भएको पीडितले बताए।

सिराहा नपास्थित नेपाल विद्युत् प्राधिकरण शाखा कार्यालयका कर्मचारीहरू सोही नपा-७ का योगेन्द्र यादव र वडा नं. ८ का कुशेश्वर यादवलाई ०६५ साउन १३ गते राती सोही नपा-९ स्थित गुलरिया भन्ने ठाउँमा ट्रान्सफरमर मर्मत गरेर फर्किरहेका बेला सिराहा-चोहर्वा सडक खण्डमा अज्ञात व्यक्तिहरूको समूहले छुरा प्रहार गरी घाइते बनायो। घाइते दुवै कर्मचारीहरू धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारपछि घर फर्किए।

सुखीपुर गाविस निवासी हरिनारायण साहलाई ०६५ मङ्सिर २३ गते राती मोटरसाइकलद्वारा लहानबाट आफ्नो घर फर्किरहेका बेला ५ देखि ७ जना अज्ञात व्यक्तिहरूको समूहले फूल्काहाकट्टी गाविस-७ स्थित गागनखोलानजिक नियन्त्रणमा लिई कुटपिट गर्नुका साथै उनको स१प ४२८२ नम्बरको मोटरसाइकलसमेत खोसे। पीडकको पहिचान हुन हुन नसकेको पीडितले बताए।

### गैरकानुनी गिरफ्तारी

लहान नपा-८ का २२ वर्षीय सोभित पासवान र २५ वर्षीय जीवछ महतोलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ता भएको र सोही वडाको एक कल्भर्टमा विस्फोट गराएको आरोपमा ०६४ चैत २ गते दिउँसो सशस्त्र प्रहरी बल बेसक्याम्प लहानको टोलीले गिरफ्तार गऱ्यो। पीडितहरू चैत ३ गते सोही बेस क्याम्पबाट रिहा भए।

गोविन्दपुर गाविस-४ स्थित खपाङ्गी टोलका ३० वर्षीय भोगेन्द्र पासवान मधेस मुक्ति टाइगर्सको कार्यकर्ता भएको आरोपमा ०६४ चैत २८ गते दिउँसो उनलाई सशस्त्र प्रहरीको टोलीले गाउँबाटै बिनापुर्जी गिरफ्तारी गऱ्यो। पीडित चैत ३० गते सशस्त्र प्रहरी बल बेसक्याम्प लहानबाट रिहा भए।

विष्णुपुरकट्टी गाविस-९ स्थित सिमलटोकीका २५ वर्षीय किसन सदालाई ०६५ भदौ १२ गते दिउँसो इलाका प्रहरी कार्यालय धनगढीमा गएका बेला प्रहरीले बिनापुर्जी गिरफ्तार गरे। पीडितलाई थुनामा राखिनुपर्ने कारणबारे ०६५ भदौ १४ गतेसम्म पनि जानकारी नदिइएको उनका मामा रामस्वरूप सदाले बताए। उनी ०६५ भदौ ३० गते जिल्ला प्रहरी कार्यालय सिरहाबाट रिहा भए।

धनगढी गाविस-१ स्थित सोनापुर टोलका १७ वर्षीय रमाकान्त यादव र सोही ठाउँका २३ वर्षीय मदन सदा सशस्त्र समूहमा संलग्न भएको र व्यक्ति अपहरणको प्रयास गरेको आरोपमा ०६५ भदौ ३१ गते राती उनीहरूलाई सशस्त्र प्रहरीको टोलीले सोनापुर चौकबाट गिरफ्तार गऱ्यो। सशस्त्र प्रहरी बल बेस क्याम्प लहानले गाउँलेको सूचनाका आधारमा गिरफ्तार गरिएको जनायो। पीडितहरू ०६५ असोज २ गते वडा प्रहरी कार्यालय लहानबाट रिहा भए।

गोविन्दपुर गाविस-९ का उमेश्वर यादव र रामऔतार यादव सशस्त्र समूहको नामबाट चन्दा उठाउने गरेको आरोपमा ०६५ मङ्सिर ९ गते राती उनीहरूलाई संयुक्त सुरक्षा टोलीले उनीहरूको घरैबाट बिनापुर्जी गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका दुवै जनालाई प्रमाणको अभावका कारण ०६५ पुस १ गते वडा प्रहरी कार्यालय लहानबाट रिहा गरिएको सो प्रहरी कार्यालयले जनायो।

### पुन: गिरफ्तारी

लहान नपा-१० निवासी वसन्त राम र नहरारिगोल गाविसका देवचन्द्र पासवान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह)को कार्यकर्ता भएको आरोपमा ०६४ भदौ १२ गते राती उनीहरूलाई विष्णुपुरकट्टी गाविसको सिमलटोकी गाउँबाट सशस्त्र प्रहरीको टोलीले गिरफ्तार गरी नजरबन्दमा राख्दै आएकामा जिल्ला अदालत सिराहाको आदेशबाट ०६४ पुस १६ गते दिउँसो रिहा भएलगत्तै सादा पोसाकका सुरक्षाकर्मीहरूले अदालत हाताबाहिरबाट पुन: गिरफ्तार गरे। पुन: गिरफ्तारी गरिएपछि ४८ घन्टासम्म पीडितहरूका बारेमा स्थानीय प्रशासनद्वारा कसैलाई जानकारी दिइएन। प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले ०६४ पुस १८ गते दिउँसो स्थानीय अधिकारकर्मीहरूको एक टोलीलाई पीडितहरू दुवैलाई शान्ति सुरक्षाका कारण छोड्न नमिल्ने भएकाले दुवैलाई पुन: प्रहरी नियन्त्रणमा राखिएको जानकारी दिए पनि तत्काल भेट्न दिइएन। पीडितहरूलाई ०६४ पुस १९ गते हातहतियार तथा खरखजाना ऐन अन्तर्गत पुर्पक्षका लागि जिल्ला कारागार शाखामा लगिएकामा ०६४ चैत २० गते जिल्ला अदालत सिराहाको आदेशबाट रिहा भए पनि सोही समयमा अदालतबाहिर सादा पोसाकमा बसेका सुरक्षाकर्मीहरूले उनीहरूलाई पुन: गिरफ्तार गरेकामा अधिकारकर्मीहरूको प्रतिवादपछि पीडितहरूलाई जिल्ला प्रहरी कार्यालयबाट अधिकारकर्मीहरू भैरवप्रसाद गेलाल र सुनिलकुमार साहको रोहबरमा साधारण तारेखमा रिहा गरियो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले विभिन्न मागहरू राखी ०६४ माघ १९ गते दिउँसो जिल्ला प्रशासन कार्यालयको मूलढोकामा धर्ना दिइरहेका बेला आवागमन रोकेर बसेको आरोपमा प्रहरीले लाठीचार्ज गरे। प्रहरीको लाठीचार्जबाट सो सङ्गठनका जिल्ला अध्यक्ष किशोरी यादवलगायत पाँच जना कार्यकर्ताहरू सामान्य घाइते भए।

असनपुर गाविसको गोलबजारस्थित राजमार्गमा संयुक्त मधेसी मोर्चाका कार्यकर्ताहरूमाथि ०६४ फागुन १ गते राती सशस्त्र प्रहरीले गरेको लाठीचार्जबाट सो सङ्गठनका कार्यकर्ताहरू फूल्काहाकट्टी गाविस-४ का १८ वर्षीय शिवकुमार महतो, असनपुर गाविसको गोलबजार निवासी शत्रुघनप्रसाद सिंह, सञ्जीवकुमार यादव, महेन्द्रप्रसाद यादव, उमेश साह, उत्तिम महतो, मोहन सिंह, सानज राम, सुखीपुरका विन्देश्वर पञ्जीयार र अर्नमा गाविसका अशोक यादवलगायत १५ जना घाइते भए। सशस्त्र प्रहरी बल सिराहाका एसपी हरिशचन्द्र अधिकारीले पश्चिम दिशाबाट पूर्वतर्फ आउँदै गरेको एक मालबाहक ट्रकलाई सो ठाउँमा बन्दकर्ताहरूले अवरोध गरी आगजनी गर्न खोजेपछि प्रहरीले लाठीचार्ज गर्नुपरेको बताए।

संयुक्त मधेसी मोर्चाका कार्यकर्ताहरूद्वारा लहान नपा-१ स्थित राजमार्गमा ०६४ फागुन ६ गते साँझ कोणसभा गरिरहेका बेला सशस्त्र प्रहरीले गरेको लाठीचार्जबाट फूल्काहाकट्टी गाविस-६ निवासी लहानमा रिक्सा मजदुरी गर्ने मनिलाल मोहम्मद, लहान नपा-१ का ठेला मजदुर ३० वर्षीय चन्दर राम, रामउद्गार राम, सोही नपा-२ का ६८ वर्षीय मो. नजिम र सोनमति मझौरा गाविस निवासी प्रमोदकुमार साह घाइते भए। पीडितहरूमध्ये चन्दर राम, रामउद्गार राम र मो. नजिमलाई प्रहरीले घर-घरमै गएर कुटपिट गरेका थिए। कुटपिटपछि रामउद्गार राम र प्रमोदकुमार साहलाई प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय लहानमा राखेकामा सोही दिन राती अधिकारकर्मीहरूको रोहबरमा रिहा भए। सोही क्रममा प्रहरीले दुई सेल अश्रुग्याससमेत प्रहार गरेका थिए।

सिराहा नपा सिराहामा ०६४ फागुन १३ गते

दिउँसो संविधानसभाको निर्वाचनको मनोनयनको विरोधमा सडकमा धर्ना दिएर बसेका संयुक्त मधेसी मोर्चाका कार्यकर्ताहरूमाथि प्रहरीले लाठीचार्ज गर्दा सिराहा नपा-१ निवासी सोही नपाका पूर्वउपमेयर ४० वर्षीय उपेन्द्र यादवसहित विष्णुपुरकट्टी गाविसका राजकुमार महतो, सिराहा नपा-४ स्थित रमौलका मो. मुस्लिम, अध्ययनका लागि सिराहा नपामा बस्दै आएका सप्तरी जिल्ला छिन्नमस्ता गाविसका पवनकुमार झा, बेल्हा गाविसका कारी मुखिया, सिराहा नपास्थित अरङ टोलका कामेश्वर पूर्वे, थल्हा गाविस-१ का किशोरी यादव, सिराहा नपा-७ का जगदेव दास, सोही नपा-२ का रुपेश यादव, अमर यादव, सुजित महासेठ र ठेगाना नखुलेका सहदेव यादव, शम्भुप्रसाद यादव, रामलखन सहनी, शैलेन्द्र यादवलगायत मोर्चा पक्षका ५० जनाभन्दा बढी कार्यकर्ताहरू घाइते भए। त्यसैगरी प्रहरीको लाठीचार्जपछि मोर्चाका कार्यकर्ताहरूले प्रहरीतर्फ ढुङ्गामुढा गर्न थालेका कारण प्रहरीले प्रदर्शनकारीहरूलाई लखेटेर जथाभावी कुटपिट गर्दा सो सङ्ख्यामा घाइते भएका हुन्। प्रहरीले प्रदर्शनकारीहरूलाई लखेट्ने क्रममा अस्पताल हाताभित्र प्रवेश गरेको र कुटपिटबाट अस्पतालका चिकित्सक, बिरामी र बिरामीका कुरुवासमेत घाइते भए।

विष्णुपुर (प्र.रा.) गाविसको चोकमा ०६४ फागुन १४ गते दिउँसो संयुक्त मधेसी मोर्चाका कार्यकर्ताहरूले गरेको सडक अवरुद्ध खोलाउने क्रममा सशस्त्र प्रहरीले लाठीचार्ज गरेपछि दोहोरो झडप भयो। सोही क्रममा प्रहरीले चलाएको गोली लागि विष्णुपुर चौकमा पसल गरी बस्ने अर्नमा प्र.पी. गाविस-२ स्थित ब्रह्मपुरी टोलका सुरेश महतो (छातीमा रबरको गोली लागेको), राजपुर गाविस-४ का २५ वर्षीय सन्तोष यादव, सोही गाविसका १६ वर्षीय रञ्जीत यादव, विष्णुपुर प्र.रा. गाविस-४ का देवनारायण यादव (हातमा गोली लागेको), सुवास यादव (हातमा छर्रा लागेको) घाइते भए। घाइतेहरू सबै उपचारपछि घर फर्किए। त्यसैगरी सोही घटनामा प्रहरीको कुटपिटबाट विष्णुपुर गाविसका शिवदयाल यादव, मनोजकुमार यादव, रौदी यादव, ज्ञानकुमार मण्डल, वीरेन्द्र यादव, श्यामकुमार यादवलाई समेत चोटपटक लागेको पीडितहरूले बताए। सो ठाउँमा प्रहरीले सुशीलादेवी साहको घरभित्र प्रवेश गरी प्रदर्शनकारीलाई लुकाएको आरोपमा गालीगलौज गर्दै पकाएको भातसमेत भुइँमा फ्याँकिदिए। सो ठाउँमा प्रहरीले १५ सेलभन्दा बढी अश्रुग्यास र सयौं राउन्ड हवाई फायर गरेको थियो। सोही क्रममा घटनाको स्थलगत अनुगमनका लागि पुगेको इन्सेक जिल्ला प्रतिनिधि देवराज पोखरेल, मानवअधिकार सञ्जाल सिराहाका संयोजक भैरवप्रसाद गेलाल, समग्र जनउत्थान केन्द्रका अध्यक्ष सुनीलकुमार साह, सञ्चारकर्मीहरू रामानन्दप्रसाद गुप्ता, दिलीप सिंहलगायत आठ जना अधिकारकर्मीहरूलाई समेत प्रहरीले अशिष्ट शब्द प्रयोग गर्दै दुर्व्यवहार गरे। प्रहरीको सो व्यवहारपछि अधिकारकर्मी र प्रहरीबीच केहीबेर भनाभनसमेत भएको थियो।

मल्हनियाखोरी गाविस-६ का २७ वर्षीय रामकरण कापैर र सोही गाविस-९ का २५ वर्षीय देवनारायण यादवलाई ०६४ फागुन १५ गते दिउँसो रामनगर मिर्चैया गाविसमा आयोजित संयुक्त मधेसी मोर्चाको विरोध कार्यक्रममा सो गाविसबाट नाराजुलुससहित सहभागी हुन गइरहेका बेला प्रहरीले गरेको लाठीचार्जबाट घाइते भए। घाइते भएका दुवै जना मिर्चैयास्थित कटारी चौकको स्थानीय क्लिनिकबाट उपचारपछि घर फर्किए। प्रहरीले सो ठाउँमा तीन राउन्ड हवाई फायरसमेत गरेको स्थानीय बासिन्दाले बताए।

कर्जन्हा गाविस निवासी पूर्व सामान्य प्रशासन राज्यमन्त्री धर्मनाथप्रसाद साह र एमालेका कार्यकर्ता पशुपतिनाथ झालाई ०६४ चैत ६ गते बिहान कर्जन्हा गाविसमा संविधानसभाको चुनावी प्रचारप्रसारका लागि हिँडेको बेला वाईसीएलका मोती चमारसहितका १५/१६ जना कार्यकर्ताहरूले बाटोमा कुटपिट गरे। एमालेबाट सिराहाको क्षेत्र नं. ५ का उम्मेदवार साहको जीउमा र झाको टाउकोमा चोट लागेको पीडितहरूले बताए। सोही क्रममा पूर्वमन्त्री साह चढेको बा२च २९३१ नम्बरको जीपका सिसाहरूसमेत फुटाए। वाईसीएलका जिल्ला इन्चार्ज जगत यादवले व्यक्तिगत रिसइवीका कारण सो घटना भएको जनाउँदै सङ्गठनको संलग्नता नरहेको बताए।

लहान नपा-८ निवासी दलित जनजाति पार्टीबाट सिराहा क्षेत्र नं. २ का संविधानसभाका उम्मेदवार सीताराम हरिजनलाई ०६४ चैत ६ गते दिउँसो तेनुवापट्टी गाविसको सोहपुर भन्ने ठाउँमा वाईसीएलका कार्यकर्ताहरूले चुनावी प्रचारप्रसारमा रोक लगाए। पीडितले सो सङ्गठनका कार्यकर्ताहरूद्वारा आफ्नो पार्टीको झन्डासमेत च्यातिदिएको बताए।

सिराहाको क्षेत्र नं. ५ अन्तर्गत कर्जन्हा गाविस-५ स्थित जनता प्रावि बगाहामा ०६४ चैत २८ गते संविधानसभाको निर्वाचनका लागि राखिएको मतदान केन्द्रमा वाईसीएलका कार्यकर्ताहरूद्वारा मतपत्र कब्जामा लिएका कारण सो ठाउँको मतदान स्थगित

भयो। स्थगित गरिएको सो मतदान केन्द्रमा ०६५ वैशाख ५ गते पुन: निर्वाचन गरियो। उक्त मतदान केन्द्रमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले फर्जी मत खसालेका कारण निर्वाचन स्थगन गर्न माग गर्दा निर्वाचन अधिकृतबाट बेवास्ता गरिएपछि मतपत्र कब्जामा लिइएको वाईसीएलका कार्यकर्ताहरूले बताए।

सिराहाको क्षेत्र नं. ३ अन्तर्गत तेनुवापट्टी गाविसको सोहपुरस्थित जनता प्रावि सोहपुरमा संविधानसभाको निर्वाचनका लागि राखिएको मतदान केन्द्रमा ०६४ चैत २८ गते दिउँसो वाईसीएलका कार्यकर्ताहरूले मतपत्र कब्जामा लिई जलाएका कारण सो केन्द्रको निर्वाचन स्थगित गरियो। सो मतदान केन्द्रमा ०६५ वैशाख ५ गते पुन: निर्वाचन गरियो।

सिराहा नपा-४ स्थित निमावि बालमन्दिरमा राखिएको संविधानसभा निर्वाचनको मतदान केन्द्रमा ०६४ चैत २८ गते दिउँसो १०:३० बजेतिर काङ्ग्रेसका कार्यकर्ताहरूद्वारा बल प्रयोग गरी मतपत्रलाई कब्जामा लिन खोजेपछि सो केन्द्रको मतदान स्थगित भयो। स्थगित गरिएको सो मतदान केन्द्रमा ०६५ वैशाख ५ गते पुन: निर्वाचन गरियो।

*कान्तिपुर* दैनिक पत्रिकाका वितरक घनश्याम अधिकारीलाई ०६५ भदौ २६ गते दिउँसो चितवनको भरतपुरबाट पत्रिका लिएर वितरणका लागि पूर्वतर्फ गइरहेका बेला रामनगर मिर्चैया गाविसस्थित चौकमा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले आफ्नो पार्टीको समाचार सम्प्रेषण नगरेको आरोप लगाउँदै गालीगलौज तथा दुर्व्यवहार गरे। पीडकहरूले सो पत्रिका बोकेको ग१च ३०३९ नम्बरको जीपमा समेत तोडफोड गरे। जिल्लास्थित फोरमका नेताहरूले आफ्नो सङ्गठनको नाममा घुसपैठ भएको बताए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सिराहामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय १६ थानमध्ये यस वर्ष ४८ थान फर्स्यौट भई २ सय ६८ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ७१ थानमध्ये आठ थान फर्स्यौट भई ६३ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ३ सय ८७ थानमध्ये यस वर्ष ५६ थान फर्स्यौट भई ३ सय ३१ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय २८ थान मुद्दामध्ये यस वर्ष २२ फर्स्यौट भई १ सय ६ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ४२ थानमध्ये सात थान फर्स्यौट भई ३५ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा १ सय ७० थानमध्ये २९ थान फर्स्यौट भई १ सय ४१ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार ३ सय १२ थान मुद्दामध्ये यस वर्ष २ सय ५७ थान फर्स्यौट भई १ हजार ५५ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका देवानी मुद्दा ५ सय ६ थानमध्ये ६५ थान फर्स्यौट भई ४ सय ४१ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा १ हजार ८ सय १८ थानमध्ये यस वर्ष ३ सय २२ थान मुद्दा फर्स्यौट भई १ हजार ४ सय ९६ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या २ हजार ३ सय ७५ थानमध्ये ४ सय ७ थान मुद्दा फर्स्यौट भई १ हजार ९ सय ६८ थान मुद्दा बाँकी रहे।

यीमध्ये तीन वर्ष नाघेका मुद्दाको सङ्ख्या दुनियाँवादी फौजदारी आठ थान, सरकारवादी फौजदारी पाँच थान तथा देवानी ५१ थान गरी जम्मा ६४ थान मुद्दा बाँकी रहे।

### मन्त्रिपरिषद्को निर्णयको विरोध

मधेसी जनअधिकार फोरमबाट निर्वाचित सिराहाका सभासद्हरू लक्ष्मण मेहता, राजलाल यादव, शत्रुघन यादवलगायत सो पार्टीका कार्यकर्ताहरूले हत्याको आरोपमा गिरफ्तार गरी विचाराधीन मुद्दामा रहेका माओवादी कार्यकर्ता शियाराम शर्मा (ठाकुर)लाई मुद्दा फिर्ता लिई रिहा गर्ने मन्त्रिपरिषद्को निर्णयको विरोधमा ०६५ मङ्सिर २३ गते दिउँसो जिल्ला अदालत सिराहामा धर्ना दिनुका साथै नारावाजीसमेत गरे। ठाकुरमाथि मधेस आन्दोलनका क्रममा मभौरा गाविस निवासी विद्यार्थी रमेश महतोको हत्यामा संलग्नता रहेको जनाउँदै सो घटनालाई राजनीतिक मुद्दाका नाममा फिर्ता लिने मन्त्रिपरिषद्को निर्णयप्रति आफूहरूको आपत्ति रहेकाले विरोधस्वरुप प्रदर्शन गरिएको सभासद्हरूले बताए। यद्यपि, मन्त्रिपरिषद्को कात्तिक ११ गतेको बैठकद्वारा माओवादी कार्यकर्ता ठाकुरलगायत देशभरिका ३ सय ७२ जना बन्दीहरूको

मुद्दा फिर्ता लिने निर्णय अनुरुप विचाराधीन मुद्दामा थुनामा रहेका माओवादी कार्यकर्ता ठाकुरलाई मङ्सिर २३ गते जिल्ला अदालत सिराहाले रिहा गर्ने आदेश दिएलगत्तै उनी जिल्ला कारागार शाखाबाट रिहा भए।

## बालअधिकार

लहान नपा-६ स्थित पुरानो बजारका १२ वर्षीय रवीन पासवानले चोरी गरेको आरोपमा ०६५ वैशाख ७ गते बिहान उनलाई वडा प्रहरी कार्यालय लहानमा लगी प्रहरीले कुटपिट गरे। 'साँचो कुरा भन्' भन्दै पाइपले जीउमा र हातले गालामा कुटेको पीडितले बताए। पीडित वैशाख ८ गते दिउँसो आफन्तको जिम्मामा घर फर्किए।

पोखरभिन्डा गाविसस्थित जनता डोमी चौधरी मावि र लक्ष्मीपुर पतारी गाविसको जनता माविका विद्यार्थीहरूसँग नामाङ्कन गरिँदा चर्को शुल्क उठाइरहेको आरोपमा ०६५ जेठ ५ गतेदेखि आफूहरूलाई वाईसीएलका कार्यकर्ता बताउने व्यक्तिहरूको समूहले तालाबन्दी गऱ्यो। तालाबन्दीका कारण ती विद्यालयहरूमा ३ सय विद्यार्थीहरू पठनपाठनबाट प्रभावित भए। सो सम्बन्धमा जेठ ८ गते गाउँमा भएको सर्वपक्षीय भेलाबाट सहमति भई ताला खोलियो।

लहान नपा-१ निवासी सोही नपा-७ स्थित मेरी चिल्ड्रेन एकेडेमी स्कुलमा ९ कक्षामा अध्ययनरत १४ वर्षीय शिखर कार्कीलाई ०६५ भदौ ७ गते साँझ चार जना अज्ञात व्यक्तिहरूको समूहले घरैबाट अपहरण गऱ्यो। पीडित भदौ २५ गते बिहान सिराहाको अज्ञातस्थलबाट आफन्तको जिम्मामा ससर्त रूपमा मुक्त भए। पीडकहरूले पीडित परिवारसँग मुक्त गर्न २५ लाख रुपियाँ फिरौतीको माग गरेपछि आफन्त र उनी अध्ययनरत विद्यालयका अन्य बालबालिकाहरूले लहान बजारमा सामूहिक रूपमा चन्दासमेत सङ्कलन गरे। पीडित ०६५ भदौ २१ गते साँझ आफन्तको जिम्मामा ससर्त रूपमा मुक्त भए।

सप्तरी जिल्लाको मल्हनिया गाविस निवासी लहान नपा-१ स्थित पशुपति आदर्श माविमा अध्ययनरत १४ वर्षीय चन्दन शर्मालाई वडा प्रहरी कार्यालय लहानमा बिनाजाहेरी ०६५ कात्तिक १६ गतेदेखि २३ गतेसम्म गैरकानुनी रूपमा थुनामा राखियो। पीडितलाई चोरीको आरोपमा थुनामा राखिएको सो प्रहरी कार्यालयमा काजमा रहेका इन्स्पेक्टर जनकलाल चौधरीले बताए। प्रहरी कार्यालयको हिरासतमा पहिलादेखि नै थुनामा रहेका अन्य १२ जना थुनुवा व्यक्तिहरूसँगै पीडित नाबालकलाई पनि छ दिनसम्म राखेर शारीरिक र मानसिक यातना दिइएको पीडितका आफन्तले बताए।

बस्तीपुर गाविस-३ की १० वर्षीया एक नाबालिकालाई सोही गाविस-४ का २५ वर्षीय राजकुमार सदाले खेतमा काम गरिरहेका उनका आमाकहाँ पुऱ्याइदिन्छु भन्दै फकाएर ०६५ कात्तिक १८ गते दिउँसो सोही ठाउँको धानखेतको एकान्त चौरमा लगी बलात्कार गरेको आरोपमा सदालाई कारबाहीको माग गर्दै पीडित पक्षले निवेदन दिएको तर पीडक हालसम्म फेला पर्न नसकेको वडा प्रहरी कार्यालय लहानले जनायो।

धनुषा जिल्लाको रघुनाथपुर गाविस-६ निवासी १२ वर्षीय प्रख्यात खतिवडालाई राघोपुर गाविस-१ स्थित मामाघर आएको बेला अज्ञात व्यक्तिहरूको समूहले ०६५ कात्तिक १५ गते राती सोही ठाउँस्थित घरैबाट अपहरण गऱ्यो। पीडक पक्षले ५ लाख रुपियाँ फिरौती माग गरेको उनका आफन्तले बताए। पीडित ०६५ कात्तिक २६ गते धनुषा जिल्लाकै अज्ञातस्थलबाट ससर्त रूपमा मुक्त भए।

लहान नपा-३ स्थित विहारपुरका १० वर्षीय सियाराम महतो, ११ वर्षीय करणकुमार महतो र १२ वर्षीय राजेशकुमार महतोलाई चोरीको आरोपमा ०६५ मङ्सिर १९ गते बिहान सोही ठाउँस्थित लहान नर्सिङ् होमका डाक्टर र कर्मचारीहरूले कुटपिट गर्नुका साथै दिनभर खानसमेत नदिई थुनेर राखे। पीडितहरूलाई सो दिन राती छोडिएको उनीहरूका अभिभावकले बताए।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

राघोपुर गाविस-९ का २८ वर्षीया ललितादेवी साह, उनका ७ वर्षीया छोरी उर्मिला साह र पाँच वर्षीय छोरा सरोजकुमार साहलाई ०६५ साउन ३ गते राती घरमा सुतिरहेका बेला अज्ञात व्यक्तिहरूले माटोमुनि सुरुङ खनेर घरभित्र प्रवेश गरी धारिलो हतियार प्रहार गरी हत्या गरे। उनीहरूलाई कसले र किन हत्या गरेको भन्ने खुल्न सकेको छैन। स्थानीय गाउँलेले साउन ४ गते बिहान तीनै जनालाई घरभित्रै मृत अवस्थामा फेला पारेका थिए। मृतकको पोस्टमार्टम ०६५ साउन ४ गते जिल्ला अस्पताल सिराहामा भयो। पीडितहरूलाई बलात्कारपछि हत्या गरिएको हुनसक्ने आशङ्का रहेको प्रहरीले जनायो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

तरेगाना गोविन्दपुर गाविस-५ की २१ वर्षीया एक महिलालाई सोही गाविस-७ निवासी आफूलाई वाईसीएल कार्यकर्ता बताउने २५ वर्षीय मोहम्मद मजिदले ०६५ मङ्सिर १९ गते राती घरमा प्रवेश गरी बलात्कार गरेको र सोही क्रममा पीडित चिच्याएका कारण आफन्तहरूले पीडक मजिदलाई समातेकामा ०६५ मङ्सिर २० गते बिहान गाउँकै केही व्यक्तिहरूको मिलेमतोमा सो ठाउँबाट पीडकलाई भगाइएको पीडित पक्षले बताए। घटनापछि पीडितले पीडकमाथि कारबाहीको माग गर्दै सोही दिन दिउँसो वडा प्रहरी कार्यालय लहानमा निवेदन दिइन्। पीडक हालसम्म फेला नपरेको प्रहरीले जनायो।

### पारिवारिक हिंसा

असनपुर गाविस-७ स्थित डोहोटियाकी ५० वर्षीया मूर्तिदेवी महतोलाई जग्गासम्बन्धी विवादका कारण ०६४ फागुन २ गते राती गोविन्दपुर गाविस-५ स्थित आफ्ना भाइको घरमा बसिरहेको बेला उनका आफ्नै छोरा गढाइ महतोले गोली प्रहार गरी घाइते बनाए। पीडित महिला लहान अस्पतालबाट उपचारपछि घर फर्किइन्। पीडक हालसम्म फरार रहेको वडा प्रहरी कार्यालय लहानले जनायो।

गोविन्दपुर गाविस-१ की ४८ वर्षीया सरोजादेवी झालाई घरायसी र पारिवारिक विवादका कारण ०६५ साउन २५ गते बिहान उनका देवर पर्ने महेन्द्रलाल झाले गालीगलौज गर्दै कुटपिट गरे। पीडितले पीडकमाथि कारबाहीको माग गर्दै ०६५ साउन २६ गते वडा प्रहरी कार्यालय लहानमा निवेदन दिए। पीडितको निवेदन अनुसार उनको घाउ जाँच गरिएको र पीडकको खोजी जारी रहेको सो प्रहरी कार्यालयका इन्स्पेक्टर कुशलपुरुष ढकालले बताए। पीडकले आफूलाई झूटो आरोपमा फसाउन खोजिएको आरोप लगाए।

भारतको मधुबनी जिल्ला माइती घर भई भवानीपुर कालाबन्जर गाविस-२ मा विवाह गरेकी २० वर्षीया रञ्जना साहलाई मोटरसाइकल दाइजो नभएको निहुँमा ०६५ मङ्सिर ८ गते राती उनका पति श्रवणकुमार साहलगायत सासू, ससुरा र जेठाजुले निर्ममतापूर्वक कुटपिट गरे। कुटपिटबाट आँखाको भाग सुन्निएर चार दिनसम्म देख्न नसकेको साथै संवेदनशील अङ्गहरू समेत दुख्ने गरेको पीडितले बताइन्। पीडित पक्षले मङ्सिर १६ गते वडा प्रहरी कार्यालय लहानमा पीडकहरूमाथि कारबाहीको माग गरे पनि दहेजसम्बन्धी छुट्टै कानुन नभएकाले सोही मुद्दामा कारबाही गर्न समस्या भएको प्रहरीले जनायो। सोही प्रहरी कार्यालयमा ०६५ मङ्सिर २० गते केटीका माइती पक्ष र घरका पक्षबीचको छलफलपछि घटना समाधान गरिएको पीडितका आफन्तले बताए।

### दुर्व्यवहार

कर्जन्हा गाविस-८ स्थित प्रयागपुरकी ५५ वर्षीया चनरदेवी साह र उनकी बुहारी २७ वर्षीया रितादेवी साहलाई बोक्सी भएको आरोप लगाई ०६५ साउन २८ गते दिउँसो सोही गाविसका उमेशकुमार साह, भोला साह, सन्तोष साह र गुरुकुन गडेरीलगायतका व्यक्तिहरूले जबरजस्ती अभक्ष कोच्याए। पीडितहरूले पीडकहरूमाथि कारबाहीको माग गर्दै ०६५ भदौ २ गते इलाका प्रहरी कार्यालय मिर्चैयामा निवेदन दिए। पीडकहरू हालसम्म फेला नपरेको सो प्रहरी कार्यालयले जनायो। गाउँमा एक महिलाको कालगतिले मृत्यु भएपछि सो महिलालाई आफूहरूले टुनामुना गरेकाले मृत्यु भएको आरोप लगाउँदै दुर्व्यवहार गरेको पीडितले बताए।

### सबै प्रकारका जातीय विभेद

शिसवनी गाविस-७ स्थित बर्छवा टोलका ५० वर्षीय भौसाई मण्डललाई उनका छोरा सत्यनारायण मण्डलले चौधरी जातकी एक युवतीसँग प्रेम-विवाह गरेको आरोपमा ०६५ जेठ २० गते स्थानीय चौधरी समुदायका व्यक्तिहरूले कुटपिट गर्नुका साथै घर तोडफोड गरी सम्पत्तिसमेत लुटपाट गरे। घरमा आगजनी, तोडफोड गरी क्षति पुऱ्याइएका कारण उनको छ जनाको परिवार नै सो ठाउँबाट विस्थापित भयो। लुटिएका सम्पत्तिसहित क्षतिपूर्ति माग गर्दै वडा प्रहरी कार्यालय लहानमा निवेदन दिए पनि पटक-पटक छलफल गरेर घटना मिलाउन खोजिएको तर समाधान नभएको पीडित भौसाईले बताए। विस्थापित भएका पीडितहरू हाल अन्यत्र आफन्तकोमा बस्दै आएका छन्। पीडित भौसाईका छोरा सत्यनारायणले ०६५ वैशाख १८ गते सोही ठाउँकी युवती प्रेमलता चौधरीसँग प्रेम-विवाह गरेका थिए।

गोविन्दपुर गाविस-७ की ११ वर्षीय नाबालिका सञ्जीराकुमारी साफीलाई स्थानीय इनारमा पानी भर्न गएका बेला सानो जातको भनी ०६५ कात्तिक २ गते बिहान सोही ठाउँका रामकुमार यादव र उनकी पत्नी कागतीदेवी यादवलगायतका व्यक्तिहरूले पानी भर्नबाट वञ्चित गराए। घटनापछि स्थानीय संस्थाहरूको

पहलमा पीडित परिवारले वडा प्रहरी कार्यालय लहानमा पीडकमाथि कारबाहीको माग गरेपछि ०६५ कात्तिक १० गते पीडित, पीडक र स्थानीय समाजसेवीहरूको सर्वपक्षीय भेलाले पीडकलाई सार्वजनिक रूपमा माफी मगाई पुन: त्यस किसिमको व्यवहार नगर्ने सहमति गराए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार काङ्ग्रेसबाट

बन्द अवज्ञा गरेको आरोपमा ०६५ असार १६ गते काङ्ग्रेसका कार्यकर्ताहरूले जिल्ला स्वास्थ्य कार्यालय, सिराहाको ६६-१-१३०१ नम्बरको एक मोटरसाइकलमा आगजनी गरी क्षति पुऱ्याए। यसैगरी जिल्ला स्वास्थ्य कार्यालयले स्वास्थ्यकर्मी चढेको गाडीमा आगजनी गरिएको घटनाको भर्त्सना गर्दै दोषीमाथि कारबाहीको माग गरे।

सारस्वर गाविस-४ निवासी अर्नमा गाविसका सचिव ५५ वर्षीय रमेशकुमार शर्माको घर र सम्पत्ति ०६५ पुस ८ गते बिहान सोही गाविस निवासी काङ्ग्रेसका जिल्ला सचिव जिवछ गुप्तालगायतका व्यक्तिहरूले लुटेर लगेको आरोपमा पीडितले कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। पीडितले आफूलाई ज्यानको खतरा भएका कारण सो ठाउँबाट विस्थापित भई हाल सिराहा सदरमुकाममा बस्दै आएको बताए। काङ्ग्रेस सचिव गुप्ताले सो आरोप अस्वीकार गर्दै लेनदेनको विषयमा विवाद रहेको बताए।

### माओवादीबाट

भवानीपुर गाविस-६ स्थित बाखर टोल निवासी हाल काठमाडौँ बस्दै आएका सञ्जीवशमशेर थापाको सोही गाविसस्थित जग्गामा लगाइएको २ सय ५० ओटा कदमका रुखहरू ०६५ असार १७ गते राती माओवादी कार्यकर्ताहरूको संलग्नतामा स्थानीय बासिन्दाले कब्जा गरी कटान गरेर क्षति पुऱ्याए। पीडितले प्रहरीमा उजुरी गरे पनि पीडकहरूलाई कारबाही नभएको पीडितले बताए।

भवानीपुर कालाबन्जर गाविस-७ स्थित मोतीगढाका लक्ष्मीनारायण यादवको सोनमतिमझौरा गाविस-८ स्थित छर्रापट्टी टोलमा रहेको एक बिघा ११ कट्ठा जग्गामा ०६५ असार ३१ गते दिउँसो जोत्न गएका बेला स्थानीय माओवादी कार्यकर्ताहरू अशोक राम र गणेश चौधरी खेतमै पुगेर पार्टीले कब्जा गरेको जनाउँदै खनजोत गर्न रोक लगाए।

कल्याणपुर जब्दी गाविस निवासी व्यापारी तथा मधेसी जनअधिकार फोरमका कार्यकर्ता वीरेन्द्र साहको रामनगर मिर्चैया गाविस-३ स्थित १२ बिघा जग्गा र एक पक्की भवनलाई धर्मशाला बनाउन माओवादीले कब्जा गरेको विरोधमा फोरम कार्यकर्ताहरूले ०६५ भदौ १६ गतेदेखि सिराहामा अनिश्चितकालीन चक्काजाम गरे। माओवादी जिल्ला इन्चार्ज दिलीप साहले कब्जा गरिएको भनिएको सो घरजग्गा व्यापारी वीरेन्द्र साहको नभई पूर्वराजा ज्ञानेन्द्र शाहका बहिनी-ज्वाइँ मोहन शाहीको भएकाले कब्जा गरिएको बताए।

### अखिल तराई मुक्ति मोर्चाबाट

भवानीपुर गाविसको धनगढा टोल निवासी नारायणबहादुर थापाको २५ बिघा जग्गा ०६४ फागुन ११ गते राती अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले कब्जा गरेको सार्वजनिक गरे। मोर्चाका जिल्ला सेक्रेटरी विप्लवले उक्त जग्गामा झन्डा गाडी कब्जा गरेको बताउँदै बिक्री वितरण गर्नसमेत रोक लगाइएको बताए।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

रामनगर मिर्चैया गाविसस्थित सगरमाथा उच्च माविमा बन्दको अवज्ञा गरी विद्यालय चलाएको आरोपमा ०६४ माघ १ गते राती संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले आगजनी गरी क्षति पुऱ्याए। आगजनीबाट विद्यालयको कार्यालय कोठामा रहेको फर्निचर तथा कागजपत्रहरू जलेको संस्थापक प्रिन्सिपल प्रदीप तिवारीले बताए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

रामनगर मिर्चैया गाविस-३ स्थित मोहन शाहीको सोही गाविसमा रहेको एक पक्की भवन र २२ बिघा जग्गा ०६४ माघ ८ गते बिहान ३ बजेतिर जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह)का कार्यकर्ताहरूले कब्जा गरेको सार्वजनिक जानकारी गराए। मोर्चाद्वारा कब्जा गरिएको भनिएको सो पक्की भवन त्यसअघि माओवादीका छापामारहरूले कब्जा गरेका थिए।

### संयुक्त मधेसी मोर्चाबाट

काठमाडौँबाट काँकडभिट्टाका लागि हिँडेको पुष्पाञ्जलि ट्राभल्सको मे१ख १००१ नम्बरको एक यात्रुबाहक बसमा बन्द अवज्ञाको आरोप लगाउँदै ०६४ फागुन ५ गते राती ८:३० बजेको समयमा संयुक्त मधेसी मोर्चाका कार्यकर्ताहरूको एक समूहले मिर्चैया

गाविसको थानाचौक नजिक आगजनी गरी क्षति पुऱ्यायो।

### मधेस मुक्ति टाइगर्सबाट

असनपुर गाविसको गोलबजारस्थित राजमार्गमा पोखराबाट काँकडभिट्टाका लागि हिँडेको मुनाल ट्राभल्सको ना१ख ९७६ नम्बरको यात्रुवाहक बसमा बन्द अवज्ञा गरेको आरोपमा ०६४ माघ २० गते बिहान मधेस मुक्ति टाइगर्सका कार्यकर्ताहरूले आगजनी गरे। आगजनीबाट मानवीय क्षति नभएको इलाका प्रहरी कार्यालय गोलबजारले जनायो।

अयोध्यानगर गाविसस्थित राजमार्गको कसहा भन्ने ठाउँमा मोरङ जिल्लाको रङ्गेलीबाट पश्चिम महेन्द्रनगरतर्फ गइरहेको ना३ख ६९२६ नम्बरको मालबाहक ट्रकमा बन्द अवज्ञा गरेको आरोपमा ०६५ असार ३१ गते दिउँसो मधेस मुक्ति टाइगर्सका कार्यकर्ताहरूले आगजनी गरी क्षति पुऱ्याए। मदिराजन्य पदार्थ लिएर गइरहेको सो ट्रकमा पाँच/सात जनाको समूहमा रहेका टाइगर्सका कार्यकर्ताहरूले हतियार देखाएर रोकाएपछि आगजनी गरेको इलाका प्रहरी कार्यालय गोलबजारका सई सप्तबहादुर खड्काले बताए। टाइगर्सका ब्युरो इन्चार्ज कलयुगले सोही दिन साँझ टेलिफोन गरी घटनाको जिम्मेवारी लिए। उनका अनुसार, टाइगर्सका पूर्व सिराहा जिल्ला इन्चार्ज यमराज भनिने गङ्गा यादवको स्मृतिमा सो सङ्गठनले असार ३० र ३१ गते सिराहा बन्दको आह्वान गरेको थियो।

### अज्ञातबाट

पश्चिमबाट पूर्वतर्फ सिमेन्ट लिएर गइरहेको ना२ख २७२९ नम्बरको एक मालबाहक ट्रकलाई बन्द अवज्ञा गरेको आरोप लगाउँदै ०६४ चैत २० गते साँझ रामपुर बिर्ता गाविस-१ स्थित राजमार्गमा अपरिचित व्यक्तिहरूले आगो लगाई क्षति पुऱ्याए। मकवानपुर जिल्लाको पालुङ गाविस-७ निवासी ट्रक चालक मनोहरि थापाका अनुसार, मोटरसाइकलमा आएका अपरिचित व्यक्तिहरूले ट्रक अगाडि गएर सडकमा मोटरसाइकल तेर्साई रोकाएपछि आगजनी गरेर भागेका थिए।

### सामाजिक अधिकार

सिराहास्थित जिविसका कर्मचारी तथा गाविसका सचिवहरूले स्थानीय निकायका कर्मचारीहरूमाथि पटक-पटक धम्की, कुटपिट र अपहरणजस्ता घटनाहरू भइरहँदासमेत प्रहरी प्रशासनबाट शान्ति सुरक्षा प्रत्याभूति हुन नसकेको जनाउँदै ०६५ असार १८ गते सामूहिक राजीनामा बुझाए। कर्मचारीहरूसँग भएको छलफलपछि उनीहरूले असार १९ गते सो सामूहिक राजीनामा फिर्ता लिएको स्थानीय विकास अधिकारी रामाधीन यादवले बताए।

### अन्यबाट

सोनमति मझौरा गाविस-७ र ८ वडाका मजदुरहरूले आफूहरूले मजदुरी गरेबापत पाउँदै आएको ज्यालामा जग्गा धनीहरूले कमी गरेको जनाउँदै ०६५ असार २६ गते उनीहरूले बिहानदेखि काम छोडी हडताल गरे। स्थानीय मजदुरहरूका अनुसार विगत वर्षमा मजदुरी गरेबापत मजदुरहरूले पाँच किलो धान वा ६० रुपियाँ ज्याला पाउँदै आएकामा यसपालि सो ठाउँमा चार किलो मात्र धान दिने बताएपछि काम छोडी मजदुरहरू हडतालमा उत्रिएका थिए। म्मदुरहरूले हडताल गरेकै कारण उनीहरूलाई चौरमा दिशापिसाव गर्न तथा बाटो हिँड्नसमेत बाधा गरिएको पीडितहरूले बताए।

### विस्थापित

सिराहा जिल्लामा कार्यरत १ सय ४ ओटा गाविसका सचिवहरू तराईका सशस्त्र समूहहरूको धम्कीका कारण सहज ढङ्गले बस्ने र काम गर्ने वातावरण नभएको जनाउँदै यस वर्षको अन्त्यसम्ममा विभिन्न मितिमा गाविसबाट विस्थापित भए। विस्थापित गाविसका सचिवहरू हाल लहान नपा, गोलबजार, मिर्चैया र सिराहा सदरमुकाममा सामूहिक रूपमा बसेर कामकाज गरिरहेको जिल्ला विकास समितिले जनायो।

# १.१३ उदयपुर

जनसङ्ख्या : ३,५४,०९३
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.): २,०६३
गाविस/नपा सङ्ख्या : ४४/१
सरकारी/निजी विद्यालय : १९२/३४
क्याम्पस/उच्च मा.वि. : ३/९
अस्पताल/स्वास्थ्य चौकी : १/४५
मानव विकास सूचकाङ्क : ०.४८८
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १२ जना पुरुष रहेका छन् भने कैद नतोकिएका ६० पुरुष र चार जना महिला गरी ६४ जना बन्दी रहेका छन्।

कुल ५० जना क्षमता भएको कारागारमा यस वर्ष कैद तोकिएका र नतोकिएका गरी ७६ जना बन्दी रहे। जेलको भौतिक अवस्था जीर्ण भए पनि भित्र र बाहिर गरी सातओटा शौचालय रहेका छन्। वर्षाको समयमा जेलको छतबाट पानी चुहिने समस्या छ भने क्षमताभन्दा बढी बन्दीलाई कोचेर राखिएका कारण उनीहरूलाई बस्ने र सुत्ने ठाउँको समेत अभाव भएको छ।

महिला कक्षको अभावमा सुरुङ्जस्तै कोठामा चार जना महिला बन्दीलाई राखिएको छ। जेलभित्र स्वच्छ हावाको अभाव छ। कम्पाउन्ड साँघुरो छ। यस कारागारका बन्दीद्वारा बनाइएका टोपी, झोला, मुढा आदि सामग्री बेच्ने बजारको अभाव रहेको बन्दीहरूको गुनासो छ। जेलभित्र जिविस, नपा र सामाजिक सङ्घसंस्थाहरूको पहलमा टीभी, क्यारेमबोर्ड, चेस र पाँचओटा पत्रपत्रिकाहरू उपलब्ध गराइएको छ। जेलमा विशेष बन्दीगृह र गोप्य बन्दीगृह छैन। भवन जीर्ण हुँदै गएको जेलमा रेडक्रसको अन्तर्राष्ट्रिय समितिले खानेपानीको ट्याङ्की बनाइदिएको छ। जिविसका तर्फबाट पङ्खालगायतका केही सामग्री उपलब्ध गराइएको छ। बेलाबेलामा मानवअधिकारकर्मी र प्रमुख जिल्ला अधिकारीहरूले अनुगमन गर्ने गरेका छन्। विभिन्न दलका नेताहरूले जेल बसेका बेला जेलको सुधार गर्ने आश्वासन दिए पनि त्यहाँबाट छुटेपछि ध्यान नदिने गरेको कैदी र बन्दीको गुनासो छ। उनीहरूले आफन्तसँग सहज भेटघाट गर्ने व्यवस्था मिलाइदिन प्रशासनलाई आग्रह गरेका छन्।

## बेपत्ता/अपहरण

### वाईसीएलबाट

बसहा गाविस-९ निवासी नेकपा (एमाले)का तर्फबाट संविधानसभा निर्वाचनमा उदयपुर क्षेत्र नं. १ का उम्मेदवार ५८ वर्षीय अशोककुमार राई र उच्च माध्यमिक शिक्षा परिषद्को उपाध्यक्षसमेत रहेका नेपाल राष्ट्रिय बुद्धिजीवी परिषद्का अध्यक्ष उपेन्द्रकुमार कोइरालालाई ०६४ चैत २२ गते राती रामपुर गाविस-६ स्थित एक घरमा सुतिरहेको अवस्थामा वाईसीएल कार्यकर्ताहरू २० वर्षीय विनोद राई, १९ वर्षीय मदन राई, २० वर्षीय विदुर राई, १८ वर्षीय अनिल राई, १७ वर्षीय मनोज राई र १६ वर्षीय देवराज विकले अपहण गरे। अपहरणमा परेका राई २ घन्टा १५ मिनेटपछि मुक्त भए। कोइराला अपहरणकारीलाई छलेर १० घन्टापछि २३ गते बिहान सम्पर्कमा आए। अपहरणमा संलग्नहरूलाई प्रहरीले २३ गते पक्राउ गरी ०६५ वैशाख ३ गते एमाले र माओवादीको सहमति अनुसार रिहा गऱ्यो।

### अज्ञात समूहबाट

खोटाङ जिल्लाको मौवाबोटे गाविस-६ का अन्दाजी ३२ वर्षीय प्रकाश राईलाई ०६५ कात्तिक २५ गते नाम नखुलेको समूहले सिद्धिपुर गाविस-६ चमेरे पुल नजिकबाट अपहरण गरी मारेर नदीमा फाल्ने धम्की दिँदै छ घण्टा नियन्त्रणमा लियो। अपहरणकारीले बेल्टारतर्फ ल्याउने क्रममा सिद्धिपुर गाविसको दारुलाबाट सोही दिन उनीहरूलाई छली भागेर पीडितले इलाका प्रहरी कार्यालय बेल्टारमा २७ गते राईले अपराधीको खोजी गरी कारबाही गरी पाउँ भन्दै जाहेरी

दिए। वर्षको अन्त्यसम्मै प्रहरीले अपहरणकारीलाई गिरफ्तार गर्न सकेन।

### धम्की/कुटपिट

#### राज्यबाट

हडियाँ गाविस-७ का १८ वर्षीय गणेश राउत, २८ वर्षीय सुशील खत्री, २९ वर्षीय चन्द्र गिरीलाई प्रहरीले झडपलाई नियन्त्रणमा लिने क्रममा ०६५ असार २८ गते हडियाँ बजारमा कुटपिट गऱ्यो। प्रहरीको कुटाइबाट बेहोस बनेका गणेशको जिल्ला अस्पतालमा प्रहरीकै सहयोगमा सोही दिन प्राथमिक उपचार गरी थप उपचारका लागि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाइयो। उनको छ दिनसम्म त्यहाँ उपचार भयो। अन्य दुई पीडितको स्थानीय स्वास्थ्य क्लिनिकमा उपचार भयो। घटनापछि प्रमुख जिल्ला अधिकारी डुल्लुराज बस्नेत, डीएसपी मोहन खड्कासहित नागरिक समाजको उपस्थितिमा पीडित र पीडक दुवै पक्षबीच घटनास्थलमा नै छलफल गरी मिलापत्र भयो।

#### माओवादीबाट

वाराहा गाविस-३ निवासी वराहा माविका शिक्षकहरू ३५ वर्षीय छत्रबहादुर राउत, २९ वर्षीय वेदविक्रम कार्की र ३९ वर्षीय रत्नबहादुर कार्कीले मतदाता नामावली सङ्कलनका क्रममा माओवादी निकटस्थ व्यक्तिहरूको नाम छुटाएको आरोपमा ०६४ चैत ३० गते माओवादी कार्यकर्ताहरूले उनीहरूलाई विद्यालय छाड्न धम्की दिए। घटनापछि विद्यालय छाडेर सदरमुकाम गाईघाट बस्दै आएका पीडितहरू ०६५ वैशाख ११ गते विद्यालय फर्किए। माओवादीले भने घटनाका बारेमा कुनै प्रतिक्रिया दिन चाहेन। जिल्ला शिक्षा कार्यालयले पनि घटनाका बारेमा अनभिज्ञता प्रकट गऱ्यो।

#### वाईसीएलबाट

त्रियुगा नपा-२ का २८ वर्षीय राकेश खत्रीलाई ०६५ असार १६ गते वाईसीएलको समूहले ठेक्का दर्ता गर्न आएको भन्दै जिल्ला प्रशासन कार्यालयबाहिर कुटपिट गऱ्यो। पीडितको टाउकोमा चोट लागेकामा जिल्ला अस्पतालमा उपचार गराए। घटनाको विरोध गर्दै पीडित पक्षले जिल्ला सदरमुकाम गाईघाट दुई दिन बन्द गराए। सडक विभाग पाँच नम्बर डिभिजन कार्यालय लहानले आह्वान गरेको सिद्धिचरण राजमार्ग र सगरमाथा राजमार्गको ठेक्का दर्ताको विषयमा झडप भएको थियो। पीडितहरूले प्रहरीमा उजुरी दिएनन्।

#### किराँत जनवादी वर्कस पार्टीबाट

बसहा गाविस-१ का ४० वर्षीय हाइदीप केसर राई, सोही गाविस-९ का ३० वर्षीय कालु लामा, ३३ वर्षीय भूपेन्द्र राईलाई ०६५ मङ्सिर २१ गते किराँत जनवादी वर्कसको हतियारधारी समूहले बसहा र बेल्टार गाविसको सिमानामा पर्ने लामो खोलामा गई जिल्लाका खोला-खहरेबाट ढुङ्गा, गिटी, बालुवा निकासी नगर्न धम्की दियो। जिविस उदयपुरबाट ठेक्का प्रक्रियाबाट निकासी हुँदै आएको ढुङ्गा, गिटी र बालुवा निकासीमा रोक लगाई उसले त्यससँग सम्बन्धित व्यवसायीलाई धम्की दिएको व्यवसायीहरूले बताए।

सगरमाथा खच्चड व्यवसायी सङ्घका अध्यक्ष सिद्धान्त राईलगायतका व्यवसायीहरूलाई ०६५ साउन १० गते चन्दा नदिए खच्चड चलाउन नदिने भन्दै किराँत जनवादी वर्कसले धम्कीसहितको पत्र पठायो। वर्कसले प्रतिखच्चड वार्षिक ६ हजारका दरले १ करोड २० लाख रुपियाँबराबर चन्दा माग गरेको खच्चड व्यवसायी केदार राईले बताए। घटनापछि व्यवसायीहरूले आंशिक रूपमा मात्र खच्चड सञ्चालन गरे। यसअघि समेत व्यवसायीहरूले चन्दाबापत १५ हजार रुपियाँ वर्कसलाई दिएको जनाउँदै खच्चड सञ्चालनमा रोक नलगाउन आग्रह गर्दै वर्कससँग वार्ताका लागि आह्वान गरे।

त्रियुगा नपा-१० निवासी बेल्टार गाविसका सचिव ५३ वर्षीय जयराम पञ्जियार, हडियाँ गाविस-४ निवासी बसहा गाविसका सचिव ३४ वर्षीय पुण्यप्रसाद पौडेलसहित दुवै गाविसका कर्मचारीलाई किराँत जनवादी वर्कस पार्टीले गाविसको कार्यालयमा ०६५ जेठ २१ गते सूचना टाँसेर कर्मचारीलाई राजीनामा नगरे भौतिक कारवाही गर्ने धम्की दियो। घटनापछि गाविस सचिवहरू सदरमुकाममा बस्दै आएका छन्। पीडितहरूले ०६५ जेठ २३ गते गाविसमा रहेका अन्य कर्मचारीको सुरक्षाको माग गर्दै जिविस र मानवअधिकार सङ्घसंस्थामा निवेदन दिए।

#### चुरेभावर एकता समाज पार्टीबाट

त्रियुगा नपा-४ निवासी माओवादी कार्यकर्ता ३४ वर्षीय निर्मल रेग्मीले र जिल्ला प्रहरी कार्यालय उदयपुरमा कार्यरत ३२ वर्षीय प्रहरी हवल्दार महेश्वर यादवलाई माओवादीनिकट वाईसीएलका कार्यकर्ताले ठेक्का दर्ता गर्ने विषयमा हस्तक्षेप गरेको आरोपमा ०६५ असार १६ गते जिल्ला प्रशासन कार्यालयबाहिर चरेभावर एकता समाज पार्टीका कार्यकर्ताले कुटपिट गरे। पीडितमध्ये रेग्मीको टाउकोमा चोट लागेको थियो

भने यादवको शरीरमा नीलडाम लाग्यो। पीडितहरूले सोही दिन जिल्ला अस्पतालमा उपचार गराए। घटनालाई लिएर सोही दिन माओवादी र चुरेभावर एकता समाज पार्टीको कार्यलयमा तोडफोड भयो।

### अज्ञात समूहबाट

हर्देनी गाविस-९ निवासी पत्रकार २२ वर्षीया प्रतीक्षा राउतलाई घरतर्फ जाने क्रममा बसेरी बजारनजिकै ककरुखोलाको बगरमा नकाबधारी पाँच जनाको समूहले ०६४ चैत १३ गते साँझ एमालेको चुनावी सभाको समाचार सम्प्रेषण गरेको खण्डमा मार्ने धम्की दियो। स्थानीय *माझखर्क* साप्ताहिककी संवाददाता पीडितले ०६४ चैत १४ गते इलाका प्रहरी कार्यालय कटारी, मानवअधिकारकर्मी र राजनीतिक दललाई मौखिक रूपमा घटनाको जानकारी गराइन्। प्रहरीले पीडकलाई खोजतलास नगरेको पीडितले बताइन्।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

वाराहा गाविस-३ निवासी एमाले कार्यकर्ता ३२ वर्षीय पर्वत कार्की, ४४ वर्षीय तिलकबहादुर कार्की र वाराहा माविका शिक्षक ४१ वर्षीय एकबहादुर राउतलाई एमालेको मतदान प्रतिनिधि बसेको भन्दै ०६४ चैत २८ गते मतदान सकेर घरतर्फ फर्कने क्रममा वाईसीएलको ३० जनाको समूहले ढुङ्गामुढा गर्दै दुर्व्यवहार गऱ्यो। पीडितमध्ये एकबहादुरलाई केही समय अपहरण गरी अमानवीय व्यवहार गर्दै अन्यलाई नल्याए मार्ने धम्की दिएर मुक्त गऱ्यो। घटनापछि जिल्ला सदरमुकाम बस्दै आएका पीडितहरू ०६५ वैशाख २८ गते घर फर्किए। माओवादी जिल्ला सदस्य यदु ढकालले वाईसीएलले अपहरण नगरेको जनाउँदै गल्ती भए कारबाही गर्ने बताए पनि पीडकहरूलाई कुनै कारबाही भएन।

वाराहा गाविस-७ का ३० वर्षीय खेमराज खत्री, सोही गाविस-६ का ३८ वर्षीय डिकबहादुर राउत ०६४ चैत २९ गते र ४१ वर्षीय क्षेत्रबहादुर मगर ०६४ चैत २४ गते माओवादी धम्कीका कारण गाउँबाट जिल्ला सदरमुकाममा विस्थापित ा आएर बसे। एमालेलाई भोट मागेको आरोपमा सोही पार्टीबाट गाविसको उपाध्यक्षसमेत भएका मगरलाई पटक-पटक गाउँ छाड्न धम्की दिएकाले आफूहरू विस्थापित भएको पीडितहरूले बताए। विस्थापितहरू ०६५ वैशाख ८ गते गाउँ फर्किए। एमालेले ०६५ वैशाख २ गते घटनाको विरोध गर्दै विस्थापित कार्यकर्ताको पुन:स्थापना गर्न माग गऱ्यो। माओवादी जिल्ला नेतृत्वले घटना भएको भए कारबाही गर्ने बताए पनि कुनै कारबाही भएन।

त्रियुगा नपा-१ का १६ वर्षीय भक्तबहादुर विश्वकर्मा, १७ वर्षीय अनिस राई र १८ वर्षीय श्याम मगरलाई ०६५ असार १७ गते वाईसीएलले ज्यादती गरेको भन्दै विरोध प्रदर्शन गरेको अवस्थामा सशस्त्र प्रहरी र जनपथ प्रहरीले लाठीचार्ज गरी घाइते बनाए। उनीहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो। वाईसीएलले ज्यादती गरेको भन्दै विरोध प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालयअगाडि पुगेका प्रदर्शनकारीमाथि प्रहरीले लाठीचार्ज गरेको थियो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत उदयपुरमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १६ थानमध्ये यस वर्ष ६३ थान फर्स्यौट भई ५३ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ६६ थानमध्ये १९ थान फर्स्यौट भई ४७ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा १ सय ८२ थानमध्ये ८२ थान फर्स्यौट भई १ सय थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६५ थान मुद्दामध्ये यस वर्ष १९ थान फर्स्यौट भई ४६ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ५६ थानमध्ये चार थान फर्स्यौट भई ५२ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा १ सय २१ थानमध्ये २३ थान फर्स्यौट भई ९८ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ७७ थान मुद्दामध्ये यस वर्ष ७५ थान फर्स्यौट भई १ सय २ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा १ सय ४५ थान मध्ये ३८ थान फर्स्यौट भई १ सय ७ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ३ सय २२ थानमध्ये १ सय १३ थान मुद्दा फर्स्यौट भई २ सय ९ थान मुद्दा बाँकी रहे।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | | १ | १ | | | | | | |
| घाइते | | | | | | | | १ | ३ | ३ |
| गिरफ्तारी/यातना | | | | | | | | ४ | ९ | ९ |
| कुटपिट | ६ | ५ | ३ | ८ | | | | ३ | ५ | ५ |
| धम्की | ४ | ८ | १ | ९ | ३ | ९ | ९ | | | |
| भेला/संगठित हुने अधिकार | | | | | | | | १ | ३ | ३ |
| जातीय विभेद | १ | ३ | | ३ | | | | | | |
| महिलाअधिकार | १० | | १० | १० | | | | | | |
| बालअधिकार | ६ | | ६ | ६ | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | ३ | ३ | | ३ | | | | | | |
| अपहरण | ३ | ६ | | ६ | | | | | | |
| जम्मा | ३३ | ३३ | ३० | ४३ | ३ | ९ | ९ | ९ | ३० | ३० |

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा ६ सय २५ थान मुद्दामध्ये २ सय १८ थान मुद्दा फर्स्यौट भई ४ सय ७ थान मुद्दा बाँकी रहे।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सिद्धिपुर गाविस-४ लुङ्गीनटारका ३८ वर्षीय माक्सा भनिने दिलकुमार राई र बेल्टार गाविस-१ का १७ वर्षीय धनराज राईलाई ०६४ माघ १३ गते सशस्त्र प्रहरी बेसक्याम्प बेल्टार र इलाका प्रहरी कार्यालय बेल्टारका प्रहरीले गिरफ्तार गरे। गिरफ्तारका क्रममा प्रहरीले आँखामा पट्टी बाँधेर बुट र बन्दुकको कुन्दाले पिट्दै शारीरिक यातना दिएको पीडितले बताए। यातनाका कारण शरीरमा नीलडाम लागेका पीडितहरूको कतै उपचार गरिएन। खोटाङ जिल्लाका तीनओटा प्रहरी चौकीमा ०६४ माघ ७ गते आक्रमण गरेको आरोपमा सिद्धिपुर गाविसबाट गिरफ्तार भएका पीडितहरूलाई यातना दिएको प्रहरीले अस्वीकार गऱ्यो। पीडितहरूलाई अनुसन्धानका लागि ०६४ माघ १५ गते जिल्ला प्रहरी कार्यालय खोटाङ पठाएकामा अदालतको आदेशले पुर्पक्षका लागि मोरङ कारागारमा राखेको जनाएको छ।

रौता गाविस-५ निवासी २५ वर्षीय विष्णु विश्वकर्मालाई ०६५ वैशाख १६ गते टेलिफोनको तार चोरीको अभियोगमा इलाका प्रहरी कार्यालय जलजलेले त्रियुगा नपा-११ जलजले बजारस्थित डेराबाट साँझ ५ बजे गिरफ्तार गऱ्यो। सोही दिन बेलुका त्रियुगा नपा-११ स्थित इलाका प्रहरी कार्यालय जलजलेका तीन जना प्रहरीले कार्यालयको पर्खालमा घोप्टो पारेर कुटपिट गरे। प्रहरीले यातना नदिएको दाबी गऱ्यो। पीडितकी आमाले ०६५ वैशाख ३१ गते उदयपुर अदालतमा निवेदन दिएकामा ०६५ जेठ ३ गते अदालतले हिरासतमा रहेका विष्णुको मानसिक तथा शारीरिक स्थितिको जाँच गराउन जिल्ला प्रहरी कार्यालयलाई आदेश गऱ्यो। प्रहरीले पीडितको स्वास्थ्य परीक्षण गराई अदालतमा प्रतिवेदन बुझायो। अदालतको आदेशले उनलाई ०६५ जेठ २० गते १५ हजार रुपियाँ धरौटी लिएर तारिखमा रिहा गरियो।

रामपुर गाविस-८ सुपाडेका १८ वर्षीय चन्द्र परियारले एक महिलासँग अनैतिक सम्बन्ध राखेको अभियोगमा ०६५ पुस ३ गते इलाका प्रहरी कार्यालय बेल्टारले गिरफ्तार गरी सोही रात हिरासतमा बुट र लाठीले कुटेर शारीरिक यातना दिई ४ गते रिहा गरेको पीडितले बताए। घटनापछि पीडितले प्रहरीले बिनाकसुर यातना दिएको भन्दै ४ गते घर पुगेर विष सेवन गरी

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | किराँत वकर्स पार्टीबाट | | | युथफोर्सबाट | | | वाईसीएलबाट | | | चुरे भावर एकता पार्टीबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| कुटपिट | | | | १ | १ | १ | १ | १ | १ | १ | ३ | ३ | | | | |
| धम्की | ३ | ८ | ८ | | | | | | | | | | १ | | १ | १ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | १ | १ | | | | | | | | | | | | | |
| अपहरण | | | | | | | ३ | ५ | ५ | | | | १ | १ | | १ |
| जम्मा | ४ | ९ | ९ | १ | १ | १ | ३ | ६ | ६ | १ | ३ | ३ | ३ | १ | १ | ३ |

आत्महत्या गर्ने प्रयास गरे। उक्त विषयमा प्रहरीले भने यातना दिएको कुरा अस्वीकार गऱ्यो। आफूले गल्ती नगरेको कुरा पटक-पटक अनुरोध गर्दा पनि प्रहरीले नसुनी यातना दिएका कारण 'निर्धाका लागि कानुन बनेको रहेनछ' भन्दै दुई पृष्ठ लामो चिट्ठी लेखेर घरमा छाडी मध्यरातमा विष सेवन गरी आत्महत्या गर्ने प्रयास गरेको आफन्तले बताए।

सुनसरी जिल्ला निवासी १७ वर्षीय सन्तोष आचार्य, १८ वर्षीय सविन आचार्य, उदयपुरको त्रियुगा नपा-१ का २० वर्षीय अजय राई, १७ वर्षीय उमेश भुजेल, २० वर्षीय प्रकाश तामाङ, १९ वर्षीय सूर्य खड्का, २० वर्षीय भक्तकुमार राईले लुटपाट गरेको आरोपमा ०६५ असोज २ गते उनीहरूलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानका क्रममा कुटपिट गरी यातना दिएको पीडितले बताए। प्रहरीले भने अनुसन्धानका क्रममा कुनै प्रकारको यातना नदिएको इस्पेक्टर राजेश थापाले बताए। उनीहरूमध्ये १७ वर्षीय सन्तोष आचार्य, १८ वर्षीय सविन आचार्य, उदयपुरको त्रियुगा नपा-१ का २० वर्षीय अजय राईलाई प्रहरीले पाँच दिनपछि रिहा गऱ्यो। अनुसन्धानका क्रममा उनीहरू निर्दोष पाइएकाले तीन जनालाई रिहा गरेको प्रहरीले बतायो। अन्यलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय उदयपुरको हिरासतमा राखियो। रिहा भएकाहरूले प्रहरीले आफूहरूलाई यातना दिएको दावी गरे।

## बालअधिकार

खोटाङ जिल्ला खोटाङ गाविस-२ टेम्वा घर भई उदयपुर जिल्लाको बसहा गाविस-६ हात्तीसारमा बस्दै आएकी ३१ वर्षीया कल्पना राईले ०६५ असार १९ गते नवजात शिशुलाई जन्म दिई हत्या गरेर बाँसको झाङमा फालेको अवस्थामा गाउँलेले जेठ २१ गते दुर्गन्धित भएको शिशुको लास फेला पारी प्रहरीलाई सूचना दिए। पीडकलाई ०६५ जेठ २१ गते प्रहरीले गिरफ्तार गरी अदालतमा पेस गरेकामा अदालतको आदेशले ०६५ साउन ६ गते पुर्पक्षका लागि कारागार शाखा उदयपुरमा राखिएको छ।

रामपुर ठोक्सिला गाविस-९ की सात वर्षीया एक बालिकालाई सोही ठाउँका १७ वर्षीय कृष्ण विकले ०६५ भदौ २२ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०६५ भदौ २३ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिए। विद्यालय हिँडेका कृष्णले घरनजिकै रहेको धारामा नुहाउँदै गरेकी बालिकालाई बलात्कार गरेको पीडितका बुबाले दिएको जाहेरीमा उल्लेख छ। घटनापछि रक्तश्राव हुँदै छोरी घर पुगेपछि ०६५ भदौ २३ गते अभिभावकले पीडकलाई प्रभाकरी मावि पोखरेबाट नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलामा बुझाएकामा हाल पीडकलाई पुर्पक्षका लागि कारागारमा थुनामा राखिएको छ। आफन्तले पीडितको तीन दिनसम्म जिल्ला अस्पताल उदयपुरमा उपचार गराए।

त्रियुगा नपा-१७ की १४ वर्षीया एक बालिकालाई सिराहाको लौकी ठाडी घर भएका अन्दाजी २८ वर्षीय व्यापारी सन्तोष साहसहित दुई जनाले ०६५ वैशाख २१ गते त्रियुगा नपा-१ बाँसबारीबाट जबरजस्ती मोटरसाइकलमा राखी सिराहाको लहान बजारस्थित सपना लजमा लगी बलात्कार गरे। घटनापछि बेहोस बालिकालाई उपचारार्थ लहान अस्पताल लाने क्रममा प्रहरीले पीडकलाई ०६५ वैशाख २२ गते बिहान गिरफ्तार गऱ्यो। पीडकलाई पुर्पक्षका लागि ०६५ जेठ २६ गतेबाट सिराहा कारागारमा थुनामा राखियो। लाहान अस्पतालले पीडक पक्षको दबाबका कारण उपचार गरेको पुर्जी नदिएपछि छोरीको स्वास्थ्य परीक्षण सगरमाथा अञ्चल अस्पताल राजविराजमा गराएको

सुनाउँदै दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्तिका लागि सहयोग गरिदिन आग्रह गरे।

सिन्धुली जिल्लाको ककरु ठाकुर गाविस-८ की १५ वर्षीया एक बालिकालाई ०६४ फागुन ६ गते कटारी गाविस ६ बस्ने १९ वर्षीय बमबहादुर राईले कटारी बजारबाट घरतर्फ फर्कने क्रममा कटारी गाविस-६ स्थित ककरु खोलाको बगरमा बलात्कार गरेको भन्दै इलाका प्रहरी कार्यालय कटारीमा ०६५ फागुन ७ गते जाहेरी दिए। प्रहरीले पीडितको प्राथमिक स्वास्थ्य केन्द्र कटारीमा स्वास्थ्य परीक्षण गराई अनुसन्धान प्रक्रिया पूरा गरी जिल्ला अदालत उदयपुरमा मुद्दा चलाएकामा अदालतले ०६५ वैशाख ६ गते पीडकलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय उदयपुरका नाममा आदेश गर्दै म्याद जारी गरेको थियो। प्रहरीले अभियुक्तको खोजी गरिरहेको जनाए पनि यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन।

*वाईसीएलद्वारा अपहरण गरिएका एमालेका तर्फबाट उदयपुर क्षेत्र नं. १ का संविधानसभा सदस्य उम्मेदवार अशोककुमार राई*

त्रियुगा नपा-९ दमौतीकी तीन वर्षीया बालिकालाई ०६५ भदौ ७ गते सोही ठाउँका ४५ वर्षीय भोटेबुर्जा मगरले बलात्कार गरेको भन्दै पीडकका आफन्तले जिल्ला प्रहरी कार्यालय उदयपुरमा भदौ १० गते जाहेरी दिए। पीडित पक्षको जाहेरीका आधारमा प्रहरीले ०६५ भदौ १२ गते पीडकलाई गिरफ्तार गरी अनुसन्धान सुरु गरेकामा ०६५ असोज ३ गतेको जिल्ला अदालतको आदेशले पीडकलाई हाल पुर्पक्षका लागि जिल्ला कारागार उदयपुरमा थुनामा राखिएको छ। घटना दुर्गम क्षेत्रमा भएकाले पीडितको उपचार समयमा हुन सकेन भने जाहेरीसमेत ढिलो गरी आएको जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसन्धान अधिकृत सई हरिबोल केसीले बताए। पीडितलाई तीन दिनसम्म जिल्ला अस्पतालमा राखी थप उपचारका लागि मानवअधिकारकर्मीहरूको सहयोगमा आमा र बुबाले घर लगेकामा तीन महिनापछि यौनाङ्गमा समस्या देखिएपछि ०६५ कात्तिक २३ गते उपचारका लागि विराटनगर पठाइयो।

भलायाडाँडा गाविस-९ की एक बालिकालाई ०६५ असोज २३ गते राती सोही ठाउँका ४३ वर्षीय गङ्गाबहादुर विकले दुर्व्यवहार गरेको भन्दै जिल्ला प्रहरी कार्यालय उदयपुरमा पीडित पक्षले असोज २७ गते जाहेरी दिए। पीडकले स्थानीय ध्वाँसे बगरमा दुर्व्यवहार गरेको अभियोगसहित पीडित पक्षले जाहेरी दिएपछि प्रहरीले पीडकलाई २८ गते गिरफ्तार गरी अनुसन्धानका लागि ०६५ कात्तिक ३ गते म्याद थप गरी प्रहरी हिरासतमा राखी अनुसन्धान सकेर अदालतमा पेस गरेकामा अदालतको ०६५ कात्तिक २१ गतेको आदेशले हाल पुर्पक्षका लागि कारागार शाखा उदयपुरमा राखिएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बाराहा गाविस-१ पाप्रेकी एक महिलालाई सोही ठाउँका २४ वर्षीय डाकबहादुर कार्कीले घरमा सुतिरहेको मौका छोपी ०६५ कात्तिक २७ गते जबरजस्ती बलात्कार गरेको उल्लेख गर्दै पीडित पक्षले ३० गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिए। प्रहरीले मङ्सिर १ गते पीडकलाई गिरफ्तार गरी अनुसन्धान पूरा गरी अदालतमा बुझाएकामा अदालतले ०६५ मङ्सिर १६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। पीडकलाई हाल कारागार शाखा उदयपुरमा राखिएको छ।

त्रियुगा नपा-११ जलजलेकी ३५ वर्षीया एक महिलालाई ०६५ कात्तिक ४ गते राती सुतिरहेको ठाउँमा सोही ठाउँका २५ वर्षीय विष्णु विकले आफ्नै घरमा जबरजस्ती बलात्कार गरेको भन्दै पीडितले कार्तिक ५ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिइन्। गाईघाट बजारबाट घर जान हिँडेकी पीडित घर पुग्न नसकी पीडकको घरमा बास मागेर बसेको मौका छोपी रातको समयमा आफूलाई जबरजस्ती करणी गरेको पीडितले दिएको जाहेरीमा उल्लेख छ। सोही जाहेरीका आधारमा प्रहरीले विष्णुलाई घरैबाट गिरफ्तार गरी सम्बन्धित अधिकारीबाट म्याद थप गराई जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षणसमेत गराई जिल्ला प्रहरी कार्यालय उदयपुरको हिरासतमा राखी अनुसन्धान सुरु गऱ्यो। अदालतले ०६५ मङ्सिर २ गते ४५ हजार धरौटी माग गरेकामा धरौटी रकम जम्मा गर्न नसकी पीडकलाई हाल पुर्पक्षका लागि थुनामा राखिएको छ।

रामपुर गाविस-६ की २२ वर्षीया बोल्न नसक्ने एक महिलालाई सोही ठाउँका १६ वर्षीय हरिशङ्कर घिमिरे, सोही गाविस-६ का १७ वर्षीय नेत्रप्रसाद फुयाल र १७ वर्षीय अर्जुन बस्नेतले ०६५ असार ७ गते बिहान नजिकैको खेतमा बलात्कार गरे। पीडितले ०६५ असार १० गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिएकोमा प्रहरीले ११ गते उक्त जाहेरी दर्ता गऱ्यो। प्रहरीले सोही दिन आरोपित तीनै जनालाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय पठायो। प्रहरीले ०६५ असार ३० गते जबरजस्ती करणीसम्बन्धी मुद्दा अदालतमा पेस गरेकामा ०६५ असार ३१ गते पीडकहरूबाट जनही ३१ हजार ५ सय रुपियाँ धरौटी लिएर अदालतले तारेखमा छाड्ने आदेश दियो। घटनाको महिला मानवअधिकार रक्षक सञ्जाल र इन्सेकले विज्ञप्ति जारी गरी विरोध जनाए। यो वर्षको अन्त्यसम्मा उक्त मुद्दाको अन्तिम टुङ्गो लागेको छैन।

*चुरेभावर पार्टीका कार्यकर्ताद्वारा कुटपिट गरिएका निर्मल रेग्मी*

रामपुर गाविस-८ की २५ वर्षीया एक महिलालाई सोही ठाउँका २५ वर्षीय अर्जुन तामाङले ०६५ भदौ २३ गते पीडितकै घरमा गई बलात्कार गर्ने प्रयास गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय रामपुरमा घटनाका बारेमा मौखिक रूपमा भदौ २५ गते जानकारी गराइन् । प्रहरीले सोही सूचनाका आधारमा अर्जुनलाई सोही दिन गिरफ्तार गरी अनुसन्धानका लागि भदौ २६ गते जिल्ला प्रहरी कार्यालय उदयपुर पठायो। पीडितले घटनाको विवरण खुलाउँदै सोही दिन जिल्ला प्रहरी कार्यालयमा पीडकलाई कारबाहीको माग गरी जाहेरी दिएकामा प्रहरीले भदौ २८ गते मुद्दा दर्ता गऱ्यो। प्रहरीले अनुसन्धान प्रक्रिया सकी जिल्ला अदालतमा मुद्दा पेस गरेकामा अदालतले ०६५ असोज १० गते २२ हजार ५ सय रुपियाँ धरौटी लिएर पीडकलाई रिहा गर्ने आदेश गऱ्यो। सोही आदेश अनुसार प्रहरीले धरौटी लिएर तारेखमा रिहा गऱ्यो।

*एमालेलाई मत दिएको आरोपमा वाईसीएलद्वारा विस्थापित बनाइएका खेमराज खत्री र डिकबहादुर राउत*

### पारिवारिक हिंसा

कटारी गाविस-८ भुल्कीकी १७ वर्षीय शोभा ठकुरीलाई ०६५ साउन ११ गते पति २३ वर्षीय सुरेश भन्ने सुरेन्द्र राईले परपुरुषसँग बोलेको आरोपमा शारीरिक यातना दिँदै विष सेवन गर्न लगाए। विष सेवन गर्न नमानी भागेकी पीडितलाई लखेट्दै बञ्चरोले प्रहार गरी घाइते बनाए। घटनामा पीडितका बायाँ र दायाँ हातका दुईओटा औंलामा गहिरो चोट लाग्यो। स्थानीय बासिन्दाको सहयोगमा पीडितको प्राथमिक स्वास्थ्य केन्द्र कटारीमा एक दिन उपचार गराई धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा छ दिनसम्म उपचार भयो। कुटपिट र यातनाका कारण बेहोस बेनेकी पीडितको शरीरभरि नीलडाम रहेको र अत्यधिक रक्तश्राव भएको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरूले बताए। पीडितको आग्रहमा दुवै पक्षलाई मिलापत्र गराई प्रहरीले पीडकलाई रिहा गऱ्यो।

सुन्दरपुर गाविस-२ की ३५ वर्षीय मुन्नी खातुनलाई तलाक लिएरको भन्दै पति ४५ वर्षीय महम्मद अख्तर अली २२ वर्षीया सौता सुगिधा खातुन, सोही ठाउँका २० वर्षीय महम्मद सहिम, अन्दाजी ४८ वर्षीया सहिदा खातुन र ५५ वर्षीय महम्मद बसिरले ०६५ जेठ २५ गते सामूहिक रूपमा कुटपिट गरे। प्रहरीले घटनाका पीडकहरूलाई जेठ २६ गते गिरफ्तार गरेकामा सुगिधा खातुन, सहिदा खातुनलाई सोही दिन र महम्मद अख्तर अली, महम्मद सहिम र महम्मद बसिरलाई जेठ २८ गते पीडितको उपचार गरी खान-लाउन दिने सर्तमा मिलापत्र गराई रिहा गऱ्यो। आफन्तको सहयोगमा उपचारका लागि २७ गते जिल्ला अस्पताल भर्ना भएकी पीडित पाँच दिनसम्म उपचार गराई घर फर्केकामा सौताले बस्न नदिएपछि छोरीसँग बस्दै आएकी छन्।

तेह्रथुम जिल्ला घर भई उदयपुरको त्रियुगा नगरपालिका-११ देउरी बस्दै आएकी २५ वर्षीया पवित्रा मिश्रलाई पति ३५ वर्षीय लेखनाथ मिश्रले लामो समयदेखि शारीरिक र मानसिक यातना दिँदै आएकामा ०६५ मङ्सिर ४ गते आफ्नो सबै सम्पत्तिबाट वञ्चित गर्दै ताला-साँचो अर्कैलाई दिएर आफू फरार भए। पीडितका अनुसार, पीडकले अन्य महिलासँगको आफ्नो सम्बन्धको घटना र मोबाइलमा खिचेका गोप्य तस्बिरहरू देखाउँदै त अर्कैसँग जा भनी पटक-पटक कुटपिट गर्ने गरेको पीडितले बताइन्। त्रियुगा नपा-११ देउरीका देवबहादुर कार्कीको घरमा भाडामा बस्दै आएका उनीहरूले सोही घरमा दैनिक उपभोग्य सामग्रीको व्यापार-व्यवसाय गर्दै आएका थिए। पीडितले बेपत्ता पतिको खोजी गरिदिन आग्रह गर्दै जिल्ला प्रहरी कार्यालयमा समेत जाहेरी दिइन्। छिमेकीको धेरै ऋण लिएका कारण ताला-साँचो अर्कैलाई दिएर बेपत्ता पीडकलाई खोजी गर्ने कार्यमा प्रहरी र प्रशासनले चासो नदखाएको पीडितले बताइन्। प्रहरी, प्रशासन, उद्योग वाणिज्य सङ्घ, र मानवअधिकारकर्मीहरूको पहलमा पसलको ताला-साँचो पुस १७ गते पीडितलाई दिलाइयो।

त्रियुगा नपा-१५ वागचौरीकी ३० वर्षीया शान्ता बुढाथोकीलाई ०६४ माघ २२ गते पति बाहिर गएका बेला घरायसी विवादमा सोही ठाउँकी उनकै जेठानी पवित्रा बुढाथोकी, बुहारी गीता बुढाथोकी, जेठाजुकी छोरी विमला बुढाथोकी र दैया बुढाथोकीले पाता कसेर कुटपिट गरी शारीरिक यातना दिए। बहिनी मेनुका राउतले पीडितलाई उदयपुर जिल्ला अस्पताल उदयपुरमा ल्याई पाँच दिनसम्म उपचार गराइन्। यातनाले पीडितको घाँटी र छातीमा भित्री चोट लागेको उपचारमा संलग्न डाक्टरले बताए। प्रहरीले ०६४ फागुन ५ गते दुवै पक्ष र आफन्तलाई राखी छलफलपछि पीडक पक्षले सबै उपचार खर्च बेहोर्ने गरी मिलापत्र गरायो।

*तलाक लिएको भन्दै पतिद्वारा कुटपिट गरिएकी मुन्नी खातुन*

### दुर्व्यवहार

हडियाँ गाविस-८ खैराहाकी २५ वर्षीया नीरा राईलाई सोही ठाउँका २८ वर्षीय ललितबहादुर बुढाथोकीले ०६४ फागुन २५ गते मध्यरातमा भरुवा बन्दुक देखाएर दुर्व्यवहार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिइन्। स्थानीय बासिन्दाले २५ गते पीडकलाई नियन्त्रणमा लिई प्रहरी चौकी हडियाँलाई बुझाए। प्रहरीले जबरजस्ती करणी र हातहतियार खरखजनासम्बन्धी ऐन अनुसार कारबाहीको माग दाबीसहित अदालतमा मुद्दा दायर गऱ्यो। अदालतको ०६४ चैत ८ गतेको आदेशले उनी पुर्पक्षका लागि कारागारमा रहेका छन्। आरोपितले दुर्व्यवहार गरेको अस्वीकार गर्दै निवेदकसँग लेनदेनको विषयमा भनाभन भएको र आफूलाई झुट्टा आरोप लगाइएको दाबी गरे।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार माओवादीबाट

उदयपुर सिमेन्ट उद्योगका मजदुरका माग पूरा नगरी मजदुरका हक अधिकारप्रति उद्योग व्यवस्थापनले बेवास्ता गरेको भन्दै माओवादीनिकट मजदुर सङ्गठन अखिल नेपाल औद्योगिक मजदुर सङ्घले ०६५ पुस ९ गते उद्योगको प्रशासनिक कक्ष र महाप्रबन्धकको कार्यकक्षमा तालाबन्दी गरे। व्यवस्थापनले मजदुरहरूबीच मजदुरका मागको विषयमा छलफल गर्न ०६५ पुस ११ गतेबाट आन्दोलन फिर्ता लिए। उनीहरूको मागका विषयमा वर्षको अन्त्यसम्मै छलफल भएको जनाइयो।

### किराँत जनवादी वर्कस पार्टीबाट

सिद्धिपुर गाविसको वीरेन्द्र बजारनजिक सगरमाथा खच्चड व्यवसायी सङ्घमा आबद्ध व्यवसायीहरूका खोटाङ जिल्लाका व्यापारीहरूका दैनिक उपभोग्य सामान बोकेर जाँदै गरेका ५० ओटा खच्चड ०६५ कात्तिक २८ गते किराँत जनवादी वर्कसका १२ जनाको हतियारधारी समूहले नियन्त्रणमा लियो। जिल्लाका मानव अधिकारकर्मीहरूको पहलमा ०६५ मङ्सिर १ गते बेलुका सइस खच्चडमा सामान बोकाएर लग्ने मानिसहरू र खच्चड बिनासर्त व्यवसायीलाई जिम्मा लगाएको सङ्घका अध्यक्ष केदारकुमार राईले बताए। मागेजति चन्दा नदिएको आरोपमा वर्कस कार्यकर्ताहरूले खच्चड नियन्त्रणमा लिई खच्चड चालक र मालिकहरूलाई मार्ने धम्कीसमेत दिएको पीडितहरूले बताएका छन्।

### विगतको अनुगमन

बाराहा गाविस-८ नगरे निवासी २७ वर्षीय व्यापारी गन्जु शेर्पालाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समूहका कार्यकर्ताले ०६४ मङ्सिर २७ गते सिराहाको लहानबाट अपहरण गरेका थिए। पीडित ०६५ वैशाख ११ गते राती अपहरणकारी तराई जनतान्त्रिक मुक्ति मोर्चा (गोइत)को कब्जाबाट भागेर प्रहरीको सहयोगमा वैशाख १४ गते गृहजिल्ला उदयपुर आए। अपहरणकारीले पीडितसँग रहेको नगद १ लाख ८५ हजार र एउटा डिजिटल क्यामरा लुटेको र यातना दिएका कारण दायाँ हात १५ दिनसम्म नचलेको पीडितले बताए। पीडित सर्लाही जिल्लाको बयलबास ईश्वरपुर गाविस-२ को जङ्गलबाट भाग्न सफल भएका थिए। यसअघि इन्सेक प्रतिनिधिसहित आफन्त र जिल्लाका मानवअधिकारकर्मीले पीडितको खोजी गर्दै अपहरण मुक्त गर्न आग्रह गरेका थिए।

## १.१४ खोटाङ



जनसङ्ख्या : २,४४,४७०
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३९
क्षेत्रफल (वर्ग कि. मि.): १,५९१
गाविस/नपा सङ्ख्या : ७६/०
सरकारी/निजी विद्यालय : ५७१/७
क्याम्पस/उच्च मा.वि. : १/११
अस्पताल/स्वास्थ्य चौकी : १/७१
मानव विकास सूचकाङ्क : ०.४४२
प्रतिपरिवार सरदर सङ्ख्या : ५.५५

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### विस्फोटक पदार्थबाट

सुन्तले गाविस-२ निवासी ३८ वर्षीया शान्ता बञ्जारा घाँस काट्ने क्रममा सुन्तलेस्थित सुनापाताल रिपिटर टावर सुरक्षार्थ सेनाले बिछ्याएर छोडेको विस्फोटक पदार्थ विस्फोट हुँदा ०६४ चैत १० गते घाइते भइन्। पीडितको देब्रे खुट्टाको घुँडामुनिको भाग चुँडिएको थियो। उनको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडितको उपचारमा ०६५ वैशाख १३ गते इन्द्रध्वज गण मुडे ब्यारेक खोटाङले १० हजार र नेपाली सेनाको १८ नम्बर बाहिनी उदयपुरले ५ हजार रुपियाँ सहयोग स्वरूप पीडितलाई उपलब्ध गराएका थिए। पीडित उपचारपछि ०६५ साउन २२ गते घर फर्किन्।

### आफैंले बोकेको बम विस्फोटबाट

निर्मलीडाँडा गाविस-६ निवासी वाईसीएल कार्यकर्ता १८ वर्षीय जीतकुमार राई आफ्नै घरमा आफैंले बोकेको हातेग्रिनेट विस्फोट भई ०६५ वैशाख १ गते घाइते भए। विस्फोटमा परी पीडितको देब्रे हात चुँडिएको थियो भने चिउँडोमा गम्भीर चोट लागेको थियो। उनको जिल्ला अस्पताल खोटाङमा सामान्य उपचारपछि काठमाडौंको शिक्षण अस्पतालमा थप उपचार भयो। माओवादीका जिल्ला इन्चार्ज पासाङले निर्वाचनमा हार स्वीकार नगर्ने राजनीतिक दलले गोलीप्रहार गरेको आरोप लगाए। डीएसपी दीपक थापाले पीडित आफैंले बोकेको विस्फोटक पदार्थ हातेग्रिनेट विस्फोट भई घाइते भएको जनाए।

### जेल र बन्दीहरू

कुल ३० जनाको क्षमता भएको खोटाङ जिल्ला कारागार शाखा 'घ' श्रेणीको हो। हाल यस कारागार शाखामा बन्दी छैनन्। ०६२ असार ५ गते माओवादी आक्रमणका कारण ध्वस्त भएको कारागार पुनःनिर्माण प्रक्रिया सुरु भएकाले बन्दीहरू राख्ने ठाउँको अभावमा बन्दीहरूलाई हवाईजहाजमार्फत मोरङ जिल्लाको विराटनगरस्थित कारागारमा पठाइने गरिएको छ। बन्दीहरूले आफूलाई कानुनी सल्लाहकार र परिवारसँग भेटघाट गर्न असुविधा भएको भन्दै जिल्लास्थित कारागारमा नै राख्न माग गरेका छन्।

### बेपत्ता /अपहरण

#### माओवादीबाट

जलेश्वरी गाविस-१ का मानवहादुर गिरीलाई

सोही गाविसको अध्यक्ष भएको समयमा भ्रष्टाचार गरेको आरोपमा ०६४ फागुन १९ गते बिहान ८ बजे उनकै घरबाट माओवादी एरिया सेक्रेटरी सुदीपले अपहरण गरी बेलुकी ३ बजे सोही गाविस-७ मा पुऱ्याई '५० हजार रुपियाँ भ्रष्टाचार गरेको हुँ, उक्त रकम तिर्छु' भन्ने कागज लेखी जबरजस्ती सही गर्न लगाई सोही दिन मुक्त गरे।

### वाईसीएलबाट

फाक्टाङ गाविस-५ निवासी नेपाली काङ्ग्रेसका क्षेत्रीय सभापति देवीप्रसाद कोइरालाले काङ्ग्रेसलाई भोट मागेको आरोपमा ०६४ चैत २५ गते बिहान ८ बजे उनलाई बालकन्या मावि धर्तुङबाट वाईसीएल कार्यकर्ताहरूले अपहरण गरे। पीडितलाई पाँच घन्टा नियन्त्रणमा राखी सुन्तले गाविसको सुनापातल रिपिटर टावर पुऱ्याई सोही दिन २ बजे काङ्ग्रेसको चुनावी सभामा नजाने र भोट नमाग्ने सर्तमा मुक्त गरेका थिए। कोइराला काङ्ग्रेस क्षेत्र नं. २ का प्रत्यक्ष उम्मेदवार शिवकुमार बस्नेतको चिसापानीमा हुने क्षेत्रीय आमसभामा सहभागी हुन त्यसतर्फ जाँदै थिए।

चिसापानी गाविस-४ निवासी २२ वर्षीय काङ्ग्रेस कार्यकर्ता बाजेन्द्र विष्ट र सोही गाविस-६ का २१ वर्षीय मोहन राईले वाईसीएलका कार्यकर्ताहरूलाई कुटपिट गरेको आरोपमा ०६४ चैत २६ गते दिउँसो १२ बजे चिसापानी-८ बाट वाईसीएलका १२ नं. इन्चार्ज हाङ्दीपलगायतका कार्यकर्ताहरूले अपहरण गरे। आफ्ना कार्यकर्तालाई कुटपिट गरेपछि सोधपुछका लागि काङ्ग्रेसका कार्यकर्तालाई नियन्त्रणमा लिएको हाङ्दीपले बताए। अपहरित दुवै जनालाई काहुले गाविसको सालम्बुबाट सोही राती ८ बजे प्रहरीले मुक्त गराएको थियो। काङ्ग्रेसको ०६४ चैत २५ गते चिसापानीमा भएको क्षेत्रीय चुनावी सभामा गाउँगाउँबाट आएका काङ्ग्रेस कार्यकर्तालाई वाईसीएल कार्यकर्ताहरूले बाटोमा रोकेर फर्काउन थालेपछि उक्त स्थानमा झडप भएको थियो।

सुङ्देल गाविस-९ निवासी एमालेका कार्यकर्ता ३८ वर्षीय धनीराम राई, २९ वर्षीय मणि राई र २१ वर्षीय अर्जुन राईलाई संविधानसभा निर्वाचनमा एमालेको एजेन्ट बसेको आरोपमा ०६४ चैत २८ गते वाईसीएलका कार्यकर्ता अर्जुन राईको नेतृत्वमा रहेको २५ जनाको समूहले सोही गाविसका शङ्कर राईको घरबाट अपहरण गऱ्यो। पीडितलाई प्रहरीले ०६५ वैशाख १ गते सुङ्देल गाविसबाट मुक्त गरायो। एमाले जिल्ला कमिटी खोटाङले ०६४ चैत २९ गते विज्ञप्ति प्रकाशन गरी उक्त घटनाको भर्त्सना गऱ्यो।

### धम्की/कुटपिट

### माओवादीबाट

सुन्तले गाविस-१ निवासी काङ्ग्रेस गाउँ सभापति ३८ वर्षीय शालिकराम बञ्जारालाई काङ्ग्रेसको चुनावी सामग्री बोकेर हिँडेको आरोपमा ०६४ फागुन २६ गते माओवादी कार्यकर्ताको नेतृत्वमा रहेको १५ जनाको समूहले दिप्लुङ गाविसको खुद्रे जङ्गलमा 'अझै काङ्ग्रेसलाई भोट माग्दै हिँड्छस्' भन्दै एक घन्टा नियन्त्रणमा लियो। पीडितलाई आइन्दा काङ्ग्रेसको पोस्टर नबोक्ने र भोट नमाग्ने सर्तमा मुक्त गऱ्यो।

साउनेचौर गाविस-८ निवासी एमाले कार्यकर्ता ३८ वर्षीय त्रिवेणी निरौला, काङ्ग्रेस कार्यकर्ता ३५ वर्षीय हिमालय निरौलासहितका कार्यकर्तालाई आफ्नो घरमा अन्य राजनीतिक पार्टीको पोस्टर टाँसेको र भोट मागेको आरोपमा ०६४ चैत ९ गते माओवादी कार्यकर्ता ताराकान्त राईसहितको समूहले गाउँमा बस्न नदिने धम्की दियो। उनीहरूले प्रत्येक घरमा गई सोही दिन अन्य दलका पोस्टर च्यातेर माओवादीका पोस्टर टाँसी माइकबाट प्रचारप्रसार गर्दै माओवादी नीतिविपरीत कार्य गरेमा चुनावपछि गाउँमा बस्न नदिने धम्की दिएका थिए। उक्त घटनाको विरोध गर्दै काङ्ग्रेस खोटाङले ०६४ चैत ११ गते विज्ञप्ति प्रकाशित गरी निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दर्ता गरे पनि जिल्ला निर्वाचन कार्यालयले कारबाही गरेन।

सुन्तले गाविस-१ निवासी काङ्ग्रेस कार्यकर्ताहरू ३८ वर्षीय शालिकराम बञ्जारा, ४० वर्षीय भोला परियार, ४० वर्षीय तीर्थ बञ्जारा, ४१ वर्षीय नरमणि बञ्जारालाई काङ्ग्रेसलाई भोट मागेको आरोपमा तथा रिलेक नेपाल सुन्तले-१ का सचिव ३१ वर्षीय फडिराज तिम्सिनालाई गाउँको सूचना सम्प्रेषण गरेको आरोपमा ०६४ चैत १० गते माओवादी सुन्तले सेक्रेटरी राजेन्द्र राई र मगर मुक्ति मोर्चाका जिल्ला अध्यक्ष युवराज मगरले सोही गाविसको कार्यालयमा तीन घन्टा नियन्त्रणमा राखे। पीडितलाई चुनावको प्रचारप्रसार नगर्ने र टेलिफोनबाट कसैलाई सम्पर्क नगर्ने सर्तमा मुक्त गरेका थिए। माओवादीले काङ्ग्रेस, एमाले र अन्य राजनीतिक दल तथा समर्थकको घरमा गाडेको झन्डा तथा पोस्टरसमेत च्यातेर गाउँमा गस्ती गर्ने, घटनाका बारेमा कतै सूचना सम्प्रेषण गरे जुनसुकै बेला मार्ने धम्की दिएका थिए। माओवादी जिल्ला सदस्य

मुक्तिले पार्टीको नीति त्यस्तो नभएको र व्यक्तिगत रिसइवीका कारण त्यस्तो भएको भए छानबिन गर्ने बताए पनि पीडकमाथि कुनै कारबाही भएन।

खार्पा गाविस-५ निवासी काङ्ग्रेस खोटाङ क्षेत्र नं. १ प्रत्यक्षतर्फका उम्मेदवार सुवासकुमार पोखरेललाई ०६४ चैत १३ गते राखाबाङ्देल गाविसमा चुनावी सभा सञ्चालन गर्दा कार्यक्रम स्थलमै प्रवेश गरी माओवादीका राखाबाङ्देल गाविस गाउँ पार्टी इन्चार्ज श्रीबहादुर राईले 'काङ्ग्रेस कार्यकर्तालाई वाईसीएलबाट जोगाउन सक्छौ ? सक्तैनौ भने राजनीति नगर' भन्दै धम्की दिए। उनले सङ्गठन विस्तार गरेमा काङ्ग्रेस कार्यकर्तालाई सहज रूपले गाउँमा बस्न वाईसीएलको अनुमति चाहिने भन्दै धम्की दिएका थिए।

दिक्तेल गाविस-४ निवासी एमाले कार्यकर्ता ३८ वर्षीय रामप्रसाद आचार्यलाई एमालेलाई भोट मागेको आरोपमा ०६४ चैत २७ गते बेलुकी ८ बजे पीडितको घरमै गई माओवादी गाउँ सेक्रेटरी झुमप्रसाद आचार्यले मार्ने धम्की दिए। एमाले जिल्ला कमिटी खोटाङले ०६४ चैत २९ गते विज्ञप्ति प्रकाशित गरी उक्त घटनाको भर्त्सना गऱ्यो।

### वाईसीएलबाट

ज्यामिरे गाविस-१ निवासी १९ वर्षीय विमल राईलाई नेकपा (एकीकृत)का निर्वाचन क्षेत्र नं. १ का प्रत्यक्षतर्फका उम्मेदवार टङ्क राईको चुनावी सभामा प्रचारप्रसार गरेको आरोपमा ०६४ चैत ४ गते वाईसीएलका एरिया इन्चार्ज दीपक राईको नेतृत्वमा रहेको टोलीले शिशु मावि रिब्दुङमा कुटपिट गऱ्यो। वाईसीएलको पोसाक लगाई हातमा लाठी बोकेर आएको उक्त समूहले 'निषेधित क्षेत्रमा किन खबर नगरी आयौ ?' भन्दै माइक खोसेर नियन्त्रणमा लिएको थियो। पीडित सोही दिन एक घन्टापछि मुक्त भए।

बाकाचोल गाविस-४ निवासी काङ्ग्रेस कार्यकर्ता ३९ वर्षीय भक्तबहादुर पुरीलाई ०६४ चैत ३० गते वाईसीएल कार्यकर्ता पासाङ भनिने (पास्तेम्बा शेर्पा)ले ऐसेलुखर्कस्थित शनिबारे हटियामा नियन्त्रणमा लिई कुटपिट गरे। पीडितलाई माओवादीको इलाका कार्यालय ऐसेलुखर्कमा पुऱ्याई बाँसको लाठी र मुक्काले कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट पीडितको शरीरमा नीलडाम लागेको थियो। पीडितको ऐसेलुखर्कस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भएको थियो। पीडकलाई कानुनी कारबाहीको माग गर्दै काङ्ग्रेस खोटाङले ०६५ वैशाख ३ गते विज्ञप्ति प्रकाशित गऱ्यो। पीडकले पीडितसँग खुट्टा ढोगेर माफी मागेपछि ०६५ वैशाख ६ गते प्रहरीले मिलापत्र गराएको डीएसपी दीपक थापाले बताए।

साउनेचौर गाविस-८ निवासी सोही गाविसस्थित उपस्वास्थ्य चौकीका अहेव ३८ वर्षीय हिमाल पौडेललाई मतदाता नामावलीमा नाम समावेश नगरिदिएको आरोपमा ०६५ वैशाख ३ गते वाईसीएल कार्यकर्ता हिमाल राई र सुनील राईले उपस्वास्थ्य चौकीमा नै कुटपिट गरी दुर्व्यवहार गरे। कुटपिटबाट सामान्य घाइते पौडेलको सोही उपस्वास्थ्य चौकीमा उपचार गरियो भने पीडकहरूमाथि कुनै कारबाही भएन।

बडकादियाले गाविस-३ स्थित थामखर्क विमानस्थलमा गस्ती गरिरहेका इलाका प्रहरी कार्यालय खोटाङका असई श्रीनारायण विश्वकर्मा, प्रहरी हवल्दार डम्बरबहादुर बस्नेत र प्रहरी जवान कुमार तामाङलाई ०६५ जेठ २८ गते वाईसीएल कार्यकर्ताहरू वाप्लुखा गाविस-१ का गौकुमार राई, सोही ठाउँका मन्त्री भन्ने लोकप्रसाद राई, उमेशकुमार राई, सावाकटहरे गाविस-६ का प्रभुराम राई, पुरुषोत्तम राई, लिकुवापोखरी गाविस-७ का खम्बशेर राई र विकास राईको नेतृत्वमा आएको करिब ४० जनाको समूहले कुटपिट गऱ्यो। किराँतीहरूको चाड साकेला मेलाको सुरक्षाका लागि खटिएको उक्त प्रहरी टोलीमाथि आक्रमण गरी घाइतेहरूलाई नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी ०६५ जेठ २९ गते कोसी अञ्चल अस्पताल विराटनगरमा उपचारका लागि भर्ना गरिएको थियो। पीडितहरूलाई आक्रमण गरी वाईसीएल कार्यकर्ताहरूले हतियारसमेत लुटेर लगेका थिए। वाईसीएल कार्यकर्ताहरूले प्रहरीको एक थान थ्री नट थ्री राइफल र त्यसको ५० राउन्ड गोली लुटेर लगेका थिए। प्रहरीको उक्त हतियार दुई दिनपछि सावाकटहरे गाविसको जङ्गलमा फेला पारेको थियो। पीडकमध्येका १५-२० जनाको समूहलाई माओवादी खोटाङका जिल्ला सदस्य मुक्ति र किराँत राज्य समिति खोटाङका जिल्ला इन्चार्ज पृथ्वीले इलाका प्रहरी कार्यालय खोटाङका इन्सपेक्टर देवी फागो र जिल्ला प्रहरी कार्यालय दिक्तेलका डीएसपी दीपक थापासमक्ष ल्याई लुटिएका हतियार फिर्ता गर्ने, पीडकलाई कानुनी कारबाही नगर्ने र आइन्दा त्यस्ता घटना नदोहोऱ्याउने, प्रहरीले सञ्चालन गरेको सर्च कारबाही तत्काल फिर्ता गर्ने लिखित सहमतिमा ०६५ वैशाख ३ गते मिलापत्र गराएको डीएसपी थापाले बताए।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा |
| हत्या | ७ | ४ | ३ | | ७ | | | | | | | | |
| घाइते | १ | १ | | | १ | | | | १ | | १ | | १ |
| गिरफ्तारी/यातना | | | | | | | | | ३ | ८ | ३ | | ११ |
| कुटपिट | ११ | १८ | ४ | २ | २४ | | | | ४ | ५ | | | ५ |
| धम्की | १३ | १९ | | ८ | २७ | ५ | १० | १० | | | | | |
| भेला/संगठित हुने अधिकार | ३ | ६ | २ | | ८ | १ | १० | १० | २ | ७ | १ | २६ | ३४ |
| जातीय विभेद | १ | | १ | | १ | | | | | | | | |
| महिलाअधिकार | ७ | | ७ | | ७ | | | | | | | | |
| बालअधिकार | ४ | १ | २ | १ | ४ | | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | २ | | | २ | २ | २ | २ | | | | | |
| अपहरण | ३ | ६ | | | ६ | १ | १ | १ | | | | | |
| जम्मा | ५० | ५६ | १९ | ११ | ८६ | ९ | ३३ | ३३ | १० | ३० | ५ | २६ | ५१ |

## नेपाली काङ्ग्रेसबाट

याम्खा गाविस-५ निवासी माओवादीका गाउँ सेक्रेटरी राजेन्द्र राई, भानुभक्त पराजुली र नारायणप्रसाद पराजुलीलाई काङ्ग्रेसको याम्खा गाविसमा भएको चुनावी सभा बिथोलेको आरोपमा ०६४ चैत १२ गते काङ्ग्रेसका कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिटबाट राजेन्द्र राईलाई सामान्य चोट लागेको थियो। माओवादी कार्यकर्ताले मादक पदार्थ सेवन गरी काङ्ग्रेसको चुनावी सभामा अनावश्यक प्रश्न सोधी कार्यक्रम बिथोल्ने प्रयास गरेपछि कार्यकर्ताबीचमा सामान्य विवाद भएको र विवाद सुल्झ्याउने क्रममा झडप भएको डीएसपी दीपक थापाले बताए।

डम्बर्खु शिवालय गाविसका वाईसीएल कार्यकर्ताहरू १९ वर्षीय अरुण राई, चिसापानी गाविस-४ का १८ वर्षीय राजन तामाङ, २० वर्षीय तीर्थ खड्का र १७ वर्षीय सन्तोष विश्वकर्मालाई चिसापानी गाविस-४ स्थित खुटाबगैँचामा काङ्ग्रेस कार्यकर्ताहरूलाई चुनावी सभामा आउन नदिई बाटैबाट फर्काइदिएको आरोपमा ०६४ चैत २५ गते काङ्ग्रेसका कार्यकर्ता बाजेन्द्र विष्ट, मोहन राई, तोया कोइरालासहितका कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिटबाट अरुण राईको हात भाँचिएको थियो भने अन्य तीन जना सामान्य घाइते भएका थिए। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र चिसापानीमा सामान्य उपचार भयो। पीडितको उपचारको माग गर्दै वाईसीएलका कार्यकर्ताहरूले काङ्ग्रेस क्षेत्र नं. २ का उम्मेदवार शिवकुमार बस्नेतलाई घेराउ गरे। काङ्ग्रेसका कार्यकर्ताले वाईसीएलको एक झोला र एक खुकुरी खोसेर ०६४ चैत २५ गते प्रहरी चौकी चिसापानीमा बुझाएको इन्स्पेक्टर दिनेशराज अर्यालले बताए। माओवादी र काङ्ग्रेसबीच ०६४ चैत २६ गते प्रहरी चौकी चिसापानीमा भएको सामूहिक छलफलमा झडपमा घाइते भएका वाईसीएल कार्यकर्तालाई उपचार खर्चबापत काङ्ग्रेस उम्मेदवारले ६ हजार रुपियाँ दिने लिखित सर्तमा मिलापत्र भएको थियो।

## डिफेन्स आर्मीबाट

बाँझेच्यानडाँडा गाविस-७ निवासी काङ्ग्रेसका कार्यकर्ता आदिवासी जनजाति महासङ्घका केन्द्रीय सदस्य ३८ वर्षीय ज्ञानबहादुर राईलाई ०६४ पुस १७ गते डिफेन्स आर्मीको सशस्त्र समूहले कुटपिट गरी घाइते बनायो। पीडितलाई सोही गाविसको गाउँ परिषद्मा सहभागी भई घर फर्कने क्रममा नकाब लगाएका करिब आठ/नौ जनाको सशस्त्र समूहले सोही गाविसको वडा नं. ४ स्थित नीरकुमार कटुवालको घरबाट अपहरण गरी हातखुट्टा बाँधेर नजिकैको जङ्गलमा पुऱ्याई कुटपिट गरेको थियो। कुटपिटबाट पीडितका दाहिने हातखुट्टा भाँचिएका थिए। उनको जिल्ला अस्पताल खोटाङमा सामान्य उपचारपछि धरानस्थित घोपाक्याम्पमा थप उपचार भयो। उपचारपश्चात् पीडित ०६४ फागुन १३ गते घर फर्किए। पीडकको पहिचान हुन नसके पनि पीडकले

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | नेपाल डिफेन्स आर्मीबाट | | | किराँत वर्कस पार्टीबाट | | | | | वाईसीएलबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| घाइते | | | | | | | | | १ | १ | | १ |
| कुटपिट | १ | १ | १ | ३ | ३ | १ | ३ | ५ | ५ | ८ | ३ | १० |
| धम्की | | | | १० | १६ | | | १६ | १ | ३ | | ३ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | | ३ | ६ | ३ | ८ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | | | | | १ | १ | | १ |
| अपहरण | | | | | | | | | ३ | ६ | | ६ |
| जम्मा | १ | १ | १ | १३ | १८ | १ | ३ | ३१ | १४ | २४ | ४ | २८ |

हामी डिफेन्स आर्मी हौं भन्दै हिँडेका थिए। पीडकको हालसम्म पहिचान हुन नसकेको जिल्ला प्रहरी कार्यालय खोटाडले जनायो।

## किराँत जनवादी वर्कस पार्टीबाट

लिकुवापोखरी गाविस, डम्बर्खु शिवालय गाविस, काहुले गाविस र बोपुङ गाविस सचिवहरूलाई ०६४ माघ ५ गते किराँत जनवादी वर्कस पार्टीका केन्द्रीय सेक्रेटरी नुछ्याहाङ किराँतीले प्रत्येक गाविसहरूले प्रतिगाविस २ लाख रुपियाँका दरले चन्दा नदिए भौतिक कारबाही गर्ने लिखित धम्की दिए। वर्कसको धम्कीका कारण करिब १५ दिन ती गाविसका सचिवहरू विस्थापित भएका थिए ।

देवीस्थान गाविस- ४ निवासी ३४ वर्षीय पदम महतलाई पार्टीविरुद्ध सुराकी गरेको आरोपमा ०६५ जेठ १९ गते बिहान ७ बजे किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको ढाड, तिघ्रा र पाखुरामा नीलडाम लागेको थियो। पीडितको उपस्वास्थ्य चौकी देवीस्थानमा उपचार भएको थियो। पीडितले उजुरी गरेनन्।

खोटाङबजार गाविस-३ निवासी ३८ वर्षीय शिवप्रसाद फुँयाललाई ०६५ जेठ २८ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले खच्चडबाट सामान ढुवानी गराउने हो भने बिनासर्त २ लाख रुपियाँ चन्दा दिनुपर्ने माग गरे। पीडकले उक्त रकम पार्टीलाई नबुझाए भौतिक कारबाही गर्ने लिखित धम्की दिएको पीडितले बताए। उदयपुर जिल्लाको बेल्टारबाट खच्चडले सामान ढुवानी गर्दा देवीस्थान गाविसमा खच्चड रोकी वर्कसका कार्यकर्ताहरूले तीन कार्टुन वाईवाई चाउचाउ ०६५ जेठ २८ गते लुटेर लगेका थिए।

डम्बर्खु शिवालय गाविस-१ का ४३ वर्षीय यामकुमार राईलाई चन्दा नदिएको आरोपमा ०६५ असार ६ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ता मङ्गल राई, कुमार राई, रवीन राईसहित १२ जनाको सशस्त्र समूहले कुटपिट गऱ्यो। पीडितलाई उक्त समूहले एक साताभित्रमा चन्दा दिन माग गरेको तर आफूले चन्दा दिन नसक्ने बताएपछि सात घन्टा नियन्त्रणमा लिई कन्चटमा पेस्तोल तेस्याई एक साताभित्रमा ६ लाख रुपियाँ चन्दा दिन्छु भन्ने कागज लेखी जबरजस्ती सही गराएको पीडितले बताए। कुटपिटबाट पीडितको शरीरमा नीलडाम र चोट लागेको थियो। पीडित ०६५ असार १३ गते गाउँ छोडी विस्थापित भई काठमाडौँमा बस्दै आएका छन्।

सुनसरी जिल्ला घर भई जिल्ला शिक्षा कार्यालय खोटाङका निमित्त जिल्ला शिक्षा अधिकारी चूडामणि फुँयाल, नायबसुब्वा कटकबहादुर खत्री, नयाँवर्ण राई र रमेश मैनालीले जिल्ला शिक्षा कार्यालयमा भ्रष्टाचार गरेको आरोपमा ०६५ असोज १५ गते वर्कसका कार्यकर्ताले पत्र लेखी १५ लाख रुपियाँ चन्दा माग गरे। वर्कसले १५ दिनभित्रमा उक्त रकम पार्टीलाई नबुझाए जुनसुकै बेला भौतिक सफाया गर्ने धम्की दिएका थिए। वर्कस कार्यकर्ताले चन्दा नदिएको भन्दै फोन गरी पटक-पटक मार्ने धम्की दिएको भन्दै ०६५ कात्तिक २० गते पीडितहरूले प्रशासनसमक्ष मौखिक जानकारी दिएका थिए।

चिसापानी गाविस-८ निवासी चिसापानी उच्च मावि केन्द्रका श्रोतव्यक्ति ४२ वर्षीय रेवतीप्रसाद

कोइरालालाई ०६५ असोज १८ गते वर्कसका कार्यकर्ताहरूले पत्र पठाई ३ लाख रुपियाँ चन्दा माग गरे। पीडितले चन्दा दिन नसक्ने बताएपछि वर्कस कार्यकर्ताले भौतिक कारबाही गर्ने धम्की दिए। पीडित ०६५ असोज १८ गतेदेखि विस्थापित भई विराटनगर बस्दै आएका छन्। धम्कीका बारेमा चिसापानी गाविसस्थित प्रहरी चौकीसमक्ष जानकारी गराँउदा प्रहरीले बेवास्ता गरेका कारण विस्थापित बन्नु परेको पीडितले बताए।

खाल्ले गाविस-८ निवासी जिल्ला शिक्षा कार्यालय खोटाङका नायव सुब्बा ४५ वर्षीय कटकबहादुर खत्रीलाई जिल्ला शिक्षा कार्यालयमा भ्रष्टाचार गरेको र वर्कस पार्टीलाई चन्दा नदिएको आरोपमा ०६५ कात्तिक २२ गते वर्कसको जिल्ला सचिव बताउने रमेश किराँतीले टेलिफोन गरी भौतिक कारबाही गर्ने धम्की दिए। वर्कस कार्यकर्ताले पीडितलाई ०६५ असोज १५ गते पत्र पठाई ०६५ कात्तिक २१ गतेसम्ममा १५ लाख रुपियाँ चन्दा दिन माग गरेका थिए। पीडितले जीवनरक्षाका लागि पहल गर्न माग गर्दै स्थानीय प्रशासन र स्थानीय मानवअधिकार संस्थासँग ०६५ कात्तिक २२ गते मौखिक अनुरोध गरे।

डम्बर्खु शिवालय गाविस-१ का ८४ वर्षीय डिकबहादुर राई, यामकुमार राईलगायत उनका परिवारका अन्य चार जना सदस्यलाई चन्दा नदिएको आरोपमा ०६५ कात्तिक २६ गते राती १० बजे टेलिफोन गरी वर्कसका केन्द्रीय महासचिव बताउने प्रकाश र आकाशले चन्दा नदिए दुई दिनभित्रमा मार्ने धम्की दिए। पीडितलाई वर्कस कार्यकर्ताहरूले ०६५ असार ६ गते ६ लाख रुपियाँ चन्दा माग गर्दा चन्दा दिन नसक्ने बताएपछि ०६५ असार ७ गते कुटपिट गरेका थिए। उनलाई वर्कस कार्यकर्ताहरूले ०६५ असार १३ गते विस्थापित गराएका थिए। विस्थापित भएका पीडित काठमाडौँको बौद्धमा बसोबास गर्दै आएका छन्। पीडितले जीवनरक्षाका लागि स्थानीय प्रशासनसमक्ष लिखित उजुरी गरे पनि प्रशासनले सुरक्षा नदिएको बताए।

मातिम गाविस-४ निवासी सोही गाविसका सचिव २५ वर्षीय मणिराम ढकाललाई ०६५ मङ्सिर ९ गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले पत्र पठाई चन्दा नदिए भौतिक कारबाही गर्ने धम्की दिए। वर्कसका जिल्ला सेक्रेटरी आविष्कार किराँतीद्वारा हस्ताक्षरित उक्त पत्रमा मङ्सिर १५ गतेभित्रमा ३ लाख रुपियाँ वर्कसलाई नबुझाए भौतिक कारबाही गर्ने धम्की थियो। पीडित सुरक्षाको माग गर्दै ०६५ मङ्सिर १० गते जिल्ला सदरमुकाम दिक्तेल पुगेका थिए।

विराटनगर उमनपा-४ स्थायी घर भई जिल्ला वन कार्यालय खोटाङका वन अधिकृत विष्णुलाल घिमिरेलाई किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले ०६५ मङ्सिर २९ गते पत्र पठाई २ लाख रुपियाँ चन्दा माग गरे। वर्कसले चन्दा नदिए पीडितलाई भौतिक कारबाही गर्ने धम्कीसहितको पत्र दिएको थियो। वर्कसका केन्द्रीय अर्थ विभाग प्रमुख हाङ्छा किराँतीद्वारा हस्ताक्षरित उक्त पत्रमा जातीय हिन्दुवादी-ब्राह्मणवादी एकात्मक सामन्ती राज्य व्यवस्थाको समूल अन्त्यका लागि वर्कसलाई चन्दा दिनुपर्ने र चन्दा नदिएमा सामन्ती तानाशाही साम्राज्यवादीको कित्तामा राखी भौतिक कारबाही गर्ने धम्की दिए। पीडितले सुरक्षाको माग गर्दै स्थानीय प्रशासनमा जानकारी गराएको बताए।

## अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

### राजनीतिक स्वतन्त्रता/स्वतन्त्र र निष्पक्ष चुनाव समेत

जनमोर्चा नेपालका निर्वाचन क्षेत्र नं. १ का पहुजि अन्तर्गतका उम्मेदवार बुइपा गाविस-२ का ४१ वर्षीय अम्बर राईले बडहरे गाविसमा आयोजित चुनावी सभामा भाषण गर्दा माओवादीको विरोध गरेको आरोपमा ०६४ चैत ७ गते माओवादीका जिल्ला सदस्य सागरको नेतृत्वमा रहेको समूहले कार्यक्रम बिथोलिदियो। वाईसीएलको ड्रेसमा आएका करिब ५०/६० जनाको समूहले माओवादीको विरोधमा कसले बोल्न लगायो भन्दै उम्मेदवार राईले बोलिरहेका बेला झण्डा र माइक खोसी आक्रमण प्रयास गरेका थियो। माओवादी जिल्ला सदस्य मुक्तिले माओवादी कार्यकर्ता टीका बस्नेतलाई जनमोर्चाका कार्यकर्ताहरूले जबरजस्ती पार्टी प्रवेश

*प्रहरीद्वारा कुटपिट गरी घाइते भएका मिलन जर्दी, रवीन देउला र लभकुमार चौधरी*

गराउन लागेपछि घटना भएको बताए।

सावाकटहरे गाविस-७ निवासी एमाले गाउँ कमिटी सचिव ४८ वर्षीय गणेशप्रसाद दाहाल, काङ्ग्रेस गाउँ सभापति ४७ वर्षीय जीवनाथ दाहाल, सोही ठाउँका एमालेका अन्य कार्यकर्ता ३८ वर्षीया वीना पोखरेल, ३९ वर्षीय कर्णबहादुर खड्का, ३५ वर्षीय तस्विर राईले अन्य राजनीतिक पार्टीलाई भोट मागेको आरोपमा ०६४ चैत ८ गते वाईसीएलका कार्यकर्ता माधव कोइरालाको नेतृत्वमा आएको समूहले उनीहरूको घरमा जोडिएको बिजुलीको लाइन काटिदियो। आफूले काङ्ग्रेस र एमालेलाई भोट मागेको आरोपमा घरको बिजुलीको लाइन काटिदिएको पीडितहरूले बताए। माओवादी जिल्ला सदस्य मुक्तिले पार्टीको नीतिविपरीत कार्यकर्ताहरूले गल्ती गरेकाले तत्काल बिजुली लाइन जोड्न निर्देशन दिएको बताए।

रतन्छा गाविस-८ निवासी नेकपा (एकीकृत)का खोटाङ क्षेत्र नं. २ का प्रत्यक्षतर्फका उम्मेदवार ३८ वर्षीय सनबहादुर राई र साउनेचौर गाविस-८ निवासी एकीकृतकी समानुपातिक उम्मेदवार पार्वती राईले निर्वाचन क्षेत्र नं. २ अन्तर्गत लिकुवापोखरी गाविसमा सम्बोधन गर्ने चुनावी सभामा पुग्नासाथ बाँसका लाठी बोकेर आएका वाईसीएल कार्यकर्ताले 'निषेधित इलाकामा किन आयौ ?' भन्दै ०६४ चैत १० गते अवरोध पुऱ्याए। वाईसीएलका कार्यकर्ताले समानुपातिक उम्मेदवार पार्वती राई र एकीकृतका कार्यकर्ता रतन्छा-९ निवासी २१ वर्षीय चन्द्र राई र सोही ठाउँका युवराज राईलाई कुटपिट गरे। माओवादी ज्यादतीका कारण उक्त स्थानमा चुनावी सभा गर्न नसकेको एकीकृतका उम्मेदवार सनबहादुर राईले बताए।

निर्वाचन क्षेत्र नं. २ का काङ्ग्रेसका पहुजि उम्मेदवार शिवकुमार बस्नेतको डाँडागाउँ गाविसको चुनावी सभालाई माओवादी कार्यकर्तालाई काङ्ग्रेस कार्यकर्ताले कुटपिट गरेको आरोपमा किराँत राज्य समिति खोटाङका अध्यक्ष पृथ्वीको नेतृत्वमा रहेको करिब १ सय जना वाईसीएल कार्यकर्ताहरूको समूहले ०६४ चैत ११ गते कब्जा गऱ्यो।

खार्मी गाविस-३ निवासी ४५ वर्षीय राष्ट्रिय प्रजातन्त्र पार्टीका निर्वाचन क्षेत्र नं. १ का पहुजितर्फका उम्मेदवार मोतीचन्द्र राईको चुनाव प्रसारका निम्ति आउँदै गरेका राप्रपाका कार्यकर्ता ३८ वर्षीय सागर राईसहितका १० जना कार्यकर्ताबाट ०६४ चैत १३ गते च्यास्मिटार गाविसको जङ्गलमा माओवादी कार्यकर्ताहरूले राजावाादीको आरोपमा चुनाव प्रसार सामग्री खोसे। राप्रपा खोटाङले ०६४ चैत १६ गते विज्ञप्ति प्रकाशित गरी नागरिक तथा राजनीतिक अधिकारको सम्मान गर्न तथा स्वतन्त्र रूपले आवत-जावतमा रोक नलगाउन माग गरेको थियो। माओवादीका जिल्ला सदस्य मुक्तिले आफ्नो पार्टीले त्यस्तो कार्य नगरेको जनाए।

समाचार सङ्कलनका क्रममा गाडीमा यात्रा गरिरहेका *रडियो नेपाल*का खोटाङ संवाददाता दिक्तेल गाविस-९ निवासी २३ वर्षीया अरुणा दाहाल, दिक्तेल गाविस-४ निवासी *इमेज टेलिभिजन* एवम् *अन्नपूर्ण पोस्ट*का संवाददाता २८ वर्षीय रत्नप्रसाद आचार्य, *एभिन्युज*का संवाददाता २१ वर्षीय हरिबोल आचार्य र *रेडियो रूपाकोट*का संवाददाता २१ वर्षीय इन्द्रप्रसाद आचार्यलाई ०६५ वैशाख २१ गते बाँझेच्यानडाँडा गाविस-१ को सेखुवा सडक खण्डमा ग्रामीण पहुँच कार्यक्रमका टिम लिडर दशरथ मोक्तान, इन्द्रध्वज गण मुडे ब्यारेक खोटाङका कर्णेल सुनील श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय खोटाङका सई राजेन्द्र थापा, माओवादीका दिक्तेल गाविस सेक्रेटरी रामकुमार राईसहितको समूहले अपशब्द प्रयोग गर्दै दुर्व्यवहार गऱ्यो। पीडितलाई गाडीबाट जबरजस्ती ओरालेर समाचार सङ्कलनमा अवरोध पुऱ्याएको पीडित रत्नप्रसाद आचार्यले बताए। नेपाल पत्रकार महासङ्घ खोटाङले वैशाख २२ गते प्रेस विज्ञप्ति जारी गरी समाचार सङ्कलन गरिरहेका सञ्चारकर्मीलाई समाचार सङ्कलनमा अवरोध पुऱ्याई दुर्व्यवहार गरेको घटनाको भर्त्सना गऱ्यो। डीएफआईडी र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण कार्य सम्पन्न दिक्तेल-च्यानडाँडा मोटर बाटो उद्घाटन कार्यक्रमको स्थलगत रिपोर्टिङका क्रममा पत्रकारको टोली त्यसतर्फ गएको थियो। ०६५ वैशाख २४ गते ग्रामीण पहुँच कार्यक्रमका टिम लिडर दशरथ मोक्तानले प्रेस विज्ञप्ति प्रकाशित गरी पत्रकारउपर भएको दुर्व्यवहारको घटनाप्रति क्षमायाचना गर्दै आगामी दिनमा त्यस्ता घटना हुन

*वाईसीएलद्वारा कुटपिट गरिएका प्रहरी जवान कुमार ताङ र हवल्दार डम्बरबहादुर बस्नेत*

नदिने प्रतिबद्धता जनाए।

लोकसेवा आयोगद्वारा ०६५ भदौ ३० गते सञ्चालन गर्ने भनिएको अहेबको परीक्षा स्थगित गरिएपछि उक्त परीक्षाको मिति घोषणाको माग गर्दै आन्दोलन गरिरहेका सरस्वती मावि केन्द्रका परीक्षार्थीमाथि प्रहरीले हस्तक्षेप गरी अन्धाधुन्ध लाठीचार्ज गर्दा ३० जनाभन्दा बढी परीक्षार्थी घाइते भए। घाइते हुनेहरूमा दमक-१३ झापाका सुजन खरेल, शिवगन्ज-८ झापाका कपुर चापागाईं, सप्तरी जिल्लाका दुर्गाप्रसाद यादव, सुरेन्द्र मण्डल, कुन्दनकुमार मण्डल, सुरेन्द्र यादव, नारायण यादव, रामकुमार मेहता, लवकुमार चौधरी, दिनेश पण्डित, हडियाँ गाविस-५ उदयपुरकी सङ्गीता बस्नेत, इनरुवा नपा सुनसरीका दीपेन्द्रकुमार मेहतालगायतका परीक्षार्थी थिए। परीक्षार्थीहरू लोकसेवा आयोगले तत्काल परीक्षाको मिति घोषणा गर्नुपर्ने, क्षतिपूर्ति दिनुपर्ने माग गर्दै परीक्षा केन्द्रमा घेरा हाली नाराजुलुस गरिरहेका थिए। डीएसपी दीपक थापाले आन्दोलनकारीले कार्यालयमा आगजनी गर्ने प्रयास गरेका कारण लाठीचार्ज गर्नु परेको बताए। पीडित जिल्ला अस्पताल खोटाङमा उपचारपछि सोही दिन घर फर्के।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत खोटाङमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २७ थानमध्ये यस वर्ष २२ थान फर्स्यौट भई पाँच थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३१ थानमध्ये ११ थान फर्स्यौट भई २० थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ५८ थानमध्ये ३३ थान फर्स्यौट भई २५ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १९ थान मुद्दामध्ये यस वर्ष १३ थान फर्स्यौट भई सात थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १२ थानमध्ये दुई थान फर्स्यौट भई १० थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ३१ थानमध्ये १४ थान फर्स्यौट भई १७ थान मुद्दा बाँकी रहे।

*डिफेन्स आर्मीद्वारा कुटपिट गरिएका ज्ञानबहादुर राई*

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३६ थान मुद्दामध्ये यस वर्ष २४ थान फर्स्यौट भई १२ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा २५ थानमध्ये तीन थान फर्स्यौट भई २२ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ६१ थानमध्ये यस वर्ष २७ थान मुद्दा फर्स्यौट भई ३४ थान बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ सय ५० थानमध्ये ७४ थान मुद्दा फर्स्यौट भई ७६ थान मुद्दा बाँकी रहे।

यीमध्ये पाँच वर्ष नाघेका मुद्दाको सङ्ख्या सरकारवादी फौजदारी दुई थान बाँकी रहे।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दिक्तेल गाविस-२ निवासी ३८ वर्षीय मिलन दर्जीलाई सालाको विवाहमा सहभागी भएर घर फर्कने क्रममा मादक पदार्थ सेवन गरेको आरोपमा ०६४ माघ २२ गते राती ९ बजे बेसक्याम्प दिक्तेलको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीको टोलीले कुटपिट गरी घाइते बनायो। पीडितलाई सोही राती सशस्त्र प्रहरीले जिल्ला प्रहरी कार्यालयमा बुझाएको थियो। मादक पदार्थ सेवन गरी प्रहरी जवानमाथि दुर्व्यवहार गर्न खोजेपछि प्रहरीले दर्जीलाई नियन्त्रणमा लिएको बेसक्याम्प दिक्तेलका डीएसपी लेखनाथ खनालले बताए। पीडितको जिल्ला अस्पताल खोटाङमा उपचार भयो। पीडितले सशस्त्र प्रहरीको दबाबमा कतै उजुरी गरेनन्।

डम्बर्खु शिवालय गाविस-१ निवासी ३२ वर्षीय प्रेमकुमार राईलाई ०६५ भदौ २१ गते चिसापानी गाविसबाट सई लक्ष्मण कटुवालको नेतृत्वमा गएको प्रहरी टोलीले पीडितको घरैबाट गिरफ्तार गरी चिसापानी प्रहरी चौकीमा ल्याई खानेपानीको पाइपले कुटपिट गऱ्यो। पीडितको स्थानीय उपस्वास्थ्य चौकी डम्बर्खु शिवालयमा उपचार भयो। उनको चिसापानी गाविस-४ का छत्रबहादुर खड्कासँग खेतको कुलोमा पानी लगाउने क्रममा सामान्य झगडा भएपछि उजुरीका आधारमा मिलापत्रका लागि कार्यालयमा बोलाउँदा उपस्थित नभएपछि गिरफ्तार गरेको सई कटुवालले जनाए। पीडितलाई ०६५ भदौ २२ गते ३ हजार रुपियाँ

जरिवाना गरी रिहा गरिएको थियो।

चिउरीडाँडा गाविस-३ घर भई दिक्तेल डेरा गरी बस्ने १५ वर्षीय रवीन देउजालाई दिक्तेलस्थित हलेसी विकास मञ्चमा कम्प्युटर क्लासबाट घर फर्कने क्रममा लोकसेवा आयोगको परीक्षा स्थिगित भएपछि उक्त आन्दोलनको नेतृत्व गरेको आरोपमा दिक्तेल बजारस्थित बाटोमा हिँडिरहेको अवस्थामा ०६५ भदौ ३० गते जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर दिनेशराज अर्यालको नेतृत्वमा रहेको प्रहरी टोलीले कुटपिट गऱ्यो। कुटपिटबाट पीडितको दाहिने हात भाँचिएको थियो। पीडितलाई इन्सेक प्रतिनिधि र पत्रकार रत्नप्रसाद आचार्यले उपचारका लागि जिल्ला अस्पताल भर्ना गरे। पीडितले उपचारका लागि आवश्यक खर्च र पीडक प्रहरीलाई कारबाहीको माग गर्दै ०६५ असोज १ गते जिल्ला प्रशासन कार्यालय खोटाङमा उजुरी दिए पनि प्रशासनले उजुरी दर्ता गरेन। राजनीतिक दल, मानवअधिकारकर्मीको दबाबमा उपचारमा लाग्ने खर्च प्रशासनले बेहोर्ने सर्तमा ०६५ भदौ ३० गते छलफल भएको थियो। छलफलपछि पीडितको जिल्ला अस्पताल खोटाङमा उपचार भयो।

दिक्तेल गाविस-९ निवासी २२ वर्षीय ताराचन्द्र पुरी, २३ वर्षीय राजन पुरी, २१ वर्षीय ढकबहादुर पुरी, राजन पुरी, प्रवीन पुरी, मीनदोर्जे शेर्पा, दिनेश पुरी, पाथेका गाविस-५ निवासी २६ वर्षीय घमण्डबहादुर गिरीलाई ०६५ कात्तिक १५ गते राती तिहारको देउसी-भैलोबाट उठेको पैसा बाँडफाँट गरिरहेका बेला मादक पदार्थ सेवन गरी आएका अस्थायी प्रहरी चौकी तालखर्कका प्रहरी हवल्दार राजेश खड्का, प्रहरी जावानहरू कमल यादव, भोलाकृष्ण खड्का र उमेश साहले सोही ठाउँका योगराज पुरीको घरबाट गिरफ्तार गरे। गिरफ्तारपछि पीडितलाई प्रहरी चौकी पुऱ्याई लाठी र बुटले कुटपिट गर्दै घटनाका बारेमा कसैलाई उजुरी गरेमा गोली हानी हत्या गर्ने धम्की दिएको पीडित राजन पुरीले बताए। उनीहरूलाई ०६५ कात्तिक १६ गते बेलुकी प्रहरीले रिहा गरेको थियो। पीडितमध्येका ताराचन्द्र पुरीले प्रहरी यातना सहन नसकेर कात्तिक १७ गते विष सेवन गरेको पीडितका बुबा भूपाल पुरीले बताए। विष सेवन गरी सिकिस्त बनेका पीडितको उपचारका लागि काठमाडौँ लैजाने क्रममा ०६५ कात्तिक १८ गते लामीडाँडा विमानस्थलमा मृत्यु भएको थियो। पीडित परिवारलाई क्षतिपूर्ति दिने र घटनामा संलग्न प्रहरी हवल्दार राजेश खड्का, जवानहरू कमल यादव, भोलाकृष्ण खडका, उमेश साहलाई विभागीय कारबाहीका लागि सिफारिस गरी उनीहरूलाई निलम्बन गरेको डीएसपी दीपक थापाले बताए।

चिसापानी गाविस-८ निवासी १६ वर्षीय सुरज खड्का र सुमन खड्कालाई स्थानीय व्यापारीको सुन चोरेको आशङ्कामा ०६५ पुस १४ गते चिसापानी प्रहरी चौकीका सई लक्ष्मण कटुवालले कुटपिट गरे। कुटपिटबाट पीडितहरूको शरीरमा नीलडाम लागेको थियो। सई कटुवालले अनुसन्धानका क्रममा सामान्य कुटपिट भएको जनाए। ०६५ पुस १५ गते प्रहरीले पीडितलाई आरोप स्वीकार गराउने नाममा यातना दिएको भन्दै सो विद्यालयका विद्यार्थीहरूले विरोधस्वरूप एक दिन विद्यालय बन्द गरे। ०६५ पुस १५ गते बसेको सर्वदलीय बैठकले पीडितलाई रिहा गर्ने निर्णय गरेपछि कारबाही नगरी पीडित रिहा भएको सई कटुवालले जनाए।

## बालअधिकार

बुईपा गाविस- ५ निवासी २२ वर्षीया सीता राईले आफैँले जन्माएको नवजात शिशुलाई ०६४ चैत २७ गते राती १२ बजे जन्मनासाथ भुइँमा पछारेर हत्या गरिन्। पति वैदेशिक रोजगारका क्रममा विदेश गएका बेला अवैध यौन सम्पर्क राखी बच्चा जन्माएको र जन्मनासाथ हत्या गरेको इन्स्पेक्टर शम्भु बरालले बताए। पीडकलाई ०६४ चैत २९ गते प्रहरीले गिरफ्तार गरी जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गऱ्यो। उनलाई अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राख्न कारागार शाखा मोरङमा पठाएको प्रहरीले जनायो।

मोरङ जिल्ला लेटाङ गाविस-६ निवासी १६ वर्षीया एक बालिकालाई ०६५ भदौ २५ गते बुइपा गाविस-८ निवासी २८ वर्षीय सागर राईले यौन दुर्व्यवहार गरे। पीडित बालिकालाई पढाउन भनी ०६५ वैशाखमा खोटाङ ल्याई बुइपा गाविसस्थित पञ्च मावि कक्षा ८ मा अध्यनका लागि भर्ना गरिएको थियो। पीडित बालिकालाई पीडकले ०६५ असारदेखि कसैलाई घटनाका बारेमा बताएमा मार्ने धम्की दिँदै यौन दुर्व्यवहार गर्ने गरेको पीडितले बताइन्। पीडितले आफ्ना साथीलाई घटनाका बारेमा बताएपछि मानवअधिकारकर्मी, स्थानीयबासी र प्रहरीको सहयोगमा बालिकाको उद्धार गरी ०६५ असोज १ गते मोरङस्थित लेटाङ गाविसमा रहेको उनको परिवारसमक्ष बुझाइयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा राखी ०६५ भदौ २९ गते तारेखमा रिहा गऱ्यो।

महेश्वरी गाविस-८ निवासी १७ वर्षीया

विनाकुमारी वनले अवैध यौन सम्पर्क राखी जन्माएको नवजात शिशुको ०६५ मङ्सिर १६ गते राती ११ बजे जन्मनासाथ घाँटी थिचेर हत्या गरिन्। वनलाई शिशु हत्याको आरोपमा ०६५ मङ्सिर २० गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखेको थियो। उनको स्वास्थ्य अवस्था कमजोर भएपछि स्वास्थ्य परीक्षण गराउन प्रहरीले उनलाई ०६५ मङ्सिर २२ गते जिल्ला अस्पताल खोटाङमा भर्ना गरेको थियो। अस्पतालले स्वास्थ्यमा सुधार नहुञ्जेल उपचारका लागि अस्पतालमा नै राख्न अनुरोध गरेपछि प्रहरीको नियन्त्रणमा नै उपचार गराइरहेकी उनी सोही राती १२ बजे जिल्ला अस्पताल खोटाङबाट शौचालय जाने बहानामा प्रहरीलाई छक्याएर भागेकी थिइन्। उनलाई स्थानीयबासीको सहयोगमा ०६५ मङ्सिर २३ गते प्रहरीले पुनः गिरफ्तार गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गऱ्यो। उनलाई जिल्ला अदालत खोटाङले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव/दुर्व्यवहार बलात्कार

बाँझेच्यानडाँडा गाविस-१ निवासी २० वर्षीया युवतीलाई ०६४ फागुन १२ गते सोही गाविस-१ का २० वर्षीय सञ्जीव राईले विद्यालयबाट घर फर्कन लाग्दा जालपा निमावि पुगेपछि हिसाब सिकाइदिने बहानामा आफूलाई बलात्कार गरेको पीडितले बताइन्। पीडितले पीडकमाथि कारबाहीको माग गर्दै ०६४ फागुन १४ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी गरे पनि पीडकलाई प्रहरीले गिरफ्तार गर्न सकेन। पीडक यो वर्षको अन्तसम्म फरार रहे।

### पारिवारिक हिंसा

मात्तिम गाविस-९ निवासी ३० वर्षीया देविका दुलाललाई घरमा विवाद गरेको आरोपमा ०६५ जेठ ९ गते उनका जेठाजु गोपीकृष्ण दुलालले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको टाउकोमा चोट लागेको थियो। घाइते पीडितको उपचार नभएपछि भोजपुर जिल्ला गोगने गाविस घर भएका पीडितका बुबा जीवनाथ लुईंटेलले ०६५ जेठ १३ गते प्रहरी चौकी रतन्छामा उजुरी गरी ०६५ जेठ १४ गते जिल्ला अस्पताल खोटाङमा उपचारका लागि भर्ना गरेका थिए। पीडितले सामाजिक न्यायको माग गर्दै ०६५ जेठ १५ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी गरेपछि पीडकले आइन्दा त्यस्ता घटना नदोहोऱ्याउने र उपचारमा लागेको खर्च बेहोर्ने लिखित सर्तमा मिलापत्र भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनायो।

लिच्कीराम्चे गाविस-८ निवासी ७६ वर्षीया सुखलक्ष्मी राईलाई घरको काम नगरेको आरोपमा ०६५ भदौ ५ गते उनका छोरा तुलप्रसाद राईले कुटपिट गरे। कुटपिटबाट पीडितको शरीरमा नीलडाम लागेको थियो। पीडितको स्थानीय लिच्कीराम्चे उपस्वास्थ्य चौकीमा उपचार भएको थियो। कुटपिटपछि विस्थापित बनेकी पीडित सिम्पानी गाविसस्थित एक होटलमा बसेको स्थानीय जगतबहादुर राईले बताए। पीडितले कतै उजुरी गरिनन्।

लिच्कीराम्चे गाविस-८ निवासी ३५ वर्षीया हरिकला राईलाई ०६५ असोज १६ गते उनका पति जितखम्बा राईले कुटपिट गरी घर निकाला गरे। कुटपिटबाट पीडितको शरीरमा नीलडाम र चोटपटक लागेको थियो। पीडितले सौतातर्फका छोराछोरीलाई घर निकाला गर्न पतिलाई अनुरोध गर्दा पतिले नमानेपछि घटना भएको प्रत्यक्षदर्शी प्रेमकुमार राईले बताए।

### बहुविवाह

दिक्तेल गाविस-८ निवासी ३२ वर्षीया शैकला दाहालका पति ३५ वर्षीय रमेशकुमार दाहालले जेठी पत्नीलाई कुटपिट गरी ०६५ जेठ २ गते सोही ठाउँका २५ वर्षीया भगवती दाहालसँग बहुविवाह गरे। पीडितले बहुविवाहपश्चात् छोराछोरी शिक्षा, स्वास्थ्य र खानपिनबाट वञ्चित भएको भन्दै ०६५ असार ५ गते जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी गरिन्। प्रहरीले ०६५ असार १५ गते पीडकलाई गिरफ्तार गरी जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत खोटाङले ०६५ साउन ४ गते २० हजार रुपियाँ धरौटीमा पीडकलाई रिहा गऱ्यो। कान्छी पत्नीलाई प्रहरीले गिरफ्तार गर्न सकेन।

### सबै प्रकारका जातीय विभेद

बतासे गाविस-१ निवासी १८ वर्षीया तारा सिवा (परियार)ले जनज्योति प्राथमिक विद्यालय बतासे गाविस-१ ले खुलाएको सहयोगी शिक्षक पदको दरबन्दीका लागि आवेदन दिँदा ०६५ जेठ ५ गते सो केन्द्रका स्रोतव्यक्ति केशव राईले दलितको आवेदन नलिने भन्दै आवेदन फर्म फिर्ता गरिदिए। दलित भएकै कारण आवेदन फर्म लिन नमानेपछि न्यायको खोजी गर्दै पीडितले ०६५ जेठ ९ गते जिल्ला शिक्षा कार्यालय खोटाङमा उजुरी गरेकी थिइन्। विद्यालय व्यवस्थापन समितिले पीडित सिवालाई नै प्रक्रिया पूरा गरी नियुक्ति गर्ने निर्णय गरे पनि स्रोत व्यक्ति राईले दलितलाई

नियुक्ति नगर्ने भएपछि समस्या भएको व्यवस्थापन समितिका सदस्य तीर्थ परियारले बताए। जिल्ला शिक्षा कार्यालय खोटाङले स्रोतव्यक्ति राई र पीडित दुवै पक्षलाई सामूहिक छलफल गराई पीडितको आवेदन फर्म दर्ता गरी लिखित, मौखिक परीक्षामा सामेल गराई नियुक्तिका लागि निर्देशन दिएको निमित्त जिल्ला शिक्षा अधिकारी कटकबहादुर केसीले बताए। तर, लिखित परीक्षामा कमजोर भएको भन्दै पीडितले नियुक्ति पाइनन्।

### आर्थिक/सामाजिक तथा सांस्कृतिक अधिकार संरचना/सम्पति क्षति/सम्पति कब्जा, चन्दा असुली

**माओवादीबाट**

सोलुखुम्बु जिल्ला वाकु गाविस-५ निवासी ४५ वर्षीय पूर्णबहादुर राई र उदयपुर जिल्ला खाँबु गाविस-४ निवासी यात्राम बस्नेतबाट ०६४ माघ १७ गते माओवादी कार्यकर्ताहरूले जबरजस्ती चन्दा असुल गरे। माओवादीले पीडितबाट उदयपुर र खोटाङ जोड्ने भण्डारे र अँधेरीपुलमा ढाट राखी गाउँबाट खरिद गरेर ल्याएका गाई-गोरुलाई पुल तार्ने क्रममा प्रतिवस्तु २० रुपियाँका दरले ५ सय गाई-गोरुको १० हजार रकम असुल गरेका थिए। माओवादीले रकम नतिरे गाई-गोरु पुलबाट तार्न नदिने भनेपछि रकम तिरेको पीडितले बताए। माओवादीलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र, पूर्ण समानुपातिक निर्वाचन प्रणालीको निर्णायक आन्दोलनका लागि पैसा आवश्यक भएकाले जनसहयोग अभियान अन्तर्गत स्वेच्छिक रकम सङ्कलन गरेको जिल्ला सेक्रेटरी पृथ्वीले जनाए।

खार्पा गाविस-६ निवासी ३९ वर्षीय ज्ञानप्रसाद पोखरेलको कुभिन्डे गाविस-४ मा रहेको दुई रोपनी जग्गामा लगाएको धानबाली ०६५ मङ्सिर ६ गते माओवादी एरिया इन्चार्ज बाबुराम राई, जिल्ला सदस्य सविन, अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला सदस्य भूमिनाथ दाहाल, शेखर पोखरेललगायत करिब २० जनाको समूहमा आएका माओवादीले लुटेर लगे। माओवादीले ०५८ सालदेखि पीडितको जग्गा कब्जा गरेका थिए। उनलाई जग्गा कब्जा भएकाले खेतमा कुनै बाली नलगाउन माओवादी कार्यकर्ताहरूले धम्कीसहितको पत्र दिएका थिए।

### किराँत जनवादी वर्कस पार्टीबाट

किराँत जनवादी वर्कस पार्टीका जिल्ला सेक्रेटरी छाम्छासहितको समूहले ०६४ फागुन ३० गते राती डम्बर्खु शिवालय गाविस कार्यालयमा तालाबन्दी गऱ्यो। उनीहरूले विज्ञप्ति प्रकाशित गरी गाविसको कार्यालय खोली प्रशासनिक कार्य गरेमा कर्मचारीलाई भौतिक कारबाही गर्ने धम्कीसहितको पत्र गाविसमा टाँसेका थिए। गाविसमा तालाबन्दीका कारण जन्मदर्ता, नागरिकता सिफारिसलगायतका काम अवरुद्ध भएपछि ०६४ चैत १ गते सशस्त्र प्रहरीले ताला काटेर कार्यालय सञ्चालनमा ल्याएको थियो। उनीहरूले चौकी आक्रमणको आरोपमा प्रहरीले गिरफ्तार गरेका आफ्ना तीन जना कार्यकर्ता दिलबहादुर राई, प्रदीप राई र धनराज राईलाई विनासर्त रिहाइको माग गरेका थिए। गिरफ्तार कार्यकर्तालाई रिहा नगरे थप आन्दोलन गर्नेसमेत विज्ञप्तिमा उल्लेख थियो।

किराँत जनवादी वर्कस पार्टीका सशस्त्र कार्यकर्ताले ०६५ जेठ २५ गते बेलुकी ५ बजे सावाकटहरे गाविस कार्यालयमा आगजनी गरे। आगजनीमा परी गाविसका कागजपत्र, फर्निचर, झ्यालढोका जलेर नष्ट भएका थिए। गाविस कार्यालयमा आगजनी गरेपछि स्थानीयबासीले आगो निभाएको स्थानीय शम्भु पराजुलीले बताए।

किराँत जनवादी वर्कस पार्टीका सशस्त्र कार्यकर्ताले ०६५ जेठ २६ गते बेलुकी ४ बजे बडकादियाले गाविस कार्यालयमा आगजनी गरे। आगजनीमा परी गाविसका कागजपत्र, फर्निचर, झ्यालढोका जलेर नष्ट भएका थिए। इलाका प्रहरी कार्यालय खोटाङबाट गएको प्रहरीको टोलीले आगो निभाएको थियो। वर्कस कार्यकर्ताले गाविस सचिवले भ्रष्टाचार गरेको र सरकारले जातीय समानुपातिक प्रतिनिधित्व नगराएका कारण आगजनी गरेको बताए।

किराँत जनवादी वर्कस पार्टीका सशस्त्र कार्यकर्ताले ०६५ असार २७ गते दिउँसो ३ बजे काहुले गाविस-८ स्थित हुम्मा पोखरीमा नेपाल टेलिकमको निर्माणाधीन रिपिटर टावर भवन ध्वस्त पारे। उनीहरूले किराँतहरूको मुख्य भूमिमा वर्कसको निर्देशनबिना रिपिटर टावर निर्माण गरेकाले कारबाहीस्वरूप भवन ध्वस्त पारेको पर्चा छाडेका थिए।

### प्रहरी चौकीमाथि आक्रमण

**किराँत जनवादी वर्कस पार्टीबाट**

फाक्टाङ गाविसस्थित हुक्नाजोर प्रहरी चौकीमा ०६४ माघ ७ गते बेलुकी ७ बजे किराँत जनवादी वर्कस पार्टीका सशस्त्र कार्यकर्ताले आक्रमण गरे। उनीहरूले चौकीलाई चारैतिरबाट घेरा हाली त्यहाँ कार्यरत असई राजकुमार थापा, हवल्दार वीरनारायण चौधरी, कृष्णकुमार झा, प्रहरी जवान शिवकुमार विष्ट, रामविनय यादव, विनयकुमार यादव, घेरेन्द्र कैवार, जयप्रकाश मण्डल, लक्ष्मी यादवलाई नियन्त्रणमा लिई

विस्फोटक पदार्थ पड्काएर कार्यालयमा रहेको तीन नाल राइफल, ३ सय राउन्ड गोली, एक थान चाइनिज पेस्तोल र त्यसको १८ राउण्ड गोली, एक सेट सीडीएमए फोन, १० जोर कम्ब्याड ड्रेससमेत लुटेका थिए।

चिसापानी गाविस-८ स्थित चिसापानी प्रहरी चौकीमा ०६४ माघ ८ गते राती १२ बजे किराँत जनवादी वर्कस पार्टीका सशस्त्र कार्यकर्ताले आक्रमण गरे। उनीहरूले प्रहरी चौकीलाई चारैतिरबाट घेरा हाली हवल्दार हरि बुढाथोकी, बलबहादुर भुजेल, प्रहरी जवान नारनकाजी खत्री, होमप्रकाश शाह, मधुरलाल धामी, लेखनाथ यादव, तीर्थ दाहाल, टङ्क रोइला, हरिशङ्कर श्रेष्ठलाई नियन्त्रणमा लिई चौकीमा रहेका थ्री नट थ्री राइफल चार नाल, त्यसका ३ सय राउन्ड गोली, मोटोरोला हेनसेट एक थान, चाइनिज पेस्तोल एक थान, त्यसका १८ राउन्ड गोली, नगद २० हजार रुपियाँ, खाद्यपदार्थ, लत्ताकपडा, १३ थान कम्ब्याड ड्रेस लुटेर लगेको पीडित प्रहरी तीर्थ दाहालले बताए। सोही दिन बिहान ८ बजे सोही समूहले देवीस्थान गाविसको प्रहरी चौकीमा पनि आक्रमण गरी चौकीका असई कृष्णकुमार चौधरी, हवल्दार बमबहादुर थापा, दीपक बस्नेत, प्रहरी जवान मुकेश कार्की, बलराम चौधरी, रामकुमार चौधरी, विनयविराजी यादव, विनोद यादव, बालकृष्ण यादव, तुलसी महतोलाई नियन्त्रणमा लिई आठ थान कम्ब्याड ड्रेस, हत्कडी र नेलकडी एक थान लुटेर लगेको थियो। वर्कसका केन्द्रीय अध्यक्ष नवीन किराँतीले चौकी आक्रमणको जिम्मा लिए पनि हतियार नलुटेको जनाए। उक्त चौकी आक्रमण गरेको आरोपमा ०६४ माघ १३ गते प्रहरीले उदयपुर जिल्लाको बेल्टार गाविसबाट वर्कसका उदयपुर जिल्ला सेक्रेटरी दिलबहादुर राई (माक्सा), मौवाबोटे गाविस-४ का जीतबहादुर राई, उदयपुर जिल्ला बेल्टार गाविस-१ का १७ वर्षीय प्रदीप राई र खोटाङ जिल्ला मङ्गलटार गाविस-९ निवासी विश्वज्योति उमावि बेल्टारमा कक्षा ९ मा अध्यनरत १५ वर्षीय धनराज राईलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय खोटाङले जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो।

### विस्थापित
### किराँत जनवादी वर्कस पार्टीबाट

डम्बरखु शिवालय गाविस-१ निवासी ८४ वर्षीय डिकबहादुर राईलाई किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले ०६५ असार १८ गतेसम्ममा ६ लाख रुपियाँ चन्दा सोही गाविसका मङ्गल राईलाई नदिए भौतिक कारबाही गर्ने धम्की दिए। पीडित ०६५ असार १३ गते परिवारसहित विस्थापित भए। पीडितलाई वर्कसका कार्यकर्ता रवीन राई, मङ्गल राई, कुमार राईसहितको सशस्त्र हतियारधारी समूहले ०६५ असार ७ गते पीडितको घरमै गई परिवारका सबै सदस्यलाई सात घन्टा नियन्त्रणमा लिई असार १५ गतेभित्र चन्दा नदिए भौतिक कारबाही गर्ने धम्की दिँदै कागज लेखेको र कागजमा सही नगरे तत्कालै हत्या गर्छौं भन्दै पेस्तोल निकाली मार्ने धम्की दिएपछि सही गरी ज्यान जोगाउन भागेको पीडितले बताए। उनलाई वर्कसका कार्यकर्ताहरूले कहींकतै उजुरी नगर्ने सर्तमा मुक्त गरेका थिए।

वर्कसका केन्द्रीय अध्यक्ष नवीन किराँतीले पारिवारिक घटनालाई पार्टीसँग जोडेकामा आपत्ति जनाउँदै घटनाको छानबिन गर्न मानवअधिकारकर्मीलाई अनुरोध गरे। पीडित विस्थापित भई काठमाडौँमा बसोबास गर्न थाले। आफ्नो थातथलोमा पुनःस्थापित गराउन पहल गर्न स्थानीय प्रशासन, मानवअधिकार संस्था र वर्कस पार्टीसँग अनुरोध गरे पनि वर्षको अन्त्यसम्मै उनी पुनःस्थापित भएनन्।

## १.१५ ओखलढुङ्गा

| | |
|---|---|
| जनसङ्ख्या : | १,७१,९८४ |
| साक्षरता प्रतिशत : | ५० |
| महिला साक्षरता प्रतिशत : | २३ |
| क्षेत्रफल (वर्ग कि. मि.) : | १,०७४ |
| गाविस/नपा सङ्ख्या : | ५६/० |
| सरकारी/निजी विद्यालय : | ३४८/५ |
| क्याम्पस/उच्च मा.वि. : | २/८ |
| अस्पताल/स्वास्थ्य चौकी : | २/५५ |
| मानव विकास सूचकाङ्क : | ०.४८१ |
| प्रतिपरिवार सरदर सङ्ख्या : | ६ |

## जेल र बन्दीहरू

कुल ५० जना क्षमता रहेको ओखलढुङ्गा कारागार 'घ' श्रेणीको रहेको छ। यस कारागारमा २५ जना कैदी रहेकामा चार जना महिला र २१ जना पुरुष छन् भने २१ जना थुनुवामा २ महिला र १९ पुरुष गरी जम्मा ४६ जना थुनुवा तथा कैदी रहेका छन्। जेलको छाना चुहिने भएकाले बन्दी तथा थुनुवाहरू पानी परेको समयमा सुत्न छाडेर ओत खोज्दै हिँड्नु पर्ने बाध्यता रहेको छ। पुरुषतर्फ २५ जनाको क्षमता भएकामा ४० जना थुनुवा तथा कैदी बस्नु पर्दा सुत्न, बस्न र खाना पकाएर खानका लागि समस्या भएको कैदी र बन्दीको गुनासो छ। जेलभित्र झोला, टोपी बुन्ने, दाम्ला र नाम्ला बाट्ने काम गरिन्छ। बन्दीहरूका लागि स्थानीय राष्ट्रिय पत्रपत्रिकाहरू पढ्ने सुविधा रहेको छ। उनीहरूका लागि रेडियो तथा टेलिभिजन सुन्ने र हेर्ने सुविधा छ। खेलकुदका सामग्रीहरूमा भने चेस, लुँडो र क्यारामबोर्डबाहेक अन्य कुनै खेल सामग्रीको व्यवस्था गरिएको छैन। महिलातर्फ क्षमताभन्दा कम बन्दी र कैदीहरू रहे तापनि भुइँमा काठ नछापेको हुनाले चिसो भएको गुनासो रहेको छ।

जेलका बन्दी र कैदी बिरामी हुँदा ओखलढुङ्गामा सामुदायिक अस्पतालमा सुरक्षाकर्मीका साथमा उपचार गराइन्छ। सामान्य बिरामी भएकाहरूलाई कारागारभित्र नै स्वास्थ्यकर्मी बोलाएर उपचार गर्ने गरिन्छ। यस जेलमा सर्वसाधारण, सञ्चारकर्मी र मानवअधिकारकर्मीलाई प्रत्येक दिन भेटघाट गर्न स्थानीय प्रशासनले अनुमति दिने गरेको ओखलढुङ्गाका जेलरले बताए।

## धम्की/कुटपिट

### माओवादीबाट

श्रीचौर गाविस-५ का ३२ वर्षीय झनक थापालाई काङ्ग्रेसको चुनावी प्रचार कार्यक्रममा सहभागी भएको आरोपमा ०६४ चैत २५ गते माओवादी कार्यकर्ताहरूको एक समूहले ढुङ्गामुढा प्रहार गरी घाइते बनायो। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

ठूलाछाप गाविस-१ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू ३२ वर्षीय सम्बरबहादुर कटुवाल, ३२ वर्षीय केदार कटुवाल, सोही गाविस-२ का १८ वर्षीय सन्तोष भुजेल र ३० वर्षीय दिलबहादुर सार्कीलाई पैसा बाँडी मत मागेको आरोपमा ०६४ चैत २७ गते राती ८ बजे नेकपा (माओवादी)का कार्यकर्ता २७ वर्षीय दीपक कटुवालसमेतको एक समूहले कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्यचौकीमा उपचार भयो।

हर्कपुर-३ निवासी काङ्ग्रेस गाउँपार्टी सभापति ४८ वर्षीय प्रेमप्रसाद खतिवडालाई चुनाव प्रचारप्रसार गरेको आरोपमा ०६४ चैत १९ गते माओवादी कार्यकर्ताले लाठीले कुटपिट गरी सख्त घाइते बनाए। पीडितको सामुदायिक अस्पताल सोब्रु ओखलढुङ्गामा उपचार भयो।

कुइभीर गाविस-२ का ५६ वर्षीय दुर्योधन राई, सोही ठाउँका ४५ वर्षीय इन्द्रबहादुर कोइराला र ३३ वर्षीय तुलकर्ण राईलाई नेकपा (एमाले)मा भोट मागेको तथा माओवादीको आधारइलाका बिर्गान आएको आरोपमा ०६४ चैत २७ गते राती सोही गाविस-६ का सूर्यबहादुर राईको घरमा पुगी माओवादी कार्यकर्ता ३० वर्षीय रोशन राई र २१ वर्षीय विकास राईसमेतको टोलीले कुटपिट गऱ्यो। पीडितहरू काठमाडौँमा उपचार भई ०६५ वैशाख २४ घर फर्किए भने अन्य पीडितको उपचार स्थानीय स्वास्थ्यचौकीमा भयो।

दियाले गाविस-३ का ३५ वर्षीय दुर्गाप्रसाद भट्टराईलाई नेपाली काङ्ग्रेसका लागि भोट मागेको आरोपमा ०६५ चैत २७ गते माओवादीका कार्यकर्ताहरूले पीडितको घरमा गएर कुटपिट गरे। माओवादीहरूले अबउपरान्त भोट मागेमा मार्ने धम्कीसमेत दिए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

वरूणेश्वर गाविस-१ का ६४ वर्षीय हीराबहादुर दर्जीलाई माओवादीको संविधानसभा सदस्य निर्वाचित भएको विजय जुलुसमा सहभागी नभएको आरोपमा ०६५ वैशाख ४ गते माओवादी कार्यकर्ताहरूले पीडितको घरमा गई कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडित पक्षले कुनै पनि निकायमा उजुरी नगरेको हुनाले पीडकहरूलाई कारबाही भएन।

गाम्नाङ्गटार गाविस-४ निवासी एमाले जिल्ला कमिटीका उप-सचिव ४० वर्षीय नेत्रप्रसाद भट्टराई, टारकेराबारी गाविस-८ का २३ वर्षीय ईश्वर तिमल्सिना, पोकली गाविस-४ का २७ वर्षीय होमहरि अधिकारी र सोही ठाउँका ३० वर्षीय मावर सुनुवारलाई माओवादीको आधारक्षेत्रमा मत माग्न गएको आरोपमा ०६४ चैत २५ गते पोकली गाविस-४ को चण्डीथानको मूल बाटोमा हिँड्दै गर्दा माओवादी कार्यकर्ताले लाठीले कुटपिट गरी गम्भीर घाइते बनाए। पीडित ईश्वर तिमल्सिना, मावर सुनुवार र नेत्रप्रसाद भट्टराई काठमाडौँमा उपचार भई ०६५ वैशाख २५ गते घर फर्किए भने अन्य पीडितहरूको स्थानीय स्वास्थ्य

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य | | | | | माओवादी | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | | | १ | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | | १ | १ | १ |
| कुटपिट | ३ | ३ | १ | | ३ | ८ | १५ | १ | १६ | | | |
| महिलाअधिकार | ३ | | ३ | | ३ | | | | | | | |
| बालअधिकार | ४ | | ४ | १ | ५ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | | | | | | १ | ५ | ५ |
| जम्मा | ११ | ३ | ८ | १ | १३ | ८ | १५ | १ | १६ | ३ | ६ | ६ |

चौकीमा उपचार भयो। पीडकहरूउपर वैशाख ७ गते सार्वजनिक अपराधको मुद्दामा जाहेरी दिएकामा हाल जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गामा मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

फूलबारी गाविस-४ निवासी श्रीकालिका प्राविका शिक्षक ४० वर्षीय शङ्करबहादुर कार्कीलाई साँघुटारदेखि ओखलढुङ्गा जोड्ने सडक निर्माण कार्यमा अवरोध पुऱ्याएको आरोपमा ०६५ जेठ ११ गते माओवादीका ८ नम्बर एरिया सचिव सुरेशकुमार थापाले कुटपिट गरी घाइते बनाए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत ओखलढुङ्गामा गत वर्षको जिम्मेवारी सरेर आएका देवानीतर्फका ६४ थान र यस वर्ष दर्ता भएका २२ थान गरी जम्मा ८६ थान मुद्दामध्ये १४ थान मुद्दा फर्स्यौट भई ७२ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १८ थान र यस वर्ष दर्ता भएका १२ थान गरी मुद्दा थान ३० रहेकामा सात थान फर्स्यौट भई २३ थान बाँकी रहे।

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३४ थान र यस वर्ष दर्ता भएका ७९ थान गरी जम्मा १ सय १३ थान मुद्दा रहेकामा ५५ थान फर्स्यौट भई ५८ थान बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा मुद्दा सङ्ख्या १ सय ९५ थानमध्ये ४३ थान मुद्दा फर्स्यौट भई १ सय ५२ थान मुद्दा बाँकी रहे।

## बालअधिकार

वार्नलु गाविस-८ की १५ वर्षीया एक बालिकालाई घाँस काट्न गएको बखत ०६५ वैशाख २५ गते सोही ठाउँका २० वर्षीय बुद्धिराज राईले रियालेबारीमा बलात्कार गरे। बलात्कारको अभियोगमा पीडकउपर वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी परी वैशाख २९ गते गिरफ्तार गरी अदालतको आदेशमा जेठ २० देखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

कटुन्जे गाविस-९ की २४ वर्षीया विमला भन्ने ढककुमारी पराजुलीले आफ्नै देवर भरत पराजुलीसगँको अनैतिक यौन सम्पर्कबाट जन्माएको नवजात शिशुलाई ०६४ चैत २६ गते खाल्डोमा पुरी हत्या गरिन्। पीडक दुवै जनालाई ०६४ चैत २९ गते प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाई ०६५ वैशाख २४ गते अदालतको आदेश अनुसार पुर्पक्षका लागि थुनामा राखेकामा भदौ ३० गते फैसला भई भरत पराजुली निर्दोष साबित भई सफाइ पाएर रिहा भए भने पीडक ढककुमारीलाई सर्वस्वसहित जन्मकैदको सजाय भयो।

गाम्नाङ्टार गाविस-३ की १२ वर्षीया एक बालिका र सोही ठाउँकी नौ वर्षीया अर्की एक बालिकालाई ०६५ साउन ११ गते बेलुकी सोही ठाउँका १७ वर्षीय माधव भट्टराई र टारकेरावारी गाविस-७ का विमल पौडेलले सोही ठाउँको असारे पाखामा बलात्कार गरे। पीडकउपर ०६५ साउन १४ गते जाहेरी परेकामा विमल पौडेल हालसम्म फरार छन् भने माधव भट्टराईलाई नाबालक भएकाले मङ्सिर ३० गतेको अदालतको आदेशले संरक्षक पिता लोकेन्द्र भट्टराईको जिम्मा लगाएर अदालतले खोजेको बखत उपस्थित

*माओवादीद्वारा कुटपिट गरिएका नेत्रप्रसाद भट्टराई र ईश्वर तिमिल्सेना*

गराउने सर्तमा रिहा गरियो। उक्त मुद्दा हाल ओखलढुङ्गा जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको छ

सिस्नेरी गाविस-१ की पाँच वर्षीया एक बालिकालाई ०६५ भदौ २६ गते सोही ठाउँका १७ वर्षीय राजु भन्ने गङ्गाबहादुर खत्रीले पीडकको गोठघरमा पुऱ्याई बलात्कार गरे। पीडित परिवारले भदौ २९ गते प्रहरी कार्यालयमा उजुरी दिएकामा ०६५ असोज २ गते प्रहरीले पीडकलाई गिरफ्तार गऱ्यो। पीडकलाई बलात्कारको अभियोगमा मुद्दा चलाई अदालतको आदेश अनुसार असोज २३ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### बहुविवाह

टोक्सेल गाविस-५ की १८ वर्षीया उषा रानामगरका पति २२ वर्षीय रामकुमार रानामगरले ०६४ फागुन २८ गते सोही ठाउँकी १६ वर्षीया पुलामी मगरसँग दोस्रो विवाह गरे। पीडित जेठी पत्नी उषा रानामगरले ०६४ चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको जाहेरी गरेकामा ०६५ साउन १५ गतेको अदालतको आदेशले पीडकहरू ४६ हजार ५० रुपियाँ धरौटी राखी तारेखमा रिहा भएका छन्।

फेदीगुठ गाविस-९ की ३० वर्षीया नेत्रकुमारी कटुवालका पति ४६ वर्षीय धनबहादुर कटुवालले सोही ठाउँकी ३५ वर्षीया तिलमाया कटुवालसँग ०६५ साउन २६ गते दोस्रो विवाह गरे। पीडित नेत्रकुमारीले पीडकउपर बहुविवाहको अभियोगमा जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गामा जाहेरी गरेकामा ०६५ पुस १३ गते अदालतले पीडक तिलमायासँग २० हजार रुपियाँ धरौटी र पीडक धनबहादुरलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो।

# १.१६ सोलुखुम्बु

| | |
|---|---|
| जनसङ्ख्या : | १,१६,७९३ |
| साक्षरता प्रतिशत : | ४६ |
| महिला साक्षरता प्रतिशत : | ३६ |
| क्षेत्रफल (वर्ग कि. मि.) : | ३,३११ |
| गाविस/नपा सङ्ख्या : | ३४/० |
| सरकारी/निजी विद्यालय : | २५२/१ |
| क्याम्पस/उच्च मा.वि. : | २/८ |
| अस्पताल/स्वास्थ्य चौकी : | ३/३४ |
| मानव विकास सूचकाङ्क : | ०.४७९ |
| प्रतिपरिवार सरदर सङ्ख्या : | ५ |

### नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

#### राज्यबाट

चौलाखर्क गाविस-७ निवासी वाईसीएलका जिल्ला सदस्य २८ वर्षीय गजेन्द्र भनिने गङ्गा भुजेलको ०६४ चैत १३ गते बिहान प्रहरीको गोलीबाट मृत्यु भयो। माओवादी र नेपाली काङ्ग्रेसका कार्यकर्ताबीच गोराखानी गाविस, टाप्टिङ गाविस र केरुङ गाविसको सिमानामा पर्ने टाप्टिङ गाविस-१ सिसाखोलामा चैत १३ गते बिहान करिब ११ बजे झडप हुँदा नेपाली काङ्ग्रेसतर्फका संविधानसभा सदस्य उम्मेदवार बलबहादुर केसीको सुरक्षार्थ खटिएका प्रहरीको गोली प्रहारबाट पीडितको घटनास्थलमा नै मृत्यु भएको थियो। उक्त झडपमा प्रहरीले १५ राउन्डभन्दा बढी गोली प्रहार गरेको थियो। सोही स्थानमा बिहान ११ बजे माओवादी र काङ्ग्रेसका कार्यकर्ताबीच भएको दोस्रो झडपमा काङ्ग्रेसतर्फका केसीलगायत दुवैतर्फ गरी एक दर्जनभन्दा बढी कार्यकर्ता घाइते भएका थिए। माओवादी

कार्यकर्ताको आक्रमणबाट काङ्ग्रेसका उम्मेदवार केसीलगायत तिङ्ला गाविस-३ का ५० वर्षीय केदारभक्त कार्की, सल्यान गाविस-३ का ४० वर्षीय रामबहादुर केसी, सीताराम काफ्ले, काङ्गेल गाविस-३ का ३६ वर्षीय राजेन्द्र बस्नेत, केरुङ गाविसका ५० वर्षीया पेमा तामाङ, ३० वर्षीय कान्छा लामा र ठेगाना खुल्न नसकेका मोहन बोहरा खुकुरी र लाठी प्रहारबाट सख्त घाइते भएका थिए। माओवादीतर्फ ठेगाना खुल्न नसकेका १८ वर्षीय युवक श्रेष्ठ, २२ वर्षीय गोरबहादुर राई, २० वर्षीय बलबहादुर राई, टेकबहादुर तामाङ र जिल्ला सेक्रेटरी हिमाल गिरी घाइते भएका थिए। उनीहरूको उपचार जिल्ला अस्पताल फाप्लुमा गरिएको थियो भने काङ्ग्रेसका घाइतेहरूमध्ये केदारभक्त कार्की, रामबहादुर केसी, सीताराम काफ्ले, राजेन्द्र बस्नेत, पेमा तामाङ, कान्छा लामा, मोहन बोहरा र पहलमान कार्कीलाई हेलिकप्टरबाट उद्धार गरी काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा उपचार गरियो। अन्य घाइतेहरूको केरुङ स्वास्थ्य चौकी र जिल्ला अस्पताल फाप्लुमा उपचार गरिएको थियो। मञ्च बनाउन गएका काङ्ग्रेसका कार्यकर्ताहरूलाई डोलनारायण श्रेष्ठको घरबाट बिहान माओवादी कार्यकर्ताहरूले पर्चा, ब्यानर र झन्डा खोसी कुटपिटसमेत गरी लखेटेका थिए। माओवादीको कुटपिटबाट सल्यान गाविस-३ का ३५ वर्षीय इन्द्रप्रसाद निरौला, तिङ्ला गाविस-३ का ५५ वर्षीय पहलमान कार्की, नेवि सङ्घका २२ वर्षीय दीपक भट्टराई, २१ वर्षीय बालकुमार खड्का, २० वर्षीय असन थुलुङ, १९ वर्षीय युवन राई र २२ वर्षीया लक्ष्मी तामाङ सख्त घाइते भएका थिए। उक्त घटनामा गोली प्रहार गर्ने प्रहरी र आदेश दिने दुवैलाई कारवाही गरिपाउँ भनी माओवादीले ०६४ चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए तापनि राजनीतिक मुद्दा भनी दर्ता गरिएन।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### आफैंले बोकेको बमबाट

बुङ गाविस-२ निवासी माओवादीका सामना एरिया सदस्य १९ वर्षीय अनीता किराँती आफैंले झोलामा बोकेको सकेट बम घरैमा कपडा निकाल्दा ०६४ माघ २५ गते बिहान एक्कासि पड्किएर घाइते भइन्। सकेट बम विस्फोट हुँदा करिब २० मिनेटसम्म बेहोस भई टाउको एवम् शरीरका विभिन्न भागमा छर्रा लागी घाइते भएकी किराँतीको स्थानीय स्वास्थ्य चौकीमा र जिल्ला अस्पताल फाप्लुमा समेत उपचार हुन नसक्दा माघ २६ गते काठमाडौं लगियो। वर्षको अन्त्यसम्म बिरामीको शिक्षण अस्पतालमा उपचार जारी रह्यो। जिल्ला प्रहरी कार्यालयले उक्त विस्फोटक पदार्थ मानव निर्मित रहेको जनायो।

### जेल र बन्दीहरू

कारागारमा कैद तोकिएका २१ जना र कैद नतोकिएका ३० जना गरी जम्मा ५१ जना बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका चार महिला र कैद नतोकिएका एक महिला गरी पाँच जना महिला रहेका छन्। त्यस्तै कैद तोकिएका १७ पुरुष र कैद नतोकिएका २९ पुरुष गरी ४६ पुरुष रहेका छन्। तीन वर्षदेखि कारागारमा आश्रित भनी नियम अनुसार सिदा खाएर अभिभावकसँग बसेका गार्मा गाविस-३ की पाँच वर्षीया बालिका निमाल्यामु शेर्पा, सल्यान गाविस-४ की पाँच वर्षीया बालिका धनलक्ष्मी राईलाई ०६५ साउन ३० गते र चौरीखर्क गाविस-४ की पाँच वर्षीया छम्जी शेर्पालाई ०६५ भदौ ५ गते उनीहरूका अभिभावकलाई जिम्मा दिए । जेलभित्र बन्दीहरूले ०६५ मङ्सिर २५ गतेदेखि टेलिफोन रिसिभ कलको सुविधा र आठओटा बायुपङ्खी चुलो जिविसले खरिद गरी दिएको छ। महिला बन्दीहरूको कोठामा श्यामस्वेत र पुरुष बन्दीहरूको कोठामा कलर टीभी एक-एकओटा उपलब्ध गराइएको छ। बन्दीहरूलाई सीपमूलक तालिमको व्यवस्था छैन।

### धम्की/कुटपिट

### वाईसीएलबाट

मुक्ली गाविस-२ का ४८ वर्षीय ओम गुरुङलाई ०६४ माघ ८ गते वाईसीएल जिल्ला सदस्य बच्चन न्यौपानेले गाउँलेहरूलाई जग्गा फिर्ता गरी छाडिदिनुपर्ने भन्दै गाउँलेहरूको उपस्थितिमा कुटपिट गर्दै जग्गा छाडिदिने कागजात गरी छाडे। न्यौपानेले कुटपिट गर्दै गाउँलेहरूलाई जग्गा नछाडेमा अर्को खुट्टा पनि भाँचिदिने धम्की दिई जबरजस्ती दुईओटा कागज गराएको बताउँदै डरकै कारण प्रहरी चौकीमा समेत उजुरी नगरेको पीडितले बताए। उक्त जग्गा ०६२ सालमा गाउँलेहरूसँग मुद्दा गरी गुरुङले पुनरावेदन अदालतको फैसला अनुसार धनीपुर्जा बनाई उपभोग गर्दै आएका थिए।

गुदेल गाविस-८ स्थित मतदान केन्द्रका लागि सोही गाविस-६ का २५ वर्षीय विवश राई र २४ वर्षीय बलबहादुर राईलाई काङ्ग्रेसको पार्टी एजेन्ट पत्र बाँडेर फर्कदै गर्दा सात जना वाईसीएलको समूहले बाटोमा ढुकी ०६४ चैत २७ गते बेलुकी बाँसको भाटाले कुटपिट गऱ्यो। पीडितका अनुसार एक जना वाईसीएल

महिलाले केहीबेर छलफल छ भनी बाटोमा रोकेपश्चात् एक्कासि वाईसीएलका कार्यकर्ता आई बाँसको भाटैभाटाले घाँटी र शरीरमा नीलडाम हुने गरी कुटपिट गरेका थिए। उनीहरू दुवैले स्थानीय स्वास्थ्य चौकीमा उपचार गरे।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

गोली गाविस-१ मा संविधानसभाको चुनाव प्रचारका लागि हिँडेका काङ्ग्रेसका कार्यकर्ताहरूलाई माओवादीका गाजस प्रमुख गणेश बस्नेतको नेतृत्वमा रहेका वाईसीएलले ०६४ चैत ५ गते दिउँसो रोकी 'यो हाम्रो आधार इलाका हो, चुनाव प्रचारमा हिँड्न पाउँदैनौ' भनी केही समय मुखामुख गरेपश्चात् चुनावमा प्रयोग गरेका माइक खोसेर लगे। भोलिपल्ट गोली गाविस-६ स्थित एरमाखु भन्ने स्थानबाट खोसेको माइक काङ्ग्रेसका कार्यकर्ता रामबहादुर बस्नेतलाई फिर्ता दिए।

तिङ्ला गाविस-२ निवासी काङ्ग्रेसका कार्यकर्ताहरू ६५ वर्षीय गरुडध्वज बस्नेत, २३ वर्षीय दिलीप कार्की र ३८ वर्षीय प्रकाश बस्नेतलाई सोही गाविसमा चुनावी घरदैलो कार्यक्रममा हिँडेको अवस्थामा घेरा हाली ०६४ चैत २३ गते बिहान वाईसीएल कार्यकर्ताले कुटपिट गरे। घाइतेमध्ये गरुण्डध्वज बस्नेत र कार्कीलाई सोही दिन बेलुकी ७ बजे जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरीले उद्धार गरी जिल्ला अस्पताल फाप्लुमा प्राथमिक उपचारपछि बस्नेतलाई ०६४ चैत २७ गते काठमाडौँमा लगी उपचार गरियो। घाइतेमध्ये गरुडध्वजको देब्रे हातको हड्डी र देब्रे खुट्टा भाँचिएको थियो। उनका अनुसार, ४०-५० जनाको सङ्ख्यामा रहेका वाईसीएलका कार्यकर्ताले घेरा हाली प्रचारप्रसारमा हिँडेका सात जनाको सङ्ख्यामा रहेका उनीहरूलाई 'बलबहादुरको पैसा बाँड्न हिँडिस्, बलेका गुन्डाहरू' भन्दै एक्कासि घँगारुको लाठीले आक्रमण गरी घाइते बनाएको र घाइतेमध्ये अन्य भाग्न सफल भएको पीडितहरूले बताए। माओवादी पार्टी कार्यालय सोलुले भने काङ्ग्रेसका कार्यकर्ताहरू पैसा बाँड्न हिँडेको थाहा पाई रोक्न जाँदा उनीहरूसँग बाटोमा झडप भएको जानकारी दियो।

सल्यान गाविस-७ निवासी पूर्वगाविस अध्यक्ष एवम् काङ्ग्रेसका जिल्ला सदस्य ४५ वर्षीय धनजन राईलाई वाईसीएलले ०६४ चैत २६ र २७ गते दुई दिनसम्म घरबाट बाहिर जान नदिई नियन्त्रणमा राख्यो। उनले वाईसीएलका ४०-५० जनाजतिको समूहले घरमै घेरा हाली बन्दीझैँ राखेको र बाहिर स्वतन्त्र रूपले आवतजावत गर्न नदिएको बताए। काङ्ग्रेसका प्रत्यक्षतर्फका उम्मेदवार बलबहादुर केसीले ठूलो रकम दिई गाउँले सर्वसाधारणलाई खरिद गर्न राईलाई गाउँ पठाएको र राई गाउँमा रकम दिई भोट किन्न हिँड्ने गरेको हुँदा वाईसीएलले निगरानीमा राखेको माओवादीले जानकारी दियो।

नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् सोलुखुम्बुको कार्यालयमा मङ्गोल नेसनल अर्गनाइजेसनका जिल्ला सदस्य छिरीङ शेर्पाको नेतृत्वमा आएको टोलीले प्रवेश गरी आदिवासी जनजाति शब्द उल्लेख भएको बोर्ड तत्काल हटाउन, गाविसस्तरमा आदिवासी जनजाति गाउँ समन्वय परिषद् गठन नगर्न र प्रत्येक गाविस अनुदानको १५ प्रतिशत रकम जबरजस्ती कब्जा गर्नेलगायतका अभिव्यक्ति दिँदै ०६५ कात्तिक १८ गते महासङ्घको कार्यालय बन्द गर्ने धम्की दियो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सोलुखुम्बुमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थानमध्ये यस वर्ष ६ थान फर्स्यौट भई ११ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २१ थानमध्ये कुनै पनि मुद्दा फर्स्यौट भएन। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ३८ थानमध्ये छ थान फर्स्यौट भई ३२ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १२ थान मुद्दामध्ये यस वर्ष दुई थान फर्स्यौट भई १० थान बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा सात थानमध्ये कुनै पनि मुद्दा फर्स्यौट भएन। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा १९ थानमध्ये दुई थान फर्स्यौट भई १७ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थान मुद्दामध्ये यस वर्ष आठ थान फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा २१ थानमध्ये कुनै पनि मुद्दा फर्स्यौट भएन। गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा ३८ थानमध्ये आठ थान मुद्दा फर्स्यौट भई ३० थान बाँकी रहे।

यस वर्षको अन्त्यसम्ममा गत वर्षको

**तालिका : १**

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ३ | ३ | १ | | ३ | | | | | १ | १ | १ |
| घाइते | ३ | ८ | १ | | ९ | १ | १४ | १ | १५ | | | |
| कुटपिट | ४ | ८ | | | ८ | | | | | ३ | ३ | ३ |
| धम्की | १ | ३ | | | ३ | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | ४ | ५ | | १ | ६ | | | | | | | |
| महिलाअधिकार | ६ | | ६ | | ६ | | | | | | | |
| बालअधिकार | ३ | १ | ३ | | ३ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | | १ | ३ | | ३ | | | |
| जम्मा | ३३ | ३६ | ११ | १ | ३८ | ३ | १६ | १ | १७ | ३ | ३ | ३ |

जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ९५ थानमध्ये यस वर्ष १६ थान मुद्दा फर्स्यौट भई ७९ थान बाँकी रहे।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बासा गाविस-४ का सर्वसाधारण २६ वर्षीय अमित राईलाई ०६५ कात्तिक ३ गते बेलुका बिनाकारण बासा गाविसस्थित खास्ताव प्रहरी चौकीबाट गस्तीमा हिँडेका हवल्दार कृष्ण कार्कीलगायतका अन्य चार जना प्रहरीले रक्सी सेवन गरी स्थानीय खास्ताव बजारमा मुक्का र लाठीले शरीर र अनुहारमा नीलडाम हुने गरी कुटपिट गरे। घाइतेको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। जिल्ला प्रहरी कार्यालयले दोषी कार्की र प्रहरीलाई जिल्लामा झिकाई विभागीय कारबाही गरेको बताए।

काङ्गेल गाविस-३ का २६ वर्षीय भेषराज राईलाई स्थानीय वाईसीएल कार्यकर्ता रेवन्त कार्की (अजित)सँग विद्युत्को विषयमा छलफल गर्दा झगडा परेको आरोपमा ०६५ मङ्सिर ४ गते गिरफ्तार गर्न गएका प्रहरीले राईलाई नियन्त्रणमा लिई शरीरमा हात र लाठीले नीलडाम हुने गरी यातना दिई ०६५ मङ्सिर ५ गते हतकडी लगाई सदरमुकाम सल्लेरीमा ल्याए। जिल्ला प्रहरी कार्यालय सल्लेरीका मुद्दा फाँटका सई गोपालध्वज कार्कीका अनुसार, प्रहरी गिरफ्तार गर्न जाँदा भेषराज राईले मादक पदार्थ सेवन गरी प्रहरी हवल्दार भरतध्वज कार्कीमाथि नै आक्रमण गरेको तर प्रहरीले कुटपिट नगरेको बताए। राई सार्वजनिक अपराधसम्बन्धी मुद्दामा २८ हजार रुपियाँ धरौटी राखी जिल्ला प्रशासन कार्यालयको आदेशबाट ०६५ मङ्सिर ११ गते रिहा भए।

### बालअधिकार

सल्लेरी गाविस-८ मा अवस्थित माउन्ट एभरेस्ट स्कुल च्यालसाको कक्षा ३ मा अध्ययनरत ११ वर्षीय बाबुछिरी शेर्पा विद्यालयमा नेपाली विषयका शिक्षक लोककुमार श्रेष्ठले दिएको यातनाका कारण स्कुल छाडी ०६५ भदौ ११ गतेदेखि स्कुलबाट बेपत्ता भए। बेपत्ता भएका शेपालाई बेवारिसे अवस्थामा ०६५ भदौ १९ गते छिमेकी पेम्बा शेर्पाले काठमाडौँको बौद्धमा फेला पारेका थिए। शिक्षक श्रेष्ठका अनुसार, विद्यालय आउँदै गर्दा उक्त छात्रले स-साना विद्यार्थीसँग झगडा गरिरहेको अवस्थामा स्कुल नजिकै डर देखाएर हप्काई एक थप्पड हिर्काएको र त्यही स्थलबाट भागेको बताए।

गोली गाविस-८ का ४४ वर्षीय फुर्वा तामाङले आपसी लेनदेनको विषयमा विवाद हुँदा खुकुरी प्रहार गरी आफ्नै भतिजा चार वर्षीय श्रीमान् तामाङलाई ०६५ मङ्सिर २० गते हत्या गरे भने खुकुरी प्रहारबाट एकै परिवारका नौ वर्षीय वीर तामाङ, तीन वर्षीय लाक्पा तामाङ, आमा २९ वर्षीया सुकमति तामाङको टाउको र शरीरभरि गम्भीर चोट लागी घाइते भए। घटनास्थलबाट घाइतेहरूलाई सेनाको हेलिकप्टरमार्फत उद्धार गरी मङ्सिर २१ गतेदेखि उनीहरूको काठमाडौँमा उपचार गरियो। पीडकलाई किन्जा प्रहरी चौकीका प्रहरीले मङ्सिर २१ गिरफ्तार गरी जिल्ला

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | वाईसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | १ | १ | १ |
| घाइते | | | | १ | १ | १ |
| कुटपिट | ३ | ७ | ७ | | | |
| भेला/सङ्गठित हुने अधिकार | ३ | ५ | ५ | | | |
| जम्मा | ६ | १२ | १२ | २ | २ | २ |

प्रहरी कार्यालय सोलुमा बुझाई कानुन अनुसार कारबाही भएको जनाए।

नेचाबेतघारी गाविस-५ की सात वर्षीया र सोही गाविस-१ की सात वर्षीया गरी दुई बालिकालाई ०६५ पुस ७ गते सोही ठाउँका २१ वर्षीय तेजप्रसाद बाँस्तोलाले बारीमा सोत्तर टिप्न गएको अवस्थामा एक जनालाई बलात्कार तथा अर्कोलाई दुर्व्यवहार गरे। पीडित पक्षले पीडकविरुद्ध इलाका प्रहरी कार्यालय नेचामा सोही दिन उजुरी दिए भने पीडकलाई प्रहरीले पुस ८ गते गिरफ्तार गरी कानुन अनुसार कारबाही गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रामेछाप जिल्ला घर भई सोलुखुम्बु जिल्ला सोताङ गाविस-४ मा डेरा गरी बस्ने १९ वर्षीया एक विवाहिता महिलालाई उनकै कोठामा सोही गाविसका १८ वर्षीय शिव नेपाली, अर्जुन नेपाली, १९ वर्षीय राजु नेपाली, प्रभुराम नेपाली र १७ वर्षीय अर्जुन नेपालीले ०६५ वैशाख १२ गते बेलुकी ८ बजे सामूहिक बलात्कार गरे। पीडकहरूलाई वैशाख १४ गते प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखी जिल्ला अदालतमा मुद्दा चलाइरहेको छ। पीडितको वैशाख १३ गते प्राथमिक स्वास्थ्य चौकी सोताङमा स्वास्थ्य परीक्षण गर्दा बलात्कार भएको पुष्टि भयो।

*प्रहरीद्वारा गोली हानी हत्या गरिएका वाईसीएलका गङ्गाबहादुर भुजेल*

### पारिवारिक हिंसा

तिङ्ला गाविस-८ की ४८ वर्षीया सार्किनी शेर्पालाई ०६४ फागुन १ गते पति ५० वर्षीय पासाङ गेलु शेर्पाले जेठी पत्नी भएका कारण घरबाट ननिस्केकाले भरुवा बन्दुक देखाउँदै कुटपिट गरी मार्न खोजे। छोरा डिमा शेर्पाले दिएको उजुरीका आधारमा पीडकलाई सोही दिन पताले प्रहरी चौकीका प्रहरीले घरबाटै एक थान बन्दुकसहित गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन सोलुले फागुन २७ गते हातहतियार तथा खरखजानासम्बन्धी मुद्दा चलाई कानुन अनुसार कारबाही गरेको जनायो।

सल्लेरी गाविस-२ की २८ वर्षीया दीपा तामाङलाई ०६५ असोज २ गते उनकै पति किराना व्यापारी ३२ वर्षीय च्याम्बा तामाङले परपुरुषसँग सम्बन्ध राखेको आरोप लगाउँदै घरमै कुटपिट गरे। पीडितका अनुसार, पतिले बारम्बार यातना दिने गरेको तथा स्थानीय एक महिलालाई भगाएर लगेपश्चात् ०६५ मङ्सिर २६ गते सम्बन्धविच्छेद गरी पाउँ भनी जिल्ला अदालत सोलुमा मुद्दा दायर गरिन्। पीडकलाई कानुन अनुसार कारबाही भइरहेको जिल्ला अदालतले जनायो।

### बहुविवाह

सल्लेरी गाविस-६ का १९ वर्षीय बहादुर श्रेष्ठले घरमा पत्नी हुदाँहुँदै सोही ठाउँकी तुलसी तामाङलाई ०६४ चैत १८ गते घरमा भित्र्याई जेठी पत्नी कान्छी

श्रेष्ठलाई चैत २० गते छाडिदिए। जेठी पत्नीले जिल्ला प्रहरी कार्यालय सल्लेरीमा बहुविवाह गरेको र दुवैलाई झिकाई कारबाही गरी पाऊँ भनी ०६४ चैत १९ गते उजुरी दिइन्। उजुरीका आधारमा प्रहरीले दुवैलाई गिरफ्तार गरी सामुदायिक प्रहरी बिटमा छलफल गर्दा तामाङलाई भिऱ्याएको स्वीकार गरे। पीडितलाई विवाह गर्दा लागेको खर्च १५ हजार रुपियाँ दिने सर्तमा प्रहरीले दुवैलाई रिहा गऱ्यो। कानुनी कारबाही भएन।

### बोक्सीको आरोपमा हत्या

जुभिङ गाविस-६ का २७ वर्षीया बिखमाया राईको ०६५ मङ्सिर १ गते बाकुँ गाविस-७ का २५ वर्षीय आशबहादुर राईले काखको बच्चा बोकी कोदो टिप्न जाँदै गर्दा बाटोमा धारिलो हतियारले टाउकोमा दुईपटक हानी हत्या गरे। आफूलाई बोक्सी विद्या लगाई बिमारी बनाएको स्थानीय धामी ५० वर्षीय नेप्टे कामीले जोखनामा बताएपश्चात् आशबहादुरले पीडितको हत्या गरेका थिए। राईलाई मङ्सिर ९ गते प्रहरीले गिरफ्तार गरी मङ्सिर २३ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार शाखामा थुनामा राखेको छ भने धामी नेप्टे कामीलाई साधारण सोधपुछपछि प्रहरीले रिहा गऱ्यो।

*काङ्ग्रेस र वाईसीएलबीचको झडपमा परी घाइते भएका इन्द्रप्रसाद निरौला*

### दुर्व्यवहार

केरुङ गाविस-३ की ५५ वर्षीया भूपीमाया मगरले स्थानीय महिला नानीमाया मगरलाई बोक्सी विद्या लगाई बिरामी पारेको आरोपमा ०६५ भदौ ९ गते उनलाई सोही ठाउँकी ३२ वर्षीया दीर्घमाया मगर, २२ वर्षीया नानीमाया मगर र बममाया मगरलगायत अन्य व्यक्तिहरूले मानसिक यातना दिए। बिहान ३ बजे सुतिरहेको अवस्थामा उनीहरूले घरबाट पीडित दुवैलाई नियन्त्रणमा लिई बिमारीको घरमा लगी यातना दिएका थिए। सोही यातनाका कारण भूपीमाया मगर गाउँ छाडी पतिसँग सदरमुकाम सल्लेरीमा ०६५ भदौ १८ गतेदेखि भदौ २५ गतेसम्म छोरी कल्पना मगरकहाँ शरण लिई बसे। पीडितका अनुसार बिमारी निको पार्नुपर्ने, बिरामी कुर्ने कुरुवा र बिरामी उपचार गर्ने खर्चका लागि १० हजार रुपियाँ दिनुपर्ने दबाब दिँदै लगाएको कपडा खोली थैलीसमेत खोसेको बताए। पीडित पक्षले प्रहरी चौकीमा भदौ १२ गते उजुरी दिए तापनि प्रहरीहरूले कारबाही नगरी फर्काइ दिएपश्चात् ०६५ असोज ९ गते जिल्ला अदालतमा गाली बेइज्जतीसम्बन्धी मुद्दा दर्ता गरे।

*काङ्ग्रेस र वाईसीएलबीचको झडपमा घाइते भएका काङ्ग्रेसका संविधानसभा सदस्य उम्मेदवार बलहादुर केसी*

*काङ्ग्रेस र वाईसीएलबीचको झडपमा घाइते भएका राजेन्द्रबहादुर बस्नेत*

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना/सम्पति क्षति

तिङ्ला गाविस-२ का मृतक टेकबहादुर कार्की र उनका भाइ ६४ वर्षीय दानबहादुर कार्कीको मुक्ली गाविस-६ मा रहेको जग्गाको अन्नबाली माओवादीको कब्जामा रहेको जनाउँदै एरिया सेक्रेटरी सुरक्षाले ०६४ पुस २३ गते पाँच मुरी धान लगे। पीडितले आफ्नो जग्गा फिर्ताका लागि जिल्ला प्रशासन कार्यालयमा ०६४ माघ ४ गते उजुरी दिए पनि पीडकहरूलाई कुनै कारबाही भएन।

# मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

# २.१ धनुषा

जनसङ्ख्या : ७,९३,४२२
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): १,१८०
गाविस/नपा सङ्ख्या : १०१/१
सरकारी/निजी विद्यालय : ३७१/९
क्याम्पस/उच्च मा.वि. : ७/१८
अस्पताल/स्वास्थ्य चौकी : ३/१०२
मानव विकास सूचकाङ्क : ०.४४९
प्रतिपरिवार सरदर सङ्ख्या : ७

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

दिगम्बरपुर गाविस-५ का एक्वा मिनरल वाटर कम्पनी, काठमाडौँमा कार्यरत मजदुर २२ वर्षीय मदनकुमार मोक्तानको मधेसविरोधी गतिविधि गरेको आरोपमा ०६४ माघ १४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले पुश्वपलपुर गाविस-१ मा ढुङ्गाले किच्याई हत्या गरे। बिरामी आमाबुबाको उपचारका लागि कम्पनीबाट ऋण लिई रात्रिबसबाट पुष्पलपुर चौकमा ओर्लिएर घर जाने क्रममा मोर्चाका कार्यकर्ताले अपहरण गरी उनको हत्या गरेका थिए। मोर्चाका तत्कालीन केन्द्रीय सदस्य राजन मुक्तिले आफ्ना कार्यकर्ताबाट गम्भीर त्रुटि भएको बताए।

धवौली गाविस-८ का एमाले कार्यकर्ता ५८ वर्षीय रामा साहको ०६५ पुस १ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले उनकै घरमा गोली प्रहार गरी हत्या गरे। हत्यामा संलग्न भएको आरोपमा सोही गाविस-७ का गङ्गा दासलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखेको बतायो। आरोपी दास यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहे।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) बाट

जनकपुर नपा-१ का ५० वर्षीय श्रवणकुमार श्रेष्ठको ०६५ वैशाख २५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)का कार्यकर्ताले दिगम्बरपुर गाविसस्थित जलाद खोलामा गोली प्रहार गरी हत्या गरे। जनकपुर चुरोट कारखानामा कार्यरत श्रेष्ठलाई अपहरण गरी उनको परिवारसँग पैसाको मोलतोल नमिलेपछि मोर्चाका कार्यकर्ताले हत्या गरेको परिवारजनले बताए। मोर्चाका अविनाश मुक्तिले जनकपुर चुरोट कारखानामा कार्यरत गैरमधेसी कर्मचारीले मधेस नछोडेको आरोपमा हत्या गरेको बताए। ठेराकचुरी गाविसबाट अपहरण गरी पाँच दिनपछि आँखामा पट्टी बाँधी गोली प्रहार गरी हत्या गरिएको अवस्थामा श्रेष्ठको लास भेटिएको थियो। उनलाई वैशाख २१ गते मोर्चाका कार्यकर्ताले अपहरण गरेका थिए।

रौतहट जिल्ला इनरवारी गाविस-७ का जनकपुर नपाका ओभरसियर ३८ वर्षीय जीतेन्द्र साहको ०६५ असार १२ गते जनकपुर नपा-४ मा अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। हत्याको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)ले लियो। हत्याको आरोपमा कृषि विकास बैंक उपशाखा प्रबन्धक महोत्तरी जिल्ला अन्कार गाविस-९ का ४२ वर्षीय लवकुमार शर्मा र उनका सहयोगी उपेन्द्र झाउपर पीडित पक्षले किटानी जाहेरी दिए पनि कुनै कारबाही भएन।

सखुवा महेन्द्रनगर गाविस-१ निवासी हिमालयन प्लाइउड इन्डस्ट्रिजका सुरक्षा गार्ड ४० वर्षीय कुमार खड्काले सुराकी गरेको आरोपमा ०६५ असोज ६ गते राती उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)का कार्यकर्ताले सखुवा महेन्द्रनगर गाविस-८ स्थित हिमालयन प्लाइउड इन्डस्ट्रिजमा गोली प्रहार गरी हत्या गरे।

जनकपुर नपा-४ का आन्तरिक राजस्व कार्यालयका खरिदार ५५ वर्षीय कुमार निरौलाले चन्दा

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | ३८ | ३१ | ८ | १ | ४० | | | | | ३ | ४ | | | ४ |
| घाइते | ३५ | ६१ | ६ | | ६८ | | | | | २ | १ | २ | | ३ |
| कुटपिट | ४ | ६ | | | ६ | | | | | ६ | १३ | | | १३ |
| धम्की | ३ | ६ | | | ६ | | | | | २ | ३ | | | ३ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | | | ५ | ६६ | | २०६ | २८३ |
| महिलाअधिकार | ४६ | | ४६ | | ४६ | | | | | | | | | |
| बालअधिकार | ५ | | ५ | | ५ | | | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | १ | | | १ | ३ | ३ | ३ | ६ | | | | | |
| अपहरण | ३९ | ४२ | ३ | | ४५ | | | | | | | | | |
| जम्मा | १६१ | १४६ | ६९ | १ | २१६ | ३ | ३ | ३ | ६ | १९ | ९६ | ३ | २०६ | ३०६ |

नदिएको आरोपमा ०६५ मङ्सिर ३० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)का कार्यकर्ताले घरनजिकै गोली प्रहार गरी हत्या गरे।

चितवन जिल्ला जगतपुर गाविस-९ निवासी सशस्त्र प्रहरी बेस क्याम्प सपहीमा कार्यरत वरिष्ठ हवलदार २७ वर्षीय मङ्गल हरिजनको ०६५ पुस ३ गते साँझ मोर्चाका कार्यकर्ताले जनकपुर नपा-४ मा गोली प्रहार गरी हत्या गरे।

### मधेस मुक्ति टाइगर्सबाट

महोत्तरी जिल्ला महदैया तपनपुर गाविस-५ निवासी ३५ वर्षीय उदय यादवलाई सुराकी गरेको आरोपमा ०६४ फागुन २१ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले दिगम्बरपुर गाविस-९ मा गोली प्रहार गरी हत्या गरे। गाउँलेको विवाहमा भाडाको जिप लिएर तारापट्टी सिर्सिया गाविस गएका बेला जिप पखाल्न सोही गाविसस्थित नहरमा गएका यादवलाई टाइगर्सका कार्यकर्ताले अपहरण गरी हत्या गरेका थिए।

### अज्ञात समूहबाट

हंशपुर कठपुल्ला गाविस-१ का २६ वर्षीय दीपनारायण साहको ०६४ पुस ३० गते अज्ञात सशस्त्र समूहले घरमा गोली प्रहार गरी हत्या गऱ्यो। गाउँ घेरा हाली लुटपाट गर्ने क्रममा पीडितले लुटपाट गर्नेलाई चिनेको भनेपछि टाउको र पेटमा गोली प्रहार गरी हत्या गरिएको थियो।

औरही गाविस-७ का ३५ वर्षीय अताबुल नदाफको ०६४ माघ २५ गते अज्ञात सशस्त्र समूहले देउरी परवाहा गाविसमा गोली प्रहार गरी हत्या गऱ्यो। अघिल्लो दिन पम्पसेट बनाउन जनकपुर आई साँझ घर फर्किने क्रममा बाटोबाट नियन्त्रणमा लिई हत्या गरी फालिएको अवस्थामा लास भेटिएको थियो।

बटेश्वर गाविस-९ का ६० वर्षीय जिवछ महतोको ०६५ जेठ २३ गते अज्ञात सशस्त्र समूहले नक्टाझिझ गाविस-१ मा गोली प्रहार गरी हत्या गऱ्यो। महेन्द्रनगर बजारबाट साइकलमा घरतर्फ फर्कंदै गर्दा बाटो कुरी बसेको समूहले गोली प्रहार गरी हत्या गरेको थियो।

सप्तरी जिल्ला भारदह गाविस-३ का २८ वर्षीय लक्ष्मण दास र मकवानपुर जिल्ला भैंसेका ३५ वर्षीय मोहन जोशी ०६५ असार ५ गते अज्ञात समूहले गोदार गाविसस्थित पूर्वपश्चिम राजमार्गमा सकेट बम विस्फोटन गराउँदा घाइते भए। घाइते दासको सिराहा जिल्लाको लहानस्थित अस्पतालमा उपचारका क्रममा सोही राती मृत्यु भयो भने घाइते जोशीको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

जनकपुर नपा-३ का २० वर्षीय सुनीलकुमार झाको ०६५ भदौ २ गते राती अज्ञात समूहले जनकपुर नपा-१२ मा गोली प्रहार गरी हत्या गऱ्यो।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट | | | मधेस मुक्ति टाईगर्सबाट | | | | जतमुमो(राजनमुक्ति) बाट | | | | जतमुमो(ज्वाला)बाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | १ | १ | | १ | ५ | ५ | | ५ | ३ | ३ | ३ |
| घाइते | १ | १ | १ | १ | १ | १ | ३ | ६ | १५ | ६ | ३१ | | | |
| धम्की | | | | | | | | | | | | १ | १ | १ |
| अपहरण | १ | ३ | ३ | ८ | ८ | १ | ८ | ३ | ३ | | ३ | ३ | ३ | ३ |
| जम्मा | ३ | ३ | ३ | ९ | ९ | ३ | ११ | १३ | ३३ | ६ | ३८ | ५ | ५ | ५ |

दिगम्बरपुर गाविस-४ की २३ वर्षीया सिमलादेवी श्रेष्ठ यादवको ०६५ कात्तिक ११ गते अज्ञात सशस्त्र समूहले घरबाट अपहरण गरी सोही गाविसस्थित जलाद खोलामा गोली प्रहार गरी हत्या गऱ्यो।

### दोहोरो भिडन्त

विसरभोरा गाविस-२ का संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका सैन्य कमान्डर स्टिल बडी भनिने ३२ वर्षीय प्रदीप रोहिता यादवको ०६४ चैत ९ गते प्रहरीले चलाएको गोली लागी पुष्पलपुर गाविस-१ मा मृत्यु भयो। गस्तीमा गएको प्रहरी टोलीउपर मोर्चाका कार्यकर्ताले फायर गरेपछि प्रहरीको कारबाहीमा गोली लागी घाइते भएको र उपचारका लागि जनकपुर ल्याउने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। घटनास्थलबाट प्रहरीले एक थान बाह्रबोरको बन्दुक, छओटा गोली र मोटरसाइकल बरामद गरेको थियो।

हंशपुर कठपुल्ला गाविस-१ स्थित मझौरा टोलमा ०६५ साउन २६ गते राती प्रहरी र हतियारधारी समूहबीच दोहोरो भिडन्त हुँदा औरही गाविस-८ का ३२ वर्षीय मोती पासवानको मृत्यु भयो। गस्तीमा गएको प्रहरीमाथि मझौरा टोलमा करिब १०/१२ जनाको समूहले फायरिङ् गरेपछि भएको दोहोरो झडपमा परी रौतहट जिल्ला माधोपुर गाविस-६ का असई २७ वर्षीय वैद्यनाथ दास घाइते भए। दाहिने पातामा गोली लागेका दासको धरानमा उपचार भयो। प्रहरीले घटनास्थलबाट औरही गाविस-८ का ५० वर्षीय कुलदीप पासवानलाई गिरफ्तार गऱ्यो।

सिराहा नपा-१ का मधेस नियन्त्रक समूहका सिराहा जिल्ला इञ्चार्ज २३ वर्षीय मनोज यादव र सोही जिल्ला लक्ष्मीनियाँ गाविस-३ का सो समूहका सैनिक कमान्डर २९ वर्षीय सुरेश यादवको ०६५ पुस ५ गते राती प्रहरी कारबाहीमा जनकपुर नपा-७ मा मृत्यु भयो। प्रहरीउपर फायरिङ् गरेपछि प्रतिकारमा गोली चलाउँदा उनीहरूको मृत्यु भएको प्रहरीले दावी गऱ्यो। समूहका महासचिव पृथ्वीले भने नियन्त्रणमा लिएर हत्या गरिएको बताए।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते राज्यबाट

जनकपुरमा ०६४ फागुन ६ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले गरेको आन्दोलनमा प्रहरी र प्रदर्शनकारीबीच झडप भएपछि प्रहरीले लाठी प्रहार गर्दा जनकपुर नपा-६ की ३० वर्षीया सीतादेवी साह, सोही नपा-६ की १४ वर्षीय रुवीकुमारी साह, सोही नपा-१ का १४ वर्षीय अमितकुमार झा, सोही नपा-८ का २२ वर्षीय जीवछ भगत र महोत्तरी जिल्ला जलेश्वर नपा-७ निवासी पत्रकार २२ वर्षीय रोहित चौधरी घाइते भए। घाइते सबैको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। घाइतेहरूमध्ये सीतादेवी र रुवीकुमारीलाई प्रहरीले चलाएको गोली लागेको थियो।

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | जतमुमो(गोइत)बाट | | | लिब्रेशन टाइगर आफ तराई इलमबाट | | | तराई राष्ट्रिय मुक्ति सेनाबाट | | | अज्ञातबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा |
| हत्या | | | | | | | | | | १६ | १४ | २ | १ | १६ |
| घाइते | | | | १ | २ | २ | १ | १ | १ | १३ | ३८ | | | ३८ |
| कुटपिट | १ | १ | १ | १ | १ | १ | | | | २ | ४ | | | ४ |
| धम्की | १ | १ | १ | | | | १ | ४ | ४ | | | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | | | | | | १ | १ | | | १ |
| अपहरण | ३ | ३ | ३ | १ | १ | १ | | | | ३० | ३३ | | | ३३ |
| जम्मा | ४ | ४ | ४ | ३ | ४ | ४ | २ | ५ | ५ | ५२ | ८९ | २ | १ | ८२ |

सोही घटनामा प्रदर्शनकारीको कुटपिटबाट प्रहरी हवल्दार अर्जुन भुजेल घाइते भए।

नक्टाझिझ गाविस-४ का २४ वर्षीय सञ्जय साह ०६५ मङ्सिर ३० गते प्रहरीले चलाएको गोली लागी सखुवा महेन्द्रनगर गाविस-१ मा घाइते भए। महोत्तरी जिल्ला किसाननगर गाविस-४ का पुनित साहको अपहरणमा संलग्न आरोपीलाई रिहा गरेको विरोधमा पीडित पक्ष र स्थानीय बासिन्दाले इलाका प्रहरी कार्यालयअगाडि प्रदर्शन गर्दा प्रहरीले चलाएको गोली लागी साह घाइते भएका थिए। पीडितको काठमाडौँमा उपचार भयो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)बाट

जनकपुर नपा- १४ निवासी शिक्षक ५५ वर्षीय विजय गुरुङ र सिनुरजोडा गाविस-४ निवासी सर्वसाधारण २२ वर्षीय भोला यादवलाई ०६४ फागुन २३ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह)ले जनकपुर नपा-९ मा गोली प्रहार गरी घाइते बनायो। घाँटीमा गोली लागी घाइते भएका गुरुङको जनकपुर अञ्चल अस्पतालमा उपचारपछि थप उपचार धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। खुट्टामा गोली लागेका अर्का घाइते यादवको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

जनकपुर नपा-६ की ३० वर्षीया रुनादेवी साह ०६५ असार ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह)ले जनकपुर नपा-७ मा गराएको सुतली बम विस्फोटनमा परी घाइते भइन्। परागको प्लास्टिकमा रहेको सुतली बम विस्फोट हुँदा फलफुल व्यापार गर्ने साह घाइते भएकी हुन्। उनको खुट्टामा बमको छर्रा लागेको थियो। पीडित साहको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

जनकपुर नपा-१० का ५५ वर्षीय शत्रुघनलाल कर्ण ०६५ असार २० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)का कार्यकर्ताले जनकपुर नपा-१० मा गराएको सुतली बम विस्फोटनमा परी घाइते भए। उनको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

जनकपुर नपाका २८ वर्षीय कल्पना कार्की र १८ वर्षीय ललिता श्रेष्ठ ०६५ असार २८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)ले जनकपुर नपा-९ मा गराएको सुतली बम विस्फोटनमा परी घाइते भए। उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

उमाप्रेमपुर गाविस-८ का ४७ वर्षीय श्रीकृष्ण महतो, सोही वडाका २३ वर्षीय सुरेन्द्रकुमार महतो, नक्टाझिझ गाविस-५ का राजेन्द्र महतो, सोही वडाका रितलाल महतो, बलहाकठाल गाविस-८ का ४५ वर्षीय जुगेश्वर ठाकुर, सोही वडाका चित्तरञ्जन ठाकुर, रघुनाथपुर गाविस-३ का ५० वर्षीय नथुनी परियार र उनकी पत्नी ४९ वर्षीया विद्या परियार, भुतही पटेर्वा गाविस-७ का ४० वर्षीय अशोककुमार ठाकुर, गोदार गाविस-९ का २७ वर्षीय वौएलाल महतो, भरतपुर

गाविस-१ का २५ वर्षीया अमिरतिदेवी महतो, दिगम्बरपुर गाविस-१ का ३५ वर्षीय रोहित महतो, भरतपुर गाविस-९ का सुजानदेवी महतो र बहुहर्वा गाविस-२ का २८ वर्षीय शिवदेव पण्डित ०६५ कात्तिक ६ गते जनकपुर नपा-४ स्थित मालपोत कार्यालयमा भएको सिलिन्डर बम विस्फोटनमा परी घाइते भए। अधिकांश घाइतेहरूको हात, पिँठ्यु, खुट्टा, निधार र तिघ्रामा विस्फोट हुदाँको आगोले पोलिएर घाउ लागेको थियो। विस्फोटनमा परी जग्गासम्बन्धी विभिन्न काम लिएर आएका सर्वसाधारणदेखि मालपोत कार्यालयमा कार्यरत लेखनदाससमेत घाइते भएका थिए। उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो भने केहीलाई थप उपचारका लागि काठमाडौँ लगियो। जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह) र तराई राष्ट्रिय मुक्ति सेनाले विस्फोटनको जिम्मेवारी लियो।

जनकपुर नपा-४ का जिल्ला प्राविधिक कार्यालय महोत्तरीका डीई ४७ वर्षीय कृष्णचन्द्र मिश्रलाई ०६५ मङ्सिर १८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)का कार्यकर्ताले घरमा बसिरहेको अवस्थामा गोली प्रहार गरी घाइते बनाए। घाइते मिश्रको काठमाडौँमा उपचार भयो।

### लिवरेसन अफ तराई टाइगर इलमबाट

तारापट्टी गाविस-५ का १५ वर्षीय रामभरोस यादव र भारत मजफ्फरपुर का ५४ वर्षीय रामआशिष राउत ०६४ पुस ३० गते लिवरेसन अफ तराई टाइगर इलम नामक सशस्त्र समूहले जनकपुर नपा-१ स्थित जलान वस्त्रालयमा गराएको सकेट बम विस्फोटनमा परी घाइते भए। पीडितहरूमध्ये राउतको देब्रे पिँडुला र तिघ्रामा तथा यादवको दाहिने खुट्टाको औँलामा चोट लाग्यो। उनीहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

सखुवामहेन्द्रनगर गाविस-१ का ४० वर्षीय उद्धव भुजेललाई ०६५ वैशाख २४ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले जनकपुर नपा-१ स्थित प्रभु फाइनान्स कम्पनीको कार्यालयमा गोली प्रहार गरी घाइते बनाए। कार्यालय समय सकी ढोका लगाइसकेको अवस्थामा मोर्चाका कार्यकर्ताले ढोका खोल्न लगाई कम्पनीका सुरक्षा गार्ड भुजेलको

*प्रहरीको गोलीबाट मारिएका संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका सैन्य कमान्डर प्रदीप रोहिता*

छातीमा गोली प्रहार गरेका थिए। घाइते भुजेललाई जनकपुर अञ्चल अस्पतालमा प्राथमिक उपचारपछि थप उपचारका लागि धरान लगियो।

### तराई राष्ट्रिय मुक्ति सेनाबाट

जनकपुर नपा-४ का गौरीशङ्कर आयरन स्टोर्सका सञ्चालक ५२ वर्षीय गौरीशङ्कर महतोलाई समूहलाई सहयोग नगरेको आरोपमा ०६५ साउन ५ गते तराई राष्ट्रिय मुक्ति सेनाका कार्यकर्ताले जनकपुर नपा-९ मा गोली प्रहार गरी घाइते बनाए। तिघ्रामा गोली लागी घाइते भएका महतोको काठमाडौँमा उपचार भयो।

### मधेसी मुक्ति टाइगर्सबाट

जनकपुर नपा-३ का ६५ वर्षीय रामजी भगत र सोही नपा-३ की १७ वर्षीया आशा ठाकुर ०६५ असोज ११ गते मधेसी मुक्ति टाइगर्सले बन्दको अवज्ञा गरेको आरोपमा जनकपुर नपा-७ मा गराएको पाइप बम विस्फोटनमा परी घाइते भए। घाइते दुवैको स्थानीय क्लिनिकमा उपचार भयो।

### बेवारिसे विस्फोटक पदार्थबाट

जनकपुर नपा-१३ का ३० वर्षीय हरेराम राउत ०६५ साउन ५ गते बेवारिसे सकेट बम चलाउँदा दूधमती सिँचाइ कार्यालयनजिक विस्फोटनमा परी घाइते

भए। हात र टाउकोमा गहिरो चोट लागी घाइते भएका राउतको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

### अज्ञात समूहबाट

जनकपुर नपा-१ का ३० वर्षीय सुजित आले ०६५ वैशाख ६ गते अज्ञात समूहले जनकपुर नपा-२ स्थित विनोद कोल्ड स्टोरमा गराएको सुतली बम विस्फोटनमा परी घाइते भए। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

गोदार गाविस-८ का ४० वर्षीय चक्रबहादुर पौडेललाई ०६५ असार २७ गते अज्ञात समूहले घरमै बसिरहेको अवस्थामा गोली प्रहार गरी घाइते बनायो। उनको धरानमा उपचार भयो।

जनकपुर नपा-१ का रिक्साचालक ४५ वर्षीय शङ्कर महतो, महोत्तरी जिल्ला भमरपुरा गाविस-२ का ५० वर्षीय रामपदार्थ मण्डल, सोही जिल्ला बलुवासरपल्लो गाविस-५ का २५ वर्षीय ललन चौधरी र प्रवेशकुमार साह ०६५ साउन ४ गते अज्ञात समूहले जनकपुर नपा-७ मा गराएको सुतली बम विस्फोटनमा परी घाइते भए। हात, खुट्टा, पिठ्युँ र अनुहारमा गहिरो चोट लागेका घाइतेहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

### बेपत्ता/अपहरण

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

सिन्धुली जिल्ला दुधौली गाविस-२ घर भई रुविज बोर्डिङ् स्कुल महेन्द्रनगरका प्रिन्सिपल ४२ वर्षीय विष्णु रानामगरलाई ०६४ माघ २ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले पूर्वपश्चिम राजमार्गको पुष्पलपुर सडकखण्डबाट शङ्कास्पद गतिविधि गरेको आरोपमा अपहरण गरे। धारापानीस्थित ससुरालीबाट साइकलमा स्कुलतर्फ आउँदै गरेका मगरलाई मोर्चाका कार्यकर्ताले अपहरण गरेका थिए। पीडित इन्सेक प्रतिनिधिको पहलमा पत्रकार वीरेन्द्र रमण र मानवअधिकारकर्मी विजय दत्तको रोहबरमा ०६४ माघ ७ गते सखुवा महेन्द्रनगर इलाकाबाट मुक्त भए।

लक्कड गाविस-१ का ३० वर्षीय सञ्जयकुमार गोइतलाई विद्यालयमा आफ्नो मान्छे भर्ना गरेको आरोपमा ०६५ साउन १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरबाट अपहरण

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा मारिएका गरिएका मदनकुमार मोक्तान*

गरे। पीडित ०६५ साउन १३ गते सोही गाविसबाट मुक्त भए।

### अखिल तराई मुक्ति मोर्चाबाट

धनुषा गोविन्दपुर गाविसका ४७ वर्षीय धनीराम यादवलाई ०६५ असार २९ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडित सात दिनपछि मुक्त भए।

महोत्तरी जिल्ला किसाननगर गाविस-४ का ५० वर्षीय पुनित साहलाई चन्दा नदिएको आरोपमा ०६५ मङ्सिर २५ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले बटेश्वर गाविसबाट अपहरण गरे। पीडित आफन्तको रोहबरमा ०६५ पुस २ गते सखुवा महेन्द्रनगरबाट मुक्त भए।

### लिबरेसन अफ तराई टाइगर्स इलम

गोदार गाविस-३ का ५३ वर्षीय ढुण्डिराज दाहाललाई ०६४ चैत १३ गते लिबरेसन अफ तराई टाइगर्स इलमले सोही गाविसस्थित पूर्व-पश्चिम राजमार्गबाट अपहरण गऱ्यो। मोटरसाइकलमा आएका चार जनाको समूहले अपहरणपछि पीडितसँग १० लाख रुपियाँ चन्दा मागेको थियो। पीडितलाई सशस्त्र प्रहरीले अपहरणको केही घन्टापछि नै भरतपुर गाविसबाट मुक्त गरायो। अपहरणमा संलग्न भएको आरोपमा प्रहरीले जिल्ला सिराहा रामपुर विर्ता गाविस-३ का २४ वर्षीय रामकुमार यादव, सोही गाविस-२ का ३० वर्षीय जयकुमार यादव, सोही जिल्ला चन्द्रअयोध्यापुर गाविस-९ का २५ वर्षीय चन्द्रप्रसाद यादव, सोही जिल्ला मझौलिया गाविस-८ का २४ वर्षीय नवीन हुसैन र जिल्ला महोत्तरी धरमपुर गाविस-८ का २८ वर्षीय

शमशुल राइनलाई गिरफ्तार गऱ्यो। उनीहरूलाई जिल्ला अदालतको आदेशमा ०६५ वैशाख ७ गते पुर्पक्षका लागि कारागार चलान गरियो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति)बाट

गोठकोयलपुर गाविस-३ का ४५ वर्षीय महेन्द्रगोहिवार यादवलाई चन्दा नदिएको आरोपमा ०६५ मङ्सिर १७ गते मोर्चाका कार्यकर्तालेसोही गाविसबाट अपरहण गरे। पीडितलाई आफन्तको रोहबरमा अज्ञात स्थलबाट मङ्सिर १८ गते मुक्त गरियो।

खरिहानी गाविस-३ का लुम्बिनी कन्स्ट्रक्सन कम्पनीका इन्जिनियर ४४ वर्षीय जामुन साहलाई चन्दा नदिएको आरोपमा ०६५ मङ्सिर १८ गते मोर्चाका कार्यकर्ताले सोही गाविसबाट अपहरण गरे। पीडित ०६५ मङ्सिर २२ गते आफन्तको रोहबरमा अज्ञातस्थलबाट मुक्त भए।

### मधेसी मुक्ति टाइगर्सबाट

गोपालपुर गाविस-९ का ४५ वर्षीय सुवरन दास र तुलसियाही गाविसका केयर नेपाल धनुषाका ओभरसियर ३५ वर्षीय मोहन साहलाई चन्दा नदिएको आरोपमा ०६४ माघ ४ गते मोर्चाका कार्यकर्ताले गोपालपुर गाविस-९ बाट अपहरण गरे। संस्थाको कामले गाउँ गएका बेला मोटरसाइकलमा आएका टाइगर्सका कार्यकर्ताले अपहरण गरी राखेको ठाउँबाट सोही राती दास भाग्न सफल भए भने साहलाई ०६४ माघ ६ गते समाज उत्थान युवा केन्द्रका अध्यक्ष ज्ञानेन्द्र यादवको रोहबरमा सिनुरजोडा गाविसबाट मुक्त गरियो।

सिनुरजोडा गाविस-३ का ४० वर्षीय हरिसिंह सुवेदीलाई ०६४ फागुन १२ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले सपही गाविसबाट अपहरण गरे। घरायसी काम विशेषले सपही गएका बेला टाइगर्सका कार्यकर्ताले अपहरण गरी ०६४ फागुन १४ गते आफन्तको जिम्मामा बटेश्वर गाविसबाट मुक्त गरे।

सुनसरी जिल्ला इटहरी घर भई कसमस सिमेन्ट कारखाना नक्टाझिझमा लेखापाल पदमा कार्यरत ४३ वर्षीय शालिग्राम ओझालाई ०६४ फागुन २९ गते मधेसी मुक्ति टाइगर्सले नक्टाझीझ गाविसबाट अपहरण गऱ्यो। पूजा गर्न मन्दिर जादै गरेका ओझालाई मोटरसाइकलमा आएका टाइगर्सका कार्यकर्ताले ग१त

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) द्वारा मारिएका गरिएका श्रवणकुमार श्रेष्ठ*

नम्बरको मोटरसाइकलसहित अपहरण गरी ०६४ फागुन ३० गते स्थानीय बासिन्दाको रोहबरमा बटेश्वर गाविसबाट मुक्त गरे।

सप्तरी जिल्ला बौरिया गाविस-५ का ४८ वर्षीय दुर्गानन्द झालाई चन्दा नदिएको आरोपमा ०६५ असार १० गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले सखुवा महेन्द्रनगर गाविस-१ बाट अपहरण गरे। अपहरित झा ०६५ असार ११ गते सोही गाविसबाट मुक्त भए। अपहरणको आरोपमा बनिनियाँ गाविस-५ का ३६ वर्षीय लालबाबु महतो र सखुवा महेन्द्रनगर गाविस-२ का ३८ वर्षीय सूर्यनारायण महतोलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडकहरूलाई अदालतको आदेशमा पुर्पक्षका लागि ०६५ साउन ५ गते जेल चलान गरियो।

सपही गाविस-८ का ३० वर्षीय जयकुमार मण्डललाई ०६५ असार २६ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले जनकपुर नपा-१४ बाट अपहरण गरे। उनी ०६५ असार २७ गते जनकपुर नपा-एरियाबाट मुक्त भए।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

यज्ञभूमि गाविस-६ का ४० वर्षीय जोगी मण्डल र ६५ वर्षीय उचित मण्डललाई केटा र केटी भगाउन सघाएको आरोपमा ०६४ माघ १९ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाल घरबाट अपहरण

गऱ्यो। पीडितहरूलाई नियन्त्रण लिई कुटपिट गरी ०६४ माघ २० गते स्थानीय पाण्डव मण्डल र लक्ष्मण मण्डलको रोहबरमा उमाप्रेमपुर गाविसबाट मुक्त गरियो।

### अज्ञात समूहबाट

जनकपुर नपा-१६ का २४ वर्षीय सन्तोष साहलाई ०६४ माघ ५ गते अज्ञात सशस्त्र समूहले जनकपुर नपा-९ बाट अपहरण गऱ्यो। जनकपुरको थापाचौकस्थित ससुरालीबाट साइकलमा घरतर्फ फर्कदै गर्दा मोटरसाइकलमा रहेको समूहले अपहरण गरी उनीसँग रहेको ५० हजार रुपियाँ नगद र मोबाइल लुटी ०६४ माघ ८ गते मुख र आँखामा पट्टी बाँधी जनकपुरको बाह्रबिघाबाट मुक्त गरे।

जनकपुर नपा-१० का ५० वर्षीय भृगुनाथ ठाकुरलाई ०६४ चैत २० गते अज्ञात समूहले घरनजिकबाट अपहरण गऱ्यो। संविधानसभा निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नं. ४ बाट उम्मेदवारी दिएका ठाकुर ०६४ चैत २९ गते महोत्तरी जिल्लाको भिठ्ठामोडबाट मुक्त भए।

दुहवी गाविस-६ का ३९ वर्षीय राजकुमार कापरलाई ०६४ चैत २६ गते अज्ञात सशस्त्र समूहले एकाही गाविसबाट अपहरण गऱ्यो। संविधानसभा निर्वाचनमा मतदान केन्द्रमा जाने क्रममा उनी अपहरणमा परेका थिए। पीडितलाई सोही दिन साँझ सशस्त्र प्रहरीले दुहबी गाविसको गोबराहीबाट मुक्त गऱ्यो।

ढल्केवर गाविस-९ का ५५ वर्षीय शिवशङ्कर साहलाई ०६४ चैत २७ गते ढल्केवर बजारबाट घरतर्फ जाँदै गरेका बेला अज्ञात समूहले सोही गाविसबाट अपहरण गऱ्यो। पीडित सोही गाविसबाट भोलिपल्ट मुक्त भए।

सपही गाविस-६ का जिल्ला शिक्षा कार्यालय धनुषाका ओभरसियर ४५ वर्षीय राजकिशोर साहलाई ०६५ वैशाख २७ गते अज्ञात समूहले लक्ष्मीनिया गाविसबाट अपहरण गऱ्यो। कार्यालयको काम सकी घरतर्फ जाँदै गर्दा साहलाई अपहरण गरी ०६५ वैशाख ३० गते जनकपुरको रामानन्दचौक एरियाबाट मुक्त गरियो।

जिल्ला महोत्तरी सम्सी गाविसका ४५ वर्षीय शियाशरण पासवानलाई ०६५ जेठ २ गते अज्ञात समूहले अपहरण गऱ्यो। ढल्केवरमा कवाडीको

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) द्वारा हत्या गरिएका कुमार खड्का*

ठेक्कापट्टा काम गर्ने पासवानलाई सखुवा महेन्द्रनगरबाट ढल्केवरतर्फ जाँदै गर्दा अपहरण गरी ०६५ जेठ ३ गते सखुवा महेन्द्रनगर गाविसबाट मुक्त गरे।

देवपुरा रूपैठा गाविस-७ का राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक ४५ वर्षीय रामआशिष पण्डितले चन्दा नदिएको आरोपमा ०६५ असार २० गते उनलाई अज्ञात समूहले घोडघाँस गाविसबाट अपहरण गऱ्यो। पीडित सोही दिन साँझ महोत्तरी जिल्ला भिठ्ठामोडबाट मुक्त भए।

गोदार गाविस-६ का २१ वर्षीय राकेश जैयसवाल र सोही गाविस-७ की १८ वर्षीया विन्दु बुढाथोकीलाई ०६५ असार २७ गते राती अज्ञात समूहले घरनजिकबाट अपहरण गऱ्यो। पीडितहरू सिराहा जिल्ला बडहरामाल एरियाबाट ०६५ असार २८ गते अपहरणकारीको कब्जाबाट भागेर मुक्त भए।

सर्लाही जिल्ला हरकठवा गाविस-६ का २५ वर्षीय विजय महतो र रौतहट जिल्ला करुणिया गाविस-६ का ३५ जयगोविन्द पण्डितलाई चन्दा नदिएको

*प्रहरीको गोलीबाट मारिएका मनोज यादव र सुरेश यादव*

आरोपमा ०६५ असार ३१ गते अज्ञात सशस्त्र समूहले इनरुवा गाविसबाट अपहरण गऱ्यो। कमला नदी नियन्त्रणका लागि बाँसको बाँध बाँध्ने काममा खटिएका मजदुरद्वय अपहरण गरी राखिएको सिराहा जिल्लाको चचरीटोलबाट ०६५ साउन ६ गते भागेर मुक्त भए।

सिराहा जिल्ला माडर गाविस-४ का ४५ वर्षीय रामबाबु राउतलाई ०६५ असोज २५ गते अज्ञात सशस्त्र समूहले सिङ्गयाहिमरान गाविसबाट अपहरण गऱ्यो। अपहरित राउत अज्ञातस्थलबाट आफन्तको रोहवरमा ०६५ असोज २७ गते मुक्त भए।

### धम्की/कुटपिट

### राज्यबाट

रघुनाथपुर गाविस-२ का १८ वर्षीय शम्भु यादवलाई ०६४ माघ २ गते झोला चेक गर्न नदिएको आरोपमा सशस्त्र प्रहरीले बरमझिया गाविसमा कुटपिट गऱ्यो। भारतको अहमदाबादबाट काम गरी फर्किरहेका तीन जना युवालाई बरमझिया गाविसस्थित नहरमा चेकपोस्ट राखी बसेका सशस्त्र प्रहरीले कुटपिट गरेका थिए।

जनकपुर नपा-१० का मानवअधिकारकर्मी ३५ वर्षीय राजकुमार महासेठलाई ०६४ माघ १२ गते सशस्त्र प्रहरीले जनकपुर नपा-१० मा कुटपिट गऱ्यो। सात दलको संयुक्त सभामा मधेसवादी दलले गरिरहेको विरोध प्रदर्शनको अनुगमन गरिरहेका बेला सशस्त्र प्रहरीले महासेठलाई कुटपिट गरेको थियो।

ठेराकचुरी गाविस-८ का ३० वर्षीय दिनेश पुर्वे, जनकपुर नपा-१० का २१ वर्षीय उपेन्द्र ठाकुर र सोही वडाका १९ वर्षीय विकास कर्णलाई ०६४ माघ १८ गते सशस्त्र प्रहरीले जिल्ला प्रशासन कार्यालयमा तालाबन्दी र ढुङ्गामुढा गरेको आरोपमा जनकपुर नपा-४ मा कुटपिट गऱ्यो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

जनकपुर नपा-४ का कृषि विकास कार्यालय धनुषाका प्रमुख ४२ वर्षीय ओमप्रकाश कर्णलाई ५० हजार रुपियाँ चन्दा नदिएको आरोपमा ०६५ वैशाख २३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ता बताउने जिल्ला सप्तरी कोइलाडी गाविसका ४२ वर्षीय राकेश सिंहले अपहरण गर्ने धम्की दिए। पीडकलाई प्रहरीले गिरफ्तार गरी अदालतको आदेशमा ०६५ जेठ २५ गते पुर्पक्षका लागि कारागार चलान गऱ्यो।

### अखिल तराई मुक्ति मोर्चाबाट

मखनाहा गाविस-३ का ५५ वर्षीय जहरू ठाकुरलाई आफूहरूले कब्जा गरेको जग्गा किनेको आरोपमा ०६४ पुस २३ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले मार्ने धम्की दिए।

### तराई राष्ट्रिय मुक्ति सेनाबाट

जनकपुर नपा निवासी *जनकपुर टुडे*का पत्रकारहरू अजित तिवारी, गणेश खरेल, अजयकुमार साह र *तराई टाइम्स* दैनिकका सम्पादक वीरेन्द्र रमणलाई नेपाली भाषामा पत्रपत्रिका प्रकाशन, वितरण र समाचार सम्प्रेषण गरेको आरोपमा ०६५ साउन १६ गते तराई राष्ट्रिय मुक्ति सेनाका बाबा खाँनले भौतिक कारबाही गर्ने धम्की दिए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

जनकपुर नपा-८ का आठ वर्षीय सुनीलकुमार साह, सोही नपा-६ का १७ वर्षीय सानुकुमार साह, सोही नपा-४ का १९ वर्षीय सञ्जितकुमार सिंह, भुतही पटेर्वा गाविस-३ का ४५ वर्षीय भोली कापड, सिराहा जिल्ला सिराहा नपाका २२ वर्षीय महेन्द्रप्रसाद कापर, जनकपुर नपा-१२ का १६ वर्षीय सुमित कर्ण, सोही नपा-८ का २५ वर्षीय रमेश मण्डल, सोही नपा-७ का ४६ वर्षीय सूर्यनाराण साह, सोही स्थानका २५ वर्षीय गजेन्द्रलाल कर्ण, सोही ठाउँका ३० वर्षीय लक्ष्मण सदा, सोही नपा-१२ का ४० वर्षीय लक्ष्मी कापर, सोही नपा-२ का ३२

*तराई मुक्ति सेनाद्वारा गोली हानी घाइते बनाइएका गौरीशंकर महतो*

वर्षीय किशोरीलाल कर्ण, सोही नपा-५ का ३० वर्षीय हरिनारायण यादव, सोही नपा-३ का ३० वर्षीय भोगेन्द्र मण्डल, सोही नपा-१ का २२ वर्षीय रमेश गुप्ता, सोही नपा-४ का ३० वर्षीय कमलेश पाण्डे, सोही नपा-४ का २५ वर्षीय सुशील सिंह, सोही नपा-१ का २४ वर्षीय कमलेशकुमार पाण्डे, सोही नपा-१ का २५ वर्षीय प्रदीपकुमार राउत, सोही नपा-११ का ३५ वर्षीय विवेक कर्ण, सोही नपा-७ का २५ वर्षीय सानुकुमार यादव, सोही नपा-२ का २५ वर्षीय किशोरीलाल साह, सोही नपा-२ का ३५ वर्षीय कैलाश मिश्र, सोही नपा-१ का २८ वर्षीय शिवशङ्कार साह, सोही नपा-१ का २८ वर्षीय मनोजकुमार साह, दुवरकोट हटलेटवा गाविस-५ का २५ वर्षीय महेशकुमार यादव, सोही गाविस-५ का १९ वर्षीय शम्भु यादव, महोत्तरी जिल्ला सोहर्वा गाविस-५ का २६ वर्षीय महेन्द्र झा, सिराहा जिल्ला टकवा-३ का २६ वर्षीय सुशीलकुमार यादव, महोतरी जिल्ला डामीमडे गाविस-२ का २० वर्षीय सुरेश झा, तारापट्टी सिर्सया गाविस-५ का ३५ वर्षीय बह्मदेव यादव, फुल्गामा गाविस-४ का २५ वर्षीय राजकुमार महतो, ठेराकचुरी गाविस-८ का ३२ वर्षीय दिनेश पूर्वे, बरमझिया गाविस-३ का ३५ वर्षीय सञ्जय सिंह, देवपुररूपैठा गाविस-२ का ४० वर्षीय सरोजकुमार झा, माचिलग्मा गाविस-७ का १८ वर्षीय समरी यादव, लग्मा गाविस-१ निवासी १७ वर्षीय राहुल साह, तारापट्टीसिर्सया गाविस-४ का २० वर्षीय पवित्र राम, ठेराकचुरी गाविस-३ का १९ वर्षीय सविवुल साह, सोही गाविस-३ का २५ वर्षीय रत्नाकर झा, गिद्ध गाविस-६ का ३५ वर्षीय पवन झालाई जनकपुर नपाका ४२ वर्षीय कामेश्वर झाले हूलहुज्जत गरेको आरोपमा ०६४ माघ १२ गते सशस्त्र प्रहरीले जनकपुर नपा-१० मा कुटपिट गऱ्यो। सोही घटनामा प्रहरी इन्स्पेक्टर तीर्थराज सिग्देल, सशस्त्र प्रहरी हेमराज कार्की, आशाराम कुँवर र राजबहादुर परियार प्रदर्शनकारीले हानेको ढुङ्गा लागी घाइते भए। पीडितहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

जनकपुरमा ०६४ फागुन ७ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले गरेको आन्दोलनमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा प्रहरीको लाठी प्रहारबाट जनकपुर नपा-१० का ४२ वर्षीय गोपाल झा, सोही नपाका सञ्जय कहठोर, सोही नपा-८ का १९ वर्षीय मेहबुब राजा, सोही नपा-७ का २२ वर्षीय राजेश झा, सोही नपा-८ का ३२ वर्षीय सुरेन्द्रकुमार साह, सोही

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) मोर्चाद्वारा जनकपुरस्थित मालपोत कार्यालयमा गराइएको बम विस्फोटनमा परी घाइते भएका अशोक कुमार ठाकुर*

नपा-१० का १६ वर्षीय रविकुमार साह, सोही नपा-११ का ५४ वर्षीय अनवर सिद्दिकी, लोहना गाविस-४ का २४ वर्षीय रामनन्दन मण्डल, देवपुरा रूपैठा गाविसका ४० वर्षीय वृहस्पति राउत, सोही नपाका १६ वर्षीय रविकुमार साह, सोही नपा-१० का ४० मोहमद मन्जुर, सोही नपा-४ का १८ वर्षीय चन्द्रकुमार साह, सोही नपा-११ का २० वर्षीय महादेव साह, सोही नपा-६ का ४६ वर्षीय किशोरी साह, सोही नपा-१० का ३० वर्षीय दीपक यादव, सोही नपाका २० वर्षीय सन्तोषकुमार साह, सोही नपा-८ का १६ वर्षीय हेमराज शर्मा, सोही नपा-८ का २१ वर्षीय विनयकुमार ठाकुर, सोही नपा-८ का २५ वर्षीय रञ्जित सिंह, सोही नपाका मनोजकुमार यादव, सोही नपा-३ का ३२ वर्षीय महन्त झा, सोही नपा-११ का ४० वर्षीय रामबाबुर साह, सोही नपा-१४ का २१ वर्षीय पुण्यप्रताप यादव, सोही नपाका २० वर्षीय छोटा राजन, सोही नपाका २० वर्षीय रमन मिश्रा, सोही नपाका जयप्रकाश कर्ण, सोही नपा-४ का सञ्चारकर्मी उपेन्द्रभगत नागवंशी, सोही नपा-११ का १८ वर्षीय अजय मण्डल, सोही नपाका सञ्जय गडरिया, सोही नपा-१३ का १४ वर्षीय राजन झा, सोही नपा-४ का १९ का ननी सिंह, सोही नपा-१ का ४१ वर्षीय विन्देश्वर यादव, सोही नपा-७ का २२ वर्षीय वीरेन्द्र साह, सोही नपाका १८ वर्षीय अकवर अन्सारी, सोही नपा-११ का ३५ वर्षीया लीलादेवी, सोही नपा-११ का ४० वर्षीया फूलोदेवी, सोही नपा-१० का ३५ वर्षीया इन्दुदेवी, सोही नपा-११ का ४५ वर्षीया राजुदेवी, सोही नपा-१२ का १० वर्षीय सन्तोष साह, सोही नपा-१० का

*बेवारिसे बम विस्फोटनमा परी घाइते भएका हरेराम राउत*

१० वर्षीय अभिनास कोइराला, जनकपुर अञ्चल अस्पतालका कर्मचारी ४२ वर्षीय देवेन्द्र साह र ३० वर्षीय उमेश सिंह, लोहना गाविस-२ का ३८ वर्षीय रामेश्वर चौधरी, बनिनियाँ गाविस-१ का १८ वर्षीय सरोज यादव, माचिलग्मा गाविस-९ का १८ वर्षीय अञ्जनीकुमार रञ्जन, ठेराकचुरी गाविसका १८ वर्षीय हरिदेव मण्डल, रघुनाथपुर गाविस-३ का ४० वर्षीय जागेशवर ठाकुर, गिद्ध गाविस का २६ वर्षीय पवन झा, बसविट्टी गाविस-३ का ३२ वर्षीय नागेन्द्र मण्डल, बेलापट्टी का १८ वर्षीय राममनोहर अधिकारी, कुर्था गाविसका रामसागर पण्डित, सोही स्थानका ५५ वर्षीय मोहमद रजाक राइन, भरतपुर गाविस-१ का २० वर्षीय मल्बु साह, महोत्तरी जिल्ला जलेश्वर नपाका सञ्चारकर्मी २२ वर्षीय रोहित चौधरी, सोही स्थानका २० वर्षीय मोहन पाण्डे, सोही स्थानका १९ वर्षीय जयकिशोर साह, सोही जिल्ला सहर्वाका ३८ वर्षीय आनन्दकुमार झा, सोही स्थानका १८ वर्षीय सन्तोष यादव, सोही जिल्ला बगडा गाविस-३ का १८ वर्षीय रूपेश यादव, सोही जिल्ला अनारबन गाविस-५ का २० वर्षीया ओमकेशरी यादव, सोही जिल्ला हरिनमरिन गाविसका २० वर्षीय मन्दिप यादव, सोही जिल्ला लोहरपट्टी गाविसका दिलीपकुमार यादव, जनकपुर नपा-९ का १५ वर्षीया मुनु पाण्डे, सोही नपा-२ का ४० वर्षीय सियाराम यादव, सोही नपा-३ का १४ वर्षीय पिन्टुकुमार दास, सोही नपा-३ का १७ वर्षीय राजकुमार दास, हैरने गाविस-८ का १७ वर्षीय वीरेन्द्र मण्डल, सर्लाही जिल्ला सिसौटिया गाविसका १८ वर्षीय रजनीशकुमार मिश्रा, सोही जिल्ला बथनाहका १६ वर्षीय विष्णुदेव साह, सोही जिल्ला अनैठाका २७ वर्षीय रोहित शर्मा, सोही जिल्ला दनौलिबनौली गाविस-४ का २६ वर्षीया रूपम ठाकुर, सोही जिल्ला मेघरौल गाविस-२ का १४ वर्षीय नरेन्द्रकुमार राय, सोही जिल्लाका २० वर्षीय राकेश राय, सोही जिल्ला खुट्टा गाविस-५ का २६ वर्षीय सञ्जु रायन, सोही जिल्ला गोठबनौली गाविस-८ का २२ वर्षीय राजेश यादव, सोही जिल्ला विसनपुर गाविस-८ का ७० वर्षीया जानकीदेवी, सिराहा जिल्ला विसनपुर गाविस-५ का २१ वर्षीय काशेन्द्रप्रसाद यादव, रौतहट जिल्ला मोहमदपुर गाविस-४ का २१ वर्षीय राधेश्याम साह, सिराहा जिल्लाका ३० वर्षीय कासीन्दर नायक, महोत्तरी जिल्ला अधियानपुरका २० वर्षीय नगेश्वरकुमार पटेल, सर्लाही जिल्ला गम्हरिया गाविस-४ का २२ वर्षीय सञ्जयकुमार मण्डल, जनकपुर नपा-१६ का २५ वर्षीय रोशनकुमार मण्डल, दुहवी गाविसका ४० वर्षीय अमरकान्त झा, ४० वर्षीय जगरनाथ पाण्डे, बफै गाविसका २५ वर्षीय सुदीपकुमार मण्डल, जनकपुर नपा-४ का २२ वर्षीय विनीतकुमार यादव, महोत्तरी जिल्ला परौल-३ का २१ वर्षीय वीरेन्द्र पाण्डे, सबैला गाविसका २२ वर्षीय बेचन साह, जनकपुर नपा-९ का २५ वर्षीय श्रवण साह, सबैला गाविसका ५२ वर्षीय सानु साह, जनकपुर नपा-७ का ३५ वर्षीय महमद युसुफ, सोही नपा-११ का १३ वर्षीय अंशु झा, सोही नपाका २३ वर्षीय सुमन सौरभ, सोही नपा-१६ का राजकिशोर साह, सोही नपाका २० वर्षीय जितेन्द्रकुमार मण्डल, सोही नपा-१६ का १९ वर्षीय कृष्णप्रसाद विशाल, बनिगामाका १९ वर्षीय गणेशप्रसाद यादव, जनकपुर नपा-१ का ३५ वर्षीया सुनैनादेवी, रघुनाथपुर गाविसका १७ वर्षीय सञ्जुकुमार पटेल, जनकपुर नपा-६ का २२ वर्षीय अमरनाथ साह, सोही नपा-५ का २२ वर्षीय हीरा दर्जी, देउरीपरहवा गाविस-७ का १७ वर्षीय अजयकुमार यादव, जनकपुर नपा-९ का ७१ वर्षीय बोधलाल नायक, सोही नपा-६ का ३० वर्षीय विजय साह, सोही नपाका २० वर्षीय मोहमद समिर, जिल्ला प्रहरी कार्यालयमा कार्यरत २० वर्षीय प्रमोदकुमार यादव र २० वर्षीय सञ्जयराम मगर, जनकपुर नपाका १० वर्षीय नौसाद खाँन, सोही नपा-१२ का २९ वर्षीय अजयकुमार चौधरी, सोही नपा-१ का पङ्कज सिंह, सोही नपा-१ का ३० वर्षीय विनयकुमार, सोही स्थानका ५२ वर्षीय शिवकुमार साह, सोही नपा-१३ का ३५ वर्षीय श्यामसुन्दर साह, सोही नपा-५ का २६ वर्षीय मोहमद हविब राइन, सोही नपा-७ का १७ वर्षीय गुलाम मुस्तफा, सोही नपा-९ का ३५ वर्षीय पच्चु मण्डल, गोपालपुर गाविसका ४५ वर्षीय

रामदेव यादव, कुर्था गाविसका १६ वर्षीया रवीकुमार साह, जनकपुर नपाका १७ वर्षीया नवीन झा, सोही नपा-१० का ४० वर्षीय रामचन्द्र कलिया, सोही नपा-८ का २१ वर्षीय बाबुराज, सोही नपा-१० का १५ वर्षीय बब्लुकुमार राउत, सोही नपाका ३० वर्षीय लालबाबु यादव, सोही नपा-८ का २१ वार्षीय दुवी दास, सोही नपाका २६ वर्षीय पुरे साह, सोही नपा-९ का ३५ वर्षीया उर्मिलादेवी, सोही नपाका १० वर्षीय सोनेलाल यादव, सोही नपा-१० का १३ वर्षीय अमोद साह, सोही नपा-७ का २५ वर्षीय रमेश, दुवी गाविसका १५ वर्षीय नुर महमद, जनकपुर नपा-१० का ३२ वर्षीया कोषणप्रसाद साह, लखौरी गाविसका १५ वर्षीय उमेशकुमार पाण्डे, जनकपुर नपा-१ का ४५ वर्षीय रामप्रसाद साह, दनौबनौली गाविसका दिलीपलाल कर्ण, जनकपुर नपाका प्रमोदकुमार यादव, सोही नपा-२ का १८ वर्षीय मुकेश यादव, सोही नपा-३ का ३२ वर्षीय शत्रुघन मण्डल, सोही नपा-१३ का १७ सञ्जयकुमार, सोही नपा-८ का ७० रामचन्द्र महतो, मानसिंहपट्टी गाविस-८ का ३० वर्षीय केशवकुमार यादव, महोतरी जिल्ला रातौलीका ३० वर्षीय धनुराम साह, जनकपुर नपा-१ का २१ वर्षीय रामअधिश सदा, सोही नपा-१ का ४ वर्षीया प्रिंका पासवान, सोही स्थानका १८ वर्षीय मोहमद गुल्जार, पचरवा गाविसका १९ वर्षीय दिपेन्द्रकुमार यादव, वेगासिवपुर गाविसका २० वर्षीय विजय मुखिया, जनकपुर नपा-१२ का २० वर्षीय रामाशङ्कर राय, महोतरी जिल्ला रतौलिका ३० वर्षीय सुनील राउत, जनकपुर नपाका २८ वर्षीय राजीव साह, बेगाशिवपुर गाविसका २० वर्षीय सत्यदेवकुमार यादव, जनकपुर नपा-९ का ५१ वर्षीय रामउदित राम, सोही नपा-१६ का २८ वर्षीय विपीनकुमार मिश्र, यदुकुवा गाविसका १५ वर्षीय भरतकुमार यादव, हटिपुरहडबडा गाविसका ३५ वर्षीय प्रवीन मण्डल, एकराही गाविसका १७ वर्षीय सकलदेव यादव, सर्लाही जिल्ला मलङ्गवा नपाका १८ वर्षीय सन्तोष पण्डित, जनकपुर नपा-४ का २९ वर्षीय अजयकुमार चौधरी, सोही नपा-४ का ४० वर्षीय शैलेन्द्र साह, सोही नपा-४ का १६ वर्षीय निर्मलकुमार साह, एकराही गाविसका ३० वर्षीय मिथलेश झा, लक्ष्मीपुरबगेवा गाविसका २२ वर्षीय सुरेशकुमार यादव, जनकपुर नपा-४ का १६ वर्षीय मुर्तुजा हुसेन, सोही स्थानका ४० वर्षीय मेहरु हुसेन, सोही स्थानका १५ वर्षीय अमन सिंह, सोही नपा-१० का १५ वर्षीय त्रिशक्तिकुमार, सोही नपा-२ का ३५ वर्षीय राधेश्याम साह, सोही नपाका २२ वर्षीया सुरजकुमार साह, सोही नपा-७ का २५ वर्षीय कनहैया ठाकुर, सोही नपा-२ का १४ दीपककुमार यादव, सोही नपा-१० का ४० वर्षीय रामभरत साह, महोत्तरी जिल्ला डामी गाविसका १६ वर्षीय अमितकुमार सिंह, सोही स्थानका १८ वर्षीय सविनकुमार सिह, भरतपुर गाविसका २५ वर्षीय कपिलदेव शर्मा र जनकपुर नपा-१० का १६ वर्षीय भोलु खाँन घाइते भए। त्यसैगरी, प्रहरीतर्फ कृष्णदेव साह, युवराज रिमाल, अजयकुमार झा, राधेश्याम झा, अजय झा, राजाराम कुर्मी, विजयकुमार साह, मनिश कार्की, सुरेश मिश्र, रामअवतार, जमुरुधिन मियाँ, रुद्रकुमार, गोपाल मोक्तान, रामहरि खड्का, पुस्कर सिवाकोटी, नरेन्द्र पाठक, भोलाबहादुर दर्जी, प्रमोदकुमार यादव, सुरज रानामगर, विजयप्रसाद यादव र प्रभुराय यादव घाइते भए। घाइतेहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो भने प्रहरीतर्फका घाइतेलाई नेपाल रेडक्रसको टोलीले उपचार गऱ्यो।

एकराही गाविस-१ का सरोजश झा, मिथले झा, राजकुमार पण्डित, पत्रकार श्रीनारायण साह र इन्स्पेक्टर नान्तिराज गुरुङ, श्यामकृष्ण केसी, ज्ञानेन्द्र पाखिन, असई वसन्त दाहाल, प्रेम आले, सञ्जीव सिंह, रामणी धिताल, सई रामगोपाल यादव, सुरेश ठाकुर, शङ्कर सिंह रावल, हवल्दार हेमराज राउत, प्रहरी जवानहरू मीनबहादुर कार्की, जगत योञ्जन, हरिप्रसाद यादव, प्रेमलाल महतो, शम्भु राय, चन्दन तिवारी र अमित बस्नेत ०६४ फागुन १० गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले गरेको आन्दोलनमा प्रहरी र प्रदर्शनकारीबीच ढुङ्गा हानाहान र लाठीप्रहारका क्रममा घाइते भए। घाइतेहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरू जनकपुर नपा-१ का ३२ वर्षीय राजेश जालन, सोही नपा-४ का २२ वर्षीय सरोजकुमार, सोही नपा-४ का विनयकुमार ठाकुरलगायत १५ जना ०६४ फागुन १३ गते जनकपुर नगरपालिकामा प्रहरी र प्रदर्शनकारीबीच भएको दोहोरो झडप र प्रहरीद्वारा गरिएको लाठी चार्जबाट घाइते भए। घाइतेहरूको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

पूर्वपश्चिम राजमार्ग यज्ञभूमि गाविसमा ०६५ असोज ११ गते आफ्ना नौ कार्यकर्ता रिहाइको माग गर्दै चुरेभावर राष्ट्रिय एकता पार्टीका कार्यकर्ताले यातायात

अवरुद्ध गरी प्रदर्शन गरे। अवरुद्ध राजमार्ग खुलाउने क्रममा प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागी सीमा सुरक्षाबल सशस्त्र प्रहरीका जवान २२ वर्षीय तेजबहादुर श्रेष्ठ घाइते भए। श्रेष्ठको काठमाडौँमा उपचार भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ९ सय २० थान र यस वर्ष दर्ता भएका १ हजार २ सय ३४ थान गरी जम्मा २ हजार १ सय ५४ थान मुद्दा रहेकामा २ सय ४४ थान फर्स्यौट भई १ हजार ९ सय १० थान बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ९९ थान र यस वर्ष दर्ता भएका १ सय २२ थान गरी जम्मा २ सय २१ थान मुद्दा रहेकामा यस वर्ष २० थान मुद्दा फर्स्यौट भई २ सय १ थान मुद्दा फर्यौट हुन बाँकी रहे। त्यसैगरी, सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८१, यस वर्ष दर्ता भएका १ सय २० समेत जम्मा २ सय १ थान मुद्दा रहेकामा १० थान मुद्दा फर्स्यौट भई १ सय ९१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### बालअधिकार

हरिहरपुर गाविस-६ की १५ वर्षीया एक बालिकालाई ०६४ पुस १७ गते सोही गाविस-७ का २५ वर्षीय रघुवीर यादव र २२ वर्षीय उमेशकुमार महतोले सोही वडामा पर्ने जलाद खोलामा बलात्कार गरे। जङ्गलबाट घाँस-दाउरा लिई फर्कने क्रममा पीडकद्वयले लछारपछार गरी बलात्कार गरे। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पीडकविरुद्ध मुद्दा दर्ता भए पनि पक्राउ परेनन्।

ढल्केवर गाविस-५ की सात वर्षीया एक बालिकालाई ०६४ फागुन १ गते भुटानी शरणार्थी २८ वर्षीय मिलन राईले ढल्केवर गाविस-५ मा बलात्कार गरे। ढल्केवरस्थित एक बोर्डिङ् स्कुलमा अध्यापन पेसामा संलग्न राईले उनको डेरामा ट्युसन पढ्न आएकी बालिकालाई कोठा थुनी बलात्कार गरे। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पीडकविरुद्ध मुद्दा दर्ता भए पनि पक्राउ परेनन्।

बेङ्गाडावर गाविस-६ का १३ वर्षीय रोशन श्रेष्ठलाई ०६५ वैशाख १६ गते अज्ञात सशस्त्र समूहले सोही गाविसस्थित पूर्व-पश्चिम राजमार्गबाट अपहरण गरे। पीडित अपहरणकारीको कब्जाबाट सोही राती भाग्न सफल भए।

जनकपुर नपा-८ का १२ वर्षीय विवेककुमार चौधरीलाई ०६५ वैशाख १५ गते अज्ञात समूहले सोही नपाबाट अपहरण गऱ्यो। घरनजिकको मैदानमा खेलिरहेको बेला मोटरसाइकलमा आएका दुई जनाले अपहरण गरी ०६५ वैशाख १७ गते जनकपुरको रामानन्द चौकमा हातखुट्टा र मुख बाँधी छोडिदिएका थिए।

जनकपुर नपा-९ का नौ वर्षीया पूजा साहलाई ०६५ असार ६ गते मधेसी मुक्ति टाइगर्सले घरनजिकबाट अपहरण गऱ्यो। मधेसी मुक्ति टाइगर्सका कार्यकर्ता बताउने गोरख सिंहले पीडित बालिकाका बाबुसँग मागिएको पाँच लाख रुपियाँ चन्दा नपाएपछि बालिकाको अपहरण गरेका थिए। अपहरणलगत्तै प्रहरी परिचालन भई सम्भावित ठाउँ घेरा हालेपछि पीडित बालिका सखुवा महेन्द्रनगरबाट सोही दिन मुक्त भइन्।

ठेराकचुरी गाविस-७ का १३ वर्षीय वसन्तकुमार झालाई ०६५ असार १७ गते सोही वडाका ३५ वर्षीय सन्तोषकुमार झाले घरनजिकबाट अपहरण गरे। प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा पीडित ०६५ असार १८ गते सोही गाविसबाट अपहरण मुक्त भए। अपहरण मुद्दामा अदालतको आदेशमा ०६५ साउन ६ गते ३५ हजार रुपियाँ धरौटीमा पीडक रिहा भए।

सिगयाही मरान गाविस-८ का १२ वर्षीया ममताकुमारी साफीलाई ०६५ साउन २६ गते सोही वडाका २४ वर्षीय रामकिशोर मुखियालगायतले घरबाट अपहरण गरी धारिलो हतियारले हानी हत्या गरे। मुखियाले आफ्नी दिदीलाई मृतककी आमाले भूत लगाइदिएको आरोपमा बालिकाको अघिल्लो राती अपहरण गरेका थिए।

ठेराकचुरी गाविस-६ का १७ वर्षीय नइमा खातुनलाई ०६५ भदौ ३ गते बहुहर्वा गाविस-९ का ४५ वर्षीय आदम राइन कवाडीले घरबाट अपहरण गरे। गिरफ्तार गरिएका कवाडी ०६५ असोज ७ गते ४० हजार रुपियाँ धरौटीमा रिहा भए।

जनकपुर नपा-१२ की आठ वर्षीया एक बालिकालाई ०६५ भदौ २६ गते सोही स्थानका १८ वर्षीय रामदास खत्वेले घरनजिक बलात्कार गरे। बलात्कारको आरोपमा गिरफ्तार गरिएका खत्वेलाई अदालतले ०६५ असोज ९ गते पुर्पक्षका लागि कारागार पठायो।

जनकपुर नपा-११ का १२ वर्षीय विशाल अग्रवाललाई ०६५ असोज १२ गते अज्ञात सशस्त्र समूहले जनकपुर नपा-४ बाट अपहरण गऱ्यो। अग्रवाल आफन्तको रोहबरमा अज्ञात स्थलबाट ०६५ असोज १८ गते मुक्त भए।

गिद्धा गाविस-३ की १५ वर्षीया एक बालिकालाई ०६५ कात्तिक १४ गते सोही गाविस-१ का २० वर्षीय कामेश्वर मण्डल, सुरेन्द्र मण्डल, सोही गाविस-२ का २५ वर्षीय प्रमोद महरा, २८ वर्षीय नरेश महरा र हठिपुरहरवडा गाविस-१ का २९ वर्षीय प्रकाश मण्डलले घरनजिक बलात्कार गरे। बलात्कारको आरोपमा गिरफ्तार गरिएका कामेश्वर मण्डल ०६५ मङ्सिर १० गते पुर्पक्षका लागि जेल चलान भए।

प्रको महुवा गाविस-७ की १३ वर्षीया बालिकालाई ०६५ पुस ९ गते सखुवामहेन्द्रनगर गाविस-१ का २० वर्षीय रामबाबु दासले प्रको महुवा गाविसमा बलात्कार गरे। दासलाई गिरफ्तार गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरी उपरीक्षक यादवराज खनालले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लओटोली गाविस-५ की २४ वर्षीया एक सुस्त मनस्थितिकी महिलालाई ०६५ जेठ १० गते सोही वडाका ३३ वर्षीय जोगेन्द्र पासवानले भैँसी चराउन खेतमा गएका बेला बलात्कार गरे। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पीडक जिल्ला अदालतको आदेशमा ०६५ जेठ ३० गते पुर्पक्षका लागि जेल चलान भए।

भरतपुर गाविस-२ की १९ वर्षीया एक महिलालाई ०६५ जेठ १७ गते सोही वडाका २२ वर्षीय हारुन कवाडी र २५ वर्षीय कलाम मियाँ कवाडीले घरमा बलात्कार गरे। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पीडकहरूविरुद्ध मुद्दा दर्ता भए पनि कोही पक्राउ परेका छैनन्।

### पारिवारिक हिंसा

रघुनाथपुर गाविस-२ की ३६ वर्षीया मैमुन खातुनलाई ०६४ पुस २६ गते उनकै दाजु ४२ वर्षीय मुसहर नदाफ र भाउजू ३६ वर्षीया रसिदा खातुनले घरमा नसोधी अर्काको घरमा बसेको आरोपमा कुटपिट गरे। पीडक र पीडित पक्षबीच अब आइन्दा यस्तो व्यवहार नगर्ने सर्तमा प्रहरी चौकीमा मिलापत्र भयो।

बरमझिया गाविस-९ की २२ वर्षीया चन्द्रकलादेवीलाई ०६४ माघ ३ गते उनकै पति २९ वर्षीय रामदयाल मुखियाले अवैध सम्बन्ध राखी गर्भको आरोपमा कुटपिट गरी घरबाट निकाले। पीडित र पीडिकबीच गाउँमै छलफल भई मिलापत्र भयो।

रघुनाथपुर गाविस-४ का १८ वर्षीया गीता चौधरीलाई ०६४ माघ ४ गते उनकै पति २४ वर्षीय रमेशकुमार साहले अनैतिक सम्बन्ध राखेको आरोपमा कुटपिट गरी घरबाट निकाले।

जनकपुर नपा-६ की २३ वर्षीया रत्नाकुमारी साहलाई ०६४ चैत ४ गते उनकै पति २६ वर्षीय राहुल साह, ससुरा ४६ वर्षीय रामनाथ साह र सासू ४३ वर्षीया सुशीलादेवी साहले दाइजो कम ल्याएको आरोपमा घरमा कुटपिट गरी घाइते बनाए। पीडितको उपचार जनकपुर अञ्चल अस्पतालमा भयो। पीडकउपर कारवाहीका लागि जाहेरी दिए पनि प्रहरीले दुवै पक्षलाई मिलापत्र गरायो।

जनकपुर नपा-१ की २२ वर्षीया सोनम मुरारकाको ०६४ चैत ७ गते उनकै ससुरा ५६ वर्षीय हरगोविन्द मुरारका जेठाजू ३४ वर्षीय सचिन मुरारका, पति २५ वर्षीय आनन्द मुरारकालगायत परिवारका सदस्यले घरमा विष खुवाई हत्या गरे। फागु पूर्णिमाको दिन जेठानीसँग माइतमा फोन गरेको विषयमा विवाद भएपछि घरका सदस्य मिली विष खुवाएका थिए। हत्यामा संलग्न भएको आरोपमा गिरफ्तार गरिएका तीनै जना अदालतको आदेशमा ०६५ वैशाख १७ गते पुर्पक्षका लागि जेल गए भने अन्य पीडकहरूको नाममा अदालतबाट वारेन्ट जारी भयो।

### बहुविवाह

हरिहरपुर गाविस-३ की २३ वर्षीया रुनिदेवी यादवका पति २५ वर्षीय शिवरन यादवले ०६५ वैशाख १५ गते १८ वर्षीया रेखा यादवसँग बहुविवाह गरे।

पीडकविरुद्ध बहुविवाह मुद्दा दर्ता भए पनि कोही पक्राउ परेनन्।

रमदैया भवाडी गाविस-९ की २० वर्षीया रानीवती देवी यादवका पति २२ वर्षीय नवलकिशोर यादवले ०६५ जेठ ८ गते १८ वर्षीया सविता यादवसँग बहुविवाह गरे। पीडकविरुद्ध मुद्दा दर्ता भए पनि कोही पक्राउ परेनन्।

माचीभिटकैया गाविस-४ की ५५ वर्षीया कारीदेवी यादवका पति ५८ वर्षीय चलचित्र यादवले ०६५ भदौ २५ गते ३० वर्षीया सुशीलादेवी यादवसँग बहुविवाह गरे। बहुविवाह मुद्दामा गिरफ्तार गरिएका यादव ०६५ मङ्सिर ३ गते ३५ हजार रुपियाँ धरौटीमा रिहा भए।

भुचक्रपुर गाविस-१ की २४ वर्षीया फूलकुमारी देवी महतोका पति ढल्केवर गाविस-६ का ३० वर्षीय कुशेश्वर महतोले बेङ्गडावर गाविस-३ की १६ वर्षीया गम्भीरा ठाकुरसँग ०६५ कात्तिक २४ गते दोस्रो विवाह गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिँदा पनि पीडकलाई कारबाही भएन।

### दुर्व्यवहार

दुहबी गाविस-१ की ७१ वर्षीया मुन्द्रिकादेवी चौधरीलाई ०६५ जेठ १० गते सोही ठाउँका ५० वर्षीय श्रीचन राय अमात र सोही गाविस-२ की ३५ वर्षीया झुलुवा देवी अमातलगायतले बोक्सीको आरोपमा कुटपिट गरी शरीरमा विष्टा खन्याई दुर्व्यवहार गरे। पीडितले प्रहरीमा उजुरी गर्दा पनि पीडकहरूउपर कारबाही भएन।

घोडघाँस गाविस-८ की ५० वर्षीया गुलावदेवी झालाई ०६५ असोज १९ गते सोही स्थानका ५५ वर्षीय कालिकान्त झा, ३३ वर्षीय सन्तोष झा, ३० वर्षीय गान्धी झालगायतले बोक्सीको आरोपमा कुटपिट गरे। प्रहरीले घटनामा संलग्न भएको आरोपमा गिरफ्तार गरिएका तीनै जना सार्वजनिक अपराधको मुद्दा अन्तर्गत जनही ३१ हजार रुपियाँ धरौटीमा ०६५ कात्तिक ८ गते रिहा भए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, सम्पति कब्जा

#### माओवादीबाट

धनुषाधाम गाविस-१ का लक्ष्मी चौहान, बाबुराम चौहान र ललिता राउतको सोही गाविसमा रहेको घरजग्गा ०६५ जेठ ५ गते माओवादी कार्यकर्ताले कब्जा गरे। उनीहरूका नाममा रहेको आँपको बगैँचा, खेतसमेत माओवादीले हकभोग गर्न दिएका छैन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराउँदा पनि कुनै कारबाही भएन।

धनुषाधाम गाविस-१ का ६० वर्षीय सुन्दरनाथ भट्टराई, ५५ वर्षीय केशवनाथ भट्टराई र ५० वर्षीया नीरा भट्टराईको सोही गाविसमा रहेको घरजग्गा ०६५ मङ्सिर १५ गते माओवादी कार्यकर्ताले कब्जा गरे। उनीहरूका नाममा रहेको १० बिघा खेत, आँपको बगैँचा र एक बिघा जग्गामा रहेको घर र घडेरीसमेत ०६० सालमा पनि माओवादीले कब्जा गरेकामा सन् २००८ मा पनि बगैँचा फिर्ता गरिएन।

### लिवरेसन अफ तामिल तराई इलमबाट

सपही गाविस-७ का २८ वर्षीय श्यामसुन्दर साहलाई ०६४ चैत ९ गते एलटीटीईले जनकपुर नपा-१४ मा कुटपिट गरी पीडितसँग रहेको ज२प २६३६ नम्बरको मोटरसाइकल कब्जामा लियो।

# २.२ महोत्तरी

जनसङ्ख्या : ६,६३,३८९
साक्षरता प्रतिशत : ३५
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,००२
गाविस/नपा सङ्ख्या : ७६/१
सरकारी/निजी विद्यालय : २६७/२४
क्याम्पस/उच्च मा.वि. : २/५
अस्पताल/स्वास्थ्य चौकी : १/८१
मानव विकास सूचकाङ्क : ०.४०७
प्रतिपरिवार सरदर सङ्ख्या : ७

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या
### राज्यबाट

जलेश्वर नपा-३ का ५५ वर्षीय कैयन दफालीको ०६४ चैत २ गते सशस्त्र प्रहरीको कुटपिटबाट मृत्यु भयो। दफालीलाई ०६४ फागुन ६ गते मधेस आन्दोलनका क्रममा उनकै घरमा सशस्त्र प्रहरीले कुटपिट गरी घाइते बनाएकामा भारतको सीतामढीमा उपचार गराउने क्रममा उनको मृत्यु भएको थियो। मृतकलाई सहिद घोषणा गर्न आफन्तले माग गरे। पीडित परिवारले क्षतिपूर्ति पाएनन्।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) बाट

बर्दिवास गाविस-१ का ५० वर्षीय हरिप्रसाद चौलागाईंलाई ०६४ पुस १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले गोली प्रहार गरी घाइते भएकामा पुस २१ गते धरानस्थित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा उनको मृत्यु भयो। पीडित घाँस काटन माइस्थानको जङ्गल जाँदा मोर्चाका कार्यकर्ताले गोली प्रहार गरेका थिए। पीडित परिवारलाई सरकारले ७ लाख रुपियाँ क्षतिपूर्ति उपलब्ध गरायो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति) बाट

निगौल गाविस-२ का ४१ वर्षीय वीरबहादुर श्रेष्ठलाई ०६५ असार १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति)का कार्यकर्ताले जलेश्वर-बर्दिवास सडकखण्डको सोनामाई गाविस-१ बाट अपहरण गरी सोही दिन किसाननगर गाविस-४ मनहरी खोलामा पुऱ्याएर गोली प्रहार गरी उनको हत्या गरे।

रामनगर गाविस-३ निवासी काङ्ग्रेस बुथ कमिटी सभापति ३६ वर्षीय पशुपति रानालाई ०६५ साउन ८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति)का कार्यकर्ताले घरैबाट अपहरण गरी सोही दिन हाथिलेट गाविस-५ स्थित उखुबारीमा गोली प्रहार गरी उनको हत्या गरे।

### अज्ञात समूहबाट

धीरापुर गाविस-१ निवासी गाविस सचिव ३१ वर्षीय अल्लाउद्दीन अन्सारीलाई ०६४ पुस २६ गते जलेश्वर नपा-१२ भिठामोडबाट अज्ञात समूहले अपहरण गऱ्यो। पीडितको लास फागुन १४ गते भारतको सीतामढी सहरनजिकको खोलाको बगरमा गाडिएको अवस्थामा फेला पऱ्यो।

भरतपुर गाविस-४ का ४२ वर्षीय शिशुप्रसाद खनालको ०६४ फागुन १८ गते गौशाला बजारबाट फर्कदै गर्दा आफ्नै गाउँनजिकको मडाहा खोलाको बगरमा अज्ञात समूहले घाँटी रेटेर हत्या गऱ्यो। क्षतिपूर्तिबापत पीडित परिवारलाई सरकारले २ लाख रुपियाँ उपलब्ध गरायो।

सोनामाई गाविस-५ का ४५ वर्षीय लालविहारी चौधरीको ०६५ जेठ १४ गते टिम्किया बजारबाट घर फर्कदै गर्दा घरनजिकै अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। हत्याको कसैले जिम्मा लिएनन्।

औरही गाविस-१ फूलबरिया टोलका ६० वर्षीय रामदेव महतोको ०६५ साउन १७ गते अज्ञात सशस्त्र समूहले घरैमा गोली प्रहार गरी हत्या गऱ्यो। छातीमा गोली लागी घाइते भएका महतोको बर्दिवासस्थित

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १४ | १० | ४ | १४ | १ | १ | | १ |
| घाइते | ८ | १० | ८ | १८ | ३ | १३ | | १३ |
| गिरफ्तारी/यातना | | | | | १ | १ | | १ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | ४ | ३३ | ३ | ३६ |
| जातीय विभेद | १ | ३ | | ३ | | | | |
| महिलाअधिकार | ३ | | ३ | ३ | | | | |
| बालअधिकार | १ | | १ | १ | | | | |
| अपहरण | ४१ | ४८ | १ | ४८ | | | | |
| जम्मा | ६८ | ७० | १६ | ८६ | ८ | ३८ | ३ | ४० |

इलाका स्वास्थ्य कार्यालयमा उपचारका क्रममा मृत्यु भयो।

सहसौला गाविस-२ का ५५ वर्षीय रामविलास यादवको ०६५ साउन २९ गते अज्ञात समूहले घरैमा बसेका बेला गोली प्रहार गरी हत्या गऱ्यो। हत्याको कसैले जिम्मा लिएन।

भङ्गाहा गाविस-९ कटैया टोल निवासी माओवादी एरिया समिति सदस्य ४२ वर्षीया सुकियादेवी रामलाई ०६५ भदौ १७ गते राती अज्ञात समूहले घरैबाट अपहरण गरी ०६५ भदौ १८ गते धनुषाको बेङ्गाडाबर र वटेश्वर गाविसको बीचमा पर्ने खाली चौरमा उनको घाँटी रेटी हत्या गऱ्यो। हत्याको जिम्मा वर्षको अन्त्यसम्म कसैले लिएन।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### राज्यबाट

सुन्दरपुर गाविस-४ का ४५ वर्षीय ठक्कन महतो, गौशाला गाविस-२ का ३८ वर्षीय शिवजी महतो, सुन्दरपुर गाविसका ३२ वर्षीय विगन महरा र सोही ठाउँका ३१ वर्षीय ललितकुमार यादव गौशाला गाविसस्थित इलाका प्रहरी कार्यालयअगाडि ०६५ भदौ २९ गते अपहरणमा घुमुवा प्रहरी संलग्न रहेको र उनीहरूलाई कारबाही गर्नुपर्ने माग गर्दै स्थानीय बासिन्दाले गरेको प्रदर्शनका क्रममा प्रहरीले चलाएको गोली लागेर घाइते भए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

माइस्थान गाविस-८ का ५५ वर्षीय श्री लामालाई ०६४ फागुन १९ गते घरनजिकैको जङ्गलमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले गोली प्रहार गरी घाइते बनाए। पीडितको लालगढ अस्पतालमा उपचार भयो।

### तराई मिलिटरी मोर्चाबाट

धमौरा गाविस-७ का सर्वसाधारण ३५ वर्षीय सन्दीपकुमार मिश्रलाई ०६५ कात्तिक २५ गते राती तराई मिलिटरी मोर्चा नामक समूहले उनकै घरमा गोली प्रहार गरी घाइते बनायो। अनुहारमा गोलीका छर्रा लागेर घाइते भएका पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

### बेवारिसे विस्फोटक पदार्थबाट

सिन्धुली जिल्ला कमलामाई नपा-९ का ७२ वर्षीय विष्णुप्रसाद अधिकारीलाई ०६४ पुस २८ गते आफन्तकहाँ जाँदै गर्दा रामनगर गाविस-७ स्थित शर्मा चोकमा अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। पीडितको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

बर्दिवास गाविस-१ निवासी सोही ठाउँको पुष्प होटलकी सञ्चालिका ३० वर्षीया गङ्गा श्रेष्ठ, उनका छोरा १२ वर्षीय अमर श्रेष्ठ, १० वर्षीया अनिषा श्रेष्ठ

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट | | | मधेसी टाइगरबाट | | | जतमुमो (राजनमुक्ति)बाट | | | जतमुमो(ज्वाला)बाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | | | २ | २ | २ | १ | १ | १ | ८ | ६ | १ | ८ |
| घाइते | | | | | | | | | | १ | १ | १ | ६ | ८ | ८ | १६ |
| अपहरण | १ | ५ | ५ | ५ | ६ | ६ | २ | २ | २ | १६ | १८ | १८ | १४ | १४ | | १४ |
| जम्मा | १ | ५ | ५ | ५ | ६ | ६ | ४ | ४ | ४ | १९ | २० | २० | २८ | २९ | ९ | ३८ |

र सोही होटलमा काम गर्ने २६ वर्षीय धनबहादुर लामा ०६४ माघ ३ गते मधेसी मूलका अज्ञात समूहले छाडेर गएको बम विस्फोटनमा परी घाइते भए। घाइतेको स्थानीय अस्पतालमा उपचार भयो।

फूल्काहा गाविस-१ का ३२ वर्षीय रामबाबु यादवलाई ०६४ चैत ४ गते श्रीपुर गाविसबाट फर्कदै गर्दा सोही गाविस-१ स्थित जङ्गाहा खोलाको बगरमा अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। पीडितको धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

सीतापुर भङ्गाहा गाविस-७ का ७० वर्षीय जलिल साफी, उनकी बुहारी ३० वर्षीया जुलेखा खातुन र नातिनी आठ वर्षीया रुक्साना खातुन ०६५ असार २६ गते आफ्नै घरभित्र राखिएको सिरक तान्दा भएको सुतली बम विस्फोटनमा परी घाइते भए। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

रामनगर गाविस-५ का ४२ वर्षीय सुरतलाल महतो, उनका छोरा १४ वर्षीय विपीन र १० वर्षीय अशोक महतोलाई बर्दिवासतर्फबाट घर फर्कदै गर्दा अज्ञात समूहले ०६५ साउन २ गते गोली प्रहार गरी घाइते बनायो।

### जेल र बन्दीहरू

'ख' श्रेणीको जलेश्वर कारागारको बन्दी क्षमता १ सय ३५ जना हो। यस कारागारमा कैद तोकिएका जम्मा १ सय ५ जना कैदीमध्ये पाँच जना महिला छन्। कैद नतोकिएका जम्मा २ सय ७२ जना बन्दीमा २ सय ५९ जना पुरुष र १३ जना महिला छन्। हाल कारागारमा जम्मा १८ महिलासहित ३ सय ७७ जना बन्दी रहेका छन्, जसमा एक बालक र दुई बालिका आश्रित रहेका छन्। क्षमताभन्दा बढी बन्दी रहेका कारण कैदीहरूले सुत्नसमेत असुविधा भोग्दै आएका छन्। जेलभित्रको क्षेत्रफल पनि सानो, भवनहरू पुराना, जीर्ण र पानी चुहिने भएकाले कैदीहरू थप कष्ट भोग्न बाध्य छन्। आश्रित बालबालिकाले विद्यालय जान पाएका छैनन्। जेलभित्र पुरुषतर्फ चारओटा चापाकल, महिलातर्फ दुई चापाकल रहेका छन् भने पुरुषतर्फ पाँचओटा शौचालय र महिलातर्फ दुईओटा शौचालय रहेका छन्।

### बेपत्ता/अपहरण

#### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

महदैया तपनपुर गाविस-५ निवासी शिक्षक ३५ वर्षीय शरद सहनीले 'तराई सरकार' को निर्देशन नमानेको आरोपमा ०६४ माघ ११ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले अपहरण गरी माघ १४ गते मुक्त गरे।

सर्लाही जिल्ला धनकौल गाविस-४ निवासी ४० वर्षीय दरेश रायलाई सात दलको सभामा हिँडेको आरोपमा ०६४ माघ १२ गते सम्सी गाविसबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले अपहरण गरी माघ १३ गते मुक्त गरे।

खुट्टापिराढी गाविस-६ का रामबाबु साहलाई ०६४ फागुन ४ गते उनकै घरबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले अपहरण गरी उनीबाट २ लाख रुपियाँ फिरौती लिएर फागुन ६ गते मुक्त गरे।

हतिसर्वा गाविस-४ का ५३ वर्षीय नारायणप्रसाद अधिकारीलाई कब्जा गरिएको जमिन

भोगचलन गरेको आरोपमा ०६४ फागुन १२ गते आफ्नै घरबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले अपहरण गरी सो समूहसँग स्वीकृति नलिई त्यस्तो जमिन भोग नगर्ने कागज गराई फागुन १३ गते मुक्त गरे।

सहोडवा गाविस-६ का ३५ वर्षीय आनन्द झालाई सुराकी गरेको आरोपमा ०६४ चैत ५ गते घरबाटै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले अपहरण गरी चैत ८ गते मुक्त गऱ्यो।

महोत्तरी गाविस-५ निवासी शिक्षक ५१ वर्षीय राजेन्द्र पाण्डे मतदान अधिकृतमा खटिएको आरोपमा ०६४ चैत २४ गते उनलाई जनकपुर-जलेश्वर सडक खण्डको बनौली चोकबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले अपहरण गरी चैत २६ गते मुक्त गऱ्यो।

गोनरपुरा गाविस-६ का ३५ वर्षीय रवीन्द्र मिश्रलाई सुराकी गरेको आरोपमा ०६५ वैशाख ३० गते धमौरा गाविस-१ स्थित रौजाबजारबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले अपहरण गरी जेठ २ गते मुक्त गऱ्यो।

सहोडवा गाविस-७ निवासी गाविस सचिव ४० वर्षीय देवनारायण यादवलाई तराई सरकारको निर्देशन नमानेको आरोपमा ०६५ जेठ २ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले अपहरण गरी जेठ ६ गते मुक्त गऱ्यो।

गैंडाभेटपुर गाविस-४ का गौशाला रेन्ज पोस्टमा कार्यरत रेन्जर ४२ वर्षीय नवलकिशोर यादवलाई तराई सरकारको निर्देशन नमानेको आरोपमा ६५ जेठ ४ गते निगौल गाविसस्थित सडकबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले अपहरण गरी जेठ ६ गते मुक्त गऱ्यो।

सोनामाई गाविस-४ का ६० वर्षीय हरि दवाडीलाई ०६५ असार २४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले अपहरण गरी असार २९ गते किसाननगर गाविसबाट मुक्त गरे।

सुन्दरपुर गाविस-९ का ४५ वर्षीय दिगम्बरविक्रम राणालाई ०६५ असार ३१ गते आफ्नै घरबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले अपहरण गरी साउन ५ गते मुक्त गरे।

***मधेस आन्दोलनमा प्रहरीको गोलीबाट घाइते भएका सन्तोषकुमार महतो***

इटहर्वाकट्टी गाविस-६, भोलही टोलका रेन्जर ३८ वर्षीय रामवृक्ष ठाकुर र लक्ष्मीनियाँ-२ निवासी चौकीदार २८ वर्षीय अशोक लामालाई ०६५ कात्तिक ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले अपहरण गरी कात्तिक ८ गते मुक्त गऱ्यो। पीडितहरू नेपाल बोर्ड कम्पनी सिमराका कर्मचारी हुन्।

गौशाला गाविस-९ इटाटार निवासी औषधि व्यापारी ३५ वर्षीय शम्भु साहलाई ०६५ कात्तिक ८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले अपहरण गरेकामा कात्तिक १० गते उनी अपहरणकारीको कब्जाबाट भागेर मुक्त भए। भाग्ने क्रममा अपहरणकारीले चलाएको गोली खुट्टामा लागेर घाइते भएका पीडितको गौशालास्थित इलाका स्वास्थ्य कार्यालयमा उपचार भयो।

दनौली बनौली गाविस-६ निवासी मडै माविका प्रधानाध्यापक ५० वर्षीय कौशलकिशोर झालाई ०६५ मङ्सिर ७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले एकरहिया गाविसस्थित अलिपट्टी चोकबाट अपहरण गरी मङ्सिर ८ गते मुक्त गरे।

रामनगर गाविस-७ निवासी ४५ वर्षीय जयबहादुर मोक्तानलाई ०६५ मङ्सिर ९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले अपहरण गरी मङ्सिर ११ गते मुक्त गऱ्यो।

सर्लाही जिल्ला मोतीपुर गाविस-३ निवासी सोनमाई गाविसस्थित सोन्फी दसैं माविका

प्रधानाध्यापक ५५ वर्षीय महेन्द्र ठाकुरलाई ०६५ मङ्सिर ११ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले विद्यालयकै छात्रावासबाट अपहरण गरी मङ्सिर १५ गते मुक्त गऱ्यो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति) बाट

गौशाला गाविस-१ निवासी व्यापारी ३८ वर्षीय श्याम गुप्तालाई ०६५ असार १९ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति)ले अपहरण गरी ५ लाख रुपियाँ फिरौती लिएर ०६५ असार २३ गते मुक्त गऱ्यो।

सिंग्याही गाविस-२ निवासी औषधि व्यापारी ३५ वर्षीय राजाराम कापरलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति) समूहका कार्यकर्ताले ०६५ साउन २२ गते सिंग्याही बजारबाट घर फर्कने क्रममा अपहरण गरी साउन २६ गते मुक्त गरे।

### मधेसी टाइगर्सबाट

पर्सा जिल्ला वसतपुर गाविस-१ निवासी इलाका प्रहरी कार्यालय लोहारपट्टीमा कार्यरत प्रहरी जवान ३१ वर्षीय सुरेशकुमार राउत र शिश्वा कटैया गाविस-४ निवासी सोही प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान सन्तोष सिंहलाई ०६४ फागुन १९ गते भङ्गाहा गाविसबाट मधेसी टाइगर्सका कार्यकर्ताले अपहरण गरे। पीडितहरूलाई फागुन २४ गते धनुषा जिल्लाको भूचक्रपुर गाविसमा इन्सेक प्रतिनिधि रोशनदीप ढकालको जिम्मामा मुक्त गरियो।

रघुनाथपुर गाविस-२ निवासी संविधानसभा निर्वाचनमा नेपाल सद्भावना पार्टी आनन्दीदेवीका

*मधेस आन्दोलनको क्रममा प्रहरीद्वारा कुटपिट गरिएका मधेसी विद्यार्थी फ्रन्टमा जिल्ला अध्यक्ष सतेन्द्र यादव*

तर्फबाट महोत्तरी क्षेत्र नं.१ का उम्मेदवार ५५ वर्षीय रामछविला रायलाई ०६४ चैत २२ गते चुनाव प्रचारकै क्रममा मेघनाथ गोरहन्ना गाविसबाट मधेसी टाइगर्सका कार्यकर्ताले अपहरण गरे। पीडितलाई अपहरणकारीले लैजाँदै गर्दा बाटोमा किसाननगर गाविस-५ का जनताले सोही दिन उनको उद्धार गरे।

गौशाला गाविस-२ निवासी चिकित्सक ४२ वर्षीय डा. बृजमोहन रजक र सोही ठाउँका स्वास्थ्यकर्मी ३१ वर्षीय सुमितकुमार शर्मालाई ०६५ वैशाख १० गते मधेसी टाइगर्सका कार्यकर्ताले अपहरण गरी वैशाख १२ गते किसाननगर गाविसबाट मुक्त गरे।

सप्तरी जिल्ला पिपरापश्चिम गाविस- ५ निवासी धनुषा जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार २९ वर्षीय पतिलाल चौधरीलाई ०६५ वैशाख ११ गते आफन्तको घर रामगोपालपुर जाँदा सोही ठाउँबाट मधेसी टाइगर्सका कार्यकर्ताले अपहरण गरी वैशाख १२ गते मुक्त गरे।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

धनुषा जिल्ला बेङ्गाडाबर गाविस-४ जमुनीबास टोलका २५ वर्षीय मानबहादुर लामा, २८ वर्षीय विक्रम लामा, ३१ वर्षीय कैला लामा र २७ वर्षीय वीरबहादुर लामालाई ०६४ फागुन २५ गते दाउरा बेच्न लैजाँदै गर्दा हरिनमरी गाविस-९ भीमगढ टोलबाट संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले अपहरण गरी फागुन २६ गते मुक्त गरे।

### अज्ञात समूहबाट

महदैया तपनपुर गाविस-३ का २५ वर्षीय रामेश्वर यादवलाई ०६४ माघ २७ गते आफ्नै घरबाट अज्ञात सशस्त्र समूहले अपहरण गरी माघ २९ गते मुक्त गऱ्यो।

धमौरा गाविस-१ निवासी हतिसर्वा गाविसस्थित स्वास्थ्य चौकीका इन्चार्ज बदरुल अन्सारीलाई ०६५ असार ११ गते स्वास्थ्य चौकीबाटै अज्ञात सशस्त्र समूहले अपहरण गरी असार १३ गते मुक्त गऱ्यो।

गोनरपुरा गाविस-३ का ३५ वर्षीय विनयकुमार यादवलाई ०६५ भदौ १७ गते राती अज्ञात समूहले घरैबाट अपहरण गरी भदौ २० गते मुक्त गऱ्यो।

एकरहिया गाविस-९ अलिपट्टी निवासी औषधि व्यापारी ४५ वर्षीय चन्देश्वर मिश्रलाई ०६५ मङ्सिर

७ गते अज्ञात समूहले अपहरण गरी मङ्सिर १० गते मुक्त गऱ्यो।

हतिसर्वा गाविस-४ निवासी काङ्ग्रेस कार्यकर्ता ६२ वर्षीय लवबहादुर बस्नेतलाई ०६५ मङ्सिर २४ गते अज्ञात समूहले अपहरण गरी मङ्सिर २७ गते मुक्त गऱ्यो।

किसाननगर गाविस-४ निवासी स्वास्थ्यकर्मी ४२ वर्षीय पुनित साहलाई ०६५ मङ्सिर २५ गते राती अज्ञात समूहले अपहरण गरी ०६५ पुस ३ गते धनुषाको बटेश्वर बजारबाट मुक्त गऱ्यो।

बर्दिवास गाविस-६ निवासी शिक्षक ३५ वर्षीय डीएस पाखिनलाई ०६५ पुस १ गते अज्ञात समूहले अपहरण गरी किसाननगर गाविसबाट पुस ३ गते मुक्त गऱ्यो।

मेघनाथ गोरहन्ना गाविस-५ का ६० वर्षीय दिनेश गिरीलाई ०६५ पुस १ गते अज्ञात समूहले अपहरण गरी पुस ३ गते मुक्त गऱ्यो।

हतिसर्वा गाविस-७ का ६० वर्षीय शुभान कवारीलाई ०६५ पुस ५ गते राती आफ्नै घरबाट अज्ञात समूहले अपहरण गरी ०६५ पुस ९ गते बिहान अपहरण मुक्त गऱ्यो।

खोपी गाविस-४ वैरिया टोल निवासी ३९ वर्षीय शिवजी चौधरीलाई ०६५ पुस १३ गते साँझ पार्सदेवाड गाविसबाट अज्ञात समूहले अपहरण गरी पुस १६ गते मुक्त गऱ्यो।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

बथनाहा गाविस-१ निवासी मधेसी विद्यार्थी फ्रन्टका जिल्ला अध्यक्ष सत्येन्द्र यादव, सुगा गाविस-४ निवासी मधेसी जनअधिकार फोरमका जिल्ला सदस्य कुन्दन पाण्डे, अनकार गाविस-८ निवासी तमलोपाका जिल्ला सदस्य रघुनाथ शर्मा तथा मधेसवादी दलका कार्यकर्ताहरू गणेश झा, गङ्गोदेवी, सुमनी देवी, फूलकमारी देवी ०६४ माघ ८ गते जलेश्वरमा काङ्ग्रेस नेताहरू सुशील कोइराला र विमलेन्द्र निधिलाई कालोझन्डा देखाई विरोध प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा घाइते भए।

बथनाहा गाविस-१ निवासी मधेसी विद्यार्थी फ्रन्टका जिल्ला अध्यक्ष सत्येन्द्र यादव तमलोपाका कार्यकर्ताहरू पङ्कज शर्मा, सरोज सिंह, रञ्जीतराज मधेसी, वीरेन्द्र साह, सुनील साह, सद्भावना पार्टीका कार्यकर्ता सुदीप झा र दीपु शर्मा ०६४ माघ २२ गते जलेश्वरमा आएका काङ्ग्रेसका नेता शेरबहादुर देउवाको विरोध गर्दा प्रहरीसँग भएको झडपमा घाइते भए।

सुगा गाविस-६ का २३ वर्षीय सन्तोष महतो, बनौली गाविस-१ का २५ वर्षीय कलाम राइन, सोही ठाउँका राकेशकुमार सिंह, जलेश्वर नपा-२ का ३५ वर्षीय सुरेशकुमार पासवान, बथनाहा गाविस-६ का विवेक झा, सुगा गाविस-६ का राकेश महतो, पर्सापतैली गाविस-४ का २७ वर्षीय राकेश राउत, अनकार गाविस-८ का ३१ वर्षीय ज्ञानेश्वर कर्ण ०६४ फागुन ५ गते मधेस आन्दोलनका क्रममा जलेश्वरमा भएको प्रदर्शनमा प्रहरीले चलाएको रबरको गोली लागी घाइते भए। घाइतेरूको जलेश्वर अस्पतालमा उपचार भयो।

बथनाहा गाविस-९ का १४ वर्षीय बिक्की ठाकुर, सुगा गाविसका २३ वर्षीय मुरली मिश्र र १८ वर्षीय रञ्जीतकुमार मधेसी, बथनाहा गाविस-६ का ३० वर्षीय सुदीप झा, साँढा गाविस-२ का २८ वर्षीय सुभाष सिंह, सुगा गाविस-६ का २० वर्षीय वीरेन्द्र महतो, पिपरा गाविस-८ का ४८ वर्षीय रवीन्द्र ठाकुर, अनकार गाविस-९ का २९ वर्षीय अभिराम शर्मा, अनकार गाविस-५ का २९ वर्षीय सञ्जयकुमार सिंह, बनौली गाविस-१ का २५ वर्षीय राघवेन्द्र शर्मा, ०६४ फागुन ११ गते मधेस आन्दोलनका क्रममा जलेश्वरमा भएको प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा घाइते भए। घाइतेहरूको जलेश्वर अस्पतालमा उपचार भयो।

जलेश्वर नपा-५ का *अन्नपूर्ण पोस्ट*का संवाददाता ३६ वर्षीय ईश्वरी पौडेललाई ०६४ माघ ६ गते मधेस आन्दोलनको फोटो खिच्दै गर्दा सशस्त्र प्रहरीले कुटपिट गरी घाइते बनायो। घाइतेको जलेश्वर अस्पतालमा उपचार भयो। पत्रकारलाई कुटपिट गरेको विषयमा ०६४ फागुन ७ गते महोत्तरीका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले माफी मागे।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

महोत्तरी जिल्ला अदालतमा यस वर्ष जम्मा १ हजार ५ सय २२ थान मुद्दा विचाराधीन अवस्थामा रहेका छन्। जसमा जिम्मेवारी सरेर आएका सरकारी फौजदारी ७१ थान, दुनियाँवादी फौजदारी २ सय ४२ थान र दुनियाँवादी देवानी १ हजार १ सय ९० थान

रहेका छन् भने यस अदालतमा सरकारवादी देवानी मुद्दा छैनन्।

यस वर्ष दर्ता भएका मुद्दामा सरकारवादी फौजदारी ७१ थान, दुनियाँवादी फौजदारी २ सय १० थान र दुनियाँवादी देवानी ९ सय ५८ थान छन्।

यस वर्ष फर्स्यौट भएका मुद्दामा सरकारवादी फौजदारी ११ थान, दुनियाँवादी फौजदारी ३८ थान र दुनियाँवादी देवानी २ सय ७८ थान रहे।

दुई वर्ष नाघेका मुद्दामा दुनियाँवादी देवानी ४१ थान, दुनियाँवादी फौजदारी सात थान र सरकारवादी फौजदारीमा चार थान रहे।

महोत्तरी जिल्ला अदालतमा बिगो बाँकीतर्फ कैदमा २ हजार २ सय ६० वर्ष ४ महिना ५ दिन ६ घन्टा रहेको छ भने जरिवानातर्फ ३ करोड ९३ लाख ६१ हजार ६९ रुपियाँ ५८ पैसा रहेको छ।

### बालअधिकार

रामगोपालपुर गाविस-६ का १२ वर्षीय सुजितकुमार रायको ०६५ वैशाख १२ गते निगौल गाविस-५ स्थित मामाघरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। हत्या किन र कसले गराएको हो, खुल्न सकेन।

कोलहुवा बगेया गाविस-३ का छ वर्षीया चुनचुन कुमारीलाई ०६५ भदौ १४ गते उनकै काकी खेस्राहा खैरवन्नी गाविस-४ निवासी ३६ वर्षीया शैलदेवी महतोले अंश एकलौटी पार्ने लोभमा विष ख्वाएर हत्या गरिन्।

पशुपतिनगर गाविस-३ का छ वर्षीय अजय महतोका पिताले सुराकी गरेको आरोपमा ०६४ माघ १३ गते मधेसी टाइगर्सका कार्यकर्ताले अजयलाई अपहरण गरी माघ १६ गते मुक्त गरे।

भ्रमरपुरा गाविस-७ का पाँच वर्षीय विवेक कापरलाई ०६५ कात्तिक २७ गते बिहान सोही गाविस-२ निवासी ठक्कन खटेरी, सकुन यादव र शुभकलादेवी कापरले घरैबाट अपहरण गरी कात्तिक २९ गते मुक्त गरे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### बहुविवाह

पर्सादेवाड गाविस-८ की ३३ वर्षीया जोहरा खातुनलाई ०६५ भदौ १० गते उनका पति ४१ वर्षीय हबिब मोमिनले बहुविवाह गरी तलाक दिए।

सरपल्लो गाविस-१ की २२ वर्षीया अनिता साहलाई सोही ठाउँका २५ वर्षीय सुशील महतोले ०६५ भदौ २३ गते विवाह गरेर घर भित्र्याएलगत्तै घर निकाला गरे।

### सबै प्रकारका जातीय विभेद

नैन्ही गाविस-८ थरूवाही टोलका ३५ वर्षीय गर्भा महरा, ३२ वर्षीय सिताई महरा र ४१ वर्षीय देवलाल महरालगायत सो ठाउँका २५ घर चमार समुदायलाई सोही ठाउँका ३८ वर्षीय सुरेश यादव, ४५ वर्षीय कुलानन्द यादव, ३८ वर्षीय वितन यादव, ४२ वर्षीय नन्दु यादव र ३९ वर्षीय विजय मण्डलको नेतृत्वमा सो ठाउँका कथित उपल्लो जातले ०६५ असोज २० गतेदेखि दसैंमा ढोल नपिटेको आरोपमा नाकाबन्दी गरे। सोही ठाउँको प्रहरी चौकीमा असोज ३० गते भएको पञ्चायतमा पीडकहरूले पीडितहरूसँग माफी मागे नाकाबन्दी फुकुवा गरे।

## २.३ सर्लाही

जनसङ्ख्या : ७,७७,५६८
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): १,२५९
गाविस/नपा सङ्ख्या : ९९/१
सरकारी/निजी विद्यालय : ३२१/२४
क्याम्पस/उच्च मा.वि. : ३/८
अस्पताल/स्वास्थ्य चौकी : १/१०३
मानव विकास सूचकाङ्क : ०.४०८
प्रतिपरिवार सरदर सङ्ख्या : ७

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट**

भक्तिपुर गाविस-२ का २१ वर्षीय कर्णबहादुर विश्वकर्मालाई सुराकी गरेको आरोपमा ०६४ माघ १८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले गौरीशङ्कर गाविस-९ स्थित सागरनाथ वन विकास परियोजनाको कम्पाउण्डमा गोली प्रहार गरी हत्या गरे। पीडित परियोजनामा चौकीदार थिए।

**तराई कमाण्डो फोर्सबाट**

जब्दी गाविस-९ रञ्जीतपुरका प्रकाश भनिने ३१ वर्षीय ज्ञानप्रसाद रिजालको ०६५ पुस ४ गते साँझ साइकलबाट घरतर्फ जाँदै गर्दा अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। सशस्त्र समूहले पछाडीबाट गोली प्रहार गरी सख्त घाइते पारेका पीडितलाई उपचारका लागि वीरगञ्ज पुऱ्याइएपछि उनको मृत्यु भएको थियो। हरिवन इन्दु शङ्कर चिनी उद्योगमा कार्यरत पीडितको हत्याको जिम्मेवारी जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजनमुक्ति)ले लिएको थियो। हत्यामा संलग्न रहेको आशङ्कामा पीडितको सौतेनी दाई नारायण रिजाललाई प्रहरीले पक्राउ गरी आवश्यक अनुसन्धान अघि बढाएको छ। घटनास्थलनजिकैबाट प्रहरीले तराई कमाण्डो फोर्सका कार्यकर्ता जब्दी गाविस-४ का २५ वर्षीय दसैँ चौधरी र हरिपुर गाविस-३ का २७ वर्षीय शिवविहारी चौधरीलाई पक्राउ गऱ्यो। प्रहरीसमक्ष उनीहरूले हत्या गरेको स्वीकार गरे।

**विस्फोटक पदार्थबाट**

खैर्वा गाविस-३ निवासी छ वर्षीया रजनी सहनीको ०६५ साउन ५ गते आफ्नै घरमा भएको बम चलाउँदा विस्फोट भई मृत्यु भयो। सोही घटनामा सात वर्षीया काजल सहनी, आठ वर्षीया आशा सहनी र ४५ वर्षीय विजय सहनी गम्भीर घाइते भए। घाइतेहरूको चितवनस्थित भरतपुर अस्पतालमा उपचार भयो।

**अज्ञात समूहबाट**

बलरा गाविस-८ का संविधानसभा सदस्यका स्वतन्त्र उम्मेदवार ४८ वर्षीय शम्भुप्रसाद सिंहको ०६४ चैत २८ गते दिउँसो गडैया गाविस मावि मतदान केन्द्रनजिकै अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। पीडित पक्षले मधेसी जनअधिकार फोरमका उम्मेदवार (हालका सभासद्) शिवपूजन रायलगायत पाँच जनाका नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिई पीडकलाई कारबाही गर्नुपर्ने माग गरे। फोरमले भने घटनामा आफ्नो पार्टीको संलग्नता नरहेको बतायो।

महोत्तरी जिल्ला बसभिटी गाविस-३ का मजदुर २४ वर्षीय अयुब अन्सारी मोहम्मदको ०६५ साउन ४ गते राती छटौल गाविस-८ स्थित एक घरमा खाना खाइरहेको अवस्थामा सशस्त्र समूहले गोली प्रहार गरी हत्या गऱ्यो।

अर्नाहा गाविस-४ का ३८ वर्षीय महेन्द्र महतोलाई ०६५ साउन १८ गते राती घरमा बसिरहेको अवस्थामा अज्ञात समूहले गोली प्रहार गरी गम्भीर घाइते बनाएकामा उपचारका क्रममा भारतको पटनामा साउन १९ गते उनको मृत्यु भयो। पीडित धनकुटा जिल्लामा शिक्षक थिए।

सुनसरी जिल्ला धरान निवासी ३२ वर्षीय बस चालक कृष्णबहादुर खवासको ०६५ साउन २३ गते राती ९ बजे धनकुटाबाट काठमाडौँतर्फ जाँदै गर्दा सर्लाहीको बाँके खोलानजिकै महेन्द्र राजमार्गमा अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। घटनाका विरुद्धमा यातायात व्यवसायी र मजदुरहरूले पीडितका परिवारलाई राज्यले १० लाख क्षतिपूर्ति दिनुपर्ने, बालबालिकालाई पढाइदिनुपर्ने, राजमार्गमा सुरक्षाको ग्यारेन्टी गर्नुपर्ने माग राखी ०६५ साउन २५ गतेदेखि २९ गतेसम्म मेची, कोसी, सगरमाथा र जनकपुर अञ्चलमा यातायात ठप्प पारे। पछि प्रशासन र पीडित पक्षबीच मागहरूका विषयमा सहमति भयो।

सलेमपुर गाविस-५ का काङ्ग्रेस कार्यकर्ता ४६ वर्षीय वीरेन्द्र महतोको ०६५ भदौ १९ गते राती गम्हरिया गाविसको नवलपुर-मलङ्गवा सडक खण्डमा मोटरसाइकलबाट घरतर्फ जाँदै गर्दा अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। पेटमा गोली लागी सख्त घाइते भएका पीडितलाई वीरगञ्जमा उपचार गराई थप उपचारका लागि काठमाडौँतर्फ लाँदै गर्दा बाटोमा उनको मृत्यु भएको थियो।

ईश्वरपुर गाविस-१ फुलजोरकी ११ वर्षीया टुकुरकुमारी गोइत यादव र उनकी करिब ३५ वर्षीया आमाको ०६५ पुस ६ गते राती अज्ञात समूहले घरमै सुतिरहेको अवस्थामा हत्या गऱ्यो।

**तालिका : १**

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १९ | १३ | १० | २३ | | | | | | | |
| घाइते | १९ | ३३ | ५ | ३८ | | | | १ | ५ | | ५ |
| गिरफ्तारी/यातना | | | | | | | | १ | ३ | | ३ |
| कुटपिट | ४ | ४ | | ४ | १ | १ | १ | ४ | ११ | २ | १३ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | १ | ३ | | ३ |
| जातीय विभेद | १ | | १ | १ | | | | | | | |
| महिलाअधिकार | ४ | | ६ | ६ | | | | १ | | १ | १ |
| बालअधिकार | २ | | २ | २ | | | | | | | |
| अपहरण | १५ | १५ | | १५ | | | | | | | |
| जम्मा | ६४ | ६५ | ३४ | ८९ | १ | १ | १ | ८ | २२ | ३ | २५ |

सुन्दरपुर चुहड्वा गाविस-५ की नौ वर्षीया बालिका रुवी साहको ०६५ पुस १५ गते अज्ञात समूहले शारीरिक यातना दिई हत्या गऱ्यो। घरदेखि २ सय मिटर पर उखुबारीमा भेटिएको लासको घाँटी तथा शरीरका अन्य भागमा नीलडाम रहेको प्रहरीले बताए। घटनामा संलग्न रहेको आशङ्कामा रौतहट समनपुर गाविस-२ का लालबाबु राउतलाई प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढायो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते
### तराई आर्मीबाट

मलङ्गवा नपा-१० भूमिसुधार कार्यालयका पियन ३७ वर्षीय किशुनदेव राय, जिल्ला हुलाक कार्यालयका हल्कारा ५५ वर्षीय आनन्दविहारी श्रीवास्तव, मुसैली गाविस-८ का ४० वर्षीय राजेन्द्र ठाकुर, मधुवनी गाविस-१ का ५० वर्षीय चन्द्रीकाप्रसाद सिंह, नौकेल्वा गाविस-२ का ३० वर्षीय देवराज कापर, कविलासी गाविस-७ अगर्वाका ५० वर्षीय रामविनय राय र मलङ्गवा नपा-५ का ३४ वर्षीय भिखारी पण्डित कार्यालय समयमा काममा आउँदा ०६५ जेठ १९ गते दिउँसो मलङ्गवा नपा-१० स्थित भूमिसुधार कार्यालय परिसरभित्र तराई आर्मीका कार्यकर्ताले सिलिन्डर बम विस्फोट गराउँदा सख्त घाइते भए। घाइतेहरूको जिल्ला अस्पताल मलङ्गवा र ओम नरसिंह होम काठमाडौंमा उपचार भयो।

बरहथवा गाविस-४ स्थित रामजी रस्तोगीको खाद्य भण्डारमा ०६५ मङ्सिर २६ गते दिउँसो टाइम बम विस्फोट हुँदा बजार गर्न आएका लौकट गाविस-४ का लक्ष्मी राय, सोहडर्वा गाविस-१ का रामसोगारथ यादव र लौकट गाविस-४ का अमोदनारायण यादव घाइते भए। घाइते सबैको बरहथवा स्वास्थ्य चौकीमा उपचार गरियो। घटनाको तराई आर्मीले जिम्मा लियो।

### दलित जनजाति पार्टीबाट

हरिऔन गाविस-२ की ४५ वर्षीया लक्ष्मी गौतम ०६४ फागुन १७ गते बिहान दलित जनजाति पार्टीका कार्यकर्ताले गुडिरहेको ट्रकमाथि पेट्रोल बम प्रहार गर्दा गम्भीर घाइते भइन्। नेत्रगञ्ज गाविस-६ स्थित सडकमा बन्दको समयमा सवारी साधन चलाएकोमा ट्रकमाथि पेट्रोल बम प्रहार गर्दा अगाडि बसेकी गौतमको देब्रे आँखामा गम्भीर चोट लागेको थियो। पीडितको तत्काल नमुना अस्पताल हरिऔनमा उपचार भयो।

### तराई कोब्राबाट

मलङ्गवा नपा-८ का २० वर्षीय सुनील मिश्र, सोही स्थानका २७ वर्षीय लालबाबु साह र १८ वर्षीय प्रमोद झा ०६५ असोज १४ साँझ मलङ्गवा नपा-९ स्थित बसपार्कनजिकै सकेट बम विस्फोटनमा परी

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबाट | | | जतमुमो (ज्वाला सिंह) बाट | | | तराई आर्मीबाट | | | तराई कमाडो फोर्सबाट | | | तराई कोब्राबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | १ | १ | १ | | | | १ | १ | १ | | | | ९ | ६ | १३ |
| घाइते | ३ | ४ | ४ | | | | ३ | ११ | ११ | | | | ३ | ६ | ८ | ९ | १० | ११ |
| बालअधिकार | | | | | | | | | | | | | | | | १ | | १ |
| अपहरण | | | | | | | | | | | | | | | | ११ | ११ | ११ |
| जम्मा | ३ | ४ | ४ | १ | १ | १ | ३ | ११ | ११ | १ | १ | १ | ३ | ६ | ८ | ३० | २६ | ३६ |

घाइते भए। बम विस्फोटनको जिम्मा तराई कोब्राले लियो। घाइते तीनै जनाको उपचार भयो।

मलङ्गवा नपा-१० की सात वर्षीया बबिता साह, पाँच वर्षीया सीता साह, तीन वर्षीय राहुल साह, जमुनिया गाविस-९ का १२ वर्षीय नितेश ठाकुर र खुटौना गाविस-७ का १६ वर्षीय प्रवचन ठाकुर ०६५ पुस १३ गते साँझ मलङ्गवा नपा-९ स्थित सडकमा हिँड्दै गर्दा भएको बम विस्फोटमा परी घाइते भए। पीडितहरूमध्ये बबितालाई दाहिने गोडामा, सीतालाई देब्रे गोडा र टाउकोमा, राहुललाई दाहिने हातमा, नितेशलाई हात र टाउकोमा र प्रवचनलाई देब्रे हातमा चोट लागेको थियो। कालो प्लास्टिकभित्र रहेको सकेट बम पीडितमध्ये बबिताले ठक्कर दिँदा विस्फोट भएको पीडितले बताइन्। पीडित सबैको जिल्ला अस्पतालमा उपचार गरियो। एकै परिवारका बबिता, सीता र राहुललाई औषधि उपचार गर्न जिल्ला प्रशासन कार्यालयले १ हजार ५ सय रुपियाँ प्रदान गऱ्यो। घटनाको तराई कोब्राले जिम्मेवारी लियो।

### अज्ञात समूहबाट

काठमाडौँबाट सर्लाहीको परवानीपुरतर्फ जाँदै गरेको ना२ख ४०३४ नम्बरको बस ०६४ फागुन ७ गते बिहान महेन्द्र राजमार्गमा अघि बढ्दै गर्दा अज्ञात समूहले प्रहार गरेको पेट्रोल बम लागी चालक ललितबहादुर थापामगर घाइते भए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

हरिवन गाविस-९ बासाटोलका ७० वर्षीय रविबहादुर खड्कालाई ०६५ साउन ३ गते राती अज्ञात समूहले गोली प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको वीरगञ्जमा उपचार भयो।

रौतहट जिल्ला समनपुर गाविस-६ का ३५ वर्षीय अनुप दासलाई ०६५ भदौ १० गते हजारिया गाविस-६ मा सडकमा हिँडिरहेको अवस्थामा अज्ञात समूहले गोली प्रहार गरी सख्त घाइते तुल्यायो। दुई गोली लागेका पीडितको एउटा गोलीले दाहिने तिघ्रा र अर्को गोलीले पेटको छाला ताछेको थियो। पीडितलाई प्राथमिक उपचार बरहथवामा गराई र थप उपचारका लागि वीरगन्ज लगियो।

ब्रह्मपुरी गाविस-७ का ५५ वर्षीय अनवर साह फकिरलाई ०६५ असोज ६ गते दिउँसो ईश्वरपुर बजारबाट भैँसी बेचेर घरतर्फ जाँदै गर्दा बबरगन्ज गाविस-८ पर्ती बजारनजिकै अज्ञात समूहले पेटमा गोली प्रहार गरी सख्त घाइते पारे। पीडितको जिल्ला अस्पताल मलङ्गवामा उपचार गराई थप उपचारका लागि काठमाडौँ लगियो।

मूर्तिया गाविस-३ का ३८ वर्षीय रामजी तिवारीलाई ०६५ कात्तिक ५ गते दिउँसो घुर्कौली र मूर्तिया गाविसको बीच जङ्गलमा मोटरसाइकलमा गइरहेको अवस्थामा हत्याधारी समूहले कोखामा गोली प्रहार गरी सख्त घाइते तुल्यायो। पीडितलाई नमुना अस्पताल हरिऔनमा उपचार गराई थप उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर लगियो।

चन्द्रनगर गाविस-२ विनटोलका २६ वर्षीय राजगिर मुखियालाई ०६५ कात्तिक २५ गते राती अज्ञात समूहले गोली प्रहार गरी सख्त घाइते बनायो। गोली पीडितको अण्डकोष छेडेर वारपार भएको थियो। पीडितको वीरगञ्ज अस्पतालमा उपचार गरियो।

### बेवारिसे विस्फोटक पदार्थबाट

डुमरिया गाविस-२ का १० वर्षीय अजय मण्डल ०६५ भदौ २८ गते बिहान घरनजिकै पोखरीको

डिलमा शौच गर्न जाँदा भेटेर ल्याएको सकेट बम विस्फोट हुँदा सख्त घाइते भए। पीडितलाई तत्काल उपचारका लागि भारतको मेजरगञ्ज लगिएको थियो।

### जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागार मलङ्गवाको क्षमता ७५ पुरुष र २५ महिला गरी कुल १ सय जना रहेको छ। यस वर्षको अन्त्यमा कैद तोकिएका ५४ जना पुरुष र एक जना महिला तथा कैद नतोकिएका पुरुष ६६ र दुई जना महिला गरी कुल १ सय २३ जना बन्दी रहेका छन्। कारागारमा टीभी, पत्रपत्रिका, रेडियोलगायतका सञ्चारका साधनको व्यवस्था रहेको छ भने लुडो, क्यारेमबोर्डलगायतका खेलकुदका सामग्री रहेका छन्। कारागारमा बन्दीहरूका लागि एक पुस्तकालयको व्यवस्था रहेको छ भने उपचारका लागि जिल्ला अस्पताल तथा अन्य स्थानमा उपचारको व्यवस्था रहेको छ। माओवादीले आक्रमण गरी ध्वस्त बनाएको कारागार हाल निर्माण सुरु भएको छ।

### बेपत्ता/अपहरण

### वाईसीएलबाट

नारायणखोला गाविस-६ का ३० वर्षीय मोहनसिंह वाइवालाई राजनीतिक प्रतिशोधका आधारमा ०६५ भदौ २० गते राती वाईसीएलका कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडितलाई युथफोर्सका कार्यकर्ताले ०६५ भदौ २२ गते नारायणखोला गाविसबाट मुक्त गराए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

मूर्तिया गाविस-४ का ४० वर्षीय रञ्जीत खड्कालाई ०६४ फागुन १४ गते राती घरमा बसिरहेको अवस्थामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत)का कार्यकर्ताले कुटपिट गरी अपहरण गरे। पीडित ०६४ फागुन १७ गते साँझ कविलासी गाविसस्थित गैरबजारबाट मुक्त भए। पीडितले विद्यालयको जग्गा मिचेकाले अनुसन्धानका लागि अपहरण गरिएको मोर्चाले जनायो। पीडितका अनुसार रकम माग गर्दै पीडकले बाबु अमृतबहादुर खडकालाई पनि सँगै अपहरण गरेकामा बीच बाटोमा पुगेपछि कुटपिट गरी उनलाई मुक्त गरेका थिए।

### मधेसी टाइगर्सबाट

सिसौट गाविस-४ निवासी एमालेका कार्यकर्ता ४५ वर्षीय शङ्कर साह तेलीलाई ०६४ फागुन २३ गते राती मधेसी टाइगर्सका कार्यकर्ताले घरबाटै अपहरण गरे। सशस्त्र समूहले पीडितको घरबाट ५० हजार बराबरको धनमाल लुट्नुका साथै हवाईफायरसमेत गरेका थिए। पूर्वगाविस अध्यक्षसमेत रहेका पीडित ०६४ चैत ३ गते भारतबाट मुक्त भए।

### अज्ञात समूहबाट

नारायणपुर गाविस-३ का ४५ वर्षीय रामछविलाल साहलाई ०६४ फागुन २० गते घरबाटै अज्ञात समूहले अपहरण गऱ्यो। पीडितलाई ०६४ फागुन २२ गते मुक्त गरे। पीडितले घटनाका बारे केही बताउन चाहेनन्।

राजघाट गाविस-३ का ३५ वर्षीय दुर्गा लामालाई ०६५ असार १८ गते राती बरहथवा बजारबाट घरतर्फ जाँदै गर्दा अज्ञात समूहले बरहथवा गाविस-१ स्थित नहरबाट अपहरण गऱ्यो। पीडित ०६५ असार १९ गते रौतहट जिल्लाबाट मुक्त भए। पीडितले घटनाका बारेमा केही बताउन चाहेनन्।

हरकठवा गाविस-९ का ४० वर्षीय नागेन्द्र साहलाई ०६५ साउन ३० गते बिहान घरबाटै अज्ञात समूहले अपहरण गऱ्यो। पीडितलाई ०६५ भदौ ३ गते रौतहटको धर्मपुरा गाविसको पोकाहाबाट प्रहरीले मुक्त गरायो।

चन्द्रनगर गाविस-९ लोघबाटोलका ३० वर्षीय अनीलकुमार साहलाई ०६५ असोज ८ गते राती सशस्त्र समूहले घरनजिकै बम विस्फोट गराई अपहरण गरी भोलिपल्ट मुक्त गऱ्यो।

हरकठवा गाविस-५ का पशु स्वास्थ्यकर्मी ३२ वर्षीय रामसोगारथ महतोलाई ०६५ मङ्सिर १८ गते राती अज्ञात समूहले घरमा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडित ०६५ मङ्सिर २१ गते रौतहट जिल्लाबाट मुक्त भए।

बरहथवा गाविस-४ का ३० वर्षीय दिलीप महतोलाई ०६५ पुस १ गते साँझ छटौल गाविसबाट अज्ञात समूहले अपहरण गऱ्यो। पीडित भोलिपल्ट बिहान रौतहटबाट भागेर घर फर्किए।

जानकीनगर गाविस-८ का ६० वर्षीय ईश्वरीप्रसाद सिग्देललाई ०६५ पुस ४ गते राती अज्ञात

समूहले घरबाट अपहरण गरी ०६५ पुस ६ गते मुक्त गऱ्यो। अपहरणको कारण र पीडक पक्षको जानकारी हुन सकेन।

महोत्तरी जिल्ला सुन्दरपुर गाविस-मगरथानाका शिक्षक ५० वर्षीय शङ्करलाल कर्णलाई ०६५ पुस १४ गते अज्ञात समूहले श्रीराम जानकी माविबाट अपहरण गऱ्यो। पीडित वर्षको अन्त्यसम्म मुक्त भएनन्।

गौरीशङ्कर गाविस-१ सुकनाहाका २५ वर्षीय बरुणकुमार शर्मालाई ०६५ पुस १६ गते बिहान अज्ञात समूहले घरबाटै अपहरण गरे। पीडित वर्षको अन्त्यसम्म मुक्त भएनन् ।

### धम्की/कुटपिट

#### राज्यबाट

ईश्वरपुर गाविस-रामनगर टोलका राजेश राय, कपिलदेव राय, सुरेन्द्र साह र पच्चु महतोलाई ०६४ माघ १ गते स्थानीय शिवप्रसाद मैनालीको उँखु काट्दै गरेको अवस्थामा प्रहरीले कुटपिट गऱ्यो। पीडित सबै मजदुर हुन्। पीडितले इलाका प्रहरी कार्यालयमा उजुरी गरेपछि पीडकले माफी मागी उपचार खर्च दिएका थिए। घाइते सबैको वीरगञ्ज उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

सुन्दरपुर चोहर्वा बेस क्याम्पका सशस्त्र प्रहरी इन्स्पेक्टर सुदर्शन न्यौपानेले ०६४ फागुन १० गते गुराँस सामुदायिक वन उपभोक्ता समिति ढुङ्ग्रेखोलाका उपभोक्ता राजकुमार बोहरा, सिंहबहादुरले सन्जु पन्त र राकेश लामालाई वन रुङ्न गएको अवस्थामा 'तिमीहरू लुटेरा हौ' भन्दै कुटपिट गरे। घटनाको सवालमा सामुदायिक वन उपभोक्ता महासङ्घले पत्रकार सम्मेलन गरी पीडकलाई कारबाहीको माग गऱ्यो।

मानपुर गाविस-२ का ३० वर्षीय प्रमोद रायलाई ०६५ भदौ १९ गते प्रहरी चौकी मानपुरका हवल्दार जयप्रकाश पाण्डे, धीरेन्द्र यादव र जवानहरू हरिओम यादव, सञ्जय सिंह र रामध्यान यादवले प्रहरी असईसँग छलफल हुँदा असहमति राखेको भनी मानवपुर प्रहरी चौकीमा कुटपिट गरे। पीडितले दोषीमाथि कारबाही गर्नुपर्ने माग राखी जिल्ला प्रहरी कार्यालय मलङ्गवामा जाहेरी दिए। पीडकलाई कारबाही भएन।

#### माओवादीबाट

हजरिया गाविस-९ का ३० वर्षीय रामहृदय महतोले एक युवतीलाई दुर्व्यवहार गरेको आरोपमा ०६५ असार ११ गते उनलाई माओवादीले आफ्नो गाउँ समिति कार्यालय हजरियामा लगी मुखमा पट्टी बाँधेर मरणासन्न हुनेगरी कुटपिट गरे। माओवादी कार्यकर्ता राकेश साह, प्रगास महतो र बद्री रायलगायतका कार्यकर्ताको पिटाइले टाउको र शरीरभरि चोट लागेका पीडितको प्राथमिक स्वास्थ्य चौकी बरहथवामा उपचार भयो। पीडित पक्षले माओवादी कार्यालमा उजुरी दिएपश्चात् माओवादीले रामहृदय र उनका पिता बुधनलाई पत्र काटी कार्यालयमा बोलाएका थिए। घटनाका बारे असार १२ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडकलाई कुनै कारबाही नभएको पीडितले बताए।

#### तराई मधेस लोकतान्त्रिक पार्टीबाट

नेत्रगन्ज गाविस-२ निवासी क्षेत्र नं. ३ का दलित जनजाति पार्टीका उम्मेदवार ३५ वर्षीय राजाराम पासवानलाई ०६४ चैत २८ गते तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ताले कुटपिट गरे। सुन्दरपुर चोहर्वा गाविसको हरिपूर्वा मतदान केन्द्रमा बुथ लुटेको खबर पाएर पुग्दा तमलोपाका कार्यकर्ताले आफूमाथि आक्रमण गरी कुटपिट गरेको पीडित घाइतेले बताए। उनको बरहथवा स्वास्थ्य केन्द्रमा उपचार भएको थियो। घटनाको विरोधमा दलित जनजाति पार्टीका कार्यकर्ताले बरहथवा बजार तोडफोड गरेका थिए। त्यसैगरी, क्षेत्र नं. ३ का एमाले उम्मेदवार हरिप्रसाद उप्रेतीलाई श्रीपुर कटानी र मूर्तियामा तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ताले बुथ कब्जा गरेको भनी विरोध गर्दा लखेटे।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

महोत्तरी जिल्ला घर भई जनज्योति क्याम्पस लालबन्दीमा अध्ययनरत विद्यार्थी देवबहादुर किड्रिङलाई ०६४ पुस १८ गते अज्ञात समूहले महोत्तरीको लक्ष्मीनियाँमा हत्या गरेको र हत्यारालाई प्रहरी प्रशासनले पत्ता नलगाएको आरोपमा ०६४ पुस २२ गते क्याम्पसका विद्यार्थीले पूर्व-पश्चिम महेन्द्र राजमार्गमा चक्काजाम गर्दा प्रहरीले हस्तक्षेप गरी विद्यार्थी मोहन तामाङ, सुनीता न्यौपाने, उज्ज्वल कार्कीलाई कुटपिट गरी घाइते बनाएका थिए। घाइतेहरूको लालबन्दी स्वास्थ्य चौकीमा उपचार भयो।

सलेमपुर गाविस-७ का ४२ वर्षीय अशोककुमार यादव र गणेश यादवलाई ०६४ माघ २३ गते काङ्ग्रेसको आमसभा सकेर फर्कदै गर्दा सलेमपुरस्थित सडकमा ढुङ्गामुढा गरी अवरोध पारेपछि प्रहरीले लाठ्ठी प्रहार गरी घाइते बनाए। पीडित मधेसी फोरमका कार्यकर्ता हुन्। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो।

फूलपरासी गाविसका दुईवटा मतदान केन्द्रमा मधेसी जनअधिकार फोरमका क्षेत्र नं. ५ का उम्मेदवार अशोक यादवले मतपेटिका तोडफोड गरी मतपत्रहरू च्यातिदिएपछि मतदान स्थगित भएको थियो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ६ सय ९ थान मुद्दा र यस वर्ष दर्ता भएका १ हजार २ सय थान मुद्दा गरी कुल १ हजार ८ सय ९ थान मुद्दा रहेकामा ९ सय ६३ थान मुद्दा फर्स्यौट भई ८ सय ४६ थान मुद्दा बाँकी रहे, जसमा देवानीतर्फ १ हजार ३ सय ९२ थान मुद्दामा ७ सय ४३ थान मुद्दा फर्स्यौट भई ६ सय ४९ थान मुद्दा बाँकी रहे। त्यसैगरी फौजदारीतर्फ ४ सय १७ थान मुद्दा रहेकामा २ सय २० थान मुद्दा फर्स्यौट भई १ सय ९७ थान मुद्दा बाँकी रहे।

### बालअधिकार

महिनाथपुर गाविस-६ का १३ वर्षीय अवधेश रायलाई ०६५ जेठ १३ गते राती घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहले अपहरण गऱ्यो। पीडित ०६५ जेठ २२ गते रौतहट जिल्लाको डुमरिया गाविस-४ बालचनपुरबाट मुक्त भए।

म्लङ्गवा नपा-९ का तीन वर्षीय बालक गौरव कुशवाहलाई ०६५ भदौ ९ गते अज्ञात समूहले घरबाट अपहरण गऱ्यो। पीडित ०६५ भदौ १३ गते मलङ्गवाबाट मुक्त भए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

ईश्वरपुर गाविस-२ की ३७ वर्षीया एक विधवालाई ०६४ माघ ९ गते राती इलाका प्रहरी कार्यालय ईश्वरपुरमा कार्यरत प्रहरी हबल्दार ३५ वर्षीय शिवकुमार झाले बलात्कार गर्ने प्रयास गरे। पीडितले गुहार मागेपछि पीडकलाई स्थानीयबासीले समाती बाँधेर रातभरि कोठामा राखेका थिए। पीडकले माफी मागेपछि विवाद सुल्झियो।

हरिपूर्वा गाविस-७ की ३३ वर्षीया एक महिलाई धनकौल गाविस-१ का ३५ वर्षीय इन्दल मुसहर र सोही ठाउँका ३० वर्षीय चलित्तर मुसहरले ०६५ भदौ २७ गते दिउँसो बाख्रा चराई घरतर्फ फर्कदै गर्दा खेतमा बलात्कार गरेको भन्दै पीडितले ०६५ भदौ ३० गते दुवैको नाममा किटानी जारी दिए पनि पीडकद्वय फरार भएकाले कुनै कारबाही भएन।

कर्मैया गाविस-३ बथाने बस्तीकी ३४ वर्षीया सुकुमारी बोटेलाई ०६५ असोज २३ गते राती एक अज्ञात समूहले सामूहिक बलात्कार गरी उनको हत्या गऱ्यो।

### दुर्व्यवहार

मलङ्गवा नपा-४ की १७ वर्षीया रेणुदेवी सोनारनीलाई बोक्सीको आरोपमा ०६५ वैशाख १२ गते राती मलङ्गवा नपा-२ मा डेरा गरी बस्ने भारतीय नागरिक श्याम साह सोनार र पत्नी सीतादेवी साहले धारिलो हतियार प्रयोग गरी कुटपिट गरे। पीडकका दुई वर्षका छोरालाई पीडितले टुनामुना गरी बिरामी पारेको आरोपमा पीडितलाई कुटपिट गरिएको थियो। पीडकहरू फरार भए। घाइतेको मलङ्गवा अस्पतालमा उपचार भयो।

पर्सा गाविस-३ की ४० वर्षीया छठिया देवी चमइनलाई ०६५ साउन २४ गते बोक्सीको आरोपमा सोही ठाउँका कैलाश महरा चमार, औतार महरा चमार, आनन्दीदेवी चमार र सीतादेवी चमइनले कुटपिट तथा दुर्व्यवहार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा पीडकहरूको नाममा कारबाहीका लागि किटानी जाहेरी दिए पनि कुनै कारबाही भएन।

### सबै प्रकारका जातीय विभेद

मूर्तिया गाविस-१ की २२ वर्षीया विमला परियारलाई ०६५ मङ्सिर १६ गते कथित तल्लो जातको भएर आफ्ना दाजुलाई माथिल्लो जातकी केटी भगाउन सहयोग गरेको भनी सोही स्थानका कृष्णमाया गुरुङ, उर्मिला शाही, माया मिक्चन, उषा गुरुङ, दुर्गा श्रेष्ठ र दिपनमाया तामाङले कुटपिट गरी जुत्ताको माला लगाई गाउँ घुमाए। पीडितले घटनाको जाहेरी जिल्ला प्रहरी कार्यालय मलङ्गवामा दिइन्। जाहेरीका आधारमा पीडकलाई ०६५ मङ्सिर २३ गते पक्राउ गरी सार्वजनिक अपराधको मुद्दा चलायो। पीडकहरू ०६५ मङ्सिर २६ गते साधारण तारेखमा रिहा भए।

# २.४ सिन्धुली

जनसङ्ख्या : ३,३३,८१६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): २,४९१
गाविस/नपा सङ्ख्या : ५३/१
सरकारी/निजी विद्यालय : ४९४/१५
क्याम्पस/उच्च मा.वि. : ३/२०
अस्पताल/स्वास्थ्य चौकी : १/५५
मानव विकास सूचकाङ्क : ०.४६९
प्रतिपरिवार सरदर सङ्ख्या : ७

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रूपले बाँच्ने अधिकार
### गोली/विस्फोटक पदार्थद्वारा घाइते
### बेवारिसे विस्फोटक पदार्थबाट

टाँडी गाविस-२ दनुवारी गाउँका ११ वर्षीय बालक किसनलाल अधिकारी दनुवार ०६४ फागुन १८ गते दिउँसो बेवारिसे बम विस्फोट हुँदा घाइते भए। गाउँनजिकैको लक्ष्मी बजारमा खेल्दै जाँदा उनले उक्त बम भेटेका थिए। सानो खानेपानीको पाइप भेटी ढुङ्गाले किच्याउँदा उक्त पाइप बम विस्फोट भएको थियो। विस्फोटबाट पीडितको देब्रे हातको हत्केला तथा औंला छियाछिया भएको र देब्रे खुट्टाको नलिखुट्टामा घाउचोट लागेको स्थानीय एवम् एमालेका नेता डम्बर कार्कीले बताए। पीडितलाई स्थानीय स्वास्थ्य चौकीमा सामान्य उपचार गरी थप उपचारका लागि जिल्ला सदरमुकाम ल्याइएकामा उपयुक्त स्थानमा लैजान रिफर गरिएको जिल्ला अस्पतालले जनायो।

### जेल र बन्दीहरू

बन्दी क्षमता २५ जना भएको कारागार शाखा सिन्धुलीमा हाल ७० जना बन्दी राखिएको छ। बन्दीहरूमध्ये कैद नतोकिएका एक जना महिला र ४० जना पुरुष तथा कैद तोकिएका तीन जना महिलासहित २९ जना पुरुष रहेका छन्। क्षमताभन्दा तेब्बर बन्दी राखिँदा बन्दीहरूलाई धेरै समस्या परेको छ। कारागारको अवस्था जीर्ण बन्दै गएको छ। छत फुटेका कारण सबै कोठामा पानी चुहिने गर्छ। सिमेन्टको भुइँमा ओछ्यान लगाएर सुत्नुपर्छ। क्षमताभन्दा बढी बन्दी राखिएका कारण सुत्न समस्या हुने गरेको छ। ठाउँको अभावमा इन्चले नापेर ओछ्यान लगाउने गरिएको, त्यसमा पनि ओछ्यानमा पानी चुहिने समस्याले सबै बन्दी पानी नचुहिने कुनातिर एकै ठाउँमा सुत्नुपर्दा साह्रै कठिनाइ हुने गरेको, पानी र चर्पीमा लामो समय लाइनमा बस्नुपर्ने समस्याहरू रहेको कारागारका नाइके गणेश घिमिरेले बताए।

कारागारभित्र खानेपानी पर्याप्त छैन। कारागारभित्र महिला र पुरुषतर्फ एक-एकवटा मात्रै धारो छ। पानी खान पनि धौधौ हुने गरेकाले नुहाउन र लुगा धुन समस्या हुने बन्दीहरू बताउँछन्। कारागार ऐनमा फरक-फरक मुद्दाका बन्दीहरूलाई फरक-फरक कोठामा राखिने व्यवस्था भए पनि यहाँ सबै मुद्दाका बन्दीलाई एकै ठाउँमा मिसाएर राख्ने गरिएकाले समस्या आएको, पानी चुहिने समस्या साझा रहेको नाइके गणेश घिमिरेले बताए। महिला बन्दीहरूको भान्साको छानाको जस्तापातामा प्वाल परेकाले वर्षामा खाना बनाउन कठिनाइ हुने गरेको, छत फुटेका कारण चर्पीको सिमेन्टको भित्ता खस्ने गरेको र दुवै ठाउँमा पानी चुहिने गरेको महिला बन्दीहरूले बताए। बन्दीहरूका आफन्तसँग हप्ताभरि नै भेटघाट गर्न दिने गरिएको छ। बन्दीहरूलाई बाहिरबाट आएको टेलिफोन उठाउने मात्र सुविधा छ। कहिलेकाहीं *कान्तिपुर* दैनिक आउने गरेको छ, त्यसबाहेक अरू पत्रिकाको व्यवस्था छैन। कारागारभित्र निर्माण व्यवसायी सङ्घले दिएको एउटा रङ्गीन, जिविस र नपाले दिएका दुई सादा र बन्दीहरूले आफैंले किनेको एउटा रङ्गीन टेलिभिजन छ। एउटा टीभी बिग्रिएर राखिएको छ। खेलकुदका सामग्रीहरू नाम मात्रका छन्। लोकतन्त्र दिवसको सन्दर्भमा निर्माण व्यवसायी सङ्घले दिएको एउटा क्यारेमबोर्ड रहेको छ। उपचारको पनि राम्रो व्यवस्था छैन। सामान्य औषधिबाहेक अरू कारागार प्रशासनले दिँदैन। एक सयभन्दा बढी मूल्य पर्ने औषधि बन्दी आफैंले किन्नुपर्छ। औषधि उपचार नाम मात्रको भएको, बिरामी भएपछि

**तालिका : १**

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ६ | ५ | १ | ६ | | | | | | | |
| घाइते | ४ | १४ | | १४ | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | १ | १ | १ |
| कुटपिट | ८ | ८ | २ | १० | ३ | ४ | १ | ५ | | | |
| धम्की | २ | १ | १ | २ | | | | | | | |
| जातीय विभेद | २ | २ | | २ | | | | | | | |
| महिलाअधिकार | २८ | | २८ | २८ | | | | | | | |
| बालअधिकार | ३ | | ३ | ३ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | १ | १ | २ | | | | | | | |
| अमानवीय व्यवहार | १ | १ | | १ | | | | | | | |
| अपहरण | | | | | २ | १ | १ | २ | | | |
| जम्मा | ५३ | ३२ | ३५ | ६८ | ५ | ५ | २ | ८ | १ | १ | १ |

भन्दा बिरामी निको भइसकेपछि सोध्ने गरिएको नाइके घिमिरे बताउँछन्। आईसीआरसीको पहलमा स्थापित पुस्तकालय सञ्चालनमा रहेको छ। बन्दीहरूले आफ्नो पहलमा मुढा, ढाकाको टोपी, बाँसबाट बन्ने सामानहरू घडी, पेनदानी, ऐनाको फ्रेमलगायतका सामान बनाउने गरेको तर कच्चा पदार्थ र उचित बजार व्यवस्थापनको अभावमा राम्रोसँग नचलेको बन्दीहरू बताउँछन्। देशका अन्य कारागारमा पाउने सुविधाहरू दैनिक उपभोग्य सामग्रीहरू किन्न एक जना बन्दीको प्रतिनिधि बजार जाने सुविधा यस कारागारमा नदिई आफूहरूप्रति भेदभाव गरिएको नाइके घिमिरेले बताए। महिला बन्दीहरूलाई जाडो महिनामा हप्तामा तीनपटक बाहिर कम्पाउन्डमा घुमफिर गर्न निकालिने गरिएको छ।

कर्तव्य ज्यान मुद्दामा ०६३ फागुन १७ गतेदेखि सिन्धुली कारागारमा रहेका चुरेभावर राष्ट्रिय एकता पार्टीका कार्यकर्ताहरूले आफ्नो पार्टी र सरकारबीच भएको सम्झौता कार्यान्वयन नगरी आफूहरूलाई अन्यायपूर्वक थुनामा राखिएको भनी 'आमरिहाइ'को माग गर्दै ०६५ असोज १० गतेदेखि १७ गतेसम्म रिले अनशनमा बसेका थिए। त्यसै गरी सम्पूर्ण बन्दीहरूको समर्थनमा १० जना बन्दीहरूले 'आमबन्दी रिहा गरी ऐतिहासिक परिवर्तनको अनुभूति दिलाइयोस्' भन्ने एकसूत्रीय माग राखी ०६५ मङ्सिर २० देखि पुस १ गतेसम्म आमरण अनशनमा बसेका थिए। नियमानुसार उनीहरूले पाउने सबै सुविधा दिएको, औषधि उपचारमा बजेट न्यून भएकाले उपचार गर्न नपुग्ने र विभागले पठाउने रकम एकमुष्ठ नपठाइ पटक-पटक पठाउँदा समस्या आएको जेलर कुलनाथ पोखरेलले बताए। कार्यालयमा र सुरक्षाकर्मीको निवासमा समेत पानी चुहिने समस्या रहेको कारागारका सुरक्षा इन्चार्ज असई बिजुली राईले बताए।

### कुटपिट/धम्की
### माओवादीबाट

लदाभिर गाविस-९ डाँडाटोल निवासी कल्पना भनिने २० वर्षीया पोष्टकुमारी भट्टराईलाई ०६४ पुस २४ गते हत्पते गाविस-५ स्थित आफ्नो माइतीघरबाट जिल्ला सदरमुकामतर्फ आउँदै गर्दा माओवादी जिल्ला सचिवालय सदस्य सरुको नेतृत्वमा माओवादी कार्यकर्ताले रानीबास गाविस-६ चन्दनपुरमा कुटपिट गरे। आफूसहित छ जनाले माओवादी पार्टी परित्याग गर्दा माओवादीलाई लगाएका आरोपहरूको सन्दर्भमा सोधपुछ गर्दै झूट्टा आरोप लगाई पार्टीलाई बदनाम गराएको भनी कुटपिट गरेको पीडितले बताइन्। पीडितलाई सोही दिन मुक्त गरिएको पीडितले बताए। कल्पनाले पार्टीको जिम्मेवारीमा रहँदा प्रयोग गरेको

पार्टीको सम्पत्तिलगायतका विषयमा केही बुझ्नुपर्ने भएकाले सोधपुछका लागि लगिएको र आवश्यक सोधपुछ गरी छाडिएको तथा त्यस क्रममा कुनै दुर्व्यवहार र कुटपिट नगरिएको माओवादी जिल्ला सचिव शान्तिमान कार्कीले बताए।

रानीबास गाविस-४ निवासी लोकबहादुर विश्वकर्मालाई ०६४ चैत १३ गते सोही गाविसमा रहेको माओवादीको सोलु सल्लेरी ब्रिगेडका जनमुक्ति सेनाले कुटपिट गरे। चुनावमा माओवादीविरुद्ध प्रचार-प्रसार गरेको र माओवादीलाई सहयोग नगरेको आरोपमा कुटपिट गरिएको एमालेका उप-सचिव खड्ग खत्रीले बताए।

कमलामाई नपा-१४ काउछे निवासी ३४ वर्षीया विन्दा घिमिरेलाई ०६५ कात्तिक २४ गते दिउँसो आफ्नो खेतको धान उठाउन लाग्दा १९/२० जना माओवादीका कार्यकर्ता खेतमा आई कुटपिट गरे। माओवादीले ०६२ मङ्सिर १८ गतेदेखि आफ्नो १२ कट्ठा खेत कब्जा गरेका र सोही जग्गाको धान उठाउन लाग्दा कुटपिट गरी बायाँ हात भाँचिदिएको पीडितले बताइन्।

कल्पवृक्ष गाविस-५ का २१ वर्षीय भुवन विश्वकर्मा, सोही ठाउँका १९ वर्षीय धनबहादुर विश्वकर्मा र २१ वर्षीय तेजबहादुर बराइलीलाई ०६५ साउन २५ गते कल्पवृक्ष गाविस-५ का माओवादी कार्यकर्ता कुशल भन्ने जितबहादुर कालतान, सोही गाविस-३ का राजन मैनाली, सोही गाविस-६ का चेतबहादुर लो र सोही गाविस-५ का चिनध्वज बम्जनले कुटपिट गरे। सुरुमा तेजबहादुर बराइलीको स्थानीय एक महिलासँग अवैध यौनसम्बन्ध रहेको भनी दुई दिन नियन्त्रणमा लिएका थिए। उक्त घटनाको विरोध गरेपछि जनमोर्चाका मान्छे भनी उनीहरूलाई कुटपिट गरिएको जनमोर्चाका जिल्ला सचिव पानीराज बम्जनले बताए।

### नेपाली काङ्ग्रेसबाट

झाँगाझोली रातमाटा गाविस-७ कोटगाउँका माओवादी कार्यकर्ता तीर्थबहादुर थापालाई ०६४ चैत २४ गते आफ्नो घरबाट काठमाडौँतर्फ जाँदै गर्दा झाँगाझोली रातमाटा गाविस-५ मा काङ्ग्रेस कार्यकर्ताहरूले कुटपिट गरे। सोही दिन बिहान कोटगाउँमा काङ्ग्रेस कार्यकर्ताहरूमाथि भएको आक्रमणमा संलग्न भएको भनी थापालाई कुटपिट गर्दै उनीहरूले रातमाटामा ल्याई प्रहरीलाई बुझाएका थिए।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | १ | ७ | ७ | १ | ६ | ६ |
| कुटपिट | ३ | ३ | ३ | १ | ३ | ३ |
| जम्मा | ३ | ९ | ९ | ३ | ९ | ९ |

पीडितलाई उपचारका लागि सोही दिन हेलिकप्टरबाट काठमाडौँ लगियो।

### एमालेबाट

जरायोटार गाविस-९ का वाईसीएल कार्यकर्ता मधु भनिने सिद्धिबहादुर कटुवाललाई ०६४ चैत २५ गते एमाले कार्यकर्ताले रानीचुरी गाविसको जरायोटारमा कुटपिट गरे। उक्त दिन आमसभामा सहभागी हुन जिल्ला सदरमुकाम आउँदै गरेका एमाले र माओवादीका कार्यकर्ताबीच जरायोटारमा जम्काभेट हुँदा उक्त कुटपिट भएको स्थानीय बासिन्दाले बताए।

माओवादीको सोलु सल्लेरी ब्रिगेड प्रमुख सङ्ग्रामलाई ०६४ चैत २५ गते भीमेश्वर गाविस-८ बारामा एमालेका कार्यकर्ताले रोकी उनका अङ्गरक्षकको टाउको फुटाइदिए। एमालेले रिजर्भ गरी ल्याएका बस रोकिएको भनी अङ्गरक्षकसँग भएको पेस्तोल खोसेर आक्रमण गरेको सङ्ग्रामले बताए। सोही दिन एमालेले जिल्ला सदरमुकाममा राखेको आमसभामा सहभागी हुन आएका एमाले कार्यकर्ताहरू चढेका तीनओटा बसलाई माओवादीले रोकेका कारण उक्त घटना भएको एमालेले जनायो। बाबु बिरामी भएकाले अघिल्लो दिन भीमेश्वर गाविस-८ स्थित घरमा गएको र उक्त दिन ब्रिगेडमा फर्कने क्रममा आफू त्यहाँ आइपुगेको बताउँदै सङ्ग्रामले त्यहाँ गाडी रोकिनुसँग आफ्नो कुनै संलग्नता नरहेको र त्यो संयोग मात्र भएको बताए।

सिर्थौली गाविस-४ का वाईसीएल कार्यकर्ता भक्तिनाथ बास्तोलालाई ०६४ चैत २८ गते निर्वाचनको दिन कटुवा पेस्तोल बोकेको आरोपमा एमाले कार्यकर्ताहरूको एक समूहले सिर्थौली गाविस-४ स्थित प्राथमिक विद्यालय पचरुखी मतदान केन्द्रमा कुटपिट गरे।

### गैरकानुनी गिरफ्तारी

हत्पते गाविस-७ बड्काडाँडाका ३३ वर्षीय वर्णबहादुर विश्वकर्मालाई ०६५ साउन ३१ गते स्थानीय एक महिलालाई गाली बेइज्जती गरी कुटपिट गरेको आरोपमा इलाका प्रहरी कार्यालय डकाहाले गिरफ्तार गऱ्यो। पीडितलाई बिनापुर्जी तीन दिनसम्म डकाहामा राखी भदौ २ गते अडासार गर्दै जिल्ला प्रहरी कार्यालय सिन्धुली ल्याइएको थियो। पीडितलाई भदौ २ गते राजनीतिक दलका प्रतिनिधि, इन्सेक प्रतिनिधि र दलित सेवा सङ्घका प्रतिनिधिको पहलमा तारेखमा रिहा गरियो। पीडितकै सुरक्षाका लागि र सकेसम्म मुद्दा मिलोस् भनेर राखिएको प्रहरीले जनायो। उनीलाई माओवादी सहिद केशव विश्वकर्माका आमा विन्दा विश्वकर्माको उजुरीका आधारमा गिरफ्तार गरिएको थियो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिन्धुली क्षेत्र नं. ३ का नेपाली काङ्ग्रेस उम्मेदवार दीपशिखा शर्मा ढकालले संविधानसभा सदस्य निर्वाचनका लागि उम्मेदवार मनोनयनपत्र दर्ता गर्न आउँदा ०६४ फागुन १३ गते र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने दिन फागुन २४ गते काठमाडौँबाट हेलिकप्टर लिएर गई निर्वाचन आचारसंहिता उल्लङ्घन गरे। निर्वाचन आयोगले उम्मेदवारले खर्च गर्न पाउने रकम र प्रयोग गर्न पाउने सवारी साधनको सीमा तोके पनि उनले उक्त मापदण्डविपरीत प्रयोग गरेको अरू दलले जनाए।

झाँगाझोली रातमाटा गाविस-७ कोटगाउँमा ०६४ चैत २४ गते बिहान काङ्ग्रेसको चुनाव प्रचारप्रसार टोलीमाथि माओवादीले आक्रमण गरे। उक्त आक्रमणमा झाँगाझोली रातमाटा गाविस-२ का बलराम आचार्यसहित सात जना काङ्ग्रेस कार्यकर्ता घाइते भए। घाइतेहरूलाई उपचारका लागि सोही दिन हेलिकप्टरबाट काठमाडौँ लगियो।

अरूण ठाकुर गाविसको ठाकुर दमारमा ०६४ चैत १८ गते चुनावी प्रचार-प्रसारका क्रममा एमाले र माओवादीबीच दोहोरो झडप हुँदा माओवादी कार्यकर्ता चित्र बस्नेतलगायत सात जना घाइते भए। माओवादी निहुँ खोज्न आएकाले सम्झाउन जाँदा पहिला आफूमाथि आक्रमण गरिएका कारण घटना भएको एमालेका प्रदीप कटुवालले बताए। घटना दोहोरो झडप नभई एमालले पूर्वतयारीका साथ लाठीधारीहरू झिकाएर आक्रमण गरेको माओवादीका एक नम्बर क्षेत्रका इन्चार्ज सरुले बताए। घाइतेहरूको उपचार कटारी अस्पतालमा गरिएको माओवादीले जनायो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २० थान र यस वर्ष दर्ता भएका १६ थान गरी ३६ थान मुद्दामध्ये सात थान फर्स्यौट भई २९ थान बाँकी रहे। त्यसैगरी, सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान र यस वर्ष दर्ता भएका १६ थान गरी २९ थान मुद्दामध्ये छ थान फर्स्यौट भई २३ थान बाँकी रहे। देवानी मुद्दातर्फ अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका २७ थान र यस वर्ष दर्ता भएका १४ थान गरी ४१ थान मुद्दामध्ये १० थान फर्स्यौट भई ३१ थन बाँकी रहे। यसरी ०६५ को पुस १६ गतेसम्म जिल्ला अदालतमा जम्मा ८३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। तीमध्ये दुई वर्ष नाघेका दुनियाँवादी फौजदारी १ थान र देवानी एक थान गरी जम्मा दुई थान पुराना मुद्दा बाँकी छन्।

### बालअधिकार

कमलामाई नपा-२ की एक १६ वर्षीया बालिकालाई ०६५ कात्तिक १९ गते राती घ्यौसी-भैलो खेल्न गएका बेला सोही नपा-२ खट्टारका ४१ वर्षीय मदनबहादुर वाइवाले बलात्कार गरे। विद्यालयको आर्थिक सङ्कलनका लागि घ्यौसी-भैलो खेल्न सँगै हिँडेका मदनले पीडित शौचालय जाँदा जबरजस्ती तानेर जङ्गलमा पुऱ्याई बलात्कार गरेको प्रहरीले जनायो। पीडित बालिका स्थानीय वरणदेवी माविमा १० कक्षामा अध्ययनरत थिइन्। पीडकलाई ०६५ मङ्सिर ११ गतेदेखि सिन्धुली जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा थुनामा राखिएको छ।

हर्षाही गाविस-५ की एक १४ वर्षीया बालिकालाई ०६५ मङ्सिर १ गते दिउँसो चुरे जङ्गलमा बाखा चराउन गएको समयमा सोही ठाउँका ४० वर्षीय नीमा घिसिङले खोलामा एक्लै भएको मौका पारी बलात्कार गरे। पीडकलाई स्थानीय गाउँलेहरूले मङ्सिर २ गते पक्राउ गरी इलाका प्रहरी कार्यालय डकाहालाई बुझाएका थिए। पीडकलाई ०६५ मङ्सिर ३० गतेबाट सिन्धुली जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा थुनामा राखिएको छ।

महादेवस्थान गाविस-७ का तीन वर्षीय कान्छा विश्वकर्मालाई ०६५ पुस ८ गते सौतेनी आमा ३० वर्षीया फूलमाया विश्वकर्माले कुटपिट गरी हत्या

गरिन्। सधैँ खाना खाने बेलामा झगडा गर्ने गरेको भनी घाँटीमा समाती पछाडी घरको थाममा ठोकिएर नाक-मुखबाट रगत बगेर मृत्यु भएको प्रहरीले जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

महादेवस्थान गाविस-२ सुनखानी निवासी २७ वर्षीया आइतीमाया घोलेलाई आफ्नै सासू आदिमाया घोले, जेठाजू वीरदन घोले, आमाजु सोममाया लामा र पति सोनामसिंह घोलेसमेतको मिलेमतोमा ०६४ फागुन २० गते घरबाट निकाले। सोनाम सिंह ०६० सालमा मलेसिया गएका र तीन वर्षपछि फर्किएर आएपछि सासू, जेठाजु र आमाजूले आफ्नाबारे विभिन्न झूट्टा कुरा सुनाई पतिलाई अर्को विवाह गर्न लगाएका र अहिले खान-लगाउन नदिई घर निकाला गरी तीन नबालकको समेत बिचल्ली पारेको पीडितले बताइन्। पीडितले सामुदायिक सेवा केन्द्रमा उजुरी गरेपछि सो केन्द्रले चैत ५ गते दुवै पक्षलाई छलफल गराउँदा पीडक पक्षले दोस्रो विवाह गरेकामा गल्ती स्वीकार गरेको, जेठी पत्नी र छोराछोरीलाई कुनै दु:ख नदिने, खान-लगाउन दिने, विवाह दर्ता, नागरिकता, जन्मदर्ता सबै बनाइदिने, कुनै आरोप नलगाउनेलगायतका सर्तमा मिलापत्र गरायो। पछि पीडकले पीडितलाई विदेश पठाइदिन्छु, पैसा ल्याऊ भनी ४० हजार पैसा लिई काठमाडौँमा लगी विदेश नपठाई फेरि दुर्व्यवहार गर्न थालेको सामुदायिक सेवा केन्द्रले जनायो।

कमलामाई नपा-११ नयाँ वस्ती सुकुम्बासी टोलकी ३४ वर्षीया मनमाया तामाङलाई ०६५ असार ६ गते पति ४४ वर्षीय दीपक तामाङले मादक पदार्थ सेवन गरी कुटपिट गरे। कुटपिटबाट पीडितको अगाडिको एउटा दाँत झरेको र खुट्टा मर्किएको थियो। पतिले मादक पदार्थ सेवन गरी बिनाकारण निहुँ खोजेर लाठी, मुड्कीले प्रहार गरेर दाँत भाँचिदिएको, आगोको अगुल्टाले अनुहार पोलिदिएका कारण आफू बेहोस भएको र छिमेकीको सहायताले बाँचेको पीडितले बताइन्। स्थानीय महिलाहरूले पीडकलाई कारबाहीका लागि इलाका प्रहरी कार्यालय भीमानमा बुझाएकामा प्रहरीले ०६५ असार ८ गते रिहा गऱ्यो।

कमलामाई नपा-४ जरायोटारकी एक २१ वर्षीया महिलालाई ०६५ साउन १३ गते सोही नपा-४ रानीखोलाका १८ वर्षीय सन्तोष भनिने डोरबहादुर कार्कीले देवीस्थान जङ्गलको डाँडापाखामा स्याउला लिन गएको अवस्थामा बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी अदालतमा पेस गर्दा जिल्ला अदालतको आदेशमा ०६५ साउन २८ गतेबाट कारागारमा राखिएको छ।

अमले गाविस-३ पटवासकी २४ वर्षीया मुना तामाङलाई ०६५ कात्तिक १७ गते आफ्नै ससुरा प्रेमबहादुर बम्जन तामाङ र देवर नीमा तामाङले घरबाट निकालिदिए। पति बुद्ध बम्जन तामाङको प्रहरीमा कार्यरत रहँदा मानसिक सन्तुलन बिग्रिएपछि घरै बसेका र ससुरा-देवरले विवाह दर्ता, नागरिकता, दुई बच्चाको जन्मदर्ता नबनाई दिएको र पतिले नोकरी गरी आएको रकमसमेत नदिई आफूले पाउने अंशको अधिकारबाट समेत वञ्चित गराएको पीडितले बताइन्। पीडितले आफूले पाउनुपर्ने हक दिलाई पाऊँ भनी ०६५ कात्तिक २१ गते सामुदायिक सेवा केन्द्रमा उजुरी गरेकामा सो केन्द्रले दुवै पक्षलाई छलफल गराउँदा मिलापत्र हुन नसकेको सो केन्द्रले जनायो।

### बहुविवाह

रानीचुरी गाविस-१ भिरगाउँकी २२ वर्षीया सीता खड्काका पति २६ वर्षीय महेन्द्र खड्काले ०६५ वैशाख ९ गते सोही ठाउँकी १७ वर्षीया सीता खत्री पौडेलसँग दोस्रो विवाह गरे। पीडकले पहिलेदेखि अर्को विवाह गर्ने धम्की दिँदै आएको खड्काले बताइन्। पीडक फरार रहेकाले पीडकका दाजु ज्ञानबहादुर खड्काले पीडितको नागरिकता र बालकको जन्मदर्ताका कागज बनाउन र पीडित महिलालाई उनले पाउने अंश उपलब्ध गराउन पहल गर्ने सर्तमा जेठ १२ गते जिल्ला प्रहरी कार्यालयमा कागज गराइएको तर बहुविवाहको मुद्दा दर्ता नभएको प्रहरीले जनायो। पीडकलाई केही कारबाही भएन।

भीमस्थान गाविस-७ की मीना तामाङका पति २७ वर्षीय कर्णबहादुर मोक्तानले ०६५ जेठ १२ गते कमलामाई नपा-७ वल्लो रामपुरकी महिलासँग दोस्रो विवाह गरे। तीन वर्षअघि विवाह गरी पति विदेश गएका र विदेशबाट फर्किएपछि उनीलाई फर्काएर माइतीमा लगेर राखी अर्को विवाह गरेको पीडित पत्नी मीनाले बताइन्। पीडितले पीडकलाई कारबाहीका लागी ०६५ जेठ १९ गते सामुदायिक सेवा केन्द्रमा उजुरी गरेको तर छलफलका लागि बोलाउँदा पीडक उपस्थित नभएकाले मुद्दाको कारबाही अगाडि नबढेको सो केन्द्रले जनायो।

### दुर्व्यवहार

कपिलाकोट गाविस-८ देउरालीकी एक महिलालाई ०६५ भदौ १६ गते बिरामी भई अस्पतालमा

उपचार गराउन जाँदा कपिलाकोट प्राथमिक स्वास्थ केन्द्रका निमित्त प्रमुख श्रीप्रसाद साहले दुर्व्यवहार गरे। भदौ १७ गते पीडक साहलाई स्थानीय बासिन्दाले पीडित महिलाको खुट्टा ढोग्न लगाई माफी मगाएर छाडियो।

हत्पते गाविस-६ भलुवाहीकी २१ वर्षीया उमा पोखरेललाई आफ्नै सासू तुलसा काफ्ले र पति कपिल काफ्लेले ०६५ वैशाख ७ गते र त्यसअघि पटक-पटक बोक्सीको आरोप लगाए। बोक्सीको आरोपमा गरिने दुर्व्यवहार सहन नसकी पीडितले वैशाख ७ गते घर छाडिन्। सासूले घरमा कोही बिरामी हुँदा, नराम्रो सपना देख्दासमेत मन्त्र जपेर बिरामी पारेकी भन्ने र सधैँ 'मेरी बुहारी बोक्सी हो' भनी गाउँगाउँमा भन्दै हिँड्ने गरेकाले घरमा बस्न नसक्ने भई घर छाड्न बाध्य भएको स्थानीयले बताए। पीडित वैशाख ७ गते मावली उदयपुरको त्रिवेणी गएर वैशाख १४ गते छजना आफन्तसहित आइन्। वैशाख १५ गते स्थानीय समाज बसेर पीडक तुलसा काफ्लेलाई मोसो लगाउन लाग्दा पीडक बेहोस भएकाले पति कपिल काफ्लेलाई माफी मगाएर छाडिएको र पीडित मावलीघरमा गई बसेको स्थानीय पत्रकार रेखराज दाहालले बताए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### वृद्ध, असहाय, अपाङ्ग भत्ता

यस वर्ष बृद्ध, असहाय र अपाङ्ग गरी ६ हजार ७ सय २५ जनाले भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरूमा बृद्ध ३ हजार ४ सय २८ जना, विधवा तथा असहाय ३ हजार २ सय २२ जना र अशक्त अपाङ्ग ७५ जना रहेका छन्। यस आर्थिक वर्ष सुरु भएदेखि ०६५ पुस १६ गतेसम्म सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा अन्तर्गतको यो रकम बृद्ध, असहाय र अपाङ्गहरूले पाएका छैनन्। भत्ता समयमा नै नपाएको बृद्धहरूले गुनासो रहेको छ।

## २.५ रामेछाप

जनसङ्ख्या : २,३४,०४६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४६
गाविस/नपा सङ्ख्या : ५५/०
सरकारी/निजी विद्यालय : ४११/५
क्याम्पस/उच्च मा.वि. : २/१०
अस्पताल/स्वास्थ्य चौकी : ३/५३
मानव विकास सूचकाङ्क : ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### नागरिक तथा राजनीतिक अधिकार

#### सम्मानित रूपले बाँच्ने अधिकार

#### गोली/विस्फोटक पदार्थद्वारा घाइते

#### राज्यबाट

मन्थली गाविस-५ की ४० वर्षीया सीता माझी र ४५ वर्षीया सुकमाया माझी मन्थली गाविस-६ स्थित नारायण दल गणको 'क' गुल्ममा ०६५ जेठ २२ गते बिहान भएको माइन विस्फोटमा परी घाइते भए। विस्फोटनमा परी सीताको देब्रे गोडाको घुँडामुनिको भाग उड्यो भने सुकमायाँको अनुहारमा छर्राले लाग्यो। बारुदको धूवाँका कारण उनीहरूको आँखामा पनि असर गरेको थियो। सेनाको तारबार गरिएको निषेधित क्षेत्रभित्र घाँस-दाउरा काट्न छिरेका उनीहरू विस्फोटनमा परी घाइते भएका थिए। माइन विस्फोटनबाट सीताको देब्रे गोडाको पैताला चुँडियो भने त्यहाँदेखि माथि घुँडासम्मको मासु छुट्टिएर हाड मात्र बाँकी रहेको थियो। उनलाई सेनाको हेलिकप्टरबाट काठमाडौँ लगी सैनिक अस्पतालमा

**तालिका : १**

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | २ | १ | १ | २ | | | | | | | | |
| घाइते | | | | | २ | ४ | | ४ | १ | | २ | २ |
| गिरफ्तारी/यातना | | | | | | | | | १ | १ | | १ |
| कुटपिट | ११ | १५ | २ | १८ | २३ | ४६ | ११ | ५८ | | | | |
| धम्की | १० | १६ | १ | १८ | २२ | ३१ | ३ | ३४ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | २ | ४ | | ४ | ११ | २१ | | २१ | | | | |
| जातीय विभेद | ३ | १ | ४ | ५ | | | | | | | | |
| महिलाअधिकार | ६ | | ९ | ९ | १ | | १ | १ | | | | |
| बालअधिकार | ६ | १ | ५ | ६ | | | | | १ | ४ | | ४ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | ४ | ४ | | ४ | २ | ३ | | ३ | १ | १ | | १ |
| अपहरण | ४ | १४ | ३ | १८ | ४ | १० | | १० | | | | |
| जम्मा | ४८ | ५६ | २५ | ८१ | ६५ | ११५ | १५ | १३० | ४ | ६ | २ | ८ |

उपचार गरियो। सुकमायालाई भने उपचारका लागि एम्बुलेन्सबाट काठमाडौं लगिएको थियो।

### जेल र बन्दीहरू

रामेछापको जेल पुरानो सदरमुकाम रामेछाप बजारमा रहेको छ। यस वर्षको अन्त्यसम्म जम्मा ४४ जना बन्दी रेहका छन्। जसमा कैद नतोकिएका एक जना महिला र तीन जना पुरुष गरी चार जना रहेका छन् भने कैद तोकिएका आठ जना महिला र ३२ जान पुरुष गरी ४० जना रहेका छन्। पुरानो भइसकेको यस कारागारमा शौचालयको समस्या छ। त्यस्तै जेलको भौतिक अवस्था पनि कमजोर हुँदै गएकाले नयाँ भवन निर्माण गर्नुपर्ने भएको छ।

### बेपत्ता/अपहरण

### माओवादीबाट

पकरबास गाविस-९ निवासी एमाले कार्यकर्ताहरू २८ वर्षीय धर्मबहादुर खत्री, ३० वर्षीय उदय खत्री र राजु खत्री सोही गाविस-६ का शम्भु कार्की र हरि कार्की तथा सोही गाविस-७ का विष्णु श्रेष्ठलगायत १२ जनालाई ०६४ चैत १६ गते बिहान माओवादीका कार्यकर्ताले उनीहरूको घरघरबाट अपहरण गरे। एमालेले चैत १५ गते पकरबास गाविसमा आयोजना गरेको चुनावी सभामा सक्रिय सहभागिता जनाएको आरोपमा माओवादीका कार्यकर्ताले उनीहरूको घरमा रातीदेखि नै घेरा हाली बिहान उज्यालो हुनेबित्तिकै अपहरण गरेका थिए। अपहरित सबैलाई साँझ सशस्त्र प्रहरीको टोलीले पकरबास गाविसस्थित वाईसीएलको कार्यालयबाट मुक्त गरायो।

पकरबास गाविस-६ निवासी नेपाली सेनाका लेफ्टिनेन्ट २५ वर्षीय मनोज ढुङ्गेल र सैनिक जवान शिव कार्कीलाई बिदामा घर अएको बेला ०६४ चैत १६ गते माओवादीका कार्यकर्ताले गाउँबाट नै अपहरण गरे। माओवादीले एमालेको चुनाव प्रचारमा सहभागी भएको आरोपमा उनीहरूलाई अपहरण गरी मोटरसाइकलसमेत कब्जामा लिएका थिए। अपहरणपछि उनीहरूलाई कुटपिटसमेत गरेका थिए। अपहरित दुवै जनालाई साँझ सशस्त्र प्रहरीले पकरबासस्थित वाईसीएलको कार्यालयबाट मुक्त गरायो।

फर्पू गाविस-८ निवासी नेविसङ्घका कार्यकर्ता २२ वर्षीय चन्द्र सुनुवारलाई ०६४ चैत २१ गते बिहान माओवादीका कार्यकर्ताले खिम्ती गाविस-१ को खिम्ती बजारबाट अपहरण गरी अपराह्न फर्पू गाविसमा पऱ्याएर मुक्त गरे। सदरमुकाम मन्थलीबाट गाउँ जान लागेका सुनुवारलाई माओवादी कार्यकर्ता फर्पू गाविसका बद्री केसीको नेतृत्वमा आएका छ जनाले अपहरण गरेका थिए। उनीहरूले खिम्ती बजारमा सार्वजनिक स्थलमा नै हाम्रा टाउकाको मोल तोक्ने पार्टीको कार्यकर्ता होइनस् भन्दै कुटपिट गरेको स्थानीय प्रत्यक्षदर्शीले बताए।

टोकरपुर गाविस-२ निवासी एमालेका जिल्ला तहका नेता ४६ वर्षीय तुलप्रसाद कँडेललाई ०६४ चैत

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | वाइसिएलबाट | | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | महिला | जम्मा |
| हत्या | | | | | | | | १ | १ | १ |
| कुटपिट | ३ | ३ | ३ | ८ | १३ | १ | १३ | | | |
| धम्की | | | | ६ | ८ | | ८ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | ३ | ४ | | ४ | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | ३ | ३ | | ३ | | | |
| अपहरण | | | | ३ | १४ | ३ | १६ | | | |
| जम्मा | ३ | ३ | ३ | ३३ | ४१ | ३ | ४४ | १ | १ | १ |

२७ गते दिउँसो माओवादी कार्यकर्ता जागृतको नेतृत्वमा आएको टोलीले टोकरपुर गाविस-३ को मतदान केन्द्रबाट अपहरण गऱ्यो। चैत २८ गते हुने मतदानको विषयको छलफलमा मतदान केन्द्रमा बसेका बेला माओवादी कार्यकर्ताले उनलाई त्यहींबाट अपहरण गरेका थिए। पीडितलाई चैत २९ गते मुक्त गरे।

### वाईसीएलबाट

पकरबास गाविसको प्रयागेश्वर उच्च माविमा कक्षा १२ मा अध्ययनरत एमालेनिकट अनेरास्ववियु समर्थित विद्यार्थीहरू पकरबास गाविस-५ की १९ वर्षीया रीता पौडेल, पकरबास गाविस-५ का २० वर्षीय सुब्बा रोक्का, पकरबास गाविस-६ की १७ वर्षीया सिर्जना ढुङ्गेल र पकरबास गाविस-६ का २० वर्षीय रेशम रुचाललाई ०६४ माघ ४ गते बेथान गाविस का वाईसीएलका गोविन्द घिमिरेलगायतका कार्यकर्ताले कक्षा कोठाबाट नै अपहरण गरे। विद्यालयमा अभ्यासशिक्षण गर्दा अपहरण गरी लगिएका उनीहरूमध्ये सुब्बा रोक्कालाई दिउँसो छाडेका थिए भने बाँकीलाई बेलुका मुक्त गरे। पकरबासको उच्चमाविमा अध्यापन गर्ने शिक्षकको योग्यता नपुगेको भन्दै ०६४ माघ २ गते एमालेनिकट विद्यार्थीहरूले प्रअ चन्द्रप्रकाश गौतममाथि अभद्र व्यवहार गरेको आरोपमा वाईसीएलले ती विद्यार्थीलाई अपहरण गरेका थिए।

पकरबास गाविस-६ का एमाले पकरबास गाउँ कमिटी सचिव ३६ वर्षीय तुलसीदास श्रेष्ठलाई ०६४ माघ ४ गते वाईसीएलका कार्यकर्ताहरूले घरैबाट अपहरण गरे। माओवादीको विरोधमा मान्छे उचालेको आरोपमा अपहरण गरिएका उनलाई सोही साँझ भटौली गाविसको साठीमुरेबाट प्रहरीले मुक्त गराए पनि पुनः भोलिपल्ट बिहानसम्म माओवादीले उनलाई नियन्त्रणमा नै राखेका थिए। माओवादीले श्रेष्ठलाई अपहरणपछि कुटपिटसमेत गरेका थिए। घटनामा संलग्न वाईसीएलका कार्यकर्तामाथि कुनै कारबाही भएन।

### धम्की/कुटपिट

### माओवादीबाट

एमालेका पूर्वसांसद ४७ वर्षीय देवशङ्कर पौडेललाई माओवादीका कार्यकर्ताहरूले साँघुटार गाविसको साँघुटार बजारमा मोसो दली कुटपिट गरेपछि सालु गाविसका भक्तबहादुर बलम्पाखीलगायतका विरुद्ध जिल्ला प्रहरी कार्यालय रामेछापमा सार्वजनिक अपराध ऐन अन्तर्गत दर्ता भएको मुद्दा ०६५ कात्तिक ११ गतेको निर्णयले सरकारले फिर्ता गऱ्यो। सरकारले ०५२ देखि ०६३ माघ महिनासम्म माओवादीमाथि लागेका सम्पूर्ण मुद्दा फिर्ता लिने निर्णय गरेको भए पनि ०६४ भदौ १७ गते दर्ता भएको सो मुद्दा पनि सरकारले फिर्ता लिने निर्णय गरेको थियो। सो निर्णयमा १३ ओटा मुद्दा सरकारले फिर्ता गर्ने निर्णय गरेको थियो। ज्यान मार्ने उद्योग अन्तर्गतको ०६४ भदौ १७ गते चित्रबहादुर कार्कीले माओवादी कार्यकर्ता कर्णबहादुर खत्रीलगायतका विरुद्ध दर्ता गरेको मुद्दा पनि फिर्ता भएको थियो।

मन्थली गाविसका पूर्वगाविस अध्यक्ष ३५ वर्षीय ध्रुवकुमार कार्कीलाई ०६४ पुस २२ गते माओवादीका

जिल्ला इञ्चार्ज राजन दाहालले माओवादीविरुद्ध गतिविधि सञ्चालन गरेका आरोप लगाई कारबाही गर्ने धम्की दिए। माओवादी इञ्चार्ज दाहालले कार्कीलाई मन्थली बजारमा गाउँलेहरू उठाएर माओवादीलाई कुट्न लगाएको तथा गाउँमा माओवादीविरुद्ध मानिसहरू भड्काएको आरोप लगाए। माओवादीको सो कार्यको रामेछाप एमालेले विज्ञप्ति जारी गरी विरोध जनायो। त्यस्तै, माओवादीले अनेरास्ववियुका परिषद् सदस्य प्रकाश कार्कीलाई पनि त्यसैगरी धम्क्याए।

खिम्ती गाविसका सचिव ४४ वर्षीय केयरमान तामाङलाई ०६४ पुस ३० गते खिम्ती गाविसनिवासी माओवादी कार्यकर्ता ३३ वर्षीय वेदबहादुर श्रेष्ठले माओवादीले भनेको मानिसलाई अनौपचारिक शिक्षा अन्तर्गतको प्रौढ कक्षाको सहयोगी कार्यकर्ताको जागिरका लागि सिफारिस नगरेको आरोपमा मन्थली गाविस-४ को मन्थली बजारमा हातपात गरे। उनले गाविस सचिवलाई गाउँमा आएमा कारबाही गर्ने धम्की दिए। तामाङलाई पुन: माघ २ गते श्रेष्ठले गाविसको कार्यालयतर्फ जाँदै गर्दा माओवादीको आदेशविपरीत गाउँमा गएको भनी खिम्ती गाविस-५ को देउराली डाँडामा लछारपछार गर्दै ज्यान लिने धम्की दिए। श्रेष्ठले उनलाई समातेर घिसार्दै गर्दा स्थानीय मानिसहरूले छुट्याएका थिए। त्यसको सूचना गर्न स्थानीय विकास अधिकारीकामा गएका तामाङलाई माघ ३ गते माओवादीका जिल्ला इञ्चार्ज राजन दाहालले माओवादीको आदेशको अवज्ञा गरेको आरोप लगाई स्थानीय विकास अधिकारी कोमलप्रसाद काफ्लेको कार्यकक्षमा नै खुट्टा भाँचिदिने धम्की दिए।

इन्सेक जिल्ला प्रतिनिधि एवम् रामेछापबाट प्रकाशित हुने *न्यू नयन* साप्ताहिकका प्रधान सम्पादक ३५ वर्षीय नवराज पथिकलाई ०६४ फागुन २१ गते साँझ र फागुन २२ गते बिहान मन्थली बजारमा लखनपुर गाविसका माओवादी कार्यकर्ता विमल ढुङ्गेलले खुट्टा भाँचिदिने धम्की दिए। माओवादीले निर्माण व्यवसायीहरूसँग पैसा लिएर टेन्डर फारम दर्ता गराउन दिएको समाचार इन्सेक अनलाइनमा प्रकाशन गरेको र सोही विषयलाई लिएर *नयन* साप्ताहिकले सम्पादकीय लेखेको भनी उनले खुट्टा भाँच्ने धम्की दिएका थिए। सोही समाचारको विषयलाई लिएर माओवादीका जिल्ला इञ्चार्ज राजन दाहालले पनि कुनै पनि बेला ढाड भाँच्ने धम्की दिए। माओवादीनिकट *जनपुष्प* साप्ताहिकले पत्रकार बद्री नयाँघरे र पथिकको ढाड भाँच्ने समाचार प्रकाशन गरेको थियो।

***माओवादीद्वारा अपहरण गरिएका एमाले कार्यकर्ता तुलसीदास श्रेष्ठ***

***माइन विस्फोटनमा परी घाइते भएकी सीता माझी***

सैपू गाविसका एमालेका तर्फबाट संविधानसभा सदस्यको प्रत्यक्ष निर्वाचनका उम्मेदवार देवशङ्कर पौडेल, जिल्ला कमिटी सदस्य चित्र कार्की, शान्तिप्रसाद पौडेल, कुलबहादुर दर्जी, अनेरास्ववियुका जिल्ला अध्यक्ष दीपक कार्की, उपाध्यक्ष मनोज कार्की, एमाले कार्यकर्ताहरू राजु कार्की, सहदेव बस्नेत, उज्ज्वल कडरिया, राजकुमार बस्नेत, राजेन्द्र कार्की, विक्रम सुनुवार, उमेश पौडेल र पदम खत्री ०६४ फागुन २९ गते प्रीति गाविस-२ मा माओवादीले गरेको आक्रमणमा परी घाइते भए। घाइतेमध्ये आठ जनालाई ३० गते हेलिकप्टरबाट काठमाडौँ लगी उपचार गरियो। अन्य घाइतेलाई मोटरबाट काठमाडौँ पुऱ्याइयो। एमाले विधायक कमलप्रकाश सुनुवार तथा वाग्मती अञ्चल सदस्य आङबाबु लामालगायतको १९ जनाको एमालेको चुनाव प्रचार टोलीमाथि माओवादीले आक्रमण गरी नगद र प्रचार सामग्रीसमेत लुटेको थियो। घटनमा सैपू गाविसका माआवादी कार्यकर्ता निकासले आक्रमणको नेतृत्व गरेको एमालेले जनायो। घाइतेहरूको त्रिवि शिक्षण अस्पतालमा उपचार भयो।

हिमगङ्गा गाविस-८ मा चुनाव प्रचारका क्रममा पुगेका नेपाली काङ्ग्रेसका उम्मेदवार आङटावा शेर्पालगायतको चुनाव प्रचार टोलीलाई ०६४ चैत १० गते माओवादी कार्यकर्ताले आक्रमण गर्दा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीका सई मोहन विक घाइते भए। उनको कानको छेउमा चोट लाग्यो। सो घटनामा काङ्ग्रेसका केही कार्यकर्ताहरू पनि सामान्य घाइते भए। घटनामा संलग्न कसैलाई पनि कारबाही भएन।

माकदुम गाविस-२ का बहालवाला नेपाली सेनाका जवान शङ्कर बुढाथोकी र शिक्षक शिवहरि केसीलाई ०६४ चैत १५ गते माओवादीका कार्यकर्ताहरूले उनीहरूकै घरमा गई कुटपिट गरे। पिटाइका कारण उनीहरू हिँड्न नसक्ने

गरी घाइते भए। साँझ उनीहरूको घरमा पुगेका माओवादी कार्यकर्ताहरूले कुटपिट गरेर घाइते बनाएका थिए। माओवादीले आफ्नो साथबाट नगद २५ हजार पनि लुटेर लगेको बुढाथोकीले बताए।

चनखू गाविस-३ का काङ्ग्रेस कार्यकर्ता चक्रबहादुर कार्की तथा सोही ठाउँका सर्वसाधारण विन्दा कार्की, हरिविक्रम कार्की, ईश्वर कार्की, विपना कार्की र सिर्जना कार्की ०६४ चैत २३ गते साँझ माओवादी कार्यकर्ताले गरेको आक्रमणबाट घाइते भए। घाइतेहरूलाई चैत २४ गते बिहान मन्थलीस्थित तामाकोसी सामुदायिक अस्पतालमा ल्याएर उपचार गरियो। उनीहरूमध्ये चक्रबहादुरको आँखामुनि चोट लाग्नुका साथै दुवै गोडा भाँचिए भने विन्दा कार्कीको यौनाङ्गबाट अत्यधिक रक्तश्राव भएको थियो। माओवादीका स्थानीय कार्यकर्ता ठाकुरबहादुर थापा, अर्जुनबहादुर बोहरा, राजेश बोहरा, घनश्याम खत्रीलगायतको झन्डै २ सयको सङ्ख्यामा रहेको माओवादीको टोलीले आफ्नो आधार इलाकामा काङ्ग्रेस छिरेको तथा भोट मागेको भन्दै आक्रमण गरेको थियो। माओवादीले काङ्ग्रेसका गाउँ एकाइका सभापति शङ्कर कार्की र काङ्ग्रेस कार्यकर्ता देवेन्द्र कार्कीको घरको छानो तथा झ्यालढोकासमेत भत्काइदिएका थिए। काङ्ग्रेस कार्यकर्ता विनोद र कपिल कार्कीलाई डोरीले बाँधेर लगेकामा भोलिपल्ट बिहान छाडिदिए। उनीहरूले काङ्ग्रेस गाउँ एकाइ सभापतिको गाईवस्तु फुकाएर लखेट्नुका साथै फलफूलका रुखहरूसमेत काटिदिएको पीडित पक्षले बतायो।

सुनारपानी गाविसका सचिव ४८ वर्षीय पहलमान कार्कीलाई ०६४ चैत २५ गते बिहान माओवादीका जिल्ला सदस्य किरण भनिने कृष्णप्रसाद ढुङ्गेलललगायतका कार्यकर्ताले मतदानकेन्द्र जान हिँडेका बेला सुनारपानी गाविस-९ मा कुटपिट गरे। मतदानकेन्द्र खाँडादेवी खटाइएका कार्की त्यसतर्फ जान मन्थलीतर्फ आउँदै गर्दा बाटो ढुकेर बसेका माओवादी कार्यकर्ताले बसबाट ओराली उनलाई कुटपिट गरेका थिए। उनले एमालेको पक्षमा लागि माओवादी नेता रामबहादुर कार्कीलाई कुटपिट गरेको आरोप माओवादीको रहेको छ। रामबहादुर पहलमानका आफ्नै भाइ हुन्।

काभ्रे जिल्लानिवासी अरनिको यातायातको ना२ख ११३५ नम्बरको बसका चालक प्रकाश नापितलाई ०६५ वैशाख ८ गते राती रामपुर गाविस-६ निवासी माओवादी कार्यकर्ता इन्द्रलाल श्रेष्ठलगायतको टोलीले कुटपिट गरी घाइते बनायो। माओवादीको

*माओवादीद्वारा कुटपिट गरिएका एमालेका संविधानसभा सदस्य उम्मेदवार देवशङ्कर पौडेल र एमाले जिल्ला कमिटी सदस्य चित्र कार्की*

सक्रियतामा निर्माण गरेको ओखेनी-रामपुर सडक परीक्षणका लागि गाडी लैजान नमानेको भनी ओखेनी गाविसको च्यास्कुमा बास बसेको ठाउँमा उनलाई कुटपिट गरेका थिए। माओवादीको पिटाइ र धम्कीका कारण च्यास्कुबाट रामपुर-३ को खानीडाँडासम्म बस पुऱ्याएर फर्कने क्रममा खानीडाँडानजिकैको मोडमा बस पल्टदा तीन जनाको घटनास्थलमा नै मृत्यु भयो भने बस चालक नापितलगायत ११ जना घाइते भए। घाइते बस चालक नापितलाई दुर्घटना गराएको भनी माओवादीले पुनः कुटपिट गरी गम्भीर घाइते बनाए। पिटाइका कारण उनको मसल फुटेर च्यातिएपछि रामेछाप अस्पतालले थप उपचारका लागि काठमाडौँ पठायो।

खिम्ती गाविस-१ को खिम्ती बजारमा जनहित बचत तथा ऋण सहकारी संस्थाको विवादमा माओवादीसमेतको संलग्नतामा स्थानीय बासिन्दाबीच ०६५ जेठ २३ गते भएको झडपमा सहकारीका सदस्यहरू खिम्ती गाविस-१ का ४५ वर्षीय षडानन्द कडरिया, २६ वर्षीय कुमार भुजेल, २० वर्षीय शान्तिबहादुर बरुवाल, ४५ वर्षीय प्रेमबहादुर खड्का, ४५ वर्षीय बलराम कडरिया, ३८ वर्षीय चन्द्रबहादुर खड्का, ४० वर्षीय भोजबहादुर कार्की, ४० वर्षीय विष्णुबहादुर बरुवाल, २६ वर्षीय खड्गबहादुर खड्का, ५६ वर्षीय वासुदेव कडरिया, वीरबहादुर थापा, बैकुण्ठ राजवंशी र तारा तामाङ घाइते भए। माओवादीका कार्यकर्ताहरूले स्थानीय जनहित बचत तथा ऋण सहकारी संस्थाको कार्यसमितिमा माओवादीको पनि प्रतिनिधित्व हुनुपर्ने माग राखी संस्थामा गरेको तालाबन्दीका कारण उत्पन्न विवादपछि भएको झडपमा उनीहरू घाइते भएका हुन्। घटनामा फर्पू गाविसनिवासी मेजर तामाङ भनिने पदमबहादुर तामाङसहित अन्य पाँच जना पनि घाइते भए। घाइते

*माओवादीद्वारा कुटपिट गरिएकी विन्दा कार्की*

माओवादीलाई मन्थलीस्थित तामाकोसी सामुदायिक अस्पतालमा उपचार गरियो भने षडानन्द कडरिया, बलराम कडरिया, खड्गबहादुर खड्का, तारा तामाङ, शान्ति बरुवाल, विष्णुबहादुर बरुवाल र चन्द्रबहादुर खड्कालाई दोलखाको किर्नेटारको स्वास्थ्य केन्द्रमा सामान्य उपचार गरी थप उपचारका लागि काठमाडौँ लगियो। पीडितहरू उपचारपछि घर फर्किएका छन्।

नामाडी गाविस-६ का अर्जुन खड्का र माधव भनिने दुर्गाबहादुर खड्कालाई ०६५ जेठमा माओवादीका कार्यकर्ताहरूले कुटपिट गरेको घटनाको विरोधमा जिल्ला अदालत रामेछापमा मुद्दा दर्ता गराएको भन्दै स्थानीय माओवादी कर्यकर्ता नीरबहादुर खड्कालगायतका मानिसहरूले ज्यन लिने धम्की दिए। धम्कीका कारण पीडितले गाउँ छाडेपछि पनि माओवादी कार्यकर्ताहरूले उनीहरूका परिवारका सदस्यहरूलाई धम्क्याउने गरेको पीडित दुर्गाबहादुरले बताए। माओवादीका जिल्ला सेक्रेटरी मैनकुमार मोक्तानले पार्टीका तर्फबाट त्यस्तो कार्य नभएको बताए।

रामेछाप गाविस-१ की ३९ वर्षीय मङ्गली सार्कीलाई ०६५ साउन ३० गते माओवादीले सदरमुकामस्थित आफ्नै पार्टी कार्यालयमा पत्र काटेर बोलाई तारेखमा छाडे। सोही ठाउँका रामकुमार सार्कीले जग्गासम्बन्धी विवादलाई लिएर मङ्गलीका विरुद्ध माओवादी पार्टीमा उजुरी गरेपछि माओवादीले मङ्गलीलाई पत्र काटेर पार्टी कार्यालयमा बोलाएका थिए। माओवादीका कार्यालय सचिव किरण भनिने कृष्णप्रसाद ढुङ्गेलले अनिवार्य रूपमा उपस्थित हुन भनी मङ्गलीलाई पत्र काटेपछि उनी माओवादी पार्टी कार्यालयमा हाजिर हुन पुगेकी थिइन्। उनलाई भदौ १५ गते उनको नाममा रहेको रामेछाप गाविस-१ को ६ रोपनी जग्गा रामकुमार सार्कीलाई पास गरेर दिन माओवादी कार्यालयमा हाजिर हुने गरी तारेखमा छाडे। पीडित महिलाले जग्गा पाश गरेर दिइनन्। उनलाई यो वर्षको अन्त्यसम्म पनि माओवादीले पटक-पटक कारबाही गर्ने धम्की दिइरहेका छन्।

एमालेनिकट प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घका केन्द्रीय सदस्य ३४ वर्षीय ज्ञानकुमार श्रेष्ठलाई ०६५ भदौ २७ गते साँझ माओवादी रामेछापका जिल्ला इञ्चार्ज राजन दाहालको नेतृत्वमा रहेको माओवादी टोलीले आक्रमण गरी घाइते बनायो। मन्थलीमा प्रायुसङ्घले गठन गरेको युथफोर्सको कार्यक्रम सकिएपछि घरतर्फ फर्कन लागेका युथफोर्सका कार्यकर्तामाथि मन्थली बजारमा बाटो ढुकेर बसेका वाईसीएलका कार्यकर्ताले कुटपिट गरेपछि युथफोर्स र वाईसीएलबीच विवाद चर्किएको थियो। दुवै पक्षको विवादले बजार क्षेत्र तनावग्रस्त भएपछि स्थानीय प्रशासनले दुवै पक्षलाई राखेर वार्ता गर्न लाग्दा जिविस कम्पाउन्डभित्र प्रजिअ र प्रहरी नायव उपरीक्षकको अगाडि नै माओवादी कार्यकर्ता वेदबहादुर श्रेष्ठले ज्ञानकुमारलाई रडले टाउकोमा हानी घाइते पारेका थिए। घटनापछि अवस्था तनावपूर्ण भएको भन्दै स्थानीय प्रशासनले राती ९ बजेदेखि जिल्ला सदरमुकाम मन्थली बजारमा कर्फ्यु आदेश जारी गरेको थियो। घाइते श्रेष्ठलाई तत्कालै उपचारका लागि मन्थलीस्थित तामाकोसी सामुदायिक अस्पतालमा पुऱ्याइएकामा भोलिपल्ट थप उपचारका लागि काठमाडौँ लगियो।

मन्थली गाविस-६ का होटल व्यवसायी ४२ वर्षीय चन्द्रबहादुर मानन्धरलाई ०६५ भदौ २८ गते माओवादीका जिल्ला इञ्चार्ज राजन दाहालले युथफोर्सका कार्यकर्तालाई खाना खुवाएको आरोपमा कारबाही गर्ने धम्की दिए। माओवादीको एक टोली लिएर मानन्धरको होटलमा पुगेका दाहालले एमालेका कार्यकर्तालाई किन भात पकाएर खुवाएको भन्दै उनको खुट्टा भाँच्ने धम्की दिएका थिए। उनले खाना पकाएर खुवाउने मानन्धरकी पत्नीलाई पनि धम्क्याएको पीडितले बताए।

कुभुकास्थली गाविस-२ का वाईसीएलका कार्यकर्ता २३ वर्षीय लालप्रसाद गुरागाईंलाई गाउँ परिषद्मा रकम हिनामिना गरेको आरोप लगाएको भन्दै ०६५ पुस ६ गते माओवादीका स्थानीय नेता कुभु गाविस-८ का ३६ वर्षीय शुभराज सुनुवारको नेतृत्वको गौरी सुनुवारलगायतको टोलीले बाटो ढुकेर बाम्ती गाविस-६ को सोतर्मु भन्ने स्थानमा कुटपिट गऱ्यो। परिषद्मा गत वर्षको बजेटमध्ये शुभराज सुनुवारको परिवार उपभोक्ता समिति रहेको २ लाख ९० हजार रुपियाँको विनियोजित बजेट अनुसार काम नभएको भन्दै परिषद्का सहभागीहरूले असन्तोष व्यक्त गरेका थिए।

सोही विषयलाई लिएर लालप्रसादले पनि असहमति राखेका थिए। सुनुवारको परिवारका सदस्यहरू बाबु जगतबहादुर उपभोक्ता समितिको अध्यक्ष रहेको गोरेटो बाटो मर्मतमा ४० हजार, बहिनी शोभा अध्यक्ष रहेको महिला विकास कार्यक्रममा ५० हजार र भाइबुहारी हेमा सुनुवार अध्यक्ष रहेको खानेपानी योजनामा २ लाख रुपियाँ विनियोजन गरिएको थियो। सोही विषयको विवादलाई लिएर गाउँ परिषद् पनि हुन सकेन। सोही रिसमा पुस ६ गते बाम्ती जान लागेका गुरागाईंलाई शुभराजको टोलीले सोतर्मुमा बाटो ढुकेर अक्रमण गरेको थियो। उनीहरूको आक्रमणबाट उनको शरीरमा नीलडाम भएको तथा लुगासमेत च्यातिएको थियो। आक्रमण गरेपछि भाग्न सफल गुरागाईं सोही दिन सोलू जिल्लाको गोली गाविसका आफन्तको घरमा पुगेकामा सुरक्षाका लागि सोही दिन सोलुको किञ्जास्थित प्रहरी चौकीमा पुऱ्याएका थिए। पीडकलाई कुनै कारबाही भएन।

### वाईसीएलबाट

नामाडी गाविस-५ निवासी राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल रामेछाप क्षेत्र नं. १ का संयोजक ४५ वर्षीय ज्ञानबहादुर खड्का र नामाडी गाविस-४ का शिक्षक ४६ वर्षीय डोरबहादुर खड्कालाई ०६४ चैत २३ गते बिहान माओवादीका जिल्ला सदस्य मदन तथा वाईसीएलका जिल्ला इञ्चार्ज सेवक भनिने प्रेम कार्कीलगायतका मानिसहरूले एमालेको राजनीति गरेको भन्दै ज्ञानबहादुरको घरमै गएर कुटपिट गरे। पिटाइका कारण गम्भीर घाइते भएका दुवै जनालाई सोही दिन हेलिकप्टरबाट उपचारका लागि काठमाडौं लगियो। माओवादीले सोही दिन नामाडी-६ का एमाले कार्यकर्ता राजकुमार खड्कालाई पनि कुटपिट गरेका थिए। उनलाई पनि उपचारका लागि काठमाडौं लगियो। पीडितहरू उपचारपछि घर फर्किएका छन्।

मन्थली गाविस-२ का एमालेनिकट युथफोर्सका कार्यकर्ता २५ वर्षीय तीर्थ सुवेदी तथा उनकी बहिनी गोमा सुवेदीलाई ०६५ भदौ २७ गते वाईसीएल कार्यकर्ता जयप्रकाश श्रेष्ठलगायतका मानिसहरूले मन्थली बजारमा कुटपिट गरे। युथफोर्सको कार्यक्रम सकेर घर फर्कन लागेका सुवेदीद्वयलाई मन्थली बजारमा बाटो छेकेर बसेका वाईसीएलका कार्यकर्ताले बीच बजारमा नै कुटपिट गरेका थिए। पीडितमध्ये तीर्थलाई भदौ २८ गते उपचारका लागि काठमाडौं लगियो।

देउराली गाविस-४ की ४२ वर्षीय भगवती रोक्काको ०६५ कात्तिक २८ गते जग्गासम्बन्धी

*माओवादीद्वारा कुटपिट गरिएका चक्रबहादुर कार्की*

सामान्य घरायसी विवादमा वाईसीएलका स्थानीय कार्यकर्ता रामकृष्ण बस्नेतले हातका औंला काटिदिए। भगवती रोक्काले लगाएको धान उनका पति चेतबहादुर राक्का र सौता खिनुकुमारी रोक्काले भित्र्याउन लागेपछि दुई पक्षबीच विवाद भएको थियो। सो विवादपछि धान झार्ने खेतमा पुगेका वाईसीएलका कार्यकर्ता बस्नेतले धानको रासमा राखेको हँसियाले हात काटिदिएको पीडित महिलाले बताइन्। भगवतीको एउटा हातका तीनओटा औंलामा गम्भीर चोट लाग्यो। उनको औंलाको हड्डीसमेत काटेको थियो। घटनापछि माओवादी कार्यकर्ता उनको धान उनका जेठाजु खेमबहादुर रोक्काको घरमा भित्र्याइदिएको पीडित महिलाले बताइन्। पीडित महिलाले ०६५ कात्तिक २८ गते प्रहरीमा उजुर गरेपछि उनका पति, सौता र जेठाजुलाई कात्तिक २९ गते प्रहरीले गिरफ्तार गऱ्यो।

### एमालेबाट

फुलासी गाविस-१ मिल्तीखोलामा नेपाली काङ्ग्रेस दोलखाका जिल्ला समिति सदस्य शम्भु फुयाललाई ०६४ फागुन १७ गते एमाले कार्यकर्ता फुलासी गाविस-१ का १७ वर्षीय पुष्कर योगी तथा दोलखाको मेलुङ गाविस-१ का १६ वर्षीय दिवाकर योगी, १७ वर्षीय रोशन मगर, १८ वर्षीय मधुकर योगी, १८ वर्षीय रवीन्द्र मगर, २१ वर्षीय सञ्जीव चौहान, १७ वर्षीय बाबु मगर, १८ वर्षीय हामबहादुर मगर, १७ वर्षीय सुरज मगर र ३० वर्षीय वीरेन्द्र मगरले कुटपिट गरे। दोलखाको सदरमुकाम चरिकोटबाट घरतर्फ फर्कने क्रममा एमाले कार्यकर्ताहरूले उनलाई पुरानो रिसइविका कारण कुटपिट गरेका थिए। पिटाइबाट उनको टाउको, हात र गोडामा चोट लागेको थियो। कुटपिटको घटनामा संलग्न भएकाहरूलाई प्रहरीले ०६४ फागुन १८ गते पक्राउ गऱ्यो। दुई पक्षबीच मिलापत्र भएपछि उनीहरूलाई छाडियो। घाइतेको

स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरिएको थियो।

टोकरपुर गाविस-१ का माओवादी कार्यकर्ता ३० वर्षीय केशव कँडेल ०६४ चैत २७ गते टोकरपुर गाविस-४ मा एमाले कार्यकर्ताहरूको आक्रमणमा परी घाइते भए। सिँगार्चेबाट टोकरपुरतर्फ आइरहेको एमाले टोलीले टोकरपुरबाट त्यसतर्फ गएका माओवादी कार्यकर्ता कँडेललाई बीच बाटोमा भेटेपछि दुई पक्ष बीच विवाद भएको थियो। विवादकै क्रममा एमाले कार्यकर्ताहरूले उनीमाथि आक्रमण गरेका थिए। घाइतेलाई भोलिपल्ट हेलिकप्टरबाट काठमाडौं लगी उपचार गरियो।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

कठजोर गाविसनिवासी रामेछाप क्षेत्र नं. १ का संविधानसभा सदस्यमा राप्रपाका उम्मेदवार दिलबहादुर तामाङ तथा राप्रपाका कार्यकर्ताहरू शिवजी घिमिरे, रमेश अधिकारी, तकबहादुर गोले, राजु लामा, अर्जुन सार्की, पूर्णबहादुर तामाङ, दिलीप मोक्तान, आङतोङ लामा, दिनेश बस्नेत, धनबहादुर तामाङ, हेमलाल तामाङ र प्रेमबहादुर तामाङलाई ०६४ चैत ५ गते नागदह गाविस-७ को माख्लो पीपलदीप भन्ने स्थानमा वाईसीएलका करिब ३० जना कार्यकर्ताले नियन्त्रणमा लिई उनीहरूसँग भएको पार्टीको झन्डा, माइक र प्रचार सामग्रीहरूसमेत लुटेर लगे। लाठीसहित आएका माओवादीले उनीहरूलाई केही समय कब्जामा लिएका थिए।

बिजुलीकोट गाविसको धोबीबजारमा काङ्ग्रेसको चुनावी कार्यक्रमका लागि जान लागेका काङ्ग्रेसका कोषाध्यक्ष कृष्ण महत, काङ्ग्रेस कार्यकर्ता टीकाराम लामालगायतका नेताहरू ०६४ चैत ५ गते नागदह गाविस-७ को पीपलदीप भन्ने स्थानबाट माओवादी कार्यकर्ताले जान नदिएपछि त्यहींबाट फर्किए। काङ्ग्रेसका नेताहरूले माओवादीका जिल्ला नेताहरूसँग कुरा गरेर बाटो छाड्न भन्दा लाठी लिएका ती माओवादी कार्यकर्ताले प्रचण्डले भने पनि आफ्नो आधार इलाका भएकाले नछाड्ने भनेपछि उनीहरू फर्किएका थिए।

राकाथुम गाविस-६ को लुभु बजारमा जनमोर्चा नेपालले आयोजना गरेको चुनावी सभामा ०६४ चैत ६ गते माओवादीले गरेको आक्रमणमा परी राकाथुम गाविस-२ निवासी ३६ वर्षीय जनमोर्चा समर्थित अखिल नेपाल जनजाति युवा सङ्घका जिल्ला सदस्य विनोद माझी घाइते भए। माओवादीले सभास्थलमाथिबाट

*माओवादीद्वारा कुटपिट गरिएका प्रायुसंघका केन्द्रीय सदस्य ज्ञानकुमार श्रेष्ठ*

लडाएको ढुङ्गाले लागेर उनी घाइते भएको जनमोर्चाका कार्यालय सचिव प्रेमकुमार घिसिङले बताए। कार्यक्रममा जनमोर्चाका केन्द्रीय सदस्य एवम् संविधानसभा सदस्यका उम्मेदवार पेमा लामालगायतका कार्यकर्ताहरू सहभागी थिए।

दोरम्बा गाविसको दोरम्बा बजारमा एमालेले आयोजना गरेको चुनावी सभामा ०६४ चैत ६ गते माओवादीले अक्रमण गरी मञ्च कब्जा गरेर एमालेका नेता तथा कार्यकर्ताहरूलाई लखेटे। माओवादी कार्यकर्ता निश्चल तथा स्थानीय कार्यकर्ता बाला तामाङलगायतले नेतृत्व गरेको टोलीले एमालेका एरिया इञ्चार्ज प्रेम तामाङले बोल्दै गर्दा मञ्च कब्जा गरेका थिए। कार्यक्रममा एमालेका उम्मेदवार कैलाश ढुङ्गेललगायतका नेता-कार्यकर्ताहरू सहभागी थिए।

मभुवा गाविस-७ निगालपानीमा चुनाव प्रचारका क्रममा पुगेका जनमोर्चा नेपालका उम्मेदवार धावा लामासहितको टोलीलाई ०६४ चैत ७ गते बिहान माओवादीले डाँडाडाँडामा बसेर गाउँ छिरे कारबाही गर्ने धम्की दिए। माओवादीले बिहानदेखि नै डाँडाडाँडामा बसेर सो गाउँमा कुनै पनि पार्टीलाई नछिर्न सूचना जारी गरेका थिए।

तिल्पुङ गाविसमा चुनाव प्रचारका लागि गएका निर्वाचन क्षेत्र नं.१ का काङ्ग्रेस उम्मेदवार आङटावा शेर्पाको टोलीमाथि ०६४ चैत ७ गते अपराह्न सो गाविस-५ को दारिमबोटमा माओवादीका कार्यकर्ताहरूले ढुङ्गा प्रहार गरे। उनीहरूले शेर्पालाई एउटा पत्र थमाउँदै माओवादीले अन्य पार्टीका लागि निषेध क्षेत्र घोषणा गरेकाले तुरुन्त गाउँ छाड्न आग्रह गरे। उनीहरूले गाउँ नछाडे कारबाही गर्ने धम्की दिए। यसैगरी, तिल्पुङ गाविसबाट मन्थलीतर्फ आउँदै गरेको काङ्ग्रेसको टोलीलाई ०६४ चैत ८ गते माओवादी कार्यकर्ता तिल्पुङ गाविसको कटहरेमा ढुङ्गामुढा गरे।

*वाईसीएलको कुटपिटबाट घाइते भएका अनेरास्ववियु कार्यकर्ता भरत कार्की*

फुलासी गाविस-८ पोखरी डाँडामा एमालेले आयोजना गरेको चुनावी सभामा ०६४ चैत ९ गते माओवादीका कार्यकर्ताहरूले आक्रमण गरी बिथोल्ने प्रयास गरे। माओवादी कार्यकर्ताहरूले सभास्थलमा होहल्ला गर्न लागेपछि एमाले कार्यकर्ताहरूले उनीहरूलाई लखेटेका थिए। माओवादी कार्यकर्ता बादलको नेतृत्वमा आएको टोलीले एमालेको सभास्थलमा माथिबाट ढुङ्गा प्रहार गरेको थियो। उनीहरूले हानेको ढुङ्गाले फुलासी-८ निवासी एमाले कार्यकर्ता सपना कार्की र कृष्ण तामाङलाई लागेपछि एमाले कार्यकर्ताहरूले त्यसको प्रतिवाद गरेका थिए।

बिजुलीकोट गाविसको धोबीबजारमा आयोजित चुनावी सभा सकेर मन्थली फर्किएका एमालेका विधायक ४७ वर्षीय कमलप्रकाश सुनुवार जिल्ला कमिटी सदस्य शान्तिप्रसाद पौडेल, चित्र कार्की, जगन्नाथ दाहाललगायतको टोली चढेको गाडीमा ०६४ चैत ९ गते साँझ तिल्पुङ गाविस-६ मा माओवादी कार्यकर्ता डिल्ले तामाङलगायतका मानिसहरूले ढुङ्गामुढा प्रहार गरे। माओवादीले गाडीमा ढुङ्गा प्रहार गरेपछि एमाले कार्यकर्ता र प्रहरीले घेरी डिल्ले तामाङलाई नियन्त्रणमा लिएका थिए। नियन्त्रणमा लिएका तामाङलाई केही समयपछि छाडिदिए।

जनमोर्चा, नेपाल रामेछापको सांस्कृतिक टोलीको वाद्यवादनका सामग्रीहरू ०६४ चैत १० गते खिम्ती गाविस-८ को केउरेनीबाट माओवादी कार्यकर्ताले लुटेर लगे। खिम्तीबाट धोबीबजारतर्फ जान लागेको जनमोर्चा नेपालको सांस्कृतिक टोलीका कार्यकर्ताहरू केउरेनीमा बसेका बेलामा माओवादीले ती सामग्री लुटेर लगेको जनमोर्चा, नेपालका जिल्ला अध्यक्ष रामकुमार लामाले बताए।

गुन्सी गाविसमा निर्वाचन प्रचारका क्रममा पुगेका काङ्ग्रेसका उम्मेदवार रामहरि ढुङ्गेललगायतको काङ्ग्रेसको चुनाव प्रचार टोलीलाई ०६४ चैत ११ गते दिउँसो माओवादीका कार्यकर्ताले घेरा हाली नाराजुलुस गरेर गाउँ छाड्न बाध्य बनाए। स्थानीय भरत चौलागाईंको घरमा बसेको काङ्ग्रेसको टोलीलाई माओवादी कार्यकर्ताले आफ्नो आधार इलाकामा प्रवेश गरेको भन्दै तत्काल गाउँ छाड्न भनी घेरा हालेका थिए। माओवादीले घेरा हाली नाराबाजी गर्दै काङ्ग्रेसको टोलीलाई लखेटेको काङ्ग्रेस कार्यकर्ताले बताए।

मभुवा गाविस-९ मा चुनाव प्रचारका क्रममा पुगेका जनमोर्चा, नेपालको चुनाव प्रचार टोलीलाई ०६४ चैत २३ गते दिउँसो माओवादीले आक्रमण गर्दा जनमोर्चा कार्यकर्ता आशीष लामा, हेमबहादुर लामालगायत पाँच जना घाइते भए। माओवादीले आफ्नो आधार इलाकामा प्रवेश गरेको भनी उनीहरूमाथि कुटपिट गरेका थिए। घाइतेमध्ये एक जानाको हात भाँचिएको र उनीहरूलाई उपचारका लागि काठमाडौं पठाइएकामा उपचारपछि घर फर्किएको जनमोर्चा रामेछापले जनायो।

चुचुरे गाविस-२ खरानेटारमा पार्किङ् गरेर राखिएको अवस्थामा नेपाली काङ्ग्रेस क्षेत्र नं. १ का उम्मेदवार आङटावा शेर्पाका दुईओटा जिप ०६४ चैत २४ गते साँझ माओवादीका कार्यकर्ताले जलाइदिए। माओवादीको अवरोधका कारण सशस्त्र प्रहरीको स्कर्टिङ्का साथ चैत २३ गते आफ्नो गाविस चुचुरेमा पुगेका शेर्पाले घरभन्दा १५ मिनेट टाढा ती मोटर पार्किङ् गरेर राखेका थिए। आगो लगाइएका मोटरहरू जलेर पूर्णरूपमा नष्ट भए।

नामाडी गाविस-७ निवासी नेपाल किराँत स्वशासित सङ्घ एकीकृतका केन्द्रीय अध्यक्ष एवम् अखिल नेपाल जनजाति महासङ्घ एकीकृतका पोलिटब्युरो सदस्य नवीनकुमार सुनुवारलाई ०६४ चैत २६ गते बिहान नामाडी गाविस निवासी वाईसीएल कार्यकर्ता कौशल्य सुनुवारलगायतले उनीहरूकै गाउँ पार्टी कार्यालयमा गएको बेला नेकपा एकीकृतको घोषणपत्र खोसी गाउँ नछाडे कारबाही गर्ने धम्की दिए। माओवादी धम्कीका कारण आफू सदरमुकाम फर्किएको पीडितले बताए।

दूरागाउँ गाविस गएका काङ्ग्रेस रामेछापका जिल्ला सदस्य विमल वाग्ले माओवादी धम्कीका कारण संविधानसभा निर्वाचनको मतदानमा सहभागी हुनसक्ने अवस्था नभएपछि ०६४ चैत २६ गते सदरमुकाम मन्थली आएर २७ गते बिहान काठमाडौं गए। त्यस्तै

हिमगङ्गा गाविस-९ निवासी काङ्ग्रेसका जिल्ला सदस्य नरबहादुर थापामगर र सोही गाविस-५ निवासी काङ्ग्रेसका जिल्ला सदस्य थरहरि घिमिरे पनि माओवादीको धम्कीका कारण गाउँ जान नसकेपछि काठमाडौँ गए। माओवादीले चैत २८ गते ५ बजेसम्म गाउँमा प्रवेश निषेध गरेपछि उनीहरू गाउँ छाडेर हिँडेका थिए।

टोकरपुर गाविस-२ का एमाले कार्यकर्ता ४३ वर्षीय कमल कँडेल, टोकरपुर गाविस-४ का हरिबहादुर थापामगर र सोही स्थानका शेरबहादुर थापामगर ०६४ चैत २७ गते राती माओवादीले गरेको आक्रमणबाट घाइते भए। राती ८ बजेतिर करिब २६ जनाको एमालेको टोली खाना खान लागेको बेला माओवादीका स्थानीय नेता नरध्वज थापामगरको नेतृत्वमा गएको टोलीले गरेको आक्रमणबाट उनीहरू घाइते भएका थिए। घाइतेमध्ये कँडेलको टाउको फुटेको थियो भने अन्य दुई जनाको पनि टाउकोमा चोट लाग्यो। घाइते कँडेललाई २८ गते हेलिकप्टरबाट काठमाडौँ लगियो। सो घटनामा माओवादीको आक्रमणबाट जोगिएर एमालेका स्थानीय नेता कुमार कँडेललगायतका नेता तथा कार्यकर्ताहरू रातभरि जङ्गलमा बसे। उनीहरूले चैत २८ गते मतदान गर्न पनि पाएनन्।

सालुको सेतिदेवी मावि, देउरालीको सिरुवारी, हिमगङ्गाका दुईओटै, रामपुरको कोलञ्जोर, फर्पू, कुभुकास्थलीको कास्थली, दुरागाउँको मावि दुरागाउँ, सुनारपानी, प्रीतिको डाँडागाउँको मतदान केन्द्रलगायत जिल्लाका २४ ओटा मतदान केन्द्रमा माओवादीले मतदान केन्द्र कब्जा गरी आफ्नो पक्षमा मतदान गराएकाले ती स्थानका मतदान प्रक्रिया रद्द गर्नका लागि ०६४ चैत २९ गते काङ्ग्रेस, एमाले र जनमोर्चाले जिल्ला निर्वाचन अधिकृतको कार्यालयमा

*वाईसीएलद्वारा कुटपिट गरिएका शिक्षक डोरबहादुर खड्का*

उजुरी दर्ता गराए। ती दलहरूले माओवादीले आचारसंहिताको चरम उल्लङ्घन गरेकाले उनीहरूको उम्मेदवारी रद्द गर्नका लागि पनि माग गरेका थिए। यसरी बदर गर्नका लागि माग गरिएकामा १ नम्बर क्षेत्रका १० ओटा र २ नम्बर निर्वाचन क्षेत्रका १४ ओटा मतदान केन्द्र थिए। उजुरी पत्रमा तीनओटै दलका उम्मेदवारहरूले हस्ताक्षर गरेका थिए। १ नम्बर क्षेत्रका काङ्ग्रेस, एमाले र जनमोर्चाबाट क्रमशः आङटावा शेर्पा, देवशङ्कर पौडेल र प्रदीप श्रेष्ठले हस्ताक्षर गरेका थिए। त्यस्तै क्षेत्र नं. २ बाट क्रमशः रामहरि ढुङ्गेल, कैलाश ढुङ्गेल र धावा लामाले हस्ताक्षर गरी बुझाएको उजुरीमा बेथानको उमावि, खनियापानीको भीरकोट, दोरम्बा, टोकरपुर, पीङ्खुरीको मानेडाँडा, गागलको महाकालस्थान, मभुवा, माकादुम, राकाथुम, डडुवाको सुर्के, भलुवाजोरको बेतिनी र भटौलीको कौछिनी केन्द्रको मतदान बदरको माग गरेका थिए।

पकरबास गाविस-५ निवासी नेपाली काङ्ग्रेस रामेछाप क्षेत्र नं. २ का उम्मेदवार रामहरि ढुङ्गेल तथा चुचुरे गाविस निवासी नेपाली काङ्ग्रेसका १ नं. क्षेत्रका उम्मेदवार आङटावा शेर्पालाई ०६४ चैत २९ गते माओवादी जिल्ला इञ्चार्ज राजन दाहालको निर्देशनमा वाईसीएलका कार्यकर्ताले मन्थली गाविस-६ स्थित उनीहरू बसेको घरमा घेरा हाली निर्वाचनमा अनियमितता गरेको भनी हालेको उजुरी फिर्ता नलिए कारबाही गर्ने धम्की दिए। उनीहरूले काङ्ग्रेसका नेताहरूका विरुद्ध नाराबाजी गर्दै थुनेर आगो लगाइदिने धम्की दिएका थिए।

अनेरास्ववियुको राष्ट्रिय सम्मेलनको प्रचारका क्रममा खिम्ती बजारमा पुगेका एमालेनिकट अनेरास्ववियुका राष्ट्रिय सम्मेलन प्रतिनिधि मन्थली गाविस-७ का १८ वर्षीय भरत कार्की र अनेरास्ववियुका जिल्ला सहसचिव १९ वर्षीय प्रवीण सुवेदीललाई ०६५ असोज २ गते फर्पू गाविस-७ निवासी वाईसीएलका कार्यकर्ता २६ वर्षीय विष्णु सुनुवारले कुटपिट गरे। उनीहरूलाई वाईसीएल कार्यकर्ताले खिम्ती बजारमा अनेरास्ववियुको व्यानर टाँग्न लाग्दा व्यानर खोसेर कुटपिट गरेका थिए। पीटाइका कारण भरतको आँखामा चोट लाग्यो भने प्रवीण सामान्य घाइते भए। घाइतेको मन्थलीस्थित तामाकोसी सामुदायिक अस्पतालमा उपचार गरियो। पीडकउपर कारबाही भएन।

रामपुर गाविसस्थित चारघरे सेवा समितिका संस्थापक अध्यक्ष ३८ वर्षीय शेरबहादुर श्रेष्ठलाई ०६५ मङ्सिर १४ गते वाईसीएलका जिल्ला अध्यक्ष सेवक भनिने प्रेम कार्कीलगायतका मानिसहरूले संस्थाको

*माओवादीको आक्रमणमा परी घाइते भएका राजु कार्की र सहदेव बस्नेत*

साधारणसभा गराउने विषयको विवादमा कुटपिट गरे। संस्थाका अध्यक्षको बारेमा विवाद भएपछि संस्थाको साधारण सभाले नयाँ कार्यसमिति चयन गर्न लाग्दा वाईसीएलका कार्यकर्ताले कार्यसमितिको निर्वाचन गर्न निदिने र पुरानै अध्यक्ष पृथ्वी श्रेष्ठलाई अध्यक्ष बनाउनुपर्ने बताउँदै हस्तक्षेप गरेका थिए। उनीहरूले पृथ्वीका विरुद्ध मानिसहरू भड्काएको भन्दै शेरबहादुरलाई प्रहरीकै अगाडि कुटपिट गरेका थिए। वाईसीएलको हस्तक्षेपपछि पृथ्वीनारायणकै कार्यसमितिले वैधता पाएको थियो। सो संस्थाले गरिबी निवारण कोषको सहयोगमा आयआर्जनको काम सञ्चालन गर्दै आएको छ।

देउराली गाविस-३ का ३६ वर्षीय ज्ञानबहादुर श्रेष्ठलाई देउराली गाविसको शीतलादेवी प्रस्तावित माविको अभिभावक भेलामा ०६५ मङ्सिर १६ गते माओवादीले हातपात गरे। विद्यालयका प्रधानाध्यापक छनोटका बारेमा आयोजित छलफल कार्यक्रममा माओवादीका इलाका नं. ५ का सन्तोष भनिने डिल्ली बस्नेतलगायतका स्थानीय नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो। बैठकमा सहभागी अभिभावक श्रेष्ठले प्रअ कसलाई बनाउने भन्ने विषयमा विद्यार्थीको पनि राय लिनुपर्ने बताएपछि माओवादी कार्यकर्ता प्रहार, लाङ्घालीलगायतते कुटपिट गरेका थिए। मओवादी कार्यकर्ताको सो कार्यको विरोधमा अभिभावकहरूले नारा-जुलुस गरेपछि माओवादी नेता सन्तोषले आफ्ना कार्यकर्ताबाट गल्ती भएको सार्वजनिक रूपमा स्वीकारेका थिए

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रामेछापमा गत वर्षको जिम्मेवारी सरेर आएका फौजदारी ४८ थान र देवानी ५५ थान गरी १ सय ३ थान तथा यस वर्ष दर्ता भएका ३८ थान फौजदारी र ३० थान देवानी गरी ६८ थान गरी कुल १ सय ७१ थान मुद्दा रहे । जसमध्ये २५ थान फौजदारी र नौ थान देवानी गरी जम्मा ३४ थान मुद्दा मात्र फर्स्यौट भए। यस अदालतमा पाँच वर्ष नाघेका मुद्दा छैनन्।

## बालअधिकार

रामेछापका अपाङ्ग छात्रछात्राले सरकारले घोषणा गरेर पनि पर्याप्त रकम नपठाएका कारण ०६५ सालको छात्रवृत्तिको रकम पाउन सकेनन्। रामेछाप जिल्लाका विभिन्न विद्यालयको प्राथमिक तहमा कुल ४ सय ३५ जना अपाङ्ग छात्रछात्राहरू अध्ययरत भए पनि सरकारले जम्मा ८६ जनालाई पुग्ने छात्रवृत्तिको रकम मात्र जिल्लामा पठाएका कारण बालबालिकाहरू राज्यले तोके अनुसारको छात्रवृत्ति पाउनबाट वञ्चित भए।

साँघुटार गाविस-९ का १४ वर्षीय बालकहरू निर्मल प्रधान र विष्णु प्रधान तथा सोही स्थानका १६ वर्षीय धनबहादुर सुनुवार र १६ वर्षीय शेरबहादुर जोगीलाई ०६५ जेठ २ गते साँघुटार-१ साँघुटार बजारका व्यापारी कुमार सुवेदीको पसलको सामान चोरी गरेको आरोपमा जेठ ३ गते दिउँसो प्रहरीले आधा घन्टाभन्दा बढी कुइनो र घुँडा टेकेर बस्न लगाई यातना दियो। सो यातनापछि चारै जनाका अभिभावकहरूसँग २-२ हजार रुपियाँ धरौटी लिई उनीहरूले नजिकैको हिमगङ्गा उच्चमाविमा नदीबाट १ सय टिन बालुवा ओसारेपछि सो रकम फिर्ता गर्ने सहमति गराएर छोडेका थिए।

सुनारपानी गाविस-५ की १४ वर्षीया एक बालिकालाई दलित थरको केटासँग प्रेमपत्र आदान-प्रदान गरेको अभियोगमा गाउँलेहरूले एक वर्षअघि त्यही केटाको जिम्मा लगाएको भए पनि बालकल्याण समितिको सक्रियतामा प्रहरीले छुटाएर सिविनको संरक्षणमा पठाएकामा सिविनले ०६५ जेठको पहिलो साता गाउँमा पुनःस्थापनाका लागि ल्याएको थियो। तर, समाजले उनलाई स्वीकार्न मानेनन्। गाउँलेहरूले छोरीलाई भित्र्याए उनीहरूलाई सामाजिक बहिष्कार गर्ने बताएपछि छोरीलाई भित्र्याउन नसकेको उनकी आमाले बताइन्। गाउँमा विवाद भएपछि उनलाई सिविनले नै फिर्ता लग्यो। यसैबीच, राधिका कार्कीको परिवारलाई उनका आफ्नै आफन्त सुनारपानी गाविस-५ की मीना कार्कीले सार्वजनिक स्थलमा बहिष्कार गरेपछि पीडितले ०६५ असोज १ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गरिन्। राधिकाकी आफ्नै दिदी मीना कार्कीले धारापँधेरामा उनको परिवारलाई पानी थाप्नसमेत नदिएपछि पीडित महिलाले प्रहरीमा उजुरी गरेकी हुन्।

उजुरी परेपछि ०६५ असोज ५ गते प्रहरीले पीडकलाई आइन्दा त्यसो नगर्ने कागज गराई छाड्यो। राधिकाकी १३ वर्षीया छोरीले ट्याक्टरमा खलासी काम गर्ने रामेछाप गाविस-५ का वादी थरका एक युवकसँग प्रेमपत्र आदान-प्रदान गरेको आरोपमा स्थानीय गाउँलेहरूले एक वर्षअघि केटालाई झिकाई उनको जिम्मा लगाएर पठाइदिएका थिए। तर, उनको परिवारले बालिकालाई जबरजस्ती जिम्मा लगाएको भन्दै घरमा फिर्ता ल्याएका थिए।

खिम्ती गाविसको प्राथमिक स्वास्थ्य केन्द्र ०६५ कात्तिक २ गते बन्द भएका कारण खिम्ती गाविसका बालबालिकाहरूले भिटामिन 'ए' क्याप्सुल खान पाएनन्। सरकारले कात्तिक २ र ३ गते दुई दिन राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन गरी पाँचवर्ष मुनिका सबै बालबालिकाहरूलाई भिटामिन 'ए' खुवाउने घोषणा गरेको थियो। खिम्तीका स्थानीय बासिन्दाहरू कात्तिक २ गते बिहानैदेखि प्राथमिक स्वास्थ्य केन्द्रमा आफ्ना नानीहरूलाई लिएर भिटामिन 'ए' खुवाउन पुगेका भए पनि दिनभर कर्मचारी नगएपछि त्यत्तिकै फर्किए। केन्द्रमा पुगेका सर्वसाधारणहरू दिनभर कर्मचारीलाई कुरेर बसे पनि कार्यलयको ढोका नखुलेपछि घर फर्किएका थिए।

प्रिती गाविस-३ की एक १२ वर्षीया बालिकालाई ०६५ साउन २४ गते अपराह्न सोही गाविस-२ का ४९ वर्षीय आइते सुनुवारले बलात्कार गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय रामेछापका अनुसार, बालिका बाटोमा एक्लै हिँडिरहेका बेला सुनुवारले समातेर बलात्कार गरेका थिए। इलाका प्रहरी कार्यालय, प्रितीले पीडकलाई सोही दिन गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय रामेछाप पठाएको थियो। पीडक थुनामा छन्।

वाम्ती गाविस-३ का छ वर्षीय बालक छिरीङ शेर्पा उनकी आमा कुसुम शेर्पा ज्यानमार्ने उद्योगसम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा परेपछि ०६५ को असार महिनादेखि आमासँगै रामेछाप जेलमा छन्। कुसुमलाई प्रहरीले आफ्नै सासूलाई खुकुरी हानी मरणासन्न बनाएको अभियोगमा गएको असार महिनामा गाउँबाटै गिरफ्तार गरेको थियो। उनीमाथि जिल्ला अदालत रामेछापमा ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दर्ता भएपछि अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको हो।

राकाथुम गाविस-७ की १४ वर्षीया सुन्तली विकलाई ०६५ मङ्सिर १५ गते दिदीको घरमा विवाह हेर्न गएका बेला सोही स्थानका १९ वर्षीय लालबहादुर विकलगायतका मानिसहरूले लालबहादुरसँग विवाह गर्न नमानेको भन्दै अपहरण गरे। अपहरण गरेर केटाको घरमा पुऱ्याइएकी ती बालिकाले सो केटासँग विवाह गर्न अस्वीकार गरी रोइकराई गरेपछि उनलाई सोही राती केटाले गाउँबाट काठमाडौंतर्फ लगेका थिए। भक्तपुर पुऱ्याएर उनको आफन्तकोमा राखेको कुरा केटीको परिवारले थाहा पाएपछि उनलाई त्यहाँबाट पनि भगाएर काभ्रेको मेच्छेगाउँ पुऱ्याएका थिए। मेच्छेबाट भाग्न सफल ती बालिका बाटोमा रुँदै भागेको देखेपछि त्यहाँका विद्यार्थीले केटा र केटी दुवैलाई ०६५ मङ्सिर १९ गते प्रहरीको जिम्मा लगाएका थिए। प्रहरीले उनीहरूका आफन्तलाई बोलाई जिम्मा लगाएर पठाएकामा भीरपानी गाविस-६ मा आएपछि केटा भागेको पीडित पक्षले बताए। केटा भागेपछि घरमा आएकी केटी र उनका परिवालाई केटाका आफन्तहरूले फोन गरी उल्टै धम्क्याउन लागेपछि पीडितले ०६५ मङ्सिर २५ गते जिल्ला प्रशासन कार्यालय रामेछापमा उजुरी दर्ता गराए।

पकरबास गाविसस्थित प्रयागेश्वर उच्चमाविमा कक्षा ७ मा अध्ययनरत छात्रा १७ वर्षीया मैयाँ नेपाली ०६५ मङ्सिर १३ गते सोही विद्यालयका शिक्षक ३३ वर्षीय टलक भण्डारीको कुटाइबाट बेहोस भइन्। विद्यालयमा प्रार्थना गर्ने क्रममा लाइनमा बस्दा आफ्नो लाइनमा नबसी अर्कै लाइनमा बसेको भनी शिक्षक भण्डारीले कुट्दा संवेदनशील अङ्गमा लागी उनी लाइनमा नै ढलेकी थिइन्। नेपाली लगातार तीन घन्टासम्म बेहोस भएपछि होसमा आएको उनका मामा प्रेम नेपालीले बताए। घाइते नेपालीलाई काठमाडौं लगी उपचार गरियो।

रस्नालु गाविस-२ की एक ११ वर्षीया बालिकालाई ०६५ मङ्सिर २७ गते बलात्कार गरेको अभियोगमा प्रहरीले रस्नालु गाविस-१ का १८ वर्षीय दाफिञ्जी शेर्पा र ११ वर्षीय बालक ग्याल्जे शेर्पालाई ०६५ मङ्सिर २८ गते गिरफ्तार गऱ्यो। दाफिञ्जीले ०६५ मङ्सिर २७ गते दिउँसो सुर्केको जङ्गलमा बलात्कार गरेको आरोप पीडित पक्षको रहेको छ। ग्याल्जेले भने बलात्कार गर्नुअघि बालिकाको मुख थुन्ने तथा टाउको थिचिदिने र दाफिञ्जीले बलात्कार गर्न लागेपछि गौंडामा बसेर मान्छेहरू आए-नआएको चियो गरेको आरोप उनीहरूको रहेको छ। पीडितका बाबुले प्रहरीमा जानकारी दिएपछि ठोसे प्रहरीले मङ्सिर २८ गते दुवै जनालाई गिरफ्तार गरी त्यहाँबाट पुस १ गते जिल्ला प्रहरी कार्यालयमा ल्याई हिरासतमा राखी जिल्ला अदालतमा मुद्दा पेस गरेको छ।

ओखेनी गाविस- ८ की १७ वर्षीय एक बालिकालाई सोही स्थानका ३८ वर्षीय कुमार तामाङले बिक्री गर्ने उद्देश्यले काठमाडौँसम्म पुऱ्याएको भनी पीडित महिलाले ०६५ पुस ३ गते जिल्ला प्रहरी कार्यालय रामेछापमा उजुरी गरिन्। पीडित महिलाका अनुसार, तामाङले ०६५ मङ्सिर २६ गते उनलाई सालु गाविसको च्याउँकेठाँटीबाट डरत्रास देखाई गाडीमा हालेर सोही दिन सिन्धुली जिल्लाको खाल्टेचैनपुर पुऱ्याएका थिए। सो रात त्यहीँ राखेर भोलिपल्ट काठमाडौँ पुऱ्याएर त्यहींको एउटा लजमा उनलाई राखेका थिए। उनलाई बेपत्ता बनाएपछि आफन्तहरूले प्रहरीमा खबर गरेपछि केटाका आफन्तले केटा र केटीलाई काठमाडाँबाट झिकाएर ल्याएकामा केटा बसमा आउँदै गर्दा पुस ३ गते मन्थली गाविसको लिपेखोलामा आएपछि बसबाट भागेर बेपत्ता भएको पीडितले बताए।

माकादुम गाविस-४ की १७ वर्षीया एक बालिकालाई अपहरण गरी बलात्कार गरेको आरोपमा डडुवा गाविस-६ का ५२ वर्षीय प्रेमबहादुर विक र उनलाई सो कार्यमा सघाएको आरोपमा सोही स्थानका डम्बरबहादुर विकलाई ०६५ पुस ३ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितका अनुसार, ०६५ मङ्सिर २६ गते डडुवा गाविसमा आफन्तको विवाहमा गएकी ती युवतीलाई विवाह सकेर आमासँगै घर फर्कने क्रममा मङ्सिर २८ गते डडुवा गाविसको पात्ले भन्ने स्थानबाट डम्बरबहादुर, प्रेमबहादुरलगायतका मानिसहरूले अपहरण गरी प्रेमबहादुरको घरमा पुऱ्याएका थिए। घरमा पत्नी र छोरीसमेत भएका प्रेमबहादुरले छोरा नभएकाले उनलाई जबरजस्ती पत्नी बनाउन घरमा लगेका थिए। ती युवतीले आफू उनको पत्नी बन्न तयार नभएको बताउँदा पनि डम्बरबहादुरलगायतका मानिसहरूले राती ती युवतीलाई प्रेमबहादुरसँग एउटै कोठामा थुनिदिएका थिए। उनीमाथि सोही राती बलात्कार भएको पीडित महिलाले बताइन्। उनलाई नछाडेपछि पीडित युवतीकी आमाले आफ्नो गाउँमा आएर गाउँलेहरूलाई हारगुहार गरी गाउँले लिएर गई पुस ३ गते ती युवतीलाई छुटाई पीडकहरूलाई समेत ल्याई जिल्ला प्रहरी कार्यालय रामेछापमा बुझाएकी थिइन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

सुकाजोर गाविस-७ का १५ वर्षीय प्रमिला नेपाली र २० वर्षीय चमेली नेपालीलाई ०६५ साउन २० गते आफ्नी मावलीपट्टीकी ठूलीआमा सिन्धुलीको घोक्सिलाकी सीता नेपालीले बिक्री गर्ने उद्देश्यले काठमाडौँ पुऱ्याएकीमा ठूलोबाबुले दिएको सूचनाका कारण उनीहरू बेचिनबाट जोगिए। उनीहरूलाई काठमाडौँ पुऱ्याएको खबर पाएपछि महिला हेल्प लाइन रामेछापले काठमाडौँस्थित शक्ति समूहलाई खबर गरेपछि उक्त समूहले काठमाडौँको कालोपुलबाट उनीहरूको उद्धार गरी पीडितका बाबु शङ्कर नेपाली र दाजु शम्भु नेपालीलाई जिम्मा लगाएका थिए। गत वर्ष पनि प्रमिलाकी दिदी शान्ति नेपाली त्यसैगरी बेपत्ता भएकी र उनको अहिलेसम्म पत्तो नलागेको बाबु शङ्कर नेपालीले बताए। उनलाई पनि तिनै ठूलीआमाले जागिर लगाइदिन्छु भनी लगेकी थिइन्।

सीता नेपालीलाई ०६५ कात्तिक १ गते सुनारपानी गाविसबाट गाउँलेहरूले समाते। उनका बारेमा पीडितहरूले अभिभावकहरूलाई जानकारी दिएपछि उनलाई गाउँलेहरूले समातेका थिए। गाउँलेद्वारा समातिएकी नेपालीलाई माओवादीहरूले मन्थलीस्थित आफ्नो कार्यालयमा कात्तिक १ गते दिनभरि बयान लिएका थिए। उनीहरूले अन्त्यमा उसले फकाउँदा फकिने सुनारपानी गाविसका दुई जना महिला पनि दोषी भएकाले उनीहरूलाई पनि कारबाही हुने निर्णय सुनाएपछि गाउँलेहरूले त्यसलाई अस्वीकार गरेका थिए। माओवादीको निर्णय आफूहरूलाई अमान्य भएको भन्दै गाउँलेले आरोपी महिलालाई १ गते साँझ जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडक महिलालाई प्रहरीले कात्तिक ३ गते कागज गराएर रिहा गऱ्यो।

### पारिवारिक हिंसा

सालु गाविस-१ की २८ वर्षीया मीरा बस्नेतलाई ०६५ असोज २ गते दिउँसो आफ्नै पति ३३ वर्षीय राजेन्द्र बस्नेतले कुटपिट गरी घाइते बनाए। माओवादीका सक्रिय कार्यकर्तासमेत रहेका राजेन्द्रले कुटपिट गरी मरणासन्न बनाएर छाडेपछि उनलाई माइतीको सहयोगमा अस्पतालमा भर्ना गरी उपचार गरियो। सानोतिनो कुरामा पनि पहिलादेखि नै कुटपिट गर्ने राजेन्द्रले घटना भएको दिन भने कुटपिट गरी लडाएर थिची अनुहार, घाँटी र शरीरका विभिन्न भागमा थिलथिलो हुने गरी कुटपिट गरेका थिए। कुटपिटबाट पीडित अचेत भएपछि मात्र राजेन्द्रले छाडेर हिँडेका थिए। उनलाई माइतीले असोज ३ गते गाउँबाट सदरमुकामस्थित तामाकोसी सामुदायिक अस्पतालमा ल्याई भर्ना गरे। मीराको मुन्टो नचल्ने भयो भने अनुहार तथा शरीरका अन्य भागमा सुन्निएका नीलडामहरू थिए।

### बहुविवाह

खिम्ती गाविस-८ को जनता प्रावि केउरेनीको राहत कोटामा कार्यरत अखिल नेपाल शिक्षक सङ्गठन (क्रान्तिकारी)का जिल्ला सचिव ३४ वर्षीय वेदबहादुर श्रेष्ठले घरमा पत्नी र छोराछोरी हुँदाहुँदै ०६५ वैशाख २८ गते अफ्नै हाडनाताभित्रकी भतिजी नाताकी २१ वर्षीय गीता श्रेष्ठलाई दोस्री पत्नी बनाए। दुवै जनालाई माओवादीले नियन्त्रणमा लिई आफ्नै शिविरमा राखेको भनिए पनि उनी खुला रूपले हिँडिरहेका छन्। उनीमाथि कुनै कानुनी कारवाही भएको छैन। शिक्षक श्रेष्ठले भतिजी नाताकी श्रेष्ठलाई पत्नी बनाएपछि त्यहाँको समाजले हाडनाताभित्र विवाह गरेको भनी सामाजिक बहिष्कार गरे।

### दुर्व्यवहार

गेलु गाविस-२ की ८० वर्षीया चिनादेवी खड्कालाई ०६५ कात्तिक २६ गते सोही स्थानका भरत कार्कीले बोक्सीको आरोपमा कुटपिट गरे। राती छिमेकी ललितबहादुरको घरमा धामी राखेको हेर्न गएकी ती वृद्धालाई रक्सी खाएर मातेका कार्कीले मेरी पत्नीलाई बोक्सी लगाउने यही हो भन्दै भुत्ल्याएर घिस्याउँदै बाहिर ल्याई मुड्की, लात्ती र पानी खाने अम्खरालेकुटपिट गरेको पीडित महिलाले बताइन्। पिटाइका कारण उनका शरीरमा ठाउँठाउँमा नीलडाम बसेका थिए। पीडितले कात्तिक २९ गते प्रहरीमा उजुरी गरिन्। प्रहरीले उजुरी दर्ता गरी कारवाही अगाडि बढाएको जनायो। (फोटो छ )

### सबै प्रकारका जातीय विभेद

बिजुलीकोट गाविस-६ कोटगाउँकी ३० वर्षीया मैना तामाङ, ३३ वर्षीया फूलमाया तामाङ, १९ वर्षीय गुञ्जबहादुर तामाङ बिजुलीकोट-९ की ४५ वर्षीया साङमाया तामाङ, ५३ वर्षीया शकुन्तला तामाङ, ३३ वर्षीया निमा तामाङ र ५७ वर्षीया साङमाला तामाङलाई ०६५ वैशाख १५ गते जातीय छुवाछूतको विषयमा भएको विवादमा माओवादीका स्थानीय कार्यकर्ताहरू बिजुलीकोट गाविस-२ निवासी ४४ वर्षीय गोपालराज तामाङ, बिजुलीकोट-९ निवासी ५५ वर्षीय मानबहादुर तामाङ तथा वाईसीएलका कार्यकर्ता २५ वर्षीय हीरालाल तामाङको टोलीले कुटपिट गरी घाइते बनायो। बिजुलीकोट गाविस-६ का अम्बरबहादुर तामाङकी छोरी कुमारी तामाङको विवाहको भोजमा बाजा बजाउन आएका दमाईलगायतका दलितहरूलाई माओवादीका स्थानीय कार्यकर्ताहरूले भान्सामा हुलिदिएको भन्दै विवाहमा आएका स्थानीय गाउँले र जन्तीहरू विवाह भोज नखाई हिँडेका कारण आमा समूहका महिलाहरूले माओवादीको सो कार्यको विरोध जनाएका थिए। सोही विषयमा भएको विवादमा माओवादीले महिलामाथि कुटपिट गरेका थिए। साँझ साढे ७ बजेतिर भएको सो घटनाका घाइतेमध्ये मैना तामाङको मन्थलीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याई उपचार गरियो। उनलाई वाईसीएलका कार्यकर्ता हीरालालले चक्कुले हानेर दाहिने हात्केलोमा गहिरो चोट लागेको घाइतेका पति सिंहबहादुर तामाङले बताए। घटनामा दुई जना माओवादी कार्यकर्ता पनि घाइते भएका थिए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### संरचना, सम्पति क्षति

### माओवादीबाट

जिल्ला विकास समिति अन्तर्गतको ड्रिलिप योजनाले मन्थली-गाल्बा सडक निर्माणका लागि खोलेको टेन्डर फारम दर्ता गराउन गएका निर्माण व्यवसायीहरूलाई ०६४ माघ २ गते माओवादीनिकट वाईसीएलका कार्यकर्ताहरूले टेन्डर फारम दर्ता गराउन रोक लगाए। ३ करोड रुपियाँको सो टेन्डरको फारम दर्ता गर्ने म्याद जिविसले ०६४ माघ ३ गतेसम्म तोकेको थियो। टेन्डरका लागि फारम किन्न ०६४ माघ २ गते जिल्ला विकास समितिमा निर्माण व्यवसायीहरू प्रवेश गर्नुअगाडि नै बिहान १० बजेदेखि लाठी बोकेका वाईसीएलका कार्यकर्ताहरूले जिल्ला विकास समितिमा घेरेका थिए। उनीहरूले ठेक्का भागबन्डामा मिलाउनु पर्ने भन्दै व्यवसायीहरूलाई फारम किन्न र दर्ता गर्न रोक लगाएका थिए। वाईसीएलका कार्यकर्ता मात्र होइन, काठमाडौँदेखि गएका भाडाका मानिसहरूले पनि व्यवसायीहरूलाई फर्म दर्ता गराउन रोक्नका लागि गस्ती गरेका थिए।

मन्थली नगर विकास समितिको कार्यालयमा ०६४ फागुन १७ गते बिहानदेखि वाईसीएलका कार्यकर्ताले घेराउ गरी कार्यालयले खोलेको व्यावसायिक भवन निर्माणको टेन्डरमा निर्माण व्यवसायीलाई प्रतिस्पर्धामा टेन्डर फारम दर्ता गराउन दिएनन्। उनीहरूले फारम दर्ता गराएकाहरूलाई पनि धम्क्याएर फारम फिर्ता लिन लगाए। मन्थली नगर विकास समितिले मन्थली बजारमा व्यावसायिक भवन निर्माणका लागि करिब एक करोड रुपियाँको टेन्डर आह्वान गरेको थियो। सो कार्यका लागि फारम दर्ता गर्ने अन्तिम दिन फागुन १७ गते रहेको थियो। निर्माण

फारम दर्ता गर्न रोक लगाउनका लागि ०६४ फागुन १५ गतेदेखि नै कार्यालय समयमा कार्यालय घेराउ गर्ने गरेका थिए। तर, फागुन १७ गते भने बिहानदेखि नै उनीहरूले कार्यालयमा घेराउ गरेका थिए। घटनामा माओवादी जिल्ला इञ्चार्ज राजन दाहालको पनि प्रत्यक्ष संलग्नता थियो।

मन्थलीबाट माओवादी कार्यकर्ताले रामेछापस्थित डिभिजन खानेपानी कार्यालयमार्फत सञ्चालन हुने विभिन्न खानेपानी योजनाका लागि जीआई पाइप खरिद गरी ढुवानी गर्ने काठमाडौँको स्मार्ट सप्लायर्स कम्पनीको भुक्तानी भएको रकमको ड्राफ्ट ०६५ साउन २२ गते कब्जामा लिए। सप्लायर्सले खानेपानी डिभिजनबाट रकम भुक्तानी लिएको जानकारी पाएपछि माओवादीका कार्यकर्ताले कमिसन मागेका थिए। तर, कम्पनीका कर्मचारीले कमिसन नदिएपछि माओवादीका जिल्ला इञ्चार्ज राजन दाहालकहाँ पुऱ्याएका थिए। करिब १९ लाख रुपियाँको काम पाएको सप्लायर्सले भुक्तानी लिन बाँकी रहेको ४ लाख रुपियाँको बैंक ड्राफ्ट बनाएर हिँड्ने अवस्थामा कम्पनीका कर्मचारीहरू माओवादी कब्जामा परेका थिए। माओवादीले उनीहरूसँग मागेको रकम दिन कर्मचारीले नमानेपछि उनीहरूलाई दिनभर माओवादीको मन्थली गाविस-४ स्थित हाटेचौरमा रहेको कार्यालयमा राखी भोलिपल्ट उपस्थित हुने सर्तमा छोडेका थिए। तर, भोलिपल्ट माओवादीलाई थाहा नदिई ड्राफ्ट बोकेर काठमाडौँ जान लागेका ती कर्मचारीलाई माओवादीका कार्यकर्ताले बसपार्कमा समातेका थिए। उनीहरूले बरु पूरै ड्राफ्ट छाड्ने तर पैसा नदिने जनाएपछि माओवादीले ड्राफ्ट कब्जामा लिएका थिए। कब्जा गरिएको ड्राफ्ट पछि माओवादीबाट खानेपानीका कर्मचारीले बुझेर कम्पनीमा पठाइदिएका थिए।

# २.६ दोलखा

जनसङ्ख्या : २,३२,७९७
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): २,१९१
गाविस/नपा सङ्ख्या : ५१/१
सरकारी/निजी विद्यालय : ३७६/१२
क्याम्पस/उच्च मा.वि. : ३/१०
अस्पताल/स्वास्थ्य चौकी : १/५४
मानव विकास सूचकाङ्क : ०.४५०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## जेल र बन्दीहरू

जिल्ला कारागार शाखा चरिकोटको क्षमता ३५ जनाको रहेको छ। यस वर्षको अन्त्यमा यस कारागार शाखामा जम्मा ३१ बन्दी रहेका छन्। जसमा कैद नतोकिएका २३ जना पुरुष थुनुवाहरू रहेका छन् भने कैद तोकिएकामा दुई जना महिला र छ जना पुरुष गरी आठ जना रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत् आदि भौतिक पूर्वाधार सामान्य रहेको छ। बन्दीहरूको स्वास्थ्य परीक्षण नियमित रूपमा नै हुने गरेको छ भने पत्रपत्रिका, रेडियो, टीभी तथा खेलकुदका लागि क्यारेमबोर्ड, चेस, लुडोको व्यवस्था रहेको छ।

## कुटपिट/धम्की

### अन्यबाट

भिमेश्वर नपा-१ स्थित गौरीशंकर बहुमुखी क्याम्पसमा प्राध्यापकहरूको बैठक बसिरहेको समयमा अनेरास्ववियू (क्रान्तिकारी) का जिल्ला नेता अर्जुनबहादुर योगीले मोसो दल्ने प्रयास गरे। मोसो दल्ने प्रयास पछि

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ६ | ३ | ३ | | ६ | | | |
| घाइते | ३ | ३ | | | ३ | ३ | ३ | ३ |
| कुटपिट | १० | ११ | ३ | | १४ | ५ | ६ | ६ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | १ | ४ | ४ |
| महिलाअधिकार | ७ | | ७ | | ७ | | | |
| बालअधिकार | २ | | १ | १ | २ | | | |
| अमानवीय व्यवहार | १ | | १ | | १ | | | |
| जम्मा | ३९ | १७ | १५ | १ | ३३ | ८ | १३ | १३ |

विद्यार्थीहरू बीच भएको झडपमा योगी लगायत माओवादी कार्यकर्ता शहरे गाविस-४ का शम्भु फुयाल र प्रहरी अर्जुन सुवेदी घाइते भए। घाइतेहरूको चरिकोट स्थित च्छोरोल्पा पोलिक्लिनिकमा उपचार भयो। उक्त घटना राजनीतिक सहमतिका आधारमा मिलापत्र भयो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

भीमेश्वर नपा-३ का ३४ वर्षीय जगत सुवेदी र सोही ठाउँका ४० वर्षीय कमलप्रसाद सुवेदीलाई ०६४ चैत १३ गते माओवादीका स्थानीय कार्यकर्ता सोही ठाउँका २१ वर्षीय कृष्णकुमार थामी, २३ वर्षीय रामचन्द्र थामी, १७ वर्षीय देवेन्द्र थामी र १७ वर्षीय सुरेन्द्र थामीले छिमेकमा संविधानसभा चुनाव प्रचारमा घरदैलो कार्यक्रममा ढुङ्गा प्रहार गरी घाइते बनाए। पीडितहरूले स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गराए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४३ थान मुद्दामध्ये १३ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका २९ थान मुद्दामध्ये छ थान फर्स्यौट भए। यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १५ थान मुद्दामध्ये छ थान फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १६ थान मुद्दामध्ये तीन थान फर्स्यौट भए। देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६८ थान मुद्दामध्ये १४ थान मुद्दा फर्स्यौट भए भने यसवर्ष दर्ता भएका ४९ थान मुद्दामध्ये चार थान मात्र फर्स्यौट भए। यस वर्षको अन्त्यसम्म १ सय ८० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जिल्ला अदालत दोलखामा पाँच वर्ष नाघेका मुद्दाहरूको सङ्ख्या छैन।

### बालअधिकार

जिरी गाविस-९ की १८ वर्षीया इन्दिरा नेपालीले ०६५ असोज १४ गते बच्चा जन्माई घरनजिकैको जङ्गलमा फालिन्। पीडक हाल पुर्पक्षका लागि थुनामा छन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मकवानपुर जिल्ला पदमपोखरी गाविस-९ घर भई झुले गाविस-३ मा बस्दै आएकी राम्रोसँग बोल्न नजान्ने एक युवतीलाई ०६५ साउन ३ गते दिउँसो झुले गाविस-३ निवासी ३५ वर्षीय गङ्गाबहादुर कार्कीले बलात्कार गरेको भन्दै मानवअधिकार संस्था हुराडेक नेपालकी शर्मिला थापाले पीडितका तर्फबाट मुद्दा दायर गरेकामा पीडक जिल्ला अदालतको आदेशले साधारण तारेखमा छुटेका छन्।

### पारिवारिक हिंसा

सुनखानी गाविस-९ की ५२ वर्षीया फाटिकालक्ष्मी सिवाकोटीलाई ०६५ कात्तिक २३ गते सोही वडाका देवर नाता पर्ने ४४ वर्षीय हरिवंश सिवाकोटीले पुख्यौंली सम्पत्तिका कारण खुकुरी प्रहार

*क्याम्पसमा भएको झडपमा घाइते भएका अनेरास्ववियु क्रान्तिकारीका नेता अर्जुनबहादुर योगी*

गरी घाइते बनाए। पीडक बिरामी भएकाले साँझ हेर्न गएको समयमा खुकुरी प्रहारबाट पीडितको हातको औंला काटे। पीडक हाल पुर्पक्षका लागि थुनामा छन्।

### बहुविवाह

भीमेश्वर नपा-२ का २२ वर्षीया विष्णुमाया थामीका पति २२ वर्षीय विष्णु थामीले सोही वडाकी २१ वर्षीया सन्तोषी श्रेष्ठसँग दोस्रो विवाह गरे। पीडित विष्णुमायाले ०६४ फागुन २१ गते जिल्ला अदालतमा बहुविवाहको मुद्दा दर्ता गरिन् । तर, पीडकहरू धरौटीमा रिहा भए।

भीमेश्वर नपा-२ का ३४ वर्षीया सुशीला जोशीका पति ३९ वर्षीय शैलेन्द्र जोशीले ०६५ साउन २६ गते सोही वडाकी निशा राजभण्डारीसँग दोस्रो विवाह गरे। पीडितले सोही दिन बहुविवाहको मुद्दा दायर गरेकामा पीडक १७ हजार रुपियाँ धरौटीमा रिहा भए।

मेलुङ गाविस-९ की २४ वर्षीया कविता खत्रीका पति गोपाल खत्रीले सोही गाविसकी १८ वर्षीया रीता खड्कासँग ०६५ मङ्सिर २८ गते दोस्रो विवाह गरे। पीडितले कानुनी कारबाहीका लागि प्रहरी कार्यालयमा उजुरी दिएकामा पीडकहरू अनुसन्धानका क्रममा हिरासतमा रहेका छन्।

## २.७ रौतहट

जनसङ्ख्या : ६,७७,२६१
साक्षरता प्रतिशत : ४०
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.): १,१२६
गाविस/नपा सङ्ख्या : ९६/१
सरकारी/निजी विद्यालय : २९९/२०
क्याम्पस/उच्च मा.वि. : ३/७
अस्पताल/स्वास्थ्य चौकी : १/९७
मानव विकास सूचकाङ्क : ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्या : ६.८९

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रूपले बाँच्ने अधिकार
### हत्या
### राज्यबाट

रघुनाथपुर गाविस-१ निवासी तराई आर्मीका केन्द्रीय अध्यक्ष ३० वर्षीय मिस्टर जोन भनिने कौशलकुमार सहनी र सोही ठाउँका २७ वर्षीय महन्त सहनीलाई ०६५ भदौ १४ गते बिहान प्रहरीले गोली प्रहार गरी हत्या गऱ्यो। प्रहरीले भने सो घटनालाई दोहोरो भिडन्त भएको जनायो। सो घटनामा मृतकहरूको साथबाट प्रहरीले नौ एमएमको राइफल एक थान र सोमा लाग्ने चार राउन्ड गोली, नलकटुवा बन्दुक एक थान र सोमा लाग्ने गोली चार राउन्ड, मोबाइल र डायरीसमेत बरामद गरेको थियो। भदौ १३ गते राती रघुनाथपुर गाविस-१ का रामप्रिय सहनीलाई मिस्टर जोनसहित तराई आर्मीका कार्यकर्ताहरूले गोली प्रहार गरी घाइते बनाएपछि सर्चमा गएको प्रहरी टोलीसँग आर्मीका कार्यकर्ताहरूको १४ गते बिहान साढे ३ बजेको समयमा रघुनाथपुर र जिङ्गडिया गाविसको

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | १४ | १५ | ४ | १९ | | | | | १ | २ | | | २ |
| घाइते | १८ | ३३ | १० | ४३ | | | | | २ | २ | | | २ |
| गिरफ्तारी/यातना | | | | | | | | | ३ | १४ | | | १४ |
| कुटपिट | | | | | १ | १ | | १ | २ | ४ | १ | | ४ |
| धम्की | | | | | २ | १ | १ | २ | १ | ६ | ३ | १४ | २४ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | | २ | ३ | | २३ | २६ |
| महिलाअधिकार | ६ | | ६ | ६ | | | | | | | | | |
| बालअधिकार | ४ | | ४ | ४ | | | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | २ | २ | | २ | | | | | | | | | |
| अमानवीय व्यवहार | १ | २ | | २ | | | | | | | | | |
| अपहरण | १० | १४ | | १४ | | | | | | | | | |
| जम्मा | ५६ | ६६ | २५ | ९१ | ३ | २ | १ | ३ | ११ | ३२ | ४ | ३६ | ६३ |

बीच सडकको कल्भर्टमा भिडन्त भएको प्रहरीले जनायो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

समनपुर गाविस-६ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का ४ नं. सैन्य कमान्डर ३२ वर्षीय श्रीभगवान् साहलाई ०६४ चैत ३ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले उनको घरबाट अपहरण गरी पिपरा रजवाडा गाविसभन्दा २ सय मिटरपूर्व वाग्मती नदीको किनारमा लगी गोली प्रहार गर्नुका साथै घाँटी रेटी हत्या गरे। साहको लास गौर अस्पतालमा पोस्टमार्टम गरी परिवारलाई बुझाइयो।

गम्हरिया पर्सा गाविस-६ का ३० वर्षीय नासिर मियाँ कवारीलाई ०६४ चैत ११ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले उनकै घरबाट अपहरण गरी घरभन्दा दुई किमि पूर्व वाग्मती नदीको किनारमा लगी गोली प्रहार गरी हत्या गरे। मृतकको लास पोस्टमार्टम गरी परिवारलाई बुझाइयो।

### तराई आर्मीबाट

सिन्धुली जिल्ला महेन्द्रझाडी गाविस-२ का ५० वर्षीय सानुमङ्गल राई र भारत मोतीहारी जिल्ला जयनगरकी ६५ वर्षीया लीलादेवी कायस्थको ०६५ जेठ ३२ गते साँझ पूर्वपश्चिम राजमार्गको चन्द्रनिगाहपुरमा रहेको बसपार्कमा तराई आर्मीले बम विस्फोट गराउँदा मृत्यु भयो। सो घटनामा चार बालबालिकासहित १४ जना घाइते भए। विस्फोटनमा परी घाइते हुनेहरूमा धनुषा जिल्ला महेन्द्रनगरका बालबालिकाहरू रोशनकुमार चौधरी, रमाकुमारी चौधरी, अस्मिताकुमारी चौधरी, मुन्नाकुमारी जयसवाल, बालकुमार चौधरी, सर्लाही जिल्ला कर्मैयाका देवी बुढाथोकी, सोही ठाउँकी रेखा बराल, रौतहट जिल्ला पौराई गाविस-१ का २८ वर्षीय ज्ञानविक्रम विक, रौतहट जिल्ला पतौरा गाविसका दरोगाप्रसाद साह, रौतहट जिल्ला चन्द्रनिगाहपुर गाविस-४ का ३० वर्षीय चन्द्रप्रसाद पौडेल रहेका थिए। घाइतेहरूको प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा उपचार गरी थप उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जमा पठाइएकामा चन्द्रप्रसाद पौडेलको वीरगञ्जमा उपचार हुन नसकेकाले काठमाडौँमा उपचार भयो।

जुडीबेला गाविस-३ की २३ वर्षीया शीला सिञ्जालीमगर, उनकै दुई वर्षीया छोरी श्रृष्टि सिञ्जालीमगर र बारा जिल्ला सिमरा निवासी पाँच वर्षीय दिवस थापामगरको ०६५ असोज २८ गते साँझ चन्द्रनिगाहपुरमा तराई आर्मी र राष्ट्रिय तराई मुक्ति सेनाले बम विस्फोट गराउँदा मृत्यु भयो। सो बम विस्फोटनमा परी बारा जिल्ला महेन्द्रनगरका २३ वर्षीय विशाल श्रेष्ठ, सोही ठाउँकी २२ वर्षीया मञ्जु श्रेष्ठ, बारा जिल्ला गञ्जभवानीपुर गाविसका ४५ वर्षीय

**तालिका : २**

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | जतमुमो(ज्वाला सिंह)बाट | | | | पिपुल्स आर्मीबाट | | | तराई आर्मीबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ३ | ३ | | ३ | | | | ३ | ३ | ३ | ५ |
| घाइते | | | | | | | | ६ | १६ | ५ | २१ |
| महिलाअधिकार | १ | | १ | १ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | १ | | १ | | | | | | | |
| अपहरण | ४ | ६ | | ६ | ३ | ४ | ४ | | | | |
| जम्मा | ८ | ९ | १ | १० | ३ | ४ | ४ | ८ | १८ | ८ | २६ |

| घटनाको प्रकार | तराई कोब्राबाट | | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १ | १ | | १ | ५ | ७ | | ७ |
| घाइते | १ | १ | १ | २ | ७ | १३ | ३ | १६ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | १ | १ | | १ |
| अपहरण | | | | | ३ | ३ | | ३ |
| जम्मा | २ | २ | १ | ३ | १६ | २४ | ३ | २७ |

पन्नालालप्रसाद कलवार, सर्लाही जिल्ला राजघाट निवासी २८ वर्षीय छविन्द्र केसी, रौतहट जिल्ला कर्कच कर्मैया गाविसका ५५ वर्षीय सुखलदास तत्मा र सोही ठाउँका नारायण पटेल घाइते भए। घाइतेहरूको प्राथमिक स्वास्थ केन्द्र चन्द्रनिगाहपुरमा उपचार भयो।

### तराई कोब्राबाट

गौर नपा-२ का नौ वर्षीय धवल राय यादवको गौर नपा-५ स्थित राइस मिलमा ०६५ मङ्सिर ६ गते साँझ तराई कोब्राले सकेट बम विस्फोट गराउँदा मृत्यु भयो। सोही घटनामा उनका दाजु २२ वर्षीय वीरबहादुर राय यादव र गौर नपा-५ की १७ वर्षीया स्वस्तिका सिंह घाइते भए। गौर नपा-५ स्थित राइस मिलमा कात्तिक २६ गतेदेखि सञ्चालन भएको मध्यमाञ्चल महोत्सवको अन्तिम दिन साँझ महोत्सव सञ्चालन भएको स्थानमा सकेट बम विस्फोटन गराएको थियो। घाइतेहरूको गौर अस्पतालमा उपचार भयो।

### अज्ञात समूहबाट

हजमिनिया गाविस-७ भेडियाहीका ४० वर्षीय सेख नुरसिदलाई ०६५ जेठ २८ गते साँझ अज्ञात समूहले अपहरणपछि हातखुट्टा बाँधी दाहिने कुम र बायाँ स्तनमाथि एक-एक गोली प्रहार गरी हत्या गऱ्यो। पीडितको लास २९ गते दिउँसो राजपुर तुलसी गाविस-५ स्थित झाँझ नदीको किनारामा गाडिएको अवस्थामा प्रहरीले फेला पारेको थियो। मृतकको लासको पोस्टमार्टम गरी परिवारलाई बुझाइयो।

लक्ष्मीपुर गाविस-१ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का ५ नं. एरिया सेक्रेटरी ३० वर्षीय खहेरु देवानलाई ०६५ असोज १० गते अज्ञात समूहले कनकपुर गाविस-५ स्थित जङ्गलमा टाउकोमा एक गोली प्रहार गरी हत्या गऱ्यो। देवानको लासको प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा पोस्टमार्टम गरी परिवारलाई बुझाइयो।

धरहरी गाविस-४ निवासी श्री निम्नमाध्यमिक विद्यालय प्रेमपुर गोनाहीका शिक्षक ४० वर्षीय

*प्रहरीको गोलीद्वारा हत्या गरिएका तराई आर्मीका अध्यक्ष कौशल सहनी र कार्यकर्ता महन्त सहनी*

सुनीलप्रसाद यादवलाई ०६५ कात्तिक ७ गते साँझ अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। विद्यालयमा नियमित पढाइ सकेर विद्यालयको कक्षाकोठामा ट्युसन पढाइरहेका शिक्षक यादवलाई दुई जनाको समूहले कोठाभित्र प्रवेश गरी गोली प्रहार गरी हत्या गरेको थियो। पीडित मधेसी शिक्षक फोरम रौतहट क्षेत्र नं. ३ का अध्यक्षसमेत रहेका थिए।

### आफ्नै विस्फोटक पदार्थबाट

सरुअठा गाविस-२ का पिन्टु सिंह भनिने २२ वर्षीय त्रिलोकप्रताप सिंह र सोही गाविस-९ का २३ वर्षीय ओसी अख्तर मिया कवारी र नाम ठेगाना खुल्न नसकेका एक जना भारतीय नागरिकसहित तीन जनाको ०६४ चैत २७ गते राती बम बनाउने क्रममा विस्फोटन भई मृत्यु भयो। नेपाली काङ्ग्रेसका रौतहट जिल्ला सभापति तथा सोही पार्टीका क्षेत्र नं. २ का संविधानसभा सदस्य उम्मेदवार (हाल सभासद्) महमद अफताव आलमले निर्वाचनको दिन बुथ क्याप्चर गर्न आफ्नै राजपुर फरहदवा गाविस-४ स्थित घरमा बम बनाउन लगाउँदा सो घटना भएको पीडितले पक्षले बतायो। सो घटनामा धेरै व्यक्ति मारिएको र घाइते भएकाले नजिकै रहेको इँटाभट्टाका लगि मृतक तथा घाइतेलाई जलाइएको स्थानीय प्रत्यक्षदर्शी तथा विभिन्न राजनीतिक दलका उम्मेदवारले जानकारी गराए पनि प्रहरीले त्यहाँ घटना नै नभएको भनी अनुसन्धान गरेन। पीडित परिवारका तर्फबाट त्रिलोकप्रताप सिंहका बाबु श्रीनारायण सिंह र ओसी अख्तरकी आमा रुखसाना खातुनले महमद अफताव आलमसहित चार जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिए पनि दर्ता गरिएन। घटनाको इन्सेकलगायत संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो। पीडित परिवारका तर्फबाट दिइएको जाहेरी प्रहरीले दर्ता नगरेकामा इन्सेकलगायतका मानवअधिकार संस्थाको पहलमा ०६५ वैशाख १८ गते जाहेरी दर्ता गरे पनि घटनामा प्रमाण नपुगेको भन्दै जिल्ला सरकारी वकिल कार्यालय रौतहटले मुद्दा चलाउन नमिल्ने निर्णय गरेको थियो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते राज्यबाट

जुडीबेला गाविस-३ का २४ वर्षीय दीपक मैनालीलाई ०६५ असोज २८ गते प्रहरीले चन्द्रनिगाहपुरमा गोली प्रहार गरी घाइते बनायो। चन्द्रनिगाहपुरमा तराई आर्मी र राष्ट्रिय तराई मुक्ति सेनाले बम विस्फोट गराउँदा तीन जनाको घटनास्थलमा नै मृत्यु भएको तथा एक दर्जनभन्दा बढी व्यक्तिहरू घाइते भएको घटनाको विरोधमा आक्रोशित स्थानीय बासिन्दाद्वारा चन्द्रनिगाहपुरमा प्रदर्शन गर्दा प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन हवाई फायर गर्दा उनी घाइते भएका थिए। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र चन्द्रनिगाहपुरमा प्राथमिक उपचार गरी नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा थप उपचार भयो।

### तराई आर्मीबाट

गौर नपा-१ का ७० वर्षीय खेमचन्द्र खण्डेवाल, सोही नपा-१ का ३० वर्षीय पवनकुमार, सोही नपा-१ का प्रमोद कर्ण र सोही नपा-४ की ४० वर्षीया पार्वतीदेवी ०६५ जेठ १ गते दिउँसो तराई आर्मीले सकेट बम विस्फोट गराउँदा घाइते भए। गौर नपा-१ स्थित राजेश मेडिकल पसलमा औषधि किन्ने बहानामा आएका व्यक्तिले झोला छाडेर गएको १० मिनेटमा बम विस्फोट भएको पीडितहरूले बताए। पीडितमध्ये

खण्डेवालको वीरगञ्ज र अन्य घाइतेहरूको गौर अस्पतालमा उपचार भयो।

सर्लाही जिल्लाको बरहथवाबाट काठमाडौँतर्फ जान लागेको ना२ख ४०९७ नं.को चण्डिका ट्राभल्स यात्रुबाहक रात्रिबस चन्द्रनिगाहपुरमा रोकिराखेको अवस्थामा ०६५ असार २ गते साँझ एक्कासि आगलागी हुँदा बसमा यात्रा गरिरहेका २८ वर्षीया उषा राई र ४१ वर्षीय लालबहादुर कार्की घाइते भए। सो बसमा सर्लाहीको मलङ्गवामा नाइट्रोजन बम राखी आगलागी गराइएको भन्दै घटनाको तराई आर्मीले जिम्मेवारी लियो। घाइतेहरूको स्थानीय क्लिनिकमा उपचार भयो।

रघुनाथपुर गाविस-१ का ३५ वर्षीय रामप्रिय सहनीलाई ०६५ भदौ १३ गते राती तराई आर्मीका केन्द्रीय अध्यक्ष मिस्टर जोन भन्ने कौशलकुमार सहनीको नेतृत्वमा गएको टोलीले राती ८ बजेको समयमा पीडितकै घरमा गोली प्रहार गरी घाइते बनायो। घाइते सहनीको छातीमा गोली लागेकाले काठमाडौँ शिक्षण अस्पतालमा उपचार भयो। गोली प्रहार गर्नेमध्येका तराई आर्मीका कार्यकर्ता रघुनाथपुर गाविस-१ का ५० वर्षीय महेन्द्र सहनीलाई प्रहरीले हतियारसहित गिरफ्तार गरेकामा हाल उनी ज्यानमार्ने उद्योग मुद्दा अन्तर्गत पुर्पक्षका लागि थुनामा रहेका छन्।

### अज्ञात समूहबाट

लौकाहा गाविस-२ की ६० वर्षीया झपसिया कुर्मिनी, सोही गाविस-२ की १० वर्षीया मीराकुमारी पटेल, सोही गाविस-२ की ४० वर्षीया समरियादेवी पटेल र राजपुर फरहदवा गाविस घर भएका ३७ वर्षीय रामबाबु साहलाई ०६४ चैत १७ गते राती अज्ञात हतियारधारी समूहले गोली प्रहार गरी घाइते बनायो। आफ्नै घरमा सुतिरहेका उनीहरूलाई राती १२ बजेको समयमा छ/सात जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले गोली प्रहार गरी घाइते बनाएको थियो। घाइतेमध्ये झपसिया कुर्मिनीको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज र अन्यको गौर अस्पतालमा उपचार भयो।

बञ्जरहा गाविस-४ निवासी तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ता ३२ वर्षीय सञ्जय सिंहलाई ०६४ चैत २५ गते राती बञ्जरहा र औरैया गाविसको बीच बाटोमा अज्ञात समूहले बम प्रहार गरी घाइते बनायो। पीडितको आँखा र टाउकोमा चोट लागेकाले नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

*अज्ञात समूहद्वारा मारिएका खहेरु देवान*

गौर नपा-१ का ५५ वर्षीय देवप्रयाग गुप्ता, ५० वर्षीय हरिमोहन गुप्ता, मुडवलवा गाविस घर भएका राजाराम राय यादव र सोही गाविसका विनोद साह ०६५ वैशाख ८ गते साँझ गौर नपा-१ स्थित सडकमा बम विस्फोट हुँदा घाइते भए। रौतहट उद्योग वाणिज्य सङ्घका अध्यक्षसमेत रहेका पीडित देवप्रयाग गुप्ताको गङ्गा सागर इम्पोरियम पसलअगाडि सडकमा अज्ञात समूहले बम विस्फोट गराएका थिए। घाइतेमध्ये विनोद साहको भारत सीतामढी र अन्यको गौर अस्पतालमा उपचार भयो।

सखुअवा धमौरा गाविस-५ निवासी रूपा नेपाली पाल मावि धमौरामा कक्षा ८ मा अध्ययनरत १६ वर्षीय राजकिशोर राय यादव, सोही गाविस-८ घर भई सोही विद्यालयमा कक्षा ६ मा अध्ययनरत १२ वर्षीय प्रयाग साह, सोही गाविस-२ घर भई सोही विद्यालयमा कक्षा ६ मा अध्ययनरत १३ वर्षीय राकेश पण्डित र गरुडा गाविस घर भई सोही विद्यालयमा कार्यरत शिक्षक ३८ वर्षीय राजेन्द्र साह ०६५ जेठ २९ गते बिहान विद्यालयमा बम विस्फोट हुँदा घाइते भए। विद्यालयभन्दा १ सय मिटर पूर्वमा रहेको खोलामा भेटिएको बेवारिसे सकेट बम विद्यार्थीहरूले फेला पारी विद्यालयमा ल्याएर खेलाउँदा विस्फोटन हुन गई उनीहरू घाइते भएका थिए। घाइतेहरूको प्राथमिक स्वास्थ केन्द्र चन्द्रनिगाहपुरमा प्राथमिक उपचार गरी नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा थप उपचार भयो।

गरुडा गाविस-८ का ३२ वर्षीय बच्चा देवानलाई ०६५ कात्तिक १० गते राती अज्ञात समूहले डुमरिया मटिऔन गाविस-४ स्थित एक काठ चिरान मिलमा खाना खान लागेको अवस्थामा गोली प्रहार गरी घाइते बनायो। घाइते देवान नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचारपछि घर फर्किए।

घटनाको कसैले जिम्मेवारी लिएन।

पौराई गाविस-१ का ३५ वर्षीय मणिराज श्रेष्ठलाई ०६५ कात्तिक २२ गते अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। आफ्नो घरभन्दा पूर्वतर्फको चिया पसलमा बिहान ७ बजेको समयमा चिया खान लागिरहेको अवस्थामा मोटरसाइकलमा आएका दुई जनाले उनलाई कञ्चटमा गोली प्रहार गरी मोटरसाइकलमा चढी फरार भएका थिए। घाइते श्रेष्ठको काठमाडौ बाँसबारीस्थित न्युरो हस्पिटलमा उपचार भइरहेको छ। गोली हान्ने समूहको वा२०प ४२५४ नम्बरको मोटरसाइकल प्रहरीले बरामद गरे पनि उनीहरूलाई हालसम्म गिरफ्तार गर्न सकेको छैन।

जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत प्रहरी जवान भूमोचन झा ०६५ मङ्सिर १५ गते साझ जिल्ला प्रहरी कार्यालय रौतहटको परिसरनजिकै अज्ञात समूहद्वारा सकेट बम विस्फोट गराउँदा घाइते भए। मोटरसाइकलमा आएका दुई जनाले प्रहरी कार्यालयको पश्चिमतिरबाट सकेट बम विस्फोट गराउँदा कार्यालय परिसरमा रहेको भगवती मन्दिरमा पूजा गरिरहेको बेला झा घाइते भएका थिए। घाइते झाको गौर अस्पतालमा उपचार भयो।

### झडपबाट

इलाका प्रहरी कार्यालय शिवनगर रौतहटका प्रहरी र तराई मुक्तिका कार्यकर्तावीच ०६५ भदौ ५ गते राती दोहोरो भिडन्त हुँदा बरियारपुर गाविस-४ का अशोककुमार यादव घाइते भए। राती ८ बजेको समयमा २०-२५ जनाको समूहमा रहेका हतियारधारी समूहले इलाका प्रहरी कार्यालय शिवनगरमा आक्रमण गरेपछि भएको दोहोरो भिडन्तमा आक्रमणकारीमध्येका यादव घाइते भएका थिए। घाइते यादवको खुट्टामा गोली लागेकाले गौर अस्पतालमा उपचारपश्चात् हातहतियार खरखजाना अन्तर्गत मुद्दा चलाएकामा हाल उनी गौर कारागारमा थुनामा रहेका छन्।

### जेल र बन्दीहरू

वि.सं. १९९० मा निर्मित 'ग' श्रेणीको गौर कारागारको बन्दी क्षमता ७५ जनाको रहे पनि १ सय ३० जनासम्म बन्दीहरू रहने गरेका छन्। पुरुष र महिला बन्दी गृह अलग्गै रहेको यस कारागारमा यस वर्षको अन्त्यमा महिला तीन जना, पुरुष ९५ जना र बन्दीसँग आश्रित नाबालक दुई जनासमेत जम्मा १ सय जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद तोकिएका

*तराई आर्मीद्वारा गराइएको बम विस्फोटमा परी मृत्यु भएका सानुमंगल राई*

महिला दुई जना र पुरुष ३७ जना गरी ३९ जना तथा कैद नतोकिएका महिला एक र पुरुष ५८ जना गरी ५९ जना थुनुवाहरू रहेका छन्। कारागारमा पुरुष बन्दीतर्फ चार र महिला बन्दीतर्फ तीनओटा शौचालय रहेका छन्। खानेपानीका लागि पुरुष बन्दी गृहमा तीनओटा ट्युबवेल र दुईओटा धारा र महिला बन्दी गृहमा एकओटा ट्युबवेल र दुईओटा धारा रहेका छन्। बन्दीहरूलाई मनोरञ्जनको साधनमा टीभी छओटा, टेबलटेनिस बोर्ड, पुस्तकालय रहेको छ। पुरुष बन्दीगृह दुईतल्ले रहे पनि सुरक्षाका कारण बन्दीहरूलाई छतमा जान निषेध गरिएको छ। यस कारागारमा ०६५ कात्तिक १७ गतेदेखि दुई वर्षीया प्रियङ्का कुमारी महतो र पाँच वर्षीय विवेक महतो उनीहरूका आमा कृष्णादेवी महतोसँगै थुनामा रहेका छन्। ती नाबालकहरूलाई रौतहट जिल्ला अदालतको आदेशले ०६५ कात्तिक २१

*प्रहरीको गोलीबाट घाइते भएका दीपक मैनाली*

गतेदेखि सिदा तथा कपडा उपलब्ध गराइएको जेलर महेन्द्र दासले बताए।

### बेपत्ता/अपहरण

#### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

चन्द्रनिगाहपुर गाविस-१ का ५५ वर्षीय कृष्णबहादुर थापालाई ०६४ चैत ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले अपहरण गरे। डुमरिया मटिऔन गाविस-४ बालचनपुरमा रहेको आफ्नो इँटाभट्टामा बसिरहेको समयमा तीनओटा मोटरसाइकलमा आएका मोर्चाका कार्यकर्ताले पीडितको मोटरसाइकलसहित अपहरण गरे। मोर्चाले पीडितको परिवारसँग ५ लाख फिरौती रकम माग गरेकामा परिवारले २ लाख रुपियाँ फिरौती रकम बुझाई ०६४ चैत ८ गते सखुअवा धमौरा गाविस-७ हरसाहाबाट पीडित मुक्त भए।

सङ्ग्रामपुर गाविस-५ सुन्दरपुर टोलका राजकुमार साह र सोही गाविस-५ का सीताराम साहलाई ०६५ वैशाख २० गते साँझ सखुअवा धमौरा गाविस-७ हरसाहा टोलबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले काठ तस्करी गरेको आरोपमा अपहरण गरे। पीडितहरूलाई ०६५ वैशाख २१ गते बिहान रघुनाथपुर गाविसबाट मुक्त गरे।

खेसरहिया गाविस-४ निवासी माधोपुर गाविसका सचिव ३७ वर्षीय गङ्गाराम राय यादव र बिसुनपुर्वा मानपुर गाविस-८ निवासी माधोपुर गाविसका प्राविधिक सहायक ३० वर्षीय प्रमोद राय यादवलाई ०६५ जेठ ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले शिवनगर बजारभन्दा दक्षिणतर्फबाट अपहरण गरे। पीडतहरूसँग जनही १६ हजार रुपियाँ फिरौती रकम लिई ०६५ जेठ ४ गते मुक्त गरे।

*अज्ञात समूहको बम विस्फोटनमा परी घाइते भएका प्रहरी जवान भूमोचन झा*

लक्ष्मीपुर गाविस-९ हरिहरपुर टोलका ४० वर्षीय रामविश्वास साहलाई ०६५ जेठ २२ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले सुराकीको आरोपमा उनकै घरबाट अपहरण गरे। पीडितलाई उनकै आफन्तको जिम्मामा जेठ २३ गते बिहान जिल्लाको अज्ञात स्थानबाट मुक्त गरे।

#### पिपुल्स आर्मीबाट

पौराई गाविस-२ का ५२ वर्षीय तुलसी महतो कुसवाहलाई ०६५ जेठ ६ गते राती पिपुल्स आर्मीका कार्यकर्ताहरूले पीडितकै घरबाट अपहरण गरे। कुसवाहको खोजी गर्न गएको प्रहरीले उनलाई जेठ ७ गते दिउँसो पौराई गाविस-३ स्थित जङ्गलबाट सकुशल मुक्त गरायो।

जिल्ला वन कार्यालय रौतहटमा कार्यरत वन रक्षक ठगु महरा, सुरेन्द्रप्रसाद गुप्ता र नवीन चौधरीलाई ०६५ साउन २९ गते नेपाल पिपुल्स आर्मीका कार्यकर्ताहरूले अपहरण गरे। कार्यालयको कामले जिल्लाको गैँडाटार रेञ्जपोस्ट अन्तर्गतको जङ्गलमा वृक्षारोपण क्षेत्रको रेखदेखमा खटिएका समयमा उनीहरूलाई आर्मीका १०-१२ जनाको हतियारधारी समूहले अपहरण गरेका थिए। अपहरित तीनै जनालाई रौतहटका सञ्चारकर्मीको रोहवरमा साउन ३२ गते साँझ गैँडाटार इलाकाबाट मुक्त गरे।

#### जनतान्त्रिक तराई मुक्ति मोर्चा (किसन सिंह )बाट

दिपही गाविस-४ निवासी दिपही र जयनगर गाविसका सचिव ४५ वर्षीय विश्वनाथप्रसाद साहलाई ०६५ वैशाख १८ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (किसन सिंह)का कार्यकर्ताले गाविसको रकम हिनामिना गरेको आरोपमा पीडितकै घरबाट अपहरण गरे। पीडितलाई वैशाख २२ गते सखुअवा धमौरा गाविस-७ हरसाहाबाट मुक्त गरे।

#### अज्ञात समूहबाट

सोनरनिया गाविस-१ का ७० वर्षीय देवान ठाकुर लोहारलाई ०६४ फागुन १ गते राती अज्ञात समूहले उनकै घरबाट अपहरण गरी फागुन २ गते साँझ जिल्लाको अज्ञात स्थानबाट मुक्त गऱ्यो।

हथियाही गाविस-२ का ९ वर्षीय मेघु साहलाई ०६४ फागुन २९ गते बिहान सोही गाविसको छेदी चोकबाट अज्ञात समूहले अपहरण गऱ्यो। सो चोकमा

खेल्न गएका पीडितलाई चार-पाँच जनाको समूहमा आएका हतियारधारी समूहले अपहरण गरेको पीडितको परिवारले जनायो। पीडितलाई फिरौती रकम लिएर ०६४ चैत ३ गते मुक्त गरे।

कनकपुर गाविस-८ का ५८ वर्षीय माधवप्रसाद गौतमलाई ०६४ चैत १८ गते अज्ञात समूहले अपहरण गरेको पीडितका परिवारले जनाए। नेकपा संयुक्तका तर्फबाट क्षेत्र नं. ५ का संविधानसभा सदस्य पदका उम्मेदवार रहेका गौतम चुनाव प्रचार-प्रसारका क्रममा लक्ष्मीनियाँ गाविसमा गएका बखत अपहरणमा परेको पीडितका छोरा दीपक गौतमले बताए। गौतम ०६४ चैत २१ गते परिवारको सम्पर्कमा आएका थिए। गौतमले आफूलाई कसले अपहरण गरी बेपत्ता बनाएको हो भन्ने सम्बन्धमा बताउन चाहेनन्।

### धम्की/कुटपिट

### राज्यबाट

सङ्ग्रामपुर गाविस-४ निवासी कम्युनिकेसन कर्नरका रौतहट संवाददाता २८ वर्षीय मदन ठाकुर, पिपरिया दोस्तीया गाविस-६ निवासी स्थानीय *नारायणी* साप्ताहिकका संवाददाता ३४ वर्षीय अरुणकुमार यादव, मिठुअवा गाविस निवासी तराई क्रान्ति साप्ताहिकका संवाददाता २५ वर्षीय दिनेश देहाती र गेडही गुठी गाविस निवासी स्थानीय *क्राइम केयर* साप्ताहिकका संवाददाता २८ वर्षीय रामगरी मुखियालाई ०६४ फागुन १४ गते प्रहरीले गरुडा बजारमा लाठी प्रहार गरी घाइते बनायो। संयुक्त मधेसी लोकतान्त्रिक मोर्चाका कार्यकर्ता र प्रहरीबीच झडप भएको स्थानमा समाचार सङ्कलन गर्न गएका पत्रकारहरूलाई परिचय पत्र देखाउँदा समेत कुटपिट गरिएको पीडितहरूले बताए। प्रहरीको कुटपिटबाट मदन ठाकुरको हात भाँचिएको र रामगिर मुखियाको टाउकोमा १२ ओटा टाँका लगाइएको थियो। पत्रकारहरूले परिचय खुल्ने कुनै चिन्ह नलगाएकाले नचिनेर लाठी प्रहार गरेको प्रहरीले जनायो।

ब्रम्हपुरी गाविस-१ निवासी संविधानसभा सदस्य पदका उम्मेदवार ( हाल सभासद्) बबन सिंहको घरमा ०६४ चैत १४ गते राती प्रहरीले छापामारी परिवारका सदस्यहरूलाई कुटपिट गर्नुका साथै मार्ने धम्की दियो। धम्कीपछि ६५ वर्षीय जगरनाथ सिंह, ६२ वर्षीया सुशीला सिंह, ४५ वर्षीय शङ्कर सिंह, ४० वर्षीया रेणु सिंह, ३२ वर्षीय धीरेन्द्र सिंह, ३० वर्षीया सुधा सिंह, २६ वर्षीय नितेश्वर सिंह, २४ वर्षीय शैलेन्द्र सिंह, २२ वर्षीय मनोज सिंह, १८ वर्षीया प्रिती सिंह, १६ वर्षीया ब्यूटी सिंह, ११ वर्षीया साक्षी सिंह, आठ वर्षीय शुभम् सिंह, १६ वर्षीया निकु सिंह, १० वर्षीया रिसु सिंह, आठ वर्षीय राजन सिंह र एक वर्षीया बालिकासमेत २४ जना विस्थापित भई जिल्ला सदरमुकाम गौरमा आएर बसोबास गरे। बबन सिंहलाई सरकारले ०६४ भदौ १६ गते काठमाडौँमा भएको बमकाण्डको नाइके भनी नाम सार्वजनिक गरी उनको नाममा वारेन्ट जारी गरेको थियो। पीडितहरू संविधानसभाको निर्वाचनपछि ०६५ वैशाख ५ गते आफ्नो घर फर्किए।

*तराई आर्मीले गराएको बम विस्फोटनमा परी घाइते भएका दरोगाप्रसाद साह*

गौर भन्सारका कर्मचारीहरूलाई ०६५ असोज ६ गते जिल्ला प्रहरी कार्यालय गौरका प्रहरीहरूले कुटपिट गर्नुका साथै दुर्व्यवहार गरे। रौतहटको बञ्जराहा नाकाबाट प्रहरीले ०६५ असोज ४ गते गिरफ्तार गरेको ४२ ओटा गाईलाई भन्सारका कर्मचारीहरूले सस्तो मूल्यमा लिलाम गरेको भन्दै जिल्ला प्रहरी कार्यालयका प्रहरीले भन्सार कार्यालयका कर्मचारीहरूलाई हातपात गरेका थिए। कर्मचारीमाथि दुर्व्यवहार गर्ने प्रहरीलाई कुनै कारबाही भएन।

नेपाल पत्रकार महासङ्घले आह्वान गरेको विरोधको कार्यक्रम अन्तर्गत ०६५ मङ्सिर १६ गते रौतहटका सञ्चारकर्मीहरूले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन-पत्र बुझाउन जाँदा सुरक्षाकर्मीले दुर्व्यवहार गरे। कैलालीका सञ्चारकर्मी जगतप्रसाद जोशीको हत्याको विरोधमा पत्रकारहरूको टोलीले जुलुससहित ज्ञापन-पत्र बुझाउन गएको अवस्थामा प्रमुख जिल्ला अधिकारीको कार्यालयको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूले मुख्य ढोका बन्द गरी सीडीओ नभएको भन्दै कम्पाउन्डभित्र प्रवेश गर्न नदिनुका साथै सुरक्षाकर्मीले लाठीचार्ज गर्ने धम्की दिएकाले पत्रकारहरू ज्ञापन-पत्र नबुझाई फर्किएका थिए।

### माओवादीबाट

चन्द्रनिगाहपुर गाविस-३ का २७ वर्षीय गोपाल फुयाल र सोही ठाउँका ३० वर्षीय विष्णुप्रसाद फुयाललाई ०६४ चैत १२ गते एमालेको प्रचार-प्रसार गरेको भन्दै माओवादी कार्यकर्ता सोही ठाउँका ३२

वर्षीय बुद्धिप्रसाद तिमल्सिनाले कुटपिट गर्नुका साथै एमालेको प्रचारमा नलाग्न धम्की दिए। संविधानसभामा एमालेका तर्फबाट क्षेत्र नं. ६ का उम्मेदवार रहेका एमाले महासचिव माधवकुमार नेपालको सो वडामा घरदैलो कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा माओवादी कार्यकर्ताहरू तिमल्सिनासहित अन्य ८-१० जनाको समूहले एमाले नेता नेपाललाई कालो झन्डा देखाउँदा एमाले कार्यकर्ताहरूले विरोध गरेपछि माओवादी कार्यकर्ताहरूले फुयालद्वयलाई कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्की दिएका थिए। कुटपिटमा संलग्न तिमल्सिनालाई प्रहरीले सोही दिन गिरफ्तार गरे पनि कारबाही नगरी साँझ रिहा गऱ्यो।

जुडिबेला गाविस-१ का एमालेका कार्यकर्ता पुण्यप्रभा थपलियाको घरमा ०६४ चैत २२ गते राती माओवादी कार्यकर्ताहरूले बम विस्फोट गराउनुका साथै उनको आँगनमा गएर गोलीसमेत फायर गरे। संविधानसभाको निर्वाचनमा एमालेको प्रचार-प्रसारमा खटिएकी थपलियालाई माओवादी कार्यकर्ता गोपाल जिम्वाको नेतृत्वमा गएको टोलीले एमालेको प्रचारमा नलाग्न धम्की दिएको थियो। माओवादीको धम्कीपछि पनि थपलिया एमालेको प्रचारमा लागेको भन्दै उनीहरूले बम विस्फोटन गराएका थिए। धम्की दिने माओवादी कार्यकर्ताहरूउपर इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा उजुरी दिइए पनि कुनै कारबाही भएन।

### वाईसीएलबाट

चन्द्रनिगाहपुर गाविसले आव ०६५/६६ को लगाएको पटके र एरिया लोडिङको ठेक्का बदर गर्न ०६५ असार ८ गते वाईसीएलका कार्यकर्ताले गाविस सचिवलाई चेतावनी दिए। गाविस कार्यालयमा गई वाईसीएलले आफूसँग समन्वय नगरी ठेक्का लगाएको भन्दै ठेक्का बदर गर्न चेतावनी दिएको र बदर नगरे गाविसमा तालाबन्दी गरिने धम्की दिएको गाविस कार्यालयले जनायो।

### गैरकानुनी गिरफ्तारी

हजमिनिया गाविस-६ का अवदेश साह, चन्द्रनिगाहपुर गाविस-१ का राजेश साह, मेश गुप्ता, कटहरिया गाविस-८ का रामाशङ्कर साह, गौर नपा-२ का भरत तिवारी, राजेश तिवारी, सोही ठाउँका आकाश तिवारी, भारत सीतामढीका विनोद कुमार, गौर नपा-२ का तेजनारायण तिवारी, चन्द्रनिगाहपुर-५ का राजेश साह र रामसुरत साहसहित ११ जनालाई ०६५ असोज २८ गते राती प्रहरीले गिरफतार गऱ्यो। तराई आर्मी र राष्ट्रिय तराई मुक्ति सेनाले २८ गते साँझ चन्द्रनिगाहपुरमा बम विस्फोट गराउँदा तीन जनाको मृत्यु भएको तथा एक दर्जनभन्दा बढी व्यक्तिहरू घाइते भएको घटनामा उनीहरूलाई शङ्काका आधारमा गिरफ्तार गरिएको प्रहरीले जनायो। पीडितहरूलाई इलाका प्रहरी कार्यालय गरुडामा राखी अनुसन्धानपछि घटनामा संलग्न नरहेको भन्दै ०६५ कात्तिक २ गते साँझ मात्र रिहा गऱ्यो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

जुडिबेला गाविस-१ का एमाले कार्यकर्ता ३८ वर्षीय हर्कबहादुर एस्माली मगरलाई ०६४ चैत २५ गते राती माओवादी कार्यकर्ताहरूले मार्ने धम्की दिनुका साथै उनको घरमा ढुङ्गा प्रहार गरे। संविधानसभाको निर्वाचनमा एमालेको प्रचार-प्रसार गरेको भन्दै माओवादी कार्यकर्ताहरूले उनलाई मार्ने धम्की दिएको पीडित एस्मालीले बताए। धम्की दिने माओवादी कार्यकर्ताहरूउपर कारवाहीका लागि इलाका प्रहरी

*बेवारिसे बम विस्फोटन भई घाइते भएका बालकहरू राकेश पण्डित, राजकिशोर राय र प्रयाग साह*

कार्यालय चन्द्रनिगाहपुरमा निवेदन दिइए पनि कुनै कारबाही भएन।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

रौतहट जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म गत वर्षको जिम्मेवारी सरेर आएको १ हजार ३३ सहित जम्मा १ हजार ७ सय ६८ थान मुद्दा रहे। जसमा देवानी मुद्दातर्फ १ हजार ३ सय ३४ थान, दुनियाँवादी फौजदारीतर्फ ३ सय ४४ थान र सरकारवादी फौजदारीतर्फ ९० थान रहेका छन्। जसमध्ये ४ सय ५९ थान मुद्दा फर्स्यौट भई १ हजार ३ सय ९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। फर्स्यौट हुन बाँकी रहेका मुद्दाहरूमा देवानी ९ सय ७१ थान, दुनियाँवादी फौजदारी २ सय ६६ थान र सरकारवादी फौजदारीमा ७४ थान रहेका छन्। यसैगरी, सो अदालतमा दुई वर्ष नाघेका मुद्दाहरूमा देवानी २९ थान, दुनियाँवादी फौजदारी १० थान र सरकारवादी फौजदारी दुई थानसमेत जम्मा ४१ थान रहेको अदालतले जनाएको छ।

देवाही गाविस-३ का ३० वर्षीय रामाशिष राय यादवलाई ०६५ जेठ १३ गते राती सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय गौरले हतियारसहित गिरफ्तार गऱ्यो। सशस्त्र प्रहरीले यादवलाई जेठ १४ गते नै जिल्ला प्रहरी कार्यालय रौतहटलाई बुझाएकामा प्रहरीले दुई दिनपछि मात्र म्याद थप गराई हातहतियार मुद्दा चलाई ०६५ असार ५ गतेदेखि कारागारमा थुनामा रहेकामा नेपाल सरकार मन्त्रिपरिषद्को मिति ०६५ कात्तिक ११ गतेको निर्णयले उनको मुद्दा फिर्ता भएका कारण उनी ०६५ मङ्सिर ४ गते कारागारबाट रिहा भए।

## बालअधिकार

बारा जिल्ला कचोर्वा गाविस-८ की १३ वर्षीया बबिताकुमारी यादवलाई ०६४ माघ २० गते सोही ठाउँका ३२ वर्षीय तपसी साह कानुले रौतहट जिल्लाको कनकपुर गाविसस्थित लालवकैया नदीको किनारमा लगि बलात्कार गरी हत्या गरे। रौतहटको शिवनगरमा लागेको मेलाबाट पीडितलाई साइकलमा राखी घर पुऱ्यादिन्छु भन्दै पीडकले लगेकामा दिउँसो ३ बजेको समयमा सो नदीको किनारमा लगी बलात्कार गरी शरीरका विभिन्न भागमा काटी हत्या गरेको पीडित बालिकाका बाबुले बताए। पीडकउपर जिल्ला प्रहरी कार्यालय रौतहटमा कर्तव्य ज्यान मुद्दा चले पनि पीडक साह फरार रहेको प्रहरीले जनायो।

*नेपाल पिपुल्स आर्मीद्वारा अपहरण गरिएका वन कर्मचारीहरू ठगु महरा, सुरेन्द्रप्रसाद गुप्ता र नवीन*

लक्ष्मीपुर गाविस-१ की चार वर्षीया एक बालिकालाई ०६४ चैत ६ गते सोही ठाउँका १८ वर्षीय मजुल्लाह देवान, ४५ वर्षीय अकवर देवान र सोही ठाउँका २५ वर्षीय सलिम देवानले बलात्कार गरे। पीडित बालिकाका बाबुआमा खेतमा काम गर्न गएको अवस्थामा बालिकालाई फकाई पीडकहरूले घरनजिकैको मकैबारीमा लगी बलात्कार गरेको पीडित बालिकाकी आमाले बताइन। पीडकहरूउपर जबरजस्ती करणी अन्तर्गत मुद्दा दायर गरे पनि हालसम्म उनीहरू फरार रहेका छन्।

भषेडवा गाविस-६ की ११ वर्षीया एक बालिकालाई ०६५ साउन २५ गते सोही ठाउँका २५ वर्षीय राकेश कुशवाहले गाउँ नजिक पर्ने लालबकैया नदीको छेउमा भैंसी चराउन गएको मौका छोपी बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी जबरजस्ती करणी अन्तर्गत मुद्दा दायर गरेकामा रौतहट जिल्ला अदालतको आदेशले पीडक हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

विश्रामपुर गाविस-९ की ११ वर्षीया एक बालिकालाई ०६५ भदौ ९ गते सोही ठाउँ बस्ने २६ वर्षीय राधेश्याम राउत कुर्मी र सोही ठाउँका २८ वर्षीय भोला राउत कुर्मीले गाउँनजिकै रहेको बाँसघारीमा लगेर सामूहिक बलात्कार गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी जबरजस्ती करणी अन्तर्गत मुद्दा चलाइएकामा हाल पीडकहरू दुवै जना पुर्पक्षका लागि थुनामा रहेका छन्।

मुडवलवा गाविस-७ की १३ वर्षीया एक वालिकालाई ०६५ भदौ २७ गते साँझ सोही गाविस-१ का २२ वर्षीय आलोक यादव, २३ वर्षीय अखिलेश यादवसहित चार-पाँच जनाको समूहले हातखुट्टा बाँधी घाँटी थिचेर सामूहिक बलात्कार गऱ्यो। स्थानीय माविमा कक्षा ८ मा अध्यनरत रहेकी ती बालिका साँझ

करिब ७ बजेको समयमा घरबाट दिसा गर्न निस्केको अवस्थामा पीडकहरूले पीडित बालिकालाई समातेर स्कुलभित्र लगी सामूहिक बलात्कार गरेको पीडित बालिकाको बुबाले बताए। जिल्ला प्रहरी कार्यालय रौतहटले पीडितको जाहेरी दरखास्त दर्ता गरी पीडकहरूउपर रौतहट जिल्ला अदालतमा जबरजस्ती करणी मुद्दा दायर गरे पनि पीडकहरू फरार रहेका छन्।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बारा जिल्ला निजगढ गाविस-६ की १९ वर्षीया एक युवतीलाई ०६४ फागुन ६ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताहरूले अपहरण गरी चार दिनसम्म सामूहिक बलात्कार गरी मुक्त गरे। उनीसँगै अपहरण गरेका अन्य चार युवतीलाई मोर्चाका कार्यकर्ताहरूले यौन दुर्व्यवहार गरी पाँच घन्टापछि मुक्त गरेका थिए। रङ्गपुर गाविस-५ कटानीटोलको एक घरमा विवाह भइरहेको अवस्थामा मोर्चाका ५०-६० जनाको हतियारधारी समूहले आक्रमण गरी स्थानीय बासिन्दालाई कुटपिट गर्नुका साथै लुटपाटसमेत गरेको थियो। ०६४ फागुन १० गते अपहरित युवतीलाई खोजतलास गर्न गएको प्रहरी टोलीलाई देखी मोर्चाका कार्यकर्ताहरू ती युवतीलाई गम्हरिया विर्ता गाविसमा छाडी भागेपछि उनी प्रहरीको सम्पर्कमा आएकी थिइन्। अपहरण र बलात्कारमा संलग्न भएकाहरूउपर किटानी जाहेरी दिइएकामा प्रहरीले महमदपुर गाविस-६ का उमाशङ्कर राय यादव र गम्हरिया बिर्ता गाविस-३ का गोपी राउतलाई ०६५ पुस १६ गते गिरफ्तार गरी मुद्दा चलाएकामा दुवै जना पुर्पक्षका लागि थुनामा रहेका छन्।

इनर्वा गाविस-३ की ५० वर्षीया एक महिलालाई ०६५ मङ्सिर २२ गते राती सोही ठाउँका २२ वर्षीय अजयप्रसाद पटेल, सोही गाविस-१ का २५ वर्षीय सुरेश गिरी, २२ वर्षीय प्रेमकिशोर भन्ने गोनुप्रसाद पटेल र सोही ठाउँका २३ वर्षीय छोटेलाल पटेलले पीडितकै घरमा बलात्कार गरे। पीडकहरूउपर प्रहरीमा कारबाहीका लागि निवेदन दिए पनि हालसम्म उनीहरू फरार रहेका छन्।

*पति, ससुरा तथा सासुद्वारा दाइजो नल्याएको भनी कुटपिट गरिएकी संगीतादेवी साह*

### गर्भपतन

औरैया गाविस-४ की २८ वर्षीया रञ्जुदेवीलाई ०६५ वैशाख २५ गते सोही ठाउँ बस्ने ५५ वर्षीय राजहरण साह कानु, ३५ वर्षीय राजेश्वर साह कानु, ३८ वर्षीय नागेन्द्र साह कानु, ३७ वर्षीय उमाशङ्कर साह कानुसमेतले फलामको रड, लाठीले कुटपिट गरी छ महिनाको गर्भपतन गराए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी गर्भपतन ऐन अन्तर्गत मुद्दा चलाएकामा रौतहट जिल्ला अदालतको आदेशले उनीहरू ०६५ जेठ २९ गते साधारण तारेखमा रिहा भए।

देवाही गाविस-२ की २५ वर्षीया रीना कुमारीलाई ०६५ असार २३ गते सोही ठाउँ बस्ने ४६ वर्षीय उमेश राउत कुर्मी, ३७ वर्षीय राजेश राउत कुर्मी, २२ वर्षीय सन्तोष राउत कुर्मी र १७ वर्षीय विकास राउत कुर्मीसमेतले औषधी खुवाई छ महिनाको गर्भपतन गराए। पीडकहरूउपर प्रहरीमा गर्भपतन गराएको सम्बन्धमा जाहेरी दिइएकामा पीडकमध्येका विकास राउत कुर्मी गिरफ्तारमा परी मुद्दा चलाएको अदालतमा पीडक नाबालक भएको प्रमाण पेस गरेकाले उनी तारेखमा छुटेका र अन्य पीडकहरू हालसम्म फरार रहेका छन्।

### पारिवारिक हिंसा

सङ्ग्रामपुर गाविस-८ की १६ वर्षीया रीतादेवी साहलाई भनेजति दाइजो नल्याएको भन्दै ०६४ पुस २५ गते उनकै ससुरा बिगु साह, पति गजेन्द्र साहलगायत घरपरिवारका व्यक्तिले कुटपिट गरी घरमा ताल्चा लगाई बेपत्ता भएपछि उनी सोही दिनदेखि घरअगाडि आँगनमा आमरण अनशनमा बसिन्। पीडितलाई स्थानीय भद्रभलादमी र सङ्घसंस्थाका प्रतिनिधिहरूले ०६४ माघ ५ गते घरमा बस्ने व्यवस्था मिलाए। कुटपिट गर्ने पीडितका ससुरा र पतिलाई प्रहरीले गिरफ्तार गरे पनि कुनै कारबाही नगरी रिहा गऱ्यो।

गौर नपा-३ की ३० वर्षीया सङ्गीतादेवी साहलाई उनकै पति उदयप्रसाद साह, ससुरा विश्वनाथप्रसाद साह, सासू श्रीपतीदेवी साह, नन्द सुनीताकुमारी साह, देवर विजयकुमार साह र भान्जा विवेककुमार साहले दाइजो कम ल्याएको र नराम्री भएकी भन्दै ०६५ असार ८ गतेदेखि घरमै थुनी कुटपिट गरे। पीडितका छिमेकीहरूले सो घटना थाहा पाएपछि

असार १० गते पीडितलाई उद्धार गरी जिल्ला प्रहरी कार्यालयमा बुझाए। कुटपिटबाट पीडितका चारओटा दाँत भाँचिएको र टाउकोमा सातओटा टाँका लगाइएको थियो। कुटपिटमा संलग्न पीडितका ससुरा विश्वनाथप्रसाद साह र भान्जा विवेककुमार साहलाई स्थानीय बासिन्दाले प्रहरीसमक्ष बुझाए पनि पीडकहरूलाई कुनै कारबाही नगरी रिहा गऱ्यो।

### दुर्व्यवहार

रघुनाथपुर गाविस-५ की ५२ वर्षीया राधिकादेवी तेलिनलाई ०६५ असार १ गते राती उनकै छिमेकी जोखु मिया, मोकदम मिया, सराजुल मिया, मेराजुल मिया, रेयाजुल मियासमेतले बोक्सीको आरोपमा गाली-बेइज्जती गर्नुका साथै घरमा आगजनी गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा पीडकहरूउपर कारबाहीका लागी उजुरी दिए पनि प्रहरीले पीडकलाई कुनै कारबाही नगरी असार ११ गते दुवै पक्षलाई मिलापत्र गरायो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विभिन्न भूमिगत सङ्गठनहरूले चन्दा माग्ने र नदिए मार्ने धम्की दिएका कारण जिल्लाका ९६ गाविसका सचिवहरूले आव ०६४/६५ को दोस्रो किस्तादेखिको विकास बजेट निकासा गराएनन्। विकास बजेट निकासा नगराएका कारण गाविसहरूको विकास निर्माणको काम रोकियो। जिल्ला विकास समितिबाट बजेट निकासा गराएको थाहा भएपछि भूमिगत सङ्गठनहरूले फोनबाट र भेटेर रकम माग्ने गरेकाले निकासा नगराएको सचिवहरूले बताए।

### संरचना, सम्पति क्षति, सम्पति कब्जा, चन्दा

जिल्लाको उत्तरी क्षेत्रमा भूमिगत सङ्गठन नेपाल पिपुल्स आर्मीले चन्दा उठाउने क्रम तीव्र बनायो। विभिन्न व्यक्ति तथा कर्मचारी र शिक्षकहरूसँग २० हजार रुपियाँदेखि एक लाख रुपियाँसम्म चन्दा रकम माग गरिएको पीडितहरूले बताए।

तराई विस्फोट फोर्स नामक भूमिगत सङ्गठनका संयोजक डान नं. १ को नामबाट हस्ताक्षर गरिएको पत्रबाट ०६५ भदौ ५ गते रौतहट चन्द्रनिगाहपुरका व्यापारीहरूसँग १ लाखदेखि ५ लाख रुपियाँसम्म चन्दा माग गरी पत्र पठाएको व्यापारीहरूले बताए। पत्रमा तराईमा पहाडियाहरूको शासनलाई ध्वस्त बनाउन सशस्त्र सङ्घर्ष गर्नुपर्ने भएकाले रकम दिन आग्रह गरिएको जनाइएको थियो।

काठमाडौँ निवासी अशोक काजीको सन्तपुर दोस्तीया गाविसमा रहेको १८ बिघा जग्गा ०६५ भदौ २० गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का एरिया सेक्रेटरी मिस्टर डानको नेतृत्वमा गएका सात-आठ जनाको समूहमा रहेका कार्यकर्ताहरूले कब्जा गरे। जग्गाधनी अशोक काजीले जनतालाई शोषण गरेकाले जग्गा कब्जा गरेको मोर्चाका सेक्रेटरी मिस्टर डानले सञ्चारकर्मीलाई टेलिफोन गरी बताएका थिए।

घरेलु तथा साना उद्योग कार्यालय गौरका प्रमुख रामनारायण झाको गौर नपा-५ स्थित घरमा ०६५ असार ११ गते दिउँसो तराई आर्मीले सकेट बम विस्फोट गराए। विस्फोटबाट कुनै मानवीय क्षति नभए पनि घरमा सामान्य क्षति पुगेको थियो। साइकलमा आएका दुई जना मूलगेटबाट भित्र प्रवेश गरी बम छाडेर गएको पाँच मिनेटमा नै विस्फोट भएको झाले बताए। घटनाको तराई आर्मीले जिम्मेवारी लिँदै प्रमुख झाले जनतालाई शोषण गरेकाले विस्फोटन गराइएको जनायो।

## २.८ बारा

जनसङ्ख्या : ७,०६,०९८
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,१९०
गाविस/नपा सङ्ख्या : ८९/१
सरकारी/निजी विद्यालय : ३६५/६८
क्याम्पस/उच्च मा.वि. : २/१०
अस्पताल/स्वास्थ्य चौकी : १/९८
मानव विकास सूचकाङ्क : ०.३०९
प्रतिपरिवार सरदर सङ्ख्या : ६

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**राज्यबाट**

नरही गाविस-६ इटहरका ३७ वर्षीय चोकट राउत कुर्मीको ०६४ चैत २१ गते दिउँसो सादा पोसाकमा रहेका प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। प्रहरीले जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समूहका कार्यकर्ताहरूसँग भएको दोहोरो मुठभेडमा कुर्मीलाई कसको गोली लागेको निक्र्योल नभएको जनाए तापनि चैत २२ गते जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वपक्षीय बैठकले गठन गरेको छानबिन समितिले प्रहरीको गोलीले नै उनको मृत्यु भएको ठहर गरेको थियो। पीडित परिवारलाई ७ लाख रुपियाँ क्षतिपूर्तिबापत सरकारले उपलब्ध गरायो। सो घटनामा आक्रोशित गाउँलेको भीडले सादा प्रहरीको मोटरसाइकल बा८प ३५२७ र बा५प ५३९७ मा आगो लगाई क्षति पुऱ्याएका थिए।

पिप्राविर्ता गाविस-१ का अखिल तराई मुक्ति मोर्चाका बारा-पर्सा संयोजक ३५ वर्षीय विराट अवतार भनिने जीतेन्द्र तिवारीको ०६५ जेठ २४ गते बिहान पिप्राजब्दी गाविस-४ पसाहा पुलको पश्चिमा प्रहरीसँग भएको मुठभेडमा मृत्यु भएको प्रहरीले जनायो। कलैया अस्पतालमा सोही दिन पोस्टमार्टम गरी आफ्नै गाउँमा परिवारजनले लासको सद्गत गरे। प्रहरीले समातेर हत्या गरेको मृतकका परिवारजनले जेठ २६ गते सञ्चारकर्मीहरूसमक्ष दाबी गरे।

छातापिप्रा गाविसस्थित नारायणी रोलिङ मिल्स अगाडि ०६५ भदौ १३ गते भएको मजदुर र प्रहरीबीचको झडपमा गोली लागि सूर्य नेपाल प्रालिका मजदुर ४० वर्षीय केवल राउतको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा घाइते भएका त्रिवेणी सिलटेक्स प्रालिमा कार्यरत मजदुर छातापिपरा गाविस-५ निवासी २५ वर्षीय हरेराम यादवको सोही दिन राती नै उपचारका क्रममा काठमाडौँस्थित वीर अस्पतालमा मृत्यु भएको थियो। मृतक यादवको लास भदौ १४ गते शिक्षण अस्पतालमा पोस्टमार्टमपछि बारा जिल्ला छाता पिपरा लगी दाहसंस्कार गरियो। नारायणी रोलिङ् मिल्समा कार्यरत मजदुरले स्थायी हुनुपर्नेलगायतको माग राखी छातापिप्रामा सडक अवरुद्ध गरेको सडक खुलाउन गएका प्रहरी र मजदुरबीच भदौ १२ गते झडप भई व्यापक तनाव सिर्जना भएको थियो। मजदुरहरूले प्रहरीले अनावश्यक बल प्रयोग गरेको बताउँदै भदौ १३ गते वीरगञ्ज पथलैया औद्योगिक करिडोरको सम्पूर्ण उद्योग बन्द गरेकामा भएको झडपमा प्रहरीको गोली र लाठी प्रहारले मजदुरको मृत्यु हुनुका साथै कम्तीमा ३० जना मजदुर घाइते भएका थिए।

प्रस्टोका गाविस-६ का अखिल तराई मुक्ति मोर्चा बाराका सैन्यप्रमुख बत्तु भनिने नागेन्द्र यादवको ०६५ भदौ ४ गते दिउँसो बुनियाद गाविस- ९ मा प्रहरी मुठभेडमा मृत्यु भएको प्रहरीले जनायो। पोस्टमार्टमपछि लास आफ्नै गाउँमा परिवारजनले सद्गत गरे। मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूलाई परिवारजन तथा गाउँलेले प्रहरीले समातेर उनको हत्या गरेको बताए। तराई-मधेस लोकतान्त्रिक पार्टीले मृतक आफ्नो कार्यकर्ता रहेको र निजको मुठभेडमा नभई गिरफ्तारपछि हत्या गरेकाले छानबिन गरी दोषीलाई कारबाही गर्न र पीडित परिवारलाई क्षतिपूर्ति प्रदान गर्न माग गरेको थियो।

**जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट**

मोरङ जिल्ला याङ्गसिला गाविस-१ का ३२ वर्षीय खगेन्द्र लिम्बूको ०६४ फागुन १७ गते दिउँसो जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत)ले गोली प्रहार गरी हत्या गऱ्यो। म्यानपावर कम्पनीमा कार्यरत लिम्बूलाई मोटरसाइकल नं. बा२५प १५८५ बाट बञ्जरिया गाविस-४ मा ओराली टाउकोमा गोली हानेका कारण घटनास्थलमै उनको मृत्यु भएको थियो। पीडितकी पत्नीले हेटौँडामा उनको दाहसंस्कार गरिन्।

**जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट**

हर्दिया गाविस-२ चरमोहनाका ६५ वर्षीय हितलाल सिंहको ०६४ फागुन २९ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले हत्या गऱ्यो। भारतबाट घरतर्फ फर्कदै गर्दा बगही गाविस-१ नहरमा गोली प्रहार गरी उनको हत्या गरिएको थियो। ०६४ भदौ १३ गते प्रहरीले सिंहकै घरबाट जनतान्त्रिक तराई मुक्ति मोर्चाका जमुना सिंहलाई समातेर हत्या गरेको थियो। सरकारले निजको परिवारजनलाई क्षतिपूर्तिस्वरूप सात लाख रुपियाँ उपलब्ध गरायो।

छातापिप्रा गाविस-८ का आफ्ना पूर्वकार्यकर्ता ३० वर्षीय जीतेन्द्र महतो धानुकको ०६४ चैत १९ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले सङ्गठनविरुद्ध प्रहरीलाई सुराकी गरेको आरोपमा हत्या गऱ्यो। घाँटी र पेटमा छुरा प्रहार गरी हत्या गरिएको अवस्थामा छातापिप्रा-१ नितनपुरस्थित बगैँचामा चैत २० गते बिहान उनको लास फेला परेको थियो।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १८ | १७ | २ | १९ | ४ | ५ | ५ |
| घाइते | १५ | १३ | ७ | २० | | | |
| कुटपिट | १ | १ | | १ | | | |
| महिलाअधिकार | १ | | १२ | १२ | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | ५ | ७ | | ७ | | | |
| अपहरण | १० | १२ | | १२ | | | |
| जम्मा | ५० | ५० | २१ | ७१ | ४ | ५ | ५ |

पीडितले केही दिनअघि मात्र प्रहरीमा आत्मसमर्पण गरेका थिए। सरकारले पीडित परिवारलाई क्षतिपूर्तिस्वरूप सात लाख रुपियाँ उपलब्ध गरायो।

डुमरवाना गाविस-८ रजघट्टा निवासी सूर्य नेपाल सिमरामा कार्यरत ४० वर्षीय लीला लामिछानेको ०६५ असार ४ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले हत्या गरे। लामिछाने घर फर्कंदा डुमरवानाको दूधौरा खोलामा मोटरसाइकल नाउप ८९०२ बाट उनलाई ओह्राली दक्षिणतर्फ १.५ किमि टाढा लगेर कञ्चटमा गोली प्रहार गरी हत्या गरेको अवस्थामा लास राती ११ बजे भेटिएको थियो। असार ५ गते पोस्टमार्टमपछि स्थानीय बासिन्दाले दोषीलाई कारबाही र क्षतिपूर्तिको माग राखी सिमरा सडकमै लास राखी बाटो अवरुद्ध गरे। प्रशासनसँग असार ७ गते समझदारी भएपछि डुमरवानाको दूधौराखोलामा सद्गत गरियो।

### तराई जनशक्ति क्रान्तिकारी पार्टीबाट

बारा नरही-२ अनौनियाका २६ वर्षीय ओमप्रकाश चौधरीको ०६५ मङ्सिर ७ गते राती तराई जनशक्ति क्रान्तिकारी पार्टीका कार्यकर्ताले अपहरण गरी हत्या गरे। जितपुर भवानीपुर-३ स्थित जहुर अन्सारीको स:मिलमा काम गर्ने चौधरीको सो समूहले खाना खान निस्केका बखत अपहरण गरेको थियो। चौधरीको खोजीमा खटिएको प्रहरीले मङ्सिर ८ गते बिहान उनको लास बाराको परवानीपुरस्थित ताजपुर फारमनजिकमा टाउको र पिठ्यूँमा एक-एक गोली प्रहार गरी हत्या गरिएको अवस्थामा फेला परेको थियो। घटनाको जिम्मेवारी तराई जनशक्ति क्रान्तिकारी पार्टीका प्रकाण्डले लिए।

### तराई मुक्ति मोर्चा

रौहुवाई गाविस-५ निवासी तराई मुक्ति मोर्चाका पूर्व जिल्ला संयोजक गौरव भनिने ५१ वर्षीय नागेन्द्र पण्डित कुम्हालको ०६५ जेठ १६ गते साँझ तराई मुक्ति मोर्चाले हत्या गऱ्यो। वसन्तपुर गाविस-१ दक्षिणझिटकैया जाने बाटोको पसाहाखोलाको बाँधनजिक देब्रे आँखाभन्दा माथि निधारमा गोली प्रहार गरी हत्या गरिएको अवस्थामा त्यसै दिन लास फेला परेको थियो। परिवारजनले उनको जेठ १७ गते गाउँमै दाहसंस्कार गरे।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (रणवीर सिंह)बाट

अमृतगञ्ज गाविस-९ निवासी माओवादी कार्यकर्ता ३५ वर्षीय बसिरमिया अन्सारीको ०६५ असोज १ गते राती बिसुनपुर गाविस-७ स्थित औषधि पसलमा औषधि किन्दै गर्दा जनतान्त्रिक तराई मुक्ति मोर्चा ( रणवीर सिंह)का कार्यकर्ताले छातीमा गोली प्रहार गरी हत्या गरे। आफ्नो कार्यकर्ताको हत्याको विरोधमा माओवादीले असोज २ गते रातीसम्म कलैयामा यातायात बन्द गराएकामा जिल्ला प्रशासन कार्यालयमा भएको समझदारीपछि बन्द फिर्ता लिई लासको परिवारजनले गाउँमा दाहसंस्कार गरे।

### अखिल तराई मुक्ति मोर्चाबाट

कलैया नपा-८ का अधिवक्ता ५० वर्षीय

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटना को प्रकार | जतमुमो(ज्वाला) बाट | | | जतमुमो(गोइत) बाट | | | जतमुमो(रणविर) बाट | | | तराई मुक्ति मोर्चाबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ३ | ३ | ३ | २ | २ | २ | १ | १ | १ | १ | १ | १ |
| घाइते | | | | | | | | | | १ | १ | १ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | २ | २ | | | | | | | | | |
| जम्मा | ४ | ५ | ५ | २ | २ | २ | १ | १ | १ | २ | २ | २ |

| घटनाको प्रकार | तराई कोब्राबाट | | | | अज्ञातबाट | | | | तराई जनशक्ति कान्तिकारी पार्टीबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | ९ | ९ | १ | १० | १ | १ | १ |
| घाइते | १ | | १ | १ | १० | ९ | ६ | १५ | | | |
| कुटपिट | | | | | १ | १ | | १ | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | ४ | ५ | | ५ | | | |
| अपहरण | १ | १ | | १ | ९ | ११ | | ११ | | | |
| जम्मा | २ | १ | १ | २ | ३३ | ३५ | ६ | ४२ | १ | १ | १ |

जगदीश आर्चायलाई ०६५ जेठ ९ गते राती अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले हानेको गोली लागी गम्भीर घाइते भएकामा जेठ ११ गते दिउँसो काठमाडौँमा उपचारका क्रममा उनको मृत्यु भयो। आचार्यलाई उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज लगिएकामा थप उपचारका लागी काठमाडौँ लगिएको थियो। लासको सद्गत जेठ १२ गते परिवारजनले काठमाडौँमा नै गरे। सरकारले परिवारलाई क्षतिपूर्तिस्वरूप १० लाख रुपियाँ उपलब्ध गरायो।

### अज्ञात समूहबाट

बुनियाद गाविस-४ का सकलदेव साह केशरीको ०६४ पुस १७ गते राती अज्ञात समूहले जलाएर हत्या गऱ्यो। बउहरी गण्डक प्रहरी चौकीका अनुसार केशरीको स्थानीय आँपघारीमा हत्या गरेर परालको थुप्रोमा मृत शरीर राखी आगो लगाइएको थियो।

कलैया नपा-६ का फलफूल व्यापारी ३२ वर्षीय श्रवणकुमार साहलाई ०६४ माघ १७ गते अज्ञात समूहले हत्या गऱ्यो। गोली प्रहार गरी हत्या गरिएको अवस्थामा साहको लास माघ १७ गते दिउँसो मनहर्वा गाविस-६ टेग्रहर खोलाको छेउमा फेला परेको थियो। साहको लासको ०६४ माघ १९ गते परिवारले सद्गत गरे।

रतनपुरी गाविस-४ का ६५ वर्षीय रणबहादुर ठक्कर र ५० वर्षीया चन्द्रमाया ठक्करको ०६४ माघ २६ गते राती अज्ञात समूहले हत्या गऱ्यो। उक्त समूहले धारिलो हतियारको प्रयोग गरी निजकै घरमा हत्या गरिएको अवस्थामा माघ २७ गते बिहान उनीहरूको लास फेला परेको थियो।

महोत्तरी जिल्ला बर्दीवासका ५५ वर्षीय तीर्थराज ओझालाई ०६४ फागुन २९ गते पिपरा सिमरा गाविस-३ स्थित जङ्गलमा अज्ञात समूहले हत्या गरी लास फालेको अवस्थामा फेला परेकामा फागुन ३० गते उनको सनाखत भएको थियो। फिरौतीका लागि ओझालाई ०६४ फागुन १५ गते महोत्तरीबाट अपहरण गरिएको प्रहरीले जनायो।

मनहर्वा गाविस-४, सखुई निवासी ३४ वर्षीय ठागा चौधरी भनिने भैयाराम महतो बातरको ०६५ साउन १५ गते अज्ञात समूहले लाठीले पिटेर हत्या गऱ्यो। मृतकका परिवारजनले जिल्ला अस्पताल कलैयामा परीक्षणपछि दाहसंस्कारका लागी गाउँ लिएर गए।

कलैया नपा-७ निवासी ३० वर्षीय रसुलमिया अन्सारीको ०६५ असार २७ गते राती अज्ञात हतियारधारी समूहले दाहिने आँखामाथि एक राउन्ड गोली प्रहार गरी घाइते भएकामा कलैया अस्पतालमा र त्यसपछि नारायणी उपक्षेत्रीय अस्पतालमा प्राथमिक उपचार गरी थप उपचारका लागि काठमाडौँ लगिएकामा उपचारकै क्रममा असार २९ गते उनको मृत्यु भयो।

दहियार गाविस-९ बगडमपुरका ७० वर्षीय ठगा साह कलवारको ०६५ मङ्सिर १० गते राती अज्ञात हतियारधारी समूहले हानेको गोली लागी घटनास्थलमै मृत्यु भयो। गाउँनजिक खलियानमा आफ्नो धान कुरेर बसेको अवस्थामा उनलाई गोली प्रहार गरिएको थियो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### तराई कोब्राबाट

कलैया नपा-९ निवासी पन्नादेवी कन्या मावि कलैया नपा-७ का प्रधानाध्यापक ५५ वर्षीय निर्मला थसिनेकूलाई ०६५ पुस १० गते बिहान तराई कोब्राका कार्यकर्ताले विद्यालयमै गोली प्रहार गरी घाइते बनाए। थसिनेकूको छातीमा गोली लागेकामा कलैया अस्पतालमा र नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा प्राथमिक उपचार भयो। यस वर्षको अन्त्यसम्म उनको उपचार काठमाडौँ शिक्षण अस्पताल महाराजगञ्जमा भइरहेको छ।

### मधेसी जनमुक्ति क्रान्तिकारी पार्टीबाट

जितपुर गाविस-३ स्थित पशुपति कत्था उद्योगमा ०६४ वैशाख १२ गते राती मधेसी जनमुक्ति क्रान्तिकारी पार्टीका कार्यकर्ताले सुतली बम विस्फोट गराउँदा सोही उद्योगका गार्ड इन्द्रबहादुर श्रेष्ठ घाइते भए। उनको स्थानीय मेडिकल पसलमा उपचार भयो।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

कलैया नपा-५ का १० वर्षीय सञ्जीव क्षेत्री ०६४ माघ १६ गते संयुक्त जनतान्त्रिक मुक्ति मोर्चाले कलैया नपा-५ सडकछेउमा राखेको बम नचिनेर

*प्रहरीको गोलीद्वारा मारिएका हरेराम यादव*

खेलाउन खोज्दा विस्फोट भई घाइते भए। बमले उनको दाहिने खुट्टाको गोलीगाँठो फुट्यो। पीडितको वीरगञ्जमा उपचार भयो।

### तराई मुक्ति मोर्चाबाट

जितपुर गाविस-३ पहाडी टोलका ६ वर्षीय अर्जुनराज पुरी ०६५ कात्तिक ९ गते दिउँसो तराई मुक्ति मोर्चाले सोही स्थानमा राखेको बम चलाउँदा घाइते भए। बमको छर्रा लागि घाइते भएका पुरीको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा भयो।

### अज्ञात समूहबाट

पिप्रा सिमरा गाविस-३ का फलफूल व्यापारी २९ वर्षीय मुना विष्ट ०६४ माघ २६ गते राती अज्ञात समूहले पिप्रा सिमरा गाविस-३ स्थित स्थानीय बस काउन्टरनजिकै सुतली बम विस्फोट गराउँदा घाइते भए। पीडितको वीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भयो।

हरैया गाविस-६ का ४५ वर्षीय लक्ष्मीप्रसाद न्यौपानेलाई ०६४ फागुन २९ गते मोटरसाइकलमा आएका अज्ञात हतियारधारी समूहले गोली प्रहार गरी घाइते बनाए। आँखाको छेउ र हातमा गोली लागेका पीडितको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

जितपुर गाविस-३ का २८ वर्षीया गीतादेवी भगतलाई ०६५ जेठ २४ गते राती अज्ञात समूहले उनकै पसलमा गोली प्रहार गरी घाइते बनायो। बायाँ कोखामा गोली लागेकी पीडितको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

*प्रहरीको गोलीद्वारा मारिएका*
*अखिल तराई मुक्ति मोर्चाका जितेन्द्र तिवारी*

बरियारपुर गाविस-९ सिमरातेगछियाका ४१ वर्षीय भुखल महतो केवट मलाहलाई ०६५ जेठ २८ गते बिहान अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। पीडितको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

मनहर्वा गाविस-४ घर भई कलैया नपामा पसल गर्ने २७ वर्षीय सुरेन्द्र पाण्डेलाई ०६५ असार ५ गते अज्ञात समूहले कलैया नपा-२ हनुमान मन्दिर अगाडि छुरा प्रहार गरी घाइते बनायो। पीडितको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

प्रस्टोका गाविस-२ का नेपाल तरुण दल बाराका अध्यक्ष लुकेश सिंहलाई ०६५ साउन २७ गते दिउँसो सशस्त्र हतियारधारी समूहले गोली प्रहार गरी हत्याको प्रयास गऱ्यो। कानको छेउमा गोली लागी बेहोस भएका पीडितको प्राथमिक उपचार कलैया अस्पतालमा र थप उपचार काठमाडौं भयो।

### बेवारिसे विस्फोटक पदार्थबाट

सिसहनिया गाविस-६ का ४० वर्षीया दुलरिया देवी, उनकी १४ वर्षीया छोरी मन्तुरन कुमारी र आठ वर्षीय नाति सुनील पटेल ०६५ कात्तिक १४ गते बेवारिसे बम खेलाउँदा विस्फोट भई घाइते भए। सो गाविस-६ स्थित सडकनजिक फालिएको बेवारिसे अवस्थामा रहेको बमलाई आफ्नो घरमा लगेर खेलाउँदा बम विस्फोट भएको थियो। घाइतेहरू नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार गराई घर फर्किए।

कलैया नपा-८ का १२ वर्षीया रजनी कुमारी, सोही स्थानकी चार वर्षीया अर्चना कुमारी र सोही स्थानकी १० वर्षीया वसन्ती कुमारी र सोही स्थानका सात वर्षीय बृजेशकुमार शर्मा ०६४ पुस २६ गते दिउँसो अज्ञात समूहले सडकमा छाडेको बेवारिसे बम पड्कँदा घाइते भए। कलैया नपा-८ स्थित पावर हाउस चोकनजिकै सडकमा ५० रुपियाँको कागजको नोटले छोपेर राखिएको बम पैसा टिप्न जाँदा विस्फोट हुँदा उनीहरू घाइते भएका थिए। घाइते सबैको कलैया अस्पतालमा उपचार भयो।

### आफैंले बोकेको विस्फोटक पदार्थबाट

पिप्राढी गाविस-३ का मुडर यादव ०६४ पुस ३० गते आफैंले बोकेको सकेट बम विस्फोट हुँदा घाइते भए। मानसिक सन्तुलन ठीक नभएका यादवले बेवारिसे सकेट बम बोकेका थिए। यादवको दाहिने हातका पाँचओटै औंला बमको छर्राले काटिएका थिए। उनको नारायणी अस्पताल वीरगञ्जमा उपचार भयो।

### बेपत्ता/अपहरण

### अज्ञात समूहबाट

मटिअर्वा गाविस-१ का ४५ वर्षीय ओमप्रकाश पाण्डे र २४ वर्षीय हरिनारायण पाण्डेलाई ०६४ पुस १७ गते राती सात-आठ जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले सोही स्थानको खलियानमा गएका बेला अपहरण गऱ्यो। अपहरणकारीले ओमप्रकाशलाई कुटपिट गरी सोही दिन मुक्त गरे भने हरिनारायण पाण्डेलाई प्रहरीले ०६५ पुस १८ गते बिहान बरैनिया गाविसबाट मुक्त गरायो।

पर्सौना गाविस-४ का म्यादी प्रहरी राजाराम चौधरी पर्सौनी गाविसको दूधौरा पुलबाट ०६४ चैत २९ गते अज्ञात समूहको अपहरणमा परे। पीडित भारतको अज्ञात स्थानबाट अपहरणकारीको पञ्जाबाट भाग्न सफल भई ०६५ वैशाख ८ गते प्रहरीको सम्पर्कमा आए।

*प्रहरीको गोलीद्वारा मारिएका नागेन्द्र यादव*

बलिरामपुर गाविस-३ का ४५ वर्षीय राजेश पटेललाई ०६४ चैत २७ गते अज्ञात समूहले राती आफ्नै घरबाट अपहरण गऱ्यो। फेटा गाविसबाट पटेललाई चैत २८ गते बिहान प्रहरीले अपहरण मुक्त गरायो।

श्रीनगर बैरिया गाविस-४ भट्टी बैरियाका ३४ वर्षीय गणेशठाकुर लोहारलाई ०६५ जेठ २० गते राती सशस्त्र हतियारधारी समूहले अपहरण गऱ्यो। उनी साउनमा परिवारको सम्पर्कमा आए।

परसौनी गाविस-७ का १८ वर्षीय सर्वजेश गुप्तालाई ०६५ साउन ९ गते अज्ञात हतियारधारी समूहले सोही स्थानमा बम विस्फोट गराई अपहरण गऱ्यो। पीडित साउन २२ गते बिहान अपहरणमुक्त भई परिवारको सम्पर्कमा आए। तीन/चार जनाको सङ्ख्यामा आएको उक्त हतियारधारी समूहले गराएको सुतली बम विस्फोटनबाट स्थानीय २९ वर्षीय शङ्कर महरा घाइते भएका थिए।

कलैया नपा-४ का २९ वर्षीय भास्कर ज्ञवालीको ०६५ साउन २० गते दिउँसो अज्ञात समूहले गञ्जभवानीपुर मधुवन जाने बाटोबाट अपहरण गऱ्यो। ज्ञवाली ०६५ साउन २१ गते बिहान अपहरणमुक्त भई परिवारको सम्पर्कमा आए।

बलिरामपुर गाविस-८ छोटकी फूलबरिया बस्ने ६० वर्षीय रामअज्ञा यादवलाई ०६५ कात्तिक १ गते बिहान १ बजे आफ्नै घरअघिल्तिरबाट सशस्त्र हतियारधारी समूहले अपहरण गऱ्यो। अपहरित यादवलाई प्रहरी सहयोगमा नरही गाविसनजिकबाट ०६५ कात्तिक १७ गते राती अपहरणमुक्त भई परिवारको सम्पर्कमा आए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा सरकारवादी देवानी मुदा छैनन। देवानी दुनियावादी मुद्दा १ हजार ३ सय ४३ थान मध्ये २ सय १७ थान मुद्दा फर्स्यौट भए भने १ हजार १ सय २६ थान मुद्दा फर्स्यौट हुन बाकी रहे। फौजदारी सरकारवादी तर्फ १ सय ५८ थान मुद्दा मध्ये १७ थान फर्स्यौट भए भने १ सय ४१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसैगरी फौजदारी दुनिवादी तर्फ २ सय ५२ थान मुद्दा मध्ये ३६ थान मुद्दा फर्स्यौट भए भने २ सय १६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म १ हजार ४ सय ८३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा मारिएका हितलाल सिं*

## बालअधिकार

विसुनपुर गाविस-९ किसुनपुरमा रहेको नेपाल राष्ट्रिय प्राथमिक विद्यालयको कोठामा ०६५ असोज २३ गतेदेखि जिल्ला प्रहरी कार्यालयले अस्थायी प्रहरी पोस्ट राख्यो। अस्थायी प्रहरी पोस्टले विद्यालयका दुईवटा कोठा प्रहरीले प्रयोग गर्दै आएको छ।

बारा पिप्राढी गाविस-२ का १४ वर्षीय प्रवेज मियालाई मारेर गाउँभन्दा करिब एक किलोमिटर पश्चिममा खेतमा गाडिएको अवस्थामा ०६५ मङ्सिर १६ गते लास फेला पऱ्यो। नेरामावि पिप्राढी बेनौलीमा कक्षा-८ मा अध्ययनरत विद्यार्थी मिया मङ्सिर १३ गते साँझदेखि बेपत्ता थिए।

महेशपुर गाविस-२ का लालमहम्मद मियाँका सात वर्षीय छोरा अफताव मियाँ मन्सुरलाई ०६५ असार २ गते तराई कोब्रा बताउने एक समूहले अपहरण गऱ्यो। कलैया नपा-५ स्थित पशुपति इङ्गलिस बोर्डिङ् स्कुलबाट फर्कंदा दिउँसो निजको अपहरण भएकामा असार ३ गते राती प्रहरीले उद्धार गरी परिवारलाई जिम्मा लगाएको थियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

त्रियुगा नपा घर भएकी संयुक्ता खतिवडा, गीता खत्री, पवित्रा राउत, सम्झना परियार, गीता रोक्का, सीता दाहाल, सम्झना धमला, रीमा दाहाल, झलकुमारी दाहाल, यम कुमारीलगायत १२ जनालाई ०६५ कात्तिक १८ गते राती भारत बिक्री गर्न लगेको अवस्थामा सिमरा गाविसबाट प्रहरीले उद्धार गरी घर पठायो। घटनामा संलग्न भएको भन्दै उदयपुर जिल्ला त्रियुगा नपा-८ का जगदीश झा र त्रियुगा-४ का लोकनाथ दाहाललाई पक्राउ गऱ्यो। हाल उनीहरू पुर्पक्षका लागी थुनामा रहेका छन्।

## बोक्सीको आरोपमा हत्या

कलैया नपा-२ सानो औधापुरकी ७५ वर्षीया तिलवादेवी यादव बोक्सी भएको आरोपमा ०६५ मङ्सिर २३ गते दिउँसो उनलाई सोही ठाउँका २५ वर्षीय मनोज साहले छुरा प्रहार गरी हत्या गरे। पीडक फरार रहेका छन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, सम्पत्ति कब्जा

**तराई कोब्राबाट**

कलैया-८ स्थित नेपाली काङ्ग्रेसका कार्यकर्ता उद्धव भट्टराईको घरमा ०६५ जेठ १६ गते राती तराई कोब्राले सकेट बम विस्फोट गरायो। विस्फोटबाट घरपछाडिको पर्खाल तथा झ्यालहरूमा क्षति पुग्यो।

**तराई जनमुक्ति क्रान्तिकारी पार्टी**

बलिरामपुर गाविसको पिप्राढी निवासी नेपाल मजदुर किसान पार्टीका तर्फबाट बारा क्षेत्र नं. ३ का उम्मेदवार रेञ्जुदेवी साहको घरमा ०६५ जेठ १४ गते राती तराई जनमुक्ति क्रान्तिकारी पार्टीका कार्यकर्ताहरूले सुतली बम विस्फोट गराए। घरको भित्तामा भएको विस्फोटबाट छानामा सामान्य क्षति भयो।

**जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)**

नितनपुरस्थित युनिक फर्मा प्रालिमा ०६४ चैत १८ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले बम विस्फोट गराए। उक्त विस्फोटनबाट उद्योगको पर्खालमा क्षति भयो।

काठमाडौँका किरण मल्लिकको छातापिपरा गाविस-१ नितनपुरको १५ बिघा र काठमाडौँका भरत साहको सोही ठाउँकै २५ बिघा जग्गा ०६५ जेठ २७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले कब्जा गरेको घोषणा गऱ्यो।

**जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी)**

मनहर्वा गाविस-५ वडहर्वाका एमालेका कार्यकर्ता एवम् पूर्वगाविस उपाध्यक्ष मिठ्ठु भारतीको घरमा ०६५ वैशाख २९ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी)का कार्यकर्ताले सुतली बम विस्फोट गराए। विस्फोटले घरको झ्यालको सिसा फुट्नुका साथै पर्खाल चर्किंयो।

**संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा**

प्रसौनी गाविस-९ स्थित मध्यमाञ्चल कोल्ड स्टोरेजमा ०६४ माघ २० गते राती संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले ग्यास सिलिन्डर बाली आगजनी गऱ्यो। आगजनीबाट १ करोड रुपियाँ मूल्यबराबरको क्षति पुगेको स्टोरेजले जनायो।

कलैया नपा-५ का काङ्ग्रेसका अन्तरिम सांसद ५५ वर्षीय ऋषिकेश गौतमको घरमा ०६४ माघ २९

*अज्ञात हतियारधारी समूहद्वारा मारिएका रसुलमियाँ अन्सारी*

गते राती संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले बम विस्फोट गरायो। मोर्चाले आह्वान गरेको बन्दको अवज्ञा गर्दै माघ २५ गतेको काङ्ग्रेसको आमसभा सफल पार्न सक्रिय भूमिका निर्वाह गरेको भन्दै बम विस्फोटन गराएको थियो। विस्फोटनबाट घर-कम्पाउन्डमा क्षति भयो।

कलैया नपा-४ स्थित ठेकेदार ४२ वर्षीय शेषनाथ साहको घर-कम्पाउन्डमा ०६४ फागुन ४ गते राती संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले सुतली बम विस्फोट गरायो। मधेसी हकहितका लागि काम नगरेको भन्दै मोर्चाले बम विस्फोटन गराएको थियो। बम विस्फोटनबाट घरको पर्खाल र झ्यालका सिसा फुटे।

प्रसौनी गाविसका ४८ वर्षीय भिखारी साहको घरमा ०६४ फागुन २२ गते राती संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले सुतली बम विस्फोट गरायो। संविधानसभा चुनावका लागि सहयोग गरेको भन्दै मोर्चाले बम विस्फोटन गराएको थियो। विस्फोटबाट कुनै किसिमको क्षति भएन।

**तराई मुक्ति मोर्चाबाट**

कलैया नपा-५ स्थित एमाले पार्टी कार्यालयको कम्पाउन्डमा ०६४ पुस २७ गते बिहान तराई मुक्ति मोर्चाले ग्रिनेट बम विस्फोट गरायो। विस्फोटनबाट पर्खालमा सामान्य क्षति पुग्यो।

कलैया नपा-१४ विशम्भरपुरस्थित डाक्टर अब्दुल रहमानको घरमा ०६५ वैशाख २३ गते बिहान तराई मुक्ति मोर्चाका कार्यकर्ताले सकेट बम विस्फोट गराए। कलैया अस्पतालमा मेडिकल सुपरीटेन्ट पदमा कार्यरत डाक्टरको घरमा भएको विस्फोटनबाट झ्यालका सिसा फुटे।

मोतीसर गाविस-४ का ४९ वर्षीय जीतेन्द्र

*जनतान्त्रिक तराई मुक्ति मोर्चा (रणविरसिंह) द्वारा मारिएका माओवादी कार्यकर्ता वसिरमिया अन्सारी*

मल्लको घरमा ०६५ मङ्सिर ३० गते राती तराई मुक्ति मोर्चाका कार्यकर्ताले शक्तिशाली बम विस्फोट गराए। कलैया नगरपालिकाको पञ्जीकाधिकारी पदमा कार्यरत रहेका मल्लको घरको पूर्वपट्टिको ढोका, चर्पीको ढोका, पर्खालसमेत गरी करिब डेढ लाख मूल्य बराबरको क्षति भयो।

जितपुर गाविस-३ शान्तिटोलका कृष्ण गुप्ताको घर-कम्पाउन्डमा ०६५ मङ्सिर २९ गते राती तराई मुक्ति मोर्चाका कार्यकर्ताले सुतली बम विस्फोट गराए। बम विस्फोटबाट स्थानीय व्यपारीसमेत रहेका गुप्ताको घरमा सामान्य क्षति पुग्यो।

जितपुर गाविस-३ निवासी कुमार उप्रेतीको घरमा ०६५ पुस ६ गते बिहान तराई मुक्ति मोर्चाका कार्यकर्ताले सकेट बम विस्फोट गराए। बमले घरको पर्खालमा सामान्य क्षति भयो।

### तराई मुक्ति टाइगर्सबाट

कलैया नपा-१४ विशम्भरपुरस्थित डा. अब्दुल रहमानको घरमा ०६४ माघ २९ गते राती तराई मुक्ति टाइगर्सले सुतली बम विस्फोट गराए। विस्फोटनबाट घरमा सामान्य क्षति भयो।

### अज्ञात समूहबाट

कलैया नपा-४ का जिल्ला शिक्षा कार्यालय बारामा लेखापाल पदमा कार्यरत ५१ वर्षीय जनार्दन आचार्यको घरमा ०६४ पुस २४ गते राती अज्ञात समूहले बम विस्फोट गरायो। बम विस्फोटबाट कम्पाउन्डको पर्खालमा क्षति पुग्यो।

कलैया नपा-८ स्थित नेपाल पत्रकार महासङ्घ बाराका पूर्व उप-सभापति ४२ वर्षीय रमेश सुवेदीको घरमा ०६५ वैशाख २१ गते राती लक्षित गरी सशस्त्र समूहले सुतली बम विस्फोट गरायो। विस्फोटबाट घरको झ्यालका सिसा फुटे।

कलैया नपा-७ स्थित ५६ वर्षीय विष्णु खड्काको घरमा ०६४ माघ १६ गते बिहान अज्ञात समूहले पटाका बम विस्फोट गरायो। विस्फोटनबाट झ्यालमा क्षति पुग्यो।

लिपनीमाल गाविस-९ मा रोकिराखेका ना१ख ९८७० र ना१ख ९६७६ नम्बरका ट्याङ्करमा ०६४ फागुन १० गते बिहान अज्ञात सशस्त्र हतियारधारी समूहले आगजनी गऱ्यो। स्थानीय कटारु पेट्रोल पम्पमा ट्याङ्करहरू रोकी राखिएको थियो।

पथलैया-वीरगञ्ज सडकखण्डको चौधकिलो भन्ने ठाउँमा ०६४ फागुन ९ राती अज्ञात समूहले एक माइक्रोबसमा आगजनी गऱ्यो। आगजनीबाट बस पूर्ण रूपमा जलेको थियो।

कलैया नपा-३ स्थित पशुपति कोटी इन्डस्ट्री प्रालिमा ०६४ चैत १२ गते राती अज्ञात समूहले बम विस्फोटन गरायो। तीन-चार जनाको सङ्ख्यामा आएको सो समूहले उद्योगका चौकीदारलाई नियन्त्रणमा लिई बम विस्फोट गराएको थियो। विस्फोटबाट उद्योगका सोप कटिङ्, प्याकिङ् र सिलिकिङ् मेसिनमा क्षति पुग्यो।

निजगढ गाविसस्थित चितवन रेस्टुरेन्टमा ०६५ असार २ गते बिहान अज्ञात समूहले पाइप बम विस्फोट गरायो। चन्द्रबहादुर श्रेष्ठको घरमा रहेको उक्त रेस्टुरेन्टको काउन्टरमा भएको बम विस्फोटले सटर, काउन्टर र सामानहरू गरी १ लाख ५० हजार रुपियाँ मूल्य बराबरको क्षति भयो।

# २.९ पर्सा

जनसङ्ख्या : ६,२४,५०१
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): १,३५३
गाविस/नपा सङ्ख्या : ८२/१
सरकारी/निजी विद्यालय : ३३१/२६
क्याम्पस/उच्च मा.वि. : ५/८
अस्पताल/स्वास्थ्य चौकी : ३/३८
मानव विकास सूचकाङ्क : ०.४४८
प्रतिपरिवार सरदर सङ्ख्या : ७

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या
### राज्यबाट

हरिहरपुर गाविस-७ फूलबरियाका २७ वर्षीय मनोजकुमार कुर्मी, भारतीय नागरिक सञ्जयप्रसाद कुर्मी र बमबहादुर चौधरी भारतीय अपराधी मुन्ना शर्माको सहयोगी भएको आरोपमा ०६४ माघ १८ गते राती ११ बजे प्रहरीले वीरगञ्ज उमनपा-३, छपकैयामा गोली प्रहार गर्दा उनीहरूको घटनास्थलमै मृत्यु भयो। प्रहरीले यस घटनालाई दोहोरो झडप भएको बतायो। जिल्लाका सात दलले प्रहरी दोषी भएको आरोप लगाउँदै एसपी योगेश्वर रोमखामीलाई २४ घन्टाभित्र निलम्बन गर्न सरकारसँग माग गरे। मधेसी जनअधिकार फोरम, तमलोपा, सद्भावना (आनन्दीदेवी) र राप्रपाले ९ दिनसम्म वीरगञ्ज बन्द गरी प्रहरीलाई कारबाही गर्न माग गरेका थिए।

लड्डी बखरी गाविस-५ का जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी)का बारा-पर्सा कमाण्डर सुधीर पाण्डे नामले चर्चित ३० वर्षीय धर्मनाथ पटेललाई सादा पोसाकमा रहेका प्रहरीले नियन्त्रयमा लिई भवानीपुर गाविस-६ इनरुवा गाउँको दक्षिणतर्फको खेतमा दिउँसो टाउकोमा गोली प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भयो। गोली प्रहारपछि सादा पोसाकका प्रहरीहरू दुईओटा मोटरसाइकलमा चढी त्यहाँबाट हिँडेका थिए। घटना भएको १० मिनेटपछि नै प्रहरीको दुईओटा भ्यान घटनास्थलमा पुगी लास वीरगञ्ज नारायणी उपक्षेत्रीय अस्पतालमा ल्याएको थियो।

### माओवादीबाट

भीखमपुर गाविस-४ आशवारी टोलका ३४ वर्षीय भरत रामको ०६५ असार २६ गते माओवादी कार्यकर्ताहरूको कुटाइबाट मृत्यु भयो। माओवादी कार्यकर्ता शुभराम र काङ्ग्रेस कार्यकर्ता भरत रामबीच राजनीतिक विवाद भएपछि दोहोरो झडप भएको थियो। पीडितको उपचारका क्रममा काठमाडौँमा मृत्यु भयो। प्रहरीले प्रभुप्रसाद शुभराम, धरेन्द्रकुमार कुर्मी र अमल कुर्मीलाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

वीरगञ्ज उमनपा-३ निवासी नेसनल ट्रेडिङका पूर्व लेखाअधिकृत ५० वर्षीय पुष्करलाल श्रेष्ठले चन्दा नदिएको आरोपमा ०६४ पुस २८ गते बेलुका उनलाई मोर्चाका कार्यकर्ताले आदर्शनगरस्थित पसल बन्द गरेर फर्कन लाग्दा पेट र छातीमा गोली प्रहार गरी हत्या गरे। प्रहरीले यस घटनामा संलग्न रहेको आरोपमा वीरगञ्ज उमनपा-३ छपकैयाका मुस्ताफा अन्सारीलाई गिरफ्तार गरी मार्ने उद्योग अन्तर्गत मुद्दा चलाएको छ।

वीरगञ्ज उमनपा-१६ तेजारथ टोल निवासी नेपाल विद्युत् प्राधिकरणको वीरगञ्ज शाखामा कार्यरत कर्मचारी ४५ वर्षीय नारायण खड्काले चन्दा नदिएको आरोपमा ०६५ जेठ १७ गते बेलुका मोर्चाका कार्यकर्ताहरूले बजारबाट घर जाँदै गर्दा आफ्नै घरअघिल्तिर पिठ्यु र छातीमा गोली प्रहार गर्दा घाइते भएकामा उपचारका क्रममा उनको वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा मृत्यु भयो। वीरगञ्जस्थित सम्पूर्ण सरकारी, अर्धसरकारी, वित्तीय संस्था, सङ्घ सङ्गठनका कर्मचारीहरूले ०६५ जेठ १८ गते उनलाई सहिद घोषणा गर्नुपर्ने तथा पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग गर्दै मृतकको लास बजार परिक्रमा गराई सोही दिन रानीघाटमा दाहसंस्कार गरे। प्रहरीले पीडकलाई पक्राउ गर्न सकेन।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | १० | १० | १ | | ११ | १ | १ | १ | ३ | ४ | | | ४ |
| घाइते | २८ | ५० | ८ | ४८ | १०५ | | | | ६ | ८ | ४ | ८ | १९ |
| गिरफ्तारी/यातना भेला/संङ्गठित हुने अधिकार | | | | | | | | | १ | ३ | | | ३ |
| | | | | | | | | | १ | | १ | ५ | ६ |
| महिलाअधिकार | ३ | | ३ | | ३ | | | | | | | | |
| अपहरण | ८ | ८ | | | ८ | | | | | | | | |
| जम्मा | ४८ | ६८ | १३ | ४८ | १२८ | १ | १ | १ | १० | १४ | ५ | १३ | ३३ |

विरुवागुठी गाविस-३ निवासी शिक्षक २८ वर्षीय लोकनाथ गैरेको ०६५ असोज २३ गते राती पिसाब फेर्न घरबाट बाहिर निस्केका बेला पाँच-सात जनाको सङ्ख्यामा रहेको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले गोली प्रहार गरी हत्या गरे। पीडितको पेटमा तीनओटा गोली लागेकामा उपचारका लागि वीरगञ्ज ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको थियो। मृतक गैरे विरुवागुठी गाविस, वर्वा छटैलीस्थित नेपाल राष्ट्रिय उच्च माविका शिक्षक थिए। हत्याको जिम्मेवारी पर्सा इन्चार्ज तुफान सिंहले लिए। पीडितको लास वीरगञ्ज नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टम भई ०६५ असोज २४ गते बेलुका गाउँमै सद्गत गरियो।

वीरगञ्ज उमनपा-१३ आदर्शनगर निवासी ३६ वर्षीय राजेश क्यालको ०६५ पुस ७ गते साँझ उनकै निवासमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले गोली प्रहार गरी हत्या गरे। नेपाली नम्बर प्लेट रहेको यामाहा मोटरसाइकलमा चढी आएका दुई जनाले उनलाई गोली प्रहार गरेका थिए। गोली क्यालको पेटमा लागेको र नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार हुँदाहुँदै उनको मृत्यु भएको थियो। सो हत्याको विरोधमा वीरगञ्ज उद्योग वाणिज्य सङ्घले पुस ८ गते वीरगञ्ज बन्द गराएको थियो। बन्दका क्रममा विभिन्न ठाउँमा टायर बाली विरोध प्रदर्शन गरिएको थियो। विरोधकै क्रममा वीरगञ्ज विर्ता प्रहरी चौकीनिर प्रहरीले दुई राउन्ड अश्रुग्यास छाडेको थियो। यसैगरी, पुस ९ गते वीरगञ्ज उद्योग वाणिज्य सङ्घको अगुवाइमा वीरगञ्जमा विरोध जुलुस निकालिएको थियो। त्यसै दिन क्यालको वीरगञ्ज रानीघाटमा सद्गत गरियो।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

वीरगञ्ज उमनपा-१२ निवासी तथा जिल्ला प्रशासन कार्यालय पर्साका शाखा अधिकृत ५२ वर्षीय मोहन मैनालीको ०६५ असोज ३ गते दिउँसो संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले गोली प्रहार गरी हत्या गरे। मैनालीले वीरगञ्ज रानीघाट चोकमा चिया खाइरहेका बेला मोर्चाका कार्यकर्ताले छातीमा गोली प्रहार गरी घाइते बनाएकामा नारायणी उपक्षेत्रीय अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको थियो। विभिन्न सङ्घसंस्थाका कर्मचारीहरूले विरोध जुलुस प्रदर्शन गरी मृतकका परिवारलाई क्षतिपूर्ति दिनु पर्ने, सहिद घोषणा गर्नुपर्ने तथा दोषीलाई कारबाहीको माग राख्दै असोज ४ गते सम्पूर्ण सरकारी-अर्धसरकारी वित्तीय सङ्घसंस्था बन्द गराएका थिए। परिवारजनले ०६५ असोज ४ गते काठमाडौंको आर्यघाटमा सद्गत गरेका थिए। मोर्चा पर्साका कमाण्डर विराटले फोनमार्फत मैनालीको हत्याको जिम्मा लिएका थिए।

### अज्ञात समूहबाट

रामगढवा गाविसस्थित एसियन डिस्टिलरीमा ०६५ असोज २७ गते दुई पक्षबीच विवाद हुँदा रामगढवा गाविस-४ निवासी माओवादी कार्यकर्ता ३५ वर्षीय देवनारायण कुर्मी घाइते भएकामा उनको वीरगञ्ज नारायणी उपक्षेत्रीय अस्पतालमा उपचारका क्रममा मृत्यु भयो। लासको भोलिपल्ट पोस्टमार्टम गरी गाउँलेले लास लैजाने क्रममा रामगढवामा रहेको एउटा बसमा आगजनी गरेका थिए। सोही दिन गाउँमै उनको सद्गत गरियो।

वीरगञ्ज उमनपा-१३ निवासी ५० वर्षीय जटाशङ्कर साहलाई ०६५ कात्तिक १२ गते घरमा

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट | | | | | जतमुमो(ज्वाला)बाट | | | जतमुमो(पृथ्वी)बाट | | | तराई आर्मीबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | | | १ | ४ | ४ | ४ | | | | | | |
| घाइते | ६ | १८ | ४ | ४६ | ६९ | ३ | ३ | ३ | ५ | १० | १० | १ | ३ | ३ |
| जम्मा | ८ | १९ | ४ | ४६ | ७० | ६ | ६ | ६ | ५ | १० | १० | १ | ३ | ३ |

पूजा गरिरहेका बेला मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले सुतली बम प्रहार गरी घाइते बनाए। साहको कात्तिक १६ गते काठमाडौँमा मृत्यु भयो। पीडितलाई नारायणी उपक्षेत्रीय अस्पताल लगिएको र त्यहाँ उपचार हुन नसकेपछि काठमाडौँस्थित नर्भिक अस्पतालमा लगिएकामा उपचारकै क्रममा मृत्यु भएको थियो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### राज्यबाट

बारा जितपुरका सतर आलम ०६४ पुस ३० गते वीरगञ्ज उमनपा-३ छपकैयामा धम्की दिँदै चन्दा असुलिरहेका बेला प्रहरीलाई देखेर भाग्न खोज्दा दिउँसो प्रहरीले चलाएको गोली लागी घाइते भए। प्रहरीले आफ्नै रेखदेखमा उनको उपचार गरायो। जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ता भन्दै आलमले उद्योगपति, व्यापारी र कर्मचारीसँग धम्क्याएर चन्दा असुल गरेको प्रहरीले आरोप लगायो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

वीरगञ्ज उमनपा-१४ निवासी वीरगञ्ज उमनपाका जुनियर इन्जिनियर ४४ वर्षीय सुनिल कर्णलाई चन्दा नदिएको आरोपमा ०६४ माघ ११ गते बेलुका मोर्चाका कार्यकर्ताले वीरगञ्ज उमनपा-४ नरसिंह क्याम्पसपछाडि पिठ्युँमा गोली प्रहार गरी घाइते बनाए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। प्रहरीले यस घटनामा संलग्न रहेको आरोपमा वीरगञ्ज उमनपा-३ छपकैयाका नसिर मियाँलाई गिरफ्तार गरी कारबाही चलायो।

वीरगञ्ज उमनपा-१३ आदर्शनगरका २६ वर्षीय मनोज लोहिया ०६५ वैशाख ८ गते साँझ मोर्चाका कार्यकर्ताहरूले आदर्शनगर चोकमा सुतली बम विस्फोट गराउँदा छर्राले दाहिने हातको नसा काटिएर घाइते भए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

### मधेसी मुक्ति टाइगर्सबाट

वीरगञ्ज उमनपा-९ रामटोलनिवासी ७१ वर्षीय डा.विश्वनाथ भगतले चन्दा नदिएको आरोपमा ०६५ जेठ १६ गते बेलुका उनलाई टाइगर्सका कार्यकर्ताले वीरगञ्ज उमनपा-७ महावीरस्थानमा रहेको आफ्नै पसलबाट घर फर्किरहेका बेला पिठ्युँमा तीन राउन्ड गोली प्रहार गरी घाइते बनाए। पीडितलाई पुन: ०६५ मङ्सिर २९ गते साँझ क्लिनिकमै रहेको बेला टाइगर्सका कार्यकर्ताले छातीमा गोली प्रहार गरेका थिए। पीडितको काठमाडौँस्थित नर्भिक तथा वीर अस्पतालमा उपचार भयो।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

वीरगञ्ज उमनपा-१६ नारायणी रङ्गशालामा सात दलद्वारा संविधानसभा सुनिश्चितताका लागि आयोजित आमसभास्थल बाहिर ०६४ माघ १६ गते मोर्चाका कार्यकर्ताहरूले कमन्डलु बम विस्फोट गराउँदा प्रमुख जिल्ला अधिकारी भोलाप्रसाद सिवाकोटी, पर्साका आरतीप्रसाद यादव, चितवन जिल्लाकी विमला कार्की, रौतहटका मुन्ना यादव, फिरोज आलम र ग्रहणप्रसाद यादव घाइते भए। सो विस्फोटनमा परी ५२ जना घाइते भएका थिए, जसमध्ये गम्भीर घाइतेलाई उपचारका लागि काठमाडौँ लगिएको थियो। अन्यको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो

वीरगञ्ज उमनपा-१२ घन्टाघरमा नेपाली काङ्ग्रेसले आयोजना गरेको अन्तिम चुनावी सभानजिकै ०६४ चैत २५ गते दिउँसो मोर्चाका कार्यकर्ताले जगबम विस्फोट गराउँदा अलौँ गाविस-५ की मञ्जुकुमारी पटेल, वीरगञ्ज उमनपा-२ का राम थापा र रामचन्द्र साह, वीरगञ्ज उमनपा-१४ का लक्ष्मी थापा, वीरगञ्ज उमनपा-१२ का रञ्जीत साह, बाराका नसरुद्दिन आलम र रौतहटका केशव माझी घाइते भए। घाइतेको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-१३ आदर्शनगर निवासी ४७ वर्षीय ओमप्रकाश चाचानले चन्दा नदिएको आरोपमा

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | तराई मुक्ति टाईगरबाट | | | | तराई उत्थान समाजबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | | | | ३ | ३ | | ३ |
| घाइते | ३ | ६ | १ | ७ | १ | ५ | ५ | ६ | ६ | २ | ८ |
| अपहरण | | | | | | | | ४ | ४ | | ४ |
| जम्मा | ३ | ६ | १ | ७ | १ | ५ | ५ | १३ | १३ | २ | १५ |

०६५ जेठ २३ गते उनलाई मोर्चाका कार्यकर्ताले नेपाल राष्ट्र बैंकको वीरगञ्ज कार्यालयभन्दा केही पर छातीमा गोली प्रहार गरी घाइते बनाए। पीडितको वीरगञ्जमा उपचार हुन नसकेपछि उनलाई काठमाडौं लगियो। प्रहरीले यस घटनामा संलग्न रहेको आरोपमा सिरिसिया खलबाटोला गाविस-६ का बादल भनिने मोहर चौधरी र बहुअर्वा भाठा गाविस-७ का विमल तिवारीलाई पक्राउ गरी ज्यानमार्ने उद्योगअन्तर्गत मुद्दा चलायो।

वीरगञ्ज उमनपा-५ निवासी हरिखेतान क्याम्पसकी छात्रा १९ वर्षीया गीता थापा ०६४ चैत २५ गते बेलुका मोर्चाका कार्यकर्ताहरूले गणेशमान चोकमा सुतली बम विस्फोट गराउँदा हात र निधारमा छर्रा लागी गम्भीर घाइते भइन्। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-१३ आदर्शनगरका २६ वर्षीय मुकेश यादव र २४ वर्षीय नारायणकुमार गुप्ता ०६५ वैशाख १२ गते बेलुका मोर्चाका कार्यकर्ताहरूले आदर्शनगरस्थित मनोकामना मोटर्स पार्टको पसलभित्र सुतली बम विस्फोट गराउँदा पिठ्युँ र छातीमा छर्रा लागी घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-८ मेनरोडको नेपाल इलेक्ट्रोनिक पसलअगाडि ०६५ वैशाख १६ गते साँझ मोर्चाका कार्यकर्ताहरूले सुतली बम विस्फोट गराउँदा वीरगञ्ज उमनपा-१३ का ३५ वर्षीय मनोज साह कलवार, वडा नं. १६ का मुस्नेटा खातुन, वडा नं. ४ का सतेन्द्र झा र आदर्शनगरका पुष्परञ्जन गुप्ता खुट्टा, छाती र हातमा छर्रा लागी घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-१६ का ३६ वर्षीय शेख रुस्तम र २६ वर्षीय दिलीप पहाडी ०६५ असार ३० गते बेलुका ९ बजे मोर्चाका कार्यकर्ताहरूले प्रतिमा चोकमा सुतली बम विस्फोट गराउँदा पेट र हातीमा छर्रा लागी घाइते भए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी)बाट

वीरगञ्ज उमनपा-६ नर्सिङ् क्याम्पसका कर्मचारी ४६ वर्षीय वृजभूषण चौरसिया ०६४ पुस २८ गते मोर्चाका कार्यकर्ताहरूले वीरगञ्ज उमनपा-५ कन्या स्कुलअगाडि सुतली बम विस्फोट गराउँदा पिठ्युँमा छर्रा लागी घाइते भए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गराई सोही दिन घर फर्किए।

विश्रामपुर गाविस-८ का ३२ वर्षीय मुखदेव यादव, २८ वर्षीय विन्देश्वर महतो र २४ वर्षीय राजेश पासवान ०६४ पुस २८ गते मोर्चाका कार्यकर्ताहरूले विन्दवासिनी गाविस-१ मा सकेट बम विस्फोट गराउँदा छर्रा लागी घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-४ वितर्स्थित ज्ञानज्योति उच्च माविमा अध्यनरत १० वर्षीय छात्र आशिष गुप्ता र १२ वर्षीय अतिश श्रेष्ठलाई ०६४ चैत ३ गते मोर्चाका कार्यकर्ताहरूले विद्यालय समयमा विद्यालय परिसरभित्र सुतली बम विस्फोट गराउँदा छर्राले खुट्टा र पाखुरामा चोट पुऱ्याएको थियो। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-१८ लक्ष्मणवाका २२ वर्षीय महम्द अली, ३६ वर्षीय इजहार आलम, २७ वर्षीय तवरेज आलम ०६४ वैशाख १२ गते मोर्चाका कार्यकर्ताहरूले वीरगञ्ज प्रतिमाचोकमा सुतली बम विस्फोट गराउँदा खुट्टा, तिघ्रा र पाखुरामा छर्रा लागी घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-१६ का २२ वर्षीय मनोज कुशवाह ०६५ वैशाख २९ गते मोर्चाका कार्यकर्ताहरूले वीरगञ्ज पावरहाउस चोकमा सुतली बम विस्फोट गराउँदा खुट्टामा छर्रा लागी घाइते भए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

### तराई मुक्ति टाइगर्सबाट

वीरगञ्ज उमनपा-६ निवासी ५० वर्षीय सोनाखत अली, ३५ वर्षीय अजयप्रसाद साह, ३० वर्षीय मुहम्मद हुसेन र ३२ वर्षीय पारसप्रसाद साह ०६४ चैत १२ गते बेलुका ८ बजे टाइगर्सका कार्यकर्ताले वीरगञ्ज उमनपा-६ को प्रवेशद्वारमा सुतली बम विस्फोट गराउँदा छाती, खुट्टा, पेटमा छर्रा लागी घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-११ माइस्थानकी ३० वर्षीय सङ्गीता पटुवा र १० वर्षीय बिटु पटुवा ०६४ चैत १८ गते साँझ टाइगर्सका कार्यकर्ताहरूले माइस्थान चोकमा सुतली बम विस्फोट गराउँदा खुट्टा, टाउको र छातीमा छर्रा लागी घाइते भए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

### तराई उत्थान क्रान्तिकारी समूहबाट

वीरगञ्ज उमनपा-१९ नयाँ बसपार्कमा तराई उत्थान क्रान्तिकारी समूहले ०६४ चैत २१ गते बेलुका समर ट्राभल्स, एन्जल ट्राभल्स र खडकेश्वर ट्राभल्सको ढोकामा एकैसाथ सुतली बम विस्फोट गराउँदा बारा जिल्ला, पिपरा सिमरा गाविस-६ का ५० वर्षीय भरतप्रसाद खनाल, ललितपुरका २२ वर्षीय शङ्कर बज्राचार्य, बारा जिल्ला लिपनी वितार्का २८ वर्षीय ध्रुव यादव र भारतीय नागरिकहरू सुनील शर्मा र मुन्ना शर्मा खुट्टा, पेट, छाती र हातमा छर्रा लागी घाइते भए। पीडितमध्ये खनालको वीरगञ्जमा उपचार हुन नसकेपछि उनलाई काठमाडौँ लगियो। अन्यको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

### तराई आर्मीबाट

वीरगञ्ज उमनपा-१२ घन्टाघरमा आर्मीका कार्यकर्ताहरूले ०६५ साउन १ गते बेलुका टाइम बम विस्फोट गराउँदा *सत्यसन्देश* दैनिकका सम्पादक प्रकाश तिवारी र भुजा व्यापारी देवनारायण साह ढाड र पेटमा छर्रा लागी घाइते भए। पीडितमध्ये तिवारीको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार नहुन सकेपछि काठमाडौँ लगियो।

### जेल र बन्दीहरू

'क' श्रेणीको यस जिल्ला कारागारको कूल बन्दी क्षमता १ हजार ५ सय रहेको छ। यस वर्षको अन्त्यसम्म जम्मा ७ सय ९४ जना बन्दी तथा थुनुवाहरू रहेका छन्। जसमा चार जना बालक र पाँच जना बालिका आश्रितका रूपमा रहेका छन्। यसैगरी, कैद तोकिएका ३ सय ७४ जना पुरुष र २८ जना महिला गरी जम्मा ४ सय २ जना बन्दी रहेका छन्। कैद नतोकिएका ३ सय ६८ जना पुरुष र १५ जना महिला थुनुवा गरी जम्मा ३ सय ८३ जना बन्दीहरू छन्।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

वीरगञ्ज उमनपा-१९ मा मधेसी जनअधिकार फोरम (मधेस) गुप्ता समूहले फोटो प्रदर्शनी गर्ने क्रममा विवाद हुँदा ०६४ माघ ७ गते प्रहरीले लाठी चार्ज गर्दा वीरगञ्ज उमनपा-१२ रानीघाट निवासी अंशुकुमार वर्णवाल र वीरगञ्ज उमनपा-१९ नगवाका कामेश्वरप्रसाद चौरसियाको टाउकोमा चोट लागी घाइते भए। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। फोरमका कार्यकर्ता र स्थानीय बासिन्दाले वीरगञ्ज नगवा प्रहरी चौकीमा आगजनी गरे।

जिल्ला प्रशासन कार्यालयको गेटमा मधेसी जनअधिकार फोरम र सद्भावना पार्टी (आनन्दीदेवी)का कार्यकर्ताहरूले सरकारलाई मधेसका माग पूरा गर्न दबाब दिँदै धर्ना बसेका बेला ०६४ माघ १८ गते प्रहरीले लाठीचार्ज गर्दा फोरमका करिमा वेगम, दुर्गा साह, राजेश साह, सुधीर पाण्डे र सद्भावनाका शिव पटेल घाइते भए। उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा-१९ नगवामा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताहरूले आफ्ना माग पूरा गराउन आयोजित सभामा ०६४ फागुन ४ गते प्रहरी र मोर्चाका कार्यकर्ताबीच झडप हुँदा प्रहरीको लाठी प्रहारबाट स्थानीय ७० वर्षीय गिरिजादेवी, गायत्रीदेवी र सीमा पटेल घाइते भए। घाइतेको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय १८ थान र यस वर्ष दर्ता भएका १ सय ६६ थानसमेत जम्मा ४ सय ८४ थानमध्ये ६६ थान मुद्दा फर्स्यौट भए भने ४ सय

१८ थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी, सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ४१ थान र यस वर्ष दर्ता भएका ४९ थानसमेत १ सय ९० थानमध्ये २५ थान फर्स्यौट भए भने १ सय ६५ थान फर्स्यौट हुन बाँकी रहे। यस वर्षको अन्त्यसम्म बाँकी रहेका सरकारवादी फौजदारी मुद्दा जम्मा १ सय ६५ थान रहेका छन्। दुनियाँवादी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १ सय ८ थान र यस वर्ष दर्ता भएका ४ सय ३८ थानसमेत जम्मा १ हजार ५ सय ४६ थानमध्ये यस वर्ष २ सय ६४ थान फर्स्यौट भए भने १ हजार २ सय ८२ थान फर्स्यौट हुन बाँकी रहे।

## बालअधिकार

हरिहरपुर गाविस-६ का १२ वर्षीय बच्चा मियालाई ०६४ पुस १७ गते राती अज्ञात समूहले खलियानबाट सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडितका अभिभावकहरूले अपहरणकारीलाई फिरौती रकम दिई एक हप्तापछि भारतको सिक्टाबाट पीडितलाई मुक्त गराए।

वीरगञ्ज उमनपा-१९ नगवा का छ वर्षीय निरज साह र नौ वर्षीय सुरज साह सोनारलाई ०६५ वैशाख १२ गते बेलुका सशस्त्र हतियारधारी समूहले घरबाट अपहरण गऱ्यो। पीडकहरूले २ लाख रुपियाँ फिरौती रकम माग गरेका थिए। नेपाल भारतको संयुक्त प्रहरी टोलीले भारतको जोकियारी इलाकाबाट नौ दिनपछि बालकहरू उद्धार गऱ्यो। प्रहरीले पीडकमध्ये बारा फेटा गाविस-२ का ३० वर्षीय सोनालाल साह पासवानलाई गिरफ्तार गरी कानुनी कारबाही चलायो।

वीरगञ्ज उमनपा-१९ का १० वर्षीय राजेशकुमार यादवलाई ०६५ जेठ ३२ गते बाटोमा खेलिरहेको अवस्थामा स्थानीय रञ्जीत माझीले अपहरण गरे। प्रहरीले पाँच घन्टापछि बालकलाई पीडकको घरबाट उद्धार गऱ्यो। प्रहरीले पीडकलाई गिरफ्तार गरी कानुनी कारबाही चलायो।

वीरगञ्ज उमनपा-२ छपकैयाका १० वर्षीया अनिल सहनी, ठेगाना खुल्न नसकेका १२ वर्षीया राजन लामा र बैतडी जिल्लाका १४ वर्षीय सुरेश विष्टले तार चोरेको आरोपमा जिल्ला प्रहरी कार्यालय पर्साले ११ दिनदेखि हिरासतमा राखेकामा ०६५ मङ्सिर १३ गते सिविन हेल्पलाइन हेटौंडाले जिम्मा लियो। टेलिफोन तार र फलाम चोरेको आरोपमा प्रहरीले प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको थियो। बालकहरूलाई हिरासतमा राखेको सार्वजनिक भएपछि हेल्पलाइन हेटौंडाले मानवअधिकारकर्मी र महिला विकास कार्यालय पर्साका प्रतिनिधिहरूको उपस्थितिमा जिम्मा लिएको थियो।

वीरगञ्ज उमनपा-१९ का १४ वर्षीय पप्पु साह र वडा नं. ११ का १३ वर्षीया अर्चनाकुमारी ०६५ मङ्सिर ३ गते साँझ वीरगञ्ज उमनपा- ११ मा अवस्थित मीनाबजारमा मोटरसाइकलमा आएका दुई जनामध्ये पछाडि बस्ने व्यक्तिको पकेटबाट सुतली बम खस्दा खुट्टामा छर्रा लागी घाइते भए। उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

वीरगञ्ज उमनपा-३ की २३ वर्षीया हसिना खातुनलाई ०६४ फागुन ८ गते आफ्नै देवर अकबर मियाले गोली प्रहार गरी घाइते बनाए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। पीडक फरार छन्।

सुर्जाहा गाविस-५ की ३६ वर्षीया गीतादेवी सहनीलाई ०६५ जेठ २६ गतेदेखि उनका पति पुण्यदेव सहनी र परिवारका अन्य सदस्यहरूले मानसिक सन्तुलन खलबलिएको आरोपमा १२ दिनसम्म हातखुट्टा बाँधेर घरमा चरम यातना दिए। स्थानीय महिला दबाब समूह र दिव्य युवा क्लबको सहयोगमा इलाका प्रहरी कार्यालय पोखरियाले पीडितको उद्धार गऱ्यो। पीडकलाई पक्राउ गरी हिरासतमा राखियो।

अलौं गाविस-२ की २२ वर्षीया मीना खातुनले दाइजो नल्याएको निहुँमा ०६५ असार १६ गते उनलाई पति इद अहम्मद मियाले कुटपिट गर्दै खानसमेत नदिई घरबाट निकालिदिए। पीडितले जिल्ला प्रहरी कार्यालय पर्सा महिला सेलमा उजुरी गरेपछि प्रहरीले पीडकलाई गिरफ्तार गरी कारबाही गऱ्यो।

## दुर्व्यवहार

प्रसौनी विर्ता गाविस-४ की ५० वर्षीय मरिजन खातुन बोक्सी भएको आरोपमा ०६५ भदौ २६ गते सोही वडा निवासी ग्यासुदिन मिया, इस्लामुदिन अन्सारी, युनिस अन्सारी, इद्रिस मिया अन्सारी, जुमादिन मिया अन्सारीसहित सात-आठ जनाको समूहले खातुनकै घरमा गएर बाँसको ढुङ्ग्रोमा अभक्ष खुवाउँदा तीनओटा दाँत भाँचियो। अमानवीय यातना भोगेकी खातुनले भदौ ३० गते जिल्ला प्रशासन कार्यालयमा पीडितहरूविरुद्ध मुद्दा दर्ता गराइन्। उजुरीकै आधारमा प्रहरीले असोज १० गते ग्यासुद्दीन मिया अन्सारीलाई गिरफ्तार गऱ्यो। मिया १५ हजार रुपियाँ धरौटीमा रिहा भए।

# २.१० चितवन

जनसङ्ख्या : ५,९१,५०५
साक्षरता प्रतिशत : ७५
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२१८
गाविस/नपा सङ्ख्या : ३६/२
सरकारी/निजी विद्यालय : ४८३/११७
क्याम्पस/उच्च मा.वि. : ६/४५
अस्पताल/स्वास्थ्य चौकी : ५/४२
मानव विकास सूचकाङ्क : ०.५१८
प्रतिपरिवार सरदर सङ्ख्या : ५

## नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

### माओवादी जनमुक्ति सेनाबाट

काठमाडौँ मनपा-३५ कोटेश्वर निवासी व्यापारी ३५ वर्षीय रामहरि श्रेष्ठले एक थान चाइनिज ब्राउनिङ् पेस्तोल र १७ लाख रुपियाँ चोरी गरेको आरोपमा ०६५ वैशाख २५ गते माओवादी जनमुक्ति सेना तेस्रो डिभिजन शक्तिखोरमा कुटपिट गरी घाइते भएकामा वैशाख २६ गते मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार गरी थप उपचारका लागि काठमाडौँ लैजाँदै गर्दा मृत्यु भयो।

भालुढुङ्गादेखि नारायणी पुलसम्म दुई दिन लगाएर प्रहरी र सञ्चारकर्मीहरूले खोज्दा नपाइएको उनको लास ०६५ जेठ १२ गते कविलास गाविसस्थित मदन-आश्रित पुलमुनि तैरिएको अवस्थामा फेला पऱ्यो। श्रेष्ठको लासमा माटो लत्पत्तिएको पाइएकाले श्रेष्ठको मृत्युपछि माटोमा गाडिएको हुनसक्ने प्रत्यक्षदर्शीहरूले आशङ्का गरे। पीडित परिवारले श्रेष्ठको खोजी गर्दै आन्दोलन गरेपछि ०६५ जेठ १ गते नेकपा (माओवादी)को सेनाको तेस्रो डिभिजनले जारी गरेको प्रेस विज्ञप्तिमा भरते गाविस-८ लमजुङका रघु भनिने ३३ वर्षीय केशव अधिकारी र घेत्मा गाविस-४ रुकुम निवासी सहायक ब्रिगेडियर कमाण्डर एटम भनिने २५ वर्षीय गङ्गाराम थापाले २८ गते राती शिविरभित्र कुटपिट गर्दा गम्भीर घाइते भई उपचारका लागि काठमाडौँ लैजाँदै गर्दा मृत्यु भएकाले दाहखानी गाविस-६ भालुढुङ्गा पुलको बीचबाट त्रिशूली नदीमा फाली उनीहरू फरार भएको बताइएको थियो।

*जनमुक्ति सेनाको कुटपिटबाट मारिएका रामहरि श्रेष्ठ*

जनमुक्ति सेना तेस्रो डिभिजनका सहकमाण्डर सञ्जीवले जेठ २ गते कालीकोट मालकोट गाविस-९ का ३५ वर्षीय गोविन्दबहादुर बटालालाई अभियुक्त बनाएर जिल्ला प्रहरी कार्यालय भरतपुरलाई जिम्मा लगाएकामा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन। बटाला हाल पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएका छन्। मन्त्रिपरिषद्को ०६५ जेठ ९ गते बसेको बैठकले घटनाको छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको नेतृत्वमा नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक अमरसिंह शाह र सहन्यायाधिवक्ता शरदप्रसाद गौतम रहने गरी तीन सदस्यीय छानबिन समिति गठन गरी १५ दिनभित्र सत्यतथ्य पत्ता लगाउन जिम्मा दिइएको थियो। त्यस्तै माओवादीको ०६५ जेठ ९ गते बसेको बैठकले जनसेनाद्वारा रामहरि श्रेष्ठको हत्या गरिएको घटनाको छानबिन गर्न माओवादीका केन्द्रीय सदस्य पोष्टबहादुर बोगटीको नेतृत्वमा नेता हितराज पाण्डे र एकराज भण्डारी रहने गरी तीन सदस्यीय छानबिन समिति गठन गऱ्यो।

### विस्फोटक पदार्थबाट

मकवानपुर जिल्ला लामाटार गाविस-७ का ३३ वर्षीय सन्तबहादुर रुम्बा, मकवानपुरकै मनहरि गाविस-३ का ३३ वर्षीय रामबहादुर थिङ र मोरङ उर्लाबारीका ७१ वर्षीय भीमबहादुर तमाङ ०६५ भदौ ६ गते भरतपुर नपा-९ बसपार्कस्थित एक घरमा बनाउँदै गरेको बम विस्फोट हुँदा

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | | १ | १ | १ | | १ | | | |
| घाइते | ४ | ४ | | ४ | | | | | १ | २ | २ |
| गिरफ्तारी/यातना | | | | | | | | | १ | १ | १ |
| कुटपिट | २४ | ३८ | ४ | ४२ | ३० | ३९ | | ३९ | | | |
| धम्की | ११ | १९ | | १९ | १९ | १८ | ४ | २२ | | | |
| भेला/सङ्गठित हुने अधिकार | २ | २ | | २ | ६ | १० | २ | १२ | | | |
| जातीय विभेद | १ | १ | | १ | | | | | | | |
| महिलाअधिकार | ११ | | ११ | ११ | | | | | | | |
| बालअधिकार | १४ | ४ | १३ | १६ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | ४ | | ४ | १ | १ | | १ | | | |
| अमानवीय व्यवहार | १ | | १ | १ | | | | | | | |
| अपहरण | ६ | ६ | १ | ६ | १० | १८ | | १८ | | | |
| जम्मा | ६६ | ६८ | ३१ | १०९ | ५६ | ६६ | ६ | ८३ | २ | ३ | ३ |

घाइते भए। रामबहादुरको उपचारका क्रममा भदौ १० गते मेडिकल कलेज शिक्षण अस्पताल भरतपुमा मृत्यु भयो। सन्तबहादुरलाई सोही अस्पतालमा उपचारपछि प्रहरीले हिरासतमा लिएकामा असोज १० गते तारेखमा रिहा भए भने उनकी पत्नी ४१ वर्षीया बालकुमारी श्रेष्ठ र भरतपुर नपा-९ निवासी रामजी पौडललाई घटना भएलगत्तै प्रहरीले हिरासतमा लिएकामा दुवै जना भदौ ९ गते रिहा भए।

*आफैँले बनाउँदै गरेको बम विस्फोटनमा परी मृत्यु भएका रामबहादुर थिङ*

### गोली/विस्फोटक पदार्थद्वारा घाइते अज्ञात समूहबाट

भण्डारा गाविस-३ पुरबारीस्थित भैरव राष्ट्रिय प्राथमिक विद्यालयका प्रधानाध्यापक र सोही गाविस-१ का ४६ वर्षीय उद्धव धरेल ०६५ वैशाख ८ गते अज्ञात समूहले प्रहार गरेको गोली लागी घाइते भए। गोली पीडितको घाँटीको देब्रेपट्टिको भागबाट छिरेर टाउकोको देब्रेतिर कानमाथिसम्म पुगेको थियो। घाइतेको भरतपुर मेडिकल कलेजमा उपचार भयो। हालसम्म पनि पीडकको पहिचान नभएको जिल्ला प्रहरी कार्यालयका सई सूर्य श्रेष्ठले बताए।

### बेवारिसे विस्फोटक पदार्थबाट

लोथर गाविस-२ तिरुवाका ४७ वर्षीय चन्द्रबहादुर श्रेष्ठ ०६४ चैत १५ गते घरनजिकैको बारी जोतिरहेका बेला जमिनमुनि रहेको बेवारिसे सकेट बम विस्फोट हुँदा घाइते भए। खेत जोत्दै गर्दा निस्किएको कालो फलामको डल्लोलाई हँसियाले कोतरेर ठोकठाक पारी खिया झार्न लाग्दा विस्फोट भई उनका दुवै हत्केला, अनुहार र घाँटीमा चोट लागेको थियो। पीडितको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

**तालिका** : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | एमालेबाट | | | अखिल क्रान्तिकारीबाट | | | नेपाली काङ्ग्रेसबाट | | | | युथफोर्सबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| कुटपिट | ४ | ६ | ६ | ४ | ८ | ८ | ३ | ४ | १ | ५ | १ | | १ | १ |
| धम्की | १ | १ | १ | | | | | | | | १ | १ | | १ |
| जम्मा | ५ | ८ | ८ | ४ | ८ | ८ | ३ | ४ | १ | ५ | २ | १ | १ | २ |

## जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जना रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ९२ जना पुरुष र दुई जना महिला गरी ९४ जना बन्दीहरू रहेका छन्। यसैगरी कैद नतोकिएका १ सय ३२ जना पुरुष र १४ जना महिला गरी १ सय ४६ जना बन्दीहरू रहेका छन्। त्यसै गरी कारागारमा आश्रित दुई जना बालक र तीन जना बालिका पनि कारागारमा रहेका छन्। चितवन जिल्ला कारागारमा जम्मा २ सय ४५ जना बन्दी रहेका छन्। कारागारको क्षमताभन्दा बढी बन्दीहरू बस्नुपर्दा उनीहरूलाई असुविधा भएको छ। पढ्ने उमेर पुगेर पनि पाँच जना बालबालिकाले विद्यालय जान पाएका छैनन्। आठओटा शौचालय अपुग भएको, सरकारी धाराको खानेपानीको धारा कारागारबाहिर रहेको, भान्सा र शौचालयनजिक भएकाले दुर्गन्ध फैलिने गरेको, काम गर्ने, बस्ने, खाने ठाउँ साँघुरो रहेको, डुलफिर गर्न र खेल्न ठाउँको अभाव रहेको, लामो समयसम्म पुर्पक्षमा राखिएको जस्ता समस्याहरू रहेको बन्दीहरू बताउँछन्। बन्दीहरूले पटकपटक आममाफीका लागि जेलर र प्रमुख जिल्ला अधिकारीमार्फत नेपाल सरकारलाई निवेदन गरे पनि सुनुवाइ नभएकामा गुनासो गर्छन्। बन्दीको समस्या र गुनासो सुनेर समाधान गर्नुपर्ने जेलर अधिकांश समय कार्यालयबाहिर रहँदा पनि सम्बन्धित निकायको ध्यान नपुगेको भन्दै बन्दीहरूले गुनासो गरे।

प्रतिव्यक्ति पाँच रुपियाँका दरले सङ्कलन गरी मासिक १ हजारदेखि डेढ हजार रुपियाँसम्मको पत्रपत्रिका खरिद गरेर पढ्ने गरेका छन्। इन्सेकको मानवअधिकार वर्षपुस्तकसमेत सङ्ग्रह गरिएको सानो पुस्तकालय पनि बन्दीहरूले सञ्चालन गर्दै आएका छन्।

रामहरि श्रेष्ठको हत्याको अभियोगमा कारागारमा रहेका गोविन्दबहादुर बटालालाई ०६५ मा सोनाम लामा, यमबहादुर पुन र डम्बर प्रजाले कुटपिट गरे। जेल सुधारगृहका रूपमा रहनुपर्ने, जेलले सिफारिस गर्दा घूस खुवाउनुपर्ने प्रथा अन्त्य गर्नु पर्ने, जुवा, तास, जाँड र रक्सीको प्रयोग गर्न नहुने अभियान चलाउन खोज्दा बाहिरी र भित्री प्रशासनको मिलेमतोमा आफूलाई पिटिएको बटालाको आरोप छ। रामहरि श्रेष्ठको अभियोग लागेका बटालालाई चितवन जिल्ला अदालतको ०६५ जेठ २९ गतेको फैसलाले सोही दिनदेखि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

रामहरि श्रेष्ठको हत्याको अभियोग लागेका बटालालाई चितवन जिल्ला अदालतको ०६५ जेठ २९ गतेको फैसलाले सोही दिनदेखि जिल्ला कारागार भरतपुरमा राखिएको छ। बटालासँगको विवादमा मुछिएको तीनसमेत २५ जना बन्दीलाई ०६५ मङ्सिर ९ गते कास्की जिल्ला कागागार सरुवा गरिएको जेलर टोलबहादुर शर्माले बताए।

*आफैंले बनाउँदै गरेको बम विस्फोटनमा परी घाइते भएका सन्तबहादुर रुम्बा*

## बेपत्ता/अपहरण

### माओवादीबाट

वीरेन्द्रनगर गाविस-२ का २४ वर्षीय इन्द्रप्रसाद कँडेल, २३ वर्षीय कृष्णप्रसाद थपलिया, २२ वर्षीय ज्ञानेन्द्र गिरी र २४ वर्षीय नवीन पुनले माओवादी कार्यकर्ताहरूलाई धम्की दिएको आरोपमा ०६४ चैत ४ गते उनीहरूलाई माओवादीको एक समूहले सोही गाविसको वीरेन्द्रनगरचोकबाट

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | वाईसीएलबाट | | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | १ | १ | १ |
| घाइते | | | | | ४ | ४ | ४ |
| कुटपिट | ९ | १३ | ३ | १५ | | | |
| धम्की | ६ | १४ | | १४ | ३ | ३ | ३ |
| भेला/सङ्गठित हुने अधिकार | ३ | ३ | | ३ | | | |
| अपहरण | ४ | ४ | | ४ | १ | १ | १ |
| जम्मा | ३३ | ३३ | ३ | ३५ | ८ | ९ | ९ |

अपहरण गऱ्यो। क्षेत्रीय कार्यालयमा दुई दलको बैठक छ भन्दै अपहरण गरेकामा एक घन्टा पर्सास्थित सोही पार्टीको क्षेत्रीय कार्यालयमा राखी पीडितहरूलाई माओवादी कार्यकर्ता रामचन्द्र पाठकको नेतृत्वमा इलाका प्रहरी कार्यालय पर्साको जिम्मा लगाए। उनीहरूलाई ०६४ चैत ४ गते प्रहरीले गोविन्द कँडेलको जिम्मामा पठाए।

काउले गाविस-६ निवासी नेपाली काङ्ग्रेस गाउँ विकास समितिका बुथ कमिटीका अध्यक्ष ६० वर्षीय एकबहादुर अधिकारी र सोही ठाउँ निवासी सोही पार्टीका कार्यकर्ता ४३ वर्षीय कुमार बुढाथोकीलाई ०६४ चैत २५ गते माओवादी कार्यकर्ताहरूले अपहरण गरे। उनीहरूलाई सोही दिन बेलुका हात्तीबाडमा पुऱ्याइएकामा काङ्ग्रेस जिल्ला समिति तथा इन्सेक जिल्ला प्रतिनिधिको पहलमा चैत २७ गते उनीहरू मुक्त भए।

पिठूवा गाविस-९ का १९ वर्षीय सुवास अधिकारीलाई ०६५ वैशाख २५ गते शैलेश नामका माओवादी कार्यकर्ताको नेतृत्वमा दुई जनाले भगौडाको आरोपमा सोही गाविस-३ स्थित किराना पसलबाट अपहरण गरे। पीडितले २ सय जनासम्मका लागि खाना बनाउने, भाँडा माझ्ने तथा काठको मुढा बोक्न र ज्वरो आएका बेला चिसोपानीमा काठ काट्न जान

*बेवारिसे सकेट बम विस्फोटनमा परी घाइते भएका चन्द्रबहादुर श्रेष्ठ*

नमानेपछि ०६५ असार २१ गते माओवादी जनमुक्ति सेनाको तेस्रो डिभिजनमा कुटपिट गरियो। सोही दिन शिविरबाट भागेर बालअधिकारकर्मीको सम्पर्कमा आएका अधिकारीको भरतपुरस्थित एक अस्पतालमा उपचार र सहज वातावरण बनेपछि परिवारका सदस्यले जिम्मा लिए।

जुटपानी गाविस-६ का ५१ वर्षीय बुद्धि अर्याल र सोही गाविस-५ का २८ वर्षीय जीतेन्द्र वाग्लेलाई नक्कली भारतीय नोटको कारोबार गरेको आरोपमा ०६५ असार ५ गते काठमाडौँबाट वाईसीएलका कार्यकर्ताले नियन्त्रणमा लिई असार १२ गते जुटपानी गाविसको खोलेसिमल बजारमा एक सार्वजनिक कार्यक्रम गरी प्रहरीलाई जिम्मा लगाए। सोही अभियोगमा पक्राउ परेका भरतपुर नपा-१२ निवासी ४९ वर्षीय जीवन देवकोटा साउन ७ गते जिल्ला अदालतको आदेशले २ लाख रुपियाँ धरौटी राखी रिहा भए। नक्कली १ लाख भारतीय रुपियाँ दिएर नेपाली ८० हजार रुपियाँ लिई ठगी गरेको आरोपमा उनीहरूलाई माओवादीले काठमाडौको नयाँ बजारबाट अपहरण गरेको थियो।

### माओवादी र जनमोर्चाबाट

दिव्यनगर गाविस-२ का ५४ वर्षीय शिवनारायण चौधरी, ३६ वर्षीय विक्रम चौधरी, शुक्रनगर गाविस-२ का ४६ वर्षीय डम्बर महतो र सोही गाविस-४ का ३३ वर्षीय हठन महतो राप्रपाको चुनावी प्रचारमा सहभागी भएको आरोपमा ०६४

फागुन २९ गते माओवादी र जनमोर्चाका कार्यकर्ताहरूले दिव्यनगर गाविस-६ सिसैबाट अपहरण तथा बसकठ्ठामा कुटपिट गरी डम्बर महतोको ना१ख ९०४ नम्बरको मोटरसाइकल, मोबाइल, डायरी र कार्यक्रम पुस्तिका लुटेर झन्डासमेत च्याते।

### धम्की/कुटपिट
### माओवादीबाट

जुटपानी गाविस-३ का ४३ वर्षीय भोजराम थपलियालाई ०६४ फागुन २२ गते माओवादी जनमुक्ति सेना तेस्रो डिभिजनका सेनाले राती घर घेरेपछि छतबाट हारगुहार गर्दा पिट्ने धम्की दिए। पीडितलाई फागुन २३ गते जनमुक्ति सेना १५ नं. बटालियनका दुई जनाले सोधपुछका लागि शिविरमा बोलाएपछि उनकी पत्नी दिव्यकुमारी शिविरमा जाँदा 'पतिलाई तह लगाएर राख्' भन्दै हप्काए। एमालेका जिल्ला उपसचिव कृष्ण खनाल र माओवादी जिल्ला इन्चार्ज सूर्य सुवेदीबीच वार्ता भएपछि पीडितकै घरमा शिविरका प्रवक्ता अविरलले क्षमा मागेको पीडितले बताए।

कल्याणपुर गाविस-७ सिर्जनाचोक निवासी राप्रपाका जिल्ला सहसचिव दिनेश अधिकारी र सोही ठाउँ निवासी राप्रपाका स्थानीय कार्यकर्ता दिलीप थापालाई ०६४ चैत २ गते राप्रपाको चुनाव प्रचार नगर्न माओवादीले धम्की दिए। उनीहरूले सिर्जनाचोकबाट अधिकारी र थापाका एक-एक थान मोबाइल र दिनेशको ना३प १६७५ नम्बरको मोटरसाइकल लुटे। राप्रपाको चुनाव प्रचारमा संलग्न भएको भन्दै माओवादीका जिल्ला सदस्य डण्डपाणि पौडेलको नेतृत्वमा सो सामान लुटिएको अधिकारीले बताए।

पटिहानी गाविस-१ का ५२ वर्षीया लक्ष्मी

*राप्रपाका कार्यकर्तासहित प्रहरीको कुटपिटबाट घाइते भएकी दिलमाया बुढाथोकी*

*वाईसीएलका कार्यकर्ताको कुटपिटबाट घाइते भएका रामनाथ तिवारी*

अर्यललाई ०६४ चैत २० गते मोटरसाइकलमा आएका दुई माओवादी कार्यकर्ताले राप्रपाको चुनाव प्रचारमा सहयोग गरेको भन्दै घरमै गएर कुटपिट गरे। 'तँ राजा राख्ने मान्छे होस्' भन्दै कुटपिट गर्न थालेपछि यो बूढो मान्छेलाई के गरेको भन्दै घर भाडामा लिएर हार्डवेयर पसल राखेका ३५ वर्षीय श्रीप्रसाद अधिकारीले रोकेपछि उनीहरू लाखापाखा लागेको प्रत्यक्षदर्शी तथा पीडितहरूले बताए। यसैगरी सोही गाविस-३ पदमपोखरीका ७२ वर्षीय मुक्तराज पन्तलाई चैत २० गते नै माओवादी कार्यकर्ताहरूले पन्तकै घरमा गएर राप्रपाका उम्मेदवार विक्रम पाण्डेको पक्षमा चुनाव प्रचारमा नलाग्न धम्की दिए। पन्तकी पत्नी ६० वर्षीय भूमिश्वरी पन्त मात्र घरमा भएका बेला अपरान्ह ५ बजे माइक्रोबसमा आएका माओवादीका ३५/४० जना कार्यकर्ताहरूले राप्रपाको झन्डा जबरजस्ती निकालेर च्यातेको र मुक्तराज पन्तको खोजी गरेको भूमिश्वरीले बताइन्।

भण्डारा गाविस-१ निवासी इलाका स्वास्थ्य चौकी भण्डाराका सहायक प्रमुख ३२ वर्षीय कृष्णप्रसाद सिलवाललाई ०६४ वैशाख १७ गते माओवादीका कार्यकर्ताले स्वास्थ्य चौकीको सामान हिनामिना गरेको स्वीकार गराउन जबरजस्ती कागज गराउन खोज्दा नमानेको भन्दै सो पार्टीका गाउँ समिति इन्चार्ज बुद्धिराम चौधरीले एक मुक्का हाने। प्रतिवाद गर्दै सिलवालले थारुलाई पनि एक मुक्का हानेर उनीहरूको नियन्त्रणबाट फुत्कन खोज्दा बेञ्चबाट लडेर देब्रे घुँडामा चोट लागी बेहोस भए। उनको भरतपुरस्थित चितवन अस्पतालमा उपचार भयो।

रत्ननगर नपा-१० निवासी प्रेस चौतारी नेपाल जिल्ला शाखा चितवनका अध्यक्ष कविकिरण न्यौपानेलाई ०६५ असार २४ गते माओवादी रत्ननगर

नपा-१० का रामबाबु श्रेष्ठले *दृष्टि* साप्ताहिकमा प्रकाशित सामग्रीको विषयको विवादमा कुटपिट गरे। न्यौपानेको देब्रे हात र टाउकोमा चोट लाग्यो। समाचारको विषयमा नभई पञ्चकन्या सामुदायिक वनसम्बन्धी विषयमा सामान्य विवाद भएको श्रेष्ठले बताए।

रामपुरस्थित कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा बीएससीएजीमा अध्ययनरत नेविसङ्घका कार्यकर्ताहरू शुकबहादुर गुरुङ, रामप्रसाद मैनाली, सुवर्ण शर्मा, निरज कोइराला र अर्जुन पाण्डेलाई ०६५ भदौ १९ गते दीपेन्द्र भट्टको स्थानान्तरणको विवादमा अनेरास्ववियु (क्रान्तिकारी) र नेविसङ्घबीच विवाद हुँदा अखिल (क्रान्तिकारी)का रामपुर एकाइका कुमार लामा, उत्तम आचार्य र भीम चौलागाईंको नेतृत्वमा कुटपिट गरेको नेविसङ्घ एकाइ अध्यक्ष लक्ष्मण अधिकारीले बताए। खुकुरीको प्रहारबाट गुरुङको टाउकोमा चोट लागेको र अन्यलाई लाठी तथा छडले हिर्काएको नेविसङ्घले जनायो। घाइतेहरूको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो। घाइतेमध्ये शुकबहादुर गुरुङको काठमाडौंस्थित त्रिविवि शिक्षण अस्पताल महाराजगञ्जमा उपचार भयो।

*वाईसीएलको कुटपिटबाट घाइते भएका शिक्षक कृष्ण पाठक*

रत्ननगर नपा-७ निवासी बछौली गाविस-१ बद्रहनीस्थित चितवन प्याराडाइज होटलका मजदुर २५ वर्षीय दशरथ महतोलाई ०६५ भदौ २२ गते माओवादीका बछौली गाउँ समितिका सदस्य ३२ वर्षीय जोगेन्द्र चौधरीले माओवादी मजदुरको विपक्षमा लागेको भन्दै ज्यान गायब पार्ने धम्की दिए।

भरतपुर नपा-१२ नौरङ्गे निवासी अनेरास्ववियु प्रारम्भिक कमिटी सप्तगण्डकी बहुमुखी क्याम्पसका सचिव २१ वर्षीय अश्वीन घिमिरेलाई ०६५ मङ्सिर ११ गते अनेरास्ववियु (क्रान्तिकारी)का जिल्ला सचिव रुद्र भट्टराईसमेतले सोही नपा-१० सिनर्जीचोकमा हेलमेटले हिर्काएको पीडितले बताए। पीडितको भरतपुर अस्पतालमा उपचार भयो।

रामपुरस्थित कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा बीएससीएजी तेस्रो वर्षमा अध्ययनरत बर्दिया जिल्ला गुलरिया नपाका २२ वर्षीय गणेश केसीलाई ०६५ मङ्सिर १२ गते अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले कुटपिट गरे। छात्रावासको एक नम्बर मेसमा खाना खाइरहेका बेला १० ओटा मोटरसाइकलमा आएका अपरिचित व्यक्तिहरूले अनुज जोशी खोइ भन्दै उनीलाई कुटपिट गरेको र अर्का कार्यकर्ता सुशील खड्कालाई अपहरण गर्ने प्रयास गरेको पीडितहरूले बताए।

भरतपुर नपा-१० जनपथ निवासी युथफोर्सका भरतपुर नगर इन्चार्ज २६ वर्षीय भीम वलीले वीरेन्द्र बहुमुखी क्याम्पसमा अखिल (क्रान्तिकारी)का कार्यकर्तालाई कुटपिट गर्न नेतृत्व गरेको आरोपमा ०६५ पुस ३ गते उनलाई क्रान्तिकारीका कार्यकर्ताहरूले कुटपिट गरे। पीडितको भरतपुरस्थित मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भयो। अखिल (क्रान्तिकारी)का जिल्ला सदस्य २४ वर्षीय बुद्धिविलास न्यौपाने र अशोक देवकोटाको नेतृत्वमा १२/१५ जनाको समूहले सोही वडास्थित महाकालेश्वर मन्दिर परिसरमा बसिरहेका बेला कुटपिट गरेको पीडितले बताए।

### वाईसीएलबाट

भरतपुर नपा-११ विशालचोकका ३२ वर्षीय देवनारायण श्रेष्ठले मागेजति चन्दा नदिएको आरोपमा ०६४ फागुन २७ गते वाईसीएलका कार्यकर्ताले जुटपानी गाविस-३ स्थित नहरमा कुटपिट गरे। कुटपिटबाट पीडितको ढाडभरि र आँखामा चोट लागेकाले भरतपुरस्थित मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भयो। आक्रमणकारीहरू माओवादीको तेस्रो डिभिजनले प्रयोग गर्दै आएको बिनानम्बरको गाडीमा आएको पीडितले बताए।

शुक्रनगर गाविस-२ अमृतनगरका ४४ वर्षीय कृष्णबहादुर थापा चैत १९ गते राप्रपाको पार्वतीपुरमा भएको चुनावी कार्यक्रममा सहभागी भएको आरोपमा ०६४ चैत २० गते वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरे। थापाको देब्रे हात र टाउकोमा चोट लागेको थियो। पीडितको भरतपुर अस्पतालमा उपचार भयो।

गर्दी गाविस-८ बरुवास्थित सोमेश्वर माविका शिक्षक सोही गाविस-८ निवासी ३७ वर्षीय कृष्ण पाठक र सोही गाविस-३ भैरवपुर निवासी ४२ वर्षीय रामनाथ तिवारीलाई ०६५ जेठ १ गते

वाईसीएलका कार्यकर्ताहरू गर्दी गाविस-८ निवासी १८ वर्षीय गङ्गा क्षेत्री, सोही ठाउँका ३० वर्षीय जीतेन्द्र मर्दनियाँ र सोही ठाउँका २८ वर्षीय विष्णु भट्टराईलगायतले विद्यालयको चौरमा लाठीले कुटपिट गरे। तिवारीको देब्रे हात, पेट, ढाड र पिठ्युँमा नीलडाम परेको र पाठकको दायाँ हत्केला र ढाडमा चोट लाग्यो। पीडितहरूको भरतपुरस्थित महेन्द्र आदर्श चिकित्सालयमा उपचार भयो। गर्दी गाविसस्तरीय ०६५ जेठ ९ गतेको सर्वदलीय बैठकले कुटपिटको अगुवाइ गर्ने गङ्गा पौडेल र जितेन्द्र मर्दनियाले उपचार खर्च बेहोर्ने सहमतिपछि विद्यालय खुल्यो।

*अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताको कुटपिटबाट घाइते भएका युथफोर्सका भीम ओली*

### एमालेबाट

वीरेन्द्रनगर गाविस-२ का जयराम गोतामे, सोही गाविस-४ का आनन्द पाठक, सोही गाविस-५ का सुदीप गिरी र खैरहनी गाविस-६ का हरिहर शर्मालाई ०६४ चैत ४ गते एमालेले वीरेन्द्रनगरमा सञ्चालन गरेको घरदैलो कार्यक्रममा माओवादीले अवरोध गरेको भन्दै एमालेका कार्यकर्ताहरूले कुटपिट गरे। पीडितहरूको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

वीरेन्द्रनगर गाविस-९ रसौली निवासी वाईसीएल कार्यकर्ता ३५ वर्षीय रामबहादुर श्रेष्ठलाई ०६४ चैत ७ गते साँझ खैरहनी गाविस-४ नयाँ पर्सा निवासी एमाले कार्यकर्ता राजन पुन, दीपक पुन र प्रकाश पौडेलले सोही वडाको लङ्गडी चोकमा कुटपिट गरेको वाईसीएलका क्षेत्र नं. १ का अध्यक्ष लालसिंह थिङले बताए। पीडितलाई खुकुरीले प्रहार गरी घाइते बनाएपछि प्रहरीको गाडीमा टाँडी र सो ठाउँबाट एम्बुलेन्समा भरतपुर लगिएको थियो। घाइतेको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

भरतपुर नपा-४ निवासी हरि श्रेष्ठलाई ०६४ चैत १६ गते भरतपुर नपा-१० निवासी एमालेका जिल्ला कमिटी सल्लाहकार ४७ वर्षीय कृष्णराज लब्ली न्यौपानेले निर्वाचन प्रचारको विषयमा भएको विवादमा सोही वडाको सिनर्जी चोकमा धम्की दिए। उनले निर्वाचनपछि माओवादीको हैसियत कमजोर भएपछि थाहा पाउला भन्दै ठीक भएर हिँड्न चेतावनी दिएको माओवादीका जिल्ला सेक्रेटरी घनश्याम दाहाल (अविनाश)ले बताए।

शुक्रनगर गाविस-७ लेवरनगर निवासी वीरेन्द्र बहुमुखी क्याम्पसमा बीबीएस तेस्रो वर्षमा अध्ययनरत अखिल (क्रान्तिकारी)का कार्यकर्ताहरू १९ वर्षीय वरदान कँडेल र भरतपुर नपा-६ यज्ञपुरीका २४ वर्षीय प्रेम कँडेल एवम् सोही सङ्गठनका जिल्ला सचिवालय सदस्य प्रकाश दवाडी ०६५ मङ्सिर १० गते अनेरास्ववियु र अनेरास्ववियु (क्रान्तिकारी)बीच शुःल्क फिर्ता गर्ने सम्बन्धमा वादविवादमा कुटपिट गरेका कारण घाइते भए। प्रेमको दाहिने तिघ्रा, घुँडा र नलिहाडमा तथा वरदानको दाहिने घुँडा, टाउको, ढाड र छातीमा चोट लागेको थियो। पीडित दुवैको मेडिकल कलेज शिक्षण अस्पतालमा उपचार भयो। झडपमा अनेरास्ववियुका वेदप्रसाद पाठक, आशीष पाण्डे र विनोद पाण्डेसमेत तीन र अखिल क्रान्तिकारीका कँडेलद्वयसमेत सात जना घाइते भएको ती सङ्गठनहरूले बताए।

### माओवादी र जनमोर्चाबाट

कल्याणपुर गाविस-६ हरिनगरका ४० वर्षीय दिनेश अधिकारीलाई ०६४ चैत ३ गते राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार विक्रम पाण्डेको पक्षमा सक्रिय भएको आरोपमा माओवादी जिल्ला सदस्य दण्डपाणि पौडेल र जनमोर्चा जिल्ला सचिवालय सदस्य सन्देश पौडेलको नेतृत्वमा १५/२० जनाको समूहले घरमा खाना खान गएका बेला कल्याणपुर बजारबाट कब्जामा लिई कल्याणपुर गाविस-६ हरिनगर सिर्जनाचोकमा लगेर बाँसको लाठीले हिर्काएको। कुटपिटबाट उनको ढाड तथा गोडामा नीलडाम परेको थियो। उनीहरूमध्ये अपरिचित एक जनाले घाँटी बटारेर दाहिने हात र गोडामा हिर्काए। पीडितको स्थानीय मेडिकलमा उपचार भयो।

### काङ्ग्रेसबाट

रत्ननगर नपा-९ सालघारी निवासी माओवादी कार्यकर्ताहरू २५ वर्षीय गञ्जसिंह गुरुङ, सोही नपा-११ का २४ वर्षीय अशोक लामा, सोही नपा-१० का श्याम लामा, कल्याणपुर गाविस निवासी २४ वर्षीय प्रकाश सुवेदीलाई ०६४ चैत १७ गते साँझ काङ्ग्रेसका कार्यकर्ताहरूले कुटपिट गरे।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

भरतपुर नपा-१० स्थित राप्रपाको जिल्ला कार्यालयमा ०६४ फागुन ३० गते अज्ञात समूहले तोडफोड तथा आगजनी गरे। घटना भएको आधा घन्टापछि भरतपुर नपाको दमकलले आगो निभाएको र प्रहरीले गस्ती गरेको थियो। राती साढे ११ बजे कार्यालयको ढोका फोरी पेट्रोल छर्केर त्यहाँ रहेको कुर्सी, टेबुल, झन्डासमेत पाँच लाख रुपियाँ बराबरको धनमाल नोक्सान गराइएको राप्रपा अध्यक्ष रामहरि कँडेलद्वारा चैत १ गते जारी प्रेस विज्ञप्तिमा जनाइएको थियो।

जगतपुर गाविस-१ जगतपुर बजारमा निर्वाचन क्षेत्र नम्बर ५ का राप्रपाका उम्मेदवार विक्रम पाण्डेलाई ०६४ चैत २ गते माओवादीका कार्यकर्ताहरूले माडीबाट फर्कदै गर्दा अवरोध पुऱ्याई गाउँ प्रवेश गर्न रोक लगाए। राजा समर्थक उम्मेदवार भएको, विकासे भाषण गरेको र साधनस्रोतको अति प्रयोग गरी आचारसंहिता उल्लङ्घन गरेको आरोपमा जनमोर्चा र वाईसीएलका ५०/६० जनाले सो अवरोध पुऱ्याएका थिए। निर्वाचन बेसक्याम्पका सशस्त्र प्रहरीको सहयोगमा उनलाई भरतपुरतर्फ पठाइयो।

जगतपुर गाविस-७ को आलमघाटमा राष्ट्रिय प्रजातन्त्र पार्टीले ०६४ चैत १२ गते चौतारोमा आयोजना गरेको जगतपुर गाविसस्तरीय चुनावी सभामा माओवादी र जनमोर्चा समर्थकहरूले विकासको प्रलोभन दिएर मतदातामा प्रभाव पारी आचारसंहिता उल्लङ्घन गरेको र तडकभडक गरेको भन्दै प्रचारसभामा अवरोध पुऱ्याए।

भरतपुरमा रिपोर्टर्स क्लब नेपालले ०६४ चैत १२ गते गरेको उम्मेदवार विशेष साक्षात्कार कार्यक्रममा क्षेत्र नं. २ का एमालेका उम्मेदवार काशीनाथ अधिकारीले बोल्न लाग्दा माओवादी कार्यकर्ताहरूले अवरोध गरी बोल्न नदिएपछि कार्यक्रम बीचमा स्थगन गरियो। घटनाका सम्बन्धमा इन्सेका अध्यक्ष सुबोधराज प्याकुरेलद्वारा दिइएको प्रतिक्रियासमेत सार्वजनिक नगर्न माओवादीले सञ्चारकर्मीलाई धम्की दिएका थिए।

रत्ननगर नपा-२ निवासी काङ्ग्रेस क्षेत्र नं. २ का निर्वाचन प्रचारकहरू १८ वर्षीय अपिल अधिकारी, २७ वर्षीय मिलन लामा, २२ वर्षीय ध्रुव बर्तौला, २० वर्षीय उमेश मिजार, १७ वर्षीय अभिषेक पाण्डे, २४ वर्षीय दीपक पाण्डे र २४ वर्षीय शम्भु खनाललाई ०६४ चैत १३ गते माओवादीका आठ-नौ जना युवाहरूले शक्तिखोर गाविस-५ स्थित बहुदल बजारमा पैसा बाँड्न र कमाउन आएको भन्दै आँखा तरेर धम्काएको शैलेन्द्र घिमिरेले बताए। रत्ननगर नपा-२ निवासी नेविसङ्घका जिल्ला सदस्य विष्णुहरि थापाको बा२१प १०६१ नम्बरको मोटरसाइकलको चाबी तथा अपिल अधिकारीको लाइसेन्स माओवादीले खोसेका थिए। त्यसपछि मिलन, ध्रुव, प्रताप, उमेश, अभिषेक, दीपक, अपिलसमेत आठ जनाका मोटरसाइकल कब्जामा लिएर पौने घन्टासम्म ती चाबीहरू उनीहरूले नै राखे। आठवटै मोटरसाइकललाई लाइनमा लगाएर राखेर धम्काउनुका साथै ध्रुव बर्तौलाको लामो कपाल 'खुँडाले कि तरबारले काट्ने' भनेर आतङ्कित पारेको पीडितले बताए।

चैनपुर गाविस-२ ज्यामिरेमा काङ्ग्रेसका क्षेत्र नं. २ का संविधानसभा उम्मेदवार एकनाथ रानाभाटले प्रयोग गरेको ना२ख १४९९ नम्बरको भ्वाइचर माइक्रोबसमा राखिएका दुईओटा झन्डा ०६४ चैत १४ गते माओवादी कार्यकर्ताले आगो लगाई नष्ट

*वीरेन्द्र बहुमुखी क्याम्पसमा भएको झडपमा परी घाइते भएका वरदान कँडेल र प्रेम कँडेल*

गरे। चिया पिउन सडकमा गाडी रोकेका बेला उनीहरूले झन्डा निकालेर जलाएको काङ्ग्रेस क्षेत्र नं. २ का कार्यालय सहायक रूपनराज घिमिरेले बताए।

बघौडा गाविस-३ वसन्तपुरस्थित राप्रपाको इलाका कार्यालय ०६४ चैत १६ गते माओवादी र जनमोर्चा नेपालका कार्यकर्ताहरूले घेराउ तथा खानतलासी गरे। कार्यालयबाट संविधानसभा निर्वाचन प्रचारको झन्डा, पम्प्लेट र ब्यानर तथा घोषणापत्र बजारमा ल्याएर जलाए। राजावादी पार्टी र उम्मेदवार भएको आरोपमा उनीहरूले माडीमा राप्रपाको चुनाव प्रचार गरेमा कारबाही गरिने भन्दै धम्की दिए। उनीहरूले बाहिरबाट आउने तथा माडीमा बसेकाहरू कसैलाई पनि सो पार्टीलाई सहयोग नगर्न उर्दी जारी गरेका थिए।

*जनमोर्चाका कार्यकर्ताको कुटपिटबाट घाइते भएका चूडामणि भुसाल*

जगतपुर गाविस-९ का २६ वर्षीय दिलमाया बुढाथोकी, पार्वतीपुर गाविस-२ कञ्चनबस्ती निवासी २३ वर्षीय केवी कुँवर, शुक्रनगर गाविस-२ अमृतनगर निवासी ३८ वर्षीय शिवराज अधिकारी र बघौडा गाविस-३ वसन्तपुर निवासी ३२ वर्षीय सुमन बरालालाई ०६४ चैत १९ गते राप्रपाको कार्यक्रममा जनमोर्चा र माओवादीका कार्यकर्ताले अवरोध गरेको भन्दै राप्रपाका कार्यकर्ताहरूले कुटपिट गरे। बुढाथोकीलाई प्रहरीले समातेर गहुँबारीमा लगेको र सोही ठाउँमा राप्रपाका कार्यकर्ताले टाउकोमा चुपी हानेकाले ११ ओटा टाँका लगाइयो । प्रहरीले गोडा तथा ढाडमा लाठीले र देब्रे तिघ्रामा बन्दुकको कुन्दाले हिर्काएको पीडितले बताइन्। कुँवरलाई प्रहरीले मकैबारीमा मुख, ओठ र देब्रे हातमा लौरोले हिर्काएको शिवराज अधिकारीको देब्रे ढाड र टाउकोमा छओटा टाँका लगाइयो। राप्रपाका कार्यकर्ताहरूले माओवादी र जनमोर्चाका कार्यकर्ताहरूलाई पिटेका थिए। सो क्रममा भएको झडप नियन्त्रणमा लिन प्रहरीले एक सेल अश्रुग्यास प्रहार गर्नुका साथै र लाठीचार्जसमेत गरेको थियो। घाइतेहरूको भरतपुर अस्पतालमा उपचार भयो।

खैरहनी गाविस-४ नयाँ पर्सामा नेकपा (एमाले)ले ०६४ चैत २० गते आयोजना गरेको सांस्कृतिक सभामा सोही पार्टीका महिला नेतृ सीता पौडेलले कमल पाठकको घर तोडफोडमा माओवादीलाई दोष लगाएको भन्दै माओवादी गाउँ सेक्रेटरी कूलप्रसाद भुसालको नेतृत्वमा मञ्चमा प्रवेश गरी माइक खोस्न खोजे। सोही घटनाको विरोध गरेकामा सोही गाविस-४ नयाँ पर्सा निवासी ३५ वर्षीय जयराम ढकालको अनुहारमा मुक्का हान्नुका साथै सोही साँझ स्थानीय व्यापारी तेजराज सेढाईंको घरमा ढुङ्गा तथा इटाले हाने। माओवादी जनमुक्ति सेनाको तेस्रो डिभिजनबाट आएका ४०/५० जनाले राती ९ बजे घर घेरेर तोडफोड प्रयास गरेकामा सशस्त्र तथा जनपथ प्रहरीले रोकेको सेढाईंले बताए।

भरतपुर नपा-५ शिवघाट निवासी एमालेका तर्फबाट संविधानसभा निर्वाचनका लागि चितवन क्षेत्र नं. ३ का उम्मेदवार ४९ वर्षीय देवीप्रसाद ज्ञवालीलाई ०६४ चैत २१ गते रामनगर निवासी ४३ वर्षीय भक्त श्रेष्ठ र ४५ वर्षीय टङ्क न्यौपानेको नेतृत्वमा वाईसीएलका कार्यकर्ताहरूले रामनगर बजारस्थित एक होटलमा घेराबन्दी गरी दिउँसो ११ बजेदेखि तीन घन्टा नियन्त्रणमा लिए।

भरतपुर नपा-१३ का काङ्ग्रेसका तर्फबाट मतदान केन्द्रका प्रतिनिधि रहेका सोही नपा-१३ निवासी ६० वर्षीय नवराज चापागाईंलाई ०६४ चैत २८ गते माओवादीका दुई कार्यकर्ताले खुकुरी देखाएर दुई घन्टा अपहरण गरे। पीडितलाई शारदानगर गाविसको टाउननजिकको घोलमा ९ बजेसम्म राखेर मुक्त गरेपछि २ बजेपछि मात्र मतदान गरेको पीडितले बताए।

मेघौली गाविसका १२ मतदान केन्द्रहरूमा ०६४ चैत २८ गते काङ्ग्रेसका कार्यकर्ताहरूले आफ्ना चार कार्यकर्तालाई ०६४ चैत २७ गते माओवादी र जनमोर्चाका कार्यकर्ताले कुटपिट गरेको विरोधमा निर्वाचन सामग्री तोडफोड तथा आगजनी गरेकाले मतदान स्थगित भयो।

बघौडा गाविस-१ निवासी काङ्ग्रेसका कार्यकर्ताहरू ४३ वर्षीय चूडामणि भुसाल, सोही ठाउँ निवासी १८ वर्षीय अर्जुन चापागाईं, सोही गाविस-७ निवासी ५० वर्षीय सोमल महतो, सोही ठाउँ निवासी २५ वर्षीय खोमराज महतो र सोही गाविस-१ निवासी १५ वर्षीय मोहन पाण्डेलाई ०६४ चैत २८ गते निमावि खैरहनीस्थित मतदान केन्द्रमा फर्जी मत रोक्न खोज्दा जनमोर्चा नेपालका कार्यकर्ताहरूले कुटपिट गरेको पीडितले बताए। भुसालको ढाड र दाहिने घुँडामा, सोमलको देब्रे हात, नाडी र देब्रे गोलीगाँठो, मोहनको

दुवै नलिहाड, ढाड र देब्रे चोरऔँलामा, खोमराजको निधार र ढाडमा र अर्जुनको टाउको र ढाडमा चोट लाग्यो। पीडितहरूको भरतपुरस्थित नारायणी सामुदायिक अस्पतालमा उपचार भयो।

*राप्रपाका कार्यकर्ताको कुटपिटबाट घाइते भएका केबी कुँवर*

## सुगम र निष्पक्ष न्यायिक अधिकार

चितवन जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएको देवानीतर्फ ८ सय ५४ थान र फौजदारीतर्फ ७ सय १६ थान र यस वर्ष दर्ता भएका देवानीतर्फ ७ सय ६ थान र फौजदारीतर्फ १ हजार १८ थान रहेका छन्। यस वर्ष देवानीतर्फ ५ सय ४७ थान र फौजदारीतर्फ ८ सय ४९ थान मुद्दा फर्स्यौट भए। फर्स्यौट हुन बाँकी रहेका मुद्दाहरूको सङ्ख्या देवानीतर्फ १ हजार १३ थान र फौजदारीतर्फ ८ सय ८५ थान गरी जम्मा १ हजार ८ सय ९८ थान रहेका छन्। दुई वर्ष नाघेर पनि फैसला नभएका देवानी ४२ थान र फौजदारी २० गरी ६२ थान मुद्दाहरू छन्। बाल इजलासको व्यवस्था भएर पनि अहिलेसम्म मुद्दा भने छैनन्।

## बालअधिकार

गर्दी गाविस-१ अमिलिया निवासी १२ वर्षीया एक बालिकालाई ०६४ चैत १५ गते सोही ठाउँ निवासी २३ वर्षीय ईश्वर परियारले निजकै छिमेकी गङ्गा भुजेलले छाडेको खाली घरमा दुर्व्यवहार गरे। परिवारका सदस्यहरूले चिच्याइरहेको देखेपछि पीडक भागेका पीडितका बाबु शेरबहादुर परियारले बताए। पीडितको चैत १७ गते भरतपुरस्थित महेन्द्र आदर्श चिकित्सालयमा स्वास्थ्य परीक्षण भयो। पीडकलाई ०६५ असोज २ गतेदेखि जिल्ला अदालतको आदेशले पुर्पक्षमा जिल्ला कारागारमा राखिएको छ।

इनरुवा गाविस-७ बारा घर भई भरतपुर नपा-१२ वसन्तचोक निवासी चार वर्षीया एक बालिकालाई ०६५ साउन १४ गते सोही वडाको मिलनचोक निवासी निर्माण मजदुर १४ वर्षीय शेख मुस्ताकले दुर्व्यवहार गरे। सोही महिनाको १९ गते जिल्ला प्रहरी कार्यालयमा पीडितले दिएको उजुरीका आधारमा प्रहरीले पीडकलाई सोही दिन गिरफ्तार गरे। पीडकलाई ०६५ भदौ १ गतेको चितवन जिल्ला अदालतको आदेशले पुर्पक्षमा जिल्ला कारागार भरतपुरमा राखिएको छ।

भरतपुर नपा-११ नौरङ्गे निवासी सात वर्षीया एक बालिकालाई ०६५ भदौ ५ गते सोही नपा-१० निवासी ३३ वर्षीय पूर्ण लामाले स्थानीय कमला मन्दिरनजिक बलात्कार गरे। भरतपुर अस्पतालमा चिकित्सक डा. मीना श्रेष्ठले भदौ ९ गते गरेको स्वास्थ्य परीक्षण गरी योनि सुन्निएको अवस्था रहेको प्रतिवेदन दिइएको थियो। पीडकलाई ०६५ भदौ २९ को चितवन जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

पदमपुर गाविस-६ निवासी छ वर्षीया एक बालिकालाई ०६५ भदौ ६ गते सोही ठाउँ निवासी १७ वर्षीय कुलप्रसाद अधिकारीले पीडककै घरमा बलात्कार गरे। पीडितको मेडिकल कलेजमा स्वास्थ्य जाँच गर्दा योनिमा चोट लागेको देखिएको चिकित्सकले बताए। चितवन जिल्ला अदालतको ०६५ असोज १ गतेको आदेशले पुर्पक्षका लागि भक्तपुरस्थित बाल सुधारगृहमा राखिएको छ।

अयोध्यापुरी गाविस-६ निवासी १३ वर्षीया एक बालिकालाई ०६५ भदौ ८ गते सोही ठाउँ निवासी २० वर्षीय पुरन क्षेत्रीले भालुखोला-सालघारी जङ्गलमा बलात्कार गरे। सोही महिनाको ११ गते पीडितका

*आफ्ना आमाबाबुसँग कारागारमा आश्रितका रूपमा रहेका बालबालिकाहरू*

तर्फबाट जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि पीडकलाई सोही दिन प्रहरीले गिरफ्तार पऱ्यो। पीडितको भदौ १५ गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडकलाई असोज २ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

दिव्यनगर गाविस-६ निवासी १२ वर्षीया एक बालिकालाई ०६५ भदौ १० गते सोही वडाका खत्रौली निवासी ६५ वर्षीय बाबुराम चौधरीले पीडितकै घरनजिकको जङ्गलमा बलात्कार गरे। भरतपुर अस्पतालका चिकित्सक डा. मोहनप्रसाद पौडेलद्वारा तयार गरिएको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनि सुन्निएको उल्लेख गरिएको छ। फरार पीडकलाई ०६५ भदौ १५ गते प्रहरीले पक्राउ गरेकामा असोज ३ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

सुनसरी जिल्ला हाँसपोसा गाविस-८ घर भई भरतपुर नपा-४ बेलचोक निवासी तीन वर्षीया एक बालिकालाई ०६५ भदौ ११ गते हेटौँडा नपा-१ घर भई बेलचोकमै डेरा गरी बस्ने ३५ वर्षीय राजकुमार क्षेत्रीले पीडितकै डेरामा बलात्कार गरे। योनिबाट रक्तश्राव भइरहेको र झिल्ली च्यातिएको स्वास्थ्य परीक्षणमा संलग्न भरतपुर अस्पतालका चिकित्सकको सोही दिनको प्रतिवेदनमा उल्लेख छ। पीडितकी आमा नैना चौधरीको जाहेरीका आधारमा पीडकलाई असोज ३ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

उदयपुर जिल्ला पञ्चवती गाविस-४ नेपालटार घर भई भरतपुर नपा-२ क्षेत्रपुर निवासी नौ वर्षीया एक बालिकालाई ०६५ भदौ २९ गते गुञ्जनगर गाविस-३ भीमनगर घर भई भरतपुर नपा-२ क्षेत्रपुरस्थित जवाहरलाल प्रधानको घरमा डेरा गरी बस्ने २४ वर्षीय गोलबहादुर तामाङले पीडितको डेरामा दुर्व्यवहार गरे। पीडकलाई असोज २ गते पक्राउ गरिएकामा असोज २२ गतेको चितवन जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

पोखरा उपमनपा-१६ निवासी २७ वर्षीय सीताकुमारी थापालाई ०६४ पुस २४ गते पनि ३७ वर्षीय जगतबहादुर थापाले गर्दी कल्याणपुर गाविस-३ कल्याणपुरमा ह्यामरले हिर्काएर टाउको फुटाए। पीडितको इलाका स्वास्थ्य केन्द्र वसन्तपुर माडीमा टाउकोमा २८ ओटा टाँका लगाएर उपचार भयो। पीडकलाई पुस २५ गते प्रहरीले पक्राउ गरेकामा चितवन जिल्ला अदालतको आदेशले पुस २८ गतेदेखि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

गुञ्जनगर गाविस-६ भुवनवस्ती निवासी २५ वर्षीय विन्दरा सिञ्जालीलाई ०६४ माघ १७ गते ससुरा मानबहादुर सिञ्जालीले एड्स लागेकाले परिवारका अरू सदस्यलाई पनि सर्न सक्ने भन्दै राती घरबाट निकाले। पीडित तीन दिनसम्म छिमेकीको घरमा बसेपछि स्थानीय बासिन्दाको पहलमा भरतपुर नपा-१० स्थित चितवन सक्रिय समूहको महिला पुन:स्थापना केन्द्र हस्पिसमा राखिएको छ। डेढ वर्षपहिले पीडितका पति हानबहादुर सिञ्जाली र उनकी जेठी पत्नीको एचआईभी/एड्सबाट मृत्यु भएको थियो।

भरतपुर नपा-११ गणेशस्थान निवासी ४५ वर्षीया विष्णुमाया परियारलाई ०६५ साउन १८ गते पति ४९ वर्षीय बाबुराम परियारले कुटपिट तथा दुर्व्यवहार गरे। राती परिवारका सदस्यहरू सुतिसकेको बेला मुखमा कपडा कोचेर टाङ् च्यातेर योनिमा हात हाली पाठेघर क्षतविक्षत पारेर निकालेको पीडितका छोरा कृष्णबहादुर परियारले बताए। पीडितका तर्फबाट कृष्णबहादुरले साउन २१ गते जाहेरी दिएपछि २२ गते पक्राउ गरिएकामा जिल्ला अदालत चितवनको आदेशले ०६५ भदौ ११ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

भरतपुर नपा-१० निवासी २७ वर्षीया सीता घिमिरेलाई ०६५ कात्तिक १६ गते ३८ वर्षीय पति विश्वबन्धु घिमिरेले भगवान्को फोटो घरभित्र किन राखेको भनेर कुटपिट गरे। पतिले भगवान्को तस्विर निकाल्न खोज्दा रोक्ने क्रममा जबरजस्ती ढोका खोल्दा सीताको दाहिने हातको चौरऔँला र नाडीमा चोट लागेकाले स्थानीय मेडिकलमा उपचार भयो। पीडितले पतिविरुद्ध कात्तिक २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि दुवै पक्षको छलफलमा पीडितलाई मासिक ३ हजार रुपियाँ नियमित रूपमा उपलब्ध गराउने सहमतिपछि पति विश्वबन्धु घिमिरेलाई रिहा गरिएको असई उषा ढुङ्गानाले बताइन्।

### बहुविवाह

रत्ननगर नपा-४ डेबौली निवासी ३० वर्षीय मनोज घिमिरेले ०६४ माघ १६ गते स्थानीय जमुना घिमिरेसँग दोस्रो विवाह गरे। घिमिरेकी जेठी पत्नी २८

वर्षीय कृपा घिमिरेले पतिविरुद्ध फागुन ९ गते जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेलमा उजुरी गरिन्। पीडकलाई फागुन १० गते जिल्ला प्रहरी कार्यालयको आदेशमा इलाका प्रहरी कार्यालय टाँडीका प्रहरीले पक्राउ गरी महिला तथा बालबालिका सेलमा हाजिर गराए। पीडितलाई चैत महिनाभित्रमा १० धुर जग्गामा बनेको एउटा घरसहित दुई कठ्ठा जग्गा दिने सहमतिपछि पीडकलाई रिहा गरियो।

धादिङ जिल्ला पैँडा गाविस-३ स्थायी घर भई भनपा-१० निवासी २० वर्षीय प्रकाश भट्टराईले ०६५ भदौ १८ गते भरतपुर नपा-११ निवासी १९ वर्षीया मिठू भट्टराईसँग दोस्रो विवाह गरे। जेठी पत्नी भरतपुर नपा-५ निवासी जमुना भट्टराईले बहुविवाहविरुद्ध ०६५ असोज २९ गते जिल्ला अदालतमा मुद्दा दायर गरेपछि सोही अदालतको ०६५ कात्तिक २१ गतेको आदेशले तोकेको जनही ४५ हजार रुपियाँ जम्मा गर्न नसकेकाले कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय मुद्दा फाँटका असई सूर्य श्रेष्ठले बताए।

भरतपुर नपा-११ निवासी ३० वर्षीय राम पोखरेलले ०६५ असोज २३ गते भरतपुर नपा-९ निवासी २२ वर्षीया उषा रिजालसँग दोस्रो विवाह गरे। जेठी पत्नी २५ वर्षीया अनिता पोखरेलले ०६५ कात्तिक २२ गते पति राम पोखरेल र सौता रिजाललाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दिइन्। पीडितको मागबमोजिम पोखरेलकी कान्छी पत्नी उषा रिजालसमेतलाई कात्तिक २२ गते झिकाई महिला तथा बालबालिका सेलमा छलफल गरी मिलापत्र भयो।

सहरे गाविस-६, दोलखा घर भई भरतपुर नपा-१० निवासी २८ वर्षीय होमबहादुर दमाईले ०६५ कात्तिक १७ गते शिवनगर गाविस-७ निवासी २५ वर्षीया युनिका सुनारसँग दोस्रो विवाह गरे। जेठी पत्नी सोही नपा-११ निवासी २४ वर्षीया सुकमाया दमाईले कात्तिक २३ गते जिल्ला प्रहरी कार्यालय भरतपुरमा उजुरी गरेपछि कारागार भरतपुरमा राखिएको छ।

## सबै प्रकारका जातीय विभेद

भरतपुर नपा-११ भोजाड निवासी ६५ वर्षीय फौजबहादुर विश्वकर्माले ०६४ वैशाख २१ गते सार्वजनिक स्थलमा पानी पिएको भाँडो छोएको भनी सोही ठाउँ निवासी ५२ वर्षीय लीला सुवेदीले भाँडो घोप्ट्याइन्। मन्दिरको परिसरमा आयोजना गरिएको दोहोरी गीत कार्यक्रममा सुवेदीले स्वयम्सेवकका रूपमा काम गरेकी थिइन्। आफूले गरेको भूलप्रति सुवेदीले ०६४ जेठ १ गते सार्वजनिक रूपमा पीडित फौजबहादुर विश्वकर्मासमक्ष क्षमायाचना गर्दै यो घटनाबाट आफूले मात्र होइन, समाजले पनि सिक्नु पर्ने बताइन्।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सौराहास्थित टेम्पल टाइगरका मजदुरहरूको ०६४ फागुन १७ गतेदेखि मजदुर युनियन गठन गरी मजदुरहरूले दस प्रतिशत सेवाशुल्कको माग राख्दै कालो पट्टी बाँधेर काम थालेपछि व्यवस्थापनले एक हप्तासम्म रासन रोक्का गरेको मजदुरहरूले बताए। त्यस्तै १० प्रतिशत सेवाशुल्कको माग राख्दै कालो पट्टी बाँधेर काम थालेपछि मचान वाइल्ड लाइफका मजदुरहरूको ०६४ फागुन १९ गतेदेखि चार दिनसम्म मालिकहरूले रासन रोक्का गरेको पीडितहरूले बताए।

सौराहास्थित टाइगर टप्स होटल प्रालिमा कार्यरत मजदुरहरू हरिबहादुर महतो, रामसिंह कुमाल, धनराज महतो, विजय देवकोटा, ज्ञानबहादुर राई, इन्द्रबहादुर कुमाल, जीताराम चौधरी, खेमबहादुर गुरुङ र लालबहादुर कुमाललाई ०६५ वैशाख २४ गतेदेखि पाँच दिनसम्म व्यवस्थापन पक्षले निलम्बन गऱ्यो। एक वर्षअगाडि मात्र स्थायी १८ वर्षदेखि कार्यरत हरिबहादुर भण्डारीलाई ०६५ जेठ १९ गते मजदुरहरूलाई आन्दोलनमा उतारेर भड्काएको आरोपमा व्यवस्थापनले निष्कासन गरेको मजदुरहरूले साउन ३२ गते नारायणगढमा एक पत्रकार सम्मेलन गरी सो कुराको जानकारी गराए। होटलमा कार्यरत २ सय ११ जना मजदुरहरूको जेठ महिनाभरि रासन तथा तलब पनि रोकिएको अखिल नेपाल होटल तथा रेस्टुराँ मजदुर सङ्घ टाइगर टप्स एकाइ समितिमा समेत रहेका हरिबहादुर महतोले बताए। व्यवस्थापन पक्षले ०६५ वैशाख २४ गते ६४ जनालाई नसिहत, ३० गते १९ जनालाई निलम्बन र साउन २८ गते अध्यक्षसहित समितिका नौ जना पदाधिकारीहरूलाई निष्कासन गरेको थियो।

पदमपुर गाविस स्थानान्तरणका क्रममा अतिक्रमित जग्गा फिर्ता गराउन माग गर्दै ०६५ पुस १ गते छुट भएका १ सय १ परिवार र राष्ट्रिय निकुञ्जद्वारा ०२२ सालमा विस्थापित गरिएका २ सय ४० परिवारका सदस्यहरूले चार घन्टा जिविस कार्यालयमा तालाबन्दी गरे। सहायक प्रमुख जिल्ला अधिकारी ऋषिराम ढकाल, स्थानीय विकास अधिकारी,

माओवादीका जिल्ला इञ्चार्ज सूर्यप्रकाश सुवेदी, काङ्ग्रेसका जिल्ला सचिव देवेन्द्र गुरुङ, एमालेका जिल्ला सचिव विजय सुवेदी, जनमोर्चा नेपालका प्रतिनिधि मधुसूदन सापकोटा र नेकपा मालेका जिल्ला सचिव कपिलदेव पोखरेलले समस्या समाधान गर्न एक हप्ताभित्र प्रमुख जिल्ला अधिकारी रत्नराज पाण्डेको उपस्थितिमा निर्णायक बैठक गराउने प्रतिबद्धता गरेपछि ताला खुलेको थियो। ०६२ माघदेखि आन्दोलन गर्दै आएका पीडितहरूको माग सम्बोधन गर्न स्थानीय विकास अधिकारीको अध्यक्षतामा बनेको सर्वदलीय प्रतिनिधिसहितको समितिले सिफारिस गरेबमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को ०६३ चैत १ गतेको निर्णय अनुसार उनीहरूको पुर्जाबमोजिमको जग्गा पदमपुर गाविसको खाली जमिनमा उपलब्ध गराउने निर्णय गरे पनि उनीहरूका लागि छुट्याइएको ९९ बिघा जमिनमा अनधिकृत १ हजार ५ परिवारले उपभोग गरिरहेकाले उनीहरूले उपभोग गर्न नपाएको बताए।

### संरचना, सम्पत्ति क्षति माओवादीबाट

बछौली गाविस-६ निवासी धर्मदत्त पौडेललाई ०६५ साउन १० गते ठगी गरेको भन्दै गोपाल दराईको नाममा तीन कठ्ठा जग्गा फिर्ता गर्न दबाब दिँदै कुमरोज गाविस-१ हर्नरीस्थित खेतमा माओवादीका कार्यकर्ताहरूले बाली लगाउन रोक लगाए। पौडेलले ०६५ वैशाखमा गैँडाकोट गाविस नवलपरासीका कृष्णदत्त कँडेलसँग सो जग्गा किनेका थिए। सो जग्गा कुमरोज गाविस-१ हर्नरी निवासी गोपाल दराईले तीन वर्षअघि दृष्टिबन्धक गरी दिएका थिए।

# २.११ मकवानपुर

जनसङ्ख्या : ४,६७,९९६
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.): २,४२६
गाविस/नपा सङ्ख्या : ४३/१
सरकारी/निजी विद्यालय : ४४६/४४
क्याम्पस/उच्च मा.वि. : ५/२२
अस्पताल/स्वास्थ्य चौकी : १/४४
मानव विकास सूचकाङ्क : ०.४७०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### जेल र बन्दीहरू

जिल्ला सदरमुकामभन्दा बाहिर भीमफेदीमा रहेको जिल्ला कारागार शाखा मकवानपुर 'घ' श्रेणीको रहेको छ। कारागारको क्षमता चार जना महिलासहित ४१ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा यस कारागारमा कैद तोकिएका २६ जना बन्दी र कैद नतोकिएका २४ जना थुनुवा गरी कूल ५० जना पुरुष बन्दी र थुनुवाहरू रहेका छन्।

पुरुष र महिला दुवै राख्न सकिने यस कारागारमा महिला वार्ड जीर्ण भएकाले ०६५ कात्तिक महिनादेखि महिला बन्दी राख्न छाडिएको छ। यहाँका महिला बन्दीलाई वीरगञ्ज कारागार पठाउने गरिएको छ। कारागारका बन्दीहरूले रेडियो सुन्ने तथा पत्रपत्रिकाहरू पढ्ने अवसर पनि पाएका छन्। जेलमा टेलिभिजन पनि रहेको छ। पानी, शौचालय र बिजुलीको व्यवस्था छ। बन्दीहरूका लागि पुस्तकालयको पनि व्यवस्था छ। कारागार नै सानो र साँघुरो भएकाले बन्दीहरूका लागि खेल्ने स्थानको अभाव छ। खेल्नका

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा |
| हत्या | ५ | ३ | ३ | ६ | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | १ | ३ | | ३ |
| कुटपिट | १ | ४ | | ४ | ३ | ५ | ५ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | १ | १ | १ | १ | ३ | ४ | ८ |
| महिलाअधिकार | १० | | ११ | ११ | | | | | | | |
| बालअधिकार | ९ | | ९ | ९ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | १ | १ | १ | | | | |
| अमानवीय व्यवहार | १ | १ | | १ | | | | | | | |
| अपहरण | ३ | ३ | | ३ | | | | | | | |
| जम्मा | ३८ | १० | ३३ | ३३ | ५ | ८ | ८ | ३ | ५ | ४ | ९ |

लागि चेस, लुडो र क्यारेमबोर्ड पनि छ। बन्दीहरूले बाँसको मुढा बनाएर आयआर्जन गर्ने गरेका छन्। क्षमताभन्दा बढी बन्दी राखेकाले सुत्न पनि समस्या भएको बन्दीहरूले बताए। ठाउँको अभावले गर्दा जेलका बन्दीहरूले थप बन्दीहरूलाई भित्र छिराउन दिएका छैनन्। भीमफेदीको हावापानी राम्रो भएकाले सरकारले भीमफेदीमा क्षेत्रीयस्तरको कारागार निर्माण कार्यको थालनी गरेको छ। क्षेत्रीय कारागार लामो अवधि कैद तोकिएका १ हजार ५ सय बन्दी राख्ने क्षमताको हुनेछ। पाँच वर्षभित्रमा सम्पन्न गरिसक्ने लक्ष्यका आधारमा निर्माण कार्य यसै वर्षदेखि आरम्भ गरिएको हो।

### धम्की/कुटपिट

### माओवादीबाट

चुरियामाई गाविस-२ का २४ वर्षीय यादव बोलखेलाई ०६४ चैत ८ गते चुरियामाईको मयुरधापमा माओवादी कार्यकर्ताले कुटपिट गरे। कुटपिटपछि ०६४ चैत ९ गते गाउँमा बसेको सर्वपक्षीय बैठकले एकअर्कालाई कुटपिट नगर्ने सहमति भएको थियो।

काकडा गाविस-५ का काङ्ग्रेसका कार्यकर्ताद्वय ३२ वर्षीय सन्तबहादुर चेपाङ र ३६ वर्षीय कुलबहादुर चेपाङलाई ०६४ चैत २१ गते काकडा गाविस-५ मा माओवादी कार्यकर्ताका जत्थाले कुटपिट गरी घाइते बनाएका थिए। घाइतेद्वयको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा गरिएको थियो

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

बसामाडी गाविस-५ का २५ वर्षीय लालबहादुर गुरुङ, २८ वर्षीय श्रीकृष्ण ढकाल र २२ वर्षीय मुकुन्द बर्तौलासहित सात जनालाई ०६४ माघ १४ गते दिउँसो प्रहरीले धर्ना बसेको अवस्थामा गिरफ्तार गरे। युनिलिभर उद्योग सञ्चालनमा अवरोध पुऱ्याएको भन्दै प्रहरीले उनीहरूलाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरेको थियो।

हेटौँडा नपा-२ का २४ वर्षीय महेन्द्र राउत र २२ वर्षीय दीपक घिमिरेलाई ०६४ चैत ६ गते छतिवन गाविस-१ बकैया खोलामा माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। काङ्ग्रेसका उम्मेदवारको प्रचारप्रसार गरेर हेटौँडातर्फ फर्कंदै गरेका नेविसङ्घका कार्यकर्ता राउत र घिमिरेमाथि पीडकहरूले चारैतिरबाट घेरेर आक्रमण गरी घाइते बनाएका थिए।

नेपाली काङ्ग्रेसले ०६४ चैत २० गते हटिया गाविस-५ त्रिशूलीमा आयोजना गरेको चुनावी सभा बिथोल्ने उद्देश्यले माओवादी कार्यकर्ताले नाराजुलुस गर्नुका साथै घेराउ गरेका थिए। वाईसीएल कार्यकर्ताले हातमा लाठी लिएर काङ्ग्रेसको चुनावी सभा घेराउ गरेका थिए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईओटा अदालत रहेका छन्। पुनरावेदन अदालतमा

गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी मुद्दातर्फ ७ सय ४ थान र यस वर्ष दर्ता भएका ३ सय २० गरी १ हजार २४ थान रहेकामा ३ सय ५ थान फर्स्यौट भएका छन् भने ७ सय १९ थान फर्स्यौट हुन बाँकी रहे। फर्स्यौट हुन बाँकी रहेकामध्ये ४९ थान मुद्दा दुई वर्ष नाघेका छन्। दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ६८ थान र यस वर्ष दर्ता भएका १ सय ४ थान गरी २ सय ७२ थान मुद्दा छन्। जसमध्ये ८३ थान फर्स्यौट भएका छन् भने १ सय ८९ थान फर्स्यौट हुन बाँकी रहेका छन्। १० थान मुद्दा दुई वर्ष नाघिसक्दा पनि फर्स्यौट हुन सकेका छैनन्। सरकारीवादी देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका छ थान र यस वर्ष दर्ता भएका दुई थान गरी सात थान मुद्दामा छ थान फर्स्यौट हुन बाँकी छन्। सरकारवादी फौजदारीमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ६९ थान र यस वर्ष दर्ता भएका १ सय २७ थान गरी ३ सय ९६ थान मुद्दामध्ये १ सय ३२ थान फर्स्यौट भए भने २ सय ६४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। दुई वर्ष नाघेका १५ थान मुद्दा छन्। ग्त वर्षको जिम्मेवारी सरेर आएका १ हजार २ सय ६९ थान र यस वर्ष दर्ता भएका ६ सय ५३ थान गरी १ हजार ९ सय २२ थान मुद्दामध्ये ६ सय २४ थान मुद्दा फैसला भई १ हजार २ सय ९८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। दुई वर्ष नाघेका जम्मा ७८ थान मुद्दा छन्।

यसैगरी जिल्ला अदालत मकवानपुरमा सरकारवादी र देवानी गरी ३ सय ३९ थान मुद्दा रहेकामा ६१ थान मुद्दा फर्स्यौट भए भने २ सय ७८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जसमा चार थान मुद्दा दुई वर्ष नाघेका छन्। गत वर्षका २ सय १३ थान मुद्दा जिम्मेवारी सरेर आएका थिए। यस वर्ष १ सय २६ थान मुद्दा दर्ता भएका हुन्। दर्ता भएकामध्ये सरकारवादी फौजदारी १ सय ५ थान रहेका छन् भने देवानी २१ थान मुद्दा छन्। फौजदारीतर्फ ४५ थान मुद्दा फर्स्यौट भएका छन् र ६० थान मुद्दा बाँकी छन्। यसैगरी देवानीतर्फ १७ थान मुद्दा फर्स्यौट भएका छन् भने चार थान फर्स्यौट हुन बाँकी रहेका छन्।

मकवानपुरमा जिल्ला अदालतमै बाल इजलास राखिएको छ तर हालसम्म कुनै मुद्दा पनि छैन। यहाँ श्रम अदालत पनि छैन।

## बालअधिकार

बसामाडी गाविस-२ की १६ वर्षीया सुमिना स्याङ्तानलाई ०६५ जेठ २० गते हेटौँडा नपा-८ का २१ वर्षीय पति सविन लोप्चनले माइत बसेको भन्दै कुटपिट गरेर घाइते बनाए। गर्भवती स्याङ्तानलाई उपचारका निम्ति तत्कालै हेटौँडा अस्पताल ल्याइएको थियो। पीडक घर छाडेर हिँडे।

हेटौँडा नपा-४ की तीन वर्षीया एक बालिकालाई ०६५ असार १३ गते सोही ठाउँका २६ वर्षीय सञ्जय पण्डितले बलात्कार गरे। पीडितको हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

पीडक पण्डितलाई प्रहरीले गिरफ्तार गरी भीमफेदी कारागारमा थुनामा राखेको छ।

सिराहा जिल्ला लहानकी १३ वर्षीया एक बालिकालाई ०६५ साउन ६ गते राती हेटौँडा नगरपालिका-१० बसपार्कमा हेटौँडा नपा-८ का २० वर्षीय रामबहादुर लुइँटेल, गढी गाविस-२ का १९ वर्षीय पूर्णबहादुर ब्लोनलगायत चार जनाले सामूहिक बलात्कार गरे। पीडितको हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण भयो।पीडकद्वय लुइँटेल र ब्लोनलाई प्रहरीले पक्राउ गरी भीमफेदी कारागारमा थुनामा राखिएको छ। अन्य दुई जना पीडक फरार छन्।

हाडीखोला गाविस-७ की १७ वर्षीया एक बालिकालाई ०६५ असोज १० गते सोही ठाउँका ३३ वर्षीया रूपा परियारले जागिर खान जाने भनेर भारतमा लगेर ४० हजारमा बिक्री गरिन्। पीडक फरार छिन्। पीडितका बाबु रामबहादुर भोलनले प्रहरीमा पीडकलाई कारबाही गरी पाउँ भनी उजुरी दिएका छन्।

हेटौँडा नपा-८ की १७ वर्षीया एक बालिकालाई ०६५ कात्तिक २१ गते सोही ठाउँका ४७ वर्षीय श्यामबहादुर खत्रीले बलात्कार गरे। पीडितको हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी भीमफेदी कारागारमा राखेको छ।

सिस्नेरी गाविस-२ का १४ वर्षीय मानबहादुर मुक्तान र ११ वर्षीय रूपेश गोलेलाई ०६५ कात्तिक २६ गते लुटपाटको आरोपमा प्रहरीले पक्राउ गरी वयस्क आरोपितहरूसँग प्रहरी हिरासतमा राख्यो। अधिकारवादीहरूले उनीहरूलाई सँगै नराख्न दबाब दिएका थिए। अदालतको आदेशपछि उनीहरू हिरासतबाट मुक्त भए।

बसामाडी गाविस-३ की १३ वर्षीया बालिकालाई ०६५ मङ्सिर ९ गते सोही ठाउँ निवासी २२ वर्षीय सुमन घलानले बलात्कार गरे। पीडितको हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडक घलेलाई गिरफ्तार गरी थुनामा राखिएको छ।

हेटौँडा नपा-८ की सात वर्षीया बालिकालाई

०६५ मङ्सिर २० गते सोही स्थान निवासी १८ वर्षीय विजय घलेले बलात्कार गरे। पीडितको हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्का, बलात्कार प्रयास, यौन दुर्व्यवहार

भीमफेदी गाविस-४ की २१ वर्षीया एक युवतीलाई ०६५ मङ्सिर २१ गते सोही स्थान निवासी २८ वर्षीय कुमार श्रेष्ठले बलात्कार गरे। पीडितको हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। श्रेष्ठलाई प्रहरीले पक्राउ गरी प्रहरी हिरासतमा राखेर थप अनुसन्धान गरिरहेको छ।

### बेचबिखन तथा ओसारपसार

छतिवन गाविस-४ की १९ वर्षीया एक युवतीलाई ०६५ असोज २ गते बारा निजगढका ४५ वर्षीय शङ्कर बस्नेतले भारतीय सर्कसमा लगेर बिक्री गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी भीमफेदी कारागारमा थुनामा राखेको छ।

### पारिवारिक हिंसा

चुरियामाई गाविस-५ की ३६ वर्षीया बुद्धलक्ष्मी वाइवालाई ०६४ माघ २१ गते ३७ वर्षीय पति शुकलाल वाइवाले शरीरमा मट्टीतेल खनाएर आगो लगाएर हत्या गर्ने प्रयास गरे। पीडितले छिमेकीका घरमा गएर ज्यान बचाएकी थिइन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी पत्नीसँग माफी मगाएर रिहा गरेको थियो।

पदमपोखरी गाविस-७ की ३६ वर्षीया सीतामाया रुम्वालाई ०६४ फागुन ११ गते ४० वर्षीय पति सोमबहादुर रुम्वाले कुटपिट गरेर देब्रे खुट्टा भाँचिदिए। मादक पदार्थ सेवन गरेर आएका रुम्वाले पत्नीसँग निहुँ खोजेर हिर्काएर खुट्टा भाँचिदिएका हुन्। पीडितको माइती नेपालले उपचार गरेको थियो भने पीडकलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दा चलाएको थियो।

नामटार गाविस-१ की २१ वर्षीय गौरी सिवाकोटीलाई ०६४ फागुन १२ गते २४ वर्षीय पति वसन्त सिवाकोटीले कुटपिट गरेर घरबाट निकाले। कान्छी पत्नी ल्याउन नदिएको भन्दै उनलाई कुटपिट गरेर घरबाट निकालेको हो। पीडकलाई प्रहरीमा ल्याएर पत्नीलाई कुटपिट गरेकामा माफी मगाएर उनलाई घरबाट ननिकाल्ने कागज गराइएको थियो।

हेटौँडा नपा-१ चौकीटोलस्थित माइतमा बसेकी २१ वर्षीय सुनीता केसीको ०६५ वैशाख ४ गते काभ्रे खनालथोक गाविस निवासी उनका पति २४ वर्षीय युवराज केसीले चुलेसीले घाटी रेटेर हत्या गरे। गर्भवती पत्नीसँग घर जाने विषयमा विवाद हुँदा पीडकले घाटी रेटेर हत्या गरेका थिए। पीडक अहिले भीमफेदी कारागारमा छन्।

धियाल गाविस-९ की २६ वर्षीया रमा ढकालले दाइजो नल्याएको निहुँमा ०६५ असार ४ गते बेलुका ससुरा ५२ वर्षीय गगनबहादुर ढकालले घाइते हुने गरी कुटपिट गरे। पीडकलाई जिल्ला प्रहरी कार्यालय हेटौँडाले गिरफ्तार गरी सार्वजनिक मुद्दा चलाएको छ।

### दुर्व्यवहार

टिस्टुङ गाविस-५ की ४० वर्षीय कान्छीमाया स्याङ्तान र सोही ठाउँ निवासी ३० वर्षीया मैती गोलेलाई ०६५ साउन ११ गते सोही स्थान निवासी २८ वर्षीया राधिका गोले र २९ वर्षीया मीना स्याङ्तानले बोक्सीको आरोप लगाएर कुटपिट गरी घरबाट निकाला गरेका थिए। विभिन्न सङ्घसंस्थाको सहयोगमा पीडितहरूलाई प्रहरीमा उजुरी दिन लगाएर पीडकलाई गिरफ्तार गरिएको थियो। पीडकद्वयलाई स्थानीय प्रशासनले जनही ५/५ सय रुपियाँ धरौटी लिएर तारेखमा छोडेको थियो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

दैवी प्रकोपका कारण मकवानपुर जिल्लामा बर्सेनि ३ सय ६१ परिवार सुकुम्बासी बन्ने गरेका छन्। राज्य वा अन्य बाह्य पक्षबाट यस वर्ष सुकुम्बासी बनेका छैनन्। तीन वर्षअघि सरकारले गरेको एक सर्वेक्षण अनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले बर्सेनि आउने बाढीपहिरोबाट थप ३ सय ६१ परिवार विस्थापित हुने क्रम छ। ७ वर्षअघि सुकुम्बासी आयोगले २ हजार ८ सय परिवार सुकुम्बासी रहेको जनाएको थियो। त्यो सङ्ख्या अहिले बढेर करिब साढे ५ हजार रुपियाँ रहेको अनुमान गरिएको छ। ०५९ र ०६० मा आएको भीषण बाढी-पहिरोले ८ सय परिवार घरबारविहीन भएका थिए। उक्त परिवारका करिब ५ हजार मानिस सुकुम्बासी बनेका थिए। अहिलेसम्म पनि उनीहरूको अवस्थामा केही परिवर्तन आउन सकेको छैन। मकवानपुरका परम्परागत रूपमा बस्दै आएका र बाढी-पहिरोबाट घरबारविहीन सुकुम्बासी सङ्ख्या करिब १२ हजारको

हाराहारीमा रहेको छ। ती सुकुम्बासीहरू अहिले मनहरी गाविस-३ रमनटारको जङ्गल फाडेर बसेका छन्। त्यसअघि उनीहरू मनहरी खोलाको जमिनमा छाप्रो बनाएर बसेका थिए। उक्त जमिनबाट वन्यजन्तु आरक्षले उठाएपछि उनीहरू बाध्य भएर रमनटारको जङ्गल फाडेर छाप्रो बनाएर बसिरहेका छन्। त्यहाँबाट पनि उठ्न उनीहरूलाई वन कार्यालयले दबाब दिइरहेको छ। यसैगरी, विगत सात वर्षदेखि हेटौँडा नगपालिका-११ स्थित राप्ती बगरमा छाप्रो हालेर करिब २ सय ७५ सुकुम्बासीहरू बसिरहेका छन्।

हेटौँडा औद्योगिक क्षेत्र र बाहिरका मजदुरहरूले सरकारले मजदुरहरूका लागि तोकेको न्यूनतम ज्याला नपाएको भन्दै माओवादीनिकट मजदुर सङ्गठनको अगुवाइमा ०६५ मङ्सिर १३ गते हेटौँडाका ५५ वटा उद्योग बन्द गरेका थिए। सरकारले तोकेको न्यूनतम तलब दिने सहमति भएपछि ०६५ मङ्सिर १५ गतेदेखि उद्योग सञ्चालनमा आएको थियो। यसैगरी, मकवानपुरको पर्यटकीय क्षेत्र दामनमा अवस्थित एभरेस्ट पानोरमा रिसोर्ट माओवादीनिकट होटल मजदुर सङ्गठनले सरकारले तोकेको न्यूनतम पारिश्रमिक नदिएको भन्दै ०६५ पुस १ गतेदेखि बन्द गराए। औद्योगिक मजदुरको आन्दोलनपछि सरकारले तोकेको पारिश्रमिक उद्योग व्यवसायी दिन तयार भए। तर, कृषि मजदुरहरूमा भने लैङ्गिक विभेद रहेको छ। समान कामको समान ज्याला महिलाले पाउन सकेका छैनन्। पुरुष र महिला खेतबारीमा सँगै मजदुरी गर्छन् तर पुरुषका तुलनामा महिलालाई थोरै पारिश्रमिक दिने प्रचलन छ। पुरुषलाई दैनिक १ सय २० रुपियाँ दिने गरिएको छ भने सोही काम गरेबापत महिलालाई ८० रुपियाँ मात्र दिइन्छ।

### विगतको अनुगमन

हेटौँडा नपा-४ मा भारतका रहमान औतार र काठमाडौँका शान्ति सिंहका नाममा रहेको २५ कट्ठा ७ धुर जमिन ०६४ कात्तिक २९ गते दिउँसो माओवादीले झण्डा गाडेर कब्जा गरे। रहमानको ९ कट्ठा ३ धुर र सिंहको ६ कट्ठा ४ धुर जमिन रहेको छ।

## २.१२ ललितपुर

जनसङ्ख्या : ४,१९,००४
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : ३८५
गाविस/नपा सङ्ख्या : ४१/१
सरकारी/निजी विद्यालय : ४४९/३१४
क्याम्पस/उच्च मा.वि. : २७/८१
अस्पताल/स्वास्थ्य चौकी : ८/४१
मानव विकास सूचकाङ्क : ०.५८८
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रूपले बाँच्ने अधिकार
### हत्या
### राज्यबाट

उदयपुर जिल्ला कटारी गाविस-४ घर भई इमाडोलमा बस्दै आएका नेपाल विद्यार्थी सङ्घका ३८ वर्षीय प्रदीप खड्काले चेकजाँचको समयमा भनेको स्थानमा मोटरसाइकल नरोकेको आरोपमा ०६५ भदौ २५ गते प्रहरीले ललितपुर उमनपा-८ बालकुमारीमा कुटपिट गरेका कारण मृत्यु भयो। कुटपिटबाट घाइते भएका प्रदीपलाई प्रहरीले उपचारका लागि पाटन अस्पताल लगेकामा उपचारका क्रममा उनको मृत्यु भएको थियो। घटनाको सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन ०६५ भदौ २९ गते सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारी, सदस्यमा प्रहरी अतिरिक्त महानिरीक्षक श्यामसिंह थापा र सहन्यायाधिवक्ता महेशकुमार थापा रहेको एक उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो।

**तालिका : १**

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | ४ | | ४ | | ४ | | | | | १ | १ | | | १ |
| घाइते | ४ | ४ | १ | | ५ | | | | | १ | १ | | | १ |
| हिरासत वा थुनामा मृत्यु | | | | | | | | | | १ | १ | | | १ |
| गिरफ्तारी/यातना | | | | | | | | | | १ | १ | | | १ |
| कुटपिट | ३ | ३ | | | ३ | १ | ९ | १ | १० | | | | | |
| धम्की | १ | १ | | | १ | | | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | | | ४ | ३६३ | ११ | १ | ३७५ |
| महिलाअधिकार | १ | | १ | | १ | | | | | | | | | |
| बालअधिकार | ५ | | ४ | १६० | १६४ | | | | | | | | | |
| अमानवीय व्यवहार | | | | | | | | | | १ | १ | | | १ |
| अपहरण | १ | १ | | | १ | | | | | | | | | |
| जम्मा | १८ | ८ | १० | १६० | १८८ | १ | ९ | १ | १० | ९ | ३६८ | ११ | १ | ३८० |

## जेल र बन्दीहरू

'ग' श्रेणीको नख्खु कारागारको कूल क्षमता २ सय ५० जना रहेकामा यस वर्ष ४ सय २२ जना बन्दी रहे। जसमा कैद तोकिएका १ सय ५४ जना र कैद नतोकिएका २ सय ७१ जना थुनुवा रहेका छन्। विदेशी बन्दीहरूमा कैद नतोकिएका १५ जना र कैद तोकिएका ३ जना गरी जम्मा १८ जना रहेका छन्। पुरानो राणाकालीन भवनलाई प्रयोग गरिएको यस कारागारामा शौचालय, खेलकुद सामग्री, विद्युत्, पत्रपत्रिका, रेडियो, टीभीको व्यवस्था भए पनि पानीको समस्या रहेको छ। कारागारमा जम्मा २४ ओटा शौचालयको व्यवस्था रहेको छ। सानो कोठामा चार जना र ठूलो कोठामा १२ जनासम्म बन्दीहरू बस्ने गरेका छन्।

देवीचौर गाविस-२ बुरुङचुली निवासी ५० वर्षीय श्यामबहादुर तामाङले ०६५ साउन ९ गते महानगरीय प्रहरी वृत्त चापागाउँमा हिरासतमा रहेको अवस्थामा शरीरमा लगाएको ब्यान्डेज घाँटीमा बाँधी झुण्डिएर आत्महत्या गरे। रक्सी खाई गाउँलेलाई भरुवा बन्दुक र खुकुरी देखाई मार्छु भन्दै हिँडेपछि गाउँलेले कुटपिट गरी टीकाभैरव प्रहरी कार्यालयमा ०६५ असार ३१ गते तामाङलाई बुझाएका थिए। तामाङ हातहतियार तथा खरखजाना मुद्दा अन्तर्गत हिरासतमा रहेका थिए।

*प्रहरीको कुटपिटबाट मारिएका नेविसङ्घका कार्यकर्ता प्रदीप खड्का*

## गोली/विस्फोटक पदार्थद्वारा घाइते

### अज्ञात समूहबाट

भक्तपुर जिल्ला दधीकोट गाविस-१ विरुवा निवासी आनन्द ट्रेडर्सका एकाउन्टेन्ट २८ वर्षीय अनाथ बन्धु घिमिरेलाई ०६४ फागुन १२ गते साँझ मोटरसाइकलमा आएका अज्ञात दुई जनाले ललितपुर उमनपा-१४ चापागाउँ दोबाटोमा गोली हानी घाइते बनाए। पीडितको बीएन्डबी अस्पतालमा उपचार भयो।

## धम्की/कुटपिट

### राज्यबाट

सोलुखुम्बु जिल्ला टाप्टिङ् गाविस-६ घर भई ललितपुर उमनपा बालकुमारी निवासी ६५ वर्षीय निमा शेर्पालाई ०६५ भदौ २७ गते दिउँसो प्रहरीले कुटपिट गऱ्यो। प्रहरी र प्रदर्शनकारीबीचको झडपमा शेर्पालाई प्रहरीले कुटपिट गरेको थियो। प्रहरीको कुटपिटबाट पीडितको ढाड, खुट्टामा चोट लाग्यो। पैसाको अभावमा पीडितले उपचार गराउन सकिनन्। उदयपुर जिल्ला निवासी प्रदीप खड्कालाई कुटपिट गरेको भन्दै इमाडोलबासीले प्रदर्शन गरेका थिए। सोही प्रदर्शनका क्रममा प्रहरीले उनलाई कुटपिट गरेको थियो।

### माओवादीबाट

धापाखेल गाविसस्थित हात्तीवनमा रहेको हिमाल मिडिया प्रालिमा

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | वाईसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | १ | १ | १ | १ | १ | १ |
| कुटपिट | १ | १ | १ | | | |
| जम्मा | ३ | ३ | ३ | १ | १ | १ |

०६५ पुस ६ गते दिउँसो माओवादीको भ्रातृ सङ्गठन अखिल नेपाल होटल तथा रेस्टुराँ मजदुर सङ्घका ५० जना कार्यकर्ताले *हिमाल* खबर पत्रिकाको १-१५ पुस अङ्कमा 'मजदुर नाम बदनाम' विषयमा छापिएको आवरण लेखको विषयलाई लिएर व्यवस्थापन समितिको बैठक भइरहेको समयमा आक्रमण गरे। सङ्घका कार्यकर्ताले हिमाल मिडियाका प्रमुख कार्यकारी निर्देशक आशुतोष तिवारी, *नेपाली टाइम्स* साप्ताहिकका सम्पादक कुन्द दीक्षित, *हिमाल* खबर पत्रिकाका कार्यकारी सम्पादक किरण नेपाल, वरिष्ठ संवाददाता डम्बरकृष्ण श्रेष्ठ, शम्भु गुरागाईं, विन्दिरा शाक्य, सुरेन्द्र शर्मा, सुभाषकुमार दास, कर्मा लामा, वीरबहादुर तामाङसहित १२ जनालाई अन्धाधुन्ध कुटपिट गरी कार्यालयका झ्यालका सिसा तथा कुर्सी तोडफोड गरे। मजदुर सङ्घका अध्यक्ष रमेशबाबु पन्तको नेतृत्वमा आएको समूहमा अखिल नेपाल सञ्चार तथा छापाखाना मजदुर युनियन ललितपुर प्रमुख रमेश केसीलगायतका व्यक्तिहरू संलग्न थिए। हिमाल मिडियाले उनीहरूको संलग्नता रहेको भन्दै १० गते ललितपुर प्रहरीमा जाहेरी दियो। पीडकहरू रमेशबाबु पन्त र रमेश केसीले जिल्ला प्रहरी कार्यालयमा ०६५ पुस ११ गते गिरफ्तारी दिए। उनीहरू दुवै जना धरौटीमा ०६५ पुस १७ गते रिहा भए।

*प्रहरीको कुटपिटबाट घाइते भएका माओवादी पीडित राष्ट्रिय सङ्घर्ष समितिका लालकुमारी खत्री र मणिकर्ण सुब्बा*

### वाईसीएलबाट

ठुलादुर्लुङ गाविस-५ का योगबहादुर सिकारीलाई ०६५ वैशाख ३ गते राती स्थानीय श्याम तामाङसँग कुराकानी गरिरहेको अवस्थामा सोही गाविस-९ निवासी वाईसीएलका कार्यकर्ता ३२ वर्षीय जुलाबसिंह गोले, ३० वर्षीय राम सिङतान, ३५ वर्षीय लक्ष्छु सिघार, ३० वर्षीय चन्द्रबहादुर सिङ्घारले सोही गाविस-७ मा कुटपिट गरी घाइते बनाए। घाइतेहरूको पाटन अस्पतालमा उपचार भयो। पीडकहरूमाथि कुनै कारबाही भएन।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

आश्राङ गाविस निवासी ललितपुर जिल्ला इलाका क्षेत्र नं. १ एमालेका सचिव ३५ वर्षीय नारायणप्रसाद तिमल्सिनालाई ०६४ फागुन २८ गते इकुडोल गाविस निवासी नेकपा (माओवादी)का कार्यकर्ता होमप्रसाद तिमल्सिनाले चुनावी कार्यक्रम किन गरेको भन्दै आश्राङ गाविसमा कुटपिट गरे। कुटपिटबाट सामान्य घाइते भएका तिमल्सिनाको आश्राङस्थित स्वास्थ्य चौकीमा उपचार भयो।

ललितपुर उमनपा पुल्चोक संयुक्त राष्ट्रसङ्घ भवनअगाडिबाट स्वतन्त्र तिब्बतको माग गर्दै आन्दोलनमा उत्रेका तिब्बती शरणार्थीहरू २५ वर्षीय ङवाङ दोर्जे, २४ वर्षीय सोनाम छिरिङ, २१ वर्षीय ढिन्कु, रिन्जे लामा, छेराङ लामा, तोर्जे लामा, पाक दोर्जेलगायत ८२ जना महिला र १ सय ६८ जना पुरुष गरी कूल २ सय ५० जनालाई ०६४ चैत ११ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई महानगरीय प्रहरी परिसर जावलाखेलमा राखी सोही दिन रिहा गरियो।

स्याङ्जा जिल्ला सेतीदोभान गाविस-९ घरभई कामनपा कलङ्की बस्ने *भ्वाइस अफ चिल्ड्रेन* मासिकका प्रमुख संवाददाता २५ वर्षीय राजेश शर्मालाई समाचार लेखेकै कारण ०६५ भदौ १८ गते नेपाल बाल सङ्गठनका केन्द्रीय सदस्य तथा बालबालिकाका निम्ति कार्यरत गैरसरकारी संस्था महासङ्घको सदस्य बताउने केदार दाहालले समाचार

सङ्कलनका क्रममा ललितपुर उमनपा झम्सीखेल गएको अवस्थामा फोन गरी मार्ने धम्की दिए। पीडितले *भ्वाइस अफ चिल्ड्रेन* मासिकको साउनमा प्रकाशित वर्ष ५ अङ्क ४ को 'संरक्षणका नाममा बालबालिकाको व्यापार' शीर्षकको समाचार लेखेका थिए। पीडितले जिल्ला प्रशासन कार्यालय ललितपुरमा शान्तिसुरक्षाको माग गर्दै ०६५ भदौ १९ गते निवेदन दिए।

ललितपुर उमनपा पुल्चोक मन्त्रीनिवासअगाडि ०६५ असोज २१ गते माओवादीपीडित सङ्घर्ष समितिका सदस्यहरूले पुनःस्थापनाको माग राखी धर्ना दिने क्रममा प्रहरीले अछाम जिल्लाका भोजराज तिमल्सिना, रामेछाप जिल्लाका कल्याण गुरुङ, सन्तोष बस्नेत, रोल्पा जिल्लाका कमल परियार, लालकुमारी रोक, रामकुमारी रोका, धनकुमारी रोका, प्यूठान जिल्लाका गिरबहादुर विष्ट, दाङ जिल्लाकी मीना ढकाललगायत १५ जनालाई गिरफ्तार गऱ्यो। सोही क्रममा प्रहरीले कुटपिट गर्दा रोल्पा जिल्ला निवासी मीठू पुन, सुकबहादुर रोका, मणिकर्ण सुब्बा, जयलाल घर्ती, लीलाबहादुर रोका, लालकुमारी खत्री, धनबहादुर ओली, निरमाया खत्री, जाजरकोट जिल्लाका कौशिला घर्ती, मुगु जिल्लाका खड्गबहादुर शाही, प्यूठान जिल्लाका गोविन्द खड्का र दाङ जिल्लाका कुलबहादुर खत्री घाइते भए।

ललितपुर उमनपा लगनखेलमा ०६५ कात्तिक ३ गते दिउँसो सडकपेटीमा व्यापार गर्न पाउनुपर्ने माग गर्दै प्रदर्शनमा उत्रिएका सडक व्यापारीहरूमाथि प्रहरीले लाठीचार्ज गऱ्यो। प्रदर्शनका क्रममा ठूला दुर्लुङ गाविस घर भई ललितपुर उमनपा सातदोबाटो निवासी २८ वर्षीय वासु शर्मा, लक्ष्मी कार्की र राम सुन्दरालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार परेका तीनै जनालाई महानगरीय प्रहरी परिसर जावलाखेल ललितपुरबाट सोही साँझ रिहा गरियो। प्रहरीको लाठीचार्जबाट ललितपुर उमनपा लगनखेल निवासी ४० वर्षीया चमेलीमाया श्रेष्ठ, उदयपुर जिल्ला घर भई ललितपुर उमनपा सातदोबाटो निवासी ४५ वर्षीया राधा फुँयाल घाइते भए। घाइते सबैको पाटन अस्पतालमा उपचार भयो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी ३ सय ३० थान मुद्दा र अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ८ सय २० थान गरी १ हजार १ सय ५० थान मुद्दा रहे। जसमा २ सय १० थान मुद्दा फर्स्यौट भई जम्मा ९ सय ४० थान मुद्दा बाँकी रहे। त्यसैगरी, फौजदारीतर्फ यस वर्ष १ सय ८२ थान मुद्दा र अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ४ सय ३१ थान मुद्दा रहे, जसमा १ सय ३६ थान मुद्दा फर्स्यौट भई ४ सय ८७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका ८५ थान देवानी मुद्दा र ६१ थान फौजदारी मुद्दा फर्स्यौट हुन बाँकी छन्।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

देवीचौर गाविस-५ निवासी काङ्ग्रेस जिल्ला समिति सदस्य ४१ वर्षीय गिरीप्रसाद तिमल्सिनालाई वन फँडानी गरेको र अवैध रूपमा ढुङ्गा खानी सञ्चालन गरेको आरोपमा ०६५ असार ३ गते वन तथा भू-संरक्षण मन्त्री ४९ वर्षीय मातृकाप्रसाद यादवले देवीचौर गाविस-४ बाट अमानवीय व्यवहार गर्दै आफ्नै गाडीमा हाली नख्खु कारागारमा थुने।

रामेछाप जिल्ला बिजुलीकोट गाविस-५ घर भई ललितपुर उमनपा-२ सानेपा बस्ने ३९ वर्षीय टीकाप्रसाद दाहाल मोटरसाइकल चोरीमा संलग्न भएको आरोपमा ०६५ मङ्सिर १ गते सादा पोसाकमा आएका प्रहरीले कोठाबाट गिरफ्तार गरी हनुमानढोकामा चार-पाँच जना प्रहरीले बाँसको भाटाले शरीरका विभिन्न भागमा कुटपिट गरी यातना दिए। यातनापछि उनलाई प्रहरीले पाटन मानसिक अस्पतालमा उपचारका लागि मङ्सिर ५ गते भर्ना गरायो।

## बालअधिकार

सिन्धुली जिल्ला जरायोटार गाविस-७ घर भई सैबुँ गाविस-१ मा डेरा गरी बस्ने १३ वर्षीय एक बालिकालाई ०६४ माघ २५ गते खोटाङ जिल्ला खर्मी गाविस-८ घर भई सैबुँ गाविस-१ मा डेरा गरी बस्ने २५ वर्षीय विजय लामाले बलात्कार गरे। पीडितका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा

*प्रहरी हिरासतमा यातना पाएका टीकाप्रसाद दाहाल*

*वाईसीएलको कुटपिटबाट घाइते भएको योगबहादुर सिकारी*

०६४ माघ २६ गते जाहेरी दिए। आरोपित लामालाई प्रहरीले माघ २६ गते गिरफ्तार गरी मुद्दा चलायो। लामा पुर्पक्षका लागि कारागारमा रहेका छन्।

झापा जिल्ला पाँचगाछी गाविस-१ घर भई हाल ललितपुर लुभु गाविस-४ बस्ने एक छ वर्षीया बालिकालाई ०६४ चैत ७ गते सिन्धुपाल्चोक जिल्ला चौतारा-८ घर भई ललितपुर लुभु गाविस-४ बस्ने हरि राईले सोही ठाउँमा बलात्कार गरे। पीडितका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६४ चैत ११ गते जाहेरी दिए। आरोपित राईलाई प्रहरीले पक्राउ गरी कारवाही प्रक्रिया अगाडि बढायो। राई पुर्पक्षका लागि कारागारमा रहेका छन्।

सङ्खुवासभा जिल्ला चेपुवा-३ घर भई हाल ललितपुर उमनपा-४, नख्खु निवासी १२ वर्षीया एक बालिकालाई ०६४ असार १४ गते सोलुखुम्बु जिल्ला काको गाविस घर भई सोही स्थानमा बस्ने ४८ वर्षीय साङ्घे राईले शौलालय गएको अवस्थामा बलात्कार गरेको भन्दै पीडितका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा जाहेरी दर्ता गराए। पीडक राईलाई प्रहरीले सोही दिन गिरफ्तार गरी जबरजस्ती करणीको मुद्दा चलायो। राई पुर्पक्षका लागि कारागारमा रहेका छन्।

लामाटार गाविसमा अवस्थित शुभतारा बोर्डिङ् स्कुलका कक्षा ८, ९ र १० मा अध्ययनरत १ सय ७० जना विद्यार्थीहरूले हल्ला गरेको आरोपमा ०६५ कात्तिक २९ गते उनीहरूलाई शिक्षक विजयकुमार खत्रीले लौरोले कुटपिट गरे। पीडक शिक्षकलाई निष्कासन गरिएको विद्यालय प्रशासनले जनायो।

भट्टेडाडाँ गाविस-१ निवासी ९ वर्षीया एक बालिकालाई विद्यालय जाने क्रममा ०६५ मङ्सिर २३ गते बिहान सोही गाविस निवासी ३२ वर्षीय दीपक तामाङले हातमा डोरीले बाँधी बलात्कार गरेको भनी पीडितका परिवारले भट्टेडाँडा प्रहरी कार्यालयमा ०६५ मङ्सिर २५ गते साँझ निवेदन दिए। निवेदनका आधारमा प्रहरीले पीडक तामाङलाई गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त चापागाउँ पठायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

खोटाङ जिल्ला हलेसी महादेव गाविस-४ घर भई हाल ललितपुर उमनपा-१३ भनिमण्डल डेरा गरी बस्ने २६ वर्षीया सञ्जिता गिरीले ०६५ वैशाख ३० गते सोही स्थान निवासी कृषि विभाग हरिहरभवनमा कार्यरत पति राजेश गिरीले कुटपिट गरेको सार्वजनिक गरिन्। पीडकले विवाह भएदेखि सधैँ घरमा कुटपिट गरी मानसिक यातनासमेत दिएको पीडितले बताइन्। पीडितले महानगरीय प्रहरी परिसर ललितपुरको महिला सेलमा वैशाख ३० गते उजुरी दिइन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिसुधार कार्यालयले भूमिहीन तथा सुकुम्बासीहरूको तथ्याङ्क राख्न सकेको छैन। यस जिल्लामा वाग्मती नदीको किनारमा भूमिहीन तथा सुकुम्बासीहरू अस्थायी झुप्रा बनाई बसोबास गरेको पाइन्छ। सरकारले अशक्त भत्ताको रुपियाँ बढाएपछि अशक्त प्रमाणपत्र लिनेको क्रम जिल्लामा बढेको छ।

### संरचना, सम्पति क्षति

ललितपुरबाट प्रकाशन हुने *ललित सन्देश* साप्ताहिको ललितपुर उमनपा लगनखेलस्थित कार्यालयमा ०६४ चैत १७ गते अज्ञात समूहले तोडफोड गरी झ्यालका सिसा फुटाए। तोडफोडबाट कार्यालयका झ्यालका सिसा फुटे। घटनाको जिम्मेवारी कसैले लिएनन्।

# २.१३ काभ्रे

जनसङ्ख्या : ४,४२,३९५
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.): १,३९६
गाविस/नपा सङ्ख्या : ८७/३
सरकारी/निजी विद्यालय : ६५५/७१
क्याम्पस/उच्च मा.वि. : १२/५०
अस्पताल/स्वास्थ्य चौकी : ७/९४
मानव विकास सूचकाङ्क : ०.५४३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या
### स्थानीय बासिन्दाबाट

सिपाली चिलाउने गाविस-४ की हरिमाया तामाङको घरमा ०६५ साउन १० गते राती लुटपाट गर्न आएका सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविसका २४ वर्षीय कान्छाराम तामाङ र सोही जिल्ला सिपापोखरे गाविस-२ का २७ वर्षीय सोमलाल तामाङलाई स्थानीय गाउँले समातेर कुटपिट गर्दा उनीहरूको तत्काल मृत्यु भयो। माओवादीको भ्रातृ सङ्गठन वाईसीएलमा आवद्ध मृतकद्वयसहित काभ्रे जिल्ला कटुञ्जे गाविस-७ का अवतार लामा, सिपाली चिलाउने गाविस-२ का विजय भनिने सोभित तामाङ, सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-२ का २२ वर्षीय माला लामाको समूह लुटपाटका निम्ति हरिमायाको घरमा गएको थियो। कुटपिटबाट हरिमाया र उनकी बुहारी माइली तामाङको गहना र नगद लुटपाट गरी कुटपिट गरेकाले घाइतेहरूको स्थानीय अस्पतालमा उपचार गरियो। घरमा चोर आएको भनी हल्ला भएपछि जुटेका गाउँलेले रातभर लुटेराहरूको खोजी गरेका थिए। भोलिपल्ट ०६५ साउन ११ गते बिहान नजिकैको खोलाको कल्भर्टमा लुकिरहेको अवस्थामा स्थानीयले माला लामासहित तीन जनालाई समातेकामा दुई जनाको कुटपिटबाट तत्काल मृत्यु भएको थियो। घाइते माला लामाको स्थानीय अस्पतालमा उपचार गरियो। मृतकका साथबाट प्रहरीले माओवादीका कागजपत्र, कम्व्याक्टलगाएका तस्बिर र माओवादीको सदस्यता रसिद फेला परेको थियो।

## जेल र बन्दीहरू

काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा रहेको कारागार शाखा राणाकालीन समयमा बडाहाकिमले घोडा राख्ने तबेलाका रूपमा प्रयोग गरेका थिए। वि.सं. १९६० मा कारागारको रूप दिइएको यो कारागार 'घ' श्रेणीमा पर्छ। बन्दी क्षमता ६१ रहेको यस कारागारमा क्षमता भन्दा दोब्बर बन्दी राखिएको छ। यो कारागारले ३ रोपनी ८ आना ३ पैसा क्षेत्रफल ओगटेको छ। यस कारागारमा बन्दीहरूले २ रोपनी ८ आना जग्गा मात्र प्रयोग गर्छन्। कारागारको पछाडि भागमा बन्दीहरूले नै करेसाबारीको विकास गरेका छन्। हाल यस कारागारमा कैदी ४० र थुनुवा ७० गरी १ सय १० जना बन्दी छन्। कर्तव्य ज्यान मुद्दाको अभियोगमा ६१ जना, जीउ मास्नेबेच्ने अभियोगमा एक जना, चोरीको अभियोगमा आठ जना, डाँकाको अभियोगमा १२ जना, जबरजस्ती करणीको अभियोगमा १२ जना, ज्यान मार्ने उद्योगको अभियोगमा पाँच जना, हातहतियार खरखजाना अभियोगमा एक जना, लागूऔषध अभियोगमा एक जना, आगलागीको अभियोगमा दुई जना, कुटपिट र अङ्गभङ्गको अभियोगमा छ जना र केही सार्वजनिक अपराधको मुद्दामा एक जना रहेका छन्। बालबालिका राख्ने व्यवस्था यहाँ छैन तर पनि सिसाखानी गाविस निवासी १४ वर्षीय कुमार वाइवा र नाल्दुम गाविस-४ निवासी १३ वर्षीय लालबहादुर तामाङ ज्यान मुद्दामा यस कारागारमा रहेका छन्। यस कारागारमा महिलाहरू राख्ने चलन नभएकाले उनीहरूलाई केन्द्रीय कारागार पठाइन्छ।

यस कारागारलाई तीन भागमा विभाजन गरी बीचको भागमा मानसिक सन्तुलन ठीक नभएका बन्दीहरूलाई राखिने गरिन्छ। यस कारागारमा हावा-पानी राम्रो भएको भनी मानसिक रोगीलाई अन्य कारागारबाट यहाँ पठाइन्छ। यस्ता मानसिक रोगीहरू अहिले ३६ जना छन्। कारागारभित्र बन्दीहरूले झगडा

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १७ | ९ | ९ | | १८ | | | | |
| घाइते | ४ | ४ | २ | | ६ | २ | ५ | | ५ |
| कुटपिट | ९ | २९ | १ | | ३० | ६ | १५ | ३ | १८ |
| धम्की | १ | १ | | | १ | ३ | ३ | १ | ४ |
| भेला/सङ्गठित हुने अधिकार | १ | ४ | | | ४ | | | | |
| महिलाअधिकार | ५ | | ६ | | ६ | | | | |
| बालअधिकार | ४ | | ३ | १ | ४ | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | | १ | २ | | २ |
| अपहरण | | | | | | २ | २ | | २ |
| जम्मा | ४१ | ४७ | ३१ | १ | ६९ | १४ | २७ | ४ | ३१ |

गरे अर्थात् कारागार प्रशासनले भनेको मानेन भने उनीहरूलाई मानसिक रोगीहरूसँगै राखिन्छ। यस्ता मानसिक रोगीहरू यस जिल्लाका मात्र नभएर अन्य जिल्लाका पनि छन्।

यस कारागारका कूल १० ओटा कोठामध्ये सातओटा कोठा साना छन्। बन्दीहरूका लागि आठओटा शौचालयको व्यवस्था छ भने बाहिर र भित्र गरी चारओटा धारा छन्। यस कारागारमा शौचालयको मर्मत, सम्भार र भवनको जीर्णोद्धार गर्नुपर्ने आवश्यकता देखिन्छ। मानसिक रोगीहरूका लागि मासिक एकपटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिएको छ। अन्य रोगी बन्दीहरूका लागि जिल्ला जनस्वास्थ्य कार्यालय र धुलिखेल अस्पतालमा आवश्यकता अनुसार लैजाने गरिन्छ। सामान्यः बिरामी अवस्थामा डाक्टरद्वारा परीक्षण हुने र डाक्टरको सिफारिसमा कारागार प्रशासनले औषधि उपलब्ध गराउने गरेको छ। गम्भीर अवस्थाको बिरामी हुँदा काठमाडौँको वीर अस्पताल र शिक्षण अस्पतालमा उपचारका निम्ति पठाइने गरिन्छ।

यहाँका बन्दीहरूलाई सहयोगीहरूले रेडियो, पत्रपत्रिका, खेलकुद सामग्री र चारओटा टीभी उपलब्ध गराइएका छन्। कारागारभित्र एउटा दर्पण पुस्तकालय छ। बन्दीहरूका लागि वर्षमा दुई जोर कपडा र (सिरक, डस्ना, तकिया, तन्दा दुई वर्षमा एकपटक) सुकुल-गुन्द्री तीन वर्षमा एकपटक उपलब्ध गराइन्छ। कारागारमा स्वच्छ हावापानी, उज्यालोको प्रबन्ध, उपियाँ, उडुस र जुम्रा मार्ने प्रबन्ध रहेको बताइए पनि यो एकदमै कमजोर देखिन्छ। बन्दीहरूका लागि तानबाट टोपी बुन्ने, सिलाई र योगशिविर राख्ने गरेको देखिन्छ। कारागारको सुरक्षा व्यवस्थामा नेपाल प्रहरीका असईको नेतृत्वमा २० जनाको टोली रहेको छ। कारागार भवनको बिजुली वायरिङ्ग तथा केही भागमा प्लास्टर उप्किएकाले कुनै बेला दुर्घटना हुनसक्ने बन्दीहरूको भनाइ छ।

गुल्मी जिल्ला, आपँचौर गाविस-६ निवासी ३६ वर्षीय भोजराज भण्डारीको ०६४ पुस २८ गते बिहान धुलिखेल कारागारमा मृत्यु भयो। जीउ मास्ने-बेच्ने अपराधमा अदालतबाट पाँच वर्षको सजाय पाएका भण्डारी ०६३ पुस १९ गतेदेखि यस कारागारमा कैद थिए।

विश्व मानवअधिकार दिवसका सन्दर्भमा इन्सेक प्रतिनिधिको नेतृत्वमा ०६५ मङ्सिर २५ गते धुलिखेल कारागार निरीक्षण गरी कारागार सुधारका लागि प्रतिवेदन सार्वजनिक गरियो। कारागार निरीक्षणलगत्तै प्रमुख जिल्ला अधिकारी, जेलर र स्थानीय सञ्चारकर्मीलाई प्रतिवेदन उपलब्ध गराइयो। कारागार निरीक्षण प्रतिवेदनमा लोकतन्त्रको आगमनपछि पनि जेलभित्र उज्यालो नपसेको उल्लेख गर्दै कारागारमा धेरै कमी-कमजोरी हुनाका साथै त्रुटि र लापरबाही हुने गरेको जनाइएको छ।

**तालिका : २**

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | नेकपा(एकीकृत)बाट | | | वाईसीएलबाट | | | | अज्ञातबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | अन्य | जम्मा |
| हत्या | | | | | | | | २ | १ | १ | | २ |
| घाइते | | | | २ | १ | २ | ३ | | | | | |
| कुटपिट | १ | ५ | ५ | ३ | १६ | | १६ | १ | १ | | | १ |
| धम्की | | | | १ | १ | | १ | | | | | |
| बालअधिकार | | | | | | | | १ | | | १ | १ |
| जम्मा | १ | ५ | ५ | ६ | १८ | २ | २० | ४ | २ | १ | १ | ४ |

### बेपत्ता/अपहरण
### माओवादीबाट

धुसेनी शिवालय गाविस-४ का ४२ वर्षीय शेरबहादुर तामाङलाई ०६४ चैत २५ गते माओवादीले अपहरण गरी चुनावभरि गाउँमा नबस्ने सर्तमा मुक्त गरे। काङ्ग्रेसका महासमिति सदस्यसमेत रहेका तामाङलाई माओवादीले सोलुम्बु बजारबाट अपहरण गरेका थिए। 'शेरबहादुरले गाउँमा पैसा बाँड्दैछ' भन्ने हल्ला माओवादीकहाँ पुगेको र माओवादी कार्यकर्ता आवेग भनिने कमलप्रसाद गौतम हतियारसहित काङ्ग्रेसमा प्रवेश गरेपछि माओवादीले उनलाई समाउन जाँदा शेरबहादुरले लिएर हिँडेको सूचना आएका कारण सोधपुछ गरिएको माओवादीले बताए। सोही सूचनाका आधारमा माओवादीले शेरबहादुर रहेको घरमा केरकार गर्नका लागि बाहिर बोलाउँदा नआएका कारण एक घन्टा तनाव भएको माओवादीले बताए। तनावपछि स्थानीय माओवादी कार्यकर्ताले पीडितलाई उनकै ससुराली घरमा पुऱ्याएर मुक्त गरे।

बनखु गाविस निवासी काङ्ग्रेसका कार्यकर्ता जगतमान तामाङलाई ०६४ चैत २२ गते दिउँसो माओवादीले अपहरण गरी तीन घन्टापछि मुक्त गरे। आफ्नो दलका लागि गाउँमा सक्रिय भएर हिँडेको भनी माओवादीले उनलाई अपहरण गरेर झपारेका थिए। निर्वाचन प्रचारमा गएका काङ्ग्रेसका २० जना कार्यकर्तालाई ०६४ चैत २३ गते 'तपाईंहरूले गाउँमा दु:ख गर्नुपर्दैन' भनी माओवादीले फर्काएका थिए। डाँडापारिको दुर्गम बनखु र फोक्सिङटार गाविस पुगेका काङ्ग्रेस कार्यकर्ताहरू प्रचारको काम रोकेर सदरमुकाम फर्किए।

### धम्की/कुटपिट
### माओवादीबाट

माझीफेदा गाविस निवासी एमाले सचिव चित्रप्रसाद गौतम, कृष्ण चौलागाईं, पोखरीचौरी गाविसका लोकबहादुर गौतम, गोपाल चौलागाईं, बुद्धि भनिने विदुर गौतम र नकुल चौलागाईंलाई ०६४ चैत २५ गते मतदानका लागि काठमाडौँबाट दुईओटा गाडी रिजर्भ लिएर जाँदै गर्दा बीच बाटोमा माओवादीले कुटपिट गरे। दुर्गमस्थान कोसीपारिको माझीफेदा गाविसस्थित गुमती भन्ज्याङमा माओवादीले गाडी रोकेर कुटपिट गर्दा उनीहरू घाइते भएका थिए। गाडीमा रहेका एमाले कार्यकर्ताले 'वाईसीएल-मुर्दावाद' भन्ने नारा लगाएपछि माओवादी आक्रोशित भएर गाडिभित्रै गई एमाले कार्यकर्ताले लगाएको क्याप र १३ ओटा सूर्य चिन्हको झन्डा थुतेर जलाए। घटनालगत्तै प्रहरी पुगेपछि माओवादीले सो स्थान छोडेका थिए।

महादेवस्थान गाविस-७ का ४२ वर्षीय भरत सापकोटालाई ०६४ चैत २५ गते अनैकोट गाविस-८ रातापैरोस्थित सडकमा माओवादी कार्यकर्ताले आक्रमण

*धुलिखेल जेलमा रहेका बन्दीहरू*

गरी गम्भीर घाइते बनाए। उनको काठमाडौंस्थित वीर अस्पतालमा उपचार गरियो। त्यसै घटनामा अनैकोट गाविस-८ निवासी ३६ वर्षीय राजकुमार बोलखे, महादेवस्थान गाविस-७ निवासी ५० वर्षीय केदारनाथ पौडेल, पाँचखाल गाविस-४ निवासी ४२ वर्षीय दीपक अधिकारी, महादेवस्थान गाविस-८ निवासी ४० वर्षीय दिलबहादुर सापकोटा, जैशीथोक गाविस-९ निवासी ४९ वर्षीय आत्माराम पराजुली र पाँचखाल गाविस-६ तामाघाट निवासी २२ वर्षीय रोशन बोलखे घाइते भएकाले धुलिखेल अस्पतालमा उपचार गरियो। घाइतेमध्ये भरत सापकोटा, आत्माराम पराजुली र दिलबहादुर सापकोटाको टाउकोमा चोट लाग्यो। अघिल्लो दिन एमालेको प्रशिक्षणमा माओवादीले हमला गरेपछि पुन: सोही स्थानमा सभा गर्ने भनी जुलुससहित गएका एमाले कार्यकर्तामाथि लौरो लिएर माथिबाट आएका माओवादीले लखेट्दै प्रहार गरेका थिए। भागदौडपछि अनैकोट गाविस-८ सहँलेस्थित शालिकराम सापकोटाको घरमा लुक्न गएका तीन जना एमाले कार्यकर्तालाई माओवादीले ढोका फोरी आँगनमा ल्याएर लौरो र लात्ती हानेका थिए। शालिकरामको घरको माथिल्लो कोठाको ढोका फोरियो भने आँगनभरि रगत लतपत्तिएको देखियो। घटनालगत्तै बनेपाबाट इन्सेक प्रतिनिधिको नेतृत्वमा उद्धार टोली पुगेपछि नाराजुलुसहित माओवादी कार्यकर्ताहरू फर्किए। टोलीले लुकेर बसेका एमाले कार्यकर्ता र घाइतेहरूको उद्धार गऱ्यो। माओवादीले 'जनयुद्ध जारी छ' भन्ने नारा

*पतिद्वारा मारिएकी लक्ष्मी भनिने*
*गौरी तिमिल्सिनाको टाउको काटिएको लास*

लगाउँदै उम्मेदवारकै रोहवरमा कुटेका थिए। घटनाका विषयमा ०६४ चैत २६ गते प्रमुख जिल्ला अधिकारीले सर्वदलीय बैठक बोलाएर छलफल गरे। बैठकले अनैकोटलगायत अन्य स्थानमा एमाले र माओवादी कार्यकर्ताबीच भएको वैमनस्यताबाट भएको घटना सम्बन्धमा दुवै पक्षका जिम्मेवार पदाधिकारीबीच अन्तरक्रिया भई आगामी दिनमा त्यस्ता किसिमका घटनाहरू हुन नदिनेतर्फ सम्बन्धित सबैले सजगता अपनाउने निर्णय भयो।

विर्तादेउराली गाविस-८ निवासी एमाले कार्यकर्ता सञ्चवीर तामाङलाई ०६४ चैत २७ गते विर्तादेउराली गाविस-१ स्थित भूमेस्थान मावि मतदान केन्द्रमा माओवादीले हमला गर्दा टाउकोमा चोट लागेकाले बोल्देफेदिचे गाविसस्थित स्वास्थ्य केन्द्रमा उपचार गरियो। अर्का घाइते सञ्चवीरका भाइ उत्तरबहादुर तामाङको टाउकोमा चोट लागेकाले स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। घटनामा एमालेका विनोद थापा र राजकुमार लामालाई लाठी र ढुङ्गाबाट सामान्य चोट लाग्यो। घटनामा सोही गाविस-१ निवासी माओवादी समर्थक हरि पन्त, वडा नम्बर ६ का हरि सेढाईं र वडा नम्बर ४ का बोधराज सेढाईं सामान्य घाइते भए। माओवादीको भनाइमा माओवादीकी जिल्ला कमिटी सदस्य उषा सेढाईंलाई एमाले-काङ्ग्रेसका कार्यकर्ताले जबरजस्ती हातपात गर्न खोजेकाले जनताले प्रतिकार गर्दा घटना भएको थियो। सातदलीय संयन्त्रको बैठक बसिरहेको अवस्थामा 'देखाएर मतदान गर्न पाउनुपर्ने, मतदान केन्द्रनजिकै रहेको माओवादी कार्यालयको झन्डा निकाल्नुपर्ने र माओवादी कार्यालय हुँदै मतदान केन्द्रमा आउने बाटो बन्द गरिनुपर्ने' विषयमा विवाद हुँदा दुवै पक्षका कार्यकर्ताबीच झडप भएको थिए। उक्त केन्द्रमा रहेका मतदान अधिकृत लोकेन्द्र ढकालले 'देखाएर मतदान गरे पनि हुने' तर्कको एमाले र काङ्ग्रेस प्रतिनिधिले प्रतिवाद गरेका थिए। मतदान अधिकृतले नै नचाहिने कुरा बोलेको भन्ने गुनासो आएपछि माओवादीले मतदान अधिकृतको भनाइलाई संरक्षण गर्दै 'मतदान अधिकृतभन्दा तिमीहरू जान्ने को हौ ?' भन्दै हमला गरेका थिए। भूमेस्थान माविमा तीनओटा मतदान केन्द्र रहेको र मतदान केन्द्रको २ सय मिटरनजिकै रहेको माओवादी कार्यालयमा सिँगारिएका झन्डा, तुल र भित्ते लेखन नमेटिएकाले त्यसले मतदान प्रभावित हुन्छ भन्ने एमाले र काङ्ग्रेस कार्यकर्ताको भनाइ थियो।

बुढाखानी गाविस-५ गोठडाँडाकी ३२ वर्षीया गोमामाया रानामगरलाई ०६४ चैत २८ गते बिहान

घरमै बसेको बेला माओवादीका हीराबहादुर तुम्सिङ मगर, विशाल लामा र विश्व भ्लोनलगायत १५ जनाको समूहले कुटेर घाइते बनाए। माओवादीले चुनावका दिन कर्फ्यु लगाएर टोलकै व्यक्तिहरूलाई भोट हाल्न जान नपाउने भने पनि एमाले कार्यकर्ता गोमाको घरमा एमालेका व्यक्तिहरू राखेको भनी माओवादी कार्यकर्ताले आक्रमण गरेका थिए। गोमाको टाउको र हातमा घँघारुको लौराले हान्दा गम्भीर चोट लाग्यो। माओवादीले यदि 'माओवादीलाई नजिताएमा बम-गोला पड्किन्छ र लासहरू बोक्नुपर्छ' भन्दै अन्य दलका व्यक्तिहरूलाई मतदान गर्न जानबाट रोक्दै निषेधित क्षेत्र घोषणा गरेका थिए। घटनामा बुढाखानी गाविस-५ गोठडाँडाका १७ वर्षीय सुसन रानामगर घाँटीमा बमको केप राखेर पड्काउँदा पछारिएर बेहोस भएका थिए। उनको करङमा समस्या रहेको डाक्टरको भनाइ छ। यस्तै, घटनामा बुढाखानी गाविस-५ गोठडाँडाका २८ वर्षीय आनन्द थापा मगरलाई आँगनमा बसेको समयमा माओवादी कार्यकर्ताले ढुङ्गाले हान्दा गालामा चोट लाग्यो। घाइतेको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार भयो।

होक्से गाविस-१ निवासी ३० वर्षीय प्रतापसिंह तामाङलाई वाईसीएलका कार्यकर्ताले नेपाली काङ्ग्रेसलाई भोट हालेको र काङ्ग्रेसको बुथ प्रतिनिधि बसेको आरोपमा ०६५ वैशाख २३ गते बेलुकी घरमै आएर अपहरण गरी बेपत्ता पार्ने धम्की दिए। घरनजिकै रहेको पसलमा आएर 'काङ्ग्रेसले ठगेको धन त हो नि' भन्दै पसलका सामानहरू झिक्दै खाएर पैसा नतिरी हिँडेका वाईसीएल कार्यकर्तासँग पैसा माग्दा अपहरण गरेर पिट्ने धम्की दिएपछि पीडित भागेर पाँचखालस्थित प्रहरी चौकीमा शरण लिन पुगेका थिए। वाईसीएलका स्थानीय कार्यकर्ताद्वय बोदे दमै र धावा तामाङले 'जनसेना लगाएर कारबाही गरिने' बताएर अपहरण गर्न भनी रातको समयमा आएकाले आफू भागेर प्रहरीको शरणमा पुगेको पीडितले बताए। पीडित चौकीमा बसेको थाहा पाएपछि वाईसीएल कार्यकर्ताहरू गएर आफ्ना कार्यकर्ताबाट गल्ती भएकाले पत्रपत्रिकालाई समाचार नदिन अनुरोध गरी फर्किए। प्रतापसिंले आफूलाई वाईसीएलले धम्की दिएको र घर घेरा हालेको भनी निवेदन दिँदा उक्त निवेदन लिन अस्वीकार गर्दै प्रहरीले आइन्दा झगडा नगर्ने भन्दै प्रताप सिंलाई भोलिपल्ट घर पठायो।

सल्लेभुम्लु गाविस-२ का ५४ वर्षीय रामबहादुर तामाङ र उनकी पत्नी ५० वर्षीया देवमायालाई ०६५ वैशाख ३१ गते दाउरा र लात्ती प्रहार गरी कुटपिट गर्ने माओवादीलाई पीडित परिवारले कारबाहीको माग गऱ्यो। छिमेकका आफ्नै दाजु चन्द्रबहादुरसँग अपुताली जग्गामा मकै छर्ने विषयमा विवाद भएपछि त्यसलाई मिलाउन गएका ३१ जना माओवादी कार्यकर्तामध्ये केहीले दम्पतीलाई कुटेका थिए। माओवादीले बारीमा मकै छरिरहेका उनीहरूलाई घरमा बोलाएर कुटेका थिए। पाँच दिनपछि रामबहादुरले घटनामा संलग्नलाई कारबाही गर्न जिल्ला प्रहरी कार्यालय धुलिखेलमा उजुरी गरे। प्रहरीले माओवादीको दबाबमा सुरुमा मुद्दा दर्ता गर्न इन्कारेको थियो। पछि दुवैलाई बोलाएर सहमति गर्ने भनी उजुरी लिँदै प्रहरीले चन्द्रबहादुरलाई हिरासतमा लियो। घटनामा संलग्न माओवादीलाई भने कारबाही भएन। चन्द्रबहादुरले माओवादीहरू घरमा गएर भाइबुहारीलाई रक्ताम्य हुने गरी कुटेको बताए। उनले आफूले उक्त कार्य गर्न नलगाएको र माओवादी आफैंले सो कार्य गरेको दाबी गरे। घटनापछि छोरी रोशनीले आमाबाबुलाई काठमाडौं लगेर उपचार गराइन्। ०६५ वैशाख २६ गते चन्द्रबहादुर र उनकी भाइबुहारी देवमायाबीच अपुताली जग्गामा मकै छरेको भनी झगडा भएको थियो। "प्रहरीकै अगाडि उपस्थित माओवादी कार्यकर्तालाई प्रहरीले पक्राउ गरेन," रामबहादुरकी छोरी रोशनीले भनिन्। दुवै पक्षबीच मिलापत्र गराउन दबाब दिन माओवादी कार्यकर्ता दीपक चौलागाईं ०६५ जेठ १९ गते प्रहरी कार्यालय धुलिखेल गएका थिए। दीपकले नै कुटपिट गरेको भन्दा पनि प्रहरीले उनलाई पक्रिएन।

अनैकोट गाविस-२ निवासी ५१ वर्षीय तुलाप्रसाद गौतमलाई ०६५ साउन १८ गते बिहान घरमा बसिरहेको अवस्थामा माओवादी कार्यकर्ता गणेश तिमल्सिनाको नेतृत्वमा रहेका २५ जना माओवादी समूहले घरनजिकैको छापचौरमा लगी कुटपिट गरी घाइते बनाए। ०५८ कात्तिक १३ गते तुलाप्रसादको खेतबारीमा रहेको धान, पराल र मास माओवादीले लुटेका थिए। चन्द्रमान तामाङसँग तुलाप्रसादले ०४४ सालमा १४ हजारमा यो जग्गा किनेका थिए। चन्द्रमानले सार्कीमान तामाङसँग यो जग्गा खरिद गरेका थिए। सार्कीमानले ०२६ सालमा हरिप्रसाद खनालसँग यो

*अदालत परिसरमै माओवादी नेताद्वारा कुटपिट गरी घाइते बनाइएका उमेश श्रेष्ठ*

जग्गा खरिद गरेका थिए। चार चरणमा बेचबिखन भइसकेको यो जग्गा आफैंले पाउनुपर्ने भन्दै ०५८ सालमा हरिप्रसाद खनालले माओवादी लगाएर जग्गाको उब्जनी लगेका थिए। संविधानसभा निर्वाचनमा काङ्ग्रेसको पक्षमा भोट मागेर हिँडेको भन्दै यिनै माओवादी कार्यकर्ताहरूले आफूलाई सताएको तुलाप्रसादको भनाइ छ। कुटपिटपछि माओवादीले पीडितलाई 'माओवादीले केही गरेको छैन, पत्रपत्रिकामा आएका कुरा गलत हुन्' भनेर लेखिएको कागजमा हस्ताक्षर गराए। स्थानीय पत्रिकामा समाचार आएपछि ०६४ साउन ३१ गते बिहान माओवादीहरू घरमै आएर सँगै छापचौरमा लगी त्यहाँ रहेका 'जनताका बीचमा' पत्रपत्रिकामा गलत समाचार दिएको भनी माफी मगाएका थिए। घटनापछि तुलाप्रसाद आत्तिएर लामो समय गाउँ जान सकेनन्। पीडितलाई माओवादीले लात्ती, दाउरा र चिर्पटले हानेका थिए। पीडितको पत्नी, छोरा र छोरीसमेत सात जना आश्रित परिवार छन्।

उग्रचण्डी नाला गाविस-४ घर भएका बनेपाका माओवादी सेक्रेटरी ४२ वर्षीय तुलसीनारायण श्रेष्ठले ०६५ भदौ ३० गते धुलिखेलस्थित जिल्ला अदालत इजलास परिसरमा अंश जालसाजी मुद्दाका पक्षलाई कुटपिट गरी घाइते बनाए। नातामा भाइ पर्ने ३५ वर्षीय उमेश श्रेष्ठले ०६४ असोज २३ गते अदालतमा अंश जालसाजीसमेतको मुद्दा दर्ता गरेकाले अदालतले दिएको तारेख बुझ्न दुवै पक्ष जिल्ला अदालत गएका थिए। अदालतभित्र तारेख बुझेर बरण्डामा उभिरहेको अवस्थामा छ जना माओवादी कार्यकर्तासहित गएका तुलसीले मुक्कैमुक्काले उमेशको मुखमा हानेका थिए। कुटपिट हुँदा अदालत परिसरमा न्यायाधीश, कर्मचारी, प्रहरी र सर्वसाधारणहरू मूकदर्शक बनेका थिए। अदालतमै मुद्दाका एक पक्ष असुरक्षित भएपछि त्यतिबेला अदालतमा रहेका कानुन व्यवसायीहरूले

*हत्याको आरोपमा गाउँलेद्वारा विस्थापित सीता मगरको परिवार*

पीडितलाई बार एसोसिएसनको कार्यालयमा लगेर राखेका थिए। अदालतको दोस्रो तल्लामा उमेशको निधार र मुखबाट बगेको रगतका थुप्रै थोपाहरू देखिए। कुटपिटलगत्तै थप प्रहरीहरू अदालत परिसरमा पुगेका थिए तर अदालतका कर्मचारीले 'आफन्तहरूको झगडा हो' भनी प्रहरीलाई फर्काए। सोही बेला मौका छोपी तुलसीनारायण आफ्ना सहयोगीहरूसहित मोटरसाइकलमा बनेपा आए। घटनापछि पीडित उमेशले घाउ जाँच गरी दोषीलाई कारबाही गरी पाउँ भनी अदालतमा ३२३ नम्बरमा मुद्दा दर्ता गरे। यो घटना अदालतको अवहेलनामा मुद्दा दर्ता भएको छ।

काभ्रे जिल्लास्थित इन्सेक प्रतिनिधि भोजराज तिमल्सिनालाई ०६५ असोज १ गते साँझ धम्की दिनेलाई कारबाहीका लागि पत्रकार महासङ्घ र बार एसोसिएसनले माग गऱ्यो। अदालतभित्र मुद्दाका पक्षलाई कुटपिट भएपछि इन्सेक प्रतिनिधिद्वारा घटनालाई *न्यायाधीशकै अगाडि माओवादीद्वारा कुटपिट* शीर्षकमा ०६५ भदौ ३१ गते स्थानीय पत्रिकामा प्रकाशित समाचार सार्वजनिक जानकारीमा ल्याइएको थियो। यही समाचार इन्सेक अनलाइनमा भदौ ३० गते प्रकाशित भएकामा स्थानीय दैनिक पत्रिकाले अनलाइनकै समाचार छापेको थियो। दैनिक पत्रिकाको कार्यालयमा तुलसीनारायणको समूह धम्क्याउन गएपछि पत्रकारबाट स्रोत खोली इन्सेक प्रतिनिधिलाई आक्रमण गर्न स्थानीय गुण्डाहरूसहित उनी बनेपामा घुमेका थिए। घटनाका सम्बन्धमा काभ्रेका पत्रकार, मानवअधिकारकर्मी र कानुन व्यवसायीहरूले जिल्ला प्रशासन कार्यालयमा गएर दोषीलाई कारबाहीका लागि अनुरोध गरे। घटनाको निन्दा गर्दै इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल, नेपाल बार एसोसिएसन काभ्रे, नेपाल पत्रकार महासङ्घ काभ्रे, विकाशील सामाजिक संस्था, मेची-महाकाली मिडिया सोसाइटी काभ्रेलगायतका सङ्घसंस्थाले विज्ञप्ति प्रकाशित गरेका थिए।

शिखरआम्बोटे गाविस-५ निवासी ३३ वर्षीय प्रेम लोप्चनलाई ०६५ असोज २३ गते सोही गाविस-९ निवासी माओवादी कार्यकर्ता २० वर्षीय हीरा तामाङ, ४३ वर्षीय जितबहादुर तामाङ र उनकी पत्नी ३८ वर्षीय सुकुमाया तामाङले खुकुरी प्रहार गरी घाइते बनाए। माओवादीको शक्तिखोर शिविरमा बस्दै आएका हीराले दसैंको टीकाको दिन ससुराली घरतर्फ जाँदै गरेका प्रेम लोप्चनलाई एकान्तमा भेटी खुकुरी प्रहार गरेको पीडितले बताए। पीडकहरूले आफूलाई खुकुरीले प्रहार गरी मुख, पेट र शरीरका अन्य भागमा चोट पुगेकाले दोषीलाई पक्राउ गरी कारबाही गरी पाउँ भनी

पीडितले ०६५ असोज २६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। कुटपिटका समयमा स्थानीय पञ्चमाया तामाङ र माइली तामाङले छुट्याएको र सो क्रममा आफ्नो नगद तथा सुनको सिक्रीसमेत गरी ४८ हजार रुपियाँ लुटी लगेकाले सो समेत भराई दिन पीडितले आग्रह गरे। यस घटनालाई सार्वजनिक अपराध शीर्षकमा मुद्दा चलाइए पनि पीडक फरार छन्।

बनेपास्थित हिमाल मिडिया प्रालि बनेपाका प्रमुख तथा नेपाल पत्रकार महासङ्घ काभ्रे शाखाका सदस्य भरत अधिकारीलाई ०६५ मङ्सिर ६ गते उक्त मिडियामा गठन भएको माओवादी युनियनमा नबसेको भन्दै माओवादी ट्रेड युनियनका कानुनी सल्लाहकार रेवती कुइँकेलले मार्ने धम्की दिए। हिमाल मिडियामा माओवादी ट्रेड युनियन गठन भई उक्त युनियनमा आफूलाई राखिएकामा बस्न इन्कार गरेकाले धम्की आएको पीडितले बताए। 'माओवादीले युनियनमा राख्दाराख्दै बस्न अस्वीकार्ने तँ को होस् ?' भन्दै धम्की दिनेहरू आफूलाई खोज्दै बनेपासम्म आएको उनले बताए। धम्की दिनेहरूलाई हदैसम्मको कारबाहीको माग राख्दै पीडितले जिल्ला प्रशासन कार्यालय काभ्रेमा शान्ति सुरक्षाको माग गरी निवेदन दिए। घटनाको नेपाल पत्रकार महासङ्घ काभ्रेले विरोध जनायो।

### वाईसीएलबाट

जैशीथोक गाविस-४ निवासी पूर्वगाविस अध्यक्ष विदुरप्रसाद सापकोटा, अनैकोट गाविस-४ का प्रभुराम कोइराला, वासुदेव सापकोटा, जैशीथोक गाविस-९ का कुमार भट्टराई, अनैकोट गाविस-५ का कविराज सापकोटा र अनैकोट गाविस-३ का रामेश्वर सापकोटालाई ०६४ चैत २४ गते वाईसीएल कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। अनैकोट गाविस-५ स्थित कान्छा विश्वकर्माको घरमा एमालेले राखेको प्रशिक्षणमा वाईसीएल कार्यकर्ताहरू छिरेर 'यिनीहरू पैसा बाँड्न आएका' भनी आक्रमण गरेका थिए। जैशीथोकका विदुर सापकोटा बोलिरहेको अवस्थामा ढोका फोरी भित्र पसेर वाईसीएल कार्यकर्ताले दाउराको चिर्पट र मुक्का प्रहार गर्दा एमाले कार्यकर्ताहरूको टाउको, छाती र मुखमा चोट लाग्यो। घटनामा वाईसीएलले एमाले कार्यकर्ताको बा२६प २८९७ र बा२८प ३९५५ को मोटरसाइकल तोडफोड गरे। पीडितहरूको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार गरियो।

साल्मेचाकल गाविस-६ का दिनेश तिमल्सिनालाई ०६५ असोज ५ गते वाईसीएल कार्यकर्ता गोकुले गाविस-३ का २५ वर्षीय दावादोर्जे योञ्जन र साल्मेचाकल गाविस-७ का २३ वर्षीय विकास लामाले बनेपामा कुटपिट गरी साथमा रहेको मोबाइल खोसेर लगे। दसैँको समयमा जग्गा र भैँसी बेचेर व्यापार गर्न बनेपा आएका तिमल्सिनालाई 'सर्च अभियान छ, छानबिनका लागि सँगै हिँड' भनेर लुटेका थिए। बनेपाको एकान्तमा उनलाई हात बाँधेर अपहरण गर्न लाग्दा चिच्याएर भागेका उनलाई पछ्याउँदै 'चोर चोर' भन्दै रडले टाउकोमा र मुखमा मुक्काले हानेका थिए। पीडितले सार्वजनिक अपराध अन्तर्गत मुद्दा दर्ता गरे। पीडकहरूलाई प्रहरीले पक्राउ गरेकामा उनीहरू जनही ७ हजार रुपियाँ धरौटीमा रिहा भए।

फलाटे गाविस-३ निवासी ३२ वर्षीय मुक्तिनाथ उप्रेतीलाई ०६५ असोज २२ गते वाईसीएल कार्यकर्ताहरूले कुटपिट गर्दा गम्भीर घाइते भएकाले ललितपुरस्थित बीएन्डबी अस्पतालमा उपचार गरियो। पोखराको फूलबारी रिसोर्टमा काम गर्ने उप्रेती दसैँ बिदामा घर आएका थिए। संविधानसभा निर्वाचनमा माओवादीलाई नसघाएको भन्दै उनलाई माओवादीले धम्क्याउँदै आएका थिए। गाउँकै एक घरमा लगेर उनलाई कुटपिट गर्दै झ्यालबाट फ्याँक्दा दायाँ खुट्टा र मेरुदण्डमा चोट पुगेकाले गाउँलेको सहयोगमा घाइतेलाई अस्पताल पुऱ्याइएको थियो। घटनामा छुट्याउन जाँदा पीडितका भाइ १९ वर्षीय विदुर उप्रेती, स्थानीय २४ वर्षीय नवराज खरेल र १९ वर्षीय सुरेश भुजेललाई चोट लाग्यो। अन्य घाइतेहरूको गाउँमै सामान्य उपचार गरियो। घटनालगत्तै पीडितहरूले स्थानीय चौकीमा खबर गरेकाले कुटपिटमा संलग्न भीमराज लामा, सरोज खरेल, रामशरण तामाङ, अजेन्द्र तामाङ, कसम लामा र राम लामालाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा लियो। प्रहरी हिरासतमा छँदा उनीहरूले रमेश भनिने माओवादीको आदेश अनुसार कुटेको बताए।

### नेकपा (एकीकृत)बाट

मादनकुँडारी गाविस-८ निवासी अन्तरिम विधायक तथा जनमोर्चा नेपालबाट काभ्रे क्षेत्र नम्बर १ का उम्मेदवार कमानसिं लामालाई ०६४ चैत १८ गते बिहान नेकपा एकीकृतका कार्यकर्ताले बुढाखानी गाविस-४ स्थित बास बसेको स्थानमा साङ्घातिक आक्रमण गरी घाइते बनाए। घटनामा मेच्छे गाविस-१ निवासी राज लामा, मेच्छे गाविस-४ निवासी कमल लामा, भीमखोरी गाविस-४ निवासी नरमान लामा र मादनकुडाँरी गाविस-१ निवासी चन्द्र लामा घाइते भए।

दिउँसो उनीहरूलाई हेलिकप्टरबाट काठमाडौँ पुऱ्याई वीर अस्पतालमा उपचार भयो। फोक्सिङटार गाविसको छेउमा रहेको स्थानीय चमारसिं मोक्तानको पसलमा बास बसेको स्थानमा एकीकृतका कार्यकर्ता बनखु गाविस-६ निवासी सागर लामा, टेकबहादुर बल, मानध्वज घ्लान, युदु लामा र काजी मोक्तानले खुकुरी र तरबारद्वारा आक्रमण गरेको पीडितहरूको भनाइ छ। कमानसिं लामाको टाउको र हातमा, कमल लामाको टाउको, हात र जीउ, चन्द्र लामाको ढाड, खुट्टा र जीउमा चोट लाग्यो। प्रहरीले थप मद्दतका लागि जिल्लाबाट प्रहरी पठायो। घटनाका दोषीलाई कारबाहीको माग गर्दै जनमोर्चाले ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दर्ता गऱ्यो। यस घटनामा एकीकृतका उम्मेदवार कान्छाराम तामाङसँग निर्वाचन आयोगले स्पष्टीकरण माग्यो।

**अन्यबाट**

गोठपानी गाविस-५ निवासी राष्ट्रिय जनशक्ति पार्टीबाट काभ्रे जिल्ला क्षेत्र नम्बर १ मा उम्मेदवार बनेकी सुकुमाया तामाङलाई ०६४ चैत १५ गते राती पैसा लेनदेनको विषयमा घरमा कुराकानी गरिरहेकै अवस्थामा गाउँलेले कुटपिट गरे। रातको समयमा माथिल्लो तल्लामा प्रहरी बसिरहेको अवस्थामा सुकुमाया 'कुराकानी छ' भनेर बाहिर गाउँलेसँग कुरा गर्दै गरेको अवस्थामा पिटाइ खाएको सुरक्षामा खटिएका प्रहरीले जनाए। उनी राती नै भागेर पचुवारघाट चौकीमा आएपछि प्रहरीको सहयोगमा धुलिखेल अस्पतालमा सामान्य उपचार गरी काठमाडौँ निवासतिर लागिन्। सशस्त्र द्वन्द्वका समयमा धुलिखेलमा बसेर माओवादी भन्दै मानिस पक्राउ गर्न सहयोग पुऱ्याउने गरेको र पक्राउमा परेकालाई छुटाइदिन्छु भनेर जनताको पैसा खाएको भनी अघिल्लो वर्ष प्रहरीमा उनका विरुद्ध जाहेरी परेको थियो।

धुलिखेल नपा-५ स्थित धुलिखेल सामुदायिक अस्पताल तोडफोडका विषयमा समाचार सङ्कलन गर्न गएका पत्रकारहरूलाई ०६५ भदौ ९ गते दुर्व्यवहार गर्ने धुलिखेल नपा-३ का ओमकार गणेजु श्रेष्ठलाई सार्वजनिक अपराध ऐन अन्तर्गत हिरासतमा राखिएकामा उनी ५ सय रुपियाँ धरौटीमा रिहा भए। समाचार सङ्कलन गर्न गएका *एभीन्युज* टेलिभिजनका जिल्ला संवाददाता उग्रचण्डी नाला गाविस-७ का २७ वर्षीय शिव दाहाल, *अन्नपूर्ण पोस्ट* दैनिकका संवाददाता जैशीथोक गाविस-९ का २१ वर्षीय केदार तिमल्सिना, *नेपाल समाचारपत्र* दैनिकका संवाददाता पनौती नपा-४ का २८ वर्षीय रामकृष्ण चापागाईं, काभ्रेबाट प्रकाशित हुने *इन्द्रावती* साप्ताहिकका सम्पादक ढुङ्खर्क गाविस-३ का २६ वर्षीय भीम गौतम र काभ्रेबाट प्रकाशित हुने *सञ्जीवनीपत्र* दैनिकका संवाददाता खनालथोक गाविस-७ का २१ वर्षीय प्रकाश खनाललाई धुलिखेल अस्पतालका समर्थकहरूले दुर्व्यवहार गर्दै ढुङ्गा प्रहार गरेका थिए। धुलिखेल अस्पतालका समर्थकहरूले उक्त विषयको समाचार प्रकाशन गरेको भन्दै स्थानीय *सञ्जीवनीपत्र* दैनिकका संवाददाता सानोवाङ्थली गाविस-७ का २१ वर्षीय कमान लामालाई भदौ ११ गते साँझ बनेपामा आक्रमण गरे। नेपाल पत्रकार महासङ्घ काभ्रे शाखाले दोषीहरूलाई कारबाहीको माग गर्दै ०६५ भदौ १० गते जिल्ला प्रशासन कार्यालय धुलिखेलमा सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा दर्ता गरायो। धुलिखेल अस्पतालले ०६५ भदौ १३ गते विज्ञप्ति प्रकाशित गरी पत्रकारमाथि भएको दुर्व्यवहारको विरोध गर्दै पत्रकारमाथि भएको घटनामा अस्पतालको कुनै संलग्नता नभएको जनायो। प्रहरीले ओमकार गणेजु श्रेष्ठलाई हिरासतमा लिएलगत्तै धुलिखेलका सात राजनीतिक दलहरूले ०६५ भदौ १४ गते एकपटकका लागि ओमकार गणेजु श्रेष्ठलाई क्षमायाचना गर्न अनुरोध गर्दै पत्रकार महासङ्घलाई पत्र पठाए।

धुलिखेल नपामा वितरित खानेपानी पाइप काटिएपछि उत्पन्न विवादका विषयमा रिपोर्टिङ् गर्न गएका *अरनिको टाइम्स* साप्ताहिकका सम्पादक मानकाजी सुवाललाई ०६५ मङ्सिर १८ गते आन्दोलनकारीहरूले धुलिखेल बसपार्कमा कुटपिट गरे। कुटपिटबाट पत्रकार सुवालको देब्रे आँखामा चोट लागेकाले रेयुकाई आँखा अस्पताल बनेपामा उपचार गरियो। पीडितको दाहिने खुट्टामा फलामको रडले हानिएका कारण सामान्य: चोट देखियो। घटनामा पीडित सुवालको मोटरसाइकलसमेत तोडफोड गरियो। यही घटनामा धुलिखेलका प्रभुकृष्ण तँखाछे, श्रीराम थापामगर, निरज पराजुली र प्रकाश थापालाई समेत कुटपिट गरिएको पाइयो। खानेपानीपीडित सङ्घर्ष समितिले पानी वितरणमा भेदभाव गरिएको भनी ०६५ मङ्सिर १६ गते मुख्य पाइप लाइन फुटाएपछि एक सातासम्म धुलिखेलबासीले उक्त धाराको पानी खान पाएनन्। आफूले प्रयोग गरेको खानेपानीको पाइप फुटाएपछि दोषीहरूलाई कारबाहीको माग गर्दै आन्दोलनमा उत्रिएका धुलिखेलबासीले धुलिखेलमा यातायात बन्द गर्दै नाराजुलुस गरे। घटनाको नेपाल पत्रकार महासङ्घ काभ्रे शाखाले विरोध जनायो।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

पाँचखाल गाविस-४ निवासी नेकपा एकीकृतका केन्द्रीय सदस्य एवम् ४ नम्बर क्षेत्रका उम्मेदवार डा. भरत लामिछाने, एकीकृतनिकट अनेरास्वियुका केन्द्रीय सचिवालय सदस्य क्षितिज लामा, कपुर थिङ र प्रवीण थिङलाई ०६४ चैत १८ गते दिउँसो बनेपामा जनमोर्चाका कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। बुढाखानी गाविसमा नेकपा एकीकृतका कार्यकर्ताबाट जनमोर्चाका उम्मेदवारमाथि गरेको साँघातिक आक्रमणको विषयलाई लिएर उनीहरूमाथि भौतिक आक्रमण भएको थियो। पीडितहरूमध्ये घाइते लामाको स्थानीय शिर मेमोरियल अस्पतालमा उपचार भयो। लामालाई जनमोर्चाका कार्यकर्ताले आँखा र टाउकोमा चोट पुऱ्याएका थिए। डा. लामिछानेको भनाइमा बुढाखानी घटनाबारे बुझ्न अनैकोटबाट चुनावी कार्यक्रम छोडी बनेपा आउँदा बसबाट ओर्लनेबित्तिकै जनमोर्चा कार्यकर्ताले तानेर कार्यालय हिँड्न दबाब दिँदा नमानेका कारण आक्रमण गरेका थिए।

बनेपास्थित चैतन्य चोकमा रहेको नेकपा एकीकृतको कार्यालय ०६४ चैत १९ गते बिहान जनमोर्चा कार्यकर्ताले तोडफोड गर्नुका साथै सम्पूर्ण कार्यालय सामग्री जलाए। आठ जनाको समूहमा आएका जनमोर्चा कार्यकर्ताले बिहान ६ बजे कार्यालयका सामान तोडफोड गर्नुका साथै सामान बाहिर निकालेर आगजनी गरेका थिए। जनमोर्चा कार्यकर्ताले एकीकृतको कार्यालय तोडफोड र आगजनी गरेपछि १ नम्बर क्षेत्रबाट उम्मेदवार बनेका एकीकृतका कान्छाराम तामाङको बनेपास्थित डेरामा गई कम्प्युटर फुटाए। जनमोर्चा कार्यकर्ताले तामाङको डेरामा रहेको एक थान कम्प्युटर, एक थान टेलिभिजन र फोन सेट बाहिर निकाली फोडेका थिए। प्रहरीले कार्यालय तोडफोड र आगजनी गर्ने जनमोर्चाका चार जना कार्यकर्तालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय पठायो। उनीहरूलाई पक्राउ गर्दा प्रहरीले लाठी प्रहार गरेको थियो। जनमोर्चाका उम्मेदवार कमानसिं लामालाई अघिल्लो दिन बिहान बुढाखानी गाविसमा साँघातिक आक्रमण गरी घाइते बनाएपछि बदलामा जनमोर्चाका कार्यकर्ताले उक्त आगजनी र तोडफोड गरेका हुन्। दुई दलबीच झडप भएपछि एकीकृतका १ नम्बर क्षेत्रका उम्मेदवार कान्छाराम तामाङलाई जिल्ला प्रहरी कार्यालयले सुरक्षाका लागि कार्यालयमा राख्यो। तामाङ आमाको किरियाका लागि बसेका बेला जनमोर्चाका कार्यकर्ताले घरमै गएर धम्क्याएपछि सुरक्षाका लागि प्रहरीकहाँ गएका हुन्।

काभ्रे जिल्लाको क्षेत्र नम्बर १ स्थित मेच्छे गाविसको कुशेश्वर प्राथमिक विद्यालयमा रहेको मतदान केन्द्रमा ०६४ चैत २८ गते माओवादीले कब्जामा लिएर एकलौटी मतदान गरे। पर्यवेक्षक पुग्दा पनि माओवादीहरू बन्दकोठामा मतदातालाई छाप लगाउन सघाइरहेका थिए। उक्त विद्यालयमा रहेका पाँचओटा मतदान केन्द्रमा ४ हजार १ सय ५१ मतदाता थिए। माओवादीको भनाइमा उक्त मतदान केन्द्रमा प्रतिनिधि बस्ने एमाले-काङ्ग्रेसका मान्छेहरू नै थिएनन्। नियम अनुसार, मतपत्र सम्बन्धित व्यक्तिले लाने, बाकसमा पनि उही मतदाताले खसाल्ने तर स्वस्तिक छाप भने माओवादी कार्यकर्ताले लगाएको पाइयो। यहाँको मतदान केन्द्रमा कर्मचारी र सुरक्षा निकायका व्यक्तिहरू निरीह बनेको देखियो। केन्द्र आसपासमा रहेका अन्य पार्टीका प्रतिनिधिहरूले 'बोल्यो भने भोलिदेखि बाँच्न पाइन्न' भन्ने प्रतिक्रिया दिए। माओवादीबाहेकका बुथ प्रतिनिधिलाई पहिल्यै मुचुल्कामा सही गराएको भनाइ पर्यवेक्षकहरूको छ।

गोकुले निमावि (क) मतदान केन्द्रमा ०६४ चैत २८ गते भएको संविधान निर्वाचनमा बिहानैदेखि वाईसीएलको ज्याकेट लगाएका व्यक्तिहरूले लाइन मिलाउने र मतदान गर्न सिकाए। कम्ब्याट लगाएका १० जना वाईसीएल कार्यकर्ता यहाँको मतदान केन्द्रमा प्रत्यक्ष हस्तक्षेपकारी भूमिकामा देखिन्थे। उनीहरूका क्रियाकलापलाई कुनै राजनीतिक दल, सुरक्षाकर्मी र मतदान टोलीले विरोध गरेनन्। गोकुले निमावि (क) मतदान केन्द्रमा दिउँसो मतदान गर्न बोकेर ल्याइएका ८४ वर्षीय चन्द्रमान श्रेष्ठलाई मतदान गर्न नसक्ने भनी माओवादी कार्यकर्ताले मतदान गरे। यहाँको मतदान केन्द्रमा नजान्ने बहानामा महिला, अशक्त र वृद्धहरूका कम्तीमा १ सय मत माओवादी कार्यकर्ताले खसाली दिए। माओवादी कार्यकर्तालाई मतदान गर्नका लागि मतदान अधिकृतले स्वीकृति दिएका थिए। मतदानका लागि राखिएका स्वयंसेविकाहरूले माओवादी मतदातालाई नङमा मात्र पर्ने गरी र अन्य मतदातालाई मासु र नङको जोर्नीमा पर्ने गरी मसी लगाएका थिए। यसो गर्दा माओवादी समर्थक महिला मतदाताले नङमा पालिस लगाएर पटक-पटक मतदान गरेको पाइयो।

काभ्रे जिल्ला क्षेत्र नं. १ का काङ्ग्रेसका उम्मेदवार मधु आचार्यले संविधानसभा निर्वाचन ०६४ का लागि भएको मतदान प्रक्रियामा काभ्रेका नौ स्थानमा माओवादीले अनियमितता र आचारसंहिताको उल्लंघन

गरेकाले ती स्थानमा पुनः मतदान गरी पाउँ भनी निर्वाचन क्षेत्र नम्बर १ को मतदान अधिकृतको कार्यालयमा ०६४ चैत २९ गते उजुरी गरे। उजुरीमा मेच्छे गाविसको कुशेश्वर प्रावि, धुसेनी शिवालय गाविसको ग्राम विकास निमावि, पोखरीचौरी गाविसको जागृति मावि, बिर्तादिउरालीको भूमेस्थान मावि, बनखुचौर गाविसको ज्योति प्रावि, फोक्सिङटारको सिद्धेश्वर निमावि, नाङ्ग्रेगँगर्चे गाविसको खाडदेवी मावि, घर्तीछाप गाविसको जनकल्याण मावि र बुढाखानी गाविसका दुवै मतदान केन्द्रमा पुनः मतदानका लागि उनले आग्रह गरे। यी मतदान केन्द्रमा खटिएका मतदान अधिकृतहरू र काङ्ग्रेसका प्रतिनिधिहरूले मतदान राम्ररी सकिएको भनी हस्ताक्षर गरेका थिए। जिल्ला निर्वाचन कार्यालयले निर्वाचन आयोगमा उक्त निवेदन र प्रतिनिधिहरूले गरेको हस्ताक्षर तथा मतदान अधिकृतको निवेदनसमेत राखी पठाएकाले पुनः मतदान भएन। उजुरीका सम्बन्धमा 'परिणाम स्वीकार्न नसकेका कारण पहिल्यै बखेडा गरेको' माओवादीले बताए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत काभ्रेमा यस वर्ष २ सय २९ थान देवानी मुद्दा दर्ता भए भने गत वर्षको जिम्मेवारी सरेर आएका समेत २ सय २६ थान फर्स्यौट भए। यस वर्ष १ सय ५८ थान फौजदारी मुद्दा दर्ता र गत वर्षको जिम्मेवारी सरेर आएका समेत १ सय ४६ थान फर्स्यौट भए। यस वर्ष ७९ थान सरकारवादी मुद्दा दर्ता र गत वर्षको जिम्मेवारी सरेर आएका समेत ५३ थान फर्स्यौट भए। एक वर्षभित्रका ३ सय ३१ थान, दुई वर्षभित्रका १ सय ३८ थान र दुई वर्ष नाघेका ६१ थानसमेत गरी यस वर्षको अन्त्यसम्म बाँकी रहेका मुद्दा जम्मा ५ सय ३० थान छन्। यस अदालतमा अंश र जग्गासम्बन्धी मुद्दा बढी पर्ने गरेका छन्।

## बालअधिकार

शिखर आम्बोटे गाविसमा घर भई धुलिखेल नपा-३ मा डेरा गरी बस्ने १५ वर्षीया एक बालिकालाई ०६५ वैशाख २९ गते धुलिखेल नपा-२ निवासी ४६ वर्षीय जनक श्रेष्ठले बलात्कार गरे। कोठामा कोही नभएको अवस्थामा फकाएर धुलिखेलस्थित पिकनिकस्थलको वनमा लगी पटक-पटक उनलाई बलात्कार गरिएको थियो। पीडितका अनुसार कहिले पोस्टकार्ड किनिदिने त कहिले खाजा खान भनेर १०/१५ रुपियाँ दिएर बालिकालाई बलात्कार गरिएको थियो। अहिले पीडित बालिकाले बच्चा जन्माएकी छन्। पीडकलाई प्रहरीले पक्राउ गरी ०६५ जेठ २२ गते जिल्ला अदालत काभ्रेमा पेस हुँदा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएको छ।

बालुवा गाविस निवासी एक १२ वर्षीया बालिकालाई ०६५ असार २४ गते दिउँसो बलात्कार गर्ने खरेलथोक गाविस-७ का ६५ वर्षीय चन्द्रमान तामाङलाई स्थानीय बासिन्दाले पक्राउ गरी प्रहरीलाई बुझाए। एक हप्तादेखि ठेउला आएकाले घरबाट बाहिर ननिस्किइ बसेकी बालिकालाई आँप बगैँचामा लगेर बलात्कार गरिएको थियो। ठेउला आएको भए पनि बालिकालाई बिगार परेकाले औषधि खुवाउनु पर्ने बताउँदै धामी काम गर्दै आएका तामाङले बालिकाकी आमालाई आफूले निको पारिदिने बताएका थिए। पीडकलाई ०६५ साउन १९ गते जिल्ला अदालतमा पेस गर्दा पुर्पक्षका लागि थुनामा राख्ने आदेश भयो। पीडकका तीन छोरा, तीन नाति र दुई नातिनी छन्।

धुलिखेल नपा-१ निवासी लङ्गडी विश्वकर्माले पालेको नामथर नखुलेकी २ वर्षीया बालिकालाई ०६५ साउन १२ गते राती सोही ठाउँ निवासी हरि विश्वकर्माले कुटपिट गरी हत्या गरेर खाल्डो खनी पुरेको अवस्थामा प्रहरीले फेला पाऱ्यो। पीडक हाल पुर्पक्षका लागि थुनामा रहेका छन्।

मेथिनकोट गाविसकी १४ वर्षीया एक बालिकालाई पछिल्लोपटक ०६५ असोज ५ गते सोही ठाउँ निवासी ५० वर्षीय सानु तामाङले नुन पैँचो लिन गएको अवस्थामा बलात्कार गरे। पीडकलाई प्रहरीले ०६५ असोज १५ गते पक्राउ गरेकामा हाल पुर्पक्षका लागि थुनामा राखिएको छ। अहिले पीडित बालिकाले बच्चा जन्माएकी छिन्। जिल्ला अदालत काभ्रेको ०६५ कात्तिक ६ गतेको निर्णयले पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको हो।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

पनौती नपा-१२ खोपासी प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक २३ वर्षीय चिरञ्जीवीनाथ तिमल्सिनाले ०६४ चैत १५ गते आफ्नै पत्नी २२ वर्षीया लक्ष्मी भनिने गौरीलाई कार्यरत स्थानमा भेट्नका लागि बोलाएर नजिकैको जङ्गलमा लगी खुकुरीले काटेर हत्या गरे। रौतहट सन्तपुर गाविस घर भई काठमाडौँमा डेरा गरी बस्ने गौरी चौलागाईं पतिले भेट्न बोलाएपछि खोपासी जाँदाजाँदै हराएको भनी माइतीले खोजतलास गरेका थिए। पतिलाई

कुरिरहेको भन्ने छोरीको फोन एकाएक बन्द भएपछि माइती पक्षले उनकै पतिमाथि शङ्का गरेका थिए। हटिया गाविस-७ मकवानपुर माइती भएकी गौरीको ०६४ फागुन ११ गते विवाह भएको थियो। महेन्द्ररत्न क्याम्पस ताहचलमा स्नातक दोस्रो वर्षमा अध्ययनरत गौरीको टाउको पनौती नपा-१० स्थित जङ्गलमा र गिँड पनौती नपा-८ स्थित जङ्गलमा फेला पऱ्यो। घटनास्थलबाट मोबाइल फोन, खुकुरीको दाप, ज्याकेटको जिपर तथा पीडकको कोठामा कानमा लगाएको सुन फेला परेको थियो। कर्तव्य ज्यानको यो मुद्दा अदालतमा पेस हुँदा पीडकलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश भयो।

शङ्खुपाटीचौर गाविस-८ का ७८ वर्षीया कान्छीमाया तामाङलाई ०६५ भदौ ३० गते बुहारी ३८ वर्षीया धनुमाया तामाङले बञ्चरो प्रहार गरी हत्या गरिन्। नाति अजय तामाङको जाहेरीका आधारमा प्रहरीले पीडकलाई गिरफ्तार गरी हाल पुर्पक्षका लागि थुनामा राखिएको छ। सधैँजसो सासूले आफूलाई सताइरहने भएकाले घचेट्दा ठोक्किएर मृत्यु भएको बयान पीडकले प्रहरीलाई दिएकी छिन्।

### बहुविवाह

ढुङ्खर्क गाविस-६ निवासी २५ वर्षीय रमेश तिमल्सिनाले ०६५ वैशाख ३ गते काठमाडौँ थानकोट निवासी २१ वर्षीया लक्ष्मीसँग दोस्रो विवाह गरे। जेठी पत्नी २२ वर्षीया शर्मिलाको जाहेरीका आधारमा रमेशलाई गिरफ्तार गरेकामा १० हजार रुपियाँ धरौटी राखी उनी रिहा भए। जेठी पत्नीबाट रमेशका छोरा-छोरीको जन्म भएको छ।

होक्से गाविस-७ का ३५ वर्षीय रामभरत थापाले कविता विष्टसँग ०६५ जेठ २८ गते दोस्रो विवाह गरे। उनको ०५० सालमा अङ्गुर थापासँग पहिलो विवाह भई एक छोरा र एक छोरीको जन्म भएको छ। जेठी पत्नी अङ्गुर थापाले बहुविवाह मुद्दा दर्ता गराएकामा प्रहरीले दुवैलाई गिरफ्तार गऱ्यो। अदालतको आदेशमा रामभरत ३ हजार र कविता २ हजार रुपियाँ धरौटीमा रिहा भए।

ढुङ्खर्क गाविस-६ का २२ वर्षीय भीमसेन दङ्गालले विवाहित हुँदाहुँदै ०६५ असार ३१ गते गुल्मी जिल्ला हुँगा गाविस-१ निवासी २३ वर्षीया वसन्ती भण्डारीसँग दोस्रो विवाह गरेको भनी जेठी पत्नी १८ वर्षीया रेणुका दङ्गालले ०६५ असोज १४ गते मुद्दा दर्ता गरिन्। मुद्दामा उनले ०६० वैशाख ४ गते आफूहरूको परम्परागत विवाह भई ०६१ सालमा छोरी गायत्रीको जन्म भएपछि पति भीमसेन कक्षा ११ मा पढ्नका लागि काठमाडौँ गएका थिए। दुवै जना एउटै घरमा कोठा लिई बसेको र उनीहरूमा प्रेम भई आफूलाई फकाएर गर्भको बच्चासमेत तुहाएपछि दोस्रो विवाह गरेको उल्लेख छ। प्रहरीले पीडक दुवैलाई गिरफ्तार गरी अदालतमा पेस गरेकामा जनही २५ हजार रुपियाँ धरौटीमा रिहा भए।

### दुर्व्यवहार

शिखरआम्बोटे गाविस-१ बाहुनडाँडाकी ८० वर्षीया माइली तामाङ र उनकी बुहारी ५० वर्षीया दमैस्या तामाङलाई सोही ठाउँ निवासी ४० वर्षीय मीनबहादुर तामाङ र उनकी पत्नी ४० वर्षीया ठूलीमाया तामाङले ०६५ वैशाख ५ गते बोक्सीको आरोपमा कुटपिट गरे। पीडकहरूले आफ्नी छोरी आठ वर्षीया मङ्गली तामाङलाई भेदेर बिरामी पारेको भन्दै पीडितको घरमा ३० जना युवाहरू सँगै लगेर निको पार्न धम्क्याएका थिए। आफूहरू बोक्सी नभएको र निको पार्न पनि नसक्ने बताएपछि उनीहरूलाई कुटिएको थियो। घटनापछि पीडितहरूले प्रहरी चौकी दाप्चामा दोषीहरूलाई कारबाहीको माग गर्दै मुद्दा दर्ता गराए।

सरमथली गाविस-९ की ५० वर्षीया माया तामाङलाई ०६५ मङ्सिर २६ गते स्थानीय दान्जीमाया तामाङले बोक्सीको आरोपमा दुर्व्यवहार गरिन्। देवरकी छोरी सुन्दरी तामाङको विवाहको निम्तो दिन अघिल्लो दिन बेलुकी माया दान्जीको घर गएकी थिइन्। माया फर्किनेबित्तिकै भैँसी दुहुन बसेकी दान्जीमायाले 'भेदेकै कारण भैसीले दूध नदिएको हो' भनी भोलिपल्ट बिहानै मायाको घरमा गएर झगडा गरेकी थिइन्। घरमा एक्लै रहेकी माया आफूलाई बोक्सी भनी दुर्व्यवहार गरेपछि रुँदै माइती गाउँ पुगिन्। घटनाको भोलिपल्ट मङ्सिर २७ गते माइती पक्षका मानिसहरू आएर दान्जीलाई सार्वजनिक सभामा बोलाई माफी मगाए। "बोक्सी कहीं नहुने र दान्जीले आइन्दा अरूलाई बोक्सी भनेमा कानुनी कारबाही गर्ने गरी पहिलोपटकलाई माफी' दिएर गाउँको भेला सकियो। घटनापछि स्थानीय गाउँका साना केटाकेटीले समेत बोक्सी भनेर जिस्काउन थालेपछि आफूलाई मानसिक तनाव बढेको भन्दै पीडितले स्थानीय प्रशासन र मानवअधिकार सङ्घ-संस्थामा निवेदन दिएकी थिइन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### संरचना, सम्पति क्षति, सम्पति कब्जा

साल्मेचाकल तालढुङ्गा गाविसमा रहेको

उपस्वास्थ्य चौकीमा ०६२ माघ १ गतेदेखि संविधानसभाको निर्वाचन नसकिँदासम्म माओवादी कार्यालय राखियो। वाईसीएलको १ नम्बर एरिया समितिको कार्यालय रहेको सो भवनलाई वाईसीएल कार्यालयको रूपमा विकास गरियो। वाईसीएलले कार्यालय खाली नगर्दा त्यहाँ आउने बिरामीहरू र प्रसूतिगृह सञ्चालनमा समेत समस्या आयो। उपस्वास्थ्य चौकीको भवनमा वाईसीएल कार्यकर्ताहरू खाने, बस्ने र सुत्ने गर्थे। वाईसीएलले प्रयोग गरेको भवनका पाँचओटा कोठा र एकओटा हलमध्ये हल र एउटा कोठा वाईसीएलले प्रयोग गरे। अघिल्लो वर्ष चैतमा सर्वदलीय बैठक बसेर २१ बुँदे आचारसंहिता निर्माण गरी सार्वजनिक भवनलाई कुनै पनि पार्टीले प्रयोग नगर्ने सहमतिविपरीत उक्त भवन कब्जा भएको थियो। उक्त आचारसंहितामा माओवादीका स्थानीय नेता बाबु लामाले हस्ताक्षर गरेका थिए।

नगरकोटमा सञ्चालन भएका होटलमा माओवादीनिकट अखिल नेपाल होटल तथा रेस्टुराँ मजदुर सङ्घले राखेका १५ सूत्रीय मागका विषयमा इन्सेक प्रतिनिधिको मध्यस्थतामा ०६४ माघ ११ गते नगरकोटमा होटल सञ्चालक र मजदुरबीचमा वार्ता भई आइन्दा होटल सञ्चालनमा कुनै बाधा-अवरोध नगर्ने सहमति भयो। वार्तामा नगरकोटका होटलहरूलाई 'ए'देखि 'सी'सम्म वर्गीकरण गरी ती होटलहरूमा न्यूनतम पारिश्रमिक र सेवा सुविधाका विषयमा सहमति भयो। पाँच सूत्रीय सहमतिमा २ सय ४० दिन पुगेका मजदुरलाई स्थायी गर्ने, आगामी दुई वर्षसम्म माओवादीनिकट मजदुर सङ्घले मागहरू नराख्ने र यसअगाडि होटल व्यवसायीहरूले गरेका निर्णयलाई नै कार्यान्वयन गर्ने सहमति भयो। सहमतिपत्रमा मजदुरका तर्फबाट ओम वाग्ले, प्रकाश श्रेष्ठ र प्रेम बोलखे, होटल व्यवसायीका तर्फबाट शम्भु लामा, राधाकृष्ण वस्ताकोटी र धनबहादुर लामाले हस्ताक्षर गरे। माओवादीनिकट मजदुरहरूले आफ्ना माग पूरा गराउन ०६४ माघ ३ गतेबाट होटल बन्दको घोषणा गरेका थिए। नगरकोटमा साना-ठूला गरी ३६ ओटा होटल छन्।

बनेपाको ट्राफिक प्रहरी पोस्ट र साइनबोर्डलाई चितवनको प्रशिक्षण सकेर आएका दोलखाका माओवादी कार्यकर्ताले ०६४ माघ २४ गते बिहान आफूहरू चढेको गाडीसँग रुट परमिट नभएका कारण ट्राफिकले २ सय रुपियाँ मागेको भनी जलाइदिए। बा२ख १९४७ को रिजर्भ बसमा आएका ४० जना माओवादी चढेको बसलाई बनेपाको ट्राफिक प्रहरी कार्यालयअगाडि रोकेर २ सय रुपियाँ जरिवाना तिर्न लगाएका कारण माओवादी कार्यकर्ताहरू ओर्लिएर हातपात गर्नुका साथै साइनबोर्ड, प्रहरी पोस्ट र कार्यालयका कुर्सीहरू जलाएका थिए। बाटोमा गाडी रोकेका कारण यातायात अवरुद्ध भएकाले गाडी साइड लगाएर कुरा गर्न अनुरोध गर्दा स्थानीय १९ वर्षीय अर्जुन केसी र सन्तोष खड्कालाई माओवादीले हातपात गरे। स्थिति असामान्य भएपछि माओवादी कार्यकर्ताहरूले 'काङ्ग्रेस लगाएर माओवादीलाई आक्रमण गरिएको' भनी ती दुई युवकलाई प्रहरी कार्यालयमा ल्याई माफी मगाए। आक्रोसित माओवादीहरूले तानातान गर्दा ज्याकेट च्यातिएको थियो। दोलखाका माओवादी सेक्रेटरी कृपासुर भनिने कृष्ण दाहाल र हिमाल शर्मालाई प्रहरीले स्थानीय गुण्डाहरू लगाएर आक्रमण गर्न खोजेको माओवादीको आरोप छ। घटनापछि काभ्रेका माओवादी नेताहरूले प्रहरी कार्यालयमै गएर प्रहरी, ट्राफिक र स्थानीयबासीलाई माफी मगाए।

गैरीबिसौना देउपुर गाविस-९ गोठचौरमा रहेको आफ्नो टारीखेतमा रोपाइ गर्नका लागि खेतका धनी शिवप्रसाद डोटेलले ०६५ साउन २४ गते लाठे र रोपाहाराहरू बोलाएकोमा उनीहरू रोपाइ नगरी फर्किए। रोपाइ सुरु गर्नलाग्दा माओवादीका देउपुर गाउँ कमिटी सदस्य चन्द्रबहादुर डोटेलको नेतृत्वमा गएको समूहले 'पार्टीको निर्णयपछि मात्र रोपाइ गर्न दिने' भनेर फर्काएको थियो। शिवप्रसाद डोटेलले ०४३ सालमा सो खेत स्थानीय भेषनाथ डोटेलसँग ३४ हजार रुपियाँमा खरिद गरेका थिए। माओवादी निर्णय पर्खेर बसेका शिवप्रसादलाई जानकारी नै नदिई माओवादीले ०६५ साउन २६ गते सो खेतमा भेषनाथलाई नै रोपाइ गर्न अनुमति दिएका थिए। भेषनाथले ०४३ सालमै सोही खेत गाउँका खड्गप्रसाद डोटेललाई बेच्न भनी १८ हजार बैना लिएर फिर्ता नगरेको पीडितले बताए। उक्त खेत कमाइआएका शिवप्रसादसँग भेषनाथले विवाद निकालेपछि ०६० वैशाखमा शिवप्रसादसँग ३४ हजार रुपियाँ लिएर कमाउन अनुमति दिएका थिए। अहिले भेषनाथ कान्छी पत्नीसँग चितवनमा बस्दै आएका भए पनि माओवादी समर्थक भएकाले खेत फिर्ताका विषयमा सोच्न पनि नसकिने माओवादीका स्थानीय कार्यकर्ताहरूले जनाए।

अनैकोट गाविस-२ ज्यामिरकोटस्थित जामुनबोटे सामुदायिक वन क्षेत्रमा परेको जग्गा कमाएको भन्दै माओवादी कार्यकर्ताले ०६५ साउन २५ गते ११ जना किसानहरूको जग्गामा रहेको मकै बाली फाँडे। आफ्नो खेतीपातीबाट खान नपुग्ने स्थानीय

किसानहरूले पर्ती जग्गा कमाएका थिए। माओवादी कार्यकर्ताहरूले आफ्ना समर्थकबाहेकका जग्गामा रहेका मकै फाँडेका हुन्। आफूहरूले कमाएको मकै फाँडेको भनी स्थानीय ११ जना किसानले इन्सेक प्रतिनिधिको कार्यालयमा निवेदन दिए। पीडित किसानहरूले जिल्ला प्रशासन कार्यालय र जिल्ला वन कार्यालयमा ०६५ भदौ १ गते निवेदन दिएका छन्। प्रशासनले तत्काल 'के भएको हो ? जाँचबुझ गर्ने' भनी वन कार्यालयलाई परिपत्र गऱ्यो।

शिखरआम्बोटे गाविस-२ निवासी उपस्वास्थ्य चौकीका पियन जनकबहादुर थापामगरलाई हत्या गरेको आरोपमा ०६५ कात्तिक २ गते हत्यामा संलग्न आरोपितका परिवारलाई घरबाट निकाली दुवै घरमा आगो लगाए। गाउँलेले ५६ वर्षीया सीता मगर, अर्जुनकी पत्नी २४ वर्षीया मेनुका मगर, छोरी सात वर्षीया अरुणा मगर र चार वर्षीय छोरा अरुण मगर, भीमबहादुरकी पत्नी २३ वर्षीया सुशीला मगर, उनकी छोरी छ महिनाकी सुविका मगर, अर्जुनका भाइ १२ वर्षीय सहदेव मगर र २२ वर्षीया बहिनी विमला मगरलाई घरबाट निकाले। घटनामा अन्नपात, गाईभैँसी र नगद-जिन्सी गरी ५० लाख रुपियाँको क्षति भएको पीडित परिवारको दावी छ। घरबाट निकालिएका परिवार सदरमुकाममा बस्छन्। उनीहरूले घरमा आगो लगाई गाउँबाटै निकाला गर्नेलाई कारबाहीका लागि निवेदन लिएर जाँदा प्रहरीले '१७ दिनसम्म अपराधीलाई ख्वाएर राख्ने यिनीहरू पनि भएकाले स्थानीयसँग टक्कर गर्दा झनै विस्थापनमा पर्ने' बताएर मुद्दा दर्ता गरेन।

### विगतको अनुगमन

पनौती नगरपालिका-१३ पस्थली महत गाउँस्थित तत्कालीन शाही नेपाली सेनाका कर्णेल बलदेवराज महतको घरमा माओवादीले २०६० चैत २१ गते राती सकेट बम विस्फोट र आगो लगाई क्षति पुऱ्याए। २०/२५ जनाको सङ्ख्यामा आएका माओवादीले ७५ वर्षीय वृद्ध महिला र एक जना कामदारलाई घरबाट निकाली बम विस्फोट गराई आगो लगाएका थिए। विस्फोटबाट घरमा रहेको ५० मुरी धान, १ सय तोला सुन र ५० हजार रुपियाँ नगद जलेर नष्ट भएको थियो। बलदेवराजलाई माओवादीले आफ्ना नेता कृष्णबहादुर विष्टको हत्यामा सरिक रहेको भनी विज्ञप्तिमार्फत आरोप लगाएका थिए। यस मुद्दाका पाँच जना आरोपितहरूको मुद्दा मन्त्रिपरिषद्को ०६५ कात्तिक ११ गतेको निर्णय अनुसार फिर्ता लिने निर्णय भएको छ।

फोक्सिङटार गाविस-१ निवासी दमैसिं मोक्तानलाई सरकारी सेनाले ०६१ वैशाख २८ गते सिपाली चिलाउने गाविसमा बास बसेको स्थानबाट समाएर व्यारेकमा ल्याई कुटपिट गर्दा मानसिक सन्तुलन गुमेको भन्ने विषयमा राष्ट्रिय मानवअधिकार आयोगले छानबिन प्रारम्भ गऱ्यो। चितवन, रत्ननगर-११ मा मारिएका सिपाली चिलाउने निवासी प्रहरी पूर्णसिं लामाको परिवारलाई जानकारी दिन ९ नम्बर बाहिनी भकुण्डेबाट गएको सेनाको टोलीले उनीमाथि दुर्व्यवहार गर्दै बिनापुर्जी गिरफ्तार गरेर यातना दिएको थियो। सिपाली चिलाउने गाविसबाट बनेपा आउने गाडी कुरेर बसेका मोक्तानसँग रहेकी बालिकालाई २० रुपियाँ दिएर पसलमै छाडी सेनाले उनलाई गिरफ्तार गरेको थियो। सेनाको ५० जनाको टोलीले सीधै मोक्तानलाई समाएर खानतलासी गर्दा उनको साथबाट 'यति मरेको, यति घाइते' भनेर लेखेका कारण सेनाले उनीमाथि दुर्व्यवहार गरेको थियो। सेनाले लौरो र लात्तीले कुट्दै व्यारेकमा लगी पानीमा चोबलेको थियो। मोक्तानसँगै यातना पाएका पीडितका छोरा १७ वर्षीय उर्गेन अहिले इराकमा छन्। घटनापछि विस्थापित भएर तीन वर्षसम्म धुलिखेलमा बसेका मोक्तान अहिले बनेपामा पसल गरी बस्छन्। यातना दिएका कारण मोक्तानमा बेलाबेलामा बर्बराउने, रुने र आत्तिने समस्या देखिएको छ। यस्तै समस्या देखिँदा उनलाई आफन्तले बाँधेर राख्ने गरेका छन्।

सर्स्युखर्क गाविस-३ निवासी २० वर्षीय उत्तम त्रिपाठीलाई ०६२ साउन २९ गते राती सुरक्षाकर्मीले गिरफ्तार गरेकामा मन्त्रिपरिषद्को ०६५ कात्तिक ११ गतेको निर्णय अनुसार जिल्ला अदालत काभ्रेले ०६५ मङ्सिर ४ गते मुद्दा फिर्ता लिएकाले रिहा भए। माओवादीका सदस्य त्रिपाठी ०६२ भदौ १७ गतेबाट कारागारमा थिए। उनलाई नजरबन्दपछि कर्तव्य ज्यान मुद्दा लगाइएको थियो।

देवीटार गाविस-७ छहरेका २५ वर्षीय राजु भनिने दिनेश लामालाई ०६२ भदौ ५ गते बनेपाबाट गिरफ्तार गरी ०६२ असोज २ गतेदेखि धुलिखेल जेलमा राखिएकामा मन्त्रिपरिषद्को ०६५ कात्तिक ११ गतेको निर्णय अनुसार जिल्ला अदालत काभ्रेले ०६५ मङ्सिर ४ गते मुद्दा फिर्ता लिएकाले रिहा भए। माओवादीका सदस्य लामालाई स्थानीय प्रशासनले नजरबन्दपछि कर्तव्य ज्यानको मुद्दा लगाएको थियो। महान्यायाधिवक्ताको कार्यालयको ०६५ कात्तिक २२ गतेको निर्णय अनुसार लामालाई रिहा गरिएको थियो।

सालधारा गाविस-७ का विक्रम भनिने सन्तोष नेपालीलाई ०६२ भदौ ९ गते सुरक्षाकर्मीले बनेपाबाट गिरफ्तार गरेकामा मन्त्रिपरिषद्को ०६५ कात्तिक ११ गतेको निर्णय अनुसार जिल्ला अदालत काभ्रेले ०६५ मङ्सिर ४ गते मुद्दा फिर्ता लिएकाले रिहा भए। माओवादीका सदस्य नेपालीलाई धेरै समय शत्रुमर्दन गुल्ममा राखी ०६२ असोज २ गतेबाट धुलिखेल जेलमा राखिएको थियो। नजरबन्दपछि उनलाई कर्तव्य ज्यान मुद्दा लगाइएको थियो।

पाँचखाल गाविस-२ स्थित ३५ किलो भन्ने स्थानमा ०६२ माघ २६ गते जन्ती पुऱ्याएर फर्किएको बा४च ५२१६ नम्बरको बनेपा नपा-११ बुडोल निवासी कृष्णबुद्ध बजगाईंको कारलाई माओवादीले जलाए। माओवादीले आह्वान गरेको नाकाबन्दीको अवज्ञा गरी सवारीसाधन चलाएको भनी माओवादीले सो कार जलाएका थिए। कृष्णबुद्ध बजगाईंको जाहेरी रहेको यस मुद्दाका आरोपितहरूको मुद्दा मन्त्रिपरिषद्को ०६५ कात्तिक ११ गतेको निर्णय अनुसार जिल्ला अदालत काभ्रेले ०६५ मङ्सिर ९ गते फिर्ता लियो। यस मुद्दामा मेच्छे गाविस-९ पौवाका सूर्यमान दोङ, फलामेटार गाविस-२ का अक्कलबहादुर तामाङ, पनौती नपा-१२ का रामदास उलक, देवभूमि बालुवा गाविस-८ का केदार आचार्य, बनेपा नपा-२ का दीपेश परियार र देवभूमि बालुवा गाविस-२ की गीता तिमल्सिना संलग्न रहेको किटानी गरिएको थियो। मुद्दा फिर्ता लिइएका केदार आचार्यको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भइसकेको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को ०६५ कात्तिक ११ गतेको निर्णय अनुसार जिल्ला अदालत काभ्रेलाई छओटा घटनामा आरोपितहरूको मुद्दा फिर्ता लिन महान्यायाधिवक्ताको कार्यालयमार्फत ०६५ कात्तिक २२ गते परिपत्र गरिएको छ। मन्त्रिपरिषद्ले पुष्पकमल दाहालसमेत ३० जना विपक्षी रहेको ०५९ असार १२ गतेको आगलागीसम्बन्धी मुद्दा, बाबुराम भट्टराईसमेत २५ जना संलग्न रहेको भन्ने ०५९ असार १६ गतेको आगलागीसम्बन्धी मुद्दा र ०६२ माघ २६ गते सूर्यमान दोङसमेत १२ जना संलग्न रहेको भनिएको मुद्दा फिर्ता लिन परिपत्र गरिएको छ। यी मुद्दाहरूको कारबाही प्रक्रिया अघि बढेको अदालतले जनाएको छ।

# २.१४ भक्तपुर



जनसङ्ख्या : २,७७,९३५
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : ११९
गाविस/नपा सङ्ख्या : १६/२
सरकारी/निजी विद्यालय : ३१६/१३३
क्याम्पस/उच्च मा.वि. : १०/२५
अस्पताल/स्वास्थ्य चौकी : ५/२६
मानव विकास सूचकाङ्क : ०.५९५
प्रतिपरिवार सरदर सङ्ख्या : ७

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्ने अधिकार

#### हत्या

#### राज्यबाट

भक्तपुर नपा-७ गोलमढीका ३२ वर्षीय गङ्गाराम लाखेको ०६४ फागुन ३ गते राती घरनजिकको विलभद्रेश्वर महादेव र रामभुपडी सडकमा कर्फ्यु उल्लङ्घन गरेको आरोपमा प्रहरीले चलाएको गोली लागी घाइते भएपछि उपचारका क्रममा मृत्यु भयो। पीडितको परिवारलाई सरकारले क्षतिपूर्तिस्वरूप १० लाख रुपियाँ उपलब्ध गरायो। भक्तपुर नगरपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक महत्त्वका देव-देवालय तथा नगरपालिकाका विभिन्न ठाउँमा रहेका टिकट काउण्टरहरू तोडफोड गरेकाले जिल्ला प्रशासन कार्यालय भक्तपुरले ०६४ फागुन ३ गते शनिबार राती ८ बजेदेखि ०६४ फागुन ४ गते आइतबार बिहानको ४ बजेसम्मका लागि भक्तपुर नपा क्षेत्रभित्र कर्फ्यु लगाएको थियो।

**तालिका : १**

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ५ | ३ | ३ | ६ | | | | १ | १ | १ |
| घाइते | ४ | ८ | १ | ८ | | | | | | |
| कुटपिट | १ | १ | | १ | १ | ३ | ३ | १ | ३ | ३ |
| धम्की | १ | १ | | १ | | | | | | |
| महिलाअधिकार | १ | | १ | १ | | | | | | |
| बालअधिकार | ४ | | ५ | ५ | | | | | | |
| जम्मा | १६ | १३ | १० | २३ | १ | ३ | ३ | ३ | ४ | ४ |

### जेल र बन्दीहरू

भक्तपुर जिल्लामा जेल छैन। तर, यहाँ बालसुधार गृह सञ्चालमा रहेकाले विभिन्न घटनामा सजाय पाएका तथा प्रहरीले पुर्पक्षका लागि थुनामा राख्नुपर्ने १६ वर्षभन्दा कम उमेरका बालबालिका राख्ने व्यवस्था छ। यस बालगृहमा यस वर्षको अन्त्यसम्म बलात्कार, कर्तव्य ज्यान, डाँका, ज्यान मार्ने उद्योग, लागूऔषध, चोरी, सार्वजनिक अपराध तथा अन्यमा गरी सात जना बालिका र ७४ जना बालक गरी ८१ जना रहेका छन्। बालगृहमा प्राय: सबै खाले भौतिक सुविधा रहेको छ।

### धम्की/कुटपिट

### माओवादीबाट

भक्तपुर नपा-१७ नगरकोट सडकमा भक्तपुर नपा-४ निवासी ४२ वर्षीय बद्री माक र भक्तपुर नपा-६ निवासी ३८ वर्षीय कृष्णनारायण दुमरु ०६४ चैत २१ गते मोटरसाइकल चढी सल्लाघारीबाट भक्तपुर आउँदै गर्दा भक्तपुर नपा-१७ नगरकोट जाने सडकमा नेकपा माओवादीका कार्यकर्ताहरूले धारिलो हतियारले हिर्काएर घाइते बनाए। घाइतेको टाउकोमा चोट लागेको थियो। उनीहरूको ललितपुर जिल्लाको ग्वार्कोस्थित बीएण्डबी अस्पतालमा उपचार गरियो। घटनामा संलग्न पीडकहरूलाई कारवाही गरिएन।

भक्तपुर जिल्ला र काभ्रेपलाञ्चोक जिल्लाको सिमाना नगरकोट-नाल्दुममा रहेका ठूला-साना ४० होटल ०६५ मङ्सिर ११ गते बिहानदेखि अनिश्चितकालका लागि बन्द गरिए। होटल व्यवस्थापन पक्षलाई नगरकोट स्थित अखिल नेपाल होटल तथा रेस्टुरा मजदुर सङ्घ नगरकोट एकाइले श्रम ऐन अनुसार मजदुरहरूको मासिक न्यूनतम पारिश्रमिकबापतको ४ हजार ६ सय रुपियाँ पाउनुपर्ने माग राखेर २४ घण्टे अल्टिमेटम दिएको थियो। विवादपछि अनिश्चितकालका लागि बन्द गरिएको थियो। सरकारले ल्याएको नयाँ बजेटमा मजदुरहरूको न्यूनतम पारिश्रमिक तोकेपछि मजदुर र होटल व्यवस्थापन पक्षबीच उत्पन्न विवाद बढ्दै गएको थियो। गत वर्ष नगरकोटमा रहेका ४० ओटा होटललाई 'क', 'ख', 'ग', 'घ' वर्गमा विभाजन गरी त्यहाँ कार्यरत होटल मजदुरहरूको न्यूनतम पारिश्रमिक तोकिएको थियो। यसै क्रममा होटल मजदुरहरूको पारिश्रमिक क्रमश: बढाउँदै लैजाने सहमति पनि भएको थियो। होटल व्यवस्थापन पक्ष र मजदुरपक्षबीच सहमतिको पहल इन्सेक जिल्ला प्रतिनिधिमार्फत इन्सेक क्षेत्रीय कार्यालय काठमाडौंले गरेको थियो। होटल एसोसिएसन नेपालका केन्द्रीय प्रतिनिधि, नगरकोटस्थित क्लब हिमालयनका योगेन्द्र शाक्य र उद्योग वाणिज्य महासङ्घका केन्द्रीय प्रतिनिधि र अखिल नेपाल होटल तथा रेस्टुरा मजदुर सङ्घ नगरकोट एकाइका प्रतिनिधिको संयुक्त टोलीले ०६५ मङ्सिर १२ गते प्रधानमन्त्री पुष्पकमल दाहालसँग भेट गऱ्यो। तीन पक्षीय वार्तामा मजदुरहरूको न्यूनतम पारिश्रमिक पूरा गर्ने सहमतिपछि ०६५ मङ्सिर १३ गतेदेखि नगरकोटका सबै होटल खुलेका थिए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत भक्तपुरमा ७ सय ८६ थान मुद्दा दर्ता भएकामा २ सय २४ थान मुद्दा फर्स्यौट भए। दुनियाँवादी देवानी मुद्दा ५ सय ४८ थानमध्ये १ सय ५५ थान फर्स्यौट भए। सरकारवादी फौजदारी मुद्दा ७० थानमध्ये २९ थान मुद्दा फर्स्यौट भए। यसैगरी, दुनियाँवादी फौजदारी मुद्दा १ सय १७ थानमध्ये १३ थान फर्स्यौट भए। सङ्क्षिप्त फौजदारी मुद्दा ४१ थान परेकामा २७ थान फर्स्यौट भए। सङ्क्षिप्त देवानी मुद्दातर्फ छ थान र विविध विषयका चार थान गरी १० थान मुद्दा दर्ता भए।

## बालअधिकार

मध्यपुर थिमि नपा-१५ कौशलटार डेरा गरी बस्ने १० वर्षीया दुई बालिकालाई ०६४ फागुन १४ गते सोही ठाउँमा क्याबिन रेस्टुराँमा काम गर्ने १८ वर्षीया रमा सापकोटा र २४ वर्षीय उनका पति राजेन्द्र सापकोटाले अपहरण गरी अर्कै व्यक्तिसँग यौन सम्पर्क गर्न पठाएको आरोपमा सापकोटा दम्पतीलाई महानगरीय प्रहरी वृत्त थिमिले गिरफ्तार गरी मुद्दा चलायो। गिरफ्तार गरिएका पीडक दुवैलाई बलात्कार र जीउ मास्नेबेच्ने आरोपमा मुद्दा चलाएको जानकारी महानगरीय प्रहरी वृत्त थिमिमा कार्यरत सई राजेन्द्र गौतमले बताए। अपहरणमा परी बलात्कृत भएकी ती दुवै बालिका फागुन १८ गते आफ्नो निवासमा फर्किएपछि थिमि प्रहरीमा उजुरी दिएका थिए। रमा सापकोटाले पीडितहरूलाई विभिन्न रेस्टुराँमा लगेर यौन कार्यमा लगाउने र उनका पति राजेन्द्र सापकोटालगायतका व्यक्तिहरूले पनि बलात्कार गरेको उजुरी पीडितले थिमि प्रहरीमा दिए। हाल पीडकद्वयलाई जिल्ला अदालत भक्तपुरको आदेशले पुर्पक्षका लागि थुनामा राखी मुद्दा चलाएको छ।

सुडाल गाविस-९ की १४ वर्षीया एक बालिकालाई ०६५ वैशाख १० गते भोजपुर जिल्ला हसनपुर गाविस-४ घर भई भक्तपुरमा डेरा गरी बस्ने ४२ वर्षीय लोकबहादुर कोदायली, सोही ठाँउका २० वर्षीय भरत कोदायली, सोही ठाउँका ४० वर्षीय मिथी कोदायली, सोही ठाउँकी २२ वर्षीया सपना कोदायली र भक्तपुर जिल्ला सुडाल गाविस-९ की १८ वर्षीया शोभा रञ्जितकार र सोही ठाउँकी लक्ष्मी रञ्जितकारले भारतमा बिक्रीका लागि लगे। पीडितलाई भारतको मेघालयमा पुऱ्याई केही दिन राखेपछि उनी भागेर सिविन नेपालको सम्पर्कमा आइन्। पीडितलाई सिविन

*माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका बद्री माक*

नेपालको विराटनगर शाखाले झापा जिल्लाको काँकडभिट्टाबाट उद्दार गरी फर्काएको थियो। पीडित फर्किएपछि महानगरीय परिसर भक्तपुरमा पीडकहरूलाई कारबाहीको माग गरी उजुरी दिएकी थिइन्। प्रहरीले महिला किनबेचको आरोपमा जिल्ला अदालत भक्तपुरमा मुद्दा दायर गरेको छ। पीडकहरूमध्ये मिथि गोदायली हालसम्म फरार छन्। अन्य पीडकहरूलाई जिल्ला अदालत भक्तपुरको आदेशले पुर्पक्षका लागि थुनामा राखी मुद्दा चलाएको छ।

सिन्धुपाल्चोक जिल्ला ठूलो धादिङ गाविस-९ घर भई भक्तपुर जिल्ला दधिकोट गाविस-९ मा डेरा गरी बस्ने ५ वर्षीया बालिकालाई ०६५ वैशाख २२ गते राती सिन्धुपाल्चोक जिल्ला ठूलो धादिङ गाविस-९ घर भई भक्तपुर जिल्लाको दधिकोट गाविस-९ मा डेरा गरी बस्ने २० वर्षीय रवि विक र सोही ठाउँका १६ वर्षीय टसी विकले बलात्कार गरेको आरोपमा महानगरीय प्रहरी वृत्त थिमिले गिरफ्तार गरी मुद्दा चलायो। पीडकहरूलाई जिल्ला अदालत भक्तपुरको आदेशमा पुर्पक्षका लागि थुनामा राखियो।

सिन्धुपाल्चोक जिल्ला सिपापोखरी गाविस-२ घर भई भक्तपुर जिल्ला मध्यपुर थिमि नपा-७ डेरा गरी बस्ने १४ वर्षीय बालिकालाई ०६५ वैशाख ३० गते मकवानपुर जिल्ला छतिवन गाविस-४ घर भई भक्तपुर जिल्लाको मध्यपुर थिमि नपा-७ मा डेरा गरी बस्ने २४ वर्षीय रामशरण राईले कटुन्जे गाविस-६ चुनदेवीमा रहेको शीतल छहारी रेस्टुराँमा लगेर बलात्कार गरे। पीडकलाई महानगरीय प्रहरी परिसर भक्तपुरले गिरफ्तार गऱ्यो। हाल पीडकलाई जिल्ला अदालत भक्तपुरको आदेशले पुर्पक्षका लागि थुनामा राखी मुद्दा चलाएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बहुविवाह

सुडाल गाविस-१ निवासी हरिकृष्ण श्रेष्ठले ०६५ जेठ २४ गते दोस्रो विवाह गरेकामा कारबाही गरी पाऊँ भनी जेठी श्रीमती नवीना श्रेष्ठले महानगरीय प्रहरी परिसर भक्तपुरमा उजुरी दिएकी थिइन्। घरमा जेठी पत्नी हुँदाहुँदै पीडकले काभ्रेपलाञ्चोक जिल्लाको बनेपा निवासी १९ वर्षीया सङ्गीता अधिकारीसँग दोस्रो विवाह गरेका थिए। ०६५ असार १० गते जिल्ला अदालत भक्तपुरमा पीडक हरिकृष्ण श्रेष्ठ र जेठी श्रीमती नवीना श्रेष्ठबीच क्षतिपूर्ति लिएर मिलापत्र भयो।

## २.१५ काठमाडौँ

| | |
|---|---|
| जनसङ्ख्या : | १५,६३,४०१ |
| साक्षरता प्रतिशत : | ७८ |
| महिला साक्षरता प्रतिशत : | ६० |
| क्षेत्रफल (वर्ग कि. मि.): | ३९५ |
| गाविस/नपा सङ्ख्या : | ५७/२ |
| सरकारी/निजी विद्यालय : | ९४५/१,०७५ |
| क्याम्पस/उच्च मा.वि. : | १२१/२२६ |
| अस्पताल/स्वास्थ्य चौकी : | ४०/७० |
| मानव विकास सूचकाङ्क : | ०.६०३ |
| प्रतिपरिवार सरदर सङ्ख्या : | ७ |

### नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार हत्या वाईसीएलबाट

प्यूठान राजबाराका प्रकाश भन्ने पूर्णबहादुर घर्तीमगर र रणबहादुर घर्तीमगरलाई गोङ्गबुस्थित मगर गेस्ट हाउसको ३ सय ७ नम्बर कोठमा ०६५ वैशाख २८ गते वाईसीएलका कार्यकर्ता विश्वास भनिने २२ वर्षीय अनिल घर्तीमगर र छविलाल घर्तीमगरले खुकुरी प्रहार गरी हत्या गरे। हत्यामा संलग्न छविलाल हत्या गरिएका पूर्णबहादुरका सहोदर दाइ हुन्। छविलालकी पत्नी र मृतक पूर्णबहादुर घर्तीमगरबीचको अनैतिक सम्बन्धबाट एक बालिकाको जन्म भएको विषयलाई लिएर आफ्नै दाइले भाइको हत्या गर्न वाईसीएल कार्यकर्ता अनिललाई प्रयोग गरिएको प्रहरी बयानका क्रममा खुलेको थियो। मृतक पूर्णबहादुरका दाजु छविलाल वैदेशिक रोजगारका क्रममा तीन वर्ष कतार बसेर घर फर्केको दुई महिनापछि उक्त घटना भएको हो। घटनामा संलग्न छविलाललाई बुटवल बसपार्कबाट र वाईसीएल कार्यकर्ता अनिललाई चितवनबाट प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलायो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते राष्ट्रिय मुक्ति सेनाबाट

चाबहिल कुमारीगालस्थित उपराष्ट्रपति परमानन्द झाको निवासको कम्पाउण्डमा ०६५ भदौ १ गते गराइएको बम विस्फोटनमा परी झाको सुरक्षार्थ खटिएका बाग्लुङ सिस्ठी गाविस-४ घर भएका नेपाली सेनाका प्यूठ २८ वर्षीय श्रीप्रसाद सरभुजा घाइते भए। घाइते सरभुजाको सैनिक अस्पताल छाउनीमा उपचार भयो। बम विस्फोटन हुँदा उपराष्ट्रपति झा निवासमै भएको र सो विस्फोटनबाट घरका झ्यालका सिसा फुटेका थिए। बम विस्फोटनको जिम्मा राष्ट्रय मुक्ति सेना र नेपाल लिवरेसन अफ टाइगरका राजधानी संयोजक क्षितिजले लिएका थिए। उपराष्ट्रपति झाले हिन्दीमा शपथ लिएकाले चेतावनीस्वरूप बम विस्फोटन गराइएको टेलिफोनमार्फत जानकारी दिएका थिए। बम विस्फोटनमा संलग्न रहेको भन्दै रामेछाप ठोसे निवासी राष्ट्रिय मुक्ति सेनाका कमाण्डर मोहन कार्की, उदयपुर रौता निवासी टीकाराज मगर, नुवाकोट गणेशस्थान निवासी सोमबहादुर राई, रामेछाप ठोसे निवासी भीमबहादुर कार्की र लमजुङ परेवाडाँडा निवासी प्रवीण दुरालाई काठमाडौँका विभिन्न स्थानबाट गिरफ्तार गरी महानगरीय प्रहरी अपराध अनुसन्धान महाशाखाले ०६५ भदौ २२ गते राजधानीमा सार्वजनिक गऱ्यो। बम विस्फोटनमा संलग्न पाँच जना अभियुक्तलाई विस्फोटनसम्बन्धी ऐन र ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा चलाइएको प्रहरीले जनायो।

**तालिका : १**

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | ६ | ७ | १ | ८ | | | | | | | | | |
| घाइते | १० | १६ | २ | १८ | | | | | २ | १५ | | | १५ |
| कुटपिट | ९ | २० | २ | २२ | | | | | ४ | ७ | १ | | ८ |
| धम्की | १ | | १ | १ | २ | १ | १ | २ | १ | १ | | | १ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | १ | | १ | १ | १४ | १९ | ५४ | १७२ | २४५ |
| महिलाअधिकार | २ | | २ | २ | | | | | | | | | |
| बालअधिकार | १ | | १ | १ | | | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | १ | २ | ३ | | | | | | | | | |
| अपहरण | ६ | ४ | २ | ६ | २ | ३ | | ३ | | | | | |
| जम्मा | ३६ | ४८ | १३ | ६१ | ५ | ४ | २ | ६ | २१ | ४२ | ५५ | १७२ | २६९ |

## रणवीर सेनाबाट

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मुख्य गेटस्थित रहेको बौद्ध एयर काउण्टरअगाडि ०६५ पुस १२ गते भएको बम विस्फोटमा परी काठमाडौँ मनपा-१६ घर भई छाउनीस्थित मेरी स्कुलकी शिक्षिका सुस्मिता श्रेष्ठ घाइते भइन्। घाइते सुस्मिताको सिनामङ्गलस्थित केएमसी मेडिकल अस्पतालमा उपचार भयो। बम विस्फोट गराउनमा संलग्न रहेको आशङ्कामा महोत्तरी जिल्लाका सहदेव वातर र लक्षिन्तर वातरलाई महानगरीय प्रहरी प्रभाग गौशाला प्रहरीले गिरफ्तार गरी आवश्यक अनुसन्धानपछि उनीहरू बुद्ध काउन्टरमा काम गर्दै आएका मजदुर भएकाले रिहा गरियो। बम विस्फोटनको घटनाको जिम्मा रणवीर सेनाले सञ्चार माध्यममार्फत लिएका थिए।

## अज्ञात समूहबाट

धादिङ जिल्ला निवासी १५ वर्षीय दीपेश नेपाली, सङ्खुवासभाका तोरण गुरुङ, काठमाडौँ जिल्लास्थित बूढानीलकण्ठका २५ वर्षीय वीरहादुर तामाङ, ४६ वर्षीय शिव खड्का, ३९ वर्षीय सरस्वती लामा, ३७ वर्षीय रामसुन्दर अधिकारी, ३९ वर्षीय राजु श्रेष्ठ र ३७ वर्षीय भरत तामाङको ०६४ पुस ३० गते भोटाहिटीस्थित आकाशे पुलमा बम विस्फोटन हुँदा घाइते भए। सात दलद्वारा आयोजित बृहत् आमसभास्थलमा सरिक भई रिजर्भ गरिएको बा१ख ७२७८ नम्बरको बसमा अज्ञात समूहले बाहिरबाट बम प्रहार गर्दा उनीहरू घाइते भएका थिए। घाइतेमध्ये तोरण, दीपेश र भरतको वीर अस्पतलामा उपचार भयो भने अन्य सामान्य घाइते भएका थिए। बम विस्फोटनमा संलग्न रहेको भन्दै प्रहरीले दाङ जिल्ला गोल्चाकुरे गाविस-३ निवासी २४ वर्षीय सन्तोष बस्नेत र साही गाविस-६ निवासी ३३ वर्षीय मेघबहादुर खत्रीलाई माघ ३ गते प्रहरीले काठमाडौँबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका ती दुवै जनालाई माघ ४ गते पत्रकार सम्मेलन गरी महानगरीय प्रहरी अपराध अनुसन्धान शाखा हनुमानढोकाले सार्वजनिक गऱ्यो। घटनाको अनुसन्धानपछि दुवै जनालाई पुर्पपक्षका लागि थुनामा राखी कानुनबमोजिम कारबाही गरिने प्रहरीले जनायो।

गोङ्गबु बसपार्कनजिक ग्रीनबेल्ट क्षेत्रमा ०६४ चैत २० गते राती एक अज्ञात समूहले बम विस्फोटन गराउँदा लालबहादुर तामाङ सामान्य घाइते भए। गोङ्गबुमा सुतली बम विस्फोटनमा परी तामाङ समान्य घाइते भएको महानगरीय प्रहरी वृत्त महराजगन्ज प्रहरीले बताएका थिए। सामान्य घाइते भएका तामाङको स्थानीय मेडिकलमा उपचारपछि घर फर्काइएको प्रहरीले जनायो।

कञ्चनपुर जिल्ला किसनपुर गाविस-८ घर भई नयाँबानेश्वर बस्दै आएका ३३ वर्षीय खड्ग सिंहको ०६४ चैत २५ गते नयाँबानेश्वरमा अज्ञात समूहले गराएको बम विस्फोटनमा परी घाइते भए। बम विस्फोटनमा परी घाइते भएका सिंहको वीर अस्पतालमा उपचार भयो। राष्ट्रिय प्रजातन्त्र पार्टीको नयाँबानेश्वरस्थित चुनावी सभाको क्रममा अज्ञात

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | युथफोर्सबाट | | | | वाईसीएलबाट | | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | १ | २ | | २ | २ | ३ | | ३ |
| घाइते | | | | | | | | | ६ | १३ | १ | १४ |
| कुटपिट | १ | २ | | २ | ४ | १५ | १ | १६ | | | | |
| धम्की | १ | | १ | १ | | | | | | | | |
| अपहरण | | | | | ३ | २ | १ | ३ | ३ | २ | १ | ३ |
| जम्मा | २ | २ | १ | ३ | ८ | १९ | २ | २१ | १२ | १८ | २ | २० |

समूहले बम विस्फोटन गराउँदा उनी घाइते भएका थिए। सिंहको टाउकोमा सामान्य चोट रहेकाले सामान्य उपचारपछि डिस्चार्ज गरिएको उपचारमा संलग्न चिकित्सकले बताएका थिए।

## जेल र बन्दीहरू

नेपालकै सबैभन्दा बढी क्षमता र सुविधा सम्पन्न मानिने केन्द्रीय कारागार, भद्र बन्दी गृह र महिला कारागारमा बन्दी क्षमता १ हजार २ सय ५० जना रहे पनि हाल १ हजार ४ सय ८० जना बन्दी रहेका छन्। केन्द्रीय कारागारमा ७ सय ७५ जना बन्दी रहेका छन्, जसमा कैद तोकिएका ३ सय २९ जना र कैद नतोकिएका ४ सय ४६ जना बन्दी रहेका छन्। जसमध्ये ४९ जना विदेशी रहेका छन्। त्यसैगरी, केन्द्रीय कारागार अन्तर्गतका महिला कारागार शाखामा कैद तोकिएका ८१ जना र कैद नतोकिएका ८५ जना गरी कुल १ सय ६६ जना बन्दी रहेका छन्। जसमा आठ जना विदेशी रहेका छन्। महिला कारागारमा पाँच बालक र छ बालिका गरी ११ जना नाबालक रहेका छन्। यसैगरी, केन्द्रीय कारागार अन्तर्गतका भद्र बन्दीगृहमा कैद तोकिएका २ सय १ जना र कैद नतोकिएका ३ सय ३८ जना गरी कूल ५ सय ३९ जना बन्दी रहेका छन्। जसमध्ये २५ जना विदेशी रहेका छन्। यस वर्ष कारागारमा पाँच जनाको कालगतिले मृत्यु भएको जेलर शङ्कर आचार्यले बताए।

केन्द्रीय कारागारका जेलर आचार्यका अनुसार, केन्द्रीय कारागार अन्तर्गत रहेका भद्र बन्दीगृह र महिला कारागारमा क्षमताभन्दा बढी कैदी तथा थुनुवा भएकाले व्यवस्थापन गर्न कठिन भइरहेको छ। महिला कारागारमा रहेका बालबालिकालाई बालसुधार केन्द्र पठाइने गरिएको छ। तर, केही बालबालिका आमासँग बस्ने भएकाले यहीं राखिने व्यवस्था गरिएको छ। आईसीआरसीले पानीको व्यवस्था गरिदिए पनि समस्या भने छँदैछ। खेल सामग्री छ तर खेल्ने ठाउँ भने छैन। लोकसेवा आयोगका उपसचिव दिनेश राईको आँखा फुटाइदिएको आरोपमा जेल चलान गरिएका मालपोत कार्यालय मकवानपुरका पियन ओमबहादुर पुनको काठमाडौं केन्द्रीय कारागार त्रिपुरेश्वरमा ०६५ भदौ १५ गते मृत्यु भयो। सिकिस्त बिरामी भएपछि उपचारका लागि जेलभित्रै उपचार गरिए पनि स्वास्थ्य स्थिति बिग्रिएका कारण थप उपचारका लागि भदौ १५ गते वीर अस्पताल लगिएकामा उपचारकै क्रममा पुनको मृत्यु भयो। पीडित परिवारले पियन पुनलाई यातना दिएर हत्या गरेको आरोप लगाएका थिए। मृतकको लासलाई भदौ १६ गते महराजगञ्जस्थित त्रिविवि शिक्षण अस्पतालमा पोस्टमार्टम गरियो। हेटौंडास्थित लोकसेवा आयोगमा सरुवा नगरेको भन्दै पुनले लोकसेवा आयोग काठमाडौंमा कार्यरत उपसचिव राईलाई ०६५ असार २२ गते कुटपिट गरी पेपेरवेटले हिर्काएपछि राईको एउटा आँखाको ज्योति गुमेको थियो। ज्यान मार्ने उद्योग गरेको आरोपमा पुनलाई काठमाडौं जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा राखिएको थियो।

यसैगरी, डिल्लीबजारस्थित चारखाल अड्डा सदरखोर जेलको क्षमता २ सय जनाको रहेकामा अहिले जम्मा ४ सय ५ जना बन्दी रहेका छन्। कैद तोकिएका १ सय २५ जना र कैद नतोकिएका २ सय ८० जना गरी कुल ४ सय ५ जना बन्दी रहेका छन्। काठमाडौंको एक पुरानो कारागारका रूपमा चर्चित सदरखोर पूर्ण रूपले जीर्ण अवस्थामा छ। सरकारले

अहिलेसम्म ती भवनलाई पुन:निर्माण गर्न ध्यान नपुऱ्याएको अवस्था छ। खेल सामग्री छ तर खेल्ने स्थानको कमी छ। यस कारागारमा आईसीआरसीले पानीको व्यवस्था गरिदिए पनि समस्या समाधान भएको छैन। यस वर्ष बन्दी प्रेमप्रसाद अधिकारीको वीर अस्पतालमा उपचारका क्रममा ६-७ महिनाअघि मृत्यु भएको जेल प्रशासनले जनायो।

### बेपत्ता/अपहरण

### माओवादी जनमुक्ति सेनाबाट

रामेछाप जिल्ला रामपुर गाविस-६ घर भई कोटेश्वर-३५ बस्ने ३५ वर्षीय रामहरि श्रेष्ठको अपहरण गरी माओवादी जनमुक्ति सेनाको तेस्रो डिभिजन शक्तिखोरमा ०६५ वैशाख २८ गते कुटपिट गरी हत्या गरे। श्रेष्ठलाई माओवादी कार्यकर्ताहरूको एक समूहले कोटेश्वर सरस्वती माता मार्गस्थित उनको आफ्नै निवासबाट ०६५ वैशाख १५ गते राती २ बजे अपहरण गरी चितवनको शक्तिखोर पुऱ्याई कुटपिट गरी घाइते बनाइएपछि वैशाख २६ गते मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचारका क्रममा मृत्यु भयो। एक थान चाइनिज ब्राउनिङ् पेस्तोल र १७ लाख रुपियाँ चोरी गरेको आरोपमा माओवादी जनमुक्ति सेना तेस्रो डिभिजनमा पुऱ्याई श्रेष्ठलाई लमजुङ जिल्ला भरते गाविस-८ निवासी ३३ वर्षीय रघु भनिने केशव अधिकारी र रुकुम जिल्ला घेत्मा गाविस-४ निवासी २५ वर्षीय एटम भनिने गङ्गाराम थापाले वैशाख २८ गते राती शिविरभित्र कुटपिट गर्दा गम्भीर घाइते बनाएका थिए।

हतियारसहित आएका माओवादी कार्यकर्ताहरूले सो घटना बाहिर ल्याए परिवारलाई नै सखाप पार्ने धम्की दिएका कारण अपहरणका बारेमा कतै जानकारी नगराएको श्रेष्ठकी पत्नीले इन्सेक प्रतिनिधिसँगको भेटमा बताएकी थिइन्। मृतक श्रेष्ठको लास कविलास गाविस-१ स्थित मदन-आश्रित झोलुङ्गे पुलनजिक त्रिशूली नदीको किनारमा देवघाट गाविस-४ निवासी भगवती सुवेदीले ०६५ जेठ १२ गते देखेपछि जुगडीस्थित प्रहरीलाई खबर गरेकी थिइन्। मृतक श्रेष्ठको लास राजधानीमा ल्याई शिक्षण अस्पतालमा पोस्टमार्टमपछि परिवारलाई बुझाइएको थियो। पीडित परिवारलाई माओवादी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहालले क्षतिपूर्ति दिने र घटनामा संलग्न दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका थिए। मन्त्रिपरिषद्को ०६५ जेठ ९ गते बसेको बैठकले जनसेनाद्वारा श्रेष्ठको हत्या गरिएको घटनाको छानबिन गर्न पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको नेतृत्वमा तीन सदस्य छानबिन समिति गठन गरेको थियो। समितिका अन्य सदस्यहरूमा नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक अमरसिंह शाह र सहन्यायाधिवक्ता शरदप्रसाद गौतम रहेका थिए। जनमुक्ति सेना तेस्रो डिभिजनका सहकमाण्डर सञ्जीवले जेठ २ गते कालीकोट मालकोट गाविस-९ निवासी ३५ वर्षीय गोविन्दबहादुर बटालालाई अभियुक्त बनाएर जिल्ला प्रहरी कार्यालय भरतपुरलाई जिम्मा लगाएकामा अहिलेसम्म मुद्दाको फैसला भएको छैन। बटालालाई हाल पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखिएको छ।

### वाईसीएलबाट

काठमाडौँ मनपा टेकू निवासी २८ वर्षीया सङ्गीना रजकलाई ०६५ असार २६ गते वाईसीएलका कार्यकर्ताहरूले निवासबाटै केही सोधपुछ गर्नु छ भनी आठ जनाको सङ्ख्यामा आएको समूहले अपहरण गरी बालाजुस्थित वाईसीएलको केन्द्रीय कार्यालयमा पुऱ्याई कुटपिट गऱ्यो। एमालेमा सक्रिय भएको आरोप लगाउँदै वाईसीएल कार्यकर्ताले कुटपिट गरेका थिए। वाईसीएल कार्यकर्ताले एमाले पार्टी तत्काल छाडी माओवादीमा लाग्नसमेत धम्की दिएको पीडित सङ्गीनाले बताइन्। अमानवीय तरिकाले लाठीले कुटपिट गरी २० रुपियाँ हातमा थमाएर पीडित रजकलाई मुक्त गरिएको थियो। सङ्गीना टेकुस्थित कोल्डस्टोर सञ्चालक तथा एमालेनिकट अखिल नेपाल महिला सङ्घकी कार्यकर्ता हुन्।

### धम्की/कुटपिट

### राज्यबाट

गुल्मी जिल्ला पुर्कोट गाविस-३ निवासी नेपाल पत्रकार महासङ्घका पार्षद् एवम् *उज्यालो एफएम*का समाचारदाता ३० वर्षीय दीपेन्द्र कुँवरलाई ०६५ जेठ २६ गते बिहान ड्युटीमा खटिएका प्रहरीले अनामनगरमा कुटपिट गरे। अनामनगरबाट बबरमहल जाने क्रममा समाचारदाता कुँवरलाई बर्दीमा रहेका दुई प्रहरीले कुटपिट गरेका थिए। प्रहरीले पछ्याएको थाहा पाएपछि आफ्नो सुरक्षाका लागि अगाडितिर बढ्न खोज्दा 'किन भागेको ?' भन्दै 'किन पर्खी भन्दा नरोकिएको ?' भन्दै परिचयपत्र देखाउँदासमेत प्रहरी निरीक्षक सुनील थापाले बुटले छातीमा हिर्काएका थिए।

दरबारमार्गस्थित महानगरीय प्रहरी प्रभागमा समाचार सङ्कलन गर्न पुगेका पर्सा जिल्ला वीरगञ्ज

उपनपा-८ आदर्शनगर घर भई सानेपा बस्ने *कान्तिपुर* टेलिभिजनका संवाददाता २७ वर्षीय उज्वल प्रशान्त, चितवन घर भई नयाँबानेश्वर बस्ने क्यामेराम्यान ३६ वर्षीय प्रमोद मल्ल, दाङ जिल्ला घोराही नपा-१० घर भई कोटेश्वर बस्ने *सगरमाथा* टेलिभिजनका संवाददाता २१ वर्षीय ऋषिराज बुढाथोकी, काभ्रे जिल्ला घर भई कोटेश्वर बस्ने क्यामेराम्यान २४ वर्षीय शिखर चिमोरिया, उदयपुर जिल्लाको काभ्रे गाविस-५ निवासी *एभिन्युज* टेलिभिजनका संवाददाता २६ वर्षीय जनक गौतम, गुल्मी जिल्ला जुभुङ-२ घर भई कालोपुल बस्ने क्यामेराम्यान ३८ वर्षीया भगवती थापालगयत सञ्चारकर्मी तथा महिला कल्याण समाजका महिला अधिकारकर्मीहरूलाई ०६५ साउन ७ गते प्रहरीले कुटपिट गर्नुका साथै दुर्व्यहार गरे। स्थानीय देवकी श्रेष्ठलाई कुटपिट गरी औंला भाँचिदिएको आरोपमा प्रहरीले गिरफ्तार गरेको उनका देवर किशोर श्रेष्ठका बारेमा समाचार सङ्कलन गर्न पुगेका पत्रकार र अधिकारकर्मीहरूलाई प्रहरीले कुटपिट गरेको थियो। समाचार सङ्कलन गर्न दरबारमार्गस्थित महानगरीय प्रहरी प्रभाग जाँदा भूतपूर्व डीएसपी निरञ्जन श्रेष्ठको आदेशमा प्रहरीले कुटपिट तथा दुर्व्यवहार गरेका थिए।

### माओवादीबाट

काठमाडौं मनपा-३५ टाउन प्लानिङस्थित मनोहर बस्ती निवासी ३५ वर्षीया खिनमाया तिम्सिनालाई ०६४ चैत २६ गते आठ जनाको समूहमा आएका माओवादी कार्यकर्ताले काठमाडौं क्षेत्र नं. २ का उम्मेदवार एमालेका महासचिव माधवकुमार नेपालको निर्वाचन परिचालन तथा सम्पर्क कार्यालय घरबाट हटाउन धम्की दिए। सो समूहले यसभन्दा पहिले पनि सो कार्यालय हटाउन धम्की दिएका थिए भने दोस्रो दिन आएर एमालेको सम्पर्क कार्यालय किन नहटाएको भन्दै कारबाही गर्ने चेतावनी दिएर गएका थिए।

काठमाडौं नाङ्लेभारे गाविस-७ निवासी पोखरीप्रसाद लामिछानेलाई माओवादी कार्यकर्ताहरूले नवीन ग्राम शिक्षा निम्न माध्यमिक विद्यालय नागङ्लेभारे स्कुल व्यवस्थापन समितिको अध्यक्षबाट जबरजस्ती राजीनामा गर्न लगाएका थिए। छ-सात जनाको समूहमा आएका माओवादी कार्यकर्ताले ०६५ भदौ २० गते उनीहरूले नै तयार पारेर ल्याएको राजीनामा पत्रमा लामिछानेलाई हस्ताक्षर गर्न लगाएका थिए। उक्त स्कुलमा एउटा शिक्षकको दरबन्दी खाली भएकाले त्यसमा माओवादीले आफ्नो मान्छेलाई नियुक्त गर्न खोज्दा विवाद उत्पन्न भएपछि उनलाई जबरजस्ती राजीनामा दिन लगाएको थियो।

*आफ्नै साथीद्वारा हत्या गरिएका आशीष मानन्धर र रितेश रौनियार*

### वाईसीएलबाट

साँखुको सालीनदीमा अस्थायी व्यापार गर्न गएका स्वरोजगार श्रमिक अविनाश गुरुङ, धनबहादुर आलेमगर, मानबहादुर राई, सुब्बा लामालाई ०६४ फागुन ९ गते वाईसीएलका कार्यकर्ताहरूले चन्दा नदिएको निहुँमा कुटपिट गरी घाइते बनाए। खुला आकाशमुनि ४ हजार भाडा असुली व्यवसाय सञ्चालन गर्ने अनुमति दिने सालीनदी पूजा व्यवस्थापन समितिले भाडा असुलउपर गर्न वाईसीएललाई ठेक्का दिएकामा मेलाको अन्तिम दिन फागुन ९ गते भाडाबाहेक थप ५ सय चन्दा दिन दबाब दिएपछि श्रमिकहरूले दिन नसक्ने र स्वेच्छाले दिने भन्दा अपशब्द प्रयोग गरी उनीहरूलाई कुटपिट गरेका थिए। वाईसीएलका कार्यकर्ताहरूले स्वरोजगार श्रमिकका सामान बन्द गरी आफ्नो नियन्त्रणमा राखेकामा अविलम्ब सामान फिर्ता गर्न र घाइतेहरूको उपचार र क्षतिपूर्ति दिन सङ्घले विज्ञप्तिमार्फत माग गरेको थियो।

काठमाडौं मनपा-१५ का १९ वर्षीय युवराज गोयललाई ०६५ साउन २१ गते वाईसीएलका कार्यकर्ता बिके तामाङको नेतृत्वमा आएको १५-१६ जनाको समूहले घेरा हाली स्वयम्भूमा अपहरण गरी स्वयम्भुस्थित वाईसीएल कार्यायलमा पुऱ्याई कुटपिट गऱ्यो। दिनेश भन्ने एक जना साथीलाई बिके तामाङ भन्ने वाईसीएल कार्यकर्ताले स्वयम्भूमा कुटपिट गर्न थालेपछि छुट्याइदिएको निहुँमा उनीहरूले गोयललाई नियन्त्रणमा लिई कुटपिट गरेका थिए। कुटपिटपछि वाईसीएल कार्यालयले बोलाए आउनुपर्ने सर्तमा उनलाई मुक्त गरिएको थियो।

धादिङ क्षत्रेदेउराली गाविस-४ घर भई कलङ्कीमा बस्दै आएका ३६ वर्षीय राजु अधिकारी, चितवन कठार गाविस-८ घर भई कालीमाटीमा बस्दै आएका तरकारी व्यापारी ३० वर्षीय

नारायण ओली र धादिङ जिल्ला क्षत्रेदेउराली गाविस-४ घर भई कलङ्की बस्दै आएका ३५ वर्षीय राजन रेग्मीलाई ०६५ भदौ ७ गते वाईसीएल कार्यकर्ताहरूले कालीमाटी चोकमा कुटपिट गरी घाइते बनाए। घाइते तीनै जनाको त्रिपुरेश्वरस्थित काठमाडौँ हस्पिटलमा उपचार भयो। घाइते अधिकारीको टाउको र खुट्टामा चोट लागेको थियो भने ओलीको बायाँ हातको औँला काटिएको अवस्थामा उपचार भएको थियो। घाइते रेग्मीको टाउकोमा चोट थियो। कालीमाटीस्थित स्थानीय तरकारी बजारका दुई व्यापारीबीचको विवादलाई लिएर वाईसीएल र युथफोर्सका कार्यकर्ताबीच भएको झडपमा परी उनीहरू घाइते भएका थिए।

मनमैजु गाविस निवासी नेपाली काङ्ग्रेस अध्यक्ष चन्द्रमान महर्जन, ललिता गुरुङ, बलदेव थापा, सुशील भट्ट, प्रकाश भुसाललाई ०६५ मङ्सिर ५ गते वाईसीएलका कार्यकर्ताहरूले बालाजुमा आक्रमण गरी घाइते बनाए। स्यूचाटार निवासी दुई युवाको धादिङको मलेखुबाट वाईसीएलले अपहरणपछि हत्या गरेको घटनाको विरोधमा माछापोखरीमा मनमैजुस्थित क्याम्पसका नेविसङ्घका कार्यकर्ताहरूले विरोध प्रदर्शन गर्ने क्रममा वाईसीएल कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाए। घाइतेहरूको स्थानीय क्लिनिकमा उपचार भयो।

### युथफोर्सबाट

सुनसरी जिल्ला घर भएका श्रम तथा प्रवर्द्धन रोजगार विभाग अन्तर्गत अभिमुखीकरण तालिम शाखामा कार्यरत खरिदार पदमा कार्यरत कर्मचारी ३५ वर्षीय भुवन रेग्मीलाई १५ हजार घूस लिएको आरोपमा ०६५ असार १७ गते एमालेनिकट युथफोर्सले कुटपिट तथा दुर्व्यवहार गऱ्यो। खरिदार रेग्मीलाई १५ हजार घूस लिने क्रममा युथफोर्सका कार्यकर्ताले नियन्त्रणमा

*वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका राजु अधिकारी*

लिई महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरमा बुझाएको थिए। सो घटनाको छानबिन गर्न श्रम तथा रोजगार व्यवस्था विभागका अधिकृत कृष्णप्रसाद दवाडीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरिएको थियो।

अर्थ मन्त्रालयका सचिव रामेश्वर खनाललाई ०६५ असार २८ गते सरकारी गाडी दुरुपयोग गरेको भन्दै युथफोर्सका कार्यकर्ताहरूले नयाँबानेश्वर चौकमा गाडीलाई नियन्त्रणमा लिई दुर्व्यवहार गरे। युथफोर्सका कार्यकर्ताहरूले खनाललगायत अन्य मन्त्रालय र संसद् सचिवालयका पदाधिकारहरूलाई शनिबारका दिन सवारी साधन दुरूपयोग गरेको भन्दै दुर्व्यवहार गर्दै गाडीलाई नियन्त्रणमा लिई ट्राफिक प्रहरीलाई बुझाएका थिए।

### अज्ञात समूहबाट

उदयपुर जिल्ला हडिया-७ घर भई काठमाडौँस्थित पशुपति बहुमुखी क्याम्पसमा अध्ययनरत माओवादी कार्यकर्ता १८ वर्षीय शेषराज पौडेललाई ०६४ चैत १५ गते जोरपाटीमा अज्ञात समूहले आक्रमण गरी घाइते बनायो। संविधानसभाको निर्वाचनका क्रममा काठमाडौँ क्षेत्र नम्बर ४ को चुनावी प्रचार प्रसार सकेर घर फर्कने क्रममा पौडेलमाथि अज्ञात समूहले आक्रमण गरी घाइते बनाएको थियो। टाउको, खुट्टा र ढाडमा चोट लागी घाइते भएका पौडेलको काठमाडौँ मोडेल अस्पतालमा उपचार भयो। पौडेल काठमाडौँ ४ नम्बर निर्वाचन परिचालन कमिटीका सदस्य र अखिल क्रान्तिकारी पशुपति क्याम्पसका सदस्य हुन्।

चितवन भण्डारा गाविस-९ घर भई हाल काठमाडौँ मनपा-३४ मित्रचोक बस्ने *क्रान्तिपुर* टेलिभिजनका प्रबन्धक रामकुमार सेढाईंलाई ०६५ भदौ १२ गते मोटरसाइकलमा आएका अज्ञात समूहले नयाँबानेश्वरस्थित तरकारी तथा फलफूल बजारनजिकै खुकुरी प्रहार गरी घाइते बनाए। घाइते सेढाईंको एभरेस्ट नर्सिङ् होममा उपचार भयो। नयाँबानेश्वर मिलनचोकस्थित डेराबाट तीनकुनेस्थित कार्यालय जाने क्रममा प्रबन्ध सेढाईं चढेको बा५च ५५६६ नम्बको कार रोकी दुईओटा मोटरसाइल चढी आएका समूहले खुकुरी प्रहार गरेका थिए। महानगरीय प्रहरी वृत्त नयाँबानेश्वर प्रहरीले घटनाको अनुसन्धान गर्न प्रहरी निरीक्षक रेवती ढकालको नेतृत्वमा तीन सदस्यीय टोली गठन गरेको थियो।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

बौद्धस्थित महानगरीय प्रहरी वृत्तका डीएसपी योगबहादुर पाल, प्रहरी जवान रञ्जीत खड्का, डिल्लीबहादुर सिंह, मानबहादुर नगरकोटी, भीमबहादुर महत, शिवराम राई, रामहरि गौतम, तिब्बती शरणार्थीसँगको झडपमा परी घाइते भए। तीब्बती शरणार्थीहरूले स्वतन्त्र तिब्बतको माग राखी चिनियाँ राजदूतावासमा प्रदर्शन गर्दै ०६४ फागुन २७ गते ज्ञापनपत्र बुझाउन जाने क्रममा प्रहरीले रोक्न खोज्दा दुवै पक्षबीच झडप भएको थियो। झडपमा परी घाइते भएका प्रहरीको नेपाल मेडिकल कलेजमा उपचार भयो। यसैगरी, सोही क्रममा प्रहरीले ५० वर्षीया छिरीङ लामु, २४ वर्षीया लक्की ओल्म, २३ वर्षीया दावा लामा, ३७ वर्षीय जबमु शेर्पा, ३७ वर्षीय कुङ्गा ग्याल्छेन बुटिया, १७ वर्षीय साङ्गो लामा, ३५ वर्षीय पेम्बा छेरीङ, २० वर्षीय क्याल्सेन तामाङ, ३० वर्षीय झम्याल खेटुङ, २५ वर्षीय खेटुप लामा, ३० वर्षीय केलसाङ्ग लामा, ३० तेञ्जी सोजक, २५ वर्षीय तेञ्जिङ लामा, २० वर्षीय डुटु देयफेल लामा, ३५ वर्षीय छेरीङ लामा, २३ वर्षीय छेरीङ तेम्बा लामालाई प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त बौद्धमा राखी त्यसै दिन रिहा गरियो।

राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष ४६ वर्षीय वीरेन्द्रराज पोखरेल, उपाध्यक्ष ३६ वर्षीय मित्रलाल शर्मा, महासचिव ३४ वर्षीय सञ्जय बान्तवालगायतलाई ०६५ वैशाख २६ गते संविधानसभा सदस्यमा अपाङ्गहरूको प्रतिनिधित्वको एकसूत्रीय माग राख्दै प्रधानमन्त्री निवास बालुवाटार घेराउ गर्ने क्रममा प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार सबै जनालाई महानगरीय प्रहरी प्रभाग कमलपोखरीमा राखी सोही दिन रिहा गरियो। मन्त्रिपरिषद्को निर्णयले मनोनीत गर्ने २६ जना संविधानसभा सदस्यमा कम्तीमा एक जना अपाङ्गको प्रतिनिधित्व हुनुपर्ने माग राख्दै प्रधानमन्त्रीनिवास बालुवाटार घेराउ गर्न गएका अपाङ्गहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो।

संविधानसभाको पहिलो बैठकबाट नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरिएपछि नारायणहिटी दरबारमा नेपालको राष्ट्रिय झण्डा फहराउन ढिलाइ भएको भन्दै ०६५ जेठ १६ गते दरबारमार्गस्थित चोकमा निकालिएको जुलुसमाथि प्रहरीले लाठीचार्ज गर्दा दीपक अधिकारी, विनोद आचार्य, नितेन्द्रलाल श्रेष्ठ, सुभाष सापकोटा, उत्तम पोखरेल, सन्तोष खरेल, सुन्दर मानन्धर, प्रेम घले, रोजा बस्नेत, प्रकाश सिटौला र रोशन खरेल घाइते भए। घाइतेहरूको वीर अस्पतालमा उपचार भयो भने सोही घटनामा परी घाइते भएका रवीन्द्र भण्डारी, रोशन खड्का, राजेन्द्र सिंह र सुभाष खड्काको भने रेडक्रसको चिकित्सक टोलीले घटनास्थलमै उपचार गरेको थियो।

बानेश्वर तथा माइतीघर मण्डलामा महिला अधिकार रक्षकहरूलाई ०६५ साउन १९ गते निर्घात कुटपिट गरी प्रहरीले गिरफ्तार गऱ्यो। महिला अधिकार रक्षकहरूले महिलामाथि हुने हिंसाविरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा प्रहरीले कुटपिट गर्नुका साथै गिरफ्तार गरेको थियो। महिला मानवअधिकारकर्मी लक्ष्मी बोहराको हत्याको छानबिन गर्न र महिलामाथि हुने सबैखाले हिंसाको छानबिनका लागि उच्चस्तरीय आयोग गठनको माग गर्दै विरोध प्रदर्शन गरेका थिए। प्रहरीको कुटपिटबाट कास्कीकी कमला गहतराज, सिराहाकी रामरती राम, पार्वती दनुवार, रिक्मा विश्वकर्मा, बुद्धिसरा विश्वकर्मा घाइते भए। उनीहरूको वीर र काठमाडौँ मोडेल अस्पतालमा उपचार भयो। प्रदर्शनका क्रममा प्रहरीले माइतीघर मण्डलाबाट महिला मानवअधिकार राष्ट्रिय सञ्जालकी अध्यक्ष डा. रेणु राजभण्डारी, महिलाअधिकारकर्मी शारदा चन्द, शारदा पोखरेल, रूपा उप्रेती, सञ्जिता तिमिल्सिना, जमुना शर्मा, यशोदा उप्रेती, उमादेवी वादी, सरिता साह, प्रतिभा भट्टराई, रीता रावल, *नेपाल* एफएमकी सम्झना पौडेल, गीता न्यौपाने, सरिता उप्रेती, शक्लआ

***वाईसीएलका कार्यकर्ताद्वारा कब्जामा लिई कुटपिट गरी घाइते बनाइएका युवराज गोयल***

*अज्ञात समूहको कुटपिटबाट घाइते भएका माओवादी कार्यकर्ता शेषराज पौडेल*

सुब्बा, चना भण्डारी, सुषमा गिरी, वसन्ती चौधरी, लक्ष्मी श्रीस, नैना थापा, पार्वती कार्की, पम्फा परियार, रेनु गुरुङ, रमा प्याकुरेले, कृष्णा अर्याल, यशोदा पौडेल, शर्मिला निरौला, रीता रावल, विमला विश्वकर्मा, हरिप्रिया जैका, गीताकुमारी सिंह, मायावादे श्रेष्ठ, देवकुमारी महरा, रिकमा विश्वकर्मा, निर्मला बागचन्द, पार्वती आगी, रमा आलेमगर, स्टेला तामाङलाई गिरफ्तार गरे। उनीहरूलाई महेन्द्र पुलिस क्लबमा राखी सोही दिन रिहा गरियो। यसैगरी प्रदर्शनका क्रममा प्रहरीले नयाँबानेश्वरबाट, दुर्गा उप्रेती, रेणु शर्मा, कमला उप्रेती, गोमा सिटौला, अम्बिका चौधरी, कल्पना भण्डारी, कमला दनुवारलगायत १६ जनालाई गिरफ्तार गऱ्यो। उनीहरूलाई महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरमा राखी सोही दिन रिहा गरियो।

गोर्खा जिल्ला ताम्राङ गाविस-३ निवासी नेपाल पत्रकार महासङ्घका सचिव ३२ वर्षीय रामजी दाहाल, बाग्लुङ खुङ्गा गाविस-७ निवासी महासङ्घका केन्द्रीय सदस्य ३२ वर्षीय उजीर मगर, सिन्धुपाल्चोक जिल्ला घर भई शान्तिनगर बस्दै आएका *नेपाल वन*का पत्रकार ३० वर्षीय रेवती सापकोटा, सुशील देवकोटा, महोत्तरीका मनोजमुक्ति झा, विराटनगरका हरिशङ्कर झा, सुशील देवकोटा, जनक पण्डित, दिव्या आचार्य, जोगीनाराज भण्डारी, सरजोती खाँ, वीरेन्द्र श्रेष्ठ, नारायण आचार्य, सागर घिमिरेलगायतलाई भारतीय राजदूतावासमा ०६५ भदौ ३ गते धर्ना दिने क्रममा प्रहरीले हस्तक्षेप गर्दै गिरफ्तार गऱ्यो। गिरफ्तार सबै जनालाई महानगरीय प्रहरी प्रभाग सोह्रखुट्टेमा राखी त्यसै दिन रिहा गरियो।

पुतलीसडकमा माओवादीपीडितले ०६५ भदौ १३ गते १५ सूत्रीय माग राखी विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दै गिरफ्तार गऱ्यो। गिरफ्तारीमा पर्नेहरूमा मुगु जिल्लाका ४६ वर्षीय शैलेन्द्रबहादुर शाही, रोल्पाका ४० वर्षीय देवविक्रम शाह, ४२ वर्षीया लालकुमारी रोक्का, रामेछापका २५ वर्षीय पुष्कर सोडारी, उदयपुरका २६ वर्षीय रत्नबहादुर तामाङ, मोहन मिश्र, गर्वसिंह रोका, श्रीमाया बुढालगायत २४ जना रहेका थिए। गिरफ्तारीमा परेका सबै जनालाई महानगरीय प्रहरी प्रभाग सिंहदरबारमा राखी भदौ १४ गते रिहा गरियो। प्रहरी हस्तक्षेपका कारण ३२ वर्षीया निर्मला पाण्डे घाइते भएकी थिइन्। उनको मोडेल अस्पतालमा उपचार भयो।

तिब्बती शरणार्थीहरूले हात्तीसारस्थित चिनियाँ दूतावासका कन्सुलरको कार्यालयअगाडि प्रदर्शन गर्ने क्रममा ०६५ भदौ २४ गते प्रहरीले हस्तक्षेप गर्दै गिरफ्तार गरे। गिरफ्तारीमा पर्नेहरूमा २४ वर्षीया लक्की ओल्म, ३५ वर्षीय छेरीङ लामा, ३५ वर्षीय पेम्बा छेरीङलगायत लगभग ४५ जना रहेका थिए। शरणार्थीहरूले स्वतन्त्र तिब्बतको माग राख्दै शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा प्रहरीले उनीहरूलाई हस्तक्षेप गर्दै गिरफ्तार गरेको थियो। गिरफ्तार सबैलाई दुईओटा प्रहरी ट्रक र एउटा भ्यानमा हालेर महाराजगञ्जस्थित २ नम्बर प्रहरी गणमा राखी सोही दिन रिहा गरियो।

उदयपुर जिल्ला कटारी गाविस-४ घर भई ललितपुर इमाडोल डेरा गरी बस्ने ३८ वर्षीय प्रदीप खड्कालाई प्रहरीले कुटपिट गरी मारेको आरोप लगाउँदै नेविसङ्घले गरेको उपत्यका बन्दका क्रममा प्रदर्शनकारी र प्रहरीबीच ०६५ भदौ २७ गते राजधानीका विभिन्न स्थानमा झडप भयो। मीनभवन क्याम्पसअगाडि चक्काजाम गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा नेविसङ्घका गोपाल चौलागाईं घाइते भए। उनको नयाँबानेश्वरस्थित एभरेस्ट नर्सिङ्होममा उपचार भयो। त्यसैगरी, शङ्करदेव क्याम्पसअगाडिको झडपमा परी मुकुन्द अधिकारी, कृष्ण भुसाल घाइते भए। उनीहरूको मोडेल अस्पतालमा उपचार भयो। चाबहिलस्थित पशुपति क्याम्पसअगाडि विद्यार्थीले गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा पशुपति क्याम्पसका उपसभापति गोपालकृष्ण सिवाकोटी, काङ्ग्रेस कार्यकर्ता अशोक कार्की घाइते भए। कोटेश्वर, मीनभवन, रत्नपार्कलगायतका स्थानबाट मृतकका बुबा अर्जुन खड्कासहित नेविसङ्घका कार्यकर्ता तथा मीनभवन क्याम्पसमा अध्ययनरत विद्यार्थी ओम बस्नेत, केशव कार्की, रवीन बस्नेत, जीवन तिवारी, उदयपुर जिल्लाका काङ्ग्रेस महासमितिका सदस्य कृष्ण श्रेष्ठलगायतलाई गिरफ्तार गरी महानगरीय प्रहरी वृत्त नयाँबानेश्वरमा राखी त्यसै दिन रिहा गरियो।

सङ्घीयताको विरोध गर्दै प्रदर्शनमा उत्रेका राष्ट्रिय जनमोर्चा नेपालका कार्यकर्तालाई ०६५ असोज ६ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा पर्नेहरूमा संविधानसभा सदस्य मीना पुन, जनमोर्चाका वरिष्ठ केन्द्रीय उपाध्यक्ष गोविन्द सिंह, केन्द्रीय सदस्य कृष्ण अधिकारीलगायत रहेका थिए। गिरफ्तार सबैलाई महेन्द्र पुलिस क्लबमा राखी सोही दिन रिहा गरियो। जनमोर्चाले ०६५ साउन १० गतेदेखि सङ्घीयताको विरोध गर्दै गणतन्त्रको सुदृढीकरण र राष्ट्रियताको रक्षाजस्ता मुद्दा अघि सार्दै देशव्यापी दबाब मूलक कार्यक्रमको आयोजना गर्दै आएका थिए।

नेपाल पिछडा वर्ग (ओबीसी) महासङ्घले ०६५ कात्तिक २९ गते सिंहदरबार दक्षिण गेटमा प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा सप्तरी जिल्लाका ३० वर्षीया मञ्जुदेवी महतो र ६० वर्षीय चित्रबहादुर महतो घाइते भए। उनीहरूको नजिकैको क्लिनिकमा उपचार भयो। महासङ्घका प्रतिनिधि सम्मिलित जुलुसलाई ब्यानर तथा प्लेकार्डसहित दक्षिण गेटमा धर्ना तथा प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरेको थियो। पिछडा वर्ग (ओबिसी) प्रतिष्ठान गठन गरिनुपर्ने, पूर्ण जातीय भाषाको नाम संविधानमा उल्लेख गरिनुपर्ने, कृषि क्षेत्र आरक्षण तथा हरबा-चरबा स्कुलको व्यवस्था गरिनुपर्ने, नयाँ जनगणना गरेर राज्यको सबै अङ्गमा जनसङ्ख्याका आधारमा पिछडा वर्गको ३३ प्रतिशत आरक्षण हुनुपर्ने, हुलाकी मार्गलाई मधेसी राजमार्गको रूपमा विस्तार गरिनुपर्नेलगायतका माग राखी महासङ्घ आन्दोलनमा उत्रिएको थियो।

थापाथली इन्जिनियरिङ् क्याम्पसमा नेविसङ्घका विद्यार्थीले ०६५ पुस ४ गते विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा पद्मकन्या क्याम्पसका स्वयिु सचिव स्वस्तिका पोखरेल, सदस्य चन्दा अधिकारी, चितजङ्ग बस्नेत, थापाथली इन्जिनियरिङ् क्याम्पसका स्वयिू अध्यक्ष सुजीत शर्मालगायत घाइते भए। घाइते विद्यार्थीहरूको काठमाडौँ मोडेल अस्पतालमा उपचार भयो। प्रहरीले नेविसङ्घका अनिल खनाल, रवि खनाल, वामदेव योगी, सुधीर शर्मालाई गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका उनीहरूलाई महेन्द्र पुलिस क्लबमा राखी त्यसै दिन रिहा गरियो। पुल्चोक इन्जिनियरिङ् क्याम्पसमा नेविसङ्घका विद्यार्थी र क्याम्पस प्रशासनबीच भइरहेको छलफलमा अखिल क्रान्तिकारीका विद्यार्थीहरूले वाईसीएलको कार्यकर्ता बोलाई आफ्ना कार्यकर्तालाई कुटपिट गरेको विरोधमा प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरेको थियो। प्रदर्शनकारीले थापाथली इन्जिनियरिङ् क्याम्पसअगाडि बा१भ ५४४३ नम्बरको सरकारी गाडी जलाइदिएका थिए।

लैनचौरस्थित सरस्वती क्याम्पसका विद्यार्थी काठमाडौँ मनपा-१६ बालाजुका १७ वर्षीय जीवन रिमाल, खोटाङ जिल्लाका १६ वर्षीय इन्द्र बास्तोला, १६ वर्षीय गणेश शाही, १६ वर्षीय बाबुराम ढुङ्गानालाई ०६५ पुस १३ गते वाईसीएल कार्यकर्ताहरूले कक्षाकोठामै कुटपिट गरे। साँझको समयमा क्लास लिइरहेका विद्यार्थीहरूलाई वाईसीएल बताउने एक समूहले एक्कासि आएर क्याम्पस प्रमुख डा. हेमराज सुवेदीकै अगाडि कुटपिट गरेको थियो। अखिल क्रन्तिकारीबाहेक कुनै सङ्गठनमा बस्न नहुने र कलाससमेत लिन नपाउने भन्दै ती विद्यार्थीहरूलाई कुटपिट गरेका थिए। पीडितहरू एमालेनिकट अनेरास्वयिुका कार्यकर्ता हुन्।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष काठमाडौँ जिल्ला अदालतमा १० हजार ८ सय ९८ मुद्दा रहेकामा ५ हजार १ सय ४८ फर्स्यौट भई ५ हजार ७ सय ५० मुद्दा बाँकी रहेका छन्, जसमा देवानीतर्फ ५ हजार ६ सय ६९ थान मुद्दामा २ हजार ४ सय ६४ मुद्दा फर्स्यौट भई ३ हजार २ सय ५ मुद्दा बाँकी रहेका छन्। यसैगरी, फौजदारीतर्फ ५ हजार २ सय २९ मुद्दामा २ हजार ६ सय ८४ मुद्दा फर्स्यौट भई २ हजार ५ सय ४५ मुद्दा बाँकी रहेका छन्।

सर्वोच्च अदालतमा यस वर्ष जिम्मेवारी सरेर आएका मुद्दा सङ्ख्या १३ हजार १ सय ९८ रहेको र यस वर्ष थप दर्ता भएका मुद्दा ४ हजार ९ सय ६० गरी कूल १८ हजार १ सय ५८ रहेकामा ५ हजार ७ सय ६८ मुद्दा फर्स्यौट भई १३ हजार १ सय १२ मुद्दा बाँकी रहेको अदालतले जनाएको छ।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दोलखा जिल्ला निवासी ललितपुर जिविसका स्थानीय विकास अधिकारी डण्डुराज घिमिरेलाई देवीचौर गाविस र चापागाउँ गाविसमा रहेको सामुदायिक वनमा अवैध रूपमा ढुङ्गाखानी सञ्चालन गर्न दिई भ्रष्टाचार गरेको आरोपमा ०६५ असार ३ गते वन तथा भूसंरक्षण मन्त्री ४९ वर्षीय मातृकाप्रसाद यादवले सिंहदरबारस्थित वन तथा भूसंरक्षण मन्त्रालयमा बोलाई शौचालयमा थुनी अमानवीय व्यवहार गर्दै मानसिक यातना दिएका थिए।

## बालअधिकार

इलाम राँके बजार घर भई घरेलु कामदारका रूपमा काम गर्दै आएका १२ वर्षीय बालक विक्रम श्रेष्ठलाई पूर्वसहायकमन्त्री तथा काङ्ग्रेसका नेता सर्वधन राईले घरेलु कामदारका रूपमा राखी श्रमशोषण गर्नुका साथै ०६५ असार १२ गते कुटपिट गरी घाइते बनाएका थिए। पूर्वमन्त्री राईले पैसा चोरेको आरोप लगाउँदै राती बालक श्रेष्ठलाई कुटपिट गरी घाइते बनाएका थिए। घाइते बालकलाई नारायणस्थान महिला टोल सुधार समितिले उद्धार गरी शिक्षण अस्पताल पुऱ्याएको थियो। सोही घटनालाई लिएर बूढानीलकण्ठस्थित प्रहरी कार्यालयमा स्थानीय बासिन्दा, समितिका पदाधिकारी, मानवअधिकारकर्मी, पीडकपक्ष र अभिभावकबीच असार १३ गते वार्ता भयो। बालकलाई कुटपिट गरेको स्वीकार्दै पूर्वमन्त्री राईले सार्वजनिक रूपमा माफी मागे र क्षतिपूर्तिबापत १ लाख रुपियाँसमेत बालकलाई दिने सहमति भयो।

रौतहट जिल्ला सिमरा-भवानीपुर गाविस-१ की १२ वर्षीया बालिका अञ्जना चौधरीलाई ०६५ असार १२ गते काठमाडौँ जिल्ला महाङ्काल गाविस-५ निवासी ५३ वर्षीय रामकृष्ण चौधरीले आफ्नै घरमा कुटपिट गरे। घरेलु कामदारका रूपमा तीन वर्षदेखि काम गर्दै आएकी बालिकालाई घरमै कुटपिट गरिएको थियो। महराजगञ्ज प्रहरीले बालिकालाई उद्धार गरी सिविनको जिम्मा लगाएको थियो। पीडकविरुद्ध महराजगञ्ज प्रहरी वृत्तमा ०६५ असार १३ गते शुक्रबार किटानी जाहेरी दर्ता गरेपछि चौधरीलाई महराजगञ्ज प्रहरीले सोही दिन पक्राउ गरेको थियो। सोही घटनालाई लिएर महराजगञ्ज प्रहरी वृत्तमा स्थानीय बासिन्दा, समितिका पदाधिकारी, मानवअधिकारकर्मी, पीडक पक्ष, अभिवाकबीच असार १३ गते वार्ता भयो। बालिकालाई कुटपिट गरेको स्वीकार्दै चौधरीले सार्वजनिक रूपमा माफी माग्दै क्षतिपूर्तिबापत ७० हजार रुपियाँ दिने सहमति गरे। यसैगरी आइन्दा बालश्रमिकलाई कहिल्यै काममा नलगाउने प्रतिबद्धतासमेत चौधरीले वार्ताका क्रममा व्यक्त गरे।

काठमाडौँ जिल्लाको कपन पयुटारस्थित बालबालिका उत्थान गर्न खोलिएका संस्थाका सञ्चालक भैया गौतम र राजेन्द्र दुलालले २९ जना बालबालिकालाई कुटपिट गरेको आरोपमा उनीहरूलाई प्रहरीले गिरफ्तार गऱ्यो। विभिन्न ठाउँबाट बालबालिकालाई ल्याई पेटभरि खान पनि नदिने, गाउँगाउँमा माग्न पठाउने र यातना दिने कार्य गर्दै आएकामा ती बालबालिका छिमेकीको शरणमा पुगेपछि प्रहरी र अधिकारकर्मीको पहलमा ०६५ असार २९ गते बालबालिकाहरूको उद्धार गरिएको थियो। दिनभर गाउँ-गाउँमा माग्न पठाउने र बेलुका खाना पनि पेटभरि नदिने गरेको पीडित बालबालिकाहरूले बताएका थिए। बालबालिका उत्थान संस्थाका सञ्चालकद्वयलाई महानगरीय प्रहरी वृत्त बौद्ध प्रहरीले गिरफ्तार गरी कारबाही प्रक्रिया अगाडि बढाएको जनाए।

दोलखा जिल्ला जफे गाविस-२ घर भई कामनपा-१५ वनस्थलीमा बालश्रमिकका रूपमा कार्यरत १३ वर्षीय बालक फूलवीर माझी दोलखा जिल्लाका बहालवाला न्यायाधीश रामेश्वनाथ आमात्यको घरमा कुटिए। बालक माझीलाई कुटपिट गरिएको विषयलाई लिएर महानगरीय प्रहरी वृत्त बालाजुमा ०६५ भदौ ३० गते भएको छलफलमा गल्ती स्वीकार्दै न्यायाधीश अमात्यले बालकलाई क्षतिपूर्तिबापत १० हजार र १० कक्षासम्म लाग्ने पढाइ खर्च उपलब्ध गराउने सहमति गराइयो। बालक माझीलाई कुटपिट गरी सिकिस्त बनाइएको खबर सिविनमा जानकारी भएपछि इन्सेक, सिविन, सिविसका प्रतिनिधि सम्मिलित टोलीले महानगरीय प्रहरी वृत्त बालाजुको सहयोगमा ती बालकलाई ०६५ भदौ १८ गते उद्धार गरेको थियो। काठमाडौँ वनस्थलीस्थित घरमा बालश्रमिकका रूपमा छ महिनादेखि काम गर्दै आएका ती बालकलाई न्यायाधीशको छोराले दिनहुँ कुटपिट गर्ने गरेको पीडितले बताए।

काठमाडौँ महानगरपालिका-१३ ताहचल निवासी १५ वर्षीय रीतेश रौनियार र सोही स्थानका १४ वर्षीय आशीष मानन्धरको काठमाडौँ महादेवस्थान-४ स्थित जङ्गलमा ०६५ मङ्सिर ११ गते शरीरमा धारिलो हतियार प्रयोग गरी हत्या गरिएको अवस्थामा लास फेला पऱ्यो। नयाँ मोबाइल सेट फिर्ता गर्न दुवै जना ०६५ कात्तिक ३० गते घरबाट बाहिर गएपछि उनीहरू फर्केर नआएपछि त्यसको भोलिपल्ट पीडित परिवारले महानगरीय प्रहरी वृत्त कालीमाटीमा खोजबिन गरिदिन निवेदन दिएका थिए। उनीकै साथी राजेश पण्डितसहितले पेस्तोल देखाएर पैसा मागेपछि पोल खुल्ने डरले ती दुई जना बालकलाई जङ्गलमा लगेर हतियार प्रयोग गरी हत्या गरिएको थियो। मृतक मानन्धर बाफलस्थित न्यु जेनिथ इङ्लिस स्कुलको कक्षा ९ मा र रौनियार विल्सन एकेडेमीको कक्षा ९ मा अध्यनरत विद्यार्थी थिए।

सिन्धुपाल्चोक कदमबास गाविस-५ घर भई

काठमाडौँ मनपा-४ स्थित बालुवाटारका रितेश मेहेर श्रेष्ठको घरमा बालश्रमिकका रूपमा कार्यरत १५ वर्षीय खिलबहादुर मगरको ०६५ मङ्सिर १६ गते बिहान ६ बजे झुण्डिएको अवस्थामा लास फेला पऱ्यो। बालक मगर पञ्चकन्या निमावि चुनदेवी बालुवाटारमा कक्षा ७ मा अध्ययनरत विद्यार्थी थिए। पीडत पक्ष तथा स्कुलका विद्यार्थीहरूले बालक मगरलाई हत्या गरेर झुण्ड्याएको दाबी गरे भने घरवाला श्रेष्ठले आत्महत्या गरेको बताएका थिए। महानगरीय प्रहरी वृत्त महराजगञ्जमा पीडित र पीडक पक्षबीचको सहमतिमा पीडितलाई क्षतिपूर्तिबापत रकम दिने भनेपछि सहमति भएको थियो।

कपन गाविस-१ आदर्श नगरटोलका ७ वर्षीय बालक सम्मान कटवाललाई ०६५ पुस १ गते घरनजिकैको चौरबाट बेपत्ता बनाई हत्या गरियो। यूकेजीमा अध्ययनरत बालकको कटवाल परिवारको घरदेखि करिब २ सय मिटर पूर्व-उत्तर रेवतीराज कार्कीको घरको इनारमा पुस १० गते लास फेला परेको थियो। हत्यामा संलग्न रहेको भन्दै प्रहरीले झापा दुवागढी गाविस-८ का २५ वर्षीय अशोक तामाङलाई गिरफ्तार गरी पुस १६ गते सार्वजनिक गऱ्यो। बालक बेपत्ता भएको भोलिपल्ट अशोक आफैँले तराईबासीको जस्तो आवाजमा फोन गरी पीडित परिवारसँग ५ लाख रुपियाँ मागेका थिए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

काठमाडौँ मनपा चाबहिल-७ गङ्गाहिटी निवासी कर कार्यालयका अधिकृत ३८ वर्षीय मुरारी धमलाले आफ्नै जेठी पत्नी अम्बिका धमलाको आगो लगाई हत्या गरे। कान्छी पत्नीले छोरा पाएपछि पति धमलाले जेठी पत्नीलाई छोरा जन्माउन नसकेकाले घरमा नआउन भनेपछि दुवैबीच झगडा भएको र सोही क्रममा ०६५ जेठ ९ गते धमलाले पत्नीलाई मट्टीतेल खन्याई आगो लगाइदिएका थिए। घाइते भएकी पीडितलाई उपचारका लागि सोही दिन ओम अस्पताल लगिएको तर त्यहाँबाट थप उपचारका लागि महराजगञ्जस्थित शिक्षण अस्पताल हुँदै जेठ १० गते वीर अस्पताल लगिएको थियो। पीडितको ६५ प्रतिशत शरीरको हाड जलेका कारण उपचारकै क्रममा जेठ १६ गते वीर अस्पतालमा मृत्यु भयो। पीडितकी १९ वर्षीया छोरीले महानगरीय प्रहरी वृत्त बौद्धमा जेठ ११ गते बुबामाथि किटानी जाहेरी दिएपछि प्रहरीले जेठ १२ गते मुरारीलाई गिरफ्तार गऱ्यो। मृतक अम्बिकाका दुई छोरी छन्।

काठमाडौँ मनपा-९ सिनामङ्गलकी ५० वर्षीया राधा भनिने भोलाकुमारी आचार्यलाई ०६४ मङ्सिर १८ गते सौतेलो छोरो र देवरले काठमाडौँबाट अंश मुद्दा र लेनदेनको विषयलाई लिएर अपहरण गरी नुवाकोटको जङ्गलमा लगी हत्या गरे। अपहरणमा परेकी भोलाकुमारीको लास मङ्सिर १९ गते नुवाकोट जिल्लाको ककनी गाविसस्थित रानीपौवानजिक जङ्गलमा फेला परेको थियो। घटनामा संलग्न भएको आशङ्कामा मृतकका देवर काभ्रे जिल्ला देवभूमि बालुवा गाविस-८ निवासी ४७ वर्षीय शालिकराम भनिने छन्दप्रसाद आचार्य, सौतेलो छोरो २१ वर्षीय दिवस आचार्य, काठमाडौँ मनपा-३५ तीनकुने निवासी दिवसका साथी २४ वर्षीय मन्दीप पाण्डे र मकवानपुर जिल्ला छतिवन गाविस-२ निवासी दिवसको साथी २१ वर्षीय सरोज ब्लोनलाई ०६४ मङ्सिर २३ गते प्रहरीले गिरफ्तार गरी नुवाकोट जिल्ला अदालतको ०६४ पुस २७ गतेको आदेश अनुसार पुर्पक्षका लागि थुनामा राखियो।

### दुर्व्यवहार

काठमाडौँ मनपा-३३ मैतीदेवी निवासी २३ वर्षीया सागर श्रेष्ठको अनुहारमा ०६५ मङ्सिर ३ गते बिहान काठमाडौँ मनपा-३३ मैतीदेवीस्थित भित्री बाटोमा कलेज जाने क्रममा काठमाडौँ मनपा-२९ सामाखुसी बस्ने रवीन्द्रविक्रम राणाले एसिड खन्याई फरार भए। राणाले पीडित श्रेष्ठसँग पटक-पटक विवाहको प्रस्ताव राख्दै आएको तर सो प्रस्तावलाई उनले अस्वीकार गरेका कारण अनुहारमा एसिड खन्याइदिएका थिए। पीडितको सिनामङ्गलस्थित नेपाल मेडिकल कलेजमा सात दिन उपचार गराई हाल घरमै उपचार भइरहेको छ। पीडितले महानगरीय प्रहरी प्रभाग कमलपोखरीमा ०६५ मङ्सिर ६ गते किटानी जाहेरी दिएका छन्। पीडित सागर मैतीदेवीस्थित युनिभर्सल कलेजमा कार्यरत छिन्।

# २.१६ धादिङ

जनसङ्ख्या : ३,९५,८५९
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,९२६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ५७४/२०
क्याम्पस/उच्च मा.वि. : ४/२६
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्क : ०.४१०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**वाईसीएलबाट**

काठमाडौँ स्यूचाटार गाविस-९ स्यूचाटारका २४ वर्षीय निर्मल पन्त, २३ वर्षीय पुष्कर डङ्गोल र मातातीर्थ गाविस-३ का २२ वर्षीय विश्वास बस्नेतलाई ०६५ कात्तिक ४ गते गजुरी गाविस-२ मलेखुबाट माओवादीसम्बद्ध वाईसीएलले अपहरण गरी पन्त र डङ्गोलको हत्या गरे। बस्नेतले सोही दिन बेलुका भागेर ज्यान जोगाएका थिए। उनीहरूलाई मनकामना होटेल मलेखुमा खाना खान लागेका बेला वाईसीएलले नियन्त्रणमा लिएको थियो। अपहरण गरिएका तीन जनालाई वाईसीएलले आक्रमण गरी स्वयम्भू यातायात लेखिएको गाडीमा राखेर काठमाडौँतर्फ लगेका थिए। अपहरणमा परेका दुवै जनालाई वाईसीएल कार्यकर्ताले पिँडा गाविसको ढोडेनी जङ्गलमा लगेर मारेर गाडेका थिए। पछि लासको खोजी भएपछि ०६५ मङ्सिर ३ गते पिडा गाविस-३ दरिङ्गालखोलाको किनारमा एउटै काठमा बाँधेको अवस्थामा उनीहरूको लास फेला परेको थियो। पन्त र डङ्गोलको लास इन्सेकलगायतका मानवअधिकारकर्मी संस्था तथा सञ्चारकर्मीको पहलमा पुरेको ठाउँबाट उत्खनन गरी काठमाडौँ लगियो।

यसअघि उनीहरूको खोजी गर्न माग गर्दै दोषीलाई हदैसम्मको कानुनी रूपमा दण्ड सजाय गर्न मागसहित ०६५ कात्तिक २० गते जिल्ला प्रहरी कार्यालय धादिङमा डङ्गोलका तर्फबाट दाइ दीपक डङ्गोल र पन्तका तर्फबाट आमा रुकमिणा पन्तले जाहेरी दर्ता गराएका थिए। सो जाहेरीमा अपराध गर्नेहरू भनेर पिडा गाविस-३ का ध्रुव सुवेदी, धुष गाविस-२ का कृष्ण थपलिया, गजुरी गाविस-१ का तारा भण्डारी, सोही गाविस-२ का भरत बराकोटी, नीलकण्ठ गाविस-५ का मनरनज भण्डारी, नौबीसे गाविस-२ का राजन रेग्मी, नौबीसे गाविस-३ का दीपक बिडारी, पिडा गाविस-१ का रमेश अधिकारी, ध्रुवविक्रम मल्ल, आकाश बस्नेतलगायतका १५ जनाको नाम किटान गरिएको थियो। पीडित परिवार तथा नागरिक समाजले हत्यामा संलग्नको पहिचान गरी कारबाहीको माग गर्दै देशका विभिन्न भागमा विरोध प्रदर्शन गरे सरकार र पीडित परिवारका तर्फबाट भएको सहमतिपछि मङ्सिर १७ गते लासको सनाखत भयो। सरकारले हत्यासम्बन्धी घटनाको जाँचबुझ गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा प्रहरी अतिरिक्त महानिरीक्षक रवीन्द्रप्रताप शाह र पुनरावेदन अदालतका वकिलको कार्यालय पाटनका सहन्यायाधिवक्ता ऋषिराम दवाडी रहेको तीन सदस्यीय न्यायिक जाँचबुझ अयोग गठन गऱ्यो।

**युथफोर्सबाट**

अखिल नेपाल सुकुम्बासी सङ्घ धादिङका अध्यक्ष एवम् माओवादी कार्यकर्ता पिडा गाविस-१ निवासी ४० वर्षीय कृष्णबहादुर भण्डारीको ०६५ कात्तिक ३ गते दिउँसो युथफोर्सको आक्रमणबाट मृत्यु भयो। युथफोर्सले लखेट्दै जाँदा भाग्ने क्रममा त्रिशूली नदीमा डुबेको र डुबेकै स्थानमा पनि ढुङ्गा हानेपछि मृत्यु भएको प्रत्यक्षदर्शी मनमाया मगरले बताइन्। कात्तिक २ गते साँझ बैरेनी गाविस-९ का एमालेका कार्यकर्ता राजेन्द्र रिमालमाथि भएको साङ्घातिक हमलापछि वाईसीएल र युथफोर्सबीच तनाव बढेपछि सोही क्रममा युथफोर्सले भण्डारीलाई बेल्खु खोलाछेउमा बसेको अवस्थामा लखेटेर हत्या गरेको थियो। उनको अन्तिम संस्कार कात्तिक ५ गते धादिङबेसीमा भयो।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ५ | ५ | १ | ६ | | | | | | | | | |
| घाइते | १ | १ | | १ | ४ | ८ | ३ | ६ | १६ | | | | |
| कुटपिट | ११ | २८ | | २८ | १४ | ५४ | ११ | | ६५ | २ | ३ | १ | ४ |
| धम्की | ३ | ९ | ३ | १२ | ८ | १८ | ३ | | ३० | | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | १२ | | १२ | | | | | | १ | ३ | २१ | २४ |
| जातीय विभेद | ८ | १२ | ३ | १५ | | | | | | | | | |
| महिलाअधिकार | १० | | ११ | ११ | | | | | | | | | |
| बालअधिकार | ८ | १ | ६ | ८ | | | | | | | | | |
| अपहरण | ६ | १३ | | १३ | ४ | ११ | | | ११ | | | | |
| जम्मा | ५० | ८० | २४ | १०४ | २९ | ९० | १६ | ६ | ११२ | ३ | ६ | २२ | २८ |

## गोली/विस्फोटक पदार्थद्वारा घाइते माओवादीबाट

मैदी गाविस-४ स्थित नेपाली काङ्ग्रेस गाउँ एकाइ समितिका सभापति रणबहादुर शाहीको घरमा ०६४ चैत २६ गते राती माओवादीले बम विस्फोटन गराउँदा ५० वर्षीय रणबहादुर शाही, ३५ वर्षीय सीताराम ठकुरी, ३५ वर्षीय लाहुरे कामी, ३२ वर्षीया ज्ञानकुमारी शाही, ३० वर्षीया टेकमाया सुनार, ३५ वर्षीय लालबहादुर राय र ३८ वर्षीय गोपाल राय घाइते भए। सुरुमा घरमा ढुङ्गा हानेर पछि बम विस्फोट गराइएको पीडितहरूले बताए। घाइतेहरूको स्थानीय स्वस्थ्य केन्द्रमा उपचार भयो। बम विस्फोट भएका कारण सबै मतदाताहरू चुनावको दिन मतदान गर्न गएनन्।

सेर्तुङ गाविस-१ बोराङमा ०६४ चैत २७ गते माओवादीद्वारा बम विस्फोटन गराउँदा सात जना घाइते भए। माओवादीका विरुद्ध प्रचार गर्न आएको भन्दै राष्ट्रिय जनशक्ति पार्टीका नेता एवम् समानुपातिकतर्फका उम्मेदवार बुद्धिमान तामाङको घरनजिकै उक्त बम विस्फोटन गराइएको थियो। विस्फोटनमा तामाङका भाइ ४५ वर्षीय चतुर्मान घाइते भए। अन्य घाइतेका बारेमा राष्ट्रिय जनशक्ति पार्टीले जानकारी दिन मानेन।

दार्खा गाविसको किन्ताङफेदीमा ०६४ चैत २९ गते माओवादी र सशस्त्र प्रहरीबीच झडप हुँदा माओवादीले प्रहार गरेको गोली लागी सशस्त्रका प्रहरी हवलदार सरोज न्यौपाने घाइते भएको प्रहरीले जनायो। सो क्रममा माओवादीले समेत फायर गरेको थियो। माओवादी घेरामा रहेका काङ्ग्रेसका क्षेत्र नम्बर १ का उम्मेदवार दिलमान पाखिनलाई छुटाउन गएको सशस्त्र प्रहरीलाई जिल्लाको दार्खा गाविसमा माओवादी कार्यकर्ताले हमला गरेपछि स्थिति नियन्त्रणमा लिन सशस्त्र प्रहरीले हवाई फायर गरेको थियो।

## जेल र बन्दीहरू

जिल्ला कारागार शाखा धादिङमा वर्षको अन्त्यमा ६२ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद तोकिएका तीन महिलासहित २० जना र कैद नतोकिएका पाँच महिलासहित ४२ जना रहेका छन्। धादिङ कारागारमा बन्दीहरूको पुरुषहरूपट्टि ३० जनाको र महिलाहरूपट्टि पाँच जनाको क्षमता रहेको छ। बन्दीहरू धेरै भएकाले बस्नका लागि समस्या परेको बन्दीहरूले बताए। ०३८ सालमा निर्माण भएको धादिङ कारागार जीर्ण भइसक्दा समेत पुनःनिर्माण भएको छैन। जाडोमा चिसोमा कठ्याङ्ग्रिएर बस्नुपर्ने र वर्षामा बन्दीहरू पानीमा भिजेर बस्नुपर्ने अवस्था छ।

जिल्ला कारागार शाखा धादिङमा क्षमताभन्दा दोब्बर बन्दीहरू राख्ने गरेको र बस्नका लागि समेत अप्ठ्यारो पर्ने गरेको भन्दै बन्दीहरूले ०६५ वैशाख ८ गतेदेखि तीन दिनसम्म आन्दोलन गरे। औषधि उपचारको व्यवस्था हुनुपर्ने, टेलिफोनको सुविधा हुनुपर्ने, क्षमताभन्दा बढी बन्दी राख्न नहुने, बस्ने, सुत्ने व्यवस्था हुनुपर्नेलगायतका माग बन्दीहरूले राखेर मागपत्र पेस गरेका थिए। उनीहरूले एक दिन सिधा बहिष्कारसमेत

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | काङ्ग्रेसबाट | | | युथफोर्सबाट | | | वाइसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | | | १ | १ | १ | १ | ३ | ३ | | | |
| घाइते | | | | | | | | | | | | | १ | १ | १ |
| कुटपिट | १ | १ | १ | ३ | ४ | ४ | १ | १ | १ | ६ | ३१ | ३१ | | | |
| धम्की | १ | ९ | ९ | | | | | | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | | | १ | १२ | १२ | | | |
| बालअधिकार | | | | | | | | | | १ | १ | १ | | | |
| अपहरण | | | | | | | १ | १ | १ | ४ | ११ | ११ | १ | १ | १ |
| जम्मा | ३ | १० | १० | ३ | ४ | ४ | ३ | ३ | ३ | १४ | ४६ | ४६ | ३ | ३ | ३ |

गरे। बन्दीहरूले प्रहरी र कर्मचारीलाई आवतजावत गर्न रोक लगाएका थिए।

जिल्ला कारागार शाखा धादिङमा ०६५ साउन १० गते बेलुका ७ बजेतिर झगडा हुँदा तीन कैदी घाइते भए। आपसी झगडामा २५ वर्षीय सङ्गम लामा, किरण भण्डारी र ३० वर्षीय भरत भट्टराई घाइते भएका थिए। घाइतेहरू सबैको अवस्था गम्भीर भएकाले जिल्ला अस्पतालमा उपचार हुन नसकी थप उपचारका लागि काठमाडौँस्थित वीर अस्पतालमा लगियो। बन्दीहरू जम्मा भएर बसेको बेला पाँच/छ जनाको समूहले कुटपिट गर्दा उनीहरू घाइते भएको प्रहरीले जनायो। कुटपिटमा भक्त लामा, प्रेम तामाङ, राजु परियार, मनोज तामाङ, मैते तामाङलगायतको संलग्नता रहेको प्रहरीले जनाए पनि उनीहरूलाई कुनै कारबाही भएन।

यसैगरी, जिल्ला कारागार शाखा धादिङमा १० जना बन्दी र कैदीहरूले आममाफीको माग गर्दै ०६५ मङ्सिर १७ देखि बसेको आमरण अनशन मङ्सिर ३० गते तोडे। कारागार उच्चस्तरीय सुधार सुझाव समितिको प्रतिवेदन लागू गर्ने प्रतिबद्धता सरकारका तर्फबाट शान्ति तथा पुनःनिर्माणमन्त्री जनार्दन शर्माले जनाएपछि उनीहरूले अनशन तोडेर आगामी फागुन ७ गतेसम्मका लागि आन्दोलन स्थगन गरेको जनाए। अनशन समापन र कारागारको आन्दोलन स्थगित गर्ने कार्यक्रममा इन्सेक, मानवअधिकार सङ्गठन, पत्रकार महासङ्घ,मानवअधिकार तथा शान्ति समाजलगायतका प्रतिनिधिहरूले संयुक्त रूपमा जुस खुवाएपछि अनशन समाप्त गरेका थिए।

### बेपत्ता/अपहरण

### माओवादीबाट

छत्रेदेउराली गाविस-८ निवासी एमाले कार्यकर्ता २८ वर्षीय विनोद पाण्डे, बलदेव पौडेल, रामकुमार पौडेल, कृष्ण पाण्डे, उद्धव पाण्डेलाई ०६४ चैत २७ गते माओवादीलाई सहयोग नगरेको आरोपमा राती अपहरण गरी भोलिपल्ट मुक्त गरे। उनीहरूलाई कुनै पनि पार्टीमा नलाग्न धम्की दिएर मुक्त गरिएको थियो।

धुषा गाविस-२ स्थित चौकी भन्ने स्थानबाट एमाले धुषा गाउँ कमिटी सचिव वीरेन्द्र पाण्डे, १३ नम्बर इलाका सदस्य रमेश छत्कुली, पार्टी सदस्य राममणि थपलिया र योगेन्द्र धिताल ०६४ चैत १८ गते चुनाव प्रचार प्रसारमा गएका बेला माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे। माओवादीले गाउँमा एमालेले रकम बाँड्न ल्याएको आरोपमा चार कार्यकर्ता दिउँसो अपहरण गरेका थिए। उनीहरूलाई चैत १८ गते राती एमालेको प्रचार सामग्री माओवादीले जफत गरेर छाडेका थिए।

गोगनपानी गाविस-३ का एमाले कार्यकर्ता ठूलो कान्छा तामाङलाई ०६५ कात्तिक १४ गते माओवादीको समूहले अपहरण गरेपछि गाउँलेले तामाङलाई सकुशल सोही दिन राती मुक्त गराए। तिहार मनाएर घरमा बसिरहेका तामाङलाई ठूलो सङ्ख्यामा आएको माओवादी समूहले अपहरण गरेपछि गाउँबासी एकजुट भएर मुक्त गराएका थिए। उनलाई माओवादी बाहेकको राजनीति गरेमा मारिदिने धम्की माओवादीले दिँदै आएको र अहिले पनि धम्की दिने गरेको पीडितले बताए। यसैगरी, सोही गाविस-३ का पूर्व वडाअध्यक्ष एवम् कृष्ण सुवेदीको घर माओवादीले कात्तिक १४ गते

राती चार घण्टासम्म घेरेर राखेका थिए। माओवादीलाई सहयोग नगरेको आरोप लगाउँदै माओवादीले घर घेरेको र माओवादीलाई नसघाए मारिदिने धम्की दिएको पीडितले जानकारी दिए। माओवादीले सो घटनामा आफ्नो संलग्नता नरहेको जनाएको छ।

### वाईसीएलबाट

री गाविस-९ का १८ वर्षीय प्रेमबहादुर तामाङ र लालबहादुर तामाङलाई ०६५ वैशाख १४ गते वाईसीएल कार्यकर्ताले घरबाटै अपहरण गरे। घरमा बसिरहेका एक जना माओवादी कार्यकर्तालाई कुटपिट गरेको आरोपमा वाईसीएलले अपहरण गरेको एमालेले जनायो। वाईसीएलका जिल्ला अध्यक्ष शैलेश भन्ने मनराज भण्डारीले अनुसन्धानका लागि नियन्त्रणमा लिएको जनाए। उनीहरूलाई तीन दिनपछि निर्दोष भन्दै मुक्त गरिएको पीडितले बताए।

### युथफोर्सबाट

जीवनपुर गाविस-६ का १८ वर्षीय मनोज थापालाई ०६५ कात्तिक ३ गते बेलुका युथफोर्स कार्यकर्ताले अपहरण गरी काठमाडौँ जिल्लाको हात्तीवनमा कुटपिट गरी छाडे। महेशधर्म माविमा अध्ययनरत थापालाई जीवनपुर गाविस-९ पुरानोधार्केबाट अपहरण गरी कुटपिट गरेर एउटा भारतीय गाडीमा हालेर काठमाडौँको हात्तीवनमा लगेर फलिदिएको पीडितले बताए। पीडितको उपचार माओवादीले काठमाडौँमा गराए। पीडित पक्षले काठमाडौँ प्रहरीमा र धादिङ प्रहरीमा पीडकविरुद्ध जाहेरी दर्ता गराउन कोसिस गरे पनि प्रहरीले जाहेरी दर्ता गर्न मानेन।

### धम्की/कुटपिट
### माओवादीबाट

भूमेस्थान गाविस-६ निवासी महाकाली उच्च माविका प्रधानाध्यापक ५२ वर्षीय कृष्णप्रसाद अर्याल, शिक्षकहरू ३४ वर्षीय तोप ठकुरी, ३८ वर्षीय नारायण अर्याल र एमाले भूमेस्थान गाउँ कमिटी सचिव सोही गाविस-८ निवासी ३९ वर्षीय कृष्णबहादुर थापालाई ०६४ माघ १६ गते माओवादीले मृत्युदण्डको धम्की दिएका कारण माघ १७ गतेदेखि २८ गतेसम्म विस्थापति भए। माओवादी कार्यकर्ता इन्द्रबहादुर कार्कीको अपहरण गरेको आरोप लगाउँदै उनीहरूलाई माघ १६ गते माओवादीका विधायक शालिकराम जमरकट्टेलले भूमेस्थान गाविस-६ सिम्लेमा आयोजित आमसभामा सरकारले कारबाही नगरे माओवादीले तीन दिनभित्र पक्रेर फाँसीमा झुण्ड्याउने बताएपछि उनीहरू विस्थापित भएका थिए। माओवादीको धम्कीपछि गाउँमा बस्दा ज्यान जानसक्ने डरले आफूहरूले घर छाडेको कृष्ण अर्यालले बताए। नागरिक समाजको पहलमा उनीहरू घर फर्किए।

नौबीसे गाविस-८ का ४६ वर्षीया मङ्गलबहादुर तामाङ र ४९ वर्षीय वीरमान तामाङलाई ०६४ चैत २ गते माओवादीविरुद्ध चुनावी प्रचारप्रसार गरेको आरोपमा माओवादी कार्यकर्ताले मारिदिने धम्की दिए। गाउँबाहिर जानसमेत माओवादीको स्वीकृति लिनुपर्ने भन्दै माओवादीले उनीहरूलाई माओवादीविरुद्ध लागेमा तीन टुक्रा पारेर मार्ने धम्की दिएका थिए।

तसर्पु गाविस-३ बाहुनथान निवासी एमाले तसर्पू गाउँ कमिटी सचिव ३५ वर्षीय राजेन्द्र अर्याल, ४५ वर्षीय घलाल स्याङ्तान, ५५ वर्षीय कृष्ण आर्याल र २८ वर्षीय पुरुषोत्तम पाण्डेलाई ०६४ चैत २ गते चुनावी प्रचार प्रसारका क्रममा माओवादीले बैठक बसिरहेको अवस्थामा आक्रमण गरी घाइते बनाए। घाइतेहरूको उपचार काठमाडौँ र स्थानीय स्वास्थ्य केन्द्रमा भयो।

धुवाकोट गाविस-५ का ४२ वर्षीय होमप्रसाद नेपाल, सोही गाविस-३ का ४० वर्षीय मधुसूदन न्यौपानेलाई ०६४ चैत ७ गते माओवादीका अक्कलबहादुर तामाङ र राजकुमार श्रेष्ठले चुनावमा माओवादीलाई भोट नहाले मार्ने धम्की दिए। माओवादी डरका कारण उनीहरू सदरमुकाममा विस्थापित भएकाले चुनावमा मतदान गर्नबाट समेत वञ्चित भए।

पिडा गाविस-२ का किसान ४१ वर्षीय विष्णु लामिछानेलाई माओवादी नबनेको आरोपमा ०६४ चैत

*वाईसीएलद्वारा अपहरण गरी हत्या गरिएका निर्मल पन्त र पुष्कर डङ्गोल*

*युथफोर्सका कार्यकर्ताद्वारा मारिएका कृष्णबहादुर भण्डारी*

९ गते तरकारी बेचेर फर्केका बेला माओवादी कार्यकर्ताले गजुरी गाविस-१ गजुरी बजारमा कुटपिट गरी घाइते बनाए। उनको उपचार गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। उनलाई चुनावमा माओवादी नबने मार्ने धम्की दिएको पीडितले बताए। यसैगरी, सोही दिन नीलकण्ठ गाविस-५, इजारामा नीलकण्ठ गाविसका पूर्वउपाध्यक्ष सोही गाविस-७ का ३९ वर्षीय जितबहादुर गुरुङ र एमालेका कार्यकर्ता ३९ वर्षीय कुलबहादुर थापा माओवादी कार्यकर्ताले आक्रमण गर्दा घाइते बनाए।

कुम्पुर गाविस-२ माइमखोलामा एमालेका कार्यकर्ता कुम्पुर गाविस-७ का २८ वर्षीय विमला श्रेष्ठ, टोपबहादुर श्रेष्ठ, सोही गाविस-८ का इन्द्र श्रेष्ठ, उत्तम श्रेष्ठ, हीराबहादुर श्रेष्ठ, गणेश श्रेष्ठ, कुन्दन श्रेष्ठ, मुरारी श्रेष्ठ, टेकबहादुर श्रेष्ठलाई ०६४ चैत १३ गते माओवादी कार्यकर्ताले आक्रमण गरी घाइते पारे। उनीहरूलाई रातभर उपचार गर्नसमेत दिइएन। भोलिपल्ट घटना सार्वजनिक नगर्न धम्कीसमेत दिएको पीडितहरूले बताए।

बसेरी गाविस-२ मा काङ्ग्रेस कार्यकर्ता तथा उम्मेदवार सुतेको स्थानमा ०६४ चैत १४ गते बिहान माओवादीका कार्यकर्ताले आक्रमण गर्दा आठ जना घाइते भए। घाइते हुनेहरूमा काङ्ग्रेसका १ नं. क्षेत्रीय सभापति री गाविसका ३५ वर्षीय भक्त लामा, काङ्ग्रेस कार्यकर्ताहरू तिप्लिङ गाविस-६ का २२ वर्षीय जस थापा तामाङ, २९ वर्षीय दावा तामाङ, बसेरी गाविस-२ का ४० वर्षीय लालबहादुर तामाङ, झार्लाङ गाविसका २९ वर्षीय गङ्गाबहादुर तामाङ र सेर्तुङ गाविसका २५ वर्षीय कले तामाङ गम्भीर घाइते भएकाले काठमाडौँमा उपचार भयो। त्यसैगरी तिप्लिङ गाविस-५ का ५२ वर्षीय जोमसाइ घले, २२ वर्षीय सोमबहादुर तामाङ र सत्यदेवी गाविस-४ का २१ वर्षीय अनिस तामाङको जिल्ला अस्पताल धादिङमा उपचार भयो। १३ गतेको बसेरीमा भएको चुनावी सभा सकेर राती गाउँका विभिन्न घरमा छरिएर बास बसेका काङ्ग्रेस कार्यकर्ताहरूलाई बिहान घरघरमा गई माओवादी कार्यकर्ताहरूले कुटपिट गरेका थिए।

धुवाकोट गाविस-६ का एमाले गाउँ कमिटी उपसचिव ३५ वर्षीय शिव श्रेष्ठलाई ०६४ चैत १७ गते माओवादीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। यसैगरी, माओवादी कार्यकर्ताले शिवका बुबा ६८ वर्षीय मानबहादुर श्रेष्ठ, ३१ वर्षीय लक्ष्मी श्रेष्ठ, भाउजु ३५ वर्षीया गीता श्रेष्ठ र छिमेकीहरू ४६ वर्षीया लेखनारायण श्रेष्ठ, ३५ वर्षीय ईश्वर श्रेष्ठ घाइते भए। उनीहरूलाई फलामको रडले मरणासन्न हुने गरी कुटपिट गरेका थिए। एमालेको चुनाव प्रचार प्रसार गरेको भन्दै उनीहरूलाई माओवादीले कुटपिट गरेका थिए। घाइतेमध्ये शिवको अवस्था गम्भीर भएकाले काठमाडौँको शिक्षण अस्पतालमा उपचार भयो। माओवादीले कुटपिट गरेपछि धूवाँकोट गाविस-७ का रुद्रबहादुर अधिकारी, कमल अधिकारी, भीष्मकुमार अधिकारी, सोही गाविस-५ का घनश्याम श्रेष्ठ, धनबहादुर श्रेष्ठ, सोही गाविस-८ का नेत्र नेपाल, बोधप्रसाद नेपाल, सोही गाविस २ का परशुराम ठाकुर, नवराज रिमाल, वासुराम अधिकारी, सोही गाविस-४ का श्यामबहादुर शाहलाई माओवादीले मार्ने धम्की दिएका थिए।

गोगनपानी गाविस-१ कटलपौवा निवासी जिल्ला निर्वाचन कार्यालय धादिङबाट सहायक मतदान अधिकृतमा खटिएका ३८ वर्षीय रामहरि थापालाई ०६४ चैत २१ गते बेलुका माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। चैनपुर गाविसमा सहायक मतदान अधिकृतमा खटिएका थापा नियुक्ति पत्र बुझेर घर जाँदै गर्दा स्थानीय माओवादी कार्यकर्ता झिल्के थापामगरको नेतृत्वमा आएको टोलीले कुटपिट गरेको थियो। गोगनपानी निमाविका प्रधानाध्यापकसमेत रहेका थापालाई माओवादीले हातखुट्टा भाँचिदिनुका साथै शरीरभरि धारिलो हतियार खुकुरी, लट्ठीले हानेका थिए। घाइते थापाको काठमाडौँ वीर अस्पतालमा उपचार भयो। थापाले पीडकविरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि कारबाही भएन।

मार्पाक गाविस-४ निवासी मार्पाक गाविसका पूर्वअध्यक्ष तथा काङ्ग्रेसका कार्यकर्ता ५० वर्षीय जीतबहादुर तामाङलाई ०६४ चैत २१ गते माओवादीको एक समूहले धारिलो हतियार प्रहार गरी घाइते बनायो। घाइतेको जिल्ला अस्पताल धादिङमा उपचार भयो।

राती सुतेको अवस्थामा गोठमा बाँधेका गाईवस्तु फुकाएर बाहिर निकालेपछि ती गाईवस्तु बाँध्न जाँदा कुटपिट गरेको पीडितले बताए।

थाक्रे गाविस-४ बाराही प्राविनजिकै नेकपा एमालेको चुनावी घरदैलो कार्यक्रममा गएको अवस्थामा ०६४ चैत २२ गते दिउँसो २ बजेतिर माओवादीलगायत वाईसीएल कार्यकर्ताहरूले आक्रमण गरे। माओवादी थाक्रेका सचिव ज्ञानेन्द्र विडारीको नेतृत्वमा आएको १ सय जनाजतिको समूहले रड, खुकुरी, लट्ठी आदि सामग्रीसहितको हतियारले हमला गरेका थिए। माओवादीको आक्रमणमा परी एमालेका जिल्ला सदस्य थाक्रे गाविस-७ का ४८ वर्षीय शङ्कर तामाङ र स्थानीय कार्यकर्ताहरू २८ वर्षीय भीमसेन तामाङ, २७ वर्षीय छिरिङ तामाङ, १९ वर्षीय मरीचमान तामाङ, सोही गाविस-४ का २८ वर्षीय ईश्वर थापा, २५ वर्षीय प्रमोद रेग्मी गम्भीर घाइते भए। त्यसैगरी, ४३ वर्षीय तेजराज वस्ती, २८ वर्षीया सरिता कार्की, ११ वर्षीया शर्मिला खतिवडा, १५ वर्षीय सुमन खतिवडा, सोही गाविस-५ का ३३ वर्षीय हरि थापा, २३ वर्षीया शोभा खतिवडा, २० वर्षीया पुष्पा खतिवडा, सोही गाविस-३ का ३८ वर्षीय रामकृष्ण कार्की घाइते भए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्र र काठमाडौँमा उपचार भयो। घरमा बसिरहेका महिला र बालबालिकाहरूलाई समेत माओवादीका कार्यकर्ताले आक्रमण गरेका थिए। एमाले कार्यकर्ताहरू तेजराज वस्तीको घरमा खाना खाएर बसिरहेका बेला सबैतिरबाट घेरा हाली आक्रमण गरिएको थियो। आक्रमणबाट घरमा समेत क्षति भएको छ।

केवलपुर गाविस-३ का ३८ वर्षीय ध्रुव विडारी, ३८ वर्षीया मिठु विडारी, ३५ वर्षीया देवकी विडारीलाई ०६४ चैत २२ गते माओवादीलाई सहयोग नगरेको आरोपमा सुतिरहेको अवस्थामा उठाएर घरबाहिर लगी माओवादीले कुटपिट गरे। सोही गाविस-३ का ३५ वर्षीय शिव विडारी र २१ वर्षीय नवराज विडारीलाई पनि माओवादीले कुटपिट गरेका थिए। त्यस्तै, नवीन विडारीको घर तोडफोड गरियो भने ४२ वर्षीय केशव रूपाखेती र २६ वर्षीय विनोद पौडेललाई मार्ने धम्की दिएको पीडितले बताए।

नीलकण्ठ गाविस-५ निवासी काङ्ग्रेस धादिङका जिल्ला सदस्य ५७ वर्षीय नन्दप्रसाद रिजाल र खाल्ने गाविस-५ का ५२ वर्षीय हस्तबहादुर मगरलाई ०६४ चैत २३ गते राती खाल्टे गाविसको देउरालीमा माओवादीले आक्रमण गर्दा घाइते भए। धादिङ क्षेत्र नम्बर २ का काङ्ग्रेस उम्मेदवार एवम् पार्टी सभापति रामनाथ अधिकारीको नेतृत्वमा गएको चुनाव प्रचार प्रसार टोलीलाई माओवादी कार्यकर्ताहरूले खुकुरी प्रहार गरी आक्रमण गरेका थिए। घाइतेलाई २४ गते बिहान हेलिकप्टरबाट उपचारका लागि काठमाडौँ लगियो। घटनाका बारेमा माओवादी धादिङका जिल्ला सदस्य पवन भनिने भरत ढुङ्गानाले काङ्ग्रेस कार्यकर्ताले माओवादीको प्रचार प्रसार सामग्रीमा नोक्सानी पुऱ्याएपछि दोहोरो झडप भएको र माओवादीका चार कार्यकर्ता पनि घाइते भएको बताए।

गोगनपानी गाविस-७ का ३५ वर्षीय मानवअधिकारकर्मी एवम् गैरसरकारी संस्था महासङ्घ धादिङका सचिव गोकर्ण रूपाखेतीलाई ०६४ चैत २३ गते राती माओवादी कार्यकर्ताहरूले आफूहरूलाई नसघाएको आरोपमा हातहतियारसहित घर घेरा हाली मार्ने धम्की दिए। खुकुरी, लट्ठी र भाला लिएका माओवादी कार्यकर्ताले तत्काल घरबाट बाहिर ननिस्के मार्ने धम्की दिए । तत्काल प्रहरी र गाउँबासीलाई खबर गरेका कारण सबैको सहयोगमा उनको सकुशल उद्धार गरिएको थियो। माओवादीका शिवहरि बाँस्कोटाको नेतृत्वमा वाईसीएलको टोलीले मार्ने धम्की दिएको पीडितले बताए।

थाक्रे गाविस-५ का ३० वर्षीय राजेन्द्र सुयल, ३२ वर्षीय दीपक थापा र २२ वर्षीय सुजन थापालाई ०६४ चैत २३ गते माओवादीमा नलागेको आरोपमा

*माओवादीद्वारा कुटपिट गरिएका भरत अधिकारी, फणिन्द्र थापामगर, गोपाल विके र जस थापा*

*माओवादीद्वारा कुटपिट गरिएका भक्तबहादुर लामा*

माओवादीको एक समूहले मार्ने धम्की दियो। माओवादी धम्कीका कारण सो क्षेत्रका मानिसहरू निर्वाचनको समयमा समूहमा जम्मा भएर मात्र हिँडडुल गर्न बाध्य भए।

नीलकण्ठ गाविस-३ ढोडेनीका ३८ वर्षीय नवराज थापामगर, ३८ वर्षीय फणिन्द्र थापामगर र ३९ वर्षीय पोडे सार्कीलाई ०६४ चैत २५ गते माओवादीका कार्यकर्ताले माओवादीमा नलागेको आरोपमा कुटपिट गरी घाइते पारे। बेलुका खाना खाएर खुत्न लागेका बेला केही कुरा गर्नु छ भनी बाहिर लगी लट्ठी र रडले कुटपिट गरिएको पीडितले बताए। केहीबेरमा गाउँलेहरूले थाहा पाएर उनीहरूको उद्धार गरिएको थियो। उनीहरूको खुट्टा भाँचिएको, टाउको र शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडितहरूको जिल्ला अस्पताल धादिङमा उपचार भयो। गरिब भएकै कारण उनीहरूको उपचारमा समस्या परेको थियो।

सेमजोङ गाविस-३ निवासी काङ्ग्रेसका तर्फबाट समानुपातिक उम्मेदवार भएकी ४० वर्षीया उषा लामा र काङ्ग्रेसका जिल्ला सदस्य सोही गाविस-४ का ३५ वर्षीय टेकजङ्ग लामालाई ०६५ चैत २६ गते माओवादीको इलाकामा प्रचार प्रसार गरेको आरोपमा माओवादी कार्यकर्ताले कुटपिट गरी तत्काल गाउँ छाड्न धम्की दिए। कुटपिटका कारण टेकजङ्ग घाइते भए भने दुवै जनाले संविधानसभाको निर्वाचनमा मतदान गर्न पाएनन्। टेकजङ्गको उपचार धादिङबेसीमा भयो।

धादिङका पर्यवेक्षकहरूलाई ०६४ चैत २८ गते संविधानसभा निर्वाचनको दिन माओवादीका कार्यकर्ताले पर्यवेक्षण गर्न रोक लगाए। नेमा अन्तर्गत रहेका भूमेस्थान गाविसका विसु भण्डारी, ईश्वर थापा, किराञ्चोक गाविसका रामकुमार श्रेष्ठ, जोगीमारा गाविसका विष्णु रिजाल, शङ्कर भट्टराई, तसर्पु गाविसकी सीतामाया लामा, नौबीसे गाविसकी अप्सरा उप्रेती रहेका छन्। बुथ पर्यवेक्षकका रूपमा रहेका पर्यवेक्षकहरूलाई धम्की दिने, मतदान केन्द्रभित्र प्रवेश गर्न अनुमति नदिने कार्य गरेको पर्यवेक्षकहरूले जनाएका छन्। उनीहरूलाई मतदान केन्द्रमा भएको अनियमित गतिविधि रिपोर्टिङ् नगर्न पनि धम्की दिइएको पीडितले बताए।

धुषा गाविस-१ का ४० वर्षीय राजेन्द्र थपलियालाई ०६४ वैशाख १२ गते माओवादीलाई असहयोग गरेको आरोपमा माओवादीले मार्ने धम्की दिए। संविधानसभा निर्वाचनमा समेत मतदान गर्न नपाएका थपलियाललाई बेनीघाट गाविस-१ मलेखुमा माओवादी इलाका इन्चार्ज विवेकसहितको टोलीले भेटेर मार्ने धम्की दिएको पीडितले बताए। माओवादीले पटक-पटक आफ्नो पार्टीमा लाग्न दबाब दिँदै आएको भए पनि एमाले इलाका सदस्य भएको र एमाले छाड्न नसकेकाले माओवादीले मार्ने धम्की दिएको पीडितले बताए। पीडितलाई घर जान लागेका बेला बाटोमा भेटेर चुनावमा आफ्नो पार्टीलाई नसघाएको भन्दै घर जान नपाउने भन्दै घर गएमा मारिदिने धम्की दिए।

जीवनपुर गाविसका ७ जना सर्वसाधारणलाई ०६५ जेठ १४ गते माओवादी गाउँस्तरीय कार्यालयमा बोलाएर माओवादीका कार्यकर्ताले कुटपिट गरे। बाटोको विषयमा छलफल गर्न माओवादीले बोलाएर आफ्नो कार्यालयमा लगी कुटपिट गरे। कुटपिटबाट सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष जीवनपुर गाविस-३ का ३१ वर्षीय भीमसेन गजुरेल गम्भीर घाइते भएकाले मनमोहन मेमोरियल अस्पताल काठमाडौँमा उपचार भयो। माओवादीले कुटपिट गरी बेहोस पारेपछि गाउँलेहरूको सहयोगमा गजुरेललाई अस्पताल लगिएको थियो। माओवादीको कुटपिटबाट जीवनपुर गाविस-३ का ३२ वर्षीय तारा गजुरेल, ४० वर्षीय श्रीराम रूपाखेती, ३३ वर्षीय हरि गजुरेलसहित सात जना रहेको

*माओवादीद्वारा कुटपिट गरिएका दावा तामाङ*

*माओवादीद्वारा कुटपिट गरिएका हस्तबहादुर मगर*

घाइते भीमसेन गजुरेलले बताए। माओवादीका दिनेश बास्कोटासहितको १०/१२ जनाको समूहले कार्यालयमा कुटपिट गरेको थियो। गाउँबासीलाई रातीको समयमा तत्काल जम्मा हुन आदेश गरेर पहिल्यैदेखि तयारी गरेर बसेका माओवादीहरूले कुनै पनि कुरा नगरी आक्रमण गरिएको घाइतेहरूले बताए। चुनावमा एमाले भएर हिँडेको र हालका दिनहरूमा विकास निर्माणका काममा लागेकाले हारेको पार्टीका कार्यकर्ताले यस्तो गतिविध गर्न नपाइने भन्दै माओवादीको स्वीकृतिबिना कुनै पनि गतिविधि नगर्नसमेत माओवादीले धम्की दिएको पीडितहरूले बताए।

नौबीसे गाविस-१ धार्केबजारमा रोकेर राखिएको नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन पृथ्वी राजमार्ग एकाइको शववाहन माओवादी कार्यकर्ताले ०६५ कात्तिक २ गते बेलुका तोडफोड गरे। बा५च ५१७४ नम्बरको सो शववाहन मोटरसाइकलमा आएका केही माओवादी कार्यकर्ताले तोडफोड गरेको नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन पृथ्वी राजमार्ग एकाइका अध्यक्ष सुरेश आचार्यले बताए। लट्ठी र ढुङ्गाले हानेर शववाहनका साथै सङ्गठनको कार्यालय, फर्निचरसमेत तोडफोड भएको प्रहरीले जनाएको छ। प्रहरीले पीडकलाई कारबाही गर्न सकेन। आफ्ना कार्यकर्ता युथफोर्सले हत्या गरेको भन्दै आक्रोशित वाईसीएल कार्यकर्ताले एक ट्रक र एक मोटरसाइकलमा आगजनी, अन्य तीनओटा गाडी तोडफोड गरेका छन्। केभी (कृष्णभक्त) कर्माचार्यको पीडा गाविस-१ बेल्खुमा बालुवा लिन गएको ना२ख ६६९७ नम्बरको ट्रिपर (ट्रक) बा१२प ३१०५ नम्बरको मोटरसाइकल जलाइदिएका छन् भने यात्रु बोकेर पश्चिमबाट आएको ना३ख ४७९३ को यात्रुवाहक बसलाई यात्रु भित्रै भएका बेला तोडफोड गरेका छन्। यसैगरी, ना२ख ५३४२ को ट्रक र बा२ख ४१२३ नम्बरको हाइस माइक्रोबस तोडफोड गरेको स्थानीयबासीले जानकारी दिएका छन्। आक्रोशित वाईसीएल कार्यकर्ताले मलेखुमा रहेको मनकामना पाण्डे ट्रेडर्समा रहेको कोकको स्टोरमा तोडफोड गरेका छन्। सोही ट्रेडर्समा काम गर्ने कर्मचारी बेनीघाट गाविस-१ मलेखुका २७ वर्षीय अजय पोखरेललाई वाईसीएलले आक्रमण गर्दा घाइते भएका छन्। कात्तिक ४ गते बिहान वाईसीएलले मृतक कृष्णबहादुर भण्डारीको प्रकृति मुचुल्का कार्यालयमा च्यातिदिएपछि प्रहरीले वाईसीएलले भने अनुसारको अर्को प्रकृति मुचुल्का गरेको थियो।

जीवनपुर गाविस-७ का पूर्ववडाअध्यक्ष एवम् एमाले कार्यकर्ता ३५ वर्षीय दुर्गा पाण्डे र एमाले कार्यकर्ता राजेन्द्र न्यौपानेलाई ०६५ कात्तिक ६ गते माओवादी कार्यकर्ताले कुटपिट गर्दा गम्भीर घाइते भए। गाउँनजिकै तेर्से पानीमा चिया खाएर बसेको स्थानमा माओवादीका दिनेश बास्कोटाको नेतृत्वमा आएको समूहले रडले हानेर उनीहरूको हात भाँचिदिएको र शरीरभरि चोट लागेको पीडितहरूले बताए। घाइतेको वीर अस्पतालमा उपचार भयो। घटनाको निन्दा गर्दै एमालेले एक वक्तव्य प्रकाशित गरी कात्तिक ७ गते पीडकलाई कडा कारबाही गर्न माग गरेको छ।

### वाईसीएलबाट

बैरेनी गाविस-९ का पूर्वगाविस अध्यक्ष ४५ वर्षीय कृष्णहरि श्रेष्ठ, एमाले गाउँ सचिव ४६ वर्षीय अर्जुन रिमाल, ३२ वर्षीय फेके परियार, ५२ वर्षीय रामशरण अधिकारी, २५ वर्षीय नवराज रिमाल, २२ वर्षीय गङ्गादत्त अधिकारी, २२ वर्षीय साधुराम खतिवडा, २२ वर्षीय बद्रीप्रसाद खतिवडा ०६४ चैत ७ गते बैरेनी गाविस-४ कोइलीखर्कमा वाईसीएलले गरेको आक्रमणबाट घाइते भए। घाइतेमध्ये कृष्णहरि श्रेष्ठको बीएण्डबी अस्पतालमा उपचार भयो। चुनाव प्रचारका

*माओवादीद्वारा कुटपिट गरिएका कृष्णहरि श्रेष्ठ*

लागि गाउँ गएका बेला घेरा हाली रड, लट्ठी र मुड्कीले कुटपिट गरेका थिए। घाइतेहरूलाई उपचार गर्न नलानसमेत गाउँलेलाई माओवादीले धम्की दिएका थिए।

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका शिवकुमार श्रेष्ठ, उनकी पत्नी लक्ष्मी र बुबा मानबहादुर*

भूमेस्थान गाविस-४ सल्लेमा एमालेका उम्मेदवार राजेन्द्रप्रसाद पाण्डेसहितको टोलीमाथि ०६४ चैत ७ गते साँझ वाईसीएलले आक्रमण गऱ्यो। आक्रमणमा ४२ वर्षीय कृष्ण थापा, ३५ वर्षीय शिव रिजाल, ऋषिराज रेग्मीसहित पाँच जना घाइते भए। माओवादीले दिउँसोदेखि नै वाईसीएलले आक्रमण गर्ने योजना बनाएकामा प्रहरीले रोकेको थियो। बेलुका एकान्तमा पारी माओवादीले आक्रमण गरेको थियो। उनीहरूले खुकुरी, रड र लठ्ठीले आक्रमण गरेका थिए।

पिडा गाविस-४ डोलभञ्ज्याङमा ०६४ चैत ७ गते एमालेका जिल्ला सदस्य एवम् पूर्व गाविस अध्यक्ष ४० वर्षीय प्रमोद रूपाखेती र ३६ वर्षीय विनोद रूपाखेतीलाई वाईसीएलले आक्रमण गरी घाइते बनायो। घाइतेको उपचार गर्न लानसमेत माओवादी समूहले रोकेको थियो। उनीहरूले चुनाव प्रचार गरे मारिदिने धम्की दिए।

केवलपुर गाविस-८ का एमाले कार्यकर्ता २५ वर्षीय भरत अधिकारीलाई ०६४ चैत २५ गते एमालेमा लागेको आरोपमा वाईसीएलको समूहले ढुङ्गाले हानेर घाइते पारे। एमालेको सभाबाट फर्केको अवस्थामा माओवादीको चुनाव चिन्ह भएको कपडा लगाएको समूहले ढुङ्गामुडा गरेको थियो। सो आक्रमणमा परी घाइते भएका अधिकारीको स्थानीय स्वस्थ्य केन्द्रमा उपचार भयो। उनको टाउकोमा गहिरो चोट लागेको थियो।

बैरेनी गाविस-९ निवासी बागेश्वरी उमावि बैरेनीका प्रधानाध्यापक ५० वर्षीय ध्रुवराज खतिवडा सोही गाविस-९ निवासी अम्लेश्वर महादेव मन्दिर संरक्षण समितिका अध्यक्ष ५४ वर्षीया परशुराम नेपाल, २२ वर्षीय सुरेन्द्र अधिकारी र ४० वर्षीय बलराम भण्डारीलाई ०६५ भदौ १८ गते वाईसीएल कार्यकर्ताले कुटपिट गरे। खतिवडालाई विद्यालयबाट परीक्षा सकेर निस्कन लाग्दा र अन्यलाई बैरेनी बजारमा कुटपिट गरिएको थियो। लट्ठी, रड र चिरपटले कुट्दा खतिवडाको हात र खुट्टामा गम्भीर चोट लाग्यो। खतिवडाको एक महिनासम्म अस्पतालमा उपचार भए पनि यस वर्षको अन्त्यसम्म निको भएको छैन।

बैरेनी गाविस-९ निवासी एमाले कार्यकर्ता ३५ वर्षीय राजेन्द्र रिमाललाई ०६५ कात्तिक २ गते बेलुका वाईसीएल कार्यकर्ताले आक्रमण गरी कुटपिट गरे। बैरेनी गाविस-८ मा काठ चिर्ने मिल सञ्चालन गर्ने रिमाललाई नौओटा मोटरसाइकलमा आएका वाईसीएल कार्यकर्ताले आक्रमण गरेका थिए। रिमाललाई खुकुरी हानेर आक्रमण गर्नेमध्येका नीलकण्ठ गाविस-५ का बलराम मगर र दार्खा गाविस-९ का अमृत तामाङलाई कात्तिक २ गते राती प्रहरीले गिरफ्तार गरेकामा माओवादीले जिल्ला प्रहरी कार्यालयमा घेरा हाली विरोध प्रदर्शन गरेपछि कात्तिक ५ गते रिहा गरे। घटनाको छानबिन भइरहेको र पीडकहरूलाई गिरफ्तार गरी कारबाही गरिने प्रतिबद्धतापछि बैरेनीबासीले कात्तिक २ गते बेलुका साढे छ देखि बन्द गराएको पृथ्वी राजमार्ग राती ११ पछि खुलेको थियो। सोही घटनामा प्रयोग गरिएको भन्दै प्रहरीले चारओटा मोटरसाइकल र खुकुरी बरामद गरेको जनाइए पनि प्रहरीले मोटरसाइकलको नम्बर सार्वजनिक गर्न मानेन। घाइते रिमालको बैरेनीको श्री नम्बर ६ वाहिनी अड्डामा रहेको नं. ६ फिए गुल्ममा उपचारपछि थप उपचारका लागि राती नै काठमाडौं पठाइ उपचार भयो। पीडकलाई कारबाही भएन।

मुरलीभञ्ज्याङ गाविस-६ निवासी नेपाल तरुण दल र नेपाल दलित सङ्घका केन्द्रीय सदस्य ३६ वर्षीय गोपाल विश्वकर्मालाई ०६५ कात्तिक १५ गते साँझ माओवादी कार्यकर्ताले वाईसीएलको नेतृत्वमा कुटपिट गर्दै मार्ने धम्की दिए। दीपक रेग्मी, सुरज रेग्मी, कृष्णबहादुर रेग्मी, राजाराम भट्टराई, ऋषि भट्टराईलगायत १२-१३ जनाको समूहले घर जान

*माओवादीद्वारा कुटपिट गरिएका शङ्कर तामाङ, राजेन्द्र अर्याल, नन्दप्रसाद रिजाल र रामशरण अधिकारी*

लागेका बेला बाटोमा आक्रमण गरेको पीडितले कात्तिक १६ गते मानवअधिकारकर्मी र सञ्चारकर्मीलाई बताए। उनको ओँठमा चोट लागेको थियो। सोही समूहले सामाजिक कार्यकर्ता ठाकुर परियारलाई मार्ने धम्की दिए। घटनाको लगत्तै वाईसीएलको थप ५०/६० जनाको समूह हरिशरण नेपालको नेतृत्वमा गएको थियो। सो समूहले उनीहरूलाई अपशब्द प्रयोग गरी गाली बेइज्जतिसमेत गरेको थियो। विश्वकर्माको धादिङ अस्पतालमा उपचार भयो। सो घटनालाई माओवादीहरूले आफ्ना दुई जना कार्यकर्तालाई विकको समूहले कुटपिट गरेको र अपहरण गरेको भन्ने सूचना आएकाले माओवादी समूह घटनास्थल पुगेको बताएको थियो। प्रहरीले भने प्रहरी कार्यालयमा माओवादी कार्यालयबाट दुई जना माओवादी कार्यकर्ता अपहरणमा परेको र कुटिएकाले उद्धार गर्नका लागि फोन आएको तर घटना बुझ्दा त्यस्तो नभएको जनायो।

### काङ्ग्रेसबाट

धादिङबेसीमा एमाले जिल्ला सचिव गुरुप्रसाद बुर्लाकोटीलाई ०६४ चैत २६ गते एमालेको सभामा धेरै मानिस आएको भन्दै त्यसको विरोधमा काङ्ग्रेस कार्यकर्ताले हातपात गरी एमालेको जिल्ला कार्यालय तोडफोड गरे। तरवार, खुँडा, खुकुरी लिएर आएकाहरूले सदरमुकाम आतङ्कित पारे। जसले गर्दा प्रशासनले बिहान १० बजेदेखि २ बजेसम्म कर्फ्यु लगायो।

मुरलीभज्याङ गाविस-३ का ३९ वर्षीय डम्बरबहादुर मगर काङ्ग्रेसमा नलागेको आरोपमा ०६४ चैत २९ गते उनलाई काङ्ग्रेस कार्यकर्ता २० वर्षीय राजु मगरसहितको समूहले आक्रमण गरी घाइते बनायो। पीडितको नाक काटिएपछि जिल्ला अस्पतालमा उपचार भयो। पीडितका तर्फबाट प्रहरीमा जाहेरी दिए पनि पीडकलाई कुनै कारबाही भएन।

### एमालेबाट

मूलपानी गाविस-३ निवासी काङ्ग्रेस कार्यकर्ता ५० वर्षीय रामप्रसाद सडौलालाई ०६४ चैत २८ गते एमाले विरुद्ध लागेको आरोपमा एमाले कार्यकर्ताले कुटपिट गरे। संधिानसभा निर्वाचन सकिएको लगत्तै बाकस लिएर सदरमुकाम जान लाग्दा सडौलामाथि एमाले कार्यकर्ताले आक्रमण गरेका थिए।

कल्लेरी गाविस-१ का माओवादी कार्यकर्ता सुवास झ्यारी, माइला झ्यारी, बाबुराम आले र चुकबहादुर झ्यारीलाई ०६५ कात्तिक १५ गते एमाले कार्यकर्ताले मार्ने धम्की दिए। गाउँका एमाले कार्यकर्ताले धम्की दिएकाले एक दिन घर छाडेको चुकबहादुर झ्यारीले बताए। उनीहरूसँगै मैतराम सेञ्चुरी, लोर्के विक, बलराम विक, टीकाराम विक र अर्जुन विकलाई धम्की दिएको उनीहरूले बताए।

### युथफोर्सबाट

बैरेनी गाविस-९ का ३१ वर्षीय सुन्दर दर्जी माओवादीमा लागेर रक्सी खाई हो-हल्ला गरेको आरोपमा ०६५ असोज २७ गते उनलाई युथफोर्सका कार्यकर्ताले नियन्त्रणमा लिई प्रहरीलाई बुझाए। कुटपिट गर्दै प्रहरीमा बुझाएपछि बैरेनी प्रहरीले दुवै हातलाई एउटै हत्कडीमा राखेर इलाका प्रहरी कार्यालय गजुरी लगे। उनलाई एक दिनपछि मात्र प्रहरीले रिहा गरेको थियो। सो घटनामा संलग्न प्रहरी र युथफोर्सविरुद्ध जाहेरी दर्ता गर्न जाँदासमेत जाहेरी नलिएको पीडितले बताए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

जीवनपुर गाविस-७ चण्डीभन्ज्याङमा एमालेले ०६४ चैत १२ गते आयोजना गरेको चुनावी सभामा माओवादी कार्यकर्ताहरूले आक्रमण गरे। एमालेको चुनावी कार्यक्रममा बेपत्ता परिवारको नामबाट गएका

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका सहायक मतदान अधिकृत रामहरि थापा*

५ सयभन्दा बढी माओवादी कार्यकर्ताले अन्धाधुन्ध आक्रमण गरी आमसभासमेत बिथोलेका थिए। माओवादीको नेतृत्व माओवादीका जिल्ला सचिवालय सदस्य दीपक लामिछाने र बेपत्ता परिवार समाजका अध्यक्ष टीका कँडेलले संयुक्त रूपमा गरेका थिए। काठमाडौँबाट छओटा रिजर्भ बसमा ल्याइएका व्यक्तिहरूले एमालेको कार्यक्रम सुरु हुनासाथ दिउँसो सभास्थलमा ढुङ्गामुढा र लट्ठी प्रहार गरी कार्यक्रम बिथोलेका हुन्। असभ्य शब्दमा नारा लगाउँदै सभास्थलमा प्रवेश गर्न खोज्ने माओवादी कार्यकर्ताहरूले तीन घण्टासम्म कार्यक्रममा अवरोध पुऱ्याएपछि एमालेले चुनावी सभा रोकेको थियो। तीन घण्टासम्म माओवादी आक्रमण जारी रहेपछि सभास्थलमा रहेका एमाले केन्द्रीय सदस्य एवम् धादिङ क्षेत्र नम्बर ३ का उम्मेदवार राजेन्द्रप्रसाद पाण्डे, एमाले केन्द्रीय नेता डा. पुष्प कँडेल, एमाले जिल्ला उपसचिव मीनराज कँडेल, एमाले जिल्ला सदस्यहरू भूमि त्रिपाठी, शिवराज कँडेल, नेत्रराज पौडेल, शङ्कर तामाङ, उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय सदस्य ध्रुव विक, अनेरास्ववियुका केन्द्रीय सदस्य रमेश आचार्य, अनेमसङ्घ जिल्ला सदस्य निर्मला अधिकारीलगायतलाई प्रहरीले सुरक्षा दिएर काठमाडौँ पुऱ्याएको थियो। वाईसीएल नेपाल जिन्दावाद लेखिएको ट्रयाकसुट लगाएका ३ सय जनाजति र अन्य पोसाक लगाएका र टाउकोमा रातो कफन बाँधेका २ सयभन्दा बढी माओवादी कार्यकर्ताले एकैसाथ आक्रमण गरेका थिए। उनीहरूले दुईओटा पर्यटकीय बस र तीनओटा भाडाका बस प्रयोग गरेका थिए। पूर्वनिर्धारित स्थान माओवादीले कब्जामा लिएपछि सोही गाविस-७ चण्डीभन्ज्याङमा एमालेले कार्यक्रमस्थल सारेको स्थानीयबासीले जानकारी दिए। एमालेको कार्यक्रम सुरु भएको १५ मिनेटपछि गाविस भवनपट्टिबाट माओवादीको जुलुस एमालेविरुद्ध नाराबाजी गर्दै हातमा काठका डण्डी, काँडेदार लठ्ठी, फलामे छड, राज्यद्वारा बेपत्ता पारिएकाहरूको तस्बिरसहितका प्लेकार्ड र एउटा व्यानर बाकेर एमालेको सभास्थलमा प्रवेश गर्न खोजेको थियो। यसै क्रममा सभास्थलभन्दा माथि बसेका माओवादीले ढुङ्गामुढा गरी रहे, सशस्त्र प्रहरीको गाडीको अगाडिको सिसा फुट्यो, तीनओटा मोटरसाइकल तोडफोड भयो, जीपको एउटा टायरको हावा खोलिदिए। सभामा आएका एमाले कार्यकर्ताहरूलाई बेलुका घर फर्कने क्रममा माओवादी कार्यकर्ताले आक्रमण गर्दा लीलानाथ रूपाखेती, केदारनाथ रेग्मी घाइते भए। अन्यलाई पनि घरमा गएर आक्रमण गर्ने धम्की माओवादीहरूले दिइरहेको पर्यवेक्षण टोलीले सुनेको थियो।

दार्खा गाविसको किन्ताङफेदीमा ०६४ चैत २८ गते साँझ माओवादी र सशस्त्र प्रहरीबीच झडप हुँदा माओवादीले हानेको ढुङ्गा लागेर सशस्त्र प्रहरी हवलदार सरोज न्यौपाने घाइते भए। सो क्रममा माओवादीले समेत फायर गरेको थियो। माओवादी घेरामा रहेका काङ्ग्रेसका क्षेत्र नम्बर १ का उम्मेदवार दिलमान पाखिनलाई छुटाउन गएको सशस्त्र प्रहरीलाई जिल्लाको दार्खा गाविसमा माओवादी कार्यकर्ताले हमला गरेपछि स्थिति नियन्त्रणमा लिन सशस्त्र प्रहरीले हवाई फायर गरेको थियो। माओवादी घेरामा रहेका काङ्ग्रेसका उम्मेदवार दिलमान पाखिनलाई भने प्रहरीले हेलिकप्टरको सहायताले दिउँसो सदरमुकाम धादिङबेसी ल्याइपुऱ्याएको थियो।

गुम्दी, दार्खा, सत्यदेवी र सेर्तुङ गाविसको मतपेटिका माओवादीले जलाइदिएको विषयमा चैत २९ गते काङ्ग्रेस र माओवादी कार्यकर्ताहरूबीच भएको आरोप-प्रत्यारोपले विवादको रूप लिएपछि जिल्लाको मतगणना कार्य प्रभावित भयो। क्षेत्र नम्बर १ मा पर्ने विभिन्न आठ गाविसबाट दार्खा गाविसको किन्ताङफेदीमा सङ्कलन गरी ती मतपेटिका सदरमुकाम धादिङबेसी ल्याउने क्रममा त्यहाँबाट त्रिपुरेश्वर गाविसमा ल्याई माओवादी कार्यकर्ताहरूले ०६४ चैत २९ गते बिहान दार्खा, सत्यदेवी र गुम्दी गाविसका मतपेटिका जलाइदिएको भन्दै काङ्ग्रेस र माओवादी कार्यकर्ताहरूबीच एकआपसमा विवाद सुरु भयो। माओवादी कार्यकर्ताले तीनओटा गाविसको मतपेटिका जलाइदिएपछि आक्रोशित भएका काङ्ग्रेस कार्यकर्ताले पनि जिल्लाकै सेर्तुङ गाविस मुक्तापदेवी मावि 'ख' केन्द्रको मतपेटिका जलाइदिए। मतपेटिका जलाइएको विषयमा काङ्ग्रेस र माओवादी कार्यकर्ताबीच भएको विवादले झडपको रूप लिएपछि किन्ताङफेदीमा

रहेका बाँकी मतपेटिका प्रहरीले हेलिकप्टरको सहायतामे सदरमुकाम धादिङबेसी ल्याएको थियो। माओवादी र काङ्ग्रेसले १९ मतदान केन्द्रका ३८ ओटा मतपेटिका जलाइदिएको सहायक प्रमुख जिल्ला अधिकारी तथा निर्वाचन सूचना अधिकारी कृष्णप्रसाद अधिकारीले बताए।

गजुरीस्थित एमाले गाउँ पार्टी कार्यालय ०६४ चैत ८ गते माओवादी कार्यकर्ताले तोडफोड गरी क्षति पुऱ्याए। चैत ७ गते बैरेनी गाविस-४ कोइलीखर्कमा एमाले कार्यकर्ताहरू माओवादीबाट निर्घात पिटिएपछि आक्रोशित भीडले बैरेनीबजारस्थित माओवादी कार्यालय तोडफोड गरेलगत्तै माओवादीहरूले गजुरीमा रहेको एमाले पार्टी कार्यालयमा आक्रमण गरेका थिए। माओवादी आक्रमणबाट पार्टी कार्यालयमा रहेका फर्निचर, महत्त्वपूर्ण कागजपत्र, चुनाव प्रचार प्रसारका सामग्री, कम्युनिस्ट नेताहरूका तस्विरसमेत क्षति भएको एमाले गजुरीका नेता शुक्ल उप्रेतीले बताए।

केवलपुरमा रहेको एमाले चुनाव प्रचार सम्पर्क कार्यालय ०६४ चैत २० गते नेकपा माओवादीका कार्यकर्ताले तोडफोड गर्नुका साथै एमालेको झण्डा र प्रचार सामग्री जलाइदिए। बेपत्ता परिवार समाजको नामबाट एक जुलुस निकाली माओवादीका गाउँ कमिटी सचिव रामप्रसाद पुडासैनी र गाउँ कमिटीका पूर्वसचिव शिवहरि बाँस्कोटाको नेतृत्वमा कार्यालय तोडफोड गर्नुका साथै प्रचार सामग्री जलाइदिएका थिए। लट्ठीसहितको माओवादी जुलुसले गाउँमा एमाले, काङ्ग्रेसलगायतले राखेको झण्डा र पर्चाहरूसमेत च्यातिदिए।

नीलकण्ठ गाविस-५ निवासी नेपाल विद्यार्थी सङ्घ धादिङका अध्यक्ष २७ वर्षीय दीपक कोइराला, नेविसङ्घ कार्यकर्ता मुरलीञ्ज्याङ गाविस-२ का २६ वर्षीय हरि सिलवाल, २१ वर्षीय गणेश ढकाल र १९ वर्षीय मुना सिंखडाले माओवादीविरुद्ध प्रचार गरेको आरोपमा ०६४ चैत २७ गते उनीहरूलाई वाईसीएल कार्यकर्ताले सल्यानटार गाविस-४ टारीबेसीबाट अपहरण गरे। अपहरणपछि वाईसीएल कार्यकर्ताले उनीहरूसँग भएको मोबाइल, मोटरसाइकललगायतका सामानसमेत कब्जामा लिई तीन जनालाई जङ्गलमा लगी राखे। तीन जनालाई राती मात्र छुट्टाछुट्टै स्थानमा राखेर खाने कुरा खान दिएका थिए। पीडितहरूलाई संविधानसभा निर्वाचनमा मतदान गर्नसमेत दिइएन। माओवादीको कब्जामा रहँदा माओवादीका जिल्ला सदस्य रामबहादुर भण्डारीले बढी कुरा गरेमा जे पनि हुनसक्छ भनेर सफाया गर्ने धम्की दिएको पीडित कोइरालाले बताए। उनीहरूलाई चैत २८ गते बेलुका मात्र आगिनचोक गाविस-३ बाट मुक्त गरिएको थियो।

*माओवादी र वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरिएका अर्जुन रिमाल, फेके परियार र पोडे सार्की*

## सुगम र निष्पक्ष न्यायिक अधिकार

गत वर्षको जिम्मेवारी सरेर आएका मध्ये ५० थान देवानी, १३ थान सरकारवादी फौजदारी र १६ थान दुनियाँवादी फौजदारी मुद्दा गरी जम्मा ७९ थान मुद्दा फर्स्यौट भए।

यस वर्ष दर्ता भएका देवानी ६७ थान, सरकारवादी फौजदारी ९४ थान र दुनियाँवादी फौजदारी ७० थान गरी जम्मा २ सय ३१ थान मुद्दा फर्स्यौट भए।

जिल्ला अदालत धादिङमा ०६५ पुस १६ गतेसम्ममा देवानी ९० र फौजदारी १ सय १३ गरी जम्मा २ सय ३ थान मुद्दा अझै फर्स्यौट हुन बाँकी छन्।

जिल्ला अदालतबाट ०६१ देखि चार थान देवानी, ०६२ देखि १ थान सरकारी फौजदारी, दुई थान देवानी र दुई थान दुनियाँवादी फौजदारी मुद्दा अझै फैसला हुन सकेका छैनन्। जिल्ला अदालतमा ५७ थान मुद्दा मुल्तवीमा रहेको छ। सरकारवादी फौजदारी मुद्दामा विपक्षीहरू नआएमा, प्रमाणको अभाव वा प्रमाणका लागि थप छानबिन गर्नुपर्ने मुद्दालाई मुल्तवीमा राखिने गरिएको छ।

बन्द इजालस रहेको बताइएको भए पनि धादिङ अदालतमा बाल इजालस भने रहेको छैन। जिल्ला अदालतमा बालबालिकाहरू पीडित रहेका मुद्दाहरू पनि रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा यस वर्षको अन्त्यसम्ममा केही सार्वजनिक अपराधका २७ ओटा मुद्दा फैसला हुन बाँकी छन्। ०५२ सालदेखि परेका मुद्दामध्ये यस वर्ष केही सार्वजनिक अपराधका मुद्दामध्ये एक थान मात्र फैसला भएको छ। हातहतियार तथा खरखजानामा दुईओटा, अनुचित कार्यमा १० ओटा र

भ्रष्टाचारमा सातओटा मुद्दा अझै फैसला भएका छैनन्।

## बालअधिकार

नलाङ गाविस-६ नयाँबस्ती निवासी आठ वर्षीया कालीमाया तामाङको ०६४ माघ २२ गते साँझ ६ बजेतिर छिमेकी दाजु नाता पर्ने २२ वर्षीय चन्द्रबहादुर तामाङले बलात्कार गरी हत्या गरे। बालिकालाई ललाइफकाई नजिकैको फिलिङ जङ्गलमा लगी बलात्कार गरी हत्या गरेको प्रहरीसामु पीडकले स्वीकार गरे । पीडकलाई बलात्कारपछि हत्या गरेको आरोपमा कारबाही चलाइएको छ।

नलाङ गाविस-९ का १५ वर्षीय गणेश लम्साल, १६ वर्षीय गणेश श्रेष्ठ, १६ वर्षीय सन्तोष सिलवाल र १६ वर्षीय विष्णु सिलवाललाई ०६५ वैशाख १४ गते चोरी गरेको आरोपमा माओवादीको वाईसीएलले अपहरण गरी दुर्व्यवहार गरे। एक जना माओवादी कार्यकर्ताको घरमा चोरी गरेको आरोप लगाई अपहरण गरेपछि गल्ती स्वीकार गरेमा छाडिदिने भन्दै दुर्व्यवहार गरेको, कुटेको र अपशब्द बोलेको पीडितहरूले वैशाख १४ गते बेलुका पत्रकार सम्मेलन गरी बताए। उनीहरूलाई अपहरणपछि गाली गर्दै, कुटपिट गर्दै, गाउँ घुमाएर प्रहरीमा बुझाइएको थियो। चोरीमा संलग्न नभएको भन्ने प्रहरीले जनाएपछि उनीहरूलाई छाडिएको थियो।

सल्यानटार गाविस-१ की एक १२ वर्षीया बालिकालाई ०६५ जेठ २३ गते छिमेकी २१ वर्षीय राजकुमार कुमालले बलात्कार गरे। घरमा कपडा सुकाएर उठाउन लागेका बेला घरभित्र पसेर बालिकालाई बलात्कर गरेको पीडितले बताए। घरमा कोही पनि नभएको मौका छोपी बालिकालाई पीडकले बलात्कार गरेको प्रहरीसमक्ष स्वीकार गरे। पीडितका पिता विदेश गएको र माता काममा गएको अवस्थामा बलात्कार गरी यो खबर कतै नगर्न बालिकालाई पीडकले धम्की दिएका थिए। घटनाबारे छिमेकीले थाहा पाएकाले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा पीडितले किटानी जाहेरी दिएका थिए। पीडक फरार छन्।

नौबीसे गाविस-९ जयडाँडा सुनारगाउँका १२ वर्षीया एक बालिकालाई आफ्नै बाबु ४२ वर्षीया माइला सुनारले ०६५ असार ७ गते र पटक-पटक बलात्कार गरे। बलात्कार गरेको पीडाले घर छाडेर काठमाडौँमा बस्दै आएकी बालिकाले एक महिनापछि बाल संरक्षण समितिमा खबर गरेपछि घटना सार्वजनिक भयो। यसपछि पीडकले गाउँका अन्य दुई बालिकालाई अपशब्द प्रयोग गर्दै हतियार देखाएर बलात्कार गर्ने धम्की थिए। प्रहरीले पीडक सुनारलाई ०६५ असोज २२ गते गिरफ्तार गऱ्यो। उनलाई प्रमुख जिल्ला अधिकारीले ५ सय रुपियाँ धरौटी लिई रिहा गरे।

दार्खा गाविस-७ की ६ वर्षीया एक बालिकालाई ०६५ भदौ ७ गते सोही गाविस-१ का १५ वर्षीय प्रेमबहादुर थापामगरले बलात्कार गरे। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। दार्खा गाविस-१ पात्ले जङ्गलमा सोत्तर काट्न गएका बेला बलात्कार गरेपछि बालिका बेहोस भएकी थिइन्। घटनापछि बालिकाको उपचार र पीडकलाई प्रहरीले गिरफ्तार गरेको थियो। पीडक बालक भएकाले भक्तपुरस्थित बालसुधार गृहमा राखिएको छ भने मुद्दा जिल्ला अदालतमा फैसला हुन बाँकी छ। सो मुद्दा भदौ ३१ गते जिल्ला अदालतमा दर्ता भएको हो।

नीलकण्ठ गाविस-४ सोह्रघरकी १२ वर्षीया एक बालिकालाई ०६५ कात्तिक २० गते बिहान घरमा सुतेको स्थानमा सोही गाविस-४ का २५ वर्षीय राजकुमार थापामगरले बलात्कार गरे। ओछ्यानमै प्रवेश गरी बालिकाको मुख छोपेर बलात्कार गरेपछि बालिका बेहोस भएकी थिइन्। बालिकाको जिल्ला अस्पतालमा उपचार भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी बलात्कारको आरोपमा जेलमा थुनुवा पुर्जी दिएर राखेको छ। पीडितले महेन्द्र माविमा कक्षा ७ मा पढ्ने गर्थिन्। घटनापछि उनले पढाइ छाडिन्।

तसर्पु गाविस-५ गहतेकी १७ वर्षीया बालिकालाई ०६५ असार ७ गते सोही गाविस-४ का २३ वर्षीय राजु अर्याल क्षेत्रीले बलात्कार गरे। खेत रोपेर घर फर्कन लाग्दा तसर्पु गाविस-५ को लप्सीडाँडा वनको खोल्सामा लगी ललाइफकाई गर्दा नमानेपछि जबरजस्ती बलात्कार गरेका हुन्। बलात्कारपछि घटना सार्वजनिक नगर्न र गरेमा मारिदिने धक्की दिएका थिए। त्यसपछि विवाह गर्ने आश्वासन दिएर छाडे। "केटा पक्षले स्वीकार गरेन, पेटमा बच्चा छ भनेर । आत्महत्या गर्न मन लाग्यो । तर, सामाजिक कार्यकर्ता अप्सरा उप्रेतीले तालिम दिएपछि म आफैँ बाच्छु जस्तो लाग्यो," पीडितले भनिन्। तसर्पु बाल संरक्षण समितिमा निवेदन दिएपछि ०६५ मङ्सिर २५ गते राजुले गल्ती स्वीकार गरी पीडितलाई स्वीकार गरेका थिए। तर, अझै घरमा बस्न दिएका छैनन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

थाक्रे गाविस-५ का दुई युवतीलाई भारतमा बिक्री गर्न लान लागेको अवस्थामा ०६५ वैशाख १३ गते स्थानीयको सहयोगमा प्रहरीले गिरफ्तार गऱ्यो । चितवन जिल्ला रत्ननगर नपा-१ की २५ वर्षीया नुरेश खातुनसहित बेचिन लागेका भनिएका दुई युवतीलाई माइती नेपाल पठाइएको छ भने पीडकलाई प्रहरीले हिरासतमा लिई कारबाही चलाएको छ।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सलाङ गाविस-६ की ५० वर्षीया एक महिलालाई ०६४ पुस २४ गते सोही गाविस-६ का ४५ वर्षीय रामकृष्ण पाण्डे, उनकी पत्नी ४० वर्षीया सीता पाण्डे, एकराज पाण्डेसहित छ जनाको समूहले कुटपिट गर्दै अभक्ष कोचाए। प्रहरीले पीडकलाई गिरफ्तार गरेको भए पनि कारबाही नगरी धरौटीमा रिहा गरेको छ। प्रहरीले पीडकमाथि मुद्दा चलाउने बताएको थियो।

### पारिवारिक हिंसा

सलाङ गाविस-८ की ४० वर्षीया माया सार्कीलाई उनका तीन जना बच्चासहित ०६५ भदौ ८ गते उनका परिवारले घर निकाला गरे। आफैंले कमाएर ल्याएर खानुपर्ने भन्दै उनलाई घर निकाला गरेपछि पीडितले महिला विकास कार्यालयमा उजुरी गरिन्। घर निकालिएका चार जना मजदुरी गरेर छिमेकीको घरमा बसेर जीवन गुजारी रहेका छन्।

मार्पाक गाविस-७ बोराङकी ४० वर्षीया कोपिला रानामगरलाई ०६५ भदौ २७ गते परिवारले एचआईभी/एड्स लागेको आरोप लगाउँदै घर निकाला गरे। दुई/दुईपटकसम्म पनि रेडक्रसको सहयोगमा रगत परीक्षण गर्दा एचआईभी पोजेटिभ नदेखिएको भए पनि रानामगरलाई एचआईभी लागेको आरोपमा घर निकाला गरियो। पीडितका पतिको एचआईभीका कारण मृत्यु भएको र सोही आरोपमा आफूलाई पनि घरबाट निकालिएको पीडितले जानकारी दिइन्। उनका पतिको ०६४ जेठ महिनामा एचआईभका कारण मृत्यु भएको थियो।

कुम्पुर गाविस-७ की ३५ वर्षीया शारदा आचार्यलाई ०६५ कात्तिक ६ गते इलाका प्रहरी कार्यालय गजुरीका प्रहरीले दुर्व्यवहार गरे। विवाह नगरी माइतीमै बसेकी अपाङ्गता भएकी आचार्यलाई कुटपिट गरी मार्न खोजेपछि प्रहरी कार्यालयमा उजुरी गर्न गएको र प्रहरीले सुरक्षा दिन नसक्ने बताउँदै दुर्व्यवहार र अपशब्द प्रयोग गरेका थिए। यस घटनापछि प्रहरीलाई कारबाही गर्न पीडितले प्रहरी नायव उपरीक्षकसमक्ष माग गरे पनि कारबाही भएको छैन। पीडितले खानाका लागि अहिले अंशमुद्दा हालेकी छन्।

बूढाथुम गाविस-७ की १७ वर्षीया लक्ष्मी बरुवाललाई ०६५ कात्तिक १२ गते विवाह नगरी बच्चा पाएको आरोपमा घरबाट निकालिइयो। छिमेकी राजेन्द्र सिंखडासँगको सम्बन्धबाट ०६४ फागुनमा बच्चा पाएर घर बसेकी बरुवाललाई घर निकाला गरिदिएपछि दिदी-भिनाजुको घरमा शरण लिएकी छन्। भिनाजुको घरमा बसेकै भरमा भिनाजुको बात लगाइएको पीडितले एक सार्वजनिक कार्यक्रममा बताइन्। केटाले मन पराए पनि परिवारले घर निकाला गरेको र राजनीतिक संरक्षण दिई आफूलाई नै अन्यत्र जान भनेको पीडितको गुनासो छ। पीडितको १० महिनाको बच्चा छ। अझै न्वारन भएको छैन। मुद्दा दायर गरिएको भए पनि मुद्दा लड्न पैसा नभएकाले उनी अलपत्र परेकी छन्।

सङ्कोष गाविस-१ की ५० वर्षीया मनकुमारी परियार ०६५ कात्तिक १४ गते छोराको कुटाइबाट सख्त घाइते भइन्। रक्सी खाएर घरमा आएका कृष्ण परियारले आफ्नी पत्नीलाई कुट्न लाग्दा छुट्याउन पुगेकी आमा मनकुमारीलाई एक्कासि कुटपिट गर्दा मनकुमारीको आन्द्राभुँडी बाहिर निस्केको धादिङ प्रहरीले जनाएको छ। सख्त घाइते मनकुमारीको धादिङ अस्पतालमा उपचार हुन नसकी काठमाडौंस्थित वीर अस्पताल पठाइएको छ भने पीडकलाई प्रहरीले गिरफ्तार गरी कारबाही गऱ्यो।

### दुर्व्यवहार

बैरेनी गाविस-९ की २२ वर्षीया मिठ्ठू परियार ०६४ फागुन १८ गते घरबाट निकालिएपछि विचल्लीमा परिन्। बोक्सीको आरोप लगाउँदै घरनिकाला गरेपछि माइती नलाङ गाविस-६ मा बस्दै आएकी छन्। गरिब परिवार भएकाले पीडितले माइतीमा समेत खाने कुरा नभएपछि ज्याला मजदुरी गर्दै आएकी छन्। उनलाई परिवारले अंश दिएको छैन भने विवाह दर्तासमेत गरेको छैन।

चैनपुर गाविस-९ साँधभन्ज्याङका ४१ वर्षीया जुनामाया शाक्य र १९ वर्षीया मिश्रीमाया शाक्यलाई ०६५ असोज ३० गते बिहान बोक्सीको आरोपमा नेपाली सेनाको राजदल गणमा कार्यरत सैनिक जवान राजु शाक्यले दाउराको चिर्पटले हिर्काइ घाइते बनाए। सैनिक जवानले घर बिदामा आएका बेला छिमेकीलाई

बोक्सीको आरोपमा कुटपिट गरी घटना सार्वजनिक गरेमा ज्यान मार्ने धम्की दिएर फरार भएका थिए। सो घटनापछि पीडित तिहारमा पनि घर आउन सकेनन्। घटनापछि आतङ्कित बनेका शाक्य आमाछोरीले कात्तिक १२ गते धादिङबेसीमा सञ्चारकर्मीलाई भेटी आफूलाई परेको समस्या सार्वजनिक गरे। बोक्सीको आरोपमा कुटपिट गरेर आमाछोरीलाई नै घाइते बनाएका सैनिक जवान राजुले कुटपिटको घटना सार्वजनिक गरेमा मार्ने धम्की दिएकाले समयमै घटना सार्वजनिक हुन नसकेको जुनामाया शाक्यले बताइन्।

ढोला गाविस-४ की ३६ वर्षीया मुना रमतेललाई बोक्सीको आरोपमा ०६५ मङ्सिर ९ गते सोही गाविस-४ का फट्याङ्ग्रे दमाईले कुटपिट गरे। बोक्सी मन्त्र गरेर छोरा मार्न लागेको भन्दै कुटपिट गरिएको अवस्थामा छुट्याउन गएका उनका पति कृष्णलाई पनि लट्ठीले कुटपिट गरेका थिए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। घटनापछि प्रहरी कार्यालयमा दुवै पक्ष बसेर मिलापत्र गरे पनि पीडकले पटक-पटक बोक्सीलाई मार्छु भनेर धम्की दिने गरेको पीडितले बताइन्।

## सबै प्रकारका जातीय विभेद

नलाङ गाविस-५ की २४ वर्षीया विन्दामाया विकलाई तल्लो जात भएकाले माथिल्लो जातसँग विवाह गरेको आरोपमा ०६४ माघ १० गते गाउँ निकाला गरेका छन्। उनलाई गाउँ निकाला गरेका कारण उनका पति रामचन्द्र इटनीसमेत विस्थापित भए। पीडित पक्षले जिल्ला अदालतमा नाता प्रमाणितका लागि मुद्दा दायर गरेको छ भने उनीहरू विस्थापित भई सदरमुकाममा बस्दै आएका छन्।

चैनपुर गाविस-१ का १७ वर्षीय रमेश सुनारलाई गैरदलित केटीसँग प्रेमविवाह गरेको आरोपमा ०६५ भदौ ५ गते चैनपुर गाविस-१ स्थित भुवनेश्वरी माविले निकाल्ने धम्की दियो। पीडित कक्षा ९ मा अध्ययनरत थिए। जसका कारण एक महिनासम्म पीडितले पढाइ गर्न सकेनन्। उनलाई धम्की दिने विद्यालय र गैरदलितहरूले मानवअधिकारकर्मीको दबाबमा यसमा गल्ती भएको स्वीकार गरेका छन्। विवाह गरेकी केटी खरी गाविस-३ की १८ वर्षीय लक्ष्मी काप्रीलाई पीडकहरूले काठमाडौँमा लुकाएको विकले बताए।

भूमेस्थान गाविस-७ का तीन जना दलितलाई ०६५ भदौ १४ गते दलित भएकै आरोपमा मरणासन्न हुनेगरी कुटपिट गरिएको छ। भूमेस्थान गाविसका माओवादी कार्यकर्ता ठाकुर रिजालसहितको एक समूहले भदौ ७ गते पसलमा छोएको आरोपमा २३ वर्षीय भरत दर्जी, ३२ वर्षीय सादुराम दर्जी र ३५ वर्षीय रामबहादुर दर्जीलाई कुटपिट गरेका थिए। कुटपिटका कारण गम्भीर घाइते भएका भरत दर्जीको वीर अस्पतालमा उपचार भएपछि घर फर्केलगत्तै कारवाही गर्न माग गरे। पीडकहरूले घटना सार्वजनिक गरेमा मारिदिने धम्की दिएको र वाईसीएलको कार्यालयमा मात्र आएर मिलाउन पाउने भनेको पीडितहरूले बताए।

चैनपुर गाविस-४ का २५ वर्षीय राजेश छत्कुली दलित केटी विवाह गरेको आरोपमा ०६५ भदौ २२ गते गैरदलितको दबावका कारण विस्थापित भए। सोही गाविसकी १८ वर्षीया अनिता विकसँग विवाह गरेका राजेशलाई गाउँमा बसे मार्ने धम्की आएपछि उनीहरू दुवै मजदुरी गरेर पोखरामा बस्दै आएका छन्। उनीहरूले सुरक्षाको माग गरेको भए पनि सुरक्षा पाउन सकेका छैनन्।

ज्यामरुङ गाविस-३ सिम्लेका २१ वर्षीया रूपा तिमल्सिनाले २१ वर्षीय कुमार विकसँग अन्तरजातीय विवाह गरेका कारण मार्ने धक्की आएपछि ०६५ असोज २८ गतेबाट विस्थापित भए। रूपाको माइती पक्ष बाबु खड्गबहादुरबाट विक परिवारलाई मार्ने धम्की पटकपटक दिएको पीडित कुमारले बताए। कुमारका काका दलबहादुर विकलाई समेत धम्की दिएका छन् भने पीडक पक्षले ०६५ कात्तिक १ गते कुमारको घर जलाउने प्रयास गरेका थिए। पीडकमाथि उजुरी गर्दा पनि कारवाही भएन। हाल कुमार र रूपा मजदुरी गरेर काठमाडौँमा बस्दै आएका छन्।

बैरेनी गाविस-१ का ३६ वर्षीय अष्टराम रमतेललाई ०६५ कात्तिक २३ गते होटेलमा खाजा खाएको भाँडा नमाझेको आरोपमा बैरेनी गाविस-९ महेशदोभानमा चिया खाजा पसल गरी बस्ने ५० वर्षीय कृष्णप्रसाद भन्ने यदुकुमार खतिवडाले कुटपिट गरे। पीडितले खाजा खाएर भाँडा नमाझेपछि उनलाई गाली गर्दै कुटपिट गरिएको थियो। कुटपिटबाट घाइते भएका रमतेलको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो । यसपछि घटना सार्वजनिक नगर्न धम्की दिए पनि प्रहरीसामु आगामी दिनमा यस्तो कार्य नगर्ने सर्तमा मिलापत्र गरिएको थियो।

दार्खा गाविस-६ देवीस्थानका सन्तोष सुनार, सुकबहादुर सुनार, कृष्णबहादुर सुनार र रामबहादुर सुनारलाई ०६५ कात्तिक २४ गते गैरदलितको घरभित्र पसेको आरोपमा गाउँलेले २ हजार रुपियाँ जरिवाना

तिराएका छन्। दार्खा गाविस- ३ का सुरेन्द्र तामाङको घरमा पसेको आरोपमा उनीहरूलाई सार्वजनिक रूपमा माफी माग्न लगाई घटना सार्वजनिक गरे। गाउँमा बस्न नदिने धम्की दिँदै जरिवाना गरिएको पीडितले बताए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, सम्पति कब्जा

एमाले थाक्रे गाउँ कमिटी सदस्य कृष्ण पन्तको नाम्ख २२५७ नम्बरको गाडी ०६५ वैशाख ५ गते माओवादीले गाविसको आगराखोलाबाट कब्जामा लिए। आफूले प्रयोग गर्दै आएको गाडी एमालेले तोडफोड गरेको भन्दै सो गाडीको फिरौती माग्दै उक्त गाडी माओवादी कार्यकर्ताको समूहले कब्जामा लिई नौबीसे गाविसको धार्के बजारमा रहेको माओवादी कार्यालयमा २८ दिन राखी फिर्ता गरे।

जोगीमारा गाविस-१ र २ मा रहेको अन्नपूर्ण क्वाइरिज चुनढुङ्गाका खानी मजदुरले ०६५ वैशाख १७ गतेदेखि आन्दोलन गरेका कारण खानी यो वर्षको अन्त्यसम्म बन्द भएको छ। शनिबार बिदा हुनुपर्ने, दसैँतिहार खर्च उपलब्ध हुनुपर्ने, सञ्चयकोषको व्यवस्था हुनुपर्नेलगायतका माग राखी मजदुरले खानी बन्द गराएका हुन्। मजदुरलाई दु:ख पर्दा समस्या समाधान गर्न उद्योगले सहयोग नगरेकाले मजदुरको समस्या समाधान गर्न उद्योग व्यवस्थापनले लिखित रूपमा प्रतिबद्धता नजनाएसम्मका लागि उद्योग बन्द गराएको मजदुरहरूले जनाए। ०४२ सालदेखि सञ्चालनमा आएको सो उद्योग चार वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ।

बैरेनी गाविस-७ बेल्खुनजिकै रहेको इन्द्रायणी सामुदायिक वन उपभोक्ता समूहका नाममा रहेको ६ सय ३४ रोपनी जग्गा माओवादी समर्थित मजदुरहरूले ०६५ भदौ १६ गते कब्जा गरे। धादिङ जिल्लाको महेशखोला र आग्राखोला किनारमा रोडाढुङ्गाको काम गर्दै आएका मजदुर र विभिन्न जिल्लाबाट आएका अन्य ५ सयभन्दा बढी माओवादी समर्थित मदजुरहरूले सामुदायिक वन कब्जामा लिएका हुन्।

## २.१७ सिन्धुपाल्चोक

जनसङ्ख्या : ३,४६,९९७
साक्षरता प्रतिशत : ४१
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): २,५४२
गाविस/नपा सङ्ख्या : ७९/०
सरकारी/निजी विद्यालय : ५०७/२४
क्याम्पस/उच्च मा.वि. : ६/३२
अस्पताल/स्वास्थ्य चौकी : १/७८
मानव विकास सूचकाङ्क : ०.४१४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका एक जना महिला र २८ जना पुरुष बन्दीहरू रहेका छन् भने कैद नतोकिएका तीन महिला र ३४ जना पुरुष थुनुवा छन्। यसरी चौतारा कारागारमा जम्मा २९ जना कैद तोकिएका र ३७ जना कैद नतोकिएका गरी ६६ जना रहेका छन्। कारागारको क्षमता ३५ जनाको रहे पनि ६६ जना बस्नुपर्दा बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ। बन्दीहरूले आममाफी पाउनुपर्ने माग राखी ०६५ पुस १ गतेदेखि आमरण अनशन बसे। सहायक प्रमुख जिल्ला अधिकारी गोविन्द सापकोटा र पूर्वसांसद कृष्णराज श्रेष्ठले उनीहरूको मागप्रति ध्यान पुऱ्याइने आश्वासन दिएपछि पुस ५ गते इन्सेक जिल्ला प्रतिनिधि र पत्रकारको रोहबरमा आमरण अनशन तोडेका थिए।

### बेपत्ता/अपहरण

### वाईसीएलबाट

थाम्पालकोट गाविस-४ स्थित रैथानेबाट

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ८ | ४ | ४ | | ८ | | | | | | | |
| घाइते | ४ | १४ | | | १४ | ३ | ९ | | ९ | | | |
| कुटपिट | ४ | ६ | १ | | ७ | १ | १ | | १ | १ | १ | १ |
| धम्की | | | | | | ३ | ३ | | ३ | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | | | ३ | ३ | ५ | ३ | ६ | ९ | | | |
| महिलाअधिकार | ८ | | ८ | | ८ | | | | | | | |
| बालअधिकार | १० | | ९ | १ | १० | | | | | | | |
| अमानवीय व्यवहार | १ | १ | | | १ | | | | | | | |
| अपहरण | १ | ९ | | | ९ | | | | | | | |
| जम्मा | ३७ | ३४ | ३३ | ४ | ६० | १० | १६ | ६ | ३३ | १ | १ | १ |

राप्रपाको चुनावी प्रचारमा गएका कार्यकर्ताहरूलाई ०६४ चैत १२ गते वाईसीएलका १२ नम्बर इलाका इन्चार्ज कमल कार्कीको नेतृत्वमा रहेको टोलीले राप्रपा गुण्डा हो भन्दै अपहरण गरी चैत १३ गते बरुवा गाविसबाट प्रहरीको जिम्मामा मुक्त गऱ्यो। अपहरणमा परेका राप्रपा कार्यकर्तामा काठमाडौं जिल्ला धापाखेल घर भएका विपीन बस्नेत, काठमाडौं जिल्ला कपनका सुशील क्षेत्री, काठमाडौं जिल्ला उत्तरखेलका सुन्दर लामा, सोही ठाउँका सुमन तामाङ, श्यामसान श्रेष्ठ, काठमाडौं जिल्ला जोरपाटीका लालु तामाङ, निरज मगर र थाम्पालकोट गाविसका सुरज श्रेष्ठ रहेका छन्।

### धम्की/कुटपिट

### माओवादीबाट

थुम्पाखर गाविस निवासी एमाले जिल्ला कमिटी सदस्य ४६ वर्षीय रामप्रसाद प्याकुरेलले एमालेको चुनावी सभा तयारी गरेको आरोपमा ०६४ चैत ८ गते उनलाई माओवादीले सुनखानी गाविसमा कुटपिट गरे।

### वाईसीएलबाट

थाम्पालकोट गाविस-४ का ४४ वर्षीय अर्जुन खड्का र सोही ठाउँका ४५ वर्षीय गोपाल श्रेष्ठले राप्रपाको पक्षमा भोट मागेको आरोपमा ०६४ चैत १२ गते वाईसीएल कार्यकर्ताले खुकुरी हानी घाइते बनाए। पीडितहरूमध्ये गोपाल श्रेष्ठ राप्रपाका जिल्ला उपाध्यक्ष हुन् भने अर्जुन खड्का सक्रिय कार्यकर्ता। पीडितहरूले स्थानीय स्वस्थ्यचौकीमा उपचार गराए।

बतासे गाविस-३ निवासी एमाले जिल्ला कमिटी सदस्य ३० वर्षीय यज्ञराज सापकोटा र सोही ठाउँका एमाले कार्यकर्ता २३ वर्षीय प्रदीप सापकोटाले एमालेका लागि मत मागेको आरोपमा ०६४ चैत १९ गते वाईसीएलका कार्यकर्ताले बतासे गाविस-९ मा उनीहरूलाई कुटपिट गरी घाइते बनाए। पीडितहरू चौतारा अस्पतालमा उपचार गरी चैत २० गते घर फर्के।

फूल्पिङकोट गाविस-१ का २२ वर्षीय रवीन थापा, सोही गाविस-५ का २० वर्षीय टेकबहादुर सार्की, २७ वर्षीय मेघबहादुर बस्नेत, गणेश सार्की, विनोद थापा, सोही गाविस-९ का २६ वर्षीय विकास लामा र सोही गाविस-१ का ३५ वर्षीय आनन्द थापाले एमालेको पक्षमा भोट मागेको आरोपमा ०६४ चैत २५ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताले सोही गाविस-८ मा आक्रमण गरी घाइते बनाए। पीडितमध्ये टेकबहादुर सार्की जलवीरे अस्पतालमा र अन्य स्थानीय स्वास्थ्य चौकीमा उपचार गरी सोही दिन घर फर्किए भने पीडकहरूमध्ये सात जनालाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय चौतारा पुऱ्याई सोही दिन राती रिहा गऱ्यो।

माँखा गाविस-७ की ३० वर्षीया निर्मला पराजुली र पाङ्ग्रेटार गाविसका सुदर्शन न्यौपानेले एमालेको प्रचार गरेको आरोपमा ०६४ चैत २१ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताले माँखा गाविस- ७ मा कुटपिट गरी घाइते बनायो। पीडित निर्मला पराजुली गर्भवती रहेकाले कुटपिटबाट पेटको बच्चाको

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | | वाईसीएलबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| घाइते | १ | ३ | | ३ | ३ | ११ | | ११ |
| कुटपिट | | | | | ४ | ६ | १ | ७ |
| भेला/सङ्गठित हुने अधिकार | १ | | ३ | ३ | | | | |
| अपहरण | | | | | १ | ९ | | ९ |
| जम्मा | २ | ३ | ३ | ६ | ८ | २६ | १ | २७ |

स्वास्थ्यमा समेत असर पुगेको चिकित्सकको भनाइ थियो। निर्मला पराजुलीलाई उपचारका लागि धुलिखेल अस्पताल लगियो भने सुदर्शन न्यौपानेले स्थानीय मेडिकलमा उपचार गराए।

कुबिण्डे गाविसका ३६ वर्षीय डम्बरबहादुर श्रेष्ठ सोही ठाउँका ४७ वर्षीय रणबहादुर नेपाली र चौतारा गाविसका शङ्करबहादुर श्रेष्ठ एमालेलाई भोट माग्न गएको आरोपमा ०६४ चैत १६ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताले कुबिण्डे गाविसमा कुटपिट गरी घाइते बनाए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

जिल्ला सदरमुकाम चौतारास्थित निर्वाचन अधिकृतको कार्यालयमा संविधानसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दर्ता गर्न गएका एमाले र माओवादीका कार्यकर्ताबीच ०६४ फागुन १३ गते दिउँसो जिविस कार्यालयअगाडि दोहोरो झडप हुँदा माओवादी पक्षका तीन र एमाले पक्षका आठ कार्यकर्ता घाइते भए। झडपमा माओवादी कार्यकर्ताहरूमा बाँडेगाउँ गाविस-४ का २० वर्षीय चिरन कट्टेल, कुबिण्डे गाविस-२ का २७ वर्षीय कमल श्रेष्ठ र बराम्ची गाविस-३ का २४ वर्षीय अर्जुन अधिकारी घाइते भए। त्यसैगरी, घाइते एमाले कार्यकर्ताहरूमा थाम्पालकोट गाविसका २१ वर्षीय महेश श्रेष्ठ, बाँडेगाउँ गाविस-४ का २३ वर्षीय शशीनाथ आचार्य, टेकानपुर गाविस-७ का ४४ वर्षीय लालबहादुर भण्डारी, पीपलडाँडा गाविस-२ का ५१ वर्षीय लक्ष्मीविक्रम भण्डारी, कदमबास गाविस-३ का ४० वर्षीय बादल लामा, सेलाङ गाविस-९ का ५२ वर्षीय वीरबहादुर सिल्वाल, टेकानपुर गाविस-१ का ४७ वर्षीय तुलसीराम श्रेष्ठ र किउल गाविस-४ की राधिका भण्डारी थिए। घाइतेहरू सबै चौतारा अस्पतालमा उपचार गरी सोही दिन घर फर्किए।

ज्यामिरे र लागर्चे गाविसको सिमानास्थित खाल्डे खोल्सामा राप्रपाका केन्द्रीय अध्यक्ष पशुपतिशमशेर राणालाई चुनाव प्रचारका लागि लागर्चे गाविस जाँदा ०६४ फागुन २५ गते माओवादीले कालो झण्डा देखाई ढुङ्गा प्रहार गरी चुनाव प्रचारमा जान दिएनन्।

निर्वाचन क्षेत्र नं. १ का एमाले उम्मेदवार अरुणप्रसाद नेपालले ठूलो धादिङ गाविसमा चुनावी सभा गरिरहँदा ०६४ चैत ६ गते माओवादीले आक्रमण गरी सभा गर्न दिएनन्।

भीमटार गाविसमा निर्वाचन क्षेत्र नं. २ का मुस्कान सेना नेपालका उम्मेदवार दइन्द्रबहादुर ठकुरी चुनाव प्रचार प्रसार गर्न सिपापोखरे जान लाग्दा ०६४ चैत ७ गते माओवादीले घेरा हाली १५ हजार नगद र मोबाइल सेट लुट्नुका साथै गालीगलौज गरी गाउँ जान दिएनन्।

निर्वाचन क्षेत्र नं. २ का राप्रपा उम्मेदवार ५२ वर्षीय बाबुराम खड्का चुनाव प्रचारका लागि स्याउले जान लाग्दा ०६४ चैत ७ गते माओवादीले बीच बाटोमा आक्रमण गरी राप्रपाका पाँच जना कार्यकर्ता घाइते बनाए भने प्रचारका लागि लगिएको सवारीसाधन तोडफोड गरी चुनाव प्रचारमा जान दिएनन्।

थुम्पाखर गाविसमा निर्वाचन क्षेत्र नं. १ का काङ्ग्रेस उम्मेदवार ४५ वर्षीय मोहनबहादुर बस्नेत कार्यकर्ता भेटघाटमा जेठल र ठूलोपाखर गाविस जान लाग्दा ०६४ चैत २७ गते माओवादीले आक्रमण गरी

सवारीसाधनसमेत तोडफोड गरी गाउँ जान दिएनन्।

सिपापोखरे गाविसमा निर्वाचन क्षेत्र नं. २ का काङ्ग्रेस उम्मेदवार भूपेन्द्रबहादुर थापा भोट माग्न जाँदा ०६४ चैत २५ गते बेलुका माओवादीले भीमटार गाविसस्थित सिस्नेखोलामा आक्रमण गरी भोट माग्न जान दिएनन्। आक्रमणबाट सवारीसाधनमा समेत क्षति पुगेको थियो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा जम्मा २ सय २५ ओटा मुद्दा विचाराधीन छन्। जसमध्ये दुनियाँवादी फौजदारी ६५ थान, सरकारवादी फौजदारी ५४ थान, दुनियाँवादी देवानी १ सय ६ थान छन्। यस वर्ष दुनियाँवादी फौजदारी ४५ थान, सरकारवादी फौजदारी २३ थान र दुनियाँवादी देवानी ४० थान गरी १ सय ८ थान मुद्दा दर्ता भए भने गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी ३८ थान, सरकारवादी फौजदारी ४३ थान र दुनियाँवादी देवानी ८२ थान गरी १ सय ६३ थानमा नयाँ र पुराना गरी ४६ थान मुद्दा फर्स्यौट भए। दुई वर्ष पुराना १० थान मुद्दा विचाराधीन रहेका छन्।

त्यसैगरी, जिल्ला प्रहरी कार्यालयमा चोरी दुई, डकैती तीन, ज्यानसम्बन्धी १७, सडक दुर्घटना १७, आगो लगाउने एक, ज्यान मार्ने उद्योग पाँच, खुनडाँका एक, ठगी एक, अपाङ्गको सम्पत्ति हिनामिना एक र नागरिकतासम्बन्धी एक गरी ४९ ओटा मुद्दा दर्ता भए भने जिल्ला प्रशासन कार्यालयमा हातहतियार खरखजानासम्बन्धी दुई थान मुद्दा दर्ता भएकामा एउटा फर्स्यौट भई एउटा विचाराधीन छ।

## बालअधिकार

पिपलडाँडा गाविस-२ की १७ वर्षीया एक बालिकालाई ०६५ मङ्सिर ११ गते दिउँसो सोही ठाउँका ४० वर्षीय जनक सापकोटाले पीडितकै घरमा बलात्कार गरे। पीडितको भोलिपल्ट चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण गरियो भने पीडक फरार छन्।

थाम्पालधाप गाविस-८ की १५ वर्षीया एक बालिकालाई ०६४ पुस २९ गते थाम्पालकोट गाविस-२ का २० वर्षीय माइला नगरकोटीले विद्यालय पढेर घर जान लाग्दा बीचबाटोमा हतियार देखाएर अपहरण गरी दुई दिनसम्म बलात्कार गरेर ०६४ माघ १ गते पीडककै भैंसीगोठबाट मुक्त गरे। पीडितको जाहेरीले पीडकलाई जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि

*एमालेद्वारा कुटपिट गरी घाइते बनाइएका माओवादी कार्यकर्ता कमल श्रेष्ठ*

थुनामा राखिएको छ।

तालामाराड गाविस-६ की १५ वर्षीया एक बालिकालाई ०६४ माघ ९ गते सोही गाविस-५ घर भई पञ्चकन्या निमावि, तालामाराडका शिक्षक रामप्रसाद आचार्यले बलात्कार गरेको आरोपमा जिल्ला अदालत सिन्धुपाल्चोकको आदेशले चार महिनासम्म पुर्पक्षमा राखी अदालतको फैसलाबाट रिहा गरियो।

फटकसिला गाविस-४ स्थित तीनधाराकी नौ वर्षीया एक बालिकालाई ०६४ चैत १६ गते दिउँसो सोही ठाउँका १७ वर्षीय बद्री नेपालीले पाँच रुपियाँ दिन्छु भनी फकाएर घरभन्दा केही तल लगी बलात्कार गरे। पीडितको ०६५ वैशाख ६ गते जिल्ला अस्पतालमा स्वस्थ्य परीक्षण गरियो भने पीडकलाई जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राखिएको छ।

सागाचोक गाविस-८ की नौ वर्षीया बालिकालाई ०६५ असोज ५ गते बिहान सोही गाविस-४ का १७ वर्षीय दिनेश खत्रीले विद्यालय जान लाग्दा पीडककै घरमा बलात्कार गरे। पीडितको सोही दिन चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण गरियो भने पीडकलाई जिल्ला अदालतको कात्तिक १ गतेको आदेशले पुर्पक्षका लागि थुनामा राखिएको छ। पीडकको उमेरबारे विवाद छ।

कर्थली गाविस-१ घर भई लिस्ती गाविस-८ बस्दै आएकी १४ वर्षीया बालिकालाई ०६५ कात्तिक २८ गते बेलुका गुम्बा गाविस घर भई लिस्ती गाविस-८ बस्दै आएका ५५ वर्षीय स्याल्बो शेर्पाले सोही ठाउँको मनेतुङ्गे गुम्बामा पानी चढाउन लागेको बेला जबरजस्ती बलात्कार गरे। पीडितको मङ्सिर २ गते चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण गरियो भने पीडक मङ्सिर २३ गतेको जिल्ला अदालतको आदेशले पुर्पक्षका

लागि थुनामा छन्।

गाति गाविस-१ घर भई बाह्रबीसे गाविस-७ स्थित आफ्नै मामाको घरमा बस्दै आएकी चार वर्षीया एक बालिकालाई ०६४ फागुन २८ गते बाह्रबीसे गाविस-७ का १९ वर्षीय अविक दाहालले पीडित बसेकै घरमा जबरजस्ती बलात्कार गर्ने प्रयास गरे। पीडितलाई सोही दिन बाह्रबीसे प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा स्वास्थ्य परीक्षण गरियो भने पीडक थुनामा छन्।

सानोसिरुवारी गाविस-६ की सात वर्षीया बालिकालाई ०६५ कात्तिक १३ गते दिउँसो सोही ठाउँका १८ वर्षीय मीनबहादुर दङ्गाललले पैसा दिन्छु भनेर पीडितकै घरभित्र लगी जबरजस्ती बलात्कार प्रयास गरे। पीडितको सोही दिन चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण गरियो भने पीडक थुनामा छन्।

सागाचोक गाविस-१ की २५ वर्षीया गोमा नेपालीले ०६५ साउन ३२ गते बिहान घरनजिकै बारीमा बच्चा जन्माई पिँडालुको पातमा पोको पारी बोराले बेरी चउरमा जिउँदै छाडी हिँडेकामा केही समयपछि शिशुको मृत्यु भयो। पति विदेश गएका बेला सोही ठाउँका ६५ वर्षीय दुर्गाबहादुर कार्कीले गर्भ धारण गराएको र दुवै जनाको सल्लाहमा शिशु फालेको आरोपमा प्रहरीले सोही दिन दुवै जनालाई पक्राउ गरी अनुसन्धानपछि अदालत बुझाएको थियो। जिल्ला अदालतको आदेशले पीडकहरूमध्ये गोमा नेपाली पुर्पक्षका लागि थुनामा छिन् भने दुर्गाबहादुर कार्की २५ हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### महिला हिंसा

धुस्कुन गाविस-६ घर भई सोही गाविस-४ स्थित सेतीदेवी प्राविकी शिक्षिका २५ वर्षीया स्वस्ती तिमल्सिनालाई ०६५ मङ्सिर १३ गते दिउँसो नुवाकोट जिल्ला मदानपुर गाविस-१ घर भई पिस्कर प्रहरी चौकीमा कार्यरत प्रहरी जवान सुरज राईले धुस्कुन गाविस-४ स्थित सालघारी जङ्गलमा घाँटी थिचेर हत्या गरे। पीडितको लास मङ्सिर २६ गते फेला पारी मङ्सिर २७ गते प्राथमिक स्वास्थ्य केन्द्र, बाह्रबीसेमा पोस्टमार्टम गरी आफन्तले सद्गत गरे। पीडकलाई मङ्सिर २८ गते

*वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका प्रदीप सापकोटा र यज्ञ सापकोटा*

*माओवादी-एमाले बीच झडप हुँदा घाइते भएका माओवादी कार्यकर्ता चिरण कट्टेल*

तनहुँ जिल्लाको साराडकोट इलाका प्रहरी कार्यालयबाट प्रहरीले गिरफ्तार गरी थुनामा राख्यो। पीडक सरुवा भई सो ठाउँमा पुगेका थिए। प्रहरी जवान राईले विवाह गर्ने प्रलोभनमा पारी शिक्षिका तिमल्सिनालाई केही वर्षदेखि प्रेमसम्बन्ध राखेको र हाल तिमल्सिनाले विवाह गरी सँगै लान भनेपछि राईले उनको हत्या गरेको दाबी पीडित परिवारजनले गरेका छन्।

हैबुङ गाविस-२ की २२ वर्षीया ओमा गुरुङलाई ०६४ फागुन १ गते सोही ठाउँका ३४ वर्षीय पूर्णबहादुर गुरुङले पीडककै घरमा गएका बेला बलात्कार गरेपश्चात् डण्डीले हानी हत्या गरे। पीडितको लास ०६४ फागुन ८ गते घटनास्थलभन्दा केही तल बारीको कुनामा पत्करले छोपेर राखेको अवस्थामा फेला पऱ्यो। पीडितको लास मेलम्ची प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा पोस्टमार्टम गरी आफन्तले सद्गत गरे। पीडक थुनामा छन्।

### पारिवारिक हिंसा

गुन्सा गाविस-१ की २७ वर्षीया शर्मिला स्याङ्बोलाई ०६४ फागुन २८ गते आफ्नै पति २९ वर्षीय जङ्गे स्याङ्बोले घरायसी झगडाका कारण कुटपिट गर्दा मेलम्ची प्राथमिक स्वास्थ्य उपचार केन्द्रमा उपचार गराउँदा गराउँदै भोलिपल्ट उनको मृत्यु भयो। पीडितको लास सोही दिन आफन्तले सद्गत गरे। पीडक थुनामा छन्।

ठोकर्पा गाविस-३ की २४ वर्षीया टीकाकुमारी खड्कालाई ०६५ पुस २ गते बेलुकी पति २५ वर्षीय राजेन्द्र

खड्काले शरीरका विभिन्न भागमा खुर्पाले काटेर हत्या गरे। पीडितको लासको पुस ४ गते प्राथमिक स्वास्थ्य उपचार केन्द्र, बाह्रबीसेमा पोस्टमार्टम गरी आफन्तले सद्गत गरे भने पीडक थुनामा छन्।

*माओवादी-एमालेबीच झडप हुँदा घाइते भएका शशीनाथ आचार्य*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कुञ्चोक गाविस-८ घर भई चौतारा बस्दै आएकी ४९ वर्षीया एक महिलालाई ०६५ असार २९ गते राती चौतारा गाविस- ८ घर भई नेपाली सेनाको नयाँ श्रीनाथ गण लक्ष्मणडाँडामा कार्यरत सैनिक जवान २२ वर्षीय हीरा घले र कुबिण्डे गाविस-७ घर भई चौतारा गाविस- ५ डेरा गरी बस्ने १९ वर्षीय गुजुमान भारतीले पीडित बसेकै घरमा बलात्कार गरे। पीडितको चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण गरियो भने पीडकहरू पुर्पक्षका लागि थुनामा छन्।

धुम्थाङ गाविस-७ की ३५ वर्षीया महिलालाई ०६५ भदौ १९ गते बिहान सोही ठाउँका ४६ वर्षीय गठे भन्ने साहिला श्रेष्ठले पीडितकै घरमा बलात्कार गरे। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र, बाह्रबीसेमा स्वास्थ्य परीक्षण गरियो भने पीडक हाल थुनामा छन्।

पाङ्ग्रेटार गाविस-७ की ५२ वर्षीया एक महिलालाई ०६५ असार ३१ गते राती सोही ठाउँका ३५ वर्षीय अजय मिजारले घरमा सुतिरहेका बेला जबरजस्ती घरभित्र पसी बलात्कार गरे। पीडितको स्वास्थ्य परीक्षण भोलिपल्ट प्राथमिक स्वास्थ्य केन्द्र, बाह्रबीसेमा गरियो भने पीडकलाई थुनामा राखियो।

दुवाचौर गाविस-८ की ४२ वर्षीय एक महिलालाई ०६५ असोज २६ गते राती सोही ठाउँका २४ वर्षीय श्याम भन्ने बुद्धिलाल सुनार र २२ वर्षीय राजु विक जबरजस्ती घरभित्र पसी बलात्कार गरे। पीडितको भोलिपल्ट प्राथमिक स्वास्थ्य केन्द्र, मेलम्चीमा स्वास्थ्य परीक्षण गरी उपचार गरियो भने पीडकमध्ये श्याम भन्ने बुद्धिलाल सुनार पुर्पक्षका लागि थुनामा छन् र अर्का एक जना नाम नखुलेका पीडक फरार छन्।

### बहुविवाह

पिपलडाँडा गाविस-९ का टीकाबहादुर राउतले ०६४ पुस २० गते घरमा एक छोरासहितकी पत्नी हुँदाहुँदै बहुविवाह गरे। पीडितले ०६४ माघ १८ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्न जाँदा सहायक प्रमुख जिल्ला अधिकारीले प्रहरीमा उजुरी दर्ता गर्नु भनी फर्काएपछि उनले कतै पनि उजुरी दर्ता गरिनन्।

भोटसिपा गाविस-१ का ३४ वर्षीय कृष्णप्रसाद श्रेष्ठले घरमा २९ वर्षीय पत्नी ज्ञानीमाया श्रेष्ठ हुँदाहुँदै ०६५ जेठ २ गते ठूलोसिरुवारी गाविस-८ की २१ वर्षीया उजेली श्रेष्ठसँग बहुविवाह गरे। बहु-विवाहविरुद्ध पीडितले ०६५ जेठ २१ गते जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकमा उजुरी गरेपछि पीडकलाई थुनामा राखिएकामा ३५ दिनपछि तारिखमा रिहा गरियो।

बाँसवारी गाविस-३ का २९ वर्षीय कृष्णप्रसाद ढकालले घरमा १९ वर्षीया पत्नी शारदा ढकाल हुँदाहुँदै ०६५ वैशाख १५ गते काभ्रे जिल्ला चण्डनी गाविस-५ की २१ वर्षीया पवित्रा नेपालसँग बहु-विवाह गरे। पीडकहरू जिल्ला अदालत सिन्धुपाल्चोकको ०६५ जेठ २० गतेको आदेशले धरौटीमा रिहा भए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, सम्पत्ति कब्जा

चौतारा गाविस-८ स्थित सिन्धु अफसेट प्रेसबाट *सिन्धुप्रवाह* साप्ताहिक पत्रिका ०६४ चैत २५ गते राती १२ बजे छाप्ताछाप्दैको अवस्थामा वाईसीएलका कार्यकर्ताले आफ्नो समाचार नछापेको आरोपमा लुटेर लगे। संविधानसभा सदस्य निर्वाचनको मुखमा माओवादीको समाचार नछापेको भन्दै १५/२० जनाको सङ्ख्यामा आएको वाईसीएल कार्यकर्ताको एक समूहले छापिसकेका एक हजार प्रति पत्रिका र समाचार सामग्रीहरू जबरजस्ती लुटेर लगेको प्रेस अपरेटरले बताए। वाईसीएलका कार्यकर्ताले पत्रिका लुटेर स्वतन्त्र प्रेसमाथि ठाडो हस्तक्षेप गरेको भन्दै *सिन्धुप्रवाह* साप्ताहिक र नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाले ०६४ चैत २६ गते प्रेस विज्ञप्ति प्रकाशित गरी घटनाको निन्दा र भर्त्सना गरे।

नवलपुर गाविस-८ का स्थानीय बासिन्दाहरूले संविधानसभा सदस्य निर्वाचनमा माओवादीलाई भोट नदिएको भन्दै ०६५ वैशाख २६ गते सिँपालकाभ्रे गाविस-१ घर भई सोही गाउँका वाईसीएल गाउँ सदस्य हुँ भन्ने तेम्बा लामा र जतन लामाको नेतृत्वमा खानेपानीको मुहान भत्काई ध्वस्त बनाए। खानेपानीबाट वञ्चित भएका पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा ०६५ वैशाख ३१ गते उजुरी गरे पनि पीडकलाई कारबाही भएन।

# २.१८ नुवाकोट

जनसङ्ख्या : ३,२८,०५५
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४३
क्षेत्रफल (वर्ग कि. मि.): १,१२१
गाविस/नपा सङ्ख्या : ६१/१
सरकारी/निजी विद्यालय : ५०१/५३
क्याम्पस/उच्च मा.वि. : ४/२४
अस्पताल/स्वास्थ्य चौकी : १/६६
मानव विकास सूचकाङ्क : ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय जनाको रहेको छ। यस कारागारमा कैद तोकिएका दुई जना महिला र २४ जना पुरुष गरी २६ जना तथा कैद नतोकिएका आठ जना महिला र ३७ जना पुरुष गरी जम्मा ४५ जना बन्दीहरू रहेका छन्। यस कारागार शाखामा एक जना आश्रित नाबालक पनि रहेका छन्।

जेलमा पानीको सुविधा कम रहेको, टेलिभिजन दुईओटा रहेकामा पुरुषतर्फ मात्र भएको, बन्दीलाई एउटा सीडीएमए फोन, पत्रपत्रिकाहरू उपलब्ध गराइने गरेको छ। सीपमूलक तालिमको व्यवस्था गरिनुपर्ने तथा जेलमा शौचालयको व्यवस्था राम्रो हुनुपर्ने, जाडो महिनामा ओढ्ने, ओछ्याउने लुगा कम भएकाले सोको व्यवस्था मिलाउनुपर्ने, नियमित रूपमा स्वास्थ्य परीक्षणको व्यवस्था राम्रो हुनुपर्ने, खेलकुदका सामग्री बढाउनु पर्ने बन्दीहरूले माग गर्दै आएका छन्।

## बेपत्ता/अपहरण

### वाईसीएलबाट

गोस्याङ गाविस-३ का ५३ वर्षीय फूलबहादुर तामाङले चेलीबेटी बेचविखन गरेको आरोपमा ०६४ पुस २७ गते गाउँमा घुमिरहेको अवस्थामा उनलाई माओवादीका स्थानीय कार्यकर्ता अनिल भनिने रामकुमार तामाङसहितका वाईसीएलका कार्यकर्ताहरूले सोही स्थानबाट अपहरण गरे। पीडितलाई पुस ३० गते वाईसीएल कार्यकर्ताले जिल्ला प्रहरी कार्यालय नुवाकोटमा बुझाए। पीडितलाई प्रहरीले दुई दिनपछि रिहा गऱ्यो।

थान्सिङ गाविस-३ का २२ वर्षीय चन्द्रबहादुर लामाले वाईसीएलका नाममा काठमाडौँ मनपाका सवारीचालकद्वय बालकृष्ण रिजाल र बालकुमार केसीलाई अपहरण गरेको आरोपमा ०६४ चैत १८ गते उनलाई धनबहादुर लामासहितका वाईसीएलका कार्यकर्ताहरूले ओखरपौवा गाविसबाट अपहरण गरे। अपहरित लामालाई वाईसीएलको जिल्ला सम्पर्क कार्यालय विदुर नपा-१ बान्द्रेमा पुऱ्याई ०६४ चैत १९ गते जिल्ला प्रहरी कार्यालय, नुवाकोटमा बुझाए। लामालाई पीडितका विरुद्ध काठमाडौँ मनपाका फोहोर फाल्ने गाडीका ड्राइभर बालकृष्ण रिजाल र बालकुमार केसीको जाहेरीमा लामालाई अपहरण तथा शरीर बन्धकसम्बन्धी मुद्दामा जिल्ला अदालत नुवाकोटले ०६५ वैशाख १० गते पुर्पक्षका लागि जिल्ला कारागार पठाउने आदेश दियो।

## धम्की/कुटपिट

### माओवादीबाट

*कान्तिपुर* दैनिकका संवाददाता प्रकाश अधिकारी, *समाचारपत्र* दैनिक तथा *एभिन्युज* टेलिभिजनका संवाददाता देवचन्द्र भट्ट, *इमेज च्यानल*का

***काङ्ग्रेसका कार्यकर्ताद्वारा कुटपिट गरिएका पत्रकार सन्तोष रिजाल***

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ४ | ३ | ३ | ४ | | | |
| घाइते | १ | | १ | १ | | | |
| कुटपिट | ७ | ९ | | ९ | | | |
| धम्की | १ | १ | | १ | १ | ५ | ५ |
| जातीय विभेद | १ | | १ | १ | | | |
| महिलाअधिकार | ३ | | ३ | ३ | | | |
| बालअधिकार | ४ | | ४ | ४ | | | |
| अपहरण | ३ | ३ | | ३ | | | |
| जम्मा | ३३ | १४ | १० | ३४ | १ | ५ | ५ |

संवाददाता कपिलदेव खनाल, *अन्नपूर्ण पोस्ट*का संवाददाता बाबुराम लामिछाने र *कान्तिपुर* टेलिभिजनका राधेकृष्ण श्रेष्ठले संविधानसभा निर्वाचन ०६४ को नुवाकोट निवार्चन क्षेत्र नं. २ को निर्वाचन परिणाम सञ्चारमाध्यमलाई बताएको आरोपमा ०६५ वैशाख २ गते माओवादी कार्यकर्ताले नाराजुलुस गर्दै मार्ने धम्की दिए ।

### वाईसीएलबाट

मदानपुर गाविस-६ बाराहीस्थानको गाविस भवनमा रहेको मतदान केन्द्रमा ०६४ चैत २८ गते नेपाली काङ्ग्रेसका कार्यकर्ता ६० वर्षीय राजेन्द्रप्रसाद

*वाईसीएलका कार्यकर्ताद्वारा आगजनी गरिएको शङ्करदास डङ्गोलको मोटरसाइकल*

सिलवाललाई माओवादीका स्थानीय कार्यकर्ता नवराज पाण्डेसहितका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। घाइतेहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

गणेशस्थान गाविस-७ डोटेलबेसीमा तत्कालीन अर्थमन्त्री रामशरण महतलाई ०६५ वैशाख २ गते संविधानसभा निर्वाचनमा विजयी भई गाउँ डुल्ने क्रममा वाईसीएलका कार्यकर्ताले ढुङ्गा प्रहार गरी घाइते बनाए। सोही घटनामा बेतिनी गाविसका रामबहादुर तामाङ टाउको र खुट्टामा चोट लागी घाइते भए।

गेर्खु गाविस-९ बेत्रावती बजारका काङ्ग्रेसका कार्यकर्ता ५८ वर्षीय शङ्करदास डङ्गोललाई विदुर नपामा हुने काङ्ग्रेसको सभामा सहभागी हुन जान लागेको आरोपमा ०६५ वैशाख २ गते वाईसीएल कार्यकर्ताले विदुर नपा-३ विदुरचोकमा कुटपिट गरी बा९प ६८६९ नम्बरको मोटरसाइकल जलाए।

चौघडा गाविस-५ निवासी काङ्ग्रेसका क्षेत्रीय सभापति तथा नुवाकोट निर्माण व्यवसायी सङ्घका अध्यक्ष ध्रुव श्रेष्ठ, विदुर नपा-१ निवासी नुवाकोट निर्माण व्यवसायी सङ्घका महासचिव सुरेन्द्र केसी, विदुर नपा-८ निवासी नुवाकोट निर्माण व्यवसायी सङ्घका सदस्य प्रदीप केसीलाई ०६५ साउन १८ गते सोलुखुम्बु जिल्लाको सल्लेरी गाविसका आकाश राईसहितका वाईसीएल कार्यकर्ताहरूले आक्रमण गरी घाइते बनाए। माओवादीले सो घटनामा आफ्नो संलग्नता नरहेको जनायो। पीडकमध्ये आकाश राई जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

थान्सिङ गाविस-५ निवासी काङ्ग्रेस जिल्ला कार्य समिति सदस्य ३८ वर्षीय विनोद पाठकलाई राजनीतिक आस्था फरक भएको आरोपमा ०६५ मङ्सिर २६ गते राती वाईसीएलका इलाका इन्चार्ज रक्तिमले घरमा आई मार्ने तथा घर भत्काइदिने धम्की दिए।

### नेपाली काङ्ग्रेसबाट

तुप्चे गाविस-२ का *नुवाकोट आवाज*का सह-सम्पादक ३० वर्षीय सन्तोष रिजाललाई ०६५ वैशाख २ गते काङ्ग्रेसका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए।

संविधानसभाको निर्वाचनको परिणाम घोषणाको रिपोर्टिङ्का लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयअगाडि बसिरहेको अवस्थामा रिजाललाई कुटपिट गरिएको थियो। पीडकको पहिचान नभएको भनी हालसम्म कुनै कारवाही भएन।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | काङ्ग्रेसबाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | १ | १ | १ | ५ | ८ | ८ |
| धम्की | | | | १ | १ | १ |
| अपहरण | | | | ३ | ३ | ३ |
| जम्मा | १ | १ | १ | ८ | १० | १० |

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संविधानसभाको निर्वाचनमा मदानपुर गाविस भवन मतदान केन्द्रमा माओवादीले धाँधली गरेको आरोपमा ०६४ चैत २८ गते काङ्ग्रेसका पूर्वजिल्ला सभापति जगदीशनरसिंह केसीको अगुवाइमा गएका २० जनाको समूहले मतदान केन्द्र कब्जामा लिई बुथहरूलाई लातले हानी फालेपछि उक्त केन्द्रमा मतदान स्थगन भयो। स्थगित निर्वाचन ०६५ वैशाख ५ गते सम्पन्न भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा ७६ थान रहेकामा यस वर्ष जिम्मेवारी सरेर आएका चार थान मुद्दा फर्स्यौट भई ७२ थान बाँकी रहेका छन् भने यस वर्ष दुनियाँवादी फौजदारी मुद्दा २४ थान परेकामा एक थान मुद्दा फर्स्यौट भई २३ थान मुद्दा बाँकी रहे। जिम्मेवारी सरेर र यस वर्ष दुनियाँवादी फौजदारी ९५ थान मुद्दा फर्स्यौट भएनन्। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ३४ थान रहेकामा यस वर्ष जिम्मेवारी सरेर आएका एक थान मुद्दा फर्स्यौट भई ३३ थान बाँकी रहे। यस वर्ष सरकारवादी फौजदारी मुद्दा १४ परेकामा दुई थान मुद्दा फर्स्यौट भई १२ थान बाँकी रहे। जिम्मेवारी सरेर र यस वर्ष सरकारवादी फौजदारी ४५ थान फर्स्यौट भएनन्। यस जिल्लाको जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा ३३ थान रहेकामा यस वर्ष जिम्मेवारी सरेर आएका १४ थान मुद्दा फर्स्यौट भई १९ थान बाँकी रहे। यस वर्ष देवानी मुद्दा १२ परेकामा दुई थान मुद्दा फर्स्यौट भई १० थान मुद्दा बाँकी रहे। जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका देवानी २९ थान मुद्दा फर्स्यौट भएनन्। जिल्लामा यस वर्षको अन्त्यसम्ममा जम्मा १ सय ६९ थान मुद्दा बाँकी रहे।

### बालअधिकार

सामरी गाविस-४ की १० वर्षीया एक बालिकालाई ०६५ जेठ ९ गते सोही गाविस-२ का ६५ वर्षीय जीतबहादुर तामाङले पीडितकै घरमा बलात्कार गरे। उनले घरमा कोही नभएको मौका छोपी बलात्कार गरेका थिए। पीडितका तर्फबाट उनका बाबुले प्रहरीमा उजुरी दिएपछि पीडकलाई ०६५ जेठ १२ गते प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि जिल्ला कारागारमा राखेको छ।

घ्याङ्फेदी गाविस-६ का १६ वर्षीय पिडकाई भन्ने कर्मयाङ्की मोक्तानलाई ०६५ असार २७ गते बेच्न भनी लगिरहेको अवस्थामा यसै जिल्लाको तलाखु गाविस-६ चिसापानीबाट फकाइ बेच्न लाने घ्याङ्फेदी गाविस-६ का मोइमान तामाङ र सोही गाविसका सञ्च तामाङलाई ०६५ असार २७ गते गिरफ्तार गरी हाल जिल्ला अदालत नुवाकोटको ०६५ साउन १९ गतेको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ। पीडित हाल घरमा बस्दै आएकी छन्।

वागेश्वरी गाविस-४ की छ वर्षीया एक बालिकालाई ०६५ भदौ २७ गते घर नजिकैका १५ वर्षीय एक बालकले बलात्कार गरे। पीडकलाई जिल्ला अदालत नुवाकोटको ०६५ असोज १० गतेको निर्णय अनुसार बाल सुधारगृह भक्तपुरमा पठाएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

भारत, दार्जीलिङ घर भई विदुर नपा-९ हात्तीगौँडा बस्ने २७ वर्षीया उर्मिला गुरुङ ०६५ साउन ८ गते आफ्नै कोठामा झुण्डिएको अवस्थामा भेटिइन्। मृतकका दाइ टीका गुरुङले मृतकका पति ४३ वर्षीय राजशेखर ठकुरीले मारेर झुन्ड्याएको आरोपसहित किटानी जाहेरी दिए। ठकुरीलाई ०६५ साउन १३ गते प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलायो। जिल्ला अदालत नुवाकोटको ०६५ भदौ ३ गतेको आदेशमा ठकुरीलाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ।

### बेचबिखन तथा ओसारपसार

विदुर नपा-४ बट्टार बस्ने २० वर्षीया सरस्वती श्रेष्ठ र १६ वर्षीय शर्मिला तामाङलाई काम लगाइदिन्छु भनी ०६५ साउन ३२ गते काठमाडौँ लगी होटलमा राखिराखेकामा चार दिनपछि पीडितका आफन्तले भेटेपछि छुटाइ ल्याए। काम लगाइदिन्छु भनी लाने विदुर नपा-४ बट्टारकी २६ वर्षीय शान्ति लामालाई ०६५ भदौ ११ गते विदुर नपा-४ बट्टारबाट गिरफ्तार गरी हाल महिला बेचविखनविरुद्धको मुद्दामा जिल्ला अदालत नुवाकोटको ०६५ असोज २ गतेको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सुन्दरादेवी गाविस-२ की २० वर्षीया एक महिलालाई नुहाइरहेको अवस्थामा ०६५ असोज १८ गते थप्रेक गाविस-५ का १८ वर्षीय सुरेश तामाङले बलात्कारको प्रयास गरे। पीडक तामाङलाई जबरजस्ती करणी प्रयासको आरोपमा हाल जिल्ला अदालत नुवाकोटको ०६५ कात्तिक ८ गतेको आदेशमा पुर्पक्षका लागि कारागारमा राखिएको छ।

### पारिवारिक हिंसा

जिलिङ गाविस-१ की २४ वर्षीया पवित्रा रिजालको ०६४ माघ ६ गते आफ्नै घरमा पति ३० वर्षीय नवराज रिजालले हत्या गरे। उनको लास त्रिशूली नदीमा फालेको र लास केही दिन गाडेको र पछि गाडेको ठाउँबाट झिकी त्रिशूली खोलामा फालेको मृतकका माइतीपक्षले आरोप लगाए। लास ०६४ माघ २२ गते रातमाटे गाविसमा पर्ने त्रिशूली नदीमा फेला परेको थियो। घटनामा मृतकका पतिसहित देवर विष्णुप्रसाद रिमाल र जेठानी सविता रिजालको पनि संलग्नता रहेको हुनसक्ने भनी तीनै जनालाई माइती पक्षका तर्फबाट पुरुषोत्तम रेग्मीको किटानी जाहेरीका आधारमा प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत नुवाकोटको आदेशमा पुर्पक्षका लागि उनीहरूलाई हाल जिल्ला कारागारमा राखिएको छ।

नर्जामण्डप गाविस-३ की २१ वर्षीया सविता खनाल (तामाङ)लाई ०६४ पुस २५ गते पीडितकै पति २१ वर्षीय सेते तामाङले लगाएको काम नगरेको झोकमा खुकुरी प्रहार गरी हत्या गर्ने प्रयास गरे। सो घटनामा पीडितको टाउकोमा चोट लाग्यो। पीडक ज्यान मार्ने उद्योग अन्तर्गत पुर्पक्षका लागि हाल जिल्ला कारागारमा रहेका छन्।

### सबै प्रकारका जातीय विभेद

मदानपुर गाविस-१ निवासी १८ वर्षीया कल्पना नेपालीले पानी छोएको आरोपमा ०६५ जेठ ३१ गते उनलाई सोही ठाउँ निवासी पूर्णप्रसाद पाण्डेले कुटपिट गरे। बिहान धारोमा पानी लिन जाँदा छोएको भनी पीडक पाण्डेले लात्तैलात्ताले कुटपिट गरेका थिए। पीडकलाई माओवादी निकट दलित मुक्ति मोर्चाका कार्यकर्ताले पीडितको खुट्टा ढोग्न लगाई माफी मगाए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, सम्पत्ति कब्जा

ओखरपौवा गाविस-७ का ३५ वर्षीय चन्द्रबहादुर श्रेष्ठ बलामीको नयाँ बनाउँदै गरेको घर ०६५ वैशाख २४ गते दिउँसो सोही गाविसका वाईसीएलका कार्यकर्ताले भत्काए। माओवादीको नेवार मुक्ति मोर्चा गाउँ कमिटीका अध्यक्षसमेत रहेका ३३ वर्षीय लालबहादुर श्रेष्ठको अगुवाइमा १५ जनाको समूहले घर भत्काए। संविधानसभामा माओवादीलाई नहाली एमालेलाई भोट हालेको आरोपमा घर भत्काएको पीडितले बताए।

## २.१९ रसुवा

जनसङ्ख्या : ५,५२,२८६
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): १,५४४
गाविस/नपा सङ्ख्या : १८/०
सरकारी/निजी विद्यालय : १०८/३
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/१८
मानव विकास सूचकाङ्क : ०.३९४
प्रतिपरिवार सरदर सङ्ख्या : ५.५६

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | | १ | | १ | | | | | | | |
| घाइते | ४ | ६ | | | ६ | ५ | ५ | ३ | ८ | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | | ३ | ९ | ९ |
| कुटपिट | ४ | ४ | १ | ३ | ८ | ६ | ६ | | ६ | | | |
| धम्की | ३ | ३ | | | ३ | ६ | ६ | ३ | ८ | १ | १ | १ |
| भेला/सङ्गठित हुने अधिकार | ३ | १४ | ४ | | १८ | १ | ४ | | ४ | | | |
| महिलाअधिकार | ३ | | ३ | | ३ | | | | | | | |
| अमानवीय व्यवहार | १ | | १ | | १ | | | | | | | |
| अपहरण | ३ | ३ | | | ३ | | | | | | | |
| जम्मा | १८ | ३८ | ९ | ३ | ४० | १८ | ३१ | ५ | ३६ | ३ | १० | १० |

## जेल र बन्दीहरू

'ङ' श्रेणीको २५ जना बन्दी क्षमता रहेको जिल्ला कारागार शाखा रसुवाको भवन जीर्ण बनेको छ। यस कारागारमा विभिन्न अभियोगमा १७ जना बन्दी जीवन बिताइरहेका छन्, जसमध्ये कैद तोकिएका १५ जना र कैद नतोकिएका दुई जना छन्। यस वर्षको अन्त्यसम्म यस कारागारमा महिला बन्दी रहेका छैनन्। यहाँका बन्दीहरूलाई दैनिक ७ सय ग्राम खाद्यान्न र ३० रुपियाँ नगद दिइन्छ। जिल्ला सदरमुकाममा रहेको यस कारागारमा रहेका बन्दीहरूले रेडियो सुन्न, टीभी हेर्न र पत्रपत्रिका पढ्न पाएका छन्। यस कारागारमा बन्दी तथा थुनुवाहरूलाई सीपमूलक तालिम तथा उत्पादित सामानको बजार अभावको समस्या रहेको छ। कारागारमा पानी तथा शौचालयको व्यवस्था रहेको छ। रेडियो, टीभी एक-एक थान बन्दीले व्यवस्था गरेका छन्। क्यारेमबोर्ड र बुद्धिचाल खेल्ने सुविधा छ। उनीहरूले पहिलेदेखि माग गर्दै आएकाले ०६५ मङ्सिरदेखि बिहान ८ बजेदेखि आफन्त भेट्ने दिने व्यवस्था पनि गरिएको छ। यसअघि प्रहरीहरूसमेत कारागारभित्र बस्नाले ब्यारेकजस्तै बनेको उक्त जेल हाल प्रहरी चौकीहरू गाउँमा पुनःस्थापित भएपछि कारागारका बन्दीहरू भने अहिले प्रहरीसँगै बस्ने बाध्यताबाट मुक्त भएका छन्।

यहाँका बन्दीहरूले ०६४ माघ २९ गते बन्दी सङ्घर्ष समितिमार्फत उच्चस्तरीय कारागार सुधार सुझाव समितिको प्रतिवेदनको एकैपटक कार्यान्वयन गर्न दबाबस्वरूप कारागारभित्र कालोपट्टी बाँधेर, कालो झण्डा देखाउने, दिउँसो मैनबत्ती बाल्ने जस्ता विरोधका कार्यक्रम गरे। हरेक वर्ष प्रजातन्त्र दिवसको अवसरमा बन्दी छाड्ने सरकारको प्रचलन रहेको र सो नगरेकाले पनि ०६४ फागुन ७ गते दिनभर कारागारमा थाल ठटाएर बन्दीहरूले गृहमन्त्रीको विरोध जनाए।

## बेपत्ता/अपहरण

### वाईसीएलबाट

भोर्ले गाविस-७ चिती निवासी प्रायुसङ्घ जिल्ला कमिटी सदस्य २७ वर्षीय रामकुमार न्यौपानेलाई ०६४ चैत ३ गते राती वाईसीएल कार्यकर्ताले भोर्ले गाविस-९ भदौरेस्थित उनको मामाघरमा सुतिरहेको स्थानबाट कुटपिट गरी अपहरण गरे। पाँच-छ जनाको सङ्ख्यामा आएका उनीहरूले 'केही कुरा गर्नुछ' भनी गाउँबाट तलको जङ्गलमा लगी 'संविधानसभा निर्वाचनको नजिकमा हाम्रो इलाकामा एमालेको सङ्गठन गर्न किन आएको ?' भन्दै कुटपिट गरी अचेत अवस्थामा छाडेर भागेका थिए। माओवादी तथा वाईसीएलले सो घटनामा आफ्नो संलग्नता स्वीकारेनन्। पहिलादेखि नै धम्की दिँदै आएको घटनामा वाईसीएलको संलग्नता रहेको पीडितले बताए। घाइतेलाई तत्काल

**तालिका : २**

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | वाईसीएलबाट | | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा |
| घाइते | ३ | ५ | | ५ | | | | |
| कुटपिट | २ | २ | १ | ३ | १ | १ | ३ | ४ |
| धम्की | १ | १ | | १ | | | | |
| अपहरण | २ | २ | | २ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | २ | १४ | ४ | १८ | | | | |
| जम्मा | १० | २४ | ५ | २९ | १ | १ | ३ | ४ |

जिबजिबे प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार गरी भोलिपल्ट थप उपचारका लागि राजधानीको त्रिवि शिक्षण अस्पतालमा लगियो। उनको टाउको, खुट्टा र शरीरका विभिन्न स्थानमा चोट लागेको थियो। उनलाई यसअघि पनि माओवादीले आफ्नो पार्टीविरुद्ध लागेको भन्दै मार्ने धम्की दिँदै आएका थिए।

भोर्ले गाविस-४ खाल्चेत निवासी एमाले कार्यकर्ता ४८ वर्षीय चूडामणि पौडेललाई ०६५ वैशाख ४ गते सोही गाविस-५ का वाईसीएल कार्यकर्ता शेरबहादुर तामाङलगायतका माओवादी कार्यकर्ताले अपहरण गरी कुटपिट गरे। भोर्ले गाविस-५ निवासी स्थानीय शिक्षिक सुन्तली गुरुङको घरमा बसिरहेका बेला वाईसीएल जिल्ला अध्यक्ष नहकुललाई मुद्दा हालेको आरोपमा उनलाई कुटपिट गरी अपहरण गरे।

*वाईसीएल कार्यकर्ताबाट कुटपिट गरिएका प्रहरी प्रकाशबहादुर आले*

नाम्लोले बाँधेर लगेका पीडितलाई घाइते पारेर सोही दिन साँझ भोर्लेबाट मुक्त गरे। पीडकलाई कालिकास्थानबाट गएको प्रहरीले सोही दिन गिरफ्तार गरे। औषधि उपचार खर्च बेहोर्ने र आइन्दा गल्ती नगर्ने सर्तमा माओवादी जिल्ला सदस्य प्रभाकर र वाईसीएलका जिल्ला अध्यक्ष नहकुलसमेतको रोहबरमा पीडकलाई भोलिपल्ट रिहा गरियो।

### धम्की/कुटपिट
### माओवादीबाट

भोर्ले गाविस-४ का एमालेका इलाका कमिटी सचिव ४८ वर्षीय चूडामणि पौडेललाई ०६४ फागुन २६ गते धैबुङ गाविस-७ को धोवीखोलामा उनका भतिजा माओवादी कार्यकर्ता भोर्ले गाविस-४ का २९ वर्षीय रामशरण पौडेलले कुटपिट गरे। पीडित चूडामणिले प्रहरीमा जाहेरी दिएपछि भोलिपल्ट कालिकास्थान चौकीमा माफी मगाएर मिलापत्र गरी रिहा गरेको प्रहरीले जनायो।

भोर्ले गाविस-५ निवासी दुर्गा बक्स गण रसुवामा कार्यरत सैनिक २३ वर्षीय झलक गुरुङ र युद्ध गण काठमाडौँमा कार्यरत सैनिक जवान २२ वर्षीय मैते गुरुङलाई ०६४ चैत ६ गते दिउँसो धैबुङ गाविस-७ घुम्तीबजारमा माओवादी कार्यकर्ताले खुकुरी प्रहार गरी घाइते पारे। स्थानीय क्लिनिकमा सामान्य उपचार गराएपछि उनीहरूको सैनिक क्याम्प कालिकास्थानमा उपचार भएको थियो।

भोर्ले गाविस-२ सर्स्युका ३१ वर्षीया ल्हाक्पावाङ्मो तामाङ, १५ वर्षीया पासाङडोमो तामाङ

र २८ वर्षीया नीमा तामाङलाई ०६४ चैत २० गते मध्यराती माओवादी कार्यकर्ताले घरघरमा गई सुतेको कोठाबाट बाहिर ल्याई मार्ने धम्की दिए। माओवादीले चुनावभरि गाउँ आएमा अपहरण गरी मार्ने धम्की दिएका थिए। उनलाई पहिलादेखि नै चुनावमा नहिँड्न धम्की दिँदै आएका थिए।

भोर्ले गाविस-१ का काङ्ग्रेस कार्यकर्ता ५२ वर्षीय साधुराम पौडेललाई ०६४ चैत २० गते राती माओवादी कार्यकर्ताले उनकै घरमा गई कुटपिट गरी गम्भीर घाइते बनाए। उनलाई कोठामा सुतिरहेको अवस्थाबाट उठाएर भऱ्याङबाट खसाली मरणासन्न हुने गरी कुटपिट गरे। माओवादीले परिवारका सबैलाई घटनाबारे गाउँमा खबर गरे मार्ने धम्की दिए। घाइते पीडितको जीवजीवे प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचार गरी थप उपचारका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँ लगियो। एनका दुवै खुट्टा भाँचिएको छ भने तिघ्रा, टाउको, करङ, शरीरका विभिन्न अङ्गमा धेरै चोट लागेको थियो। उनलाई संविधानसभा निर्वाचनको प्रचारमा लागे मार्नेसमेत धम्की दिएका थिए। उनीहरूले पीडितका बाबु ८० वर्षीय गेलप्रसाद पौडेललाई पनि कुटपिट गरी घाइते बनाए। उनीहरूले पीडितका छोरा नेविसङ्घका जिल्ला अध्यक्ष धर्मराज पौडेललाई खोजेका थिए।

धैबुङ गाविस-६ को घुम्तीबजारमा ०६४ चैत २० गते दिउँसो माओवादीको आक्रमणबाट सशस्त्र प्रहरीका हवल्दार प्रकाशबहादुर आले, प्रहरी जवान नीराजन अधिकारी र म्यादी प्रहरीका चन्द्रबहादुर लामा घाइते भए। गस्तीमा गइरहेको प्रहरीको गाडीमा माओवादीका कार्यकर्ताले ढुङ्गामुढा प्रहार गर्दा उनीहरू घाइते भएका थिए। स्थिति नियन्त्रणमा लिन प्रहरीले पाँच राउण्ड हवाई फायरसमेत गरेको थियो। घटनामा संलग्न भएको आरोपमा माओवादीका जिल्ला सेक्रेटरी इन्द्र गौतम जगतजङ्ग, संविधानसभा निर्वाचनका उम्मेदवार प्रेमबहादुर तामाङलगायत १८ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले उम्मेदवार प्रेमबहादुर तामाङ र जिल्ला सेक्रेटरी इन्द्र गौतमलाई भने गिरफ्तार गरेको नभई सुरक्षाका लागि प्रहरीमा आएको भन्दै सोही दिन साँझ पाँच जनालाई रिहा गऱ्यो भने अन्यलाई ११ दिनसम्म हिरासतमा राखेर संविधानसभा निर्वाचन पछि रिहा गऱ्यो।

*वाईसीएलको कुटपिटबाट घाइते भएका तरुणदलका केन्द्रीय सदस्य राजु तितङ*

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका काङ्ग्रेसका संविधानसभा सदस्य उम्मेदवार बालचन्द्र पौडेल*

धैबुङ गाविस-९ निवासी एमाले गाउँ कमिटी सचिव ५२ वर्षीय चिरञ्जीवी पौडेललाई ०६४ चैत २० गते राती माओवादी कार्यकर्ताले उनकै घरमा गई कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितलाई कुटपिट गरी भऱ्याङबाट खसालेर आँगनमा ल्याई ढुङ्गा, लठ्ठी र धारिलो हतियारले हिर्काइ घाइते पारे। परिवारका अन्य सदस्यहरूलाई भने कोठा बाहिरबाट चुकुल लगाएर थुनी राखेका थिए। घटनाबारे गाउँमा खबर गरे मार्ने धम्की दिए। पीडितको जीवजीवे प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचार गरी थप उपचारका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँ लगियो। उनको टाउको, घाँटी लगायतका शरीरका विभिन्न स्थानमा चोट लागेको थियो। उनीहरूले पीडितकी बुहारी ईश्वरी पौडेललाई अपशब्द प्रयोग गरी गाली गरेको घटनाबारे अरुलाई नभन्न धम्की दिए भने संविधानसभा निर्वाचनको प्रचारमा लागे घरमा बम पड्काउनेसमेत धम्की दिए। उनको घरमा ढुङ्गा हानेर ढोका र छानामा तोडफोड गरेका थिए। उनीहरूले ईश्वरीको तिलहरीसमेत लुछेर लगेको पीडितले बताए।

धैबुङ गाविस-९ का ५० वर्षीया अच्युतकुमारी पौडेललाई ०६४ चैत २० गते राती माओवादी कार्यकर्ताले गाउँमा घेरा हालेर सुतेको कोठाबाट निकाली

भच्याङबाट खसालेर आँगनमा पुच्याई कुटपिट गरी घाइते पारे। घाइतेलाई तत्काल जीवजीवे प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचारपछि एम्बुलेन्सबाट थप उपचारका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँ लगिएको थियो।

धैबुङ गाविस-९ की ४४ वर्षीया सीतामाया पौडेल र उनकी छोरी नीलकण्ठ नमुना माविमा अध्ययनरत विद्यार्थी १८ वर्षीया रविना पौडेललाई ०६४ चैत २० गते राती माओवादी कार्यकर्ताले घरमा नै गई कुटपिट गरे। उनीहरूले पीडितका पति एमाले नेता विष्णुप्रसाद पौडेललाई खोजी गरेकामा उनलाई नपाएपछि उनीहरूलाई कुटपिट गरी घाइते पारका थिए। पिटाइका कारण रविनाको गोडा भाँचियो। धाइतेलाई तत्काल नजिकैको जीवजीवे प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचार गराएपछि थप उपचारका लागि त्रिवि शिक्षण अस्पताल काठमाडौँ लगियो। उनको घरमा ढुङ्गा हानेर तोडफोडसमेत गरिएको थियो।

भोर्ले गाविस-२ सर्स्युका एमाले कार्यकर्ता ३५ वर्षीय पूर्णबहादुर तामाङ एमालेको चुनाव प्रचारमा लागेको आरोपमा ०६४ चैत २० गते राती उनलाई माओवादीले अपहरण गरी मार्ने धम्की दिए। माओवादीले घरमा घेरा हालेपछि झ्यालबाट हाम फालेर भागेका थिए। उनी भागेपछि वाईसीएलले पीडितकी पत्नी र छोरीलाई समेत लछारपछार गर्दै लठ्ठीले हिर्काएको पीडितले बताए। उनीहरूले तामाङको घरमा ढुङ्गा हानेर तोडफोड गरेका थिए। सोही दिन सो स्थानका

*माओवादीको कुटपिटबाट घाइते भएकी लेमा तामाङ*

*वाईसीएलको कुटपिटबाट घाइते भएकी काली घले*

गोसाइकुण्ड निमाविका शिक्षक ३३ वर्षीय केरसिं तामाङको घरमा ३०-४० जनाको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले घेरा हालेर उनलाई अपहरण गर्ने प्रयास गरेपछि उनी राती नै घरबाट भागे। उनीहरूले तामाङको घरमा ढुङ्गा हानेर तोडफोडसमेत गरेका थिए। उनको घरबाट नोकियाका मोबाइल सेट, नगद ७ हजार रुपियाँ र इमरजेन्सी लाइट पनि लुटिएको पीडितले बताए।

गत्लाङ गाविस-६ का गाविस कार्यालका सहायक ३० वर्षीय छेवाङ तामाङ र उनकी पत्नी २८ वर्षीया लेमा तामाङलाई ०६४ चैत २० गते राती आफ्नै घरमा सुतिरहेको बेला खुकुरी र लठ्ठी लिएर समूहमा आएका माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। उनीहरूले १४ लाख ५१ हजार ८ सय रुपियाँ ड्राफ्ट, गाविसका बृद्धहरूलाई बाँड्न जिविसबाट लगेको नगद ५० हजार, मोबाइल सेट र नागरिकताको प्रमाणपत्र पाँच थान रहेको झोलासमेत लुटेर लगेको पीडितले बताए। उनीहरूलाई संविधानसभा निर्वाचनको प्रचारमा लागे मार्ने धम्कीसमेत दिएका थिए। घाइतेको जिल्ला अस्पताल धुन्चेमा उपचार गरियो।

भोर्ले गाविस-२ सर्स्युका ३१ वर्षीय ल्हाक्पा वाङ्मो तामाङ र उनकी छोरी १५ वर्षीया पासाङडोमो तामाङलाई ०६४ चैत २० गते राती माओवादी कार्यकर्ताहरूले उनका पति एमालेको चुनाव प्रचारमा लागेको भनी ज्यान लिने धम्की दिए। सोही दिन सोही स्थानकी २८ वर्षीया नीमा तामाङलाई पनि राजनीतिक पूर्वाग्रका कारण माओवादीहरूले धम्क्याए।

**वाईसीएलबाट**

धैबुङ्ग गाविस-२ बेतनीमा ०६४ पुस १९ गते नेपाल टेलिकम नुवाकोटको गाडीमा वाईसीएलका कार्यकर्ताले तोडफोड गरी चालक वेदप्रसाद रिमाललाई मार्ने धम्की दिए। जिल्ला सदरमुकाम धुन्चेतर्फ जान लागेको गाडीमाथि साँझ धैबुङ गाविस-३ का वाईसीएल कार्यकर्ता देवबहादुर तामाङ र तिलक विकले राती बा१अ ६७९ नम्बरको टाटामोबाइल गाडी तोडफोड गरी क्षतिग्रस्त पारेका थिए। उनीहरूले घटनाबारे अन्यत्र खबर गरेमा चालकलाई मार्ने धम्की दिएका थिए। स्थानीयबासीको सहयोगमा प्रहरी चौकी कालिकास्थान पुगेका चालक रिमालले दिएको जानकारीका आधारमा सोही दिन राती प्रहरीले पीडकहरूलाई पक्राउ गरेको थियो। उनीहरू मदिरा सेवन गरी आएको पीडितले बताए। माओवादीले क्षतिपूर्ति दिने सर्तमा उनीहरूलाई भोलिपल्ट रिहा गरिएको प्रहरीले जनायो।

लहरेपौवा गाविस-३ निवासी संविधानसभा सदस्य निर्वाचनका नेपाली काङ्ग्रेस रसुवाका उम्मेदवार ४६ वर्षीय बालचन्द्र पौडेललाई भोर्ले गाविस-४ किमारजोङ डाँडामा ०६४ चैत १९ गते वाईसीएल कार्यकर्ताले आक्रमण गरी गम्भीर घाइते बनाए। संविधानसभा सदस्य निर्वाचनको प्रचार अभियानमा भोट माग्न भोर्ले गाविस- ३ को सर्स्यु जाने क्रममा किमारजोङ डाँडामा पुगेका पौडेललगायतका कार्यकर्तामाथि उनीहरूले आक्रमण गरी गम्भीर घाइते पारेका थिए। बाटो कुरेर बसेका वाईसीएल कार्यकर्ताले डाँडामाथिबाट एक्कासि ढुङ्गा प्रहार गरी आक्रमण गरेका थिए। उता माओवादीले भने चुनावमा पैसा बाँड्न लागेको अवस्थामा आफ्ना कार्यकर्ताले रोक्न खोज्दा काङ्ग्रेस कार्यकर्ताले पेस्तोल देखाएपछि घटना भएको दाबी गऱ्यो। काङ्ग्रेस कार्यकर्ताले निर्वाचनका लागि पैसा बाँड्न यार्सा जान लागेको र बाटोमा भेटिएका आफ्ना कार्यकर्तामाथि गोली प्रहार गर्न लागेपछि सो घटना भएको माओवादीले आरोप लगाए। सो घटनामा नुर्पू तामाङलगायत आफ्ना चार कार्यकर्ता घाइते भएको समेत माओवादी जिल्ला इन्चार्ज विरहीले सोही दिन साँझ पत्रकार सम्मेलन गरी जानकारी दिए।

ठूलोगाउँ गाविस-८ निवासी काङ्ग्रेस रसुवा जिल्ला समिति सदस्य ३६ वर्षीय जनकजीवन उपाध्यायलाई भोर्ले गाविस-४ किमारजोङ डाँडामा

*माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका एमाले कार्यकर्ता चिरञ्जीवी पौडेल*

०६४ चैत १९ गते वाईसीएल कार्यकर्ताले आक्रमण गरी घाइते पारे। संविधानसभा सदस्य निर्वाचनको प्रचार अभियान तथा भोट माग्ने क्रममा भोर्ले गाविस-३ गाविसको सर्स्यु जाने क्रममा किमारजोङ डाँडामा पुगेका उपाध्यायलगायतका अन्य कार्यकर्तामाथि उनीहरूले आक्रमण गरी घाइते पारेका थिए। उनको अनुहार र तीघ्रामा चोट लागेको थियो।

सरमथली गाविस-१ की ३५ वर्षीया देउती नगरकोटीलाई ०६५ जेठ ११ गते वाईसीएलका कार्यकर्ताहरूले माओवादीमा भोट नहालेको भनी उनकै घरमा गएर कुटपिट गरे। सात जनाको सङ्ख्यामा गएका वाईसीएल कार्यकर्ताले संविधानसभा निर्वाचनमा काङ्ग्रेसलाई सघाएको भन्दै कुटपिट गरेका थिए।

**अन्यबाट**

लहरेपौवा गाविस-६ का माओवादीका जिल्ला सदस्य ३१ वर्षीय मेघनाथ घिमिरे प्रभाकरलाई धैबुङ

*माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका छेवाङ तामाङ*

*माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका साधुराम पौडेल*

गाविस-५ कालिकास्थान बजारमा ०६४ चैत २० गते साँझ स्थानीय धैबुङ गाविस-५ का विशु ढकाल र माइला श्रेष्ठले खुकुरी प्रहार गरी घाइते पारे। पीडकलाई प्रहरीले तत्काल गिरफ्तार गरे। पीडितको टाउकोका विभिन्न भागमा गम्भीर चोट लागेको थियो। उनलाई उपचारका क्रममा काठमाडौँ लगिएको थियो। घटनाको विरोधमा माओवादीले रसुवा बन्दको आह्वान गऱ्यो। जसका कारण जिल्लामा सवारीका साधनहरू चलेनन्। उनीहरू ०६४ चैत ६ गते रिहा भए।

### गैरकानुनी गिरफ्तारी

धैबुङ गाविस-६ घुम्तीबजार नजिकबाट माओवादी कार्यकर्ता रामबहादुर तामाङ, जीतबहादुर तामाङ, कृष्ण घिमिरे, विष्णु ढकाल, जीतबहादुर मोक्तान, अर्जुनप्रसाद अगस्ती र सुकुबहादुर तामाङलाई ०६४ चैत २० गते प्रहरीले संविधानसभा निर्वाचनका समयमा गस्ती प्रहरीको गाडीमा ढुङ्गामुढा गरेको आरोपमा बिनापुर्जी गिरफ्तार गऱ्यो। उनीहरूलाई ११ दिनपछि प्रहरीले तारेखमा रिहा गऱ्यो। सोही दिन प्रहरीको गाडीमा ढुङ्गामुढा गरेको आरोपमा राम्चे गाविस-८ बाट राम्चे गाविसका कार्यालय सहायक ठाकुरप्रसाद अधिकारी, पेम्पा लामा, कामी तामाङ, सानुटासी तामाङ, सक्कले ग्लान र लक्ष्मण लामालाई पनि प्रहरीले बिनापुर्जी गिरफ्तार गऱ्यो। उनीहरूलाई पनि चैत २८ गते रिहा गरियो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

लहरेपौवा गाविस-६ निवासी प्रायुसङ्घ केन्द्रीय सचिवालय सदस्य एवम् एमालेका संविधानसभा सदस्यका उम्मेदवार ३६ वर्षीय माधवप्रसाद अर्यालको नेतृत्वमा घरदैलो कार्यक्रममा गएको टोलीमाथि ०६४ चैत ५ गते डाँडागाउँ गाविस-२ मा माओवादीले ढुङ्गामुढाले आक्रमण गरे। घटनामा लहरेपौवा गाविस-६ का लुभु लामा, धैबुङ गाविस-५ का सुनील गोले र डाँडागाउँ गाविस-२ का सन्तोष अधिकारी लगायतका एमाले कार्यकर्ता घाइते भए। यसैगरी धुन्चे गाविस-७ निवासी नेपाल तरुण दलका केन्द्रीय सदस्य २९ वर्षीय राजु तितुङ पनि घाइते भए। उनको टाउको र ढाडमा चोट लागेको थियो।

सोही घटनामा यार्सा गाविस-४ की काङ्ग्रेसकी कार्यकर्ता २० वर्षीया पार्वती तामाङ, सोही गाविस-८ का ३६ वर्षीय काङ्ग्रेस कार्यकर्ता नीमादावा तामाङ, सरमथली गाविस-१ का काङ्ग्रेस कार्यकर्ता २५ वर्षीय सूर्यलाल नगरकोटीलगायतका कार्यकर्तामाथि वाईसीएलले आक्रमण गरी घाइते पारेका थिए।

सोही घटनामा यार्सा गाविस-६ का काङ्ग्रेस कार्यकर्ता २८ वर्षीय बुद्धिबहादुर तामाङ, यार्सा गाविस-५ का ३९ वर्षीय साङ्गे लामा, यार्सा गाविस-४ की १९ वर्षीया सरस्वती तामाङ, लहरेपौवा गाविस-१ का ४७ वर्षीय धम्बु राना, सरमथली गाविस-१ का २५ वर्षीय रेशम डङ्गोल, यार्सा गाविस-६ का ३४ वर्षीय शेरसिंह तामाङ, यार्सा गाविस-६ का काङ्ग्रेस कार्यकर्ता ३४

*वाईसीएलको कुटपिटबाट घाइते भएका रामकुमार न्यौपाने*

वर्षीय निमा थोक्रा, धैबुङ गाविस-१ का ३५ वर्षीय गणेश , लहरेपौवा गाविस-५ का ३५ वर्षीय गणेश थापा, यार्सा गाविस-५ की ३५ वर्षीया कारी घले, यार्सा गाविस-६ की १८ वर्षीया पार्वती लामा र यार्सा गाविस-३ का १८ वर्षीय शङ्कर लामा पनि घाइते भएका थिए। घाइतेहरूको हातगोडा, टाउको लगायतका शरीरका विभिन्न भागमा चोट लागेको थियो। घाइतेहरूको जीवजिवे प्राथमिक स्वास्थ्य केन्द्रमा सामान्य उपचार गरी थप उपचारका लागि काठमाडौँको त्रिवि शिक्षण अस्पतालमा लगिएको थियो। उनीहरू उपचारपछि घर फर्किएका छन्।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रसुवामा कमै मात्रामा मुद्दाहरू पर्ने गर्छन्। गत वर्षको जिम्मेवारी सरेर आएका साधारण एक थान र सरकारवादी पाँच थान गरी छ थान मुद्दा रहेकामा सबै मुद्दा यस वर्ष फर्स्यौट भए।

यस वर्ष दर्ता भएका मुद्दामध्ये देवानी ७ थानमध्ये १ थान मुद्दा फर्स्यौट भए भने ६ थान बाँकी रहेका छन्। साधारण फौजदारीतर्फ सात थान मुद्दा दर्ता भएकामा एक थान मात्र फर्स्यौट भयो। सरकारवादी फौजदारी मुद्दा एक थान दर्ता भएकामा सो मुद्दा फर्स्यौट हुन बाँकी रहेको छ। सङ्क्षिप्त फौजदारी मुद्दा अन्तर्गत तीन थान मुद्दा दर्ता भएकामा तीन थानै फर्स्यौट हुन बाँकी रहेका छन्। साधारण मुद्दातर्फ यसवर्ष देवानी मुद्दा थानमध्ये एक थान फर्स्यौट भई छ थान बाँकी रहेका छन्।

### बालअधिकार

राम्चे गाविस-३ का १४ वर्षीय सानुटासी तामाङ र १५ वर्षीय लक्ष्मण तामाङलाई संविधानसभा निर्वाचनको समयमा गस्तीको प्रहरी गाडीमा ढुङ्गामुढा गरेको आरोपमा राम्चे गाविस-८ बाट ०६४ चैत २० गते प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई ११ दिनपछि प्रहरी हिरासतबाट तारेखमा रिहा गरियो। माओवादीले कार्यक्रम हेर्न लगेको उनीहरूले बताए।

*वाईसीएलको कुटपिटबाट घाइते भएका म्यादी प्रहरी चन्द्रबहादुर लामा*

*माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका रविना पौडेल*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

सरमथली गाविस-६ मञ्जुचेतका ६० वर्षीया जमुना गोम्बोलाई ०६५ साउन १ गते साँझ उनका पति ५९ वर्षीय सानुलाल गोम्बोले घरमा कुटपिट गरी हत्या गरे। सामान्य घरायसी विवादपछि लात्ती र मकैको घोगाले हानेपछि घरको माथिल्लो तलाको भऱ्याङबाट खसेर उनको मृत्यु भएको थियो। पीडकलाई इलाका प्रहरी चौकी पाऱ्याङ चौकीबाट गएको प्रहरीले भोलिपल्ट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा पठायो। उनलाई पुर्पक्षका लागि प्रहरी हिरासतमा राखिएको छ। उनको लास जिल्ला सदरमुकाममा पोस्टमार्टमपछि धुञ्चेमा सद्गत गरे। उनी अहिले जिल्ला कारागारमा रहेका छन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गत विभिन्न स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरूको करार अवधि नथपेपछि स्वास्थ्य सेवा लिनबाट ग्रामीण जनता वञ्चित भए। जिल्लाको राम्चे, वृद्धिम, हाकु, सरमथली, थुमन, चिलिमे, लाङटाङलगायतका गाविसको स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता मासिका गरी १४

जनालाई करारमा नियुक्ति गरी म्याद थप गरिँदै आएकामा ०६४ माघ महिनादेखि सेवा अवधि थपिएन। गाउँमा निम्नस्तरका कर्मचारीहरूले सेवा पुऱ्याउँदै आएकामा जनस्वास्थ्य कार्यालयले सेवाअवधि नथपेपछि ग्रामीण जनता स्वास्थ्य सेवा पाउनबाट वञ्चित भए।

जिल्लामा वृद्धभत्ता पाउँदै आएका १८ ओटै गाविसका असहाय-वृद्धवृद्धाहरूले विगतमा पाउँदै आएको भए पनि यस वर्ष पाएका छैनन्। सरमथली यार्सा गाविसका वयोवृद्धहरूले स्थानीय निकायले उपलब्ध गराउँदै आएको वृद्ध तथा असहाय भत्ताहरू यस वर्ष नपाएको गुनासो गरे।

यस जिल्लाको उत्तरी हाकु गाविसका ४ सय ८६ घरपरिवार गुठीको समस्यामा परेका छन्। उनीहरूको पूरै जमिन स्वयम्भूनाथ गुठीमा दर्ता भएकाले उनीहरू पुर्जाविहीन छन्। धुन्चे, धैबुङ लगायतका गाविसमा करिब ५ सय १५ परिवार सुकुम्बासीका समस्यामा परेको राष्ट्रिय भूमिअधिकार मञ्च जिल्ला समिति रसुवाले जनाएको छ। लहरेपौवा, धैबुङ, भोर्ले गाविसका करिब १ हजार ४४ परिवारका जनता बिर्ता र मोहीको समस्यामा छन्। भूमि अधिकारबाट वञ्चित पीडितहरूले राष्ट्रिय भूमिअधिकार मञ्चमार्फत सङ्गठित भएर आफ्नो भूस्वामित्व मागका लागि धर्ना, विरोध, जुलुस, ज्ञापनपत्र बुझाउने कार्य गरेका छन्। उनीहरू आफ्नो भू-स्वामित्व कायम गर्नका लागि सङ्गठित भएर आन्दोलन गर्दै आएका छन्।

### विगतको अनुगमन

गत वर्ष माओवादी कार्यकर्ताले गरेको घरजग्गा कब्जा अझै फिर्ता भएको छैन। गोल्जुङ गाविस-६ निवासी राप्रपाका जिल्ला अध्यक्ष मिलन तामाङका जग्गा ०६४ असार ९ गते वाईसीएलका कार्यकर्ताले कब्जा गरेका थिए। सरमथली गाविस-८ का पीपलबहादुर क्षेत्रीको घर, गत्लाङ गाविस-५ मा रहेको पूर्वसेनापति सच्चितशमशेर राणाको पार्वतीकुण्डनजिकै रहेको रिसोर्ट स्याउबारी, गत्लाङ गाविस-५ मा रहेको दरबारका पूर्वसचिव ऋषिकुमार पाण्डेको पार्वतीकुण्ड नजिकै सयौँ रोपनी जग्गा, लहरेपौवा गाविस-२ सिम्ले निवासी पूर्वकृषिमन्त्री रामकृष्ण आचार्यको ७२ रोपनी जग्गा र घर-बगैँचासमेत माओवादीले गत वर्ष कब्जा गरेकामा हालसम्म उनीहरूको कब्जामै रहेको छ।

# पश्चिमाञ्चल

३.१ तनहुँ
३.२ गोरखा
३.३ लमजुङ
३.४ स्याङ्जा
३.५ कास्की
३.६ मनाङ
३.७ नवलपरासी
३.८ रुपन्देही
३.९ पाल्पा
३.१० कपिलवस्तु
३.११ अर्घाखाँची
३.१२ गुल्मी
३.१३ बाग्लुङ
३.१४ पर्वत
३.१५ म्याग्दी
३.१५ मुस्ताङ

# ३.१ तनहुँ



जनसङ्ख्या : ३,५८,४८५
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ५६
क्षेत्रफल (वर्ग कि. मि.): १,५४६
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ५५०/८४
क्याम्पस/उच्च मा.वि. : ७/२५
अस्पताल/स्वास्थ्य चौकी : २/४६
मानव विकास सूचकाङ्क : ०.५२४
प्रतिपरिवार सरदर सङ्ख्या : ५.५

## जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद नतोकिएका २९ जना र कैद तोकिएका ४० जना गरी जम्मा ६९ जना बन्दीहरू रहेका छन्। २५ जनाको क्षमता रहेको यस कारागारमा क्षमताभन्दा झण्डै तेब्बर बन्दीहरू रहेका छन्। जसले गर्दा बन्दीहरूलाई बस्न साँघुरो भएको छ। कोचिएर बस्नुपर्ने अवस्था छ। कारागारमा पानीको अभाव छ। मादी नदीबाट जेनेरेटरको सहायताले पानी तानेर दैनिक गुजारा गर्नुपर्ने बाध्यता छ।

## बेपत्ता/अपहरण

### माओवादीबाट

धरमपानी गाविस-७ स्थित जनज्योति प्राविका प्रअ एवम् नेपाल शिक्षक सङ्घ तनहुँका क्षेत्रीय सह-सचिव ३८ वर्षीय वासु न्यौपानेलाई ०६४ चैत ९ गते राती धरमपानी गाविस-७ मा रहेको उनको आफ्नै कोठाबाट माओवादी कार्यकर्ताले अपहरण गरी ०६४ चैत १० गते बिहान बन्दीपुर गाविसको झ्याप्रीबाट मुक्त गरे। करिब १२-१३ जनाको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले न्यौपानेलाई आँखामा र हातमा पट्टी बाँधी अज्ञातस्थलतर्फ लगेको पीडितले बताए।

भानु गाविस निवासी तरूण दलका कार्यकर्ता इन्द्रकुमार श्रेष्ठ र अमृत लामालाई ०६४ चैत १९ गते दिउँसो माओवादीका कार्यकर्ताले बन्दीपुर गाविस-१ को डुम्रेबजारबाट धारिलो हतियारसहित अपहरण गरी सोही दिन चार घण्टापछि मुक्त गरे। निर्वाचन क्षेत्र नम्बर १ का काङ्ग्रेस उम्मेदवार गोविन्दराज जोशीको चुनावी प्रचारमा जान लागेको ग१च ३८१४ नम्बरको जीपबाट माओवादीका कार्यकर्ताले हतियार राखेको झोलासहित उनीहरूलाई अपहरण गरेका थिए। माओवादीले नियन्त्रणमा लिएको हतियारमा एक थान खुँडा, दुई थान चक्कु, चार थान गुलेली र एक झोला गुलेलीमा प्रयोग हुने मटेङ्ग्राहरू रहेका थिए। माओवादीले ती युवा र हतियार निर्वाचन कार्यक्रमको पूर्वअनुगमनका लागि गएको राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिको टोली र तनहुँका पत्रकारहरूमाझ सार्वजनिक गरी प्रहरीलाई बुझायो।

### वाईसीएलबाट

फिरफिरे गाविस-८ जसपुर निवासी एमाले जिल्ला सल्लाहकार समितिका सदस्य पूर्णबहादुर गुरूङ र एमाले कार्यकर्ता अम्बरबहादुर गुरूङलाई ०६५ साउन २२ गते वाईसीएलका कार्यकर्ताले सोही जसपुर अपहरण गरे। गुरूङद्वयलाई सामुदायिक वनको काठ काट्ने विषयमा भएको विवादमा वाईसीएलले अपहरण गरेको एमाले जिल्ला सचिव प्रतापलाल श्रेष्ठले बताए। वाईसीएल कार्यकर्ताले पीडितद्वयलाई सोही दिन इलाका प्रहरी कार्यलय बेलचौतारामा ल्याई प्रहरीको जिम्मा लगाए। उनीहरूलाई भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमार्फत जिल्ला वन कार्यालयमा बुझाइएकोमा वन कार्यालयले सोधपुछपछि साउन २४ गते तारेखमा रिहा गऱ्यो।

## धम्की/कुटपिट

### राज्यबाट

पोखरा घर भई हाल दमौली अस्पतालमा कार्यरत चिकित्सक डा.सुवासबहादुर बस्नेत र चितवन जिल्ला घर भई सोही अस्पतालमा कार्यरत अहेव लालुप्रसाद शर्मालाई ०६५ जेठ १८ गते साँझ प्रहरीले व्यास नपा-१० को खेलकुद मैदानमा कुटपिट गरे। व्यास नपा-११ मा रहेको व्यास सिटी अस्पतालमा बिरामीको स्वास्थ्य परीक्षण गरी फर्केका उनीहरू

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | १ | ६ | | ६ | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | २ | ३ | ३ |
| कुटपिट | ९ | १६ | | १६ | १ | १ | | १ | १ | २ | २ |
| धम्की | ३ | २ | ५ | ७ | १ | १ | | १ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | २ | १० | १ | ११ | | | |
| बालअधिकार | २ | | २ | २ | | | | | | | |
| अपहरण | ४ | १८ | | १८ | २ | ३ | | ३ | | | |
| जम्मा | १९ | ४२ | ७ | ४९ | ६ | १५ | १ | १६ | ३ | ५ | ५ |

दुवैलाई आफ्नै निवास अगाडि बाटो कुरेर बसेका तीनजना प्रहरीले कुटपिट गरेको डा. बस्नेतले बताए। तनहुँका प्रहरी प्रमुखको निवासको सुरक्षार्थ बसेका प्रहरीहरू देवबहादुर पुलामी, ज्ञानबहादुर ओली र विष्णु खत्रीले 'म डाक्टर सुवास हुँ' भन्दाभन्दै पनि एकोहोरो आक्रमण गरेको उनले बताए। डा.सुवासलाई बचाउन जाँदा अहेव शर्मालाई पनि इँटा र पेटीले आक्रमण गरेको शर्माले बताए। उनीहरू दुवैको दमौली अस्पतालमा सामान्य उपचार गरी पश्चिमाञ्चल अस्पताल पोखरामा थप उपचार गरियो। प्रहरीले भने रक्सीले मातेर आएका उनीहरू दुवै जना चौरमा झगडा गर्न थालेपछि छुट्याउन जाँदा सामान्य धकेलाधकेल भएपछि चोट लागेको बतायो। डीएसपी घनश्याम अर्यालले रक्सी खाएर आई आफ्नो निवास अगाडि हल्ला गरेपछि सुरक्षाका लागि बसेका प्रहरीले छुट्याउन जाँदा सामान्य धकेलाधकेल मात्र भएको बताए। उनले सो घटनामा संलग्न भएका तीनै जना प्रहरी जवानलाई विभागीय कारबाही गरिएको बताए।

### माओवादीबाट

बन्दीपुर गाविस-२ पार्चेका काङ्ग्रेस कार्यकर्ता ३४ वर्षीय नारायण खड्का ०६४ फागुन २७ गतेदेखि माओवादी कार्यकर्ताले धम्की दिएपछि एक साता तनहुँको सदरमुकाम दमौलीमा विस्थापित भए। सडकको नाली मर्मत गर्ने विषयमा विवाद हुँदा फागुन २७ गते माओवादीका कार्यकर्ताले कुटपिट गरेको र खुकुरीले हान्न खोज्दा भागी जङ्गलको बाटो हुँदै सदरमुकाममा आई बस्नु परेको खड्काले ०६४ चैत ५ गते दमौलीमा एक प्रेस विज्ञप्ति जारी गरी जानकारी गराए।

काङ्ग्रेसका केन्द्रीय सदस्य एवम् पूर्वगृहमन्त्री गोविन्दराज जोशीलाई ०६४ माघ २८ गते माओवादी कार्यकर्ताले रूपाकोट गाविस-७ को त्रिभुवन उच्च माविको प्राङ्गणमा आक्रमणको प्रयास गरे। विद्यालयको वार्षिकोत्सव कार्यक्रममा भाग लिन गएका जोशीलाई हातमा लाठी लिएर आएका वाईसीएलका कार्यकर्ताले आक्रमण प्रयास गरेको जोशीले बताए। वाईसीएलका कार्यकर्ताले कार्यक्रमका लागि बनाएको मञ्चसमेत तोडफोड गरिदिएका थिए।

### वाईसीएलबाट

रूपाकोट गाविस-६ खाल्टे घर भएका काङ्ग्रेसका कार्यकर्ताहरू शङ्कर जोशी, विमल जोशी, मीनबहादुर तामाङ, प्रदीप जोशी, सुवास जोशी र प्रशान्त जोशीलाई ०६४ चैत २६ गते बिहान वाईसीएल कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। लम्जुङ जिल्लाबाट करिब २ सयको सङ्ख्यामा लाठी, खुकुरी र भाला लिएर आएका वाईसीएल कार्यकर्ताले काङ्ग्रेस कार्यकर्तालाई घर-घरबाट समातेर स्थानीय त्रिभुवन प्राविको प्राङ्गणमा लगी आक्रमण गरेको काङ्ग्रेसका महासमिति सदस्य उदयराज गौलीले बताए। घाइतेहरूको दमौली अस्पतालमा उपचार भयो।

ढोरफिर्दी गाविस-३ गणपतेका ऋषिराम महत

र कमलकान्त पौडेललाई ०६४ चैत २६ गते राती वाईसीएल कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। स्थानीय लोकबहादुर भुजेलको होटलमा खाजा खाँदै निर्वाचनसम्बन्धी छलफल गरिरहेको समयमा करिब ५० जनाको सङ्ख्यामा आएका वाईसीएल कार्यकर्ताले आक्रमण गरेको काङ्ग्रेस महासमिति सदस्य महेश्वर भट्टराईले बताए। उनले आफूहरू बसेको घर घेरा हालेर वाईसीएल कार्यकर्ताले आक्रमण गरेको बताए। घाइतेमध्ये पौडेलको पोखरामा र महतको सेती गङ्गा सामुदायिक अस्पताल बेलचौतारामा उपचार भयो।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | काङ्ग्रेसबाट | | | युथफोर्सबाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | | | | १ | ६ | ६ | | | |
| कुटपिट | ३ | ४ | ४ | | | | ४ | ११ | ११ |
| धम्की | | | | | | | १ | १ | १ |
| अपहरण | | | | | | | ४ | १८ | १८ |
| जम्मा | ३ | ४ | ४ | १ | ६ | ६ | ९ | ३० | ३० |

व्यास नपा-१ हाइस्कुलटार निवासी १९ वर्षीय किरण खातीलाई ०६५ वैशाख १९ गते व्यास नपा-२ अमरापुरीमा वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। दमौली बजारबाट घरतर्फ फर्कने क्रममा माओवादीको जिल्ला सम्पर्क कार्यालयअगाडि वाईसीएलका कार्यकर्तासँग सामान्य विवाद भएपछि लखेट्दै गएका वाईसीएलका कार्यकर्ताले आफूलाई कुटपिट गरेको खातीले बताए। उनको दमौली अस्पतालमा उपचार भयो। उनको टाउकोमा गम्भीर चोट लागेको थियो। कार्यालयको अगाडि आएर हल्ला गरेपछि सामान्य विवाद भएको वाईसीएलले जनायो।

व्यास नपा-१० का २७ वर्षीय गणेश थापा र व्यास नपा-११ का विश्व श्रेष्ठलाई ०६५ जेठ २२ गते व्यास नपा-७ चापाघाटमा वाईसीएलका कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। डिभिजन सडक कार्यालयले दुईओटा पक्की पुल बनाउनका लागि आह्वान गरेको बोलपत्र दर्ता गराउने विषयमा दमौलीका स्थानीय युवा र वाईसीएलका कार्यकर्ताबीच विवाद भएपछि वाईसीएलका कार्यकर्ताले धारिलो हतियार प्रयोग गरी ती युवाहरूलाई आक्रमण गरेका थिए। घाइतेमध्ये थापाको दमौली अस्पतालमा उपचार हुन नसकी थप उपचारका लागि मणिपाल शिक्षण अस्पताल, पोखरा लगियो। घटनापछि आक्रोशित युवाहरूले माओवादी र वाईसीएलविरुद्ध नाराबाजी गर्दै बजार र यातायात बन्द गराएका थिए। साथै, उनीहरूले माओवादीको जिल्ला सम्पर्क कार्यालयमा समेत तोडफोड गरे। वाईसीएलले भने टेण्डर दर्ता गर्ने कार्यलाई निष्पक्ष बनाउन प्रशासन र निर्माण व्यवसायीको आग्रहमा सडक कार्यालय जाँदा युवाहरूले आक्रमण गरेको जनायो।

*प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका सुवासबहादुर बस्नेत*

### काङ्ग्रेसबाट

रूपाकोट गाविस-३ टुहुरेपसलका माओवादी कार्यकर्ताहरू इन्द्रबहादुर कार्की, नारायण पौडेल र नवीनलाई ०६४ चैत ५ गते काङ्ग्रेस कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। काङ्ग्रेसले रूपाकोट गाविसमा आयोजना गर्न लागेको आमसभा माओवादीका कार्यकर्ताले बिथोल्ने प्रयास गरेपछि उनीहरूलाई कुटपिट गरिएको थियो।

घाँसीकुवा गाविस घर भएका अनेरास्ववियुका जिल्ला अध्यक्ष रमेशप्रसाद आचार्यलाई ०६४ चैत ८ गते बेलुकी आफ्नै घरमा काङ्ग्रेसका कार्यकर्ताहरूले कुटपिट गरे। निर्वाचन क्षेत्र नम्बर १ का एमालेका उम्मेदवार एकबहादुर रानाको प्रचार प्रसारमा किन हिँडेको भन्दै काङ्ग्रेसका कार्यकर्ताले घरमा नै कुटपिट गरेको पीडित आचार्यले बताए। मादक पदार्थ सेवन गरी आएका उनीहरूले आचार्यका बाबु कृष्णप्रसाद आचार्यलाई समेत लछारपछार गरी कुटपिट गरेका थिए।

रूपाकोट गाविस-३ मानेचौका निवासी माओवादी कार्यकर्ता ३५ वर्षीय हरि कार्कीलाई ०६५ जेठ ४ गते सोही ठाउँमा काङ्ग्रेसका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। उनको सोही ठाउँमा नै उपचार भयो। काङ्ग्रेसका पूर्वकार्यकर्ता रहेका

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका किरण खाती*

उनलाई चुनावमा माओवादीलाई सहयोग गरेको भन्दै कुटपिट गरेको उनले बताए।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

### माओवादीबाट

बन्दीपुर गाविस-३ भुमर्सेमा काङ्ग्रेस क्षेत्र नम्बर १ को आयोजनामा भएको चुनावी सभामा माओवादीका कार्यकर्ताले ०६४ चैत १८ गते दिउँसो आक्रमण गर्दा सुरक्षाकर्मीसहित १६ जना घाइते भए। काङ्ग्रेसका उम्मेदवार गोविन्दराज जोशीको चुनावी सभामा करिब तीन सयको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले आक्रमण गरेका थिए। झडपपछि सुरक्षाकर्मीले स्थितिलाई नियन्त्रणमा लिन हवाई फायर र लाठी चार्ज गरेको थियो। सभास्थलवरिपरी घेरा हालेर बसेका माओवादीका कार्यकर्ताले एक्कासि लाठी र ढुङ्गासहित कार्यक्रममा हस्तक्षेप गरेका थिए। घटनामा पूर्वगृहमन्त्रीसमेत रहेका जोशीका अङ्गरक्षक सई विनोदविक्रम सेन, हवल्दार ऋषिराम भट्टराई, काङ्ग्रेसका कार्यकर्ताहरू नरेश गिरी, प्रदीप परियार, मदन गुरुङ, दीपेन गुरुङ, राजु विक, भीमराज गुरुङ, भरत गुरुङ, गङ्गामान गुरुङ घाइते भएका थिए भने माओवादीका बन्दीपुर-३ का सन्तबहादुर आले, बन्दीपुर-२ का सन्तोष क्षेत्री, सोही ठाउँका रामबहादुर कुँवर र बुद्धिबहादुर कुँवर घाइते भएका थिए। घाइतेहरूमध्ये सई सेन, हवल्दार भट्टराई र नरेश गिरीलाई उपचारका लागि पोखरा लगियो। अन्यको भने दमौली अस्पताल र लक्ष्मी अस्पताल डुम्रेमा उपचार भयो।

काङ्ग्रेस र माओवादी कार्यकर्ताहरूबीच ०६४ चैत २५ गते दिउँसो चोक चिसापानी गाविस-६ रामपुरेटारमा झडप हुँदा माओवादीका १३ जना कार्यकर्ता घाइते भए। काङ्ग्रेसले सो दिन भानु गाविसको नारेश्वरटारमा आयोजना गरेको क्षेत्रीय सभामा आएका कार्यकर्ता चढेको सवारीसाधनमा माओवादी कार्यकर्ताले ढुङ्गा हानेपछि झडप भएको थियो। माओवादीका अनुसार, घाइते हुनेहरूमा माओवादी जिल्ला सङ्गठन समिति सदस्य सीताराम अधिकारी र कार्यकर्ताहरू रमेश उप्रेती, ओझराज पाण्डे, खुसीराम सुनार, राजु विक, दलबहादुर नेपाली, राजकुमार नेपाली, हीरालाल सुनार, लक्ष्मण नेपाली, अमुत नेपाली, प्रभात पन्त, प्रेम नेपाली र गणेश नेपाली रहेका थिए। पीडितको तुरतुरेमा रहेको स्वास्थ्य चौकीमा उपचार भयो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ४० थान र यस वर्ष दर्ता भएका ५० थान गरी जम्मा ९० थान रहेकामा २७ थान फर्स्यौट भई ६३ थान बाँकी रहे। यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३९ थान र यस वर्ष दर्ता भएका २४ थान गरी जम्मा ६३ थान रहेकामा नौ थान मुद्दा फर्स्यौट भई ५४ थान बाँकी रहे। त्यसैगरी, देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ६ थान र यस वर्ष दर्ता भएका ५६ थान गरी १ सय ६२ थान मुद्दामध्ये २६ थान मुद्दा फर्स्यौट भई १ सय ३६ थान मुद्दा बाँकी रहे।

यस वर्षको अन्त्यसम्म जम्मा मुद्दा ३ सय १५ थान रहेकामा ६२ थान मुद्दा फर्स्यौट भई २ सय ५३ थान मुद्दा बाँकी रहे।

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका मीनबहादुर तामाङ*

*वाईसीएल कार्यकर्ताद्वारा अपहरण गरिएका पूर्णबहादुर गुरुङ र अमर गुरुङ*

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**
**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

मनपाङ गाविस-९ तिनपिप्लेकी १४ वर्षीया एक बालिकालाई ०६५ जेठ २९ गते आफ्नै बाबुले बलात्कार गरे। बलात्कारपछि बालिका गर्भवती भइन्। खेतमा काम गर्न गएका बेलामा बाबुले जबरजस्ती बलात्कार गरेको पीडित बालिकाले प्रहरीलाई बताइन्। पीडक पुर्पक्षका लागि जिल्ला कारागार शाखा दमौलीमा थुनामा रहेका छन्। बालिकाको दमौली अस्पतालमा गर्भपतन गराइयो।

भानु गाविस-५ भन्सारकी १० वर्षीया एक बालिकालाई ०६५ मङ्सिर ४ गते दिउँसो सोही ठाउँका ७३ वर्षीय टङ्कबहादुर अधिकारीले घरनजिकको बारीमा बलात्कार गरे। बालिकाको घरमा काम गर्न बसेका अधिकारीले बालिकालाई घरमा कोही नभएको समयमा बारीको कान्लामा रहेको कटहरको रुखमुनि लगी बलात्कार गरेका थिए। पीडक अधिकारीलाई पुर्पक्षका लागि जिल्ला कारागार शाखा दमौलीमा थुनामा राखिएको छ।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**
**भौतिक संरचना, सम्पति कब्जा, तोडफोड**

कान्तिपुर पब्लिकेसन्सको ना१च ९२७९ नम्बरको टाटामोबाइल गाडी ०६५ असार १० गते साँझ बन्दीपुर गाविस-१ डुम्रेमा यातायात मजदुरहरूले तोडफोड गरे। चितवनको भरतपुरबाट पोखरा पत्रिका पुऱ्याएर फर्किएको उक्त गाडीलाई बन्दमा चलाएको भन्दै मजदुरहरूले सडकमा रोकी तोडफोड गरेका थिए। तोडफोडका कारण गाडीको अगाडिको सिसा पूर्णरूपमा क्षति भएको थियो। सोही घटनाको समाचार सङ्कलनका लागि घटनास्थल पुगेका इन्सेक प्रतिनिधि र *कान्तिपुर* दैनिकका संवाददातालाई समाचार नलेख्न मजदुरहरूले चेतावनी दिए।

# ३.२ गोरखा

जनसङ्ख्या : ३,२०,००४
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ५३
क्षेत्रफल (वर्ग कि. मि.) : ३,६१०
गाविस/नपा सङ्ख्या : ६६/१
सरकारी/निजी विद्यालय : ४९६/२४
क्याम्पस/उच्च मा.वि. : २/२५
अस्पताल/स्वास्थ्य चौकी : २/७४
मानव विकास सूचकाङ्क : ०.४५४
प्रतिपरिवार सरदर सङ्ख्या : ५

**जेल र बन्दीहरू**

'घ' श्रेणीको गोरखा कारागारमा ५५ जना बन्दी क्षमता रहेको छ। हाल यस कारागारमा ६३ जना बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका पुरुष ३२ र महिला सात गरी ३९ जना छन् भने कैद नतोकिएका २१ पुरुष र तीन महिला गरी २४ जना रहेका छन्। कारागारमा एक जना आश्रित बालक पनि रहेका छन्। कारागारभित्र बन्दीहरूका लागि महिला तथा पुरुष कोठामा एक-एकओटा रङ्गीन टीभी, खेलकुद सामग्री र पत्रपत्रिका उपलब्ध छन्। बन्दी बिरामी भएमा अस्पताल लगेर उपचार गराउने र सबै बन्दीका लागि मासिक रूपमा कारागारभित्रै नियमित स्वास्थ्य परीक्षण गराउने गरेको गोरखा कारागारले जनायो।

**धम्की/कुटपिट**
**माओवादीबाट**

घ्याल्चोक गाविसमा काङ्ग्रेसका स्थानीय कार्यकर्ता गणेशमान श्रेष्ठलाई ०६४ फागुन १९ गते माओवादी कार्यकर्ताले कुटपिट गरे। काङ्ग्रेसद्वारा

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| गिरफ्तारी/यातना | | | | | | | | | | १ | ३ | ३ |
| कुटपिट | ५ | १० | १ | | ११ | ६ | १० | | १० | | | |
| धम्की | | | | | | ३ | ३ | १ | ४ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | ८ | १० | | १० | | | |
| जातीय विभेद | ३ | | | ६९ | ६९ | | | | | | | |
| बालअधिकार | ६ | | ६ | | ६ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | | १ | १ | | १ | | | |
| जम्मा | १३ | १० | ६ | ६९ | ८६ | १९ | ३४ | १ | ३५ | १ | ३ | ३ |

आयोजित चुनावी सभामा भाग लिएको आरोपमा कुटपिट गरिएको पीडितले बताए। पीडकलाई कुनै कारबाही भएन।

छोप्राक गाविस निवासी काङ्ग्रेस कार्यकर्ता ३३ वर्षीय अच्युत न्यौपाने र गोरखा क्याम्पसका स्ववियु सभापति २९ वर्षीय अमर धितालालाई ०६४ चैत २ गते चुनाव प्रचारमा हिँडेको अवस्थामा माओवादी कार्यकर्ताले गाईखुर गाविस-८ लुइँटेल भञ्ज्याङमा कुटपिट गरे। गोरखा क्षेत्र नं. २ का काङ्ग्रेस उम्मेदवार चन्द्रप्रसाद न्यौपानेको नेतृत्वमा चुनाव प्रचारमा गएको १२ जनाको चुनाव प्रचार समूह बास बसेको बेला पीडितद्वय न्यौपाने र धितालललाई माओवादी कार्यकर्ताले बोलाएर कुटपिट गरेको काङ्ग्रेसले जनायो।

आरुचनौटे गाविस-२ आरुघाट बजारमा रहेको काङ्ग्रेस गोरखा क्षेत्र नं. ३ का उम्मेदवार चिनकाजी श्रेष्ठको घरमा ०६४ चैत १७ गते माओवादी समर्थकले घेराबन्दी गरे। आरुघाट बजारमा माओवादीद्वारा आयोजित चुनावी सभा सकेर फर्कंदै गरेकी एक माओवादी समर्थक महिलाको पछ्यौरा काङ्ग्रेसका कार्यकर्ताले तानेको आरोपमा उनीहरूले श्रेष्ठको घर घेरा हालेका थिए। एक हजार भन्दा बढीको सङ्ख्यामा रहेका माओवादी समर्थकले घरभित्र रहेका उम्मेदवार श्रेष्ठसहित उनका परिवारलाई चार घण्टासम्म घरबाहिर निस्कनसमेत दिएनन्। सो क्रममा उनीहरूले घरमा ढुङ्गामुढासमेत गरेका थिए।

सिम्जुङ गाविस-४ को झ्याँवामा स्थानीय काङ्ग्रेस कार्यकर्ता डिलबहादुर तामाङ र चेतबहादुर गुरुङलाई ०६४ चैत २६ गते माओवादी कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। आक्रमण गर्दा माओवादी कार्यकर्ताले लाठी र खुकुरी प्रयोग गरेको काङ्ग्रेसले जनायो। घाइतेहरूलाई भोलिपल्ट हेलिकप्टरबाट उपचारका लागि पोखरा लगिएको थियो।

तान्द्राङ गाविस-९ का २२ वर्षीय रमेश बस्ताकोटी र बगुवा गाविस-२ का २१ वर्षीय चित्र भट्टलाई ०६४ चैत २९ गते गोरखाबाट माइक्रोबस चढेर काठमाडौँ जाँदै गर्दा माओवादी कार्यकर्ताले कुटपिट गरी प्रहरीलाई बुझाए। माओवादीका लोकप्रसाद बञ्जारालाई चैत २८ गते कुटपिट गरी घाइते बनाएको आरोपमा माओवादी कार्यकर्ताले पीडितहरूलाई कुटपिट गरेका थिए। पीडकउपर ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा चलाइएकामा ०६५ वैशाख १३ गते अदालतको आदेशमा बिनाधरौटी रिहा भए।

गोरखामा कार्यरत *राजधानी* दैनिकका संवाददाता कैलाशबाबु श्रेष्ठ, *कान्तिपुर* संवाददाता दामोदर न्यौपानेलगायतका पत्रकारहरूलाई ०६४ चैत २९ गते माओवादी कार्यकर्ताले संविधानसभाको निर्वाचनका बेला लेखेको समाचारको विषयलाई लिएर आगामी दिनमा माओवादीविरुद्ध समाचार लेख्ने प्रयास गरेमा नराम्रो परिणाम भोग्नुपर्ने धम्की दिए। माओवादी कार्यकर्ताको धम्कीका कारण संविधानसभा निर्वाचनको मतगणना अवधिभर एक्लै हिँडडुल गर्नसमेत सञ्चारकर्मीहरूलाई कठिन भएको पीडितहरूले बताए।

खरिबोट गाविस-८ निवासी काङ्ग्रेस गोरखाका महासमिति सदस्य फणिन्द्र धितालललाई

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | काङ्ग्रेसबाट | | | युथफोर्सबाट | | | वाईसीएलबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| कुटपिट | २ | २ | २ | १ | १ | १ | २ | ७ | १ | ८ |
| जम्मा | २ | २ | २ | १ | १ | १ | २ | ७ | १ | ८ |

काङ्ग्रेसको समर्थनमा कार्य गरेको आरोपमा ०६४ चैत ३० गते माओवादी कार्यकर्ताले गोरखा बजारमा कुटपिट गरे।

छोप्राक गाविस-८ निवासी काङ्ग्रेस गोरखाका सदस्य मोहन पोखरेललाई माओवादी कार्यकर्तामाथि भएको आक्रमणको योजनाकार भएको भन्दै ०६४ चैत ३० गते माओवादी कार्यकर्ताले गोरखा बजारमा कुटपिट गरे। माओवादी कार्यकर्ताहरूले गोरखाबाट काठमाडौँ जान लागेका पोखरेललाई तेह्रकिलो भन्ने स्थानमा माइक्रोबसबाट ओरालेका थिए। उनी मानवअधिकार सङ्गठन गोरखाका उपाध्यक्ष पनि हुन्।

छोप्राक गाविस-८ निवासी केराबारी गाविसस्थित नेपाने माविका शिक्षक २८ वर्षीय रामेश्वर पोखरेललाई संविधानसभाको चुनावमा दलको प्रचारमा हिँडेको आरोपमा ०६५ वैशाख ३० गते विद्यालयबाट घर फर्कने क्रममा माओवादी कार्यकर्ताले कुटपिट गरे। पीडकलाई कारवाही भएन।

### वाईसीएलबाट

मसेल गाविस-९ घ्याम्पेसाल निवासी काङ्ग्रेसका कार्यकर्ता ४१ वर्षीय सानुकाजी बानियाँलाई ०६४ फागुन १४ गते वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। वाईसीएल कार्यकर्ताले प्रहार गरेको लाठीको चोटबाट गम्भीर घाइते भएका बानियाँलाई गोरखा जिल्ला अस्पतालमा सामान्य उपचारपछि सोही दिन थप उपचारका लागि काठमाडौँ लगियो। पाँचखुवा देउराली गाविसमा ०६४ फागुन १४ गते नै माओवादीले आयोजना गरेको दिलबहादुर रम्तेल स्मृति सभामा विद्यार्थी सहभागी गराउने विषयमा दुल्लभ उच्च माविमा नेविसङ्घ र माओवादी कार्यकर्ताबीच भएको विवादको विषयमा बानियाँलाई कुटपिट गरिएको हुनसक्ने स्थानीय बासिन्दाले बताए। माओवादीले भने आफ्नो कार्यक्रम बानियाँले भाँड्ने प्रयास गरेको आरोप लगाए।

आरुचनौटे गाविस-३ आरुटारमा युथफोर्सका कार्यकर्ता स्थानीय किरण सुनार, मीनबहादुर बराम, गणेश ढकाल, प्रकाश भण्डारी, समिता सुनार, राजु गुरुङ, भीमबहादुर विकलाई ०६५ कात्तिक १० गते साँझ वाईसीएल कार्यकर्ताले कुटपिट गरी गम्भीर घाइते बनाए। एमाले गोरखाका अनुसार प्रायुसङ्घ गोरखाको पाँचौँ जिल्ला सम्मेलनमा सहभागी भई गोरखा सदरमुकामबाट घर जाँदै गरेका युथफोर्सका कार्यकर्ताहरूमाथि वाईसीएलका कार्यकर्ताले एक्कासी आक्रमण गरेको थिए। तर, माओवादीले भने युथफोर्सका कार्यकर्ताले वाईसीएलविरुद्ध उत्तेजित नारा लगाएकाले आकस्मिक झडप भएको बताए।

### काङ्ग्रेसबाट

तान्द्राङ गाविसको डाँडाथोकमा काङ्ग्रेस र माओवादी कार्यकर्ताबीच ०६४ चैत २३ गते भएको विवादमा काङ्ग्रेस कार्यकर्ताको कुटाइबाट माओवादीका स्थानीय कार्यकर्ता दण्डपाणि लामिछाने घाइते भए। पीडितको पोखरामा उपचार भयो।

तान्द्राङ गाविसको ताराखसे मतदान केन्द्रको मतदान सकेर मतपेटिका सदरमुकाम ल्याउने क्रममा मसेल गाविस-९ स्थित घ्याम्पेसाल बजारमा माओवादी तमुवान राज्य समितिका सदस्य तथा पोखरास्थित *रेडियो गण्डकी*का स्टेसन म्यानेजर अक्कल भनिने लोकप्रसाद बञ्जारालाई ०६४ चैत २८ गते साँझ काङ्ग्रेसका कार्यकर्ताले लठ्ठी र रडले आक्रमण गरेर गम्भीर घाइते बनाए। टाउको र हातमा चोट लागी गम्भीर घाइते भएको बञ्जारालाई गोरखा अस्पतालमा सामान्य उपचारपछि सोही दिन थप उपचारका लागि काठमाडौँको वीर अस्पतालमा लगियो।

### युथफोर्सबाट

गोरखा जिल्ला अस्पताल परिसरमा क्रान्तिकारी पत्रकार सङ्घ गोरखाका सदस्य सुदीप कैनीलाई ०६५ कात्तिक ११ गते युथफोर्सका कार्यकर्ताले कुटपिट गरे। आरुचनौटे गाविस-३ आरुटारमा अघिल्लो दिन

*काङ्ग्रेस कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका लोकप्रसाद बञ्जारा*

वाईसीएल कार्यकर्ताको कुटाइबाट घाइते भएकामध्ये चारजना युथफोर्सका कार्यकर्ताको अस्पतालमा उपचार भइरहेका बेला हेर्न अस्पताल पुगेका कैनी युथफोर्सका कार्यकर्ताबाट पिटिएका थिए।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

मान्बु गाविसमा गोरखा क्षेत्र नं. ३ का एमाले उम्मेदवार विकलकुमार श्रेष्ठलाई ०६४ चैत ४ गते संविधानसभा चुनाव प्रचार प्रसार गर्न जान दिएनन्। माओवादी कार्यकर्ताले उत्तरी गोरखाका माथिल्ला गाविसहरूमा प्रचारका लागि जान नदिई फिर्ता गरिदिएका थिए।

काङ्ग्रेस गोरखाका कोषाध्यक्ष सुकदेव दवाडीलाई संविधानसभाको चुनाव प्रचारमा जान लागेको अवस्थामा ०६४ चैत ६ गते श्रीनाथकोट गाविस-२ बाट माओवादी कार्यकर्ताले फिर्ता गरे। आफ्नो गाविस सिम्जुङ जान लागेका बेला 'तपाईं चुनाव प्रचार गर्न जान पाउनुहुन्न' भनी फिर्ता गराएको पीडितले बताए।

सौरपानी गाविसमा एमालेका समानुपातिकतर्फका उम्मेदवार कृष्णबहादुर नेपालीको टोलीलाई ०६४ चैत ८ गते चुनाव प्रचारमा हिँडेको अवस्थामा माओवादी कार्यकर्ताले अवरोध पुऱ्याए। गोरखाको माथिल्लो क्षेत्र माओवादी आधार इलाका भएकाले अनुमतिबिना प्रवेश गर्न नपाउने भन्दै माओवादी कार्यकर्ताले फर्काइदिएको उम्मेदवार नेपालीले बताए।

*माओवादी कार्यकर्ता द्वारा कुटपिट गरी घाइते बनाइएका मोहन पोखरेल*

अश्राङ गाविसमा आयोजित चुनावी सभा सकेर फर्कने क्रममा ०६४ चैत १० गते काङ्ग्रेस क्षेत्र नं. १ का उम्मेदवार चिरञ्जीवी वाग्ले र उनका कार्यकर्ता चढेको गाडीमा माओवादीले ढुङ्गामुढा गरे। घटनामा कुनै क्षति भएन।

अश्राङ गाविसमा राप्रपा क्षेत्र नं. १ का उम्मेदवार रूद्रराज पाण्डेसहितको चुनाव प्रचार टोलीलाई ०६४ चैत १३ गते माओवादीका कार्यकर्ताले अवरोध पुऱ्याए। ग१च ३१७३ नम्बरको जीपमा चुनाव प्रचार गर्न गएका पाण्डेसहितको टोलीलाई माओवादी कार्यकर्ताले 'राजावादीलाई प्रचार गर्न छुट नभएको' भन्दै अश्राङ गाविसबाट फर्काइदिएको पीडितले बताए।

काङ्ग्रेस क्षेत्र नं. १ का उम्मेदवार चिरञ्जीवी वाग्लेलाई चुनावी प्रचारका क्रममा माओवादी कार्यकर्ताले ०६४ चैत १५ गते घैरूङ गाविसको खगीबाट फर्काइदिए। सुरक्षाकर्मीसहित चुनावी सभामा सहभागी हुन गएका उम्मेदवार वाग्ले अवरोधपछि सदरमुकाम फर्किएका थिए।

बोर्लाङ गाविसको सातबीसेमा आचारसंहिताको अनुगमन गर्न जिल्लाको बोर्लाङ गाविस पुगेको एसियन नेटवर्क फर फ्री इलेक्सनका अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई ०६४ चैत २१ गते दिउँसो माओवादीले अवरोध गरी फिर्ता पठाए। उनीहरूले उक्त टोलीलाई अनुगनमका लागि अघि बढ्न दिएनन्। टोलीमा संलग्न अन्तर्राष्ट्रिय पर्यवेक्षक तेन्जिङ पालजोर र नेपाल पत्रकार महासङ्घ गोरखा शाखाका अध्यक्ष किशोरजङ्ग थापालाई माओवादीका कार्यकर्ताले अन्तर्राष्ट्रिय पर्यवेक्षक, मानवअधिकारवादी र पत्रकार आफ्नो पार्टीविरुद्ध लागेको भन्दै फिर्ता पठाएको महासङ्घका अध्यक्ष थापाले बताए। सोही दिन चुनावी सभाको अनुगमन गरी फर्कंदै गरेको राष्ट्रिय मानवअधिकार आयोग पोखरा क्षेत्रीय निर्देशक अच्युत आचार्य र इन्सेक जिल्ला प्रतिनिधिको संयुक्त टोलीलाई माओवादीले बोर्लाङ गाविस-७ महादेवटारमा बाटोमा रूख ढालेर तथा ढुङ्गाको पर्खाल लगाएर अवरोध गरेका थिए।

पालुङटार गाविस-९ ठाँटीपोखरीमा गोरखा क्षेत्र नं. २ अन्तर्गत निर्वाचन प्रचारका क्रममा घरदैलो कार्यक्रम गरिरहेका एमालेका केन्द्रीय सदस्य वाचस्पति देवकोटालाई ०६४ चैत २४ गते माओवादी कार्यकर्ताले अवरोध गरे।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवार सरेर आएका तीन थान र यस वर्ष दर्ता भएका २५ थान गरी दुनियाँवादी फौजदारी मुद्दा जम्मा २८ थानमध्ये छ थान फर्स्यौट भई २२ थान बाँकी रहे। त्यस्तै गत वर्षको जिम्मेवारी सरेर आएका ३८ र यस वर्ष दर्ता भएका ४३ थान गरी सरकारवादी फौजदारी मुद्दा ८१ थानमध्ये ३३ थान फर्स्यौट भई ४८ थान बाँकी रहे। त्यसैगरी, देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १० थान र यस वर्ष दर्ता भएका ४७ थान गरी ५७ थान मुद्दामध्ये ११ थान मुद्दा फर्स्यौट भई ४६ थान बाँकी रहे।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गोरखा नपास्थित गोरखाबजारका दिलीप बस्नेत र सन्देश मास्केलाई ०६५ असोज २० गते प्रहरीसँग झगडा गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी यातनापश्चात् सोही दिन रिहा गरे। रिहा भएका दुवैको शरीरभरि नीलडाम थियो। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा प्रहरीले पाइप र लाठीले हिर्काएको पीडितहरूले बताए।

### बालअधिकार

मिरकोट गाविस-८ की १० वर्षीया एक बालिकालाई गाईखुर गाविस-६ स्थित मामाघर गएका बेला उनकै मामाले ०६४ चैत ३ गते बलात्कार गरेको आरोपमा पीडकलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितकी आमाले ०६४ चैत ५ गते प्रहरीलाई दिएको

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका सानुकाजी बानियाँ*

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका चित्र भट्ट र रमेश बास्ताकोटी*

उजुरीका आधारमा पीडकलाई प्रहरीले ०६५ वैशाख ३ गते गिरफ्तार गरेको थियो। पीडक हाल गोरखा कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

गोरखा नपा-७ की १४ वर्षीया सुस्तमनस्थिति भएकी एक बालिकालाई ०६५ वैशाख २५ गते बलात्कार गरेको आरोपमा सडक मजदुर १९ वर्षीय शङ्कर परियारलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितकी आमाले ०६५ वैशाख २६ गते प्रहरीमा उजुरी दिएकी थिइन्। पीडक परियार ०६५ जेठ १९ गतेदेखि गोरखा कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

आरुपोखरी गाविस-१ की १४ वर्षीया एक बालिकालाई बोर्लाङ गाविस-२ बस्ने २२ वर्षीय राजकुमार परियारले ०६५ वैशाख २८ गते धावा गाविस-२ स्थित आफन्तका घरमा लगी बलात्कार गरेको आरोपमा पीडक परियारलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितकी आमाले ०६५ जेठ १ गते प्रहरीमा उजुरी दर्ता गराएकी थिइन्। अदालतको आदेशबाट पीडक ०६५ जेठ २५ गतेदेखि कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

गोरखा नपा-४ की दुई वर्षीया बालिकालाई सोही ठाउँका ४० वर्षीय गोविन्द नेपालीले ०६५ जेठ ६ गते पीडितकै घरमा बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितकी आमाले ०६५ जेठ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडक गोविन्द नेपाली ०६५ जेठ २८ गतेबाट गोरखा कारागारमा पुर्पक्षका लागि थुनामा छन्।

जौवारी गाविस-९ बस्ने ११ वर्षीया एक बालिकालाई श्रीनाथकोट गाविस-२ घर भई जौवारी गाविसको सोही ठाउँमा बसोवास गर्दै आएका ६४ वर्षीय नीलप्रसाद ढकालले ०६५ जेठ १७ गते बलात्कार गरे।

पीडक ढकाल जिल्ला अदालतको फैसलापछि जिल्ला कारागारमा थुनामा रहेका छन्।

घैरुङ गाविस-७ बस्ने नौ वर्षीया एक बालिकालाई सोही गाविस-२ का २२ वर्षीय सुजन थापामगरले ०६५ कात्तिक १६ गते बलात्कार गरे। पीडित नुहाउन लागेका बेला बाटो देखाइदिन भन्दै कुवा भन्दा केही पर लगेर बलात्कार गरेको पीडित पक्षले बताए। पीडितकी आमाले दिएको उजुरीका आधारमा प्रहरीले पीडकलाई ०६५ कात्तिक १८ गते गिरफ्तार गरी अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागार शाखा गोरखामा चलान गऱ्यो।

### सबै प्रकारका जातीय विभेद

केराबारी गाविस-४ स्थित जीवन प्राविले ०६४ पुस २६ गते गाउँमै आयोजना गरेको वनभोजमा विद्यालयका शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिका केही पदाधिकारीहरूले जातका आधारमा वनभोजमा सहभागी दलित विद्यार्थीहरूमाथि भेदभाव गरे। विद्यालयद्वारा आयोजित सो वनभोजमा ६८ जना दलितसहित १ सय ४ जना विद्यार्थीहरू सहभागी थिए। वनभोजमा खाना पकाउने र खाने बेलामा शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले 'यहाँ यस्तो व्यवहार चल्दैन, तिमीहरूले खाना बनाउनु छ भने जनै लगाएर आउनु पर्छ' भन्दै भोजमा पकाइएका सामानहरू नछुन भनेको पीडित विद्यार्थीहरूको भनाइ थियो। उनीहरूका अनुसार, विद्यालयले भोजका लागि प्रत्येक विद्यार्थीसँग एक माना चामल र ५० रुपियाँ सङ्कलन गरेको थियो।

फुजेल गाविस-९ कोटथोकस्थित भैरवथान मन्दिरमा फूलको डाली लिएर पूजा गर्न गएका कथित दलितहरूलाई ०६५ असोज १५ गते केही स्थानीय व्यक्तिहरूले मन्दिर प्रवेशमा रोक लगाए। मन्दिरमा फूलको डाली लिएर पूजा गर्न गएका दलितहरूलाई स्थानीय केही व्यक्तिहरूले 'तिमी दलितहरू मन्दिर पसेमा मन्दिर लोप हुन्छ र भक्तजनहरू आउँदैनन्' भन्दै मन्दिर प्रवेश गर्न नदिनुका साथै प्रवेश गर्न खोज्ने राजाराम परियार, लालबहादुर गैरे र दीपा बीसीलाई दुर्व्यवहारसमेत गरेको पीडितहरूले बताए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

मीरकोट गाविस-५ लामोगरास्थित जङ्गबहादुर कुमालको घरबाट ०६५ मङ्सिर ५ गते माओवादीका स्थानीय कार्यकर्ता सहभागी रहेको एक समूहले धान कब्जा गरे। स्थानीय माओवादी कार्यकर्ता टोपबहादुर कुमाल, शम्भु अधिकारी र बाबुराम बानियाँको सहभागी रहेको ५० जनाभन्दा बढीको सङ्ख्यामा आएको एक समूहले १ सय ५ मुरी धान बोरामा हाली लगेको जङ्गबहादुर कुमालले बताए। तर, माओवादीको भने सो घटनामा पार्टीको कुनै योजना तथा संलग्नता नरहेको र विवादित जग्गामा उनले खेती गरेको हुँदा अर्को पक्षले धान फिर्ता गरेको दाबी गऱ्यो।

### खाद्यान्न सङ्कट

यस वर्ष पनि उत्तरी गोरखाका दुर्गम गाविसहरूमा विगतका वर्षहरूमा जस्तै चामलको सङ्कट कायम नै रह्यो। सो क्षेत्रका लागि नेपाल खाद्य संस्थानले वितरण गर्दै आएको सहुलियत दरको चामल ढिलो गरी थोरै परिमाणमा मात्र ढुवानी गरेका कारण उत्तरी दुर्गम गाविसका मानिसहरूले प्रतिव्यक्ति करिब दुई किलो चामलका भरमा दसैँ मनाउन बाध्य भए। त्यस्तै गाविस कार्यालयमार्फत वितरण हुने सामाजिक सुरक्षा अन्तर्गतका वृद्ध, विधवालगायतका भत्ताहरू यस जिल्लामा अधिकांश गाविस सचिवहरू कार्यक्षेत्र नगई सदरमुकाममै बस्नाले समयमा पाउन सकेनन्।

## ३.३ लमजुङ

जनसङ्ख्या : १,९८,३०२
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.): १,६९२
गाविस/नपा सङ्ख्या : ६१/०
सरकारी/निजी विद्यालय : ५३०/२२
क्याम्पस/उच्च मा.वि. : ६/१६
अस्पताल/स्वास्थ्य चौकी : १/६१
मानव विकास सूचकाङ्क : ०.४९२
प्रतिपरिवार सरदर सङ्ख्या : ५

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | २ | ८ | | ८ | | | | | | |
| कुटपिट | १० | २१ | १ | २२ | ४ | १४ | १४ | | | |
| धम्की | १ | १ | | १ | १ | ४ | ४ | १ | १ | १ |
| जातीय विभेद | १ | १ | | १ | | | | | | |
| अमानवीय व्यवहार | १ | १ | | १ | | | | | | |
| अपहरण | १ | १ | | १ | १ | १ | १ | | | |
| जम्मा | १६ | ३२ | १ | ३३ | ६ | १९ | १९ | १ | १ | १ |

### जेल र बन्दीहरू

'घ' श्रेणीको लमजुङ कारागारको क्षमता २५ जनाको भए पनि हाल ३४ पुरुष र १ महिला गरी ३५ जना बन्दी रहेका छन्। जस अनुसार, कर्तव्य ज्यानमा पुरुष कैदी १० जना, महिला एक, थुनुवा पुरुष नौ जना गरी २० जना रहेका छन्। डाँका चोरीमा कैदी ४, थुनुवा ७ गरी ११ जना रहेका छन् भने जबरजस्ती करणीमा पुरुष चार जना रहेका छन्। जेलभित्र पत्रपत्रिका पढ्न नपाइएको महिला वार्डमा टीभी नभएको बन्दीहरूले बताए।

### बेपत्ता/अपहरण

### माओवादीबाट

नौथर गाविसका एमाले कार्यकर्ता रमेश अधिकारी र ढोडेनी गाविसका पूर्ण भारतीलाई ०६४ चैत २१ गते एमालेको चुनावी सभाबाट फर्कदै गरेको अवस्थामा बाटोमा कुरेर बसेका माओवादीले ढोडेनी गाविस-१ सराञ्चोकबेसीमा कुटपिट गरे। सोही घटनामा ढोडेनी गाविसका एमाले कार्यकर्ता गणेश नेपालीलाई अपहरण गरे। उनलाई कुटपिट गरी राती घरमै ल्याएर मुक्त गरे।

### वाईसीएलबाट

भोटेओडार गाविसका ३५ वर्षीय शमशेर नेपाली चोरी गरेको आरोपमा ०६५ भदौ १ गते उनलाई वाईसीएलले उनको घरबाटै अपहरण गरी भदौ २ गते सुन्दरबजारबाट मुक्त गरे।

### धम्की/कुटपिट

### राज्यबाट

गाउँसहर गाविस निवासी नेपाल पत्रकार महासङ्घ लमजुङ शाखाका सभापति ३२ वर्षीय कृष्ण केसी समाचार सङ्कलन गर्न जिल्ला प्रशासन कार्यालयमा गएका बेला ०६४ पुस २७ गते उनलाई

*माओवादी कार्यकर्ताको आक्रमणबाट घाइते भएका एमाले कार्यकर्ता बलराम घिमिरे*

*एमाले कार्यकर्ताको कुटपिटबाट घाइते भएका माओवादी कार्यकर्ता लवराज गुरुङ*

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | | काङ्ग्रेसबाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | | | | | १ | ६ | ६ | १ | १ | १ |
| कुटपिट | ४ | १२ | १ | १३ | २ | २ | २ | ३ | ५ | ५ |
| धम्की | | | | | | | | १ | १ | १ |
| अपहरण | | | | | | | | १ | १ | १ |
| जम्मा | ४ | १२ | १ | १३ | ३ | ८ | ८ | ६ | ८ | ८ |

लमजुङ जिल्लाका अनुसन्धान प्रहरी सहायक निरीक्षक जीवन पौडेलले प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा नै गालीगलौज गरे।

### माओवादीबाट

चक्रतीर्थ गाविस-९ निवासी एमाले कार्यकर्ता ३२ वर्षीय शम्भु कडरियाले एमालेको प्रचार गरेको आरोपमा ०६४ चैत १४ गते राती उनलाई माओवादी कार्यकर्ताले कुटपिट गरे। उनको उपचार बेसीसहर सामुदायिक अस्पतालमा भयो।

भार्ते गाविसमा घरदैलो गर्न जान लागेका काङ्ग्रेसका शङ्कर अधिकारी, चूडामणि अधिकारी, पशुपति अधिकारी, पूर्णबहादुर अधिकारीलाई ०६४ चैत २३ गते माओवादी कार्यकर्ताले चुनावी कार्यक्रम नगर्न घम्की दिए। धम्कीका कारण भार्तेका कार्यक्रम स्थगित गरिएको काङ्ग्रेसले जनायो ।

बाँग्रे गाविस-६ निवासी एमाले कार्यकर्ता सुमन ढकाललाई एमालेको चुनावी प्रचारप्रसार गरेको भनी ०६४ चैत २५ गते माओवादीले उनकै घरमा कुटपिट गरे। दायाँ गोडामा गम्भीर चोट लागेका पीडितको उपचार पोखरामा भयो।

*एमाले कार्यकर्ताको कुटपिटबाट घाइते भएका माओवादी कार्यकर्ता गोपाल नेउपाने*

### वाईसीएलबाट

बारलुङ जिल्लाका २२ वर्षीय उमानाथ शर्मा र चितवन जिल्लाका २१ वर्षीय रोशन सुवेदीलाई ०६४ माघ ३ गते लमजुङ कृषि क्याम्पस आएका बेला राजनीति गर्न आएको आरोपमा वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। पीडित दुवैको उपचार भोटेओडारस्थित पोली क्लिनिकमा गरियो। पीडित दुवै नेविसङ्घ रामपुर क्याम्पसका सदस्य हुन्।

सुन्दरबजार गाविस-९ निवासी काङ्ग्रेसका कार्यकर्ता २७ वर्षीय अर्जुन सापकोटालाई गुण्डागर्दी गरेको आरोपमा ०६४ चैत ६ गते राती वाईसीएलका कार्यकर्ताले सुन्दरबजार गाविस-४ स्थित मनोज मिश्रको घरमा कुटपिट गरे। उनलाई उपचार गर्न चैत ७ गते काठमाडौं लगियो। उनको दाहिने आँखामा गम्भीर चोट लागेको थियो।

घलेउत्तरकन्या गाविस निवासी एमाले जिल्ला कमिटी सचिवालय सदस्य प्रेम घले आफ्नै घरमा बसिरहेका बेला ०६४ चैत २७ गते बिहान उनलाई वाईसीएलका कार्यकर्ताले खुकुरी प्रहार गरी घाइते बनाए। उनलाई सोही दिन हेलिकप्टरबाट उपचारका लागि सदरमुकाम ल्याइयो।

बेसीसहर गाविस-२ निवासी सोही ठाउँमा रहेको गोविन्द बस्नेतको पाउरोटी भण्डारमा ०६५ साउन २३ गते आफ्ना विरुद्धमा लागेको आरोपमा वाईसीएलले भण्डार तोडफोड गरे। उनलाई मार्ने धम्की दिए।

बेसीसहर गाविस-२ का बासु बराल र बेसीसहर गाविस-९ का सरोज बरालले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६५ भदौ २३ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताले खुकुरी र लाठी प्रहार गरी घाइते बनाए। दुवै जनाको उपचार काठमाडौंमा भयो।

### एमालेबाट

पुरानकोट गाविस-६ निवासी काङ्ग्रेसका कार्यकर्ता बृषराज गुरुङ र ओम

*वाईसीएल कार्यकर्ताबाट कुटपिट गरिएका प्रेम घले*

गुरुङले काङ्ग्रेसको प्रचार गरेर हिँडेको आरोपमा ०६४ चैत १३ गते साँझ उनीहरूलाई एमाले कार्यकर्ताले कुटपिट गरे। उनीहरू दुवैको उपचार बेसीसहर सामुदायिक अस्पतालमा भयो।

*माओवादी कार्यकर्ताको आक्रमणबाट घाइते भएका एमाले कार्यकर्ता ऋषिकेश घिमिरे*

इलमपोखरी गाविस-२ निवासी माओवादी कार्यकर्ता लवराज गुरुङलाई ०६४ चैत २६ गते राती सोही ठाउँ घर भएका एमाले कार्यकर्ता जितबहादुर घलेले कुटपिट गरे। हेलिकप्टरबाट उपचार गर्न बेसीसहर ल्याइएका पीडितको थप उपचार पोखरामा भयो।

विचौर गाविस-६ निवासी माओवादी कार्यकर्ता गोपाल नेउपानेलाई ०६४ चैत २८ गते राती एमाले कार्यकर्ताले खुकुरी प्रहार गरे। उनको टाउकोमा गम्भीर चोट लाग्यो। उनको उपचार बेसीसहरमा भयो।

### नेपाली काङ्ग्रेसबाट

सुन्दरबजार गाविस-१ घर भई लमजुङ कृषि क्याम्पस प्रमुख गोपाल केसीलाई नेविसङ्घका विद्यार्थीलाई सुरक्षा दिन नसकेको भन्दै ०६४ माघ ४ गते दिउँसो काङ्ग्रेसका कार्यकर्ताले कुटपिट गरे। माघ ३ गते वाईसीएलका कार्यकर्ताले नेविसङ्घका कार्यकर्तालाई कुटपिट गरेको घटनामा आफ्ना कार्यकर्तालाई सुरक्षा दिन नसकेको आरोपमा काङ्ग्रेस कार्यकर्ताले कुटपिट गरेका थिए।

जिता गाविसका एमालेका स्थानीय कार्यकर्तालाई ०६४ चैत २४ गते काङ्ग्रेसका कार्यकर्ताले आफ्नो पार्टीद्वारा आयोजित आमसभामा प्रश्न गरेको आरोपमा आक्रमण गरे। घटनामा बैकुण्ठ घिमिरे, भोजराज घिमिरे, सुनील गुरुङ, ध्रुव घिमिरे र रामहरि घिमिरे घाइते भए। उक्त घटनामा नेपाली काङ्ग्रेसका श्रीकृष्ण तिवारीसमेत घाइते भएका थिए। उनीहरू सबैको बेसीसहरस्थित सामुदायिक अस्पतालमा उपचार भयो।

बेसीसहर गाविस-२ निवासी एमाले कार्यकर्ता बमबहादुर बस्नेतलाई चुनावी रिसइवीका कारण ०६४ चैत २९ गते दिउँसो सोही ठाउँ घर भएका नेपाली काङ्ग्रेस कार्यकर्ता दीपु श्रेष्ठले कुटपिट गरे। पीडितको सामुदायिक अस्पताल बेसीसहरमा उपचार भयो।

### दोहोरो झडपबाट

भलायखर्क गाविसमा चुनावी प्रचार प्रसारका क्रममा रहेका एमालेका स्थानीय नेताहरूलाई ०६४ चैत २३ गते माओवादीले आक्रमण गर्दा एमालेका नौ जना र माओवादीका नौ जना कार्यकर्ता घाइते भए। घटनामा एमालेका ऋषिकेश घिमिरे, बलराम घिमिरे, दामोदर घिमिरे, रोशन घिमिरे, भीमबहादुर अमगाई, टोपबहादुर अमगाई, देवेन्द्र घिमिरे, रोशन अमगाई, भोजबहादुर अधिकारी र माओवादीका रामवरण मण्डल, कमलप्रसाद पन्थी, सुनीता नेउपाने, प्रकाश घिमिरे, गोविन्द कँडेल, कमल खड्का, रवीन्द्रराज कँडेल, भूषण तिवारी, वाणिकराज पौडेल घाइते भए। घाइते सबैको बेसीसहरस्थित सामुदायिक अस्पतालमा उपचार भयो।

*झडपमा घाइते भएका काङ्ग्रेस कार्यकर्ता श्रीकृष्ण तिवारी*

*माओवादी कार्यकर्ताबाट कुटपिट गरिएका एमाले कार्यकर्ता शम्भु कडेरिया*

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा अन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका २९ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भई २५ थान बाँकी रहे। दुनियाँवादी फौजदारी मुद्दा अन्तर्गत यस वर्ष दर्ता भएका १५ थान मुद्दामध्ये चार थान फर्स्यौट भई ११ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ३६ थान फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, सरकारवादी फौजदारी मुद्दा अन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका ११ थान मुद्दामध्ये सात थान फर्स्यौट भई १४ थान बाँकी रहे। यस वर्ष दर्ता भएका आठ थान मुद्दामध्ये तीन थान फर्स्यौट भई पाँच थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा १९ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दा अन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ४ थान मुद्दामध्ये ४१ थान फर्स्यौट भई ६३ थान बाँकी रहे। यस वर्ष दर्ता भएका २२ थान मुद्दामध्ये १२ थान फर्स्यौट भई १० थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ७३ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म यस जिल्ला अदालतमा जम्मा मुद्दा १ सय २८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पाँच वर्ष नाघेका कुनै पनि मुद्दा नभएको अदालतले बतायो।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा एउटा पनि मुद्दा परेन। गत वर्ष सरिआएका तीन थान मुद्दामध्ये एउटा फैसला भयो भने दुई थान बाँकी रहे।

## सबै प्रकारका जातीय विभेद

भोटेओडार गाविस-३ घर भएका २१ वर्षीय प्रकाश परियारले कथित उपल्लो जातको केटीसँग विवाह गरेको आरोपमा ०६५ मङ्सिर १८ गते उनलाई केटी पक्षले गाली-गलौज गर्दै मार्ने धम्की दिए।

# ३.४ स्याङ्जा



जनसङ्ख्या : ३,३७,६७०
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ५७
क्षेत्रफल (वर्ग कि. मि.): १,१६४
गाविस/नपा सङ्ख्या : ६०/२
सरकारी/निजी विद्यालय : ६९१/६४
क्याम्पस/उच्च मा.वि. : १३/५०
अस्पताल/स्वास्थ्य चौकी : १६०
मानव विकास सूचकाङ्क : ०.५३५
प्रतिपरिवार सरदर सङ्ख्या : ५

## नागरिक तथा राजनीतिक अधिकार

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

पुतलीबजार नपा-१ का विजय गुरुङ, ठाकुर गुरुङ, राजेश रानालगायत आठ जना ०६५ असार ७ गते प्रहरीले लाठीचार्ज तथा गोली प्रहार गर्दा घाइते भए। पुतलीबजार नपा-१ निवासी २५ वर्षीय लोकप्रसाद ढकालले सोही नपा-१ की २१ वर्षीया मञ्जु गुरुङलाई आफ्नै काकाको घरमा झुण्ड्याएर हत्या गरेको आरोपमा निकालिएको विरोध जुलुसलाई सदरमुकाम स्याङ्जामा प्रहरीले नियन्त्रणमा लिने क्रममा उक्त घटना भएको थियो। घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भयो। लोकप्रसादले विगत चार वर्षदेखि मञ्जुसँग प्रेमसम्बन्ध राखेकामा उनका परिवारले विवाहका लागि स्वीकार नगरेपछि दुवै जनाले संयुक्त रूपमा असार २ गते विष सेवन गरेका थिए। परिवारले विष सेवन गरेको थाहा पाएपछि दुवै जनालाई पोखरा लगी उपचार गराएका थिए। सो घटनापछि असार ६ गते मञ्जुको मृत्यु भएकामा पीडितका परिवारले अन्तरजातीय सम्बन्धका कारण मञ्जुको हत्या गरिएको भन्दै विरोध प्रदर्शन गरी असार ७ गते मृत शरीरमा लोकप्रसादलाई

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | राज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा |
| हत्या | ६ | | ६ | ६ | | | | | | | |
| घाइते | | | | | | | | १ | ३ | ५ | ८ |
| कुटपिट | ३ | ३ | ३ | ४ | १ | १ | १ | | | | |
| महिलाअधिकार | १० | | १० | १० | | | | | | | |
| बालअधिकार | ४ | | ५ | ५ | | | | १ | ३ | | ३ |
| जम्मा | २३ | ३ | २३ | २५ | १ | १ | १ | ३ | ५ | ५ | १० |

सिन्दूर हाल्न लगाई ढकालको घरमा भित्र्याएर सोही दिन ब्राह्मण संस्कार अनुसार पोखरा ल्याई दहासंस्कार गरियो। सो घटनामा लोकप्रसादकी आमा ४८ वर्षीया चन्द्रकला ढकाल, काका ३५ वर्षीय नारायण ढकाल र लोकराज ढकाललाई गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेकामा ०६५ पुस ७ गते सर्वोच्च अदालतको आदेशले साधारण तारेखमा रिहा भए।

### जेल र बन्दीहरू

यस जिल्लामा ३५ जना बन्दी क्षमता भएको 'ङ' श्रेणीको जिल्ला कारागार शाखा रहेको छ। चार जना महिलासहित ५४ जना बन्दीहरू रहेका छन्। जसमध्ये १२ जना कैद तोकिएका कैदी र ४२ जना कैद नतोकिएका थुनवाहरू रहेका छन्। कारागार शाखामा महिला र पुरुष बन्दीका लागि छुट्टाछुट्टै टेलिभिजन र पत्रपत्रिकाको व्यवस्था गरिएको छ। बिजुली तथा पानीको राम्रो व्यवस्था छ। क्षमताभन्दा धेरै बन्दीहरू भएका कारण बस्न असुविधा भएको कारागार प्रशासनले जनायो छ। बन्दी तथा कैदीलाई स्वास्थ्य जाँच तथा उपचारको व्यवस्था भने समयमा हुन सकेको छैन।

### धम्की/कुटपिट

### माओवादीबाट

छाङछाङदी गाविस-१ निवासी एमालेका क्षेत्र नं. २ का सदस्य ३८ वर्षीय जमानसिंह नेपालीलाई एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २६ गते राती माओवादीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय अस्पतालमा उपचार भयो।

### वाईसीएलबाट

वालिङ नपा-२ निवासी नेविसङ्घका जिल्ला समिति उपाध्यक्ष २५ वर्षीय विष्णु पौड्याललाई 'सिमकार्ड दिन्छु' भनी विद्यार्थीहरूबाट पैसा लिएको आरोपमा ०६५ चैत १३ गते वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय अस्पतालमा उपचार भयो।

### काङ्ग्रेसबाट

मल्याङकोट गाविस-५ मा वाईसीएल जिल्ला कमिटी सदस्य अनिल लम्सालेलाई ०६५ जेठ १२ गते काङ्ग्रेस कार्यकर्ता प्रवीण गिरी र शीतल गिरीले संविधानसभाको निर्वाचनको विषयलाई लिएर कुटपिट गरी घाइते बनाए। पीडित लम्सालको स्थानीय अस्पतालमा उपचार भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा २३ थानमध्ये १२ थान फर्स्यौट भई ११ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३८ थानमध्ये १५ थान मुद्दा फर्स्यौट भई २३ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी मुद्दा ३४ थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी, सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २२ थान र यस वर्ष दर्ता भएका १७ थान गरी ३९ थानमध्ये चार थान फर्स्यौट भई ३५ थान फर्स्यौट हुन बाँकी रहे। देवानी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका गरी १ सय ७४ थान मुद्दामध्ये १४ थान मुद्दा फर्स्यौट भई १ सय ६० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | काङ्ग्रेसबाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | १ | १ | १ | १ | १ | १ |
| जम्मा | १ | १ | १ | १ | १ | १ |

अन्त्यसम्ममा यस जिल्ला अदालतमा २ सय २९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

## बालअधिकार

पुतलीबजार नपा-१३ की १२ वर्षीया बालिका र राङभाङ गाविस-३ की १३ वर्षीया दुई बालिकालाई भारतमा बसोबास गर्दै आएका मनु भनिने व्यक्तिले 'भारतमा काम नगरी खान पाइन्छ, जाऊँ' भनी फकाएपछि दुई बालिकालाई भारततर्फ लिएर हिँडेका बेला वालिङबाट आफन्तहरूको सहयोगबाट ०६४ पुस १७ गते घर फर्काइयो। हाल उनीहरू घरमै छन्। पीडितहरूलाई भारत जान फकाएको आरोपमा पुतलीबजार नपा-२ की ३५ वर्षीया फूलमाया कुँवरलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि जिल्ला कारागार शाखा स्याङ्जामा थुनामा राखेको छ।

वालिङ नपा-२ की १५ वर्षीया बालिका मनमाया श्रेष्ठ र उनकी बहिनीलाई ०६४ माघ २९ गते आफ्नै काका ५६ वर्षीय खेमबहादुर श्रेष्ठले कुटपिट गरी घरबाट निकाली दिए। उनका बुबाआमा दुवै जनाको सात-आठ वर्षअगाडि मृत्यु भएको थियो। काकाले उनीहरूको सबै सम्पत्ति आफ्नो नाउँमा गरेर घर निकाला गरेका थिए। पीडित दुवै जना यस वर्षको अन्त्यसम्म आफन्तको शरणमा रहेका छन्।

पुतलीबजार नपा-३ काफलडाँडाका ६ वर्षीया बालिकालाई ०६५ पुस ३ गते दिउँसो सोही ठाउँ निवासी २८ वर्षीया टुकमान हमालले घरदेखि केही पर लगी बलात्कार गरे। हाल पीडक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा रहेका छन्।

निबुवाखर्क गाविस-६ का १४ वर्षीय पीताम्बर राना, १५ वर्षीय नारिन रानालाई हत्याको आरोपमा प्रहरीले गिरफ्तार गरी थुनामा राखिएकामा जिल्ला अदालत स्याङ्जाले ०६५ पुस १३ गते केन्द्रीय बालसुधार गृह भक्तपुर पठाउने आदेश दिएकामा सुधार गृहमा ठाउँ नभएको भनी सुधार गृहले पत्र पठाएपछि उनीहरू जिल्ला कारागार शाखा स्याङ्जामै रहेका छन्। पेलाकोट गाविसमा ०६५ कात्तिक १० गते भएको कुटपिटको घटनामा यामबहादुर रानाको मृत्यु भएपछि हत्याको आरोपमा १२ जनालाई गिरफ्तार गरेकामा कात्तिक १७ गतेदेखि उनीहरू पनि थुनामा रहेका छन्।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

पुतलीबजार नपा-६ का ७४ वर्षीया पीतमाया थापालाई ०६४ माघ ३ गते राती ३५ वर्षीय छोरा यामबहादुर थापाले पैसा नदिएको आरोपमा कुटपिट गरी हत्या गरे। हाल उनी पुर्पक्षका लागि थुनामा छन्।

चिन्नेबास गाविसका ३२ वर्षीया माया कुँवरको ०६४ माघ १२ गते हत्या भयो। पतिले आफ्नै घरमा हत्या गरेको आरोपमा मायाका माइतीले प्रहरीमा किटानी जाहेरी दिएपछि लक्ष्मण कुँवर पुर्पक्षका लागि थुनामा रहेकामा ०६५ असार ३० गते सर्वोच्च अदालतको आदेशमा धरौटीमा रिहा भए।

वानेथोकदेउराली गाविस-६ की २५ वर्षीया जूना घर्तीलाई ०६४ माघ १२ गते पति भारतीय सैनिक भूपेन्द्र घर्तीले दाइजो नल्याएको आरोपमा कुटपिट गरी घर निकाला गरे। हाल उनी माइतीमा रहेकी छन्। उनीसँग चार वर्षीय एक छोरा पनि रहेका छन्।

वालिङ नपा-१ की २५ वर्षीय खुमकला श्रेष्ठलाई छोरा नपाएको आरोपमा ०६४ माघ २५ गते उनका पति ५२ वर्षीय मुक्ति श्रेष्ठले कुटपिट गरी घर निकाला गरे। पीडितले छिमेकीको घरमा बसेर जिल्ला अदालत स्याङ्जामा माना चामल भरी पाउँ भनी मुद्दा दायर गरेकी छन्।

सेतीदोभान गाविस-६ का ६४ वर्षीया रेवती शर्मालाई ०६४ फागुन २१ गते ३० वर्षीय छोरा धनपति शर्माले छोरीलाई सम्पत्ति दिएको आरोपमा कुटपिट गरी घर निकाला गरे। हाल उनी आफन्तको घरमा रहेकी छन्।

सेतीदोभान गाविस-३ की २५ वर्षीया सुशीला सुनारलाई ०६४ चैत १८ गते दाइजो नल्याएको आरोपमा पति ३५ वर्षीय राजु सुनारले कुटपिट गरी घर निकाला गरे। हाल उनी माइतीमा बसेकी छन्। उनका चार वर्षीय एक छोरा पनि सँगै छन्।

श्रीकृष्णगण्डकी गाविस-६ का ४५ वर्षीया रन्नता न्यौपानेलाई ०६५ वैशाख ११ गते आफ्नै सासू तथा परिवारका सदस्यहरू मिली छिमेकीसँग लसपस

गरेको आरोपमा कुटपिट गरी घर निकाला गरे। पीडित माइतीमा आश्रय लिएर बसेकी छन्। उनका पति रोजगारका लागि भारतमा रहेका छन्।

वालिङ नपा-५ मिर्दीका ३१ वर्षीया मनु श्रेष्ठलाई छिमेकीसँग लागेको आरोपमा ०६५ असार ५ गते जेठाजु ४२ वर्षीय यामबहादुर श्रेष्ठले कुटपिट गरी घर निकाला गरे। हाल उनी माइतीमा रहेकी छन्।

जगतभन्ज्याङ गाविस-७ की २० वर्षीया विनीता खड्कालाई छिमेकीसँग लसपस गरेको आरोपमा ०६५ भदौ १५ गते पति २४ वर्षीय ध्रुव खड्काले कुटपिट गरी घर निकाला गरे। हाल उनी माइतीमा रहेकी छन्।

कोल्मा गाविस-३ की २१ वर्षीया धनमाया रानालाई दाइजो नल्याएको आरोपमा ०६५ कात्तिक १४ गते पति २८ वर्षीय भेषबहादुर रानाले कुटपिट गरी घर निकाला गरे। हाल उनी माइतीमा रहेकी छन्।

### बोक्सीको आरोपमा हत्या

ओरस्टे गाविस-६ का ४५ वर्षीय दुर्गीमाया थापा मगरलाई बोक्सीको आरोपमा १५ वर्षीय छोरी डिलमाया थापामगरले ०६५ जेठ ३१ गते बञ्चरोले हानेर हत्या गरिन्। उनलाई पुर्पक्षका लागि थुनामा राखेकामा ०६५ असार ३ गते केन्द्रीय बालसुधार गृह भक्तपुर पठाइयो।

### सबै प्रकारका जातीय विभेद

वालिङ नपा-३ का २१ वर्षीय सुरेश विकले जगतभन्ज्याङ गाविस-६ की १९ वर्षीया सुजता क्षेत्रीसँग ०६५ साउन ९ गते अन्तरजातीय विवाह गरे। सुजताका माइती पक्षले कथित तल्लो जातसँग विवाह गरेको भनी छुटाउनका लागि दुवै जनालाई तीन दिन वडा प्रहरी कार्यालय वालिङमा थुनाएका थिए।

## ३.५ कास्की



जनसङ्ख्या : ४,६७,९९५
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ६१
क्षेत्रफल (वर्ग कि. मि.) : २,०१७
गाविस/नपा सङ्ख्या : ४३/२
सरकारी/निजी विद्यालय : ५५९/१९६
क्याम्पस/उच्च मा.वि. : १६/६२
अस्पताल/स्वास्थ्य चौकी : ७/४८
मानव विकास सूचकाङ्क : ०.५५०
प्रतिपरिवार सरदर सङ्ख्या : ५

### नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

### अज्ञात समूहबाट

सैमज्याङ गाविस-३ लुद्रुङखेत खिमाजे निवासी एमाले कायकर्ता ३० वर्षीय ऋषिराम सुवेदीलाई ०६४ चैत २८ गते साँझ अज्ञात तीन जना युवाहरूले सोही गाविस-५ स्थित बागखोर चौतारी नजिक घुम्तीमा नियन्त्रणमा लिई हत्या गरे। सैमज्याङ गाविस-६ स्थित राष्ट्रज्योति निमाविको मतदान केन्द्रबाट साँझ मतदान कार्य सकेर घर फर्कदै गर्दा बागखोरचौतारी नजिक घुम्तीमा मुखमा कालोपट्टी बाँधेका तीन जना युवाहरूले ऋषिरामलाई नियन्त्रणमा लिई निर्मम तरिकाले टाउकोमा प्रहार गरी हत्या गरेका थिए। उनलाई टाउको र अनुहारमा रडले हिर्काएर भीरबाट तल खसालेको र मृत अवस्थामा करिब एक घण्टापछि लास देखिएको प्रत्यक्षदर्शी एवम् उनी सँगसँगै हिँडेका साथी वृहस्पति लामिछानेले बताए। उनको अनुहार रगताम्य भएको थियो। वृहस्पति भने आक्रमणबाट भाग्न सफल

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | राज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा |
| हत्या | २ | १ | १ | २ | | | | | | | |
| घाइते | २ | ९ | ३ | १२ | | | | | | | |
| कुटपिट | १२ | १९ | ४ | २३ | ३ | ४ | ४ | १ | ६ | ५ | ११ |
| धम्की | २ | २ | | २ | १ | १ | १ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | १ | ५ | | ५ |
| महिलाअधिकार | ४ | | ४ | ४ | | | | | | | |
| बालअधिकार | ५ | | ६ | ६ | | | | | | | |
| अपहरण | ४ | ६ | | ६ | | | | | | | |
| जम्मा | ३१ | ३८ | १९ | ५६ | ४ | ५ | ५ | २ | ११ | ५ | १६ |

भएका थिए। चुनावी प्रतिशोधलाई लिएर उनको हत्या भएको आशङ्का गरिएको छ। घटनाको अहिलेसम्म पुष्टि हुन सकेन। पीडित परिवारलाई सरकारले ०६५ असार २६ गते ७ लाख रुपियाँ राहतस्वरूप प्रदान गऱ्यो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते
### तराई डिफेन्स आर्मीबाट

अर्मला गाविसका १८ वर्षीय सोमबहादुर गुरुङ र २१ वर्षीय विश्वास गुरुङ, पोखरा उपमनपा-९ की ५ वर्षीया सुजिना सुवेदी, पर्वत जिल्ला घर भई सभागृहचोकमा तरकारी तथा फलफूल पसल गर्ने ६९ वर्षीय भीमबहादुर परियार, ५५ वर्षीया माया परियार, ३७ वर्षीय रमेश परियार र काभ्रे जिल्ला घर भई सभागृहचोकमा ठेलामा पसल गर्ने ३६ वर्षीया मीठू तिमिल्सिना ०६५ साउन २२ गते राती पोखरा उपमनपा-९ सभागृहचोकस्थित विष्णु सुवेदीको चिया पसल र पोखरा उपमनपा-८ सिर्जनाचोकमा भएको बम विस्फोटमा परी घाइते भए। घटनाको तराई डिफेन्स आर्मीका संयोजक मिस्टर जोनले सञ्चारकर्मीलाई टेलिफोन सम्पर्क गरी जिम्मेवारी लिए। घाइतेहरूमध्ये विश्वास र सोमबहादुरको मणिपाल शिक्षण अस्पताल तथा अन्यको स्थानीय फेवासिटी अस्पतालमा सामान्य उपचार गरी ०६५ साउन २३ गते बिहान घर फर्के।

### जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ९० जना पुरुष र नौ जना महिला कैदीहरू रहेका छन् भने कैद नतोकिएका ८२ जना पुरुष र १२ जना महिला थुनुवा रहेका छन्। त्यसै गरी एक जना नाबालक पनि आश्रितका रूपमा कारागारमा रहेका छन्।

यसरी कास्की जिल्ला कारागारमा जम्मा १ सय ९३ जना बन्दी तथा थुनुवा रहेका छन्। जसमा एक जना विदेशी पुरुषसमेत रहेका छन्। कारागारको क्षमता ६० जनाको रहे पनि १ सय ९३ बस्नुपर्दा बन्दी तथा थुनुवाहरूलाई असुविधा भएको छ।

यसै वर्ष आईसीआरसीको ३५ लाख आर्थिक तथा भौतिक सहयोगमा कारागारको भौतिक निर्माण सम्पन्न भएको छ। कारागारमा बन्दीहरूलाई स्वच्छ खानेपानी, शौचालय, विद्युत्, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद, विद्यालय सामग्री तथा टेलिफोनको राम्रो सुविधा छ।

### बेपत्ता/अपहरण
### वाईसीएलबाट

पोखरा उपमनपा-६ का २७ वर्षीय महेन्द्र नेपालीलाई ०६५ वैशाख २८ गते वाईसीएलका कार्यकर्ताले घरबाट अपहरण गरी दुर्व्यवहार गरे। वाईसीएलका कार्यकर्ताले आफूलाई बिनाकारण अपहरण गरी सोही दिन पोखरा उपमनपा-६ हल्लनचोकमा

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | अनेरास्वविद्युबाट | | | | अखिल क्रान्तिकारीबाट | | | वाईसीएलबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | | | | | | | |
| घाइते | १ | १ | १ | २ | १ | ३ | ३ | | | | |
| कुटपिट | | | | | | | | ८ | १३ | ३ | १६ |
| धम्की | १ | १ | | १ | | | | १ | १ | | १ |
| अपहरण | | | | | | | | ४ | ६ | | ६ |
| जम्मा | २ | २ | १ | ३ | १ | ३ | ३ | १३ | २१ | ३ | २४ |

पुऱ्याई सार्वजनिक रूपमा दुर्व्यवहार गरेको पीडितले बताए। आफ्नो मर्यादामाथि आँच आउने गरी नगरेको कामलाई समेत जबरजस्ती गरेको स्वीकार गर्न लगाई सार्वजनिक रूपमा माफी मगाएर मुक्त गरेको पीडितले बताए।

पोखरा उपमनपा-६ का १८ वर्षीय राजेन्द्र श्रेष्ठ र पोखरा उपमनपा-१३ का १९ वर्षीय आकाश नेपालीलाई ०६५ असार १७ गते राती वाईसीएलका कार्यकर्ताले पोखरा उपमनपा-६ लेकसाइडस्थित गार्डेन डान्सबाट घरतर्फ फर्कने क्रममा अपहरण गरी पोखरा उपमनपा-९ स्थित वाईसीएलको क्याम्पमा पुऱ्याई कुटपिट गरे। मादक पदार्थ सेवन गरेको र डान्स रेस्टुराँमा केटी जिस्क्याएको आरोपमा वाईसीएलका कार्यकर्ताले नियन्त्रणमा लिई आफूहरूलाई ट्याक्सीमा राखेर कुटपिट गर्दै क्याम्पमा ल्याई बोराभित्र राखेर लाठी, लात्ती र मुक्का प्रहार गरी कुटपिट गरेको पीडित युवकले बताए। कुटपिटपछि सोही दिन राती वाईसीएलले आफूहरूलाई प्रहरीको जिम्मा लगाएको पीडितले बताए।

स्याङ्जा जिल्ला खिलुङदेउराली गाविस-६ घर भई लामाचौर गाविस कास्कीमा बसोबास गर्दै आएका ३५ वर्षीय जयबहादुर गुरुङलाई ०६५ कात्तिक ६ गते राती वाईसीएलका कार्यकर्ताले पोखरा उपमनपा-१८ बाट अपहरणपश्चात् कुटपिट गरी मार्ने धम्की दिए। पोखरा उमपनपा-१० निवासी ४० वर्षीया मोतीमाया गुरुङको ६ लाख ५१ हजार रुपियाँ ठगी गरेको आरोपमा उनलाई पोखरा उपमनपा-९ स्थित क्याम्पमा लगेर निर्घात कुटपिट गरी सोही राती नै प्रहरीमा बुझाएका थिए। पीडितहरूलाई सोही दिन बडा प्रहरी कार्यालय बैदामले तारेखमा रिहा गऱ्यो।

पोखरा उपमनपा-१८ छिनेडाँडास्थित दुर्गाभवानीटोलका १९ वर्षीया विष्णुमाया भुजेल, २२ वर्षीया दुर्गादेवी तामाङ र २४ वर्षीय चन्द्रकान्त बरालालाई ०६५ कात्तिक १० गते राती वाईसीएलका कार्यकर्ताले घरमा गई कुटपिट गर्नुका साथै सोही ठाउँका २२ वर्षीय भुवन राना, २५ वर्षीय गोविन्द बराल र २१ वर्षीय गणेश भुजेललाई अपहरण गरे। पोखरा उपमनपा-१८ स्थित भेडीफाराममा बसोबास गर्ने वाईसीएल कार्यकर्ता एवम् कृषि प्राविधिक कृष्ण रायमाझीलाई उक्त दिन साँझ सोही ठाउँका युवाहरूले कुटपिट गरेको आरोपमा करिब १ सय ५० जनाको सङ्ख्यामा गएका वाईसीएलका कार्यकर्ताहरूले उनीहरूलाई घरमै कुटपिट गरी अपहरण गरेका थिए। वाईसीएलका कार्यकर्ताले युवाहरूलाई अपहरण गरेर लैजाँदै गर्दा नेपाल प्रहरीको गस्ती टोलीले पोखरा उपमनपा-१० रामबजारबाट मुक्त गराएको थियो।

### धम्की/कुटपिट

#### राज्यबाट

लेखनाथ नपा-८ शिशुवाचोकमा चुनावी सभा सम्पन्न गरी फर्कदै गरेका माओवादी कार्यकर्तामाथि ०६४ चैत १२ गते साँझ प्रहरीले लाठीचार्ज गर्दा ११ जना माओवादी कार्यकर्ता र एक प्रहरी गरी १२ जना घाइते भए। चुनावी सभापछि फर्कदै गरेका माओवादी कार्यकर्ताहरूले सोही स्थानमा नगरबसका कण्डक्टर र यात्रुबीच भएको विवाद बुझ्ने क्रममा प्रहरीको टोलीले एक्कासि लाठीचार्ज गरी कुटपिट गरेको माओवादीले जनायो। प्रहरीको लाठीचार्जबाट माओवादीका

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | तराई डिफेन्स आर्मीबाट | | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | १ | १ | १ |
| घाइते | १ | ५ | ३ | ८ | | | |
| जम्मा | १ | ५ | ३ | ८ | १ | १ | १ |

समानुपातिकतर्फका उम्मेदवार सोमती तमू, जिल्ला सचिवालय सदस्य विष्णु पौडेल, वाईसीएलका क्षेत्रीय अध्यक्ष सुधीर, कार्यकर्ताहरू गोकुल पराजुली, रघुनाथ ढकाल, टेकबहादुर रानाभाटलगायत ११ जना घाइते भएको माओवादी जिल्ला सेक्रेटरी आभासले बताए। घटनामा सशस्त्र प्रहरीका सई नरेन्द्र मानन्धर सामान्य घाइते भएका थिए।

### माओवादीबाट

पोखरा उपमनपा-१० औद्योगिक क्षेत्रस्थित पोखरा नुडल्स प्रालिमा कार्यरत माओवादीनिकट मजदुरहरूले ०६४ पुस १८ गते बिहान जिफण्टमा आबद्ध मजदुरहरूमाथि आक्रमण गरी कुटपिट गर्दा दुई जना मजदुर घाइते भए। प्रालिमा कार्यरत १२ जना मजदुरहरूलाई प्रशासनले गैरकानुनी तरिकाले पुस १५ गते निष्कासन गरेको विषयमा विवाद हुँदा माओवादीनिकटको अखिल नेपाल औद्योगिक मजदुर सङ्घमा आबद्ध मजदुरहरूले नेपाल यातायात स्वतन्त्र मजदुर सङ्गठन गण्डकी अञ्चल कोषाध्यक्ष ४८ वर्षीय कर्णसिंह गुरुङ र सदस्य ३५ वर्षीय रामहरि रिमालमाथि आक्रमण गरी कुटपिट गरेका थिए। घाइते दुवै जनाको

*अज्ञात समूहद्वारा मारिएका ऋषिराज शर्मा*

पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

घाचोक गाविस-६ घर भई सोही गाविसस्थित मेघराज निमाविका शिक्षक २६ वर्षीय बुद्धिबहादुर मिजारलाई ०६४ फागुन १४ गते माओवादी घाचोक गाविस इन्चार्ज चित्रबहादुर लम्सालले कारबाही गर्ने धम्की दिए। माओवादी इलाका नं. १४ का इन्चार्ज जगन तिवारीको निर्देशनमा गाउँ इन्चार्ज लम्सालले गाउँमा बसेर पार्टीविरुद्ध सुराकी गरेको आरोपमा उनलाई कारबाहीको धम्की दिएका थिए।

कास्कीकोट गाविस-५ मौला घर भई एमाले गाउँ कमिटी सदस्य ४६ वर्षीय सानो खड्गबहादुर परियारलाई ०६४ फागुन ३० गते साँझ माओवादीका कार्यकर्ताले घरनजिक कुटपिट गरे। माओवादीको कास्कीकोटमा सोही दिन सम्पन्न चुनावी सभामा आफ्नी १८ वर्षीया छोरी कोपिला विक माओवादीमा प्रवेश गराएको सार्वजनिक भएको विषयमा छोरी कोपिलासँग सोधपुछ गर्दा १५/२० जना माओवादी कार्यकर्ताले मुक्का, लाठीले आफूमाथि प्रहार गरेको पीडितले बताए। कुटपिटबाट पीडितको अनुहार, घाँटी, पिठ्युँमा घाउँ तथा नीलडाम रहेका थिए । उनको पोखरास्थित चरक अस्पतालमा उपचार भयो।

घाचोक गाविस-२ निवासी एवम् एमाले इलाका नं. १२ का सदस्य ३३ वर्षीय केशवराज पोखरेललाई ०६५ वैशाख २८ गते दिउँसो माओवादीका कार्यकर्ताले घाचोक गाविस-८ मा कुटपिट गरे। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) घाचोक गाउँ व्यवस्थापन समितिको भेला चलिरहेको अवस्थामा वाईसीएल कार्यकर्ताहरू सुशीलजङ्ग जीसी, मानबहादुर जीसी र जगतबहादुर कार्कीले उनलाई बोलाई एक्कासि आक्रमण गरी बैठक भाँड्न लागेको भन्दै कुटपिट गरेका थिए।

### वाईसीएलबाट

लामाचौर गाविसको गाउँ परिषद् चलिरहेको अवस्थामा माओवादी र एमाले कार्यकर्ताबीच ०६४ पुस २१ गते झडप हुँदा वाईसीएलको आक्रमणबाट दुई जना घाइते भए। परिषद्को खुला सत्रमा छलफल भइरहँदा माओवादीले तत्कालीन गाविसका अध्यक्ष ओमबहादुर कुँवरसँग बजेटको हिसाब-किताब पारदर्शी र फर्स्यौटको माग गरेपछि दुवै पक्षबीच आरोप-प्रत्यारोप भई झडप भएको थियो। झडपमा एमाले कार्यकर्ता तथा लामाचौर गाविसका पूर्वअध्यक्ष ओमबहादुर कुँवर र अर्का एमाले कार्यकर्ता दुर्गाबहादुर केसी घाइते भए। विवाद

चलिरहँदा वाईसीएलका कार्यकर्ता नवीन केसीको नेतृत्वमा गएको एक समूहले कुँवर र दुर्गाबहादुरमाथि आक्रमण गरी कुटपिट गरेका थिए।

सराङकोट गाविस-९ पामेमा समाचार सङ्कलनका लागि गएका *नेपाल वान* टेलिभिजनका पोखरा संवाददाता ओम हमाललाई ०६४ चैत २५ गते वाईसीएल कार्यकर्ताले पामेमा कुटपिट गरी दुर्व्यवहार गरे। काङ्ग्रेसको क्षेत्रीय चुनावी सभाका क्रममा समाचार सङ्कलनका लागि गएका पत्रकार हमालमाथि माओवादीका जिल्ला सदस्य दिलीपविक्रम शाहीलगायत वाईसीएल कार्यकर्ताले आक्रमण गरी कुटपिट गरेका थिए। कम्ब्याट ड्रेस र हातमा लाठी लिएर घरदैलो कार्यक्रम गरिरहेका माओवादी कार्यकर्ताको गतिविधिको तस्बिर खिचेको आरोपमा आफूमाथि आक्रमण गरी वाईसीएलका कार्यकर्ताले कुटपिट गरेको हमालले बताए। यसैबीच, माओवादी जिल्ला सदस्य शाहीले ०६५ वैशाख ८ गते नेपाल पत्रकार महासङ्घमा भएको छलफल कार्यक्रममा सार्वजनिक रूपमा माफी मागे।

सराङकोट गाविसस्थित जनजागृति उच्चमाविमा चुनावी गतिविधिको पर्यवेक्षण गर्न गएका राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)का पर्यवेक्षक रूद्र तिमिल्सिना र गोपाल खड्कालाई ०६४ चैत २७ गते दिउँसो वाईसीएल कार्यकर्ताले कुटपिट गरे। निर्वाचनलाई व्यवस्थित रूपमा अघि बढाउने सम्बन्धमा सात दलका प्रतिनिधिहरू सम्मिलित सर्वदलीय बैठकमा पर्यवेक्षकलाई समेत सहभागी हुन बोलाइएपछि उक्त स्थानमा आफ्नो पहिचानसहित पुगेका पर्यवेक्षकमाथि वाईसीएल कार्यकर्ताले पार्टीका एजेण्ट पर्यवेक्षक भएको भन्दै एक्कासि आक्रमण गरी कुटपिट गरेका थिए।

पोखरा उपमनपा-७ प्रगतिटोल निवासी ४२ वर्षीय यातायात मजदुर अमृत श्रेष्ठलाई ०६५ वैशाख

*तराई आर्मीद्वारा गराइएको बम विस्फोटनमा परी घाइते भएका माया परियार, भीमबहादुर परिया र मिठु तिमिल्सिना*

२४ गते दिउँसो वाईसीएलको पोखरा उपमनपा-९ पृथ्वीचोकस्थित क्याम्पमा बोलाई कुटपिट गरियो। माओवादीनिकट अखिल नेपाल मजदुर सङ्घका जिल्ला अध्यक्ष रिमबहादुर बस्यालले आफ्नो पार्टीको बदनाम गरेको भन्दै मजदुर श्रेष्ठलाई क्याम्पमा बोलाई कुटपिट गरेका थिए।

कास्कीकोट गाविस-७ निवासी ६० वर्षीय बमबहादुर अधिकारी, ३८ वर्षीय कृष्णबहादुर अधिकारी, ३३ वर्षीय भरत अधिकारी, ३४ वर्षीय मीनबहादुर अधिकारी र १९ वर्षीय नारायण अधिकारीलाई ०६५ जेठ १ गते दिउँसो वाईसीएलका कार्यकर्ताले सोही गाविस-६ स्थित पामेमा कुटपिट गरी घाइते बनाए। वाईसीएलका कार्यकर्ताले लाठी, बाँसको भाटा, ढुङ्गा र मुक्का प्रहार गरी आफूहरूमाथि कुटपिट गरेको पीडित बमबहादुरले बताए। घाइतेहरूमध्ये बमबहादुर र कृष्णबहादुर एमाले कार्यकर्ता हुन् भने भरत, मीनबहादुर काङ्ग्रेसका क्रियाशील सदस्य हुन्। साथै, नारायण अधिकारी सर्वसाधारण हुन्। विगत चार-पाँच वर्षदेखि मुद्दा चलिरहेको सोही गाविस-८

*वाईसीएल कार्यकर्ताबाट कुटपिट गरिएका बमबहादुर अधिकारी र कृष्णबहादुर अधिकारी*

कुखारीदासस्थित २५ रोपनी क्षेत्रफलको जग्गाको विषयलाई लिएर माओवादीले आफूमाथि आक्रमण गरेको पीडित कृष्णबहादुरले बताए। माओवादीका जिल्ला सदस्य एवम् इलाका नं. ९ का इन्चार्ज दिलीपविक्रम शाहीको नेतृत्वमा रहेको करिब १ सय ४० जना वाईसीएलका कार्यकर्ताले उनीहरूमाथि आक्रमण गरी कुटपिट गरेका थिए। पीडितहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

नेपाल विद्यार्थी सङ्घ इन्जिनियरिङ् अध्ययन संस्थान पश्चिमाञ्चल क्याम्पस लामाचौरका पूर्वस्ववियू सभापति अशोक शाहलाई माओवादीनिकट वाईसीएलका कार्यकर्ताले ०६५ साउन १८ गते राती क्याम्पस परिसरभित्र कुटपिट गरे। क्याम्पसमा एकलौटी विद्यार्थी भर्ना गरेको र अन्य विद्यार्थी सङ्गठनसँग समन्वय नगरेको आरोपमा उनीहरूमाथि कुटपिट गरिएको थियो। घटनामा घाइते विद्यार्थी नेता शाहको मणिपाल शिक्षण अस्पताल पोखरामा उपचार भयो।

पोखरा उपमनपा-१ नयाँगल्लीका ६० वर्षीय सुवेदार दमबहादुर गुरुङलाई ०६४ माघ २५ गते माओवादी तथा वाईसीएलका कार्यकर्ताले मार्ने धम्की दिए। स्याङ्जा जिल्ला पुतलीबजार नपा निवासी भूमिनिशा मियाले आपसी लेनदेनको विषयलाई लिएर माओवादी जनअदालतमा निवेदन परेको र माओवादीले एकतर्फी फैसला सुनाई १ लाख रुपियाँ भूमिनिशालाई बुझाउनु पर्ने फैसला गरी उक्त रकम नबुझाए मार्ने धम्की दिएका थिए।

### एमालेबाट

लम्ले गाविस निवासी वाईसीएलका गाउँ कमिटी सदस्य दीपक देवकोटालाई ०६४ चैत ९ गते एमाले लुम्ले गाउँ कमिटीका सचिव गोलमान गुरुङको नेतृत्वमा रहेको टोलीले चुनावी प्रचारप्रसारका क्रममा लुम्ले गाविसमा कुटपिट गरे।

पोखरा उपमनपा-१ बगरस्थित राष्ट्रिय उच्च माविका नवनियुक्त प्राचार्य कृष्ण उदासीलाई एमालेनिकट अनेरास्ववियुका विद्यार्थीहरूले ०६५ असोज १५ गते कारबाही गर्ने धम्की दिए। उनलाई प्राचार्य पदबाट राजीनामा दिन निर्देशन दिएको र नदिए जस्तोसुकै कारबाही गरिने धम्की दिए।

### दोहोरो झडप

विद्यार्थी सहुलियत कार्यान्वयनको माग गर्दै जिल्लामा क्रियाशील चार विद्यार्थी सङ्गठनद्वारा आह्वान गरिएको सार्वजनिक यातायात बन्दको क्रममा

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका कर्णसिंह गुरुङ*

०६५ साउन ९ गते पोखरा उपमनपा-९ सभागृहचोकमा भएको झडपमा अनेरास्ववियुका शेखर गौतम र राम पौडेल, अनेरास्ववियु क्रान्तिकारीका मुक्ति अधिकारी र नेविसङ्घका यमप्रसाद पौडेल, प्रहरी हवल्दार देवबहादुर पाण्डे घाइते भए भने समाचार सङ्कल गर्न गएका *पोखरा आवाज* दैनिकका संवाददाता डोलराज पोखरेललाई मजदुरहरूले कुटपिट गरे। कुटपिटबाट घाइते पोखरेलको मोडेल अस्पताल न्युरोडमा उपचार भयो।

प्रहरी र यातायात मजदुरबीच ०६५ साउन १६ गते दिउँसो पोखरा उपमनपा-९ नयाँबजारमा भएको झडपमा मजदुरहरू नरेन्द्र लामिछाने, सूर्यमणि लामिछाने, केशबहादुर गर्वुजा, सञ्जीव जीसी र विशाल राना घाइते भए। उनीहरूको चरक अस्पतालमा

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका सानो खड्गबहादुर परियार*

उपचार भयो।

पोखरा उपमनपा-१ स्थित राष्ट्रिय उच्च माविमा प्राचार्य नियुक्तिको विषयलाई लिएर एमालेनिकट अनेरास्ववियु र माओवादीनिकट अनेरास्ववियु (क्रान्तिकारी)बीच ०६५ असोज १३ गते साँझ भएको झडपमा अनेरास्ववियुका कार्यकर्ताहरू शङ्कर पौडेल, गोकण बराल र मनोज गौतम तथा अखिल क्रान्तिकारीका सिर्जना पौडेल र उज्ज्वल पोखरेल घाइते भए। माओवादीनिकट शिक्षक सङ्गठनका तर्फबाट अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला अध्यक्ष कृष्ण उदासीलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति गरेको विषयलाई लिएर दुवै पक्षबीच झडप भएको थियो।

*वाईसीएल कार्यकर्ताबाट कुटपिट गरिएका अमृत श्रेष्ठ*

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालको पोखरा उपमनपा-९ चिप्लेढुङ्गास्थित चुनावी सभामा वाईसीएलका कार्यकर्ताले ०६४ चैत ११ गते नाराबाजी गरे। कार्यक्रममा ढुङ्गा प्रहार गरी हस्तक्षेप गरे। वाईसीएलको हस्तक्षेपमा परी पोखरा उपमनपा-९ का राप्रपा नेपालका कार्यकर्ता ५३ वर्षीय बुद्धिबहादुर थापा घाइते भए। चुनावी सभामा राप्रपा नेपालका केन्द्रीय अध्यक्ष कमल थापाले सम्बोधन गरिरहेको समयमा वाईसीएलका कार्यकर्ताले राजावादी मुर्दावादजस्ता नाराहरू लगाउँदै मञ्चमा आक्रमण गरेका थिए।

कास्कीकोट गाविस-२ मौलास्थित राष्ट्रिय जनमोर्चा (राजमो) नेपालको चुनावी सम्पर्क कार्यालयमा ०६४ चैत २० गते साँझ ७ बजे एमालेका कार्यकर्ताले आक्रमण गरी तोडफोड गरे। १०/१२ जनाको सङ्ख्यामा रहेका एमाले कार्यकर्ताले कार्यालय तोडफोड गरी झण्डा च्याँत्दै आफ्ना कार्यकर्तालाई लखेटेको राजमोले बतायो। राजमो क्षेत्र नं. ४ का उम्मेदवार अर्जुन सुनारले चुनावी सम्पर्क कार्यालय तोडफोड गरी क्षति पुऱ्याइएको र कार्यकर्तामाथि दुर्व्यवहार गरिएको बताए।

*वाईसीएल कार्यकर्ताबाट कुटपिट गरिएका जयबहादुर गुरुङ*

### सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत पोखरामा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ५९ थान र यस वर्ष दर्ता भएका १ सय २२ थान गरी कूल ३ सय ८१ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये ७४ थान फर्स्यौट भई ३ सय ७ थान बाँकी रहे। यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६७ थान र यस वर्ष दर्ता भएका ४६ थान गरी कूल १ सय १३ थान मुद्दामध्ये ४० थान फर्स्यौट भई ७३ थान बाँकी रहे। यस्तै देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३६ थान र यस वर्ष दर्ता भएका ४७ थान गरी १ सय ८३ थान मुद्दामध्ये १७ थान फर्स्यौट भई १ सय ६६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, जिल्ला अदालत कास्कीमा सरकारवादी फौजदारी र दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ५० थान र यस वर्ष दर्ता भएका २ सय ५६ थान गरी ६ सय ६ थान मुद्दामध्ये २ सय ५१ थान फर्स्यौट भई ३ सय ५५ थान बाँकी रहे। यस्तै देवानी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८ सय ८ थान र यस वर्ष दर्ता भएका ३ सय ८२ थान गरी १ हजार १ सय ९० थान मुद्दामध्ये ४ सय ५ थान मुद्दा फर्स्यौट भई ७ सय ८५ थान बाँकी रहे।

### बालअधिकार

लेखनाथ नपा-१२ गगनगौंडाकी १३ वर्षीया एक बालिकालाई सोही ठाउँकी छिमेकी सीता विकले ०६५ वैशाख १७ गते घरबाट ललाइफकाई पोखरा ल्याई चार जना युवकबाट पैसा लिएर बलात्कार गर्न लगाइन्। पीडित परिवारले न्यायको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा ०६५ वैशाख २० गते उजुरी दिए। घटनामा संलग्न चार जना युवकसहित महिलालाई प्रहरीले नियन्त्रणमा लियो। नाम नखुलेका पीडक युवकहरूलाई तारेखमा रिहा गऱ्यो भने पीडक सीतालाई बेचविखनसम्बन्धी मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको छ।

घान्द्रुक गाविस-१ की सात वर्षीया बालिकालाई सोही ठाउँका २८ वर्षीय आइतमान नेपालीले ०६५ असार १६ गते ललाइफकाई घरनजिकैको मकैबारीमा पुऱ्याई बलात्कार गरे। बालिकालाई घरमा छाडेर घाँस काट्न

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरिएका मीनबहादुर अधिकारी*

गएको र आउँदाखेरी बेहोस अवस्थामा फेला पारेको जनाउँदै पीडित परिवारले ०६५ असार २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। पीडक फरार छन्।

सैमज्याङ गाविस-३ तोगीकी १४ वर्षीया एक बालिकालाई ०६५ कात्तिक १ गते दिउँसो ६५ वर्षीय शोभाखर नेपालीले पातलास्कुल डाँडास्थित जङ्गलमा बलात्कार गरे। दिउँसो घाँस-दाउरा गर्नका लागि जङ्गल गएका बेला नेपालीले बालिकालाई बलात्कार गरेको भन्दै पीडितका परिवारले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा ०६५ कात्तिक १० गते उजुरी दिए।

पोखरा उपमनपा-१७ निवासी १६ वर्षीया र १५ वर्षीया बालिकालाई पोखरा उपमनपा-९ निवासी ५२ वर्षीय थमप्रसाद शेरचनले ललाइफकाई ०६५ पुस १ गते बिक्री गर्ने प्रयास गरे। बालिकालाई नियन्त्रणमा लिई बिक्रीका लागि चितवनको सौराहा लैजाँदै गर्दा ०६५ पुस ६ गते प्रहरीले पक्राउ गऱ्यो। उनीहरूलाई काममा लगाइदिन्छु भनी प्रलोभनमा पारी बिक्री गर्ने प्रयास गरिएको आरोपमा शेरचनलाई प्रहरीले ०६५ पुस ११ गते पक्राउ गरी अनुसन्धानमा सुरु गऱ्यो।

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका केसवराज पोखरेल*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

लेखनाथ नपा-१२ निवासी ५३ वर्षीया मनकुमारी विकलाई स्थानीयबासीले ०६५ असोज ८ गते बोक्सीको आरोपमा कुटपिट र अमानवीय व्यवहार गरे। मनकुमारीलाई स्थानीय एक महिलामाथि बोक्सी लगाएर बिरामी पारेको आरोपमा स्थानीय सीता गुरुङ, शारदा क्षेत्री, गङ्गा क्षेत्री, मञ्जु विकको नेतृत्वमा रहेका महिलाहरूले अभक्ष कोच्याउनुका साथै कुटपिट गरी गाउँ निकाला गर्ने धम्कीसमेत दिए। दिनभरिको मेलापात सकेर घर फर्केपछि साँझ गाउँलेहरू जम्मा भई 'यसैले बोक्सी लगाएर बिरामी पारेकी हो, गाउँमा सबैलाई यसैले बोक्सी लगाउँछे' भन्दै कुटपिट गरी माफी माग्न लगाए।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

स्याङ्जा जिल्ला स्वरेक गाविस-८ की २२ वर्षीया एक युवतीले वालिङ नपा निवासी ४२ वर्षीय यादवप्रसाद घिमिरेले ०६४ पुस १७ गते राती पोखरा उपमनपा-१७ स्थित एक होटलमा आफूलाई डर, धम्की देखाई घिमिरेले बलात्कार गरेको भन्दै ०६४ पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा न्यायका लागि उजुरी दिइन्। युवतीलाई घिमिरेले जागिर लगाइदिने बहानामा उक्त दिन वालिङबाट पोखरातर्फ ल्याएको र रातीसँगै होटलमा बसेकोमा मार्ने धम्की दिएर आफूलाई बलात्कार गरेको बताइन्। घिमिरेलाई प्रहरीले पक्राउ गरी जबरजस्ती मुद्दा चलाएको छ। उनी हाल जिल्ला कारागार शाखामा थुनामा छन्।

### पारिवारिक हिंसा

लेखनाथ नपा-११ एक्लेकुना निवासी २९ वर्षीय फणिन्द्रा अधिकारीलाई पति ३३ वर्षीय रत्नमणि अधिकारीले विवाहमा पर्याप्त दाइजो नल्याएको र छोरी मात्र जन्माएको भन्दै ०६५ जेठ २७ गते दिउँसो घरमै हातखुट्टा बाँधेर निर्घात रूपमा कुटपिट गर्नुका साथै शारीरिक तथा मानसिक यातना दिए। उनको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। पीडक रत्नमणि फरार छन्।

### दुर्व्यवहार

पर्वत जिल्ला शिवालय गाविस कुश्मा घर भएकी २२ वर्षीया देवी थापालाई लेखनाथ नपा-२ की २२ वर्षीया ज्योति पौडेलले ०६५ जेठ १० गते राती आफ्नै घरमा बोक्सी भगाउने भन्दै तातो पन्युले डामेर यातना दिइन्। आफूलाई भगवान्को शक्ति मिलेको र बोक्सी भगाउने भन्दै ज्योतिले देवीमाथि साँझ ५ बजेदेखि राती करिब १२ बजेसम्म पन्युले शरीरमा डामेकी थिइन्। पीडकलाई भोलिपल्ट प्रहरीले गिरफ्तार गरेकामा उपचार खर्च बेहोर्ने सर्तमा रिहा गऱ्यो। पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

# ३.६ मनाङ



जनसङ्ख्या : १५,०६२
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): २,२४६
गाविस/नपा सङ्ख्या : १३/०
सरकारी/निजी विद्यालय : ३१/१
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
मानव विकास सूचकाङ्क : ०.५०२
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### जेल र बन्दीहरू

यस जिल्लामा जेल भाडामा लिएको र भवन पनि जीर्ण भएकाले हाल कुनै बन्दी छैनन्।

### धम्की/कुटपिट वाईसीएलबाट

थोँचे गाविस-४ निवासी मनाङ नागरिक समाजका अध्यक्ष ३७ वर्षीय धिरिङ ध्याल्पो पुनेललाई नागरिक समाजको स्वतन्त्र व्यक्ति भएर काङ्ग्रेसको प्रचार प्रसारमा लागेको र पैसा वितरण गरेको अरोपमा ०६४ चैत २६ गते बेलुकी आफ्नै घरमा वाईसीएलका कार्यकर्ता गजबहादुर गुरुङको नेतृत्वमा आएको आठ/नौ जनाको समूहले कुटपिट गरी सख्त घाइते बनायो। पीडितलाई उपचारका लागि हेलिकप्टरबाट काठमाडौँ लगियो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

धारापानी गाविस-५ निवासी एमालेका उम्मेदवार ५३ वर्षीय मङ्गलबहादुर गुरुङलाई ०६४ फागुन २७ गते उम्मेदवारी मनोनयन दर्ता फिर्ता लिन माओवादीले दबाब दिए। पछि वाम तालमेलका उद्देश्यले एमालेले माओवादी उम्मेदवार देवप्रसाद गुरुङलाई सहयोग गर्ने सहमति भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षका बाँकी दुई मुद्दामध्ये एक मुद्दाको फैसला भएको छ भने एक सरकारवादी मुद्दाको फैसला हुन बाँकी रहेको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मनाङ गाविस-७ की ३१ वर्षीया एक महिलालाई ०६४ फागुन २७ गते टङ्की मनाङ हेल्थ पोस्टका इन्चार्ज ४५ वर्षीय केशवप्रसाद गिरीले कार्यालय भवनभित्रै बलात्कारको प्रयास गरे। पीडित उपचारका क्रममा जाँदा संवेदनशील अङ्गहरू खेलाउने गरी निर्वस्त्र बनाउन खोज्दा भाग्न सफल भएको पीडितले बताइन्। स्थानीय बासिन्दाले विरोध जनाएपछि पीडक सोही दिन भागेर सदरमुकाम चामे आएर हाल क्षेत्रीय कार्यालय पोखरामा रहेका छन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, नाकाबन्दी

मनाङ गाविस-३ का ५२ वर्षीय लाक्पा लामाले पाँच घर जलाएको आरोपमा ०६४ वैशाख १९ गते

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | १ | १ | | १ | | | |
| कुटपिट | ३ | ३ | | ३ | | | |
| धम्की | १ | ३ | | ३ | १ | १ | १ |
| महिलाअधिकार | १ | | १ | १ | | | |
| जम्मा | ५ | ६ | १ | ७ | १ | १ | १ |

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | वाईसीएलबाट | | |
|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | १ | १ | १ |
| कुटपिट | १ | १ | १ |
| धम्की | १ | ३ | ३ |
| जम्मा | ३ | ५ | ५ |

सम्पूर्ण गाउँलेहरूको निर्णय अनुसार उनी गाउँबाट निष्कासित गरिए। लाक्पालाई सोही गाउँबाट मात्र नभई जिल्लाभरि बस्न नपाउने गरी पोखराको तिवेतन क्याम्पमा पठाए।

मनाङ गाविस-४ मनाङका ३५ वर्षीय छिरिङ डोल्कर लामाले लाक्पा लामालाई आफ्नो घरमा राखेको आरोपमा ०६५ साउन ११ गते गाउँलेहरूबाट १ लाख ५० हजार रुपियाँ जरिवाना तिराए। छिरिङले सोही दिन १ लाख ५० हजार रुपियाँ गाउँलेहरूलाई बुझाए।

बेसीसहर-चामे निर्माणाधीन मोटरबाटोको विषयलाई धारापानी गाविस-१ तालगाउँका स्थानीय बासिन्दाले ०६५ मङ्सिर २० गतेदेखि पुस ३ गतेसम्म मनाङ जिल्लामै नाकाबन्दी लगाए। नाकाबन्दीको विषयलाई लिएर पुस ४ गते कानुन तथा न्याय मन्त्री देव गुरुङको उपस्थितिमा मर्स्याङ्दी नदीमा बेलिब्रिजको निर्माण, तालगाउँमा मोटरबाटो बनाउने, मर्स्याङ्दी नदीको किनारमा पक्की जाली बिछ्याइदिने सहमति भएपछि नाकाबन्दी फिर्ता भयो।

# ३.७ नवलपरासी



जनसङ्ख्या : ६,८८,४८३
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): २,१६२
गाविस/नपा सङ्ख्या : ७३/१
सरकारी/निजी विद्यालय : ५४६/९३
क्याम्पस/उच्च मा.वि. : ७/५५
अस्पताल/स्वास्थ्य चौकी : ३/८२
मानव विकास सूचकाङ्क : ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या
### राज्यबाट

रामग्राम नपा-९ ललितपुर निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता २० वर्षीय जगदीश पासीलाई ०६४ फागुन १४ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आह्वानमा ०६४ फागुन १ गतेदेखि सुरु भएको आन्दोलनका क्रममा रामपुरवा गाविस-६ स्थित रामपुरवा प्रहरी चौकीका प्रहरीले गोली प्रहार गरी हत्या गरे। पीडितको लासलाई मानवअधिकारकर्मीको रोहवरमा पोस्टमार्टमपश्चात् आफन्तको जिम्मा लगाइएको थियो।

### मधेसी मुक्ति टाइगर्सबाट

भारत उत्तर प्रदेशका ४१ वर्षीय मनोहरन धोवीलाई सुराकीको आरोपमा ०६५ वैशाख ७ गते कामको सिलसिलामा गुठी प्रसौनी गाविसमा आएका बेला मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले गुठी प्रसौनीमा

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | | | राज्यपक्षबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | १६ | १३ | ३ | | १६ | | | | | १ | १ | | | १ |
| घाइते | ६ | १९ | | | १९ | | | | | २ | ३० | | | ३० |
| गिरफ्तारी/यातना | | | | | | | | | | ४ | १४ | | १८ | ३२ |
| कुटपिट | ८ | १० | २ | ५ | १८ | २ | ४ | | ४ | ३ | ३० | ३ | | ३३ |
| धम्की | ६ | ६ | १ | | ८ | २ | ४ | | ४ | १ | ५ | | | ५ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | १ | | १ | १ | १ | २ | | | २ |
| जातीय विभेद | ४ | ८ | १ | | ९ | | | | | १ | | २ | | २ |
| महिलाअधिकार | १२ | | १८ | | १८ | | | | | | | | | |
| बालअधिकार | १३ | १ | १५ | | १६ | | | | | १ | | १ | | १ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | | १ | | १ | १ | | १ | १ | | | | | |
| अपहरण | ५ | ९ | | | ९ | | | | | | | | | |
| जम्मा | ८० | ६६ | ४० | ५ | १११ | ६ | ८ | ३ | १० | १४ | ६३ | ६ | १८ | ८६ |

गोली प्रहार गरी हत्या गरे।

कञ्चनपुर जिल्ला चाँदनी गाविस-५ घर भई नवलपरासीको तिलकपुर गाविस-५ मा रहेको चितवन सिमेन्ट प्रालिमा कार्यरत २८ वर्षीय भीमबहादुर जीसीले चन्दा नदिएको आरोपमा ०६५ जेठ २३ गते राती उनलाई १४-१५ जनाको समूहमा आएका मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले उद्योग हाताभित्र गोली प्रहार गरी हत्या गरे। उक्त घटनामा मोरङका पुष्पबहादुर खड्का र चितवनका कृष्ण पाठक घाइते भए। उनीहरूको काठमाडौँमा उपचार भयो।

बाँके जिल्ला कोहलपुरका ३२ वर्षीय राजेश बस्यालको नेपालगञ्जबाट काठमाडौँ जाने क्रममा ०६५ असोज १३ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले तिलकपुर गाविस-४ स्थित तुलसीनगरमा बसमा प्रहार गरेको गोली लागि मृत्यु भयो।

रूपन्देही जिल्ला सिक्टहन गाविस-७ घर भई निर्धन उत्थान बैंक नवलपरासीमा कार्यरत वरिष्ठ सहायक ३२ वर्षीय शिवप्रसाद शर्मालाई ०६५ कात्तिक ४ गते मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले स्वाठी गाविस-६ अस्रैयामा गोली प्रहार गरी हत्या गरे।

### अज्ञात समूहबाट

रामग्राम नपा-३ निवासी राप्रपा नेपालका तर्फबाट संविधानसभा निर्वाचनमा क्षेत्र नं. ४ का उम्मेदवार ६० वर्षीय बच्चा सिंह भनिने रुद्रबहादुर सिहंलाई ०६५ वैशाख ६ गते बिहान अज्ञात समूहले घरमै गोली प्रहार गरी हत्या गऱ्यो।

जहदा गाविस-१ मझौनी निवासी मजदुर ४५ वर्षीय डिट्ठू चमारको ०६५ पुस ७ गते घरनजिक हत्या गरिएको अवस्थामा लास फेला पऱ्यो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### राज्यबाट

कुश्मा गाविस-४ का २५ वर्षीय रमाशङ्कर काहार, रामग्राम नपा-४ का १६ वर्षीय सुरज ठाकुर ५५ वर्षीय पूर्णमासी हरिजन, भारत उत्तर प्रदेशका ३५ वर्षीय टुनटुन दास, ४० वर्षीय रामआधार दास, पाल्ही गाविस-५ का ६१ वर्षीय अम्मर पदेल, मनरी गाविस-८ का २२ वर्षीय मनमोहन सुनार, रामपुरवा गाविस-७ का १८ वर्षीय अनिल निवाम, ग्रेमी गाविस-३ का २२ वर्षीय दीनानाथ बर्मा ०६४ फागुन १३ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको आन्दोलनका क्रममा रामग्राम नपा-५ महेशपुर चोकमा

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | मधेस मुक्ति टाईगर्सबाट | | | मधेसी जनअधिकार फोरमबाट | | | काङ्ग्रेसबाट | | | | जतमुमो(गोइत)बाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ४ | ४ | ४ | | | | | | | | | | |
| घाइते | १ | ४ | ४ | | | | | | | | | | |
| कुटपिट | | | | १ | ३ | ३ | ३ | ४ | ५ | ९ | | | |
| धम्की | | | | १ | ३ | ३ | | | | | ३ | ३ | ३ |
| जम्मा | ५ | ८ | ८ | ३ | ५ | ५ | ३ | ४ | ५ | ९ | ३ | ३ | ३ |

प्रहरीले प्रहार गरेको गोली र लाठीचार्जबाट घाइते भए। उनीहरूको जिल्ला अस्पताल परासीमा उपचार भयो। घटनामा आन्दोलनकारीले प्रहार गरेको बोतल तथा इट्टा लागी सशस्त्र प्रहरीका डीएसपी जीवन केसी र जनपद प्रहरीका डीएसपी यज्ञविनोद पोखरेल घाइते भए।

### अज्ञात समूहबाट

जहदा गाविस-३ का २४ वर्षीय चन्द्रमणि आचार्यलाई ०६४ पुस २६ गते राती अज्ञात समूहले घरमै गोली प्रहार गरी घाइते बनायो। पीडितको बायाँ हातमा गोली लागेकामा काठमाडौँमा उपचार भयो।

### जेल र बन्दीहरू

जिल्ला कारागारको बन्दी क्षमता ३५ जनाको रहेको छ। हाल कारागारमा ८४ जना बन्दी रहेका छन्। एउटा महिला कोठा र तीनओटा पुरुष कोठा गरी जम्मा चारओटा साँघुरा कोठा रहेको यस कारागारमा आठ जना महिला र ७६ जना पुरुष रहेका छन्। जसमा एक जना महिला र १० जना पुरुष गरी जम्मा ११ जना कैदी रहेका छन्। यस वर्ष १२ जना महिला आएका थिए भने चार जना महिला सफाइ पाएर छुटेका छन् भने आठ जना थुनामा नै रहेका छन्। एक जना आश्रित छ महिनाका नाबालक रहेका छन्। यस वर्ष १२ जना महिलासहित १ सय ९ जना थुनामा आए भने चार जना महिलासहित ७२ जना स्थानान्तरण भए।

### बेपत्ता/अपहरण

### वाईसीएलबाट

नरम गाविस-५ घर भएका काङ्ग्रेसका जिल्लास्तरीय कार्यकर्ता ५५ वर्षीय कमानसिंह थापालाई ०६४ चैत २५ गते निर्वाचनको प्रचार प्रसार गर्ने क्रममा वाईसीएल कार्यकर्ताले घरनजिकबाट अपहरण गरी सोही दिन साँझ सोही गाविसबाट मुक्त गरे।

रूचाङ गाविस-१ निवासी पूर्वगाविस अध्यक्ष ३८ वर्षीय हुमनाथ पाण्डे, एमाले नेता धनबहादुर विक, राप्रपा कार्यकर्ता खुमबहादुर फाल, काङ्ग्रेसका क्षेत्रीय सदस्य रेशमलाल थापा, एमाले कार्यकर्ता टीकाराम थापा, तरूण दलका रूचाङ गाउँ एकाइ अध्यक्ष ज्ञानबहादुर गाहाले माओवादीलाई संविधानसभा निर्वाचनमा सहयोग नगरेको आरोपमा ०६४ चैत १३ गते रकुवा गाविसस्थित राइका भञ्ज्याङबाट वाईसीएलका कार्यकर्ताले अपहरण गरे। पीडितहरूलाई माओवादीलाई सहयोग गर्ने सर्तमा सोही दिन राती रूचाङ गाविसबाट मुक्त गरे।

### अज्ञात समूहबाट

दुम्कीवास गाविस-३ घर भई सोही ठाउँस्थित सङ्गम प्राविका प्रधानाध्यापक ३५ वर्षीय विष्णुप्रसाद बस्याललाई ०६५ पुस ७ गते अज्ञात हतियारधारी समूहले घरबाट अपहरण गरी नजिकैको जङ्गलमा पुऱ्याई कुटपिट गऱ्यो। उनलाई कुटपिटपछि घाइते अवस्थामा छाडेका थिए।

### धम्की/कुटपिट

### राज्यबाट

माकर गाविस-५ हरियालीनगर निवासी माओवादी एरिया कमिटी सदस्य ४५ वर्षीय रामचन्द्र पोखरेललाई ०६४ चैत १२ गते बिहान सरकारले भारतबाट हतियार भित्र्याएको आरोप लगाउँदै माओवादीले चक्काजाम गर्ने क्रममा सशस्त्र प्रहरीले लाठी प्रहार गरी घाइते भए। उनको स्थानीय मेडिकलमा उपचार भयो।

मधेसी जनअधिकार फोरम र सद्भावना महतो पक्षले ०६४ माघ २१ गते आह्वान गरेको मधेस बन्द खुलाउन प्रहरीले लाठीचार्ज गर्दा रामग्राम नपा-५ निवासी युवा फोरमका जिल्ला अध्यक्ष २९ वर्षीय राजेन्द्र यादव, फोरम कार्यकर्ता ३८ वर्षीय निर्मल यादव, तिलकपुर गाविस-६ निवासी एमाले जिल्ला कमिटी सदस्य भगवती भण्डारी, सोही गाविस-८ का ६० वर्षीय हृदयेश चौधरी, देवगाउँ गाविस-९ का ३० वर्षीय हीरामणि उपाध्याय, रामग्राम नपा-१३ का १८ वर्षीय लालमोहन गुप्तालगायतका ११ जना घाइते भए। घाइते सबैजनाको जिल्ला अस्पताल परासीमा उपचार भयो।

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | वाईसीएलबाट | | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | ६ | ४ | २ | ६ |
| घाइते | ३ | ८ | | ८ | १ | १ | | १ |
| कुटपिट | २ | १ | २ | ३ | १ | १ | | १ |
| धम्की | २ | १ | १ | २ | | | | |
| महिलाअधिकार | | | | | १ | | १ | १ |
| अपहरण | २ | ६ | | ६ | १ | १ | | १ |
| जम्मा | ९ | १६ | ३ | २० | १० | ६ | ३ | १० |

अतिक्रमणमा परेको त्रिवेणी गाविसस्थित सुस्ता बचाउ अभियानमा लागेका स्थानीय त्रिवेणी सुस्ता गाविस-४ का स्थानीयबासीद्वारा पूर्व-पश्चिम राजमार्ग बन्द गराउने क्रममा ०६५ असोज १३ गते प्रहरीले माकर गाविस-४ मा हस्तक्षेप गरी कुटपिट गऱ्यो। घटनामा ३५ वर्षीय प्रतिमा लुनियाँ, २५ वर्षीया चन्द्रावती भर, सामासुनेशा मिया, शान्ति तुराहा, शोभा थारु, अनिता भर, पानादेवी मुसहर, कौली मुसहर, सुमित्रा भर, मीरा बडई, अक्षय चौधरी प्रहरीको कुटपिटबाट घाइते भए। उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो।

### माओवादीबाट

नरम गाविस-५ निवासी काङ्ग्रेस कार्यकर्ता बेलबहादुर बयम्बु मगर र डटप्रसाद बयम्बु मगरलाई ०६४ चैत २२ गते काङ्ग्रेसको पक्षमा प्रचार प्रसार गरेर हिँडेको अवस्थामा माओवादी कार्यकर्ताले हातखुट्टा भाँचेर अपाङ्ग बनाउने धम्की दिए।

वेणी मणिपुर गाविस-९ निवासी एमाले इलाका कमिटी सदस्य ४६ वर्षीय श्रीराम चौधरीलाई एमालेको प्रचार प्रसार गरेको र माओवादीको विरोध गर्दै हिँडेको आरोपमा ०६४ चैत १९ गते राती माओवादी कार्यकर्ताले घर घेरा हाली हत्या गर्ने धम्की दिए। उनलाई चैत २६ गते पनि माओवादी कार्यकर्ताले सोही आरोपमा पुनः धम्की दिए।

*अज्ञात समूहद्वारा मारिएका रुद्रबहादुर सिंह*

### वाईसीएलबाट

काङ्ग्रेसबाट संविधानसभा सदस्यको निर्वाचनमा क्षेत्र नं. ३ का उम्मेदवार ३२ वर्षीया ओमकला गौतम र उनका भाइ २४ वर्षीय महानन्द चालिसेलाई ०६४ चैत २३ गते वाईसीएल कार्यकर्ताले कावासोतीमा कुटपिट गरी गम्भीर घाइते बनाए। घाइतेमध्ये चालिसेको भरतपुरस्थित मेडिकल कलेजमा उपचार भयो।

शिव मन्दिर गाविस-५ हसौराका २४ वर्षीय रमाकान्त चापागाईं, उनकी आमा र सोही ठाउँका २३ वर्षीय टङ्क पराजुलीलाई ०६४ चैत २५ गते राती १२/१४ जनाको सङ्ख्यामा आएका वाईसीएल कार्यकर्ताले घरमा आगो लगाउने धम्की दिएर बाहिर निकाली कुटपिट गरे। पीडितहरूको स्थानीय सामुदायिक अस्पतालमा उपचार भयो।

कोटथर गाविस-५ स्थित काङ्ग्रेस संविधानसभा निर्वाचन प्रचार प्रसार सम्पर्क कार्यालयमा ०६४ चैत २६ गते बिहान वाईसीएल कार्यकर्ताले गरेको आक्रमणमा खुकुरी प्रहारबाट सोही ठाउँका यामबहादुर आलेमगर, टेकबहादुर आले र लोकबहादुर श्रेष्ठ घाइते भए। घाइतेहरूको पोखरास्थित क्षेत्रीय अस्पतालमा उपचार भयो।

रामनगर गाविस-१ घर भई *नयाँ भावना* दैनिकमा कार्यरत पत्रकार १९ वर्षीया कल्पना भट्टराईलाई आफ्नो पार्टीको विरुद्ध समाचार लेखेको आरोपमा

०६५ साउन २२ गते वाईसीएल कार्यकर्ताले कारबाही गर्न धम्की दिए।

### काङ्ग्रेसबाट

कोटथर गाविसका वाईसीएल कार्यकर्ता २४ वर्षीय केयरसिंह कुमाल र रमेश रसाइलीलाई ०६४ चैत २३ गते काङ्ग्रेसका कार्यकर्ताले कुटपिट गरे। उनलाई कोटथर गाविस-५ बाट नियन्त्रणमा लिई दिनभर हातखुट्टा बाँधेर कुटपिट गरे।

कुश्मा गाविस-३ विलासपुर निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता मेहेदी जुलाहा, कुनुबुद्दीन जुलाहालाई ०६४ चैत २४ गते संविधानसभा निर्वाचन प्रचार प्रसारका क्रममा काङ्ग्रेसका कार्यकर्ताले विलासपुरमा कुटपिट गरे।



*माओवादी कार्यकर्ताबाट कुटपिट गरिएका एमाले जिल्ला कमिटी सदस्य वीरेन्द्र यादव*

### मधेसी जनअधिकार फोरमबाट

नेपाल शिक्षक सङ्घका बलबहादुर केसी, काशीराम पाठक र चोकबहादुर पाइजा मगरलाई ०६५ वैशाख २३ गते मधेसी जनअधिकार फोरमनिकटको शिक्षक सङ्गठनका जिल्ला अध्यक्ष अनिल गौडले जिल्ला शिक्षा कार्यालय परिसरमा कुटपिट गरे। जिल्ला शिक्षा अधिकारी लक्ष्मीराम पौडेलसँग कार्यालयमा भएको छलफलका क्रममा विवाद उत्पन्न हुँदा फोरमनिकटका शिक्षकहरूले उनीहरूमाथि कुटपिट गरेका थिए।

### थारू कल्याणकारी सभाबाट

कुमारवर्ती गाविस-६ निवासी मध्यविन्दु अस्पताल सञ्चालक समितिका सदस्य एवम् एमाले क्षेत्रीय कमिटी सदस्य ४० वर्षीय रामकृष्ण ढुङ्गानालाई ०६४ असार २० गते थारू कल्याणकारी समितिका कार्यकर्ताले राष्ट्रिय थारु सङ्ग्रहालय निर्माणसम्बन्धी जग्गाको विषयमा भएको विवादका क्रममा अग्यौली गाविस-९ स्थित सामुदायिक अस्पताल हाताभित्रै कुटपिट गरे। उनको स्थानीय मध्यविन्दु अस्पतालमा उपचार भयो।

*झडपमा परी घाइते भएका सशस्त्र प्रहरी डिएसपी जीवन के.सी. र जनपथ प्रहरी डिएसपी यज्ञविनोद पोखरेल*

### झडप

गैँडाकोट गाविस-५ स्थित काङ्ग्रेस चोकमा नेविसङ्घ र वाईसीएल कार्यकर्ताबीच निर्वाचन प्रचार प्रसारका क्रममा ०६४ चैत १२ गते झडप हुँदा वाईसीएल कार्यकर्ता कर्णबहादुर, रोशन, लक्षुमन, हरि तथा नेविसङ्घ कार्यकर्ता डिलराम सन्यासी बम, राजुराम सापकोटा र केशव सापकोटा घाइते भए। घाइतेहरूको भरतपुरस्थित मेडिकल कलेजमा उपचार भयो।

दुम्कीबास गाविस-१ स्थित इलाका प्रहरी कार्यालयको गाडीले ठक्कर दिई एकै परिवारका तीन जनाको मृत्यु भएको विरोधमा ०६५ साउन १६ गते स्थानीयबासीले प्रहरी चौकीअगाडि विरोध प्रदर्शन गरे। प्रदर्शनका क्रममा प्रहरी तथा स्थानीयबासीबीच भएको झडपमा दुम्कीबास-१ का २९ वर्षीय सुनील खनाल, सोही ठाउँका ३० वर्षीय प्रकाश गहतराज, डीएसपी यज्ञविनोद पोखरेल, इन्स्पेक्टर विज्ञान बस्नेत, राजकुमार सिलवाल, शङ्कर श्रेष्ठ, हुमबहादुर सुनार घाइते भए। उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

तिकलपुर गाविस-८ निवासी संविधानसभा निर्वाचनमा एमालेका तर्फबाट क्षेत्र नं. ४ का उम्मेदवार ५१ वर्षीय वैद्यनाथ चौधरी, स्वाठी गाविस-६ का एमाले कार्यकर्ता ३५ वर्षीय रामसागर यादव र रामग्राम नपा-५ घर भई एमाले जिल्ला कमिटी सदस्य ४४ वर्षीय वीरेन्द्र यादवलाई ०६४ चैत २८ गते स्वाठी गाविस-५ स्थित पञ्चरत्न प्राबि मतदान केन्द्रमा माओवादी कार्यकर्ताले कुटपिट गर्दा यादवको कुमको हड्डी भाँचिएको थियो। पीडितले भारतको गोरखपुरमा

उपचार गराए।

तराई मधेस लोकतान्त्रिक पार्टीका तर्फबाट संविधानसभा सदस्य क्षेत्र नं. १ की उम्मेदवार ३५ वर्षीया देवकी रेग्मीलाई ०६४ चैत १९ गते माओवादी कार्यकर्ताले मुकुन्दपुर गाविसमा चुनाव प्रचार गर्नमा अवरोध गरी पार्टीको झण्डासमेत जलाइदिए।

*प्रहरीको लाठी चार्जबाट घाइते भएका सुरज ठाकुर*

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष देवानीतर्फ नयाँ दर्ता ४ सय २१ थान मुद्दा र फौजदारीतर्फका २ सय ३३ थान गरी कुल ७ सय ४ थान मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेका र यस वर्ष दर्ता भएका गरी देवानीतर्फका ४ सय ६६ थान र फौजदारीतर्फका २ सय २३ थान गरी कूल ६ सय ९९ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका देवानीतर्फका २१ थान र फौजदारीतर्फका आठ थान गरी २९ थान मुद्दा रहेका छन् भने एक वर्षदेखि २ वर्षसम्मका देवानीतर्फका १ सय ४५ र फौजदारीतर्फका ६९ गरी २ सय १४ थान मुद्दा रहेका छन्। यस वर्षको अन्त्यसम्म देवानीतर्फ ५ सय ४९ थान र फौजदारीतर्फ २ सय ३१ थान गरी ७ सय ८० थान मुद्दा फैसला हुन बाँकी छन्।

## बालअधिकार

रामग्राम नपा-११ जम्मुवार्ड निवासी लिटिल एञ्जल्स बोर्डिङ स्कुलमा नर्सरीमा अध्ययनरत चार वर्षीय बालक पुनेश्वर चौधरीलाई ०६४ माघ १० गते भारत महाराजगञ्ज घर भई उनकै घरमा भाडामा बस्ने राजु सिंहले विद्यालय हाताबाटै अपहरण गरे। अपहरणपश्चात् ४ लाख रुपियाँ फिरौती मागे पनि पीडित बालक १५ दिनपछि विभिन्न सङ्घसंस्था र आफन्तको सहयोगमा फिर्ता भए।

पाल्ही गाविस-९ निवासी १२ वर्षीय भोला चमारलाई ०६४ पुस २४ गते आफन्तको घरमा भारतमा रोजगार लगाइदिन्छु भनी सोही ठाउँका ४५ वर्षीय गोपाल मिश्रले भारतमा लगी बिक्री गरेको आरोपमा बाबु नन्दलाल हरिजनले ०६५ वैशाख १६ गते प्रहरीमा मुद्दा दर्ता गराए। मिश्रलाई प्रहरीले पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

*माओवादी कार्यकर्ताबाट कुटपिट गरी घाइते बनाइएका रामसागर यादव*

पक्लीहवा गाविस-१ की १० वर्षीया उषा कोइरीको ०६५ भदौ ३० गते घरनजिकै उखुबारीमा बलात्कारपछि हत्या गरेको अवस्थामा लास फेला पऱ्यो। उनी ०६५ भदौ २५ गतेदेखि बेपत्ता भएकी थिइन्।

रामग्राम नपा-४ की नौ वर्षीया एक दलित बालिकालाई सोही ठाउँका २२ वर्षीय दुर्विजया यादवले ०६५ कात्तिक १९ गते घरनजिकै बलात्कार प्रयास गरे। घटनाको विरोधमा पीडित परिवारले ०६५ कात्तिक २० गते प्रहरीमा जाहेरी दिए।

हकुई गाविस-८ की १४ वर्षीया एक बालिकालाई सोही ठाउँका २५ वर्षीय निहाज चुरीहार र २२ वर्षीय साविर चुरीहारले ०६५ पुस ९ गते हकुई गाविसमा बलात्कार गरे। घटनामा संलग्न युवकहरू फरार छन्।

सुनवल गाविस-७ की नौ वर्षीया एक बालिकालाई सोही ठाउँ बस्ने विक्रम भन्ने १९ वर्षीय पदम कुमालले ०६५ असार १६ गते बिहान पीडितको घरमै बलात्कार गरे। घटनामा संलग्न कुमाललाई प्रहरीले पक्राउ गरी अनुसन्धानका लागि थुनामा राखेको छ।

जमुनिया गाविस-३ का २६ वर्षीय विजय गौडको चिया पसलमा काम गर्ने आठ वर्षीया बालिकालाई ०६४ फागुन २८ गते सोही ठाउँ बस्ने खटरा भनिने २३ वर्षीय दिनेश यादवले चिया पसलमा बलात्कार गरे। यादव हाल अनुसन्धानका लागि थुनामा छन्।

माकर गाविस-५ हरियालीकी नौ वर्षीया एक बालिकालाई ०६४ चैत २ गते सोही ठाउँका ५५ वर्षीय रूदल थारूले आफ्नै घरमा लगी बलात्कार गरे। उनलाई थुनामा राखेर अनुसन्धान भइरहेकामा ०६४ चैत १५ गते तारेखमा रिहा भए।

हरपुर गाविस-५ की चार वर्षीया एक बालिकालाई ०६४ चैत २ गते सोही ठाउँका १९ वर्षीय सोहरत खाँले आफ्नै घरमा लगी बलात्कार गरे। खाँलाई प्रहरीले चैत ३ गते पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

नयाँ वेलाहानी गाविस-८ की ११ वर्षीया एक बालिकालाई सोही ठाउँका ५५ वर्षीय रामबहादुर आलेले ०६५ जेठ

२० गते ४ बजे आफ्नै घरको कोठामा लगी जबरजस्ती बलात्कार प्रयास गरे। उनी पुर्पक्षका लागि थुनामा रहेकामा ०६५ असार १३ गते तारेखमा रिहा भए।

शिवमन्दिर गाविस-३ की तीन वर्षीया एक बालिकालाई ०६५ जेठ २८ गते सोही ठाउँका ८४ वर्षीय झविलाल भट्टाराईले बलात्कार प्रयास गरे। भट्टराईलाई पीडित परिवारको उजुरीका आधारमा प्रहरीले पक्राउ गरेकामा ०६५ असार ८ गते तारेखमा रिहा भए।

पञ्चनगर गाविस-५ की १६ वर्षीया एक बालिकालाई ०६५ वैशाख २३ गते माकर गाविस-५ घर भई बुटवल नपा-१३ का ३५ वर्षीय गोपाल सुनार, पर्वत जिल्लाका टुन्के सुनार, पञ्चनगर गाविस-४ की ४२ वर्षीया फूलमाया विक, उनकी छोरी २१ वर्षीया गौमाया विक, पोखराकी सीता न्यौपाने र २१ वर्षीय प्रेम चौधरीले विवाहको बाहना गरी भारतको मुम्बई लगी बिक्री गर्ने प्रयास गरेको भन्दै पीडितले ०६५ वैशाख २५ गते जिल्ला प्रहरी कार्यालय नवलपरासीमा उजुरी दिए। प्रहरीले उजुरीका आधारमा घटनामा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी अनुसन्धान भइरहेको र उनीहरू थुनामा रहेको जानकारी दिएको छ।

तमसरिया गाविस-४ निवासी १६ वर्षीया एक बालिकालाई सोही गाविसको चोरमारा बजारमा कार्यरत सशस्त्र प्रहरी जवान २३ वर्षीय बहादुर सिंहले ०६४ पुस २९ गते दिउँसो सोही ठाउँस्थित अमरसा जङ्गलमा बलात्कार गरे। सिंहलाई मुद्दा चलाई कारागार चलान गरिएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

कावासोती गाविस-६ की ४५ वर्षीया एक महिलालाई परपुरुषसँग अवैध सम्बन्ध राखेको आरोपमा ०६५ साउन २४ गते वाईसीएलका कार्यकर्ताले घरनजिकै कुटपिट गरे। घटनामा घाइते महिलाको स्थानीय मेडिकलमा उपचार भयो। पीडित महिलालाई उपचारका लागि वाईसीएलका कार्यकर्ताले २० हजार रुपियाँ दिएर गाउँमै मिलापत्र गराए।

### बेचबिखन तथा ओसारपसार

सुनवल गाविस-८ की ३८ वर्षीया धनमाया राईलाई जिल्ला रूपन्देही केरवानी गाविस-५ की ७० वर्षीया नवमी आलेले ०६४ वैशाख २८ गते वैदेशिक रोजगारको बहानामा भारतमा लगी बिक्री गरेको आरोपमा ०६५ जेठ २० गते पीडितका पति अशोक राईले जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराए। प्रहरीले घटनाबारे अनुसन्धान भइरहेको जनायो।

देवगाउँ गाविस-७ की १९ वर्षीया सावित्री हरिजनलाई सोही ठाउँ बस्ने जोखनी केवटले वैदेशिक रोजगारमा लगाइदिने बहानामा ०६४ माघ २४ गते भारतमा लगेर बिक्री गरेको भन्दै पीडितका बाबुले प्रहरीमा मुद्दा दर्ता गराए। प्रहरीले केवटलाई पक्राउ गरी मानव बेचविखन विरुद्ध मुद्दा चलाएको छ।

जमुनिया गाविस-६ की २४ वर्षीया इशा दर्जीलाई ०६५ वैशाख ६ गते वैदेशिक रोजगारका लागि दुबई पठाउने बहानामा सोही ठाउँका विष्णु भूर्तेलले भारतमा बिक्री गरेको भन्दै प्रहरीमा उजुरी दिए। भूर्तेललाई प्रहरीले पक्राउ गरी थुनामा राखेको छ।

कुडिया गाविस-१ की १५ वर्षीया ममता शर्मालाई गुठी प्रसौनी गाविस ७ बस्ने ७० वर्षीया सीताराम गुप्ता र उनकी पत्नी ६५ दुर्गी गुप्ताले ०६५ साउन २२ गते भारतको पञ्जाब लुधियाना पुऱ्याई विवाहको बहानामा बिक्री गरे। घटनामा संलग्न दुवै जनालाई प्रहरीले नियन्त्रणमा लिई अनुन्धानका लागि थुनामा राखेको छ।

कास्की जिल्ला पोखरा उपमनपा-७ की २२ वर्षीया माया गुरुङ, २५ वर्षीया छमाया गुरुङ, २५ वर्षीया डीलमाया गुरुङ र २२ वर्षीया बबिता गुरुङलाई नुवाकोट जिल्ला छाप गाविस-७ का ३४ वर्षीय शङ्कर खड्का, गोरखा जिल्ला लाकुरीबोट गाविसका १९ वर्षीय रेशमबहादुर परियार र कुडिया गाविस-९ की ३० वर्षीया पवित्रा अधिकारीले ०६५ साउन ७ गते भारततर्फ बिक्रीका लागि लैजाँदै गर्दा त्रिवेणी सिमानानजिकबाट प्रहरीले नियन्त्रणमा लिई बालिकालाई आफन्तको जिम्मा लगायो। घटनामा संलग्न पवित्रा ०६५ भदौमा रिहा भइन् भने खड्का र परियारविरुद्ध मानव बेचविखनविरुद्धको मुद्दा चलाइएको प्रहरीले जनाएको छ।

रूपन्देही जिल्ला मोतीपुर गाविस-१ की १३ वर्षीया सुमित्रा विक, १० वर्षीया सुनीता विक, बुटवल नपा-१३ की आठ वर्षीया अमृता तामाङ र १० वर्षीया विन्दु परियारलाई सुस्ता गाविस-८ का ३० वर्षीय नगेन्द्र राना, गुठीप्रसौनी गाविस-७ का ३० वर्षीय योगेन्द्र केवटले ०६५ कात्तिक २५ गते भारततर्फ बिक्रीका लागि लैजाँदै गर्दा प्रहरीले त्रिवेणी गाविसबाट बालिकाको उद्धार गरी ०६५ कात्तिक २६ गते आफन्तको जिम्मा लगायो। घटनामा संलग्न केवट तारेखमा रिहा भए भने राना थुनामा छन्।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अमरापुरी गाविस-२ सालघारी निवासी १९ वर्षीया एक महिलालाई सोही ठाउँका ३२ वर्षीय कृष्ण पाण्डेयलगायत तीन जनाले ०६५ साउन १६ गते नयाँ बेलानी गाविस-८ अरुणखोलामा सामूहिक बलात्कार गरे। घटनामा संलग्न अन्य दुई जना फरार छन् भने कृष्ण पाण्डेय ०६५ भदौ २५ गते १ लाख रुपियाँ धरौटीमा रिहा भए।

मनरी गाविस-१ निवासी २७ वर्षीया एक महिलालाई ०६४ माघ १९ गते राती ७ जनाको अज्ञात समूहले जबरजस्ती घरबाट बाहिर निकाली नजिक खेतमा पुऱ्याई सामूहिक बलात्कार गऱ्यो। पीडकहरू फरार छन् भने पीडितको जिल्ला अस्पताल परासीमा उपचार भयो।

सुनवल गाविस-८ की ६३ वर्षीया मानकुमारी सुनारलाई ०६५ वैशाख १८ गते राती अज्ञात समूहले जबरजस्ती घरभित्र पसी बलात्कार गर्नुका साथै धारिलो हतियार प्रहार गरी घाइते बनायो। पीडितको जिल्ला अस्पतालमा उपचार गरियो।

### पारिवारिक हिंसा

तमसरिया गाविस-५ की २३ वर्षीया मैनौतीदेवी सारूलाई ०६४ माघ ९ गते पति २५ वर्षीया शेरबहादुर सारू, सासू पृथ्वीमा सारु र आमाजु चनिसरा सोमैले देउराली गाविस-९ स्थित गिरीबारी खोलामा पारिवारिक मनमुटावका कारण हत्या गरेको भनी मैनौतीदेवीका माइती पक्षले इलाका प्रहरी कार्यालय कावासोतीमा उजुरी दिए। आरोपितमध्ये फागुन १० गते सासू पृथ्वीमा सारू र आमाजु चनीसरा सोमै तारेखमा रिहा भए भने पति र ससुरा पुर्पक्षका लागि थुनामा छन्। रिहा भएका दुवै जनालाई फागुन ११ गते तमसरिया गाविस-२ स्थित गिरीबारी खोलानजिक ५ सयको सङ्ख्यामा रहेको स्थानीय महिलाको समूहले हत्यारालाई रिहा गरेको भन्दै कुटपिट गरे। पीडित दुवै जनाको कालीगण्डकी अस्पतालमा उपचार गरिएको थियो।

प्रगतिनगर गाविस-३ की ३४ वर्षीया चन्द्रिका सापकोटालाई ०६४ माघ १२ गते राती पति ३४ वर्षीय गणेश सापकोटा, उनकी आमा ६४ वर्षीया दीपा सापकोटा, पीडितका जेठाजु रामु सापकोटा, जेठानी गङ्गा सापकोटालगायत सात जनाले घरमा झुण्ड्याई हत्या गरेको आरोपमा ०६४ माघ १३ गते प्रहरीले पक्राउ गरेकामा गणेश र दीपा पुर्पक्षका लागि थुनामा छन् भने अन्य सोही दिन तारेखमा रिहा भए।

सुक्रौली गाविस-५ घिनाहाकी ३२ वर्षीया मञ्जु यादवलाई ०६५ जेठ १८ गते पति अनिरूद्र यादवले छोरी मात्रै जन्माएको आरोपमा घरमै लाठीले प्रहार गरी घाइते बनाए। शरीरभरि नीलडाम भएकी मञ्जुको जिल्ला अस्पताल परासीमा उपचार भयो।

### सबै प्रकारका जातीय विभेद

कुश्मा गाविस-५ घर भई दलित गैरसरकारी संस्थाका कार्यकर्ता ३२ वर्षीय मनोज हरिजनलाई ०६४ माघ ४ गते सोही ठाउँ बस्ने ४० वर्षीय शङ्करार्चाय गिरीले दलित भएर आफूहरूलाई नटेरेको भन्दै अपमानजनक शब्द प्रयोग गरी कुटपिट गरे। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएकामा पछि मानवअधिकारकर्मीको पहलमा दुवै पक्षबीच समझदारी भयो।

कुश्मा गाविस-२ निवासी २९ वर्षीया चौथी चमार, सोही ठाउँकी ३० वर्षीय नाथु चमारलाई सोही गाविस-५ बस्ने गोपालमणि पटेल, त्रिभुवन पटेल, नारायण जैसवालले दलित भई नेता बनेको आरोपमा ०६५ साउन ४ गते कुश्मा गाविसमा कुटपिट गरे।

गुठी सूर्यपूरा गाविस-९ निवासी ७० वर्षीय खदेरू चमार, ४० वर्षीय भवन चमार, ३० वर्षीय ममता चमारलाई सोही ठाउँका लक्ष्मण गुप्ता, महेन्द्र गुप्ता, इन्द्रजीत गुप्ताले ०६५ साउन २० गते दलित भएको आरोपमा सूर्यपूरा गाविसमा कुटपिट गरे।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, विस्थापित राज्यबाट

रामग्राम नपा-५ इमिलीटोल परासीका ५५ वर्षीय नारायण पासीको घरमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आन्दोलनका क्रममा ०६४ फागुन १३ गते आन्दोलनकारीमाथि अश्रुग्यास प्रहार गर्दा आगो लागी सम्पूर्ण घर र घरका सामानहरू जलेर नष्ट भएको पीडितले जनाए।

### संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबाट

रामग्राम नपा-५ मा रहेको क्षेत्र नं. ४ बाट काङ्ग्रेस संविधानसभा सदस्यका उम्मेदवार सञ्जय यादवको सोही ठाउँमा रहेको चार बिघा जग्गामा लगाइएको उखु खेतीमा ०६४ फागुन १३ गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आगो लगाई नष्ट गऱ्यो।

रामपुरवा गाविस-६ निवासी पूर्वगृहराज्य मन्त्री देवेन्द्रराज कँडेलको घरमा ०६४ फागुन १४ गते संयुक्त

लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले आगजनी र तोडफोड गरे। मोर्चा कार्यकर्ताले क्षेत्र नं. ५ बाट काङ्ग्रेसका तर्फबाट संविधानसभा सदस्यको उम्मेदवार रहेका कँडेलको एक बिघा जग्गामा लगाएको तोरी, भान्साघर, पानी तान्ने मोटर, दुईओटा गाडी तथा फर्निचरका सामग्रीसमेत सोही दिन तोडफोड तथा आगजनी गरी ध्वस्त पारे। आक्रमणकारीले घरमा बाँधी राखेको खसीसमेत लिएर गएको कँडेलका कामदारले बताए।

सदरमुकाम परासीमा ०६४ फागुन १३ गते कर्फ्यु लगाई कार्यकर्तामाथि दमन गरेको भन्दै गुठी प्रसौनी गाविस-२ घर भई संविधानसभा सदस्यका लागि क्षेत्र नं. ६ का उम्मेदवार देवकरण जैसवालको सोही ठाउँमा रहेको वेदबाँस उद्योगमा ०६४ फागुन १४ गते राती संयुक्त लोकतान्त्रिक मधेसी मार्चाका कार्यकर्ताले आगो लगाई ध्वस्त बनाए। घटनामा ५ लाख रुपियाँ मूल्यबराबरको क्षति भएको जयसवालले जनाए।

### अखिल तराई मुक्ति मोर्चाबाट

रामग्राम नपा-३ घर भएका सिनियर अहेव ४८ वर्षीय चिरञ्जीवी खनाल अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले जबरजस्ती चन्दा माग गरेका कारण ०६४ पुस ४ गतेदेखि असुरक्षाका कारण काठमाडौँ विस्थापित भए। उनलाई मोर्चाका कार्यकर्ताले पटकपटक फोन गरी ५ लाख रुपियाँ चन्दा माग गरेको र नदिएमा भौतिक कारबाही गर्ने धम्की दिएपछि पाँच जनाको परिवारसहित उनी विस्थापित भएकामा पुनःस्थापित हुन सकेका छैनन्।

### माओवादीबाट

हरपुर गाविस-५ की ५० वर्षीय द्रौपाती पाण्डेका नाममा रहेको १ कट्ठा सवा ५ धुर जग्गामा रहेको पाँच कोठासहितको पक्की घर र जग्गा सोही ठाउँका माओवादी गाँउ एकाइ संयोजक ४५ वर्षीय रामकिसन काहारले ०६४ साउनमा कब्जा गरेकामा ०६५ वैशाख ३० गते घर खाली गर्न अनुरोध गर्दा उल्टो कुटपिट गरेको पीडितले जनाए।

### विगतको अनुगमन

कावासोती गाविस-५ का लोकबहादुर पुनका नाममा रहेको जग्गा १ कट्ठा साढे ७ धुर, सोही ठाउँका दलबहादुर पुनको नामको ४ कट्ठा १० धुर र सरस्वती भट्टराईका नामको १ कट्ठा जग्गा ०६० सालमा सैनिक क्याम्प विस्तार गर्नका लागि तत्कालीन शाही सेनाले कब्जा गरेको उक्त जग्गा यस वर्षको अन्त्यसम्म फिर्ता गरिएको छैन।

रामग्राम नपा, परासीमा रहेको सहकारी संस्थाको ६ कट्ठा जग्गा र भवनसमेत ०६० सालमा सैनिक क्याम्प स्थापना गर्न तत्कालीन नेपाली सेनाले कब्जा गरेकामा ०६५ भदौमा उक्त जग्गा सेनाले फिर्ता गरेको छ।

सुनवल गाविस-१ र बञ्जरिया गाविस-५, ६ र ७ वडामा रहेको स्व. पूर्वमन्त्री यादवप्रसाद पन्त र भिन्न भइसकेका उनका छोराहरू गिरीश पन्त, भुनेश्वर पन्त, राधेश पन्त, बुहारी अजिता पन्त र नाति आशिष पन्तका नाममा रहेको २३ विघा जग्गा ०६१ सालदेखि माओवादीले कब्जा गरेकामा अहिलेसम्म फिर्ता गरेका छैनन्। यादवप्रसाद र उनका छोराबुहारी र नातिका नाममा रहेको सोही ठाउँस्थित १२ सटरसहितको दुईतले घर र दुईतले निवास घरसमेत सोही मितिमा कब्जा गरी वाईसीएलको कार्यालय बनाएका छन्। वाईसीएल कार्यकर्ताले सटरको भाडाबाट मासिक २७ हजार रुपियाँसमेत उठाउने गरेका छन्।

## ३.८ रुपन्देही

जनसङ्ख्या : ९,००,८९५
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.) : १३६
गाविस/नपा सङ्ख्या : ६९/२
सरकारी/निजी विद्यालय : ४९८/६२
क्याम्पस/उच्च मा.वि. : १६/५०
अस्पताल/स्वास्थ्य चौकी : ६/६९
मानव विकास सूचकाङ्क : ०.५००
प्रतिपरिवार सरदर सङ्ख्या : ६

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | | | राज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा |
| हत्या | १४ | १४ | ३ | १६ | | | | | | ३ | ३ | | ३ |
| घाइते | ६ | ६ | १ | ७ | | | | | | १ | | १३ | १३ |
| कुटपिट | ३ | ५ | | ५ | ३ | ३३ | १ | | ३३ | | | | |
| धम्की | १ | १ | | १ | ३ | | १ | १ | ३ | १ | ३ | | ३ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | १ | १ | ३ | ३० | ३३ | | | | |
| महिलाअधिकार | ३ | | ३ | ३ | | | | | | | | | |
| बालअधिकार | ७ | | ७ | ७ | | | | | | | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | | १ | १ | | | | | | | | | |
| अपहरण | ३ | ३ | | ३ | ३ | ३ | | | ३ | | | | |
| जम्मा | ३८ | ३९ | १४ | ४३ | ८ | ३६ | ४ | ३१ | ५१ | ४ | ४ | १३ | १६ |

## नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

### राज्यबाट

धकधई गाविसका ६५ वर्षीय चन्द्रिका यादवको ०६४ फागुन २० गते सुरक्षाकर्मीको कुटपिटबाट मृत्यु भयो। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आह्वान गरेको मधेस आन्दोलनका क्रममा ०६४ फागुन ५ गते सिद्धार्थ नपा-१ बेलहैयामा उनी सुरक्षाकर्मीको कुटपिटबाट घाइते भएका थिए। उनको उपचारका क्रममा भारतको गोरखपुर अस्पतालमा मृत्यु भएको हो। सिद्धार्थनगर नपा-६ गल्लामण्डी निवासी संयुक्त जनतान्त्रिक मुक्ति मोर्चाका रूपन्देही जिल्ला अध्यक्ष बब्लु भनिने अख्तर मुसलमानको ०६५ असार १ गते प्रहरीले प्रहार गरेको गोलीबाट मृत्यु भयो। नियन्त्रणमा लिने क्रममा भाग्न खोज्दा प्रहरीले चलाएको गोलीबाट घाइते भएका उनको उपचारका क्रममा मेडिकल कलेज भैरहवामा मृत्यु भएको डीएसपी सुरेन्द्रबहादुर सिंहले बताए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

मानपकडी गाविस-२ का ६० वर्षीय केशरबहादुर गुरुङलाई ०६४ माघ २४ गते राती जतमुमो (गोइत) समूहका कार्यकर्ताले बगाहा गाविस-१ वेणीपुरमा गोली प्रहार गरी हत्या गरे। उनको छातीमा गोली लागेको थियो। घटनाको मोर्चाका रूपन्देही-कपिलवस्तु इन्चार्ज अमिताभले जिम्मा लिए।

सूर्यपूरा गाविस-३ निवासी काङ्ग्रेस महासमिति सदस्य ४२ वर्षीय गोकर्णराज कँडेललाई ०६४ फागुन १८ गते जतमुमो (गोइत) समूहका कार्यकर्ताले घरनजिकै गोली प्रहार गरी हत्या गरे। गोली लागि घाइते भएका उनको उपचारका क्रममा लुम्बिनी अञ्चल अस्पतालमा मृत्यु भएको थियो। चर/पाँच जनाको सङ्ख्यामा आएका मोर्चाका कार्यकर्ताले कँडेललाई घर बाहिर निकाली पिठ्युँमा गोली हानेका थिए। मोर्चाका जिल्ला संयोजक अमिताभले घटनाको जिम्मेवारी लिए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

नवलपरासी जिल्ला सुनवल गाविसका ३६ वर्षीय भुवन थापामगरलाई ०६४ फागुन ५ गते साँझ रूपन्देही जिल्लाको सिद्धार्थनगर नपा-११ भुजौलीमा जतमुमो (ज्वाला सिंह)का कार्यकर्ताले गोली प्रहार गरी हत्या गरे। मोर्चाका जिल्ला इन्चार्ज सरदार सिहंले घटनाको जिम्मेवारी लिए।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | अखिल क्रान्तिकारीबाट | | | मधेस मुक्ति टाईगर्सबाट | | | जतमुमो(ज्वाला)बाट | | | जतमुमो(गोइत)बाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | २ | ३ | ३ | १ | १ | १ | ३ | ३ | ३ | ६ | ६ | | ६ |
| घाइते | | | | | | | | | | १ | १ | १ | ४ | ४ | १ | ५ |
| कुटपिट | ३ | ४ | ४ | | | | | | | | | | | | | |
| धम्की | १ | १ | १ | | | | | | | | | | | | | |
| अपहरण | | | | | | | | | | | | | ३ | ३ | | ३ |
| जम्मा | ३ | ५ | ५ | २ | ३ | ३ | १ | १ | १ | ४ | ४ | ४ | १४ | १४ | १ | १५ |

### अखिल तराई मुक्ति मोर्चाद्वारा

बोदवार गाविस-३ चिदी निवासी ५५ वर्षीय सुरेन्द्र उपाध्यायको अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले ०६५ वैशाख १७ गते राती बम विस्फोट गराई हत्या गरे। माओवादी विधायक विनोद उपाध्यायको घरमा मोर्चाका कार्यकर्ताले बम विस्फोटन गराँउदा उनको मृत्यु भएको थियो। मृतक विधायक विनोदका काका हुन्। पाँच/सात जनाको सङ्ख्यामा आएको एक समूहले घरमा विस्फोटन गराउनुअघि परिवारका दुई जना सदस्यलाई घरबाहिर निकालेका थिए। तर, सुरेन्द्र आगो निभाउन गएको अवस्थामा विस्फोट भएको थियो। विस्फोटबाट घर क्षतिग्रस्त भयो। मोर्चाका जिल्ला इन्चार्ज राकेशले घटनाको जिम्मेवारी लिए।

### मधेसी मुक्ति टाइगर्सबाट

चिलिया गाविस-६ गुञ्जनगरका ६५ वर्षीय भैरवबहादुर कार्की र उनका छोरा ३५ वर्षीय यमबहादुर कार्कीको ०६५ असार ७ गते राती मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले धारिलो हतियारले हानी सोही गाविसको वडा-३ मा हत्या गरे। पड्सरी गाविस-५ मा रहेको किराना पसल बन्द गरी घर फर्केका उनीहरूलाई टाइगर्सका कार्यकर्ताले नियन्त्रणमा लिई हत्या गरेका थिए। घटनाको जिम्मेवारी टाइगर्सले लियो।

सेमरहवा गाविस-७ का कोदै घर्तीलाई ०६५ कात्तिक २ गते राती मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले सेमरहवा चौराहास्थित घरदेखि केही पर लगेर दुई गोली प्रहार गरी हत्या गरे। मधेसी मुक्ति टाइगर्सका ब्युरो इन्चार्ज अञ्जलीले पत्रकारहरूलाई फोन गरी हत्याको जिम्मा लिए।

### अज्ञात समूहबाट

जोगडा गाविस-३ घर भएका ३० वर्षीय रूवा अली शेख मुसलमानलाई ०६४ माघ २४ गते साँझ अज्ञात समूहले कुटपिट गरी हत्या गऱ्यो। खाना खाएर घरबाहिर निस्केका उनको लास माघ २५ गते घरनजिक खोलामा फेला परेको थियो। उनको अनुहारमा चोट लागेको शरीरमा नीलडाम रहेको मृतकका बाबु सतार मुसलमानले बताए। लासको भीम अस्पताल भैरहवामा पोस्टमार्टम भयो।

चितवन जिल्ला घर भई रूपन्देहीमा मजदुरी गर्दै आएका ४० वर्षीय अर्जुन बोहराको अज्ञात हतियारधारी समूहले ०६५ वैशाख २४ गते राती बोधबार गाविस-१ विष्णुपुरामा गोली प्रहार गरी हत्या गऱ्यो। साथीहरूसँग विष्णुपुरास्थित निर्माणस्थलमै सुतिरहेका बोहरालाई सो समूहले छाती र पेटमा गोली प्रहार गरी हत्या गरेको थियो। गोइत समूहका कार्यकर्ताद्वारा हत्या गरिएको प्रत्यक्षदर्शीले बताए।

दयानगर गाविस छपियाका वाईसीएल जिल्ला कमिटी सदस्य एवम् इलाका इञ्चार्ज ४० वर्षीय पुरूषोत्तम खनाललाई अज्ञात हतियारधारी समूहले ०६५ जेठ ८ गते राती घरमा बसिरहेको अवस्थामा गोली प्रहार गरी हत्या गऱ्यो। खनाललाई घरबाट बाहिर निस्किनासाथ उक्त समूहले गोली प्रहार गरेको थियो। उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनायो। मृतक यसअघि नेपाली सेनामा कार्यरत थिए।

सर्लाही जिल्ला घर भई रूपन्देहीको छिपागढ गाविस-९ मा बसोबास गर्दै आएका गोरू व्यापारी ३५ वर्षीय जाकिर हुसेनलाई अज्ञात हतियारधारी समूहले ०६५ जेठ १६ गते राती गोली प्रहार गरी हत्या गऱ्यो। विगत चार/पाँच वर्षदेखि बुटवल क्षेत्रमा गोरूको व्यापार गर्दै आएका हुसेनलाई हतियारधारी समूहले

छिपागढमा गोली प्रहार गरी घाँटी रेटेर छाँडिएको अवस्थामा लास फेला पारिएको जिप्रका रूपन्देहीले जनायो।

बुटवल नपा-४ भीमसेन टोल निवासी ३२ वर्षीय सुनिल श्रेष्ठको ०६५ मङ्सिर ६ गते अज्ञात समूहले प्रहार गरेको खुकुरी प्रहारबाट मृत्यु भयो। श्रेष्ठलाई मङ्सिर ३ गते घरदेखि केही पर लगेर खुकुरी प्रहार गरी घाइते बनाएकामा भैरहवास्थित मेडिकल कलेजमा उपचारका क्रममा उनको मृत्यु भएको थियो।

छिपागढ गाविस-६ पकडीहवा निवासी संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ता ३५ वर्षीय चिनक भरको ०६५ मङ्सिर ६ गते राती अज्ञात समूहले धकधई गाविस-८ परासी जुवाँमा गोली प्रहार गरी हत्या गऱ्यो। मृतकको शरीरमा टाउको र छातीमा गरी दुईवटा गोली लागेको थियो। मृतकको लास भैरहवा-परासी हुलाकी सडकखण्डको किनारमा घोप्टो परेको अवस्थामा मङ्सिर ७ गते बिहान स्थानीयबासीले फेला पारेका थिए। लासको जिल्ला अस्पताल भैरहवामा पोस्टमार्टमपछि परिवारको जिम्मा लगाइयो।

टिकुलीगढ गाविस-३ देवीनगरका ३५ वर्षीय मेखबहादुर छन्तेलको मङ्सिर १६ गते राती अज्ञात समूहले हत्या गऱ्यो। करिब १५ जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले छन्तेलकी पत्नी ३२ वर्षीया उमा र छोरा १२ वर्षीय दुर्गनलाई पनि धारिलो हतियार प्रहार गरी घाइते बनाएको थियो। उक्त समूहको आक्रमणमा परी घाइते छन्तेलको भैरहवास्थित मेडिकल कलेजमा उपचारकै क्रममा मङ्सिर १७ गते दिउँसो मृत्यु भएको थियो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

मक्रहर गाविस घर भई छोटकीराम नगर गाविसस्थित जगदम्बा इट्टा फ्याक्ट्रीका म्यानेजर कृष्ण पौडेललाई ०६४ फागुन १६ गते बिहान जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समूहका कार्यकर्ताले छोटकीरामनगरमा गोली प्रहार गरी घाइते बनाए। उनको टाउको र दायाँ हातमा गोली लागेकामा बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। घटनाको मोर्चाका जिल्ला इन्चार्ज अमिताभले जिम्मेवारी लिँदै आफ्नो समूहले आह्वान गरेको बन्दको अवज्ञा गरी उद्योग सञ्चालन गरेकामा कारवाही गरिएको बताए।

*अज्ञात समूहबाट हत्या गरिएका चिनक भर*

### अज्ञात समूहबाट

ठेकेदार जीवनाथ गौतमलाई अज्ञात हतियारधारी समूहले ०६५ वैशाख ३० गते बिहान पोखरभिण्डी गाविसमा गोली प्रहार गरी घाइते बनाए। भारतीय नम्बर प्लेट भएको मोटरसाइकलमा आएका दुई जनाले पानी खाँदै गरेको अवस्थामा गौतममाथि गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बोधबार गाविस-८ पर्सा गाउँका स्थानीय सर्वसाधारण गङ्गाराम चौधरीलाई मङ्सिर ८ गते राती ११ बजे मोटरसाइकलमा आएका पाँच-छ जनाको अज्ञात समूहले घरमै सुतिरहेका बेला गोली प्रहार गरे। पेट र छातीमा दुई गोली लागेका चौधरीको भैरहवास्थित मेडिकल कलेजमा उपचार भयो।

### जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागार रूपन्देहीमा ६० जना बन्दी राख्ने क्षमता रहेको छ। तर, यस वर्षको अन्त्यमा यस कारागारमा २ सय जना बन्दी रहेका छन्। जसमा कैद तोकिएका १ सय ३ जना पुरुष र कैद नतोकिएकामा एक जना महिला र ९६ जना पुरुष गरी ९७ जना बन्दी रहेका छन्। क्षमताको तीन गुणाभन्दा बढी बन्दी रहेको यस कारागारमा भौतिक पूर्वाधार बन्दीहरूलाई अपुग रहेको छ। सामान्य स्वास्थ्य परीक्षण, रेडियो, टीभी, पत्रपत्रिकाको सुविधा भने बन्दीहरूले उपभोग गरिरहेका छन्। कारागार सुधार समितिले गत वर्ष गरेको निरीक्षणपछि केही सुधारका प्रयास भए पनि पूरा हुन नसकेको जेलर चिरञ्जीवी गौतमले बताए।

### बेपत्ता/अपहरण

### माओवादीबाट

टिकुलीगढ गाविसका काङ्ग्रेसका कार्यकर्ताहरू रमेश अर्याल र लक्ष्मण सुवेदीलाई ०६४ चैत २३ गते

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरिएका सुजन पुनमगर*

काङ्ग्रेसको क्षेत्र नं. ३ को चुनावी प्रचार प्रसार कार्यालयनजिकैबाट माओवादीले अपहरण गरे। उनको सोही दिन चार घण्टापछि काङ्ग्रेस केन्द्रीय सदस्य तथा क्षेत्र नं. ३ का उम्मेदवार बालकृष्ण खाँडको टोलीले टिकुलीगढबाट अपहरण मुक्त गराएको थियो।

सौराहा फर्साटिकर गाविस-८ का ७८ वर्षीय माधव थारूलाई ०६५ जेठ २१ गते माओवादी कार्यकर्ताले घरबाट अपहरण गरे। अपहरणका समयमा कुटपिट गरिएका पीडित जेठ २२ गते अपहरण मुक्त भए। घरायसी जग्गा विवादको विषयमा उनलाई आफ्नै घरबाट माओवादी कार्यकर्ता रामअसारे थारू र कुलानन्द चालिसेले अपहरण गरी कुटपिट गरेका थिए।

### अज्ञात समूहबाट

गुल्मी जिल्ला तुराङ गाविस मजुवा घर भएका टीकाराम अर्याललाई ०६४ माघ २९ गते राती बुटवल नपा-१० मिलनचोकबाट अज्ञात समूहले अपहरण गऱ्यो। मजुवा माविलाई ५१ लख रुपियाँ दान गरेका पीडितलाई बुटवल आएका बेला मोटरसाइकलमा आएका तीन जनाको अज्ञात समूहले अपहरण गरी ०६४ फागुन २ गते मुक्त गरेको थियो।

टिकुलीगढ गाविस-४ निवासी माओवादीनिकट मुस्लिम मुक्ति मोर्चाका केन्द्रीय सदस्य जनक भनिने अब्दुल हाकिम मियाँ अन्सारीलाई ०६५ भदौ १० गते अज्ञात समूहले घरबाट अपहरण गऱ्यो। अन्सारीलाई घरमा आएका तीन जना अज्ञात व्यक्तिले हामीसँग हिँड्नु होस्, एकैछिनमा फर्कनु होला भन्दै अपहरण गरेका थिए। पीडित भदौ १८ गते नेपाल-भारत सीमाबाट मुक्त भए।

मधुवनी गाविस-८ महिलबारका तमलोपाका जिल्ला कार्यकर्ता उमाशङ्कर त्रिपाठीलाई ०६५ कात्तिक २७ गते अज्ञात समूहले अपहरण गऱ्यो। पीडित त्रिपाठी एक सातापछि मुक्त भई परिवारको सम्पर्कमा आए। उनलाई कसले किन अपहरण गरेको हो, खुल्न सकेन।

### धम्की/कुटपिट

### राज्यबाट

नेपाल पत्रकार महासङ्घका जिल्ला सदस्य विन्दुकुमार चौहान र पत्रकार कन्हई यादवलाई ०६५ वैशाख ३१ गते प्रहरीले कारबाही गर्ने धम्की दियो। नेपाल-भारत सीमाबाट हुने तस्करीमा प्रहरीको संलग्नतासम्बन्धी समाचार प्रकाशित भएको विषयलाई लिएर जिल्ला प्रहरी कार्यालयका सई देवराज अर्याल र आफूलाई प्रहरी बताउने अर्का एक जनाले प्रत्यक्ष र फोनबाट धम्की दिएका थिए।

### माओवादीबाट

एमालले ०६४ चैत ७ गते पर्रोहा गाविसमा आयोजना गरेको चुनावी सभामा माओवादी कार्यकर्ताले आक्रमण गरी १२ जना एमाले कार्यकर्तालाई घाइते बनाए। घटनामा परी पर्रोहा गाविसस्थित परमेश्वर प्राविका शिक्षक खुसीराम चौधरी, एमाले जिल्ला कमिटी सदस्य रामप्रसाद भट्टराई, गाउँ कमिटी सहसचिव पर्शुराम सापकोटा, पर्रोहा गाविस-६ का रूद्रप्रसाद भट्टराई, मोतीपुर गाविस-३ का बलु थापा, मोतीपुर गाविस-१ का एसमिन राना, कृष्ण राना र युवराज थापा, बुटवल नपा-१३ का अमित गुरुङ, दिलबहादुर गुरुङ र सुमन मल्ल एवम् मोतीपुर गाविस-२ का थमन थापा घाइते भए। घाइतेहरूको मेडिकल कलेज भैरहवा र केहीको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार भयो। एमालेनिकट जनजाति महासङ्घको आयोजनामा भएको चुनावी प्रचार प्रसारका क्रममा घरदैलो कार्यक्रम गरिरहेका बेला माओवादीका स्थानीय नेता ऋषिराम चौधरीको नेतृत्वमा गएका नौ जना वाईसीएल कार्यकर्ताले आफ्नो आधार इलाकामा किन प्रवेश गरेको भन्दै आक्रमण गरेका थिए।

भारतबाट प्रशासनले अवैध रूपमा हतियार भैरहवा नाकाबाट बुटवल भित्र्याएको भन्दै माओवादीले ०६४ चैत ११ गते १० बजे भारतीय नम्बर प्लेटका तीनवटा ट्रकलाई बुटवलमा अवरोध गरी विरोध प्रर्दशन गरे। माओवादीले उक्त ट्रकमा हतियार भएको दाबी गर्दै रोक लगाएपछि प्रहरी र माओवादीबीच झडप भयो। झडपमा प्रहरीको लाठीचार्जबाट घाइते १२ माओवादी कार्यकर्ताको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो भने घटनामा ६ जना प्रहरी सामान्य घाइते भए। माओवादी विधायक वामदेव क्षेत्रीले प्रशासनले अवैध रूपमा ठूलो सङ्ख्यामा भारतबाट हतियार भित्र्याएको

बताए। उनले अवैध रूपमा हतियार ल्याउनु चुनाव बिथोल्ने षड्यन्त्र भएको बताए। यसैबीच, माओवादी र वाईसीएलका कार्यकर्ताले ०६४ चैत १२ गते बिहानैदेखि बुटवल क्षेत्रमा विरोध प्रदर्शन गरे। उनीहरूले प्रहरी चौकीमाथि आक्रमण गर्ने तथा विट तोडफोड गरेका थिए। यसै गरी माओवादीले विरोध प्रदर्शनका क्रममा दुई प्रहरीलाई निर्घात रूपमा कुटपिट गरेको प्रहरीले बताएको थियो।

सिद्धार्थनगर नपा-८ भैरहवामा सञ्चालित *सामुदायिक रेडियो रूपन्देही एफएम* बन्द गराउन ०६५ भदौ १९ गते माओवादी कार्यकर्ताले धम्की दिए। माओवादीद्वारा भदौ ५ गते गठन गरेको गणतान्त्रिक रेडियोकर्मी सङ्घका नाममा माओवादीका कार्यकर्ता जनकराज पन्तको नेतृत्वमा रहेको समूहले रेडियो बन्द गराउने धम्की दिएको रेडियो सञ्चालक समिति अध्यक्ष डा. रामप्रसाद बस्यालले बताए। आफ्ना कार्यकर्तालाई रेडियो सञ्चालक समितिले स्पष्टीकरण मागेको तथा कामबाट हटाएको आरोपमा माओवादी कार्यकर्ताको उक्त समूहले रेडियो बन्द गराउने धम्की दिएको थियो।

बुटवल नपा-४ जितगढी निवासी सीता निमाविकी प्रधानाध्यापक कमला खनाललाई ०६५ पुस ९ गते माओवादी कार्यकर्ताले देवदह गाविस-९ चरङ्गेस्थित निमाविको कोठामा आधा घण्टा थुनेर राजीनामा दिन धम्की तथा यातना दिए। खनाललाई व्यवस्थापन समितिका अध्यक्ष तथा माओवादी कार्यकर्ता मीनबहादुर कुँवर, माओवादी जिल्ला सदस्य उदयबहादुर पुनलगायतले मानसिक यातना दिँदै जबरजस्ती राजीनामा दिन बाध्य पारे। उनले विद्यालय व्यवस्थापन समितिका अध्यक्षका नाममा सम्बोधन गरी राजीनामा दिए पनि यस वर्षको अन्त्यसम्म स्वीकृत भएको छैन। पीडित खनालले इन्सेक क्षेत्रीय कार्यालयमा निवेदन दिई जबरजस्ती राजीनामा गर्न बाध्य पारेको भन्दै न्यायका लागि अपिल गरेकी छन्।

### अनेरास्ववियु (क्रान्तिकारी) बाट

नेविसङ्घका कार्यकर्ता रवीन धिताल र दिपेश न्यौपानेलाई माओवादीनिकट अखिल (क्रान्तिकारी)का कार्यकर्ताहरू भीम चौलागाईं र देवराज चालिसेलगायतले पक्लिहवा कृषि क्याम्पसमा भएको कार्यक्रमको विषयमा विवाद हुँदा ०६४ माघ ४ गते क्याम्पस प्राङ्गणमै कुटपिट गरे। कुटपिटपछि घाइते भएका उनीहरूको मेडिकल कलेज भैरहवामा उपचार भयो। क्रान्तिकारीका कार्यकर्ताले माफी मागेका थिए।

### वाईसीएलबाट

देवदह गाविस-५ मदनग्राममा ०६४ चैत २६ गते बेलुकी वाईसीएल कार्यकर्ताले एमालेको चुनावी प्रचार टोलीमाथि आक्रमण गरे। आफूहरूको आधार इलाकामा आएको भन्दै वाईसीएल कार्यकर्ताले भाला, लाठा र रडले कुटपिट गर्दा एमालेका कार्यकर्ता केशव आचार्य र तिलबहादुर राना घाइते भए। उनीहरूको बुटवलमा उपचार भयो।

बुटवल नपा-८ ट्राफिकचौक शिखरपथका २३ वर्षीय सुजन पुनमगरलाई ०६५ पुस १५ गते बुटवल पुष्पलाल पार्कमा बुटवल नपा-५ निवासी वाईसीएल कार्यकर्ताहरू नारायण गौतम, युवराज क्षेत्री, लिसन थापा, विष्णु भण्डारी र सोही नपा-४ का गोपाल श्रेष्ठले खुकुरी प्रहार गरी घाइते बनाए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकामा सोही राती माओवादी सभासद् टोपबहादुर रायमाझीलगायत आएर रिहा गराए।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

काङ्ग्रेसनिकट महिला सङ्घले जिल्लाको पडसरीमा आयोजना गरेको गाउँस्तरीय चुनावी सभामा ०६४ चैत २३ गते बेलुका वाईसीएल कार्यकर्ताहरूले हस्तक्षेप गरे। महिलाहरूको चुनावी सभामा वाईसीएल कार्यकर्ताहरूले हस्तक्षेप गरी लछारपछार गर्न थालेपछि कार्यक्रममा सहभागी महिलाहरूले प्रतिकार गरी वाईसीएल कार्यकर्तालाई लखेटेका थिए। झडपका क्रममा महिला सङ्घका कार्यकर्ता सामान्य घाइते भए।

चुनावी प्रचार प्रसारका क्रममा मैनिहा गाविसमा माओवादी कार्यकर्ता र एमाले कार्यकर्ताबीच ०६४ चैत २३ गते साँझ भएको झडपमा तीन जना एमाले कार्यकर्ता घाइते भए। निर्वाचन क्षेत्र नं. ५ स्थित मैनिहाडाँडामा एमाले कार्यकर्ताले आफ्नो पार्टीको पोस्टर च्याँतेको आरोपमा माओवादी कार्यकर्ताले आक्रमण गरेपछि झडप भएको थियो। झडपमा एमालेका स्थानीय कार्यकर्ता नगेन्द्र रिजाल र अन्य दुई महिला सामान्य घाइते भए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत बुटवलमा गत वर्षबाट जिम्मेवारी सरेर आएका समेत एक हजार १ सय ४६ थान मुद्दा रहे। जसमध्ये ९ सय १४ थान मुद्दा फर्स्यौट भई २ सय ३२ थान बाँकी रहे। यस अदालतमा दुनियाँवादी देवानीतर्फ ६ सय ५७ थान मुद्दा दर्ता

भएकामा ५ सय ३ थान मुद्दा फर्स्यौट भई १ सय ५४ थान बाँकी रहे। यसैगरी, सरकारवादी देवानीतर्फ एक थान मात्र मुद्दा परी फर्स्यौट भयो। दुनियाँवादी फौजदारीतर्फका १ सय ४० थान मुद्दामा १ सय ११ थान फर्स्यौट भई २९ थान बाँकी रहे। त्यस्तै, सरकारवादी फौजदारीतर्फ २ सय ६२ मुद्दामध्ये २ सय २० थान मुद्दा फर्स्यौट भई ४२ थान बाँकी रहे। त्यस्तै रिटहरूतर्फ ८६ थान मुद्दा दर्ता भएकामा ७९ थान फर्स्यौट भई सात थान बाँकी रहे।

जिल्ला अदालत रूपन्देहीमा यस वर्ष १ हजार १ सय १ थान मुद्दा दर्ता भए, जसमध्ये ७ सय ९१ थान मुद्दा फर्स्यौट भई ३ सय १० थान बाँकी रहे।

## बालअधिकार

रूद्रपुर गाविस-४ हरैयाकी एक छ वर्षीया बालिकालाई सोही ठाउँका मित्रलाल गौतमले ०६४ पुस २७ गते घरनजिकैको जङ्गलमा लगी बलात्कार प्रयास गरे। पीडक थुनामा छन्।

मोतीपुर गाविस-४ की एक छ वर्षीया बालिकालाई सोही ठाउँ निवासी विमल विकले ०६५ वैशाख १८ गते बलात्कार गरे। पीडितको उजुरीका आधारमा प्रहरीले पीडकलाई पक्राउ गरी थुनामा राखेको छ।

खडवा बनगाई गाविस-४ की १६ वर्षीया एक बालिकालाई बुटवल नपा-६ का प्रेम पाण्डे र गजेडी गाविस-३ का केशव खड्काले ०६५ असार ७ गते बेलुका घरनजिकैको जङ्गलमा बलात्कार प्रयास गरे। पीडक हाल पुर्पक्षका लागि थुनामा छन्।

खडवा वनगाई गाविसकी ११ वर्षीया एक बालिकालाई भारतीय नागरिक ३५ वर्षीय गोविन्द चौधरीले ०६५ असार ७ गते बेलुकी उनको घरमै बलात्कार गरे। उनको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार गरियो। पीडितको निवेदनका आधारमा प्रहरीले पीडकलाई पक्राउ गरी थुनामा राखेको छ।

मोतीपुर गाविसस्थित मोतीपुर माध्यमिक विद्यालयका विद्यार्थीहरू प्रदीप खनाल, दीपक क्षेत्री, केशव गाहा, युवक विक, अमृत थापा, कृष्ण थारू, प्रेम बस्याल, रश्मि थापा र बाबु रानालाई ०६५ भदौ १२ गते व्यवस्थापन समितिका अध्यक्ष प्रेमसागर चौधरीले कक्षा कोठामा गएर धम्क्याउँदै कुटपिट गरे। पीडक चौधरीले आफू माओवादीको नेता र विद्यालयको ठूलो मान्छे भएकामा नमस्कार नगरेको आरोपमा विद्यार्थीहरूलाई कुटपिट गरेका थिए। कुटपिटको विषयलाई लिएर विद्यार्थीहरूले दुई साता विद्यालय बन्द गराएका थिए।

बुटवल नपा-१३ देवीनगरकी सात वर्षीया एक बालिकालाई ०६५ भदौ ७ गते छिमेकमा बस्दै आएका दाङ जिल्ला, गोबरडिहा गाविस घर भएका ३२ वर्षीय भेषराज चौधरीले बालिकाको घरमा कोही नभएको मौका छोपी बलात्कार गरे। बालिकालाई लुम्बिनी अञ्चल अस्पतालमा उपचार गरिएको र उनको अवस्था सामान्य रहेको छ। पीडित परिवारले पीडकलाई कारबाहीको माग गर्दै ०६५ भदौ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले पीडक चौधरीलाई गिरफ्तार गरी जिल्ला अदालतमा पेस गरेकामा पुर्पक्षकका लागि जिल्ला कारागार भैरहवामा थुनामा राखिएको छ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

केरवानी गाविस घर भएकी २६ वर्षीया लक्ष्मी भनिने नमिता सुनुवारलाई ०६४ पुस ३० गते दाइजो नल्याएको आरोपमा पति भरत सुनुवारले कुटपिट गरे। पीडित महिलाले यातना सहन नसकी आफ्नो शरीरमा आफैँ आगो लगाउँदा घाइते भइन्। पीडितको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचार भयो।

शङ्करनगर गाविस-३ योगीकुटीकी ३५ वर्षीया धनीसरा ठाडाको ०६५ जेठ ३० गते पति ३६ वर्षीय तेजबहादुर ठाडाले कुटपिट गरी हत्या गरे। पतिको कुटपिटपछि गम्भीर घाइते भएकी उनको उपचारका क्रममा मेडिकल कलेज भैरहवामा मृत्यु भएको थियो। पीडक ठाडालाई प्रहरीले पुर्पक्षका लागि थुनामा राखेको छ।

बुटवल नपा-८ हाटबजार लाइनकी ३५ वर्षीया जोखा मधेसियालाई ०६५ जेठ १५ गते आफ्नै पति र सासूले तातो तेल खन्याएर यातना दिए। परिवारबाट दिनहुँ शारीरिक र मानसिक यातना दिँदै आएको बताउँदै मधेसियाले आफूलाई पछिल्लोपटक पति बहादुर र सासू आरतीले फुल्की पकाउन तताएको तेल अनुहार र शरीरमा खन्नाई यातना दिएको बताइन्। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

## दुर्व्यवहार

मर्चवारस्थित रायपुर गाविस-६ पतिहवा निवासी ४० वर्षीया फूलमती लोधलाई ०६५ असोज ५ गते छिमेकी किसुन लोधको परिवारले छोरीलाई टुनामुना गरी भड्काएको र अर्केसँग भगाएको आरोप

लगाउँदै उनकै घरमा शारीरिक यातना दिए। छोरी सरस्वतीलाई टुनामुना गरेर बिगारेको, बिरामी पारेको र अर्केसँग भगाइदिएको आरोप लगाउँदै छिमेकी किसुनको परिवारले फूलमतीलाई हातखुट्टा बाँधेर मरणासन्न हुने गरी कुटपिट गरेको पीडित परिवारले बताए। पीडितका पति नरेशका अनुसार, घरमा अरू कोही नभएको मौकामा छिमेकीले फूलमतीलाई कुटपिट गरेका थिए। कुटपिटबाट घाइते फूलमतीको स्थानीय मेडिकलमा उपचार भयो। पीडितको निवेदन र उजुरीका आधारमा प्रहरीले किसुन लोधलाई हिरासतमा लिएकामा दुई दिनपछि रिहा गऱ्यो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### संरचना, सम्पति क्षति

असुरैना गाविसस्थित काङ्ग्रेसका सभासद् सावित्री सिंहको घरमा ०६५ वैशाख २७ गते मधेसी मुक्ति टाइगर्स कार्यकर्ताले बम विस्फोटन गराई क्षति पुऱ्याए। मधेसी जनताको हितविपरीत संविधानसभाको चुनावमा भाग लिएको आरोपमा टाइगर्सका कार्यकर्ताले विस्फोटन गराएका थिए। विस्फोटनबाट घरमा सामान्य क्षति भए पनि कुनै मानवीय क्षति भने भएन।

करौता गाविस-४ का विनोद श्रीवास्तवको घरमा अज्ञात समूहले ०६५ जेठ ३ गते बम विस्फोटन गरायो। पाँच-छ जनाको समूहमा आएका उनीहरूले नाराबाजी गर्दै परिवारका सदस्यलाई आतङ्कित पारी बम विस्फोटन गराएका थिए। विस्फोटनबाट कुनै मानवीय क्षति भएन।

भैरहवास्थित जिल्ला मालपोत कार्यालयमा ०६५ मङ्सिर १३ गते उच्चस्तरीय भूमि आयोगको गठन हुनुपर्नेलगायतका मागहरू राख्दै भूमिहीनहरूले तालाबन्दी गरे। सदियौँदेखि भूमि समस्यामा रहेका भूमिहीन सुकुम्बासी, उखडापीडित, गाउँ ब्लक, मोही, हरूवा-चरुवालगायत सम्पूर्णलाई सहभागी गराई उच्चस्तरीय भूमिसुधार आयोग गठन हुनुपर्ने भूमिपीडितहरूले माग राखेका थिए। त्यसैगरी, जमिनदारमुखी ऐन २०२१ लगायत सम्पूर्ण भूमिसम्बन्धी ऐन तत्काल खारेज गर्नपर्ने र नयाँ जनमुखी भूमि ऐन भूमि अधिकारबाट वञ्चितहरूको समेत सहभागितामा निर्माण हुनुपर्ने, जोतिराखेको, बसिराखेको जमिनबाट निकाल्न नपाउने व्यवस्था हुनुपर्ने, गाविसमा जाने बजेटमा २० प्रतिशत रकम भूमिसुधारका लागि छुट्याउनुपर्नेलगायतका माग राखेका थिए। यसअघि उनीहरूले प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्रसमेत बुझाएका थिए।

## ३.९ पाल्पा



जनसङ्ख्या : २,९७,३२२
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : १,३७३
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ४/२५
क्याम्पस/उच्च मा.वि. : ५/४१
अस्पताल/स्वास्थ्य चौकी : २/६५
मानव विकास सूचकाङ्क : ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्या : ५

### जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ७५ जनाको रहेको छ। कारागारमा यस वर्षको अन्त्यसम्ममा जम्मा १ सय ३८ जना बन्दीहरू रहेका छन्, जसमध्ये कैद तोकिएका १ सय १५ जना पुरुष र ११ जना महिला गरी १ सय २६ जना बन्दीहरू रहेका छन्। यसैगरी, कैद नतोकिएका १० जना पुरुष र दुई जना महिला गरी १२ जना बन्दी रहेका छन्।

### धम्की/कुटपिट

#### राज्यबाट

बन्दीपोखरा गाविस-१ का २० वर्षीय शम्भु रानाभाट, हुमिनका २२ वर्षीय अर्जुन सिग्देल, जल्पा गाविस-१ का २५ वर्षीय रेवत राना र तानसेन नपा-६ का प्राध्यापक ३७ वर्षीय राजेश्वर उदय ०६४ साउन २९ गते प्रहरीसँगको झडपको क्रममा सुरक्षाकर्मीले हानेको लाठी र अश्रुग्यास लागी घाइते भए। गाडी भाडाको विषयलाई लिएर विद्यार्थीले गरेको आन्दोलनलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिन खोज्दा

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | | १ | | १ | | | | | | |
| घाइते | ३ | ५ | | | ५ | | | | १ | ४ | ४ |
| कुटपिट | ४ | ६ | ३ | | ९ | | | | | | |
| धम्की | | | | | | | | | १ | १ | १ |
| बालअधिकार | ३ | | ३ | | ३ | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | | १ | १ | १ | | | |
| जम्मा | ९ | ११ | ६ | | १६ | १ | १ | १ | ३ | ५ | ५ |

तानसेनको बसपार्कमा विद्यार्थी र सुरक्षाकर्मीबीच झडप भएको थियो।

हेक्लाङ गाविस-९ का २२ वर्षीय गोविन्द लुईंटेललाई गाविस सचिवहरूका विरूद्ध समाचार लेखेको आरोपमा ०६५ साउन १३ गते देवीनगर गाविसका सचिव वीरेन्द्र नेपालले फोन गरी मार्ने धम्की दिए। पीडित *बुटवल टुडे* दैनिकका पाल्पा संवाददाता हुन्। पीडितका नामबाट 'गाविस सचिवलाई सदरमुकाममा चैन' शीर्षकको समाचार असार १३ गतेको *बुटवल टुडे*मा छापिएको थियो।

### अनेरास्ववियु (क्रान्तिकारी) बाट

हुँगा गाविस-४ गुल्मी स्थायी घर भई हाल त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पामा स्नातक तह दोस्रो वर्षमा अध्ययनरत स्ववियु सभापति समेत रहेका २९ वर्षीय मोतीलाल भण्डारीलाई ०६५ मङ्सिर ३० गते भित्ते लेखनको विषयलाई लिएर अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले कुटपिट गरे। कुटपिटका क्रममा उनको टाउकोमा नीलडामहरू र टाउको सुन्निएको थियो। हाल उनको अवस्था सामान्य रहेको छ।

तानसेन नपा-३ लहरेपीपलस्थित त्रिभुवन बहुमुखी क्याम्पसमा ०६५ पुस १३ गते भित्ते लेखनको विषयलाई लिएर अनेरास्ववियु (क्रान्तिकारी) र काङ्ग्रेसबीच झडप हुँदा तानसेन नपा-२ का काङ्ग्रेस जिल्ला सभापति ५३ वर्षीय राजनप्रसाद पन्त घाइते भए। घाइते पन्तको उपचार तानसेन युनाइटेड मिसन अस्पतालमा भयो।

*प्रहरीको कुटपिटबाट घाइते भएका अर्जुन सिंग्देल*

### अज्ञात समूहबाट

सिद्देश्वर गाविस-२ का काङ्ग्रेसका स्थानीय कार्यकर्ता ४० वर्षीय खुमबहादुर कुमाल र उनकी ३५ वर्षीया पत्नी राधिका कुमाललाई ०६४ चैत ७ गते अज्ञात नकाबधारी समूहले कुटपिट गऱ्यो। पीडितहरूलाई घरमा सुतिरहेको अवस्थामा फोन गर्ने निहुँमा ढोका खोल्न लगाई खुकुरी र अन्य हतियारले प्रहार गरी घाइते बनाएका थिए। पीडितहरूको लुम्बिनी मेडिकल कलेजमा उपचार गरियो। घटनाप्रति काङ्ग्रेसले विरोध गर्दै माओवादीका विरुद्ध प्रेस विज्ञप्ति जारी गऱ्यो। माओवादीले घटनाको जिम्मेवारी लिएन।

तेल्घा गाविसका एमालेका कार्यकर्ता मोहन गैरे, उनकी पत्नी लक्ष्मी गैरे, छोरा मधुसूदन गैरे र छोरी रमा गैरेलाई ०६४ चैत १८ गते अज्ञात नकावधारी समूहले आफ्नै घरमा सुतिरहेको अवस्थामा भोट माग्ने निहुँमा लाठीलगायतका हतियारले कुटपिट गऱ्यो। बीस-बाइस जनाको सङ्ख्यामा आएको उक्त समूहले आफूहरू चुनाव प्रचारमा हिँडेको भन्दै गैरेको घरमा बास मागेका थिए। बास दिन अस्वीकार गर्दा कुटपिट गरेको पीडित गैरेले बताए। कुटाइका कारण गैरेका छोरा मधुसूदनलाई निधारमा गहिरो चोट लागेकाले तत्कालै लुम्बिनी मेडिकल कलेजमा उपचार भयो भने अन्य तीन जना सामान्य घाइते भएका थिए। घटनाको विरोध गर्दै एमाले पाल्पाले प्रेस विज्ञप्ति जारी गरेको थियो।

**तालिका : १**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | अखिल क्रान्तिकारी | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| घाइते | ३ | ५ | ५ | | | | |
| कुटपिट | १ | १ | १ | ३ | ३ | ३ | ६ |
| जम्मा | ३ | ६ | ६ | ३ | ३ | ३ | ६ |

### झडप

पाल्पा बन्दको आह्वान गर्दै हिँडेका काङ्ग्रेस तथा भ्रातृसङ्गठन र बन्दको अवज्ञा गर्न अपिल गर्दै हिँडेका अनेरास्ववियु (क्रान्तिकारी)बीच ०६५ पुस १४ गते तानसेनको आन्दोलन चोकमा भएको झडपमा नेविसङ्घ पाल्पाका २९ वर्षीय हरिबोल भट्टराई, २८ वर्षीय उदय घिमिरे, काङ्ग्रेसका कार्यकर्ता ३५ वर्षीय यादवसिंह कार्की र काङ्ग्रेसका नेता ५५ वर्षीय हरि नेपाल घाइते भए। घाइते भट्टराईको आँखामा, कार्कीको ओठ र आँखामा र नेपालको कञ्चटमा चोट लागेको थियो। पीडित सबैको लुम्बिनी मेडिकल कलेज पाल्पामा उपचार भएकामा हरिबोल भट्टराईलाई थप उपचारका लागि काठमाडौँस्थित त्रिवि शिक्षण अस्पतालमा लगियो। पुस १३ गतेको घटनाको विरोधमा काङ्ग्रेस र नेविसङ्घ पाल्पाले प्रेस विज्ञप्ति निकाली पुस १४ गते पाल्पा बन्द गराएका थिए।

*अनेरास्ववियु (क्रान्तिकारी) बाट कुटपिट गरिएका मोतिलाल भण्डारी*

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थान र यस वर्ष दर्ता भएका ३८ थान गरी जम्मा ५५ थान मुद्दामध्ये ४२ थान फर्स्यौट भई १३ थान बाँकी रहे। यसैगरी, दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १६ थान र यस वर्ष दर्ता भएका ३८ थान गरी जम्मा ५४ थान मुद्दामध्ये ४१ थान फर्स्यौट भई १३ थान बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४९ थान र यस वर्ष दर्ता भएका ४९ थान गरी ९८ थान मुद्दामध्ये ५३ थान फर्स्यौट भई ४५ थान बाँकी रहे।

पाल्पा जिल्लामा यस वर्षको अन्त्यसम्म बाल अदालतको गठन भएको छैन।

### बालअधिकार

जल्पा गाविस-७ की १२ वर्षीया एक बालिकालाई ०६४ फागुन ३ गते ४३ वर्षीय आफ्नै बाबुले घरमा बलात्कार गरे । बलात्कारपछि पीडित अचेत अवस्थामा रहेको र पीडितका दाजु र छिमेकीको सहयोगमा उपचारका लागि गाविसको उपस्वास्थ्य चौकीमा लगिएको थियो। पीडक अदालतको आदेशमा पुर्पक्षका लागि पाल्पा कारागारमा छन् ।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सम्पति कब्जा

कुसुमखोला गाविस-३ की मनमाया खाम्चाको घरजग्गा ०६५ असार ९ गते माओवादीले कब्जामा लिए। चार वर्ष अगाडि भएको जग्गा विवादको विषयलाई लिएर माओवादीले असार ९ गते मनमायाको घरमा ताला लगाइदिएका थिए। माओवादी इलाका इन्चार्ज टोपबहादुर रायमाझीले एक विज्ञप्ति प्रकाशित गरी अनिश्चितकालसम्मका लागि कसैले घरजग्गा भोगचलन गर्न नपाउने र घरजग्गाको जिम्मा माओवादीले लिएको सार्वजनिक गरेका थिए। पीडित परिवारले जिल्ला प्रशासनमा उजुरी दिएपछि जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय र राजनीतिक दलहरूको छलफलपछि असार २५ गते स्थानीय बासिन्दाद्वारा घरको ताला खोलिएको थियो।

# ३.१० कपिलवस्तु

जनसङ्ख्या : ५,९१,८४०
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,७३८
गाविस/नपा सङ्ख्या : ७७/१
सरकारी/निजी विद्यालय : ३५५/३१
क्याम्पस/उच्च मा.वि. : २/२१
अस्पताल/स्वास्थ्य चौकी : ३/७८
मानव विकास सूचकाङ्क : ०.४३७
प्रतिपरिवार सरदर सङ्ख्या : ८

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

शिवपुर गाविस-५ हरकट्टाका ३५ वर्षीय विश्वनाथ यादवलाई ०६५ साउन १४ गते मुखमा नकाब लगाएका पाँच/छ जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले घरमा सुतिरहेका बेला बोलाई घरदेखि ५ सय मिटर पर लगी गोली प्रहार गरी हत्या गऱ्यो। घटनाको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले जिम्मा लियो।

पथ्थरदेहिया गाविस-६ का ३५ वर्षीय आशीष घर्ती र शिवगढी गाविस-३ का ४० वर्षीय जीवन भनिने चुरबहादुर खड्कालाई शिवपुर गाविस-६ हेलवाडीमा ०६५ भदौ ११ गते साँझ अज्ञात हतियारधारी समूहले गोली प्रहार गरी घाइते बनायो। घाइतेहरूमध्ये घर्तीको सोही दिन उपचारका क्रममा बुटवल अञ्चल अस्पतालमा मृत्यु भयो भने घाइते खड्काको बुटवल अञ्चल अस्पतालमा उपचार भयो। पीडितहरू साँझ चन्द्रौटाबाट शिवगढीतर्फ जान हिँडेको अवस्थामा गोली प्रहार गरिएको थियो। घटनामा संलग्न भएको आरोपमा इलाका प्रहरी कार्यालय चन्द्रौटाले वीरपुर गाविस-५ कुदरवेटवाका राजेश चौधरीलाई गिरफ्तार गरी पुर्पक्षका लागी थुनामा राखेको छ। घटनाको तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वाला सिंह)का क्षेत्र नं. ५ का इन्चार्ज अजय सिंहले जिम्मा लिएको टेलिफोन गरी जानकारी गराए।

पथ्थरदेहिया गाविस-४ कडियारका ३० वर्षीय प्रकाश श्रेष्ठलाई जवाभारी गाविसस्थित महालक्ष्मी सुगर मिलको कम्पाउण्डभित्र ०६४ माघ २२ गते राती अज्ञात समूहले गोली प्रहार गरी घाइते बनाए। घाइते श्रेष्ठको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटैमा मृत्यु भयो। घटनाको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का जिल्ला इन्चार्ज अभय सिंहले माघ २३ गते विज्ञप्ति प्रकाशित गरी जिम्मा लिए।

गजेडी गाविस-७ जीतपुरका ३५ वर्षीय विष्णु पाण्डेको ०६५ असोज ८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले भलवारी गाविस-३ मा टाउको र छातीमा गोली प्रहार गरी हत्या गरे। पाण्डेको असोज ९ गते प्रहरीले पोस्टमार्टम गरायो। असोज ७ गते ट्याक्टरको ट्राली किन्न करिब १ लाख ५० हजार रुपियाँ लिएर हिँडेका पाण्डेको अपहरणपश्चात् हत्या गरिएको थियो। घटनाको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) का जिल्ला इन्चार्ज अजय सिंहले सञ्चारकर्मीलाई टेलिफोन गरी जिम्मा लिए।

तितिर्खी गाविस-९ रजवापुरमा कपिलवस्तु नपा-१० की ४५ वर्षीया अकाली कोहारको ०६५ भदौ ३० गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)द्वारा सोही ठाउँमा गोली प्रहार गरी घाइते बनाए। उपचारका लागि भैरहवा मेडिकल कलेजमा लैजाँदै गर्दा उनको सोही दिन बाटैमा मृत्यु भयो। धारामा नुहाउँदै गरेका माओवादी एरिया कमिटी सदस्य नसिबुल्ला मुसलमानलाई गोली प्रहार गर्न खोज्दा उनी भाग्दै त्रिवेणी कहारको घरभित्र लुकेकामा उनीमाथि प्रहार गरिएको गोली सोही घरमा खाना खाँदै गरेकी कोहारलाई लागेको थियो।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

मोतीपुर गाविस-१ का दलित मुक्ति मोर्चा (एकीकृत)का भूपू जिल्ला अध्यक्ष एवम् माओवादीका जिल्ला सदस्य भुवन भनिने ३६ वर्षीय प्रेम परियारको ०६४ फागुन ६ गते साँझ संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले तिर्तिर्खी गाविस-३ मा गोली

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | २८ | २५ | ९ | | ३४ | | | | | | |
| घाइते | ८ | ९ | १ | ४ | १४ | | | | १ | ९ | ९ |
| गिरफ्तारी/यातना | | | | | | | | | ३ | ५ | ५ |
| कुटपिट | ८ | १८ | १ | ३३ | ५२ | १ | १ | १ | १ | १ | १ |
| धम्की | ८ | ८ | | | ८ | २ | ४ | ४ | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | १ | | ९९ | १०० | | | | १ | ३ | ३ |
| जातीय विभेद | २ | १ | १ | | २ | | | | | | |
| महिलाअधिकार | ४ | | ४ | | ४ | | | | | | |
| बालअधिकार | ६ | | ८ | | ८ | | | | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | २ | २ | | | २ | | | | | | |
| अमानवीय न्यवहार | १ | १ | | | १ | | | | | | |
| अपहरण | ६ | ८ | | | ८ | ३ | ८ | ८ | | | |
| जम्मा | ८१ | ८१ | ३३ | १३६ | २३० | ६ | १२ | १२ | ६ | १८ | १८ |

प्रहार गरी हत्या गरे। परियारको छाती र हातमा गरी तीन गोली लागेको थियो। मोर्चाका पश्चिम कमाण्ड इन्चार्ज आजादले सञ्चारकर्मीलाई टेलिफोन गरी घटनाको जिम्मेवारी लिए। पीडित परिवारलाई राज्यले ७ लाख रुपियाँ राहत प्रदान गऱ्यो।

डुमरा गाविस-८ मानपुरका ५५ वर्षीय ललाउप्रसाद कुर्मीलाई ०६५ कात्तिक १ गते साँझ पकडी गाविसको बरौंहिया चौडाबाट घर फर्कने क्रममा घरनजिकैबाट अज्ञात हतियारधारी समूहले अपहरण गऱ्यो। पीडितको कात्तिक २ गते हर्नामपुर गाविसको लालपुरस्थित उखुबारीमा लास फेला पऱ्यो। हत्याको जिम्मा संयुक्त जनतान्त्रिक मुक्ति मोर्चाले लियो।

कपिलवस्तु नपा-३ निवासी पिपरा गाविस सचिव एवम् गाविस सचिव हकहित संरक्षण केन्द्रका अध्यक्ष ५० वर्षीय राममिलन गुप्तालाई गाविसको कामका सिलसिलामा पिपरा गाविसमा गएको अवस्थामा ०६५ कात्तिक ९ गते बिहान अज्ञात हतियारधारी समूहले पिपरा गाविस-१ बुलडीहवामा ६ गोली प्रहार गरी हत्या गऱ्यो। घटनाको संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाका सैन्य कमान्डर शिवाले सञ्चारकर्मीलाई टेलिफोन गरी जिम्मा लिए। हत्याको आरोपमा प्रहरीले संयुक्त जनतान्त्रिक मोर्चाका सैन्य कमाण्डर गुड्डु उर्फ शिवा भन्ने सर्वणकुमार मुराउ र सोही समूहका रोहित भन्ने विनयकुमार भुजलाई गिरफ्तार गरी ज्यान मुद्दामा पुर्पक्षका लागी थुनामा राख्यो।

### अज्ञात समूहबाट

हथिहवा गाविस-९ का ३४ वर्षीय माओवादी कार्यकर्ता शिव पुजन कुर्मीको ०६४ चैत ९ गते होटलमा चिया खाँदै गर्दा तीन जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले हथिहवाको शिवलवा भन्सारनजिक गोली प्रहार गरी घाइते बनायो। पीडितको उपचारका लागि प्रहरीले अस्पतालमा लैजाने क्रममा सोही दिन बाटोमै मृत्यु भयो। घटनाको जिम्मा संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा, जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) र गोइत समूहले छुट्टाछुट्टै टेलिफोन सम्पर्क गरी लिए। घटनाको इन्सेक क्षेत्रीय कार्यालयको अगुवाइमा जिल्लास्थित मानवअधिकारकर्मीको एक टोलीले स्थलगत अध्ययन

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट | | | | काङ्ग्रेसबाट | | | जतमुमो(ज्वाला)बाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ३ | ३ | | ३ | | | | ५ | ६ | ६ |
| घाइते | | | | | १ | २ | २ | | | |
| कुटपिट | | | | | २ | ५ | ५ | | | |
| धम्की | १ | १ | | १ | | | | २ | २ | २ |
| भेला/सङ्गठित हुने अधिकार | १ | १ | ९९ | १०० | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | १ | | १ | | | | | | |
| अपहरण | २ | २ | | २ | | | | १ | १ | १ |
| जम्मा | ८ | ८ | ९९ | १०८ | ३ | ७ | ७ | ८ | ९ | ९ |

गरी प्रतिवेदन सार्वजनिक गऱ्यो।

धनकौली गाविस-९ का पत्नी ४० वर्षीय विन्दवासिनी खरविन्द, उनका छोरीहरू उमा र तारावती र उनका पति ५५ वर्षीय धन्दुकाल खरविन्दको ०६५ वैशाख ६ गते अज्ञात समूहले राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सामूहिक हत्या गऱ्यो । सो घटनामा उनीहरूकी २ वर्षीय छोरी बुचि खरविन्द लासमाथि नै सुतेको अवस्थामा सकुशल रहेकी थिइन् । हत्या कसले किन गरेको हो थाहा हुन सकेन । प्रहरीले सबैको घाँटी थिचेर हत्या गरेको र कुने हतियार प्रयोग गरेको नदेखिएकोले भारतीय अपराधीले घटना गराएको हुनसक्ने जनायो । हत्याको अनुसन्धान गर्न नायब उपरिक्षक मोहनराज जाशीको संयोजकत्वमा छ सदस्य टोली गठन भयो । जल्ला अस्पताल तौलिहवामा लासको पोष्टमार्टम डा. कुमार शर्माले चारै जनाको घाँटी थिचेर हत्या भएको बताए। उनले दुईजना बालिकाको बलत्कारपछि हत्या गरेको हुनसक्ने आधार भएको पनि बताए ।

कृष्णनगर गाविस-२ का ५५ वर्षीय इन्दल यादवको अज्ञात समूहले घरनजिकैको चौरमा सुतिरहेका बेला ०६५ वैशाख १७ गते राती टाउकोमा गोली प्रहार गरी हत्या गऱ्यो। ट्रक व्यवसायी यादवको हत्याको जिम्मा कुनै समूहले लिएन।

हथौसा गाविस-६ का ४२ वर्षीय तौलेश्वरप्रसाद चौधरी ०६५ वैशाख २० गते बिहान दिसा गर्न भनी गएकामा वैशाख २१ गते घरनजिकैको पोखरीको नालीमा मृत अवस्थामा लास फेला पऱ्यो। हत्याको जिम्मा कसैले लिएनन्।

चनई गाविस-८ वर्गदवाका ४० वर्षीय फिरियाद अहमद खाँलाई ०६५ भदौ २१ गते साँझ वर्गदवाको चिया पसलमा चिया पिउँदै गरिरहेको अवस्थामा अज्ञात समूहले छातीमा तीन राउण्ड गोली प्रहार गरी घाइते बनायो। उपचारका लागि बुटवलतर्फ लैजाँदै गर्दा पीडितको बाटैमा सोही दिन मृत्यु भयो। घटनामा सोही ठाउँका राजाराम भुज गोलीको छर्रा लागी घाइते भए। हत्याको जिम्मा कसैले लिएन।

सप्तरी जिल्ला घर भई बहादुरगञ्ज गाविस-२ स्थित गणेश प्लाइउड कारखानामा काम गर्ने १६ वर्षीय प्रभु मण्डलको ०६५ असोज १ गते अज्ञात समूहले सोही ठाउँमा हत्या गरी फालिएको अवस्थामा लास फेला पऱ्यो। लासको पोस्टमार्टम बहादुरगञ्ज शिवराज अस्पतालमा भयो।

तितिर्खी गाविस-९ रजवापुर निवासी तराई मधेस लोकतान्त्रिक पार्टीका कार्यकर्ता ६० वर्षीय शेहरुल्ला मुसलमान र सोही गाविस-२ तितिर्खीका ४५ वर्षीय रामप्रसाद चौधरीलाई ०६५ असोज २९ गते तौलिहवा सदरमुकामदेखि मोटरसाइकलमा घरतर्फ जाँदै गरेको अवस्थामा कपिलवस्तु नपा-६ लम्तियामा बाटो ढुकेर बसेको अज्ञात हतियारधारी समूहले गोली प्रहार गरी हत्या गऱ्यो। दुईओटा मोटरसाइकलमा रहेका हतियारधारी समूहले सात गोली प्रहार गरेका थिए। हत्याको जिम्मा कसैले लिएन।

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | बाईसीएलबाट | | | तराई मधेश लोकतान्त्रीक पार्टीबाट | | | | अज्ञातबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | | | | | | | | १६ | १५ | ६ | | २१ |
| घाइते | | | | | | | | ५ | ६ | १ | ४ | ११ |
| कुटपिट | १ | २ | २ | १ | २ | ३३ | ३५ | १ | १ | | | १ |
| धम्की | | | | | | | | ४ | ४ | | | ४ |
| बालअधिकार | | | | | | | | १ | | २ | | २ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | १ | १ | | | | | | | | | |
| अपहरण | १ | १ | १ | | | | | ३ | ३ | | | ३ |
| जम्मा | ३ | ४ | ४ | १ | २ | ३३ | ३५ | ३० | २९ | ९ | ४ | ४२ |

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### अज्ञात समूहबाट

कुसहवा गाविस-८ निवासी मधेसी जनअधिकार फोरमका जिल्ला उपाध्यक्ष २५ वर्षीय विनोद मिश्र ०६४ माघ ९ गते कुसहवा गाविस-८ गगौंढामा पार्टी कामको सिलसिलामा गएको अवस्थामा अज्ञात हतियारधारी समूहले गोली प्रहार गरी घाइते बनाए। पीडितको बुटवल अञ्चल अस्पतालमा उपचार भयो।

कपिलवस्तु नपा-५ निवासी मधेसी जनअधिकार फोरमका जिल्ला अध्यक्ष चक्रधारी पाण्डेलाई ०६४ चैत १८ गते अज्ञात हतियारधारी समूहले कपिलवस्तु नपा-१३ कोदवमा मोटरसाइलकमा गइरहेको अवस्थामा गोली प्रहार गरी घाइते बनायो। पीडितको भैरहवा मेडिकल कलेजमा उपचार गरियो।

*अज्ञात समूहबाट हत्या गरिएका शिवपूजन कुर्मी*

रङ्गपुर गाविस-२ का २६ वर्षीय पुनरवासी यादवलाई ०६५ असोज २१ गते साँझ सोही गाविस-७ रतनपुरमा अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। नेपाल-भारत सीमाक्षेत्रको रतनपुरमा ठेलामा व्यापार गर्ने यादवलाई घरतर्फ फर्कने क्रममा दुईओटा मोटरसाइकलमा भारततर्फबाट आएका हतियारधारी समूहले छ राउण्ड गोली प्रहार गरेको थियो। घाइतेको भैरहवा मेडिकल कलेजमा उपचार गरियो।

### जेल र बन्दीहरू

'ङ' श्रेणीको कपिलवस्तु जेलको क्षमता १ सय जनाको भए पनि यस वर्षको अन्त्यसम्ममा १ सय ३२ जना रहेका छन्। बन्दीहरूमध्ये ६८ जना कैद तोकिएका कैदी र ६४ जना कैद नतोकिएका थुनुवा रहेका छन्। तिनीहरूमध्ये दुई महिला रहेका छन्। जेलमा रहेका बन्दीहरूमध्ये धेरै जसोलाई हत्या, लागू औषध, चोरी, डकैती, बलात्कार, चेलीबेटी बेचविखन मुद्दामा बन्दी बनाइएको छ। अहिले तीन करोडको लागतमा राजनीतिक बन्दीका लागि भवन निर्माण भइरहेको छ। जेलमा खानेपानी, शौचालय, पत्रपत्रिका, पुस्तकालय, खेलकुदको सुविधा उपलब्ध छ।

### बेपत्ता/अपहरण

### माओवादीबाट

हथिहवा गाविस-८ निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता ४० वर्षीय तौलन पासी र ३५

*अज्ञात समूहद्वारा हत्या गरिएका बालिकाहरू*
*उमा र तारावती खरविन्द*

वर्षीय इन्द्रजीत यादवलाई ०६४ चैत २७ गते माओवादीका कार्यकर्ता राजेन्द्र तिवारीमाथि गोली प्रहार गरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितहरूलाई ०६४ चैत ३० गते साँझ इन्सेक प्रतिनिधिसहित मधेस मानवअधिकार सञ्जाल, पारालिगललगायतको रोहवरमा मुक्त गरे।

शिवगढी गाविस-२ चमरबजियाका १८ वर्षीय अतिसम चौधरीलाई ०६५ कात्तिक ५ गते गुगौली गाविसका माओवादीका कार्यकर्ता फेरु चौधरी र कम्ब्याट ड्रेससहित आएका एक अपरिचित व्यक्तिले घरबाटै अपहरण गरे। पीडितलाई मोटरसाइकलमा राखी अज्ञातस्थलतर्फ लगेकामा कात्तिक ६ गते दिउँसो प्रहरीले शिवगढीबाट मुक्त गराए। तर, माओवादीले भने आफूहरूले अपहरण गरेको नभई सोधपुछका लागि स्वेच्छाले गएको बताए।

### वाईसीएलबाट

धनकौली गाविस-१ का ३५ वर्षीय हुकुमबहादुर चौधरीलाई वाईसीएलले गहुँ काट्ने मेसिनको पाटपुर्जा चोरेको आरोपमा ०६५ जेठ ९ गते साँझ घरबाट अपहरण गरेकामा सञ्चार माध्यमहरूले समाचार प्रसारण गरेपछि राती ११ बजे प्रहरीलाई बुझाए। उनलाई आवश्यक सोधपुछपछि प्रहरीले जेठ १० गते दिउँसो परिवारलाई बुझाए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

कृष्णनगर गाविस-२ राजस्व गस्ती कृष्णनगरमा कार्यरत सशस्त्र प्रहरी हवल्दार श्यामकुमार कापरलाई ०६४ फागुन १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले अपहरण गरे। मोर्चाका जिल्ला इन्चार्ज अर्जुन सिंहले पत्रकारहरूलाई टेलिफोन गरी दिएको जानकारी अनुसार निज कापर मधेसी भएर मधेसीविरुद्ध काम गरेको र सुराकी गरेको आरोपमा अपहरण गरिएको बताए। अपहरित यादव यस वर्षको अन्त्यसम्म मुक्त भएका छैनन्।

### संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

कपिलवस्तु नपा-२ निवासी जिविसका स्थानीय विकास कोषका कार्यकारी सचिव ३५ वर्षीय निरञ्जन पौडेललाई ०६४ पुस २५ गते कार्यालयको कामको सिलसिलामा तितिर्खी गाविसमा गएको अवस्थामा संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाले अपहरण गऱ्यो। पीडितलाई ०६४ माघ ४ गते नेपाल-भारत सीमा क्षेत्रबाट मानवअधिकारकर्मीको रोहवरमा मुक्त गरे।

कपिलवस्तु नपा-१० निवासी जनमोर्चा नेपालका जिल्ला सचिव एवम् संविधानसभा सदस्य निर्वाचन क्षेत्र नं. ३ का उम्मेदवार कमलेश भनिने ४० वर्षीय वृजविहारी शुक्लालाई ०६४ फागुन २४ गते साँझ संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले जिल्लाको दोहनी गाविसको दोहनीबाट अपहरण गरेकामा फागुन २७ गते पुरुषोत्तमपुर गाविसबाट मानवअधिकारकर्मीको रोहवरमा मुक्त गरे।

### अज्ञात समूहबाट

कृष्णनगर गाविस-२ का ५५ वर्षीय खुमराज घिमिरेले घरबाट चन्दा नदिएको आरोपमा ०६५ वैशाख २२ गते राती अज्ञात समूहले घरबाट मोटरसाइकलमा राखेर नेपाल-भारत सीमातर्फ लगिरहेको अवस्थामा मोटसाइकल दुर्घटना हुँदा भाग्न सफल भए।

### धम्की/कुटपिट

### माओवादीबाट

महेन्द्रकोट गाविस-१ कपासे निवासी काङ्ग्रेस कार्यकर्ता ४० वर्षीय कमलप्रसाद मिश्रले चुनावमा भोट नदिएको र चापाकलमा पानी खाने विषयमा विवाद गरेको आरोपमा ०६५ वैशाख १३ गते माओवादी कार्यकर्ता भक्तिप्रसाद कँडेल र राजाराम पाण्डेले कुटपिट गरी गम्भीर घाइते बनाए।

हरिहरपुर गाविस-१ हरिहरपुरस्थित पूर्वगाविस अध्यक्ष नारायण खनाल, रामचन्द्र यादव र मानबहादुर खनाललाई ०६५ साउन ३० गते माओवादी कार्यकर्ता चैतराम चौहानले सामुदायिक वनमा बस्ती बसाल्न रोकेको आरोपमा मार्ने धम्की दिए। गाउँलेले संरक्षण गरेको जङ्गलमा माओवादी कार्यकर्ताले कब्जा गरी बस्ती बसाल्न थालेपछि गाउँलेले विरोध जनाएका थिए। धम्कीको विरुद्ध साउन ३१ गते पीडितले माओवादी

कार्यालयमा धर्ना दिएका थिए।

कपिलवस्तु नपा-१३ का ५४ वर्षीय रामसमुझ कहारलाई ०६५ मङ्सिर १२ गते माओवादीका दुई कार्यकर्ताले बन्दुक तेर्स्याउँदै जबरजस्ती १ लाख रुपियाँको तमसुक गर्न लगाए। १७ वर्ष पहिलेको लेनदेनको विषयलाई लिएर माओवादी एरियास्तरका कार्यकर्ता कपिलवस्तु नपा-४ का राममिलन उपाध्याय र तिलौराकोट गोवरी घर भएका जीतबहादुर यादवले कञ्चटमा बन्दुक तेर्स्याएर कागजमा औँठाछाप लगाउन लगाएका थिए।

### वाईसीएलबाट

गजेडी गाविस-७ निवासी तरुण दलका अध्यक्ष ४० वर्षीय राजेन्द्र पौडेललाई ०६४ चैत २३ गते साँझ वाणगङ्गा गाविस-९ बैरियामा चुनाव प्रचारका क्रममा वाईसीएल कार्यकर्ताले कुटपिट गरे। सोही दिन वाईसीएलले काङ्ग्रेसको प्रचार गरेको भन्दै दिउँसो ४ बजे वाणगङ्गा नदीको पुलनजिकै वाणगङ्गा गाविस-६ निवासी पत्रकार ३५ वर्षीय दुर्गा अर्याललाई समेत कुटपिट गरेका थिए। पीडितहरूको उपचार बुटवल अञ्चल अस्पतालमा गरियो।

### काङ्ग्रेसबाट

तिलौराकोट गाविसका-६ का ४५ वर्षीय सनातन कुर्मी र ३९ वर्षीय विन्ध्याचल कुर्मीलाई ०६४ माघ १२ गते राती आफूलाई गोइत समूहको कार्यकर्ता भन्दै सोही गाविसका काङ्ग्रेस कार्यकर्ता ३६ वर्षीय रामवृक्ष बढईले गाउँमा हतियार देखाई कुटपिट गरे। स्थानीय व्यक्तिले रामवृक्ष बढईलाई हतियारसहित ०६४ माघ १३ गते नियन्त्रणमा लिई प्रहरीलाई बुझाए।

वाणगङ्गा गाविस-५ लखनपाराका ४० वर्षीय गोले थारु, वाणगङ्गा गाविस-४ कुनैयाका २४ वर्षीय प्रेम चौधरी, गजेडी गाविस-९ धनकौलीका ३५ वर्षीय बमबहादुर चौधरीलाई ०६५ वैशाख ५ गते राती काङ्ग्रेस कार्यकर्ता शम्भु चौधरी र आफूलाई वन समितिको उपाध्यक्ष बताउने जङ्गबहादुर यादवलगायतकाले कुटपिट गरी घाइते बनाए। पीडितहरूको स्थानीय स्वास्थ्यचौकीमा उपचार गरियो।

### तरूणदलबाट

मोतीपुर गाविस-६ बन्डौली निवासी माओवादी कार्यकर्ता ३५ वर्षीय सन्तोष खत्रीलाई ०६५ जेठ २२ गते वाणगङ्गा गाविसका तरुण दलका कार्यकर्ता नवीन सेन र राजेश सेनले चुनावमा भएको घटनाको बदलामा कुटपिट गरी गम्भीर घाइते बनाए। दिउँसो जीतपुरस्थित पम्पमा डिजेल किन्न लाइनमा लागेका बेला एक्कासि पछाडिबाट छडले हानी घाइते बनाएका थिए। पीडितको अञ्चल अस्पतालमा उपचार गरियो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

नेपाल पत्रकार महासङ्घ कपिलवस्तुका सल्लाहकार तथा *कपिलवस्तु सन्देश* साप्ताहिकका सम्पादक कृष्णप्रसाद ढकाललाई ०६५ असोज २५ गते मोर्चाका कार्यकर्ताले मार्ने धम्की दिए। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) कपिलवस्तु सैन्य कमाण्डर सिकन्दरले असोज २५ गते साँझ मोबाइलबाट राती फोन गरी 'किन चन्दा आतङ्क भनेर समाचार लेखेको ?' भन्दै पटकपटक मार्ने धम्की दिए।

### तराई मधेस लोकतान्त्रिक पार्टीबाट

रामनगर गाविस-४ का ६५ वर्षीय अब्दुल्लाह पठानसहित सोही गाविस-५ र ६ पटना गाउँका बासिन्दाहरूले भोट नदिएको आरोपमा ०६५ वैशाख १८ गते तराई मधेस लोकतान्त्रिक पार्टीका इलाका स्तरीय कार्यकर्ता साहिद खाँ, हासिम खाँ, नाजिम खाँलगायतले कुटपिट गरे। तमलोपामा भोट नदिएको निहुँमा सबै गाउँलेलाई एक-एक गरेर कुटपिट तथा धम्की दिन थालेपछि सिङ्गो गाउँ विस्थापित भई कृष्णनगरमा आएका थिए। कुटपिटपछि दुई दर्जन घाइतेसहित अन्य गाउँलेहरू जीवनरक्षा र शान्ति सुरक्षाको माग गर्दै इलाका प्रहरी कार्यालय कृष्णनगर तथा सभासद् अभिषेकप्रताप शाहलाई सामूहिक निवेदन बुझाए।

### अन्यबाट

जिल्ला जनस्वास्थ्य कार्यालय कपिलवस्तुका प्रमुख झलक पौडेललाई सशस्त्र समूहले लाखौँ रुपियाँ चन्दा माग्दै ०६५ असोज १२ गते दिउँसै कार्यालयमा आई धम्की दिए। दिउँसो एउटा मोटरसाइकलमा दुई जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले जनस्वास्थ कार्यालयमा आई चन्दा माग गरेपछि कर्मचारीहरूको भागाभाग भएको थियो।

### गैरकानुनी गिरफ्तारी

गणेशपुर गाविस-३ का ४० वर्षीय पुजारी कुर्मीलाई ०६५ असोज १ गते इलाका प्रहरी कार्यालय गणेशपुरले भाइको ठेगाना नबताएको भन्दै गिरफ्तार गरी थुनामा राख्यो। भाइ राजु कुर्मी एक वर्ष पहिले

दोस्रो विवाह गरी वीरगञ्ज भागेर गएको र भाइलाई भगाएको तथा ठेगानासमेत नबताएको आरोपमा प्रहरीले कुर्मीलाई गिरफ्तार गरी हिरासतमा राखेकामा अधिकारकर्मीले विरोध जनाएपछि पुनः हाजिर हुने गरी ०६५ असोज ३ गते रिहा गऱ्यो।

चनई गाविस-५ का २५ वर्षीय राजेन्द्र केसीलाई ०६५ भदौ २१ गतेदेखि असोज ३० गतेसम्म ४० दिन प्रहरीले गैरकानुनी रूपमा थुनामा राख्यो। चनई गाविस-८ का फिरियाद मुसलमानलाई ०६५ भदौ २१ गते अज्ञात समूहले हत्या गरेको र सो हत्याको आरोपमा मृतकका आफन्तले राजेन्द्र केसीलाई सोही दिन अपहरण गरी चरम यातना दिएको अवस्थामा प्रहरीले मुक्त गराएको थियो। मृतकका परिवारले किटानी जाहेरी दिएकामा केसीलाई प्रहरीले हिरासतमा लिएको थियो। घटना भएको समयमा सोही बाटो हुँदै चन्द्रौटा जाँदै गर्दा केसीलाई मृतकका आफन्तले अपहरण गरेका थिए। इन्सेक अनलाइनलगायत पत्रपत्रिकामा गैरकानुनी थुनामा राखिएको समाचार प्रसारण भएपछि राजेन्द्र केसी असोज ३० गते अदालतको आदेशमा रिहा भए।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

हथिहवा गाविस-९ का माओवादी कार्यकर्ता शिवपुजन कुर्मीको हत्याको विषयलाई लिएर ०६४ चैत ९ गते साँझ माओवादी कार्यकर्ताद्वारा पकडी गाविसको पकडीस्थित काङ्ग्रेस क्षेत्र नं. २ का क्षेत्रीय सभापति लोकनाथ शर्माको घरमा रहेको चुनाव प्रचार प्रसार सम्पर्क कार्यालयमा तोडफोड गर्ने क्रममा प्रहरीसँग झडप हुँदा प्रहरीको लाठी प्रहारबाट माओवादीका क्षेत्र नं. २ का संविधानसभा सदस्यका उम्मेदवार रामलौटन तिवारी, माओवादी कार्यकर्ताहरू पकडी गाविस-३ बरौंहियाका सन्तराम पासी, नन्दराम चमार, डुमरा गाविसका विष्णुप्रसाद पाण्डे, पकडीका राजेन्द्र तिवारी, विक्रम तिवारी, अब्बुहरेरा, राजकुमार पाण्डे, सलिम अन्सारी घाइते भए। सोही दिन काङ्ग्रेस क्षेत्र नं. १ का संविधानसभा सदस्य उम्मेदवार दीपकुमार उपाध्याय चढेको गाडी लवनी गाविसमा माओवादी कार्यकर्ताले तोडफोड गरे।

मधेसका माग पूरा नभई गरिने संविधानसभा निर्वाचनलाई सक्रिय रूपमा बहिष्कार गर्ने घोषणा गरेका संयुक्त मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच ०६४ फागुन १३ गते बिहान तौलिहवा बजारका विभिन्न स्थानमा झडप भयो। आन्दोलनकारीले निषेधित क्षेत्र तोड्दै जुलुस र नाराबाजी गर्ने क्रममा भएको झडपमा आन्दोलनकारीले प्रहरीमाथि ढङ्गा तथा इट्टा प्रहार गरे। प्रहरीले दर्जनौँ राउण्ड अश्रुग्यास प्रहार गरे। संविधानसभा निर्वाचनको उम्मेदवारी दर्ता गर्ने दलका कार्यकर्ताका लागि स्कटिङ् गर्न प्रहरी बाटोमा गएको समयमा आन्दोलनकारी र प्रहरीबीच झडप भएको थियो। प्रहरी र आन्दोलनकारीबीच भएको झडपमा परी आन्दोलनकारी सुरेन्द्रनारायण कुर्मी, बगलु कहार र प्रहरी हवल्दार नवराज ढुङ्गेललगायतका घाइते भए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष दुनियावादी फौजदारी मुद्दामध्ये गत वर्ष जिम्मेवारी सरेर आएका १ सय थानमध्ये यस वर्ष ८९ थान फर्स्यौट भई ११ थान बाँकी रहे। दुनियाँवादी फौजदारी मुद्दामध्ये यस वर्ष दर्ता भएका ६४ थानमध्ये ३० थान फर्स्यौट भई ३४ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा दुनियाँवादी फौजदारी मुद्दा ४५ थान फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दामध्ये गत वर्षको जिम्मेवारी सरेर आएका ६५ थानमध्ये ४९ थान फर्स्यौट भई १६ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय २९ थान मुद्दामध्ये ३८ थान फर्स्यौट भई ९१ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा १ सय ७ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दामध्ये गत वर्षको जिम्मेवारी सरेर आएका ५ सय ३३ थानमध्ये ४ सय ७ थान मुद्दा फर्स्यौट भई १ सय २६ थान बाँकी रहे। देवानी मुद्दामध्ये यस वर्ष दर्ता भएका ५ सय ६० थान मुद्दामध्ये १ सय ६५ फर्स्यौट भई ४ सय ९५ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ६ सय २१ थान फर्स्यौट हुन बाँकी रहे।

## बालअधिकार

अर्घाखाँची जिल्ला सिद्वारा गाविस-२ का दुई बालिकालाई ०६४ माघ २ गते कपिलवस्तु वीरपुरको स्वर्गद्वारी होटलका प्रोपाइटर राजु भट्टराईले होटलमा रोजगार दिने प्रलोभनमा पारी यौनदुराचार गराउने कार्यमा लगाएको आरोपमा प्रहरीले उनलाई गिरफ्तार गऱ्यो। उनलाई प्रहरीले मानव बेचबिखन तथा ओसारपसार ऐन अन्तर्गत मुद्दा चलाएको थियो। अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएकामा ०६५ वैशाख १५ गते रिहा भए।

खुरुहुरिया गाविस-९ डालपुर नयाँबस्तीस्थित

शिव प्राथमिक विद्यालयमा सशस्त्र प्रहरी क्याम्प बसेपछि सो विद्यालयमा अध्ययनरत बालबालिकाहरू ०६४ असोजदेखि ०६५ जेठ १० गतेसम्म रुखको छहारीमुनि पढ्न बाध्य भए। 'विद्यालयमा सेना, विद्यार्थी रूखको छहारीमा' भन्ने समाचार इन्सेक अनलाइनलगायत अन्य पत्रपत्रिकामा प्रकाशित भएपछि ०६५ असार १ गतेदेखि सशस्त्र प्रहरीले विद्यालय छाडी घर भाडामा लिएर बस्न थालेको छ।

कपिलवस्तु नपा-७ वर्दवाका १२ वर्षीय धीरजकुमार रैदासलाई दुई विद्यालयले दलित भएका कारण भर्ना लिएनन्। ०६५ जेठ ७ गते स्थानीय रत्नराज्य माध्यमिक विद्यालयमा र बुद्धपद्म माध्यमिक विद्यालयमा भर्नाका लागि गए पनि उनलाई भर्ना गरिएन।

महेन्द्रकोट गाविस-३ भेलाई घर भएकी १४ वर्षीया एक बालिकालाई ०६५ जेठ १७ आफ्नै ४० वर्षीय बाबु शङ्कर थारुले यौनदुर्व्यवहार गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। थरुलाई जबरजस्ती यौन दुर्व्यवहार र हाडनाता करणीमा मुद्दा लगाएको भए पनि जिल्ला अदालतले ०६५ असार १० गते सादा तारिखमा रिहा गऱ्यो। बालिकालाई हाल साथी संस्थाले संरक्षण दिएको छ।

शिवपुर गाविस-६ बाखा बजारमा एक १० वर्षीया बालिकालाई ०६५ साउन ६ गते राती भारत सीतामढी जिल्ला रघुनाथपुर घर भएका करिब ४० वर्षीय राम सुगारत साहले यौन दुर्व्यवहार गरे। बर्दिया जिल्ला मग्रागढी गाविस-८ रम्वापुर घर भएकी बालिका कामका सिलसिलामा राती आश्रयका लागि चन्द्रौटास्थित बाखा बजारनजिकै बन्दै गरेको घरमा सुतेका बेला साहले राती बालिकालाई मुख थुनेर यौन दुर्व्यवहार गरेका थिए। प्रहरीले सोही स्थानबाट साहलाई गिरफ्तार गरी बलात्कारको आरोपमा पुर्पक्षका लागि थुनामा राखेको छ।

गजेडी गाविस-३ की ११ वर्षीया एक थारू बालिकालाई ०६५ असोज १४ गते सोही गाविस-३ का ५० वर्षीय साधु जङ्गली तेलीले यौनदुर्व्यवहार गरे। जङ्गलमा लगी यौनदुर्व्यवहार गर्न लागेको अवस्थामा प्रहरी चौकी पिपराका प्रहरीले रङ्गेहात गिरफ्तार गऱ्यो। साधुलाई यौनदुर्व्यवहारको आरोपमा २५ दिन हिरासतमा राखी ०६५ कात्तिक १० गते अदालतले धरौटीमा रिहा गऱ्यो।

निग्लीहवा गाविस-१ जगदीशपुरका १४ वर्षीय लक्ष्मण भट्टराईलाई ०६५ असोज १५ गते दिउँसो नचिनेका व्यक्तिले अपहरण गरेकामा साँझ प्रहरीले जीतपुर ४ नं. बाट सकुशल मुक्त गराए। अपहरणकारी भने फरार रहेको प्रहरीले जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

अर्घाखाँची जिल्ला अश्रुकोट गाविस-३ का दुई महिलालाई वैदेशिक रोजगारको प्रलोभनमा लेबनान लैजान लागेको आरोपमा ०६५ जेठ २८ गते जयनगर गाविस-३ गोरुसिङ्गेकी रेमा खड्कालाई प्रहरीले साथी संस्थाको सहयोगमा कृष्णनगरबाट गिरफ्तार गऱ्यो। उनलाई मानव बेचविखन तथा चेलीबेटी ओसारपसारसम्बन्धी अभियोगमा प्रहरीले मुद्दा चलाएकामा ०६५ असार १९ गते जिल्ला अदालतको आदेशमा उनलाई पुर्पक्षका लागि जेल चलान गऱ्यो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कपिलवस्तु नपा-२ मा रहेको धर्मशालामा मानसिक सन्तुलन ठीक नभएकी १९ वर्षीया एक युवतीलाई ०६४ माघ १९ गते कपिलवस्तु नपा-२ का २४ वर्षीय राधेश्याम कहार र १७ वर्षीय बल्ली पठान भन्ने दुई युवाले मादक पदार्थ सेवन गरी धर्मशालाबाहिर सुतिरहेको अवस्थामा बलात्कार गरे। बलात्कार गरी भाग्दै गर्दा गिरफ्तारीमा परेका दुवै जनालाई जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

वाणगङ्गा गाविस-२ की बोल्न नसक्ने एक ४५ वर्षीया महिलालाई ०६५ साउन १५ गते राती आफ्नै घरमा सुतेको बेला वाणगङ्गा गाविस-९ का ३७ वर्षीय सुकई थारूले यौन दुर्व्यवहार गरे। सुकई थारूलाई गाउँलेहरूले पक्राउ गरी कुटपिट तथा चारपाटा मुडी प्रहरीलाई बुझाए। उनलाई यौनदुर्व्यवहार गरेको आरोपमा जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### पारिवारिक हिंसा

कोपवा गाविस-९ की ३० वर्षीया विष्णु भुसाललाई दाइजोको विषयलाई लिएर ०६५ असार १७ गते राती आफ्नै पति गोपाल भुसालले कुटपिट गरे। कुटपिटबाट घाइते उनको छिमेकीहरूको सक्रियतामा बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

### सबै प्रकारका जातीय विभेद

सौराहा गाविस-५ निवासी ३३ वर्षीय सन्तोष

हरिजनलाई ०६४ पुस २१ गते सोही गाविसका कथित उपल्लो जातका व्यक्तिहरूले चुनाव जितेर पनि विद्यालयको व्यवस्थापन समितिको अध्यक्षको पदमा वहाली हुन नदिएकामा अधिकारकर्मीको आन्दोलनपश्चात् अध्यक्ष स्वीकार्न बाध्य भए। पुस २१ गते कपिलवस्तुको सौराहा गाविसको श्री प्राथमिक विद्यालयमा भएको व्यवस्थापन समिति निर्वाचनमा दलितले जितेको परिणाम उल्टाएर कथित उपल्लो जातिका उम्मेदवारलाई विजयी भएको कीर्ते घोषणा प्रअ अर्जुन चौधरीले गरेका थिए। प्रअले दलित उम्मेदवार सन्तोष हरिजनले २७ मत ल्याएर विजयी बनेको र कथित उपल्लो जातिका व्यक्तिहरूको दबावमा परी २२ मत ल्याएका श्यामलाल मुराउलाई विजयी घोषणा गर्न आफू बाध्य भएको प्रअ चौधरीले बताए।

गजेडी गाविस-२ हरिहरपुरस्थित शिव मन्दिरमा दलितलाई शिवरात्रिका दिन मन्दिरमा जल चढाउन नदिने भनी ०६४ फागुन १९ गते धम्की दिए। मन्दिर पस्न पाउनुपर्ने माग गरेपछि स्थानीय दलित महिलाको अगुवाइमा फागुन २३ गते मन्दिर प्रवेश गरे। स्थानीय सामुदायिक वनको सहयोग तथा सामाजिक रकमबाट निर्माण गरिएको शिव मन्दिरमा जल चढाउन दलितले पनि पाउनुपर्छ भन्दा स्थानीयबासी भीमकुमारी सेनलगायतले मन्दिरमा प्रवेश गरे कारबाही गर्ने धम्की दिएका थिए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

बलरामपुर गाविस-२ बडे गाउँका ५८ वर्षीय आरती पासी, ४५ वर्षीय चिन्कु पासी, ४० वर्षीय शिव पुजन पासी, ३५ वर्षीय रामक्षेदी पासी, २८ वर्षीय विक्रम पासी, २६ वर्षीय कौशल्या पासी, २५ वर्षीय रामकली पासीलगायतका परिवारलाई ०६५ जेठ ११ गते घरमै थुनेर जमिनदार आश्विनीकुमार तिवारीका परिवारले कुटपिट गरे। घर छाउने क्रममा जमिनदारको खेतमा उखुको पातहरू राखेको विषयलाई लिएर कुटपिट गरेका थिए। सोही घटनाको विषयलाई लिएर जिल्लामा क्रियाशील अधिकारकर्मीहरूको पहलमा जेठ २२ गते इलाका प्रहरी कार्यालय महाराजगञ्जमा पीडित, पीडक र अधिकारकर्मीको बीच छलफल गरी घाइतेलाई उचित क्षतिपूर्ति दिने, आइन्दा गल्ती नगर्ने गरी तिवारीले प्रहरी कार्यालयमा माफ मागेर मिलापत्र गरे।

महाराजगञ्जस्थित राजेश खड्काको समिल ०६४ फागुन २८ गते साँझ संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले कब्जामा लिए। मोर्चाका जिल्ला सैन्य कमाण्डर अजयले मोर्चाका विरुद्ध सुराकी गरेको आरोपमा कब्जामा लिएको र मिलमा मोर्चाले झण्डा गाडेको बताए।

मोतीपुर गाविस-३ वनगाईका ४५ वर्षीय बोमप्रसाद न्यौपानेको लु१त ८४१२ नम्बरको ट्याक्टर ०६५ असोज १७ गते वाईसीएलले चनई-५ खैरेन्द्रपुरबाट कब्जामा लियो। जवाभारी सिमेन्ट उद्योगबाट १ सय ५० बोरा सिमेन्ट लोड गरेर गोरुसिङ्गेतर्फ आउँदै गरेको अवस्थामा वाईसीएलले खैरेन्द्रपुरबाट कब्जामा लिएर चालक र कामदारलाई छाडेका थिए। द्वन्द्वका बेलाको ठेक्काबापत पार्टीलाई दिनुपर्ने रकम हालसम्म नबुझाएको आरोपमा ट्याक्टरसहित सिमेन्ट पार्टीले कब्जामा लिएको माओवादीले बतायो। पीडित बोमप्रसादले भने कुनै लेनदेन नभएको र बिनाजानकारी ट्याक्टर कब्जामा लिएको बताए।

माओवादीले विभिन्न समयमा कब्जा गरेकामध्ये महेन्द्रकोट गाविस-३ का पविलाल पाण्डे, बलरामपुर बडेगाउँका रामअचल तिवारी, जहदी-८ का रञ्जु शर्मा, धर्मेन्द्र कार्की, पटेश्वरी सिंह, जहदी गाविसको वनगाईका पियुषराज पाण्डे, लवनी गाविस-३ का अब्दुल अहत डफालीको घरजग्गा फिर्ता हुन बाँकी छ। माओवादीले कब्जा गरेका घर तथा सम्पत्तिमध्ये विगत छ महिनामा पटकपटक गरी १२ जनाको भने फिर्ता गरिसकेको छ।

# ३.११ अर्घाखाँची



जनसङ्ख्या : २,३३,२७५
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.): १,१९३
गाविस/नपा सङ्ख्या : ४२/०
सरकारी/निजी विद्यालय : ४८४/१५
क्याम्पस/उच्च मा.वि. : २/१९
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मानव विकास सूचकाङ्क : ०.४७१
प्रतिपरिवार सरदर सङ्ख्या : ५

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**दोहोरो झडपबाट**

माओवादीको संविधानसभा चुनावी अभियानका क्रममा अर्घाखाँची जिल्लाको नुवाकोट गाविस-३ हटियामा ०६४ फागुन १० गते माओवादी र स्थानीय व्यक्तिबीच झडप हुँदा एक जनाको मृत्यु हुनुका साथै १२ जना माओवादी कार्यकर्ता घाइते भए। घटनामा गम्भीर घाइते भएका डिभर्ना गाविस-३ जोगीमारे निवासी वाईसीएल कार्यकर्ता २८ वर्षीय राजेन्द्र बञ्जाडेको भैरहवामा उपचार हुन नसकी काठमाडौँ पठाइएकामा उनको काठमाडौँस्थित नर्भिक अस्पतालमा उपचारका क्रममा फागुन ११ गते राती निधन भयो। घटनापछि सोही गाउँका १८ वर्षका युवादेखि ५६ वर्षका मानिसहरू करिब ४० पुरुषहरू विस्थापित भएका थिए। जिल्ला सदरमुकास्थित माओवादी जिल्ला पार्टी कार्यालयमा नुवाकोट गाविसमा सञ्चालित माओवादीको चुनावी अभियान अन्तर्गतको कार्यक्रम एमालेले बिथोल्यो भन्ने सूचना प्राप्त भएका आधारमा माओवादीको पार्टी कार्यालयबाट करिब छवटा मोटरसाइकलमा १३ जना माओवादी कार्यकर्ताहरू निधारमा ताराअङ्कित रातो पट्टी बाँधी पार्टीको झन्डासहित करिब ४ बजेतिर कार्यक्रमस्थल पुगेका थिए। सो टोली कार्यक्रमस्थल पुरदा विद्यालयमा कार्यक्रम भइरहेको थियो। ती माओवादी कार्यकर्ताले कार्यक्रमस्थलमा विद्यालय सञ्चालक समितिका अध्यक्ष पीताम्बर श्रेष्ठको खोजी गर्दा नभेटेपछि उनको घरमा गई 'केही सल्लाह गर्नुछ' भनी बोलाई केही पर पुऱ्याएपछि उनको कठालो समात्दै 'हाम्रो पार्टीलाई गाली-गलौज गर्ने र कार्यक्रम बिथोल्न खोज्ने तैँ होइनस्' भन्दै उनलाई मञ्चमा लगेर आममाफी मगाउने भन्दै मञ्चतर्फ अगाडि बढाएका थिए। त्यसैक्रममा पीताम्बरकी पत्नी अगाडि बढेकामा उनलाई अपशब्द प्रयोग गर्दै लछारपछार पारे, त्यसपछि पीताम्बरकी १५ वर्षीया छोरी माओवादी कार्यकर्ताको प्रतिकारमा अगाडि बढ्दा उनलाई समेत बाटामुनि हुत्याएपछि माओवादीको सांस्कृतिक कार्यक्रम हेर्न जम्मा भएका मानिसहरू तथा त्यहाँ उपस्थित स्थानीय व्यक्तिहरू माओवादी कार्यकर्ताहरूलाई लाठी, ढुङ्गा, मुक्का र लात्तीले हिर्काउँदै उनीहरूविरुद्ध जाइलागेका थिए। पछि बाटोमा हिँड्ने बटुवाले समेत निर्मम तरिकाले उनीहरूलाई कुटपिट गरेका थिए। कुटपिटबाट १२ जना घाइते भए भने भागदौडमा केही अन्य मानिसहरू घाइते भएका थिए। स्थानीय केही व्यक्तिहरूले करिब एक घण्टासम्म घाइतेहरूलाई नियन्त्रणमा लिई उपचार गर्न लैजानबाट रोक लगाएका थिए। विवादपछि माओवादी कार्यकर्ताले सर्वसाधारणहरू शान्ता श्रेष्ठ, मौसम श्रेष्ठ, पोमनारायण श्रेष्ठ, दयाराम श्रेष्ठलाई कुटपिट गरेका थिए। स्थानीय बासिन्दाले माओवादीको प्रतिकार गर्दा माओवादी कार्यकर्ताहरू पशुपति पौडेल, अम्बिका केसी, कमला रोका, गोविन्द केसी, चूडामणि ढुङ्गाना, काजीमान रायमाझी, विष्णु ढुङ्गाना, नारायण खनाल, राजेन्द्र बञ्जाडे, सुमन मगर र मोहनसिंह ठकुरी घाइते भए। घाइतेमध्ये राजेन्द्र र कमलालाई थप उपचारका लागि काठमाडौँ लगिएकामा उपचारका क्रममा उनको मृत्यु भएको हो। घाइते अन्यको जिल्ला अस्पताल सन्धिखर्कमा उपचार भयो। घटनाका सम्बन्धमा माओवादी जिल्ला नेतृत्वले विज्ञप्ति प्रकाशित गरी घटना एमालेले सुनियोजित रूपमा गराएको आरोप लगायो भने एमालेले भने सो घटना सुनियोजित नभई दुर्घटना भएको दाबी गऱ्यो। सो घटनामा संलग्न भन्दै मृतक राजेन्द्रका भाइको नामबाट एमालेका जिल्ला कमिटी सदस्यहरूसहित आठ जनाको

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १ | १ | | १ | | | | |
| घाइते | १ | १० | २ | १२ | | | | |
| कुटपिट | ३ | ४ | १ | ५ | ६ | ३१ | ३ | ३४ |
| धम्की | | | | | १ | १ | | १ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | १ | १ | | १ |
| जातीय विभेद | | | | | १ | १ | | १ |
| अपहरण | | | | | ४ | ६ | | ६ |
| जम्मा | ५ | १५ | ३ | १८ | १४ | ३१ | ३ | ३४ |

नाममा किटानी जाहेरी दरखास्तसमेत दर्ता गरिएको थियो।

### जेल र बन्दीहरू

यस जिल्लामा कारागार छैन। यस अदालतबाट फैसला भएका बन्दीहरूलाई गुल्मी र कपिलवस्तुका कारागार शाखामा पठाइने गरेको छ।

### बेपत्ता/अपहरण

### माओवादीबाट

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठूलापोखराका शिक्षक ४० वर्षीय हुमलाल पौडेल, ३८ वर्षीय ठाकुर पन्थी, ४५ वर्षीय रघुनाथ पाण्डे र ठूलापोखरा गाविस-२ का ६१ वर्षीय खुमानन्द पन्थीलाई माओवादी पार्टीलाई सहयोग नगरेको ०६४ फागुन १० गते साँझ माओवादी कार्यकर्ताले अपहरण गरे। अपहरित चारै जना ०६४ फागुन ११ गते केरुङ्गा गाविसको शारदा माविबाट मुक्त भए।

पोखराथोक गाविस-१ निवासी एमनेस्टी इन्टरनेसनल अर्घाखाँचीका अध्यक्ष ५६ वर्षीय माधव गौतमले पैसा बाँडेर काङ्ग्रेसलाई भोट मागेको आरोपमा ०६४ चैत १९ गते उनलाई पोखराथोक गाविस-९ को डाँडापारिबाट माओवादी कार्यकर्ताले अपहरण गरे। पीडितलाई माओवादीले सोही दिन साँझ मुक्त गरे।

हंसपुर गाविस-५ का ४९ वर्षीय लालबहादुर खत्रीलाई ०६४ चैत २५ गते माओवादीले घरबाट अपहरण गरी सोही गाविसको कनिकेमा बाखाको खोरमा थुने। १० हजार रुपियाँ माओवादीलाई दिने सर्तमा ०६४ चैत २७ गते उनी मुक्त भए।

ठूलापोखरा गाविस-२ का ४२ वर्षीय दुर्गा पन्थीलाई ०६५ साउन २७ गते माओवादी कार्यकर्ताले भगवती गाविस-२ स्थित जनसेवा प्राविबाट विद्यालयमा शिक्षक नियुक्तिको विषयलाई लिएर अपहरण गरे। उनी माओवादीलाई सहयोग गर्ने सर्तमा ०६५ साउन २८ गते छोरा सुभाष पन्थीको जिम्मामा अर्घातोष गाविसको हटियाबजारबाट मुक्त भए।

### धम्की/कुटपिट

### माओवादीबाट

नुवाकोट गाविस-३ हटियाका ३९ वर्षीय पीताम्बर श्रेष्ठ, ३६ वर्षीया शान्ता श्रेष्ठ र १४ वर्षीया मौसमी श्रेष्ठलाई माओवादीको कार्यक्रम बिथोल्न खोजेको आरोपमा ०६४ फागुन १० गते माओवादी कार्यकर्ताले कुटपिट गरे। उनीहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

सिमलपानी गाविस-८ निवासी काङ्ग्रेस गाउँ समितिका सचिव ३५ वर्षीय कृष्णप्रसाद पाण्डेलाई ०६४ चैत १२ गते माओवादी कार्यकर्ताले चुनाव प्रचार प्रसारमा नलाग्न र लागेमा मार्ने धम्की दिए।

अडगुरी गाविस-९ झन्द्रेकका ४८ वर्षीय नरेन्द्रप्रकाश बञ्जाडेलाई माओवादीलाई सहयोग नगरेको भनी ०६४ चैत २६ गते माओवादी कार्यकर्ताले कुटपिट गरे। उनी संविधानसभा निर्वाचनका मतदाता शिक्षा सहयोगीका रूपमा गाउँमा खटिएका थिए। कुटपिटका कारण घाइते पीडितको जिल्ला अस्पताल सन्धिखर्कमा उपचार भयो।

हंसपुर गाविस-२ का ३० वर्षीय देवबहादुर पुनलाई एमाले कार्यकर्ता भएको आरोपमा ०६४ चैत २६ गते माओवादी कार्यकर्ताले घरमै कुटपिट गरे। कुटपिटका कारण घाइते पीडितको जिल्ला अस्पताल सन्धिखर्कमा उपचार भयो।

ठाडा गाविस-५ का ४८ वर्षीय टीकाप्रसाद खनाल, ३९ वर्षीय पोमबहादुर घर्ती, ३९ वर्षीय

खगीश्वर गैरे, ६० वर्षीय लालुराम बस्याल, ३२ वर्षीय कमल पौडेल, ६० वर्षीय नारायणप्रसाद पौडेल, ४२ वर्षीय चन्द्रमणि पौडेल, ३० वर्षीय लेखनाथ घिमिरे र ६५ वर्षीय डिलाराम पौडेललाई कोही पनि भोट हाल्न नजानू भनी ०६४ चैत २७ गते साँझ माओवादी कार्यकर्ताले स्थानीय रजिया जङ्गलमा लगी कुटपिट गरे। पीडित सबै जना नेपाली काङ्ग्रेसका कार्यकर्ता हुन्। घाइते सबैको जिल्ला अस्पताल अर्घाखाँचीमा उपचार भयो।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | राष्ट्रिय जनमोर्चा पार्टीबाट | | | वाईसीएलबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| कुटपिट | २ | ४ | ४ | १ | | १ | १ |
| जम्मा | २ | ४ | ४ | १ | | १ | १ |

अर्घा गाविस-५ धरमपानीका २६ वर्षीय गोविन्द्र आचार्य एमालेको प्रचार प्रसारमा हिँडेको आरोपमा ०६४ चैत २७ गते साँझ उनलाई माओवादी कार्यकर्ताले कुटपिट गरे । उनको उपचार काठमाडौँमा भयो।

ठूलापोखरा गाविस-८ की ३५ वर्षीया ईश्वरा पौडेल र उनका ११ वर्षीय छोरा नवीन पौडेललाई काङ्ग्रेसलाई भोट दिएको भनी ०६५ वैशाख १५ गते माओवादी कार्यकर्ता नेत्र पन्थीले कुटपिट गरे। पीडित दुवैको स्थानीय हेल्थपोस्टमा उपचार भयो।

बल्कोट गाविस-३ का ३२ वर्षीय विष्णु पाण्डे, बल्कोट गाविस-४ का २२ वर्षीय सुमन भट्टराई, बल्कोट गाविस-३ का २२ वर्षीय नवीन सापकोटा, बल्कोट गाविस-१ का ४० वर्षीय तोमबहादुर क्षेत्री, बल्कोट गाविस-४ का २५ वर्षीय मोहन भट्टराई र बल्कोट गाविस-७ का ३१ वर्षीय खिमानन्द पौडेललाई काङ्ग्रेसका कार्यकर्ता भएको आरोपमा ०६४ चैत २६ गते साँझ माओवादी कार्यकर्ताले बल्कोट गाविस-१ को पौवामा कुटपिट गरे। घाइते विष्णु पाण्डेको भैरहवा मेडिकल कलेजमा उपचार भयो भने अन्यको उपचार जिल्ला अस्पताल सन्धीखर्कमा भयो।

### वाईसीएलबाट

सन्धिखर्क गाविस-६ सन्धिर्खकमा होटल व्यवसाय गरी बस्ने ३० वर्षीया रमा बञ्जाडेले गाडी तोडफोड नगर्न अनुरोध गर्दा ०६५ जेठ १ गते दिउँसो वाईसीएलका कार्यकर्ताले कुटपिट गर्नुका साथै अमानवीय व्यवहार गरे।

### अन्यबाट

धारापानी गाविस-१ का ५१ वर्षीय गोपालप्रसाद बञ्जाडे, ४० वर्षीय विष्णु बञ्जाडे, २९ वर्षीय कमल पन्थी सुनारलाई माओवादी भएको आरोपमा ०६४ चैत २७ गते राजमोका कार्यकर्ताले कुटपिट गरे।

हंसपुर गाविस-४ निवासी नेकपा एकीकृतका कार्यकर्ता ४२ वर्षीय भक्तबहादुर पुनले नेकपा एकीकृतलाई भोट दिएको आरोपमा ०६४ चैत २८ गते साँझ उनलाई राजमोका कार्यकर्ताले सोही गाविस-५ को रतनमारेमा कुटपिट गरे। उनको भैरहवा मेडिकल कलेजमा उपचार भयो।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

एमाले जिल्ला कमिटी सचिव तथा संविधानसभा निर्वाचन क्षेत्र नं. १ अर्घाखाँचीका उम्मेदवार ४३ वर्षीय चेतनारायण आचार्यलाई ०६४ चैत २८ गते माओवादी कार्यकर्ताले अर्घा गाविस-४ को रासीचौर मतदानकेन्द्रमा मतदान गर्न दिएनन्।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरी आएका देवानीतर्फ ६० थान र फौजदारीतर्फ २४ थान गरी जम्मा ८४ थान मुद्दामध्ये देवानीतर्फका ३० थान र फौजदारीतर्फका ११ थान गरी जम्मा ४१ थान मुद्दा फर्स्यौट भई ४३ थान बाँकी रहे। त्यसैगरी यस वर्ष नयाँ दर्ता देवानीतर्फ २४ थान र फौजदारीतर्फ २१ थान गरी ४५ थान मुद्दामध्ये देवानीतर्फका तीन थान र फौजदारीतर्फका तीन थान गरी जम्मा छ थान मुद्दा फर्स्यौट भई २९ थान मुद्दा बाँकी रहे।

## सबै प्रकारका जातीय विभेद

काङ्ग्रेसका केन्द्रीय सदस्य तथा संविधानसभा निर्वाचन क्षेत्र नं. १ अर्घाखाँचीका उम्मेदवार मानबहादुर विश्वकर्मालाई ०६४ चैत २६ गते साँझ माओवादी कार्यकर्ताले बल्कोट गाविस-१ को पौवामा 'तँ कामीलाई कसले भोट दिन्छ ?' भनी अमानवीय व्यवहार गरे।

# ३.१२ गुल्मी



जनसङ्ख्या : ३,२३,२७५
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१४९
गाविस/नपा सङ्ख्या : ७९/०
सरकारी/निजी विद्यालय : ५४५/२२
क्याम्पस/उच्च मा.वि. : २/३२
अस्पताल/स्वास्थ्य चौकी : १/७०
मानव विकास सूचकाङ्क : ०.४६७
प्रतिपरिवार सरदर सङ्ख्या : ५

## जेल र बन्दीहरू

'घ' श्रेणीको जेलको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका तीन जना महिला र २३ जना पुरुष गरी जम्मा २६ जना र कैद नतोकिएका ११ जना पुरुष गरी जम्मा ३७ जना बन्दीहरू रहेका छन्। कारागारमा रेडियो, पत्रपत्रिका, टेलिभिजन, खानेपानी, शौचालय, स्वास्थ्यसेवाको राम्रो व्यवस्था छ।

हाल कारागारमा क्षमताभन्दा बढी बन्दीहरू राखिएकाले बसाइमा अप्ठ्यारो भएको बन्दीहरूको गुनासो छ। कारागारको भवन जीर्ण बन्दै गएता पनि मर्मतका लागि कतैबाट पहल हुन नसकेको कारागार स्रोतले जनाएको छ।

## बेपत्ता/अपहरण

### माओवादीबाट

हाडहाडे गाविस-४ का १६ वर्षीय विष्णु विश्वकर्मालाई ०६४ चैत २२ गते सोही गाविसबाट राजनीतिक प्रतिशोधका कारण हाडहाडे गाविस-९ निवासी माओवादी कार्यकर्ता विदुर पुनको नेतृत्वमा गएको समूहले घरनजिकै बाटोबाट अपहरण गऱ्यो। अपहरणपछि माओवादी कार्यकर्ताबाट मार्ने धम्कीसमेत दिइएका उनलाई ०६४ चैत २३ गते जिल्लास्थित मानवअधिकारकर्मी, पत्रकारहरूको पहलमा मुक्त गरियो।

## धम्की/कुटपिट

### राज्यबाट

वामीटक्सार गाविस-१ का प्रकाश काफ्लेलाई वामी प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक मोहनबहादुर घर्तीले स्थानीय १२ वर्षीया एक बालिका बलात्कार भएको समाचार *रेडियो रेसुङ्गा*मा पठाएको भन्दै ०६५ साउन २३ गते कार्यालयमै बोलाएर सञ्चारमाध्यममा समाचार नपठाउन धम्की दिए। पीडित बालिकालाई सोही गाविस-१ का २६ वर्षीय गुन्टराज रानाले ०६५ साउन १८ गते बलात्कार गरेका थिए।

### माओवादीबाट

बलेटक्सार गाविस-५ निवासी प्रायुसङ्घका कार्यकर्ता २२ वर्षीय दुर्गा विश्वकर्माले माओवादीको पोस्टर च्यातेको आरोपमा ०६४ चैत ८ गते उनलाई बलेटक्सार गाविस-२ निवासी माओवादी कार्यकर्ता कृष्ण पौडेलको नेतृत्वमा गएको समूहले घरनजिकै बाटोमा हातपात गर्दै मार्ने धम्की दियो।

नयाँगाउँ गाविस-६ का ५५ वर्षीय लीलबहादुर विश्वकर्मालाई एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २५ गते ह्वाङ्दी गाविस-९ निवासी माओवादी कार्यकर्ता अर्जुनको नेतृत्वमा आएको पाँच/छ जनाको समूहले उनको घरमै मार्ने धम्की दियो। माओवादी कार्यकर्ताले आगामी दिनमा एमालेको कुनै पनि पदमा बसी राजनीति गरेमा कारबाही गर्नेसमेत धम्की दिएको पीडितले बताए।

दोहोली गाविस-७ निवासी एमाले गाउँ कमिटी उपसचिव ६० वर्षीय लकबहादुर बस्नेतलाई राजनीतिक प्रतिशोधका कारण ०६४ चैत २५ गते चुनावी प्रचारपछि घर फर्किंदै गर्दा बाटोमा माओवादी कार्यकर्ता विशाल भनिने दामोदर बस्नेतको नेतृत्वमा रहेको करिब ६ जनाको समूहले कुटपिट गरी घाइते बनायो। कुटपिट हुनुभन्दा पहिलेदेखि नै माओवादी कार्यकर्ताबाट आफूले धम्कीसमेत खेप्दै आएको पीडितले बताए। पीडितको उपचार जिल्ला अस्पतालमा गरियो।

खड्गकोट गाविस-२ का १७ वर्षीय वसन्त ढकाल र सोही गाविस-४ का १७ वर्षीय रमेश ढकाललाई एमालेको चुनावी प्रचारमा लागेको आरोपमा ०६४ चैत २६ गते सोही गाविस निवासी माओवादी

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ३ | | ४ | | ४ | | | | | | |
| घाइते | १ | १ | | | १ | | | | | | |
| कुटपिट | ४ | ४ | ३ | | ६ | ३ | ४ | ४ | | | |
| धम्की | | | | | | ३ | ३ | ३ | १ | १ | १ |
| जातीय विभेद | १ | ३ | | १८ | ३० | | | | | | |
| महिलाअधिकार | ३ | | ३ | | ३ | | | | | | |
| बालअधिकार | १ | | १ | | १ | | | | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | | १ | | १ | १ | १ | १ | | | |
| अपहरण | | | | | | १ | १ | १ | | | |
| जम्मा | १३ | ८ | १० | १८ | ३५ | ६ | ८ | ८ | १ | १ | १ |

कार्यकर्ता सञ्जय ढकालको नेतृत्वमा आएको समूहले कुटपिट गरी घाइते बनायो। घाइतेको उपचार पाल्पा मिसन अस्पतालमा गरियो।

### वाईसीएलबाट

मुसिकोट गाविस-७ का १८ वर्षीय राजन नेपालीलाई सोही ठाउँका १९ वर्षीय वाईसीएल कार्यकर्ता तुफान भनिने हर्कबहादुर नेपालीले ०६५ जेठ १३ गते छुरी प्रहार गरी घाइते बनाए। उनले आपसी मनमुटावका कारण घरनजिकै बाटोमा हिँडिरहेको अवस्थामा छुरी प्रहार गरेका थिए। प्रहारबाट शरीरको दायाँ भागमा गम्भीर चोट लागी घाइते भएका नेपालीको उपचार पाल्पा मिसन अस्पतालमा भयो।

### नेपाली काङ्ग्रेसबाट

परालमी गाविस-७ निवासी एमाले कार्यकर्ता भीमलाल भट्टराई, सोही गाविस-८ का मणिसागर विश्वकर्मा र नामबहादुर विश्वकर्मालाई ०६४ चैत २८ गते साँझ एमालेका तर्फबाट एजेण्ट बसी धाँधली गरेको आरोपमा स्थानीय त्रिभुवन माविस्थित 'ख' मतदान केन्द्रभित्रै सोही गाविस-८ का काङ्ग्रेस कार्यकर्ता तिलबहादुर कुँवर, भुवनसिंह पुन, सोही गाविस-९ का चुराबहादुर सोमरे, यमबहादुर सोमैलगायतको समूहले कुटपिट गरी घाइते बनायो। कुटपिटबाट भीमलाल भट्टराईको शरीरको दायाँ भागमा गम्भीर चोट लागेको थियो भने मणिसागर र नामबहादुरको शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडितहरूको उपचार जिल्ला अस्पतालमा भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष गुल्मी जिल्ला अदालतमा रहेका ३ सय ३० थान मुद्दामध्ये १ सय ५५ थान फर्स्यौट भई १ सय ७५ थान बाँकी रहे, जसमा दुनियाँवादी फौजदारी मुद्दामा गत वर्ष जिम्मेवारी सरेर आएका २२ थान र यस वर्ष दर्ता भएका ८४ थान गरी जम्मा १ सय ६ थान मुद्दामध्ये २६ थान फर्स्यौट भई ८० थान बाँकी रहे।

यसैगरी सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान र यस वर्ष दर्ता भएका २१ थान गरी जम्मा २६ थान मुद्दामध्ये १३ थान मुद्दा फर्स्यौट भई १३ थान बाँकी रहे। देवानी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका ६७ थान र यस वर्ष दर्ता भएका १ सय ३१ थान गरी जम्मा १ सय ९८ थान मुद्दामध्ये १ सय १६ थान मुद्दा फर्स्यौट भई ८२ थान बाँकी रहे। यी मुद्दामा एक वर्षदेखि फर्स्यौट हुन नसकेका मुद्दाहरू १ सय ५६ थान छन्। एक वर्षभन्दा पहिलेका मुद्दाहरू फर्स्यौट हुन बाँकी रहेका छैनन्।

### बालअधिकार

वामीटक्सार गाविस-१ की १२ वर्षीया एक

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | काङ्ग्रेसबाट | | | वाईसीएलबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | | | १ | | ३ | ३ |
| घाइते | | | | १ | १ | १ | | | | |
| कुटपिट | १ | ३ | ३ | | | | | | | |
| जम्मा | १ | ३ | ३ | १ | १ | १ | १ | | ३ | ३ |

बालिकालाई सोही ठाउँ बस्ने २६ वर्षीय गुन्टराज रानाले ०६५ साउन १८ गते घरनजिकै बारीमा घाँस काट्दै गरेको अवस्थामा जबरजस्ती बलात्कार गरे। बलात्कारपछि बेहोस अवस्थामा भेटिएकी ती बालिकालाई स्थानीयबासीले देखेपछि वामी प्रहरी चौकीमा खबर गरे। पीडक रानालाई वामी प्रहरी चौकीले गिरफ्तार गरी हिरासतमा राख्यो। रानालाई प्रहरीले जिल्ला प्रहरी कार्यालय तम्घास ल्याउने क्रममा बीचबाटोमा आउँदै गर्दा उनी पराल्मी गाविसबाट प्रहरी घेराबाटै फरार भए। उनी हालसम्म पनि सम्पर्कमा आउन नसकेको प्रहरी स्रोतले जनाएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार

भनभने गाविस-८ निवासी २५ वर्षीया एक महिलालाई ०६५ असोज २८ गते विजया दशमीको अवसरमा मेला हेरी घर फर्कदै गर्दा उनको घरनजिकै हाडहाडे गाविस-४ का दीपक चन्द, सोही ठाउँकै वासुदेव चन्द, वासुदेव खत्री र अमृत श्रीसले जबरजस्ती सामूहिक बलात्कार गरे। घटनामा संलग्न आरोपीहरू हाल पुर्पक्षका लागि थुनामा राखिएका छन्।

### पारिवारिक हिंसा

वामीटक्सार गाविस-८ निवासी २८ वर्षीया मीना खत्रीलाई उनका पति बाबुराम खत्रीले ०६५ कात्तिक २० गते बिहान आफ्नै घरमा हँसियाले घाँटी रेटेर हत्या गरे। हत्या गर्नुभन्दा केही समय अगाडि बाबुरामले पत्नी मीनासँग रक्सी किन्न पैसा मागिरहेको र मीनाले आफूसँग पैसा नभएको बताएको केही समयपछि उक्त घटना भएको स्थानीयबासीले बताए। हत्यापछि मृतककै बच्चाले स्थानीयबासीसँग गुहार माग्दा घटनाबारे थाहा भएको थियो। पीडकलाई हाल पुर्पक्षका लागि जिल्ला कारागार गुल्मीमा थुनामा राखिएको छ।

शान्तिपुर गाविस-२ निवासी ६३ वर्षीया तेजकुमारी फौदारलाई ०६५ कात्तिक २६ गते उनका छोरा प्रकाश फौदारले घरभित्रै कुटपिट गरी हत्या गरे। पीडकले आमाको हत्या गरेपछि घर छोडी भागेर मङ्सिर २ गते घरमा पुनः फर्किएपछि स्थानीय बासिन्दाको सहयोगमा प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले लासको खोजतलासका क्रममा आफ्नै घरभित्र खाल्डो खनी पुरिएको अवस्थामा मङ्सिर ३ गते निकाले। पीडक फौदारलाई हाल जिल्ला कारागार शाखा गुल्मीमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

अमरपुर गाविस-९ की २५ वर्षीया हुमकला नेपालीलाई ०६५ जेठ २१ गते राती आफ्नै पति ढालबहादुर नेपालीले मदिरा सेवन गरी कुटपिट गरी सख्त घाइते बनाए। रातीको समयमा एक्कासि आफूमाथि कुटपिट गरी घाँटी च्याप्न खोज्दा आफू सोही गाविसमै रहेको आफ्नो माइतीघरमा गई बाँच्न सफल भएको उनले बताइन्। कुटपिटबाट पीडितको अनुहारमा गम्भीर चोट लाग्नुका साथै शरीरभरि नीलडाम थिए। उनको उपचार जिल्ला अस्पताल गुल्मीमा भयो। उनलाई जिल्लास्थित मानवअधिकारकर्मी, समाजसेवीहरूको पहलमा प्रहरीले मिलापत्र गरायो।

### सबै प्रकारका जातीय विभेद

तम्घास गाविस-१ का २४ वर्षीय रामु चुँदारालाई सोही गाविस-८ निवासी चन्द्रबहादुर चुँदारालगायत २० जनाको समूहले ०६५ साउन ३२ गते अन्तरजातीय विवाह गरेको भन्दै स्थानीय सार्वजनिक धारामा पानी भर्न रोक लगाउँदै जबरजस्ती धाराबाट निष्कासन गरे। पीडितले ०६५ असार महिनामा अर्खले गाविस-७ की लता परियारसँग प्रेमविवाह गरेका थिए। विवाहपछि उक्त समूहले आफूहरूमाथि पटक-पटक छोइछिटो राख्ने, मन्दिर प्रवेशमा रोक लगाउनेजस्ता दुर्व्यवहार गर्दै आएको पीडितले बताए। पीडित पक्षले ०६५ भदौ ३ गते किटानी उजुरी दिएपश्चात् प्रहरीले जिल्लास्थित मानवअधिकारकर्मी, बुद्धिजीवीहरूको पहलमा दुवै पक्षबीच मिलापत्र गरायो।

# ३.१३ बाग्लुङ



| | |
|---|---|
| जनसङ्ख्या | ३,०२,००२ |
| साक्षरता प्रतिशत | ६५ |
| महिला साक्षरता प्रतिशत | ५० |
| क्षेत्रफल (वर्ग कि. मि.) | १,७८४ |
| गाविस/नपा सङ्ख्या | ५९/१ |
| सरकारी/निजी विद्यालय | ४९६/११ |
| क्याम्पस/उच्च मा.वि. | ४/२३ |
| अस्पताल/स्वास्थ्य चौकी | १/५९ |
| मानव विकास सूचकाङ्क | ०.४९२ |
| प्रतिपरिवार सरदर सङ्ख्या | ६ |

### जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका ११ जना पुरुष र दुई जना महिला गरी १३ जना कैदीहरू छन् भने कैद नतोकिएका १६ जना पुरुष र एक जना महिला गरी १७ जना थुनुवा रहेका छन्। यसरी जिल्ला कारागारमा ३० जना बन्दी रहेका छन्। १८ पुरुष र सात महिला गरी २५ जनाको क्षमता रहेको कारागारमा क्षमताभन्दा बढी बन्दी रहेकाले बन्दीहरूलाई कठिन भएको छ।

०२८ सालमा निर्माण भएको भवन जीर्ण अवस्थामा रहेकाले सुधार गर्नुपर्ने अवस्थामा पुगेको छ।

### बेपत्ता/अपहरण

#### वाईसीएलबाट

राजकुत गाविस-२ कुतनेटा निवासी राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका तर्फबाट समानुपातिकतर्फका उम्मेदवार ३८ वर्षीय दीपक कुँवरलाई गणतन्त्र र संविधानसभाविरोधी प्रचार गरेको आरोपमा ०६४ चैत ११ गते दिउँसो वाईसीएलका कार्यकर्ताहरूले अपहरण गरी कुटपिट गरे। पीडितलाई 'म राजावादी हुँ' भनी लेखिएको कागजको बिल्ला भिराई गाउँमा आएर प्रचार प्रसार नगर्ने सर्तमा ४५ मिनेटपछि घरदेखि २ सय मिटर पर पुऱ्याई मुक्त गरे। पीडितको बाग्लुङ अस्पतालमा उपचार भयो।

#### राष्ट्रिय जनमोर्चाबाट

धम्जा गाविस-२ निवासी एमालेका कार्यकर्ता तिलक भण्डारी, हीराबहादुर भण्डारी, भरत थापा र खुमबहादुर भण्डारीलाई ०६४ माघ १६ गते धम्जा गाविसस्थित जनसेवा निमावि व्यवस्थापन समितिको निर्वाचनको विषयलाई लिएर राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले कुटपिट गरी अपहरण गरे। पीडितहरूमध्ये हीराबहादुर, भरत र खुमबहादुरलाई रातभरि तङ्ग्राम गाविसको एक घरमा राखेर माघ १७ गते भीमापोखरा गाविस-१ स्थित प्रहरी चौकीमा बुझाए। पीडितहरूलाई प्रहरीले त्यसै दिन बिहान रिहा गऱ्यो।

तङ्ग्राम गाविस-६ का काङ्ग्रेसका कार्यकर्ताहरू २५ वर्षीय देवबहादुर पुन, सोही गाविस-२ का १७ वर्षीय पूर्ण थापा, २६ वर्षीय उत्तम थापा, १९ वर्षीय प्रकाश पुन, २० वर्षीय किरण थापा, १८ वर्षीय कमल पुन, १८ वर्षीय उमेश थापा, १८ वर्षीय गङ्गाबहादुर पुन, १८ वर्षीय अमिर थापा, १८ वर्षीय नरबहादुर जोलमी, १९ वर्षीय टेकबहादुर जोलमी, तङ्ग्राम गाविस-७ का २४ वर्षीय कृष्णबहादुर पुन, २५ वर्षीय तिलक थापा, १८ वर्षीय खड्क पुन, सोही गाविस-५ का जगतबहादुर किसान, पूर्ण थापा र जगतबहादुर किसानलाई ०६४ चैत २७ गते राती तङ्ग्राम गाविस-२ ठूलोगाउँस्थित मतदान केन्द्रनजिकैबाट राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले अपहरण गरे। राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूले खाना खाइरहेको अवस्थामा काङ्ग्रेसका कार्यकर्ताहरूले आक्रमण गर्दा विवाद भएपछि राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले अपरहण गरेका थिए। राती १२ बजे १ सय ५० जनाको सङ्ख्यामा आएका राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले अपहरण गरेर तङ्ग्रामको बाहुनथानमा लगी राखे। पीडितहरू निर्वाचनको समय सकिएपछि ०६४ चैत २९ गते बिहान मुक्त गरे।

खुङ्गा गाविस-२ का अमित घर्तीमगर, सोही गाविस-१ का दीपेन्द्र विक र कृष्ण थापाले एमालेको पक्षमा मात्र मतदान गरेको आरोपमा ०६४ चैत २८ गते उनीहरूलाई राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूले अपहरण गरे। उनीहरूलाई एक दिनपछि मुक्त भए।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | १६ | ३० | १३ | ४३ | ३ | ३ | ३ |
| धम्की | १ | १ | | १ | १ | १ | १ |
| अपहरण | ४ | २४ | | २४ | | | |
| जम्मा | ३१ | ५५ | १३ | ६८ | ३ | ३ | ३ |

### धम्की/कुटपिट

### माओवादीबाट

बिनामारे गाविस-९ का राष्ट्रिय जनमोर्चाका एरिया समितिका कोषाध्यक्ष ३७ वर्षीय रामु विक (रामकुमार विक)लाई गाउँ परिषद्को रकम हिनामिनाको विषयमा ०६४ पुस २८ गते माओवादी कार्यकर्ताले कुटपिट गरे। कुटपिटबाट घाइते विकको देब्रे आँखामा चोट लागेको थियो। उनको बाग्लुङ अस्पतालमा उपचार भयो।

छिस्ती गाविस-९ निवासी राष्ट्रिय जनमोर्चाका जिल्ला सदस्य तथा जिविस बाग्लुङका पूर्वसदस्य डिलबहादुर श्रीसलाई प्रचार प्रसारमा अवरोध गरेको भन्दै ०६४ माघ १२ गते माओवादी कार्यकर्ताले कुटपिट गरे। पीडितको बाग्लुङ अस्पतालमा उपचार भयो।

### वाईसीएलबाट

अमलाचौर गाविस-८ निवासी काङ्ग्रेसका आमन्त्रित जिल्ला सदस्य ४८ वर्षीय मोहराज शर्मा र १८ वर्षीय दीपेन्द्र लामिछानेलाई ०६४ चैत २७ गते राती वाईसीएल कार्यकर्ताले घरमा बसिरहेको समयमा कुटपिट गरे। पीडितहरूको बाग्लुङ अस्पतालमा उपचार भयो।

बाग्लुङ नपा-७ निवासी नेविसङ्घका जिल्ला सह-सचिव तथा महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङका स्ववियु सचिव चिरञ्जीवी गौतमलाई काङ्ग्रेसको पक्षमा चुनाव प्रचार गरेको भन्दै ०६४ चैत २७ गते राती छिमेकी हिमालयप्रसाद पन्तको घरमा बसिरहेको समयमा ४० जनाको सङ्ख्यामा आएका वाईसीएल कार्यकर्ताले कुटपिट गरी हात भाँचिदिए। पीडितको उपचार बाग्लुङ अस्पतालमा भयो।

बुर्तिबाङ गाविस-६ का राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरू श्यामबहादुर बोहरा र सोही ठाउँका लालबहादुर भट्टराईलाई ०६५ कात्तिक २८ गते माओवादी एरिया सदस्य निसी गाविस-३ का प्रेमबहादुर घर्ती र वाईसीएल जिल्ला सदस्य निसी गाविस-४ का असिम खाममगरले कुटपिट गरे। बुर्तिबाङ बजारस्थित गङ्गाबहादुर विकको घरमा रहेको अवस्थामा राती १ बजे साङ्घातिक आक्रमण गरी घाइते बनाएकामध्ये श्यामबहादुर बोहराको नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौँस्थित टिचिङ अस्पतालमा पुऱ्याएर उपचार भयो।

### राष्ट्रिय जनमोर्चाबाट

जैदी गाविस-९ का ६८ वर्षीया धनकला पौडेल, ४४ वर्षीया तिला शर्मा, डोल्मा शर्मा, सावित्रा शर्मा, पवन शर्मा र छिमेकी चक्रपाणी पौडेललाई राष्ट्रिय जनमोर्चाविरुद्ध प्रचार गरेको आरोपमा ०६४ माघ १७ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले कुटपिट गरे। पीडितहरूमध्ये तिला शर्मा र चक्रपाणी पौडेलको बाग्लुङ अस्पतालमा र अन्यको जैदी उपस्वास्थ्य चौकीमा उपचार गरियो। नेकपा माओवादी एरिया नम्बर ७ का सदस्य चूडामणि पौडेललाई खोज्दै गएको सो समूहले पौडेलको परिवारलाई कुटपिट गरेको थियो।

धुल्लुबाँस्कोट गाविसको मतदान केन्द्रमा निर्वाचन भइरहेको अवस्थामा राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूले मतदान केन्द्र आफ्नो नियन्त्रणमा लिएको भन्दै प्रतिकार गर्न खोज्ने काङ्ग्रेसका कार्यकर्ता दलबहादुर थापालाई ०६४ चैत २८ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिटबाट घाइते थापाको पाल्पामा उपचार भएको थियो।

*राष्ट्रिय जनमोर्चाका कार्यकर्ताबाट कुटपिट गरिएकी चन्द्रकला आचार्य*

खुङ्गा गाविस-२ का एमाले कार्यकर्ता गणेश थापालाई निर्वाचनका क्रममा धाँधली गरेको आरोपमा ०६४ चैत २८ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले घरमै गएर कुटपिट गरे। कुटपिटबाट घाइते थापालाई उपचारका लागि हेलिकप्टरबाट काठमाडौँ लगिएको थियो।

राङखानी गाविस-१ का एमालेका कार्यकर्ताहरू २० वर्षीय निर्मल श्रीस, ३१ वर्षीय किरण परियार, राङखानी गाविस-३ का ३९ वर्षीय पदमबहादुर घर्ती र १९ वर्षीय पृथ्वीबहादुर थापा तथा सोही गाविस-

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | राष्ट्रिय जनमोर्चा पार्टीबाट | | | | एमालेबाट | | | काङ्ग्रेसबाट | | | नेकपा(एकीकृत)बाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | ८ | १३ | १२ | ३५ | १ | ३ | ३ | ३ | ३ | ३ | १ | ५ | ५ | ३ | ५ | ५ |
| धम्की | | | | | | | | १ | १ | १ | | | | | | |
| अपहरण | ३ | ३३ | | ३३ | | | | | | | | | | १ | १ | १ |
| जम्मा | ११ | ३६ | १२ | ४८ | १ | ३ | ३ | ३ | ४ | ४ | १ | ५ | ५ | ४ | ६ | ६ |

४ का ४८ वर्षीय टेकबहादुर श्रीसलाई ०६४ चैत २८ गते मतदान भइरहेको समयमा राष्ट्रिय जनमोर्चाका कार्यकर्ता र नेकपा एकीकृतका कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। सोही घटनामा राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरू खगेन्द्र शर्मा र नरबहादुर थापा पनि घाइते भए। उनीहरूको पोखरामा उपचार भएको थियो।

अधिकारीचौर गाविस-८ निवासी नेकपा एकीकृतका जिल्ला सदस्य तथा समानुपातिकतर्फका उम्मेदवार गुञ्जमान घर्तीलाई ०६५ वैशाख २ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले चुनाव प्रचारका क्रममा कार्यकर्ता भेटघाट गर्दै हिँडेको समयमा राडखानी गाविसको ओखलेमा कुटपिट गरे। घर्तीको शरीरभरि निलडाम र टाउकोमा ५० भन्दा बढी टाँका लगाइएको थियो।

पैँयुथन्थाप गाविस-३ का काङ्ग्रेसका कार्यकर्ताहरू ४५ वर्षीया चन्द्रकला आचार्य, ६२ वर्षीया दीरपादेवी आचार्यलाई बाटोमा हिँड्दा ढुङ्गा फालेको भन्दै ०६५ वैशाख ९ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले कुटपिट गरे।

तङ्ग्राम गाविस-२ का ६६ वर्षीया दाउरी थापा, ४० वर्षीया कान्छीमाया थापा, ५३ वर्षीया सेतीकला पुन, ४६ वर्षीया नन्दकली पुन, सोही गाविस-५ का ३९ वर्षीया पवित्रा पुन, सोही गाविस-२ का ३७ वर्षीया दुर्गी जोल्मी, ३४ वर्षीया तुलसी पुन, ३२ वर्षीया रनमाया पुनलाई ०६५ वैशाख १६ गते निर्वाचनको विषयमा भएको विवादलाई लिएर राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले गाउँमा नबस्न धम्की दिए। धम्कीपछि पीडितहरू असुरक्षाका कारण ०६५ वैशाख १७ गते गाउँबाट विस्थापित भई जिल्ला सदरमुकाममा विस्थापित भए। उनीहरू ०६५ वैशाख २० गते सर्वदलीय सहमतिपछि घर फर्किए।

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरिएका दीपक कुँवर*

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका डिलबहादुर श्रीस*

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका रामु विक*

### नेकपा एकीकृतबाट

लेखानी गाविस-२ का २५ वर्षीय दीर्घराज कँडेल, २९ वर्षीय तुलसीराम कँडेल, ५० वर्षीय बलिभद्र कँडेल, सोही गाविस-१ का ४४ वर्षीय बाबुराम क्षेत्री, सिगाना गाविस-२ का ३२ वर्षीय राजन जीसी र पैयुँपाट गाविस-२ का २२ वर्षीय प्रकाश क्षेत्रीलाई ०६४ चैत २३ गते नेकपा एकीकृतका कार्यकर्ताले कुटपिट गरे। काङ्ग्रेसका तर्फबाट बाग्लुङ क्षेत्र नम्बर २ का उम्मेदवार मणिभद्र शर्मा कँडेलसँग प्रचार प्रसार अभियानमा रहेका कार्यकर्ताहरूलाई हुर्दीसिर गाविस-७ निवासी गुप्तबहादुर कालाको घरमा सुतिरहेको समयमा कुटपिट गरेका थिए। पीडितहरूको हेलिकप्टरद्वारा पोखरा लगी उपचार गरियो।

### नेपाली काङ्ग्रेसबाट

रेश गाविस-४ निवासी नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका जिल्ला उपाध्यक्ष ३८ वर्षीय थानेन्द्रप्रसाद गौतमलाई मतपेटिका लिएर सदरमुकामतर्फ जाने क्रममा ०६४ चैत २८ गते साँझ रेश गाविस-६ मा काङ्ग्रेसका जिल्ला सहसचिव चित्रबहादुर

*राष्ट्रिय जनमोर्चाका कार्यकर्ताद्वारा कुटपिट गरिएका गुञ्जमान घर्ती*

कार्कीको नेतृत्वमा रहेको समूहले बिनाकारण लाठी प्रहार गरी घाइते बनाए। गौतमको टाउकोमा चोट लागेको थियो। उनको पोखरामा उपचार भयो।

इन्सेक जिल्ला प्रतिनिधि रामबहादुर जीसीलाई आफूविरुद्ध इन्सेक अनलाइनमा समाचार लेखेको भन्दै काङ्ग्रेस बाग्लुङका सह-सचिव चित्रबहादुर कार्कीले ०६४ चैत २९ गते राती टेलिफोनबाट आफ्नो विपक्षमा समाचार नलेख्न धम्की दिए। चैत २८ गते कार्कीको नेतृत्वमा रहेको काङ्ग्रेसका कार्यकर्ताहरूको एक समूहले नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका जिल्ला उपाध्यक्ष थानेन्द्रप्रसाद गौतमलाई कुटपिट गरेको समाचार प्रकाशन/प्रसारण भएको भन्दै उनले धम्की दिएका थिए।

### एमालेबाट

धम्जा गविस-७ निवासी राष्ट्रिय जनमोर्चाद्वारा गाविसमा गठित संविधानसभा निर्वाचन परिचालन कमिटीका संयोजक भद्री किसानलाई ०६४ चैत १८ गते एमालेका कार्यकर्ताहरूले अभद्र व्यवहार गरे। राष्ट्रिय जनमोर्चाको पक्षमा प्रचार गरेको आरोपमा तोडफोड गर्नुका साथै अपशब्द बोलेका थिए।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

एमालेका तर्फबाट बाग्लुङ क्षेत्र नम्बर १ का उम्मेदवार रामजीप्रसाद शर्माको मालिका गाविसमा ०६४ चैत २८ गते मतदान कार्य भइरहेको समयमा एमालेले आफ्नो पक्षको मात्र मत हालेको भन्दै वाईसीएल र काङ्ग्रेसका कार्यकर्ताहरूले दिउँसो २ बजे मतदान केन्द्रमा तोडफोड गरे। खुङ्गा गाविसमा एमाले र एकीकृत तथा राष्ट्रिय जनेमार्चाबीच, सर्कुवामा राष्ट्रिय जनमोर्चा र काङ्ग्रेसबीच, राङ्खानीमा एमाले र एकीकृत तथा राष्ट्रिय जनमोर्चाबीच झडप भएपछि निर्वाचन स्थगित भयो। स्थगित भएका सबै मतदान केन्द्रमा ०६५ वैशाख ५ गते पुनः मतदान भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा यस वर्ष दुनियाँवादी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका २४ थानमध्ये १४ थान मुद्दा फर्स्यौट भई १० थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३८ थानमध्ये २१ थान फर्स्यौट भई १७ थान बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्ष जिम्मेवारी सरेर आएका २२ थानमध्ये ११ थान मुद्दा फर्स्यौट भई १० थान बाँकी रहे। यस वर्ष दर्ता भएका २२ थानमध्ये नौ थान मुद्दा फर्स्यौट भई १३ थान बाँकी रहे।

देवानीतर्फ जिम्मेवारी सरेका आठ थानमध्ये छ थान फर्स्यौट भई दुई थान बाँकी रहे। यस वर्ष दर्ता भएका १८ थान मुद्दामध्ये छ थान फर्स्यौट भई १२ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म पुनरावेदन अदालतमा ६४ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्।

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६८ थान मुद्दामध्ये २२ थान फर्स्यौट भई ४४ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ४८ थान मुद्दामध्ये १६ थान मुद्दा फर्स्यौट भई ३२ थान बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४६ थान मुद्दामध्ये १४ थान मुद्दा फर्स्यौट भई ३२ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४९ थान मुद्दामध्ये १८ थान मुद्दा फर्स्यौट भई ३१ थान बाँकी रहे।

देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेका ४२ थान मुद्दामध्ये १२ थान मुद्दा फर्स्यौट भई ३० थान बाँकी रहे। यस वर्ष दर्ता भएका ५५ थान मुद्दामध्ये १६ थान फर्स्यौट भई ३९ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा २ सय ८ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्।

### सबै प्रकारका जातीय विभेद

सिगाना गाविस-१ स्थित कोत मन्दिर ०६५ को नवदुर्गामा खुलाउने निर्णय भए पनि गैरदलित

समुदायले सहमति पालना नगरेका कारण खुल्न सकेन। दलित समुदायले अन्य समुदायसरह पूजा गर्न पाउनु पर्ने माग गरेपछि उत्पन्न विवादका कारण एक वर्षदेखि बन्द रहेको मन्दिर खुलाउने विषयमा ०६५ असोज १३ गते जिल्ला प्रशासन कार्यालयमा भएको सहमति गैरदलित समुदायले पालना नगरेकाले पूजा हुन नसकेको दलित समुदायले जनाए। दलित र गैरदलित सबैले मन्दिरभित्रै गएर समान रूपमा पूजापाठ गर्ने निर्णय भएपछि कोत मन्दिरमा एक वर्षअघिदेखि लगाइएको ताला खुलाएर पूजा गर्ने सहमति भएको थियो।

## ३.१४ पर्वत



जनसङ्ख्या : १,७०,२२७
साक्षरता प्रतिशत : ६७
महिला साक्षरता प्रतिशत : ५६
क्षेत्रफल (वर्ग कि. मि.): ४९४
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ३२७/१३
क्याम्पस/उच्च मा.वि. : ४/२४
अस्पताल/स्वास्थ्य चौकी : २/५३
मानव विकास सूचकाङ्क : ०.५०४
प्रतिपरिवार सरदर सङ्ख्या : ५

### जेल र बन्दीहरू

'घ' श्रेणीको रहेको यहाँको जेलको क्षमता २५ जनाको रहेको छ। कारागारमा यस वर्षको अन्त्यसम्म २८ जना पुरुष र तीन जना महिला गरी ३१ जना बन्दी रहेका छन्। जसमा नौ जना पुरुष र दुई महिला गरी ११ जना कैद तोकिएका र १९ जना पुरुष र एक महिलाको कैद नतोकिएका बन्दी रहेका छन्। कारागारमा खानेपानी र बिजुली, टीभीलगायतका सुविधा भए पनि भान्साघर साँघुरो भएको, पत्रपत्रिका नपाएको र खेलकुदका सामग्री नभएको बन्दीहरूले बताए।

### बेपत्ता/अपहरण

### माओवादीबाट

लुखुँ गाविस-१ की २३ वर्षीय माया अधिकारी र सरौखोला गाविस-८ की २४ वर्षीया ज्ञानु तिवारीलाई ०६४ चैत २३ गते भोर्ले गाविसको दलित बस्तीमा संविधानसभा निर्वाचनमा सचेतना कार्यक्रम सञ्चालन गरिरहेको अवस्थामा माओवादीले अपहरण गरी प्रचार सामग्री र नगद लुटपाट गरी इलाका प्रहरी कार्यालय हुवास लगेर बुझाए। पीडितहरू चैत २४ गते बेलुका रिहा भए।

शङ्करपोखरी गाविस-७ निवासी एमालेका कार्यकर्ता ६० वर्षीय नलप्रसाद भुसालले माओवादीविरुद्ध चुनावी प्रचार गरेको आरोपमा ०६४ चैत २४ गते राती सुतिरहेको अवस्थामा माओवादीका एरिया इन्चार्ज प्रभात भनिने कृष्ण आचार्य र शङ्करपोखरी गाउँ कमिटीका सेक्रेटरी कृष्णप्रसाद भुसालसमेतको टोलीले अपहरण गरे। पीडितहरूलाई बुटवलबाट चैत २६ गते मुक्त गरे। भुसालको स्थिति बुझ्न गएका एमाले जिल्ला सचिव विकास लम्साललगायतका दुई जना दोहोरो झडपमा घाइते भएका थिए।

उरामपोखरा गाविस-५ का ६४ वर्षीय लोकप्रसाद भुसाललाई राजनीतिक रूपमा फरक आस्था भएका कारण ०६४ चैत २५ गते माओवादीले घरबाट अपहरण गरी राजनीतिमा सक्रिय रूपमा सहभागी नहुने सर्तमा सोही ठाउँबाट चैत २६ गते मुक्त गरे।

भोर्ले गाविस-२ का काङ्ग्रेस क्षेत्रीय सभापति तोयनाथ भुसाललाई आचारसंहिता उल्लङ्घन गरेको विषयमा प्रेस विज्ञप्ति प्रकाशित गरी पत्रपत्रिकामा समाचार प्रकाशन गरेको आरोपमा ०६४ चैत २५ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई हुवास गाविसबाट चैत २६ गते मुक्त गरे।

तिलाहार गाविस-३ गिज्यानका काङ्ग्रेसका कार्यकर्ता ३४ वर्षीय अमृत मल्लले सशस्त्र द्वन्द्वको समयमा चन्दा उठाउन जिम्मा दिइएको जिम्मेवारी पूरा नगरेको आरोपमा ०६५ वैशाख ४ गते उनलाई माओवादीले अपहरण गरी तिलाहार गाविस-६ डिमुवामा पुऱ्याई कुटपिट गरे। पीडितलाई सोही दिन

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | १ | १ | | १ | ४ | ६ | | ६ | | | |
| धम्की | १ | १ | | १ | | | | | | | |
| जातीय विभेद | १ | १ | १ | २ | | | | | | | |
| महिलाअधिकार | २ | | २ | २ | | | | | | | |
| बालअधिकार | २ | | २ | २ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | १ | १ | | १ | | | |
| अमानवीय व्यवहार | | | | | | | | | १ | १ | १ |
| अपहरण | | | | | ५ | ४ | २ | ६ | | | |
| जम्मा | ७ | ३ | ५ | ८ | १० | ११ | २ | १३ | १ | १ | १ |

कुटपिट गरेपछि ५५ हजार रुपियाँ नदिए कारबाही गर्ने धम्की दिई मुक्त गरे।

### धम्की/कुटपिट
### माओवादीबाट

देउपुर गाविस-५ का काङ्ग्रेसका गाउँ एकाइ समिति सदस्य ३८ वर्षीय सुरेशराज शर्मा र रामराज शर्मालाई आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०६४ माघ ३ गते माओवादीका कार्यकर्ताले कुटपिट गरे। माओवादीको कुटपिटबाट सुरेशराजको देब्रे खुट्टा भाँचिनुका साथै शरीरका विभिन्न भागमा चोटपटक लागेको र रामराजको टाउकोमा चोट लागेको थियो। पीडितहरूमध्ये रामराजको उपचार काठमाडौँमा गरियो भने सुरेशराजको मणिपाल कलेज पोखरामा उपचार भयो।

ठूलीपोखरी गाविस-८ का ३८ वर्षीय राजेन्द्र पौडेललाई एमालेमा भोट नहाल्न र पार्टी प्रतिनिधि नबस्न सचेत गराउँदा पनि बसेको आरोपमा ०६४ चैत २८ गते राती माओवादीका रामप्रसाद लामिछाने, भीम कुँवर, चूडामणि पौडेल, दीपेन्द्र पौडेल,

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका सुरेशराज शर्मा*

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका राजेन्द्र पौडेल*

खिमलाल पौडेल, लोकबहादुर जिटीलगायत ४०/४५ जना कार्यकर्ताले घर घेरा हाली सख्त हुने गरी कुटपिट गरे। उनको पोखराको फेवा सिटी अस्पतालमा उपचार भयो।

बाजुङ गाविस निवासी नेकपा (एमाले)का कार्यकर्ता रामबहादुर अधिकारी क्षेत्रीलाई मतदान प्रतिनिधि बसेको आरोपमा ०६४ चैत २८ गते संविधानसभा निर्वाचनको दिन मतदान सम्पन्न गरी मतपेटिका लिई कुश्मा आउने क्रममा सोही गाविसको भ्याप्ले भन्ने स्थानमा माओवादी कार्यकर्ताले कुटपिट गरे।

कार्कीनेटा गाविस-७ निवासी एमाले जिल्ला कमिटी सदस्य २८ वर्षीय पदमपाणि शर्मा र कार्कीनेटा प्रहरी चौकीका हवल्दार मनबहादुर भण्डारीलाई ०६५ वैशाख ४ गते माओवादी कार्यकर्ता लक्ष्मण विकको समूहले कार्कीनेटा गाविस-८ मा कुटपिट गऱ्यो। कार्कीनेटा गाविस-७ का मनकाजी विकको घरमा आगो लगाएको विषयमा घटनास्थलको अनुगमनका क्रममा उनीहरूलाई कुटपिट गरेका थिए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत पर्वतमा गत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी १७ थान र यस वर्ष दर्ता भएका २० थान गरी ३७ थान मुद्दामध्ये १९ थान फर्स्यौट भई १८ थान बाँकी रहे। गत वर्षबाट जिम्मेवारी सरेर आएका सरकारी फौजदारीतर्फ छ थान र यस वर्ष दर्ता भएका १८ थान गरी २४ थान मुद्दामध्ये चार थान फर्स्यौट भई २० थान बाँकी रहे।

यसैगरी, गत वर्षबाट जिम्मेवारी सरेर आएका देवानीतर्फका मुद्दा ४६ थान र यस वर्ष दर्ता भएका २६ गरी ७२ थान मुद्दामध्ये २९ थान मुद्दा फर्स्यौट भई ४३ थान बाँकी रहे। बिगोतर्फ जिम्मेवारी सरेर आएका १० र यस वर्ष नौ थान गरी १९ थान मुद्दामध्ये १२ थान फर्स्यौट भई सात थान बाँकी रहे। यस वर्ष महिला अंश र सम्बन्धविच्छेदका १० थान मुद्दामध्ये सात थान मिलापत्र भए भने तीन थान फर्स्यौट हुन बाँकी रहे।

जिल्ला प्रहरी कार्यालयमा पर्वतमा महिलासम्बन्धी घरेलु हिंसाका आठ थानमध्ये छ थान मिलापत्र भए भने दुई थान फर्स्यौट हुन बाँकी रहे।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

नेपाल आदिवासी जनजाति महासङ्घका जिल्ला संयोजक दुर्गाबहादुर पुनलाई गाउँलेहरूले नागरिकता र राहदानी बनाइने क्रममा दलालको भूमिका गरेको आरोपमा ०६५ असार २२ गते प्रमुख जिल्ला अधिकारी जितेन्द्रबहादुर भण्डारीले गालीगलौज गरी दुर्व्यवहार गरे। नेपाल आदिवासी जनजातिका सयौँ कार्यकर्ताले जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएपछि प्रमुख जिल्ला अधिकारीले भनेका कुरा फिर्ता लिँदै माफी मागेका थिए।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

शिवालय गाविस-३ की २२ वर्षीया सिर्जना गिरीलाई माइतबाट ल्याएको दाइजोसहित ०६५ पुस ९ गते फिर्ता गरी घरबाट निकाले। एक महिनाभित्र अंश दिने सहमति भएको थियो। ०६५ असार २८ गते परम्परा अनुसार जीवन गिरीसँग मागी विवाह गरेका थिए। जीवन गिरीले विवाह गरेको १५ दिनपछि मोटरसाइकल र सासूले कार चाहिन्छ भनी दैनिकजस्तो यातना दिइरहेका थिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६५ मङ्सिर ६ गते उजुरी गरेकी थिइन्। जिल्ला प्रहरी कार्यालयले दुवै पक्षलाई बोलाई दाइजो फिर्ता दिने र अंश दिने सहमति गरायो।

# ३.१५ म्यार्दी




जनसङ्ख्या : १,२६,८०५
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२९७
गाविस/नपा सङ्ख्या : ४०/०
सरकारी/निजी विद्यालय : २३०/१०
क्याम्पस/उच्च मा.वि. : १/१०
अस्पताल/स्वास्थ्य चौकी : १/४२
मानव विकास सूचकाङ्क : ०.४९८
प्रतिपरिवार सरदर सङ्ख्या : ५

## जेल र बन्दीहरू

'ख' श्रेणीको कारागारको बन्दी क्षमता २५ जनाको रहे तापनि ३१ जना पुरुष तथा दुई जना महिला गरी कूल ३३ जना बन्दी रहेका छन्। जसमध्ये दुई जना महिलासहित २१ जना कैद तोकिएका कैदी र आठ जना कैद नतोकिएका थुनुवा रहेका छन्।

कारागारभित्र महिला तथा पुरुष दुवैतर्फ आधुनिक चर्पी, खानेपानी, खेलकुदका सामग्री, टेलिभिजन उपलब्ध छन्। कारागार प्रशासनले आफूले पढेका पत्रिका बन्दीलाई दिन्छ भने बन्दीले चाहेका सबै पत्रिका किन्न पाउँछन्। बन्दीले चाहेमा म्यार्दी पुस्तकालयबाट आवश्यक पुस्तक पुऱ्याउने व्यवस्था पनि जेल प्रशासनले गरेको छ। आर्थिक स्रोत नभएकाले सबै पत्रिका किनेर उपलब्ध गराउन नसक्ने जेल प्रशासनले बतायो। जेलभित्र मैनबत्ती बनाउने, झोला बुन्ने र मोजा बुन्नेजस्ता सीपमूलक काम गर्ने गरेका छन्।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| गिरफ्तारी/यातना | | | | | | | १ | १ | १ |
| कुटपिट | | | | १ | १ | १ | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १ | १ | १ | १ | १ | १ | | | |
| अपहरण | | | | ३ | ३ | ३ | | | |
| जम्मा | १ | १ | १ | ४ | ४ | ४ | १ | १ | १ |

**बेपत्ता/अपहरण**

**माओवादीबाट**

रुम गाविस-८ डाँडागाउँ एमाले गाउँ कमिटीका सदस्य विष्णु बुढालाई ०६४ चैत २७ गते राती माओवादीका कार्यकर्ताले अपहरण गरे। अपहरणपछि बुढालाई माओवादी कार्यकर्ताहरूले मानसिक यातना दिएर जङ्गलमा राखेका थिए। उनलाई संविधानसभा निर्वाचनका क्रममा माओवादी कार्यकर्ताले गर्ने कुनै पनि कामको प्रतिकार र टिप्पणी नगर्ने तर एमालेका मतदान एजेण्टका रूपमा मतदान प्रक्रियामा भने सहभागी हुने सर्तमा चैत २८ गते बिहान गाउँमा ल्याई मुक्त गरे।

मराङ गाविस-७ स्थायी घर भई सदरमुकाम बेनी बजारमा बसोबास गर्ने काङ्ग्रेस जिल्ला समितिका उपसभापति दिलबहादुर केसीलाई संविधानसभा निर्वाचनमा काङ्ग्रेसका तर्फबाट मराङ मतदान केन्द्रमा मतदान प्रतिनिधिका रूपमा गएका बेला ०६४ चैत २७ गते साँझ माओवादी कार्यकर्ताहरूले घरबाट अपहरण गरे। केसीलाई माओवादीले घरबाट अपहरण गरी जङ्गलमा पुऱ्याई डोरीले बाँधेर कुटपिट गर्नुका साथै साथमा रहेको पैसा लुटपाट गरी चैत २८ गते सम्पन्न संविधानसभा निर्वाचनमा समेत मतदान गर्नबाट वञ्चित गरी मतदानपछि मुक्त गरेको काङ्ग्रेसले जनायो। माओवादीका जिल्ला सदस्य थमन जुग्जालीले केसीले मराङको एक बस्तीमा रक्सी र मासु खुवाउँदै पैसा बाँड्दै गरेको फेला पारिएपछि केही समय नियन्त्रणमा लिएर पछि मुक्त गरेको बताए।

**धम्की/कुटपिट**

**माओवादीबाट**

बेगखोला गाविस-९ तिप्ल्याङका ६५ वर्षीय टेकबहादुर गर्वुजालाई मागेको रकम नदिएको आरोपमा ०६५ वैशाख २३ गते दिउँसो माओवादी ४ नम्बर इलाका सेक्रेटरी पालुवाले कुटपिट गरे। पीडित गर्वुजाले नागरिक समाज म्याग्दीमा दिएको निवेदनमा माओवादीका जिल्ला नेता पालुवाले जनअदालतमा परेको उजुरीमाथि पार्टीको निर्णय भन्दै कुटपिट गरेको उल्लेख गरिएको थियो।

**सुगम र निष्पक्ष न्यायिक अधिकार**

यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा ३२ थान दुनियाँवादी फौजदारी, ५६ थान दुनियाँवादी देवानी र २० थान सरकारवादी फौजदारी गरी कूल १ सय ८ थान मुद्दा दर्ता भए, जसमध्ये १० थान दुनियाँवादी फौजदारी, १२ थान दुनियाँवादी देवानी र सात थान सरकारवादी फौजदारी गरी २९ थान मुद्दा मात्र फर्स्यौट भए। बाँकी रहेका मुद्दाहरूमध्ये दुई थान तीन वर्षदेखि र पाँच थान मुद्दा दुई वर्षदेखि फर्स्यौट हुन सकेका छैनन्।

**यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड**

पाखापानी गाविस-१ घर भई सदरमुकाम बेनी बस्ने ३८ वर्षीय कमल पुनलाई रक्सी खाएर सार्वजनिक स्थानमा होहल्ला गरेको आरोपमा ०६५ असार ३१ गते राती अस्थायी प्रहरी चौकी पारिबेनी पर्वतका प्रहरीले पक्राउ गरी चौकीभित्रै लगेर कुटपिट गरी हात भाँचिदिए।

प्रहरीले पक्राउ गरेपछि रातभरि चौकीभित्र राखेर कुर्सीले प्रहार गर्दा उनको देब्रे हात तीन ठाउँमा भाँचिएको थियो। पीडितले जिल्ला अदालत पर्वतमा प्रहरीविरुद्ध यातनासम्बन्धी मुद्दा दर्ता गरे। पीडकहरू

अदालतको आदेशले धरौटी बुझाई तारेखमा रिहा भएका छन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्ला वन कार्यालयका रेञ्जर पूर्णप्रसाद भारतीसमेतको टोलीलाई ०६५ जेठ १६ गते माओवादीका कार्यकर्ताले अनुमति विना गाउँ आएको भन्दै रुम गाविसबाट फिर्ता पठाए। जडीबुटी व्यवस्थापनसम्बन्धी तालिम दिन उक्त टोली रुम गाविस गएको थियो। माओवादी सेक्रेटरी मीनबहादुर बानियाँले भूलबस घटना भएको बताए।

ज्यामरुकोट गाविस-८ का ३८ वर्षीय प्रदीप सापकोटाको अथुङ्गे गाविस-२ बेनीमा अवस्थित कित्ता नं. २ ख १७९ र ३६४ को क्रमशः २-५-३-३ र १-६-१-२ क्षेत्रफलका चार रोपनी जग्गा र सोही ठाउँमा रहेका दुईओटा भवनलाई ०६५ असार २५ गते युथफोर्स र असार २६ गते एमाले, माओवादी, काङ्ग्रेस, जनमोर्चालगायतका छओटा राजनीतिक दलले एक कार्यक्रम गरी कब्जा गरेको घोषणा गरे। नेपाल खाद्य संस्थानले ०६५ असार १३ गते हेटौँडाका जग्गा व्यापारी नरत्तम दहाललाई एक करोड २० लाख रुपियाँमा बिक्री गरेको उक्त जग्गा सापकोटाले दुई दिनपछि ०६५ असार १५ गते १ करोड ७९ लाख रुपियाँमा खरिद गरेका थिए। राजनीतिक दल र स्थानीयबासीले आर्थिक अनियमितता गरी संस्थानले भू-माफियालाई बिक्री गरेकाले उक्त जग्गा मुअब्जा दिएर राष्ट्रियकरण गर्नुपर्ने माग गरे।

## ३.१६ मुस्ताङ

| | |
|---|---|
| जनसङ्ख्या : | १५,४८१ |
| साक्षरता प्रतिशत : | ५३ |
| महिला साक्षरता प्रतिशत : | ४० |
| क्षेत्रफल (वर्ग कि. मि.) : | ३,५७३ |
| गाविस/नपा सङ्ख्या : | १६/० |
| सरकारी/निजी विद्यालय : | ६५/५ |
| क्याम्पस/उच्च मा.वि. : | ०/१ |
| अस्पताल/स्वास्थ्य चौकी : | २/१८ |
| मानव विकास सूचकाङ्क : | ०.४८२ |
| प्रतिपरिवार सरदर सङ्ख्या : | ५ |

### जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार शाखा मुस्ताङमा ३५ जना बन्दी राख्ने क्षमता रहेको छ। यस कारागारमा कैद नतोकिएका एक जना मात्र बन्दी रहेका छन्। कर्तव्य ज्यान मुद्दामा बाग्लुङ जिल्ला घर भएका मोतीलाल विक नामका बन्दी रहेको जिल्ला कारागार शाखाले जनायो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा गत वर्षको बाँकी मुद्दा एउटा पनि थिएन। यस वर्ष दर्ता भएका कर्तव्य ज्यान मुद्दा र मोटरसाइकल आगलागी गरी दुई थान मुद्दामा कुनै पनि फर्स्यौट हुन नसकी बाँकी रहे। विगतदेखि यस जिल्लामा मुखिया प्रथा यथावत् रहेकाले गाउँगाउँमा मुखियाले नै मुद्दा फैसला गर्ने गर्छन्। त्यसकारण गाउँघरमा हुने झै-झगडा र अन्य मुद्दाहरू जिल्ला अदालतसम्म नगण्य रूपमा दायर हुने गर्छन्।

**आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

मुस्ताङ-म्याग्दी खण्डमा भत्किएका सडकको यथाशीघ्र मर्मत गरी यातायात पुनः सञ्चालनमा ल्याउन मुस्ताङबासीले ०६५ असोज १ गते जिल्ला प्रशासन कार्यालय मुस्ताङमा ज्ञापनपत्र बुझाए। यसैगरी, जिल्लामा रहेका सम्पूर्ण कर्मचारीहरूका तर्फबाट ०६५ मङ्सिर १७ गते र १८ गते ट्रेड युनियन महासङ्घ र नेपाल दलित मुक्ति मोर्चाका तर्फबाट जोमसोमदेखि बेनीसम्म सोझै यातायात सञ्चालन गरिनुपर्ने र भाडा घटाउनुपर्ने भन्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाए। यसैबीच, पुस १ देखि ३ गतेसम्म मुस्ताङका जनताले भाडामा चलाइएका गाडीहरू बन्द गरेका थिए। त्यसको बदलामा मुस्ताङ जीप व्यवसायी समितिले खाद्यान्न ओसारपसार गरिरहेका ट्रक, मोटर साइकल र बिरामी बोकेको एम्बुलेन्ससमेत चल्न नदिई पुस ४ गतेदेखि १० गतेसम्म बन्द गरेका थिए। जसको विरोधमा स्थानीयबासीले पुस ६ गते आक्रोशमा आई लेते गाविसस्थित घाँसामा नौओटा जिपहरू तोडफोड गरे।

# मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्यूठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रूकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालीकोट

४.१४ मुगु

४.१५ हुम्ला

# ४.१ दाङ

जनसङ्ख्या : ५,७०,४३९
साक्षरता प्रतिशत : ६९
महिला साक्षरता प्रतिशत : ४७
क्षेत्रफल (वर्ग कि. मि.): २,९५५
गाविस/नपा सङ्ख्या : ३९/२
सरकारी/निजी विद्यालय : ४२३/८४
क्याम्पस/उच्च मा.वि. : ५/१७
अस्पताल/स्वास्थ्य चौकी : ५/४०
मानव विकास सूचकाङ्क : ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्या : ५

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**राज्यबाट**

पूर्वगृहमन्त्री तथा काङ्ग्रेका नेता खुमबहादुर खड्का चढेको गाडीलाई माओवादी कार्यकर्ताले लक्षित गरी हमला गर्न खोजेको आरोपमा ०६४ चैत २६ गते साँझ उनको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले लमहीमा गोली चलाउँदा सात जना माओवादी कार्यकर्ताको मृत्यु भयो। घटनामा मृत्यु हुनेहरूमा सौँडियार गाविस-५ का २१ वर्षीय शीतल चौधरी, बेला गाविस-३ का २५ वर्षीय मीनबहादुर पुन, चैलाही गाविस-२ का २२ वर्षीय जीउलाल चौधरी, राजपुर गाविस-९ का २४ वर्षीय पूर्णजङ्ग सेन, चैलाही गाविस-२ का २८ वर्षीय लवरू चौधरी, राजपुर गाविस-९ का २५ वर्षीय चेतबहादुर बुढा र रोल्पा जिल्ला कोर्चाबाङ गाविस-२ का २२ वर्षीय अमर पुन रहेका थिए। लबरू चौधरी र पूर्णजङ्ग सेनको भैरहवामा र अमर पुनको कोहलपुर मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको थियो।

सोही घटनामा गोली लागी चैलाही गविस-४ का २२ वर्षीय दीपेन्द्र केसी, बेला गाविस-५ का २० वर्षीय मीनबहादुर बुढाथोकी, सौँडियार गाविस-५ का १८ वर्षीय सुरेश चौधरी, घोराही नपा-१० का १६ वर्षीय गोविन्द चौधरी, नारायणपुर गाविस-३ का २२ वर्षीय किशोर चौधरी, सोही ठाउँकै २४ वर्षीय वासु चौधरी, चैलाही गाविस-२ का १९ वर्षीय नूमकान्त बोहरा, १९ वर्षीय सोनु पाण्डे, २९ वर्षीय किरण चौधरी र सल्यान कपुरकोट गाविसका १६ वर्षीय लेटमान खड्का घाइते भएका थिए। घाइतेहरूको भैरहवा, नेपालगञ्ज र काठमाडौँमा उपचार भयो।

इन्सेक क्षेत्रीय कार्यालय, नेपालगञ्जको नेतृत्वमा एड्भोकेसी फोरम र आरआरएनको चार सदस्यीय टोलीले घटनाको स्थलगत अध्ययन गरेको थियो। पर्याप्त सुरक्षा सतर्कता अपनाउन नसकेका कारण सो घटना भएको निष्कर्ष टोलीको रहेको छ। सुरक्षाकर्मीहरूले आफूहरूले जवाफी कारबाही गरेको बताए पनि खड्का सवार गाडी तथा सशस्त्र प्रहरीको स्कर्टिङ्को गाडीमा कुनै गोली लागेको नदेखिएको र दुवै गाडीमा सवार कुनै पनि व्यक्तिलाई चोटपटक नलागेको अध्ययन टोलीको प्रतिवेदनको निष्कर्षमा उल्लेख गरिएको छ।

पीडित पक्षका तर्फबाट सोनपुर गाविस-८ सुनडवरीका विश्वराज आचार्य, सौँडियार गाविस-५ जबरपुरका पुन्नीप्रसाद चौधरी र घोराही नपा-१० का सहदेव थारूले खुमबहादुर खड्कासमेत १६ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय दाङको तोक आदेशमा इलाका प्रहरी कार्यालय लमहीमा ०६५ वैशाख ७ गते किटानी जाहेरी दर्ता गराए। खड्काका निजी सुरक्षा अधिकृत मोहन सुनुवार, चित्रबहादुर डाँगी, सतबरिया गाविस-६ का देवेन्द्र खड्का, गड्गापरस्पुर गाविस-९ का अनुप थापा, चैलाही गाविस-४ का अशोक खड्का, गड्गापरस्पुर गाविस-७ का यज्ञबहादुर वली, सोनपुर गाविस-६ का वासुदेव जङ्गली, चैलाही गाविस-२, का माधव केसी, बेला गाविस-८ का राम कुँवर यादव, बेला गाविस-७ का रामेश्वर यादव, बेला गाविस-५ का माधव केसी, राजपुर गाविस-९ का जानकीलाल बस्नेत, सैघा गाविस-५ का रामबहादुर केसी, बर्दिया जिल्ला गुलरिया नपा-३ का अखिलेश यादवको घटनामा संलग्नता रहेको भन्दै जाहेरीमा ती व्यक्तिहरूविरुद्ध कर्तव्य ज्यान मुद्दा चलाई हदैसम्मको सजाय गर्न माग गरिएको थियो।

आचारसंहिताविपरीत खुमबहादुर खड्काको

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ५ | ३ | ३ | ५ | | | | | | १ | ७ | ७ |
| घाइते | ७ | ११ | | ११ | १ | ४ | ३ | | ७ | १ | १० | १० |
| कुटपिट | ३ | ८ | ३ | ११ | ३ | ३ | १ | | ३ | | | |
| धम्की | ३ | १ | १ | ३ | ५ | ६ | | | ६ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | १ | | | १ | १ | १ | १० | १० |
| महिलाअधिकार | ८ | | १० | १० | | | | | | | | |
| बालअधिकार | ३ | १ | ३ | ३ | | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | ३ | ३ | | ३ | | | | | | | | |
| अपहरण | ३ | ३ | | ३ | १ | ४ | | | ४ | | | |
| जम्मा | ३३ | २८ | १९ | ४७ | ११ | १६ | ४ | १ | २१ | ३ | २७ | २७ |

चुनाव प्रचारमा पोखरा, काठमाडौँ, ललितपुर, धनकुटा र तनहुँबाट सोही दिन आएका युवकहरूलाई वाईसीएल कार्यकर्ताहरूले समाती प्रहरीलाई बुझाएपछि उक्त घटना भएको थियो। माओवादी कार्यकर्ताले काठमाडौँ मनपा-२२ का २२ वर्षीय सुनील क्षेत्री, सोही मनपा-११ का २४ वर्षीय प्रभु लामा, २५ वर्षीय मङ्गल तामाङ, १९ वर्षीय जानम शाक्य, २४ वर्षीय कविन शाक्य, काभ्रे जिल्लाका २५ वर्षीय जीतबहादुर लामा, दोलखा जिल्लाका २४ वर्षीय सुन्दर भण्डारी, काभ्रे जिल्लाका २५ वर्षीय रमेश केसी, सिन्धुली जिल्लाका १९ वर्षीय विवेक वैद्य, पोखरा उपमनपा-१० का २४ वर्षीय सुरेश गुरुङ, सोही उपमनपा-३ का २८ वर्षीय सुरज गुरुङ, तनहुँ जिल्लाका ३० वर्षीय सन्तोष मल्ल, ललितपुर जिल्ला पाटनढोकाका २२ वर्षीय शक्ति थापा, ललितपुर उपमनपा-३ का २२ वर्षीय योगेश थापा, पोखरा उपमनपा-३ का २३ वर्षीय दिनेश गुरुङ, तनहुँ जिल्लाको दुलेगौडाका २२ वर्षीय मोहन गुरुङ, धनकुटा जिल्लाको ताइखोलाका २२ वर्षीय होम श्रेष्ठ, पोखरा उपमनपा-१० का २५ वर्षीय सन्तोष गुरुङ, काठमाडौँ मनपा-११ का २४ वर्षीय राजु थापामगर, तनहुँको दुलेगौँडा गाविस-७ का २४ वर्षीय मीन थापा, सोही ठाउँका १९ वर्षीय सन्तोष थापा, २५ वर्षीय विनय गुरुङ, तनहुँ बन्दीपुर गाविस-५ का २३ वर्षीय सुक गुरुङ, काठमाडौँ मनपाका २८ वर्षीय पासाङ लामा, काठमाडौँ गोलढुङ्गाका २३ वर्षीय रोशन गुरुङ, काठमाडौँ मनपा-६ का १७ वर्षीय सुमन खरेल, काठमाडौँ मनपा-१६ का २३ वर्षीय अशोक शर्मा, काठमाडौँ मनपा-६ का ३० वर्षीय कृष्णा लामा, काठमाडौँ मनपा-१ का २२ वर्षीय राजेन्द्र थापा, तनहुँ दुलेगौडा गाविस-७ का २५ वर्षीय नारायण रिमाल, सोही ठाउँकै २३ वर्षीय देवीन थापा र २२ वर्षीय सुनील बसौलीलाई नियन्त्रणमा लिई प्रहरीलाई बुझाएका थिए। उनीहरूले २० ओटा मोटरसाइकल लिएर आएकामा जिल्ला प्रहरी कार्यालय दाङमा राखिएका तीनओटा मोटरसाइकल फिर्ता लगे भने बाँकी मोटरसाइकल माओवादीसँगै रहेको उनीहरूले बताए।

पुनरावेदन अदालत राजविराजका न्यायाधीश गोविन्दबहादुर श्रेष्ठको संयोजकत्वमा आएको तीन सदस्यीय लमही हत्याकाण्ड जाँचबुझ गर्न गठित आयोगको टोलीले ०६५ जेठ २४ गतेदेखि एक सातासम्म दाङमा घटनाको स्थलगत अनुगमन गऱ्यो। टोलीले गरेको स्थलगत अध्ययन प्रतिवेदन नेपाल सरकारलाई बुझाइसकेको छ।

मारिएकामध्येका छ जनाको परिवारलाई प्रतिव्यक्ति सात लाख रुपियाँका दरले ०६५ असार २५ गते जिल्ला प्रशासन कार्यालय दाङबाट क्षतिपूर्ति प्रदान गरियो। त्यसैगरी, रोल्पाका मृतक अमर पुनका परिवारलाई जिल्ला प्रशासन कार्यालय रोल्पाबाट क्षतिपूर्ति उपलब्ध हुने जिल्ला प्रशासन कार्यालय दाङले जनायो।

**तालिका** : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | नेपाल डिफेन्स आर्मी(त्रिशुल)बाट | | | युथफोर्सबाट | | | वाईसीएलबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | १ | १ | १ | | | | | | | ३ | १ | २ | ३ |
| घाइते | | | | | | | १ | १ | १ | ५ | ८ | | ८ |
| कुटपिट | | | | | | | २ | ८ | ८ | | | | |
| धम्की | | | | | | | | | | २ | १ | १ | २ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | | | | | | २ | ३ | | ३ |
| अपहरण | | | | १ | १ | १ | १ | १ | १ | | | | |
| जम्मा | १ | १ | १ | १ | १ | १ | ४ | १० | १० | १२ | १३ | ३ | १६ |

### नेपाल डिफेन्स आर्मी (त्रिशूल)बाट

धर्ना गाविस-९ निवासी माओवादी १० नं. एरिया सदस्य तथा फूलबारी गाविसका इन्चार्ज जगत भनिने ५३ वर्षीय केशव पाण्डेको ०६४ माघ २२ गते बिहान फूलबारी गाविस-३ मजघटुवामा पर्ने साझखुट्टी जङ्गलमा तीन जनाको सङ्ख्यामा आएको अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। पाण्डेको मुख गलबन्दीले बाँधेर टाउकोको पछाडिको भागमा दुई गोली प्रहार गरिएको थियो। घटनाको नेपाल डिफेन्स आर्मी (त्रिशूल समूह)ले जिम्मेवारी लिँदै ०६४ माघ २३ गते एक विज्ञप्ति प्रकाशित गरी *तुलसीपुर एफएम*मा प्रसारण गर्न पठाएको थियो। यो वर्षको अन्त्यसम्म हत्याराको पहिचान हुन नसकेको र खोजी कार्य जारी रहेको प्रहरीले बतायो। पीडित परिवारले यो वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएनन्।

### अज्ञात समूहबाट

तुलसीपुर नपा-९ बेलुवामा अवस्थित जीवनप्रिय एकेडेमी विद्यालयकी सञ्चालिका एवम् शिक्षिका ४५ वर्षीया कमला थापालाई ०६५ भदौ ३ गते राती विद्यालयको छात्रबासमा दुई जनाको समूहले गोली प्रहार गरी घाइते बनायो। घाइते थापाको उपचारका क्रममा मेडिकल कलेज कोहलपुरमा ०६५ भदौ ४ गते बिहान मृत्यु भयो। पीडकमध्ये एक जनाले छात्रबासको कोठामा गएर गोली चलाएको प्रहरीले जनायो। पीडितको पेट र खुट्टामा गोली लागेको थियो। घरधनी शेरबहादुर खड्का र छात्रबासमा बसेका पाँच वर्षीय विद्यार्थी सुगम बुढालाई पनि सामान्य चोट लागेकामा उनीहरूको तुलसीपुरस्थित राप्ती लाइफ केयर अस्पतालमा उपचार भयो। पीडकहरूको खोजी भइरहेको प्रहरीले जनायो।

### आफैंले बोकेको बम विस्फोटबाट मृत्यु

राजपुर गाविस-१ का २८ वर्षीय अशोककुमार यादवको ०६५ पुस १६ गते आफैंले बोकेको बम विस्फोट हुँदा मृत्यु भयो। बम विस्फोटबाट घाइते भएका यादवको उपचारका लागि कोहलपुर लैजाँदै गर्दा मृत्यु भएको प्रहरीले जनायो।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### अज्ञात समूहबाट

नारायणपुर गाविस-३ का ६ वर्षीय खेमराज बोहराले ०६४ पुस २३ गते घरछेउमा बेवारिसे अवस्थामा फेला परेको विस्फोटक पदार्थ आगोमा हाल्दा विस्फोट भएर उनी घाइते भए। उनको हात र मुखमा चोट लागेको थियो। पीडितको महेन्द्र अस्पताल घोराही र नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो। हाल उनको अवस्था सामान्य रहेको छ।

उरहरि गाविस-९ बेलगनारनिवासी माओवादी जिल्ला सदस्य तथा थारू कल्याणकारिणीसभा दाङका जिल्ला सचिव २८ वर्षीय कालुराम चौधरी ०६५ भदौ १२ गते गाउँकै आफ्नै घर फर्किरहेको अवस्थामा कम्प्याट ड्रेसमा रहेका छ युवाहरूले गोली र खुकुरी प्रहार गर्दा घाइते भए। गाउँलेहरूले पीडितको तत्काल उद्धार गरे। राती नै तुलसीपुरस्थित राप्ती केयर हस्पिटलमा उनको सामान्य उपचार भयो। उनको

नेपालगञ्ज मेडिकल कलेज कोहलपुर र लखनउमा थप उपचार भयो। पीडितलाई पाँच ठाउँमा गोली लागेको र शरीरका विभिन्न भागहरूमा खुकुरी प्रहार गरिएको उनका आफन्तले बताए।

## जेल र बन्दीहरू

### तुलसीपुर कारागार

'घ' श्रेणीको तुलसीपुर कारागारमा बन्दी क्षमता १ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका ७९ जना पुरुष र सात जना महिला कैदीहरू रहेका छन् भने कैद नतोकिएका तीन जना पुरुष र दुई जना महिला थुनुवा रहेका छन्। यसरी तुलसीपुर कारागारमा जम्मा ९१ जना बन्दी रहेका छन्। तीन आश्रित बालिका पनि कारागारमा छन्। कारागारमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य सेवा, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद तथा विद्यालय सामग्री उपलब्ध छ। कारागारको सुधारका लागि पटक-पटक कारागार व्यवस्थापन महाशाखामा पहल गर्दासमेत यस वर्षको अन्त्यसम्म कुनै सुनवाइ नभएको कारागारका कर्मचारीहरूले बताए।

### आमरण अनसन

कारागार शाखा तुलसीपुरमा रहेका विद्रोही प्रहरीहरूले प्रहरी नियमावली २०१२ को खारेजीको माग गर्दै ०६५ कात्तिक १ गतेदेखि आमरण अनशन सुरु गरेका थिए। नेपालगञ्जमा विद्रोह गरेपछि कारबाहीमा परेका उनीहरूले ०६५ कात्तिक १ गतेदेखि रिले अनशन सुरु गरेका थिए। उनीहरूले प्रहरी नियमावली खारेज गरी आफूहरूलाई पुन:बहाली गर्न माग गरे। कारागारमा रहेका दुई प्रहरी नायब निरीक्षक, १८ हवल्दार र सात जवान गरी २७ विद्रोही प्रहरीले आन्दोलन नरोक्ने बताए पनि ०६५ कात्तिक ८ गतेदेखि अनशन तोडे।

### घोराही कारागार

'घ' श्रेणीको घोराही कारागारमा बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ४३ जना पुरुष कैदी र कैद नतोकिएका ४२ जना पुरुष थुनुवा गरी जम्मा ८५ जना बन्दी रहेका छन् भने महिला तथा बालबालिका यस कारागारमा छैनन्। क्षमताभन्दा बढी बन्दी रहेका कारण यहाँ बस्न कठिनाइ छ। कारागारमा शौचालय, विद्युत्, स्वास्थ्य सेवा, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद तथा पाठ्यसामग्री उपलब्ध छन्। कारागारभित्रको पानीको समस्यामा सुधार आउन सकेको छैन।

## बेपत्ता/अपहरण

### माओवादीबाट

सतबरिया गाविस-५ का ७५ वर्षीय शेरबहादुर खड्का, सोही ठाउँका ५५ वर्षीय रतन बुढाथोकी, ४८ वर्षीय शोभाराम चौधरी र ३७ वर्षीय कृष्ण चौधरीले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ चैत २४ गते साँझ उनीहरूलाई माओवादी कार्यकर्ताले सतबरियाबाट कुटपिट गरी अपहरण गरे। राजु, विष्णु र पप्पु बुढाथोकीको नेतृत्वमा रहेको ३०-३५ जनाको एक समूहले मरणासन्न हुने गरी कुटपिट गरी अपहरण गरिरहेको अवस्थामा सोही दिन प्रहरीले पीडितहरूलाई सतबरियाबाट मुक्त गराएको थियो। माओवादीको उक्त समूहले कृष्ण चौधरीको नगद ४ हजार रुपियाँ र स्काई फोनसेटसमेत लुटेको थियो।

### युथफोर्सबाट

डुरुवा गाविस-१ का ३० वर्षीय नारायण नेपालीलाई ०६५ भदौ २८ गते युथफोर्सले डुरुवा-१ कञ्जवारबाट वाईसीएल डुरुवाका इञ्चार्ज भएको आरोपमा अपहरण गऱ्यो। अपहरण गरेलगत्तै युथफोर्सले नारायणलाई प्रहरीको जिम्मा लगाएको थियो। नारायणलाई डुरुवा-१ कञ्जवारका हरिप्रसाद

*सतबरिया सुरक्षाकर्मीको गोली लागी घाइते भएकामा उपचारका क्रममा मृत्यु भएका लवरु चौधरी, पूर्णजङ्घ सेन र अमर पुन*

न्यौपानेमाथि आक्रमण गर्न लागेको समयमा पेस्तोलसहित समातेका थिए। नारायणलाई इलाका प्रहरी कार्यालय नारायणपुरमार्फत जिल्ला प्रहरी कार्यालय दाङमा बुझाइएको थियो। वाईसीएल दाङका अध्यक्ष मूलधन रोकाले त्यसै दिन एक विज्ञप्ति प्रकाशन गरी नारायण आफ्नो सङ्गठनमा नभएको बताए। उनलाई जिल्ला प्रहरी कार्यालय दाङले हातहतियार खरखजाना ऐनअन्तर्गत कारागारमा चलान गरेको छ।

### धम्की/कुटपिट

### माओवादीबाट

धर्ना गाविस-७ निवासी राष्ट्रिय जनमोर्चा नेपालका कार्यकर्ता ४५ वर्षीय लालबहादुर नेपालीलाई राष्ट्रिय जनमोर्चाको पम्पलेट बाँडेको आरोपमा ०६४ चैत ८ गते माओवादीका तिलक घर्ती र रेशम चौधरीले मार्ने धम्की दिए।

सोनपुर गाविस-४ नर्तीनिवासी सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च दाङ क्षेत्र नं. १ का उम्मेदवार ३० वर्षीय योगेन्द्र चौधरीले गोबरडिहा गाविस-४ मधेवामा माओवादीको एरियामा चुनाव प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत ११ गते माओवादीले उनलाई मार्ने धम्की दिए। आफूलाई भक्त चौधरीलगायतका पाँच-छ जनाको एक समूहले धारिलो हतियार प्रयोग गरी काट्ने प्रयाससमेत गरेको भन्दै पीडितले इन्सेक प्रतिनिधिसमक्ष जीउज्यानको रक्षाका लागि पहल गरिदिन आग्रह गरेका थिए। इन्सेक जिल्ला प्रतिनिधिले माओवादीका जिल्ला नेता विश्वसँग सोधपुछ गर्दा 'हामी सम्झाउँला, उनलाई केही हुँदैन' भनी जवाफ दिए।

टरीगाउँ गाविस-७ राइखल्याननिवासी काङ्ग्रेसका कार्यकर्ता २२ वर्षीय ज्ञानबहादुर नेपालीले काङ्ग्रेसको कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६४ चैत १३ गते साँझ उनलाई माओवादीका स्थानीय

*नेपाल डिफेन्स आर्मी (त्रिसुल) द्वारा हत्या गरिएका माओवादी कार्यकर्ता केशव पाण्डे*

कार्यकर्ता भूमिलाल चौधरी र तुलसीराम बस्नेतले कुटपिट गरे। कुटपिटबाट दायाँ खुट्टा भाँचिएका पीडितले तुलसीपुरस्थित स्थानीय औषधिपसलमा उपचार गराए। पीडितले कतै उजुरी गरेनन्।

गोवरडिहा गाविस-१ का ४५ वर्षीय रहिमान मियाले बहुविवाह गरेको आरोपमा ०६५ जेठ २० गते उनलाई माओवादीका कार्यकर्ता सुजन भनिने गिरबहादुर बाँठाले हाँसीपुर गाविस-८ रानीवासमा ०६५ जेठ २४ गते अनिवार्य उपस्थित नभए 'जे पनि गर्न सक्ने' भन्दै धम्कीयुक्त पत्र पठाए। पीडितले इन्सेक जिल्ला प्रतिनिधिसमक्ष जीउज्यानको रक्षाका लागि पहल गरिदिन भन्दै ०६५ जेठ २२ गते अपिल गरेका थिए। उक्त घटनाका विषयमा माओवादीका गाविसस्तरीय कार्यकर्तासँग सोधपुछ गर्दा उनले पीडितलाई सामान्य सोधपुछका लागि मात्र बोलाएको र उनलाई केही पनि नगर्ने बताए।

चैलाही गाविस-२ लमही निवासी मधेसी जनअधिकार फोरमका जिल्ला उपाध्यक्ष ४३ वर्षीय अब्दुल बहाव सिद्दिकीलाई माओवादीलाई चन्दा नदिएको आरोपमा ०६५ जेठ ३० गते राती स्थानीय माओवादी कार्यकर्ताले गढवा गाविसको थाने देउखरमा मार्ने धम्की दिए। गढवा गाविस-१ वनकट्टीका गङ्गा यादव, बला गाविस-३ खदरियाका इतिहास यादवसहित २०/२५ जना माओवादी कार्यकर्ताले सिद्दीकीको रा१प १९१८ नम्बर मोटरसाइकल पनि लुटेर लगेका थिए। उनलाई माओवादीका जिल्ला नेता प्रदीपले फोनमा समेत धम्की दिएका थिए। १३ जनाको परिवारसहित लमहीमा व्यवसाय गर्दै आएका पीडितको मोटरसाइकल ०६५ जेठ ३१ गते गढवा इलाका प्रहरी कार्यालयमार्फत फिर्ता भयो।

उरहरी गाविस-८ का ३० वर्षीय जगत चौधरीले माओवादी कार्यकर्ता कैलाश बस्नेत र चन्द्रलाल चौधरीलाई कुटपिट गरेको आरोपमा ०६५ असार ६ गते उनलाई वाईसीएल कार्यकर्ताले दाङको घोराहीबाट अपहरण गरे। पीडितलाई कुटपिट गरी केही समयपछि इलाका प्रहरी कार्यालय तुलसीपुरमा बुझाए। प्रहरीले ०६५ असार ७ गते सोधपुछ गरेर पीडितलाई रिहा गऱ्यो।

बिजौरी गाविस-२ का ३३ वर्षीय होमराज पुनले माओवादी जनमुक्ति सेनाको बदनाम गराउनुका साथै चोरी पनि गरेको आरोपमा ०६५ असोज २० गते उनलाई माओवादी सेनाका दुई जवानहरू तुफान र अजयले दीर्घ स्मृति व्यारेक बिजौरी गाविस-२ सक्राममा लगेर कुटपिट गरे।

*सतबरियामा सुरक्षाकर्मीले गोली चलाउँदा घाइते भएका माओवादी कार्यकर्ताहरू*

हेकुली गाविस-४ मौकीकी ५६ वर्षीया माया शर्माले उब्जनीको त्रिखुर गर्न नमानेको आरोपमा ०६५ कात्तिक २९ गते साँझ उनलाई माओवादीका स्थानीय कार्यकर्ता विनकलाल चौधरीले कुटपिट गरी घाइते बनाए। खलियानमा धान बाँडिरहेको अवस्थामा त्रिखुर गर्न नमानेपछि माओवादीका कार्यकर्ताले कुटपिट गरेका थिए। माओवादीको कुटपिटबाट घाइते भएकी शर्माको तुलसीपुरस्थित राप्ती लाइट अस्पतालमा उपचार भयो। उनको आँखा र टाउकोमा चोट लागेको थियो। पीडित पक्षले ०६५ मङ्सिर १ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा पीडकलाई कारबाही गरिपाउँ भनी उजुरी दिए पनि प्रहरीले कुनै कारबाही गरेन।

### वाईसीएलबाट

चैलाही गाविस-२ लमहीनिवासी युथफोर्स देउखुरीका संयोजक ३० वर्षीय अर्जुन गुरुङलाई ०६५ भदौ ११ गते बिहान वाईसीएलका जिल्ला सदस्य पाटनको नेतृत्वमा आएको १०/१२ जनाको समूहले खुकुरी प्रहार गरी घाइते बनायो। पीडितको ओम हस्पिटल लमहीमा प्राथमिक उपचार गराई थप उपचारका लागि उनलाई मेडिकल कलेज कोहलपुर लगिएको थियो। त्यहाँ पनि उपचार हुन नसकेपछि उनको काठमाडौँमा उपचार भयो। पीडक पाटनलाई प्रहरीले ०६५ मङ्सिर १ गते भालुवाङबाट गिरफ्तार गरी पुर्पक्षका लागि घोराही कारागार चलान गऱ्यो।

तुलसीपुर नपा-१ रानागाउँका २३ वर्षीय अमृत बुढामगर र सोही ठाउँका २३ वर्षीय दीपक खड्कालाई सामान्य विवाद गरेको आरोपमा ०६५ असोज २४ गते वाईसीएल, दाङका नेता पाटनको नेतृत्वमा आएको समूहले कुटपिट गरी गम्भीर घाइते बनायो। पीडितको नेपालगञ्ज नर्सिङ होममा उपचार भयो भने खड्काको राप्ती लाइफ केयर अस्पताल तुलसीपुरमा उपचार भएको थियो। उक्त घटनामा २२ वर्षीय दीपक खड्का, ३२ वर्षीय भूपबहादुर ओली, २० वर्षीय टोपेन्द्र डाँगी, २३ वर्षीय दिनेश ओली, २७ वर्षीय भीमबहादुर रासकोटी र ३२ वर्षीय रेशम महतरा पनि सामान्य घाइते भएका थिए। ०६५ असोज २३ गते राती वाईसीएलले स्थानीय युवक २४ वर्षीय रेशम महतरालाई कुटपिट गरेपछि किन कुटपिट गरेको भन्दै ०६५ असोज २४ गते गाउँले युवाहरूले सोधपुछ गर्दा वाईसीएलका नेता पाटनको नेतृत्वमा रहेको उक्त समूहले कुटपिट गरेको थियो। कुटपिट गर्ने अन्य वाईसीएलका कार्यकर्ताहरूमा किरण ओली, प्रकाशमान ओली, ऋषिराज योगी, चेतमान सिजवाललगायत रहेको पीडितले बताए। प्रहरीले कुटपिटमा संलग्नलाई खोजी गरेको बताए पनि यस वर्षको अन्त्यसम्म वाईसीएलका जिल्ला नेता पाटनबाहेक प्रहरीले कसैलाई गिरफ्तार गरेन।

### काङ्ग्रेसबाट

त्रिभुवन नपा-११ निवासी माओवादीका जिल्ला कमिटी सदस्य तथा सभासद् उम्मेदवार ४१ वर्षीय सुष्मा शर्मा घिमिरेलाई लक्षित गरी ०६४ चैत ८ गते पवननगर गाविस-४, सुनपुरमा सोही ठाउँका काङ्ग्रेस समर्थक युवकहरूले ढुङ्गा प्रहार गरे। ढुङ्गा प्रहारबाट माओवादी कार्यकर्ता देवा शर्मा र राधिका परियार घाइते भए। प्रहरीले घटनामा संलग्न सोही ठाउँका मोहन बस्नेत, भीष्म भण्डारी, भीम डाँगी र सन्तोष शाहलाई गिरफ्तार गरी त्यसै दिन रिहा गऱ्यो।

### थरूहट स्वायत्त परिषद्बाट

थरूहट स्वायत्त परिषद्का कार्यकर्ताले ०६५ असोज १० गतेदेखि दाङका सबै गाविस कार्यालयमा १०/१० हजार रुपियाँ सहयोग माग गर्दै सहयोग नगरे अनर्थ हुने चेतावनी दिए। उनीहरूले भेटेरै सचिवहरूलाई गोप्य तवरले सहयोग गर्न भनेको गाविस सचिवले इन्सेक जिल्ला प्रतिनिधिलाई बताए। दसैँको अवसर पारेर उनीहरूले सचिवसँग सो रकम मागेका थिए। गाविस सचिवहरूले धम्कीपूर्ण भाषामा रकम मागेको विषयमा जिल्ला विकास समिति दाङलाई जानकारी गराएका थिए। जिविसको अनुरोधमा स्थानीय प्रशासनले ०६५ असोज २७ गते मातहतका प्रहरीहरूलाई धम्की र चन्दा रोक्न निर्देशन दियो। चन्दा आतङ्कबाट सचिवहरू आतङ्कित बनेको विषयलाई इन्सेक जिल्ला प्रतिनिधिले थरूहट स्वायत्त परिषद्का

केन्द्रीय अध्यक्ष लक्ष्मण थारूसँग ०६५ असोज २७ गते चन्दा मागेको विषयमा गरेको कुराकानीमा चन्दा मागेको होइन, थरूहट राज्यलाई कर तिर्न भनेको उनले बताए। उनले १०/१० हजार नभई सम्पूर्ण राजस्व आफ्नो परिषद्लाई दिनुपर्ने दाबी गरे। करबापत पहिलो चरणमा १०/१० हजार रुपियाँ माग गरेको उनले स्वीकार गरे।

### दोहोरो झडप

चुनाव प्रचार प्रसारका क्रममा माओवादी र एमाले कार्यकर्ताबीच एकआपसमा ०६४ चैत २३ गते साँझ झडप हुँदा सतबरिया-२ निवासी एमाले जिल्ला कमिटी सदस्य ५० वर्षीय मोहन गिरीको दायाँ हातमा चोट लागी गम्भीर घाइते भए। सोही घटनामा एमालेका अन्य कार्यकर्ता शिवराज गिरी, वीरेन्द्र गिरी, आरती गिरी, विष्णु गिरी, गेहेन्द्र गिरी र वीरबहादुर बुढासमेत घाइते भएका थिए। क्षेत्र नं. १ का माओवादीतर्फबाट प्रत्यासी इन्द्रजीत चौधरीको नेतृत्वमा रहेको माओवादी कार्यकर्ताले एमाले कार्यकर्तामाथि हातपात गरेको भन्दै एमाले दाङले ०६४ चैत २४ गते दोषीहरूलाई कारबाही गर्न माग गर्दै प्रेस विज्ञप्ति जारी गऱ्यो। घटनाका बारेमा पीडित पक्षले कुनै निकायमा उजुरी दिएनन्।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

चैलाही गाविस-२ लमहीमा ०६५ जेठ १५ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्वागतका लागि पत्रकारहरूले निकालेको ऱ्यालीमा माओवादीका कार्यकर्ताले अभद्र व्यवहार गरी ब्यानर खोसे। दाङ जिल्लाको देउखुरी क्षेत्रमा क्रियाशील पत्रकार तथा नागरिक समाजको अगुवाइ तथा स्थानीय जनताको सहभागितामा ०६५ जेठ १५ गते दिउँसो लमहीमा निकालिएको ऱ्यालीमा सोनपुर गाविस-८ का माओवादी जिल्ला सदस्य तथा गढवा गाविस इन्चार्ज ५० वर्षीय माधव पण्डितले ब्यानर खोसे। माओवादी जिल्ला कमिटीले उक्त घटना भूलबस भएको भन्दै दुःख प्रकट गऱ्यो।

व्यवस्थित पुनःस्थापनाको माग गर्दै दाङस्थित मुक्त कमैयाहरूले ०६५ मङ्सिर १५ गते घोराहीमा नारा लगाउँदै जुलुस प्रदर्शन गरे। मुक्त कमैया समाज दाङको आयोजनामा भएको सो जुलुस प्रदर्शनमा मुक्त कमैयाहरूले परिचयपत्रको व्यवस्था हुनुपर्ने, छुट कमैयाको लगतको ग्यारेन्टी गरिनुपर्ने, जमिनमाथि कमैया महिलाको स्वामित्व कायम हुनुपर्ने, मुक्त कमैयाका बालबालिका र मुक्त कमैयालाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था हुनुपर्ने माग गरेका थिए। करिब ५ हजार मुक्त कमैया सहभागी भएको सो कार्यक्रममा भूमि आयोगको तत्काल गठन हुनुपर्ने, जनमुखी भूमिसुधार लागू गर्नुपर्ने मागहरू पनि राखेका थिए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार
**जिल्ला अदालत, दाङ**

गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३० थान दुनियाँवादी फौजदारी मुद्दामध्ये यस वर्ष ४५ थान मुद्दा फर्स्यौट भई ८५ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका १० थानमध्ये एक थान मुद्दा फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ९४ थान फर्स्यौट हुन बाँकी रहे।

त्यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४९ थानमध्ये यस वर्ष ४० थान फर्स्यौट भई नौ थान बाँकी रहे। यस वर्ष दर्ता भएका चार थान सरकारवादी फौजदारी मुद्दामध्ये दुई थान मुद्दा फर्स्यौट भई दुई थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा ११ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय २३ थान मुद्दामध्ये यस वर्ष ७२ थान फर्स्यौट भई ५१ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १२ थान देवानी मुद्दामध्ये ११ थान मुद्दा फर्स्यौट भई एक थान बाँकी रह्यो। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ५२ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म जिल्ला अदालत दाङमा जम्मा १ सय ५७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

**पुनरावेदन अदालत, तुलसीपुर**

गत वर्षको जिम्मेवारी सरेर आएका ४४ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये यस वर्ष दुई थान मुद्दा फर्स्यौट भई ४२ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ३२ थानमध्ये कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ७४ थान फर्स्यौट हुन बाँकी रहे।

त्यसैगरी सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३९ थानमध्ये यस वर्ष चार थान फर्स्यौट भई ३५ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४९ थान सरकारवादी फौजदारी मुद्दामध्ये कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा ८४ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६३ थान मुद्दामध्ये यस वर्ष सात थान मुद्दा फर्स्यौट भई ५६ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका २२ थान देवानी मुद्दामध्ये कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ७८ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म पुनरावेदन अदालत तुलसीपुरमा २ सय ३६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पुनरावेदन अदालत तुलसीपुरमा फर्स्यौट हुन बाँकी पाँच वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बालअधिकार

गुल्मी धुरकोट गाविसकी एक १५ वर्षीया बालिकालाई दाङ बिजौरी-७ का ३५ वर्षीय रवि गौतमले मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय बिजौरी परिसरमा ०६५ जेठ ३१ गते बलात्कार गर्ने प्रयास गरेको र यसअघि पनि विभिन्न यौनदुर्व्यहारका कुरा गरेर मानसिक तनाव दिने गरेको पीडितले सार्वजनिक गरेपछि पीडकलाई कारबाही र अस्पताल क्षेत्रभित्र शान्ति सुरक्षा गरिदिन प्रमुख जिल्ला अधिकारीसमक्ष ०६५ जेठ ८ गते चिकित्सालय प्रमुख डा. टेकराज पन्थीले ज्ञापनपत्र बुझाए। यस वर्षको अन्त्यसम्म फरार रहेका पीडकको खोजतलास जारी राखेको प्रहरीले जनायो।

गढवा गाविस-२ थानदेउखरका १३ वर्षीय एक बालकले सोही ठाउँकी तीन वर्षीय बालिकालाई ०६५ मङ्सिर १६ गते साँझ घरनजिकै बलात्कार गरेको आरोपमा ०६५ मङ्सिर १७ गते पक्राउ गरी २० गते जिल्ला प्रहरी कार्यालयमा पठायो। पीडकलाई दाङमा बालसुधार गृह नभएकाले ०६५ मङ्सिर २३ गते रिहा गरेको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

चैलाही गाविस-३ की ६० वर्षीया हिमा केसी, ५८ वर्षीया मनकुमारी पुन र ६८ वर्षीया लक्ष्मी सुनारलाई बोक्सी भएको आरोपमा ०६५ जेठ २८ गते बिहान सोही ठाउँका गोपी बस्नेत र लालबहादुर बस्नेतले पीडितहरूको घरमा गई लछारपछार गरी कुटपिट गरे। पीडितहरूले इलाका प्रहरी कार्यालय लमहीमा निवेदन दिएपछि ०६५ जेठ २९ गते इलाका प्रहरी कार्यालय लमहीले पीडकहरूलाई माफ माग्न लगाई मिलापत्र गरायो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

राजपुर गाविस-४ की २७ वर्षीय सुशीला चौधरीलाई यौन दुर्व्यवहार गरेको आरोपमा ०६५ साउन ११ गते प्रहरीले सोही ठाउँका २५ वर्षीय राजेन्द्र भण्डारीलाई गिरफ्तार गऱ्यो। आफूमाथि दुर्व्यव्यवहार भएको भन्दै पीडितले कारबाहीको लागि चङ्घुवा प्रहरी चौकीमा ०६५ साउन १० गते निवेदन दिइन्। पीडकले उनी घरमा एक्लै भएको अवस्थामा यौन दुर्व्यवहार गर्ने प्रयास गरेको बताइन्।

टरीगाउँ गाविस-७ राइखल्यानकी २६ वर्षीया एक युवतीलाई सोही ठाउँका ३० वर्षीय भीमबहादुर चौधरीले ०६५ कात्तिक १२ गते राती घरमा कोही नभएको मौका छोपी बलात्कार गरेको भनी इलाका प्रहरी कार्यालय तुलसीपुरमा ०६५ कात्तिक २८ गते पीडक भीमबहादुरविरुद्ध जाहेरी दिइन्। पैसा दिन्छु भन्दै जबरजस्ती बलात्कार गरेको उक्त निवेदनमा उल्लेख छ। आरोपी हालसम्म फरार छन्। उनको खोजी भइरहेको इलाका प्रहरी कार्यालय तुलसीपुरले जनायो।

### पारिवारिक हिंसा

सौडियार गाविस-६ बेसाहीकी ३० वर्षीया सुमित्रा चौधरी ०६५ मङ्सिर २० गते आफ्नै पति ३५ वर्षीय प्रहरी हवल्दार सुरज चौधरीको कुटाइबाट बेहोस भइन्। उनको महेन्द्र अस्पताल घोराहीमा उपचार भयो। छोराछोरीकी आमासमेत रहेकी सुमित्रा यसअघि पनि पतिबाट यातना पाएर अस्पतालमा भर्ना भएकी थिइन्। घरमा जेठी पत्नी हुँदाहुँदै १० वर्षअघि आफूलाई अविवाहित बताउँदै विवाह गरेर ल्याएका सुरज हाल जिल्ला प्रहरी कार्यालय बाँकेमा कार्यरत हवल्दार हुन्। पतिको पिटाइबाट सुमित्राको नाक, मुखबाट रगत बगिरहेको अवस्थामा स्थानीय महिलाले उद्धार गरी ०६५ मङ्सिर २१ गते महेन्द्र अस्पताल घोराहीमा उपचार गरे। प्रहरीले हालसम्म सुरजलाई पक्राउ नगरेको स्थानीय महिलाहरूले बताए।

पवननगर गाविस-४ की २९ वर्षीया उमा रावतलाई ०६५ कात्तिक १५ गते उनका पति ३० वर्षीय बुद्धिमान रावतले संवेदनशील अङ्गमा बाँसको लट्ठीले हिर्काइ कुटपिट गरे। साँझको समयमा पति गाँउबाट घरमा आई एक्कासि पत्नीको शरीरको कपडा जबरजस्ती फुकाल्न लगाई बाँसको लट्ठीले संवेदनशील अङ्गमा हिर्काउने तथा घोच्ने काम गरेका थिए। घाइते भएकी उमाको तुलसीपुरस्थित मेडिकलमा उपचार भयो। पीडितले इलाका प्रहरी कार्यालय तुलसीपुरमा जाहेरी निवेदन दिए पनि पीडक हालसम्म फरार भएको प्रहरीले जनायो।

सैंधा गाविस-५ खानीगाउँकी २८ वर्षीया तुल्सी घर्तीको ०६५ कात्तिक १७ गते उनका पति ३० वर्षीय

कर्णबहादुर घर्तीले सामान्य विवादमा आगो लगाई हत्या गर्ने प्रयास गरे। पीडितको महेन्द्र अस्पताल घोराहीमा उपचार भयो। पीडितले न्यायका लागि प्रहरीकहाँ जाहेरी निवेदन दिए पनि पति फरार रहेकाले खोजी भइरहेको प्रहरीले जनायो। यस वर्षको अन्त्यसम्म पीडितको उपचार भइरहेको छ।

### बहुविवाह

गड्गापरस्पुर गाविस-८ बाकी गाउँका ४३ वर्षीय ज्ञाननाथ योगीले आफ्नै ३० वर्षीया पत्नी खुमा रिजाललाई कुटपिट गर्दै ०६५ कात्तिक ८ गते घरबाट निकाले। ०६५ असार २ गते ज्ञाननाथ योगीसँग वैवाहिक सूत्रमा बाँधिएकी खुमा विवाह भएको समयदेखि नै यातनाको सिकार बनिन्। घरमा जेठी पत्नी हुँदाहुँदै वैवाहिक सूत्रमा बाँधिएकी खुमाले घरमा जेठी पत्नी नभएको भनी विवाह गरेको जानकारी गराएकी थिइन्। स्नातक तह तेस्रो वर्षमा अध्ययनरत खुमा विवाह भएदेखि घरमा जानसमेत नपाएको बताउँछिन्। विवाह भएको तीन महिनामै अंश मुद्दा हालेकी खुमा अहिले न्याय माग्न सङ्घसंस्था र अधिकारवादी निकायमा धाउन थालेकी छन्। माध्यमिक विद्यालय सेवार वनगाउँमा अङ्ग्रेजी पढाउने ज्ञाननाथ योगीले घोराहीमा भाडामा कोठा लिएर राखेको र घरबाहिर निस्कन नदिएर यातना दिएको, तातो दाल र भात धेरैपटक शरीरमा खन्याइ अमानवीय व्यवहार गर्ने गरेको बताइन्। उनले हालसम्म पनि कतैबाट सहयोग र न्याय पाउन सकेकी छैनन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

टेण्डर दर्ता गर्ने क्रममा विवाद बढ्दै जाँदा ०६५ साउन ८ गते साँझ ६ बजे दाङको सिँचाइ कार्यालय परिसरमा ढुङ्गामुढापछि एमाले अञ्चल कार्यालय तुलसीपुरमा दुई राउण्ड फायरिङ् भयो। फायरिङ्सँगै एमाले अञ्चल कार्यालयमा तोडफोड भएको स्यानीय बासिन्दाले बताएका छन्। कार्यालय परिसरमा फायरिङ् कसले गऱ्यो भन्ने नखुलेको बताइएको छ। प्रहरीलाई तत्काल खबर भएका कारण कार्यालयमा ठूलो क्षति हुनबाट बचेको समेत बताइएको छ। ठेकेदारहरूबीचको विवादलाई लिएर एमाले अञ्चल कार्यालयमा तोडफोड भएको थियो। ढिकपुर गाविसको लरैना सिँचाइ आयोजनाको ३ करोड ३९ लाखको टेण्डर दर्ता गर्न गएका पाँच ठेकेदार ०६५ साउन ७ गते सिँचाइ कार्यालयको गेटबाट फर्किएका थिए। टेण्डर दर्ता गर्न गएका उनीहरूले हुलाक कार्यालयमार्फत दर्ता गर्न खोज्दा हुलाकले समेत दर्ता गर्न नमानेको बताए। सो समूहको लुटिएका पाँच टेण्डरमध्ये दुई टेण्डर प्रहरीले फिर्ता गराएको र तीन टेण्डर फिर्ता गराउन नसकेको प्रहरीले बतायो। जिल्ला प्रहरी कार्यालय घोराही, अञ्चल प्रहरी कार्यालय तुलसीपुर, इलाका प्रहरी कार्यालय तुलसीपुरबाट डीएसपीसहितको तीन प्रहरी टोली पुगेपछि एमाले पार्टी कार्यालयमा ढुङ्गामुढा गर्ने समूह भागेको बताइएको थियो। एमालेनिकट युथफोर्सको एमाले अञ्चल पार्टी कार्यालयमा प्रशिक्षण चलिरहेकामा जानी जानी आक्रमण गरेको एमालेले जनाएको छ। आक्रमण गर्नेहरूमा माओवादी जिल्ला नेता तथा वाईसीएलको संलग्नता रहेको एमालेले बताएको छ। यसैबीच, प्रहरीले एमालेनिकट युथफोर्सलाई सुरक्षार्थ अञ्चल प्रहरी कार्यालय तुलसीपुर हुँदै जिल्ला प्रहरी कार्यालय घोराही ल्याएको थियो। प्रहरीले ल्याउने क्रममा तोडफोड गर्ने समूहले प्रहरीको भ्यानमा ढुङ्गामुढा गरी आक्रमण गरेका थियो।

## ४.२ प्यूठान



जनसङ्ख्या : २,४२,५७४
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३०९
गाविस/नपा सङ्ख्या : ४९/०
सरकारी/निजी विद्यालय : ३३३/१३
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/११
मानव विकास सूचकाङ्क : ०.४१६
प्रतिपरिवार सरदर सङ्ख्या : ५

### गोली/विस्फोटक पदार्थद्वारा घाइते
### विस्फोटक पर्दाथ विस्फोटबाट

बाङ्गेसाल गाविस-६ का ५९ वर्षीय धर्मबहादुर थापा ०६५ जेठ २९ गते बिहान धुलीखेर सामुदायिक वनमा बेवारिसे अवस्थामा फेला पारेको विस्फोटक पदार्थ विस्फोट हुँदा घाइते भए। विस्फोटनबाट उनको बायाँ हातको औंला काटिनुका साथै दुवै खुट्टामा छर्रा लागेको थियो। घाइतेको उपचार बुटवलमा भयो। विस्फोटक पदार्थ भेटिएको स्थानभन्दा २० किलोमिटर टाढा भालुबाङमा ०५८ सालमा माओवादीले सशस्त्र प्रहरी बेसक्याम्पमा आक्रमण गरेका थिए। पीडित सो वनमा झिक्रा काट्न जाँदा प्लास्टिकले बेरिएको अवस्थामा विस्फोटक पदार्थ फेला परेको थियो।

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका २३ जना पुरुष कैदी रहेका छन् भने कैद नतोकिएका २६ जना पुरुष र दुई जना महिला थुनुवा गरी जम्मा ५१ जना बन्दी रहेका छन्। कारागारको क्षमताभन्दा बढी बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। जेलमा पानी, शौचालय, विद्युत्, पत्रपत्रिका, रेडियो तथा टेलिभिजनको सुविधा रहेको छ। त्यसैगरी, खेल सामग्रीमा क्यारमबोर्ड तथा चेस उपलब्ध छ।

### बेपत्ता/अपहरण
### वाईसीएलबाट

बाङ्गेसाल गाविस-८ का भानु भुसाल र गोविन्द आचार्यले सामुदायिक वनको काठ लान

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका काङ्ग्रेसका संविधानसभा सदस्य उम्मेदवार मुक्तिप्रसाद शर्मा*

नदिएको आरोपमा ०६५ जेठ १ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताले अपहरण गरे। पीडितहरूलाई अर्घाखाँची जिल्लाको जलुके गाविस-५ स्थित सामुदायिक वनमा एक दिन राखियो। अर्घाखाँची जलुके सामुदायिक वनबाट ०६५ जेठ २ गते स्थानीय जनता, माओवादी, एमाले र मसालका कार्यकर्ताको उपस्थितिमा पीडितद्वय मुक्त भए। अपहरित अवस्थामा आफूहरूलाई वाईसीएल कार्यकर्ताले कुटपिट गरेको पीडितले बताए। ददेरीतर्फ सालको काठ ढुवानी भइरहेको अवस्थामा पीडितहरूले उक्त काठ लान रोकेका थिए।

### धम्की/कुटपिट
### माओवादीबाट

धुवाङ्ग गाविस-२ निवासी एमाले गाउँ कमिटी सचिव ५० वर्षीय गोरबहादुर रोकाले राजनीतिक

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | १ | | | | | | |
| घाइते | १ | १ | १ | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | १ | ४ | ४ |
| कुटपिट | ३ | ४ | ४ | ३ | ३ | ३ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | १ | ३ | ३ | | | |
| अपहरण | ३ | ३ | ३ | | | | | | |
| जम्मा | ६ | ९ | ९ | ४ | ६ | ६ | १ | ४ | ४ |

विषयमा प्रतिवाद गरेको आरोपमा ०६४ चैत १८ गते साँझ उनलाई सोही ठाउँका माओवादी कार्यकर्ता लेटरबहादुर रोका र सूर्यबहादुर रोकाको अगुवाइमा आएको समूहले कुटपिट गरी घाइते बनायो। हातको पाँच औँला फुटेका पीडितको जिल्ला अस्पताल प्यूठानमा उपचार भयो।

फोप्ली गाविस-३ निवासी पूर्ववडाअध्यक्ष एमाले कार्यकर्ता ५० वर्षीय हटीराम रोका क्षेत्रीलाई ०६५ मङ्सिर २६ गते साँझ सोही गाविस-६ का वाईसीएल कार्यकर्ता २४ वर्षीय जुदमान पुनमगर र २२ वर्षीय दानबहादुर घिमिरेले दाउराको चिरपटले कुटी सख्त घाइते बनाए। घटनाका क्रममा पीडितसँगै रहेका पीडितका छोरा १५ वर्षीय कुमार रोकाले आफूहरू बाटोमा हिँडिरहेको अवस्थामा एक्कासि तीन जना वाईसीएल कार्यकर्ताले लखेटेर बुबालाई कुटपिट गरेको बताए। गम्भीर घाइते भएका रोकालाई ०६५ मङ्सिर २७ गते प्यूठान जिल्ला अस्पतालमा उपचार गरी थप उपचारका लागि काठमाडौँको मोडेल अस्पतालमा लगिएको थियो। पीडितको यस वर्षको अन्त्यसम्म काठमाडौँस्थित मोडेल अस्पतालमा उपचार भइरहेको छ। घटनामा संलग्न जुद्धमान, दानबहादुर र अर्का एक जना नाम नखुलेका वाईसीएल कार्यकर्ता यो वर्षको अन्त्यसम्म फरार रहे।

### वाईसीएलबाट

लिवाङ्ग गाविस-९ निवासी काङ्ग्रेस कार्यकर्ता ६६ वर्षीय तिलु गिरी, २८ वर्षीय चन्दु गिरी, ५८ वर्षीय दिनबहादुर महतरा र ५५ वर्षीय रेकमबहादुर गिरीलाई सोही ठाउँस्थित राष्ट्रिय प्राथमिक विद्यालयको फर्निचर बनाउने विषयमा सामान्य विवाद भएपछि ०६५ साउन १९ गते वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरी धम्की दिए। वाईसीएलको धम्कीपछि आफूहरू असुरक्षित भएको भन्दै पीडितहरू जिल्ला सदरमुकाम खलङ्गा आएका थिए। प्रमुख जिल्ला अधिकारी, माओवादीका हरिबहादुर केसी, पूर्वसांसद सीता विक, काङ्ग्रेसका जिल्ला सभापति श्रीकृष्ण प्रपन्न सुवेदी र हुकुमबहादुर विष्टको उपस्थितिमा आइन्दा त्यस्तो क्रियाकलाप नगर्ने गरी दुवै पक्षबीच ०६५ साउन २४ गते मिलापत्र भयो।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | वाईसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | | | | १ | १ | १ |
| कुटपिट | ३ | ४ | ४ | | | |
| अपहरण | १ | ३ | ३ | | | |
| जम्मा | ३ | ६ | ६ | १ | १ | १ |

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

संविधानसभाको निर्वाचनमा प्यूठान क्षेत्र नं. २ का काङ्ग्रेस उम्मेदवार मुक्तिप्रसाद शर्मा, सोही पार्टीका कार्यकर्ता मेघराज भट्ट र नारायण बीसीलाई तरुण दलका जिल्ला अध्यक्षले प्रचण्डका विरुद्धमा चुनावी सभामा बोलेको आरोपमा ०६४ चैत २३ गते माओवादी कार्यकर्ताले उनीहरूलाई चुजा गाविस-१ देउरालीमा कुटपिट गरी घाइते बनाए। घाइतेहरूको जिल्ला अस्पताल प्यूठानमा उपचार भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६८ थान मुद्दामध्ये यस वर्ष ४० थान मुद्दा फर्स्यौट भई २८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४४ थान देवानी मुद्दामध्ये २२ थान मुद्दा फर्स्यौट भई २२ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ५० थान फर्स्यौट हुन बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म प्यूठान जिल्ला अदालतमा १ सय ८४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। प्यूठान जिल्ला अदालतमा फर्स्यौट हुन बाँकी पाँच वर्षभन्दा पुराना मुद्दा छैनन्।

# ४.३ रोल्पा



जनसङ्ख्या : २,३४,०३८
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,८७९
गाविस/नपा सङ्ख्या : ५१/०
सरकारी/निजी विद्यालय : २९७/८
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्क : ०.३८७
प्रतिपरिवार सरदर सङ्ख्या : ५

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या

### अज्ञात समूहबाट

उवा गाविस-७ तेलखोलानिवासी माओवादी जिल्ला समिति सदस्य तथा माओवादीद्वारा सञ्चालित जलजला सहकारी संस्थाका सदस्य ३५ वर्षीय भक्तबहादुर विकको ०६४ चैत ५ गते राती अज्ञात समूहले गोली प्रहार गरी हत्या गऱ्यो। तीन जनाको सङ्ख्यामा आएको एक समूहले माओवादीद्वारा सञ्चालित सहकारी होटेलभित्र सुतिरहेको अवस्थामा उनलाई होटलबाहिर ल्याई होटलदेखि करिब ५० मिटर टाढा पुऱ्याएर तीन गोली प्रहार गरेको थियो। हत्या गरेर पीडकहरू सुलिचौरतिर गएको प्रत्यक्षदर्शीहरूले बताए। पीडितको लासको जिल्ला अस्पताल रेउघा लिबाङमा पोस्टमार्टम भयो। उक्त घटनामा संलग्न रहेको आरोपमा मृतकका आफन्तले गाम गाविस-९ भित्री गामका १९ वर्षीय रामु घर्तीमगर, सोही ठाउँका १९ वर्षीय लालपति छन्तेल र बाग्लुङ जिल्ला निवासी नाम थाहा नभएका अर्का एक जनाविरुद्ध प्रहरीमा किटानी जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकलाई प्रहरीले गिरफ्तार गरेको छैन।

गाम गाविस-५ निवासी माओवादी जिल्ला समिति सदस्य ३९ वर्षीय टेकबहादुर बुढा ०६४ चैत ५ गते साँझ चुनावी सभा सम्पन्न गरेर सदरमुकाम लिबाङबाट घर फर्किरहेको अवस्थामा गाम गाविस-१ काब्रामा तीन जनाको अज्ञात समूहले गोली प्रहार गरी उनको हत्या गऱ्यो। सदरमुकाम लिबाङबाट अन्य छ जनासँगै पैदल घर गइरहेको समयमा घटनास्थलमा पीडितको ती व्यक्तिहरूसँग बहस भएपछि छुट्टिएलगत्तै उनलाई गोली प्रहार गरिएको थियो। गोली प्रहारपछि उनीसँगै रहेका अन्य छ जना भागे। हत्या गर्ने समूहको यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेन। लासको स्वास्थ्य केन्द्र सुलिचौरमा पोस्टमार्टम भयो। उक्त घटनामा संलग्न रहेको आरोपमा गाम गाविस-९ भित्री गामका १९ वर्षीय रामु घर्तीमगर, सोही ठाउँका १९ वर्षीय लालपति छन्तेल र बाग्लुङ जिल्ला निवासी नाम थाहा हुन नसकेका एक जनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा मृतकका आफन्तले किटानी जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्म प्रहरीले कसैलाई पनि गिरफ्तार गरेको छैन। उमा गाविसमा भएको यस घटनाको ०६४ चैत ५ गते इन्सेक क्षेत्रीय कार्यालयबाट गएको टोलीले स्थलगत अध्ययन गरेको थियो। दुवै घटनामा एकै प्रकारको हतियार प्रयोग भएको र एउटै समूहको संलग्नता हुनसक्ने सम्भावना रहेको अध्ययन टोलीको निष्कर्ष रहेको छ।

### विस्फोटक पदार्थबाट मृत्यु

खुमेल गाविस-४ की २६ वर्षीया भुन्टी घर्तीमगर ०६५ असार १० गते बिहान सोही गाविस-४ सातदोबाटोस्थित नेपाली सेनाको नयाँ गोरख गणको गुल्मनजिक घाँस काट्न गएको समयमा जमिनमा राखिएको विस्फोटक पदार्थ विस्फोट हुँदा उनको घटनास्थलमै मृत्यु भयो। घटनास्थलमा नेपाली सेनाले सशस्त्र द्वन्द्वको समयमा सुरक्षार्थ राखेको बम विस्फोट भएको थियो। उक्त ठाउँमा नेपाली सेनाले प्रवेश निषेध क्षेत्रको सङ्केतपाटी राखेको थियो। पीडितको शरीर क्षतविक्षत भएको थियो। प्रहरीले लासजाँच मुचुल्का गरी जिल्ला अस्पताल लिबाङमा सोही दिन लासको पोस्टमार्टम भयो। पीडित परिवारले यस वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएका छैनन्।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ३ | ३ | | | ३ | | | | | १ | | १ | १ |
| कुटपिट | १ | ६ | | | ६ | ५ | ६ | | ६ | १ | ५ | | ५ |
| धम्की | | | | | | १ | १ | | १ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | १ | ९ | १ | १० | | | | |
| महिलाअधिकार | ४ | | ५ | | ५ | | | | | | | | |
| बालअधिकार | ३ | | १ | १ | ३ | | | | | | | | |
| अमानवीय व्यवहार | १ | १ | | | १ | | | | | | | | |
| जम्मा | १० | ९ | ६ | १ | १६ | ६ | १६ | १ | १७ | ३ | ५ | १ | ६ |

## जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका आठ जना पुरुष र दुई जना महिला गरी १० जना कैदी रहेका छन् भने कैद नतोकिएका १४ जना पुरुष र एक जना महिला गरी १५ जना थुनुवा रहेका छन्। यसरी यस वर्षको अन्त्यसम्म रोल्पा कारागारमा जम्मा २५ जना बन्दी रहेका छन्। रोल्पा कारागार पुरानो भएकाले जीर्ण अवस्थामा रहेको छ। कारागारभित्र दुईओटा शौचालय र दुईओटा धाराको व्यवस्था छ। इन्सेकले उपलब्ध गराएको एक थान रेडियो, कारागार शाखाले महिला र पुरुषलाई एक-एकओटा टीभी तथा एकओटा क्यारमबोर्ड उपलब्ध गराएको छ। आईसीआरसीले उपलब्ध गराएको कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक, शब्दकोश र सामान्य ज्ञानजस्ता किताबहरू रहे तापनि रोल्पाबाट प्रकाशित हुने *रोल्पा आवाज* पाक्षिक, *रोल्पा समाचार* साप्ताहिक र दाङबाट प्रकाशित हुने *युगबोध* दैनिक पत्रिका मात्र उपलब्ध हुँदै आएको छ। ती पत्रिका पनि नियमित प्राप्त नहुने बन्दीहरूले बताए। राष्ट्रियस्तरका पत्रिका र आवश्यक खेलकुदका सामग्रीको सुविधा नभएको बन्दीहरूको गुनासो रहेको छ।

## कारागारमित्र कुटपिट

मसिना गाविस-७ सालाबाङमा हाल कर्तव्य ज्यान मुद्दामा कारागार शाखा रोल्पामा थुनामा रहेका २१ वर्षीय खुमबहादुर पुरीलाई ०६५ असार २८ गते राती ११ बजे जेलर र प्रहरीसँग कुरा लगाएको आरोपमा दाङ जिल्ला त्रिभुवन नपा-११ रावत गाउँका डाँका चोरी मुद्दामा थुनामा रहेका ३६ वर्षीय भुन्टे भनिने देविन्द्र ओली, रोल्पा जिल्ला तालबाङ गाविस-९ नेपाली सेनाका भगौडा (भगवार) मुद्दामा थुनामा रहेका २३ वर्षीय देवचन्द्र दमाई र कुरेली गाविस-८ को चोरी मुद्दामा थुनामा रहेका २८ वर्षीय गनबहादुर घर्तीमगरले कारागार शाखा रोल्पामा कुटपिट गरे। त्यसैगरी, झेनाम गाविस-२ घर भई चोरी, डाँका मुद्दामा कारागार रोल्पामा थुनामा रहेका १८ वर्षीय मदन रोकालाई राँक गाविस-८ जाएचौर निवासी हाल लिबाङ-५ बस्दै आएका मार्ने उद्योग मुद्दामा कारागार शाखामा थुनामा रहेका १७ वर्षीय प्रमिल पुनले ०६५ भदौ २१ गते दिउँसो १२ बजे कारागार शाखा रोल्पामा क्यारमबोर्ड खेलिरहेको समयमा विवाद हुँदा हथौडाले टाउकोमा हानेर घाइते बनाए। रोकाको टाउकोमा तीन ठाउँमा चोट लागेको थियो। रोकालाई कारागार शाखाले उपचार गराएको थियो। पीडितको अवस्था सामान्य रहेको छ। पीडकलाई कारागार शाखाको कोठामा एक दिनसम्म हतकडी लगाएर राखिएको थियो।

## धम्की/कुटपिट

### माओवादीबाट

मिझिङ गाविस-४ निवासी राष्ट्रिय जनमोर्चाका रोल्पा काठमाडौं सम्पर्क समितिका अध्यक्ष २६ वर्षीय आकाश गिरीले माओवादी कार्यकर्तासँग राजनीतिक बहस गरेको आरोपमा ०६५ वैशाख २ गते बिहान उनलाई माओवादी कार्यकर्ताले कुटपिट गरे। सो घटनाको विरोधमा ०६५ वैशाख ४ गते सुलिचौर

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | अज्ञातबाट | | |
|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | २ | २ | २ |
| कुटपिट | १ | ६ | ६ |
| जम्मा | ३ | ८ | ८ |

बजारमा राष्ट्रिय जनमोर्चा रोल्पाले विरोधसभा गरेको थियो।

तालाबाङ गाविस-३ का ६३ वर्षीय कमानसिं घर्तीमगर र सोही ठाउँका २८ वर्षीय गौले डाँगीले मादक पदार्थ सेवन गरी नेकपा (माओवादी)को विरोध गरेको र सूर्यमा मतदान गरेको आरोपमा ०६५ वैशाख ४ गते सोही ठाउँका माओवादी कार्यकर्ता ४४ वर्षीय सुकवीर घर्ती र उनका छोरा १७ वर्षीय पृथ्वी घर्तीसमेत आठ जनाले दुवै जनालाई कुटपिट गरे। पीडितहरूले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

जुगार गाविस-९ निवासी नेविसङ्घ जिल्ला सदस्य १९ वर्षीय रामलाल परियारलाई ०६५ वैशाख ७ गते बेलुका जुगार गाविस नेर्पामा माओवादीद्वारा आयोजित विजयसभा सम्पन्न भएपछि माओवादीले कुटपिट गरे। कुटपिटबाट खुट्टा भाँचिएका पीडितको नेपालगञ्जमा उपचार भयो। माओवादीले उक्त घटना घरायसी कुराबाट भएको र आफ्नो पार्टीको संलग्नता नभएको जनाएको थियो। माओवादी पार्टीले घाइतेलाई औषधि खर्च उपलब्ध गराउने सहमति इलाका प्रहरी कार्यालय जुगारमा गरे पनि यस वर्षको अन्त्यसम्ममा पीडितलाई खर्च उपलब्ध गराएनन्।

जुगार गाविस-९ जावल निवासी नेविसङ्घ रोल्पाका जिल्ला समिति उपाध्यक्ष १९ वर्षीय दुर्योधन रानामगर ०६५ वैशाख १९ गते लिबाङ जाँदै गर्दा कोटगाउँ गाविस-६ दार्वोट नजिकैको जङ्गलमा माओवादीको चुनाव चिन्ह भएको टिसर्ट लगाएका युवाहरूले उनलाई कुटपिट गरे। नेविसङ्घ रोल्पाले ०६५ वैशाख २२ गते प्रेस विज्ञप्ति प्रकाशन गरी माओवादी कार्यकर्ताबाट कुटपिट गरिएको भन्दै घटनाको विरोध गरेको थियो। तर, माओवादीले उक्त घटनामा आफूहरूको संलग्नता नरहेको बताए।

### अज्ञात समूहबाट

गाम गाविस-८ का कुञ्ज विक, सोही ठाउँका सने विक, नरसिङ विक, दलपति विक, चूडाबहादुर महरा र जनता निमावि गामका प्रधानाध्यापक विष्णु भाटले प्रहरीलाई सहयोग गरेको आरोपमा ०६५ मङ्सिर ७ गते उनीहरूलाई स्वचालित हतियारसहित आएको अज्ञात समूहले कुटपिट गऱ्यो। सो समूहले पीडितहरूलाई सशस्त्र द्वन्द्वको समयमा माओवादीले उठाएको रकम फिर्ता गर्नुपर्ने र जनजातिहरूको पक्षमा लाग्नुपर्ने भनेको थियो। सो समूहले पीडितलाई ३५ हजार रुपियाँ तिर्नुपर्ने कागज गराएर उनीबाट १ हजार रुपियाँ लिएर गएको थियो।

### गैरकानुनी गिरफ्तारी

गाम गाविस-५ का ४८ वर्षीय चम्पासी बुढामगरले ०६५ मङ्सिर ८ गते सोही गाविस-९ फलबाङमा गस्तीमा गएका प्रहरीलाई गोली प्रहार गरेको आरोपमा ०६५ मङ्सिर ८ गते घटनास्थल नजिकबाट प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयमा ०६५ मङ्सिर ११ गते ल्याइएका पीडितविरुद्ध मङ्सिर २० गते सार्वजनिक अपराध मुद्दा दर्ता गरिएको थियो। उनलाई ०६५ पुस ३ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा प्रहरीले कारागार चलान गऱ्यो। पीडित ०६५ पुस ८ गते १२ हजार रुपियाँ धरौटी राखी तारिखमा रिहा भए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

लिबाङ गाविस-६ लिबाङमा डेरा गरी बस्ने राप्रपा नेपाल जिल्ला शाखा रोल्पाका सदस्य तथा सोही पार्टीबाट संविधानसभा निर्वाचनमा समानुपातिकतर्फका उम्मेदवार ४५ वर्षीय गोविन्द वलामीलाई राप्रपा नेपालका कार्यकर्ताले माओवादी कार्यकर्ताको हत्या गरेको आरोपमा ०६४ चैत ६ गते बेलुका उनलाई माओवादीले नियन्त्रणमा लिए। माओवादी कार्यकर्ताले उनलाई राप्रपा नेपालको कार्यालयमा रहेको झण्डा, साइनबोर्ड र कार्यालयका कागजातहरू बाहिर ल्याई जलाउन लगाए। ०६४ चैत ५ गते माओवादी कार्यकर्ता भक्तबहादुर विक र टेकबहादुर बुढालाई अज्ञात समूहबाट गरिएको हत्यामा राप्रपा नेपालका कार्यकर्ता संलग्न भएको माओवादीले आरोप लगाएका थिए।

लिबाङ गाविस-६ घर भई काङ्ग्रेसका तर्फबाट संविधानसभा निर्वाचनमा रोल्पा क्षेत्र नं. १ का उम्मेदवार ४७ वर्षीय माधवप्रसाद आचार्य, उवा

गाविस-६ ठूलो गाउँ निवासी काङ्ग्रेस जिल्ला कार्य समिति सदस्य तथा समानुपातिक उम्मेदवार ३० वर्षीय श्रीकुमारी रोका मगर, लिबाङ गाविस-५ निवासी नेविसङ्घका केन्द्रीय महामन्त्री मनोजमणि आचार्य, खुङ्ग्री गाविस-२ खुङ्ग्री निवासी काङ्ग्रेस जिल्ला कार्यसमिति सचिव ५५ वर्षीय नन्दु गिरी, धवाङ गाविस-७ भनभने निवासी नेपाली काङ्ग्रेस जिल्ला सहसचिव ४५ वर्षीय मानबहादुर खत्री, खुङ्ग्री गाविस-२ निवासी काङ्ग्रेस क्षेत्रीय सभापति ४२ वर्षीय इमानसिङ गिरी, धवाङ गाविस-१ धवाङ निवासी नेविसङ्घ जिल्ला अध्यक्ष २२ वर्षीय शेरबहादुर थापा, लिबाङ गाविस-६ निवासी नेविसङ्घ जिल्ला सचिव ३० वर्षीय लीलाधर आचार्य, गाम गाविस भित्री गाम निवासी २२ वर्षीय शेरबहादुर घर्तिमगर, मिझिङ गाविस-९ छिर्नेका २८ वर्षीय इन्द्रबहादुर रानामगरले काङ्ग्रेसको प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत १८ गते बिहान ११ बजे संविधानसभा निर्वाचनको प्रचार प्रसार गर्न फगाम गाविस-८ भलबाङमा खाना खाने तयारी गरिरहेको समयमा माओवादी कार्यकर्ता विक्रम विकको नेतृत्वमा आएका माओवादीहरूले उनीहरूलाई चुनाव प्रचार प्रसार गर्न नदिएर कुटपिट गर्दै लेखेटेका थिए। कुटपिटबाट नन्दु गिरीको टाउकोमा चोट लागेको थियो। कुटपिटपछि भागाभाग हुँदा सात घण्टापछि मात्र पीडितहरू सम्पर्कमा आएका थिए।

गैरीगाउँ गाविस-५ का २२ वर्षीय वसन्त गौतमले माओवादी पार्टीका विरुद्ध काम गरेको आरोपमा ०६४ चैत २८ गते मतदानको समयमा माओवादी कार्यकर्ताले उनलाई गैरीगाउँ गाविसको सिमाचौर मतदान केन्द्रमा मतदानको समयमा काम छ भनी केही पर लगेर कुटपिट गरे। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

जिल्ला अदालत रोल्पामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका छ थान मुद्दामा यस वर्ष कुनै मुद्दा फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका तीन थान मुद्दामध्ये कुनै मुद्दा फर्स्यौट भएन। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा नौ थान फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका नौ थान मुद्दामध्ये सात थान मुद्दा फर्स्यौट भई दुई थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ५३ थान मुद्दामा ४६ थान मुद्दा फर्स्यौट भई सात थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा नौ थान फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३५ थान मुद्दामध्ये सात थान मुद्दा फर्स्यौट भई २८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १९ थानमध्ये दुई थान मुद्दा फर्स्यौट भई १७ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ४५ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म ६३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पाँच वर्ष नाघेका मुद्दा यस अदालतमा छैनन्।

## बालअधिकार

रोल्पा जिल्लामा रहेका करिब तीन सयभन्दा बढी विद्यालयहरूमा ०६५ वैशाखदेखि शैक्षिक सत्र सुरु भए पनि छ महिनासम्म जिल्लामा पाठ्यपुस्तक नपठाइएकाले जिल्लाका अधिकांश विद्यालयहरूमा कक्षा १ देखि १० सम्म अध्ययनरत बालबालिकाहरू पाठ्यपुस्तकबिना परीक्षा दिन बाध्य भए।

बुढागाउँ गाविस-९ की १७ वर्षीया एक युवतीलाई ०६५ साउन १ गते सोही ठाउँका ४८ वर्षीय कर्णबहादुर विकले सोही गाविस-९ पुनगाउँमा बलात्कार गरेको आरोपमा पीडितले ०६५ साउन ६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। सोही आरोपमा ०६५ साउन ६ गते प्रहरीले गिरफ्तार गरेका विकलाई जिल्ला अदालतले ०६५ साउन २७ गते कारागार चलान गऱ्यो।

गैरीगाउँ गाविस-२ दुम्लाकी १८ वर्षीया टीका घर्तीमगर र सोही ठाउँका २६ वर्षीय नेत्रबहादुर महराको अवैध सम्पर्कबाट जन्मेको बच्चालाई ०६५ मङ्सिर ४ गते आमा टीकाले हत्या गरेर लास फालेको आरोपमा प्रहरीले दुवैलाई ०६५ मङ्सिर ६ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय रोल्पाले उनीहरू दुवैलाई कर्तव्य ज्यान मुद्दा चलाएकामा रोल्पा जिल्ला अदालतले पुर्पक्षका लागि ०६५ मङ्सिर २३ गते दुवैलाई कारागार चलान गरेको थियो। उनीहरू यस वर्षको अन्त्यसम्म कारागार शाखा रोल्पामा थुनामा रहेका छन्।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

तालाबाङ गाविस-३ की २५ वर्षीया एक महिलालाई ०६५ जेठ ८ गते दिउँसो राँक गाविस-५ का ३२ वर्षीय भूपलाल विकले बलात्कार गरेको

आरोपमा जिल्ला प्रहरी कार्यालय रोल्पामा पीडितले मुद्दा दर्ता गराइन्। बलात्कार गरेको आरोपमा प्रहरीले विकलाई ०६५ जेठ १२ गते गिरफ्तार गऱ्यो। विकलाई जिल्ला अदालतले ०६५ असार ४ गते कारागार चलान गरेकामा ०६५ असार ४ गते धरौटीमा रिहा भए।

जेदबाङ गाविस-४ की ३५ वर्षीया एक महिलालाई ०६५ साउन ११ गते दिउँसो सोही ठाउँका २१ वर्षीय चम्फे विकले बलात्कार गर्न प्रयास गरेको आरोपमा पीडितले ०६५ साउन ३१ गते जिल्ला प्रहरी कार्यालय रोल्पामा मुद्दा दर्ता गराइन्। पीडकलाई प्रहरीले गिरफ्तार गरेर ०६५ साउन ३१ गते मुद्दा चलाएको थियो। ०६५ भदौ १५ गते जिल्ला अदालत रोल्पाले कारागार चलान गरेका विक यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहेका छन्।

### दुर्व्यवहार

घर्तीगाउँ गाविस-४ की ५६ वर्षीया लालसरी घर्ती, सोही ठाउँ निवासी झाँक्री ८० वर्षीय देवी विक र उनकी पत्नी मङ्गली विकलाई बोक्सा/बोक्सीको आरोपमा ०६४ माघ २२ गते दिउँसो २ बजे सोही ठाउँका ३५ वर्षीय कुलमान डाँगीले खुकुरी प्रहार गरी घाइते बनाए। कुलमान डाँगीकी पत्नीको बच्चा जन्माउन नसकेर महेन्द्र अस्पताल दाङ घोराहीमा ०६४ माघ ७ गते मृत्यु भएपछि पीडितलाई बोक्सा/बोक्सीको आरोप लगाएका थिए। पीडकले पीडितहरूलाई बोक्सीका कारण मृत्यु भएको आरोपमा ०६४ माघ २१ गते पनि कुटपिट गरेका थिए। घाइतेहरूको सोही दिन स्वास्थ्य चौकी घर्तीगाउँमा उपचार भयो। टाउकोमा चोट लागेकी लालसरी घर्तीलाई थप उपचारका लागि ०६४ माघ २९ गते नेपालगञ्ज लगियो। पीडकलाई गाउँलेले खुकुरीसहित ०६४ माघ २२ गते इलाका प्रहरी कार्यालय घर्तीगाउँमा बुझाए। घर्तीगाउँस्थित इलाका प्रहरी कार्यालयमा बसेको सर्वपक्षीय भेलामा घाइतेहरूको उपचारका लागि पीडकले ३० हजार रुपियाँ दिएपछि पीडकलाई इलाका प्रहरी कार्यालय घर्तीगाउँले ०६४ माघ २८ गते रिहा गऱ्यो। घाइतेलाई ३० हजार रुपियाँले उपचार गर्न नपुगे पीडकले थप रुपियाँ तिर्ने सो भेलामा सहमति भएको थियो। पीडक पक्षले जरिवानास्वरूप पीडितहरूलाई ५/५ सय रुपियाँ तिरेर माफी मागेका थिए।

## ४.४ सल्यान



जनसङ्ख्या : २,४२,५९९
साक्षरता प्रतिशत : ५४
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.): १,४६२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३८१/५
क्याम्पस/उच्च मा.वि. : ४/१५
अस्पताल/स्वास्थ्य चौकी : १/४७
मानव विकास सूचकाङ्क : ०.३९९
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १० जना पुरुष तथा दुई जना महिला गरी १२ जना कैदी रहेका छन् भने कैद नतोकिएका १० जना पुरुष र दुई जना महिला गरी १२ जना थुनुवा रहेका छन्। यसरी सल्यान कारागारमा जम्मा २४ जना बन्दी रहेका छन्। कारागारको क्षमताभन्दा बढी मानिस बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। कारागारमा पानी, शौचालय, विद्युत्, पत्रपत्रिका, रेडियो तथा टेलिभिजनको सुविधा उपलब्ध छ।

### बेपत्ता/अपहरण

### माओवादीबाट

कजेरी गाविस-८ का ६१ वर्षीय जोखु बस्नेतले संविधानसभाको निर्वाचनमा माओवादीलाई भोट नदिने आशङ्कामा ०६४ चैत २७ गते राती उनलाई सोही गाविस-६ का दीपक गोसाई, बलिराम सुनारसमेत १० जनाको सङ्ख्यामा आएका माओवादी कार्यकर्ताले

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | | १ | १ | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | १ | १ | १ |
| कुटपिट | ४ | ९ | | ९ | ४ | १४ | १४ | | | |
| धम्की | | | | | १ | १ | १ | | | |
| महिलाअधिकार | ९ | | १२ | १२ | | | | | | |
| बालअधिकार | ४ | १ | ३ | ४ | | | | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | १ | १ | १ | | | |
| अपहरण | १ | १ | | १ | ३ | ४ | ४ | | | |
| जम्मा | १९ | ११ | १६ | २७ | ८ | २० | २० | १ | १ | १ |

घरैबाट अपहरण गरे। पीडित माओवादीलाई मत दिने सर्तमा ०६४ चैत २८ गते बिहान कजेरी गाविस-६ बाट मुक्त भए।

भल्चौर गाविस-१ निवासी एमाले कार्यकर्ता २५ वर्षीय मार्सल बली, सोही पार्टीका कार्यकर्ताहरू दार्माकोट गाविस-४ का सादाराम बस्नेत र प्रेमबहादुर रोकायाले संविधानसभाको निर्वाचनमा मतदाताहरूलाई भोजभतेर खुवाई रकम बाँडेको आरोपमा ०६४ चैत २७ गते साँझ उनीहरूलाई माओवादी जिल्ला कमिटी सदस्य टङ्क बलीको नेतृत्वमा आएका माओवादी कार्यकर्ताहरू वाले सुनार, रत्न वली, देवेन्द्र र नरेश चन्दसमेतको टोलीले सादारामको घरमा रहेको अवस्थामा कुट्दै अपहरण गऱ्यो। पीडितहरू दार्माकोट गाविस-५ बाट सोही राती मुक्त भए।

### काङ्ग्रेसबाट

काँरागिठी गाविस-४ निवासी एमाले कार्यकर्ता २८ वर्षीय कृष्णबहादुर रानाले संविधानसभाको निर्वाचनको केही दिनअघि काङ्ग्रेस कार्यकर्ताले मतदातालाई बाँड्दै गरेको रकमसहित समातेर प्रहरीमा बुझाएको आरोपमा ०६४ चैत २९ गते उनलाई काङ्ग्रेसनिकट शिक्षक सङ्घका सदस्य, राधेश्याम निमावि गैरागिठीका शिक्षक काँरागिठी गाविस-७ का शेरबहादुर पुन र सोही ठाउँ निवासी एलएफपी साझेदारी कार्यक्रमका स्थानीय सहजकर्ता तथा नेविसङ्घ जिल्ला कार्यसमितिका सहसचिव ३२ वर्षीय पुष्कर वपालको नेतृत्वमा आएका २५/३० जनाको समूहले उनलाई फालावाङ गाविस-१ रिखेबगरबाट अपहरण गऱ्यो। पीडितहरू प्रहरीको सहयोगमा ०६५ वैशाख १ गते मुक्त भए।

### धम्की/कुटपिट

### माओवादीबाट

कुपिण्डे गाविस-९ का २१ वर्षीय वीरबहादुर विष्ट, छायाक्षेत्र गाविस-८ का २१ वर्षीय सुविल श्रेष्ठ, कालागाउँ गाविस-१ का २१ वर्षीय प्रकाश शाह, खलङ्गा गाविस-२ का २० वर्षीय नवीन श्रेष्ठ, सोही ठाउँका १८ वर्षीय रमेश विष्ट, सोही गाविस-३ का २० वर्षीय आनन्द श्रेष्ठ, सोही गाविस-५ का २२ वर्षीय उदय हमाल र २२ वर्षीय अमिट राईले माओवादीका क्षेत्र नं. २ का उम्मेदवार उमाकान्त शर्मा चढेको सवारी साधनमा आक्रमण गर्ने प्रयास गरेको आरोपमा ०६४ चैत १५ गते साँझ माओवादी कार्यकर्ताहरूले उनीहरूलाई खलङ्गा गाविस-१ मा कुटपिट गरे। पीडितहरूलाई खलङ्गा गाविस-२ श्रीनगरस्थित माओवादी पार्टी कार्यालय पुऱ्याई कोठाभित्र थुनेर पुनः कुटपिट गरिएको थियो। कुटपिटपश्चात् उनीहरूलाई माओवादीले इलाका प्रहरी कार्यालय श्रीनगरमा बुझाए। आइन्दा कुनै पनि घटनामा संलग्न भएको पाइएमा सार्वजनिक मुद्दा चलाउने सर्तमा ०६४ चैत १७ गते

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | काङ्ग्रेसबाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | २ | ३ | ३ | | | | १ | २ | २ |
| अपहरण | | | | १ | १ | १ | | | |
| जम्मा | २ | ३ | ३ | १ | १ | १ | १ | २ | २ |

पीडितहरूलाई जिल्ला प्रहरी कार्यालयले रिहा गऱ्यो।

दार्माकोट गाविस-८ का ४३ वर्षीय आइतु वलीले अन्य पार्टीका कार्यकर्तालाई माओवादी पार्टीमा प्रवेश गराएको घटनाको विरोध गरेको आरोपमा ०६४ चैत २३ गते साँझ माओवादीका जिल्ला कमिटी सदस्य टङ्क वलीको नेतृत्वमा गएको समूहले उनलाई सोही गाविस-१ मैदानमा लाठी, हात र मुक्काले हिर्काई घाइते बनायो। पीडितको ०६४ चैत २४ गते बाँकेको कोहलपुरस्थित मेडिकल कलेजमा पुऱ्याई उपचार भयो। एक महिना अस्पतालमा बसी उपचार गराएका आइतुको ढाड र करङमा चोट लागेको थियो।

काल्चे गाविस-७ का एमाले कार्यकर्ता ३४ वर्षीय बेलबहादुर चन्द, सोही ठाउँका ४७ वर्षीय इन्द्रबहादुर खत्री, ६५ वर्षीय मेघबहादुर बुढाथोकी र ६२ वर्षीय रामबहादुर बुढाथोकीले एमालेले संविधानसभाको निर्वाचन हारेपछि पनि भोज खाई फूर्ति गरेको आरोपमा ०६५ वैशाख १ गते दिउँसो सोही ठाउँ निवासी माओवादी कार्यकर्ता ३० वर्षीय इन्द्रबहादुर पुनको अगुवाइमा गएको ८/१० जनाको समूहले उनीहरूलाई कुटपिट गऱ्यो। घटनापछि माओवादीको डरका कारण बेलबहादुर चन्द र इन्द्रबहादुर खत्री भागेर सुर्खेत गए। घरमा बसेका मेघबहादुर र रामबहादुरलाई माओवादी कार्यकर्ताले ०६५ वैशाख २ गते पुनः कुटपिट गरे। घाइतेहरूको स्थानीय औषधि पसलमा उपचार भयो। भागेर सुर्खेत गएका पीडितहरू वैशाख ९ गते गाउँ फर्किएका थिए।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सल्यानका सभापति प्रकाशकुमार श्रेष्ठको नेतृत्वमा गएको एक टोली अनुमतिविना राहत वितरण गर्न गएको आरोपमा ०६५ वैशाख २४ गते बडागाउँ गाविसमा पुग्दा कालागाउँ गाविस-७ निवासी माओवादी जिल्ला कमिटी सदस्य तथा मगरात राज्य समितिका सदस्य ज्वाला भनिने घर्मबहादुर बुढाथोकीको नेतृत्वमा आएको समूहले बाटोमा रोकेर गालीगलौज गर्नुका साथै हातखुट्टा भाँच्ने, गोठमा हुलिदिने र राहत सामग्रीसहित जलाइदिने धम्की दियो। आईसीआरसीले उक्त कार्यक्रम तत्काल स्थगन गऱ्यो। माओवादीले एक प्रेस विज्ञप्ति प्रकाशन गरी रेडक्रसका कर्मचारीहरूलाई दुर्व्यवहार नगरेको दावी गऱ्यो।

कोटमौला गाविस-४ का ५८ वर्षीय रुपलाल कामीलाई ०६५ साउन १ गते सोही ठाउँका माओवादी कार्यकर्ता बलबहादुर कामी र देवबहादुर मल्लले व्यक्तिगत रिसइवीका कारण कुटपिट गरी घाइते पारेकामा माओवादी जिल्ला कमिटी सदस्य रोमु शाहीको सहयोगमा पीडकहरूले उजुरी तथा औषधि उपचार गर्न जान दिएनन्। कुटपिटका कारण खुट्टा भाँचिएका पीडितले ०६५ असोज २९ गते इलाका प्रहरी कार्यालय थारमारेमा उजुरी दर्ता गराई औषधि उपचारका लागि ०६५ कात्तिक ४ गते काठमाडौँ गए। पीडकउपर सल्यान जिल्ला अदालतमा अड्गभङ्गको मुद्दा चलिरहेको छ ।

### वाईसीएलबाट

कोटमौला गाविस-४ निवासी एमाले कार्यकर्ता २८ वर्षीय हीरासिं सुनार र सोही ठाउँका २७ वर्षीय प्रकाश परियारले खुकुरी राखेको आरोपमा ०६४ चैत २८ गते साँझ वाईसीएल कार्यकर्ताले उनीहरूलाई थारमारे गाविस-४ स्थित एमाले पार्टी कार्यालयबाट जबरजस्ती बाहिर निकालेर कुटपिट गरे। पीडकहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

### एमालेबाट

पीपलनेटा गाविस-८ निवासी हाल खलङ्गा गाविस-२ बस्ने ३७ वर्षीय देवबहादुर केसीले वाईसीएल लगाई आफ्नो पार्टीका उम्मेदवार तथा अन्य कार्यकर्तालाई आक्रमण गर्न लगाएको आरोपमा ०६४ चैत २२ गते राती उनलाई एमाले जिल्ला कमिटी सदस्य भोला केसीको नेतृत्वको समूहले घाइते हुने गरी कुटपिट गऱ्यो। पीडितको जिल्ला अस्पताल सल्यानमा उपचार भयो। पीडकहरूलाई यो वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

दार्माकोट गाविस-४ का सुदाम शर्मा र प्रकाश शर्मालाई गलत सूचना माओवादीलाई पुऱ्याई आफूहरूलाई माओवादीबाट अपहरण गराएको आरोपमा ०६४ चैत २७ गते एमाले कार्यकर्ताले समातेर कुटपिट गर्दै प्रहरीलाई बुझाए। पीडितहरू ०६४ चैत २८ गते रिहा भए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सल्यानमा गत वर्षको जिम्मेवारी सरेर आएका १४ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये यस वर्ष छ थान मुद्दा फर्स्यौट भई आठ थान बाँकी रहे। यस वर्ष दर्ता भएका २३ थानमध्ये पाँच थान मुद्दा फर्स्यौट भई १८ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा २६ थान फर्स्यौट हुन बाँकी रहे।

त्यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १३ थानमध्ये यस वर्ष छ थान फर्स्यौट भई सात थान बाँकी रहे। यस वर्ष दर्ता भएका १० थान सरकारवादी फौजदारी मुद्दामा कुनै पनि मुद्दा फर्स्यौट भएन। यसरी यो वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा १७ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४९ थान मुद्दामध्ये १७ थान फर्स्यौट भई ३२ थान बाँकी रहे। यस वर्ष दर्ता भएका २२ थान देवानी मुद्दामध्ये कुनै पनि मुद्दा फर्स्यौट भएन। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ५४ थान फर्स्यौट हुन बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म सल्यान जिल्ला अदालतमा ९७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। सल्यान जिल्ला अदालतमा ५ वर्षभन्दा पुरानो सरकारवादी फौजदारी मुद्दा एक थान फर्स्यौट हुन बाँकी छ।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

कोटमौला गाविस-७ जलेखर्कका ४३ वर्षीय तुलसीराम कुँवरले चोरी गरेको आशङ्कामा ०६५ मङ्सिर १७ गते इलाका प्रहरी कार्यालय दमाचौरले गिरफ्तार गरी हिरासतमा राखेको अवस्थामा सोही इलाका प्रहरी कार्यालयमा कार्यरत असई लक्ष्मण आचार्यले गालीगलौज गरी घोप्टो पारेर कुटपिट गरे। पीडित ०६५ मङ्सिर १८ गते रिहा भए।

### बालअधिकार

कालीमाटी रामपुर गाविस-७ की सात वर्षीया बालिकालाई सोही ठाउँका १६ वर्षीय एक बालकले फकाइफुलाई ०६५ जेठ १५ गते बालिकाकै घरनजिकको बारीमा लगेर बलात्कार गरे। पीडकलाई ०६५ जेठ २१ गते प्रहरीले गिरफ्तार गरेको थियो। पीडकलाई ०६५ असार १ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार सल्यान चलान गऱ्यो।

सिद्धेश्वरी गाविस-८ डाँडाकटेरीकी ११ वर्षीया एक बालिकालाई फकाइफुलाई गाईगोठमा लगेर ०६५ कात्तिक २९ गते दिउँसो सोही गाविस-६ का ४० वर्षीय गणेशबहादुर विकले बलात्कार गरे। पीडित पक्षले इलाका प्रहरी कार्यालय श्रीनगरमा उजुरी दिएपछि प्रहरीले ०६५ मङ्सिर १० गते पीडकलाई गिरफ्तार गरी ०६५ मङ्सिर २६ गते पुर्पक्षका लागि जिल्ला कारागार चलान गऱ्यो। पीडकउपर जिल्ला अदालत सल्यानमा मुद्दा चलिरहेको छ।

सेजवालटाकुरा गाविस-९ की २९ वर्षीया भागीरथी बस्नेत र उनका देवर ३४ वर्षीय शेरबहादुर बस्नेतको अवैध यौन सम्बन्धबाट ०६५ मङ्सिर १४ गते साँझ जन्मेको शिशुको लास बारीमा गाडेको अवस्थामा ०६५ मङ्सिर १७ गते प्रहरीले फेला पाऱ्यो। उक्त लास प्रहरीले बारीबाट उत्खनन गरी पोस्टमार्टमका लागि जिल्ला अस्पताल सल्यान पठायो। सोही दिन प्रहरीले हत्याको आरोपमा उनीहरूलाई गिरफ्तार गरी पुर्पक्षका लागि ०६५ पुस ८ गते जिल्ला कारागार चलान गऱ्यो।

शैक्षिक सत्र ०६४/६५ को अन्त्यसम्म पनि यस जिल्लामा सबै प्राथमिक विद्यालयहरूमा कक्षा २ देखि ५ सम्म पढ्ने बालबालिकाहरूले अङ्ग्रेजी विषयको पाठ्यपुस्तक पाउन सकेनन्। साझा प्रकाशनले पाठ्यपुस्तकहरू बजारमा पठाउन नसेकेका कारण बालबालिकाहरूले पाठ्यपुस्तक पढ्न नपाएको जिल्ला शिक्षा अधिकारी मानबहादुर घिमिरेले बताए। यसबाट ३ सय ८८ प्राथमिक विद्यालयका ५८ हजार बालबालिका प्रभावित भए।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

धनबाङ गाविस-८ की १८ वर्षीया तुलसी नेपालीले बलात्कार गर्न नदिएको आरोपमा ०६४ माघ २३ गते सोही ठाउँका १९ वर्षीय फत्तेसिंह बुढामगरले घरमै उनको हत्या गरे। पीडकलाई ०६४ माघ २५ गते प्रहरीले गिरफ्तार गरी ०६४ फागुन १९ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार चलान गऱ्यो।

निगाल्चुला गाविस-७ की २१ वर्षीया एक युवतीलाई ०६५ असार १० गते राती उनकै सहोदर दाजुले उनकै घरमा कुटपिट गरी बहोस बनाएर बलात्कार गरे। पीडकलाई ०६५ साउन ८ गते प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि ०६५ साउन १३ गते कारागार चलान गऱ्यो। पीडकउपर जिल्ला अदालत सल्यानमा बलात्कारको मुद्दा चलिरहेको छ।

### पारिवारिक हिंसा

डाँडागाउँ गाविस-६ वरला घर भई स्यानीखाल गाविस-४ पसल गरेकी २८ वर्षीया लेखा भनिने लिखत भण्डारीले आफ्नो अपमान गर्दै हेलाहोचो गरेको आरोपमा ०६५ मङ्सिर १० गते उनलाई पति २८ वर्षीय कृष्ण भण्डारीले हातमुक्का र दाउराले कुटेर सख्त घाइते बनाए। कुटपिटका कारण पीडितको टाउको, आँखा, मुख र ढाडमा नीलडाम पर्नुका साथै एउटा हातको नाडीको हड्डी फुट्यो। पीडितले ०६५ मङ्सिर ११ गते इलाका प्रहरी कार्यालय श्रीनगरमा उजुरी दिइन्। पीडकलाई ०६५ मङ्सिर १२ गते प्रहरीले गिरफ्तार गरी पीडितको घाउजाँच गराई जिल्लामा पठायो। पीडितले ०६५ मङ्सिर १६ गते जिल्ला अदालत सल्यानमा सम्बन्ध विच्छेद गरी पाउन मुद्दा दर्ता गरिन्। पीडक तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेन।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

देवस्थल गाविस-५ बाघचौरका ५६ वर्षीय बुद्धिसिं विष्टको घाँजरीपिल गाविस-८ सुक्लाफाँटस्थित १७ रोपनी पाखोबारीमा लगाएको झन्डै २०/२५ मुरी मास माओवादीका जिल्ला कमिटी सदस्य डिल्लीराज शर्मा, कर्णबहादुर बुढाथोकी र कृतिबहादुर बुढाको निर्देशनमा ०६५ भदौ २७ गतेदेखि असोज २१ गतेसम्मको अवधिमा स्थानीय माओवादी कार्यकर्ताहरू सोही ठाउँका डिल्लीबहादुर कामी, अमरबहादुर कामी, मोतीराम कामी र खिउरो कामीलगायत करिब २ सय जनाको समूहले जबरजस्ती काटेर लग्यो। आफूले पीडकउपर कारबाहीका लागि इलाका प्रहरी कार्यालय सल्लीबजार र जिल्ला प्रहरी कार्यालय खलङ्गामा उजुरी दिए पनि कारबाही नभएको पीडितले बताए।

## ४.५ रूकुम



जनसङ्ख्या : २,१५,२७०
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,८७७
गाविस/नपा सङ्ख्या : ४३/०
सरकारी/निजी विद्यालय : ३०५/५
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/४४
मानव विकास सूचकाङ्क : ०.३८६
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता ३० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका एक १८ वर्षमुनिका बालकसहित नौ जना पुरुष र एक जना महिला गरी १० जना कैदी रहेका छन् भने कैद नतोकिएका १० जना पुरुष र दुई जना महिला गरी १२ जना थुनुवा रहेका छन्। यसरी रूकुम कारागारमा जम्मा २२ जना बन्दी रहेका छन्।

कारागार भवनको अवस्था जीर्ण हुनु, बन्दीहरू सुत्ने कोठाहरूमा शौचालय नहुनु, खेलकुद सामग्री पर्याप्त नहुनु, महिला कारागारको पर्खाल साँघुरो हुनुजस्ता समस्याहरू समाधान नभएकामा बन्दीहरूको गुनासो छ। घरेलु तथा साना उद्योग समितिले पाँचवटा कपडा बुन्ने तानहरू दिएको भए पनि त्यहाँ उत्पादित सामानहरूले बजार नपाएको बन्दीहरूले बताए।

कारागारको भौतिक सुधार, कैद मिनाहालगायतका २२ सूत्रीय माग राखेर कारागारका बन्दीहरूले ०६५ साउन २३ गते कारागारभित्रै प्रदर्शन गर्नुका साथै तोडफोडसमेत गरे। विरोधपश्चात् सामान्य

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | १ | | १ | १ | | | | | |
| घाइते | ३ | ३ | | ३ | | | | | |
| कुटपिट | ४ | ५ | १ | ६ | १० | २५ | | | २५ |
| धम्की | १ | १ | | १ | ९ | १८ | ३ | ३४ | ५४ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | ४ | ८ | | १८ | २५ |
| महिलाअधिकार | १ | | १ | १ | | | | | |
| बालअधिकार | ३ | | ३ | ३ | | | | | |
| अमानवीय व्यवहार | १ | १ | १ | ३ | | | | | |
| अपहरण | ३ | ३ | | ३ | ११ | १५ | | | १५ |
| जम्मा | १४ | ११ | ६ | १८ | ३४ | ६५ | ३ | ५१ | ११९ |

रूपमा भौतिक सुधार र केही खेलकुद सामग्रीहरू उपलब्ध भएको बन्दीहरूले बताए।

### बेपत्ता/अपहरण

### माओवादीबाट

प्वाङ गाविस-४ निवासी जिल्ला स्वास्थ्य कार्यालयका अहेव ३५ वर्षीय हरिबहादुर केसीले स्वास्थ्य चौकीको औषधि हिनामिना गरेको आरोपमा ०६४ पुस २८ गते माओवादीले उनलाई पोखरा गाविस-१ बाट अपहरण गरे। पीडितलाई माओवादीले फागुन १ गते रुकुमकोटबाट बिनासर्त मुक्त गरे। पीडकलाई कारबाही गर्ने स्थिति नभएको भन्दै पीडितले प्रहरीमा उजुरी गरेनन्।

खोलागाउँ गाविस-४ निवासी काङ्ग्रेस कार्यकर्ता ३३ वर्षीय प्रताप देवकोटाले माओवादी गतिविधिको विरोध गरेको आरोपमा ०६४ माघ १२ गते चौरजहारीबाट घर फर्किंदै गर्दा विजयश्वरी डाँडाबाट माओवादीले उनलाई अपहरण गरे। अपहरणलगत्तै काङ्ग्रेस कार्यकर्ताहरूले पीडितलाई मुक्त गर्न दबाव दिएपछि ४५ मिनेटपछि पीडितलाई माओवादीले मुक्त गरेका थिए। प्रहरीले पीडकलाई कारबाही गर्ने अवस्था नभएको भन्दै पीडितले सम्बन्धित कार्यालयमा उजुरी गरेनन्।

साँख गाविस-७ का २१ वर्षीय रामचन्द्र विष्ट विदेश गएको आरोपमा ०६४ माघ २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनलाई साँखस्थित वाईसीएल कार्यालयमा पुऱ्याई २१ हजार रुपियाँ लिएर सोही दिन मुक्त गरे। प्रहरीले पीडकलाई कारबाही गर्ने विश्वास नरहेकाले उनले प्रहरीमा उजुरी नदिएको बताए। पीडित मलेसियाबाट ०६४ माघ १९ गते घर फर्किएका थिए।

खारा गाविस-९ निवासी काङ्ग्रेसका कार्यकर्ता ४५ वर्षीय झूपलाल ओलीले काङ्ग्रेसका नेताहरूलाई खान-बस्न दिएको आरोपमा ०६४ फागुन २४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चैत १ गते मुक्त गरे। पीडित आफ्नो कार्यकर्ता भएर चुनाव प्रचारमा गएको माओवादीले बताए पनि आफू काङ्ग्रेस कार्यकर्ता भएकै कारण अपहरणमा परेको पीडितले बताए। प्रहरीले पीडकलाई कारबाही गर्ने विश्वास नरहेकाले प्रहरीमा उजुरी नदिएको पीडितले बताए।

पोखरा गाविस-८ का एमाले कार्यकर्ताहरू २८ वर्षीय रामलाल घर्ती र २५ वर्षीय यमबहादुर बुढालाई संविधानसभाको निर्वाचनमा एमालेको प्रचार गरेको आरोपमा ०६४ चैत १६ गते माओवादी कार्यकर्ताहरूले सोही गाविसको ढाँकाबाट अपहरण गरी चैत १७ गते सोही ठाउँबाट मुक्त गरे। अपहरणपछि पनि पीडितहरू राजनीतिक गतिविधिमा सक्रिय रहे। प्रहरी कार्यालयनजिक नभएकाले पीडितले उजुरी दिन

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | काङ्ग्रेसबाट | | | वाईसीएलबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| घाइते | | | | २ | २ | २ | | | | |
| कुटपिट | | | | | | | ४ | ५ | १ | ६ |
| धम्की | १ | १ | १ | | | | | | | |
| महिलाअधिकार | | | | | | | १ | | १ | १ |
| अमानवीय न्यवहार | | | | | | | १ | १ | १ | २ |
| अपहरण | | | | | | | २ | २ | | २ |
| जम्मा | १ | १ | १ | २ | २ | २ | ८ | ८ | ३ | ११ |

नसकेको बताए।

साँख गाविस-७ का १९ वर्षीय विजय रसाइलीले माओवादीको चुनावी पोस्टर च्यातेको आरोपमा ०६४ चैत १७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनलाई साँखस्थित वाईसीएल कार्यालयमा लगेर लठ्ठीले पैतला र शरीरका अन्य भागहरूमा कुटपिट गरी सोही राती आइन्दा पोस्टर नच्यात्ने सर्तमा मुक्त गरे। फेरि पनि आफूमाथि आक्रमण हुनसक्ने डरले आफूले उजुरी नदिएको पीडितले बताए।

घेत्मा गाविस-६ का २९ वर्षीय महेश पुन, ३२ वर्षीय धीरेन्द्र पुन र २५ वर्षीय कविराज पुनले एमालेमा आस्था राखेको आरोपमा ०६४ चैत २७ गते उनीहरूलाई माओवादीले अपहरण गरे। एमालेलाई भोट नहाल्ने सर्तमा उनीहरू सबैलाई चैत २८ गते बिहान गाउँबाटै मुक्त गरे। प्रहरी कार्यालयनजिक नभएकाले पीडितले उजुरी दिन नसकेको बताए।

जिल्ला प्रहरी कार्यालय रुकुममा कार्यरत प्रहरी हवल्दार मङ्गलसिंह चौधरी एमाले रुकुम निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार देवी ओलीको सुरक्षार्थ खटिएको अवस्थामा ०६४ चैत २८ गते उनलाई माओवादीले अपहरण गरी रातभरि कुटपिट गरे। पीडित चैत २९ गते बिहान भागेर सम्पर्कमा आएका थिए। पीडकलाई यस वर्षको अन्त्यसम्ममा प्रहरीले कुनै कारबाही गरेन।

महत गाविस-७ का ४३ वर्षीय पूर्णबहादुर खड्काले माओवादी विरोधी गतिविधि गरेको आरोपमा ०६५ पुस ३ गते माओवादी जिल्ला कमिटी सदस्य कैलाश भनिने गञ्जु ओलीको नेतृत्वमा आएका माओवादी कार्यकर्ताले उनलाई अपहरण गरी कुटपिट गरे। पीडित अपहरणमा परेकै दिन माओवादीको कब्जाबाट भाग्न सफल भएका थिए। राजनीतिक आस्थाकै कारण पीडितलाई यसअघि ०६४ चैत १३ गतेसमेत माओवादीले अपहरण गरेका थिए। माओवादी कब्जाबाट भागेर पीडित एक महिना दाङ बसेर घर फर्किएका थिए। पीडितले संविधानसभा निर्वाचनमा मतदानसमेत गर्न पाएनन्। त्यतिखेर एक महिनापछि घर फर्किएका पीडितलाई माओवादीले 'तेरो गाउँबाट काङ्ग्रेसलाई भोट किन हाल्न लगाइस् ?' भनेर मानसिक यातना दिएका थिए। घटनापछि माओवादीले आफ्नो कमजोरी स्वीकार गर्दै जिल्लाभर यस्ता घटनाहरू नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै पीडितलाई औषधिखर्चबापत १ हजार रुपियाँ दिएर काङ्ग्रेससँग जिल्लास्तरमा सहमति गरेका थिए।

### वाईसीएलबाट

साँख गाविस-७ निवासी तकसेरा गाविसस्थित प्रावि घुम्लीबाङका शिक्षक ४३ वर्षीय भीमनारायण पुनलाई आफूहरूविरुद्ध काम गरेको आरोपमा ०६४ चैत १८ गते वाईसीएल कार्यकर्ताले घरबाटै अपहरण गरे। उनलाई वाईसीएल कार्यालय साँखमा पुऱ्याई डोरीले हातखुट्टा बाँधी पैतला र जीउभरि कुटपिट गरी सोही दिन मुक्त गरे। पीडितको उपचार खलङ्गामा भयो। वाईसीएलले फेरि पनि आक्रमण गर्ने डरले उजुरी नगरेको पीडितले बताए।

रुँघा गाविस-६ का ४८ वर्षीय कुमार ओलीले एमालेको चुनाव प्रचार गरेको आरोपमा ०६५ असार

*जिल्ला कारागार शाखा रुकुम*

१९ गते उनलाई वाईसीएलले घरबाटै अपहरण गरे। पीडित अपहरणकै दिन वाईसीएलको कब्जाबाट भाग्न सफल भएकामा एक महिनापछि मात्र घर फर्किएका थिए।

### धम्की/कुटपिट

### माओवादीबाट

आठबीसकोट गाविस-२ निवासी नेपाल पत्रकार महासङ्घ रुकुमका सभापति ३५ वर्षीय नारायणकुमार शाहले आफूहरूलाई महासङ्घको सदस्यताबाट वञ्चित गराएको आरोपमा ०६४ माघ १८ गते माओवादीनिकट क्रान्तिकारी पत्रकार सङ्घका डम्बर विष्ट, भूपेन्द्र केसी, वीरबहादुर बोहरा र धनकुमार शाहीलगायतका १०-१२ जनाले उनलाई आक्रमण प्रयास गरी लखेटे। पीडित भागेर प्रहरीको शरणमा पुगे पनि प्रहरीले पीडकहरूलाई कुनै कारबाही गरेन। माघ १९ गते वाईसीएलले पुनः उनलाई अपहरण प्रयास गरेको थियो। जिल्लाका सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरू घटनास्थलमा पुगेपछि वाईसीएल कार्यकर्ताहरू त्यहाँबाट बाहिरिएका थिए। माघ १९ गते पीडित र पीडकहरूबीच सहमति भयो।

मग्मा गाविस-८ का काङ्ग्रेसका कार्यकर्ता ५८ वर्षीय परे खत्री, उनकी पत्नी र छोरा ३२ वर्षीय मुकुन्द खत्रीले छिमेकीसँग जग्गासम्बन्धी विवाद गरेको आरोपमा ०६४ फागुन २० गते वाईसीएल मग्माका अध्यक्ष अमर खत्रीको नेतृत्वमा आएको सात जनाको समूहले उनीहरूलाई घरबाट बोलाएर केही पर पुऱ्याई कुटपिट गऱ्यो। पीडितहरूको उपचार जिल्ला अस्पताल रुकुममा गरियो। पीडितले इलाका प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारबाही भएन।

पीपल गाविस-३ का ५९ वर्षीय कविराज शर्माले माओवादीले भनेको नमानेको आरोपमा ०६४ चैत ११ गते माओवादीले उनलाई घरमै गएर कुटपिट गरे। पीडितको उपचार स्थानीय मेडिकलमा भयो। प्रहरीले पीडकलाई कारबाही गर्ने विश्वास नरहेकाले प्रहरीमा उजुरी नदिएको बताए।

स्यालापाखा गाविस-३ की २५ वर्षीया कमला चन्दलाई ०६४ चैत १४ गते माओवादीले भोट नदिएमा हात काटेर फालिदिने धम्की दिए। माओवादीको डरका कारण पीडितले घटनाका बारेमा सम्बन्धित कार्यालयमा उजुरी नगरेको बताइन्।

भलाक्चा गाविस-६ का ३५ वर्षीय कर्णबहादुर ओलीका परिवारले माओवादीलाई भोट नदिएमा ०६४ चैत १४ गते माओवादीले उनको परिवारका सातै जनालाई मार्ने धम्की दिए। प्रहरीले पीडकलाई कारबाही गर्ने विश्वास नरहेकाले उनले प्रहरीमा उजुरी नदिएको बताए।

विजयश्वरी गाविस-३ निवासी काङ्ग्रेस रुकुमका कार्य समिति सदस्य ४२ वर्षीय तिलक भण्डारी, काङ्ग्रेस कार्यकर्ताहरू १९ वर्षीय यज्ञ विष्ट र ३० वर्षीय डिलबहादुर थापा ०६४ चैत १८ गते चौरजहारीबाट कोटजहारीतिर जाँदै गर्दा कोटजहारी गाविस-३ मा माओवादीले उनीहरूलाई हतियार लिएर गाउँ गएको आरोपमा कुटपिट गरे।

नुवाकोट गाविस-७ का एमाले कार्यकर्ताहरू डिल्लीजङ्ग केसी, जीबी खड्का र सोही ठाउँका खिमबहादुर रानालाई ०६४ चैत २२ गते सोही गाविसको साक्चाखोलामा एमालेको चुनाव प्रचारमा गएको अवस्थामा करिब २-३ सयको सङ्ख्यामा रहेका माओवादीले उनीहरूलाई नाङ्गो खुकुरी र लठ्ठी देखाएर लखेटे।

एमाले रुकुमका समानुपातिकतर्फका उम्मेदवार तथा पूर्वसांसद तीर्था गौतमलगायत ३५ जना एमाले कार्यकर्ताहरूलाई विजयश्वरी गाविसको सङ्खपीपलमा ०६४ चैत २३ गते राती ९ बजेदेखि १२ बजेसम्म माओवादीले घर घेरा हाली नाराबाजी गर्नुका साथै ढुङ्गामुढासमेत गरे। राती १२ बजे प्रहरी घटनास्थल पुगेपछि पीडकहरू भागेका थिए।

विजयश्वरी गाविस-३ का एमाले कार्यकर्ता ४५ वर्षीय नरबहादुर कार्कीले एमालेको चुनाव प्रचार गरेको आरोपमा ०६४ चैत २३ गते उनलाई माओवादीले घर घेरा हाली अपहरण प्रयास गरे। एमाले कार्यकर्ताहरूको प्रतिकारपछि माओवादी घटनास्थलबाट भागेका थिए।

खारा गाविस-३ का एमाले कार्यकर्ता ४५ वर्षीय लोकबहादुर खड्का सोही गाविसमा एमालेका तर्फबाट संविधानसभा निर्वाचनमा मतदान प्रतिनिधि बस्ने कुरा थाहा पाएपछि ०६४ चैत २३ गते माओवादीले एमालेको एजेण्ट बसेमा गाउँ निकाला गर्ने धम्की दिए। सोही धम्कीका कारण पीडित एजेण्ट बस्न सकेनन्। यसैगरी छिवाङ गाविस-४ का एमाले कार्यकर्ता ३० वर्षीय मानबहादुर ओलीलाई ०६४ चैत २५ गते संविधानसभा निर्वाचनमा एमालेका तर्फबाट एजेण्ट बसेमा पछि के हुन्छ आफैँ विचार गर्नु भनेर माओवादीले धम्क्याएको पीडितहरूले बताए। धम्कीकै कारण पीडित एजेण्ट बसेनन्। निर्वाचनकै क्रममा शोभा गाविस-२ निवासी एमाले रुकुमका सचिवालय सदस्य ५२ वर्षीय केशव शाह र सोही ठाउँका एमाले कार्यकर्ता यज्ञबहादुर हमाल संविधानसभा निर्वाचनमा एजेण्ट बस्न काँक्री गाविसमा गएको अवस्थामा ०६४ चैत २७ गते माओवादी रुकुमका जिल्ला सेक्रेटरी मार्सल भनिने जितमान पुनले आफ्नै घरको एउटा कोठामा पाँच घण्टासम्म थुनेर रुकुमकोट फिर्ता पठाए। जाङ गाविस-९ निवासी एमाले रुकुम जिल्ला कमिटी सदस्य ३५ वर्षीय टोपबहादुर ओली र अनेरास्वियुका केन्द्रीय सदस्य ३० वर्षीय उपेन्द्र खड्का मतदान प्रतिनिधिका रूपमा हुकाम गाविसमा गएको अवस्थामा ०६४ चैत २७ गते बिहान माओवादी जिल्ला कमिटी सदस्य प्रकाश भनिने कालीप्रसाद रोकाले 'बाहिरी मान्छेहरूलाई गाउँमा आउन दिने हाम्रो पार्टीको निर्देशन छैन' भन्दै 'तपाईंहरू जहाँबाट आएको हो, त्यहीं फर्किहाल्नुहोस्, नत्र जे पनि हुनसक्छ' भनेर जबरजस्ती फर्काए। ती ठाउँहरूमा अन्य पार्टीका मतदान प्रतिनिधि नबसे पनि निर्वाचन सुचारु भएको थियो। पीडितहरूले कुनै पनि निकायमा उजुरी दिएनन्।

विजयश्वरी गाविस-३ का काङ्ग्रेस कार्यकर्ताहरू २१ वर्षीय चन्द्र भण्डारी, २० वर्षीय तेजबहादुर विष्ट, २० वर्षीय यमबहादुर विष्ट र १७ वर्षीय बुँदे विष्टलाई ०६४ चैत २६ गते चौरजहारी बजारबाट घर फर्कंदै गर्दा राती माओवादीले कुटपिट गरे। त्यसपछि भएको झडपमा माओवादी कार्यकर्ता ३३ वर्षीय इन्द्रबहादुर विष्ट पनि घाइते भए। घटनामा काङ्ग्रेसका चन्द्र भण्डारीको बायाँ हात भाँचिनुका साथै माओवादीका इन्द्र विष्टको टाउको फुटेको थियो। चन्द्रको उपचार नेपालगञ्ज र विष्टको उपचार चौरजहारी मिसन अस्पतालमा भयो।



*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरिएका हर्कसिं खत्री*

खोलागाउँ गाविस-४ का काङ्ग्रेस कार्यकर्ताहरू २३ वर्षीय मोहन आचार्य, सोही गाविस-१ का २८ वर्षीय भीमबहादुर केसी, २३ वर्षीय दीपक बुढा, सोही गाविस-९ का २७ वर्षीय गणेश डाँगी र खोलागाउँ गाविस-४ का काङ्ग्रेस कार्यकर्ता ३३ वर्षीय प्रताप देवकोटाले काङ्ग्रेसको चुनाव प्रचार-प्रसार गरेको आरोपमा ०६४ चैत २७ गते उनीहरूलाई माओवादीले खोलागाउँ गाविसका विभिन्न ठाउँहरूमा कुटपिट गरे। सोही घटनामा नेविसङ्घका केन्द्रीय सदस्य खड्क डाँगीलाई माओवादीले मार्ने धम्की दिएका थिए। त्यसपछि भएको दोहोरो झडपका क्रममा माओवादी कार्यकर्ता २२ वर्षीय नरेन्द्र राना पनि घाइते भए। पीडितहरूमध्ये मोहन आचार्यको अवस्था गम्भीर भएकाले उनको उपचार नेपालगञ्जमा भयो। पीडितहरू उपचारपछि घर फर्किए।

बाँफीकोट गाविस-२ निवासी काङ्ग्रेसका जिल्ला कार्यसमिति सदस्य ४८ वर्षीय खम्बु मल्ल र काङ्ग्रेस कार्यकर्ता ४५ वर्षीय ओपेन्द्र मल्लले काङ्ग्रेसको चुनाव प्रचार गरेको आरोपमा ०६४ चैत २७ गते माओवादीले उनीहरूलाई बाँफीकोटमा कुटपिट गरे। पीडितहरूको उपचार रुकुम जिल्ला अस्पतालमा भयो।

साँख गाविस-६ का २८ वर्षीय गोपाल खड्का, १८ वर्षीय गणेश बुढा र ३० वर्षीय कृष्णबहादुर खड्काले एमालेलाई भोट दिएको आरोपमा ०६४ चैत २९ गते सोही गाविसको साँख गाउँमा माओवादीले उनीहरूलाई कुटपिट गरे। माओवादीको डरका कारण पीडितहरूले घटनाका बारेमा सम्बन्धित कार्यालयमा उजुरी गरेनन्।

साँख गाविस-२ का २८ वर्षीय निरजप्रकाश गिरीले परस्त्रीसँग शारीरिक सम्बन्ध राखेको आरोपमा ०६५ वैशाख २७ गते माओवादीले उनलाई कुटपिट गर्नुका साथै स्थानीय एक महिलासँग शारीरिक सम्बन्ध राखेकै हुँ भन्ने बेहोरा लेखिएको कागजमा जबरजस्ती सही गर्न लगाए। घटनाका सम्बन्धमा पीडितले जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिए पनि पीडकहरूलाई यस वर्षको अन्त्यसम्ममा प्रहरीले कुनै कारबाही गरेन।

हुकाम गाविस-९ का ५८ वर्षीय खिमबहादुर सुनारले काङ्ग्रेसमा आस्था राखेको आरोपमा ०६५ साउन २ गते उनलाई माओवादी सेनामा कार्यरत भरम

रोका, बलु रोका र सुन्दरलाल रोकाले पीडितकै घरमा गएर मार्ने धम्की दिनुका साथै ४० हजार रुपियाँसमेत लुटेर लगे। लुटिएको रकम पीडकहरूले भोलिपल्टै फिर्ता गरेका थिए।

नेपाल विद्यार्थी सङ्घ रुकुम-काठमाडौँ सम्पर्क मञ्चका अध्यक्ष मुकुन्द खड्का र नेपाल विद्यार्थी सङ्घ, रुकुमका सदस्य लोकेन्द्र खड्काले नेविसङ्घको राजनीति गरेको आरोपमा ०६५ भदौ ५ गते माओवादी कार्यकर्ता कुवेर खड्काले फोनबाट काङ्ग्रेसको पुच्छर बनेमा राम्रो हुँदैन, विचार गर्नु भनेर धम्क्याए। पीडितहरू अहिले पनि नेपाल विद्यार्थी सङ्घमा सक्रिय छन्।

### वाईसीएलबाट

बाँफीकोट गाविस-८ निवासी काङ्ग्रेस रुकुमका सदस्य ३८ वर्षीय हर्कसिंह खत्रीलाई काङ्ग्रेसको चुनाव प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत १८ गते मग्मा गाविस-९ डाडुगाउँमा वाईसीएल मग्माका इन्चार्ज मनोज अधिकारीको नेतृत्वमा आएको २०-२५ जनाको समूहले कुटपिट गऱ्यो। पीडितको उपचार जिल्ला अस्पताल रुकुममा भयो। पीडितले प्रहरीमा उजुरी दिएनन्।

प्वाङ गाविस-८ का २८ वर्षीय दलबहादुर घर्ती र उनकी पत्नी २८ वर्षीया देवी घर्तीले बोक्सी भएर स्थानीय विष्णु केसीलाई बिरामी बनाएको आरोपमा ०६४ चैत २६ गते वाईसीएलका कार्यकर्ताले उनीहरूलाई बिरामी विष्णुको घरमा बोलाएर कुटपिट गर्नुका साथै गाली-बेइज्जतीसमेत गरे। कुटपिटपछि पीडितहरूलाई मोसो दलेर उल्टो दमाहा बजाएर गाउँ परिक्रमा समेत गराए। पीडित देवी गर्भवती अवस्थामा थिइन्। वाईसीएलको धम्कीका डरले उनीहरूले कुनै पनि निकायमा उजुरी दिएनन्। आर्थिक अभावका कारण पीडितहरूले समयमै औषधि उपचारसमेत गर्न पाएनन्। घटना सार्वजनिक भएपछि वाईसीएलले एक विज्ञप्ति जारी गर्दै व्यक्तिगत घटनालाई राजनीतिक रङ दिएको र घटनामा आफ्नो सङ्गठनको संलग्नता नरहेको जानकारी गराएको थियो।

*वाईसीएल कार्यकर्ताद्वारा अपहरण गरिएका कुमार ओली*

रुँघा गाविस-६ का २७ वर्षीय ग्यामबहादुर ओली कृष्णजन्माष्टमीको नाच हेर्न गाउँमा गएको अवस्थामा ०६५ भदौ ७ गते वाईसीएल कार्यकर्ता नवीन ओली र विशाल ओलीलगायतले कुटपिट गरे। पीडितको उजुरीका आधारमा पीडकहरूलाई प्रहरीले गिरफ्तार गरे पनि कुनै कारबाही नगरी रिहा गऱ्यो।

बाँफीकोट गाविस-८ का २५ वर्षीय भीमबहादुर ओलीलाई ०६५ जेठ ७ गते वाईसीएल कार्यकर्ताहरू दीपक चन्द र अनन्त विकले सोही गाविस-८ तिल्चाखोलामा बिनाकारण कुटपिट गरे। पुनः आक्रमण गर्ने डरले पीडितले उजुरी गरेनन्।

### एमालेबाट

खोलागाउँ गाविस-३ का काङ्ग्रेसका कार्यकर्ता ४५ वर्षीय टङ्कबहादुर ओलीलाई सोही गाविस-२ का एमालेका कार्यकर्ता खिमबहादुर रानाले काङ्ग्रेस र एमालेको आपसी विवादका क्रममा ०६४ चैत १९ गते छुरा प्रहार गरी घाइते बनाए। पीडितको आँखामा गम्भीर चोट लागेको थियो। उनको उपचार नेपालगञ्जमा भयो। पीडितले घटनाका बारेमा उजुरी गरेनन्।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले रुकुम निर्वाचन क्षेत्र नं. २ को आयोजनामा ०६४ चैत ८ गते आठबीसकोट गाविस-२ मा गरिएको चुनावी सभा माओवादीले बिथोल्ने प्रयास गरे। सभामा बोलिरहेका एमाले कार्यकर्ता लीलामणि गौतमको माइक माओवादीले खोसे।

चुनाव प्रचारप्रसारको सिलसिलामा तकसेरा गाविसमा पुगेको एमाले रुकुम निर्वाचन क्षेत्र नं. १ को प्रचार टोलीलाई ०६४ चैत १२ गते माओवादीले घेरा हाली एमाले उम्मेदवार देवी ओलीको सुरक्षा गार्ड माधवसिंह केसीलगायत तीन जना सुरक्षाकर्मीलाई आधा घण्टासम्म नियन्त्रणमा लिएर उनीहरूसँग रहेको दुई थान पेस्तोल र त्यसको ३५ राउण्ड गोली लुटे। लुटिएको हतियार र गोली चैत १५ गते माओवादीले जिल्ला प्रशासन कार्यालयको रोहबरमा प्रहरीलाई बुझाए। पीडकलाई यस वर्षको अन्त्यसम्ममा कुनै कारबाही भएन।

चुनाव प्रचारप्रसारको सिलसिलामा तकसेरा गाविसमा पुगेको काङ्ग्रेस रुकुम निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार केशरमान रोकाको प्रचार टोलीलाई ०६४ चैत १५ गते तकसेरा गाविसमा माओवादीले घेरा हाली उम्मेदवार रोकाविरुद्ध नाराबाजी गर्नुका साथै तकसेरा गाविसमा चुनावी सभासमेत गर्न दिएनन्। प्रहरीले पीडकलाई कारबाही गर्ने विश्वास

नभएर पीडितहरूले प्रहरीमा उजुरी नदिएको बताए।

### दोहोरो झडप

श्री शीतल उमावि चौरजहारीको विद्यालय व्यवस्थापन समितिको निर्वाचनका क्रममा काङ्ग्रेस र एमालेको गठबन्धन र माओवादीबीच ०६५ पुस १२ गते दोहोरो झडप हुँदा असई कृष्ण थापा, माओवादी कार्यकर्ताहरू बलबहादुर केसी, मोतीराम गिरी र सुदास स्वर्णकार, काङ्ग्रेसका जीतेन्द्र बुढाथोकीलगायत तीनै पक्षका गरी १५ जना घाइते भए। पीडितहरूको उपचार चौरजहारीमा भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रुकुममा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३५ थान मुद्दामा ३० थान फर्स्यौट भई पाँच थान बाँकी रहे। यस वर्ष दर्ता भएका ४८ थान मुद्दामा ३३ थान मुद्दा फर्स्यौट भई १५ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा २० थान फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका सात थान मुद्दामा सातै थान मुद्दा फर्स्यौट भए। यस वर्ष दर्ता भएका १० थान मुद्दामध्ये पाँच थान मुद्दा फर्स्यौट भई पाँच थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा पाँच थान फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५५ थान मुद्दामध्ये ४७ थान मुद्दा फर्स्यौट भई आठ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३६ थान मुद्दामध्ये १७ थान मुद्दा फर्स्यौट भई १९ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्म देवानी मुद्दा २७ थान फर्स्यौट हुन बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा ५२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पाँच वर्ष नाघेका मुद्दा छैनन्।

नेपाल सरकारले माओवादी कार्यकर्ताविरुद्ध दर्ता गरिएका राजनीतिक मुद्दा फिर्ता लिने क्रममा तत्कालीन संयुक्त जनमोर्चा नेपालका कार्यकर्ताहरूद्वारा ०५१ भदौ १७ गते हत्या गरिएका गणेश शाहका छोरा निर्मल शाहले ०५१ कात्तिक २ गते रुकुम जिल्ला अदालतमा दायर गरेको कर्तव्य ज्यानमुद्दासमेत फिर्ता लिएको छ।

### बालअधिकार

छिवाङ गाविस-९ की १५ वर्षीया एक बालिकालाई ०६५ वैशाख १३ गते साँझ भलाक्चा गाविस-२ का २४ वर्षीय तिलकबहादुर ओलीले छिवाङ गाविस-९ पानीचौरमा बलात्कार प्रयास गरे। पीडकलाई वैशाख १८ गते प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

शोभा गाविस-९ की ५२ वर्षीया एक महिलालाई ०६५ वैशाख १ गते राती सोही गाविस-३ का २१ वर्षीय मधुकर बीसी, २४ वर्षीय प्रकाश बोहरा र सोही गाविस-४ का २६ वर्षीय गणेश बुढाले पीडितकै घरमा सामूहिक बलात्कार गरे। पीडकहरूलाई वैशाख ४ गते प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### विस्थापन

### माओवादीबाट

हुकाम गाविस-१ का तिलबहादुर घर्ती, रामकुमार घर्ती, लीलाबहादुर घर्ती, प्रवीण घर्ती, शिवकुमार घर्ती, लोकेन्द्र घर्ती, दयालाख घर्ती, दिलकुमारी घर्ती, सारखन्दी घर्ती र सोही गाविस-९ का जानबहादुर सेनले काङ्ग्रेसमा आस्था राखेको आरोपमा ०६४ चैत २७ गते माओवादी जिल्ला कमिटी सदस्य भीम भनिने ओमप्रकाश घर्तीको नेतृत्वमा आएका माओवादी कार्यकर्ताले गाउँबाट पुन:सदरमुकाम लखेटे। पीडितहरूलाई ०६४ फागुन ४ गते इन्सेकको पहलमा पुन:स्थापित गराइएको थियो। प्रहरीले पीडकहरूलाई कारबाही गर्ने स्थिति नदेखेपछि पीडितहरूले प्रहरीमा उजुरी दिएनन्। यसैगरी, रन्मामैकोट गाविस-६ का ४५ वर्षीय खालबर बुढाले काङ्ग्रेसमा आस्था राखेको आरोपमा ०६४ चैत २७ गते माओवादीले गाउँबाट सदरमुकाम लखेटे। प्रहरीले पीडकहरूलाई कारबाही गर्ने स्थिति नदेखेपछि पीडितहरूले प्रहरीमा उजुरी दिएनन्। पीडितहरू निर्वाचनपछि घर फर्किए।

# ४.६ बाँके



जनसङ्ख्या : ४,८९,१५०
साक्षरता प्रतिशत : ७३
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.): २,३३७
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ४८०/६५
क्याम्पस/उच्च मा.वि. : ६/३१
अस्पताल/स्वास्थ्य चौकी : १६
मानव विकास सूचकाङ्क : ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्या : ७

## नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार हत्या

### राज्यबाट

नेपालगञ्ज नपा-१६ का ३५ वर्षीय गुलजार खाँको ०६४ फागुन ५ गते संयुक्त मधेसी मोर्चाले आह्वान गरेको देशव्यापी आमहडतालका क्रममा सरकारी कार्यालय बन्द गराइरहेको अवस्थामा नेपालगञ्ज नपा-११ घसियारनटोलमा झडप भएपछि प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। उक्त दिन भएको झडपमा मोर्चाका कार्यकर्ताहरू नेपालगञ्ज नपा-१४ का २३ वर्षीय पुरन कहार, रफुल कबाडिया, रफिम अहमद, गुड्डु हलवाई, विजय बाँनिया, अरुणकुमार गुप्ता, असरफ अली, बब्लु जसगढ, असलम बाबुसाईं, जहिर जसगढ, सद्दाम सेख, श्यामबाबु गुप्ता, राजेश वैश्य, वीरेन्द्रकुमार, मनोज खाँ, धरमन सोनी, मोहमद रफी सेख, नेत्रराम वर्मा, सुरेश साह, सन्ध्यादेवी, फिरोज अहमद, शिवकुमार गुप्ता, बब्लु कश्यप, राकेश वर्मा, सावितराम खटिक, राकेश मिश्र, अरुणकुमार वैश्य, नन्कौप्रसाद यादवसहित ५९ जना प्रदर्शनकारी प्रहरीको लाठीचार्जबाट घाइते भए। सो झडपमा प्रहरीतर्फ विक्रम भण्डारी, रोशनराज भट्टराई, दिनेश थापा, केशर विक र बलबहादुर विकसहित २९ जना घाइते भएका थिए। घाइतेहरूको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पताल र मेडिकल कलेजमा उपचार भयो। प्रदर्शनकारीले समाचार सङ्कलन गर्न गएका सञ्चारकर्मी झलक गैरे, जनक नेपाल र सुबोध चौधरीलाई हातपात गरेका थिए। सो झडपमा प्रेस कर्मचारी राकेश वर्मा प्रहरीको लाठीचार्जमा परी घाइते भए। त्यसैगरी, समाचार सङ्कलनका लागि हिँडेका सञ्चारकर्मी कृपाराम बाडिया र प्रभात देवकोटामाथि सुरक्षाकर्मीले लाठी प्रहार गरेका थिए। प्रदर्शनकारीले सो दिन नापी शाखा बाँकेको बा१झ ५१६३ नम्बरको ल्याण्डक्रुजर जीप, एक मोटरसाइकल र तीन साइकलमा आगो लगाए। मृतक गुलजारका परिवारलाई क्षतिपूर्तिबापत नेपाल सरकारले ०६५ वैशाख २३ गते १० लाख रुपियाँ प्रदान गऱ्यो। गुलजारलाई ०६४ फागुन २१ गते नेपाल सरकारले सहिद घोषणा गरेको थियो। झडपका क्रममा नेपालगञ्ज नपा-१४ का सन्तु कहारलाई प्रहरीले गिरफ्तार गरी ०६४ फागुन १८ रिहा गऱ्यो। प्रहरीको लाठीचार्जबाट घाइते भएका पुनर कहारको देब्रे खुट्टा भाँच्चिए तापनि यस वर्षको अन्त्यसम्म सरकारबाट उनले क्षतिपूर्ति पाएनन्। मधेस आन्दोलनका क्रममा सञ्चारकर्मीहरू निर्वाध रूपमा हिँडडुल गर्न नपाएपछि बाँके जिल्लाबाट प्रकाशन हुने *कालपृष्ठ, संरचना, नयाँ संरचना, मध्यपश्चिम, मध्यपश्चिम सन्देश* र *एक्सप्रेस* दैनिक पत्रिका ०६४ फागुन ५ र ६ गते बन्द भए। त्यस अवधिमा नेपालगञ्जबाट प्रसारण हुने *बागेश्वरी* एफएमका राकेश मिश्रलाई आन्दोलनकारीका नाममा आफू अनुकूल समाचार प्रसारण गरिदिन फोन गरी नाम नखुलेका व्यक्तिबाट धम्की दिइएको थियो। स्थिति नियन्त्रण गर्नका लागि फागुन ५ गते दिउँसो २ बजेदेखि राती ९ बजेसम्म जिल्ला प्रशासन कार्यालय बाँकेले कर्फ्यु आदेश जारी गरेको थियो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

नेपालगञ्ज नपा-१६ निवासी भूमिसुधार कार्यालय बाँकेका खरिदार ५२ वर्षीय पूर्णप्रसाद ढकाल ०६४ माघ ५ गते कार्यालयको कामको सिलसिलामा सर्जमिन गर्न गएको अवस्थामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले हिरमिनिया गाविसबाट रनियापुर जाँदै गर्दा दुवै गाविसको

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | ६ | ४ | २ | ६ | | | | १ | १ | | | १ |
| घाइते | १० | ३८ | २ | ३९ | | | | ४ | ३२ | ३ | ३२ | ६८ |
| गिरफ्तारी/यातना | | | | | | | | ४ | ४ | | | ४ |
| कुटपिट | १ | १ | १ | २ | | | | १ | १ | | | १ |
| धम्की | ५ | ३ | २ | ५ | | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | ३ | ५ | १ | ७५ | ८१ |
| महिलाअधिकार | २ | | ३ | ३ | | | | | | | | |
| बालअधिकार | ७ | | ७ | ७ | | | | | | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | २ | २ | २ | | | | | |
| अपहरण | १३ | १५ | | १५ | | | | | | | | |
| जम्मा | ४४ | ६० | १७ | ७७ | २ | २ | २ | १३ | ४३ | ४ | १०७ | १५४ |

सिमानामा पर्ने बाटोबाट अपहरण गरी त्यसै दिन गोली प्रहार गरी उनको हत्या गरे। ढकालले प्रयोग गरेको मोटरसाइकल, औँठी र पर्स मोर्चाका कार्यकर्ताले लगे। उनको लास कम्दी गाविसको सिद्दनवाघाटमा फेला परेको थियो।

बेतहनी गाविस-६ निवासी राष्ट्रिय जनमोर्चाबाट संविधानसभा निर्वाचनमा बाँके क्षेत्र नं. २ का उम्मेदवार ५० वर्षीय कमल अधिकारी ०६४ चैत ५ गते राती घरमा सुतिरहेको अवस्थामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले उनकै निवासमा गोली प्रहार गरे। घाइते अवस्थामा भेरी अञ्चल अस्पताल पुऱ्याइएका अधिकारीको सोही राती मृत्यु भयो। गम्भीर घाइते अवस्थामा अस्पतालमा प्रहरीले घटनाका बारेमा बयान लिँदा कमलले होली केवट, भुलन भन्ने पटेश्वर र सिकन्दर शेखसहितका व्यक्तिहरूले आफूलाई गोली प्रहार गरेको बताएका थिए। उनको बयानका आधारमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि प्रहरीले हत्यामा संलग्न भएको आरोपमा सोही ठाउँका होली केवट र भुलन भन्ने पटेश्वर केवटलाई ०६४ चैत ६ गते बेतहनी गाविस-५ बाट गिरफ्तार गरेको थियो । उनीहरू दुवैलाई पुर्पक्षका लागि ०६५ वैशाख ५ गते कारागार चलान गरियो। सिकन्दर शेख खाँ भने ०६५ जेठ ३ गते बेतहनी गाविस-२ बाट गिरफ्तार भए। नेपाल सरकारको ०६५ कात्तिक ११ गतेको निर्णयानुसार द्वन्द्वका क्रममा भएको मुद्दा भनी यस मुद्दालाई फिर्ता लिएपछि गिरफ्तार भएका होली र भुलन ०६५ कात्तिक २८ गते बाँके कारागारबाट रिहा भए। सिकन्दरलाई ०६५ जेठ ३१ गते कारागार चलान गरिएको थियो। यस वर्षको अन्त्यसम्म सिकन्दर पुर्पक्षका लागि बाँके कारागारमा रहेका छन्। पक्राउ भएका तीनै जना जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का सक्रिय कार्यकर्ता हुन्। पीडित परिवारलाई सरकारले १५ लाख रुपियाँ क्षतिपूर्ति दिने घोषणा गरे पनि पीडित परिवारलाई ०६५ असार १९ गते जिल्ला प्रशासन कार्यालय बाँकेले १० लाख रुपियाँ मात्र उपलब्ध गरायो।

बेतहनी गाविस-३ निवासी माओवादी एरिया कमिटी सदस्य मुक्तियार दर्जी ०६५ वैशाख २२ गतेको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले गोली प्रहार गरी घाइते भए। घरबाहिर सुतेको अवस्थामा हतियारसहित १४/१५ जनाको सङ्ख्यामा गएका मोर्चाका कार्यकर्ताले घरनजिकै बोलाई प्रहार गरेको गोली उनको पेटमा लागी घाइते भएका दर्जीको उपचारका लागि भेरी अञ्चल अस्पताल लैँजादै गर्दा बाटोमा मृत्यु भएको थियो। लासको

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | संयुक्त मधेसी मोर्चाबाट | | | | मधेस मुक्ति टाईगर्सबाट | | | जतमुमो(ज्वाला सिंह)बाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | | | | ४ | ४ | | ४ |
| घाइते | १ | ३० | | ३० | | | | ३ | ३ | १ | ३ |
| कुटपिट | १ | १ | १ | ३ | | | | | | | |
| धम्की | | | | | | | | ३ | ३ | १ | ३ |
| अपहरण | | | | | १ | ३ | ३ | ५ | ६ | | ६ |
| जम्मा | ३ | ३१ | १ | ३३ | १ | ३ | ३ | १५ | १४ | ३ | १६ |

पोस्टमार्टम भेरी अञ्चल अस्पतालमा भयो। पीडित पक्षले जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी निवेदन दिएपछि बेतहनी गाविस-३ का रामसहनी कोरीलाई प्रहरीले ०६५ वैशाख २२ गते सोही ठाउँबाट गिरफ्तार गरेको थियो। ०६५ जेठ १४ गते पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय बाँकेले कारागार चलान गरिएका कोरी जिल्ला अदालतको आदेशमा ०६५ असार २९ गते साधारण तारेखमा रिहा भए। सोही घटनामा संलग्न भएको आरोपमा प्रहरीले बलराम कुर्मीलाई ०६५ साउन १३ गते अनुसन्धानका लागि गिरफ्तार गरेको थियो। ०६५ भदौ ८ गते कर्तव्य ज्यान र हातहतियार खरखजाना मुद्दामा कारागार चलान गरिएका कुर्मी यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि बाँके कारागारमा रहेका छन्। आरोपितहरूमध्ये बलराम जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का बाँके २ नम्बर क्षेत्रीय इन्चार्ज हुन् भने रामसहनी सोही समूहका सक्रिय कार्यकर्ता हुन्।

पीडितका परिवारले जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिएपछि प्रहरीले मोर्चाका बर्दिया जिल्ला इञ्चार्ज वेदराम पासीलाई ०६५ जेठ १० गते होलिया गाविस-७ बाट गिरफ्तार गरी ०६५ असार ४ गते कारागार चलान गरेको थियो। पासी बाँके जिल्ला अदालतको आदेशमा ०६५ असोज १० गते बाँके कारागारबाट तारिखमा रिहा भए। सोही घटनामा संलग्न भएको आरोपमा बेतहनी गाविस-३ निवासी मोर्चाका बाँके दुई नम्बर क्षेत्रीय इन्चार्ज बलराम कुर्मीलाई ०६५ साउन १३ गते प्रहरीले पक्राउ गरी ०६५ भदौ ८ गते कर्तव्यज्यान र हातहतियार खरखजाना मुद्दा अन्तर्गत कारबाही आरम्भ गरी कारागार चलान गऱ्यो। कुर्मी यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि बाँके कारागारमा थुनामा रहेका छन्। पीडित ढकालका परिवारलाई सरकारले ०६५ जेठ ३० गते १० लाख रुपियाँ र ०६५ असार १८ गते १ लाख ५० हजार रुपियाँ क्षतिपूर्तिस्वरूप प्रदान गऱ्यो।

फत्तेपुर गाविस-७ का २७ वर्षीय पुष्कर रायमाझीको ०६५ कात्तिक १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले गोली प्रहार गरी हत्या गरे। राती घरमा सुतेको अवस्थामा छ/सात जनाको सङ्ख्यामा आएका जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले 'एकछिन काम छ बैठकमा जाऊँ' भनी घरका मानिसलाई भात पकाउन लगाएर पुष्करलाई अपहरण गरेका थिए। अपहरणपश्चात् सोही राती बेतहनी गाविस-६ रामनगरमा उनलाई गोली प्रहार गरी हत्या गरिएको थियो। भारतको हरियाणामा सेक्युरिटी गार्डका रूपमा काम गर्ने पुष्कर दसैँ बिदामा घर आएका थिए। रायमाझीको लासको ०६५ कात्तिक १८ गते भेरी अञ्चल अस्पतालमा पोस्टमार्टम भयो। पीडित एमाले समर्थक हुन्। पीडित पक्षले घटनामा संलग्न दोषी पत्ता लगाई कारबाही गरी पाउँ भनी ०६५ मङ्सिर १४ गते इलाका प्रहरी कार्यालय भोजभगवानपुरमा उजुरी गरे तापनि यस वर्षको अन्त्यसम्म घटनामा संलग्न कसैलाई पनि प्रहरीले गिरफ्तार गरेको छैन। त्यसै दिन मोर्चाका कार्यकर्ताले सोही ठाउँ निवासी पुष्करका भिनाजु ३५ वर्षीय शालिकराम केसीलाई पनि राती अपहरण गरेका थिए। आँखामा पट्टी र हात पछाडि बाँधेर लगेका केसीलाई कुन पार्टीसँग आबद्ध रहेको र जमिन कति छ भनी सोधपुछ गरेर सोही रात बेतहनी गाविसमा पर्ने सतीघाटबाट मुक्त गरेका थिए।

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | युथफोर्सबाट | | | तराई आर्मीबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| घाइते | | | | | | | ३ | २ | १ | ३ |
| धम्की | | | | १ | १ | १ | | | | |
| अपहरण | ३ | ३ | ३ | | | | १ | १ | | १ |
| जम्मा | ३ | ३ | ३ | १ | १ | १ | ४ | ३ | १ | ४ |

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### राज्यबाट

नेपालगञ्ज नपा-१४ का १९ वर्षीय गुड्डु जजगढ ०६४ फागुन ५ गते दिउँसो मधेस आन्दोलनमा संयुक्त मधेसी मोर्चाद्वारा सरकारी कार्यालयमा ताला लगाउने क्रममा नेपालगञ्ज नपा-१४ त्रिभुवन चोकनजिक प्रहरीले प्रहार गरेको गोली लागी घाइते भए। उनको बायाँ खुट्टाको घुँडामा गोली लागेको थियो। उनको नेपालगञ्ज मेडिकल कलेजमा तीन दिनसम्म उपचार भयो। थप उपचारका लागि इन्सेकको सहयोगमा काठमाडौँ पुगेका पीडितको २७ दिनसम्म शिक्षण अस्पतालमा उपचार भयो। बायाँ खुट्टाको घुडादेखि तल काट्न परेपछि पीडित बैसाखीको सहारामा हिँडडुल गर्छन्। गुड्डुलाई जिविसले यातायात भाडाबापत ५ हजार रुपियाँ सहयोग गरेको थियो।

जयसपुर गाविस-६ की ४५ वर्षीया साइरा कुरेसी ०६४ फागुन ८ गते बिहान घरको आँगनमा बाखा बाँध्न लागेको अवस्थामा प्रहरीले प्रहार गरेको गोली लागी घाइते भइन्। कर्फ्युको समयमा संयुक्त मधेसी मोर्चाले जयसपुरमा प्रधानमन्त्रीको पुतला जलाउन लाग्दा उक्त कार्यक्रम रोकाउन प्रहरीले प्रहार गरेको गोली कुरेसीको दायाँ पिँडुलामा गोली लागेको थियो। उनको आफ्नै खर्च र मधेसी जनअधिकार फोरमको केही सहयोगमा प्राथमिक उपचार नेपालगञ्ज मेडिकल कलेजकमा भएको थियो भने थप उपचार काठमाडौँ शिक्षण अस्पतालमा भयो। यस वर्षको अन्त्यसम्म औषधि उपचार गरिरहेकी कुरेसीको अवस्था सामान्य हुन सकेको छैन।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

फत्तेपुर गाविस-८ निवासी माओवादी जिल्ला कमिटी सदस्य २५ वर्षीया पूर्णिमा भनिने सुधा चौधरीलाई ०६५ जेठ २८ गते राती सोही गाविस-९ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ता महेश खटिकको नेतृत्वमा गएको समूहले सोही गाविसको महिमानपुर गाउँमा गोली प्रहार गरी घाइते बनायो। घाइतेको आफ्नै खर्चमा काठमाडौँमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिएपछि प्रहरीले मोर्चाका राप्तीपारि इञ्चार्ज महेश खटिक र मोर्चा कार्यकर्ता विजय भन्ने अनिल कलवारलाई ०६५ असार १५ गते बेतहनी गाविस-२ बाट गिरफ्तार गऱ्यो। आरोपित दुवैलाई ०६५ साउन १ गते पुर्पक्षका लागि बाँके कारागारमा चलान गरिएको थियो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

फत्तेपुर गाविस-७ पहाडीपुर निवासी माओवादी कार्यकर्ता ४५ वर्षीय मालती कलवारलाई ०६५ मङ्सिर १४ गते बिहान घरमा बसिरहेको अवस्थामा हतियारसहित आएका जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का दुई जना कार्यकर्ताले बैठक छ भनी घरैबाट अपहरण गरे। सोही गाविस-३ नजिक रहेको जङ्गलमा पुऱ्याएका उनी उक्त समूहले प्रहार गरेको गोली लागी घाइते भए। घाँटीमा गोली लागेका कलवारको भारतको लखनउमा उपचार भयो। पीडित पक्षले असुरक्षाका कारण यस वर्षको अन्त्यसम्म कहीँ उजुरी गरेनन्।

फत्तेपुर गाविस-९ का ५५ वर्षीय झुपलाल विष्टलाई ०६५ मङ्सिर १६ गते साँझ गोली प्रहार गरी घाइते भए। नेपालगञ्जबाट साइकलमा एक्लै घर फर्किरहेको अवस्थामा कम्दी गाविसस्थित सिधनियाघाटमा लुकेर बसेका मोर्चाका तीन जना कार्यकर्ताले अपहरण गरी नदीको डिलमा पुऱ्याएर छातीमा गोली प्रहार गरेका थिए। पीडितको भारतको

लखनउमा उपचार भयो। पीडित पक्षले असुरक्षाका कारण यस वर्षको अन्त्यसम्म कतै उजुरी गरेनन्। घटनामा संलग्न मोर्चाका कार्यकर्तालाई प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेको छैन। घटनापश्चात् पीडित असुरक्षाका कारण घरमा बस्न नसकी यस वर्षको अन्त्यसम्म अन्यत्र बस्दै आएका छन्।

### बेवारिसे विस्फोक पदार्थबाट

होलिया गाविस-६ का १८ वर्षीय चुन्नीलाल यादव ०६४ पुस २४ गते कम्दी गाविस-८ स्थित आफ्ना फुपाज्यू झल्लर यादवका फुपाजुको घरनजिक रहेको खेतमा आलु खन्दा बेवारिसे अवस्थामा खेतमा गाडिएको विस्फोटक पदार्थ विस्फोट भई घाइते भए। विस्फोटनबाट उनको देब्रे हातका तीन औंलाका टुप्पा विक्षत भएका छन्। पीडितको ०६४ पुस २५ गते भेरी अञ्चल अस्पतालमा उपचार भयो।

### अज्ञात समूहबाट

मनिकापुर गाविस-६ निवासी कारकाँदो गाविसस्थित भुजई गाउँमा किराना पसल गर्ने ४० वर्षीय कमल थापा ०६४ पुस २८ गते राती चार जनाको सङ्ख्यामा गएको एक अज्ञात समूहको गोली प्रहारबाट घाइते भए। उनको भेरी अञ्चल अस्पताल नेपालगञ्ज र भारतको लखनउमा उपचार भयो। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन सकेन।

### जेल र बन्दीहरू

'ग' श्रेणीको यस जिल्ला कारागारमा बन्दी क्षमता १ सय ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ९५ जना पुरुष र १४ जना महिला कैदीहरू रहेका छन् भने कैद नतोकिएका १ सय १३ जना पुरुष र दुई महिला थुनुवा रहेका छन्। यसरी यस कारागारमा जम्मा २ सय २४ जना बन्दीहरू रहेका छन्। कारागारमा क्षमताभन्दा बढी बन्दी बस्नुपर्दा असुविधा भएको बन्दीहरूले बताए

### कारागारमा झडप

कारागारमा सहायक चौकीदार छनोटका विषयमा ०६५ कात्तिक ६ गते साँझ बन्दीहरूबीच विवाद बढेपछि भएको झडपमा खजुराखुर्द गाविस घर भई सोही कारागारमा रहेका ३५ वर्षीय नन्दलाल लोनिया, सोही कारागारमा रहेका बेलहरी गाविस-५ का २५ वर्षीय गुर्वा चमार, बागलुङ जिल्ला निसी

*ज्वाला सिंहका कार्यकर्ताद्वारा हत्या गरिएका भूमिसुधार कर्मचारी पूर्णप्रसाद ढकाल*

गाविस-९ का ४१ वर्षीय लालबहादुर बुढा, पर्सा जिल्ला गुमहरिया गाविस-१ का ५२ वर्षीय बडु साह, सोनपुर गाविस-८ का १७ वर्षीय मेराज भाट र राजु बर्मा घाइते भए। कारागारका सहायक चौकीदार चाद बाबुको ०६५ असोजमा कैद मिनाहा भएपछि रिक्त रहेको सहायक चौकीदार पदमा नियुक्ति गर्ने कि नगर्ने विषयमा विवाद भएपछि झडप भएको थियो। टाउकोमा चोट लागेका नन्दलालको भेरी अञ्चल अस्पतालमा उपचार भयो। सो झडपमा करिब ५ लाख रुपियाँ मूल्य बराबरको क्षति भएको जेलर खडकबहादुर गोसाईले बताए।

### हिरासतबाट थुनुवा फरार

विभिन्न आरोपमा जिल्ला प्रहरी कार्यालयको थुनुवा कक्षमा रहेका गुलरिया नपा-६ घर भई दङ्गा प्रहरी नियन्त्रण सशस्त्र प्रहरी गण नेपालगञ्जमा कार्यरत ३५ वर्षीय प्रहरी हवल्दार खुसीराम थारू, भारत बहराइचका २५ वर्षीय सहवीर खाँ, सोही ठाउँका २२ वर्षीय शेरली हास्वीन ०६५ भदौ ५ गते राती थुनुवा कक्षको पूर्वतिर रहेको भेन्टिलेसन तोडेर भागे। उनीहरूसँगै भागेका कम्दी गाविस-३ का १९ वर्षीय विनोद गडरियालाई भागिरहेको अवस्थामा एक किलोमिटर पश्चिमबाट प्रहरीले गिरफ्तार गऱ्यो। खुसीराम प्रहरी विद्रोहमा संलग्न भएको, सहवीर र शेरली तार चोरी र विनोद हातहतियार तथा खरखजानासम्बन्धी मुद्दामा रहेका थिए। थुनुवा भगाएको आरोपमा ड्युटीमा बसेका प्रहरी जवानहरू दीपक भण्डारी र बलराम न्यौपानेलाई जिल्ला प्रहरी कार्यालयले निलम्बन गऱ्यो।

### बेपत्ता/अपहरण

### युथफोर्सबाट

सुर्खेत जिल्ला मैनतडा गाविस-५ का ३६ वर्षीय

*ज्वाला सिंहका कार्यकर्ताद्वारा गोली हानी मारिएका राष्ट्रिय जनमोर्चाका संविधानसभा सदस्य उम्मेदवार कमल अधिकारी*

रामबहादुर बीसीले सुर्खेत क्षेत्र नं. १ का संविधानसभाका उम्मेदवार ऋषि शर्मालाई हत्या गरेको आरोपमा ०६५ साउन ८ गते उनलाई युथफोर्स बाँकेका कार्यकर्ताले नेपालगञ्ज नपास्थित पुष्पलाल चोकबाट अपहरण गरी इलाका प्रहरी कार्यालय कोहलपुरमा बुझाए। इलाका प्रहरी कार्यालय कोहलपुरले एक पत्रकार सम्मलेन गरी बीसीलाई ०६५ साउन ९ गते जिल्ला प्रहरी कार्यालयमा बुझाएको थियो। सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाई ०६५ भदौ १ गते कारागार चलान गरिएका बीसीलाई ०६५ भदौ ५ गते १० हजार धरौटीमा छोड्ने जिल्ला प्रशासन कार्यालय बाँकेबाट आदेश भएपछि सोही दिन धरौटीमा कारागारबाट तारिखमा उनी रिहा भए। त्यसपछि पुन:पक्राउ गरिएका बीसीलाई मोटरसाइकल चोरीमा मुद्दा लगाई ०६५ भदौ २५ गते कारागार चलान गरिएको थियो। दोस्रोपटक ०६५ कात्तिक ११ गते १ लाख १६ हजार ९ सय रुपियाँ धरौटी राखी तारिखमा रिहा गर्ने जिल्ला अदालत बाँकेको आदेश भएपछि त्यसै दिन उनी कारागारबाट रिहा भए। कारागारबाट रिहा भएका बीसीलाई सुर्खेत क्षेत्र नं. १ का संविधानसभाका उम्मेदवार ऋषि शर्मालाई हत्या गरेको आरोपमा सोही दिन जिल्ला प्रहरी कार्यालय सुर्खेत लगिएको थियो। जिल्ला अदालत सुर्खेतका न्यायाधीश कृष्णबहादुर थापाको आदेशमा २० हजार रुपियाँ धरौटीमा राख्ने र यदि धरौटी राख्न नसक्ने भए पुर्पक्षमा राख्ने भनी ०६५ कात्तिक १७ गते निर्णय भएपछि सोही दिन तोकिएको धरौटी राखी जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट उनी रिहा भए। ऋषिका भाई टीकाराम शर्माले रामबहादुर बीसीसमेतका १४ जनाको नाम किटान गरी ०६५ वैशाख १३ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा जाहेरी निवेदन दिएका थिए।

रुकेना गाविस-४ निवासी जनएकता महिला सामुदायिक वनका सचिव ३० वर्षीय कीर्तिबहादुर पुनले सामुदायिक वनका विषयमा युथफोर्सका जिल्ला उपसंयोजक गोपाल पुनसहित २१ जना कार्यकर्तालाई मार्ने भनी नामावली तयार गरेको आरोपमा ०६५ भदौ २१ गते बिहान उनलाई युथफोर्सका कार्यकर्ताले सोही गाविसस्थित मुक्त कमैया चोकबाट अपहरण गरे। पीडितलाई सोही दिन युथफोर्सका कार्यकर्ताले इलाका वन कार्यालय कोहलपुरमा बुझाएका थिए। जिल्ला वन कार्यालयले काठ ओसारपसार गरेको भनी कीर्ति पुनका नाममा ०६५ असोज ५ गते जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। पुन जिल्ला अदालतको आदेशमा ५० हजार रुपियाँ धरौटीमा तारिखमा रिहा भए।

### अखिल तराई मुक्ति मोर्चाबाट

नेपालगञ्ज नपा-१३ निवासी महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जका प्रमुख एवम् मानवअधिकार सङ्गठन बाँके शाखाका कार्यसमिति सदस्य ५४ वर्षीय राजीवराम पाठक मधेसी भएर मधेसी दलमा नलागेको आरोपमा ०६४ फागुन २८ गते बिहान ५ बजे उनलाई मोर्चाका कार्यकर्ताले क्याम्पस जान तयार भइरहेको बेला घरबाटै अपहरण गरे। अधिकारकर्मीको पहलमा अपहरित पाठक ०६४ फागुन २९ गते बर्दिया गुलरिया नगरपालिकानजिक रहेको भारतीय सिमाना मूर्तियाबाट मुक्त भए। मुक्त भएपश्चात् उनलाई अधिकारकर्मी सीपी सिंह र गणेश रेग्मीले नेपालगञ्जसम्म ल्याएका थिए। पाठकलाई सो समूहले ०६४ फागुन २६ गते 'कसरी क्याम्पस चलाउँछस् हेर्छौं' भनी फोनमा धम्काएको थियो भने त्यसै दिन उनको घरको बरण्डामा पाँच लाख रुपियाँ चन्दा माग गर्दै चिट्ठीसमेत फालेको थियो। सो समूहबाट पटकपटक धम्की आउने गरेको पीडितले बताए।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

नेपालगञ्ज नपा-३ निवासी उद्योग वाणिज्य सङ्घ बाँकेका कार्यसमिति सदस्य एवम् *मधेस जागरण* पत्रिकाका प्रबन्धक ३८ वर्षीय ललित रैनियारले चन्दाको विषयमा विरोध गरेको आरोपमा ०६४ माघ ४ गते राती उनलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले नेपालगञ्ज नपा-१० स्थित रानीतलाउबाट अपहरण गरे। पीडितलाई ०६४ माघ ६ गते भारतको रुपेइडिहाबाट बिनासर्त मुक्त गरियो।

होलिया गाविस-५ टेपरी निवासी माओवादी

*प्रहरीको गोलीबाट घाइते भएका शाइरा कुरेसी*

एरिया कमिटी सदस्य २९ वर्षीय आशाराम मौर्यले सुराकी गरेको आरोपमा ०६५ मङ्सिर ८ गते राती उनलाई घरैबाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का सशस्त्र नकाबधारी कार्यकर्ताले अपहरण गरे। पीडितलाई ०६५ मङ्सिर १३ गते फत्तेपुर गाविसको सररासरीबाट आइन्दा सुराकी नगर्ने सर्तमा उनका भाइ राममनोहरको जिम्मामा मुक्त गरे।

होलिया गाविस-५ निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता ४२ वर्षीय रामफेरन शर्मालाई ०६५ मङ्सिर ९ गते राती चार जनाको सङ्ख्यामा रहेका जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरैबाट 'एकछिन काम छ' भनी अपहरण गरी राप्ती नदीमा पुऱ्याए। पानीमा डुबाउँदै पिटिरहेको अवस्थामा पौडेर पीडित भागेका थिए। पाँच दिनसम्म भारतस्थित आफन्तको घरमा बसेका शर्मा ०६५ मङ्सिर १४ गते घर फर्किए। पीडित यस वर्षको अन्त्यसम्म नेपालगञ्जमा बस्दै आएका छन्।

सशस्त्र प्रहरी बेस क्याम्प गङ्गापुरमा कार्यरत सशस्त्र प्रहरी हवल्दार उमेश महरा र प्रहरी जवान गोविन्द थापालाई ०६५ मङ्सिर ११ गते दिउँसो खसी किन्न गएको अवस्थामा फत्तेपुर गाविस-१ बाट जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का सशस्त्र कार्यकर्ताले अपहरण गरे। अपहरित प्रहरीद्वयलाई मोर्चाका कार्यकर्ताले फत्तेपुर गाविस-१ नजिक रहेको गोदुवाको जङ्गलमा पुऱ्याई कुटपिटसमेत गरेका थिए। सो समूहले पीडितसँग भएको नगद चार हजार पनि लुटेको थियो। पीडितद्वय गोदुवाको जङ्गलबाट भागेर त्यसै दिन फर्किए।

### मधेसी मुक्ति टाइगर्सबाट

कचनापुर गाविस-८ का २५ वर्षीय खड्क केसी र रुकुम खोलागाउँ निवासी दिलीप क्षेत्रीलाई तीन जनाको सङ्ख्यामा मोटरसाइकलमा आएका मधेसी मुक्ति टाइगर्सका कार्यकर्ताले ०६५ असोज ३० गते दिउँसो नेपालगञ्ज नपा-६ बुद्धचोकबाट अपहरण गरे। अपहरितमध्ये क्षेत्रीलाई राप्ती नदीनजिक पर्ने सिघनियाघाटबाट त्यसै दिन मुक्त गरे। पीडित केसी ०६५ कात्तिक ७ गते कचनापुर गाविस-८ को शमशेरगञ्जबाट टिकुलीपुर जाने बाटोमा पर्ने दुर्गा भवानी सामुदायिक वनको जङ्गलमा सालको रुखमा हातखुट्टा बाँधी मुखमा पट्टी लगाइएको अवस्थामा भेटिए। मानसिक तथा शारीरिक यातना दिएको र आफूसँग भएको नगद तीस हजार रुपियाँ पनि सो समूहले लुटेको पीडितले बताए।

### धम्की/कुटपिट

### राज्यबाट

नेपालगञ्ज नपा-१४ का छ वर्षीय अमन खाँलाई ०६४ फागुन ५ गते दिउँसो संयुक्त लोकतान्त्रिक मधेसी मुक्ति मोर्चाले आह्वान गरेको अनिश्चितकालीन बन्दको पाँचौँ दिन प्रहरीले घरमा खेलिरहेको अवस्थामा घरमै लाठी र हातले बिनाकारण कुटेर घाइते बनाए। घाइतेको नेपालगञ्जस्थित मेडिकल कलेज र भारतको लखनउस्थित विवेकानन्द अस्पतालमा आफ्नै खर्चमा उपचार भयो।

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

बेतहनी गाविस-९ का ६० वर्षीय नीरबहादुर अधिकारीलाई ०६५ असोज २६ गते राती घरमा टीभी हेरेर बसिरहेको बेला तीन/चार जनाको सङ्ख्यामा आएका जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का सशस्त्र कार्यकर्ताले 'पार्टीले तपाईंको घरजग्गा रोक्का गरेको छ, बिक्री गर्न पाइँदैन, यदि बिक्री गरेमा कमलको हालत हुनेछ' भनी धम्की दिए। सो समूहले

*मधेस आन्दोलनका क्रममा आन्दोलनकारीलाई गिरफ्तार गरिँदै*

नीरबहादुरलाई ०६५ असोज २९ गते पनि पत्रमार्फत आइन्दा प्रहरीलाई सुराकी गरेको पाएमा कमलको हालत हुनेछ भनी धम्की दिएका थिए। कमललाई सो समूहले ०६४ चैत ५ गते गोली प्रहार गरी हत्या गरेको थियो।

बेतहनी गाविस-९ निवासी राष्ट्रिय जनमोर्चाका कार्यकर्ता ४७ वर्षीया सीता अधिकारीको ०६५ असोज २९ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरजग्गा र बाली पार्टीको अर्को आदेश नभएसम्मका लागि रोक्का गरेको घोषणा गरे। पार्टीको नियमविपरीत कसैले खरिदबिक्री गरेमा खरिद र बिक्री गर्ने दुवैथरीलाई कारबाही गर्ने बेहोराको पत्र दिनुका साथै मौखिक धम्कीसमेत दिए। सीताका पति कमलप्रसाद अधिकारलाई ज्वाला सिंहका कार्यकर्ताले ०६४ चैत ५ गते हत्या गरेपछि सीतालाई पार्टीले सो क्षेत्रबाट संविधानसभाका लागि उम्मेदवार बनाएको थियो। धम्कीपछि सीताका ६ जनाको परिवारमध्ये पाँच जना विस्थापित भई यस वर्षको अन्त्यसम्म कोहलपुर गाविसमा बस्दै आएका छन्। धर्मपुत्रका रूपमा रहेका उनका एक छोरा भने यस वर्षको अन्त्यसम्म सोही स्थानमा रहेका छन्। सो धम्की आउनुअघि आधा खेतको धान घरमा ल्याइसकेका कारण सो परिवारले बाली खान पाए भने आधा खेतको बाली थन्काउन पाएनन्। आधा खेतमा छोडिएको बाली ज्वाला सिंह समूहका कार्यकर्ताले पनि लगेनन्। आधा खेतमा त्यसै छोडिएको बाली जङ्गली जनावर र घरेलु जनावरले खाएका थिए।

कपिलवस्तु जिल्ला जयनगर गाविस-३ निवासी हाल पिप्रहवा गाविस-१ मा व्यवसाय गर्ने ३६ वर्षीय हरि अधिकारीलाई सञ्चार र फौजी सामग्री किन्नका लागि भनी ०६५ साउन ५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले २४ घण्टाभित्र दुई लाख रुपियाँ चन्दा नदिए मार्ने धम्की दिँदै पत्र पठाए। पत्रभित्र पेस्तोलको एक गोली पनि राखिएको थियो। यस घटनाका बारेमा कसैलाई बताए उनलाई सो समूहले मार्ने धम्कीसमेत दिएको थियो।

### तराई आर्मीबाट

नेपालगञ्ज नपा-१७ का राजु वर्मालाई ०६५ असोज १ गते तराई आर्मी मधेसी मुक्ति मोर्चाका कार्यकर्ताले दुई लाख रुपियाँ चन्दा नदिए घरमा बम विस्फोटन गराउने पत्र पठाई धम्की दिए। कसैलाई बताए मार्ने धम्कीसमेत दिइएको उक्त पत्रमा मोर्चाका बाँके जिल्ला समितिका तर्फबाट विक्रमसिंह ठाकुरको हस्ताक्षर गरिएको थियो। पीडितले अधिकारकर्मीसमक्ष मौखिक रूपमा धम्कीका बारेमा जानकारी गराएका थिए।

*मधेस आन्दोलनका क्रममा प्रहरीको गोली लागी घाइते भएका गड्डु जजगढ*

### संयुक्त मधेसी मोर्चाबाट

पर्वत जिल्लाको खासकुश्मा गाविस घर भई महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा अध्ययनरत १८ वर्षीय शङ्कर डाँगी र नेपालगञ्ज नपा-१६ स्थित दीप होटलका कर्मचारी ४० वर्षीया माया चौधरीले बन्दको उल्लङ्घन गरेको आरोपमा ०६४ माघ २० गते संयुक्त मधेसी मोर्चाका कार्यकर्ताले लाठी, मुक्का र ढुङ्गा प्रहार गरी घाइते बनाए। घाइते दुवैको नेपालगञ्ज शिक्षण अस्पतालमा आफ्नै खर्चमा उपचार भयो।

### अज्ञात समूहबाट

मुगु जिल्ला जिम्मा गाविस-७ निवासी २८ वर्षीया पविता नेपालीलाई ०६५ असार २७ गते राती अज्ञात समूहले धारिलो हतियार प्रहार गरी घाइते बनायो। चिसापानी गाविस-१ मा रहेका आफन्त जय नेपालीको घरमा आएको अवस्थामा मुखमा पट्टी बाँधेर आएका छ जनाको समूहले उनको पतिका बारेमा सोधपुछ गर्दै आक्रमण गरेको थियो। दाहिने हातको जोर्नीमा चोट लागी घाइते भएकी पविताको कोहलपुरस्थित मेडिकल कलेजमा उपचार भयो। घटनामा संलग्न भएको आरोपमा पीडितले माओवादी निकट शिक्षक राजबहादुर मल्ल, नेपाली सेनामा कार्यरत वासुदेव मल्ल र वागेश्वरी क्याम्पस कोहलपुरका विद्यार्थी नयनबहादुर मल्लको नाम किटान गरी ०६५ असार २८ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा जाहेरी दिए पनि प्रहरीले यस वर्षको अन्त्यसम्म कुनै कारबाही आरम्भ गरेन।

### गैरकानुनी गिरफ्तारी

नेपालगञ्ज नपा-१ का २८ वर्षीय अजिजुल्ला हल्वाईले ठगी गरेको आरोपमा ०६५ भदौ ९ गते उनलाई सोधपुछका लागि बोलाएर प्रहरीले बिनापुर्जी जिल्ला प्रहरी कार्यालयबाट गिरफ्तार गऱ्यो। अनुसन्धानका क्रममा थुनुवा कक्षमा प्रहरीले खुट्टा र घुँडाले पछाडिबाट हिर्काएको पीडितले बताए।

कुटपिटपश्चात् प्रहरीले सो राती स्वास्थ्य परीक्षण गराउन भेरी अञ्चल अस्पताल लगेको पीडितले बताए। ठगी गरेको रकम तिर्ने सर्तमा उनलाई ०६५ भदौ १० गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

संयुक्त मधेसी मोर्चाद्वारा आह्वान गरिएको मधेस बन्दमा ०६४ माघ २१ गते नेपालगञ्ज नपास्थित चौलिका चोकमा बन्द उल्लङ्घन गरी चलाएको मोटरसाइकलको विषयमा विवाद भई झडप हुँदा प्रहरीको लाठीचार्जबाट मोर्चाका २८ वर्षीय रियाज अन्सारी, २६ वर्षीय सागिर अन्सारी, २२ वर्षीय गुड्डु अन्सारी, १७ वर्षीय सोनु अन्सारी र ३५ वर्षीय हनिज अन्सारी घाइते भए। घाइते सबैले आफ्नै खर्चमा स्थानीय स्वास्थ्य चौकीमा उपचार गराए।

*ज्वाला सिंहका कार्यकर्ताद्वारा अपहरण गरिएका शालिकराम केसी*

मनिकापुर गाविस-६ निवासी तमलोपा बाँकेका संयोजक ५२ वर्षीय गिरिजा पाठक र बेलहरी गाविस-२ निवासी तमलोपाका कार्यकर्ता ४० वर्षीय पटेश्वरी हरिजनलाई प्रधानमन्त्रीको पुत्ला जलाउन लागेको आरोपमा ०६४ फागुन १० गते प्रहरीले गनापुर गाविस-२ पिपरहवा चोकबाट बिनापुर्जी गिरफ्तार गरी ०६४ फागुन १७ गते जिल्ला प्रहरी कार्यालय बाँकेबाट जमानीमा रिहा गऱ्यो। प्रहरीले भवानियापुर गाविसका ३६ वर्षीय अमेरिकाप्रसाद पुरी र संयुक्त मधेसी लोकतान्त्रिक मोर्चाका अन्य १४ जना कार्यकर्तालाई नेपालगञ्ज र त्रिभुवन चोकबाट सोही दिन गिरफ्तार गरेको थियो। गिरफ्तार सबैलाई जिल्ला प्रहरी कार्यालय बाँकेले रिहा गऱ्यो। गिरफ्तार भएका १७ जनालाई नै जिल्ला प्रशासन कार्यालय बाँकेले सार्वजनिक अपराधको मुद्दा लगाई १५ दिनभित्र हाजिर हुन आउन आदेश दिएको थियो। नेपाल सरकार र संयुक्त लोकतान्त्रिक पार्टीबीच भएको सम्झौता अनुसार मुद्दा फिर्ता गर्ने वा खारेजी गर्ने सम्झौता भएको लिखित जानकारी गराएपछि जिल्ला प्रशासनले कारबाही स्थगित गऱ्यो।

पीडित प्रहरी परिवार राष्ट्रिय सङ्घर्ष समितिद्वारा बन्दी प्रहरीलाई रिहाइ र भ्रष्टाचारी हाकिमलाई कारबाहीको माग गर्दै ०६५ असोज ३० गते कोहलपुर गाविस-३ मा निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीको लाठीचार्जबाट बर्दिया गुलरिया नपाकी २८ वर्षीया चन्द्रा चन्द, नौबस्ता गाविस-३ का ५७ वर्षीय सिंहबहादुर थापा, रुकेना गाविस-४ का १८ वर्षीय प्रकाश विष्ट र पिपरी गाविसका १९ वर्षीय विवेश विश्वकर्मा घाइते भए। घाइते सबैको कोहलपुरस्थित मेडिकल कलेजमा उपचार भयो। लाठीचार्जपछि प्रहरीले पीडित प्रहरी परिवार राष्ट्रिय सङ्घर्ष समितिका संयोजक प्रेमा खत्रीसहित ६५ जनालाई गिरफ्तार गरेकामा सोही दिन रिहा गऱ्यो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार
**जिल्ला अदालत**

बाँके जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ३ सय ९१ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये यस वर्ष ९३ थान मुद्दा फर्स्यौट भई २ सय ९८ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय ८९ थानमध्ये ३१ थान मुद्दा फर्स्यौट भई १ सय ५८ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ४ सय ५६ थान फर्स्यौट हुन बाँकी रहे।

त्यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ८० थानमध्ये यस वर्ष ५८ थान मुद्दा फर्स्यौट भई १ सय २२ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ७८ थान सरकारवादी फौजदारी मुद्दामध्ये ३ थान मुद्दा फर्स्यौट भई ७५ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा १ सय ९७ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ९ सय ३ थान मुद्दामध्ये यस वर्ष २ सय ३४ थान मुद्दा फर्स्यौट भई ६ सय ६९ थान मुद्दा बाँकी रहे।

*ज्वाला सिंहका कार्यकर्ताद्वारा हत्या गरिएका पुष्कर रायमाझी*

यस वर्ष दर्ता भएका ३ सय ८७ थान देवानी मुद्दामध्ये ३७ थान मुद्दा फर्स्यौट भई ३ सय ५० थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा १ हजार १९ थान फर्स्यौट हुन बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म बाँके जिल्ला अदालतमा १ हजार ६ सय ७२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। बाँके जिल्ला अदालतमा फर्स्यौट हुन बाँकी पाँच वर्षभन्दा पुराना मुद्दा छैनन्। बाल इजलास गठन भई त्यहाँ दर्ता भएको मुद्दाको सङ्ख्या चार थान रहेको छ।

**पुनरावेदन अदालत**

पुनरावेदन अदालत नेपालगञ्जमा गत वर्षको जिम्मेवारी सरेर आएका ६८ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये यस वर्ष ४१ थान मुद्दा फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ४३ थानमध्ये सात थान मुद्दा फर्स्यौट भई ३६ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ६३ थान फर्स्यौट हुन बाँकी रहे।

त्यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १७ थान मुद्दामध्ये यस वर्ष ४७ थान फर्स्यौट भई ७० थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ४४ सरकारवादी फौजदारी मुद्दामध्ये छ थान मुद्दा फर्स्यौट भई ३८ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा १ सय ८ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ९१ थान मुद्दामध्ये यस वर्ष १ सय ५४ थान मुद्दा फर्स्यौट भई १ सय ३७ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय ५२ थान देवानी मुद्दामध्ये ३० मुद्दा फर्स्यौट भई १ सय २२ थान मुद्दा बाँकी रहे।

*ज्वाला सिंहका कार्यकर्ताद्वारा त्रिभुवन चोकस्थित नोकिया केयर सेन्टरमा गराइएको बम विस्फोट*

यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा २ सय ५९ थान फर्स्यौट हुन बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म पुनरावेदन अदालत नेपालगञ्जमा ४ सय ३० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पुनरावेदन अदालत नेपालगञ्जमा फर्स्यौट हुन बाँकी पाँच वर्षभन्दा पुराना मुद्दा छैनन्।

नेपालगञ्ज नपा-७ का दीपकशमशेर जबरालाई ०६५ कात्तिक २४ गते दिउँसो मुद्दा हारेपछि कारकाँदो गाविस-६ का ५० वर्षीय भुवनसिंह थापाले पुनरावेदन अदालतको मुद्दाफाँटमा धारिलो हतियार प्रहार गरी घाइते बनाए। भुवन भारतमा काम गर्न गएको अवस्थामा दीपकको घरमा नौ वर्षअघिदेखि घरेलु कामदारका रूपमा रहेका भुवन सिंहका छोरा विष्णु थापा र छोरी रूपा थापालाई घर लैजान दीपकले नदिएपछि फिर्ताका लागि भुवनले अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दर्ता गराएका थिए। पुनरावेदन अदालतका न्यायाधीशद्वय देवेन्द्रगोपाल श्रेष्ठ र फणिन्द्रदत्त शर्माको संयुक्त इजलासले भुवनकी छोरी रूपालाई अदालतमा झिकाई सोध्दा दीपककै घरमा बस्ने बताएपछि अदालतले भुवनले दायर गरेको रिट निवेदन खारेज गरेको थियो। उनको भेरी अञ्चल अस्पतालमा उपचार भयो।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

परसपुर गाविस-७ का ३५ वर्षीय जमिल बेहनाले विस्फोटक पदार्थ ओसारपसार गरेको आरोपमा ०६५ असोज १ गते दिउँसो उनलाई वडा प्रहरी कार्यालयले सोही ठाउँको परसपुर चोकबाट बिनापुर्जी गिरफ्तार गऱ्यो। बेहनालाई ढोडे गाउँबाट बम ल्याएको स्वीकार नगरुन्जेल हिरासतमा टाउको तल र खुट्टा माथि गर्न लगाई वडा प्रहरी कार्यालयमा यातना दिइएको थियो। बम ल्याएको सकार गरेपछि वडा प्रहरीले बेहनालाई राती जिल्ला प्रहरी कार्यालय लगेको थियो। बेहनालाई ०६५ असोज २ गते जिल्ला प्रहरी कार्यालयले रिहा गऱ्यो। पीडितले ०६५ असोज ३ गते राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्ज, इन्सेकलगायतका मानवअधिकार संस्थामा निवेदन दिएका थिए। राष्ट्रिय मानवअधिकार आयोगले ०६५ असोज ८ गते जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालयमा यस घटना सम्बन्धमा जानकारी उपलब्ध गराइदिने भनी पत्राचार गरे पनि ती निकायहरूले यस वर्षको अन्त्यसम्म आयोगमा जवाफ पठाएनन्।

## बालअधिकार

बर्दिया जिल्ला मनाउ गाविस-४ की १० वर्षीया एक बालिकालाई ०६४ माघ ८ गते सोही गाविस-६ घर भई नेपालगञ्ज नपा-५ मा निवासी ३९ वर्षीय शिक्षक भीमलाल रिजालले राती सुतेको अवस्थामा बलात्कार गरेको आरोपमा ०६४ माघ ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। बर्दियास्थित अमर ज्योति माविका शिक्षक रिजालले निज बालिकालाई पढाइदिने सर्तमा घरको काम गराउन ०६४ माघ ६ गते नेपालगञ्ज ल्याएका थिए। पीडितका अनुसार रिजालले माघ ७ गते राती पनि बलात्कार गरेका थिए। रिजाललाई पुर्पक्षका लागि ०६४ माघ १८ गतेदेखि यस वर्षको अन्त्यसम्म बाँके कारागारमा राखिएको छ। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

टिटिहरिया गाविस-९ की सात वर्षीया एक बालिकालाई चाउचाउ र चकलेट किनिदिन्छु भनी ०६४ माघ १४ गते बेलुका नेपालगञ्ज नपा-१ का २२ वर्षीय जम्बु शेर्पाले बलात्कार गरेको आरोपमा सोही दिन उनलाई प्रहरीले गिरफ्तार गऱ्यो। माघेसङ्क्रान्ति मनाउन नेपालगञ्ज नपा-१ स्थित आफ्नी फुपूको घरमा आएकी बालिकालाई घरनजिक बन्दै गरेको पक्की घरभित्र पुऱ्याई शेर्पाले बलात्कार गरेको पीडित पक्षले बतायो। बलात्कारका क्रममा रुन-कराउन लाग्दा पीडकले मुख थुनिदिएको र कसैलाई भने मार्ने धम्की दिएको पीडितले बताइन्। बाँके जिल्ला अदालतले ०६५ असार ३१ गते मुद्दा फैसला गरी शेर्पालाई दोषी ठहर गऱ्यो। पीडक ०६४ माघ १५ गतेदेखि बाँके कारागारमा रहेका छन्।

सप्तरी जिल्ला बोदेबसाइन गाविस-२ निवासी हाल गणेश मावि ढकेरीका शिक्षक ३३ वर्षीय जीवछ यादवले आफ्नै विद्यालयकी १७ वर्षीया एक छात्रालाई धम्क्याउँदै चार वर्षअघिदेखि पटकपटक बलात्कार गरेको सार्वजनिक भयो। नाम र ठेगाना परिवर्तन गरी पीडितले ०६५ जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन अन्तर्गत जाहेरी दिइन्। पहिलोपटक फकाएर यौनसम्बन्ध राखेका शिक्षकले बालिकालाई थाहा नदिई तस्बिरसमेत खिचेका थिए। सोही तस्बिर सार्वजनिक गरिदिने भनी धम्क्याउँदै यादवले निज बालिकाको यौनशोषण गर्दै आएका थिए। बालिकाको नाङ्गो तस्बिर खिचेर बनाएको दुई सीडी पीडितलाई पनि पठाएका थिए। पीडितका तर्फबाट बहस गर्ने कानुन व्यवसायीले उक्त सीडी अदालतमा पेस गरेपछि यादवलाई ०६५ असार १० गते जिल्ला अदालत बाँकेले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यादवलाई यस वर्षको अन्त्यसम्म बाँके कारागारमा राखिएको छ।

गनापुर गाविस-५ निवासी जनकल्याण मावि बद्रीपुरमा कक्षा सातमा अध्ययनरत १२ वर्षीया एक बालिकालाई विद्यालयमा पढिरहेको अवस्थामा ०६५ असार ६ गते सोही ठाउँका २९ वर्षीय गोपाल कुर्मीले तिम्री आमा बिरामी भई नेपालगञ्ज नर्सिङ होममा राखिएको छ भनी झुक्काइ विद्यालयबाट अपहरण गरे। अपहरित अवस्थामा बालिकालाई कुर्मीले नेपालगञ्जस्थित बागेश्वरी मन्दिर लगी जबरजस्ती विवाह गरे। बालिकालाई अपहरण गरी कुर्मीले सैनी गाउँको जलपोखरीस्थित जमुनी काँधको घरमा सात दिन, सोही ठाउँका नाम थाहा नभएका एक घरमा तीन दिन, बेलासपुरस्थित एक घरमा तीन दिन, नेपालगञ्ज बीपीचोकस्थित होटलमा १५ दिन र गेनपुरुवास्थित सावितराम कुर्मीको घरमा पनि केही दिन राखेका थिए। बालिकालाई ०६५ साउन १४ गते भारततर्फ पैदल हिँडाएर लैजाँदै गरेको अवस्थामा पीडितका बाबु बालकरामले भारतीय सीमानजिक रहेको कर्मोनीबाट समातेका थिए। पीडकलाई ०६५ साउन १९ गते प्रहरीले पक्राउ गरे पनि पीडित पक्ष सम्पर्कमा नआएको भनी पीडक ०६५ भदौ ११ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भएका थिए। पीडित बालिकाको ०६५ भदौ १५ गते स्वास्थ्य परीक्षण गरिएको थियो। यस घटनाका बारेमा ०६५ कात्तिक १५ गते सरकारी वकिलको कार्यालयले अपहरण तथा शरीर बन्धकमा जिल्ला अदालत बाँकेमा गनापुर गाविसका गोपाल कुर्मी, साइगाउँ गाविस-१ का राधेश्याम कुर्मी र सोही ठाउँ निवासी छोटकु कुर्मीका नाममा मुद्दा दर्ता गरेको थियो। सरकारी वकिलको कार्यालयले मुद्दा दर्ता गर्दा तीन जना प्रतिवादी नै फरार रहेका थिए। फरार भएका कारण अदालतबाट झिकाइ कारबाही गरी पाउँ भनी सरकारी वकिलको कार्यालयले अदालतमा निवेदन दिएपछि प्रहरीले राधेश्याम र छोटकुलाई ०६५ मङ्सिर ५ गते र गोपाललाई ०६५ मङ्सिर २६ गते अदालतमा हाजिर गराएको थियो। सो घटनाका बारेमा ०६५ मङ्सिर २६ गते जिल्ला अदालत बाँकेले १५ हजार रुपियाँ नगद वा जेथा धरौटी राखी रिहा गर्ने आदेश गरे तापनि धरौटी राख्न नसकेका कारण यस वर्षको अन्त्यसम्म प्रतिवादी सबै बाँके कारागारमा रहेका छन्।

पुरैना गाविस-६ की सात वर्षीया एक बालिकालाई सोही ठाउँका ४५ वर्षीय जब्बर खाँले ०६५ असोज ७ गते खाँको घरनजिक खेल्न गएको अवस्थामा फकाइफुल्याई घरभित्र लगी बलात्कार गर्ने प्रयास

गरेको भनी ०६५ कात्तिक ५ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा जाहेरी दिए। प्रहरीले यस वर्षको अन्त्यसम्म आरोपीलाई गिरफ्तार गर्न सकेको छैन।

मनिकापुर गाविस-८ की पाँच वर्षीया एक बालिकालाई ०६५ कात्तिक २२ गते साँझ सोही ठाउँका ४९ वर्षीय लालबहादुर शाहीले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६५ कात्तिक २३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। प्रहरीले शाहीलाई ०६५ कात्तिक २२ गते पक्राउ गरेको थियो। पीडकलाई यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि कारागारमा राखिएको छ।

भारत समस्तीपुर घर भई हाल नेपालगञ्ज नपा-११ स्थित वर्ल्ड लिङ्कका प्रबन्धक शैलेन्द्र ठाकुरको घरमा काम गर्न बसेकी १२ वर्षीया रिन्कु धानुकले काम गर्न नमानेको आरोपमा घर-मालिक शैलेन्द्र र उनकी पत्नी ममता ठाकुरले आठ महिनाअघिदेखि समयमा खाना खान नदिने, बेल्टले हातमा पिट्ने र चक्कुले घोच्ने गरेका थिए। घटनाका बारेमा बाँके गाउँस्थित स्थानीय बासिन्दाले राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जमा उजुरी दिएपछि ०६५ साउन २६ गते पीडित बालिकाको उद्धार गरियो। ०६५ साउन २७ गते प्रहरीले पक्राउ गरेका शैलेन्द्रले क्षतिपूर्तिस्वरूप ८ हजार रुपियाँ बालिकालाई दिएपछि अबदेखि बालश्रमिक नराख्ने सर्तमा ०६५ साउन २८ गते उनी जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

संस्थागत विद्यालय शिक्षक युनियन नेपाल जिल्ला कार्य समिति बाँकेले तलब-सुविधाको माग गर्दै अनिश्चितकालीन बाँके जिल्लाका संस्थागत विद्यालय बन्द गरेका कारण ०६५ भदौ १५ गतेदेखि ०६५ भदौ २४ गतेसम्म बाँके जिल्लामा रहेका १ सय ३ संस्थागत विद्यालयमा अध्यनरत २३ हजार ५ सय ४३ बालबालिकाले विद्यालयमा पढ्न पाएनन्। अधिकारकर्मीको पहलमा विद्यालय सञ्चालक र आन्दोलनरत शिक्षकहरूबीच ०६५ भदौ २४ गते राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जमा तलब सुविधा खुल्ने गरी शिक्षक कर्मचारीलाई १५ दिनभित्र नियुक्ति पत्र दिने, बिनाकारण निष्कासन नगर्ने, वर्षमा २४ दिन बिदा दिने, शिक्षक तथा कर्मचारीका एक बच्चाको मासिक शुल्क छुट दिनेलगायत ११ बुँदे सहमति भएपछि ०६५ भदौ २५ गतेदेखि विद्यालयहरू सुचारु भएका थिए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

### बेचबिखन तथा ओसारपसार

भापा कोहवरा गाविस-१ की २२ वर्षीया सीता नेपाली र मोरङ केराउ गाविस-१ की २६ वर्षीया माया धिमाललाई विदेशमा राम्रो जागिर र तलब दिने आश्वासनमा चितवन गढचौरका २७ वर्षीय हरिबहादुर थापाले भारतमा बेचबिखन गर्ने उद्देश्यले लगिरहेको अवस्थामा ०६५ असोज ११ गते नेपालगञ्जस्थित जमुनाहाबाट प्रहरी र साथी संस्थाको संयुक्त पहलमा उद्धार भयो। सो घटनाका बारेमा ०६५ असोज १२ गते पीडित पक्षले जिल्ला अदालत बाँकेमा मुद्दा दर्ता गराएका थिए। अदालतले सोही दिन पीडितको बयान प्रमाणित गरेको थियो। ०६५ असोज १२ गते कारागार चलान गरिएका थापालाई यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि बाँके कारागारमा राखिएको छ।

### पारिवारिक हिंसा

नेपालगञ्ज नपा-१३ निवासी महिला विकास कार्यालयमा कार्यरत ४४ वर्षीया गीता शाहीलाई ०६५ भदौ १ गते दिउँसो १ बजे उनका पूर्वपति कारकादो गाविस-५ का ४५ वर्षीय गोपाल विष्टले आफूलाई जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)को कार्यकर्ता बताउँदै मार्ने धम्की दिए। अंशमा दाबी पुग्ने गरी तीन वर्षअघि सम्बन्धविच्छेद गरेकी शाहीलाई विष्टले पटकपटक फोनबाट धम्क्याउने गरेको र ०६१ सालमा पनि छुरीले हिर्काइ घाइते बनाएको पीडितले बताइन्। पीडितले ०६५ भदौ २ गते ज्यूज्यानको सुरक्षा गरिपाउँ भनी जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी दिएपछि प्रहरीले गोपाललाई ०६५ भदौ ३ गते पक्राउ गरेको थियो। भविष्यमा गीतालाई केही भए त्यसको जिम्मेवारी आफूले लिने प्रतिवद्धता जनाएपछि विष्ट सोही दिन जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### माओवादीबाट

बिनौना गाविस-७ का कृष्णराज पन्तको घरबाट ०६४ पुस २३ गते माओवादीले ५५ क्विन्टल धान र तोरी लुटेर लगे। सो धान तोरी लिन माओवादीका स्थानीय कार्यकर्ता वीर भीमसेनको अगुवाइमा १०/१२ जना गएका थिए। माओवादीले जबरजस्ती चन्दा सङ्कलन नगर्ने प्रतिबद्धता गरेको पीडितले सुनाउँदा 'यहाँ माथिको आदेश चल्दैन' भनी धान र तोरी लगेका थिए।

**डिफेन्स आर्मीबाट**

नेपालगञ्ज नपा-१६ स्थित ज्योति चर्च रहेको भवनमा ०६५ जेठ ५ गते डिफेन्स आर्मीले सकेट बम विस्फोट गराउँदा भवनमा सामान्य क्षति भयो। सो चर्चमा ०६५ साउन २ गते पनि डिफेन्स आर्मीले सकेट बम विस्फोट गराएको थियो।

**प्रहरी आन्दोलन**

महादेवपुरी गाविस-७ शमशेरगञ्जस्थित सशस्त्र प्रहरी बल बागेश्वरी गणमा माथिल्लो तहका उच्च प्रहरी अधिकृतहरूले अमानवीय व्यवहार गरेको भन्दै ०६५ असार ७ गते साँझ सोही गणमा कार्यरत निम्न तहका प्रहरी जवानहरूले आन्दोलन गरे। प्रहरी विद्रोहका क्रममा निम्न तहका प्रहरी जवानहरूले माथिल्लो तहका उच्च प्रहरी अधिकृतहरूलाई नियन्त्रणमा लिन खोज्दा सो गणका एसपी हरिशङ्कर बुढाथोकीलाई तल्ला तहका प्रहरीहरूले घाइते हुने गरी कुटेका थिए। घाइतेको उपचार कोहलपुरस्थित मेडिकल कलेज र त्यसपश्चात् काठमाडौँमा भयो। प्रहरी विद्रोहका क्रममा गणमा कार्यरत डीएसपीहरू महेन्द्र थापा, दिलीसगोविन्द जोशी, कृष्ण थापा, सोही गणमा कार्यरत इन्स्पेक्टरहरू अर्जुन रोकामगर, वीरेन्द्र पाल, सन्तोष रायमाझी, सञ्जयकुमार गोइत, मुरारी बस्नेत, वीरसिंह थानी, शङ्कर थानी, दीपेन्द्र पाण्डे, कुमार कार्की, देवेन्द्र थापा, थपेन्द्रप्रसाद केसी, सुवेदार खेमराज जैशी, वीरबहादुर रोका, अमर लामिछाने, जुवानन्द खनाल, शेरबहादुर केसी र लोकबहादुर खत्रीले तल्लो तहका प्रहरी जवानहरूको रासनमा भिन्नता गरेको साथै तल्लो तहका जवानहरूलाई अमानवीय व्यवहार गरिएको आरोपमा ०६५ असार ७ गते साँझ सोही गणमा नियन्त्रणमा राखे। वार्ताको माध्यमबाट विद्रोही प्रहरीहरूले राखेका मागहरूको सम्बोधन गर्ने जनाएपछि सोही गणमा कसैसँग भेटघाट गर्न नदिई राखिएका उच्च प्रहरी अधिकृतहरूलाई ०६५ असार ९ गते मुक्त गरियो। उक्त सम्बोधन गर्ने सहमति गृह मन्त्रालयका सहसचिव, एआईजी, डीआईजी, क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, अधिकारकर्मी र सञ्चारकर्मीको उपस्थिति थियो। सो गणमा हुने गरेका अनियमितता छानबिन गरेर दोषीउपर कारबाही गर्नका लागि सशस्त्र प्रहरी बलका एसएसपी राजेन्द्रबहादुर सिंहको नेतृत्वमा नौ सदस्यीय टोलीको गठन गरिएको थियो। सो टोलीको समयावधि नसकिँदै विद्रोहमा लागेका सो गणमा कार्यरत सई तेजबहादुर बलायर, गोविन्द लामिछाने, दानबहादुर चन्द, जङ्गबहादुर थापा, प्रहरी वरिष्ठ हवल्दारहरू छत्रबहादुर राई, हरि पौडेल, वीरबहादुर चन्द, प्रेम रावत, प्रहरी हवल्दारहरू हरिसिंह ठकुरी, बेलबहादुर बुढा, पदम थापा, मनबहादुर घर्ती, लोकेन्द्र रावल, सहायक हवल्दारहरू खडक शर्मा, टीकाराम सलामी, वसन्त उप्रेती, हरिचन्द्र थारू, कलबहादुर विष्ट, बलबहादुर थापा, प्रहरी जवानहरू षडानन्द अधिकारी, दीपक शाही, गङ्गा विकलाई ०६५ असार ३१ गते कारबाहीका लागि पक्राउ गरियो। पक्राउ गरिएकामध्ये १८ जनालाई सोही दिन अनुसन्धानका लागि हेलिकप्टरमार्फत काठमाडौँ लगियो भने अन्यलाई सशस्त्र प्रहरी बल तालिम केन्द्रमा राखियो। यस वर्षको अन्त्यसम्ममा सो गणबाट ३५ जना प्रहरी पक्राउ भए। पक्राउ पर्नेमा सई चार, वरिष्ठ हवल्दार छ, हवल्दार आठ, सहायक हवल्दार १२, सिपाही पाँच रहेका छन्। गिरफ्तार गरिएका सबैलाई सशस्त्र प्रहरी प्रधान कार्यालय लगियो। प्रहरीको नियन्त्रणमा रहेका प्रहरीलाई घरपरिवारसँग भेट्न नदिइएको र हालसम्म अवस्था थाहा नभएको भन्दै विद्रोही प्रहरीका घर-परिवारका सदस्य पानु रावत, पूजा घर्ती, दीपा विष्ट र तारा सुनारले ०६५ साउन ७ र १२ गते इन्सेक क्षेत्रीय कार्यालयमा घटनाको सत्यतथ्य बुझी भेटघाट गर्ने वातावारण मिलाइदिन निवेदन दिएका थिए। यस सम्बन्धमा इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जले ०६५ साउन १२ गते आवश्यक सहयोगका लागि राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयमा सिफारिस गरेको थियो।

शमशेरगञ्जको प्रहरी विद्रोहको २१ दिनपछि नेपालगञ्ज नपास्थित दङ्गा नियन्त्रण प्रहरी गणमा पनि तल्लो तहका प्रहरीहरूले आफूलाई माथिल्लो स्तरका उच्च प्रहरी अधिकृतहरूले थिचोमिचो गरेको भन्दै ०६५ असार २८ गते प्रहरी विद्रोह गरे। विद्रोहका क्रममा सो गणमा जम्मा भएका एसएसपी परशुराम खत्री, जनपथ प्रहरीका एसपीहरू सुदीप आचार्य, घनश्याम भट्ट, अख्तर अली अन्सारी, इन्स्पेक्टर योगेन्द्र खड्का, प्रमीण पोखरेल, सई कालीबहादुर मल्ल र लेखापाल चक्रपाणि आचार्यलाई नियन्त्रणमा लिई ०६५ असार २९ गते राती १२ बजे मुक्त गरे। नियन्त्रणमा लिँदा विद्रोही प्रहरीले १५ राउण्ड हवाई फायरसमेत गरेका थिए। हतियारसहित विद्रोहमा उत्रेका प्रहरीले गणलाई आफ्नो नियन्त्रणमा लिनुका साथै त्यहाँभित्रका सञ्चार, सवारीसाधन र हतियार सबै कब्जामा लिएका थिए। विद्रोही प्रहरीको अगुवाइ सई धनबहादुर विकले गरेका थिए। शनिबारका दिन सबै जना रमाइलो गर्न जम्मा भएको मौकामा घटना भएको थियो। सो दिन साँझ विद्रोही प्रहरीले नियन्त्रणमा लिएकामध्ये पाँच

जनालाई भेरी अञ्चल अस्पताल लगी स्वास्थ्य परीक्षण गराएका थिए। अस्पतालले सबैलाई मादक पदार्थ सेवन गरेको बताएपछि लेखापाल चक्रपाणिले आफूले मादक पदार्थ सेवन नगरेको भन्दै सो कुराको प्रतिवाद गरेका थिए। तर, अस्पतालका डाक्टरहरूले आफूहरूसँग रक्सी सेवन गरेको जाँच्ने कुनै साधन नभएकाले उनीहरूको मुख सुँघेका आधारमा रक्सी सेवन गरेको सिफारिस गरेको बताएका थिए। ०६५ असार २९ गतेको मन्त्रिपरिषद्को बैठकले आन्दोलनरत प्रहरीहरूलाई नियन्त्रणमा लिएर विभागीय कारवाही गर्ने भनिएपछि असार २९ गते बिहानदेखि दिनभर सो गणलाई सशस्त्र प्रहरीले घेरा हालेर नियन्त्रणमा लियो। ०६५ असार २९ गते राती १२ बजे विद्रोही प्रहरीले आत्मसमर्पण गरेका थिए। आन्दोलनरत प्रहरीहरूले रासनमा भएको भेदभाव अन्त्य गरिनुपर्ने, सरुवा, बढुवा तथा नियुक्तिमा रहेको भेदभाव तथा राजनीतिक हस्तक्षेप बन्द हुनुपर्ने, प्रहरीको कार्यमा हुने गरेको हस्तक्षेप बन्द गरिनुपर्ने, शान्ति सेना तथा तालिममा भेदभाव नगरी समान व्यवहार गर्नुपर्ने, विगतमा पाउँदै आएको सञ्चित बिदाबापतको रकम पाउनुपर्नेलगायत २० बुँदे माग राखेका थिए। सो गणमा भएको प्रहरी विद्रोहमा सहभागी भएका प्रहरीलाई कारवाही गर्नका निम्ति सह न्यायाधिवक्ता विनोद पोखरेलको संयोजकत्वमा तीन सदस्यीय विशेष प्रहरी अदालत गठन गरियो, जसमा प्रहरी नायव महानिरीक्षक भरतबहादुर जीसी, सुर्खेतका प्रमुख जिल्ला अधिकारी बलदेव भट्ट रहेका थिए। विद्रोहमा संलग्न भएको आरोपमा कारबाहीका लागि सोही गणका ३३ वर्षीय सई धनबहादुर विक, २८ वर्षीय प्रहरी हवल्दार वीरेन्द्र कार्की, २६ वर्षीय सई शैलेन्द्र शर्मा, ३२ वर्षीय प्रहरी हवल्दार खुसीराम थारू, हवल्दार रवीन्द्र केसी, लक्ष्मण लोनिया, प्रहरी जवान गगन साउद र राँझा एयरपोर्टस्थित सुरक्षा क्याम्पका २४ वर्षीय प्रहरी जवान हुकुम सिंहसहित ४६ जना गिरफ्तार भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

### संरचना, सम्पति क्षति

नेपालगञ्ज नपा-१७ स्थित क्षेत्रीय स्रोत केन्द्र तथा जिल्ला निर्वाचन कार्यालयलाई निसाना बनाई ०६४ फागुन ३ गते बिहान ५ बजे जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले प्रेसरकुकर बम विस्फोटन गराउँदा निर्वाचन सामग्री राख्न प्रयोग गरिएको स्टोरतर्फको भवन आंशिक रूपले क्षति भयो। निर्वाचन कार्यालयका नासु गोपी कँडेल र कम्प्युटर अपरेटर दमनध्वज क्षेत्रीका एकएक थान निजी कम्प्युटर बम विस्फोटनका कारण काम नलाग्ने भए ।

नेपालगञ्ज नपा-१३ आदर्शनगर निवासी काङ्ग्रेस जिल्ला सभापति एवम् संविधानसभा क्षेत्र नं. ४ का उम्मेदवार ७० वर्षीय कृष्णमान श्रेष्ठको दुईतले पक्की घरमा ०६४ फागुन २० गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले बम विस्फोटन गराए। विस्फोटनबाट उनको घरका ढोका र गारो चर्किएको थियो। विस्फोटनबाट करिब ८० हजार रुपियाँ बराबरको क्षति भएको पीडितले बताए।

नेपालगञ्ज नपा भुजइगाउँस्थित सुप्रिम अटोमोबाइल्स प्रालिमा चन्दा नदिएको आरोपमा ०६५ जेठ २४ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)ले प्रेसरकुकर बम विस्फोटन गराउँदा भवन आंशिक रूपले क्षतिग्रस्त भयो। विस्फोटनबाट लगभग १ लाख ५० हजार रुपियाँ मूल्यबराबरको क्षति भएको सो कम्पनीका कार्यकारी अध्यक्ष राजेन्द्रवीर रायले बताए।

नेपालगञ्ज नपा-१२ निवासी जिल्ला प्रशासन कार्यालय बाँकेका शाखा अधिकृत ५६ वर्षीय चन्द्रप्रसाद तिमिल्सिनाको दुई तले पक्की घरमा ०६५ साउन ४ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले सकेट बम विस्फोट गराउँदा उनको घर आंशिक रूपले क्षतिग्रस्त भयो। विस्फोटनको जानकारी पीडितले जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयमा गराए पनि यस वर्षको अन्त्यसम्म पीडितले क्षतिपूर्तिका लागि कतै उजुरी गरेनन्।

नेपालगञ्ज नपा-६ का ३१ वर्षीय सरोज पन्थीको भे१ख ६४६ नम्बरको यात्रुवाहक बसमा ०६५ असोज २९ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले घरनजिक न्युरोडमा पार्किङ गरी राखेको अवस्थामा सकेट बम विस्फोट गराउँदा बस आंशिक रूपले क्षतिग्रस्त भयो। विस्फोटनबाट लगभग १ लाख ५७ हजार रुपियाँ बराबरको क्षति भएको सडक डिभिजन कार्यालयले जनायो। पीडित पक्षले यस वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएनन्।

कम्दी गाविस-९ का ५१ वर्षीय शरदशमशेर राणाको दुईतले घरमा ०६५ मङ्सिर १३ गते राती जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले सकेट बम विस्फोटन गराउँदा घर आंशिक रूपले क्षतिग्रस्त भयो। विस्फोटनबाट लगभग ५० हजार रुपियाँबराबरको क्षति भएको पीडितका आफन्तले बताए। उक्त घरका मानिस आठ वर्षअघि अमेरिका गएका थिए।

नेपालगञ्ज नपा-१४ का ओमप्रकाश

अग्रवालको घरमा भाडामा बसेको सद्भावना पार्टी कार्यालय, सोही नपा-१० का चन्द्रशेखर पाण्डेयको घरमा भाडामा बसेको तराई मधेस लोकतान्त्रिक पार्टी कार्यालय र सोही घरमा भाडामा बस्ने व्यापारी प्रमोदकुमार गुप्ताको पसलमा ०६५ पुस ६ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले पाइप बम विस्फोट गराए। सो विस्फोटनबाट सद्भावना पार्टी कार्यालय रहेको भवनको ढोका फुटेको थियो भने नोकिया पसलका सामान फुटेका थिए। विस्फोटनबाट सद्भावना पार्टी कार्यालयको ४० हजार रुपियाँबराबरको क्षति भएको सो पार्टीले जनायो। त्यसैगरी नोकिया केयर सेन्टरको १५ लाख ४५ हजार ८ सय ८० रुपियाँबराबरको क्षति भएको सो पसलका व्यापारी प्रमोदले बताए। क्षतिपूर्तिका लागि ०६५ पुस ११ गते प्रमोदले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि उनले यस वर्षको अन्त्यसम्म क्षतिपूर्ति पाएका छैनन्।

## ४.७ बर्दिया



जनसङ्ख्या : ४,७५,७६६
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.): २,०२५
गाविस/नपा सङ्ख्या : ३१/१
सरकारी/निजी विद्यालय : ४००/६५
क्याम्पस/उच्च मा.वि. : १/१६
अस्पताल/स्वास्थ्य चौकी : १/३३
मानव विकास सूचकाङ्क : ०.४२९
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार हत्या

#### जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)बाट

गुलरिया नपा-३ निवासी बर्दिया नागरिक समाज सञ्जालका संयोजक एवम् पूर्वनगरप्रमुख ५९ वर्षीय गोविन्द पाण्डे ०६५ असार १५ गते राती घरमा ढोकाको चुकुल नलगाई सुतेको अवस्थामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का कार्यकर्ताले प्रहार गरेको गोली ढाडमा लागी घाइते भएकामा उपचारका लागि नेपालगञ्जस्थित भेरी अञ्चल अस्पताल लैजाँदै गर्दा त्यसै दिन बाटोमै उनको मृत्यु भयो। घरका अन्य परिवार सुतेको कोठाका ढोकामा बाहिरबाट चुकुल लगाई उनीमाथि गोली प्रहार गरिएको थियो। मोर्चाका बाँके-बर्दिया इञ्जार्च भगत सिंहले ०६५ असार १६ गते घटनाको जिम्मेवारी लिँदै *वागेश्वरी* एफएममा फोन गरेका थिए । मृतकका छोरा कृष्णप्रसाद पाण्डेले ०६५ असार १७ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। हत्याको आरोपमा प्रहरीले गुनपा-२ खैरापुरका परमात्मा भण्डारी, राजेश भनिने कमलेश गोडिया र हसन अन्सारीलाई ०६५ मङ्सिर १० गते गिरफ्तार गऱ्यो। उनीहरूबाट प्रहरीले पिस्तोल र त्यसमा प्रयोग हुने गोलीका साथै जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)को चन्दा सङ्कलन रसिद एवम् अन्य दस्तावेज बरामद गरेको थियो। परमात्मा भण्डारीलाई खरखजाना तथा हातहतियार र कर्तव्य ज्यान मुद्दा चलाएको जिल्ला प्रहरी कार्यालय बर्दियाले जनायो। कमलेश गोडिया र हुसन अन्सारीलाई पाण्डेको हत्यामा संलग्न भएको, चन्दा आतङ्क मच्चाएको र हातहतियार खरखजानामा मुद्दा चलाएको छ। तीनै जनालाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखिएको छ। हत्यामा संलग्न भएको आरोपमा गुनपा-२ का बालेराम यादव, चन्द्रनारायण यादव र कुन्ना यादवलाई पनि प्रहरीले गिरफ्तार गरी कारबाही अघि बढायो। पाण्डेको हत्यामा संलग्न अन्य तीन मुख्य अभियुक्त रहेको प्रहरीले बताए पनि यस वर्षको अन्त्यसम्म उनीहरूलाई गिरफ्तार गर्न सकेको छैन।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते नेपाल डिफेन्स आर्मीबाट

गुलरिया नपा-१४ निवासी माओवादी जिल्ला कमिटी सदस्य किसान भनिने ४१ वर्षीय नन्कौ गोडिया ०६४ फागुन १३ गते बिहान घरमा आगो तापेर बसिरहेको अवस्थामा नेपाल डिफेन्स आर्मीका कार्यकर्ताले घरबाहिर बोलाई प्रहार गरेको गोली लागी

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | २ | १ | १ | | २ | | | | | | | | | |
| घाइते | ५ | ८ | | १२ | २० | | | | | | १ | ३ | | ३ |
| गिरफ्तारी/यातना | | | | | | | | | | | २ | ५ | | ५ |
| कुटपिट | २ | ६ | | | ६ | २ | २ | | | २ | | | | |
| धम्की | १ | १ | | | १ | | | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | १ | | | १ | ३ | २ | १ | | ३ | १ | ६ | | ६ |
| भूमिहीन/सुकुम्बासी समस्या | | | | | | | | | | | १ | १ | १० | ११ |
| महिलाअधिकार | १० | | १० | | १० | | | | | | | | | |
| बालअधिकार | १२ | २ | १० | | १२ | २ | २ | | १ | ३ | १ | १ | | १ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | ३ | ७ | | १ | ८ | ५ | ७ | १ | | ८ | | | | |
| अमानवीय व्यवहार | ३ | ३ | १ | | ४ | | | | | | | | | |
| अपहरण | २ | २ | | | २ | २ | ४ | | | ४ | | | | |
| जम्मा | ४१ | ३१ | ३३ | १३ | ६६ | १४ | १७ | २ | १ | २० | ६ | १६ | १० | २६ |

घाइते भए। पेटमा गोली लागेका गोडियाले नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार गराए। पीडितले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि प्रहरीले ३३ वर्षीय देशराज कुर्मी, २३ वर्षीय जयप्रकाश कुर्मी, नन्कुन कुर्मी, ३० वर्षीय इजाजत अली शेख, ३१ वर्षीय गाँजु ब्राह्मण र ४२ वर्षीय प्रसाराम कुर्मीलाई फागुन २० गते गिरफ्तार गरी मुद्दा चलाएकामा उनीहरू अदालतको आदेशमा चैत ३ गते साधारण तारिखमा रिहा भए।

### जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता १ सय १० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका २० जना पुरुष र पाँच जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका ४५ पुरुष र चार महिला थुनुवा रहेका छन्। यसरी बर्दिया कारागारमा जम्मा ७४ जना बन्दी रहेका छन्। यस कारागारमा आश्रितको रूपमा एक बालक र तीन बालिका पनि रहेका छन्। कारागारमा पानीका लागि पाँचओटा धाराको व्यवस्था भए पनि आर्सेनिक भएको पानी पिउनुपर्ने बाध्यता रहेको बन्दीहरूले बताए। विद्युत्, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्रीलगायत स्वास्थ्य उपचारको व्यवस्था छ।

### बेपत्ता/अपहरण

### माओवादीबाट

बनियाभार गाविस-७ का ३५ वर्षीय वीपत्रा थारू, सोही ठाउँका ४० वर्षीय कल्लु थारू र ४१ वर्षीय छेदु थारूलाई 'एकछिन काम छ' भनी ०६४ चैत २६ गते राती सबै जना आ-आफ्नो घरमा बसेको अवस्थामा माओवादीका कार्यकर्ताले अपहरण गरे। अपहरित तीनै जनालाई सो दिन राती बनियाभार गाविसस्थित मुक्त कमैया र सुकुम्बासीका अस्थायी शिविरहरूमा पुऱ्याई त्यहाँका बासिन्दालाई माओवादीको पक्षमा मत हाल्नका लागि अनुरोध गर्न लगाए। अपहरित तीनै जनालाई ०६४ चैत २७ गते बिहान घरमै ल्याई मुक्त गरे। पीडितले माओवादीका डरका कारण कतै उजुरी गरेनन्।

### वाईसीएलबाट

गुलरिया नपा-४ निवासी तमलोपाका कार्यकर्ता ३० वर्षीय कुन्ना यादव ०६४ चैत २० गते बिहान १० बजे सविधानसभाको निर्वाचनको प्रचारप्रसार गरी जैनपुरबाट घरतर्फ जाँदै गर्दा सोही नपा-३ खैरापुरबाट वाईसीएलका कार्यकर्ताले हाम्रो ठाउँमा गई किन प्रचार गरेको भनी अपहरण गरे। वाईसीएलको नेतृत्व विष्णु थापाले गरेका थिए। सो घटनाको विरुद्धमा तमलोपाका कार्यकर्ताले वाईसीएलको

**तालिका** : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | जतमुमो(ज्वाला सिंह)बाट | | | युथफोर्सबाट | | | वाईसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | १ | | | | | | | | | |
| घाइते | | | | ३ | ६ | ६ | | | | १ | १ | १ |
| कुटपिट | | | | | | | १ | ५ | ५ | | | |
| धम्की | | | | १ | १ | १ | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | १ | १ | १ | | | |
| अपहरण | | | | | | | १ | १ | १ | | | |
| जम्मा | १ | १ | १ | ३ | ६ | ६ | ३ | ६ | ६ | १ | १ | १ |

खैरापुरस्थित कार्यालय घेरा हालेपछि पीडितलाई त्यसै दिन मुक्त गरियो। पीडितले यस वर्षको अन्त्यसम्म कतै उजुरी गरेनन्।

### धम्की/कुटपिट

### माओवादीबाट

सानोश्री गाविस-३ निवासी अनेरास्ववियु भेरी अञ्चल सह-सचिव २४ वर्षीय धर्मराज थापाले आफ्नै बहिनीको हत्या गरेको आरोपमा ०६४ फागुन २७ गते दिउँसो उनलाई माओवादीले घरमै कुटपिट गरी घाइते बनाए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले यस वर्षको अन्त्यसम्म कतै उजुरी गरेनन्।

बेलवा गाविस-९ का ४० वर्षीय झूपलाल जैसी एमालेमा प्रवेश गरेको आरोपमा ०६४ चैत २ गते राती उनलाई माओवादीका एरिया इन्जार्च हेमनारायण काफ्लेको नेतृत्वमा गएको समूहले लाठी र हातले शरीरमा नीलडाम हुने गरी कुटेर घाइते बनायो। घाइतेको मेडिकल कलेज कोहलपुरमा उपचार भयो। माओवादी र एमालेका जिल्लास्तरका नेताहरूले छलफल गरी बसी आइन्दा त्यस्तो गल्ती नदोहोऱ्याउने सहमति भयो। झूपलाल पहिला माओवादी कार्यकर्ता थिए।

### वाईसीएलबाट

मानपुर गाविस-१ जोगीगाउँका २० वर्षीय नारायण बुढाले माओवादी कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६५ कात्तिक २९ गते उनलाई सोही गाविसको रतैया खोलामा बाटो ढुकेर बसेका वाईसीएल कार्यकर्ताले कुटपिट गरे। उनको टाउकोमा घाउ लाग्यो। बुढासँगै सोही गाउँका प्रितम भण्डारी, तिलकबहादुर थापा, डिलबहादुर थापा, उदय थापालाई पनि कुटपिट गरेका थिए। बुढाको राजापुरस्थित सामुदायिक स्वास्थ्यकेन्द्रमा उपचार भयो भने अन्यको अवस्था सामान्य रहेकाले उपचार आवश्यक परेन। असुरक्षाका कारण पीडित बुढा एक रात इलाका प्रहरी कार्यालय राजापुरमा बसे। माओवादी र एमालेबीच सहमति भएपछि पीडितले उजुरी गरेनन्।

### युथफोर्सबाट

मैनापोखर गाविस-५ राजापुरका ४३ वर्षीय बेलनाथ शर्माले सोरहवा गाविस-७ सिमराको भवानी माविमा आफ्नो मनोमानी ढङ्गबाट शिक्षक नियुक्त गर्न लागेको आरोपमा ०६५ मङ्सिर २२ गते उनलाई कालिका गाविस-५ निवासी युथफोर्सका कार्यकर्ता तथा प्रायुसङ्घका जिल्ला संयोजक सुन्दरमान श्रेष्ठले गालीगलौज गर्नुका साथै कुटपिट गर्ने धम्की दिए। पीडितले ०६५ पुस १ गते इलाका प्रहरी कार्यालय मैनापोखरमा, ०६५ पुस २ गते जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालय बर्दियामा आफ्नो सुरक्षा गरीपाउँ भनी निवेदन दिए। पीडक र पीडितलाई इलाका प्रहरी कार्यालय मैनापोखरमा बोलाएर छलफल गराई भविष्यमा त्यस किसिमका घटना नगराउने सहमति भयो।

### मधेसी जनअधिकार फोरमबाट

गुलरिया नपा-१४ निवासी माओवादी जिल्ला सदस्य ४१ वर्षीय नन्कौ गोडियाले मधेसी जनअधिकार

फोरमको कार्यक्रममा मानिस जान नदिएको आरोपमा ०६४ फागुन ५ गते बिहान संविधानसभाको निर्वाचनको प्रचारप्रसार गर्दै सोही नपा-१३ स्थित लुटाउन मल्लारको घरमा बसेको अवस्थामा फोरमका कार्यकर्ताले उनलाई कुटपिट गरी घाइते बनाए। घाइते नन्कौको दाहिने हात, खुट्टा र आँखामा चोट लागेको थियो। घाइतेको जिल्ला अस्पताल गुलरियामा उपचार गरियो। सो दिन उनलाई फोरमका कार्यकर्ताले अपहरण गर्न खोज्दा स्थानीय जनताले रोकेपछि अपहरण गर्न पाएका थिएनन्। पीडित नन्कौ गोडियाले ३३ वर्षीय देशराज कुर्मी, २३ वर्षीय जयप्रकाश कुर्मी, नन्कुन कुर्मी, ३० वर्षीय इज्जात अली शेष, ३१ वर्षीय गाँजु ब्राह्मण र ४२ वर्षीय प्रसाराम कुर्मीविरुद्ध किटानी जाहेरी दिए पनि पीडकहरू यस वर्षको अन्त्यसम्ममा गिरफ्तार भएका छैनन्।

### अज्ञात समूहबाट

गुलरिया नपा-५ निवासी माओवादी एरिया कमिटी सदस्य २० वर्षीय विजय भनिने तारा विकलाई ०६४ फागुन २५ गते 'कुन पार्टीको होस् ?' भनी अज्ञात समूहले उनलाई तारातल गाविसबाट घर आउँदै गरेको अवस्थामा गुलरिया नपा-१४ मा चक्कु प्रहार गरी घाइते बनायो। पीडितको जिल्ला अस्पताल गुलरियामा उपचार भयो। पीडितको छातीको दुई ठाउँमा गरी ३१ ओटा टाँका लगाउन परेको थियो। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि प्रहरीले यस वर्षको अन्त्यसम्म पीडक पत्ता लगाउन सकेन।

### दोहोरो झडप

बेलवा गाविस-८ का २२ वर्षीय झुरेला साई ०६४ चैत १७ गते संविधानसभाको निर्वाचनको प्रचारप्रसार गर्ने क्रममा एमालेद्वारा आयोजित साइकल र्‍यालीमा जाँदै गर्दा बेलवा गाविस-१ र ९ को सिमानामा पुग्दा माओवादीले धारिलो हतियार प्रहार गरी घाइते बनाए। टाउकोमा चोट लागेका साईको काठमाडौँ मोडेल अस्पतालमा उपचार भयो। सो घटनापश्चात् भएको झडपमा माओवादी कार्यकर्ता चेतन खड्का पनि घाइते भए। झुरेलाले जिल्ला प्रहरी कार्यालयमा किटानीसहित सार्वजनिक अपराधसम्बन्धी उजुरी दिए। किटानी जाहेरीका आधारमा बालराम केसी, रसिद साह, अलिहुसेन साई, दीपकराज शर्मा, रामवतन थारू, जीतबहादुर बुढा र बलराम काफ्लेलाई कारबाही प्रक्रिया अगाडि बढाइएको तर पक्राउ गर्ने ३५ दिने म्याद नाघिसक्दा पनि नसकिएकाले उनीहरूलाई

*ज्वाला सिंहका कार्यकर्ताद्वारा मारिएका नागरिक समाज सञ्जाल बर्दियाका संयोजक गोविन्दप्रसाद पाण्डेय*

अनुसन्धान गरी कारबाही अगाडि बढाउन जिल्ला प्रशासन कार्यालय बर्दियामा पठाएको जिल्ला प्रहरी कार्यालयले बतायो।

### गैरकानुनी गिरफ्तारी

भिम्मापुर-१ लाहुरेटोलका २५ वर्षीय विकास गुरुङलाई मरणासन्न हुने गरी कुटपिट गरेको आरोपमा ०६५ भदौ २५ गते सीमा प्रहरी चौकी गोडियानाले सोही ठाउँका १९ वर्षीय केशव थापा र २० वर्षीय सुजन पुनलाई बिनापुर्जी गिरफ्तार गर्‍यो। पीडितलाई गिरफ्तार गरेको ६ दिनसम्म प्रहरीले पुर्जी दिएन र न्याय दिने अधिकारीसमक्ष अदालतमा उपस्थित पनि गराएन। उनीहरूको कुटाइबाट गम्भीर घाइते भएका विकास गुरुङलाई उपचारका लागि काठमाडौँ लगियो। प्रहरी हिरासतमा राखिएका थापा र पुन बोलाएको समयमा चौकीमा आउने समझदारीमा छ दिनपछि रिहा भए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

एमाले स्थायी कमिटी सदस्य एवम् बर्दिया क्षेत्र नं. १ का उम्मेदवार वामदेव गौतम ०६४ चैत १६ गते संविधानसभाको निर्वाचनको प्रचार-प्रसारमा मनाउ गाविसस्थित गुप्तीपुर पुग्दा माओवादी कार्यकर्ता टेकबहादुर खड्कासहितको समूहले 'यस्ता नेता हामीलाई चाहिँदैन' भन्दै उनलाई कर्णाली नदीमा डुबाइदिने भनी कार्यक्रममा अवरोध पुर्‍याए।

राजापुर गाविस-४ राजापुर बजारमा ०६५ मङ्सिर १९ गते भौराटप्पा कृषक समन्वय समितिको आयोजनामा कृषकहरूले राजापुर खाद्य संस्थानले धानको मूल्य वृद्धि गर्नुपर्ने, धान तौल गर्दा कृषकहरूबाट लिइने पल्लीदार बन्द गरिनुपर्ने, मलबीउ सुलभ र उचित मूल्यमा समयमै उपलब्ध गराउनुपर्ने

माग राख्दै गरेको प्रदर्शनमा प्रहरीसँग झडप हुँदा प्रदर्शनकारीतर्फ पाताभार गाविसका टीकाराम थारू, बदालपुर गाविसका विष्णु थारू र राजापुर गाविसका रामकुमार चौधरी तथा प्रहरीतर्फ १२ जना गरी १५ जना घाइते भए। तीमध्ये टीकाराम थारूको अवस्था गम्भीर रहेको थियो। उनीहरूको स्थानीय मेडिकलमा उपचार भयो।

खैरीचन्दनपुर गाविस-२ निवासी एमालेबाट संविधानसभा निर्वाचनमा क्षेत्र नं. ४ का उम्मेदवार २८ वर्षीय सुषमा चौधरीको नेतृत्वमा रहेको निर्वाचन प्रचार प्रसारको टोलीलाई राती प्रचार गर्न हिँडेको आरोपमा ०६४ चैत २५ गते साँझ भिम्मापुर गाविस-२ छोट्की भिम्मापुरमा माओवादीले आधा घण्टासम्म रोके।

बदालपुर गाविस-९ का ३० वर्षीय कन्हैयालाल थारूलाई संविधानसभा निर्वाचनको दिन एमाले प्रत्यासीको प्रतिनिधित्व गर्न मतदान केन्द्रभित्र तोकिएको समयभन्दा ढिला पुगेको आरोपमा ०६४ चैत २८ गते माओवादीले सोही वडास्थित पकुनी निमाविमा रहेको मतदान केन्द्रमा प्रतिनिधि बस्न दिएनन्। निर्वाचनको दिन सो केन्द्रमा एमालेको प्रतिनिधि दिनभर बस्न नपाए पनि निर्वाचन सुचारु भएको थियो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६७ थान मुद्दामध्ये ३० थान फर्स्यौट भई ३७ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ६९ थान मुद्दामा २० थान मुद्दा फर्स्यौट भई ४९ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ८६ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६५ थान मुद्दामा ४२ थान मुद्दा फर्स्यौट भई २३ थान फर्स्यौट हुन बाँकी रहे। यस वर्ष दर्ता भएका ५० थान मुद्दामा ४७ थान मुद्दा फर्स्यौट भई तीन थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा २६ थान बाँकी रहे।

यसैगरी, देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ६ थान मुद्दामा १ सय ९ थान मुद्दा फर्स्यौट भई ९७ थान बाँकी रहे। यस वर्ष दर्ता भएका २ सय थानमा ३१ थान मुद्दा फर्स्यौट भई १ सय ६९ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा २ सय ६६ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म जम्मा ३ सय ७८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

शिवपुर गाविस-९ निवासी १६ वर्षीय वीरेन्द्र थापा एक सैनिक जवानले स्थानीय बालिकाको हत्या गरेको विरोधमा गरिएको प्रदर्शनमा सहभागी भएको आशङ्कामा ०६४ माघ १७ गते उनलाई रणसेर गण ठाकुरद्वाराका सैनिक जवानहरूले सोही गाविसमा पर्ने गिठे खोलामा टाउको बाहिर निकाली डेढ घण्टासम्म पानीमा शरीर डुबाउन लगाए। वीरेन्द्रसँगै रहेका उनका साथीहरू सोही ठाउँका सोमनाथ योगीलाई बन्दुक बोक्न लगाए भने कमलनाथ योगीलाई चौरमा दगुर्न लगाएका थिए। पीडितहरूले डरका कारण कहीं उजुरी दिएनन्।

## बालअधिकार

शिवपुर गाविस-४ निवासी श्री जनज्योति माबि कक्षा ९ मा अध्ययनरत १५ वर्षीया सपना सुनारलाई ०६४ माघ ११ गते विद्यालयमा पढिरहेको अवस्थामा ठाकुरद्वारा गाविस-५ घर भई रणसेर गण ठाकुरद्वारा अर्न्तगत चेपाङ चेकपोस्टमा कार्यरत भक्तबहादुर सुनारले कक्षाबाट बाहिर बोलाउन लगाई दिनभर नजिकको सामुदायिक वनमा राखी साँझ परेपछि शिवपुर गाविस-९ बेसर्माफाँटास्थित मनकुमारी चौधरीको घरमा रातभर राखी बलात्कार गरे। गुप्ताङ्ग वरपर रगतैरगत भएको अवस्थामा सपनाको लास ०६४ माघ १२ गते शिवपुर गाविस-४ शिवपुर फाँटानजिकको जङ्गलमा झुण्डाएर राखेको अवस्थामा फेला पऱ्यो। मृतकका बाबु मनबहादुर सुनारले जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६४ माघ १२ गते भक्तबहादुरको नाम किटान गरी उनका विरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरे। घटनापश्चात् गणको कार्यालय ठाकुरद्वारा गएका भक्तबहादुरलाई स्थानीय जनताको पहलमा प्रहरीले माघ १३ गते गिरफ्तार गऱ्यो। बर्दिया जिल्ला अदालतले ०६४ फागुन १० गते अभियोगीलाई पुर्पक्षका लागि कारागार चलान गरेको छ। यस वर्षको अन्त्यसम्म अदालतले फैसला गरेको छैन।

मधेस आन्दोलनका क्रममा मधेसी जनअधिकार फोरमले गरेको मधेस बन्दका कारण गुलरिया नपा र महम्मदपुर गाविसमा स्थित सरकारी तथा निजी विद्यालयहरूमा अध्ययनरत ३० हजार बालबालिकाहरूले ०६४ माघ २० र २१ गते विद्यालयमा पढ्न पाएनन्। दुई दिनसम्म बन्द रहेका उक्त विद्यालयहरू ०६४ माघ २२ गतेदेखि पुनः सञ्चालन भए।

शैक्षिक गणतान्त्रिक मञ्च, विद्यालय कर्मचारी परिषद्, अस्थायी शिक्षक र राहत शिक्षकहरूद्वारा

सरकार र मञ्चबीच यसअघि भएका सहमति यथासक्य लागू गर्नुपर्ने मागसहित देशव्यापी रूपमा गरिएको शैक्षिक बन्दका कारण बर्दिया जिल्लामा रहेका ३ सय २४ विद्यालयमा ०६४ माघ २३ देखि २५ गतेसम्म पढाइ भएन। सो बन्दका कारण जिल्लाका १ लाख बालबालिकाले विद्यालयमा पढ्न पाएनन्। तीन दिनसम्म बन्द विद्यालय ०६४ माघ २६ गतेदेखि पुनःसञ्चालन भए।

बनियाभार गाविस-५ की आठ वर्षीया एक बालिकालाई ०६४ फागुन १० गते सोही ठाउँका १७ वर्षीय अतिराम थारूले बलात्कार गरी हत्या गरे। गुप्ताङ्ग वरिपरि रगतैरगत भएको, मलद्वारबाट दिसा आएको, घाँटीमा ससाना तीन ठाउँमा नीलडाम भएको अवस्थामा पीडित बालिकाको लास आफ्नै गोठमा ०६४ फागुन ११ गते फेला परेको थियो। पीडित बालिका फागुन १० गते साँझ अतिरामसँगै गएको र सो रात घरमा आएकी थिइनन्। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि बलात्कार गरी हत्या गरेको आशङ्कामा प्रहरीले पक्राउ गरेका अतिराम यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि बर्दिया कारागारमा थुनामा रहेका छन्।

बनियाभार गाविस-२ घर भई सानोश्री गाविस-३ स्थित तारा होटलमा काम गर्ने १४ वर्षीया बालिकालाई ०६४ चैत ८ गते राती सानोश्री गाविस-६ निवासी जीजीएन बोर्डिङ् स्कुलका शिक्षक २१ वर्षीय नरेशकुमार मल्लले होटलमा बिजुली गएको समयमा कोठामा लगी बलात्कार गरे। बालिका चिच्याएपछि होटलका मानिसहरूले मल्ललाई त्यसै दिन इलाका प्रहरी कार्यालय, सानोश्रीमा बुझाए। पीडितले ०६४ चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी निवेदन दिइन् । पीडक यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि बर्दिया जिल्ला कारागारमा थुनामा छन्।

बनियाभार गाविस-७ की १५ वर्षीया एक बालिकालाई ०६५ वैशाख ३१ गते साँझ सोही गाविस-८ का १९ वर्षीय दयाराम थारू र ३७ वर्षीय मनिराम थारूले जीतपुरबाट जङ्गलको बाटो हुँदै घर आउँदै गर्दा घरदेखि एक किलोमिटर पश्चिम जङ्गलमा बलात्कार गरे। बलात्कारपश्चात् बेहोस अवस्थामा बालिकालाई जङ्गलमै छोडी पीडक फरार भएका थिए। बालिकाको राती होस खुलेपछि शरीरभरि रगतैरगत भएको अवस्थामा घर गएकी थिइन्। बालिकाको प्राथमिक स्वास्थ्य चौकी, मगरागाडी र जिल्ला अस्पताल गुलरियामा उपचार भयो। पीडितका घर परिवारले ०६५ जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। प्रहरीले कारबाहीका लागि पक्राउ गरेकामध्ये मनिरामलाई जिल्ला अदालत बर्दियाको आदेशमा २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो भने दयारामलाई यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि जिल्ला कारागार बर्दियामा राखेको छ।

गुलरिया नपा-१४ रत्नापुरकी १३ वर्षीया एक बालिकालाई ०६५ असार २७ गते भारतको बहराइच जिल्ला निवासी २४ वर्षीय नन्का पासीले बलात्कार गरे। पीडक नन्काले पीडित बालिका पानी लिन धारामा गएका बेला राती बलात्कार गरेका थिए। उनी भारतबाट आफन्तको जन्ती आएका थिए। पीडित बालिकाका बाबुले पीडकविरुद्ध ०६५ असार २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला प्रहरी कार्यालयले पीडक पासीविरुद्ध मुद्दा जिल्ला अदालतमा दर्ता गरायो। पीडकलाई अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा राखियो। यस वर्षको अन्त्यसम्म अदालतद्वारा मुद्दाको फैसला भएको छैन।

सानोश्री गाविस-२ इन्द्रपुरकी १७ वर्षीया एक बालिकालाई सोही गाविस-८ की कविता नेपालीले भारतको नयाँदिल्लीमा बेच्न लगेको आरोपमा ०६५ साउन १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकालाई कविताले ०६५ साउन १० गते सानोश्री गाविसको कुसुम्बा बजारमा रहेको चौधरी चलचित्र हलमा फिल्म हेर्न गएको बेला उतैबाट जिरा उद्योगमा काम लगाइदिने भनी फकाएर भारततर्फ लगेकी थिइन्। कविताले सोही गाविसकै १७ र १६ वर्षीया दुई किशोरीलाई 'पछि लिन आउँछु र राम्रो काम लगाइदिन्छु, आफ्नो साथीलाई लगेको कतै नभन्नू' भनेकी थिइन्। छोरी घर नआएपछि पीडित बालिकाका बाबु लीलबहादुर कार्कीले इलाका प्रहरी कार्यालय सानोश्रीमा छोरी खोजी दिन ०६५ साउन ११ गते निवेदन हाले। पीडित आफू बेचिएको थाहा पाएर भागी भारतीय प्रहरीको सम्पर्कमा पुगिन्। भारतीय प्रहरीले नेपाली राजदूतावासमा बुझाएपछि कञ्चनपुरमा रहेको माइती नेपालमार्फत घर फर्किइन्। पीडक कविता नेपालीलाई प्रहरीले पक्राउ गरी चेलीबेटी बेचबिखनको मुद्दा चलायो। उनलाई अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागार बर्दियामा राख्यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

संस्थागत विद्यालय शिक्षक सङ्गठनले निजी विद्यालयहरूले नियुक्ति दिनुपर्ने, सरकारी शिक्षकसरह तलब सुविधा दिनुपर्नेलगायत विभिन्न सातबुँदे माग राखी ०६५ भदौ १ र २ गते विद्यालय बन्द गराउँदा जिल्लाभरिका ५० निजी विद्यालयका २० हजार

विद्यार्थीहरूको पठनपाठन अवरुद्ध भयो।

धधबार गाविस-५ की १४ वर्षीया एक बालिकालाई ०६५ मङ्सिर १३ गते घरमा सुतिरहेको अवस्थामा आफ्नै दाजुले 'बैठक छ, बोलाउन आएको' भन्दै उनलाई अज्ञातस्थलमा लगेर बलात्कार गरेर बिहान छोडिदिए। बालिका अपहरण भएको खबर पाउने बित्तिक्कै प्रहरीले खोजी कार्य सुरुवात गरी ०६५ मङ्सिर १४ गते पीडित बालिकाको उद्धार गऱ्यो। अपहरित बालिकालाई धधबार-८ का गोपाल चौधरीको घरमा बिहान फेला पारेको थियो। पीडित बालिकाले आफूलाई अपहरण गरी बलात्कार गरेको आरोप लगाई पीडकविरुद्ध ०६५ मङ्सिर १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। यस वर्षको अन्त्यसम्म पीडक फरार रहेका कारण कानुनी कारबाही भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

दौलतपुर गाविस-८ की २६ वर्षीया विन्द्रा रावललाई घर छाउन खर, डोरी र मजदुरी लगाउन पैसा माग्दा नदिएको आरोपमा ०६५ वैशाख १७ गते पति पदम रावलले बियरको बोतल र चिर्पट दाउराले टाउको र शरीरको अन्य भागमा कुटपिट गरी सख्त घाइते बनाए। इन्सेक बर्दियाले उनको ०६५ भदौ २६ गते स्वास्थ्य परीक्षण गरायो। परीक्षणबाट विन्द्रा रावलको देब्रे खुट्टा भाँचिएको र छातीमा चोट लागेको देखिए पनि थप आर्थिक व्यवस्था गर्न नसकेका कारण उपचार गराउन सकिनन्। न्याय र अधिकार पाउन लोग्ने पदम रावलले आफूमाथि गरेको निर्घात कुटपिटविरुद्ध प्रहरीमा निवेदन दिनुपर्छ भन्ने थाहा नभएको र आफन्तले सहयोग नगरेकाले यस वर्षको अन्त्यसम्म उनले कतै उजुरी दिइनन्।

राजापुर गाविस-४ की २२ वर्षीया सेमुकुमारी चौधरीलाई बोक्सीको आरोपमा ०६५ असार २ गते सासू ५५ वर्षीया शान्ताकुमारी चौधरी र पति २७ वर्षीय विमल चौधरीले हात र लातले शरीरमा कुटी आगोले मुख पोली घरबाट निकालिदिए। सो दिनदेखि पीडित पाताभार गाविस-१ उल्टनपुरस्थित माइतीमा बसेकी छन्। पीडितको स्वास्थ्य चौकीमा माइतीको सहयोगमा उपचार भयो। उनले आफूलाई न्याय दिलाई दिन इलाका प्रशासन कार्यालय राजापुरमा ०६५ भदौ १० गते निवेदन दिइन्। इलाका प्रशासन कार्यालय राजापुरमा सो घटनाको विषयमा छलफल हुँदा मुख्य पीडक उपस्थित भएनन् र अन्य पीडक परिवार सदस्यहरूले पीडित बोक्सी नै भएको दाबी गर्दै निजलाई घर फर्काउन अस्वीकार गरे। जिल्ला प्रहरी कार्यालयले इलाका प्रहरी कार्यालय राजापुरमार्फत पीडित र पीडक पक्षबीच छलफल चलाए पनि सेमुले न्याय पाउन सकिनन्। सेमुले आफ्नो विवाह दर्ता, नागरिकता र लोग्ने विमल थारूबाट जन्मिएका १६ महिनाको छोरा विमोचनको जन्मदर्ताका साथै आफूमाथि गरिएको अमानवीय व्यवहारविरुद्ध न्यायका लागि जिल्ला अदालतमा ०६५ कात्तिक २९ गते मुद्दा दायर गरिन्। सो मुद्दा यस वर्षको अन्त्यसम्म फैसला भएन।

तारातल गाविस-५ की ४८ वर्षीया महिलालाई ०६५ साउन २५ गते सोही गाविस-१ का ४० वर्षीय लीलाबहादुर रावलले बलात्कार गरे। मकैबारीमा घाँस काट्न गएको बेलामा पीडक रावलले बलात्कार गरेका थिए। पीडित महिलाले ०६५ साउन २६ गते पीडक रावलविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। रावललाई अदालतको आदेशमा पुर्पक्षका लागि कारागारमा राख्यो।_

सानोश्री गाविस-६ का ३३ वर्षीया इन्द्रा भाटले छोरा नपाएको आरोपमा ०६५ असोज ५ उनकै पति ३४ वर्षीय तोपबहादुर भाटले लातले टाउको र पेटमा प्रहार गरी बेहोस बनाए। लोग्नेको कुटाइबाट बेहोस भएकी भाटको कोहलपुर मेडिकल कलेजमा उपचार भयो। पत्नीलाई कुटपिट गरेपछि इलाका प्रहरी कार्यालय सानोश्रीले तोपबहादुर भाटलाई एक रात हिरासतमा राखेको थियो। इन्द्राले तीन छोरी जन्म दिइसकेकी छिन्। अबका दिनमा पत्नी इन्द्रालाई कुटपिट नगर्ने र घटना दोहोरिए सामाजिक कारबाही गर्ने जानकारी गाउँलेहरूले गराएपछि तोपबहादुर भाटले इन्द्रालाई घरमा आफूसँगै राखे।

धधबार गाविस-६ वनगाईको सुकुम्बासी टोलकी २५ वर्षीया हरिकला विकका पति ३५ वर्षीय ओमबहादुर परियारले ३० वर्षीया लक्ष्मी परियारसँग दोस्रो विवाह गरे। पीडितले पति र सौताविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०६५ असोज ९ गते बहुविवाह गरेको भनी उजुरी गरिन्। ओमबहादुर र लक्ष्मीलाई जिल्ला प्रहरी कार्यालयले बहुविवाहमा मुद्दा चलायो। दुवै ०६५ कात्तिक ३ गते ९ हजार रुपियाँ धरौटीमा रिहा भए।

मगरागठी गाविस-८ की २२ वर्षीया महिलालाई नेउलापुर गाविस-५ का ४० वर्षीय अग्रबहादुर शाहीले महिलाको आफ्नै घरमा ०६५ मङ्सिर ९ गते बलात्कार गरे। महिलाका लोग्नेलाई गाउँमा रक्सी किन्न पठाएर र बच्चाहरूलाई मिठाई खान २० रुपियाँ दिएर पसलमा पठाई उनलाई एक्लै पारी राती बलात्कार गरेका थिए। पीडित महिलाले ०६५ मङ्सिर २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालयले पीडक शाहीविरुद्ध

जिल्ला अदालतमा मुद्दा चलायो। अदालतको आदेशमा उनलाई पुर्पक्षका लागि जिल्ला कारागारमा राखियो।

कैलाली जिल्ला बलिया गाविस-७ कौवापुरकी २२ वर्षीया युवती र बर्दियाको बगनाहा गाविस-८ बाहुनपुरुवाकी १८ वर्षीया किशोरीलाई भारतको बेङ्गलोरमा बेच्न लान लागेको आरोपमा ०६५ मङ्सिर १२ गते बाँके जिल्ला फत्तेपुर गाविस-६ लालपुरका १९ वर्षीय लोकबहादुर खाँड ठकुरीलाई नेउलापुर गाविसको भुरी गाउँबजारबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितद्वयले लोकबहादुरविरुद्ध चेलीबेटी बेचबिखन तथा ओसारपसार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा ०६५ मङ्सिर १५ गते निवेदन दिए। उनलाई अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा राखियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

राजापुर गाविस-२ का ७६ वर्षीय दमनध्वज चन्दको घर परिवारका नाममा रहेको ३० बिघा जमिन माओवादीले ०५७ सालदेखि कब्जा गरेका छन्। सशस्त्र द्वन्द्वको समयमा घर छाडी विस्थापित भएका चन्द शान्ति सम्झौतापछि ०६४ माघ महिनामा घर फर्किए पनि उनको परिवारका नाममा रहेको जमिन फिर्ता भएको छैन।

गुलरिया नपा-९ निवासी नेपाल पत्रकार महासङ्घ बर्दियाका कोषाध्यक्ष ३३ वर्षीय मेघराज सिग्देलको घरमा ०६४ फागुन १ गते राती ८ बजे नेपाल डिफेन्स आर्मीले सकेट बम विस्फोटन गराउँदा भवनको पछाडिको च्यालिङ् भत्किएको छ। विस्फोटनबाट ५० हजार रुपियाँ मूल्य बराबरको क्षति भएको थियो।

मोतीपुर गाविस-८ का नवराज हमालको भे१प ८९३१ नम्बरको मोटरसाइकल बन्द उल्लङ्घन गरी चलाएको आरोपमा ०६४ फागुन ८ गते साँझ साढे ७ बजे संयुक्त मधेसी लोकतान्त्रिक मोर्चाका कार्यकर्ताले महम्मदपुर गाविस-६ दुध्धामा आगो लगाए।

पशुपतिनगर गाविस-३ का गगनबहादुर साउदको घरजग्गा माओवादीले ०६४ फागुन २८ गतेसम्म फिर्ता गरेका छैनन्। उनको नाममा रहेको चार बिघा जमिन ०५९ सालदेखि माओवादीको कब्जामा रहेको छ भने घरमा सम्पर्क कार्यालय खोलिएको छ। कब्जा भएको साउदको घरजग्गा यस वर्षको अन्त्यसम्म फिर्ता गरिएको छैन। साउदका परिवार ०५९ सालदेखि यस वर्षको मध्यसम्म बाँकेको नेपालगञ्जमा बस्दै आएका छन्।

मानपुरटपरा गाविस-१ का ललित थापा, तिलबहादुर थापा, विपतराम थारू, डिलबहादुर थापा र वीरसिंह थापाले ०२४ सालदेखि भोगचलन गर्दै आएको ऐलानी जग्गामा सोही ठाउँका ६० घर मुक्त कमैया ०६५ कात्तिक २८ गते छाप्रो हालेर बसे। जग्गा कब्जा गरेका मुक्त कमैयामध्ये २८ घर मुक्त कमैयाले ०५८ सालमा उक्त जग्गाको लालपुर्जा प्राप्त गरेका थिए।

मनाउ गाविस-२ का ३५ वर्षीय विन्तीराम थारूको नाममा रहेको साढे तीन कठ्ठा जमिन माओवादीले कब्जा गरेका कारण पाँच वर्षदेखि उपभोग गर्न पाएका छैनन्। उनले सो जग्गा खैरिचन्दनपुर गाविस-२ निवासी विस्थापित किरण केसीसँग ०६० सालमा ७३ हजार रुपियाँमा किनेका थिए। केसीसँग जमिन किन्नुअघि नै सो जमिन माओवादीको कब्जामा रहेको र यस वर्षको अन्त्यसम्ममा पनि सो जमिन फिर्ता गरिएको छैन।

## भूमिहीन सुकुम्बासी

बनियाभार गाविस-३ खुरखुरे फाँटामा ०६४ कात्तिक २८ गतेदेखि बस्दै आएका २ सय १७ घर धुरी मुक्त कमैया सुकुम्बासीहरूले वन अतिक्रमण गरेको आरोपमा जनजागृति सामुदायिक वनमा उपभोक्ताहरूले ०६५ साउन १७ गते उनीहरूको घरटहरा भत्काइदिए। १ सय ५० घरपरिवार राजी समुदाय रहेको खुरखुरे फाँटाका मुक्त कमैया सुकुम्बासीहरूले ०६५ साउन १८ गते नारा जुलुससहित जिल्ला वन कार्यालयमा ताला लगाए। जिल्ला प्रशासन कार्यालयमा तीन दिनसम्म आफ्नो पुनःस्थापनाको माग राख्दै धर्ना दिए। ०६५ साउन २० गते सर्वपक्षीय बैठक बसी अर्को व्यवस्था नहुँदासम्म पहिलेकै ठाउँमा बस्न दिने सहमति भएपछि मुक्त कमैया सुकुम्बासीहरू पुरानै ठाउँमा छाप्रो बनाइ बसे।

डेउढाकला गाविस-३ र ९ मा निजी भूमिबाट वञ्चित १ सय ५५ मुक्त कमैया सुकुम्बासी वन अतिक्रमण गरी बसेको आरोप लगाई ०६५ जेठ २० गते उनीहरूको बस्तीमा जिल्ला वन कार्यालयले आगो लगायो। वन कार्यालयले आगो लगाउँदा भएको झडपमा प्रहरी र वनरक्षकको लाठीचार्जबाट तीन वर्षीया बालिका पुष्पा थारू, रातो कार्ड पाउने मुक्त कमैयाहरू कालिया थारू, फूलरानी थारू, चम्पी थारू, कलौटी थारू, बधिया थारू, नीलो कार्ड पाउने लोहनी थारू, दशनी थारू, मीनु थारू, सुकुम्बासी सुनीता थारू र रामलखनी थारू घाइते भए। घाइते सबैको आफ्नै खर्चमा जिल्ला अस्पताल गुलरियामा उपचार भयो। यस घटनाको विरोधमा कमैयाहरूले ०६५ जेठ २४ गते गुलरियामा विरोध प्रदर्शन गरेका थिए।

# ४.८ सुर्खेत



जनसङ्ख्या : ३,५०,१७३
साक्षरता प्रतिशत : ६८
महिला साक्षरता प्रतिशत : ५२
क्षेत्रफल (वर्ग कि. मि.): २,४५१
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ५३२/३१
क्याम्पस/उच्च मा.वि. : ३/२१
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्क : ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
### हत्या
### राज्यबाट

मेहेलकुना गाविस-३ निवासी वाईसीएल कार्यकर्ता ३७ वर्षीय गोपाल सुनार ०६४ चैत २६ गते प्रहरीले चलाएको गोली लागी घाइते भएकामा उपचारका क्रममा उनको त्यसै दिन मृत्यु भयो। संविधानसभा सुर्खेत क्षेत्र नं. १ का एमालेका प्रत्यक्ष्यतर्फका उम्मेदवार ४७ वर्षीय ऋषिप्रसाद शर्माको मैनतडा गाविस-८ लोदेमा गोली प्रहार गरी हत्या भएपछि आक्रोशित स्थानीय बासिन्दाले मेहेलकुना प्रहरी चौकीअगाडि विरोध प्रदर्शन गर्दै चौकी घेराउ गरेको अवस्थामा प्रहरीले प्रहार गरेको गोली उनको कोखामा लागेको थियो। चौकीका इन्चार्ज सई रासबहादुर थापा र हवल्दार बालाराम ढकालको निर्देशनमा प्रहरीले चौकीको गेटमा चलाएको गोलीबाट उनी घाइते भएका थिए। स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गराउँदा गराउँदै डेढ घण्टापछि उनको मृत्यु भएको थियो। माओवादीको सुर्खेत सेक्रेटरी कृष्ण जीसीले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा हत्याका विरुद्ध किटानी जाहेरी दिए पनि प्रक्रिया नपुगेको भनी प्रहरीले दर्ता गरेन। त्यसपछि जीसीले पुनरावेदन अदालत सुर्खेतमा ०६५ असार २१ गते मुद्दा दायर गरेकामा यस वर्षको अन्त्यसम्म घटनाको सुनुवाइ भएन। पीडितका परिवारलाई सरकारले ७ लाख रुपियाँ क्षतिपूर्ति प्रदान गऱ्यो।

### वाईसीएलबाट

तातापानी गाविस-५ का २५ वर्षीय चन्द्रबहादुर राजीको ०६४ माघ ५ गते वाईसीएलका कार्यकर्ताहरूले घरनजिकै उनलाई लात्ती तथा मुक्का प्रहार गरेर हत्या गरे। जिल्ला अदालत सुर्खेतको आदेशमा पुर्पक्षका लागि सुर्खेत कारागारमा थुनामा राखिएका पीडकमध्ये वाईसीएल कार्यकर्ता कुमार चपाईं यस वर्षको अन्त्यसम्म सुर्खेत कारागारमा बन्दी अवस्थामा रहेका छन्। छविलाल सुनार, गङ्गाराम सुनार र पूर्णबहादुर कुमाल भने धरौटीमा रिहा भए।

### अन्यबाट

घोरेटा गाविस-२ निवासी एमालेबाट संविधानसभाका सुर्खेत क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार ४७ वर्षीय ऋषिप्रसाद शर्माको ०६४ चैत २६ गते मैनतडा गाविस-८ लोदेमा गोली प्रहार गरी हत्या भयो। एमालेले मैनतडा निवासी काङ्ग्रेसका कार्यकर्ता रामबहादुर बीसी, लालबहादुर गुरुङ र शर्माकै सुरक्षागार्ड मोतीलाल विकले हत्या गरेको आरोप लगायो। शर्माको हत्याका अर्का आरोपित विक यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि कारागारमा रहेका छन्। हत्याका आरोपी रामबहादुर बीसीलाई युथफोर्सले ०६५ असार १२ गते नेपालगञ्जबाट अपहरण गरी कोहलपुर इलाका प्रहरी कार्यालयमा बुझाएको थियो। उनलाई ०६५ कात्तिक १७ गते जिल्ला अदालत सुर्खेतमा उपस्थित गराइएकामा अदालतको आदेशमा २० हजार धरौटीमा उनी सोही दिन रिहा भए। पीडितका भाइ टीकाराम शर्माले काङ्ग्रेसका केन्द्रीय सदस्य पूर्णबहादुर खड्का, मोतीलाल विकसहित १४ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गरे। यस वर्षको अन्त्यसम्म प्रहरीले विकबाहेक अन्यलाई कुनै कारबाही गरेन। अर्कोतर्फ मैनतडा गाविस निवासी काङ्ग्रेसका सभापति बलबहादुर खड्काले भने शर्माको हत्या गरेको आरोपमा एमाले सुर्खेतका सचिव नवराज रावत र यामलाल कँडेलसहित २० जना कार्यकर्ताको नाममा किटानी जाहेरी दर्ता गराए।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ५ | ५ | | | ५ | | | | | १ | १ | | १ |
| घाइते | | | | | | | | | | १ | ३ | | ३ |
| गिरफ्तारी/यातना | | | | | | | | | | ८ | १८ | ३ | ३१ |
| कुटपिट | ३८ | ३३ | ३ | १६ | ५३ | ६ | ६ | ३ | ८ | ३३ | ३५ | ४ | ३९ |
| धम्की | ४५ | ८८ | ५ | | ९३ | १४ | १४ | १ | १५ | ९ | १० | ६ | १६ |
| भेला/सङ्गठित हुने अधिकार | ३ | ३ | | | ३ | १ | १ | | १ | | | | |
| जातीय विभेद | ६ | १४ | ८ | | ३३ | | | | | | | | |
| महिलाअधिकार | ३० | | ३० | | ३० | | | | | | | | |
| बालअधिकार | ८ | ३ | ५ | | ८ | | | | | | | | |
| अमानवीय व्यवहार | १ | ३ | | | ३ | | | | | | | | |
| अपहरण | १० | ३३ | ३ | | ३६ | ३ | ३ | | ३ | | | | |
| जम्मा | १३६ | १६१ | ४३ | १६ | ३३१ | ३४ | ३३ | ३ | ३६ | ४१ | ५६ | १३ | ६९ |

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### राज्यबाट

छिन्चु गाविस-३ निवासी एमाले कार्यकर्ता १६ वर्षीय अर्जुनसिंह ठकुरी र बाँके चिसापानीका २२ वर्षीय इन्द्रबहादुर बुढाथोकी ०६४ चैत २६ गते एमाले नेता ऋषिप्रसाद शर्माको हत्याविरुद्ध भएको आन्दोलनमा सहभागी भएका बेला सशस्त्र प्रहरीले छिन्चु गाविस-७ मा चलाएको गोली लागी घाइते भए। खुट्टामा गोली लागेका दुवै जनाको कोहलपुरस्थित शिक्षण अस्पतालमा प्रारम्भिक उपचार भयो। पीडित ठकुरीको यस वर्षको अन्त्यसम्म काठमाडौँमा उपचार भइरहेको छ भने बुढाथोकीको अवस्था सामान्य छ।

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १८ जना पुरुष कैदी रहेका छन् भने कैद नतोकिएका ४४ जना पुरुष र तीन जना महिला थुनुवा रहेका छन्। यसरी सुर्खेत जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म जम्मा ६५ जना बन्दी रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य उपचार, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद तथा विद्यालय सामग्री उपलब्ध छ। तर, क्षमताभन्दा तेब्बर बन्दीहरू एकै स्थानमा कोचिएर बस्नुपर्दा असुविधा भएको छ। यसको सुधारका लागि पटक-पटक माथिल्लो निकायमा पहल गर्दासमेत यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ नभएको जेलर सहदेव खड्काले बताए। यो वर्ष कारागारभित्र दुई जना बन्दीको मृत्यु भयो।

### बेपत्ता/अपहरण

### माओवादीबाट

गुटु गाविस-४ का ५७ वर्षीय शिवराज जोशीले काङ्ग्रेसको राजनीति गरेको अरोपमा ०६४ चैत १ गते उनलाई माओवादीले घाटगाउँ गाविस-३ बाट अपहरण गरे। पीडित सोही दिन घाटगाउँ गाविस-३ बाट मुक्त भए। राजनीतिक प्रतिशोधका कारण माओवादीले आफूलाई यसो गरेको भनी उजुरी नगरेको पीडितले बताए।

लेखफर्सा गाविस-९ का २२ वर्षीय उत्तम गुरुङले माओवादी सेनालाई आक्रमण गर्न खोजेको आरोपमा ०६५ भदौ १७ गते उनलाई लेखफर्सा गाविसस्थित घोराही सतबरिया ब्रिगेडका माओवादी सेनाले अपहरण गरे। अपहरणपछि घोराही सतबरिया ब्रिगेडमा राखिएका गुरुङ स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूको रोहबरमा ०६५ भदौ १९ गते मुक्त भए। पीडितले त्रासका कारण उजुरी नगरेको बताए।

### वाईसीएलबाट

मालारानी गाविस-९ निवासी शिक्षक ३१ वर्षीय काँशीराम वली र साहारे गाविस-४ का ४३

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | | काङ्ग्रेसबाट | | | | | युथफोर्सबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| कुटपिट | ५ | ६ | | ६ | ९ | ११ | १ | १७ | ३९ | | | | |
| धम्की | ७ | ३८ | १ | ३९ | ११ | १५ | ३ | | १८ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | १ | | १ | | | | | | | | | |
| अपहरण | १ | ८ | | ८ | | | | | | ३ | ३ | १ | ४ |
| जम्मा | १४ | ४३ | १ | ४४ | ३० | ३६ | ४ | १७ | ४७ | ३ | ३ | १ | ४ |

वर्षीय राजेन्द्र शाहले आफूहरूबीच लेनदेनको विषयमा विवाद गरेको आरोपमा ०६४ पुस १७ गते वाईसीएल कार्यकर्ताहरूले मालारानी गाविस-९ बाट उनीहरूलाई अपहरण गरे। दुवै जना सोही दिन वीरेन्द्रनगरबाट मुक्त भए। पीडितहरूले वाईसीएलको धम्कीका कारण उजुरी नगरेको बताए।

गुमी गाविस-४ का २० वर्षीय तारा गाहा, २० वर्षीय निर्मल पुन र १८ वर्षीय हितेश घर्तीले माओवादी कार्यकर्तालाई जिस्काएको आरोपमा ०६४ चैत ८ गते वाईसीएलले सोही ठाउँबाट उनीहरूलाई अपहरण गरे। पीडितहरू सोही दिन मुक्त भए। पीडितहरूले त्रासका कारण उजुरी नगरेको बताए।

गुटु गाविस-९ निवासी एमाले कार्यकर्ता २९ वर्षीय तेजु गौतम र ३६ वर्षीय गोपाल सापकोटाले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत १५ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडितहरू दुई दिनपछि गुटु गाविस-८ बाट मुक्त भए। त्रासका कारण उजुरी नगरेको पीडितहरूले बताए।

मैनतडा गाविस-८ निवासी काङ्ग्रेसका कार्यकर्ता ३३ वर्षीय टेकप्रसाद दाहाल, २४ वर्षीय धनेन्द्र हमाल, २५ वर्षीय डम्बर खड्का, ५१ वर्षीय भूपेन्द्र चन्द र २२ वर्षीया यादवी खत्रीले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ चैत २७ गते उनीहरूलाई एमाले र वाईसीएलका कार्यकर्ताहरूले मैनतडा-३ जहरेघाटबाट अपहरण गरे। पीडितहरू इन्सेक सुर्खेतका प्रतिनिधि दुर्गा थापा र पत्रकार महासङ्घ सुर्खेत शाखाका सभापति श्रीधर पौडेलको रोहबरमा गुमी-४ बाट ०६५ वैशाख ४ गते मुक्त भए। पीडितहरूले त्रासका कारण कहीं उजुरी नगरेको बताए।

दहचौर गाविस-२ निवासी शिक्षक ४३ वर्षीय सम्मरबहादुर मल्लले सामुदायिक वनको रकम हिनामिना गरेको आरोपमा ०६५ जेठ ५ गते उनलाई वाईसीएलका कार्यकर्ताले घुमखहरे गाविस-९ बाट अपहरण गरे। उनी दुई दिनपछि पीडित गुमी गाविसबाट मुक्त भए। पीडितले त्रासका कारण उजुरी नगरेको बताए।

### एमाले र वाईसीएलबाट

मैनतडा गाविस-९ निवासी काङ्ग्रेस कार्यकर्ता २३ वर्षीय वेदप्रसाद शर्मा, २० वर्षीय सन्तोष विक, १४ वर्षीय गोविन्द गन्धर्व, १८ वर्षीय नवराज दाहाल, सोही गाविस-८ का २३ वर्षीय महेन्द्र चन्द, २९ वर्षीय बुद्धिराज दाहाल तथा सोही गाविस-३ का ३४ वर्षीय भूपेन्द्र रोकाय र १८ वर्षीय रत्न कार्कीले एमाले नेता ऋषिप्रसाद शर्माको हत्या गर्न सहयोग गरेको भन्ने आरोपमा ०६४ चैत २९ गते उनीहरूलाई एमालेका कार्यकर्ताहरूले छिन्चु गाविस-९ झिलमिलेबाट अपहरण गरी कुटपिट गरे। सबै जनाको छिन्चुमा उपचार भयो। कुटपिटपछि सोही दिन इलाका प्रहरी कार्यालय छिन्चु बुझाइएका सबै जना आठ दिनपछि छिन्चुबाट रिहा भए।

### युथफोर्सबाट

जिल्ला प्रहरी कार्यालय सुर्खेतका असई ३५ वर्षीय भवानीप्रसाद धमलाले मुद्दा मिलाइदिने बहानामा घूस खाएको आरोपमा ०६५ भदौ ३ गते उनलाई युथफोर्सका कार्यकर्ताहरूले जिप्रका सुर्खेतबाट अपहरण गरे। अपहरणपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख एसपी उत्तम सिंहको कार्यकक्षमा बुझाए।

**तालिका : ३**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | वाईसीएलबाट | | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | | १ | १ | १ | १ |
| कुटपिट | १२ | १४ | १ | १५ | १ | १ | १ |
| धम्की | २४ | ४२ | १ | ४३ | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | २ | | २ | | | |
| अपहरण | ५ | १२ | १ | १३ | | | |
| जम्मा | ४३ | ६१ | ३ | ६४ | २ | २ | २ |

वीरेन्द्रनगर नपा-४ का २२ वर्षीय वीरबहादुर विकले चोरी गरेको आरोपमा ०६५ भदौ ४ गते उनलाई युथफोर्सका कार्यकर्ताहरूले वीरेन्द्रनगर नपा-६ बाट अपहरण गरे। अपहरणपछि चारपाटा मुण्डन तथा मोसो दलेर बजार परिक्रमा गराई सोही दिन जिल्ला प्रहरी कार्यालय सुर्खेतसमक्ष बुझाए। युथफोर्सका कार्यकर्ताहरूलाई यस वर्षको अन्त्यसम्म प्रहरीले कुनै कारबाही गरेन। विक यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि थुनामा रहेका छन्।

छाप्रे गाविस-८ का ३६ वर्षीय खडानन्द कँडेल र ३५ वर्षीया कमला सुवेदीले मानव बेचविखन गरेको आरोपमा ०६५ कात्तिक २२ गते युथफोर्सका कार्यकर्ताहरूले वीरेन्द्रनगर नपा-६ बाट उनीहरूलाई अपहरण गरे। अपहरणपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतमा बुझाइएका पीडितद्वय ०६५ कात्तिक २४ गते जिप्रका सुर्खेतबाट रिहा भए। पीडितहरूले त्रासका कारण उजुरी नगरेको बताए।

### धम्की/कुटपिट

#### राज्यबाट

सातताला गाविस-५ दैलेखका ३३ वर्षीय विष्णुबहादुर बुढा र ३६ वर्षीय रामबहादुर मल्लले सडक खोल्नुपर्ने माग राखी जिल्ला प्रशासन कार्यालय सुर्खेतको मूलढोकामा धर्ना दिएको आरोपमा ०६४ फागुन १० गते उनीहरूलाई प्रहरीले कुटपिट गरे। पीडितहरूलाई सामान्य चोटपटक लागेको थियो।

विद्यापुर प्रहरी चौकीका असई ५२ वर्षीय सहवीर बुढाले आदेश पालना नगरेको आरोपमा ०६५ जेठ १९ गते उनलाई इलाका प्रहरी चौकी बाबियाचौरका सई चन्द्रबहादुर थापा र असई केशव मल्लले विद्यापुर चौकीमै लात्ती र मुक्काले कुटपिट गरे। पीडितको सुर्खेतमा उपचार भयो। पीडकहरूलाई आन्तरिक रूपमा सजाय गरिएको डीएसपी गोविन्द शाहले बताए।

वीरेन्द्रनगर नपा-६ की १९ वर्षीया सोनी कुरेसीले डीएसपी गोविन्द शाह र असई ज्ञानुमाया थापाले यातना दिएको घटना सार्वजनिक गरेको आरोपमा ०६५ असार ५ गते उनलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतमा बोलाई 'प्रहरीले घटना किन सार्वजनिक गरेको हो ? अब तँलाई नै कारबाही हुन्छ' भनी धम्की दिए। त्रासका कारण पीडितले यस वर्षको अन्त्यसम्म उजुरी गरिनन्।

वीरेन्द्रनगर नपा-७ निवासी नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाका सभापति ४८ वर्षीय श्रीधर पौडेलले आदेश पालना नगरेको आरोपमा ०६५ असोज १८ गते उनलाई क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतमा कार्यरत सई कृष्ण शर्माले वीननपा ६ बुद्धपथस्थित सुसेली अफसेटको कार्यालयमा हातपात गरे। पीडितले उजुरी गरेनन्।

#### माओवादीबाट

वीरेन्द्रनगर नपा-१० निवासी नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाका उपसभापति २८ वर्षीय कलेन्द्र सेजुवालले सार्वजनिक स्थलमा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को फोटो खिचेको आरोपमा ०६४ माघ २३ गते उनलाई प्रचण्डका सुरक्षा गार्ड माओवादी सेना जटीलले वीनपा-६ फूलबारी हाटेलमा हातपात गर्नुका साथै फोटो नखिच्न धम्की दिए। पीडितले प्रचण्डको फोटो खिचे।

संविधानसभाको निर्वाचनमा सुर्खेत क्षेत्र नं. १ मा खटिएका सशस्त्र प्रहरीका डीएसपी राजेश भारतीसहितको टोलीले आफ्नो आधारक्षेत्रमा गस्ती गरेको आरोपमा ०६४ फागुन २० गते उनीहरूलाई माओवादीका कार्यकर्ताहरूले मेहेलकुना गाविस-२ मा रोकी तत्काल बेसक्याम्पमा नफर्किए जे पनि गर्न सकिने भनी धम्की दिए।

नेटा गाविस-६ निवासी काङ्ग्रेस कार्यकर्ता ४२ वर्षीय दिलबहादुर श्रीसले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ फागुन २० गते उनलाई माओवादीका

कार्यकर्ताहरूले पार्टी छाड्न धम्की दिए।

घाटगाउँ गाविस-३ निवासी एमाले कार्यकर्ताहरू २५ वर्षीय कमल शाही, २७ वर्षीय नन्दराम खनाल, ३२ वर्षीय धीरबहादुर शाही र ३५ वर्षीय तिलक खनालले आफ्नो आधार इलाका घाटगाउँ गाविस-३ मा एमालेको चुनाव प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत ३ गते उनीहरूलाई माओवादीका कार्यकर्ताहरूले तत्काल गाउँ छोड्न धम्की दिए। पीडितहरूले उजुरी गरेनन्।

धारापानी गाविस-४ निवासी एमाले कार्यकर्ता ४३ वर्षीय गङ्गाबहादुर वलीले एमालेको प्रचारप्रसार गरेको आरोपमा ०६४ चैत १२ गते उनलाई धारापानी गाविसका माओवादी इन्चार्ज सुरेन्द्र घर्तीले आफ्नो आधारइलाका धारापानी-२ मा कुनै पार्टीले प्रचारप्रसार गर्न पाउँदैन भनी धम्की दिए।

जर्बुटा गाविस-१ का ५२ वर्षीय विनोद ढकालले एमालेको राजनीति गरेको आरोपमा ०६५ चैत १४ गते उनलाई माओवादी कार्यकर्ता डण्ड ढकालले धुलियाबिट चोकमा कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्यचौकीमा उपचार भयो।

दशरथपुर गाविस-६ निवासी अधिकारकर्मी ३९ वर्षीय लोकेन्द्र थापाले माओवादी जनसेना चुनावी प्रचारप्रसारमा गएको भन्ने सूचना सञ्चारकर्मी र अधिकारकर्मीलाई दिएको आरोपमा ०६४ चैत १५ गते उनलाई माओवादी सेनाले दशरथपुर बजारमा आइन्दा त्यसो नगर्न धम्की दिए।

अवलचिङ गाविस-४ का शिक्षक ४२ वर्षीय सुकदेव उपाध्यायले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत १८ गते उनलाई माओवादीका कार्यकर्ताहरूले भैरव मावि अवलचिङको प्राङ्गणमा हातखुट्टा भाँचेर फालिदिने धम्की दिए।

दहचौर गाविस-६ निवासी अधिकारकर्मी ४० वर्षीय जशबहादुर विश्वकर्मा र सोही ठाउँका ३६ वर्षीय गगन एलजीले वाईसीएलको नियन्त्रणमा राखिएका मैनतडा गाविसका काङ्ग्रेसका कार्यकर्ताहरूलाई मानवीय व्यवहार गर्न सुझाव दिएको आरोपमा ०६४ चैत २७ गते उनीहरूलाई माओवादी सेनाले गुमी-५ कृष्णनगरमा कुटपिट गरे। कुटपिटबाट सामान्य घाइते भएका पीडितद्वयको सुर्खेतमा उपचार भयो।

लेखपराजुल गाविस-४ का ४८ वर्षीय मानबहादुर बुढाले एमालेको राजनीति गरेको आरोपमा ०६५ वैशाख ११ गते उनलाई स्थानीय माओवादी कार्यकर्ताहरूले घरमै धम्की दिए।

उत्तरगङ्गा गाविस-६ की ५० वर्षीया खगीसरा

*चुनाव प्रचार प्रसारको क्रममा गोली हानी हत्या गरिएका एमालेका संविधानसभा सदस्य उम्मेदवार ऋषिप्रसाद शर्मा*

थापाले ऋण फिर्ता नगरेको आरोपमा ०६५ वैशाख १६ गते उनलाई माओवादी कार्यकर्ता वलीराम देवकोटाले वीरेन्द्रनगर नपा-६ मा धारिलो हतियार प्रयोग गरी कुटपिट गरे। टाउको र ढाडमा चोट लागेका थापाको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले प्रहरीसमक्ष उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

दशरथपुर गाविस-२ का एमाले कार्यकर्ता ७२ वर्षीय पुनाराम सुनारले एमालेको राजनीति गरेको आरोपमा ०६५ जेठ १० गते उनलाई स्थानीय माओवादी कार्यकर्ता मानबहादुर खत्रीले घरमै गई मार्ने धम्की दिए।

अवलचिङ गाविस-४ का शिक्षक ४२ वर्षीय सुकदेव उपाध्यायले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत १८ गते उनलाई माओवादीका कार्यकर्ताहरूले भैरव मावि अवलचिङको प्राङ्गणमा हातखुट्टा भाँचेर फालिदिने धम्की दिए।

काप्रीचौर गाविस-१ का शिक्षक २० वर्षीय यामबहादुर खत्रीले आफ्नो आदेशबिना विद्यालय खोलेको आरोपमा ०६५ असार २ गते उनलाई स्थानीय माओवादी कार्यकर्ता सोनाम खत्रीले विद्यालयमै कुटपिट गरे। सो क्रममा छुट्याउन गएकी पीडितकी आमा ४५ वर्षीया कमला खत्रीलाई पनि सोनामले कुटपिट गरेका थिए। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितहरूले ०६५ असार ५ गते मेहेलकुना प्रहरी चौकीमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकहरूउपर कुनै कारवाही भएन।

मेहेलकुना गाविस-९ का १८ वर्षीय तिलक विकले माओवादीको विरोध गरेको आरोपमा ०६५ साउन १९ गते माओवादीले मेहेलकुना बजारमा उनलाई

मार्ने धम्की दिए। पीडितले ०६५ साउन २१ गते मेहेलकुना प्रहरी चौकीमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सो उजुरीका सम्बन्धमा कुनै सुनुवाइ भएन।

धारापानी गाविस-४ का २८ वर्षीय दीपक बुढाले माओवादीको विरोध गरेको आरोपमा ०६५ साउन ६ गते माओवादीका कार्यकर्ताहरूले उनलाई घरमै गएर मार्ने धम्की दिए। त्यसैगरी लेखपराजुल गाविस-१ का ३६ वर्षीय हरिबहादुर खड्काले माओवादीको विरोध गरेको आरोपमा ०६५ भदौ १५ गते उनलाई माओवादी कार्यकर्ता तुले बुढाले घरमै गई मार्ने धम्की दिए। लेखपराजुल गाविस-१ का काङ्ग्रेसका कार्यकर्ता ४२ वर्षीया पार्वती राना र ४० वर्षीय रणबहादुर गुरुङले आफ्नो पार्टीको विरोध गरेको आरोपमा ०६५ भदौ २० गते उनीहरूलाई माओवादी कार्यकर्ता गोरखबहादुर शाहीले घरमै गई मार्ने धम्की दिए। कल्याण गाविस-९ का २९ वर्षीय हस्तवीर कामीले माओवादीको विरोध गरेको आरोपमा ०६५ भदौ २७ गते उनलाई माओवादी कार्यकर्ताले घरमै गई उनलाई मार्ने धम्की दिए। पीडितहरूले त्रासका कारण यस वर्षको अन्त्यसम्म उजुरी गरेनन्।

लगाम गाविस-१ निवासी जीत स्मृति ब्रिगेड कल्याणमा कार्यरत माओवादी सेना २० वर्षीय प्रेम ढकालले स्थानीय एक महिलालाई हातपात गरेको आरोपमा ०६५ असोज १५ गते उनलाई गुराँस र आकाङ्क्षा भनिने माओवादी सेना कमाण्डरहरूले ब्रिगेडमै लात्ती र मुक्काले कुटपिट गरे। उनको ब्रिगेडमै उपचार गरियो । पीडितले आफूलाई अनाहकमा आरोप लागाई कमाण्डरद्वयले कुटपिट गरेको बताए।

घाटगाउँ गाविस-५ निवासी काङ्ग्रेस जिल्ला कार्यसमितिका सभापति तप्तबहादुर विष्टले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६५ पुस १५ गते उनलाई माओवादीका कार्यकर्ताहरूले घरमै गई काङ्ग्रेसको राजनीति नगर्न धम्की दिए।

### वाईसीएलबाट

घाटगाउँ गाविस-३ का एमाले कार्यकर्ता धीरबहादुर शाहीले एमालेको राजनीति गरेको आरोपमा ०६४ पुस २७ गते उनलाई वाईसीएल कार्यकर्ताहरूले घरमै गई एमाले पार्टी त्याग्न धम्की दिए। त्यसैगरी, रानीवास गाविस-५ का एमाले कार्यकर्ता २७ वर्षीय कर्णबहादुर बुढाले एमालेको राजनीति गरेको आरोपमा ०६४ माघ २५ गते उनलाई वाईसीएल कार्यकर्ताहरूले एमाले पार्टी त्याग्न धम्की दिए।

*प्रहरीको गोलीद्वारा मारिएका वाईसीएल कार्यकर्ता गोपाल सुनार*

गुमी गाविस-४ निवासी एमाले गुमी गाउँ कमिटीका सचिव ४६ वर्षीय भीमराज शर्माले एमालेको राजनीति गरेको आरोपमा ०६४ फागुन २८ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले गुमी गाविस-४ मा रहेको वाईसीएलको कार्यालयमा बोलाई एमालेको प्रचार प्रसार नगर्न धम्की दिए। पीडितले प्रहरीसमक्ष ०६४ फागुन २९ गते उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

बाबियाचौर गाविस-७ का २७ वर्षीय देवानन्द तिमिल्सिनाले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ चैत २ गते उनलाई वाईसीएलका कार्यकर्ता कमल भण्डारी, ललित शाही र तुफान सिंहले घरमै गई लात्ती र मुक्काले कुटपिट गर्नुका साथै मार्ने धम्की दिए। सो घटनाको प्रतिकारका क्रममा स्थानीय बासिन्दाले ती वाईसीएल कार्यकर्ताहरूबाट तीन थान कटुवा पेस्तोल र पाँच राउण्ड गोली कब्जामा लिए। कब्जा गरिएको हतियार इलाका प्रहरी कार्यालयमा तत्कालै बुझाइए पनि पीडकहरू यस वर्षको अन्त्यसम्म फरार रहेकाले कारबाही भएन।

लेखगाउँ गाविस-९ निवासी राप्रपाका कार्यकर्ता ६० वर्षीय मणिराम गौतमले राप्रपाको राजनीति गरेको आरोपमा ०६४ चैत ८ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले माओवादीलाई मत नदिए घरमा बस्न नदिने भनी घरमै गएर धम्की दिए।

कल्याण गाविस-३ निवासी एमाले कार्यकर्ता ४८ वर्षीय डण्डपाणि आचार्य र ४० वर्षीय देव रानामगरले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत ८ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले कल्याण-५ स्थित कल्याण बजारमा गाउँमा एमालेको प्रचार प्रसार गरेमा राम्रो हुँदैन भनी धम्की दिए।

गढी गाविस-४ निवासी पूर्वगाविस अध्यक्ष ५८ वर्षीय हरि हमालले एमालेको प्रचार प्रसार गरेको

आरोपमा ०६४ चैत १३ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले घरमै गई माओवादीलाई भोट नदिए पुरानै अवस्थामा पुऱ्याइदिने धम्की दिए। हमाल सशस्त्र द्वन्द्वका क्रममा माओवादीद्वारा विस्थापित बनाइएका थिए।

मैनतडा गाविस-२ निवासी काङ्ग्रेसका ५८ वर्षीय बलबहादुर खड्का र एमालेका ५७ वर्षीय नन्दराम शर्माले मैनतडा गाविस-२ ठूलोजात्रीमा चुनाव प्रचारप्रसारका क्रममा रकम बाँडेको आरोपमा ०६४ चैत १६ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले मैनतडा गाविस-३ जहरेघाटमा मार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-४ निवासी यातायात व्यवसायी ३२ वर्षीय सुरेन्द्र सुवेदीले एमालेका नेता तथा कार्यकर्ताहरूलाई चुनाव प्रचार प्रसारका लागि गाडी उपलब्ध गराएको आरोपमा ०६४ चैत १७ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले कल्याण गाविस-५ मा मार्ने धम्की दिए। सो क्रममा वाईसीएलका कार्यकर्ताहरूले उनको हाइस गाडी तोडफोड गर्ने प्रयाससमेत गरेको पीडितले बताए। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

वीरेन्द्रनगर नपा-५ निवासी राप्रपाबाट सुर्खेत क्षेत्र नं. २ का प्रत्यक्ष उम्मेदवार ६२ वर्षीय बलबहादुर भण्डारी र राप्रपा सुर्खेतका सचिव ४५ वर्षीय टोपबहादुर वलीले राप्रपाको चुनाव प्रचारप्रसार गरेको आरोपमा ०६४ चैत १८ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले कल्याण गाविसमा प्रचार प्रसारका लागि जाँदा मार्ने धम्की दिए। सो क्रममा वाईसीएलका कार्यकर्ताहरूले चुनाव प्रचारप्रसार सामग्रीसमेत च्यातिदिएका थिए। धम्कीपछि पीडितहरू प्रचार प्रसार नगरी सदरमुकाम फर्किए।

गुटु गाविस-८ निवासी एमाले कार्यकर्ता ४५ वर्षीय गजराज बयकले एमालेको राजनीति गरेको र आफ्नो पार्टीका कार्यकर्तालाई धम्क्याएको आरोपमा ०६४ चैत १८ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले पीडितकै घरमा गई मार्ने धम्की दिए। पीडितले त्रासका कारण उजुरी नगरेको बताए।

तातापानी गाविस-५ निवासी काङ्ग्रेस जिल्ला कार्यसमिति सुर्खेतका सभापति ४९ वर्षीय तप्तबहादुर विष्टले काङ्ग्रेसको प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत १९ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले तातापानी-५ मा तत्काल गाउँ छोड्न धम्की दिए।

कल्याण गाविस-४ का २२ वर्षीय दीपक पौडेलले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २० गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले घरमै गई तत्काल गाउँ नछोडे जे पनि गर्न सकिने भनी धम्की दिए। यस्तो धम्की दिइए पनि घर नछाडेका पीडितले त्रासका कारण कहीं उजुरी नगरेको बताए।

गुटु गाविस-८ का ४० वर्षीया धनरूपा वयक र उनका छोरा २० वर्षीय कृष्णबहादुर वयक माओवादीका विरुद्ध लागेको आरोपमा ०६४ चैत २० गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले घरमै गई कुटपिट गर्नुका साथै घर तथा पसलको सामान तोडफोडसमेत गरिदिए। पीडितले तोडफोडबाट क्षति भएको दुई लाख रुपियाँबराबरको क्षतिपूर्तिको माग गरी जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६४ चैत २९ गते निवेदन दिए पनि यस वर्षको अन्त्यसम्म पनि सुनुवाइ भएन।

गुटु गाविस-९ निवासी एमाले कार्यकर्ता ४५ वर्षीय अम्मरबहादुर बीसीले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २० गते उनलाई वाईसीएल कार्यकर्ताहरूले घरमै गई कुटपिट गरे। उनको गुटुमै उपचार भयो।

गुटु गाविस-९ का ३२ वर्षीय निरक वास्तोला र १९ वर्षीय तेजु गौतमले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २१ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले गुटु बजारमा दुवैलाई मार्ने धम्की दिए। पीडितहरूले इलाका प्रहरी कार्यालय बाबियाचौरमा ०६४ चैत २३ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

कल्याण गाविस-६ का २२ वर्षीय योगेश आचार्य र ५२ वर्षीय डण्डपाणि आचार्यले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २१ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले कल्याण बजारमा पार्टी नत्यागे गाउँ छोड्नु पर्ने धम्की दिए। पीडितहरूले गाउँ छाडेनन्।

दशरथपुर गाविस-३ का ४६ वर्षीय पूर्णबहादुर थापाले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २१ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले घरमै गई माओवादीलाई समर्थन नगरे ठीक नहुने धम्की दिए।

वीरेन्द्रनगर नपा-६ निवासी राप्रपाबाट क्षेत्र नं. ३ का उम्मेदवार ४२ वर्षीय कविराम पुरी र वीनपा-६ कै समानुपातिकतर्फका राप्रपा उम्मेदवार ५२ वर्षीय नन्दा थापाले राप्रपाको चुनाव प्रचार

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरिएका भवे विक*

प्रसार गरेको आरोपमा ०६४ चैत २२ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले तातापानी गाविसमा तत्काल गाउँ नछाडे मार्ने धम्की दिए। धम्कीपछि उनीहरू चुनावी प्रचार छोडी सदरमुकाम फर्किएका थिए।

विद्यापुर गाविस-२ का २४ वर्षीय इन्द्र पौडेलले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २२ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले घरनजिकै लात्ती, मुक्का तथा ढुङ्गा प्रहार गरी कुटपिट गरे। उनको बाबियाचौर स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले इलाका प्रहरी कार्यालय बाबियाचौरमा ०६४ चैत २३ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

तातापानी गाविस-२ निवासी काङ्ग्रेसबाट निर्वाचित पूर्वगाविस उपाध्यक्ष ४५ वर्षीय भवे विक र ३७ वर्षीय लक्ष्मीकान्त सन्यालले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ चैत २२ गते उनीहरूलाई राती घर जाँदै गर्दा वाईसीएलका कार्यकर्ताहरूले नियन्त्रणमा लिई विकलाई टाउको र हातमा खुकुरी तथा सन्याललाई लात्ती-मुक्का प्रहार गरी घाइते बनाए। पीडितहरूको बाबियाचौरस्थित स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितहरूले इलाका प्रहरी कार्यालय बाबियाचौरमा ०६४ चैत २३ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

विद्यापुर गाविस-१ निवासी एमाले कार्यकर्ता ४९ वर्षीय अम्मरबहादुर चन्द र १९ वर्षीय कमल पौडेलले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २३ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले एमालेको राजनीति गर्न नछोडेमा हिँडडुल गर्न प्रतिबन्ध लगाउने धम्की दिए।

वीरेन्द्रनगर नपा-११ निवासी राप्रपा नेपालका सुर्खेत क्षेत्र नं. २ का प्रत्यक्ष उम्मेदवार ५७ वर्षीय कृष्णबहादुर थापाले आफ्नो आधार इलाकामा चुनाव प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत २३ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले कल्याण गाविस-५ मा तत्काल प्रचार प्रसार बन्द गरी गाउँ छोड्न पर्ने धम्की दिनुका साथै प्रचार सामग्री पनि च्यातिदिए। पीडितले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६४ चैत २५ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

बिजौरा गाविस-५ निवासी एमाले कार्यकर्ता ३२ वर्षीय नयाँराम विक, सोही गाविस-२ का ४२ वर्षीय शेरबहादुर सिंह र सोही गाविस-३ का जयमणि जैसीले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २४ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले घरघरमै गई एमाले परित्याग नगरे गाउँमा बस्न नदिने भनी धम्की दिए। धम्कीपछि पीडितहरूले इलाका प्रहरी कार्यालय बाबियाचौरमा ०६४ चैत २५ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सो उजुरीका सम्बन्धमा कुनै सुनुवाइ भएन।

दशरथपुर गाविस-८ निवासी एमाले कार्यकर्ता ३१ वर्षीय कर्णबहादुर राना, ४३ वर्षीय दलबहादुर बुढाथोकी, ४० वर्षीय बलबहादुर सुनार, ३० वर्षीय तुलबहादुर खनाल, ४६ वर्षीय प्रेमबहादुर खत्री, ३६ वर्षीय दिलबहादुर रोकाय र ४२ वर्षीय वीरबहादुर विष्टले एमालेको राजनीति गरेको आरोपमा ०६५ जेठ २ गते उनीहरूलाई वाईसीएल कार्यकर्ताहरूले घरघरमा गई लिस्ट देखाउँदै अब तिमीहरूलाई कारबाही हुन्छ भनी धम्की दिए। त्रासका कारण कहीं उजुरी नगरेको पीडितहरूले बताए।

वीरेन्द्रनगर नपा-१० निवासी ठेकेदार ४० वर्षीय ईश्वर खड्काले सहरी विकास कार्यालयमा टेण्डर दर्ता गरेको आरोपमा ०६५ असार ८ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले सहरी विकास सुर्खेतको मूलढोकामा रोकी टेण्डर दर्ता नगर्न धम्की दिए। धम्कीपछि खड्काले टेण्डर दर्ता गरेनन्। प्रहरीकै अगाडि वाईसीएलले यस्तो धम्की दिएपछि पीडितले त्यसै दिन जिल्ला प्रशासन कार्यालय सुर्खेतमा उजुरी दिए पनि वर्षको अन्त्यसम्म सो उजुरीउपर कुनै सुनुवाइ भएन।

गुमी गाविस-४ का २४ वर्षीय वीरेन्द्र घर्तीले वाईसीएलको विरोध गरेको आरोपमा ०६५ साउन २६ गते उनलाई वाईसीएल कार्यकर्ताहरूले गुमी गाविस-२ शिवनगर बजारमा 'हाम्रो विरोध गर्नेलाई हामीले जानेका छौं' भनी धम्की दिए। त्यस्तै गुटु गाविस-६ का ४२ वर्षीय मानबहादुर बयकले वाईसीएलको विरोध गरेको आरोपमा ०६५ असोज १३ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले गुटु बजारमा मार्ने धम्की दिए। कल्याण गाविस-७ का २८ वर्षीय नरेन्द्र विकले वाईसीएलको विरोध गरेको आरोपमा ०६५ पुस ५ गते उनलाई वाईसीएलका कार्यकर्ताहरूले घरमै गएर 'आफूहरूको विरोध गर्नेलाई जानेका छौं' भनी धम्की दिए। पीडितहरूले यस वर्षको अन्त्यसम्म उजुरी गरेनन्।

*प्रहरी अधिकृतहरूद्वारा कुटपिट गरिएका असई सहवीर बुढा*

**काङ्ग्रेसबाट**

छिन्चु गाविस-७ का ३६ वर्षीया उमा गौतमले एमालेको समर्थन गरेको आरोपमा ०६४ चैत १ गते उनलाई छिन्चु बजारमा काङ्ग्रेसद्वारा आयोजित चुनावीसभामा काङ्ग्रेसका कार्यकर्ताहरूले जबरजस्ती 'म काङ्ग्रेसको कार्यकर्ता हुँ' भन्न बाध्य पारे। पीडितले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६४ चैत २ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कारवाही भएन।

छिन्चु गाविस-७ की ३७ वर्षीया उमा गौतमले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत १४ गते उनलाई शारदा माबि छिन्चुका शिक्षक एवम् काङ्ग्रेसका कार्यकर्ता नरहरि भट्टराईले 'तँ राँडी किन हाम्रो विरुद्ध लागेको ?' भनी पीडितको घरमै अमानवीय व्यवहार गरे। पीडितले छिन्चु इलाका प्रहरी कार्यालयमा ०६४ चैत १५ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

छिन्चु गाविस-३ हर्रे निवासी एमाले कार्यकर्ता २५ वर्षीया सुशीला वलीले एमालेको समर्थन गरेको आरोपमा ०६४ चैत २४ गते उनलाई सोही स्थानका काङ्ग्रेस कार्यकर्ता देवेन्द्र खड्काले घरमै गएर काङ्ग्रेसको समर्थन नगरे गाउँबाट निकाला गरिदिने धम्की दिए। पीडितले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६४ चैत २५ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

छिन्चु गाविस-३ निवासी एमालेका कार्यकर्ता १९ वर्षीय प्रकाश गुरुङ, २२ वर्षीय केशरबहादुर गुरुङ र २१ वर्षीय शेरबहादुर पुनले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २९ गते उनीहरूलाई काङ्ग्रेसका कार्यकर्ताहरूले छिन्चुको हर्रेमा कुटपिट गरे। उनीहरूको छिन्चुमै उपचार भयो। पीडकहरूलाई वर्षको अन्त्यसम्म कुनै कारवाही भएन।

छिन्चु गाविस-३ निवासी इन्सेक सहजकर्ता २४ वर्षीया चन्द्रा थापाले एमालेका कार्यकर्ताहरूले आफ्नो घरमा आगजनी गरेको घटनाका बारेमा आवाज नउठाइदिएको आरोपमा ०६४ चैत २९ गते उनलाई काङ्ग्रेसका कार्यकर्ता कुमार पुनले इलाका प्रहरी कार्यालय छिन्चुको हाताभित्रै हातपात गरे।

छिन्चु गाविस-७ निवासी एमाले कार्यकर्ता २८ वर्षीया तिला खत्रीले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २९ गते उनलाई काङ्ग्रेसका कार्यकर्ताहरूले घरमै गई काङ्ग्रेसलाई समर्थन नगरे परिवारका सबैलाई कुटपिट गर्ने धम्की दिए। पीडितले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६४ चैत ३० गते

*प्रहरी अधिकृतहरूद्वारा यातना दिइएका सोनी कुरेसी र उनकी बहिनी मोनी*

उजुरी दिए पनि वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

छिन्चु गाविस-७ का एमाले कार्यकर्ता ३४ वर्षीय भरत ढकालले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत ३० गते उनलाई काङ्ग्रेसका कार्यकर्ताहरूले घरमै गई कुटपिट गरे। उनको छिन्चुमै उपचार भयो। पीडितले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६४ चैत ३१ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

वीरेन्द्रनगर नपा-१० निवासी एमाले कार्यकर्ता ५५ वर्षीय रेशमबहादुर खत्री, ३२ वर्षीय लक्ष्मण खत्री, २० वर्षीय कमल खत्री र २२ वर्षीय वेदप्रकाश खत्रीले एमालेको राजनीति गरेको आरोपमा ०६५ वैशाख १७ गते उनीहरूलाई काङ्ग्रेसका कार्यकर्ता ईश्वर खड्का र रवीन्द्र रेग्मीले 'तिमी एमालेका कार्यकर्ताहरूलाई छाड्दैनौं' भनी घरमै गएर धम्की दिए। पीडितले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६५ वैशाख १८ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

छिन्चु गाविस-७ निवासी पूर्वगाविस अध्यक्ष ४२ वर्षीय रत्न अधिकारीले एमालेको राजनीति गरेको आरोपमा ०६५ वैशाख २० गते उनलाई काङ्ग्रेस कार्यकर्ताहरूले पीडितको घरमै गई मार्ने धम्की दिए। सो धम्कीपछि १५ दिनसम्म लुकेर बस्न बाध्य भएको र कहीं उजुरी नगरेको पीडितले बताए।

मैनतडा गाविस-५ निवासी एमालेका कार्यकर्ता २४ वर्षीय दीपेन्द्र विक र २० वर्षीय चन्द्रबहादुर वलीले एमालेको राजनीति गरेको आरोपमा ०६५ वैशाख २५ गते उनीहरूलाई काङ्ग्रेसका कार्यकर्ताहरूले मैनतडा गाविस-४ मा कुटपिट गरे। पीडितको मैनतडामै उपचार भयो। पीडितहरूले मेहेलकुना प्रहरी चौकीमा ०६५ वैशाख २७ गते उजुरी गरे पनि वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

छिन्चु गाविस-७ निवासी एमाले कार्यकर्ता ५२ वर्षीय लालबहादुर थापाले एमालेको राजनीति गरेको आरोपमा ०६५ वैशाख २५ गते उनलाई काङ्ग्रेसका कार्यकर्ताहरूले पीडितको पसलमै कुटपिट गरे। सो क्रममा काङ्ग्रेसका कार्यकर्ताहरूले थापाको मिठाई पसल तोडफोडसमेत गरे। पीडितले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६५ वैशाख २६ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म कारबाही भएन।

वीरेन्द्रनगरबाट प्रकाशित हुने *सन्देश* पाक्षिकका प्रकाशक-सम्पादक ३२ वर्षीय प्रकाश केसीले एमालेको समर्थन गरेको आरोपमा ०६५ वैशाख २५ गते उनलाई काङ्ग्रेस कार्यकर्ता बखत खरेल र दलबहादुर सुनारले छिन्चुमा कुटपिट गरे। कुटपिटबाट नाकको डाँडी भाँचिएका केसीको वीरेन्द्रनगरस्थित देउती नर्सिङ्होममा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६५ वैशाख २६ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

छिन्चु गाविस-७ निवासी व्यापारी एवम् एमाले कार्यकर्ता ३७ वर्षीय लालमणि पौडेलले एमालेको राजनीति गरेको आरोपमा ०६५ वैशाख २८ गते उनलाई काङ्ग्रेसका कार्यकर्ताहरूले उनकै पसलमा कुटपिट गरे। पीडितले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६५ वैशाख २९ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

साहारे गाविस-८ निवासी *बुलबुले* एफएम सुर्खेतकी समाचारदाता २४ वर्षीया तिला भण्डारीले काङ्ग्रेसका कार्यकर्ताहरूद्वारा अवरुद्ध गरिएको सडकमा लाम लागेका सवारी साधनहरूको फोटो खिचेको आरोपमा ०६५ वैशाख २८ गते उनलाई काङ्ग्रेसका कार्यकर्ताहरूले छिन्चु गाविस-३ हर्रेमा हातपात गरे। सो क्रममा काङ्ग्रेसका कार्यकर्ताहरूले भण्डारीको डिजिटल क्यामरा फुटाइदिने प्रयाससमेत गरे। इन्सेक र पत्रकार महासङ्घको पहलमा पीडकहरूले माफी मागे।

मैनतडा गाविस-५ निवासी एमाले कार्यकर्ता २६ वर्षीय चन्द्रबहादुर वली र २५ वर्षीय चन्द्रबहादुर घर्तीले एमालेको राजनीति गरेको आरोपमा ०६५ जेठ १० गते उनीहरूलाई मैनतडा गाविस-५ निवासी काङ्ग्रेसका कार्यकर्ता रामबहादुर बीसीले अज्ञातस्थलबाट टेलिफोन गरी 'तिमीहरू मेरो बलिका बोकाहरू हौ, जतिखेर पनि म तिमीहरूलाई मार्न सक्छु' भनी धम्की दिए। पीडितहरूले ज्यान सुरक्षा गरिपाऊँ भनी जिल्ला प्रशासन कार्यालय सुर्खेतमा ०६५ जेठ १२ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

मैनतडा गाविस-५ निवासी एमालेका कार्यकर्ता ३० वर्षीय गणेश वली, २६ वर्षीय तुलसीप्रसाद शर्मा, २२ वर्षीय निमबहादुर विक र २४ वर्षीय लोकबहादुर नेपालीले आफ्नाविरुद्ध सुराकी गरेको आरोपमा ०६५ जेठ १५ गते उनीहरूलाई मैनतडा-५ निवासी काङ्ग्रेसका कार्यकर्ता रामबहादुर बीसीले अज्ञातस्थलबाट टेलिफोन गरी 'सय जनालाई मारे पनि २० वर्ष, एक जनालाई मारे पनि २० वर्ष जेल जानुपर्ने त हो नि' भनी उनीहरूलाई मार्ने धम्की दिए। पीडितहरूले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६५ जेठ १७ गते उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

मैनतडा गाविस-५ निवासी एमालेका कार्यकर्ता ३६ वर्षीय हरिबहादुर घर्ती, धनबहादुर घर्ती, मानबहादुर घर्ती, हर्कबहादुर घर्ती, प्रेमबहादुर बुढा, भक्तबहादुर परियार, नरबहादुर बस्याल, डिलबहादुर पुन, धनबहादुर घर्ती, गेपे घर्ती, भीमबहादुर टमटा, दीपक धौलाकोटी, राजु विक, बेलबहादुर विक, दिलबहादुर विक, मानबहादुर वली र चन्द्रबहादुर वली आफ्नाविरुद्ध लागेको आरोपमा ०६५ असार १२ गते उनीहरूलाई मैनतडा-५ कै काङ्ग्रेसका कार्यकर्ता रामबहादुर बीसीसहितको समूहले भारतमा काम गर्न हिँडेको अवस्थामा नेपालगञ्ज बसपार्कनजिकैको होटेलमा खाना खाँदै गर्दा उनीहरूलाई कुटपिट गरे। कुटपिटपछि सबैजना घर फर्किएका थिए। कुटपिटबाट सामान्य घाइते भएका सबै जनाको मेहेलकुनामा उपचार भयो। पीडितहरूले मेहेलकुना प्रहरी चौकीमा ०६५ असार १३ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कारबाही भएन।

मैनतडा गाविस-५ निवासी एमाले कार्यकर्ता ३६ वर्षीय भीमबहादुर खत्रीले एमालेको राजनीति गरेको आरोपमा ०६५ साउन १२ गते उनलाई काङ्ग्रेसका कार्यकर्ताले मैनतडा-३ जरेघाटमा मार्ने धम्की दिए। पीडितले मेहेलकुना प्रहरी चौकीमा ०६५ साउन १४ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

मैनतडा गाविस-३ निवासी एमाले कार्यकर्ता बलबहादुर खड्काले पार्टीको विरोध गरेको आरोपमा ०६५ असोज २४ गते उनलाई काङ्ग्रेसका कार्यकर्ताहरूले पीडितको घरमै गई मार्ने धम्की दिए।

उत्तरगङ्गा गाविस-८ निवासी शिक्षक ४५

वर्षीय पूर्णबहादुर शाहीले पार्टीको विरोध गरेको आरोपमा ०६५ मङ्सिर २८ गते उनलाई काङ्ग्रेसका कार्यकर्ता बलबहादुर शाहीले पीडितको घरमै गई 'अबका दिनमा पार्टीको विरोध गरे ठीक नहुने' भनी धम्की दिए। पीडितले प्रहरीसमक्ष उजुरी दिएलगत्तै पीडकले माफी मागेका थिए।

**एमालेबाट**

घाटगाउँ गाविस-३ निवासी माओवादी जिल्ला कमिटी सुर्खेतका सदस्य ३६ वर्षीय मीनबहादुर विष्टले माओवादीको राजनीति गरेको आरोपमा ०६४ चैत १७ गते उनलाई एमालेका कार्यकर्ताहरूले गुटु बजारमा कुटपिट गरे। पीडितको गुटुमै उपचार भयो। उनले राजनीतिक प्रतिशोधका कारण आफूमाथि कुटपिट गरिएको भनी कहीं उजुरी गरेनन्।

वीरेन्द्रनगर नपा-४ निवासी काङ्ग्रेसका तर्फबाट समानुपातिकतर्फका उम्मेदवार ५७ वर्षीय खडक बस्यालले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ चैत २२ गते उनलाई एमालेका कार्यकर्ताहरूले चुनाव प्रचार प्रसारका क्रममा धारापानी गाविसमा पुग्दा रोकी अटेर गरी अगाडि बढेमा जे पनि गर्न सकिने भनी धम्की दिए। धम्कीपछि पीडित त्यहींबाट फर्किए।

छिन्चु गाविस-७ निवासी काङ्ग्रेसका कार्यकर्ता ३८ वर्षीय वेदु गिरी, ४० वर्षीय कुमार पुन, ६२ वर्षीय मानबहादुर पुन र ५८ वर्षीय बखत खरेलले एमाले नेता ऋषिप्रसाद शर्माको हत्या गर्न निर्देशन दिएको आरोप लागेका पूर्वगृहमन्त्री पूर्णबहादुर खड्कालाई लुकाई राखेको भन्दै ०६४ चैत २६ गते उनीहरूलाई एमालेका कार्यकर्ताहरूले घरमै गई मार्ने धम्की दिनुका साथै कुमार पुनको घर तथा मोटरसाइकल र गिरीको मोटरसाइकलमा आगजनी गरे। पीडितहरूले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६४ चैत २७ गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म कुनै कारबाही भएको छैन।

मैनतडा गाविस-३ का काङ्ग्रेसका कार्यकर्ता ४६ वर्षीय बलबहादुर वली, ५७ वर्षीय बलबहादुर खड्का, ५२ वर्षीय नन्दलाल शर्मा र मैनतडा गाविस-८ का ३७ वर्षीय बुद्धिराज दाहाल तथा ४८ वर्षीय प्रताप बुढाथोकीले एमाले नेता ऋषिप्रसाद शर्माको हत्या गर्नमा सहयोग गरेको आरोपमा ०६४ चैत २७ गते उनीहरूलाई एमालेका कार्यकर्ताहरूले घरमै मार्ने धम्की दिनुका साथै उनको पसलमा आगजनी गरे। सो घटनापछि पीडितहरू तीन महिनासम्म घर छोडेर विस्थापित हुन बाध्य भएकामा यस वर्षको अन्त्यसम्म पीडितहरू पुनःस्थापित भए। पीडितहरूले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६४ चैत २८ गते उजुरी दिए पनि कारबाही भएन।

उत्तरगङ्गा गाविस-९ निवासी म्यादी प्रहरी ३२ वर्षीय इन्द्रलाल जैसीले आफ्नाविरुद्ध लागेको आरोपमा ०६४ चैत २७ गते उनलाई एमालेका कार्यकर्ताहरूले मैनतडा-३ जहरेघाटबाट अपहरण गरी कुटपिट गरे। पीडित सोही दिन मुक्त भए। उनको सुर्खेत अस्पतालमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६४ चैत ३० गते उजुरी दिए पनि सुनुवाइ भएन।

मैनतडा गाविस-६ निवासी काङ्ग्रेसका कार्यकर्ता ५२ वर्षीय हर्कबहादुर रानाले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ चैत २७ गते उनलाई एमालेका कार्यकर्ताहरूले घरमै कुटपिट गरे। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताए।

साहारे गाविस-८ निवासी काङ्ग्रेसका कार्यकर्ता ४२ वर्षीय भीमराज जीसी, ३६ वर्षीय किरण वली, ३२ वर्षीय नवीन सोनी, ३२ वर्षीय हुकुम सुनार, ३६ वर्षीय वीरबहादुर सोनी, ६० वर्षीय तेजबहादुर खत्री, ५५ वर्षीया उषा शाही, ४५ वर्षीय तेजविक्रम शाही, ४९ वर्षीय ढकबहादुर वली र ३० वर्षीय मनबहादुर विकले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ चैत २७ गते उनीहरूलाई एमाले कार्यकर्ताहरूले घरमै गई मार्ने धम्की दिनुका साथै घरपसलमा तोडफोडसमेत गरे। सो घटनापछि पीडितहरू तीन महिनासम्म घर छोडेर विस्थापित हुन बाध्य भएकामा यस वर्षको अन्त्यसम्म पीडितहरू पुनःस्थापित भए। पीडितहरूले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६४ चैत २९ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कारबाही भएन।

छिन्चु गाविस-३ हर्रे निवासी काङ्ग्रेस कार्यकर्ता ४९ वर्षीय देवेन्द्र खड्काले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६४ चैत २९ गते उनलाई एमालेका कार्यकर्ताहरूले घरमै गई तत्काल गाउँ नछोडेमा मार्ने धम्की दिए। उनी घर छोडेर छिन्चु बजारमा एक महिनासम्म बस्न बाध्य भए। पीडितहरूले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६४ चैत ३० गते उजुरी दिए पनि वर्षको अन्त्यसम्म कारबाही भएन।

छिन्चु गाविस-३ हर्रे निवासी काङ्ग्रेसका कार्यकर्ता ५२ वर्षीय खीमबहादुर विष्ट एमालेका विरुद्ध

लागेको आरोपमा ०६४ चैत ३० गते उनलाई एमालेका कार्यकर्ताहरूले घरमै गई कुटपिट गरे। उनको छिन्चुस्थित स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले त्रासका कारण कहीं उजुरी नगरेको बताए।

मेहेलकुना गाविस-१ निवासी काङ्ग्रेस कार्यकर्ता ३३ वर्षीय हस्तबहादुर पुन, सोही गाविस-५ का ४२ वर्षीय टेकबहादुर खत्री र घुमखहरे गाविस-३ का २३ वर्षीय सागर रावतले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६५ वैशाख २ गते उनीहरूलाई एमालेका कार्यकर्ताहरूले मेहेलकुना बजारमा मार्ने धम्की दिए। पीडितहरूले मेहेलकुना प्रहरी चौकीमा ०६५ वैशाख ३ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

मालारानी गाविस-७ निवासी काङ्ग्रेसका कार्यकर्ता ५२ वर्षीय नरेशविक्रम ढकाल र ३२ वर्षीय लीलाराम पाण्डेले काङ्ग्रेसको राजनीति गरेको आरोपमा ०६५ वैशाख ४ गते उनीहरूलाई एमालेका कार्यकर्ताहरूले घरमै गई मार्ने धम्की दिनुका साथै ढकालको मोटरसाइकल तथा पाण्डेको पसलमा तोडफोड गरे। पीडितहरूले मेहेलकुना प्रहरी चौकीमा ०६५ वैशाख ५ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

मैनतडा गाविस-१ निवासी काङ्ग्रेसका कार्यकर्ता ३५ वर्षीय मोहन खत्री र मैनतडा-५ का ३२ वर्षीय भूपेन्द्र रोकायले आफ्ना कार्यकर्ताहरूलाई धम्क्याएको आरोपमा ०६५ वैशाख २६ गते उनीहरूलाई एमालेका कार्यकर्ताहरूले मैनतडा-१ मा कुटपिट गरे। कुटपिटबाट घाइते भएका रोकायको नेपालगञ्जमा र खत्रीको सुर्खेतमा उपचार भयो। पीडितहरूले इलाका प्रहरी कार्यालय छिन्चुमा ०६५ वैशाख २८ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कारवाही भएन।

### गैरकानुनी गिरफ्तारी

वीरेन्द्रनगर नपा-७ का १९ वर्षीय भीमबहादुर सुनारले राती टर्चलाइट बाल्दा आँखामा टर्च बालेको आरोपमा ०६५ वैशाख १ गते उनलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी जवान हीरालाल सुनारले उनलाई वीरेन्द्रनगर नपा-८ कालिञ्चोकबाट बिनापुर्जी गिरफ्तार गरे। प्रहरी हिरासतमा कुटपिटसमेत गरिएका पीडित दुई दिनपछि रिहा भए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

गुमी गाविस-२ निवासी एमालेबाट समानुपातिकतर्फका उम्मेदवार ५५ वर्षीय हस्तबहादुर पुन र गुमी-६ निवासी काङ्ग्रेसबाट सुर्खेत क्षेत्र नं. १ का प्रत्यक्षतर्फका उम्मेदवार ७२ वर्षीय लालबहादुर घलेले निर्वाचनमा रुपियाँ बाँड्दैछन् भन्ने आरोपमा ०६४ फागुन २४ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताहरूले चुनाव प्रचार प्रसारमा रोक लगाई गाउँ घुम्न प्रतिबन्ध लगाए।

वीरेन्द्रनगर नपा-४ निवासी एमालेबाट सुर्खेत क्षेत्र नं. २ का प्रत्यक्ष उम्मेदवार यामलाल कँडेलले जनताको पक्षमा नबोलेको आरोपमा ०६४ चैत १७ गते एमालेद्वारा कल्याण गाविसमा आयोजित चुनावी आमसभालाई माओवादीका कार्यकर्ताहरूले अवरोध गरे। माओवादी जिल्ला कमिटी सुर्खेतका सदस्य तेजबहादुर घर्तीको नेतृत्वमा आएको माओवादी समूहले कँडेलले सम्बोधन गरिरहेको समयमा उनलाई जथाभावी गालीगलौजसमेत गरेको पीडितले बताए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

**पुनरावेदन अदालत**

पुनरावेदन अदालत सुर्खेतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा छैनन्। यस वर्ष दर्ता भएका छ थान मुद्दामध्ये दुई थान मुद्दा फर्स्यौट भई चार थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १९ थान मुद्दामध्ये यस वर्ष १४ थान फर्स्यौट भई पाँच थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ३० थान सरकारवादी फौजदारी मुद्दामध्ये सात थान फर्स्यौट भई २३ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म गत वर्षका पाँच थान र यस वर्षका २३ थान गरी सरकारवादी फौजदारी मुद्दा २८ थान फर्स्यौट हुन बाँकी रहे।

देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका चार थान मुद्दामध्ये दुई थान मुद्दा फर्स्यौट भई दुई थान बाँकी रहे। यस वर्ष दर्ता भएका २१ थानमध्ये पाँच थान मुद्दा फर्स्यौट भई १६ थान मुद्दा बाँकी रहे। यस वर्षका १६ थान र गत वर्षका दुई थान गरी देवानी मुद्दा १८ थान फर्स्यौट हुन बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म पुनरावेदन अदालत सुर्खेतमा ५० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस वर्ष बन्दी प्रत्यक्षीकरण रिट दर्ता भएनन्। परमादेश रिट गत वर्षको जिम्मेवारी सरेर आएको एक थान रहेकामा यस वर्ष फर्स्यौट भयो भने यस वर्ष नयाँ दर्ता भएनन्। निषेधाज्ञातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तीन थान र यस वर्ष दर्ता भएका चार थानमा सम्पूर्ण मुद्दाहरू फर्स्यौट भए।

**जिल्ला अदालत**

देवानी सरकारवादी मुद्दा छैनन्। देवानी दुनियाँवादी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ५ थानमध्ये ३१ थान मुद्दा फर्स्यौट भई ७४ थान बाँकी रहे। यस वर्ष दर्ता भएका २६ थानमध्ये दुई थान फर्स्यौट भई २४ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी ९८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

फौजदारी सरकारवादी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ९४ थानमध्ये ४१ थान मुद्दा फर्स्यौट भई ५३ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ४० थानमध्ये चार थान मुद्दा फर्स्यौट भई ३६ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी फौजदारी सरकारवादी ८९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

फौजदारी दुनियाँवादी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५२ थानमध्ये २२ थान मुद्दा फर्स्यौट भई ३० थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता हुन आएका ४० थानमध्ये नौ थान मुद्दा फर्स्यौट भई ३१ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका ३० थान मुद्दा र यस वर्षको ३१ थान मुद्दा गरी फौजदारी दुनियाँवादी ६१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

फौजदारी सङ्क्षिप्तमा गत वर्षको जिम्मेवारी सरेर आएका छ थान र यस वर्ष दर्ता भएका एक थान मुद्दा गरी जम्मा सात थान रहेकामा सबै मुद्दा फर्स्यौट भए।

देवानी सङ्क्षिप्तमा गत वर्षको जिम्मेवारी सरेर आएको एक थान मुद्दा र यस वर्ष दर्ता भएका तीन थान मुद्दा गरी जम्मा चार थान रहेकामा सबै मुद्दा फर्स्यौट भए।

फौजदारी विशेषमा गत वर्षको जिम्मेवारी सरेर आएका छ थान मुद्दा र यस वर्ष दर्ता भएको एक थान मुद्दा गरी जम्मा सात थान रहेकामा सबै मुद्दा फर्स्यौट भए। यस वर्षको अन्त्यसम्म २ सय २६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। तीमध्ये ५ वर्ष नाघेका देवानी मुद्दा सङ्ख्या ४१ थान, सरकारवादी फौजदारी मुद्दा २६ थान गरी जम्मा ६७ थान छन्।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

हरिहरपुर गाविस-१ का २८ वर्षीय केशव सम्सेदी, ३० वर्षीय हीरालाल सम्सेदी र उत्तरगङ्गा गाविस-८ का ३६ वर्षीय प्रेम लामाले चोरी गरेको आरोपमा ०६४ पुस २० गते उनीहरूलाई प्रहरीले हिरासतमा लात्ती, मुक्का र पाइपले कुटपिट गरी यातना दिए। पीडितहरूको सुर्खेतमै उपचार गरियो। यस वर्षको अन्त्यसम्म उनीहरू कारागारमा थुनामा रहेका छन्।

वीरेन्द्रनगर नपा-६ की १९ वर्षीया सोनी कुरेसी, १३ वर्षीया मोनी कुरेसी र १४ वर्षीया गुडिया कुरेसीले चोरी गरेको आरोपमा ०६५ जेठ १ गते उनीहरूलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतका डीएसपी गोविन्द शाह र असई ज्ञानुमाया थापाले हिरासतमा यातना दिए। पीडितहरूका अनुसार डीएसपी शाह र असई थापाले सोनीलाई हातमा करेण्ट लगाउनुका साथै खुट्टाका औंलाहरूमा पिन ठोकेर तथा पाइपले टाउकोमा हानेर, मोनीलाई खुट्टाका औंलाहरूमा पिन ठोकेर र कपाल उखेली तथा गुडियालाई लात्ती र मुक्का प्रहार गरी यातना दिएका थिए। पीडित सोनीको काठमाडौं तथा मोनी र गुडियाको सुर्खेतमै उपचार भयो। सो घटनाका बारेमा क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतका एसपी वीरबहादुर रानाको अध्यक्षतामा छानबिन समिति गठन भए पनि यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

वीरेन्द्रनगर नपा-६ का २७ वर्षीय हस्तबहादुर नेपाली, २५ वर्षीय बीरबहादुर बोहरा र २६ वर्षीय जयबहादुर रोकायले चोरी गरेको आरोपमा ०६५ जेठ १८ गते उनीहरूलाई जिल्ला प्रहरी कार्यालय सुर्खेतका डीएसपी गोविन्द शाहले प्रहरी हिरासतमा लात्ती, मुक्का र पाइपले कुटपिट गरे। उनीहरूको स्थानीय देउती नर्सिङ् होममा उपचार गरियो।

लाटीकोइली-९ का १९ वर्षीय आजाद इद्रीसले चोरी गरेको आरोपमा प्रहरीले ०६५ असार ८ गते उनलाई वीरेन्द्रनगर नपा-६ स्थित बीच बजारबाट पक्राउ गरी बीच बजारमै लात्ती, मुक्का तथा लट्ठी प्रहार गरी यातना दिए। दुई दिनपछि रिहा भएका इद्रीसको सुर्खेतमै उपचार भयो।

उत्तरगङ्गा गाविस-१ की २२ वर्षीया गर्भवती खम्बीसरा थापाका पति सशस्त्र प्रहरीका सहायक हवल्दार बलबहादुर थापाले बागेश्वरी सशस्त्र प्रहरी गण बाँकेमा विद्रोह गरेको बारेमा सशस्त्र प्रहरी महेश्वरी बाहिनी बाङ्गेसिमल सुर्खेतका डीआईजी कृष्णबहादुर विष्टले ०६५ असार ३० गते उनलाई 'अब तेरो पति बलिको बोको भइसक्यो, विद्रोह गर्नाको कारण भन्' भनी अमानवीय व्यवहार गरे। पीडितले सुनुवाइ नहुने ठानी कहीं उजुरी नगरेको बताइन्। डीआईजी कृष्णबहादुर विष्टले आफूले पीडितसँग सोधपुछ गरेको

तर कुनै अमानवीय व्यवहार नगरेको बताए।

### बालअधिकार

वीरेन्द्रनगर नपा-११ का १५ वर्षीय कर्णबहादुर विक, वीरेन्द्रनगर नपा-९ का १५ वर्षीय घनश्याम चौधरी, १५ वर्षीय कालुराम चौधरी, १५ वर्षीय मनबहादुर विक र लाटीकोइली गाविस-९ का १४ वर्षीय शक्ति नेपालीले चोरी गरेको आरोपमा ०६४ माघ २१ गते उनीहरूलाई प्रजिअ अनिलकुमार पाण्डेले आवश्यक वस्तु संरक्षण ऐन अन्तर्गत कारागारमा थुनामा राख्ने आदेश दिए। अधिकारकर्मी तथा सञ्चारकर्मीहरूले यसको विरोध गरेपछि यस वर्षको अन्त्यसम्म उनीहरू सबै जना वीरेन्द्रनगरस्थित सुधारगृहमा राखिएका छन्।

गुमी गाविस-२ की १५ वर्षीया एक बालिकालाई विवाह गर्ने बहानामा ०६५ असोज २३ गते सोही स्थानका ३१ वर्षीय लोकबहादुर वलीले गाउँमै बलात्कार गरे। पीडितलाई वलीले पाँच दिनसम्म आफ्नो नियन्त्रणमा राखेको पीडितले बताइन्। पीडक यस वर्षको अन्त्यसम्म जिल्ला अदालत सुर्खेतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

रामघाट गाविस-७ की २० वर्षीया एक युवतीलाई वीनपा-२ का पप्पु भनिने धनबहादुर नेपाली र उनकी पत्नी पवित्रा नेपालीले भारतमा काम लागाइदिन्छु भनी ०६५ वैशाख १५ गते भारतको काल्कामा पुऱ्याई एक व्यापारीलाई बेचविखन गरे। भारतीय प्रहरीको सहयोगमा ०६५ वैशाख ३० गते नेपाल फर्किएकी रम्तेल हाल सुर्खेतस्थित गैरसरकारी संस्थाको संरक्षणमा छिन्। पप्पु हाल भारतमा छन्। सोही आरोपमा पवित्रा भने जिल्ला अदालत सुर्खेतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेकी छन्।

वीरेन्द्रनगर नपा-११ का २२ वर्षीया सीता परियारलाई उनका पति २१ वर्षीय यादव परियारले दोस्रो विवाह गरेको लगत्तै ०६५ जेठ २५ गते उनलाई कुटपिट गरी घरबाट निकाला गरे। पीडितको सुर्खेतमै उपचार भयो। पीडक जिल्ला अदालत सुर्खेतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

हरिहरपुर गाविस-७ की २२ वर्षीया एक महिलालाई ०६५ जेठ ३० गते सोही गाउँका ३५ वर्षीय कुलवीर सिञ्जालीले पीडितको घरमै बलात्कार गरे। सिञ्जाली ०६५ असार ५ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

वीरेन्द्रनगर नपा-६ की २५ वर्षीया कुन्ती नेपालीले घरमा किचलो गरेको आरोपमा ०६५ कात्तिक २८ गते उनका पति प्रेम नेपालीले उनलाई कुटपिट गरी घरबाट निकाला गरे। पीडित दुई नाबालक छोरीसहित दहचौर गाविस-६ स्थित उनको माइतीको संरक्षणमा छिन्। पीडितले अंश नाता कायम गरिपाउँ भनी मङ्सिर १५ गते जिल्ला अदालत सुर्खेतमा मुद्दा दायर गरे पनि यस वर्षको अन्त्यसम्म फैसला भएन।

लाटीकोइली गाविस-७ की ३६ वर्षीया चन्द्रा विष्ट (सार्की)लाई कथित तल्लो जातिको भनी ०६५ पुस १४ गते उनका पति बालकृष्ण विष्टले घरबाट निकाला गरे। १४ वर्षीय छोरा गोपालसहित घर निकाला गरिएकी चन्द्रा हाल माइतीको संरक्षणमा छिन्। पीडितले ०६५ पुस १६ गते जिल्ला अदालत सुर्खेतमा अंश तथा नाता कायम गरी पाउँ भनी मुद्दा दाएर गरेकामा यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### सबै प्रकारका जातीय विभेद

वीरेन्द्रनगर नपा-६ की १५ वर्षीय मार्था दमाई (नेपाली)ले पानी छोएको आरोपमा ०६५ जेठ २२ गते सोही ठाउँका जैकला सुनार, लक्ष्मी विक, दीपा सुनार र सुनीता सुनारले सार्वजनिक धारामा लात्ती-मुक्का हान्नुका साथै कपाल भुत्ल्याएर कुटपिट गरे। पीडितको वीरेन्द्रनगरस्थित गुरुङ मेडिकलमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६५ जेठ २३ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकहरूलाई कारवाही भएन।

वीरेन्द्रनगर नपा-६ का २५ वर्षीया हेमन्त नेपाली र उनकी पत्नी २४ वर्षीया शान्ति नेपालीलाई ०६५ असार ११ गते सोही स्थानका सीता थापाले 'तिमीहरू तल्लो जातिकाले हाम्रो घरनजिकै आउनु पनि हुन्न' भनी लात्ती र मुक्काले कुटपिट गरे। पीडितहरूको सुर्खेत अस्पतालमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६५ असार १३ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कारवाही भएन।

तरङ्गा गाविस-५ का ४६ वर्षीय झुपे सुनार, ४१ वर्षीय रीन सुजी, ३२ वर्षीय कमारो सुजी, ३० वर्षीय सर्पे सुनार, ३५ वर्षीय काँसे सुजी, ४० वर्षीय मोती सुजी, २५ वर्षीय जिटिन सुजी, ५० वर्षीय धनबहादुर सुजी, ३४ वर्षीय जुद्धे सुजी, ३४ वर्षीय निरक दमाई, ४० वर्षीय रते दमाई, २३ वर्षीय पूर्ण दमाई र २४ वर्षीय तिलवीर दमाईलाई तल्लो जातको भन्दै ०६५ असार २१ गते सोही गाउँका भक्तबहादुर बडुवाल र

उनका आफन्तहरूले घरघरमा गई कुटपिट गर्नुका साथै घर छोडेर जान धम्की दिए। सो धम्कीका कारण पीडितहरूले तीन दिनसम्म घर छाडेका थिए। जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ०६५ असार २९ गते मिलापत्र भएपछि उनीहरू सबै जना घरमा छन्।

वीरेन्द्रनगर नपा-१ की ३६ वर्षीया इन्द्रकला सुनारले जग्गा साँधेको किचलो गरेको आरोपमा ०६५ साउन २४ गते सोही स्थानका अमर खत्री र राजु कुमाईले 'त डुमिनी हामीसँग लाग्ने' भन्दै उनलाई गाली गरे। पीडितले प्रहरी चौकी बाङ्गेसिमलमा ०६५ साउन २५ गते उजुरी दिएपछि पीडकद्वयले माफ मागेको पीडितले बताइन्।

वीरेन्द्रनगर नपा-१ का ४१ वर्षीय खडकबहादुर विकले बाटो मिचेको आरोपमा ०६५ साउन ३२ गते सोही स्थानका कर्णबहादुर खत्रीले 'तँ डुमले हाम्रो बाटो मिच्ने ?' भनी उनलाई गाली बेइज्जती गरे। पीडितले ०६५ भदौ १ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएपछि पीडकले माफ मागेका थिए।

वीरेन्द्रनगर नपा-१० की ४५ वर्षीया शान्ति नेपालीले सार्वजनिक स्थलमा पानी छोएको आरोपमा ०६५ असोज १० गते सोही स्थानका कृष्णा बस्नेतले 'तँ डुमिनीले छोएको पानी हामीले खाने ?' भनी उनलाई गाली बेइज्जती गरे। पीडितले दलित सेवा सङ्घ सुर्खेतमा ०६५ असोज ११ गते उजुरी दिएपछि पीडकले माफ मागेको पीडितले बताइन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भूमिहीन तथा सुकुम्बासी समस्या अशक्त भत्ता आदि**

यस जिल्लामा ५८ हजारभन्दा बढी भूमिहीनहरू छन्। सुकुम्बासी समस्या समाधान सङ्घर्ष समिति सुर्खेत र माओवादी निकट अखिल नेपाल सुकुम्बासी सङ्घर्ष समितिले पटक-पटक जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएपछि आवश्यक कारबाहीका लागि माथिल्ला निकायहरूमा जानकारी पठाइसकेको भए पनि सुनुवाइ भएको छैन। यस वर्ष हालसम्म अपाङ्ग, विधवा, वृद्ध र अशक्त भत्ता वितरणमा कुनै अवरोध आएको छैन।

### संरचना, सम्पति क्षति

**वाईसीएलबाट**

गुटु गाविस-८ का एमाले कार्यकर्ता गजराज वयकको घर तथा पसलमा ०६४ चैत २० गते वाईसीएलका कार्यकर्ताहरूले तोडफोड गरी २ लाख रुपियाँबराबरको क्षति पुऱ्याएको पीडितको भनाइ छ। पीडितले क्षतिपूर्तिका लागि प्रहरीमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

**एमालेबाट**

सुर्खेत क्षेत्र नं. १ का एमालेबाट प्रत्यक्ष उम्मेदवार ऋषिप्रसाद शर्माको हत्याको विरोधमा एमाले र माओवादीका कार्यकर्ताहरूले निर्वाचनका क्रममा काङ्ग्रेसका कार्यकर्ताहरू बोक्न प्रयोग गरेका भनी मैनतडा गाविसमा तीनओटा मोटरसाइकल, एक बस तथा छिन्चु गाविसमा दुईओटा बस, दुईओटा मोटरसाइकल र दुईओटा जीपमा आगजनी गरी ध्वस्त पारे। त्यस्तै उनीहरूले नै मैनतडा गाविस-३ जहरेका काङ्ग्रेसका कर्यकर्ताहरूको दुईओटा घर तथा पसलमा आगजनी तथा बाटेचौरमा पनि काङ्ग्रेस कार्यकर्ताकै तीनओटा घरपसलहरूमा तोडफोड गरी लाखौँको क्षति पुऱ्याएका थिए।

## ४.९ जाजरकोट



जनसङ्ख्या : १,५४,०९७
साक्षरता प्रतिशत : ४४
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.): २,२३०
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : ३४७/७
क्याम्पस/उच्च मा.वि. : १/७
अस्पताल/स्वास्थ्य चौकी : २/३३
मानव विकास सूचकाङ्क : ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानित रूपले बाँच्ने अधिकार
## हत्या
### बम विस्फोटबाट

गर्खाकोट गाविस-९ का २० वर्षीय गोविन्द शाह र उनका भाइ १७ वर्षीय धनबहादुर शाहको आफ्नै घरमा माओवादीले सशस्त्र द्वन्द्वकालमा लुकाइराखेको सकेट बम ०६४ चैत १६ गते साँझ विस्फोट हुँदा उनीहरूको घटनास्थलमै मृत्यु भयो। द्वन्द्वकालमा पीडितको घरमा छुटेको बम विस्फोट भएको माओवादीले बताए। पीडित परिवारले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्। पीडित परिवारले यस वर्षको अन्त्यसम्म कुनै प्रकारको क्षतिपूर्ति पाएनन्।

## जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका चार जना पुरुष र दुई जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका ११ जना पुरुष थुनवा रहेका छन्। यसरी जाजरकोट कारागारमा जम्मा १७ बन्दी रहेका छन्। जेलमा विद्युत्, रेडियो, टीभी र खेलकद सामग्रीको अभाव छ। साथै कारागारको कम्पाउण्ड साँघुरो भएकाले बन्दीहरूलाई घुमफिर गर्न समस्या रहेको बन्दीहरूले बताए।

## बेपत्ता/अपहरण
### माओवादीबाट

अर्घ्खानी गाविस-४ निवासी मान्नेढुङ्गा माविका शिक्षक ३१ वर्षीय देवबहादुर बस्नेत माओवादीविरुद्ध लागेको आरोपमा ०६४ माघ ५ गते साँझ उनलाई माओवादीले घरबाटै अपहरण गरे। स्थानीय गाउँलेको सहयोगमा पीडितलाई चार घण्टापछि मुक्त गरियो। माओवादीले पुनः कुटपिट गर्नसक्ने डरका कारण उजुरी नदिएको पीडितले बताए।

भगवती गाविस-३ निवासी काङ्ग्रेस कार्यकर्ताहरू २४ वर्षीय रवीन्द्र शाही र सोही गाविस-३ का २९ वर्षीय केशव विष्टले माओवादीको अनुमतिबिना संविधानसभाको निर्वाचनमा काङ्ग्रेसको प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत १६ गते माओवादीले उनीहरूलाई आ-आफ्नै घरबाट अपहरण गरे। अपहरित सबैलाई संविधानसभाको निर्वाचनमा माओवादी पार्टीविरुद्ध नजाने सर्तमा ०६४ चैत २१ गते दिउँसो सोही गाविस-२ बाट मुक्त गरियो। माओवादीले काङ्ग्रेसको पक्षमा चुनाव प्रचार प्रसार गर्न नपाइने सर्त राखेपछि पीडितहरूले संविधानसभा निर्वाचनमा काङ्ग्रेसको पक्षमा प्रचार प्रसार गरेनन्।

भगवती गाविस-९ निवासी एमाले कार्यकर्ताहरू २८ वर्षीय पूर्णबहादुर बस्नेत, ३५ वर्षीय दलबहादुर कामी, सोही गाविस-२ का २५ वर्षीय मोहन बस्नेत, सोही गाविस-१ का २७ वर्षीय कालीबहादुर बस्नेत, सोही ठाउँका २६ वर्षीय दीपबहादुर बस्नेत, सोही गाविस-५ का २८ वर्षीय नरबहादुर खत्री, सोही ठाउँका ३१ वर्षीय कगबहादुर बस्नेत र २६ वर्षीय विष्णु खत्रीले माओवादी पार्टीको अनुमतिबिना संविधानसभाको निर्वाचनमा एमाले पार्टीको प्रचार गरेको आरोपमा ०६४ चैत १६ गते राती माओवादी जिल्ला कमिटी सदस्य बुद्धि गुरुङको नेतृत्वमा गएको टोलीले उनीहरूलाई भगवती गाविस-१ ठूलाबगरबाट अपहरण गऱ्यो। पीडितहरूलाई ०६४ चैत १८ गते एमालेको पक्षमा संविधानसभा चुनावमा प्रचार प्रसार नगर्ने सर्तमा मुक्त गरियो। तर, पीडितहरूले संविधानसभाको निर्वाचनमा एमालेको प्रचारप्रसार कार्यमा संलग्न भएका थिए।

भगवती गाविस-२ निवासी एमाले कार्यकर्ता ३३ वर्षीय कृष्णप्रसाद जैसी र सोही ठाउँका ३५ वर्षीय खिमबहादुर बस्नेतले माओवादीको अनुमतिबिना गाउँमा संविधानसभाको निर्वाचनमा एमालेको प्रचार गरेको आरोपमा ०६४ चैत २६ गते माओवादीले उनीहरूलाई सोही गाविस-१ बस्नेतगाउँबाट अपहरण गरे। अपहरित सबैलाई ०६४ चैत २८ गते साँझ रग्दा गाविस-७ घ्यारगाउँबाट बिनासर्त मुक्त गरे। पीडितहरू संविधानसभाको निर्वाचनमा मतदान गर्नबाट समेत वञ्चित भएका थिए।

### वाईसीएलबाट

लहँ गाविस-७ का ३८ वर्षीय नारायणप्रसाद शर्माले गाउँलेहरूलाई ठगी गरेको आरोपमा ०६५ भदौ ११ गते उनलाई वाईसीएलका स्थानीय कार्यकर्ता जनकबहादुर सिंहको नेतृत्वमा आएको समूहले घरबाट अपहरण गऱ्यो। गाउँलेलाई ठगी गरेको रकम फिर्ता गर्ने सर्तमा ०६५ भदौ १९ गते शर्मालाई वाईसीएलले रामीडाँडा इलाका प्रहरी चौकीमा बुझायो। ठगी गरेको रकम फिर्ता गर्ने सर्तमा प्रहरीले शर्मालाई त्यसै दिन रिहा गऱ्यो।

### युथफोर्सबाट

पुन्मा गाविस-५ का २२ वर्षीय परवीर बुढाले

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ३ | ३ | १ | ४ | | | | | | | |
| घाइते | १ | ३ | | ३ | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | १ | १ | १ |
| कुटपिट | १३ | ३१ | १ | ३३ | ५ | ४ | १ | ५ | | | |
| धम्की | | | | | १ | ३ | | ३ | | | |
| भेला/सङ्गठित हुने अधिकार | ३ | ४ | | ४ | ३ | ३ | | ३ | | | |
| जातीय विभेद | ३ | ३ | | ३ | | | | | | | |
| महिलाअधिकार | ६ | | ६ | ६ | | | | | | | |
| बालअधिकार | ८ | १० | ६ | १६ | | | | | | | |
| अपहरण | ३ | ३ | १ | ३ | ४ | १३ | | १३ | | | |
| जम्मा | ३८ | ४५ | १५ | ६० | १३ | ३३ | १ | ३३ | १ | १ | १ |

घरमा पत्नी हुदाँहुँदै खलङ्गा गाविस-४ की हीरा वलीसँग बहुविवाह गरेको आरोपमा ०६५ साउन २९ गते दिउँसो उनलाई घरमै बसिरहेको अवस्थामा युथफोर्सका जिल्ला अध्यक्ष किरण चन्दको अगुवाइमा गएका कार्यकर्ताले अपहरण गरे। जेठी पत्नीलाई पालनपोषणका निम्ति ८ हजार रुपियाँ दिने सर्तमा ०६५ साउन ३० गते दिउँसो सदरमुकाम खलङ्गा गाविस-१ बाट पीडितलाई मुक्त गरे।

### धम्की/कुटपिट
### माओवादीबाट

खलङ्गा गाविस-६ का २९ वर्षीय इन्द्रबहादुर वलीले माओवादी पार्टी परित्याग गरी माओवादीको बदनाम गर्दै हिँडेको आरोपमा ०६४ चैत ७ गते उनलाई माओवादी कार्यकर्ताले घाइते हुने गरी कुटपिट गरे। पीडितको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। माओवादीले फेरि कुटपिट गर्ने डरका कारण उजुरी नगरेको पीडितले बताए।

मजकोट गाविस-२ लुहादहका २९ वर्षीय देउराम खड्काले संविधानसभा निर्वाचनमा माओवादीलाई भोट नदिएको आरोपमा ०६४ चैत २८ गते राती माओवादीका तीन-चार जना कार्यकर्ताहरूले उनलाई घरमा आई कुटपिट गरी घाइते बनाए। घाइतेको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले घटनाको सम्बन्धमा कतै उजुरी गरेनन्।

दशेरा गाविस-६ घर भई झाप्रा गाविस-८ काँडास्थित बलवान प्राविका शिक्षक धनबहादुर थापाले संविधानसभाको निर्वाचनमा माओवादीलाई सहयोग नगरेको आरोपमा ०६५ वैशाख ३ गते माओवादी कार्यकर्ता बहादुर बुढाको नेतृत्वमा आएको समूहले उनलाई डेराभित्र घाइते हुने गरी कुटपिट गऱ्यो। घाइतेको स्थानीय औषधि पसलमा उपचार भयो। माओवादी कार्यकर्ताहरूले कुटपिट गर्ने डरका कारण यस वर्षको अन्त्यसम्म सम्बन्धित निकायमा जाहेरी नगरेको पीडितले बताए।

झाप्रा गाविस-८ का पदमबहादुर थापा, सोही ठाउँका कर्णबहादुर थापा र गणेश थापाले संविधानसभाको निर्वाचनमा माओवादीलाई सहयोग नगरेको आरोपमा ०६५ वैशाख ३ गते उनीहरूलाई माओवादी कार्यकर्ता बहादुर बुढाको नेतृत्वमा आएको समूहले गाउँ निकाला गर्ने धम्की दियो। पीडित र पीडक पक्षबीच ०६५ वैशाख ८ गते झगडा नगर्ने सहमति भएपछि पीडितहरूले उजुरी गरेनन्।

खगेनकोट गाविस-८ निवासी एमाले कार्यकर्ता कले कामीले संविधानसभाको निर्वाचनमा माओवादीलाई

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | काङ्ग्रेसबाट | | | वाईसीएलबाट | | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | | | | | | | १ | ३ | ३ |
| घाइते | | | | | | | १ | ३ | | ३ | | | |
| कुटपिट | | | | ३ | ४ | ४ | ६ | ६ | १ | ७ | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | ३ | ३ | १ | १ | १ | | | | | | | |
| अपहरण | | | | | | | १ | १ | | १ | | | |
| जम्मा | १ | ३ | ३ | ३ | ५ | ५ | ८ | १० | १ | ११ | १ | ३ | ३ |

सहयोग नगरेको आरोपमा ०६५ वैशाख ९ गते राती उनलाई माओवादीले घर गइरहेको अवस्थामा दारीमपाटा गाउँस्थित बाटोमा कुटपिट गरी घाइते बनाए। उनको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले कतै उजुरी गरेनन्।

### वाईसीएलबाट

ढिमे गाविस-१ का २६ वर्षीय जयबहादुर विकले माओवादीविरुद्ध अभिव्यक्ति दिएको आरोपमा ०६४ पुस १९ गते उनलाई वाईसीएलका कार्यकर्ता कुशल भनिने नरबहादुर मल्लको नेतृत्वमा चार-पाँच जनाको सङ्ख्यामा गएको समूहले कुटपिट गरी घाइते बनायो। पीडितको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारबाही भएन।

रामीडाँडा गाविस-५ निवासी अनेरास्वावियुका कार्यकर्ता २२ वर्षीया रीता बोहराले माओवादीविरुद्ध अभिव्यक्ति दिएको आरोपमा ०६४ चैत १४ गते बिहान उनलाई वाईसीएलका कार्यकर्ता चन्द्रविक्रम शाहीले रोकाया गाविस-७ मा कुटपिट गरी घाइते बनाए। आँखामा चोट लागेका पीडितको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। पीडकलाई प्रहरीले त्यसै दिन गिरफ्तार गरी सार्वजनिक मुद्दा अन्तर्गत थुनामा राखेकामा स्थानीय प्रशासनले ०६४ चैत २३ गते ५ हजार रुपियाँ धरौटी राख्न लगाई रिहा गऱ्यो।

नायकवाडा गाविस-१ निवासी एमाले कार्यकर्ता २० वर्षीय टोपबहादुर सिंहले माओवादी पार्टीलाई समर्थन नगरेको आरोपमा ०६४ चैत १६ गते राती उनलाई वाईसीएल कार्यकर्ताले घरमै गएर कुटपिट गरे। यस वर्षको अन्त्यसम्म पीडितले उजुरी गरेनन्।

भूर गाविस-१ निवासी एमाले कार्यकर्ता ३८ वर्षीय हरिबहादुर घर्ती र सोही ठाउँका २८ वर्षीय गोपाल जैसीले संविधानसभा चुनावमा एमालेको प्रचार गरेको आरोपमा ०६४ चैत २५ गते साँझ उनीहरूलाई वाईसीएल कार्यकर्ताले कुटपिट गरे। पीडितले यस वर्षको अन्त्यसम्म उजुरी गरेनन्।

लहँ गाविस-८ निवासी पूर्वगाविस उपाध्यक्ष ४६ वर्षीय घनबहादुर सिंहले वाईसीएलसँग राजनीतिक विवाद गरेको आरोपमा ०६५ असोज ३ गते दिउँसो उनलाई वाईसीएल कार्यकर्ताहरूले गाउँमा कुटपिट गरी घाइते बनाए। घाइते सिंहको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले दल्ली प्रहरी चौकीमा लिखित उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

रग्दा गाविस-९ निवासी एमाले गाउँ कमिटी सचिव २६ वर्षीय कमल मल्लले आफ्ना कार्यकर्तासँग राजनीतिक विवाद गरेको आरोपमा ०६५ असोज ६ गते राती उनलाई वाईसीएल कार्यकर्ताले घरमा बसिरहेको अवस्थामा घाइते हुने गरी कुटपिट गरे। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी दिएनन्। उक्त घटनाका विरुद्धमा गाउँलेहरूद्वारा गरेको प्रतिकारमा रग्दा गाविस-७ निवासी वाईसीएल कार्यकर्ता जयबहादुर घ्यार, सोही गाविस-४ राजगाउँ निवासी पृथ्वीबहादुर रावत, भीमबहादुर रावत, यमबहादुर रावत, मुक्तबहादुर मल्ल र विश्वास भनिने वाईसीएल कार्यकर्ता घाइते भए। आफ्ना कार्यकर्तालाई कुटपिट गर्ने गाउँलेमाथि कारबाहीको माग राख्दै ०६५ असोज ७ गते वाईसीएलले रग्दा प्रहरी चौकी घेराउ गरे। गाउँलेलाई

यस वर्षको अन्त्यसम्म कारबाही भएन।

### काङ्ग्रेसबाट

गर्खाकोट गाविस-९ छिर्क निवासी माओवादी कार्यकर्ता ३२ वर्षीय कर्णबहादुर बुढाले युद्धकालीन समयमा स्थानीय गाउँलेलाई कुटपिट गरेको आरोपमा ०६४ पुस १७ गते सोही गाविस-८ निवासी काङ्ग्रेस कार्यकर्ता गोपाल शाहले उनलाई घाइते हुने गरी कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले उक्त घटनाको विषयमा यस वर्षको अन्त्यसम्म उजुरी गरेनन्।

भगवती गाविस-९ निवासी माओवादी जिल्ला कमिटी सदस्य सेतु गिरी, सोही ठाउँका माओवादी कार्यकर्ता ३६ वर्षीय ओकवीर विक र प्रताप थापाले युद्धकालीन समयमा गाउँलेहरूलाई कुटपिट गरेको आरोपमा ०६४ पुस २९ गते काङ्ग्रेस कार्यकर्ता बालकृष्ण बोहराको नेतृत्वमा १०/१५ जनाको सङ्ख्यामा आएको समूहले उनीहरूलाई सोही गाविस-५ मा कुटपिट गरी घाइते बनायो। पीडितहरूले यस वर्षको अन्त्यसम्म घटनाका बारेमा उजुरी गरेनन्।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

राप्रपा नेपालका जिल्ला अध्यक्ष एवम् जाजरकोट क्षेत्र नं. १ र २ बाट संविधानसभा सभासद् पदका उम्मेदवार गोपालविक्रम शाह राजावादी भएको आरोपमा ०६४ चैत ४ गते बिहान पैँक गाविस-५ पैँक निवासी माओवादी एरिया इञ्चार्ज जनक गौतमको नेतृत्वमा आएका माओवादी कार्यकर्ताले उनको अनुहारमा मोसो दल्नुका साथै गाउँमा चुनाव प्रचार प्रसारमा समेत रोक लगाए। पीडितलाई त्यस दिन सुरक्षार्थ इलाका प्रहरी चौकी पैँकमा राखियो। भोलिपल्ट स्थिति सामान्य भएपछि चैत ५ गते पीडित सदरमुकाम फर्किएका थिए। पीडितले कतै उजुरी गरेनन्।

थालरैकर गाविस-३ ठाटीबजारमा ०६४ चैत १८ गते दिउँसो एमालेको संविधानसभासम्बन्धी आमसभा भइरहेको समयमा माओवादीले सभा बिथोल्न खोज्दा दुवै पक्षबीच झडप हुँदा माओवादी कार्यकर्ता टीकाराम रेग्मी र प्रेमबहादुर शाही घाइते भए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

सीमा गाविस-९ छेडास्थित एमालेको सभालाई ०६४ चैत १९ गते दिउँसो माओवादीले बिथोल्न ढुङ्गामुढा गर्दा साल्मा गाविस-६ निवासी एमाले कार्यकर्ता २६ वर्षीय वीरबहादुर नेपाली टाउकोमा चोट लागी घाइते भए। पीडितले कुटपिट गर्ने माओवादीविरुद्ध यस वर्षको अन्त्यसम्म उजुरी गरेनन्।

खलङ्गा गाविस-२ मा ०६४ चैत २७ गते संविधानसभाको निर्वाचनका क्रममा राप्रपा र काङ्ग्रेस कार्यकर्ताबीच झडप हुँदा काङ्ग्रेस कार्यकर्ताद्वारा खुकुरी प्रहार गरी सोही स्थानका अङ्कित शाह घाइते भए। पीडितको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जाजरकोट जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १८ थान सरकारवादी फौजदारी मुद्दामध्ये छ थान फर्स्यौट भई १२ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका १९ थान सरकारवादी फौजदारी मुद्दामध्ये कुनै पनि फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा ३१ थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १७ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भई १३ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १२ थान देवानी मुद्दामध्ये कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा २५ थान फर्स्यौट हुन बाँकी रहे। यस वर्षको अन्त्यसम्म जाजरकोट जिल्ला अदालतमा ५६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जाजरकोट जिल्ला अदालतमा पाँच वर्षभन्दा पुराना मुद्दा छैनन्।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

खलङ्गा गाविस-६ निवासी सोही गाविस-२ ठाटीबजारमा होटल व्यवसाय गर्ने २२ वर्षीय खिमराज वलीले स्थानीय गाउँलेसँग झगडा गरेको आरोपमा ०६४ माघ २० गते दिउँसो जिल्ला प्रहरी कार्यालयबाट गएका प्रहरीले उनलाई ठाटी बजारबाट बिनापुर्जी गिरफ्तार गरे। प्रहरीले हिरासतमा पीडितको शरीर तथा पैतालामा प्लास्टिक पाइपको लाठीले जथाभावी हिर्काउँदै यातना दिए। यातनाबाट घाइते भएका पीडितको जिल्ला अस्पतालमा उपचार भएको थियो भने पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

### बालअधिकार

खलङ्गकोट गाविस-२ की १३ र १२ वर्षीया दुई बालिकालाई ०६५ मङ्सिर १८ गते नाइकबाडा गाविस-५ कालाखोलाका ४६ वर्षीय डिल्लीबहादुर

नेपालीले ललाइफकाई भारततर्फ बेच्न लगिरहेको अवस्थामा रिम्मा प्रहरी चौकीका प्रहरीले उनीहरूको उद्धार गरे। पीडितले ०६५ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि प्रहरीले बालबालिका बेचबिखनसम्बन्धी मुद्दा चलाई कारागार चलान गरिएका नेपाली यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि कारागार रहेका छन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पजारु गाविस-८ की ५५ वर्षीय एक महिलालाई ०६५ असार १ गते सोही ठाउँका ३३ वर्षीय कर्णबहादुर गिरीले दिउँसो घरमा कोही नभएको समयमा बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि आरोपित गिरीलाई पुर्पक्षका लागि ०६५ असार १० गते कारागार चलान गरिएको छ।

डाडागाउँ गाविस-१ की ३७ वर्षीया एक महिलालाई ०६५ साउन १५ गते दिउँसो सोही ठाउँका २६ वर्षीय उदय विकले घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि आरोपित विकलाई पुर्पक्षका लागि ०६५ साउन २५ गते कारागार चलान गरिएको छ।

झाप्रा गाविस-७ की ४० वर्षीया एक महिलालाई ०६५ असोज २७ गते राती सोही ठाउँका २२ वर्षीय आइते घर्तीले घरमा कोही नभएको समयमा बलात्कार गरेको आरोपमा पीडितले ०६५ कात्तिक २ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। पीडक यस वर्षको अन्त्यसम्म फरार छन्।

### बहुविवाह

खलङ्गा गाविस-६ की २१ वर्षीया रूपकली विष्टका पति २२ वर्षीय मोहन खड्काले घरमा पत्नी हुदाँहुँदै सोही ठाउँकी १९ वर्षीया सीता सिंहसँग ०६५ जेठ २४ गते दोस्रो विवाह गरे। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरिनन्।

पुन्मा गाविस-५ की २१ वर्षीया सरस्वती बुढाका पति २२ वर्षीय परवीर बुढाले घरमा पत्नी हुँदाहुँदै खलङ्गा गाविस-४ की १७ वर्षीया हीरा वलीसँग ०६५ साउन २१ गते विवाह गरे। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरिनन्।

पजारु गाविस-८ की ३६ वर्षीय चमेली दमाईका पति ४० वर्षीय दत्तेवीर दमाईले घरमा पत्नी हुँदाहुँदै सोही ठाउँकी ३५ वर्षीया हीरा वलीसँग ०६५ मङ्सिर २० गते विवाह गरे। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरिनन्।

### सबै प्रकारका जातीय विभेद

जुगाथापाचौर गाविस-८ का २० वर्षीय शेरबहादुर नेपालीलाई खलङ्गा गाविस-२ की होटल व्यवसायी ५८ वर्षीया मानकुमारी श्रेष्ठले ०६५ साउन २८ गते कथित तल्लो जातिको मानिस भनी होटलमा जातीय विभेद गरिन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि मानकुमारीलाई जिल्ला प्रहरी कार्यालयले झिकाई जिल्लास्थित दलित अधिकारकर्मीको रोहबरमा पीडितसमक्ष आइन्दा जातीय भेदभाव नगर्ने सर्तमा माफी माग्न लगायो।

खगेनकोट गाविस-९ का २५ वर्षीय गोविन्द विकले सोही ठाउँकी छितीकुमारी सिंहसँग विवाह गरेको आरोपमा ०६५ मङ्सिर २६ गते सोही ठाउँका कथित उपल्लो जातिका मानिसहरूले माथिल्लो जातिकी महिलासँग विवाह गरी अपमान गरेको भन्दै विकलाई २५ हजार रुपियाँ तिर्न लगाए। विवाहित महिलासँगको वैवाहिक सम्बन्धसमेत विच्छेद गराए। विकले आफूलाई अपमान गरेको भन्दै जिल्ला अदालतमा ०६५ पुस ३ गते उजुरी गरे। यस वर्षको अन्त्यसम्म मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### खाद्यान्न सङ्कट

जिल्लाका ग्रामीण क्षेत्रका १४ गाविसहरूमा प्रत्येक वर्ष हुने खडेरीका कारण खाद्यान्न उत्पादनमा कमी आई सो गाविसमा बसोबास गर्ने करिब ५ सय घरपरिवारका ३ हजार ५ सय मानिस भोकमरीको समस्याबाट पीडित भए। यस वर्ष खाद्यान्न समस्यामा परेका गाविसहरूमा रोकाय गाउँ, रामीडाँडा, नायकबाडा, सक्ला, रग्दा, भगवती, अर्छानी, टालेगाउँ, गार्खाकोट, खगेनकोट, पजारू, दह, मजकोट, कोर्त्ताङ्ग, सुवानाउली रहेका छन्।

# ४.१० दैलेख



जनसङ्ख्या : २,६०,५६६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): १,५०२
गाविस/नपा सङ्ख्या : ५५/१
सरकारी/निजी विद्यालय : ३५१/१३
क्याम्पस/उच्च मा.वि. : २/१७
अस्पताल/स्वास्थ्य चौकी : १/६२
मानव विकास सूचकाङ्क : ०.३८१
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्ने अधिकार

#### हत्या

#### अज्ञात समूहबाट

चौराठा गाविस-३ निवासी काङ्ग्रेस निर्वाचन क्षेत्र नं. १ का क्षेत्रीय सभापति ४० वर्षीय डिल्लीप्रसाद जैशीको ०६५ जेठ १६ गते सदरमुकामबाट घरतर्फ जाँदै गर्दा चौराठा गाविस-३ स्थित सानिमाखुमा अज्ञात समूहले हत्या गऱ्यो। पीडितको टाउकोमा गहिरो चोट लागेको थियो। यस वर्षको अन्त्यसम्म पनि पीडितको हत्या कसले गरेको हो, खुल्न सकेन। जिल्ला प्रहरी कार्यालयले घटनाको छानबिन भइरहेको जनायो।

#### गोली/विस्फोटक पदार्थद्वारा घाइते

#### विस्फोटक पदार्थबाट

रुम गाविस-८ सिडारका बमबहादुर शाही ०६५ भदौ १२ गते करिब ५ बजे आफ्नै घरमा सकेट बम पड्किँदा घाइते भए। घरको सिरान तला (अथारो) सफा गर्ने क्रममा बम पड्किएपछि बमबहादुर शाहीको बायाँ आँखामा छर्रा लागेको थियो। पीडितको सदरमुकामस्थित जिल्ला अस्पतालमा उपचार भयो। काङ्ग्रेसका सक्रिय कार्यकर्ता बमबहादुर शाही द्वन्द्वका क्रममा माओवादीबाट विस्थापित भई परिवारसहित बाँकेको चिसापानीमा बस्दै आएका थिए। देशमा शान्ति स्थापनापछि घरमा फर्किएका शाहीको घरमा पड्केको बम द्वन्द्वका क्रममा माओवादीका कार्यकर्ताहरू उक्त घरमा बस्ने गरेकाले उनीहरूले नै छाडेको हुनसक्ने पीडितले बताए।

बडाभैरव गाविस-२ खोरका ११ वर्षीय मानबहादुर विक ०६५ मङ्सिर ५ गते घरनजिकैको धारामा पानी लिन जाँदा बाटामा भेटाएको खेलौना घरमा ल्याई खेलाउँदै गर्दा एक्कासि विस्फोट भई घाइते भए। विस्फोटका कारण पीडितको बायाँ आँखा गुमेको छ। पीडितको नेपालगञ्जस्थित फत्तेबाल आँखा अस्पतालमा उपचार भयो।

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता १९ जना रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका नौ जना पुरुष कैदी रहेका छन् भने कैद नतोकिएका सात जना पुरुष र एक जना महिला थुनुवा रहेका छन्। यसरी दैलेख कारागारमा जम्मा १७ जना बन्दी रहेका छन्। बन्दीहरू सुत्ने कोठाहरूमा शौचालय व्यवस्था नहुनु, खेलकुद सामग्रीहरू नहुनु, छुट्टै महिला कारागारको व्यवस्था नहुनुजस्ता समस्याहरू विद्यमान रहेको बन्दीहरूको गुनासो रहेको छ। बन्दीहरूद्वारा आफैं उत्पादित सामानहरूले बजार नपाएको बन्दीहरूको भनाइ रहेको छ।

### धम्की/कुटपिट

#### माओवादीबाट

नाउलेकटुवाल गाविस-५ का निरकबहादुर थापाले संविधानसभाको निर्वाचनमा एमालेको प्रचार गरेको आरोपमा ०६४ चैत १२ गते राती माओवादी कार्यकर्ताले उनलाई सोही स्थानमा कुटपिट गरे। कुटपिटका क्रममा पीडितको अनुहारमा चोट लागेको थियो। पीडितको स्थानीय प्राथमिक स्वास्थ्य चौकीमा उपचार भयो। माओवादी जिल्ला सदस्य नयाँराम थापा र पीडितबीच इलाका प्रहरी कार्यालयमा छलफल भएपछि माओवादीले माफ मागेका थिए।

राप्रपा नेपालका जिल्ला सदस्य रणबहादुर सिंह र राप्रपा नेपालनिकट युवा सङ्गठनका जिल्ला अध्यक्ष युवराज शाहीलगायतका कार्यकर्ताहरूले निर्वाचनमा राजाको वकालत गरेको आरोपमा ०६५ चैत १२ गते

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | महिला | जम्मा |
| हत्या | १ | १ | | १ | | | | | | |
| घाइते | ४ | ४ | | ४ | | | | | | |
| कुटपिट | ८ | ९ | १ | १० | २ | ३ | ३ | | | |
| धम्की | १ | ५ | | ५ | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | १ | ६ | | ६ | १ | १ | १ | | | |
| जातीय विभेद | ४ | १० | | १० | | | | | | |
| महिलाअधिकार | ४ | | ४ | ४ | | | | | | |
| बालअधिकार | १ | | १ | १ | | | | | | |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ | १ | ३ | ३ |
| जम्मा | २४ | ३५ | ६ | ४१ | ४ | ५ | ५ | १ | ३ | ३ |

उनीहरूलाई माओवादीका कार्यकर्ताहरूले तोली गाविस-५ नौमूले बजारमा कुटपिट गरे। पीडितहरूलाई इलाका प्रहरी कार्यालय नौमूलेले तत्काल सुरक्षा दिएको थियो। ०६५ चैत १३ गते माओवादी र राप्रपा नेपालका कार्यकर्ताबीच इलाका प्रहरी कार्यालयमा यस्ता गल्ती नगर्ने र एक पार्टीका कार्यकर्तालाई अर्को पार्टीले कुटपिट नगर्ने सहमति भएपछि समस्याको समाधान भयो।

### वाईसीएलबाट

बेलपाटा गाविस-५ का १८ वर्षीय टोपबहादुर थापाले माओवादी परित्याग गरी एमालेमा प्रवेश गरेको आरोपमा ०६४ चैत २१ गते बेलुका करिब वाईसीएलका कार्यकर्ताहरूले उनलाई घरमै गई कुटपिट गरे। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितको अवस्था सामान्य छ। माओवादी र एमालेबीच आपसी छलफलमा यस्ता गल्ती नगर्ने सहमति भएपछि पीडितले कुनै उजुरी गरेनन्।

दल्लु गाविस-१ निवासी राष्ट्रिय निर्वाचन अनुगमन सञ्जाल (नेमा)का पर्यवेक्षक १९ वर्षीय विनय दाहाललाई ०६४ चैत २४ गते वाईसीएलका कार्यकर्ताहरूले उनलाई पर्यवेक्षक परिचयपत्र लिन सदरमुकाम जाँदै गर्दा नारायण नपा-२ को माल्लीमा कुटपिट गरे। आफूले 'चुनावमा मतदान गोप्य हुन्छ, आफूले चाहेको पार्टीलाई रोज्ने अधिकार सबैलाई हुन्छ' भनेपछि माओवादीलाई भोट नहाल्ने, तैंले माओवादीलाई चिनेको छैनस् भन्दै कुटपिट गरेको पीडितले बताए। पीडितको आँखामा चोट लागेको थियो। पीडितको उपचार सदरमुकामस्थित थापा मेडिकलमा भयो। नेमा र माओवादीबीच जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा माओवादी जिल्ला सचिव कर्णबहादुर बस्नेतले आफ्ना कार्यकर्ताहरूबाट गल्ती भएको स्वीकार गर्दै अब यस्ता गल्ती हुन नदिने प्रतिबद्धता व्यक्त गरे।

रावतकोट गाविस-४ निवासी काङ्ग्रेस गाउँ कार्यसमितिका कोषाध्यक्ष मीनबहादुर थापालाई ०६५ साउन २६ गते बेलुका नारायण नपा-२ माल्लीमा वाईसीएलका डिल्ली थापालगायत ९/१० जना जतिको समूहले सदरमुकामबाट घरतर्फ जाँदै गर्दा एक्कासि कुटपिट गऱ्यो। आफ्नो सङ्गठनविरुद्ध आगामी दिनमा बोले मार्ने धम्की दिई एक्कासि कुटपिट गर्न थालेपछि आफू भागेको पीडितले बताए। पीडित सदरमुकामस्थित राम मेडिकलमा सामान्य उपचार गरी घर फर्किए। काङ्ग्रेस जिल्ला कार्यसमितिले कुटपिटको विरोध गर्दै विज्ञप्ति प्रकाशन गरी दोषीउपर कारवाहीको माग गरेको थियो। माओवादी र काङ्ग्रेसबीच आपसी छलफलपछि पीडितेले उजुरी गरेनन्।

**तालिका** : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | मुस्कान सेना नेपालबाट | | | काङ्ग्रेसबाट | | | | वाईसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | | | | | | | १ | १ | १ |
| घाइते | | | | | | | | | | | ३ | ३ | ३ |
| कुटपिट | | | | ३ | ४ | १ | ५ | ३ | ३ | ३ | ३ | ३ | ३ |
| धम्की | १ | ५ | ५ | | | | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | १ | ६ | | ६ | | | | | | |
| जम्मा | १ | ५ | ५ | ४ | १० | १ | ११ | ३ | ३ | ३ | ६ | ६ | ६ |

### नेपाली काङ्ग्रेसबाट

नेपा गाविस-७ का इन्द्रबहादुर कार्कीले काङ्ग्रेस पार्टीविपरीत गतिविधि गाउँमा सञ्चालन गरेको आरोपमा ०६४ चैत २६ गते काङ्ग्रेसका कार्यकर्ताहरूले उनलाई उनकै घरमा गई कुटपिट गरे। पीडितको हात, खुट्टा र टाउकोमा चोट लागेको थियो। पीडितको उपचार दुल्लुस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। हाल उनको अवस्था सामान्य रहेको छ। इलाका प्रहरी कार्यालयमा काङ्ग्रेसका भूपेन्द्रजङ्ग महत र पीडितबीच भएको छलफलमा पीडकले माफी मागेका थिए।

बिसल्ला गाविस-४ का २५ वर्षीय गजेन्द्र शाहीले काङ्ग्रेसलाई भोट नदिएको आरोपमा ०६५ वैशाख ४ गते बेलुका काङ्ग्रेसका कार्यकर्ता गणेश शाहीले उनलाई सदरमुकामस्थित पुरानो बजारमा कुटपिट गरे। कुटपिटमा पीडितको अगाडिका दुईवटा दाँत भाँचिएका थिए। उनको उपचार नेपालगञ्जमा भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६५ वैशाख ६ गते कारवाहीका लागि उजुरी दिए। पीडक र पीडितबीच आपसी छलफलमा पीडकले माफ मागेपछि समस्याको समाधान भयो।

### मुस्कान सेना नेपालबाट

पर्नाथ गाविस-९ निवासी भगवती प्राथमिक विद्यालयका प्रधानाध्यापक भीमबहादुर बस्नेत, सोही विद्यालयका शिक्षक टोपबहादुर बस्नेत, अतिरिक्त हुलाक कार्यालयका कर्मचारी ललित खत्री, राष्ट्रिय जनमोर्चा जिल्ला सदस्य झविराज खत्री र सोही गाविस-८ का बलबहादुर थापाले मुस्कान सेना नेपालविरुद्ध गाउँमा गतिविधि सञ्चालन गरेको भन्दै ०६५ जेठ २३ गते मुस्कान सेना नेपालले उनीहरूलाई मार्ने धम्की दियो। पीडकले पर्नाथ गाविस-८ स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा सादा कागजी पर्चा फालेर पीडितहरू छ महिनाभित्र नसच्चिए उनीहरूलाई मार्ने धम्की दिइएको थियो।

### अज्ञात समूहबाट

नारायण नपा-८ तार्ताङमा ०६५ पुस ३ गते राती ठालुडाँडा बजारबाट सशस्त्र प्रहरी बेस क्याम्पमा जाँदै गर्दा अज्ञात समूहको आक्रमणबाट सशस्त्र प्रहरीका असई जोगबहादुर केसी घाइते भए। पीडितलाई अज्ञात समूहले एक्कासि पछाडिबाट आक्रमण गरेको सशस्त्र प्रहरी बेसक्याम्पले जनाएको छ। आक्रमणबाट पीडितको टाउकोमा चोट लागेको थियो। पीडितमाथि केबाट आक्रमण गरिएको हो भन्नेबारे केही जानकारी भएन। घाउका आधारमा धारिलो हतियार प्रयोग भएको हुनसक्ने बताइएको छ। पीडितलाई जिल्ला अस्पताल ठालुडाँडामा उपचार गरी क्याम्पमा लगिएको र उनलाई थप उपचारका लागि नेपालगञ्ज पठाइएको सशस्त्र प्रहरी बेस क्याम्पले जनायो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

### माओवादीबाट

निर्वाचन क्षेत्र नं. २ को सात्तला गाविसमा ०६४ चैत १२ गते एमालेले आयोजना गरेको चुनावी सभालाई एमाले उम्मेदवार राजबहादुर बुढाले सम्बोधन गरिरहेका बेला माओवादी कार्यकर्ता जङ्गबहादुर खड्कालगायतको समूहले अवरोध गरे। एमाले उम्मेदवार बोलिरहेको माइक माओवादी कार्यकर्ता

जङ्गबहादुर खड्काले खोसी माओवादीको युद्ध अझै नसकिएको बताएका थिए। माओवादी कार्यकर्ताले अवरोध पुऱ्याएपछि एमाले कार्यकर्ता र माओवादी कार्यकर्ताबीच विवाद उत्पन्न भएको थियो। सोही दिन बेलुका माओवादी र एमालेका कार्यकर्ताहरूले आपसी छलफल गरी सो घटनामा आफ्नो पार्टीले गल्ती गरेको माओवादीले स्वीकार गरेका थिए भने आगामी दिनमा यस्ता गतिविधि नगर्न दुवै पक्षबीच सहमति भएको थियो।

### एमालेबाट

निवार्चन क्षेत्र नं. १ को काशीकाध गाविसको गडीगाउँ प्राविमा रहेको मतदान केन्द्र र कोट प्रस्तावित माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रका मतपेटिका एमालेका कार्यकर्ताहरूले ०६४ चैत २८ गते लुटेर लगे। गडीगाउँ प्राविमा रहेको मतदान केन्द्रको निर्वाचनमा माओवादीले एकलौटी बुथ कब्जा गरी निर्वाचन गराएको भन्दै पीडकहरूले मतपेटिका लुटेका थिए। एमालेका कार्यकर्ताहरूले मतपेटिका लुटेर लगेपछि त्यहाँको मतदान स्थगित भयो। स्थगित गरिएको निर्वाचन ०६५ वैशाख ५ गते पुन: गरिएको थियो। एमालेका जिल्ला सदस्य जङ्गबहादुर शाहीलगायतको टोलीले निवार्चनका मतपेटिका लुटेको भन्दै काङ्ग्रेस, माओवादी, राष्ट्रिय जनमोर्चा, मजदुर किसान पार्टीले जिल्ला निवार्चन कार्यालयमा उजुरी दिए। उजुरीका विषयमा जिल्लास्थित राजनीतिक दलका प्रतिनिधि र मुख्य निर्वाचन अधिकृतलगायतको छलफलमा मुद्दालाई अगाडि नबढाउन निर्णय भयो।

### काङ्ग्रेसबाट

निर्वाचन क्षेत्र नं. २ का एमालेतर्फबाट संविधानसभा प्रत्यक्ष उम्मेवार राजबहादुर बुढासहितको टोली पादुका गाविसमा आयोजित चुनावी सभा सकेर रावतकोट गाविसको सभालाई सम्बोधन गर्न त्यसतर्फ जाँदै गर्दा ०६४ चैत १७ गते बेलुका काङ्ग्रेस समर्थक कार्यकर्ताहरूले उनीहरूलाई बडलम्जी गाविसको चकत्राबजारमा एक्कासि आक्रमण गरे। आक्रमणबाट एमालेका कार्यकर्ता जम्बुकाँध गाविस-३ का भद्रबहादुर बुढा, सोही गाविस-४ का कस्मिक बुढा, नाउलेकटुवाल गाविसका सुवर्ण खड्का, अनेरास्ववियु जिल्ला कोषाध्यक्ष कलम शाही, अनेरास्ववियुका केन्द्रीय सदस्य आशाराम आचार्य, अनेरास्ववियुका जिल्ला अध्यक्ष विष्णु शाही घाइते भए। कुटपिटमा घाइतेमध्ये भद्रबहादुर बुढाको नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा उपचार भयो भने कस्मिक बुढाको जिल्ला सदरमुकामस्थित जिल्ला अस्पतालमा उपचार भयो। अन्य घाइतेको रावतकोट गाविसस्थित उपस्वास्थ्य चौकीमा उपचार भयो। पीडितले ०६४ चैत १८ गते जिल्ला निर्वाचन कार्यालयमा घटनामा संलग्न शमशेरबहादुर विष्ट, दीपेन्द्र शाहीलगायतलाई कारबाही गर्न उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म पीडकलाई कारबाही गरिएको छैन।

कासीकाँध गाविस-६ का मन्तबहादुर सिंह, सोही ठाउँका गीता सिंह र नरेश सिंह माओवादी भएको आरोपमा ०६४ चैत २५ गते बेलुका काङ्ग्रेसका कार्यकर्ताहरूले उनीहरूलाई सदरमुकाममा आयोजना गरेको चुनावी सभा सकेर घर फर्कंदै गर्दा भैरीकालीकाथुम गाविस र बाँसी गाविसको सिमानामा पर्ने सैनचौरमा कुटपिट गरे। पीडितहरूको स्थानीय बाँसी गाविसस्थित मेडिकलमा उपचार भयो। पीडितहरूको अवस्था सामान्य छ। काङ्ग्रेस र माओवादीबीच चैत २६ गते आपसी छलफल गरी समस्याको समाधान गर्ने सहमति भएपछि पीडितहरूले कुनै उजुरी गरेनन्।

संविधानसभा निर्वाचन प्रत्यक्षतर्फ काङ्ग्रेसका उम्मेदवार गणेशबहादुर खड्काले ०६४ चैत २८ गते नारायण नपा-६ काँडाचौरमा रहेको मतदान केन्द्रमा आफैं गई भोट मागेका कारण १० मिनेट निवार्चन अवरोध भयो। एमाले र माओवादीका कार्यकर्ताहरूले उम्मेदवारले निवार्चनका दिन फरक मतदान केन्द्रमा गई भोट माग्न नपाइने भन्दै विरोध गरेपछि निर्वाचन अधिकृतले १० मिनेट मतदान स्थगन गरे। उम्मेदवार खड्का मतदान केन्द्रबाट बाहिरिएपछि मतदान सुचारु भएको थियो। काङ्ग्रेसले भने एमालेका जिल्ला सदस्य रवीन्द्रराज शर्माले पनि बुथ केन्द्रमा भोट मागेको बताएको छ।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २३ थान मुद्दामा कुनै पनि फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका ५८ थान मुद्दामा ५० थान मुद्दा फर्स्यौट भई आठ थान मुद्दा बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ३१ थान फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका आठ थान मुद्दामा एक थान मुद्दा फर्स्यौट भई सात थान बाँकी रहे। यस वर्ष दर्ता

भएका १५ थान मुद्दामा आठ थान मुद्दा फर्स्यौट भई सात थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा १४ थान बाँकी रहे।

यसैगरी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २० थान मुद्दामा कुनै पनि फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका २३ थान मुद्दा सबै फर्स्यौट भए। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा २० थान फर्स्यौट हुन बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म यस जिल्ला अदालतमा जम्मा ६५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### बालअधिकार

बेलपाटा गाविस-२ की छ वर्षीया बालिकालाई ०६५ पुस ९ गते सोही ठाउँका ३७ वर्षीय नारायण कार्कीले बिस्कुट किनी दिई सोही गाविसको कल्लेनीघाटनजिक खेतमा लगी बलात्कार गरे। घरमा छोरी नआएपछि बाबुआमाले छोरीलाई बोलाउँदा अभियुक्त भागेको र छोरी खेतमा बेहोस भएको अवस्थामा अभिभावकले फेला पारेका थिए। आवाज संस्थाको सहयोगमा पीडितले ०६५ पुस ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराएकी छन्। पीडक यस वर्षको अन्त्यसम्म फरार रहेका छन्। जिल्ला प्रहरी कार्यालयले घटनाको अनुसन्धान गरिरहेको जनायो।

### महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, पारिवारिक हिंसा

विन्ध्यवासिनी गाविस-३ टाटामाखुकी २४ वर्षीया जैसरा विश्वकर्मालाई ६८ वर्षीय ससुरा डिलबहादुर विश्वकर्माले ०६५ भदौ ३१ गते बेलुकी दुर्व्यवहार गरे। पीडितले प्रतिकार गर्न खोज्दा पीडकले लात्ती र मुक्काले कुटपिट गरी टाउकोमा चोट लागेको थियो। पीडितले महिला सशक्तीकरण मञ्चको सहयोगमा सोही गाविसमा रहेको आमा समूहमार्फत ०६५ असोज १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडक यस वर्षको अन्त्यसम्म फरार रहेका छन्।

कट्टी गाविस-५ सनीगाउँकी २५ वर्षीया कौशिला शाहीलाई पति जगतसिं ठकुरीले कान्छी पत्नी विवाह गरेपछि ०६५ असोज २१ गते सोही ठाउँका राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, शिक्षकहरूले दबाब दिई सम्बन्धविच्छेद गराए। पीडितले महिला सशक्तीकरण मञ्चको सहयोगमा ०६५ कात्तिक २७ गते अंशका लागि जिल्ला अदालतमा मुद्दा दिइन्।

### दुर्व्यवहार

नारायण नपा-७ का गौरी खड्कालाई बोक्सी लागेको आरोपमा ०६५ मङ्सिर २३ गते नारायण नपा-६ गणेश चोकमा सोही नपा-१ का धामी बलबहादुर केसीले कुटपिट गरे। बोक्सी लागेकाले मानसिक सन्तुनल ठीक नभएको भन्दै पीडितलाई धामीले सार्वजनिक स्थलमा सबैका अगाडि सिस्नोपानी, हात र लाठीले कुटपिट गरे। पीडितको स्वास्थ्य ठीक नभएकाले यस वर्षको अन्त्यसम्म कुनै पनि निकायमा उजुरी गरिनन्।

### सबै प्रकारका जातीय विभेद

रुम गाविस-२ का चन्द्र विश्वकर्मा र दलित स्वावलम्वी समाजमा कार्यरत कर्मचारी जनक सुनारलाई ०६५ भदौ १ गते रुम गाविस-७ का २६ वर्षीय दीपक उपाध्यायले जनैपूर्णिमाका दिन बेस्तडा बजारमा 'दलित' भन्दै डोरो नबाँधी जातीय छुवाछूत गरे। पीडितले दलित स्वावलम्वी समाजको पहलमा सार्वजनिक स्थलमा छुवाछूत गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा ०६५ भदौ १२ गते उजुरी दिए। पीडक जिल्ला अदालतबाट ०६५ पुस १३ गते ४५ हजार धरौटीमा रिहा भए।

सेरी गाविस-७ का चन्द्रबहादुर विक र लोकबहादुर विकलाई ०६५ भदौ २८ गते चन्द्रप्रसाद सापकोटाले आफ्नो पसलमा दलितलाई चिया नदिने भन्दै चिया दिएनन्। आफूहरूलाई जातीय विभेद गरेको भन्दै पीडितहरूले रानीभत्ता प्रहरी चौकीमा सोही दिन उजुरी गरे। पीडकले आफूले गल्ती गरेको स्वीकार गर्दै आगामी दिनमा गल्ती नदोहोऱ्याउने भन्दै माफ मागे।

नारायण नपा-६ नमुना बस्तीका नरजित बादीले घरमा राखेका भाँडा छोएको आरोपमा ०६५ भदौ २८ गते सोही ठाउँकी सङ्गीता अधिकारीले कुटपिट गरिन्। पीडितको टाउकोमा सामान्य चोट लागेको थियो। उनको स्थानीय राम मेडिकलमा उपचार भयो। आफूलाई दलित भन्दै जातीय विभेद गरेको भन्दै पीडितले ०६५ भदौ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सोही दिन जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा पीडकले पीडितसँग माफी मागिन्।

अजलपराजुल गाविस-७ निवासी दलित नेटवर्क गाउँ समितिका अध्यक्ष २४ वर्षीय रमेश नेपालीलाई ०६५ कात्तिक ११ गते भोपीमा बाजाको ज्याला लिने निर्णय गरेको भन्दै अवलपराजुल गाविस-५ का ठकबहादुर थापा र चित्रबहादुर बुढाले कुटपिट गरे। दलितले बिनाज्याला बाजा बजाउनुपर्ने भन्दै कुटपिट

गरेको पीडितले बताए। ०६५ कात्तिक १२ गते पीडकले पीडितसँग माफ मागे।

### विगतको अनुगमन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को मध्यपश्चिममा सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको पुन:स्थलगत अनुगमन गर्ने क्रममा दैलेख जिल्लामा माओवादीद्वारा हत्या गरिएका पत्रकार डेकेन्द्रराज थापाको हत्याको घटनाको अध्ययन भयो। घटनाको अध्ययनका क्रममा इन्सेक जिल्ला प्रतिनिधि नमनकुमार शाहीलगायतको टोलीले घटनाको थप अध्ययन गर्ने क्रममा पीडितको गाडिएको कङ्काल शङ्कास्पद स्थानमा फेला पारेको थियो। इन्सेकले सार्वजनिक गरेको रिपोर्टका आधारमा नेपाल पत्रकार महासङ्घको अग्रसरतामा ०६५ असार १० गते राष्ट्रिय मानवअधिकार आयोगको टोलीले सार्वजनिक गरेको शङ्कास्पद मानव चिहानको उत्खनन गरी प्राप्त मानव अवशेषको डीएनए परीक्षणका लागि नेपालगञ्ज ल्याएको थियो। डीएनए परीक्षणपछि सो चिहान पत्रकार डेकेन्द्रराज थापाको भएको भन्दै अन्तिम दाहसंस्कारका लागि परिवारलाई बुझाइएको थियो। पीडितको ०६५ साउन १८ गते दाहसंस्कार भयो। हत्यामा संलग्न भएको आरोपमा पीडितकी पत्नी लक्ष्मी थापाले माओवादीका बमबहादुर खड्का, केशव खड्कालगायत चार जनाको नाममा ०६५ भदौ ६ गते जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरी ०६५ भदौ १२ गते दर्ता भएको थियो। यस वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारवाही भएन।

## ४.११ डोल्पा

जनसङ्ख्या : ३३,७३१
साक्षरता प्रतिशत : ४०
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.): ७,८८९
गाविस/नपा सङ्ख्या : ३३/०
सरकारी/निजी विद्यालय : १३७/२
क्याम्पस/उच्च मा.वि. : १/२
अस्पताल/स्वास्थ्य चौकी : १/२३
मानव विकास सूचकाङ्क : ०.३७९
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### जेल र बन्दीहरू

'ङ' श्रेणीको डोल्पा कारागार शाखामा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म चार जना कैदी र दुई जना थुनुवा गरी छ जना पुरुष बन्दी रहेका छन्। यस कारागारमा पत्रपत्रिका, खेलकुदलगायत मनोरञ्जनका साधनहरूको सुविधा छैन। कारागारको अवस्था जीर्ण रहेको छ। कारागारका बन्दी गृहहरू चुहिन्छन्, बन्दी गृह र सुरक्षा पर्खाल ठाउँ-ठाउँमा चर्किएकाले डरलाग्दो अवस्था रहेको बन्दीहरूको गुनासो छ। यसका साथै खानेपानी नियमित छैन। बन्दी, कारागार प्रशासन र कारागार सुरक्षा गार्डले प्रयोग गर्ने चर्पीको सेफ्टी ट्याङ्की भत्केको छ, जसका कारण कारागार क्षेत्र दुर्गन्धित बनेको छ। यस कारागारका बन्दीहरूलाई सिधाबाहेक अन्य कुनै सुविधा प्राप्त नभएको बन्दीहरूको गुनासो छ।

### धम्की/कुटपिट

#### माओवादीबाट

जुफाल गाविस-६ निवासी आदर्श माध्यमिक विद्यालय जुफालका प्रधानाध्यापक ४० वर्षीय

पूर्णबहादुर डाँगीले संविधानसभा निर्वाचनको प्रचार प्रसारमा माओवादी पार्टीलाई सहयोग नगरेको आरोपमा ०६४ चैत २७ गते राती उनलाई सुतिरहेको कोठामा गई नरबहादुर डाँगीलगायत १०/१५ जनाको समूहमा आएका माओवादी कार्यकर्ताले कुटपिट गरे। पीडितको निधारमा खुकुरीले काटेकाले जिल्ला अस्पताल डोल्पामा उपचार भयो।

काठमाडौँ गोङ्गबु निवासी जिल्ला प्रशासन कार्यालय डोल्पाका प्रमुख जिल्ला अधिकारी ५४ वर्षीय रमेशचन्द्र अधिकारीले आफूलाई चामल कम दिएको र माओवादी पार्टीले भनेको नमानेको आरोपमा ०६५ असार १० गते नेपाल टेलिकमको मोबाइल समस्या कसरी समाधान गर्ने भन्नेबारेमा प्रमुख जिल्ला अधिकारीकै कार्यकक्षमा बसेको बैठकमा माओवादी जिल्ला सङ्गठन समितिका सदस्य रुद्री बुढाले मार्ने धम्की दिए। उनका साथै विभिन्न ठाउँमा आफूसँग विवाद गरेको भन्दै किर्डाक डोल्पाका मानवअधिकार अधिकृत रामप्रसाद बुढालाई समेत 'कृष्ण सेन मरेजस्तो होला' भनेर अप्रत्यक्ष रूपमा भौतिक कारबाही गर्ने धम्की दिए। धम्कीपछि गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारी रमेशचन्द्र अधिकारीलाई ०६५ वैशाख १४ गते गृह मन्त्रालयमा बोलाएको थियो।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | ३ | ३ | १ | ४ | १ | १ | १ |
| धम्की | | | | | १ | ३ | ३ |
| जम्मा | ३ | ३ | १ | ४ | ३ | ३ | ३ |

### वाईसीएलबाट

कालिका गाविस-५ निवासी एमाले जिल्ला कमिटीका पूर्वसचिव तथा जिल्ला कमिटी सदस्य दत्तबहादुर रोकायाले संविधानसभा निर्वाचनमा माओवादी पार्टीविरुद्ध गतिविधि गरेको आरोपमा ०६४ चैत २३ गते बिहान उनलाई उनकै घरनजिकै ५० जनाभन्दा बढीको समूहमा आएका वाईसीएल कार्यकर्ताले मरणासन्न हुने गरी कुटपिट गरे। पीडितलाई हेलिकप्टरबाट उद्धार गरी काठमाडौँ लगी उपचार गरियो। पीडितको एउटा खुट्टा भाँचिएकाले उपचाररत छन्। पीडित काठमाडौँबाट डोल्पा सदरमुकाममा आई यस वर्षको अन्त्यसम्म सदरमुकाममै बसेका छन्।

**तालिका : २**
**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | वाईसीएलबाट | | | |
|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| कुटपिट | ३ | ३ | १ | ४ |
| जम्मा | ३ | ३ | १ | ४ |

कालिका गाविस-५ निवासी कालिका माध्यमिक विद्यालयका निमावि दरबन्दीका शिक्षक ३३ वर्षीय लालबहादुर रोकायाले संविधानसभा निर्वाचनमा माओवादीलाई भोट नहालेको र मतदातालाई माओवादीविरुद्ध भोट दिन लगाएको आरोपमा ०६५ वैशाख ७ गते राती उनलाई घरमा सुतिरहेका बेला आफूहरू वाईसीएल हौँ भन्दै सोही विद्यालयका शिक्षक शक्तिबहादुर शाहीलगायतका १५/२० जनाले कुटपिट गरेका थिए। उनका साथै पीडितका बाबु ५५ वर्षीय हरिचन्द्र रोकाया र बहिनी १८ वर्षीय त्रिपुरा रोकायालाई समेत मरणासन्न हुने गरी कुटपिट गरे। पीडित त्रिपुरा रोकायाको ढुङ्गाले हानेर खुट्टा भाँचिदिएकाले हेलिकप्टरबाट नेपालगञ्ज लगी डा. विनोद थापाको क्लिनिकमा उपचार गरियो। अन्य दुई जनाको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। जिल्ला प्रशासन कार्यालय डोल्पामा ०६५ वैशाख १६ गते पीडितहरूले उजुरी दिएपछि दुवै पक्षलाई बोलाई मिलापत्र गराइएको निमित्त प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेलले बताए। उक्त घटनापश्चात् विभिन्न ठाउँमा शिक्षकहरू कुटिएको भन्दै शिक्षकहरूका पेसागत सङ्गठनहरू नेपाल राष्ट्रिय शिक्षक सङ्गठन र नेपाल शिक्षक सङ्घले ०६५ वैशाख १५ गते संयुक्त वक्तव्य प्रकाशित गरी घटनाको विरोध जनाए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

डोल्पा जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका तीन थान र यस वर्ष दर्ता भएका आठ थान गरी जम्मा ११ थान मुद्दामध्ये एक थान मुद्दा फर्स्यौट भई १० थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दामा गत वर्षको जिम्मेवारी सरेर आएका तीन थान र यस वर्ष दर्ता भएका चार थान गरी जम्मा सात थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भई तीन थान बाँकी रहे।

विशेष फौजदारी मुद्दा यस वर्ष दुई थान दर्ता भए, जसमा एक थान मुद्दा फर्स्यौट भयो। यस वर्षको अन्त्यसम्म फौजदारी मुद्दाहरू जम्मा १४ थान फर्स्यौट हुन बाँकी रहे।

तीन थान मुलतवीमा र एक थान तामेलीमा गरी चार थान मुद्दा थन्किएर बसेका छन्। यस जिल्ला अदालतबाट माओवादीसँग सम्बन्धित पुराना दुई थान सरकारवादी फौजदारी मुद्दा सरकारले फिर्ता लिएको छ।

जिल्ला प्रशासन कार्यालय डोल्पामा फौजदारी अन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका सात थान र यस वर्ष दर्ता भएको एक थान गरी जम्मा आठ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भई तीन थान मुद्दा बाँकी रहे।

जिल्ला प्रहरी कार्यालय डोल्पामा गत वर्षको जिम्मेवारी सरी आएका ११ थान र यस वर्ष दर्ता भएका १३ थान गरी २४ थान मुद्दामध्ये पाँच थान मुद्दा फर्स्यौट भए भने बाँकी मुद्दाहरूको अनुसन्धान भइरहेको डीएसपी भोजजङ्ग शाहले बताए।

### बालअधिकार

पाठ्यक्रम परिवर्तन गरेर नयाँ प्रकाशन गर्नुपर्ने कक्षा ३, ९ र १० का पाठ्यपुस्तकहरू सरकारले समयमा छपाइ नगरी जिल्लामा उक्त पाठ्यपुस्तकहरू नपुग्दा जिल्लाका यी कक्षाहरूमा अध्ययन गर्ने २ हजार बालबालिकाहरूले सुलभ रूपमा पढ्न पाएनन्। फागुनदेखि शैक्षिक सत्र सुरु हुने यस जिल्लामा ०६५ साउनमा मात्र कक्षा ३, ९ र १० कक्षाका पाठ्पुस्तकहरू विद्यार्थीले पाएका थिए।

# ४.१२ जुम्ला



जनसङ्ख्या : १,०२,०९१
साक्षरता प्रतिशत : ३७
महिला साक्षरता प्रतिशत : २३
क्षेत्रफल (वर्ग कि. मि.): २,५३१
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : १२८/४
क्याम्पस/उच्च मा.वि. : १/४
अस्पताल/स्वास्थ्य चौकी : १/२९
मानव विकास सूचकाङ्क : ०.३४८
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्ने अधिकार

#### हत्या

#### अज्ञात समूहबाट

विराट गाविस-२ बुडुका २८ वर्षीय धनबहादुर बुढाको ०६५ मङ्सिर १४ गते कनकासुन्दरी गाविस घट्टेखोलामा अज्ञात समूहले हत्या गरी फालेको अवस्थामा लास भेटियो। पीडित आफ्ना ६५ वर्षीय बाबु भक्तबहादुर बुढाको वृद्धभत्ता बुझ्न घरबाट ०६५ मङ्सिर १३ गते हिँडेका थिए। पीडित परिवारले हत्याको छानबिनका लागि इलाका प्रहरी चौकी हाडसिञ्जामा ०६५ मङ्सिर १८ गते निवेदन दर्ता गरे। घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय जुम्लाले जनायो। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन सकेन।

### जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | ३ | २ | २ | ४ | | | | | |
| घाइते | २ | २ | | २ | | | | | |
| कुटपिट | १ | १ | | १ | १ | | | ७ | ७ |
| भेला/सङ्गठित हुने अधिकार | १ | | १ | १ | ३ | ३ | १ | | ४ |
| महिलाअधिकार | १ | | १ | १ | | | | | |
| बालअधिकार | २ | १ | २ | ३ | | | | | |
| अपहरण | २ | २ | | २ | | | | | |
| जम्मा | १२ | ८ | ६ | १४ | ४ | ३ | १ | ७ | ११ |

२० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका तीन जना पुरुष तथा दुई जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका १० जना पुरुष र तीन जना महिला थुनुवा रहेका छन्। कारागारमा एक आश्रित बालिकासमेत रहेकी छन्। मुगु जिल्लामा कारागार भवन नभएका कारण मुगु जिल्ला कारागारबाट पठाइएका पाँच जना पुरुष र एक जना महिला गरी जम्मा छ जना बन्दीहरूलाई समेत यसै कारागारमा राखिएको छ।

यसरी जुम्ला कारागारमा मुगु जिल्ला कारागारबाट पठाइएका बन्दीहरूसमेत जम्मा २४ जना रहेका छन्। माओवादीले ०५९ कात्तिक २८ गते आक्रमण गरी ध्वस्त पारेको कारागार भवनको निर्माण यस वर्षको अन्त्यसम्म भएन।

### बेपत्ता/अपहरण

#### वाईसीएलबाट

सनीगाउँ गाविस-३ फुमनिवासी एमालेका पूर्वक्षेत्रीय सदस्य ३८ वर्षीय नन्दराम रोकायाले माओवादीको विरोध गरेको आरोपमा ०६४ चैत २७ गते दिउँसो उनलाई वाईसीएल कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडितलाई एक दिनभरि आफ्नो नियन्त्रणमा राखी ०६४ चैत २८ गते दिउँसो नराकोटबाट मुक्त गरे। यस वर्षको अन्त्यसम्म पीडितले कुनै पनि निकायमा उजुरी गरेनन्।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

#### माओवादीबाट

डिल्लीचौर गाविस-१ लोर्प गाउँ निवासी नेविसङ्घका कार्यकर्ता २४ वर्षीय डिलबहादुर बुढाले संविधानसभाको निर्वाचनमा माओवादीको प्रचार प्रसार कार्यक्रममा अवरोध गरेको आरोपमा ०६४ चैत १९ गते माओवादी कार्यकर्ताले उनलाई घरमै कुटपिट गरे। कुटपिटपछि पीडित जिल्ला अस्पतालमा उपचार गराई दुई दिनपछि घर फर्किए। पीडितले यस वर्षको अन्त्यसम्म डरका कारण कहीं पनि उजुरी गरेनन्।

महत गाविस-६ निवासी जुम्ला बहुमुखी क्याम्पस स्वयिुका पूर्वसभापति हरिकृष्ण महतले एमालेको क्षेत्रीय आमसभाको प्रचार प्रसार गर्दै हिँडेको आरोपमा ०६४ चैत २० गते माओवादी एरिया कमिटी सचिव पासाङको नेतृत्वमा रहेको माओवादीको समूहले उनलाई तातोपानी गाविसको जर्मीगाउँमा कुटपिट गऱ्यो। भोलिपल्ट माओवादी र एमालेका कार्यकर्ताहरूबीच छलफल भएपछि घटना राजनीतिक भएको भन्दै सहमति कायम भएको पीडितले कुनै पनि निकायमा उजुरी गरेनन्।

#### एमालेबाट

तातोपानी गाविस-२ की ३५ वर्षीया पाँचा धराला माओवादी पार्टीमा संलग्न भएको आरोपमा ०६४ चैत २३ गते एमालेका कार्यकर्ताले उनलाई माओवादीको चुनावी आमसभामा जान हिँडिरहेको

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | | वाईसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | | | | १ | १ | १ |
| घाइते | | | | | | | | ३ | ३ | ३ |
| भेला/सङ्गठित हुने अधिकार | १ | | १ | १ | | | | | | |
| अपहरण | | | | | १ | १ | १ | १ | १ | १ |
| जम्मा | १ | | १ | १ | १ | १ | १ | ४ | ४ | ४ |

अवस्थामा खलङ्गा बजारमा ढुङ्गा प्रहार गर्दा टाउकोमा सामान्य चोट लागी घाइते भइन्। पीडितको जिल्ला अस्पताल जुम्लामा उपचार भयो। उक्त चुनावी सभामा बोल्दै माओवादी कार्यकर्ताहरूले घटनाको बदला लिने धम्की दिए पनि कुनै अप्रिय घटना भएन।

### दोहोरो झडप

महत गाविस-६ निवासी एमाले समर्थक २० वर्षीय तीर्थराज महत र सोही ठाउँ निवासी २७ वर्षीया धनलक्ष्मी महत ०६४ चैत २३ गते राती चुनाव प्रचार प्रसारका क्रममा एमाले र माओवादी कार्यकर्ताबीच महत गाविस-६ महतगाउँमा भएको दोहोरो झडपमा घाइते भए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार पुनरावेदन अदालत जुम्ला

पुनरावेदन अदालत जुम्लामा गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान दुनियाँवादी फौजदारी मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भई एक थान बाँकी रहयो। यस वर्ष दर्ता भएका छ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये पाँच थान मुद्दा फर्स्यौट भई एक थान बाँकी रहयो। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा दुई थान फर्स्यौट हुन बाँकी रहे।

गत वर्षको जिम्मेवारी सरेर आएका दुई थान सरकारवादी फौजदारी मुद्दामध्ये कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका १३ थान सरकारवादी फौजदारी मुद्दामध्ये तीन थान मुद्दा फर्स्यौट भई १० थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा १२ थान फर्स्यौट हुन बाँकी रहे।

गत वर्षको जिम्मेवारी सरेर आएका नौ थान देवानी मुद्दामध्ये दुई थान मुद्दा फर्स्यौट भई सात थान बाँकी रहे। यस वर्ष दर्ता भएका २३ थान देवानी मुद्दामध्ये नौ थान मुद्दा फर्स्यौट भई १४ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म देवानी मुद्दा २१ थान फर्स्यौट हुन बाँकी रहे। यस वर्षको अन्त्यसम्म यस पुनरावेदन अदालतमा ३५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। पुनरावेदन अदालत जुम्लामा पाँच वर्षभन्दा पुराना मुद्दा छैनन्।

### जिल्ला अदालत जुम्ला

जिल्ला अदालत जुम्लामा गत वर्षको जिम्मेवारी सरेर आएका आठ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये यस वर्ष चार थान मुद्दा फर्स्यौट भई चार थान बाँकी रहे। यस वर्ष दर्ता भएका आठ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये तीन थान मुद्दा फर्स्यौट भई पाँच थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा नौ थान फर्स्यौट हुन बाँकी रहे।

गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान सरकारवादी फौजदारी मुद्दामध्ये तीन थान फर्स्यौट भई दुई थान बाँकी रहे। यस वर्ष दर्ता भएका तीन थान सरकारवादी फौजदारी मुद्दामध्ये कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा पाँच थान फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २३ थान देवानी मुद्दामध्ये ११ थान मुद्दा फर्स्यौट भई १२ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३३ थान देवानी मुद्दामध्ये तीन थान फर्स्यौट भई ३० थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म देवानी मुद्दा ४२ थान फर्स्यौट हुन बाँकी रहे। यस वर्षको अन्त्यसम्म जिल्ला

अदालत जुम्लामा ५६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। जिल्ला अदालत जुम्लामा पाँच वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बालअधिकार

लाम्रा गाविस-६ हिआखोलाकी १५ वर्षीया एक बालिकालाई ०६४ पुस २९ गते राती सोही ठाउँका २२ वर्षीय राजेन्द्रबहादुर रोकायाले पीडितकै घरको गोठमा रजस्वला भई सुतिरहेको अवस्थामा बलात्कार गरेको भनी पीडित पक्षले दोषीमाथि कारबाही गरी पाउँ भनी ०६४ पुस ३० गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। आरोपित रोकायाले ०६५ पुस ३ गते जिल्ला अदालत जुम्लामा आई स्वेच्छिक गिरफ्तारी दिए। जिल्ला अदालत जुम्लाको आदेशमा रोकाया हाल पुर्पक्षका लागि थुनामा छन्। रजस्वला हुँदा घरको गोठ वा घरबाहिर रहेको छुई कोठामा बस्ने छाउपडी प्रचलन यस जिल्लामा अझै कायम छ।

तलिउम गाविस-४ का १४ वर्षीय बालक दलबहादुर नेपाली र चन्दननाथ गाविस-४ की ११ वर्षीया बालिका सुपुन्ना नेपालीको उनीहरूका बाबु क्रमशः नाक्चो नेपाली र गजमुनी नेपालीले ०६५ वैशाख ११ गते विवाह गरिदिए। उक्त बालविवाह बदर गराउन माग गर्दै चमत्कार बाल क्लब तलिउमले विरोध गरेपछि दुवै आ-आफ्नै घरमा फर्काइए।

चन्दननाथ गाविस-१ डुँढाखोच्चकी १६ वर्षीया लक्ष्मी गुरुङ झुण्डिएर आत्महत्या गरेको भनिएकामा लक्ष्मी गुरुङका माइती पक्षले उनका पति शिवकृष्ण गुरुङले हत्या गरेको आरोपमा ०६५ मङ्सिर १५ गते जिल्ला प्रहरी कार्यालय जुम्लामा जाहेरी निवेदन दर्ता गरे। जिल्ला अदालत जुम्लाको आदेशमा गुरुङ हाल जिल्ला कारागार जुम्लामा पुर्पक्षका लागि थुनामा छन्। लासको पोस्टमार्टम जिल्ला अस्पतालमा गरेको दुई दिनपछि परम्परा अनुसार दाहसंस्कार भयो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बहुविवाह

विराट गाविस-६ का २१ वर्षीया सत्यदेवी रोकाया अशिक्षित भएको भन्दै उनका पति बाघबहादुर रोकायाले ०६४ मङ्सिर १२ गते उनलाई घरबाट निकालेर ०६४ मङ्सिर १६ गते दोस्रो विवाह गरे। पीडितले पीडकविरुद्ध ०६४ फागुन ११ गते जिल्ला अदालत जुम्लामा बहुविवाहको मुद्दा दायर गरिन्। उक्त मुद्दा हाल जिल्ला अदालत जुम्लामा विचाराधीन अवस्थामा रहेको भए पनि पीडित सत्यदेवीले आफ्नो तारिख गुजारेकी छन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### खाद्यान्न सङ्कट

जुम्ला जिल्लाको ताम्ती र घोडेमहादेव गाविसमा उत्पन्न भएको खाद्य सङ्कटका कारण ती गाविसका ३ सय ७५ घर परिवारका २ हजार ५ सय २६ जना प्रभावित भए। साउन/भदौमा अविरल परेको वर्षाले त्यस क्षेत्रमा उत्पादन हुने आलु, मकै, सिमी, जौ, गहुँलगायतका बालीमा प्रभाव पारेकाले खाद्यान्न सङ्कट उत्पन्न भएको थियो। सो खाद्यान्न सङ्कटबाट प्रभावित मानिसहरू भोकमरी छल्न छिमेकी जिल्ला जाजरकोट र भारतमा पुगेका थिए। निमित्त प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारीले खाद्यान्न सङ्कटको जानकारी आफूले पाएपछि सम्बन्धित निकायहरूमा पहल गरेको तर खाद्यान्न समयमा पुग्न नसकेको बताए।

## ४.१३ कालीकोट



जनसङ्ख्या : १,२१,१०८
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : २२
क्षेत्रफल (वर्ग कि. मि.) : १,७४१
गाविस/नपा सङ्ख्या : २९/०
सरकारी/निजी विद्यालय : २११/७
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/३०
मानव विकास सूचकाङ्क : ०.३२२
प्रतिपरिवार सरदर सङ्ख्या : ६

**नागरिक तथा राजनीतिक अधिकार**
**सम्मानित रूपले बाँच्ने अधिकार**
**हत्या**
**माओवादीबाट**

खिन गाविस-३ निवासी काङ्ग्रेस कार्यकर्ता ३९ वर्षीय जयलाल बमले द्वन्द्वकालमा माओवादी कार्यकर्ताहरूले कब्जा गरेको जग्गा उपभोग गरेको आरोपमा ०६५ वैशाख २० गते उनलाई माओवादीका स्थानीय कार्यकर्ताहरूले बञ्चरोले टाउकोमा हिर्काई हत्या गरे। पीडकलाई प्रहरीले पक्राउ गरेपछि जिल्ला प्रहरी कार्यालय कालीकोटबाट ०६५ जेठ २५ गते उनीहरू फरार भए।

**जेल र बन्दीहरू**

'ङ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका पाँच जना पुरुष र दुई जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका चार जना थुनुवा गरी जम्मा ११ जना बन्दी रहेका छन्। यस कारागारमा पानी, विद्युत्, पत्रपत्रिका, रेडियो, टीभी आदि उपलब्ध छैन।

**बेपत्ता/अपहरण**
**वाईसीएलबाट**

जुबिथा गाविस-७ का २५ वर्षीय निर्मल शाहीले माओवादीनिकट सांस्कृतिक समूहका कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६४ चैत १५ गते माओवादी कार्यकर्ताले उनलाई सोही गाविसबाट अपहरण गरे। उनलाई ०६४ चैत १६ गते प्रहरी चौकी पाँखामा बुझाए। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकलाई कारबाही भएन।

छाप्रे गाविस-८ निवासी काङ्ग्रेस कार्यकर्ता ४१ वर्षीय मणिचन्द्र न्यौपानेले संविधानसभाको चुनावको सिलसिलामा काङ्ग्रेसको प्रचार गरेको आरोपमा ०६४ चैत २८ गते वाईसीएलका कार्यकर्ताहरूले उनलाई घरबाटै अपहरण गरे। उनलाई सोही गाविस-९ मा पुऱ्याई एक दिन राखेका थिए। अपहरणका कारण पीडितले संविधानसभाको चुनावमा मतदान गर्न पाएनन्। असुरक्षाको कारण बताउँदै यो वर्षको अन्त्यसम्म पीडितले उजुरी गरेनन्।

छाप्रे गाविस-१ निवासी एमालेका कार्यकर्ता ३५ वर्षीय रत्न अधिकारीले माओवादी पार्टीविपरीत कार्य गरेको आरोपमा ०६४ चैत २८ गते विहान वाईसीएल कार्यकर्ताले उनलाई घरबाट अपहरण गरी घरदेखि ५ सय मिटर टाढाको एक गोठमा राखे। संविधानसभाको निर्वाचन सम्पन्न भइसकेपछि उनलाई साँझमा मुक्त गरे। उनले संविधानसभाको निर्वाचनमा मतदान गर्न पाएनन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकलाई कारबाही भएन। घटनापश्चात् असुरक्षाका कारण सदरमुकाम विस्थापित भए। पीडित यस वर्षको अन्त्यसम्म घर फर्केका छैनन्।

**धम्की/कुटपिट**
**माओवादीबाट**

राम्नाकोट गाविस-५ का २८ वर्षीय पूर्णबहादुर बमले माओवादी सहिदको सम्झनामा बनाइएका ढोका तथा सालिक भत्काएको आरोपमा ०६४ पुस १९ गते उनलाई माओवादी इलाका इन्चार्ज कल्याणको नेतृत्वमा आएको टोलीले घरमा गई मार्ने धम्कीयुक्त बेहोरा भएको पत्र दियो। माओवादीले उनीसँग चन्दास्वरूप ६० हजार रुपियाँ माग गर्दै नदिए गाउँ छोड्नुपर्ने धम्कीसमेत दिएका थिए। पीडितले जीवनरक्षा र पुनःस्थापनाका लागि जिल्ला प्रशासन कार्यालय कालीकोटमा निवेदन दिए पनि यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन। सशस्त्र द्वन्द्वको समयमा विस्थापित भएका बमको जग्गा माओवादीले ०५८ सालमा कब्जा गरेर मारिएका आफ्ना कार्यकर्ताको सम्झनामा ढोका तथा सालिक निर्माण गरेका थिए।

छाप्रे गाविस-१ का ४० वर्षीय शिवलाल न्यौपानेले संविधानसभाको चुनावमा एमालेको प्रचार गरेको आरोपमा ०६४ चैत २७ गते माओवादी कार्यकर्ताहरूले उनलाई घरमा गई घाइते हुने गरी कुटपिट गरे। पीडितको स्थानीय मेडिकलमा उपचार भयो। पीडितले कुनै पनि निकायमा उजुरी गरेनन्।

**वाईसीएलबाट**

कोटवडा गाविस-४ निवासी एमालेनिकट जिल्ला जनसांस्कृतिक मञ्च कालीकोटका अध्यक्ष २४ वर्षीय भरत विष्ट माओवादी पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेको आरोपमा ०६४ चैत १९ गते वाईसीएलका कार्यकर्ताले उनलाई मार्ने धम्की दिए। धम्कीका कारण घर छोडी सदरमुकाम विस्थापित भएका पीडित घर फर्किएका छैनन्। पीडित एमालेमा प्रवेश गर्नुअघि माओवादीनिकट जनसांस्कृतिक सङ्घको केन्द्रीय सदस्य थिए।

ओदानकु गाविस-३ का २२ वर्षीय मातृका सिंह

र सोही गाविस-६ का २९ वर्षीय नन्दबहादुर सिंहले माओवादी कार्यकर्तालाई धम्काएको आरोपमा ०६४ चैत २१ गते उनीहरूलाई वाईसीएलका कार्यकर्ताले ओदागाउँबाट अपहरण गरे। पीडितहरूलाई कुटपिट गरी एक घण्टापछि नजिकैको गाउँबाट मुक्त गरे। पीडितहरूको उपचार जिल्ला अस्पताल कालीकोटमा भयो। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि पीडकलाई कुनै कारबाही भएन।

ल्लु गाविस-३ निवासी काङ्ग्रेसका उम्मेदवार ३५ वर्षीय हिक्मतबहादुर विष्ट र रुप्सा गाविस-४ निवासी काङ्ग्रेस जिल्ला समिति कालीकोटका सहसभापति ४१ वर्षीय कालीबहादुर सहकारीले माओवादी आधार इलाकामा काङ्ग्रेसको प्रचार गरेको र द्वन्द्वकालमा माओवादीविरुद्ध सुराकी गरेको आरोपमा ०६४ चैत २३ गते वाईसीएल कार्यकर्ताले उनीहरूलाई कुमालगाउँ गाविसमा मार्ने धम्की दिए। धम्कीका कारण पीडितहरूले चुनाव प्रचार गर्न नपाई सदरमुकाम विस्थापित हुनुपरेको थियो। यस वर्षको अन्त्यसम्म पीडितहरू विस्थापित अवस्थामै रहे। पीडितले कारबाहीका लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे पनि कुनै कारबाही भएन।

कोटवाडा गाविस-३ निवासी नेविसङ्घका पूर्वजिल्ला अध्यक्ष २८ वर्षीय जगत विष्टले संविधानसभाको निर्वाचनमा काङ्ग्रेसको चुनाव प्रचार गरेको र सशस्त्र द्वन्द्वमा जनताविरुद्ध सुराकी गरेको आरोपमा ०६४ चैत २५ गते वाईसीएल कार्यकर्ताले उनलाई घर घेरा हाली मार्ने धम्की दिए। चार घण्टापछि सदरमुकाम मान्माबाट गएको सुरक्षाकर्मीको टोलीले उनलाई उद्धार गरी सदरमुकाम ल्याएको थियो। धम्कीका कारण विस्थापित उनी यस वर्षको अन्त्यसम्म घर फर्केनन्। उनले जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

सिपखाना गाविस-३ की १६ वर्षीया सङ्गीता शर्माले एमालेको कार्यक्रममा माओवादी विरोधी गीत गाएको आरोपमा ०६४ चैत २५ गते वाईसीएल कार्यकर्ताको समूहले उनलाई आइन्दा यस्तो गीत गाएमा हातखुट्टा भाँच्ने धम्की दिए। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी दिइनन् ।

**तालिका : १**

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | | | | | | १ | १ | १ |
| कुटपिट | ५ | ९ | ३ | | १२ | १ | १ | १ |
| धम्की | १२ | १२ | १ | | १३ | १ | १ | १ |
| जातीय विभेद | ३ | ८ | १ | ३० | ३९ | | | |
| महिलाअधिकार | १ | | १ | | १ | | | |
| बालअधिकार | ३ | | ३ | १ | ३ | | | |
| अमानवीय व्यवहार | १ | १ | | | १ | | | |
| अपहरण | ५ | ६ | | | ६ | | | |
| जम्मा | ३० | ३६ | ८ | ३१ | ७५ | ३ | ३ | ३ |

ओदानकू गाविस-१ निवासी काङ्ग्रेस जिल्ला सदस्य ४५ वर्षीय भीमप्रसाद काफ्ले ०५८ सालमा सेनाद्वारा मारिएका माओवादी समर्थक शिक्षक दानबहादुर सिंहको हत्यामा संलग्न भएको आरोपमा ०६४ चैत २५ गते संविधानसभाको निर्वाचन प्रचार प्रसारमा गएका बेला वाईसीएलका कार्यकर्ताले उनलाई सोही गाविस-६ स्थित डिल्लीकोट गाउँमा घेरा हाली मार्ने धम्की दिए। धम्कीका कारण सदरमुकाम मान्मामा विस्थापित भएका उनी घर फर्किए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

छाप्रे गाविस-६ निवासी काङ्ग्रेस जिल्ला कार्यसमिति सदस्य ४५ वर्षीय पूर्णबहादुर शाहीले छाप्रे गाउँमा काङ्ग्रेसको चुनाव प्रचार गरेको आरोपमा ०६४ चैत २६ गते उनको घरमा गई वाईसीएल कार्यकर्ताले उनलाई कुटपिट गर्नुका साथै मार्ने धम्की दिए। पीडितको उपचार जिल्ला अस्पतालमा भयो। पीडित यस वर्षको अन्त्यसम्म सदरमुकाममै विस्थापित अवस्थामा रहे। उनले पुनःस्थापनाका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए पनि कुनै कारबाही भएन।

छाप्रे गाविस-१ का ३१ वर्षीय रङ्गराज विष्टले गाउँमा एमालेको प्रचार गरेको आरोपमा ०६४ चैत २७ गते वाईसीएलका कार्यकर्ताले उनलाई छाप्रे गाउँमा मार्ने धम्की दिए। पीडित त्यसै दिन विस्थापित भई सुर्खेत

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | काङ्ग्रेसबाट | | | | वाईसीएलबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| कुटपिट | | | | ४ | ८ | ३ | ११ | १ | १ | | १ |
| धम्की | १ | १ | १ | | | | | ९ | ९ | १ | १० |
| अपहरण | | | | | | | | ४ | ५ | | ५ |
| जम्मा | १ | १ | १ | ४ | ८ | ३ | ११ | १४ | १५ | १ | १६ |

गएकामा यस वर्षको अन्त्यसम्म घर फर्किएनन्। पीडितले यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

छाप्रे गाविस-१ निवासी राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)का पर्यवेक्षक २१ वर्षीया सरिताकुमारी विष्टले माओवादीविरुद्ध सुराकी गरेको आरोपमा ०६४ चैत २७ गते राती वाईसीएलका कार्यकर्ताले उनलाई घरमै गई मार्ने धम्की दिए। पीडितले कतै उजुरी गरिनन्।

छाप्रे गाविस-६ का २८ वर्षीय दलबहादुर शाहीले राजावादीको चुनाव प्रचार गरेको आरोपमा ०६४ चैत २७ गते वाईसीएल कार्यकर्ताले उनलाई घरमा गई मार्ने धम्की दिए। धम्कीका कारण सदरमुकाममा विस्थापित भएका उनी वर्षको अन्त्यसम्मै घर फर्केनन्।

### काङ्ग्रेसबाट

सुकाटीया गाविस-२ निवासी हिमालयन सामुदायिक स्रोत विकास केन्द्रका अध्यक्ष एवम् मानवअधिकार एलाइन्स कालीकोटका जिल्ला कोषाध्यक्ष ३१ वर्षीय कर्णप्रसाद चौलागाईंले काङ्ग्रेस पार्टीको नीतिविपरीत संस्थाको कार्यक्रम चलाएको आरोपमा ०६४ माघ १ गते काङ्ग्रेसनिकट तरुण दलका स्थानीय कार्यकर्ताहरूको एक समूहले उनलाई सोही गाविस-१ राराकाटिया गाउँमा कुटपिट गरी घाइते बनाए। घाइतेको उपचार जिल्ला अस्पताल कालीकोटमा भयो। पीडितले दोषीमाथि कारबाही र क्षतिपूर्तिको माग गर्दै जिल्ला प्रशासन कार्यालय कालीकोटमा उजुरी गरेपछि जिल्ला प्रहरी कार्यालयले दोषीलाई गिरफ्तार गऱ्यो। ०६४ माघ ५ गते जिल्ला प्रहरी कार्यालयमा पीडकहरूले आइन्दा यस्तो गल्ती नगर्ने प्रतिबद्धता व्यक्त गरी माफ मागेपछि दुवै पक्षबीच मिलापत्र भयो।

लालु गाविस-४ निवासी माओवादी जनसांस्कृतिक सङ्गठनका जिल्ला अध्यक्ष २५ वर्षीय साहसी विष्टले राजनीतिक प्रतिवाद गरेको आरोपमा ०६४ चैत १५ गते काङ्ग्रेसका स्थानीय कार्यकर्ताले उनलाई जुविथा गाविसमा संविधानसभाको चुनाव प्रचारमा गएका बेला धारिलो हतियार प्रहार गरी घाइते बनाए। उनको स्थानीय मेडिकलमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालय कालीकोटमा किटानी उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

ओदानकू गाविस-८ निवासी वाईसीएलका कार्यकर्ता २८ वर्षीय पदम रावत, सोही गाविस-४ निवासी अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य २२ वर्षीया पञ्चाकुमारी सिंह, सोही गाविस-५ का अनेमसङ्घ (क्रान्तिकारी) जिल्ला सदस्य २१ वर्षीया कल्पनाकुमारी सिंहले काङ्ग्रेस कार्यकर्तालाई धम्क्याएको आरोपमा ०६४ चैत २१ गते सोही गाविस-१ ओदागाउँमा तरुण दलका कार्यकर्ताहरूले उनीहरूलाई घाइते हुने गरी कुटपिट गरे। घाइतेको उपचार जिल्ला अस्पताल कालीकोटमा भयो। पीडितहरूले जिल्ला प्रहरी कार्यालय कालीकोटमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

दाहाँ गाविस-७ की ६० वर्षीया कुशा विक, सोही ठाउँका ६१ वर्षीय सीउले विक, २३ वर्षीय रघु विक, २० वर्षीय भरत विक, २३ वर्षीय अकल विक, ४० वर्षीया क्युँजी विक, २३ वर्षीय लक्ष्मी विक, ३० वर्षीय वली विकले माओवादी पार्टीमा भोट दिएको साथै हलिया बस्न छोडेको आरोपमा ०६५ जेठ २६ गते काङ्ग्रेसनिकट तरुण दलका कार्यकर्ताहरूको समूहले

उनीहरूलाई कुटपिट गरी घाइते बनाए। सोही दिन दाहाँ गाउँमा बसोबास गर्ने दलितहरूलाई तरुण दलका कार्यकर्ताले मार्ने धम्की दिएपछि सोही गाविस-७ का २५ परिवारका १ सय ३० जना दलित सदरमुकाम मान्मामा विस्थापित भए। दोषीलाई कारबाही, पीडितहरूलाई क्षतिपूर्ति र भयरहित ढङ्गले गाउँमा बस्न पाउनुपर्ने माग राख्दै तीन दिनसम्म जिल्ला प्रशासन कार्यालय कालीकोटमा विस्थापितहरूले धर्ना दिए। अधिकारकर्मी, पत्रकारहरू र राजनीतिक दलका प्रतिनिधिको पहलमा ०६५ जेठ २९ गते दुवै पक्षको उपस्थितिमा तरुण दलका वीरेन्द्र शाहीलगायतले आइन्दा त्यस्तो गल्ती नगर्ने प्रतिबद्धता व्यक्त गर्दै सार्वजनिक रूपमा माफी मागेपछि सो गाउँका विस्थापितहरू ०६५ जेठ ३० गते पुन:स्थापित भए।

### एमालेबाट

ओदानकू गाविस-१ निवासी *भेरी-कर्णाली* एफएम कालीकोटका कार्यक्रम सञ्चालक ३१ वर्षीय दुर्गाप्रसाद काफ्लेले ११औँ जिल्ला परिषद्मा भएको विवादका बारेमा गलत समाचार प्रसारण गरेको आरोपमा ०६५ असार ११ गते सदरमुकाम मान्मामा एमाले कार्यकर्ताले उनलाई आइन्दा यस्तो समाचार प्रसारण गरेमा हातखुट्टा भाँचिदिने धम्की दिए। पीडितले कुनै पनि निकायमा उजुरी दिएनन्।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पाँखा गाविस-४ निवासी इन्सेक जिल्ला प्रतिनिधि २७ वर्षीय कालीबहादुर मल्ललाई ०६५ भदौ १० गते नेमकिपानिकट नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका पूर्वकेन्द्रीय सदस्य पवित्रा शाही, वर्तमान केन्द्रीय सदस्य महेन्द्र शाहीसमेतका पाँच जनाको समूहले मार्ने धम्की दिए। सदरमुकाम मान्मास्थित नेमकिपाको पार्टी कार्यालयमा काम छ भनी मल्ललाई बोलाई 'पाठ्यपुस्तकको अभावमा विद्यालयमा पठनपाठन ठप्प' भन्ने समाचार नेमकिपाका जिल्ला अध्यक्ष नन्दबहादुर शाहीद्वारा सञ्चालित विनोद बुक सेन्टरको नाम जोडेर इन्सेक अनलाइन र अन्य सञ्चारमाध्यममा सम्प्रेषण गरी बदनाम गरेको आरोपमा उनलाई नेकाविसङ्घका कार्यकर्ताले मार्ने धम्की दिए। नेमकिपाका कार्यकर्ताहरूले तत्काल समाचारको खण्डन नगरे आफूहरू जेल जान परे जाने भन्दै मार्ने धम्की दिए। धम्कीपछि नेपाल पत्रकार महासङ्घ कालीकोट शाखाले प्रेस विज्ञप्ति प्रकाशन गरी घटनाको विरोध गऱ्यो।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १२ थान मुद्दामध्ये चार थान फर्स्यौट भई आठ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ५० थान मुद्दामध्ये एक थान मुद्दा फर्स्यौट भई ४९ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ५७ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दामध्ये एक थान मुद्दा फर्स्यौट भई चार थान बाँकी रहे। यस वर्ष दर्ता भएका छ थान मुद्दामध्ये कुनै पनि मुद्दा फर्स्यौट भएनन्। सरकारवादी फौजदारी मुद्दा १० थान फर्स्यौट हुन बाँकी रहे।

यसैगरी, देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३२ थान मुद्दामध्ये चार थान मुद्दा फर्स्यौट भई २८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १४ थानमा कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म ४२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### बालअधिकार

यस वर्ष शैक्षिक सत्र सुरु भएको सात महिनासम्म पनि कालीकोट जिल्लामा पाठ्यपुस्तक नपुगेका कारण जिल्लाका ३ सय ६० विद्यालयमा अध्ययनरत ९१ हजार २ सय ७४ बालबालिकाहरूको पठन-पाठनमा बाधा पुग्यो। पाठ्यपुस्तक समयमा नपुग्नाले जिल्लामा रहेका ३० माविका २ हजार ३ सय ५१ विद्यार्थी, ६६ निमाविका ५५ सय ७२ विद्यार्थी, २ सय ६४ प्राविका ३३ हजार २ सय ५१ बालबालिकाहरू पठनपाठनबाट वञ्चित भए। विद्यालयमा पाठ्यपुस्तक नै नभएपछि धेरै जसो विद्यालय बन्द रहे र खुलेका विद्यालयमा पनि विद्यार्थीहरू मनोरञ्जनका खेल खेलेर फर्कने गरेका थिए। विगतका वर्षहरूमा कर्णाली अञ्चलमा नि:शुल्क पाठ्यपुस्तक वितरण गरिए पनि यस वर्ष पैसा तिरेर पनि पाठ्यपुस्तक किन्न नपाउँदा यहाँका बालबालिकाहरूको पढाइमा प्रतिकूल असर पऱ्यो।

### सबै प्रकारका जातीय विभेद

रकू गाविस-३ का ३८ वर्षीय अलिबहादुर तिरुवालाई सोही गाविसस्थित मष्टामाडू मन्दिरमा

पसेको आरोपमा ०६५ असोज १८ गते सोही गाविस-४ निवासी गैरदलितहरू पदम गिरी, रमेश गिरी, अजय गिरी र गोपी गिरीलगायतको समूहले बाँसका लट्ठी तथा धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडकहरूको कुटाइबाट सोही गाविस-३ का २५ वर्षीय जया तिरुवा, ४४ वर्षीय खडके तिरुवा र ३५ वर्षीय धनबहादुर तिरुवा, ३५ वर्षीय जङ्गे तिरुवा सामान्य घाइते भए।

गेला गाविस-१ का ५० वर्षीय नयाँ विक र सोही गाविसका ३५ वर्षीय काले विकलाई डोली बोक्न छाडेको आरोपमा ०६५ मङ्सिर २५ गते सोही गाविस-२ का वसन्त शाहीसहित १० जना गैरदलितहरूको समूहले कुटपिट गऱ्यो। कुटाइबाट पीडितहरू सामान्य घाइते भएका थिए। पीडकहरूले मार्ने धम्की दिएपछि पीडितहरू सुर्खेत विस्थापित भए। उनीहरूलाई राष्ट्रिय दलित आयोग र जिल्ला प्रशासन कालीकोटको पहलमा ०६५ पुस ३ गते पुनःस्थापित गराइयो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### खाद्यान्न सङ्कट

यस वर्ष खिन, धौलागोह, थर्पु, राम्नाकोट, नानीकोट गाविसमा ठूलो खाद्यान्न सङ्कट देखा पऱ्यो। यी गाविसहरूमा खाद्यान्न सङ्कट बढेपछि सो गाविसका १ सय ५ परिवार ०६५ भदौ १८ गते गाँसबासको माग गर्दै सदरमुकाम मान्मामा विस्थापित भएका थिए। विस्थापितहरू जिल्ला प्रशासन कार्यालयमा दुई दिन बसेर ०६५ भदौ २० गते फर्किएका थिए। ओदानकू, गेला, मुग्राहा सुकाटिया, पाँखा, दाहाँ, छाप्रे, जुविथा, राचुली, फोइमहादेव, मान्मा, कोटवाडा, लालुलगायतका गाविसहरूमा पनि खाद्यान्न सङ्कट परेकाले त्यहाँका अधिकांश व्यक्ति परिवारसहित ज्यान बचाउन भारत पलायन भए। जिल्लामा ०६५ भदौ १ गतेदेखि परेको अविरल वर्षाका कारण परेको खडेरीले अन्नबाली नहुँदा भोकमरी बढेको थियो। खिन, धौलागोह, नानीकोट, राम्नाकोट र थिर्पू गाविसमा १५ सय ४० क्विन्टल चामल हेलिकप्टरबाट खसालिएको थियो। यस वर्षको साउन, भदौ र असोज महिनाको अविरल वर्षा र पहिरोले बालीनाली नष्ट भएका कारण वर्षकै अन्त्यसम्म खाद्यन्न सङ्कटको समस्या समाधान भएन।

### संरचना, सम्पत्ति क्षति

#### वाईसीएलबाट

स्युना गाविस-३ का ३५ वर्षीय गोरे सन्ज्याल र उनका दाइ ३८ वर्षीय चन्द्रखर सन्ज्यालले गाउँमा माओवादी पार्टी सङ्गठन फुटाएको आरोपमा ०६४ फागुन १६ गते वाईसीएल इलाका नं. ४ का कमाण्डर ऐनबहादुर शाहीसहित ३५ जनाको एक समूहले उनीहरूको घरमा आगजनी गरी घर ध्वस्त पारे। आगजनीबाट पीडितहरूको घरमा रहेको २ लाख रुपियाँबराबरको सम्पत्तिसमेत नष्ट भयो। उनीहरूले जिल्ला प्रहरी कार्यालयमा पीडकहरूलाई कारवाही र क्षतिपूर्तिको माग गर्दै उजुरी गरे पनि कुनै कारवाही भएन।

## ४.१४ मुगु



जनसङ्ख्या : ५१,०३०
साक्षरता प्रतिशत : ३२
महिला साक्षरता प्रतिशत : १७
क्षेत्रफल (वर्ग कि. मि.): ३,५३५
गाविस/नपा सङ्ख्या : २४/०
सरकारी/निजी विद्यालय : १२३/३
क्याम्पस/उच्च मा.वि. : ०/३
अस्पताल/स्वास्थ्य चौकी : १/२५
मानव विकास सूचकाङ्क : ०.३०४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

#### अज्ञातबाट

सेरी गाविस-८ का १५ वर्षीय जोकबहादुर शाही अज्ञात समूहले घरको आँगनमा राखेको सकेट बम विस्फोट हुँदा ०६४ चैत २० गते घाइते भए। दाहिने हात तथा टाउकोमा सकेट बमको छर्रा लागी घाइते भएका शाहीको भेरी अञ्चल अस्पताल

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | २ | | २ | | | | | | |
| घाइते | १ | १ | | १ | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | ४ | १० | १० |
| कुटपिट | ५ | १३ | | १३ | ३ | ३ | ३ | | | |
| धम्की | १ | | १ | १ | १ | १ | १ | | | |
| अमानवीय व्यवहार | १ | | १ | १ | | | | | | |
| अपहरण | १ | २ | | २ | १ | १ | १ | | | |
| जम्मा | १० | १८ | ३ | २० | ४ | ५ | ५ | ४ | १० | १० |

नेपालगञ्जमा उपचार भयो। घटनामा पीडितको दायाँ हात गुमेको छ।

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता १५ जनाको रहेको छ। मुगुको आफ्नै भवन नहुँदा कैद नतोकिएका एक जना महिलासहित छ जना बन्दीहरू जुम्ला जिल्ला कारागारमा चलान गरिएको छ।

### बेपत्ता/अपहरण

### माओवादीबाट

रोवा गाविस-१ निवासी एमाले कार्यकर्ताहरू १८ वर्षीय गोविन्द सेजुवाल र सोही गाविस-८ का १९ वर्षीय भैरव रोकायले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६४ चैत २१ गते उनीहरूलाई माओवादीले रोवा गाविस-५ बाट अपहरण गरी कुटपिट गरे। पीडितहरू दुई दिनपछि रोवा गाविस-९ बाट इन्सेक प्रतिनिधिको रोहबरमा मुक्त भए। पीडितहरूले कहीं उजुरी गरेनन्।

### एमालेबाट

रोवा गाविस-९ निवासी वाईसीएल कार्यकर्ता १६ वर्षीय कर्णबहादुर बुढा र १९ वर्षीय प्रकाश बुढाले एमाले कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६४ चैत १९ गते उनीहरूलाई एमाले कार्यकर्ताले रोवा गाविस-४ बाट अपहरण गरी कुटपिट गरे। पीडितहरू सदरमुकाम गमगढीबाट त्यसै दिन मुक्त भए। पीडितहरूले उजुरी गरेनन्।

### धम्की/कुटपिट

### माओवादीबाट

रोवा गाविस-५ का ३३ वर्षीय धनबहादुर बुढा र २३ वर्षीय सुरेन्द्र बुढाले संविधानसभा निर्वाचनका क्रममा एमालेको प्रचारसामग्री टाँसेको आरोपमा ०६४ चैत १९ गते उनीहरूलाई माओवादी कार्यकर्ताले रोवा माविको चौरमा कुटपिट गरे। पीडितहरूको जिल्ला अस्पताल मुगुमा उपचार भयो। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

श्रीकोट गाविस-७ का ३० वर्षीय धनचन्द्र रोकायाले माओवादीले कब्जा गरेको आफ्नो जग्गा कमाउन खोजेको आरोपमा ०६५ साउन २९ गते स्थानीय माओवादी कार्यकर्ताले पुनः जग्गा कमाउन खोजेमा उनको सम्पूर्ण धनसम्पत्ति कब्जा गर्ने र उनलाई मार्ने धम्की दिए। धम्कीपछि पीडितले आफ्नो जग्गा उपभोग गर्न पाएका छैनन्।

### वाईसीएलबाट

कार्कीवाद गाविस-३ का २८ वर्षीय लोकेन्द्र रावल, सोही गाविस-१ का २४ वर्षीय दिनेश भाम, श्रीनगर गाविस-२ का ३० वर्षीय कालीबहादुर नेपालीलाई गैससमा काम गर्ने भएर पनि एमालेको प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत १३ गते गमगढी बजारमा हिँडिरहेको अवस्थामा वाईसीएल कार्यकर्ताले कुटपिट गरे। पीडितहरू कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्रसँग आबद्ध रहेका छन्। घटना सम्बन्धमा पीडितहरूले यस वर्षको

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | काङ्ग्रेसबाट | | | वाईसीएलबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | | | | | | | | | | १ | १ | १ |
| कुटपिट | १ | ३ | ३ | ३ | ४ | ४ | ३ | ६ | ६ | | | |
| अपहरण | १ | ३ | ३ | | | | | | | | | |
| जम्मा | ३ | ४ | ४ | ३ | ४ | ४ | ३ | ६ | ६ | १ | १ | १ |

अन्त्यसम्म उजुरी गरेनन्।

नार्थबु गाविस-३ निवासी एमालेका उम्मेदवार चन्दबहादुर शाही, जीमा गाविस-१ का २८ वर्षीय कृष्णबहादुर शाही, रोवा गाविस-१ का १८ वर्षीय गोविन्द्र सेजुवाल र १९ वर्षीय भैरव रोकाया आफ्नो गाउँभित्र चुनाव प्रचार गर्न आएको आरोपमा ०६४ चैत २१ गते वाईसीएल कार्यकर्ताहरूले उनीहरूलाई रोवा गाविसको च्याङ्चेकाटी गाउँमा कुटपिट गरे। त्यसै क्रममा दुई राउण्ड हवाई फायरसमेत गरिएको थियो।

### काङ्ग्रेसबाट

जुम्ला जिल्ला चन्दननाथ गाविस-५ का २५ वर्षीय पदम खत्री र मुगु जिल्ला श्रीनगर गाविस-४ का २० वर्षीय गणेश चौलागाईंले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत २३ गते काङ्ग्रेसका कार्यकर्ताले पसलमा बेच्न राखिएका फलामका औजारले उनीहरूलाई सदरमुकाम गमगढीमा कुटपिट गरे। कुटपिटबाट देब्रे हात भाँचिएका चौलागाईंको जिल्ला अस्पतालमा उपचार भयो भने खत्रीको स्थानीय औषधि पसलमा उपचार भयो। पीडितहरूले उजुरी गरेनन्।

श्रीनगर गाविस-५ निवासी एमाले मुगुका कार्यालय सचिव ३६ वर्षीय धर्मबहादुर शाहीले काङ्ग्रेसको कार्यालय तोडफोड गर्न लगाएको आरोपमा ०६४ चैत २६ गते काङ्ग्रेसका कार्यकर्ताहरूले उनको घर तोडफोड गरे। सो क्रममा घरमा बसिरहेका उनका अपाङ्ग जेठा छोरा १४ वर्षीय प्रकाश शाहीलाई कुटपिटसमेत गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे तापनि यस वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारबाही भएन।

### एमालेबाट

रारा गाविस-१ निवासी काङ्ग्रेस कार्यकर्ता गणेश शाही र कालै गाविस-४ का राजेन्द्रबहादुर शाहीले आफ्ना कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६४ चैत २५ गते एमाले कार्यकर्ताले उनीहरूलाई गमगढीमा कुटपिट गरे। सो क्रममा उनीहरूले काङ्ग्रेसको जिल्ला कार्यालयमा तोडफोडसमेत गरेका थिए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत मुगुमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी १६ थान मुद्दामध्ये ११ थान फर्स्यौट भई पाँच थान मुद्दा बाँकी रहे। यस वर्ष १७ थान मुद्दा दर्ता भएकामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा २२ थान फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ यस वर्ष ३९ थान मुद्दा दर्ता भएकामा कुनै पनि मुद्दा फर्स्यौट भएनन्। गत वर्षको जिम्मेवारी सरेर आएका सात थान देवानी मुद्दामध्ये दुई थान फर्स्यौट भई पाँच थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी ४४ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म जिल्ला अदालत मुगुमा ६६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

मुगु गाविस-६ का २३ वर्षीय छोर्तेन तामाङले छिमेकीसँग विवाद गरेको आरोपमा ०६५ साउन १० गते सीमा प्रहरी चौकीका प्रहरीले उनलाई घरबाट बिनापुर्जी गिरफ्तार गरी हिरासतमा खुट्टाको पैतालामा कुटपिट गरे। पीडित भोलिपल्ट रिहा भए। पीडितले उजुरी गरेनन्।

# ४.१५ हुम्ला




| | |
|---|---|
| जनसङ्ख्या | ४७,२२९ |
| साक्षरता प्रतिशत | ३० |
| महिला साक्षरता प्रतिशत | १५ |
| क्षेत्रफल (वर्ग कि. मि.) | ५,६५५ |
| गाविस/नपा सङ्ख्या | २७/० |
| सरकारी/निजी विद्यालय | ११२/६ |
| क्याम्पस/उच्च मा.वि. | ०/३ |
| अस्पताल/स्वास्थ्य चौकी | १/२६ |
| मानव विकास सूचकाङ्क | ०.३६७ |
| प्रतिपरिवार सरदर सङ्ख्या | ६ |

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका वा नतोकिएका बन्दीहरू छैनन् । कारागार जीर्ण अवस्थामा रहेको छ।

### बेपत्ता/अपहरण

### वाईसीएलबाट

सिमीकोट गाविस-५ निवासी काङ्ग्रेस जिल्ला सहसचिव ४१ वर्षीय कृष्णबहादुर बोहरा, उनकी पत्नी ४० वर्षीया शान्ति लामा, बरगाउँ गाविस-२ निवासी काङ्ग्रेस कार्यकर्ता २८ वर्षीय बहादुर लामा, सोही ठाउँका ३५ वर्षीय सोनाम लामा र सिमीकोट गाविस-९ का ४८ वर्षीय सिङ्गबहादुर शाहीलाई संविधानसभाको निर्वाचनमा मतदातालाई पैसा बाँड्न गाउँमा आएको आरोपमा ०६४ चैत १२ गते राती वाईसीएलका कार्यकर्ताले उनीहरूलाई हेप्का गाविस-५ ताङ्गिनबाट अपहरण गरे। वाईसीएलका कार्यकर्ताले पीडितसँगबाट १६ हजार रुपियाँ नगदसहित उनीहरूसँग भएको चाउचाउ र बिस्कुट लुटेका थिए। पीडितहरू सबैलाई ०६४ चैत १३ गते बिहान ५ बजे हप्का गाविस-४ हेप्कागाउँबाट गाउँमा काङ्ग्रेसको प्रचार नगर्ने सर्तमा मुक्त गरे। पीडितहरूले जिल्ला प्रशासन कार्यालय हुम्लामा ०६४ चैत १५ गते उजुरी गरे पनि यस वर्षको अन्त्यसम्म पीडकहरूलाई कुनै कारबाही भएन।

हेप्का गाविस-५ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता २८ वर्षीय कुन्टुप लामा माओवादीविरुद्धमा लागेको आरोपमा ०६५ जेठ ११ गते राती उनलाई वाईसीएलका कार्यकर्ताले घरमै गई बञ्चरो प्रहार गरी हात भाँचिदिए। पीडितको उपचार जिल्ला अस्पताल हुम्लामा भयो। असुरक्षाका कारण पीडितले यस वर्षको अन्त्यसम्म सम्बन्धित निकायमा उजुरी नदिएको बताए। माओवादीले सो घटनामा आफ्नो पार्टीको संलग्नता नभई जनताले गरेको बताएको थियो।

### युथफोर्सबाट

श्रीनगर गाविस-७ निवासी माओवादी समर्थक २५ वर्षीय जमानसिंह दमाईले युद्धकालमा एमाले पार्टीका कार्यकर्तालाई दु:ख दिएको आरोपमा ०६५ साउन ३२ गते उनलाई मदाना गाविस खौलाचौरमा युथफोर्सका कार्यकर्ता प्रमोद बोगटीको टोलीले कुटपिट गऱ्यो। पीडितले प्रहरी चौकी श्रीनगरमा उजुरी दिएपछि ०६५ भदौ २ गते चौकीको रोहबरमा दुवै पक्षबीच आगामी दिनमा झगडा नगर्ने सर्तमा मिलापत्र भयो।

### एमालेबाट

रायाँ गाविस-३ निवासी माओवादी कार्यकर्ता ४० वर्षीय पूर्णबहादुर रोकायाले गाउँलेलाई द्वन्द्वकालमा दु:ख दिएको आरोपमा ०६४ पुस १८ गते सोही ठाउँका एमाले गाउँ कमिटी सदस्य छक्क बुढाको अगुवाइमा गएको टोलीले उनको घर घेरा हाली मार्ने धम्की दियो। पीडितले पुस १९ गते प्रहरी चौकी याङ्चुमा उजुरी दिएकोमा भोलिपल्ट दुवै पक्षबीच मिलापत्र भयो।

### तरूण दलबाट

श्रीनगर गाविस-४ का ४० वर्षीय माओवादी कार्यकर्ता देव फडेराले युद्धकालमा कब्जा गरेको सम्पत्ति फिर्ता नगरेको आरोपमा ०६५ साउन ३१ गते राती श्रीनगर गाउँका तरुण दलका कार्यकर्ता भैरव भण्डारीसहितका १० जनाले कुटपिट गरे। पीडितले प्रहरी चौकी श्रीनगरमा उजुरी दिएपछि भदौ ५ गते दुवै पक्षबीच मिलापत्र भयो।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | राज्यबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | १ | | | १ | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | | १ | १ | १ |
| कुटपिट | ७ | १० | २ | १ | १३ | १ | १ | | १ | १ | १२ | १२ |
| धम्की | १ | १ | | | १ | १ | १ | | १ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | २ | १ | ३० | ३१ | | | |
| महिलाअधिकार | २ | | २ | | २ | | | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | | १ | १ | | १ | | | |
| अपहरण | २ | ४ | १ | | ६ | | | | | | | |
| जम्मा | १३ | १७ | ४ | १ | २३ | ४ | ४ | ३० | ३४ | २ | १३ | १३ |

### नेविसङ्घबाट

जिल्ला शिक्षा कार्यालय हुम्लाका कार्यालय प्रमुख ४८ वर्षीय सूर्यबहादुर सिंहले नेविसङ्घ हुम्लाले प्रकाशित गरेको *पाइला* नामक मुखपत्रमा विज्ञापनबापत ५ हजार रुपियाँ नदिएको आरोपमा ०६५ मङ्सिर १ गते दिउँसो कार्यालय समयमा नेविसङ्घका जिल्ला अध्यक्ष अर्जुन महतारा र सदस्य चन्द्र रावलले मुक्का हानी कुटे। सुरक्षाको माग गर्दै पीडित जिल्ला प्रशासन कार्यालय पुगेपछि प्रहरीले पीडक दुवैलाई सोही दिन पक्राउ गरे। पीडकहरूले माफ मागेपछि सोही दिन साँझ काङ्ग्रेस सचिव कृष्ण बोहराको पहलमा मिलापत्र गरी दुवैलाई रिहा गरियो।

### अज्ञात समूहबाट

कालिका गाविस-२ का ४८ वर्षीय ललितजङ्ग शाहीले संविधानसभाको निर्वाचनका लागि काङ्ग्रेसको प्रचार प्रसार सामग्री सदरमुकामबाट गाउँमा लिएर आएको आरोपमा ०६४ चैत २६ गते दिउँसो बाटोमा अज्ञात हतियारधारी समूहले उनलाई अपहरण गर्नुका साथै सोही गाविस-५ मनेलेख गाउँमा पुऱ्याई पीडितलाई हातखुट्टामा डोरीले बाँधी प्रचार सामग्री कब्जामा लियो। पीडितलाई सोही दिन साँझ सोही गाविस-५ थानडेउबाट मुक्त गरे। यस वर्षको अन्त्यसम्म सो समूहको पहिचान भएन। काङ्ग्रेसले विज्ञप्ति प्रकाशित गरी उक्त घटनामा माओवादीको संलग्नता रहेको दावी गरे तापनि माओवादीले आफ्नो संलग्नता नरहेको जनायो।

### धम्की/कुटपिट
### माओवादीबाट

सर्किदेउ गाविस-२ निवासी एमाले जिल्ला कमिटी सदस्य ३८ वर्षीय धच फडेराले गाउँमा एमालेको पक्षमा प्रचार गरी माओवादीको विरोध गरेको आरोपमा ०६४ चैत २७ गते माओवादीका कार्यकर्ताले उनलाई सोही गाविस-१ रिपगाउँमा राती सुतेको समयमा घर घेरा हाली दाउराले टाउकोमा हिर्काई घाइते बनाए। पीडितको टाउको र निधारमा चोट लागेको थियो। घाइतेको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। पीडितले ०६४ चैत २८ गते इलाका प्रहरी कार्यालय सर्केघाडमा उजुरी दिए पनि यस वर्षको अन्त्ययसम्म पीडकलाई कुनै कारवाही भएन।

श्रीनगर गाविस-८ निवासी एमालेबाट निर्वाचित पूर्वगाविस अध्यक्ष ४८ वर्षीय दीपबहादुर महताराले चुनावमा माओवादीलाई सहयोग नगरेको आरोपमा ०६४ वैशाख १६ गते राती उनलाई माओवादी कार्यकर्ताले मार्ने धम्की दिए। सोही दिन राती पीडित सुरक्षाको माग गर्दै प्रहरी चौकी श्रीनगरमा पुगे। पीडित ०६४ वैशाख १९ गते श्रीनगरस्थित प्रहरी चौकीको सहयोगमा घर फर्के।

### वाईसीएलबाट

मदना गाविस-५ का ३८ वर्षीय मङ्गल ऐडी, कालिका गाविस-३ का २९ वर्षीय मोहनविक्रम सिंह, मैला गाविस-५ की ४१ वर्षीया कार्तिका शाही र उनका २१ वर्षीय छोरा मञ्जन शाहीले संविधानसभाको निर्वाचनमा मतदातालाई पैसा बाँडेको आरोपमा ०६४

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | काङ्ग्रेसबाट | | | | | युथफोर्सबाट | | | वाईसीएलबाट | | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | ४ | ५ | १ | १ | ६ | १ | १ | १ | ३ | ४ | १ | ५ | | | |
| अपहरण | | | | | | | | | १ | ४ | १ | ५ | १ | १ | १ |
| जम्मा | ४ | ५ | १ | १ | ६ | १ | १ | १ | ३ | ८ | ३ | १० | १ | १ | १ |

चैत २५ गते राती वाईसीएलका १ सय कार्यकर्ताले उनीहरूलाई मैला गाविस-५ रामागाउँमा कार्तिका शाहीको घरमा बसिरहेको अवस्थामा घर घेरा हाली लाठी र हातले घाइते हुने गरी कुटपिट गरे। घाइते भएका काङ्ग्रेसका कार्यकर्तामध्ये मङ्गल ऐडी र कार्तिका शाहीलाई हेलिकप्टरबाट ०६४ चैत २६ गते सदरमुकाम ल्याई जिल्ला अस्पताल सिमीकोटमा उपचार गरियो भने अन्यको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

### नेपाली काङ्ग्रेसबाट

सिमीकोट गाविस-४ का २८ वर्षीय वाईसीएल कार्यकर्ता चन्द्रबहादुर महतले संविधानसभाको निर्वाचनमा काङ्ग्रेसलाई सहयोग नगरेको आरोपमा ०६४ चैत २३ गते राती काङ्ग्रेसका कार्यकर्ताले उनलाई मुख सुनिने गरी हात र लातले कुटपिट गरे। घाइतेको जिल्ला अस्पताल हुम्लामा उपचार भयो।

राया गाविस-६ का ३९ वर्षीय जेपी जेठारा, सोही ठाउँका ४० वर्षीय भीम जेठारा, ३९ वर्षीय कल्सरी जेठारा र उनका तीन वर्षीय छोरा कर्मकला जेठारालाई संविधानसभा सदस्य पदमा माओवादीले जितेपछि विजय जुलुसमा सहभागी भएको आरोपमा ०६५ वैशाख १ गते दिउँसो सोही गाउँका काङ्ग्रेस कार्यकर्ता जसबहादुर जेठारा, सोही ठाउँका रुपसिंह रावल र छत्र रावलले उनीहरूलाई कुटपिट गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६५ वैशाख २ गते उजुरी दिएपछि दुई पार्टीबीच गाउँमा मिलेर बस्ने जिल्लास्तरीय सहमति भयो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

संविधानसभा निर्वाचनको प्रचार प्रसारका क्रममा एमाले जिल्ला कमिटी हुम्लाद्वारा ०६४ चैत १० गते कालिका गाविस-३ बारीगाउँमा आयोजित गाविसस्तरीय आमसभा माओवादीका कार्यकर्ताले बिथोलेका कारण कार्यक्रम सञ्चालन भएन। माओवादीले कार्यक्रमस्थलतर्फ फर्काएर आफ्नो माइक राखेपछि एमालेको कार्यक्रम बिथोलिएको थियो। त्यसैगरी, माओवादीले ०६४ चैत १४ गते मैला गाविस-२ मैलामा हुने भनिएको एमालेको गाविसस्तरीय सभा पनि दोहोरो माइक राखेर हुन दिएनन्।

खार्पुनाथ गाविस-खर्पेलगाउँ निवासी काङ्ग्रेसका संविधानसभामा प्रत्यक्षतर्फका उम्मेदवार ४८ वर्षीय जीवन शाहीको नेतृत्वमा चुनाव प्रचारमा गएका २० जना काङ्ग्रेसका कार्यकर्तालाई गाउँमा काङ्ग्रेसको चुनाव प्रचार प्रसार गर्न आएको आरोपमा ०६४ चैत १९ गते माओवादी कार्यकर्ताले उनीहरूलाई बराई गाविस ५ बरीगाउँमा कुटपिट गरी चुनाव प्रचार प्रसार गर्न दिएनन्। पीडकहरूले उम्मेदवारको सुरक्षार्थ खटिएका प्रहरीको पेस्तोल खोसी काङ्ग्रेसका १९ जना कार्यकर्तालाई ढुङ्गामुढा गरे। घाइतेहरूको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले दुईपटक हवाई फायर गरेको थियो। सोही दिन काङ्ग्रेसका उम्मेदवार र माओवादीबीच १० बुँदे सहमति भएपछि माओवादीले खोसेको पेस्तोल फिर्ता गरे।

नेपाल टेलिकमले स्काई फोनको रिम कार्ड वितरणमा अनियमितता गरेको भन्दै मानसरोवर उच्च माध्यमिक विद्यालय सिमीकोटका विद्यार्थीहरूले नेपाल टेलिकम र जिल्ला प्रशासन कार्यालय हुम्लामा तालाबन्दी गर्न खोज्दा ०६५ वैशाख १९ गते १० बजे प्रहरीले विद्यार्थीहरूमाथि लाठीजार्च गर्दा १२ जना विद्यार्थी घाइते भए। घाइते विद्यार्थीहरूमा मानसरोवर उच्च माध्यमिक विद्यालय सिमीकोटका विद्यार्थीहरू २० वर्षीय सुरेश परियार, २३ वर्षीय शिवलाल जैशी, २५ वर्षीय जगदीश रोकाया, २४ वर्षीय धनराशि सिंह, २१ वर्षीय ध्रुव शाही, २४ वर्षीय दत्त शाही, २५ वर्षीय नैन रावल, २३ वर्षीय जितबहादुर लामा, २९ वर्षीय राजबहादुर जेठारा, २८ वर्षीय परशुराम परियार, २८

वर्षीय राजेन्द्र शाही र २७ वर्षीय नरेन्द्र शाही थिए। घाइते सबैको जिल्ला प्रशासन कार्यालयको सहयोगमा जिल्ला अस्पताल सिमीकोटमा उपचार भयो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले दुई राउण्ड अश्रुग्याससमेत प्रहार गरेको थियो।

सिमीकोट गाविस-५ मा रहेको *रेडियो कैलाश*ले ०६५ मङ्सिर १६ गते बिहान प्रसारित हुम्ला खोजखबरमा विद्यार्थीद्वारा परीक्षामा अनियमित गरिएको भनी समाचार सम्प्रेषण गरेको आरोपमा सोही दिन प्राइभेट टेस्ट परीक्षा दिएका सयभन्दा बढी विद्यार्थीले दिउँसो २ बजे कार्यालयमा तालाबन्दी गरे। जिल्ला प्रहरी कार्यालय हुम्लाबाट प्रहरी गई सोही दिन साँझ ताला तोडियो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

हुम्ला जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका तीन थान दुनियाँवादी फौजदारी मुद्दामध्ये यस वर्ष दुई थान मुद्दा फर्स्यौट भई एक थान बाँकी रह्यो। यस वर्ष दर्ता भएका १७ थानमध्ये सबै मुद्दा फर्स्यौट भए। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा एक थान फर्स्यौट हुन बाँकी रह्यो।

त्यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएको एक थान मुद्दा यस वर्ष फर्स्यौट भयो। यस वर्ष दर्ता भएका आठ थान सरकारवादी फौजदारी मुद्दामध्ये पाँच थान मुद्दा फर्स्यौट भई तीन थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा तीन थान फर्स्यौट हुन बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दामध्ये यस वर्ष कुनै मुद्दा फर्स्यौट भएन। यस वर्ष दर्ता भएका १३ थान देवानी मुद्दामध्ये नौ थान मुद्दा फर्स्यौट भई चार थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म देवानी मुद्दा नौ थान फर्स्यौट हुन बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म हुम्ला जिल्ला अदालतमा १३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। बाल इजलास गठन भएको भए पनि त्यसमा हालसम्म कुनै मुद्दा परेको छैन।

आतङ्ककारी तथा विध्वंसात्मक ऐन अन्तर्गत परेका मुद्दाको सङ्ख्या २५ थान छ । अभियुक्तहरू अदालतसामु उपस्थित नभएकाले हालसम्म ती मुद्दा तामेलीमा रहेका छन्।

बराई गाविस-५ का २८ वर्षीय माओवादी कार्यकर्ता कालीबहादुर रोकाया 'इस्पात'लाई ०६३ फागुन २६ गते काङ्ग्रेस (प्रजातान्त्रिक)का कार्यकर्ता नेत्रबहादुर शाहीको हत्यामा संलग्न रहेको किटानी जाहेरी आरोपमा ०६५ साउन २३ गते सीमा प्रहरी चौकी हिल्साका प्रहरीले उनलाई पक्राउ गरे। अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय हुम्लामा राखिएका पीडित ०६५ मङ्सिर १६ गते नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णय अनुसार रिहा भए। त्यसैगरी सोही घटनामा संलग्न भएको आरोपमा ०६४ फागुनमा पक्राउ परेका मेल्छाम गाविस-४ का नन्दबहादुर शाही पनि रिहा भए। अपराधीलाई रिहा गरेको भन्दै सोही दिन काङ्ग्रेसका कार्यकर्ताले सदरमुकाम सिमीकोटमा विरोध प्रदर्शन गरे।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

श्रीनगर गाविस-५ की २९ वर्षीया आइतु रोकायाले कालिका गाविस-४ का ३० वर्षीय दीपबहादुर रोकायासँग ०६४ चैत ५ गते दोस्रो विवाह गरेकामा पीडितका पहिलेका ससुरा मेलबहादुर रोकायाले ०६४ चैत १० गते दीपबहादुरसँग जारीबापत २२ हजार रुपियाँ नगद बुझे। पतिले आफूलाई वास्ता नगरेको भन्दै पीडितले दोस्रो विवाह गरेकी थिइन्।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सिमीकोट गाविस-४ की २८ वर्षीया एक युवतीलाई सोही गाविस-३ का २५ वर्षीय नन्द रावतले ०६५ भदौ २० गते साँझ ६ बजे स्याउ फारमबाट घरतिर आउँदै गर्दा नाउलाखोलामा कब्जामा लिई बलात्कार गर्ने प्रयास गरे। पीडित चिच्याएपछि बाटोमा आउँदै गरेका बटुवाको सहयोगमा उनी बच्न सफल भइन्। पीडितले ०६५ भदौ २१ गते जिल्ला प्रहरी कार्यालय हुम्लामा उजुरी दिएपछि पीडक पक्राउ परे। २ वर्ष ६ महिना जेल सजाय तोकिएका पीडक तीन महिना जेल सजायसहित १९ हजार ३ सय रुपियाँ नगद जरिवाना तिरेर ०६५ मङ्सिर ३० गते रिहा भए।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

श्रीनगर गाविस-५ का ३८ वर्षीय धने रोकायाले संविधानसभाको चुनावमा माओवादीलाई सहयोग नगरेको आरोपमा ०६५ वैशाख ५ गते दिउँसो माओवादी जिल्ला कमिटी सदस्य कर्णबहादुर रोकायको अगुवाइमा गएको समूहले उनले प्रयोग गर्दै आएको दुई रोपनी सार्वजनिक जग्गामा लगाएको गहुँमा आगो लगाए। पीडितले श्रीनगर प्रहरी चौकीमा ०६५ वैशाख ७ गते उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारवाही भएन।

# सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

# ५.१ कैलाली

जनसङ्ख्या : ८,३६,८७७
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.): ३,२३५
गाविस/नपा सङ्ख्या : ४२/२
सरकारी/निजी विद्यालय : ४६५/९९
क्याम्पस/उच्च मा.वि. : ४/१८
अस्पताल/स्वास्थ्य चौकी : २/४९
मोटर सडक (कि. मि.): ४५०
प्रहरी कार्यालय सङ्ख्या : २३
मानव विकास सूचकाङ्क : ०.४१३
प्रतिपरिवार सरदर सङ्ख्या : ७

## नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

### राज्यबाट

उर्मा गाविस-३ का २६ वर्षीय जागराम चौधरी, सोही ठाउँका २४ वर्षीय राजकुमार चौधरी र उर्मा गाविस-१ का ४७ वर्षीय रामवृक्ष रानाको ०६५ जेठ १५ गते जिल्ला प्रशासन कार्यालय कैलालीको ढोकाअघिल्तिर प्रहरीले प्रहार गरेको गोली लागी घटनास्थलमै मृत्यु भयो। सोही घटनामा उर्मा गाविस-३ का २३ वर्षीय अशोक चौधरी, १९ वर्षीय अमृतकुमार चौधरी, २४ वर्षीय अनिल चौधरी, सुनील चौधरी, सोही गाविस-१ का ३२ वर्षीय रामबहादुर चौधरी, सोही गाविस-२ का श्रीराम चौधरी, उर्मा-६ का गोपाल चौधरी र बधुराम चौधरी घाइते भए। घाइतेहरूको सेती अञ्चल अस्पताल धनगढीमा उपचार भयो। गम्भीर घाइते भएका श्रीराम चौधरी र रामबहादुर चौधरीको काठमाडौँमा उपचार भयो भने बहादुर चौधरी, माधुराम चौधरी, गोपाल चौधरी, जितबहादुर चौधरी र अमृत चौधरीको नेपालगञ्जमा उपचार भयो।

*हमार पहुरा* दैनिकका प्रकाशक तथा सम्पादक लक्की चौधरीलाई माओवादीले गरेको कुटपिटको विरोध गर्दै आफूहरूको सुरक्षाको माग गर्दै पत्रकारहरू जिल्ला प्रशासन कार्यालयमा धर्ना बसिरहेका बेला उर्मा गाविसबाट आएका माओवादी र स्थानीय बासिन्दासँग प्रहरीको झडप भएपछि स्थितिलाई साम्य पार्न प्रहरीले गोली प्रहार गरेको थियो ।

चौधरीको 'कतै ऐन कतै चैन' भन्ने लेखप्रति आपत्ति जनाउँदै माओवादी कार्यकर्ताहरूले ०६५ जेठ १३ गते उनलाई उर्मा गाविसमा झडप हुँदा कुटपिट गरेका थिए। आफूलाई माओवादी कार्यकर्ताहरूले कुटपिट गरेको भन्दै ०६५ जेठ १४ गते जिल्ला प्रशासन कार्यालय कैलालीमा आएको समयमा कार्यालय परिसरभित्र मानवअधिकारकर्मी र पत्रकारसामु पुनः पत्रकार चौधरीलाई माओवादी कार्यकर्ता तथा स्थानीय बासिन्दाहरूले कुटपिट गरेका थिए।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### माओवादीबाट

सुगुरखाल गाविस-७ का ३४ वर्षीय रतन विक, २८ वर्षीय देव विष्ट, १० वर्षीय तपेन्द्र बोहरा, तीन वर्षीय प्रकाश योगी र ५९ वर्षीय देव विक सोही ठाउँका मनोज शाहीको घरनजिकैको पसलमा चिया खाइरहेको अवस्थामा ०६५ जेठ २० गते बम विस्फाटन हुँदा घाइते भए । शाहीको घरमा सशस्त्र द्वन्द्वकालीन अवस्थामा माओवादीले छाडेको बम विस्फोटन हुँदा उनीहरू घाइते भएका थिए। घाइतेमध्ये प्रकाश योगीको नेपालगञ्ज र अन्य सबैको लमकीस्थित स्वास्थ्य चौकीमा उपचार भएको थियो। विस्फोटनबाट तीनओटा पसल, एउटा पक्की घर पूर्णरूपमा क्षतिग्रस्त भए भने दुई पक्की घरका पर्खालहरूमा पनि क्षति पुगेको थियो। माओवादीले पीडितहरूको उपचारमा सहयोग गरेका थिए।

### अज्ञात समूहबाट

धनगढी नपा-५ का ३३ वर्षीय पदमराज जोशीलाई ०६४ फागुन २ गते राती अज्ञात समूहले घरमै गएर गोली हानी घाइते बनायो। पीडितको सेती अञ्चल अस्पतालमा उपचार भयो। जिल्ला प्रहरी कार्यालयले घटनाको अनुसन्धान गरेको भए पनि यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन नसकेको प्रहरीले जनायो।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्याबाट पीडित | | | | | | | | राज्यबाट पीडित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ३ | ३ | ३ | ५ | | | | | १ | ३ | | ३ |
| घाइते | ३ | ६ | १ | ७ | १ | ५ | | ५ | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | ४ | ८ | १ | ९ |
| कुटपिट | ५ | ६ | | ६ | | | | | | | | |
| धम्की | ३ | ३ | १ | ३ | ३ | १ | ३ | ३ | | | | |
| भेला/संगठित हुने अधिकार | १ | १ | | १ | ३ | ४ | | ४ | १ | ९ | १ | १० |
| जातीय विभेद | ३ | ५ | | ५ | | | | | | | | |
| महिलाअधिकार | ६ | | ६ | ६ | | | | | १ | | १ | १ |
| बालअधिकार | १ | | १ | १ | | | | | | | | |
| अमानवीय न्यवहार | ३ | ५ | | ५ | | | | | | | | |
| अपहरण | ५ | ४ | ३ | ६ | | | | | | | | |
| जम्मा | ३३ | ३१ | १४ | ४५ | ५ | १० | ३ | १३ | ७ | २० | ३ | ३३ |

### बेवारिसे विस्फोटक पदार्थबाट

सुगुरखाल गाविस-२ साँगुरेका २२ वर्षीय कृष्ण बुढाले ०६५ असोज ८ गते बेवारिसे अवस्थामा फेला परेको बम हातमा लिएर चलाउन खोज्दा विस्फोटन भई उनी घाइते भए। विस्फोटनबाट उनको दायाँ हातका तीनओटा औँला क्षतविक्षत भए। सुगुरखाल स्वास्थ्य चौकीमा प्राथमिक उपचार गराएका पीडितको थप उपचार सेती अञ्चल अस्पतालमा भयो।

### जेल र बन्दीहरू

'ग' श्रेणीको यस जिल्ला कारागार १ सय जना अट्ने क्षमताको रहेको छ। कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ६४ जना पुरुष र छ जना महिला बन्दी रहेका छन् भने कैद नतोकिएका ७२ जना पुरुष र तीन जना महिला बन्दी रहेका छन्। यसरी कैलाली कारागारमा जम्मा १ सय ४५ जना बन्दी रहेका छन्। यीबाहेक एक जना आश्रित बालिका पनि रहेकी छन्। कारागारमा पानी, शौचालय, स्वास्थ्य सेवा, विद्युत्, पत्रपत्रिका, रेडियो, टीभी र खेलकुदका सामग्री उपलब्ध छन्।

### आमरण अनशन

नेपालगञ्जस्थित दङ्गा नियन्त्रण प्रहरी गणमा आन्दोलन गरेको आरोपमा थुनामा राखिएका सई शैलेन्द्र बस्नेतलगायत १८ जना प्रहरी आफ्नो रिहाइको माग राख्दै ०६५ असोज ३० गतेदेखि जिल्ला कारागार कैलालीमा आमरण अनशनमा बसे। प्रधानमन्त्री पुष्पकमल दाहालले मागहरूका बारेमा सुनुवाइ गरिने बताएपछि पीडितहरूले कात्तिक १ गते अनशन तोडेका थिए।

### दोहोरा झडप

जिल्ला कारागार कैलालीका बन्दीहरूबीच ०६५ साउन १ गते बिहान भिडन्त हुँदा छ जना कैदीहरू गम्भीर घाइते भए। दोहोरो भिडन्तका क्रममा फूलबारी गाविस-६ का धनबहादुर मल्ल, महेन्द्रनगर नगरपालिका-९ मटेनाका केशव कार्की, खजुरी रकयै, नेपालगञ्जका गोपाल सोनी, कृष्णपुर गाविस-१ कञ्चनपुरका राजेन्द्र रावत, थिरपुर गाविस-५ कालीकोटका जयबहादुर रोकाया र कविराज बोहरा घाइते भए। घाइतेहरूको उपचार सेती अञ्चल अस्पतलामा भयो। जेलभित्र लागू पदार्थको प्रयोग र असभ्य क्रियाकलापविरुद्ध आवाज उठाउँदा जिल्ला कारागार कैलालीका चौकीदार गोपाल चौधरी, सहायक चौकीदार कर्णबहादुर खड्कालगायतका १५/२० जनाको सङ्ख्यामा रहेका कैदीहरूले आफूहरूलाई

**तालिका** : २

तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा

| घटनाको प्रकार | अखिल क्रान्तिकारीबाट | | | युथफोर्सबाट | | | | वाईसीएलबाट | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | | | | | | | | १ | | १ | १ |
| घाइते | | | | | | | | | | | २ | २ | | २ |
| धम्की | १ | १ | १ | २ | १ | १ | २ | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | | | १ | १ | १ | | | | |
| अपहरण | | | | १ | | २ | २ | १ | १ | १ | १ | १ | | १ |
| जम्मा | १ | १ | १ | ३ | १ | ३ | ४ | २ | २ | २ | ४ | ३ | १ | ४ |

कोठाभित्रबाट निकाली दुई घण्टासम्म कुटपिट गरेको घाइतेहरूले बताए। उनीहरूले आफूहरूमाथि कुटपिट हुँदा जेल प्रशासन मुकदर्शक बनेको आरोप लगाए।

### बेपत्ता/अपहरण

### वाईसीएलबाट

धनगढी नपा-६ निवासी एमाले कार्यकर्ता ईश्वरीजङ्ग बमले संविधानसभा निर्वाचनका क्रममा माओवादी पार्टीका विरुद्ध प्रचार गरेको आरोपमा ०६४ चैत २४ गते राती उनलाई वाईसीएलका हिमशिखरलगायतको टोलीले धनगढीको जालीबाट अपहरण गरी धनगढीस्थित पुरानो बसपार्कनजिकै पुऱ्याएर बिनासर्त तीन घण्टापछि मुक्त गऱ्यो।

### युथफोर्सबाट

सुर्खेत जिल्ला घर भई धनगढी नपा-२ कृष्णपुरमा डेरा गरी बस्ने ३१ वर्षीया सन्ध्या पौडेल र बलिया गाविस-८ लम्कीकी २६ वर्षीया विष्णु थापा मानव बेचबिखनमा संलग्न भएको आरोपमा ०६५ भदौ ३० गते युथफोर्सले धनगढी नपा-२ कृष्णपुरस्थित सन्ध्या पौडेलको डेराबाट उनीहरूलाई अपहरण गरी त्यसै दिन जिल्ला प्रहरी कार्यालयमा बुझायो। अनुसन्धान गर्दा आरोपितहरू घटनामा संलग्न भएको प्रमाणित हुन नसकेको भन्दै जिल्ला प्रहरी कार्यालय कैलालीले पौडेल र थापालाई ०६५ असोज १ गते रिहा गऱ्यो।

### अज्ञात समूहबाट

मालाखेती गाविस-३ मालिका टोलनिवासी क्रान्तिकारी पत्रकार महासङ्घ कैलालीका अध्यक्ष एवम् *जनदिशा* राष्ट्रिय दैनिक सुदूरपश्चिम संस्करणका सम्पादक तथा माओवादी जिल्ला कमिटी सदस्य ३० वर्षीय जगतप्रसाद जोशी (जेपी) ०६५ असोज २२ गते अत्तरिया बजारबाट बेपत्ता भए। पत्रकार जोशी बेपत्ता भएको घटनाप्रति उनका भाइ पुष्पराज जोशीले इन्सेक सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढीमा ०६५ मङ्सिर १ गते लिखित निवेदन दिई खोजबिनका लागि आवश्यक पहल गरिदिन आग्रह गरेका थिए। पत्रकार जोशी असोज २२ गते मालाखेती गाविस-३ अत्तरियामा व्यापार गर्दै आएका व्यापारी लोकेन्द्र रावतसँग ६५ हजार रुपियाँ सापट लिएर काठमाडौँ जान्छु भनी हिँडेकामा त्यस दिनबाट सम्पर्कविहीन भई उनको स्थिति अज्ञात रहेको बेहोरा निवेदनमा उल्लेख थियो।

मालाखेती गाविस-३ स्थित सामुदायिक वनको सिरु मैदानमा ०६५ मङ्सिर १३ गते फेला परेका मानव अस्थिपञ्जर (खप्पर, खुट्टाका हड्डी, ढाडका हड्डी, बङ्गारा), एक कमिज, पाइन्ट, पेटी, दुई थान रुमाल, एक थान मोबाइल सेट, जेपी जोशीको परिचयपत्र, चालक परिचयपत्र र सेतो पानामा लेखिएको लेख आफ्नो दाइ जेपी जोशीको नै भएको उनका भाइ पुष्पराज जोशीले दाबी गरे। फेला परेका सम्पूर्ण प्रमाणहरू प्रहरीले नियन्त्रणमा लियो।

आफ्नो दाजुको हत्या गरिएको र उक्त हत्यामा मालाखेती गाविस-३ निवासी व्यापारी लोकेन्द्र रावत र उनका भाइ प्रकाश रावतको संलग्नता रहेको भन्दै

*बेवारिसे बम विस्फोटन हुँदा घाइते भएका कृष्ण बुढा*

०६५ मङ्सिर १४ गते पुष्पराज जोशीले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए । किटानी जाहेरीका आधारमा प्रहरीले रावतद्वयलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको थुनामा राख्यो। जेपी जोशीका भाइ पुष्पराज जोशीले आफ्नो दाजुको हत्या गरिएको दावी गरे पनि फेला परेका अस्थिपञ्जरहरूको डीएनए परीक्षणपछि मात्र जेपी जोशीको हत्या गरिएको हो वा होइन भनेर भन्न सकिने जिल्ला प्रहरी कार्यालयले जनायो। यस वर्षको अन्त्यसम्म डीएनए परीक्षणको प्रतिवेदन जिल्ला प्रहरी कार्यालयले प्राप्त गरिसकेको छैन।

### धम्की/कुटपिट

### माओवादीबाट

*सुदूरसन्देश* राष्ट्रिय दैनिकका सम्पादक तथा प्रेस चौतारी नेपालका केन्द्रीय उपाध्यक्ष हेमन्त पौडेलले *सुदूरसन्देश* राष्ट्रिय दैनिकमा माओवादीविरुद्ध समाचारहरू प्रकाशन गरेको आरोपमा ०६५ जेठ १२ गते माओवादीका कार्यकर्ताहरूले उनको धनगढीस्थित कार्यालयमा गएर पत्रिका बन्द गर्न धम्की दिए। पत्रकार महासङ्घको केन्द्रीय टोली र माओवादीबीच ०६५ जेठ २२ गते पत्रकारहरूलाई धम्की नदिने, कुटपिट, नगर्ने, स्वतन्त्र रूपमा सूचना सङ्कलन गर्ने वातावरणको सिर्जना गर्ने र विस्थापित पत्रकारहरूलाई स्थापित हुन दिने सहमति भयो।

पहलमानपुर गाविस-७ की माधवी थापा र जयन्ती थापा माओवादीले सशस्त्र द्वन्द्वका समयमा कब्जा गरी शान्ति सम्झौतापश्चात् फिर्ता गरेको जग्गाको अधिया धानबाली लिन ०६५ असोज ६ गते पहलवानपुरस्थित गाउँमा गएको अवस्थामा माओवादीका स्थानीय कार्यकर्ताहरूले उनीहरूलाई धानबाली लिन नआउनू भन्दै धम्की दिए। माओवादीले ०५८ सालमा उनीहरूको नाममा रहेको २२ बिघा जमिन कब्जा गरी स्थानीय बासिन्दालाई वितरण गरेका थिए।

### अनेरास्ववियु (क्रान्तिकारी)बाट

धनगढी नपा-५ स्थित पञ्चोदय उच्च माविका प्रधानाध्यापक यादवप्रसाद जोशीको शैक्षिक योग्यता नपुगेको आरोपमा ०६५ भदौ ८ गते अनेरास्ववियु ( क्रान्तिकारी)का कार्यकर्ताहरूले पञ्चोदय उच्चमाविमा फोन गरी पदबाट राजीनामा दिन धम्की दिए। अनेरास्ववियु (क्रान्तिकारी)को धम्कीपश्चात् प्रधानाध्यापक जोशीले ०६५ भदौ १० गते पदबाट राजीनामा दिए पनि उच्चमाविमा अध्ययनरत विद्यार्थीहरूले पुन:बहालीको माग राखी ०६५ भदौ १८ गते विद्यालयमा तालाबन्दी गरे। जिल्ला शिक्षा कार्यालय कैलालीले कुनै निर्णय गर्न नसकेकाले विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको पदमा उनलाई पुन:बहाली गऱ्यो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

सरकारले सम्पूर्ण विद्यालयहरूलाई सामुदायिकीकरण गर्ने निर्णय समुदायको हितविपरीत भएको भन्दै अनेरास्ववियु (छैटौँ)का विद्यार्थीहरूले जिल्ला शिक्षा कार्यालय अघिल्तिर विरोध प्रदर्शन गरिरहेको समयमा सो सङ्गठनका नेता राजेन्द्र सिंहले जिल्ला शिक्षा अधिकारीको कुर्सी जलाइदिएको आरोपमा ०६४ माघ १८ गते प्रहरीले गिरफ्तार गरी उनका विरुद्ध जिल्ला प्रशासन कार्यालय कैलालीले सार्वजनिक अपराध मुद्दा चलायो। विद्यार्थी नेता सिंहका विरुद्धमा सार्वजनिक मुद्दा चलाएपछि विद्यार्थीहरूले उनीमाथि लगाइएको मुद्दा फिर्ता गरी तत्काल रिहा गर्नुपर्ने माग राखी आन्दोलन गरे। सिंहको रिहाइका सम्बन्धमा छलफल गर्न जिल्ला प्रशासन कार्यालय गएका राष्ट्रिय जनमोर्चाका कार्यकर्ता र प्रहरीबीच ०६४ माघ २२ गते साँझ जिल्ला प्रशासन कार्यालय परिसरमै झडप हुँदा जनमोर्चाका केन्द्रीय सदस्य लोकेन्द्र लम्साल र लालबहादुर क्षेत्री, क्षेत्रीय सदस्य मीनबहादुर मलामी र रामबहादुर कार्की, अखिल (छैटौँ)का कैलाली जिल्ला अध्यक्ष जगत जोशी, विद्यार्थीहरू सुरेन्द्र ताडी, वसन्त बोगटी, लक्ष्मी न्यौपाने, सुवास भट्ट, नीराजन भुल र अखिल (छैटौँ)का विद्यार्थी नेता राजेन्द्र सिंहलाई प्रहरीले बिनापुर्जी गिरफ्तार गऱ्यो। गिरफ्तार सबै जनालाई जिल्ला प्रशासन कार्यालय कैलालीमा सात राजनीतिक दल, सुरक्षा निकायका प्रमुख, मानवअधिकारकर्मी र पत्रकारहरूबीच

भएको छलफलले राजनीतिक घटना भएका कारण रिहा गरिनुपर्ने भन्दै सर्वपक्षीय सहमति गरेर सबैलाई ०६४ माघ २३ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो। सो सहमतिपश्चात् सिंहका विरुद्ध लगाइएको सार्वजनिक मुद्दा खारेज गरी ०६४ माघ २३ गते जिल्ला प्रहरी कार्यालयले रिहा गऱ्यो।

उर्मा गाविस-७ घुरजन्नानिवासी राष्ट्रिय जनशक्ति पार्टीका रामदिन चौधरी र यज्ञ चौधरीले संविधानसभा निर्वाचनमा माओवादीविरुद्ध प्रचार गरेको आरोपमा ०६४ चैत २४ गते राती माओवादी कार्यकर्ता विन्तीराम चौधरीलगायतका व्यक्तिहरूले उनीहरूलाई सोही गाविसको धुर्जन्ना जङ्गलमा पुऱ्याई कुटपिट गरे। पीडितहरूले कारबाहीका लागि सम्बन्धित निकायमा उजुरी गरेनन्।

राष्ट्रिय जनमोर्चा कैलालीका सह-सचिव कमल खड्का र अखिल (छैटौं)का जिल्ला अध्यक्ष जगतप्रसाद जोशीले संविधानसभाको निर्वाचनका क्रममा माओवादीविरुद्ध प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत २६ गते बिहान माओवादीले उनीहरूलाई मतदान अधिकृतको अघिल्तिर कुटपिट गरे। पीडकहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

नेकपा (एकीकृत)का तर्फबाट कैलाली क्षेत्र न. ५ का संविधानसभा सदस्य पदका उम्मेदवार हुकुमबहादुर साउदसहितको टोलीले संविधानसभा निर्वाचनको प्रचार प्रसार तथा घरदैलो कार्यक्रम गरिरहेको अवस्थामा ०६४ चैत १९ गते वाईसीएलका गोकर्ण भट्टको नेतृत्वमा आएको टोलीले उनीहरूलाई बेलादेवीपुर गाविस क्षेत्रमा दुर्व्यवहार गऱ्यो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

यस अदालतमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ७४ थान मुद्दा र यस वर्ष दर्ता भएका ४२ थान गरी जम्मा १ सय १६ थान मुद्दामध्ये यस वर्ष २० थान मुद्दा फर्स्यौट भई ९६ थान मुद्दा बाँकी रहे। सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ८३ थान मुद्दा र यस वर्ष दर्ता भएका ५७ थानसमेत गरी जम्मा १ सय ४० थान मुद्दामध्ये २५ थान फर्स्यौट भई १ सय १५ थान मुद्दा बाँकी रहे। यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३४ थान मुद्दा र यस वर्ष दर्ता भएका ५८ थान मुद्दा गरी १ सय ९२ थान रहे, जसमध्ये २० थान फर्स्यौट भई १ सय ७२ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म ३ सय ८३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

*प्रहरीद्वारा यातना दिइएका युथफोर्स कार्यकर्ता गणेश हमाल र सम्राट सिंह*

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

### राज्यबाट

धनगढी नपा-२ निवासी युथफोर्स कैलालीका अध्यक्ष गणेश हमाल, धनगढी नपा-१ का सम्राट सिंह र वीरेन्द्र सिंहले वडा प्रहरी कार्यालय धनगढीमा खटिएका प्रहरी जवान वीरजीत चुनारालाई हातपात गरेको आरोपमा ०६५ कात्तिक ४ गते राती वडा प्रहरी कार्यालयका इञ्चार्ज धर्मसिंह विष्टको आदेशमा गिरफ्तार गरी वडा प्रहरी कार्यालयको हिरासतमा यातना दिएपश्चात् जिल्ला प्रहरी कार्यालय कैलालीमा बुझाए। यातनापीडित हमालको काठमाडौंमा उपचार भयो। जिल्ला प्रहरी कार्यालयले गणेश हमाल, सम्राट सिंह र वीरेन्द्र सिंहका विरुद्ध जिल्ला अदालत कैलालीमा सार्वजनिक अपराध मुद्दा दायर गरेकामा हमाल र सिंह ०६५ कात्तिक ७ गते धरौटीमा रिहा भए। वीरेन्द्र सिंह यस वर्षको अन्त्यसम्मै फरार रहे।

## बालअधिकार

चौमाल गाविस-७ राजीपुर गौरीगङ्गा शिविरनिवासी पहलवानपुरस्थित होटेलका कामदार १२ वर्षीय राजन चौधरीले होटेलबाट चोरी गरेको आरोपमा ०६५ मङ्सिर ९ गते पलहवानपुर-१ निवासी होटेलका मालिक माधव तिवारी र तर्कराज पन्तले उनलाई बडैपुर जङ्गलबाट नियन्त्रणमा लिई कपडा खोली कुटपिट गरे। उनलाई होटेलमालिक तिवारी र पन्तले घर आइरहेको अवस्थामा नियन्त्रणमा लिई कुटपिट गरेका थिए। पीडितको स्वास्थ्य परीक्षण सेती अञ्चल अस्पताल धनगढीमा भयो। पीडित पक्षले ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दर्ता गर्न खोज्दा ज्यान मार्ने कारणहरू नदेखिएको भन्दै जिल्ला प्रहरी कार्यालय कैलालीले मुद्दा दर्ता गर्न अस्वीकार गऱ्यो। मुद्दा दर्ता

*कारागारमा भएको झडपमा परी घाइते भएका धनबहादुर मल्ल, केशव कार्की, गोपाल सोनी र राजेन्द्र राउत*

नगर्नुको कारण लिखित रूपमा लेखी दिन आफूहरूले अनुरोध गर्दासमेत जिल्ला प्रहरी कार्यालयका डीएसपी भोला रावले सुनुवाइ नगरेको पीडित पक्षका इस्माइल चौधरीले बताए। यस वर्षको अन्त्यसम्म पीडकविरुद्ध मुद्दा दर्ता हुन सकेको छैन।

साडेपानी गाविस-९ की १२ वर्षीया एक बालिकालाई ०६५ असोज २४ गते सोही ठाउँ निवासी सुकुम्बासी पार्टीका तर्फबाट संविधानसभा निर्वाचन ०६४ का उम्मेदवार ४३ वर्षीय दुर्गाप्रसाद सुवेदीले पीडितकै घरगोठमा बलात्कार गरेको भनी पीडितले दिएको उजुरीका आधारमा पौडेललाई प्रहरीले गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म पीडकलाई जिल्ला कारागार कैलालीमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

गेटा गाविस-६ वसन्तपुरकी मीना खत्री (बलायर)ले आफ्नो छोरा तेजबहादुर बलायरलाई बोक्सी लगाएको आरोपमा ०६४ माघ २ गतेदेखि ४ गते बिहानसम्म उनकै ससुरा खडक बलायर (माझी), सासू धर्मा बलायर, देवर धर्म बलायर र आमाज्यू शकुन्तला बलायर (साउद)ले उनलाई निर्घात रूपमा कुटपिट गरे। पीडितले न्यायका लागि ०६४ माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीका आधारमा पीडकलाई जिल्ला प्रहरी कार्यालयले ०६४ माघ ८ गते पक्राउ गऱ्यो। पीडकहरूले आगामी दिनमा गल्ती नदोहोऱ्याउने बताएपछि जिल्ला प्रहरी कार्यालयले उनीहरूलाई रिहा गऱ्यो। पीडित खत्रीलाई सशस्त्र प्रहरी बल केन्द्रीय कार्यालयले काठमाडौं बोलाई रक्तकाली गण सुर्खेतमा सई पदमा कार्यरत पतिको आधा तलब पाउने र पतिले अर्को विवाह गर्न नपाउने सहमति गराई मिलापत्र गरायो। पीडित खत्री यस वर्षको अन्त्यसम्म काठमाडौंमा अध्यापन कार्यमा संलग्न छिन् ।

पथरिया गाविस-२ अमौराका १४ वर्षीय सन्तोष चौधरी, १५ वर्षीय सुनील चौधरी र १७ वर्षीय सुरेश चौधरी चोरी कार्यमा संलग्न भएको आशङ्कामा ०६४ माघ २७ गते राती टीकापुर नपा इलाका प्रहरी कार्यालयबाट गस्तीमा आएको प्रहरी टोलीले उनीहरूलाई छिमेकीको घरनजिकै आगो तापिरहेको अवस्थामा बिनापुर्जी गिरफ्तार गरी ०६४ माघ २८ गते राती आफन्तको जिम्मा लगायो। पीडित परिवारले प्रहरीले बालबालिकालाई बिनाकारण गिरफ्तार गरी हिरासतमा राखी कुटपिट र यातना दिएको बताए पनि इलाका प्रहरी कार्यालयका सई हर्क विकले पीडितलाई कुटपिट र यातना नदिएको बताए।

गेटा गाविस-३ की ३८ वर्षीया हरिनादेवी बमलाई ०६४ चैत १३ गते राती उनकै देवर २८ वर्षीय वीरबहादुर बमले गोली प्रहार गरी घाइते बनाए। मादक पदार्थ सेवन गरी घरमा आएका वीरबहादुरले अंशबण्डा र जग्गाको विषयलाई मुद्दा बनाएर गोली प्रहार गरेका थिए। गोली प्रहारबाट पीडितको बायाँ खुट्टाको घुँडाभन्दा तल क्षतविक्षत भएको थियो। अत्तरियास्थित पद्मा अस्पतालमा प्राथमिक उपचारपछि उनको थप उपचार नेपालगञ्जस्थित मेडिकल कलेजमा भयो। पीडकलाई एक थान कटुवा पेस्तोल र चक्कुसहित प्रहरीले गिरफ्तार गरी हातहतियार तथा खरखजाना ऐन अन्तर्गत मुद्दा चलाएकामा जिल्ला अदालत कैलालीको आदेशले ०६४ चैत २६ गते ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

धनगढी नपा-१२ जुगेडाकी २१ वर्षीया देवीका रोकायाको मृत शरीर ०६४ चैत २८ गते उनकै घरनजिकैको जङ्गलमा खाल्डोमा पुरिएको अवस्थामा फेला पऱ्यो। उनको मृत शरीर टाउकोको दुवै भागमा धारिलो हतियारले प्रहार गरिएको अवस्थामा फेला परेको थियो। मृतकको लासको चैत २९ गते सेती अञ्चल अस्पतलामा पोस्टमार्टम गरी दाहसंस्कार गरियो। हत्या गरेको आशङ्कामा मृतककी सासू मीनादेवी रोकाया, ससुरा प्रेमलाल रोकाया र देवर सुरेश रोकायालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार परेकामध्ये सुरेश रोकायालाई जिल्ला अदालतले ०६५ वैशाख ७ गते तारेखमा रिहा गऱ्यो भने मीनादेवी रोकाया र प्रेमलाल रोकायालाई यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि जिल्ला कारागार कैलालीमा राखिएको छ।

धनगढी नपा-३ की २३ वर्षीया पुनम महतोलाई ०६५ भदौ २६ गते अंशबण्डा र

सम्बन्धविच्छेदको मुद्दाको तारिख लिन जिल्ला अदालत कैलालीमा गएको अवस्थामा उनका पति मनोज महतोले अदालत परिसरभित्र टाउकोमा ढुङ्गाले प्रहार गरी घाइते बनाए। मनोज महतोले पुनमलाई छोडी अर्को विवाह गरेपछि आफूप्रति अन्याय भएको भन्दै पीडितले जिल्ला अदालतमा अंश र सम्बन्धविच्छेदको मुद्दा दायर गरेकी थिइन्। अदालतले सोही मुद्दाको तारिखका लागि ०६५ भदौ २६ गते दुवै जनालाई हाजिर हुन तारिख दिएको थियो । पुनम अदालतमा गएको समयमा महतोले ढुङ्गाले टाउकोमा प्रहार गरी फरार भएका थिए। जिल्ला प्रहरी कार्यालय कैलालीले ०६५ भदौ २७ गते महतोलाई गिरफ्तार गरी ज्यान मार्ने उद्योगमा मुद्दा चालाएकामा ०६५ असोज ११ गते जिल्ला अदालतको आदेशमा उनी तारेखमा रिहा भए।

### सबै प्रकारका जातीय विभेद

दरख गाविस-८ का २१ वर्षीय खेमबहादुर दमाई दलित समुदायको भएको भन्दै ०६५ वैशाख १४ गते दरख गाविस-५ घर भई विराट सनातन धर्म सांस्कृतिक सम्वर्द्धन प्रतिष्ठान सुख्खडका सचिव तथा घोडाघोडी मन्दिरका पुजारी ज्ञानचन्द्र उपाध्यायले खेमबहादुरलाई घोडाघोडी मन्दिरमा व्रतबन्ध गराउन मानेनन्। सार्वजनिक स्थलमा दलित भएकै कारण पुजारीले व्रतबन्ध नगरिदिएको भन्दै कारवाहीको माग गर्दै दरख गाविसका स्थानीय दलितहरूले ०६४ वैशाख १५ गते दरख गाविसस्थित घोडाघोडी मन्दिरमा तालाबन्दी गरी आन्दोलनको घोषणा गरे। आन्दोलनपश्चात् आगामी दिनमा दलितलाई पनि अन्य जातिसरह मन्दिरमा व्यवहार गर्ने भन्दै पुजारीले आमभेलामा माफ मागेपछि ०६५ वैशाख १६ गते मन्दिरमा लगाएको ताला खोली दुवै पक्षबीच मिलामत्र भयो।

धनगढी नपा-१२ सिँगाउँ निवासी ५१ वर्षीया मुन्नीदेवी दमाईले धारा छोएको आरोपमा ०६५ जेठ २ गते दिउँसो धनगढी नपा-१२ डी गाउँका जङ्गबहादुर सिंहले उनलाई कुटपिट गर्नुका साथै गालीगलौज गरे। पीडित र उनकी साथी बाटोको छेउमा रहेको नल धारामा पानी पिउन लागेको अवस्थामा सिंहले 'डुमनी मेरो नलमा छोइस्' भनी कुटपिट र गालीगलौज गरेको पीडितले बताइन्। पीडकले आइन्दा त्यस्तो गल्ती नगर्ने प्रतिबद्धता जाहेर गरी माफ मागेपछि दुवै पक्षबीच ०६५ जेठ ३ गते मिलापत्र भयो।

गेटा गाविस-५ का मदन नेपाली, रमेश नेपाली र कमल नेपालीले पसल छोइदिएको आरोपमा ०६५ भदौ ३ गते सोही ठाउँका नरेश धामी, पुरन धामी, चन्द्र भाट, रघुनाथ चौधरी र रतनलाल चौधरीले उनीहरूलाई पसलअघिल्तिर कुटपिट गरी घाइते बनाए। घाइतेहरूको उपचार सेती अञ्चल अस्पतालमा भयो। इलाका प्रहरी कार्यालय मालाखेतीले सोही दिन पीडकहरूलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय कैलालीमा बुझायो। घाइतेहरूको उपचार गरिदिने र आगामी दिनमा त्यस्तो गल्ती नगर्ने सर्तमा जिल्ला प्रहरी कार्यालयमा दुवै पक्षबीच घटना भएको भोलिपल्ट मिलापत्र भयो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार युथफोर्सबाट

धनगढी नपा-२ का हरिप्रसाद पाण्डेले गैरकानुनी रूपमा भारतबाट सामानहरू ल्याई उद्योग सञ्चालन गरेको आरोपमा ०६५ भदौ २८ र २९ गते युथफोर्सले उनको धनगढीस्थित नवदुर्गा मिल र गोदाममा छापा मारी वनस्पतिजन्य तेल र १ हजार २ सय ओटा खाली टिनका डिब्बा कब्जा गरी सोही दिन भन्सार कार्यालय कैलालीमा बुझायो। मिल मालिक पाण्डेले कुनै पनि निकायमा उजुरी गरेनन्।

## ५.२ अछाम

जनसङ्ख्या : २,६१,३६३
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,६८०
गाविस/नपा सङ्ख्या : ७५/०
सरकारी/निजी विद्यालय : ३७७/८
क्याम्पस/उच्च मा.वि. : २/१८
अस्पताल/स्वास्थ्य चौकी : २/७६
मानव विकास सूचकाङ्क : ०.३५०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट पीडित | | | | | | | | | राज्यबाट पीडित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| गिरफ्तारी/यातना | | | | | | | | | | २ | २ | २ |
| कुटपिट | ८ | १५ | २ | | १७ | २ | २ | | २ | | | |
| धम्की | २ | १ | | १ | २ | १ | | १ | १ | | | |
| भेला/सङ्गठित हुने अधिकार | २ | ३ | | | ३ | | | | | १ | ११ | ११ |
| जातीय विभेद | १ | १ | | | १ | | | | | | | |
| महिलाअधिकार | २ | | २ | | २ | | | | | | | |
| बालअधिकार | १ | | २ | | २ | | | | | | | |
| अपहरण | २ | २ | | | २ | | | | | | | |
| जम्मा | १८ | २२ | ६ | १ | २९ | ३ | २ | १ | ३ | ३ | १३ | १३ |

### जेल र बन्दीहरू

'घ' श्रेणीको यस कारागारको बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १२ जना पुरुष र एक जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका तीन जना पुरुष थुनवा रहेका छन्। यसरी अछाम कारागारमा जम्मा १६ जना बन्दी रहेका छन्। बन्दीहरूलाई मनोरञ्जनका लागि टीभी मात्र उपलब्ध छ। जेलको भौतिक अवस्था ठीकै रहे तापनि बन्दीहरूका लागि कुनै आयमूलक तालिमको व्यवस्था छैन।

### बेपत्ता/अपहरण
### वाईसीएलबाट

शोड्षा गाविस-४ का २५ वर्षीय रामबहादुर कडायतले ०६४ पुस २९ गते माओवादीलाई गाउँमा कार्यक्रम गर्न नदिएर स्थानीय बासिन्दा र माओवादीबीच विवाद बढाएको आरोपमा ०६४ माघ ३ गते बेलुका उनलाई वाईसीएल कार्यकर्ताले घरबाटै अपहरण गरे। पीडितलाई सोही राती गाउँबाटै मुक्त गरिएको थियो।

त्यसै दिन वाईसीएल कार्यकर्ताले सोही गाविस-४ का ५८ वर्षीय हरिसिंह कडायत, ३६ वर्षीय मोती कडायत र ३५ वर्षीय दिलबहादुर कडायतलाई कुटपिट पनि गरेका थिए।

*वाईसीएल कार्यकर्ताद्वारा अपहरण गरिएका रामबहादुर कडायत*

शोड्षा गाविस-३ का ४५ वर्षीय जहरी लुहारले माओवादी पार्टी त्यागेको आरोपमा ०६४ माघ ३ गते राती उनलाई वाईसीएल कार्यकर्ताले सुतिरहेको अवस्थामा घरबाटै अपहरण गरी भाटाकाटिया गाविसस्थित आफ्नै श्रमशिविरमा राखे । अपहरणका क्रममा माओवादीले पीडितलाई एमाले छाड्न धम्की दिएका थिए। पीडितको उद्धारका लागि जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल बेस क्याम्पबाट त्यसै दिन गएको प्रहरी टोलीलाई माओवादीले गाली बेज्जइती गरेर फर्काएका थिए। पीडितलाई ०६४ माघ ६ गते भाटाकाटिया गाविसबाट मुक्त गरे।

### धम्की/कुटपिट
### माओवादीबाट

संविधानसभा निर्वाचनमा अछाम क्षेत्र नं. २ का प्रत्यक्षतर्फका उम्मेदवार रामबहादुर विष्टको नेतृत्वमा रहेको काङ्ग्रेसको समूहले गाउँमा चुनाव प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत १३ गते बिहान उनीहरूलाई लयाटी गाविसको विद्यालयनजिकै खाना खाइरहेको अवस्थामा माओवादी कार्यकर्ताले उनलाई ढुङ्गा प्रहार गर्दा काङ्ग्रेसका दुई जना कार्यकर्ता घाइते भए। उक्त घटनाको जिम्मा माओवादीले लिएनन्। घाइतेहरूको जिल्ला अस्पताल मङ्लसैनमा उपचार भयो।

रामारोसन एफएमले एकतर्फी समाचार प्रसारण गरेको आरोपमा ०६४ चैत १६ गते माओवादी जिल्ला कमिटी सदस्य झङ्करबहादुर रावलले जनालीबडाली गाविसमा आयोजित चुनावी आमसभामा भाषण गर्दा आफूहरूले रामारोसन एफएम कब्जा गर्ने धम्की दिए। जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल, निर्वाचन सुरक्षा बेस क्याम्पबाट गएको सुरक्षा टोलीले चैत २८ गतेसम्म रामारोसन एफएम स्टेसनको सुरक्षा गरेको थियो।

रामारोसन गाविस-३ निवासी ५६ वर्षीय लालबहादुर बुढा एमाले कार्यकर्ता भएको आरोपमा ०६४ चैत २२ गते उनलाई सोही गाविसका स्थानीय माओवादी कार्यकर्ताले सैनीबजारबाट घर फर्किन लागिरहेका बेला बाटोमा कुटपिट गरे। उनको टाउकोमा चोट लागेको थियो। घटनापछि पीडितको सान्तडा मेडिकल हलमा उपचार भयो। पीडितका परिवारले प्रहरी चौकी सान्तडामा ०६४ चैत २३ गते निवेदन दिएपछि पीडकले औषधि उपचार गराइदिने सर्तमा दुवै पक्षबीच ०६४ चैत २४ गते मिलापत्र भयो।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | १ | १ | १ | ३ | १० | १० |
| भेला/सङ्गठित हुने अधिकार | | | | ३ | ३ | ३ |
| अपहरण | | | | ३ | ३ | ३ |
| जम्मा | १ | १ | १ | ६ | १५ | १५ |

### वाईसीएलबाट

शोङ्षा गाविस-२ माडीगडाका ४९ वर्षीय वीरसिंह ठकुल्लाले आफ्नो पसलबाट लिएको उधारो सामानको पैसा भुक्तान गर्न अनुरोध गरेको आरोपमा ०६४ पुस २९ गते उनी, उनका छिमेकीहरू ३३ वर्षीय गुडु रावल र ३२ वर्षीय दलबहादुर रावललाई पसलमा बसिरहेको समयमा वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। माओवादीले तिर्नुपर्ने ५ हजार ७ सय ७४ रुपियाँ माग्दा वाईसीएलका कार्यकर्ताले उनीहरूलाई कुटपिट गरेका थिए। पीडितले कारबाहीका लागि उजुरी गरेनन्।

हिच्मा गाविस-३ का चन्द्रबहादुर साउद, टङ्कबहादुर साउद, धर्मबहादुर साउद र परे सार्कीले काङ्ग्रेसको आमसभा सञ्चालन हुँदा भात पकाइदिएको आरोपमा ०६४ चैत १५ गते उनीहरूलाई ढाकु केन्द्रबाट एसएलसी परीक्षा दिएर घर फर्किरहेका बेला वाईसीएल कार्यकर्ताले गाउँमा कुटपिट गरे। वाईसीएल कार्यकर्ताले कुटपिट गर्दा तातोपानीमा टाउको डुबाएर मार्ने धम्की दिएका थिए।

*वाईसीएल कार्यकर्ताद्वारा अपहरण गरिएका जहरी लुहार*

### एमालेबाट

भागेश्वर गाविस-१ का दीपक दुवालले गाउँ अनुगमन समितिको बैठकमा आफूलाई कारबाही गर्ने निर्णय गरेको आरोपमा ०६५ चैत ३ गते सोही गाविस-७ का भूपू गाविस अध्यक्ष तथा एमालेका इलाका कमिटी सदस्य कृप बोहराले बैठक पुस्तिका च्यातिदिनुका साथै उनलाई कुटपिट पनि गरे। पीडित दुवालले माओवादीको प्रतिनिधिको हैसियतले गाविस योजना अनुगमन समितिको बैठक पुस्तिकामा आफ्नो नाम किटेर कारबाही गर्ने एकलौटी निर्णय गरेको आरोपमा कुटपिट गरेको बोहराले बताए। घटनापछि पीडितले ०६५ भदौ ४ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकामा भदौ १५ गते इलाका प्रहरी कार्यालय बयालपाटामा दुवै पक्षबीच मिलापत्र भयो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

राप्रपा नेपालका क्षेत्र नं. २ का प्रत्यक्षतर्फका उम्मेदवार श्यामबहादुर शाही र समानुपातिकतर्फका उम्मेदवार मीनबहादुर शाहीले गाउँमा चुनाव प्रसार प्रसार गरेको आरोपमा ०६४ चैत १४ गते वाईसीएल कार्यकर्ताले उनीहरूलाई भैरवस्थान गाविसको आमीमा चुनाव प्रचार प्रसार नगर्न धम्की दिँदै लेखेटे। चुनावी प्रचार प्रसारमा गएका नेता तथा कार्यकर्तालाई माओवादीले धम्की दिएपछि पीडितहरू सो दिन रानीवन गाविसको कुनेगडा प्रहरी चौकीमा सुरक्षाका लागि बसे।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

यस अदालतमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका सात थान मुद्दा र यस वर्ष दर्ता भएका दुई थान गरी जम्मा नौ थानमध्ये यस वर्ष सात थान मुद्दा फर्स्यौट भई दुई थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दा र यस वर्ष दर्ता भएका एक थान गरी जम्मा छ थान मुद्दामध्ये यस वर्ष चार थान मुद्दा फर्स्यौट भई दुई थान मुद्दा बाँकी रहे।

यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तीन थान मुद्दा र यस वर्ष दर्ता भएका एक थान मुद्दा गरी चार थान मुद्दामध्ये यस वर्षको अन्त्यसम्म कुनै पनि मुद्दा फर्स्यौट भएनन्।

यसरी यस वर्षको अन्त्यसम्ममा आठ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

*प्रहरी हिरासतमा यातना दिइएका नन्दसिंह सुनार*

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

#### राज्यबाट

वलीगाउँ गाविस-४ का ६० वर्षीय भैरवसिंह बोहराले जीतेन्द्र शाहको हत्या गरेको आरोपमा ०६५ वैशाख २० गते प्रहरीले उनलाई गिरफ्तार गरी यातना दियो। मङ्गलसैन गाविसका २७ वर्षीय जीतेन्द्र शाहको वलीगाउँ गाविस-८ बडकाट्यामा अज्ञात व्यक्तिले गरेको हत्याको आरोपमा बोहरालाई गिरफ्तार गरिएको थियो। उनीसँगै सोही गाविस-४ का ५२ वर्षीय नैनबहादुर बोहरा र ६५ वर्षीय रामबहादुर बोहरालाई पनि गिरफ्तार गरिएको थियो। पीडितलाई अभियोग स्वीकार्न प्रहरीले भैरवसिंहको हातखुट्टामा निर्मम कुटपिट गरेको थियो। पीडित अदालतको आदेशानुसार १० हजार रुपियाँ धरौटी राखेर रिहा भए।

जुपु गाविस-९ निवासी नन्दसिहं सुनारलाई ज्वाईंले तीन वर्षअघि सात हजार रुपियाँ, डेढ तोला सुन, एक थान घडी चोरी गरेको आरोपमा ०६५ भदौ २१ गते उनलाई जिल्ला प्रहरी कार्यालयका प्रहरीले यातना दिए। पीडितलाई यातना दिँदा पिठ्यूँ, पाखुरा, तिघ्रा र पैतलामा नीलडाम परेको थियो। प्रहरीले पीडितलाई निर्मम यातना दिई चोरी गरेको सकार्न लगाएका थिए। चोरी भएको सामानबापत ३० हजार रुपियाँ तिर्ने सर्तमा ०६५ भदौ २३ गते रिहा गरे।

### महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

#### पारिवारिक हिंसा

मार्कु गाविस-१ की २२ वर्षीया वसुन्धरा रेग्मीलाई ०६५ असार १४ गते उनका पति २३ वर्षीय शेषराज रेग्मीले घरबाट भारत पुऱ्याई बेपत्ता पारे। मगोदा महाफालिया गुजरात शान्ति मन्दिरमा अध्ययन गर्ने पतिले आफैँसँग लिएर जान्छु भनेको लामो समय भइसक्दा पनि छोरी सम्पर्कमा नै नभएको पीडितका बाबुले बताए। पति भारतमा रहँदा वसुन्धरालाई उनकै ससुरा ५८ वर्षीय डिल्लीराज रेग्मीले गर्भवती बनाएका थिए। पतिले गर्भ रहेको जानकारी पाएपछि सिद्धेश्वर मेडिकलमा छिमेकी नीर रेग्मी, सेतु रेग्मी गई गर्भपतन गराए। केही समयपछि भारतमा पत्नीलाई लिएर गएका पतिले पत्नीलाई बेपत्ता पारेका थिए। पीडितका बाबुले छोरीको खोजीका लागि पारालिगल कमिटीमार्फत ०६५ असार २२ गते प्रहरी चौकी बैजनाथमा जानकारी गराउँदा पनि कुनै सुनुवाइ भएको छैन। चौकीबाट सुनुवाइ नहुँदा पीडितका बाबुले ०६५ पुस २ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए पनि जिल्ला प्रहरी कार्यालयले कुनै पहल नगरेको पीडितका बाबुले बताए।

बर्दादेवी गाविस-५ की आरती ठकुल्लालाई पति लोकेन्द्र ठकुल्लाले ०६५ कात्तिक १२ गते चरम यातना दिए। पीडितले सोही दिन इलाका प्रहरी कार्यालयमा उजुरी निवेदन दिइन्। ०६२ वैशाख १५ देखि कुटपिट, गाली बेइज्जती र यातना दिँदै आएको पीडितले बताइन्।

### सबै प्रकारका जातीय विभेद

रिडीकोट गाविस-५ का ४० वर्षीय भीमबहादुर विश्वकर्मालाई ०६५ भदौ १७ गते राती सोही गाविस-४ का २५ वर्षीय वीरेन्द्र कुमालले दलित भन्दै गाली गरे। पीडकले दलित भन्दै गाली गरेपछि पीडितले इलाका प्रहरी कार्यालय बयालपाटामा कारबाहीका लागि ०६५ भदौ १८ गते निवेदन दिए। ०६५ भदौ १८ गते दुवै पक्षबीच गाली नगर्ने सर्तमा मिलापत्र भयो।

# ५.३ डोटी

जनसङ्ख्या : २,४५,२८८
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : २४
क्षेत्रफल (वर्ग कि. मि.): २,०२५
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ३२२/१७
क्याम्पस/उच्च मा.वि. : १/१६
अस्पताल/स्वास्थ्य चौकी : ४/५१
मानव विकास सूचकाङ्क : ०.४२०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

## जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ४५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ११ जना पुरुष र एक जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका पाँच जना पुरुष थुनुवा रहेका छन्। यसरी डोटी कारागारमा जम्मा १७ जना बन्दी रहेका छन्। कारागारभित्र आईसीआरसीले खानेपानीको ट्याङ्की निर्माण गरिदिनुका साथै शौचालयको पनि व्यवस्था गरिदिएको छ। इन्सेकलगायत आईसीआरसीले पनि आफ्ना मासिक, पाक्षिक तथा वार्षिक प्रकाशनहरू उपलब्ध गराउँदै आएको छ। यसैगरी, कारागारभित्रै जिल्ला विकास समिति डोटीले पुस्तकालयको व्यवस्था गरी विभिन्न प्रकारका पाठ्यसामग्री एवम् खेलसामग्रीहरूको व्यवस्था गराएको छ। कारागारमा रेडियो र टीभी उपलब्ध छ।

## धम्की/कुटपिट

### राज्यबाट

दिपायल सिलगढी नपा-७ की १८ वर्षीया एक युवतीलाई ०६४ माघ २५ गते साँझ खेतमा पानी लगाइरहेको अवस्थामा सूप पृतना हेडक्वार्टर राजपुरमा कार्यरत अम राजेन्द्र नेपालीले 'म नेपाली सेना हो, जे पनि गर्न सक्छु' भन्दै घाइते हुने गरी कुटपिट गरे। घाइतेको उपचार जिल्ला स्वास्थ्य कार्यालय डोटीमा भयो। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए तापनि पीडकलाई कुनै कारवाही भएन। यस घटनाको विरोधमा पृतनाको मूलढोकामा विद्यार्थी र पीडितका आफन्तहरूले ०६४ माघ २६ गते एक दिन धर्ना दिँदै जुलुस प्रदर्शनसमेत गरेका थिए।

### माओवादीबाट

तोलेनी गाविस-६ सैनगाउँ निवासी एमाले जिल्ला कमिटी सदस्य ३२ वर्षीय गोरख सार्कीले माओवादीको सदस्यता नलिएको आरोपमा ०६४ फागुन १० गते बेलुका उनलाई माओवादी कार्यकर्ता कुशलको नेतृत्वमा गएको एक समूहले मार्ने धम्की दियो। पीडितले यस वर्षको अन्त्यसम्म उजुरी गरेनन्।

पोखरी गाविस-२ सलेना निवासी एमालेका सङ्गठित सदस्य २४ वर्षीय टेकबहादुर खड्काले माओवादी कार्यकर्तालाई एमालेमा प्रवेश गराएको आरोपमा ०६४ चैत २० गते माओवादी कार्यकर्ता राजन विष्टको नेतृत्वमा गएको टोलीले उनलाई सोही गाविस-५ बाट अपहरण गऱ्यो। पीडितलाई अपहरणपश्चात् सोही गाविस-५ को तेजबहादुर बडैलाको घरमा लगी साइकलको चेनले घाइते हुने गरी कुटपिट गरे । टाउकोमा चोट लागी घाइते भएका पीडितको जिल्ला अस्पताल डोटीमा उपचार भयो। घाइतेको टाउकोमा तीन टाँका लागेको थियो। पीडितले यस वर्षको अन्त्यसम्म असुरक्षाका कारण कुनै निकायमा उजुरी गरेनन्।

### एमालेबाट

सरस्वतीनगर गाविस-९ निवासी माओवादी कार्यकर्ता २२ वर्षीय मीनबहादुर खड्काले विगत द्वन्द्वकालमा आफूहरूबाट चन्दा असुल गरेको र समय-समयमा धम्की दिँदै आएको आरोपमा ०६५ कात्तिक १४ गते साँझ गाउँमा लाग्ने मेलामा गएका बखत एमालेका सदस्य कालुसिं खत्रीलगायत १२ जनाको एक समूहले एक्कासि कुटपिट गरी उनीसँग रहेको २२ हजार नगद पनि लुटेर लग्यो। पीडितले प्रहरी चौकी जोरायलमा निवेदन दिएपछि ०६५ मङ्सिर ९ गते रकम फिर्ता बुझाउने, आपसी समझदारी कायम गर्ने सर्तमा प्रहरीको मध्यस्थतामा दुवै पक्षबीच मिलापत्र भयो।

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट पीडित | | | | | | | | | राज्यबाट पीडित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| कुटपिट | ३ | ३ | | | ३ | १ | १ | | १ | १ | | १ | १ |
| धम्की | | | | | | १ | | १ | १ | | | | |
| जातीय विभेद | ८ | ९ | ६ | ३५ | ४० | | | | | | | | |
| महिलाअधिकार | ३ | | ३ | | ३ | | | | | १ | | १ | १ |
| बालअधिकार | ३ | | ३ | | ३ | | | | | | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | | | | | | १ | १ | | १ |
| जम्मा | १३ | ११ | १० | ३५ | ४६ | ३ | १ | १ | ३ | ३ | १ | ३ | ३ |

### सुगम र निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत, डोटी

यस अदालतमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका जम्मा चार थान मुद्दा रहेका छन्। यस वर्ष कुनै मुद्दा दर्ता भएनन्। यीमध्ये यस वर्ष तीन थान मुद्दा फर्स्यौट भई एक थान मुद्दा बाँकी रह्यो। सरकारी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका सात थान मुद्दा र यस वर्ष दर्ता भएका आठ थान गरी जम्मा १५ थान मुद्दामध्ये यस वर्ष एक थान मुद्दा फर्स्यौट भई १४ थान मुद्दा बाँकी रहे।

यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका छ थान मुद्दामध्ये एक थान मुद्दा फर्स्यौट भई पाँच थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका तर फर्स्यौट हुन बाँकी आठ थान मुद्दा रहे। यसरी यस वर्षको अन्त्यसम्ममा २७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### पुनरावेदन अदालत, राजपुर, दिपायल

यस अदालतमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका चार थान मुद्दा छन् भने यो वर्ष अन्य मुद्दा दर्ता भएका छैनन्। यीमध्ये यस वर्ष तीन थान मुद्दा फर्स्यौट भई एक थान बाँकी रह्यो।

सरकारी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४३ थान मुद्दा छन् भने यस वर्ष दर्ता भएका ४५ थान गरी जम्मा ८८ थान मुद्दामध्ये यस वर्ष १९ थान मुद्दा फर्स्यौट भई ६९ थान बाँकी रहे।

यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६५ थान मुद्दामध्ये ५७ थान मुद्दा फर्स्यौट भई आठ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म पुनरावेदन अदालतमा जम्मा ७८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

जिल्ला प्रहरी कार्यालय डोटीमा यस वर्ष चोरीसम्बन्धी एक थान, ज्यानसम्बन्धी एक थान, सडक दुर्घटनासम्बन्धी तीन थान, ज्यान मार्ने उद्योगमा एक थान र जबरजस्ती करणीमा एक थान मुद्दा दर्ता भए।

### बालअधिकार

मुड्भरा गाविस-३ सेलबुङ घर भई हाल मुडेगाउँ गाविस-८ निवासी नौ वर्षीया नाउटी महरालाई उनका ४५ वर्षीय बुबा डिलबहादुर महराले ०६४ माघ १८ गते मुड्भरा गाविस-६ का ३० वर्षीय ढाँट बोहरासँग विवाह गरिदिए। महिला अधिकार मञ्चकी उपाध्यक्ष निर्मलादेवी ऐरले ०६४ माघ ९ गते जिल्ला प्रहरी कार्यालय डोटीमा उजुरी दिएपछि नाबालिकाको विवाह गराएको आरोपमा इलाका प्रहरी कार्यालय दिपायलले ढाँट बोहराका बुबा रैभान बोहरा र आमा तारादेवी बोहरालाई ०६४ माघ २१ गते र बालिकाकी आमा कलसीदेवी महरालाई ०६४ माघ २३ गते गिरफ्तार गरेको थियो। पीडितका बुबा यस वर्षको अन्त्यसम्म फरार रहेका थिए। जिल्ला अदालत डोटीका न्यायाधीश किरणकुमार पोखरेलको एकल इजलासले ०६४ फागुन ८ गते तारादेवी बोहरा र रैभान बोहरालाई जनही चार हजार र कलसीदेवीबाट ५ सय रुपियाँ धरौटी लिई उनीहरूलाई तारेखमा रिहा गरेको

थियो। पीडित बालिकालाई काठमाडौँको बालगृहमा राखिएको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

काडामाडौँ गाविस-२ की २० वर्षीया एक युवतीलाई सानागाउँ प्रहरी चौकीका चौकीप्रमुख जयदेवसिं धामीले बलात्कार प्रयास गरेको आरोपमा ०६५ साउन १२ गते राती जिल्ला प्रहरी कार्यालय डोटीले गिरफ्तार गऱ्यो। चौखुट्टेस्थित बोगटी होटेलमा राती सुतिरहेको अवस्थामा एक्कासि १२ बजे ढोका ढक्ढक्याएर भित्र पस्न खोज्दा चिच्याएपछि गाउँलेहरूले धामीलाई समाती अछामस्थित चौखुट्टे प्रहरी चौकीमा बुझाएका थिए। आफूलाई धामीले तीनपटकसम्म बलात्कार प्रयास गरेको पीडितले बताइन्। ०६५ भदौ ११ गते क्षेत्रीय प्रहरी कार्यालयको निर्णय अनुसार धामीलाई एक तह घटुवा गरी सप्र गण मुख्यालय धनगढीमा दरबन्दी मिलान गरी सरुवा गरियो। अन्य कुनै कानुनी कारबाही गरिएन।

### सबै प्रकारका जातीय विभेद

दिपायल सिलगढी नपा-९ का गोपाल सूचिकार, सोही ठाउँका २२ वर्षीय शङ्कर सूचिकार, २२ वर्षीय पुष्कर सूचिकार र १९ वर्षीय पुष्कर नेपालीले डोला लिएर मन्दिर प्रवेश गरेको आरोपमा ०६५ जेठ १ गते दिपायल सिलगढी नपा-१४ का २८ वर्षीय टेकबहादुर विष्टको अगुवाइमा आएको एक समूहले उनीहरूलाई घाइते हुने गरी कुटपिट गऱ्यो। पीडितहरूले जिल्ला प्रहरी कार्यालय डोटीमा ०६५ जेठ ३ गते उजुरी दिएपछि प्रहरीले विष्टलाई ०६५ जेठ ३ गते गिरफ्तार गऱ्यो। पीडकलाई जिल्ला न्यायाधीश किरणकुमार पोखरेलको एकल इजलासले ०६५ जेठ २४ गते १५ हजार धरौटी लिएर रिहा गर्न आदेश गऱ्यो।

दिपायल सिलगढी नपा-१ का २९ वर्षीया कैली नेपालीले सार्वजनिक धारामा पानी भरेको आरोपमा ०६५ असार १५ गते बिहान सोही नपा-३ का ३५ वर्षीय प्रकाश श्रेष्ठले खुट्टाले हानी पानीको गाग्री फुटाइदिनुका साथै 'तिमीहरू डुम त हौ' भनी गालीगलौज गरे। पीडितले ०६५ वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपछि सोही दिन गिरफ्तार भएका श्रेष्ठले जरिवानास्वरूप १ सय ५० रुपियाँ र फुटेको गाग्रीको सट्टामा नयाँ गाग्री किनिदिएपछि जिल्ला प्रहरी कार्यालयमा ०६५ असार १८ गते दुवै पक्षबीच मिलापत्र भयो।

लामीखाल गाविस-७ का खञ्जरीदेवी दमाई, सोही ठाउँका बिस्नादेवी ओड, कानीदेवी ओड र नाउटे दमाईलाई ०६५ असार २१ गते राती सोही ठाउँका ३५ वर्षीय डम्मरबहादुर सिंहले घरभित्र पसेर 'तिमीहरू डुम हौ' भनी घाइते हुने गरी कुटपिट गरे। पीडितले ०६५ असार २५ गते जिल्ला प्रशासन कार्यालय डोटीमा एक घण्टासम्म धर्ना दिँदा पनि स्थानीय प्रशासनले चासो दिएन। सो घटनालाई सोही गाउँका कानुन व्यवसायी दीपकबहादुर सिंह र अधिकारकर्मी धर्मसिं विश्वकर्माले उनीहरूको रोहबरमा दुवै पक्षलाई ०६५ असार २७ गते राखी आइन्दा विभेद नगर्ने र गरेमा कानुनी कारबाही गराइने सर्तमा मिलापत्र गराए।

खिरसैन गाविस-४ शान्तिनगरमा रहेको खड्का होटेलमा ०६५ मङ्सिर १४ गते खाजा खान गएका महिलाअधिकार मञ्चका अभियानकर्ता पुष्पा जोशीलगायत २० जना महिलालाई 'खाजा खाएको भाँडा आफैँ धोएर जानुपर्छ, होइन भने राम्रो हुँदैन' भन्दै होटेलकी सञ्चालिका जानकी खड्काले विभेद गरिन्। सो टोलीमा अधिकांश दलित महिला सहभागी थिए। भोलिपल्ट इन्सेक जिल्ला प्रतिनिधिलगायत महिला अधिकारकर्मी र दलित अधिकारकर्मीहरूको टोलीसँग पीडकका पतिले माफ माग्दै आइन्दा कसैलाई पनि विभेद नगर्ने प्रतिबद्धता जनाए।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### सम्पति कब्जा

#### राज्यबाट

दिपायल सिलगढी नपा-४ का ५० वर्षीय अनिल विकलगायत चार घरपरिवारले उपभोग गर्दै आएको जग्गाजमिन हालसम्म भीमदल गण ब्यारेकले प्रयोग गर्दै आएकाले सो जग्गा फुकुवाको माग गर्दै ०६५ वैशाख ३ गते पीडितले जिल्ला प्रहरी कार्यालय डोटीमा निवेदन दिए। यसअघि पनि पटक-पटक सम्बन्धित निकायलाई आफ्नो जग्गा फुकुवाको माग गर्दै राजनीतिक दल, मानवअधिकारकर्मी, प्रहरी प्रशासनसँग पहल गरिदिन आग्रह गरेको भए पनि हालसम्म कुनै पक्षबाट सुनुवाइ नभएकाले यसपटक पुन: निवेदन दिएको पीडितले बताए।

# ५.४ बाजुरा

जनसङ्ख्या : १,२४,१९३
साक्षरता प्रतिशत : ३७
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८८
गाविस/नपा सङ्ख्या : २७/०
सरकारी/निजी विद्यालय : २०१/३
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/२७
मानव विकास सूचकाङ्क : ०.३१०
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### आफ्नै बम विस्फोटबाट

गुदुखाती गाविस-५ मौवाडीस्थित लालबहादुर रावतको घरमा ०६४ चैत २६ गते बिहान सकेट बम विस्फोट हुँदा सोही गाविस निवासी माओवादी एरिया इन्चार्ज २२ वर्षीय लालु रावत र गुदुखाती गाविस-९ निवासी वाईसीएल कार्यकर्ता २३ वर्षीय दले धामी घाइते भए। टाउको, हात र आँखामा गम्भीर चोट लागेका लालुको भारतमा उपचार भयो।

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका आठ जना पुरुष र एक जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका सात जना थुनुवा रहेका छन्। यसरी बाजुरा कारागारमा जम्मा १६ जना बन्दी रहेका छन्। कारागार भवनको अवस्था जीर्ण छ। एउटै गोलघरभित्र महिला र पुरुष बस्ने घर भएकाले असजिलो छ। खानेपानीको सुविधा भए पनि व्यवस्थित छैन। बन्दीका लागि एउटा क्यारेमबोर्ड र टीभी उपलब्ध गराइएको छ।

### धम्की/कुटपिट

### माओवादीबाट

दहकोट गाविस-३ दहकोट निवासी ३९ वर्षीया वसुन्धरा रोकायालगायत एमालेको चुनाव प्रचार टोली आफ्नो पार्टीको प्रभाव इलाकामा आएको आरोप लगाउँदै ०६४ चैत ८ गते उनीहरूलाई माओवादीका जिल्ला सदस्य पवनले गोत्री गाविस-७ महतीमा आक्रमण प्रयास गरे। आक्रमणबाट जोगिनका लागि भागदौड गर्ने क्रममा संविधानसभाको निर्वाचनमा एमालेका तर्फबाट समानुपातिकतर्फका उम्मेदवार रोकायाको खुट्टामा चोट लागेको थियो।

साप्पाटा गाविस-८ फ्याल गाउँका २५ वर्षीय पूर्ण बुढालाई ०६४ चैत २७ गते माओवादीका नवीन भनिने नरेन्द्र बुढाले संविधानसभाको निर्वाचनमा आफ्नो पार्टीलाई भोट नहाले गाउँ छोड्नुपर्ने धम्की दिए।

साप्पाटा गाविस-८ का ५० वर्षीय विरही बुढालाई ०६४ चैत २७ गते माओवादी गाउँ इञ्चार्ज नवीन भनिने नरेन्द्र बुढाले माओवादीलाई भोट नहाले उनको हातखुट्टा भाँचिदिने धम्की दिए। माओवादी कार्यकर्ताबाट धम्की आएपछि आफू र परिवारले जोखिममा मतदान गर्नु परेको पीडितले बताए। घटनाबारे पीडितले कुनै निकायमा उजुरी भने गरेनन्।

कुल्देवमाडौं गाविस-६ निवासी इन्सेक जिल्ला प्रतिनिधि अर्जुन शाहले आफूहरू विरुद्ध समाचार लेखेको आरोपमा ०६५ जेठ २३ गते माओवादीका सदस्य दयाराम थापासहित जिल्लास्तरीय नेताको नेतृत्वमा रहेको १२ जनाको एक समूहले उनलाई जिल्ला विकास समितिको चौरमा मार्ने धम्की दियो। शाहले लेखेको 'माओवादीद्वारा रेडक्रसमा ताला' भन्ने समाचार ०६५ जेठ २२ गते इन्सेक अनलाइनलगायत अन्य दैनिकमा समेत प्रकाशित भएपछि उनीहरूले त्यस्तो धम्की दिएका थिए। माओवादीका जिल्ला सेक्रेटरी भगतसिंह भनिने डबल शाहले आफ्ना कार्यकर्ताबाट गल्ती भएको स्वीकार्दै आगामी दिनमा यस्ता घटना नदोहोरिने मौखिक प्रतिबद्धता व्यक्त गरे।

डोटी जिल्ला निवासी जिल्ला हुलाक कार्यालय बाजुराका निमित्त अधिकृत प्रमोद श्रेष्ठले कार्यालयमा आवश्यक दुई जना कम्प्युटर सहायक कर्मचारीको छनोट गर्दा अनियमितता गरेको आरोपमा ०६५ असार ९ गते बिहान उनलाई माओवादीका जिल्ला सदस्य विनीतालगायतका चार जना महिलाको एक समूहले

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट पीडित | | | | | | | | | | राज्यबाट पीडित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ३ | ३ | | | ३ | | | | | | | | | |
| घाइते | १ | ३ | | | ३ | | | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | | | १ | १ | | १ |
| कुटपिट | ८ | ३१ | | | ३१ | १ | १ | | | १ | | | | |
| धम्की | | | | | | ५ | ४ | | १ | ५ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | १ | | १ | | १ | | | | |
| महिलाअधिकार | ४ | | ४ | | ४ | | | | | | | | | |
| बालअधिकार | ३ | | १ | ५ | ६ | | | | | | १ | ३ | १ | ४ |
| जम्मा | १८ | ३५ | ५ | ५ | ३५ | ६ | ५ | १ | १ | ६ | २ | ४ | १ | ५ |

कार्यालय कोठामै कुटपिट गरी कार्यकक्षमा थुने। १५ मिनेटपछि घटनास्थल पुगेका प्रहरीले श्रेष्ठलाई सुरक्षा दिएका थिए। पीडकले भने आफूहरूले पीडितमाथि कुटपिट नगरेको बताउँदै उल्टै आफूहरूलाई अश्लील शब्दमा पीडितले गाली गरेको दाबी गरे। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेपछि प्रमुख जिल्ला अधिकारीको पहलमा दुवै पक्षबीच छलफल हुँदा माओवादीका जिल्ला सेक्रेटरी डबल शाहले ०६५ असार ११ गते घटनामा आफ्नो पार्टीका तर्फबाट कमजोरी भएको स्वीकार गरे।

मार्तडीस्थित *बाजुरा रेडियो*मा कार्यरत ३९ वर्षीय हर्कबहादुर ओलीले माओवादी पार्टीविरुद्ध लक्षित गरी समाचार प्रसारण गरेको आरोपमा ०६५ भदौ ६ गते उनलाई माओवादी जिल्ला इञ्चार्ज सहदेव बोगटीले आफ्नो पार्टीलाई प्रतिकूल हुने समाचार प्रसारण नगर्न धम्की दिए। *रेडियो बाजुरा*बाट ०६५ भदौ ६ गते हालखबरमा 'प्रधानमन्त्रीको खाट चीनबाट ल्याइयो' भन्ने समाचार प्रसारण गरिएको थियो। धम्कीपछि रेडियो व्यवस्थापनले ०६५ भदौ १० गतेदेखि चार दिनसम्म समाचारमूलक कार्यक्रम हालखबर बन्द गरेको थियो।

### काङ्ग्रेसबाट

कोटिला गाविस-३ निवासी एमाले कार्यकर्ता ४५ वर्षीय टङ्क मल्ल, ५२ वर्षीय कालीबहादुर मल्ल, ३० वर्षीय नरेन्द्र मल्ल, ४० वर्षीय गजेन्द्र मल्ल, ४० वर्षीय तुलाबहादुर मल्ल, ५५ वर्षीय अजबहादुर मल्ल, ४५ वर्षीय ध्रुवबहादुर मल्लले संविधानसभाको निर्वाचनमा काङ्ग्रेसलाई सहयोग नगरेको आरोपमा ०६४ चैत २९ गते राती सोही गाविसका गोरख मल्लको नेतृत्वको समूहले उनीहरूलाई कुटपिट गऱ्यो। कुटपिटपछि उनीहरू ०६४ चैत ३० गते सदरमुकाम मार्तडी विस्थापित भए। पीडितहरू ०६५ वैशाख ७ गते घर फर्किए।

गुदुखाती गाविस-४ गुदुका ३० वर्षीय कर्णबहादुर धामीले संविधानसभाको निर्वाचनमा काङ्ग्रेसलाई सहयोग नगरेको आरोपमा ०६५ वैशाख १ गते राती उनलाई सोही गाउँका काङ्ग्रेस कार्यकर्ता पुरन धामी, कलक धामी र पदम धामीले घरमै गएर कुटपिट गरे। पीडितको उपचार गाउँमै गरियो। डोगडी प्रहरी चौकीको पहलमा दुवै पक्षबीच भोलिपल्ट मिलापत्र भयो।

जुगाडा गाविस-३ नुवाकोटका ३२ वर्षीय गगने चँदारा, ३० वर्षीय कर्ण चँदारा, २६ वर्षीय नर चँदारा, २६ वर्षीय काली चँदाराले संविधानसभाको निर्वाचनमा काङ्ग्रेसलाई सहयोग नगरेको आरोपमा ०६५ वैशाख २ गते सोही गाउँका काङ्ग्रेस कार्यकर्ता डबले भण्डारी, किणो कार्की, तुले कार्कीलगायतले कुटपिट गरे। आफूहरूलाई कुटपिट गर्ने क्रममा डुम भन्दै गालीगलौज तथा दुर्व्यवहारसमेत गरिएको भन्दै ०६५ वैशाख ४ गते पीडितहरूले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे। तर, ०६५ वैशाख ११ गते सर्वपक्षीय भेलाले उक्त घटना राजनीतिक घटनाक्रम भएको भन्दै कसैलाई कारबाही नगर्ने निर्णय गरेकाले यस वर्षको अन्त्यसम्म पीडकहरूलाई कुनै कारबाही भएन।

**तालिका : २**
**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | काङ्ग्रेसबाट | | |
|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | ३ | १३ | १३ |
| जम्मा | ३ | १३ | १३ |

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बाजुरामा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका एक थान र यस वर्ष दर्ता भएका १७ थान मुद्दा गरी जम्मा १८ थान मुद्दामध्ये आठ थान मुद्दा फर्स्यौट भई १० थान बाँकी रहे।

यसैगरी, सरकारवादी फौजदारी मुद्दा भने गत वर्षको जिम्मेवारी सरेर आएका थिएनन्। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा सात थानमध्ये दुई थान फर्स्यौट भई पाँच थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएको एक थान मुद्दा यस वर्ष फर्स्यौट भयो। यसैगरी, यस वर्ष दर्ता भएका देवानी मुद्दा १० थानमध्ये यस वर्षको अन्त्यसम्म एउटै मुद्दा पनि फर्स्यौट भएन।

यस वर्षको अन्त्यसम्म जम्मा ३६ थान मुद्दामध्ये ११ थान मुद्दा फर्स्यौट भई २५ थान मुद्दा बाँकी रहे।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

#### राज्यपक्षबाट

साप्पाटा गाविस-४ सुप्पानाका २५ वर्षीय पहलमान महतारालेे गोत्री गाविस-३ का २४ वर्षीय मदन शाहीको हत्या गरेको आशङ्कामा ०६५ मङ्सिर ८ गते उनलाई कैलालीको सहजपुरस्थित माओवादी क्याम्पमा आफ्ना नातेदार भेट्न गएको अवस्थामा प्रहरीले उनलाई गिरफ्तार गरेपश्चात् बाजुरा पठायो। जिल्ला प्रहरी कार्यालय बाजुराको थुनामा उनीमाथि कुटपिट गरियो। अनुसन्धानबाट पीडित निर्दोष रहेको खुलेपछि ०६५ मङ्सिर २१ गते पीडित रिहा भए।

### बालअधिकार

#### शिशु हत्या

कोटिला गाविस-१ काफकोट निवासी ३३ वर्षीया थुमकला सनाईले जन्माएको शिशुको ०६५ साउन १९ गते आफैंले हत्या गरिन्। प्रहरीले उनलाई ०६५ साउन २० गते पक्राउ गरी मुद्दा चलायो। यस वर्षको अन्त्यसम्म उनी जिल्ला कारागारमा कैदी जीवन बिताइरहेकी छन्।

### शैक्षिक अधिकार

वैशाखमा शैक्षिक सत्र सुरु भए पनि तीन महिनासम्म सरकारले पाठ्यपुस्तक उपलब्ध नगराएपछि जिल्लामा माध्यमिक तहसम्म अध्ययनरत २० हजारभन्दा बढी विद्यार्थीहरूको पठनपाठन अवरुद्ध भयो। यस जिल्लामा माध्यमिक तहसम्म ५८ हजार विद्यार्थी अध्ययनरत छन्। यीमध्ये विकट क्षेत्रका विद्यालयका विद्यार्थीहरू बढी प्रभावित भए। सरकारले प्राथमिक तहसम्मका लागि पाठ्यपुस्तकहरू नि:शुल्क उपलब्ध गराउने नीति लिएको छ। लामो समयसम्म किताब नपाएपछि जिल्लाका विभिन्न विद्यालयका विद्यार्थीहरूले ०६५ असार ३ र ४ गते तत्काल किताब पाउनुपर्ने माग गर्दै जिल्ला शिक्षा कार्यालयमा धर्ना दिए।

नियमित वर्षे बिदाका लागि ०६५ असार २० गतेदेखि साउन २० गतेसम्मको समय तोकिएको भए पनि जिल्लाको पूर्वोत्तर क्षेत्रका २८ वटा विद्यालयका शिक्षकहरूले ०६५ असार ७ गतेदेखि साउन २० गतेसम्म विद्यालय बन्द गरे। १३ दिनअघि नै विद्यालय बन्द हुँदा करिब ७ हजारभन्दा बढी विद्यार्थी यसबीचको पढाइबाट वञ्चित भए।

रुगिन गाविसमा रहेका कुलमष्टजन प्राथमिक विद्यालय, सरस्वती प्राथमिक विद्यालय, बागेश्वरी प्रस्तावित निम्नमाध्यमिक विद्यालय र नेपाल राष्ट्रिय प्राथमिक विद्यालय भवनमा विगत १२ वर्षदेखि त्यहाँ कार्यरत शिक्षकहरूले बसोबासका लागि डेरा जमाएपछि विद्यार्थीहरू चौरमा पढ्न बाध्य छन्। कुलमष्टाजन प्राविको छकोठे भवनमध्ये तीनवटा कोठामा त्यहाँका अध्यापकको डेरा छ। यस विद्यालयमा डेरा जमाउनेहरूमा विद्यालयका प्रधानाध्यापक रामप्रसाद चौधरी, भोला चौधरी र एक शिक्षिका रहेका छन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

#### खाद्यान्न सङ्कट

जिल्लाको पूर्वोत्तर क्षेत्रका ११ गाविसमा फागुनदेखि असार महिनासम्म खाद्यान्नको अभाव भयो। पाण्डुसेन, कोल्टी, कोटिला, जगन्नाथ, वाई, साप्पाटा, जुकोट, बाँधु, रुगिन, विच्छ्याँ, गोत्री गाविसका स्थानीय बासिन्दाले यो समस्या बेहोर्नु पऱ्यो। खडेरीले अन्न

उत्पादनमा कमी आएको र चामल बिक्री-वितरण गर्ने खाद्य संस्थानको डिपोले समेत आवश्यकता अनुसार चामल उपलब्ध गराउन नसकेपछि समस्या चर्किएको थियो।

### तालाबन्दी

नेपाल रेडक्रस सोसाइटीको जिल्ला शाखा कार्यालयका पदाधिकारी तथा कर्मचारीले राहत वितरणमा अनियमितता गरेको आरोपमा ०६५ जेठ २१ गते माओवादीका जिल्ला सदस्य दयाराम थापाको नेतृत्वमा आएको समूहले कार्यालयमा तालाबन्दी गऱ्यो। कार्यालयमा तालाबन्दीका कारण विस्थापितलाई राहत वितरण तथा शाखाको पूर्वनिर्धारित वार्षिक जिल्लासभासमेत हुन सकेन। रेडक्रसजस्तो मानवीय संस्थामा तालाबन्दी गरिनु अनुचित भएको भन्दै अन्य राजनीतिक दल तथा सङ्घसंस्थाले सर्वपक्षीय बैठकमा आपत्ति जनाएपछि माओवादीले सोही दिन सात घण्टापछि ताला खोलेका थिए।

## ५.५ बझाङ

जनसङ्ख्या : १,९३,१०३
साक्षरता प्रतिशत : ४१
महिला साक्षरता प्रतिशत : २२
क्षेत्रफल (वर्ग कि. मि.) : ३।४२२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३०१/९
क्याम्पस/उच्च मा.वि. : १/२४
अस्पताल/स्वास्थ्य चौकी : १/४६
मानव विकास सूचकाङ्क : ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका सात जना पुरुष र एक जना महिला कैदी रहेका छन्। कैद नतोकिएका १२ जना महिला थुनुवा रहेका छन्। यसरी बझाङ कारागारमा जम्मा २० जना बन्दी रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य सेवा, पत्रपत्रिका, खेलकुदका सामग्रीहरूको सुविधा उपलब्ध छ।

### धम्की/कुटपिट

#### राज्यबाट

हेमन्तवाडा गाविस-१ हिउतवाडा निवासी जयपृथ्वी क्याम्पसका स्ववियु उपसभापति ३० वर्षीय रोशन खड्का र २८ वर्षीय तेजेन्द्र खड्कालाई ०६५ भदौ २७ गते राती सोही गाविसको डुग्री खोलामा प्रहरीले बन्दुकको कुन्दा र लठ्ठीले नीलडाम पर्ने गरी कुटपिट गऱ्यो। पीडितले जिल्ला प्रशासन कार्यालयमा ०६५ भदौ २८ गते उजुरी दिएपछि प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद गैरेले अमानवीय व्यवहार नदोहोऱ्याउने बचन दिएपछि त्यसै दिन मिलापत्र भयो। पीडितद्वय एमाले कार्यकर्ता हुन्।

रीठापाठा गाविस-६ निवासी श्रीजाल्पा उच्चमावि विद्यालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष ५८ वर्षीय गोवर्धन खड्कालाई ०६५ कात्तिक २२ गते राती जिल्ला प्रहरी कार्यालयबाट विमानस्थलमा खटिएका सुरक्षाकर्मीले राती सुतिरहेको अवस्थामा कुटपिट गरे। उनका छोरा सुरेन्द्र खड्काले हेमन्तवाडा गाविस-१ पडेसका २९ वर्षीय सुरेश खड्कालाई कुटपिट गरेको आरोपमा प्रहरीले उनलाई कुटपिट गरेको थियो। पीडितको जिल्ला अस्पताल सिमखेतमा उपचार भयो। कुटपिटपछि पीडितले ०६५ कात्तिक २३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे। पीडकले माफी मागेपछि कात्तिक २३ गते दुवै पक्षबीच मिलापत्र भयो।

#### माओवादीबाट

कँडेल गाविस-७ का २८ वर्षीय अर्जुन मण्डलले संविधानसभा निर्वाचनमा एमालेका तर्फबाट पाटादेवल गाविसमा प्रचार प्रसार गरेको आरोपमा ०६४ फागुन २७ गते उनलाई सोही गाविस-२ का माओवादी समर्थक शिक्षक ३५ वर्षीय धर्मराज थापाले आफ्नो इलाकामा चुनाव प्रचार प्रसार गरेमा हातखुट्टा भाँचिदिने धम्की दिए। धम्कीपछि पीडित उक्त इलाकामा

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट पीडित | | | | | | | | | राज्यबाट पीडित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | नखुलेको | जम्मा |
| गिरफ्तारी/यातना | | | | | | | | | | ३ | ५ | | ५ |
| कुटपिट | ५ | ८ | | | ८ | ३ | ७ | | ७ | २ | ३ | | ३ |
| धम्की | २ | २ | | | २ | २ | २ | | २ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | | | १ | १ | १५ | १६ | १ | १ | ३४ | ३५ |
| जातीय विभेद | ७ | ३ | ३ | ३८५ | ३९१ | | | | | | | | |
| बालअधिकार | १ | | १ | | १ | | | | | | | | |
| जम्मा | १५ | १३ | ४ | ३८५ | ४०२ | ६ | १० | १५ | ३५ | ६ | ९ | ३४ | ३३ |

चुनाव प्रचार प्रसार नगरी जिल्ला सदरमुकाममा फर्किएका थिए। पीडितले पीडकविरुद्ध उजुरी गरेनन्।

चैनपुर गाविस-१ निवासी दलित उत्थान युवा समाजका अध्यक्ष ३४ वर्षीय गणेश विकले सङ्कटकालमा माओवादी कार्यकर्तालाई कुटपिट गरेको आरोपमा ०६४ चैत १ गते उनलाई माओवादी कार्यकर्ताहरूले सोही स्थानमा कुटपिट गरे। पीडितको उपचार सदरमुकामस्थित स्वास्थ्यचौकीमा भएको थियो। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए तापनि पीडकहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

रायल गाविस-१ का ३१ वर्षीय रवीन्द्र बमले संविधानसभा निर्वाचनमा माओवादी कार्यकर्ताले दुईपटक भोट हाल्दा विरोध गरेको आरोपमा ०६४ चैत २८ गते उनलाई माओवादी कार्यकर्ता हिक्मत मल्ललगायतको समूहले कुटपिट गऱ्यो। उक्त घटनापछि दुई घण्टा मतदान कार्य स्थगन भएको थियो भने मतदानकेन्द्रमा केहीबेर तनावपूर्ण वातावरण श्रृजना भएपछि सर्वदलीय बैठकको सहमति अनुसार मतदान कार्य पुनः सञ्चालन भएको थियो।

कँडेल गाविस-७ का २८ वर्षीय विकास ऐडी, मटेला गाविस-५ का २५ वर्षीय नैन बोहरा, सोही गाविस-६ का ३१ वर्षीय दीर्घराज जोशी, मटेला गाविस-६ का २३ वर्षीय गणेशराज जोशी र पौवागढी गाविस-३ का २४ वर्षीय सत्यराज खत्रीले क्षेत्र नं. १ को एमालेको विजय जुलुसमा सहभागी हुन आएका बेला माओवादी कार्यकर्ताहरूलाई कुटपिट गरेको आरोपमा ०६५ वैशाख ३ गते उनीहरूलाई माओवादी जिल्ला कमिटी सदस्य ३९ वर्षीय प्रेमबहादुर सिंह र एरिया कमाण्डर ३५ वर्षीय शेरबहादुर साउँदको नेतृत्वमा सदरमुकामबाट आएका माओवादी कार्यकर्ताले रिठापाटा गाविस-८ को एयरपोर्ट भनिने ठाउँमा मरणासन्न हुने गरी लठ्ठीले कुटपिट गरे। पीडितहरूको जिल्ला अस्पताल सिमखेतमा उपचार भयो। वैशाख ४ गते दुवै पक्षबीच यस्ता घटना नदोहोऱ्याउने सहमति भयो।

पौवागढी गाविस-८ निवासी श्री सिद्धिगणेश प्रावि निजी स्रोतका प्रअ ३५ वर्षीय धनबहादुर विकले विद्यालयमा राहत कोटामा आफूलाई नराखेको आरोपमा ०६५ साउन २५ गते उनलाई रिठापाटा गाविस-८ निवासी माओवादी कार्यकर्ता २२ वर्षीय धनराज तिरुवाले हातखुट्टा भाँच्ने धम्की दिए।

### वाईसीएलबाट

हेमन्तवाडा गाविस-१ का २७ वर्षीय नरेन्द्रबहादुर खड्का, २८ वर्षीय राकेश खड्का, रीठापाठा गाविस-२ का २५ वर्षीय नृपराज जोशी र चैनपुर गाविस-८ का ३६ वर्षीय श्यामप्रसाद जोशीले आफ्नो गाविसमा एमालेको प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत २४ गते बेलुकी उनीहरूलाई वाईसीएल कार्यकर्ता भन्टु हमालको नेतृत्वमा रहेको समूहले कुटपिट गऱ्यो। पीडितको उपचार जिल्ला अस्पतालमा भयो। माओवादी त्रासका कारण पीडितहरूले कुनै पनि निकायमा उजुरी गरेनन्।

### एमालेबाट

लामातोला गाविस-२ निवासी अनेरास्ववियुका जिल्ला अध्यक्ष २६ वर्षीय लोकेन्द्र सिंहले एमाले पार्टीको २३ हजार रुपियाँ हिनामिना गरेको आरोपमा ०६५

वैशाख ३ गते उनलाई पौवागढी गाविस-८ का २९ वर्षीय एमालेकै कार्यकर्ता पङ्कज भण्डारीले कुटपिट गरे। पीडितको उपचार सदरमुकामको स्वास्थ्यचौकीमा भयो। पीडितले उक्त रकम हिनामिना नगरेको बताएपछि दुवै पक्षबीच सोही दिन एमाले पार्टी कार्यालयमा मिलापत्र भयो।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | काङ्ग्रेसबाट | | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | १ | १ | १ | १ | १ | | १ | १ | ४ | ४ |
| जातीय विभेद | | | | १ | | ३५० | ३५० | | | |
| जम्मा | १ | १ | १ | २ | १ | ३५० | ३५१ | १ | ४ | ४ |

### काङ्ग्रेसबाट

चैनपुर गाविस-१ का १९ वर्षीय मिथुनबहादुर नेपालीले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत १६ गते उनलाई कँडेल गाविस-७ का काङ्ग्रेस कार्यकर्ता ३० वर्षीय विराट सिंहले कुटपिट गरे। राजनीतिक विषयमा छलफल भइरहेको अवस्थामा विवाद भएपछि पीडितलाई कुटपिट गरेका थिए। पीडितको उपचार सदरमुकामस्थित स्वास्थ्य चौकीमा भयो। घटनापछि प्रहरीले पीडितलाई नै समातेर प्रहरी विटमा लगेर दुवै पक्षबीच सहमति गरायो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

रीलु गाविस-१ निवासी एमालेका कार्यकर्ता २५ वर्षीय ईश्वर दुवाललगायतका नेता तथा कार्यकर्ताले संविधानसभा निर्वाचनको प्रचार प्रसारका क्रममा चर्का नारा लगाएको आरोपमा ०६४ चैत १५ गते दिउँसो उनीहरूलाई जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक रमेशबहादुर सिंहको नेतृत्वमा आएको प्रहरी टोलीले चैनपुर-१ को स्वास्थ्यचौकी भवनअगाडि लाठीचार्ज गरी मरणासन्न हुने गरी कुटपिट गऱ्यो। सो घटनामा दुवाललगायतका एमाले कार्यकर्ताहरू कोटदेवल गाविस-४ का सत्यराज खड्का, सुवेडा गाविस-२ का ऐनबहादुर महर, मालुमेला गाविस-२ का जनकराज जोशी, हेमन्तबाडा गाविस-१ का वीरेन्द्र खड्का, मेलबिसौना गाविस-५ का प्रेमबहादुर सिंह, मटेला गाविस-५ का नमन बोहरा, व्यासी गाविस-२ का नारायण कठायत, माझीगाउँ गाविस-६ का देवलाल रोकाया, गडराय गाविस-३ का कृष्ण रोकाया, मङ्गल थापा, सुवेडा गाविस-८ का झलक भण्डारी, रीठापाठा गाविस-१ का मदन बोहरा, हेमन्तवाडा गाविस-१ का जगदीश खड्का, सुर्मा गाविस-९ का धनबहादुर पुजारा, व्यासी गाविस-२ का कलक थापा, मटेला गाविस-५ का दीपक बोहरा, मटेला गाविस-६ का कुसुमराज जोशी, कालुखेती गाविस-१ का लोकेन्द्र थापा, चैनपुर गाविस-९ का नरेन्द्र धामी, माझीगाउँ गाविस-५ का कलक खत्री, व्यासी गाविस-२ का राम थापा र हेमन्तवाडा गाविस-९ निवासी *गोरखापत्र* दैनिकका संवाददाता दीपक वली घाइते भए। पीडितहरूको जिल्ला अस्पतालमा उपचार भयो। घटनामा पीडितले पीडकलाई कारवाहीका लागि माग गरेपछि जिल्ला प्रहरी कार्यालयले पीडकलाई संविधानसभाको निर्वाचनको अवधिमा काम गर्न रोकेको थियो।

कोटभैरव गाविस-६ निवासी अनेरास्ववियु सदस्य महेश भट्टराईको नेतृत्वमा रहेको १५ जनाको समूह संविधानसभा निर्वाचनमा एमाले पार्टीका तर्फबाट प्रचार प्रसार गर्न जाँदा ०६४ चैत १७ गते उनीहरूलाई माओवादीका कार्यकर्ताहरूले कब्जामा लिएर देउलीकोट गाविस-८ दौउडमा उनीहरूसँग रहेको एमालेको घोषणापत्र र पार्टीको झण्डा च्यातिदिए। पीडित पक्षले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि कुनै

*प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका ईश्वर दुवाल*

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका विकास एडी*

सुनुवाइ नभएको पीडितले बताए।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

यस अदालतमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दा १२ थान र यस वर्ष दर्ता भएका १८ थान गरी जम्मा ३० थान मुद्दामध्ये यस वर्ष नौ थान मुद्दा फर्स्यौट भई २१ थान बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ११ थान र यस वर्ष दर्ता भएका सात थान गरी जम्मा १८ मुद्दामध्ये यस वर्ष एक थान मुद्दा फर्स्यौट भई जम्मा १७ थान मुद्दा बाँकी रहे।

यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४९ थान मुद्दा र यस वर्ष दर्ता भएका २० थान मुद्दा गरी ६९ थान मुद्दामध्ये आठ थान मुद्दा फर्स्यौट भई ६१ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा ९९ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

रीठापाटा गाविस-८ का २१ वर्षीय ऋषिकेश धामी, २५ वर्षीय सुदीप धामी र सोही गाविस-६ का २८ वर्षीय सुरेन्द्र खड्काले बजारमा होहल्ला गरी झगडा गरेको आरोपमा ०६५ असार ९ गते प्रहरीले बिनापुर्जी गिरफ्तार गऱ्यो। प्रहरीले हिरासतमा गरेको कुटपिटका कारण ऋषिकेशको हात भाँचिएको थियो भने अन्य दुई जनालाई मरणासन्न हुने गरी कुटपिट गर्नुका साथै कपाल खौरिदिएका थिए। ऋषिकेशको उपचार नेपालगञ्जस्थित कोहलपुर मेडिकल कलेजमा भयो भने अन्य दुई जनाको उपचार जिल्ला अस्पताल बझाङमा भएको थियो। पीडितहरूले प्रहरीकै डरले उजुरी नगरेको बताए।

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका सत्यराज खत्री*

चैनपुर गाविस-६ का ३२ वर्षीय मङ्गलबहादुर सार्कीले संविधानसभाको निर्वाचनमा एमालेको चुनाव प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत २४ गते राती उनलाई प्रहरीले चैनपुर गाविस-८ का सचिव ४४ वर्षीय रङ्गलाल सार्कीको घरमा बसिरहेको अवस्थामा बिनापुर्जी गिरफ्तार गऱ्यो। पीडितलाई प्रहरी हिरासतमा कुटपिट गरी यातना दिनुका साथै १ हजारपटक कान समातेर उठबस गर्न लगाई ०६४ चैत २५ गते बिहान रिहा गरियो। पीडितको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो। त्रासका कारण पीडितले यस वर्षको अन्त्यसम्ममा कुनै निकायमा उजुरी गरेनन्।

रीठापाठा गाविस-२ का ४३ वर्षीय पदम दमाईले रक्सीको व्यापार गरेको आरोपमा ०६५ वैशाख ४ गते प्रहरीले गिरफ्तार गरी हिरासतमै मरणासन्न हुने गरी कुटपिट गऱ्यो। पीडितलाई मदिराको व्यापार नगर्ने सर्तमा ०६५ वैशाख ५ गते रिहा गरियो। पीडितको उपचार जिल्ला अस्पतालमा भएको थियो। पीडितले हिरासतमा कुटपिट भएको सम्बन्धमा यस वर्षको अन्त्यसम्म कुनै निकायमा उजुरी गरेनन्।

### सबै प्रकारका जातीय विभेद

हेमन्तवाडा गाविस-४ र ५ का ३ सय ५० जना दलितहरूले एमालेमा भोट हालेको आरोपमा ०६५ वैशाख ३ गते उनीहरूलाई हेमन्तवाडा गाविस-६ निवासी जिल्ला विकास कार्यालयका लेखापाल ४१ वर्षीय नवराज विष्टले सोही स्थानमा रहेको धाराको पानी खान रोक लगाए। पीडकले सो धारा काङ्ग्रेसका अर्जुनजङ्गबहादुर सिंह सांसद भएको समयमा सांसद कोषबाट छुट्याएको पैसाले बनाएकाले अन्य पार्टीमा भोट हाल्नेले धारामा पानी खान नपाउने भनी रोकेका थिए। पीडितहरूले ०६५ वैशाख ५ गते जिल्ला प्रशासनमा उजुरी दिँदा जिल्ला प्रशासन कार्यालयमा भएको सर्वपक्षीय बैठकमा दलितहरूले समेत पानी खान पाउने सहमति भयो।

कैलाश गाविस-५ निवासी दलित महिला सङ्घकी जिल्ला अध्यक्ष ३० वर्षीया आशादेवी विक दलित भएर आफ्नो घरभित्र प्रवेश गरेको आरोपमा ०६५ वैशाख १७ गते दिउँसो उनलाई चैनपुर गाविस-१ निवासी महिला विकास कार्यालयकी सामाजिक परिचालक २१ वर्षीया निर्मला जोशीले सोही

स्थानमा डुम भन्ने अपशब्द बोली गाली बेइज्जती गरिन्। पीडितले सोही दिन प्रमुख जिल्ला अधिकारीलाई एक खुला कार्यक्रममा पीडकलाई कारबाहीका लागि अनुरोध गरे पनि औपचारिक रूपमा निवेदन दिइनन्। पीडकलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

कोटदेवल गाविस-९ की ४५ वर्षीया रामकला आउजी र ३८ वर्षीया चन्या आउजीले सोही स्थानका गैरदलित समुदायको कुवाको पानी प्रयोग गरेको आरोपमा ०६५ जेठ २३ गते उनीहरूलाई सोही गाविसका २७ वर्षीय वीरेन्द्र रोकायालगायतका स्थानीय बासिन्दाले कुटपिट गरे। पीडकले पीडितलाई मरणासन्न हुने गरी कुटपिट गर्नुका साथै दलितहरूले प्रयोग गर्दै आएको कुवामा ढुङ्गामाटो फालिदिएका थिए। प्रहरीले २७ वर्षीय वीरेन्द्र रोकायालाई ०६५ जेठ २५ गते गिरफ्तार गऱ्यो। प्रहरीले ०६५ जेठ २९ गते पीडक र पीडित पक्षबीच सहमति गराई पीडकलाई रिहा गऱ्यो।

लुयाटा गाविस-२ गोलाईका सात परिवारका ३५ जना दमाई समुदायका मानिसहरूले विक समुदायको कुवामा पानी लिन जाँदा कुवा छोएको आरोपमा ०६५ साउन २ गते बिहान उनीहरूलाई विक समुदायका दलितहरूले खानेपानी प्रयोग गर्न दिएनन्। दमाई समुदायको धाराको मुहान अवरुद्ध भएका कारण पीडितहरू सोही ठाउँका विक समुदायको कुवामा पानी लिन गएका थिए। पीडितहरूलाई पीडकले पानी भर्न नदिई 'हाम्रो खानेपानी छुन्छौ ढोली' भन्ने अपशब्द बोली गाली बेइज्जती गरे। पीडितहरूले डर त्रासका कारण कतै पनि उजुरी गरेनन्।

रीठापाठा गाविस-२ जोशीगाउँका ३४ वर्षीय बालकृष्ण दमाईलाई बिनाआरोप ०६५ कात्तिक १ गते सोही गाविस-२ का ३२ वर्षीय नृपराज जोशीले डुम भन्दै गाली गर्नुका साथै खरले छाएको घरको छाना फालिदिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६५ कात्तिक ३ गते उजुरी दिँदा पनि यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

रीठापाठा गाविस-८ देवलका ४१ वर्षीय धनगिरी दमाईले होटलमा चिया पिएर गिलास नधोएको आरोपमा ०६५ कात्तिक ७ गते उनलाई सोही गाविस-२ का ३८ वर्षीय विष्णुप्रसाद जोशीले डुम भन्दै गाली गर्दै कुटपिट गरे। जिल्ला प्रहरी कार्यालयबाट विमानस्थल सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई ०६५ कात्तिक ३ गते उजुरी गर्दा पनि यस वर्षको अन्त्यसम्म कुनै सुनुवाइ भएन।

# ५.६ कञ्चनपुर

जनसङ्ख्या : ५,१०,०६३
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : १६१०
गाविस/नपा सङ्ख्या : १९/१
सरकारी/निजी विद्यालय : ३१९/५१
क्याम्पस/उच्च मा.वि. : ८/३७
अस्पताल/स्वास्थ्य चौकी : ३/२१
मानव विकास सूचकाङ्क : ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्या : ७

## जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ७५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ५३ जना पुरुष र पाँच जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका ४७ जना पुरुष र पाँच जना महिला थुनुवा रहेका छन्। यसरी कञ्चनपुर कारागारमा जम्मा १ सय १० जना बन्दी रहेका छन्।

## धम्की/कुटपिट

### राज्यबाट

कृष्णपुर गाविस-२ वाणी निवासी अनेरास्वियुका कार्यकर्ता १८ वर्षीय सन्तोषनाथले प्रहरीसँग वादविवाद गरेको आरोपमा ०६५ असार १२ गते इलाका प्रहरी कार्यालय गुलरियाका सई हिक्मत बोहरासहितको प्रहरी टोलीले उनलाई सोही स्थानमा कुटपिट गऱ्यो। कुटपिटपछि बेहोस भएका नाथको महाकाली अञ्चल अस्पतालमा उपचार भयो। अनेरास्वियुको दबाबपछि कुटपिटमा संलग्न सईलाई

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट पीडित | | | | राज्यबाट पीडित | | |
|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | २ | १ | २ | ३ | | | |
| कुटपिट | ६ | १० | | १० | २ | २ | २ |
| धम्की | १ | १ | | १ | | | |
| जातीय विभेद | १ | १ | | १ | | | |
| महिलाअधिकार | ७ | | ८ | ८ | | | |
| बालअधिकार | ४ | | ६ | ६ | | | |
| अमानवीय व्यवहार | १ | १ | | १ | | | |
| अपहरण | २ | २ | | २ | | | |
| जम्मा | २४ | १६ | १६ | ३२ | २ | २ | २ |

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा भिकाई विभागीय कारबाही गरिएको प्रहरीले जनायो।

### वाईसीएलबाट

भीमदत्त नपा-१० गड्डाचौकी निवासी व्यापारी २२ वर्षीय सुभास चन्दले वाईसीएलसँग सामान्य विवाद गरेको आरोपमा ०६४ माघ २६ गते नाम नखुलेका वाईसीएल कार्यकर्ताहरूले उनलाई उनकै पसलमा गएर कुटपिट गरे। घटनाको विरोधमा स्थानीय व्यापारीले माघ २७ गते एक दिन गड्डाचौकी नाका बन्द गरे। सो क्रममा स्थानीय व्यापारीहरूले माओवादी कार्यकर्ता भरत धामीलाई कुटपिट गरे।

### युथफोर्सबाट

भीमदत्त नपा-१९ निवासी महेन्द्रनगरबाट प्रकाशित हुने *जनक्रान्ति* दैनिकका कार्यकारी सम्पादक केशवराज जोशीले आफ्नो सङ्गठनविरुद्ध समाचार लेखेको आरोपमा ०६५ कात्तिक २७ गते उनलाई युथफोर्स कञ्चनपुरका संयोजक अशोक चन्द, सदस्य ज्ञानेन्द्र चन्द र दीपक चन्दले पत्रिकाको कार्यालयमै गई कुटपिट गर्ने धम्की दिए। पत्रिकाको ०६५ कात्तिक २६ गतेको अङ्कमा प्रकाशित 'युथफोर्स र सशस्त्र प्रहरीले घूस खाए' शीर्षकको समाचारमा आपत्ति जनाउँदै धम्की दिएको पीडितले बताए। युथफोर्सले ०६५ कात्तिक २८ गते विज्ञप्ति प्रकाशित गरेर आफूहरू समाचारको खण्डन गर्न गएको तर कुनै किसिमको धम्की नदिएको जनायो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

जिल्ला अदालत कञ्चनपुरमा साउनयता गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ६ थान फौजदारी मुद्दा र यस वर्ष दर्ता भएका ६२ थान गरी जम्मा १ सय ६८ थानमध्ये २७ थान फर्स्यौट भई १ सय ४१ थान बाँकी रहे।

देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ६० र यस वर्ष दर्ता भएका ४६ थान गरी जम्मा २ सय ६ थानमध्ये २५ थान मुद्दा फर्स्यौट भई १ सय ८१ थान बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्ममा कञ्चनपुर जिल्ला अदालतमा ३ सय २२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### पुनरावेदन अदालत

पुनरावेदन अदालत महेन्द्रनगरमा गत वर्षको जिम्मेवारी सरेर आएका २२ थान फौजदारी मुद्दा र यस वर्ष दर्ता भएका २३ थान फौजदारी मुद्दा गरी जम्मा ४५ थानमध्ये तीन थान फर्स्यौट भई ४२ थान मुद्दा बाँकी रहे।

देवानीतर्फ गत वर्षको जिम्मेवारी सरी आएका ३३ थान मुद्दा र यस वर्ष दर्ता भएका २२ थान मुद्दा गरी जम्मा ५५ थान मुद्दामध्ये दुई थान फर्स्यौट भई ५३ थान मुद्दा बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्म पुनरावेदन अदालत महेन्द्रनगरमा ९५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

विविधतर्फ परेका सात थान, सङ्क्षिप्तमा जिम्मेवारी सरी आएका एक थान र यस वर्ष परेका दुई थान गरी १० थानमध्ये कुनै पनि मुद्दा यस वर्षको अन्त्यसम्म फर्स्यौट भएका छैनन्। यसरी पुनरावेदन अदालत महेन्द्रनगरमा यस वर्षको अन्त्यसम्म जम्मा १ सय ५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

## बालअधिकार

लक्ष्मीपुर गाविस-२ चारघरुवाकी १४ वर्षीया एक बालिकालाई ०६५ असार ४ गते उनकै आमा ३२ वर्षीया जानकी जैशी, सोही वडाकी ६५ वर्षीया पार्वती

सार्की र उनकी छोरी ३० वर्षीया रामकली सार्कीले भारतको पिलिभितका ५८ वर्षीय छोटेलाल अग्रवाललाई १४ हजार रुपियाँमा बिक्री गरे। आफन्तको सहयोगमा घर फर्किएकी पीडितले पीडकहरूउपर ०६५ असार १६ गते मुद्दा दायर गरेकामा जिल्ला अदालतले ०६५ पुस ९ गते २० वर्ष कैद र २ लाख रुपियाँ जरिवाना गर्ने फैसला सुनायो। जानकी र पार्वती जिल्ला कारागारमा कैदमा छन्। घटनामा संलग्न रामकली र छोटेलाल यस वर्षको अन्त्यसम्म फरार रहे।

भीमदत्त नपा-९ मटैनाका १५ र १६ वर्षीया दुई बालिकालाई ०६५ असोज २१ गते अष्टमी मेला हेरेर फर्कने क्रममा स्थानीय कामीकाँटे खोलानजिक सोही नपाका २२ वर्षीय मदन नाथ र २१ वर्षीय करन नाथले बलात्कार गरे। बलात्कारको आरोपमा पुर्पक्षका लागि थुनामा राखिएका मदन नाथलाई ०६५ कात्तिक २२ गते जिल्ला अदालतका नि. श्रेस्तेदार दिलीप पन्तले ५४ हजार धरौटी लिएर तारेखमा रिहा गर्न आदेश दिएकामा जिल्ला न्यायाधीश पदमराज भट्टको इजलासले ०६५ पुस २ गते पुन: थुनामा राख्न आदेश दियो। करन नाथ भने यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

परासन गाविस-३ 'क' गाउँका दुई बालिकालाई ०६५ मङ्सिर १२ गते साँझ सोही वडाका २७ वर्षीय भीमबहादुर श्रीमालले घरनजिकैको तोरी बारीमा बलात्कारको प्रयास गरे। टफी र पैसा दिई फकाएर बलात्कारको प्रयास गरेको पीडित पक्षले आरोप लगायो। इलाका प्रहरी कार्यालय त्रिभुवनवस्तीले पीडकलाई गिरफ्तार गरी यस वर्षको अन्त्यसम्म थुनामा राखेर जबरजस्ती करणी उद्योग ऐन अन्तर्गत मुद्दा चलायो।

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | काङ्ग्रेसबाट | | | युथफोर्सबाट | | | वाईसीएलबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| कुटपिट | १ | १ | १ | | | | ३ | ५ | ५ |
| धम्की | | | | १ | १ | १ | | | |
| जम्मा | १ | १ | १ | १ | १ | १ | ३ | ५ | ५ |

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बोक्सीको आरोप

श्रीपुर गाविस-१ का ३५ वर्षीय कालीराम चौधरी र उनकी पत्नी गुलाबी चौधरीले छिमेकीलाई बोक्सी लगाएको आरोपमा ०६५ असोज २३ गते स्थानीय आठ जनाले घरमै गई उनीहरूलाई कुटपिट गरे। कुटपिटबाट घाइते भएका कालीरामको उपचारका लागि बेलौरी लैजाने क्रममा मृत्यु भयो। कुटपिटबाट घाइते भएकी गुलाबीको प्राथमिक स्वास्थ्य केन्द्र बेलौरीमा उपचार भयो। श्रीपुर गाविस-१ का ३० वर्षीय सञ्चा राना, २५ वर्षीय साहेब राना, २२ वर्षीय खुसीराम चौधरी, २० वर्षीय शङ्कर राना, ४५ वर्षीय कमल राना, २३ वर्षीय शुकराम राना, ३५ वर्षीय हरियन राना र ३० वर्षीय रामबहादुर चौधरीलाई कुटपिट र हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म पुर्पक्षका लागि उनीहरू जिल्ला कारागारमा थुनामा रहेका छन्।

### बेचबिखन तथा ओसारपसार

भीमदत्त नपा-७ हल्दुखालकी २१ वर्षीया माया थापालाई ०६५ वैशाख २२ गते उनका पति भुवन थापाले तीन वर्षीय छोरासहित भारतको दिल्लीमा बिक्री गरे। आफन्त भेट्न भनी दिल्ली पुऱ्याइएकी पीडित ०६५ असोज १२ गते घर फर्किएर पीडकविरुद्ध उजुरी गरिन्। पीडकलाई ०६५ असोज १३ गते प्रहरीले गिरफ्तार गऱ्यो । वर्षको अन्त्यसम्म पीडकलाई जिल्ला कारागारमा थुनामा राखिएको छ।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

दार्चुला जिल्ला घर भएकी १८ वर्षीया एक युवतीलाई ०६५ साउन ३ गते भीमदत्त नपा-१० का १९ वर्षीय विक्रमसिंह नायक र सोही नपा-४ निवासी नर्मदा डेरीका सञ्चालक ४२ वर्षीय चिन्तामणि जोशीले बलात्कार गरे। उच्चशिक्षा अध्ययनका लागि महेन्द्रनगर आएकी ती युवतीलाई होटेलमा बसेका बाबु भेटाइदिन्छु भनेर स्थानीय नेपाल होटेलमा लगी बलात्कार गरेको पीडितले बताइन्। पीडक नायकलाई घटनाको भोलिपल्ट र जोशीलाई ०६५ भदौ १२ गते प्रहरीले गिरफ्तार गरी यस वर्षको अन्त्यसम्म पुर्पक्षका

लागि जिल्ला कारागारमा थुनामा राखेको छ।

श्रीपुर गाविस-४ रिछाहाकी २६ वर्षीया एक महिलालाई ०६५ मङ्सिर १८ गते बिहान खेतमा काम गर्न गएका बेला सोही गाविसका २० वर्षीय सोनेया राना, २२ वर्षीय गोविन्द राना र २१ वर्षीय फूलचन्द्र रानाले बलात्कारको प्रयास गरे। पीडकहरूलाई सोही दिन इलाका प्रहरी कार्यालयले गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाएकामा ०६५ पुस १ गते जिल्ला प्रशासन कार्यालयले जनही १ हजार ५ सय जरिवाना गरी रिहा गऱ्यो।

### सबै प्रकारका जातीय विभेद

भीमदत्त नपा-१० का १६ वर्षीय अर्जुन दमाईले टोपी चोरेको आरोपमा ०६४ फागुन ५ गते सोही ठाउँमा पसल गरी बस्ने ३२ वर्षीय गणेश विष्टले उनलाई नियन्त्रणमा लिई बाँधेर फलामको छडले कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितको महेन्द्रनगरको आरवि मेमोरियल अस्पतालमा उपचार भयो। पीडितले आफूलाई टोपी चोरेको नभई पानी छोएको आरोपमा कुटपिट गरेको बताए। पीडितले जातीय छुवाछूतविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर गरेकामा ०६४ फागुन २६ गते अदालतले पीडकलाई तारेखमा रिहा गर्न आदेश दियो। राष्ट्रिय दलित आयोगले घटनाको स्थलगत अनुगमन गरी प्रकाशन गरेको प्रतिवेदनमा पीडितलाई पानी छोएको आरोपमा कुटपिट भएको उल्लेख गरेको छ।

### विगतको अनुगमन

नुवाकोटको विदुर नपा-२ घर भई माइती नेपाल कञ्चनपुरमा कार्यरत २३ वर्षीया फूलमाया तामाङले परासन गाविस-१ 'च' गाउँका २५ वर्षीय आइते तामाङले आफूलाई बेचेको आरोपमा ०६५ वैशाख २५ गते जिल्ला अदालतमा मुद्दा दायर गरिन्। पीडितका अनुसार, उनलाई आइते तामाङले ०५८ मा काठमाडौँबाट भारत लगी बिक्री गरेका थिए। रेस्क्यु फाउण्डेसनको सहयोगमा नेपाल फर्किएकी पीडितले ०६५ वैशाख १ गते आइते तामाङलाई भीमदत्त नपा-१० गड्डाचौकीमा फेला पारेपछि प्रहरीलाई खबर गरेकी थिइन्। जिल्ला प्रहरी कार्यालयले सोही दिन गिरफ्तार गरेकामा जिल्ला अदालतले ०६५ पुस २६ गते पीडकलाई १० वर्ष कैद गर्न आदेश दियो।

## ५.७ डडेल्धुरा

जनसङ्ख्या : १,४६,३१८
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५३८
गाविस/नपा सङ्ख्या : २०/१
सरकारी/निजी विद्यालय : २२६/११
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : २/२५
मानव विकास सूचकाङ्क : ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

#### झडप

डडेल्धुराको सदरमुकाम बागबजारलगायतका ठाउँमा ०६४ चैत १६ गते काङ्ग्रेसबाहेक माओवादी, एमाले, जनमोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा र राप्रपाले टाँगेका सम्पूर्ण झण्डाहरू अज्ञात समूहले एक ठाउँमा जम्मा गरेर जलाएपछि सो आरोप अन्य दलहरूले काङ्ग्रेसलाई लगाएपछि ०६४ चैत १७ गते भएको माओवादी, काङ्ग्रेस र एमालेबीचको त्रिपक्षीय झडपमा माओवादीका जिल्ला कमिटी सदस्य सुशील भनिने अमर बोगटी, वाईसीएल जिल्ला अध्यक्ष एवम् जोगबुढा गाविस-४ का अथक भनिने एके धामी, मोहनबहादुर ठगुन्ना, पदम रोकाया, राम ताम्राकार, सन्तराम भट्ट, प्रेम चुनारा, टेकराज भट्ट, अमरबहादुर धामी र काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि हरिप्रसाद भट्ट, पूर्व उपमेयर डम्बर गैराल, नेविसङ्घ अध्यक्ष गोविन्द बोहरा, तरुण दल अध्यक्ष शेरबहादुर सावद, प्रेम महर, तीर्थ शाही, टेकराज भट्ट, भीमबहादुर ढाँट,

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट पीडित | | | | | | | | राज्यबाट पीडित | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | ३ | | ३ | | ३ | | | | | | | |
| घाइते | २ | १९ | | | १९ | | | | | | | |
| कुटपिट | १ | १ | | | १ | ४ | ११ | ११ | | | | |
| भेला/सङ्गठित हुने अधिकार | २ | १ | | ३ | ४ | | | | १ | ४७ | | ४७ |
| जातीय विभेद | १ | २ | | | २ | | | | | | | |
| महिलाअधिकार | ४ | | १७ | | १७ | | | | १ | | १ | १ |
| बालअधिकार | २ | १ | १ | | २ | | | | | | | |
| जम्मा | १५ | ३४ | ३१ | ३ | ४८ | ४ | ११ | ११ | २ | ४७ | १ | ४८ |

सुरतबहादुर बोहरा र मणिन्द्र अवस्थी घाइते भए। सोही दिन माओवादीको आक्रोशित समूहले काङ्ग्रेसको बागबजारस्थित कार्यालय र रुडुक नामक गैरसरकारी संस्थामा आक्रमण गरेर तोडफोड गरेको थियो। सुरक्षामा खटिएका प्रहरी र काङ्ग्रेस कार्यकर्ताले माओवादीको तुफानडाँडास्थित कार्यालयमा तोडफोड गरी क्षति पुऱ्याएका थिए। स्थिति प्रहरीको नियन्त्रणभन्दा बाहिर गएपछि त्यस दिन दिउँसो २ बजदेखि लगाइएको कर्फ्यु भोलिपल्ट साँझ छ बजेसम्म लगाइएको थियो। इन्सेक, पत्रकार महासङ्घ डडेल्धुरा, राष्ट्रिय मानवअधिकार आयोग, उद्योग वाणिज्य सङ्घ डडेल्धुरा र नेमाको पहलमा पटक-पटक बसेको सर्वपक्षीय बैठकपछि ०६४ चैत २२ गते घटनामा लगाएको आरोप काङ्ग्रेसले स्वीकार्दै छानबिन गरी दोषी पत्ता लगाई कारवाही गर्ने सहमति भएपछि विवाद साम्य भएको थियो।

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका १० जना पुरुष र एक जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका ११ जना पुरुष र दुई जना महिला थुनुवा रहेका छन्। यसरी डडेल्धुरा कारागारमा जम्मा २४ जना बन्दी रहेका छन्। एक जना आश्रित नाबालक पनि रहेका छन्। यस कारागारमा तीनओटा कोठा र एउटा भान्सा रहेको छ। बन्दीहरूलाई एउटा कलर टीभी, क्यारेमबोर्ड, रेडियो, *कान्तिपुर* दैनिक पत्रिका र केही स्थानीय पत्रिकाहरूको व्यवस्था गरिएको छ। कारागारमा बस्ने कोठाहरू साँघुरो भएकाले एउटै कोठामा छ-सात जना कोचिएर बस्नुपर्ने बाध्यता रहेको बन्दीहरूले बताए। बन्दीहरूले प्रयोग गर्ने दुईओटा शौचालय छन्। तर, एउटा शौचालय महिलाका लागि र अर्को शौचालयमा बिहानै उठेर सबैले लाइन लाग्नु पर्ने बाध्यता रहेको छ।

### धम्की/कुटपिट

#### माओवादीबाट

कोटेली गाविस-३ कोटेली निवासी एमाले जिल्ला कमिटीका पूर्वसदस्य ४५ वर्षीय भक्तराज भट्टलाई ०६५ असोज २५ गते राती सोही गाविस-३ गौनेलाका माओवादी एरिया इन्चार्ज रामचन्द्र पाठक र सोही गाविस-६ देउमडाका गाउँ कमिटी सचिव लक्ष्मीदत्त धिक्तले आफ्नै पसलमा बसिरहेका बेला कुटपिट गरी घाइते बनाए। पीडितको डडेल्धुरा टिम अस्पतालमा उपचार भयो। पीडितको बायाँ हात भाँचिएको, बायाँ कान धारिलो हतियारले काटिएको र छातीमा चोट लागेको थियो। पीडितले जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा असोज २६ गते उजुरी गरे। पीडकहरू ०६५ पुस ७ जिल्ला प्रशासन कार्यालय डडेल्धुरामा जनही २८-२८ हजार रुपियाँ जमानत राखेर तारेखमा रिहा भए।

जोगबुढा गाविस-८ सलेता निवासी काङ्ग्रेस जिल्ला कार्यसमितिका उपसभापति ४८ वर्षीय धर्मानन्द भट्ट, काङ्ग्रेस कार्यकर्ता सोही गाविस-१ का ३५ वर्षीय रति कामी, ४० वर्षीय पृथ्वी भट्ट, २२ वर्षीय दिलीप

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | नेपाली काग्रेसबाट | | | अज्ञातबाट | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| घाइते | | | | | | | ३ | १९ | १९ |
| कुटपिट | १ | १ | १ | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | १ | १ | १ | | | |
| जम्मा | १ | १ | १ | १ | १ | १ | ३ | १९ | १९ |

कठायत, ३२ वर्षीय रामचन्द्र खड्का, ३० वर्षीय महावीर कामी र सोही गाविस-८ का २५ वर्षीय ललित जोशीले काङ्ग्रेसको चुनाव प्रचारमा हिँडेको आरोपमा ०६४ चैत २२ गते माओवादीका २५/३० जना कार्यकर्ताहरूले उनीहरूलाई सोही गाविस-७ जोजलामा कुटपिट गरी घाइते बनाए। घाइते सबैको टिम अस्पताल डडेल्धुरा र प्राथमिक स्वास्थ्य केन्द्र जोगबुढामा उपचार भयो। पीडितहरूले कारवाहीका लागि उजुरी गरेनन्।

जोगबुढा गाविस-१ लालढुङ्गा निवासी काङ्ग्रेस कार्यकर्ता २१ वर्षीय टेकबहादुर खड्का र १८ वर्षीय करन भट्टराईले हतियार बोकेर माओवादीमाथि आक्रमण गर्न खोजेको आरोपमा ०६४ चैत २२ गते माओवादी कार्यकर्ताहरूले उनीहरूलाई जोगबुढा गाविस-३ तातापानीमा कुटपिट गरे। पीडितहरूको उपचार प्राथमिक स्वास्थ्य केन्द्र जोगबुढामा भयो। पीडितहरूले कारवाहीका लागि उजुरी गरेनन्।

जोगबुढा गाविस-८ कुर्मुल्लेका भक्तराज अवस्थीले एमालेको पक्षमा चुनाव प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत १५ गते माओवादी कार्यकर्ताहरूले उनलाई सोही गाविस-६ गाईबाधेमा कुटपिट गरे। उनीसँगै रहेका एमाले जोगबुढा गाउँ कमिटीका सचिव जोगबुढा गाविस-५ का ३५ वर्षीय बहादुरसिंह महतालाई पनि माओवादीले लखेटेका थिए। चैत १७ गते माओवादी र एमाले नेतृत्वबीच भएको छलफलमा माओवादीले आइन्दा घटना नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गऱ्यो।

### एमालेबाट

डडेल्धुरा शिक्षा क्याम्पस डडेल्धुराका क्याम्पस प्रमुख अर्जुनकुमार बस्नेतले आफ्ना कार्यकर्तालाई ज्यान मार्ने धम्की दिएको आरोपमा ०६५ मङ्सिर २० गते बिहान जिल्ला प्रशासन कार्यालय डडेल्धुराबाट डेरातर्फ फर्कदै गर्दा महेन्द्र उच्च माविं खलङ्गानजिक उनलाई एमाले नेता विक्रम शाही, पदम पाललगायतका १० जनाको सङ्ख्यामा आएका एमाले कार्यकर्ताले मोटरसाइकलबाट ओराली कुटपिट गर्दै जिल्ला प्रहरी कार्यालयमा बुझाए। एमाले नेता शाहीले भने आफूले बस्नेतलाई कुटेको नभई एमाले कार्यकर्तालाई बस्नेतले जहाँ भेट्यो त्यहीं कुट्ने धम्की दिएपछि प्रहरीमा बुझाएको बताए। उनले मङ्सिर २० गते नै बस्नेतले आफ्ना कार्यकर्तालाई मार्ने धम्की दिएको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी निवेदन दिए। पीडित बस्नेतले लिखित उजुरी नगरेका कारण प्रहरीले कुनै पनि किसिमको कारवाही बढाउन नसकेको डीएसपी लोकेन्द्र मल्लले बताए।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

बीएड प्रथम वर्षको परीक्षा स्थगित भएको विरोधमा जिल्ला प्रशासनभित्र रहेका क्याम्पस प्रमुखसँग जवाफ माग्न गएका डडेल्धुरा शिक्षा क्याम्पसका विद्यार्थीहरूमाथि ०६५ मङ्सिर २२ गते प्रहरीले लाठीचार्ज गर्दा ४६ जना विद्यार्थी र तीन जना प्रहरी घाइते भए। घाइतेमध्ये अधिकांशको टिम अस्पताल डडेल्धुरामा उपचार भयो। गम्भीर घाइते पदम सावद, टेक सावद र अमृत ओलीलाई उपचारका लागि नेपालगञ्ज पठाइयो। क्याम्पसमा अनेरास्ववियु र क्याम्पस प्रशासनबीच विवाद भएपछि असुरक्षा भएको भन्दै क्याम्पस प्रशासनले परीक्षा स्थगन गरेको थियो। परीक्षा स्थगित गरेको विरोधमा आक्रोशित विद्यार्थीहरूले जिल्ला प्रशासन कार्यालयमा रहेका क्याम्पस प्रमुखसँग जवाफ मागेका थिए। जिल्ला प्रशासन कार्यालय डडेल्धुराभित्र छलफल गरिरहेका विद्यार्थी र प्रहरीबीच झडपका क्रममा प्रहरीको

लाठीचार्जमा ४६ जना विद्यार्थी र ११ जना प्रहरी घाइते भएका थिए।

भागेश्वर गाविस-९ लामीकाँडे निवासी संविधानसभा सदस्यका स्वतन्त्र उम्मेदवार रामचन्द्र चटौतको अमरगढी नपा-५ बागबजार भीमदत्त चोकमा ०६४ चैत १३ गते भइरहेको आमसभालाई काङ्ग्रेस कार्यकर्ताहरूले नाराजुलुस गरी बिथोल्न खोजेको आरोपमा चैत १४ गते पीडितले निर्वाचन अधिकृतको कार्यालय डडेल्धुरामा मुद्दा दर्ता गराए। मुद्दा दर्ता गराए पनि मुद्दाको कुनै सुनुवाइ भएन।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

डडेल्धुरा जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका चार थान मुद्दामध्ये दुई थान फर्स्यौट भई दुई थान बाँकी रहे। यस वर्ष दर्ता भएका ११ थान मुद्दामध्ये सात थान मुद्दा फर्स्यौट भई चार थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा छ थान फर्स्यौट हुन बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका सात थान मुद्दामध्ये सबै मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका १६ थान मुद्दामा आठ थान मुद्दा फर्स्यौट भई आठ थान बाँकी रहे।

यसैगरी, देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका दुई थान मुद्दामा सबै मुद्दा फर्स्यौट भए भने यस वर्ष दर्ता भएका आठ थानमध्ये पाँच थान मुद्दा फर्स्यौट भई तीन थान बाँकी रहे।

यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा १७ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### बालअधिकार

बेलापुर गाविस-४ ठाटा निवासी मन्दरीदेवी विष्टले आफ्नै सौताको चार महिनाको छोरा कृष्णसिंह विष्टलाई ०६४ फागुन ३० गते सौताको रिसले घरमै मुसा मार्ने औषधि खुवाई हत्या गरिन्। उनलाई ०६४ चैत १ गते प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो। विष्टलाई जिल्ला अदालत डडेल्धुराका न्यायाधीश माधवेन्द्रराज रेग्मीको ०६४ चैत १३ गतेको इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। पीडक हाल जिल्ला कारागार डडेल्धुरामा थुनामा रहेकी छन्।

अजयमेरु गाविस-४ डुणालाकी १८ वर्षीया एक युवतीले ०६४ माघ १० गते अवैध बच्चा जन्माएपछि सोही दिन हत्या गरेर घरनजिकै खाल्डो खनेर पुरिन। माघ १५ गते गाउँलेले प्रहरीलाई खबर गरेपछि प्रहरीले उनलाई गिफ्तार गऱ्यो। युवतीले सो बच्चा अजमैरु डुणालाका कर्णसिंह साहु र भद्रपुर गाविस-४ नौलाकोटका १६ वर्षीय बालकको सम्पर्कबाट जन्मिएको बताएकी थिइन्। दुवै जनाले आफ्नो बच्चा नभएको प्रहरीसमक्ष बताए। प्रहरीले माघ १५ गते नै दुवै जनालाई हिरासतमा लिई छानबिन प्रक्रिया बढाएकामा बालकलाई ०६४ फागुन ७ गते साधारण तारेखमा रिहा गरे भने साहु र युवतीलाई जिल्ला अदालत डडेल्धुराका न्यायाधीश माधवेन्द्रराज रेग्मीको ०६४ फागुन ११ गतेको इजलासले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

बेलापुर गाविस-४ सिरोड जिम्जेनीकी १५ वर्षीया हरिनाकुमारी साउदको ०६४ माघ १० गते बाखा चराउन घरबाट एक किमि टाढा जङ्गलमा गएको अवस्थामा सोही ठाउँका ५७ वर्षीय शङ्करे लुहारले सोही जङ्गलमा बलात्कार गरी हत्या गरे। हत्यापछि सोही दिनदेखि घरबाट फरार भएका पीडकलाई बेलापुर गाविसको शेरीमा एउटा स्थानीय व्यक्तिको घरमा लुकेर बसेको अवस्थामा ०६४ माघ १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितले बलात्कार गरी हत्या गरेको प्रहरीसमक्ष सकार गरे। पीडितको लास माघ १२ गते प्रहरीले जिल्ला अस्पताल डडेल्धुरामा पोस्टमार्टम गरेको थियो। जिल्ला अदालत डडेल्धुराका जिल्ला न्यायाधीश माधवेन्द्रराज रेग्मीको ०६४ फागुन २२ गते बसेको इजलासले पीडकलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

कोटेली गाविस-२ निन्तोला निवासी कैलाली जिल्लाको सहजपुरस्थित माओवादीको बहुवीर योद्धा सातौँ डिभिजनका छापामार २१ वर्षीय तपेन्द्र दमाईले घरायसी झगडामा आफ्नै १८ वर्षीया पत्नी अस्मिता दमाईको ०६४ फागुन १७ गते सोही गाविस-७ भाडीवनमा हत्या गरे। प्रहरीले ०६५ वैशाख २३ गते तपेन्द्रलाई गिरफ्तार गरी मुद्दा चलायो। जिल्ला अदालत डडेल्धुराका न्यायाधीश माधवेन्द्रराज रेग्मीको ०६५ असार १७ गते बसेको इजलासले पीडकलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो। तपेन्द्र पुर्पक्षका लागि डडेल्धुरा कारागारमा थुनामा रहेका छन्।

### दुर्व्यवहार

डोटी जिल्ला लक्ष्मीनगर गाविस-३ बगस्थी निवासी घण्टेश्वर उच्च माध्यमिक विद्यालय उणिकोट जोरायलमा अध्ययनरत २० वर्षीया एक छात्रालाई ०६५

जेठ ४ गते डडेल्धुरा नवदुर्गा गाविस दावलीका गेटरकैलाश गेस्ट हाउस डडेल्धुराका मालिक अन्दाजी २२ वर्षीय सुरेन्द्र उप्रेतीले आफ्नै होटेलमा दुर्व्यवहार गरे। पीडितले जेठ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि जेठ ७ गते उप्रेतीले गल्ती स्वीकार्दै एक हजार रुपियाँसहित खुट्टामा ढोगेर माफ मागेपछि दुवै पक्षबीच मिलापत्र भयो।

### सबै प्रकारका जातीय विभेद

अमरगढी नपा-५ बागबजारका ४८ वर्षीय मोहन दमाईलाई ०६४ माघ १ गते सोही ठाउँकी ३० वर्षीया शान्ति जोशीले 'डुम उता जा' भन्दै अपमानजनक शब्द बोली दुव्यर्वहार गरिन्। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा कारबाहीका लागि निवेदन दिएकामा पीडकलाई प्रहरीले सोही दिन गिरफ्तार गरे। पीडकलाई अवदेखि गाली नगर्ने सर्तमा माफ मगाई दुवै पक्षबीच मिलापत्र गरी माघ २ गते रिहा गरियो।

## ५.८ बैतडी

जनसङ्ख्या : २,६५,११३
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ३७
क्षेत्रफल (वर्ग कि. मि.) : १,५१९
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ३७५/११
क्याम्पस/उच्च मा.वि. : २/२७
अस्पताल/स्वास्थ्य चौकी : १/७०
मानव विकास सूचकाङ्क : ०.३९१
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्ने अधिकार

### हत्या

### वाईसीएलबाट

विजयपुर गाविस-७ एक्लेगाडाका २२ वर्षीय देवबहादुर विष्टको ०६५ असार २२ गते वाईसीएलका कार्यकर्ताको गोली प्रहारबाट घाइते भई उपचारका क्रममा जिल्ल्ला अस्पताल लैजाँदै गर्दा असार २३ गते बाटोमै मृत्यु भयो। वाईसीएल कार्यकर्ता किशोर भनिने कर्ण धामी र रमेश महराले उनलाई गोरा गाउँमा गोली प्रहार गरेका थिए। कर्णधामी देउकीको छोरा भएकाले अन्य स्थानीय गाउँलेहरूले त्यही कारणले उनलाई हेला गर्ने गरेकाले सोही विषयको विवादमा दुवै पक्षबीच भनाभन हुँदा उक्त घटना भएको माओवादी पक्षले जनायो। बैतडी जिल्ला अस्पतालमा डाक्टर नभएकाले दाचुर्लाबाट डाक्टर आएर असार २४ गते लासको पोस्टमार्टम गरेपछि आफन्तहरूले दाहसंस्कार गरे। पीडित पक्षले उचित क्षतिपूर्ति र दोषीहरूलाई कारबाहीको माग गर्दै जिल्ला प्रशासनमार्फत गृहमन्त्रालयमा असार २५ गते ज्ञापनपत्र बुझायो। माओवादीले असार २५ गते प्रेस विज्ञप्ति प्रकाशन गरी घटना पार्टीको नीतिविपरीत भएको, घटनामा संलग्न दोषीहरूलाई कारबाही गर्न र मृतकका परिवारलाई क्षतिपूर्ति दिन सरकारसँग माग गऱ्यो। पीडित पक्षको जाहेरीपछि प्रहरीले घटनाको अनुसन्धान सुरु गरे पनि पीडकहरू यस वर्षको अन्त्यसम्म फरार रहे।

### गोली/विस्फोटक पदार्थद्वारा घाइते

### बेवारिसे बम विस्फोटबाट

भटना गाविस-७ का देवदत्त भट्ट ०६५ कात्तिक १४ गते बेवारिसे अवस्थामा फेला पारेको सकेट बम खेलाउन खोज्दा विस्फोटन भई घाइते भए। सामान्य घाइते भएका पीडितको स्थानीय उपस्वास्थ्य चौकीमा उपचार भयो। प्रहरीको एक टोलीले कात्तिक १५ गते घटनास्थल वरिपरि खोजतलास गर्दा ५५ थान सकेट बम फेला पारी पुरघाट प्रहरी चौकीको जिम्मा लगायो। नेपाली सेनाको बम डिस्पोजल टोलीले ०६५ मङ्सिर २ गते उक्त सकेट बमहरू निष्क्रिय पारेको थियो।

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला करागारमा बन्दी क्षमता २५ जनाको रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १४ जना पुरुष र दुई जना महिला कैदी

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट पीडित | | | | | | | | | राज्यबाट पीडित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | ५ | ४ | १ | | ५ | | | | | | | |
| घाइते | १ | १ | | | १ | | | | | | | |
| गिरफ्तारी/यातना | | | | | | | | | | १ | १ | १ |
| कुटपिट | ६ | ९ | | | ९ | ९ | १९ | २ | २१ | २ | २ | २ |
| धम्की | १ | १ | | | १ | ३ | ३ | | ३ | | | |
| भेला/सङ्गठित हुने अधिकार | ३ | ५ | | ३ | ८ | ३ | ७ | | ७ | | | |
| जातीय विभेद | १ | ३ | | | ३ | | | | | १ | १ | १ |
| महिलाअधिकार | ४ | | ६ | | ६ | | | | | | | |
| बालअधिकार | १ | | १ | | १ | | | | | | | |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | | १ | १ | | १ | | | |
| अपहरण | ३ | | ३ | | ३ | ३ | ४ | | ४ | | | |
| जम्मा | ३३ | ३३ | १० | ३ | ३५ | १७ | ३४ | २ | ३६ | ४ | ४ | ४ |

रहेका छन् भने कैद नतोकिएका १९ जना पुरुष रहेका छन्। यसरी बैतडी कारागारमा जम्मा ३५ जना बन्दी रहेका छन्। क्षमताभन्दा बढी बन्दीहरू भएकाले खानेपानी र शौचालयका लागि बन्दीहरूलाई समस्या भएको कारागारका कर्मचारीहरूले बताए।

### बेपत्ता/अपहरण

### माओवादीबाट

विजयपुर गाविस निवासी तल्लादेही गाविस सचिव ३५ वर्षीय रणबहादुर विष्टले गाविसको रकममा अनियमितता गरेको आरोपमा ०६४ माघ १५ गते उनलाई माओवादीका एरिया नं. १२ का इञ्चार्ज हृदयको नेतृत्वमा आएको १५ जनाको एक समूहले तल्लादेही गाविसबाट अपहरण गऱ्यो। गाविसमा भएको भ्रष्टाचारका सम्बन्धमा सोधपुछ गर्न उनलाई बोलाएको र सोधपुछपछि छाडेको माओवादीले बतायो।

सित्तड गाविस-५ निवासी काङ्ग्रेसका कार्यकर्ता धर्मानन्द जोशी, भोजराज जोशी र दुर्गादत्त जोशीलाई संविधानसभा सदस्य निर्वाचनमा काङ्ग्रेस पार्टीको प्रचारमा संलग्न भएको आरोपमा ०६४ चैत १९ गते उनीहरूलाई माओवादी कार्यकर्ताहरूले सित्तड गाविसको पन्ज्यूकानयाँबाट अपहरण गरे। पीडितहरूलाई मुक्त गर्नका लागि दबाब दिन घटनाको भोलिपल्टदेखि काङ्ग्रेसका कार्यकर्ताले बैतडी-दार्चुला सडक मार्गको पन्ज्युकानयाँमा दुई दिनसम्म सडक अवरुद्ध गरे। पीडितहरू सोही ठाउँबाट चैत २१ गते मुक्त भए।

### धम्की/कुटपिट

### राज्यबाट

गिरेगाडा गाविस-४ डाँडामाडौँका ६९ वर्षीय जोगी चन्दले छिमेकी ५५ वर्षीया भुरी चन्दसँग झगडा गरेको आरोपमा ०६५ जेठ १५ गते अस्थायी प्रहरी चौकी बलराका प्रहरीले घरनजिकै उनलाई लाठी र बुटले कुटपिट गरे। कुटपिटबाट घाइते भएका चन्दले दुई दिनपछि जिल्ला अस्पताल बैतडी गई उपचार गराए। सर्वसधारण व्यक्तिमाथि आवश्यकताभन्दा बढी बल प्रयोग गर्ने प्रहरी जवानलाई विभागीय कारबाही

**तालिका : २**

**तालिका १ मा गैरराज्यपक्षअन्तर्गतको अन्य शीर्षकमा समावेश गरिएको तथ्याङ्कका आधारमा**

| घटनाको प्रकार | एमालेबाट | | | वाईसीएलबाट | | | | अज्ञातबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | जम्मा | घटना सङ्ख्या | पुरुष | अन्य | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा |
| हत्या | | | | १ | १ | | १ | | | | |
| घाइते | | | | | | | | १ | १ | | १ |
| कुटपिट | १ | १ | १ | ३ | ३ | | ३ | १ | ४ | | ४ |
| धम्की | | | | | | | | १ | १ | | १ |
| भेला/सङ्गठित हुने अधिकार | १ | ३ | ३ | १ | ३ | ३ | ६ | | | | |
| अपहरण | | | | | | | | १ | | १ | १ |
| जम्मा | ३ | ३ | ३ | ४ | ६ | ३ | ९ | ४ | ६ | १ | ७ |

गरेको र पीडितको प्रहरीले उपचार समेत गरिदिएको प्रहरीले जनायो।

### माओवादीबाट

महारुद्र गाविस-३ खलिगाडनिवासी एमालेबाट समानुपतिकतर्फका उम्मेदवार पुरनसिंह दयाल र सोही पार्टी कार्यकर्ताहरू कलावती लावड, बलभद्र दयाल, प्रकाश विक, रमेशराम दयाल, सरस्वती लुहार, पार्वती लुहार, रामिराम लुहार, सुरेश दयाल र मानसिंह ओडले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत ६ गते उनीहरूलाई माओवादीले आमचौरा गाविस-३ लडामा लाठ्ठी र मुक्का प्रहार गरी कुटपिट गरे। कुटपिटबाट घाइते भएका पुरनसिंह दयाल, कलावती लावड, बलभद्र दयाल र प्रकाश विकको काठमाडौँमा उपचार भयो। अन्यको जिल्ला अस्पताल बैतडीमा उपचार भयो।

*वाईसीएल कार्यकर्ताद्वारा गोली प्रहार गरी घाइते बनाइएका देवबहादुर विष्टलाई उपचारार्थ लगिँदै*

घटनामा संलग्न भनिएका स्थानीय माओवादी कार्यकर्ता वीरराम ओड र राम दमाईलाई ०६४ चैत ७ गते प्रहरीले गिरफ्तार गरेकामा ०६५ वैशाख ४ गते उनीहरू रिहा भए। उक्त घटनामा पार्टी कार्यकर्ताहरूको संलग्नता नभएको माओवादीले जनायो।

थलाकाँडा गाविस-५ लटौलाका ४६ वर्षीय डम्बरसिंह धामीले एमालेको राजनीति गरेको आरोपमा ०६४ चैत १९ गते उनलाई सुशील र मनोज भनिने माओवादी कार्यकर्ताले केही कुरा बुझ्नु छ भनी घरबाट सोही गाविसको कोटधारामा लगी कुटपिट गरे। घटनापछि त्रासका कारण दुई दिन घरनजिकैको जङ्गलमा आफू बसेको पीडितले बताए। त्रासका कारण पीडितले कहीं उजुरी गरेनन् र निर्वाचनमा मतदान पनि गरेनन्।

न्वाली गाविस-६ सलसेनाका ४३ वर्षीय कम्मानसिंह कार्कीले संविधानसभा सदस्य निर्वाचनमा एमालेको प्रचार प्रसार गरेको आरोपमा ०६४ चैत २५ गते उनलाई ३० जनाको सङ्ख्यामा गएका माओवादी कार्यकर्ताहरूले न्वाली गाविस-५ को ढिकगाडमा लात्ती र मुक्काले कुटपिट गरे। कुटपिटबाट घाइते भएका कार्कीको जिल्ला अस्पताल बैतडीमा उपचार भयो। उनीसँगै प्रचार प्रसारमा गएका अन्य पाँच जना कार्यकर्ताहरू भाग्न सफल भए। एमालेले आचारसंहिता उल्लङ्घन भएको भनी निर्वाचन अधिकृतको कार्यालय बैतडीमा उजुरी दिए पनि सुनुवाइ भएन।

कोटपेटरा गाविस-४ सेल्तडाका ३० वर्षीय

इन्द्रसिंह खत्रीले राजावादीको पक्षमा सुराकी गरेको आरोपमा ०६४ चैत २८ गते उनलाई माओवादीका गाजस प्रमुख ४२ वर्षीय जुने राना, सोही ठाउँका १८ वर्षीय गोविन्द राना र ३५ वर्षीय बिस्ने रानासहितको माओवादी समूहले आदर्श प्राबि सेल्तडामा रहेको संविधानसभा मतदान केन्द्र परिसरमा कुटपिट गऱ्यो। कुटपिटबाट घाइते भएका खत्रीको भारतको पिथौरागढमा उपचार भयो। सो घटनामा आफ्नो पार्टीको कुनै संलग्नता नभएको माओवादीको दाबी रहेको थियो। पीडितले कही उजुरी गरेनन्।

### वाईसीएलबाट

दुर्गास्थान गाविस-२ कपर्तका ४२ वर्षीय ललितबहादुर चन्द राजावादी भएको आरोपमा ०६४ माघ १७ गते उनलाई वाईसीएल कार्यकर्ताले दुर्गास्थान गाविस-३ स्थित दुर्गास्थान बजारमा लात्ती र मुक्काले कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितको जिल्ला अस्पताल बैतडीमा उपचार भयो। पीडितले त्रासका कारण कहीं उजुरी गरेनन्।

भटना गाविस-१ का ३० वर्षीय गौतम भट्टले संविधानसभा सदस्य निर्वाचनमा माओवादीको झन्डा च्यातेको आरोपमा ०६४ चैत ४ गते उनलाई वाईसीएल कार्यकर्ताहरूले घरनजिकै कुटपिट गरे। घटनापछि पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि सुनुवाइ भएन।

### अज्ञात समूहबाट

भटना गाविस-२ चनालीका ४० वर्षीय अन्नो बोहरा, सोही गाविस-४ धनगाडाका ३५ वर्षीय दिलबहादुर धामी, सोही गाविस-३ शिवभउराडका जयलाल धानुक र सोही ठाउँका १८ वर्षीय मानबहादुर धानुकलाई १०/१२ जनाको सङ्ख्यामा आएको नकाबधारी समूहले ०६५ कात्तिक १० गते राती सोही गाविस-६ धौलकाँडामा कुटपिट गऱ्यो। पीडितहरू सबै जना एक्लाएक्लै आफ्नो पसलमा सुतिरहेका बेला जबरजस्ती उठाएर कुटपिट गरेको पीडितहरूले बताए। घटनामा संलग्नता रहेको आरोपमा सोही गाविस-१ भेरीमो निवासी वाईसीएल कार्यकर्ता शैलेन्द्र धानुकलगायत अन्य तीन जना स्थानीय माओवादी कार्यकर्ताविरुद्ध ०६५ कात्तिक ११ गते पुरघाट प्रहरी चौकीमा निवेदन दिँदा सुनवाइ नभएको पीडितले बताए। माओवादीले उक्त घटनामा आफ्नो पार्टीका कार्यकर्ताहरूको संलग्नता नभएको भनी ०६५ कात्तिक १३ गते प्रकाशित प्रेस विज्ञप्तिमा जनायो।

### गैरकानुनी गिरफ्तारी

दुर्गास्थान गाविस-४ निवासी वाईसीएल कार्यकर्ता नन्दराज बडुले स्थानीय स्वास्थ्यकर्मी राजबहादुर चन्दसँग औषधिको विषयमा विवाद गरेको आरोपमा ०६४ चैत १ गते उनलाई प्रहरी चौकी देहीमाडौँका प्रहरीले दुर्गास्थान गाविस-३ दुर्गास्थानबाट बिनापुर्जी गिरफ्तार गऱ्यो। उनलाई देहीमाडौँ प्रहरी चौकीका इञ्चार्ज असई मीनबहादुर सिंहले चौकीमा ल्याउने क्रममा बाटोमा लाठी र बुटले कुटपिट गरे। कुटपिटबाट घाइते बडुले जिल्ला अस्पताल बैतडीमा उपचार गराए। आमाको उपचारका लागि उपस्वास्थ्य चौकीका कर्मचारीहरूसँग औषधि किन्दा भएको वादविवादका कारण उनीहरूले गरेको मौखिक उजुरीका आधारमा प्रहरीले आफूलाई गिरफ्तार गरेको पीडितले बताए। स्वास्थ्यकर्मीमाथि हातपात गरेको र उनलाई गिरफ्तार गर्न खोज्दा प्रहरी कर्मचारीप्रति पनि दुर्व्यवहार गरेकाले प्रहरीले सामान्य बल प्रयोग गरेको जिल्ला प्रहरी कार्यालयले जनायो।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

ग्वाल्लेक गाविस निवासी संविधानसभा सदस्यका लागि स्वतन्त्र उमेदवार ३५ वर्षीय पुष्कर्राज जोशीको चुनाव प्रचार-प्रसारमा संलग्न टोलीलाई आफ्नो आधार क्षेत्रमा प्रवेश गरेको भनी ०६४ चैत १६ गते माओवादी कार्यकर्ताहरूले देउलेक गाविस-३ रिखालीबाट फिर्ता पठाए।

बैतडी निर्वाचन क्षेत्र नं. १ बाट संविधानसभा सदस्यका लागि काङ्ग्रेसका उम्मेदवार एवम् निवर्तमान विधायक नरेन्द्र वमको रुद्रेश्वर गाविस-१ सिमारमा

*प्रहरीद्वारा कुटपिट गरिएका नन्दराज बडु र जोगी चन्द*

०६५ चैत १८ गते आयोजना गरेको चुनावी सभामा वाईसीएल कार्यकर्ताहरूले अवरोध सिर्जना गर्न खोज्दा स्थानीय बासिन्दा र वाईसीएल कार्यकर्ताबीचमा भएको झडपमा स्थानीय इन्द्रबहादुर बोहरा, वीरेन्द्र बोहरा, शिवदत्त पन्त, नैनसिंह बोहरा, गणेश राना र भरत राना सामान्य घाइते भए। गोकुलेश्वरबाट घटनास्थल गएको सशस्त्र प्रहरीको गस्ती टोलीले उक्त घटना साम्य पाऱ्यो।

काङ्ग्रेसका केन्द्रीय सदस्य तथा बैतडी जिल्ला निर्वाचन क्षेत्र नं. २ का काङ्ग्रेसका तर्फबाट संविधानसभा निर्वाचन उम्मेदवार विनयध्वज चन्द र उनीसँगै चुनाव प्रचार प्रसारमा संलग्न कार्यकर्ताहरू शेरसिंह ऐरी, गजेन्द्रसिंह रावल, जनक चन्द, घनश्याम लेखक र चक्रबहादुर चन्दलाई ०६४ चैत १९ गते श्रीकोट गाविसको सिल्लेगाडामा माओवादीको उर्दीमा जम्मा भएका स्थानीय व्यक्तिहरूले कुटपिट गरी चुनाव प्रचार प्रसारमा अवरोध गरे। घाइतेमध्ये घनश्याम लेखकको जिल्ला अस्पताल बैतडीमा उपचार भयो।

भूमिराज गाविसका पूर्वअध्यक्ष जगी साउँद, कुवाकोट गाविसका पूर्वअध्यक्ष वीरा बोहरा र भटना गाविस निवासी गौतम भट्टले एमालेको राजनीति गरी माओवादी विरोधी गतिविधि गरेको आरोपमा ०६४ चैत २० गते उनीहरूलाई शिखरपुर-भूमिराज गाविसको सिमानामा पर्ने ढोल्यामोडमा माओवादीले लात्ती र मुक्काले कुटपिट गरे। एमालेले आचारसंहिता उल्लङ्घन भएको भनी निर्वाचन अधिकृतको कार्यालय बैतडीमा उजुरी दिए पनि सुनुवाइ भएन।

बैतडी जिल्ला एरिया नं. ५ का नाम नखुलेका माओवादी कार्यकर्ताले संविधानसभा निर्वाचनमा एमालेका तर्फबाट उम्मेदवार भएका दामोदर भण्डारीको प्रचार प्रसारमा अवरोध गरेको आरोपमा ०६४ चैत २० गते उनलाई एमाले कार्यकर्ताहरूले कुटपिट गरे। एमाले कार्यकर्ताहरूले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भनी माओवादीले निर्वाचन अधिकृतको कार्यालय बैतडीमा उजुरी दिए पनि सुनुवाइ भएन।

हाट गाविसको बागगाडमा

*माओवादी कार्यकर्ताद्वारा कुटपिट गरिएका एमाले संविधानसभा निर्वाचन समानुपातिक तर्फका उम्मेदवार पूरनसिंह दयाल*

संविधानसभा निर्वाचनको प्रचार प्रसारमा रहेका एमाले र माओवादी कार्यकर्ताबीच ०६४ चैत २२ गते झडप हुँदा निर्माण भनिने माओवादी कार्यकर्ता विक्रम ओखेडा र नाम नखुलेका अर्का एक माओवादी कार्यकर्ता घाइते भए। घाइतेहरूको स्थानीय स्वास्थ्य क्लिनिकमा उपचार भयो।

*वाईसीएल कार्यकर्ताद्वारा कुटपिट गरिएका ललितबहादुर चन्द*

*अज्ञात समूहद्वारा कुटपिट गरिएका जयलाल धानुक*

## सुगम र निष्पक्ष न्यायिक अधिकार

यस अदालतमा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १४ थान मुद्दा र यस वर्ष दर्ता भएका नौ थान मुद्दा गरी जम्मा २३ थान मुद्दामध्ये यस वर्ष पाँच थान मुद्दा फर्स्यौट भई १८ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका नौ थान मुद्दा र यस वर्ष दर्ता भएका १२ थान मुद्दा गरी जम्मा २१ थान मुद्दामध्ये यस वर्ष तीन थान मुद्दा फर्स्यौट भई १८ थान मुद्दा बाँकी रहे।

यसैगरी, देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १५ थान मुद्दा र यस वर्ष दर्ता भएका दुई थान मुद्दा गरी १७ थान मुद्दामध्ये पाँच थान मुद्दा फर्स्यौट भई १२ थान बाँकी रहे। यसरी यस वर्षको

अन्त्यसम्म ४८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### बालअधिकार

वसन्तपुर गाविस-१ कद्धारका तीन वर्षीय नाबालकलाई उनकै बाबु ४५ वर्षीय रामसिंह महराले ०६५ मङ्सिर २३ गते राती बञ्चरो प्रहार गरी हत्या गरे। पीडितको लासलाई पोस्टमार्टमका लागि भोलिपल्ट इलाका प्रहरी कार्यालय पाटनमा लगियो। हत्याको कारण खुल्न सकेन। पीडक रामसिंह महरालाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। उनी पुर्पक्षका लागि जिल्ला करागार बैतडीमा थुनामा रहेका छन्।

### महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

ग्वाल्लेक गाविस-३ जोशीबुङ्गाकी ३५ वर्षीया हरिदेवी जोशीको ०६४ फागुन १९ गते पति हरिदत्त जोशी र नातेदार वलदेव पाण्डेयले लाठीले कुटपिट गरी उनको हत्या गरे। हरिदत्त जोशीले बहुविवाह गरेपछि घरायसी विवादका कारण उनको हत्या गरेको खुल्न आयो। प्रहरीले हत्यामा संलग्न दुवै जनालाई गिरफ्तार गरी जिल्ला कारागार बैतडीमा थुनामा राखेको छ।

### बेचबिखन तथा ओसारपसार

कञ्चनपुर भीमदत्त नपा-९ की २२ वर्षीया मीना नाथलाई उनका पति २५ वर्षीय गोपाल नाथले ०६५ साउन १४ गते बैतडीको गोकुलेश्वर गाविस-७ का गङ्गादत्त नाथलाई बिक्री गरे। पीडक दुवै जनालाई ०६५ साउन २८ गते प्रहरीले गिरफ्तार गरी यस वर्षको अन्त्यसम्म जिल्ला कारागार बैतडीमा थुनामा राखेको छ।

### सबै प्रकारका जातीय विभेद

न्वाली गाविस-३ न्वालीका २५ वर्षीय राम भूल र सोही ठाउँका २६ वर्षीय वीरेराम भूलले धारामा पानी खाएको आरोपमा ०६५ वैशाख १३ गते गुरुखाला गाविस-३ कलौनमा सोही ठाउँका ४५ वर्षीय मनी चन्द र २५ वर्षीया माया चन्दलगायतका १५ जना गैरदलितको समूहले उनलाई गालीगलौज गऱ्यो। घटनाका सम्बन्धमा पीडितहरूले स्थानीय प्रशासनमा उजुरी दिएपछि जिल्ला प्रशासन र जिल्लास्थित दलित संस्थाहरूको रोहबरमा पीडकहरूले सार्वजनिक रूपमा माफ मागे।

उदयदेव गाविस-६ सोलपुलाका ६४ वर्षीय गोल्से कोलीलाई दलित मुक्ति मोर्चामा लागि जातीय विभेद अन्त्य गर्ने गतिविधिमा लागेको आरोपमा ०६५ कात्तिक ५ गते सोही ठाउँका सुरतसिंह महताले सोही ठाउँमा कुटपिट गरे। दोषीउपर कानुनी कारबाहीको माग गर्दै पीडितले कुश्मतघाट प्रहरी चौकीमा ०६५ कात्तिक ६ गते निवेदन दिए पनि कुनै सुनवाइ भएन।

## ५.९ दार्चुला

जनसङ्ख्या : १,३२,४१३
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ३७
क्षेत्रफल (वर्ग कि. मि.) : २,३२२
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : २८७/४
क्याम्पस/उच्च मा.वि. : १/७
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मानव विकास सूचकाङ्क : ०.४११
प्रतिपरिवार सरदर सङ्ख्या : ६

### जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता ४० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कैद तोकिएका छ जना पुरुष कैदी रहेका छन् भने कैद नतोकिएका तीन महिला र पाँच जना पुरुष रहेका छन्। यसरी दार्चुला कारागारमा जम्मा १४ जना बन्दी रहेका छन्। कारागारमा पानी, शौचालय, विद्युत्, स्वास्थ्य सेवा,

**तालिका : १**

| घटनाको प्रकार | गैरराज्यबाट पीडित | | | | | | | | राज्यबाट पीडित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | जम्मा |
| हत्या | १ | | १ | १ | | | | | | | |
| घाइते | | | | | ३ | १४ | | १४ | १ | ३ | ३ |
| कुटपिट | | | | | १ | १ | | १ | | | |
| धम्की | | | | | १ | ९ | १ | १० | | | |
| जातीय विभेद | ४ | ४ | | ४ | | | | | | | |
| बालअधिकार | १ | | १ | १ | १ | | १ | १ | | | |
| अपहरण | १ | १ | | १ | | | | | | | |
| जम्मा | ६ | ५ | ३ | ६ | ५ | २४ | ३ | २६ | १ | ३ | ३ |

पत्रपत्रिका, खेलकुदका सामग्रीहरूको सुविधा रहेको छ। रेडियो तथा टीभी बन्दीहरूले व्यक्तिगत रूपमा खरिद गरेका छन्।

### धम्की/कुटपिट
### माओवादीबाट

शिखर गाविस-६ निवासी एमाले गाउँ कमिटी सचिव २६ वर्षीय परमानन्द भट्टलाई माओवादी पार्टीविरुद्ध प्रचार प्रसार गरेको आरोपमा ०६४ माघ १ गते माओवादी जिल्ला कमिटी सदस्य लालबहादुर विकलगायतको एक समूहले बलाँचको पुलनजिक कुटपिट गऱ्यो। पीडितले माघ २ गते गोकुलेश्वरमा हुने एमालेको आमसभाका लागि गाउँमा प्रचार-प्रसार गरिरहेका थिए। लालबहादुर विकका नाममा पीडितले ०६४ माघ १० गते जिल्ला प्रशासनमा सार्वजनिक अपराध मुद्दा दायर गरे पनि यस वर्षको अन्त्यसम्ममा पीडकलाई कुनै कारबाही भएन।

### अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

खलङ्गा गाविस-२ निवासी काङ्ग्रेसका केन्द्रीय सदस्य ५५ वर्षीय दिलेन्द्रप्रसाद बडु, मालिकार्जुन गाविस-७ निवासी तरुण दल केन्द्रीय सदस्य ३२ वर्षीय नरेन्द्रसिंह धामी, देथला गाविस-३ निवासी काङ्ग्रेस जिल्ला कार्यसमिति उपसभापति जगदीश पाल, खलङ्गा गाविस-४ निवासी काङ्ग्रेस जिल्ला कार्यसमिति सचिव कृष्णप्रसाद भट्टलगायत अन्य काङ्ग्रेस कार्यकर्ता धाप गाविस-२ का हेमन्त विष्ट, मालिकार्जुनका शेरसिंह धामी र लटिनाथ गाविस-७ का भगदत्त जोशीलाई ०६४ माघ २२ गते हाम्रो आधार इलाकामा चुनाव प्रचार-प्रसार गर्न पाइँदैन भनी लटिनाथ गाविस-७ रिलस्थित मोहनसिंह धामीको घरमा बिहानको खाना खाई नजिकै रहेको धनवीरसिंह धामीको घरमा आराम गरिरहेको समयमा माओवादीनिकट भ्रातृ सङ्गठनहरूको नेतृत्वमा तीन सय जना स्थानीय बासिन्दासहितको समूहले घर घेरा हाली आगजनी गर्नुका साथै कुटपिट गऱ्यो। काङ्ग्रेस मुर्दावादजस्ता नारा लगाउँदै आएको उक्त समूहले बाहिरबाट आगो लगाई आठ कोठे भवनलाई पूर्णरूपमा ध्वस्त पारे। भित्र रहेका मान्छेहरूलाई बाहिर निकाल्न प्रहरीले ५० राउण्ड हवाई फाइरिङ् र १० राउण्ड गोलीसमेत चलाएको थियो। उक्त घटनामा प्रहरीका एक थान पेस्तोल, एक थान थ्री नट थ्री राइफल, एक थान सञ्चार सेट र ५० राउण्ड राइफलका गोली लुटिए।

सो क्रममा प्रहरीको गोली लागी सोही गाविस-२ सिमारका ३६ वर्षीय हरकसिंह धामी घाइते भए। त्यसैगरी उक्त घटनामा सोही गाविस-७ का कमलराज जोशी, तपोवन गाविस-७ का नवराज धामी, सोही गाविस-४ का धौलेसिंह धामी सामान्य घाइते भए भने प्रहरीतर्फ प्रनानि दुर्गादत्त भट्ट, प्रसनि प्रताव रावल, प्रह दानसिंह साउँद, धनसिंह नगारी, प्रज वीरबहादुर चन्द, महेन्द्रराज भट्ट र शेरसिंह धामी घाइते भए।

घटनामा घाइते भएका पीडितहरूमध्ये गम्भीर घाइते भएका दिलेन्द्रप्रसाद बडु, नरेन्द्रसिंह धामी, हेमन्त

विष्ट, प्रनानि दुर्गादत्त भट्ट, प्रह दानसिंह साउँद, प्रज महेन्द्र भट्ट र शेरसिंह धामीलाई हेलिकप्टरबाट ०६४ माघ २३ गते काठमाडौँ लगी त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा उपचार गरियो। गोली लागी गम्भीर घाइते भएका हरकसिंह धामीको उपचार नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा भयो भने अन्य सामान्य घाइतेहरूको उपचार स्थानीय स्वास्थ्य चौकी तथा लटीनाथ क्लिनिक र जिल्ला अस्पतालमा भयो। लुटिएका पेस्तोल, थ्री नट थ्री राइफ र राइफलका ५० राउण्ड गोली माघ २७ गते नजिकैको जङ्गलमा लुकाएर राखिएको अवस्थामा प्रहरीले फेला पाऱ्यो तर एक थान सञ्चार सेट फेला नपरेको प्रहरीले जनायो।

उक्त घटनामा मोहनसिंह धामीले ३० लाख ७६ हजार ९ सय ९० रुपियाँको क्षतिपूर्तिको माग गर्दै उजुरी दिएका थिए। लटीनाथ गाविस-२ का १६ वर्षीय नरबहादुर विष्ट र सोही ठाउँका १८ वर्षीय कृष्णसिंह विष्टले आगो लगाई मार्ने उद्योग गरेको आरोपमा ०६४ माघ २८ गते लटीनाथबाट प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले आगो लगाई मार्ने उद्योग गरेको भन्दै ०६४ फागुन १५ गते जिल्ला अदालत दार्चुलामा सरकारी वकिलमार्फत मुद्दा दर्ता गरे र जिल्ला अदालत दार्चुलाबाट ०६४ फागुन १७ गते जनही २५ हजार रुपियाँ धरौटीमा निजहरू तारेखमा रिहा भए। शङ्कर पोखरेलको संयोजकत्वमा गठित सर्वदलीय छानबिन समितिले ०६४ फागुन ३ गतेदेखि ५ गतेसम्म गरेको स्थलगत अध्ययन प्रतिवेदनमा समेत माओवादीलाई दोषी ठहऱ्याएको छ। मन्त्रिपरिषद्को कात्तिक ११ गतेको निर्णयद्वारा उक्त मुद्दा फिर्ता लिइएको छ।

यस घटनामा घर जलेका धनवीरसिंह धामीलाई यसअघिको कोइराला सरकारले १० लाख रुपियाँको क्षतिपूर्ति दिने घोषणा गरे पनि यस वर्षको अन्त्यसम्म पनि उक्त राहत रकम निकासा भएको छैन। निकासाका लागि पहल भइरहेको प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहराले पुस ९ गते जानकारी गराए।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत दार्चुलामा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १२ थानमध्ये आठ थान मुद्दा फर्स्यौट भई चार थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा १० थानमध्ये एक थान फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी जम्मा २२ थान मुद्दामध्ये नौ थान मुद्दा फर्स्यौट भई १३ थान मुद्दा यस वर्षको अन्त्यसम्म बाँकी रहे।

यसैगरी, सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका आठ थानमध्ये तीन थान मुद्दा फर्स्यौट भई पाँच थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा सात थानमध्ये एक थान फर्स्यौट भई छ थान मुद्दा बाँकी रहे। सरकारवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका गरी जम्मा १५ थान मुद्दामा चार थान मुद्दा फर्स्यौट भई ११ थान मुद्दा यस वर्षको अन्त्यसम्म बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान र यस वर्ष दर्ता भएका छ थान गरी जम्मा १९ थानमध्ये पाँच थान मुद्दा फर्स्यौट भई १४ थान मुद्दा यस वर्षको अन्त्यसम्म बाँकी रहे।

यसरी यस जिल्ला अदालतमा यस वर्षको अन्त्यसम्म ३८ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

## बालअधिकार

खार गाविस-१ दल्लेखका १४ वर्षीय एक बालिकालाई ०६५ भदौ १८ गते गुल्जर गाविस-४ ताकु निवासी माओवादीका पूर्वकार्यकर्ता ३७ वर्षीय जयसिंह महर शृङ्गारले राती घरमा कोही नभएको समयमा झ्याल तोडेर भित्र गई बलात्कार गरे। पीडितका बुबाले पीडकविरुद्ध भदौ २२ गते प्रहरी चौकी दल्लेखमा उजुरी दर्ता गराए। प्रहरीले दल्लेखबाटै असोज १३ गते पीडकलाई गिरफ्तार गऱ्यो । जिल्ला अदालत दार्चुलाको असोज २९ गतेको आदेशानुसार पुर्पक्षका लागि महरलाई थुनामा राखी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी दिल्लीराज विष्टले बताए।

*माओवादी कार्यकर्ताको आक्रमणबाट घाइते भएका पूर्व मन्त्री दिलेन्द्रप्रसाद बडु*

*माओवादी कार्यकर्ताको आक्रमणबाट घाइते भएका हेमन्त विष्ट*

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

खार गाविस-१ दल्लेखका ४० वर्षीया हरुलीदेवी विष्टलाई ०६५ कात्तिक २१ गते राती उनकै पति ४५ वर्षीय मङ्गलसिंह विष्टले व्यास गाविसको बुँदी भन्ने स्थानमा ढुङ्गाले टाउकोमा हानी हत्या गरे। मृतक र पीडक व्यास गाविसको तिङ्करमा भन्ने ठाउँमा होटेल व्यवसाय सञ्चालन गर्दै आएका थिए। स्थानीय बासिन्दाको उजुरीका आधारमा पीडकलाई प्रहरी चौकी तिङ्करले ०६५ कात्तिक २२ गते घटनास्थलबाटै गिरफ्तार गरी जिल्ला अदालतको आदेशमा ०६५ मङ्सिर २२ गते थुनामा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी दिल्लीराज विष्टले बताए। लासको जिल्ला अस्पताल खलङ्गामा पोस्टमार्टमपश्चात् कात्तिक २७ गते दाहसंस्कार गरिएको थियो।

**सबै प्रकारका जातीय विभेद**

काटैं गाविस-९ निवासी राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष ५१ वर्षीय मनवीर दमाईलाई ०६५ वैशाख १७ गते सोही ठाउँका ३८ वर्षीय ईश्वरसिंह नगालले काटै बजारस्थिति होटेलमा खाना खाएर भाडा नमाझेको आरोपमा अर्को चोटि चिया नदिएर जातीय भेदभाव गरे। पीडित मनवीरले ०६५ वैशाख १९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गरे। वैशाख २४ गते जिल्ला प्रशासन कार्यालयले पीडक र पीडित पक्षलाई बोलाई छलफल गराई आइन्दा छुवाछूतको व्यवहार कसैसँग पनि नगर्ने कागज गराई मिलापत्र गरायो।

हिकिला गाविस-३ का ३५ वर्षीय इन्द्रराम भुलले आफूहरूलाई नटेरेको आरोपमा ०६५ असोज २९ गते बिहान उनलाई सोही गाविस-६ का ३२ वर्षीय नरसिंह धामी, सोही गाविस-९ का धिरे डडाल र सोही ठाउँका ३६ वर्षीय हरमल शाहुले शाहुगाउँमा कुटपिट गरी घाइते तुल्याए । पीडित जात्राबाट घर फर्किरहेको अवस्थामा उनलाई गाली गर्दै कुटपिट गरिनुका साथै उनीसँग भएको नगद १ हजार २ सय रुपियाँ पनि लुटेर लगेका थिए। पीडितले त्यसै दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए। उक्त घटनाका बारेमा ०६५ कात्तिक ४ गते पीडित पक्ष र पीडक पक्षलाई प्रहरी चौकी ब्रह्मदेवमा बोलाएर छलफल गरी पीडितलाई उपचार खर्चस्वरूप पीडकहरूबाट ८ हजार रुपियाँ उपलब्ध गराइएको र आइन्दा जातीय भेदभाव नगर्ने कागज गराई दुवै पक्षबीच मिलापत्र गराएको प्रहरी कार्यालयले जनायो।

अनुसूची

२

# मानवअधिकार उल्लङ्घन तथ्याङ्क २००८

**परिशिष्ट १.१**

# नेपाल- घटनाको प्रकारअनुसार घटना सङ्ख्या र पीडित सङ्ख्या

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा |
| हत्या | | | | | | | | | | | | | | | |
| घाँटी रेटेर | ८ | ४ | ५ | | ९ | | | | | | | | | | |
| घाँटी थिच्चेर | ६ | ४ | ० | | ६ | | | | | | | | | | |
| घाँटी काटेर | ५ | ३ | ० | | ५ | | | | | | | | | | |
| ढुङ्गाले किचेर | १० | ६ | ५ | | ११ | | | | | | | | | | |
| टाउको छिनाएर | ० | १ | १ | | ० | | | | | | | | | | |
| विस्फोटक पदार्थबाट | १३ | १६ | ८ | | ३३ | | | | | | | | | | |
| बलात्कारपछि | ११ | | १४ | | १४ | | | | | | | | | | |
| दोहरो भिडन्तमा | | | | | | | | | | | ३ | ४ | | | ४ |
| दोहोरो झडपमा मृत्यु | ५ | ५ | | | ५ | | | | | | | | | | |
| आफ्नै बम विस्फोटनबाट मृत्यु | ३ | ५ | | | ५ | | | | | | | | | | |
| आगो लगाएर हत्या | ६ | ३ | ३ | | ६ | | | | | | | | | | |
| भीर वा डाँडाबाट खसालिएको | १ | १ | | | १ | | | | | | | | | | |
| झुण्डाएर | ० | | ० | | ० | | | | | | | | | | |
| विद्युतीय धरापमा परी | १ | १ | | | १ | | | | | | १ | | १ | | १ |
| विष खुवाएर | ६ | १ | ६ | | ८ | | | | | | | | | | |
| लठ्ठी प्रहारबाट | १५ | ११ | ४ | | १५ | | | | | | १ | १ | | | १ |
| कुटपिट गरी | १०० | ६९ | ३८ | | १०८ | ० | ० | | | ० | ३ | ३ | | | ३ |
| गोली हानी | १२८ | १२५ | ५ | | १३० | | | | | | ३६ | ४१ | | | ४१ |
| खुकुरी प्रहारबाट | ११ | ९ | ० | | ११ | | | | | | | | | | |
| धारिलो हतियार प्रहारबाट | ६९ | ४८ | ३६ | | ८४ | ० | ० | | | ० | | | | | |
| घन प्रहारबाट | ३ | १ | ० | | ३ | | | | | | | | | | |
| हत्याको प्रकृति नखुलेको | ३८ | ७४ | १४ | ० | ४० | | | | | | | | | | |
| जम्मा | ४४१ | ३३८ | १४८ | ० | ४८८ | ४ | ४ | | | ४ | ३४ | ४९ | १ | | ५० |

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा |
| **घाइते** | | | | | | | | | | | | | | | |
| विस्फोटक पदार्थबाट | १०१ | १९४ | ४४ | ५१ | २९० | ३ | १० | ३ | ६ | १९ | ३ | | ३ | | ३ |
| दोहोरो झडपमा घाइते | ३३ | १४३ | ४ | १२ | १६० | ४ | ३४ | ४ | | ३८ | १६ | ८३ | ६ | ६१ | १४९ |
| अन्य विष्फोटक | १ | २ | | | २ | | | | | | | | | | |
| आगो लगाएर | १ | १ | १ | | २ | | | | | | | | | | |
| आफ्नै बम विस्फोटनबाट | ४ | ४ | | | ४ | | | | | | | | | | |
| भिडन्तमा घाइते | १ | १ | | | १ | | | | | | १ | १ | | | १ |
| विद्युतीय धरापमा परी | १ | २ | | | २ | | | | | | | | | | |
| कुटपिटबाट | ३३ | ४९ | ६ | | ५५ | १३ | ३४ | ३ | | ३६ | ६ | १८ | | | १८ |
| गोलीबाट | ९८ | १०६ | १६ | | १२३ | | | | | | १८ | ४८ | ४ | ४ | ६६ |
| धारिलो हतियार प्रहारबाट | ३३ | ३६ | ६ | | ४२ | २ | २ | | | २ | | | | | |
| हवाई फायरका क्रममा गोलीद्वारा | १ | १ | | | १ | | | | | | | | | | |
| जम्मा | २८६ | ५५१ | ६९ | ६३ | ६९३ | २२ | ६० | १० | ६ | ८६ | ४३ | १५९ | १३ | ६६ | २३८ |
| गिरफ्तारी/यातना | | | | | | | | | | | ९९ | २३४ | १३ | ४६ | २९४ |
| **बेपत्ता/अपहरण** | | | | | | | | | | | | | | | |
| बेपत्ता | | | | | | | | | | | १ | १ | | | १ |
| अपहरण | ४३२ | ४६४ | २४ | ३ | ४९१ | ६९ | १३४ | ३ | | १३८ | | | | | |
| जम्मा | ४३२ | ४६४ | २४ | ३ | ४९१ | ६९ | १३४ | ३ | | १३८ | १ | १ | | | १ |
| **कुटपिट/धम्की** | | | | | | | | | | | | | | | |
| कुटपिट | ४३८ | ६३६ | ८८ | ९२ | ९१६ | २२० | ४४० | ४२ | ८ | ४९० | ८९ | १९३ | १६ | ४ | २१४ |
| हात भाँचिएको | १ | १ | | | १ | १ | १ | | | १ | | | | | |
| ज्यान मार्ने धम्की | ४१ | ४० | ८ | १ | ४९ | ४० | ४१ | ४ | | ४६ | ३ | १० | ३ | १४ | २६ |
| चन्दाको लागि धम्की | ११ | १४ | | | १४ | २ | २ | | | २ | | | | | |
| धम्की | १३८ | २२६ | २१ | १२२ | ३६० | १०८ | १४४ | १९ | ३८ | २०१ | १६ | ३२ | ६ | | ३८ |
| जम्मा | ६२९ | १०२८ | १११ | २१४ | १३६० | ३६१ | ६४८ | ६६ | ४६ | ६६० | १०८ | २२४ | २६ | १९ | २६० |
| **भेला/सङ्गठित हुने अधिकार** | | | | | | | | | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | ३४ | ८४ | ६ | ८४६ | ९४६ | ६६ | ११८ | १० | १०४ | ३३३ | २४ | ३६३ | २४ | १९९ | ४८६ |
| लाठी चार्ज | | | | | | | | | | | ४१ | २३६ | ८६ | ४०४ | ६२६ |
| जम्मा | ३४ | ८४ | ६ | ८४६ | ९४६ | ६६ | ११८ | १० | १०४ | ३३३ | ६४ | ४९९ | १११ | ६०४ | १३१४ |

| घटनाको प्रकार | गैर राज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा |
| जातीय विभेद | | | | | | | | | | | | | | | |
| सार्वजनिक स्थलमा प्रवेशबाट बञ्चित | २ | १ | | १ | २ | | | | | | | | | | |
| अन्तरजातीय बिवाह | १४ | १४ | १२ | ३४ | ४२ | | | | | | १ | | २ | | २ |
| जातीय छुवाछूत | ४६ | ८१ | ३६ | ४०१ | ६०८ | १ | १ | | | १ | १ | १ | | | १ |
| बिभिन्न अवसरबाट बञ्चित | ४ | ३ | २ | | ४ | | | | | | | | | | |
| जम्मा | ६६ | १०० | ४० | ४३६ | ६६६ | १ | १ | | | १ | २ | १ | २ | | ३ |
| महिलाअधिकार | | | | | | | | | | | | | | | |
| बेचबिखनको प्रयास | १ | | ४ | | ४ | | | | | | | | | | |
| बोक्सीको आरोपमा | ३३ | | ४३ | | ४३ | १ | | १ | | १ | | | | | |
| बलात्कार | ६२ | | ६२ | | ६२ | | | | | | १ | | १ | | १ |
| बलात्कारको प्रयास | ३० | | ३१ | | ३१ | | | | | | ३ | | ३ | | ३ |
| बहुबिवाह | ४३ | | ४४ | | ४४ | | | | | | | | | | |
| महिला बेचबिखन | ३३ | | ४६ | | ४६ | | | | | | | | | | |
| महिला भएकै कारण यातना | ४ | | ४ | | ४ | | | | | | | | | | |
| पारिवारिक हिंसा | २०३ | | २०४ | | २०४ | | | | | | | | | | |
| यौन दूर्व्यबहार | ८ | | १९ | | १९ | | | | | | १ | | १ | | १ |
| जम्मा | ४०८ | | ४६० | | ४६० | १ | | १ | | १ | ४ | | ४ | | ४ |
| बालअधिकार | | | | | | | | | | | | | | | |
| राजनितिक कार्यक्रममा बालबालिकाको प्रयोग | ४ | १ | १ | १६० | १६२ | ६ | ४ | | ४१ | ४४ | | | | | |
| बालबालिका बेचबिखन | ३४ | ६ | ३२ | | ३९ | | | | | | | | | | |
| बालबिवाह | ९ | १ | १० | | ११ | | | | | | | | | | |
| बलात्कार | १४६ | | १६६ | | १६६ | १ | | १ | | १ | १ | | १ | | १ |
| नवजात शिशुको हत्या | १२ | ३ | १ | ८ | १२ | | | | | | | | | | |
| यातना | | | | | | | | | | | २ | ६ | १ | | ८ |
| यौन दुर्व्यबहार | ४० | ३ | ४१ | | ४४ | | | | | | | | | | |
| जम्मा | ३४६ | १४ | ३४१ | १६८ | ४४४ | ६ | ४ | १ | ४१ | ४६ | ३ | ६ | २ | | ९ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | | | | | | | | | | | |
| अन्य | १२ | १२ | ४ | ६० | ६६ | ३ | ४ | | | ४ | १ | १ | | | १ |
| आफ्नो सम्पत्तिको अधिकार | ३२ | ४४ | २ | १ | ४६ | ३६ | ४० | ६ | | ४६ | १ | १ | | | १ |
| जम्मा | ४४ | ४६ | ६ | ६१ | १२४ | ३९ | ४४ | ६ | | ४१ | २ | २ | | | २ |

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | अन्य | जम्मा |
| **अमानवीय व्यवहार** | | | | | | | | | | | | | | | |
| बोक्साक्ने आरोपमा | ४ | ४ | | | ४ | १ | १ | | | १ | | | | | |
| अन्य | ३ | १ | ३ | | ३ | | | | | | ३ | ३ | ३ | | ४ |
| अनुहारमा मोसो लगाएको | ९ | १० | ३ | | १३ | | | | | | | | | | |
| जुत्ताको माला लगाएक्ने | १ | | १ | | १ | | | | | | | | | | |
| उपलब्ध नभएको | १ | ३ | | | ३ | | | | | | | | | | |
| कपाल खौरिएको | ४ | ४ | १ | | ४ | | | | | | | | | | |
| जम्मा | ३१ | ३१ | ६ | | ३६ | १ | १ | | | १ | ३ | ३ | ३ | | ४ |
| **कुल जम्मा** | ३६१० | ३६४६ | १९३९ | १९०४ | ४८०० | ४९३ | १०३४ | ९८ | ३०८ | १३३१ | ३६४ | १३८० | १६६ | ८३४ | ३१९१ |
| | | | | | | | | | | | | | | | |
| **भौतिक संरचनामा क्षति** | | | | | | | | | | | | | | | |
| राजनीतिक पार्टी कार्यालय | ८ | | | | १० | ३ | | | | ३ | | | | | |
| सरकारी कार्यालयहरू | ६ | | | | ६ | | | | | | | | | | |
| सञ्चार क्षेत्र | १ | | | | १ | | | | | | | | | | |
| एम्बुलेन्स | ३ | | | | ३ | | | | | | | | | | |
| बैंक | १ | | | | १ | | | | | | | | | | |
| नीजि घर | ३२ | | | | ३४ | | | | | | | | | | |
| नीजि सवारीसाधन | ३८ | | | | ३६ | | | | | | | | | | |
| नीजि कार्यालयहरू | ६ | | | | ६ | | | | | | | | | | |
| नगरपालिका भवन | १ | | | | १ | | | | | | | | | | |
| पेट्रोल पम्प | १ | | | | १ | | | | | | | | | | |
| प्रहरी चौकी | १ | | | | १ | १ | | | | १ | | | | | |
| निजी सम्पत्ती | ६ | | | | ६ | १ | | | | १ | | | | | |
| विद्यालय | ४ | | | | ४ | | | | | | | | | | |
| उद्योग | १ | | | | १ | | | | | | | | | | |
| चर्च | १ | | | | १ | | | | | | | | | | |
| गाविस भवन | ६ | | | | ६ | | | | | | | | | | |
| हुलाक कार्यालय | १ | | | | ३ | | | | | | | | | | |
| जम्मा | १०६ | | | | १३४ | ४ | | | | ४ | | | | | |

## परिशिष्ट १.२ नेपाल- हत्याको सङ्ख्या पेशाको आधारमा

| पेशा | गैरराज्यबाट | | | | | | | | राज्यबाट | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | जम्मा |
| कृषक | १८२ | १३८ | ७२ | | २०० | १ | १ | १ | १० | १३ | १ | १४ |
| सशस्त्र प्रहरी | १ | | १ | | १ | | | | | | | |
| व्यापारी | ३० | २९ | ५ | | ३४ | १ | १ | १ | २ | २ | | २ |
| सरकारी तथा निजी कर्मचारी | २८ | २७ | २ | | २९ | | | | १ | २ | | २ |
| गृहिणी | ६ | १ | ७ | | ८ | | | | | | | |
| भारतीय नागरीक | २ | १ | १ | | २ | | | | १ | १ | | १ |
| मजदुर | ३२ | ३२ | ६ | | ३८ | | | | ४ | ४ | | ४ |
| प्रहरी | ५ | ५ | | | ५ | | | | १ | १ | | १ |
| राजनीतिक कार्यकर्ता | २४ | २४ | २ | | २६ | १ | १ | १ | ९ | १८ | | १८ |
| विद्यार्थी | ३६ | ३० | ९ | | ३९ | | | | | | | |
| शिक्षक | ७ | ५ | २ | | ७ | | | | | | | |
| नखुलेको | ८५ | ५५ | ४१ | २ | ९८ | १ | १ | १ | ७ | ८ | | ८ |
| जम्मा | ४३८ | ३३७ | १४८ | २ | ४८७ | ४ | ४ | ४ | ३५ | ४९ | १ | ५० |

## परिशिष्ट १.३ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

| घटनाको प्रकार | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हत्या | ४४ | ५१ | ३९ | ५० | ५३ | ४९ | ४४ | ४३ | ४६ | ४० | ४५ | ३७ | ५४१ |
| घाइते | ९७ | ३५५ | १३८ | १५० | ४७ | ७० | ४५ | ४० | ५४ | ४५ | ३१ | ५५ | १०१७ |
| गिरफ्तारी/यातना | १९ | ६५ | १३ | ३३ | १५ | ३१ | ८ | १५ | ३१ | ४८ | ३६ | ११ | ३९४ |
| बेपत्ता | | १ | | | | | | | | | | | १ |
| कुटपिट | १०५ | १५१ | ३५४ | ५३३ | १०३ | ८८ | ४७ | ८५ | ६९ | ८३ | ५१ | ५६ | १६३३ |
| धम्की | ४४ | १५ | ११५ | ३४६ | ४७ | ३६ | ३७ | ३७ | ३९ | ३८ | १९ | ३४ | ७६७ |
| भेला/सङ्गठित हुने अधिकार | १०५ | १३८३ | ४८८ | १३६ | ३४ | ३४ | १९ | १४४ | १०७ | ९७ | ३ | ६४ | ३४९४ |
| जातीय विभेद | ७५ | ३ | ३ | ३५७ | ३४ | ४६ | ७१ | ४३ | ११ | १६ | ५ | ९ | ६७१ |
| महिलाअधिकार | ३३ | ३६ | ३३ | ३३ | ५८ | ५१ | ३४ | ५३ | ४६ | ४९ | ४८ | ३१ | ४७३ |
| बालअधिकार | ४० | १६ | १४५ | १३ | ३३ | ३० | ३५ | ३७ | १३३ | १९ | ३१६ | ३० | ७०७ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | ९ | ५ | १३ | ७ | १४ | १० | ७० | १४ | १७ | १ | १५ | ७ | १८३ |
| अमानवीय व्यवहार | १ | ३ | १ | ८ | ३ | ५ | ३ | ३ | ३ | १ | १ | ५ | ३३ |
| अपहरण | ५१ | ४४ | १३३ | १६८ | ५६ | ३३ | ३७ | ५१ | ३७ | ४० | ३८ | ५३ | ७३९ |
| जम्मा | ६३३ | १९१६ | १३५४ | १८०१ | ४८६ | ४५३ | ४३९ | ५५३ | ५७३ | ४६६ | ४९८ | ३८१ | ९५३१ |

## परिशिष्ट १.४ पूर्वाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा |
| हत्या | १४० | ११२ | ३८ | १ | १५१ | १ | १ | | | १ | १४ | १६ | | | १६ |
| घाइते | ८२ | १०८ | १८ | | १२५ | १ | १४ | १ | | १५ | १३ | ३८ | ३ | ९ | ३९ |
| गिरफ्तारी/यातना | | | | | | | | | | | ४४ | ११३ | ९ | ३८ | १५० |
| बेपत्ता | | | | | | | | | | | १ | १ | | | १ |
| कुटपिट | १३३ | १९५ | ३४ | ३३ | २५२ | ३२ | ५८ | ५ | १ | ६४ | ३२ | ८२ | ४ | | ८६ |
| धम्की | ५८ | ९१ | ६ | १२२ | २१९ | २० | ३३ | १ | | ३४ | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | १३ | ३३ | २ | ८४८ | ८८३ | ३ | ११ | | ३५ | ३६ | ३१ | १०८ | १९ | ९३ | २१९ |
| जातीय विभेद | १२ | ८ | १० | | १८ | | | | | | | | | | |
| महिलाअधिकार | १३६ | | १३९ | | १३९ | | | | | | १ | | १ | | १ |
| बालअधिकार | ६५ | ४ | ६८ | १८३ | २४४ | ६ | ५ | | ५० | ५५ | | | | | |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १९ | ३३ | १ | ६० | ८४ | १८ | १८ | १ | | १९ | १ | ५ | | | ५ |
| अपहरण | १८८ | ३३० | ५ | ३ | ३३८ | ११ | १५ | | | १५ | | | | | |
| **जम्मा** | ८१५ | ८९३ | २९९ | ११४० | ३३३२ | ९१ | १५५ | ८ | ८६ | ३३९ | १३८ | ३४२ | ३५ | १३० | ५०८ |

## परिशिष्ट १.५ मध्यमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा |
| हत्या | १८१ | १३९ | ६२ | १ | २०२ | २ | २ | | | २ | १३ | १८ | | | १८ |
| घाइते | १४९ | २८३ | ५२ | ४८ | ३८२ | १८ | ३३ | ६ | ६ | ४५ | १८ | ४५ | ८ | ८ | ६१ |
| गिरफ्तारी/यातना | | | | | | | | | | | १३ | ३६ | | | ३६ |
| कुटपिट | १०६ | १८४ | १८ | ३ | २०४ | ८५ | १८९ | २८ | | २०६ | २० | ४२ | ५ | | ४८ |
| धम्की | ३४ | ५८ | ६ | | ६३ | ६४ | ८६ | १४ | | १०० | ५ | १२ | ३ | १४ | ३९ |
| भेला/सङ्गठित हुने अधिकार | ९ | ३६ | ४ | ३ | ४३ | ३५ | ४३ | ३ | ६ | ५२ | ३२ | ३९३ | ९० | ४१२ | ८९५ |
| जातीय विभेद | १६ | १९ | ९ | | २८ | | | | | | | | | | |
| महिलाअधिकार | १५४ | | १८४ | | १८४ | १ | | १ | | १ | १ | | १ | | १ |
| बालअधिकार | ८० | ६ | ८५ | १८३ | २५४ | | | | | | १ | ४ | | | ४ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | १५ | २० | ३ | | ३३ | ८ | १० | ३ | | १३ | १ | १ | | | १ |
| अमानवीय व्यवहार | ८ | ५ | ३ | | ८ | | | | | | १ | १ | | | १ |
| अपहरण | १५२ | १९१ | १० | | २०१ | २४ | ४५ | १ | | ४६ | | | | | |
| **जम्मा** | ९०३ | ९३० | ४१५ | ३३८ | १५८२ | ३३५ | ३९८ | ५५ | १२ | ४६५ | १०४ | ५५२ | १०८ | ४३४ | १०९३ |

## परिशिष्ट १.६ पश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा |
| हत्या | ६९ | ५३ | २६ | | ८० | | | | | | ३ | ३ | | | ३ |
| घाइते | ३८ | ७३ | ७ | ४ | ८४ | | | | | | ६ | ३६ | | १७ | ५३ |
| गिरफ्तारी/यातना | | | | | | | | | | | ११ | ३५ | | १८ | ४३ |
| कुटपिट | ८६ | १४८ | ३० | ३८ | २१६ | ३८ | ९१ | ४ | | ९५ | ६ | ३९ | ३ | ५ | ३७ |
| धम्की | ३३ | २४ | ६ | | ३० | १६ | ३२ | १ | २ | ३५ | ५ | १० | | | १० |
| भेला/सङ्गठित हुने अधिकार | १ | १ | | ९९ | १०० | १३ | ३२ | ३ | ३१ | ४६ | ३ | १० | | | १० |
| जातीय विभेद | ११ | १३ | ३ | ८७ | १०३ | १ | १ | | | १ | १ | | २ | | २ |
| महिलाअधिकार | ३७ | | ४३ | | ४३ | | | | | | | | | | |
| बालअधिकार | ४७ | १ | ५४ | | ५५ | | | | | | २ | २ | १ | | ३ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | ६ | ३ | ३ | | ६ | ५ | ४ | २ | | ६ | | | | | |
| अमानवीय व्यवहार | २ | २ | | | २ | | | | | | १ | १ | | | १ |
| अपहरण | ३६ | ६९ | | | ६९ | ३० | ३८ | २ | | ३० | | | | | |
| जम्मा | ३३६ | ३८७ | १६३ | ३३८ | ८८८ | ९३ | १६८ | १२ | ३३ | २०३ | ३८ | ११६ | ६ | ४० | १६२ |

## परिशिष्ट १.७ मध्यपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा |
| हत्या | ३२ | २४ | ११ | | ३५ | १ | १ | | | १ | ४ | ९ | १ | | १० |
| घाइते | ३१ | ६९ | २ | १२ | ८३ | १ | ४ | ३ | | ७ | ७ | ४७ | ३ | ३२ | ८२ |
| गिरफ्तारी/यातना | | | | | | | | | | | ३१ | ४४ | ३ | | ४७ |
| कुटपिट | ८४ | १३८ | १५ | १८ | १६१ | ४६ | ७१ | ४ | ७ | ८२ | ३५ | ४३ | ४ | | ४७ |
| धम्की | ६९ | ११२ | १० | | १३२ | ३५ | ४७ | ४ | ३४ | ८५ | ९ | १० | ६ | | १६ |
| भेला/सङ्गठित हुने अधिकार | ८ | १४ | १ | | १५ | १९ | ३० | ३ | ३८ | ७१ | ५ | ३१ | १ | ७५ | ९७ |
| जातीय विभेद | १५ | ३४ | ९ | ३० | ७३ | | | | | | | | | | |
| महिलाअधिकार | ६८ | | ७५ | | ७५ | | | | | | | | | | |
| बालअधिकार | ५२ | १८ | ४१ | २ | ६१ | २ | २ | | १ | ३ | १ | १ | | | १ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | ५ | १० | | १ | ११ | ९ | ११ | १ | | १२ | | | | | |
| अमानवीय व्यवहार | ८ | ८ | ३ | | ११ | १ | १ | | | १ | १ | | ३ | | ३ |
| अपहरण | ४५ | ६५ | ५ | | ७० | ३३ | ४३ | | | ४३ | | | | | |
| जम्मा | ४१६ | ४९३ | १६२ | ६३ | ६२६ | १३६ | ३१० | १५ | ८० | ३०५ | ७३ | १६५ | ३१ | १०६ | ३०३ |

## परिशिष्ट १.८ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

| घटनाको प्रकार | गैरराज्यबाट | | | | | | | | | | राज्यबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्यबाट | | | | | माओवादीबाट | | | | | | | | | |
| | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरूष | महिला | नखुलेको | जम्मा |
| हत्या | १६ | ९ | १० | | १९ | | | | | | १ | ३ | | | ३ |
| घाइते | ६ | २८ | १ | | २९ | ३ | १९ | | | १९ | १ | ३ | | | ३ |
| गिरफ्तारी/यातना | | | | | | | | | | | ११ | १६ | १ | | १८ |
| कुटपिट | ४१ | ६२ | २ | | ६४ | २१ | ४२ | २ | | ४४ | ६ | ६ | १ | | ८ |
| धम्की | ९ | ६ | १ | १ | ९ | १४ | १९ | ४ | २ | २५ | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | ६ | १० | | ६ | १६ | ६ | १२ | १ | १५ | २८ | ४ | ६८ | १ | २४ | ९३ |
| जातीय विभेद | २५ | २६ | ९ | ४१० | ४४६ | | | | | | १ | १ | | | १ |
| महिलाअधिकार | २९ | | ४५ | | ४५ | | | | | | ३ | | ३ | | ३ |
| बालअधिकार | १६ | १ | १६ | ५ | २२ | १ | | १ | | १ | १ | ३ | १ | | ४ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | | | | | १ | १ | | | १ | १ | १ | | | १ |
| अमानवीय व्यवहार | ४ | ६ | | | ६ | | | | | | | | | | |
| अपहरण | ११ | ९ | ४ | | १३ | २ | ४ | | | ४ | | | | | |
| जम्मा | १६४ | १६९ | ८८ | ४२२ | ६६९ | ४९ | ९६ | ८ | १६ | १२२ | ३० | १०३ | ६ | २४ | १३४ |

## परिशिष्ट १.९ सन् २००८ डिसेम्बर महिनासम्म जेलमा रहेका बन्दीहरूको सङ्ख्या

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.१ | झापा | १४६ | १६७ | १९१ | ३३ | २ | | ३१५ |
| १.२ | इलाम | बन्दी छैन | | | | | | |
| १.३ | पाँचथर | २७ | ४७ | ७० | ४ | | | ७४ |
| १.४ | ताप्लेजुङ | ४० | १८ | | | | | ५८ |
| १.५ | मोरङ | ४४० | २१५ | ६२१ | ४६ | ४ | ३ | ६६३ |
| १.६ | सुनसरी | जेल छैन | | | | | | |
| १.७ | धनकुटा | १६ | २६ | ४१ | १ | | | ४३ |
| १.८ | तेह्रथुम | | | ३३ | ३ | | | ३४ |
| १.९ | भोजपुर | १४ | ३३ | ४३ | ५ | १ | | ४८ |
| १.१० | संखुवासभा | ३३ | १३ | ४१ | ५ | | | ४६ |
| १.११ | सप्तरी | | | १९७ | २ | | | १९९ |
| १.१२ | सिराहा | ८४ | ३८ | ११८ | | | | १३३ |
| १.१३ | उदयपुर | ६४ | १३ | ७३ | ४ | | | ७६ |
| १.१४ | खोटाङ | बन्दी छैन | | | | | | |

| क्र. सं | जिल्ला | थुनुवा | बन्दी | पुरूष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १.१५ | ओखलढुङ्गा | २१ | २५ | ४० | ६ | | | ४६ |
| १.१६ | सोलुखुम्बु | ३० | २१ | ४६ | ५ | | | ५१ |
| २.१ | धनुषा | जेल छैन | | | | | | |
| २.२ | महोत्तरी | २७२ | १०५ | ३५९ | १८ | १ | २ | ३८० |
| २.३ | सर्लाही | ६८ | ५५ | १२० | ३ | | | १२३ |
| २.४ | सिन्धुली | ४१ | २९ | ६६ | ४ | | | ७० |
| २.५ | रामेछाप | ४० | ४ | ३५ | ९ | | | ४४ |
| २.६ | दोलखा | २३ | ८ | २९ | २ | | | ३१ |
| २.७ | रौतहट | ५९ | ३९ | ९५ | ३ | २ | | १०० |
| २.८ | बारा | जेल छैन | | | | | | |
| २.९ | पर्सा | ३८३ | ४०२ | ७४२ | ४३ | ४ | ५ | ७९४ |
| २.१० | चितवन | १४६ | ९४ | २२४ | १६ | २ | ३ | २४५ |
| २.११ | मकवानपुर | २४ | २६ | ५० | | | | ५० |
| २.१२ | ललितपुर | २७१ | १५४ | ३२५ | | | | ४२५ |
| २.१३ | काभ्रे | ७० | ४० | ११० | | | | ११० |
| २.१४ | भक्तपुर | जेल छैन | | | | | | |
| २.१५ | काठमाडौं | ११४९ | ७४६ | १७२९ | १६६ | ५ | ६ | १९०६ |
| २.१६ | धादिङ | ४२ | २० | ५४ | ८ | | | ६२ |
| २.१७ | सिन्धुपाल्चोक | ३७ | २९ | ६१ | ४ | | | ६६ |
| २.१८ | नुवाकोट | ४५ | २६ | ६१ | १० | १ | | ७२ |
| २.१९ | रसुवा | २ | १५ | १७ | | | | १७ |
| ३.१ | तनहुँ | २९ | ४० | ६९ | | | | ६९ |
| ३.२ | गोरखा | २४ | ३९ | ५३ | १० | | १ | ६४ |
| ३.३ | लमजुङ | २० | १५ | ३४ | १ | | | ३५ |
| ३.४ | स्याङ्जा | ४२ | १२ | ५० | ४ | | | ५४ |
| ३.५ | कास्की | ९४ | ९९ | १७२ | २१ | | | १९३ |
| ३.६ | मनाङ | बन्दी छैन | | | | | | |
| ३.७ | नवलपरासी | ७३ | ११ | ७६ | ८ | | | ८४ |
| ३.८ | रूपन्देही | ९७ | १०३ | १९९ | १ | | | २०० |
| ३.९ | पाल्पा | १२ | १२६ | १२५ | १३ | | | १३८ |
| ३.१० | कपिलवस्तु | ६४ | ६८ | १३० | २ | | | १३२ |
| ३.११ | अर्घाखाँची | जेल छैन | | | | | | |
| ३.१२ | गुल्मी | ११ | २६ | ३४ | ३ | | | ३७ |
| ३.१३ | बाग्लुङ | १७ | १३ | २७ | ३ | | | ३० |

| क्र. सं | जिल्ला | थुनुवा | बन्दी | पुरूष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ३.१४ | पर्वत | ३० | ११ | ३८ | ३ | | | ३१ |
| ३.१५ | म्याग्दी | १३ | ३१ | ३१ | ३ | | | ३३ |
| ३.१६ | मुस्ताङ | १ | | १ | | | | १ |
| ४.१ | दाङ | ४८ | १३९ | १६८ | ९ | | ३ | १८९ |
| ४.२ | प्युठान | ३९ | ३३ | ४९ | ३ | | | ५३ |
| ४.३ | रोल्पा | १५ | १० | ३३ | ३ | | | ३५ |
| ४.४ | सल्यान | १३ | १३ | ३० | ४ | | | ३४ |
| ४.५ | रूकुम | १३ | १० | १९ | ३ | | | ३३ |
| ४.६ | बाँके | १०९ | ११५ | ३०८ | १६ | | | ३३४ |
| ४.७ | बर्दिया | ४९ | ३५ | ६५ | ९ | | | ७४ |
| ४.८ | सुर्खेत | ४८ | १८ | ६३ | ३ | | | ६५ |
| ४.९ | जाजरकोट | ११ | ६ | १५ | ३ | | | १८ |
| ४.१० | दैलेख | ८ | ९ | १६ | १ | | | १८ |
| ४.११ | डोल्पा | ३ | ४ | ६ | | | | ६ |
| ४.१२ | जुम्ला | १९ | ५ | १८ | ६ | | | ३४ |
| ४.१३ | कालिकोट | ४ | ७ | ९ | ३ | | | ११ |
| ४.१४ | मुगु | बन्दी छैन | | | | | | |
| ४.१५ | हुम्ला | बन्दी छैन | | | | | | |
| ५.१ | कैलाली | ७५ | ७० | १३६ | ९ | | १ | १४६ |
| ५.२ | अछाम | ३ | १३ | १५ | १ | | | १६ |
| ५.३ | डोटी | ५ | १३ | १६ | १ | | | १८ |
| ५.४ | बाजुरा | ८ | ९ | १५ | १ | | | १६ |
| ५.५ | बझाङ | १३ | ८ | ८ | १३ | | | ३० |
| ५.६ | कन्चनपुर | ५३ | ५८ | १०० | १० | | | ११० |
| ५.७ | डडेल्धुरा | १३ | ११ | ३१ | ३ | | | ३४ |
| ५.८ | बैतडी | १९ | १६ | ३३ | ३ | | | ३५ |
| ५.९ | दार्चुला | ८ | ६ | ११ | ३ | | | १४ |
| | जम्मा | ४६६१ | ३५६८ | ८६४८ | ५६३ | ३३ | ३४ | ८५०८ |

# सन् २००८ को मानवअधिकार स्थितिबारे राजनीतिक दलको धारणा

अनुसूची

३

एकीकृत नेकपा (माओवादी)
नेपाली काङ्ग्रेस
नेपाल कम्युनिस्ट पार्टी (एमाले)
तराई–मधेस लोकतान्त्रिक पार्टी
नेपाल मजदुर किसान पार्टी
राष्ट्रिय प्रजातन्त्र पार्टी
नेकपा (माले)

# एकीकृत नेकपा (माओवादी)

यस वर्षको मानवअधिकारको स्थितिलाई अवलोकन गर्दा सबैभन्दा पहिला वर्तमान सङ्क्रमणकालको बाध्यता र सीमाभित्रबाट मूल्याङ्कन गर्नुपर्छ। सामान्य अवस्थासँग तुलना गरेर नेपालको यतिबेलाको मानवअधिकारको स्थितिलाई आकलन गरियो भने त्यो सत्य र तथ्यपूर्ण दुवै हुन सक्दैन।

दोस्रो, मानवअधिकारको मान्यतालाई आत्मसात् गर्दा नागरिक र राजनीतिक अधिकार मात्र मानवअधिकार हुन् भन्ने मान्यताबाट माथि उठेर सोका अलावा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू पनि मानवअधिकार हुन् भनेर बुझ्न जरुरी छ।

तेस्रो कुरा, मानवअधिकार निरपेक्ष हुँदैन बरू समाजसापेक्ष हुन्छ, वस्तुसापेक्ष हुन्छ भन्ने कुरा बझ्न जरूरी छ।

चौथो कुरा, मानवअधिकारको विषयवस्तु हठात् राम्रो र नराम्रो हुने कुराभित्र पर्दैन, समाज विकासको नियम र गतिसँगै यसको पनि विकास र परिवर्तन हुने गर्दछ।

पाँचौं कुरा, शान्ति सुरक्षाको स्थिति, अपराधजन्य घटनाक्रम र मानवअधिकारको उल्लङ्घनको स्थिति फरक हुन्। यिनलाई एकै ठाउँमा मिसाउने गञ्जागोल पार्ने होइन, भिन्न बनाउन पर्दछ। मानवअधिकारको उल्लङ्घनमा राज्य आफैंको संलग्नता र मानवअधिकारको संरक्षणमा तत्परता देखाउन नसकेको अवस्थालाई मात्र यस कोटीमा राख्नु पर्दछ।

उपरोक्त पाँच मान्यताका आधारमा आकलन गर्दा नेपाली समाजमा विद्यमान अन्तरविरोधहरूको जटिलताका कारणले गर्दा मानवअधिकारको स्थिति सन्तोषजनक छैन। तर, विगतका तुलनामा नराम्रो, बिग्रँदो र भयावह भन्ने स्थिति पनि छैन।

नेपाली समाज अहिले पनि अर्धसामन्ती र अर्धऔपनिवेशिक नै छ। सामन्तवादको नेतृत्व राजतन्त्र ढले पनि सामन्तवादका सबै रूपहरूको अन्त्य गर्न बाँकी छ। संविधानसभाको निर्वाचनमार्फत नेकपा (माओवादीको नेतृत्वमा संयुक्त सरकार बनेको छ। सामन्ती राज्यसत्ताले पछाडि पारेका दलित, आदिवासी जनजाति, मधेसी, पिछडिएको क्षेत्र, वर्ग र लिङ्गका जनता अब सत्ताको मालिक बन्ने मार्गमा छन्। यो उपलब्धि मानवअधिकारकै हिसाबले पनि चानचुने उपलब्धि हैन। यति हुँदाहुँदै पनि नेपाली समाजका उत्पादन सम्बन्ध, नेपाली समाजमा हावी रहेको दलाल तथा नोकरशाही पुँजीपति वर्गकै हालीमुहाली, सेना र कर्मचारीतन्त्रमा कायम रहेको सामन्ती व्यवस्थाको कुप्रभाव हटिसकेको अवस्था छैन। राजनीतिक दलहरूमा विद्यमान यथास्थितिवादी चिन्तनमा कमी आएको छैन। पुरानो सत्ता कमजोर भएको तर पूर्ण ध्वंस नभइसकेको र नयाँ विकल्प पनि तयार नभइसकेको यतिबेलाको विशिष्ट घडीमा मुलुकको अन्य व्यवस्थाहरूका साथसाथै मानवअधिकारको अवस्थामा पनि सोको प्रभाव सोही स्तर र सापेक्षतामा कायम छ।

पुरानो सत्तामा आएको बदलाव भनेको राजतन्त्रवादीहरूको सत्ता खोसिएको छ। उनीहरू सत्ताच्यूत भएकामा आक्रोशित छन्। कुनै पनि बहानामा आफ्नो गुमेको सत्ता फिर्ता गर्न सकिने सम्भावना कुर्दै सो सम्भावना नदेखे पनि अस्थिरता र अराजकता सिर्जना गरेर क्षणिक भए पनि फाइदा लुट्न सकिने मानसिकताबाट यी शक्तिहरू तल्लीन छन्। त्यसकारण पनि शान्तिसुरक्षाको स्थितिमा गम्भीर चुनौतीहरू देखिएका छन्। त्यसैगरी, लामो समय राजासँग साँठगाँठ गरेर संवैधानिक राजतन्त्र र बहुदलीय संसदीय व्यवस्था दुई खम्बा भनेर बस्ने राजनीतिक दलहरूका लागि पनि यतिबेला प्राप्त भएको गणतन्त्र बढी भएको छ। किनभने, न उनीहरूको गणतन्त्र एजेण्डा थियो, न त उनीहरूको कल्पना नै थियो भने उता जनगणतन्त्रका लागि हतियार उठाएको शक्तिका लागि यो अपुग भएको छ। यो बढी भएको र नपुगेको बीचमा अभ्यस्त हुन समय लागेको छ। जसका लागि बढी भएको छ, उसलाई बढी भएको यो परिवर्तनलाई अस्थिर बनाएर नै आफ्नो अस्तित्व र औचित्य प्रदर्शन गर्ने अवसर खोज्नु छ। अर्थात्, हिजो पनि त खास केही गल्ती भएको थिएन भन्ने पुष्टि गर्न पाउने आधार सिर्जना गर्ने मौका खोजेको अवस्था छ, जसका कारण पनि कहीं न कहीं असर परेको छ।

उता परिवर्तनको एजेण्डा बोकेको दलको एकलौटी सरकार र जनादेशको अभाव छ। सत्ता अनुभव र पूर्वतयारीको अभावले पनि थोर बहुत काम गरेको छ भने जनताका अपेक्षा धेरै छन्। तिनको यथोचित र यथासमयमा देखिने गरी सम्बोधन हुन नसक्दा त्यसबाट सिर्जित समस्याहरू पनि अर्को चुनौतीका रूपमा रहेको छ। यसबाट पनि कहीं न कहीं समस्या देखिएको छ।

उपरोक्त कारणहरूले राज्यको जनपक्षीय धारले निर्बाध कार्यान्वयन हुन नपाएको अवस्था छ भने आधारभूत मानवअधिकारको प्रत्याभूत गर्न र सोको संरक्षण गर्न पनि केही समस्याहरू देखिएका छन्,

त्यसकारण मानवअधिकारको स्थिति सन्तोषजनक हुन नसकेको कुरा सत्य हो।

त्यसकारण सबै अपराधका घटनाहरू मानवअधिकार उल्लङ्घनका घटना बताएर मानवअधिकारको मूलभूत मान्यता र सर्वस्वीकृत मापदण्डलाई विकृत बनाउने काम भने यतिबेला गर्न हुँदैन। यतिबेला हिजो गरिँदै आएको मानवअधिकारको प्रश्न केवल बोल्न पाइने तर खान माग्न नपाइने खालको मानवअधिकार यतिबेलाका लागि सुहाउँदो हुँदैन। सामाजिक अपराधका घटनाहरूबाट मानिसको बाँच्न पाउने हक हनन भएको हुनसक्छ, त्यो मूलत अपराध हो। मानवअधिकार हनन हुन सक्दैन। यदि प्रत्येक अपराधका घटनालाई मानवअधिकारको उल्लङ्घनको विषय बनाउने हो भने राज्य र व्यक्तिमा भिन्नता देखिँदैन। दोस्रो सामाजिक अपराधका घटनाहरूले मानवअधिकारको उल्लङ्घनको दर्जा पायो भने अपराधबाट मुक्त हुने मौका खोज्नेछन्। यसतर्फ विशेष चनाखो भई मानवअधिकारका नागरिक राजनीतिक अधिकार मात्रैको वकालत गर्ने वा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पनि वकालत गर्ने भन्ने कुरामा मानवअधिकारमा काम गर्ने संस्थाहरू पनि प्रस्ट हुन जरूरी छ।

सङ्क्रमणकालको विशिष्ट स्थितिबाट नेपाली समाज गुज्रिएको र नेपाली समाजका अन्तरविरोधहरू अझै तीव्रतामा अघि बढेका छन् । तसर्थ, अग्रगामी र यथास्थितिवादीबीचको द्वन्द्व कायमै रहेको, समाज निरन्तर विकास र परिवर्तनको तीव्रतामा रहेको हुनाले वर्गीय स्वार्थ अनुरूपका कामहरूलाई औचित्य पुष्टि गर्न वा आफ्ना फरक विचारहरूको सामना गर्न समेतका लागि पनि मानवअधिकारको साहारा लिने होड राम्रै चलेको छ। यही कारणले मानवअधिकारलाई हेर्ने दृष्टिकोण र मानवअधिकारको स्थिति आकलन गर्ने दृष्टिकोणमा पनि भिन्नता आउनु स्वाभाविक छ। त्यसै कारणले पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्याङ्क फरकफरक पनि बन्ने र आफ्नै अनुकूलतामा बन्ने पनि सम्भावना काफी छ। यसै सत्यलाई आत्मसात् गर्दा नेपाली समाजको यो वर्ष राजनीतिक रूपले ऐतिहासिक महत्त्व राख्ने मानवअधिकारको मुख्य उल्लङ्घनकर्ता सामन्तवादको नाइके राजतन्त्रलाई सदाका लागि फ्याँक्ने कुरा मानवअधिकारका दृष्टिले चानचुने उपलब्धि हैन। त्यसैगरी जनताले आफ्नो सार्वभौमसत्ताको प्रयोग गरेर संविधानसभाको निर्वाचन सम्पन्न गरी आफ्नो संविधान आफैँ लेख्ने अधिकार प्राप्त गर्नु पनि चानचुने उपलब्धि हैन। समावेशी समानुपातिक प्रतिनिधित्वको सवालले यति धेरै महत्त्व पाउनु मानवअधिकारप्रतिको चेतनाको यो स्थिति हाम्रालागि निकै सुखद हो। यिनै उपलब्धिका बाबजुद पनि सङ्क्रमणकाल सामन्ती सोच, संस्कृति, यथास्थितिवादी चिन्तनका कारण मुलुक र जनताले खोजेको परिवर्तनलाई कार्यान्वयनमा लैजाने कुरामा बाधा-विरोध सिर्जना गरेका कारणले पैदा भएका केही घटनाक्रम अभाव र कमीहरूलाई आकलन गर्दा मानवअधिकारको स्थिति सन्तोषजनक नदेखिनु अस्वाभाविक होइन। राज्यको तदारूकता नदेखिनु, अपराधका घटनामा राज्यको ध्यान पर्याप्त मात्रामा पुग्न नसक्नु, शान्ति र अमनचैन कायम हुन नसक्दा सोबाट उत्पन्न परिणामका रूपमा मानव जीवनको असुरक्षा वा जीवनको अन्त्य दु:खद पक्ष हुन्, यसबीचमा पनि यी घटनाहरू भए तर यी घटनाहरू सोझै मानवअधिकार सम्बद्ध भन्दा पनि सामाजिक अपराधका हुन्, तिनको पनि न्यूनीकरण हुन जरूरी छ, यस पाटोमा सन्तोष गर्ने ठाउँ छैन।

तैपनि, आमूल परिवर्तनलाई स्वीकार गर्ने हो भने यथास्थितिबाट मुक्ति पाउन चालिने कदमसँगै आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको प्रत्याभूतिसँगै मानवअधिकारको प्रयोग रक्षा र विकास गर्ने कुरामा आशावादी हुन सकिन्छ। मानवअधिकारका अन्तर्राष्ट्रिय प्रतिबद्धताप्रति राज्यको पुन:प्रतिबद्धता व्यक्त हुनु पनि सकारात्मक नै हो तर प्रतिबद्धता अनुरूपको काम गर्न चाहँदा चाहँदै पनि हुन नसकेको प्रस्ट देखिएको छ। तसर्थ, प्रतिबद्धता र कार्यान्वयन मानवअधिकारको रक्षाका विषयमा पनि यतिबेलाको आवश्यकता हो भन्ने कुरामा विवाद हुन सक्दैन। त्यसतर्फ राज्यको ध्यान गम्भीर रूपमा जान जरूरी छ। नागरिक तथा राजनीतिक अधिकारलाई मात्रै मानवअधिकार मान्नेहरूका लागि त त्यति महत्त्वको काम यतिबेला हुन सकेन भन्ने नै निष्कर्ष निस्कला तर योबाहेक पनि अधिकारहरू छन् र मुख्यत: आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार नै मानवअधिकार हुन् भन्ने कुरामा विश्वास गर्नेहरूका लागि मुलुकले यो क्षेत्रमा ठूलो कोल्टे फेर्ने जमर्को गरेको छ, जसका केही मात्र तथ्य यस प्रकार छन्:

- संविधानसभाको निर्वाचनपश्चात् बनेको सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रस्तावित कार्यक्रमहरूले आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार स्थापित गर्न कोसिस गरेको तथ्य विशेष स्मरणीय छ। यो मानवअधिकारको पनि आर्थिक, सामाजिक,

सांस्कृतिक अधिकारसँग सम्बद्ध महत्त्वपूर्ण विषय हो।

- समावेशीकरणको मुद्दालाई सम्बोधन गर्न र समानुपातिक सिद्धान्तलाई स्थापित गर्ने काम गरेर राज्यको मानवअधिकार विरोधी स्वरूपमा परिवर्तन गर्न खोजेको छ।
- वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गरेर सदियौँदेखिको अन्याय र अवैज्ञानिक एवम् सामन्ती भूमि सम्बन्धलाई समाधान गर्ने जमर्को गरिएको छ।
- वर्गीय जातीय क्षेत्रीय लैङ्गिक समस्यालाई पहिचान गर्ने र सम्बोधन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने प्रयत्न मानवअधिकारका दृष्टिले महत्त्वपूर्ण विषय हो।
- सीमित कुलीन वर्गमा केन्द्रित अधिकार स्रोत र साधन सो वर्गबाट आधारभूत वर्गमा सार्ने नीति र कार्यक्रम यतिबेला राज्यले अवलम्बन गरेको तथ्यलाई पनि विशेष रूपमा लिन सक्नुपर्छ। कुलीन वर्गका निम्ति यो मानवअधिकारको विषय नहुन सक्छ, अरू कसैका लागि पनि चर्चाको विषय नहुन सक्ला तर आधारभूत वर्गका निम्ति यो मानवअधिकारको महत्त्वपूर्ण विषय बन्न सक्छ।
- राज्यद्वारा पछाडि पारिएका वर्ग समुदायहरू महिला, दलित, मधेसी, आदिवासी, जनजाति, पिछडिएको क्षेत्रका लागि विशेष व्यवस्था गर्ने कुराले आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्धनमा उल्लेखनीय पाइला मान्न सकिन्छ।

**एकीकृत नेकपा** (माओवादी)

## नेपाली काङ्ग्रेस

१. लोकतान्त्रिक पद्धति नै मानवअधिकार रक्षाको आधारशीला हो। तर, यही आधारशीलामाथि सशस्त्र द्वन्द्वबाट आएको माओवादी, आपराधिक समूहलगायत अन्य थुप्रै तत्त्व र समूहद्वारा बारम्बार आक्रमण भइरहेको छ र यसलाई कमजोर पार्ने प्रत्यत्न भइरहेको छ। प्रभावकारी रूपमा बृहत् शान्ति सम्झौता कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सहमतिका बाबजुद सन् २००८ को वर्ष पनि हत्या, हिंसा र आतङ्कले नेपाल मानवअधिकार उल्लङ्घन गर्ने मुलुकमा नामाङ्कित भएको छ। मान्छेको बाँच्न पाउने अधिकार नै मानवअधिकारको पहिलो र अविभाज्य अधिकार हो। तर, आज पनि प्रत्येक क्षण हत्या, हिंसा र सन्त्रासको कालो छायाँमुनि प्रत्येक नेपालीले बाँच्न बाध्य हुनुपरेको छ। हामी सबैको निमित्त यो एक अति चिन्ता र पीडाको विषय हो।

२. सन् २००८ को अवधि मानवअधिकारको दृष्टिबाट अघिल्लो वर्ष (२००७)को तुलनामा अत्यन्त महत्त्वपूर्ण मानिएको छ। संविधानसभाको निर्वाचन सम्पन्न हुनु, दस वर्षसम्मको द्वन्द्वको मुख्य कारणका रूपमा रहेको माओवादी सशस्त्र विद्रोह छाडेर शान्तिपूर्ण राजनीतिक मूलधारमा प्रवेश गरी संविधानसभाको निर्वाचनमा सहभागी भयो। नेपाली काङ्ग्रेसकै नेतृत्वमा बनेको सर्वदलीय सरकारले यसै वर्ष २ सय ४० वर्ष लामो एकात्मक शासन प्रणालीको केन्द्रमा रहेको राजतन्त्रलाई शान्तिपूर्ण प्रक्रियाद्वारा हटाएको र नेपाल गणतन्त्रात्मक मुलुक घोषणा भएको छ। यस वर्ष मानवअधिकार उल्लङ्घनका घटनामा कमी आएन। यसको कारण माओवादी नै थिए। माओवादीले निर्वाचनमा भाग त लिए तर अनमिनको रेखदेखमा रहेका माओवादी लडाकूले शिविरबाहिर निस्कने र त्रास फैलाउने तथा प्रदर्शन गर्ने मात्र काम गरेनन्, वाईसीएलजस्तो अर्धसैन्य दस्तालाई निर्वाचनका समयमा समेत सक्रिय पारे।

३. बृहत् शान्ति सम्झौता अनुरूप माओवादीबाट कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने वचनको उपेक्षा गर्दै थप कब्जाको घटना हुनु, अन्नबाली लुटिनु, अपहरण, हत्या, साङ्घातिक आक्रमणका घटना दोहोरिनु र थपिनुले मानवअधिकारसम्बन्धी विषय जटिल बनेर रहेको छ। यसमा थप गम्भीर कुरा के भने माओवादी निर्वाचनद्वारा सत्तामा पुगेको छ। आज उसैको हातमा देशको शासन सत्ता रहेकाले जिम्मेवार हुनुपर्ने भय र त्रास हटाई शान्ति सुरक्षा प्रत्याभूत गराउनुपर्ने हो। तर, त्यसो नभई प्रधानमन्त्रीले समेत सार्वजनिक अभिव्यक्ति दिँदै सत्ता कब्जाको कुरा दोहोऱ्याउनु र टुँडिखेलको खुलामञ्चबाट यस्तो अभिव्यक्ति दिनुले अझ त्रास सिर्जना भएको छ। प्रजातन्त्रमा सरकारको आलोचना हुन्छ, आलोचना संवैधानिक प्रक्रिया अनुसार उठ्नु स्वाभाविक हो। यसरी हेर्दा सत्तापक्षको नेतृत्व गरेको माओवादी हदैसम्मको गैरजिम्मेवार बन्दै गइरहेको छ। जसबाट

मानवअधिकार हननका दृष्टिबाट मात्र नभई प्रजातान्त्रिक मूल्य र मान्यतामाथि नै प्रहार भएको छ। किनभने, प्रजातन्त्र र मानवअधिकार एकअर्काबाट अविभाज्य भएर रहेका छन्।

४. सन् २००८ को अवधिमा भएका घटनाहरूमध्ये केही नमुनाका रूपमा प्रस्तुत गरिन्छ। माओवादीका मन्त्री मातृका यादवले स्थानीय विकास अधिकारीमाथि गरेको दुर्व्यवहार र सिराहामा पदीय मर्यादाविपरीत जग्गा कब्जा गर्ने आदेश दिने आदि पर्दछन्। सत्तासीनबाटै भएको यो गम्भीर विषय हो। त्यस्तै प्रेसमाथि भएको आक्रमण, प्रहरी हिरासतमा प्रहरी सङ्गठनबाटै हत्या र संसद्को आदेशको अनास्था गरी आजसम्म अपराधी नखोजिनु र आयोगको प्रतिवेदन कार्यान्वयन नहुनु, कार्यालय परिसरमा कर्मचारीमाथि आक्रमण हुनु यी पछिल्ला घटनाक्रम अत्यन्त गम्भीर प्रकृतिका विषय हुन्। त्यति मात्र नभई देशको राजधानीमा रहेको अत्यन्त चर्चित दैनिक *कान्तिपुर* र *काठमाण्डू पोस्ट, हिमाल* खबर पत्रिका, *अन्नपूर्ण पोस्ट* र *द हिमालयन टाइम्स*को प्रकाशन गर्ने आप्का हाउस आदिको कार्यालयमाथि गरिएको तोडफोड र सञ्चारकर्मीमाथि गरिएको आक्रमण प्रमुख छन्। यसबाट अन्तर्राष्ट्रिय जगत्मा नेपालको छवि बिग्रेको छ। आज राज्यको चौथो अङ्ग भनिने पत्रकार जगत् असुरक्षित हुनु भनेको प्रजातन्त्र र मानवअधिकारकै संरक्षणको जटिल प्रश्न हो।

५. सन् २००८ निर्वाचनको वर्ष पनि भएकाले प्रमुख रूपमा निर्वाचनसम्बन्धी घटनाहरू बढी भए। यस निर्वाचनमा सर्वाधिक रूपमा नेपाली काङ्ग्रेसका उम्मेदवारहरूमाथि नै साङ्घातिक आक्रमण भएका छन्। हाम्रो पार्टीका महामन्त्रीमाथि आक्रमण भएको छ। केन्द्रीय सदस्यहरू, अन्तरिम व्यवस्थापिका संसद् सदस्यहरू, पूर्वसांसदहरू, पार्टीका महासमिति, महाधिवेशन प्रतिनिधि, जिल्लाका सभापतिहरूका साथै पार्टीका इमानदार कार्यकर्ताहरूमाथि छानीछानी आक्रमण गरिएको छ। त्यति मात्र नभई जिल्ला सदरमुकामस्थित पार्टी कार्यालयहरूमा तोडफोड भएका छन्। आक्रमणबाट बाँच्न सबैभन्दा धेरै दाङ जिल्लाबाट ७ सयभन्दा बढी विस्थापित भएका छन्। हत्या, बम विस्फोटन, आगजनी, उम्मेदवारसहित गाडी तोडफोड, उम्मेदवारको सुरक्षा दस्तामाथि आक्रमण र अपहरणका घटनाहरू काङ्ग्रेसमाथि नै लक्षित गरी भएको छ। यद्यपि, यस्ता आक्रमण गर्नेमा तराई मुक्ति मोर्चा, मधेसी जनअधिकार फोरम, नेकपा (एमाले) र यसको भ्रातृ सङ्गठन युथफोर्स र अन्य छिटपुट समूहसमेत रहेका छन्। तापनि, अधिकांश घटना माओवादी र यसको भ्रातृ सङ्गठन वाईसीएलबाटै भएको छ।

६. निर्वाचनका क्रममा शान्ति सुरक्षाको व्यवस्थालाई चुनौती दिँदै सत्ताको एक घटकका हैसियतमा रहेको नेकपा (माओवादी)बाट भए गरिएका निर्वाचन आचारसंहिताको उल्लङ्घन, १२ बुँदे समझदारीदेखि २३ बुँदे सहमतिसम्मका सम्पूर्ण सहमतिको घोर उल्लङ्घन, काङ्ग्रेसलगायत अन्य पार्टीका उम्मेदवार तथा कार्यकर्ताहरूमाथि गरिएको साङ्घातिक आक्रमण र देशभरिका मतदाताहरूलाई आतङ्कित बनाएर डरको साम्राज्यमा मतदान गर्न विवश गराइएको राष्ट्रिय-अन्तर्राष्ट्रिय मतदान पर्यवेक्षकहरूबाट प्रस्तुत गरिएका प्रतिवेदनहरूबाट स्पष्ट हुन्छ। नेकपा (माओवादी) मतदातालाई आफ्नो विवेकको मत प्रयोग गर्नबाट वञ्चित गर्ने, बुथ कब्जा गर्ने, मनोवैज्ञानिक दबाबमा पार्ने र निर्वाचनको स्वच्छतामा नै आँच पुऱ्याउने काम गऱ्यो। निर्वाचनपछि पनि देशका विभिन्न ठाउँहरूमा आफ्नो पार्टीलाई सहयोग नगर्ने मतदाता, अन्य पार्टीका कार्यकर्तालाई डर, धम्की, लुटपिट, अपहरण, हत्या गर्ने, जबरजस्ती चन्दा असुल्ने, आगजनी, घर-पेसा छोड्न बाध्य पार्ने क्रियाकलापहरू माओवादीका कार्यकर्ताहरूबाट निरन्तर भइरहे।

७. नेपाली जनताद्वारा निर्वाचित जनप्रतिनिधिमार्फत नेपालको नयाँ संविधान लेख्ने दशकौँ पुरानो नेपाली जनताको इच्छा र चाहना अनुरूप सम्पन्न भएको संविधानसभाको निर्वाचन विभिन्न बाधा र कठिनाइका बावजुद सम्पन्न भएको छ। नेपाली जनताको लामो त्याग, बलिदान र सङ्घर्षबाट प्राप्त उपलब्धिलाई चुनौती दिँदै संविधानसभाको निर्वाचनपश्चात् पनि देशमा मानवअधिकारको स्थिति जटिल र भयावह रह्यो। सशस्त्र माओवादी र तिनका जनवर्गीय सङ्गठनबाट बारम्बार मानवअधिकारविरोधी घटनाहरू दोहोरिरहे। संविधानसभाको निर्वाचनका बेलादेखि नै प्रकट हुँदै आएको माओवादीको एकाधिकारवादी प्रवृत्ति, बल प्रयोग र हिंसात्मक व्यवहारले संविधानसभाको निर्वाचनपछि पनि देशमा दिगो

शान्ति स्थापना गर्ने र मानवअधिकारको स्थितिलाई मजबुत बनाउने कार्यमा गतिरोध उत्पन्न गरी नै रह्यो। संविधानसभाको निर्वाचन सम्पन्न भएपछि माओवादीलगायत अन्य दल र आपराधिक समूहबाट भएका मानवअधिकर उल्घङ्नका केही घटनाहरू यहाँ सङ्क्षेपमा राखिएको छ।

महामन्त्री केबी गुरुङको घरजग्गा माओवादीले कब्जा गरी राख्नु र फिर्ता नगर्नु, त्यसमाथि जिल्लामा उहाँमाथि आक्रमण हुनु पार्टीका लागि जति गम्भीर बनेको छ, यस्तो घटना केन्द्रीय कार्यसमितिका सदस्यहरूमाथि दार्चुला, गोरखा, तनहुँ, बैतडी, हुम्ला, दाङ, धनुषा र सोलुजस्ता जिल्लामा समेत दोहोरिनु अत्यन्त गम्भीर कुरा हो। निर्वाचनका समयमा २५ जिल्लामा संविधानसभा निर्वाचनका उम्मेदवारहरूमाथि आक्रमण भएको छ। यस्तै १३ जिल्लामा ४० जना भन्दा बढीको अपहरण भएको छ। यस प्रकार हत्या, लुट, अपहरण, साङ्घातिक आक्रमण, गोली प्रहार र हत्या, बम विस्फोटनजस्ता घटना नेपाली काङ्ग्रेसमाथि नै लक्षित गरी भएका छन्। अन्य राजनीतिक दलका उम्मेदवार र कार्यकर्ताहरूमाथि समेत घटेको घटनाका विषयलाई नेपाली काङ्ग्रेसले आफ्ना विज्ञप्तिहरूमार्फत सार्वजनिक गरिसकेको छ। यसका साथै नागरिक समाज, विभिन्न पेसा, विभिन्न आस्था र धर्म संस्कृतिमाथिको आक्रमणलाई समेत मानवअधिकारको हननका दृष्टिमा नेपाली काङ्ग्रेसले गम्भीर रूपमा लिएको छ। यस प्रकारका घटनाहरूमा थप महिलामाथि आक्रमण हुनु, बृद्धा महिलाको हत्या हुनु, दलित, दुर्गम हिमाली जिल्लाको जनजातिसमेत आक्रमण गर्नु मात्र नभई, राजधानीका अत्यन्त सुरक्षित मानिएका स्थानहरूमा समेत माओवादी र अज्ञात समूहद्वारा गोली चलाउने र घाइते बनाउने जस्ता घटना दोहोरिनुसमेत रहेका छन्। यद्यपि, छिटपुट आक्रमणका घटना पहाड र मधेसका विभिन्न मोर्चाहरूका नाममा समेत नभएका होइनन्। तर, माओवादी र तराई-मधेसका नाममा भएका घटनाले व्यापक जनजीवनसमेत प्रभावित हुने गरी हत्या, आक्रमण, गोली चलाउने, अपहरण, बम विस्फोट र लुट भइरहनुले मानवअधिकारको स्थितिमा आउनुपर्ने सुधारको लक्ष्यलाई धमिलो बनाएको छ।

८. माओवादी अराजक र आपराधिक गतिविधिबाट पार्टी कार्यकर्ता एवम् समर्थकहरू मात्र नभएर सञ्चार क्षेत्र, पत्रकार, शिक्षकलगायत विभिन्न पेसागत र व्यावसायिक क्षेत्रहरूसमेत बारम्बार आक्रमणको सिकार भए। पछिल्लो घटनाक्रमका रूपमा ०६५ असार ३ गते माओवादीका तर्फबाट वनमन्त्री रहेका मातृका यादवले ललितपुरका स्थानीय विकास अधिकारी डुण्डुराज घिमिरेलाई कुटपिट गरेर बाथरुममा थुन्ने जस्तो एक अत्यन्त अमर्यादित एवम् सम्पूर्ण नियम, कानुनविरुद्धको एक अति जघन्य र निरङ्कुश कार्य गरे। त्यसैगरी, ०६५ असार ६ गते ललितपुर निर्वाचन क्षेत्र नं. १ देवीचौर गाविस निवासी नेपाली काङ्ग्रेस ललितपुरका निर्वाचित जिल्ला सदस्य गिरीप्रसाद तिमिल्सिनालाई अनधिकृत तवरले वनमन्त्री यादवको नेतृत्वमा गाउँबाट जबरजस्ती वन कार्यालय हुँदै नख्खु कारागारमा नियमविपरीत थुनामा राखे। वनमन्त्री यादवकै नेतृत्वमा भदौ २९ गते गएको समूहले रामनगर मिर्चैयामा काङ्ग्रेसका महासमिति सदस्य रावविलास यादवलाई कुटपिट गरी गम्भीर घाइते बनाएको र स्थानीय जनताका घर-टहरासमेत कब्जामा लिने काम भयो। माओवादीको भ्रातृ सङ्गठन वाईसीएलले काठमाडौँको स्यूचाटार निवासी निर्मल पन्त र पुष्कर डङ्गोलको निर्मम तवरले हत्या गऱ्यो। माथि उल्लेख गरिएजस्तै राज्यको चौथो अङ्गका रूपमा रहेको सञ्चार क्षेत्र पनि यसरी नै यस वर्ष आक्रमणको सिकार भयो। ०६५ पुस ७ गते माओवादी पार्टीको भ्रातृ सङ्गठनका कार्यकर्ताले आफूविरुद्ध समाचार छापेको भन्दै *हिमाल* खबर पत्रिकाको कार्यालय तोडफोड गर्ने, पत्रकारमाथि आक्रमण गर्ने कार्य भयो। त्यसैगरी, माओवादी मजदुर सङ्गठन अखिल नेपाल सञ्चार छापाखाना र प्रकाशन मजदुर सङ्घ एकाइले कान्तिपुर पब्लिकेसन्सको क्षेत्रीय कार्यालय र आप्का हाउसमा क्षति पुऱ्याउने र पत्रिका प्रकाशनमा रोक लगाउने कार्य भयो। वीरगञ्जबाट प्रकाशित हुने *अङ्कुश* दैनिकलगायतका थुप्रै सञ्चार जगत् आतङ्कित हुनपुगे।

त्यसैगरी एमालेको भ्रातृ सङ्गठन युथफोर्सले पनि देशका विभिन्न भागमा उदण्ड क्रियाकलाप मच्याई नै रह्यो। ०६५ असार १७ गते श्रम तथा रोजगार प्रवर्द्धन विभागको कार्यालय परिसरभित्र विभागका

कर्मचारी र वैदेशिक रोजगार व्यवसायीहरूलाई कुटपिट गरे। यसरी नै राज्यपक्षबाट थुप्रै मानवअधिकारविरोधी घटनाहरू यस वर्ष भए। काङ्ग्रेस जिल्ला कार्यसमिति उदयपुरका पूर्वसभापति अर्जुन खड्काको छोरा ३८ वर्षीय प्रदीप खड्कालाई ललितपुरको बालकुमारीमा प्रहरी सङ्गठनभित्रकै अराजक, उदण्ड, गैरजिम्मेवार व्यक्तिहरूले निर्मम र पासविक तवरले हत्या गरे। संसद्मा आवाज उठ्यो, आयोग बन्यो। तर, रिपोर्ट कार्यान्वयन भएन। यसैगरी, व्यवसायी रामहरि श्रेष्ठको हत्याका सम्बन्धमा दण्डहीनताको पराकाष्ठा स्वरूप हत्याका अभियुक्तलाई गिरफ्तार गरिएन। यसरी राज्यबाट दण्डहीनताको संस्कृति प्रारम्भ हुनु मानवअधिकारका दृष्टिबाट अझ गम्भीर कुरा हो। यसैबीच, सरकारले आपराधिक घटनामा संलग्न रहेको र त्यस्ता घटना दोहोऱ्याउने व्यक्तिहरूको ठूला सङ्ख्यालाई मुद्दा फिर्ता लिएर सफाइ दिइनु अर्को गम्भीर र सुनियोजित विषय हो। यसले दण्डहीनतालाई प्रश्रय दिनुका साथै सत्तासीनलाई निरङ्कुश बनाउँदै लैजाने र सत्तामा नरहेकाहरूमाथि खुला आक्रमणलाई प्रोत्साहित गर्छ, काङ्ग्रेस यस पक्षमा अत्यन्त संवेदनशीलतका साथ गम्भीर भएर आएको छ। राष्ट्रिय मानवअधिकार आयोगले समेत आफ्नो प्रतिवेदनमा राजनीतिक आस्थालाई नै प्रमुख आधार मानी गम्भीर प्रकृतिका फौजदारी मुद्दा फिर्ता लिएको विषयमा आपत्ति प्रकट गरेकाले यसको गाम्भीर्यलाई थप स्पष्ट पार्दछ।

संविधानसभा निर्वाचनको प्रचारप्रसारका क्रममा माओवादी र उसको भ्रातृ सङ्गठनबाट मूलत: काङ्ग्रेसका केन्द्रीय पदाधिकारी, सदस्यहरू, जिल्ला सभापतिहरू, पार्टीका उम्मेदवारहरू, प्रस्तावक/समर्थकलगायत पार्टीका कार्यकर्ताहरूमाथि साङ्घातिक रूपमा देशभरमा नै योजनाबद्ध रूपमा आक्रमणका प्रशस्त घटनाहरू भए। काङ्ग्रेसका महामन्त्री कुलबहादुर गरुङ, केन्द्रीय सदस्यहरू चिरञ्जीवी वाग्ले, गोविन्दराज जोशी, खुमबहादुर खड्का, डा. रामशरण महत, बलबहादुर केसी, विनयध्वज चन्द, मानबहादुर विश्वकर्मा, सुजाता कोइराला, दीपकुमार उपाध्याय, जीवनबहादुर शाही र आनन्दप्रसाद ढुङ्गाना तथा पार्टीका जिल्ला सभापतिहरू, उम्मेदवारहरू, अतरिम व्यवस्थापिका सदस्यहरू र पूर्वसांसदहरू : नरेन्द्रबहादुर बम, कृष्णकुमार जोशी, नरेन्द्रसिंह विष्ट, शिवराज जोशी, दिलमान पाखिन, बालकृष्ण दाहाल, बालाराज कार्की, माधवप्रसाद आचार्य शिवकुमार बस्नेत, रामबहादुर विष्ट, चिनकाजी श्रेष्ठ, बालचन्द्र पौडेल, निर्मलादेवी उप्रेती, हरिभक्त अधिकारी, गोकर्ण राई, भूपेन्द्रबहादुर थापा, ओमकला गौतम, मुक्तिप्रसाद शर्मा, रमा अर्याल, आङटावा शेर्पा, नरमान कामी, पुष्पा भुसाल, मणिभद्र शर्मा कँडेल, नरबहादुर पुन र पार्वती राना मगरहरूमाथि साङ्घातिक आक्रमण गरी उहाँहरूलाई गम्भीर घाइते बनाइयो। यसैगरी, निर्वाचनकै क्रममा दर्जनौँ जिल्लाहरूमा नेपाली काङ्ग्रेसका सयौँ कार्यकर्ताहरूलाई अपहरण र शारीरिक तथा मानसिक यातना दिई मानवअधिकार उल्लङ्घनका चरम घटनाहरू भए। बम विस्फोटन, निजी सम्पत्तिको लुटपाट तथा निजी र सार्वजनिक सम्पत्तिहरूको लुटपाट, तोडफोड तथा क्षति पुऱ्याउने दर्जनौँ घटनाहरू भए।

सन् २००८ मानवअधिकारको व्यापक उल्लङ्घनको वर्ष रह्यो। यस वर्ष काङ्ग्रेसका केन्द्रीय पदाधिकारी एवम् सदस्यहरू, तत्कालीन अन्तरिम व्यवस्थापिका संसद्का सदस्यहरू, पार्टीका जिल्ला सभापतिहरू, भ्रातृ एवम् शुभेच्छुक संस्थाका पदाधिकारीहरू र पार्टीका धेरै कार्यकर्ता एवम् समर्थकलगायत अन्य राजनीतिक दलका नेता एवम् कार्यकर्ता र सर्वसाधारणमाथि आक्रमणका घटनाहरू व्यापक रूपमा रह्यो। काङ्ग्रेस छ दशक पुरानो राजनीतिक दल र आमजनतासमक्ष आफ्नो बलियो उपस्थिति भएको र लोकतन्त्र र नेपाली काङ्ग्रेस एकअर्काको पर्यायवाची भएका कारण नेपाली काङ्ग्रेसलाई कमजोर पार्ने हेतुले विभिन्न पक्षबाट सन् २००८ मा बारम्बार प्रहार भई नै रह्यो। मानव अधिकारका ज्यादतीका घटनामा पार्टीका नेता-कार्यकर्ता तथा समर्थकहरू नै बढीभन्दा बढी पीडित बन्नु परेको यथार्थता सबैका सामु छर्लङ्ग नै छ। माओवादी शान्ति प्रक्रियामा प्रवेश गरिसकेपछि र सरकारको नेतृत्व सम्हालेपछि पनि मानवअधिकार उल्लङ्घनकर्ताका रूपमा अग्रपंक्तिमा नै रह्यो। त्यसैगरी तराईमा विभिन्न नामबाट स्थापित भएका केही सशस्त्र र नि:शस्त्र समूहहरू पनि मानवअधिकार ज्यादतीका घटनाहरूमा जिम्मेवार रहे।

नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालयमा निर्वाचनका बेला र निर्वाचनअघिका घटनाका आक्रमणमा परेका, सम्पत्ति कब्जामा परेका र धम्कीका कारण विस्थापित हुनुपरेका पार्टीका कार्यकर्ता र समर्थक एवम् मतदाताहरू पछिसम्म पनि आफ्नो दु:खेसो, पिर जानकारी गराउन आइरहेका छन्। जसबारे स्थानीय तहमा बुझ्दासमेत सत्य ठहरिएको छ। यसबाट स्पष्ट हुन्छ- धम्की, डर र आतङ्कको कालो छायाँले

अझै सर्वसाधारण मात्र होइन, कार्यकर्ता पङ्क्ति समेत पीडित छ। त्यसैले द्वन्द्व र निर्वाचन समयका पीडितहरूबारे एक निष्पक्ष अनुसन्धानले मात्र यथार्थ सङ्ख्या निश्चित गर्न सकिन्छ भन्ने नेपाली काङ्ग्रेसको मान्यता छ।

**रामचन्द्र पोखरेल**
मुख्य सचिव
केन्द्रीय कार्यालय

## नेकपा (एमाले)

मानवअधिकारका दृष्टिकोणले सन् २००८ विगतका वर्षहरूभन्दा केही थोरै सुधेको जस्तो देखिन्छ। लामो प्रतीक्षापछि संविधानसभाको चुनाव पनि यसै वर्ष सम्पन्न भयो। पटकपटक निर्वाचन सरेको कारणले जनतामा उत्पन्न भएको निराशालाई ०६४ चैत २८ गतेको निर्वाचनले समाप्त पारिदियो। यद्यपि, यो निर्वाचनका क्रममा देशका विभिन्न भागमा हत्या, हिंसा, अपहरण र गुण्डागर्दीसमेत भए, कैयौं निर्वाचन क्षेत्रहरूमा हाम्रो पार्टीका उम्मेदवारहरूलाई प्रचार-प्रसारमा जानसम्म पनि दिइएन। सुर्खेतमा हाम्रा होनहार युवा उम्मेदवार ऋषि शर्माको कायरतापूर्वक हत्या भयो र त्यहाँको निर्वाचन नै स्थगित हुन पुग्यो। अनेकौं निर्वाचन क्षेत्रहरूमा माओवादी कार्यकर्ता र वाईसीएलले ताण्डव नृत्य देखाए र थुप्रै ठाउँमा बुथ क्याप्चर गर्ने काम गरे। उनीहरूले कतिपय स्थानमा हाम्रा उम्मेदवार र कार्यकर्तालाई प्रचार प्रसारमा जान पनि दिएनन्। कैयन् नेता- कार्यकर्तामाथि साङ्घातिक आक्रमण भयो। तराईमा विभिन्न खाले सशस्त्र जत्थाहरूले त्यसरी नै बुथ क्याप्चर गरे। तर, तिनीहरूको कुनै छानबिन भएन। कतै माओवादीको वाईसीएलको ज्यादती त कतै तराईका सशस्त्र जत्थाहरूको ज्यादतीले स्वतन्त्र निर्वाचन हुन दिएन। निर्वाचनका क्रममा भएका झडप र हिंसाले जनतामा मनोवैज्ञानिक त्रास र भय सिर्जना गरेर आतङ्कित तुल्याउने कार्य व्यापक रूपमा माओवादीले गऱ्यो। यस्तो हुँदाहुँदै पनि संविधानसभाको निर्वाचनलाई स्वीकार गर्दै यसपछिको सत्ता हस्तान्तरणलाई सहज र स्वाभाविक रूपमा अघि बढाउन एमालेले निर्णायक भूमिका खेल्यो।

एमाले शान्तिप्रक्रियालाई निर्णायक विन्दुमा लान राजनीतिक दलका बीचको सहमति र साझा कार्यक्रमलाई निरन्तरता दिने हेतुले सरकारमा सामेल भयो। सरकारमा रहेर नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्याभूत गरेका खाद्य सम्प्रभुताको हक, छुवाछूत तथा जातीय भेदभावका विरुद्धको हक, वातावरण तथा स्वास्थ्यसम्बन्धी हक, महिलाको हक, सामाजिक न्यायको हक, बालबालिकाको हक र श्रमसम्बन्धी हकजस्ता आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई जनतासम्म पुऱ्याउन कटिबद्ध रहेको छ। एमालेले प्रयत्न गर्दागर्दै पनि सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानवअधिकार उल्लङ्घन तथा मानवताविरुद्धका अपराधहरूको अनुसन्धान गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग गठन हुन सकेको छैन। त्यस्तै, बेपत्ता नागरिकहरूको स्थिति पत्ता लगाउन उच्चस्तरीय आयोग गठन गर्ने तथा पीडितहरूलाई पुनःस्थापना, राहत र क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा एमाले सरकारमा रहेर लागिपरिरहेको छ। एमालेकै गम्भीर प्रयासको परिणामस्वरूप सेना समायोजन तथा पुनःस्थापनासम्बन्धी विशेष समिति र अन्य केही समितिहरू बनेका छन्।

### राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा

संविधानसभाको निर्वाचनपछि १५ जेठ, ०६५ का दिन संविधानसभाको ऐतिहासिक पहिलो बैठक सम्पन्न भयो र त्यसले राजतन्त्रको उन्मूलन गर्दै मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो। यो नेपालको लोकतान्त्रिक क्रान्तिको इतिहासमा एउटा ऐतिहासिक महत्त्वको क्रान्तिकारी घटना हो। यसले नेपाली समाजमा रहेको प्रतिक्रियावादको मुख्य गढ राजतन्त्रलाई सदाका निम्ति अन्त्य गरिदियो। सिङ्गो मुलुक राजतन्त्रात्मक युगलाई पार गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगतिर प्रवेश गऱ्यो। यो नेपाली जनताको ठूलो जित थियो र नेपालको लोकतान्त्रिक क्रान्तिको प्रक्रियामा एउटा ऐतिहासिक उपलब्धि पनि थियो। मानवअधिकारको प्रत्याभूतिका हिसाबले पनि लोकतान्त्रिक प्रणाली मानव अधिकारका लागि एउटा महत्त्वपूर्ण आधार हो भन्ने एमालेको ठम्याइ रहेको छ। अब देशमा जनताको छोरा राष्ट्रप्रमुख हुने क्रमको सुरूवात भएको छ।

### संयुक्त सरकारको गठन

हामीले शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने सम्बन्धमा सातबुँदे सहमति निर्माण गऱ्यौं। अन्तरिम संविधानमा पाँचौं संशोधन गरियो र

संविधानसभाभित्रका संरचनाहरू निर्माण गर्ने प्रक्रियालाई सरलीकृत गरियो। एमाले, माओवादी, मधेसी जनअधिकार फोरमलगायतका छ दल मिलेर संयुक्त सरकार गठन गरियो। साझा कार्यक्रममा उल्लिखित नीति, कार्यक्रम र आचारसंहिताका आधारमा संयुक्त सरकार बनेको छ र त्यसले मुलुकलाई वर्तमान सङ्क्रमणकालबाट अघि बढाउने गम्भीर प्रयत्न गर्नुपर्दछ।

**दिगो शान्ति प्रक्रिया :**

माओवादीको १० वर्षे युद्धका क्रममा विस्थापित भएकाहरू पुन:स्थापना हुने क्रम अझै राम्ररी अघि बढ्न सकेको छैन। विस्थापितहरू अझै आफ्नो गाउँघर फर्कन सकेका छैनन्। त्यस्ता विस्थापितहरू राजधानीलगायत अन्य जिल्ला सदरमुकाममा कष्टकर जीवन बिताउन र घर फर्कनका लागि सहज वातावरण, क्षतिपूर्तिलगायतका माग राखी आन्दोलनरत छन्। यसैगरी, तराईका विभिन्न जिल्लामा भइरहेका हिंसात्मक गतिविधिले सिर्जना गरेको आतङ्कका कारण विस्थापनको समस्या बढेको छ। यस विषयमा व्यवस्थापिका-संसद्बाट विस्थापितसम्बन्धी एक राष्ट्रिय नीति तयार गरिनुपर्ने हाम्रो धारणा रहेको छ। बृहत् शान्ति सम्झौता तथा नेपालको अन्तरिम संविधानबमोजिम विगतको सशस्त्र द्वन्द्वमा भएका गम्भीर मानवअधिकार उल्लङ्घन तथा मानवताविरुद्धका अपराधहरूको छानबिन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन, उच्चस्तरीय बेपत्तासम्बन्धी आयोगहरू गठन गर्न सरकारले तदारूकता देखाउनु पर्छ। बेपत्तासम्बन्धी सर्वोच्च अदालतको आदेश कार्यान्वयन भएको छैन। यी आयोगहरू अविलम्ब गठन गर्ने तथा दोषीलाई कारबाही गर्ने सम्बन्धमा हाम्रो पार्टीले गरेको निरन्तर पहलप्रति प्रधानमन्त्रीले ध्यान दिनु जरूरी छ।

**संविधान निर्माणको प्रक्रिया**

यतिबेला नेपाली लोकतान्त्रिक क्रान्तिको प्रक्रियालाई अघि बढाउने सिलसिलामा र विशेष गरेर वर्तमान ऐतिहासिक सङ्क्रमणकाललाई सफलतापूर्वक पार गर्दै अघि बढ्ने क्रममा एमालेले नयाँ र लोकतान्त्रिक संविधान निर्माण गर्ने कामलाई सबैभन्दा महत्त्वपूर्ण कामका रूपमा लिएको छ। यो संविधान आमजनताको इच्छा र आकाङ्क्षा अनुकूल बन्न सक्यो, राष्ट्रिय आवश्यकता अनुकूल बन्न सक्यो र त्यसले जनता तथा राष्ट्रलाई ठोस मार्गदर्शन गर्न सक्यो भने मात्र हामीहरू सफल हुन सक्छौँ। त्यसैले यतिबेला संविधान निर्माण गर्ने र त्यसमार्फत सामन्तवादका सबै रूपहरूलाई समाप्त पार्ने काममा हामीले केन्द्रित भएर अघि बढ्न सक्नुपर्छ। संविधानसभाको निर्वाचनपछि त्यस सभालाई सदुपयोग गर्दै संविधान निर्माण गर्ने कामलाई सक्रियतापूर्वक र गतिशील ढङ्गले अघि बढाउनु अहिलेको एउटा प्रमुख काम हो।

**स्थिति अझै सुध्रेको छैन**

तराईमा भएका सशस्त्र समूहहरूको हिंसात्मक गतिविधि, हत्या, जबरजस्ती चन्दा र अपहरणजस्ता घटनाहरू रोक्न एमालेले बारम्बार जोड दिइरहेको छ। शान्तिपूर्ण रूपमा वार्ताको माध्यमबाट समस्या समाधानमा जान हामीले तराईमा क्रियाशील राजनीतिक शक्तिलाई आह्वान गरेका छौँ। तराईमा राजनीतिक समूहहरूसँग वार्ता गर्नुपर्छ र हिंसा-हत्यामा लाग्ने आपराधिक समूहहरूलाई कडा कानुनी कारबाही गर्नु पर्दछ। एमाले कुनै पनि पक्षबाट भएका मानवअधिकारविरोधी घटनाहरू, गैरकानुनी गतिविधिहरू, अत्यधिक शक्तिको प्रयोग, गैरकानुनी गिरफ्तारी, हत्या, यातना तथा अपमानजनक व्यवहारको विरोध गर्दछ र त्यस्ता गतिविधि रोक्न सम्बन्धित पक्षसँग माग गर्दछ।

माओवादी शान्तिप्रक्रियामा सामेल भइसकेपछि मुलुकमा शान्ति, अमनचैन, सुव्यवस्था र मानवअधिकारको स्थिति गुणात्मक रूपले नै सुध्रनेछ भन्ने जुन आशा जनतामा थियो, त्यो आशामा माओवादी र उसको भ्रातृ-सङ्गठन वाईसीएलको उदण्डता, गुण्डागर्दी एवम् अराजकताले तुषारापात गरेको छ। देशव्यापी रूपमा माओवादी र वाईसीएलका कार्यकर्ताले मच्चाएको हिंसा र आतङ्कले शान्ति-सुरक्षा खलबलिएको छ। मानिसहरूलाई अपहरण गर्ने, खुट्टा काट्दै हिँड्ने, क्यान्टोनमेण्टमा लगेर यातना दिएर मार्ने र लास बेपत्ता पारेर जङ्गलमा गाड्ने माओवादी व्यवहारले व्यापक रूपमा मानवअधिकारको उल्लङ्घन गरेको छ। यस्तो उल्लङ्घनप्रति माओवादी नेतृत्वले मौन समर्थन जनाएको देखिन्छ भने सरकार यस्ता गतिविधि नियन्त्रण गर्न पूर्ण असफल भएको छ।

तराईमा विभिन्न समूहका नाममा बढ्दै गएको हिंसा, हत्या र मानवअधिकारको उल्लङ्घन र माओवादी तथा वाईसीएलको हिंसात्मक गतिविधिले मूल रूपमा यतिबेला मानवअधिकार र जनताको बाँच्ने

अधिकार खतरामा परेको छ। राष्ट्रिय मानवअधिकार आयोग, विभिन्न मानवअधिकारवादी सङ्घ-संस्था र नागरिक समाजले पनि यस्ता घटनाहरूका विरुद्ध देखाउनुपर्ने जति चासो र सक्रियता देखाएको अनुभव जनताले गर्न सकेका छैनन्।

हाम्रो पार्टी देशमा मानवअधिकार पूर्ण रूपले स्थापित भएको हेर्न चाहन्छ र यस विषयमा सम्बन्धित सबैसँग सहकार्य गर्ने पक्षमा रहेको छ। त्यति मात्र होइन, नयाँ संविधान निर्माणका प्रमुख आधारहरूमा पनि एमालेले मानवअधिकारका आधारभूत कुराहरूलाई समावेश गर्न जोड दिनेछ।

अन्त्यमा, सन् २००८ को नेपालको मानवअधिकारको स्थितिको समग्र मूल्याङ्कन गरी अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले *वर्षपुस्तक २००९* प्रकाशन गर्न लागेकामा एमाले धन्यवाद दिन चाहन्छ तथा मानवअधिकारको क्षेत्रमा सदैव क्रियाशील रहन सफल रहोस् भनी शुभकामना व्यक्त गर्दछ।

**झलनाथ खनाल**
महासचिव
एमाले

## तराई-मधेस लोकतान्त्रिक पार्टी

सन् २००८ को मानवअधिकारको स्थितिमा विगत वर्षको तुलनामा सुधार भएको अवस्था नरहेको तमलोपाको ठहर छ। हत्या, हिंसा, अपहरण, चन्दा आतङ्क, झूटो र फर्जी मुद्दा, मुठभेडका नाममा राज्यद्वारा गरिएका हत्याका घटनाहरूमा बढोत्तरी भए।

सञ्चारमाध्यम र सञ्चारकर्मीहरूमाथि आक्रमण र हिंसा जारी रह्यो। सरकारको नेतृत्व गर्ने दलका भ्रातृ सङ्गठनबाट सञ्चार जगत्माथि नियोजित आक्रमण भइरह्यो। कब्जा गरिएका व्यक्तिगत सम्पत्ति फिर्ता गरिएन र जबरजस्ती कब्जा गर्ने क्रम जारी रह्यो।

तराई-मधेसका जिल्लाहरूमा शान्ति व्यवस्था झन्-झन् खराब हुँदै गएको छ। यी जिल्लाहरूमा शान्तिसुरक्षाको बिग्रँदो स्थिति हेर्दा राज्यबाट जानाजान स्थिति झन् आतङ्कपूर्ण बनोस् र मधेस अधिकारवादीहरूको आन्दोलनलाई बदनाम गर्न सकियोस् भन्ने रणनीति अख्तियार गरेको देखिन्छ। यस रणनीतिमा तराई-मधेस क्षेत्रमा स्थानीय निकाय, सरकारी र गैरसरकारी संस्थाहरूबाट हुने विकास कार्य अवरूद्ध गर्ने मनसायसमेत रहेको देखिन्छ।

आपराधिक समूहहरूलाई संरक्षित गर्दै प्रायोजित सशस्त्र समूहहरूको निर्माण गरी जनतालाई यी जिल्लाहरूमा आतङ्कित गर्ने कार्यहरू भए भन्ने जनगुनासो सामान्यत: छ भने अर्कोतिर सरकारले कर्मचारी र आमजनताको सुरक्षा दिन असमर्थ रहेको स्पष्ट देखिन्छ।

तराई-मधेसका जिल्लाहरूमा मानवअधिकारवादीहरू निष्पक्ष र गम्भीर रूपमा संवेदनशील भएर कार्य नगरेको समेत यी जिल्लाका बुद्धिजीवी र आमनागरिकको गुनासो छ।

**प्रवीण चौधरी 'प्रतिक'**
सचिव
केन्द्रीय कार्यालय

## नेपाल मजदुर किसान पार्टी

देशमा प्रतिगमनको अन्त्य र राजनीतिक परिवर्तनसँगै मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी आउने आशा नेपाली जनताले गरेका थिए। तर, सन् २००८ मा पनि विगतका वर्षहरूमा झैं मानवअधिकार उल्लङ्घनका घटनाहरूमा उल्लेख्य वृद्धि भयो।

अस्पतालका डाक्टरमाथि बाहिरी व्यक्तिहरूद्वारा हातपात, अस्पताल लामो समयसम्म बन्द, १६ घण्टे लोडसेडिङ्, खानेपानीको अभाव, हत्या, हिंसा, अपहरणलगायतका घटनाहरू दिनहुँ बढ्नुले मानवअधिकारको स्थितिलाई स्पष्ट पार्दछ।

कोटेश्वर निवासी रामहरि श्रेष्ठको हत्यामा सरकारको नेतृत्व गर्ने माओवादीको हात रहेको पुष्टि भयो। प्रधानमन्त्री प्रचण्डले हत्यारालाई कारबाही गर्ने सार्वजनिक अभिव्यक्ति पनि दिए तर हत्यामा संलग्न भनी आरोपित व्यक्ति बसेको चितवनको शक्तिखोरसम्म गृहप्रशासन पुग्न असमर्थ भयो। हत्याका प्रमुख अभियुक्तसँग रक्षामन्त्रीसमेतले भेट गरेको समाचार मात्रै होइन, अझ माओवादी पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित भएको समाचार पनि सार्वजनिक भयो।

कलङ्की स्यूचाटारका पुष्कर डङ्गोल र निर्मल पन्तको हत्यामा सरकारको नेतृत्व गर्ने दलको भ्रातृ सङ्गठनको संलग्नता रहेको पुष्टि भए पनि गृहप्रशासन हत्यारालाई गिरफ्तार गर्न सफल भएन।

कैलालीका पत्रकार जगतप्रसाद जोशीको हत्यामा संलग्न व्यक्तिलाई कारबाहीको माग गर्दै माओवादीहरूले विभिन्न कार्यक्रमहरू गरे। अन्ततः माओवादीकै संलग्नता भएको प्रमाणित भएपछि त्यसलाई लुकाउने प्रयास भए।

तराईमा अपहरण, हत्या नभएको दिनै छैन। अस्पतालमा चिकित्सक कुट्नेहरूदेखि हत्यामा संलग्न अपराधीहरूलाई समेत कानुनको घेराभित्र सरकारले ल्याउन सकेन। दण्डहीनता बढ्दै छ। जस्तोसुकै अपराध गरे पनि सरकारमा रहेका दलहरूको संरक्षणबाट बच्न सकिने मानसिकता अपराधीहरूमा बढेको छ। सरकार स्वयम् मानवअधिकार उल्लङ्घन गर्न उत्साहित गर्दैछ।

सारा जनताका लागि गाँस, बास र कपासको व्यवस्था नै मानवअधिकार हो। तर पुँजीवादीहरू सारा जनताको समस्यालाई ध्यान नदिएर केवल व्यक्तिगत स्वतन्त्रता, आर्थिक स्वतन्त्रता, नाफा पाउने छुटजस्ता कुराहरूमा बढी ध्यान दिन्छन् र बहुमत जनताको मानव अधिकारलाई कुल्चन्छन्। यसर्थ, पुँजीवादी व्यवस्थामा बहुमत जनता मानवअधिकार उपभोग गर्नबाट वञ्चित हुन्छन्।

शिक्षा र स्वास्थ्य उपचारजस्ता विषयहरू सबैले समान रूपले उपभोग गर्न पाउनु नै मानवअधिकार हो। पुँजीवादमा अधिकांश मानिसहरू उपचार हुनसक्ने रोगबाट मर्न बाध्य हुन्छन्, पढ्न पाउने अवसरबाट वञ्चित हुन्छन् र रोजगारको सुनिश्चितता हुँदैन। मानवअधिकार देखाउने दाँत मात्रै हुन्छ।

वर्गीय समाजमा मानवअधिकारको परिभाषा पनि वर्गीय नै हुन्छ। १९१७ को बोल्सेभिक क्रान्तिपछि सामाजिक, सांस्कृतिक साथै आर्थिक समानतालाई पनि जोड दिइयो। समाजवादको स्थापनापछि संसारमा पहिलोपटक कामदार वर्गका जनताले वास्तविक रूपमा मानवअधिकार उपभोग गर्न पाए।

क्यूबा र प्रजग कोरियालगायतका समाजवादी देशहरूमा सारा जनताले समान अवसर पाएका छन्। त्यहाँ आर्थिक स्वतन्त्रताको नाउँमा पुँजीपतिवर्गले कामदार जनताको शोषण गर्न पाउँदैन। यथार्थमा आर्थिक समानता हुने राजनीतिक व्यवस्थामा मात्रै अत्यन्त बहुमत जनताले मानवअधिकारको उपभोग गर्न पाउँछन्। यसर्थ कम्युनिस्टहरू जहिले पनि पुँजीवादमा हुने पद र पैसाको फोहरी खेलबाट अलग रहेर समाजमा आमूल परिवर्तनका लागि समाजवादी व्यवस्था स्थापनाका निम्ति अगाडि बढ्छन्।

भक्तपुर-काठमाडौँको १३ किमि बाटो पार गर्न २ घण्टा लाग्छ। यातायात र सडक मन्त्रीको ध्यान जाँदैन। समयमा कार्यालय पुग्न नसकेको कारण कति कर्मचारीहरूले जागिरबाट हात धुनु परेको, समयमा औषधि उपचार गर्न नपाएर कति बिरामीहरूको बीच बाटोमै मृत्यु भएको र एम्बुलेन्समै सुत्केरी भएका घटनाहरू पनि घटे। जनताका जीवनसँग प्रत्यक्ष सरोकार राख्ने यस्ता अनगिन्ती घटनाहरू नै वास्तवमा मानवअधिकार उल्लङ्घनका दृष्टान्तहरू हुन्।

यही वर्ष संविधानसभाको निर्वाचन सम्पन्न भयो। नेपाली जनता आफ्नो संविधान आफैँ बनाउन पाउनेमा खुसी थिए। तर, निर्वाचनमा आफूले चाहेका उम्मेदवारलाई स्वतन्त्र रूपले मत हाल्न भने नेपाली जनताले पाएनन्। विगतमा भन्दा बढी धाँधली भयो। माओवादीले आफूसँग असहमत हुनेहरूलाई गाउँ प्रवेश गर्न निषेध गऱ्यो। कुटपिटका घटना त सामान्य थियो। डर, धम्की र त्रासपूर्ण वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न भयो।

सरकारमा बसेका दलहरूले नै हाकाहाकी आचारसंहिता उल्लङ्घन गरे। त्यसमा पनि माओवादी सबैभन्दा अगाडि थियो। माओवादीले आचारसंहिताविपरीत निर्वाचन प्रचारका क्रममा भोज खुवाउनेदेखि आफ्नो निर्वाचन चिन्ह अङ्कित टोपी, टिसर्ट बाँड्ने, उम्मेदवारको तस्बिर र निर्वाचन चिन्ह अङ्कित भित्तेपात्रो बाँड्ने, निर्वाचन चिन्हसहित प्रचण्डको तस्बिरसहितको ठूल्ठूला होर्डिङ्बोर्ड राख्ने काम गऱ्यो। काङ्ग्रेस र एमालेले पनि जनतालाई झूटो आश्वासन दिँदै मत मागे।

भक्तपुरमा माओवादीले खुकुरी, डण्डी, छुरा आदि हतियार बोकेर निर्वाचन प्रचारका नाउँमा आतङ्क मच्चायो। माओवादीहरूले नेमकिपा समर्थकहरू दामोदर सुवाल, बद्रीप्रसाद माक, कृष्णनारायण दुमरूलगायतलाई साङ्घातिक आक्रमण गरे र घाइते बनाए। अपराधीहरूलाई स्थानीय जनताले हतियारसहित पक्राउ गरेर प्रशासनमा बुझाए तर सरकारले बिनाकारबाही तत्काल छोड्यो।

माओवादीले मतदान प्रतिनिधि बसेको भन्दै कालीकोटको चिल्खाया गाविस-६ का नेमकिपाका मतदान प्रतिनिधि पदम थापालाई अराजनीतिक र अभद्र व्यवहार गरी बल प्रदर्शन गऱ्यो।

रामेछाप, गोरखा, सिन्धुपाल्चोकलगायतका जिल्लाहरूमा माओवादीले निर्वाचन प्रचार गर्न नदिने धम्की दियो र रामेछापको नेमकिपा कार्यालय जलाई दियो। बाजुरामा हर्क धरालालाई नेमकिपा छाडेको घोषणा नगरे ज्यान लिने धम्की दियो।

बारामा मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले नेमकिपा कार्यालयको फर्निचर र निर्वाचन सामग्रीहरू जलाइदिए। नेमकिपाका उम्मेदवारहरूलाई तराईका विभिन्न जिल्लामा उम्मेदवारी फिर्ता गराउन डर-धम्की दिइयो।

सप्तरी क्षेत्र नं. ३ का उम्मेदवार अशोककुमार

यादवको घरमा मधेसी जनजागरण मुक्ति मोर्चाले राती गोली प्रहार गऱ्यो र उम्मेदवारी फिर्ता तथा १ लाख ११ हजार रुपियाँ नदिए ज्यान लिने धम्की दियो।

सिराहा क्षेत्र नं. १ का उम्मेदवार विजय महतोलाई ०६४ चैत १८-२२ गतेसम्म अज्ञात समूहले अपहरण गऱ्यो।

तराईमा 'एक मधेस एक प्रदेश'को नारालाई लिएर बन्द, हडतालहरू भए। जातीय र क्षेत्रीय नाराबाट उठेको त्यो आन्दोलनले तराई अस्तव्यस्त भयो। अन्ततः साउथ ब्लकको चाहना अनुरूप 'मधेस स्वायत्त प्रदेश', 'सेनामा मधेसीहरूको समूहगत प्रवेश'जस्ता विषयहरूमा ०६४ फागुन १६ गते राज्य पक्षले सम्झौता गऱ्यो। काङ्ग्रेसका सभापति एवम् प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले तत्कालीन एमाले महासचिव माधव नेपाल र माओवादीका अध्यक्ष प्रचण्डलाई साक्षी राखेर हस्ताक्षर गरे। नेमकिपा, जनमोर्चा नेपाल र नेकपा मालेले त्यस सम्झौताको तत्काल विरोध गरे। वास्तवमा त्यो सम्झौतालाई मुलुक विखण्डनकै बीजारोपणको रूपमा धेरैले लिएका छन्।

संविधानसभाको निर्वाचनपछि माओवादी सबैभन्दा ठूलो दलका रूपमा देखा पऱ्यो र माओवादीकै नेतृत्वमा सरकारको गठन पनि भयो तर मानवअधिकारका दृष्टिले विगतमा काङ्ग्रेसले नेतृत्व गरेको सरकार र माओवादीको नेतृत्वको सरकारबीच जनताले कुनै भेद पाउन सकेका छैनन्। सरकारमा बसेकाहरूलाई त विगतमा पनि मानवअधिकार थियो आज पनि छ। पुँजीवादी व्यवस्था रहुञ्जेल यसले निरन्तरता पाउने नै छ। सवाल अत्यन्त बहुमत जनताको हो। ती गाउँमा बस्ने किसानहरू, कारखानामा काम गर्ने मजदुरहरूले न हिजो मानवअधिकारको उपभोग गर्न पाए न आज। भोक, रोग, गरिबी, अशिक्षा र अभाव यथावत् छ। सरकार परिवर्तन भयो, कुर्सीमा बस्ने मानिसहरू परिवर्तन भए तर नीतिगत रूपमा मौलिक परिवर्तन भएन।

पुँजीवादी परिभाषा अनुसार मृत्युदण्डलाई चरम मानवअधिकार उल्लङ्घन मानिन्छ। ०४७ सालपछि नेपालमा पनि मृत्युदण्ड हुने गरी कानुन बनाउन नपाइने व्यवस्था गरियो तर व्यवहारमा कानुनको घेरामा पुरुनुअगाडि नै मानिसहरूको हत्या गरिएका थुप्रै उदाहरणहरू छन्। खाद्यान्न नपाएर मर्नेहरू, समयमा औषधि उपचार गर्न नपाएर मरेकाहरूको दोषी राज्य पक्ष हो। के त्यो राज्यद्वारा गरिएको मृत्युदण्डसरहकै अपराध होइन ? यसबारे पनि मानवअधिकारकर्मीहरूको ध्यान जानु आवश्यक छ।

'नयाँ नेपाल'को नारामा माओवादी सरकारको नेतृत्वमा पुग्यो। नेतृत्व गरेको छोटो समयभित्रै सरकारले नेपाली जनतालाई अँध्यारो नेपाल, दण्डहीनताको नेपाल, विदेशीको इसारामा चल्ने नेपाल बनाइदियो।

सन् २००८ को अन्त्यमा इतिहासमै सबभन्दा बढी दैनिक १६ घण्टे लोडसेडिङ् भोग्न नेपाली जनता बाध्य भए। यसर्थ, सन् २००८ को वर्ष अँध्यारो वर्षका रूपमा वित्यो।

**सुनील प्रजापति**
सचिव

# राष्ट्रिय प्रजातन्त्र पार्टी

सन् २००८ को मानवअधिकारको अवस्थाबारे चिन्तन गर्दा सर्वप्रथम हामीले नेपाल सरकार र माओवादीबीच ०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौतालाई हेर्नुपर्दछ। जसअनुसार नेपालमा सशस्त्र द्वन्द्वका बेलामा बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने, द्वन्द्वका बेला बेपत्ता पारिएका व्यक्तिहरूका परिवारहरूलाई राहत उपलब्ध गराउने, उक्त क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूका बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रतिबद्धता व्यक्त गरेको भए पनि व्यवहारमा कार्यान्वयन हुन सकेन।

यसका अतिरिक्त संविधानसभाको निर्वाचनका लागि राजनीतिक दलहरूले तयार गरेको घोषणापत्रमा बेपत्ता पारिएका नागरिकहरूको अवस्था खोजी गर्न, पीडितका परिवारहरूलाई क्षतिपूर्ति दिने, पीडितहरूका छोराछोरीहरूलाई विश्वविद्यालयसम्म निःशुल्क पठनपाठनको व्यवस्था गर्नेजस्ता विषय गरिएको भए पनि मानवअधिकारको उल्लङ्घन रोकथामका लागि विशेष पहलकदमी गरिएको देखिएन।

एक वर्षभित्रको मानवअधिकारको स्थिति कस्तो रह्यो भन्ने प्रश्नको उत्तरमा पार्टीको धारणा निराशाजनक रह्यो भन्ने नै हुन्छ। किनभने, यस एक वर्षभित्र पनि लुटिएको सम्पत्ति फिर्ता भएको छैन। हत्याको राजनीति विद्यमान छ। अपहरण, चन्दा असुली, अशान्त स्थिति, शान्ति सुरक्षाको पूर्ण अभाव एवम् बेरोजगारी आदिको कारणले गर्दा मुलुकमा गम्भीर मानवअधिकारको उल्लङ्घन भएकै छ। मानवअधिकारको उल्लङ्घन अझसम्म समाप्त भएको

छैन भन्ने धारणा पार्टीको मात्र होइन, राष्ट्रिय मानवअधिकार आयोगले बारम्बार गरेका सिफारिसहरू समेत वर्तमान सरकारले कार्यान्वयन गरेको छैन। सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वको समयमा बलपूर्वक बेपत्ता पारिएका सयौँको स्थितिबारे अनुसन्धान गर्न छानबिन गर्न आयोग गठन गर्न र बेपत्ता पारिएका व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुरूप हुने गरी बेपत्ता पारिने कार्यविरुद्ध कानुन बनाउन सरकारलाई दिएको निर्देशनात्मक आदेशसमेत बेवास्ता गरिएको छ।

यस्तो विकराल परिस्थितिमा कसरी मानवअधिकारको संरक्षण हुनसक्छ ? यही प्रश्न नै आज देशवासीसामु खडा भएको छ। द्वन्द्वका दौरानमा १३ हजारभन्दा बढी नेपाली नागरिकको प्राण गएको छ। दसौँ हजार मानिस अङ्गभङ्ग भएका छन्। कैयौँ नागरिकहरू आफ्नो गाउँबाट विस्थापित भई आन्तरिक शरणार्थी भएका छन्।

उद्योग, कलकारखाना कहिले चन्दाको नाममा, कहिले आफ्नो पार्टीको सङ्गठन विस्तारका नाममा हडताल तथा बन्द हुने क्रम जारी छ। परिणामस्वरूप उद्योग, कलकारखाना आज जीर्ण अवस्थामा पुऱ्याइएको छ। परिश्रम गरेर खाने नेपाली जनता, पार्टीको स्वार्थका नाममा बेरोजगार हुन पुगेका छन्। संविधानसभाको निर्वाचनमा माओवादी अर्धसैनिक बलसँग निहत्था राजनीतिक दलहरूले चुनाव लड्नु परेको कारणले नै आजको संविधानसभामा माओवादीको वर्चस्व कायम भएको छ। निर्वाचनमा धाँधली गर्नु पनि राजनीतिक अपराध एवम् मताधिकारप्रतिको मानवअधिकारको हनन गर्नु हो।

यस अवस्थामा एक वर्षको मात्र मानवअधिकारको मूल्याङ्कन गरेर पुग्दैन। त्यसैले हाम्रो पार्टीले भन्ने गरेको छ। नेपालमा मानवअधिकारको बहाली गर्ने हो भने विगतमा शान्ति सम्झौता र २३ बुँदे समझदारी अनुसार कम्तीमा पनि सत्य निरूपण तथा मेलमिलाप आयोग, शान्ति तथा पुनःस्थापना आयोग, बेपत्ता नागरिकको अनुसन्धान गर्ने आयोग, राज्य पुनःसंरचना आयोगहरू अविलम्ब गठन गरिनुपर्दछ। त्यस्ता आयोगहरू गठन गर्दा बहुमतको निरङ्कुशताका आधारमा होइन, सर्वसम्मत आधारमा नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि, कानुनविद्, मानवअधिकारसँग सम्बद्ध व्यक्तिहरूलाई समावेश गरेर आयोगहरू गठन गर्नुपर्दछ। ती आयोगहरूको प्रतिवेदनलाई कार्यान्वयन गर्न सक्नुपर्दछ। यसका साथै अर्धसैनिक संरचना अन्तर्गत गठित माओवादी भ्रातृसङ्गठन वाईसीएल अविलम्ब खारेज गरिनुपर्छ। यस्तो गरियो भने निश्चय पनि जनआन्दोलनको भावनाको कदर गरेको देखिनेछ। भविष्यमा बन्ने संविधानमा आधुनिक मान्यता प्राप्त मानवअधिकारको संरक्षणका लागि सम्पूर्ण राजनीतिक दलहरूले प्राथमिकता दिनुपर्छ।

**परशुराम खापुङ्ग**
महामन्त्री

## नेकपा (माले)

मानवअधिकारका हरेक क्षेत्रमा आफ्नो क्षमताले भ्याएसम्म सामाजिक न्यायका निम्ति अनवरत रूपमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) धन्यवादको पात्र बनेको छ। साथै, यसले दर्शाएको पहलकदमी पनि सराहनीय छ। तथापि, यति नै पर्याप्त छ भनेर चाहिँ भन्न सकिन्न। लामो समयदेखि मानवअधिकार रक्षाका निमित्त इन्सेकले विद्रोही र राज्य दुवै पक्षबाट भएका मानवअधिकार हननका घटनालाई उजागर गरेको छ। आगामी दिनमा यस्ता घटना अझ सवल र तथ्यपरक रूपमा प्रस्तुत हुन सकून्, यही कामना छ। साथसाथै, मानवअधिकार हनन कुनै पनि पक्षबाट हुनुहुँदैन। नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)को प्रमुख माग छ- कानुनी शासनको राज होस्। अराजकता समाप्त होस्।

कुनै पनि पक्षबाट भएका हत्या, आतङ्क र अपहरणका घटना निन्दनीय कुरा हुन्। यो क्रम रोकिनु आवश्यक छ। यस सन्दर्भमा राज्य कानुनी राज स्थापना गर्नेतर्फ लाग्नु जरुरी छ। शक्तिको आडमा दलबल देखाएर कानुन मिच्नेलाई दण्डित गर्नुपर्छ। जीवनको अधिकार हनन गरेर यही वर्ष मात्र शृङ्खलाबद्ध अपहरण र हत्या गरिएका छन्। राज्य र विद्रोही पक्षबाट सयौँको हाराहारीमा हत्या भएको छ। यही अवस्था रहे आगामी दिनमा यो तथ्याङ्क अझ भयानक र खतरनाक रूपमा बढेर जाने निश्चित छ। समयमा नै राज्य संयन्त्र चनाखो रहोस्। साथै, सबै क्षेत्रमा मानवअधिकारको रक्षाको ग्यारेन्टी हुनुपर्दछ भन्ने कुरामा हाम्रो पार्टी सचेत छ।

**देउमान सम्बाहाम्फे**
सचिव, केन्द्रीय कार्यालय

# सन् २००८ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

अनुसूची

४


परराष्ट्र मन्त्रालय
गृह मन्त्रालय
नेपाली सेना
सशस्त्र प्रहरी बल
नेपाल प्रहरी
राष्ट्रिय मानवअधिकार आयोग
राष्ट्रिय दलित आयोग
नेपाल बार एसोसिएसन
नेपाल पत्रकार महासङ्घ

# परराष्ट्र मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ ले व्यवस्था गरेबमोजिम मानवअधिकारको संरक्षण, सम्वर्द्धन र सम्मान गर्ने कुरामा नेपाल सरकार पूर्ण प्रतिबद्ध रहेको छ।

संवैधानिक अङ्गका रूपमा रहेको राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार उल्लङ्घनका घटनाहरूमाथि स्वतन्त्ररूपले अनुगमन गरी दोषीउपर कारवाहीको सिफारिस गर्ने तथा मानवअधिकार संरक्षण र सम्बर्द्धनका क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। आयोगका सिफारिसहरू कार्यान्वयन गर्दै जाने कुरामा समेत नेपाल सरकार दृढ रहेको छ।

वर्तमान अन्तर्राष्ट्रिय जगत्मा मानवअधिकारको संरक्षण, सम्वर्द्धन एवम् सम्मानले वैदेशिक सम्बन्धसँग पनि सरोकार राख्छ। नेपाल अन्तर्राष्ट्रिय जगत्मा मानवअधिकारप्रति प्रतिबद्धता जनाउने क्रममा हालसम्म डेढ दर्जनजति विभिन्न अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिहरूको पक्षराष्ट्र भइसकेको छ। ३ जनवरी २००८ मा नेपालद्वारा हस्ताक्षरित Convention on the Rights of Persons with Didabilities 2006 र यससम्बन्धी Optional Protocol 2006 समेत अनुमोदन गर्ने प्रक्रियामा रहेको छ।

नेपाल सरकारले कार्यान्वयनमा ल्याएको दोस्रो तीनवर्षे राष्ट्रिय मानवअधिकार कार्ययोजनामुताबिक नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिहरूद्वारा सिर्जित दायित्व एवम् नेपालको अन्तरिम संविधानका प्रतिबद्धताहरूलाई पूरा गर्न मानवअधिकार संरक्षण एवम् सम्बर्द्धनका क्षेत्रमा प्रवर्धनात्मक एवम् सुधारात्मक क्रियाकलापहरू सञ्चालन भएका छन्। यसका अतिरिक्त पिछडिएका जनजाति तथा दलित, वृद्ध नागरिक, महिला तथा बालबालिका एवम् विशेष क्षमतायुक्त व्यक्तिका अधिकारलाई संरक्षण एवम् प्रवर्द्धन गर्न सकारात्मक प्रयासहरू भएका छन्। यस सन्दर्भमा गत भदौ २०६५ मा नेपाल सरकारले गरेको हलिया मुक्तिको घोषणालाई एक महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ।

मानवअधिकारका क्षेत्रमा राष्ट्रिय सम्पर्क विन्दुका रूपमा कार्यरत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मानवअधिकार प्रवर्द्धन शाखाले मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि सरकारी निकायहरूबीच समन्वय, सहयोग र सहकार्य गर्दै आएको छ।

संयक्त राष्ट्रसङ्घ मानवअधिकार परिषद्का विशेष प्रतिनिधिहरूद्वारा वैयक्तिक उजुरी प्रक्रियामार्फत उठाइएका जिज्ञासाहरूलाई नेपाल सरकारले यथोचित महत्त्व दिँदै आफ्नो धारणा स्पष्ट गर्दै आएको छ। परिषद्का विशेष प्रतिनिधिहरूले विभिन्न हैसियतमा नेपाल भ्रमण गर्ने क्रममा गत वर्ष आदिवासीसम्बन्धी विशेष प्रतिनिधिले २४ नोभेम्बरदेखि २ डिसेम्बरसम्म नेपालको भ्रमण गरेका छन्। मानवअधिकार परिषद्का बैठकहरूमा नियमित रूपमा उच्चस्तरमा सहयोगी भई नेपालको मानवअधिकारप्रतिको राष्ट्रिय प्रतिबद्धता, धारणा तथा संरक्षण एवम् सम्वर्द्धनका क्षेत्रमा भएगरेका काम-कारबाहीहरूको अद्यावधिक स्थिति विश्व समुदायसमक्ष प्रस्तुत गर्ने कार्य भएको छ। Deputy High Commissioner for Human Rights Kyung-Wha Kang बाट ३० जनवरीदेखि ३ फरवरी २००८ सम्म नेपालको मानवअधिकारको अवस्थाका बारेमा स्थलगत अध्ययन गर्न भ्रमण भएको छ।

नेपालमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले नेपालको मानवअधिकारको अनुगमन गर्दै मानवअधिकार संरक्षण र सम्बर्द्धनका निम्ति राष्ट्रिय क्षमता वृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउँदै आएको छ।

नेपालले विभिन्न अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिहरूको पक्ष राष्ट्रको हैसियतले सम्बन्धित निकायहरूसमक्ष आवधिक रूपमा प्रस्तुत गर्नुपर्ने प्रतिवेदनहरूमध्ये हाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानकजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि आदिसँग सम्बन्धित राष्ट्रिय प्रतिवेदनहरू तयार गर्ने कार्य अन्तिम चरणमा रहेका छन्।

मानवअधिकारका विभिन्न पक्षसँग सम्बन्ध राख्ने वैज्ञानिक भूमिसुधारसम्बन्धी अध्ययन तथा सुझाव आयोग हालै गठन भएको छ भने बेपत्ता पारिएकाहरूको छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग र राज्यको पुन:संरचनासम्बन्धी आयोग गठनको क्रममा रहेका छन्।

उपयुक्त कार्यहरूबाट सन् २००८ मा मानवअधिकार संरक्षण र सम्बर्द्धनका क्षेत्रमा नेपाल पूर्णत: प्रतिबद्ध रही जिम्मेवारीका साथ अघि बढिरहेको तथ्य स्पष्ट देखिन्छ।

**परराष्ट्र मन्त्रालय**

## गृह मन्त्रालय

राज्यको सीमित स्रोत र साधनको परिधिभित्र रही नागरिकको जीउधनको सुरक्षा गर्न गृहमन्त्रालय र मातहतका सुरक्षा निकायहरू परिचालन भएका छन्। मानवअधिकारका सम्बन्धमा नेपालले हस्ताक्षर गरेका विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप ऐननियमहरू तर्जुमा गरी कार्यपद्धतिसमेत परिष्कृत गर्दै सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले प्रस्तुत गरेका सुझावलाई मार्गदर्शनका रूपमा लिने गरिएको छ।

गृह मन्त्रालय र अन्तर्गतका सुरक्षा निकायहरूमा मानवअधिकार एकाइ स्थापना गरी मानवअधिकार उल्लङ्घन हुन नदिनेतर्फ सजगता अपनाइएको छ। मानवअधिकार सङ्घसंस्थाहरूबाट औंल्याइएको मानवअधिकार उल्लङ्घनका घटनाहरूका सम्बन्धमा गर्नुपर्ने आवश्यक काम-कारबाहीहरू भइरहेका छन्। विगतमा द्वन्द्वका क्रममा पीडित भएका एवम् निजका परिवारहरूलाई मानवअधिकार आयोगको सिफारिसबमोजिम क्षतिपूर्ति उपलब्ध गराउने र दोषीलाई कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउने काम गृह मन्त्रालयबाट भइरहेको छ। शान्तिसुरक्षा कायम गर्ने सन्दर्भमा सुरक्षाकर्मीबाट मानवअधिकारको उल्लङ्घन हुन नपाओस् भनी तालिम र गोष्ठीको आयोजना गरी सुरक्षाकर्मीहरूलाई प्रशिक्षित गर्ने तथा सजग र सतर्क राख्ने प्रयासहरू पनि भइरहेका छन्।

कारागारहरूको सुधारका लागि विभिन्न प्रयासहरू अगाडि बढाउँदै कैदी बन्दीहरूको मानवअधिकार संरक्षण गर्न प्रतिबद्ध रहेको छ। कैदीहरूको हकहित संरक्षणका लागि कारागार सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयन गर्दै जाने काम भइरहेको छ।

तराई क्षेत्रमा भइरहेको हिंसात्मक गतिविधिहरूबाट मानवअधिकार हनन हुन नदिन प्रहरी सक्रियता र सुरक्षा गतिविधिमा तदारूकता अपनाउनुका साथै त्यस्ता समूहसँग वार्ता गरी समस्या समाधानका लागि पहल भइरहेको छ। द्वन्द्वको अवस्थाबाट संविधानसभाको निर्वाचनपश्चात् मुलुकको शान्ति सुव्यवस्थामा सुधार हुँदै आएको भए तापनि विभिन्नखाले समूहहरूबाट मानवअधिकारको उल्लङ्घन गर्ने कार्य जारी नै रहेको वर्तमान अवस्थामा लोकतान्त्रिक प्रणालीमा आफ्नो अधिकार प्रयोग गर्दै अरूको अधिकार हनन गर्नु हुँदैन भन्ने मान्यतालाई आमनेपालीले आत्मसात् गर्नुपर्ने टड्कारो आवश्यकता छ।

अन्त्यमा, मानवअधिकारको संरक्षणमा नेपाल सरकार गृहमन्त्रालय सम्पूर्ण मानवअधिकारवादीहरू एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सहकार्य गर्दै अगाडि बढ्न प्रतिबद्ध छ।

**गृह मन्त्रालय**

## नेपाली सेना

नेपाली सेनाले मानवअधिकार तथा नागरिक स्वतन्त्रताको संरक्षण तथा सम्बर्द्धनलाई सधैं उच्च प्राथमिकतामा राख्नुका साथै मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्ने पूर्ण प्रतिबद्धता जनाएको छ। द्वन्द्वको प्रारम्भिक चरणमा नेपाली सेनाका केही व्यक्तिहरूबाट भएका मानवअधिकार हननका घटनाहरू नीतिगत थिएनन् तथा यस संस्थाभित्र दण्डहीनताको स्थितिलाई अन्त्य गर्नका लागि सबै प्रकारका मानवअधिकार हननका घटनाहरूप्रति नेपाली सेना शून्य सहिष्णुताको नीति लागू गर्न कटिबद्ध छ भन्ने विषय पुनः स्मरण गरिनु आवश्यक छ।

नेपाली सेनाको मानवअधिकार निर्देशनालय अन्तर्गत सबै पृतना र बाहिनीहरूमा क्रमशः मानवअधिकार महाशाखा र मानवअधिकार शाखा स्थापना गरी मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको अक्षरशः पालना गर्न र तालिममार्फत पृतना, बाहिनी गण, गुल्मस्तरका सकलदर्जाहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनबारे जानकारी गराइएको छ। मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरेको आरोप लागी अनुसन्धानपश्चात् प्रमाणित भएका सैनिकहरूलाई सेनाले निलम्बन गरेको छ।

विभिन्न अवस्थामा सैनिक व्यक्तिहरूबाट भएका मानवअधिकारको उल्लङ्घनका घटनाहरूमा नेपाली सेनाले स्वतन्त्र र विस्तृत रूपमा अनुसन्धान गर्ने गरेको छ। नेपाली सेना महिला तथा बालबालिकाहरूको अधिकार रक्षाका लागि सदा प्रतिबद्ध रही आएको छ।

नेपाली सेनाले आफ्नो सकल दर्जाहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन संरक्षण एवम् प्रवर्द्धन गर्ने उद्देश्य अनुरूप विभिन्न टेलिभिजन च्यानलहरू, *रेडियो नेपाल*बाट प्रसारण हुने सैनिक कार्यक्रमहरूबाट सचेतना कार्यक्रम अन्तर्गत शिक्षित एवम् सचेत गराउने र अन्य माध्यममार्फत समेत मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विभिन्न कार्यक्रमहरू प्रचार/प्रसार गर्दै

आइरहेको छ। नेपाली सेनाको क्षेत्रीयस्तरका युनिटहरूमा सोही क्षेत्रका अधिकृतहरू राखी नेपाल प्रहरी, महान्याधिवक्ताको कार्यालय, महिला एवम् बालबालिका अधिकारकर्मी, राष्ट्रिय मानवअधिकार आयोग, ICRC, UN-OCHR र सेनाकै योग्य अधिकृतहरूबाट INSTRUCTOR तालिमहरू सञ्चालन गरिरहेको छ। साथै, नेपाली सेनाको मानवअधिकार निर्देशनालयले हालै मात्र नेपाली सेनासँग सम्बन्धित मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी तथ्यहरू समेटी 'HUMAN RIGHTS JOURNAL– 2008' प्रकाशन गरेको छ। इन्सेकबाट प्रकाशन हुन लागेको *मानवअधिकार वर्षपुस्तक २००९* का लागि नेपाली सेना शुभकामना व्यक्त गर्दछ।

**निरेन्द्रप्रसाद अर्याल**
प्राड सहायकरथी
निर्देशक

## सशस्त्र प्रहरी बल

मानवअधिकारप्रति सदा चिन्तनशील रहने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले नागरिहरूको मानवअधिकार संरक्षण र सम्बर्द्धनमा रहेको संवेदनशीलता अझ प्रभावकारी रूपमा आउँदा दिनहरूमा पनि विनाभेदभाव स्वतन्त्रतापूर्वक कार्यान्वयन गर्नेछ भन्ने दृढ विश्वासका साथ यस वर्ष प्रकाशन हुन लागेको *मानवअधिकार वर्षपुस्तक २००९* को सफलताको मङ्गलमय शुभकामना व्यक्त गरिन्छ।

आन्तरिक सुरक्षा संयन्त्रको आधारस्तम्भका रूपमा रहेको यस बलले आफ्नो स्थापनाकालदेखि नै जनताको जीउधनको सुरक्षा र संरक्षण गर्ने सिलसिलामा मानवअधिकारको विषयलाई गम्भीर चासोको रूपमा लिँदै मानवअधिकार संरक्षण र सम्बर्द्धनलाई सैद्धान्तिक आदर्श मात्र नभई स्थापित अन्तराष्ट्रिय मूल्य-मान्यता र सिद्धान्तलाई सम्पूर्ण रूपमा नै संस्थागत गर्ने लक्ष एवम् उद्देश्य सशस्त्र प्रहरी बलले लिएको छ।

सोही उद्देश्य प्राप्त गर्न र राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीहरूको प्रत्येक क्रियाकलापहरूलाई मानवअधिकर संरक्षण र सम्बर्द्धनप्रति अझ बढी जिम्मेवार र संवेदनशील तुल्याउन सशस्त्र प्रहरी बलमा सञ्चालन हुने सबै किसिमका उन्नत र आधारभूत तालिमहरूमा अनिवार्य रूपमा मानवअधिकार र मानवीय कानुनसम्बन्धी ज्ञान दिलाई मानवअधिकार संरक्षणमा प्रभावकारिता ल्याउने र राष्ट्रसेवकबाट सम्पादित हुने संस्थागत तथा व्यक्तिगत कार्यहरूमा मानवअधिकार एवम् मानवीय मूल्य-मान्यताहरू तथा नागरिकका मौलिक हकअधिकार सम्मान गर्न सक्ने सक्षम जनशक्ति निर्माणमा सशस्त्र प्रहरी बल सदा प्रतिबद्ध रहेको छ।

गतवर्ष सम्पन्न संविधानसभाको निर्वाचनले नेपालमा मानवअधिकार संरक्षण र सम्वर्द्धनमा एउटा नयाँ आयम थपिदिएको छ। तथापि, हाल तराईमा विद्यमान हत्या, हिंसा तथा अराजनीतिक क्रियाकलापहरूबाट जनताको मानवअधिकार कुण्ठित हुने अवस्था रहेकाले सो क्षेत्रमा भयमुक्त वातावरणको निर्माण गर्न नागरिकहरूको स्वतन्त्रता, मानव प्रतिष्ठाको सम्मान र रक्षा गरी आधारभूत मानवअधिकारको संरक्षणमा सशस्त्र प्रहरी बल सदा कटिबद्ध रहेको छ।

सशस्त्र प्रहरी बलले आफ्ना सम्पूर्ण क्रियाकलाप कानुनको दायराभित्र रही सम्पादन गर्दै आइराखेको छ। यसै क्रममा सशस्त्र प्रहरी बलले सुनौलो इतिहास कायम गरिसकेको छ। तथापि, कार्य सम्पादनको सिलसिलामा मानवीय कमजोरीका कारणले छिटपुट सामान्य मानवअधिकार उल्लङ्घनसम्बन्धी घटना नभएका पनि होइनन्। यस्ता घटनाहरूमा संलग्न भएका सशस्त्र प्रहरी बलका कर्मचारीमाथि छानबिन गरी दोषीउपर आवश्यक कारबाही गरी सरोकारवालाहरूलाई विभिन्न माध्यमबाट इमानदारीपूर्वक सूचना दिने विभागीय नीति सशस्त्र प्रहरीले लिएको छ।

मानवअधिकारसम्बन्धी विषयहरूमा सशस्त्र प्रहरी बलमा सरकारी निकाय, मानवअधिकारसम्बन्धी सङ्घ-संस्था, नागरिक समाजलाई सही सूचना प्रवाह गर्ने र आफ्ना हरेक क्रियाकलापहरूलाई पारदर्शी बनाउन सशस्त्र प्रहरी बल सदैव क्रियाशील रहेको छ।

अन्त्यमा, मानवअधिकार संरक्षण र सम्वर्द्धन गर्न हाम्रो प्रयास र प्रतिबद्धताहरूमा इन्सेकले पुऱ्याएको सहयोग र सद्भावप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

**सनतकुमार बस्नेत**
सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक, कार्य विभाग

## नेपाल प्रहरी

नेपाल प्रहरी लोकतान्त्रिक मूल्य मान्यता तथा कानुनी राज्यको मूल अवधारणबाट निर्देशित भई सम्पूर्ण नागरिकहरूको हकहित तथा अधिकारको संरक्षण कार्यलाई मूल दायित्वका रूपमा अङ्गीकार गर्दै

सार्वजनिक शान्ति, सुरक्षाप्रति सदैव सचेत, सजग रही मुलुकभर जनचाहना अनुरूपको गुणस्तरीय प्रहरी सेवा जनस्तरमा पुऱ्याउन सदा कटिबद्ध रहेको छ। द्वन्द्वपछिको सङ्क्रमणकालीन सामाजिक, राजनीतिक परिवेशमा मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धन गर्ने कार्य प्रहरीका लागि जति महत्त्वपूर्ण हुन्छ, त्यति नै चुनौतीपूर्ण पनि हुन्छ। अझ विभिन्न नामका सशस्त्र समूहहरूद्वारा हुने गरेका हत्या, हिंसा तथा चन्दा असुलीका शृङ्खलाबद्ध घटनाहरूले नागरिकहरूका न्यूनतम अधिकारहरू सङ्कटमा परेको अवस्थामा प्रहरीको काँधमा नागरिकका सम्पूर्ण हक अधिकारहरूको संरक्षण गरी आमजनसमुदायमा सार्वजनिक शान्ति तथा सुरक्षाको अनुभूति गराउनुका साथै सामाजिक-सांस्कृतिक मूल्य मान्यताको संरक्षण गर्दै देश विकासमा समग्र समाजलाई अग्रसर गराई नयाँ नेपालको निर्माण गर्ने गहन जिम्मेवारी बढेको छ। जनअपेक्षा अनुरूपको सामयिक प्रतिफलका लागि प्रहरी कार्यमा सम्पूर्ण राजनीतिक क्षेत्र, मानवअधिकारसँग सम्बन्धित सबै निकाय तथा सम्पूर्ण नागरिक समाजको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ।

राज्यको कानुन कार्यान्वयन गर्ने निकायको हैसियतले मानवअधिकारको संरक्षण तथा सम्बर्धनका लागि नेपाल प्रहरी सदैव कटिबद्ध रही यस कार्यलाई साङ्गठनिक कार्य योजनाको प्राथमिकतामा राखिएको छ। हरेक प्रहरी कार्यमा नागरिकका अधिकारको सम्मान, संरक्षण एवम् सम्बर्द्धन गर्ने उद्देश्यका साथ प्रहरी महानिरीक्षकको सचिवालयको प्रत्यक्ष मातहतमा रहेको मानवअधिकार एकाइ देशभर विभिन्न कार्यक्रमका साथ निरन्तर क्रियाशील रहेको छ। नेपाल प्रहरी मानवअधिकार एकाइले मानवअधिकारको अनुगमन, अनुसन्धान तथा संरक्षणलाई केन्द्रीयस्तरमा मात्र सीमित नराखी यसलाई जिल्लास्तरसम्म विस्तार गरेको र कार्यप्रणालीलाई संरक्षण, समन्वय तथा सम्वर्द्धनका रूपमा अवलम्बन गरेको छ।

मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनका लागि नेपाल प्रहरीले मानवअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग विभिन्न पक्षहरूमा सहकार्य गर्दै आइरहेको छ।

प्रहरी कर्मचारीले कर्तव्य पालन तथा जिम्मेवारी बहन गर्दा कानुन कार्यान्वयन अधिकारीको हैसियतमा मानवअधिकारको संरक्षण तथा परिपालन गर्दै नागरिक सुरक्षा, शान्ति सुव्यवस्था, कानुनको सक्षम तथा प्रभावकारी कार्यान्वयन गर्न सकून् भन्ने अभिप्रायले मानवअधिकारलाई प्रहरी कर्मचारीको आधारभूत तालिम पाठ्यक्रममै समावेश गरी प्रशिक्षित गरिएको छ भने सोपश्चात् छुट्टै विशिष्टीकृत तालिम पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा ल्याउनुका साथै प्रशिक्षणको एकरूपताका साथै प्रशिक्षितलाई मार्गदर्शन गर्नका लागि *मानवअधिकार प्रशिक्षण पुस्तिका*समेत तयार गरी प्रयोगमा ल्याइसकिएको छ। सबै तहका प्रहरी कर्मचारीहरूको लागि विशिष्टीकृत तालिम १४ अञ्चल र पाँचै विकास क्षेत्रमा सञ्चालन गर्ने कार्यक्रमको सुरूवात भइसकेको छ। यसैगरी, मानवअधिकारको संरक्षण र सम्बर्धनका लागि नेपाल प्रहरीका प्रत्येक सदस्यले हरहमेसा आफूसँग राख्न, जान्न तथा परिपालना गर्नुपर्ने गरी नेपाल प्रहरीले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको सहकार्यमा मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधान उल्लिखित *'नेपाल प्रहरी मानवअधिकार स्थायी आदेश'* पुस्तिका सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई वितरण गरिसकेको छ।

मानवअधिकारको संरक्षणमा नेपाल प्रहरी अत्यन्त गम्भीर रहेको छ र सङ्गठनले कुनै पनि अधिकार उल्लङ्घनकर्ताप्रति शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ। नेपाल प्रहरीको कुनै पनि सदस्यबाट मानवअधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरूको विस्तृत अध्ययन गरी दोषी ठहरिने प्रहरी कर्मचारीहरूलाई कारबाही गरिँदै आएको छ। जस अनुरूप हालसम्म प्रहरी जवानदेखि प्रहरी वरिष्ठ उपरीक्षकसम्मका २ सय ८८ प्रहरी कर्मचारीहरूलाई कारबाही गरिसकिएको छ।

यसका अतिरिक्त आवश्यक आन्तरिक संयन्त्रको व्यवस्था गरी कारबाहीमा पर्ने प्रहरी कर्मचारीहरूलाई राष्ट्रसङ्घीय विभिन्न मिसनहरूमा जान नपाउने व्यवस्था गरिएको छ। नेपाल प्रहरीसँग सम्बन्धित मानवअधिकार उल्लङ्घनका घटनाका उजुरीहरूको प्रभावकारी अनुसन्धान तथा छरितो कारबाहीका लागि अन्तर्राष्ट्रिय सङ्घसंस्थामार्फत आउने घुमाउरो बाटोको साटो सीधै नेपाल प्रहरी मानवअधिकार एकाइमा सूचित/प्रेषित गरिदिनु हुन सम्पूर्ण सङ्घसंस्था तथा जनसमुदायमा हार्दिक अनुरोध गर्दछु। यसै सन्दर्भमा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने हाम्रो प्रयासमा निरन्तर सहयोग प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा शुभेच्छुक महानुभावहरूप्रति नेपाल प्रहरी हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा समेत शान्ति सुव्यवस्था तथा नागरिक सुरक्षा कायम गर्ने

हाम्रो कार्यमा सदाझैं सहयोगको अपेक्षा गर्दछ।

अन्त्यमा, वर्तमान सङ्क्रमणकालीन सामाजिक, राजनीतिक परिवेशमा राज्यका सम्पूर्ण तह र तप्का र मानवअधिकारसँग सम्बन्धित सम्पूर्ण सङ्घसंस्थालाई अझ बढी सजग, सतर्क तथा उत्तरदायी बनाउँदै जाने कार्यमा मानवअधिकार तथा समामाजिक न्यायका लागि कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को भूमिका अझ बढी गहन हुन गएको छ। लोकतान्त्रिक मूल्य-मान्यताको अवलम्बन र कानुनी राज्यको स्थापनामा थप योगदान गर्न इन्सेकलाई सफलता मिलोस् भन्ने शुभकामनाका साथ नेपाल प्रहरी *मानवअधिकार वर्षपुस्तक २००९* को प्रकाशनको सफलताको कामना गर्दछ।

**मानवअधिकार एकाइ**
प्रहरी प्रधान कार्यालय

# राष्ट्रिय मानवअधिकार आयोग

नेपालको सन् २००८ को मानवअधिकार अवस्थाबारेमा उल्लेख गरिरहँदा यस वर्ष बहुप्रतीक्षित संविधानसभाको निर्वाचन सम्पन्न भयो। नयाँ नेपाल निर्माण गर्ने दिशातर्फ अग्रसर नेपाली नागरिकहरूले देशको मूल कानुन संविधान निर्माण गर्नका लागि पहिलोपटक संविधानसभाको निर्वाचनमार्फत आफ्नो अभिमत प्रकट गरे। नेपाली नागरिकको मताधिकारबाट नेपालमा पहिलोपटक समावेशी प्रतिनिधित्व भएको संविधानसभाको निर्माण भयो। नेपालको अन्तरिम संविधान, २०६३ अनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको घोषणा भयो र सोहीबमोजिम नेपाली नागरिकले निर्वाचित गरी पठाएका प्रतिनिधिमार्फत नेपालले इतिहासमा पहिलोपटक राष्ट्रपति र उपराष्ट्रिपति पायो। यस्तै लामो समयपछि नेपाली नागरिकले आफ्नो मतदानबाट निर्वाचित सरकार समेत पाए। राजनीतिक दलहरू शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने कार्यमा लागिरहे। दुई वर्षभित्र मुलुकमा नयाँ संविधान निर्माण गरिसक्ने घोषणाका साथ संविधानसभामा आफ्नो तालिका प्रकाशन गरी संविधान लेखन समिति तथा विषयगत एवम् प्राविधिक समितिहरू गठन भए। यसबाट नेपालीहरूको भावना र आकाङ्क्षा अनुकूल मानव अधिकार मैत्री संविधान निर्धारित समयमा नै निर्माण हुने आशा नेपाली जनतामा पलाएको छ।

**उपलब्धिहरू**

नेपाल सरकारले सन् २००८ मा आईएलओ कन्भेन्सन १६९ लाई अनुमोदन गऱ्यो। जसबाट नेपालको आदिवासी जनजातिको जातीय पहिचान, भाषिक अधिकार, स्थानीय स्रोतमाथिको अधिकारलगायतका विषयमा अन्तर्राष्ट्रिय प्रतिबद्धता व्यक्त भयो। यसै वर्ष सूचनाको हकसम्बन्धी ऐन २०६४, मानव-बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४, वैदेशिक रोजगार ऐन २०६४, मुलुकी ऐनमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल थपी निर्माण गरिएको अपहरणविरुद्धको कानुन आदि मानवअधिकार कानुनको क्षेत्रका केही महत्त्वपूर्ण उपलब्धि हुन्। सरकारले भूमिसुधार आयोग गठनको घोषणा गऱ्यो। विभिन्न दल, वर्ग, समुदायहरूबाट आफ्नो अधिकार संरक्षण एवम् प्राप्तिका लागि भएका शान्तिपूर्ण आन्दोलन र वार्ताको माध्यमबाट समस्या समाधानका लागि भएका सम्झौताहरूले विशेष अर्थ राखे। दिगो शान्ति स्थापनाका लागि नेपाल सरकार र माओवादीबीच भएका सम्झौताहरू र सो अनुरूपका क्रियाकलाप मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनको क्षेत्रमा उत्तिकै अर्थपूर्ण रहे। यस अवधिमा तराईका विभिन्न सशस्त्र समूहसँग वार्ता गरी समस्याको समाधान गर्नका लागि नेपाल सरकारले पहल सुरु गऱ्यो। मानवअधिकारको क्षेत्रमा सक्रिय विभिन्न गैरसरकारी सङ्घसंस्थाहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान पारित गर्नका लागि विभिन्न दबाबमूलक कार्यक्रमहरू सञ्चालन गरे। राष्ट्रिय मानवअधिकार आयोगले उक्त विधान पारित गर्न नेपाल सरकारलाई सिफारिस समेत पठायो। यस वर्ष आयोगको पहलमा क्षेत्रीयस्तरमा बालअधिकारसम्बन्धी कार्यशाला सम्पन्न भयो। उक्त कार्यशालाले दक्षिण एसियामा राष्ट्रिय मानवअधिकार आयोग संस्थाहरूको सहकार्यलाई बढाउनुका साथै बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि योगदान पुगेको छ।

**मानवअधिकारको स्थिति**

मानवअधिकारको क्षेत्रमा उल्लिखित सकारात्मक पहलहरू भएका भए पनि यस वर्ष नेपाल सरकार र तत्कालीन माओवादीबीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताबमोजिम सङ्क्रमणकालीन न्यायलाई सम्बोधन हुन नसक्दा अधिकांश द्वन्द्वप्रभावितहरूले न्याय प्राप्त गर्न सकेनन्। शाान्ति सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना तथा बेपत्ता पारिएकाको स्थिति

सार्वजनिक गर्नका निम्ति समेत आयोग बनाइने कुरा उल्लेख भए तापनि सोको व्यवहारमा कार्यान्वयन हुन सकेन। द्वन्द्व कालमा कब्जा गरिएका व्यक्तिहरूको घरसम्पत्ति फिर्ता गर्ने कार्य सरकारको प्रतिबद्धताका बावजुद पनि प्रभावकारी रूपमा हुन सकेन। द्वन्द्वबाट विस्थापित भएका कैयौँ नागरिकहरू आफ्नो घर फिर्ता हुन र समाजमा स-सम्मान पुन:स्थापना हुन पनि सकेको पाइएन। विस्तृत शान्तिसम्झौतामा बेपत्ता तथा अपहरणपछि स्थिति अज्ञात पारिएकाहरूको स्थिति ६० दिनभित्र सार्वजनिक गरिने भनी गरिएको लिखित प्रतिबद्धता यस वर्ष पनि कार्यान्वयन भएन। बेपत्ता व्यक्तिका सम्बन्धमा सर्वोच्च अदालतले दिएको आदेश र राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिस पूर्णत: कार्यान्वयनमा आउन सकेनन्। बेपत्ता र अपहरणका घटनामा कमी आए पनि सशस्त्र द्वन्द्वकालमा भएका घटनाहरूसम्बन्धी उजुरी यस वर्ष पनि आइरहे। द्वन्द्वको अवस्थामा बिछ्याइएका, बेवारिसे अवस्थामा छाडिएका विस्फोटनजन्य पदार्थहरूको रेखाङ्कन र भण्डारणका बारेमा ३० दिनभित्र एकअर्कालाई जानकारी गराउने र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न सघाउने भनिए पनि कार्यरूपमा आउन सकेन। जसको कारण यस वर्ष पनि बेवारिसे बमहरूको विस्फोटनले गर्दा निर्दोष नागरिकहरूको ज्यान जाने र घाइते हुने क्रम जारी रह्यो।

यसबाहेक सुकुमबासी तथा भूमिहीन किसान तथा गरिब मजदुरहरूले देशका विभिन्न भागहरूमा सङ्घर्षको माध्यमबाट आवाज उठाएपश्चात् सरकारबाट त्यसबारे सम्बोधन गर्न क्रान्तिकारी भूमि सुधार आयोग गठन भए पनि त्यसबाट आफ्ना मागहरू सम्बोधन नभएको भन्दै पीडित पक्षहरूले आफ्नो सङ्घर्ष जारी राखे। संयुक्त राष्ट्रसङ्घको नेपाल मिसन (UNMIN)ले करिब ३ हजारको सङ्ख्यामा १८ वर्ष पूरा नगरेका बालबालिकाहरू माओवादी सैन्यमा छन् भनी तथ्य सार्वजनिक गरेको भए पनि उनीहरूलाई समाजमा पुन:स्थापना गराउने कार्य हुन सकेन। यस सम्बन्धमा प्रधानमन्त्रीले सार्वजनिक रूपमा प्रतिबद्धता व्यक्त गरेबमोजिम बाल सैन्यहरूलाई समाजमा पुन:स्थापित गराउने कामको सुरुवात हुन सकेन। समग्रमा यस अवधिमा सङ्क्रमणकालीन न्यायमाथि न्यायोचित सम्बोधन हुन सकेन।

एकातिर सङ्क्रमणकालीन न्यायको सम्बोधन हुन सकेन भने अर्कोतर्फ मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घनका घटनाहरूलाई कानुनी दायरामा ल्याउन नसक्दा नेपालमा दण्डहीनता न्यून हुन सकेन। दण्डहीनताका कारण मानव अधिकार संस्कृति निर्माण गर्ने कार्य थप चुनौतीपूर्ण बन्दै गयो। विगतमा जस्तै यस वर्ष पनि मल्लिक आयोग र रायमाझी आयोगका सिफारिस लागू गर्ने विषय छलफल र बहसमा मात्र सीमित रहे। यसै अवधिमा नेपाल सरकारले झुट्टा र राजनीतिक प्रकृतिका मुद्दाहरू फिर्ता लिने क्रममा गम्भीर प्रकृतिका फौजदारीसमेत ३ सय ४९ मुद्दा फिर्ता लियो। यस्ता कार्यबाट कानुनी शासनको उपहास भई देशमा न्यायविहीनताको स्थिति पैदा गर्ने कार्यमा सहयोग पुग्न गयो। हत्या, हिंसा, बन्द, हडताल, तोडफोड, नाकाबन्दीजस्ता गतिविधिले गर्दा समाजमा हिंसा, आतङ्क र आपराधिक गतिविधि नियन्त्रण हुन सकेन। सरकारले दोषी व्यक्तिलाई कानुनी दायरामा ल्याउन नसक्दा विशेष गरी तराई र देशका अन्य भागहरूसमेत अशान्त रहे। विशेषत: तराईका सशस्त्र समूहबाट चन्दा माग, सुराकीको आरोपलगायतका कारणबाट अपहरण प्रवृत्तिले निरन्तरता पायो। दण्डहीनताको अन्त्य गर्नुको सट्टा प्रमुख राजनीतिक दलहरू नै प्रतिस्पर्धात्मक रूपमा लडाकू दस्ता खडा गर्ने कार्यमा संलग्न देखिए। त्यस्ता लडाकू दस्ताले कानुन आफ्नो हातमा लिई मानवअधिकार ज्यादतीका घटनाहरू गराइरहेको भए पनि राजनीतिक आस्थाका आधारमा उनीहरूलाई उन्मुक्ति दिने कार्य भइरह्यो।

राजनीतिक हस्तक्षेप, कानुन एवम् न्यायविहीनताको अवस्थाले नेपालमा मानवअधिकार उल्लङ्घनका घटनामा उल्लेख्य रूपमा कमी आउन सकेनन्। देशमा आपराधिक घटनाहरू भइरहे तर त्यस्ता घटनामा संलग्न आरोपित वा दोषीमाथि मुद्दा चलाउने कार्य कानुनसम्मत रूपमा हुन सकेन। ज्यान मार्ने, अपहरण गर्ने, जबरजस्ती चन्दा, फिरौती उठाउने, धन सम्पति कब्जा गर्नेमाथि नियन्त्रण गर्ने र कानुनबमोजिम कारबाही गर्ने कार्यमा सुस्तता आएको महसुस गरियो। सशस्त्र द्वन्द्वको अवधिमा मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घनमा दोषी भनी कारबाहीका लागि राष्ट्रिय मानवअधिकार आयोग र सर्वोच्च अदालतले गरेका सिफारिस तथा आदेश पूर्णरूपमा कार्यान्वयन गरिएन। उल्लिखित अवस्थामा राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो रणनीतिक योजना (२००८-२०१०) मा दण्डहीनताको संस्कृतिको अन्त्य गर्ने कार्यलाई प्राथमिकतामा राख्दै विधिको शासन र शान्ति तथा मानवअधिकार संस्कृतिको सुदृढीकरण गर्ने समेत उद्देश्य राखेको छ। आयोगको उक्त उद्देश्य सफल भएमा देशबाट दण्डहीनताको अन्त्य

भई अन्तर्राष्ट्रिय जगत्मा नेपालको परिचय मानवअधिकारप्रति व्यवहारत: प्रतिबद्ध देशको रूपमा हुनेछ। यस कार्यलाई सफल बनाउन आयोगको एक्लो प्रयासले मात्र सम्भव छैन। जसका लागि सबै नेपालीको सकारात्मक सोच, प्रतिबद्धता र सहयोगको आवश्यकता छ।

पत्रपत्रिका तथा छापाखानासम्बन्धी अधिकारको सहजरूपमा उपभोग गर्ने कार्यमा यस अवधिमा पनि हस्तक्षेप भयो। सशस्त्र द्वन्द्वको अवधिमा झैं यस वर्ष पनि पत्रकारलाई सुरक्षा निकायबाट बेपत्ता पार्ने, विभिन्न समूहबाट अपहरण गर्ने, चन्दा माग्ने, डर धाक, धम्की दिने कार्यबाट वाक् तथा प्रकाशन स्वतन्त्रता तथा प्रेस स्वतन्त्रतामा हनन् भएको उजुरीका सम्बन्धमा आयोगबाट नियमित रूपले अनुगमन गरी प्रतिवेदन प्रकाशन गऱ्यो।

महिलामाथि हुने हिंसाविरुद्ध १६ दिने अभियान नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म नेपालमा पनि मनाइयो। तर पनि आफ्नै परिवारबाट कुटपिट, मानसिक यातना, अमानवीय व्यवहार तथा यौनदुर्व्यवहारसमेत भइरहेका खबरहरू दैनिक रूपमा नै प्रकाशित एवम् प्रसारित भइरहे। यीबाहेक पनि दाइजो नदिएको, बहुविवाह, महिला बेचविखन, बोक्सीको आरोपमा महिलामाथि कुटपिट तथा अमानवीय व्यवहार भइरहे। घरेलु हिंसाका प्रवृत्ति र घटनाहरूलाई रोकथाम गर्न विधायिका संसद्मा यससम्बन्धी विधेयक प्रस्तुत भए पनि त्यसको टुङ्गो लाग्न सकेन। महिलाजस्तै बालबालिकाविरुद्ध पनि विभिन्न हिंसाका घटनाहरू प्रकाशमा आए। दिनहुँजसो बालबालिकालाई अपहरण, हत्या र यौनजन्य हिंसाको सिकार बनाइएका समाचारहरू आए। नेपालको अन्तरिम संविधान २०६३ को धारा १४ र विघटित प्रतिनिधिसभाले २०६३ सालमा नेपाललाई छुवाछूत मुक्त तथा धर्मनिरपेक्ष राष्ट्रसमेत घोषणा गरेको भए पनि यस अवधिमा पनि नेपाली समाजमा जातीय छुवाछूत तथा भेदभावका घटनाहरू दिनहुँजसो भइरहे। राज्यले कानुनीरूपमा भएका प्रावधानहरूको कार्यान्वयनका निम्ति ठोस कदम चाल्न सकेको पाइएन। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई सुनिश्चित गर्न राज्यले यससम्बन्धी महासन्धि र इच्छाधीन आलेखहरूमा हस्ताक्षर गरे पनि विधायिका संसद्बाट त्यसको अनुमोदन हुन सकेन।

**आयोगमा परेका उजुरीहरू**

यस अवधिमा आयोगमा मानवअधिकार उल्लङ्घन भएको भनी तल तालिकामा उल्लेख भएबमोजिमका ९ सय ४३ उजुरी दर्ता भए। प्राप्त उजुरीका प्रकृतिहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना, सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव तथा आवतजावतमा रोक आदि रहेका छन्। यसका अतिरिक्त आर्थिक-सामाजिक अधिकार उपभोगमा अवरोध पुऱ्याइएको, महिला तथा

**यस आयोगमा सन् २००८ मा परेका मानवअधिकार उल्लङ्घन एवम् ज्यादतीविरुद्धका उजुरीहरू**

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | उजुरी सङ्ख्या |
|---|---|---|
| १. | अपहरण ( माओवादी) | ३८ |
| २. | बेपत्ता (सुरक्षाकर्मी) | ४१ |
| ३. | अपहरण/स्थिति अज्ञात (अज्ञात) | ७० |
| ४. | हत्या/हिरासतमा मृत्यु (सुरक्षाकर्मी/निकाय) | ७४ |
| ५. | हत्या (माओवादी) | ४१ |
| ६. | अन्यबाट हत्या | २८ |
| ७. | यातना (सुरक्षाकर्मी) | ७५ |
| ८. | यातना/दुर्व्यवहार (माओवादी) | ३४ |
| ९. | कुटपिट/दुर्व्यवहार (अन्य पक्ष–युथफोर्ससमेत) | १५ |
| १०. | कानुनी उपचार | ४७ |
| ११. | विस्थापित (सुरक्षाकर्मी) | २ |
| १२. | विस्थापित (माओवादी) | ५५ |
| १३. | सम्पत्ति कब्जा (माओवादी) | ४२ |
| १४. | सम्पत्ति कब्जा (सुरक्षाकर्मी) | ५ |
| १५. | सम्पत्ति कब्जा (अन्य) | ८ |
| १६. | क्षतिपूर्ति | १८ |
| १७. | धम्की (माओवादी) | २६ |
| १८. | धम्की (सुरक्षाकर्मी) | १० |
| १९. | धम्की (अज्ञात/अन्य) | ३१ |
| २०. | गैरन्यायिक थुना/न्याय प्रशासन | ३५ |
| २१. | नागरिक अधिकार | ८ |
| २२. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | ३७ |
| २३. | बम विस्फोट मृत्यु/घाइते | ६ |
| २४. | बालअधिकारको हनन | ८४ |
| २५. | महिलाअधिकारको हनन | ५१ |
| २६. | अन्य | ५८ |
| | जम्मा | ९४३ |

बालअधिकारको उल्लङ्घन र ज्यादतीसम्बन्धी उजुरीहरू पनि छन्।

**आयोगको प्रयास**

सन् २००८ मा माथि उल्लिखित सङ्ख्यामा उजुरी ग्रहण गरेको राष्ट्रिय मानवअधिकार आयोगले यस अवधिमा सन् २००८ र त्यसभन्दा पहिले पनि दर्ता भएका उजुरीहरूमाथि अनुगमन तथा अनुसन्धान गरी प्राप्त तथ्यहरूको आधारमा कूल २ हजार ३ सय ५३ उजुरीहरू फर्स्यौट गरेको छ। आयोगबाट हालसम्म २ सय २१ ओटा उजुरीका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको छ भने अन्य उजुरी तामेलीमा राख्ने, टुङ्ग्याउने तथा खारेज गरिएको छ। यस वर्ष आयोगले ७४ ओटा उजुरीका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको छ। यस क्रममा आयोगले देशमा नागरिकहरूको मानवअधिकारको सम्मान र संरक्षणसम्बन्धी विषयमा भएका हस्तक्षेप, उल्लङ्घन र ज्यादतीहरूको सम्बन्धमा परेका उजुरीहरूमाथिको कारबाही अगाडि बढाउने सन्दर्भमा महत्त्वपूर्ण कार्यहरू सम्पन्न गऱ्यो। कतिपय उजुरीहरूका सम्बन्धमा नेपाल सरकारका मन्त्री, सचिव, सुरक्षा तथा अन्य जिम्मेवार अधिकारीहरूलाई आयोगमा बोलाई छलफल र परामर्शसमेत गऱ्यो। यसबाहेक आयोगले विभिन्न नागरिकका मानवअधिकार संरक्षण कार्यमा बाधा अड्चन खडा भएको सन्दर्भमा क्षतिपूर्ति प्रदान गर्नेसम्बन्धी आदेशहरू पनि सरकारलाई गरेको छ। यस अवधिमा मानवअधिकार रक्षा र सम्बर्द्धनसम्बन्धी विभिन्न विषयहरूमा नागरिक समाज, गैरसरकारी सङ्घसंस्थाहरू र सरोकारवालाहरूसँग छलफल र परामर्श गरेको छ। देशमा मानवअधिकारसम्बन्धी आवश्यक कानुनहरूको निर्माण र मानवअधिकार सचेतना र सम्बर्द्धनसम्बन्धी विभिन्न विषयहरूमा राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहका कार्यक्रमहरू सम्पन्न गरेको छ। आयोगले सन् २००८-२०१० का लागि तर्जुमा गरेको रणनीतिक योजना अनुसार मानवअधिकार मैत्री संविधान बनाउन, सङ्क्रमणकालीन न्यायलाई व्यवस्थापन गर्न, दण्डहीनताको अन्त्य गर्न, नागरिकको बाँच्न पाउने स्वतन्त्रता र सुरक्षाको अधिकारलाई सुनिश्चित गर्न, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई मूलप्रवाहीकरण गर्न, बेपत्ता व्यक्तिहरू र आन्तरिक विस्थापनमा परेकाहरूको पुन:स्थापना, सम्पत्ति फिर्ता र सामाजिक पुन:एकीकरण सुनिश्चित गर्न तथा बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, दलित, जनजाति, तराई-मधेसका जनताका अधिकारहरू सुनिश्चित गर्न सात रणनीतिक उद्देश्यसाथ अगाडि बढिरहेको छ।

राष्ट्रिय मानवअधिकार आयोगले सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारी काठमाडौँको शिवपुरी जङ्गलमा लगी ठूलो सङ्ख्यामा व्यक्तिहरूलाई मारिएको भनिएको घटनामा अनुसन्धान गरी त्यसको वैज्ञानिक परीक्षण प्रतिवेदन सार्वजनिक गऱ्यो। उक्त परीक्षण प्रतिवेदनबाट उक्त जङ्गलमा कम्तीमा पनि एक जना पुरुष व्यक्तिको मानव अवशेष फेला परेको थियो।

यस अवधिमा आयोगले नेपाली नागरिकका प्रत्यक्ष सरोकारका रूपमा रहेको शान्ति सुरक्षा, खाद्य सुरक्षा, कानुनी शासन, मानवअधिकार रक्षकको सुरक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, मानव बेचविखन, महिला, बालबालिका, भूमिहीन सुकुम्बासी, बेपत्ता नागरिकको सत्यतथ्यलगायत हत्याहिंसा, अपहरण आदि विषयहरूमा अध्ययन, अनुसन्धान र अनुगमन गरी नेपाल सरकारलाई विभिन्न सिफारिसहरू गरेको छ। यसबाहेक, आयोगले मानवअधिकारको संरक्षण र सम्बर्द्धनसँग गाँसिएका विभिन्न विषयहरूमा स्वविवेकका आधारमा अध्ययन, अनुसन्धान गरी सरकार, राजनीतिक दलहरू, नागरिक समाज र सम्बन्धित सबै पक्षको ध्यानाकृष्ट गर्ने, छलफल र परामर्श गर्ने कार्य सम्पन्न गरेको छ। राष्ट्रिय मानवअधिकार आयोगले सन् २००८ मा मानवअधिकार रक्षक एवम् पत्रकार डेकेन्द्रराज थापालाई माओवादीद्वारा कब्जामा लिई मारिएको भन्ने घटनामा निजको लास उत्खनन् गरी वैज्ञानिक परीक्षणपछि परिवारलाई बुझाउने कार्य गऱ्यो। साथै, उक्त घटनामा संलग्न तत्कालीन अवस्थाका नाम खुल्न आएका एकसहित माओवादी दैलेखका अन्य कार्यकर्ताहरूको पहिचान गरी फौजदारी अभियोगमा कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गऱ्यो। यस्तै पत्रकार वीरेन्द्र साहलाई माओवादीका कार्यकर्ताले बारामा अपहरण गरी मिति २०६४ असोज १८ गते हत्या भएको घटनामा आयोगबाट अनुसन्धान गरी सिफारिस गऱ्यो। पत्रकार प्रकाश ठकुरीलाई पनि माओवादीका कार्यकर्ताबाट अपहरण गरी अवस्था अज्ञात पारिएको घटनासम्बन्धी प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र माओवादीलाई पठाउने कार्य गऱ्यो। त्यस्तै काठमाडौँ कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको माओवादी कार्यकर्ताबाट भएको हत्याको सम्बन्धमा पनि अनुसन्धान गरी दोषीलाई कारबाही गर्न सिफारिस गऱ्यो। तर, आयोगका सिफारिसहरू कार्यान्वयन गरी दोषीलाई हालसम्म कारबाही गर्ने

सवालमा सरकारको प्रयास सफल देखिएन।

नेपाल सरकारले शान्तिसुरक्षाको बहाली र अपराध नियन्त्रणको विषयमा विभिन्न पहलहरू गरे तापनि यस अवधिमा विभिन्न हिंसात्मक गतिविधिहरूमा कमी आउन सकेन। हिंसाबाट केही व्यक्तिको ज्यानसमेत गयो। शान्तिसुरक्षाको स्थितिमा उल्लेखनीय सुधार आउन सकेन। तराईका सशस्त्र समूहको गतिविधि, तराईलगायतका विभिन्न क्षेत्रमा भएका बन्द, हडताल एवम् हिंसात्मक कार्य शान्तिसुरक्षाका लागि चुनौतीपूर्ण साबित भए। राजनीतिक दलहरूले सञ्चालन गरेका विभिन्न युवा दस्ताहरू र तिनीहरूबीचको झैं-झगडाका कारणबाट पनि गैरकानुनी क्रियाकलापहरू नियन्त्रण र शान्तिसुरक्षा कायम गर्ने कार्यमा अवरोध साबित हुन पुगे। सङ्क्रमणकालीन परिवेशमा फाइदा लिन चाहने पक्षबाट समेत मुलुकको शान्तिसुरक्षा प्रभावित बन्न पुग्यो। बन्द, हडताल, अपहरण, हत्या, हिंसाजस्ता गतिविधिहरूमा खासै कमी आउन सकेन। सामुदायिक र वर्गीय मागहरूका निम्ति भएका विभिन्न आन्दोलनहरूलाई सही ढङ्गले सरकारबाट समयमा नै सम्बोधन हुन नसक्दा देशमा बन्द, हडताल, तालाबन्दीलगायतका अराजक गतिविधिहरूमा वृद्धि भए। साथसाथै, आन्दोलनकारीहरू आफ्नो अधिकारको प्रयोगका लागि सङ्घर्षरत रहँदा अर्काको अधिकारको सम्मान र आफ्नो कर्तव्यप्रति संवेदनशील हुन नसक्दा देशमा थुप्रै हानिनोक्सानी र हिंसात्मक गतिविधिहरू बढे।

मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि नेपाल सरकारलगायत सम्बद्ध पक्षसँग अब बन्ने संविधान मानवअधिकार मैत्री हुनुपर्ने, सशस्त्र द्वन्द्वको अवधिमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीहरूको सम्बोधन गर्न संविधानमा उल्लेख गरिएका सत्य निरूपण आयोग, शान्ति तथा पुनःनिर्माण आयोग, बेपत्ता आयोगलगायतका आयोगहरू गठन गरिनु पर्ने। अपराधीहरूलाई राजनीतिक संरक्षण दिने कार्य भइरहेकाले दण्डहीनता बढेकाले त्यसको निरूपण हुनुपर्ने, द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न र दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्ति दिन तथा द्वन्द्वबाट विस्थापित भएकालाई पुनःस्थापना गर्न र कब्जा गरिएका सम्पत्ति फिर्ता गराउन सरकारले तत्कालै ठोस कदम चाल्नु पर्ने। महिला तथा बालबालिकामाथि हुने हिंसा र शोषण बन्द गर्न, अपाङ्गता भएका व्यक्तिहरूको हकअधिकार संरक्षण गर्न, आदिवासी तथा जनजाति, तराईवासी तथा मधेसी, दलित तथा अल्पसङ्ख्यकहरूको विकास, संरक्षण र सहभागिता सुनिश्चित गर्न, सञ्चारकर्मी र मानवअधिकारकर्मीमाथि भएका आक्रमण र हिंसाका घटनाका दोषीलाई कानुनी कारबाही गर्न र आवश्यक जनचेतना जगाउन, नेपालमा कुनै पनि किसिमको जातीय वा लिङ्गीय वा अन्य प्रकारका भेदभावलाई व्यावहारिक रूपमै अन्त्य गर्न, नेपालपक्ष भएका सबै किसिमका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरू तथा राष्ट्रिय कानुनहरूलाई कार्यान्वयन गर्ने तथा राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरूलाई तत्कालै उचित प्राथमिकता दिई कार्यान्वयन गर्न नेपाल सरकारलगायत सबै सम्बद्ध पक्षहरूमा आयोग हार्दिक आग्रह एवम् अनुरोध गर्दछ।

अन्त्यमा, मानवअधिकारको रक्षा, सम्बर्द्धन र दण्डहीनताको अन्त्यका निम्ति नागरिक समाज, मानवअधिकार समुदाय र आमसञ्चार क्षेत्र आदिबाट भइरहेको निरन्तर प्रयत्नहरूलाई आयोगले उच्च सम्मान गर्दै सो कार्यमा सरकार र राजनीतिक दलहरू र नागरिक समाज सबैलाई सचेत हुन र सहकार्य गर्न हार्दिक आह्वान गर्दछ।

**गौरी प्रधान**
सदस्य तथा प्रवक्ता

# राष्ट्रिय दलित आयोग

सर्वप्रथम समग्र मानवअधिकारको दृष्टिकोणबाट नेपालमा भएका घटनाहरूलाई सङ्कलन गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराउने र त्यससम्बन्धी तथ्य सूचनाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याई विधिको शासन सुनिश्चित गर्न र दबाब सिर्जना गर्न यस वर्ष समेत निरन्तरता दिई नेपाल मानवअधिकार वर्षपुस्तक, २००९ प्रकाशन गर्न लागेकामा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)लाई हार्दिक धन्यवाद दिन चाहन्छौं।

परम्परादेखि सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक एवम् सांस्कृतिक क्षेत्रमा पछाडि पारिनुका साथै छुवाछूतजस्ता अमानवीय व्यवहारका सिकार भई बाँच्न बाध्य दलित समुदायको मानवअधिकारको अवस्थामा अपेक्षाकृत सुधार नभएको कुरा सन् २००८ मा भएका घटनाहरूले प्रस्ट गराउँछ।

दलितहरूको मानवअधिकार अवस्थामा केही सुधार भए तापनि सन् २००८ मा यस आयोगमा पर्न आएका उजुरीका आधारमा हेर्ने हो भने अवस्था अझै चुनौतीपूर्ण रहेको देखिन्छ। यसको न्यूनीकरणका लागि

राष्ट्रिय दलित आयोगले मस्यौदा गरेको *जातीय विभेद तथा छुवाछूत अपराध उन्मूलन* गर्न बनेको र *राष्ट्रिय दलित अधिकार आयोग स्थापना गर्न बनेका विधेयकहरू* यथाशीघ्र पारित गर्नुपर्ने आवश्यकता रहेको छ।

**जानकी बराह**
सदस्य-सचिव

## नेपाल बार एसोसिएसन

अहिले पनि देशमा मानवअधिकारको स्थितिमा अपेक्षित सुधार नआएको महसुस भइरहेको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको सँगालोका रूपमा प्रकाशन हुने यो पुस्तकमा नेपाल बार एसोसिएसनले विशेषत: आफ्ना कार्यहरूको सिलसिलामा जानकारी भएका घटना र विषयहरूलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ।

मुलुकका विभिन्न भाग विशेषत, पूर्वी पहाड र तराई क्षेत्रमा हत्या, हिंसा र विस्थापनसमेतका घटनाहरू जारी रहेका छन्। बारा जिल्लामा कानुन व्यवसाय गर्दै आउनुभएका अधिवक्ता जगदीश आचार्यको हत्या भएको छ। हत्या, अपहरण, जबरजस्ती चन्दा असुली, सम्पत्ति कब्जा, विस्थापनजस्ता मानवअधिकारविरोधी घटनाहरू रोकिएका छैनन्। कानुनको शासन र मानवअधिकार रक्षकका रूपमा कार्यरत कानुन व्यवसायीहरूलाई पक्ष वा विपक्षबाट बहस पैरवी गरेका आधारमा धम्की दिने र कुटपिटसमेत गर्ने कार्य भएबाट कानुन व्यवसायीहरूको पेसागत सुरक्षामा पनि गम्भीर असर पुगेको छ। विभिन्न समूहहरूले हालसम्म पनि अपहरण, जबरजस्ती चन्दा असुलीजस्ता मानवअधिकारविरोधी क्रियाकलापहरू जारी राखेका छन्। अधिवक्ता अविनाश प्याकुरेलको अपहरण तथा रूपन्देहीका अधिवक्ता हकिम अली अन्सारीको पनि अपहरण भएको र कपिलवस्तुका अधिवक्ता महदी हसन विस्थापित भएको घटनाका सम्बन्धमा पनि राज्यले पहल गर्न सकेको अवस्था छैन। कब्जा गरिएका नागरिकका सम्पत्तिहरूसमेत फिर्ता गरिएका छैनन्। राजनीतिक आस्थाका आधारमा झगडाहरू भएका र मृत्युसमेत भएका घटनाहरू बारम्बार आएका छन्। बेपत्ता पारिएका नागरिकहरू सार्वजनिक गर्ने र दण्डहीनताको अन्त्य गर्ने कार्यमा सुधार आउन सकेको छैन। गैरकानुनी थुनामा राखी हिरासतमा मानवअधिकार विरोधी व्यवहार गर्ने कार्यहरू प्रहरीबाट बारम्बार हुने गरेका छन्। अदालतले फैसला गरिसकेका व्यक्तिका मुद्दाहरू पनि फिर्ता लिने कार्यले न्यायिक स्वतन्त्रतालाई पनि चुनौती दिने कार्य भएको महसुस भएको छ। कतिपय राजनीतिक भन्दा बाहिरका मुद्दाहरू पनि राजनीतिक कारण देखाउँदै फिर्ता गर्ने कार्य राज्यबाट भएका छन्।

अहिलेसम्मको अवस्था हेर्दा देशमा मानवअधिकारको स्थिति सन्तोषजनक हुन सकेको छैन। मानवअधिकार उल्लङ्घनका माध्यमहरू केही बदलिए पनि मानवअधिकार उल्लङ्घनका कार्य यथावत् छन्। देशमा दण्डहीनताको अवस्था कायम छ। त्यस्तै अदालतमा पनि अनियमियता भएको र यसको निराकरण आवश्यक भएको अनुभव गरिएको तर्फ नेपाल बार एसोसिएसनले सकारात्मक कदमहरू पनि चालेको छ।

विशेष गरेर तराईमा बम विस्फोटन, रकमका लागि अपहरणका घटना भइरहेका छन्। राजनीतिक दलका अर्धसैनिक दस्ताहरूका कारण जनताले पीडा भोग्नुका साथै त्रासको वातावरण सिर्जना भएको छ। कर्मचारीहरूका अपहरण र हत्याको क्रम रोकिएको छैन। यसले गर्दा विभिन्न प्रकारका समस्याहरू सिर्जना भएको पाइन्छ। रामहरि श्रेष्ठको हत्याले अहिले पनि राज्यको कानुनी पकड सबै ठाउँमा छैन भन्ने महसुस गराएको छ। सम्पत्ति कब्जा, बेपत्ता, सम्पत्तिको क्षति गर्ने कार्यहरू, नाबालक, बालिकामाथि हुने अमानवीय व्यवहारहरू, विभिन्न समूहहरूबाट विभिन्न निहुँमा मानिसहरूको अपहरण गर्ने र मार्नेजस्ता कार्यहरू पनि भइरहेका छन्। काठमाडौँका पुष्कर डङ्गोल र निर्मल पन्तको लास एक महिनापछि धादिङ जिल्लामा गाडिएको अवस्थामा फेला परेको घटनाले हामीलाई अरू मर्माहित बनाएको थियो।

यसका अलावा देशमा नयाँ संविधान बन्ने क्रममा मानवअधिकारका बारेमा हुनुपर्ने व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन गर्ने संयन्त्रका बारेमा समेत प्रस्ट व्यवस्था आवश्यक छ। यसबारेमा पनि छलफल गरेर सम्बन्धित पक्षलाई आफ्ना अडानहरू प्रस्ट राख्न र त्यसको कार्यान्वयनका लागि दबाब दिन आवश्यक छ भन्ने नेपाल बार एसोसिएसनको धारणा छ। लोकतन्त्रमा सञ्चारमाध्यमलाई राज्यको चौथो अङ्गका रूपमा लिइनु पर्नेमा अहिले पनि यो क्षेत्र असुरक्षित देखिएको छ। सञ्चारकर्मीहरूको हत्याको शृङ्खला जारी छ।

मानवअधिकार उल्लङ्घनका घटनाको प्रकृतिअनुसार प्रेस विज्ञप्ति निकाल्ने, सम्बन्धित पक्षको ध्यानाकर्षण गर्ने तथा आवश्यकताअनुसार कानुनी प्रक्रियाका लागि पहल गर्ने कार्य भएका छन् भने

अनुगमनका क्रममा मानवअधिकार सम्बन्धमा भएका अनुगमन र प्राप्त जानकारीका आधारमा केही प्रस्ट निष्कर्षहरू निकाल्न सकिन्छ।

१. हत्या र गैरकानुनी हत्याको शृङ्खला कायमै रहेको छ।
२. दण्डहीनताको अन्त्य हुन सकेको छैन।
३. बेपत्ता नागरिकहरूको स्थिति सार्वजनिक नहुनु विडम्बनापूर्ण रहेको छ।
४. कब्जा गरिएका सम्पत्ति फिर्ता नहुनु एवम् पुनःस्थापनाको पहल हुन नसक्नु दुःखको विषय रहेको छ।
५. पेसागत सुरक्षा हुन सकिरहेको छैन। यसले गर्दा नागरिकलाई कठिनाइ भएको छ र विभिन्न पेसाकर्मीहरू त्रस्त छन्।
६. छिटोछरितो न्याय तथा फैसला कार्यान्वयन जनताका लागि आवश्यक छ।
७. हिरासत एवम् कारागारको अवस्था अहिले पनि समयसापेक्ष छैन।
८. जातीय र क्षेत्रीय तथा साम्प्रदायिक भावनालाई समयमा नै नियन्त्रण र रोकथाम गर्न सकिएन भने मुलुकमा दङ्गा अभिवृद्धि भई मानवअधिकारको उल्लङ्घन बढ्दै जाने सम्भावना छ। अतः उपरोक्त कारणहरूबाट सरकार, राजनीतिक दलहरू र नागरिक समाज अत्यन्त चनाखो हुनैपर्छ। सरकार र राजनीतिक दलहरूले राष्ट्रिय सहमति गरेर समयतालिकाभित्र संविधान निर्माण गर्ने र प्रत्येक जाति, धर्म, सम्प्रदाय र वास्तवमा सबै नागरिकहरूले आ-आफ्नो हक अधिकार विधिसम्मत आफ्ना निर्वाचित प्रतिनिधिमार्फत संविधानसभामा लोकतान्त्रिक प्रणाली अनुसार खोज गर्ने कार्य गरेमा मात्र मुलुकले द्वन्द्वबाट निकास पाउन सक्छ।
९. सहअस्तित्वको सिद्धान्तलाई सबैले समानरूपमा सम्मान गरेमा र सबै नेपालीले नेपालको जुनसुकै ठाउँमा बसोबास गरे पनि समान अवसर पाउने लोकतन्त्रको स्थापना गर्न सकिए मात्र मानवअधिकारको संरक्षण हुनसक्छ।

अरू विकसित सङ्घीय प्रणाली भएका मुलुकहरूले छुट्टाछुट्टै राज्य भएर बस्दा कमजोर हुने भएकाले सबै साना राज्यहरू मिलेर एउटा सङ्घीय राज्य निर्माण गरेका थिए र उनीहरूले त्यसबाट आफूलाई विकसित गर्न सके। तर, नेपालमा सङ्घीयताको साँचो एक जाति, एक भाषा र एक धर्मको अहङ्कार र शासनको विरूद्धमा गएको हुँदा त्यसको विकल्पमा सम्पूर्ण जाति, भाषा, धर्मलाई राज्यको मूलप्रवाहमा समावेश गर्नका लागि भएको हुँदा नेपालमा पुनः केही जातिगत र क्षेत्रीय अहङ्कार स्वीकार गर्नका लागि सङ्घीयता नल्याएको कुरा पनि स्पष्ट गर्न चाहन्छौं।

**विश्वकान्त मैनाली, वरिष्ठ अधिवक्ता**
अध्यक्ष

## नेपाल पत्रकार महासङ्घ

मुलुक ०६५ जेठ १५ गतेबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ। ०६२/६३ को १९ दिने दोस्रो ऐतिहासिक जनआन्दोलनपछि मुलुकमा निरङ्कुशतन्त्रको पराजयसाथ लोकतन्त्रको स्थापनापछि ऐतिहासिक संविधानसभाको निर्वाचनबाट मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको हो। यस उपलब्धिबाट मुलुकले गणतन्त्रको संस्थागत विकास, नयाँ संविधान लेखन, दिगो शान्ति र नयाँ नेपालको समेत परिकल्पना गरेको छ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भइसेकपछि पनि विद्यमान सङ्क्रमणकालीन अवस्थाका कारण नेपाली जनताले भयावह स्थितिको सामना गरिरहेका छन्। गणतन्त्र स्थापनापछि आमजनताले बेहोर्नु परेको यो स्थिति निश्चय पनि राम्रो होइन। यद्यपि, मुलुकमा दण्डहीनताले प्रश्रय पाएकै कारण यो अवस्था राजनीतिक, नागरिक, आर्थिक, सांस्कृतिक तथा मानिसको बाँच्न पाउने अधिकारको समेत ग्यारेण्टी हुन सकेको छैन। मानवअधिकारको दृष्टिकोणले अहिलेको सङ्क्रमणकालीन अवस्था अत्यन्तै भयावह र नाजुक बनेको छ। पत्रकारहरूमाथि आक्रमण, धम्की, समाचार सङ्कलनमा अवरोध तथा हत्या नै गर्ने क्रम अहिले पनि जारी छ। राज्यको शासनशैली मानवताविरोधी एवम् प्रचलित कानुन र नेपालले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सन्धिविपरीत भइरहेका छन्। त्यस्तै वर्तमान सरकारको नेतृत्व गरेको माओवादी र तत्कालीन सात दलबीच ०६३ मङ्सिर ५ गते भएको शान्ति सम्झौता र विभिन्न समयमा गरिएका सम्झौताविपरीत दलहरूले आ-आफ्नै अडान राख्नु र सम्झौता इमानदारीका साथ कार्यान्वयन गर्नुको सट्टा एकअर्कामा आरोप-प्रत्यारोपमा उत्रिरहेका छन्, जसले मानवअधिकार राजनीतिक तथा विचार र अभिव्यक्तिको स्वतन्त्रता र प्रेसमाथिको अधिकारको समेत उपहास भइरहेको छ।

लोकतन्त्र स्थापनापछि बनेको सरकार तथा

**सन् २००९ को अवधिमित्र पत्रकारले भोगेका मानवअधिकार हननको अवस्था**

| क्र.सं. | घटनाको प्रकृति | पीडित सङ्ख्या |
|---|---|---|
| १ | हत्या | २ |
| २ | गिरफ्तार | ५२ |
| ३ | पत्रकार/सञ्चारमाध्यममाथि आक्रमण | ११४ |
| ४ | पत्रकार/सञ्चारमाध्यममाथि धम्की/दुर्व्यवहार | ८० |
| ५ | सूचना प्रवाहमा न्यवधान | १६ |
| ६ | जागिरबाट निकाला | १ |
| ७ | प्रकाशन बन्द | ५० |
| ८ | अपहरण | २ |
| ९ | सवारी साधान तोडफोड | १९ |
| १० | कार्यक्षेत्रबाट विस्थापित | २ |
| ११ | लुटपाट | ४ |
| | जम्मा | ३४२ |

गणतन्त्रपछि गठन भएको सरकारले प्रेस स्वतन्त्रताको विषयमा केही हदसम्म सकारात्मक कदम भने चालेको छ। यसको उदाहरणका रूपमा प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रतालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गर्नु र प्रेस स्वतन्त्रताको संरक्षण तथा सम्वर्द्धनका लागि उच्चस्तरीय मिडिया आयोग गठन गर्नुलाई लिन सकिन्छ। तर, यसले पूर्णता भने पाएको छैन। यस अवधिमा सयौं पत्रकारहरूले विभिन्न असामाजिक तत्त्व तथा गिरोह र सशस्त्र समूहको धम्की सहनु परेको छ। समाचार लेखेकै कारण यस्ता धम्की तथा समाचार सङ्कलनमा गरिएका अवरोधका कारण दर्जनौं पत्रकार विस्थापित भएका छन्। श्रमजीवी पत्रकार ऐन र सूचनाको हकसम्बन्धी कानुनलाई पूर्णता दिएर कार्यान्वयन गर्नेतर्फ सरकारले अहिले पनि ठोस कदम चाल्न सकेको छैन।

अन्त्यमा प्रेस स्वतन्त्रता र मानवअधिकारको संस्थागत विकासमा अगाडि बढ्ने कार्यमा कुनै कसर बाँकी नराख्ने नेपाल पत्रकार महासङ्घको स्पष्ट दृष्टिकोण रहेको छ। गणतन्त्रमा प्रवेश गरिसकेको अहिलेको अवस्थामा नागरिक तथा राजनीतिक अधिकारका साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मुद्दाले प्राथमिकता पाउनुपर्छ। सूचनाको पहुँच र सूचनाको हकसम्बन्धी कानुनी प्रत्याभूति हुनुपर्छ भन्ने महासङ्घको मान्यता रहेको अवगत गराउँदै मानवअधिकारसम्बन्धी सदैव चिन्तनशील बनेको इन्सेकले नागरिकको मानवअधिकार संरक्षण र सम्बर्द्धनमा आगामी दिनमा भेदभावरहित ढङ्गले आवाज उठाओस् भन्ने सुझावका साथ यस वर्ष प्रकाशित हुन लागेको मानवअधिकार वर्षपुस्तक सन् २००९ को प्रकाशन सफलताको कामना गर्दछु।

**पोषण केसी**
महासचिव
केन्द्रीय समिति

अनुसूची

# ५

## विभिन्न दस्तावेजहरू

# युद्धका विस्फोटक अवशेष : भय र चुनौती

**१. पृष्ठभूमि**

सरकार र नेकपा (माओवादी)बीच विस्तृत शान्ति सम्झौतापछि 'अञ्जानवश सक्रिय हुन गई भएका विस्फोटन'को सङ्ख्या घटेको देखिन्छ। त्यसैले युद्धका विस्फोटक अवशेष (ईआरडब्लू)को भय कम हुँदै गएको छ। तापनि, तराई-मधेसका सशस्त्र समूहको बढ्दो विस्फोटक पदार्थहरूको प्रयोग भने समस्याका रूपमा देखा परेको छ। तर, यस्ता हतियारहरूको घातक असर कम गर्न सरकार उदासीन रहेको देखिन्छ। सन् २००८ मा पनि विस्फोटक पदार्थसम्बन्धी महासन्धिहरू (परम्परागत हतियारसम्बन्धी महासन्धि र ओटावा सन्धि) अनुमोदन गरिएन। सरकारले यस सम्बन्धमा अग्रसरता नदेखाएकाले अनमिनको सहयोगमा माओवादी छापामारको शिविरमा रहेका सबै घरेलु विस्फोटक पदार्थ र पाँचओटा स्थानमा जमिनमुनि बिछ्याइएका माइन नष्ट गर्नु नेपाललाई युद्धका विस्फोटक अवशेषहरूबाट मुक्त गर्ने प्रभावकारी कदम थियो।[१] तर, अझै ४८ स्थानमा रहेका माइन हटाउने कार्य सुरु नभएकाले यससम्बन्धी धेरै काम गर्न बाँकी रहेको देखिन्छ।

**२. बालबालिका बढी प्रभावित**

पीडितद्वारा अञ्जानवश सक्रिय गराइएको विस्फोटनसम्बन्धी इन्सेकको तथ्याङ्कअनुसार सन् २००८ मा २४ ओटा जिल्लामा भएका ३७ ओटा घटनामा परी ७२ जना पीडित भए। यस्ता विस्फोटनबाट प्रभावित हुने सर्वसाधारणको सङ्ख्यामा ३१ प्रतिशतले कमी आए पनि घटना सङ्ख्या भने उस्तै

१. United Nations Security Council. 'Report of the Secretary-General on the request of Nepal for United Nations assistance in support of its peace process.' (S/2008/670). 24 October 2008

**तालिका १** **विभिन्न कारणले भएका विस्फोटनमा परेकाहरू**

(जनवरीदेखि डिसेम्बर २००८)



**तालिका : २**

**उमेरअनुसार घटनामा परेकाहरू**

**(जनवरीदेखि डिसेम्बर २००८)**




छ। सर्वसाधारणको गतिविधिका कारण अञ्जानवश विस्फोटक सक्रिय हुन गई सन् २००७ मा ४२ ओटा घटनामा परेका १ सय ४ जना सर्वसाधारणमध्ये १३ जनाको मृत्यु भएको थियो। सन् २००६ मा भएका यस्तै प्रकृतिका ९८ ओटा विस्फोटनका घटनामा १ सय ६९ जना सर्वसाधारण परेका थिए, जसमध्ये ३१ जनाको मृत्यु भएको थियो।[३] सन् २००७ मा पीडितद्वारा सक्रिय गराइएका विस्फोटनका घटनाबाट सबैभन्दा बढी प्रभावित १२ राष्ट्रमा नेपाल पनि परेका थियो।[३]

यस्ता विस्फोटनका घटनाबाट प्रभावित हुने मध्ये ४६ जना बालबालिका रहेका थिए। बालबालिका प्रभावित हुने बढ्दो दरका कारण (सन् २००८ मा ६४ प्रतिशत, सन् २००७ मा ४७ प्रतिशत) पीडितद्वारा सक्रिय गराइएको विस्फोटनका घटनामा बालबालिका प्रभावित हुने राष्ट्रहरूमा सबभन्दा अगाडि नेपाल छ। कुल पीडितहरूमध्ये ३६ प्रतिशत १०-१४ उमेर समूहका छन् भने सन् २००७ मा यो १६ प्रतिशतमा सीमित थियो। साथै, अन्य प्रभावित मुलुकको प्रवृत्तिभन्दा फरक यहाँ कुल पीडितहरूमध्ये ३१ प्रतिशत महिला रहेका थिए।[४] विस्फोटनमा पर्नेमध्ये चार जनाको मृत्यु भएको थियो, जसमध्ये दुई जना सर्वसाधारणको जाजरकोटमा माओवादीले आफ्नो घरमा राखेको बम हटाउँदा मृत्यु भएको थियो।[५] कुल ३७ घटनामध्ये १६ ओटा घटना घरभित्र वा घरनजिक भएका थिए भने छओटा मोटरबाटो र चारओटा खेतीयोग्य जमिनमा भएका थिए। यसले पनि देखाउँछ, सर्वसाधारण दैनिक हिँडडुल गर्ने ठाउँहरूमा विस्फोटक पदार्थहरू छाडिएको। दुईओटा मात्र घटना माइन विस्फोटनका कारण भएका थिए भने बाँकी सबै घटना घरेलु विस्फोटक पदार्थ (आईईडी) विस्फोटन हुँदा भएको पाइन्छ।

सन् २००८ मा नेपाली सेनाले सुरक्षा प्रदान गरेको खोटाडस्थित टेलिफोन रिपिटर टावरबाहिर घाँस काट्ने क्रममा एक महिला घाइते भइन्। टावरको सुरक्षाका लागि सेनाले बिछ्याएको माइन पहिरोले सर्न गई सो घटना भएको अनुमान गरिएको थियो।[६] दैलेखमा आफ्नो घर सफा गर्ने क्रममा एक जना सर्वसाधारणले सकेट बम छुँदा विस्फोटन हुन गई उनी घाइते भए। द्वन्द्वकालमा माओवादीद्वारा विस्थापित भएका उनी केही समयअघि मात्र घर फर्केका थिए।[७] यसैगरी, दैलेखमा नै बिदामा आएका चितवनस्थित माओवादी शिविरका एक छापामारले छाडेको 'अनौठो वस्तु' खेलाउँदा एक जना बालक घाइते भए।[८] शान्ति सम्झौतामा कुनै पनि पक्षले विस्फोटक पदार्थ प्रयोग र ओसारपसार नगर्ने प्रतिबद्धता जनाए पनि यो घटनाले विस्फोटक पदार्थहरूमा माओवादी छापामारको अझै पहुँच रहेको देखाउँछ। कुल ३७ ओटा घटनामा २५ ओटा घटना तराई-मधेसका जिल्लाहरूमा भएका थिए भने दुईओटा घटनाको जिम्मा सशस्त्र समूहले लिएको

१. 'Report on Civilian Casualties of Victim Activated Explosions January-December 2007' http://www.inseconline.org/Mine_Report/INSEC__Surveillance_Report_2007.pdf accessed on 21 January 2008
२. ICBL. Landmine Monitor Report 2008. Canada : Mines Action Canada, 2008.
३. 'परम्परागत हतियारसम्बन्धी महासन्धिमा नेपालले हस्ताक्षर गर्नुपर्ने'। गोरखापत्र, ०६५ पुस ५ गते: पृ. ३
४. 'Report on Civilian Casualties of Victim Activated Explosions January-September 2008' http://www.inseconline.org/Mine_Report/INSEC%20Surveillance%20on%20Explosive%20Device%20Incidents%20Jan-September%202008.pdf accessed on 20 January 2008
५. पूर्ववत्
६. पूर्ववत्
७. 'Child Injured in Explosion.' inseconline.org http://www.inseconline.org/archive_show2.php?newsid=3548 accessed on 20 January 2008

**तालिका : ३**

**विस्फोट भएका स्थान**

(**जनवरीदेखि डिसेम्बर २००८**)




थियो।[९] बाँकी २३ घटनाको कसैले जिम्मा नलिए पनि यी घटनामा तराई-मधेसका सशस्त्र समूहको संलग्नता देखिएको थियो।

### ३. तराई-मधेसमा विस्फोटक पदार्थको बढ्दो प्रयोग

पहाडी क्षेत्रमा विस्फोटनका घटनामा कमी आए पनि तराई-मधेसमा भने यस्ता घटनामा वृद्धि हुँदै गएको छ। सन् २००८ मा ८१ प्रतिशत थियो भने सन् २००७ मा पहाडी क्षेत्रमा ६० प्रतिशतमा सीमित थियो। पहाडी जिल्लामा भएका सबै विस्फोटनका घटना सर्वसाधारणको गतिविधिका कारण अञ्जानवश भएका थिए। सबै विस्फोट माओवादीले लापरबाहीपूर्वक छोडेका 'अनौठो वस्तु' वा पदार्थबाट भएका थिए। तर, तराई-मधेसका जिल्लामा भएका सबैजसो विस्फोटन सशस्त्र समूहहरूले छाडेका विस्फोटक पदार्थका कारण नै भएका थिए।[१०]

बारा र सर्लाहीमा सर्वसाधारणद्वारा अञ्जानवश सक्रिय गराइएका विस्फोटका घटनाको जिम्मेवारी पनि सशस्त्र समूहहरूले लिए।[११] ती समूहहरूले राखेको विस्फोटक पदार्थ चलाउँदा बालबालिका घाइते भए। सर्वसाधारणलाई आतङ्कित पार्ने उद्देश्यले ती सशस्त्र समूहहरूले यस्ता विस्फोटक पदार्थ राखेको प्रस्ट हुन्छ।

तराईमा वर्षभरि शृङ्खलाबद्ध रूपमा भएका विस्फोटनका घटनाहरूको कुनै समूहले जिम्मा लिएन। तराई आर्मी नामक समूहले रौतहटको बसपार्कमा पाइप बम विस्फोट गराउँदा दुई जनाको मृत्यु भयो भने १२ जना घाइते भए।[१२] जनकपुर नपा-४ स्थित मालपोत कार्यालयमा सिलिण्डर बम विस्फोट हुँदा १४ जना घाइते भए। जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति समूह) र तराई राष्ट्रिय मुक्ति सेनाले सो विस्फोटनको जिम्मा लियो।[१३] तराई आर्मी नामक समूहले पोखरामा शृङ्खलाबद्ध विस्फोट गराई पाँच जनालाई घाइते बनायो।[१४] यी नियोजित विस्फोटनका घटना भने चार्टहरूमा विश्लेषण गरिएको छैन।

विस्फोटकको अनियन्त्रित प्रयोगका कारण वर्षभरि नै तराई-मधेसका निर्दोष जनता पीडित भइरहे। सरकारले वार्ताका क्रममा यी समूहहरूलाई विस्फोटक पदार्थको प्रयोग बन्द गर्न दबाब दिन जरुरी छ।

---

९. 'Child Injured in Explosion.' inseconline.org http://www.inseconline.org/news_detail.php?newsid=3420 accessed on 20 January 2008
१०. पूर्ववत् । पृ.५
११. पूर्ववत् । पृ. ८
१२. 'TA Detonates Bomb at Public Place, Two Killed, 12 Injured.' http://www.inseconline.org/archive_show2.php?newsid=2880 accessed on 20 January 2008
१३. '14 Injured in Blast at Land Revenue Office.' http://www.inseconline.org/archive_show2.php?newsid=3391 accessed on 21 January 2008
१४. 'Five Injured in Series of Explosions.' http://www.inseconline.org/archive_show2.php?newsid=3043 accessed on 21 January 2008

नागरिक समाज र मानवअधिकार समुदाय पनि घरेलु विस्फोटक पदार्थको प्रयोग र उत्पादन बन्द गर्न यी समूहहरूलाई निरुत्साहित तुल्याउन अग्रसर हुनुपर्छ।

### ४. खतरा अझै छ

संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन)को माइन एक्सन युनिट र माओवादी सेनाले माओवादी छापामार शिविरमा रहेका सबै घरेलु विस्फोटक पदार्थ नष्ट गऱ्यो। सो युनिटले नेपाली सेनालाई पाँचओटा स्थानमा सन् २००८ को अन्त्यसम्म जमिनमुनि बिछ्याइएका माइन नष्ट गर्न सहयोग गऱ्यो।[१५] पछि हुनसक्ने घटना यसबाट पक्कै पनि कम हुने आशा गर्न सकिन्छ।

यस वर्षको अन्त्यसम्म १२ ओटा स्थानमा बिछ्याइएका माइन नष्ट गर्ने योजना रहे पनि पाँचओटा स्थानका मात्र माइन नष्ट गरियो।[१६] यही गतिमा माइन नष्ट गर्ने प्रक्रिया अघि बढ्यो भने ४८ स्थानमा बिछ्याइएका माइन नष्ट गर्न अझै वर्षौं लाग्ने कुरामा दुईमत छैन। शान्ति सम्झौतापछि माइन नष्ट गर्ने कार्यलाई सरकारले प्राथमिकताका साथ अघि बढाएको छैन।[१७]

अनमिनको माइन एक्सन युनिटले सबै स्थानमा बिछ्याइएका माइन नष्ट गर्न पाँच वर्ष लाग्ने अनुमान गरेको छ। तर, यो उद्देश्य पूरा गर्नका लागि नेपाली सेनाका थप कर्मचारीलाई माइन नष्ट गर्ने प्रविधिबारे तालिम दिन आवश्यक छ।[१८] माइन नष्ट गर्ने प्रक्रियामा हाल संयुक्त राष्ट्रसङ्घीय माइन एक्सन टिमबाट सहयोग पाइरहेको नेपाली सेनाले नेपाललाई माइन प्रभावमुक्त राष्ट्र बनाउने प्रयास गरिरहेको छ।[१९]

### ५. निष्कर्ष

यस वर्ष विस्फोटमा पर्ने ७२ जनामध्ये ६८ जना अर्थात् ९५ प्रतिशत घरेलु विस्फोटक पदार्थका कारण भएको घटनामा परेका थिए। त्यसैले पनि नेपालले केही परम्परागत हतियारसम्बन्धी महासन्धि (सीसीडब्लू)को तत्काल पक्ष राष्ट्र हुनुपर्ने आवश्यकता देखाएको छ।[२०] युद्धका विस्फोटक अवशेषसँग सम्बन्धित यस महासन्धिको पाँचौं आलेखले सशस्त्र द्वन्द्वमा संलग्न सबै पक्षलाई द्वन्द्वको समाप्तिपछि आफ्नो नियन्त्रणमा रहेको क्षेत्रमा रहेका युद्धका विस्फोटक अवशेषलाई रेखाङ्कन र नष्ट गर्न र आफ्नो नियन्त्रणमा नरहेको क्षेत्रमा आफ्ना क्रियाकलापले गर्दा उत्पन्न युद्धका विस्फोटक अवशेषलाई नष्ट गर्न प्राविधिक, साधनस्रोत र आर्थिक सहायता प्रदान गर्न प्रोत्साहन गर्छ। विस्तृत शान्ति सम्झौतामा रहेका केही बुँदाहरू परम्परागत हतियारसम्बन्धी महासन्धिबाट 'प्रेरित' भए पनि त्यसको पूर्ण कार्यान्यवन भने सन् २००८ मा पनि भएन। द्वन्द्वको समयमा घरेलु विस्फोटक पदार्थ भण्डारण गरिएका स्थानहरूबारे माओवादीले अझै जानकारी दिएका छैनन्।[२१] दैलेखमा माओवादीद्वारा विस्थापित एक सर्वसाधारण घर फर्केपछि बस्नका लागि सरसफाइ गर्ने क्रममा सकेट बम छुन पुग्दा घाइते भए। त्यस घटनाले विस्थापितहरूको घरमा माओवादीले विस्फोटक पदार्थहरू छाडेको हुनसक्ने अनुमान गर्न सकिन्छ। यससम्बन्धी जानकारीको अभावमा आफ्नो वासस्थानबाट लामो समयसम्म विस्थापित भएकाहरूको जीवन खतरामा पर्ने देखिन्छ।

यसैगरी, दैलेखमा माओवादी छापामारले छाडेको विस्फोटक पदार्थ चलाउँदा एक बालक घाइते हुनुले उनीहरूसँग भएको सबै घरेलु विस्फोटक पदार्थ नष्ट नगरिएको आशङ्का उब्जाएको छ। यो घटना शान्ति सम्झौतामा दुवै पक्षले विस्फोटक पदार्थ ओसारपसार नगर्ने सहमतिको विपरीत हो। विस्तृत शान्ति सम्झौताको बुँदा ५.१.१, ५.१.२, ५.१.४ मा दुवै पक्षले माइन नबिछ्याउने, युद्धमा प्रयोग गरिएका विस्फोटक पदार्थ र माइनहरूलाई निष्क्रिय र निर्मूल गर्न एकअर्कालाई जानकारी दिने उल्लेख गरिएको छ।

ओटावा सन्धिमा हस्ताक्षर गर्ने राष्ट्रले आफूसँग भण्डारण गरिएको माइन चार वर्षभित्र नष्ट गर्नुपर्ने र बिछ्याइएको माइन १० वर्षभित्र नष्ट गर्नुपर्ने हुँदा सरकारले यो सन्धि अनुमोदन गऱ्यो भने नेपाललाई माइन प्रभावमुक्त राष्ट्र बनाउनेतर्फ अग्रसरता लिएको देखिनेछ।

---

१५. पूर्ववत् १
१६. MAJWG meeting minutes. Kathmandu. 23 May 2008
१७. 'Landmine scare.' *The Himalayan Times* 11 December 2008: p 5
१८. 'Q & A with Grant Milthorpe, UNMIN's Senior Mine Action Advisior.' http://unmin.org.np/downloads/mine/2008-04-04-QnA.Mine.Action.ENG.pdf accessed on 21 January
१९. United Nations. Press Release. New York, 9 December 2008
२०. UNICEF. Media Advisory. Kathmandu, 16 December 2008
२१. '47 Bombs Found in a Bardiya House.' *The Himalayan Times* 18 September 2008

तराईमा जारी हिंसाका घटनामा कमी नदेखिएकाले सरकारले त्यहाँको सुरक्षा स्थितिमा सुधार गर्नुपर्छ। दक्षिण भेगका खुला सिमानाले गर्दा विस्फोटक पदार्थको सजिलै प्रयोग र ओसारपसार हुने हुँदा त्यस क्षेत्रमा सुरक्षाकर्मीको बलियो उपस्थितिले पनि विस्फोटनका घटनामा कमी ल्याउनेछ। केही सशस्त्र समूहसँग वार्ता सुरु गरिसकेको सरकारले उनीहरूलाई घरेलु विस्फोटक पदार्थ प्रयोग गर्न निरुत्साहित गर्नुपर्छ।[३२]

अन्तरमन्त्रालय स्तरको नीति निर्माण गर्ने समिति र कार्यान्यवन गर्ने प्राविधिक समिति रहेको शान्ति तथा पुन:निर्माण मन्त्रालय अन्तर्गत गठन भएको नेसनल माइन एक्सन अथोरिटी (एनएमएए)ले माइनविरुद्धको अभियानका कार्यक्रमहरूको नेतृत्व लिनुपर्छ। हालसम्म निष्क्रिय रहेको यो सरकारी निकायले स्रोत परिचालन गरी माइनविरुद्धको अभियानका सबै आधारस्तम्भहरू (सफाइ, माइन जोखिम न्यूनीकरण शिक्षा, पीडित सहयोग, बहस/पैरवी र भण्डारण नष्ट गर्ने)मा निश्चित योजना अनुरूप भविष्यमा काम गर्नुपर्छ।[३३]

**६. सुझाव**

विस्फोटनबाट पीडित हुनेको सङ्ख्यामा कमी ल्याउनका लागि र पीडितहरूको पुन:स्थापनाका लागि उल्लिखित कदमहरू चाल्नु पर्ने देखिन्छ :

विस्फोटक पदार्थसम्बन्धी महासन्धिहरू (परम्परागत हतियारसम्बन्धी महासन्धि र ओटावा सन्धि) अनुमोदन गर्ने।

- माइन नष्ट गर्ने प्रक्रियालाई तीव्रता दिने।
- माओवादीद्वारा युद्धकालमा कब्जा गरिएका घरहरू पत्ता लगाई त्यहाँ घरेलु विस्फोटक पदार्थहरू छाडिएको भए नष्ट पार्ने।
- तराईका जिल्लामा सुरक्षा स्थिति सुधार्ने।
- तराईमा सशस्त्र समूहहरूलाई घरेलु विस्फोटक पदार्थ प्रयोग गर्न निरुत्साहित गर्ने।
- माइन जोखिम न्यूनीकरण शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- गाउँ फर्कने क्रममा रहेका या फर्किसकेका विस्थापित व्यक्तिलाई विस्फोटक पदार्थसम्बन्धी जानकारी दिने व्यवस्था मिलाउने।
- विस्फोटन परी पीडित भएकाहरूलाई सहायता प्रदान गर्ने।

३२. 'Integrate our fighters in NA: MVK.' ekantipur.com http://www.ekantipur.com/kolnews.php?&nid=169954 accessed on 22 January 2008

३३. पूर्ववत् । पृ. १६

## नेपाल सरकारको वार्ता टोली र तराई संयुक्त जनक्रान्ति पार्टीको वार्ता टोलीबीच भएको सहमति

नेपाल सरकारको वार्ता टोली र तराई संयुक्त जनक्रान्ति पार्टीको वार्ता टोलीबीच २०६५ पुस १६ गते काठमाडौँमा सौहार्दपूर्ण वातावरणमा वार्ता भयो। नेपालको अग्रगामी परिवर्तन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र सुदृढीकरण नयाँ जनमुखी संविधानबाटै गर्न सकिने विश्वासका साथ देशको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वार्थ र राष्ट्रिय एकताको मूल मर्मलाई आत्मसात् गर्दै निम्नानुसारका बुँदाहरूमा सहमति भयो:

१. वार्ता टोलीका सदस्यहरूको सुरक्षाको जिम्मेवारी वार्ता अवधिसम्मको लागि नेपाल सरकारले गर्ने।
२. तराई संयुक्त जनक्रान्ति पार्टीले आफ्ना सशस्त्र एवम् उत्तेजक कारबाहीहरू स्थगित गर्ने र नेपाल सरकारका तर्फबाट पनि सो पार्टीका नेता तथा कार्यकर्तालाई राजनीतिक रूपमा व्यवहार गर्ने।
३. आन्दोलनको सिलसिलामा बन्दी बनाइएका व्यक्तिहरूको नामावली तराई संयुक्त जनक्रान्ति पार्टीले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानबिन गरी क्रमश: रिहा गर्ने।
४. पिछडा वर्ग (OBC) को गठन आदेश जारी भएको र त्यसको औपचारिक गठनपश्चात् पिछडिएको समुदाय (मधेस)का बारे आवश्यक कानुनी व्यवस्थाको प्रक्रिया अगाडि बढाउने कुरामा सरकार प्रतिवद्ध छ।
५. तराईमा रहेका अन्य द्वन्द्वरत राजनीतिक समूहहरूलाई पनि वार्ताको टेबलमा ल्याउनका लागि पहल गर्ने।

**तराई संयुक्त जनक्रान्ति पार्टीका तर्फबाट**
गजेन्द्रकुमार मण्डल 'अनुराग'

**सरकारी वार्ताटोलीका तर्फबाट**
जनार्दन शर्मा 'प्रभाकर'
संयोजक



आज मिति२०६५।५।३० गते शुक्रबारका दिन शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा सरकारी वार्ता टोली र राष्ट्रिय हलिया मुक्ति समाज महासंघको वार्ता टोलीबीच वार्ता भई निम्नलिखित सहमति भएकोछ ।

१. पुस्तौं पुस्ता देखि हलिया परिवारको नाममा रहेको ऋण खारेजीसहित नेपाल सरकारले औपचारिक रुपमा हलिया मुक्तिको घोषणा गर्ने ।
२. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुंदे मागहरु अध्ययन गरी ठोस कार्य गर्न पौडित हलिया र सम्बन्धित व्यक्तिका तर्फबाट ६ जना र सरकारी निकायबाट ३ गरी ९ सदस्यीय कार्यदल गठन गर्ने । उक्त कार्यदलले गठन भएको १५ दिन भित्र प्रतिवेदन पेश गर्ने ।
३. हलिया आन्दोलनकारी तथा हलिया परिवारलाई आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने ।
४. राष्ट्रिय हलिया मुक्ति समाज, महासंघका ११ बुंदे मागहरु प्रति सकारात्मक रहदै सबै मागहरुको सम्बन्धमा कार्यदलले गरेको सिफारिसमा नेपाल सरकारले समस्या समाधानका लागि कारवाही अगाडि बढाउने ।
५. राष्ट्रिय हलिया मुक्ति समाज महासंघले गर्दै आएका सम्पूर्ण आन्दोलनका कार्यक्रम आजै देखि फिर्ता लिने ।

राष्ट्रिय हलिया मुक्ति समाज, महासंघको तर्फबाट

(राजुराम भुल)
अध्यक्ष

हरि श्रीपाइली

चक्र बी.के.

नक्क विश्वकर्मा

सरकारी वार्ता टोलीको तर्फबाट

(जनार्दन शर्मा "प्रभाकर")
शान्ति तथा पुनर्निर्माण मन्त्री

## नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बीच सम्पन्न सम्झौता

नेपालमा मधेशी जनताले आफ्नो समान अधिकारका लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकांक्षालाई सम्मान गर्दै मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेद्लाई अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच तत्काल लागू हुने गरी यो सम्झौता गरिएको छ । सम्झौताका विषयहरु देहाय बमोजिम छन् ।

१. मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरु लाई शहीद घोषणा गर्ने र हाल सम्म राहत नपाएका अङ्गभङ्ग भएकाहरुलाई उचित राहत राज्यले उपलब्ध गराउनेछ । यसै क्रममा आन्दोलनमा घाईते भएकाहरुको उपचार खर्चको व्यवस्था, र शहादत प्राप्त गरेकाहरुलाई शहीद घोषणा गरी आश्रित परिवारलाई रु.१० लाखका दरले राहत उपलब्ध गराउने तथा गिरफ्तार व्यक्तिहरुलाई तत्काल रिहा गरिनेछ ।

२. मधेशी जनताको स्वायत मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत प्रदेश सहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रुपमा शक्तिको बाँड फाँड सुचीको आधारमा गरिनेछ । प्रदेशहरु पुर्णरुपले स्वायत र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डता लाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरुको संरचना, केन्द्र र प्रदेशका सुचीहरुको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधान सभाबाट निर्धारण गरिनेछ ।

३. संविधान सभा सदस्य निर्वाचन ऐन-२०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशतको वर्तमान कानुनी व्यवस्थाको सट्टा ३० प्रतिशत गरिनेछ ।

४. सरकारले सुरक्षा अङ्ग लगायत राज्यका सबै निकायहरुमा मधेशी, आदिवासी– जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुने गरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रुपले गर्नेछ ।

५. नेपाली सेनालाई राष्ट्रिय स्वरुप प्रदान गर्न र समावेशी बनाउन मधेशी लगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ ।

६. नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, तराईमा संघर्षरत सबै सशस्त्र समूहहरुलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियाका लागि वार्तामा आउन आग्रह गर्दै वार्ता बाट सबै समस्या समाधान गर्न आग्रह गर्दछ । यसको लागि नेपाल सरकारले तत्कालै अनुकूल वातावरण बनाउन आवश्यक कदम चाल्नेछ । आगामी चैत्र २८ गतेको संविधान सभा निर्वाचन शान्तिपुर्ण, हिंसामुक्त, निष्पक्ष, स्वच्छ र भयमुक्त वातावरणमा सम्पन्न गर्न सबैलाई अपील गर्दछौं ।

७. सरकार र मधेशी जन अधिकार फोरम बीच २०६४ भाद्र १३ गते भएको २२ बुंदे सम्झौता अनुरुप बन्दी राखिएकाहरुको यथाशिघ्र रिहाई, फोरम लगायत अन्य मधेशी नेता तथा कार्यकर्ताहरु माथि लगाइएका मुद्दाहरु अबिलम्ब फिर्ता गर्ने तथा सम्झौताका बाँकी बुंदाहरु नेपाल सरकारले अबिलम्ब कार्यान्वयन गर्नेछ ।

८. संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा जारी रहेका आन्दोलनका सबै कार्यक्रमहरु तत्काल फिर्ता लिईएकोछ ।

यस सम्झौतामा उल्लेख गरिएका विषयहरुको संवैधानिक, कानूनी, राजनैतिक एवं प्रशासनिक आदि जिम्मेवारी नेपाल सरकारको रहने छ । सम्झौताको कार्यान्वयन अनुगमन गर्नका लागि सरकारले मोर्चा समेत सम्मिलित एक उच्च स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

सम्झौतामा हस्ताक्षर गर्ने पक्षहरु :

| | | | |
|---|---|---|---|
| राजेन्द्र महतो | उपेन्द्र यादव | महन्थ ठाकुर | गिरिजाप्रसाद कोइराला |
| राष्ट्रिय अध्यक्ष | केन्द्रिय संग्रोजक | अध्यक्ष | प्रधानमन्त्री |
| सदभावना पार्टी | मधेशी जनअधिकार फोरम, नेपाल | तराई मधेश लोकतान्त्रिक पार्टी | नेपाल सरकार |

२०६४ फाल्गुण १६ गते

# नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको वार्ता टोली बीच भएको सहमति

नेपाल सरकारको वार्ता टोली र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको वार्ता टोली बीच मिति २०६५ पुस ११ गते जनकपुरमा सौहार्दपूर्ण वातावरणमा वार्ता भयो । नेपालको अग्रगामी परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र सुदृढीकरण नयां जनमुखी संविधानबाटै गर्न सकिने विश्वासका साथ देशको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वार्थ र राष्ट्रिय एकताको मूल मर्मलाई आत्मसात गर्दै निम्नानुसारका बुंदाहरुमा सहमति भयो ।

१) वार्ता टोलीका सदस्यहरुको सुरक्षाको जिम्मेवारी वार्ता अवधि सम्मको लागि नेपाल सरकारले गर्ने ।

२) संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले आफ्ना सशस्त्र एवं उत्तेजक कारवाहीहरु स्थगित गर्ने र नेपाल सरकारको तर्फबाट पनि सो पार्टीका नेता तथा कार्यकर्तालाई राजनैतिक रुपमा व्यवहार गर्ने ।

३) आन्दोलनको सिलसिलामा बन्दी बनाइएका व्यक्तिहरुको नामावली संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले नेपाल सरकारलाई उपलब्ध गराउने र सो सम्बन्धमा छानबिन गरी क्रमशः रिहा गर्ने ।

४) तराईमा रहेका अन्य द्वन्दरत राजनैतिक समूहहरुलाई पनि वार्ताको टेबलमा ल्याउनको लागि पहल गर्ने ।

५) संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाले आफ्ना मागहरुको सूची अब काठमाण्डौमा हुने अर्को वार्ताको टेबलमा प्रस्तुत गर्ने र वार्ताको मिति आपसी समझदारीमा तय गर्ने । वार्तामा मध्यस्थकर्ताको आवश्यकता महशुस भएमा दुबै पक्षको सहमतिमा गर्ने ।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका तर्फबाट

संजयकुमार गुप्ता "कौटील्य"
संयोजक

सरकारी वार्ताटोलीका तर्फबाट

जनार्दन शर्मा "प्रभाकर"
संयोजक

# नारायणहिटी खाली गर्नुअघि पूर्वराजा ज्ञानेन्द्र शाहको वक्तव्य

**नेपाली दाजुभाइ, दिदीबहिनीहरू,**

चार वर्ण छत्तीस जातको साझा फूलबारीका रूपमा आजभन्दा २ सय ४० वर्षअघि हाम्रा पूर्वज बडामहाराजाधिराज श्री ५ पृथ्वीनारायण शाहबाट कल्पना र स्थापना गरिबक्सेको मुलुक आज अत्यन्त गम्भीर र संवेदनशील सङ्क्रमणको स्थितिबाट गुज्रिरहेको छ। देश र जनताको सुखदु:खमा सहधर्मी एवम् सहकर्मी रहेको नेपाली राजसंस्था नेपाली जनताकै समृद्धि तथा समुन्नतिमा अनुप्राणित हुँदै आएको सर्वविदितै छ। इतिहासको प्रत्येक कालखण्डमा राजा र नेपाली जनताको संयुक्त प्रयासबाट भएको एकीकरण, प्रजातान्त्रीकरण एवम् आधुनिकीकरण पनि यसको ज्वलन्त उदाहरण हो। राष्ट्र, राष्ट्रियता, सार्वभौम नेपाल एवम् राष्ट्रिय अखण्डतालाई हामी नेपालीले सधैँ जीवन मूल्य मानिआएका छौँ। यस मूल्य र मान्यताप्रति हाम्रो निष्ठापूर्ण उत्सर्ग भावना हिजो थियो, आज छ र भोलि पनि रहनेछ।

देशमा आजभन्दा सात वर्षअगाडि एउटा असहज, दु:खद र अनपेक्षित घटनाका कारण संविधान र परम्परा अनुसार राष्ट्राध्यक्षको उत्तरदायित्व ग्रहण गर्दा राष्ट्रधर्म, कूलधर्म र राजपरम्परा अनुरूप मुलुकको सार्वभौमसत्ता, स्वतन्त्रता, स्वाभिमान, अखण्डता, शान्ति र प्रजातन्त्रको संस्थागत विकास तथा नागरिकहरूको समग्र प्रगतिबाहेक अरू कुनै स्वार्थ आफूमा नभएको तथ्य पनि सबैलाई जानकारी गराउँछु। तत्कालीन हिन्दू अधिराज्य एवम् बुद्धको जन्मभूमि नेपालमा शान्ति आओस् भन्ने असल नियतबाट जुन प्रयासको थालनी गरिएको थियो, त्यो प्रयास विभिन्न कारणले गर्दा सफल हुन नसकेको कुरा मैले स्वीकार गरिसकेको छु। त्यसपछिका घटनाक्रम र परिणाम सबैका सामु किताबजस्तै खुला छन्।

मैले हिजो पदीय दायित्वका कारण व्यक्त गर्न नसकेको तर मेरो अन्तरआत्मामा गुज्रिरहेका केही कुरा ईश्वरलाई साक्षी राखी आज म पत्रकार मित्रहरूमार्फत नेपाली दाजुभाइ, दिदीबहिनी एवम् अन्तरराष्ट्रिय समुदायसमक्ष राख्न चाहन्छु। नियति नै भन्नुपर्ला म एउटा अबोध बालक छँदा मेरो शिरमा पहिऱ्याइएको श्रीपेच चुपचाप थाप्ने बाध्यताबाहेक मेरो न चाहना थियो, न इच्छा, न त कुनै भूमिकाको गुञ्जायस नै थियो। त्यस्तै, २०५८ जेठ १९ गते राती दोस्रोपटक फेरि एउटा अकल्पनीय त्रासदीपूर्ण घटना राजदरबारमा घट्दा मेरा पूजनीय दाजु-भाउज्यूलगायत आफ्ना आत्मीय परिवारको बीभत्स विनाश भएको र ती प्रिय आदरणीय परिवारजनका शवमा आँसु बगाएर मन हलुका पार्ने मौकासमेत पाउन नसक्ने परम्परा र कर्तव्यको जन्जिरमा बाँधिन विवश मेरो अन्तरवेदना शब्दमा व्यक्त गर्न सक्दिनँ। यसै अवस्था र घटनालाई लिएर केही र कतिले अत्यन्त निर्विवेक र निर्दयतापूर्वक म र मेरो परिवारमाथि लगाइएका कठोर आरोप र लाञ्छनालाई हामीले सहनुबाहेक न कुनै उपाय नै थियो, न त हाम्रातर्फबाट बोलिदिने नै कोही थिए। तत्कालीन परिस्थिति र घटनाबाट फाइदा उठाउन म र मेरो परिवारप्रति पूर्वाग्रही भई विभिन्न माध्यमबाट म र मेरो परिवारलाई बदनाम गर्ने काम निरन्तर रूपमा भइरह्यो, जुन मेरालागि अति दु:खदायी थियो र छ पनि। दरबारमा घटेको घटनामा परी घाइते भएका राजपरिवारका अन्य जीवित सदस्यहरू अझै पनि जीवितै छन्। उनीहरू त्यसका प्रत्यक्ष साक्षी पनि हुन्। सोही घटनामा घाइते भई बाँचेकी मेरी श्रीमतीको शरीरमा प्राविधिक कारणले निकाल्न नसकिएका गोलीका टुक्राहरू अझै रहेका छन्। यस सम्बन्धमा उपचारमा संलग्न चिकित्सकहरूबाट सत्यतथ्य पनि बाहिर आएकै थियो। उच्चस्तरीय छानबिन आयोगले घटनाका बारेमा सत्यतथ्य जनसमक्ष ल्याएकै हो। समस्त नेपाली जनता र राजसंस्था शोकविह्वल रहेको अवस्थामा यस्तो प्रकारसँग आक्षेप लगाउनु मानवीय समवेदनासँग मेल नखाने तथा राजसंस्थाप्रति नेपालीसामु रहेको सद्भावनालाई बिगार्ने र मात्र दुर्भावना फैलाउने रणनीति रहेको देखिन्छ।

यस्तै अर्को कुरा मैले मेरो सम्पत्ति विदेशमा राखेको छु भन्नेजस्ता लाञ्छनायुक्त प्रचार भएको पनि सुनेको छु। मेरो सम्पूर्ण सम्पत्ति नेपालमै छ। मैले विदेशमा चलअचल सम्पत्ति राखेको छैन। नेपालको कानुन अनुसार पूर्वजबाट मेरो नाममा आएका सम्पत्तिहरू पनि मैले व्यक्तिगत नाममा नराखी संस्थागत रूपमा राख्ने व्यवस्थासमेत गरी त्यसको संरक्षण गरेको छु। विगत सात वर्षमा मैले कुनै पनि सम्पत्ति जोडेको छैन। परम्परागत सम्पत्ति घटाउने काम पनि भएको छैन। राजपरिवारका कुनै पनि सदस्यको सम्पत्तिको हक छिनेको पनि छैन। नेपालको प्रचलित कानुन अनुसार निजी सम्पत्ति राख्न पाउने हक मलाई पनि हुने नै छ भन्ने विश्वास लिएको छु।

जनताको चाहना र इच्छालाई नै सर्वोपरी

मान्ने राजपरम्परा अनुसार संविधानसभाको निर्वाचन र गत जेठ १५ गते संविधानसभाको बैठकले गरेको निर्णयलाई मैले सहज बनाउन सहयोगीको भूमिका सम्पन्न गरेको छु। मैले देश छोडेर जाने सोच बनाएको पनि छैन। म मातृभूमि नेपालमा नै बसी मुलुकको बृहत्तर हित र शान्तिका लागि योगदान पुऱ्याउन चाहन्छु। यसका लागि सबै क्षेत्रबाट सहयोग हुने नै छ भन्ने आशा लिएको छु।

हामी नेपालीका महान् पूर्वजहरूको रगत, पसिना र बलिदानले बनेको स्वतन्त्र र सार्वभौम रहँदै आएको यो नेपाल राष्ट्रको स्वतन्त्रता र अखण्डताका निम्ति म जुनसुकै अवस्थामा र हैसियतमा रहे पनि सदा समर्पित रहने प्रण गर्दछु। मलाई स्वतन्त्र राष्ट्र नेपालको माया छ। स्वतन्त्र राष्ट्रको अस्मिता, अखण्डता र मौलिक मान्यता कायम रहोस् भन्ने मेरो भावना छ। स्वाभिमानी आमनेपालीको समग्र हित होस् भन्ने मेरो हार्दिक कामना छ।

परम्परागत रूपमा शाहवंशीय राजाहरूबाट प्रयोग भई शाहवंशको विरासतका रूपमा रहेको श्रीपेच र राजदण्ड चिरकालपर्यन्त सुरक्षित रूपमा राख्ने गरी संरक्षणका लागि आजकै मितिमा नेपाल सरकारको जिम्मामा रहने गरी मैले हस्तान्तरण गरेको छु।

अन्त्यमा, राष्ट्राध्यक्षका रूपमा नेपाल र नेपालीको हितमा काम गर्दा मैले कसैको र कुनै प्रकारको अधिकार हनन् हुने किसिमबाट काम गरेको थिइन। म वा मेरा परिवारका कुनै सदस्यले विगतमा भए-गरेका कामबाट कसैलाई पीडा पर्न गएको वा कसैको अधिकार हनन् हुन गएको भएमा अञ्जानमा यस्तो काम हुन गएको वास्तविकता सबैले बुझिदिनु हुने नै छ भन्ने आशा लिएको छु। विगत सात वर्षको कार्यकालमा मलाई सहयोग गर्ने समस्त नागरिकहरू, संवैधानिक निकायहरू, न्यायिक क्षेत्र, सुरक्षा निकायहरू, राष्ट्रसेवकहरू, शिक्षक, प्राध्यापक, विद्यार्थी, किसान, मजदुर, उद्योगपति, व्यापारी, बुद्धिजीवी, युवा, धार्मिक सङ्घसंस्था, नागरिक समाज, पत्रकार, राजप्रासादसेवाका कर्मचारीलगायत विभिन्न तह र तप्कामा आबद्ध सम्पूर्ण स्वदेश तथा विदेशमा रहेका नेपालीहरूमा म आभार व्यक्त गर्न चाहन्छु। नेपालको सधैँ भलो चिताउने छिमेकी मित्रराष्ट्रहरूका साथै अन्तर्राष्ट्रिय जगत् र कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई पनि धन्यवाद दिन चाहन्छु। साथै, नेपाल सरकारका तर्फबाट राजदरबारमा खटिई काम गर्ने सुरक्षा एवम् व्यवस्थापन समितिका सदस्यहरूलाई पनि धन्यवाद दिन चाहन्छु। नेपाल सरकारबाट वर्तमानमा भएको सहयोगका लागि धन्यवाद दिँदै भविष्यमा पनि आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा लिएको छु।

**श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।**

जय नेपाल।

अनुसूची

# ६

## क्रिया/प्रतिक्रिया

मानवअधिकार वर्षपुस्तकले पीडकलाई निरूत्साहित गर्दै पीडितलाई थोरै भए पनि राहत दिने काम गर्नेछ भन्ने आशा लिएको छु।

**रेवतीरमण भण्डारी,** सचिव, एमाले, सुनसरी

आफू बसेको र आफूले नियालेर हेरेका अन्य जिल्लाहरूमा राज्य तथा इतर पक्षबाट भए-गरेका मानवअधिकार विरुद्धका घटनाहरूको यथार्थ वर्षपुस्तकबाट सार्वजनिक भएको छ।

**भानुभक्त काफ्ले,** जिल्ला न्यायिवक्ता, सुनसरी

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारका विषयमा नेपालको वस्तुगत यर्थाथलाई घामजस्तै छर्लङ्ग पारेको छ।

**प्रेमप्रसाद भट्टराई,** प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, भोजपुर

इन्सेकले प्रत्येक वर्ष जिल्ला/जिल्ला र सम्पूर्ण देशमा राज्य पक्षबाट होस् या गैरराज्य पक्षबाट गरे/गराइएका मानवअधिकारविरोधी घटनालाई ग्रामीण तहसम्म पुगेर सङ्कलन गरी प्रकाशन गर्दै आइरहेकामा यस्तो सराहनीय कामका लागि हार्दिक धन्यवाद दिनैपर्छ।

**प्रकाशचन्द्र शाक्य**
अध्यक्ष नेपाल बार एसोसिएसन, भोजपुर

इन्सेकले देशभित्र मानवअधिकारको अवस्थाका बारेमा विस्तृत अध्ययन-अनुसन्धान गरी तथ्यमा आधारित बनेर मानवअधिकार हननका बारेमा सार्वजनिक गरी मानवअधिकारको पहरेदारी गरेर नेपाली जनतालाई ठूलो गुन लगाइरहेको छ।

**रामसिं राई**
एमाले, सङ्गठन विभाग प्रमुख, भोजपुर

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकारको अवस्थाको प्रस्ट चित्रण गर्ने एउटा सङ्ग्रह पनि हो। यसले दण्डहीनता रोक्न राज्यका सबै निकायलाई समेत घचघच्याएको छ।

**जनक खत्री,** प्रहरी नायब उपरीक्षक (डीएसपी), जिल्ला प्रहरी कार्यालय, भोजपुर

मानवअधिकार वर्षपुस्तक समाजको ऐना हो। यसले मानवअधिकार उल्लङ्घनका घटना कम गर्न दबाब सिर्जना गर्छ। यसलाई विश्वसनीय बनाउन इन्सेकले ध्यान दिनुपर्छ।

**रामविलास राय यादव**
प्रमुख जिल्ला अधिकारी, सप्तरी




मानवअधिकार वर्षपुस्तकले धेरै घटनालाई समेट्ने गरेको छ। आफ्नो अधिकारको खोजी गर्दा अरूको अधिकार हनन नहुने गरी खोज्नुपर्ने तथ्यलाई वर्षपुस्तकका घटनाले सचेत गराउँछ।

**भूपालकुमार भण्डारी,** एसपी जिल्ला प्रहरी कार्यालय, सप्तरी

मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटनाले नेपाली जनताको मानवअधिकारको अवस्थालाई उजागर गरेको छ। मानवअधिकार वर्षपुस्तकमा केही घटना भने पूर्वाग्रही ढङ्गले प्रकाशन भएका छन्। सम्बन्धित पक्षलाई जानकारी नै नगराई प्रकाशित सूचनाले भने विश्वसनीयता आर्जन गर्न सक्दैन।

**सूर्यनाथ यादव,** सप्तरी इन्चार्ज, माओवादी

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनकर्तालाई दबाब सिर्जना गरेको छ। सञ्चारकर्मीका लागि वर्षपुस्तक तथ्यगत सूचना प्राप्त गर्ने महत्त्वपूर्ण माध्यम भएको छ।

**व्यासशङ्कर उपाध्याय,** अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सप्तरी

मानवअधिकार वर्षपुस्तकले वर्ष दिनका मानवअधिकार उल्लङ्घनका घटना सार्वजनिक गरेर देशकै अवस्था कस्तो छ भन्ने कुरा छर्लङ्ग पारेको छ। शदियौंदेखि राज्यसत्ताबाट ठगिएका मधेसी समुदायलाई

गरिँदै आएका विभेदका कारण भइरहेको मानवअधिकारको हननलाई यस पुस्तकले विशेष महत्त्व दिनुपर्छ।

**शैलेन्द्र साह**
उपाध्यक्ष, मधेसी जनअधिकार फोरम, सप्तरी

मानवअधिकार वर्षपुस्तकले राज्यमा मानवअधिकारको अवस्थालाई प्रस्ट पारेको छ। नेपालको मानवअधिकार आन्दोलनका लागि यो महत्त्वपूर्ण दस्तावेज हो।

**दिवाकर देवकोटा**, सचिवालय सदस्य, एमाले सगरमाथा अञ्चल कमिटी

मानवअधिकारको संरक्षण तथा उल्लङ्घन भएका घटनालाई उजागर गर्न इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक सफल भएको छ।

**एकराज बास्तोला**
अध्यक्ष नेपाल बार एसोसिएसन, सोलुखुम्बु

मानवअधिकारको विद्यमान अवस्थाका राम्रा-नराम्रा पक्षलाई उजागर गर्ने मात्र नभई मानवअधिकार सन्तोषप्रद तुल्याउने क्रममा उत्पन्न हुने बाधा, कारण र निदानका उपायसमेलाई दिशानिर्देश गर्न मानवअधिकार वर्षपुस्तकले मद्दत पुऱ्याएको छ।

**प्रदीपराज कँडेल**
प्रमुख जिल्ला अधिकारी, सोलुखुम्बु

घटनाप्रधान एवम् खोजपूर्ण पुस्तकले द्वन्द्वको इतिहासलाई लिपिबद्ध गरेर भावी पुस्ताका लागि पनि उपयोगी भएको छ। मानवअधिकार हननका घटना कतै लुक्न वा लुकाउन सकिन्न भन्ने ज्ञान पनि सम्बन्धित पक्षलाई गराउँछ, यो सराहनीय काम हो। यद्यपि, यसको विश्लेषण, खोज र टिप्पणीहरू अझै परिपक्व, समृद्ध र निष्पक्ष बनाउँदै लैजान पनि आवश्यक छ।

**गणेश उप्रेती (सुशील)**
**सचिव**, माओवादी, जिल्ला सङ्गठन समिति, मोरङ

मानवअधिकार वर्षपुस्तकमा देशमा भएका घटनाहरूको विवरण अति सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ। कतिपय घटनामा नाम, ठेगाना, पदजस्ता विवरण फरक पाइएको छ। भविष्यमा यस्ता गल्ती दोहोरिन नदिन घटनाको स्थलगत अध्ययन र सरोकारवालासँगको भेटघाटबाट पुष्टि गरेर मात्र प्रकाशन गर्नुपर्ने देखिन्छ।

**राजेश निरौला**, अधिकृत
नेपाल बार एसोसिएसन, मानवअधिकार परियोजना, क्षेत्रीय कार्यालय, विराटनगर

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक राजनीतिक दल र तिनका भ्रातृ संस्थाहरूका लागि पठनयोग्य, उपयोगी र ज्ञानवर्द्धक रहेको छ। पुस्तकले दण्डहीनताको अन्त्य र सुशासन कायम गर्न, मानवअधिकारको संस्कृति विकास गर्न सरकार र सरोकारवाललाई महत्त्वपूर्ण सुझाव दिँदै दबाब सिर्जना गरेको छ।

**हरिप्रसाद पोखरेल**, कार्यालय सचिव, एमाले मोरङ

मधेसी जनअधिकार फोरम नेपालको नेतृत्वमा भएको मधेस आन्दोलनका क्रममा इन्सेकले जिल्लामा निर्वाह गरेको भूमिका प्रशंसनीय एवम् उल्लेखनीय छ। हामी इन्सेकप्रति आभार प्रकट गर्नुका साथै सम्पूर्ण पीडित उपेक्षित मधेसी जनताको हकअधिकारका निम्ति सदैव इन्सेकको सहयोगको आशा गर्दछौँ।

**मृत्युञ्जयकुमार झा**
सचिव मधेसी जनअधिकार फोरम नेपाल जिल्ला कार्यसमिति, मोरङ

वर्षपुस्तकले राज्य पक्षलाई अनुसन्धान र तहकिकात गर्न सजिलो पार्दै राज्यलाई मानवअधिकारको सवालमा खबरदारी गरिरहेको पाइन्छ भने विद्रोही पक्ष, भूमिगत आपराधिक समूहलाई मानवअधिकारको सवालमा सजग रही इमानदार हुन पहल गरिरहेको अवस्था छ। मानवअधिकारको सवाल भनेको राजनीतिभन्दा माथि उठेर, कसैको दबाब र प्रभावमा नपरी विशुद्ध तवरबाट जनसमक्ष ल्याउन सकियो भने त्यसैलाई ठूलो उपलब्धि मान्नुपर्ने हुन्छ।

**कल्याण केसी**
सचिव, मानवअधिकार समिति, मोरङ बार एकाइ

मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनालाई सार्वजनिक गरी सम्बन्धित सम्पूर्ण पक्षलाई खबरदारी गराउने कार्यदेखि लिएर आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकार हनन नहुने गरी गरिनु पर्छ भन्ने कुरा आत्मसात् गराउन केही हदसम्म सफल भएकामा इन्सेकलाई धन्यवाद दिन चाहन्छु।

**विद्यानन्द माझी**
डीएसपी जिल्ला प्रहरी कार्यालय, मोरङ

मानवअधिकार वर्षपुस्तक नेपालमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्याङ्क छर्लङ्ग पार्ने एउटा दस्तावेज हो। जसको अध्ययनले गाउँ, जिल्ला र राष्ट्रियस्तरमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण जान्न र बुझ्न

सकिन्छ। सिङ्गो नेपालको मानवअधिकारको अवस्था छर्लङ्ग पार्ने ऐना भएकाले यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाएको त छ नै जनताको विश्वसनीयता पनि उत्तिकै रहेको पाइन्छ।

**अशोक पोखरेल**
केन्द्रीय उपाध्यक्ष, नेपाल बार एसोसियसन, झापा

मानवअधिकार वर्षपुस्तकले मुलुकमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई यथार्थ रूपमा प्रकाशमा ल्याई आमनागरिक, प्रशासन, सुरक्षाकर्मी तथा सम्बद्ध सबैलाई मानवअधिकारप्रति सचेत, सजग र जागरूक बनाउने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

**लक्ष्मण हमाल**, नि. प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, झापा

मानवअधिकार वर्षपुस्तक नेपालमा भएका मानवअधिकार हननसम्बन्धी सम्पूर्ण घटनाक्रमको वार्षिक दस्तावेज हो भन्ने कुरा विदितै छ। वर्षपुस्तक स्थानीयस्तरका सङ्घ-संस्था तथा सरकारी कार्यालयमा उपलब्ध हुन सके अझ फलदायी हुने थियो।

**लोकमान श्रेष्ठ**, जेलर, जिल्ला कारागार शाखा,
धनकुटा

मानवअधिकार वर्षपुस्तक २००८ मा इलामका मानवअधिकारसम्बन्धी सूचनाहरू सङ्कलन गरी प्रकाशन गर्ने क्रममा इलाममा भएका केही घटनाहरूका बारेमा गहिराइमा नपुगी वा राजनीतिक बहावको प्रभावका केही अंशहरू देखिन खोजे पनि समग्रमा इन्सेकको भूमिका महत्त्वपूर्ण रहेको ठानेको छु। आगामी दिनमा आफ्ना कमी कमजोरीबाट पाठ सिक्दै नयाँ नेपालकै मानवअधिकारसम्बन्धी कामहरूलाई निरन्तर अगाडि बढाउँदै लान सकोस् भन्ने शुभेच्छासमेत व्यक्त गर्दछु।

**रमण** (**धीरेन्द्र शर्मा**), इञ्चार्ज माओवादी, इलाम

जनताको मानवअधिकार संरक्षण गर्ने प्रमुख जिम्मेवारी पाएको प्रहरीले जहिले पनि कानुनी राज्यको पक्षमा आफ्नो कार्य गरिरहँदा अवरोधहरू आउने गरेका छन्।

**भीमप्रसाद ढकाल**
डीएसपी, जिल्ला प्रहरी कार्यालय इलाम

इन्सेकद्वारा मुलुकभरका सबैखाले र सर्वक्षीय गतिविधिहरूको सूक्ष्मरूपमा स्थलगत अध्ययन र तथ्य सङ्कलन गरी सार्वजनिक गर्ने निरन्तरको अभियानले मानवअधिकारको रक्षा र सम्मान गर्ने वातावरण निर्माण गर्ने महत्त्वपूर्ण खबरदारीको भूमिका निर्वाह गरेको छ। त्यसै शृङ्खलामा नेपाल मानवअधिकार वर्षपुस्तक २००८ लाई इन्सेकको महत्त्वपूर्ण सम्पत्तिका रूपमा लिनैपर्छ। यस अभियानलाई मानवअधिकारहरूको रक्षाको दिशामा सशक्त, प्रभावकारी र ठोस आन्दोलनका रूपमा लिन सकिन्छ।

**होम दुलाल**
**सचिव**, काङ्ग्रेस, जिल्ला कार्यसमिति इलाम

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनकर्ताहरूका लागि फलामे किलो हो। मुलुकमा जस्तासुकै सङ्कट र द्वन्द्वमा पनि मानवअधिकार रक्षाका लागि इन्सेकले खेलेको भूमिका अतुलनीय छ। आफ्नो उद्देश्यबाट इन्सेक कहिल्यै विचलित नभई निर्दिष्ट लक्ष्यमा निरन्तर लागिरहेको छ र लागिरहोस् भन्ने अपेक्षा गर्दछु।

**रामप्रसाद दङ्गाल**, सङ्गठन विभाग प्रमुख, एमाले,
जिल्ला कमिटी खोटाङ

मानवअधिकार उल्लङ्घन तथा ज्यादतीको विषयमा मुलुकमा भएका घटनाहरूलाई नियमित रूपमा प्रकाशित गर्दै आएकामा इन्सेकको यस सराहनीय कार्यप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै, यस प्रकाशनले मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घ-संस्थाहरू तथा यसप्रति चासो राख्ने सबैलाई राष्ट्रको यर्थाथ बुझ्न मद्दत पुग्ने विश्वास लिएको छु।

**लोकनाथ बास्तोला**, प्रमुख, राष्ट्रिय मानवअधिकार
आयोग सम्पर्क कार्यालय खोटाङ

मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्य सङ्कलन र घटनालाई तथ्यपरक ढङ्गले विश्लेषण गरी तयार गरिएको यस दस्तावेजले मानवअधिकार उल्लङ्घन गर्नेहरूलाई सचेत बनाएको छ। यस पुस्तकलाई अरू तथ्यपरक र विश्वासिलो बनाउँदै ग्रामीण क्षेत्रमा रहेका पीडित समुदायको मानवअधिकार संरक्षणका लागि अरू बढी भरपर्दो र विश्वासिलो बनाउँदै लैजान सफलता प्राप्त होस्।

**तिलकुमार मेन्याङ्वो**
सचिव, एमाले जिल्ला कमिटी, ताप्लेजुङ

इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तकले कुनै एक जिल्ला मात्र नभएर मुलुकभरको मानवअधिकारको अवस्था सहज ढङ्गले अध्ययन गर्ने अवसर मिलेको छ। आगामी दिनमा मानवअधिकार वर्षपुस्तकलाई विशुद्ध मानवअधिकारको आँखाले

अध्ययन गरी सम्पूर्ण सरोकारवालाहरूको चाहना र भावनाअनुसार पीडितले राहत पाउने र पीडकलाई कारवाही गराउने जमर्को गरोस् भन्ने शुभकामना दिन चाहन्छु।

**सञ्चपाल मादेन**
सभासद्, संविधानसभा, माओवादी, ताप्लेजुङ

नेपालमा भएका मानवअधिकारसँगसम्बन्धी विभिन्न घटनाहरूको सङ्कलन गरी नेपाल मानवअधिकर वर्षपुस्तक प्रकाशनलाई निरन्तरता दिएर इन्सेकले उल्लेखनीय कार्य गरेको छ। वर्षपुस्तकमार्फत प्रकाशित घटनाले देशमा राज्य पक्ष एवम् गैरराज्य पक्षको मानवअधिकारसँग सम्बन्धित व्यवहारको चित्रण गर्दछ। मानवअधिकार उल्लङ्घनका सम्पूर्ण घटनालाई अझ वस्तुनिष्ट ढङ्गले निर्भीकताका साथ दुनियाँका सामु पस्कँदै नेपालको मानवअधिकारको अवस्थामा सुधार ल्याउन सघाउने कार्यमा इन्सेकलाई पूर्ण सफलता मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

**तुलसीप्रसाद गौतम**
प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

वर्षपुस्तक सर्वसाधारण नागरिकको हातसम्म नपुगेकाले कसरी सर्वसाधारण नागरिकसम्म मानवअधिकार वर्षपुस्तक पुऱ्याउने भन्ने सोच बनाउनु पर्छ।

**भवानीप्रसाद खापू**
**सचिव**, एमाले जिल्ला कमिटी

नेपाल मानवअधिकार वर्षपुस्तक २००८ ले मानवअधिकार उल्लङ्घनका घटना दोहोरिन नदिन नैतिक दबाबमा सिर्जना गरेको छ। द्वन्द्वको समयमा इन्सेक प्रतिनिधिहरूले सङ्कलन गरेका तथ्यहरू राज्यलाई राहत, क्षतिपूर्ति, पुन:स्थापना, पुन:निर्माण, द्वन्द्व व्यवस्थापन सम्बन्धमा नीति निर्माण गर्न महत्त्वपूर्ण सूचना बन्न सक्छ। जिल्लाका तथ्यहरू प्रकाशित गर्नुअघि सरोकारवालाबीच अन्तरक्रिया गराउने परिपाटी बसाउनसके सूचनाले अझ यथार्थ र परिष्कृत रूप लिन सक्ने देखिन्छ।

**लक्ष्मीप्रसाद रेग्मी**
सहायक प्रमुख जिल्ला अधिकारी, तेह्रथुम

अपराध र सोको निराकरणको बाटो खोज्नेहरूलाई यस पुस्तकले बृहत् ज्ञान दिलाउँछ नै। मूलभूत रूपमा न्याय सम्पादन र कानुनको व्यवसाय एवम् अपराध अनुसन्धानमा संलग्न हुने निकाय या व्यक्तिहरूका लागि मानवअधिकार वर्षपुस्तक सङ्ग्रहणीय हुने मेरो विश्वास छ।

**गुणराज ढुङ्गेल**, जिल्ला न्यायाधीश, जिल्ला अदालत, तेह्रथुम

इन्सेकले मानवअधिकार वर्षपुस्तक प्रकाशन गरी मानवअधिकारको सम्बर्द्धन, संरक्षण, त्यसको अनुगमन र अभिलेखकर्ताका रूपमा सबल र सफल भूमिका निर्वाह गर्दै आएकामा म हार्दिक बधाई, धन्यवाद एवम् प्रशंसा गर्न चाहन्छु। पुस्तकको अध्ययनपछि सन् २००८ को मानवअधिकारको स्थिति स्पष्ट भयो। पुस्तकभित्रको घटनासँग सम्बन्धित तस्बिर, सङ्केत र तथ्याङ्कहरूले यस पुस्तकको महत्त्व र प्रभावकारितालाई अझ प्रस्ट्याएको छ। राज्य पक्षबाट होस् वा गैरराज्य पक्षबाट, मानवअधिकार उल्लङ्घनका घटनालाई निष्पक्षरूपमा प्रकाशनमा ल्याइएकाले यो पुस्तक प्रारम्भिक सूचना भण्डार र अनुसन्धानमा महत्त्वपूर्ण र उपयोगी सावित हुनेछ।

**योगनारायण यादव**, जिल्ला सचिव, एमाले, धनुषा

इन्सेकले प्रजातन्त्र प्राप्तिपछिका हरेक वर्ष विभिन्न परिस्थितिका बावजुद मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको परिप्रेक्ष्यमा मानवअधिकार वर्ष २००८ पुस्तक प्रकाशन गरी मानवअधिकारको संरक्षण, त्यसको अनुगमन र अभिलेखीकरण गर्न निर्वाह गरेको भूमिकाका लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। इन्सेकले यसको स्थापनाकालदेखि नै मानवअधिकारबारे जनचेतना जगाउनुका साथै मानवअधिकार हननका विभिन्न घटनाक्रमलाई निर्भीकतासाथ विश्लेषण गरी उजागर गरेको कुरामा दुई मत हुन सक्दैन। यस वर्षपुस्तकको अध्ययनपछि सन् २००८ को मानवअधिकारको स्थिति, शान्तिप्रक्रिया र उतारचढाव र मानवअधिकार उल्लङ्घनका तथ्यहरूलाई स्पष्ट र निष्पक्ष ढङ्गले प्रकाशन गरेको आभाष भयो। पुस्तकभित्रका घटना सम्बन्धित तस्बिरहरू र तथ्याङ्कहरूले यस पुस्तकको महत्त्व र प्रभावकारितालाई प्रस्ट रूपमा दर्शाएको छ। न्याय नपाएका उपेक्षित वर्गमा उन्नति, प्रगति र समृद्धि एवम् शान्ति तथा अमनचैनका पक्षमा डटिरहन अदम्य साहस र आत्मबल बढिराखोस्, त्यसै गरी आउँदा दिनहरूमा पनि यसले निरन्तरता पाइरहोस्।

**यादवराज खनाल**, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धनुषा

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक २००८ को अध्ययनपश्चात् नागरिक तथा राजनीतिक अधिकार, सम्मानितरूपले बाँच्ने अधिकारको सन्दर्भमा

राज्य एवम् विभिन्न सशस्त्र समूहबाट भइरहेको हत्या, हिंसा, कुटपिट, धम्की, अपहरणका साथै गोली र विस्फोटक पदार्थद्वारा भएको मानवीय क्षतिको सूचना एवम् तथ्यको सूचकाङ्कहरू जानकारीमूलक रहेका छन्। यस प्रकारको सूचनामूलक जानकारीले सरोकारवालाहरूलाई सचेत गराउनुका साथै मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनमा टेवा पुऱ्याउने छ भनी आशा लिएको छु।

**रामसरोज यादव**, सभापति, काङ्ग्रेस, धनुषा

मानवअधिकार वर्षपुस्तक २००८ को अध्ययनबाट डाटाबेसमा काम गर्ने पत्रकार साथीहरूका लागि सघाउ पुग्ने पाएँ। मधेसमा चर्किएको सशस्त्र द्वन्द्व र त्यसको आडमा भइरहेको हिंसात्मक वारदातले यस क्षेत्रमा मानवअधिकारको अवस्था नाजुक बनेको छ। यस वर्षपुस्तकले समेटेका आँकडा र त्यससँगै मानवअधिकार बहाली र प्रत्याभूतिका लागि गरेको वकालत थोरै भए पनि सरोकारवालाहरूलाई घचघच्याउन सफल भएको देखिन्छ। समग्रमा वर्षपुस्तकको मोटाइ जति घट्दै जान्छ, मानवअधिकारको बहाली उति दरिलो बन्दै जान्छ।

**अजीत तिवारी**
सचिव, नेपाल पत्रकार महासङ्घ, धनुषा

मुलुककै समग्र मानवअधिकारको अवस्थाको जानकारी पाउन इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक २००८ उपयोगी सिद्ध भएको छ। मुलुक शान्ति प्रक्रियातर्फ उन्मुख भइसकेपश्चात् पनि तराईमा देखा परिरहेको द्वन्द्वसम्बन्धी सूचना सङ्कलन गर्ने, मानवअधिकारको खबरदारी गर्ने काम गरेर इन्सेक र वर्षपुस्तकले देशलाई नै ठूलो गुण लगाएको छ।

**शम्भु कोइराला**, प्रमुख जिल्ला अधिकारी, धनुषा

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले मानवअधिकारसँग सम्बन्धित विविध सूचनाको जानकारी गराएको छ। पुस्तकमा प्रकाशित तथ्यहरूले मानवअधिकार संरक्षण गर्न महत्त्वपूर्ण भूमिका हुने विश्वासका साथ यस्तै प्रयासको निरन्तरताको कामना गर्दछु।

**तारानाथ गौतम**, प्रमुख जिल्ला अधिकारी, महोत्तरी

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले मानवअधिकारसँग सम्बन्धित विविध घटनाबारे सूचना गरेको छ। भविष्यमा पनि यसको निरन्तरताको कामना गर्दछु। आगामी वर्षहरूमा समाजमा देखापरेका सामाजिक, आर्थिक एवम् सांस्कृतिक अधिकार हननसम्बन्धी घटनाहरू पुस्तकमा समावेश गर्न अनुरोध साथ सुझाव पेस गर्दछु।

**सीताराम भण्डारी**, सभापति काङ्ग्रेस, महोत्तरी

देशमा बढिरहेको दण्डहीनताको संस्कृतिलाई उजगार गर्न वर्षपुस्तक सफल छ।

**टेकराज नेपाल**, जिल्ला
न्यायाधीश, सिन्धुली जिल्ला अदालत

वर्षपुस्तक २००८ ले मानवअधिकार उल्लङ्घनको सचित्र अभिलेख पेस गरेको छ। मानवअधिकारको क्षेत्र आफैँमा व्यापक भएकाले सबै खालको मानवअधिकारको क्षेत्रलाई सङ्ख्यात्मक र गुणात्मक रूपमा प्रकाश पार्ने काम भएको छ।

**भीमप्रसाद घिमिरे**, अध्यक्ष नेपाल बार एसोसिएसन, सिन्धली

वर्षपुस्तक २००८ ले मुलुकमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सत्यतथ्य र वस्तुपरक ढङ्गबाट उजगार गरेको पाएँ। विगतमा भएका मानवअधिकारविरोधी घटनालाई वर्षपुस्तकमार्फत जनसमक्ष ल्याउन सफल भएको छ। मुलुकमा बढ्दै गएको दण्डहीनतालाई राज्यले बढावा दिइरहेका कारण धेरैजसो घटनाहरू भइरहेका छन्। दण्डहीनताको अवस्थालाई सरकारले कडाइका साथ निरूत्साहित पार्ने हो भने मानवताविरोधी क्रियाकलापमा कमी आउने थियो।

**कृष्णप्रसाद दाहाल**, कार्यालय सचिव, काङ्ग्रेस, सिन्धुली

मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका घटनाको सँगालो हो। देशमा मानवअधिकारको अवस्था कस्तो छ र देश कुन दिशातर्फ अगाडि बढ्दैछ भन्ने यस पुस्तकको अध्ययनबाट स्पष्ट हुन जान्छ। राजनीतिक दलहरूबीच भएका सहमति र सम्झौताहरूको पूर्ण पालना नहुनुले पनि मानवअधिकार उल्लङ्घनका घटनाहरू बढ्ने गरेका छन्। पुस्तकको अध्ययनले मानवअधिकार उल्लङ्घन गर्ने पक्षलाई नैतिक दबाब सिर्जना गर्ने र त्यस दिशातर्फ नलाग्न मनोवैज्ञानिक दबाब सिर्जना गर्ने काम गरेको छ। मानवअधिकारको क्षेत्रमा हुने विविध घटनाहरूलाई अझ तथ्यपरक ढङ्गबाट जनतासामु पुऱ्याउन पुस्तक सफल रहोस्।

**गणेशकुमार पहाडी**, सचिव, एमाले, सिन्धुली

मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई इन्सेकले वर्षपुस्तकमार्फत चेतावनी दिएको छ। अहिले कानुनलाई

खेलौना बनाएर कानुनभन्दा माथि जाने खेल भएकाले खबरदारी नगरी बस्ने हो भने उल्लङ्घनका घटनाहरू अझै बढ्दै जाने अवस्था छ। अन्याय सहनु पनि अन्याय गर्नु हो, त्यसैले अन्यायका विरुद्ध आवाज उठाउनु जरूरी छ।

**कैलाश केसी**, जिल्ला न्यायाधीश, रामेछाप

वर्षपुस्तकले उज्यालोको काम गरेको र त्यसले सबैलाई अगाडि बढ्ने बाटो दिएको छ। राज्य, दल, सामाजिक संस्था, सांस्कृतिक रीतिरिवाजका नाममा भएका घटनाहरू जस्ताको तस्तै वर्षपुस्तकमा उतार्नुहोस्। अहिले मनोवैज्ञानिक रूपले सबै डराएको अवस्था छ। त्यसैले मनबाट सबैले डर हटाउनु जरूरी छ। सबैले उच्च मनोबलका साथ काम गर्नु आजको अवश्यकता हो।

**जीतेन्द्रबहादुर भण्डारी**
प्रमुख जिल्ला अधिकारी, रामेछाप

चुनावमा बेहोस् भएका मानिसहरू अहिलेसम्म ब्यूँझिएका छैनन्। पत्रकार लेख्न सक्दैन, मानवअधिकारकर्मी बोल्न सक्दैन। आफूमाथि भएको घटना निर्भीकतापूर्वक भन्न सकिने अवस्था छैन। यहाँको प्रहरी प्रशासनले हाम्रो सुरक्षा दिन सक्छ भन्ने विश्वास नभए पनि हाम्रो पछाडि विश्व समुदाय भएकाले आमनागरिक मात्र होइन, आफूमाथि आएका धम्कीका घटना पनि जस्ताको तस्तै वर्षपुस्तकमा लेख्न आग्रह गर्दछु। इन्सेकजस्ता संस्थाको रिपोर्टले छायाँ प्रतिवेदनको काम गर्नुपर्छ।

**रामचन्द्र वियोगी**, संयोजक नागरिक
सञ्जाल रामेछाप

सम्झौताको संविधान बनाएर नेताहरूले देश चलाउने तर उनीहरूका कार्यकर्ताहरू ज्यादती गरेर हिँड्ने अवस्था भएकाले मानअधिकार सङ्कटमा परेको छ। राज्य सञ्चालका दल र तिनका कार्यकर्ताहरू ज्यादतीमा उत्रिएपछि मानवअधिकार अत्यन्त सङ्कटमा पर्छ। अहिले त्यही सङ्कटपूर्ण अवस्थाबाट हामी गुज्रिरहेका छौं।

**शिवकुमार कार्की**, अध्यक्ष, नेपाल बार
एसोसिएसन, रामेछाप

इन्सेकले गाउँका घटनाहरू धेरै उठाउनु जरूरी छ। मानवअधिकारकर्मी गाउँसम्म पुग्नुपर्छ। यथार्थमा रहेर घटना सङ्कलन हुनुपर्छ। बाख्राको अधिकारको कुरा गर्दा बाघको अधिकारको कुरा बिर्सनु हुँदैन। मानवअधिकारका लागि सबैभन्दा धेरै हामी लडेका छौं। तर, सबैभन्दा बढी हामीलाई नै गाली गरिएको छ। को कहाँबाट कसरी सञ्चालित छन् भन्ने कुरा हामीले राम्ररी बुझेका छौं।

**कृष्णप्रसाद ढुङ्गेल**, जिल्ला सदस्य नेकपा
माओवादी, रामेछाप

यस वर्ष रामेछापमा मानवअधिकार उल्लङ्घनका धेरै घटनाहरू भए। जिल्ला सदरमुकामबाहिर जानैपर्दैन। सदरमुकामकै घटनाले ज्यादती कति भयो भन्ने देखाउँछ। यी घटनाहरू वर्षपुस्तकमा जस्ताको तस्तै आउनुपर्छ। एउटा दलले अर्को दलका कार्यकर्तालाई स्वतन्त्रतापूर्वक बोल्नसमेत नदिएको अवस्था छ। यी कुरा वर्षपुस्तकमा समेटिनु पर्छ।

**कुमार श्रेष्ठ**, काङ्ग्रेस, रामेछाप

वर्षपुस्तकले जिल्लाको सिङ्गो मानवअधिकारको अवस्थाको जानकारी दिएको छ। यो कार्य प्रशंसनीय छ। हामी वर्षपुस्तकले समेटेका विषयको सम्मान गर्दछौं। मानवअधिकार उल्लङ्घनका घटनाहरू जस्ताको तस्तै प्रकाशित हुनु जरूरी छ।

**तुलप्रसाद काडेल**
एमाले जिल्ला सदस्य, रामेछाप

बेपत्ता मानिसको अवस्था सार्वजनिक भएको भए हरेक वर्ष त्यसलाई फलोअप गर्दै जानुपर्छ। सबै घटनासँग समग्रमा जिल्लाको मानवअधिकारको अवस्था कस्तो रहयो भनेर सारांशमा त्यो कुरा पनि समेटे अझ राम्रो हुन्छ।

**पाण्डवराज प्रसाईं**, कानुन अधिकृत
एड्भोकेसी फोरम, रामेछाप

पुस्तक वा प्रतिवेदनहरू समाज वा व्यक्तिमा परिवर्तनका लागि हुनुपर्छ। तर, रामेछापमा त्यसो हुन सकेन। हामीले मानवअधिकार उल्लङ्घनका घटनाहरू जति सार्वजनिक गर्‍यौं, मानवअधिकार उल्लङघनका घटनाहरू झन् बढ्दै गए। हामीले अहिले सोझै लेख्न सक्ने स्थिति छैन। हामी कुन बेला वीरेन्द्र साह वा जेपी जोशी बन्ने हौं ठेगान छैन। यो सीडीओ कुटिएको मुलुक हो। सीडीओ सुरक्षित नभएको मुलुकमा हामी कसरी सुरक्षित भएर काम गर्न सक्छौं ?

**टीकाप्रसाद भट्ट**, अध्यक्ष पत्रकार
महासङ्घ रामेछाप

मानवअधिकार वर्षपुस्तक २००८ ले राज्य तथा गैरराज्य दुवै पक्षबाट हुने मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रकाशनमा ल्याएर अत्यन्त

सराहनीय काम गरेको छ। दुवै पक्षबाट मानवअधिकार उल्लङ्घनका घटना रोक्न मद्दत गरेको छ। विगत द्वन्द्वको समयमा यसले खेलेको भूमिका मननयोग्य छ। हाल शान्तितर्फ उन्मुख सङ्क्रमणकालीन अवस्थामा मानवअधिकार उल्लङ्घनका घटनामा खासै कमी आएको छैन। सङ्क्रमणकालको यो अवधिमा मानवअधिकार उल्लङ्घनका घटनाहरू प्रकाशमा ल्याएर यस्ता घटनाहरू न्यूनीकरणमा अहम् भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षा राखेको छु। साथै, आगामी दिनमा कारागार र हिरासतमा रहेको बन्दीहरूको अवस्थाबारेमा समेत सत्यतथ्य बाहिर ल्याई राज्यका अधिकारीहरू र राजनीतिक दलहरूलाई समेत थप उत्तरदायी बनाई मानवअधिकारको क्षेत्रमा प्रशंसनीय कार्य गर्दै जानेछ भन्ने अपेक्षा राखेको छु।

**रामप्रसाद बस्याल,** श्रेस्तेदार शाखा अधिकृत, दोलखा
जिल्ला अदालत, चरिकोट

इन्सेकले यस जिल्लामा विगत धेरै वर्षदेखि सशक्त ढङ्गले मानवअधिकारसँग सम्बन्धित कार्यहरू चित्तबुझ्दो तरिकाले गर्दै आएको हाम्रो पार्टीलाई जानकारी छ। विगत द्वन्द्वकालमा पनि कहालीलाग्दो घटनाहरूको माझमा पुगेर दोलखाली जनतालाई उद्धार, उपचार, अपहरण मुक्तदेखि मृत्युबाट बचाउनेसमेत थुप्रै कामहरू इन्सेकले गरेको प्रमाणहरू छन्। जनआन्दोलन २०६२/६३ मा पनि उदाहरणीय भूमिका खेलेको हाम्रो मस्तिष्कमा ताजै छ। संविधान लेखनमा ठूला दलहरू लाग्नुको साटो विभिन्न खाले फोर्सहरू खडा गरी संविधान लेखन कार्यलाई ओझेलमा पारेको नेपाली जनताले स्पष्ट देखिरहेका छन्। देशमा तिनै शक्तिहरूले हत्या, हिंसा, चन्दा असुलीजस्ता कार्यहरू गर्दै कानुन हातमा लिने काम भइरहँदा पनि सत्तारूढ दलहरू मूकदर्शक बनिरहेका छन्। इन्सेकले खेल्ने भूमिकालाई त्यसमा राप्रपा दोलखाले सक्दो सहयोग गर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छु।

**नरबहादुर पाख्रिन**, अध्यक्ष, राप्रपा, दोलखा

वर्षपुस्तकमा प्रकाशित सामग्रीहरू तथ्यपूरक, वस्तुनिष्ठ हुनुका साथै जिल्लामा भएका सम्पूर्ण घटनाहरूको क्रमबद्ध रूपमा उल्लेख भएका कारण यसको विश्वसनीयता ज्यादै छ। पुस्तकले मानवअधिकार हननका घटनामा न्यूनीकरण तथा मानवअधिकार संरक्षणसम्बन्धमा टेवा पुऱ्याउने छ भन्ने आशा गरेको छु।

**माधवप्रसाद जोशी**, प्रहरी उपरीक्षक, बारा

वर्षपुस्तकमा प्रकाशित सामाग्रीहरू तथ्यपरक तथा वस्तुनिष्ठ छन् भन्नेमा विश्वस्त छु। यसले मानवअधिकार हननका घटनामा न्यूनीकारण तथा मानवअधिकार सम्बन्धमा टेवा पुऱ्याउने छ भन्ने मलाई लागेको छ।

**कैलाशनाथ खरेल**
प्रजिअ, जिल्ला प्रशासन कार्यालय बारा

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण र सम्बद्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।

**शिवचन्द्रप्रसाद कुशवाह**
जिल्ला सेक्रेटरी, माओवादी, बारा

इन्सेकले जिल्लामा मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। आगमी दिनमा अझै सक्रिय भूमिका रहनेछ भन्ने विश्वास छ।

**मुक्ति यादव**
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी, बारा

इन्सेकले यस जिल्लामा मानवअधिकारको क्षेत्रमा निर्वाह गरेको भूमिका सराहनीय छ। साथै, मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ।

**पलटप्रसाद चौधरी**, सचिव, एमाले, बारा

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। आगामी दिनमा इन्सेकको भूमिका मानवअधिकार संरक्षण र सम्बर्द्धनमा अझै सक्रिय रहने विश्वास छ।

**राजेन्द्र मण्डल**, अध्यक्ष जनमोर्चा नेपाल, बारा

इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटी मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्नु र समावेशी संविधानका लागि कार्य गर्नु प्रशंसायोग्य छ। साथै, आगामी दिनमा मानवअधिकार उल्लङ्घनका घटनालाई पारदर्शी ढङ्गबाट उजागर गरी समाधानका उपायहरूसमेत पहिल्याउने कार्य गरोस्।

**राजेन्द्र सहनी**, सचिव, नेकपा माले जिल्ला कमिटी,
बारा,

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकमा जिल्लाभित्रका घटनाको समीक्षा गर्दा यस

संस्थाले द्वन्द्व व्यवस्थापन, मधेस आन्दोलनदेखि अहिलेसम्म मानवअधिकारको क्षेत्रमा अग्रणी भूमिका कुशलतपूर्वक निर्वाह गर्दै आएको छ। साथै, आगामी दिनमा यसका कार्यहरू सुखद र सफल रहुन्।

**चुमनुबाबु केवट**, अध्यक्ष, मधेसी जनअधिकार फोरम नेपाल, जिल्ला कार्यसमिति, बारा

मानवअधिकारको क्षेत्रमा इन्सेकले निर्वाह गरेको भूमिका महत्त्वपूर्ण छ। मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। आगामी दिनमा अझै सक्रिय भूमिका रहने विश्वास छ।

**प्रकाश चौगाईं**, अध्यक्ष, नेपाल सद्भावना पार्टी जिल्ला कार्यसमिति, बारा

इन्सेकद्वारा प्रकाशन गरिएको मानवअधिकार वर्षपुस्तक २००८ मानवअधिकार हननका घटनाहरू सूचनामूलक ढङ्गबाट तयार पारिएको सङ्गालोका रूपमा पाएँ। निश्चय नै मानवअधिकारकर्मी सङ्गठनले निष्पक्ष र सत्यतथ्य प्रमाणका आधारमा मानवअधिकार उल्लङ्घनका घटना बाहिर ल्याउनुपर्छ। तर, स्रोत नखोलेर घटना विवरण बनाउँदा पूर्वाग्राही हुनसक्छ। त्यसप्रति इन्सेकको ध्यान जाओस्। स्थलगत अध्ययन गरी पीडित पक्ष र घटनासँग संलग्न व्यक्तिसँग बुझी तयार पारिएको प्रतिवेदन नै विश्वसनीय हुन्छ। साथै, उत्पीडित तथा गरिब वर्गको अधिकारबारे पनि लेखिन आवश्यक छ।

**गोविन्दबहादुर बटाला**, जनमुक्ति सेना नेपालको तेस्रो डिभिजन, हाल जिल्ला कारागार भरतपुर, चितवन

मुलुकको मानवअधिकारको समष्टिगत अवस्था बुझ्न यो पुस्तक अत्यन्त उपयोगी छ। शान्ति प्रक्रियाका उतारचढाव तथा अन्य ऐतिहासिक तथ्य र दस्तावेजहरू समेत समेटिएको यो वर्षपुस्तक भावी पुस्ताका लागि समेत बहुआयामिक कोणबाट उपयोगी हुनेछ भन्ने मेरो विश्वास छ।

**कपिल ज्ञवाली**
अध्यक्ष, मानवअधिकार संरक्षण मञ्च, चितवन

मानवअधिकार वर्षपुस्तक २००८ को अध्ययन गर्दा हाम्रो देशमा विगत वर्षमा मानवअधिकार उल्लङ्घनका घटनामा न्यूनीकरण आएको महसुस गरेको छु।

**अधिवक्ता प्रकाशराज थपलिया**, जिल्ला सदस्य, राप्रपा चितवन

हाल म भरतपुर कारागारमा छु। हचुवाका भरमा कथा लेखेर त्यसलाई बढी रोमाञ्चित र पब्लिसिटी होस भन्ने पाराले उल्लेख गर्नु दुःखदायी छ। सत्यतथ्य नै उजागर गर्ने हो भने प्रतिवादीका कुराहरू पनि सुन्नु जरुरी छ।

**उमाकान्त पगेनी**, हाल जिल्ला कारागार, भरतपुर

मानवअधिकार वर्षपुस्तक २००८ ले वर्षभरि देशभित्र राज्यपक्ष र गैरराज्यपक्षबाट मानवअधिकार हननका घटनालाई समाजको तहसम्म ल्याई सम्बन्धित पक्षलाई खबरदारी र घच्घच्याउने काम गरेको छ। देशभरिका मानवअधिकार हननका घटनालाई सङ्कलन गरी सत्यतथ्य पुष्टि गर्नका लागि घटनाविशेषको फोटो, पीडित पक्षको तस्बिर, संवाद, रिपोर्ट, तिथिमिति, मानवअधिकार हनन गर्ने पक्ष तथा प्रतिवादीका कुरालाई पुस्तकमा समावेश गर्ने कार्य सराहनीय छ।

**घनश्याम सापकोटा 'विकास'**
जिल्ला सचिवालय सदस्य एवम् जिल्ला कार्यालय सचिव, नेकपा माओवादी, चितवन

मानवअधिकार वर्षपुस्तक २००८ ले मानवअधिकारको संरक्षण, सम्बर्द्धन र सचेतनाको क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेको छ। वर्षभरि देशमा भएका मानवअधिकारका उल्लङ्घनका घटनालाई निर्भीक, निडर र तटस्थ रही सचित्र जनसमुदायसामु उजागर गर्ने सराहनीय छ। आगामी अङ्कमा मानवधिकार उल्लङ्घनकर्तालाई के-कस्तो सजाय भयो, तथ्याङ्कसमेत उल्लेख भएमा राम्रो हुने थियो। चितवन जिल्लामा भएका मानवधिकार उल्लङ्घनका घटनाको विषयमा प्रहरी कार्यालयमा समेत आई नपुगेका र लुकेका तथ्यहरू यसले उजागर गरेको छ।

**प्रकाश मल्ल**, प्रहरी निरीक्षक, अपराध अनुसन्धान शाखा, जिल्ला प्रहरी कार्यालय चितवन

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ।

**अनिलकुमार पाण्डे**, प्रमुख जिल्ला अधिकारी, मकवानपुर

मानवअधिकार उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति तथा समुदायका लागि मानवअधिकार वर्षपुस्तक महत्त्वपूर्ण दस्तावेज हो।

**केशरीराज घिमिरे**, प्रहरी उपरीक्षक, जिप्रका हेटौँडा

मानवअधिकार वर्षपुस्तकले सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। पुस्तक आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यो कार्यले निरन्तरता पाइरहोस्।

**चन्द्रहरि सुवेदी (अटल)**, इन्चार्ज नेकपा माओवादी, मकवानपुर

पुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक भएबाट पीडकहरू निरूत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्नेछन्। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

**'माइकल' रामचन्द्र अर्याल**, सभापति, काङ्ग्रेस, मकवानपुर

यो पुस्तक मुख्य गरी राज्य र विद्रोहीपक्षबाट मानवअधिकार हनन भएका घटनाको सँगालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने कुरा बताउँछ। यो पुस्तक आगामी दिनमा अझै परिष्कृत हुँदै अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्दछु।

**कृष्णप्रसाद दाहाल**, सचिव, एमाले, मकवानपुर

मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानवअधिकारको उल्लङ्घन हुँदै आएको छ भन्ने जानकारी दिने कार्यमा योगदान पुऱ्याएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

**बलराम बल**, केन्द्रीय सदस्य, जनमोर्चा नेपाल, मकवानपुर

मानवअधिकार वर्षपुस्तकले समेटेका मानवअधिकारसम्बन्धी सबै विषयवस्तुहरू सराहनीय छन्। मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्न, पीडकहरूलाई सार्वजनिक गर्न र कारबाही गर्न/गराउन दबाब दिने कार्य गरेको छ। यस्ता कार्यको निरन्तरता रहोस्।

**मुकुन्द अधिकारी**, अध्यक्ष पुनरावेदन बार एसोसिएसन, मकवानपुर

आन्तरिक द्वन्द्वबाट ग्रस्त यस मुलुकमा इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक २००८ ले वास्तविक घटनाहरू समाजसामु उजागर गराइदिएर जनताको सुसूचित हुन पाउने अधिकारको सम्मान गरेको छ। नागरिक शासन प्रभावकारी नभएसम्म देशमा सञ्चालित अन्य क्षेत्रका कार्यक्रमबाट मात्र देशको शिर ठाडो बन्न सक्दैन भन्ने तथ्यलाई मध्यनजर राखेर देशको नागरिक शासन प्रभावकारी बनाउन इन्सेक अझ प्रभावकारी ढङ्गबाट अघि बढ्नु आवश्यक छ। जसले गर्दा मुलुकबाट दण्डहीनताको अन्त्य हुन सकोस्।

**मोहनप्रसाद वाग्ले**
सहायक प्रमुख जिल्ला अधिकारी, ललितपुर

इन्सेकको उपस्थितिले पीडितलाई न्याय दिएको छ। गएको एक वर्ष नेपालमा राजनीतिक सङ्क्रमणको वर्षका रूपमा रह्यो। पछिल्लो समयमा संविधान लेखन कार्यको सुरुवातमा देखिएको राजनीतिक सङ्क्रमण र नयाँ युगको प्रसव पीडामा पनि जनताका बीचमा फेरि उही राहत महसुस हुने गरी उभिएको छ। पत्रकारिता साह्रै नै जोखिममा रहेको अवस्थामा जसरी वर्षपुस्तक प्रतिनिधिहरूको सक्रियताका कारण प्रकाशन सम्भव रहेको यो पुस्तक आमनेपालीहरूको न्यायको प्रतीक बन्न सकोस्।

**अमृतनाथ तिमल्सिना**
अध्यक्ष, प्रेस चौतरी ललितपुर शाखा

राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, प्रेस स्वतन्त्रताका बारेमा इन्सेकले खेलेको भूमिका अत्यन्तै महत्त्वपूर्ण छ। मानवअधिकारको उल्लङ्घन जोसुकैबाट भएको भए पनि त्यसलाई वर्षपुस्तकको माध्यमबाट सर्वसाधारणले बुझ्ने सरल भाषामा प्रकाशन गरेर इन्सेकले ठूलो गुन लगाएको छ। आगामी दिनमा पनि पुस्तकले स्थलगत अध्ययनका आधारमा तथ्यगत जानकारी गराई आमनागरिक र समाजलाई मानवअधिकारप्रति सचेत गराउन सफल होस्।

**भाष्कर्रराज आचार्य**, राष्ट्रिय अनुसन्धान, जिल्ला कार्यालय, ललितपुर

इन्सेकले मानवअधिकार वर्षपुस्तकमार्फत देशमा मानवअधिकार हनन एवम् उल्लङ्घनका घटना जनसमक्ष प्रस्तुत गर्ने सराहनीय कार्य गर्दै आएको छ। वर्षपुस्तक २००८ पढ्दा मानवअधिकार उल्लङ्घन गर्ने कार्यमा माओवादी र त्यसको भ्रातृ सङ्गठनको संलग्नता देखिन्छ।

**रमेश थापा श्रेष्ठ**, अध्यक्ष, नेपाल मजदुर किसान पार्टी जिल्ला समिति, भक्तपुर

इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्ने कार्यको सराहना गर्छु। सरकारी र गैरसरकारी क्षेत्रबाट समेत मानवअधिकारको उल्लङ्घन

भएका घटनाहरूलाई उजागर गरी पुन: घटना नदोहोऱ्याउने वातावरण तयार गरी मानवअधिकारको रक्षा गर्ने कार्यमा वर्षपुस्तक सफल छ।

**कमलमणि काफ्ले**, प्रमुख जिल्ला अधिकारी, भक्तपुर

इन्सेकले लामो समयदेखि मानवअधिकारको क्षेत्रमा निरन्तर वर्षपुस्तक प्रकाशित गर्दै आएकामा आगामी दिनहरूमा महिलाहरूका विषयमा अझ बढी सन्दर्भ-सामग्री समावेश गरी महिला हिंसाका विषयहरू पुस्तकमा समावेश गरी पीडित महिलाको वकालत गरियोस् भन्ने कामना गर्छु।

**मनदेवी केसी कार्की**, अधिवक्ता, भक्तपुर

इन्सेकले द्वन्द्वकालदेखि हालसम्म ऐतिहासिक रूपमा वर्षपुस्तक प्रकाशित गर्दै आइरहेको प्ररिप्रेक्षमा भविष्यमा पनि मानवअधिकारको संरक्षण र सम्वर्द्धनार्थ महिलाउपर हुने पारिवारिक हिंसाका सम्पूर्ण घटनाहरूसमेत निर्भीक भई प्रकाशन गर्ने अपेक्षा गर्छु। नयाँ संविधान निर्माण प्रक्रियालाई समेत थप उर्जा प्राप्त गर्नेछ भन्ने आशा एवम् विश्वास लिँदै इन्सेकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**प्रभाकर खनाल**, अधिवक्ता, भक्तपुर

इन्सेकले मानवअधिकार वर्षपुस्तकको माध्यमद्वारा पुऱ्याएको योगदान अतुलनीय रहँदै आएको छ। यसका लागि इन्सेकको यो अभियानप्रति हार्दिक एक्यबद्धता जनाउँदै धन्यवाद व्यक्त गर्छु। आफ्नो प्रयासलाई अझै स्तुत्य बनाउँदै लान सकोस्, हाम्रो शुभकामना।

**सोम मिश्र**, सचिव, एमाले जिल्ला कमिटी, भक्तपुर

नेपाल मानवअधिकार वर्षपुस्तक २००८ अध्ययन गर्दा मानवअधिकार उल्लङ्घनका घटनाहरूको यथार्थ चित्रण गरेको पाइयो। विभिन्न कठिन कारण तथा असहज परिस्थितिका बाबजुद वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनालाई विस्तृत रूपमा सार्वजनिक गर्ने कार्य प्रशंसनीय हुनुका साथै समाजमा विद्यमान दण्डहीनतालाई समाप्त गरी कानुनको शासन कायम गर्ने कार्यमा वर्षपुस्तकले महत्त्वपूर्ण भूमिका निर्वाह गरोस्। आगामी वर्षमा वर्षपुस्तकको अझ बढी उपादेयता हुनेछ भन्ने शुभकामना व्यक्त गर्दछु।

**लेखनाथ रेग्मी**, जिल्ला न्यायाधीश, काभ्रेपलाञ्चोक जिल्ला अदालत

इन्सेकद्वारा प्रकाशन गरिएको वर्षपुस्तक २००८ अध्ययन गरेँ। इन्सेकको यो कार्य सराहनीय छ। देशका ७५ ओटै जिल्लामा प्रतिनिधि राखेर हरेक वर्ष मानवअधिकार उल्लङ्घनका घटनालाई सार्वजनिक जानकारीमा ल्याउनु निकै कठिन कार्य हो। सङ्कलित घटनाहरूलाई वर्षको अन्तिम अर्थात् प्रकाशन हुनुपूर्व एकपटक पुन:पुष्टि गर्नुपर्ने देखिन्छ। सशस्त्र द्वन्द्वको विषयलाई विगतका जसरी समेटियो, त्यसैगरी समाजमा हुने सामाजिक हिंसाका विषयवस्तुलाई आगामी अङ्कहरूमा समेट्दा उपयुक्त हुन्छ।

**नेत्रप्रसाद न्यौपाने**, प्रमुख जिल्ला अधिकारी, काभ्रे

मानवअधिकार उल्लङ्घनका घटना सम्बन्धमा सत्यतथ्य पत्ता लगाई वास्तविकताको नजिक पुगेर प्रकाशित गर्दा अभियुक्तको मानवअधिकारको सम्मान गर्दै पीडितप्रति संवेदनशील हुने भावना उत्प्रेरित गर्ने किसिमबाट प्रकाशित गर्नु जरुरी छ।

**सूर्यराज दाहाल**, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, काभ्रेपलाञ्चोक

नेपाल मानवअधिकार वर्षपुस्तक २००८ अध्ययन गर्दा अझै पनि हामी मानवअधिकार संस्कृतिप्रति सचेत नभएको ढुङ्गे युगबाट गुज्रिरहेको अनभूति भएको छ। देशभरका मानवअधिकार उल्लङ्घनका घटनालाई वर्षपुस्तकमार्फत आमनागरिकको जानकारीमा ल्याउन सफल भएकामा इन्सेकलाई साधुवाद छ।

**सागर विष्ट**

अध्यक्ष, नेपाल बार एसोसिएसन, काभ्रे

मानवअधिकार उल्लङ्घनका घटनाहरू हरेक वर्ष समावेश हुने गरेका भए पनि प्रकाशन भइसकेपछि के भयो ? पीडकले सजाय वा पीडितले न्याय वा अन्य केही ? फलोअप हुनु जरूरी छ। अभिलेखका लागि केही प्रतिहरू छापिनु राम्रो हुन्छ। पुराना र नयाँ वर्षपुस्तक पनि वेब साइटमा राख्नु राम्रो हुन्छ। यसका लागि छुट्टै वेबसाइट जस्तै, www.yearbook.org.np हुनसक्छ। विगतका वर्षहरूबाटै कतिपय जिल्लाका घटनाहरू अपडेट देखिँदैनन्। वर्षपुस्तक प्रतिनिधिहरू धेरैजसो प्रहरीको १० नम्बर डायरी तथा अदालत र सरकारी वकिलकहाँ मात्र भर परेका देखिन्छन्। घटनाको सूचनाको स्रोत ती निकायहरू भए पनि पुष्टिका लागि अन्य स्रोत पनि खोज्नका लागि प्रतिनिधिहरूलाई तालिम दिइनुपर्छ।

**मधुसूदन गुरागाईं**, पत्रकार, काभ्रे

वर्षपुस्तक २००८ अध्ययन गर्ने मौका प्राप्त भयो। धादिङमा भएको मानवअधिकार हननसम्बन्धी

घटनालाई मिहिनेतका साथ समेटी लिपिबद्ध गरी पुस्तकमा समाहित गरेर प्रकाशन गरिएकाले मानवअधिकार हननको सम्बन्धमा सबैले बुझ्न पाउने छन्। र, सम्बन्धित पक्षलाई यसले सचेत समेत गराउनेछ। इन्सेकले सत्यतथ्यमा आधारित मानवअधिकार हननका घटनालाई प्रकाशन गर्ने कार्यलाई निरन्तरता प्रदान गर्न सकोस् भन्ने शुभकामना समेत व्यक्त गर्छु।

**सीतारामप्रसाद वर्मा**
अध्यक्ष, पत्रकार महासङ्घ, धादिङ

मानवअधिकारको घटनासँग प्रत्यक्ष सरोकार राख्ने घटनाहरूलाई इन्सेकले गम्भीरतासाथ लिई मानवअधिकार वर्षपुस्तकमार्फत सारा नेपालीहरूमाझ सार्वजनिक रूपमा उजागर गरेको छ। नेपालमा बढ्दै गएको दण्डहीनता अन्त्यका लागि यस प्रकारको प्रकाशनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने कुरामा हामी विश्वस्त छौं।

**टङ्ककुमार श्रेष्ठ**, अध्यक्ष, बार एसोसिएसन, धादिङ

धादिङ जिल्लालगायत देशका विभिन्न भागमा भएका मानवअधिकार हननका घटनाहरू मानवअधिकार वर्षपुस्तकमा २००९ मा नछुटाई प्रकाशनमा सफलता मिलोस्। जसबाट आगामी दिनहरूमा मानवअधिकार हननका घटनाहरू न्यूनीकरण गर्न सहयोग मिल्ने आशाका साथ शुभकामना व्यक्त गर्छु।

**उद्धवबहादुर थापा**
प्रमुख जिल्ला अधिकारी, धादिङ

मानवअधिकार हननका घटनाहरूलाई सार्वजनिक गरी सबैका सामु ल्याउन इन्सेकद्वारा प्रकाशन गरिएको मानवअधिकार वर्षपुस्तकले धेरै सहयोग गरेको छ। मानवअधिकार हननका घटना विभिन्न स्वार्थका कारणले लुकाउन खोजिन्छन्। ती घटनालाई सबैका सामु ल्याई नागरिकको सूचनाको अधिकार प्राप्त गर्ने अधिकारलाई यसले सहयोग गरेको छ। आगामी दिनमा महिलामाथि हुने हिंसाका घटनाहरूको सत्यतथ्य बाहिर ल्याउन यो पुस्तक सफल होस्।

**राधिका सापकोटा**
सदस्य महिला सुरक्षा दबाब समूह, धादिङ

मानवअधिकारको पक्षमा सचेतना अभिवृद्धि गर्ने, खबरदारी गर्ने र हुने गरिएका घटनाहरूको सार्वजनिक गर्दै मानवअधिकारविरोधी व्यक्ति र संस्थाहरूलाई नैतिक र सामाजिक कठघरामा उभ्याउने अभियानमा इन्सेकको भूमिकाको सराहना गर्छु। सीमित स्रोत, साधनको सीमाभित्र रहेर सिन्धुपाल्चोकको भूगोलभित्र भएका मानवअधिकार हननका घटनाहरूको गहन अध्ययन, अनुसन्धान र उत्खनन गरेर खबरदारी गर्न सक्नु भएकामा हार्दिक धन्यवाद।

**सुभाष कर्माचार्य**, सचिव, एमाले जिल्ला कमिटी सिन्धुपाल्चोक

विस्तृत शान्ति सम्झौता २०६३ तथा अन्तरिम संविधान २०६३ मा व्यवस्था भएबमोजिमको प्रेस स्वतन्त्रतासहितको प्रत्येक व्यक्तिलाई जन्मसिद्ध प्राप्त भएको सामाजिक, आर्थिक, एवम् राजनीतिक स्वतन्त्रता र संविधानमा व्यवस्था गरिएको मौलिक हकको ग्यारेण्टीका साथ कार्यान्वयन गर्न सके मात्र वास्तविक मानवअधिकारको प्रत्याभूति दिलाउन सकिन्छ भन्ने हाम्रो पार्टीको मान्यता र ठहर छ।

**टङ्क कार्की**, काङ्ग्रेसस, जिल्ला कार्यसमिति, चौतारा, सिन्धुपाल्चोक

वर्तमान बदलिँदो जटिल तथा चुनौतीपरक अवस्थामा मानवअधिकारसँग सम्बन्धित सम्पूर्ण पक्षहरूको संरक्षण एवम् प्रवर्द्धन हुनु अत्यन्त जरूरी छ। यसका लागि राज्यका सबै पक्षहरूको भूमिका सशक्त एवम् जागरणमूलक हुन अत्यावश्यक रहन्छ। विशेषत: मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्था तथा राज्यका प्रतिनिधिहरूले निर्वाह गर्ने भूमिका अत्यन्त प्रभावकारी र कानुनसम्मत हुनुपर्छ। मानवअधिकार संरक्षण एवम् प्रवर्द्धनका लागि प्रहरीले निर्वाह गर्नुपर्ने भूमिकाप्रति सदैव संवेदनशील रही अपराध रोकथाम तथा नियन्त्रण र नागरिक सेवामा कटिबद्ध हुने जानकारी गराउन चाहन्छु।

**प्रमोदकुमार खरेल**
प्रहरी नायव उपरीक्षक, कार्यालय प्रमुख, सिन्धुपाल्चोक

वर्षपुस्तकमा समेटिने विषयवस्तुलाई सबैको स्वीकार्य बनाउन वस्तुनिष्ठ तथा तथ्यपरक बनाउनु पर्ने खाँचो देखिएको छ। पुस्तकमा समेटिएका मानवअधिकार हननका घटना विवरण सरसर्ती रूपमा मात्र प्रस्तुत गरिनाले घटनाको वास्तविकता बाहिर आउन सकेको देखिँदैन। तसर्थ, त्यस्ता घटनाको विस्तृत पक्ष समेट्न सके त्यसले त्यस्ता घटना रोकथाममा समेत सहयोग पुऱ्याउन सक्छ।

**ज्ञानेन्द्र तिमिल्सिना**, सचिव, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, सिन्धुपाल्चोक

पुस्तकमा प्रकाशित घटनाहरूका सम्बन्धमा प्रकाशनपूर्व पनि घटनामा संलग्न व्यक्ति, समुदाय, कार्यालय राजनीतिक दलहरूसँग अन्तरक्रिया गरी लिखित सुझाव, प्रतिक्रिया लिने पद्धति बसाल्न सकेमा अझ बढी सार्थक हुने सुझाव दिन चाहन्छु।

**रविराज काफ्ले**, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय धुन्चे, रसुवा

मानवअधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू एकै सँगालोमा समेटेर प्रकाशित हुनु अति नै राम्रो पक्ष हो। यसमा समेटिएका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। मानवअधिकारको सन्धि-अभिसन्धिका आधारमा समेटिएको पुस्तक सङ्ग्रहणीय, पठनीय र अति उपयोगी छ।

**छोवाङ तेन्जिङ तामाङ**, जिल्ला कमिटी सचिव, एमाले, रसुवा

यो पुस्तक अध्ययन गर्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। मानवअधिकारको तथ्याङ्कहरूको सँगालोका रूपमा छ। यो पुस्तकले मानवअधिकारको उल्लङ्घनका घटनामा न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेल्न सकेको जस्तो लाग्छ।

**विश्वास नेपाली**, पत्रकार, रसुवा

शान्ति प्रक्रियाको थालनीपछि मानवअधिकारको स्थितिमा उल्लेखनीय सुधार हुने अपेक्षा गरिए पनि आजसम्म खासै सुधार आउन सकेको छैन। मानवअधिकारको स्थिति अत्यन्त गम्भीर र संवेदनशील अवस्थामा छन्। आमनागरिकले मानवअधिकारको स्थितिमा सुधार आई सम्प्रभुता सम्पन्न नागरिक भएको महसुस गर्न सक्ने वातावरण सिर्जना नभएसम्म लोकतन्त्र आएको अनुभूति जनताले गर्न सक्दैनन्। मानवअधिकार सबै विचार, आस्था र सिद्धान्तभन्दा माथि हुन्छ। इन्सेकले मुलुकको संवेदनशील घडीमा हाम्रो यथार्य, हाम्रो मानवअधिकारको स्थितिको उजागर गर्दै मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। पुस्तकले विभिन्न तह र तप्कामा रहेर मुलुकलाई विकासतर्फ अगाडि पुऱ्याउने सबैलाई सहयोग पुऱ्याउने छ।

**सारङ्गा सुवेदी**, अध्यक्ष, पुनरावेदन अदालत बार एसोसिएसन, पोखरा

इन्सेकले नागरिक समाजका तर्फबाट राष्ट्रिय स्तरमा मानवअधिकार उल्लङ्घन र हननका मुद्दाहरूलाई बडो निर्भीकतापूर्वक वर्षपुस्तकको माध्यमबाट जनसमक्ष पुऱ्याउन सफल छ। शान्ति खलबल्याउने, अधिकार उल्लङ्घन गर्ने र दण्डहीनतालाई बढावा दिनेहरूका लागि यो खलीका च्यूरा साबित भएको छ।

**रामप्रसाद सुवेदी**, संयोजक, मानवअधिकार एलायन्स पश्चिमाञ्चल क्षेत्रीय समिति, पोखरा

तथ्याङ्क सङ्कलनमा यहाँहरूको परिश्रमले मानवअधिकार उल्लङ्घन गर्नेहरूको सजीव चित्रण प्रस्तुत गरेको छ। सामाजिक, राजनीतिक, धार्मिक, जातीय र लैङ्गिक भेदभाव र सशस्त्र द्वन्द्वबाट उत्पन्न मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई तथ्यका आधारमा प्रस्तुत गर्न अझ बढी मिहिनेत र परिश्रमको जरूरी छ।

**राजनप्रसाद पन्त**, सभापति, काङ्ग्रेस, पाल्पा

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार हननका घटनाहरूलाई तथ्य-तथ्याङ्कसहित खोजतलास गरी प्रकाशित गरी आमनागरिकलाई सुसूचित गर्दै आएकामा हार्दिक धन्यवाद ज्ञापन गर्छु। आगामी दिनमा पनि यस कामलाई निरन्तरता दिँदै स्वतन्त्र, निर्भीकताका साथ तथ्यसङ्गत घटनाक्रमलाई सार्वजनिक गर्दै मानवअधिकार उल्लङ्घनका घटनामा कमी ल्याउन विशेष महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु।

**राधाकृष्ण कँडेल**,
सचिव, एमाले सचिव, पाल्पा

इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले मानवअधिकार हननका घटनाहरूलाई तथ्याङ्कसहित प्रकाशन गरी आमनागरिकलाई सुसूचित गर्दै आएकामा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। तथ्यसङ्गत घटनाक्रमलाई प्रकाशन गरिएमा मानवअधिकारको संरक्षणमा महत्त्वपूर्ण उपलब्धि हुनेछ।

शम्भु घिमिरे, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, पाल्पा

नेपालजस्तो अविकसित तथा पिछडिएको देशमा धेरैजसो जनता अहिले पनि आफ्नो आधारभूत मानवअधिकारका बारेमा समेत सचेत हुन सकिरहेका छैनन्। सदियौंदेखिको सामन्ती, उत्पीडन, दमन, अन्याय, अत्याचारबाट पीडित रहेका नेपालीहरू अहिले संयुक्त जनआन्दोलनको बलबाट केही भए पनि मुक्ति पाउने बाटोमा उन्मुख भएका छन्। तर, देश अझै सङ्क्रमणको चौघेरोमा उभिएको छ र त्यसैमाथि फाइदा

उठाएर साम्राज्यवादी र विस्तारवादी खुनी नङ्ग्राहरू नेपाली भूमिमा बज्रिरहेका छन्। यो पनि नेपाली अस्मितामाथिको ठूलो बज्रपात हो र नेपालीको मानवअधिकारमाथिको चिन्ताको विषय हो।

**अनिलकिशोर घिमिरे**, जनमोर्चा नेपाल, पाल्पा

वर्षपुस्तक २००८ अध्ययन गर्ने अवसर प्राप्त भयो। आफ्नो सुरुवातीबाटै इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरणात्मक, तथ्याङ्क प्रस्तुत गर्दै आएको छ। यसैले यो विश्वासिलो र बहुउपयोगी पनि भएको छ। यो सुखद पक्ष हो।

**धनञ्जय दवाडी**, कार्याल सचिव, एमाले लमजुङ

इन्सेकले वार्षिक रूपमा मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्दै जीउ, जीवन, सम्पत्ति र स्वतन्त्रताका पक्षमा सराहनीय कार्य गरिरहेको छ। पुस्तकमा समेटिएका घटना र विषयवस्तुहरू यथार्थ र वस्तुपरक हुनुपर्ने कुरामा दुईमत छैन। घटनाको सङ्कलन र विश्लेषण गर्दा त्यसतर्फ विशेष ध्यान दिई पुस्तक प्रकाशन कार्य अझै गहन र विश्वसनीय हुँदै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**विष्णुप्रसाद पोखरेल**, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय लमजुङ

जिल्ला जिल्लामा वर्षपुस्तक प्रतिनिधि राखेर वर्षभरिमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको सङ्कलन गरी वर्षपुस्तक प्रकाशित गर्ने हुनाले मानवअधिकार उल्लङ्घनका घटनाहरूबारे सबैलाई जानकारी हुन्छ। यहाँका बासिन्दालाई मानवअधिकारबारे चेतना जगाउँदै प्रहरी, प्रशासन, राजनीतिक दल, सामाजिक सङ्घ-संस्था र व्यक्तिहरूबाट हुने मानवअधिकारविरोधी घटनाक्रमलाई नियन्त्रण गर्नका लागि सहयोगी हुन इन्सेकलाई सफलत मिलोस्।

**भीम कार्की**, सचिव, एमाले, मनाङ

इन्सेकले विगत वर्षझैं यस वर्ष पनि मानवअधिकारको क्षेत्रमा भएका घटनाहरू सङ्कलन गरी सँगालोका रूपमा नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। सो सँगालोमा स्याङ्जा जिल्लालगायत समग्र नेपालकै मानवअधिकारको स्थिति, तथ्याङ्क उपलब्धि, चेतनामूलक गतिविधिहरू प्रकाशन गरी सरोकारवालाहरूसमक्ष पुऱ्याउन यो मानवअधिकार वर्षपुस्तक कोसेढुङ्गा साबित हुनेमा विश्वास लिएको छु।

**गोपालबहादुर रायमाझी**, प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

इन्सेकले देशका सबै जिल्लामा आफ्ना प्रतिनिधि राखी हरेक जिल्लामा घट्ने मानवअधिकार उल्लङ्घनका घटनालाई जनसमक्ष पुऱ्याई सर्वसाधारणलाई सुसूचित गराउने जुन काम गरेको छ, यो काम सराहनीय छ। घटनाहरू सङ्कलन गर्दा र प्रकाशित गर्दा अझ बढी निष्पक्ष रूपमा भएमा अझ बढी प्रभावकारी हुने विश्वास लिएको छु।

**तुलसी गिरी**, सभापति, नेपाल मानवअधिकार सङ्गठन जिल्ला शाखा स्याङ्जा

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानवअधिकार वर्षपुस्तकले मानवअधिकार हनन भएका घटनालाई उजागर गरेर मानवअधिकार रक्षामा पहरेदारको भूमिका खेलेको छ। सन् २००९ को मानवअधिकार वर्षपुस्तकले पनि मानवअधिकार हनन एवम् उल्लङ्घनका घटनाहरूको विवरण समावेश गरी नागरिकलाई सुसूचित हुने अधिकार संरक्षण गर्न सकोस् भन्दै प्रकाशनको निरन्तरका लागि शुभ-कामना व्यक्त गर्छु।

**बद्रीप्रसाद वाग्ले**, बाल संरक्षण अधिकृत, जिल्ला बालकल्याण समिति, स्याङ्जा

मानवअधिकार क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको यस संस्थाले मानवअधिकार हनन भएका घटनाहरूलाई उजागर गर्दै आएकाले मानवअधिकारलाई संरक्षण गर्ने प्रतिबद्धता जाहेर गरेको हाम्रो राष्ट्रलाई मानवअधिकार संरक्षण गर्ने कार्यमा यसले ठूलो सहयोग पुगेको छ। आउँदा दिनहरूमा संस्थाले अझ उल्लेखनीय काम गर्दै जान सकोस् भन्ने शुभ-कामना व्यक्त गर्दछु।

**नन्दीकेशर त्रिपाठी**, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की

समाजमा घटेका घटनाक्रम आमरूपमा जनताको माझ ल्याउनु सूचनाको हकभित्र पर्छ। मानवअधिकार के हो ? र, के गर्दा मानवअधिकार हनन हुन्छ ? तिनका बारेमा पनि जानकारी गराउँदा राम्रो हुन्छ। सतही रूपमा भन्दा पनि गहिरिएर अध्ययन गरेर मानवअधिकारका बारेमा आवाज उठाउने सबै सङ्घ-संस्थाले आफ्नो पवित्र संस्थालाई सदैव स्वच्छ बनाउन आवश्यक छ।

**अकुर तिमल्सिना** (**आयाम**), कार्यालय सचिव, नेकपा माओवादी, गोरखा

इन्सेकद्वारा प्रकाशित वर्षपुस्तक २००८ अध्ययन गर्ने मौका पाए। विशेष गरी आफू कार्यरत गोरखा खण्ड अध्ययन गरेँ। मानवअधिकार उल्लङ्घन हननका केही घटना गोरखा जिल्लामा समेत भएका छन्। यस वर्ष स्थानीय प्रशासन, प्रहरी मूलरूपमा सुरक्षा निकायहरू पुन:स्थापना एवम् जिल्लाको शान्ति सुरक्षाको स्थितिलाई सामान्यीकरण गर्ने कार्यमा व्यस्त रहेको थियो। विद्रोही पक्ष माओवादीका कार्यकर्ताहरूले वर्षौंदेखि आफ्नो कब्जामा रहेको मानिएको क्षेत्राधिकारमाथि हस्तक्षेप हुन लागेको जस्तो महसुससमेत गरेका थिए। वर्षपुस्तक २००८ मा गोरखा जिल्लाको मानवअधिकार स्थितिको विषयमा लेखिएका विषय सहज रूपमा प्रस्तुत भएका देखिन्छन्। स्थानीय प्रशासनको प्रमुखका रूपमा प्रस्तुत विषयमा सरकारी पक्षबाट आगामी दिनमा हुनसक्ने सुधार एवम् सामान्यीकरणका विषयमा विशेष सचेत रहँदै मानवअधिकारका स्थापित मान्यता एवम् कानुनी व्यवस्थाप्रति आफ्नो र मातहतका निकायहरूको प्रतिबद्धता व्यक्त गर्छु।

**जीवनप्रसाद वली**, प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय, गोरखा

नेपाल मानवअधिकार वर्षपुस्तक २००८ हेर्दा मानवअधिकार उल्लङ्घनको घटनाको समग्र चित्रण गरेको जस्तो लाग्यो। तर, यस वर्ष उल्लङ्घनका घटनाविरुद्ध कति उजुरी परे, कति छानबिन भए र कारवाही प्रक्रिया कस्तो छ भन्ने विषयमा पनि समेट्न सकिए अझै प्रभावकारी हुन्छ।

**किशोरजङ्ग थापा**, अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, गोरखा शाखा

नेपालको मानवअधिकार हननका घटनाहरूलाई लिखितरूपमा पुस्तकबाट दिँदै आएको इन्सेकले यसपटक पनि मिहिनेत गरेको छ। जहाँ दण्डहीनताको अवस्था रहन्छ, त्यहाँ मानवअधिकारको हनन व्यापक रूपमा हुने गर्दछ। त्यसैले इन्सेकको काँधमा आगामी दिनमा अझै बढी जिम्मेवारी थपिने गर्दछ।

**विष्णु लामिछाने**, काङ्ग्रेस, कार्यालय सचिव, नवलपरासी

इन्सेकले मानवअधिकारको संरक्षण र सम्वर्द्धनको क्षेत्रमा गरेको योगदान हरेक क्षेत्र र समुदायबाट प्रशंसा गर्न योग्य छ। मानवअधिकार वर्षपुस्तक २००८ को अध्ययनबाट मुलुकभर भएको मानवअधिकार उल्लङ्घनका घटनालाई लिपिबद्ध रूपमा उजागर गरिएको छ। आगामी दिनमा पनि राज्य तथा अन्य क्षेत्रबाट भएका मानवअधिकार उल्लङ्घनका घटनालाई सत्यतथ्य रूपमा उजागर गरी प्रशंसनीय भूमिका निर्वाह गरोस् भनी शुभकामना दिन चाहन्छु।

**सुदर्शन पन्त**, पूर्वअध्यक्ष तथा संयोजक, मानवअधिकार तथा जनसरोकार समिति, नेपाल बार एसोसिएसन, नवलपरासी

वर्षपुस्तक २००८ ले मानवअधिकार उल्लङ्घनका घटनालाई उजागर गरेको र भविष्यका लागि पनि दस्तावेजका रूपमा रहने भएकाले यसले समाजमा आफ्नै किसिमको स्थान जमाउन सफल भएको छ। विकट पहाडी भाग र तराईको भारतीय सीमा क्षेत्रसम्मका घटनालाई समेट्न सकेकामा धन्यवादको पात्र बनेको छ।

**तिलक महत**, एमाले कार्यालय सचिव, नवलपरासी

यस पुस्तकमा दिएका तथ्याङ्कहरू अत्यन्त उपयोगी छन्। पुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाको रूपमा अदालतमा मुद्दा चल्दै गरेका विषयहरू पनि प्रकाशित भएका छन्। तर, पुस्तक प्रकाशन भइसकेपछि विभिन्न आरोपमा पक्राउ परेका व्यक्तिमध्ये केही अदालतबाट निर्दोष प्रमाणित भइसकेका हुन्छन्। यसले गर्दा निर्दोष व्यक्तिको मानवअधिकार उल्लङ्घन भएन र ? जिल्ला प्रतिनिधिहरूले अत्यन्तै कठिन अवस्थामा पनि मानवअधिकारका वास्तविक घटना सङ्कलन गरी प्रकाशन गर्ने कार्य सराहनीय छ।

**ओमप्रकाश अर्याल**, अधिवक्ता कपिलवस्तु

मानवअधिकार वर्षपुस्तक ऐतिहासिक दस्तावेदका रूपमा स्थापित भइसकेकाले यसमा उल्लिखित विषयवस्तु समय अनुकूल रहेको पाइयो। अकोतर्फ पुस्तक प्रकाशनपूर्व गरिने समीक्षाले छुटेका र गल्तीलाई सच्याउने प्रयासले पुस्तकमा उल्लिखित घटनाहरू विश्वस्त रहेका छन्। विगत १० वर्षे जनयुद्धमा मारिएका, अपहरणमा परेका, बेपत्ता र गिरफ्तारीमा परेका, यातना र क्षति भोगकाहरूको विवरणसमेत वर्षपुस्तकमा पाइन्छ। यसबाट राज्यलाई द्वन्द्वपीडितको पहिचान गर्न सजिलो हुने, राहत तथा क्षतिपूर्ति पाउन पीडितलाई समेत प्रमाणको रूपमा पेस गर्ने सजिलो भएको छ। पुस्तकमा विगतका घटनाका पीडितले राहत तथा क्षतिपूर्ति पाए-नपाएको र पीडकलाई कारवाही भए/नभएको बारे उल्लेख गरे अझ राम्रो हुने थियो।

**बलराम अधिकारी**, सचिव, एमाले कपिलवस्तु

इन्सेकले मानवअधिकारको क्षेत्रमा उदाहरणीय काम गरेको छ। मानवअधिकार उल्लङ्घन गर्ने, ज्यादती गर्ने जुनसुकै समूहलाई पनि इन्सेकले किटानी गरेरै सचेत बनाउँदै आएको छ। देशभरि भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी सबैखाले घटनालाई न्यायोचित र निष्पक्ष तरिकाले औंल्याएको हाम्रो ठहर छ। हामीले पनि इन्सेकको अभियानबाट आफूलाई सजग, सचेत र संयमित राख्ने अवसर पाएका छौं।

**रामचन्द्र ढकाल,** सभापति, काङ्ग्रेस, रूपन्देही

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर हरेक वर्षपुस्तक प्रकाशन गर्नु आफैंमा महत्त्वपूर्ण काम हो। यसमा महिला हिंसाका घटनाहरू सबै समावेश हुन सकेका छैनन्। त्यसो त समाजमा महिलाविरूद्ध हुने सबै हिंसाका घटनाहरू बाहिर आउँदैनन् पनि। मानवअधिकारबारे जनचेतना जगाउनुका साथै देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अझ निर्भीकताका साथ ल्याउनेतर्फ इन्सेकको अभियान सशक्त बनोस्।

**लीला गिरी,** सचिव, एमाले, रूपन्देही

मानवअधिकारको क्षेत्रमा काम गर्नु आफैंमा जटिल कुरा हो। कानुनी राज्य, विधिको शासन र प्रजातान्त्रिक पद्धतिका लागि लड्नु जटिल र अति नै महत्त्वपूर्ण तथा जोखिम कदम हो। इन्सेकले जस्तोसुकै अवस्था र चुनौतीहरूमा पनि आफ्नो अभियानलाई निर्भीकताका साथ निरन्तरता दिएको छ। यो सराहनीय काम हो। मानवअधिकारको क्षेत्र ठूलो, फराकिलो र विस्तारित भएको छ। यी सबै खाले क्षेत्रमा इन्सेकले अझ सशक्त अभियान चलाउने छ भन्ने विश्वास लिएको छु।

**महेन्द्र पाण्डे,**
अध्यक्ष, नेपाल बार एसोसिएसन बुटवल

देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जस्ताको तस्तै र निर्भीक भएर इन्सेकले वर्षपुस्तकमार्फत जुन दस्तावेजको रूपमा प्रकाशन गर्दै आएको छ, यो अति महत्त्वपूर्ण काम हो। यसलाई अझ गाउँगाउँमा पनि पुऱ्याउन जरूरी छ। कतिपय गाउँका उल्लङ्घनसम्बन्धी घटनाहरू यसमा समावेश हुन सकेका छैनन्। राज्यलाई आफ्नो दायित्वतर्फ जागरूक र अभिमुख गराउन इन्सेकजस्ता गैरसरकारी क्षेत्रबाट खेलिने यसखालको निरन्तरको भूमिकालाई मैले उदाहरणीय रूपमा लिएको छु। अन्तर्राष्ट्रिय मानवीय कानुनहरूको परिपालनमा राज्यले जुन उदासिनता देखाउँदै आएको छ, त्यसतर्फ इन्सेकले गरेको खबरदारीको कदम सराहनीय छ।

**खडकबहादुर केसी,** जिल्ला न्यायाधिवक्ता, रूपन्देही

राज्य नागरिकको जीउधन रक्षार्थ संवेदनशील देखिएको छैन। दण्डहीनता कायम छ। अन्तर्राष्ट्रिय मानवीय कानुनहरूको परिपालनमा राज्य उदासिन देखिएको छ। यस्तो जटिल अवस्थामा मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्ग्रहित गरेर परिपालनातर्फ राज्यलाई र सरोकारवालाहरूलाई घच्घच्याउन यस मानवअधिकार वर्षपुस्तकले ठूलो महत्त्व राख्छ। इन्सेकको उदाहरणीय यस अभियानलाई शुभकामना।

**सिद्धिचरण भट्टराई,** अध्यक्ष, गैसस महासङ्घ, रूपन्देही

मानवअधिकारबारे जनचेतना जगाउनुका साथै देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निर्भीकताका साथ जस्ताको तस्तै दस्तावेजका रूपमा प्रस्तुत गर्ने इन्सेकको वर्षपुस्तक कानुनी राज्य र विधिको शासन सञ्चालनका लागि मार्गदर्शक नै बनेको छ। इन्सेकको वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन गर्नेलाई निरूत्साहित गर्न र मानवअधिकारलाई प्रवर्द्धन गर्न उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ।

**धुवराज वाग्ले,** प्रजिअ, रूपन्देही

मानवअधिकार वर्षपुस्तक कानुनी राज्य तथा विधिको शासनमा विश्वास गर्दछौं र चलाएका छौं भन्नेहरूका लागि सचित्र दस्तावेज र ऐनाका रूपमा लिएकी छु। दण्डहीनता व्याप्त रहेको यस परिस्थितिमा मानवअधिकारको अवस्था दयनीय छ। हरेक क्षेत्र, भाषा, लिङ्ग, समुदाय, जाति, वर्ग र समूहले आफ्ना हकअधिकार सुनिश्चित गर्न र संवैधानिक सुनिश्चितता प्रदान गर्न आन्दोलनरत छन्। यो आन्दोलनमा इन्सेकले पुऱ्याएको निष्पक्ष सहयोका लागि इन्सेक परिवारलाई धन्यवाद।

**विमला पन्थी,** अध्यक्ष, अनेमसङ्घ, रूपन्देही

मानवअधिकार वर्षपुस्तकको प्रकाशनले मानवअधिकारप्रति सचेत र जिज्ञासु नागरिक समाजका लागि मार्गदर्शक दस्तावेजको काम गरेको छ। इन्सेकको अभियानले राज्य र राज्य सञ्चालन तहका दलहरूलाई आफ्नो दायित्वतर्फ सदैव खबरदारी गर्दै आएको मैले ठानेकी छु। इन्सेकले विगतदेखि नै जस्तोसुकै जटिल र कठिन अवस्थामा पनि आफ्नो अभियानलाई निरन्तरता दिदै आएको छ।

**अमृता अनमोल**, महिला सञ्चार मञ्च, रूपन्देही

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार क्षेत्रमा अति नै प्रभावकारी र महत्वपूर्ण दस्तावेज हो। यद्यपि, जातीयता र छुवाछूतका आधारमा हुने भेदभाव र अमानवीय क्रियाकलापहरू सबै समेट्न सकिएको भए अझ राम्रो हुने थियो। गाउँका धेरैजस्तो समुदायमा छुवाछूतको भेदभाव कायमै छ। यससम्बन्धी घटनालाई सकभर नछुटाई प्रकाशन गरियोस्।

**कमला विश्वकर्मा**, दलित महिला सङ्घ, रूपन्देही

मानवअधिकारको क्षेत्रमा अग्रणी संस्था इन्सेकको अभियान सराहनीय छ। देशभर भएका उल्लङ्घनका घटनाहरूलाई जस्ताको तस्तै र निर्भीकताका साथ दस्तावेजका रूपमा प्रकाशन हुँदै आएको वर्षपुस्तक राज्यका लागि मार्गदर्शक बनेको मैले ठानेको छु। मानवअधिकारका हरेक क्षेत्रहरूमा भएका उल्लङ्घन, ज्यादती र जबरजस्तीका घटनाहरूलाई सकभर नछुटाईकन पुस्तकमा समेट्न सके राम्रो हुने थियो।

**शिवनन्दन जयसवाल**
लेखक, मधेसी पत्रकार मञ्च, रूपन्देही

मानवअधिकार वर्षपुस्तक छापिनुभन्दा अगाडि यस पुस्तकमा छापिने प्रतिवेदनको सवालमा वर्षपुस्तक पूर्वसमीक्षा कार्यक्रममार्फत विभिन्न पक्षहरूसँग गरिने छलफल एकदमै राम्रो लाग्यो। सबै पक्षबाट दिइने सुझावहरूलाई यसरी समेट्दा घटनालाई थप पारदर्शी र विश्वसनीय बनाउन मद्दत पुग्ने देखिन्छ।

**भूपाल पोखरेल**, नेकपा माओवादी, गुल्मी

मानवअधिकारको विश्वव्यापी मान्यताहरू स्थापित गर्ने उद्देश्यका साथ नेपालका ७५ ओटै जिल्लामा सञ्जाल निर्माण गरी राष्ट्रव्यापी रूपमा क्रियाशील इन्सेकद्वारा हरेक वर्ष प्रकाशन हुने मानवअधिकार वर्षपुस्तक नेपालको मानवअधिकारको अवस्थाको यथार्थ दर्पण हो भन्दा अत्युक्ति नहोला। वर्षभरिमा नेपालभित्र भएका मानवअधिकार उल्लङ्घन र मानवअधिकार ज्यादतीका घटनाहरूको निष्पक्ष र तटस्थ रूपबाट सङ्कलन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कनपश्चात् वर्षपुस्तकका रूपमा सार्वजनिक गर्ने परम्पराबाट मानवअधिकारप्रति सबैलाई सजग र जिम्मेवार बनाउन महत्त्वपूर्ण सहयोग पुगेको छ।

**पदमप्रसाद पाण्डे**
सचिव, नागरिक समाज गुल्मी

इन्सेकले सन् १९९२ देखि मानवअधिकार उल्लङ्घनका तथ्यहरू सङ्कलन गरी मानवअधिकार वर्षपुस्तकका रूपमा प्रत्येक वर्ष अभिलेख प्रकाशन गर्ने कार्य अत्यन्त सराहनीय हो। मानवअधिकारको क्षेत्रमा हालसम्म कसैले पनि गर्न नसकेको काम इन्सेकले गरेको छ।

**कमल श्रेष्ठ**, सचिव, एमाले गुल्मी

विभिन्न कारणले समाजमा घटेका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जनसमक्ष प्रकट गर्ने ऐनाका रूपमा वर्षपुस्तकलाई लिएको छु। वर्षपुस्तकको प्रकाशनले समाजमा हुन सक्ने मानवअधिकारविरोधी घटनालाई न्यूनीकरण गर्दै जान सहयोग पुग्नेछ भन्ने आशा गर्दै आगामी दिनमा सबैको सहयोगमा राष्ट्रिय दस्तावेजका रूपमा स्थापित हुन सकोस् भन्ने कामना गर्दछु।

**माधव ज्ञवाली**, मानवअधिकारकर्मी, गुल्मी

वर्षपुस्तक २००८ मा मुस्ताङ जिल्लामा भएका विषयगत शीर्षकहरूमध्ये बाल मजदुर र झुमाको विषयमा प्रकाशित केही तथ्यसत्य भए तापनि हाल शिक्षाको माध्यम र जनचेतनाले गर्दा क्रमशः घट्दै गएको छ। उक्त पुस्तकमा प्रकाशित अन्य विषयहरू तथ्यमा आधारित नै भएकाले सो पुस्तक सबै सरोकारवालाका लागि उपयोगी सिद्ध हुनेछ। भविष्यमा पनि तथ्यमा आधारित विषयहरू प्रकाशित हुनेछ भन्ने यस कार्यालयले अपेक्षा राखेको छ।

**सुन्दरराज अर्याल**
प्रजिअ, जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

वर्षपुस्तक २००८ प्रकाशनमा यस मुस्ताङ जिल्लाको मानवअधिकारसम्बन्धी गतिविधि प्रकाशन गरेको पाइयो। पुस्तकमा प्रकाशित मानवअधिकारसम्बन्धी विषयहरू सत्य-तथ्यमा आधारित रहेकाले आगामी वर्षमा समेत यस्ता किसिमका तथ्यगत विषयहरू समेटी प्रकाशन भएमा मानवअधिकार संरक्षण र सम्बर्द्धनमा सार्थक हुने देखिन्छ।

**रणबहादुर गौतम**
प्रनाउ, जिल्ला प्रहरी कार्यालय, मुस्ताङ

वर्षपुस्तकले अझ निष्पक्षताका साथ मानवअधिकारको पक्षमा लेख्ने काम गरोस्।

**विनोद आचार्य**
नेकपा माओवादी, सङ्गठन समिति सचिवालय, सदस्य

वर्षपुस्तकले समाज र राष्ट्रलाई सही मार्गमा ल्याउन निर्वाह गरेको भूमिका अत्यन्त सराहनीय छ। मानवअधिकार सबैको साझा विषय हो। यसको रक्षा गर्ने दायित्व हामी सबैको हो।

**केवि मसाल**, अध्यक्ष, मानवअधिकार संरक्षण प्रतिष्ठान, दाङ

वर्षपुस्तकले समाज र राष्ट्रलाई सही मार्गमा ल्याउन निर्वाह गरेको भूमिका प्रशंसायोग्य छ। मानवअधिकारको उल्लङ्घनका सम्बन्धमा राज्य पक्ष होस् अथवा अन्य कुनै व्यक्ति वा निकायबाट भएका घटनाहरूको तथ्य सङ्कलन गरेर मुलुकको मानवअधिकारको स्थिति प्रकाश पार्ने इन्सेकको कार्य अत्यन्त प्रशंसनीय छ। स-साना घटना पनि नछुटाई लैजानुपर्ने सुझावसहित मानवअधिकार हनन कसैबाट पनि नहोस् भन्ने भावनाको प्रचार गरोस्।

**वीरकेशरी गौतम**, सभापति, काङग्रेस, दाङ

वर्षपुस्तक २००८ अध्ययन गर्दा विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गले विश्लेषण गरेको साथै मानवअधिकारसम्बन्धी जारी भएका विश्वव्यापी घोषणापत्रका कुराहरू सङ्कलन गरी तयार पारिएको पुस्तक अत्यन्त उपयोगी छ। विगतमा द्वन्द्वको मारमा परेका व्यक्तिको तथ्याङ्कका साथै विस्थापितहरूका लागि गरेको पहल सराहनीय छ।

**भागवत विश्वासी**, सचिव, एमाले दाङ

वर्षपुस्तकका माध्यमबाट मानवअधिकार हननका घटनाहरू सङ्कलन, विश्लेषण, अभिलेखीकरणसहित समष्टिगत रूपमा अघि सारेर नेपालको मानवअधिकार क्षेत्रमै इन्सेक ऐनाका रूपमा स्थापित भएको छ। जिल्ला-जिल्लामा रहेका इन्सेक प्रतिनिधिको सक्रियता पनि अत्यन्त सराहनीय छ। आगामी दिनमा यस पुस्तकले मानवअधिकार उल्लङ्घन तथा दण्डहीनताका घटनालाई सत्यतथ्य रूपमा प्रकाश पारी मानवअधिकारको रक्षाको सवालमा उल्लेखनीय भूमिका निर्वाह गरोस्।

**टीकाराम सिजवाल**

एसपी, जिल्ला प्रहरी कार्यालय, दाङ

घटनाहरू छुटेका छन्, अबका दिनमा नछुटून्। पटक-पटक अन्तरक्रिया गर्दै पुस्तकलाई ऐनाझैं बनाउनु आवश्यक छ। पुस्तकको आवरण अत्यन्त सकारात्मक छ। मानवअधिकारको सवालमा इन्सेकले अझै अगाडि बढ्दै सत्य-तथ्य घटना प्रकाश पार्न जरूरी छ। पुस्तक सबैको साझा बनोस्।

**भरत भण्डारी**, अध्यक्ष, राष्ट्रिय जनमोर्चा, दाङ

इन्सेकले द्वन्द्वको समयमा निर्वाह गरेको भूमिका अत्यन्त प्रशंसनीय छ। मानवअधिकार वर्षपुस्तकमा समेत सबै कुराहरू राखिदिएर जुन खालको काम गरेको छ, त्यो राम्रो पक्ष हो। आगामी दिनमा पनि मानवअधिकारका क्षेत्रमा इन्सेकको भूमिका रचनात्मक नै रहोस्।

**बिन्तीराम यादव**

अध्यक्ष, मधेसी जनधिकार फोरम, दाङ

मानवअधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूमा इन्सेकको स्थान अत्यन्त महत्त्वपूर्ण छ। विगत द्वन्द्वकालीन अप्ठ्यारा दिनहरूमा पनि यस संस्थाले मानवअधिकार हननका घटनाहरूलाई सु-सूचित गर्ने काम गरेको कसैबाट छिपेको छैन। वर्षपुस्तकले पनि इन्सेकले आफ्नो कार्यलाई निरन्तरता दिएको प्रमाणित गर्दछ। मानवअधिकार संरक्षणको क्षेत्रमा इन्सेक निरन्तर सतिसालजस्तै रहोस्।

**बलदेव गौतम**, प्रमुख जिल्ला अधिकारी, दैलेख

वर्षपुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक र सूचनामूलक ढङ्गबाट प्रस्तुत गर्ने प्रयास भएको छ। यद्यपि, कतिपय तथ्य र सूचना अपूर्ण र समेट्न बाँकी देखियो। आगामी दिनमा अपूर्णतालाई पूरा गर्दै समाजका विविध क्षेत्रमा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई उजागर गरी सम्बन्धित पक्षलाई नैतिक दबाब दिँदै सचेत बनाउने काम होस्।

**कर्णबहादुर बस्नेत**

सचिव, नेकपा माओवादी, दैलेख

मानवअधिकार वर्षपुस्तकमा राज्य वा अन्य पक्षबाट मानवअधिकार उल्लङ्घनका घटनालाई समावेश गरिएको पाइए पनि घटना हुन नदिनेतर्फ व्यापक जनचेतना जगाउने, ग्रामीण वस्तीसम्म पुग्ने अभ्यासको कार्य बाँकी नै छ। तसर्थ, न्यून चेतनालाई माथि उठाउँदै जनताको जनअधिकार स्थापित गर्ने महान् अभियानलाई अगाडि बढाउँदै जाओस्।

**मायाराम अधिकारी**, उपाध्यक्ष, राष्ट्रिय जनमोर्चा, दैलेख

इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुँदै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले समाजमा सामाजिक विभेद र दण्डहीनताको अन्त्यमा ठूलो भूमिका निर्वाह गरेको छ। दूरदराज र ग्रामीण इलाकामा हुने महिला

हिंसा, छुवाछूतको अन्त्यलगायतका काममा अझ प्रभावकारी भएर लागोस्।

**कुमँराज शाही**, सचिव, एमाले कालीकोट

मानवअधिकार वर्षपुस्तकबाट समाजमा भएगरेका मानवअधिकार उल्लङ्घनका घटनाको जानकारी दिनुका साथै त्यस किसिमका घटनाको अन्त्य गर्न समाजलाई सतर्क बनाउने काम गरेको छ। नेपालको विकट ग्रामीण वस्तीमा हुने घरेलु हिंसादेखि लिएर समाजमा रहेका सांस्कृतिक अधिकार उल्लङ्घनका घटनालाई समेटेर प्रकाशन गरेमा राम्रो हुने देखिन्छ।

**हर्षबहादुर बम**, सचिव, काङ्ग्रेस कालीकोट

वर्षपुस्तकले विगत द्वन्द्वकालदेखि मानवअधिकार उल्लङ्घनका महत्त्वपूर्ण घटनाको सत्यतथ्य प्रकाशनमा ल्याएर कैयौँ व्यक्तिको ज्यान जोगाउनमा मद्दत पुऱ्याएको भूमिकालाई बिर्सन सकिँदैन। यस प्रकाशनले अबको नयाँ नेपालमा आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। साथै, कर्णालीको भोक, रोग र अशिक्षाका कारण उत्पन्न हुने घटनाको पनि दस्तावेज प्रकाशन गरोस्।

**गणेशबहादुर शाही** (**आकाश**), माओवादी, भेरी-कर्णाली राज्य समिति सदस्य

इन्सेकद्वारा प्रकाशन हुने मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनालाई सर्वसाधारणसम्म पुऱ्याउनुका साथै सम्बन्धित सरोकारवालालाई सतर्कतातिर लैजाने भूमिका निर्वाह गरेको छ। आउँदा दिनहरूमा हिजोका दिनमा जस्तै अझ ग्रामीण गाउँवस्तीसम्म मानवअधिकार उल्लङ्घनका र कुरीति, कुसंस्कार आदिबाट हुने घटनालाई पनि समेटेमा प्रभावकारी हुने देखिन्छ।

**बलप्रसाद सञ्ज्याल**
उपाध्यक्ष, कालीकोट बार एकाइ

सन् १९९२ देखि मानवअधिकारको इतिहासका रूपमा प्रकाशन हुँदै अइरहेको वर्षपुस्तकले महिलाअधिकार, बालअधिकार र समग्र मानवअधिकारको वकालत गरेको देखिन्छ। यसले आगामी दिनमा दुर्गम क्षेत्रको भोकमरीबाट पिल्सिएका जनताको आवाज पनि बुलन्द गरोस्।

**जङ्गदेव शाही**, कावा अध्यक्ष, राजमो कालीकोट

हाल देशमा राजतन्त्रको अन्त्य भई लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ। यसले पनि धनी वर्गकै सेवा गर्ने भएकाले गरिबहरूका लागि कागलाई बेल पाक्यो, हर्ष न विस्मातजस्तै सावित हुनेछ। नयाँ नेपालका लागि कामदार वर्गलाई सचेत र सङ्गठित गरी समाजको स्थापनाले मात्र वास्तविक रूपमा मानवअधिकारको रक्षा हुने ठहर नेपाल मजदुर किसान पार्टीले गरेको छ।

**नेपाल मजदुर किसान पार्टी**, जुम्ला

वर्षपुस्तकले सन् २००७ को मानवअधिकार स्थितिको सटीक मूल्याङ्कन गर्दै उल्लेख्य घटनाका रूपमा शान्ति प्रक्रियाको उतार चढावलाई अत्यन्तै राम्रोसँग केलाउन सकेको छ। पौस्टिक आहारको अभावमा कुपोषणले ग्रस्त कर्णालीका हजारौँ बालबालिका, एक्काइसौँ शताब्दीमा समेत राष्ट्रिय लज्जाका रूपमा रहेको जातीय उत्पीडन, खाद्यान्नको अभावमा भोकभोकै मर्न बाध्य सुदूर तथा मध्यपश्चिमका जनता, महिलामाथि हुने तमाम खाले हिंसा, गरिबीका कारण विद्यालयको मुख देख्न नपाएका लाखौँ बालबालिका, अनाथ तथा अपाङ्गता भएका जनताका मानवअधिकारको अझै सम्मान हुन सकेको छैन। मानवअधिकार वर्षपुस्तकको आगामी अङ्कमा यथासम्भव आर्थिक, सामाजिक तथा सांस्कृतिक एवम् अपाङ्गता भएका व्यक्तिहरू, भौगोलिक रूपमा उत्पीडित कर्णालीलगायतका जनताको अधिकारहरूका बारेमा तथा सामाजिक न्याय र समावेशीकरणका मुद्दाहरूलाई विशेष प्राथमिकता दिन जरुरी छ।

**वीरबहादुर बुढामगर**, मानवअधिकार संरक्षण अधिकृत, राष्ट्रिय मानवअधिकार आयोग, सम्पर्क कार्यालय, जुम्ला

वर्षपुस्तकमार्फत अध्ययन गर्दा समाजका समग्र मानवअधिकारका पक्षमा विश्लेषणात्मक तथ्याङ्कपरक वस्तुस्थिति जानकारी हासिल गर्न पाइयो। विशेषत मानवअधिकार सवालमा अबका विषयहरू समाजका सामाजिक, आर्थिक र सांस्कृतिक सवालहरूमा अझ बढी केन्द्रित भई मानवअधिकारको क्षेत्रलाई विस्तारित गर्नुपर्ने देखिन्छ। मानवअधिकारको विषय सापेक्ष विषय भएको हुँदा सर्वमान्य मानवअधिकारका अलावा स्थान विशेषका महत्त्वपूर्ण सामाजिक, आर्थिक र सांस्कृतिक मुद्दाहरू एवम् प्रवल समस्याहरूलाई अबको वर्षपुस्तकले मानवअधिकार विषयभित्र समेटेर प्रकाशनमा ल्याओस्।

**उमाकान्त अधिकारी**, सहायक प्रमुख जिल्ला अधिकारी, जुम्ला

मानवअधिकार वर्षपुस्तकले नेपालको मानवअधिकारका बारेमा पहिचान दिँदै आएको छ। यसलाई अझ व्यापक रूप दिन जिल्लागत तहमा व्यापक घटनाहरू समेटिनु जरूरी छ। प्रत्येक गाउँगाउँमा घटना भएका छन्। यी विषयमा अभिलेखीकरण होस्।

**दानबहादुर रावल**, नि.श्रेस्तेदार, हुम्ला जिल्ला अदालत

विगत १७ वर्षदेखि मानवअधिकारको क्षेत्रमा इन्सेकको क्रियाकलाप सराहनीय छ। इन्सेकबाट भएका काम ऐतिहासिक अभिलेखका रूपमा पछिसम्म रहिरहनेछन्।

**बाबुराम लामिछाने**, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कैलाली

इन्सेकले प्रत्येक वर्ष प्रकाशित गर्ने नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको क्षेत्रमा हुने प्रत्येक घटनालाई ऐनाजस्तै छर्लङ्ग पारेको छ। वर्षपुस्तकलाई अझ राम्रो र प्रभावकारी बनाउन हरेक घटनालाई रौँजस्तै केलाएर हेर्नु जरूरी छ।

**जानकीकुमारी तुलाधर**, अधिवक्ता, कैलाली

इन्सेकले प्रकाशित गरेको वर्षपुस्तक २००८ पढ्ने मौका प्राप्त भयो। आगामी दिनमा सम्बन्धित पक्षलाई दबाब र आमजनसमुदायलाई सचेत र जागरूक हुने खालको सामग्रीको निरन्तरताको कामना गर्दछु।

**पदमबहादुर बोहरा**
कार्यवाहक सचिव एमाले जिल्ला कमिटी, अछाम

इन्सेकले संविधानसभाको निर्वाचनमा निर्वाह गरेको भूमिका राम्रै देखिएको थियो। मानवअधिकार रक्षाका लागि देशका विभिन्न ठाउँमा भएका घटनाहरूको समाचार प्रकाशित गरेको पाइयो। पुस्तकले वाईसीएललगायत तराईका विभिन्न सङ्गठनद्वारा गरिएका हत्या, हिंसा, धम्की अपहरण र कुटपिटको अभिलेख गरेको छ।

**हिरण्यबहादुर कुवार**, नेकपा (माले) अछाम

इन्सेकले नेपालमा मानवअधिकार संरक्षण, प्रवर्द्धन तथा जनचेतनाका लागि लामो अध्ययन र तथ्य जुटाई तयार पारेको वर्षपुस्तकले मानवअधिकार संरक्षणमा उल्लेख्य योगदान दिई सबैलाई सचेत हुन मद्दत पुऱ्याएको हुँदा यो सत्प्रयासको सराहना गर्दछौँ।

**किरण केसी**, प्रमुख सेनानी गणपति, अछाम

मानवअधिकार वर्षपुस्तकको प्रकाशनले मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तकले प्रहरीलाई मानवअधिकारको क्षेत्रमा कार्य गर्न अझै सजग र सतर्क बनाउँदै मार्गदर्शनका रूपमा प्रेरणा प्राप्त भएको छ।

**प्रहरी नायव उपरीक्षक**, प्रेमबहादुर कार्की, अछाम

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तकले समाजमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी आउने मैले विश्वास लिएको छु। विशेष गरी अछामजस्तो पारिवारिक तथा सामाजिक हिंसाका घटनाहरू बढी हुने तर बाहिर आउन नसक्ने जिल्लाका घटनाहरू प्रकाशनले सामाजिक तथा पारिवारिक हिंसामा कमी ल्याउन महत्त्वपूर्ण योगदान हुनेछ।

**मातृका भण्डारी**, अधिवक्ता, अछाम

इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशित हुने वर्षपुस्तक समयसापेक्ष रहेको छ। यस पुस्तकको प्रकाशनले हामीलाई पनि धेरै सहयोग गरिरहेको छ। इन्सेक प्रतिनिधिले सङ्कलन गरेका घटनालाई थप विश्वसनीय र प्रभावकारी बनाउन घटना अनुगमन तथा स्थलगत अध्ययन जरूरी छ।

**दिलिपसिं देउवा**
इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यालय, डोटी

मानवअधिकार वर्षपुस्तकलाई स्वतन्त्र र निष्पक्ष रूपमा उभ्याउनु अहिलेको टड्कारो आवश्यकता हो। सुदूरपश्चिमको जारी प्रथा र मानव बेचबिखनको मुद्दा प्रकाशन गरे अझै राम्रो हुने थियो।

**प्रसीस महरा, अध्यक्ष**, महिला जागरण केन्द्र, डोटी

इन्सेकद्वारा प्रकाशित वर्षपुस्तकले विस्थापितहरूको सूची प्रकाशित गरी सुनमा सुगन्ध थप्ने काम गरेको छ। तथापि, अझै पनि थुप्रै विस्थापितहरूको नाम छुट्न गएको छ। उनीहरू घर फर्कन पाए/नपाएका बारेमा समेत सूचना सङ्कलन गर्न सके पुस्तकले थप सार्थकता प्राप्त गर्दथ्यो।

**गोविन्द जोशी**, अध्यक्ष, नागरिक समाज सञ्जाल, डोटी

वर्षपुस्तकमा राज्यपक्ष र गैरराज्यपक्षबाट भएका मानवअधिकार हनन तथा ज्यादतीका घटना देशका कुनाकाप्चाबाट समेत समावेश गरिएको पाइयो। मानवअधिकारकै एउटा अभिन्न अङ्गका रूपमा रहेको

महिला अधिकार तथा बालअधिकारका घटनालाई समेत प्राथमिकता दिई वर्षपुस्तकमा समावेश गरी सबै पाठकसामु छर्लङ्ग पार्नुपर्ने आवश्यकता ठान्छु।

**अर्जुन देउवा**, शिक्षण सहायक, डोटी क्याम्पस

मानवअधिकार संरक्षणको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आफ्नो परिचय बनाउन सफल इन्सेकलाई एक जिम्मेवार अभिभावकका रूपमा स्वीकार गर्दै यो वर्षपुस्तकमार्फत शुभकामना दिन चाहन्छु। कुनै पनि मानवअधिकार हनन र उल्लङ्घनका घटनामा अन्वेषणमा जानु, तथ्य लिएर आउनु र सत्यको पक्षमा हमेसा वकालत गर्नु वास्तवमै इन्सेकको मूल्याङ्कनको आधार बनाइनुपर्छ। कुनै पनि व्यक्ति वा असल संस्थाको असल नाम उसको असल कामले नै स्थापित गर्ने भएकाले पछाडि फर्केर हेर्ने अर्थात् समीक्षाका साथ अगाडि बढ्ने बानीलाई छोड्नु हुन्न। सभ्य, अनुशासित र मर्यादित मानव समाजको निर्माणमा इमानदार प्रयत्नका लागि इन्सेकको सम्पूर्ण टिमलाई हार्दिक बधाई छ।

**भरत धानुक** (पुकार)
माओवादी, डडेल्धुरा जिल्ला इञ्चार्ज

बाजुरा जिल्लामा मानवअधिकार उल्लङ्घनका घटनामा कमी आएको छ। मानवअधिकारसम्बन्धी जानकारी दिएर नागरिकलाई सुसूचित गर्ने कार्य गरेकामा इन्सेकलाई धन्यवाद नदिइरहन सकिन्न। मानवअधिकारको रक्षा गर्ने कार्य विगतमा झैं आउँदा दिनहरूमा पनि इन्सेकबाट हुने आशा छ।

**मनबहादुर रावल**, सभापति, काङ्ग्रेस जिल्ला कार्यसमिति, बाजुरा

विगत लामो समयदेखि नेपालमा मानवअधिकारको क्षेत्रमा इन्सेकले अग्रणी स्थान लिन सफल भएको छ। मानवअधिकार उल्लङ्घनका घटनाका बारेमा भेद खोल्ने काम पनि इन्सेकले गर्नेछ।

**मीनबहादुर विष्ट 'बिहानी'**, (डीसीएस),
नेकपा माओवादी, बाजुरा

मानवअधिकार वर्षपुस्तक प्रकाशन केवल प्रकाशनकै रूपमा मात्र सीमित नरही नेपालमा भएका विविध घटनालाई उजागर गरी पीडितलाई राहत र पीडकलाई सचेत गर्ने कार्यमा सहयोग पुगोस्।

**जयवीर कट्टेल**, जिल्ला प्रशासन कार्यालय, बाजुरा

वर्षपुस्तक सन् २००८ सरसर्ती हेर्दा मुलुकका केही भागमा हत्या, हिंसा तथा अपहरणका घटना हुने क्रम रोकिएको छैन। राजनीतिक परिवर्तनपछिको सुखद परिणामको पर्खाइमा बसेका नेपाली जनता मानवताविरोधी जघन्य घटनाका कारण मुलुक फेरि अर्को द्वन्द्वमा रूपान्तरित नहोस् भन्ने सजगता व्यक्त गर्न चाहन्छन्।

**कविराज पण्डित**, अधिवक्ता, बाजुरा

अनुसूची

७

# वर्षपुस्तक २००९ तयारीका क्रममा संलग्न व्यक्तिहरू

## परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

**परिच्छेद २ : संविधान निर्माण प्रक्रियाका चुनौती**

**लेखक**: प्रेक्षा ओझा

**परिच्छेद ३**

**३.१ न्यायपालिका**

**लेखक**: विद्या चापागाईं

**३.२ कार्यपालिका**

**लेखक**: योगीश खरेल

**३.३ व्यवस्थापिका**

**लेखक**: मदन पौडेल

**अनुसूची ५ : युद्धका विस्फोटक अवशेष : भय र चुनौती**

**लेखक**: नीर लामा

**घटनाक्रम सङ्कलन**

१. राजु पासवान

२. गोपिकृष्ण भट्टराई

**जिल्ला प्रतिनिधिहरू**

**१. पूर्वाञ्चल**

| | | |
|---|---|---|
| १.१ | झापा | - अर्जुनकुमार बस्नेत |
| १.२ | इलाम | - अशोक कुमार राई |
| १.३ | पाँचथर | - कृष्ण ओझा |
| १.४ | ताप्लेजुङ | - चन्द्रप्रकाश भट्टराई |
| १.५ | मोरङ | - दीपेन नेउपाने |
| १.६ | सुनसरी | - शुकदेव चौधरी |
| १.७ | धनकुटा | - गीता अधिकारी |
| १.८ | तेह्रथुम | - छत्र रिमाल |
| १.९ | भोजपुर | - ज्ञानेन्द्र खड्का |
| १.१० | संखुवासभा | - लीलाप्रसाद श्रेष्ठ |
| १.११ | सप्तरी | - प्रकाश खतिवडा |
| १.१२ | सिरहा | - देवराज पोखेल |
| १.१३ | उदयपुर | - कुशलबाबु बस्नेत |
| १.१४ | खोटाङ | - लोकनाथ घिमिरे |
| १.१५ | ओखलढुंगा | - गुरूबहादुर बस्नेत |
| १.१६ | सोलुखुम्बु | - वेदप्रसाद राई |

**२. मध्यमाञ्चल**

| | | |
|---|---|---|
| २.१ | धनुषा | - रोशनदीप ढकाल |
| २.२ | महोत्तरी | - ईश्वरी काफ्ले |
| २.३ | सर्लाही | - विदुर प्याकुरेल |
| २.४ | सिन्धुली | - आनन्दप्रसाद दाहाल |
| २.५ | रामेछाप | - नवराज पथिक |
| २.६ | दोलखा | - उद्धव पोखरेल |
| २.७ | रौतहट | - विपीन गौतम |
| २.८ | बारा | - रोशनराज अर्याल |
| २.९ | पर्सा | - प्रेम कार्की/निरज साह |
| २.१० | चितवन | - मुकुन्द दाहाल |
| २.११ | मकवानपुर | - प्रताप विष्ट |
| २.१२ | ललितपुर | - गोपीकृष्ण भट्टराई |
| २.१३ | काभ्रेपलान्चोक | - भोजराज तिमल्सिना |
| २.१४ | भक्तपुर | - अकुर न्यौपाने |
| २.१५ | काठमाडौं | - राजु पासवान |
| २.१६ | धादिङ | - सीताराम अधिकारी |
| २.१७ | सिन्धुपाल्चोक | - नातिबाबु धिताल |
| २.१८ | नुवाकोट | - केशव मिश्र |
| २.१९ | रसुवा | - हेमनाथ खतिवडा |

**३. पश्चिमाञ्चल**

| | | |
|---|---|---|
| ३.१ | तनहुँ | - प्रकाशचन्द्र भट्टराई |
| ३.२ | गोरखा | - भीमलाल श्रेष्ठ |
| ३.३ | लमजुङ | - कृष्ण अधिकारी |
| ३.४ | स्याङ्जा | - निर्मला तिवारी |
| ३.५ | कास्की | - टङ्क खनाल |
| ३.६ | मनाङ | - कमानबहादुर गुरुङ |
| ३.७ | नवलपरासी | - नारायण पराजुली |
| ३.८ | रुपन्देही | - भीष्मराज पन्थी/अमृत गिरी |
| ३.९ | पाल्पा | - दुर्गा न्यौपाने |
| ३.१० | कपिलवस्तु | - नन्दराम पौडेल |
| ३.११ | अर्घाखाँची | - खिमप्रसाद मरासिनी |
| ३.१२ | गुल्मी | - दिलशोभा पुन/हीरा कुँवर |
| ३.१३ | वाग्लुङ | - रामबहादुर जिसी |
| ३.१४ | पर्वत | - माधवराज पाण्डेय |
| ३.१५ | म्याग्दी | - घनश्याम खड्का |
| ३.१६ | मुस्ताङ | - शर्मिला गुरुङ |

**४. मध्यपश्चिमाञ्चल**

| | | |
|---|---|---|
| ४.१ | दाङ | - विमलकुमार अधिकारी |
| ४.२ | प्युठान | - महेन्द्रप्रसाद श्रेष्ठ |
| ४.३ | रोल्पा | - घनश्याम आचार्य |
| ४.४ | सल्यान | - रोमप्रकाश थापा |
| ४.५ | रुकुम | - जीवन खड्का |
| ४.६ | बाँके | - शिप्रा श्रेष्ठ/नारायण सुवेदी |

४.७ बर्दिया - नारायण सुवेदी/मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - नमनकुमार शाही
४.११ डोल्पा - विष्णुलाल बुढा
४.१२ जुम्ला - राजेन्द्र महत/राजेन्द्र न्यौपाने
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सिजवाल
४.१५ हुम्ला - रमेश ऐडी

**५. सुदूर पश्चिमाञ्चल**

५.१ कैलाली - कृष्ण विक
५.२ अछाम - रतनबहादुर रावल
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - युवराज घिमिरे
५.७ डडेलधुरा - केशव बोहोरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी

**क्षेत्रीय कार्यालयमा संलग्न**

**पूर्वाञ्चल**
१. सोमराज थापा २. दीपक तिवारी

**मध्यमाञ्चल**
१. कृष्ण गौतम २. गणेश भण्डारी

**पश्चिमाञ्चल**
१. मदन पौडेल २. टङ्क खनाल

**मध्य पश्चिमाञ्चल**
१. भोला महत २. बालकृष्ण बस्नेत

**सुदूर पश्चिमाञ्चल**
१. खड्कराज जोशी २. कृष्ण विक

**सन्दर्भ सामग्री स्रोत**
१. इन्सेक पुस्तकालय

**फोटो स्रोत**
१. विमलचन्द्र शर्मा, इन्सेक
२. इन्सेक जिल्ला प्रतिनिधिहरू

# उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षभैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य पाँच जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रु.७,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रु. ५,०००।- प्रदान गरिएको छ।

**सर्वोत्कृष्ट**

जीवन खड्का, रुकुम

**उत्कृष्ट**

देवराज पोखरेल, सिराहा, पूर्वाञ्चल
भोजराज तिमिल्सिना, काभ्रे, मध्यमाञ्चल
कृष्ण अधिकारी, लमजुङ, पश्चिमाञ्चल
राजेन्द्र न्यौपाने, जुम्ला, मध्यपश्चिमाञ्चल
रतन रावल, अछाम, सुदूरपश्चिमाञ्चल

इन्सेक पुस्तक १३९ / २०६५

सन् २००८ संविधानसभा निर्वाचन नहुने हो कि भन्ने अन्योलका बीच सुरू भएको थियो। त्यसवखत शान्ति सुरक्षाको अवस्था सत्ता साझेदार माओवादी कार्यकर्ताका अराजक गतिविधिका कारण निकै बिग्रिएको थियो। आमजनता निर्वाचनको सफलताले शान्ति प्रक्रियालाई सही दिशातर्फ डो-याउनेछ भन्ने आशामा थिए। तर, निर्वाचनको सफलतासँगै देश राजनीतिक विवादको अर्को भुमरीमा पऱ्यो। विवाद र असहमतिबीच नै सरकार बन्यो। निर्वाचित सरकारको स्थापनापछि पनि देशमा न शान्ति सुरक्षाको अवस्थामा सुधार भएको देखियो, न त कानुनको शासन व्यवहारमा अनुभूत हुन सक्यो।

नयाँ-नयाँ विवादका कारण संविधान निर्माण प्रक्रिया नै दलहरुको प्राथमिकतामा नपरेको हो कि भन्ने प्रश्न उठ्न थाल्यो। सन् २००८ सरकारमा रहेका र सरकारबाहिरका राजनीतिक शक्तिहरुबीचको असहमति बढ्दै गएका कारण संविधान नबन्ने हो कि भन्ने चिन्ताकै बीच बिदा भयो।

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौँ
फोन : ४२७८७७०
फयाक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेब साइट : www.inseconline.org

9789937800259